श्रीमद्भगवद् गीता



अनुवाद, सम्पादन, प्रकाशन तथा प्रस्तुति

कान्तालाल 'प्रभात'

श्रीमद्भगवद् गीता

नेपालीमा

कान्तालाल "प्रभात"

२०६८।५।६

अनुवाद, सम्पादन, प्रकाशन तथा प्रस्तुति

कान्तालाल "प्रभात"

श्रीमद्भगवद् गीता

अठार अध्यायहरुको मूल श्लोक

श्री धर स्वामिकृत

संस्कृत टीकाको

(हिन्दी अनुवादबाट)

अनि

योगिराज श्री श्यामाचरण लाहिडी

महाशयको

सूत्रवत् आध्यात्मिक दीपिका

एवं

योगिराज श्री भूपेन्द्रनाथ सान्यालद्वारा उक्त

आध्यात्मिक दीपिकाको विशद व्याख्या

(हिन्दीबाट) नेपाली रुपान्तर

सम्वत् २०६४ चैत्र

२५४.४५२४
का१३५श्री

श्रीमद्भगवद् गीताको दूर्लभतम निगूढ योग रहस्यको व्याख्या

(सर्वाधिकार सुरक्षित प्रकाशकमा)

प्रकाशन प्रति : १००८

मूल्य : रू. १००८/- ब्यक्तिगत

रू. २०१६/- संस्थागत

कम्प्युटर टाइप : हेमन्त सुब्बा

कम्प्युटर सेटिङ्ग : उमेश काफ्ले

विशेष सहयोगी : हरिबावु मल्ल

मुद्रक : शान्ति अफसेट प्रेस प्रा. लि.

मालिगाउँ, काठमाडौं

फोन: ४४१६९०४

ग्रन्थको विक्रिवाट प्राप्त आधा रकम नारायणगढ क्षेत्रपुर स्थित ध्यान-मन्दिरलाई सहयोग गरिनेछ।

\- लेखक

समर्पण

मेरो लौकिक पूजनीय
माता-पिता
स्व. मोहन माया देवी श्रेष्ठ
एवं
स्व. कृष्ण नारायण श्रेष्ठको
पावन स्मृतिमा

हे परमपुरुष ! परमपिता !
परमात्मा प्रभु !

तदद्रव्यम् जगद्गुरो !
तुभ्यमेव समर्पयेत्:

ॐ तत्सत् !
ॐ तत्सत् !!
ॐ तत्सत् !!!

ॐ नम : श्री श्री गुरू परमात्मने नमोनम :

प्रस्तोताको केही गन्थन-

श्रीकृष्ण भगवान अर्जुनलाई भन्नु हुन्छ -

"तपस्विभ्यो धिको योगी ज्ञानिभ्यो पि मतोक धि ;
कर्मिभ्यश्चाधिको योगी तस्माद् योगी भवार्जुन ॥"

कर्मिहरु, ज्ञानिहरु एवं तपस्विहरु सबै भन्दा योगीहरु श्रेष्ठ छन्, यही कुरा श्री भगवानले अर्जुनलाई भन्नु हुँदै योगी हुनको लागि आग्रह गर्नु भयो

श्रुति भन्दछन्-

"स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्"

योगको स्वल्प अनुष्ठान पनि महत भयवाट त्राण गर्नेवाला छ ।

योग एक अत्यन्त कठिन साधन हो र विशेषत: गृहस्थ जीवनमा बसेर यस्को साधना सर्वथा असंभव छ,- यस किसिमको भ्रान्त धारणा सर्व-साधारण जन-समाजमा व्याप्त छन् । तर वर्तमान एवं अतीत सुदूरातीत तिर अवलोकन गर्दा यो स्पष्ट देखिन्छन्,-हाम्रा अनेक प्राचीन अर्वाचीन सिद्ध योगी महापुरुषहरुले गृहस्थ जीवनमा रहेंरैपनि त सिद्धिलाभ एवं परमपद प्राप्त गरेका थिए । योग साधनको फल महान छ र गर्नमा पनि सहज छ - *"सुसुखं कर्त्तुमव्ययम"* अनि सुसाध्य ।

यही योगको अनुष्ठान श्रीमद् भगवद् गीतामा निगूढतम भाव द्वारा विभिन्न किसिमसँग बताइएकाछन् । यसैको सहारावाट मनुष्य त्यस *"अद्वयज्ञान"* लाई प्राप्त गर्न सक्दछन् ।

"क : शोक : को मोह : एकत्वमनुपश्यत :" ।

अनि उच्चस्वरमा जयगान गर्न सक्तछन् - *"वेदाहमेतम् पुरुषं महान्तम् ।"* यस्तो सहज-सरल एवं महत्वपूर्ण योगको भाष्य विशद रुपसँग यस ग्रन्थमा सुव्याख्यायित भएको छ । विशेषत : यो ग्रन्थ वैराग्य सम्पन्न व्यष्टिहरुको लागि अत्यन्त नै उपयोगी सिद्ध हुनेछ । अनि साधारण मानिसहरुको लागि पनि यो पथ प्रदर्शक एक *"दीपस्तंभ"* वन्नेछ । यसमा कत्ति सन्देह छैन । योग साधन नगर्नेले कसरी पाउन सक्ला ! यसको प्रत्येक श्लोक श्लोकमा अति निगूढतम *"ब्रहमतत्त्व"* ओतप्रोत छ र त्यस ब्रहमतत्त्व प्राप्तिको दिशा निर्देशन पनि प्रशस्त निर्दिष्ट गरिएका छन् । अनि मनुष्य जीवन सफल बनाउनको निम्ति सुदृढ "योगपंथा" पनि निर्देशित छन् ।

भगवान् श्री व्यासदेवले यस अनुपम ग्रन्थलाई "मन्त्रमाला" को उपाधि प्रदान गर्नु भएको छ। यी मन्त्रहरुको निगूढार्थ वुझ्न र बुझिकन अरुहरुलाई सम्झाउन सक्न तथा त्यसको अन्तर रहस्यलाई उद्घाटन गर्न सक्न खालि शास्त्रीय पाण्डित्य द्वारा संभव छैन। *ब्रहम विद्याको बोध गराउनको लागि ब्रहमदर्शी हुनु आवश्यक छ।* यस शताब्दिमा योगिवर्य श्री श्यामाचरण लाहिडी महाशय एवं उनको निकटतम् शिष्य श्री भूपेन्द्र नाथ सान्याल महोदय यस कोटिका व्रहमविद् भएका छन्। यी महानुभवहरुको विशिष्टता यद्किंचित आभास तीनै सौभाग्यशाली सज्जनहरुलाई प्राप्त भएका छन् जो उनका सम्पर्कमा रहेका थिए।

योग साधनाका रहस्य एवं गूढ प्रकियाहरु *"केवल कुम्भक" "सहज प्राणायाम"* आदि जसरी यी महान आत्माहरु द्वारा दीक्षित भएका छन्; शायद एस्तो सहज-सरल प्रणाली अन्य कुनै योग मार्गमा संभव छैन।

गृहस्थाश्रममा रहिकन यो कठिन योगाभ्यास संभव छैन-साधारणत : मानिसहरुको यो धारणा छ। तर प्राचीनकालका ऋषिहरु तथा यी दुवै महर्षिहरुले समस्त जीवन गृहस्थाश्रममै वसिकन सिद्ध गर्नु भएका थिए। गृहस्थको लागि पनि योग साधन संभव छ। *परन्तु दृढ नियमित एवं संयमित जीवन निश्चय नै परम आवश्यक छ।*

यी दुवै महर्षिहरुको देवदुर्लभ नश्वर शरीर अहिले छैन। तथापि उनिहरुका सजीव-जीवन्त लेखमाला अहिले पनि वर्तमान छ। अनि सदा वर्तमान रहनेनै छ। साराका सारा उपनिषदहरुको साररुप श्रीमद् भगवद् गीताको अन्तर कुन्तरमा लुकेका आध्यात्मिक निगूढ-रहस्य-व्याख्याको उद्घाटन गर्नको निम्ति योगसिद्ध सद्पुरुषहरुको लेखनी समर्थ हुन सक्तछन्।

श्रीमद् भगवद् गीता "मन्त्रमाला" को प्रत्येक मंत्रको आध्यात्मिक व्याख्याबाट सज्जन पाठक वृन्दले लाभ उठाउनु हुनेछ र यस ग्रन्थमा प्रदर्शित मार्गलाई प्रतिदिन जीवनमा यथाशक्य योगाभ्यासमा लगाउनु हुने मीठो आशा गरौं।

यो ग्रन्थ गीताको अनुवाद्, सम्पादन् र प्रकाशनमा हुन गएका त्रुटिहरु देखाइदिनुहुन समस्त भक्त, सन्त, ज्ञानी, सज्जन साधु महात्माहरुका चरणमा प्रणाम गर्दै दुईहात जोरेर निवेदन गर्दछु– उहाँहरुले म माथि कृपा दृष्टि राखुन, जसवाट मेरो मनको आशा पूर्ण भै पछि हुन सक्ने संभाव्य संस्करणमा सुधार गर्न सकियोस्। यो गीता ग्रन्थको कलेवर ज्यादै ठूलो हुने भएकोले गीताको संस्कृत श्लोकको अन्वय राखिएको छैन। अत: सवै सज्जन पाठकहरुसँग क्षमा प्रार्थना गर्दछु।

अन्तमा आफ्ना समस्त धर्मप्राणप्रिय पाठकहरुको समक्ष यस ग्रन्थलाई सप्रेम सादर समर्पण गर्दछु। यो गीता ग्रन्थको अनुवाद गर्नमा मलाई प्रेरणा दिनुहुने ललितपुर पाटन निवासी श्रध्येय अग्रज साधकज्यू श्री नारायणलाल श्रेष्ठलाई हार्दिक साभार व्यक्त गर्दछु। अनि यस ग्रन्थको पाण्डूलीपि मनोयोगसाथ कम्प्युटर गर्ने हेमन्त सुब्बालाई हृययदेखिनै धन्यवाद दिन्छु।

यो सद्ग्रन्थ गीताको प्रकाशनमा श्रद्धासाथ कम्प्युटर एवं प्रकाशन संस्करण निकाल्न पूर्ण सहयोग गर्दै तत्परतासाथ लाग्ने मेरा प्रिय आत्मजहरु (पुत्रहरु) अच्यूत शंकर, सुशील शंकर एवं सुनील शंकर त्रयभातृवन्धुहरु जेष्ठ वधु श्रीमति शोभा श्रेष्ठ सदा उत्तरोत्तर परमेश्वर प्रति श्रद्धाभक्ति प्राप्त गरेर जीवनलाई धन्य धन्य र कृतार्थ गर्न सकुन्– यही मेरो आशिष तथा परमपुरुषसँग प्रार्थना छ। अस्तु किमअधिकम् !

ॐ तत्सत् ! ॐ तत्सत् !! ॐ तत्सत् !!!

सल्लाघारी बाँसवारी — विनीत

काठमाडौं — **कान्तालाल "प्रभात"**

२०६४ विक्रम संवत

कार्तिक शुक्ल हरिबोधिनी

सत्यम् शिवम सुन्दरम्

ॐ नमो ब्रह्मणे

विज्ञप्ति

धेरै दिन देखि मेरा अन्तरंग बन्धुहरु विशेषत : स्वर्गीय डाक्टर कन्हाई लाल गुप्ताले गीताको एक व्याख्या लेख्नको लागि म सँग अनुरोध गरेको थियो। त्यतिवेला कुनै उत्साह प्रकट गर्न सकिन। गीताको सम्वन्धमा केही लेख्ने इच्छा थिएन, - यस्तो कुरा त थिएन, परन्तु जव सोच्दथे - के लेखुंम् म सँग गीताको पाठकलाई दिनको लागि नयाँ के छ ? अनि मनमा निराशा लाग्दथ्यो। वस्तुतः म जस्तो व्यष्टिको निम्ति गीतालाई सम्झाउने प्रयास गर्नु एक किसिमले हास्यजनक व्यापार नै भन्नु पर्दछ। पूर्व कालमा गीताको व्याख्या महर्षिप्रतिम आचार्य शंकर, रामानुज प्रभृत्ति समान असाधारण प्रतिभा सम्पन्न महानुभव, अलौकिक साधन-सिद्ध-सम्पन्न पुरुषहरुले गरेका थिए। पश्चात्कालिन व्याख्याताहरुमा श्रीमद् आनन्दगिरि, श्रीधर स्वामी, श्री मधुसूदन सरस्वती, श्रीवलदेव विद्याभूषण प्रभृत्ति पुरुषहरु पनि तपस्वी तथा त्यागी पुरुष थिए। वैराग्य- साधना एवं पाण्डित्यमा यिनीहरु सबै दिग्गज थिए। उनिहरुको निम्ति यस किसिमको कार्यभार ग्रहण गर्नु वस्तुतः शोभनीय भयो। वर्तमान युगमा पनि अनेक कृतविद्य प्रतिभासम्पन्न पुरुषहरुले गीताको सम्वन्धमा यति राम्रो सुन्दर आलोचना गरिसकेपछि पनि म जस्तो भक्तिहीन, विवेकहीन मूर्ख व्यष्टिले गीताको सम्वन्धमा केही लेख्नु एक किसिमको धृष्टता नभए अरु के हो ? यो वुझ्दछु, ता पनि गीताको सम्वन्धमा केही लेख्ने एवं वोल्ने इच्छा भैरहेछ। जानी वुझिकन यस किसिमको उद्यम गर्ने इच्छा किन भयो ? यसलाई अन्तरयामी सिवाय अरु कसैले सम्झन सक्तैन। पूर्ववर्ती व्याख्याताहरुको अपेक्षा केही नयाँ ढंगले गीतालाई मैले सम्झाउन सकुँला, एसको आशा मलाई विलकुलै छैन। किनभने ममा यो सामर्थ्य कहाँ छ र ? तथापि जुन लेख्ने प्रयास गरिरहेको छु, त्यो यही भावना लिई-

"मूकं करोति वाचालं पंगु लंघयते गिरिम्;
यत्कृपा तमहं बन्दे परमानन्द माधवम् ॥"

यदि श्रीमाधवले कृपा गर्नु भए त म जस्तो विद्यावुद्धि विहीन साधन-सामर्थ्यहीन पंगुले पनि गिरिलंघन गर्न सक्तछ। थाहा छैन मेरो यो साध पूरा हुनेछ या हुन्न ? गीता दुर्वगाह अध्यात्मशास्त्र हो, म जस्तो मन्दवुद्धि के त्यसमा प्रवेश गर्न सक्ला ? मन्दधी भएर के भयो - मनुष्यको वासना त कम हुँदैन। म त्यही वासनाको वेगले यस विशाल कार्यमा तत्पर भैरहेको छु, भरोसा छ एकमात्र श्रीगुरुदेवको युगल चरणकमलको। यी पद कमलहरुलाई स्मरण गरी कार्य त प्रारम्भ गरिदिंए, यो पार लाग्छ या लाग्दैन, यसलाई दयालु श्रीगूरु नै वताउन सक्नु हुन्छ। एत्रो ठूलो विशाल कार्यमा म जस्तो दीन एवं असमर्थ व्यष्टिले किन प्रयत्न गरिरहेको छ, यसको उत्तर यही छ - अहिले सम्म अनेक विद्वानहरुले गीताको अनेक संस्करण प्रकाशित गरेकाछन्, परन्तु परमाराध्य श्रीगुरुदेव दिवंगत श्री श्यामाचरण लाहिडी महाशयले पनि गीताको एक अपूर्व व्याख्या गर्नु भएकोछ, जुन साधारणतः गीताको आध्यात्मिक व्याख्याको नामले परिचित छ। कालक्रमले यस व्याख्या विलुप्त हुन जाने आशंका देखेर जसवाट यी व्याख्या लुप्त नहोस र जनसाधारणले यसको

मर्मको मीठो आस्वादन गर्न सकुन- यही आशा लिई यो आध्यात्मिक व्याख्या एवं यसको सम्वन्धमा एक विशद आलोचना गर्नु नै यस प्रयत्नको मुख्य उद्देश्य हो । मेरो यो आशा कहाँ सम्म सफल होला, यसलाई परमाराध्य श्रीगुरुदेव नै बताउन सक्दछन् ।

श्रीमदाचार्य लाहिडी महाशय नै सर्वप्रथम भारतमा, विशेषतः बंगालमा गीताको आलोचनाको प्रथम एवं प्रधान प्रवर्त्तक थिए । उहाँले गीताको सम्वन्धमा जुन अपूर्व अभिनव व्याख्या जनसमाजमा प्रचलित गर्नु भयो त्यो कदापि उपेक्षणीय छैन । किन भने यस किसिमको योग सम्वन्धी व्याख्या योगाभ्यासीको लागि अत्यन्तै आवश्यक एवं समादरणीय वस्तु हो । सर्वसाधारणलाई यसको त्यति आवश्यकता नभए पनि यदि कसैले श्रद्धासाथ यसको मर्म वुझ्ने चेष्टा गर्दछ भने त आध्यात्मिक जगत्‌को अनेक, अनेक रहस्य उसको धारणाको विषय वन्नेछ - यसमा कत्तिपनि सन्देह छैन ।

गीताको व्याख्याताहरुमा कसैले द्वैतवाद, कसैले अद्वैतवादलाई लक्ष्य गरेर अनि कसैले यसमा ज्ञानको प्रधानता, कोहीले भक्तिको प्रमुखता, अनि कसैले कर्म-प्रधानतालाई लक्ष्य मान्दछन् । श्री भगवान्‌को एक उक्तिमा यति प्रकारका पृथक् पृथक् भावहरुको सन्धान पाइन्छन्, अत कसैले यदि एस भित्र "योग" को नै सन्धान पाउँदछन् भने त यसबाट उसलाई दोष दिन सकिन्न । किनभने भगवत् प्राप्तिको लागि जसरी ज्ञानमार्ग, भक्तिमार्ग र कर्ममार्ग प्रसिद्ध पथ हो । योगमार्गको अपूर्व सुन्दर परिणाम देखेर सबै मतावलम्वीहरुले योगमार्गको न्युनाधिक सहायता ग्रहण गरेका छन् । प्राचीनकालमा पनि ऋषिमुनिहरुले योगमार्गलाई अत्यधिक समादर गरेका थिए । किन भने यस मार्गमा विज्ञान सम्मत विधिबाट तत्त्वालोचना गरिएका छन् । यो खालि आलोचनात्मक शास्त्र मात्र होइन, वरु झन एसमा आध्यात्मिक मार्गमा साधनको लागि उपयोगी कर्म तथा त्यस मार्गको निर्देश गरिएको छ । आत्मानुसन्धान गर्ने समयमा चारवस्तुहरु हाम्रो नजरमा पर्दछन् - मन, वुद्धि प्राण एवं यो शरीर । तत्त्वको सम्वन्धमा धारणा गर्ने समयमा मन र वुद्धिको प्रयोजनशीलता अत्यन्त अधिक छ । धेरैले मन वुद्धिको अवलम्वन गरेर नै परमतत्त्वको सन्धान पाएका छन् अनि उनिहरु कृतार्थ पनि भएकाछन् । केही मानिसहरु आत्मतत्त्व सन्धानको लागि मुख्यरुपले प्राणको अवलम्वन गर्दछन, उनिहरुको प्रयत्न पनि सफल भएकाछन् । यसको प्रमाण अनेक ग्रन्थहरुमा मिल्दछ । ती ग्रन्थहरुमा योगको विशेष आलोचना एवं मुरीमुरी प्रशंसा देखिनमा आउँदछन् ।

योगमार्ग उपेक्षाको वस्तु होइन । ज्ञानभक्तिकै समान योगमार्गका पनि धेरै सम्प्रदाय छन् र यस मार्गको विशेष समादर हाम्रो देशमा आज पनि पाइन्छन् । एस्तो कुनै शास्त्रीय ग्रन्थ छैन, जसमा योगको प्रशंसात्मक उल्लेख नहोस । षडदर्शनहरुमा योग सम्वन्धी दर्शन अलि बढी प्राचीन वुझिन्छन् । पातंजल सूत्रको भाष्यकार स्वयं व्यासदेव हुन् । तन्त्रशास्त्रहरुमा पनि योगको विविध अनुष्ठान एवं अभ्यासको विषयमा विशद आलोचना गरिएकाछन् । हामीहरुको कुनै पनि दैनिक साधन-प्रणाली योग साधन विहीन भएर गर्न सकिदैन ।

वुद्धि, मन एवं प्राणको अवलम्वनले नै प्रकृत साधन हुन्छ । वुद्धि, मन एवं प्राण भनेका के हुन तथा एसको पारस्परिक सम्वन्ध के छ तथा यिनको पारस्परिक मिलन या ऐक्य साधन कसरी गरिन्छ, यसलाई जानिकन तदनुरुप कार्य गर्नु साधना भनिन्छन् । यसै कारण हाम्रो शास्त्रहरुमा यी समस्त साधन प्रणालीहरुका नानाथरिका उपायहरु देखिन जान्छन् । आजकाल हामीहरु कुनै शासत्रादिहरुमा विश्वास गर्दैनौं, तथा साधना गर्नमा जुन विपुल आयासको आवश्यकता हुन्छ, आरामप्रिय कलियुगी दुषित चित्त मानिसहरुमा त्यस परिश्रमको लागि त्यति उत्साह देखिदैन । यसले शास्त्रको लेख शास्त्रमै पडिरहन्छन अनि हामीलाई त्यतिपनि सूचना रहँदैन-शास्त्रमा के लेखिएको छ र के छैन । यस योगाभ्यासको वलबाटै एकदिन हाम्रो देशले असाध्यलाई साध्य गरिदिएका थिए ।

हाम्रा शास्त्रहरुमा दुई किसिमका भावहरु देखिनमा आउँदछन् । एक वहिर्लक्ष्यको कुरा जुन सहजै वोधगम्य हुन्छन् । अर्को अन्तर्लक्ष्यको कुरा-साधनाको निगूढ रहस्यको कुरा - यसमा साधनाको जुन संकेत छ, अभिज्ञ पुरुष त्यस संकेत अनुसार त्यस अन्तर्लक्ष्यको अभिप्रायवाट अवगत हुन्छन्,यस संकेत अनुसार त्यस अन्तर्लक्ष्यको गंभीर रहस्य खोतलेर तेसको यथार्थ मर्म वुझ्न संभव छैन । शास्त्रहरुमा यत्तिका हेरफेर गरेर यस रहस्य-साधनलाई किन गुप्त राखियो, यो बुझ्न त्यति कठिन छैन, किन भने यदि अनधिकारीले यस रहस्यलाई जान्यो भने त आफै र अरुलाई पनि अकल्याण गर्न सक्दछन् । अतयव तिनीहरुबाट यी रहस्यहरुको कुरालाई गुप्त राखिनु समुचित छ, यही उनिहरुले ध्यानमा राखेका थिए ।

हाम्रो यो गीताको रहस्यात्मक व्याख्याले जनसाधारणको के उपकार गर्नेछ, मैले यसको आलोचना गरेको छैन । गीताको अनेकानेक व्याख्या यस युगमा भएका छन् र भैरहेछन् । धेरैले गीताको अनेक संस्करण प्रकाशित गरेकाछन्, यस संस्करणले संभव छ-संख्या एक अरु वढोत्तरी हुने, तर यसले कुनै विशेष हानी पनि हुने छैन ।

आजकाल गीताको पाठकहरुको कुनै कमी छैन । गीताको आध्यात्मिक रसको जो रसज्ञ छन्, तिनीहरुले यसको उपेक्षा गर्ने छैन । यही मेरो निम्ति एकमात्र सान्त्वना छ, यदि साधकवर्गले अलि अलि भए पनि यसको समादर गर्‍यो भने त म आफ्नो परिश्रमलाई सफल सम्झने छु ।

गीताको अनुवाद एवं व्याख्या गरेर मैले कसको कति उपकार गर्न सकूँला ? यो भन्न सक्तिन । परन्तु यसमा कत्तिपनि सन्देह छैन - यसले मेरो निजी उपकार धेरै धेरै हुनेछ । सबभन्दा बढी उपकार त यही हुनेछ - मलाई गीताको अरु झन राम्रोसँग आलोचना गरिने सुयोग मिल्नेछ । यो थोरै लाभ होइन । ५० सौं वर्ष देखि अझ केही अधिक काल देखि गीताको आलोचना गर्दै आइरहेको छु । यस बीचमा गीतालाई मैले स्वयं बुझ्ने चेष्टा गरेको छु । अनि जसको विषयमा मेरो विश्वास छ - कि उसले गीता बुझ्दछन्, उनैको मुखबाट मलाई गीता सुन्नुको सुयोग मिलेको छ तथा धेरै धेरै दिन सम्म धेरै धेरै मानिसहरुका साथ एकसँग वसेर गीताको चर्चा गरिएका छन् । यसैको परिणाम स्वरुप आज गीताको आलोचनामा हात चलाउने साहस गरिरहेको छु । तापनि यो मान्दछु-गीताको कति कति स्थल आजपनि सही तरीकाले बुझ्नमा आएको छैन । अतयव मेरो व्याख्यामा यथेष्ट दोष रहनेछ, यसमा मलाई कति पनि सन्देह छैन

तथापि यही आशा छ-वारवार आलोचना गरेपछि यदि गीतामा प्रवेश गर्नुको केही सुयोग पाउन सके भने त मेरो उद्यम एकवारगी विकुलै असफल हुने छैन । गीता अध्ययनको अनेक फल गीता माहात्म्यमा वर्णित छन्, यस लोभले आकृष्ट भएर यदि अन्याय गर्दछु त सहृदय सज्जनवृन्दले मलाई क्षमा गर्नेछन् । दुर्लभ भएर पनि आज एस ऋषिमुनि सेवित भारतवर्षमा भक्त, ज्ञानी एवं कर्मयोगी पुरुषहरुको अभाव छैन । तिनीहरुले दया गरेर मेरो त्रुटि देखाइदिनु हुनेछ त मेरो र अरु धेरैको उपकार हुनेछ, यही आशा मेरो अन्त: करणको एक निभृत कुनामा विद्यमान छ । म भक्त, ज्ञानी, साधु महात्माहरुको चरणहरुमा प्रणाम गर्दै हात जोडेर निवेदन गर्दछु उनिहरुले ममाथि कृपादृष्टि राखुन, जसवाट मेरो मनको आशा पूर्णहोस ।

गीताको आलोचना गर्दा खेरि मैले जुन जुन श्रध्दास्पद ग्रन्थकारहरु तथा गीताको व्याख्याकारहरुले लेखेको गीतावाट सहायता लिएकोछु, कृतज्ञतापूर्वक ती सब पुस्तकहरुको नामोल्लेख गर्दछु ।

(१) श्रीकृष्णानन्द स्वामी कृत गीतार्थ सन्दीपनी । (२) श्रध्दास्पद पंडित श्री रामदयाल कृत श्री मद् भगवत् गीता । (३) श्री अविनाश चन्द्र मुखोपाध्याय द्वारा संकलित श्री मद भगवद् गीता । (४) आर्यमिशन इन्स्टिटयुसनको गीता । (५) काशीको प्रणवाश्रम वाट प्रकाशित श्री मदभगवद् गीता (६) श्री युत प्रसाददास गोस्वामी द्वारा प्रकाशित आध्यात्मिक व्याख्या । (७) श्रीयुत राजेन्द्रनाथ घोष कृत श्रीमद् भगवद गीता । (८) श्रीयुत युक्तेश्वर गिरिको श्री मद् भगवद् गीता व्याख्या । (९) श्रीयुत विहारीलाल सरकार द्वारा अनुवादित कृष्णार्जुन संवाद, कपिलाश्रमीय योगदर्शन, पण्डित श्री कुमारनाथ मुखोपाध्याय प्रणीत पद्यानुवाद गीता आदि ग्रन्थहरुको नाम समधिक उल्लेख योग्यछन् ।

जुन मानिसहरुले मलाई श्रध्दा-दृष्टि तथा स्नेहको दृष्टिले हेर्दछन्, तिनीहरुको पनि धेरै दिन देखिको साध पूर्ण हुनेछ । यो पनि मेरो निम्ति कम आनन्दको कुरा छैन । आज यो गीता प्रकाशित त भयो, परन्तु जसले मेरो यस ग्रन्थको बडो समादर गर्दथे, यस गीतालाई प्रकाशित देखेर जसलाई नजाने कति-कति आनन्द हुन्थ्यो, ती मेरा दुई सुहृद अब इहलोकमा छैनन् यसैले उनको नाम यस ग्रन्थ साथ जोडने इच्छा भैरहेकोछ । तिनमा एक त मुंगेरको सुप्रशिध्द जनप्रिय डा. शौरिन्द्र मोहन गुप्त एवं दोस्रो कलकत्ताको सुप्रशिध्द होमियोपैथिक चिकित्सक डाक्टर कन्हाईलाल गुप्त हुन । भाई । आज तिमीहरु यसलोकमा छैनौ, यो सही छ । परन्तु तिमीहरु निश्चय नै उच्चतर लोकहरुमा वर्तमान छौ, चाहे तिमीहरु जुनसुकै लोकमा रहू-श्री कृष्णको हृदय स्वरुप यो गीताले तिमीहरुको आत्मालाई आनन्द बढाइदिउन्, यही श्री भगवान सँग मेरो प्रार्थना छ ।

जुन मानिसहरुले धेरै धेरै परिश्रम गरी गीताको यस संस्करणलाई प्रकाशित गरिरहेकाछन्, उनिहरु उत्तरोत्तर श्रध्दा भक्ति प्राप्त गरेर जीवनलाई धन्य एवं कृतार्थ गर्न सकुन् ।

पुरी गुरुधाम- चटक पहाड
डोल पूर्णिमा सन १३४० (वंगाव्द)

श्री भुपेन्द्र नाथ सान्याल

ॐ तत्सत् ! ॐ तत्सत् !! ॐ तत्सत् !!!





योगिराज श्रीश्यामाचरण लाहिडी महाशय



योगिराज श्रीभुपेन्द्रनाथ सान्याल महाशय



इड़ा

पिंगला

सुषुम्ना



इड़ा — · — · — · — · ———

पिंगला — — — — — — — — —

सुषुम्ना ————————


सत्
(शुद्ध चैतन्य)
माया
(इस माया से
मुक्त चैतन्य का
नाम
ईश्वर है)
जरायु
विवस्वान्
चित्
या
महत्तत्त्व
अविद्या
या
अपरा प्रकृति
(इस अविद्या से
मुक्त चैतन्य का
नाम परा प्रकृति
है
या
जीव
है)
आत्मा
या
अहंकार
पंचभूतों को लेकर
चतुर्विंशति
तत्त्व
बुद्धि
मन
अर्थ
इन्द्रियाँ


वामा
जेष्ठा
श्री
रौद्री
कूटस्थ
मस्तक ग्रन्थि
विशुद्धिचक्र:

चित्र ४ नम्बरको विस्तृत विवरण

१. यस चित्रमा मुण्डको बीच "मूला" देखि मस्तक ग्रन्थि, मूला देखि कूटस्थ र कूटस्थ देखि मस्तक ग्रन्थि सम्म जुन ती विस्तृत पूर्ण अखण्ड रेखाहरु अंकित गरियका छन्, त्यही सुषुम्ना नाडी हो ।

२. मूला देखि जेष्ठा हुँदै कूटस्थ, मूला देखि वामा हुँदै कूटस्थ, मूला देखि वामा हुँदै कूटस्थ र मूला देखि रौद्री हुँदै कूटस्थ सम्म विस्तृत जुन तीन खंडित रेखाहरु अंकित गरिएका छन्, ती तीनै खंडित रेखाहरु द्वारा यथाक्रमसँग सत्त्वगुण, रजोगुण र तमोगुणको विशुद्ध तीन धाराहरु देखाईएका छन् ।

३. सहस्रार नामक अधोमुख सहस्रपद्म सहस्र दलहरु (पद्म पत्रहरु) लाई चित्रित गरेर यहाँ देखाउनु संभव छैन । खालि उसको अगाडिको कर्णिकाको (कोपिलामा) केन्द्रस्थलमा "श्री" विन्दु अनि जेष्ठा-वामा-रौद्री देखि गठित मूल त्रिकोण र पछिल्तिर उस्को (सहस्रदलपद्मको) डंठी देखाएर, सुषुम्ना नाडी कसरी मूला देखि आएर वृन्तको मध्यभएर जाँदै कर्णिकाको मध्यगत त्रिकोण केन्द्र "श्री" विन्दुलाई भेदन गर्ने "कूटस्थ" विन्दुमा पुगेको छ, यही देखाइएको छ ।

४. त्रिगुणको तिन्टै विशुद्ध धाराहरु द्वारा मूल त्रिकोणको तीनै भुजाहरु माथिको सामुन्ने तिर तीन त्रिकोण र पछिल्तिर तीन त्रिकोण कुल ६ त्रिकोणहरुको रचना हुनुको कारण मूल-कूटस्थ व्यापी समग्र मुण्ड षट्त्रिकोण-क्षेत्रको नामले जानिन जान्छन् । त्यस षटत्रिकोण-क्षेत्रको अगाडितिर (१) कूटस्थ-जेष्ठा- वामा, (२) कूटस्थ जेष्ठा-रौद्री, (३) कूटस्थ वामा-रौद्री यी तीन त्रिकोण छन् । अनि पछाडि तिर (४) मूला जेष्ठा-वामा, (५) मूला जेष्ठा -रौद्री एवं (६) मूला वामा-रौद्री यी त्रिकोण छन् । कुल जोड ६ : त्रिकोण बनेका छन् ।

यस चित्रमा, जहाँ निर "मूला" लेखिएको छ, मुण्डमा त्यही स्थान ब्रहमरन्ध्र हो र त्यही दशम द्वार अवस्थित छ तथा त्यसै ठाउँमा ब्रहमशक्ति मूला प्रकृति पनि अवस्थित छ । मूला प्रकृति स्वभावत: त्रिगुणमयी भएर पनि चेतनामयी, प्राणमयी एवं गुणमयी छन्, तथा त्यही "मूला" को रुपमा स्पन्दित र क्रियाशील हुन्छन् । अनि, त्यही मूलरुपमा श्री भगवान्को "विशेष" नामक शक्ति या "विसर्गशक्ति" बनेर यस जगत् को उपादानको कारण बन्दछन् । जब मूला क्रियाशील हुन्छन् तब त्यसले आफ्नो गुणहरुको साम्यावस्थालाई त्याग गरेर सत्त्वगुण, रजः गुण र तमोगुण यी तीन नामहरु र तीन रुपहरुमा प्रस्फुटित भै तीन धाराहरुमा विभक्त हुन जान्छन् । तब उनिहरुमा चेतना प्रवाह, प्राण प्रवाह र त्रिगुण प्रवाह बहन प्रारम्भ

हुन जान्छन् । यी तीनै प्रवाहहरु देखि जगत्मा जसरी प्रवृत्ति-मार्गमा चांचल्यमय सृष्टि, स्थिति एवं लयको ज्वालामय अथवा मोहमयी अफुरन्त (समाप्त नहुनेवाला) अशान्तिको प्रवाह प्रवाहित हुन लाग्दछन्, त्यसरी नै निवृत्तिको मार्गमा सब किसिमको चंचलता स्थिरतामा परिवर्तित हुन्छन् र तब अफुरन्त निर्वाण, शान्ति तथा आनन्दको श्रोत प्रवाहित हुन थाल्दछन् ।

अब सहस्रारको क्रिया नामक साधनको पारदर्शिता प्राप्त गर्नको लागि जसरी षट्चक्रको साधनामा कृति हुनु पर्दछ, त्यसरी नै जीवात्मारुपी आफ्नो सूक्ष्मातिसूक्ष्म स्वरुप ज्ञानको साथै उक्त मूला, जेष्ठा, वामा र रौद्री आदिको ज्ञान एवं उनको क्रियाकलाप तथा स्वरुपको सम्बन्धमा परिचय हुनु पनि आवश्यक छ । विना यिनीहरुलाई नजानिकन कोही पनि साधनामा न त अग्रसर हुन सक्त छ अनि नत कृतकार्य नै हुन सक्तछ । यसैले भक्त साधक रामप्रसादले भन्नुहुन्छ - *"ना जानिले जेष्ठा मूला, के भांगिवे तोर धूलाखेला ?"* जीवात्माको शरीरको रहस्यमय उत्पत्तिको प्रकरणलाई जानिलिएपछि त्यस सूक्ष्मातिसुक्ष्म तत्व-समूहको, विशेषत: जीवात्मा कति सूक्ष्म एवं अतीन्द्रिय छ यसको ज्ञान भै हाल्दछ ।

ॐ तत्सम् ! ॐ तत्सम् !! ॐ तत्सम् !!!



सहस्रार
आज्ञा
विशुद्धि
अनाहत
मणिपुर
स्वाधिष्ठान
मूलाधार
धर्मक्षेत्र
(तमः सत्व प्रधान)
धर्मक्षेत्र-कुरुक्षेत्र
(रजः सत्व प्रधान)
कुरुक्षेत्र
(रजस्तमःप्रधान)



संकेत	संकेत
१. मूलाधार	(क) सुषुम्ना नाडी
२. स्वाधिष्ठान	(ख) वज्र नाडी
३. मणिपुर	(ग) चित्रिणी
४. अनाहत	(घ) ब्रह्म नाडी
५. विशुद्ध	
६. विसर्ग	
७. गुरु	
८. सहस्रार	

विषय-सूचि

विषय	पत्रांक
प्रस्तोताको केही गन्थन	
श्रीकृष्ण भगवानको रंगिन चित्र	
योगीराज श्री श्यामा चरण लाहिडी महाशय तथा योगीराज श्री भुपेन्द्र नाथ सान्यालको रंगिन चित्र	
चित्र (सादा) नं १	
सादा चित्र नं. २	
सादा चित्र नं. ३	
सादा चित्र नं. ४, चित्र नं ४ को विस्तृत विवरण	
सादा चित्र नं. ५, सादा चित्र नं. ६	
ग्रन्थकारको विज्ञप्ति	
उपक्रमणिका:	१
गीतामा सर्ववाद समन्वय..........	
जीवहरुको मुक्तिको उपाय उपासना..........	
भक्तियोग, कर्मयोग, योगाभ्यास..............	
गीतामा आत्मतत्त्व...........	
ब्रम्हतत्त्व..............	
भगवतत्त्व...........	
अथ श्री मद् भगवद् गीता प्रारभ्यते.................	
करादिन्यास......................	
ध्यानम्....................	
शरीरमा ॐकार रुप..........	
कौरवहरुको नामको आध्यात्मिक अर्थ	
गीताको आध्यात्मिक रुपकको सूचना............	
समस्त गीताको भाव	७२

प्रथमोऽध्याय (विषादयोग) ८०
द्वितीयोऽध्याय : (सांख्ययोग) ११६
तृतीयोऽध्याय : (कर्मयोग) १८२
चतुर्थोऽध्याय : (ज्ञानयोग) २३१
पंचमोऽध्याय : (कर्म सन्यास योग) ३००
षष्ठोऽध्याय : (ध्यानयोग या अभ्यास योग) ३३५
सप्तमोऽध्याय : (ज्ञान विज्ञान योग) ४११
अष्टमोऽध्याय : (अक्षर ब्रहम योग) ४४९
नवमोऽध्याय : (राजविद्या राज गुहय योग) ५०७
दशमोऽध्याय : (विभूतियोग) ५६३
एकादशोऽध्याय : (विश्वरुप दर्शन योग) ६१३
द्वादशोऽध्याय : (भक्तियोग) ६७५
त्रयोदशोऽध्याय : (प्रकृति-पुरुष-विवेक-योग) ७३१
चतुर्दशोऽध्याय : (गुणत्रय-विभाग-योग) ८३४
पंचदशोऽध्याय : (संसार-अश्वत्थ) ८८०
षोदशोऽध्याय : (दैवीसंपद-तत्त्वज्ञानको अधिकार) ९२०
सप्तदशोऽध्याय : (श्रध्दात्रय विभाग योग) ९५१
अष्टादशोऽध्याय : (मोक्षयोग) ९८६
समस्त गीताको सारांश १११२

परिशिष्ट
योगीराज श्री शयामाचरण लाहिडी महाशयको
संक्षिप्त जीवनी
योगीराज श्री शयामाचरण लाहिडी महाशय प्रदत्त
षटचक्र- चित्र -१

ॐ तत्सत्

उपक्रमणिका

श्रध्दायुक्त भएर शास्त्रहरुको अध्ययन गर्नाले नै शास्त्रीय विषयहरु समझमा आउँदछ। श्रध्दा बिना शास्त्रको अभिप्रायलाई बुझेर पनि पाठकको केही विशेष उपकार हुँदैन। ऋषिहरुको उपदेश छ- "तस्मादात्महितं चिकीर्षता सर्वेण सर्वदा स्मृतिमास्थाय सद्वृतमनुष्ठेयम" वास्तवमा सदाचारको अनुष्ठानले नै जीवलाई चरित्र-बल प्राप्त हुन्छ। चरित्रलाई सुन्दर बनाउनु बिना कसैले अनन्त ज्ञान-सागरको एक बिन्दुसँग पनि अवगत हुन सक्तैन। जो चरित्रवान एवं श्रध्दालु छन तिनीहरु नै भगवद् भक्ति प्राप्त गरेर ज्ञान प्राप्ति गर्न सक्दछन्-जसबाट जीवन कृतार्थ हुन जान्छन्। जीवन कृतार्थको लागि-पूर्ण आचार निष्ठ, संयत एवं साधु जीवन-प्राप्तिमा यत्नशील हुनुपर्दछ। जो चरित्रहीन र व्यग्र चित्त छन् अनि नाना थरीका वासनाहरुमा फसिरहन्छन्, उनलाई कहिल्यै त्यस अनिर्वचनीय, इन्द्रिय अगोचर तथा परम ध्रुव सत्य स्वरुपको सन्धान मिल्न सक्तैन। एसको लागि शास्त्रीय दृष्टि एवं शास्त्रहरुमा श्रध्दा हुनु आवश्यक छ।

शास्त्र पढेर पनि मानिसहरु मूर्ख रहन जान्छन्, कारण यो छ - खालि ग्रन्थाभ्यासले शास्त्रहरु पढ्नु पूर्णतः सार्थक हुँदैन। शास्त्रहरुलाई पढेर यदि हृदयमा तत्त्वज्ञान प्राप्तिको लागि उत्साह उत्पन्न हुँदैन, ज्ञान र भक्ति प्राप्तिको लागि मनमा चेष्टा हुँदैन भने त त्यो शास्त्र-अध्ययन खालि श्रम हो। शास्त्रहरुको अभ्यासले हामीलाई भगवान् या आत्माको विषयमा केही न केही परोक्ष ज्ञान प्राप्त हुन्छ, यो ठीक छ, परन्तु जबसम्म साधना द्वारा तत्त्व-साक्षात्कार हुँदैन अथवा शास्त्र प्रतिपादित ज्ञानको यथार्थ अनुभव हुँदैन या शास्त्रहरु पढेर आध्यात्मिक ज्ञान प्राप्तिको लागि मन पूर्णतः सचेष्ट हुँदैन, तबसम्म बुझ्नु पर्दछ-हाम्रो परिश्रम व्यर्थै छ। यदि प्रकृत सत्य-ज्ञान उदय हुँदैन त शास्त्रीय ज्ञानले खालि अभिमान नै बढ्दछ। अनि यथार्थ शान्ति पनि मिल्दैन। साधु जन भन्दछन् - जुन पुरुष गुरु एवं वेदान्त वाक्यमा श्रध्दालु भएर साधनामा सचेष्ट हुनेछ त्यसको जीवन निश्चय नै कृत कृत्य हुन जानेछ, एसमा सन्देह छैन।

हाम्रो देशमा यति यति धेरै शास्त्रीय ग्रन्थहरु छन्-जसलाई यही जीवनमा पढेर समाप्त गर्नु सम्भव छैन। अतएव *"यत्सारभूतं तदुपासितव्यम्"* यानी समस्त शास्त्रहरुको जुन सार छ त्यसलाई नै ग्रहण गर्नु बुध्दिमानी छ। सर्व शास्त्रहरुको सारभूत गीता छ, अतएव एक मात्र गीता पढ्नाले नै सब शास्त्रहरुको पाठको फल मिल्न जान्छ। जीवन के हो ? जीवनको लक्ष्य के हो ? जन्म केहो ? मृत्यु के हो ? आत्मा के हो ? प्रकृति के हो ? कुन मार्ग अवलम्वन गर्नाले जीवन यथार्थ लक्ष्यतिर अग्रसर हुन सक्तछ, साधन-मार्गमा नानाथरी विघ्नहरु तथा त्यसलाई दूर गर्नुको उपाय अनि भगवत् प्राप्ति या ज्ञान प्राप्तिको साधना आदि अनेक अनेक विषयहरुको उपदेश श्री भगवान्ले वीराग्रगण्य श्री अर्जुनलाई लक्ष्य गरिकन जगत् एवं मानव-कल्याणको लागि गीतामा प्रदान गर्नु भएको छ।

कुरुक्षेत्रको युध्दमा शोक र मोहले अभिभूत अर्जुनको अज्ञान-जनित संशयलाई नष्ट गर्नको लागि श्री भगवान्ले उनलाई जुन अपूर्व शिक्षा प्रदान गर्नु भएको थियो, त्यो चिरकाल देखि मुमुक्षु साधकहरुको निम्ति कण्ठ-हारको रुपमा सुशोभित हुँदै आइरहेकोछ। यस शिक्षाको कथा नै श्री कृष्णार्जुन-संवाद हो।

यही श्री मद्‌ भगवत्‌ गीताको नामले सुपरिचित छ। यो महाभारतको भीष्म-पर्वमा सन्निविष्ट छ। भीष्मपर्वको तेह्रौं अध्याय देखि गीता-पर्वाध्याय प्रारम्भ हुन्छ। गीता-पर्वाध्याय देखि पच्चिसौं अध्यायमा गीता-उपनिषद प्रारम्भ हुन्छ।

आजकाल धेरैजसो मानिसहरु धर्म-साधनमा सचेष्ट त देखिन्छ, तर उनिहरुको मत वर्णाश्रम-धर्मको विरुध्द छ, अतएव त्यसले आफ्नो हृदयमा वेद-विरुध्द मत पोषण गर्दछन्‌। गीताको उपदेशले उनिहरुलाई ज्ञात हुन सक्तछ-स्वाधिकार देखि बहिर्भूत भएर धर्म साधना गर्नाले साधना निष्फल चेष्टा मात्र हुन जान्छन्‌।

गीतामा सर्ववाद समन्वय

शास्त्रहरुमा अधिकारीको सामर्थ्य अनुसार साधनको व्यवस्था गरिएको छ। कुनै मनोमानी मार्ग ग्रहण गर्न सक्तैन। यसैले श्री भगवान्‌ उच्च स्वरसँग अर्जुनलाई भन्नु हुन्छ - *“कर्मण्ये वाधिकाकारस्ते”*, - हे अर्जुन ! तिम्रो अधिकार कर्ममा छ, कर्म त्याग गरेर संन्यास ग्रहण गर्नाले तिम्रो काम चल्नेछैन। जो जुन किसिमको अधिकारी छ, त्यसले गीतामा त्यस्तै किसिमको आधिकारिक साधना प्राप्त गर्न सक्दछ। अतयव गीता सर्वश्रेणीका साधकहरुका लागि पठनीय छ। गीता एक सम्पूर्ण उपनिषद हो, सम्भवतः यो भनियोस कि यो सर्वश्रेष्ठ उपनिषद हो त यस्मा कुनै अत्युक्ति हुने छैन। किनभने यसमा ब्रहम-विद्या-योगतत्त्वको सम्यक आलोचना गरिएको छ। गीताको भाषा सरल एवं प्रांजल संस्कृत भएर पनि त्यो सहज बोधगम्य ग्रन्थ होइन। हाम्रो देशको अनेक महानुभव मनस्वी पुरुषहरुले गीताशास्त्रलाई सम्झाउने प्रयास गरेका छन्‌। अवस्य नै सवैले आफ आफ्नो भाव अनुसार व्याख्या गरेका छन्‌। पूज्यपाद आचार्य शंकरले अद्वैत मतानुसार भाष्य गर्नु भएकोछ तथा महानुभव आनन्दगिरि, भक्त-चूडामणि श्री बलदेव विद्याभूषण, रामानुज, श्रीधर स्वामी एवं परम भक्त पंडित श्री मधुसूदन सरस्वती आदि अनेक विद्वानहरुले गीताको भाष्य एवं टीका प्रणयन गर्नु भएका छन्‌। रामानुज र बलदेवलाई छोडेर यिनीहरुमा प्रायः सबैको व्याख्या अद्वैत मतानुसार छन। द्वैत एवं द्वैताद्वैतको पनि अनेक प्राचीन भाष्य एवं टीकाहरु छन्‌। यी समस्त व्याख्याताहरुले आफ आफ्नो मत अनुसार गीताको मर्म बुझ्ने चेष्टा गरेका छन्‌। ती सबैको प्रयत्न सफल भएकोछ। किन भने उनिहरुको मतहरु अनुसार साधन गरेर अनेक मानिसहरुले आफ्नो जीवन धन्य बनाएका देखिनमा आउँदछन्‌।

गीतामा सर्ववाद समन्वय-एस्तो किन नहोस ? श्री भगवान्‌ जति विराट्‌ तथा जति विशाल छन्‌, उनको उपदेश राशि पनि त्यतिनै विराट एवं विशाल छन्‌। उनको कथा सुन्ने मानिसहरु पनि जसरी अनेक एवं विचित्र किसिमका छन्‌, श्री मद्‌ भगवत्‌ गीताको कथन-प्रणाली पनि त्यसरी नै विचित्र छन्‌। भक्त श्रोताको भावराशि-सीमा जसरी अनन्त छन्‌, त्यसरी नै श्री मद्‌ भगवत्‌ गीताको उपदेश पनि अनन्त एवं अगाध छन्‌। चाहे कोही जुनसुकै किसिमको रसाभिलाषी किन नहुन, तदनुरुप रसास्वादन देखि उसलाई गीताले वंचित गर्दैन। जसरी मानिसहरु पवित्र गंगा नदीमा अवगाहन गरी, सुस्नात भएर आफ आफ्नो

पात्रमा त्यसको सुनिर्मल जल भरिलिन्छन् त्यसरी नै यदि यस पुण्यपूता श्री मद भगवत्रुप-गीता प्रवाहिणीमा जो प्रवेश गर्दछन्, प्राणपनसँग डूबुल्की लगाउँदछन् त्यसले आफ्नो मत अनुसार आफ्नो कार्य सिध्द गर्न मात्रको लागि जल संग्रह गरिलिन्छन् त यसमा आश्चर्यको कुरा के छ ? यही कारणले अद्वैतवादी परम ज्ञानी गीतामा अद्वैतवादको विजयबाद्य बजिरहेको सुन्दछन् अनि मुग्ध हुन जान्छन् तथा भक्त अद्वैतवादीपनि गीतामा भक्ति-प्रेमको पराकाष्ठाको अनुसन्धान पाइकन आनन्दले उत्फुल्ल भै उठदछन । जुन द्वैतवादका अनुयायी छन तिनीहरु पनि एसमा नवजलधर श्यामसुन्दरको अपूर्व मन हरणीय बाँसुरीको सुमधुर ध्वनि सुनिकन भावाविष्ट भएर नाच्न थाल्दछन् । कर्मवादी पनि एसमा कर्मको अपूर्व व्याख्या देखेर "गीताले हाम्रै कुरा भन्दछन्" यो घोषित गर्दै दिगदिगन्त मुखरित गर्दछन् ।

अब राम्रोसँग बिचार गरेर हेर्नुहोस - गीतामा वस्तुतः के व्याख्या गरिएको छ तथा यो कसको लागि रचिएको छ ? वास्तवमा गीता ज्ञानी, भक्त कर्मी, संन्यासी सब सम्प्रदायका मानिसहरुको निम्ति लेखिएको छ । सबैले यसमा आफ आफ्नो मत अनुसार भाव पाएर कृतार्थ हुन्छन् । किन भने जो जगत्को एकमात्र सुहृद एवं गुरु छन् त्यसले सबैको उपेक्षा गरेर के खालि एक सम्प्रदाय विशेषको सुविधाको लागि उपदेश दिन सक्तछन् ? यो कहिल्यै सम्भव छैन । गीता सार्वभौम ग्रन्थ हो, यसै कारण सबै सम्प्रदाय आफ आफ्नो मत पुष्टि गर्ने भाव एस्मा प्राप्त गरेर स्तम्भित हुन जान्छन् । स्तम्भित हुनुपर्ने कुरा पनि छ, यति यति ठूलो विराट् शक्ति प्रदान गरेर श्री भगवान्ले यस उपदेश - मालिकालाई ग्रथित गर्नु भएकोछ - त्यस अतीत युग देखि आजसम्म जगत्का विभिन्न मतहरुको अनुयायी यसमा आफ आफ्नो मतहरुको परिपुष्टि देखेर विस्मित भएकाछन् । गीताको विशेषता यही हो । यदि प्रश्न गर्दछौं त यो कसरी संभव हुन सक्तछ ? किन भने यदि द्वैतवाद सत्य छ त अद्वैतवाद सत्य हुन सक्तैन अनि यदि अद्वैतवाद सत्य छ त द्वैतवादलाई असत्य मान्नु पर्ने नै छ । भगवान् यदि निराकार छन त साकारवादलाई समर्थन गर्न मिल्दैन र यदि त्यो साकार छन त निराकार वाद मनको कल्पना मात्र हो । यदि एकमात्र कर्म अनुष्ठेय छ त भक्ति र ज्ञानका कुराहरु बनावटी हुन अनि यदि ज्ञान र भक्ति द्वारा भगवान् प्राप्त हुन्छन त आध्यात्मिक राज्यमा कर्मको लागि स्थान छैन र वस्तुतः कर्म उनको विरोधी हुनु बिना रहन सक्तैन । तथा यी कर्म बिना सन्सार चल्दैन । यी सारा तर्कहरुको मीमांसा गीतामा भएका छन् । साधन नगरिकन खालि तर्क गर्नु वितण्डा हुन अथवा खालि कलह मात्र हुन । यस द्वारा कहिल्यै सत्यको निर्णय हुन सक्तैनन् । अवश्य नै यो भन्नु पनि ठीक छैन - युक्ति या तर्कको कुनै प्रयोजन छैन । तथापि शास्त्रानुकुल युक्ति नै ग्रहणीय हुन्छन । आचार्य शंकरले भन्नु भएको छ - *"श्रुत्यैव च सहायत्वेन तर्कस्याप्य भ्पुपेतत्वात्"* अर्थात् तर्कको प्रयोजनशीलता नै यही छ - त्यसले श्रुतिलाई बुझ्नमा सहायता गर्दछ । वस्तुतः एक भगवान् या आत्मालाई जान्नको लागि जसरी ज्ञान, योग, भक्ति, कर्म सबैको प्रयोजन हुन्छ, त्यसरी नै साधनको विशेष-विशेष अवस्थाहरुमा श्री भगवान् अद्वैत भावमा, द्वैताद्वैत भावमा अथवा द्वैत भावमा ग्रहणीय हुन्छन्, यसैकारण उनलाई साकार भन्नु पनि ठीक छ अनि निराकार भन्नु पनि ठीक छ । जसरी नदीबाट जल लिन जसको जस्तो पात्र हुन्छ त्यसले त्यति नै जल ग्रहण गर्न सक्तछन्, त्यसरी नै हाम्रो मन-बुद्धिको आधार एवं गठनको भेदले हामी

भगवान्लाई आफ्नो मनोनुकुल भावहरु अनुसार ग्रहण गर्न सक्तछौं । यसमा कुनै दोष हुँदैन । परन्तु जुन भाव हाम्रो मनोनुकुल छ त्यही ठीक छ तथा जुन हाम्रो चिन्तन विरुद्ध छ त्यो ठीक छैन, यो भन्नु सत्य छैन । सारा भाव ठीक छन्, सारा नै सत्य छन् । श्री भगवान् यति यति विशाल एवं यति यति विराट् छन् तथा यति अनन्त भावमय छन्-कुनै पनि एक भाव अवलम्वन गरेर साधना गर्न सकिन्छ, त्यसलाई कहिल्यै मिथ्या भन्न सकिन्न परन्तु यदि कसैले खालि आफ्नै मतलाई सत्य अनि अन्य सबलाई असत्य मान्दछन् त त्यो निश्चय नै मिथ्या हो । हामी यो बुझ्न बिर्सन्छौ - ईश्वर सर्वज्ञ छन् र सब जीवहरुका परम सुहृद हुन । समस्त भावुकजनहरुको लागि, सारा साधकहरुको सुविधाको निम्ति त्यो सबचीज बनेर बसिरहेका छन्- *"सर्वस्वरुपे सर्वेशे सर्वशक्ति समन्विते"* यसै कारण त्यस मानवमात्रका हृदयेश्वर सर्वेश्वर नजिक पुग्नको लागि उनको समस्त भावहरु बुझ्नको लागि जुन विभिन्न मार्ग छन् ती मध्ये कुनै एकलाई अस्वीकार गर्न सकिन्न र कुनै पनि साधक ती मध्ये कुनै एक भावलाई अवलम्बन गरेर आफ्नो जीवनलाई सार्थक गर्न सक्तछन् । यस एक भावलाई यदि समातिलियौं भने त जीवनमा फेरि क्षोभ गर्नको निम्ति केही रहँदैन । परन्तु मूढतावश हामीले एस्तो भ्रमपूर्ण प्रचार गर्नु हुँदैन - हामीले उनको प्राप्तिको लागि जुन मार्ग अवलम्बन गरेका छौं त्यही एक सत्य मार्ग हो र शेष सब भ्रान्त छन् । यस्तो कुरा छैन । एकनिष्ठाको लागि तिमी अनन्त भावहरु देखि एक भावलाई लिएर त्यसैमा लीन हुन जाऊ, त्यसबाट नै तिमी कृतार्थ हुन जानेछौ परन्तु ध्यान रहोस-अन्य मतहरुको निन्दा गरेर तिमीले आफ्नै साधनालाई कतै निष्फल नबनाई हाल ।

श्री भगवानले गीताको नवौं अध्यायमा भन्नु भएको छ -

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ;
भजन्त्यनन्य मनसो ज्ञात्वा भूतादिमव्ययम ॥
सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रता ;
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्त उपासते ॥
ज्ञानयज्ञेन चाप्यन्ने यजन्तो मामुपासते ;
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥

दैवी प्रकृति हुने महात्मा पुरुष अन्यन्य चित्तले मलाई भूतहरुको आदि कारण मानिकन तथा नित्यस्वरुप अर्थात सर्वत्र ब्रहमदर्शन गर्दै मेरो आराधना गर्दछन्। उपासना तीन किसिमका हुन्छन्-*मानसिक, वाचिक एवं कायिक* । कोही दृढव्रती भएर प्रयत्नपूर्वक सदा अभेद-चिन्तन द्वारा आराधना गर्दछन्-यो मानसिक उपासना हो), कोही मन्त्र-स्तोत्रादि द्वारा कीर्त्तन गर्दछन् (यो वाचिक उपासना हो), अनि कोही भक्ति भावसँग प्रणम गर्दछन् (यो कायिक उपासना हो), कोही-कोही ज्ञानयज्ञ द्वारा अर्थात् सबचीज बासुदेव नै हुन एस्तो जानिकन मेरो उपासना गर्दछन् । (परन्तु खालि चिन्तन द्वारा सर्वत्र ब्रह्म दर्शन

हुँदैन, ब्रह्म दर्शनको लागि चिन्ताशून्य हुनु पर्नेछ) कोही अभेद भावना द्वारा, कोही पृथक् भावना द्वारा अनि कसैले सर्वात्मक भाव द्वारा उपासना गर्दछन् ।

जीवहरुको मुक्तिको उपाय उपासना-जीवनको एकमात्र लक्ष्य श्री भगवान् हुन । त्यो हामी सबैको आत्मा एवं प्रियतम हुन । त्यही सब चराचरमा व्याप्त, सब भूतहरुको अन्तरात्मा ब्रह्म हुन । यस ब्रह्मको साक्षत्कार या भगवच्चरणको स्पर्श जबसम्म हुँदैन, जीवलाई मुक्ति मिल्दैन । भारतवर्षमा मुक्ति प्राप्तिको जुन उपाय प्रचलित छन्, ती मुख्यत : तीन छन्-कर्म, भक्ति र ज्ञान । यी तीनै मार्गहरुको अवलम्वन बिना जीव आवागमन देखि छुट्न सक्तैन । सन्सारसँग हामी किन प्रेम गर्दछौं, यस कुरालाई हामी खूब बिचार गरी हेर्दैनौ, राम्रो लाग्नुको कारण नै मानिसहरु सन्सार गर्दछन्, यसै कारण परंपरा अनुसार हामी पनि सन्सार गर्दछौं । परन्तु यो शास्त्रीय बुध्दि होइन । शास्त्र भन्दछन-संसार गर्नु पर्दछ-आत्म-तृप्तिको लागि होइन, बरु झन भगवत् प्रीतिको लागि । हामी सबै जुन सन्सार गर्दछौं, त्यस संसार क्रीडामा नै एक दिन समझमा आउनेछ-सन्सार सन्सारको लागि गरिदैन । सन्सारमा आउनुको उद्देश्य हो भगवानलाई प्राप्त गर्नु, भगवानलाई बुझ्नु । हाम्रो व्यक्तिगत आसक्ति या अज्ञानजनित मोह नै एस ज्ञानदृष्टिमा बाधक छ । यदि यो बाधा नहुँदो हो त हामीले बुझ्दथ्यौं-हाम्रो चाहना के हो, सर्वापेक्षा प्रियतम हाम्रो को छ ? यो प्रिय वस्तु नै समस्त वस्तुहरुको सत्ता या आत्मा हो र त्यही हो भगवान् । श्रुति भन्दछ

"न वा अरे पुत्रस्य कामाय पुत्र : प्रियो भवति, आत्मनस्तु कामाय पुत्रः प्रियो भवति ।"

आत्मतत्त्व जान्नको लागि अधिकार भेदले तीन मार्गहरुछन्, यो पहिले भनि सकिएको छ । भागवतमा श्री भगवान्ले उध्दवजीसँग भन्नु हुन्छ-

**"योगास्त्रयो मया प्रोक्ता नृणां श्रेयोविधित्सया ;
ज्ञान कर्म च भक्तिश्च नोपायोऽन्योऽस्तिकुत्रचित् ॥"**

त्रिविध मार्ग - जीवको कल्याणको लागि श्रीभगवान्ले तीन उपायहरु बताउनु भएकाछन् -ज्ञान, भक्ति र कर्म । यी तीन मार्गहरु बाहेक मुक्तिको अन्य मार्ग छैन । यी नै तीन मार्गहरुको विषयमा गीतामा सम्यक आलोचना गरिएको छ । जसरी मार्गहरु तीन छन्, उसरी नै अधिकारी पनि तीन किसिमका हुन्छन् । अवश्य नै कोही कसैले आफ्नो इच्छा अनुसार मार्ग ग्रहण गर्न सक्तैनन् । कसैलाई कर्ममा अधिकार हुन्छ, कसैलाई भक्तिमा, अनि कसैलाई ज्ञानमा अधिकार हुन्छ । एसैले बलात् एकको अधिकार दोश्रोको टाउकामा राखिदैंन, राख्दाखेरि अनर्थ नै हुन्छ । अवस्यै यो मान्नु पर्नेछ-विभिन्न अधिकारीहरुको लागि विभिन्न पथ भएर पनि प्रत्येक अधिकारीलाई न्यूनाधिक रुपले यी तीनै मार्गहरुको सहारा लिनु पर्ने हुन्छ, परन्तु आफ्नो प्रकृति अनुसार कुनै एक मार्गको प्रमुखता रहन्छ । तर एकको अवलम्बन लिनुको कारण अरु

दुई अमान्य हुन सक्तैन । अमान्य गरेमा पाइला पाइला खस्नुको भय हुन्छ र साधना-मार्ग विघ्न-संकुल हुन जान्छन् ।

आफ्नो बाटो मानिसले स्वयं चुन्दछन्, यदि छान्नमा सुविधा हुँदैन त सद्‌गुरुको कृपाले मार्ग निश्चित हुन जान्छ, यो अधिकार उनैलाई छ ।

ज्ञानयोग-सबै मानिसहरुलाई ज्ञानमा अधिकार हुँदैन, किनभने वैराग्य बिना कोही ज्ञानमार्गको अधिकारी बन्दैन । विषयहरु प्रति वैराग्य धेरै धेरै कम मानिसहरुमा देखिन जान्छन् र चित्तमा वैराग्य हुनु बिना ज्ञान उदित हुन संभव छैन । भगवान्‌ले गीतामा भन्नु भएकोछ -

"ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मन : ;
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥"

जस्को भगवद्‌विषयक ज्ञान द्वारा वैषम्यजनक अज्ञान नष्ट भएको छ उनको त्यो आत्मज्ञानले अज्ञानलाई नष्ट गरेर ईश्वरको परिपूर्ण स्वरुप उसरीनै प्रकाशित गर्दछ, - जसरी आदित्यले अन्धकारलाई नाश गरी निखिल वस्तुलाई प्रकाशित गर्दछ ।

"तिद् बुध्यस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ;
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥"

उनमा नै जस्को बुध्दि निश्चयात्मिका भएको छ, उनमा नै जस्को आत्मभाव छ अर्थात मन लीन छ, उनमा नै जसको निष्ठा छ, अर्थात प्रयत्न भैरहेकोछ, त्यो नै जसको परम आश्रय छन् तथा उनको कृपाले प्राप्त भएको आत्मज्ञान द्वारा जसको पाप पखालिएका छन्, तिनीहरुले नै अपुनरावृत्ति अर्थात् मुक्ति प्राप्त गर्दछन् । यस किसिमको ब्रह्मविद् ज्ञानी पुरुषको लक्षण बताउँदै श्री भगवान् भन्नु हुन्छ-

"न प्रहृष्येत् प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ;
स्थिरबुध्दिरसंमूढो ब्रह्मविद् ब्रहमणि स्थित : ॥"

जो ब्रहमवेत्ता भएर ब्रहममा अवस्थित छन् त्यो प्रिय वस्तुलाई प्राप्त गरेर हर्षित हुँदैन, नत अप्रिय वस्तु प्राप्त गरी उद्विग्न हुन्छन्, किनभने त्यो असंमूढ छन्, अर्थात् उनको मोह निवृत्त भएकोछ तथा बुध्दि स्थिर छ ।

असंमूढ या स्थिर बुध्दि हुनु बिना ज्ञानको प्राप्ति असंभव छ । परन्तु यो अवस्था जगतमा धेरै कम मानिसहरुलाई प्राप्त हुन्छ । तथापि जब ज्ञान बिना मुक्ति प्राप्त हुँदैन तब सबै साधकहरुलाई ज्ञानको प्रयत्न गर्नु पर्ने नै हुन्छ । त्यस ज्ञान-स्वरुप प्राप्त गर्नको लागि हृदयमा जुन एकान्तिक अनुराग उत्पन्न हुन्छ, त्यही द्वितीय मार्ग हो भक्ति ।

भक्तियोग

"जातश्रध्द : मत्कथासु निर्विण्ण सर्वकर्मसु ;
वेद दुःखात्मकान् कामान् परित्यागेऽप्यनीश्वर ॥"

मेरो कथामा श्रध्दा उत्पन्न भएकोछ, सबै कामहरुमा विरक्ति छ, कामहरुलाई दुःखात्मक सम्झन्छन् तर तिनको त्यागमा समर्थ छैन । तथा -

"न निर्विण्णो नातिसक्तो भक्ति योगोऽस्य सिध्दिद :।"

जुन मनुष्य अत्यन्त विरक्त छैन अनि न त अत्यन्त आसक्त छ, त्यसको लागि नै भक्तियोग सिध्दिप्रद हुन्छ । यस भक्तियोग द्वारा नै ज्ञान प्राप्ति हुन्छ । भागवत्मा लेखिएको छ-

"वासुदेवे भगवति भक्तियोग : प्रयोजित : ;
जनयत्याशु वैराग्यं ज्ञानंच यद्हैतुकम ॥"

भगवान् वासुदेवमा भक्तियोग प्रयोग गरेपछि शीघ्र वैराग्य उत्पन्न हुन्छ तथा त्यस पछि आफसे आफ नै ज्ञान उदित हुन्छन् ।

कर्मयोग एवं योगाभ्यास-परन्तु जसलाई विवेक-वैराग्य छैन, यथार्थ भक्ति पनि छैन, तथापि भगवान्लाई पाउन चाहन्छ, त्यसको लागि उपाय के छ ? धेरै जसो मानिसहरुले यो राम्रै सँग बुझ्दछन-भगवान् बिना जीवन-ज्वाला शान्त हुन सक्तैन, परन्तु उनलाई पाउनको लागि मनमा आग्रह या व्याकुलता भएको नदेखेर निराश हुन जान्छन् । यस श्रेणीका मनुष्यहरुको लागि योगाभ्यास नै सर्वश्रेष्ठ उपाय छ । अधिकांश मानिसहरु यसै श्रेणीका हुन्छन् । तिनीहरुले जब सब चीज बुझ्दछन् त उनको मनमा त्यस्तो आग्रह किन हुँदैन ? एसको कारण यो छ-पुराकृत कर्महरुको फलस्वरुप उनको मन अत्यन्त चंचल रहन्छ अनि मनको चंचलताको कारण त्यसले आफ्नो बुध्दिलाई एक विषयमा स्थिर राख्न सक्तैनन् । बुध्दिको स्थिरताको अभावमा अज्ञान र विषयहरुमा आसक्ति हुन्छ । यही विषयासक्ति नै सारा दुःखकष्टहरु अनि तापहरुको मूल मुहान हुन । धेरै विचार गरेपछि यद्यपि अज्ञान-मेघ केही समयको लागि टाढिन जान्छन्, परन्तु यो अवस्था बनिरहँदैन , अतएव मनोवेग शान्त न रहनुको कारण हामी एकाग्रचित्तले भगवत्स्मरण गर्न पाउँदैनौ । यही कारणले लाख चेष्टा गर्दा खेरि पनि मनको ज्वाला मेटिदैंन । जसबाट मन विवश भएर नजाने कता कता भटकिरहन्छ । शतधा विक्षिप्त चित्तमा हामी यस मनसा-रामलाई बुझ्ने चेष्टा गरेर पनि ठीकसँग बुझ्न पाउदैनौ, समाउनलाई त बढदछौं तर समात्न पाउँदैनौ । प्राणको अविरल स्पन्दन नै यस अशान्तिको मूल कारण हो । जबसम्म यो प्राणको स्पन्दन बनिरहनेछ तबसंम्म चित्त स्थिर हुन सम्भव छैन । अतएव प्राणको स्पन्दनलाई रोक्न क्रियायोग या योगाभ्यास गर्नु आवश्यक छ । जसको मनमा ब्रहम-विचारको आकांक्षा उदय हुँदैन, जो आफ्नै सन्सारमा अतीव व्यस्त रहन्छन्, तिनीहरु कर्म तथा त्यसको खटरागलाई लिएर बसिरहुन, परन्तु जसको चित्त आसक्त छ तथापि कर्म बन्धन देखि मुक्त हुनको निम्ति व्याकुलछ, एस्तो

मानिसहरुले निष्काम कर्मको अवलम्वन गर्नु पर्दछ । यही निष्काम कर्मयोगको साधना नै *आत्मक्रिया, क्रियायोग या योगाभ्यास* कहलाउँछ । क्रियायोग तथा यस विषयको विविध साधनाहरुको आलोचना श्री भगवान्ले गीताको चतुर्थ, पंचम, षष्ठ, अष्टम तथा पंचदश अध्यायहरुमा गर्नु भएकोछ । यस क्रियायोगको साधना के ज्ञानी, के भक्त अनि के कर्मी सबको लागि अत्यन्त नै आवश्यकीय साधना हुन । यथार्थतः यही कर्मयोग हो, यस क्रिया द्वारा नै समस्त कर्म ब्रहमार्पण गर्न सकिन्छन् ।

"एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ;
कर्मजान् विध्दितान् सर्वान् एवं ज्ञात्वा विमोक्षसे ॥"

यसरी बहुविध यज्ञहरु वेदमुखबाट विहित भएकाछन्, यी सबै कर्मज हुन अर्थात वाङमनकाय सम्बन्धी कर्मदेखि उत्पन्न भएकाछन्, यानी वाक्य, मन र शरीर द्वारा सम्पादित हुन्छन् । एस्तो जानिकन जब योग-साधना गरने छौ त मुक्ति प्राप्त हुन जानेछ ।

श्री भगवान्ले यद्यपि-

-"न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते"-

भनेर ज्ञानको प्रशंसा गर्नु भएको छ, परन्तु त्यस ज्ञान प्राप्तिको लागि एकमात्र उपाय योगाभ्यास हो । यसै कारण फेरि अगाडि भन्नु भएको छ-**"तत्स्वयं योग संसिध्दः कालेनात्मनि विन्दति"**- साधक त्यस आत्मज्ञानको संसिद्धि द्वारा यथासमय आत्मामा स्वयं नै प्राप्त गर्दछ । परन्तु कर्मयोग बिना त्यो प्राप्त हुँदैन ।

सुदीर्धकाल सम्म कर्मयोगको अभ्यास गर्नु बिना आत्मविषयक ज्ञान उत्पन्न नै हुँदैन । योगाभ्यास द्वारा योग्यता अर्जित हुन्छ, योग्यता प्राप्त भएपछि अनायासै ज्ञान प्राप्त गरिन जान्छ । प्राणायामादि योगाभ्यास गर्नेवाला पुरुषको विवेक ज्ञानको आवरणरुपी कर्म क्षीण हुन जान्छन् । योगदर्शनमा लेखिएको छ - **"ततः क्षीयते प्रकाशावरणम् ।"** प्रकाशको आवरण, प्राणायाम आदि द्वारा क्षयलाई प्राप्त हुन्छन् ।

श्री भगवान्ले योगाभ्यासीको प्रशंसा गर्नु हुँदै अर्जुनलाई योगी हुनको लागि भन्नु भएकोछ -

"तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिक ;
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ॥"

योगी तपस्वीहरु भन्दा श्रेष्ठ छ, ज्ञानी भन्दा श्रेष्ठ छ, कर्मी भन्दा पनि श्रेष्ठ छन्, यो मेरो मत हो । अतएव हे अर्जुन तिमी योगी बन ।

ब्रह्म कर्मार्पण-या ब्रह्मार्पित कर्म कसरी गरिइन्छन्-यदि क्रियायोग नै एकमात्र कर्म हो भने त अन्य सयौं कर्महरुलाई हामीले किन गर्ने ? अनि त्यसलाई गर्नाले लाभ नै के छ ? यसै प्रश्नको मीमांसा गर्नु हुँदै श्री भगवानले गीताको तृतीय, अष्टम एवं अष्टादश अध्यायमा विशद रुपले अर्जुनलाई सम्झाउनु भएको छ - यी सारा कर्म कुन किसिमसँग अनुष्ठित भएपछि भगवत् प्राप्तिमा सहायक हुन सक्दछन् ।

ब्राहमण, क्षत्रिय, वैश्य एवं शुद्रको स्वभाविक कर्म के के छन, एसको उल्लेख गीताको अष्टादश अध्यायको ४२, ४३, ४४, ४५ श्लोकहरुमा पाइन्छन । स्वाभाविक कर्म गर्नुको अधिकार चाण्डाल पर्यन्त सबै मनुष्यहरुलाई छ र स्वाभाविक कर्म गर्नाले कसैलाई पनि पाप लाग्दैन । जसरी जीवहिंसा ब्राहमणको लागि पाप भएर पनि निषादको लागि पाप मान्न सकिदैन । किनभने स्वकर्ममा लागेको व्यष्टि स्वकर्म द्वारा पनि सिध्द यानी ज्ञानको योग्यता प्राप्त गर्दछ । यो सानो कुरा होइन । यसै कारण कसैलाई आफ्नो कुल प्रति घृणा-भाव उत्पन्न गर्नु हुँदैन । किनभने स्वकुलोचित कर्महरु गर्दै यदि ईश्वरमा निष्ठा बनिरहोस अर्थात् भगवत् प्रीतिको लागि नै कर्म गरियोस त मनुष्यलाई नरकको भय रहने छैन । बरुफन भगवान्ले परधर्म श्रेष्ठ होस ता पनि त्यसलाई ग्रहण गर्न निषेध गर्नु भएकोछ । त्यहाँ भगवानले एक अतीव बडो एवं चमत्कारपूर्ण कुरा भन्नु भै जगत्का सबै जीवहरुलाई अभयदान दिनु भएको छ ।

"यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ;
स्वकर्मणा तमभ्यर्च्य सिध्दिं विन्दति मानव : ॥"

जुन अन्तर्यामी भगवान् देखि प्राणिहरुको कर्म-चेष्टा हुन्छ तथा जो एस विश्वमा व्याप्त भएर विराजमान छन, त्यस ईश्वरलाई आफ्नो कर्महरु द्वारा अर्चना गरी मनुष्यले सिध्दि प्राप्त गर्न सक्दछन अर्थात उसलाई ज्ञानलाभ हुन्छ । स्व-स्व कर्महरु द्वारा उसको पूजा गर्नु पर्नेछ । कुनै पनि कर्म ईश्वरार्पित चित्तले गरेपछि निष्फल या हेय हुँदैन अनि नत बन्धनको कारण बन्दछ ।

"ब्रह्मण्याधाय कर्माणि संग त्यक्त्वा करोति य : ;
लिप्यते न स पापेन पद्म-पत्रमिवाम्भसा ॥"

परमेश्वरमा समर्पित गरी या फलासक्तिको त्याग गरेर जसले कर्म गर्दछ त्यो पुण्यपापात्मक कर्ममा त्यसरी नै लिप्त हुँदैन जसरी पद्मपत्र जल रहेर पनि जलद्वारा लिप्त हुँदैन ।

भगवान् सर्वात्मक छन्, अतएव हामी जे जो गर्न चाहन्छौं, त्यसलाई सही ढंगसँग गर्नु पर्दछ जसबाट त्यो ब्रह्म-समर्पित हुन सकोस । कर्तृत्त्वको अभिमान रहेमा कर्म-बन्धन अनिवार्य हुन जान्छन् ।

अहंकार र अभिमान जबसम्म हृदयमा भरिएको हुन्छ तबसम्म भगवदर्पण कर्म हुन सक्तैन । यही कारणले निरहंकारी ज्ञानी-भक्तहरु समस्त पदार्थहरुलाई भगवान्कै सम्झन्छन् । सबै भगवद्स्वरुप हुन अथवा सब भगवान्को नै हुन-एस किसिमको बुध्दिले युक्त भै अतएव आसक्ति र अहंकारले रहित भएर ईशवरार्पित चित्तले कर्म गर्नु ठीक छ । यसरी जसले कर्म गर्न सक्तछ, त्यही प्रकृत ज्ञानी, योगी र भक्त हुन् ।

कर्म गर्ने अधिकार सबैलाई छ र मनुष्यमा कर्म गर्नुको वेग अतीव नै प्रबल हुन्छन् । परन्तु साधारणतः सारा प्राणीहरु स्वार्थले प्रेरित भएर नै कर्म गर्दछन् । प्रथमतः निःस्वार्थ भै कर्म गर्नु पनि कठिनै हुन्छ । जुन मानिसहरु स्वार्थ-रहित भएर कर्म गर्न सक्तैन, तिनीहरु स्वार्थ-बुध्दिले नै कर्म गरोस, तिनीहरु अल्छी र कर्मविमुख मानिसहरुको अपेक्षा फेरि पनि श्रेष्ठ छन् ।

सामान्यतः दुई किसिमका मानिसहरु कर्म गर्न चाहँदैन-एक अल्छी र दोस्रो सांख्यमतावलम्बी । अल्छ्याट मनुष्यले जुन कर्मत्यागको स्वांग रच्दछन त्यो उनिहरुका केवल कपटाचरण मात्र हुन । कपटाचारीलाई धर्मको प्राप्ति हुँदैन । श्री भगवान्ले उनको विषयमा भन्नु भएको छ -

"कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ;
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचार : स उच्यते ॥"

तिमीले कर्मेन्द्रियहरुलाई संयम त गरेकाछौ तर मनमा विषयहरु पाउनुको यथेष्ट लोलुपता बनिरहन्छ, अतयव तिम्रो कर्म-त्याग कायल्केशको भयले छ । एस्तो त्याग द्वारा शान्ति प्राप्तिको कुनै आशा हुँदैन ।

दोस्रो किसिमका मानिसहरु आपत्ति गर्दछन - *"त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिण :"* - कर्म बन्धनको हेतु हुन अतएव सारा कर्म त्याज्यं छन । कर्म गरेपछि कर्म-फल-भोग अनिवार्य हुन्छ श्री भगवान् उनको आपत्तिलाई एसरी खण्डन गर्नु हुन्छ-

"यज्ञ, दान तपः कर्म न त्याज्यं कार्यमेव तत् ;
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥"

यज्ञ, दान र तपस्या रुप कर्म कहिल्यै त्याज्य हुँदैन, बरुभन यिनलाई गर्नु नै कर्त्तव्य हो । किनभने यी सारा कर्मले विवेकी पुरुषहरुको चित्तलाई शुध्द गर्दछन् । यी सब नित्य कर्महरुलाई त्याग गर्नु कुनै तरीकाले पनि ठीक छैन ; मोहवशात् भै जसले यी कर्महरुलाई त्याग गर्दछ त्यो त तामसी त्याग मात्र हो । तब कुन किसिमसँग कर्म गर्नाले चित्त-शुद्धाकारक बन्ला ?

"एतान्यपि तु कर्माणि संग त्यकत्वा फलानि च ;
कर्तब्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥"

हे पार्थ ! पूर्वोक्त यज्ञ-दानादि कर्महरुलाई गर्नु नै पर्दछ-फलाकांक्षारहित भएर तथा कर्तृत्वाभिमानलाई त्याग गरी । श्री धर भन्नु हुन्छ *"केवलमीश्वराधीनतया कर्तव्यानीति"*-अर्थात् नित्य कर्महरुलाई खालि ईश्वराधीन भै फलाभिसन्धिलाई त्याग गरेर गर्नु पर्नेछ, तबै यी कर्म पावन अर्थात् चित्तशुध्दि गर्नेवाला हुनेछ ।

उनिहरुको एक अरु प्रबल आपत्ति छ -कर्म गरेपछि त्यसले अवश्य नै फल उत्पन्न गर्नेछन्, अतएव कर्म

राम्रो, नराम्रो या मिश्र, जुन किसिमका होलान् त्यस अनुसारै फलको प्राप्ति अनिवार्य छ। एसको उत्तर दिनु हुँदै श्री भगवान् भन्नु हुन्छ -

"अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मण: फलम्;
भवत्य त्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ॥"-

कर्मफल भोग उनलाई गर्नु पर्दछ जो कर्मासक्त छन्, अत्यागी छन। परन्तु जो ब्रहमार्पण-चित्तले कर्म गर्दछन्, उनलाई कर्म बन्धनकारक हुँदैन। तिनीहरु त्यागी हुन। किनभने समस्त कर्महरुको अन्तरालमा उनलाई भगवदिच्छा नै देखिइन्छन्। विष्णु-प्रीत्यर्थ कर्म गरेपछि कर्मबन्धन हुँदैन। जब कर्म एकैपटक त्याग हुन सक्तैन तब विष्णु-प्रीत्यर्थ कर्म गर्नु नै ठीक छ। यसले कर्मबन्धन हुनेछैन तथा यसरी निष्कामभावले कर्म गर्नुको फलस्वरुप अनायास नै ज्ञानको प्राप्ति हुनेछ। यसै कारण श्री भगवान् भन्नु हुन्छ -

"तस्मादसक्त : सततं कार्यं कर्म समाचर;
असक्तो ह्याचरन् कर्म परमाप्नोति पुरुष : ॥"

अतयव फलाशक्ति-रहित भएर कर्तव्य कर्महरु तिमी गर्दै जाऊ, अनासक्त भै कर्म गरेपछि चित्तशुध्दि हुन्छ, चित्त-शुध्दि द्वारा मुक्ति या ज्ञान-प्राप्ति हुन्छ।

अतयव जो ज्ञानी छैन उनलाई कर्ममा आलस्य गर्नाले काम चल्ने छैन, उदासिनता देखाएर पनि काम चल्ने होइन। चाहे जुनसुकै प्रकृतिको मानिस होस, जुनसुकै कुलमा उत्पन्न भएको होस, सबलाई स्व-स्व कर्ममा उत्साह देखाउनै पर्नेछ। जो रजोगुणी छन अर्थात जसको कर्म चेष्टा स्वभावत: नै धेरै बढी छ तिनीहरु स्वार्थद्वारा प्रेरणा प्राप्त गरेर कर्मश्रोतमा बग्न जान्छन्, अतएव तिनलाई नियमित भएर कर्म गर्नुको उपदेश श्री भगवान्ले दिनु भएको छ। असंयत भावले फलकामना युक्त भै कर्म गरेपछि कर्म-प्रवाहले मनुष्यलाई कहाँ काँहा बगाएर लैजाला, यसको ठेगाना छैन। खालि कर्म, खालि कर्म-दिनरात सांस लिनुको फुर्सत पनि छैन-यस किसिमसँग कर्म गर्नुको अर्थ हो - कर्मको उद्देश्य र जीवनसँग त्यसको सम्बन्ध नजानिकन जीवनको प्रकृत उद्देश्य एवं लक्ष्यलाई व्यर्थ गरिदिनु। अतएव यस प्रकृतिका मानिसहरुलाई बताउनु पर्नेछ -कर्मको उदार क्षेत्र के हो ? जसलाई ज्ञान प्राप्त छ उनको अगाडि यो जगत् अविद्या कल्पित एवं मिथ्या निरुपित छ। अतएव एस्ता आत्मज्ञ पुरुषको निम्ति कर्म अकर्म फलाफल या पाप-पुण्यको तरंग उठने नै छैन। तिनीहरु जान्दछन् - कर्मको प्रवर्तक ज्ञान, ज्ञेय, एवं परिज्ञाता तथा कर्मको आश्रय करण, कर्म र कर्त्ता के वस्तु हुन, अनि यो पनि जान्दछन्-आत्मा कुनै कर्मको आश्रयमा छैन। परन्तु जो ज्ञानी छैन, कर्मफलमा जसको अत्यन्त आसक्ति छ उनलाई सम्झाउनु पर्नेछ-अर्काको मंगलमा नै तिम्रो मंगल छ, खालि आफ्नो कल्याण नै कल्याण होइन। अतएव देवताको उद्देश्यले परोपकार्य कर्म गर तबै तिम्रो यथार्थ कल्याण होला। *"भूतभावोद् भवकरो विसर्ग: कर्म संज्ञित:"*- देवताको उद्देश्यबाट त्यागरुप यज्ञ नै कर्म भनिन्छन्। यसरी कर्म गर्नाले कर्ममा परपीडाको अभाव हुनेछ र त्यसले

आसक्ति नाश हुन जानेछ । यस्तो भएपछि मनको सात्त्विकता बढोत्तरी हुनेछ । सात्त्विकताको बढोत्तरी साथसाथै जीवनलाई भगवद्मूखी गर्नको लागि आग्रह उत्पन्न हुनेछ र त्यस आग्रह बढेपछि त्यसको कर्मचेष्टा भक्तिको रुपमा परिणत हुन जानेछ । यस अवस्थामा नै सर्वकर्म ब्रहमार्पण हुन सक्तछन् । सर्वकर्म ब्रहमार्पण भएमा नै जीवलाई विशुध्दि भक्ति तथा ज्ञानको प्राप्ति हुन्छ । पश्चात् त्रिगुणातीत अवस्था प्राप्त गरी जीव फेरि कुनै पनि कारणले मोहग्रस्त हुँदैन । समस्त गीतामा यो परम पावन भाव अतीव दृढतापूर्वक एवं अति मनोज्ञभावसँग वर्णित भएको छ ।

जुन कर्म द्वारा यस किसिमको ज्ञान प्राप्तिको योग्यता हुन्छ, त्यो कर्म तीन प्रकारसँग अनुष्ठित हुन्छन् - (१) कर्ममा फलासक्ति त्याग गरेर, (२) अहंकार शून्य भैकन अर्थात जे गर्नु छ त्यसमा अहं-मम भाव न रहनु, (३) *"अध्यात्म चेतसा"*-अर्थात् ईश्वरार्पण बुध्दिले भगवत्प्रेरित भएर कर्म गर्नु जसबाट फलाफलको लागि मनमा कुनै उद्वेग नरहोस । एस किसिमसँग कर्म गरेमा सारा कर्म ब्रह्मार्पित हुन जान्छन् । परन्तु मनमा समता हुनु बिना एसरी कर्म गर्न सकिदैन । सिध्दि-असिध्दिमा निर्विकार रहनु नै मनको समता हो । परन्तु प्राण चचंचल रहेमा चित्तको विक्षेप नष्ट हुँदैन । तब त मनको समता कसरी आउला ? एसको लागि प्राणायाम आदि योग-कौशलको सहारा लिनु पर्नेछ अनि योगक्रियाहरुको साथ साथै निर्जन वास, इन्द्रिय संयम र आहार शुध्दिको अभ्यास गर्नु पर्नेछ । यसरी कर्म द्वारा जीवले जीवनको परम सार्थकता प्राप्त गर्न सक्तछन् ।

गीतामा आत्मतत्त्व

गीतामा आत्मतत्त्व

(पुरुष, प्रकृति, क्षेत्र एवं क्षेत्रज्ञ)

पुरुष र प्रकृति दुबै मिलिकन मानो अच्छेद्य बन्धनमा जडित भएर जगत् एवं जीवरुपमा परिणत भैरहेकाछन् । प्रकृति जड छ, यी जड देहेन्द्रियादि प्रकृति कै परिणाम हुन । पुरुष भोक्ताको रुपमा तादात्म्य भावले प्रकृतिसँग मिलेका छन् । आत्मा र प्रकृतिको विषयमा दर्शनशास्त्र तथा अन्यान्य शास्त्रहरुमा नाना थरीका मतवाद प्रचलित छन् । श्री भगवान्ले गीतामा पनि यी सारा कुराहरुको विशद आलोचना गर्नु भएकोछ । जुन मानिसहरु शरीरलाई नै सर्वस्व मान्दछन्, तिनीहरु जडवादी, इन्द्रियाराम कहलाउँछन् । अज्ञानी मानिसहरुको यो धारणा नै हुँदैन-मनोविलासी वस्तुहरुको अतिरिक्त पनि कुनै अभिलषणीय वस्तु छ । तिनीहरु आत्मा नामको वस्तुलाई मान्दैन । प्राय: सबै षड्दर्शनकार आत्मालाई मान्दछन्, परन्तु आत्माको सम्बन्धमा विभिन्न मतहरुको पुष्टि गर्दछन । आत्माको अनेकत्व प्राय: सव दर्शनहरुलाई मान्य छ, खालि वेदान्तले आत्माको एकत्वलाई स्वीकार गर्दछ । निश्चय नै ती ॠषिहरुमा कुनै अज्ञानी थिएन, खालि आफ्नो शिष्यहरुको योग्यता अनुसार उपदेश दिनको लागि उनिहरुले आत्माको अनेकत्व स्वीकार गरेको छ । एउटै कुरा बालकलाई अरु ढंगले बुझाइन्छ र वयोवृध्दलाई सम्झाउनको लागि अर्कै व्यवस्था

गर्नु पर्ने हुन्छ । यही कारणले यत्तिका विभिन्न थरीका मतवाद प्रचलित छन्, अन्यथा ऋषिहरुको ज्ञानमा त्रुटि मान्नु गल्ती हुनेछ ।

श्री भगवान्‌ले गीतामा पनि आत्माको सम्बन्धमा विस्तृत आलोचना गर्नु भएकोछ । उनले बताउनु भएको छ - आत्मा शरीर देखि अतिरिक्त छ, अतएव शरीरमा जसरी विकार उत्पन्न हुन्छन् आत्मामा तेस्तो हुँदैन । आत्मा षडविकारहरुले वर्जित छ । श्री भगवानले भन्नु भएको छ -

"न जायते म्रियते वा कदाचित्,
नायं भूत्वा भविता वा न भूयः ;
अजो नित्यः शाश्वतोऽयं पुराणो,
न हन्यते हन्यमाने शरीरे ॥"

आत्माको जन्म, मृत्यु, वृध्दि, अपक्षय, रुपान्तर आदि षडविकार हुँदैन । यो अजन्मा, सदा एकरुप, शाश्वत, एवं परिणामहीन छ, शरीरको विनाशले यो मर्दैन । आत्मामा कुनै किसिमको कर्तृत्त्व र भोक्तृत्त्व पनि छैन-

"अनादित्वात् निर्गुणत्वात् परमात्मायमव्ययः;
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥"

संसारावस्थामा देह-सम्बन्धको कारण कर्मजनित सुख दुःखादि पनि आत्मालाई हुँदैन । हे कौन्तेय ! जसको उत्पत्ति हुन्छ उसैको "आदि" हुन्छ तथा जो गुणवान छ उसैको गुणनाश भएपछि रुपान्तर हुन्छ, परन्तु जन्म-मृत्यु रहित एवं निर्गुण यो परमात्मा अधिकारी हुन अतएव देहमा रहेर पनि केही गर्दैन, न त कर्मफलमा नै लिप्त हुन्छ । यदि आत्मामा कर्तृत्त्व-भोक्तृत्त्व छैन भने त सुखदुःखादि भोग हुन्छ कसलाई ? प्रकृतिको अविवेकी कारण नै पुरष सन्सारी बनेकोछ, वस्तुतः पुरुष सन्सारी होइन । प्रकृतिको कार्यरुप यस शरीरमा रहँदैमा पनि पुरुष प्रकृति देखि पृथक् छ, प्रकृतिको कार्यमा त्यसले योग दिदैन ।

"उपद्रष्टानु-मन्ता च भर्त्ता भोक्ता महेश्वरः ;
परमात्मेति चाप्युक्तो देहेऽस्मिन पुरुष : परः ॥"

पुरुष केवल साक्षीमात्र हो, अनुमन्ता अर्थात् सन्निधि-मात्रले अनुग्राहक छ । (त्यो शरीरादिको कार्यमा प्रवृत्त नभएर पनि अत्यन्त समीपवर्ती-हुनुको कारण अनुमन्ता हो) । त्यो भर्त्ता हो अर्थात् उसको सत्ता बिना देह, इन्द्रिय मन र बुध्दिको स्फूर्ति या पुष्टि हुन सक्तैन । यसै कारण त्यो भर्त्ता हो । त्यो भोक्ता हो अर्थात बुध्दिमा प्रतिविम्वित सुख दुःखादिको उपलब्धा हो अनि त्यो ब्रहमादिको पनि पति हो । यसै कारण महेश्वर अर्थात् जगत्‌प्रभु भनिन्छन् । बृहदारण्यक उपनिषदमा लेखेको छ-

"एष सर्वेश्वर एष भूताधिपतिरेष लोकपालः"

सुख दुःखादि आत्माको धर्म होइन, प्रकृति सँगको कारण आत्माको कर्तृत्त्व तथा सुख दुःख भोगको प्रतीति मात्र हुन्छ। यसलाई नै अध्यास भन्दछन्। *"क्षेत्र क्षेत्रज्ञ संयोगात्तद्विध्दि भरतर्षभ"*-क्षेत्र र क्षेत्रज्ञको संयोगले नै एस्तो बोध हुन्छ। यहाँ प्रश्न हुन सक्तछ-अविकारी एवं अजन्मा पुरुष भोक्तृत्त्व हुन्छ कसरी ? जन्म हुन्छ किन ? एसैले श्री भगवान् भन्नु हुन्छ-

"पुरुष : प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान गुणान्;
कारणं गुणसंगोऽस्य सदसद्योनिजन्मसु ॥"

किनभने पुरुष प्रकृतिको कार्यरुप शरीरमा अवस्थित छ, अतएव प्रकृति द्वारा उत्पन्न गुणहरु अर्थात उनको साथ पुरुषको जुन सदसद् योनिहरुमा जन्म हुन्छ त्यसको कारण हो शुभाशुभ कर्म गर्नेवाला इन्द्रियको साथ पुरुषको संग अर्थात उनको साथ तादात्म्य सम्बन्ध। यसैले मुमुक्षु पुरुषको लागि प्रकृति-पुरुषको विवेक हुनु परम आवश्यक छ। श्री भगवान भन्नु हुन्छ-

"य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह;
सर्वथा वर्त्तमानोऽपि न स भूयोऽभिजायते ॥"

जसले एस किसिमसँग निःसंग-पुरुष र सविकार प्रकृतिको स्वरुपलाई जान्दछ त्यो प्रारब्ध कर्म द्वारा वेष्ठित भएर पनि फेरी जन्म लिदैन। ब्रहमसूत्रमा लेखिएको छ - *"तदधिगम उत्तरपूर्वाधयोरश्लेषविनाशौ तद्व्यपदेशात्"* - जसले आत्मसाक्षात्कारबाट यो अनुभव गर्दछ - "म ब्रहम हूम" उसको अघिल्लो र पछिल्लो सारा पुण्यपाप कर्म नष्ट हुन जान्छन्। ब्रहमको अणुमा स्थित भएपछि अनन्त ब्रहमाण्डमा ब्रहम-स्वरुपको उपलब्धि हुन्छ। जसले उत्तम पुरुषलाई जानिलिएको छ त्यसले सबको भित्र रहनेवाला अणुस्वरुप ब्रहमलाई जान्न सक्तछन्। त्यो यदि निरन्तर उत्तम पुरुषमा नरहोस ता पनि उसको जन्म हुँदैन।

प्रकृतिको गुणसंगको कारण सान्सारिक प्रपंच चलिरहेको छ, अतएव अगाडि गैकन श्री भगवान् भन्नु हुन्छ -गुणहरुको पर पार गएपछि मुक्ति प्राप्त हुन्छ।

"नान्यं गुणेभ्यः कर्त्तारं यदा द्रष्टानुपश्यति;
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥"

जब द्रष्टाले देख्दछ-गुणहरु बाहेक (गुण नै बुध्दि आदिको रुपमा परिणत छ) अन्य कुनै कर्ता छैन, अर्थात् गुणले नै कर्म गर्दछन् आत्माले गर्दैन तथा आत्मालाई गुणहरुको साक्षीस्वरुप गुणातीत जान्दछन् तब त्यो मद्भाव अर्थात ब्रहमतत्त्वलाई प्राप्त हुन्छ। भगवद् भक्तले नै ब्रहमत्व प्राप्तिको योग्यता प्राप्त गर्दछ। प्रकृत भक्त त्यही हो जसले क्षेत्र-क्षेत्रज्ञ, ज्ञान र ज्ञेय प्रभृतिबाट अवगत भएर मद्भाव प्राप्तिको अधिकारी बन्न गएको छ।

ब्रह्म स्वरुपतः अज्ञेय छ अर्थात् मानवीय मनोबुध्दिको लागि अगोचर छ। जुन साधकले ब्रहम-

स्वरुपलाई जानिलिन्छ त्यो स्वयं ब्रहमस्वरुप हुन जान्छन् र फेरी फर्केर त्यस स्वरुपको विषयमा केही भन्न सक्तैन । श्रुतिमा ब्रह्मको स्वरुप *'सत्यं ज्ञानमनन्तं' 'आनन्दं ब्रहम'* भनिएकोछ, अर्थात् त्यो सत्यस्वरुप, ज्ञानस्वरुप, अनन्तस्वरुप एवं आनन्दस्वरुप छन् तथा ब्रहमसूत्रमा लेखिएको छ - *"जन्माद्यस्य यतः"* जसबाट यस विश्वको सृष्टि-स्थिति र लय हुन्छ, यही ब्रहमको तटस्थ लक्षण हो । परन्तु ब्रहम निर्लिप्त एवं निर्विकार छ ।

यहाँ प्रश्न उठदछ यदि त्यो सृष्टि, स्थिति एवं लयको कर्त्ता छन तब त यो जगद-व्यापार उनैको कार्य नै भयो । मनुष्य जब सामान्य कर्महरु गरेर बन्धनमा पर्दछ त यत्रो बडो जगत व्यापार कर्ता भएर पनि त्यो कर्ममा लिप्त किन हुँदैनन् ? यसको कारण यो छ - जीव समान कर्मफलमा उनको एषणा छैन । साधारणतः बिना उद्देश्य कसैको पनि कर्ममा प्रवृत्ति हुँदैन, परन्तु भगवान्को कर्म यस किसिमको छैन । श्री शंकराचार्य भन्नु हुन्छ-जसरी जीवको श्वास-प्रश्वास क्रिया स्वभावतः हुन्छ, यसमा कुनै उद्देश्य हुँदैन, जीवको इच्छाको अपेक्षा नगरिकन नै शरीरमा जुन किसिमले स्वभावतः नख-लोमादि उत्पन्न हुन्छन् ।

श्री भगवान्ले गीताको तेह्रौं अध्यायमा ब्रहमको सम्बन्धमा भन्नु भएको छ-

"अनादि मत्परं ब्रह्म न सत्तन्नासदुच्यते ।"

ब्रहम अनादि मत् अर्थात् अनादि र निरतिशय छ, त्यो विधि निषेधको विषय होइन, त्यो सत-असत् दुबै देखि विलक्षण छ, किन भने त्यो अविषय हो । तथापि-

"अविचिन्त्य शक्तियुत श्री भगवान्;
इच्छाय जगद्रुपे पाय परिणाम ॥"

श्री भगवान् अचिन्त्य शक्तिहरुले युक्त हुनुको कारण इच्छामात्रबाट जगत्रुपमा परिणत हुन जान्छन् ।

अविचिन्त्य शक्तिको प्रभावले त्यो एक र अद्वितीय पनि सर्वात्भभाव भावमा -

"सर्वतः पाणिपादं तत्सर्वतोऽक्षि शिरोमुखम;
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥
सर्वेन्द्रिय गुणाभासं सर्वेन्द्रिय विवर्जितम्;
असक्तं सर्वभृंचैव निर्गुणं गुण भोक्तृ च ॥
बहिरन्तश्च्च भूतानां अचरं चरमेव च;
सूक्ष्मत्वात्तद विज्ञेयं दूरस्थं चान्तिके च तत् ॥
अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम्;
भूत भर्तृच तज्ज्ञेयं ग्रसिष्णु प्रभु विष्णु च ॥"

॥१६॥ सर्वत्र हस्त-पद-विशिष्ट छन्, सर्वत्र नेत्र-शिर-मुख विशिष्ट छन, सर्वत्र श्रवणेन्द्रिय-युक्त भएर
त्यो सर्वत - सर्वत्र हस्त-पद-विशिष्ट छन्, सर्वत्र नेत्र-शिर-मुख विशिष्ट छन, सर्वत्र श्रवणेन्द्रिय-युक्त भएर प्राणिहरुमा तथा लोकमा सब स्थानहरुमा व्याप्त भै अवस्थित छन् । त्यो चक्षु आदि इन्द्रियहरुको वृत्तिमा रुप आदिको आकारमा प्रकाशमान भैरहेकाछन्, तथा यी स्वयं सर्वेन्द्रियहरुले रहित छन्, नि:संग छन् तथा सबका आधारभूत छन् । अनि त्यो सत्त्वादिगुणहरुले रहित भएर पनि सर्वगुणहरुका भोक्ता छन् । त्यो सारा जीवहरुको भित्र र बाहिर (तरंगमा जल समान, अलंकारमा स्वर्ण समान) अवस्थित छन् । त्यो अत्यन्त सूक्ष्म हुनुको कारण अविज्ञेय छन्, त्यो टाढा भन्दा पनि टाढा अनि नजिक भन्दा पनि नजिक छन् । त्यो स्थावर-जंगमात्मक सब भूतहरुमा अविभक्त भएर पनि विभक्त भ्कैं प्रतीत भैरहेकाछन् । त्यही ज्ञेय पदार्थ स्थितिकालमा भूतहरुको पालक, प्रलयकालमा संहर्त्ता अनि सृष्टिकालमा प्रभविष्णु छन् अर्थात् स्वयं नाना रुपहरुमा उत्पन्न हुन्छन् ।

गीतामा श्री भगवानलाई लक्ष्य गरेर ब्रहम, परमात्मा, पुरुषोत्तम, ईश्वर, अक्षर, अधियज्ञ प्रभृति शब्दहरुको व्यवहार गरिएको छ । निश्चय नै प्रत्येक शब्दको स्वतन्त्रता एवं सार्थकता छ । यस सम्बन्धमा केही आलोचना गर्नु अप्रासंगिक हुने छैन । गीतामा प्रकृति, आत्मा, पुरुष प्रभृति शब्द जुन व्यवहृत भएकाछन् उनको दर्शनशास्त्रादि सँग सादृश्य भएर पनि गीतामा केही वैशिष्टय लक्षित हुन्छ । श्री भगवानले क्षर, अक्षर, पुरुषोत्तम यी तीन थरीका पुरुषहरुको उल्लेख गर्नु भएको छ । क्षर- अक्षर पुरुषको साथ सांख्योक्त प्रकृति-पुरुषको सादृश्य छ । पार्थक्य केवल यति नै छ- सांख्यमतले पुरुष अनेक छन र प्रकृति एक, परन्तु गीताको मतले पुरुष नाना छन र उनको साथ प्रकृति पनि नाना मानिएका छन् । जस्तो *"क्षेत्रज्ञंचापि मां विध्दि सर्वक्षेत्रेषु भारत ।"*- यहाँ 'क्षेत्र' को पूर्व 'सर्व' शब्द हुनुको कारण नाना प्रकृति तथा समस्त क्षेत्रको क्षेत्रज्ञ-रुपले पनि पुरुष व्यवहारत: नाना मानिएका छन् । तथापि वेदान्तको एकात्मवाद समान गीतामा पनि एकात्मवाद समर्थित भएको छ । जस्तो -

जुन जीवहरुको लागि भजनीय छ त्यो ईश्वर हो र जो कर्मफलदाता छ त्यो भगवान् या पुरुषोत्तम हो ।

"मत्त पर तरं नान्यत् किंचिदस्ति धनंजय ;
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥"

हे धनंजय ! म बाहेक जगत्को अर्को कुनै दोश्रो कारण छैन । सूत्रमा जसरी मणिगण ग्रथित हुन्छन्, सब भूतहरुको अधिष्ठान-स्वरुप ममा यो समस्त जगत् त्यसरी नै ग्रथित अवस्थित् भैरहेकाछन् ।

"यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन;
न तदस्ति विना यत्स्यात् मया भूतं चराचरम् ॥"

हे अर्जुन ! जुन स्थावर-जंगमात्मक सब भूतहरुको बीज (कारण) छ त्यो मै हूम् । एस्तो कुनै वस्तु चराचर जगतमा छैन जो बिना म रहन सकोस । यस द्वारा सबचीज ब्रहम हो "सर्वं खल्विदं ब्रहमं" - यो श्रुतिवाक्य

समर्थित हुन्छ ।

"एतद् योनीनि भूतानि सर्वाणीत्युपधारय;
अहम् कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥"

त्यही सृष्टि आदिका कारण हुन, यो निर्देश गरिरहेकाछन् । स्थावर-जंगमात्मक, चेतन-अचेतन सब भूतहरुको-परा र अपरा प्रकृतिद्वय नै योनि हुन । क्षेत्र र क्षेत्रज्ञ स्वरुप द्विविध प्रकृति देखि समस्त चराचरलाई उत्पन्न भएको बुझ्नु । यिनमा अपरा या जडाप्रकृति देहरुपमा परिणत हुन्छन् तथा मदंशभूता चेतन प्रकृति भोक्ता रुपमा शरीरमा प्रवेश गरेर स्वकर्म द्वारा सबलाई धारण गरेका छन । मेरा यी दुबै प्रकृतिहरु म बाटै उत्पन्न भएकाछन् । अतएव म नै (सर्वज्ञ ईश्वर) प्रकृतिको साथ निखिल जगत्को उत्पत्तिको परम कारण हूं अनि म नै यस्को लयको पनि कारण हूम् । श्री शंकराचार्यले यस श्लोकको व्याख्याको अन्तमा भन्नु भएको छ-

"प्रकृतिद्वय द्वारेणाहं सर्वज्ञ ईश्वरो जगतः कारणमित्यर्थः ।"

यो जडाजड प्रकृतिद्वय तथा म (परमेश्वर) यी तीन गीताको तेरौं अध्यायमा क्षेत्र, क्षेत्रज्ञ (चिदंश) एवं अहं (परमात्मा या चित्स्वरुप) शब्दले अभिहित भएकाछन् । व्यावहारिक जगतमा क्षेत्रज्ञ शरीराभिमानी जीवमात्र हुन, पारमार्थिक, रुपमा तिनीहरु असंसारी छन, परमात्मासँग अभिन्न छन् । क्षेत्र र क्षेत्रज्ञको पार्थक्य ज्ञान जबसम्म हुदैन तबसम्म जीव बध्दवत् प्रतीत हुन्छन । यी दुबैको जुन पृथक ज्ञान छ त्यस्लाई नै श्री भगवान्ले मोक्षको कारण बताउनु भएको छ । आठौं अध्यायमा यीनै तीनलाई अधिभूत, अध्यात्म, अधिदैव एवं अधियज्ञ नामले अभिहित गरिएका छन् । अक्षर शब्दको अर्थ छ जसको क्षरण या विनाश न होस, अतयव प्रत्येक जीव अक्षर छ, अनि जगत्को जुन मूल कारण ब्रहम हो त्यही परम अक्षर हो श्रुति भन्दछ -

"एतस्य वा अक्षरस्य प्रशासने गार्गि सूर्याचन्द्रमसौ विधृतौ तिष्ठत"

इत्यादि । यस अक्षरको प्रशासनमा चन्द्र सूर्य यथास्थान धृत भैरहेका छन । अक्षर नै परम ब्रहम हो, त्यसको दुइ विभाव छन-सगुण र निर्गुण, ईश्वरभाव र ब्रहमभाव । यिन्लाई खालि-निर्गुण ब्रहमभावमा देख्न सकिन्छ अनि सगुण ईश्वर भावमा पनि देखन सकिन्छ । सगुण भन्नाले मायायुक्तताको बोध हुन्छ । यसबाट कसैले यो नसम्झोस-त्यो जीव समान मायाधीन छ । - ईश्वर मायाधीश हुन्,त्यो चिरकाल सम्म स्वभाव अर्थात ब्रहमभावमा रहिकन फेरि लीलाको निम्ति सगुण ब्रहम या ईश्वररुपमा लीला गर्दछन । यही ईश्वर भजनीय छन् । पातंजल दर्शनमा लेखेको छ- *"ईश्वर प्रणिधानाद्वा"* । ईश्वर प्रणिधानले साधक समाधि नजिक पुग्दछन् । त्यो ईश्वर कस्तो किसिमको छ ? योग-दर्शन भन्दछ-"ल्केशकर्म विपाकाशयैर परामृष्टः पुरुष विशेष ईश्वरः"- "तत्र निरतिशयं सर्वज्ञ बीजम्"-"पूर्बेषामपि गुरुः कालेनानवच्छेदात्"-

॥१८॥
अनात्म-प्रत्यय वस्तुमा ल्केश हुन्छ र त्यसदेखिनै पुण्य पापादि कर्महरु उत्पन्न हुन्छन् । कर्मको परिणाम या फल विपाक कहलाउँछ । कर्मको साथ-साथै तदनुरुप जुन वासना या संस्कार रहन्छ त्यसलाई आशय भन्दछन् । ल्केश, कर्म, विपाक र आशय-यी चारै जीवमात्रमा सतत वर्तमान रहन्छन्, यिनीहरु द्वारा नै पुरुष भोक्तृत्त्व रुपमा प्राप्त हुन्छ । यी चारै जसमा हुँदैन अथवा जसलाई स्पर्श गर्न पाउँदैन त्यहीं ईश्वर कहलाउँछ । जीवसँग ईश्वरको यति नै भेद छ । जीवको कर्म हुन्छन, अतएव त्यस कर्मको संस्कार पनि हुन्छन । ईश्वरको कर्म हुँदैन, अतएव उनको कुनै संस्कार पनि हुँदैन । यसै कारण ईश्वर स्वभावतः चिरमुक्त छन, ईश्वरलाई पुरुष विशेष भनेको छ, यसको कारण यो छ-पुरुष तीन किसिमका हुन्छन् क्षर पुरुष, अक्षर पुरुष अनि पुरुषोत्तम । पुरुषोत्तम नै इश्वर हुन । त्यो अरु दुई पुरुषहरु देखि विशेष या विलक्षण छन् ।

"उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृत;
यो लोकत्रयमाविश्य विमर्त्यव्यय ईश्वरः ॥"

क्षर-अक्षर पुरुष देखि पृथक उत्तम पुरुष नै परमात्मा कहलाउँछन । त्यो परमोत्तम पुरुष अचेतन क्षर पुरुष देखि भिन्न एवं भोक्ता अक्षर पुरुष भन्दा श्रेष्ठ छ । जो निर्विकार भएर पनि तीनै लोकहरुमा प्रविष्ट भै सबको भरण-पोषण गर्दछन, त्यही ईश्वर हुन । उपनिषदमा छ, *"तमीश्वराणां परमं महेश्वरम्"* । उनमा सर्वज्ञ-बीज निरतिशयरुपमा विद्यमान छ अर्थात् उनको अपेक्षा बढी ज्ञान अरु कतै छैन । त्यो समस्त कारणहरुको कारण रुपमा पनि अवस्थित छन । ईश्वर पूर्वकालीन गुरुहरुको पनि गुरु हुन । पूर्वकालमा ब्रहमा, सनकादि ऋषि, नारद, कपिल, वशिष्ट आदि गुरुगण-जगत्को कल्याणको लागि आविर्भूत भएका थिए । -ईश्वर तिनका पनि गुरु हुन । किनभने तिनीहरु देशकालद्वारा परिच्छिन्न थिए । परन्तु ईश्वर देश कालातीत छन् । त्यही जगदात्मा हुन । जगतका गुरुपनि त्यही हुन । मनुष्य शरीरमा एस जगदगुरुको आविर्भाव हुन्छ । यदि उनलाई मनुष्य न मानिकन गुरुरुप या ईश्वररुपमा हेरियो भने त जीवको मुक्ति प्राप्ति सहजै हुन सक्तछ । *"यस्य देवे पराभक्तिर्यथा देवे तथा गुरौ"* । जसको इष्ट देवता प्रति परमा भक्ति छ तथा गुरुमा देव-बुध्दि छ, उनैको अगाडि आत्माले आफ्नो महिमालाई प्रकाशित गर्दछ । जबसम्म गुरुमा विश्वास हुँदैन तबसम्म ईश्वर प्राप्ति हुँदैन । यसलाई खालि मुखले भनेर स्वीकार गर्नाले काम चल्न सक्तैन, मन-वाणी-कर्म द्वारा स्वीकार गर्नु बिना शिष्यले गुरुमा परित्राण-परायण शक्ति प्राप्त गर्न नै सक्तैन ।

देहादि समस्त नाशवान पदार्थ नै क्षर पुरुष हो, चिदाभास या जीवनै अध्यात्म हो । यही सुख दुःखको भोक्ता हो । सूर्यमण्डल-मध्यवर्ती सब देवताहरुको अधिपति वैराज पुरुष नै अधिदैवत पुरुष हुन अर्थात अधिष्ठात्री देवता हुन । यही प्रथम शरीर धारी हुन, यिनलाई नै पुरुष भन्दछन । श्रुतिमा लेखिएको छ-

"स वै शरीरी प्रथमः स वै पुरुष उच्यते;
आदिकर्ता स भूतानां ब्रहमाग्रे समवर्तत ॥"

परमात्मा नै हिरण्यगर्भ रुपमा पहिले आविर्भूत हुनुभो । त्यही आदिदेव, प्रजापति, ब्रहमा हुन । त्यही सविताको वरणीय भर्ग हुन । अनि यस देहमा 'म' अर्थात परमात्मा भगवान् नै अधियज्ञ हुन् । अर्थात समस्त यज्ञहरु या कर्महरुको प्रवर्त्तक एवं सब कर्महरुका फलदाता अन्तर्यामी विष्णु हुन । *"अत्रास्मिन्देहे अन्तर्यामित्वेन स्थितोऽहमधियज्ञः"* । - यही अन्तकालमा स्मरणीय छन् । जसले उनको स्मरण गर्न सक्तछ, *"स मद्भावं याति"* त्यो मेरै स्वरुपलाई प्राप्त हुन्छन् । श्रीधर भन्नु हुन्छ *"स्मरणं ज्ञानोपाय,"* ज्ञानको उपाय स्मरण हो तथा ज्ञानको फल मद्भाव प्राप्ति हो ।

दुर्गा-सप्तशतीमा अधियज्ञ या ईश्वरको उल्लेख गर्दै भनेकोछ- *"परा पराणां परमा त्वमेव परमेश्वरी"* ।

यो परमा शक्ति प्रति जीवमा चार किसिमले अभिव्यक्त हुन्छन् । देह, प्राण, मन र बुद्धि-यही आत्माको चारौटा किल्ला हुन । देहलाई अधिभूत भन्दछन्, प्राणलाई अधिदैव, मन र बुद्धिलाई अध्यात्म भन्दछन् अनि अधियज्ञ सबको मूल कारण परमात्मा या ईश्वर हुन् । उनलाई नै ब्रहम भन्दछन् । "यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिसंविशन्ति तद् विजिज्ञासस्व तद्ब्रहमेति ।" जसदेखि समस्त भूतहरुको उत्पत्ति, स्थिति र लय हुन्छ, त्यही विशेषरुपले जिज्ञासा गर्नु योग्य छन्, त्यही ब्रहम हुन । *"तमेव विदित्वाऽतिमृत्युमेति"*- उनलाई जानेर नै मनुष्य मृत्युलाई पार गर्दछ । त्यही "अक्षरात्परतः परः" अर्थात् अक्षर भन्दा पनि श्रेष्ठ छ । *"रसो वै सः"* - त्यही सच्चिदानन्दमय परमपुरुष या पुरुषोत्तम हुन् । *"तस्यभासा सर्वमिदं विभाति"* - उनकै प्रकाशले यी जगदादिक सारा लोक प्रकाशित भैरहेकाछन् । त्यो *"तमसः परः"* सब किसिमका अज्ञान र अन्धकारको पर छन । *"धाम्ना स्वेन सदा निरस्त कुहकम् सत्यमं परं धीमहि"* - त्यो परम धाम, निज महिमा देखि सदाको लागि मायिक प्रपंचले मुक्त, त्यस सत्यस्वरुप भगवानको, जो 'परं' अर्थात् सर्वश्रेष्ठ छन्, म ध्यान गर्दछु । *"परास्य शक्तिर्विविधैव श्रुयते"* यस ब्रहमको नाना किसिमका अलौकिक शक्तिहरुको विषयमा सुनिन्छन । हाम्रो लागि त्यो इन्द्रिय-गोचर नभए पनि साधनाभ्यास द्वारा बुद्धि गोचर हुन सक्तछन् । *"नित्यैव सा जगन्मूर्त्तिस्तया सर्वमिदं ततम्"*- त्यो देवी नित्या अर्थात उत्पत्ति नाश रहिता छन्, सदा एकरुपा छन्, तथापि अचिन्त्य शक्तिको प्रभावले जगदादि रुपमा सर्वत्र व्याप्त भै विद्यमान भैरहेका छन् । त्यही हाम्रो इष्ट हुन्, त्यही गुरु हुन, अनि त्यही एकमात्र आश्रय हुन् ।

यो चराचर जगत् नै उनको मूर्त्ति हो, हाम्रो मांको मूर्त्ति हो, अनि कता हामी मांलाई खोज्न जाने ? आँखा खोलिकन हेर, त्यो जगतमा छन् जगत्को प्रत्येक अणु परमाणुमा छन्, तिम्रो 'अंह' को भित्र छन्, सर्वत्र त्यही एकमात्र प्रकाशित भैरहेकिछिन । *"त्रिभुवन नै माताको मूर्त्ति हो"* - तरै पनि हामी उनको समीपमा पुग्न पाउँदैनौ त यो हाम्रै असमर्थता, हाम्रै दुर्भाग्य हो ।

समस्त वस्तुहरुमा, नर-नारी, पशु-पक्षी, कीट-पतंगमा चित्रुपमा त्यही जगन्माता प्रकाशित भैरहेकिछिन् । त्यस चिद्रुपालाई हामी आँखाले देख्न नपाए पनि उनको कार्यलाई देखेर निरन्तर परिचय प्राप्त गरिरहेकाछौं । त्यो चैतन्य या त्यो प्रकाश अहा ! कस्तो विलक्षण, कस्तो अनिर्वचनीय छ ! त्यो चैतन्यमयी

माता नै सर्वत्र सबचीज बन्नु भएर बसेकिछिन्, उनको शरणमा गएपछि, उनलाई आत्म-समर्पण गरे पछि जीवको जीवत्व छुट्‌न जान्छन् । यसैले गीतामा श्री भगवान्‌ले भन्नु भएको छ-"सबचीज उनैलाई अर्पण गरिदेऊ"-

"यत्करोषि यदश्नासि यज्जुहोसि ददासि यत् ;
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम्" ॥

जे जो गर्दछौ, जे जो खान्छौ, जे जो हवन गर्दछौ, जे जो दान गर्दछौ, जे जो तपस्या गर्दछौ-त्यो काम यसरी गर-जसबाट ममा समर्पित हुन सकोस । श्रध्दापूर्वक दिए पछि त्यसले हामीद्वारा दिइएका सामान्य वस्तुलाई पनि ग्रहण गर्दछन् ।

"पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति;
तदहं भवत्युपहृत मश्नामि प्रयतात्मनः ॥"

जसले भक्ति पूर्वक मलाई पत्र-पुष्प, फल र जल प्रदान गर्दछ, म त्यस भक्तिले उपहृत द्रव्यलाई ग्रहण गर्दछु ।

अरे दुःखी जीव ! अरे मोहमुग्ध जीव हेर ! त, त्यो तिम्रो को हो !

"सुहृद सर्व भूतानां ज्ञात्वा मां शान्ति मृच्छति ।,"

सबै भूतहरुका त्यो निरपेक्ष उपकारी छन् सब भूतहरुका हृदयेश्वर हुन् । सारा कर्मफलहरुका एक मात्र अध्यक्ष छन्, समस्त प्रत्ययहरुका साक्षी स्वरुप छन्, सर्वलोकका महेश्वर हुन - मलाई यसरी जानिकन शान्ति प्राप्त गर ।

श्री भगवान्‌को यही स्वरुप हो, यही मूर्ति हो, यो जान्नु विना जीवको मुक्ति कहाँ ? यदि कसैले भन्दछन् - मेरो मन कसै गरेर पनि उनितिर जाँदैन, म के गरुम् ? मेरो निम्ति केही उपाय बताऊ, त श्री भगवान् उनिसँग भन्दछन्-

"अभ्यास योग युक्तेन चेतसा नान्यगामिना;
परमं पुरुषं दिव्यं याति पार्थनुचिन्तयन् ॥"

यसको उपाय योगाभ्यास छ अर्थात् भगवत् स्मरणरुप स्वजातीय प्रत्ययको प्रवाह जसबाट निरन्तर बनिरहोस, यसको लागि प्रयत्न गर्नु । अभ्यास द्वारा नै एकाग्रता आउनेछ, एकाग्रता भए पछि नै चित्त अनन्यगामी बन्नेछ, त्यस अनन्यगामी चित्त द्वारा चिन्तन गरेपछि नै उनको प्राप्ति होला ।

"अनन्य चेताः सततं यो मां स्मरति नित्यशः;
तस्याहं सुलभः पार्थः नित्य युक्तस्य योगिन : ॥"

अनन्य चित्त भैकन जसले प्रतिदिन निरन्तर मेरो स्मरण गर्दछन् नित्ययुक्त योगीको लागि म अत्यन्त सुलभ छु ।

"अपि चेत्सुदुराचारो भजते मामनन्यभाक;
साधुरेव स मन्तव्यः सम्यग् व्यवसितो हि सः ॥
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्ति निगच्छति;
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥"

अत्यन्त दुराचार शील व्यष्टि पनि यदि अनन्य भावसंग मेरो भजन गर्दछन् त त्यसलाई साधु नै बुझ्नु पर्दछ, किन भने उसको अध्यवसाय उत्तम छ । अतिशय पापी व्यष्टि पनि मेरो शरण लिए पछि शीघ्र नै धर्मात्मा बन्न जान्छन् र नित्य शान्ति प्राप्त गर्दछ । यसमा जसले विश्वास गर्दैन अथवा सन्देह गर्दछन् तिनीहरुलाई तिमीले हात उचालेर निःशंक चित्तले प्रतिज्ञापूर्वक भन्न सक्तछौ - मेरो भक्त कहिल्यै पनि नाशलाई प्राप्त हुँदैन ।

त्यो सर्वव्यापी छन्, निखिल जीवहरुका अन्तर्यामी हुन, समस्त जीवहरुका प्रियतम आत्मा हुन, हामी भक्तिपूर्वक उनको वस्तु उनैलाई प्रदान गऱ्यौं भने त अवश्य नै आदरपूर्वक त्यसलाई ग्रहण गर्नेछन् । उनलाई मन मनै निवेदन गरेमा पनि त यो सब बुझिलिन्छन । यत्तिका सहज-सरल अन्य कोही हुन सक्तैन । सर्वत्र नै उनको कान छन्, हामी जहाँ बसेर पुकार्ने छौं त्यसले अवस्य सुन्नेछ । हामी प्रेमाकुल चित्तले यदि उनलाई केही नैवेद्य समर्पण गर्नेछौं त त्यसलाई सादर ग्रहण गर्नेछन् र हामीलाई केही प्रसाद पनि छोड्नु हुनेछ । हामी व्यथित भएमा त्यो प्रेमी समान हाम्रो व्यथा छुटाउन आउँदछन् । उनको महिमा अपार छ । यो कसरी संभव हुन सक्छ, यसकुरालाई विचार द्वारा शतः जन्महरुमा पनि कसैले सम्झन पाउँदैन, तर यो कुरा सत्य छ । आफ्नो अचिन्त्य शक्तिको प्रभावले, आफ्नो अघटन-घटन-पटीयसी महाशक्तिको प्रभावले त्यो हामी समान बनेर हाम्रै पासमा आएर हामीले दिएका उपहारलाई हात बढाएर लिन सक्तछन् । यसलाई बुझ्नु पर्नेछ, यदि यसलाई बुझ्दैनौ त उनलाई तिमीले केहीपनि बुझ्नेनौ । त्यो जगतका स्वामी हुन, जगद्बन्धु हुन, त्यो सबैका सर्वस्व हुन-उनलाई एसरी बुझिकन भक्त कृतार्थ हुन जान्छन् ।

त्यो यति दर्दी, यति आत्मीय, यति मधुर छन्, तेसैलेत आत्मालाई सबै यति प्यार गर्दछन् । उनि जतिको नजिक हाम्रो अरु कोही छैन, त्यो हाम्रो दुःखले जति दुःखी हुन्छन् त्यतिको अरु कोही हुन सक्तैन-त्यो हाम्रो प्राणको प्राण हुन, हाम्रो जीवन-सर्वस्व हुन । यसैले श्री भगवानले अर्जुनलाई आफ्नो परिचय दिंदै भन्नु भएको छ-

"गतिर्भर्त्ता प्रभुः साक्षी निवासः शरणं सुहृत;
प्रभवः प्रलयस्थानं निधानं बीजमव्ययम् ॥"

॥२२॥
म नै सन्सारको गति हूम्, पोषणकर्ता, प्रभु, साक्षी, आश्रय, रक्षक, सुहृद, स्रष्टा, संहर्ता, आधार, लयस्थान, जीवहरुको उत्पत्तिको कारण बीज तथा अविनाशी हूम् ।

यस अविनाशी आत्मा, यस जगत्-प्रभुलाई अनन्य भक्ति द्वारा नै जान्न सक्तछन् ।

“भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन;
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टु च परन्तप ॥”-

हे परन्तप अर्जुन ! म प्रति निरतिशय प्रीतिरुपी भक्ति द्वारा भक्तले एस किसिमसंग मलाई तत्त्वतः जान्न सक्तछ, देखन सक्तछ र मैमा प्रविष्ट हुन सक्तछन् ।

“भक्त्या मामभिजानाति यावन्यश्चास्मि तत्त्वतः ;
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥”

म जस्तो (सर्वव्यापी) तथा जुन (सच्चिदानन्दरुप) छु, त्यस मलाई पराभक्ति (ब्रहमज्ञान) द्वारा तत्त्वतः जानिकन तदनन्तर मैमा नै प्रवेश गर्दछन् अर्थात सच्चिदानन्दस्वरुप ब्रहम बन्न जान्छन् ।

श्रुति भन्दछन् - *“ब्रहमविद् ब्रहमैव भवति”* । तथा -

“तदा रजस्तमो भावाः काम लोभादयश्च ये;
चेत एतैरनाविध्दं स्थितं सत्त्वे प्रसीदति ॥
एवं प्रसन्न मनसो भगवद् भक्ति योगतः;
भगवत् तत्त्व विज्ञानं मुक्त संगस्य जायते ॥” - श्रीमद् भागवत्

श्री भगवान्मा नैष्ठिकी भक्ति भएपछि कामलोभरुपी रजस्तम भावहरु द्वारा चित्त आविध्द हुँदैन, त्यस समय चित्त सत्त्व भावमा स्थित भै प्रसन्नता प्राप्त गर्दछन । यसरी भगवद् भक्ति द्वारा भगवान्सँग मिलन हुन्छ अर्थात् भगवत् स्पर्श हुन्छ । एस्तो स्थितिमा भगवत्तत्व विज्ञान अर्थात् ज्ञान र मुक्त संगत्व अर्थात् वैराग्यको प्राप्ति हुन्छ ।

गीतामा श्री भगवान् भक्तको लक्षण बताउनु हुन्छ-

“सन्तुष्टः सततं योगी यतात्मा दृढ निश्चय ;
मय्यर्पित मनोबुध्दिर्यो मे भक्तः समे प्रियः ॥”

जो सन्तुष्ट छन्, सर्वदा योगसमाहित चित्त छन्, संयमी एवं दृढ-निश्चयी छन् तथा ममा मनबुध्दि समर्पित गरिसकेका छन्, यस किसिमका मेरा भक्त नै मलाई प्रिय छन् ।

वैराग्ययुक्त चित्त हुनु बिना कोही सन्तुष्ट हुन सक्तैन, यो वैराग्य भाव योग समाहित चित्तमा आउँदछन् । आत्मतत्त्व विषयमा जस्को अध्यवसाय अत्यन्त दृढ छ र म मा जसले मन-बुद्धिलाई स्थापित गरिदिएको छ, त्यो अरु कतै जाँदैन, यही भक्तको लक्षण हो । ज्ञानी नै उनको सर्वापेक्षा श्रेष्ठ भक्त हुन्छ । श्री भगवान् गीताको सातौ अध्यायमा भन्नु हुन्छ -

"प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ।"

म ज्ञानीको अत्यन्त प्रिय हूम् र त्यो पनि मेरो अत्यन्त प्रिय छन् । ज्ञानीजन देहादिमा अभिमान राख्दैन, अतएव तिनीहरु परमात्मासँग नित्य युक्त हुन सक्तछन्, र एक वस्तुमा लक्ष्य हुनुको कारण तिनीहरु 'एक भक्ति' पनि हुन सक्तछन् । *"ज्ञानी त्वात्मैव मे मतम्"* - ज्ञानी त मेरो आत्मा नै हो अर्थात मेरो स्वरुप हो, म देखि अभिन्न छ, यही मेरो मत हो ।

अतएव ज्ञानी या भक्त एकै हुन, उनको साधना पनि यसैकारण एकै किसिमको हुन्छ । परन्तु जो मन्दाधिकारी छन उनको समाधि-सिध्द हुनु कठिन छ । जो वास्तविक ज्ञानी छन, उन्लाई निर्गुण ब्रहम या अक्षर ब्रहमको उपासना प्यारो हुन्छ, जो भक्त छन् तिनीहरु पनि सगुण उपासनाको सूक्ष्म तत्त्वमा मनोनिवेश गरेर साधना गर्न सक्तछन् । *"तिनीहरु मत्कर्म परम"* भएर सब कर्महरुमा, सब चिन्तनहरुमा अनि सब रुपहरुमा एक भगवान्लाई बुझ्ने चेष्टा गर्दछन । एसकिसिमसँग ज्ञानी र योगिहरु समान तिनीहरुले पनि सन्सारलाई विर्सन जान्छन् । *"आपनार नाम मोर नाहिं पडे मने"* - आफ्नो नाम पनि मलाई याद आउँदैन , भागवतमा भनेको छ -

"यथा समाधौ मुनयोऽब्धितोय ;
नद्यः प्रविष्टा इव नाम-रुपे ।"

परन्तु जुन मानिसहरु एसरी भावमा तन्मयता प्राप्त गर्न सक्तैनन्, एसको कारण यो छ-अझै उनिहरुले श्री भगवान्मा ठीक-ठीक चित्त समर्पण गरेका छैनन्, ती मन्दाधिकारी हुन । उनको लागि एस्तो व्यवस्था छ-

"निर्विशेषं परं ब्रहम साक्षत्कर्त्तु मनीश्वराः ;
ये मन्दास्तेऽनुकम्पन्ते सविशेष निरुपणैः ॥"

जो मन्दाधिकारी छन तिनीहरु ब्रहमको साक्षात्कार गर्न सक्तैनन् । अतएव उनलाई सविशेष या सगुण ब्रहमको उपासना द्वारा भगवान्को अनुकम्पा प्राप्त गर्नु पर्दछ । एसरी सविशेष ब्रहमको ध्यान एवं चिन्तन गरेर अन्तमा निर्विशेष ब्रहममा पुग्न जान्छन् ।

धर्माधर्म आदि कर्म-संस्कार नै जीवको कर्माशय हो । यो जबसम्म रहनेछ तबसम्म अविद्या, अस्मिता,

राग, द्वेष र अभिनिवेश आदि क्लेशसमूह कहिल्यै नष्ट हुन चाहने छैन । यसैकारण योगदर्शनमा लेखिएको छ -

"ध्यानहेयास्तद्वृत्तयः" -बीज भावमा स्थित क्लेशहरुको वृत्ति जुन शोक-मोहादि-रुपमा प्रादुर्भूत हुन्छन्, त्यो ध्यानद्वारा हेय हुन सक्तछन् । ईश्वरमा आत्म-समर्पण या सर्वत्र ब्रहमदर्शनको लागि जीवको चेष्टा नै योग-प्राप्तिको उपाय हो । यही "योगः कर्मसु कौशलम्" - यही सुकौशल कर्म अनि क्रियायोग हो । एस क्रियायोग द्वारा नै क्लेश क्षीण हुन्छ र ध्यान प्रगाढ हुन्छ, अनि प्रगाढ ध्यान द्वारा मनको वृत्ति क्षीण हुन्छ । जबसम्म मनोवृत्ति छ, तबसम्म पाप-क्षय हुँदैन, संशय पनि छिन्न हुँदैन, अतएव कोही विदितात्मा पनि बन्न सक्तैन । श्री भगवान् भन्नु हुन्छ -

"कामकोधवियुक्तानां यतीनां यतचेतसाम ;
अभितो ब्रहमनिर्वाणं वर्तते विदितात्मनाम् ॥"

काम-क्रोध-वियुक्त, संयत चित्त, आत्म तत्वज्ञ यतिहरुलाई दुबै लोकहरुमा ब्रहम-निर्वाणको प्राप्ति हुन्छ । योगीलाई ब्रहम-निर्वाण प्राप्तिको साधन सम्बन्धमा श्रीधर स्वामी भन्नु हुन्छ-*"तमेव योगं संक्षेपेनाह"*- त्यस योगको विषयमा संक्षेपमा भन्नु हुन्छ -

"स्पर्शान् कृत्वा बहिर्बाह्यांश्चक्षु चैवान्तरै ध्रुवोः ;
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तर चारिणौ ॥
यतेन्द्रिय मनोबुध्दि र्मुनि र्मोक्ष परायणः;
विगतेच्छा भयक्रोधो यः सदा मुक्त एव सः ॥"

बाह्य स्पर्श-रुप-रस आदिको चिन्तन गरेपछि यो भित्र प्रवेश गर्दछन्, यसैकारण योगीजन एसकिसिमका चिन्तन त्याग गर्दछन्, यानी एसलाई मनमा प्रवेश गर्न दिदैनन् । चक्षुर्द्वय अर्थात दृष्टिलाई भ्रूमध्यमा स्थिर गरी नासिका भित्र संचरण गर्ने वाला प्राण र अपान वायुलाई समान गरेर अर्थात् तिनलाई ऊर्ध्व एवं अधोगतिको निरोध गरी, (जुन प्राणायाम द्वारा नै संभव छ, अन्य कुनै उपायले छैन) मोक्षपरायण भएर जुन मुनि इन्द्रिय, मन र बुध्दिलाई संयममा राख्नेवाला अनि इच्छा-भय-क्रोध देखि शून्य छ त्यही सदा मुक्त छ, अर्थात् जीवित अवस्था पनि विमुक्त छन् ।

किन भने विक्षिप्त चित्तमा मुमुक्षुत्व आउँदैन, अतयव उसमा ज्ञान या भक्ति उदित हुँदैन । यी सारा विघ्नहरुको प्रतिकारको लागि अनुद्विग्न चित्तले योगाभ्यास गर्नु आवश्यक छ । त्यसको अनेक उपायहरुको निर्देश श्री भगवान्ले गीतामा गर्नु भएको छ । अवश्य नै योग मार्ग अतीव दुर्गम छ, किनभने सब विषयहरुमा साधकले संयमको अभ्यास गर्नु बिना योगफललाई प्राप्त गर्न सक्तैन । तथापि भीष्म

पितामहले राजा युधिष्ठिरसंग भन्नु भएको थियो - *"योगमार्गको त्याग गरेर केवल परिवारको प्रतिपालन चिन्तनमा लागिरहनु कहिल्यै कर्तव्य हुन सक्तैन।"* योगी याज्ञवल्क्य प्राणायामको प्रशंसा गर्नु हुँदै भन्नु हुन्छ -

"प्राणायाम पराः सर्वे प्राणायाम परायणा :;
प्राणायामैर्विशुध्दा ये ते यान्ति परमां गतिम्॥
प्राणायामादृते नान्य तारकं नरकादिव ;
सन्सारार्णवमग्नानां तारकं प्राण संयमः॥" -

प्राणायाम परायण समस्त साधक प्राणायाम द्वारा विशुध्द भैकन परम गति प्राप्त गर्दछन्, प्राणायामको अतिरिक्त नरक देखि त्राण गर्नेवाला अरु कुनै छैन। भवसागरमा डूबिरहेका मानिसहरुको लागि प्राण-संयम नै संसार-सागर देखि तर्नुको उपाय छ।

गीतामा योग साधनको सम्बन्धमा धेरै-धेरै कुराहरुको आलोचना गरिएकोछ। अतएव याँहा ती विषयहरुको अरु धेरै उल्लेख गरिने छैन। योग-शास्त्रमा भनेकोछ -मूलाधार-स्थिता-कुलकुण्डलिनी-शक्ति नै ब्रहमशक्ति हो। यही हाम्रो जीवन्त जीवन हो। यसलाई वशात् गर्नु बिना ज्ञान-भक्ति प्राप्त गर्नुको सारा प्रयत्नहरु व्यर्थ खेर जान्छन्। त्यो कुण्डलिनी-शक्तिले ब्रहमद्वारलाई अवरोध गरेर सुखसँग निद्राभिभूत भएको छ, यसैले हाम्रो जीवभाव कसै गरेर पनि नष्ट हुन सकिरहेको छैन, विषयस्पृहा पनि शान्त भै रहेको छैन अनि मनको चचंचलता पनि दूर भैरहेको छैन-एसै कारण मन अशान्त भएर भड्किरहेकोछ। योगाभ्यास द्वारा यस कुल-कुण्डलिनी-शक्तिलाई चैतन्य गर्न सकेमा मनुष्य जीवन सार्थक हुन जान्छन्। हाम्रो देशमा दीक्षा-ग्रहण गरेका सबै मानिसहरु आफ्नो इष्ट देवताको ध्यान र जप गर्ने गर्दछन्, परन्तु शायद जान्दैनन - कुण्डलिनी-शक्ति नै उनिहरुका स्व-स्व इष्ट देवताको रुपमा विराजमान भैरहेको छ।

"तामिष्ट देवता रुपां सार्ध्दं त्रिवलयान्विताम्;
कोटि सौदामिनी भासां स्वयंम्भू लिंग वेष्ठिताम॥"

त्यसलाई जाग्रत गर्न नसके मन्त्र-यन्त्रको सारा अर्चना व्यर्थ हुन जान्छन्। तन्त्रमा लेखिएकोछ-

"मूलपद्मे कुण्डलिनी यावन्निद्रायिता प्रभो ;
तावत्किंचिन्न सिध्येत मन्त्र यन्त्रार्चनादिकम्॥
जागर्ति यदि सा देवी बहुभिः पुण्य संचयै ;
तदा प्रसादमायाति मन्त्र यन्त्रार्चनादिकम्॥"

मूलाधारस्थ कुण्डलिनी जबसम्म जाग्रत हुँदैन तबसम्म मन्त्र जप या यन्त्रार्चना आदि द्वारा केहीपनि सिध्द हुँदैन। यदि अनेक पुण्यहरुको संचय देखि त्यो देवी जाग्रत हुन्छ त मन्त्र यन्त्रार्चनादिको फल प्राप्त हुन सक्दछ। अतएव श्री भगवान्को अतीव गुहय वाणीलाई पुनः स्मरण गर -

"मन्मना भव मद्‌भक्तो मद्याजी मां नमस्कुरु;
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥"

यस गीतामा जसको व्याख्या प्रधानतः आलोचित भएको छ, उहाँले यस श्लोकको जुन व्याख्या दिनु भएकोछ त्यसलाई नै उद्‌घृत गरेर हामी आफ्नो भूमिका समाप्त गर्नेछौं ।

म मा नै मन राख, मेरो नै यजन गर अर्थात् क्रिया गर । नमस्कार गर अर्थात ॐकारको क्रिया गर - गुरुमुख देखि नै जानिइन्छन । म तिमीलाई सत्य भनिरहेकोछु, तिमी मैलाई प्राप्त हुनेछौ - प्रतिज्ञा गरेर भन्दछु किनभने तिमी मेरा प्रिय छौ ।

वास्तवमा यो अंशभूत जीव परमात्माको सर्वापेक्षा प्यारो छ, किनभने जीव नै उनको अत्यन्त समीप छ, उनकै सत्ताले सत्तावान भैरहेको छ । संसारमुखी भएर जुन जीव उनिदेखि नजाने कति कति टाढा हुन गएकाछन, तिनलाई फेरि त्यस परमात्मासँग युक्त गरिदिनु नै सर्वोच्च पुरुषार्थ हो । यस पुरुषार्थ देखि हामी वंचित हुनु हुँदैन । हामी जसलाई या जुन वस्तु चाहन्छौं, त्यतैतिर हाम्रो मन खनिन्छन । मन जब परमात्माको साथ मिल्नको लागि प्राणपनले चेष्टा गर्ला या उनितिर अत्यन्त उन्मुखी होला, तबै उनि प्रति हाम्रो प्रगाढता सूचित हुनेछ । एस किसिमको भक्ति या साधना द्वारा नै ज्ञानस्वरुप प्रियस्वरुप प्रियतमस्वरुप परमात्माको सन्निकर्ष प्राप्त हुन्छ । उनको नजिकता जति नै धेरै नजिकिनेछ त्यति नै उनिसंग योग हुनेछ । प्राणको चचंचलताको कारण मन विक्षिप्त भएर विषयहरुमा भ्रमण गर्दछ, एसै कारण तिनमा स्थिति-लाभ गर्न सकिदैन । प्राणायाम द्वारा प्राणको चंचलता दूर भएपछि नै स्थिरता प्राप्त हुन्छ, - ब्रहमानन्द प्राप्त हुन्छ । मन स्थिर हुनासाथ मन र बुध्दि उनको साथ एक हुन जान्छन - यही साधना - कौशल हो । एस साधन द्वारा साध्य ज्ञान या ज्ञेय पदार्थसँग परिचय प्राप्त हुन गएपछि फेरि साधन-ज्ञानको कुनै आवश्यकता रहन जाँदैन ।

हामी शास्त्र पढेर सामान्य ज्ञान द्वारा जुन सोचने र निश्चय गर्दछौं त्यो केही पनि छैन । अपरोक्ष ज्ञान बिना अन्य समस्त ज्ञान तमसाच्छन्न अज्ञान मात्र हुन । अतएव जुन साधन द्वारा यो अपरोक्षानुभूति प्राप्त हुन्छ उसैको खोजी एवं साधनामा यत्नशील हुनु आवश्यक छ । योगाभ्यासद्वारा नै गुहयतम ज्ञान या मोक्ष प्राप्ति हुन्छ, यही सब शास्त्रहरुको गूढ अभिप्राय हो । किमधिकमिति । -

ॐ तत्सत्

ॐ तत्सत्

ॐ तत्सत्

ॐ तत्सत्

ॐ नमः श्री गुरवे ।

ॐ श्री गणपतये नमः ।

ॐ नमः श्री भगवते वासुदेवाय।

ॐ श्री मद् भगवद् गीता प्रारभ्यते ।

पाठक्रम :।

(ध्यानम्)

श्री हयग्रीवाय नमः ।

शुक्लाम्बर धरं विष्णुं शशिवर्ण चतुर्भुजम् ;
प्रसन्न वदनं ध्यायेत्सर्व विघ्नोपशान्तये ॥ १ ॥
नारायणं नमस्कृत्य नरंचैव नरोत्तमम् ;
देवीं सरस्वतीं चैव ततो जयमुदीरयेत् ॥ २ ॥
व्यासं वशिष्ठ नप्तारं शक्तेः पौत्रम कल्मषम् ;
पराशरात्मजं बन्दे शुकतातं तपोनिधिम् ॥ ३ ॥
व्यासाय विष्णुरुपाय व्यासरुपाय विष्णवे ;
नमो वै ब्रहमविधये वाशिष्ठाय नमो नमः ॥ ४ ॥
अचतुर्वदनो ब्रहमा द्बिबाहुरपरो हरि ;
अभाल लोचन : शम्भुर्भगवान् वादरायणि ॥ ५ ॥

करादिन्यास :।

ॐ अस्य श्रीमदभगवद् गीता माला मन्त्रस्य श्री भगवान् वेदव्यास ऋषिः । अनुष्टुप छन्द । श्री कृष्ण : परमात्मा देवता । *"अशोच्यानन्वशोचस्त्वं प्रज्ञा वादांश्च भाषसे" इति बीजम् । "सर्व धर्मान्परित्यज्य मामेकं शरणं ब्रज" इति शक्ति :। "अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच" इति कीलकम्। श्री कृष्ण प्रीत्यर्थं पाठे विनियोग :।*

श्री मद् भगवद् गीतारुपी मन्त्रमालाको श्री भगवान् वेदव्यास ऋषि हुन, अनुष्टुप छन्द छ र श्री कृष्ण परमात्मा देवता छन् । "जसको लागि शोक गर्नुको आवश्यकता छैन, तिमी त्यसैको शोक प्रकट गरेर आत्माको सम्बन्धमा आफ्नो अज्ञता प्रकट गर्दै छौ तथा पण्डितहरु जस्तै कुरा गर्दछौ" यही यस मालामन्त्रको बीज हो । "सब किसिमका धर्माधर्म-अनुष्ठान-विधिको दास्यता छोडिकन एकमात्र मेरै शरणापन्न होऊ", - गीतारुपी मन्त्र मालाको यही शक्ति हो । "म माथि दृढ विश्वास गरी मै मा आत्म-

समर्पण गरेपछि म तिमीलाई सबै पापहरु देखि मुक्त गरिदिनेछु। तिमी शोक नगर" - यही एस मन्त्रमालाको कीलक अर्थात् आश्रय हो। "भगवान् श्री कृष्णको प्रीतिको लागि नै गीताको पाठ गरिन्छन।

श्री मद् भगवद् गीता मन्त्रमाला- श्रीमद् भगवद् गीता मन्त्रमाला हो , एस विषयमा म याँहा केही आलोचना गर्न चाहन्छु। श्रीमद् भगवद् गीता एक मन्त्ररुपी फूलहरुको माला हो। मालामा जसरी राशि-राशि फूलहरु हुन्छन, त्यसरी नै एसमा एति मन्त्रहरु छन-उनको संख्या हुन सक्तैन। मालाको एक-एक फूलमा जस्तो अनुपम सौन्दर्य, अनुपम सुगन्ध हुन्छ र त्यसले हाम्रो चित्तलाई हरण गरिलिन्छन, त्यसरी नै शोभाले भरिएको गन्धले भरिपूर्ण अपूर्व मन्त्रहरुको माला श्रीमद् भगवद् गीताले हाम्रो मन-प्राणलाई नजाने कसरी चिरविस्मृत अथच आफ्नो नित्य निकेतन वैकुण्ठ धामको अपूर्व द्वारतिर लैजान्छ, जसलाई सोचेर चित्त आनन्दले उल्लसित भै उठद्छ।

मन्त्र कसलाई भन्दछन्, के शास्त्रमा तिमीले यस विषयमा केही पढेका छौ ? अथवा श्रीगुरुमुख देखि सुन्ने सौभाग्य कहिल्यै प्राप्त गरेका छौ ? यदि सुनेको छैन भने त म संक्षेपमा भन्दछु, ध्यान दिएर सुन्दै जाऊ अनि मन-मनै प्राणपनले धारण गर। जसलाई मनन गर्नाले त्राण मिल्दछ त्यसलाई नै मन्त्र भन्दछन्। मन्त्र पनि एक किसिमको बाणी नै हो, परन्तु साधारण वाक्य समान त्यसले हामीलाई बन्धनमा राख्दैन। हामीहरु मध्ये अधिकांश मानिसहरु वाक्य द्वारा नै बन्धनमा पर्दछन्। शिशुको मिठो तोतेबोली देखि लिएर प्रियजनहरुको प्रेमपूर्ण आलाप सम्म सबले हाम्रो चित्तलाई नजाने कति कति सुदृढ बन्धनमा जकडिदिन्छन। हाम्रो चित्तनदीमा शुभाशुभ भावहरुको न जाने कति कति तरंगहरु निरन्तर उठिररहन्छन्, मनका यी विविध भावहरुलाई हामी वाक्य द्वारा नै प्रकट गर्दछौं। सन्देह छ- वाक्य समान यस्तो महाशक्ति अन्य कुनै वस्तुमा छ या छैन। हामी संगीत देखि मुग्ध हुन जान्छौं, वकतृता देखि मुग्ध हुन जान्छौ, ग्रन्थ पढेर मुग्ध हुन जान्छौं, कथाकहानी सुनेर मुग्ध हुन जान्छौं- परन्तु यी सारा मुग्ध-कारिणी शक्तिहरु वाक्यमा नै रहन्छन्।

वाक्यको मूल हो प्राण शक्ति। हामी वाक्य द्वारा बध्द भएर प्राणलाई नाना किसिमका संस्कारहरुमा अडकाई दिन्छौ। परन्तु यो हो वाक्यको बहिर्मुखी शक्ति। त्यसको एक अन्तर्मुखी शक्ति पनि छ, त्यस द्वारा हामी वन्धनमा पर्दैनौं। बरु झन बन्धन देखि फुस्कन्छौं। जुन वाक्यमा यो बन्धन-मोचन गर्नेवाला शक्ति छ, त्यसलाई नै मन्त्र शब्दले अभिहित गर्दछन्।

भगवद् गीताको अनेक श्लोक यस किसिमको कैवल्यदायिनी मन्त्रशक्ति द्वारा परिपूर्ण छन्। अतएव भगवद्गीतालाई मन्त्रमाला भन्नुमा कतिपनि अत्युक्ति छैन। ती सारा मन्त्रहरुको दीक्षा छ, साधना छ। उपयुक्त गुरुको सन्निकट ती मन्त्रहरुका साधन-कौशल जानेर साधना गर्नाले जीवन कृतार्थ हुन जान्छन्। मन्त्रहरुको रहस्य भारतवर्ष बाहेक अन्य कुनै देशमा त्यति परिस्फुट भएको छैन, यही कारण छ आध्यात्मिक सम्पदमा भारत समस्त विश्वमा सर्वापेक्षा समृध्दिशाली छ। बडो नै दुःखको कुरा छ- आज हामी विजातीय शिक्षा ग्रहण गरेर मन्त्रशक्तिलाई अनादर गर्न सिकिसकेकाछौं। एसले जान्न सकिन्छ हाम्रो

कति अधः पतन भएकोछ । यस मन्त्रशक्तिमा जुन अमूल्य अपूर्व कौस्तुभ मणि विराजमान छ त्यसको पत्तो नपाइकन सामान्य मानिसहरु समान हामीले एस महाशक्तिलाई उपेक्षाको दृष्टिले हेर्न सिकेका छौं, एसैको फल यस्तो भैरहेछ-हामी निरन्तर दुःखहरुको भारी टाउकोमा बोकेर भिखारी समान दैलौ-दैलो भीख मागिरहेका छौं । प्रिय भाईहरु ! प्रिय बन्धुहरु ! एकपल्ट मात्र तिमीहरु आफ्नो घरतिर हेर, घरभित्र ताक, अहो ! तिमी कति अमूल्य सम्पत्तिका अधिकारी छौ । एसलाई नजानेर आज तिमी द्वार-द्वार सामान्य वस्तुको लागि भिक्षाको झोला काँधमा बोकेर भटकिरहेछौ ! *"श्रृण्वन्तु विश्वे अमृतस्य पुत्राः"* - हे अमृतका पुत्रहरु ! आज तिमी जहाँ-जहाँ जुन-जुन अवस्थामा छौ, त्याँहा-त्याहाँ देखि नै यी आश्वासनको बाणी सुन । तिमी नानाथरिका दुःख कष्टहरुले पीडित साधारण मर्त्यजीव मात्र होइनौ । जन्म-मृत्युको विविध लीलाहरु तिम्रो लागि एकमात्र स्मरणीय छैन । तिमी उनकै पुत्र हो, तिमी अमृत पुत्र हौ, तिमी त्यही हौ जसद्वारा त्रिभुवन व्याप्त भैरहेको छ । तिमी अजर छौ, अमर छौ, शाश्वत हौ, फेरि पनि किन तिमी आफुलाई मृत्युको ग्रास मानिकन अनुशोचना गरिहेका छौ ? *एकपटक जाग्रत होऊ, एकबार बिम्झेर उठ, एकबार मोहनिद्रा त्याग गर, एकपटक आफैतिर हेर, आफैतिर फर्क, तिमी को हौ ?* यसदेखि निखिल विश्वको परम कल्याणलाई तिमी प्राप्त गर्नेछौ । आफ्नो स्वधाममा, निजनिकेतनमा निज-आनन्दमा प्रवेश गर्न सक्नेछौ ।

ज्ञानी भन्दछन- जीवको बन्धन-रज्जु उसको देहात्मबुध्दि हो । त्यस देहात्मबुध्दिकै कारणले जीव चिद्विमुख भएर अनन्त दुःखलाई वरण गरिलिन्छन । त्यस दुःख देखि मुक्ति पाउनुको उपाय हो मन्त्रसाधना । कृपालु ऋषिहरुले जीवको मुक्तिको लागि नाना किसिमका उपाय खोजिनिकालेकाछन । त्यसै खोजको परिणाम हो मन्त्रशक्तिको सम्यक्-ज्ञान । जुन महानुभव ध्यानमग्न-चित्तले मनको सीमानाअतिक्रमण गरी विज्ञानमय एवं आनन्दमय कोषलाई साक्षात्प्राप्ति गर्दछन, उनको जगत्-विस्मृत ध्यान-नेत्र समीप एक-एक मन्त्र आफुलाई प्रकट गरिदिन्छन । जसलाई यो मन्त्रशक्ति सर्वप्रथम गृहित हुन्छ, त्यही त्यस मन्त्रको सिध्द हुन । 'ऋषि' शब्द ऋष या दृश धातु देखि निष्पन्न छ । ऋषको अर्थ छ गमन गर्नु र दृश्को अर्थ छ दर्शन गर्नु । अतएव ऋषि शब्दको पनि दुई अर्थ छन । यी दुई अर्थानुसार ऋषि पनि दुई थरीका हुन्छन (१) जसले भोग-वासनाको उपेक्षा गरेर भगवत्प्राप्तिको लागि ज्ञानपथमा गमन गर्दछन । (२) जसले यस मार्गमा गमन गरेर सिध्दि प्राप्त गरिसकेकाछन् । आत्मसाक्षात्कार सम्पन्न या ईश्वरदर्शी पुरुष नै वस्तुतः श्रुतिसिध्द ऋषि हुन । यस किसिमका एक-एक सिध्द ऋषि वेद-मन्त्रहरुका द्रष्टा हुन ।

गीताको ऋषि वेदव्यास- यस गीता-मन्त्रमालाको ऋषि व्यासदेव हुन । वेद-विभाग गर्नेवाला मुनि-विशेषलाई व्यास भन्दछन । व्यास कसैको नाम होइन, व्यास वेद-विभागकर्त्ता ऋषिको उपाधि हो । प्रत्येक द्वापर युगको अन्तमा मनुष्यहरुको आयु र स्मृतिशक्तिको ह्रास देखेर एक-एक वेद-विभागकर्त्ता व्यास भगवदंशमा जन्म ग्रहण गर्दछन । हामीले जुन कलियुगमा जन्म लिएका छौं, यसको पूर्वको द्वापरको अन्तमा पनि एक वेद-विभागकर्त्ता अतिमानव पुरुषले जन्म लिएका थिए, उनको नाम थियो कृष्णद्वैपायन व्यास । उनको पिता सुप्रसिध्द पराशर ऋषिले पनि एकबार व्यास भएर वेदको विभाग गरेका थिए । परन्तु

यस्तो जानिन्छन - कृष्णद्वैपायन समान व्यास अरु कोही कहिल्यै जन्मिएन । त्यो जसरी तपमा अद्वितीय थिए, त्यसरी नै ज्ञानमा पनि थियो । खालि एति मात्र होइन, बरु एत्रो बडो योगी, यति ठूलो भक्त, यति बडो दार्शनिक पण्डित एवं कवि भारतमा कहिल्यै जन्मिएन । दर्शनमा, विज्ञानमा, काव्यमा, धर्मशास्त्रमा, इतिहासमा जहाँ-जहाँ उनले हात चलायो, त्यहाँ-त्यहाँ नै सुनमा सुगन्ध उपास्थित गरिदिए । भारतवर्षमा आज जुन केही गौरवको कुरा छ त्यो सब हामीले त्यस विश्व विख्यात ऋषि कृष्णद्वैपायन कै प्रसादले प्राप्त गरेकाछौं । वेदान्त दर्शन, महाभारत र विविध पुराण उनैका रचना हुन । यसैले बुझिन्छन-श्रीभगवान्ले पनि जगत्लाई बताइदिनु भएकोछ - मुनिहरुमा उनका सर्वश्रेष्ठ प्रकाशमान विभूति व्यासमा नै विद्यमान छ- *"मुनीनामप्यहं व्यास"* । श्रीमदभागवतमा महर्षि कृष्णद्वैपायन भगवान्को अवतार मानिएकाछन् । त्यो जुन कुलमा आविभूर्त भएका थिए, त्यो कुल ज्ञान र योगमा अतीव प्रसिध्द, यही किन, अद्वितीय पनि थिए । जगत्पूज्य महर्षि वशिष्ठ नै उनका आदि पुरुष थिए । आदि देव भगवान् ब्रहमाले जीव र जगत्को उन्नयनको लागि अनेक असाधारण-शक्ति सम्पन्न मानस पुत्रहरु सृष्टि गरे । ती मानस पुत्रहरुमा प्रचेता, दक्ष, पुलस्त्य आदि प्रजापति थिए । प्रजाको सृष्टि तथा तिनका देख-रेखको व्यवस्था प्रजापतिहरुलाई सुम्पिएका थिए । प्रजाको सृष्टिले सन्सार बढ्यो, विराट् विश्वको विपुल कार्य सुचारुरुपले चलन थाल्यो, परन्तु विश्वको कार्यकलाप सुचारुरुपले चलेरै पनि काम चल्न सक्तैन, संसार एवं विश्वकार्यलाई चलाउँदा-चलाउँदा देव र मानवहरुको चित्त संसारासक्त भएर कलुषित हुन लाग्यो, अनि साथसाथै त्रितापको ज्वाला पनि बढ्न गयो, अब चिन्ता हुन थाल्यो-यो त्रिताप-ज्वालाको निवारण गर्ने उपाय के हो ? आधि-व्याधि-जन्म-मरण बहुल आवागमन-मार्गलाई रोक्ने उपाय के छ ? खालि खानपान, ऐश्वर्य भोग र समृध्दि द्वारा मात्रै जीवको मनलाई शान्त गर्न सकिदैन, त्यसलाई दोस्रो सम्पद्को पनि आवश्यकता हुन्छ, जसलाई पाउनु बिना जीवको हाहाकार शोकादि बन्द हुन सक्तैन । त्यही सम्पद्को लागि जीवको प्राण अत्यन्त व्याकुल छ, अतीव कातर छ, तृषित जीवको तृष्णालाई दूर गर्न, भयदेखि सन्त्रस्त जीवलाई अभयदान दिन, मरणशील जीवलाई अमृतको ठेगाना बताउनको लागि जगत्को आदिपुरुष भगवान् पितामह ब्रहमाले अरु दुई मानसपुत्रहरु सृष्टि गरे, ती दुबैले नै जगतको जीवहरुलाई मुक्ति-मार्ग, परमानन्दको बाटो देखाइ दिनु भयो । तिनमा एकको नाम वशिष्ट र दोस्रोको नाम नारद थियो । सुप्रसिध्द महर्षि वशिष्ठजीले नै सर्वप्रथम जगत्लाई ब्रहमज्ञानको उपदेश प्रदान गरेर जीवलाई मुक्तिको बाटो खोलिदिनु भयो । आऊ-आऊ, हामी ज्ञानगुरु वशिष्ठजीलाई पुनः पुनः साष्टांग प्रणिपात गरौं ! महर्षि वशिष्ठजीको कुलमा अद्वितीय ब्रहमवेत्ता, भक्ति एवं प्रेमको अपूर्व स्रोत, जगत् र जीवको परम उपकारी बन्धु श्री कृष्णद्वैपायनले जन्म लिनु भएको थियो । वशिष्टको पुत्र महर्षि शक्ति थिए, शक्ति पुत्र जन्मजात सिध्द पराशर अनि पराशरको पुत्र निखिल विश्व वरेण्य श्रीकृष्ण द्वैपायन व्यास भयो । षड्ऐश्वर्यशाली, त्रिकालज्ञ महर्षि व्यास गीतारुपी मालिकाको मालाकार हुन् । हिमालयमा बदरीनारायणको सन्निकट व्यासको तपश्चर्याको स्थान आज पनि मानिसहरुले देखाउँदछन् । बदरी-विशाल कै समानै त्यस विशाल उत्तुंग हिमवर्षी पर्वत-मालाको बीचमा महर्षिको तपोभूमि आजपनि मनुष्यको चित्तलाई विस्मित गरिदिन्छन् । प्रकृतिको विशाल गाम्भीर्यपूर्ण त्यस निर्जन स्थानमा महर्षिको तपः पुत विशाल हृदय क्षेत्रमा सर्वप्रथम

त्यस विराट् पुरुषोत्तमको प्रतिविम्ब पर्‍यो । अनि ज्ञानालोकले उनको हृदयस्थानलाई उद्भासित गरिदियो । अति दुष्कर तपको प्रभावले उनको हृदयमा ज्ञानालोक प्रज्वलित भै उठ्यो, द्वैधभाव मेटिन गयो र सन्देह नाम मात्रको पनि रहेन, जीवको चरम सार्थकतालाई प्राप्त गरी त्यो कृतकृत्य हुन गयो, अनि जगत्को कल्याणको चिन्ताले उनको दयाद्र हृदय व्याकुल भै उठ्यो । यही चिन्ताले वेदव्यासको हृदयलाई पूर्णतः अधिकृत गरिदियो । महर्षि सोचन थाले -जगत्को कल्याण कसरी होला ?

ब्रहमनदी सरस्वतीको पश्चिमतिर, वेद-मन्त्रहरुले मुखरित एवं शिष्यहरुले परिवेष्ठित व्यासजीको अरु एक प्रसिध्द आश्रम थियो, त्यसको नाम थियो सम्याप्राश आश्रम । त्यहाँ पनि बदरी वृक्षहरु द्वारा आश्रम शोभित छ। अनेक शिष्यहरुले परिवेष्ठित व्यासजी त्याहाँ गंभीर ध्यानमा मग्न रहन्थे, र समय समयमा शिष्यहरुलाई शास्त्र एवं ज्ञानोपदेश द्वारा कृतार्थ गर्दथे । त्यहीं नै नारदसँग व्यासजीको सम्मिलन भयो, मानो मणि-कांचन-सुगन्ध संयोग उपस्थित भै दियो । जगत् एवं जीवलाई कृतार्थ गर्नको लागि मानो दुई महापुरुष एकत्रित भए । एकदिन व्यासजी जीवहरुको कल्याण-चिन्तनमा रत थिए । यद्यपि जीवहरुको उपकारार्थ उहाँले धरैजसो ग्रन्थ रचे, वेदादि शास्त्रहरु मनथन गरी महाभारतको रचना गर्नु भयो, उपनिषदहरुका तत्त्वहरुको समन्वय गर्दै एक अलौकिक दर्शन-शास्त्र प्रणयन गरेका थिए, तथापि त्यो जगतको लागि अझै अरु केही गर्नाले राम्रो हुन्थ्यो, जे जति गरिएकोछ त्यो पर्याप्त छैन-यही सोचिरहेका थिए । जब एस भावनाले व्याकुल भैरहेको थियो, ठीक त्यसैबेला व्यासको आश्रममा महानुभव देवर्षि नारद आउनु भै समुपस्थित हुनु भयो । त्यसले व्यासजीलाई केही व्यथित र विषण्ण देखि भन्नु भयो-

"पाराशर्य महाभाग भवतः कच्चिदात्मन : ;
परितुष्यति शारिर आत्मा मानस एव वा ॥
जिज्ञासितं सुसम्पन्नमपि ते महदद्भुतम ;
कृतवान भारतं यस्त्वं सर्वार्थ परिवृं हितम ॥
जिज्ञासितमधीतंच ब्रहम यत्तत् सनातनम,
तथापि शोचस्यात्मानम कृतार्थ इव प्रभो ॥"

हे महाभाग, पराशर पुत्र ! तपाईको शरीर, मन र आत्मा (स्थूलशरीर) खुबै आनन्दपूर्ण छ न ? तपाईले धर्मको यथार्थ तत्त्वलाई जान्नको लागि उत्सुक भएर जिज्ञासा गर्नु भएको थियो र त्यस लाई राम्रैसँग जानि पनि लिनु भयो । खालि युक्ति र तर्कले मात्र होइन बरु भ्रन साधन द्वारा सारा तत्त्वहरुको साक्षात्कार गर्नु भएको छ । किन भने तपाईले सबै किसिमका ज्ञातव्य तथ्यहरुले भरिपूर्ण चतुर्विध पुरुषार्थ सिध्द गर्नेवाला महाभारत नामक अद्भूत एवं अनुपम ग्रन्थ रच्नु भएको छ । तपाईले आफ्नो प्रतिभाको प्रभावले नित्य सत्य ब्रहमको सम्बन्धमा विचार गर्नु भएकोछ । तथा स्वयं ब्रहमस्वरुपको अनुभव गरेर अतीव सुन्दर युक्तिसाथ मानिसहरुलाई सम्झाइ दिनु भएको छ । ब्रहमज्ञान-प्राप्त जीव कृतार्थ हुन जान्छन्; उसलाई अरु केही जान्नु पर्ने शेष रहँदैन; तथापि यस्तो देखिन्छन, जानिन्छन्-तपाई आफुलाई अकृतार्थ सम्झिकन किन

विषादलाई प्राप्त हुनु भएकोछ । यसको कारण के हो ? यो सुनेर व्यासजी बोल्नु भयो - "तपाईंले ठीकै बुझ्नु भएकोछ, मैले धेरै तपस्या गरेकोछु, अनेक शास्त्रहरुको अनुशीलन गरेकोछु, परन्तु - *"तथापि नात्मा परितुष्यते मे"* - मेरो प्राण ठीक भरिपूर्ण भैरहेको छैन, ममा माने कतै त्रुटि रहन गएकोछ । तपाईंको ज्ञान अगाध छ, सबैको भित्रको कुराहरु पनि तपाईंले जान्नु हुन्छ, अत्यन्त गूढ विषयहरु अनुभव गर्न तपाईं समर्थ हुनुहुन्छ, तपाईं भन्नुहोस-मेरो अशान्तिको कारण के हो ? अनि त्यसलाई हटाउनुको उपायके छ ? म स्वयं आफै धेरै-धेरै सोच्दा खेरि पनि कुनै ठीक सिध्दान्त निश्चय गर्न पाइरहेको छैन ।"

नारदले उनको त्रुटि देखाइदिनु भयो र त्यसको शोधनको उपाय पनि बताइदिनु भयो । श्री नारदजीले उनलाई उपदेश दिनु भयो - एक एस्तो ग्रन्थ उसले लेखोस, जसमा भक्ति र ज्ञानको समन्वय-साधन द्वारा जीवलाई शीघ्रातिशीघ्र भव-रोग देखि मुक्त गर्नुको मार्ग देखाइयोस । निश्चय नै व्यासजीलाई स्वयं यस्को कुनै आवश्यकता थिएन, किनभने त्यो त स्वयं नै भगवानको अंश, चिरमुक्त र विज्ञानस्वभाव थिए । परन्तु जसको कल्याणको लागि उहाँले शास्त्र रचना गर्नु भएको थियो, उनैको नै कल्याण हुँदैन भने त त्यस शास्त्र-प्रणयनको के अर्थ रहयो ? जीवको पुरुषार्थ हुन्छ धर्म, अर्थ, काम र मोक्ष - यी चतुर्वगहरुको प्राप्ति । यिनमा पनि मोक्ष परम पुरुषार्थ हो । सर्वसाधारणको लागि मोक्ष प्राप्ति गर्नु अत्यन्त कठिन छ, किनभने इन्द्रियाराम जीवले कुनै मूल्यमा पनि कामोपभोग-ऐश-शयलको उपेक्षा गर्न सक्तैन-अतएव वैराग्यविहीन जीवले मोक्षको लागि कसरी चेष्टा गर्ला ? पहिले त साधारण जीवलाई मुक्ति - मार्गमा चल्ने इच्छा नै उत्पन्न हुँदैन । यदि कुनै प्रकारले इच्छा हुन्छ भने पनि त साधन मार्ग एति कठिन- कठिन छ, -त्यसमा जानको लागि त्यस्तो उत्साह नै उत्पन्न हुँदैन । यदि उत्साहको अभाव भएन भने पनि बाटो एति सूक्ष्म छ र चिप्लो छ - गम्य स्थान सहजै दृष्टिगोचर हुँदैन र दृष्टिगोचर हुन गए पनि मार्गको दुर्गमताको कारण पाइलै पिच्छै खुट्टा लगलग कामने गर्दछ । यही कारणले एस मार्गको यात्रीहरुको संख्या कहिल्यै बढी भएको देखिएन । तबै तारै उपाय के छ त ? भक्त कवि तुलसी दास भन्नु हुन्छ -

"जीव हृदय तम मोह विसेरवी; ग्रन्थि छुटि किमि परइ न देखी ।" जीवको हृदय सदा मोहान्धकारले ढाकिइरहन्छ, त्यस अन्धकारमा बन्धन-ग्रन्थि देखिइदैन । अतएव जो देखिदै देखिन्न, त्यो खोलिन्छ कसरी ? अर्थात मोहासक्त जीव सदा विषय व्यसनमा यति मुगध रहन्छ, -उसको तत्त्वदर्शी बुध्दि खुल्दै खुल्दैन, त्यसले बन्धनलाई बन्धनरुप समझनै पाउँदैन, अतः बन्धन देखि मुक्त हुनको लागि प्रवल आग्रह काहाँदेखि आउने ?

यो त मैले भन्न सक्तिन - कैले पुण्यपुंज संचित होला र कहिले साधु पुरुष र सद्‌गुरुको दर्शन प्राप्त होला । उनको कृपा बिना त ज्ञान प्राप्त हुने छैन र ज्ञान प्राप्ति बिना अविद्याको प्रबल-गहन अन्धकार हराउने छैन । अतएव -

"सोहमस्मि इति वृत्ति अखण्डा,
दीपसिखा सोइ परम प्रचण्डा;

आतम अनुभव सुख प्रकासा,
तब भवमूल भेद भ्रम नासा ॥"

चित्तको अनेक वृत्तिहरु छन्, नाना-नाना वृत्तिहरु रहुँजेल कसरी निस्तार पाउन सकिन्छ ? *"सोऽहमस्मि"* यो वृत्ति जब अखण्ड भावसँग प्रवाहित हुन्छ, तब तत्त्वज्ञानको दीप जलिउठ्छन र त्यस ज्ञानदीपको उज्ज्वल किरणहरुमा आत्मस्वरुप बोध हुन जान्छ । त्यस बोधसँगै अनन्त आनन्दको विकास हुन्छ र तबै सन्सारको मूलकारण भेद र भ्रम सदाको लागि मेटिन जान्छन । परन्तु एस मार्गको विषयमा

"कहत कठिन समुझत कठिन; साधन कठिन विवेक ।
होइ घुनाच्छर न्याय जौं; पुनि प्रत्यूह अनेक ॥"

ज्ञानको विषयमा आलोचना गर्नु कठिन छ, किनभने यस्को निम्ति अनेक शास्त्रहरुको ज्ञान हुनु जरुरी छ अनि यदि बुध्दिमा यस किसिमको वेदोज्ज्वल प्रकाशको अभाव छ भने तब त त्यो ज्ञान ठीक-ठीक मगजमा पस्ने छैन । ब्रहमचर्य र तपस्याको बल यदि नहोस त बुझदा खेरि पनि त्यो धारण गर्न सकिने छैन । यदि घुनाक्षर न्याय समान केही ज्ञान हुन गए पनि त त्यसमा धेरै-धेरै विघ्नवाधाहरु आउनेछन् अनि मनमा लोभलालसा उत्पन्न भएर धेरै-धेरै मानिसहरुले मलाई मानोस, प्रतिष्ठा आदर मिलोस यस्तो अहंकार वृध्दि हुनेछ । धेरैजसो मानिसहरुले मलाई मानोस यसको लागि असीम स्पर्द्धा उठनेछ र अन्तमा मानिसहरुलाई धोखा दिंदै जीवन निर्वाह गर्नु पर्नेछ ।

अतएव भगवत्प्राप्तिको मार्गलाई सुगम-सहज गर्नको लागि भक्तिको आवश्यकता छ । दान, तीर्थाटन र सत्संग गर्दा-गर्दा भगवत्प्राप्तिको इच्छा बलवती हुन्छ । क्रमश: आत्म-संयम र साधन-पथमा चलनको लागि अभ्यास गर्ने मनमा आग्रह बढदछ । एसरी शनै: शनै चित्त निरोध गर्नुको शक्ति प्राप्त हुन्छ । परन्तु त्यतिले नै प्राणलाई तृप्ति मिल्दैन । मानो अझै अरु केही पाउनु छ, जसलाई नपाएर त्यो वेदना-विध्द हृदयै देखि रोइरहन्छ । जतिजति नै साधुसंग गर्दछ, जति जति नै सत्कथा श्रवण गर्दछ, जति जति नै ध्यान-धारणामा मन लगाउँदछ, त्यति त्यति नै मनोहृदयको व्याकुलता, भगवान्‌लाई पाउनुको आशा बढ्दै जान्छन । अन्तमा हृदय जलिकन भस्म हुन जान्छन । अग्नि-दग्ध हृदयमा स्थानमा जसरी तृणादि उत्पन्न हुँदैन, त्यसरी नै भगवद्-विरह-दग्ध हृदयमा फेरि प्रवृत्तिका संस्कारहरु जम्न पाउँदैन । त्यस अवस्थामा यदि कहिले काँही पूर्व-संस्कार जागदछन् त त्यो जाग्नासाथ भगवद्-विरहाजलमा भस्मीभूत हुन जान्छन । त्यो विरहाग्नि ताप बढ्दै-बढ्दै यति बढन जान्छन्-सहनुको सीमा बाहिर गै दिन्छन । तब भक्तको आसन्न विनाशलाई देखेर भक्तको भगवान्, दीन आर्त्तको वन्धु त्यस दीन आर्त्त भक्तको सम्मुख आई उपस्थित हुन्छन र आफ्नो अपरुप रुपको कमनीय प्रभावले, आफ्नो भुवनमोहन मधुर हास्यले भक्तको अन्तर व्यथा मिटाउनु भै चिरकालको लागि भक्तको भववन्धनलाई दूर गरिदिन्छन अनि उसलाई अभयदान गरेर कृतार्थ गर्दछन ।

कबीरले भन्नु भएकोछ - *"विरहिन जलती देखिकै सांई आवे धाइ ।"* यही भक्ति हो । यस भक्तिद्वारा

नै चित्त प्रसन्नतालाई प्राप्त हुन्छ । प्रसन्न चित्तले भगवत् साधना गर्नु क्लेशकर हुँदैन, योगाभ्यासमा चित्त सहजै स्थिर शुध्द हुन जान्छ । शुध्द चित्तमा विषय भोगको स्पृहा हुँदैन । त्यसै समय आध्यात्मिक बुध्दि निर्मल भएर प्रतिष्ठित हुन सक्तछन । भागवत्मा लेखिएको छ -

"एवं प्रसन्न मनसो भगवद् भक्ति योगतः ;
भगवत्तत्त्व विज्ञानं मुक्त संगस्य जायेते ॥"

भगवद् भक्ति र योगाभ्यास द्वारा मन आसक्तिरहित भएर प्रसन्न हुन्छ । प्रसन्न चित्तमा नै तत्त्वज्ञानको उदय हुन्छ । अतएव भगवत्तत्व जान्नको लागि मध्यम र निकृष्ट अधिकारीहरुलाई भगवद् भक्ति अत्यन्त आवश्यक छ । श्री मद् भागवतमा पुनः लेखिएकोछ - *"अनर्थोपशम साक्षाद् भक्तियोगमधोक्षजे"*। भगवद् भक्ति द्वारा नै अनर्थको उपशम हुन्छ । माया-मोहित जीव शरीरलाई नै आफ्नो स्वरुप सम्झन्छ । देहात्मबोधले नै कर्तृत्त्वाभिमान तथा देह, गृह, पुत्र, धनादि प्रति अत्यधिक प्रीति एवं आसक्ति बढदछ । जीवको एस किसिमको धारणा नै भ्रमसंकुल एवं अनर्थोत्पादक छ । एसले मायामुग्ध चित्त स्त्री-पुत्र, धनादिलाई नै उपादेय सम्झिलिन्छन । अनि यदि कहिले कांहि मायाजाललाई बुझी पनि लिन्छ भने पनि त मनको विषय चिन्तन निवृत्त गर्न पाउँदैन । परन्तु जीवले बुझ्नु पर्दछ - धर्म, अर्थ र कामको पनि अन्तिम लक्ष्य या उद्देश्य मोक्ष या भगवत्प्राप्ति हो । त्यस चरम फल मोक्ष प्राप्तिको लागि सबले प्रयत्न गर्नु आवश्यक छ । एस्तो नगरी जो खालि संसार र भोग-विलाश लिएर मस्त रहन्छन या पशु समान जीवन व्यतीत गर्दछन्, तिनलाई अन्तसम्म केही प्राप्त हुँदैन । श्री मद् भागवतमा लेखिएको छ -

"धर्मस्य ह्यपवर्गस्य नार्थोऽर्थायोप कल्पते;
नार्थस्य धर्मैकान्तस्य कामो लाभाय हि स्मृतः ॥
कायस्य नेन्द्रिय प्रीतिर्लाभो जीवेत यावता;
जीवस्य तत्त्वजिज्ञासा नार्थो यश्चेह कर्मभि : ॥"

धर्म मोक्ष पर्यन्त विस्तृत छ अर्थात् कर्म साधनाको चरम लक्ष्य हो मोक्ष । यदि कर्मसाधनाको फलस्वरुप स्वर्गको प्राप्ति अथवा धनधान्य-समृध्दि-ऐहिक सुखको प्राप्ति नै हुन्छ, मोक्ष प्राप्ति हुँदैन, त बुझ्नु पर्दछ - धर्माचरणको यथार्थ फल प्राप्त भएन । एसरी अर्थ प्राप्तिको लागि जुन साधना गरिन्छ त्यसको एकमात्र लक्ष्य धर्म हो, यदि अर्थ द्वारा धर्म लाभ हुँदैन, खालि इन्द्रिय-सुख प्राप्ति हुन्छ त त्यस प्राप्तिलाई प्राप्ति मान्न सकिदैन । अनि जब काम्यवस्तु प्राप्तिको लागि प्रयत्न गरिन्छ र त्यसबाट केवल इन्द्रिय तृप्ति अर्थात भोग-सुख-मात्र प्राप्त होस त त्यस लाभलाई लाभ सम्झन सकिदैन । एसको कारण यो छ - जबसम्म जीवन छ तबसम्म ब्रहम जिज्ञासा अर्थात् ब्रहम स्वरुप अनुभव गर्नुको आग्रह नै जीवनको वास्तविक उद्देश्य हो । अतएव ब्रहम स्वरुपको अनुभव कसरी हुन्छ, यो कामना नै त जीवनको सर्वश्रेष्ठ कामना हुनु पर्दछ । 'काम' को वास्तविक अर्थ इन्द्रिय सुख भोगको प्राप्ति गर्नु ठीक होइन । एस सन्सारमा कर्महरु द्वारा जुन अर्थ, स्वर्ग र धन आदि प्राप्त हुन्छन - सकाम अनुष्ठान द्वारा प्राप्त हुन जान्छन - ती

सब भोग सुख 'त्रिवर्ग' साधनको प्रकृत अर्थ यानी यथार्थ फल होइन, अतएव तत्त्व-जिज्ञासा अर्थात ब्रह्मस्वरुपको अनुभवको कामना नै 'काम' को यथार्थ लक्ष्य हो । जसरी धर्मको चरम लक्ष्य मोक्ष प्राप्ति हो त्यसरी नै अर्थको चरम लक्ष्य धर्मको प्राप्ति हो । अनि अर्थको चरम लक्ष्य जसरी धर्मको प्राप्ति छ त्यसरी कामको चरम लक्ष्य अर्थ-प्राप्ति अर्थात् अन्ततः धर्म-प्राप्ति हो । यसरी नै जब धर्मको चरम लक्ष्य मोक्ष हो त अर्थ र कामको पनि चरम लक्ष्य मोक्ष नै भयो - यही भावार्थ निस्कन्छ । यसैले जीवनको यथार्थ उद्देश्यलाई सम्यकरुपले निश्चय गरेर त्यसको प्राप्तिको लागि प्रयत्न गर्नु नै मनुष्यको मनुष्यत्व हो । यस प्रकारको पुरुषार्थको प्रयत्नले नै मानव- जीवनको लक्ष्यतिर अग्रसर हुन सकिन्छ-भगवद् गीतामा यसै विषयलाई बार-बार आलोचना गरिएको छ । सौभाग्यवश यदि जीवले भगवद् भक्ति प्राप्त गरेर भगवान्लाई प्रिय-बोध गर्न लाग्दछ त सर्वदा स्मरण-मनन-चिन्तनको लागि चेष्टा गर्नेछन अनि त्यस द्वारा भगवानको साथ त्यो योग युक्त हुन जानेछ । त्यस योगयुक्त अवस्थामा नै अविद्याको उपशम हुन जानेछ र साथै समस्त अनर्थहरु निवृत्ति हुन जानेछ । अनर्थहरुको निवृत्तिले नै शुध्दाभक्ति या आत्मज्ञानको उदय हुन्छ ।

गीताको छन्द अनुष्टुप - अब छन्दको बारेमा एक दुई कुरा भन्नेछु । छन्दको अर्थ हो दीप्ति पाउनु या आनन्द गर्नु । पद्यबन्ध या पद्यको जातिलाई पनि छन्द भन्दछन् । पद्यको विभिन्न आकृति छन्द द्वारा नै प्रकट हुन्छ र त्यस द्वारा मनलाई पनि विशेष आनन्द मिल्दछ । भाषामा यो आनन्द या रस भएन भने त त्यो कविता हुने छैन । मनका विभिन्न भावहरुलाई भाषामा व्यक्त गर्नुको समय हामी विभिन्न छन्दहरुमा वाक्य रचना गर्दछौं । त्यसबेला छन्दको ताल-तालमा एक एस्तो स्पन्दन हुन्छ जसबाट हाम्रो तदनुकुल मनोवृत्तिहरु पनि स्पन्दित भै उठदछ । जुन मनमा बीजावस्थामा रहन्छ, त्यो (बीज) जब प्रकाशोन्मुख हुन्छ तबै त्यसको गतिलाई हामी अनुभव गर्दछौं, त्यही गति नै छन्द हो । कार्य-कारणको व्यतिक्रम भएमा छन्द शुध्दावस्थामा प्रकाशित हुन सक्तैन । हामी स्वेच्छानुसार प्रायजसो काव्य-रचना गर्दछौं, परन्तु कहिले काँहि त्यसमा भावशुध्दिको अभाव हुन जान्छन अनि तब आकारमा कविता भएर पनि त्यो यथार्थ कविता हुँदैन । कविता तबै सत्य हुन्छ जब हामी एक विशेष भावले अनुप्राणित हुन्छौं; अनि जब त्यस अनुप्राणन-क्रियालाई हामी भाषामा व्यक्त गर्न चाहन्छौं, तब तदनुकुल छन्द पनि आफसे आफ प्रस्फुटित भै उठदछन । छन्द वस्तुत एक अदभुत शक्ति हो । युध्दको समय बाजा पनि छन्द-छन्दमा बज्दछन र त्यसको श्रवण मात्रले योध्दाहरुका सुषुप्त मनोवेग जागिउठदछन, फलतः उनको हृदय युध्दको लागि नाच्न थाल्दछन । युध्दमा मृत्यु हुन सक्तछ, यो भय त्यस समय उनको हृदय देखि दूर हुन जान्छ । त्यसरी नै प्रभातकालमा भैरवी रागिनी सुनेपछि मनुष्यको चित्त स्वयं अज्ञात अलक्ष्यतिर दौडिदिन चाहन्छ, नजाने कस्तो अभाव, कस्तो विरह-व्यथा चित्तलाई आकुल गरिदिन्छन समस्त चित्त वेदनाले भरिन जान्छन । यसरी नै विहाग राग निर्जन गम्भीर रात्रिमा सुनेपछि श्रोताको हृदयमा एक अननुभूत व्यथा जागेर उठदछ, न जाने कसको लागि चित्त कल्पि-कल्पि कन क्वाँ क्वाँ रोएर उठदछ ।

हाम्रो अन्तः करणमा पनि अनेक वृत्तिहरु सुप्तावस्थामा परिरहन्छन । सुर, तान एवं लय द्वारा तिनलाई प्रबुध्द गरिइन्छन । संगीतको सुर तान र लय द्वारा जसरी अन्तः करणको सुप्त वृत्तिहरु जागृत हुन

सक्दछन, त्यसरी नै वेदको छन्दले सुतिरहेका आध्यात्मिक वृत्तिहरुलाई जाग्रत गरि दिन सक्तछन, वेदमा धेरै जसो छन्दहरु छन र ती छन्दहरु या सुरहरुमा एक-एक अज्ञात सुप्त शक्तिलाई जगाइ दिनुको प्रचेष्टा रहन्छ। जब सम्म अन्तः कारणको सुप्त भाव प्रस्फुटित हुँदैन तब सम्म साधना सफल हुँदैन। यही कारण छ - समस्त साधनाहरुको मन्त्र एक-एक भावलाई प्रस्फुटित गर्ने प्रकृया या छन्द मात्र हुन। अवश्य नै बाहिरबाट हेर्दा खेरी सारा छन्द केही अक्षरहरुका योजना मात्र जानिन्छन्। हामी यी छन्दहरुसँग विशेष परिचित छौं। परन्तु अन्तरराज्यमा पनि एस्तै किसिमका नाना छन्दहरुको क्रिया हुन्छ। उदाहरणार्थ गायत्री छन्दलाई लिनोस। बाहिरबाट हेर्दा यो छ : अक्षरहरुको वैदिक छन्द विशेष हो, परन्तु एसको आध्यात्मिक शक्ति छ - *"गायन्तं त्रायसे यस्मात् गायत्री त्वं ततः स्मृता"* अर्थात् जुन गान या अन्तः स्फुरित शक्तिले उपासकलाई भवबन्धनदेखि मुक्त गर्दछ, त्यही गायत्री छन्द हो। एसरी नै अनुष्टुप छन्द पनि भवमोचनकारिणी शक्ति विशेष छ। सप्त व्याहृतिहरु द्वारा जसरी गायत्री छन्दलाई अधिकृत गरिइन्छन, त्यसरी नै अनुष्टुप छन्दको पनि साधना छ। अनुष्टुपको अर्थ हो सरस्वती या विद्यारुपिणी शक्ति अर्थात् त्यो ज्ञान जसको उदय भएपछि भवबन्धन छुटन जान्छ। अनु स्तुभ+धातुको अर्थ छ स्तब्ध हुनु। एस गीतामन्त्रमालाको छन्द हो स्तब्ध हुनु/अर्थात् साधनबलले जब शक्ति स्फुरित हुन्छ त मन बाह्य विषयहरुबाट उपरामलाई प्राप्त हुन जान्छन्। त्यो अन्तरमुखी भएर बाहिरी जगतलाई विर्सन जान्छ - एसै स्वरमा, एसै छन्दमा भगवत गीता प्रणीत भएकोछ। अतएव गीता समस्त शास्त्रहरुको निचोड, मोक्षप्रद एवं जीवहरुको महा कल्याण साधन गर्नेवाला मन्त्र हो। गीताको देवता श्रीकृष्ण परमात्मा-गीतामन्त्रमालाको देवता हुन। देवताहरुलाई सम्भिकन त्यसको चिन्तन गरिन्नन् त मन्त्र चैतन्य हुने छैन। श्रीकृष्ण कसैको कल्पित देवता होइन। श्रीकृष्ण ब्रहमवाचक शब्द हो, अतएव श्रीकृष्ण परमात्माका वाचक, परब्रहम, स्वयं भगवान् हुन। मूढ मानिसहरु उनलाई *"मानुषी तनुमाश्रित"* समभिएर उनको अवज्ञा गर्दछन्। तिनीहरुले उनलाई सही-ठीक बुझ्न पाउँदैन। अनेक महापुरुषहरुले मनुष्यदेह धारण गरेकाछन्, साधारण दृष्टिले त्यो सामान्य मानिस नै जानिन्छन्, परन्तु यो हाम्रो बुद्धिमा आउँदैन - मनुष्य-देहलाई कुनै अति मानव पुरुषले आश्रय गरेर बसेको छ। मायातीत पुरुषलाई जान्नको निम्ति आवश्यक छ - हामीले प्राकृत गुणहरु देखि सम्बन्ध विच्छेद गरिलिनु, अन्यथा उनलाई जान्नुको उपाय अरु कुनै छैन। अर्जुनको पास श्री कृष्ण कति दिन सम्म रहनु भयो, अर्जुनले उनलाई कति कति पटक देखे, उनिसँग कतिकति कुराहरु गरे, तथापि श्री भगवान्‌ले अर्जुनलाई भन्नु भयो-तिमीले मलाई देख्दैनौ, खालि यति नै होइन, यो पनि भन्नु भयो-मलाई देख्नुको शक्ति पनि तिमीमा छैन। यसैले बुझिन्छन-उनलाई देख्नुको लागि सबलाई अर्जुनकै समान दिव्यदृष्टि प्राप्त भए पछि बुझिनमा आउनेछ -

"एको देवः सर्व भूतेषु गूढ : ;
सर्वं व्यापी सर्वभूतान्त रात्मा।
कर्माध्यक्षः सर्वभूतादि बासः ;
साक्षीचेताः केवलो निर्गुणश्च॥" - श्वेता श्वतरो उप.।

त्यो देवता एक अद्वितीय, सब भूतहरुमा गूढ भावले अवस्थित छ, त्यो सर्वव्यापी एवं सबको अन्तरात्मा हो, समस्त कर्महरुका नेता, सब भूतहरुको आश्रय, साक्षीमात्र, चेतयिता एवं सब किसिमले गुण सम्बन्ध शून्य छ ।

कृष्ण, ब्रहम या परमात्मा सब एककै निर्देशक हुन ।

"परमात्मा परब्रहम निर्गुणं प्रकृतेः परः ;
कारणं कारणांच श्रीकृष्णो भगवान् स्वयंम् ॥"

कृष्ण शब्दले शास्त्रहरुमा परब्रहम परमात्माको बोध हुन्छ । कृष्ण शब्द ब्रहमवाचक किन छ ? कृष्ण शब्द कृष् धातुले बनेकोछ । कृषको अर्थ छ आकर्षण गर्नु । जसले जीवलाई आकर्षण गर्दछन्, कतातिर आकर्षण गर्दछन् ? आफैतिर जीवलाई तानिलिनु उनको स्वभाव छ । साधारणतः जीव विषयहरुतिर अत्यन्त आकृष्ट हुन्छन । जीवको मन एकक्षण पनि विषय-त्यागेर बस्न सक्तैन । के त जीव कुनै एकै विषयमा धेरै बेर सम्म रहन सक्तछ ? उसको मन क्षण-क्षणमा एक विषय देखि अर्को विषयतिर दौडिरहन्छन् । यसरी चचंचल र विक्षिप्त हुनुको कारण त्यो व्यभि-चारिणी स्त्री समान पतित छ । यसरी विषयमा विक्षिप्त पतित मनलाई जसले आफ्नो चरण-प्रान्तर तिर तानिकन पवित्र गर्दछन, कलुष-पंक देखि उध्दार गर्दछन्, त्यही सच्चिदानन्द विग्रह श्रीकृष्ण हुन । अब एकपटक विचार गरेर हेरौं-हाम्रो मन एतिको चचंचल किन छ ? कसको लागि छ । शान्तिपूर्वक अलि-अलि बिचार गरेपछि यो बुझ्नमा आइहाल्दछ-आनन्द पाउनको लागि नै मन एक विषय देखि अर्को विषयमा घुमिरहन्छन् । मनको उपभोग्य वस्तु नै आनन्द हो, त्यही त्यसको एकमात्र लोभनीय वस्तु हो । आनन्द पाउनुको आशाले नै त्यो अस्थिर भएर जतातते ठक्कर खाँदै घुमिरहन्छ । मन वस्तुतः आनन्दको खोजमा नै भट्किरहन्छ यो त हो, तर उसलाई कहिंपनि त्यो चाहेको आनन्द मिल्दैन जसलाई पाइकन सदाको लागि तृप्त हुन जाओस र भन्न सकोस - *"तृप्त भएं-म पूर्णकाम भंए, आनन्दमा डूबें, मलाई अब केही चाहिंदैन ।"* शब्द, स्पर्श, रुप, रस गन्ध आदिमा उसले वस्तुतः केही आनन्द पाउँदछ, परन्तु त्यो आनन्द धेरै नै कम छ, क्षणस्थायी छ, हाम्रो मनलाई त्यसले सदाको लागि तृप्त गर्न सक्तैन । यही कारणले नै अतृप्त मन पुनः पुनः लोभातुर भिंगा समान विषयहरुमा आकृष्ट भैरहन्छन । मनले सोच्दछ-एस पटक त्यो परमानन्दको साक्षात प्राप्ति हुनेछ, एसबार म त्यो आनन्दको अतल तलमा निमग्न हुनेछु । र त्यहाँबाट फेरि उठ्नु पर्ने छैन । परन्तु त्यसको सारा कल्पनाहरु, जल्पनाहरु कल्पना-जल्पना मात्र रहन जान्छन् । अनि उसको भाग्यमा परमानन्दको स्पर्श नै घटित हुँदैन बाह्य विषयहरुलाई प्राप्त गरी त्यो उत्फुल्ल भएर, आशान्वित भै भोग गर्नुको आशाले त्यसतिर दौड लगाउँदछन्, तर दोश्रो क्षणमा नै उसको आशा भंग हुन जान्छन्, त्यसले भोग गर्दा-गर्दा बुझ्न थाल्दछन्-जुन वस्तु उसले खोजिरहेको थियो, जुन आशाले त्यो बाहिर निस्केको थियो त्यो परमानन्द त्यसमा छैन, कत्ति पनि छैन । तब त्यो लामो श्वास तानेर त्यसलाई छोडिदिन्छ र दोस्रो वस्तुतिर चल्न थाल्दछ । एसरी जीवन भर दौडादौडी गरेर पनि त्यसले प्रकृत वस्तुलाई प्राप्त गर्न पाउँदैन, खालि ल्कान्ति थकाइले उसको मन-प्राण अवसन्न हुन जान्छन् । उसले अझै बुझ्दैन, त्यो परमानन्दको श्रोत नित्य अमृत रस उसकै भित्र

विद्यमान छ । बाहिर स्पर्श रुप, रस, गन्धादिमा त्यसलाई खोज्नुको आवश्यकता छैन । परन्तु हाय ! हाय ! - *"नाभि गन्ध मृग नांही जानत, ढूंढत व्याकुल होय"* त्यो जुन आफ्नै गन्ध हो, आत्माको शुध्द आनन्दको ज्योति हो- त्यो आफ्नो निकेतनको निभृत कुंजमा नित्य विराजमान छ - त्यसलाई त्यहाँ नखोजिकन बाहिर-बाहिरै अन्वेषण गर्नाले के हात लाग्ला ?

"आनन्द चिन्मय रस प्रतिभाविताभि-;
स्ताभिर्य एव निजरुपतया कलाभि ।
गोलोक एव निवसत्यखिलात्म भूतो;
गोविन्दमादि पुरुषं तमहं भजामि ॥"

जुन आनन्द एवं चिन्मयरसले परिपूर्ण आफ्नो स्वरुपसंगै आफ्नो शक्तिहरुको साथ गोलोकमा विराजमान छन्, म त्यस अखिलात्मा आदि पुरुष गोविन्दको भजन गर्दछु ।

त्यस अखिलात्मा गोविन्दको भजन गर्नु बिना कोही कसैले त्यो साक्षात् परमानन्दलाई प्राप्त गर्न सक्तैन । त्यो आत्मा नै निखिल परमानन्दको आश्रय हो । आनन्द नै आत्माको स्वरुप हो । त्यसमा आनन्द बाहेक अरु केही छैन । यही कारण छ, आनन्द प्रति सारा जीवहरुमा एति आकर्षण हुन्छ । यस आनन्दलाई नै लक्ष्य बनाएर समस्त दौडा दौडी गरिरहेकाछन् । वेदान्त पंचदशीमा लेखिएको छ - *"अयमात्मा परानन्दः पर प्रेमास्पदं यतः"*-यो आत्मा परम प्रेमको आस्पद हो, यसैले यो आनन्दमय छ, यसै कारण आत्मा प्रति जीवको एति स्वाभाविक एवं अत्यधिक प्रेम छ ।

हाम्रो महान अहंकारको बस्ने स्थान - एकमात्र स्थान यो आत्मा नै हो । आत्माको सम्बन्धमा हाम्रो अज्ञता नै हाम्रा यी सब कष्टहरु र दुःखहरुको कारण हो । आत्मालाई लिएर हाम्रो समस्त संसार-लीला छ, आत्मालाई लिएर नै हाम्रो गृहकर्म छ, तथापि हामी यो जान्दैनौ-आत्मा भन्ने वस्तु के हो । आत्मा नरहेपछि सन्सारको कुनै आकर्षण नै रहँदैनन । आदि, मध्य र अन्तमा आत्मा नै रहन्छ । *"सदेव सोम्य इदमग्र आसित"* । जगत्को जे जुन सत्ता छ, आत्मालाई लिएर नै छ । घट-घटमा एस आत्मा कै प्रकाश छ । आत्मा नै जगत्को समस्त आनन्दको केन्द्र हो । हाम्रो जे जो प्रिय या प्रियतम छ, हाम्रो सामुन्ने जे जति सौम्य या सौम्यतर या सर्वापेक्षा सुन्दरतम छ, सबकासब आत्मालाई लिएर नै छ । *"ब्रहमैवेदं सर्वमिति"*- *"पादोऽस्य विश्वभूतानि"* यी सारा भूत परमात्माको एक पादमात्र हुन । अतएव यो आत्मा नै तिम्रो, हाम्रो र विश्वको एकमात्र मूल हो । आफुले आफैलाई मनुष्य जुन यति प्यारो बुझ्दछ, एसको कारण यो हो आत्मा समान प्रिय वस्तु जगत्मा अरु कुनै छैन । आफुप्रति जीवको जुन यति आकर्षण हुन्छ, यसबाट पनि आत्मा प्रति जीवको अत्यन्त आकर्षण हुन्छ, यसबाट पनि आत्मा प्रति जीवको अत्यन्त आकर्षणको सूचना मिल्दछ । मोह वशात् जब हामी देह एवं स्त्री-पुत्रादि प्रति आकर्षण अनुभव गर्दछौं त तेसलाई काम भनिन्छ, अनि त्यो आकर्षण जब भगवान्लाई लक्ष्यगरी हुन्छ तब त्यसको नाम हुन्छ प्रेम । परन्तु हृदयको वेग चाहे जतातिर फुटोस, त्यसले सबलाई आफैतिर तान्दछन् । यो आकर्षण नै जगतको मोहन हो । यसै कारण हामी आफ्नो अभीष्ट वस्तु देखि मोहित हुन्छौं, जब काम्यवस्तुहरुमा पनि हामी त्यस मोहनको या

सुन्दरको अनुभव गर्दछौं तब त्यो खालि मोहन या काम रहन जाँदैन, बरु त्यो अकाम-रमण या मदन मोहन बन्न जान्छन् । जगत् या वस्तु मात्र त्यही हो । केवल आफ्नै स्वकीय माया या एक पर्दाको आवरणमा ढाकिएको छ । यही कारणले अज्ञानान्ध जीव सबमा मदनलाई देखदछ, मदनमोहनलाई अनुभव गर्दैन । भोग्यवस्तुहरुलाई देख्दछ, भजनीय वस्तुलाई देखदैन । सब वस्तुहरुमा त्यस निखिल परमआनन्दमय सत्ताको अनुभव गर्न नसक्नुको कारण जीवको मन गंभीरतापूर्वक कुनै वस्तुमा आश्रय लिन सक्तैन । एसै कारण उसको प्राणको ज्वाला पनि निभ्दैन । परम कृपालु ऋषिहरुले यस निराश्रित-विषय-व्याकुल जीवको कल्याणको लागि भगवान्को आवरण शून्य आनन्दघन मूर्तिको उपासना गर्नुको निर्देश गरेकाछन् । त्यो अत्यन्त नै चित्ताकर्षक, अत्यन्तै मनोहर मूर्ति छ । साधकको स्वल्प चेष्टाले नै त्यो घन-घनश्याम सुन्दर मूर्ति उसको हृदय भित्र प्रकटित हुन्छ । कस्तो नवीन-नीरद-कान्ति-विनिन्दित अपूर्व सुषमा छ । कस्तो सुन्दर प्रोज्ज्वल ध्वान्त-विनाशक अपूर्व नक्षत्र-कान्तिपुंज छ । मानो नव-नव श्याम मेघ वक्षस्थलमा सौदामिनी चम्किरहेको छ । जसरी वाष्प जल बन्दछ, र जल जमिकन हिम बन्न जान्छन त्यसरी नै त्यो पनि आनन्दको घनीभूत मूर्त्ति छ । मूर्त्ति भएर पनित्यो जड छैन, त्यसमा माया या गुणको आवरण छैन । तिमी ध्यान-निमिलित नेत्रहरुले त्यस परमसुन्दरलाई एक बार ध्यान गर, फेरि त जगत् दु:खमय, शोकमय, मृत्यु भय जानिने छैन । तिम्रो हृदय-मन आनन्दमा डूबन जानेछ, तिम्रो प्राण-प्रवाह त्यस आनन्दमा स्थिर हुन जानेछ, तिमी मुक्ति प्राप्त गर्नेछौ । प्राण छोडेर अमर हुन जानेछौ । यस निखिल जगतको आत्मा गोविन्द सर्वदा गोलोकमा निवास गर्दछन । त्यो नित्य गोलोकधाम प्रत्तेक जीवको भ्रूमध्यमा स्थित आज्ञाचक्रमा अखण्ड मण्डलाकारमा विराजित छ । त्यस परम धाममा पुग्नु बिना समस्त इन्द्रिय-मनको चालक गोविन्दलाई कोही कसैले अनुभव गर्न सक्तैन ।

मन जब विषंयहरु देखि निवृत्त भै अन्तर्मुखी हुन्छ त उसको मनत्व या अशुचित्व दूर हुन जान्छन । तब त्यो स्वच्छ बुद्धिसँग मिलेर एक हुन जान्छ । त्यस स्वच्छ निर्मल बुद्धिको भित्र नै आत्म-स्वरुपको प्रतिविम्ब पर्दछ । जब त्यो प्रतिविम्ब स्थायी हुनजान्छ त जीवको विमुक्ति हुन जान्छन् । तब यो बुद्धि हाम्रो या तिम्रो रहन जाँदैन, सब स्वरुपको रुप बन्न जान्छन् । तब काम पनि मन: संकल्परुप रहँदैन, तब सबकिसिमको चाहनामा एकमात्र उसैको चाहना रहन जान्छ । सबकासब प्राप्त वस्तुहरुमा एकमात्र त्यही प्राप्त हुन्छ । श्री भगवान् भन्नु हुन्छ -

"यो मां पश्यति सर्वत्र सर्वंच मयि पश्यति;
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥"

जसले मलाई समस्त भूतमात्रमा देख्दछ, अनि मैमा भूतमात्रलाई देखदछ, म कहिल्यै पनि उसको लागि अदृश्य हुन्न अनि न मेरो लागि त्यो अदृश्य हुन्छ ।

त्यो आनन्दको घनीभूत मूर्ति नै श्री कृष्ण हुन् । यसै कारण श्रीकृष्णलाई सच्चिदानन्द-विग्रह भन्दछन् । जीवमात्रको लागि सर्वप्रिय आनन्द नै छ, अतएव श्रीकृष्ण पनि सब जीवहरुको प्रियतम हुन् । श्रीकृष्णलाई

गोपिहरुले भनेका थिए - "न खलु गोपिकानन्दनो भवान्, प्रेष्ठो भवान् तनु भृतां किल बन्धुरात्मा" - तिमी हाम्रो आत्मा हौ, एसैकारण देहधारिहरुका तिमी एति प्रिय छौं ।

भन्नु पर्ने जरुरी छैन - यो आनन्द जड पदार्थ या भावना मात्र होइन । यो नित्य चिन्मय रसरुपमा समस्त जीवहरुको जीवन्त जीवन हो । कृष्ण शब्दको एक अरु धातुजनित अर्थ छ, त्यो अर्थ पनि एस्तो छ -

"कृषि र्भू वाचकः शब्दो णश्व निर्वृत्ति वाचक ः;
तयो रैक्यं परब्रहम कृष्ण इत्यभिधीयते ॥"

'कृष्' सत्तावाचक शब्द हो तथा ण आनन्दवाचक शब्द । यी दुवैको संयोगले "कृष्ण" शब्द बन्दछ । जहाँ सत्ता छ त्यहीं आनन्द छ । मानो दुवै अंगांगी भावसँग जोडिएका छन् । यी दुवैको ऐक्य नै परब्रहम हो र त्यसलाई नै 'कृष्ण' भन्दछन् । त्यही श्रीकृष्ण गीताको परम देवता हुन् । उनलाई हामी पुनः पुनः प्रणाम गर्दछौं । तिनले यदि दया गरेर हाम्रो चित्तलाई आकर्षण गरोस त गीता-मन्त्रमालाको गंभीर अर्थमा हाम्रो प्रवेश हुन सक्नेछ । यसै कारण गीताको आलोचना गर्नु पूर्व पुनः पुनः प्रणाम गर्दै भन्दछु - हे प्रभु ! यदि तिमीले कृपा गरेनौ, यदि तिमीले बाटो देखाउँदैनौ त तिमी हाम्रो आत्मा हौ, तिमी हाम्रो सर्वस्व हौ, यो कुरा कसरी हाम्रो समझमा आउला । हाम्रो मन-प्राण-बुद्धि अभिमान अहंकार कुनै किसिमले पनि तिमीलाई अंगीकार गर्न चाहँदैनन्, तिम्रो श्रीपादपद्मको धुलिमा विलुंठित हुन चाँहँदैन, स्पर्द्धा र गर्वले भरिभराऊ यस चित्तलाई के गर्ने, कुनै उपाय सुझ्दैन, तथापि यति त जान्दछु-तिमीले नै महामायारुपमा विषय रुपमा यसलाई उन्मत्त गरिराखेका छौ, यदि तिमी यसलाई शान्त गर्नुको बाटो देखाउँदैनौ भने हे जगद्गुरु ! हे परम गुरु ! यस अन्ध, दीन एवं आर्त्त जीवको दोस्रो आश्रय के होला ? यो विषयासक्त मन विषयहरुमा कति आसक्त छ ? हे जगदात्मा, हे जगत्को महाप्राण ! तिम्रो प्राणसँग कहिले त्यो आफ्नो प्राणलाई मिलाएर तिमीमा नै एकान्त विश्रान्ति प्राप्त गर्ला, तिमी सिवाय अरु कुनै वस्तु न चाहला-एस्तो अनुरक्ति यस्तो प्रेम उसलाई कहिले प्राप्त होला ? हे प्रभु ! तिमीले एकदिन वंशी बजाएर गोपांगनाहरुको चित्तलाई हरण गरिलिएका थियौ, त्यसरी कहिले तिमी मेरो एस कुटिल विषयासक्त चित्तलाई हरण गरी आफुतिर तान्ने छौ ? हे प्रभु ! यो मन अति कुत्सित छ, अतीव कायर छ, तिम्रो सेवाको उपयुक्त छैन, तर यस मन बाहेक तिमीलाई दिनको लागि मेरो पास दोस्रो वस्तु नै के छ र ? हे नाथ ! यसैले एसलाई तिमी मै अर्पण गर्न चाहन्छु, के तिमी यस्लाई लिन्छौ -

"रत्नाकरस्तव गृहं गृहिणी च पद्मा,
देयं किमस्ति भवते पुरुषोत्तमाय;
आभीर वाम नयना हृत मानसाय,
दत्तं मनो यदु पते त्वमिदं गृहाण ॥"

समस्त रत्नहरुको आकर रत्नाकर तिम्रो घर छ, सब ऐश्वर्यहरुको इश्वरी महालक्ष्मी तिम्रो गृहिणी छन ।

हे पुरुषोत्तम ! एस्तो स्थितिमा तिमीलाई दिनको लागि के बाँकि रहन गयो ? परन्तु एक वस्तुको कमी छ तिमीसँग, किनभने आभीर रमणीहरुले तिम्रो मनलाई शुध्दाभक्ति द्वारा अधिकारमा लिइराखेको छ । अतएव हे यदुपति ! म तिमीलाई आफ्नै मन दिइरहेछु, एसलाई ग्रहण गर ।

८६४.५९२४
का९३६ग्री

गीताको बीज या मूल-

"अशोच्यानन्व शोचस्त्वं प्रज्ञा वादांश्च भाषसे"-

"जसको लागि शोक गर्नु उचित छैन, त्यसको लागि शोक गर्दछौं, अनि फेरि पंडितहरु समान कुरा गर्दछौं ।" गीताको यही बीज या मूलमन्त्र हो । अतएव गीताको प्रारम्भ नै हाम्रो "अहं-मम" नाश गर्नको लागि छ । जसरी बीज भित्र वृक्षको समस्त शक्तिहरु निहित रहन्छन्, तीनलाई प्रकट गर्ने उपाय गरेपछि त्यो हाँगा-विगा पत्र-पुष्प फलले परिशोभित भएर आत्म-प्रकाश गर्दछन्, त्यसरी नै श्रध्दावारिले सींचन गरेर गीताको एस बीजमन्त्रलाई जाग्रत गर्नु पर्नेछ । तब त्यसदेखि अपूर्व सुगन्ध निस्किएर तिम्रो मन: प्राणलाई आमोदित गरिदिनेछ । अं त, गीतामा एत्तिका श्लोकहरु रहेर पनि एसलाई नै बीज रुपमा किन ग्रहण गरियो ? देहात्मबोध र त्यसदेखि उत्पन्न शोक-मोह नै संसार-प्रवाहको मूल हुन । शोक र मोहले जब विवेकज्ञानलाई अभिभूत गर्दछन् त जीव स्व धर्मपालनरुपी कर्त्तव्य कर्म देखि च्युत हुन जान्छन् । अनात्म-ज्ञान नै शोक-मोहको कारण हो । नित्य एवं आनन्दस्वरुप आत्मामा अनित्यको भावना गर्नु र त्यसको निम्ति हर्ष-शोकादिले बशीभूत हुनु, अज्ञानको कार्य हुन् । तिमी जसलाई मृत्यु या जन्म समझन्छौ, त्यो हो केवल ढोका खुल्नु र बन्द हुनु । ढोका बन्द रहोस या खुल्ला - यसले घरमा बसिरहेको गृहस्वामीको अभाव या सद्भावको कल्पना युक्ति विरुध्दछ । स्थूल, सूक्ष्म र कारण शरीररुपी वस्त्रको अन्तरालमा जुन नित्य, सत्य र चिरस्थिर छ त्यही त आत्मा हो । त्यो नित्य विद्यमान छ । तिमी त अज्ञानले अन्धो बनेर आत्म विषयको चिन्तन नगरी शरीरादिको लागि एत्तिका चचंचल किन भैरहेकाछौ ? देह त कसैको पनि सदा रहने होइन । यसबाट जानिइन्छन, - तिमी आत्मदृष्टिशून्य छौ, यसैले देहादिको नाशले देहीको नाशको आशंका गरेर यति विमूढ भैरहेकाछौ । जो सत्य छ त्यो सदा नै सत्य हुन्छ, भूत, भविष्यत् एवं वर्त्तमानमा कदापि त्यसमा कुनै परिवर्तन हुँदैन । जाग्रत, स्वप्न, सुषुप्तिमा जसरी आत्मसत्ताको अभाव दृष्टिगत हुँदैन, त्यसरी नै समाधि अवस्थामा पनि आत्माको विभिन्न सत्ता परिलक्षित हुँदैन, त्यतिबेला सब एकाकार हुन जान्छन । जलको हिल्लोल तरंग जलमै विलीन हुन्छन् । अतएव को छ र को छैन, यसको निम्ति शोक गरेर के मिल्ला ? हेर त वस्तुत: को छ र को छैन ? जुन छ, त्यसलाई नबुझिकन रुनु त शिशुलाई नै शोभा दिन्छ । यथार्थरुपमा सबचीज नित्य छ, अनि देहादि अविद्या रुपमा सबचीज मिथ्या छ । अतएव मिथ्याको लागि शोक गरेर परम सत्यलाई किन अस्वीकार गर्दछौ ?

यही हो आत्मतत्त्वको मूल सिध्दान्त । यस आत्मतत्वलाई जानिलिए पछि अरु केही जान्नु शेष रहँदैन ।

दर्ता नं
२६०२३

जसलाई जानिलिए पछि अरु केही जान्नु रहँदैन, त्यसलाई नबुझिकन अरु केही बुझ्नुको चेष्टा नै निरर्थक छ। अतएव तिमीले आत्माको स्वरुपलाई चिन जान, यस्तो गरेमा फेरि तिमीलाई हर्ष-शोक-मोहादिको वशीभूत भएर दुःखकष्ट उठाउनु पर्ने छैन। अज्ञान नै सन्सारको बीज हो। ज्ञान अर्थात आत्मतत्वको उपलब्धिले नै सन्सारको निवृत्ति हुन्छ। त्यो ज्ञान एस किसिमको छ-आत्माको जन्म हुँदैन, मृत्यु हुँदैन। तिमी पनि त्यही आत्मा हौ, सबै आत्मा हुन। अतएव कुनै कोही मरेपछि व्याकुल हुनुको कारण केही छैन किन भने आत्मा अमर छ। यो ज्ञान, यो तत्त्व, अध्यात्मविद्या या आत्मज्ञानको मूल हो। तिमी अध्यात्मविद्याको साधना गरेर एस आत्मस्वरुपलाई जान। यही कारणले एस श्लोकलाई गीतामन्त्रको बीज बताउनु भएकोछ।

गीताको शक्ति - "सर्व धर्मान परित्यज्य मामेकं शरणं ब्रज" - सब किसिमका धर्माधर्मको अनुष्ठान विधिका दास्यतालाई त्याग गरेर एकमात्र आत्माको शरणापन्न होऊ-मालामन्त्रको यही शक्ति हो। *"मेरो शरणापन्न होऊ"* - जुन भनिएकोछ, त्यसमा 'म' को हो ?-

"अहं बीजप्रदः पिता"-"बीजं मां सर्व भूतानां" ;
"अहं हि सर्व यज्ञानां भोक्ता च प्रभुरेब च" ॥
"पिताहमस्य जगतो माता धाता पितामहः;
वेद्यं पवित्रमोंकार ऋकसाम यजुरेव च ॥
गतिर्भर्त्ता प्रभुः साक्षी निवास शरणं सुहृत;
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम ॥

यस द्वारा स्पष्टतः बताइएको छ-आत्मा नै नित्य सत्य एवं सर्वथा भजनीय छ। किनभने *"मत्तः परतरं नान्यत् किंचिदस्ति धनंजय"*- म देखि अन्य केही छैन। परमार्थतः 'म' नै एकमात्र सत्य वस्तु छ। यो भनिसकिएको छ-श्रीकृष्ण नै जीवको आत्मा हुन्-जुन मेरो भित्र वास्तविक 'म' छन्। एस आत्माको शरणापन्न हुनु विना मुक्ति प्राप्तिको दोस्रो उपाय छैन। *"नान्यः पन्था विद्यतेऽयनाय"*। आत्मा बाहेक अरु सबका सब वस्तुहरु परमार्थतः असत्य छन्। एस असत्यको सेवन नै पाप हो। साधारणतः जुन पाप-पुण्यको कुरा हामीहरु सुन्दछौं, आत्माको तुलनामा ती सबै अपवित्रतर एवं अवस्तु हुन्। अतएव समस्त व्यावहारिक धर्माधर्मको त्याग गर्नु पर्नेछ। एसमा देह, इन्द्रिय, मन आदिका सारा धर्म उपलक्षित भएकाछन्। अन्यान्य शास्त्रहरुमा नाना किसिमका कर्म एवं उपासनाको पध्दतिहरु विधान गरिएकाछन तथा त्यसको फल पनि बताइएका छन। यहाँ ती पुण्य कर्मको विषयमा केही भनिएको छैन, खालि यही भनिएकोछ हाम्रो शरणापन्न होऊ, कतैतिर न ताक, केवल आत्मामा मन राखेर गुरु वाक्य अनुसार साधना गर्दै जाऊ। यसबाट परम सत्य के हो, तिमी को हौ, इत्यादि सारा रहस्य बुझन सक्नेछौ। सारा संस्कार नै बन्धनका हेतु हुन। यस द्वारा तिमी कर्म संस्कार, धर्म संस्कार द्वैत संस्कार आदिलाई त्याग

गरेर सारा अनात्म धर्म देखि परित्राण प्राप्त गर्नेछौ । यसरी एक अद्वितीय आत्माको शरणापन्न भएपछि ज्ञान स्वतः नै स्फुरित हुनेछ । मनुष्य तबै उनको शरणापन्न हुन सक्तछ, जब पहिले फलाकांक्षा र कर्तृत्त्व-बोधको अभाव हुन जाला । क्रिया साधन द्वारा क्रियाको परावस्थामा नै यो अवस्था प्राप्त हुन्छ । भागवत्मा श्री भगवान्ले उध्दवसँग भन्नु भएकोछ-

तस्मात्वं उध्दवोत्सृज्य चोदनां प्रतिचोदनाम्;
प्रवृत्तिंच निवृत्तिंच श्रोतव्यं श्रुतमेव च ॥
मामेकमेव शरणमात्मानं सर्वदेहिनाम्;
याहि सर्वात्म भावेन मया स्याह्य कुतो भयः ॥

- भागवत् ११रौं स्कन्ध ।

अतएव हे उध्दव, कर्मात्मक श्रुति-स्मृतिको त्याग गरेर प्रवृत्ति-निर्वृत्ति, श्रोतव्य र श्रुत सबलाई उत्सर्ग गरी सर्वदेहीको "आत्मा" ममा सर्वात्म भावले शरण ग्रहण गर, यसदेखि अकुतोभय हुन जानेछौ । गीतोक्त आत्म शरणागति नै गीतामन्त्रको शक्ति हो । यो शक्ति प्राप्त गर्नु बिना आत्म दर्शन हुँदैन अनि न कसैले अभय प्राप्त गर्न सक्तछ ।

कीलक-"अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच"-म प्रति दृढ विश्वास गरेपछि म तिमीलाई समस्त पापहरु देखि मुक्त गरिदिनेछु, तिमी शोक नगर, यो मन्त्रमालाको कीलक या आश्रय हो । एस आश्रयलाई जान्नु बिना जीवको प्राणलाई शान्ति मिल्दैन । 'शोक नगर्नु' -एस्तो किन भन्नु भयो ? अर्थात जो आत्माको शरणापन्न हुन्छ उसलाई आत्मस्वरुपको साक्षात्कार हुन्छ । *"नाशयाम्यात्म भावस्थो ज्ञानदीपेन भाश्वता"*-त्यसले शरणागतलाई ज्ञान प्रदान गरेर उसको अविद्याकृत संसारलाई नाश गर्दछन् । "उनको बुध्दि वृत्तिमा अवस्थित भएर तत्त्वज्ञानरुपी समुज्ज्वल प्रदीप द्वारा उनको अज्ञानजनित अन्धकारलाई म नष्ट गरिदिन्छु "- यो उनको प्रतिज्ञा-वाक्य हो । तब जीवलाई भय के छ ? श्रीमुख देखि यो अभयवाणी सुन्नासाथ जीवको भय चिरदिनको लागि नष्ट हुन जान्छन् । एस्तो आश्रय मलाई अन्त कहाँ मिल्ला ? त्यो धर्मस्वरुप छन्, सब धर्महरुका अधिष्ठान भूमि छन् । अनि पृथक् धर्मको आचरणले लाभ नै के छ ? एक आत्माको आश्रय लिनाले सर्व धर्मस्वरुप उनलाई मैले प्राप्त गर्नेछु। शास्त्रमा तीन किसिमका शरणागति भनिएका छन - (१) त्यो मै हूम्, (२) त्यो मेरो हो, (३) म उनकै हूम् ।

स्थावर-जंगमात्मक समस्त ब्रहमाण्ड-म, तिमी र अरुसब वासुदेव रुप छन् त्यो एक एवं अद्वितीय छन; जसको यो धारणा दृढ छ, त्यही प्रथम श्रेणीका शरणागत हुन् । "त्यो मेरै हुन्"-यो द्वितीय शरणागति हो अर्थात् उनको सत्ता म देखि भिन्न छैन । म जहाँ छु, त्यो पनि त्यहीं छन । त्यो भन्दा बढी मेरो निकटतम, मेरो प्रियबन्धु अरु कोही छैन । ब्रजगोपिनीहरुको शरणागति एस किसिमका थिए । उनिहरुले भनेका थिए-

"हस्त मुत्क्षिप्य यातोऽसि बलात् कृष्ण किमद् भुतम;
हृदयाद् यदि निर्यासि पौरुषं गणयामि ते ॥"

हाम्रो हात बलपूर्वक छुटाएर भाग्दछौ, यस्मा आश्चर्यको कुरा के छ ? यदि हाम्रो हृदय देखि भाग्न सक्छौ त तिम्रो पौरुषलाई हामी मानौंला ।

"उनको मै हूम्"-यो तृतीय शरणागति हो । प्रल्हाद आदि भक्त एसै श्रेणीका थिए । श्री भगवान्‌लाई समस्त ऐश्वर्य, समस्त ब्रहमाण्डको अधिपति प्रभुको रुपमा, हृदयमा चिन्तन गरेपछि भक्त सम्झन्छन-यद्यपि तत्वतः उनमा र ममा कुनै भेद छैन, परन्तु उनको विराट ऐश्वर्यलाई देखेर मनमा लाग्दछ-हामी कति क्षुद्र कति तुच्छ छौं, यो एस अवस्थाकै शरणागति हो । *"गतिर्भर्त्ता प्रभुः साक्षी निवासः शरणं सुहृत"*-एस रुपमा साधकले भगवान्‌लाई हेर्ने अभ्यास गर्दछन् । जब यो भाव स्थायी हुन जान्छ तब साधक श्री भगवान्‌को अन्तः पुरमा प्रवेश गर्दछ र उनैको अन्तरंगी बन्नजान्छन् । यही भगवदाश्रय या कीलक भनिन्छन । प्राणको पूर्ण अवरोध हुनु बिना यो संभव छैन । जब सम्म प्राणको स्पन्दन विद्यमान छ तबसम्म वासनाको अन्त हुँदैन । त्रितापको शमन पनि हुँदैन र न भगवदाश्रय प्राप्ति हुन्छ । यसैले प्राणावरोध आवशयक छ। अनन्त चचंचल प्राण जब गुरु-कृपाले असीम स्थिरतामा प्रवेश गर्दछ तबै वस्तुतः प्रभुपादपद्ममा आत्म समर्पण हुन्छ ।

श्री कृष्ण प्रीत्यर्थ पाठे विनियोगः- श्री भगवान् कृष्णको प्रीतिको लागि गीतापाठ गरिइन्छन । गीताको पाठ गर्नु पर्दछ, प्रतिदिन गर्नु पर्दछ, अत्यन्त श्रध्दासाथ, भक्तिसाथ, प्राण र मनलाई एकै गरेर पाठ गर्नु पर्दछ । तबै गीता प्रसन्न भै तिम्रो भवबन्धनलाई छुटाउनेछ । गीता वस्तुतः सुगीता हो । सुन्दर गान सुनेपछि जसरी प्राण मुग्ध हुन जान्छन, त्यसरी नै भक्ति भावसँग गीतापाठ गरिरहू, तिम्रो विषयासक्त मन फेरि विषयहरुमा मुग्ध हुनेछैन, गीता पाठ गर्दा-गर्दा तिमी तन्मय हुन जानेछौ । त्यसमा जुन एक प्रकारको सुरहरुको एकतानता ध्वनित हुन्छन्, त्यो तिम्रो कानहरुद्वारा हृदयमा पस्न जानेछ । श्री भगवान् भन्नु हुन्छ-*"गीता मे हृदयं पार्थ"*-गीता उनको हृदय हो । अतएव गीताको भित्र प्रवेश गरेपछि श्री भगवान्‌को हृदयमा प्रवेश गर्न सक्नेछौं । *"सर्वशास्त्र सारभूता विशुध्दा सा विशिष्यते"*- गीताको अपेक्षा सार वस्तु अरु केही छैन, यति विशुध्द अरु कुनै वस्तु हुन सक्तैन - प्रभुको हृदय भन्दा पनि विशुध्दतर वस्तुको हुनु के कहिल्यै संभव छ ? गीताको पाठ गर्नाले महापाप, अतिपाप पनि समूल विध्वंस हुन्छन ।

"महापापाति पापानि गीताध्यायी करोति चेत्;
न किंचित् स्पृश्यते तस्य नलिनीदलमभ्भसा ॥"

यसैले जुन मानिसहरु महापुरुष छन्, तिनीहरु गीतालाई हृदयको सर्वश्रेष्ठ रत्न जानेर अत्यन्त नै आदर गर्दछन् । म मूर्ख पतित गीताको मूल्य के बुझ्न सक्तछु ? गीता जसको मुखरविन्दबाट निस्केकोछ, त्यस श्रीकृष्णको कृपा बिना, त्यस जगदगुरुको दया बिना, एस्तो शक्ति कहाँ छ, र म गीतालाई बुझ्न सकूं ?

तर गीतालाई बुझ्नुको अतीव इच्छा हुन्छ र गीतालाई सम्झाउनुको पनि बडो नै इच्छा हुन्छ। मेरो मस्तकको मुकुटमणि सहस्रदलकमलको शिखरमा सदा आरुढ, मेरो सदाशिव श्री गुरुदेव के म माथि दया गर्नेछन ? के तिनले कृपा गरेर गीताको रहस्य मेरो हृदयमा प्रकट गरिदेलान ? बारम्बार उनको चरणकमलमा प्रणाम गरेर गीताको आलोचना थालिरहेको छु। यस अहंकार विमूढात्माको पाइला पाइलामा कति-कति पद-स्खलन होला, कति-कति प्रमाद-पुंज आएर उपस्थित होलान्। यसैले भन्दछु-मेरो करुणार्णव श्रीगुरुदेव, मेरो जीवन सर्वस्व, मेरो प्रभु, मेरो आत्मदेव, के तिमी पापपंकमा फसेका यस दीनहीन आर्त्तलाई उध्दार गर्दैनौ ? उसको पापतापले दग्ध प्राण के तिम्रो करकमलका स्पर्शले स्निग्ध-शीतल नहोला ?

मलाई जे भन्नु थियो, त्यो भनि सकें। तिमी त अन्तर्यामी हौ। मेरो भित्र रहेर मेरो समस्त मनोभावहरुलाई तिमी जान्दछौ, अरु म के भनुम् प्रभु ! खालि बारम्बार तिमीलाई नमस्कार गर्दछु।

प्रिय भाई, गीताको पाठ त गर्नेछौ, तर थाहा छ गीताको पाठ किन गर्नेछौ ? आफ्नो प्रीतिको लागि होइन, खालि आफ्नो भलाइको लागि होइन, श्रीकृष्णको प्रीतिको लागि गीता पाठ गर्नु पर्नेछ। लौ त अब भन, श्रीकृष्णको प्रीतिको लागि पाठ किन गर्नेछौ ? श्रीकृष्ण त जगत्को प्राण हुन्, यदि त्यो तुष्ट भयो भने त जगत तुष्ट हुन जानेछ। तिमी जगत्का कति जीवहरुलाई तुष्ट गर्न सक्तछौ ? त्यो जो विश्वब्रहमाण्डको घट-घटमा विराजमान छन्, तिम्रो देहघटमा पनि रहन्छन्। उनलाई तुष्ट गरिलियौ भने त जगत् तुष्ट हुन जानेछ। एसैले एकबार आफ्नो प्राण-श्रीकृष्णलाई तुष्ट गर्नुको चेष्टा गर, गुरुप्रदत्त साधन साधना गर्नको लागि यस विषयमा तल्लीन होऊ। जुन तिम्रो भित्र छन त्यही सबैको भित्र छन्। एक पटक उनलाई जानेर आफ्नो भ्रान्तिलाई दूर गर। त्यो तिम्रो तिम्रो भित्र छन्, यति मात्र नै होइन, सबैमा त्यो विश्वव्यापी छन्, अनि त्यही हाम्रो वासुदेव हुन। उनको प्रीतिको लागि, विश्वको कल्याणको लागि गीता पाठ गर। हे दुर्भाग्य अल्पज्ञ, अनधिकारी जीव, तिमी गीता-पाठ द्वारा केवल आफ्नै कल्याण कामना नगर। उच्चस्वरले कराउ, मधुरस्वरले बोल यस गीतापाठले विश्वका समस्त पाप-ताप नष्ट होओस, सारा दुर्गति भागोस। विश्वका प्राणिहरुका कामदग्ध सन्तप्त प्राप्त प्राण सुशीतल होओस, गीतापाठ द्वारा हामी त्यही कल्याण प्राप्त गरौं जुन सारा जगतको कल्याण छ। जगतको कल्याणमा नै तिम्रो कल्याण छ, एस परम भावलाई जब तिमी हृदयमा धारण गर्नेछौ तबै श्रीकृष्णको प्रीति प्राप्त हुनेछ। उनको मधुर मुखारविन्द देखि एक सुमधुर प्रसन्नता स्फुटित हुनेछ। तिमी उनको प्रसन्न मुखको प्राण-प्राण-विमोहिनी सुन्दर स्मित मुस्कान देखेर धन्य धन्य हुन जानेछौ।

गीता-मन्त्रमाला-जपको क्रम- जुन किसिमसँग एक सानो-सानो अश्वत्थ बीजको भित्र एक सावयव वृहत अश्वत्थ वृक्ष विद्यमान रहन्छ, त्यसरी नै मन्त्र बीजमा पनि अलौकिक शक्ति-सम्पन्न देवता विद्यमान रहन्छन्। बीजलाई माटोले छोपेर यत्न गर्नाले बीजदेखि अंकुर टुसाउँछ र समय पाएर त्यही अंकुर महान वृक्षको आकारमा परिणत हुन जान्छन, त्यसरी नै शास्त्रोपदिष्ट तथा गुरुमुख देखि सुनिएको साधनको सहायताले प्रयत्न गरेपछि तिमी एक नएक दिन सफल-मनोरथ हुन सक्नेछौ। मन्त्र देवतालाई प्रत्यक्ष

जान्न सक्नेछौ, अनि जानिलिनेछौ-त्यही तिम्रो सर्वस्व हुन, त्यही तिम्रो इष्ट देवता हुन, त्यही तिम्रो वास्तविक चिद्गुरु हुन् । जबसम्म उनलाई जान्ने छैनौ, तबसम्म सन्देह मेटिदैन, जबसम्म विषयहरुको संसर्ग देखि चित्तको आकुलता हटदैन, जबसम्म मन स्वस्थ अनि बलपूर्वक यो भन्न सक्तैन - "मलाई केही चाँहिदैन", जबसम्म काम ग्रन्थिलाई छिन्न भिन्न गरेर अकामको आनन्दमा डुबुल्की मार्दैन तबसम्म गुरु प्रदत्त साधनालाई कण्ठमाला बनाएर राख । प्रपन्न भैकन उनको नै आश्रय लिइरहू, हेर तिमीलाई कोही कसैले विचलित नगरोस । परन्तु सुन, एसको लागि तिमीले के गर्नु पर्नेछ, जगदगुरु शिवजी भन्नु हुन्छ -

"मनोऽन्यत्र शिवोऽन्यत्र शक्तिर न्यत्र मारुत:;
न सिध्दयन्ति बरारोहे कल्पकोटि शतैरपि ॥"

अर्थात् साधनको समय मन एकातिर जान्छ, शिव (आत्मा) अन्यत्र चलिरहेछन, शक्ति (महाप्राण) अरु कुनै स्थानमा छ ? - त्यसको कुनै पत्तो छैन, अनि प्राण वायु अन्तै चलिरहेछ, त्यसमा तिम्रो लक्ष्य छैन -एस्तो स्थितिमा शतकोटि कल्पमा पनि कसैले सिद्धि प्राप्त गर्न सक्तैन । उपनिषदमा लेखेको छ -

"प्रणवो धनु: शरो हयात्मा ब्रहम तल्लक्ष्यमुच्यते;
अप्रमत्तेन वेध्दव्य शरवत् तन्मयो भवेत् ॥"

विलकुलै तन्मय हुन जानुको आवश्यकता छ, एसको लागि अप्रमत्त भावसँग अर्थात एताउता लक्ष्य नराखिकन एकमात्र आत्मलक्ष्य तिर मनलाई लगाउनु पर्नेछ । लक्ष्य हो त्यो परमानन्द श्री गोविन्द आनन्दघन-विग्रह परमात्मा र तिम्रो मन नै शर हो । आत्मालाई लक्ष्य गरेर एस शरलाई बलपूर्वक चलाउनु पर्नेछ - त्यस समय मनको कुनै दोस्रो लक्ष्य हुने छैन । तबै मनले परम लक्ष्यलाई विद्ध गर्न सक्नेछ- उनकै साथ मिल्न जानेछ । प्रणव मन्त्र हो, प्रणवलाई धनुष बनाईकन त्यसमा मनरुपी बाणलाई लगाउनु पर्नेछ । तबै मन ठीक परमात्मामा गएर प्रवेश गर्न सक्नेछ । तिमी सदाको लागि निश्चिन्त हुन जानेछौ । परन्तु साधक !

"मन्त्रार्थ मन्त्र चैतन्यं योनिमुद्रां न वेत्ति य:;
शतकोटि जपेनापि तस्य विद्या नसिध्दयति ॥"

मन्त्रार्थ, मन्त्र चैतन्य एवं योनिमुद्रालाई जान्नु बिना शतकोटिजप गरेर पनि मन्त्रसिध्दि हुँदैन ।

करन्यास:-"नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक:" इति *अंगुष्ठाभ्यां नम:* । यस मन्त्रको उच्चारण गरेर दुबै हातका तर्जनी द्वारा दुबै हातका अंगुष्ठलाई स्पर्श गरिन्छन । *"न चैनं ल्केदयन्त्यायो न शोषयति मारुत:"* इति *तर्जनीभ्यां नम:* । यस मन्त्रले दुबै हातका अंगुष्ठ द्वारा दुबै हातका तर्जनीलाई स्पर्श गरिन्छन *"अच्छेद्योऽयम दाहयोऽ यम ल्केद्योऽ शोष्य एव च"* इति *मध्यमाभ्यां नम:* । यस मन्त्रले दुबै हातका अंगुष्ठ द्वारा दुबै हातका मध्यमा अंगुलीलाई स्पर्श गरिन्छन । "नित्य: सर्वगत: स्थाणुर चलोऽयम् सनातन:"- इति अनामिकाभ्यां नम: । यस मन्त्रले अंगुष्ठद्वय द्वारा दुबै हातका

अनामिका अंगुलीहरुलाई स्पर्श गरिन्छन । "पश्य मे पार्थ रुपाणि शत शोऽथ सहस्रश:" इति कनिष्ठाका भ्यां नम: । यस मन्त्रले अंगुष्ठ द्वय द्वारा दुबै कनिष्ठिका अंगुलीहरुलाई स्पर्श गरिन्छन । "नाना विधानि दिव्यानि नानावर्णाकृतानिच" इति करतल कर पृष्ठा भ्यां नम: । यस मन्त्र द्वारा पहिले बाँया हात चित्त गरेर त्यसमाथि दाँया हात राखोस, फेरि दाँया हातको पृष्ठ माथि बाँया हात चित्त गरेर राखोस, त्यस पछि दाहिने हातको मध्यमा र तर्जनी द्वारा वाम कर तलमा आघात गरोस । इति करन्यास: । यसलाई करन्यास भन्दछन ।

अंगन्यास-नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक:" इति हृदयाय नम: । यस मन्त्रले दाहिने हातको तर्जनी, मध्यमा एवं अनामिकाको अग्र भाग द्वारा हृदय स्पर्श गरोस । *"न चैनं ल्केदयान्त्यापो नशोषयति मारुत:"* इति शिरसे स्वाहा । यस मन्त्रले दाहिने हातको मध्यमा र तर्जनी द्वारा मस्तक स्पर्श गरोस । *"अच्छेद्योऽयमदाहयोऽ यमल्केद्योऽ शोष्य एव च"*, इतिशिखायै वषट, यस मन्त्रले अंगुष्ठ द्वारा शिखा स्पर्श गरोस । *"नित्य सर्वगत: स्थाणुरचलोऽ यं सनातन:", इति कवचाय* हूं यस मन्त्रले बाँया हातको माथि दाहिने हात राखेर, दाहिने हात द्वारा बाँया बाहुमूल एवं बाँया हात द्वारा दाहिने बाहुमूल स्पर्श गरोस् । *"पश्य मे पार्थ रुपाणि शतशोऽ थ सहस्रश:" इति नेत्र त्रयाय वौषट* । यस मन्त्रले दाहिने हातको तर्जनी, मध्यमा र अनामिका द्वारा क्रमश: दक्षिण नेत्र, ललाटको मध्यभाग एवं वामनेत्रलाई स्पर्श गरोस् । *"नाना विधानि दिव्यानि नाना वर्णा कृतानि च" इति अस्त्राय फट्* । (करन्यास समान) ।

प्रत्येक पूजाको अगाडि हामीलाई प्राणायाम, करन्यास एवं अंगन्यास गर्नु पर्ने हुन्छ । अवश्य नै एसमा कुनै गूढ अभिप्राय निहित छ । अन्यथा यो समभ्कनु दु:साहस मात्र छ-ऋषिगण पूजारम्भको पूर्व केटाकेटीको खेल समान यो सब न्यासादि गर्दथे । तेसो भए त करादि अंगन्यासको अभिप्राय के हो ? हाम्रो प्राणशक्ति नाडीहरु द्वारा हस्त-पादादि एवं चक्षुरादि इन्द्रियहरुको काम ठीक ठीक तरीकासँग चल्दछन् । परन्तु यो सब प्राणको बहिर्मुखी क्रियाहरु हुन् । प्राणको बहिर्मुखी क्रियाको कारणले नै मन एति चचंचल एवं विषयासक्त हुन्छन् । परन्तु जब हामी भगवत्-उपासना गर्नको लागि बस्दछौं, तब अभ्यासवश मन चचंचल एवं शतधा विभक्त भएर हामीलाई लक्ष्य तिर जानमा भांजो हाल्दछन, बाधा राख्दछन । जब सम्म मन स्थिर हुँदैन तबसम्म सूक्ष्मातिसूक्ष्म शुध्द बुध्दिको प्रकाश हुनु संभव छैन । अतएव पूजारी आत्माको अन्त: पुरमा प्रवेश प्राप्त गर्न सक्तैन । मनलाई त्यस सूक्ष्म विन्दुरुपी महाशक्तिमा अथवा महाशून्य पथमा प्रेरण गर्नको लागि पहिले नाडीलाई शुध्द गर्नु पर्ने हुन्छ । क्रियायोगको अनुष्ठान बिना सूक्ष्मातिसूक्ष्म नाडीहरुमा स्थिर वायुको प्रवेश हुँदैन, अतएव नाडी या प्राणको प्रशोधन हुँदैन-यही कुरा प्राचिनकालका ऋषिहरुले ज्ञाननेत्र द्वारा देखेका थिए । यो करन्यास, अंगन्यास, त्यस अध्यात्म क्रियायोगको फल हुन् । प्राणलाई जुन केन्द्रदेखि हटाएर जुन केन्द्रमा राख्दा खेरि त्यस सूक्ष्मतम मार्गको अनुसन्धान पाइन जान्छन्, त्यसैको विवृत्ति न्यास-मन्त्रहरुमा भएकोछ । चक्षु, कर्ण, नासिका, सिर, शिखा, हृदय, नाभि, बाहुमूल, मेरुदण्ड-यी सारा मर्म स्थान हुन् । अनि मध्यात्मा शक्तिको विशेष विकास स्थान हुन् । जब सम्म प्राणशक्ति सुषुम्नालाई भेदन गरेर समस्त केन्द्रस्थानहरुलाई स्पर्श गर्दै मस्तकमा स्थित सहस्रारदलमा प्रवेश गर्दैन, तबसम्म कोही

कसैलाई दिव्यज्ञान उन्मेष हुँदैन । जुन साधकको प्राणले सुषुम्नालाई भेदन गर्न सक्तछ, त्यसैको सामुन्ने अन्तर्जगत्को सारा रहस्य उद्‌घाटित हुन्छन । पहिले सबैको यी द्वार बन्द हुन्छन । यी द्वारहरुलाई खोल्नुको साधना नै प्रकृत साधना हो । मनुष्यको अवयव-संस्थानमा मस्तिष्क एवं मेरुदण्ड नै मुख्य प्रयोजनीय अंग हुन् । हामीमा जुन केही मनुष्यत्वको लक्षण छन ती मस्तिष्ककै शक्तिले छन् । हाम्रो जाग्रत, स्वप्न आदि अवस्थाहरुमा मस्तिष्क-यन्त्रको विभिन्न स्थानहरुमा विभिन्न क्रियाहरु भैरहन्छन । मस्तिष्कको विश्रामको समय पनि उसको सारा अंश एकसाथ विश्राम गर्दैनन । यसै कारण हाम्रो स्मृति एकै चोटि लुप्त हुँदैन । साधारणतः हामी जुन केही सोच्दछौ या गर्दछौं त्यसको लागि मस्तिष्कको विशेष अनुशीलनको त्यति आवश्यकता हुँदैन । तिनीहरुमा कतिपय स्वतः *(AUTOMATICALLY)* स्फुरित हुन्छन अर्थात् यी सब कार्यहरुको संस्कार मनुष्यमा स्वतः नै उद्‌वुध्द हुन्छन-जस्तो भोजनपान शयनादि । परन्तु मस्तिष्कमा एस्तो अनेक केन्द्रस्थान *(CELL)* छन जसबाट आध्यात्मिक वृत्तिहरुको उन्मेष हुन्छन । अधिकांश मानिसहरुका यी केन्द्र प्रायः रुध्द या सुप्त रहन्छन र कसै-कसैमा आंशिक भावले उद्‌बोधित पाइन्छन । परन्तु यी केन्द्रहरु पूर्ण विकसित हुनु बिना हामीलाई दैवशक्ति या ईश्वरीय धारणा प्राप्त हुन सक्तैन । साधना द्वारा यिनीहरुलाई जाग्रत गर्नु नै योगाभ्यासको मुख्य उद्देश्य हो । यसै कारण प्रत्येक पूजामा हामीलाई न्यासादि गर्नु पर्ने हुन्छ । समस्त केन्द्र द्वार पहिले अवरुध्द रहन्छन, न्यास तीनलाई खुलाउने प्रकृया-विशेष हुन । परन्तु आज हामीहरुमा कसैको लक्ष्य एतातिर छैन, खालि सुगाको घोकन्ती समान मन्त्रोच्चारण गर्दै गइरहेकाछौं । केही नगर्नु भन्दा त यो पक्कै राम्रो छ, यति भन्न सकिन्छन परन्तु यसले वास्तविक उद्देश्य सिध्द हुँदैन । द्वार मुक्त भएमा मानव अति मानव हुन सक्तछन । श्रुति भन्दछन - जे जति छन सब *"प्राण एजति निःसृतम"*-प्राण देखि नै निस्केकाछन । यो समस्त विश्वलीला खालि प्राणकै लीला हुन । प्राण नै सर्वशक्ति समन्वित महाशक्ति हो, प्राणले नै लीलाद्वारा समस्त पदार्थहरुलाई विकसित गर्दछ । यस प्राणलाई चिन्नु छ, जान्नु छ; प्राणमा प्रवेश गरेर प्राणमा नै स्थितिलाभ गर्नु छ, जसबाट अखिल विश्वको समस्त ज्ञान तिम्रो सामुन्ने हस्तामलकवत् जानिनेछ । शास्त्र भन्दछन - *"प्राणेन धार्यते लोकः सर्वं प्राणमयं जगत्"*-यो जगत् प्राण द्वारा धृत छ, सारा जगत नै प्राणमय छ । यस विश्वव्यापी प्राणलाई हामी सब अनुभव गर्न त सक्तछौं, तर त्यसमा प्रवेश गर्नुको कौशल जान्दैनौं । त्यसमा प्रवेश गर्नुको कौशल या साधना पनिछ । माकुराको जाल समान यस प्राणशक्ति द्वारा स्वर्ग, मर्त्य, अन्तरिक्ष आदि लोक जडित या परिव्याप्त छन । अतएव प्राणलाई वंशीभूत गरेमा त्रिलोकमा केही अविदित रहन जाँदैन । यस प्राणसूत्रको अवलम्बन गरेर हामी ब्रहमलोक पर्यन्त सब स्थानहरुमा गमनागमन गर्न सक्तछौं । *"प्राणो हि भगवान् ईशः प्राणो विष्णुः पितामहः"* समस्त देवता प्राणकै विभिन्न शक्ति मात्र हुन । यदि प्राण नहुँदो हो त कुनै जीव या कुनै वस्तुको प्रकाश हामी देख्न पाउँदैनथ्यौं । अतएव हामी चाहे जुनसुकै देवताको पूजा किन नगरौं, वस्तुतः हामी प्राणशक्ति कै उपासना गर्दछौं । परमात्मा ब्रहम मन वाणी देखि अगोचर छन्, परन्तु उनको मुख्य शक्ति यो प्राण हामी सबैको ज्ञानगोचरछ । त्यही *"परा पराणां परमा त्वमेव परमेश्वरीं"*-समस्त जगत्को महद् योनि या जगदम्बा हुन । त्यो ब्रहमा, विष्णु एवं महेश्वरको जननी पनि हुन । त्यही जीवको उपास्या हुन । उनको नै महिमा देवीसूक्तमा वर्णित छ -

"अहं राष्ट्री संगमनी बसूनां;
चिकितुषी प्रथमा यज्ञीयानामं;
तां मा देवा व्यदधुः पुरुत्रा;
भूरिस्थात्रां भूर्या वेशयन्तीम् ॥"

मै एस ब्रहम दण्दको एक मात्र सृष्टि, स्थिति एव लयकारिणी हूम । मै पार्थिव एवं अपार्थिव सब किसिमका धन जीवलाई दिने गर्छु । मै नै ज्ञान-स्वरुपा हूम्, जस द्वारा जीवले विमुक्ति प्राप्त गर्दछन । *"यज्ञीयानां प्रथमा"* समस्त यज्ञहरुको या कर्महरुको म नै आदि कर्त्ता हूम । यो कर्म उपासना तथा त्यसको फलज्ञान केही पनि हुन सक्तैनथ्यो यदि जगध्दात्री रुपी प्राण न हुँदो हो त । त्यो मन्त्ररुपले श्वास-प्रश्वासमा प्रविष्ट भएर यज्ञको शाश्वत फल, शान्ति प्रदान गर्दछन । अन्य सारा कर्मानुष्ठान आनुसंगिक मात्र हुन । प्राणले नै प्रथम उन्मेष प्राप्त गर्दछन; प्राण देखि नै ज्ञान एवं विविध कर्म तथा उनको फल उत्पन्न हुन्छन । यसै कारण त्यो सबको आदि छ । त्यही *"भूरिस्थात्रां भूरि आवेशायन्ति"*-नाना भावले अवस्थित छन । एक प्राणले एति रुप धारण गरेकाछन-त्यसको अन्त कतै छैन । देवता देखि लिएर मनुष्य, पशु, पक्षी, कीट, पतंग, वृक्ष, लता, प्रस्तर माटा आदि सारा नै प्राणको विभिन्न रुप या प्रकाश हुन । यसरी प्राण नानारुपमा नानाभावमा सर्वत्र प्रतिष्ठित छन । *"तां मा देवा व्यदधु"*-देव-स्वभाव या दैवीगुण-सम्पन्न जीव यसै कारण मेरो उपासना गर्दछन ।

प्राणको उपासना नै वस्तुतः ब्रहम शक्तिको उपासना हो, यसलाई ईश्वरोपासना पनि भन्न सकिन्छन । देहाभिमान रहुंन्जेल निर्गुण ब्रहमको उपासना हुँदैन, त्यो इन्द्रियहरुको लागि अगम्य छ, मन पनि उसको पासमा पुगन सक्तैनन । ब्रहमको सम्बन्धमा श्रुति भन्दछ-"नान्तः प्रज्ञं न बहि : प्रज्ञं नो भयतः प्रज्ञं न प्रज्ञानघनम् । न प्रज्ञं नाप्रज्ञम् । अदृश्यमव्ययहार्यमग्राहयमलक्षणमचिन्त्यम् । अव्यपदेश्यं एकात्मप्रत्ययसारं प्रपंचोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते, स आत्मा, स विज्ञेयः ।" आत्मा अन्तः प्रज्ञ अर्थात् तैजस होइन, बहिः प्रज्ञ या वैश्वानर होइन, उभयतः प्रज्ञ अर्थात् जाग्रत-स्वप्नको ज्ञानमा मध्यवर्ती छैन, त्यो प्रज्ञानधन या सुषुप्तिको अधिष्ठाता प्राज्ञ होइन, न प्रज्ञं अर्थात् द्वैतभावको ज्ञाता होइन, न अप्रज्ञं अर्थात अचेतन पनि छैन । ज्ञानीजन उनलाई चक्षुरादि ज्ञानेन्द्रियहरुको अविषय, अव्यवहार्य अर्थात् पृथक विषयरुपले व्यवहारको पर, अग्राहय अर्थात कर्मेन्द्रियहरु ग्रहणको अयोग्य, अलक्षण अर्थात् लिंगरहित हुनुको कारण अनुमानको विषय पर, अव्यपदेश्य,-अनिर्वचनीय, एकान्तप्रत्ययसार-आत्मरुपमा मै नै एकमात्र हूम् यस किसिमको ज्ञानको विषय, प्रपंचोपशम अर्थात् जगत विकासको निवृत्तिरुप जाग्रत-स्वप्नादि सम्बन्धले शून्य, शान्त-निर्विकार, शिवं-परम कल्याणमय, अद्वैतं-मनको संकल्प-विकल्पको पर, चतुर्थ-जाग्रदादि त्रिविध अवस्थाहरुको पर, चतुर्थ या तुरीय, मन्यन्ते-जान्दछन, सः आत्मा-त्यो आत्मा विशुध्द चैतन्य मात्र छ, सः विज्ञेय-त्यही विशेषरुपले जान्नु योग्य छ ।

अतएव त्यो अव्यवहार्य, लक्षणशून्य एवं चिन्तनको पर छ, यस्तो स्थितिमा हामी उनलाई कसरी जानौंला ? ब्रहमलाई जसले जान्दछ त्यो ब्रहमै हुन जान्छन र केही बोलन सक्तैन । परन्तु ब्रहमको मुख्य शक्ति जुन प्राणरुपमा जगत्लाई धारण गरेकाछन, जुन नरहेमा केही रहँदैन, त्यही जीवको उपास्य हो । *"सैषा सर्वेश्वरेश्वरी"* । जीवको नख देखि शिख सम्म सबचीज प्राणले परिव्याप्त छ । प्राण नाडीजाल भित्र नाना केन्द्रहरुमा संचरण गर्दै जीवको जगत्-लीलालाई सम्पन्न गर्दछन । *"सैषा प्रसन्ना वरदा नृणां भवति मुक्तये"*-त्यो प्रसन्न भै वरदा रुपमा जीवको मुक्तिको कारण बन्दछन् । यस प्राण अन्तर्मुखी भएपछि नै शिव-शक्तिको सम्मिलन हुन्छन, तबै तत्त्वज्ञानको उदय हुन्छ र जीवलाई मुक्ति प्राप्त हुन्छ । यसै कारण प्राणको उपासना विना अन्य उपासना सफल हुंदैन ।

न्यासको एक मन्त्रको विषयमा यहाँ संक्षेपमा विचार गरिन्छ-

"नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।" इति हृदयाय नमः ।

न चैनं ल्केदयन्त्यापो नशोषयति मारुतः । इति शिरसे स्वाहा ।"

शस्त्रसमूह एस आत्मालाई छेदन गर्न सक्तैन, अग्नि एसलाई दग्ध गर्न सक्तैन, जलले आत्मालाई आद्र गर्न सक्तैन र वायुले यसलाई शुष्क गर्न सक्तैन ।

आत्मा अविनाशी छ, यस कुरालाई यस श्लोकद्वारा श्री भगवान्ले स्पष्ट रुपले निर्देश गर्नु भएकोछ । शरीर समान आत्मा पंचभूतहरुले निर्मित छैन, अनि जसरी पंचभूतात्मक बस्तुहरु विकारलाई प्राप्त हुन्छन त्यसरी आत्मामा विकास संभव छैन । शस्त्रादिले छेदन गर्न सक्तैन, शस्त्रादि मृत्तिकादिकै विकार हुन, यसदेखि यो ध्वनित हुन्छ-मृत्तिकाको अधिकार आत्मामा छैन । अग्नि, जल र वायुको उल्लेख गर्नु हुँदै बताइरहनु भएकाछन । पंचभूतहरुमा आकाशको उल्लेख गर्नु भएन, एसको कारण यो छ -आकाश द्वारा आहत हुनुको आशंका नै कसैलाई हुंदैन । यो सब त ठीकै छ तर हाम्रो हृदयदेखि संशय कसरी जालान ? मस्तिष्कमा बाह्य्य विषयहरुको ज्ञानको संस्कार एवं हृदयस्थ संशय, यी दुई आत्मदर्शनको प्रवल विघ्न हुन । हृदय ग्रन्थि छिन्न हुनु विना, सिरको सहस्रारमा स्थित आत्मारुपी शिवको ज्ञान प्रस्फुटित हुँदैन । यसै कारण पहिले हृदयन्यास द्वारा हृदय-ग्रन्थिछिन्न गर्नु पर्ने हुन्छ । हृदय ग्रन्थि छिन्न हुनु बिना कसैको संदेह मेटिदैन । हृदय ग्रन्थि छिन्न भएपछि नै आत्म-साक्षात्कार हुन्छ । आत्मसाक्षात्कार द्वारा परतत्त्वको बोध भएपछि निम्नस्तरको बोध निर्मूल हुन जान्छ, तबै साधकले यथार्थ चिन्तनातीत अवस्थालाई प्राप्त गर्दछ । एसरी निश्चिन्तता प्राप्त हुनु बिना कोहीले योगको प्राप्ति गर्न सक्तैन । यस ग्रन्थिभेदको पनि साधन प्रणाली छ । जुन मानिसहरु यस साधनलाई जान्दछन, तिनीहरु त्यसद्वारा साधन गरेर कृतकार्य भएपछि यो धारणा गर्न सक्तछन-आत्मा पंचभूतादि देखि पृथक छ, त्यो पंचमहाभूतहरुको प्रभु हो । त्यस समयको धारणा ग्रन्थिहीन हृदयको निर्मल बोध हो । त्यसबेला हुने बोध या आत्मज्ञान नै ठीक छ । मौखिक ज्ञान या ग्रन्थज्ञान द्वारा हृदयग्रन्थि काटिंदैन । ग्रन्थि नाश भए पछि जुन ज्ञान उदित हुन्छ, त्यस द्वारा नै प्रपंचज्ञान लुप्त हुन जान्छन र ब्रहमज्ञानको विकास हुन्छ ।

अथ ध्यानम् ।

"ॐ पार्थाय प्रति बोधितां भगवता नारायणेन स्वयं,
व्यासेन ग्रथितां पुराण मुनिना मध्ये महाभारते;
अद्वैतामृत वर्षिणीं भगवतीमष्टादशाध्यायिनीं,
अम्ब त्वामनुसन्दधामि भगवद् गीते भवद्वेषिणीम् ॥ १ ॥"

अम्ब भगवदगीते (हे जननि भगवद गीते) मध्ये महाभारते (महाभारतको बीच) पुराण मुनिना व्यासेन ग्रथितां (प्राचीन मुनि व्यास द्वारा ग्रथित) स्वयं भगवता नारायणेन (साक्षात् भगवत-अवतार श्रीकृष्ण द्वारा) पार्थाय प्रतिवोधितां (श्रीमान अर्जुनलाई मोहनिद्रा देखि जगाउनको लागि, उनको मोहलाई पूर्णतः नष्ट गरेर उनलाई दिइएको जुन ज्ञान) (त्यो) अद्वैतामृत वर्षिणीं (अद्वैतामृत वर्षा गर्नेवाली) भवद्वेषिणीं (पुनर्जन्म नाश गर्नेवाली) अष्टादशाध्यायिनी भगवती (अष्टादश अध्यायरुपी षडैश्वर्ययुक्त) त्वां अनुसन्दधामि (यसरुपमा म तिमीलाई मनमनै चिन्तन गर्दछु) ।

श्रध्दा आकर्षण गर्नको लागि भगवद्-गीता-ध्यान गर्नु भन्दछन । किन भने हामी जुन ग्रन्थ पढ्दछौं त्यसमा श्रध्दा भएन भने त त्यसलाई पढनाले कुनै फल प्राप्त हुनेछैन । यसैले शास्त्र पढनु छ त श्रध्दापूर्वक पढनु पर्दछ, भक्तिसाथ पाठ गरेमा ग्रन्थको अन्तर्निहित शक्ति पाठकको अन्तः करणमा आवध्द हुन जान्छन । सबै ग्रन्थहरुमा शक्ति हुँदैन, शक्तिमान लेखकको ग्रन्थमा नै उसको अन्तरंग शक्ति ग्रन्थको प्रत्येक पद र वाक्यहरुमा शक्तियुक्त भएर प्रस्फुटित हुन्छन । ग्रन्थलाई शक्तिमय गर्नको लागि ग्रन्थकारलाई आफ्नो हृदय ज्ञानशक्तिले पूर्ण गर्नु पर्ने हुन्छ, तथा साधन द्वारा दिव्य-शक्ति प्राप्त गरिनु आवश्यक छ । गीता त्यस कोटिको ग्रन्थ हो या होइन र त्यसको पाठले गीताको शक्ति हाम्रो हृदयमा स्फुरित हुन्छ या हुँदैन, पाठकको यस सन्देहलाई दूर गर्नको लागि ऋषि सोध्दछन -यो गीतामृत-उपदेश कसको मुख देखि निस्केको हो जान्दछौ ? स्वयं नारायण श्रीकृष्ण एसको उपदेष्टाहुन । अनि कसलाई उपदेश दिएको छ ? श्रीमान पार्थलाई । पार्थ सामान्य मानिस होइन । तृतीय पाण्डव पांर्थ तपस्या, बल र वीर्यको प्रभावले त्यस युगका भारतीय राजाहरुका मुकुटमणि थिए । अर्जुनको अनेक नाम भएर पनि याहाँ उनलाई पार्थ किन भनिएको छ ? उनको माता पृथा असामान्य तपः शक्तिले सम्पन्न थिइन, उनको तपस्याले प्रसन्न भएर प्रदान गरिएको देवताको तेजले जसको जन्म भएको थियो त्यस मनस्वी पुरुष बाहेक गीतालाई सुन्ने उपयुक्त पात्र अरु को हुन सक्तछ ? त्यस पार्थलाई सम्झाउनको लागि जुन उपदेश दिइएको छ त्यो निश्चय नै एक असाधारण शास्त्र हो । यदि अझै पनि सन्देह गर्दछौ त गीताको उपदेश श्री भगवान्ले पार्थलाई दिएको छ, एसको प्रमाण के छ ? त्यस समर भूमिमा उभिएर यो अद्भुत वार्तालाप सुन्नलाई को गएको थियो ? -त भन्दछन "पुराणमुनिना व्यासेन ग्रथिता" । जस्तो तस्तो मानिसहरुले यस उपाख्यानको रचना गरेको छैन । जो साक्षात् भगवदंशहुन उही अद्वितीय प्रतिभा सम्पन्न महर्षि व्यासले योगस्थ भैकन यस उपदेश-मालालाई-कृष्णार्जुनका समस्त प्रश्नोत्तरलाई जानेका थिए । उहाँले नै भगवद् गीता सुनेर लेखेको

हो एसको प्रमाण महाभारतमा छ । भारतको अद्वितीय ग्रन्थ महाभारतमा गीता सन्निविष्ट छ । अष्टादश अध्यायहरुमा गीता पूर्ण भएकोछ । सारा अध्याय योग-तत्त्वहरुले परिपूर्ण छन । यसबाट सदासर्वदा अद्वैतामृत बर्षिरहन्छन । यो अमृत अद्वैतज्ञानमय किन छ ? किनभने यो प्रपंचोपशम, शान्त, शिवात्मबोध द्वारा परिपूर्ण छ । द्वैतभाव रहुँन्जेल प्रकृत प्रेम उत्पन्न हुँदैन । "त्यो मै हूम्" या "उनको मै हूम्" यस भावमा जबसम्म प्रतिष्ठित हुँदैन, जबसम्म तादात्म्य भाव द्वारा आफ्नो अहमिकालाई डूबाउँदैन, तबसम्म प्रेम कहाँ ? आफ्नो आत्मा माथि नै जीवको सर्वापेक्षा अधिक प्रेम हुन्छ, अनि आत्मासँग जसको जति नै घनिष्ठ सम्बन्ध हुन्छ त्यो त्यति नै उसको नजिक पुग्दछ तथा त्यसको साथ नै प्रेमको तद्रुप तारतम्य पनि लक्षित हुन्छन । जुन जीव आत्माको जति नै सन्निकट हुन्छ त्यो त्यति नै उनको भक्त हो । सर्वापेक्षा जीवात्मा नै आत्माको अधिक सन्निकट हुन्छ, अतएव आत्मासँग जसको जति नै धेरै तादात्म्य हुन्छ त्यो त्यति नै धेरै उनको भक्त हुन्छ । अनि जब जीवात्मा परमात्मासँग एक हुन जान्छन त त्यसभन्दा बढी प्रेमको अधिक उत्कर्ष अन्य कुनै किसिमसँग संभव छैन । विचार गर्नाले जानिइन्छन - 'म' छोडेर अरु कुनै पनि दोश्रो नजिक छ भने त उसको नजिक भय-संकोच हुन्छ । अब हेर, आत्मा सिवाय जगत्मा अरु केही छैन । म तिमी र अरु सब नै आत्मा हो । जगत् आत्ममय छ, अतएव जगत्मा सर्वत्र सब वस्तु आत्माकै प्रकाश अथवा 'म' नै हो । एस भावमा भयपूर्णतः नष्ट हुन जान्छन, एसैले एस अवस्थालाई अभय परमपद भन्दछन । आत्माको एस अमृत भावलाई प्राप्त गरिलिएपछि नै मुक्ति प्राप्त हुन्छ, नत्र भने त *"मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति ।"*

वस्तुतः आत्मा देखि पृथक जगतको कुनै सत्ता छैन । यो परिदृश्यमान जगत आत्मादेखि पृथक छैन । यही कुरा बताउनको लागि भगवान् श्रीरामचन्द्र जी लक्ष्मणसँग भन्नु हुन्छ-

"भ्रातर्यदिदं परिदृश्यते जगन्,
मायैव सर्वं परिहृत्य चेतसा;
मद्भावना भावित शुध्द मानसः,
सुखी भवानन्दमयो निरामयः ॥"

हे भाई लक्ष्मण ! यद्यपि यो जगत् स्पष्टतः दृष्ट भएर सत्यवत् प्रतीत हुन्छन तथापि यी सारा वस्तुहरुलाई मायामय, मिथ्या जानिकन मन द्वारा त्यसलाई त्याग गरी परमात्मास्वरुप मेरो सत्तामा निमग्न एवं विशुध्दचित्त भएर सुखी बन, तथा पुनः पुनः जन्ममृत्यु रुपी व्याधिले रहित भै सच्चिदानन्द-स्वरुपमा विराजमान होऊ । यो अवस्था कसरी प्राप्त हुन सक्तछ, सन्सार या नानात्व कसरी निवृत्त हुन सक्तछ, एसको उपाय बताउनु हुँदै भन्नु हुन्छ-

"नेति प्रमाणेन निराकृताखिलो,
हृदा समास्वादित चिद्घनामृत;
त्यजेदशेषं जगदात्त सद्रसं,
पीत्वा यथाम्भ प्रजहाति तत्फलम् ॥"

जगत्‌को कुनै वस्तु आत्मा होइन, (किनभने क्रियाको परावस्थामा कुनै वस्तुको अस्तित्व रहँदैन)। जसरी नारिकेलादि फलको रसपान गरेर त्यसको असार भागलाई फालिदिन्छन, उसरी नै विशुध्द अन्तः करण द्वारा आत्माको चिद्घनरुप अमृत आस्वादन गर्दै नामरुप-विशिष्ट यस संसारलाई मिथ्या एवं असार जानिकन परित्याग गर। अर्थात आत्मा नै सबचीज हो, यो परिदृष्यमान जगत केही पनि होइन - यस बोधमा साधकलाई स्थिति प्राप्त हुन्छन्।

अतएव जबसम्म जगत् आत्मा देखि अभिन्न देखिदैन, तबसम्म के गर्नु पर्दछ, एसको उपदेश दिनु हुँदै भन्नु हुन्छ -

"यावन्न पश्येदखिलं मदात्मकं,
तावन् मदाराधन तत्परो भवेत;
श्रध्दालुर तूर्जित भक्ति लक्षणो,
यस्तस्य दृश्योऽहमहर्निशं हृदि ॥"

जबसम्म यस निखिल जगतलाई मेरो अधिष्ठान रुपमा (अर्थात् आत्मस्वरुपमा) देख्नमा समर्थ हुँदैनौ, तबसम्म मेरो आराधनामा तत्पर रहू। दृढ विश्वाससाथ साधन आदि गर्दा-गर्दा भगवान् प्रति अतिशय पूज्य बुध्दिरुप भक्तिको लक्षणहरु बृद्धि हुन्छन, म पनि यस किसिमका साधकहरुको हृदयमा अहर्निश प्रकाशित हुन्छु।

आशा छ अब यो समझमा आइ हाल्यो - अद्वैतभावलाई अमृत किन भनिएको छ। ध्यान मन्त्रमा पनि भनेको छ- गीता *"भवद्वेषिणी"* अर्थात् संसार-भावको नाश गर्नेवाली छन। पुनः पुनः जन्म, आवागमन नै बन्धन हो। त्यस भवबन्धनलाई गीताले नष्ट गरिदिन्छन। यसैले गीताको बारंबार चिन्तन गर्नु आवश्यक छ। *"अनुसन्दधामि"*-यस भवबन्धन नाशको लागि बारम्बार तिम्रो चिन्तन गर्दछु। जसरी माता स्तनपायी शिशुलाई आफ्नो स्तन देखि निस्केका दुग्ध द्वारा संजीवित गर्दछन, उसरी नै हे गीतामाता, तिमी पनि आफ्नो वाक्यामृत रुप स्तन पीयूष द्वारा भवबन्धनरुपी जन्म-मरणको दौरात्यदेखि हामीलाई मुक्त गर।

"नमोऽस्तु ते व्यास विशाल बुध्दे,
फुल्लार विन्दायत पत्र-नेत्र;
येन त्वया भारत तैलपूर्णः ;
प्रज्वालितो ज्ञानमय प्रदीपः ॥ २ ॥"

(हे) फुल्लारविन्दायत पत्र नेत्र (विकसित पद्मपत्र समान नेत्रवाला), विशालबुध्दे (परमार्थावलोकिनी सारग्राही मतियुक्त) व्यास ! ते (तिमीलाई) नमोऽस्तु (नमस्कार छ); येन त्वया (किनभने तिमीले नै) भारत तैलपूर्णः (महाभारतसमान तैलद्वारा परिपूर्ण), ज्ञानमयः प्रदीपः प्रज्वालितः (ज्ञानमय प्रदीप प्रज्वालित गर्नु भएको छ।)

“प्रपन्न पारिजाताय तोत्रवेत्रैक पाणये;
ज्ञान मुद्राय कृष्णाय गीतामृत दुहे नमः ॥ ३ ॥”

प्रपन्न पारिजाताय (शरणागतको लागि कल्पवृक्ष सदृश) तोत्रवेत्रैक पाणय (शिष्यको सन्ताडनको निम्ति वेत्रदण्डले सुशोभित हातवाला) ज्ञानमुद्राय (शिष्य अर्जुनलाई ज्ञानोपदेश गर्नको लागि ज्ञानमुद्राले युक्त) गीतामृत दुहे (गीतामृतरुपी दुग्ध दुहुनेवाला) कृष्णाय नमः- (श्रीकृष्णलाई नमस्कार) ।

भगवान् श्रीकृष्ण शरणागतका कल्पवृक्ष हुन्, फेरि हामीलाई के को भय ? एकबार प्रपन्न भएर उनको शरणमा जाऊ, एसले भवभय खण्डन हुन जानेछ । जसरी कल्पवृक्ष प्रार्थना पुरा गर्नु बिना प्रार्थीलाई फर्काउँदैन, त्यसरी नै श्री भगवान् पनि कल्पवृक्ष रुप छन । हामीले यदि उनलाई आफ्नो हृदयको व्यथाकथा सुनाउन सक्यौं भने त त्यसलाई दूर गर्नु विना त्यो रहने छैन । त्यो ज्ञानमुद्रायुक्त तथा वेत्रपाणि भएर हाम्रो अज्ञान-अविद्यालाई नाश गरिदिन्छन । यदि हामी पशुहरु समान अज्ञानवश उनको उपदेशानुसार चल्दैनौ भने त जसरी गुरु शिष्यलाई दण्ड दिन्छन, त्यसरी उसले हामीलाई दण्ड दिनेछन । परन्तु उनलाई वेत्रहस्त देखेर- *महद्भयं-वज्र-मुद्यतं*” हेरिकन न डराउनु । जति नै उसले ताडना किन नगरुन हामी डराउने छैनौं । जसरी माताले उद्दण्ड शिशुलाई ताडना गरेर पनि उसलाई भोक लागेको बेला हातमा दुध लिई उसको बाटो हेरी रहन्छन, त्यसरी नै उसले पनि हामीलाई विपद्मा परिरहेको देखेर निश्चिन्त रहन सक्तैन । माताले जसरी दूध खुवाएर शिशुको रक्षा गर्दछन, त्यसरी नै उसले पनि दीन, आर्त, भीत एवं व्यथित मनुष्यलाई ज्ञानामृत द्वारा अमृत प्राप्तिको बाटो देखाइदिनु हुन्छन । हामी उही ज्ञानमुद्रायुक्त कृपालु जगद्गुरुको बन्दना गर्दछौं ।

“सर्वोपनिषदो गावो दोग्धा गोपाल नन्दनः;
पार्थो वत्स : सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥ ४ ॥”

सर्वोपनिषदः (सारा उपनिषत्) गावः (गाई समान छन) गोपाल नन्दन (भगवान् श्रीकृष्ण) दोग्धा (दुहनेवाला), (एवं) पार्थ : (अर्जुन) वत्सः (वाछा समान छन), सुधीः (पण्डित जन) भोक्ता (दुग्धपान गर्नेवाला हुन), गीतामृतं (गीतारुपी अमृत) महत् दुग्धं (त्यो महान दुध हो) उपनिषद =(उप+नि+सद धातु क्विप) ‘सद्’ धातुको अर्थछ गमन्, उप=समीप तथा पश्चात्को बोधक छ । उपनिषद ब्रहमविद्या हो जसद्वारा पर ब्रहमको प्राप्ति हुन्छ, तथा परब्रहमको समीपमा पुगिन जान्छन, अथवा ब्रहमचर्य, गार्हस्थ्य आदिको नियम पालना गरेपछि जुन विद्या आरम्भ गरिइन्छन, अनि जसको लागि ब्राहमण-क्षत्रिय वाणप्रस्थ एव संन्यासको अवलम्बन गर्दथे । वर्णाश्रम-विहित कर्महरुको अनुष्ठान गर्नु बिना कोही यस विद्यामा पूर्ण मनोयोग दिन सक्तैन । किनभने विहित कर्महरु समाप्त गर्नु बिना कोही ज्ञानाधिकारी हुन सक्तैन । परन्तु जो उत्तम अधिकारी छ, उनको कुरा नै अर्कैछ । तिनीहरु अल्पावस्था देखि नै ब्रहमनिष्ठ भै ब्रहम-विचारमा मनोनिवेश गर्दथे, तथा शम-दमादि साधन-सम्पन्न भएर ज्ञानपरिपाकको लागि तपस्यामा लागि हाल्दथे स्वभावले नै उनिहरुको विषयहरु प्रति आकर्षण नहुनुको कारण उनको चित्त वैराग्ययुक्त हुन्थ्यो, अतएव

थोरै परिश्रमले नै उपराम प्राप्त गरेर तिनीहरु योगारुढ भै सर्वकर्म ब्रहमार्पण गर्दै जीवनमुक्त अवस्थामा जगतमा विचरण गर्दथे । परन्तु यस प्रकारको अधिकारी सदा नै कम हुन्छन । यसैकारण साधारण मनुष्यको लागि यसतो नियम थिए, -तिनीहरु वर्णाश्रम-विहित नित्य, नैमित्तिक, प्रायश्चित, उपासनादि कर्महरुको अनुष्ठान गर्दै त्यस द्वारा अन्तः करणलाई शुध्द गरेर अर्थात् शम-दमादि साधन-सम्पन्न भएर आत्म ज्ञान प्राप्तिको लागि ब्रहमनिष्ठ सदगुरुको आश्रय ग्रहण गर्दथे । रामगीतामा भगवान् श्रीरामचन्द्र भन्नु हुन्छ-

"आदौ स्ववर्णाश्रम वर्णिताः क्रियाः,
कृत्वां समासादित शुध्द मानसः;
समाप्यतत्पूर्व-मुपात्त साधनः;
समाश्रयेत् सद्गुरुमात्म लब्धये ॥"

वेदहरुमा विविध कर्महरुमा विविध कर्मकाण्ड तथा याग-यज्ञको व्यवस्था गरी, वेदहरुको उत्तर भागमा भगवत्प्राप्तिको विधि-व्यवस्था वर्णित छन । वेदहरुको उत्तर भाग नै उपनिषद हुन । ब्रहमज्ञान र साधनादि विषयहरुले उपनिषद् परिपूर्ण छन । यति सुन्दर भावसँग, सहज ढंगले, सरलतासँग यसमा ब्रहम-विज्ञानको विवेचना गरिएकोछ, -त्यसलाई देखेर मुग्ध हुन जानु पर्दछ। यी उपनिषदहरु नै ऋषिहरुका ब्रहमज्ञानको अतुल भण्डार हुन । यिनीहरुको अध्ययन गर्नाले या यिनमा प्रवेश गर्नाले जीवन कृतार्थ र धन्य हुन जान्छन । यी ब्रहमतत्त्वले परिपूर्ण उपनिषद्हरुलाई गौरुपमा कल्पना गरिएकोछ । यी गाईहरुलाई दुहेका छन गोपालनन्दन ग्वालाको पुत्रले । खूब दुधालु गाईहरु होस, तथापि जसले राम्रोसँग दुहुन जान्दैन, त्यसलाई उस्ले प्रचुर दुध दिँदैनन् । किनभने जसले दुहुने क्रियालाई जान्दैन त्यो अमृत प्राप्तिको उपयुक्त हुँदैन । यसैले गोपाल नन्दन श्रीकृण यिनका दोग्धा बनेकाछन । त्यो ग्वालपुत्र हुन त्यसले निश्चय नै राम्रोसँग दुध दुहुन सक्नेछन । 'गोपालनन्दन' को एक अर्को खूब सुन्दर अर्थछ र संगत छ । गो को अर्थ छ इन्द्रिय, त्यसलाई जसले पालन गर्दछन । सारा इन्द्रियहरुलाई पालन कसले गर्दछ ? हाम्रो मन । यस मनलाई जसले आनन्द प्रदान गर्दछ, त्यो हो नित्य चैतन्य आनन्दघन आत्मा । अगाडि पनि हामीले भनिसकेका छौं - आनन्द नै जीवको एकमात्र उपसेव्य छ । यथार्थ आनन्दलाई नपाएर अथवा आनन्द प्राप्तिको आशाले नै जीव विषयहरुलाई ग्रहण गर्नको लागि दौडिने गर्दछन । त्यो आनन्द आत्मा नै हो - *"ब्रहमानन्दरुपममृतं यद्विभाति"*-आत्मालाई देखिलिए पछि नै मनको विषय-भ्रमण समाप्त हुन जान्छन । जसले आत्मालाई जान्दछ त्यो आत्मानन्द मग्न भएर आत्मस्वरुप हुन जान्छन । *"ब्रहमविद् ब्रहमैव भवति"* । त्यो आत्मानन्दमा मग्न ब्रहमवित् पुरुषले नै उपनिषदको मर्मलाई जान्दछन, किन भने उसैले उपनिषदरुपी गौ देखि ज्ञानामृत दुग्ध निकालेर जीवहरुको कल्याण-साधन गर्न सक्तछन । यसै कारण गोपालनन्दनले उपनिषद्हरु देखि गीतामृत दुग्ध दुहेर निकालेको छ । परन्तु गाई दुधारु होस, अनि उपयुक्त दुहुनेवाला पनि दुग्ध दुहुनको लागि उपस्थित होस, किन्तु गाईको बाछा भएन भने त के गाईले राम्रोसँग दुध देलान ? यसैले बाछाको आवश्यकता हुन्छ । उपयुक्त शिष्य विना के गुरुले रहस्यको कुरा

प्रकट गर्न सक्तछन ? यसरी रहस्यको कुरा प्रकट गर्न शास्त्रमा निषेध पनि छ। यसैले भागवतमा ऋषिहरुले सुतसंग भनेकाछन-"ब्रूयु: स्निग्धस्य शिष्यस्य गुरवो गुहयमप्युत" ।

बाछ्यालाई देखेर गाईको स्तन देखि जसरी दूधको धार स्वतः बहन्छ, त्यसरी नै उपयुक्त शिष्यलाई देखेर करुणार्द्रचित्त गुरुको अन्तः करण देखि अमृतको प्रवाह फुटेर निस्कन्छन, गुरु शिष्यको त्रिविध तापहरु हरनको निम्ति उसलाई यस अमृतरुपी पीयूषक पान गराएर सदाको लागि तृप्त गरिदिन्छन् ।

महाधनुर्धर, इन्द्रिय विजयी श्रीमान अर्जुन, श्रीकृष्णका उपयुक्त शिष्य थिए । त्यसले याँहा बाछाको काम गरिरहेका छन । आज हाम्रो यो सौभाग्य हो, हाम्रो देशको सौभाग्य हो, समस्त मानव-समाजको परम सौभाग्य हो, - हामीले उपनिषदरुपी गौ देखि गीतामृत दुग्ध दुहुनुको निम्ति पार्थलाई वत्स-रुपमा पाएका छौं । परम भक्त महानुभव अर्जुनको कृपाबाट आज जगत्लाई गीतामृत-दुग्धको सन्धान प्राप्त भयो । भक्तहरुको भगवान्, अर्जुनको प्राण-सखा श्रीकृष्णले अर्जुनको मोहजनित अज्ञान जनित मोहलाई नष्टगर्नको लागि नै त यस गीतामृत-दुग्ध दोहन गरिएका थिए । हे मेरा प्रिय बन्धुजन, आऊ र हेर आज यो अमृत दुग्ध पस्किएका छन । तिमीहरुसँग जस्तो जस्तो पात्र छ त्यस अनुसार यस गीतामृत-दुग्धलाई भरेर लैजाऊ र त्यसलाई पान गरेर जीवनलाई धन्य बनाऊ । किन भने यस दुग्ध-पान गर्नेवाला 'सुधी'छन, जसको उत्तम (सु+धी) बुध्दि छ, अर्थात जुन बुध्दि विषयाभिमुख जानेवाला छैन, बरु झन परमार्थलाई देखाउने वाला छन । यो बुध्दि जसको पास छ, त्यसैले यस दुग्धलाई पान गर्न सक्नेछन । हामी त कुधी छौं, हाम्रो बुध्दि विषयानुगामिनी छन, खालि विषयतिरै दौडिन्छन । हाम्रो पासमा त्यस दुग्ध, त्यस अमृतलाई पान गर्नुको सामर्थ्य कहाँ छ ? तब हामी के गरौं ? हामी दर्शक बनिकन त्यस दूधलाई आँखा भरी भरी हेरौं र यदि भाग्योदय हुन्छ त, हामी सुधी भक्तहरुले पान गरेर बचेको घट-संलग्न अलि-अलि दूध पनि पाउन सकौं यसै आशा देखि साधु महानुभवहरु, सुधी सज्जनहरुको द्वारमा खडा रहने छौं । के तिनीहरु हामीमाथि करुणापूर्ण दृष्टिले एकबार हेर्ने छैन ?

"वसुदेव सुतं देवं कंस चाणुर मर्दनम्;
देवकी परमानन्दं कृष्णं वन्दे जगद्गुरुम ॥"

वसुदेवसुतं (वसुदेवको पुत्र) कंसचाणुरमर्दनम् (कंस र चाणुर नामक दैत्यहरुको नाश गर्नेवाला), देवकी परमानन्दं (देवकीलाई परम आन्द दिनेवाला) जगदगुरुं (जगत्को गुरु या ज्ञानदाता) कृष्णं कृष्णरुपी परमदेवतालाई) वन्दे (प्रणाम गर्दछु) ।

शब्दमा बडो मोहिनी शक्ति छ । शब्दद्वारा जीवको मन मुग्ध हुन जान्छन । सर्प, जो एति क्रोधी स्वभावको हुन्छ, त्यो पनि बाँसुरीको ध्वनिले मोहित भएर त्यसलाई स्थिरतापूर्वक सुन्न थाल्दछन । शब्दद्वारा नै मनुष्य प्रिय या अप्रिय बन्दछन । मनुष्य सुस्वर या सुन्दर शब्दको बडो प्रेमी हुन्छ । यही कारण छ -सुमधुर कण्ठ भएको कोइलीलाई हामी यति चाहन्छौं र कर्कश स्वरवाला कागलाई हेर्ने चाहन्नौं । रुप देखि मनुष्य त मुग्ध हुन्छन नै, तर शब्द देखि मनुष्य त के मनुष्येतर प्राणीपनि मुग्ध हुन जान्छन । शिशुको मीठो तोतेबोलीले

मनुष्यलाई कति विमोहित गर्दछ' शब्द सुन्नासाथ मानो मनोवेगमा हुरी चल्दछ' शब्द द्वारा नै हामी जटिल बन्धनमा आवद्ध हुन जान्छौं। यो शब्द नै प्रथम तत्त्व आकाशको गुण हो। जसरी शब्दले हाम्रो मानसवृत्तिलाई निम्न भन्दा पनि निम्न-स्तरतिर लैजान्छ त्यसरी नै शब्दले हामीलाई उच्चतम आध्यात्मिक सोपानमा पनि लैजान सक्तछ। जुन शब्दले चित्तमा इन्द्रियभोगको लागि उत्तेजना उत्पन्न गरेर निम्न स्तरमा हालिदिन्छन, त्यो आसुरी शब्द हो। चाणूर पनि त्यही हो। 'चण्' धातुको अर्थ हो शब्द गर्नु र कंस 'कम्' धातुले बनेकोछ जसको अर्थ हो बांछा गर्नु। कामना नै त जीवको बन्धनको मुख्य पाशो छ। कामना-पाशमा बाँधिएर जीव असंख्यबार जन्म-मृत्युको अभिनय गर्दै भ्रमिरहन्छ। जस्तो जीवको कामनाको अन्त छैन त्यसरी नै त्यसको दु:ख र दुर्गतिको पनि अन्त छैन। यसैले श्री भगवान् अर्जुनलाई भन्नु हुन्छ-

"कामः क्रोध स्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत्।"

परन्तु यो कामना के त्यत्तिकै सजिलोसँग जान सक्तछन ? ज्ञान बिना कामना नाश हुँदैन। सत्त्वशुध्दि बिना ज्ञान पनि उत्पन्न हुँदैन। तब यस भयंकरी ज्ञान-विज्ञानलाई नाश गरनेवाला दुष्पूरणीय कामलाई कसरी जय गर्ने ? एसैको लागि जगद्गुरुको चरणमा आश्रय लिनुको आवश्यकता छ। आऊ आऊ, हामी त्यही परमानन्द स्वरुप साक्षात ज्ञानरुपी परमात्माको शरणापन्न होऔं र उनलाई प्रणाम गरौं। यस महामोहमय सन्सार-स्थितिको प्रधान सहायक कामनारुपी कंसासुरलाई, तथा कामनाको प्रधान सहायक ध्वनिरुपी चाणूर दैत्यलाई संहार गर्नेवाला उनै हुन्। उही वसुदेव सुत वासुदेव हुन। वसुदेवको अर्थ हो विशुध्द सत्त्व। *"सत्त्व विशुध्द वसुदेवसंज्ञित"*-एस विशुध्द सत्त्वले अद्वयज्ञानरुपी परमात्माको उपलब्धि हुन्छ। अद्वयज्ञान स्वरुपको बोध भएपछि सारा वासनाहरु मेटिन जान्छन। शब्दले मोहित भैकन जीवले चाहे जति नै अपकर्म गरेको होस, ज्ञान उदित भएपछि शब्दको त्यो आकर्षण समाप्त हुन जान्छ। तब एक अनादि अव्यय आत्मा अनि अनादि अनाहत शब्द अवशिष्ट रहन्छ। जसको कृपाले जीव संसार-सागरलाई पार गर्न सक्तछन त्यो देवकीको परमानन्द हुन। किन भने देवभावापन्न बुध्दिमानै श्री भगवान् आनन्दमयरुपमा प्रकाशित हुन्छन। सबै मानिसहरु उनको आश्रय गर्न सक्तैनन्। जसको रजस्तमोभाव अर्थात काम-लोभादि दूर भैसकेकोछ, उनैलाई भगवान् प्रिय लाग्दछन्। देवभावापन्न, सत्त्वगुण-सम्पन्न साधुजनहरुको लागि, यो आत्मा कति मधुर, कति सुन्दर, कति प्रिय हुन्छन। *"प्रेयः पुत्रात्-श्रेयो वित्तात्"*-पुत्रको अपेक्षा त्यो प्रिय छन, धनको अपेक्षा पनि त्यो श्रेय छन। यस प्रेय एवं श्रेय आत्मालाई पाएर देवभावापन्न साधु मानिसहरुको आनन्दको सीमा रहँदैन। तिनीहरु मुग्ध भएर, व्याकुल भएर उनितिर नदौडी रहन सक्तैन। भगवानको बाँसुरी ध्वनि अथवा अनादि अनाहत शब्द जीवको हृदयमा निरन्तर ध्वनित भएपछि पनि त विषयासक्त जीव त्यसलाई सुन्न पाउँदैन। परन्तु सत्त्वगुणयुक्त दैवी-प्रकृति-सम्पन्न साधक उनको अनादि वंशी-ध्वनिलाई आफ्नो हृदयकुंजमा अहर्निश बजिरहेको सुन्दछन। यसैले तिनीहरु सबचीज छोडेर उनैतिर अभिसरण गर्नमा क्षणभर पनि रोकिदैनन। यो ज्ञान स्वरुप, परम प्रेमास्पद आत्मा सबका हृदयका हृदयवल्लभ अभीष्ट देवता हुन्।

"भीष्म द्रोण तटा जयद्रथजला गान्धार नीलोत्पला
शल्यः ग्राहवती कृपेण वहनी कर्णेन वेलाकुला;
अशवत्थाम विकर्ण घोर मकरा दुर्योधना वर्त्तिनी,
सोत्तीर्णा खलु पाण्डवै रणनदी कैवर्त्तकः केशवः ॥ ६ ॥

भीष्मद्रोणतटा (भिष्म र द्रोण जुन युध्दरुपी नदीका तट हुन्) जयद्रथजला (जयद्रथ जलरुप हुन्), गान्धार नीलोन्पला (गान्धार अर्थात् शकुनि नीलकमल रुप छन्), कर्णेन वेलाकुला (कर्ण जसका बेला भूमिछन), अश्वत्थामविकर्ण घोर मकरा (अश्वत्थामा र विकर्ण जुनदीको घोर मकररुप छन), दुर्योधनावर्तिनी (दुर्योधन जसका आवर्त्त या भंवर छ) सा रणनदी (त्यो कुरुक्षेत्रको युध्दरुपी नदी) खलु (निश्चय नै) पाण्डवैः (पाण्डवहरु द्वारा) उत्तीर्ण (पार गरिए) । (किन भने) केशवः कैवर्त्तकः (श्रीकृष्ण त्यसका कैवर्त्तक यानी पार गराउने वाला नाविक हुन् ।)

कुरुक्षेत्रको युध्द-नदी कस्तो सुन्दर भावले सज्जित छ ! नदीमा जसरी अगाध जल छ त्यसरी प्रवाह पनि तेज छ । त्यो भयंकरी आवर्त्तहरुले युक्त, धेरै धेरै गोहीहरुले परिपूर्ण भएर अरु झन भयानक भैरहेकोछ । नदी चाहे जस्तो होस, यदि उसको बेला भूमि विशाल छत त्यसले नदीलाई झन बडो भयंकर बनाइदिन्छ । हामी सबै पारीका यात्री हौं, नदीतटमा आएर बसेका छौं । बसि-बसि सोचिरहेछौं-यस अपार श्रोतस्विनीलाई कसरी पार गर्ने ? भीषण जलजन्तुहरुले भरिएका घोर आवर्त्तमय अगाध जलराशिलाई पार गर्नको लागि उत्तम तरणी एवं सुदक्ष कर्णाधारको आवश्यकता छ ।

"अपार संसार समुद्र मध्ये;
सम्मज्जतो मे शरणं किमस्ति?
गुरो कृपालो कृपया वदैतत;
विश्वेश पादाम्बुज दीर्घनौका ॥"

अपार सन्सार-सागरमा डूबिरहेकोछ, के मेरो लागि कुनै आश्रय छ ? हे कृपालु गुरुदेव, कृपा गरेर मलाई त्यो उपाय बताउनु होस । गुरुले भन्नु भयो-विश्वेश्वर भगवान्‌को चरण-कमल नै त्यस महासागर पार तर्ने सुदीर्घ नौका हो । भगवान् श्रीकृष्ण जुन नदीको पारावारको नाविक हुन, त्यस श्रीकृष्ण या आत्माको शरणापन्न हुनु बिना यस सन्सार सरितालाई हामी कसरी पार गरौंला ? भवको अर्थ हो जन्मनु । हामी जगत्‌मा निरन्तर आउदै जाँदै छौं । नदीको तरंग समान यस आउनु जानुको अवसान छैन । हाम्रो यस जन्म मरणको कारण हो अनादिअविद्या । यस अज्ञान, अविद्याको पारावार छैन । कुन अतीतकाल देखि सन्सारको यो आवागमन चलिरहेको छ ? यसको अनुमान पनि गर्न सकिदैन । यसैले अत्यन्त कातर भै नदी किनारमा बसेर रोइ रहेछु। कसले मलाई पार गर्ला ? दयालु गुरुले दया गरेर सन्सार मग्न जीवलाई बताइदिनु भयो-तिमी शरणापन्न भैकन व्याकुल चित्तले श्रीकृष्णको चरणकमलको ध्यान गर र उनिसँग भन,- *"भगवान्, मेरो नैया पार लगाऊ ।"* ओ पारी जानेवाला, के तिमी साँच्चिकै भवनदीलाई

देखेर भयभीत भैरहेका छौ ? घोर अन्धकारले दिशाहरु आच्छन्न देखेर के तिम्रो प्राण निराश भै रोइरहेकोछ ? 'नाविक, तिमी को ? काहाँ ? - यस्तो भन्दै भवसिन्धुको किनारमा उच्चस्वरले क्रन्दन गरेर कसलाई पुकारिरहेका ? यदि एसरी त्रसित र व्याकुल भएर पुकार्न सक्छौ त पुकार, बारम्बार पुकार, तिम्रो पुकार सुनिकन, जसको पादपद्म यस भव सागरलाई पार गर्ने वाला नौका हो, त्यो प्रभु तुरुन्त आइपुग्नेछ । अनि तिमीलाई आफ्नो नौकामा (चरणसरोजमा) स्थान पनि दिनेछ । यसैले एकबार एसरी पुकार जुन किसिमसित मृत्युलाई नजिक आएको देखेर भक्त प्रह्लादले आर्त्तभावसँग पुकारेका थिए । जसरी हिंस्र जन्तुहरुले संकुल निर्जन बनमा भय देखि विहवल चित्त भएर ध्रुबले पद्मपत्रलोचन भनिकन प्रभुलाई पुकारेका थिए । जसरी भरी सभामा दिग्बसना गर्नको लागि दुःशासनलाई उद्यत देखेर द्रौपदीले प्राण खोलिकन हृदय देखि नै उनलाई पुकारेको थियो र जसरी गजले ग्राहको भय देखि हताश भएर व्याकुल चित्तले उनलाई पुकारेको थियो । एकैबार पनि यदि यसरी तिमी पुकार्न सक्यौ या अनन्यचित्तले उनलाई स्मरण गर्न सक्यौ भने त त्यो अवश्य पास आएर उपस्थित हुनेछ, तथा आफ्नो करकमल देखि अभय प्रदान गर्दै हाम्रो चिरकालीन अशान्त हृदयमा शान्ति स्थापित गर्नेछन ।

जसरी भीष्म र द्रोण यस रणनदीका दुई तट हुन्, उसरी हाम्रो भय र विक्षेप सन्सार-नदीका दुई किनार हुन । विविध कामनाहरु यस नदीका जलहुन । जयद्रथको अर्थछ जयशील रथ । हाम्रा असंख्य कामनाहरु नै अध्यात्म मार्गको विरोधी पक्षको विजयशील रथ हो । जब सम्म कामनाहरु छन, त्यतिका दिनसम्म अध्यात्म मार्गलाई बन्द सम्झनु । सब किसिमका दुष्कर्महरुमा दुःसाहस को नै नाम जयद्रथ हो । शल्य अर्थात नाना थरीका दुर्वचन सन्सार-नदीका ग्राह हुन । जसको सदा निन्दित कर्महरुमा रुचि हुन्छन, जससँग युध्द गरेर विजयी हुनु सहज छैन, त्यो दुर्योधन या दुर्मति नै संसार-प्रवाहको घोर आवर्त्तरुप छन् । यस आवर्त्त-भंवरमा परेपछि उठनुको सामर्थ्य कसैमा हुँदैन । गान्धार अर्थात शकुनि यस सन्सार नदीका घोर दुर्निमित्त स्वरुप दुर्लक्षण हुन । कृपाचार्य अर्थात कृपा या ममता, जुन सन्सार-नदीको प्रवाह हो, यदि हुँदैनथ्यो त त्यो नदी सुक्दथ्यो । जुन सन्सारको नआदि छ न त अन्त *"नान्तो न चादि र्न च सम्प्रतिष्ठा"* त्यस्तो संसारलाई पनि ममता द्वारा नै हामीले जकडेका छौं । यसै कारण कृपाचार्य अमर छन । कर्ण यानी अन्ध विश्वास, यस नदीको बेलाभूमि हो । अन्धविश्वासकै वशवर्त्ती भएर नै मानिसहरु सन्सारमा आसक्त हुन्छन । अन्धविश्वासको सहायताले नै दुर्मति अनर्थ उत्पन्न गर्दछन् । एस अन्धविश्वासको कारणले नै अभिमान र आफ्नो शक्ति माथि असीम विश्वास हुन्छ । बेला भूमिको कारण नै एक नदी बीसौं कोस विस्तृत-जानिइन्छन । बेला देखेर मनमा एस्तो लाग्दछ-नदी पार हुनु संभव छैन । विकर्ण-जसको कान छैन जसले सदुपदेश सुनिकन पनि सुन्दैनन्, सबै कुराहरुमा जसको विश्वासै छैन । अश्वत्थामा-जुन सत्य छैन, मन मानो कल्पवृक्ष हो, मनमा दिनरात कति कति कल्पनाहरु उठने गर्दछन, तथापि सारा मनोवेगहरुमा कति पनि स्थायीपन हुँदैन, यी विकर्ण र अश्वत्थामा सन्सार नदीका मकर हुन । यिनीहरुले नै पारीजाने यात्रीहरुका तीन भाग चट् गर्दछन । यस अनन्त वासना-वेगमयी रणनदीबाट जसले हामीलाई पार लगाउनेछन, त्यो ब्रहमादि देवताहरुका पनि अनुग्राहक केशव हुन् । केशवको अर्थ छ-जसले

क्षयोदयरुपी विकार या अस्थिरत्वलाई दूर गर्दछन् । त्यो कूटस्थ चैतन्य-स्वरुप छन, सबको ;हदयमा अन्तर्यामीरुपले अवस्थित छन । मनलाई स्थिर गरेपछि नै चित्त-चांचल्य दूर हुन्छ । मनको यो शान्त र शिवभाव नै केशव हो । त्यही केशव हामीलाई सन्साररुपी भीषण युध्दमा बल एवं साहस दिन्छन् ।

"पाराशर्य वचः सरोजममलं गीतार्थ गन्धोत्कटं,
नानाख्यानक केशरं हरिकथा सम्बोधनाबोधितम,
लोके सज्जन-षट् पदै रहरहः पेपीयमानं मुदा,
भूयाद् भारत-पंकजं कलिमल प्रध्वंसि नः श्रेयसे ॥७॥

कलिमल प्रध्वंसि (कलिमल नाशक-अहंकार, अविश्वास, कपट, परद्रोह, व्यभिचार आदि सवकलिमल हुन) गीतार्थ गन्धोत्कटं (श्रीमदभागवदरुपी सुगन्ध) नानाख्यानक केशर (विविध सत्कथारुपी केशरयुक्त) हरिकथा सम्बोधनाबोधितं (हरिकथारुपी ज्ञानोपदेश द्वारा प्रबोधित) लोके (संसारमा) अहरहः (प्रतिदिनं सज्जन षट पदैः सज्जनरुपी भ्रमरहरु द्वारा) मुदा (आनन्दसंग) पेपीयमानं (पुनः पुनः पीयमान) पाराशर्य वचः सरोजं (पराशर पुत्र वेदव्यासको मुख सरो वरमा उत्पन्न) अमल (निर्मल, शुध्द) भारतपंकज (महाभारतरुपी कमल) नः (हाम्रो) श्रेयसे (कल्याणार्थ भूयात् (हो ओस) । यस महाभारतरुपी कमलपुष्पको गीता नै मनोहरणीय तीब्र गन्ध हो-जुन गन्धले मुग्ध भएर सज्जनरुपी भ्रमरगण त्यसको मधु प्राप्त गर्नको लागि व्याकुल रहन्छन । त्यस सुमधुर गन्ध देखि लुब्ध भएर हाम्रो सद् विवेकशील बुध्दिरुपी भ्रमर के अन्य विषयरुपी फुलहरुको आस्वादको मधुरतालाई ग्रहण गर्न न रोकिएलान ? अनेकबार जन्म भएकाछन्, अनेकपटक यस सन्सारमा हामी आएका छौं, शब्द-स्पर्श-रुपरस आदि विषयहरुको मदिर गन्धले अन्धो भै त्यसको पछाडि कति-कति जन्म हराइसकेका छौं । अहंकार, अविश्वास, लम्पटता, कपट, अनृत एवं अभिमानरुपी कलिमलमा सारा इन्द्रिय, मन, बुध्दि आदि हिलाम्मे भै उठेकाछन् । त्यसदेखि एक असहनीय वमनकारी दुर्गन्ध निरन्तर बहिरहेकाछन । आज हामी आफ्नै अन्तःकरणीय भीषण दुर्गन्धले स्वयं आकुलित व्याकुलित भैरहेकाछौं । क्रमशः दुर्गन्ध असह्य हुँदै गैरहेकाछन । मेरो यस शरीर एवं मन देखि निरन्तर उठिरहेका पूतिगन्ध कसरी दूर होलान, यो भीषण कलिमल कसरी मेटिएला, के कसैले बताउन सक्दछ ? हे सज्जनहरु, उदार हृदय साधुजन ! के तपाईंहरुसँग यसको कुनै औषधि छ ? सुन, परम कारुणिक शास्त्रकार ऋषिगण हाम्रो दुःख देखि व्यथित भएर हामीलाई पुकारेर उच्चस्वरले भनिरहेकाछन, - हे चिररोगी हत स्वास्थ, बाटो बिर्सेका थकित ल्कान्त पथिक, तिम्रा समस्त अंगहरु जुन व्रणहरुले भरिएका छन्, त्यसदेखि अतीव विकट दुर्गन्ध निस्किरहेकाछन । के तिमीलाई यसको भान भैरहेकोछ ? अझैसम्म तिमीले रोगलाई रोग सम्झदैनौ, खालि उदास-उदास बसिरहेकाछौ । अब त त्यस रोगको कीटाणुले सारा शरीर मनलाई दुषित गर्दै जीर्ण-शीर्ण बनाइरहेकाछन । यदि आफ्नो दुर्दशालाई यसवारे तिमीले सम्झयौ, यदि आफ्नो दुर्गन्धले अस्थिर भैरहेका छौ, त एकबार हृदयलाई जोडनेवाला, तथा नेत्रहरुलाई मोहित गराउने त्यस ज्ञानसरोबरलाई हेर, एकबार त्यसमा डूबुल्की मार, एकबार त्यसमा आफुलाई निमज्जित गरिदेऊ त तिमी आफ्नो शरीर र मनको विविध खटिराहरु र अजस्र दुर्गन्धयुक्त

पूतिराशि तथा त्यसबाट उठने वृश्चिक-दंश जस्तो जलनदेखि मुक्त हुन जानेछौ । एकबार सबचीज बिर्सेर मुखले बोल्दै जाऊ- *'हरे मुरारे मधुकैटभारे'* । र एकबार एता हेर, ज्ञानसरोबरको बीचमा त्यसको अथाह जललाई भेदन गर्दै कस्तो सुन्दर, शोभामय, अपरुप कमल फुल्दैछ, त्यसलाई आँखा खोलेर हेर त ! तिमीले देखने छौ- त्यसको अपूर्व सुषमा देखि, अनन्त सौरभ देखि, उसको स्निग्ध किरणहरु देखि दिग्दिगन्त भरिएकाछन । भक्तिको मृदु पवनको हिलोर देखि प्रवाहित भएर त्यसको अपूर्व सुगन्धले तिम्रो देह र मनमा पवित्रताको अमोध औषधि अनुलेपन गरिरहेका छन् । हेर त, तिम्रा सारा व्रणहरु सुकन गयो, त्यसको सारा दुर्गन्धहरु दूर हुन गयो ! तिमी अब कति सुन्दर र मनोहर देखिएका छौ ! तिम्रो शरीर, प्राण र मनलाई मानो नवीन ढंगले रचना गरिदिएको छ ! हेर त, जलमा कति कति फूल मुस्काएकाछन । त्यसको बीचमा एक अपूर्व सुरभिमोदित कमलिनी ! त्यसको कति सुन्दर र स्निग्ध सुगन्ध छ ! त्यही हो गीता । जब गीतालाई बुझ्न सक्ने छौ त त्यसको अपूर्व सुष्मा देखि तिमी विमुग्ध हुन जानेछौ, तबै त तिम्रो जीवन पनि एक सुन्दर पद्म-पुष्पमा परिणत हुन जानेछ । तब तिमी त्यस शोभा-पूर्ण सुगन्ध-पूरीत हृदय-कमल-पुष्पलाई श्री गुरु चरणहरुमा अंजलि प्रदान गर्नु । कृतार्थ हुन जानेछौ । त्यो गुरु हुन श्रीकृष्ण । सबै गुरु श्री कृष्णै हुन् । उनि द्वारा आकर्षित नभएमा के कोही त्यस देशमा पुग्न सक्तछ "

"मूकं करोति वाचालं पंगु लंघयते गिरिम्;
यत्कृपा तमहं वन्दे परमानन्द माधवम् ॥८॥"

यत्कृपा (जसको दया) मूकं (वाक्शक्तिविहीन मनुष्यलाई) वाचालं (केवल वाक्शक्ति विशिष्ट मात्र होइन, बरु झन अत्यन्त मधुरभाषामा मधुर भावसँग बोल्ने शक्तिले युक्त) करोति (गर्दछ) पंगु (गतिशक्तिविहीन लंगडोलाई) गिरिं (पर्वत) लंघयते (नाघने शक्ति प्रदान गर्दछ) तं (त्यस परमानन्दमाधवं (परमानन्द-विग्रह कमलापति श्रीकृष्णलाई) वन्दे (अभिवादन गर्दछु) ।

कमला निरन्तर जसको चरण-सेवा गरिरहेकाछन्, त्यस षड्-ऐश्वर्य-सम्पन्न रमापति भगवान् श्रीकृष्णको वन्दना गर्नाले सारा अभीष्ट सिध्द हुन्छन । यसमा कुनै सन्देह छैन । जो मन द्वारा निरन्तर उनको शरणापन्न हुन्छन र साष्टांग प्रणाम गर्दै उनको चरणहरुमा प्रणत हुन्छन, तिनीहरु पंगु, वाक शक्ति विहीन अथवा बधिर नै किन न हुन, उनिहरु भन्दा बढी सौभाग्यशाली अरु कोही हुन सक्तैनन् । निश्चय नै त्यस समय सारा दुर्भाग्यहरु दूर हुनमा पलभरको अबेर पनि लाग्दैन । परन्तु भूतलमा न जाने कति-कति भक्त, कति-कति ज्ञानी अजस्र कष्ट पाइरहेकाछन, तिनीहरुका दुःखकष्ट त दूर भएका देखिन जाँदैन । एसको कारण यो होइन-भगवान्मा सामर्थ्यको कमि छ । यथार्थ भक्त-साधक कहिल्यै पनि एस्तो किसिमको दयाको भिक्षा नै चाहँदैन त्यो त खालि प्रभु-स्मरणको आनन्दमा डूबिरहन चाहन्छन । अन्न जुरेको छ छैन, दुःख मिटेको छ छैन-यसको उनिहरुलाई तीलमात्र पनि चिन्ता हुँदैन । यसैले भक्त कबीरले भनेको छ -

"भक्ति भेख बड अन्तरा जैसे धरनि आकाश;
भक्त जो सुमिरे रामको भेख जगत्की आश ॥"

वास्तविक भक्ति भेषमा बडो अन्तर हुन्छ, ठीक त्यसरी नै जसरी पृथिवी र आकाशमा अन्तर हुन्छ । जो भक्तछन, त्यसले कसैको अपेक्षा गर्दैन । आत्मारामको शरणमा गएर त्यो खालि उनको नै स्मरण गरिरहन्छन र जो भक्तको बाना सजाएर घुम्दछन, त्यो खालि जगत् तिर हेरिरहन्छन । वस्तुत: जसमाथि रामको कृपा छ, उसलाई सान्सारिक ऐश्‍वर्यको आवश्यकता नै के छ र ? प्रभु भजनको आनन्दको स्वाद जसलाई एक बार मिलेकोछ, त्यसले इन्द्रत्वको कामना पनि गर्ने छैन । तुलसीदासले भनेको छ

"तीन टूक कौपीनको अरु भाजी बिन लोन;
तुलसी रघुबर उर बसे इन्द्र बापुरो कोन ॥"

यदि हृदयमा राम बास गर्दछन, अनि तीन टुके लंगौटी लगाउन तथा बिना नुन साग खानलाई मिल्दछ त फेरि इन्द्रको वास्ता कसले गरोस ? जीवनमा सबभन्दा बढी दुर्भाग्य एवं सबै भन्दा ठूलो पराजय छ भजनमा आनन्द नपाउनु । भजन गर्नमा जसको मन लाग्दछ, त्यो त राजाहरुको पनि राजा हो । कबीर भन्दछन -

"राम भजे दारिद भला टूटी घरकी छान;
राम भजे कोंढी भला चू-चु गिरता चाम ॥"

जसको घरको छानो जताततै चुहुने भएकोछ, यदि एस्ता दरिद्र पनि रामको भजन गर्दछन त उसको त्यो दरिद्रता नै ठीकछ । यदि कोही गलित कुष्ठ भएको छ र रामको भजन गर्दछन त त्यो भजनहीन सुन्दर लावण्ययुक्त शरीरवाला भन्दा श्रेष्ठ छन ।

अतएव जो चतुर पुरुष छन, त्यसले भगवान्‌को उपासना द्वारा जीवनलाई कृतार्थ बनाउने चेष्टा गर्दछन् ।

"यं ब्रहमा बरुणेन्द्र रुद्र मरुतः स्तुंवन्ति दिव्यैः स्तवै-,
वेंदैः सांगपदक्रमोपनिषदै र्गायन्ति यं सामगाः;
ध्यानावस्थित तद्‌गतेन मनसा पश्यन्ति यं योगिनो,
यस्यान्तं न विदुः सुराऽसुरगणा देवाय तस्मै नमः ॥९॥"

ब्रहमा बरुणेन्द्ररुद्रमरुतः (ब्रहमा, बरुण, इन्द्र, रुद्र र वायु देवता) दिव्यः स्तवै (सुन्दर पदयुक्त स्तवनहरु द्वारा) यं (जसको) स्तुन्वन्ति, (स्तुति गर्दछन) सामगाः (श्रुतिमधुर सामगान गर्नेहरु) सांगपदक्रमोपनिषदैः वेदैः (अंग पदक्रम एवं उपनिषदहरु साथै वेदहरु द्वारा) यं (जसको) गायन्ति (गान गर्दछन) योगिनः (योगीजन) ध्यानावस्थित तद्‌गतेनमनसा (ध्यानमा अवस्थित त्यसैमा मन लगाएर) यं (जसलाईं पश्यन्ति (देख्दछन) सुराऽसुरगणाः (देव र असुर गण) यस्य (जसको) अन्तं (सीमा) न विदुः (जान्दैन) तस्मै देवाय नमः (त्यस परम देवतालाई नमस्कार छ) ।

समस्त वस्तुहरु स्वप्न समान क्षणमंगुर, उत्पत्ति-विनाश शील तथा अनित्य छन् । ज्ञानीजन नित्यानित्यको विचार गरेर दुःख शोकप्रद विषयहरुमा लुब्ध हुँदैनन् । तिनीहरु त्यस वस्तुको खोजी गर्दछन् जो ब्रहमादि

वेदादि शास्त्रहरुमा उनैको महिमा कीर्त्तित भएको छ। त्यो अनित्य वस्तुहरु समान इन्द्रियगोचर छैन। तथापि देव, असुर, मनुष्य, पशु-पक्षी तथा कीट सबैको नै त्यो प्रिय र बन्धु छन्, किनभने त्यो आत्मा हुन्। कोही कसैले उनको अन्त जान्दैन, समस्त देवताहरुको पनि देवता-त्यस महामहेश्वरलाई बारम्बार नमस्कार छ।

अस्तु, जब देवताहरुले नै उनको अन्त पाउँदैन त असुरगणले उनको अन्त कसरी पाउन सक्तछन ? यहाँनिर असुरको नाम लिनु पर्ने जरुरी के थियो ? असुर पनि देवताहरु समान शक्तिशाली र बुध्दिमान जीव हुन्। तिनीहरु पनि घोरतर तपस्या गर्नको लागि सदा नै तत्पर रहन्छन। देवताहरुको साथ उनिहरुको पृथकता मात्र एति नै छ-देवजन सामान्यतः सात्विक भावले युक्त अनि असुरगण दम्भ तथा अहंकारयुक्त एवं बडो नै दर्पवाला घमण्डी हुन्छन। तिनीहरु पनि असाध्य-साधन गर्दछन्, परन्तु तिनीहरु देह-इन्द्रियादि आत्म शक्तिमाथि नै अधिकाधिक निर्भर गर्दछन्, अतएव भजनशील साधनशील हुँदैमा पनि तिनीहरु ज्ञानी होइनन्। अतएव तिनीहरु विषयादिहरु देखि निः स्पृह नभएर प्रधानतः कामोपभोगमा रत रहन्छन। तिनीहरु पनि घोर उत्कट तप गरेर धैरै शक्ति प्राप्त गर्दछन्। परन्तु तिनीहरुको चित्त बहिर्मुखी हुन्छन, अतएव अन्यान्य विषयहरुको धेरै धेरै ज्ञान प्राप्त गर्नु तथा नाना थरीका ऐश्वर्यको अधिकारी भएर पनि आत्मतत्वको विषयमा अथवा आध्यात्मिक सम्पदमा त्यतिका सम्पन्न हुँदैनन्। तिनीहरु श्री भगवानलाई आफ्नै संम्भिकन भजन गर्न सक्तैन । अतएव आत्मज्ञानको प्राप्ति देखि वंचित हुन जान्छन। ब्रहमादि देवता विभु एवं भगवान् भएर पनि सर्वदा आत्माको उपासना गर्दछन्। *"सो नहि जानत मर्म तुम्हारा"*-तिनीहरुपनि परमात्माको महिमालाई पूर्णरुपले जान्न सक्तैनन्। अनि दोश्रो कसैले उनलाई कसरी जान्न सकला ? तिनीहरु पनि सदा नै आत्माको सुविमल यश एवं महिमाको कीर्त्तन गर्नुको कामना गर्दछन। यस्तो अवस्थामा हामी सामान्य मनुष्यले यदि प्राण-प्राण भरिकन उनको महिमाको गान गर्दैनौ. उत्तम पदहरु द्वारा उनको स्तवन गर्दैनौ भने त फेरि हाम्रो चरित्र-शुध्दि कसरी होला ? उनको महिमाको कीर्त्तन गर्नाले हृदय भक्तिरसले आल्पावित हुन्छ, अनि एस बिना चित्त भजनानन्दमा प्रवृत्त किन होला ? योगीजन तद्गतचित्त भएर मनमा मनलाई डुबाएर उनको स्वरुपको दर्शन गर्दछन्। हामी पनि यदि उनलाई हेर्ने इच्छा गर्दछौं भने त आफ्नो चित्तलाई तद्गत गर्नु पर्नेछ। यदि आफु भित्र अलिकति पनि अभिमान छ भने त हामी उनमा पूर्णत मग्न हुन सक्तैनौ। अतएव सवचीज बिर्सिकन, सब छोडेर अनन्य चित्तले उनको आश्रय ग्रहण गर्नु पर्दछ। हाम्रो नेत्र, मन र बुध्दिको निम्ति अगोचर भएर पनि त्यो प्रत्येक हृदयमा अन्तर्यामीरुपले विराजमान छन्। अतएव यदि हामी उनको लागि कातर भै उनलाई पुकार्‍यौं भने त हाम्रो करुण क्रन्दनलाई सुनेर त्यो दयालु प्रभु निश्चय नै आउनु हुनेछ। त्यो हाम्रो सम्मुख निश्चय नै आउनेछन्। जडताको महाव्यूहलाई भेदन गरेर त्यो जडातीत चैतन्य प्रभु हाम्रो आँखा र मनको भ्रमलाई मिटाएर हाम्रो सामुन्ने प्रकट हुनेछन्। तब हामी त्यस भुवनमोहन श्यामसुन्दरलाई देखेर अर्जुन समान भन्न सक्ने छौं।

"दृष्ट्वेदं मानुषं रुपं तब सौम्यं जनार्दन;
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः॥"

ॐ तत्सत्! ॐ तत्सत्!! ॐ तत्सत्!!!



श्री मद् भगवद् गीता

ॐ नमो भगवते वासुदेवाय।

यस शरीरमा ॐकार रुप।

ब्रहम	कूटस्थ (परशिव)	आज्ञा	निरंजन	परव्योम
ँ	सदाशिव	विशुध्दाख्य	व्योम	आकाश
म	ईश्वर रुद्र	अनाहत	मरुत	वायु
उ	रुद्र	मणिपुर	तेज	अग्नि
अ	विष्णु	स्वाधिष्ठान	अप्	मूत्र
	ब्रहमा	मूलाधार	क्षिति	विष्ठा

ब्रहमरन्ध्र	ब्रहम	ब्रहम	ब्रहम
कण्ठ	ए	उन्मनी	पुण्य द्रविण
हृदय	इ	अगोचरी	औटपिटक
नाभि	म	खेचरी	गोह्लाट्
लिंगमूल	उ	चांचरी	त्रिहट
गुह्यद्वार	म	भूचरी	त्रिकूट

नि:शब्द	अवाच्य	विदेह
परापरा वाक्	कैवल्यावस्था	कैवल्यज्ञान देह
परावाक्	तूर्यावस्था	महाकारण देह
पश्यन्ति	सुषुप्तावस्था	कारणदेह
मध्यवाक्	स्वप्न	लिंगदेह
वाक्वैखरी अवस्था	जाग्रत	स्थूलदेह
अगोचर	अवरुध्दरुप	अनुभव विन्दु
सुक्ष्मवेद	अमात्रा	विन्दु
अथर्ववेद	पुण्य गिर्याध्र्द मात्रा	अर्ध्दचन्द्र
सामवेद	ल्पुतमात्रा	कुण्डली
यजुर्वेद	दीर्घमात्रा	दन्तक
ऋगवेद	ह्रस्वमात्रा	तारक

सहस्रार	परमात्मा	दिशस्वरुप
पीत पंकज	चन्द्र	ऊर्ध्व
नील पीतादि पंकज	सूर्य	उत्तर
श्याम पंकज	मृत्यु	दक्षिण
श्वेतपंकज	स्थिति	पशिचम
रक्तपंकज	सृजन	पूर्व

निराकार	सर्वशुध्दातीत	सोऽह ब्रहम
अघोर	अगोचर शून्य	दीपक
ईश	हृदयाकाश	मसूरमात्र
तत्पुरुष	मध्यशून्य	पूर्वार्ध्द
वामदेव	ऊर्ध्वशून्य	अंगुष्ठमात्र
सद्योजात	अधः शून्य	स्थूल शरीर ३½हात

आकाश	वायु	अग्नि	आप	पृथिवी
पूर्ण	अज	अदाहय	अक्रिन्धत	अशोष
असंग	अच्छिद्र	ऊर्ध्वपांद	जीवन	पवन
व्यापक	परापर	प्रकाश	ज्योति	कारण
जीव	निर्मल	चैतन्य	अमृत	समृध्द
अखण्ड	नित्य	अनघ	कारण	आधार

निर्गन्ध	ब्रहमरन्ध
गन्ध	नासा
रस	जिहवा
रुप	चक्षु
स्पर्श	त्वचा
शब्द	कर्ण

दुर्योधनादि सय कौरवहरुको नामका आध्यात्मिक अर्थ

१-पूर्व दिशामा दस प्रवृत्तिहरु असत् कर्ममा

एक कर्मेन्द्रियहरुको कर्म अनि त्यसैका ज्ञानेन्द्रियहरुको कर्म

१. दुर्योधन-क्रियामा अनिच्छा-अज्ञानवश कानले सुन्नु......................१
२. युयुत्सु-युध्दार्थी शब्दको अहंकार साथ अज्ञानवश कानले सुन्नु.........१
३. दुःशासन-कामबल-तम त्वचा द्वारा मोहित भएर कामना गर्नु.........२
४. दुःसह-क्रोध कामनाको तृष्णा; स्पर्श द्वारा मोहित हुनु २
५. दुःशल-क्रोधले चचंचल, रजोगुण द्वारा चक्षुमा प्रकाश ३ मत्ततताप्रयुक्त
६. जलसन्ध-लोभरुप देखेपछि आग्रहपूर्वक इच्छा.........३ मत्तताप्रयुक्त
७. सम-इच्छा जिह्वा द्वारा, भोगमा आलस्यपूर्वक............................४
८. सह-परिहास रसना द्वारा बलपूर्वक र आलस्यपूर्वक......................४
९. विन्द-तुल्य हुनुको इच्छा-श्वासद्वारा मोहित ५ निद्रायुक्त भएर
१०. अणुविन्द-पश्चात् परिहास मनमा अनुभव द्वारा ५ निद्रायुक्त भएर

२-पश्चिम दिशामा दस निवृत्तिहरु राम्रो कर्ममा

१. दुर्ध्दर्ष-आलस्य-कानमा शब्द रहंदा खेरि तमोगुणको अवलंबी भएर...............६
२. सुवाहु-दम्भ-शब्दद्वारा अहंकार प्रकाश गर्नु तमोगुणको अवलम्वी भएर ६
३. दुस्प्रधर्षण-दर्प-त्वचाद्वारा आफ्नो शरिरमा इच्छाभिभूत भै आँखा देखाउनु ७
४. दुर्मर्षण-कुमति स्पर्श द्वारा तृष्णाको कामना ७ शरीर द्वारा
५. दुर्मुख-अभोज्य भोज्य आँखाले हेर्दछ रजोगुण देखि आवृत्त भएर ८ प्रेत समान
६. दुष्कर्ण-दुर्वाक्य सुन्नुको इच्छा कसैलाई बोलेको देखेर ८ प्रेत समान
७. कर्ण-अशुभ कुरा सुन्नुको इच्छा राम्रो कामभोग चाहना मनमा आउनाले ९
८. बिविंशति-भ्रम-बलपूर्वक काम रस ज्ञान..९
९. विकर्ण-विपरीत बुध्दि अयथार्थलाई यथार्थ जानी दम्भ एवं मोहद्वारा........१०
१०. शल-कुबुध्दि-सललाई असत् समभनु दर्पसाथ..................................१०

३-दक्षिण दिशामा प्रमाद कर्महरु

१. सत्य-विषयाधिकारी त्यसमा मत्त कानले सुनिकन ११ अश्रध्दापूर्वक
२. सुलोचन-नराम्रोमा राम्रो देख्नु अहंकारसँग सुन्नु ११ अश्रध्दापूर्वक
३. चित्र-अयथार्थलाई यथार्थ बुभ्नु त्वचाद्वारा कामान्ध भएर १२ अमन्द्रको कारण

४. उपचित्र-आरोपित अयथार्थलाई यथार्थ विवेचन गर्नु स्पर्शद्वारा कामतृष्णातुर भैकन-१२ अमन्द्रको कारण
५. चित्राक्ष-भ्रम दृष्टि रजोगुण र क्रोधान्वित भएर १३ अहंस्वरुप धारण गर्नु
६. चारुचित्र-सुभ्रमदृष्टि क्रोधेच्छारुप १३
७. शरासन-चचंचल चित्र-जिहवाको भोग १४ सत्कारपूर्वक
८. दुर्मद-प्रमाद बलपूर्वक रसास्वाद १४ सत्कारपूर्वक
९. दुर्बिगाह-कुटिल मानको मोहले मनमनै दम्भ राख्नु १५ मानपूर्वक
१०. बिवित्षु-कपटता-मनको मोह प्रकाशित गर्नु १५

४-उत्तर दिशामा दस मोहले कर्म गर्नु

१. विकटानन-प्रमाथी कानले सुनेर मदमत्त हुनु १६ पूजार्थ कर्म गर्नु
२. कर्णनाभ-माया सुनेर अहंकार अरुलाई कार्यमा देखाउनु १६
३. सुनाभ-अनावश्यक इच्छा जुन नहुँदामा पनि चल्दछ त्यसमा अन्धो भएर त्वचा द्वारा दुःख दिनु १७
४. नन्द-यथेष्टाचार स्पर्शले तृष्णातुर भै १७
५. उपनन्द-उन्मत्तं रजोगुणले आवृत्त भै क्रोधान्ध भएर १८ देश नदेख्नु
६. चित्रवाण-भ्रमविशिष्ट रुप देख्नु १८ देश नदेख्नु
७. चित्रवर्मा-अमंगलमा मंगल ज्ञान-धेरै खाँदा बल हुनेछ १९ असमयमा
८. सुवर्मा-अत्यन्त अमंगलमा मंगल ज्ञान-रसास्वादन बलपूर्वक १९ असमयमा
९. दुर्विलोचन-आँखा भैकन अन्धो-दम्ममोहित भएर दान २० अपात्रलाई दान
१०. अयोवाहु-अभिमान मनको दम्भमा प्रकट गर्नु २० अपात्रलाई दान

५-आग्नेयकोणमा दस अशुचिमा कर्म गर्नु

१. महावाहु-अति अभिमानी मदान्ध भै कानले सुन्नु २१ अनादरपूर्वक दान
२. चित्रांग-भ्रमान्ध अहंकार साथ कुरामा प्रकट गर्नु २१ अनादरपूर्वक दान
३. चित्रकुण्डल-भ्रममा स्थिति कामरुप तममा त्वचा द्वारा रहनु २२ अश्रध्दासाथ
४. भिमवेग-निष्ठुर रजोगुणमा क्रोधान्ध भैकन देख्नु २३ अभिमानले
५. निष्ठुर रजोगुणमा क्रोधान्द भएर हेर्नु-२३ अभिमानसंग
६. बलाकी-कृत्तिम इच्छापूर्वक रुपान्तर गर्नु २३ अभिमानले
७. बलवर्ध्दन-श्लाधा आफ्नो भोगमा आफ्नै तृप्ति २४ पारुष्य
८. उग्रायुध-गंवार (अत्यन्त) बलपूर्वक रसास्वादन २४ पारुष्य
९. भीमकर्मा-कुकर्म्म दम्भमा मोहित भै गर्नु...........२५ चिन्तासाथ
१०. कनकायु-भोगी अन्यलाई दर्पद्वारा र चिन्ता द्वारा कुकर्म अनुभव गराउनु २५

६-नैऋत्यकोणमा दस अनाचारमा कर्म गर्नु

१. दृढायुध-दृढप्रतिज्ञ (जिद्दी) कानले सुनिकन मदान्ध भएर रहनु-२६-प्रत्युपकार नगर्नु
२. दृढवर्मा-उग्रकर्मा-सुनिकन अहंकार साथ..........२६ प्रत्युपकार नगर्नु
३. दृढक्षत्र-अज्ञान त्वचाद्वारा बोधगरी कामान्ध हुनु २७ काय ल्केशले दान गर्नु
४. सोमकीर्ति-चिन्तान्वित स्पर्शद्वारा कामको इच्छा २७ काय ल्केशले दान गर्नु
५. अनुदर-छिन्द्रान्वेषण रजोगुण देखि इच्छानुसार छिद्र देख्नु २८ दम्भसाथ
६. दृढसन्ध-तुष्टि क्रोधमा कुनै कर्मको इच्छा २८ दम्भसाथ
७. जरासन्ध-चिरवासना-अनवरत जिह्वा भोगेच्छा २९ अनुरागपूर्वक
८ सत्यसन्ध-अतिलोभ रसास्वादन गर्दै बलसंग भोजन गर्नु २९ अनुरागपूर्वक
९. सदः सुवाक-चापलुसीकुरा, एस्तो कुरा जसबाट मन अहंकार क्रोध देखि मोहित हुन्छ ३० क्रोधपूर्वक
१०. उग्रश्रवा-कामुक-दर्पसँग कामको भोग गर्नु ३० क्रोधपूर्वक

७-वायव्य कोणमा दस असत्यले कर्म गर्नु

१. उग्रसेन-अतीव निन्दा, मदान्ध सुनेर पनि नसुन्नु ३१ इच्छा
२. सेनानी-चपल, सुनिकन अहंकारले चंचलचित्त हुनु ३१ इच्छा
३. दुष्पराजय-लम्पट, त्वचाद्वारा कामान्ध भैरहनु ३२ कटुमा मीठो ज्ञान
४. अपराजित-आसव स्पर्शद्वारा कामतृष्णा ३२ कटुमा मीठो ज्ञान
५. कुण्डशायी-कुमन्त्रणाकारी, रजोगुणमा क्रोधान्ध भै खराबमा राम्रो दृष्टि गर्नु ३३ लवण
६. विशालाक्ष-अरुको दोष हेर्नु, क्रोधेच्छारुपमा राम्रोमा ३३ नराम्रो देख्नु लवण
७. दुराधर-अधैर्य्य, जिहवा खानु बिना रहन सक्तैन ३४ उष्ण
८. दृढहस्त-कृपण, बलपूर्वक राम्रोसँग वस्तुहरु सत्तधारण ३४ उष्ण
९. सुहस्त-अपव्यय, दम्भपूर्वक मोहले खर्च गर्नु ३५ तीक्ष्ण
१०. वातवेग-वातुल, दर्प गरेर बहुलाहा जस्तै हुनु ३५ तीक्ष्ण

८-ईशान कोणमा दस अनीश्वर ज्ञानमा कर्म गर्नु

१. सुवर्चन-वाचाल-कानले सुनी मदान्ध भै धेरै बोल्नु ३६ रुक्ष
२. आदित्यकेतु-अज्ञान-अहंकारपूर्वक नजानिकन बोल्न ३६ रुक्ष
३. बहवाशी-अघिपछिको विवेचनाले शुन्य-कामान्ध भएर त्वचाद्वारा कर्म गर्नु ३७ लोभले
४. नागदत्त-मूर्खता, स्पर्शद्वारा काममा तृष्णा ३७ लोभले
५. अग्रजाई-दुर्म्मति, रजोगुणमा क्रोधान्ध भै कुदृष्टिले हेर्नु ३८ प्रवृत्ति
६. क़बची-गफाडी भुठकुरालाई बलात् मान्दै बोध गर्नु ३८ प्रवृत्ति

७. निषंगी-यथेच्छाचारी-जिहवाको जुन भोगच्छा त्यही गर्नु ३९ फलाकांक्षा
८. कुण्डी-पापी-जिहवाद्वारा रसास्वादन गर्दै पीडित हुनु ३९ फलाकांक्षा
९. कुण्डधार-कुमन्त्रणाको आधार, दम्भ र मोह ४० दुःख
१०. धनुर्धर-दुराचारी-दर्प गर्नाले हुन्छ ४० दुःख

९-ऊर्ध्वदिशामा दश ऊर्ध्वमा खराब इच्छाले कर्म गर्नु

१. उग्र-मदान्ध,-कानद्वारा सुनिकन मदले अन्धो ४१ जनरक्षाको यत्न गर्नु
२. भीमरथ-भीत, अहंकार शब्दको कमि नहुने प्रार्थना ४१ जनरक्षाको यत्न गर्नु
३. वीरवाहु-कुपवृत्ति, त्वचाद्वारा कामान्ध भएर कुदिशामा मन दिनु ४२ शोक
४. आलोलुप-निष्ठूर, स्पर्शद्वारा कामतृष्णाले अकर्म गर्नु ४२ शोक
५. अभय-मत्त, रजोगुणमा क्रोधान्ध बनिरहनु.........४३ तृष्णाले
६. रोद्रकर्मा-ब्रहमहन्ता, क्रोधरुपले स्वेच्छाचारसँग कर्म गर्नु ४३ तृष्णाले
७. दृढहस्त-पाखण्डी, जिहवाद्वारा अखाद्य भोग गर्नु ४४ विषादले
८. अनाधृष्य-मन्दबुध्दि, बलपूर्वक रस खराब कर्ममा बुझ्नु ४४ विषादले
९. कुण्ड भेदी-नारकी-दम्भ-मोहले आवृत्त भै सर्वदा दुःखी रहनु ४५ दीर्घसुत्री
१०. वीरवी-मृत्यु, सुकर्मको दर्पले मरे जस्तो हुनु ४५ दीर्घसुत्री

१०-अधो देशमा दस द्वेषकर्म गर्नु

१. दीर्घलोचन-भयानक-सुनिकन अहंकार-प्रयुक्त भय........४६ असुख
२. प्रमथ-बलि-अहंकारद्वारा शब्दको साथै बल देखाउनु ४६ असुख
३. प्रमाथि-दृढ, त्वचाद्वारा कामान्ध भै लागि रहनु ४७ हतस्वभाव
४. दीर्घरोमा-बडो जिद्दी-स्पर्शद्वारा काम तृष्णा परित्याग गर्नुको क्षमता नहुनु ४७ हतस्वभाव
५. दीर्घवाहु-दुराशा, क्रोधान्ध भै हुनै नसक्ने आशा गर्नु ४८ विषमय
६. महावाहु-महालोभी, इच्छारुपमा अतीव आग्रह ४८ विषमय
७. व्यूढोरु-पारुष्य, जिहवाद्वारा अत्यन्त भोगेच्छा ४९ क्षुद्र
८. कनकध्वज-मात्सर्य, मनमनै बलपूर्वक रसास्वादन गर्नु ४९ क्षुद्र
९. कुण्डाशी-महापापी, दम्भमोहदेखि असत् कर्म गरेर ५० हर्षहुनु
१०. विरजा-घमण्डी-दर्पसाथ काम गर्दै ५० हर्ष हुनु

आदि पर्वमा यी नामहरु छन (महाभारत)

ॐ तत्सत् ! ॐ तत्सत् ‼ ॐ तत्सत् !!!

गीताको रुपक

गंगा - सुषुम्ना
कुरु - नित्यकर्म इच्छापूर्वक
भीष्म - धर्मकर्म गर्नमा भय
पाण्डु - पृथ्वीमा पंचतत्व
कुन्ती - शक्ति
युधिष्ठिर - व्योम अर्थात् युध्दमा स्थिर चित्त
भीम - वायु, प्राण
अर्जुन - जठराग्नि
नकुल - जल, रक्त
सहदेव - मृत्तिका, मांस
कौरव - फलाकांक्षा साथ सारा विषय कर्म
दुर्योधन - दुर्मति
दुःशासन - दुर्मेधा
धृतराष्ट्र - अहंकाररुपी मन
संजय - त्यस मनको सम्यग्दृष्टि
द्रुपद - शीघ्र गति, अन्तर्यामित्व
धृष्टद्युम्न - कूटस्थमा चित्रविचित्र
महेष्वासा - बडो धनुर्धर, बडो विश्वासी
सात्यकी - सुमति
विराट् - इच्छा गर्दछ त्यो समस्त कूटस्थमा समान देखाउँदछन
धृष्टकेतु - स्वप्रकाश, अनुभव
चेकितान - ॐकार ध्वनि
शिखण्डी - शक्तिको कर्तृत्व पद ज्ञान
पुरुजित् - अवरोध
कुन्तिभोज - आनन्द
शैव्य - ब्रहमज्ञ
युधामन्यु - कान्ति
उत्तमौजा - आद्याशक्ति
सुभद्रा - कल्याण प्रदा
अभिमन्यु - मनोकामना गर्नुको पर हुनु

द्रोणाचार्य - मजबूत प्रहार (टेक या जिद्दी)
कर्ण र विकर्ण - विश्वास एवं अविश्वास
कृप - कृपा
अश्वत्थामा - कल्पवृक्ष
सोमदत्त - भ्रम
भूरिश्रवा - संशय-समूह
जयद्रथ - दुःसाहस
श्रीकृष्ण - कूटस्थ
श्वेताश्वयुक्त रथ - श्वेतवर्णपहिले देखिइन्छन्
पाँचजन्य - भृंग, वेणु, बीन, घंटा, मेघको शब्द
देवदत्त - दीर्घघण्ट ध्वनि
पौण्ड्र - सिंहनाद
अनन्तंविजय - अनवच्छिन्न-प्रणवनाद
सुघोष - सुन्दर ध्वनि
मणिपुष्पक - विमल शब्द
गाण्डीव धनु - सुषुम्नाको उत्थान मेरुदण्डको गलाको पछिल्लो भागसम्म
जित - चैतन्य

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

समस्त गीताको भाव

सांख्ययोग- प्राणायाम गरोस स्थिर बसेर निराकारमा भावना गरोस यही स्थिति हो । यसै क्रियालाई बढाउँदै, सारा कर्महरुमा फलाकांक्षारहित भै, स्थिरतापूर्वक योनिमुद्रामा सबलाई हेर्दै, समस्त काम्यकर्महरु नाश गरेर वर्तमान अवस्थामा कुनै इच्छा हुन नदिनु । इच्छा हुनासाथै स्वभावतः त्यसलाई त्याग गर्नु, आफसे आफ कुनै किसिमको चिन्तामा नपरिकन, चिन्ताशून्य ब्रहमरुपमा ध्यानयोगरत भै विशेषरुपमा त्यस स्थानमा पुग्नु जहाँ चन्द्र, सूर्य अग्निको ज्योति छैन तथापि सबचीज देखिनमा आउँदछन । तत्पश्चात् अनुभव स्वरुप नक्षत्र, ब्रहमयोग द्वारा अत्यन्त गुप्त, अव्यक्त-योग देखि (योगोद्-भव) आविर्भूत समस्त विषयहरुको दर्शन हुन्छ । तिनमा समस्त विषयहरुको जति श्रेष्ठरुप हुन्छन्, सबकासब देखिइन्छन । तदनन्तर जसको मनमा जुन रुप रहन्छ त्यो समुदय रुप कूटस्थको अगाडि देखिन जान्छन । त्यस द्वारा गुरुवाक्यमा विश्वास गर्दै पंचतत्त्व, मन, बुध्दि, अहंकार एवं उत्तम पुरुषलाई देखेर अरु कसैतिर विशेष इच्छा हुँदैन । अतएव विभक्त गुणत्रय एकत्र भै, सुषुम्नाको अन्तर्गत पुरुषोत्तमरुपको दर्शन गर्दै शुमाशुभ विचार हुनुको कारण उत्तम श्रध्दापूर्वक श्वास स्थिर हुनाले नै मोक्षपदको प्राप्ति हुन्छ ।

(१) प्राणायाम (२) आँखाले हेरिएको योनिमुद्रा, (३) जिहवालाई तालु कुहवरमा उल्टाएर लैजानु, (४) विन्दुमा रहनु र नाद सुन्नु, (५) कण्ठ देखि ललाटमा तारा राख्नु ।

गीताको आध्यात्मिक रुपकको सूचना ।

सर्वसाधारणको लागि वेदादि शास्त्रहरुको पाठ निषिध्द छ । एसको कारण यो छ-ब्रहमज्ञान सम्पन्न ब्राहमण बाहेक अरु सर्वसाधारण शास्त्रहरुको मर्म निर्धारण गर्नमा समर्थ हुँदैन । ज्ञानलाई लुकाएर राख्नुको उद्देश्यले सर्वसाधारणलाई शास्त्र पाठ देखि वंचित गरिएको छ, - एस्तो कुरा त होइन । जुन मानिसहरु वास्तविक ज्ञानी छैनन् खालि तिनीहरु देखि ज्ञानलाई गोपन गरिएको छ । अज्ञानीको हातमा परेर कतै ज्ञानको विशुद्धि नष्ट नहोस, यस आशंका देखेर नै जहाँतँहा जथाभावी ज्ञानको आलोचना गर्नुको निषेध गरिएको हो । उपयुक्त पात्रको सामुन्ने ज्ञानलाई कहिल्यै पनि लुकाएर राखिदैंन । साधारणतः ज्ञान दुई किसिमका हुन्छन, वाह्य एवं आन्तर । वाह्य ज्ञानको प्राप्तिको अधिकार प्रायः सबैलाई हुन्छ । आन्तर या अध्यात्म ज्ञान नै गोपनीय छ । हामी देखदछौं-यमराज जिज्ञासु नचिकेतालाई यो गोपनीय अध्यात्मज्ञान बताउनलाई सहज नै तैयार भएन । सबै शास्त्रहरुमा सामाजिक, व्यावहारिक एवं धार्मिक विषयहरुको यथेष्ट उपदेश रहेरपनि तिनको एक निगूढ तात्पर्य छ जुन अन्तर्लक्ष्य बिना प्रकट हुँदैन । यो कसैलाई असमय सम्झाउँदामा पनि उसको समझमा आउँदैन । यसैले त्यस निगूढ विषयलाई जसबाट सब मानिसहरुले बुझ्न सकुन, तदनुरुप सामर्थ्य जसरी प्राप्त हुन सकोस, त्यसैतिर प्राचीन ज्ञानीहरुको ध्यान थियो । हामी उनिहरुका त्यस जीवहितैषिणी वृत्तिका गंभिर मर्मस्यथललाई बुझ्न नसकनुको कारण उनिहरुमाथि निन्दा र गाली वर्षा गर्दछौं र आफ आफ्नो रुचि अनुसार तिनीहरु प्रति कटाक्ष गर्न पनि

चुक्दैनौं । श्रुतिको अत्यन्त गंभीर मर्म सबलाई सम्झाउनको लागि जसरी उनिहरुले पुराणादि अनेक शास्त्रहरु रचना गरेका थिए, त्यसरी नै वेदहरुको निगूढ साधन रहस्य, दर्शन र मन्त्रशास्त्रतन्त्रहरुमा लिपीबध्द गरेका थिए । परन्तु वर्तमानकालमा ती समस्त रहस्यपूर्ण शास्त्रग्रन्थहरु पाठकहरुको मनमा उत्सुकता उत्पन्न गरेर नै निवृत्त हुन जान्छन, उत्सुकता र कौतुहलको शमन गर्न पाउँदैन । यसको कारण यो छ-आजकाल हाम्रो देशमा ती सारा रहस्यहरुको कुराको श्रोता पनि छैनन अनि त्यसलाई ठीक ठीक तरीकासँग सम्झाउन सक्ने यस किसिमका वक्ताहरुपनि धेरै छैनन् । गीता पनि एक गुह्यतम अध्यात्मशास्त्र हो । गीताको अठारौं अध्यायको ६३-६४ औं श्लोकहरुमा एसको उल्लेख गरिएकोछ । अनि जहाँ यसको उल्लेख छ, त्यहाँ गुरुसेवाविहीन, अथवा सुन्ने इच्छा नगर्नेहरुलाई यसको गूढ तात्पर्यलाई बताउन निषेध पनि गरिदिएकोछ । यसै कारणले जानिइन्छन-शंकराचार्य, रामानुज, आनन्दगिरि, श्रीधर, मधुसूदन आदि महानुभवी मनीषी व्याख्यातागण पनि यस रहस्य-ग्रन्थको व्याख्या गर्दा खेरि सर्वसाधारणको लागि उपयोगी व्याख्या नै लेखेकाछन । सबैको अगाडि त्यसको निगूढ र रहस्यलाई उद्‌घाटन गरेका छैनन् । यसरी रहस्य-ज्ञानको अल्प प्रचार हुनुको कारण तथा केही कालप्रभावले पनि शास्त्रका रहस्यहरुका मार्मिक कुराहरु लुप्तप्राय: भएकाछन । यस युगमा जुन महानुभवी पुरुषले सर्वप्रथम हाम्रो चेतनालाई जाग्रत गर्नु भएको छ, उनैको नै गीता- व्याख्या तथा अन्यान्य ग्रन्थहरुदेखि गीताको मर्मलाई खोल्दै त्यस रहस्यलाई सर्वसाधारणमा प्रचार गर्ने प्रयत्न मैले गरेकोछु । मैले राम्रो गरेको छु या छैन, यसलाई उसैले बताउन सक्दछन जो सबको हृदयमा अन्तर्यामी एवं प्रियतम बन्धुरुपले रहन्छन । म उनको स्मरण गरेर आफ्नो समस्त कर्महरुलाई उनैको चरणहरुमा समर्पण गर्दछु ।

जब यो रहस्य पुस्तकाकारमा प्रकाशित भैरहेको छ त भन्नु पर्ने आवश्यकता छैन सर्वसाधारण देखि यस्लाई लुकाई राख्ने हाम्रो मन्साय छैन । तथापि म यो पनि विनीत भावसँग स्वीकार गर्दछु-यो सर्वसाधारणको निम्ति होइन । यदि कोही कसैले यस रहस्य-व्याख्यालाई पढेर रहस्यलाई जान्नको लागि उत्सुक हुन्छ र प्रयत्न गर्दछ भने त त्यसले मलाई यथेष्ट आनन्द हुनेछ, अनि मैले सम्झनेछु-मेरो प्रयास विफल भएन । अवश्य नै सर्वसाधारणको लागि गीताको प्रत्येक श्लोकको अन्वय एवं प्रत्येक संस्कृत शब्दको अर्थ यथासंभव सरलतापूर्वक लेखिदिएकोछु । गीताको जनप्रिय व्याख्याता पूज्यपाद मनस्वी श्रीधर स्वामीको टीका र अनुवाद यथास्थान सन्निविष्ट गरिएकोछ । अनि त्यसपछि यथास्थान गीताको रहस्य व्याख्या एवं आध्यात्मिक व्याख्या दिइएकोछ । यस आध्यात्मिक व्याख्याको सम्बन्धमा यहाँ केही भन्दछु । साथसाथै महाभारतको केही चरित्रहरुको रहस्यको विश्लेषण गर्नु आवश्यक हुनेछ । निश्चय नै यसलाई पढेर कसैले यस्तो नमानि लिओस्-श्रीकृष्ण; युधिष्ठिर, भीम, अर्जुन, धृतराष्ट्र, दुर्योधन आदि खालि कल्पना मात्र हुन् । यिनीहरुको जीवन पहिले थियो या थिएन, यस्तो कुरा होइन । यी मानिसहरु कुनै युगमा यस धरतीमा त्यसरी नै वर्त्तमान थिए जसरी आज हामीहरु छौं । परन्तु यिनीहरुका नामसँग रुपक कसरी मिल्न गयो, यो कुरा समझाउनु अहिले संभव छैन, अनि यसको लागि यहाँ स्थान पनि छैन । परन्तु यो न कुनै आकस्मिक व्यापार हो न त कोही कसैको कष्ट कल्पना-यो म निसंकोच भन्न सक्तछु । गीता इतिहासमूलक भएर पनि आध्यात्मिक ग्रन्थ हो, वस्तुत: यो योगशास्त्र हो । भगवान् श्रीकृष्ण आत्माको

रुपमा सब जीवहरुको हृदयमा अधिष्ठित छन् । विषयहरुमा घुम्नेवाला मनलाई पनि समय समयमा ज्ञान प्राप्त गर्ने स्पृहा हुन्छ । परन्तु उसको पूर्वाभ्यास र संस्कार उसको बाटोमा विरोधी भैकन उभिन जान्छन् । कुरुक्षेत्रमा कौरव-पाण्डवको युध्द समान प्रकृति-क्षेत्रमा प्रवृति र निवृत्तिको द्वन्द्व पनि निरन्तर चलिरहन्छन् । अतएव कुरुक्षेत्रको सारा वाह्य व्यापारहरु देखि यदि हाम्रो अगाडि आध्यात्मिक सत्यको रहस्य उद्‌घाटित हुन्छ, त एसमा विस्मित हुनुको कारण के छ ?- *"ईशावास्यमिदं सर्वं यत्किंच जगत्यां जगत्"*-त्यस परमात्मा द्वारा यो त्रिभुवन परिव्याप्त छ, तथापि आश्चर्यको कुरा यो छ-हामी अन्य सब विषयहरुलाई इन्द्रिय द्वारा जान्दछौं, परन्तु आत्मालाई जान्नको लागि हामीसँग कुनै इन्द्रिय छैन । परन्तु यो सब कारणहरुको कारण अनि सबका आश्रय छन् । त्यस आश्रय वस्तुको कारण नै सव वस्तुहरुको अस्तित्वको बोध हामीलाई हुन्छ । *"चेतनश्चेतनानाम्"*-चेतनायुक्त सारा प्राणिहरुलाई उसैले चेतन बनाउँदछन् । *"तमेव भान्तमनु भाति सर्वं"*- त्यस प्रकाशमान आत्माको अनुशरण गरेर सारा प्रकाशमय पदार्थ प्रकाशित हुन्छन । "तमात्मस्थं येऽनु पश्यन्ति धीरास्तेषां शान्ति शाश्वती नेतरेषाम् ।" बुध्दिमा प्रतिविम्वित त्यस आत्मालाई जुन धीर पुरुषले साक्षात्कार गर्दछन्, उनलाई नित्य शान्ति प्राप्त हुन्छन, विषयासक्त व्यष्टिलाई त्यो शान्ति मिल्दैन ।

यसैकारण योगी जन मनलाई आत्मस्थ गर्नको लागि सदा सर्वदा योगाभ्यासमा रत रहने गर्दछन् । परमात्मा सर्वव्यापी छन, अतएव त्यो यस शरीरमा पनि वर्त्तमान छन्, यसमा संन्देहको गुंजाइस छैन ।

"सबके घटमें हरि विराजे ज्यों गिरिसुतमे ज्योति ।" प्रत्येक शिलाखण्डमा जसरी ज्योति या प्रकाश छ त्यसरी नै प्रत्येक घटमा परमात्मा हरि विराजदछन् । परन्तु यस देहमा उनलाई कुन स्थानमा खोज्ने । योगीन्द्र पुरुषजनले देखेका छन्-मस्तिष्कमा जुन ब्रहमरन्ध्र छ त्यसैमा चैतन्यको विशिष्ट प्रकाश विद्यमान छ । त्यस प्रकाश द्वारा प्राणशक्ति अनुरंजित हुन्छ, र त्यो प्राण-प्रवाह सहस्रौं नाडिहरु द्वारा प्रवाहित हुँदै सारा शरीर एवं इन्द्रियहरुलाई चेतनायुक्त गरिदिन्छन् । जसरी विद्युत् शक्ति-प्रवाहको एक प्रधान धारा *(Main current)* हुन्छ, त्यसरी यस प्राणशक्तिको पनि एक प्रधान प्रवाह छ र त्यो मेरुदण्डको बीचमा विद्यमान छ । त्यसको भित्र सुषुम्ना नै यस प्राणशक्तिको आधारहो । सुषुम्नाबाटै यो प्राण शक्ति सर्वत्र संचालित हुन्छन । पहिले यो प्राणशक्ति सुषुम्ना देखि अन्य दुई नाडिहरुमा प्रवाहित हुन्छन, तिनमा एकको नाम इडा र दोस्रोको नाम पिंगला छ । यी दुई नाडिहरुमा जब प्राणप्रवाह चल्दछ, तब सुषुम्नाको मार्ग एक किसिमले अवरुध्द हुन जान्छन् । यो सुषुम्ना नाडी मेरुदण्डको भित्र गूह्यदेश देखि मस्तिष्क सम्म फैलिएकोछ । इडा र पिंगला दुवै नाडिहरु क्रमशः मूलाधारस्थ सुषुम्नाको मुखको वाम एवं दक्षिणतिर उठेर फेरि दुबै भ्रूहरुको बीच आज्ञाचक्रमा सुषुम्नासँग मिल्न जान्छन । यी इडा र पिंगला नाडिहरु द्वारा नै प्राण-प्रवाहसँग संगै समस्त शरीरमा ज्ञान प्रसारित हुन्छन । तबै हाम्रो मनोवृत्ति बहिर्मुखी हुन्छन तथा सन्सार लीलाको अभिनय भै रहन्छन र तबै *"देहोऽहं"* यो बुध्दि उदित हुन्छ । परन्तु प्राण-प्रवाह जब सुषुम्नामुखी हुन्छ त फेरी दिव्यज्ञान फर्केर आउँदछन । एसैले प्राण मेरुदण्डको बीचसुषुम्नामा प्रवेश गर्न सकोस, यसैको लागि योगीजन साधना गर्दछन र त्यसैलाई नै योगाभ्यास भन्दछन् । गर्भस्थ शिशुको इडा र पिंगलामा प्राण-प्रवाह हुदैन, उसको सुषुम्ना खुल्ला रहन्छ । भूमिष्ट हुने समयमा प्राण-धारा इडा-पिंगलामा आएर चल्दछन्, अनि सुषुम्नाको मार्ग रुध्द हुन जान्छ । एसैले साधक रामप्रसादले गाउनु भएको

छ- *"गर्भे यखन योगी तखन, भूमे पडे खेलाम् माटी"* अर्थात् जब म गर्भमा थिंए योगी थिंए, धरतीमा खसें त माटो खाइयो । यो कुरा हाम्रो योग शास्त्र र अरु शास्त्रहरुमा पाइन्छन । अष्टांग-योग यम, नियम, आसन, प्राणायाम र मुद्रादि साधन कौशल द्वारा योगीजन प्राणलाई सुषुम्नामा संचालित गर्ने चेष्टा गर्दछन्, फलस्वरुप उनको प्राण तथा त्यसको साथ मन सुषुम्नालाई भेदन गर्दै ब्रहमरन्ध्रमा प्रवेश गर्दछ । प्राण सुषुम्नामा प्रवेश गर्नासाथै प्राणको चचंचलता घटने र स्थिरता प्राप्त हुन लाग्दछ अनि ब्रहमरन्ध्रमा प्रवेश गर्नासाथ त्यो अवरुध्द हुन जान्छन् । परन्तु त्यो श्वास-प्रश्वासको वाह्य अवरोध समान कष्टदायक हुँदैन । त्यस समय मन परमानन्दमा डूब्न जान्छ । यो पनि श्रीभगवान्को एक अन्यतम रुप हो । भागवत मा लेखेकोछ - *"अवरुध्दरुपोऽहं"* । एस अवस्थामा योगीको जन्म-मृत्युको सब खेल रोकिन जान्छन । ईश्वर समान योगीलाई पनि त्यस समय अणिमादि अष्टसिध्दिहरु प्राप्त हुन्छन । पश्चात् पर वैराग्य-प्राप्त योगीलाई निर्विकल्प समाधिमा अचल स्थिति प्राप्त हुन्छ। यही जीवन मुक्ति या कैवल्यावस्था हो । मेरुदण्डको भित्र धेरै जसो नाडीहरु एकत्रित भएर केही विभिन्न केन्द्रहरुमा मिल्दछन । यस किसिमका छः विशिष्ट केन्द्रहरु छन । सुषुम्ना नाडी यी केन्द्रहरुलाई भेदन गर्दै जान्छन् । यी केन्द्रहरुलाई चक्र या पद्म भन्दछन ।

गुह्यद्वार माथि जुन चारदल-विशिष्ट पद्म छ त्यसलाई मूलाधार भन्दछन । लिंगमूलको पछाडि मेरुदण्डमा षडदल-विशिष्ट एक पद्म छ, त्यसलाई स्वाधिष्ठान भन्दछन । नाभिको पछाडि मेरुदण्डमा दश दल-विशिष्ट एक पद्म छ, त्यसको नाम मणिपुर हो । हृदयको पछाडि मेरुदण्डमा जुन द्वादशदल-पद्म छ, त्यसको नाम अनाहत चक्र हो । कण्ठमूलको पछाडि षोदशदल-विशिष्ट विशुद्धाख्य पद्म छ । दुबै भ्रूहरुको बीचमा आज्ञा नामको द्विदल पद्म छ । यसको माथि मस्तिष्कमा सहस्रदल कमल विराजित छ त्यही परब्रहम या सद्गुरुको स्थान हो । सुषुम्ना यी सप्त पद्महरुलाई भेदन गरी गएको छ । सुषुम्नाको भित्र एक अरु अति सूक्ष्म नाडी छ, त्यसलाई ब्रहमनाडी भन्दछन् । ब्रहमनाडीमा प्राणको स्थिति भएपछि जीवको अज्ञान नष्ट हुन जान्छन एवं ब्रहमज्ञानको प्राप्ति हुन्छ । सुषुम्ना भित्र हुनुको कारण त्यसलाई पनि साधारणतः सुषुम्ना नै भन्दछन । चित्रा र बज्रा नाडी ब्रहमनाडीको अन्तर्गत छन् । स्वाधिष्ठान देखि बज्रा र मणिपुर देखि चित्रा उठदछन । उपर्युक्त सप्त पद्म नै सप्त लोक हुन, यिनीहरु नै गायत्रीको सप्त व्याहृतिहरु हुन ।यी सप्त लोकसम्म प्राणकै प्रसार छ । साधना द्वारा यी सप्त स्थानहरु देखि प्राणलाई आहरण गर्दै ऊर्ध्व दिशामा लगेर प्रतिष्ठित गरेपछि ब्राहमी स्थिति प्राप्त हुन्छ । त्यहाँ योगी तद्विष्णुको परमपदलाई देखेर जीवन कृतकृत्य बनाउँदछन । यी सप्त स्थानहरुमा नै नानाथरीका दैवी शक्तिहरु प्रकट हुन्छन । साधकलाई यी सब तत्तत् स्थानहरुमा तत्तत् शक्तिको प्रकाश अनुभव हुन्छन । योग दर्शनमा लेखिएको छ-अविद्या संस्कारद्वारा यी सारा प्रकाश शक्ति आवृत्त रहन्छन् । प्राणायाम द्वारा - "ततः क्षीयते प्रकाशावरणम्" यी सारा प्रकाशहरुको आवरण क्षीण हुन जान्छन । जे जति प्रकाश जहाँ जहाँ छ त्यो आत्माकै प्रकाश हो, आवरण क्षीण हुन गएपछि सर्वत्र आत्माकै अस्तित्व उपलब्ध हुन्छ । प्राण नै आत्माको प्रकाश शक्ति हो, त्यही जब बहिर्मुख हुन्छ त आत्माको आवरण बन्न जान्छन । प्राणायाम द्वारा जब प्राणलाई शुध्द या स्थिर गरिन्छन तब आत्माको आवरण दूर हुन जान्छन । प्राण शक्ति नै जगत्को

आकारमा परिणत हुन्छन । जगदादि समस्त व्यापार प्राणको नै विकार हुन् । प्राणायाम साधना द्वारा प्राणको स्थिरता भएपछि प्राणको अपूर्व अन्तः शक्तिको विकास हुन्छ । त्यस द्वारा प्राण जुन आत्मा देखि निःसृत भएको छ, प्राणको त्यस आश्रय, द्रष्टा पुरुष या आत्माको सन्धान मिल्दछ, तब प्राण पनि आत्मासँगै एक हुन जान्छन । यही शिवशक्तिको सम्मिलन या समरस भाव कहलाउँछ । शिवशक्ति सम्मिलन देखि नै *सोऽहं या शिवोऽहं* वाक्यको यथार्थ तत्त्वको बोध हुन्छ । अन्यथा सहस्रौं वर्ष शास्त्रानुशीलन गर्नाले यथार्थ तत्त्वज्ञानको उदय हुँदैन । हाम्रो 'अहं' या 'म' को आश्रयले नै हाम्रो सारा ज्ञान उत्पन्न हुन्छन । अतएव 'म' र 'ज्ञान' एकै वस्तु या तत्त्व हुन् । यो आत्मतत्त्व या अद्वयज्ञान अन्य समस्त तत्त्वहरुको मूल तत्त्व हो । यो मूल तत्त्व चिर निर्विकार परमानन्द स्वरुप सबैको आत्मा हो । त्यस आत्माको नै अवलम्वनबाटै चराचर ब्रहमाण्ड विकसित भै उठदछन -*"यतो वा इमानि भूतानि जायन्ते ।"*

महाभारतमा स्थूलरुपमा यस आत्मालाई नै राजा शान्तनु भनिएकोछ । शान्तनु शब्दको अर्थ छ -*"शमं विकार शून्यं तनुर्यस्य ।"* यो विकार-शून्य पुरुष नै ब्रहम चैतन्य हो । ब्रहम चैतन्य जुन विभाव हाम्रो मन बुध्दि देखि परछ त्यही 'पुरुष' भाव हो, अनि जुन व्यक्त इन्द्रिय गम्य छ त्यो 'प्रकृति' हो । यही द्विविध प्रकृति - परा एवं अपरा भनिन्छन । गीतामा लेखेको छ -

"भूमिरापोऽनलो वायु खं मनोबुध्दिरेवच;
अहंकार इतीयं मे भिन्न प्रकृतिरष्ट धा॥
अपरेय मितस्त्वन्यां प्रकृतिं विध्दि मे पराम्;
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥"

परा प्रकृति क्षेत्रज्ञ या जीवरुपा चेतनामयी श्रेष्ठ शक्ति हो । अनि पृथ्वि, अप्, तेज, मरुत, व्योम, मनः, बुध्दि र अहंकार-यी आठ अपरा प्रकृति हुन, यिनीहरु जीवको बन्धनको कारण हुनाले निकृष्ट छन ।

शान्तनुका दुई स्त्रीहरु थिए, गंगा एवं सत्यवती । गंगा नै चेतनामयी शक्तिको आधार सुषुम्ना हो । यो चेतन प्रकृति नै जगतको मूल उपादान या प्रधान कारण हो । यसको प्रथम विकास महत्तत्त्व हो, र महत्तत्त्व नै हिरण्य गर्भ या ब्रहमा भनिन्छन । महत्तत्त्व देखि अहंकार, अनि अहंकार देखि पंच तन्मात्राहरु उत्पन्न हुन्छन । गंगाका आठ पुत्र छन । र यी नै अष्ट वसु हुन् । अष्ट वसुहरुको नाम क्रमशः भव, ध्रुव, विष्णु, अनिल, अनल, प्रयूष, विभव एवं प्रभव हुन् । यिनीहरु मध्ये सातलाई गंगाले आफ्नो जलमा डुबाई दिन्छन अर्थात सुषुम्ना अन्तर्गत यी अतीन्द्रिय शक्तिहरु विलीन रहन्छन, बाहिर व्यक्त हुन सक्तैन । केवल अष्टम अर्थात् प्रभव नै जीवित रहन्छन । प्रभवको अर्थ छ प्रकाशस्थान अर्थात् आभास चैतन्य । यसको अवलम्बन देखि नै सन्सार-लीला चल्दछन । यिनको नाम सत्यब्रत या भीष्म हो । यसले कुरु वंशलाई जीवित राख्दछन् । कुरु हो कार्यशक्ति, आभास चैतन्य बिना कुरुवंश या कार्यप्रवाह टिकन सक्तैन । यही कारणले कौरवहरुको कुनै काम यिनी बिना चल्दैन । परन्तु यो स्वयं पुत्रहीन छन अर्थात् आभास चैतन्य यद्यपि जगत् आदिको व्यापारमा प्रधान अवलम्वन छ, परन्तु स्वयं असत् हुनुको कारण उसको वंश स्थायी रहन सक्तैन । आभास चैतन्यको अन्तरालमा (यो जसको आभास या प्रतिविम्ब) जुन सदवस्तु नित्य

विद्यमान छ, त्यही कूटस्थ चैतन्य या श्रीकृष्ण हुन् । यस शुध्द चैतन्यको नै अवलम्बन गरेर आभास चैतन्यको सत्ता या अस्तित्व छ । यसैले एसको नाम 'सत्यब्रत' छ । 'ब्रत' शब्द गमनार्थक ब्रज् धातु देखि उत्पन्न भएकोछ । जो रहँदैन, गै हाल्दछ, अर्थात् सत्यदेखि जसको अस्तित्व छ, तथापि जुन सत्य छैन यानी सत्यबाट टाढा गै दिन्छन । यो भीष्म पनि हुन - जो पुनः पुनः जगत्मा जन्म-मृत्यु, आवागमनको कारण छ, जसलाई कदापि रोक्न या पराजित गर्न सकिदैन, जो अदभुत कर्माछन, यसै कारण यसलाई भीष्म भन्दछन । जगत्को स्थायित्व यसैमाथि अवलम्वित छ । यसैकारण मुमुक्षु साधकहरुको लागि यी भयप्रद छ । साधन गर्नाले मुक्ति प्राप्त हुन्छ, यो पनि भयै छ, अनि साधना द्वारा शरीर नष्ट हुनुको आशंका पनि छ । यो सत्य छ या असत्य-यो शंका पनि सर्वदा रहन्छ । आभास चैतन्य यद्यपि एक किसिमको चैतन्य नै हो, परन्तु त्यो देह-सम्बन्धी सन्साराभिमुखी चेतना हो । यसमा आत्माभिमुखी भावका अनेक आडम्बर छन, तर यथार्थ आत्माभिमुखी भाव त्यसमा छैन । पंचतत्त्व पनि यस्का आत्मीय छन, तथा विषम वासनाहरु जुन मनका सन्तानहरु हुन तीनीहरु पनि यस्का आत्मीय छन् । ज्ञानोन्मुखता एवं विषम-प्रवणता दुवै नै यसको आश्रयले लालित हुन्छन । मनको दुर्वासनाहरु (दुर्योधनादि) का बीच रहेर पनि निवृत्ति पक्षवालाहरुसँग स्नेह गर्दछ । आभास चैतन्य बिना निवृत्ति पक्षवालाहरु पनि जीवित रहन सक्तैन । यो संग्राममा अजेय छ, यसैले यसलाई जित्न नसक्नुको कारण निवृत्ति पक्षवाला जयी भएर आफ्नो स्थान बनाउन सक्तैन । निवृत्ति पक्षवालाहरुको पनि यसैकारण यो सन्सारमा कुरुवृध्द छ र पितामह पनि छ । ज्ञान र अज्ञान प्रवृति र निवृत्ति दुबै पक्ष नै यस्को परम आत्मीय छ । दुबै पक्ष नै उसको आफ्नै छन, यसैले दुबै पक्षहरुलाई त्यसले सन्तुष्ट गर्न चाहन्छ । धेरै धेरैले सोच्दछन-भीष्मले दुर्योधनको पक्ष किन लियो, धेरैलाई यो ठीक लाग्दैन । परन्तु यो आभास चैतन्य त वास्तविक आत्मचैतन्य होइन, यो त जीव चैतन्य या प्रतिविम्वित चैतन्य मात्र हो । अतएव त्यो निवृत्ति-पक्षमा स्थायी भावले रहन सक्तैन । अतएव अन्तसम्म उसलाई प्रवृत्ति पक्षमा नै मिल्नु पर्दछ-नत्र भने त संन्सार चल्न सक्तैन । संसार या देहाभिमान आभास चैतन्यको असली आश्रय हो । प्रवृत्तिपक्षवालाहरुको पनि देहाभिमान बिना काम चल्न सक्तैन । परन्तु निवृत्ति पक्षवालाहरु देहाभिमानलाई त्यागने चेष्टा गरिरहन्छन । जब निवृत्ति पक्षवाला बलवान र विजयी हुन्छन त आभास चैतन्य टिक्न पाउँदैन, त्यो विलयलाई प्राप्त हुन जान्छन । जीव चैतन्य या आभास चैतन्य विलुप्त हुनु बिना शुध्द चैतन्यको प्राकट्य या नित्यस्थिति संभव छैन ।

द्वितीय स्त्री सत्यवती (अविद्या) छ अर्थात सत्य नभएर पनि जुन सत्यवत् प्रतीति हुन्छन । त्यो रुपवती अर्थात् शब्द-स्पर्श-रुप-रस-गन्धमयी भएर पनि प्रथम मत्स्यगन्धा थिइन् । सन्सारमा कामक्रोध लोभको बशीभूत भएर जीव जुन कर्महरुलाई गर्दछ त्यो पहिले राम्रो देखिएर पनि भित्रदेखि अतिशय दुर्गन्धमय हुन्छन् । साधुजन आपात मनोरम रुपमाथि मोहित हुँदैनन, अतएव तिनीहरु यस दुर्गन्ध एवं घृणाले पूर्ण अविद्यारुपिणी कन्यालाई ग्रहण गर्न चाहँदैनन् । यो अविद्या शक्ति नै जगत्को बन्धनकारिणी शक्ति हो, परन्तु सद्गुरुको कृपाले जीव जब साधु जीवन यापनको लागि कृतसंकल्प हुन्छ, तब त्यो अविद्या विद्यारुपिणी बनेर जीवको मुक्तिको कारण बन्दछ -*"सैषाप्रसन्ना वरदा नृणां भवति मुक्तये ।"* यो अविद्या नै शरीर या क्षेत्र हो । यसको उपासना गर्नाले जीव उनमत्त हुन्छ, त्यसको दुर्गतिको सीमा रहँदैन ।

मत्स्य शब्द मद् धातु देखि निस्केको छ। पुनः सदगुरुको उपदेशले यस शरीरको संस्थान देखि अवगत भै त्यसमा ध्यानादि साधन रुप गुरुप्रदत्त शक्तिको प्रयोग गरेपछि त्यो मोक्षको सोपान रुपमा गण्य हुन जान्छ *"शरीरमाद्यं खलु धर्म-साधनम्"* यही पराशरको वरको प्रभावबाट मत्स्यगन्धाको पद्मगन्ध हुनुको रहस्य हो। तब यस शरीर भित्र देखि *"कृष्णद्वैयापन"* जन्म लिन्छन-अर्थात सदगुरु प्रदर्शित साधनको सहायताले ज्योतिर्मय मण्डल एवं त्यसको भित्र कृष्णवर्ण कूटस्थको उपलब्धि हुन्छ।

सत्यवती या अपरा प्रकृतिका दुई सन्तानहरु छन-चित्रांगद एवं विचित्रवीर्य। (१) चित्रांगद हुन-पंच भूतात्मक जड दृश्य तथा विचित्र अवयवयुक्त यो शोभन शरीर र वाह्य प्रकृति। (२) विचित्र वीर्य-(जसको वीर्य विस्मयजनक छ) नाना किसिमका वर्णहरुले युक्त अर्थात सुख दुःखादि अनुभव गर्नको लागि जोसँग नाना प्रकारका शक्तिहरु छन त्यो विचित्रवीर्य अर्थात् ज्ञानात्मिका मनोवृत्ति हो।

"महाभूतान्यहंकारो बुध्दिर व्यक्त मेव च;
इन्द्रियाणि दशैकंच पंच चेन्द्रिय गोचरा :॥
इच्छा द्वेष : सुखं दुःखं संघातश्चेतना धृतिः;
एतत् क्षेत्र समासेन सविकारमुदाहृतम ॥"

क्षिति, अप्, तेज, मरुत्, व्योम-यी पंच महाभूत, एसको कारण स्वरुप अहंकार, बुध्दि (महत्तत्त्व), अव्यक्त (मूलप्रकृति), दश इन्द्रियहरु, मन तथा इन्द्रियगोचर पंचतन्मात्राहरु (शब्द, स्पर्श, रुप, रस, गन्ध) इच्छा, द्वेष, सुख, दुःख, शरीर, चेतना (ज्ञानात्मिका मनोवृत्ति) एवं धैर्य-यो इन्द्रियादि विकारहरुको साथै क्षेत्रलाई संक्षेपमा बताएकोछ।

यस ज्ञानात्मिका मनोवृत्तिरुप विचित्रवीर्य देखि (१) संकल्पात्मक मन (धृतराष्ट्र) अनि (२) मनको निश्चयात्मिका बुध्दि (पाण्डु) उत्पन्न हुन्छन। धृतराष्ट्र=धृतं राष्ट्रं येन-जसले प्रकृतिको राज्यलाई समातेकाछन त्यो मन। मन नै यस शरिर-राज्यको राजा हो, परन्तु यसलाई सद्सद्को विचार शक्ति छैन, यसैकारण जन्मान्ध छन। संशयात्मिका वृत्तिको कारण मन अत्यन्त चचंचल छन।

विचित्रवीर्यको द्वितीय पुत्र पाण्डु हुन। पण्ड् धातु देखि पाण्डु शब्द बनेकोछ। एसको अर्थ छ वेदोज्ज्वला बुध्दि। अतएव त्यो वर्णहीन हुनुको कारण निर्मल छन्। शरीरको रंग पाण्डु हुनुको कारण उनको नाम पाण्डु छ। बुध्दि प्रवृत्तिमुखी र निवृत्तिमुखी दुबै हुन्छन, यसैले पाण्डुको दुई स्त्रीहरु छन-कुन्ती र माद्री। कुन्ती शब्द कुन् धातु र माद्रीशब्द मद् धातुले बनेको छ। कुन् धातुको अर्थ छ आह्वान गर्नु, जुन आह्वान या साधन शक्तिको प्रभावले देवता या दिव्यभावलाई स्वाधीन गरिइन्छन। अनि मद् धातुको अर्थ छ बुध्दिलाई मत्त गर्नु, विषय भोगमा लगाउनु। सुषुम्ना नै बुध्दिको क्षेत्र यो स्त्री हो, त्यसको माथि र तल दुई प्रकारका गतिहरु देखिइन्छन। नाभि देखि माथिको स्थान देवशक्तिका केन्द्र छन; यसै कारण प्रथम दैवशक्ति जाग्रत भएर कण्ठको विशुध्दाख्य चक्रमा स्थित व्योम-तत्त्व-शक्ति या युधिष्ठिर (युधिष्ठिर-युध्दमा जो स्थिर छ-मनको स्थिर संकल्प) लाई प्रकट गर्दछन; त्यसपछि हृदयमा अनाहत चक्रमा वायु तत्त्व या भीमलाई, तथा त्यस पश्चात् नाभिदेशमा मण्पिुर (चक्रमा तेजस्तत्त्व अर्जुनलाई प्रकट गर्दछ।

यस तेज, वायु र आकाशलाई लिएर नै अध्यात्म-युध्दको खेल आरम्भ हुन्छन । फेरि पाण्डुको अनुरोधबाट कुन्तीले यस दैवी शक्ति माद्रीलाई दिन्छन, अर्थात बुद्धि द्वारा यो शक्ति नाभिको अधोभागमा (निम्न गति) संचालित भएर लिंग देशस्थ स्वाधि+ष्ठान चक्रमा जलतत्त्व या नकुललाई तथा गुह्य देशस्थ मूलाधार चक्रमा पृथ्वीतत्त्व या सहदेवलाई प्रकाशित गर्दछन । पाण्डु पनि मदोन्मत्त भएर अर्थात माद्रीमा आसक्त भै त्यसको अनुगमन गरेपछि निर्मल बुध्दि या पाण्डुको विनाश हुन जान्छ ।

पंचतत्त्व, पंचचक्रहरुमा अधिष्ठित शक्ति, साधनको बलले एकत्र मिल्न जान्छन,, तब ऊर्ध्वदिशातिर उनको गति हुन्छन । यिनीहरु निवृत्ति पक्षीय हुन, एसैले यिनीहरु सब देहको पृष्ठ भागमा छन । साधना द्वारा पंचतत्त्वको शक्ति एकत्र एवं शक्ति सम्पन्न हुनासाथ, देहको सम्मुखतिर मनका प्रवृत्ति पक्षीय वृत्तिहरुले घोरतर बाधा दिन आयोजन गर्दछन-यही कुरु क्षेत्रको युध्द हो । धृतराष्ट्र-मन विषयहरु प्रति लुब्ध भएर दसै दिशाहरु तिर दौडिन्छन, प्रत्येक दिशामा दस किसिमका गतिहरु हुन्छन, सब एकत्र मिलेर एकसय हुन्छन । यीनीहरु नै षट्चक्रमा स्थित पचास दलहरुमा पचास किसिमका वायु हुन्, अन्तः र बहिः स्थितिमा यिनीहरु नै एकसय हुन जान्छन् । सहस्रदल कमलमा एकत्व भावमा ५० वायु र त्यसदेखि बाहिर ५० वायु - कुल सय हुन्छन्, अनि यिनीहरु दसै दिशाहरुमा दौडनुको कारण सहस्रदलकमल बन्दछ । यी षटचक्रमा स्थित वायु विषयमा विक्षिप्त भएर विकारलाई प्राप्त हुन्छन प्राणायामद्वारा एसको विकृत भावलाई शोधन गर्नु साधनाको लक्ष हो । निरन्तर प्राणायाम पश्चात् ध्यान गर्नाले विचित्र सामर्थ्य प्राप्त हुन्छन्, मन तब इच्छारहित भएर निरालम्बमा स्थिति लाभ गर्दछ । यसैलाई *'राजाधिराज योग'* भन्दछन् ।

प्रवृत्तिपक्षीय मनका यी समस्त वेगसमूह अन्धोमन यानी धृतराष्ट्रका दुर्योधनादि सय पुत्र हुन् । (दुर्योधनादिका आध्यात्मिक अर्थ द्रष्टव्यछ) । पाण्डव निवृत्ति पक्षका हुन, यसैकारण ज्ञानतत्व परमात्मा या कूटस्थ चैतन्य पाण्डव पक्षका सारथी या सहायक हुन जान्छन ।

पुनः एकपल्ट संक्षेपमा यी सारा कुराहरुको आलोचना गरिन्छ । युद्ध स्थान कुरुक्षेत्र यही शरीर हो । - *"इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते"*-जहाँ सदा हरहमेशा नै कर्मै गर्नु पर्ने हुन्छ । यस क्षेत्रमा दुई पक्षहरुको संग्राम चलिरहेकोछ । शरीरको चारभाग छन- माथि, तल, अगाडि, र पछाडि । माथिल्लो भागमा मस्तक उत्तर भाग हो, देवस्थान या दैवशक्तिको प्रकाशक यो छ । याहाँ उन्मत्त गर्नेवाला काम भाग विद्यमान रहन्छ, जुन अतिमृत्युको कारण छ । देहको सन्मुख भोग या दृश्यराज्य छ । समस्त रुपरसादि सम्मुख छन्, यतैतिर मनको अधिक आसक्ति हुन्छ । देहको पछिल्लो भाग मेरुदण्ड तिर छ, त्यही निवृत्तिको दिशा हो । त्यँहा चित्तलाई राख्न सकेमा विषयवासनाको निवृत्ति हुन्छ, यसै कारण पाण्डवगण, सुषुम्ना बीच चक्रहरुका अधिष्ठाता या त्याँहाको दैवशक्ति हुन ।

यद्यपि संक्षेपमा याहाँ परिचय दिइयो तथापि यसलाई जान्नु बिना गीताको आध्यात्मिक व्याख्या बुझ्नमा सुविधा हुनेछैन । यसैकारण मलाई यति लेख्नको लागि बाध्य हुनु परेको छ ।

ॐ तत्सत् ! ॐ तत्सत् !! ॐ तत्सत् !!!

अथ श्रीमद्भगवद् गीता

प्रथमोऽध्याय;
विषाद-योग

धृतराष्ट्र उवाचः-

धर्म क्षेत्रे कुरु क्षेत्रे समवेता युयुत्सवः॥
मामका पाण्डवाश्चैव किम् कुर्वत संजय ॥ ॥१॥

श्री धरीय टीका - धृतराष्ट्रले भन्यो - हे संजय ! धर्म भूमि कुरू क्षेत्रमा मेरा पुत्रहरु र पाण्डुका पुत्रहरु युध्द गर्ने इच्छाले जम्मा भएर के गरे ? ॥ १ ॥

आध्यात्मिक व्याख्या - "धर्मक्षेत्रे-धर्म अर्थात भूतहरु प्रति दया, जसबाट जीवको रक्षा हुन्छ, यसप्रकारको कर्मलाई अकर्म कर्म भन्दछन । यस्को प्रमाण गीतामा छ-

"कर्मण्य कर्म यः पश्येद कर्मणि च कर्म यः ।
स बुध्दिमान् मनुष्येषु स युक्त कृत्स्न कर्म कृत ॥"

अर्थात् जुन कर्म फलाकांक्षारहित छ। एवं गुरुबाट प्राप्त छ, तेस्ले आयु बृद्धि भएर शरीरको रक्षा, - एसैको नाम दया हो । पहिले प्रथमतः आफ्नो शरीरको रक्षा गरेपछि अर्काको शरीर रक्षा गर्ने प्रयत्न प्राप्त हुन्छ। यसप्रकारको धर्म क्षेत्र छ, क्षेत्र माने शरीर । यस्को प्रमाण गीतामा छ-*"इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।"* अर्थात् क्रिया गर्ने शरीर । यसैमा परमात्मा जीवात्मा भएर विद्यमान छ। यकातिर पंच-तत्व अर्थात पंच पाण्डव-युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव यानी आकाश, वायु, अग्नि, जल एवं मृत्तिका। युधिष्ठिर आकाश-स्वरुप छ, त्यसैले व्योम परव्योममा मिल्न गयो, अर्थात सशरीर स्वर्ग गयो। भीम वायु-स्वरुप छ, यस्को प्रमाण महाभारतमा छ-"खचरस्य सुतस्य सुतः खचरः खचरी परिरोदिती हा खचरः ।" अर्जुन इन्द्रको पुत्र हो -इ-शक्ति, न्द्र-अग्नि समान जस्को शक्ति छ र तेज । यसैकारण बज्रलाई इन्द्रायुध भनेकोछ। नकुल-न+कुल जस्को किनार छैन, जल । सहदेव मृत्तिकाको पुत्र हो । यो महाभारतमा लेखिएको छ । कुरुक्षेत्र=क्षेत्रमा अर्थात् यो शरीरमा । पंच ज्ञानेन्द्रिय र पंच कर्मेन्द्रिय, जम्मा दस इन्द्रियहरु दशै दिशामा धावमान छ; यही मनरुप धृतराष्ट्रको शत-पुत्र हुन-यिनीहरुको नाम आदि-पर्वमा सविस्तार लेखिएको छ। यही नामहरुको प्रतीकात्मक रुपक-अर्थ तथा तदनुसार समस्त कर्मजुन कुप्रवृत्तिका अनुगामि छन् - उपक्रमणिकामा वर्णित छन । नाभिदेखि तल मूलाधार सम्म अधोगमन या परतन्त्रमूलक कुरु छ अर्थात् फलाकांक्षासंगै कर्म गर्ने भन्दछन् - यसैलाई कुरुक्षेत्र भन्दछन । प्रवृत्ति र निवृत्ति यी दुई दल लडाई गर्ने चाहना राख्छन्, युध्द गर्न चाहन्छन । अहं इत्याकार-युक्त मनको प्रश्न यो छ-कुदिशायुक्त हाम्रो पक्ष र पाण्डव पंचतत्त्व सहित के गर्दैछ ? संजय शब्दको अर्थ दिव्यदृष्टि, अर्थात ब्रहममा मनरत भयेमा कस्तो अनुभव हुन्छ यो मनले जान्न चाहिरहेछन । दिव्यदृष्टिबाट जुन प्रकाश हुन्छ, त्यो स्थिर भएर भन्दैछन्"

- धर्म के हो ? सबै जीव प्रति दया नै धर्म हो । - अर्थात यस्तो कर्म जस्ले सबै जीवको रक्षा हुन्छ - यसैलाई अकर्म भन्दछन् । तात्पर्य जुन कर्म गरिनाले कर्मफल या कर्म बन्धन हुँदैन त्यही यथार्थतः सही कर्म हो । वस्तुतः फलाकांक्षारहित कर्म नै त्यही हो । यस्तो कर्म गर्न सद्गुरुसंग सिक्नु पर्दछ । हाम्रा सबै इन्द्रियहरु कुनै न कुनै उद्देश्य लिएर कर्म गर्न प्रवृत्त हुन्छ, किन्तु प्राणको अहर्निश श्वास-प्रश्वास रुपी कर्म कुनै कामना या संकल्पले चल्ने होइन ; यो प्राण-कर्म कर्म-फल कामना रहित छ । अतएव जो साधक गुरु निर्देशानुसार मन लाई प्राणसंग मिलाउने प्रयत्न गर्दछन्, त्यसको मन पनि प्राण समान आकांक्षा शून्य हुन्छन । प्राणकर्मको विषयमा उपदेश प्रदान गर्नु वास्तविक जीव दया हो । निश्चय पनि अन्नादि दान गर्नु पनि दया हो, तर त्यो दयाले दुःख सदाको लागि निमिटयान्न हुन्न । वासनाको भोक नै जीवको भव रोग हो । लोकलाई अन्न दिनाले केही समयको लागि उस्को भोक अवस्य हराउनेछ, परन्तु उस्लाई फेरि भोक लाग्दछ र पुनः उस्ले दुःख पाउँछ । अतयव ज्ञानदान नै यथार्थ धर्म हो र दया जसबाट जीवनको काम, क्षुधा, वासना सदाको लागि नष्ट हुन जान्छ । वासनाको भोक नै जीवको भवरोग हो र ज्ञान नै त्यो रोगको परम औषधि हो । मन र बुध्दिलाई निश्चल गर्न सके यो ज्ञान आविर्भूत हुन्छ । मनमा निरन्तर वासनाको आँधि हुरी उठेर उस्लाई सदा जिर्णशिर्ण गरिरहन्छन् । यही मनको रोग नष्ट नभए उस्लाई कदापि शान्ति मिल्न सक्तैन । अब हेरौं मन कसरी शान्त हुन्छ ? योग शास्त्रमा लेखिएको छ - *"चले वाते चलच्चित्तम्"* प्राणवायु चंचल हुनाको कारण हाम्रो चित्त पनि चंचल छ । अतः साधनाले प्राणलाई स्थिर गर्न सकेमा अनायास मन र बुध्दिको चंचलता मेटिन्छ । तर प्राणको साधना गर्न शरीरको पनि आवश्यक छ । तवै यथार्थ धर्म पालन गर्ने क्षमता प्राप्त हुन्छ । शरीरलाई श्री भगवानले अपूर्व कौशलपूर्वक रच्नु भएकोछ, यही शरीरमा नै नित्य शुध्द परमात्मा बस्नु भएकोछ -उनैलाई जानेर चिनेर जीव कृत कृत्य हुन्छ । उनलाई जान्ने व्यवस्था पनि यसै शरीरमा उहाँले गर्नु भएकोछ, यसैकारण शरीरको एति आदर भएको हो । *"धर्मार्थ काम मोक्षाणां शरीरं साधनं यतः"* मनुष्य शरीर प्राप्तिको लागि वहुधा देवताहरु पनि कल्पन्छन । अवश्य यस देहद्वारा धेरै अनर्थ कर्म पनि हुन जान्छन, तर जब गुरुकृपाले यसै शरीरमा मनुष्यलाई साधनरुपी दीयो हस्तगत हुन्छ त उस्को जन्म जीवन्त सफल हुन जान्छन् । धर्म साधन कै निम्ति हामीलाई यो मनुष्यदेह प्राप्त भएको हो । तर साधनाको उपेक्षा गरी केवल पशु समान वासना भोग विलाश मै यस शरीरलाई लगाउँछौं भने त्यो भन्दा ठूलो हतभाग्य या दुर्भाग्य के होला ?

"अहं" या 'म' को अवलम्वनबाटै हाम्रो समस्त ज्ञानको-आत्मबोध या अनात्मबोध उदित हुन्छ । अतः हाम्रो "अहं" ज्ञान पनि दुई प्रकारको हुन जान्छ-"देहोऽहं" एवं "शिवोऽहं" । *"देहोऽहं इति या बुध्दि अविद्या सा प्रकीर्तिता"*-यो "देहोऽहं" बुध्दि नै अविद्या या अज्ञान हो । अनि *"ना हं देहः चिदात्मेति"* अर्थात म देह होइन, चिदात्मा हुँ, यही विद्या या ज्ञान हो । तर हामीलाई प्रथमतः देहज्ञान नैं हुन्छ, हामी यो देहज्ञान-युक्त "अहं" "म" सँग परिचित छौं । यही आत्माको बध्दभाव हो । अनि अर्को "अहं"-"म" छ, "सोहं" या "शिवोऽहं"-योसँग हाम्रो परिचितिता त्यति छैन, तर यही "अहं" - *"अहं हि सर्व यज्ञानाम् भोक्ता च*

प्रभुरेवच" -यही हाम्रो आत्मा हो-त्यो चीरमुक्त सत्चित् आनन्द स्वभाव छ । परन्तु त्यो इन्द्रियहरुबाट अगोचर छ, त्यसैले उस्लाई "स" शब्द द्वारा परिलक्षित गरिएको छ । हामी सर्वदा "म" "म" भन्दछौं,, तर हाम्रो "म" "म" भन्ने वस्तु के हो हामी जान्दैनौ । यसैकारण उस्को परिचय दिइयो - "म" नै त्यो "स" हूं वा त्यो "स" नै म हूंम । यो शरिराभिमानी युक्त "म" ले जब त्यो "म" लाई खोजेर निकाल्दछ तब उ त्यसैमा निमग्न भैरहन्छ । तबै ब्रहम ज्ञान प्राप्त हुन्छ र जीवलीला अवसान भै दिन्छ । यी दुवैको मिलन विन्दु नै योग साधनाको लक्ष्य हो । त्यो लक्ष्य सम्म पुग्नलाई धेरै धेरै साधना गर्नु पर्ने हुन्छ । यसैले यो कुरु क्षेत्रको युध्दको आयोजन हुन्छ । कुरुक्षेत्रको युध्दको दुइटा पक्ष छन् - एउटा धर्म वा निवृत्तिको पक्ष, अर्को अधर्म वा प्रवृत्तिको पक्ष । धर्म एवं अधर्म अथवा प्रवृत्ति र निवृत्तिको लडाईको इतिहास मानव जीवन हो । महाभारतमा यस्लाई एसरी वर्णन गरिएको छ ।-

"ॐ दुर्योधनो मन्युमयो महाद्रुमः स्कन्धः कर्णः शकुनिस्तस्यशाखा
दुःशासनः पुष्पफले समृध्दे मूलं राजा धृतराष्ट्रो मनीषिः ॥"
ॐ युधिष्ठिरो धर्ममयो महाद्रुमः
स्कन्धोऽर्जुनो भीमसेनोऽस्थ शाखा ।
माद्री सुतौ पुष्प फले समृद्धे ;
मूलंकृष्णे ब्रहम च ब्राह्मणाश्च ॥

दुर्योधन पापमय वृक्ष, कर्ण त्यो रुखको स्कन्ध, शकुनि शाखा, दुःशासन समृध्द पुष्पफल तथा मनीषि राजा धृतराष्ट्र त्यो वृक्षको मूल हो । त्यस्तै युधिष्ठिर धर्ममय महावृक्ष, अर्जुन स्कन्ध, भीमसेन शाखा माद्रीसुत नकुल सहदेव समृध्द पुष्पफल एवं त्यस वृक्षको मूल श्रीकृष्ण वेद तथा ब्राहमण हो ।

संजय उवाच-

दृष्टवा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसंगम्य राजा वचनमव्रवीत ॥ २ ॥

श्री धरीय टीका- संजयले भन्यो - पाण्डवहरुलाई सेनाको व्यूह रचनामा व्यस्त देखेर राजा दुर्योधन आचार्य द्रोण कहाँ गएर एसरी भन्न थाल्यो । ॥ २ ॥

आध्यात्मिक व्याख्या - "यो शरीरको सेना-ललाट, चन्द्र, स्तन, त्रिवली, श्रुति, उरु, केश, पार्श्व, मुख, नासिका, ग्रीवा, नाभि, आँखा, वाहु, नंग्रा, नितम्ब, पृष्ठ, कुक्षि, उदर, पद, योनि, चिवुक, श्वास, जानु, जंघा, भ्रू, भ्रूमध्यस्थान, गुल्फ, मष्तक, कर, कंठ, वाक्, दन्त, मांस, त्वक, अस्थि, सिर, नाडी आदि हो । नाडी समूहमा मुख्य नाडी-समूह गंगा, यमुना, गान्धारी आदि हुन । दाहिने कानमा पुषा, देब्रे कानमा यशस्विनी, दाहिने आँखामा हस्तिजिहवा, बाँया आँखामा गान्धारी, मेरुदण्डको दाहिने पिंगला, बीचमा सुषुम्ना, देब्रे कानमा यशस्विनी, देब्रे नासा इडा, जीब्रोमा सरस्वती, लिंगमा कुहू, मूलाधारमा वारुणी-कुहू

एवं गुह्यद्वारमा शंखिनी छन -यी सबै नाडी प्रवाहरुपी सेना हुन्-परन्तु नदी नभयमा प्रवाह कसरी आउन सक्तछ ? अतयव एस्को शास्त्रोक्त नाम क्रमशः लेखिन्छ।- (१) इडा-गंगा (२) पिंगला-यमुना, (३) गान्धारी-कावेरी, (४) हस्तिनी- सिन्धु, (५) पुषा-ताम्रपर्णि (६) अलंवुषा -गोमती, (७, ८) सुषुम्ना-सरस्वती, (९) कुहू - नर्मदा, (१०, ११) वारुणी-नारायणी, (१२) पयस्विनी-कोशी । यिनीहरु सबैलाई देखेर दुर्योधन जस्को साधन-क्रियामा इच्छा छैन, जस्लेअज्ञानवश कानले सुन्छ-स्वयं आचार्य-द्रोणाचार्यलाई श्रेष्ठ सम्झेर,-जस्को एकोहरो दृष्टि रहन्छ - अर्थात परंपरा देखि चलिआएको मात्र गर्नेवाला एस्तो किसिमको बुध्दिको पासमा गएर जानकारी गराउँदै बोल्यो"-

-यो देहको मानो समस्त अंग-प्रत्यंग सन्सार-संग्रामको सेनाहरु हुन । यसैले त नाना प्रकारको विषय संग्रहको लागि प्रयत्न गरिरहन्छन्, अवश्य मूलमा मन रहन्छ र त्यो मन नै यी सबैको राजा को । यद्यपि मन राजा भैकन पनि त मानसिक वृत्तिहरुमा कामरुपी दुर्मति नै समस्त कर्मको अधिनायक छ । यही दुर्द्धर्ष कामरुपी दुर्मति सारा भोगतृष्णाको हेतु छ । काम सदासर्वदा निवृत्तिपक्षहरुसंग वैर साधिरहन्छन् र तिनीहरुलाई पराभूत पददलित गर्ने चेष्टा गरिरहन्छन । प्रथमतः समस्त जीवहरुमा भोग प्रति आसक्ति रहन्छन, पश्चात जब सद्विचार बुध्दि, प्रतिष्ठित हुन्छन त जीवलाई भोगको निस्सारता समझमा आउँछ; तब भोग देखि निवृत्त हुन चाहन्छ । भोगबाट निवृत्तिको इच्छा भएर शमदमादिको साधन गर्न बुध्दि चेष्टा गर्दछ, तवै प्रवृत्तिपक्ष वालाहरुको मनमा खलबली मच्चिन थाल्छन । उनीहरुमा विशेषतः जब दुर्मतिले देख्दछ -निवृत्तिपक्षवालाहरु युध्द गर्ने नै छन, तब उस्को मुख्य लक्ष हुन्छ-साधन समरमा हरकिसिमसँग उनीहरुलाई पराजित गरी स्वराज्य स्थापना गर्नु । जब दुर्मतिले निवृत्तिपक्षीयहरु कम्मर कसी युध्द गर्न उठेकाछन; युध्दगर्नलाई व्यूह रचना गरी मोर्चा कसेकाछन्, - त्यो देखेर बाध्य भै जीवको अन्तसमा जुन धर्म-विरुध्द संस्कार छ-त्यसैको आश्रय गर्दछन । यही हो द्रोणको नजिक दुर्योधनको आगमन । आचार्य द्रोण दुवै पक्षको गुरु हो । किन भने संस्कार र तज्जनित आग्रह नभैकन कुनैपनि मनुष्य न त त्यो बाटोमा लाग्न सक्छन् नत प्रबल नै हुन सक्छन् ? "द्रु" घातुबाट द्रोण शब्द बन्दछ, "द्रु" धातुको अर्थ हुन्छ गमन गर्नु, जो साथसाथै गमन गर्दछ- कर्मको संस्कार नै संगसंगै हिंडद्छ । यसै कारण संस्कार वडो हठी र जिद्दिवाल हुन्छ । कुनैपनि मानिस आफ्नो संस्कार या आग्रह सहजै छोड्न चाहँदैन । दुर्योधन त दुर्मति नै भै हाल्यो, भोगसुखमा आसक्त भैरहनु उस्को स्वभावै भयो । उस्लाई साधना गर्ने इच्छा हुँदैन, बरु झन साधना नगरी संसार प्रवाहमा अमुमुक्षु भएरै रहिरहौं-यही दुर्मतिको चीरकालको साध् हो । साधनाको अनिच्छा नै सबभन्दा ठूलो दुर्मति हो । यो दुर्मति जस्मा हुन्छ, त्यो तहसम्म गएर कुनै पनि कुरा बुझ्न चाहन्न किनभने बुझियो भने कतै उस्को बुध्दि नबिग्रियोस ! ठीक बेठीक कानले सुनेर काम गर्दछन् । उस्लाई स्वयं आफुमा यति अभिमान हुन्छ-आफ्नै बुध्दिलाई सर्वापेक्षा श्रेष्ठ सम्झन्छन र कसैको अगाडि नतसिर हुन चाहन्नन् । एस्तो किसिमको दुर्मति जब देख्दछ-यो देह, यो शरीर अब उस्कै राज्य हो र सारा कुरा उस्कै अधिकारमा छ, तथा निर्वासित पददलित सुबुध्दि अचानक फेरि राज्यको भाग चाहन्छ - मनमा सुशोभित भै आसीन हुन चाहन्छ-तब दुर्मतिलाई असह्य हुन्छ र अनि उ उस्लाई सियोको टुप्पो अग्रभाग

परिमाण भाग दिन पनि सम्मत हुँदैन - अर्थात विषाक्त मन दुई घडीसम्म पनि सुबुध्दिको आश्रयमा साधन भजनमा मन लागोस-यी सब दुर्मति दुबुर्द्धिलाई रंच मात्र पनि सहय छैन । युद्धबाट होस वा जसरी भने पनि होस सुबुद्धिलाई देह-मनोराज्यबाट बाहिर धपाउन चाहन्छ । यसै कारण यो कुरुक्षेत्रको युध्दको आयोजन हुन्छ । जब दुर्मतिले देख्यो-साँच्चिकै निवृत्तिपक्षीयहरु जोडतोडले युध्दको व्यूह रचना गर्दैछ; - तब उ आचार्य द्रोणकहाँ जान्छन र भन्छन - हेर्नु होस यिनीहरु हामीसंग लडाई गर्ने भन्छन, तपाईं नै संस्कार हुनु हुन्छ, तपाई कै कृपाले यिनीहरु बडोबीर भएकाछन । यसबेला तपाईं (दुष्टसंस्कार) हाम्रो दलमा हुनु हुन्छ, तपाईंकै विरुध्द यिनीहरु युध्द गर्नेछन, यिनीहरुको एत्रो ठूलो स्पर्धा ! एत्रो हिम्मत ! तब दुष्ट संस्कार एवं आग्रह जनित दुर्मतिको जिद्दी र हठीपना बढेर निश्चय गर्दछ - निवृत्ति पक्षवालाहरुलाई पराजित गरी भोगराज्यलाई स्वायत्त गर्नु पर्दछ । द्रोणाचार्य दुर्योधनको दलको प्रधान नेता हो । उ आग्रही छ, अतयव उस्को एकातिर मात्र दृष्टि रहन्छ । त्यही संस्कारवश उस्लाई प्रतीत हुन्छ -यी विपत्तिहरु (निवृत्तिपक्षीय भाव) कहाँबाट आइलाग्यो ? शम, दम, वैराग्य, साधन भजनादिको प्रयोजन किन ? परंपरांदेखि जे चलिआइरहेको छ, त्यही गर्नु पर्दछ ; - मनमा एस्तो भाव उदय हुन्छ । यही हो दुर्मतिको उभय पक्षको गुरु - संस्कार या आग्रहको समीपमा जानु । ॥ २ ॥

पश्यैतां पाण्डू पुत्राणामाचार्य महतीं चमूम् ।
व्यूढां द्रुपद पुत्रेण तब शिष्येण धीमता ॥ ३ ॥

श्री धरीय टीका - हे आचार्य ! पाण्डवहरुको विशाल सेनालाई अवलोकन गर्नुहोस । तपाईं कै शिष्य धृष्टद्युम्न द्वारा नै यो व्यूह मोर्चा गठित भएको छ । ॥ ३ ॥

आध्यात्मिक व्याख्या - "पंचतत्त्वको महानदललाई हेर्नुहोस-अन्तरयामीको अन्तरगति त्यो पनि एकरुखी या हठी शिष्य !"

द्रुपदको पुत्र धृष्टद्युम्न- कूटस्थमा चित्र विचित्र रुप हो । कूटस्थको मण्डलमा विचित्र ज्योति प्रकाश छ । यसै ज्योतिको सहाराबाट साधना-अनुकुल वृत्तिहरुको रक्षा हुन्छ । अर्थात् जस्लाई जुनप्रकारको ज्योति दर्शन हुन्छ, उस्को साधना प्रति मनको गति पनि तदनुरुप हुन जान्छ । त्यस ज्योतिमा मनलाई लगाएर अनुसन्धान गर्नाले अनेक किसिमको घटनाहरु पत्ता लाग्दछ । त्यही द्रुपद पुत्र हो । द्रुपद -अन्तर्यामित्त्व रुप मनको द्रुत गति अर्थात जसबाट अनेक घटनाहरुको अल्पकालमै बोध हुन जान्छ;तर यस्लाई दिव्य दृष्टि भनिदैन, यो एक प्रकारको आध्यात्मिक शक्ति हो । यस्को तेजद्वारा नै पंचतत्त्वको रक्षा हुन्छ । यो पनि एक रुखी अर्थात द्रोणको शिष्य हो । एकरुखी भएर साधन नगरी कसरी साधन संस्कार बसाल्न सकिन्छ ? अथवा साधन शक्ति कसरी स्फुटित हुन सक्छ ? यही पंच-तत्त्व दलको मुखपात या सेनापति छ । पहिले कूटस्थमा चित्र विचित्र ज्योति नै देखिन्छ । त्यसलाई देखेर साधकको मनमा केही आशाको संचार हुन्छ -जव पहिलेनै साधन क्रिया गर्दा गर्दै एस्तो अनौठो अपूर्व चित्र विचित्र देखिन्छ भने त्यो भन्दा अगाडी के के पाइने हो, अतयव साधनमा लागि रहनु ठीक हो । यसै कारण दुर्मतिलाई धेरै धेरै भय छ - साधन गर्दा

गर्दै नाना प्रकारको विचित्र दृश्य - कूटस्थमा देखेर कतै साधनमा नै मन जमठ नहोस । धृष्टको अर्थ प्रगल्भ र द्युम्नको बल पनि हुन्छ - जो कुनैपनि विषयमा हतासिन्न, बलपूर्वक साधनमा लागि दिन्छ । यो पनि हठको शिष्य हो । द्रोणाचार्यरुपी संस्कार एस्को पनि गुरु हो । एकपल्ट मनमा लागेपछि साधनको यथार्थ तत्व बुझोस वा नबुझोस साधनामा कम्मर कसेर लागिरहन्छ । साधनाको प्राथमिक अवस्थामा यस्को आवश्यकता नभै हुन्न । यसैकारण धृष्टद्युम्न पंचतत्त्व-दलको सेनापति या मुखपात भएकोछ । ॥ ३ ॥

अत्र शुरा महेष्वासा भीमार्जुनसमा युधि ।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥ ४ ॥

ण्धृष्टकेतु श्चेकितान : काशिराजश्च वीर्यवान ।
पुरुजित् कुन्ति भोजश्च शैव्यश्च नरपुंगवः ॥ ५ ॥

युधा मन्युश्च्च विक्रान्त उत्तमौजाश्च्च वीर्यवान ।
सौभद्रो द्रौपदेयाश्च सर्व यव महारथाः ॥ ६ ॥

श्री धरीय टीका - यस सेनामा भीम अर्जुन जस्तै अति प्रशिध्द महाधनुर्धर शुर बीर छन । यिनीहरुको नाम भन्दछु -सात्यकि, विराट, महारथ द्रुपद, धृष्टकेतु चेकितान वीर्यवान काशिराज, पुरुजित, कुन्तिभोज, नरश्रेष्ठ शैव्य, विक्रान्त युधामन्यु, वीर्यवान उत्तमौजा, सुभद्रा तनय अभिमन्यु, तथा युधिष्ठिरादिबाट जन्मिएका द्रौपदीको प्रतिविन्ध्यादि पाँच पुत्रहरु - यी सबै महारथी हुन । ॥४, ५, ६॥

आध्यात्मिक व्याख्या - "यहाँ अति विश्वस्त शूर-वायू (प्राण) अग्नि (जठराग्नि) समान युध्द गर्नेवाला, जे इच्छा गर्दछ, तेस्को सिध्दि हुन्छ, अन्तरयामित्व-समान वायुवेग गतिवाला महारथीहरु छन । ॥ ४ ॥ कसैलाई स्वप्रकाशको अनुभव हुन्छ, कसैले ओमकार ध्वनि सुन्दछ, कसैलाई महान ज्योतिको प्रकाश हुन्छ । कोही साधन क्रिया गरिरहेकोछ, कोही आफै आनन्दमा मग्न छ, कोही ब्रहममा मन स्थिर गरेर सबकुछ हेरिरहन्छन - यिनीहरु सबै नरश्रेष्ठ हुन ॥ ५ ॥ कसैलाई केही भ्रान्ति छ, - कुनैले आद्या-शक्तिको उपासना गर्दछ, कोहीले मंगल गर्ने सामर्थ्य राख्दछ - यी सबै महारथीछन" ॥ ६ ॥

- पहिले नै पाण्डव सैनिकहरुको नाम उल्लेख गरिएको छ - किनभने यी सबै साधनका सहायक छन । यिनीहरुको बलबाटै बलवान भएर यो साधन - समरको आयोजन भैरहेछ । यिनीहरुमा पनि सबै अन्त सम्म युध्दमा टिकिरहन्छन, एस्तो देखिन्न । एकएक गरेर प्रायः सबै विलुप्त हुन जानेछ, -तर साधनामा यिनीहरु सबै साथ रहनाले साधनमा उत्साह आउँछ, एसैले साधनाको पहिलो अवस्थामा यी सबैको आवश्यकता भएकोछ । यीनमा प्रथम भूमिका सांत्यकि -या सुमति, सुमति बिना साधनामा पहिलो वृत्ति कसरी हुन्छ ? दुर्मतिको प्रधान विपक्षी छ सुमति । विराट जस्को इच्छा गरिन्छ, त्यसलाई जानिन्छ, -कूटस्थ सामुन्ने भएर उभिदिन्छ -यो एक किसिमको योगज् सिध्दि हो । द्रुपद-शीघ्र गति अर्थात् अन्तरयामित्व-शक्ति, -अन्तरयामित्वको समान शीघ्रगति अन्य केही हुन सक्तैन । धृष्टकेतु-स्वप्रकाशको अनुभव, "धृष्यते

केतवः येन" जसबाट पाप नष्ट हुन जान्छ । अर्थात् चंचलता या विषयासक्तिरुपी पाप स्वप्रकाशको अनुभूतिले नष्ट हुन जान्छन । चेकितान -ओमकार ध्वनि, परन्तु यो प्रणव ध्वनि सुस्पष्ट छैन, साधकको साधनाको थालनी अवस्थामा भ्रमर गुंजन रबतान जस्तो सुनिन्छ, -झयाँउकिरीको झ्याउँ झयाँउ जस्तो रबतान । काशीराज - 'काश्यते प्रकाश्यते' - (काशी सर्व प्रकाशिका) जस्ले सबैलाई आलोकित गरोस - अर्थात् महत् ज्योति ज्ञान । पुरुजित् - 'पौरान् जयति इति'- पुरुजित् अर्थात् अवरोध । इन्द्रियादि पुरवासीहरुको निरोधभाव हुन नसके साधना हुन सक्तैन । चित्तवृत्तिको निरोध विना यथार्थ अवरोध वा समाधि लाभ हुन सक्तैन । कुन्तिभोज-देवाराधना शक्ति, जसबाट पालित हुन्छ अर्थात आनन्द । साधनामा आनन्द, पाइनाले नै साधन-शक्ति स्फुरित हुन्छ, तथा अनेक दैवी संपदको प्राप्ति हुन्छ । यो पनि योगीहरुको एक योगविभूति हो । शैव्य-शिवबाट शैव्य अर्थात जुन परम मंगल छ, - ब्रहम ज्ञान भन्दा बढी कल्याण प्रद अन्य केही छैन । अतयव ब्रहम पुरुष नै शैव्य हो । यी सबै शक्तिहरु एकत्रित भएरै साधकहरु नरश्रेष्ठ हुन सक्तछ । युधामन्यु-जस्लाई युध्दमा मन्यु अर्थात दैन्य हुन्छ, उ साधना त गर्छ, तर साधनामा उस्लाई भ्रान्ति या दैन्य भइरहन्छ ;- यो भ्रान्ति थालनीमा सबै साधकहरुलाई भैरहन्छ, त्यो विक्रान्त हुन्छ अर्थात उसमा अनेकानेक बाधाहरु खडा गर्ने योग्यता हुन्छ ;-साधनामा पहिले अनेक विघ्नवाधाहरु आइलाग्छन्, ती सबै बाधाहरुलाई जस्ले अतिक्रम गर्न सक्तछ त्यही नै वीर हो । उत्तमौजा -उत्तम ओज या वीर्य छ जस्को - त्यो आद्या-शक्ति हो, उनको उपासक जो छ-अर्थात् कुल कुण्डलिनी शक्ति जो जाग्रत गर्नलाई सचेष्ट छ । सौभद्र-अभिमन्यु-मनोकामनाले मात्र प्राप्त हुनु-अर्थात संकल्प सिध्दि । यसबाट जीव र जगत्को कल्याण गर्ने क्षमता प्राप्त हुन्छ । त्यो पनि चित्त स्थिरता या समाधि लाभको कारण हुन जान्छ । द्रौपदेय-द्रौपदीका पुत्रहरु अर्थात् साधनालब्ध विभिन्न शक्तिहरु, साधना गर्दा गर्दै साधकलाई जुन क्षिति आदि पंच महाभूतहरुबाट उत्पन्न दिव्य गन्ध, रस, रुप प्रभृत्तिको स्वतः अनुभूत हुन जान्छ, त्यो पनि चित्त स्थिरता या समाधि लाभको कारण हुन जान्छ । योग दर्शनमा लेखिएकोछ - *"विषयवती या प्रवृत्तिरुत्पन्ना मनसः स्थिति निवन्धिनी"* नासिकाको अग्रभागमा संयम (चित्तको ध्यान, धारणा, समाधि) गर्नाले दिव्य गन्धको ज्ञान हुन्छ, जिब्रोमा संयम गर्नाले दिव्य रसको ज्ञान तथा तालुमा चित्त संयम गर्नाले रसको ज्ञान हुन्छ । यस प्रकार साक्षातकार भएपछि साधनबाट मोक्ष विषयक दृढ बुध्दि विकसित हुन्छ । रुप रसादि विषयहरुको अवलम्वन गरेर नै यी प्रवृत्तिहरुको उदय हुन्छ, अतः यी विषयवती प्रवृत्तिहरु हुन । परन्तु जवसम्म यसप्रकारको कुनै एक विषय इन्द्रिय गोचर हुँदैन, तबसम्म साधना र तेस्को फल प्रति दृढ श्रध्दा उत्पन्न हुँदैन । यसैले यिनीहरुको पनि आवश्यकता छ । कुण्डलिनी-शक्ति पंचतत्त्वहरुमा मिलेर पंच विन्दुहरुलाई उत्पन्न गर्दछन - तेस्ले चित्त लय हुन्छ तथा समाधि सिध्द हुन्छ । यी सबै अत्यन्त पराक्रमशाली शक्तिहरु निवृत्तिपक्षमा रहन्छन । यिनीहरुलाई सहजै साधनाबाट हटाउन गाह्रो हुन्छ । यसै कारण दुर्मतिले आफ्नो दलको एक विशिष्ट नेतालाई सावधान गराउने उद्देश्यले प्रतिपक्षी दलको शक्तिको विषयमा सूचित गर्दछ । हाय रे दुर्मति ! हाय र विषय स्पृहा ! हाय हाय दुरासक्ति एषणा ! साधनाको एत्रो प्रबल शक्ति देखेर पनि साधनामा इच्छा हुँदैन । स्वयं आफु त साधना गर्दैन, तर अरुहरु पनि साधना गर्न नसकोस, एस्तो उद्देश्य राखी स्वार्थ सिध्द गर्न परामर्श गरिरहेको छ ।

साधकहरुमा साधना गरिरहेको बेला जुन विभूतिहरु प्रकट हुन्छन, तिनीहरुलाई नै याँहा उल्लेख गरिएकाछन् । सबै साधकहरुलाई एकैपटक यी विभूतिहरु प्रकट हुने हो एस्तो कुरा हुन्न । साधनमा जस्को जस्तो अध्यवसाय हुन्छ, तथा पूर्वजन्मको अभ्यास र संस्कार हुन्छ, त्यस अनुसार नै शक्ति या विभूति प्राप्त हुन्छ । यहाँ एकसाथ नै सारा विषयहरुको उल्लेख गरिएको छ, तर अधिकांश साधकहरुमा एकैपटक सवै विभूतिहरु स्फूटित हुँदैनन । अफै स्पष्टभावले एसबारे लेखिदैंछ । साधकलाई पहिले त्रिकूटी या कूटस्थमा नाना प्रकारको चित्र विचित्र तथा रंगी विरंगी चित्रहरु समान दृश्यहरु देखिन जान्छन, यस्ले प्रथम अभ्यासी साधकलाई उत्साह मिल्दछ, यसैकारण यो निवृत्ति मार्गको प्रथम सेनापति छ । तर वस्तुत: यसदलको सेनापति भीम र अर्जुन-प्राणवायु र जठराग्नि, अर्थात प्राणको क्रिया बलपूर्वक गर्दा गर्दै तेतातिर प्रवृत्ति पक्षको सेना युध्दमा मग्न हुन जान्छ र एता तिर प्राण र मन स्थिर हुन जान्छ एवं मुख्यत: साधकको प्रयोजन हो यही । तर अरु पनि धेरै कुराहरु छन, जसको अनुभव भएर साधना अवस्थामा मनमा स्थिरता आउँछ, तिनीहरुमा मुख्य यिनै हुन - (१) सुमति - (सात्यकि), (२) जुन इच्छा हो त्यो कूटस्थको अगाडि हेर्नु - (विराट) (३) अन्तरयामित्व (द्रुपद) (४) स्वप्रकाश अनुभूती -सुस्पष्ट अनुभव (धुष्टकेतु) (५) ओमकार ध्वनि (चेकितान) (६) महत्ज्योति - (काशिराज) (७) अवरोध अर्थात साधना गर्दा गर्दै प्राणमा एति स्थिरता आउँछ - श्वास बाहिर आउँदैन, मन स्तब्ध र निस्पन्द हुन जान्छ - यही साधनाको अन्तिम फल हो (पुरुजित) (८) साधनाको परावस्थामा प्रवेश गर्ने समय तथा प्रविष्ट हुन जाँदा आनन्द पुलकित हुनु (कुन्तिभोज) (९) व्रहमानुभव या ब्रहमज्ञान-यही साधनाको अन्तिम फल अर्थात शैव्य हो (१०) विक्रान्ति अर्थात भ्रान्ति दर्शन -साधनाको एक किसिमको विघ्नरुप हो - यही हो युधामन्यु । (११) आद्याशक्ति, जसले सजिलै सँग कुलकुण्डलिनीलाई साधन द्वारा जाग्रत गर्ने क्षमता राख्दछ (यही उत्तमौजा) अनि (१२) मनोकामना गरेपछि जुन साधकलाई प्राप्त हुन्छ, अर्थात सिध्दि (यही हो अभिमन्यु) शक्ति, जो परम कल्याणरुपिणी सुभद्रा पुत्र हो । साधनाका यी समस्त महारथीहरु सिध्दिको अवस्था प्राकट्य हुन जाँदा साधकलाई यति ज्ञात हुन जान्छ - उ कत्तिको साधनमा अग्रसर भैरहेको छ ॥ ४-५-६ ॥

अस्माकन्तु विशिष्टा ये तान्निवोध द्विजोत्तम ।
नायका मम सैन्यस्य संज्ञार्थ तान् ब्रवीमिते ॥ ७ ॥

श्री धरीय टीका - हे द्विजोत्तम ! हाम्रो पक्षको सेनाको जो प्रधान प्रधान नेता छन्, उनिहरुको जानकारी गर्नुहोस । तपाईको सम्यग् ज्ञानार्थ उनिहरुको परिचय दिन्छु । ॥ ७ ॥

आध्यात्मिक व्याख्या - "हाम्रो मतको श्रेष्ठ जुन परम्पराबाटै आई रहेकोछ, उनको विवेचना गर्दै नाम लिदैछु ।"

- मनमा हुन सक्छ-जब दुर्मतिले निवृत्ति पक्षको येत्रो प्रशंसा गरे, तब संभव छ, - युध्द गर्नमा उस्को आस्था या साहस नहोस, तर यस्तो कुरो छैन । विपक्षीको बल जानेर पनि दुर्मतिलाई आफ्नो पक्षप्रति अटुट विश्वास छ । इच्छा गरेमा निवृत्ति पक्षवालालाई तिनीहरु सजिलै पराभूत गर्न सक्दछन यो विश्वास उसको मनमा गडिएकोछ । ॥ ७ ॥

भवान् भीष्मस्य कर्णश्च कृपश्च समितिंजयः।
अश्वत्थामा विकर्णश्च सौमदत्ति जयद्रथ ॥ ८ ॥

श्री धरीय टीका - तपाईं, भीष्म, कर्ण, समर विजयी कृपाचार्य अश्वत्थामा, विकर्ण, सोमदत्तको पुत्र भूरिश्रवा एवं जयद्रथ। (समितिंजय या समरविजयी प्रत्तेक पदको विशेषण हुन सक्छ) ॥ ८ ॥

आध्यात्मिक व्याख्या - "आफ्नो धरण-धर्म, अर्थात साधन क्रिया गर्नुबाट भय, विश्वास मान्नु, कृपा गर्नु, कल्पवृक्षको समान इच्छा, सबैमा अविश्वास, भ्रम-समूह, सबै काममा दुःसाहस।" -

- दुर्मति आफ्नो पक्षको नाम भन्दैछ, - तपाईं द्रोण-संस्कार एवं तज्जनित कुकार्य या सुकार्यमा दुराग्रह - यो दुबै पक्षको गुरु भैकन पनि यस समय अधर्मको पक्ष-पोषण गरिरहेछ। भीष्म-साधारणतः धर्मकार्यमा इच्छा भैकन पनि साधन-क्रिया गर्नमा जुन भय हुन्छ, - सत्पथमा जीवलाई प्रस्तुत हुन यही मुख्य वाधक छ। कस्लाई थाहा योगाभ्यास गर्दो पछि कतै केही रोग नलागोस वा मरिहालोस - यस प्रकारको संस्कार ! यही दुर्मति पक्षको सर्व प्रधान नेता छ ; यही प्रवृत्ति पक्षीय सर्वप्रथम एवं प्रधान सेनापति हो - यदि भयले बुध्दि विग्रो भने फेरि साधन पथमा कोही अग्रसर हुनेछैन, यसैले यो पहिलो खुडकिलो (बाधा) हो। एस्लाई जीत्न अति कठिन छ। एसपछि कर्ण र विकर्ण, यानी कानले सुन्दा खेरि विश्वास या अविश्वास। संकल्पित विषयको सत्यासत्यमा लक्ष्य नराखी अन्धो समान विश्वास गरी लिनु, अथवा सत्यलाई नबुझिकनै यो केही होइन - एस्तो अविश्वास गर्नु विकर्ण हो। यद्यपि यस किसिमको विश्वास या अविश्वास साधन-पथमा कुनै मूल्य हुन सक्तैन, तथापि साधनाको सन्मार्गमा भाँजो हाल्नेमा यी ठूलै नेता हुन। अमुक मानिसले भन्दछ-क्रिया गर्नु ठीक छैन - यो सुनेर साधनपथबाट विचलित हुनु। तत्पश्चात अविश्वास-योगसाधन गरेर खाक पत्थर केही पनि हुँदैन, केवल परिश्रम मात्रै हात लागी हुन्छ, तेस्को अपेक्षा ढल्की बजाएर धिन्ताङ नाच्नु गाउनु राम्रो हुन्छ। आनन्दको फल हो नृत्य, तर आनन्द छैन यो देखि देखि पनि कम्मर मर्काउँदै नाच्नु - मानो कत्रो भावापन्न भैरहेछ ! योगाभ्यासलाई छोडेर हरिनाम भजन कीर्त्तन गर्नलाई त गर्दछन; तर तेस्मा खांटी श्रध्दा छैन। कृपाचार्य - कृपा। जीवन प्रति तामसिक अनुरागले गर्दा तेस्को रक्षाको लागि दया। पवित्र दयासँग यस्को केही सम्बन्ध छैन। जीव-जस्ले भव-यन्त्रणा बाट त्राण पाओस, यतातिर उस्को लक्ष्य छैन। केवल भवान्ध जीवलाई भन्दछ - भाई ! तिमीलाई त्यो सबै कठोर तपः साधन गर्ने आवश्यकता छैन। केवल खाऊ, पिऊ, मोज गर ! इन्द्रियलाई विजय प्राप्त गर्न उपवास गरी ज्यान सुकाउनु ठीक छैन। तेस्को अपेक्षा खाँदै, पिउँदै, मजा गर्दै घुम्नु राम्रो छ। तिम्रो स्वर्ण सन्सार खरानी हुन जान्छ, यस्लाई तिमीले सहन सक्तैनौ। यो पनि सुमति पक्षको एक समय गुरु थियो। यो कृपा कहिल्यै नष्ट हुँदैन ; ज्ञानी एवं सिध्द पुरुष स्वयंसिध्द भैकन पनि अरु प्रति दया गर्न सदा सततः तत्पर रहन्छन। यसैकारण कुरुक्षेत्रको युध्दमा कृपाचार्यको मृत्यु हुँदैन। त्यो अमर छ, किनभने साधन सिध्द पुरुषहरुमा मोह जनित दया त हुँदैन, तर जीवोध्दारको लागि सात्त्विक कृपा कहिल्यै नष्ट हुँदैन। अश्वत्थामा - कल्पवृक्ष स्वरुप ! वासनाको कुनै किनार छैन, कल्पवृक्ष समान निरन्तर काम संकल्प

उठिरहन्छन - यसै कारण अश्वत्थामा अमर - संकल्परुपी कल्पवृक्षको पतन हुँदैन यो योगादि साधनमा अत्यन्त नै विघ्न वाधा स्वरुप छ । परम योगीश्वर पुरुषलाई पनि कर्म-संस्कार फल भोग्नु पर्दछ । भूरिश्रवा- भूरिश्रवणले गर्दा निरन्तर अविरत संशय ! यसैकारण नाना प्रकारका मानिसका सर संगतले नानाथरीका कुरा सुन्नाले साधना पथमा संशय उत्पन्न हुन्छ । संशय जस्तो योग विघ्नकारी अरु केही छैन । जयद्रथ - दुःसाहस ! यताउताको नाना किसिमको कुरा लगाएर जीवलाई भडकाउनु । यस्तो दुःसाहस अन्य के हुन सक्छ ? अनि प्रवृत्तिपक्षको पनि यो हो विजय रथ । यताउताको कुरा गर्दै अज्ञ र अल्पज्ञ पुरुषलाई सन्मार्गबाट विचलित गर्नु, यी सारा दुष्प्रवृत्तिहरुको अतिरिक्त साहसरुप भयको कारण प्रवृत्ति पक्षको हो जयशील रथ । यही साधनरुपी शक्ति दुःसाहसले द्रौपदीलाई हरण गर्ने चेष्टा गर्दछ । यो सारा दुर्मति पक्षको सेनापति पनि हो । आफु भित्र मिलाएर हेरेमा यी सबैको दर्शन हुन सक्छ । साधन पथमा विघ्न उत्पन्न गराउनु र मनुष्यलाई साधनाहीन बनाउनमा यो समानको दुर्दान्त वीर अन्य कोही छैन । श्रीमत शंकराचार्य भन्नु हुन्छ - "के शत्रवः सन्तिः निजेन्द्रियाणी" वास्तविक शत्रु को छ ? - हाम्रै अजित् इन्द्रियहरु नै हाम्रो सर्व प्रधान शत्रु हो । यस्को इच्छा अनुसार काम गरिरहेमा साधनपथमा अग्रसर हुन एकबारगी विल्कुलै असंभव छ ॥ ८ ॥

अन्येच वहव शूरा मदर्थे त्यक्त जीविता ।
नानाशस्त्रप्रहरणाः सर्वे युध्द विशारदाः ॥ ९ ॥

श्री धरीय टीका - अरु पनि धेरै वीरहरु छन, जो मेरो निम्ति युध्दमा जीवन अर्पण गर्न कटिवध्द छन । ती सबै नानाप्रकारको शस्त्र प्रहारमा पटु एवं युध्द विशारद छन । ॥ ९ ॥

आध्यात्मिक व्याख्या - "अन्य अनेक शूर अज्ञानवश साधन क्रियामा अनिच्छुक, केवल कानले सुन्छ - प्राणत्याग गर्ने सम्म इच्छा । नाना प्रकारको तर्क शस्त्र द्वारा युद्ध गर्नमा विशारद ।"

- पूर्वोक्त प्रवृत्ति-पक्षीय समस्त सेनापतिहरु दुर्मतिको पक्ष समर्थनमा प्रस्तुत छन । यस्को निमित्त उनीहरुमा सामर्थ्य पनि छ । तिनीहरु साधनापथका कंटक हुन, र जीवलाई सान्सारिक फन्दामा जेलेर उस्को मुक्तिको बाटो बन्द गर्न समर्थ पनि छन । कसैले पनि साधन नगरोस, यस्को लागि आफ्नै अस्तित्व मेटाउन पनि प्रस्तुत रहन्छन । किनभने अजित इन्द्रियहरुको अविरत भोगमा इन्द्रिय शक्तिहरु क्षीण हुन जाँदा पनि विषयासक्तिको अन्त हुँदैन । धेरै जसो त साधकहरुलाई सन्मार्गबाट हटाउने नानाकिसिमको तर्कशास्त्रहरु द्वारा वाक्युध्दमा निपुण हुन्छन । तिनीहरु समय समयमा शास्त्रहरुबाट नानाकिसिमको कुराहरु उध्दृत गरी आफ्नो पक्षको समर्थन गर्दछन् । तिनीहरुलाई थाहा छैन - केवल शास्त्रको वाक्यार्थलाई लिएर, विवाद गर्नाले वास्तविक सत्य जानिंदैन । कारण यो छ - शास्त्रको गूढ मर्म अति कम मानिसले बुझेको हुन्छ । खालि मनोविनोदद्वारा समय विताई कसैले साधन-धन परमात्मालाई पाउन सक्तैन । कवीरले ठीकै भनेको छ -

“हंसि खेलमे पिया मिले तो कौन दुहागिन होई ?”

दु:ख कष्ट नसहिकन के कसैले सुख आनन्द प्राप्त गर्न सक्छ ? योग दर्शनमा लेखिएको छ - तपस्याको ल्केशले आवरण क्षीण भए पछि नै आत्म-दर्शन सुलभ हुन्छ। व्यासजी भन्नु हुन्छ - “न तपः परं प्राणायामात्”-प्राणायाम भन्दा ठूलो अन्य कुनै तपस्या छैन । अतयव एत्रो महती साधन-पथलाई उपेक्षाको दृष्टिले हेर्नु केवल दुर्बुध्दिको परिचय दिनु हो । ॥ ९ ॥

अपर्याप्तं तदस्माकं वलं भीष्माभिरक्षितम् ;
पर्याप्तं त्विदमेतेषां वलं भीमाभिरक्षितम् ॥ १० ॥

श्री धरीय टीका - एस्ता वीरहरुले युक्त तथा भीष्म द्वारा अभिरक्षित भएर पनि हाम्रो सेना अपर्याप्त देखिन्छ, - पाण्डवहरुसंग युध्द गर्न समर्थ देखिदैन । पाण्डवहरुको सेना भीमद्वारा अभिरक्षित हुनाले पर्याप्त छ, अर्थात समर्थ देखिन्छ । किनभने भीष्म उभयदलको पक्षपाती छ, अर्थात एसैले हाम्रो सेना पाण्डव सेनासँग युध्द गर्न असमर्थ छ ; तथा भीम एकैदलको पक्षपाती छ, एसर्थ पाण्डव सेना हाम्रो सेनासँग भिड्न समर्थ छ । (दुर्योधन वडा अभिमानी थिए । कसैको अगाडि स्यानो हुनु उस्को प्रकृतिको प्रतिकुल थियो । अतयव आफ्नो सैन्यदललाई असमर्थ संझनु कम संभव छ । वरु झन उ आफ्नो सेनालाई अपरिमित एवं भुवन विजयी मान्दथ्यो । महाकुशल योध्दा भीष्म जब मेरो सेनापति छ भने म नै विजयी हुनेछु -यस किसिमको मनोभाव प्रकट गर्नु नै संभवतः उस्को पक्षमा ठीक छ) ॥ १० ॥-श्रीमद् आनन्द गिरिले पनि यही भन्नु भएको छ -“अस्माकं एकादश संख्यकाक्षौहिणी परिगणितम परिमितं बलं भीष्मेणच प्रथित महा महिम्ना सूक्ष्म बुध्दिना सर्वतो रक्षितं पर्याप्तं परेषाम् परिभवे समर्थं ; एतेषां पुनस्तदल्यं सप्त संख्यकाक्षौहिणी - परिमितं बलं भीमेनच चपल बुध्दिना कौशल विरहितेन परिपालितमपर्याप्तमस्मानभिभवितुमसमर्थमित्यर्थः” - हाम्रो एकादश संख्यक अपरिमित सैन्यबल तथा महाबुध्दिमान महाकुशल रण-पण्डित भीष्म पितामह द्वारा परिरक्षित सेना, -शत्रुसेनालाई परास्त गर्न सर्वथा समर्थ छ । उतातिर पाण्डवहरुको सेना केवल सात अक्षौहिणी मात्र छ, र चपलमति युध्दमा अकुशल भीमद्वारा परिरक्षित छ ; अतः हामीलाई पराजित गर्न असमर्थ देखिन्छ । परन्तु रामानुज एवं श्रीधर आदि मनीषि टीकाकार “पर्याप्तं” र “अपर्याप्त” यी दुबै शब्दको अन्यन्य अर्थ लगाउँछन् । श्रीधर लेख्नु हुन्छ - “तै सह योद्धुमसमर्थं भाति ।” - विपक्षी सेनासँग युध्द गर्न असमर्थ देखिन्छ । श्री रामानुज भन्नु हुन्छ - दुर्योधनो भीमाभिरक्षितं पाण्डवानां बलं अवलोक्य आत्म विजये अस्य बलस्य पर्याप्ततां आत्मीय बलस्य तद्विजय च अपर्याप्ततां आचार्ये निवेद्य अन्तरे विषण्णोऽभवत् ।” अवस्य नै दुर्योधनको यस्तो मनोभाव हुनु केही आश्चर्य छैन, किन भने उस्लाई मन मनै यो थाहा छ - उस्ले अधर्म गरी पाण्डवहरुलाई राज्यबाट वंचित गरिदिएको छ र अनि युध्द मैदानमा जानु अघि आफ्नो माताबाट उस्ले सुनेको थियो - “यतो धर्म स्ततोजयः” अतयव दुराकांक्षी दुर्योधन कानले जे सुनेता पनि उस्को अन्तरात्माले मानो भनिरहेछ - हेर दुर्योधन ! तैंले धर्मको उल्लंघन गरेको छस्, तेरो विजयको आशा छैन ; यही कारणले उस्को पासमा अठार अक्षौहिणी सेना मध्ये एघार अक्षौहिणी सैन्य शक्ति

हुँदा पनि तथा भीष्म-द्रोणादि समान महा रण कुशल सेनापतिहरुको नायकत्व स्वीकारदा पनि कहिले काँही बेला बेला विषादले खिन्नचित्त भैरहन्थ्यो र आफ्नो सैन्यशक्ति असमर्थ एवं उद्यमहीन लाग्दथ्यो - एसैकारण भयभीत एवं व्याकुल चित्त भै गुरुको समीप हुँदा इच्छा भैकन पनि मनको भावलाई लुकाउन सकेन ।) ॥ १० ॥

आध्यात्मिक व्याख्या - "हाम्रो प्रभूत सेना भयद्वारा रक्षित छ, विपक्षको दल थोरै छ, तर प्राणवायु द्वारा रक्षित छ ।"

- दुर्मतिले आफ्नो संस्कार (अर्थात गुरु - जस्लाई भन्दा खेरि सबै काम हुन्छ) लाई भनिरहेछ - हाम्रो मुख्य भरोसा साधन प्रति भय । भय उद्रिक्त हुन सकेमा सबै साधन पथबाट भागी जानेछन । साधन गर्नाले शरीरको हानि दुःख तथा सुखको हानि हुन्छ । यस्तो किसिमको आशंका उठेमा कोहीपनि साधन - पथमा फटकिने छैन ; अतः जब हाम्रो बल भयले रक्षित छ तब विपक्षलाई पराजित गर्न समर्थ छ । जस्ले भर्खर भर्खरै थोरै दिन साधना गरेकोछ, उस्को सेनापति चपलमति अर्थात चंचल छ, एसैले विपक्षी दल असमर्थ छ । विपक्षको दल थोरै छ, - तर प्राणवायुले सुरक्षित छ, यसैले दुर्मतिको मनमा भयशंका पसेकोछ - पछि प्राणको साधनाले मतिगति बद्लिन सक्छ । कुरो पनि सत्य नै छन्, काम क्रोधादि रिपु जत्तिकै भयंकरी बलवान भएपनि मन लगाएर केही देर अबेर प्राणायाम साधन गरेमा मन र इन्द्रियहरु सबै शान्त हुन्छन् । ॥ १० ॥

अयनेषु च सर्वेषु यथा भागमवस्थिता;
भीष्ममेवाभि रक्षन्तु भवन्तः सर्वएव हि ॥ ११ ॥

श्री धरीय टीका - अब तपाईंहरु सबै मोर्चाको प्रवेश मार्गमा आफ आफ्नो विभाग अनुसार सुव्यवस्थित भएर भीष्मको रक्षा गर्नु होस । किनभने भीष्मको बल नै हाम्रो जीवन हो, एसैले तपाईंहरु सबै आफ आफ्नो ठाउँमा डटी रहिरहेर सेनापति भीष्मको रक्षा गर्नु होस, जसबाट गुप्त भावले या पृष्ठ भागबाट कोही आएर उनलाई आक्रमण गर्न नसकोस् । ॥ ११ ॥

आध्यात्मिक व्याख्या -"भयद्वारा आफ्नो सबै चाल चल्नुहोस ।"

- समस्त इन्द्रियहरु भयभीत भै व्याकुल होस,- यस्तो भाव न देखाइकन विपक्षलाई पराभूत गर्न सकिन्न । जसरी होस तेसरी भयलाई सामुन्ने राख्नै पर्छ । भय नष्ट भएर नै संकट उपस्थित हुन जानेछ, यसैले तेस्तो गर्नु पर्छ जसबाट तिनीहरुले भयलाई नष्ट गर्न नसकोस-

अस्मिताको काम नै भयभीत पार्नु - भयले चिदाभासलाई-घेरावन्दी गरेर नै आफ्नो काम गर्दछ । हामी सदा भयबाट विपद ग्रस्त बन्दछौं । कहिले लोकभय, कहिले सुख त्यागको भय, कहिले शरीर नष्ट हुने भय- इत्यादि सबै किसिमको भयलाई फटकिन नदिई साधनमा जोतिएर नै यो बाटोको रसास्वादन लिन सकिन्छ । ॥ ११ ॥

तस्य संजनयन् हर्ष कुरुवृध्दः पितामहः ;
सिंह-नादं विनद्योच्चैः शंख दध्मौ प्रतापवान्॥ १२॥

श्री धरीय टीका - राजाको सम्मानपूर्ण कुरा सुनेर भीष्मले के गर्‍यो ? त्यही भनिरहेछ - दुर्योधनको हर्ष उत्पादन गर्नलाई कुरुवृध्द पितामहले महान सिंह-नाद गर्दै शंख बजायो । ॥ १२ ॥

आध्यात्मिक व्याख्या- "यी सबै सैन्यलाई हर्षित बनाउन साराको ध्वंस गर्दछु, -एस्तो शंख बज़ायो ।"

- यदि भय पछि लाग्यो भने साधकलाई साधना गर्न नै कठिन हुन्छ । दुर्मतिलाई साहस दिन उस्ले शंख फुक्यो । भयले आफ्नो विजय घोषणा गर्‍यो, -केही चिन्ता नलेऊ, म एकलैले साधना -भिलाषी दुर्वल चित्तवालाहरुलाई विमुख गरी दिन्छु । ॥ १२ ॥

ततः शंखाश्च भेर्यश्च पणवानक गोमुखाः ;
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत्॥ १३॥

श्री धरीय टीका - सेनापति भीष्मको युध्दोत्सव देखेर कौरव सेनामा युध्दोत्सव शुरु भयो । पश्चात शंख, भेरी, मृदंग, ढाक, रणसिंहा प्रभृति बेग्ला बेग्लै रणवाद्य बज्न थाल्यो । शंखादिको ध्वनि तुमुल भएर उठ्यो । ॥ १३ ॥

आध्यात्मिक व्याख्या - "पश्चात तुमुल शब्द हुन थाल्यो तुरीभेरीको ।"-भय प्रवृत्तिपक्षको सेनापति हो र त्यो प्राचीन पनि छ । हौवाको भय चीर पुरातन काल देखि चलिआइरहेकोछ । त्यस भयले तुमुल उत्साह देखायो, तब सबैले सोच्यो -अब के को डर ? भीष्म (भय) सहजै कोही कसैको आयत्तमा आउन सक्तैन, र यदि भय भै नै रह्यो भने त प्रतिपक्ष सुमतिको दलको के परवाह ? एसैले साराका सारा उत्साहित भएर तथा आफ आफ्नै तरीकाले सुसज्जित भै कोलाहल गर्न थाले । अर्थात चित्त चंचल भै लामो दीर्घश्वास, प्रश्वास, कम्पन आदिको साथ शरीरमा विकट गंजागोल मच्चियो । ॥ १३ ॥

ततः श्वेतैर्हयैर्युक्तै महति स्यन्दने स्थितौ ;
माधवः पाण्डवश्चैव दिव्यौ शंखौ प्रदध्मतुः॥ १४॥

श्री धरीय टीका - तत्पश्चात् पाण्डव सेनामा युध्दोत्सव शुरु भयो । सेतो घोडाले युक्त विशाल रथमाथि अवस्थित भगवान् श्रीकृष्ण तथा अर्जुनले आफ आफ्नो दिव्य शंख प्रकृष्ट रुपसँग बजाउनु भयो । ॥ १४ ॥

आध्यात्मिक व्याख्या - "पंचतत्त्व द्वारा दिव्य शंख ध्वनि बज्न थाले ।"

- दुर्मतिको प्रवृत्तिपक्षीय सेनाले जुन शंख बजायो, त्यो केवल रणढक्का - अर्थात् चीत्कार मात्र थियो । परन्तु निवृत्तिपक्षीय जुन शंखनाद गुंजियो, त्यो शंख (शं=शान्तहुनु) शान्तिको प्रतीकरुप भएर व्यक्त भयो । यो त्यही शंख हो जुन अन्तराकाशमा बज्दछ, त्यस्तो शंखनादले चित्तआवेग शान्त हुन जान्छ । प्राणवायु

यदि कुनै तरीकाबाट बेगशून्य शान्तिभावापन्न भएमा साधकले त्यो शंख ध्वनि सुन्न सक्छ। श्वेत अश्वयुक्त रथ, अर्थात् शुभ्रवर्णीय ज्योति पहिले देखिन थाल्छ। यो शरीररुपी रथमा जो बसेको छ; - उनैको नै हो यो ज्योति। पहिले सुन्दर मनोहर ज्योति भित्र ठीक बीचमा कालो शालिग्राम शिला जस्तै कृष्णवर्ण मण्डलाकार माधव स्थित छ। मा-शब्दबाट लक्ष्मी या प्रकृतिको बोध हुन्छ, त्यही ज्योतिको आकारमा प्रकाशित हुन्छ। त्यस ज्योतिको वक्षस्थलमा जगतपति श्रीकृष्ण विराजमान भै प्रकाशित हुन्छन्। त्यस ज्योतिर्मयी मंडलको बीचमा श्यामसुन्दर देखिनासाथ मनप्राण आनन्दले परिपूर्ण हुन जान्छ। मनको त्यस प्रशन्न र शान्त अवस्थामा जुन ध्वनि तरंगिन्छ, त्यसलाई अगाडि आउने श्लोकमा भनिन्छ। ॥ १४ ॥

पांचजन्य हृषिकेशो देवदत्तं धनंजयः;
पौण्ड्रं दध्मौ महाशंख भीमकर्मा बृकोदरः ॥ १५ ॥

श्री धरीय टीका- [क कस्ले कुन कुन शंख बजायो, यो बेग्ला बेग्लै देखाउन भन्दछन]-श्रीकृष्णले पांचजन्य नामक शंख, धनंजयले देवदत्त नामक शंख, घोरकर्मा वृकोदरले पौण्ड्र नाम महाशंख बजायो। ॥ १५ ॥

आध्यात्मिक व्याख्या - "भृंग, वेणु, वीणा, घंटा एवं मेघको शब्द युक्त ध्वनि कूटस्थबाट निस्कन थाल्यो। शरीरको गर्मीले दीर्घ घंटा समान शब्द, वायु द्वारा सिंहनाद",

-हृषिकेश-हृषिकको अर्थ इन्द्रिय, ईशको अर्थ हो नियोग कर्त्ता, अर्थात प्राण, अपान, समान, व्यान, र उदानवायुहरु मिलिकन नै यस शब्दलाई उत्पन्न गर्दछन। सबै वायुहरु प्राणवायुमा मिल्न जान्छ, प्राणको स्थिरता हुनजाँदा नै सारा अद्भूत ध्वनिहरु - भृंग, वेणु, वीणा, घंटा एवं मेघ गर्जन समान सशब्दहरु प्रकट गर्दछन। धनंजय -धनलाई जसले जितेको छ। धनद्वारा नै जीवहरु मुग्ध हुन्छ, यो एक योग विभूति हो, - यस्लाई जित्नु पर्छ। यस्लाई जितेपछि नै जन्म-मृत्यु क्षुधा-तृष्णा, सुख दु:खादि जितिन जान्छ र अनि धनंजय हुन्छ। यस तेज बिना कसैले साधना गर्न सक्तैन। यही मणिपुर स्थित नाभिकेन्द्र तेज हो। यही जीवको जीवनी शक्ति वैश्वानर हो। अग्नि नै देवताहरुको मुख हो। एसैले मणिपुरबाट जुन ध्वनि तरंगिन्छ - त्यही हो देवदत्त शंख। ठीक वीणाको शब्द समान त्यो शब्द छ। वृकोदर - वृकको अर्थ हुन्छ अग्नि। उदर या पेटमा जस्को अग्नि छ, त्यही वृकोदर हो। वायुवाटै अग्निको उत्पत्ति हुन्छ र वायुमै त्यो लय हुन्छ। यसैले वायु तत्त्वलाई वृकोदर भन्दछन्। अनाहत चक्र नै वायुको स्थान हो। यसठाउँबाट दीर्घ घंटा निनाद समान शंख ध्वनि गुंजिन्छन्। धेरै साधकहरुले यस्लाई सुन्छन्। भीमको शंखको नाम पौण्ड्र-पुण्ड शब्द बाट निस्केको छ, त्यस्को अर्थ हुन्छ पीडन गर्नु। प्राणायाम या अन्य साधन विशेष द्वारा प्राणवायुलाई पीडन गर्नाले यो भीम-प्राणवायु-महाशंखनाद साधकलाई श्रुति-गोचर हुन्छ। *"बलात्कारेण गृह्णीयात्"* -बलपूर्वक वायुलाई उत्पीडन नगरिकन अर्थात जोडसँग प्राणायाम नगरी वायु स्थिर हुँदैन। मस्तिष्कको केन्द्रस्थान नै सुमेरुको शिखर हो। साधन द्वारा प्राणवायु सुमेरु भेदन गर्दै सहस्रारमा प्रविष्ट हुन्छ।

मस्तिष्कमा जुन अस्थिभागसँग सुमेरु संयुक्त छ, त्यसै अस्थिको नाम तन्त्रमा महाशंख दिइएकोछ । यस महाशंखको नादले साधकको प्राण स्थिर हुन्छ, साधकको मनमा अनेक आशाको संचार हुन्छ । यो शंखनाद शत्रुहरुलाई बडो भयप्रद हुन्छ । यो ध्वनित भएमा आफसे आफ मनबाट विषय-वाषना निवृत्त हुन जान्छ । युधिष्ठिर-जो युध्दमा स्थिर छ । त्यो आकाश तत्त्व हो । त्यसलाई जो कोही कसैले सहजै चंचल गर्न सक्तैन । यस्को स्थान हो कण्ठ स्थित विशुध्द - चक्र । उस्को शंखको नाम हो "अनन्त विजय" । प्राणवायु स्थिर हुन गए मेघ-गर्जन समान एकप्रकारको नाद उपस्थित हुन्छ । त्यस द्वारा नै प्राण विजय गर्न सकिन्छ, अर्थात् प्राणमाथि विजय प्राप्त हुन्छ । त्यो स्थिर जब पराकाष्ठामा पुग्दछ र सिंहनाद समान महान नाद सुन्नमा आउँछ ; जब सिंहनाद सुनिन्छ तब बुझ्नु पर्छ समाधि आसन्न छ । यही साधन समरको विजय भेरी हो ।

मैले अघिनै हृषिकेश श्रीकृष्णलाई कूटस्थ चैतन्य भनेको छु । त्यो कूटस्थ चैतन्य सर्वव्यापी निखिल ब्रहमाण्डको चैतन्य स्वरुप हो । उही सवै जीवहरुको आत्मा हो परब्रहम हो । अघि नै भनिसकिएकोछ । - *"हृषीकाणां इन्द्रियाणां ईशः"* अर्थात् नियन्ता-जस्ले इन्द्रियहरुलाई आफ आफ्नो काममा नियुक्त गर्दछ । इन्द्रियहरु उसैको सत्ताले सत्तावान् भै आफ आफ्नो काममा नियुक्त हुन्छ । उही नियोग-कर्त्ता हामी सवैको भित्र अन्तरयामीरुपले विराजमान छन् । हृषीकेशलाई कूटस्थ भनियो किन ? श्रीधर स्वामी भन्नु हुन्छ - "कूटे मायाप्रपंचेऽधिष्ठानत्वेन अवस्थितम्"- अर्थात जुन माया-प्रपंचको अधिस्थान छ । शंकर भन्नु हुन्छ -"दृष्यमानगुणकमन्तर्दोषं वस्तु कूटम् । कूट रुपं कूट साक्ष्यं इत्यादौ कूट शव्दा प्रशिध्दो लोके । तथा चाविद्या द्यनेक सन्सारवीजमन्तर्दोषवन्मायाव्याकृतादिशब्द वाच्यतयामायांतुप्रकृतिंविद्यान्मायिनंतुमहेश्वरम्, मम माया दुरत्ययत्यादौ प्रशिध्द यत्तत् कूटम् । तस्मिन कूटे स्थितं कूटस्थं तदध्यक्षतया ।" -अर्थात जस्को बाहिर गुण देखिन्छ, परन्तु भित्र दोषले पूर्ण छ, त्यस्तोमा नै लोकमा कूट शब्दको प्रयोग गरिन्छ । प्रकृत स्थलमा जुन अविद्याआदि अनर्थमय संसार बीज छ, जस भित्र दोष भरिएकोछ -'प्रकृतिलाई माया बुझ्नु पर्छ र महेश्वरलाई मायी जान्नु पर्छ ।' मेरो माया अपरिहार्यछ - यी समस्त शास्त्रीयकथन जस्को माया शब्द द्वारा परिचय दिइन्छ तथा अव्याकृतादि शव्दद्वारा पनि जस्को निर्देश हुन्छ, त्यस जगतको कारण वस्तुलाई कूट भन्दछन्, असत्य भैकन जुन सत्यवत्त् प्रतीत हुन्छ, मिथ्या भैकन पनि जुन सत्ववत् प्रतीत छ, त्यही कूट या माया हो । त्यस्मा साक्षीरुपले जो विद्यमान छ-त्यही कूटस्थ हो । *"मायी नन्तु महेश्वरम"* अर्थात् त्यस कूटमा जो अवस्थित छन उही मायाको अधिष्ठाता या अध्यक्ष हो । भागवतमा लेखिएको छ, - *'त्रिसर्गोऽमृषा'- "यत्र त्रिसर्ग अमृषा इव प्रतीयते"* - अर्थात् त्रिगुण द्वारा सृष्ट विश्व अवास्तव एवं नश्वर भएपनि जस्को अस्तित्वको कारण अनश्वर एवं वास्तव जस्तो प्रतीत हुन्छ, उसैलाई कूटस्थ भन्दछन् । अज्ञानरुपी कूटको अधिष्ठान आत्मा चिर निर्विकार छ, हामीसवैको हृदयमा उनै हृदयेश्वर रुपमा विराजमान छ । त्यो न रहेमा केही पनि रहन सक्तैन । समस्त इन्द्रियहरु निरन्तर उसैको अनुसन्धान गरिरहन्छन् । उनै सबै भूतहरुमा सत्तारुपमा, आनन्दरुपमा विराज भैरहेको छ । यसै कारण इन्द्रियहरु विषय ग्रहण गर्न उन्मत्त भैरहन्छ । आत्माको आनन्द-किरणले उद्भासित यो विश्व कति

आनन्दमय लाग्छ। शब्द, स्पर्श, रुप, रस र गन्धको आनन्द तरंगहरु अनवरत आत्माबाट निस्केर जीवलाई मन्त्रमुग्ध गरिरहेछ। यो आनन्दको आकर्षणले नै जीव अविश्रान्त भट्किरहेकोछ -त्यस आनन्दमा एत्रो आकर्षण भएको कारणले उस्लाई "कृष्ण" भन्दछन। यो कृष्ण नै निखिल विश्वको कारण हो र यही कृष्ण नै समस्त भूतहरुको अन्तरात्मा हो। यद्यपि त्यो इन्द्रिय र मनको लागि अगम्य छ र अगोचर, तथापि हामीहरु उन्लाई ऐक्य बुध्दिस्थ भएको कारण जान्न सक्छौं। यदि उनी हाम्रो बुध्दिमा अवस्थित नहुँदो हो त हामीलाई कुनै विषयको ज्ञान हुन्नथ्यो। उनी सारा इन्द्रियहरुको अधिश्वर हो, - यसैकारण इन्द्रियहरुको नानाविधि उत्पाती उत्पिडनले व्यथित भै जब हामीहरु व्याकुल चित्त भै उहाँको शरणागत हुन्छौं, अर्थात मन लगाएर साधना गर्दछौं तवै त्यो हाम्रो बुध्दिगम्य भएर हामीलाई अभयदान गर्नु हुन्छ। आत्मा नै परमज्ञान या दिव्य ज्योति हो। *"तत्शुभ्रं ज्योतिषां ज्योतिः"* -त्यो नित्य, अपरिवर्तनशील, सदा एकरुप भैरहने वस्तु नै आत्मा हो। त्यो सबै जीवको द्विदल पद्ममा ज्योतिर्मय मण्डलको बीच अपरुप श्याम शोभा द्वारा निखिल विश्वलाई मुग्ध गरिरहेकोछ। यद्यपि त्यो नित्य सत्य सदा विद्यमान छ, तथापि कुनै भाग्यवानले नै उस्लाई देख्न सक्छ। देख्न पाउँछ। उस्लाई देखेपछि अन्तरग्लानी पखालिन्छ। उही उनै वरणीय भर्ग हो-जस्को उपासना सारा देवताहरु गर्दछन्। सद्विप्र त्यस परम सत्यलाई सदा आकाशस्थ सूर्य समान आफ आफ्नो हृदयमा प्रकाशित देख्दछन। त्यस परम-ज्योतिमा चित्तलाई समाधान गर्नाले दिव्य दृष्टि प्राप्ति हुन्छ, जीवन कृत कृत्य र धन्य धन्य हुन जान्छ। ॥ १५ ॥

अनन्त विजयं राजा कुन्ती पुत्रो युधिष्ठिरः;
नकुलः सहदेवश्च सुघोष-मणि पुष्पकौ ॥ १६ ॥

श्री धरीय टीका - कुन्तीपुत्र राजा युधिष्ठिरले अनन्त विजय नामक शंख, नकुलले सुघोष नाम शंख तथा सहदेवले मणिपुष्पक नामक शंख फुक्यो। ॥ १६ ॥

आध्यात्मिक व्याख्या - "व्योमबाट अनवच्छिन्न प्रणवध्वनि, रक्तमांसमा वायु पसेर सुन्दर एवं विषम शब्द।"

- नकुल जलतत्त्व हो। लिंगमूलमा स्वाधिष्ठान चक्र नै यस्को स्थान हो। नकुलको शंखको नाम सुघोष हो, त्यो सुन्नमा वडो मधुर छ। त्यो ध्वनि वेणु वाद्य समान छ। स्वाधिष्ठान नै नारायण या श्रीकृष्णको स्थान हो। यसै कारण श्री कृष्ण वेणु बजाउनु हुन्छ। सहदेव -पृ-थ्वि तत्त्व हो, मूलाधार नै यस्को स्थान हो। कुल कुण्डलिनी तथा प्राण शक्तिको स्थान पनि यही हो। यसैले पूजाको उद्बोधन एसै ठाउँबाट शुरु गरिन्छ। सहदेवको शंखको नाम मणि-पुष्पक हो -मत्त भ्रमर समान ध्वनि यसै ठाउँबाट निस्कन्छन। यी सबै चक्रकेन्द्रहरुमा वायुको आवागमन हुन्छ तथा सबैको भित्र आकाश वर्तमान छ। देहस्थ पंचप्राण नै पंच शंख हो। प्राणायाम द्वारा पंच वायु समान भएपछि यी ध्वनिहरु सुन्नमा आउँछ। नादको अभिव्यक्ति पछि चित्त सहजै स्थिर हुन जान्छ , मनको संकल्प विकल्प बन्द हुन जान्छ। चार तत्त्व सम्म मन स्थिर रहेर पनि सजग रहन्छ, तर अन्तिम तत्व व्योमतत्वको ध्वनिमा मन लय हुन जान्छ। यो अन्तिम तत्त्व

नै युधिष्ठिर-अर्थात लडाईमा स्थिर छ। तब सबै वस्तु रहेर पनि मानो केही पनि रहन्न। परन्तु यो स्थिरता नै अन्तिम अवस्था होइन, साधकलाई व्योमतत्त्व भन्दा माथि उठ्नु पर्नेछ र तत्त्वातीत परव्योममा पुग्नु पर्नेछ। तर प्रथम व्योमतत्त्वलाई नै परमात्माको पादपीठ भन्दछन। यो व्योमतत्त्वको स्थिरता नै सविकल्प समाधि हो, परव्योम यो निर्विकल्प समाधि यी सवै तत्त्व भन्दा पर छ। यो एक एवं अद्वितीय छ, यहाँ द्वैतको भान नै हुँदैन। साधनाको सहायताले यो व्योमतत्त्वको नै संधान गर्नु पर्ने छ। नत्र भने त्यो परव्योममा प्रवेश गर्न सकिदैन। परव्योम नै हो तत्त्वातीतं निरंजनं। क्षितितत्त्व आदि सवै पंचतत्त्व व्योम माथि प्रतिष्ठित छ। यसैकारण व्योम तत्त्व या आकाश तत्त्व पाँच प्रकार हुन्छ -

"आकाशन्तु महाकाशं पराकाशं परात्परम् ;
तत्त्वाकाशं सूर्याकाशं आकाशं पंच लक्षणाम् ॥"

आकाश, महाकाश, पराकाश, तत्वाकाश एवं सूर्याकाश, यी सबैपंच आकाश हुन। पंचप्राणको पंचाकाश नै प्रथम व्योम तत्त्व हो। -

"पंच शून्ये स्थिता तारा सर्वान्ते कालिका स्थिता"

यही व्योमतत्त्व (पंचाकाश) तन्त्रोक्त द्वितीय महाविद्या तारा हुन। वैष्णवहरुको संकर्षण-व्यूह हो यही। कूटस्थ भित्र यो अत्यन्त सानो नक्षत्र समान देखिन्छ। यस्को प्रकाश हुने वित्तिकै मन वहिर्विषयहरुमा विचरण गर्नमा असमर्थ हुन जान्छ। यसैकारण यस्को नाम संकर्षण छ। अर्थात मनलाई सम्यकरुपले आकर्षण गरी तानिलिन्छन्। तथापि यी सबै आकाशहरुमा नाना किसिमको दृष्यहरु हुन्छन्, परन्तु पंचाकाशको व्योमतत्त्वको जुन अन्तिम आकाश छ, त्यो निखच्छिन्न आकाश हो। त्यहाँ सबै शून्य छ, त्यही महाप्रकृति या आद्याशक्ति हुन् -"सर्वान्ते कालिका स्थिता।" यो अन्तिम आकाश नै हृदयाकाश हो, कूटस्थको ज्योति भित्र त्यही कृष्णवर्ण शून्य मण्डल हो। त्यो भन्दा अगाडि बढेपछि व्योमातीत अवस्था परव्योम छ। उही चिदाकाश या महामहेश्वर शिवरुप हो। "तं देवतानां परमंच दैवतम्" त्यही नै अनन्त प्रसारिणी प्रकृति सहस्र मुख या फण मिलेर एक हुन जान्छ। यही विन्दुनादं, कलातीतं, सर्वदा साक्षी भूतं, भावातीतं, त्रिगुणरहितंरुपी सदगुरु स्वरुप हो। ॥ १६ ॥

काश्यश्च परमेष्वासः शिखण्डी च महारथ : ;
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥ १७ ॥

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ;
सौभद्रश्च महावाहु : शंखान् दध्मु पृथक् पृथक् ॥ १८ ॥

श्री धरीय टीका - हे राजन ! महाधनुर्धर काशीराज, महारथी शिखण्डी, धृष्टद्युम्न, विराट नरेश, अजेय सात्यकि, द्रुपद एवं द्रौपदीपुत्रहरु, सुभद्रा पुत्र महापराक्रमी अभिमन्यु आदि साराले वेगला बेग्लै शंख

बजाउन थाले । ॥ १७ - १८ ॥

आध्यात्मिक व्याख्या - "महत्-ज्योतिमा धेरै धेरै टाढा भिन्न भिन्न ज्योतिको शक्ति कर्तृत्त्व पद ज्ञान स्वरुप महारथी, कूटस्थमा चित्र, विचित्र, कूटस्थमा समान देखिनु र सुमति यिनीहरु सबै अपराजित छन । अन्तरयामी एवं बीच बीचमा निर्मल यी सबै मूलाधारमा धारण गरिएकोछ, जस्ले मस्तिष्कमा श्वासको रक्षा गरेको छ, तिनीहरुको शब्द यसरी पृथक् पृथक् दश किसिम द्वारा अनाहत शब्द हुन थाल्यो ।"

- सुमति वस्तुतः अजेय छ, जसलाई सद्बुध्दि प्राप्त छ, उस्को अन्तसम्म विजय हुन्छ नै । पहिले सामान्यरुपले ज्योति देखिन्छ, अनि त्यसभित्र चित्र-विचित्र अनेक ज्योति देखिन जान्छ-त्यस्को अगाडि त्यो ज्योतिको भित्र एक प्रकारको ज्योति देखिन जान्छ - यही हो -*"तत् शुभ्रं ज्योतिषां ज्योति ।"* त्यस निर्मल ज्योतिमा दृढ स्थिति भएपछि उस्को बीचोबीच शक्तिको परिचय मिल्छ । पहिले हामी जुन ज्योति देख्दछौं त्यो हेर्नमा सुन्दर भएपनि पहिले जडवत्त् जस्तै लाग्दछ, अर्थात त्यो धारणा बस्दैन - त्यस्मा चैतन्य शक्तिको स्फुरण हुन्छ भनेर । तर त्यस ज्योतिको भित्र परम ज्योतिलाई देखेमा त्यस्को असाधारण शक्तिको परिचय साधकलाई मिल्न जान्छ । शिखण्डी-कर्तृत्त्वपदज्ञान हो, यसैले उस्लाई महारथी भनिएको छ । ज्योतिमा शक्तिको कर्तृत्त्वपदज्ञानको पचिय मिल्न जाँदा समझमा आउँछ - यो अवस्था सजिलैसँग नष्ट हुने या त्यत्तिकै अन्तरहित हुनेवाला छैन । परन्तु सावधान ! कतै त्यो शक्तिमा अभिमानयुक्त कर्तृत्त्वज्ञान हुन नजाओस ! नत्र भने सबै माटोमा मिल्न जानेछ । यो शक्ति आत्माको या त्यस अन्तरयामी प्रभुको, या गुरुदेवको हो । राम्ररी मनलाई साधन गरेमा साधकलाई अन्तर्यामित्त्व र निर्मल अन्तः करणीय सबै लक्षण देखिन जान्छ । यी सारा शक्तिहरु मूलाधारमा एकत्रित रहन्छ । क्रिया गर्दा गर्दै मूलाधार स्थित यी सबै शक्तिहरु चैतन्य भएर साधकको ज्ञानगोचर हुन जान्छ । तर यी मूलाधार स्थित सबै शक्तिहरु तबै स्थायीभावले चैतन्य हुनेछ, जब यस मूलाधारस्थ चैतन्य सहस्रारमा पुग्दछ । अर्थात श्वासलाई मस्तिष्कमा लगेर राख्न सकेमा, यी -अनाहतस्थ दश प्रकारका शब्दहरु जुन बेग्ला बेग्लै ध्वनित भैरहन्छ श्रुति गोचर भै सुन्न सकिन्छ ।

शरीरमा जहाँ कूटस्थको चिन्तन गरिन्छ, त्यही हो प्रकृत काशी+या काशीक्षेत्र । *"काशी सर्व प्रकाशिका"* । त्यहाँ मनलाई राख्नाले सबै वस्तुहरुको ज्ञान स्वतः आफसे आफ हुन जान्छ । त्यही महत् ज्योति या शिखण्डी हो । तब साधकले यस शक्तिलाई नै सर्वश्रेष्ठ ज्ञान एवं तेजः बुझिलिन्छ । यस ज्ञान द्वारा मनको नित्य आशंकारुपी भीष्मलाई बध गर्नमा सक्षम हुन्छ । यो ज्ञानावस्था प्राप्त हुन जाँदा साधक फेरि व्यर्थको आशंकाले शंकित हुदैन । ॥१७-१८॥

स घोषो धार्त्तराष्ट्राणां हृदयानि व्यदारयत् ;
नभश्च पृथि वीं-चैव तुमुलोऽभ्यनुनादयन् ॥ १९ ॥

श्रीधरीय टीका- [त्यस शंखनादले धृतराष्ट्रको पुत्रहरु र उनको पक्षवालाहरुमा वडो भय उत्पन्न गरी भयभीत गरी दियो-यही भन्दैछ]- त्यस शंखनादको तुमुल शब्द आकाश र पृथ्वीलाई प्रतिध्वनित गर्दै

धृतराष्ट्रको पुत्रहरु र उस्को पक्षधरहरुको हृदय विदीर्ण गर्न थाल्यो । ॥ १९ ॥

आध्यात्मिक व्याख्या - "जुन शब्दबाट हृदय विदीर्ण हुन्छ, मूलाधार देखि ब्रहमरन्ध्र सम्म तुमुल शब्द हुन थाल्यो ।"

- पृथिवी-मूलाधार एवं आकाश-ब्रहमरन्ध्र सम्म सवै स्थानहरु नादले परिपूर्ण हुन्छ । यसै शब्दले नै प्रवृत्तिपक्षीयहरु-काम, क्रोध, लोभ, मोहादि अत्यन्त भयभीत हुन्छन् । यसप्रकारको ध्वनि जव स्फुटित हुन्छ, तब विवश भएर मन त्यसध्वनिसँग आत्मसंयोग गर्दछ । तब चित्त मानो निस्तरंग हुन जान्छ र एस्तो लाग्न थाल्दछ-हृदय ग्रन्थि भेदन भएकोछ । तर वस्तुतः तब पनि हृदय-ग्रन्थि भेदन हुँदैन । एस्तो अवस्था प्राप्त गरेर पनि साधक योगभ्रष्ट हुन सक्दछ । ॥ १९ ॥

अथ व्यवस्थितान दृष्टवा धार्तराष्ट्रान कपिध्वजः;
प्रवृत्ते शस्त्र संपाते धनुरुद्यम पाण्डवः;
हृषीकेशं तदा वाक्यमिदमाह महीपते ॥ २० ॥

श्री धरीय टीका - (तब अर्जुनले श्रीकृणसँग निवेदन गर्‍यो) महाशब्द भय पश्चात् धृतराष्ट्रको पुत्रहरुलाई युध्द गर्न तत्पर तथा शस्त्र चलाउन प्रवृत्त देखेर कपिध्वज अर्जुनले धनुष उचाली हृषीकेशसँग यो कुरा भन्यो । ॥ २० ॥

आध्यात्मिक व्याख्या - "शरीरको तेज जसमाथि वायु रहन्छ,, क्रिया गर्दछु, यो विचारले वायुलाई तान्ने उपक्रम गर्नु अघि मनद्वारा व्यक्त गर्‍यो ।"

- साधना गर्नलाई जब साधक उद्योग गर्दछ, आसनमा बस्दछ, मेरुदण्डलाई सोझो पार्दछ, तब दुवै पक्ष विपक्ष शान्त रहन्छ, परस्पर मौका हेर्दछ । प्रवृत्तिको चेष्टा हुन्छ विषयतिर र निवृत्तिको आत्मातिर-यही उभय पक्षको सस्त्र संपातमा उद्योग हो ।

धनु-मेरुदण्ड हो । मेरुदण्ड देखि गलाको पछिल्लो भाग सम्म अवस्थित सुषुम्नालाई सोझो राख्नु नै गाण्डीव उत्तोलन या सुषुम्नाको उत्थान हो । गाण्डी- गाला;-गालाको समानान्तर दुवै भौंको पछाडि सम्म यो धनुषको गुणको रुपमा सुषुम्ना अवस्थित छ । यो मेरुदण्डमा नै जीवको शरीर अवलम्वित छ । मेरुदण्डको भित्र स्थित सुषुम्ना नै उस्को शक्ति हो । ॐकाररुप छ यो शरीर । यो कुरा गीताको उपक्रमणिकामा देखाइएकोछ । उपनिषद भन्दछन् - "प्रणवो धनु शरोह्यात्मा ब्रहम तल्लक्ष्यमुच्यते" - जसरी डोरीलाई धनुषको दुवैतिरको छेउमा राम्ररी बाँधिदिनाले खुब तन्किन्छ, र त्यस्ले वाण चलाउनमा सुविधा हुन्छ, उसरी नै साधन द्वारा सुषुम्ना चैतन्ययुक्त भएमा साधकले मेरुदण्ड भित्र खूब राम्रो "टान" (कस्सिएको) को अनुभव गर्दछ । मेरुदण्ड सीधा गरी साधनाको लागि बस्दा साधकको मन र शरीरमा एक राम्रो बलको अनुभूति हुन्छ, यही हो गाण्डीव उत्तोलन । यस प्रकारसँग साधना गरिरहनाले प्राणवायु

सजिलैसँग सुषुम्नामा प्रविष्ट हुन सक्दछ । साधना गर्ने या क्रिया गरने उद्यम यही हो । यस धनुष द्वारा नै समस्त कुरुवीर अर्थात प्रवृत्तिपक्षीय दलहरु नष्ट हुन्छन् ॥ २० ॥

अर्जुन उवाच

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥ २१ ॥

श्रीधरीय टीका - हे अच्यूत ! दुबै सेनाहरुको बीचमा मेरो रथलाई स्थापित गर्नु होस । ॥ २१ ॥

आध्यात्मिक व्याख्या - "तेजद्वारा मनमा प्रकाश भैरहेछ, दुबै दलहरुमा क्रियारहित भैकन हेर्दछु ।"

-अच्युत, -जो आफ्नो स्वभावबाट कहिल्यै स्खलित हुँदैन । जुन स्थानबाट जीव फेरि फर्कनु पर्दैन, त्यही हो परम मुक्तिपद । त्यो अच्युत नै त्रिकूटी - कूटस्थ हो । उही हो यो देहरथको सारथी । जगतमा जे जो हुन्छ, भैरहन्छ, सबै उसैको शक्तिले हुन्छ । -तथापि त्यो छ स्वयं सदा निर्विकार । यो देहरथको सारथी हामीहरुको सारा उत्पातहरुलाई सहन्छ, यस्मा उस्को आफ्नै कुनै प्रयोजन हुँदैन ; तापनि साराको समस्त प्रयोजनहरुको विधिविधान सदाको लागि उसैले गर्दछ । हामी उसमाथि पनि हैकम चलाउन चाहन्छौं । यो हाम्रो घमण्ड र अहंकार हो । परन्तु भक्तको अधीन रहने भगवान् भक्त माथि क्रोध गर्दैनन् । श्री भगवान् आत्मा रुपमा सबैको हृदयमा विराजमान छन । उसैले सदादेखि नै भक्तको राम्रोनराम्रो सबै अनुरोधहरुको रक्षा गर्दै आइरहनु भएकोछ, यसैकारण हाम्रो अहंकारको छेउटुप्पो नै हुँदैन । साधन गर्दा गर्दै साधकको इच्छा भयो - साधना बन्द गर्ने, उ असम्मत छैन, हुँदैन एस्मा पनि । जीवको मन यति संन्दिग्ध छ - साधनगर्दा गर्दा जब केही अनुभूतिहरु हुन लाग्छ, तब उस्लाई सन्देह हुन थाल्छ, यो जुन अनुभवहरु भैरहेछ, त्यो क्रियाको साधना को फल हो या एत्तिकै बीच बीचमा यो सबैलाई हुन्छ ? मनमा जब एस्तो इच्छा भयो, त जस्ले सबै इच्छाहरु पुरा गर्दछ, तथापि उस्को निजी आफ्नो कुनै इच्छा हुँदैन, त्यस परमात्मासँग निवेदन गर्दै एकपटक यो हेर्ने इच्छा भयो - क्रियारहित भैकन कसरी रहने-यस अवस्थामा प्रवृत्तिहरुले जोड जुलम् गर्न सक्छ या सक्दैन ? ॥ २१ ॥

यांवदेतान् निरीक्षेऽहं योध्दुकामानवस्थितान ;
कैर्मया सह योध्दव्यमस्मिन रण समुद्यमे ॥ २२ ॥

श्री धरीय टीका - [तिमी त योध्दा हौ, दर्शक होइनौ, फेरि किन हेर्न चाहन्छौ ? एस्को उत्तर दिंदै अर्जुन भन्दछ] युध्दको कामनाले अवस्थित वीरहरुलाई हेर्दछु । युध्द शुरु हुनासाथ मैले को को सँग लड्नु पर्छ, यसकारण एकपल्ट सारा युध्द क्षेत्र एवं योध्दाहरुलाई हेर्न चाहन्छु ॥ २२ ॥

आध्यात्मिक व्याख्या - "जो युद्ध गर्नलाई उद्यत छ, तिनीहरु को को सँग युध्द गर्नु पर्ला ?"-

-अर्थात् कुन कुन प्रवृत्तिहरुसंग युध्द गर्नु पर्नेछ; एक पल्ट त्यसलाई हेर्ने इच्छा साधकको मनमा लाग्नु स्वाभाविकै छ । तर क्रिया साधन बन्द गरी त्यसलाई हेर्ने प्रयत्न गर्नुले उल्टो असर नै पर्छ, प्रवृत्तिहरु मौका पाएर टाउकोमा सवार हुन जान्छन् । साधक संभवत: सोच्न थाल्छ - जब इन्द्रिय-भोग्यवस्तु विषय

उस्लाई नीको लाग्दैन भने एसो एकपल्ट विचार गरी हेर्दा के पो विगार गर्ला र ? परन्तु वस्तुतः विषय चिन्तन गर्नाले नजानिंदोसँग विषय प्रति आसक्ति उत्पन्न हुन जान्छ । तब त फेरि उम्किनलाई मुश्किल हुन्छ । अघि जुन एत्रो साधन गरिएको थियो र तेस्को फल पनि अनुभूत हुन आएथ्यो - ती सबै अब मनमा रहेन । विषयको स्वाद मीठो लाग्न थाल्यो र साधन-कीर्त्तन माटो हुन गयो । एकपल्ट साधनालाई बन्द गरेपछि पुनः साधना शुरु गर्न मानो भय लाग्न थाल्यो । यो जीवनको परम दुर्भाग्य हो । तैपनि जजस्ले कुनै बेला साधन गर्न प्रयत्न गरेको थियो र उसलाई साधना पनि राम्रो लागेको थियो, त्यस्ताको जीवन श्री भगवान् विल्कुलै नष्ट हुन दिनु हुन्न ।। उ आफ्ना भक्तहरुलाई महाविनाशबाट तानी लिनु हुन्छ । यसैकारण उस्को "अच्युत" नामको सार्थकता छ । उहाँ भक्तहरु माथि यस्तो कृपा राख्नु हुन्छ - भक्त साधकहरु उहाँको चरण कमल देखि फुत्किएर कतै बाहिर नजाओस ।॥ २२ ॥

योत्स्यमानान वेक्षेऽहं य एतेऽत्र समागताः ;
धार्तराष्ट्रस्य दुर्वुध्देर्युध्दे प्रिय चिकीर्षवः ॥ २३ ॥

श्रीधरीय टीका - दुर्वुध्दि दुर्योधनको हित कामना लिई जो जो युद्धार्थी राजाहरु यस युध्द क्षेत्रमा जम्मा भएका छन्, ती सबै योध्दाहरुलाई एकपल्ट म राम्ररी हेर्दछु ।॥ २३ ॥

आध्यात्मिक व्याख्या - "जो जस्को साथ युध्द गर्नुछ, ती सबै चंचल मनयुक्त हुनाले कोही पनि स्थिर छैन, अतयव युध्द गर्नको् निम्ति प्रिय र इच्छुक छन ।"

-मलाई साधनामा वाधा दिने प्रवृत्ति पक्षीय कुन कुन मनोवृत्तिहरु प्रबलछन, त्यस्लाई म एकपल्ट हेर्दछु । दुर्मतिपक्षको साथ युध्द गरी तिनीहरुलाई नजितीकन शान्ति हुने छैन । तर दुर्मतिको दलका सबका सब चंचलछन्, तिनीहरु जबसम्म स्थिर हुँदैनन् तबसम्म विषय कामना गर्ने नै छन् । तिनीहरु युध्दको इच्छुक पनि छन्, तिनीहरु चुपोलागेर बस्ने पात्र पनि होइनन् । जबसम्म तिनीहरुलाई जीत्न सकिन्न, तबसम्म तिनीहरु मनलाई विषयतिर लोभ्याउन अनेकानेक प्रयत्न गरिनै रहनेछन् । साधकलाई आफु भित्र एकपटक विपक्षीदलको ताकतलाई हेर्ने इच्छा हुन्छ । यस भावनाबाट-हाम्रो कुन कुन प्रवृत्तिहरु बलवान छ, तथा त्यसलाई कुन उपायबाट शमन गर्न सकिन्छ ।॥ २३ ॥

संजय उवाच-

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारतः ;
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥ २४ ॥
भीष्म द्रोण प्रमुखतः सर्वेषांच महीक्षिताम्;
उवाच पार्थ पश्यैतान् समवेतान् कुरुनीति ॥ २५ ॥

श्रीधरीय टीका - संजयले भन्यो - हे भारत धृतराष्ट्र ! निद्रालाई जीत्नेवाला अर्जुनले जव एस प्रकारसँग

भन्यो, तव श्री भगवान् हृषीकेशले दुवै सेनाहरुको बीचमा भीष्म, द्रोण, तथा जम्मा भएका राजाहरुको सामुन्ने श्रेष्ठ रथलाई स्थापन गरी भन्नु भयो- हे पार्थ ! जम्मा भएका कुरुगणलाई हेर । ॥ २४-२५ ॥

आध्यात्मिक व्याख्या - "दिव्यदृष्टि द्वारा प्रकाश भैरहेको छ, यसप्रकार शरीरको तेजद्वारा कूटस्थमा प्रकाश गर्दै एस्तो जुन उत्तम क्रियाछ, तेस्लाई स्थगित गरिदियो- दुवै दलको बीचमा गएर ॥ २४ ॥ यो आफ्नो दुराग्रह र भय सामुन्ने छ । युध्दार्थी भएर वहुदर्शी हुँदैछौ । ।" ॥ २५ ॥

- कोसँग युध्द गर्नु छ तिमीलाई, लौ अब तिमी यो हेर ।, दुई दलको बीच मनको आकर्षण फेरि फेरि हेर्दा मन कहिले प्रवृत्ति पक्षमा कहिले निवृत्ति पक्षमा गएर बस्दछ ;यो स्वाभाविक नियम हो । हामी सबै यो प्रत्यक्ष देख्दछौं । साधनमा लागिरहँदा पनि साधकलाई दुर्मतिको सामना गर्नु पर्ने हुन्छ, अनि कहिले यो दल कहिले त्यो दल हेर्दै रहे त क्रिया गर्न कठिन भै हाल्छ । अर्थात आफुलाई असमर्थ पाउनु के गरुं के नगरुं - एसप्रकारको भाव आउनेछ । दिव्यदृष्टि द्वारा दुराग्रह र भय अनुभव भैरहेछ - यिनीहरु नै त त्यसदलको मुखिया हुन । तिनीहरुले जे खोजिरहेको थियो तेस्को सुयोग उस्लाई प्राप्त भयो । साधनाको बारेमा मनमा गंजागोल शुरु भयो । ॥ २४-२५ ॥

तत्रापस्यत् स्थितान् पार्थ : पितृनथ पिता महान ;
आचार्यान् मातुलान् भातृन् पुत्रान् पौत्रान् सखींस्तथा ।
स्वसुरान् सुहृदश्चैव सेनयोरुभयोरपि ॥ २६ ॥

श्री धरीय टीका - पश्चात् अर्जुनले युध्द क्षेत्रमा दुवै पक्षको सेनाहरुको बीच पितृव्य, पितामह, आचार्य, मातुल, भ्राता, पुत्र, पौत्र, ससुरा, मित्रगण तथा सुहृदहरुलाई देख्यो । ॥ २६ ॥

आध्यात्मिक व्याख्या - "शरीरको तेजले देख्दछ -अल्पभय र धेरै भय, परम्परादेखि चलिआएको रीति, सबैको चाहना, अर्काप्रति द्वेष, सबै विषयमा पहिले कल्पना गर्नु, संकल्पको साथ मायासँग अभिभूत भै रहनु, मिथ्या माथि मिथ्या, कुप्रवृत्ति परिहासादि, यस्को विपरित उल्टो दिशामा-यी दलहरु छन ।"

- दुवै दलमा कोही कोही प्रवृत्ति-निवृत्ति उभय-पक्षको आत्मीय छन् । इन्द्रियहरु र उस्को कार्य-काम क्रोधादि सबैको देहसँग सम्बन्ध छ, पंचतत्त्वबारे पनि यही कुरा छ, अतयव यी सबैको परस्पर सम्पर्क छ । जबसम्म देहबोध छ, तबसम्म दुवै पक्षहरु रहने नै छ । जबसम्म द्वन्द्वातीत अवस्था प्राप्त हुँदैन, तबसम्म यी सबै शक्तिहरु दुवैतर्फ चलखेल गर्दछ, तर परस्पर विपरित भावले । भयलाई नै लिंउ-धर्मकार्य गर्नमा भय हुन्छ, अधर्म कार्यमा पनि भय हुन्छ । दुराग्रह - राम्रो काममा पनि दुराग्रह हुन्छ, नराम्रो काममा पनि दुराग्रह हुन्छ । विषय ग्रहण गर्ने इच्छा हुन्छ र विषय त्याग गर्ने इच्छा पनि हुन्छ । सद्विषयक कल्पना पनि हुन्छ, असद्विषयक कल्पना पनि हुन्छ । स्थूल विचारले निवृत्ति पक्षीय भाव आपाततः भलो लाग्दा पनि अन्ततोगत्वा त्यस्लाई पनि त्यागनु पर्ने हुन्छ । अन्यथा सुख दुःखमा समभावको प्राप्ति कसरी हुन सक्छ ? यद्यपि सत्त्वगुण सवै गुणहरुमा प्रकाश धर्मवाला भएको कारण उत्कृष्ट छ, तथापि हो त्यो त गुण नै ।

परन्तु जब गुणातीत नभैकन यथार्थ उपराम पाइँदैन भने तब सत्त्वगुणलाई पनि बन्धन नै मान्नु पर्नेछ। अतयव त्यस्लाई पनि त्याग्नु पर्नेछ। परन्तु जबसम्म हामीहरु गुणहरुमा रहन्छौं तबसम्म जहाँसम्म हुन सक्छ, त्यही गर्नु पर्नेछ सत्वगुण विकाशलाई प्राप्त होस। ॥ २६ ॥

तान् समीक्ष्य स कौन्तेयः सर्वान बन्धुनवस्थितान् ;
कृपया परयाविष्टो विषीदन्निदमव्रवित ॥ २७ ॥

श्री धरीय टीका - दुवै सेनाहरुमा ती सबै बन्धुवान्धवहरुलाई अवस्थित देखि अर्जुन अत्यन्त द्रवित हृदय भै विषाद युक्त चित्तले बोल्यो। ॥ २७ ॥

आध्यात्मिक व्याख्या - "सवैलाई हेर्दछन, तिनीहरु सबै जो आफ्नै मान्छे हुन, गांजिएकाछन - मायावृत्त भएर अनि विस्मयापन्न भै यो भाव प्रकाट भयो। "

- पहिले अनेक साधक उमंगमा आएर साधना गर्न शुरु गर्दछन्, पश्चात् जब देख्दछ - जीवनको चिर अभ्यस्त अनेकानेक सुखहरुलाई कांट छांट गर्नु पर्नेछ, तब केही विस्मित केही विषण्ण भैउनीहरु जुन भाव व्यक्त गर्दछन्, त्यसैको विवरण दिईरहेछ। साधना गरी केही अग्रसर भैकन पनि सन्देह हराउँदैन। मनमा एस्तो लाग्न थाल्दछ - सारा भोगहरु छाडी क्रियामा लाग्नु पर्छ, जे जो गरिरहेछु, जे जो देखिरहेछु, त्यो ठीक छ छैन, यस किसिमको विघ्न उपस्थित भै दिन थाल्दछ - फेरि एस्तो पनि लाग्न थाल्छ-समस्त भोगहरु त्यागी क्रियामा लाग्दा मन सबै इन्द्रियहरु स्तब्ध हुन जानेछ, परन्तु पूर्वसंस्कारवश इन्द्रियहरु र उस्को भोग्य विषयहरुको लागि मन छटपट गर्दछ। यत्तिका साधन गर्दा पनि जीवन अकृतार्थ लाग्दो छ - यही हो विषाद योग। साधकमा जब सम्म यो विषाद योग एकपल्ट उदित हुँदैन, तबसम्म त्यो साधनमा परिपक्व भै दृढ भएर जम्न सक्दैन। एसैले अग्रसर भैकन पनि साधकको जीवनमा विषाद आई उपस्थित हुन्छ। यो विषाद आउँदामा साधक जे सोच्छ, बोल्छ, र ज्ञानस्वरुपं आत्मा गुरु जुन उपदेश दिनु हुन्छ, या मनमा ज्ञान दिएर जुन व्यक्त गर्दछ, - ती सबै कुराहरु अब थालिनेछ। यही हो गीता। यो गीताको उपदेश, साधक आफु भित्र जबसम्म अनुभव गर्दैन, तब सम्म सन्देह छ - उस्को साधना ठीक बाटोबाट चलेको छ छैन। ॥ २७ ॥

अर्जुन उवाच

दृष्टेमान् स्वजनान् कृष्ण युयुत्सुन् समवस्थिता ;
सीदन्ती मम गात्राणि मुखंच परिशुष्यति ॥ २८ ॥

श्री धरीय टीका - (अर्जुनले जे जो भने त्यस्लाई यस श्लोकदेखि समाप्ति सम्म यो अध्यायमा भनिरहेछन्) हे कृष्ण! युध्दका अभिलाषी यी स्वजनहरुलाई सामुन्ने अवस्थित देख्दा मेरो हात खुट्टा आदि सारा अंगहरु अवसन्न भैरहेको र मुख पनि सुकिरहेकोछ। ॥ २८ ॥

आध्यात्मिक व्याख्या -"तेजद्वारा प्रकाश भैरहेकोछ - जो मानिसहरु युध्दमा उपस्थित छन्, तिनीहरु सबै

आफ्नै मानिस देखिरहेछ । मेरो शरीर विषादलाई प्राप्त भइरहेछ । र यसैकारण मुख पनि सुक्दै गइरहेको छ ।"

- पहिले साधनाको लागि मन तत्पर भै धेरै उत्साह भैरहेथ्यो । पश्चात् मन मनै विचार गर्दा जव भोगादिक भोग्य वस्तु त्यागगर्नु पर्ने कुरा मनमा आयो, तब मनको त्यो तेज टिकन सकेन । मन विषादले भरी भयो । कुनै किमिमको विषाद मनमा उपस्थित भए शरीर अवसन्न हुन जान्छ, र मुख सुक्न थाल्दछ । मनमा दुश्चिन्ता हुन लाग्दछ -यो मैले के गरिरहेछु ? साधना गर्दा के पाइएला ? यो मलाई थाहा छैन । परन्तु आपाततः अनेकानेक सुखआरामादि छोड्नु पर्नेछ-यो त देखिरहेछु । एसकिसिमले के अन्त सम्म साधनादि कठोरसँग चलाउन सकिएला ? यदि चलाउन सकिन भने त यो सब परिश्रम व्यर्थ नै हुने भो । यी सारा दुर्भावनाहरुले शरीर अवसन्न भै मुख सुक्न थाल्दछ । वस्तुतः जव सम्म इन्द्रिय-परायणता हुन्छ तबसम्म यी सबै भय आउने नै छ । यदि विचार गरी हेर्‍यौ भने आत्मा नै सर्वश्व हो, त्यस आत्माको दर्शनको निम्ति यदि यी सबै सुखहरु त्याग गर्नु पर्दछ, या यो शरीर पनि नष्ट भै दिन्छ भने पनि त्यस्लाई स्वीकार गरेर साधनामा लाग्नु नै मनुष्यत्व हो, नत्र भने केवल भोजनपानको लागि मात्र ज्युनु पशु जीवन यापन तुल्य छ । ॥ २८ ॥

वेपथुश्च शरीरेमे रोम-हर्षश्च जायेते ;
गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ॥ २९ ॥

श्रीधरीय टीका - मेरो शरीरमा कम्प र रोमांच भैरहेछ, गाण्डीव हातबाट खसि रहेछ र त्वक मानो सर्वत्र जलिरहेछ । ॥ २९ ॥

आध्यात्मिक व्याख्या - देखिरहेछु - मेरो शरीर विपथगामी भैरहेछ । यसकारण भयले प्रयुक्त रोमांच भैरहेछ, श्वास शिथिल हुँदैछ शरीर आगो जस्तै जलन लागि रहेछ ।"

-मनमा दुश्चिन्ताजनित उद्वेग रहँदा शरीर पनि मानो शिथिल हुन जान्छ । मनै राम्ररी ठीक छैन भने शरीर पनि दृढतासँग सीधा बस्न सक्तैन । मेरुदण्ड जुन गाण्डीव हो सोझो रहन सक्तैन संकुचित एवं शिथिल हुन जान्छ । एस्तो अवस्थामा क्रिया पनि ठीक सँग हुँदैन । ॥ २९ ॥

न च शक्रोम्यवस्थातुं भ्रमतीव च मे मनः ;
निमित्तानि च पश्यामि विपरितानि केशव ॥ ३० ॥

श्री धरीय टीका - हे केशव ! म स्थिर भै वस्न असमर्थ भैरहेछु । मेरो मन भ्रम युक्त भैरहेछ र अनिष्ट सूचक खराब लक्षण देखिरहेछु । ॥ ३० ॥

आध्यात्मिक व्याख्या - "म स्थिरसँग बस्न असमर्थ भैरहेछु । मेरो मन भ्रमयुक्त भैरहेछ र सारा विपरित कारणहरु देखिरहेछु ।"

- मनको तेज घटनाले चित्त जसरी विभ्रान्त हुन्छ, दृढभाव जसरी विचलित भै दिन्छ, त्यसैको वर्णन गरिरहेछ। तेस्तो बेलामा साधनामा अघि बढ्न मानो असंभवै लाग्न थाल्दछ। चित्त भययुक्त भए पछि कसरी स्थिरतापूर्वक बस्न संभव हुन्छ र ? तेस्तो बेला मन एवं मस्तक दुवै रिंगिन थाल्छ। जुन साधनाको अनुशरण गरी प्राचीन ऋषिगण परम-उच्च अवस्थालाई प्राप्त गर्दथ्यो, महानन्दमा मग्न हुन जान्थ्यो, अत्यन्त शान्ति प्राप्त गर्दथ्यो, त्यही साधना प्रति काम-दुषित-चित्तमा यति भय उत्पन्न हुन्छ -मनमा लाग्न थाल्दछ, मानो साधन छोड्नाले नै प्राण बच्नेछ। यहाँ सम्म लाग्न थाल्दछ - जुन मानिसहरु यो गुह्य तत्त्वहरुको आलोचना गर्दछ, तेस्ताको साथ वस्न पनि भय हुन थाल्छ। यस्तो दुर्भाग्य आई उपस्थित भै दिन्छ। ॥ ३० ॥

न च श्रेयोऽनु पश्यामि हत्वा स्वजन माहवे ;
न कांक्षे विजयं कृष्ण न च राज्यं सुखानि च ॥ ३१ ॥

श्री धरीय टीका - युध्दमा आत्मीयजनहरु मारेर कुनै कल्याण देखिरहेको छैन। यदि भन्नु हुन्छ-विजय प्राप्तिरुपी फल त पाइन्छ नै, त्यसलाई किन हेर्दैनौ ? त एस्को उत्तरमा अर्जुन भन्दछन् - म विजय चाहन्न, राज्य एवं सुख केही पनि चाहन्न। ॥ ३१ ॥

आध्यात्मिक व्याख्या - "जुन मानिसहरु धेरै दिन देखि कै आफ्नै मानिसहरु हुन, ती सबैलाई मारेर म केही पनि श्रेय देख्दिन, सबैलाई विशेषरुपले जीत्न पनि चाहन्न। तथा सबैलाई वशवर्त्ती राखेर राज्य सुखको अनुभव पनि गर्न चाहन्न।"

- मनुष्य हरघडी शरीर र इन्द्रियहरुको सुख भोग चाहन्छन्। तर साधना गर्ने समय यी सबै सुख इच्छाहरुलाई केही न केही कम गर्नु आवश्यक हुन जान्छ। परन्तु आशंका र दुर्वुध्दि एसरी पछ्याई रहन्छन् - मनमा लाग्न थाल्दछ, साधना गर्ने हो भने त शायद समस्त सुख भोगहरुलाई तिलांजलि दिनु पर्नेछ। तर यो कुरा ठीक छैन। भोग त्याग गर्ने कुरा त छैन, तर भोगमा संयम ल्याउनु आवश्यक छ। अलिकति विचार गर्दामा यो राम्रै सँग बुझिन जान्छ-विशेष असंयमी हुँदा मनुष्यलाई सुख भोग पनि संभाव्य हुँदैन। असंयमी मानिस सुख भोगबाट पनि वंचित हुन्छ। तथापि यो पनि ठीक छ -निरन्तर सुख भोगतिर मन लहसिंदा साधन-भजन हुन सक्तैन। यदि कोही कुनै असंयम भैकन पनि साधन गरिरहे साधनाको सम्यक फल प्राप्त हुन सक्तैन। एसैले गुरुहरु शिष्यहरुलाई सतर्क गर्नु हुन्छ- परिश्रम गरी साधना गर्नु र उपयुक्त फल प्राप्त नहुनु विलकुल असंगत छ। एसैकारण आहार विहारमा संयमको अभ्यास गर्ने उपदेश दिनुहुन्छ। संयमको कुरा सुनेर पहिले पहिले भय हुन्छ, तर संयम भनेको त इन्द्रियादिको विलकुलै उपवास त होइननी। इन्द्रियहरुले विषय ग्रहण गर्दा यथोचित संयमको अभ्यास नियमित राख्नु नै संयम हो। यस प्रकार प्रतिदिन नियमित रुपसँग संयमको अभ्यास गर्दै रहनाले मनुष्य देवता बन्न सक्छ। अनि विशेष ल्केश पनि यस्मा हुने संभावना रहदैन। 'विजय' शव्दको अर्थ हुन्छ -संयम या इन्द्रिय जय एवं राज्यसुखको अर्थ हो सिध्दि। यो सबै साधना द्वारा उपलब्ध हुन सक्तछ। तर अनिश्चित छ। अनिश्चित

सुखको लागि वर्तमान विषय भोगको त्याग ले कुनै मंगल या शान्तिको प्राप्ति होला यो साधारणतः समझमा आउँदैन । ॥ ३१ ॥

किं नो राज्येन गोविन्दं किं भोगैर्जीवितेन वा ;
एषामर्थे कांक्षितं नो राज्यं भोगाः सुखानिच ॥ ३२ ॥

श्री धरीय टीका - हे गोविन्द ! अनि हामीलाई राज्यसँग के मतलव भोगसँग के मतलब, तथा जीवन धारण देखि नै के मतलव ? जस्को लागि राज्य सुख भोग एवं सुख प्रभृतिको आकांक्षा गरिन्छ । ॥ ३२ ॥

आध्यात्मिक व्याख्या - "राज्यसँग मेरो के प्रयोजन, भोगदेखि नै पनि के काम, तथा जीवितै रहनु पनि के लाभ ? जस्को लागि राज्य, भोग, एवं सुख; छ; उनीहरुलाई नै मारी दिनाले ।"

- साधना गरी वासना जय तथा इन्द्रिय जय गर्नाले के फल मिल्छ ? सुख भोगको लागि नै त जीवन धारण गरिन्छ, त फेरि अन्धा, गुंगा, बहिरो बन्नाले के फाइदा ? यस्तो जीवन व्यर्थ छ, यसरी ज्युनुले त कुनै लाभ समझमा आउँदैन । ॥ ३२ ॥

त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ;
आचार्याः पितरः पुत्रास्तथैवच पितामहा : ॥ ३३ ॥

मातुला : श्वशुराः पौत्राः श्यालाः सवन्धिनस्तथा ;
एतान् न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ॥ ३४ ॥

श्रीधरीय टीका - जस्को लागि राज्य भोग एवं सुखादिको आकांक्षा गरिन्छ, तिनीहरु सबै आचार्य, पितृव्य, पुत्र, पितामह, मातुल, श्वसुर, पौत्र श्याला सम्बन्धी आत्मीयजन प्राण धनादिको मोह त्यागी युध्दको निम्ति अवस्थित छन्, अतयव अव हामीलाई राज्य आदिसँग के को प्रयोजन ? कथम् यदि तिमी भन्छौ - कृपा परवश भै तिमी उनीहरुको बध गर्दैनौ भने पनि तिनीहरु राज्यको लोभले तिम्रो हत्या निश्चय नै गर्नेछन्, अतः उनीहरुलाई मारेर राज्यसुख भोग गर । तब एस्को उत्तर अर्जुनले दिन्छ । हे मधुसूदन ! तिनीहरुले मलाई मारी नै हाले पनि म उनीहरुलाई मार्ने इच्छा गर्दिन । ॥ ३३-३४ ॥

आध्यात्मिक व्याख्या - "धन अर्थात इन्द्रिय-सुख, प्राण इन्द्रियहरुको सुखेच्छा-दुबैलाई नै त्याग गरी युध्दको ईच्छा गरिरहेछ-चिरकालको ढंग, चंचल स्वभाव, द्वेष एवं हिंसा, धर्मकर्ममा भय ॥ ३३ ॥ सबैमा इच्छा, कुमति, धेरैभय, परिहास, मान, एस्को कारण यदि मेरो मृत्यु नै हुन्छ भने पनि म एसलाई त्यागन वा मारी हाल्न चाहन्न ।" ॥ ३४ ॥

- योग साधन गर्दा अनेकानेक विभूतिहरु प्राप्त होला, अनेक दर्शन-श्रवणादि होला, अनभिज्ञ मनुष्य यही लोभले साधना शुरु गर्दछ । परन्तु पश्चात् जब समझमा आउँछ - देख्नु, सुन्नु, या कुनै शक्ति प्राप्त

गर्नु योग साधनाको मुख्य लक्ष्य होइन। बरुभन इन्द्रियहरुको वृत्तिहरु तथा सबै किसिमको चित्तवृत्तिहरुको निरोध नै वास्तविक योग हो । तब उ हतासिन्छ, अनि सकाम साधकको साधनामा फेरि आस्था रहँदैनन् । मनमा लाग्न थाल्दछ -एत्रो परिश्रम एवं साधना गरी अन्तमा बहिरो, लाटा, र अन्धा वन्नु पर्नेछ, तब त यसप्रकारको साधनामा परिश्रम गर्नु केवल व्यर्थ समय मात्र बरबाद गर्नु हो। पहिले सुनेको थियो - साधन गर्नाले अनेकानेक किसिम किसिमका कुराहरु देख्न र सुन्नमा आउँछ, तर अहिले देख्दछु-त्यो ठीक सही छैन । जसले यी सबै वस्तुहरुलाई देख्नेछ या देखेर सुनेर जसलाई सुख मिल्ला, ती सबै इन्द्रियहरु र मन सबका सब ती यस युध्दमा मर्नलाई तयार छ । यदि तिनीहरुनै मऱ्यो भने यो दर्शन श्रवणादि कसले गर्ला ? अब सोचिरहेछु, त्यस्तो नगरी युध्द नगर्नु ठीक छ । तिनीहरु यदि मलाई मार्छन भने पनि ठीक छ, अर्थात इन्द्रियहरुको हातमा आत्म-समर्पण गरी दिएमा तिनीहरु सबै मिली मार्नेछ, किनभने भोगमा अधिक डुवी जाँदा फेरि आत्म-चैतन्यको विकास हुनेछैन । त्यस्तो होस वा नहोस गुमसुम भैकन निर्जन स्थानमा बसिरहनु, इन्द्रियहरुलाई भोगसुखबाट वंचित गरी दुःख कष्ट दिनु आदिको अपेक्षा भोग सुख मै लंपट भएर मर्नु नै ठीक छ । अज्ञानवश तथा यथार्थ चिन्तनको अभावले यस्तो कुरा वास्तविक जस्तो लागे पनि सत्य कुरा यो होइन । साधन गर्नाले इन्द्रियहरुको तेज बढ्‌दछ, ह्रास हुँदैनन । तर विष्ठा-कृमि समान भोगविलाशमा इन्द्रिय-मन पनि लीन हुँदैन । विघ्नले भरिपूर्ण यस जटिल कंटकाकिर्ण सान्सारिक बाटोमा सुमार्ग पाई संयमशील साधक कृतार्थ हुन जान्छ र उस्लाई हानि पनि केही हुँदैन । ॥ ३३-३४ ॥

अपि त्रैलोक्य राज्यस्य हेतोः किन्नु महीकृते;
निहत्य धार्तराष्ट्रान्नः का प्रीति : स्याज्जनार्दन ॥ ३५ ॥

श्री धरीय टीका - त्रैलोक्यको राज्य प्राप्तिको लागि पनि जब म यिनीहरुलाई मार्न चाहन्न भने सामान्य पृथिवीको राज्यको निम्ति यिनीहरुलाई किन मार्ने ? हे जनार्दन ! यी धृतराष्ट्रका पुत्रहरुलाई मारेर हामीलाई के सुख मिल्ला ? ॥ ३५ ॥

आध्यात्मिक व्याख्या -"त्रिलोकको राजत्व पाइएपनि मनको शतः पुत्रहरुलाई मार्नाले के लाभ र सन्तोष मिल्न सक्छ ?"

- सुख शब्दले हामीलाई इन्द्रियहरुको भोगसुख वाहेक अन्य कुनै वस्तुको वोध हुँदैन । यसैकारण यती भय भैरहेकोछ । त्रिलोकको राजत्व अर्थात मूलाधार-ग्रन्थि, हृदय ग्रन्थि जिहवा ग्रन्थि-यिनीहरुको यदि भै दिन्छ भेदन भने पनि के तपाई भन्न सक्नु हुन्छ -तेस्मा इन्द्रियभोग विलाश जनित सुखको अपेक्षा धेरै सुख पाइन्छ ? यदि पाइदैन भने इन्द्रिय सुख भोगलाई नष्ट गर्नाले के लाभ ? ॥ ३५ ॥

पापमेवाश्रयेदस्मान् हत्वैतान् आततायिनः;
तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान् सवान्धवान् ॥
स्वजनं हि कथं हत्वा सुखिन : श्याम माधव ॥ ३६ ॥

श्री धरीय टीका - जुन मान्छेले घरमा आगो लगाउँछ, जसले वीष खुवाउँछ, जसले शस्त्रद्वारा प्राण हरण गर्न उद्यत हुन्छ, जसले धनापहरण गर्छ, जसले भूमि र स्त्रीको अपहरण गर्दछ - यस्तो छ प्रकारको मनुष्यलाई आततायी भन्दछन् । जतुगृहदाह, भीमलाई वीष-प्रयोग, कपट जुवामा धन एवं भूमिको अपहरण आदि छ प्रकारको दोषहरुबाट कौरवहरुले वस्तुतः आततायीको काम गरेका थिए । यस प्रकारको आततायीहरुको वध गर्नु नै समुचित छ । मनु भन्नु हुन्छ -जो आततायी भएर आउँछ, उसलाई विचारै नगरी (गुरुजन एवं ब्राहमणादि भएपनि) मारी हाल्ने किन भने-आततायीहरुलाई मार्नाले केही पनि दोष लाग्दैन, यस्तो शास्त्र विधि छ; किन्तु धर्मशास्त्रको पनि विधि छ, धर्म शास्त्रले एस्को समर्थन गर्दैन, -आचार्य, गुरु अवध्य छ । एस किसिमको काम गर्नु धर्म-शास्त्रमा निषिद्ध छ, एवं धर्मशास्त्र भन्दा अर्थशास्त्र दुर्वल हुन्छ । याज्ञवल्कय भन्नु हुन्छ,- अर्थशास्त्र भन्दा धर्म शास्त्र वलवान हुन्छ । अर्थशास्त्र र धर्मशास्त्रमा विरोध हुँदा धर्म-शास्त्रकै प्रामाण्य स्वीकार गर्नु पर्ने हुन्छ । यद्यपि उनीहरु आततायी हुन्, यो सत्य छ, तथापि उनीहरुलाई आचार्य गुरुजनहरुलाई मार्नाले हामीहरु पापको भागीदार हुनु पर्नेछ । किन भने उनीहरुलाई मार्नु अन्याय एवं अधर्म हो । अन्याय र अधर्म गर्नाले इहलोक र परलोकमा सुख हुन सक्तैन । ॥ ३६ ॥

आध्यात्मिक व्याख्या - "मेरो आत्माले जुन पाप ठान्दछ, यसैले मनको स्वजन बान्धवलाई मार्ने इच्छा गर्दिन । आफ्ना स्वजनहरुलाई मारेर म कसरी सुखी हुन सकुँला ?"

- मनको स्वजनहरु हो इन्द्रियहरु, जसले मनलाई विषय भोग विलाश गराउँदछ । तिनीहरु सबै धर्म र साधना पथको विरोधीहरु हुन । परन्तु तिनीहरुलाई मारी दिनाले कसरी धर्म रक्षा हुन सकला ? बरु म त झन देखिरहेछु, यिनीहरु नष्ट भएमा अधर्म नै हुनेछ, र हामी हरु सुखी पनि हुन सक्दैनौ । किनभने योगाभ्यास द्वारा तथा नाना किसिमको अलौकिक दर्शन श्रवणादि बाट इन्द्रियहरु सुखी हुन्छ ;- ती इन्द्रियहरु र मन नै रहन्न भने साधनादि गरी तेस्को फल कस्ले भोग गर्ला ? अंतयव इन्द्रिय र मनलाई नचाउनु नै ठीक छ, बचाई राख्नु नै आवश्यक छ । त्यस्लाई नाश गरेर सुख पाइएला- एस्तो आशा म गर्न सक्तिन । ॥ ३६ ॥

यद्यप्येते न पश्यन्ति लोभोपहत चेतसः ;
कुल क्षय कृतं दोषं मित्रद्रोहे च पातकम् ॥ ३७ ॥

श्री धरीय अनुवाद - यद्यपि राज्यको लोभले उनीहरुको बुध्दि विवेक भ्रष्ट भएकोछ, तथा कुलको नाशले उत्पन्न हुने दोषहरु एवं मित्रद्रोहले हुने पापलाई यिनीहरु देख्दैनन् । ॥ ३७ ॥

आध्यात्मिक व्याख्या - "लोभले हतचित्त भएर यिनीहरु कुलको क्षय र मित्र द्रोहको पाप देखिरहेका छैनन् ।"

- हामी मनको् आवेगमा जे जो गर्दछौं त्यस्ले शरीर र इन्द्रियहरुको केही न केही क्षति त हुन्छ नै, अन्ततः

व्यर्थको काममा आयु क्षय र श्वास नष्ट हुनेछ । प्राणायाम आदि योगक्रिया द्वारा श्वासक्षयको निवारण हुन्छ, अनि राम्रो नराम्रो जुन कर्महरु हामी गर्दछौं, त्यसले आयु क्षय नै हुन्छ । दुर्मति आदि भोगको लालसाले हतचित्त भएर अधिक भोग विलाशमा इन्द्रियशक्तिहरुको क्षय गर्न सक्तछन् । इन्द्रिय शक्तिको क्षय भए पछि देह इन्द्रिय आदिको पतन हुन्छ । परन्तु विषय लोभले उन्मत्त प्रवृत्तिका दास यिनीहरुले विलकुलै यसलाई देखेका हुँदैनन् । के यो कम परितापको विषय हो ? शुध्द वासना र अशुध्द वासना दुवै एकै कुलबाट उत्पन्न हुन्छ । किन भने यी दुवै मन बुध्दिबाटै उत्पन्न हुन्छ ; एस्मा एकको दल सन्सार चलाई रहन्छन र दोस्रो दल सन्सारबाट मुक्त हुन चाहन्छन । ॥ ३७ ॥

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्त्तितुम् ;
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥ ३८ ॥

श्री धरीय टीका - किन्तु हे जनार्दन ! कुलक्षयबाट उत्पन्न हुने दोषलाई देखेर पनि यस पापबाट बच्ने उपाय हामीले किन नगर्ने ? अर्थात् युध्द निवृत्तिको लागि सोच्नु नै हाम्रो कर्त्तव्य हो । ॥ ३८ ॥

आध्यात्मिक व्याख्या - "यस्मा कुलक्षय हेतुक दोष देख्दछु ।"

-शरीरको सेना जस्को द्वितीय श्लोकमा व्याख्या भएकोछ, योगाभ्यासद्वारा यदि ती सबैको क्षय हुन्छ भने तब त भन्नु पर्छ - यो दोषयुक्त कुरा हो । किन्तु साधनाबाट वस्तुतः इन्द्रिय र देह दुर्वल हुँदैनन्, बरु भोगले नै तिनको क्षय हुन्छ । यद्यपि शरीर हेर्दा केही दुब्लोपातलो देखिन जान्छ, तर तेस्मा तेजको ह्रास हुँदैन, बरु झन साधना-द्वारा शरीर इन्द्रियको तेज वृद्धि हुन्छ । जुन मनुष्य यथार्थ तत्त्व जान्दैन, तिनीहरु नै भयभित हुन्छन् । साधारणतः संयमको उपेक्षा गरी दुष्कार्यमा प्रवृत्त हुँदा शरीर झन विशेष क्षयलाई प्राप्त हुन्छ । साधनावस्थामा त्यो क्षय-कमजोरी दुःसह हुन जान्छ । यसैकारण साधनाको बेला संयमको यति प्रयोजनशीलता छ ।

-योगिनस्तस्य सिध्दिः स्यात् सततं विन्दु धारणात्"-संयम साधन बिना शरीरको रक्षा हुँदैन, शरीरको रक्षा नभै साधना हुँदैन । यसैकारण योग शास्त्रमा लेखिएकोछ - "धर्मार्थ काम मोक्षाणां शरीरं साधनं यतः" यसैकारण योगी साधकहरुले आहार शुध्दिमा विशेष ध्यान दिने नियम छ । साथसाथै नाना प्रकारको संकल्प विकल्पको फोहर हिलो मैला चित्तमा थुपार्नु पनि ठीक छैन । छान्दोग्य उपनिषदमा लेखिएकोछ-

"आहार शुद्धौ सत्व शुध्दि, सत्त्व शुध्दौ ध्रुवा+स्मृति : ;
स्मृति लाभे सर्व ग्रन्थिनां विप्रमोक्ष : ।"

-छान्दोग्योपनिषद.

कुलक्षय प्रणश्यन्ति कुलधर्मा सनातनः ;
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥ ३९ ॥

श्री धरीय टीका - [कुलक्षयको दोष देखाइन्छ] कुलको क्षय भए पछि कुल परम्परा देखि प्राप्त धर्म पनि

नष्ट हुन जान्छ। कुल धर्मको नाश भएपछि शेष समस्त कुल अधर्मले अभिभूत हुन जान्छ। ॥ ३९ ॥

आध्यात्मिक व्याख्या - "कुलको क्षय हुनाले सनातन कुलधर्म नष्ट हुन जान्छ र अधर्मले अभिभूत हुन जानेछ।"

-परम्परा प्राप्त आचारलाई प्रायः हामी सबै मान्दछौ। परन्तु त्यस आचारको उद्देश्य हामीले बुझेका हुँदैनौ। ती कुल परम्परागत कर्म पनि ठीक तरीकासँग गरिदैन। तथापि अन्धविश्वासले यति गहिरो जरा गाडेको छ -त्यस कर्मलाई नगर्नाले कुल धर्म नष्ट हुन्छन्, एस्तो हामी सोच्दछौं। परन्तु प्रथमतः हामी जान्दैनौ-कुलधर्म भन्ने वस्तु के हो ? र त्यसलाई कसरी गर्नु पर्दछ ? एसैकारण जीवभावापन्न अर्जुनको मनमा लागिरहेछ - धर्म साधना गर्नलाई इन्द्रियहरुको भोग वन्द गर्नु आवश्यक छ। तर कस्ले भन्न सक्छ, भोग नगर्दैमा इन्द्रियहरु विकारित हुँदैन भन्ने ? यदि इन्द्रियहरु विकृत भै दिए त्यस्को उपाय के होला ? हामी विषय भोग गरौं वा साधन भजन नै गरौं, दुवै अवस्थामा सप्तदश अवयतात्मक सूक्ष्म शरीर (दस इन्द्रियहरु पंच प्राण मन एवं बुध्दि) न भै केही गर्न सकिने होइन। यी सबैको सामूहिक शक्तिलाई कुल भन्दछन यो शक्ति मेरुदण्डलाई कुलवृक्ष भनेको हो। प्रवृत्ति निवृत्तिको पारस्परिक संघर्षमा यो कुल शक्तिको क्षय हुन्छ। कुल-शक्तिको नाश भएपछि जीवको प्राण, मन एवं इन्द्रियहरु सबै अधर्म द्वारा अभिभूत हुन जान्छ। अर्थात दुर्वल भएर जस्को जुन शक्ति या धर्म छ, त्यो नष्ट प्रायः हुन जान्छ। ॥ ३९ ॥

अधर्माभिभवात् कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ;
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते बर्णशंकरः ॥ ४० ॥

श्री धरीय टीका - हे कृष्ण ! कुल अधर्म द्वारा अभिभूत भएपछि, कुलको स्त्रीहरु अत्यन्त दुष्टा हुन जान्छे। हे वृष्णि वंशावतंस। कुल स्त्रीहरु दुष्टा र व्यभिचारिणी हुन जाँदा वर्ण संकरले जन्म लिन्छ। (कुनै अभिभावक नभएमा प्राय कुल स्त्रीहरु स्वेच्छाचारिणी भएर अनाचार एवं कदाचारमा लिप्त हुन जान्छ। अधर्माचरण गर्नेवाला पतिको असत दृष्टान्तबाट आजकाल अनेक स्त्रीअरु आचार भ्रष्ट भएको देखिन्छ। आहार व्यवहारमा सर्वत्र धर्मको उल्लंघन गरेको हुन्छ। यी सब असंयमको परिणाम तिनीहरुको सन्तान एवं सन्तति पनि भ्रष्ट बुध्दि लिएर जन्मन्छन। अनि ती भ्रष्ट बुध्दि भएका सन्तान द्वारा कुनै अधर्म र अनर्थ नगरी वस्न सक्तैनन्। यसैकारण कुल धर्मको रक्षा बारे सबै नै सतर्क रहनु आवश्यक छ।) ॥ ४० ॥

आध्यात्मिक व्याख्या- "कुल स्त्रीहरु अधर्ममा रत हुनेछन, अधर्ममा रत रहेपछि वर्णसंकर उत्पन्न हुनेछ।"

-वर्णशंकर जसरी पूर्वकालमा समाजको दृष्टिमा निन्दनीय थियो, आजकालको युग महिमाले तेत्तिको निन्दनीय मानिदैन। आजको समाजमा यस्को धेरै चलन भैरहेछ र भविष्यमा अझ धेरै बढ्न सक्छ। नत्र भने कलिको प्रादुर्भाव कसरी हुन्छ ? प्राचीनकाल देखि नै वर्णसंकरतालाई किन घृणाको दृष्टिले हेरिदै

आएकोछ - यो विचारणीय विषय हो । म बुझ्दछु मिश्रीत या मिश्रण सदा खराव हुँदैन । अनि मिश्रण विना हाम्रो खानु प्युनु आदि काम पनि हुन सक्तैन । परन्तु जुन मिश्रण अनिष्टकारी हुन्छ, त्यो निन्दनीय छ । खाद्य वस्तुमा पनि देखिन्छ-एस्तो अनेक मिश्रीत खाद्य छ, जुन खानुमा राम्रो पनि छ र उपकारी पनि । परन्तु एसप्रकारको मिश्रित खाद्य वस्तु पनि छन, जुन ग्रहण योग्य छैन । त्यस्लाई ग्रहण गर्दा खेरि शरीरमा व्याधि र मनमा पीडा हुन्छ । आजकाल यसप्रकारको मिश्रणको चलन अति द्रुतगतिले समाजमा चलिरहेछ । घ्युमा, तेलमा, दुधमा, तथा नाना प्रकारको खाद्य वस्तुमा अपवित्र वस्तुको मिश्रण हुने कारण ती समस्त खाद्य पदार्थ खान योग्य हुन गएको छैन र त्यस्तो खानाले मानिसको शरीर नाना किसिमको रोगहरुको आश्रय स्थल भैरहेकोछ । एस्मा संभवत: केही मानिसहरुलाई अर्थोपार्जन हुन्छ होला, परन्तु त्यस उपार्जनमा एत्रो घोरतर अधर्मको आश्रय लिनु पर्ने हुन्छ - कुनै पनि भद्र मानिसलाई त्यो कदापि ग्रहणीय हुनै सक्तैन । जब द्रव्यकै संकरत्व यत्तिका दोषयुक्त छ भने शरीरादि धातुहरुमा यो संकरत्व भयंकर अनिष्ट एवं उपद्रवको उत्पादक हुन्छ । आजको मनुष्य समाजतिर दृष्टिपात गर्दा खेरि नै यो कुरा छर्लंग बुझ्न सकिन्छ । आजको समाजमा, साधनमा, वैराग्यमा भक्तिमा ज्ञानमा भावमा यो धर्मभ्रष्टकारी, अमंगल, संकरत्वको प्रचारलाई देख्दा स्तम्भित हुनु पर्दछ । शिक्षाको व्यभिचारले स्त्रीहरु पुरुष भावापन्न तथा पुरुष स्त्रीभावापन्न हुँदै गैरहेकोछ । साधनमा पनि मानिसहरु कहिले कुनै साधुको पास, कहिले अर्कै गुरुको पासमा दीक्षा ग्रहण गरिरहेकाछन । धर्मको यथेष्ट ढोंग र कपटता छ आजको समाजमा । तर सही धर्मानुष्ठान प्रति कसैमा हार्दिक श्रध्दा र निष्ठा छैन । ॥ ४० ॥

संकरो नरकायैव कुलघ्नानां कुलस्यच ;
पतंति पितरो ह्येषां लुप्त पिण्डोदक क्रिया ॥ ४१ ॥

श्री धरीय टीका - वर्णसंकरता कुलको नाश गर्नेहरुलाई तथा कुलको लागि नरकको कारण वन्दछ । त्यो कुलको नाश गर्नेवालाहरुको पितृ श्राध्द र तर्पण क्रिया लुप्त हुन जान्छ । पिण्ड तर्पणादि लोप भएमा प्रेतत्व दूर नहुने कारण नरकमा खस्दछ । ॥ ४१ ॥

आध्यात्मिक व्याख्या - "वर्णसंकर हुन जाँदा नरकमा जानेछ, जस्ले कुललाई नष्ट गरेको छ त्यो पनि नरकमा जानेछ, अनि पितृहरुको तर्पण र पिण्ड पनि लुप्त हुनेछ ।"

-शरीर एवं मन यदि व्याधिग्रस्त या दुश्चिन्ताग्रस्त हुन गये कुल-कुण्डलिनी शक्ति या ब्रहमज्योतिको प्रकाश लुप्त हुन जान्छ, र सहश्र-दल-कमल देखि सुधा क्षरण पनि बन्द हुन जान्छ । अतयव जुन समस्त अनुभव साधना द्वारा भैरहेको थियो ती सबै एकसाथ लुप्त हुन जान्छ । जसबाट शरीर, मन पालित भै रहेको थियो, ती सब आध्यात्मिक शक्तिहरुको पतन हुन जान्छ, अर्थात क्षीण हुँदै हुँदै लोप हुन जान्छ ।

शास्त्र विधि अनुसार पिता पितामह आदिलाई जुन उदक पिण्ड आदि दिइन्छ, त्यो आवश्यकीय कर्तव्य हो । किनभने साधनद्वारा ज्ञान प्राप्ति नभै जीवले उर्ध्वगति प्राप्त गर्न सक्तैन । संभवत: उस्लाई प्रेतलोकमा धेरैदिन सम्म प्रेतयोनिमा रहनु पर्दछ । मर्ने वित्तिकै तुरुन्त जीव उच्चलोकमा जान सक्तैन । हाम्रो यो स्थूल

शरीर दुई किसिमको हुन्छ, एक मातृज शरीर या भाण्ड देह र अर्को पितृज शरीर या पिण्डदेह । मर्ने बेलामा यो मातृज शरीर नष्ट हुन्छ, परन्तु पितृज शरीर अरु केही समय सम्म रहन्छ । यो शरीर स्थूल शरीरको अपेक्षा सूक्ष्म भैकन पनि एकदमै सूक्ष्म हुँदैन । किनभने कहिलेकाँहि त्यो एस आँखाले देखिन जान्छ । भाण्डदेह बिना पिण्ड शरीर रहनु जीवलाई त्यति सुखदायी हुँदैन । मरण मूर्च्छा दूर भएपछि पूर्व संस्कारवश प्रेतले भोकप्यासको अनुभव गर्न थाल्दछन, आत्मीय स्वजनलाई हेर्ने इच्छा गर्दछन, र तिनीहरुको रुवावासी देखेर उस्लाई पनि धेरै दु:ख र संताप हुन्छ । प्राकृतिक नियम अनुसार यसदेहलाई नाना किसिमको कष्ट दु:ख पनि भोग्नु पर्दछ । यसैकारण एस देहलाई नष्ट गर्न शास्त्रमा विभिन्न उपायहरुको अवलम्बन गर्ने उपदेश दिइएकाछन् ।

यो शरीर प्राय: एकवर्षसम्म रहन्छ, कहिले काँहि प्रेतलाई एस शरीरमा धेरै धेरै दिन सम्म पनि रहनु पर्ने हुन्छ । पिण्डोदक विना यो शरीर नष्ट हुदैन । मातापिताको लागि पुत्र नै सबभन्दा बढी प्यारो हुन्छ, तथा पुत्रसँग देह र मनको निकट सम्बन्ध हुने कारणले पुत्रद्वारा दिइएको पिण्डोदक प्रेतको निम्ति विशेष उपकारी हुन्छ । यदि मृतात्माले यो पिण्डोदक पाएन भने उसलाई कति कति वर्षौ बर्षौ सम्म प्रेतयोनिमा बस्नु पर्छ एस्को कुनै अवधि हुँदैन । यदि पिण्ड दिनेवाला कुनै पनि छैन भने मृतात्मा धेरै समय पछि स्वभावको नियम अनुसार प्रेत देहबाट मुक्ति प्राप्त गर्दछ । किन्तु पुत्रवानवालाहरुलाई यस प्रकारको घोर नरकमा दीर्घकालसम्म रहनु पर्दैन । जुन मानिसहरु शास्त्र मान्दछन र तेस्को रहस्यसँग अवगत छ, तिनीहरुलाई एस विषयमा विशेष सम्झाउनु पर्ने त्यति आवश्यकता छैन । जीवले प्रेत- शरीर पाउनु अविश्वसनीय छैन, सबै देशका मानिसहरु धेरै थोरै यस विषयमा अवगत हुन्छन, र यस विषयगत केही न केही तथ्यहरु सबै देशहरुबाट संग्रह गर्न सकिन्छ । पिण्डशरीर नष्ट भएपछि मृतात्माको आफ आफ्नो कर्म अनुसार भोगदेह प्राप्त हुन्छ, त्यसदेहबाट विशाल स्वर्गलोक या नरकको भोग गरेपछि जीव फेरी कर्मक्षेत्र मर्त्यलोकमा जन्म लिन्छ । एस्को निम्ति पनि धेरै नियमहरु छन, जस अनुसार जीव फेरि जगतमा आउँछ । परन्तु जो ब्रहम-विचारशील छ, साधनशील छ, ब्रहमचर्य ब्रत: परायण छ, शास्त्र विहीत कर्मानुष्ठान गर्नेवाला सदगृहस्थ छ, उनीहरुलाई कदापि दीर्घकालसम्म नरक भोग्नु पर्दैन । जो गुरुद्रोही, धर्मद्रोही, मातृपितृद्रोही एवं कपटाचारी छन, तिनीहरु साधनशील भएपनि मृत्यु पछि अन्धतामिश्र नरकमा बास गर्दछन् । परन्तु यी भोगहरु समाप्त गरेपछि तिनीहरु जब यसलोकमा जन्म ग्रहण गर्दछ त उनीहरुलाई मनुष्यदेह नै प्राप्त हुन्छ । र पूर्वजन्ममा साधनमा यत्नशील रहेकोछ भने वर्त्तमान शरीरमा पुन: साधना संयोगलाई प्राप्त गर्न सक्दछन् । परन्तु जसले पशुवत्त जीवनयापन गर्दै अन्य जीवको लागि पनि संतापको कारण बनेको हुन्छ, त्यस्ता तामसी जीवहरु लोकान्तर देखि यस जगतमा आउँदा मूढ योनि प्राप्त गर्दछ। एसमा अर्को पनि एक सत्य कुरा छ, त्यो विलकुल आध्यात्मिक भएकोले यँहा त्यस सम्बन्धमा केही विवेचना या आलोचना गरिन्छ ।

जुन मनुष्य साधनशील वा यति छ, उस्ले आफ्नो पिण्ड आफै दिन सक्छन । अतयव उस्लाई पुत्र पौत्रादि या अन्य कसैको कुनैको सहायताको आवश्यकता छैन । यो प्रथा आजपनि वर्त्तमान छ । संन्यास ग्रहण गर्ने बेलामा सन्यासी हुनेवालालाई यो अनुष्ठान गर्नु पर्ने हुन्छ । परन्तु यो श्राध्द-उदक र पिण्ड द्वारा सम्पन्न

गरिदैन । यो पिण्ड साधना द्वारा दिइन्छ । गुरु गीतामा लेखिएकोछ- *"पिण्ड कुंडलिनी शक्ति"*-कुण्डलिनी शक्तिको नाम नै पिण्ड हो - यही नै हो मूलाधारस्थ जीव-शक्ति योगाभ्यास द्वारा मूलाधारमा स्थित यस शक्तिलाई चैतन्यमय गर्नु पर्दछ । चैतन्ययुक्त भए पछि नै त्यस्ले सुषुम्नालाई भेदन गर्दै आज्ञाचक्रमा, अनि पश्चात् आज्ञाचक्रलाई भेदन गरी सहस्रारमा स्थित हुन जान्छ । आज्ञाचक्रमा स्थित कूटस्थ नै विष्णु-पाद हो-यहाँ कुण्डलिनी शक्ति स्थित हुनासाथ पिण्डदान क्रिया सम्पन्न हुन्छ । र जीवलाई परम ज्ञान प्राप्ति हुन्छ, अनि त्यसद्वारा साधक जीवन मुक्त अवस्था प्राप्त गर्दछ । वस्तुतः यसप्रकारको पिण्डदान क्रिया नगरीकन वासनाले प्रज्वलित घोर नरकदेखि जीवले उध्दार पाउने कुनै सम्भावना देखिंदैन । तसर्थ जसरी हुन्छ, सो स्थिति प्राप्त होस्, त्यस्को लागि साधकलाई प्राणपनले प्रयत्न गर्नु अत्यावश्यक छ । जो एस विषयमा उदासिन भएर काल क्षेपन गर्दछ, उस्लाई बारम्बार जन्म-मरणरुपी घोर तर घोर अज्ञान निरयमा पर्नु नै पर्नेछ । ॥ ४१ ॥

दोषैरेते कुलघ्नाना वर्णसंकर कारकैः ;
उत्साद्यन्ते जाति धर्माः कुल धर्माश्च शास्वताः ॥ ४२ ॥

श्री धरीय टीका- कुलघ्न मानिसहरुलाई यी सारा वर्णसंकर बनाइएको दोषहरुबाट सनातन वर्ण धर्म, कुल धर्म एवं तेस्को साथै आश्रम धर्म पनि लुप्त हुन्छ । ॥ ४२ ॥

आध्यात्मिक व्याख्या -"यो वर्णसंकर बनाएको दोषले जाति, कुल, धर्म सबै नष्ट हुनेछन ।"

-वस्तुतः वर्ण संकरत्त्वले जातीयता नष्ट हुन जान्छ । घोडा र गधाबाट खच्चर जातको जनावर पैदा हुन्छन, परन्तु न त्यो घोडा हुन्छ न त गधा । एक एक जातिको आफ आफ्नो विशेषता रहेको हुन्छ । वर्ण संकरत्वले यसप्रकारको विशेषता नष्ट हुन जान्छ । अतयव जातिको स्थायीत्वतिर हेर्दा खेरि यो मंगलजनक छैन । यसबाट उच्चवर्ण र उच्चवंशका मानिसहरु आफ आफ्नो विशेषत्व गुमाई अधम बन्न जान्छ । उच्च निच साथ सम्मिलित भएर जीवनको उच्चभाव र लक्ष्य देखि परिभ्रष्ट हुन जान्छ । यस्तो कुरामा आजकालको मानिसहरु विश्वास गर्दैनन् । दूषित आहारको फलस्वरुप एवं स्वधर्मको अनुष्ठान नगर्ने कारणले आज प्राय सारा देश वर्ण संकरत्वले परिव्याप्त भएकोछ । अतएव भित्री चुरोको कुरालाई छोडी दिएपनि राम्रैसँग यो बुझ्न सकिन्छ-समाजको कल्याण कामना गर्नेवाला अर्जुनको मनमा किन यस प्रकारको विचार उत्पन्न भएको थियो ! साधनाको राज्यमा पनि संकरत्वद्वारा विशेष हानी भएको देख्नमा आउँछ । जस्तो ज्ञान प्राप्तिको लागि श्री भगवान्‌लाई पाउन साधना शुरु गऱ्यो र केही अग्रसर भई अन्तमा सामान्य विभूति प्राप्त गरी वास्तविक लक्ष्यलाई विर्सी दियो । जस्को लागि साधन प्रारम्भ गरियो, त्यो नभएर अरु केही हुन गयो, भाव नै विकृत भयो । एसपछि जुन विरोधीभाव उत्पन्न हुन्छ, ती सबै व्यभिचार दोषले दुषित हुन जान्छ । तथा समस्त जीवनलाई व्याप्त गरी जन्मान्तरमा पनि जीवलाई यस कुक्रियाको फल भोगाउँछ । ॥ ४२ ॥

उत्सन्न कुल धर्माणां मनुष्याणां जनार्दन ;
नरके नियतं वासो भवतीत्यनुशुश्रुम ॥ ॥ ४३ ॥

श्री धरीय टीका - हे जनार्दन ! मैले सुनेकोछु, जस्को कुल धर्म नष्ट भयो, यस्तो मनुष्यलाई नियतरुपमा नरक भोग गर्नु पर्दछ । -जुन मानिसहरु पापमा रत रहन्छन, तिनीहरु यदि पाप कर्मको प्रायश्चित गर्दैनन् र पापको लागि पश्चाताप पनि गर्दैन भने तिनीहरु घोर नरकमा जान्छन) ॥ ४३ ॥

आध्यात्मिक व्याख्या- "कुलधर्मको नाशले नरकमा नियत वास हुन्छ ।"

- कुलधर्मको शब्दवाट हामीहरु जे सम्झन्छौं, त्यो हो वाह्य कुलधर्म । जो योगी साधनमा सदा अभ्यासरत भैरहन्छन, त्यसको लागि आत्मामा स्थिरा स्थितित्व बाहेक अर्को धर्म छैन । उसद्वारा वाह्य धर्माचरण सदा ठीक तरीकासंग अनुष्ठित् हुन पनि दुष्कर छ । परन्तु यथार्थ कुलधर्मलाई नजान्नुको कारणले नै जीवलाई यस किसिमको शंका उपशंका हुन्छ । साधना गर्दै गर्दै त्यस्कै नशामा मस्त रहनाले सान्सारिक धर्म जीवधर्म, लोक धर्म, सामाजिक धर्म-कुनै पनि ठीक तरीकासँग गरिएको हुन्न । तिनीहरु जानीजानी बुझीबुझी अश्रध्दाले यस्को अपहेलना गर्दो हो, यस्तो कुरा होइन । तिनीहरु जुन स्थितिमा हुन्छन, त्यस्मा ती सवैको अनुष्ठान गर्न खोज्दा पनि नहुन जान्छ । यसैकारण उनीहरुलाई दोष पनि लाग्दैन । गीतामा लेखिएको पनि छ, -"नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।"-

कर्मको अनुष्ठान गर्नु वा नगर्नुले ज्ञानी पुरुषलाई पुण्य या प्रत्यवाय केही पनि हुँदैन । परन्तु जीवभावलाई एस्तो लाग्दछ-प्रचलित धर्म एवं व्यष्टिगत नाना प्रकारको कर्तव्य, इन्द्रियादिको दमन गर्दै क्रियामा डुविरहँदा त्यस्तो कर्म हुन सक्ने छैन । तेस्ले त झन ती अनुष्ठानहरुमा अधर्म आश्रय गर्नेछ, अतयव वावा ! त्यो साधन भजनसँग के को मतलव, जसबाट सनातन चलिआएको आचारित प्रथा नष्ट हुन जान्छ । अर्जुनले जुन कुलधर्म भन्यो, त्यो बाह्य दृष्टिले यस्तै प्रकारको हो । परन्तु योगीहरु आफ्नो अनुकुल कुल धर्मको कुरा गर्दछन -

"गोमांसं भोजयेन्नित्यम् पिवेत् चामर वारुणीम् ;
स एव कुलीन मन्ये इतरे कुल-घातकाः ॥"

गोमांसको अर्थ हुन्छ जिब्रो, जस्ले जिब्रोलाई तालुकुहरमा लैजान सक्छ, उस्लाई अलिकति चेष्टा गर्देमा पनि वाक्संयम हुन जान्छ । वाक् संयमले इच्छाको नाश हुन्छ । अनि एस प्रकार मुनिभावापन्न साधकलाई भोकप्यास पनि लाग्दैन, अर्थात भोकप्यासलाई जित्दछन । तव उनीहरु अमरवांछित सुरा अर्थात सहस्रदलकमलबाट क्षरित् सुधारसको आस्वाद पाई अमृततत्त्वको प्राप्ति-योग्य बन्दछन् । उनीहरु नै वस्तुतः कुलीन या कुल समन्वित हुन, अन्य सबै मानिस त कुलघातक हुन । योगीहरु मेरुदण्डमा अवस्थित सुषुम्नालाई नै कुलवृक्ष भन्दछन्, यो पहिले नै भनिएकोछ । यो कुलशक्ति या कुण्डलिनी मूलाधारमा सुषुम्नाको मुखलाई अवरुध्द गरी जड समान निश्चेष्ट बसेकी छन । प्राणायाम क्रियाद्वारा

नाडीचक्र परिशुध्द हुन गये सुषुम्नाको मुख खुल्न जान्छ । र सजिलैसँग सुषुम्ना भित्र नै प्राणवायु आउन जान लाग्दछ । जब प्राण सुषुम्नाको भित्र संचरन हुन लाग्छ त मनको स्थिरता प्राप्त हुन्छ । मनको यो निश्चल अवस्थालाई योगीहरु "उन्मनी" अवस्था भन्दछन् ।

विधिवत्त् प्राण संयामै र्नाडी चक्रे विशोधिते ;
सुषुम्ना-वदनं भित्वा मुखाद्विशति मारुतः ॥
मारुते मध्य संचारे मनः स्थैर्य प्रजायत ;
यो मनः सुस्थिरी भावः सैवावस्था मनोन्मनी ॥

उपनिषदमा लेखिएको छ-

यदा पंचावतिष्ठन्ते ज्ञानानि मनसा सह;
बुध्दिश्च न विचेष्टते तामाहुः परमां गति ॥

जुन अवस्थामा पंच ज्ञानेन्द्रियहरु मनसँगै अवस्थान गर्दछ- अर्थात् इन्द्रियहरु वहिर्विचरण नगरी अन्तरमुखी हुन जान्छ, अनि वुध्दिको पनि कुनै विचेष्टा रहन्न, अर्थात् विषयादि ग्रहण या विषय चिन्तन रहँदैन, त्यस अवस्थालाई योगीहरु परम गति भन्ने गर्छन । ॥ ४३ ॥

अहो वत महत्पापं कर्तुं व्यवसिता वयं ;
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यता ॥ ४४ ॥

श्री धरीय टिका- [बन्धुवधको अध्यवसायले संतप्त भई अर्जुन भन्दछन ।]अहो ! हामी महापाप गर्नलाई तत्पर भै रहेछौं । किनभने सामान्य राज्यसुखको लोभबाट हामी आत्मीय जनहरुको विनाश गर्नलाई उद्यत भएकाछौं । ॥ ४४ ॥

आध्यात्मिक व्याख्या- "राज्य सुखको लोभले यस्तो महापाप गर्नु उचित छैन,-स्वजन बान्धवहरुको हत्या ।"

- जीवभावमा यस्तो लाग्दछ-यद्यपि साधन गर्नाले विविध योग विभूतिहरु, स्थिरता, चित्तको प्रशन्नता प्राप्त हुन्छ, यो ठीक छ तर सारा इन्द्रियहरु, देहको समस्त भोग-विलाश, सवै पार्थिव सम्पत्ति देखिरहेछु - बीचैमा त्यागिनेछ । मलाई क्रिया गर्ने आवश्यकता छैन, योगको मायामा परी क्रियाहरु गर्दै रहनाले हाम्रा सवै स्वजन - शरीर, इन्द्रियहरु आदि जसलाई लिएर हाम्रो यो सन्सार सुख छ- सबै ध्वंसमा प्राप्त हुनेछ, यो राम्रो कुरा होइन । साधु र सदगुरुले बताएको बाटोमा जाने आवश्यकता छैन । तिनीहरुले देखाएको वाटोमा हिंडनाले सुखको समस्त ढोकाहरु वन्द हुनेछ । गुरु महाराजलाई प्रणाम ! अब म तेतातिर भट्किनेवाला छैन र हुन्न । इन्द्रिय भोगमा मुग्ध भै यस्तो बुध्दि उपस्थित् भै दिन्छ । ॥ ४४ ॥

यदि मामप्रतिकारमशस्त्रं शस्त्रपाणयः ;
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत ॥ ४५ ॥

श्री धरीय टीका- [एस प्रकार सन्तप्त भएर मृत्युलाई निश्चय सम्झी भन्दछन् ।] यदि शस्त्रधारी धृतराष्ट्र पुत्रहरुले प्रतिकार गर्दै र शस्त्रहीन मलाई मारेपनि मेरो लागि त्यो बढी कल्याणजनक लाग्दछ । ॥ ४५ ॥

आध्यात्मिक व्याख्या - "यद्यपि म शस्त्रहीन छु, तैपनि मलाई शस्त्र द्वारा मारी दिएपनि त्यो मेरो निम्ति मंगल बुझनुस ।"

- इन्द्रिय धर्ममा अत्यन्त आसक्त जीवको यो अन्तिम कुरा हो । मनको विविध वासनाहरुको दास्यता स्वीकार गर्नेहरुमा एस्तै कुरा राम्रो लाग्छ । प्रवृति पक्षमा शस्त्र भनेको विभिन्न प्रकारको कामक्रोध लोभ आदि एवं विविध किसिमको वासना काम भाव हो - मन जब यी सबै भावहरुले गांजिन्छ, तब त्यस्को समक्ष आत्म-समर्पण गर्नु नै राम्रो लाग्दछ । बरु अध्यात्म जीवन मरी जाओस ! तथापि इन्द्रिय सुख त्यागिने छैन, यही त्यस बेला वासना मुग्ध जीवलाई परम हितकर लाग्ने गर्दछ । सत्यको पथमा चल्नलाई जुन एकाध प्रयत्नहरु गरिन्थ्यो, त्यसलाई पनि छोडी दिन उद्यत हुन जान्छ । यही हो इन्द्रिय आसक्तिको महिमा । ॥ ४५ ॥

संजय उवाचः -

एव मुक्त्वार्जुनः संख्ये रथोपस्य उपाविशत् ;
विसृज्य सशरं चापं शोक संविग्नमानसः ॥ ४६ ॥

श्री धरीय टीका - संजयले भन्यो- यतिकुरा भनी अर्जुन युद्ध क्षेत्रमा शरसहित धनुष त्यागेर प्रकम्पित चित्तलिई रथ माथि वस्दो भये । ॥ ४६ ॥

आध्यात्मिक व्याख्या - "यसरी चिन्ताले शिथिल भै शोकबाट सम्यक प्रकारले उद्विग्न हुन गयो ।"

- एस प्रकारसँग मन उद्विग्न हुन गएमा साधना गर्न सकिन्न, तेस्तो बेला मेरुदण्ड शिथिल हुन जान्छ । जुन उत्साह एवं शक्तिसाथ साधना भैरहेको थियो, - मन विक्षिप्त एवं मेरुदण्ड शिथिल भएमा शर अर्थात् प्राणलाई ठीक मार्गमा संचालन गर्न संभव हुँदैन । यही हो शर सहित धनुषको त्याग । एस्तो संकट उपस्थित हुँदा यदि जड देखिनै प्रतिकार नगरे त त्यसबाट साधना चलाई रहन कठिन हुन जान्छ । शोक हीं तमोगुणको कार्य, तमोगुणको बुध्दिले आलस्य निद्रा, प्रमाद, शोक.दि तमोभावले चित्तलाई ढाकी दिन्छ । तब गुरु कृपाबाट आत्मशक्ति प्रवुध्द नहुनुको कारण अज्ञानद्वारा गंभीर अन्धकारमा डुब्न जान्छ । ॥ ४६ ॥

इति श्यामाचरण-आध्यात्मिक दीपिका रहस्य नामक

गीताको प्रथम अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

ॐ तत्सत् ! ॐ तत्सत् !! ॐ तत्सत् !!!

श्रीमदभगवद्‌ गीता
द्वितीयोऽध्याय
(सांख्य योग)

संजय उवाच-

तं तथा कृपयाविष्टमश्रु पूर्णा कुलेक्षेणम्‌ ;
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदन ॥१॥

श्रीधरीय टीका- [द्वितीय अध्यायमा भगवान्‌ शोक सन्तप्त अर्जुनलाई ब्रहमविद्या द्वारा प्रवुध्द गर्नलाई स्थित-प्रज्ञको लक्षण भन्नु हुँदैछ]-

मधुसूदनले एस प्रकार कृपाविष्ट, अश्रुपूर्ण आकुलित नेत्रवाला अर्जुनलाई यो कुरा भन्नु भयो । ॥ १ ॥

आध्यात्मिक व्याख्या - "दिव्यदृष्टिद्वारा अनुभव हुन थाल्यो-तब शरीरको तेज आफै माथि दया व्यक्त गरी मनमनै अड्‌कदै विवेचना गर्न लाग्यो - धेरै दिन देखिको आत्मीय स्वजनहरु इन्द्रियादि, जसबाट पूर्णत अनेक सुख भोगहरु गरियो, उनीहरुलाई मारीदिने ? एसैकारण मनमनै दुःखित भएर आँखाभरी आँसु भरी, तथा दुःखले जर्जर भैकन एसप्रकार मायारुपी असुरलाई विनाश गर्नेवाला कूटस्थ ब्रहमलाई मनमनै आफ्नो भाव प्रकट गर्न लाग्यो ।" ॥ १ ॥

श्री भगवानुवाच-

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्‌ ;
अनार्य जुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥ २ ॥

श्री धरीय टीका - श्री भगवानले भन्नु भयो- हे अर्जुन ! विषम संकटकालमा यो अनार्य सेवित, अधर्मकारक एवं अयशकारक, मोह कहाँबाट प्राप्त गर्‍यौ तिमीले ? ॥ २ ॥

आध्यात्मिक व्याख्या - "कूटस्थ द्वारा प्रकाश भैरहेछ - अन्य दिशामा आसक्तिपूर्वक दृष्टि दिदैं यस प्रकारको जुन असाधारण पाप तिमीलाई लाग्दैछ, त्यो ब्रहममा स्थित पुरुषको कर्म होइन, र यस्मा कुनै सुख पनि छैन । कूटस्थमा नरहनाको कारण जो हीनपद छ, त्यो प्राप्त हुनेछ ।"-

- साधन गर्दा गर्दै पनि वहुधा चित्त विषयतिर दौडिदिन्छन्‌ । ब्रहमचिन्ता छोडिकन विषयको चाहनाले मन दौडिनु नै त पाप हो । अन्य पाप चाहे जे हुन, असली पाप यही हो । त्यस्को अर्थ यस्तो हुन्छ - जस्ले ब्रहममा लक्ष्यलाई स्थिर गरेको छ, उस्को लागि दोस्रो तिर दौडिनु असंभव छ । जस्ले ब्रहममा लक्ष्यलाई स्थिर गर्न सक्तैन, उस्कै मनमा अनेक विकट चिन्ताहरु उठने गर्दछ । तथापि एसप्रकारको चिन्ताले जीवलाई सुख मिल्दो हो, एस्तो कुरा छैन ; परन्तु पूर्वाभ्याशले वश भै त्यो चिन्ता नगरीकन बस्न सक्दैन पनि । विषयमा भ्रमण गर्ने चित्तले कहिल्यै शान्ति प्राप्त गर्न सक्तैन । चित्तको समतानै अभय परमपद

हो। विषयाकृष्ट चित्तले जब त्यस समतालाई हराईदिन्छ, तवै उस्लाई लक्ष्य भ्रष्ट भन्दछन्। यही त्रितापयुक्त हेय अवस्था हो। यस अवस्थामा जो रहन्छ त्यो क्रमशः हीन एवं मलिन हुन जान्छ। ॥ २ ॥

क्लैव्यं मास्म गमः पार्थ नैतत्त्वय्युपपद्यते;
क्षुद्र हृदय दौर्वल्यं त्यकत्वोत्तिष्ठ परन्तथ ॥ ३ ॥

श्री धरीय टीका - हे शत्रुतापन कौन्तेय ! कायरता प्राप्त नहोऊ। एसप्रकारको कायरता तिमीजस्तो वीरलाई योग्य या शोभादायक छैन। अति क्षुद्र यो हृदय दौर्वल्यताको त्याग गरी युद्धार्थ खडा होऊ। ॥ ३ ॥

आध्यात्मिक व्याख्या - "नपुंसक समान न एता न उता, अर्थात खालि सन्सारमा आवृत पनि नरहनु, - किनभने अत्यन्त दुष्कर्मी पनि बीच बीचमा भगवत् चिन्ता गर्दछ, र आत्मामा सदा नरहनु पनि, किन भने बीच बीचमा विषयतिर आसक्तिपूर्वक हेर्ने गर्दछ। यो तिम्रो उपयुक्त कर्म होइन, जुन मानिस तुच्छ र जस्लाई कुनै असल काम गर्ने इच्छा हुँदैन, तिनीहरु नै यस्तो गर्दछ, अतयव यस्लाई त्यागी देऊ, त्यागगरी ऊर्ध्वमा रहू, तिमी यसरी सदा कूटस्थमा रहने छौ।"-

- मनोवलको अभावमा नै हामी वतासमा बत्तास्सिएको पातजस्तै कहिले एता कहिले उता भट्किई रहन्छौ। नत विषयकै भोग गर्न सक्दछौं, न त तेस्को त्याग गर्न सक्दछौं। यसैकारण हामी पहिले विचारपूर्वक कुनै काममा प्रवृत्त हुनु पर्दछ, र यदि सत्यपथलाई ग्रहण गर्नुछ भने त्यस्लाई दृढतासाथ समाती राख्नु ठीक छ। नत्र भने विषय राम्रो लाग्दैन त त्यस्लाई छाडी भगवान्लाई खोज्न लागौ अनि केही दिन पछि जब मनलाई विषय मनपर्‍यो त भगवान्लाई छोडी विषयतिर पल्कौं, यसप्रकार दुइटा डुंगामा खुट्टा राख्नाले दुवैतिर हराउनु पर्ने हुन्छ। चिन्तनशीलले यो जान्नै पर्दछ, - विषयहरुको बारबार ध्यान गर्नाले मनमा विषय-स्पृहा अर्थात विषय भोग इच्छा बढनेछ र मन त्यतै दौडी दिनेछ। अवश्य नै विषयमा जस्तो स्वाद पाइन्छ, भगवान्मा पहिले पहिले त्यस्तो स्वाद पाइन्न, एसैले हामी भगवान् प्रति त्यति आकृष्ट हुन पाउँदैनौ। तर विषय भोगी सकेपछि, जुन क्लेशको अनुभव हुन्छ, त्यस्लाई अनुभूत गरी विषयरत चित्तलाई सावधानीपूर्वक विषयहरुबाट तानेर भगवान् तिर ल्याउनु आवश्यक छ। यो पहिले राम्रो लाग्दैन, तथापि तीतो औषधी समान सेव्य सम्झी भगवत् साधनामा बलपूर्वक चित्तलाई लगाउनु आवश्यक छ। यसरी केही दिन प्रयत्न गरी रहनाले साधनामा मनलाई रस मिल्नेछ, तब विषय त्यागी भगवत् साधनामा आउनुको कुनै क्षोभ मनमा रहनेछैन। बारम्बार विषय-चिन्तन र विषय-भोग गरी हामीले हृदयलाई दुर्वल बनाएका छौं, परन्तु विषय चिन्तनले कुनै पनि मानिसको भलो हुन सक्तैन। अतयव यस्लाई त्यागगरी साधना गर्नमा आफुलाई प्रस्तुत गर्नु नै ठीक छ। बलपूर्वक साधनाको अभ्यास गर्नाले प्राणवायु स्थिर भै उर्ध्व अर्थात् मस्तकमा चढनेछ, तब यो भन्दा राम्रो कुरा अरु कुनै पनि लाग्ने छैन। तिमी परन्तप हौ, अर्थात् कामादि मनोबेगलाई विषयदेखि कसरी निवृत्त गरिन्छ, तिमीले राम्ररी जानेका छौ, त फेरि यो रुनु कराउनुमा समय बर्बाद गर्नाले के लाभ ? ॥ ३ ॥

अर्जुन उवाच-

कथं भीष्ममहं संख्ये द्रोणंच मधुसूदन ;
इषुभिः प्रतियोत्सामि पूजार्हावरिसूदन ॥ ४ ॥

श्री धरीय टीका - [म कायर भै युध्द देखि उपरत भइरहेको छैन । परन्तु युध्दको अन्याय र अधर्म देखेर निवृत भैरहेछु]-अर्जुनले भन्यो - हे अरिसूदन ! मधुसूदन ! पूजाको योग्य जुन भीष्म र द्रोण सँग वाक्युध्द गर्नु पनि अनुचित छ । उनको विरुध्द युध्द कसरी लडने ? ॥ ४ ॥

आध्यात्मिक व्याख्या - "शरीरको तेजले भनिरहेछ- आफै आफ कुन प्रकारसँग, चिरकालिक यस भयलाई, कि योग गर्दामा मनुष्य मर्न जान्छ, तथा पिता, पितामहले जुन गर्दै आउंनु भएकोछ त्यही एउटा बाटो हो, त्यस्लाई छाडी (कसरी) रहन सकिन्छ; जस्लाई बराबर मान्य सम्झी आइरहेछु । परन्तु तिमी वास्तविक इन्द्रियादि शत्रुहरुको नाशक हौ ।"-

-चिरकालदेखि चलिआइरहेको बाटोमा नै चल्नु जीवको स्वभाव हो । अब साधन-भजन गर्ने बेलामा, त्यस नियमहरुमा केही न केही हेरफेर व्यतिक्रम गर्नु पर्दछ । परन्तु यस्को लागि जीव सहजै राजी हुँदैन । चिरकालसम्म अरुले लेखे अनुसार घोट्टिनु पर्दछ, पश्चात केही हातमा पाएपछि अभ्यास गर्नुको आवश्यकता हुँदैन तब त्यो स्वतः स्फूर्त चलिरहन्छ, अनि त्यो स्वच्छन्द गति पूर्वक अभ्यस्त विषयहरुको विपरित भाव पनि हुँदैन, परन्तु मनमा लाग्दछ - चिरकालदेखि चलिआएको बाटोलाई' छोडी हिंडनु पर्नेछ । कूटस्थको दर्शनले अन्तः शत्रुको पराजय हुन्छ अर्थात त्यसबेला काम, क्रोध लोभादिको बेग रहँदैन । अतयव अर्जुनको नाम परन्तप हुनु सार्थक छ । ॥ ४ ॥

गुरुनहत्वा हि महानुभावन ;
श्रेयो भोक्तुम् भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गुरुनिहैव ;
भुञ्जीय भोगान् रुधिर प्रदिग्धान् ॥ ५ ॥

श्रीधरीय टीका - [यदि उन्लाई नमारीकनै देह-यात्रा अचल हो तथापि) महानुभाव गुरुजनलाई नमारीकन संसारमा भिक्षान्न खाई जीउनु पनि कल्याणकर छ । (परलोकमा एस्को लागि दुःख भोग्नु पर्ला यस्माथि ध्यान नदिएपनि] यिनीहरुलाई मार्दा खेरि यसलोकमानै उनीहरुको रुधिर-रक्त लिप्त अर्थकाम सम्वन्धी भोगहरुलाई भोग्नु पर्नेछ । ॥ ५ ॥

आध्यात्मिक व्याख्या -"जस्लाई राम्रो सम्झी आईरहेछु, उसैलाई मारीहाल्नु - कुनै भावी सुख उदयको निम्ति मेरो विचारमा उचित कर्म होइन ।"

- क्रिया गर्दैमा यथार्थ शान्ति मिल्ला या नमिल्ला, यो निश्चय पूर्वकै ज्ञात छैन । एसैले क्रियाजनित फल अनिश्चित देखिन्छ । तैपनि अनिश्चित फलको आशाले, जसबाट सुख पाइरहेकोछ, ती इन्द्रियहरुलाई मारी हाल्नु मेरो विचारले ठीक छैन । भय एवं दुराग्रहनै त यो संसारमा गुरु स्थानीय छ, किनभने थिनीहरुकै मत अनुसार सवै मनुष्य सांसारिक कर्तव्यहरुलाई पालन गर्दछन किन्तु साधनको क्षेत्रमा मान, लज्जा, भय यो तीनोटै रहनु हुन्न, किन भने लज्जा, भय आदि रहनाले साधन हुन सक्तैन ॥ ५ ॥

न चैतद्विद्मः कतरन्न गरीयो ;
यद्वा जयेम यदि वा नो जयेयुः ।
यानेव हत्वा न जिजीविषाम ;
स्तेऽवस्थिताः प्रमुखे धार्त्तराष्ट्राः ॥ ६ ॥

श्री धरीय टीका-[यद्यपि अधर्ममा उत्रिएर पनि युध्दमा जय या राम्रो छ या पराजय-यो बुझिन आएको छैन, -यसैलाई भन्दछन] हामी जिती हालौं वा हामीलाई जीतोस्, यी दुवईमा कुन चाँही अधिक श्रेय छ, यो मैले बुझेको छैन । (फलतः यदि हामीले जीत्यौं भने पनि त्यो पराजय नै सम्झिने छ, किन भने) जस्लाई मारेर हामी जिउन चाहन्नौ, ती धृतराष्ट्रको पुत्र एवं उस्को पक्षको मानिस हाम्रो सामुन्ने खडा छ । ॥ ६ ॥

आध्यात्मिक व्याख्या - जय एवं पराजय दुवैमा कल्याण देख्तिन । सबै सामुन्ने ज्युँदै छ । तिनीहरुलाई मारी म बाँच्ने इच्छा गर्दिन । धार्तराष्ट्राः अर्थात इन्द्रियहरु (१० इन्द्रियहरु १० दिशामा डौडी रहनु १० x १०=१०० पुत्र, रुपक व्याख्या हेर्नुहोस) -

-जयमा कल्याण छैन, यो पूर्व श्लोकमा भनिसकिएकोछ, अब भनिरहेछ- पराजयमा पनि कल्याण छैन । पराजयमा कल्याण छैन, यो बुझ्नु पनि शुभ-लक्षण हो । किनभने एकैचोटि निवृत्ति पक्षवालालाई छोडीदिन पनि लाग्दैन । तैपनि मन यो पनि प्रकट गर्दैछ - समस्त मनोवृत्तिहरु मारी म बाँच्न पनि चाहन्न । कारण यो हो - यति बेला मनलाई आफ्नो विविध वृत्तिहरुमा मानौं म आफैलाई वर्त्तमान पाउँदछु । मनोवृत्तिको अवरोध भैकन पनि “म” को वाचक ‘अहं’ या “आत्मा” बचिरहन्छ । यो विषय-भोग लम्पट मन कुनै किसिमसँग पनि धारणा गर्न सक्तैन, विषयहरु नरहेमा मनसंग आत्मा पनि रहँदैन - यही उस्को धारणा हो, परन्तु यो कस्तो भ्रामक धारणा हो, यसलाई ती समाधिसिध्द, साधक राम्रोसँग बुझ्दछन् ॥६॥

कार्पण्यदोषोपहतस्वभावः ;
पृच्छामि त्वां धर्मसम्मूढचेताः ।
यच्छ्रेयः स्यान्निश्चितं व्रू हि तन्मे ;
शिष्य स्तेहं शाधि मां त्वां प्रपन्नम् ॥ ७ ॥

श्री धरीय टीका – यीनीहरुलाई मारेर कसरी जिउने, यो कार्पण्य कायरता एवं कुलक्षयजनित दोषको चिन्ता - यी दुवैः दुश्चिन्ताहरुले मेरो स्वाभाविक शौर्य प्रतिहत भएकोछ । र युध्दलाई त्यागीकन भिक्षान्न

खानु क्षत्रीयको लागि धर्म हो या अधर्म - यस प्रकार धर्मको विषयमा पनि (कुन कर्तव्य या कुन अकर्त्तव्य छ) संदिग्ध चित्त भैरहेछु ! यसैकारण तिमीसँग सोध्दछु, मेरो निम्ति जुन यथार्थ कल्याणप्रद छ, उही मलाई निश्चयपूर्वक भन्नुहोस । म तिम्रो शिष्य र शरणागत छु, तपाईं मलाई उपदेश दिनुहोस । ॥ ७ ॥

आध्यात्मिक व्याख्या - "म बडो कृपण छु किनभने सबै कर्महरुको फलको आकांक्षा गर्दछु । फलको उद्देश्य विना कसैलाई पनि एक दाम पनि दिन्न, अतयव फलको आकांक्षा स्वरुप अन्य दृष्टिमा मन रहनुको कारण आफ्नो अर्थात आत्मामा भाव यानी स्थितिलाई नष्ट गरी सकेको छु, अतयव धर्म के हो - यो जान्न पाएको छैन ; यसैले सोध्दछु-सम्यक् प्रकार मूर्ख समान - मूर्ख यस कारण कि चित्तमा मनलाई स्थिर राख्न सकेको छैन ; यीनमा जुन राम्रो छ अर्थात इन्द्रियहरुमा रहनु या दमन गर्नु, जुन राम्रो छ, त्यो कुरा मलाई भन्नु होस, अर्थात अनुभव गराई दिनोस, किनभने म शिष्य हुँ, अर्थात सर्वदा क्रिया गरी रहन्छु र तपाईको चरण अर्थात क्रियामा नै बसेको छु ।" -

जीवाभिमानीवश अहिले सम्म अर्जुन यही भनिरहेथ्यो - उस्लाई के राम्रो लाग्दैन । यद्यपि जीवले आफुलाई विर्सन सक्तैन, यसैकारण स्पर्द्धा प्रकट गर्दछ, परन्तु जब तेसमा पनि वार पार केही देखिन्न तब अनन्योपाय भैकन गुरुको शरणागत हुन्छ । गुरुमा आत्म समर्पन नगरीकन केही पनि समझमा आउँदैन । एसैकारण शास्त्र भन्दछन-*"यथा देवे तथा गुरु"*-गुरुलाई प्रत्यक्ष देवता मान्नु विना ज्ञानको स्फुरणा कदापि हुन सक्तैन । अर्जुन जब आफ्नो दैन्यस्थिति हृदयगंम गर्न लाग्यो तब चतुर्दिक अन्धकार देखि आकुलित हुन गयो । र उस्लाई भन्नै पर्‍यो-उ शिष्य हो, अर्थात उ आफ्नो घमण्ड अभिमान या ख्याल वशीभूत भैकन चल्ने छैन । यसप्रकारसँग लाखौं जन्म जस्ले भोग्दै आएको छ, त्यो जीव संकटमा परेकोछ, एसैकारण उस्लाई भन्नु परिरहेछ -"हे भ्रभु ! अब म आफ्नु इच्छाले केही गर्दिन, अबदेखि तपाई जे भन्नु हुन्छ त्यही गर्नेछु । तपाईंद्वारा शासित हुनेछु ।" जब सम्म गुरुको शासनवरण गरिन्न तबसम्म जगद्गुरुको कृपालाई आकर्षण गर्न सकिन्न । परन्तु ब्रहमविद्याको ज्ञाता पुरुष तबसम्म ब्रहमविद्याको उपदेश दिनु हुन्न, जबसम्म सत् शिष्य बनी जिज्ञासा गर्दैन । *"तद्विध्दि प्रणिपातेन परिप्रश्नेन सेवया"*-यही शास्त्र सम्मत नियम हो । अर्जुनले "श्रेय" उपदेशको प्रार्थना गर्‍यो । श्रेय दुई प्रकारको हुन्छ । जुन भोग्यवस्तु प्रदान गरी जीवको सुख उत्पन्न गर्दछ, त्यो पनि श्रेय हो, तर त्यही आत्यन्तिक श्रेय होइन, परमश्रेय त्यो हो जस्ले जीवलाई निजधाम प्रवेश गर्ने बाटो देखाई दिन्छ । जुन कहिले पनि नाश हुनेवाला छैन । अर्जुन त्यही मोक्षदायक कल्याणको लागि प्रार्थी भै गुरुको सन्धानमा समुपस्थित छ । गुरुपनि तब-

"तस्मै स विद्वानुपसन्नाय सम्यक् ;
प्रशान्त चित्ताय शमान्विताय ।
येनाक्षरं पुरुषं वेद सत्यं ;
प्रोवाच तां तत्त्वतो ब्रहमविद्याम् ॥"

(-प्र.मुण्डक द्वि. खण्ड)

त्यस विद्वानले ब्रहमविद् गुरुको समीपमा आएका (अर्थात शरणागत) सम्यक् प्रशान्त चित्त (अर्थात जस्को

सम्यक् 'शमान्विताय' चित्त विषयको लागि व्याकुल छैन), गुरु र शास्त्रको वचनले श्रध्दावान् तथा शमान्विताय अर्थात मनः संयममा एवं वाह्य इन्द्रियको दमनमा समर्थ, तस्मै- त्यस मुमुक्षु शिष्यलाई, येन - जुन ब्रहम विद्याद्वारा (अन्तरमुखी साधना) सत्यं अक्षरं पुरुषम्-नित्य अविनाशी एवं हृदयपुरस्थ चैतन्यरुपले प्रकाशित परमात्मालाई, वेद-जानिन जान्छ, तत्वतः -यथावत्त् अर्थात त्यस अनुष्ठान एवं साधन कौशलादि उपायहरुको साथ, तां ब्रहम विद्या-त्यो ब्रहमविद्या,-प्रोवाच-शरणागत शिष्यलाई विशेषरुपले भन्नु भयो। अर्जुनले जुन ज्ञानलाभ गर्नेछन्, त्यस्को यो मूल आधारशीला भयो। ॥ ७ ॥

न हि प्रपश्यामि ममापनुद्याद् ;
यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।
अवाप्य भूमावसपत्नमृध्द ;
राज्यं सुराणामपि चाधिपत्यम् ॥ ८ ॥

श्री धरीय टीका- [यदि भन्दछौ भने - तपाईले नै विचार गर्नु भै जो उचित छ त्यो गर्नुहोस - तब एस्को उत्तर दिनु हुन्छ] पृथिवीको निष्कण्टक समृध्द राज्य अथवा देवताहरुको आधिपत्य प्राप्त भैकन पनि, मेरो इन्द्रियहरुलाई शोषण गर्ने शोकलाई भगाउने कुनै देख्दिन। ॥ ८ ॥

आध्यात्मिक व्याख्या- "समस्त विषयहरु देखि आसक्तिरहित भएर पनि पहिले पहिले मैले केही कल्पाणको अनुभव गर्न सकेको छैन।"

-क्रिया गर्नाले योगैश्वर्यको प्राप्तिहोला, तथा मूलाधार ग्रन्थि माथि विजय प्राप्त गर्न सक्नाले सिध्दि, अर्थात विषयासक्ति रहित अवस्था पनि प्राप्त हुन सक्छ, परन्तु यसबाट इन्द्रियहरुको आराम अथवा वाह्य सुखदेखि वंचित हुनु पर्नेछ। अनि तब फेरि सुख कसरी पाइयो ? जबसम्म प्रकृत अवस्थाको प्राप्ति हुँदैन, जीव कल्पनाद्वारा यस सुखको अनुभव गर्न सक्तैन। ॥ ८ ॥

संजय उवाच-

एवमुकत्वा हृषीकेश गुडाकेशः परन्तपः ;
न योत्स्य इति गोविन्दमुकत्वा तूष्णीं बभूव ह ॥ ९ ॥

श्री धरीय टीका- संजयले भन्यो-शत्रुहरुलाई संतप्त तथा निद्रालाई वशीभूत गर्नेवाला अर्जुन हृषीकेश गोविन्दसँग एति बोलेर - " न योत्स्ये" म युध्द गर्दिन, यति भन्दै मौन भै गयो। ॥ ९ ॥

आध्यात्मिक व्याख्या - "दिव्यदृष्टिद्वारा अनुभव भैरहेको छ - शरीरको तेजले कूटस्थलाई एस प्रकारको भाव व्यक्त गरी क्रिया गर्दिन भन्दै बस्तो भयो।"

- सवै शिष्यहरो लागि एस्तो दुरवस्था आउँछ, जब उस्ले डाँडपतवार छोडिकन बस्न चाहन्छ। "न योत्स्ये" एस्तो त हामीसबै एकै स्वरमा भन्दछौं। परन्तु गुरुले पतवार छोडनु हुन्न। त्यो अन्तर्यामी गोविन्द

हाम्रो समस्त इन्द्रियहरुको प्रकाशक हुन् । हामीलाई के गर्नु पर्छ यो उहाँकै इच्छाको अधीनमा छ, परन्तु दर्पान्वित चित्त श्री गुरुदेवको स्वाधिकारलाई पहिले पहिले नै कहाँ मान्न चाहन्छ ? ॥ ९ ॥

तमुवाचः-हृषीकेशः प्रहसन्निव भारत;
सेनरुभयोर्मध्ये विषीदन्तमिदं वच : ॥ १० ॥

श्रीधरीय टीका- हे भारत धृतराष्ट्र ! प्रशन्न मुखले हाँस्दै हाँस्दै हृषीकेशले दुवै सेनाहरुको बीच विषादग्रस्त अर्जुनसँग यो वचन बोल्नु भयो । ॥ १० ॥

आध्यात्मिक व्याख्या- "कूटस्थले उल्लासपूर्वक भन्यो-क्रिया गर्नु भन्दा अघि जब गरुं या नगरुं-यी दुवै दलको बीचमा दुबैजना थियो ।"

-एस्तो अवस्थामा जीव तब कहाँ उभिएला ? दुवैदलको बीचमा न? अर्थात क्रिया गरुं या नगरुं ? जुन जीवले भन्छ क्रिया गर्दछु, उही भन्दछ क्रिया गर्दिन । शरीरको तेज नभएत यी दुबै मध्ये कुनै कुरा भन्न सक्ने छैन । अनि यी दुवै भाव या दलमा अर्को एकजना खडा छ । त्यो हो निरन्तर जागरुक, अन्तर्यामी, सर्वेश्वर आत्मा । उहाँ सधैं नै प्रशन्न दृष्टिले जीवको मुख हेरिरहन्छन । नत्र भने यो भववन्धन के कहिले कट्न सक्छ ? केही परिश्रमपूर्वक साधना गर्नाले जीवको भववन्धन छुट्न जान्छ, परन्तु जीव कदापि साधना गर्ने छैन । जसलाई एति दर्प छ, उस्को भाव एति मोहाभिभूत छ । एस्ले के जीवको चिरसखा भगवान रुष्ट हुनु भयो या विरक्ति प्रकाश गर्न लाग्यो ? उहाँले येस्तो पनि गर्नु भएको छैन । अथवा उस्लाई भववन्धनमा एसरी आनन्दित देखेर उस्को बुध्दिको विकलता सोची के उस्को हाँसो उडाउन लाग्यो ? उहाँले एस्तो पनि गर्नु भएको छैन । उहाँ जीवको भित्र निवास गर्नु हुन्छ । अतयव त्यस्तो समयमा पनि जीवमाथि उहाँ प्रशन्न दृष्टिपात गर्दै उस्को कल्याणको निम्ति उस्को अन्तकरणलाई जाग्रत गराउने चेष्टा गर्न लाग्नु भयो । उहाँ एति दयालु छ, एसैकारण भक्त उहाँलाई करुणासिन्धु भन्दछन ।

श्री भगवान् वाच-

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादंश्च भाषसे ;
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिता : ॥ ११ ॥

श्री धरीय टीका- [देहात्मबोध रुपी अविवेकी कारणले नै जीवलाई शोक हुन्छ । अतयव अर्जुनको आत्मज्ञानलाई जाग्रत गर्नको निम्ति भगवान् *"अशोच्यानन्वशोचस्त्वं"* आदि भनिकन अर्जुनमा विवेक उत्पन्न गर्नको लागि उपदेश दिनु हुन्छ ।] वन्धुवर्ग जुन शोकको विषय होइन, उनीहरुको निम्ति "दृष्टेमान् स्वजनान् कृष्ण" भनी शोक गर्देछौ र प्रज्ञावानको समान कुरा पनि गर्देछौ । तर तिमी पण्डित होइनौ । किन भने पण्डितहरु अशोच्य (जुन शोकको विषय होइन त्यस) को निम्ति शोक गर्दैन । *"कुतस्त्वा कश्मलमिदं"* भनिकन प्रवोधित गर्दा पनि तिमी *"कथं भीष्ममहं संख्ये"* इत्यादि भन्दै मानो यस्तो भाव

देखाई रहेछौ कि तिमी कति ठूला पण्डित हौ । परन्तु प्रकृत पण्डित अर्थात् विवेकी पुरुष 'गतासु' अर्थात् निर्गत प्राण बन्धुगण तथा "अगतासु" अर्थात् जीवित बन्धुगण कसैको लागि पनि शोक गर्दैनन् । ॥ ११ ॥

आध्यात्मिक व्याख्या - "जुन विषय शोक गर्नु योग्य छैन, त्यस्को लागि शोक गर्नु उचित छैन । जुन गत भैसक्यो त्यस्को विषयमा पंडितहरु अनुशोचना गर्दैनन्, समदर्शीहरु पनि एस्तो गर्दैनन् ।"

- पंडितहरुको कुरा कंठस्थ गरी सबैलाई भन्दै फिर्दैमा कोही पनि पंडित हुँदैन । पंडित हुनु धेरै कठिन छ । समदर्शी नभैकन कोही पनि पंडित हुन सक्तैन । को हुन सक्छ समदर्शी ? साधनाद्वारा जसमा प्रकृत विवेक उत्पन्न भएकोछ, उही समदर्शी हो । इडा पिंगलामा जब सम्म श्वास चलिरहन्छ, तबसम्म प्रकृत ज्ञान प्रलापमात्र हो । साधनाको सहायताले जब श्वास सुषुम्नामा बग्न थाल्छ, तब शुध्द सत्त्वभावको उदय हुन्छ र तबै प्रज्ञा उत्पन्न हुनेछ । हामी जुन कहिले कहिले ज्ञानी जस्तै कुरा गर्दछौं, त्यो सामयिक सत्त्वको स्फूरणाले गर्दा हुन्छ, तर त्यो स्थायीरुपले रहन्न । अनि हामी जुन ज्ञानको कुराको फुइंकी गर्दछौ, त्यो केवल कपटाचार मात्र हो, किभने कार्यकालमा त्यसबाट विपरित भाव देखिन आउँछ । खाली मनमनै 'सब एक हो' 'यो सबै केही होइन' एस्तो कल्पना गर्नाले काम चल्ने छैन । ज्ञानदृष्टि भन्ने कुरा विल्कुल भिन्न वस्तु हो । समाधि सागरमा डुबुल्किएर जब एकमात्र ब्रहमसत्ताको अनुभूति हुन्छ, तब बुध्दिमा वर्तमान सहस्र भेद तिरोहित हुन जान्छ । जब सबैकुरा हराउँछ, केही पनि रहन्न, तब फेरि शोकको स्थान कहाँ हुन्छ ? यो समस्त जगत ब्रहमा देखि स्तम्भ पर्यन्त सबै ब्रहमानन्दले परिपूर्ण छ । दोश्रो बस्तुको रुपमा या भावको रुपमा नदेखिइकन जब केवल स्थिरतामा आनन्द चलिरहन्छ, तबै सत्यको ज्ञान हुन्छ । त यस अवस्थामा मृत या जीवित नामले केही पनि रहन सक्तैन । अनन्त विक्षुव्ध तरंगहरु जसरी महा प्रशान्त सागरमा विलीन हुन जान्छ, उसरीनै कार्य कारणमय जगत महाशून्य या महास्थिरतामा डुबिकन एक हुन जान्छ । त्यहाँ बसिकन प्राज्ञ पुरुषले जगत्मा यो शुभ सन्देश ल्याउनु भएको छ - हे जीव ! तिमी अजर, अमर एवं शाश्वत हौ, तिमीले किन शोक गर्ने ? राम्रोसँग हेर लौ को थियो कहाँ गयो ? तरंगहरु सागरमा नै थियो र सागरमा नै विलीन भयो । अनि त्यो छैन भनिकन किन शोकले मोहित भै रहेछौ ? जसरी तिमी नित्य विद्यमान छौ त्यसरी नै सबै छ । "तं" "म" "यो" "त्यो" - यी सबकेवल सामयिक उपाधि मात्र हो । सुनको माला धूलिपीठो भएपनि जसरी सुनै रहन्छ, उसरी "तं" "म" आदि सयौं भेद आत्माको उपाधि मात्र हो, यी सबै नरहँदा पनि आत्मा नै रहन्छ । "तं" र "म" नष्ट भैकन पनि जुन सत्ताले सत्तावान भएर "त" "म" सागरमा फोका फोका समान स्फूटित हुन्छौं, त्यो कहिले पनि नाश हुने वस्तु होइन । अतयव विवेकयुक्त दृष्टि बन, क्रिया गरी प्राणलाई स्थिर गर, एस्ले यी सारा असंख्य तरंगहरुलाई देखि फेरि विस्मित हुनु पर्ने छैन । ॥ ११ ॥

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ;
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥ १२ ॥

श्री धरीय टीका - [अशोचत्वको कारण भन्नु हुँदैछ] म परमेश्वर हुँ आफ्नै लीला विग्रहको आविर्भाव एवं तिरोभावको कारण रुपमा पहिले कहिले थिइन, एस्तो कुरा छैन । यसरी नै तिमी पनि थिएनौं एस्तो पनि

होइन । यी सारा राजा थिएन, यो पनि होइन । किनभने तिमी सबै मेरा अंश हौ । यसपछि शरीर नाश भएमा हामी सबै रहँदैनौ, यो पनि होइन । अतयव जन्ममरणबाट रहित हुनाको कारण हामी सबै नित्य छौं, एसैले अशोच्य छ ॥ १२ ॥

आध्यात्मिक व्याख्या - "न तिम्रो जन्म नाश छ, न हाम्रो जन्म नाश छ, अर्थात कूटस्थ जस्ताको तस्तै रहन्छ, किनभने त्यो नित्य छ । प्रकृत तत्त्व त्यही हो, र त्यही ब्रहमस्वरुप हो, यो पनि जन्ममृत्यु रहित ब्रहम हो । अतयव यी सबै राजाहरु (इन्द्रियादि) लाई देखिरहेछौं, यीनीहरुपनि जन्म मृत्यु रहित ब्रहम हो । जस्तो देखिरहेछौ त्यो त्यस्तो छैन, यो केवल पानीको फोका समान छ । पानी जसरी ब्रहम हो, फोका पनि त्यस जलकै एक भिन्न विकार हो, वायुको गुणको कारण त्यस्तो भएको छ । यस प्रकार सबै मनुष्यलाई जान । केही पनि छैन, यसपछि जुन केही वस्तुछ, त्यही ब्रहम हो ।"

-मनुष्यको नाम-रुप अनित्य छ, तर जुनवस्तुको यो नाम-रुप हो, त्यो नित्य सत्य छ, तेस्को नाश कसरी हुन्छ ? स्वर्णाभुषणको आभुषण त केही होइन, स्वर्ण नै असली वस्तु हो, आभुषण नष्ट भ्रष्ट भएपनि त्यो सुनै रहन्छ । यसरी नै जीव या वस्तु मात्र नामरुप जो केही पनि होइन, त्यस्लाई झिकी दिएपछि जुन सत्तामात्र अवशिष्ट रहन्छ, त्यो अविनाशी छ । यस अविनाशी सत्तामा डुबिकन उस्को साथ एक हुन सकेमा वस्तुतः नै हाम्रो जन्म मृत्यु छैन । शंकराचार्य भन्नु हुन्छ - "अतीतेषु देहोत्पत्ति विनाशेषु घटादिषु वियदिव नित्य एवाहमासमित्यभिप्रायः"-अर्थात -घटादिको उत्पत्ति विनाशले जसरी आकाशको उत्पत्ति र विनाश हुँदैन, किनभने आकाश नित्य छ, उसरी नै शरीरको उत्पत्ति र विनाश भैकन पनि हामी सबै आत्मस्वरुप हुनुको कारण सदा नै वर्त्तमान रहनेछौं । यसद्वारा भगवान्ले यो देखाउनु भयो-आत्मा यो देहधारण पूर्व कूटस्थरुपमा अन्य शरीरमा वर्त्तमान थियो, र अहिले छ र पछि पनि रहनेछ । अतयव जुन तीनैकालमा विद्यमान छ, त्यस्को निम्ति फेरि के को चिन्ता ? शरीरतिर देखनाले पनि जानिन जान्छ - सबै स्थूल देह प्राप्ति भन्दा अघि सूक्ष्म शरीरमा रहन्छ, र यसदेहको नाश पछि सुक्ष्म देह लोक लोकान्तरमा वर्त्तमान रहन्छन् । प्रियवस्तुको जाने कारणले नै मन शोकाभिभूत हुन्छ । परन्तु विचार गरी हेर्दामा शोकको केही माने छैन । यसैकारण अशोच्य विषयको निम्ति अर्जुनलाई शोकित देखेर भगवान्ले देखाउनु भयो - उस्को विचार हीनता कहाँ छ । पूर्व र परको श्लोकमा यो समझाउनु भयो - भन को पर्दछ, तिमी र म के अघि थिएनौ ? अथवा यी सारा युद्धार्थी आत्मीयजन के अघि थिएन ? जसरी हामी पूर्वमा थियौं त्यसरी पछि पनि रहनेछौं । कस्को मृत्युको चिन्ता गरी शोक गरिरहेछौं ? जस्लाई तिमीले मृत्यु समझेका छौ - त्यो त देहको परिवर्तन मात्र हो । देहको परिवर्त्तन त देह छदै अनेकवार हुन्छ, जसरी वाल्यकालदेखि किशोर, किशोरवाट युवादेह, त्यस्पछि वार्धक्य, जरा आदि शरीरको परिवर्तन मात्र हो, उसरी नै जसलाई मृत्यु भन्दछौं त्यो पनि देहको परिवर्तनमात्र हो, अरु केही होइन । जव तिमी देह होइनौ त देहान्तर प्राप्तिको भयले एति व्याकुल किन भैरहेछौ ? देहको परिवर्त्तनमा केही कष्ट हुन्छ, यो सत्य हो, तर त्यो कष्ट किन हुन्छ, जान्दछौ ? यो कुरा भगवान् अगाडि भन्नु हुनेछ । ॥ १२ ॥

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ;
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुहयति ॥ १३ ॥

श्री धरीयटीका- [तपाईं ईश्वर हुनुहुन्छ, तपाईंको जन्म मरण छैन । यो कुरा ठीक छ । परन्तु जीवको जन्म-मरण त अति प्रशिध्द छ ।] एस प्रश्नको उत्तर दिंदै भगवान् भन्नु हुन्छ-देहाभिमानी जीवको स्थूल देहमा कौमार, यौवन र जरा यो तीन अवस्था देखिन्छ । त्यस्तो स्थूल देहको कारणले हुन्छ, स्वतः सिध्द छैन । किनभने पूर्व अवस्थाको नाश पछि जब अवस्थान्तरको प्राप्ति हुन्छ तब यो अवस्था हाम्रै (देहीको) हो, यही प्रत्यभिज्ञा नष्ट हुँदैन । अर्थात "म" कौमारमा थिंए, यौवनमा रहें "म" र त्यही "म" वार्द्धकपमा छु - कुनैपनि अवस्थामा "म" को व्यभिचार देखिन्न । परन्तु यो सबै स्थूल देहको कारण अवस्थाको परिवर्तन मात्र हो । त्यसमा "म" को कुनै केही परिवर्तन हुँदैन । "म" जस्ताको तस्तै रहन्छ । एसरी नै देहनाश भएपछि देहान्तरप्राप्ति पनि लिंगदेहको कारणले हुने गर्दछ । त्यस्मा आत्माको नाश हुँदैन । कारण यो छ - पूर्व संस्कारवश प्राणिमात्रमा उत्पन्न हुने वित्तिकै स्तनपान आदि को प्रवृत्ति देखिन्छ । पूर्वाभ्यास विना यो संस्कार तथा अभ्यास सूचित हुन्छ । यसैकारण बुध्दिमान पुरुष देहको नाश र उत्पत्तिवाट मुग्ध हुँदैनन् । आत्मा जन्मन्छ र मर्छ - यो उनीहरु मान्दैनन् । ॥ १३ ॥

आध्यात्मिक व्याख्या - "देही त कूटस्थ ब्रहम हो । जो कूटस्थ ब्रहम हो, त्यो त्यही रहन्छ । देह कौमार, यौवन औ जरा अवस्थालाई प्राप्त हुन्छ । जसरी जल विम्बको पहिलो अवस्था, मध्यमावस्था र अन्तिम अवस्थामा नाश छ । त्यो जलस्वरुप ब्रहममा जो बुध्दिले स्थिर रहन्छ, तिनीहरु एस विकारलाई देखेर मोहित हुँदैन ।"

-जस्ले स्थिरत्व प्राप्त गरेकोछ, तिनीहरु यसविकारलाई देखिकन पनि देख्तैनन् । जो कूटस्थ भैगएकोछ, उस्मा देहात्मबोध रहँदैन । अनि त्यस अवस्थामा उनीहरुलाई देहको विकार जन्म-जरा-मरण आदिले कसरी मुग्ध गर्न सक्दछन ? जलविम्व (बुद्‌बुद) जलमा नै फूट्यो, क्षणभरको निम्ति रहेर त्यो जलको जल हुन गयो । तब सबै एकमय भयो । जब पृथक् कुनै वस्तुको अनुभूति नै भैरहेको छैन भने को मर्छ को बाँच्छ ? *"एकोदेव सर्वभूतेषु गूढः, सर्वं व्यापी सर्व भूतान्तरात्मा"* यो आत्मारुपी परमात्मा सारा प्राणिहरुमा व्याप्त छ, सबै भूतहरुमा एकै अन्तरात्मा छ । अतयव जन्म मरण आदिको भय तबै हुन्छ, जब स्थूल देहादिमा आसक्ति रहन्छ । गम्भीर ध्यानावस्थामा जब मन स्थूल देहबाट हटिजान्छ, तब स्थूल देह छ या छैन-यो बोध हुँदैन । आत्माकार वृत्तिमा जस्को स्मृति पनि लुप्त हुन जान्छ, उस्लाई बाह्य अवस्थामा स्मृति भैकन पनि विचार द्वारा त्यसमा निरभिमान हुनु पर्नेछ । यसप्रकार अभिमान शून्य भएमा देहबन्धनले उस्लाई जमकर्याउन सक्तैन । तर मूढ मनुष्य यस कुरालाई बुझ्न सक्तैन । धीमान् पुरुष जस्को मन बुध्दित्वमा प्रतिष्ठित छ, उस्को निम्ति यो बुझ्न कठिन छैन । आत्मा जब अविच्छिन्न छ भने तेस्मा नानात्व कल्पना गर्नु नै मूढता हो । परन्तु यो मूढता कुराले मात्र मेटिन सक्तैन । प्राण स्थिर भएर नै मन स्थिर होला र मन स्थिर भएपछि बुध्दि स्थिर हुनेछ, तबै यो आत्मज्ञान, सूर्यको स्वाभाविक प्रकाश

समान प्रकाशित हुन जानेछ । यो आत्मज्ञान सम्पन्न पुरुष आत्मालाई जात या मृत रुपमा मान्न सक्तैन । अतयव उन्लाई शोक हुँदैन । के वाल्यावस्था वितिसकेपछि यौवनावस्थामा हामी वाल्यावस्थाको् लागि शोक गर्दछौं ? ॥ १३ ॥

मात्रा स्पर्शास्तु कौन्तेय शीतोष्ण सुख दुःखदाः ;
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ॥ १४ ॥

श्रीधरीय टीका - [म उन्को मृतुको लागि शोक गर्दिन, तर उनीहरुको वियोगादिजनित दुःख त अवश्य भोग्नु पर्नेछ ? एस्को उत्तर दिनु हुँदै भन्नु हुन्छ] -जसबाट विषयज्ञान हुन्छ त्यसलाई मात्रा अर्थात् इन्द्रिय वृत्ति भन्दछन् । त्यस्को स्पर्श अर्थात् इन्द्रियहरुको विषयसँग सम्बन्ध नै शीतोष्णादिप्रद छ, अर्थात, सुख दुःखादि वोधको कारण छ । परन्तु यो सम्बन्ध आगमापायी छ । अर्थात उत्पत्ति विनाशशील छ, त्यसैले अनित्य छ, चिरकालसम्म ठहर्दैन । अतयव यस्लाई सहन गर । जसरी जल या अग्निको संसर्ग त्यसैकालमा शीतोष्णादि प्रदान गर्दछ, त्यसरी नै इष्ट वस्तुको संयोग वियोग पनि त्यस कालमै सुख दुःखादिको कारण बन्दछ । जब यो सारा सुख दुःखादि अस्थिर छ, अर्थात् चिरकालसम्म रहँदैन, तब तिमीजस्तो धीर पुरुषको निम्ति यस्लाई सहन गर्नु नै ठीक छ । हर्ष विषाद आदिको वशीभूत हुनु ठीक छैन । [यो बुझिलिनु - *"आदावन्ते च यन्नास्ति वर्तमानेऽपि तत्तथा,"* जो आदिमा छैन र अन्तमा पनि रहनेछैन, त्यस्को वर्त्तमानमा पनि हुनु सिध्द हुँदैन ।] ॥ १४ ॥

आध्यात्मिक व्याख्या-"पंचतन्मात्र शरीर अर्थात क्षिति, अप, तेज, मरुत व्योम; - मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुध्दाख्य; - अकार, उकार, मकार, नाद, विन्दु । स्पर्श अर्थात वायुद्वारा एस्को अनुभव, स्थिति तथा प्रलय । यो भन्दा पर कूटस्थ ब्रहम आज्ञाचक्र छ - जहाँ वायु स्थिर भएमा अमात्र, शब्दरहित, विन्दु, नाद, कला तथा त्यो भन्दा पनि परको ज्ञान हुन सक्छ, त्यसैको नै वेदादिशास्त्र वर्णन गर्दछन् । त्यहाँ एक किसिमको आनन्द छ, जस्लाई परमानन्द भन्दछन् । त्यस्मा मत्त भै मस्ती आउँछ । अतयव मात्रा स्पर्शवाट वर्जित भैकनै सुख दुःख रहित तथा मात्रा स्पर्श रहँदामा नै सुखदुःख सहित -त्यस स्पर्शद्वारा नै अनुभव हुन्छ, एस्लाई लक्ष्य गर (तितिक्षु हेर)" ।

-साधकले कूटस्थ (आज्ञाचक्र) मा वायु स्थिर गरेर नै पंच तत्त्वहरुसँग अतीत हुन सक्छ । त्यसबेला मन स्वस्थान अर्थात आज्ञाचक्रमा स्थिर हुन जानेछ र उसमा फेरि संकल्प विकल्प उठने छैन । तब मन "अमन" हुनेछ । यो अमनीभाव नै आत्मभाव हो, यस्को विपरित हुन्छ सन्सार । श्रुति भन्दछन्-*"काम संकल्पो विचिकित्सा श्रद्धाऽश्रद्धा धृतिर धृति; ह्रीर्धीर्भीरित्येतत् सर्वं मन एवेति"* - वृह० उप० । यस्को कामना, संकल्प, संशय, श्रध्दा, अश्रध्दा, धैर्य, अधैर्य, लज्जा, ज्ञान, भय यो सब मनै हो । अर्थात मनमानै यी सबै हुन्छ । त्यो मन "अमन" भएमा यी सबै रहँदैन, अनि यदि सुख दुःखादिको स्पर्श भएन भने त फेरि यस्को वोध कसरी हुन्छ ? (१) जुन मानिसहरु साधना द्वारा आज्ञाचक्रमा स्थिति प्राप्त गर्दछ,

तिनीहरु बिन्दु नाद कला भन्दा माथि गैकन परमानन्द स्वरुप हुन जान्छ । (२) यस पंचतन्मात्र शरीरादिमा नै जन्म, स्थिति र प्रलयको अनुभव हुन्छ । (३) अतयव उनीहरुलाई इन्द्रियादि जनित सुख दु:ख भावले स्पर्श गर्न सक्तैन । ॥ १४ ॥

यं हि न व्यथयेन्त्येते पुरुषं पुरुषर्षभ ;
समदु:खसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥ १५ ॥

श्री धरीय टीका - [त्यस्को प्रतीकारको अपेक्षा शीतोष्णादिलाई सहन गर्नु ठीक छ । यस्ले महाफलको प्राप्ति हुन्छ - यसै उद्देश्यले भन्नु हुन्छ] यो मात्रास्पर्श (इन्द्रियहरुसँग विषयहरुको संयोग हुँदा जुन सुख दु:खादि उत्पन्न हुन्छ) जुन मनुष्यलाई अभिभूत गर्न सक्तैन, त्यो सुखदु:खमा समभाव धीरपुरुष एस्को सहयोगबाट विक्षिप्त चित्त नभैकन धर्मज्ञान द्वारा मोक्ष प्राप्तिको क्षमता प्राप्त गर्दछ । (१) कर्मेन्दिय-वाक्, पाणि, पायु, पाद एवं उपस्थ) (२) ज्ञानेन्द्रिय श्रोत्र, चक्षु, नासिका, जिहवा एवं त्वक) (३) अन्त: करण-मन, बुध्दि, चित्त, र अहंकार) (४) प्राण-प्राण, अपान, समान, व्यान एवं उदान) (५) भूत-क्षिति, अप, तेज मरुत् एवं व्योम (६) काम (७) कर्म (८) तम या अविद्या - यी अष्ट पुरहरुमा जो निवास गर्दछ, उही पुरुष हो । *"स वा अयं पुरुष: सर्वासु पूर्षु पुरिशय:" - वृहदारण्यक॰* । यो आत्मा शरीरादिरुपी पुरमा निवास गर्नुको कारण पुरुष संज्ञालाई प्राप्त भएको छ । ॥ १५ ॥

आध्यात्मिक व्याख्या - "जुन ऋषि अर्थात उत्तम पुरुष ब्रहम हो, त्यो सबैभन्दा पर छ । त्यहाँ वायु स्थिर छ । जस्को वायु स्थिर भैसकेको छ, अर्थात देहमृत छ, उस्मा कुनै व्यथा हुँदैन । त्यसरी नै कूटस्थमा पनि कुनै व्यथा छैन । जसरी मृतदेहमा सुख दु:ख हुँदैन, स्थिर भै रहन्छ, त्यस्तै कूटस्थमा सुख दु:ख छैन, त्यो स्थिर छ ! अथच अमर छ ! यस पदलाई जस्ले प्राप्त गर्दछ त्यो देवता भनिन्छ । एसै कारण देवता अमर हुन्छ । जस्को तृतीय चक्षु अर्थात दिव्य नेत्र कूटस्थमा लय भएकोछ, त्यो नै जीवन मुक्त छ सुतरां यो शरीर अमर छ ।"

-देहमा आत्मबोध रहँदा सुख दु:खादिको अनुभव पनि अनिवार्य छ । परन्तु जो चैतन्य देहातीत छ, त्यही उत्तम पुरुष हो र त्यो देहातीत देखि भिन्न छ । जसरी मृत देहमा व्यथा हुँदैन, त्यसरी नै कूटस्थमा पनि कुनै व्यथा हुँदैन । वायुको चचलावस्थाले नाना प्रकारको सुख दु:खमयी अवस्थाहरुको अनुभव हुन्छ, वायु स्थिर हुँदाखेरि यी अनुभूत हुँदैन । साधना द्वारा यो स्थिरत्व पद प्राप्त गरिएको हुन्छ । परन्तु यो स्थिरत्वभाव ढुंगो समान जड होइन, एस्मा चैतन्य छ, तर एस चैतन्य भावमा सुख दु:खको उदय हुँदैन । यही अमृतपद परमानन्द स्वरुप हो । तिम्रो आत्माको स्वरुप पनि ठीक एस्तै छ । तिमी आत्मामा रहन्नौ, यही कारण मनको चांचल्य विक्षेपले तिम्रो ज्ञानलाई घेरिरहेको हुन्छ । तिमी आफु आफैलाई देख्न पाउँदैनौ । तिम्रो "म" जब आत्मामा रमण गर्नेछ, तब तिम्रो जगत् भ्रम र तेस्को साथै सुख दु:खको बोध पनि छुटी जानेछ । अनि तिमी मात्रास्पर्श बोध देखि रहित भै सुख दु:खको पारी पुगने छौ । साधना द्वारा यस्लाई बुझ्ने चेष्टा गर । यी जगदादि दृश्य आत्मामा रहँदैन । तिमी अज्ञानमा मग्न रहन्छौ, यही कारण यस्को बोधमात्र भैरहन्छ । यथार्थमा यी छैनन् । ॥ १५ ॥

नासतो विद्यते भावो ना भावो विद्यते सतः ;
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥ १६ ॥

श्री धरीय टीका - [तपाईंको कुरा मानी पनि लिंउ, तैपनि दुःसह शीतोष्णादि कसरी सहने ? अति सहनुमा पनि त आत्म नाश हुन्छ -यो शंकाको निवारण गर्दै भगवान् भन्नु हुन्छ - तत्त्व विचारद्वारा यस्लाई सबैले सहन सक्छ ।] असत् अनात्म धर्म हो, तसर्थ अविद्यमान छ । शीतोष्णादि पनि एसरी नै असत् पदार्थ हो, अतः एस्को सत्ता या अस्तित्व छैन । एसरी नै सद्वस्तु आत्माको अभाव या नास छैन यस प्रकार सत् एवं असत्को अन्त देखिएकोछ । कस्ले देखेको छ ? -जो तत्त्वदर्शी पुरुष छन् । यसरी आत्म-अनात्म विवेक द्वारा यी सबलाई सहन गर ॥ १६ ॥

आध्यात्मिक व्याख्या - "जस्ले ॐकाररुप शरीरमा प्रच्छर्धन विधारण गर्दैन, त्यस्ले स्वभावरुप स्थिरपदलाई जान्न सक्तैन । जस्को यो भाव छैन त्यो आफ्नो शरीरमा रहँदैन, अतयव घर बाहिर जानाले नै ल्केश हुन्छ, (देखेकै छौ) यी दुवैको पर जुन अवस्था छ, त्यस्ताको त कुनै कुरै भएन - तत्त्वातीत भएर मनुष्य परमतत्त्वदर्शी या ब्रहमज्ञ बन्दछ ।"

-[*"ऐतदात्म्यमिंद सर्वं तत् सत्य स आत्मा तत्त्वमसि श्वेतकेतो"] (छा॰ उप॰)* यो सारा जगत् आत्ममय छ, आत्मा नै सत्य स्वरुप हो । हे श्वेतकेतो ! त्यही सत्स्वरुप आत्मा तिमी हौ) - यदि सबै आत्मा हो भने यो जगत् प्रपंच भिन्न भिन्न बोध किन हुन्छ ? यो भिन्नत्त्वको कारण ईश्वरीय माया हो । माया द्वारा नै यी समस्त दृश्य देश कालादिद्वारा परिच्छिन्न बोध हुन्छ । मन बुध्दि नरहे त देश-कालादिको अस्तित्व रहनेछैन र त्यस्को साथसाथै नामरुप पनि मिटी जानेछ । अन्तः करणको प्रवाह रुध्द भए देश-कालको ज्ञान हुँदैन, परन्तु स्वयं प्रकाश आत्मशक्तिलाई त्यस्ले विलुप्त गर्न सक्तैन । बरु अन्तः करणको प्रवाह जबसम्म रहन्छ तबसम्म आत्माको पृथक् अस्तित्व समझमा आउँदैन । अन्तः करणको प्रवाह निरुध्द भएर नै त्यो स्वयं प्रकाशित हुन्छ । आत्म स्वरुपको ज्ञान तबै परिस्फुट जानिन जान्छ जब मन, बुध्दि, अहंकार केही पनि रहन्न । अतः जगत् बोध पनि हुँदैन । लौकिक दृष्टिले जगत्को सत्यरुपमा बोध भएपनि युक्तिद्वारा बुझ्ने समय यो सत् हो या असत् भन्ने बुझिन जान्न, तेसैले यस्लाई अनिर्वचनीय पनि भन्दछन् । तर ज्ञानदृष्टि सम्पन्न योगीको सामुन्ने यो निश्चयपूर्वक जानिन्छ - जगतको अस्तित्वको जुन बोध हुन्छ, त्यो निराधार छ। छान्दोग्य श्रुति भन्छन् - *"सदेव सौम्येदमग्र आसीदेकमेवा द्वितीयम्"* - हे सौभ्य ! दृश्यमान जगत प्रपंच उत्पत्ति हुनु अघि सत्स्वरुपमा विद्यमान थियो, त्यो सद्वस्तु एक एवं अद्वितीय छ । यदि सद्वस्तु एक एवं अद्वितीय छ भने जगत आउँछ कहाँबाट ? अतयव जगत्को अस्तित्व डोरीमा सर्पबोध समान भ्रमज्ञान छ । जसरी सत्यज्ञानको उदय भएमा भ्रमज्ञान विलुप्त हुन जान्छ त्यसरी नै एक अखण्ड आत्मसत्ताको बोध भएपछि यी नानात्त्व ज्ञानरुपी जगद् भ्रम विलीन हुन जान्छन । गुणमयी बुध्दिले पनि यो सत् स्वरुपको धारण गर्न सक्तैन । किनभने बुध्दि देश, काल एवं वस्तुसँग परिच्छिन्न छ ।

केवल एकमात्र आत्मा नै देश, काल एवं वस्तुले परिच्छिन्न छैन । यसैकारण क्रियाको परावस्थामा जब प्राण, इन्द्रिय, मन र बुध्दि सबै लुप्त हुन जान्छन्, तब आत्माको स्वरुपको ज्ञान शुध्द बुध्दिमा आभासित हुन्छ । यसबाट यो सिध्द हुन्छ - असद्‌वस्तुको अस्तित्व छैन । किनभने त्यो त्रिकालमा विद्यमान छैन, अनि जब परावस्थामा सारा वस्तुहरुको अभाव हुन जान्छ, तब पनि सत्तामात्र सद्‌वस्तुको अभाव हुँदैन । अतयव जस्ले क्रिया गर्दैनन् त्यस्ले आत्मभावरुपी स्थिरपदलाई जान्न सक्तैन । यसैकारण उस्को जगद् भ्रम पनि कहिल्यै मेटिन्न । तसर्थ यस्को लागि एकमात्र चित्तवृत्ति निरोधको नै आवश्यकता छ । प्राणायामको अभ्यासबाटै चित्त वृत्तिको निरोधावस्था प्राप्त हुनेछ । *"चले वाते चलच्चितं निश्चले निश्चलो भवेत्"* । योगदर्शनमा लेखिएको छ - *"प्रच्छर्धन - विधारणा भ्यां वा प्राणस्य ।"* प्राणको प्रच्छर्धन-विधारण अर्थात तान्नु र फाल्नुको अभ्यास गर्नाले आफसे आफ स्थिरता आउनेछ । यो स्थिरत्वपद पाई जीव तत्त्वातीत हुन जान्छ । तत्त्वातीत पुरुष नै ब्रहम हुन सक्दछ । ॥ १६ ॥

अविनाशी तु तद्विद्धि येन सर्वमिदं ततम् ;
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥ १७ ॥

श्रीधरीय टीका-[सदवस्तु अविनाशी छ, यस्लाई सामान्यतः भनिकन अब विशेषरुपले भन्नु हुन्छ] शरीर सबै आगमापायी छन्, यी आगमापायी धर्मशील वस्तुहरुमा जो साक्षीरुपले् व्याप्त छ, त्यस आत्मालाई स्वरुपतः अविनाशी जान । किनभने क्षय वृद्धिहीन सद्‌वस्तुको कुनै कसैले पनि विनाश गर्न सक्तैन । ॥ १७ ॥

आध्यात्मिक व्याख्या - "तत् यानी कूटस्थ । त्यो अविनाशी छ, त्यस्लाई नाश गर्ने सामर्थ्य कसैमा पनि छैन, किनभने त्यो सर्वव्यापी छ । कस्ले कस्लाई नाश गर्ला, जसद्वारा यो समुदय संसार छ ।"

- आत्मा सर्वव्यापी छ, अतयव यो "सर्व" अन्यवस्तु निर्देशक छैन । यो जुन नाम वस्तु रुपमय पृथक पृथक् वस्तुहरु देखिन्छ, त्यो पृथक् छैन - त्यो आत्मा नै हो । "सर्व" मा अरु कुनै सत्ता छैन । एक आत्मसत्तानै नानारुपमा सवैमा स्फुरित भैरहेकोछ -जसरी सागरमा असंख्य तरंगहरु देखिन गएपनि तरंग समूह सागरसँगै एकाकारमा अवस्थित छ । यहाँ यो प्रश्न उठन सक्छ-यदि जगत् प्रपंच सत्‌को नै स्फुरणा हो भने तथा प्रपंचको नाश पनि देखिन्छ, यस्तो स्थितिमा "सद्‌वस्तु पनि नाशशील छैन" यस्को प्रमाण के छ ? यसैलाई राम्रोसँग सम्झाउनको निम्ति यस श्लोकमा भन्नु हुन्छ - *"अविनाशी तु तद्विध्दि ।"* सुषुप्तिकालमा आत्मामा द्वैत प्रपंच देखिन्न । अतः त्यस समय आत्म स्फुरणा नरहँदा पनि यो भन्न सकिन्न - त्यससमय आत्मा रहन्न । किन भने साक्षी स्वरुप आत्मा नहुँदोहोत "म सुषुप्तिमा थिंए" यो ज्ञानको स्मरण जाग्रत अवस्थामा हुनु संभवै थिएन । सुषुप्तिको अघि "म थिए" जाग्रत भएर त्यही "म हुँ" - यो बुझ्न पनि संभव हुँदैन । अतयव उत्पत्ति र विनाश आत्माको धर्म हुन सक्तैन । आत्मा जो छ, त्यो सत्य एवं नित्य छ, तथा अविनाशी छ । ॥ १७ ॥

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिण : ;
अनाशिनोऽप्रमेयस्य तस्माद् युध्यस्व भारत ॥ १८ ॥

श्री धरीय टीका - [देहादिको 'आगमापाय' धर्म देखाउनु हुन्छ]-नित्य अर्थात् सदा एकरुप, अविनाशी एवं अप्रमेय अर्थात देश, काल र वस्तुले अपरिच्छिन्न आत्माको सुख दुःखादि धर्म विशिष्ट सारा शरीरहरुलाई तत्त्वदर्शी मानिसले नश्वर भन्दछन । अतयव हे भारत ! जब आत्माको नाश छैन तथा सुख दुःखको सम्बन्ध पनि छैन भने तिमी मोहजनित शोकलाई त्यागी युध्द गर, स्वधर्मको त्याग नगर (श्री मत् शंकराचार्य आफ्नो भाष्यमा भन्नु हुन्छ - "यस्मादेवं नित्योऽविक्रियश्चात्मा तस्माद युध्यस्व युध्दादुपरमं मा कार्षीरित्यर्थ : । न ह्यत्र युध्द कर्तव्यता विधीयते। युध्द प्रवृत्त एव ह्यसौ शोक मोह प्रतिवध्द स्तुष्णीमास्ते । अतस्तस्य कर्तव्य प्रति बन्धापनयन मात्रं भगवता क्रियते । तस्माद्युध्य स्वेत्यनुवादमात्रं न विधि : ।" जब आत्मा नित्य र अविक्रिय छ भने तब तिमी किन आफ्नो धर्मबाट स्खलित हुन्छौ ? - अतयव युध्द गर - यो अर्जुनलाई भन्यो । यस द्वारा युध्दको कर्तव्यताको विधान गरिएको छैन । अर्जुन त युध्द गर्ने भनेर नै युध्द क्षेत्रमा आएको थियो । शोक एवं मोहवश मै तृष्णींभावको अवलम्वन गरेको थियो । अतयव भगवान्ले केवल अर्जुनको प्रतिवन्धलाई दूर गर्नु हुँदैछ । एसैले "युध्दस्व" यो वाक्य विधि वाक्यको रुपमा भनिएको छैन । यस्मा उस्को पूर्वारम्भ गरिएको कार्यको अनुवाद मात्र गरिएकोछ । ॥ १८ ॥

आध्यात्मिक व्याख्या - "शरीरको नाश त्यसरी नै हुन्छ, जसरी वुद्वुद् (पानीको फोका) को नाश । जबसम्म वायु रहनेछ, तबसम्म स्थिति छ, पछि नाश । परन्तु जलस्वरुप ब्रहमको नाश छैन । किनभने त्यो अविनाशी हो र त्यस्को तुलना पनि छैन । ब्रहम देखि बाहेक अतिरिक्त अर्को वस्तु भए न तब तुलना हुन्थ्यो ? त्यस्को लागि तिम्रो कर्म - क्रिया गर्नु हो, त्यो गर्दै जाऊ ।"

- शरीरको नाश हुनेछ,, यसै भयले त तिमी क्रिया गर्न चाहन्नौ, परन्तु के यो शरीर चिरकालसम्म रहला ? यो शरीर त वुदवुद हो, पानीमा बतासले प्रवेश गरेको छ । बतास बाहिर निस्कनासाथ यो शरीर पनि रहने छैन । त के शरीरको नाश भएर हामीलाई मुक्ति मिल्ला ? यदि यस्तो छ भने तब त हामी मुक्तिको प्रतिक्षामा वसीरहनु नै ठीक हुनेछ, वेकार साधनादि गर्नाले के लाभ ? यसैकारण भगवान्ले 'इमे देहाः' - यस बहुवचनात्मक पदको प्रयोग गर्नु भएको छ । हाम्रो जुन तीन शरीर र पंचकोष छ, त्यो सबै देह अन्तरगत छ । अन्नमयकोष या स्थूल शरीरको नाश पछि शरीर बन्धन त छुट्दैन नी । अरुपनि दुई शरीर छन् - सूक्ष्म शरीर या प्राणमय, मनोमय एवं विज्ञानमयकोष, एवं कारण शरीरको आनन्दमयकोष । यो कारण शरीर रहुन्जेल जीवको मुक्ति कहाँ ? जब सम्म आत्मस्वरुपको ज्ञान हुँदैन, तबसम्म कारण शरीर रहन्छ नै । अनि अनादि वासनामय कारण शरीर रहुँजेल उस्ले स्वयं सूक्ष्म शरीरलाई तैयार गर्नेछ र सूक्ष्म शरीर कर्मोपयोगी स्थूल भूतात्मक भौतिक शरीरको गठन गर्ने नै छ । यही ईश्वरीय नियम हो । जसरी सूर्य, चन्द्र, देवता, ऋतु, पक्ष आदि उसद्वारा आदिष्ट भै आफ आफ्नो काममा नियुक्त छ, उसरीनै ईश्वरीय नियमले वाध्य भैकन आफ आफ्नो कर्मानुसार सूक्ष्म शरीरस्थ देही स्थूल भूतहरुलाई आकर्षित गरी शरीर

गठन गरिलिन्छ । अतयव देहनाशले मुक्ति होला, यस प्रतिक्षामा नबस । आफ्नो कर्म साधना गर, त्यस्मा उपेक्षा देखाउनु ठीक छैन । *"ब्राहमणस्य तु देहोयं न कामार्थाय कल्पते"* -ब्राहमणको शरीर क्लेश भोग्नको लागि हो, कामोपभोगको निम्ति होइन । तपस्याबाट देहान्त भए ब्राहमणलाई अनुपम सुख प्राप्त हुन्छ । प्राणायामादि नाना प्रकारको साधना नै परम तपस्या हो । यस्को सम्यक अनुष्ठान गरेमा नै ब्राहमण देह सार्थक हुन्छ । यसरी नै क्षत्रीयको पनि भित्र र बाहिरको शत्रुहरुलाई संताडित गर्नु तथा ब्राहमणको पालन गर्नु धर्म हो । तिमी अहिले ब्राहमण हुन सक्तैनौ, तिमी क्षत्रिय हौ - शरीरादी क्षोभ आदि उत्पन्न गर्नेवाला नाना प्रकारको साधन विघ्नरुपी शत्रुहरुलाई आफ्नो वशवर्त्ती गर्नु तिम्रो कर्तव्य हो । "म गर्न सक्तिन" भनी चुप चाप बस्नाले काम चल्ने होइन । तिमी सोच्दै छौ - देहादिको सुख भोगको निम्ति प्रवृत्तिहरु रहनु उचित छ, तर तिमीलाई थाहै छैन - *"सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम्"* - आत्मवश या आत्मस्थ नभैकन प्रकृत सुख कहिले प्राप्त हुन सक्छ, यस्को आशा पनि नराख । शत्रुको वशमा रहिकन आपाततः मनलाई हरनेवाला इन्द्रियसुख त पाइएला, तर त्यस्को परिणाम कति शोक जनक छ, यस्को वयान नै हुन सक्तैन । चित्त विक्षेपको कारण तिमी सुखमय तथा अमृत आत्मालाई जानेनौ । यसैकारण यति सन्देह भएको छ । चित्तवृत्तिको निरोध भएमा "सुख के हो 'आत्मा के हो' समझमा आउने छ । तब यो रहँदैन, त्यो रहँदैन भनी हाय ! हाय ! गर्नु पर्ने छैन । आत्माको प्रकाश, आनन्द एवं नित्य विद्यमानतालाई देखी सारा क्षोभ मिटी जानेछ। तिमीलाई सावधान गर्न नै यति आलोचना गर्नुको आवश्यकता भयो । ॥ १८ ॥

य येनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ;
उ भौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥ १९ ॥

श्री धरीय टीका - [यसरी भीष्मादिको मृत्यु निमित्त शोकको कारण निवारण गरियो । तिमी उस्को हन्ता हुनुको जुन दुःख प्रकट गर्दैछौ *"एतान्न हन्तुमिच्छामि"* यो पनि अकारण छ । यसै सम्बन्धमा भन्नुहुन्छ]- जुन मनुष्य आत्मालाई हन्ता मान्दछ तथा जस्ले यस्लाई हत (मारियो) सम्झन्छ, तिनीहरु दुवैले आत्माको सम्बन्धमा केही पनि बुझ्दैन । किनभने जसरी आत्मा हनन क्रियाको कर्म बन्दैन, उसरीनै हननक्रियाको कर्त्ता पनि हुँदैन । ॥ १९ ॥

आध्यात्मिक व्याख्या - "जस्लाई तिमी हनन-कर्त्ता सम्झँदै छौ, त्यो त कूटस्थ ब्रहम हो, जस्लाई सोच्दै छौ -हत भैरहेछ, त्यो पनि त ब्रहमै हो । यी दुवैलाई तिमीले जान्दैनौ - नत कसैले हनन गर्छ, न त कोही हत नै हुन्छ ।"

-स्वरुपले तिमी कूटस्थ नै हौ । तिमी शरीर त होइनौ, तिम्रो देह नाश भएपछि तिम्रो वास्तविक "म" यस शरीरमा बस्नेवाला कूटस्थ नष्ट हुँदैन । एसै प्रकार युध्दार्थ जुन मानिसहरु उपस्थित छन् - समस्त प्राणिमात्र उनै कूटस्थ हुन् । उस्को शरीर नष्ट भएपछि शरीरमा बस्नेवाला कूटस्थ नष्ट हुनेछैन । यो

कूटस्थ एकै वस्तु हो, पृथक् पृथक् होइन । सबै घटहरुको आकाश पनि उही एक आकाश हो । घटको नाश भए पनि जसरी घटस्थ आकाश जस्ताको तस्तै रहन्छ । अतयव जुन मनुष्य आत्मालाई हनन कर्ता या हत सम्भन्छ, उस्लाई कूटस्थ विषयमा केही ज्ञान छैन । प्राणवायुले मनलाई र मनले बुध्दिलाई अनवरत चंचल बनाइरहन्छन । यसैकारण बुध्दिमा प्रतिविम्वित आत्मालाई बुध्दि द्वारा कल्पित जन्म मरणादि सैंकडौं व्यापारमा जन्ममरण युक्त या शोकमोह ग्रस्त सम्भन्छौं, परन्तु जस्ले उस्लाई साक्षीरुपमा अनुभव गरेकोछ, उस्लाई यो बुध्दि विभ्रम हुँदैन ।

हस्तामलक स्तोत्रमा लेखिएको छ

य एको विभाति स्वतः शुध्द चेता, प्रकाश स्वरुपोऽपि नानेव धीषु;
शरावोदकस्थो यथा भानुरेकः, स नित्योपलव्धि स्वरुपोऽहमात्मा ॥
घनाच्छन्न दृष्टिर्घनाच्छन्न मर्कं, यथा निष्प्रभं मन्यते चातिमूढः;
तथा वध्द बद्भाति यो मूढ दृष्टेः, स नित्योपलव्धि स्वरुपोऽह्मात्मा ॥

नाना पात्रहरुमा स्थित जलमा प्रतिविम्वित सूर्य समान जुन प्रकाश स्वरुप पदार्थ नाना बुध्दिमा नाना रुपमा प्रतिभासित भएर पनि एक अद्वितीय भावले प्रकाशित हुन्छ । उही नित्यवोध स्वरुप आत्मा नै महुँ । मेघद्वारा दृष्टि आच्छन्न हुँदा अतिमूढ व्यष्टि जसरी सूर्यलाई नै मेघाच्छन्न या प्रभाहीन सम्भन्छ, उसरीनै मूढ व्यष्टि अविवेकी मानिस उस्लाई बध्दवत्त सम्भन्छ । जसरी विशुध्द स्फटिकादि मणि निकटस्थ भिन्न वर्णको आभाबाट अनुरंजित जस्तो लाग्दछ । उसरी नै भिन्न भिन्न बुध्दिद्वारा तिम्रो पनि भेद कल्पित हुन्छ ।

उपाधौ यथा भेदता सन्मणी नां, तथा भेदता बुध्दि भेदेषु तेऽपि;
यथा चन्द्रिकाणां जले चंचलत्व, तथा चंचलत्वं तवापीह विष्णो ॥

जसरी चंचल जलमा चन्द्रविम्व चंचल जस्तो लाग्दछ, उसरी नै बुध्दिभेदले गर्दा हे विष्णो ! तपाईको चांचल्य केवल प्रतीयमान हुन्छ, वस्तुतः तपाईमा चंचलता छैन । तिमी एक अद्वितीय, नित्यस्थिर तथा सदा एकरुप हौ । ॥ १९ ॥

नजायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ;
अजो नित्यः शाश्वतोऽयं पुराणो नहन्यते हन्यमाने शरीरे ॥ २० ॥

श्रीधरीय टीका- [आत्मा हत हुँदैन, आत्माको षडविकार वर्जित भाव द्वारा यसैको नै समर्थन गर्दछ]- (१) यो आत्मा कहिल्यै जन्मन्न (उत्पत्ति या जन्मको निषेध (२) यो कहिल्यै मर्दैन (मृत्युरुप विकारको निषेध) (३) यो उत्पन्न भएर फेरि अस्तित्व प्राप्त हुन्छ, एस्तो कुरा पनि छैन । परन्तु आत्मा पहिले देखि नै स्वतः सत्यस्वरुपछ । (जन्मान्तरद्वारा अस्तित्वको प्राप्तिरुप द्वितीय विकारको निषेध) किनभने आत्मा

अज हो - र जस्ले जन्मग्रहण गर्दछ उसैले जन्मान्तरमा अस्तित्व प्राप्त गर्दछ अर्थात जन्मेर विद्यमान रहन्छ, परन्तु जो स्वतः सदा विद्यमान छ, त्यो पुनर्वार दोस्रो अस्तित्व प्राप्त गर्दैन । (४) जो नित्य अर्थात एक रुपछ (वृध्दिको निषेध) (५) त्यो शाश्वत छ अर्थात सदादेखि छ (अर्थात क्षयरहित छ) (अपक्षयको निषेध) (६) यो पुराण अर्थात परिणाम विहीन छ, अतयव रुपान्तरित प्राप्त भै नयाँ बन्दैन (विपरिणाम या परिवर्तनको निषेध) अतः सांख्य शास्त्रोक्त जन्म, अस्तित्व, परिणति, अपक्षय विपरिणाम एवं नाश - यी छ विकारहरुबाट शून्य आत्माको भावलाई देखाइकन अब प्रस्तुत विषयको विनाशाभाव देखाउँदै उपसंहार गर्दै हुनुहुन्छ - शरीरको विनाशबाट यो आत्मा हत हुँदैन ।॥ २०॥

आध्यात्मिक व्याख्या - "उस्को जन्म छैन किनकि त्यो नित्यछ, सवै व्यापकछ, जन्मने ठाउँ कहाँ छ ? - नित्यवस्तुको मृत्यु कसरी ? सबै ब्रहम हो । फेरि एकवस्तुदेखि अन्य वस्तुको परिवर्तन कसरी होला ? यो कहिल्यै हुन सक्तैन । जे देख्दैछौ कि भैरहेछ त्यो दृष्टिस्वरुप आकार हो जुन मिथ्या छ त्यो पनि ब्रहममा लीन हुनजान्छ । उसको हुनु नहुनु एकैसमान छ । जब हुनु नहुनु समान छ र भएको पनि छैन भने त त्यो होला कसरी ? कोही कसैदेखि हुँदैन । किनभने स्वयंभू ब्रहम, नित्य-पुराण पुरुष हो, उस्ले हनन गर्दैन, किनभने कस्द्वारा हनन गर्ने ? जसबाट हनन गर्दछ त्यो पनि ब्रहम हो र जस्लाई हनन गर्नेछ त्यो पनि ब्रहम हो , अतयव ब्रहमले ब्रहमलाई कसरी हनन गर्ला ? र यो शरीरको हनन त सदा देखि नै भइरहेकोछ, तब हनन विशिष्ट वस्तुले अहन्य वस्तुलाई कसरी हनन गर्ला ?"

-यो शरीको विनाश कसैले नगरे पनि एस्को हनन क्रिया सदा चलिरहन्छ । प्रत्येक श्वास प्रश्वाससँगै यो शरीर विनाशतिर दौडिरहेछ । कसैले एस्को विनाश नगरेपनि श्वासको अवसान हुनासाथ यो शरीर क्षण भरको लागि पनि रहन्न र जुन आत्मा छ, त्यस्को न जन्म छ न मरण । जो समस्त विकारदेखि रहित तथा सर्वव्यापी छ, उस्माथि कर्त्तृत्व या कर्मत्त्व आरोपित कसरी होला ? त्यहाँ हुनु नहुनु दुइटै जब समान छ, तब केही हुनु त के र नहुनु पनि त के ? भएमा पनि त्यो नभएकै समान छ । स्वप्न दृष्ट वस्तु समान त्यो सत्य भैकन पनि असत्य या असत्य भैकन पनि सत्य जस्तो भासित हुन्छ । आत्मा सत्ता मात्र, केवल ज्ञानस्वरुप छ । यो ज्ञान चिर सत्य र चिर स्थिर छ, क्रियाको परावस्थामा एस्को उपलव्धि हुन सक्छ । अनि उस्को विकार कसरी हुन्छ ? अवश्य नै देहको जन्म हुन्छ र बढ्दछ तथा नाना प्रकारको परिणामलाई प्राप्त हुन्छ अनि अन्तसम्म रहँदैन पनि । यो सागरको फिंज समान छ । आँखाले उस्लाई हेर्‍यो केही दृश्य जस्तो देखियो, परन्तु के त्यो टिकिरहयो ? केही क्षणमै त्यो मिली गयो, कहाँ मिल्यो ? जहाँबाट हामी उस्को उत्पत्ति भएको मान्छौं त्यहाँ नै नामरुप रहित भै उस्को साथ मिली एक भैदियो । अनि फेरि फिंज या वुद्वुद् भन्दै चिल्लाउनाले के फाइदा ? जे जो छ सबै "अहं" या "म" को दृश्य हो । "म" यी सारा दृश्यहरुलाई भोग गर्न दौडिन्छे, जसरी हामी सागरमा फिंज या तरंग देखेर आनन्दित हुन्छौं । फिंज या तरंग जसरी हेर्दा हेर्दै सागरमा लय हुन जान्छ, अथवा सागरै भैदिन्छ, उसरी नै हाम्रो समस्त भोग्य पदार्थहरुको विचार गरी हेर्दामा यस्को वस्तुत्व लुप्त हुन जान्छ । जो भोगको निम्ति दौडिरहेको थियो, उस्ले स्वयं देख्छ उ कालगतिको भोग्यवस्तुको रुपमा सुशोभित भैरहेछ । दर्पणमा जसरी आफ्नो प्रतिविम्व देखेर

वालक प्रफुल्लित हुन्छ, तर थाहा छैन, त्यो प्रतिविम्व आफ्नै हो । उस्को आफ्नो सत्तानै आत्मामा स्फुटित या प्रतिविम्वित भएर जगत रुपमा सुशोभित भैरहेछ । यो कुरा जब बालकले बुझ्छ, तब उस्लाई लज्जा हुन्छ, अनि प्रतिविम्व हेर्न उ दौडिन्न । आफुमा नै आफसे आफ स्तम्भित भै, अवाक् भै, अचपल भएर स्थित हुन्छ । आत्मा देखि भिन्न भाव माया सागरमा तरंग जस्तो छ । आत्मा देखि कुनै वस्तुलाई भिन्न नसम्झ । यसरी भावयुक्त भएमा पुन: वस्तुदृष्टि रहने छैन । सर्वत्र आत्मा नै देखिने छ । यसैकारण तत्त्व ज्ञानी मानिसहरु उपदेश दिनु हुन्छ -*"यत्र यत्र मनो याति ब्रहमणस्तत्र चिन्तनात्"* यही मायापाश नाश गर्ने उपाय हो । यदि यो पनि गर्न सक्तैनौ, त भगवानको मायाशक्ति नै प्राण हो, जे जति छ ती सब *"प्राण एजति नि:सृतम्"*-यस प्राणकै उपासना गर । जब प्राणको उपासना हुन्छ त त्यो शुध्द र स्थिर हुनेछ । यस शुध्द औ स्थिर प्राणकै भित्र जगत् प्राण आत्मालाई देख्न सक्छौ । त्यसको अपेक्षा प्यारो र लोभनीय वस्तु यो सन्सारमा दोश्रो कुनै पनि हुन सक्तैन । ॥ २० ॥

वेदाविनासिनं नित्यं य एनमजमव्ययम;
कथं स पुरुष पार्थ कं घातयति हन्ति कम् ॥ २१ ॥

श्री धरीय टीका - [अतयव आत्मामा हन्तृत्वको अभाव उपर्युक्त वाक्यले पनि सिध्द भयो - एसैले भन्नु हुन्छ] जस्ले यस आत्मालाई नित्य अर्थात् बुध्दि शून्य, अव्यय अर्थात अपक्षय शून्य, अज एवं अविनाशी सम्झन्छ, हे पार्थ ! त्यस्तो पुरुषले कसरी कसैको बध गर्ला ? किन भने यस किसिमको आत्माको बध संभव छैन । अनि प्रयोजक भएर उस्ले अन्य को द्वारा कसरी बध गराउला ? यसरी म मा पनि प्रयोजकत्व दोष दृष्टि नगर ॥२१॥

आध्यात्मिक व्याख्या-"वेद अर्थात् जसद्वारा जानिन्छ, त्यस्ले भन्दछ, अविनाशी अर्थात् जस्ले जानेकोछ, त्यस्ले अविनाशीलाई जानेको छ, अनि त्यो नित्य वस्तु ब्रहममा गएकोछ । त्यस्को जन्म छैन विनाश पनि छैन त्यस्लाई मार्छु भन्दछौ भने कसरी मार्दछौ ?"

आत्मालाई जस्ले नित्य वस्तु या अविनाशीको रुपमा जानेको छ, त्यस्ले अवश्य नै कसैलाई मार्न सक्तैन, न त मराउन सक्तछ । कस्लाई मार्ने ? अन्य कोही भए पो तब ? परन्तु जस्लाई आत्मबोध भएको छैन, संभव छ-उस्ले आत्माको अविनाशित्त्व बारे केही सुनेको होस, परन्तु यस्ले मनको क्षोभ मेटिदैन । *"यत्र तस्य सर्वमात्मैवाभूत्"* सर्वत्र आत्मदर्शन भए पछि द्वैत प्रपंच रहँदैन ।

आत्मानं चेद्विजानीपादयमस्मिति पूरुषः ;
किमिच्छन् कस्य कामाय शरीरमनुसंज्वरेत् ॥
-बृ०उ०

जो विद्वान पुरुष आफूलाई जान्दछ - "म" नै त्यो अद्वितीय आत्मा हुँ त उस्ले के को कामनाले कुन चीजको इच्छाले शरीरलाई क्लेश दिन्छ ? परन्तु यो त भयो आत्मज्ञानीको कुरा, जस्लाई आत्मज्ञान भएको छैन

उस्को लागि के उपाय छ ? जबसम्म *"इतरंपश्यति"* अन्य यताउताको सवै वस्तुहरुलाई देख्दछ, तवसम्म अज्ञानावस्था छ । यस्तो अवस्थामा मनको दौड नष्ट हुन्न । हे अर्जुन ! जब तिम्रो द्वैत भाव मेटिन्न देहातिरिक्त आत्मालाई तिमी अनुभव गर्न पाउँदैनौ, तब सम्म व्यर्थ ज्ञानी बनिकन आलस्यभावले समय बरवाद् नगर । खुब अधिक औ मन लगाएर क्रिया गर्दै जानु, क्रिया गर्दा गर्दा जब क्रिया देखि पर परावस्थामा आनन्द स्वरुप ब्रह्मलाई जान्नेछौ, तब फेरि विषयानन्द बर्जित जीवन दु:खमय लाग्ने छैन । विषयमा आनन्द छैन, आत्माको आनन्द नै विषयमा विकिर्ण भैरहेछ । क्रियाद्वारा क्रियाको परावस्थामा जब आत्मस्थ हुन सक्नेछौ तब आनन्द सागरमा डुबी आफुमा आफै आफ सन्तुष्ट हुन जानेछौ, तब फेरि द्वैत प्रपंच रहने छैन । त्यसबेला कर्त्ता पनि रहने छैन र क्रिया पनि रहने छैन । एसै कारण ज्ञानीलाई पाप पुण्य रहँदैन । जबसम्म यो अवस्था पाइन्न, आफ्नु इच्छा अनुसार नचल, कष्ट पाउने छौ । आफुलाई गुरुको यन्त्र समान सम्झ । उस्ले जे गराउँछ, त्यही गर । ॥ २१ ॥

वासांसि जीर्णानी यथा विहाय,
नवानि गृह्णाति नरोऽपराणि;
तथा शरीराणि विहाय जीर्णा,
न्यन्यानि संयाति नवानि देही ॥ २२ ॥

श्री धरीय टीका - [आत्मा अविनाशी छ, तर म त शरीर नाशको पर्यालोचन गरी शोक गर्दछु । यदि एस्तो भन्छौं त त्यसको उत्तरमा भन्नु हुन्छ]-कर्म-निवन्धन शरीरको नयाँ हुनु अवश्यम्भावी छ । अतयव जीर्ण शरीरको नाश भएपछि शोक गर्ने अवसर नै कहाँ छ ? जीर्ण वस्त्रलाई त्याग गरी मनुष्य जसरी नयाँ वस्त्र धारण गर्दछ, उसरी नै देही शरीर त्याग गरी दोश्रो नयाँ शरीर प्राप्त गर्दछ । [अतयव तिमीले शोक गर्नु ठीक छैन] ॥ २२ ॥

आध्यात्मिक व्याख्या - "उत्तम पुरुष शरीर रुपी पुरानो वस्त्रलाई छोडिकन नयाँ वस्त्ररुपी शरीरलाई धारण गर्दछ ।"

-अज्ञानीको निम्ति शरीर नाश अति कष्टकर हुन्छ । उ आत्माको मर्मलाई बुझ्दैन । परन्तु आत्मालाई एक किसिमले स्वीकार गर्दछ । पूर्व पुण्यवश जस्ले भारतवर्षमा जन्मग्रहण गरेकोछ, तिनीहरु अनेक शास्त्रद्वारा र साधुहरु द्वारा अवगत छन् - "आत्माको मुत्यु हुँदैन । यो देह नष्ट हुँदामा पनि आत्मा रहन्छ ।" र लोकमा पनि यस्को केही प्रमाण नपाइने हो, एस्तो कुरा पनि छैन । आत्माको अविनाशित्वको सम्बन्धमा भगवान्ले अर्जुनलाई अनेक कुराहरु भन्नु भयो र एक निगूढ कुरा यस श्लोकमा भन्नु हुँदैछ । उत्तम पुरुषले त देहलाई छोडछन्, तर त्यसपछि कहाँ जान्छन र कहाँ रहन्छन् ? अर्जुन यदि मुक्त पुरुष भएको भए उस्लाई शोक हुँदैनथ्यो । यसैले भगवान् यहाँ नयाँ र पुरानो कपडाको तुलनाद्वारा अर्जुनलाई सम्झाउँदै हुनु हुन्छ - हे अर्जुन ! हेर - मानिसहरुमा विशेषत: बालकहरु र अज्ञानीहरुलाई नयाँ वस्तु नै प्रिय हुन्छ ।

पुरानो लुगा फेरिकन नयाँ लुगा प्राप्त गर्दछ भने एस्मा दुःख मान्ने कारण केही छैन । लुगा पुरानो भएपछि जीर्ण हुन्छ, लगाउने योग्य हुँदैन । तब उस्लाई छोड्न सक्नुमा नै राम्रो लाग्दछ । यसरी नै भूतमय शरीर पनि पृथ्वीमा केही दिन रहनाले पुरानो हुन जान्छ । कामको योग्य रहँदैन । त्यस्को सट्टा नयाँ शरीर मिल्दछ, त तेस्मा दुःख मान्नु ठीक छैन, बरु त्यसबाट हाम्रो उत्साह बर्धित हुनु पर्दछ, किनभने नयाँ शरीरद्वारा अनेक कार्य हुनेछ । यस्मा विचार गरी हेर्नाले यस अपदार्थ शरीरको निम्ति फेरि हामीलाई शोक हुन सक्तैन । तत्पश्चात् यो पनि विचार गर - यो नयाँ कस्तो अद्भूत छ । श्रुति भन्दछन् - "अन्यन्नवतरं कल्याणतरं रुपं कुरुते पित्र्यं वा गान्धर्वं वा दैवं वा प्राजापत्य या ब्राहमं वा" - वृ.उ. । जीव पूर्वदेह त्याग गरीकन पितृलोकमा, गन्धर्व लोकमा, देवलोकमा, या प्रजापतिलोकमा अथवा ब्रहमलोकमा उत्कृष्ट नयाँ भन्दा नयाँ कल्याणतर देवशरीर प्राप्त गर्दछन् । अतयव एस्तो आनन्द व्यापारमा फेरि शोकको के कुरा ? यदि भन्दछौ - यति भैकन पनि शरीरको माया कहाँ काटिन्छ ? त यस्को कारण यो हो - तिमी अन्धवत् छौ; देह छाडी अन्य कुनै कुरा तिमीलाई सुझ्दैन । तथापि अलि विचार गरी हेर । जुनबेला तिमी निदाउछौ, त्यसबेला पनि शरीर रहन्छ नै, तर शरीर ज्ञान हुँदैन । शरीरलाई "म" भन्नेवाला व्यष्टि त्यस स्थितिमा रहन्छ, परन्तु त्यस समय देहलाई "म" रुपमा स्वीकार गर्दैन । यसैकारण देह जडवस्तु समान पडिरहन्छ । तब त प्रमाण मिली हाल्योनी देह "म" होइन । अझ हेर, जब विम्झन्छौं त फेरि "म "म" भन्न थाल्छौं । परन्तु देह वाहेक के अरु केही कुरा हामी देख्छौ ? नदेख्दैमा पनि त्यसबेला देहलाई "म" भन्ने इच्छा हुँदैन । अतयव जुन देखिन आउँदैन, तथापि छ, उही आत्मा हो । त्यो आत्मा यदि देह होइन र त्यही मेरो वास्तविक "म" हो भने देहनाश पछि त्यस "म" को नाश कसरी हुन्छ ? सक्कली वस्तु "म" यदि बचिरहन्छ भने रुवाई कस्को लागि ? राजपुत्र एकप्रकारको लुगा लगाएर अन्तः पुरबाट बाहिर गयो, अनि फेरि भित्र गैकन लुगा फेरि आयो, यसले अज्ञानी, अविवेकीहरुलाई दुःख हुन सक्छ, परन्तु अभिज्ञ पुरुषको मनमा यो भन्दा विपरित भाव कसरी आउन सक्छ ? तर यत्तिका कुराहरुबाट पनि मनुष्यको शोकहरु मेटिन्न, - अतयव आत्म दर्शक बन्नुको प्रचेष्टा गर्नु आवशयक छ । साधनाद्वारा योगस्थ हुँदामा नै स्वच्छ शुध्द आकाशवत्त् स्वरुपको प्रतीतिति हुन्छ । त्यस्लाई केवल एकपल्ट देख्नाले काम चल्ने छैन, आकाश स्वरुप बन्नु पर्नेछ । अनि त फेरि शोकै हुँदैन । ॥ २२ ॥

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः;
न चैनं ल्केदयन्त्यापो न शोषयति मारुतः ॥ २३ ॥

श्री धरीय टीका-[आत्माको वध साधनको अभाव देखाउँदै आत्माको अविनाशित्वको स्पष्टरुपले वर्णन गर्नु हुन्छ] शस्त्रहरुबाट आत्माको छेदन हुन सक्तैन, अग्नि आत्मालाई जलाउन सक्तैन, जलले एस्लाई गलाएर सडाउन सक्तैन तथा वायुले एस्लाई शोषण गरी शुष्क गर्न सक्तैन । ॥ २३ ॥

आध्यात्मिक व्याख्या - "कूटस्थलाई अस्त्रद्वारा काट्ने कुनै उपाय छैन, किनभने त्यस्बाट उत्पन्न शून्य माथि तरवार चलाएर केही काटिन्न, एसै प्रकार वायु जुन कूटस्थरुपमा शरीरस्थ भएको छ, त्यस्लाई कोही

कसैले कसरी काट्न सक्छ ? अग्नि द्वारा यो कूटस्थ दग्ध हुँदैन, पानीले पनि भिजाउन सक्तैन, हावा द्वारा पनि शुष्क हुँदैन । क्रियाको उपदेश लिएर यस्को स्पष्ट प्रतीति हुन सक्दछ" (गुरु कृपाले यो जानिन जान्छ ।)

- यस शून्यलाई साधनाद्वारा बुझ्नु पर्नेछ ! "म" शून्य हुँ, यो शरीरादि त्यस शून्यको नै उपाधिमात्र हो । यो शून्यात्मालाई बुझेपछि शरीरादि उपाधि प्रति फेरि त्यस्तो आग्रह रहँदैन । जुन आकाश समान अवयव रहित छ त्यस्लाई अग्नि, जल, वायुले के गर्न सक्छ ? यस प्राणवायुलाई साधनाद्वारा स्थिर गर्न सकेमा, जीव आफैले आफुलाई साधनाद्वारा स्थिर गर्न सकेमा जीव आफैले आफुलाई आकाशवत्त अनुभूत गर्दछ । यो कोरा बगंफुसे कथा होइन । साधना गरी हेर्न सके सबैको समझमा यो कुरा आउनेछ । आत्मा अवयवरहित, निराकार निरंजन छ, यसैकारण शून्य भनिएको हो । शून्य भन्नाले "केही पनि होइन" यस प्रकारको अर्थ यहाँ छैन । आत्मा गुणयुक्त भएमा नै जीव हुन्छ र गुण शून्य हुँदा शिव हुन जान्छ । यो शिवभाव प्राप्त नभै कोही पनि विमुक्त हुन सक्तैन । शिवको एक नाम व्योम छ । हाम्रो मनमा उठ्ने नाना किसिमको संकल्प नै आत्मालाई संसारसँग बाँधिने डोरी हो । संकल्प क्षीण हुन गएपछि संसारसंग यस्को सम्बन्ध रहँदैन । त्यसबेला सम्बन्ध रहित "आत्मा" "मुक्त" नामले पुकारिन्छन्, अनि त्यसबाट विच्युत हुनासाथ मन आदि समस्त सम्बन्ध गुण या उपाधि तिरोहित हुन जान्छन । ॥ २३ ॥

अच्छेद्योऽयम दाह्योऽयम ल्केद्योऽशोष्य एव च;
नित्यः सर्वगतः स्थाणुर चलोऽयं सनातनः ॥ २४ ॥

श्री धरीय टीका - [अविनाशित्त्वको कारण के हो सो भन्नु हुन्छ] आत्मा 'अच्छेद्य' र 'अल्केद्य' छ, किनभने त्यो निरवय छ; आत्मा अदाहय छ किनभने त्यो अमूर्त्त छ । द्रवत्वको अभावको कारण आत्मा 'अशोष्य' छ । अन्त त्यो 'नित्य' अर्थात अविनाशी, 'सर्वगत' अर्थात सर्वव्यापि, 'स्थाणु' अर्थात स्थिर स्वभाव, रुपान्तर शून्य, "अचल" अर्थात पूर्वरुप अपरित्यागी एवं 'सनातन' अर्थात् अनादि छ । ॥ २४ ॥

आध्यात्मिक व्याख्या - "एसकारण अच्छेद्य, अदाहय, अल्केद्य, अशोष्य, नित्य, सबैमा गत अर्थात रहन्छ, अणुस्वरुपमा अचल भै सनातन स्वरुप ।"

-आत्मा त भौतिक पदार्थ होइन । भौतिक पदार्थ भएको भए अवश्य नै अग्निद्वारा दग्ध, वायुद्वारा शुष्क तथा जलद्वारा ल्किन्न हुन्थ्यो । त्यो अवयव शून्य र अमूर्त्तछ, यसैकारण त्यस्लाई अन्यान्य वस्तुहरु समान कुनै द्रव्यको वशमा ल्याउने कुनै उपाय छैन । किन्तु सर्वव्यापी *"आकाशवत् सर्वगतश्च नित्यो वृक्ष इव स्तब्धो दिवि तिष्ठत्येक" - स्वेता.उ.* । आत्मा आकाश जस्तो सर्वव्यापी नित्य महानवृक्षको समान स्तब्ध छ । सर्वव्यापी भएको कारण वस्तुहरु उस्को रुप मान्न सकिन्छ, तथा त्यो वस्तुरुप बनेको छ, एस्तो कसैले शंका गरेमा श्रुति भन्दछन् - *"यः पृथिव्यां तिष्ठन् पृथिव्यान्तरः" "योऽप्सु तिष्ठन् अद्भयोऽन्तरः" "यस्तेजसि विष्ठं स्तेजसोऽन्तरः" "यो वायो तिष्ठन् वायोन्तरः"* - वृह.उ. । जो पृथ्वीमा रहिकन

पनि पृथ्वी भन्दा भिन्न छ, जलमा रहिकन जलभन्दा भिन्नछ, अग्निमा रहेर अग्नि भन्दा भिन्न छ, वायुमा रहेर वायु भन्दा भिन्न छ, स्वतन्त्र छ ; उस्को यति विभिन्न रुप छ, यस्तो लाग्दछ, तथापि सबै रुपहरुमा त्यो एक आत्मा नै अणुस्वरुप भएर विराजमान भैरहेछन । त्यो अणुरुप इन्द्रियगम्य नहुँदामा पनि साधकको निम्ति साधन-बोधगम्य छ । सबैको भित्र त्यही एक अणु छ । त्यही महान आश्चर्य छ !!

आत्माको सम्बन्धमा एउटै कुरा घुमाई फिराइकन अर्जुनलाई भन्नु हुँदैछ - यस्मा पुनरुक्ति दोषको आशंका गर्नु पर्दैन, किनभने 'आत्मा' अत्यन्त दुर्वोध्य विषय छ, यसैकारण भगवान् वासुदेवले वारम्वार यसै प्रसंगलाई उठाउनु भै विभिन्न शब्दहरु द्वारा भिन्न भिन्न तरीकाले आत्मालाई सम्झाउने प्रयास गर्नु हुन्छ । श्री मदाचार्य शंकर भन्नु हुन्छ, - "यत एकेनैव श्लोके-नात्मनो नित्यत्वमविक्रियत्वं चोक्तं)-न जायते म्रियते वा इत्यादिना । नैतेषां श्लोकानां पौनरुक्त्यम् चोदनीयम् । XXX ।

दुर्वोधत्वोदात्मवस्तुनः पुनः पुनः प्रसंगमापाद्य शब्दान्तरेण तदेव वस्तु निरुपयति भगवान् वासुदेवः -कथं नु नाम संसारिणां असंसारित्वं बुध्दिगोचरतामापन्नं सदव्यक्तं तत्त्व संसार निवृत्तये स्यादिति ।" आत्मवस्तु अत्यन्त दुर्वोध्य हुनाको कारणले पुनः पुनः प्रसंग झिकेर शब्दांतर द्वारा भगवान् वासुदेव त्यो आत्मवस्तुको निरुपन गर्नु हुँदैछ, किनभने यो सद्‌वस्तु यदि कुनै प्रकारले सान्सारिक जीवको निम्ति बुध्दिगोचर भय उस्को संसार-निवृत्ति हुनजान सक्छ । ॥ २४ ॥

अव्यक्तोऽयम चिन्त्योऽयम विकार्योऽयमुच्यते;
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥ २५ ॥

श्री धरीय टीका-आत्मा 'अव्यक्त' अर्थात् चक्षु आदि ज्ञानेन्द्रियहरुको विषय होइन । "अचिन्त्य" अर्थात मनको पनि अविषय या अगोचर छ तथा 'अविकार्य' अर्थात् कर्मेन्द्रियहरुको लागि अगोचर मानिएकोछ । अतयव आत्मामा यस प्रकारको जन्म एवं विनाशको अभाव देखेर शोक गर्नु उचित छैन । ॥ २५ ॥

आध्यात्मिक व्याख्या-"त्यस्लाई मुखले व्यक्त गर्ने कुनै उपाय छैन । त्यो केवल निज-बोध स्वरुप छ । चिन्तन गर्ने उपाय छैन, किनभने यस्ले त्यो दुइटा हुन जान्छ । विकार हुने उपाय छैन, किन भने त्यो सबैमा छ, यो जानेपछि कुनै विषयमा शोक गर्नुको आवश्यकता छैन ।"

-श्री रामकृष्ण परमहंसदेव भन्नु हुन्थ्यो - सबै वस्तु उच्छिष्ट भएको छ, केवल ब्रहम मात्र उच्छिष्ट छैन । किनभने मुखले बोलेर त्यस्लाई प्रकट गर्नुको कुनै उपाय छैन । *"वाचो यत्र निवर्तन्तेऽप्राप्य मनसा सह"* -वाणी उसको पत्ता नपाइकन मनसँगै फर्केर आउँछ । जति नै वाणीद्वारा उस्लाई जति नै सम्झाई रहेपनि त्यो अप्रकाश्यको अप्रकाश्यै बनिरहन्छ । केवल क्रियाको परावस्थामा निजवोधस्वरुप जानिन जान्छ । चिन्तन द्वारा पनि त्यो जानिन सक्तैन, जतिनै चिन्तन गर उतिनै चिन्ता बढ्दै जान्छन् । क्रियाको परावस्थामा निश्चिन्त भएमा त्यो केही समझमा आउँदछ । त्यो कर्मेन्द्रियको अविषय हो, अतयव कुनै वस्तु होइन, यसैकारण विकृत हुन सक्तैन । विकृत भएर नै एक अवस्थाबाट दोस्रो अवस्था प्राप्त हुन्छ ।

एक अवस्थालाई यदि हामीले राम्रो सँग बुझ्यौं भने दोस्रो अवस्था दुःखको कारण बन्न जानेछ । तर यो आत्मालाई जुन मनुष्यले जान्दछ, त्यो शोकदेखि पारं भैहाल्दछ । श्रुति भन्दछन - *"तरति शोकमात्मवित्"* छान्दो०। अतयव एस्को अवस्थान्तर संभव छैन । ॥ २५ ॥

अथ चैनं नित्य जातं वा मन्यसे मृतम् ;
तथापि त्वं महावाहो नैनं शोचितुमर्हसि ॥ २६ ॥

श्री धरीय टीका-[अब यदि देहको साथ आत्माको जन्म, तथा देहको नाशसंगै आत्माको विनाश स्वीकार्छौं भने पनि तिमीलाई शोक गर्नु उचित छैन । यस प्रसँगमा भन्नु हुन्छ]-र यदि आत्मालाई देहको साथ उत्पन्न मान्दछौ-(देहको साथ आत्माको जन्म छ तथा देहको साथ आत्माको मृत्यु हुन्छ) भने पनि हे महावाहो ! एस्को लागि तिमीले शोक गर्नु ठीक छैन । ॥ २६ ॥

आध्यात्मिक व्याख्या- "यदि कदाचित् तिमी एस्तो सम्झन्छौ-नित्य जन्म र नित्य मृत्यु छ, तब पनि शोकको आवश्यकता छैन"

-(शरीर जन्मसाथ आत्माको जन्म, तथा शरीरको मृत्यु साथ आत्माको मृत्यु हुन्छ, अतयव आत्मा शरीर समान अनित्य छ, यो चार्वाक मत हो) आत्माको नित्यत्व त नाना प्रकारले सम्झाउनु भयो, तथापि यदि तिमीलाई नास्तिकहरुको समान सन्देह हुन्छ भने पनि तिमीले शोक गर्नु उचित छैन । (किन छैन, यो आउने श्लोकमा भन्नु हुनेछ) ॥ २६ ॥

जातस्य हि ध्रुवो मृत्यु ध्रुवं जन्म मृतस्यच ;
तस्माद् परिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥ २७ ॥

श्री धरीय टीका- [शोक गर्नु किन उचित छैन, भन्नु हुँदैछ]-किन भने उत्पन्न भएका मानिसको प्रारव्ध कर्म क्षय भएपछि मृत्यु निश्चित छ, तथा मृत पुरुषको तदेहकृत कर्मद्वारा जन्म पनि निश्चित छ । अतयव जन्म मरण लक्षणरुपी अवश्यंभावी विषयमा तिमी विद्वानलाई शोक गर्नु उचित छैन । ॥ २७ ॥

आध्यात्मिक व्याख्या- "जन्मे पछि नै मृत्यु र मृत्यु भएपछि नै जन्म हुन्छ, यसको निम्ति शोक गर्नु आवश्यक छैन ।"

-कर्म बन्धनमा परेका जीवहरुको जन्म-मरण अपरिहार्य छ । जबसम्म कर्मक्षय हुँदैन, पुनः जन्म लिनै पर्नेछ । प्रारब्ध कर्मको क्षय भएपछि उसरीनै मृत्यु पनि निश्चित छ । तसर्थ यो अवश्यंभावी विषय हो । यसबाट बच्ने उपाय केही छैन, तब शोक गर्नाले के लाभ ? जबसम्म ज्ञान हुँदैन, तबसम्म जीवको शरीर मृत्यु भएपछि पनि पूर्वदेहकृत कर्महरुद्वारा कर्मफल भोग गर्नको लागि फेरि जन्म हुन्छ । तथा जबसम्म ज्ञान हुँदैन, तबसम्म जान्नु पर्दछ -उस्को कर्ममा आसक्ति रहेको छ । कर्मासक्ति छउंजेल देहप्राप्ति या पुनर्जन्म अनिवार्य छ । आत्मा सर्वदा आत्मा नै रहन्छ, तथापि प्रारब्ध कर्मवश आत्माको साथ शरीर इन्द्रियहरुको जुन योग हुन्छ, त्यसैको नाम जन्म हो, आत्मासँग शरीर र इन्द्रियहरुको वियोग नै मृत्यु हो ।

जब जीवको कर्म छ भने त्यसको फलाफल भोगको निम्ति जन्म मृत्यु अनिवार्य छ। बारम्बार जन्ममृत्युको यो हातबाट बच्नको निम्ति एस्तो चेष्टा गर्नु पर्नेछ, जसबाट कर्म कर्तृत्त्वाभिनिवेश-शून्य हुन जाओस। कर्तृत्त्वाभिनिवेश-शून्य कसरी हुन सक्छ त ? मनमनै भगवान्लाई कर्मफल अर्पण गर, तिमी आफ्नो लागि केही पनि गर्दैनौ, उहाँकै द्वारा आदिष्ट भै मृत्यु-समान काम गर्दछौ -यस किसिमसंग अभ्यास गर्नु पर्नेछ। यदि एस्तो गर्न समर्थ छैनौ भने कर्तृत्त्वाभिनिवेश-शून्य जुन प्राण छ त्यसैको साथ मनलाई निरन्तर युक्त राख। एसरी प्राणसँग मन मिल्न जानेछ। यो "उन्मनी" अवस्थामा आफसे आफ कर्म ब्रहमार्पित हुन जान्छ। आत्मा शरीर होइन, र न शरीर आत्मा हो , एस्लाई शतः शतः बार चिन्तन गरिरहे पनि विशेष लाभ केही हुनेछैन। खोलामा लेउ हटाउनाले हटिजान्छ, र केही समयपछि फेरि लेउ उम्रिहाल्छ। यो अविद्याको प्रचण्ड शक्ति हो। अतः एस्तो उपाय गर्नु पर्नेछ, जस्ले लेऊ नै उत्पन्न नहोस। देहज्ञान रहुंजेलसम्म तिमीले जन्म-मृत्युलाई विर्सन सक्तैनौ। एस्तो अथक प्रयत्न गर जसबाट देहज्ञान नष्ट गरी तिमी आत्मस्थ बन्न सक, तब देख्न सक्नेछौ - यो त्यो देह, मन, बुध्दि आदि सयौं भेद -नानात्त्व -कता गयो कता ! त्यो एक एस्तो अवस्था हो जस्मा यी सबै मिस्सिएर एकाकार हुन जान्छन्। जबसम्म एकाकार हुन जाँदैन, तबसम्म साधनादिको निम्ति समस्त चेष्टाहरु शरीर र मनको व्यायाम मात्र हो। परन्तु शुरुमा थालनीमा यी साधनहरु नगरिकन केही हुन सक्तैन। ॥ २७ ॥

अव्यक्तादीनि भूतानि व्यक्त मध्यानि भारत ;
अव्यक्त निधनान्येव तत्र का परिवेदना ॥ २८ ॥

श्री धरीय टीका-[परन्तु देहादिको स्वभावको पर्यालोचना गरी तदुपाधिक आत्माको जन्म-मरणको निम्ति शोक गर्नु ठीक छैन -यसैले भन्नु हुन्छ]-हे भारत ! अव्यक्त (जगत्को मूलकारण) प्रधान जस्को आदि अर्थात् उत्पत्तिको पूर्वरुप छ। प्राणीगण उत्पत्तिको पूर्व अव्यक्त अर्थात सबैको कारण रुप अव्यक्तमा रहन्छ। 'व्यक्त मध्य' अर्थात् ती स्थिति लक्षणरुपी जन्म-मरणको मध्यावस्थामा व्यक्त अर्थात प्रकाशित हुन्छ। पुनः "अव्यक्त निधन" अव्यक्तमा जस्को लय छ अर्थात जो आफ्नो कारणरुप प्रकृतिमा लीन हुन्छ। यस प्रकारका जुन भूतगण छन्, त्यस्को लागि फेरि परिवेदना या शोक विलाप किन गर्ने ? विउँझिएका मनुष्यलाई स्वप्न दृष्ट वस्तु को निम्ति जसरी शोक गर्नु उचित छैन, त्यसरी नै यी भूतहरुको लागि पनि शोक गर्नु ठिक छैन। ॥ २८ ॥

आध्यात्मिक व्याख्या - "अव्यक्त छ जुन शरीर, त्यसैमा व्यक्त छ ईश्वर। परन्तु शरीर नष्ट भए पनि ईश्वर नष्ट हुँदैन। एस्को निम्ति केको चिन्ता ? "

-आत्माको लागि दुःख हुन सक्तैन, तर शरीरको लागि त दुःख हुन सक्छ यसैले भन्नु हुन्छ - यो शरीर जन्मको पूर्व अव्यक्त थियो, अर्थात एस्को नामरुप केही थिएन, मृत्युपछि पनि एस्को तद्रुप नै अवस्था हुनेछ। अतयव शरीरसंग तिम्रो के नाता, जस्को निम्ति तिमीले शोक गर्ने ? यो शरीरको जगतको जेजो वोध भैरहेछ त्यो अज्ञानजनित मायाको फल हो। परन्तु शुध्द स्वरुपमा माया छैन *"धाम्ना स्वेन सदा*

निरस्त कुहकम् सत्यं परम् धीमहि" -त्यो परम सत्य वरणीय भर्गको प्रकाशले यो नाशवान् शरीर चैतन्यवत् प्रतीति हुन्छ । त्यो मध्यको व्यक्तभाव नै ईश्वरीय हो, अर्थात् भगवान् प्रकाशित छ, यसैकारण यो नामरुपमय मिथ्या शरीरको पनि एक प्रकाश अनुभूतिमा आउँदछ । यही प्रकाश नै सत्य हो, अनि आदि र अन्त्यमा जुन अव्यक्त या अप्रकाश छ त्यो केही पनि होइन । यो आदि अन्त्य हुने मिथ्या वस्तु सत्यवत् किन प्रतीत हुन्छ ? किन उस्को प्रकाश हामीमा देखिन आउँछ ? यस्को कारण यो छ - कूटस्थ ईश्वर एस अवस्थामा व्यक्त हुन्छ । यसर्थ हामीले यो शरीर हेर्न पाउँदछौं । यदि कूटस्थ नरहँदो हो त यस शरीरको अभिप्रकाश नै हुँदैनथ्यो । स्वर्ण नभएमा के कसैले स्वर्णमालाको कहिल्यै अनुभव गर्न सक्दछ ? सुवर्णको मालाको नामरुप जसरी केही होइन, केवल स्वर्णमात्र सत्य छ, उसरी नै शरीरको प्रकाशक शरीरस्थ कूटस्थ सत्य हो, शरीर केही पनि होइन । अतयव यो शरीर नरहँदामा पनि जव ईश्वर रहन्छ भने शरीरको निम्ति शोक गर्नाले के लाभ ?

"मायया कल्पितं विश्वं परमात्मनि केवले;
रज्जौ भुजंगवत् भ्रान्त्या विचारे नास्ति किंचन ॥"

माया द्वारा नै शुध्द परमात्मामा विश्व कल्पित हुन्छ, वस्तुतः विश्व छँदैछैन । जसरी भ्रान्तिवश डोरीमा सर्प कल्पित भै दिन्छ । भ्रान्त द्रष्टा यदि केही ध्यान-पूर्वक हेर्छ भने त्यस्को समझमा आई हाल्ने छ - यो सर्प होइन, उसरी नै विचार दृष्टिद्वारा हेरेमा द्रष्टाको समझमा आउनेछ - यो दृश्यमान जगत् केवल द्रष्टाको कल्पनामा विद्यमान छ, स्वरुपतः यस्को कुनै अस्तित्व छैन । निद्रितावस्थामा जीवको नामरुप सबै अव्यक्त परमात्मामा लीन हुन जान्छ, र जव जीव जाग्दछ त त्यस आत्मा देखि प्राण, तथा प्राणवाट इन्द्रियादि एवं सारा जगत् व्यक्त हुन जान्छ । ॥ २८ ॥

आश्चर्यवत् पश्यति कश्चिदेन,
माश्चर्यवद् बदति तथैव चान्य ;
आश्चर्यवच्चैनमन्य : श्रृणोति,
श्रुत्वाप्येनं वेद न चैव कश्चिद् ॥ २९ ॥

श्री धरीय टीका- [किन विद्वान मनुष्यहरु पनि शोक गर्दछन् ? आत्मज्ञान भएपछि फेरि शोक हुँदैन, परन्तु आत्मा वडो दुर्विज्ञेय छ, यसैले भन्नु हुन्छ]- केही मानिसहरु शास्त्रहरु र आचार्य हरुको उपदेशानुसार हेर्दै यस आत्मालाई आश्चर्यवत्त् देख्दछन् सर्वगत नित्य ज्ञानानन्द-स्वभाव आत्मालाई ऐन्द्रजालिकको अलौकिक घटना समान यो विश्वरुपमा, असंभावनाहरुको संभावनारुपमा देखेर विस्मयले अभिभूत हुन जान्छ । केही मनुष्य यस्लाई आश्चर्यवत् भन्दछन, केही आश्चर्यवत् यस्लाई सुन्दछन् । केही मानिसहरु सुनेर पनि यस्लाई यथार्थ रुपले जान्दैनन् । आत्माको सम्वन्धमा मानिसहरु अनेक कुराहरु वोल्ने गर्दछन्, अनेक कुराहरु सुन्दछन्, परन्तु आत्मसाक्षात्कार विना आत्माको सम्वन्धमा यथार्थ ज्ञान उत्पन्न हुँदैन । ॥ २९ ॥

आध्यात्मिक व्याख्या-"यस कुरालाई कसैले आश्चर्यको समान देख्दछ, बोल्दछ, सुन्दछ। सुनेर पनि जान्ने इच्छा कोही गर्दैनन्।"-साधारणतः देहदेखि पृथक आत्मालाई कोही कसैले देख्दैनन्। देख्ने इच्छा गरी उद्योग गर्दामा पनि यो शरीर नै देखिन जान्छ, चिन्तन र विचारले यो केवल चैतन्य मिश्रित जस्तो जानिन्छ। यो शरीरसंग त्यस्को सम्बन्ध एस्तो नै छ जस्तोमाकुरा या रेशम किराले आफु भित्र बाटै जाल या तन्तु बाहिर निकाल्छ, यद्यपि त्यस्लाई जाल या तन्तुको बीच कसैले बाँधेको छैन, तथापि उ आफुलाई बन्धनयुक्त सम्झन्छ, अनि केही दिनपछि उस्को मनमा के लाग्दछ भने सारा जाललाई छिन्न भिन्न गर्दै बाहिर निस्की स्वाधीनपूर्वक विचरण गर्दछ। अतयव माकुरा र रेशम कीराको जालभित्र बन्धन केवल सामयिकी मात्र छ, अतयव एस जाल र बन्धनलाई हामी केही मिथ्या नै हो भन्ने सम्झन सक्छौ। बाहिरबाट समातेर त उस्लाई कसैले भित्र राख्दैन। जाल या तन्तु त उस्को शरीरबाटै निस्कन्छ, अनि एकदिन स्वयं आफै नै आफुलाई बन्धनमा बाँध्न कति आत्तुरी गर्छ। अनि फेरि कुनै बेला छिटो छिटो बन्धन काटेर स्वयं बाहिर निस्कि दिन्छ। यसरी नै यो शरीर पनि सामयिकी छ, अतयव मिथ्या छ, र यस मिथ्या देहसँग जुन जीवको सम्बन्ध छ, त्यो पनि मिथ्या छ, तथा यो संयोगको हेतु जुन कर्म छ, त्यो पनि मिथ्या छ। एत्रो ठूलो असत्य व्यापार कसरी सत्यवत् प्रतिभात भैरहेकोछ! नित्य सर्वगत ज्ञानानन्द स्वभावी आत्माको जुन त्यो सामयिकी बन्धन छ, त्यो बडो अदभुत् इन्द्रजाल हो। जुन अर्को क्षण केही पनि रहने छैन, त्यो कस्तो दुर्भेद्य पाषाण दुर्गसमान दृढ भित्तिक देखिन्छ। मुमुक्षु साधकहरु यी सवै व्यापारहरुलाई समझने समय जब यस्को कार्य-कारण रुप भेदको अन्त पाउँदैन त यस्लाई *"महद् अद्भुतम"* महान आश्चर्यको रुपमा हेर्दछ। नाना मुनिहरुको नाना मत छ आत्माको सवन्धमा, परन्तु उनीहरुको कथन पनि कस्तो अद्भूत आश्चर्यमय छ। किन भने *"यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह" (श्रुति)* -वाणी जस्लाई नपाएर मनसँगै फर्किदिन्छ, उस्को सम्बन्धमा फेरि भन्नु नै के? परन्तु त्यो बाणी एक अद्भुत वाणी हो। त्यो हाम्रो मौखिकी कुरा या विचारको कुरा होइन। वाणी द्वारा उस्को अन्त कसरी पाउने? तब एक प्रकारको अर्को वाणी छ, जस्लाई *"पश्यन्तिवाक्"* भन्दछन्। यही समाधि समयको भाषा हो। त्यो वाक् वैखरी होइन। क्रिया-साधन गर्दा गर्दा जब गुरु कृपाले क्रियाको परावस्था प्राप्त हुन्छ, तब कहिले काँही यस भाषामा कुरा भनिन्छ र सुनिन्छ। यस्को अन्तिम अवस्था यद्यपि निर्वाक् हो, - त्याँहा बोल्नको लागि केही पनि रहँदैन र सुन्नको लागि पनि केही रहँदैनन्। एसैको पूर्वावस्था *'पश्यन्तिवाक'* हो। त्यसबेला जुन भावमय सत्यवस्तु ठोस भै वाणीरुपमा प्रकट हुन्छ। तेस्मा लेश पनि रहन्न मिथ्याको। बहिर्ध्वनि होइन यो, किन्तु अशब्दको शब्द हो *"परापश्यन्ति वाक"*। त्यस्मा कत्तिपनि इन्द्रिय संश्रव रहँदैन। यही सूक्ष्म भावमय भाषा जब यो ओष्ठ, कण्ठ, तालु देखि प्रवाहित हुन्छ, त त्यही वेदवाणी या वेदको भाषा भनिन्छ। यसैकारण एस वेदवाणीलाई आप्तवाक्य भन्दछन्। आप्तवाक्य नै अभ्रान्त या अपौरुषेय वाणी हो। यो पुरुष प्रयत्न विना नै स्वयं प्रकाशित हुन्छ। अतयव यस भाषामा जुन मानिसहरु त्यो परंसत्य त़त्वको जगत्मा प्रचार गर्दछ, त्यो अत्यन्त विमुग्धकारी मनोहारी तथा परम आश्चर्यरुप छ! कसैले यस्लाई आश्चर्यवत् सुन्दछ - अघि जुन भनिएको छ, त्यस्बाट यसप्रकारको श्रवण पनि

आश्चर्यजनक व्यापार बुझिन जान्छ कतै कांही केही छैन, अशरीरिणी वाणी छ, फेरि पनि मानो कानमा प्रवेश गरिरहेछ । श्री मद् भागवत्मा वर्णित छ - नारदजी यस वाणीलाई सुनेर विमुग्ध हुनु भएको थियो ।

एवं एतन्तं विजने मामाहगोचरो गिराम्;
गम्भीरश्लक्ष्णया वाचा शुचः प्रशमयन्निव ॥ भा.प्र.स्क.

जुन वाणी भन्दा पर छ, त्यो भगवान्को दर्शन प्राप्तिको चेष्टा गर्ने वाला मलाई गम्भीर स्नेहपूर्ण वचनले मेरो मनः पीडा मानो दूर गर्नलाई कुरा गर्नु भयो-

हन्तास्मिन जन्मनि भवान् मा मा द्रष्टुमिहार्हीति;
अविपक्क्वकषायाणां दुर्दशोऽहं कुयोगिनाम् ॥

हे नारद ! जो कच्चा योगी छन् अतयव जस्को चित्तमा कमक्रोधादि कषायरस विद्यमान छ, ती कुयोगी मेरो दर्शन पाउनाको अधिकारी छैन ।

यसरी देखेर सुनेर पनि कोही आत्मालाई जान्न सक्दैन । किन ? किन भने यस किसिमको द्रष्टा या श्रोता यदि कुशली छैन भने अर्थात साधनामा पटु छैन भने तेस्ताले पनि उस्लाई चिन्न पाउँदैन । केहि दिन साधना गर्दा खेरि अदभूत दर्शन, अद्भूत श्रवण भयो, साधनाको उच्च सोपानमा पनि खुब आरोहण गऱ्यो, परन्तु प्रारब्ध कर्मको दुर्वलताको कारण साधनामा प्रयत्न कम हुन लाग्यो, अनि आत्माको सम्यक उपलब्धि गर्न असमर्थ भयो । जस्तो हुँदाखेरि ठीक आत्मदर्शन हुन्थ्यो या स्वरुपमा स्थिति हुन्थ्यो, त्यस्तो हुन सकेन ।

निश्चितम् आत्मा यति यति दुर्विज्ञेय छ - बारम्बार उस्को कुरा सुनेर पनि मनमा त्यस्को कुनै छाप पर्दैन । अन्तः करणको अशुध्दिको कारणले नै यस्तो हुन्छ । यस्को लागि अन्तः करणको शुध्दि आवश्यक छ । अन्तः करणमा जब नाना किसिमको नानात्व वासनाहरु हुँडलिन्छ, तब त्यो अशुध्दिन जान्छन् । त्यस्लाई शुध्द गर्ने तरिका यही हो-मनलाई वासना या विकल्पदेखि शून्य गरिदिनु । यो विकल्प-शून्य-अवस्था नै क्रियाको परावस्था हो । यस अवस्थालाई प्राप्त नगरिकन केवल श्रवण-मननले मात्र पनि विशेष केही लाभ हुँदैन । *"श्रवणायापि वहुभिर्यो न लभ्यः श्रृणवन्तोऽपि वहवो यं न विद्युः । आश्चर्यो वक्ता कुशलोऽस्य लब्धाश्चर्यो ज्ञाता कुशलानुरिष्टः ॥" (-कठ.उ.)* यस आत्मतत्त्वको साधनोपाय पहिले त धेरैलाई श्रवण-गोचर नै हुँदैन । धेरै जसोले सुनिकन पनि ठीक ठीक जान्न सक्तैन । आत्मतत्त्वको सही वक्ता अत्यन्त दुर्लभ छ, अनि तेस्को अभिज्ञ श्रोता पनि दुर्लभ छ । र एसप्रकारको आत्म-साक्षात्कारवान् पुरुषद्वारा उपदेश प्राप्त गरी जस्ले आत्मालाई जान्दछ, त्यो पनि आश्चर्यवत् अर्थात बडो दुर्लभ छ ! यो जगद् व्यापार एवं यस्को तत्त्व कस्तो महान आश्चर्यवत् छ । जुन जगत् देखिन्छ त्यो छैन, अनि आत्मा देखिनमा आउँदैन, त्यो आत्मा नै विद्यमान छ । यसकिसिमको अतीन्द्रिय आत्माको ज्ञाता तथा यस आत्मज्ञानको मार्ग तथा विशेषतः यो आत्मा कति महान् आश्चर्यरुप छ, यो भन्नुमा पनि आउन सक्तैन

यो आत्माको द्रष्टा आत्मा नै हो । उस्लाई छाडी अरु कस्ले यस्लाई देख्ला ? जब आत्माको सिवाय अरु केही छैन भने जे जति छ सबै आत्मा नै हो । त्यो क्रियाको परावस्थामा निजवोध"स्वरुप छ । ॥ २९ ॥

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत;
तस्मात् सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥ ३० ॥

श्री धरीय टीका- [आत्मा अवध्य छ, अतयव संक्षेपमा भन्नु भै आत्माको अशोच्यत्वको उपसंहार गर्नु हुन्छ] -हे भारत ! साराको देहमा जुन देहधारी आत्मा छ त्यो नित्य अवध्य छ, तथा शरीरमा चिरकालसम्म रहनेवाला छैन, अतयव भूतहरुको लागि तिमीले शोक गर्नु ठीक छैन । ॥ ३० ॥

आध्यात्मिक व्याख्या- "देही कूटस्थ हो, नित्य एवं अवध्य हो, अनि एस शरीरको भित्रै समस्त वस्तु (ब्रहमाण्ड) छ, यो जानिकन शोक गर्नु पर्ने केही पनि आवश्यकता छैन ।"

- आत्मा ज्ञान स्वरुप र आनन्द स्वरुप छ, यसैले सदानै त्यो अशोच्य छ । ज्ञान एवं आनन्द त दृश्य या जड पदार्थ होइन, जुन नष्ट हुन्छ । तिमीलाई के कारणले यत्रो भय भैरहेछ ? तिमी त आकाश समान असीम एवं सर्वव्यापी छौ भने फेरि तिमीलाई कस्तो शोक ? देहको लागि शोक त विचार गर्दामा धेरै जसो नष्ट भैहाल्छ । निश्चितम् यदि आत्मालाई जान्ने प्रयास गर्दैनौ भने त यस्लाई जान्न सक्ने छैनौ, र आत्म विनाशको भयबाट पनि निस्तार पाउने छैनौ । अज्ञान ज्ञानद्वारा नष्ट हुन्छ । देहमा आत्मवोध हुन्छ अज्ञानको कारण, त्यो अज्ञान जबसम्म हुन्छ तबसम्म देहात्मवोध नष्ट हुने छैन । यो अज्ञानलाई नाश गर्ने शरीरमा जुन कूटस्थ रहन्छ, त्यसलाई हेर्नु पर्नेछ, जान्नु पर्नेछ । कूटस्थको ज्ञान भएपछि नै यस देहमा ब्रहमाण्डलाई देख्न सक्नेछौ । *"देहेस्मिन वर्त्तते मेरु: सप्त द्वीप समन्वित ।"* यो शरीर र ब्रहमाण्ड एउटै हो । ब्रहमाण्डमा यो सारा शरीर छ र शरीरमा समस्त ब्रहमाण्ड भरीपूर्ण छ । कसरी जान्दछौ ? किनभने एस्को भित्र रहन्छ कूटस्थ । कूटस्थ जहाँ छ, समस्त वस्तु रहन्छ त्यहाँ । देखनमा मात्र एक विन्दु छ, तर त्यस विन्दुमा ब्रहमाण्ड छ !! बहिर्विचारले भलै देह ज़ड नै होस, परन्तु ज्ञानदृष्टिमा देह जड छैन-जब देहनै छैन उसरीनै ब्रहमदेखि ब्रहमाण्ड या देहीसँग देह पनि पृथक छैन । निश्चितम् यो दृष्टि अर्कै हो । विपरित रतिमा आतुर जगन्माता परमेश्वरीको यो अद्‌भूत कौतुकीमय लीला हो ।

"विराटमा, व्यष्टिमा अथवा अणु परमाणुमा, स्थूलमा त्यस आत्माको नै एक अखण्ड मण्डलाकार चिद्रुप छ । समस्त इन्द्रियहरुको ढोकाबाट जे जो जानिन्छ त्यो समस्त प्रकाश हो उनैको जुन जड नभै चिन्मय छ । वासनाको कारण चित् जड समान भासित हुन्छ, यसैले प्रवल अभ्यासद्वारा वासनालाई शुध्द गर ।"

जुन किसिमसँग अनेक घैंटाको जलमा एउटै चन्द्रको प्रतिविम्व परेर अनेक चन्द्रमा प्रतीति हुन्छ, अनि जलको आधाररुप घैंटो नष्ट भएपछि त्यो प्रतिविम्व रहँदैन, उसरी नै आत्माकार भावनामा देहरुपी घट विलीन हुन जान्छ, अर्थात घैंटो नामरुपबाट कुनै वस्तुको बोध हुँदैन । जब घैंटै छैन भने त घटाकाश उपाधि कसरी रहला ? ॥ ३० ॥

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि;
धर्म्याध्दि युद्धाच्छ्रे योऽन्यत् क्षत्रियस्य न विद्यते ॥ ३१ ॥

श्रीधरीय टीका- [अर्जुनले भनेको छ, जुन "वेपथुश्च शरीरेमे"-मेरो शरीरमा कम्प भैरहेछ-यो पनि त युक्तिहीन छ, यही भगवान् भन्नु हुन्छ]-आत्मा अविनाशी छ यो कुरा छोडी दिंउ भने पनि उनलाई मार्नमा विकम्पित हुनु तिमीलाई उचित छैन । किनभने आफ्नो स्वधर्मको आलोचना गर्दामा पनि यस प्रकार कम्पित हुनु ठीक छैन । तिमी जुन भन्दैछौ-युध्दमा स्वजनहरुलाई मार्नुमा श्रेय देख्दिन, परन्तु न्याय युध्द वाहेक क्षत्रियको निम्ति अरु कुनै बढी श्रेयस्कर छैन ॥ ३१ ॥

आध्यात्मिक व्याख्या- "आफ्नो धर्म अर्थात क्रिया, स्थिर पूर्वक त्यसैमा लक्ष्य गर । किनभने क्षत्रियलाई क्रिया बाहेक अर्को कुनै धर्म छैन ।"

- ब्रहमलाई जस्ले जानेको छ, त्यो ब्राहमण हो, र जो ब्राहमणको वीर्यबाट जन्मेको छ त्यो विप्र हो । विप्रको केही साधारण कर्म छ, ती कर्म उस्लाई स्वभाववाटै प्राप्त छ - गीतामा यस्को उल्लेख पाइन्छ । यसरीनै क्षत्रियको पनि केही स्वाभाविक धर्म कर्म छ । जस्तो *"न निवर्त्तेत संग्रामात्"* धर्म युध्दबाट निवृत्त नहुनु । धर्म युध्द हो के ? धर्म रक्षाको लागि मानिसहरुलाई मार्नु वाह्य धर्म हो । असली धर्म त्यो होइन । *"मा हिंस्यात् सर्वा भूतानि"* कुनै जीवको हिंसा नगर । यो पनि श्रुति वाक्य हो । हिंसाको भावना नै सबभन्दा ठूलो अधर्म हो । जहाँ हिंसा छ, त्यहां आत्म दृष्टिको अभावनै सूचित हुन्छ । हामी कसैको हिंसा किन गर्दछौं ? यसको कारण छ, हामी उस्लाई आफु अनुसार देख्दैनौ । तैपनि विपदग्रस्तलाई विपददेखि उध्दार गर्न यदि कहीं कतै हिंसा गर्नु आवश्यक छ भने त्यो हिंसा उति दूषित छैन । क्षतदेखि परित्राण गर्नु र युध्दबाट नभाग्नु नै क्षत्रियहरुको प्रमुख धर्म हो । तिम्रो आफ्नै निजी कत्तिको दारुण क्षत छ, के तिमीले त्यस माथि कहिले ध्यान दिएका छौ ? बारबार जन्म-मरण, अनि यो सन्सारको अभाव अभियोग तथा निरन्तर कसरी शतः शतः मनो व्यथा देखि जीव आकुल व्याकुल छ, के त्यसतिर एकपल्ट भने पनि हेर्ने अवसर तिमीले पाएका छौ ? शरीरमा सामान्य पीलो गीलो उठेमा कति कष्ट भोग्छौ ? र त्यो कष्टबाट उम्किन कति बैद्य डाक्टर काँहाँ, याहाँ उहाँ कति कति दौडधुप गर्दछौ ? अनि यी जुन लाखौं लाखौं जन्म मरण भवव्याधिको सन्ताडनाले अगणित क्षत विक्षत भैरहेछौ, दारुण ज्वाला असह्य भैरहेछ, कति मनुष्य प्रति दया देखाउँछौ ? तर यो आफ्नै दुर्भाग्य प्रति या जीव प्रति किन दया भैरहेको छैन ? भनत ! जीवनको लागि सबभन्दा बढी कष्टकर दुःख दुर्भाग्य के हो ? धनको अभाव, विषयादिको अभाव, स्त्री पुत्रको अभाव, स्वस्थ शरीरको अभाव, आदि - यो सारा नै दुर्भाग्य हो, परन्तु विचार गर त सबभन्दा ठूलो दुर्भाग्य के हो आत्मालाई नजान्नु, ईश्वरलाई नचिन्नु एवं उस्को भजन् कीर्त्तन नगर्नु । एसै तापले उत्तप्त भै मानव जीवन निरन्तर हाहाकार गरिरहेछ, दारुण ज्वालाले छटपटाइरहेछ, क्षण भरको लागि पनि उस्लाई शान्ति छैन !! परन्तु दुर्भाग्य माथि भन्दा दुर्भाग्य यो हो - हाम्रो सन्तापमय अवस्थाको कारण हाम्रो अगाडि त्यो उपलब्ध हुँदैन । अतयव सौभाग्यले जस्ले आफ्नो यो दुःख दौर्भाग्यलाई उपलब्ध गरेको छ, तिनीहरु

यस दु:खबाट निस्तार पाउने हेतु साधुसन्त सद्गुरुद्वारा प्रदर्शित बाटोमा हिंड्नलाई प्राणप्रण्ले प्रयत्न गर्दछन् । पश्चात् स्वयं केही सफल भै जस्ले आत्मरक्षा र अर्कालाई दु:खबाट परित्राण गर्ने प्रयत्न गर्दछ त्यही क्षत्रिय हो । युध्दबाट नभाग्नु क्षत्रियको एक विशेष धर्म हो । साधनाको बाटो अत्यन्त निरस होस् या विघ्नहरुले भरिपूर्ण होस् तथापि क्षत्रिय भावापन्न पुरुष कुनैपनि प्रकारले युध्द गर्नु या साधना अभ्यास प्रयत्नबाट पछि हट्ने पराङमुखी हुनेछैन । किनभने साधकको निम्ति धर्मयुध्दको अपेक्षा अधिक कल्याणप्रद अरु कुन वस्तु हुन सक्छ ? अतयव केही आपात रमणीय सुखको अभाव भएको देखेर साधन क्षेत्रबाट मुख मोडिदिनु कुनै पनि साधकलाई समुचित छैन ॥ ३१ ॥

यद्दृच्छया चोपपन्न स्वर्गद्वारमपावृतम्
सुखिनः क्षत्रियाः पार्थ लभंत्ते युध्दमीदृशम् ॥ ३२ ॥

श्री धरीय टीका- [परन्तु स्वयं उपस्थित छ यो महाश्रेय, अतयव किन कम्पित भैरहेछौ तिमी ? यही अभिप्रायले भन्नु हुन्छ]-हे पार्थ ! अप्रार्थित वस्तु स्वयं उपस्थित छ, मुक्त स्वर्गद्वार-समान एस्तो युध्द सौभाग्यवान क्षत्रियलाई नै प्राप्त हुन्छ । (स्वजनहरुलाई मारेर म कसरी सुखी हुम्ला, अर्जुनको यही कथनलाई यहाँ निरस्त गरियो) ॥ ३२ ॥

आध्यात्मिक व्याख्या- "क्रिया गरेर परमानन्द प्राप्त गर्दछन्, जुन क्षत्रीहरु सुखी छन तिनीहरु यसरी क्रिया प्राप्त गर्दछन् ।"

- अनायासै साधन प्राप्त गर्नु सौभाग्यको कुरा हो, अनि जस्ले मनलगाएर साधन गर्दछ तेस्ताको भाग्यलाई के सोध्नु ? यस साधनाबाटै स्वर्गद्वार मुक्त हुन्छ । सुषुम्नाको मुख बन्द रहनुको कारण नै त जीवको यो दुर्गति छ, यसैकारणले त सन्सार-प्रवाह चलिरहेछ । यस साधनाद्वारा त्यो सुषुम्नाको द्वार खुली जान्छ । यो भन्दा बढी अर्को सौभाग्यको कुरा के हुन सक्छ ? प्रकृत स्वर्गको द्वार यस साधन युध्द द्वारा नै उन्मुक्त हुन्छ ।

"विधिवत् प्राण संयामै र्नाडीचक्रे विशोधिते;
सुषुम्नावदनं भित्वा सुखाद्विशति मारुतः ॥
सुषुम्ना वाहिनि प्राणो शून्ये विशति मानसे ;
तथा सर्वाणि कर्माणि निर्मूलयति योगवित् ॥
ऊर्ध्वं निलिनप्राणस्य त्यक्त निःशेष कर्मणः ;
योगेन सहजावस्था स्वयमेव प्रजायते ॥"

विधिवत् प्राण संयमद्वारा नाडीचक्र विशुध्द भै सुषुम्नाको मुख खुल्न जान्छ, र त्यस्को भित्र प्राणवायुको सहजै संचार हुन लाग्दछ । मध्यनाडी अर्थात सुषुम्नाको बीच वायु-संचार भएमा मनलाई स्थिरता प्राप्त

हुन्छ। मनको यो निश्चल भावलाई नै 'उन्मनि' भन्दछन्। सुषुम्नाको भित्र प्राण वेग संचालित भएमा मन शून्यमा प्रविष्ट हुन्छ अर्थात निरालम्वमा स्थिर हुन्छ, तब योगविद् पुरुषको समस्त कर्म निर्मूल हुन जान्छ। जस्ले ऊर्ध्वमा अर्थात ब्रहमरन्ध्रमा प्राणलाई लय गर्दछ, तथा उसबाट उस्को सारा कर्म नि:शेषरुपले परित्यक्त भएको छ, यसप्रकार योगीको सहजावस्था या जीवन्मुक्त अवस्था योगाभ्यास द्वारा आफसे आफ उत्पन्न हुन्छ। ॥ ३२ ॥

अथ चेत्वमिमं धर्म्यं संग्रामं न करिष्यसि ;
ततः स्वधर्मं कीर्तिंच हित्वा पापमवाप्स्यसि ॥ ३३ ॥

श्री धरीय टीका- [यस देखि विपरित आचरणमा दोष देखाइरहनु भएकोछ।] यस पछि पनि तिमी धर्म युद्ध गर्दैनौ भने त यसबाट स्वधर्म एवं कीर्त्तिलाई त्यागेर पापलाई प्राप्त गर्नेछौ।

आध्यात्मिक व्याख्या- "यदि कदाचित् यस किसिमको क्रिया गर्दैनौ भने त कूटस्थ ब्रहममा स्थित न भै पाप लाग्नेछ।"

-जुन पाप देखि तिमी डराइरहेछौ, त्यो पाप क्रिया नगर्दामा त झन धेरै हुनेछ। क्रिया नगरिकन कूटस्थमा स्थित हुन सक्ने छैनौं, कूटस्थमा स्थिर नभय मन विषयभोगतिर दौडिनेछ। मनको यो विषयासक्ति नै पाप हो। तब यस पापबाट बच्ने उपाय के छ? स्वधर्म-आत्मभावमा रहनु अर्थात् क्रियाको परावस्था। कीर्त्ति-जुन साधन गर्दा गर्दै योग लक्षण परिस्फुट हुन्छ। कूटस्थमा रहनु, कूटस्थमै देख्नु, क्रिया छोडिदिंदा यी सब केही पनि रहने छैन ॥३३॥

अकीर्त्तिन्चापि भूतानि कथयिष्यन्ति तेऽव्ययम ;
संभावितस्य चाकीर्त्तिर्मरणादतिरिच्यते ॥ ३४ ॥

श्री धरीय टीका- अरुपनि हेर, सबै मानिसहरु चिरकालसम्म तिम्रो अपयश भन्दै डुल्नेछ। सम्मान प्राप्त पुरुषहरुलाई अपयश मृत्यु भन्दा पनि ठूलो हुन्छ। ॥ ३४ ॥

आध्यात्मिक व्याख्या- "सबैले भन्नेछ - ब्रहममा छैन, यसबाट त कहीं मरिदिनु नै राम्रो छ - अकीर्त्ति अर्थात् कूटस्थमा नरहनु।"

-अर्जुनको कारणले नै भगवान्ले यो कुरा भन्नु भयो, किनभने अर्जुनले त अझ प्रथम साधन प्रारम्भ गरेको छैन, उ सम्भावित पुरुष हो अर्थात उनीमा साधन सिध्द प्राप्त गर्ने सम्भावना छ, यस्तो मानिसले पनि यदि साधना त्याग गर्न चाहे त उस्लाई अन्य साधकहरुको अगाडि लघु हुनु पर्नेछ। जुन साहस र तेजको कारण उस्को यत्रो सुनाम छ, उस्को त्यो सुयश फेरि रहने छैन। क्रिया नगरेपछि कूटस्थमा स्थिति कसरी हुन्छ? निश्चयनै सिध्द पुरुषलाई साधना गर्ने अरु कुनै प्रयोजन नहोस पनि। परन्तु जस्लाई अझै साधनमा सिद्धि प्राप्त भएको छैन, उस्को काम साधन विना कसरी चल्ला? ॥ ३४ ॥

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ;
येषां च त्वं वहुमतो भूत्वा यास्यसि लाघवम् ॥ ३५ ॥

श्री धरीय ट भनमा केही बाँकि रहने छैन । ॥ ३५ ॥

अवाच्यवादंश्च वहून् वदिष्यन्ति तवाहिता : ;
निन्दन्तस्तव सामर्थ्यं ततो दुःख तरं नु किम् ॥ ३६ ॥

श्री धरीय टीका- तिम्रा शत्रुहरुले अनेक प्रकारका भन्न नहुने योग्य कुराहरु भन्नेछन्, निवात कवच आदिसँग युध्दमा तिमीले जुन यश प्राप्त गरेका थियौ, तिम्रा ती सारा सामर्थ्यहरुको तिनीहरुले अति निन्दा गर्नेछन् । यो भन्दा बढी कष्टकर वस्तु अरु के छ ? ॥ ३६ ॥

आध्यात्मिक व्याख्या - "अवाच्य, कुवचन तिम्रो बारेमा बोलनेछन्, जुन अहितकारी छन् अर्थात इन्द्रियादिले भन्नेछन - कसरी गएका थियौ, हामीले फर्काइ दियौं न ? तिम्रो सामर्थ्यको निन्दा गर्नेछ, यो भन्दा बढी दुःख अरु केही छैन ।"

- तिमी चाहे साधन नगर, इन्द्रियपरायण भै वसिरहू, यस्बाट यस्तो नसोच्नु - इन्द्रियहरुले तिम्रो आदर गर्नेछ । बरु तिनीहरुले तिमीलाई कायर सम्झने छ, अनि सारा इन्द्रियहरु एकस्वरले कराउनेछ, - हामीहरुको विरुध्द युध्द गर्न चाहेका थियौ अवत हामीलाई थाहा भयो - तिमी कति सामर्थ्यवान छौ ? सोचेका थियौं मानो तिमी एतातिर मुखै देखाउने छैनौ, कसरी तानेर हामीले आफुतिर खींची लियौं ? ॥ ३६ ॥

हतो वा प्राप्स्यसि स्वर्ग वा मोक्ष्यसे महीम् ;
तस्मादुतिष्ट कौन्तेय युध्दाय कृत निश्चयः ॥ ३७॥

श्री धरीय टीका- हे कौन्तेय ! यदि तिमी युध्दमा मारिन्छौ भने त स्वर्ग प्राप्त गर्नेछौ, र यदि जीत्दछौ भने पृथिवीको भोग गर्नेछौ । तिम्रो दुवै किसिमले लाभ छ, अतः युध्दार्थ कृत निश्चय भै उठिहाल। ॥ ३७ ॥

आध्यात्मिक व्याख्या- "निश्चित भै क्रिया गर, सिध्द भयमा त राम्रो नै छ, यदि सिध्द भएन भने पनि अगाडि सुख पाइनेछ ।"

- अर्जुनले भनेको थियो *"न चैतद्विद्मः कुतरन्न गरीयो"* जय या पराजय कुन चाँही मेरो निम्ति कल्याणकर छ, यो मैले बुझेको छैन । यहाँ भगवान्ले यस विषयमा नै सम्झाउनु भएकोछ - यदि साधन गरी सिध्दि प्राप्त गर्दछौ भने त राम्रै भयो, र यदि सिध्दि प्राप्त हुँदैन भने पनि स्वर्ग-प्राप्ति अवश्य हुन्छ । षष्ट अध्यायमा भगवान्ले अर्जुनलाई भनेको छ - *"पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।"* यदि क्रिया गर्दा गर्दै सौभागयवश विजय प्राप्त गर्दछौ भने अर्थात साधन समाप्त गरी सिद्धि प्राप्त गर्दछौ भने पृथिवी-मूलाधार-ग्रन्थि र हृदय-गन्थि छिन्न हुनेछ, परमा सिद्धि प्राप्त गरी मुक्त हुनेछौ, इच्छारहित अवस्था

प्राप्त हुनेछ। अनि यदि सिध्दि प्राप्त हुँदैन भने क्रिया गर्नाले स्वर्गको प्राप्ति हुन सक्नेछ, अर्थात बीच बीचमा उच्चावस्था तथा आज्ञाचक्रमा स्थिति प्राप्त हुनेछ। शरीर त्यागे पछि पनि उच्चलोकमा गति हुनेछ। ॥ ३७ ॥

सुख-दुःखे समेकृत्वा लाभालाभौ जयाजयो ;
ततो युध्दाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥ ३८ ॥

श्री धरीय टीका- [तिमीले भनेथ्यौ, "पापमेवाश्रयेदस्मान्" यिनीहरुलाई मार्नाले हामी पापग्रस्त हुन्छौं - एसैको उत्तर दिनु हुँदै भन्नु हुन्छ]-सुख दुःख, लाभालाभ, एवं जय पराजयलाई समान जानी युध्दमा लागी हाल। सुख दुःखको अभिलाषालाई त्यागी स्वधर्म बुध्दिले युध्द गर्दामा पापलाई प्राप्त गर्ने छैनौ। ॥ ३८ ॥

आध्यात्मिक व्याख्या- "सुख दुःख लाभ अलाभलाई समान गर्दै क्रियाको अनुष्ठान गर, एसबाट ब्रहममा रहनेछौ।"

- ब्रहममा नरहनु नै पाप हो, अनि जबसम्म चित्तमा समता आउँदैन यो पाप नै हुनेछ। क्रियाको परावस्थामा चित्तको समता हुन्छ। यो क्रियाको परावस्था क्रिया नगरिकन पाईदैन। पहिले नै यदि सोच्दछौ भने - योगाभ्यास गर्दा कति शक्ति पाइनेछ, के के देख्न सक्नेछु र यही आशाले क्रिया गर्दछौ भने यो राम्रो कुरा होइन। किनभने क्रियागर्नु त तिम्रो कर्तव्य हो तथा यो सबैको स्वधर्म पनि हो। आफुले आफै प्रति दया नगरे विना धर्म हुनेछैन, केही पनि हुने छैन - यही बुध्दिले क्रिया आरम्भ गर, यदि केही साधन सिध्दि भए त ठीकै छ, नभए पनि त के भोर ? परन्तु भगवत्स्मरण जुन जीवको ऐकान्तिक कर्तव्य हो त्यो गर्नु नै पर्दछ। यदि हामी भगवत्स्मरण गर्दछौं भने त हामीलाई समस्त सांसारिक सुविधाहरु प्राप्त हुनेछ या अहिले समाधि लाभ होला या काम क्रोधादि सब मेटिनेछ - एस्तो सोचेर भजन गर्दा खेरि भजनको प्रकृत फल जुन समता छ, त्यो प्राप्त हुनेछैन। समता या शान्तिको कामना गरेर पनि चित्तलाई विक्षिप्त गर्नु ठीक छैन, यसबाट शान्ति पाइने छैन। भगवद् भजनको फल नै शान्ति हो। त्यो साधन भजन गर्नाले नै प्राप्त हुन्छ, यसको लागि व्याकुल हुने आवश्यकता छैन। "मालिक ना रख्खे हक" - उ मालिक हो, कसैको कुनै पावना कौडी पनि बाँकि राख्दैन। श्रीमद् भागवतमा छ -

"नष्ट प्रायेस्वभद्रेषु नित्यं भागवत् सेवया ;
भगवत्युत्तम श्लोके भक्तिर्भवति नैष्ठिकी ॥
तदा रजस्तमो भावाः कामलोभादयश्च ये ;
चेत एतैरनाविध्दं स्थितं सत्त्वे प्रसीददति ॥
एवं प्रशन्न मनसो भगवद् भक्ति योगतः ;
भगवत्तत्त्व विज्ञानं मुक्त संगस्य जायेते ॥"

सुख दुःखादि सबै अवस्थाहरुमा भक्तहरुको सेवा या भगवत् शरणागति द्वारा आफ्नो अन्तः करणीय समस्त मलहरु नष्ट भएपछि उत्तम श्लोक श्री भगवान्मा (जस्को कीर्त्ति जीवको अविद्यान्धकारलाई नष्ट गर्दछ)

निश्चला भक्ति हुन्छ । अनि तबै रजोगुण बाट उत्पन्न काम तथा तमोगुण देखि उत्पन्न लोभले चित्तलाई विद्ध गर्न सक्दैन, तेसवेला चित्त सत्त्वगुणमा अवस्थित भएर ब्रहम-चिन्तन्‌मा निरत हुनमा समर्थ हुन्छ । भक्ति पूर्वक भगवान्‌को भजन गर्दामा नै उहाँको साथ योगयुक्त हुन जान सकिन्छ तथा चित्त आनन्दले भरिपूर्ण हुन जान्छ । तथा एकको साथै अरु दुई वस्तुको संयोग हुन्छ । सारा वस्तुहरुको आसक्ति मेटिन जान्छ अर्थात् वैराग्य उपस्थित हुन्छ र तबै यथार्थ "भगवतत्त्व विज्ञान" अर्थात ज्ञानको उत्पत्ति हुन्छ । ॥ ३८ ॥

एषातेऽभिहिता सांख्ये बुध्दिर्योगेत्विमां श्रृणु ;
बुद्धया युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ॥ ३९ ॥

श्री धरीय टीका- [उपदिष्ट ज्ञानयोगको उपसंहार गर्नु हुँदै तत्त्वज्ञानको उपायस्वरुप कर्मको विषयमा भन्नहुन्छ] जसद्वारा वस्तुत्त्व सम्यक रुपले प्रकाशित हुन्छ त्यस्को नाम हो संख्या या सम्यक ज्ञान । त्यस सम्यक ज्ञानमा जुन आत्मतत्त्व प्रकाशित हुन्छ त्यसलाई सांख्य भन्दछन् । आत्मतत्त्वको विषयमा जुन बुध्दि, ज्ञान या उपदेश तिमीलाई भनियो त्यसबाट पनि यदि तिमीलाई आत्मतत्त्वको अपरोक्ष ज्ञान हुँदैन भने तिमी अन्तः करणको शुध्दि द्वारा आत्मतत्त्वको अपरोक्ष ज्ञान प्राप्त गर्नको निम्ति कर्मयोग विषयक जुन बुध्दि अर्थात् ज्ञान छ, त्यसलाई श्रवण गर । जुन बुध्दिबाट युक्त भएमा हे पार्थ ! परमेश्वरार्पित कर्मयोग द्वारा अन्तःकरणको शुध्दि भएपछि उनैको प्रसादबाट अपरोक्ष ज्ञान प्राप्त गरी कर्मजनित वन्धनलाई प्रकृष्टरुपले त्यागन सक्ने छौ । ॥ ३९ ॥

आध्यात्मिक व्याख्या- "स्थिर भै ब्रहममा लागि फलाकांक्षासंगै कर्मपाशबाट विमुक्त हुनेछ ।"

-अघिनै भनिसकिएको छ - ब्रहममा नरहनु नै पाप हो । ब्रहममा नरहनु कस्तो ? *"निर्दोषं हि समं ब्रहम"* - ब्रहम निर्दोष छ । - अर्थात् त्यहाँ कुनै गुणको खेलछैन, एसैले उसलाई त्रिगुणातीत भाव भन्दछन् । यो त्रिगुणातीत भावनै वस्तुतः सम भनिन्छ । इडा, पिंगला र सुषुम्नामा रहँदा खेरि त्रिगुणमय भावले भावित भै रहन्छ । अतयव इडा, पिंगला र सुषुम्ना देखि अतीत अवस्था प्राप्त गर्नु पर्नेछ । यही वस्तुतः 'सम' या ब्रहमभाव हो । यो समभाव जबसम्म हुँदैन, तबसम्म संसारभाव चलिरहनेछ । संसारको जुन भावछ, त्यो हो ब्रहमको उल्टो भाव, यसैले पाप भनिन्छ । निष्पाप छ ब्रहम । श्रुति भन्दछन् - *"धर्मेण पापमयनुददितं"* धर्मद्वारा मनको मलिनता या विषय भ्रमणरुप पाप नष्ट हुन जान्छ । यो कल्मषशून्य ब्रहम नै धर्मको मूर्त्ति हो । मनको चंचलता र विक्षेप नै सबै पापको मूल हो । यो मन जब स्थिर भएर अमन हुन्छ त ब्रहम हुनजान्छ, त्यो चिर स्थिर भएमा चिदाकाश रुप रहन्छ । यस स्थिरतामा जब मन अडकिन्छ अर्थात बाहिर निस्कने बाटो पाउन्न तब त्यो अवस्थालाई नै सम्यग् ज्ञान या सांख्य नाम दिइन्छ - यही जीवन मुक्तिको अवस्था हो । यो अवस्था, तथा एसैमा रहनाले के हुन्छ, इत्यादि कुराहरु भनी सकिएको छ । अब यस अवस्थामा स्थिर भएर कसरी रहन सकिन्छ ? यस्को उपाय सुन । यस्को उपाय हो कर्मयोग या क्रिया । यसै द्वारा नै चित्त शुध्दि हुन्छ अर्थात चित्तमा जुन विषयमल भरिएकोछ, त्यो दूर भयपछि नै चित्त शून्य

हुन जानेछ । त्यो शून्यमा मिलेर नै सम्झन सकिन्छ तिमी स्वयं के हौ, र यी सबै दृश्य पदार्थ के हो ?

"शून्य होइन शून्यमात्र ब्रहमाण्डको मूलाधार ।"

त्यत्तिकैमा ज्ञान भक्तिको प्राप्ति हुँदैन । प्राणायाम द्वारा प्राण शुध्द गरेपछि नै मन-बुध्दि सबै शुध्द हुन जान्छ । तबै चित्तमा एकाग्रता या ध्यान निष्ठा आउँछ । अनि रजस्तमोगुणको खेल विल्कुलै हुँदैन । अनि मन प्रशन्न भै तद्गत हुन जान्छ - यस अवस्थामानै विषय विरति ज्ञान या भगवत्साक्षात्कार हुन्छ । ॥ ३९ ॥

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ;
स्वल्यमप्यस्य धर्मस्य त्रायेते महतो भयात् ॥ ४० ॥

श्री धरीय टीका- [यदि भन्छौ-कृषि आदिको समान फल प्राप्तिमा विघ्न वाधादिको कारण व्यभिचार आउँछ तथा मन्त्रादिको अंग वैगुण्यको कारण प्रत्यवायको पनि संभावना छ, अतयव कर्मयोग द्वारा कसरी कर्म बन्धन छुट्न सक्छ ? एस्को उत्तरमा भन्नु हुन्छ]-यस निष्काम कर्म योगमा प्रारम्भिक विफलता हुँदैन । आरम्भ गरी यदि विघ्नहरुको कारण पूरा गर्न सकेन भने पनि त्यो निष्फल हुनेछैन । ठीक ठीक सँग गर्न नसकेको कारण यदि अंग वैगुण्य हुन्छ भने पनि त्यस्मा प्रत्यवाय या पाप लाग्दैन । किनभने ईश्वरोद्देश्यले गरिने काममा वाधा आदि संभव छैन । बरु झन धर्म अर्थात् ईस्वराधनार्थ कर्मयोगको थोरैपनि अनुष्ठान सन्सारात्मक महाभयबाट रक्षा गर्दछ । काम्य कर्मको अलि अलि जस्तो अंग-वैगुण्य भएमा जस्तो त्यो कर्म निष्फल हुन जान्छ त्यस प्रकार यस्मा हुँदैन । ॥ ४० ॥

आध्यात्मिक व्याख्या- "अल्प क्रिया गरेर पनि महान भयबाट परित्राण पाउने छौ"-मानीलिंउ क्रियाको समाप्ति भएको छैन र मृत्यु उपस्थित भयो - जुन क्रियायोगको कुरा भनिएको छ, त्यस्लाई गर्दा गर्दै यदि विघ्न उपस्थित त भयो र पुरा भएन यो शरीरको कुनै अंश नष्ट हुन गयो या देहमा रोगादि आइलाग्यो जसले गर्दा क्रिया हुन सकेन, एस्तो स्थितिमा त्यो अपूर्ण साधन व्यर्थ हुन जानेछ, अथवा जुनकिसिमसँग गर्नु उचित छ यानि आहार, विहार निद्रा आदिमा संयम साधन गर्नु - त्यो कुनै कारणवश हुन सकेन या पूर्ण श्रध्दा नहुँदाको कारण क्रिया पूर्ण उत्साहले हुन सकेन - यी सबै प्रत्यवाय यदि उपस्थित हुन्छ, तब त सारा परिश्रम व्यर्थ भयो ! एस्को उत्तर हो यही-त्यो वृथा हुँदैन, यदि नियमादिको पालन गर्दै साधन गर्न सके त धेरै राम्रो, अथवा प्राणपनले चेष्टा गर्दै दीर्घकालसम्म प्रतिदिन नियमितरुपले साधन गर्न सके त झन धेरै राम्रो - किन भने एसरी साधन गर्नाले फल शीघ्र नै प्रत्यक्ष हुन्छ । योग दर्शनमा लेखिएको छ - *"स तु दीर्घकाल नैरन्तर्य सत्कार सेवितो दृढ भूमिः ।"* त्यो अभ्यास दीर्घकालसम्म अर्थात धेरै दिनसम्म तथा निरन्तर अर्थात अधिकाधिक अवेर सम्म बसी खुब श्रध्दासाथ आसेवित भएमा दृढभूमि लाभ गर्दछ । परन्तु यदि एस्तो भएन, नियमको पनि ठीकसँग रक्षा भएन, धेरै अवेला सम्म साधनमा बस्न सकेन भने पनि यसबाट फलको मात्रामा *अधिक्ता* नभएए पनि त्यो विल्कुलै बेकाम हुन जाँदैन । प्रतिदिन थोरै थोरै अभ्यास गर्नाले जुन संस्कार उत्पन्न हुन्छ त्यसले अर्को जन्ममा उसको साधनको इच्छा अरु अनुकुल अवस्था प्रदान गर्नेछ । यसरी उस्लाई जन्म-मरणको महाभयबाट चाँडै नै दुई तीन जन्म भित्रै परित्राण गरिदिनेछ । यदि सौभाग्यवश साधनमा अनि गुरुप्रति प्रवल श्रध्दा छ विश्वास छ भने स्वल्प

साधनाद्वारा पनि यसै जन्ममा मुक्ति प्राप्त गर्न सक्दछ । ॥ ४० ॥

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ;
बहुशाखा ह्यनन्ताश्च बुध्दयोऽध्यवसायिनाम् ॥ ४१ ॥

श्री धरीय टीका- [यो संभव छ कसरी ? यस आशंकाको उत्तरमा दुवैमा जुन वैषम्य छ, त्यसलाई भन्नु हुन्छ] - हे कुरुनन्दन ! यो ईश्वराधनारुप कर्मयोगमा "परमेश्वरमा भक्ति द्वारा निश्चय नै उध्दार हुनेछ" - यस प्रकारको निश्चयात्मिका एकनिष्ट बुध्दि हुन्छ । । (निष्काम कर्मयोगी एक मात्र ईश्वरतिर लक्ष्य राखी कर्म गर्दछ । उस्को लक्ष्य एक ईश्वर हो अतयव उस्को चिन्ता चारैतिर दौडिदैन ।) अनि ईश्वरविमुख मनुष्यको कामनाहरु अनेक हुन्छ, यसकारण उनिहरुको बुध्दि पनि बहुआयामी विषययुक्त र अनन्त हुन्छन् । ईश्वराधनको निम्ति गरिएका नित्य नैमित्तिक कर्ममा किञ्चित अंग-वैगुण्य हुँदामा पनि त्यो नष्ट हुँदैन । शास्त्र भन्दछन् - "जो जस्तो सक्षम छ त्यस्तै कार्य गर्दछ ।" यस्मा वैगुण्य पनि हुँदैन । किनभने ईश्वरोद्देश्यबाट जुन कर्म गरिन्छ त्यस्मा वैगुण्यको उपशम हुन जान्छ । परन्तु काम्यकर्म तेस्तो हुँदैन । अतयव काम्यकर्म र निष्काम कर्मको बुध्दिमा महान वैषम्य रहन्छ । ॥ ४१ ॥

आध्यात्मिक व्याख्या- "फलाकांक्षापूर्वक कर्म गर्नाले बन्धन हुनेछ ।"- श्वास-प्रश्वास त्याग एवं ग्रहण गरेको वेला हामी कुनै फलाकांक्षा गर्देनौ, यही एकमात्र निष्काम कर्म हो । यो श्वास-प्रश्वास प्रति यदि लक्ष्य राख्यौं भने त मन आफसे आफ स्थिर हुन जानेछ । मनको एकाग्रता या स्थिरता नै निष्काम हो । मन चंचल छ भने कामना-शून्य हुने कुनै उपाय छैन । अनि त्यस अवस्थामा मन शतः शतः विषयतिर दौडी दिन्छन् । चित्तको वृत्ति निरुध्द छ भने त्यस्लाई योग भन्दछन् । *"योगश्चित्त वृत्ति निरोधः" - योगदर्शन ।* महाभारतको शान्ति पर्वमा लेखिएको छ - "योग एवं सांख्य यी दुवैको साधनाले संदेह-विहीन निर्मल सूक्ष्म ज्ञानको उदय हुन्छ ।" वास्तविक ज्ञान प्राप्तिको प्रधान उपाय योग हो । यसवाट चित्त एकमुखी या ईश्वरमुखी हुन्छ । यो योगाभ्यास नै वस्तुतः ईश्वराधनरुप कर्मयोग हो । अरु जति किसिमको कर्महरुछन्, त्यस्मा ईश्वराधन भैरहेपनि मनको विक्षेपीकारणले त्यो निष्काम भावसंग ईश्वरमुखी हुन सक्तैन । योगद्वारा चित्त एकाग्र भै जब ईश्वरमुखी हुन्छ तब त यस्लाई भक्तियोग भन्दछन्, यो भक्तिको उदय नभैकन कोही कुनै ज्ञानी हुन सक्तैन ॥ ४१ ॥

यामिमां पुष्पितां वाचं प्रवदन्त्य विपश्चितः ;
वेदवादरताः पार्थ नान्य दस्तीति वादिन ॥ ४२ ॥
कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ;
क्रिया विशेष बहुलां भोगैश्वर्य गतिं प्रति ॥ ४३ ॥

श्री धरीय टीका- [यदि भन्छौ - कामी मनुष्य कष्टप्रद कामना त्याग गरी व्यवसायात्मिका बुध्दिको अवलम्वन किन गर्दैन ? एस्को उत्तरमा भन्नु हुन्छ]-हे पार्थ ! वेदको कर्मकाण्डीय अर्थवादमा आसक्त मनुष्य "यो भन्दा अन्य कुनै ईश्वर-तत्त्व या प्राप्य वस्तु केही छैन" यसरी विषलताको समान

आपात-रमणीय स्वर्गादि फल श्रुति भन्ने गर्दछन । तिनीहरु कामाकुलित-चित्तवाला हुन्छन् तथा स्वर्गको भोगलाई नै चरम पुरुषार्थ मान्दछन् । ती मूढ मनुष्य भोगैश्वर्यको प्राप्तिको मूल, स्वर्ग-प्राप्तिको साधन स्वरुप, क्रिया विशेषको बहुलतायुक्त, जन्मकर्मफल प्रदान गर्नेवाला, विषलता-समान आपात रमणीय स्वर्गादि फल श्रुतिको व्याख्या गर्ने गर्दछन् । वेदमा अर्थवाद छ । जस्तो "चातुर्मास्य याजीलाई अक्षय सुकृति प्राप्त हुन्छ ।" "मैले सोमपान गरी अमृत प्राप्त गरें" - इत्यादि ॥ ४२-४३ ॥

आध्यात्मिक व्याख्या- "पंडितहरुको चिप्लोकुरा र संतुष्टकारक वाकयद्वारा असली कर्म ब्रहमचिन्ता फलाकांक्षारहित भैकन हुँदैन अनि वेदको कुरा लिई झगडा गर्दछन्, असली कुरो केही छैन । केवल इच्छा, फलाकांक्षासाथ कर्मछ, भोग ऐश्वर्यमा (सुखको निमित्त) गतिलिंदै"-आजकाल शास्त्रोक्त साधना कसैले गर्न चाहँदैन पंडितहरु 'खाली योगर त्यो गर' भन्ने गर्दछन्, परन्तु के गर्दा खेरि वास्तविक शान्ति प्राप्त हुन्छ, यसको कसैले कुनै उपाय बताउँदैन । स्वर्ग प्राप्ति या ऐश्वर्य-प्राप्ति जीवको परम पुरुषार्थ होइन । जस्ले परमपुरुषार्थ प्राप्त गर्न चाहन्छन्, उनीहरुले क्षुद्र कुराहरुलाई छाडी कामनाको कठिन श्रृंखलालाई छिन्न विच्छिन्न गर्दै कठोर साधनाको अभ्यासमा मन लगाउनु पर्नेछ । तबै तिनीहरु ब्रहमानन्दको महासागरमा निमग्न हुन सक्नेछ । नाना प्रकारको वासनाहरु रही कदापि त्यो महा-स्थिरतामा प्रवेश लाभ हुन सक्तैन । बाह्य अनुष्ठानादिमा जुन पारलौकिक सुखभोग आदिको कुरा भनिएको हुन्छ, त्यसबाट मुग्ध भएर कतिपय मनुष्य काम्य कर्मको अनुष्ठान गरी यस्तो सम्झन्छन् - उस्को कर्तव्य पुरा भयो - तिनीहरु भ्रान्तिमा छन् । केवल वैदिक कर्मानुष्ठानको प्रशंसासूचक वाणी सुनेर यी सारा वाह्य क्रियाहरु गर्नाले नै काम चल्ने छैन । यी सबैको आध्यात्मिक उद्देश्य छ, त्यस्लाई नजानिकन केवल बाहिरी आचरणबाट शान्ति पाइदैन । यही नचिकेतालाई यमराज भन्दछ -

"जानाम्यहं शेवधिरित्य नित्य नह्य ध्रुवैः प्राप्यते हि ध्रुवं तत्"- अर्थात् कर्मफलरुप स्वर्गादि सम्पत्ति अनित्य छ, अतयव नित्य सत्य ब्रहम अनित्य द्रव्यमय यज्ञादि द्वारा प्राप्त हुँदैन । तब त्यस्लाई कसरी प्राप्त गर्ने हो एस्को उपाय यमराजले नचिकेतालाई भन्दछन् - " तं दुर्दर्शं गूढमनु प्रविष्टं गुहाहितं गहवरेष्ठ पुराणाम् । अध्यात्मयोगाधिगमेन देवं मत्वा धीरो हर्षशोकौ जहाति ॥"- कठ.उप.

वीर पुरुष आत्मामा चित्त समाधानरुप योगाभ्यासद्वारा दुर्विज्ञेय अव्यक्त स्वरुप, समस्त भूतादिको भित्र प्रविष्ट र देहरुपी गहवरमा बुध्दिको अभ्यन्तर नित्य वर्त्तमान त्यो परमात्म देवलाई जानेर विषय सुख दुःखादिलाई अतिक्रम गरी लिन्छन् । ॥ ४२-४३ ॥

भोगैश्वर्य प्रसक्तानां तयाऽपहृत चेतसाम् ;
व्यवसायात्मिका बुध्दि समाधौ न विधीयते ॥ ४४ ॥

श्री धरीय टीका- तिनीहरु भोगैश्वर्यले अभिनिविष्ट हुन्छन् र उनीहरुको चित्त उसरी नै पुष्पित वाक्यहरुले समाकृष्ट हुन्छ । एस्तो मनुष्यको समाधिमा अर्थात् परमेश्वराभिमुखत्व-प्राप्तिको निष्ठामा

निश्चयात्मिका बुध्दि उत्पन्न हुँदैन । अर्थात उनीहरुको बुध्दि चित्तको एकाग्रतामा निविष्ट हुँदैन । (सांख्ययोग या ज्ञानमा बुध्दि स्थिर हुँदैन - शंकर) ॥ ४४ ॥

आध्यात्मिक व्याख्या- "जस्को भोगैश्वर्यको इच्छामा चिद्रुप ब्रहमरहँदैन ; यस प्रकारको व्यवसाय जुन आत्माको छ यो आत्मामा रहिकन बीस हजार सातसय छत्तिस पटक प्राणायाम कुन किसिमले गर्ने ? यही विशेष रुपले उस्को मनमा धारण हुँदैन ।"

-वासना नै मनको समल भाव हो । त्यो जवसम्म मनमा रही रहन्छ, तबसम्म चित्त स्थिर हुनु असंभव छ । कामनाकुलित चित्तवाला मनुष्य सर्वदा विषयानुसन्धानमा व्याप्त रहन्छ, उस्को मनमा मुक्तिको अभिलाषा पनि उदय हुन्न । उस्को सामुन्ने विषय भोग नै पुरुषार्थ छ । विषय भोग गर्दा गर्दै कथंकदाचित् वैराग्य आएमा त्यो श्मशान वैराग्य समान धेरै वेर टिक्दैन । शास्त्रहरुमा जीवहरुको निम्ति कल्याणप्रद अनेक कुराहरु भनिएकोछ, परन्तु शास्त्र श्रवण जस्को नजिकमा बसेर गरिन्छ, तिनीहरु पंडित भएता पनि यथार्थ विवेक-वैराग्य-सम्पन्न हुँदैन, अतयव तिनीहरु जे जो भन्ने गर्छन त्यसबाट प्राण भरिदैन । असली काम कुरोलाई छाडी त्यसमा वितण्डा मात्र सार हुन्छ । जबसम्म भोगेच्छा निवृत हुन सक्तैन, तबसम्म ब्रहममा स्थिति हुन सक्तैन । नित्यानित्य-विवेक-शून्य पुरुषको भोगेच्छा निवृत्त हुन सक्तैन, किनभने जति साधना (जस्तो २०७३६ बार अथवा १७२८ पटक प्राणायाम) गर्दा खेरि निवृत्त भावतिर गतिशील हुन्छ, त्यति परिश्रम गर्नमा मनको प्रवृति नै हुँदैन । विषयाभिमुख प्रवृत्ति हुने कारणले नै मनको यतातिर चेष्टा हुदैन । यही हो मनको वासनामल, यस्लाई दूर गर्न चित्तलाई शुध्द गर्ने चेष्टा गर्नु पर्नेछ । प्राण संयम विना प्राणको चंचलता मेटिने छैन, मन पनि एकाग्र हुने छैन । मनको एकाग्रता या आत्ममुखी भाव नै शुध्द अन्त:करणको लक्ष्य हो । प्राणको चांचल्य दूर गर्नलाई धेरै धेरै बहुदिन व्यापी एवं धेरै समय स्थायी प्राण संयम साधनाको अभ्यास चाहिन्छ । योगीहरु भन्दछन् । राम्रोसँग सही तरीकाले १२ प्राणायाम गर्दा एक प्रत्याहार हुन्छ, १४४ प्राणायाम गर्नाले धारणा अर्थात चित्त एकमुखी हुन सक्छ । १७२८ बार प्राणायाम गरेमा उत्तम ध्यान हुन्छ, एकासनमा मन निविष्ट गरेपछि चित्त मग्न भएर शून्यवत् अवस्थान गर्दछ तथा २०७३६ बार प्राणायाम गरेपछि इन्द्रिय र प्राणको समस्त कार्य निरुध्द हुन जान्छ र समाधिको प्राप्ति हुन्छ । यो भन्नु पर्ने आवश्यकता छैन - मनलाई जबसम्म यस निरुध्द भूमिको प्राप्ति हुँदैन, अशान्ति र अज्ञान नाशिने छैन । जस्को मन विषयतिर छ, तिनीहरु एत्रो परिश्रम किन गर्दा हुन ? ॥ ४४ ॥

त्रैगुण्य विषया वेदा निस्त्रैगुण्यो भवार्जुन;
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् । ॥ ४५ ॥

श्रीधरीय टीका- [यदि भन्छौ -स्वर्गादि परमफल होइन भने वेदमा त्यसको साधनभूत कर्महरु विधान किन गरियो ? यसै वारेमा भन्नु हुन्छ]- हे अर्जुन ! सारा वेद त्रिगुणात्मक छ अर्थात् जो सकाम अधिकारी छ, उनको कर्मफल-सम्वन्ध त्यसमा प्रतिपादित छ । परन्तु तिमी त्रिगुणको अतीत अर्थात निष्कामी

(ईश्वराभिमुख) बन । (निष्काम हुने उपाय पनि भन्नु हुन्छ) - निर्द्वन्द्व बन । सुख दुःख -शीतोष्णादि द्वन्द्वभाव देखि रहित होऊ । द्वन्द्वातीत हुन सकिन्छ कसरी ? अर्थात धैर्य अवलम्वन गर्दै नित्य प्रबुध्द-सत्त्व गुणशाली बन । योगक्षेम रहित बन, अर्थात यदि कुनै वस्तु प्राप्त छैन, भने त्यस्लाई भगवत् इच्छा बुझि तेस्को प्राप्तिको लागि प्रयत्न नगर, तथा जुनबस्तु प्राप्त छ त्यो रहि रहोस, यस दृष्टिले त्यस्को रक्षामा पनि चेष्टाशील नहोऊ । तिमी आत्मवान् अर्थात अप्रमत्त बन, प्रमादरहित होऊ, द्वन्द्वाकुल एवं योगक्षेमरत प्रमादी मनुष्यलाई त्रिगुणको अतिक्रमण गर्नु असंभव हुन्छ, अर्थात उस्को लागि ईश्वर परायण हुनु संभव छैन । ॥ ४५ ॥

आध्यात्मिक व्याख्या- "इडा, पिंगला, सुषुम्ना नाडीहरु चलिरहंदा नै विषयहरु, वेदहरुमा रति हुन्छ । निस्त्रैगुण्य भएमा अर्थात् स्थिर हुँदा यस्तो हुँदैन, अतयव यी तीन्टै गुणको पर जुन भाव छ त्यस भावलाई प्राप्त गर - अर्थात् क्रियाको परावस्था ।"

जब हाम्रो श्वास स्थिर हुन्छ, तब मन पनि स्थिर र शान्त हुन्छ । साधारणतः श्वास एकपल्ट इडाको मुखबाट र एकपल्ट पिंगलाको मुखबाट चल्दछ । कहिले काँही श्वास सुषुम्नाबाट पनि चल्दछ, तब मन वहिर्मुखी न भै अन्तरमुखी हुन्छ र श्वास केही स्थिर र मृदु हुनजान्छ । त्यसपछि फेरि इडा, पिंगलामा श्वास फर्केर आउँछ । इडा पिंगलामा जब श्वास बहन थाल्छ तवै चित्त स्पन्दनको बढोत्तरी हुन्छ (रजः -तमो भावले अभिभूत हुन्छ, स्पन्दनको वृद्धि नै रजोभाव हो र जब बढ्दै त्यो ल्कान्त भै स्तव्ध हुन्छ, तवै तमोभावको आविर्भाव हुन जान्छ) त्यस बाटै अनेक वासनाहरु चित्तभूमिमा उद्वेलित हुन्छ । जागतिक सुखहरुको इच्छा र पारलौकिक सुखाभिलाषा बढ्दछ तथा त्यस्को साधनरुपी कार्यहरु गर्नको निम्ति आग्रह उत्पन्न हुन्छ । यसकिसिमको साधना वेदहरुमा भनिएको छ । वेदलाई ज्ञान भन्दछन । जसरी वेद चार छन्, उसरी नै ज्ञान पनि चार प्रकार छन् । ठीक त्यसरी नै एउटै प्रकाश जसरी नाना रंगिन काँचको भित्र नानारुपहरुमा भासित हुन्छ । *'देहोऽहंशून्योऽहं, सर्वोऽहं, सर्वातीतोऽहं'* -चारै वेदहरुको यी चार प्रधान कुरा छन् । जब इडामा श्वास चल्छ - रजोगुण, तव सर्वोऽहं भाव हुन्छ अर्थात जे जति छन् ती सबै हाम्रै भोगको लागि हो, हामीलाई सबै कुरा चाहिन्छ । त्यसपछि जब पिंगलामा श्वास चल्छ,-तमोगुण, तब देहोऽहं भाव हुन्छ । यस शरीरको मात्र केवल सुख, देहाभिमान, मै ठूलो, मै ज्ञानी, मै धनी यी सबै भावहरु आउँछन्, देहलाई अवलम्वन गरेर यी सारा भावहरु उत्पन्न हुन्छन् । तेसपछि जब सुषुम्नामा श्वास चल्छ - सत्त्वगुण, तव ज्ञानको प्रकाश हुन्छ, मनमा लागन थाल्छन - म को हुँ- शून्योऽहं शून्यमात्र हुँ, मसंग मानो कोही कसैको केही सम्बन्ध छैन, यो अहं या आत्मा नै जानिन लाग्छ - जगद् व्याप्त, तब व्रहमाण्डको सबै वस्तुहरुदेखि साथ संयोग छुटिजान्छ, एस्तो थाहा हुन्छ जागतिक वस्तु केही पनि छैन । यही वैष्णवहरुको - 'आपनार नाम मोर नाहि पडे मने' अर्थात मेरो नाम पनि मलाई याद आउँदैन । "म" को ज्ञान रहन्छ, तर त्यो "म" को साथ अन्य जागतिक सम्बन्ध मिलेको हुँदैन । मानो सबै कुरा विर्सिएको हुन्छ, जस्तो गम्भीर ध्यानमा हुन्छ । यसपछि इडा, पिंगला, सुषुम्नाको अतीतावस्था आउँछ - यही सर्वातीतोऽहं हो । एस्मा एकमात्र अखण्ड सत्ता नै स्फुरण हुन्छ, अरु कुनै पनि भाव रहँदैन । केवलं

ज्ञानमूर्ति, - द्वन्द्वातीतं, गगनसदृशं- त्यहाँ यस अव्यक्त निर्मल भावको ज्ञाता पनि कोही रहँदैन । ज्ञान, ज्ञेय र ज्ञाता तीन्टै मिलेर एक हुन जान्छन् । प्रतिदिन अनेक बार एवं धेरै धेरै वेरसम्म प्राणायामादि साधन गर्दै गर्दै जब श्वास आज्ञाचक्र लाई भेदन गर्दै सहस्रारमा चढ्छ र अनि सुषुम्नाको पनि भेदन हुन जान्छ - तबै त्रिगुणातीत अवस्था आउँछ ।

"निर्वाच्यो निर्गुणो वापि सत्त्वेन परिवर्जित ;
परपौरुषमाप्नोति यावत्त्वं मस्तकोपरि ;
सृष्टेरादौ त्वमेवासीस्त्वमेवान्ते ऽ वशिष्यते ॥

यो प्राणवायु जब स्थिर भै सुषुम्नालाई भेदन गर्दछ, शीर्षमा गै बसिदिन्छ तबै जीवलाई परम पुरुषार्थको प्राप्ति हुन्छ । अनि त्यो अवस्था वाणी भन्दा पर सत्त्वादि गुण वर्जित अर्थात् निर्गुण छ । जुन सृष्टिको आदि-अन्तमा छ, त्यो महाप्रलयकालको एकाकार अवस्था हो । यही निस्त्रैगुण्य या गुणातीत भाव हो । यो निस्त्रैगुण्य भाव जसलाई प्राप्त हुन्छ, उस्को शीतोष्ण - सुखदुःखादि समस्त द्वन्द्वभाव तिरोहित हुन जान्छन् ।

सात्त्विकं सुखमात्मोत्थं विषयोत्थं तु राजसम् ;
तामसं मोहदैन्योत्थं निर्गुणं मद्व्यपाश्रयम् ॥ भाग.११ स्क.

आत्मावाट जुन सुख उत्पन्न हुन्छ त्यो सात्त्विकी हो, विषयहरुबाट जुन सुख प्राप्त हुन्छ त्यो राजसी हो, मोह र दैन्यबाट जुन सुख उत्पन्न हुन्छ त्यो तामसी हो अनि भगवदाश्रयबाट जुन ज्ञान भक्ति र प्रेमको उदय हुन्छ त्यो आत्माश्रित निर्गुण भाव हो ।

जहाँ मन रहँदैन त्यही विष्णुको परम पद हो, *"तन्मनः विलयं याति तद्‌विष्णो परमं पदम्'* - यही निस्त्रैगुण्य अथवा इडा पिंगला एवं सुषुम्नाको अतीतावस्था हो । आत्मवान् - यो स्थिरत्व मा प्रतिष्ठित हुनु, आकाशवत्त हुनु । निर्योग क्षेम - जब मेरो केही छ या छैन, यो केही पनि मनमा रहँदैन । नित्य सत्त्वस्थ सत्त्वगुण सुषुम्ना हो । सुषुम्नामा अवस्थित भएमा नित्य सत्त्व अवस्था बुझिन जान्छ । निर्द्वन्द्व अवस्था - जो गुणातीत अवस्थामा रहन्छ, उस्लाई फेरि शीतोष्णादि द्वन्द्वभाव हुँदैन । यही नै *"मद्व्यपाश्रयम्"* यानी उन्को नै आश्रय गरी उन्कै स्वरुप हुन जानु भनिन्छ ॥ ४५ ॥

यावानर्थ उदपाने सर्वतः सम्प्लुतोदके ;
तावान् सर्वेषु वेदेषु ब्राहमणस्य विजानत :॥ ४६ ॥

श्री धरीय टीका- [तव त वेदोक्त नाना प्रकारको फलहरुलाई त्यागिकन निष्काम भावले ईश्वराधन-विषयक व्यवसायात्मिका वुध्दि कुवुध्दि हो, किन भने यसबाट अनेक सुख देखि वंचित हुनु पर्नेछ । यदि कोही कसैले यस्तो आशंका गर्दछ भने यस्को उत्तर दिंदै भन्नु हुन्छ]-जस्मा जलपान गरिन्छ जस्तो वापि, कूप,

तडागादि क्षुद्र जलाशयहरुमा एक साथ स्नानपानादि व्यवहार हुन सक्तैन, यहाँ विभिन्न स्थानहरु देखि परिभ्रमण गर्दै स्नानपानादि प्रयोजन सिध्द गर्नु पर्ने हुन्छ। परन्तु महाह्रद (ठूलो ताल) मा यी समस्त व्यवहार एकत्र हुनसक्छ, उसरी नै सबै वेदहरुमा नाना भांतिको कर्म र त्यस्को अनेकौं फलस्वरुप प्रयोजन वर्त्तमान हुन्छ। परन्तु यी सबै फलहरु प्राप्त गर्न ईश्वर परायण ब्रहमनिष्ठलाई वेदहरुको नाना कर्महरुमा प्रवेश गर्ने प्रयोजन हुँदैन। वेदोक्त अनेक फल उनलाई एक ईश्वरोपासनाद्वारा नै प्राप्त हुन सक्छ। किन भने ब्रहमानन्दमा अरु सबै क्षुद्र आनन्दहरुको अन्तर्भाव हुन जान्छ। श्रुतिमा लेखिएको छ - "एतस्यैव आनन्दस्य अन्यानि भूतानि मात्रामुपजीवन्ति" यो ब्रहमाण्डको कणमात्र प्राप्तगरी भूतगण जीवित रहन्छ। ॥ ४६ ॥

आध्यात्मिक व्याख्या- "सर्वत्र नै ब्रहम छ। यस ब्रहमानन्दको कणमात्र पाएर हामी सबै जीवित छौ रहन्छौ। अतयव यो आनन्द नै हाम्रो जीवन हो। मेरो "म" पना नै मेरो जीवन हो। यसैकारण यो "म" नै सर्वत्र छ। "म" को ज्ञान भएपछि सबै दुःखहरुको नाश हुन्छ ? यदि यो आत्मज्ञानमा नै सबै दुःखहरु नाश हुन्छ भने अनि अक्षय आनन्द निर्भर प्राप्त हुन्छ भने तब हामी अन्यत्र आनन्द खोज्न किन भौंतारिने ? अतयव अनेक कर्महरुबाट जुन भोग्यवस्तु प्राप्ति हुन्छ त्यस्मा केही न केही आनन्द प्राप्त हुन्छ, यसै कारणले हामीहरु त्यो चरम परम आनन्दको खोजमा लाग्दछौं। परन्तु आत्मा जुन आनन्द रस सागर हो त्यस्लाई यदि हामीहरुले प्राप्त गर्‍यौं भने तब फेरि अन्यत्र आनन्द खोज्नुको प्रयोजन नै के छ ? यो आत्मा नै हाम्रो सर्वस्व हो, त्यो सर्वेश्वरलाई छोडी अन्य कुनै पनि वस्तुको लागि दौडी नै रहनाले केवल ल्कान्ति नै हात लागि हुनेछ। अतयव आत्माको अनुसन्धान गर्दै आत्मवान बन। आत्मस्थ भएपछि सुख दुःखादिको द्वन्द्व स्वयं मिटी जानेछ। प्राण चंचल हुने कारण लेनै सन्सार नाना रुपरंगमा प्रतिभात हुन्छ।"

-जबसम्म नानात्व छ, चंचलमन नानात्वतिर दौडी नै रहनेछ। प्राण नै आद्याशक्ति हो, प्राणको चंचलताले नै जगत्‌को नानात्वरुपरंगमा देखाउँदछ। परन्तु प्राण स्थिर भएमा यो नानात्वको विकास हुँदैन, नानात्वको विकास नभएपछि मन पनि बहुमूखी भएर भटकिँदैन। स्थिर प्राण नै आद्याशक्ति भगवती हो। उनको नृत्यारंभ भएपछि नै अनन्त अनन्त ब्रहमाण्ड विकसित हुन्छ। यी नानात्वलाई देखेर भयभीत नहुनु। यो नाना एकको नै प्रकाश हो। *"एकैवाहं जगत्तत्र द्वितीया का ममापरा"* समस्त जगत व्याप्त भएर एक म नै वर्तमान छु। म बाहेक अर्को दोस्रो जगतमा केही छैन। त्यो नाना एककै भित्र प्रविष्ट हुन जान्छ, तब हाम्रो नृत्यकाली माता अचंचला भैकन स्थिर समुद्र समान कारणवारिको रुपमा वर्तमान हुन्छ। त्यो सत्तामात्र भावमा चित्तको अनन्त स्फुरण विलीन हुन जान्छ। अतयव प्राणलाई स्थिर गर्ने साधना नै सवभन्दा ठूलो उपासना हो। *"एक साधे सव सधत है सव साधे सव जाय"* एकको साधनमा नै सवैको साधना हुन्छ, अनि सबैको साध साधने चेष्टा गर्दा खेरि सबै नै नष्ट हुन जान्छन्॥ ४६ ॥

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ;
मा कर्मफलहेतुर्भुर्मा ते संगोऽस्त्वकर्मणि ॥ ४७ ॥

श्री धरीय टीका- [यदि सबै कर्मको फल परमेश्वरको आराधना द्वारा नै पाइन्छ भने तव फेरि अन्य कर्मको प्रयोजन के ? एस्को उत्तर दिनु हुँदै भन्नु हुन्छ]-तिमी तत्त्व ज्ञानार्थी हौ, तिम्रो कर्ममा मात्रै

अधिकार छ । कर्म फलमा तिम्रो कामना हुनु हुँदैन । यदि भन्छौ भने कर्म गरिनाले त्यस्को फल अवश्य नै हुन्छ, जस्तो भोजन गरेपछि भोजन गर्नेलाई तृप्ति हुन्छ त यो आशंकामा भन्नु हुन्छ - कर्मफल नै जस्को कर्म प्रवृत्तिको हेतु हुन्छ त्यो जस्तो तिमी नहोऊ । किनभने स्वर्गादि फलको प्राप्ति जुन कर्मको नियोजक जो हुन्छ त्यस्को कर्मको फल निश्चितं नै उत्पन्न हुन्छ । अकामी पुरुष कर्मफल उत्पन्न गर्दैन अर्थात बन्धनको कारण बन्दैन । फल उत्पन्न भएपछि कर्म बन्धनकारक हुन्छ यस भयले कदापि तिम्रो कर्म नगरिनमा प्रवृत्ति हुनु हुँदैन ॥ ४७ ॥

आध्यात्मिक व्याख्या- "सबै कर्म गर, परन्तु फलको इच्छा नराख"

-सकाम भावले कर्म गरियो भने त्यसबाट चित्त शुध्दि हुँदैन । तिमी क्रिया गर्दै छौ र त्यस्को साथसाथै एता उताको अनेक चिन्ताहरु गर्दछौ भने एस्ले चित्त शीघ्र स्थिर हुँदैन । चित्तको स्थिरता नै चित्त शुध्दि हो । चित्तको शुध्दि विना आत्मवोध हुन सक्तैन र परमानन्दको प्राप्तिबाट वंचित हुनु पर्दछ, यदि अर्जुनको मनमा लागेको छ - यदि स्थिरत्व प्राप्ति नै जीवनको उद्देश्य छ भने प्राणायामादि साधन गर्नाले के लाभ ? - यस्मा मनलाई अनेक स्थानमा राखेर साधन गर्नु पर्ने हुन्छ, यसरी स्थिरता कसरी आउला, झन मन अझ बढी चंचल हुन जानेछ । यस प्रकारको कार्य मनको अनुकूल नहुनाको कारण यस्ले गर्दा मन विद्रोही पनि हुन सक्छ । यसैले भगवान् भन्नु हुन्छ - स्थिरता सर्वापेक्षा असली वस्तु हो अनि त्यो वस्तु प्राप्त हुनै पर्छ, परन्तु यस कुरालाई सोच्दै गरेर क्रिया नगरे त कसरी स्थिरता आउछ ? स्थिरता क्रियाको परावस्था हो । क्रिया गर्नु भन्दा अघि जुन कष्ट गर्दा खेरि त्यो चंचलता रहँदैन । अतयव जब तिमीले क्रिया प्राप्त गरेका छौ भने क्रियालाई गरिरहनु नै त्यो तिम्रो कर्तव्य हो क्रिया गर्नाले के होला, या जस्ले क्रिया गरेको छ, उनमा कसले के पाएको छ - इत्यादि कुराहरुमा माथापच्ची गर्नु ठीक छैन । गुरुले साधना दिएको छ, त्यस साधनालाई गर्देजाऊ, उसबाट के होला या नहोला, यी सब सोचेर दिमाग खराब गर्नाले तिमीलाई स्थिरता रुपी ब्रहमानन्दको प्राप्ति हुँदैन । जसबाट कर्मफल उत्पन्न हुन्छ त्यो काम नगर । मनलाई लक्ष्यमा एकाग्र नगर्नाले शतः शतः चिन्ताहरु या कामना उठछन्, त्यस्को फल अरु केही होस वा नहोस मन आत्मामा प्रविष्ट हुनेछैन, यो निश्चितं नै जान । कतै यस्तो सोचेर साधनामा तिम्रो अप्रवृत्ति नहोस कर्म (साधना) गर्नाले के खाक हुन सक्ला ? ॥ ४७ ॥

योगस्थः कुरु कर्माणि संग त्यकत्वा धनंजय;
सिध्द्यसिध्द योः समोभूत्वा समत्वं योग उच्यते ॥ ४८ ॥

श्री धरीय टीका- [अनि कर्तव्य के हो ? यही भन्नु हुँदैछ]-हे धनंजय ! एकमात्र परमेश्वरता नै योग हो । त्यस योगमा अवस्थित भै कर्म गर । र कर्तृत्वाभिनिवेश (म गर्दछु या मेरो काम एस्तो भाव) त्याग गरी केवल भगवदाश्रय भएर कर्मगर । यस प्रकार कर्मको फल जुन ज्ञान या सत्व शुध्दि हो - त्यस्को प्राप्ति या अप्राप्तिमा समभाव राखी केवल ईश्वरार्पण बुध्दिले कर्म गर । सज्जन मनुष्य यस प्रकारको समत्वलाई योग भन्दछन । यस प्रकारको समत्वलाई नै चित्त समाधान भनिन्छ । हर्ष विषाद यी दुवै अवस्थाको अभाव नै योग हो । ॥ ४८ ॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा रहिकन सबैकर्म गर, सिध्दि र असिध्दि दुवैमा समवुध्दि गर, यसैको नाम योग हो।"

-चित्तको विक्षेपहीनता या चित्तको निवृत्ति नै चित्त शुध्दि हो। जबसम्म चित्तको विक्षिप्तता दूर हुँदैन, सत्यज्ञानको उदय हुने छैन। जस्ले साधना गर्दछ र लाभालाभ तिर लक्ष्य राख्दछ, उस्लाई साधनाको परावस्था या योग सहजै प्राप्त हुन सक्तैन। मनमा मस्ती नै आउदैन। जसको सन्सारमा खूब आसक्ति छ, तिनीहरु एस्तो नसोचिकन रहन सक्तैन-कुन कर्मको कस्तो फल छ। फलासक्ति रहने गर्दा स्थिरता आउन सक्तैन। तैपनि कर्म त गर्नु नै पर्नेछ, कर्म नगरिकन अर्को बाटो छैन। परन्तु कर्म गर्दा खेरि कर्मफलसँग बाँधिनु पर्नेछ, यसको पुरा आशंका छ, यसैले भनिन्छ - ब्रहममा खूब मन दिएर कर्मगर, किन भने यस प्रकारको कर्मबाट पुनः बन्धन हुने छैन। अब यदि ब्रहममा मन लगाउनु छ त प्राण स्थिर गर्नु पर्नेछ। प्राणको स्थिरता द्वारा ईश्वर-प्रणिधान-रुप योगको सिध्दि हुन्छ। तब जति नै कर्म गर, त्यस्मा मन आसक्त हुने छैन। अनि एक यस्तो स्थिर भाव आउनेछ जस्मा समस्त कर्महरुको साथ मनको सम्बन्ध छिन्न भिन्न हुनेछ। जति जति श्वास प्रश्वास स्थिर हुनेछ, त्यति त्यति नै ब्रहमाकाशमा चित्त विलीन हुँदै जानेछ। तब सबै कर्महरु त हुनेनै छ, परन्तु कस्ले कर्म गर्दछ र कस्को कर्म हुँदैछ तथा तेसकर्मको फलाफल के हो - यी सबैको खोजी वा अनुसन्धान हुनेछैन। ॥ ४८ ॥

दूरेण ह्यवरं कर्म बुध्दियोगाद्धनंजय ;
बुध्दौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥ ४९ ॥

श्री धरीय टीका- [काम्य - कर्मको अति निकृष्टता भन्नु हुँदैछ]-हे धनंजय भगवद् मुखी बुध्दि द्वारा कृत कर्मभन्दा अन्य कर्म अत्यन्त अपकृष्ट हुन्छ। अतयव तिमी ज्ञान साधनको आश्रय कर्मयोग, अथवा योगस्थ भै परित्राता ईश्वरको आश्रय लेऊ। सकाम मनुष्य नै दीन हुन्छ। श्रुतिमा लेखेको छ - "हेगार्गी ! जुन मनुष्य इहलोकमा अक्षर परमात्मा नजानिकन लोकान्तरमा गमन गर्दछ, उ कृपण या कृपाको पात्र हो।" ॥ ४९ ॥

आध्यात्मिक व्याख्या- "स्थिर बुध्दि गरेर जे बन्नु छ त्यो बनी हाल, जो कंजुस कृपण छ, त्यस्ले फलको आशा गर्दछ।"

-ज्ञानोत्पत्तिको निम्ति योग नै अवलम्वन गर्नु योगय छ। त्यसबाटै जीवलाई परमज्ञान या अभय पद प्राप्त हुन्छ। जे जो हुनु हो होओस मन कदापि हटने छैन, न चंचल होला - यो स्थिर बुध्दिको लक्षण हो। क्रियाको परावस्थामा बुध्दि स्थिर हुन जान्छ। उसबेला केही पनि रहन्न, त्यसपछि क्रियाको परावस्थाको परावस्थामा पनि मन नशावाजको मन समान मस्त हुन जान्छ, त्यससमयमा कामना या संकल्प केही पनि उठदैन। यही परमानन्दको अवस्था हो। यस अवस्था मै शरण लेऊ अर्थात एस्तो प्रयत्न गर यस्तो अवस्था प्राप्त होस। एसो नगरेमा फेरि त्यही मृत्युको कष्ट, पुनः जन्म र मृत्युको ल्केश ! यसै कारण श्रुति भन्दछन-जुन मनुष्य त्यो अक्षर पुरुषलाई या कूटस्थलाई नजानिकन मर्दछ, तिनीहरु बडो कृपाको पात्र

छन् । खाली मुखले मात्र "त्वया हृषिकेश हृदिस्थितेन यथा नियुक्तोस्मि तथा करोमि" भनेर काम चल्ने छैन । त्यस अक्षर पुरुषलाई चिन्नु पर्नेछ । जो हाम्रो यो देहराज्यको राजा हो, जो हाम्रो प्राणको अधीश्वर हो, जो हाम्रो सर्वश्व हो - त्यो आत्माको नजीकै हामी छौं, हाम्रो चैतन्य उनको चैतन्यमा नै छ । तैपनि उसलाई चिन्दैनौ, जान्दैनौ यो भन्दा ठूलो दुःखको कुरा कष्टप्रद के हुन सक्छ ? यदि हामी उनलाई जान्दैनौ भने फेरि कस्को शरण लिने ? यसैले अब कृपण भएर समय व्यर्थ बरबाद नगर, उहाँको चरणमा आत्म-निवेदन गर । उनलाई प्राण नअर्पिकन ठीक आत्मनिवेदन हुने छैन । त्यो प्राण अर्पणको काम क्रिया द्वारा हुनेछ । मनमा आत्मा प्रति विश्वास गरी प्रणव धनुमा वाण चढाई त्यस आत्मालाई लक्ष्य गरी चलाउने अभ्यास गर, एकदिन *"शरवत्तन्मयो भवेत्"* - जस्तै वाण लक्ष्य भेदन गरी त्यसमा प्रवेश गर्नेछ, उसरी नै तिम्रो मन आत्मालाई लक्ष्य गर्दा गर्दै त्यसको भित्र एकदिन प्रविष्ट हुनेछ । ॥ ४९ ॥

बुध्दि युक्तो जहातीह उभे सुकृतदुष्कृते;
तस्माद् योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥ ५० ॥

श्री धरीय टीका- [बुध्दि योगयुक्तलाई श्रेष्ठ भन्नु हुँदैछ]-स्वर्गादि प्रदान गरिने सुकृत तथा नरकादिमा लैजाने दुष्कृत - यी दुवै प्रकारको फलहरुलाई बुध्दि योग युक्त (ईश्वरार्पित चित्त) पुरुष परमेश्वरको प्रसादले यस जन्ममै त्याग गर्दछ । अतयव ईश्वरार्थ कर्मयोगमा लागि हाल । किन भने कर्ममा कुशलता (कर्म बन्धनको कारण भएर पनि ईश्वराधनारुपी कर्मद्वारा कर्मबाट मुक्ति प्राप्त गर्ने चतुरता) नै योग हो । ॥ ५० ॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा रहेर राम्रो नराम्रो कर्मको इच्छा छोडी देऊ, यस्को लागि क्रियाको परावस्थामा रहू र सबै कार्य गर, किनभने योग कर्म अत्यन्त सुकौशलपूर्ण छ, अर्थात चक्षुलाई कूटस्थमा स्थिर गरी श्वासलाई वक्षस्थलमा राखी समस्त कर्म गर्नु ।"

- कर्म त सबैले गर्दछन्, तर बुध्दियुक्त भएर गर्दैनन् । मनको एकतानता नै बुध्दि हो । प्राणक्रिया दिनरात स्वतः आफै आफ भइरहेकोछ । यो प्राण क्रिया चलेन भने मन इन्द्रिय कसैमा कुनै काम गर्ने शक्ति हुनेछैन । सारा कर्ममा प्राणको शक्ति लाग्दछ, हामी व्यर्थको काममा प्राणशक्ति खर्च गरी मनलाई निरन्तर चंचल राखी रहन्छौं । यसैकारण मनलाई पनि विश्राम या शान्ति छैन । परन्तु कौशलद्वारा जस्ले प्राणलाई स्थिर गर्दछ, उस्को मन एकाग्र भै हाल्दछ । जस्को मन एकाग्र भएको छ अर्थात् आत्ममुखी भएकोछ, उस्को सुकृति दुष्कृति बाँकि रहँदैन । पापपूण्य कर्म शरीर एवं मनै द्वारा निष्पाद्य हुन्छ । त्यही मन जब एकाग्र भएर आत्ममुखी हुन्छ तब शरीर पृथक हुन जान्छ, त्यस्को साथ पापपुण्य पनि त्यही पडिरहन्छ । आत्मामा पापपुण्य केही पनि छैन । मन जब आत्मामा लागि दिन्छ तब उस्मा पनि फेरि पापपुण्य रहँदैनन् । मनलाई आत्मामा लगाउने कुशलता नै योग हो । पहिले नै भनी सकिएको छ - मन र इन्द्रियहरुले जुन काम गर्दछ, त्यो प्राणशक्तिले हुनछ । त्यो प्राणको साधना गरेर जब श्वास वक्षस्थलमा स्थिर हुनजान्छ र चक्षुको दृष्टि भ्रूमध्यमा निविष्ट हुन्छ - जुन अति सुकौशल पूर्ण कर्म हो, येस कर्मलाई

जस्ले गर्दछन त्यो चतुर व्यक्ति हो। तिनीहरु अनायासै कर्म बन्धनबाट विमुक्ति प्राप्त गर्दछन। बाहिर यस प्रकारको कुनै कौशल अवलम्बन गर्नु संभव छैन, जसबाट चित्त निरोध हुन सकोस। जो चित्त निरोधमा अभ्यस्त छ, उसैको चित्त निरालम्बमा स्थिर हुन सक्छ। अविच्छिन्न ऐक्य धारामा यसप्रकार केही दिन चलिनै रहेमा मनमा यस्तो अपूर्व शक्ति संचित हुन्छ, जसको बलबाट बाह्य कर्ममा पनि उस्को चित्तको अटल भाव दूर हुँदैन। तबै उस्को सुख दुःखमा समता निर्विघ्न बनिरहन्छ। अतयव यम नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान एवं समाधिको अभ्यास नभैकन मनमा एति शक्ति आउन सक्तैन। पाठमा चित्त एकाग्र हुन्छ, कर्म गरिरहेको समय चित्तमा एकाग्रता आउँछ - परन्तु जुन एकाग्रता ईश्वर प्रणिधान विना हुन्छ, त्यो अत्यन्त गम्भीर हुन सक्तैन। त्यस अगंभीर स्थैर्य द्वारा मनको त्यो ढोका उन्मुक्त हुँदैन, जसद्वारा चित्त ब्रहमध्यानमा मग्न हुन जान सक्तछ। ब्रहम ध्यानान्वित ध्यान भंग भएर पनि त्यस्मा जुन अस्खलित स्थैर्य रहन्छ त्यो एति स्वाभाविक हुन जान्छ - त्यस बखत योगी नाना प्रकारको कर्ममा व्याप्त भएपनि उस्को चित्त योगयुक्त अवस्था देखि एकैपल्ट विच्युत हुँदैन, त्यस एकाग्र मन द्वारा जगत् कर्म गर्दै रहेर पनि चित्त आत्म भावबाट विचलित हुँदैन। यसै कारण श्री धर स्वामी भन्नु हुन्छ - *"यतः कर्मसु यत् कौशलम्-बन्धकानामपि मोक्ष परत्वसम्पादकंचातुर्य - स एव योग।"* - अतयव परमात्म बुध्दिले कर्म गर्दा खेरि कुनै प्रकारको भयको कारण रहँदैन। एसकारण त्यस समय योगी सारा कर्म ईश्वर प्रीत्यर्थ गर्दछ। साधनद्वारा यो अवस्था प्राप्त हुनु भन्दा अघि चित्तको समता आउन सक्तैन। ॥ ५० ॥

कर्मजं बुध्दियुक्त हि फलं त्यक्त्वा मनीषिण :;
जन्मबन्ध विनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥ ५१ ॥

श्री धरीय टीका- [कर्महरु द्वारा मोक्ष साधनको दोस्रो प्रकार भन्नु हुन्छ]-निष्काम कर्म गर्नेहरु अर्थात ईश्वर परायण ज्ञानी समस्त कर्मज फलहरु परित्याग गर्दै केवल ईश्वराराधनार्थ कर्म गर्दै जन्मरुपी बन्धनदेखि विमुक्त भै सारा उपद्रवहरुले रहित मोक्ष नामक विष्णु पदलाई प्राप्त गर्दछ। ॥ ५१ ॥

आध्यात्मिक व्याख्या- "फलाकांक्षा-रहित भएर कर्म गरिनाले ब्रहमपद प्राप्त हुन्छ।"

- कर्म गर्नु पर्दछ, परन्तु फलाकांक्षा राख्नु हुन्न। तर के फलाकांक्षा रहित भै कर्म गरिनु संभव छ ? जबसम्म देहात्मबुध्दि छ, तब सम्म त त्यो संभव छैन। देहादिमा जुन आत्म बुध्दि छ, यस्लाई छोड्नु पर्नेछ। यस्लाई परित्याग गरेर नै फलानुसन्धान रहित भै कर्म गर्न सकिन्छ। कस्तो मनुष्यले यसरी कर्म गर्न सक्तछ ? यसैकारण "मनीषि" शब्दको व्यवहार गरिएको छ। जो सँग मनीषा छ, उही मनीषि भनिन्छन्। मनीषा को सँग हुन्छ ? जो मनुष्य आत्म मननशील छ, तिनीहरु नै ज्ञानी या मनीषी हुन। जब आत्मामा मन लाउँदै-लाउँदै बाह्य व्यापारमा लक्ष्यं रहन्न तब साधक आत्माराम हुन जान्छ। मन जब विक्षेपयुक्त हुन्छ त विषय चिन्तन गर्दछ र सैंकडौं अनर्थ उत्पन्न गर्दछन्। यसैकारण शास्त्र भन्दछन् - *"पदंतत् परमं विष्णोः मनो यत्र प्रसीदति"* मन स्थिर भएपछि चित्त एक अपूर्व प्रशन्नताले भरिन्छ, अनि फेरि जागतिक क्लेशको स्मरण रहँदैन। यो ब्रहमानन्द - मग्न चित्तमा अपूर्व प्रशन्नता प्राप्त हुन्छ

- र यही विष्णुको परम पद हो। यही हो विमुक्ति। केवल श्वास क्रिया नै फलाकांक्षा रहित कर्म हो। श्वाससँग मनलाई लगाई दिनाले मनप्राण एक हुन जान्छ। यही सर्व उपद्रव रहित अनामय पद हो। यही विष्णुको परम पद हो। ॥ ५१ ॥

यदा ते मोहकलिलं बुध्दिर्व्यीतितरिष्यति ;
तदा गन्तासि निर्वेदं श्रोतव्य-स्य श्रुतस्य च ॥ ५२ ॥

श्री धरीय टीका- [कहिले म त्यो पदलाई प्राप्त गर्नेछु ? यस्को उत्तरमा भन्नु हुन्छ]-मोह अर्थात देहात्मबुध्दिः, कलिल अर्थात् गहन परमेश्वरको आराधना गर्दा गर्दै उनको प्रसादले जब तिम्रो बुध्दि मोहमय गहन दुर्ग (देहादिमा आत्म बुध्दि रुप) लाई विशेषरुपले पार गर्नेछौ, तब तिमीलाई श्रोतव्य एवं श्रुत विषयमा वैराग्य प्राप्त हुनेछ। त्यसबेला श्रोतव्य एवं श्रुत विषय अनुपादेय जानिनेछ र त्यस्को लागि तिमी जिज्ञासा पनि गर्ने छैनौ। (मोह कलिलं को अर्थ लगाउँदै शंकराचार्य भन्नु हुन्छ - "मोहात्मक अविवेकरुपी कालुष्य") तिम्रो बुध्दिले त्यस्लाई अतिक्रम गर्नेछ तब तिमी शुध्द भावलाई प्राप्त गर्नेछौ, अनि श्रोतव्य एवं श्रुत विषय तिम्रो अगाडि निष्फल हुनेछ। ॥ ५२ ॥

आध्यात्मिक व्याख्या - "जब तिमी मोहदेखि निर्गत हुनेछौ, तब राम्रो नराम्रो कुरा सुनेर पनि कुनै वेदना हुने छैन।"

-कहिले तिमी त्यस परम पदलाई पाउने छौ ? जब भगवान्को या आत्मदेवताको भजन गर्दा गर्दै देहात्मबुध्दि नष्ट हुनेछ। देहात्मबुध्दि भनेको कुनै साधारण जस्तो वस्तु होइन। क्रिया गर्दै गर्दै जब मनले यस वाह्य जड जगत्लाई केही विर्सन लाग्छ तब पनि पूर्ण विस्मृति आउँदैन। तब पनि तैजस शरीर या प्राणमय कोषादिमा अनेकानेक दृश्य वस्तु-शव्द रुपको खेल आएर साधनामा विघ्न उत्पन्न गर्दछ। सबै विर्सन जानुले स्थितिमा पुग्नु अघि कतै यी विघ्नले हामीलाई रोकी नराखोस् तथापि यी सूक्ष्म वस्तुहरु हुन र सुन्दर पनि छ, मन एस्लाई छाडेर स्वधाममा जान चाहँदैन। यही बुध्दिको मोह हो। यस्लाई पार गर्नु पर्नेछ। क्रियाद्वारा बुध्दिलाई प्रक्षालित गरी सूक्ष्मातिसूक्ष्म भावमा परिणत नगरिकन यी स्थूल वस्तुहरु प्रति मोह हट्ने छैन। मनमा लाग्ला -"वाह ! वाह! आज कस्तो शव्द सुनिन आयो, आज कस्तो उज्यालो चित्र देखिनमा आये - अव जानिन जान्छ - म पुगी हाले" एस्तो कुरा छैन "इह वाह्य, आगे कह और" "यो वाह्य भाव हो अगाडि अरु भन्नुहोस" - यी सबैलाई नाघेर जानु पर्नेछ। जबसम्म देख्ने र सुन्ने प्रवृति छ, तवसम्म वैराग्य आउँदैन - यस्लाई याद राखनु पर्छ, - अतयव शुध्द बुध्दि धैरै टाढाको कुरा हो। शुध्द वुध्दिको उदय विना त्यत्तिकै कोही कसैले उस्लाई देख्न या सम्झन कसरी सक्दछ ? बुध्दिमा जुन मोह टांसिएको छ, त्यसलाई दूर गर्न दुइचार घण्टा, महिनौं या वर्षौंको साधनाको काम छैन।

" एवं निरन्तर कृत्वा ब्रहमै वास्मिति वासना;
हरत्य विद्या विक्षेपान् रोगानिव रसायनम् ॥"

वासना त मनको काम हो, जब मन एस्तो होओस-विषय वासनाको तरंग नउठोस् त एस्तो मनमा ब्रहम वासना नै जागृत हुनेछ, अर्थात निरन्तर स्मरण हुँदै रहनेछ। रसायन द्वारा जसरी रोग नष्ट हुन जान्छ उसरी नै राम-रसायन द्वारा अविद्या-विक्षेप जड मूल देखि नै नष्ट हुन जान्छन। जुन राम देहेन्द्रियको भित्र रमण गर्छ त्यस आत्मा रामको पासमा पुग्नु पर्नेछ! उसलाई त यता उता खोज्ने, यो तीर्थ त्यो तीर्थ भट्कनाले काम बन्ने छैन। एकपल्ट जब ब्रहमान्वेषनको दृष्टि प्राप्त हुनेछ, तबै उस्को पासमा पुग्न सकिनेछ। तब यी शव्दहरु या दृश्यादिहरुको निम्ति कुनै क्षोभ रहने छैन। श्रुति भन्छन् - *"परीक्ष्य लोकान्-कर्मचितान् ब्राहमणो-निर्वेद मायात्।"-मुण्डक उप०* जो मनुष्य ब्रहमपदलाई चाहन्छन, तिनीहरु स्वर्गादि सारा सुख ऐश्वर्यलाई तुच्छ सम्झी त्यस्को प्राप्तिको आकांक्षा नगरी त्यसैमा वीतराग हुन जान्छन्। जब सम्म शरीर या गुणादिमा मन रमण गर्दछ तबसम्म यी सबै तुच्छ लाग्दैन, परन्तु जो मनुष्य क्रिया गरी क्रियाको परावस्था प्राप्त गर्दछ उस्को चित्त नशावाजको समान मस्त हुन जान्छ, अनि तब उनिहरुको चित्त यो सान्सारिक कूडा कचराको निम्ति विल्कुलै व्याकुल हुँदैन। ॥ ५२ ॥

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला;
समाधाव चला बुध्दिस्तदा योगमवाप्स्यसि ॥ ५३ ॥

श्री धरीय टीका - नाना किसिमको लौकिक एवं वैदिक अर्थवाद श्रवण ले तिम्रो बुद्धि जुन पहिले नै विक्षिप्त भएको छ, त्यो जब विषयान्तर देखि आकृष्ट नभै अभ्यास पटुता द्वारा परमेश्वरमा अचल हुन जानेछ तव योग अर्थात् तत्त्वज्ञानको प्राप्ति हुनेछ। ॥ ५३ ॥

आध्यात्मिक व्याख्या - "ॐकार ध्वनिमा सदा सर्वदा रहनाले, अचल भएमा योगको प्राप्ति हुन्छ, अतयव ॐकार ध्वनि निरन्तर सुन।"

- पहिले खुव मन लगाएर क्रिया गर्दै जाऊ। मन लगाई क्रिया गर्दा खेरि प्रथमतः भ्याँउकिरीको आवाज जस्तै एक प्रकारको ध्वनि कानमा सुनिन जान्छ। यस्तो होइन-त्यो शब्द टाढाबाट आएको सुनिन जाओस, अथवा लोकान्तर स्थित जीवादिहरुको कुराकानीको शब्द कानमा परेको होस। धेरै प्राणायाम गरेपछि वायु स्थिर हुन्छ, त्यसवाट उत्पन्न एक शब्द कर्णमा श्रुतिगोचर हुन्छ भ्याँउकिरीको शब्द त्यसपछि टाढाबाट आइरहेको घण्ट ध्वनि जस्तो मध्दिम ध्वनि-यस्ले चित्तमा पहिले पहिले एक प्रकारको चांचल्य आउँछ, परन्तु त्यसैमा अरु मनोयोग दिएपछि त्यो ध्वनिद्वारा निष्पादित एक अचल अवस्था साधकलाई प्राप्त हुन्छ, तब निरन्तर प्रणवध्वनि सुनिन जान्छन्-वीणा, वेणु, शंखको निर्धोष समान मधुर एवं गम्भीर शब्दको अनुभूति हुन्छ। कवीर भन्नु हुन्छ - *"रग् रग् बोले रामजी रेर रोम् रर रोंकार"* यो श्रुति मधुर अनादि संगीत सुन्दा सुन्दा मन स्पन्दन शून्य एवं बुध्दि वेगशून्य हुन जान्छ। शव्दमा सबैकुरा लय भएर क्रियाको परावस्था या ज्ञानको साक्षात्कार हुन्छ। यस्लाई पनि योग समाधि या आत्म-साक्षात्कार भन्न सकिन्छ।

अनाहतस्य शव्दस्य तस्य शव्दस्य यो र्ध्वनि ;
ध्वनेरन्तर्गतं ज्योतिर्ज्योतिरन्तर्गतं मन ;
तन्मनो विलयं याति तद्विष्णोर्परमंपदम् ॥

अनाहत शव्दमा मन लगाउँदा त्यस ध्वनिको अन्तरगत ज्योतिको अनुभव हुन्छ । त्यस ज्योतिको भित्र मन अचल स्थिर हुन जान्छ तब फेरि बोध पनि रहँदैन - यही विष्णुको परम पद हो । ॥ ५३ ॥

अर्जुन उवाच ।

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ;
स्थित धीः किं प्रभाषेत किमासित व्रजेत किम् ॥ ५४ ॥

श्री धरीय टीका- [पूर्वोक्त श्लोकमा भनिएको आत्मतत्त्वज्ञ पुरुषको लक्षणको जिज्ञासा गर्दै]- अर्जुनले भन्यो-हे केशव ! स्वाभाविक समाधिमा अवस्थित स्थित प्रज्ञको लक्ष के हो ? अर्थात त्यो निश्चलबुध्दि पुरुषको सम्बन्धमा मानिसहरु के भन्दछन् ? स्थित धी पुरुषको भाषण उपदेशन एवं चलन या गति कस्तो हुन्छ ? [यहाँ समाधिस्थ पुरुषको पश्चात् समाधिबाट जागेको पुरुषको भाषण, उस्को आचार व्यवहारको विषयमा जिज्ञासा गरिएको छ] ॥ ५४ ॥

आध्यात्मिक व्याख्या- "शरीरको तेजले भन्छ, स्थित प्रज्ञ, समाधि, स्थितधी यो सवै के हो ?"

-साधना गर्दा गर्दै जब प्राणको अवरोध हुन्छ, तब त्यस स्पन्दन रहित योगीलाई कुन लक्षणले हामी चिन्ने ? त्यसपछि यो अवस्था त पहिले स्थायी भावले आउँदैन, केही क्षण उपरान्त यस अवस्था देखि तल झर्नु पर्ने हुन्छ, त्यस समयमा उस्को कस्तो लक्षण स्फुटित हुन्छ, क्रियाको परावस्थामा त मन निष्क्रिय हुन्छ । परन्तु क्रियाको परावस्थाको परावस्थामा साधक ठीक जाग्रत भावमा रहँदैन, तत्पश्चात् योगी यस अवस्थामा जो परिपक्व भएको छ, तिनीहरु यस दशामा भोजन, पान, भ्रमण तथा भाषण पनि गर्न सक्छ, तैपनि जगत्को कुनै पनि विषयले उस्लाई रोक्न सक्तैन । एस्तो स्थितधी योगीहरुको लक्षण बारे जिज्ञासु भएर अर्जुन भगवान् संग प्रश्न गर्दछ । यस अवस्थामा मन एति एकाग्र एवं सुक्ष्म भावापन्न हुन्छ - त्यससमय योगीलाई शव्द, स्पर्श रुप, रस, गन्धले कुनै प्रकारसँग स्पर्श गर्न सक्तैन । सानो सानो वालक सुतेपछि जब उठाइन्छ त त्यसबखत पनि त्यो विम्झँदा पनि त्यस्तो जाग्रत हुँदैन, तथापि खाने पिउने सवै काम गर्दछ । दोस्रो दिन त्यो खानपान बारेमा सोध्दा ठीक ठीक केही भन्न पनि सक्तैन । किन भने जुन मनले उस्ले सम्झन्थ्यो त्यो मन नै त्यसबेला थिएन, र बुध्दि पनि आत्मभावले भावित थियो । इन्द्रियहरुको स्वभाववश क्रियाशील हुनुको कारण प्राकृतिक कार्य हुन्छ नै, तर त्यस्लाई संचालन गर्न मन र वुध्दि त्यसवेला जाग्रत हुँदैन, अतयव उसबाट त्यसप्रकारको ठीक ठीक तरीकासंग कार्य हुँदैन । परन्तु यस अवस्थालाई धेरै दिन, अनेकवार र अनि धेरै वेर सम्म समाती रहेमा क्रमशः योगी एक अद्भूत अवस्थालाई प्राप्त हुन्छ । त्यस अवस्थामा तिनीहरु मानो साधारण मनुष्यहरु जस्तै सारा काम गर्न

सक्दछन्; तथापि साधारण मानिसहरुको साथ स्थितधीको जुन पार्थक्य छ त्यसैलाई जान्नको निम्ति अर्जुनको शेष तीन प्रश्न छ । अवश्य नै यस्तो अवस्था अत्यन्त निगूढ एवं सर्व साधारणको लागि दुर्ज्ञेय छ । किन भने योगको जुन सात भूमिकाहरु छन् उनमा पहिलो दुई बाहिरी छन् । तेस्रो तनुमानसी हो - यस्मा मनको क्षीणता हुन्छ अर्थात मन रहन्छ तर भित्र डुबिरहन्छ । चौथो सत्वापत्ति अवस्था हो - यस अवस्थामा जगत् बिर्सिन्छ, आफु आफुलाई नै योगीले बिर्सन्छ । यही समाधिको आरम्भ हो । यही अवस्था स्थायी र स्थिर हुँदा साधक कृतार्थ हुन जान्छ । साधारणतः यस अवस्था सम्म साधकावस्था शेष हुन जान्छ । पंचम असंसक्ति अवस्था हो । यस अवस्थामा योगी समाधिस्थ होस या त्यसबाट उठेको होस्, उ ब्रहमभाव देखि कहिलै विचलित हुँदैन, या सान्सारिक दृश्यहरु देखेर मुग्ध हुँदैन । यही परिपक्व योगारुढावस्था हो । यस अवस्थामा रहिकन सबै काम गर्न पनि सकिन्छ या गर्न सकिदैन पनि । साधारणतः महायोगीश्वर पुरुष तथा अवतारपुरुष यही अवस्थामा रहन्छ र अनि एसै अवस्थामा रहेर समस्त जागतिक लीला सम्पादन गर्दछन् । छैठौ अवस्था हो पदार्थाभावनी यस अवस्थामा योगी फेरि उठ्दैन । उस्को सामुन्ने तब सृष्ट असृष्ट केही रहँदैन । त्यहा केही गरिनु या हुनु सक्तैन । यही द्वन्द्वातीत अवस्था या परम प्रज्ञाको अवस्था हो । प्रथम तीन भूमिका मुमुक्षुको लागि हो, चौथो भूमिकामा स्थित योगीलाई ब्रहमवित् भनिन्छ । असंसक्ति नामा पंचम अवस्थामा योगीको अविद्याको कार्यप्रति आसक्ति हुँदैन, ती योगीहरु नै ब्रहमविदवर् भनिन्छ । पश्चात् पदार्था-भावनी छैठौ भूमिका आउँछ, यस अवस्थामा भित्र बाहिर, स्थूल सूक्ष्म कुनै वस्तु रहँदैनन् । कुनै पदार्थको विषयमा ज्ञान रहँदैन, म तिमी रुपमा कुनै बोध पनि रहँदैन । एस्तो योगीलाई ब्रहमविद् विविधान भन्दछन् । यसपछि सप्तम भूमिका तूर्यावस्थाको शेष प्रान्तर हो । यही समाधिको अन्तिम स्थिति हो । यो अवस्था के हो, यस्लाई मनुष्यको भाषामा भन्न सकिन्न । “केवलं ज्ञानमूर्ति” - यो साक्षात शिव-स्वरुप या ब्रहमरुप हो । चौथो अवस्थादेखि मुक्तिको लक्षण या अपरोक्ष ज्ञानको प्रकाश प्राप्त हुन्छ । अगाडि क्रमशः एक एक खुड्किलो उच्च भन्दा उच्चतर हुँदै अन्तिम अवस्था चरमप्रज्ञा या जीवन विमुक्त अवस्था प्राप्त हुन्छ । यही ब्रहमविद वरियान भनिन्छ । ॥ ५४ ॥

श्री भगवान् उवाच ।

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ;
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥ ५५ ॥

श्री धरीय टीका- [साधकको जुन ज्ञान साधन छ त्यही सिध्दको स्वाभाविक लक्षण हो । एसै कारण सिध्दको लक्षणहरु भनेर तेस्को अन्तरंग ज्ञान साधनको चर्चा अध्यायको समाप्ति पर्यन्त गर्नु हुन्छ]-श्री भगवान्ले भन्नु भयो-(प्रथम प्रश्नको उत्तर) - हे पार्थ ! मनमा रहेका समस्त कामनाहरुलाई जस्ले पूर्णरुपले त्यागी दिएको छ, तिनीहरु नै स्थित प्रज्ञ हुन् । किन स्थित प्रज्ञले त्याग गर्दछ, यसको कारण भन्नु हुन्छ, त्यो केवल आत्मद्वारा आत्म तुष्ट रहन्छ । परमानन्द आत्मारुपमा जो स्वयं परितुष्ट छ अर्थात आत्माराम भएर क्षुद्र विषयाभिलाषाहरुलाई परित्याग गरी सकेको छ - यसै लक्षणले युक्त मुनिलाई स्थित प्रज्ञ भन्दछन । ॥ ५५ ॥

आध्यात्मिक व्याख्या- "कूटस्थ द्वारा अनुभव हुन्छ - मनमा जति पनि इच्छाहरु हुन्छ ; सबै असाध्य छन्, त्यस्लाई त्यागेर क्रिया गर्दै स्थिर हुनुको नाम स्थित प्रज्ञ हो ।"

- काम संकल्प द्वारा मन विषयभोग गर्दछ र त्यसैमा आनन्द प्राप्त गर्दछ । यदि समस्त कामनाहरुको त्याग भयो भने उस्लाई तुष्टि कसरी हुन्छ ? एस्तो अवस्था त पागलको हुन सक्छ । यस्तो कुरा अनभिज्ञ मनुष्यले नै सोच्न सक्दछ । परन्तु समाधिकालमा यी वाह्य सुखहरुको अनुभवको वस्तु रहन्न, तैपनि त्यो अत्यन्त प्रसन्न देखिन्छ । यसको कारण के हो ? आत्मामा आनन्द भन्ने वस्तु स्वाभाविक छ, वस्तुमा आनन्द छैन । प्रश्न हुन सक्छ - यो आनन्दमय आत्मा त सबैको पास सबै समय रहन्छ, तब जगत्मा आनन्दको यति अभाव किन छ ? यसको कारण यो हो - विषयाभिलाषी मन इन्द्रियहरुद्वारा मधु आहरण गर्ने उद्देश्यले दौडीरहने गर्छ, यदि विषयमा आनन्द भये त उसले रसास्वादन गरी हाल्थ्यो, परन्तु त्यसमा यो प्रकृत आनन्द वस्तुको अभाव रहन्छ, र रहन्छ केवल रसाभास, यसबाट मनको वासना मेटिदैन, यही कारणले उ अनेकानेक वस्तुतिर भट्किँदै रहन्छ, उस्लाई आशा हुन्छ विषयमा परमानन्द पाइनेछ । परन्तु त्यहाँ उस्ले कहिल्यै त्यो परमानन्द पाउँदैन, यसैकारण उस्को दौडादौडी एवं हाय हाय मेटिन्न । मन जब विषयतिर दौडिन्छ तब उस्ले आफ्नो घरको खबर विर्सन्छन् । उस्ले जान्दैन - परमानन्दमयी त (नजिकै) "नीचद्वार" मा नै छ । जब गुरु कृपाले उस्लाई रहस्यको सन्धान मिल्दछ । तब फेरि उ सुखको आशाले विषयहरुमा भट्कँदैन । तब आफुलाई विषयहरु देखि खिंचेर उ गुरु प्रदत्त साधनामा मग्न हुन जान्छ । प्रतिदिन मनोयोगपूर्वक साधन गर्दै गर्दै उस्लाई आफ्नो संकल्प विकल्प, मनको टुटनु र लाग्नु राम्रो लाग्दैन । तब उस्को समझमा आउँछ - मनको एसरी विषय चिन्तन अनुचित छ, यस्मा कुनै सुख छैन । यसको अपेक्षा मन लगाएर साधना गर्नु नै राम्रो छ । यसप्रकार मन लगाएर क्रिया गर्दै गर्दै क्रियाको परावस्थाको अनुभव हुन्छ । त्यस्मा कत्रो आनन्द छ ! त्यो स्थिरतामा कस्तो आराम छ !! यो स्थिरता जब स्वाभाविक हुन जान्छ, त्यसको निम्ति जब कुनै प्रयत्न गर्नु पर्दैन, इच्छामात्रले साधक त्यसमा प्रविष्ट भएर जगत्लाई विर्सन जान्छ-यस स्थितिमा पुगेको योगी लाई नै स्थित प्रज्ञ भन्दछन् । मन जब विषयमा दौडिन्छ, तब त्यो आत्म-स्थितिबाट विच्युत हुन जान्छ । तबै उस्लाई दुःखको अनुभव हुन्छ । जुन अवस्था आत्मानुभूतिदेखि शून्य छ र विषयानुभूतिले पूर्ण छ, त्यस्मा आनन्द पाइँदैन - केवल निरानन्दमा मनप्राण जलिरहन्छ । जब मन आत्मामा डुब्न जान्छ, तब उसलाई परमानन्द, त मिल्छ नै, साथै यी मिथ्या मायाको खेल विषयादि मानो स्वप्नदृष्ट वस्तु समान नजाने कता अन्तर्हित हुन जान्छ । जस्तै हातैमा मणि छ, त्यस्लाई विर्सेर "मणि कहाँछ" सोध्दै खोज्दै कोही एताउता भट्किरहन्छ, अनि जब हातमै मणि भएको देख्दछ हराएको छैन, तब उस्को मन अति प्रशन्न हुन्छ - मनको भारी हलुँगो हुन जान्छ - यसै प्रकार आत्मा सबैमा तथा सर्वत्र रहेर पनि मनको क्षिप्तावस्थामा त्यो अनुभवमा आउँदैन एसैले उस्को मनप्राण निरानन्दले भरी भरी हुन्छ, अनि जब साधन गरेर यस अवस्थामा अनुभव गर्दछ, अर्थात् क्रियाको परावस्थाको साक्षात्कार गर्दछ तब विषय देखि विरहित भएपछि नै उस्को मन प्रसन्न एवं अचंचलआत्माराम हुन जान्छ । तब वाह्यवस्तु मिलोस नमिलोस यसले उस्लाई केही सुख दुःख हुँदैन । आत्माको सन्तोषको

लागि उस्लाई अब बाहिरको कंकड पत्थर घरमा थुपार्नु परेन । तब उ आत्म क्रियाद्वारा आत्मस्थ भएर परमानन्द प्राप्त गर्दछ । उस्को मनमा वासनाको फोका उठ्दैन । उ आफै आफुमा स्तव्ध, अनि आफ्नै आनन्दमा रमिरहन्छ । तब आफ्नो आत्मालाई छोडेर सुखको लागि फेरि उस्लाई कुनै दोश्रो वस्तुको आवश्यकता पर्ने हुँदैन । यसै कारण कामनाको परित्यागको निम्ति यति चेष्टाको आवश्यकता छ । तर केवल मुखले बोल्ने र कानले सुन्दैमा के हुन्छ ? *"नान्य कश्चिदुपायोऽस्ति संकल्पोयशमादृते,"* संकल्पको उपशम विना अर्को कुनै दोश्रो उपाय छैन । मन लगाएर क्रिया गर, प्राणवायु स्थिर भएर नै सबै संकल्प विकल्प मेटिन जान्छन्, अनि स्थित प्रज्ञ हुन सक्ने छौ । श्रुति भन्दछन् -

यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य हृदिश्रिता ;
अथ मर्त्योऽमृतो भवत्यत्र ब्रहम समश्नुते ॥ कठ० उप०

हृदयस्थित काम संकल्प जब निवृत हुन जान्छ, तब मर्त्य अर्थात् जीवले अमृततत्त्व प्राप्त गर्दछ, अनि एसै जन्ममा नै ब्रहमस्वरुपता प्राप्त हुन्छ । ॥ ५५ ॥

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृह ;
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥ ५६ ॥

श्री धरीय टीका- दुःख प्राप्त हुँदामा पनि जस्को मन अनुद्विग्न या अक्षुभित छ, सुखमा पनि जस्को स्पृहा दूर भएकोछ, किनभने उस्को मनबाट प्रीति, भय र क्रोध अपगत भएकोछ । एस्ता मुनिलाई "स्थित धी" भन्दछन् । ॥ ५६ ॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा रही दुःखमा अनुद्विग्न मन सुखको इच्छा छैन, इच्छारहित, भय-क्रोध रहित हुनुको नाम स्थित धी हो ।"

- स्थितधी र स्थित प्रज्ञमा केही थोरै अन्तर छ । जस्ले क्रियाको परावस्थामा घनीभूत अवस्था प्राप्त गरेको छ, उस्को अगाडि बाहिरी दृष्यहरु केही रहँदैनन्, उस्मा कर्त्तृत्व, भोक्तृत्त्व एवं ज्ञात्तृत्त्व भाव पनि रहँदैन । सारा चेष्टाहरुले रहित, गमन शयन, भोजन-भ्रमण-शून्य अटल ध्यानस्थ भावमा उस्लाई यो पनि थाहा हुँदैन-उ जीवित या मृत छ - यही समाधिस्थ स्थित प्रज्ञको लक्षण हो । यस अवस्थामा खूब परिपक्व भएर जब उ समाधिबाट उठ्छ तब उस्को अवस्था कस्तो हुन्छ ? उ वाह्य ज्ञान सम्पन्न हुन्छ, उस्को इन्द्रियादिहरुमा वाह्य चेतना फर्केर आउँछ । तब उ पनि सामान्य मानिसहरु जस्तै भोजन पान एवं कथा वार्त्ता पनि गर्दछ । अब प्रश्न के हो त भने जो क्रियाको घनीभूत परावस्थामा समाधिमग्न भएको छ, त्यो यदि विउँझेर साधारण मनुष्य समान नै व्यावहारिक जंगत्मा व्यवहार गर्दछ, भोजनपान गर्दछ भने एत्रो साधन गर्दा खेरि पनि साधारण मनुष्यमा र उसमा के अन्तर रह्यो ? अर्जुनले यसैकारण समाधिस्थ स्थित प्रज्ञको लक्षण सोधेर फेरि व्युत्थित अवस्थामा उस्को कुराकानी गर्ने, हिंड्ने डुल्ने आदि लोक व्यवहारहरुको विषयमा जान्ने इच्छा प्रकट गऱ्यो । यहाँ कुरा एस्तो छ - क्रियाको परावस्थामा अवस्थित

ध्यानी पुरुषको पनि प्रारव्ध क्षय हुँदैन प्रारव्ध त भोग नगरीकन क्षय हुन सक्दैन पनि, अतयव स्थित प्रज्ञ पुरुषको पनि व्युत्थित अवस्थामा पूर्व कर्मानुसार आध्यात्मिक, आधि-भौतिक, एवं आधिदैविक ताप-समूह उस्को समीप निश्चय नै आउँछ। परन्तु साधारण मानिसहरु प्रारव्ध भोगको कारण दुःखादिमा जसरी विकल र उद्भ्रान्त हुन जान्छ स्त्री-पुत्र-धनादिको संयोग जनित सुखादिको प्राप्तिको निम्ति जसरी उस्को एषणा-स्पृहा बलवती भएर उठछ, समाधिबाट उठेको पुरुषहरुको निम्ति त्यस्तो हुने सम्भावना छैन। किनभने समस्त सुख दुःखादि देहाभिमानीको अज्ञान जनित संस्कार हो। जाग्रत स्थित प्रज्ञमा अज्ञान रहँदैन, शरीरादिमा अभिमान रहँदैन, कुनै पनि वस्तु प्रति उस्को अनुराग या द्वेष हुदैन। अतयव तज्जनित सुख दुःखहरु एवं विषयहरु उपस्थित हुँदामा पनि उ विचलित हुँदैन। क्रियाको परावस्थाको नशामा मस्त भै उस्ले जगत्लाई विर्सन्छ, क्रियाको परावस्थाको परावस्थादेखि यदि उन्को वाह्य चेतना फर्कन्छ भने पनि समाधि-स्मृति-धागो उस्मा त्यसबेला पनि धेरै लागिइरहन्छन्। यसै कारण दुःखले उस्लाई क्षुव्ध गर्न सक्तैन, अनि नत नयाँ नयाँ सुखहरुको उस्लाई चाहना हुन सक्छ। यही स्थितधी' को अवस्था हो। ॥ ५६ ॥

यः सर्वत्रानभिस्नेहस्तत्तत् प्राप्य शुभाशुभम्;
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥ ५७ ॥

श्रीधरीय टीका- [स्थित धी कुन किसिमसँग कुरा गर्दछ - एस्को उत्तर] जो सर्वत्र पुत्र मित्रादिमा स्नेहशून्य छ, अर्थात आसक्ति रहित छ, अतयव अनुवृत्ति बाधित हुनुले अर्थात् साधारण मानिसको जस्तो हुन्छ, त्यस्तो नभै तिनीहरु अनुकुल वस्तु पाउंदा पनि अभिनन्दन गर्दैनन् र प्रतिकुल वस्तु पाउँदा पनि द्वेष या निन्दा गर्दैनन्। बरु केवल उदासीनको समान "भाषते" कुरा गर्दछन्। त्यस्ताकै प्रज्ञा प्रतिष्ठित छ। ॥ ५७ ॥

आध्यात्मिक व्याख्या- " भलो र खराव दुवैमा समान ज्ञान छ। त्यसैको प्रज्ञा प्रतिष्ठित छ।"

-समाधि देखि उठेका स्थित प्रज्ञको निम्ति एस्तो हुन सक्तैन पुत्र मित्र, आत्मीय भनिकन कसैको साथ विशेष प्रेम गर्नु या शत्रु भनेर कुनै कसैप्रति विद्वेष गर्नु। किन भने उस्को अगाडि राम्रो न राम्रो, भलो खराब सबै समान छ। जब तिनीहरु कुराकानी गर्दछन् तब पनि उस्मा सबै भाव अन्यथा देखिन्न। जुन "म" मानिसहरुसंग तथा समस्त वस्तुहरुको साथ सम्बन्ध-युक्त भएर "म" र "मेरो" विलुप्त हुन जान्छन्। यसैले आत्मीय या उपकारीकोरुपमा भलो होस् अथवा शत्रु या अपकारीको रुपमा खराव होस उस्को मनमा राम्रो नराम्रो, भलो बुरो खरो भाव उठ्दैन। उसको पासमा मन रहँदैन, अतयव जागतिक लाभ-हानिमा उन्को दृष्टि रहँदैन। जगतको मूल वस्तुहरुको साथ उ आफुलाई एकाकार देख्दछ। उस्को चित्त सदा भ्रान्तिशून्य हुन्छ र अज्ञान तथा स्नेह आदि तामसी वृत्तिहरुदेखि शून्य हुन्छ। अनि भलो, हर्ष, विषाद उस्लाई कसरी हुन सक्तछ ? ॥ ५७ ॥

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः;
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥ ५८ ॥

श्री धरीय टीका- जब एस्तो योगी शब्दादि विषयहरुदेखि इन्द्रियहरुको संहरण, अर्थात अनायास प्रत्याहार गर्दछ, उसरी नै जसरी कछुआ हात खुट्टा आदि आफ्नो अंगहरु स्वभावत आकर्षण गर्दछ, तबै उनको प्रज्ञा प्रतिष्ठित हुन्छ। ॥ ५८ ॥

आध्यात्मिक व्याख्या- "जस्ले देखेर पनि देख्दैन, उसैको प्रज्ञा प्रतिष्ठित हुन्छ।"

- योगीको आँखा, कान, नाक, जिह्वा र त्वचा साधारण मनुष्यहरुकै समान देखिनमा आउँछन। परन्तु यीनीहरुमा कसैको पनि गति बहिर्जगत्‌तिर हुँदैनन्, सबैको अन्तर्मुखी गति हुन्छ यही कारणले आँखा कान भएर पनि उस्ले बाहिरको दृष्यहरु देख्दैनन् र न त बहिर्शब्द सुन्छन। शब्द\स्पर्श रुप रस गन्धात्मक सारा व्यापार मायाको खेल हो। प्राणको कम्पन् इडा-पिंगलामा श्वास गतिको प्रवाहको कारण अनुभूत हुन्छन्, वस्तुत: केही छैन जब अनन्त शान्तिको आश्रय एक आत्मानै जगन्मय भै व्याप्त छ, तब यी पंचभूतहरुको पंचतत्व कहाँबाट आउने ? यही भ्रम दृष्टि हो, प्रकृतिको भित्रको खेल हो। जब सम्म इन्द्रियहरु बहिरदृष्टि सम्पन्न छ, यो खेल रोकिने होइन। यसकारण कठोपनिषदमा भनिएको छ -

परांचि खानि व्यतृणत् स्वयंभू,
स्तस्मात् पराङ पस्यति नान्तरात्मान् ;-
कश्चिद् धीर प्रत्यगात्मानमैक्ष
दावृत्तचक्षुरमृतत्वमिच्छन ॥

स्वयंभू भगवानले इन्द्रियहरुलाई बहिर्मुखी या वाह्य पदार्थ दर्शी बनाई निर्माण गरेकोछ, यसैकारण तिनीहरु वाह्य विषयहरु अर्थात् शब्दादिहरु देख्दछ अन्तरात्मालाई देख्दैनन्। कुनै कुनै विवेकी पुरुष मुक्तिको इच्छा गरी चक्षु आदि इन्द्रियहरुलाई रोकी "प्रत्यागात्मा" अर्थात जीवदेहमा प्रकाशमान कूटस्थ या आत्मालाई हेर्दछ। अतयव "प्रत्यगात्मा" लाई हेर्न कछुवाको समान बाहिरदेखि भित्रतिर मोडनु पर्नेछ। जीव्रो उल्टाउनु पर्नेछ, आँखालाई उल्टाउनु छ, मनलाई उल्टो बनाउनु पर्नेछ श्वास दायाँ वाँया चल्न नसकोस एसैले एस्लाई पनि उल्टाउनुछ, अनि सबै एकै ठाउँमा एकविन्दुमा स्थिर हुनेछ, तब देखिनेछ -

हृदयाकाशे जगत् बीज ज्योतिरुपेते भातिरे ;
प्रतिक्षणे क्षणे प्रणव शब्द रोम् रोम् रवे वाजेरे ॥

"हृदयाकाशमा जगत्वीज् ज्योति रुपमा उद्भासित भैरहेछ, प्रति क्षण क्षण प्रणव ध्वनि रोम रोम शव्दले गुंजन भैरहेछ।" प्रज्ञा प्रतिष्ठित पुरुषको स्थिति यसप्रकारको हुन्छ। क्रियाको परावस्था या समाधि टुटेपछि, क्रियाको परावस्थाको परावस्थामा योगीको एउटा खुट्टो पानीमा र अर्को स्थलमा जस्तो स्थिति हुन्छ। यदि बाहिर कुनै गडवडी देख्दछ भने तुरुन्तै पुन: आत्मस्थ हुन जान्छन्। समाधिबाट उठेको योगी एसरी नै इन्द्रियहरु निग्रह गर्दछन्। जसरी कछुवा आफ्नो हात खुट्टाहरु आदिलाई मोडेर भित्र समेटी लिन्छ, समाधिबाट जागेको योगी पनि त्यसरी नै आफ्नो इन्द्रियहरुलाई विषयहरु देखि खिंची लिन्छन। ॥ ५८ ॥

विषया विनिवर्त्तन्ते निराहरस्य देहिन : ;
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्त्तते ॥ ५९ ॥

श्री धरीय टीका- [यदि भन्छौ भने -इन्द्रियहरुको विषयहरुमा अप्रवृत्ति स्थित प्रज्ञको लक्षण हुन सक्तैन, किन भने एस्तो हुंदामा उस्को साथ जड, आतुर एवं उपवास परायणमा कुनै भेद रहने छैन-यसैको उत्तरमा भन्नु हुन्छ]-इन्द्रियहरुद्वारा विषयग्रहण गर्नु नै आहार हो। यस प्रकारको विषय ग्रहणमा अवृत्त देहाभिमानी अज्ञ पुरुष विषय ग्रहण देखि प्रायः निवृत्त हुन्छ, अर्थात् उस्लाई विषयानुभव हुँदैन। परन्तु रस या विषयाभिलाषालाई वर्जन गर्दै अर्थात् तेस्ता पुरुषहरुको विषय वासना निवृत्त हुँदैन। परन्तु स्थित प्रज्ञ पुरुषको विषयाभिलाषा पनि परमात्मालाई साक्षात्कार गरी स्वतः नै निवृत्त या नष्ट हुन जान्छ। उपवास परायण निराहारी पुरुषको केवल विषय ग्रहण नै निवृत्त हुन्छ, परन्तु क्षुधार्त्त पुरुषमा शव्दस्पर्शादिको अपेक्षा हुँदैन, तैपनि उस्लाई तत्तत् विषयमा अनुराग हुन्छ। परन्तु स्थित प्रज्ञको विषय र आसक्ति दुवै नै निवृत्त हुन्छ। अतयव विषयमा केवल अप्रवृत्ति मात्र स्थित प्रज्ञको लक्षण हुन सक्तैन। ॥ ५९ ॥

आध्यात्मिक व्याख्या- "फलाकांक्षारहित कर्म - रसवर्जित आहार गरी परव्रहमलाई हेरेर स्थिर रहनु।"

- स्थित प्रज्ञको साधारण मनुष्यहरुको साथ अन्तर यही हो - तिनीहरु विषय ग्रहण गर्दैमा पनि त्यसमा आसक्त हुँदैन। फलाकांक्षारहित कर्म नै उस्को रसवर्जित आहार हो। सकाम पुरुषको समस्त कर्म फलाकांक्षाको साथ हुन्छ, फलाकांक्षा विना साधारणतः उनिहरुको कर्मै हुँदैन। परन्तु जो क्रिया गर्दै गर्दै क्रियाको परावस्थामा रहन्छ, उस्को कर्म प्राय सबै भएको हुन्छ, कुनै कर्ममा उस्को प्राण बन्धनमा पर्दैन। उस्को चित्ताकाशलाई विषयरसले स्पर्श पनि गर्न सक्तैन। ब्रहमानन्द योगीको रसानुभव विषयानन्द भोगको अपेक्षा अनेकगुणा श्रेष्ठ एवं पवित्र हुन्छ। अतयव जुन चित्त ब्रहमानन्दमा मग्न रहन्छ त्यस्मा विषयवासना प्रवेश नै कसरी गर्न सक्दछ? क्रियाको परावस्था जस्को सहजावस्था भएकोछ, त्यस कृतार्थ योगीको सुखाभिलाषा समूल नष्ट हुन जान्छ। सुख दुःखको अनुभूतिको मूल - देहसंग इन्द्रिय र मनको संयोग-उस्मा हुँदैन। ॥ ५९ ॥

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः;
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥ ६० ॥

श्री धरीय टीका- [इन्द्रिय संयम नभै स्थित प्रज्ञता संभव छैन, अतयव साधकावस्थामा यस्को महान् प्रयत्न गर्नु पर्दछ। यही कुरा दुई श्लोकमा भन्नु हुँदैछ] हे कौन्तेय ! मोक्षको निम्ति प्रयत्नशील विवेकी पुरुषको मनलाई पनि इन्द्रियहरुले बलपूर्वक हरण गर्दछ। किन भने इन्द्रियहरु क्षोभ गर्ने वाला अथवा प्रमत्त छ ॥ ६० ॥

आध्यात्मिक व्याख्या- "संयम गर्दै रहँदा पनि इन्द्रियहरुले राम्रो राम्रो मनलाई पनि हरण गर्दछ।"

- साँच्चिकै भगवान्‌लाई प्राप्त गर्नको निम्ति जस्को चित्तमा प्रवल प्यास हुन्छ, यस्तो साधक इन्द्रिय भोगमा लोलुप हुँदैन । इच्छा भयमा पनि तिनीहरु इन्द्रियहरुको विषयहरु देखि मनलाई हटाउन यथेष्ट प्रयत्न गर्दछन् । यो राम्रो छैन, कल्याणजनक छैन, बारंबार विवेक विचारद्वारा स्थिर भएर पनि इन्द्रियहरु पूर्व संस्कार वश विषयाभिमुखी हुन्छ । तब सम‌झाई बु‌झाई रोक्न कठिन हुन जान्छ, रोकी राख्नु पनि एक किसिमले ल्केश जनक लाग्ने गर्दछ । फेरि क्रमश: उ रोकावट मान्न पनि चाहन्न । ठीक उसरी नै जसरी कुनै प्रमत्त छेकवार मान्दैन । यसैकारण एस्लाई प्रमाथि भन्दछन् । यदि मन खूव असल, सदसद्-विवेक युक्त छ भने पनि विषयहरुको प्रवल आकर्षणले विषयावर्त्तमा पर्ने गर्दछ । अतयव साधनाको अभ्यास यति सुदृढ हुनु पर्छ - विषयको आकर्षणमा पर्नु पर्दा त्यो त्यहाँबाट पिण्ड छोडेर भाग्न सकोस् । कछुवाले अंग भित्र तानेर जस्तै इन्द्रियहरुलाई भित्र तान्नु पर्नेछ । परन्तु केवल तानातानी खिंचा खिंचीले मात्र रोक्न सकिने छैन । यस्को लागि भगवद्-रसको बोध हुनु आवश्यकछ । सतसंग एवं निरन्तर भगवत्-स्मरण द्वारा यस प्रकारको मनोवृत्ति निवृत्त हुन जान्छ । जस्ले क्रिया गरी क्रियाको परावस्था प्राप्त गरेकोछ, उस्ले रसस्वरुप आत्माको सन्धान पाई हालेकोछ । उस्लाई फेरि भय छैन । *"परं दृष्टवा निवर्त्तर्ते ।"* ॥ ६० ॥

तानि सर्वाणि संयभ्य युक्त असित मत्परः ;
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥ ६१ ॥

श्री धरीय टीका- [अतयव] योगी ती समस्त इन्द्रियहरुलाई संयत गदै मत्परायण अर्थात् ममा चित्त समर्पण गरी अवस्थान गरोस् । जस्को इन्द्रियहरु वशमा छ उस्को प्रज्ञा प्रतिष्ठित छ । स्थित प्रज्ञले कसरी अवस्थान गर्दछ - यस प्रश्नको उत्तर दिनु हुँदै भन्नु हुन्छ - "स्थितधी" इन्द्रियहरुलाई वशीभूत गरी अवस्थान गर्दछ । ॥ ६१ ॥

आध्यात्मिक व्याख्या- "समस्त इन्द्रियहरुलाई संयत राखी ब्रहममा अड्की दिनु । जस्को इन्द्रियहरु यसरी वशीभूत छ, उस्को प्रज्ञा प्रतिष्ठित छ ।"

-ब्रहममा नलागीकन इन्द्रिय संयम हुँदैन, अर्थात् जसै त्यो निरोधरुप (क्रियाको परावस्था) अवस्थाबाट ओर्लन्छ त्यस्तै इन्द्रियहरुपनि आफ आफ्नो विषय अन्वेषणको लागि व्याकुल हुनेछ, किनभने यही हो उस्को स्वभाव । परन्तु जस्को क्रियाको परावस्थाको डोरो लागेकोछ, कहिल्यै छुट्दैन, उस्को इन्द्रियहरु फेरि विषय-व्यापृत हुन सक्तैन । एस्तो अवस्था छ भने सम्झनु पर्छ - उनको प्रज्ञा प्रतिष्ठित भैसकेकोछ । यही अवस्था नै हो "मत्पर" अवस्था । मत्पर अवस्थामा मन माथि इन्द्रियहरुको जोर जुलुम काम चल्न सक्तैन । अतयव बलपूर्वक उसबाट विषय भोग गराउन सक्तैन । एसप्रकारको मतपरायण पुरुष नै उनको शरणागत छ, यसबाहेक अन्य कुनै पनि किसिमले बलवान् इन्द्रियग्रामलाई विषयविमुख गर्न कठिन छ, र अनि इन्द्रिय जय नगरिकन आत्मानुभव गर्ने सामर्थ्य पनि आउँदैन अतयव क्रियाको परवस्थाको प्राप्तिको लागि मन् लगाएर खुव क्रिया गर्नु अत्यावश्यक छ र परमावश्यक । यो वाहेक इन्द्रिय जय गरिने दोश्रो उपाय छैन । ॥ ६१ ॥

ध्यायेतो विषयान् पुंसः संगस्तेषुपजायते ;
संगात् संजायते कामः कामात् क्रोधोऽभिजायते ॥ ६२ ॥

श्री धरीय टीका- [वाह्येन्द्रियहरुको संयम नगर्नाले जुन दोष हुन्छ त्यस्लाई भन्दै मन संयमको अभावदेखि उत्पन्न दोषहरुलाई यी दुई श्लोक द्वारा भन्नु हुन्छ]-गुण बुद्धिदले अर्थात् कामना या लोभ युक्त भै विषयको ध्यान गर्नाले पुरुषको त्यस विषयमा आसक्ति उत्पन्न हुन्छ । आसक्तिले त्यस विषयमा झन धेरै कामना या लोभ उठी दिन्छ । कुनै कारणले कामनामा वाधा पर्दा खेरि क्रोध उत्पन्न हुन्छ । ॥ ६२ ॥

आध्यात्मिक व्याख्या- "कामिनी प्रति इच्छा भएमा कामोत्पत्ति हुन्छ, पश्चात् शरीर तात्तिन्छ, मोहित हुन्छ र मनुष्य आफु आफैलाई नै विर्सी दिन्छ ।"

-जस्ले जस्तो भावना गर्दछ, उस्लाई तेस्तै घट्न पनि जान्छ । विषय चिन्तनले तद्विषयक भोगेच्छा उत्पन्न हुन्छ । तव तेस्ले मानिसलाई पागल वनाई दिन्छ र दिमागलाई ठीकसंग रहन दिदैन । तव आत्मस्वरुपको कुरा मनमा रहँदैन, मनुष्य आफुलाई आफैले भुली दिन्छ । हरियो घाँस देखेर जसरी गाई भैंसी बाख्रा आदि लस्की दिन्छ उसरी नै भोग्य वस्तु अगाडि पाउनासाथ मन आनन्दले नाच्न थाल्छ, त्यसलाई पाएन भने रिसले रातो पीरो भैदिन्छ । अतयव जसबाट विषय-स्मरण हुन्छ, यस प्रकारको वस्तुको नजिक पर्नु नै हुन्न । यसैले यदि उस्को स्मरण अर्थात् भगवत् कथाको आलोचना सिवाय मनलाई रीत्तो राखेमा त त्येस्ले आफ्नो अभ्यस्त र आस्वादित वस्तुको स्मरण गर्ने नै छ! स्मरण गरेपछि लोभ उत्पन्न हुन्छ । तव मनमा यो कुरा जाग्दैन - त्यो आत्मा नै आनन्दमय रस-स्वरुप छ त्यसवखत मनमा केवल यही नै भैरहन्छ - कसरी भोग्यवस्तु प्राप्त गर्ने । जस्ले वाधा दिन आउनेछ, त्यस्लाई उपकारी वन्धु मान्नु त धेरै टाढाको कुरा हुन्छ, त्यस समयमा त्यो महा शत्रु लाग्नेछ । आत्मा देहेन्द्रियको साथ मिलेर पानीमा दुध समान घुलमिलिन्छ तव त्यसलाई प्राणेन्द्रियहरुको चेष्टाबाट पृथक गरी बाहिर निकाल्न असंभव हुन्छ । यसैकारण चतुर मनुष्य प्राणायाम रुपी मन्थन क्रिया द्वारा त्यस (दूधजल मिसिएको) वस्तुको देहेन्द्रियरुप जलभाग देखि पृथक गर्दछ, एकपल्ट पृथक भएर नवनित भएपछि फेरि उ पानीमा मिसिन्न पानी माथि माथि पौडिरहन्छ । जबसम्म एस्तो हुन जाँदैन तबसम्म तिमी जत्तिकै बडा बडा पण्डित या संयमी नै किन नहुनु काम क्रोध माथि हात चलाउन कठिन हुन्छ । *"अन्तः पूर्णमना मौनी कामपि स्थितिमिच्छति"* जस्को अन्तर-कुन्तर पूर्ण भएकोछ , चिदाकाशतिर हेर्दा हेर्दा जस्को लक्ष्य फेरि बाहिरतिर जाँदैन - उही पूर्णकाम योगी मौनी हुन जान्छ । अर्थात् उस्को मन लीन हुन जान्छ । अनि उस्ले कुन विषय या स्थितिको इच्छा गर्ला ? यही कारणले साधु पुरुष विषय चिन्तनलाई मृत्यु भन्दछन् र परमात्म-भावनालाई नै अनर्थ निवृत्तिको कारण भन्दछन् । यो आत्म-भाव-भावित चित्तमा विषय चिन्ता फेरि किन र कसरी राम्रो लाग्न सक्छ ? उस्को मनभ्रमर तव कालीपद नील कमलको मधु आस्वादन गर्नमा लागि रहेछ, तव फेरि उस्लाई विषय-रसास्वादन कसरी राम्रो लाग्न सक्छ ? ॥ ६२ ॥

क्रोधाद् भवति सम्मोहः सम्मोहात् स्मृतिबिभ्रमः ;
स्मृति भ्रंशाद् बुध्दिनाशा बुद्धिनाशात्प्रणश्यति ॥ ६३ ॥

श्री धरीय टीका- क्रोधबाट संमोह अर्थात कार्याकार्यको विषयमा विवेकको अभाव हुन्छ । विवेकको अभाव देखि शास्त्र एवं आचार्य द्वारा उपदिष्ट स्मृतिको विचलन या भ्रंश हुन जान्छ, एसबाट बुध्दि या चेतनाको नाश हुन्छ । वृक्षादि समान अभिभव अवस्था हुनजान्छ । बुध्दिको नाश पछि मनुष्य मृतवत्त हुन जान्छ । ॥ ६३ ॥

आध्यात्मिक व्याख्या- "बुध्दि ठेगानामा रहँदैन, बुध्दि स्थिर नरहेपछि नष्ट हुन जान्छ ।"

- नष्ट हुनुको अर्थ हुन्छ इन्द्रिय परायण हुन जानु । इन्द्रियहरुको विषयसंगको सुख आत्मसुख होइन । बुध्दि ठेगानमा नरहेपछि त्यो आफ्नो ठाउँबाट च्युत भै मन एवं इन्द्रियहरुको साथ जुटन जान्छ । तव जसरी गिध्द सिनो पाएर प्रशन्न हुन्छ, उसरी नै यिनीहरु सबै एकदमै एक उत्कट आनन्दमा उन्मत्त वन्न जान्छ । अनि आत्मा परमात्माको खोज-खबर पनि मनमा रहँदैन । केवल खानु, पिउनु, गुलछर्रा उडाउनुमा यिनीहरुको भाव सल्वलाई रहन्छ । बुध्दि ठेगानमा कैले रहन्छ ? *"यस्य त्वं मस्तकोपरि ।"* अर्थात जब प्राण सिरमा चढेर बस्दछ र बुध्दि पनि तदभिमुखी हुन्छ । तब मन उसको अनुगत भएर लय हुन जान्छ । अनि विषयाभिनिवेशयुक्त बुध्दि रहँदैन । त्यस समय उ एकाग्र भएर तथा एकमुखी भै ब्रहम विज्ञानदायिनी बनी अन्तमा आत्माकारा हुन जान्छ । यही हो स्थिर भाव । यसै भावमा ब्रहमात्मा प्रकाशित हुन्छ । यसप्रकार ठीक ठेगानमा बुध्दि रहेन भने त सबै गोलमाल हुन जान्छ र इन्द्रियहरुको उद्दण्डता अन्त रहन्न । अनि वस्तुत: यदि त्यस अपूर्व सुन्दर स्थिरभाव देखि मन फेरि अर्को यथेच्छाचार गर्न थाल्यो भने त यस सद् -सद्-विवेक-बुध्दिहीन अवस्थालाई मृत्यु भनिनेछ । त्यस अवस्थामा सचिदानन्द-स्वरुप 'अहं' को बोध हुदैन । यही अज्ञानको मूल तथा जन्म मृत्युको अच्छेद्य बन्धन हो । के गर्नको निम्ति जगतमा आएको हुँ तथा गुरुको पासमा के प्रतीज्ञा गरेको थियो - सबै विर्सी दिन्छ । यो स्मृतिभ्रंशको अवस्था नै महान् विपदको अवस्था हो । जसबाट स्मृति भ्रंश नहोस्, इन्द्रियहरु सजिलै विषयरहमा न हाम्फालोस्, त्यसैको साधना र निरंतर सतसंग गरी विवेकलाई जाग्रत गरी राख्नु नै धर्म प्राप्तिको प्रकृष्ट उपाय हो । एकाकी नभैकन वासनाको त्याग हुन सक्दैन । एकाकीको अर्थ हो जनशून्य स्थान । जनशून्य स्थान बाहिर कतै पाइने छैन । बाहिरको जनशून्य स्थानमा जाँदा मन केही स्थिरत्व हुन जान्छ, तर त्यस्मा फेरि अनेकानेक विपदाहरु आउन सक्छ - दंश, मशक, सर्प, व्याघ्रादिको भय, अन्न जलको अभाव आदि । एस्तो दशामा के मन स्थिर हुन सक्छ ? केही शून्य स्थानमा या निर्जनमा, मौनी भएर अर्थात् मनलाई बाहिरको मानिसहरुको साथ, तथा मनसंगै कुरा नगरी निरन्तर त्यस शून्य मण्डललाई लक्ष्य गरी त्यहाँ आत्माको सन्धान गर्नु पर्नेछ । तबै क्रियाको परावस्थारुपी निर्जन, महाशून्यको सन्धान प्राप्त होला । त्यो महाशून्य नै हो महाश्मसान । त्यही मेरो सदाशिव महाकाल बास वस्नु हुन्छ । तब -

"हये सहस्रारे दिगम्बरे दिगम्बरी योजना ।"

अर्थात् 'दिगम्बरको साथ सहस्रारमा दिगम्वरीको योजना हुन्छ ।' पुरुष प्रकृतिको यो समरस ऐक्य

भावलाई नदेखिकन के तृष्णार्त्त जीवको विषय तृष्णा मेटिन सक्ला ? विषयमा रुची नै काम या मदन हो । अतयव मदनमोहन या कामारिको पत्ता लगाउनु पर्छ । अन्ततः मदन मोहनको वंशी ध्वनि जव सुन्नमा आउनेछ कामादि मनोवेगले टाप ठोक्ने छ । ॥ ६३ ॥

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ;
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

श्री धरीय टीका- [यदि भन्छौ भने इन्द्रियहरुको स्वभाव विषय प्रवण हुनुको कारण त्यस्को निरोध साध्य छैन, यसकारण यो दोष दुष्परिहार्य छ, अनि स्थित प्रज्ञ हुनु संभव छ कसरी ? यस आशंकाको उत्तर दिंदै भन्नु हुन्छ] राग द्वेष वियुक्त दर्पहीन एवं मनको वशवर्त्ती इन्द्रियहरु द्वारा विषय (शास्त्रानुकुल अन्नपानादि) उपभोग गर्दै रहेर पनि विजितान्तः करण व्यष्टि शान्ति प्राप्त गर्दछ । "कथं व्रजेत" यो चौथो प्रश्नको उत्तर यसबाट हुन गयो । स्थित प्रज्ञ व्यष्टि आत्माको वशीभूत इन्द्रियहरु द्वारा विषयोपभोग गर्दछन । ॥ ६४ ॥

आध्यात्मिक व्याख्या- "क्रिया गर्नाले नै मन सन्तुष्ट रहन्छ"

-इन्द्रियहरु द्वारा नै मन विषय ग्रहण गर्दछ । चंचलमन सदा विषयहरुको पछि पछि लागिरहन्छ । मन विषयानुसन्धानमा रत रहँदा इन्द्रियहरुको निरोध गर्नु असाध्य हुन्छ । परन्तु क्रिया गर्दाखेरि प्राण शान्त हुन्छ, र प्राण शान्त रहँदामा मन पनि सन्तुष्ट रहन्छ, विषयहरुको अन्वेषण गर्दैन । यस प्रकारको मन द्वारा विषय भोग भैरहे पनि शान्तिमा बाधा पर्दैन । वाह्य इन्द्रियहरुको निग्रह भएर पनि मन यदि विक्षेपशून्य हुँदैन भने त त्यस्ले विषय-स्मरण गर्नेनै छ, यस प्रकारको संयमबाट कुनै काम हुन सक्तैन, अनि विषय-चिन्तारहित भएर जब मन शुध्द हुन जान्छ त बाह्येन्द्रिय द्वारा विषय-ग्रहण भएपनि त्यसबाट चित्तको निर्मलतामा कुनै अन्तर आउन्न । जब सम्म शरीर छ तबसम्म धेरै थोरै विषय-ग्रहण अनिवार्यछ, अन्यथा शरीरको रक्षा हुन सक्तैन । परन्तु विषय-मल रहित स्वच्छ शुध्द अन्तःकरण नै श्री भगवान्को पाद पीठ हो । मन जव त्यस पदको स्पर्शमा (क्रियाको परावस्था) आत्मानन्दमा मग्न रहन्छ, तव उस्मा तृष्णा या व्याकुलता रहँदैन । विषय-तृष्णानै समस्त अनर्थको हेतु हो । उस्मा अहमिका लागिरहन्छ । जब सम्म अहंकार छ तवसम्म आत्मानन्दको प्राप्ति हुन सक्तैन । यसैले विचाराग्निलाई सर्वदा प्रज्वलित राख्नु आवश्यक छ । ॥ ६४ ॥

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ;
प्रशन्नचेतसो ह्यासु बुध्दिः पर्यवतिष्ठते ॥ ६५ ॥

श्री धरीय टीका- [प्रसादको प्राप्ति भएर जुन लाभ हुन्छ, त्यसैलाई भन्नु हुन्छ-प्रसाद प्राप्त गरेपछि उस्को सारा दुःखहरुको नाश हुनजान्छ] प्रशन्न चित्त पुरुषको बुध्दि या प्रज्ञा शीघ्र प्रतिष्ठित हुन्छ ॥ ६५ ॥

आध्यात्मिक व्याख्या- "मन संतुष्ट रहँदा खेरि सबै दुःखको नाश हुन्छ र बुध्दि पनि स्थिर रहन्छ ।"

- कुन किसिमसंग हुन्छ मनको तुष्टि ? विषय पाए पछि फेरि मन विषयलाई खोज्दछ, त्यसले मनको तुष्टि हुँदैन । परन्तु क्रिया गरेर क्रियाको परावस्थामा मन जब आत्माकार हुन जान्छ तव उस्मा तरंग उठदैन । मनलाई यस निस्तरंग-भाव मै यथार्थ संतुष्टि प्राप्त हुन्छ । यसैमा समस्त दुःखको नाश हुन जान्छ । मन जब आत्मालाई छोडी एता उता भटकन्छ तव उस्को दुःखको अन्त रहन्न । अतयव मनको त्यो स्वस्थ-दशामा बुध्दि विषयानुगामिनी नभै आत्ममुखी हुन जान्छ । आत्मगामिनी बुध्दिमा नानात्व या नाना भाव रहन्न, यही शान्तिको अवस्था हो । श्री मान शंकराचार्य भन्नु हुन्छ - प्रशन्न चित्तको बुध्दि आकाश-समान अवस्थान गर्दछ र आत्मस्वरुपमा निश्चल हुनजान्छ । जुन चित्त निर्मल हुन्छ त्यस्मा एक आत्मवोध सिवाय अन्य कुनै विषयास्वादन रुचिकर हुँदैन । निर्मल चित्त नै स्थिर चित्त हो । चंचल चित्तमा विषयहरुको अनुभव हुन्छ र घोर अशान्ति उत्पन्न हुन्छ । अज्ञानले नै चित्त चांचल्य घटित हुन्छ । विषयलाई रुचिकर एवं देहेन्द्रियलाई आफ्नो सम्झनु नै अज्ञान हो । जब सम्म यो अज्ञान छ तबसम्म चित्तको प्रशन्नता असम्भव छ । चित्त प्रसादन नै यथार्थ ज्ञान हो । शरीरादिमा सर्वदा रहनुको कारण चित्तको शरीरभ्रम नष्ट हुँदैन जब सबै आकाश हुनेछ र त्यो आकाशमा चित्त जमठ हुनेछ तबै यथार्थमा वुध्दि या ज्ञानको प्रतिष्ठा हुनेछ । मौखिक ज्ञानबाट केही लाभ हुनेवाला छैन, देह बुध्दि छुट्दैन ।

"चलच्चित्ते वसेच्छक्ति स्थिर चित्ते वसेच्छिव :।"

अतयव ज्ञान संकलिनी तन्त्रमा लेखिएको छ - चंचल चित्तमा केवल शक्ति या मायाको खेल हुन्छ, मायाको बस्ने ठाउँ त्यही हो । अनि स्थिर चित्त नै परम व्योम हो - त्यहीं शिव निवास गर्नु हुन्छ । ॥ ६५ ॥

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ;
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥ ६६ ॥

श्री धरीय टीका- [स्थित प्रज्ञको साधन हो इन्द्रिय निग्रह, यसैलाई व्यतिरेक द्वारा सिध्द गर्नु हुन्छ] जसको इन्द्रियहरु वशमा छैन एस्ता पुरुषलाई शास्त्र तथा आचार्यको उपदेशबाट आत्मविषयक बुध्दि अर्थात् प्रज्ञा उत्पन्न हुँदैन । अनि उस्को (बुध्दि या प्रज्ञा) प्रतिष्ठा संभव हुन्छ कसरी ? अयुक्त व्यष्टिलाई भावना या ध्यान हुँदैन । भावना द्वारा नै आत्मामा बुध्दि प्रतिष्ठित हुन्छ । किनभने अयुक्तलाई त्यो हुँदैन । जस्ले आत्म-ध्यान गर्दैन, उस्को आत्मामा शान्ति अर्थात चित्तलाई चैन हुँदैन । अशान्त पुरुषलाई सुख अर्थात मोक्षानन्द कसरी प्राप्त हुन सक्छ ? ॥ ६६ ॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्था विना बुध्दि स्थिर हुने कुनै उपाय छैन ; त्यो बुद्धिमान होइन, जस्लाई क्रियाको परावस्था छैन; उस्मा भाव छैन, नहुनाले शान्ति पनि छैन । शान्ति छैन भने सुख कहाँ ?"

क्रियाको परावस्था विना मनलाई उपराम प्राप्त हुन सक्तैन । मनोवृत्ति निवृत्ति नभैकन विषय पिपासा अन्त्त हुँदैन । इन्द्रियहरु स्वभावैले विषय चाहन्छ, चाहे जति सुकै शास्त्रोपदेश दिइयोस, उस्को चांचल्य मेटिन्न । क्रिया गर्नाले मन शान्त हुन्छ र त्यसको साथै इन्द्रियहरु पनि शान्त हुन जान्छ । अनि यदि इन्द्रियहरु खूबै

अशान्त छ भने क्रियामा मन लाग्दैन । क्रियामा मन नलागेपछि चित्तमा एकाग्रता आउने छैन, अनि चित्त एकाग्र नभैकन क्रियाको परावस्था पनि प्राप्त हुन्न । अतयव विमुक्तिको आनन्द उस्लाई कसरी मिल्न सक्छ ? अतयव साधकले विशेष ध्यान राख्नु पर्नेछ - इन्द्रियहरुले मनोमानी गर्न नपाओस । ॥ ६६ ॥

इन्द्रियाणां हि चरतां यन्मनोऽनुवीधियते ;
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥ ६७ ॥

श्री धरीय टीका- [अयुक्त व्यष्टिको बुध्दि किन हुँदैन, एस्को कारण देखाउनु हुन्छ] अवशीकृत, स्वेच्छाचारी, विषयहरुमा रम्ने इन्द्रियहरु मध्ये जब कुनै एक इन्द्रियको पछि मन चल्दछ, तब त्यो इन्द्रियले 'अस्य' अर्थात त्यस पुरुषको प्रज्ञा हरण गरी लिन्छ, अर्थात् विषय विक्षिप्त गरी दिन्छ । यदि सारा इन्द्रियहरु स्वेच्छाचारी भै दियो भने उस्को प्रज्ञाको हरणको विषयमा त के भन्ने ? सागरमा प्रमत्त कर्णधारको नौकालाई वायुले जसरी सर्वत्र घुमाई दिन्छ उसरी नै मन वशीभूत नरहेमा इन्द्रियहरुले पुरुषको प्रज्ञालाई अपहरण गरी लिन्छ । ॥ ६७ ॥

आध्यात्मिक व्याख्या- "इन्द्रियहरु चंचलायमान हुँदा खेरि बुध्दि स्थिर रहँदैन, तब प्रज्ञालाई इन्द्रियरुपी हावाले जब-स्वरुप प्रज्ञालाई उडाएर लैजान्छ । गंभीरता नष्ट हुन जान्छ ।"

- इन्द्रियहरु कसको वशवर्त्ती हुन्छ ? मनकै त होनी ? मनको गर्दनलाई जुनभूतले जकडेको छ, उस्लाई सबभन्दा पहिले फुकाउनु पर्छ । स्थिर बुध्दिलाई नै प्रज्ञा भन्दछन् । त्यो जल समान छ र इन्द्रियहरुको वेग हावाको समान छ । हावाले जसरी जललाई उडाएर लैजान्छ, इन्द्रियको वेगले उसरी नै प्रज्ञालाई उडाई लैजान्छ । परन्तु इन्द्रियहरुमा त्यस्तो वेग उत्पन्न नै हुन सक्तैन यदि मनले त्यस्मा योग दिएन भने, विचार हीन मन नै अवशभएर कार्य गर्दछ । मनको विचरण या चांचल्य समाप्त भएन भने त विषयमा भ्रमण गर्नु उस्को छुट्छ कसरी ? मनलाई स्थिर गर्न सबै भन्दा पहिले प्राण-संयम गर्नु आवश्यक छ । *"इन्द्रियाणां मनोनाथो मनोनाथस्तु मारुतः"* - समस्त इन्द्रियहरुको राजा मन हो र मनको मालिक प्राण, अभ्यासद्वारा प्राण स्थिर भएमा मन एवं उस्को साथ सारा इन्द्रियहरु वशीभूत हुन जान्छ । अनि एस्तो नभएमा वाक् आडम्बर नै शेष बाँकि रहन्छ । ॥ ६७ ॥

तस्माद् यस्य महावाहो निगृहीतानि सर्वशः ;
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥ ६८ ॥

श्री धरीय टीका- [इन्द्रियहरुको संयम नै स्थित प्रज्ञताको साधन हो - यति भन्नु भै आफ्नो वक्तव्यलाई उपसंहार गर्नु हुदैछ]-अतयव हे महावाहो ! जस्को समस्त इन्द्रियहरु सबै किसिमको विषयहरु देखि निगृहीत भएको छ, उसैको प्रज्ञालाई प्रतिष्ठित बुझ्नु । तिमी महावाहु हौ, अर्थात वैरीलाई तहलाउन समर्थ छौ, अतयव इन्द्रियहरुको निग्रह गर्न पनि अवश्य समर्थ हुनेछौ ॥ ६८ ॥

आध्यात्मिक व्याख्या - "तन्निमित्त इन्द्रियहरु आफ्नो कार्य गर्दछन, तिमी वशीभूत नहुनु । एस्तो अवस्था भयमा प्रज्ञा प्रतिष्ठित हुन्छ"

- यस्तो सोच्न हुँदैन - प्रज्ञा प्रतिष्ठित भएपछि तिम्रो आँखा र कान पनि काम छोडेर अन्धो र बहिरो हुन जानेछ । इन्द्रियहरु जब विषयान्वेषण तिर लाग्दछ, तब प्रज्ञा पनि वहिर्मुखी हुन जान्छ, त्यस बुध्दिद्वारा तब ब्रह्मको खोज हुन सक्तैन । परन्तु इन्द्रियहरुको विषयहरुसँग स्पर्श हुँदा विषयलाई प्राप्त गरेर जब आनन्दमा नाच्च्न, पीङ मच्चाउन नपाओस, विश्वासी भक्त भृत्यको समान केवल प्रभुको वाक्यहरुको अनुशरण गर्दै रहोस, आफ्नो इच्छा प्रवल हुँदामा पनि कहिले प्रभुको आज्ञा उल्लंघन गर्ने इच्छा नगरोस तबै सम्झनु पर्नेछ -प्रज्ञा प्रतिष्ठित अर्थात बुध्दि स्थिर भएको छ । यस्तो हुन्छ कसरी ? निरन्तर साधनाभ्यास तथा विचार द्वारा विषयको हेयत्व सम्झिदै सर्वदा मनलाई जगाई राख्नु, जसबाट विषयलाई प्राप्त गरी त्यस्मा न हाम्फालोस् । संयम साधन बडो कठिन कार्य हो, परन्तु विना संयम आत्म साक्षात्कार प्राप्त गर्नु असंभव छ । प्राण संयम अभ्यस्त भए पछि इन्द्रिय संयम अनायासै सिध्द हुन्छ । अतयव प्राणायामको अभ्यास गरी प्राण संयम अभ्यस्त हुनु पर्दछ । एस्को अभ्यासमा मनलाई एकस्थानमा रोकी राख्नु पर्दछ । एस्तो लाग्दछ -इन्द्रियको ढोकामा विषयहरुको बोध भैरहेछ, परन्तु मनको एस रुध्दावस्थामा मन विषयहरुप्रति त्यसप्रकार आग्रह पूर्वक आकांक्षा गर्दैन । यसकारण यही शान्तिको प्राप्ति गर्ने सजिलो उपाय हो । ॥ ६८ ॥

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ;
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुने : ॥ ६९ ॥

श्री धरीय टीका-[यदि भन्छौ भने - संसारमा प्रसुप्तको-समान दर्शनादि व्यापारशून्य सर्वतो भावेन निगृहीतेन्द्रिय मानिसहरु त देखिनमा आउँदैन, अतयव स्थित प्रज्ञको यो लक्षण असम्भव छ, एस आशंकामा भन्नु हुन्छ]-साधारणतः सबै प्राणीहरुको निम्ति आत्मनिष्ठा निशास्वरुप छ । अज्ञानान्धकारले आच्छन्न जीव आत्मनिष्ठाको कुनै व्यापार गर्दैनन, अर्थात् त्यस विषयमा तिनीहरु निश्चेष्ट हुन्छन ; ठीक निद्रितको समान उस्को पत्तो लाग्दैन । परन्तु जितेन्द्रिय व्यष्टि त्यस आत्मनिष्ठाको विषयमा जागृत रहन्छन् अर्थात त्यस विषयमा उस्लाई कुनै प्रमाद उपस्थित नहोस् यसैले तिनीहरु प्राणापनले साधन एवं संयमको विषयमा सचेष्ट हुन्छन् । जुन विषय निष्ठामा साधारण मानिसहरु जागरित रहन्छन अर्थात विषय व्यापारमा रत हुन जान्छन्, त्यही विषय-निष्ठा आत्मतत्त्वदर्शी मुनेको लागि निशास्वरुप हुन्छ, अर्थात विषयनिष्ठामा त्यो दर्शनादि-व्यापार रहित हुँन्छ । विषय निष्ठ व्यापार उनको सामुन्ने अन्धकाराच्छन्न रात्री समान जस्तो लाग्दछन् जस्तै उल्लु रातीमा देख्दछ, दिनमा देख्दैन, उसरी नै ब्रहमज्ञ पुरुष आँखा खुल्ला रहेपनि दृष्टि ब्रहममा राख्दछ, विषयमा होइन । अतयव स्थित प्रज्ञको यो लक्षण असंभव छैन । ॥ ६९ ॥

आध्यात्मिक व्याख्या- "संयम गरी क्रियाको परावस्थामा रहन्छ, त्यो अवस्था जाग्रत स्वप्नको अवस्था हुन्छ । यसै कारण योगी ध्यानमा नै रहन्छ-त्यही अवस्था सबै भूतहरुको लागि अन्धकार र निद्राको अवस्था

हो, अनि जसमा यी सबै मानिसहरु आसक्ति पूर्वक दृष्टि गरी जाग्रत अवस्था मान्दछन्, त्यस्लाई मुनिहरु अर्थात जो आफसेआफ मौनी भएकोछ-केही बोल्न चाहन्न तिनीहरु उनीहरुलाई अन्धकारमा अवस्थित अर्थात निद्राग्रस्त देख्दछन् ।"

- क्रियाको परावस्थामा योगीहरु जहाँ जाग्रत हुन्छन - त्यो स्वप्नहीनं या निद्रा" हो । त्यो विषय व्यापार शून्य हुनाको कारण निद्रा समान नै साधारण मानिसहरुलाई उपेक्षित हुन्छन । परन्तु सामान्य निद्रामा स्वप्नादि हुन्छन, त्यो एकदमै व्यापार शून्य हुँदैन । योगीहरुको योग निद्रामा यो सबै व्यापार रहँदैन । त्यो त आफु आफुमै मग्न भाव हुन्छ । इच्छा गरी मौनावलम्वन गर्दा - र वाह्य कुरा नगर्दामा पनि मन व्यापार-शून्य हुँदैन, किन्तु योग समाधिमा मग्न योगी हेरिरहन्छ उस्को अगाडि अनेक घटनाहरु घटित भैरहन्छ, तर उस्को मनमा उच्चाटन उत्पन्न हुन सक्तैन । त्यो आफ्नो घरको विपत्ति आँखाले देख्दछ, तैपनि उस्को मन अचंचल रहन्छ ; योगीहरुको यो अवस्था जस्तो साधारण मनुष्यको अगाडि रात्रीको समान हो अर्थात तिनीहरु एस्को रहस्य केही पनि बुझ्न सक्तैन, जसरी साधारण मानिसहरु जब आफ्नो गृह कार्यमा व्यस्त हुन्छन, हाँस्छन, रुन्छन , चल्दछन, घुम्दछन, बोल्छन, परामर्श गर्दछन; यी अवस्थाहरुलाई योगीहरु केवल उदासिन्वत्त हेर्छन । तर गंभीर समाधिमा उनिहरुलाई एस्को पत्तो पनि रहँदैन । एक आत्माकार भावमा मग्न रहन्छन् अतयव उनिहरुलाई नानात्वको उपलब्धि पनि हुँदैन । उपनिषदमा लेखिएको छ - *"यत्र त्वस्य सर्वमात्मैवाभूत् तत्केन कं पश्यत् ।"*-वृह० उप०

-जब सम्यक् दृष्टिको प्रभावले समस्त आत्ममय हुन जान्छ, तब उस्ले कस्लाई देख्लान र कसरी ? क्रिया गरी मन जब निश्चल हुन जान्छ, तव तेस्को मनन् हुँदैन, आत्मदर्शनको वाधा दूर हुन जान्छ, त्यस समय एक आत्मकारा अवस्था बाहेक अन्य अवस्थाको उदय हुँदैन । क्रियाको परावस्थामा प्राथमिक अवस्था तरलभावापन्न र सुषुप्तिको तरलावस्था स्वप्न समान हुन्छ । यस अवस्थामा जडादि नरहेपनि सूक्ष्म दृश्यादि रहन्छन । त्यसमा अनेकानेक दर्शन श्रवणादि हुन्छन् । जब क्रियाको परावस्था गंभीरतम हुन्छ, त सुषुप्ति समान हुन्छ, जस्तो सुषुप्तिमा मनको मनन रहन्न, समस्त अनुभव आच्छन्न हुन जान्छ, उसरी नै क्रियाको परावस्था गंभीरतर एवं गंभीरतम हुन्छ यस अवस्थामा मनको मनन रहँदैन, परन्तु त्यो तमसाच्छन्न नभै ज्ञानाच्छन्न अवस्था हुन्छ । त्यस्मा दृश्यादि केही रहँदैन, परन्तु देहादि उपाधिहरुदेखि शून्य आत्माको अनुभव हुन्छ, पश्चात् त्यो पनि रहँदैन । यस्मा पहिलो अवस्थालाई समाधि र दोश्रो अवस्थालाई निर्विकल्प समाधि भन्दछन् । स्वप्नमा हामीहरु कति कति व्यापार देख्दछौ, तत्कालै त्यो असत्य जानिदैन । स्वप्न टुटेपछि जब जाग्रत हुन्छौं, तव ती दृश्यहरु रहँदैन । मनमा तब कति हाँसो उठछन् ? यसरी नै जाग्रतमा हामी जो जे देख्दछौं र विषयादि भोगमा जुन आनन्द पाउँछौ तथा त्यस्लाई प्राप्त गर्नको निम्ति जति आग्रह हामी प्रकट गर्दछौं, जाग्रत अवस्थाको विषय उसरी नै योग निद्रादेखि जागेको योगीको लागि स्वप्नदृष्ट वस्तु समान जानिन जान्छन् । त्यस्को केही समय पछि जसरी हामी स्वप्नको कुरा विर्सी दिन्छौ तिनीहरुपनि यस जगतको व्यापारलाई त्यसरी विर्सन्छन । सान्सारिक लाभालाभ, प्रियाप्रिय स्थितप्रज्ञको अगाडि स्वप्न-व्यापारको समान मिथ्या छ, यसैकारण यस्मा तिनीहरु उदासीन

जस्तो रहन्छन् अनि जहाँ साधारण मानिसहरु इन्द्रिय चेष्टाहीन समाधि निद्रालाई जडवत निश्चेष्ट भाव मानी उपेक्षा गर्दछन, त्यहाँ स्थित प्रज्ञ पुरुष समाधि प्रज्ञाजनित परमानन्दमा मग्न रहन्छन ॥ ६९ ॥

आपूर्यमाणमचलप्रतिष्ठं, समुद्र मापः प्रविशन्ति यद्वत ।
तद्वत् कामायं प्रविशन्ति सर्वे, स शान्तिमाप्नोति न कामकामी ॥ ॥ ७० ॥

श्री धरीय टीका- [अनि विषयदृष्टिको अभावमा उस्ले कसरी विषय भोग गर्दछ ? एस्को उत्तर दिंदै भन्नु हुन्छ] - जसरी नाना नदनदीद्वारा आपूर्यमाण भएपछि पनि अनतिक्रान्त समुद्रमा पुनः पुनः अन्य जल प्रवेश गर्दछ र समुद्रमा नै मिल्न जान्छ, समुद्रमा कुनै विकार उत्पन्न गर्दैन, - उसरी नै भोगद्वारा अक्रियमाण अन्तरदृष्टि सम्पन्न मुनिको भित्र सारा कामनाहरु प्रारव्ध वशात् आक्षिप्त भै प्रवेश गर्दछ, अर्थात् उस्कै भित्र विलीन हुन जान्छ, कुनै किसिमको विकार उत्पन्न गर्न सक्तैन, उही मुनि शान्ति या कैवल्य प्राप्त गर्दछ । भोगकामनाशील पुरुष शान्ति प्राप्त गर्न सक्तैन । ॥ ७० ॥

आध्यात्मिक व्याख्या- "इच्छा रहित भएपछि हाम्रो केही छैन, म पनि केही होइन, यस्तो अवस्था भएमा शान्ति पद प्राप्त हुन्छ ।"

"कामना नै अशान्तिको मूल हो । साना शिशुहरु जसरी बजारमा सजाएको वस्तुहरुलाई देखि सबै मनपराउँछन्, उसरी नै इन्द्रियहरुको भोग्य विषयहरुलाई इन्द्रियहरुको ढोकाबाट हेर्दा खेरि शिशु समान चंचलप्रकृतिवाला मनले सबैकुरा चाहन थाल्छ जस्को प्रज्ञा प्रतिष्ठित छ, उस्लाई यस प्रकारको विषयलोलुपता हुँदैन, पाएमा पनि ठीक नपाएमा पनि ठीक - एस किसिमको उनको मनोभाव हुन्छ । अर्थात विषय-समूह इन्द्रियगोचर भएर पनि ब्रहमानन्द मग्न योगीको चित्तलाई चंचल गर्न सक्तैन । तिनीहरु विषयहरुलाई प्राप्त गरेर पनि जसरी अटल हुन्छ, नपाउँदा खेरि पनि उसरी नै अव्याकुल हुन्छ । विश्वनाथ चक्रवर्त्ती महाशयले यो श्लोकको व्याख्यामा एक ठाउँमा भनेको छ - "यथा अपां प्रवेशे अप्रवेशे समुद्रो न कमपि विशेष मापद्यते, एवमेय यः कामानां भोगे आभोगे च क्षोभरहितः एव स्यात् सः स्थित प्रज्ञः ।"-

समुद्रमा जलप्रवाहको प्रवेश भएर पनि त्यस्मा जलवृध्दि भएको देखिंदैन , जल प्रवाह बाहिर निस्कँदा पनि त्यस्मा कमि देखिन्न यसरी नै काम्य विषयहरुको आउनु र नआउनुको मतलव नभै स्थित प्रज्ञ पुरुष एक भाव हुन्छ, उसमा कुनै विकार उठदैन । असंख्य नदीहरु समुद्रमा प्रत्रिष्ट हुन्छन तर पनि समुद्रलाई क्षुमित गर्न सक्तैन; योगीको चित्त पनि यति स्थिर र गंभीर हुन्छ - त्यो गाम्भीर्य विषयहरुको आक्रंमणले पनि अछुतो रहन्छ । विषयकामीको चित्त कामना शून्य हुँदैन, अतयव तेस्को दुःखको निवृत्ति पनि हुन सक्तैन । वासनाले भनि दिन्छ तिमीले यो भोग गर्नै पर्छ । जब वासना रहन्न त्यस समय यो पागल "म" पनि रहँदैन । अतयव शान्ति प्राप्त हुन जान्छ । उस्को प्रारव्धको भोग भै हाल्छ, किन्तु प्रारव्धले उस्लाई विचलित गर्न सक्तैन । जसरी समुद्रमा शतः शतः नदीहरु गएर खस्दा पनि उ क्षुव्ध हुँदैन । ॥ ७० ॥

विहाय कामान् यः सर्वान् पुमांश्चरति निस्पृहः ;
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ॥ ७१ ॥

श्री धरीय टीका- त्यो प्राप्य कामहरु (हस्तगत काम्यवस्तुहरु) को उपेक्षा गर्दै अप्राप्त वस्तुमा पनि निस्पृह हुन्छन । किनभने निरहंकार ('म मेरो' बोधदेखि शून्य) हुन्छ, अतयव भोग साधन वस्तुहरु प्रति पनि निर्मम अर्थात ममता शून्य हुन्छ । जस्ले अर्न्तदृष्टि सम्पन्न भएर प्रारव्धवश सारा भोगहरुको उपभोग गर्दै र एता उता भ्रमण गर्दछ उही शान्तिलाई प्राप्त गर्दछ । ॥ ७१ ॥

आध्यात्मिक व्याख्या- "कामोपभोग बाटै मनुष्य बन्धनमा पर्दछ-आसक्तिले काम उत्पन्न हुन्छ"-चित्तमा सबै किसिमको आसक्ति लागि रहन्छ । क्रियाद्वारा क्रियाको परावस्था प्राप्त भएपछि नाद-विन्दु भन्दा पर निष्फल अवस्था प्राप्त हुन्छ, तब चित्त रहँदैन, त्यो पनि आकाश स्वरुप हुन जान्छ । अनि आकाशमा के दाग लाग्न सक्दछ ? अतयव त्यहाँ आसक्ति या काम केही पनि रहँदैन । योगीलाई जब यो अपूर्व स्थिति प्राप्त हुन्छ तब उ आफ्नै नाम पनि भूल्न जान्छन्, अनि उस्ले अहंकार कसरी गर्न सक्छ ? अथवा कसमाथि उस्को ममता रहला ? ॥ ७१ ॥

एषा ब्राहमी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ;
स्थित्वास्यामन्तकालेऽपि ब्रहमनिर्वाणमृच्छति ॥ ७२ ॥

श्री धरीय टीका- [पूर्वोक्त ज्ञान निष्ठाको प्रशंसा गरी अव उपसंहार गर्नु हुन्छ]-हे पार्थ ! यही "ब्राहमी स्थिति" ब्रहमज्ञाननिष्ठा हो । परमेश्वरको आराधना द्वारा अन्तः करणलाई विशुध्द गरी जुन पुरुषले यस ब्रहमज्ञान निष्ठालाई प्राप्त गर्दछ, त्यो फेरि सन्सारमा मोहलाई प्राप्त गर्दैन । किनभने मृत्युको बेला क्षणमात्र ब्रहमज्ञानमा अवस्थान गर्नाले ब्रहम निर्वाण या ब्रहममा लय प्राप्ति हुन्छ । बाल्यकालदेखि नै ब्रहमनिष्ठामा अवस्थान द्वारा ब्रहमज्ञानको प्राप्ति हुनेछ, एस्तो विषयमा त भ्रन भन्नु नै के पर्दछ ? ॥ ७२ ॥

आध्यात्मिक व्याख्या- "ब्रहममा रहनु नै क्रिया हो, एस्लाई प्राप्त नगरिकन सबै विशेषरुपले मुग्ध रहन्छन । जस्ले यस्लाई प्राप्त गरी अन्तकाल पर्यन्त रहन्छन् त्यो ब्रहममा मिलेर स्थिर ब्रहम पदलाई प्राप्त हुन्छ ।"

- द्वितीय अध्यायमा श्री भगवानले अैले सम्म जुन भन्नु भयो त्यो ज्ञान-निष्ठाको उपसंहार गर्नु हुन्छ । त्यो हो के ? जुन क्रिया द्वारा हुन्छ । ब्रहममा रहनु, एस स्थितिलाई प्राप्त गरी पुनः अज्ञानमा नै पर्नुको सम्भावना हुँदैन । अतयव शोक मोहादिको पुनः आविर्भावको आशंका रहँदैन । योगीहरु अन्तकालमा यस स्थितिलाई प्राप्त गरी ब्रहममा लीन भै अनन्त आनन्द सिन्धुमा निमज्जित हुन जान्छन् । सदाको लागि उनिहरुको द्वैतभाव नष्ट हुन जान्छ । -

"न तस्य प्राणा उत्क्रामन्ति, ब्रहमैव सन् ब्रहमापेति" । - अन्त कालमा ज्ञानी पुरुषहरुको प्राणोत्क्रमण

साधारण मनुष्य समान हुँदैन । समुद्रको जुन तरंगहरु समुद्रकै वक्षःस्थलमा उत्पन्न हुन्छ, त्यो फेरि समुद्रकै जलमा विलीन हुन जान्छ । यही हो स्वस्वरुपमा स्थिति । ॐकार क्रिया गर्दै प्राणको यो स्थिति जव निर्भय निरंजन ब्रहममा हुन्छ तव फेरि कुनै भय रहँदैन । सवैलाई मृत्यु देखि नै भय हुन्छ, परन्तु ब्रहमको मृत्यु हुँदैन । अतयव ब्रहमलीन भएर यदि योगी जीउँदछन त त्यो विमुक्त भएर ज्युँदछन् । यही जीवन मुक्तको अवस्था या अभय परमपद हो । निरंजन नै अवरोध रुप वन्दछ *"अवरुध्द रुपोहं"* । चंचलमन चतुर्दिक् स्थिर भएर जव शून्यमा अवस्थित हुन्छन् - जुन प्राणायामद्वारा हुन्छ, तव ॐकार ध्वनि सुन्नमा आउँदछ, वाहिरको समस्त शव्द शून्यमा मिलेर एक हुन जान्छन् । तव प्राण पनि शीतल हुन जान्छ, अनि कुनै किसिमले पनि मुग्ध हुँदैन ; यही ब्राहमी स्थिति हो । जस्ले वाल्यकाल देखि नै साधनाभ्यास गरी यस स्थितिलाई प्राप्त गर्दछ, तेस्ताको त कुनै कुरै भएन, जीवनको अन्तमा पनि जस्ले यस अवस्थालाई प्राप्त गर्दछ, तेस्ले पनि निर्वाण पदलाई प्राप्त गर्दछ । ॥ ७२ ॥

ज्ञानं तत्साधनं कर्म सत्व शुध्दिश्च तत्फलम्,
तत्फलम् ज्ञान निष्ठैवेत्यध्यायेऽस्मिन् प्रकीर्तितम् ॥

ज्ञानको प्राप्तिको साधन पहिले निष्काम कर्म अर्थात् क्रिया हुन्छ, तेस्ले सत्त्व शुध्दिन्छ र सत्त्वशुध्दिको परिणाम हो ज्ञान निष्ठा-यही द्वितीय अध्यायमा भनिएको छ । -

इति श्यामाचरण आध्यात्मिक दीपिका नामक गीताको आध्यात्मिक व्याख्याको द्वितीय अध्याय समाप्त भयो ।

ॐ तत्सत् ! ॐ तत्सत् ‼ ॐ तत्सत् !!!

तृतीयोऽध्याय

(कर्मयोग)

अर्जुन उवाच-

ज्यायसी चेत् कर्मणस्ते मता बुध्दिर्जनार्दन ;
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव : ॥ १ ॥

श्रीधरीय टीका- [यस प्रकार श्री भगवानले *'अशोच्यान् अन्वशोचस्त्वम्'* आदि श्लोकहरुमा पहिले मोक्ष-साधनको हेतु देहात्म-विवेक बुध्दि अर्थात् तत्त्वज्ञानको उपदेश दिनु भयो । त्यसपछि *"एषा तेऽभिहिता सांख्ये बुध्दिर्योगे त्विमां श्रृणु"* आदि श्लोकहरुमा कर्मयोगको पनि उपदेश दिनु भयो । परन्तु यी दुई बीचमा कुन चांहि मुख्य हो, यो स्पष्टत: भन्नु भएन । त्यस्मा बुध्दियुक्त स्थितप्रज्ञको निष्कामत्व नियतेन्द्रियत्व एवं निरहंकारत्व आदि लक्षणहरुको निर्देश गर्दै प्रशंसापूर्वक यही *"ब्राहमी-स्थिति"* हो भनिकन उपसंहार गर्नु भयो, बुध्दि र कर्ममा मानो बुध्दि नै श्रेष्ठ हो, यस्तो श्री भगवान्‌को अभिप्राय सम्झी]-अर्जुनले भन्यो-हे जनार्दन ! यदि कर्मयोगको अपेक्षा वुध्दि नै मोक्षको अन्तरंग साधन-स्वरुप हुनाको कारण अधिकतर श्रेष्ठ छ, यही तपाईको अभिप्राय हो भने तब किन *'तस्मात् युद्धस्य, तस्मात् उत्तिष्ठ'* इत्यादि बारम्बार भन्नु हुँदै घोर हिंसात्मक कर्ममा मलाई प्रवृत्त किन गरिरहनु हुन्छ ? ॥ १ ॥

आध्यात्मिक व्याख्या - "शरीरको तेजद्वारा अनुभव भैरहेछ - यदि क्रियाको परावस्थामा रहनु नै श्रेष्ठ कर्म हो भने यो क्रिया गर्नु जुन घोर कर्म हो यसैमा किन प्रवृत्त गर्नु हुन्छ ?"

- क्रियाको परावस्थाको प्राप्ति नै साधनाको उद्देश्य हो, यसबाटै मन शान्त र निश्चिन्त हुन जान्छ; प्रज्ञा पनि प्रतिष्ठित हुन्छ । यदि यही प्रार्थनीय छ भने तब किन हामी निश्चिन्त भएर कूटस्थमा दृष्टिलाई स्थिर गरेर चुपचाप न बसिरहने ? तव फेरि किन यी सवै क्रियाहरुको हुरीबतास चलाईरहनुको प्रयोजन किन ? इन्द्रिय संयम गर, यो गर, त्यो गर, बारंबार मूलाधार देखि आज्ञाचक्र सम्म प्राणलाई उठाऊ खसाऊ, यो सवै काम सजिलो छैन, र यी घोर कर्महरु गर्दै रहेर पनि कोही कुनै कसरी निश्चिन्त रहन सक्छ ? यो पनि राम्रोसँग बुझ्िन आएको छैन, यसले त एस्तो लाग्दछ - वुध्दिमा विक्षेप र चंचलताको वुध्दि अझ बढ्नेछ । ॥ १ ॥

व्यामिश्रेणेव वाक्येन वुध्दि मोहयसीव मे ;
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥ २ ॥

श्री धरीय टीका- [फिरि क्षत्रीयहरुको धर्मयुध्द वाहेक अरु कल्याणकार वस्तु दोश्रो छैन इत्यादि वाक्यहरुमा कर्मको श्रेष्ठत्व भनिएको छ, यही आशंका गरी भन्दछन्]-कहिले कर्मको प्रशंसा कहिले ज्ञानको प्रशंसा-यस प्रकार 'व्यामिश्र' अर्थात् एस्तो सन्देहोत्पादक वाक्य वोल्नु भै त्यसद्वारा मेरो वुध्दिलाई

दुवै तिर डोलायमान गरी मानो मलाई विमोहित गर्नु भैरहेछ। तिमी त परम कारुणिक छौ, तिमीमा मोहकत्व त हुनै सक्दैन तैपनि भ्रान्तिवश मलाई एस्तो लागिरहेछ। 'इव' शव्द द्वारा मानो यही भनिएको छ। अतयव यी दुवैमा जुन "भद्र" छ, र कल्याणकर, त्यही एउटा मार्ग निश्चय गरी बोल्नुहोस। यही श्रेयः साधन हो, यो निश्चय गरी भन्नु होस। जसबाट तेस्को अनुष्ठान द्वारा म श्रेयः या मोक्षलाई प्राप्त गर्न सकुं। ॥ २ ॥

आध्यात्मिक व्याख्या- "दोहरो कुराले मेरो बुध्दि संमोहित भै रहेछ, अतयव जुन एक श्रेष्ठ छ, त्यस्लाई भन - अर्थात क्रिया गरुम् या क्रियाको परावस्थामा रहुँ।"

- अर्जुनलाई यस्तो लागिरहेछ - श्री भगवान् एकपल्ट क्रियाको प्रशंसा र अर्कोपल्ट क्रियाको परावस्थामा रहनुको प्रशंसा गर्नु हुँदै दुईधारे कुरा बोल्नु भयो। क्रिया गर्नु या क्रियाको परावस्थामा रहनु - मानो दुवै अर्जुनको छनौट माथि निर्भर गर्दछ, अतयव आफ्नो इच्छा अनुसार उस्ले कुनै एकलाई छनौट गर्न सक्दछ। यति खेर उस्ले यो निश्चय गर्न सक्दैन - कुनलाई छनौट गर्ने। श्री भगवान् दुवैको प्रशंसा गर्नु हुन्छ, अतयव मन दुवैतिर लहसिरहेछ। साधना गर्नु, अभ्यास गर्नु, यी सबैको अपेक्षा अर्जुनलाई स्थिर भै चुपचाप बसिरहनु नै राम्रो लागिरहेछ, अव श्री भगवान्को मुखबाट सुनेर उ क्रिया छोडी चुपचाप स्थिर भै बसिरहने आयोजन गर्न सक्छ - यही हो उसको मनको कुरो या इच्छा। केही विचारशील एवं तत्पर साधकको निम्ति यस्तो सोच्नु असंभव छैन, जब त्यस्लाई प्राप्त गर्ने दुइटा मार्ग छ भने जुनबाटोलाई समाती त्यस्को समीप छीटो भन्दा छीटो पुग्न सकिन्छ त्यही बाटो समाती हिंडनु ठीक छ। '*मोक्षस्य* कारणं कर्म ज्ञानं वा मोक्ष साधनम्' - वाल्मीकि मुनि समान महापुरुषले पनि प्रश्न गरेको थियो - मोक्षको *साधन ज्ञानं हो या कर्म* ? मोक्षको बाटोमा हिंडनलाई ज्ञान र कर्म दुवैको नै प्रयोजन हुन्छ। अतयव दुवै मार्गको प्रयोजनीय सम्झी श्री भगवानले कर्म र ज्ञानको दुवैको प्रशंसा गर्नु भयो। अर्जुनलाई मोहकूपमा राख्नलाई श्री भगवान्ले दोधारे कुरा भन्नु भएको होइन, हाम्रो वुध्दिको दोषले एस्तो प्रतीति हुन्छ ॥ २ ॥

श्री भगवानुवाच-

लोकेऽस्मिन द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ;
ज्ञानयोगेन सांख्यानां कर्म योगेन योगिनाम् ॥ ३ ॥

श्री धरीय टीका- [यस्को उत्तरमा]-श्री भगवान् वोल्नु भयो-हे अनघ ! यदि मैले परस्पर निरपेक्ष मोक्षसाधक कर्म एवं ज्ञानयोगरुप दुई निष्ठाहरुको कुरा भनेको भए त तिमीले "दुईटामा जुन भद्र अर्थात कल्याणकारक छ त्यो मलाई भन्नुहोस" - यो तिम्रो प्रश्न संगत हुन्थ्यो। परन्तु मैले त तेस्तो भनेको छैन। मैले दुवै निष्ठाहरु-कर्म र ज्ञान-को मार्फत एकै ब्रहमनिष्ठाको कुरा भनेको छु। गौण एवं प्रधान फलदायक हुनाको कारण कर्म र ज्ञानयोग पृथक पृथक छैन। अधिकारी भेदले एउटै निष्ठाको प्रकार-भेद भनिएको हो। शुध्द एव. अशुध्द अन्तःकरणको भेदबाट द्विविध अधिकारीहरुको लागि दुई प्रकारको निष्ठा या

मोक्षपरतामा मैले पूर्वाध्यायमा स्पष्टरुपले भनेकोछु। 'ज्ञानयोगेन' इत्यादि वाक्यहरुमा एकै निष्ठाको नै दुई प्रकार निर्दिष्ट भएको छ। शुध्दान्त:करण ज्ञान भूमिमा आरुढ सांख्य मनुष्यहरुको ज्ञान परिपाकार्थ ध्यानादि ज्ञानयोगको द्वारा *"तानि सर्वाणि संयम्य युक्त आसीत मत्पर"* इत्यादि मोक्षपरता निष्ठा मैले भनेको छु। परन्तु सांख्यभूमिमा आरोहण गर्ने इच्छा गर्नेवाला कर्मयोगाधिकारीहरुको लागि त्यस्मा आरोहण गर्नुको अर्थ अन्त: करणको शुध्दिको आवश्यकता छ। उनिहरुको लागि उपाय स्वरुप कर्म-योग-निष्ठा मैले भनेको छु। जसरी *"धर्म्याध्दि युध्दात् श्रेयोऽन्यत् क्षत्रियस्य न विद्यते"* इत्यादि। अतयव चित्तशुध्दि एवं अशुध्दिको अवस्था भेदले ब्रहमनिष्ठाको नै दुई प्रकारको भेद भनिएको हो, *"एषातेऽभिहिता सांख्ये वुध्दिर्योगे त्विमां श्रृणु"* इत्यादि। ॥ ३ ॥

आध्यात्मिक व्याख्या- "कूटस्थद्वारा अनुभव हुन्छ, - दुई प्रकारको स्थिति पहिले भनी सकिएकोछ - देखी सुनीकन निजवोध द्वारा प्राप्त स्थिति, अथवा क्रिया गरेर आफु आफैमा स्थिति।"

- दुई किसिमको साधनाभ्यास द्वारा यो स्थिति प्राप्त हुन्छ साधकको लक्ष्य नै हो ब्राहमी-स्थितिको प्राप्ति। यस स्थितिको प्राप्तिको लागि (१) प्राणायामादि क्रिया योग (२) योनिमुद्रामा दर्शनादि ज्ञानयोग हो - दुईटैको साधन द्वारा यो स्थितिलाई प्राप्त गर्न सकिन्छ। पहिलो साधन कर्मयोग हो - प्राणमा मनलाई राखेर क्रिया गर्नु। सद्‌गुरुद्वारा उपदिष्ट सुषुम्ना मार्गमा स्थित षट्चक्रहरुमा प्राणलाई लगेर तथा त्यसैमा मनलाई स्थित गरी यो कार्य गरिन्छ। यस्को अन्तिम फल एस्तो हुन्छ - प्राण स्थिर भएमा मन ब्रहमाकाशमा मिली ब्रहमको साथ एक हुन जान्छ। सुषुम्ना ठीक नभैकन यस्को लागि अरु उपाय छैन। प्राणायामादि द्वारा सुषुम्ना मार्गमा प्राणको प्रविष्टि हुनाले नै यो कार्य सुसम्पन्न हुन्छ। मद्यपान गर्दाखेरी जसरी मद्यपिलाई नशा लाग्दछ, नशाले गर्दा वहिर्विषयको ज्ञान रहँदैन, त्यसरी नै एस्मा एक एक किसिमको नशा समान स्थिति हुन्छ, जगत विर्सन्छ र साधक आफुलाई पनि विर्सन्छ। प्राण मस्तकमा गै स्थिर हुन्छ र त्यहीं रोकिन्छ। तव एक परम निवृत्तिरुप उपशान्ति आई उपस्थित हुन्छ। साधकको सान्सारिक दु:खहरु सदाको लागि अवसान हुन जान्छ। द्वितीयमा पनि सुषुम्ना भेदन हुन्छ, त्यस्को पनि साधन कौशल छ। त्यो साधनाको अवलम्वन गर्नाले साधकलाई अनेकानेक अभूतपूर्व विषय ज्ञानगोचर हुन्छ। अपूर्व ज्योतिको प्रकाश र त्यसको भित्र विन्दु, नाद एवं कलाको प्रत्यक्ष अनुभव हुन्छ, तथा त्यस नाद विन्दुलाई भेदन गर्दै पुरुषोत्तमादिको दर्शन पछि साधकलाई अनन्त चिदाकाशमा अवस्थान स्वरुप महासिध्दि प्राप्त हुन्छ। यसै वीच नाना प्रकारको दर्शन र श्रवण द्वारा साधकको चित्त परमानन्दमा मग्न हुन जान्छ। ब्रहमाकाशमा मिल्ने दुई मार्ग यीनै हुन। परन्तु दोश्रो मार्गमा आउनको निम्ति कर्मयोगको सहायता आवश्यक छ, प्राणायाम द्वारा प्राणवायु स्थिर भएन भने मन लंपट भएर वाह्य-विषयतिर दौडिन थाल्छ, अतयव त्यो अभ्यन्तर प्रवेश गर्न सक्ने छैन। यद्यपि दुईटै नै ब्रहममा मिल्नजाने मार्ग हुन ; परन्तु जस्को विषय-कामना छ अर्थात मन प्राण स्थिर भएको छैन, उनीहरुले मन: प्राणको गतिलाई केही स्थिर गरेपछि नै द्वितीय मार्ग द्वारा ब्रह्ममा प्रवेश गर्न सहज हुन जान्छ। प्रथम मार्ग द्वारा अन्त:करण शुध्द हुन्छ, र त्यसवाट प्राप्त शक्तिको सहयोगले द्वितीय मार्ग द्वारा आत्म दर्शन या आत्मज्ञान प्रत्यक्ष हुन्छ। नत्र भने

चाहे ईश्वर प्रेम होस् या अन्य केही होस् - वाह्य कर्म द्वारा मनोनिवृत्ति हुँदैन । मनको एस किसिमको निश्चलावस्था नआइकन उस्को अशुध्दि दूर हुने संभावना पनि छैन । वाहिरी वैराग्य या वनावटी वैराग्यले केही पनि हुनेवाला छैन । अगाडिको श्लोकमा यसै कुरालाई श्री भगवान् अरु स्पष्टसँग भन्नु हुनेछ । ॥ ३ ॥

न कर्मणामनारम्भान्नैष्कर्म्य पुरुषोऽश्नुते ;
न च संन्यसनादेव सिध्दिं समाधिगच्छति ॥ ४ ॥

श्री धरीय टीका-[अतयव सम्यक् चित्तशुध्दिको लागि ज्ञानोत्पत्ति पर्यन्त वर्णाश्रमोचित कर्मादि गर्नु पर्दछ । अन्यथा चित्तशुध्दिको अभावमा ज्ञानोत्पत्ति हुने छैन । यसैले भन्नु हुन्छ]-कर्मको अनुष्ठानले नैष्कर्म्य या ज्ञान कसैलाई पनि प्राप्त हुँदैन । यदि भन्छौ भने त्यो कसरी प्राप्त हुन्छ, त यस्को कारण श्रुतिमा लेखेको छ *"प्रवाज्जिनो लोकमिच्छन्त प्रवजन्ति"* परिव्राजकगण ब्रहमलोकको इच्छा गरी प्रवज्या ग्रहण गर्दछन् अतयव सन्यास मोक्षको अंगको रुपमा, श्रुतिमा भएको कारण केवल सन्यास द्वारा नै मोक्ष प्राप्ति हुनेछ । अनि फेरि कर्म गर्नाले के लाभ ? - यस्तो आशंका कसैले गरेमा यसैको उत्तर दिनु हुन्छ - चित्त शुध्दि न भै ज्ञानशून्य संन्यास द्वारा सिध्दि अर्थात् मोक्षको प्राप्ति हुँदैन । ॥ ४ ॥

आध्यात्मिक व्याख्या- "पहिले क्रिया नगरिकन स्थिति अर्थात् उत्तम पुरुषमा स्थिति हुँदैन, त्यो विना अनावश्यक वस्तुहरुमा इच्छा रहित पनि हुँदैन र इच्छा रहित नभैकन समस्त विषयहरुको सिध्दि हुँदैन अर्थात् इच्छारहित भएर नै सारा सिध्दिहरु प्राप्त हुन्छ । सिध्दिहरु भए पछि मन तृप्त हुन्छ, अतयव मन इच्छा रहित भएर नै तृप्त हुन्छ ।"

- यद्यपि शास्त्रमा ब्रहमज्ञानको प्राप्तिको लागि संन्यास ग्रहण गर्ने विधि छ, परन्तु चित्तशुध्दि विना वैराग्यको उदय हुँदैन र वैराग्य विना संन्यास निष्फल छ । *"दण्ड ग्रहण मात्रेण नरो नारायणो भवेत"* - दण्ड ग्रहण गर्नाले मनुष्य नारायण हुन जान्छ रोचक वाकय मात्र हो यो । *"त्यागे नैकेनामृतत्त्वमानशु:"* त्याग अमृतत्वको कारण त हो, तर के कस्तो त्याग ? केवल टाउको मुडेर गेरुवा वस्त्र ग्रहण गरी घरदेखि वाहिर हुँदैमा प्रकृत संन्यास हुँदैन । दण्डग्रहण मात्रले नै नरनारायण हुन जान्छ भने त्यो दण्ड कुन हो ? वाक् काय मनोदण्ड चाहिन्छ, अर्थात् वाक्य, शरीर र मनको शासन चाहिन्छ । यस्तो शासन गर्नमा जो समर्थ छ उही दण्डी हो । वाहिरी दण्ड धारणा केवल सन्यासको चिन्ह मात्र हो । जसले शरीर, मन र वाक्यलाई संयत गरेकोछ, यस्तो पुरुष अवश्य नारायण हुन जान्छ । परन्तु पहिले साधन द्वारा प्राण र मनलाई शुध्द नगरिकन नैष्कर्म्य या संन्यास संभव छैन । यसैको लागि पहिले प्राणायामादि योग-क्रिया नगरिकन चित्त स्थिर कसरी हुन सक्छ ? नैष्कर्म्य या ज्ञानको अवस्था नै स्थिर चित्त हो । यदि पहिले देखिनै कार्य छोडी दियो भने त स्थिरता आउँछ कसरी ? मन त ब्रहमाण्डमा यता उता जताततै भट्किरहन्छ, यदि चिन्मात्रामा अवस्थिति भएन भने त यो घोर भव-वन्धन छुट्ला कसरी ? मुखबाट ज्ञानवार्त्ता सुनी या शास्त्रावलोकन गरी कसैको पनि चिन्मात्रमा अवस्थिति हुँदैन । यस स्थितिलाई प्राप्त गर्न प्राणपनले प्रयत्न गर्नु पर्नेछ । एकाध कर्म गर्नाले काम चल्ने छैन । कर्ममा चंचलता र नैष्कर्म्यमा एकदमै स्थिरता

देखेर मनमा लाग्न थाल्दछ - मानो यी दुवै पृथक मार्ग हो । परन्तु यस्तो कुरा होइन । क्रिया नगरिकन अन्त:करणीय वृत्तिहरु कदापि रोकिने छैन । क्रिया गर्नुको पहिलो अवस्थामा मानो युध्द नै गर्नु पर्दछ । तरंग माथि तरंग उठ्दछ, विश्रामको नाम पनि रहँदैन, परंन्तु आफै माथि दया गरेर यदि केही क्षण साधन गर्दै गैरहे त मनको वृत्तिशून्यता अवश्य प्राप्त हुनेछ । यस्तो अवस्था तेत्तिकै आउने होइन, दुईचार वेदान्तको सिध्दान्त या यताउताको कुराहरु भन्दैमा प्रकृत ज्ञान पाइने होइन । मौखिक ज्ञान पुस्तकहरु द्वारा हुन सक्छ, परन्तु तेस्को मूल्य एक कौडी पनि छैन । वास्तविक सिध्दि हो मनको निवृत्ति । यो सिध्दि विना शान्ति मिल्दैन । क्रिया साधनद्वारा मनको संकल्प विकल्प नष्ट हुन्छ, अनि जब चित्तमा संकल्प-विकल्पको तरंग उठ्दैन, तव ज्ञान उत्पन्न हुन्छ । अतयव क्रिया छोडी दिनाले ज्ञानोत्पत्ति हुन सक्दैन । बरु क्रिया गरिरहँदा नै ज्ञानोदय हुन्छ या स्थिर भाव आउँछ, तव क्रिया आफसे आफ छुट्न जान्छ ।

"ज्ञानं तत्साधनं कर्म सत्वशुद्धिश्च तत्फलम्;
तत्फलम् ज्ञान निष्ठैव............"

आत्मज्ञानको साधना कर्म हो, कर्म गर्दा गर्दा फल-स्वरुप सत्त्वशुध्दि हुन्छ, सत्त्व शुध्दिवाट ज्ञान निष्ठाको उदय हुँदछ । आजको सन्सारमा कोही परिश्रमपूर्वक काम गर्न चाहन्नन्, मानिसहरु विना प्रयत्न नै ज्ञानी हुन चाहन्छ तथा शान्ति प्राप्त गर्न चाहन्छ । *"ज्ञानमुत्पद्यते पुंसां क्षयात् पापस्य कर्मण:"* - पाप कर्महरुको क्षय भएर नै मनुष्यलाई ज्ञान उत्पन्न हुन्छ । विषय वासना नै पाप हो, यो पाप हामीहरुको शरीर र मनको अणु अणुमा भरिएको छ । यो पाप नष्ट नभैकन त ज्ञान या स्थिर भाव कसरी प्राप्त हुन्छ ? प्राणायाम द्वारा पाप या अशुध्दिको क्षय हुन्छ । यसैकारण प्राणायामको गणना सर्वश्रेष्ठ तपस्यामा हुन्छ । ॥ ४ ॥

न हि कश्चित क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ;
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणै ॥ ५ ॥

श्री धरीय टीका-[सारा कर्महरुको सन्यासको अर्थ हो केवल कर्ममा अनासक्ति, स्वरुपत: कर्मको त्याग होइन । किनभने यस प्रकारको कर्मत्याग साध्य छैन, यसैले भन्नु हुन्छ] - कहिल्यै कुनैपनि अवस्थामा, क्षणमात्रको लागि पनि, ज्ञानी होस वा अज्ञानी, कर्म नगरिकन बस्न सक्तैन । यसको कारण यो हो - स्वभावले उत्पन्न हुने राग द्वेषादि गुणहरुवाट अवश (लाचार) भै सवै मनुष्यहरु कर्म गर्नमा प्रवर्त्तित या वाध्य हुन्छ ; । ॥ ५ ॥

आध्यात्मिक व्याख्या - "कर्म विना कोही पनि क्षणमात्र सम्म पनि बस्न सक्तैन, कर्त्तव्य बुध्दिले समस्त कर्म गर्नु, यही कर्म हुन्छ ; किन भने त्यसको कर्त्ता ब्रहमसूत्र सुषुम्ना हो, जस्को भित्र सारा विश्व छ - त्यो आदि पुरुष सर्वव्यापक छ । पंचतत्त्व मन, वुध्दि एवं अहंकारको वशीभूत भएर सवै कर्म गर्दछ - सत्त्व, रज, तम् - इडा, पिंगला र सुषुम्नाको गुणहरुमा ।"

- ब्रहमसूत्र सुषुम्नाबाटै सर्व प्रथम प्राणको प्रवाह उत्पन्न हुन्छ, यहींबाट इडा पिंगलामा त्यस्को प्रवाह भएर जगत्को सारा व्यापार चलिरहन्छ, परन्तु यस प्रवाहको अस्सली मियो सुषुम्ना हो, उही प्रकृतिरुपिणी आद्याशक्ति प्राण हो, त्यसैमा समस्त विश्व सन्सार छ । ब्रहमाण्डको समस्त खेल उसैको हो । प्राण विश्वको धारक हो, यसै कारण त्यो सर्वव्यापक एवं जगन्माता हो, सवै भन्दा पहिले प्राण नै हुन्छ, अतयव उनी आदि पुरुष हुन । सुषुम्ना नरहेमा जीवले जन्म ग्रहण गर्न सक्तैन । पंचतत्त्व, मन, बुध्दि एवं अहंकार यी सव यसैबाट उत्पन्न हुन्छन् । यसै कारण सवै छ वशमा यसैको । रजस्तम एवं सत्त्वगुणको सारा खेल इडा, पिंगला र सुषुम्नाको प्राणकै खेलले उत्पन्न हुन्छन्; परन्तु यिनीहरुको मूल हो ब्रह्मसूत्र सुषुम्ना एवं सुषुम्नाको अन्तरगत ब्रह्मनाडी । ब्रहमनाडीमा सारा वाँधिएकोछ, अतयव प्राण-क्रिया गर्दै गर्दै सवैबाट प्राणको प्रवाहलाई समेटेर जब आदि स्थान ब्रहमनाडीमा ल्याइन्छ तव गुणत्रयको अतीतावस्था संभव हुन जान्छ । अनि तेस्तो नभैकन जबसम्म गुण-प्रवाह चल्नेछ, ज्ञानी होस वा अज्ञानी, उनीहरुको कार्य तदनुरुप नै हुनेछ, त्यसमा वाधा दिने क्षमता कोही कसैमा पनि छैन । ॥ ५ ॥

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ;
इन्द्रियार्थान विमूढात्मा मिथ्याचारः स उच्यते ॥ ६ ॥

श्री धरीय टीका-[अतयव अज्ञ कर्मत्यागीको निन्दा गर्नु हुन्छ]-वाक्, प्राणी आदि कर्मेन्द्रियहरुलाई निगृहीत् या संयत गरेर जस्ले भगवद् ध्यानको वहाना गरी मन द्वारा इन्द्रिय विषयहरुको स्मरण गर्दछ, मन विशुध्द न हुनुको कारण उस्को आत्मामा स्थिरताको अभाव रहन्छ, अतयव त्यो कपटाचारी दाम्भिक हो । [उस्को कर्मेन्द्रियहरुको निरोध त भयो, परन्तु मनको विषयस्मरण छुटेन । अतयव उस्को यथार्थ कर्म-त्याग भएन । वाहिरको कर्म-त्याग त उस्को केवल दम्भ मात्र हो ।] ॥ ६ ॥

आध्यात्मिक व्याख्या- "फलाकांक्षादेखि रहित भएर जो आफ्नो मनमा रहन्छ त्यो राम्रो हो, र इन्द्रियहरुको लागि सुख सम्पादनार्थ मूर्ख बनी आत्माको लक्ष्य देखि रहित भएर मनुष्यको जुन केही आचरण हुन्छ अर्थात् अन्य दिशामा मन लाग्छ, त्यो सबका सब मिथ्या हो ।"

- जुन अनात्म वस्तु छ त्यो सबै मिथ्या हो, त्यस्मा मन लगाउनु केवल मिथ्याको उपासना हो । फलाकांक्षारहित जुन प्राणकर्म छ त्यस्मा जस्ले मन लगाउन सक्छ त्यही राम्रो हो, त्यो चाँडै नै आत्माराम हुन जानेछ । अनि जो इन्द्रियहरुको व्यापारमा मत्त भै रहेको छ तिनीहरु मूर्ख हुन, किनभने उस्को मन सत्यवस्तुलाई छाडी असत्यमा लागेकोछ । यस किसिमको मानिसहरुलाई जुन धेरै थोरै सुख मिल्दछ त्यो केही होइन । माथिल्लो भाग मीठो लाग्दछ तर भित्र बीष भरिएको छ । यस्ता मानिसहरु आफ्नो बुध्दिको घमण्डले क्रिया गर्दैन, खाली शास्त्र-वाक्य रटिरहन्छन् । ब्रहम-विषयक कुराहरु गर्दै रहेर पनि मन सदा विषयको लागि अधीर भैरहन्छन् । यस्ता मानिसहरुले त सन्सारलाई ठगेकै हुन्छन, साथै आत्म-वंचना पनि गर्दछन् । अतयव कर्मेन्द्रियहरुको संयम चाहे जति होस वा नहोस, मनको संयम सब भन्दा पहिलो आवश्यकता हो । मनलाई असंयत राखेर कर्मेन्द्रियहरुलाई संयत गर्नाले त्यस्तालाई यथार्थ स्थिरता प्राप्य

हुँदैन, आँखा चिम्लेर आसन लगाई जस्ले ध्यान धारणाको भान गर्दछ त्यो सवै मिथ्या आडम्वर एवं विडम्वना मात्र हो । ॥ ६ ॥

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥ ७ ॥

श्री धरीय टीका-[यस्को विपरित कर्म गर्नेहरु श्रेष्ठ छ, एतदर्थ भन्नु हुन्छ]-हे अर्जुन ! परन्तु जस्ले मन द्वारा सारा ज्ञानेन्द्रियहरुलाई नियमित एवं ईश्वर-परायण गरेर कर्मेन्द्रियहरु द्वारा कर्मरुपी योग या उपायको अनुष्ठान गर्दछ फलाभिलाषाबाट रहित हुने कारण उनीहरु विशिष्ट अर्थात् चित्तशुध्दिको कारण ज्ञानवान हुन्छन् । ॥ ७ ॥

आध्यात्मिक व्याख्या - "जुन मनुष्यहरु इन्द्रियहरुलाई मन द्वारा क्रियाको परावस्थामा राखेर समस्त कर्म गर्दछ - कर्मेन्द्रियहरु सारा कर्म गर्दछ - परन्तु आसक्तिपूर्वक केही गर्दैन, तिनीहरु नै श्रेष्ठ हुन ।"

- जो क्रियाको परावस्थामा रहन्छ, उस्को पासमा मन कहाँ हुन्छ र कर्म गरोस ? क्रियाको परावस्थामा मन स्थिर भएर रहँदा पनि वाहिरको केही कार्य हुन सक्छ - जस्तो, जव हामी खुव सुतेका हुन्छौ र वाहिरको कुनै घटना पनि जान्न सक्तैनौ, तव पनि कहिलेकांहि शरीर कन्याउने गर्दछौं, ठीक त्यसरी नै मन ब्रहममा लागिरहन्छ र पनि अभ्यासवश वाहिरको काम भैरहन्छ परन्तु उस्को मन भगवच्चरणमा लागिरहन्छ । यस प्रकारको योगीको मन चित्त शुध्द भएकोछ, यो बुझ्नु पर्दछ । अतयव उस्को कर्मफल त्याग, अथवा आसक्तिको भावै नहुनुमा के सन्देह हुन सक्छ ? अशुध्द चित्तको लक्षण ठीक यस्को विपरित हुन्छ । अर्थात वाहिरको काम गर्दैन । आसन लगाएर वस्दछ खटाखट पटापट माला पनि जप्दछ, फ्वाँ फ्वाँ श्वास क्रिया गदै प्राणायाम पनि गर्दछ, परन्तु साथसाथै मनले विषय चिन्तन पनि गरिरहन्छ । हुन सक्छ त्यो तीनघंटा एकै आसनमा वस्ने, परन्तु उस्को मन तीन मिनेटको लागि पनि, जानिन बुझिन लाग्दछ - भगवच्चिन्तनमा लाग्दैन । के कहीं विषय चिन्तन गरेर कतै मन स्थिर हुन्छ ? र जबसम्म चित्त अशुध्द हुन्छ तवसम्म विषय-चिन्तन पनि हटाउन सकिन्न, तव फेरि यस्को उपाय के त ? यस्को उपाय हो खुव रुनु र खूव जोरसंग झन झन् आफुलाई नियममा राख्नु । उनलाई पुकारनु र मनै मनै वताउनु-

"वाचावच्च प्रतिज्ञातं कर्मणा न कृतं मया ;
सोऽहं कर्म दुराचारः त्राहि मां मधुसूदन ॥"

विषय-रस पनि त मधु हो, यस मधुको लोभले सारा मन भ्रमर छ आकुल व्याकुल । यस मधुलाई उसैले नष्ट गरिदिन्छन्, यसैले उस्को नाम मधुसूदन हो । परन्तु मन लगाएर जस्ले क्रिया गर्दछ उस्को मन उसमा नै समर्पित हुन जान्छ र श्री भगवान् पनि त्यही मनलाई ग्रहण गर्नु हुन्छ । अतयव मन पनि स्थिर हुन जान्छ । यस्तो मन या मनको प्रशन्न भाव नै उनको प्रसाद या कृपा हो । ॥ ७ ॥

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मण :;
शरीर यात्रापि च ते न प्रशिध्येदकर्मणः ॥ ८ ॥

श्री धरीय टीका-[चित्तशुध्दिको लागि कर्म गर्नु नै ठीक छ, यस कुराको उपसंहार गर्नु हुन्छ]-जब कर्म नगरिकन काम चल्दैन भने त तिमी नित्यकर्म सन्ध्योपासनादि गर। किन भने सबै कर्महरु नगर्नुको अपेक्षा कर्म गर्नु नै अधिकतर श्रेष्ठ छ। सवै कर्महरुबाट शून्य भएमा तिम्रो शरीर यात्राको निर्वाह पनि हुने छैन। ॥ ८ ॥

आध्यात्मिक व्याख्या - "निरन्तर क्रियाको परावस्थामा रही कर्म गर। फलांक्षारहित भएर यो विना शरीर-यात्राको निर्वाह पनि हुने छैन।"

-क्रिया नगरिकन कोही कसैले पनि परावस्थालाई प्राप्त गर्न सक्तैन, अतयव अकर्मी या त्यागीको स्वांग गरेर पनि काम चल्ने छैन। यदि भन्दछौ भने–वेदान्तादि शास्त्रहरुको आलोचना गर्दै तिमीले पूर्व संस्कारलाई नष्ट गरी अनि त्यसबाट स्थिरता प्राप्त गर्ने। त यस्तो सोच्दै नसोच, किनभने केवल ज्ञानालोचना द्वारा पूर्व संस्कार नष्ट गर्नु बडो कठिन छ। यस्मा धेरै समय लाग्ने छ र फेरि ठीक ठीक हुन्छ वा हुँदैन, यस्मा पनि सन्देह छ। मानी लेऊ - होला नै, तैपनि नयाँ संस्कारलाई अभ्यस्त गर्न धेरै दिन लाग्नेछ, त्यत्रो दिन सम्म प्राणायाम विना तिम्रो शरीर कसरी रहला ? अतयव तिमीलाई प्रतिदिन क्रिया गर्नु नै पर्नेछ। परन्तु असम्वध्द तरीकाले अनियमित ढंगसंग गर्नाले पनि केही लाभ हुने छैन। नियत अर्थात् नियमितरुपले कार्य गर्नु नै पर्नेछ। आहार, विहार शयन, भोजन - यी सारा विषयमा योगीलाई खुव नियम-पालन गर्दै जानु पर्दछ। कष्टको भयले यदि नियम मान्दैनौ, क्रिया गर्दैनौ भने यस्ले "शरीर यात्रा" को निर्वाह पनि हुने छैन। अर्थात् शरीररुपी रथमा चढी हामीले जुन यात्रा शुरु गरेका छौं त्यो काँहा जानलाई हो भन त ? के केवल इन्द्रिय भोग र कर्मभोग गर्नलाई मात्र हो त ? - यस्तो कुरा त होइन। यो शरीर पाएका छौ हामीले उनको भजन गर्नलाई उनलाई पाउनलाई–त्यही त जीवनको परम लक्ष्य हो उस्लाई पाउनु - यदि हामीहरु क्रिया या उपासना गर्दैनौ भने उसलाई पाउन सक्तैनौ, त्यो पाइने पनि छैन। र जुन उद्देश्यलाई लिएर हामी यस जगत्मा आएका छौं, त्यो सिध्द हुने छैन। यो वाहेक यो पनि विचारणीय छ - तिमी ज्ञानको अधिकारी होइनौ, कर्मको अधिकारी हौ, कर्म नगरिकन तिम्रो काम चल्ने छैन। तिमी चाहन्छौ मेरो भक्त हुन, यस्को पनि सिध्दि हुने छैन। कर्मको अधिकारी भएर जस्ले कर्म गर्दैन, केवल मौखिक ज्ञानको चंगा उडाउँछ, त्यस्को इहलोक-परलोक दुवै जान्छ ! प्राण क्रिया गर्दा गर्दै तिम्रो देहाभिमान रहने छैन। देहभिमान शून्य पुरुषलाई सर्वत्र नै आत्म-दर्शन हुन्छ त्यस बेला अहंकार रहँदैन। त्यस समय जे गर्नेछौं भगवत् सेवा नै जानिने छ। त्यस समय तिम्रो निजी काम केही रहने छैन। यसरी चरम ज्ञान प्राप्त गरी परमा शक्तिलाई प्राप्त गर्नेछौ। ॥ ८ ॥

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मवन्धन ;
तदर्थ कर्म कौन्तेय मुक्तसंगः समाचर ॥ ९ ॥

श्री धरीय टीका-[सारा कर्म वन्धनको हेतु हो, यसै कारण सांख्य मनुष्यहरु भन्दछन् - कर्म नगर्नु नै ठीक छ। एसैको निराकरण गर्नु हुँदै श्री भगवान् भन्नु हुन्छ]-यज्ञको अर्थ याँहा हुन्छ विष्णु। विष्णु नै यज्ञ हो श्रुति यही भन्छन्। एक मात्र उनको आराधना गर्नु वाहेक अन्य जुनकर्महरु गरिन्छ त्यो बन्धनको कारण बन्दछ। ईश्वराधनाको निमित्त गरिएको कर्मले मनुष्यलाई वन्धनमा पार्दैन। अतयव 'तदर्थ' विष्णुप्रीतिको लागि निष्काम भएर कर्म गर।॥ ९ ॥

आध्यात्मिक व्याख्या - "इच्छारहित भएर समस्त कर्म गर।"

- जव श्री भगवान्‌को निमित्त काम गरिनेछ त त्यो काम स्वइच्छा पूर्त्ति गर्ने काम हुने छैन। यसै भावले सवै काम गर। मनुष्यहरु प्रायजसो इन्द्रियहरुको सुख सुविधा आरामको लागि नै काम गर्दछन्, अनि त्यसबाट केही थोरै आराम पाउने कारणले त्यस्मा आसक्ति बढ्दछ, र यसैकारण त्यसको साथैं वन्धन पनि हुन्छ। अर्थात् उस्तै किसिमको आराम सुख सुविधा बारंबार पाउने इच्छा हुन्छ। न पाउँदा खेरि दुःख-अशान्तिको चक्करमा पर्नु पर्ने हुन्छ। परन्तु भाई ! तिमी यस जगत्‌मा कति दिनको लागि हौ र आफ्नो लागि यत्तिका कार्यहरुको आवश्यकता नै के छ र ? जसको विना कामै चल्दैन, जीवन यात्रामा वाधा पर्छ त्यो कार्य त अवश्य नै गर्नु पर्नेछ। र यस्तो यति धेरै पनि छैन। परन्तु हामीहरु आसक्तिकै कारण धेरै कर्महरुको भारीलाई बढाउँदछौ, अनि अन्तकाल सम्म बोक्दा बोक्दा आंग-कम्मर नै बाँगिन्छ। भगवान सर्वत्र नै व्याप्त छ। उही विष्णु हो, उसैको आराधनाको लागि काम गर्नु पर्नेछ। को सबैको भित्र प्रविष्ट छ ? - प्राण ! प्राण सबैको भित्र प्रविष्ट छ, तेसैले हामी बाँच्दछौं, कुराकानी गर्दछौं, खाने पिउने गर्दछौं, घुमघाम गर्दछौं, सारा काम गर्दछौं। प्राण नरहेमा शरीर इन्द्रियादि मर्दछ, कसैमा केही गर्ने क्षमता रहँदैन। अतयव स्पष्ट देखिन जान्छ - प्राण नै सबै थोक हो। यही हृदयमा प्राणरुप ब्रहमा हो, यसैबाट सबैकुरा हुन्छ, यही गुह्य स्थानमा अपानरुप रुद्र भएर सबै वस्तुहरुको ध्वंस गर्दछ। यही प्राण-शक्ति नाभिमा समान वायुरुप विष्णु-शक्ति भएर जगत्‌लाई धारण गर्दछ। यही प्राण नै ब्रहमा-विष्णु-शिवात्मिका शक्ति हो। यो विश्वव्यापि, समस्त विश्व ब्रहमाण्डको महा प्राण हो। यो प्राण नरहेमा जगत्‌को कुनै वस्तुको अस्तित्व रहने छैन। यही महाप्राणको प्रीतिको लागि कर्म गर। आत्मज्ञानको प्राप्तिको उपायभूत जुन प्राण-कर्म छ, त्यसैलाई गर। यसले यज्ञेश्वर विष्णु प्रशन्न हुनेछ। त्यो सन्तुष्ट भएमा (अर्थात विक्षेपयुक्त नरहँदा) तिम्रो धर्म, आयु सबै बृध्दिलाई प्राप्त हुनेछ। यज्ञेश्वरको प्रशन्नता यही कर्म यही क्रिया द्वारा प्राप्त हुन्छ, यही ठीक समझमा आउँदछ। यस्ले साधकको आयु बढ्दछ, ज्ञान बढ्दछ, सौन्दर्य वढ्दछ र मेधा बढ्दछ। शरीरको समस्त भित्री नाडीहरुमा स्थिर वायु प्रवेश गरी साधकलाई अद्‌भूत शक्ति-सम्पन्न गरिदिन्छ। प्राणशक्तिलाई यस कार्यमा व्यय नगरे त त्यस्को व्यय कयौं सैकडौं असत् कार्यमा हुनेछ र जसबाट तिम्रो वल, वुध्दि, आयु र स्वास्थ नष्ट हुन जानेछ र तिमी दीन दुःखी बन्ने छौ। अष्टावक्र भन्नु हुन्छ -

"यदि देहं पृथक कृत्वा चिति विश्राम्य तिष्ठसि ;
अधुनैवसुखी शान्त वन्धमुक्तो भविष्यसि।"

चित्त नै हाम्रो वन्धन रज्जु हो, चित्तले नै चिन्ता द्वारा हाम्रो लागि यो विशाल कारागार ब्रह्माण्डको रचना गर्दछ। यस चिन्ताश्रोतलाई यदि रोक्न सक्यौं भने अहिले नै वन्धनमुक्त भएर सुखी शान्त हुन जानेछौं। यस्को लागि तिमीलाई के गर्नु पर्ला ? हजारौं नाडीहरु शरीर भित्र रहेर कामादिको वेगलाई संचालन गर्दछ, यस चिन्ता प्रवाहको विराम तबै हुन्छ, जव नाडीहरु शुध्द हुन जान्छ र त्यस भित्र स्थित प्राण शक्ति एकदम वलगरेर मस्तकमा गै स्थिर भएर बस्दछ। त्यस समय शरीर आत्मासंग पृथक हुन जान्छ। गंगाको प्रवाह जलः प्रणालीमा प्रवेश गरेन भने त्यो गंगामा नै फर्केर जानेछ र क्रमशः प्रणाली सुकेर जानेछ। यसरी नै नाडी प्रवाहिकाबाट साधन द्वारा प्राण शक्तिलाई उर्ध्वमा लैजान सके देहको साथ उस्को सम्वन्ध क्षीण हुन जान्छ। यसैको नाम हो शरीरलाई पृथक गर्नु। र यस्तो गरेर नै चिन्ताको अन्त हुनेछ, प्राण विश्राम-लाभ गरी वच्नेछ र परमानन्द प्राप्त भै मुक्त पनि हुनेछ। ॥ ९ ॥

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ;
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥ १० ॥

श्री धरीय टीका-[प्रजापतिको वचन अनुसार पनि कर्मकर्त्ता नै श्रेष्ठ छ, यो चार श्लोकमा भन्नु हुन्छ]- सृष्टिको आदिमा ब्रह्माले यज्ञाधिकारी ब्राह्मणादि समस्त प्रजाको सृष्टि गरी भन्नु भयो यस यज्ञ द्वारा तिमीहरु उत्तरोत्तर अभिवृध्दि या उन्नतिलाई प्राप्त गर। किनभने यो यज्ञले तिमीहरुलाई अभीष्ट भोग प्रदान गर्नेछ। यहाँ कर्म शव्दको उपलक्षणार्थ यज्ञ उपयुक्त भएको छ। यसबाट काम्यकर्मको प्रशंसा गरिएको छैन, बरु सामान्यतः अकर्म भन्दा कर्मको श्रेष्ठता भनिएको छ। ॥ १० ॥

आध्यात्मिक व्याख्या- "व्रहमाले सृष्टि गर्ने वेला कर्मको सृष्टि गऱ्यो।"

- व्रहमाले जीवको सृष्टि गरी त्यसैको साथ श्वास-प्रश्वासरुपी यज्ञ या कर्मलाई जोडी दियो र भन्यो - यस यज्ञ द्वारा तिमीहरु उत्तरोत्तर वृध्दिलाई प्राप्त गर। जीवको अवलम्वन नै हो श्वास-प्रश्वास। यो श्वास-प्रश्वास हुने कारणले नै हामी समस्त कार्य सम्पादन गर्न सक्तछौं। यही जीवनको जीवनी वाती हो। यो नरहेमा सारा संसार, सुख आराम आदि सबै शून्य हुन जान्छ। यो भयो सान्सारिक भोग सम्बन्धि कुरा। अनि यो सन्सार सागर पार गर्ने तरणी पनि हो। श्वास प्रश्वास नै जीवको मन्त्र हो र भवसिन्धु पार गरिने उपाय हो। *"निश्वास श्वास रुपेण मन्त्रोऽयं वर्त्तते प्रिये।"* यहि श्वास प्रश्वास नै मन्त्र हो। कविरले भन्नु भएको छ - *"विनु हाथे निसिदिन फिरै ब्रह्म जाप तंहहोय"* यस श्वास प्रश्वास द्वारा निरन्तर ब्रहम जप भैरहेछ, , श्वासको माला हातले चलाउनु पर्दैन। गीताको चतुर्थ अध्यायमा यही प्राणयज्ञको उल्लेख गरिएको छ। यस प्राण-यज्ञ द्वारा नै यथार्थ उन्नति प्राप्त हुन्छ। सान्सारिक उन्नति भनेको त सामान्य उन्नति हो, यस द्वारा केवल शरीरको भोगादि प्राप्त हुन्छ। कैवल्य लाभ, मुक्तिको प्राप्ति पनि यही प्राणयज्ञको अनुष्ठान द्वारा नै हुन्छ। अतयव प्राण यज्ञले नै कामधेनुको समान कार्य गर्दछ। यसबाट नै जीवनको परम लक्ष्यको प्राप्ति हुन्छ। यस यज्ञबाटै यथार्थतः त्राण मिल्दछ। *'यज्ञस्तारयति प्रजा'*, - यही यज्ञेश्वर विष्णु भयो, र प्राण भयो यज्ञ र *'मारुतस्य लयो नाथ'* - यस प्राणवायुको प्रभु

या ईश्वर भयो 'लय' या 'स्थिरता' । असीम स्थिरता नै यज्ञेश्वरको रुप हो । यस द्वारानै परमात्माको साथ जीवको एकचित्तता हुन्छ तथा यसैबाट ज्ञान या मुक्ति प्राप्त हुन्छ । *"योगात् संजायते ज्ञानं योगो मय्येक चित्तता,"* -योगाभ्यासको क्रियाद्वारानै ज्ञान समुत्पन्न हुन्छ । आत्मासंग चित्तको एकाग्रताको नाम नै योग हो । ॥ १० ॥

देवान् भावयतानेन ते देवा भावयन्तु बः ;
परस्परं भाव यन्त : श्रेयः परमवाप्स्यथ ॥ ११ ॥

श्री धरीय टीका-[यज्ञ कुन प्रकारसँग 'इष्टकामदोग्धा' अर्थात फलदाता बन्दछ, यसैको उत्तर दिनु हुँदैछ]- यस यज्ञ द्वारा तिमीहरु देवताहरुलाई हविर्भाग अर्थात घृताहुति दिएर सम्वर्ध्दन गर । ती देवताहरुले पनि वृष्टि आदि द्वारा अन्नोत्पत्ति गरेर तिमीहरुको संवर्ध्दन गरोस । यस प्रकार परस्पर संवर्ध्दन द्वारा तिमीहरु दुवै अभीष्टार्थलाई प्राप्त गर्नेछौ । ॥ ११ ॥

आध्यात्मिक व्याख्या - "जस्ले जुन जुन देवताको भावना गर्दछ, उही उही देवता उस्को भावना गर्दछ । यस प्रकार परस्पर भावविशिष्ट भएर कल्याणलाई प्राप्त गर्दछन् ।"

- उपर्युक्त व्याख्यामा हामीहरुलाई एउटा ठूलो ज्ञानको कुरा मिल्दछ । जुन देवताको भावना गरिन्छ, उही देवताले पनि फेरि हामीहरुको भावना गर्दछन । सबै नै देवमय छ, भावनाहरु पनि दैवी-शक्ति-सम्पन्न छन् । यसै कारण जब हामी कुनै कसैको शुभ-कामना गर्दछौं त तेस्को शुभै हुनेछ, साथसाथै हाम्रो पनि शुभ हुनेछ । किनभने शुभकामनापूर्ण दैवी-शक्तिलाई मैले चिन्तन द्वारा प्रवुध्द गरेकोछु, उसले पनि शुभ भावापन्न रुपले मेरो शुभकामना गर्नेछ । । यसबाट मेरो चिन्तन शक्ति पवित्र एवं शुभ-शक्ति सम्पन्न हुनेछ । यस्को विपरित भावना गर्नाले तेस्तै अशुभ फल हुनेछ । कुनै कसैको अशुभ कामना गर्नाले हाम्रो पनि उस्को साथै अशुभ फल हुनेछ । हाम्रो भित्र अशुभकारिणी शक्ति वलवती भएर हाम्रो पनि अमंगल गर्नेछ । यसैकारण कसैको पनि अशुभकामना गर्नु हुँदैन । त्यसले अर्काको क्षति होस या नहोस, आफ्नो क्षति त अवश्य हुन्छ नै । देवताको उद्देश्यले गरिने कर्म नै यज्ञ हो । यसै कारण श्री भगवान्मा चित्तलाई अर्पित गरी समस्त कर्महरु गर्नु पर्दछ । सारा यज्ञहरुमा जपयज्ञ नै श्रेष्ठ छ । र सारा जप यज्ञहरुमा अजपाजप यज्ञ श्रेष्ठतम छ । यही अजपानै हाम्रो आयु हो । अनि श्रुति भन्दछन - *"हविर्वै आयुः"* हाम्रो हवि नै आयु हो । हामीहरुमा सवैलाई कर्मानुसार निर्दिष्ट अजपा-संख्या या आयु मिलेकोछ । यसै अजपा द्वारा होमक्रिया या प्राणक्रिया-यज्ञ गर्नु पर्दछ । व्रहम नै अग्नि, कूटस्थ या परम-शिव हो । यसै कूटस्थलाई लक्ष्य गरी त्यसैमा प्राणलाई होम्नु पर्नेछ । प्राणको होम गर्दै गर्दै प्राण स्थिर हुन जानेछ । स्थिर प्राण नै हो निरंजन या परम व्योम । तव प्राणशक्ति व्रहमरन्ध्रमा स्थिति प्राप्त गरी विदेह-विमुक्ति प्रदान गर्नेछ । यस क्रियाले समस्त दैवी शक्तिलाई पनि पुष्टि प्राप्त हुनेछ । हाम्रो शरीरस्थ इन्द्रियहरु नै देवता हुन । यस क्रियाको साधनाले समस्त इन्द्रियहरु र त्यस भित्रको सूक्ष्म शक्तिहरु जाग्रत भएर साधकलाई वरदान या अभीष्टफलदान गर्नेछ । मूलाधारमा शक्तिको चैतन्य भए क्षितितत्त्व माथि विजय प्राप्त हुनेछ र सर्वसिध्दि

दाता गणेश सबै किसिमबाट अभीष्ट सिध्द गरी साधकलाई कृतार्थ गर्नेछ । त्यही एक शक्ति स्वाधिष्ठानमा विष्णुरुपले विराजमान छ, वैष्णवी शक्ति जाग्रत भएमा साधक असाध्य साधनमा समर्थ वन्दछ । यसरी नै मणिपुरमा अग्नि या रुद्र, अनाहतमा वायु या ईश्वर, विशुध्दाख्यमा सदाशिव, व्योमतत्त्व साधना द्वारा सम्पूजित भएर साधकको जुन चिरकाल देखिको वासनाहरु हुन्छ त्यस्लाई पूर्ण गर्नेछ । यस प्रकार पंचचक्रमा क्षर पुरुष या भूत समूहको उपासनाले भूतशुध्दि भए पछि आज्ञाचक्र या तपोलोकमा अक्षर या कूटस्थ पुरुषको उपासना हुनेछ, पश्चात् सत्यलोक या सहस्रारमा उत्तम पुरुषको साक्षात्कार प्राप्त गरी साधक सदसद् प्रकृति-पुरुष देखि पर पुगी सर्वज्ञ एवं सर्वविद् भै चरम कृतार्थता प्राप्त गर्दछ । एकै क्रिया द्वारा प्रतिचक्रमा मन लगाउनाले सर्व देवताको उपासना भै हाल्छ । यस उपासनाले जीवन धन्य धन्य हुन जान्छ । यो उपासना नगर्नाले जीवन व्यर्थ व्यर्थ हुन जान्छ । प्रकृत पूजाको रहस्यलाई जानिकन पूजा गर्नाले मनुष्य देवता हुन जान्छ । भूतशुध्दिको रहस्य जान्नेवाला नै श्री भगवान्को यथार्थ पूजक हुन सक्छ । ॥ ११ ॥

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ;
तैर्दत्तान प्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥ १२ ॥

श्रीधरीय टीका-[कर्म नगर्दामा के दोष छ, यो स्पष्ट गर्नु हुँदै भन्नुहुन्छ]-देवताहरु यज्ञ भावित या यज्ञद्वारा संवर्ध्दित भएर वृष्टयादि द्वारा तिमीहरुलाई अभीष्ट भोग प्रदान गर्नेछ । अतयव देवताहरु द्वारा दिइएको अन्नादिको पंच-यज्ञादि द्वारा देवताहरुलाई नदिइकन जस्ले भोग गर्दछ, त्यसलाई चोरै सम्झनु पर्छ ॥ १२ ॥

आध्यात्मिक व्याख्या - "कुनै इष्टदेवतालाई भोग दिई, यदि आफैले खान्छ र सोच्दछ - ब्रहमले खाइरहेको छैन, भने त्यो चोर हो ।"

- प्राणायामादि यज्ञ द्वारा शरीर र इन्द्रियहरुको तेज, वल, पुष्टि, आयु, आनन्द आदि दैवशक्ति संवर्धित हुन्छन । यी शक्तिहरु द्वारा आफ्नो र जगत्को अनेक कल्याण-कार्य संपादित हुन्छ । वस्तुतः शरीरयन्त्रको सारा कर्म अग्नि, वायु, आदित्य प्रभृत्ति देवताहरु द्वारा परिचालित हुन्छ । हामीहरुसँग अहंकार गर्ने कुनै वस्तुहरु छैन । यी साधनको कुशलताबाट सिध्दि प्राप्त गरेर जगत्को कति कति कल्याण हुन सक्छ । परन्तु तेसो नगरिकन इन्द्रिय, मन बुध्दिको तेज एवं शरीरको आरोग्य आदि फलहरुलाई प्राप्त गरी यदि पार्थिव भोगमा नै यी सबै शक्तिहरुको क्षय गरियो भने त त्यो चोरको कार्य हुनेछ । यसै कारण साधनाको फल-स्वरुप विभूति-लाभ गरी मत्त भएमा साधकको इहलोक एवं परलोक दुवै नष्ट हुन जान्छ । यस्को अपेक्षा सदाको लागि विभूतिहरु देखि वंचित हुनु नै वरु श्रेयष्कर छ । वाह्य यज्ञको उद्देस्य द्रव्य त्याग, व्रतको उद्देश्य भोग त्याग, तपस्याको उद्देश्य सुख त्याग एवं योगको उद्देश्य सबैको त्याग हो (-महाभारत शान्ति पर्व) । जुन मानिसहरुले योगसाधनाबाट केवल विभूतिहरु प्राप्त गर्ने कुरा मनमा राखेको छ भने आशा गरौं यसवाट उनिहरुको भ्रान्ति नष्ट हुन जानेछ । ॥ १२ ॥

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्विषैः ;
भुंजते ते त्वधं पापा ये पचन्त्यात्मकारणात् ॥ १३ ॥

श्री धरीय टीका- [अतयव यज्ञकारी नै श्रेष्ठ छ, अन्य होइन - एसैले भन्नु हुन्छ]-जुन मानिसहरु वैश्वदेवादि यज्ञको अवशिष्ट भोजन गर्दछन्, तिनीहरु पंचसूनादिकृत सर्व पाप देखि मुक्त हुन जान्छ। [स्मृति शास्त्रमा पंचसूना भनिएको छ ; जस्तै ढीकी, जाँतो, चुल्हो, जलकुम्भ एवं कुचो या झाडू- गृहस्थहरुको यी पंचसूना अर्थात् बधसाधन स्थान हो । यी स्थानहरुमा कीटादि नष्ट हुन्छन्, यसै कारण गृहस्थहरु पुन्य लोक जान सक्दैनन् । पंच यज्ञको अनुष्ठान द्वारा यी पाँच पापहरुको निवृत्ति हुन्छ। मनुस्मृतिमा लेखिएको छ -

"ऋषियज्ञं देवयज्ञं भूत यज्ञं च सर्वदा ;
नृयज्ञं पितृयज्ञं च यथाशक्तिर्न हापयेत ॥" मनु० ।

वेदाध्ययन र सन्ध्योपासनादि 'ऋषियज्ञ' हो । अग्निहोत्रादि 'देव यज्ञ हो । वलिवैश्वदेव 'भूत यज्ञ; ।] जुन मानिसहरु केवल आप्नै लागि मात्र भोजन गर्न नै पाक गर्दछन्, वैश्वदेवादिको उद्देश्यले गर्दैनन्, ती दुराचारी मानिसहरु पापै भोजन गर्दछ । ॥ १३ ॥

आध्यात्मिक व्याख्या - "क्रियाको परावस्थामा रहँदा खेरि सबै पापहरु बाट मुक्त हुन जान्छ - जस्ले आफ्नै लागि (अर्थात् देह पुष्टार्थ अहंकार सहित) भक्षण गर्दछ, तिनीहरु पापै भक्षण गर्दछ ।"

- प्राण क्रिया या प्राणायाम नै यज्ञ हो । प्राणक्रियाको साधन गर्दै गर्दै जब क्रियाको परावस्था प्राप्त हुन्छ - तव त्यहाँ नै यज्ञको अन्त हुन जान्छ । यज्ञको यस शेष भागलाई जस्ले भोजन गर्दछ या भोग गर्दछ, यही हो यज्ञावशेष-भोजी । जस्लाई यो प्राप्त छ, त्यसलाई पाप लाग्दैन । क्रियाको परावस्थामा विषय भ्रमण हुँदैन, अतयव पाप पनि रहँदैन । आत्मामा नरहिकन विषयमा भ्रमण गर्नाले मन पाप युक्त हुन्छ । निष्पाप हुने उपाय नै क्रियाको परावस्थामा रहनु हो । यही हो प्रायश्चित अर्थात चित्तको क्षीणता । अपानमा प्राण वायुको र प्राणमा अपान वायुको हवन नै प्राणायामरुपी यज्ञ हो । यस प्राणायाम द्वारा नै चित्त शासित भै इन्द्रियादिहरुको वहिर्मुखी वृत्ति अवरुध्द हुन्छ । प्राणापानको संघर्ष द्वारा अनवरत अग्नि उद्‌गारित हुन्छ । यस्तो नहुँदो हो त शरीर ठंडा भएर जीवन नै अन्त हुन जान्थ्यो । यही अग्निकुण्डमा विषय वासनालाई होम गर्नु पर्नेछ । यसैको इन्धन स्वरुप अन्नपानादिलाई त्यसैमा लगाउनु पर्नेछ । त्यसबाट जुन वल या पुष्टि हुनेछ, त्यसद्वारा नै साधन गर्ने शक्ति पाइनेछ । यदि समस्त भोग दिएर प्राणलाई प्रज्वलित राखिन्छ तथा त्यसवाट साधन कार्यादि दैवीशक्ति सम्वर्ध्दित गरिदैन भने त अन्नपानादि हवि भोगवासनादिरुप अग्निलाई प्रज्वलित गर्नेछ र शरीर मनलाई इन्धन वनाई दग्ध गरी दिनेछ । यसबाट आत्म-दर्शनको प्राप्ति त हुने नै छैन, भोगको इन्धन प्रचुर परिमाणमा प्राप्त भै अन्तमा तन, मन वुध्दिलाई जलाएर परिशेषमा प्राणाग्निलाई निर्वापित गरी दिनेछ। यो पनि एक किसिमको यज्ञ हो, परन्तु यो अमन्त्रक छ, अतयव

देवताको उद्देश्यले प्रेरित हुने छैन, यस्को फल स्वरुप आसुरी र राक्षसी शक्ति प्राद्‌र्भूत भएर नियम रहित यज्ञ गर्नेहरुलाई ध्वंस गरी दिनेछ। यो पाप हो र पापको फल मृत्यु अवस्य नै प्राप्त हुनेछ। ॥ १३ ॥

अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभव;
यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भव ॥ १४ ॥

श्री धरीय टीका- [जगत् चक्रको प्रवृत्तिको हेतु हुने कारणले पनि कर्म कर्त्तव्य हो, यही तीन श्लोकमा भन्नु हुन्छ]-अन्न शुक्र शोणितमा परिणत भएर भूतगणहरुको उत्पादन गर्दछन्। पर्जन्य या वृष्टिवाट अन्नको उत्पत्ति हुन्छ। पर्जन्यको उद्भव हुन्छ यज्ञवाट र यज्ञ यजमानादि व्यापार द्वारा कर्मले सम्पन्न हुन्छन। स्मृतिमा लेखिएको छ - वैदिक अग्निमा प्रातः -सायंकाल जुन आहुति दिइने गरिन्छ त्यो आदित्यको समीप पुग्दछ। आदित्यबाट वृष्टि, वृष्टिबाट अन्न एवं अन्नबाट प्रजाको उत्पत्ति हुन्छ। ॥ १४ ॥

कर्म व्रहमोद्भवं विध्दि व्रहमाक्षर समुद्भवम् ;
तस्मात् सर्वगतं व्रहम नित्यं यज्ञे प्रतिष्ठितम् ॥ १५ ॥

श्री धरीय टीका - त्यो यजमानादि व्यापाररुप कर्म 'व्रहम' अर्थात् वेदबाट प्रवृत्त भएकोछ। त्यस वेदाख्य व्रहमलाई अक्षर परव्रहम देखि समुद्भूत भएको जान्नु। श्रुतिमा लेखिएकोछ - यस महत् नित्य सिध्द परव्रहमको निश्वासदेखि अर्थात विना चेष्टाबाट स्वयमेव ऋग्वेद, यजुर्वेद एवं सामवेद निर्गत भएको हो। यो अक्षर व्रहम सर्वगत भएर पनि सर्वदा यज्ञमा प्रतिष्ठित छ, अर्थात यज्ञरुप उपाय द्वारा प्राप्य छ। यसै कारण व्रहम यज्ञमा प्रतिष्ठित भनिएको हो। जस्तो भनिन्छ - *"लक्ष्मी सदा उद्यममा स्थित* छ" - अथवा जगत् चक्रको मूल नै कर्म हो एस कारण यी यज्ञादि कर्म मन्त्रमूलक छन्। यज्ञादि द्वारा नै जीवको सर्वार्थ - सिध्दि हुन्छ। र मन्त्रादि वेदमूलक छन्। वेद परव्रहमको निःश्वास स्वरुप छ, अतयव परव्रहम सर्वगत भएर पनि तात्पर्यरुपबाट सर्वदा यज्ञमा प्रतिष्ठित रहन्छ। अतयव यज्ञादि कर्म अवश्य कर्त्तव्य हो। ॥ १५ ॥

आध्यात्मिक व्याख्या - "व्रहमदेखि सवै भूत भएको छ - वृष्टि द्वारा अन्न हुन्छ, यज्ञद्वारा मेघ हुन्छन्, यज्ञ कर्मबाट हुन्छ। - एसैले सबैमा व्रहम अक्षरबाट भयो, यसैकारण व्रहम यज्ञमा (सवै कर्महरुमा) छ।"

- यो कुरा अत्यन्त रहस्यपूर्ण छ, यस्मा समस्त सृष्टितत्त्वको व्याख्यात भएको छ। लिंग पुराणको व्याख्यामा लेखिएको छ- "क्रियाको परावस्था विना यो सन्सारमा अरु कुनै पनि वस्तुहरु हितकारी छैन। उही अभयदाता, विभु, पवित्र, महान, नियत एवं नियताश्रय हुन। त्यो आफ से आफ हुन्छ, सवै कर्म उही वन्दछ, त्यो सवैको आदि हो। उही अभिवादनीय, उपासनीय योग हुन। उही आत्मा नै महत्त् व्रहममा लीन भएर सवै महत् कर्महरु गर्दछन् + अर्थात समस्त अलौकिक कर्महरु गर्दछन्, त्यही भएको कारण उस्को नाम महाकर्म भयो। त्यो सदा सर्वदा कूटस्थ व्रहममा रहन्छन्, त्यही रहने कारणले गर्दा समस्त भूतहरुको धारण भैरहेको छ, र उसैमा नै फेरि सवैको लय हुन्छ।" व्रहमबाटै यो व्रहमाण्ड उत्पन्न हुन्छ र उसैको

शक्तिले यसको धारण भैरहेको छ र त्यसैमा नै फेरि सवैको लय हुन जान्छ । अविनाशी कवीरले गीतामा भनेको छ - "कालको उत्पत्ति ॐकारस्वरुप शरीरबाट हुन्छ, तथा काल कालमा नै लय हुन्छ । सवै कालको महाकाल व्रहमपरव्योम हो र त्यही महाकाश-चिदाकाश वन्दछ क्रियाको परावस्थामा । त्यो शून्य महाकाश अनुपव्रहममा रहन्छ । अनूप व्रहम हो क्रियाको परवस्था या चिदाकाश । क्रियाको परवस्था नै निरंजन हो, अर्थान अत्यन्त शुध्द, एवं निर्मल छ, त्यस्मा कुनै दाग या अंजन छैन । निरंजन रहन्छ सुषुम्नाको बीच, निरंजनको उत्पत्ति हुन्छ स्थिर वायु या अनिल देखि" अव्यक्त कूटस्थ नै अक्षर हो । अक्षर नै हो व्रहम - *"अक्षरं ब्रहम परमम्"* - गीता । अविनाशी ब्रहम या चिदाकाश क्रियाको परावस्थाले नै कूटस्थ अक्षर हुन्छ, एस्को स्थान आज्ञाचक्र हो । *"तत्शुभ्रं ज्योतिषां ज्योतिस्तत् यदात्मविदो विदुः"* यो आत्म ज्योति ध्वनिको अन्तरगत छ, अर्थात् ध्वनिको भेदन गरेपछि नै यस ज्योतिमा पुगिने हुन्छ । यो ध्वनि नै शव्द व्रहम, आकाश या व्योमतत्त्व हो । यस्को स्थान हो विशुध्द चक्र । यस शव्दवाटै वायुतत्त्व या प्राण छ, जस्ले यो जगतको धारण गरेको छ - यसको स्थान हो हृदय या अनाहत चक्र । यही प्राणावायु जीवको श्वास-प्रश्वास रुपमा छ, यसैकारण मनको साथ सारा इन्द्रियहरु समस्त कार्य गर्न समर्थ हुन्छन् । अतयव कर्मको उत्पत्ति प्राणवाटै भयो र प्राण शव्दव्रहम या आकाश देखि उत्पन्न भएको छ । यस आकाशमा मन लगाउनाले साधक सर्वज्ञ वन्दछ । सर्वज्ञत्व नै वेदज्ञान हो । यस प्राण -कर्मले शक्ति या तेजको विकाश हुन्छ, समस्त क्रियाहरु निष्पन्न हुन्छ, यही हो मणिपुरस्थ तेजतत्त्व । यो शक्ति या तेज रहेन भने हामीहरु कुनै पनि काम गर्न सक्तैनौ, जडवत्त निश्चेष्ट हुन्थ्यौ । यसैकारण यो क्रियाशक्ति फलोत्पादन गरिने कारण यज्ञरुपमा अभिहित हुन्छ । यस यज्ञले सारा क्रियाशक्तिको परिचालन गरी " रस' या आनन्द उत्पन्न हुन्छ, यही हो स्वाधिष्ठान या रसतत्त्व । यही कारणवारि या अमृत हो, यसै भित्र समस्त शक्तिहरु निहित रहेर भविष्यमा फलोत्पादन गर्दछ । स्थूलरुपमा यही हो शुक्र या सवैको बीज । कारणवारीमा जसरी नारायण शयन गर्दछन्, उसरी नै शुक्रमा समस्त शक्ति बीजको साथ जीव सुप्त रहन्छ । रसको कारणले यस्लाई पर्जन्य भन्दछन । यस रसतत्त्व या बीजदेखि क्षितितत्त्व या मूलाधार उत्पन्न हुन्छ । यही हो अन्नमय कोष या जीवको स्थूल शरीर । यस्लाई मूलाधार भन्नुको कारण यो हो -सारा कर्म यस स्थूल या पिण्डदेहवाटै निष्पन्न हुन्छ । जो जस्ले जस्तो कर्म गर्दछ, तदनुसार जीवको फेरि त्यस्तै प्रकारको जन्म या भोग हुन्छ । यो मूलाधार नै हो मायाचक्र । यस स्थानमा जगत्को प्राणरुपिणी महामाया योग-निद्राको अवलम्वन गरी विराजमान छन् । यो शक्ति जाग्रत हुनु वाहेक अर्को कुनै दोश्रो उपाय छैन । यसैकारण जवसम्म मूलाधार चक्रमा विजय प्राप्त हुन्न तवसम्म यस पिण्ड देहको अभिमान छुटनेवाला छैन । यो स्थूल शरीर समस्त अज्ञान अथवा सन्सारको मूल हो, तथा सवै जीवहरुको उत्पत्ति यहींवाट हुन्छ । यस प्रकार अनुलोम-विलोम दृष्टिवाट जान्न सकिन्छ - एकम् एक ब्रहम नै सर्वगत भै सवैवस्तु भएर विराजमान छ । परन्तु त्यो *"नित्यं यज्ञेप्रतिष्ठितम्"* किन छ ? यो क्रिया शक्ति यस यज्ञको स्वामी या यज्ञेश्वर हो विष्णु, जो सर्वमा प्रविष्ट भएर स्थित छ । यस प्राण-यज्ञको दुइटा भाव छन् - वात्य एवं अन्तर वहिरभावमा वाहयक्रिया, सन्सार वासना, जन्म मृत्यु या हो सान्सारिक लीला । तथा आन्तरभावमा, प्राण जव अन्तरमुखी हुन्छ त त्यो प्राणक्रियाको सहायताले नै हुन्छ । तव यो सन्सार असन्सार हुन जान्छ, चांचल्य स्थिरतामा मिल्न

जान्छ, जन्ममृत्युको सट्टा चिरस्थिर कैवल्यपद उपस्थित हुनजान्छ। *"सैषा प्रशन्ना वरदा नृणां भवति मुक्तये"* यही प्रशन्न भएमा वरदायिनी भै जीवको मुक्तिको कारण हुन्छ। तव त्यो पुनः महामाया रहँदैन, महाविद्या हुन जान्छ। यही महाविद्या नै उनको अघोर रुप हो, र अविद्या अर्थात महामाया नै हो उनको घोरतर घोर रुप। ॥ १४-१५ ॥

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ;
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥ १६ ॥

श्री धरीय टीका-[किन भने परमेश्वरले नै जीवको पुरुषार्थको सिध्दि गर्नको लागि कर्मादि चक्रको प्रवर्त्तन गरेको हो, अतयव यस कर्मचक्रको जस्ले अनुवर्त्तन गर्दैन, उस्को जीवन व्यर्थ छ - यसैले भन्नु हुन्छ] परमेश्वरको वाक्य स्वरुप व्रहमदेखि पुरुषको कर्ममा प्रवृत्ति हुन्छ, त्यस्ले कर्म निष्पन्न हुन्छ, त्यस्बाट पर्जन्य, पर्जन्यबाट अन्न, अन्नबाट भूतगण, भूतगणदेखि फेरि त्यसै प्रकार कर्म-प्रवृत्ति। एस प्रकारको प्रवर्त्तित चक्रको जस्ले अनुवर्त्तन गर्दैन, अर्थात कर्म गर्दैन, त्यो पापायु एवं इन्द्रियाराम हो, अर्थात इन्द्रियद्वारा विषयभोग गर्दछ। परन्तु ईश्वराधानार्थ कर्म गर्दैन, अतयव त्यो व्यर्थ जीवन धारण गर्दछ। ॥ १६ ॥

आध्यात्मिक व्याख्या - "यस प्रकारको चक्र छ, यस्मा जो रहँदैनन् र इन्द्रियहरुको लागि मात्र सवै कर्म गर्दछन्, त्यस्ताको जीवन व्यर्थ छ।"

-पूर्वश्लोकमा यस कर्मचक्रको वर्णन गरिएकोछ। आज्ञाचक्र देखि तल एक एक खुडकिलो झर्दै झर्दै मूलाधार पर्यन्त कर्मचक्र ६ ओटा छन्। ॐकार (रुपहेर्नुस) विदेहबाट स्थूल शरीर, अवाच्य अवस्थाबाट जाग्रत, निःशव्द देखि वाकवैखरी, कूटस्थ (परशिव) देखि व्रहमा, निरंजनदेखि क्षिति, परव्योम देखि विष्ठा, व्रहमरन्ध्र देखि गुह्यद्वार, आज्ञाचक्र देखि मूलाधारचक्र, 'अनुभव विन्दु' देखि 'तारक', अवरुध्द रुपदेखि ह्रश्व तन्मात्रा, निराकार देखि सद्योजात, सोऽहम व्रहम देखि स्थूल शरीर साढे तीन हात-क्रमक्रम विकासलाई प्राप्त हुँदै हुँदै एकदमै स्थूल भूतमा पुगी दिन जान्छ। यस्तो वेला स्थूल शरीरलाई छोडी अरु कुनै वस्तुको वोध हुँदैन। फेरि स्वरुपमा पुगनको लागि मूललाई (मूलाधारदेखि) समातेर शीर्ष (आज्ञाचक्र) पर्यन्त जानु पर्नेछ। यस किसिमसंग वारम्वार अनुलोमविलोम यातायात गर्दै गर्दै मूलाधार स्थित सुषुप्त सुषुम्ना शक्ति चैतन्य हुनेछ र अनि त्यो पछाडि तिर फर्कि अनुवर्त्तन गर्दै गर्दै परम शिवको साथ युक्त हुन जानेछ। यस प्रकार क्रियाको परावस्था या विदेह विमुक्तिको अवस्था प्राप्त हुनेछ। -

"यदा संक्षीयते प्राणे मानसं च प्रलीयते ;
तदा समरसत्त्वंच समाधिरभिधीयते॥ -

प्राणवृत्तौ विलीयानां मनोवृत्तिर्विलीयते ;
शिवशक्ति समायोगो हठयोगेन जायते ॥"

प्राणको चांचल्य टाढिने र मनको ऐक्यतान प्रलीन हुँदा खेरि समरसभाव हुन्छ, यही हो समाधि। हठयोगको चन्द्र र नाडीको क्रिया (श्वासप्रश्वास क्रिया) द्वारा प्राणवृत्तिको चंचलता विलीन भएमा मनोवृत्तिहरु

(संकल्पविकल्प) विलीन हुन जान्छ, तत्पश्चात् सहस्रारमा स्थित शिवको साथ मूलाधारमा स्थित शक्तिको मिलन संयोग सम्पादित हुन्छ ।

"अजपा नाम गायत्री योगिनां मोक्ष दायिनी ;
तस्या संकल्प मात्रेण सर्वपापैः प्रमुच्यते ॥"

अजपा नै मोक्षदायिनी हो, त्यस्को संकल्प अर्थात प्रारम्भ गर्नाले पनि सर्व पाप नष्ट हुन जान्छ ।

यस्को अनुवर्त्तन जस्ले गर्दैन, त्यो अघायु हो, अर्थात नाना प्रकारको पाप-संकल्प विकल्पमा नै उस्को आयुको क्षय हुन जान्छ । मनको स्थिरताको सिप-कौशल जानीकन त्यसमा सचेष्ट नहुँदा इन्द्रियाराम वन्नु पर्दछ । केवल इन्द्रियभोग विलाशको निम्ति आकुल व्याकुल भएर जस्ले जीवनमा *'आवाद करिले फलतो सोना'* - अर्थात शरीर आवाद गर्दा खेरि सुन फल्छ, त्यो नभैकन अनित्य विषय भोगविलाशमा जीवनको वाती क्षय हुन जान्छ । यसप्रकारको जीवन र विषय भोगलाई धिक्कार छ धिक्कार ! ॥ १६ ॥

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ;
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥ १७ ॥

श्री धरीय टीका-[कर्मानुष्ठान गरिनु बाहेक कुनै नैष्कर्म्य या ज्ञानको प्राप्ति हुन सक्तैन । यसैकारण अज्ञलाई चित्तशुध्दिको लागि कर्मयोगको कुरा भनेर दुई श्लोकमा कर्ममा ज्ञानीको अनुपयोग अप्रयोजन भन्नु हुन्छ] - जस्को आत्मामा नै प्रीति छ, र आत्मतृप्त छ अर्थात स्वानन्दानुभव द्वारा प्रशन्न एवं आत्म तुष्ट छ (सन्तोष प्राप्तिको लागि आत्मादेखि बहिर्भूत कुनै पनि वस्तुको प्रयोजन जस्लाई हुँदैन) अर्थात् जस्लाई भोगहरुको अपेक्षा छैन, उस्लाई फेरि कुनै कर्त्तव्य कर्मको जरुरी रहँदैन । ॥ १७ ॥

आध्यात्मिक व्याख्या - "क्रियाको परावस्थामा कुनै कर्त्तव्य कर्म रहँदैन ।"

- जबसम्म पुरुषलाई आत्म-साक्षात्कार हुन जाँदैन, तथा त्यस्मा सम्पूर्ण स्थिति हुँदैन, तबसम्म क्रिया कर्मको आवश्यकता रहन्छ । अनि उस्लाई जुन किसिमको कर्म गर्नुको आवश्यकता छ, उसै किसिमको कर्मचक्रको वर्णन गर्नु हुँदै श्री भगवान भन्नु हुन्छ-हेर, कतै तिमीले मनमा यस्तो नसोच्नु - आजीवन तथा जन्म जन्मान्तर सम्म यस प्रकारको क्रिया गरिरहनु पर्ने आवश्यकता रहनेछ र कर्मको प्रवाह बन्द हुने छैन । क्रिया तवैसम्म गर्नु पर्छ जबसम्म क्रियाको परावस्था प्राप्त हुँदैन, तथा त्यसमा स्थिति लाभ हुँदैन । जसको क्रियाको परावस्था खूव जमेको छ, (ज्ञान या अपरोक्षानुभूति भैसकेको छ) र तेस्को भंग हुने कुनैपनि किसिमको संभावना छैन, उस्लाई तव क्रिया गरिरहनु पर्ने जरुरी छैन । किनभने जस्को लागि क्रिया गरिएकोछ त्यो उस्लाई प्राप्त छ । मनुष्य जीवनको लागि जुन चरम सार्थकता छ, त्यो प्राप्य भएको छ । उस्को प्राणको गति सुषुम्नावाहिनी भएकोछ र त्यो आत्माराम भएकोछ, उस्को दृष्टि अब विषयहरुमा छैन, अत विषयहरुको आहरण गर्नेवाला इन्द्रियहरुको कर्ममा उस्को कुनै प्रयोजन छैन । *"आत्मक्रीडा आत्मरति*

क्रिया वानेष व्रहमविदां वरिष्ठ" - मुण्डक। आत्मामा नैं जस्को क्रीडा छ, आत्मामा नै जस्को रतिराम छ, जस्ले साधन क्रियामा जमेर साधनाको फल शान्ति प्राप्त गरेको छ उही वरिष्ठ व्रहमवेत्ता हो ॥ १७ ॥

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन;
न चास्य सर्वभूतेषु कच्चिदर्थव्यपाश्रयः ॥ १८ ॥

श्री धरीय टीका- [यस्को निम्ति हेतु प्रदान गर्नु हुन्छ]-यस लोकमा कृत कर्म द्वारा उस्लाई पुण्य हुँदैन, कर्म नगर्दामा पनि कुनै प्रत्यवाय हुँदैन । किनभने उ निरहंकार तथा विधि निषेध देखि अतीत छ । तथापि श्रुतिमा लेखिएको छ - मनुष्यले व्रहमलाई चिनोस् या जानोस, यो देवताहरुलाई मन पर्दैन; तसर्थ मोक्ष विषयमा देवकृत विघ्नहरुको संभावना हुन्छ, त्यस विघ्नलाई परिहार गर्नको लागि कर्म द्वारा देवताहरुको सेवा हुनु पर्छ । यदि कोही कसैले आशंका गर्छ यस्तो भने त्यस्लाई दूर गर्दै भन्नु हुन्छ - मोक्षको लागि व्रहमा देखि स्थावर पर्यन्त कसैको आश्रय लिनु पर्दैन । श्रुतिमा यस प्रकारको विघ्नभाव भनिएको छ। श्रुतिमा उल्लेख छ - आत्मतत्त्वज्ञ पुरुषको भूति अर्थात व्रहमभावलाई प्रतिवध्द गर्नमा देवताहरु पनि असक्षम छ । सम्यग् ज्ञानोत्पत्तिको पूर्वतिर देवकृत विघ्नादि हुन्छन् ॥ १८ ॥

आध्यात्मिक व्याख्या - "त्यो मन्द मन्द कर्म गर्दै या केही पनि नगर्दै सव भूतहरुमा रहिकन केही पनि गर्दैनन् ।"

- जुन मनुष्य आत्माराम या मुक्त छ, उस्लाई आफ्नो लागि कुनै पनि (लौकिक या परलौकिक) क्रियादिको केही प्रयोजन हुँदैन । जुन प्रकारसँग परमात्मा सवै भूतहरुमा अवस्थित छ, त्यसै प्रकारले त्यो पनि सबै भूतहरुमा अवस्थित छ । परन्तु सारा भूतहरु त व्रहमध्यानमा मग्न हुँदैन, यसैले उ जव सवै भूतहरुमा हुन्छ त उसद्वारा कृत शुभाशुभ कर्महरुको आँच उस्लाई पनि लाग्नु पर्ने हो । परन्तु यस्तो हुँदैन । आकाश सर्वत्र व्याप्त भएर पनि जसरी वस्तुको गुण दोषले उस्लाई स्पर्श गर्दैन, त्यसरी नै जो साधक आकाश रुप भएको छ, उ सर्व भूतस्य भएर पनि सवै भूतहरुको कार्याकार्यले उस्लाई स्पर्श गर्न सर्क्तैन । यस अतिरिक्त जस्को वुध्दि व्रहमभावमयी छ, उसमा फेरि आफ्नो अहंकार कहाँबाट टिक्न सक्छ ? जसलाई अहंकार छैन, उसलाई कर्मफल कसरी हुन सक्छ ? यस बाहेक अद्वैत व्रहमविज्ञानबाट आभासित भएपछि उसद्वारा कृतकर्म उस्लाई लाग्दैन, "म" को अभिमान नरहेपछि वन्धन कस्लाई लागला ? क्रियाको परावस्थामा व्रहमज्ञानमा "मपना" को ज्ञान लुप्त हुन जान्छ । सप्त ज्ञानभूमिकाहरुमा चतुर्थ भूमिकादेखि साधकको स्वस्वरुपमा स्थिति हुन्छ । त्यँहा न त केही प्राप्त गर्नु रहन्छ न केही हराउनु । यही क्रियाको परावस्थाको निश्चिन्त भाव हो । यस अवस्थामा सदा आत्मज्ञान स्फुरित हुन्छ, अतयव यस्तोमा अन्यान्य साधनहरुको अंगभूत क्रियाहरु गर्नुपर्ने आवश्यकता हुँदैन । यस अवस्थामा स्थित योगीलाई कुनै दैवी विघ्नादि हुने संभावना पनि रहँदैन ; समस्त विघ्न क्रियाको परावस्था घनीभूत हुनु अघि नै घट्ने गर्दछ । ॥ १८ ॥

तस्मादसक्त : सततं कार्य कर्म समाचर;
असक्तो हयाचरन कर्म परमाप्नोति पुरुषः ॥ १९ ॥

श्री धरीय टीका-[किनभने यस प्रकारको ज्ञानीलाई कर्म गर्नुको आवश्यकता हुँदैन, परन्तु अन्य मानिसलाई जरुरी छ । (अनि तिमी त्यस प्रकारको ज्ञानी होइनौ) अतयव तिमी कर्म गर यसैले भन्नु हुन्छ] फलासक्ति रहित भएर अवश्य कर्त्तव्य विहित नित्यनैमित्तिक कर्महरुको सम्यक आचरण गर । किनभने आसक्ति शून्य भएर कर्म गर्दामा मनुष्य चित्तशुद्धिपूर्वक ज्ञानद्वारा मोक्षलाई प्राप्त हुन्छ । ॥ १९ ॥

आध्यात्मिक व्याख्या - "फलाकांक्षारहित कर्म क्रिया गरेमा परम पुरुषलाई प्राप्त गर्दछन् "

- क्रिया गर्नै पर्छ र त्यो पनि फलाकांक्षारहित भएरै गर्नु पर्नेछ । फलाकांक्षा गर्नुको अभ्यास धेरै धेरै छ हामीहरुलाई । देहमा अभिमान र विषयहरुमा अत्यन्त आसक्तिको कारणले नै यस्तो हुन्छ । क्रिया गर्दै रहँदा पनि हामी मध्ये धेरैजसो फलको आकांक्षा गर्दछौं । शरीर स्वस्थ रहनेछ, धेरै दिन वाँच्ने छौ, यो बाहेक क्रिया गर्दै रहे अनेकानेक अद्भुत दर्शन-श्रवण हुनेछ - यस्ता आकांक्षाहरु क्रियावानहरुलाई हुने गर्दछ । यसैको निम्ति केही विचार या आलोच्य गरिन्छ । शव्द, स्पर्श, रुप, रस गन्धको लोभमा हाम्रो कति कति जन्म वितिसक्यो, अब पनि यी सवै वस्तुहरुको मायाको जालोलाई के हामीहरुले काट्न सक्तैनौ ? परन्तु जुन किसिमसँग लाखौं लाखौं जन्म यी सवै विषयहरुकै सेवामा अतिवाहित भएका छौं के यसपल्ट क्रिया पाएर अनि क्रियासाधन गरिकन पनि त्यो गर्भ यातनालाई मिटाउने प्रयत्न हामीले नगर्ने ? यसपल्ट पनि के मोहकूपमा पर्दै पर्दै केवल विषय मल नै हामीले भक्षण गर्ने ? श्येन पंछीको समान सुक्खा मासुको लोभले के हामी यस अमूल्य जीवनलाई व्यर्थ गर्ने या खेर फाल्ने ? कवीरले भन्नु भएको छ -

"सहकामी सुमिरन करे पावे उचाधाम;
निहकामी सुमिरन करे पावे अविचल धाम ॥"

सकामी मनुष्य भगवद् भजन द्वारा सारा उच्च धामलाई प्राप्त गर्दछन्, परन्तु निषकाम पुरुष 'अविचल राम' अर्थात चिर स्थिर चिर सुन्दर जन्म मरण रहित अव्यय परमात्मामा प्रविष्ट भएर दुःखको आस्पद यो सन्सारलाई पार गर्दछ । निष्काम भावले साधना गरेमा थोरै प्रयत्न बाटै त्यो परावस्थामा प्रवेश प्राप्त हुन्छ, क्रियाको परावस्था उत्तम भए पछि नै परम पुरुषमा प्रवेश हुन्छ । क्रियाको परावस्था नै परम पद हो, मनुष्य जीवन प्राप्त सवैको लागि यो नितान्त आवश्यक छ - यस परम पद प्राप्त गर्नलाई पूर्ण प्रयत्न गर्नु पर्दछ ।

गुरु कृष्ण साधुर तिनेर दया हइल;
आपनार दया विना जीव छारे खारे गेल ॥

अर्थात् गुरु, कृष्ण एवं साधु यी तीनै जनाको दया त भयो, परन्तु आफ्नै दया विना जीव नष्ट भ्रष्ट भएकोछ । यो अधः पतन जसबाट नहोस, यसैले सबैले आफु प्रति दया गरेर क्रिया साधन गर्नु पर्दछ । ॥१९॥

कर्मणैव हि संसिद्धिमास्थिता जनकादय :;
लोकसंग्रहमेवापि संपश्यन् कर्त्तुमर्हसि ॥ २० ॥

श्री धरीय टीका-[यस विषयमा साधु मनुष्यहरुको सदाचारलाई प्रमाणरुपमा देखाउनु हुन्छ] - जनकादि ज्ञानी मानिसहरु कर्मे द्वारा शुध्दसत्त्व भै सम्यक् ज्ञान प्राप्त गरेका थिए। यद्यपि तिमी आफुलाई सम्यग् ज्ञानी मान्दछौ पनि, तथापि कर्माचरण नै मंगल जनक छ, यसैले भन्नु हुन्छ-मानिसहरुलाई स्वधर्ममा प्रवर्तित गर्नको निम्ति पनि तिमीले कर्म गर्नु पर्दछ - यस्तो सोचेर मैले कर्म गर्नाले सवै मानिसहरु कर्म गर्नेछन्, नत्र भने ज्ञानीको दृष्टान्त देखेर अज्ञमनुष्य आफ्नो धर्म नित्यकर्मलाई त्याग गरी पतनोन्मुखी हुन जानेछ। यस प्रकार लोक रक्षाको प्रयोजन सम्झीकन तिमीले कर्मको अनुष्ठान गर्नु पर्दछ। कर्म त्याग तिम्रो कर्तव्य होइन। ॥ २० ॥

आध्यात्मिक व्याख्या - "जनकादि ऋषिहरुले कर्म गरेकाछ्न - यसैले लोकयात्राको निर्वाहको लागि फलाकांक्षारहित भएर सवैको लागि कर्म कर्तव्य छ।"

- ज्ञानी पुरुषले क्रिया नगरे पनि उस्को कुनै क्षति हुँदैन। किनभने उनीहरुले अविचल स्थान प्राप्त गरेको छ। यस प्रकारको आत्माराम मस्त (उन्नत) पुरुषहरुलाई पनि क्रिया गर्नु पर्दछ, परन्तु आफ्नो लागि होइन - कतै पछि अज्ञ देहाभिमानी पुरुष उनको दृष्टान्त देखेर सारा क्रियाकर्म छोडीकन ज्ञानीको वाना धारण नगरोस। ज्ञानीलाई त क्रिया छोडनाले केही पाउने गुमाउने कुरा भएन। तर अज्ञानीहरुलाई त यसले धेरै धेरै क्षति गर्नेछ। अतयव तिनीहरु भ्रान्तिमा नपरोस, तसर्थ उनीहरुलाई क्रियामा लगाई राख्न पनि साधु पुरुषलाई नित्य नियमित कर्म गर्नु पर्दछ। कर्म गरी चित्त शुध्द भएमा मनमा मैला या विषयासक्ति जम्दैन, तबै प्रकृत ज्ञान उत्पन्न हुन्छ। ज्ञानोत्पत्तिको साथसाथै 'अहंममाकारादि' अज्ञानाच्छन्न-तम दूर हुन जान्छ। अतयव क्रिया गरी जसमा अज्ञ मनुष्यहरुको कल्याण होस, यस्तो उपाय ज्ञानीहरुले गर्नु पर्दछ। यस्को अतिरिक्त तिमी व्रहमज्ञ होइनौ, तिमी क्षत्रिय हौ, युध्द या क्रिया गर्नु, तथा त्यसद्वारा काम क्रोधादि रिपुहरुलाई वशमा ल्याउनु नै तिम्रो स्वधर्म हो। जो जनक विदेह मुक्ति प्राप्त गरी विदेहराज बनेको थियो, उस्लाई पनि शुध्द वुध्दरुपा सीता अर्थात शुभ्र ज्योतिलाई प्राप्त गर्नु परेको थियो। उस्ले क्रिया गरेर नै सिध्दि प्राप्त गरेको थियो - कहाँबाट उस्ले सीतालाई प्राप्त गरेको थियो? क्षेत्रमा हलो जोतेर - अर्थात शरीरुपी भूमिमा प्राणायांमादि साधन गरी उस्ले आफ्नो देहातीत 'विदेह' अवस्था प्राप्त गरेको थियो। अतयव तिम्रो लागि पनि कर्म गर्नु आवश्यक छ। कुन प्रकारले कर्म गर्नु पर्ला? *"लोक संग्रह संपश्यन्"* समस्त मनुष्य जसबाट संग्रहित होस। जुन मानिसहरु क्रिया नगरिकन ज्ञानीको वाना धारणा गर्दछन र मानिसहरुलाई खालि ज्ञानको कुरा सुनाउँछन्, त्यस्ताको लोक संग्रह हुँदैन। मानिसहरुलाई शिक्षा दिनु भन्दा अघि आफ्नो तयारी गर्नु पर्दछ। स्वयं कर्म नगरिकन केवल वचन द्वारा लोक-शिक्षा हुने छैन। कामलाई वेवास्ता गर्दै डराएर कसैले पनि काम पुरा गर्न सक्तैन। अतयव योगी बन्नको लागि परिश्रम गर्नु पर्नेछ। लोक संग्रहको एउटा अर्को गहीरो निगूढ अर्थ छ। त्यो पनि जान्नु आवश्यक छ -

भूलोकादि सत्यलोक पर्यन्त सप्तलोकलाई एकै गर्नु पर्नेछ - मूलाधारदेखि सहस्रार सम्म एकै गर्नु पर्नेछ । एकलोकलाई अर्को लोकमा मिलाउनु पर्नेछ । एक एक लोक आफ्नो अघिल्लो लोकहरुमा लय हुँदै हुँदै एकदमै सहस्रारमा पुग्यो भने पूर्णाहुति हुन जानेछ । जस्ले यो अन्तिम आहुति दिन्छ उही त विदेहराज हो व्रहमवोधिनी शुध्द निर्मल वुध्दि सीता नै त उनको कन्या हुन । यसै अवस्थालाई लक्ष्यमा राखी हे साधक तिमीलाई क्रिया गर्दै जानु पर्नेछ । निदिध्यासन छोड्नाले काम चल्नेवाला छैन । ॥ २० ॥

यद् यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ;
स यत् प्रमाण कुरुते लोकस्तदनुवर्त्तते ॥ २१ ॥

श्री धरीय टीका- [कर्म गर्दाखेरि कुन प्रकारसँग लोकसँग्रह हुन्छ -यस्लाई नै भन्नु हुन्छ]-श्रेष्ठमनुष्य जे जो कर्म गर्दछन्, साधारण मनुष्यहरु पनि तेही तेही गर्दछन । श्रेष्ठ पुरुषले कर्मशास्त्र या निवृत्ति शास्त्र जसलाई प्रमाण मान्दछन्, अरु सामान्य मानिसहरु पनि त्यसैलाई अनुसरण गर्दछन । ॥ २१ ॥

आध्यात्मिक व्याख्या- "राम्रो असल मानिस जसरी आचरण गर्दछन्, त्यही प्रमाणमा साधारण मानिसहरु पनि उसैको पछि लाग्दछन्"

- एउटा राम्रो असल मनुष्य जस्तो आचरण गर्दछ, अरु सामान्य मानिसहरु पनि विचारै नगरी त्यसैलाई ग्रहण गर्दछन्, यसैकारण श्रेष्ठ मनुष्य साधारण मानिसहरुको लागि दृष्टान्त स्वरुप हुन्छ, यही सम्झेर उनीहरुलाई कर्तव्याकर्तव्यमा विशेष सावधानीको आवश्यकता हुन्छ । आफु भित्रै यस्को प्रमाण हेर । देहेन्द्रियादिको बीच मन नै सर्वश्रेष्ठ हुन्छ । यीनीहरु सवै उत्पन्न हुने कारणले 'जन' भनिन सक्छ । यी सवैहरुमा मन नै श्रेष्ठ छ । यो मन जुन भावले चिन्तन गर्दछ, समस्त इन्द्रियहरु उतैतिर दौडी दिन्छन । मन यदि श्री भगवान् तिर दौडदछ भने सारा इन्द्रियहरु त्यसवेला श्री भगवान्‌कै कार्यमा लाग्ने छन्, मन यदि विषयतिर दौडिएमा त सबै इन्द्रियहरु विषयतिरै दौडिनेछन् । यसैले मनलाई यदि ठीकसँग भगवत् स्मरणमा लगाई दिएमा त इन्द्रियहरु पनि उसैको पछि पछि चल्ने छ । यसैले क्रियामा मन रमाउन थालेपछि इन्द्रियहरुले उपद्रव बदमासी गर्न सक्तैन । मन जो राजा हो, प्रमुख व्यक्ति हो, त्यो यदि क्रियाको परावस्थामा स्थिर हुन जान्छ भनेत अन्यान्य इन्द्रियहरु पनि मनसंगै स्थिर हुनेछ । योगदर्शनमा यस्लाई मधुमक्षिकाको रानीको दृष्टान्तद्वारा सम्झाइएकोछ । ॥ २१ ॥

न मे पार्थास्ति कर्त्तव्यं त्रिषु लोकेषु किंचन ;
नान वाप्तमवाप्तव्यं वर्त्त एव च कर्मणि ॥ २२ ॥

श्री धरीय टीका-[यस विषयमा मै दृष्टान्त छु, यो तीन श्लोकहरुमा भन्नु हुन्छ]-हे पार्थ ! मेरो निम्ति कर्तव्य केही कुनै छैन । किन भने तीनै लोकमा मेरो लागि अप्राप्त या अप्राप्य केही पनि छैन । तथापि म कर्म गर्दछु । ॥ २२ ॥

आध्यात्मिक व्याख्या - "केही पनि गर्नु छैन । प्राप्ति भएपछि प्राप्तिको इच्छा रहँदैन, परन्तु नगरिकन रहने उपाय छैन ।"

- क्रियाको परावस्थामा यस्तो देखिन जान्छ,- मनुष्यको लागि केही गर्नु पर्ने रहँदैन । जुन स्वयं परावस्था या ज्ञानस्वरुप छ, जहाँ समस्त कर्महरुको प्रविलय हुन जान्छ, त्यहाँ फेरि कर्त्तव्य के रहला ? हामी वध्दजीव हौं, हामीलाई ज्ञान छैन, तसर्थ हामीलाई त्यही गर्नु आवश्यक छ, जसबाट ज्ञान प्राप्त होस । किन भने यसको विना त्रितापको ज्वाला समन हुनेछैन । अनि जसले साधना द्वारा यो अवस्था प्राप्त गरेको हुन्छ, उसकोअवस्था हुन्छ इच्छारहित । अतयव त्यस्तो समयमा प्राप्तिको इच्छा नै मेटिन जान्छ, नामेट हुन जान्छ ; सुतरां उस्ले मुक्ति पनि चाहँदैन । तब चाहने कस्ले ? जे जुन चाहना छ, त्यो त भै नै हालेकोछ । तुलसीदास भन्नुहुन्छ - *"जानत तुमहि तुमहि होई जाई"* जस्ले तिमीलाई जान्दछ उ तव तिमीनै बन्न जान्छ । परन्तु फेरि पनि कर्म नगरिकन कोही पनि रहन सक्तैन । यसको कारण के हो ? जब सम्म स्थूल शरीरमा अभिमान हुन्छ तव सम्म चाहे जति नै कर्म गर्दै गए पनि न त्यस्को अन्त हुन्छ न विराम । जब क्रिया गर्दै गर्दै हामी स्थिर हुने चेष्टा गर्दछौं तव बाहिरको क्रिया रहँदैन, श्वास प्रश्वासको गति सूक्ष्म हुन जान्छ, परन्तु त्यसबेला पनि सूक्ष्म भावले श्वासको गति रहिरहन्छ, क्रियाको परावस्थामा जब प्राण सुषुम्नाको अन्तरगत हुन्छ तब पनि अति सूक्ष्मातिसूक्ष्म भावले उस्को क्रिया चल्दछ । शरीर रहँदै देहातीत अवस्था प्राप्त गरेर पनि यस्को कार्य एकदमै समाप्त हुँदैन । किनभने यदि प्राण विलकुलै रहेन भने त यो जगद्-व्यापार कसरी रहला, रहन पनि सक्तैन । परन्तु यस अवस्थामा पनि सुषुम्ना रहन्छ, त्यो नष्ट हुँदैन, यसैकारण बाहिर जगद्-व्यापार रहित भएर पनि प्राण सूक्ष्मतम भावले क्रियाशील रहन्छ । यदि त्यो क्रियाशील नरहे त कस्ले जीवन विमुक्त अवस्थामा पुर्‍याउला ? अनि त्यहाँबाट मुक्तात्मा जगत्को काम गर्न आउनेछ कसरी ? गम्भीर निद्रामा हाम्रो सवै स्थूल इन्द्रियहरु र सूक्ष्म इन्द्रियहरु मन वुध्दि आदि सवै जब सुषुप्त हुन जान्छ तब प्राण रहनुको कारणले नै हामी फेरि विम्झन्छौ । प्राणको सूक्ष्मतम गति सूत्रमा उस्को कार्य चल्नेनै छ । प्राण नै परमात्माको क्रियाशक्ति हो । अतयव उस्को प्राप्तव्य केही नरहे पनि उस्को क्रियाशक्तिको क्रिया वन्द हुँदैन । उस्को मनन रहँदैन, अभिनिवेश रहँदैन, संस्कार रहँदैन, तथापि सूक्ष्म भावले प्राण-क्रिया चल्दछ । प्राणको क्रिया बन्द भएमा व्रहम देखिलिएर स्तम्ब पर्यन्त सव विलुप्त हुन जान्छ । लीलाको अवसान हुन जान्छ । ॥ २२ ॥

यदि ह्यहं न वर्त्तेयं जातु कर्मण्य तन्द्रित:;
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥ २३ ॥

श्री धरीय टीका-[कर्म नगर्नाले लोकनाश हुनेछ, यही देखाउनु हुन्छ]-हे पार्थ ! यदि कदाचित अनलस भएर मैले कर्मको अनुष्ठान गरिन भने त मानिसहरु निश्चय नै मेरो मार्गको अनुवर्तन या अनुसरण गर्नेछ । ॥ २३ ॥

आध्यात्मिक व्याख्या - "चाहे कसैले जो जे गरुन, मेरो बाटोमा नै चल्दछ ।"

- कोही चाहे जो जे गरुन, प्राणशक्तिलाई अलग गरेर कसैले केही गर्न सक्तैन । जब इडामा श्वास चल्दछ, तब कर्ममा खूब प्रवृत्ति हुन्छ, र पिंगलामा श्वास चल्नाले तन्द्रा-आलस्यता बढ्‌दछ । सुषुम्नामा श्वास चल्दा खेरि सात्त्विक भाव, ज्ञानादिको उत्पत्ति हुन्छ । यो प्राण एकै हो, तरपनि कहिले इडा, कहिले पिंगला, र कहिले सुषुम्ना वाहिनी बन्दछ । तदनुसार जीवको प्रवृत्ति पनि हुन्छ । अतयव कोही कसैले जो जे गरुन् भलो कुभलो, राम्रो या नराम्रो सबै उसैको शक्तिको खेल हो । यदि श्री भगवान्‌को यो क्रिया-शक्ति प्राण-प्रवाह निरुध्द हुन गयो भने त्यस्को साथ साथै समस्त लोकहरुको कार्य शक्ति लुप्त हुन जानेछ । कार्यशक्ति लुप्त हुन गएमा यस जगत्‌को अस्तित्व पनि रहनेछैन । ॥ २३ ॥

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ;
संकरस्य च कर्त्ता स्यामुपहन्यामिमाः प्रजा :॥ २४ ॥

श्री धरीय टीका-[त्यस्ले के होला, यदि सोध्दछौ भने भन्दछु]-यदि मैले कर्म नगरुं भने त धर्मलोप हुने कारणले समस्त लोक नष्ट हुन जानेछ । त्यस्ले जुन वर्ण संकरत्व उत्पन्न हुनेछ, त्यस्को कर्त्ता म नै बन्नेछु । यस प्रकार मैले नै समस्त प्रजाहरुलाई मलिन गरी दिनेछु । ॥ २४ ॥

आध्यात्मिक व्याख्या - "कर्म नगरे देखि महादेवले सारा प्रजाको हनन् गर्नेछ महादेव अर्थात श्वास कूटस्थ व्रहम ।"

-व्रहम नै महादेव हो, उही त्रिभुवनको सबथोक वन्नु हुन्छ । त्यस महादेवको लिंगमा सारा सुर लीन हुन जान्छ; सुरको अर्थ हो क्रियावान । *"लयनं लिंगमित्युक्तं तत्रैव निखिल सुराः ।"* - यो श्वास एवं शरीर शिवको उत्तम लिंग हो । लिंगको मूल हो अलिंग । अर्थात केही पनि थिएन, उसबाटै सवैथोक्र हुन गयो । समस्त शरीरमा व्यापक छ श्वास, यसैले महादेव नै सारा शरीर एवं सर्वत्र सर्वव्यापक भैरहेकोछ - (लिंगपुराण) यदि क्रिया नगरिए पनि त प्राण-क्रिया बन्द हुँदैन । यो साधना द्वारा स्थिर भएर व्रहमपुरीमा यदि प्रवेश गर्दैन भने पनि यमपुरीमा त अवश्य नै जानेछ । श्वासरुपी महादेव घटस्थ भएर *'कालस्वरुप'* भैरहेको छ, यदि क्रिया द्वारा यसलाई स्थिर गरिएन भने त यी घटस्थ काल अनेकानेक व्यर्थ कर्महरुद्वारा निःशेष हुन जानेछ । ज्ञानको प्राप्ति हुनेछैन अनि आयु समाप्त हुन जानेछ । समस्त दोषहरु मिलिकन समस्त प्रजालाई अर्थात बुध्दि, मन, इन्द्रिय, शरीरलाई खराव गरी दिनेछ । तिनीहरु बेताल हुन जानेछ र काललाई संभाल्न सक्ने छैन । ॥ २४ ॥

सक्ताकर्मण्य विद्वांसो यथा कुर्वन्ति भारत ;
कुर्याद्विद्वांसतथाऽसक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥ २५ ॥

श्री धरीय टीका-[अतयव आत्मज्ञलाई पनि लोकसंग्रहको लागि उनी प्रति कृपा गरी कर्म गर्नु उचित छ - यही भन्नु हुँदै उपसंहार गर्नु हुन्छ]-हे भारत ! कर्ममा अभिनिविष्ट भएर जसरी अज्ञानीहरु कर्म गर्दछन्, उसरी नै विद्वानहरुले पनि अनासक्त भएर लोक संग्रह अर्थात लोकरक्षा गर्नुको इच्छाले कर्म गरिनु पर्छ ॥ २५ ॥

आध्यात्मिक व्याख्या - "अनासक्ति पूर्वक लोकयात्रा निर्वाहको लागि फलाकांक्षारहित भएर कर्म गर्नु पर्छ।"

- विद्वान या अविद्वान सबैले कर्म गर्नु पर्नेछ। प्रयोजन नभएरै पनि विद्वानलाई अनासक्त भावले कर्म गर्नु पर्नेछ। नत्र भने मूर्ख मानिसहरु उस्को व्यर्थ अनुकरण गरी नष्ट हुन जानेछ। जब सम्म यो शरीर रहन्छ तवसम्म उस्लाई भोजन-कपडा दिनु नै पर्नेछ, यसैले विद्वान व्यक्तिलाई पनि कर्मको आवश्यकता छ। उ अवश्य नै श्री भगवान् माथि भारी विसाएर बसिरहन सक्दछ, समाधिनिष्ठ पुरुषले कर्म नगरे पनि त उस्लाई कसैले केही भन्न सक्दैन-*'तस्य कार्य न विद्यते'* उस्को कर्त्तव्य केही रहन्न। तथापि अज्ञानी मानिसहरु प्रति कृपा गरी उनीहरुलाई कर्म गर्नु पर्नेछ। जस्लाई देखेर अज्ञमनुष्यको कर्ममा उत्साह मिल्नेछ। अज्ञानीहरुले अहिले भर्खरै कामहरुलाई आरम्भ गरेको छ, परन्तु उनिहरुमा अहिल्यै उनिहरुलाई रसवोध भएको छैन। यदि उनीहरुले क्रियाको परावस्थामा स्थित पुरुषको निश्चेष्टता देख्दछन भने उनिहरुको मनमा यस्तो लाग्नेछ-हामी मात्रै क्रिया गर्नमा किन लागि रहने ? यस्तो सोचेर यदि उनिहरु क्रिया गर्दैनन् र विषयको मात्र त्याग गर्नाले उनिहरु परमानन्द प्राप्त गर्नमा समर्थ होलान् यस्को संभावना कतई छैन। यसैले विद्वानहरु आफ्नो कुनै प्रयोजन नहुँदामा पनि मानिसहरुको कल्याणको लागि नित्य नियम पूर्वक साधनानुष्ठान गरोस। ॥ २५ ॥

न वुध्दिभेदं जनयेदज्ञानां कर्म संगिनाम्
योजयेत् सर्वकर्माणि विद्वान युक्तः समाचरन्॥ २६ ॥

श्री धरीय टीका- [तब त कृपा गरेर सवैलाई नै तत्त्वज्ञानको उपदेश दिनु ठीक हुनेछ, यस्को उत्तरमा भन्नुहुन्छ-हुँदैन, यस्तो गर्नु उचित हुँदैन]-यसैले अज्ञानी अर्थात कर्ममा आसक्त पुरुषहरुलाई यस्तो उपदेश दिएर 'आत्मा अकर्त्ता' हो, बुध्दिभेद उत्पन्न गर्नु हुँदैन। अर्थात कर्म देखि उस्को बुध्दिलाई चलायमान नगरोस वरु अज्ञानी मनुष्यलाई कर्ममा लगाएर उसबाट कर्म गराइनु पर्दछ। कुन किसिमसँग उस्लाई कर्मयुक्त गराउने ? योगयुक्त पुरुष सचेत भएर स्वयं कर्महरुको आचरण पालन गर्दै उनिहरुलाई कर्म गर्नमा उत्प्रेरित गरिदिनु। बुध्दिलाई चलायमान गर्दा खेरि कर्म देखि उनिहरुको श्रध्दा हटनेछ, र उनिहरुलाई ज्ञानोत्पत्ति नहुनाको कारण कर्मत्याग गर्नाले उस्को दुवैमार्गहरु नष्ट हुन जान्छ। ॥ २६ ॥

आध्यात्मिक व्याख्या - "जस्ले क्रिया गर्दैन, उस्लाई बुध्दिभेद् अर्थात् परावुध्दि न देखाऊ, क्रियाको परावस्थामा बसेर समस्त कर्महरु गर।"

- अज्ञानी एवं अप्रवुध्द मानिसहरुसँग व्रहमज्ञानको कुरा गर्नु हुँदैन उनीहरुलाई यी सवै कुराहरु भन्नाले उनिहरुको नरकको मार्ग प्रशस्त हुन जान्छ। ज्ञानी पनि अज्ञानी समान सबै कार्य गर्दछ, अतयव उनिहरुलाई बुझ्न कठिन हुन जान्छ, यो सत्य हो। तथापि उनिहरुलाई बुझ्न नसक्दैमा त्यति ठूलो कुनै नोक्सानी हुँदैन, जति हानी उनको निश्चेष्टताको अनुकरण गर्नाले हुन्छ। एसैले ज्ञानी पुरुष स्वयं निश्चेष्ट

भएर अज्ञानी मानिसहरुको लागि रौरवको कारण बन्दैन । जुन बुध्दिद्वारा सबैमा एकमेकको अनुभूति हुन्छ, त्यही हो परावुध्दि । क्रिया गर्दा गर्दै जब क्रियाको परावस्था खूवघनीभूत हुन जान्छ त नित्यं शुध्दं साक्षी चैतन्य मात्र सत्ताको अवधारण हुन्छ । त्यस्मा 'म' - 'तिमी' - 'त्यो' - 'यो' को कुनै अस्तित्त्व रहँदैन - यही हो परावुध्दि । यस अवस्थालाई त्यसैले बुझ्‌न सक्छ, जस्ले क्रिया गरी क्रियाको परावस्थामा पुगिसकेकोछ । बहिर्दृष्टिले त्यस अवस्थाको बारेमा उस्लाई बुझ्‌नु पनि एक किसिमले सन्सारमा विषम अनर्थको सूत्रपात गर्नु हो । यसै कारण ज्ञानीहरु अज्ञहरुलाई (जस्ले क्रिया गर्दैन) तथा अर्धप्रवुध्दहरु (जस्ले क्रिया आरम्भ त गरेको छ तर त्यस्मा राम्रोसँग प्रविष्ट भएको छैन) लाई यी निगूढ तत्त्व भन्दैनन् । वरु उनिहरुलाई देखाएर सवै कर्महरु गर्दछन । कर्म त उनिहरु गर्छन तर अज्ञानीहरु समान आसक्त भईकन कर्म गर्दैनन् । तिनीहरु क्रियाको परावस्थामा रहँदै सबै काम गर्न सक्तछन् । चतुर्थ या पंचम ज्ञान भूमिकामा अवस्थित भै यी सवै कर्म गरिन सकिन्छ । यो रहस्य योगीश्वर वाहेक अरु कसैको समझमा आउन सक्दैन । ॥ २६ ॥

प्रकृतेः क्रियमाणाणि गुणैः कर्माणि सर्वशः;
अहंकार विमुढात्मा कर्त्ताऽहमिति मन्यते ॥ २७ ॥

श्री धरीय टीका-[यदि ज्ञानीको पनि कर्म कर्त्तव्य छ भने विद्वान र अज्ञमा अन्तर के हो ? यसैको उत्तरमा दुई श्लोक द्वारा यो दुवैको बीचको पार्थक्य देखाउनु हुन्छ]-प्रकृतिको कार्य-इद्रियहरु द्वारा नै समस्त कर्म सम्पन्न हुन्छ । अज्ञले सम्झन्छ - ती सवै काम मै गर्दछु । यसको कारण हो अहंकार । अहंकारद्वारा इन्द्रियहरुमा आत्माको अभ्यासको कारण विमूढचित्त भैकन उ यस्तो सोच्दछ । (इन्द्रियहरुको धर्म आत्मामा र आत्माको धर्म इन्द्रियहरुमा आरोप गर्नुलाई अध्यास भन्दछ ।)"

आध्यात्मिक व्याख्या- "पंचतत्त्व मन, बुध्दि, अहंकार त्रिगुणात्मक भएर अहंकारबाट विमुग्ध प्रयुक्त आत्मामा नरहिकन मूर्खहरु समान आसक्ति पूर्वक सारा कर्महरु गर्दछन् सवका सव यी मिथ्या हुन ।"

- ती सवका सव मिथ्या किन छ ? यदि माटोको पुतली बनाइन्छ भने त चाहे त्यस्को नाम-रुप जे होस, आखिर त्यो माटो नै रहन्छ । त्यस्को नाम-रुप त मिथ्या हो । यस प्रकार आत्मा नै सत्य हो, अनि मनः वुध्दि-अहंकार तथा त्रिगुणको सारा खेल सत्य छैन । त्रिगुण सदा रहँदैनन्, तेस्को अस्तित्त्व आत्माको अस्तित्वबाट छ । क्रियाको परावस्थामा मन, वुध्दि, अहंकार सवै समेटिएर एकजुट भै एक आत्माकार अवस्थालाई प्राप्त हुन जान्छ, तव त्यस्को पार्थक्य सत्ता रहँदैन । अतयव ती सबैको सामयिकी प्रतीति भैकन पनि ती सत्य छैनन् । जुन सत्य छैन, होइन - त्यसलाई सत्य सम्झेर विमुग्ध हुनु मूर्खता हो । मन आत्मामा नरहँदा खेरि नै यी सवै खेलहरु शुरु हुन्छन्, जब त्यो आत्मामा डुवुल्की मार्दछ तव यी सारा खेलहरु वन्द हुन जान्छ । मनको स्वभाव हो संकल्प-विकल्प र अहंकारको स्वभाव हो कर्तृत्त्व भाव । आत्मा चेतनस्वरुप छ । मन वुध्दि जड छन । यस समय अध्यास द्वारा जड मन-बुध्दि चैतन्ययुक्त लागदछ, तथा मनको मनन शक्ति र अहंकारको कर्त्तृत्त्वभाव निःसंग आत्मामा आरोपित हुन्छ । यस किसिमसँग जड एवं

चेतनको संमिश्रणले यो अनौठो संसार-क्रीडा प्रारम्भ हुन जान्छ । यसैले 'आत्मा असंग छ ।' -यो मूढवुध्दि भएकाले कदापि बुझ्न सक्दैन । क्रियाको परावस्थामा आत्म-स्वरुपमा स्थिति भएपछि जब त्यहाँ मन, बुध्दि अहंकार रहँदैन तब यो कुरा खूबसँग समझमा आई दिन्छ आत्मामा कुनै किसमको क्रियाको प्रचेष्टा हुँदैन । सबै प्रकारको कल्पना र मनन् तिरोहित भएमा आत्माको अकर्त्तृत्त्व भाव क्रियाको परावस्थामा खूब वोधगम्य हुन्छ । अखण्ड आकाश जसरी घटस्थ भएर खण्डित जस्तो हुन जान्छ र त्यसलाई घटाकाश उपाधि प्राप्त हुन्छ, उसरी नै अखण्ड आत्म-सत्ता देहघटमा खण्डित जस्तो प्रतीति हुन्छ र अहंकार उत्पन्न भएर 'देहादि नै आत्मा हो' - यस्तो भ्रान्ति उत्पन्न गर्दछ । देहादिको सुख-दुःख आत्मामा आरोपित भै "म सुखी म दुःखी म वालक म वृध्द हुँ" यसप्रकार मानो आत्मालाई अभिमान हुन्छ । क्रियाको परावस्थामा यी सबै अभ्यास रहँदैन । क्रियाको परावस्थाको परावस्थामा व्युत्थित योगी-प्रकृतिको साथ आत्मालाई मिलेको देखेर पनि प्रकृतिको कार्यलाई आफ्नो कार्य स्वीकार गर्दैनन् । यसै कारण त्यो प्रकृतिको कार्य सुख-दुखादिमा विमुग्ध हुँदैन, अथवा त्यसलाई अंगीकार गर्दैन । परन्तु मूर्ख यस्तो नसम्झिकन अभिमान गर्दछ । यसैले उस्को दुःख सुखको सीमा हुँदैन । ज्ञानी पानीमा घोलिएको चीनीलाई चीनीको रुपमा चिन्न सक्दछ । मूर्ख जलस्थित चीनीको स्वाद पायेर पनि त्यस्लाई जल नै सम्झन्छ । ॥ २७ ॥

तत्ववित्तु महावाहो गुणकर्म विभागयोः;
गुणा गुणेषु वर्त्तन्त इति मत्वा न सज्जते ॥ २८ ॥

श्री धरीय टीका-[परन्तु विद्वान व्यक्तिले यस्तो सम्झदैन, यसैले भन्नु हुन्छ]- म गुणात्मक होइन, यस प्रकार गुण देखि आत्माको विभाजन हुन्छ, - तथा कर्म मेरो होइन यस प्रकार कर्मबाट आत्माको विभाग हुन्छ - यी दुवै (अर्थात गुण र कर्मको विभाग) तत्त्वलाई जस्ले जान्दछ, त्यो तत्त्वज्ञानी पुरुष कर्त्तृत्त्वाभिनिवेश गर्दैन । यसको कारण यो हो - तत्त्वज्ञानीले जान्दछन् - इन्द्रियहरु आफ आफ्नो विषयहरुमा प्रवृत्त भैरहेका छ - म भएको छैन । यही बुझेर उस्लाई कर्तृत्त्वाभिनिवेश हुँदैन । ॥ २८ ॥

आध्यात्मिक व्याख्या - "जो सर्वदा कूटस्थमा रहन्छन तिनीहरु गुण र कर्मको विभागलाई बुझ्न सक्दछन् र क्रिया गर्दछ कुनै विषयको चिन्ता गर्दैनन् ।"

- कूटस्थमा रहिरहने जस्को अभ्यास भैसकेको छ, उस्ले गुण र कर्मको विभागलाई राम्ररी बुझ्दछ । म यदि स्वयं स्थिर छु भने त अरुले के के गरिरहेछन्, यो समझमा आउन सक्दछ; र यदि म स्वयं नै अस्थिर रहे त अर्को को कस्ले के गरिरहेकोछ, यो कसरी बुझिनमा आउँछ ? कस्को साक्षी ? सत्त्व, रजः र तमः यी तीन गुण तथा यस्को परिणाम मन, बुध्दि, अहंकार, शरीरादि एवं यस्को पृथक पृथक कार्यहरुको साक्षीरुपमा उनिहरु सवैको कार्य देख्दछ । जस्तो अरु मानिसहरु बकवाद गर्दछन्, आमोद गर्दछन्, गाउँछन् शोक गर्दछन् रुन्छन्, झैंझगडा गर्दछन्- यस्लाई हामी देख्दछौं र जान्दछौं, परन्तु तिनीहरुको सुख दुःख एवं हर्ष विषाद आदिले हामीलाई अभिभूत गर्दैनन्, किनभने हामी जान्दछौं-तिनीहरुको साथ हाम्रो केही सम्बन्ध छैन, लिनु दिनु छैन । ठिक यसरी जस्ले जान्दछ - "म" या "आत्मा" यस देह-मन बुध्दि देखि पृथक छ, किन भने शरीरको ह्रास, बुध्दि क्षय, मनको नाना किसिमको तरंगहरु र बुध्दिको निश्चयता

आदि जो धर्म छ, स्वभाव छ, यी सवै आत्मामा छैन । कूटस्थमा रहने कारणले उ स्वयं कूटस्थ हो, यो धारण जब उस्को वध्दमूल हुन जान्छ तब उ यस कूटस्थरुपमा समस्त देहेन्द्रियादिहरुको कार्य पृथकरुपमा देख्दछ, तथा यो पनि देख्दछ-प्रकृतिमा कुन गुणको बढोत्तरी या क्षयबाट कुन कस्तो तरंग उठिरहेकोछ । परन्तु उनिहरुसँग ममत्व अभिमान नहुनुको कारण तिनीहरु मौनावलम्वन गरी रहन्छन । उनिहरु वलात् अभिमानको त्याग गर्दछन् यस्तो केही छैन, तिनीहरु सर्वदा क्रिया गरिरहन्छन् र क्रियाको फलस्वरुप यस्तो सम्झन्छन् - 'म केही होइन' 'मेरो केही छैन' उस्को केही पनि छैन, जब यो धारणा दृढ हुन जान्छ त कुनै वस्तुको उनिहरुलाई चिन्ता पनि हुँदैन, अतयव तिनीहरु *"सर्व चिन्ता परित्यज्य"*- सदा स्वस्वरुपमा रहन्छन् । चिन्तालाई परित्याग गरी निश्चिन्त भएमा भव दुःखबाट छुटकारा प्राप्त हुन्छ ।

"तस्य चंचलता यैषा त्वविद्या राम सोच्यते;
वासना पदनाम्नी तां विचारेण विनाशय ॥"

हे राम ! चित्तको चंचलता नै अविद्या हो । अविद्याको अर्को नाम हो वासना, यस्लाई विचारद्वारा नष्ट गर । आत्मामा सदा नै लक्ष्य राख्ने चेष्टा गर्नु पर्दछ । यस किसिमको चेष्टाले एकाग्रता आउनेछ । एकाग्र भएमा मनको अन्यान्य वृत्तिहरु निरोध हुन्छ । क्रमशः "म" "मेरो" ज्ञान निरुद्ध भएमा कुनै विषयको इच्छा या त्यस्को प्राप्तिको प्रयत्न देखि मन हटिजान्छ, । ममत्त्व-ज्ञान लुप्त भएपछि मन एवं आत्मामा तादात्म्य-वोधरुपी अभ्यास पनि नष्ट हुन जान्छ ।

परन्तु क्रिया नगरिकन चित्तको चंचलता जाने छैन । वासना तरंगमयी नाडीको गति जवसम्म ठीक गरिदैन, वासनाको तरंग उठ्न बन्द हुनेछैन । क्रिया गरी क्रियाको परावस्था प्राप्त गरेपछि नै अविद्याको वासना तरंग उन्मुलित हुन जान्छ । क्रियाद्वारा सत्त्वगुणको बढोत्तरी हुन्छ, अनि त्यसबाट रजोगुण र तमोगुणको वृत्तिहरु क्षीण या अभिभूत हुन जान्छ । सात्त्विकताको वृध्दिसँगै प्रज्ञा बढ्दछ, र ज्ञानवृध्दिको साथसाथै रजस्तमको अभिनिवेश छुटिजान्छ । प्राण यदि निरन्तर इडा र पिंगलामा चल्दछ भने त सत्त्व गुण या गुणातीत भाव प्राप्त हुन सक्तैन । अतयव क्रिया गरेर प्राणलाई सुषुम्नावाहिनी बनाउनलाई सचेष्ट हुनुनै यथार्थ पुरुषार्थ हो । साधकले दोश्रो पुरुषार्थ गर्दैन, किनभने उस्लाई थाहा छ - वासना या वेग मनवाटै हुन्छ, अनि त्यो मन प्राण वशीभूत छ । अतयव प्राण स्थिर भएपछि नै सव स्थिर हुन जान्छ । ॥ २८ ॥

प्रकृतेर्गुणसम्मूढाः सज्जन्ते गुणकर्मसु;
तानकृत्स्नविदो मन्दान् कृत्स्नविन्न विचालयेत् ॥ २९ ॥

श्री धरीय टीका-[अज्ञानी मनुष्यमा वुध्दिभेद नगरोस यस वाक्यको उपसंहार गर्नु हुन्छ]-जुन मानिसहरु प्रकृतिको सत्त्वादि गुणहरुवाट संमूढ भएर इन्द्रियहरुमा तथा त्यस्को कर्महरुमा आसक्त हुन जान्छ, त्यस्ता मन्दमति पुरुषहरुलाई सर्वज्ञ मनुष्यले विचलित नगरोस ॥ २९ ॥

आध्यात्मिक व्याख्या - "जुन मानिसहरु खराव छन्, तिनीहरु प्रकृतिको गुणहरुवाट सम्मोहित भएर समस्त कर्महरु गर्दछन ।"

- मूर्ख भएर पनि यदि साधक गुरुको उपदेश अनुसार कार्य गरिरहोस त यस संसार-सागरलाई पार गर्न सक्दछन्, परन्तु अल्छीको लागि कुनै उपाय छैन । अल्छी मनुष्यले यदि राम्रो बाटो पाउँछ भने पनि आलस्यताले त्यो परिश्रम गर्न सक्दैन । यस्तो उद्यमहीन मूर्खहरुलाई सिध्द महापुरुषले पनि केही गर्न सक्तैन । जस्ले आफ्नो उध्दार गर्नलाई प्रयत्न गर्दछ, श्री भगवान्ले उस्को भार लिई बाटो देखाई दिनु हुन्छ । जो आराम तलवी भएर पडिरहन्छ, सुतिरहन्छ, गफफी भएर आकाश पाताल हाँक्छ, यस्तो मूढहरुलाई अज्ञानान्धकारबाट श्री भगवान्ले पनि दूर गर्न सक्नु हुन्न । अतयव ज्ञानीजनले यस्ता अल्छी र मूढ मानिसहरुलाई ज्ञानको रहस्य साधनको कुरा नभनोस-यस्तो हुनु पर्छ । यस्तो कुराहरु भन्नाले समाज र धर्म व्यभिचार दोषले दूषित हुन जानेछ । अल्छी मान्छेले क्रिया गर्न सक्दैन, अनि क्रिया नगरेपछि चित्त शुध्दिको संभावना कुनै कालमा पनि रहँदैन । यदि केही मौखिक ज्ञान दोहऱ्याउँदै तेहऱ्याउँदै एस्ता मनुष्य उपदेष्टाको आसन ग्रहण गर्छ भने यसबाट जगतको बडो अनिष्ट हुनेछ । यसै कारण आजको युगमा समाजमा यस प्रकारको आत्मवंचकहरु र ठगहरुको संख्या दिनपरदिन बढ्दै गैरहेको छ । जुन मानिसहरु स्वयं केही पनि जान्दैन, तिनीहरु अरुलाई बाटो देखाउन चाहन्छन र आफ्नो अभिप्रायको मतलव गांठ्न नै शास्त्रादिको अर्थ लगाउँदछन । यस श्रेणीको केही मानिसहरु श्री मद् भगवद् गीताको उपदेश प्रति कटाक्ष गर्दै प्राय जसो अकथ्य कुराहरु पनि भन्ने गर्दछन् । यो उनिहरुको दुःसाहस मात्र हो । ॥ २९ ॥

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्म चेतसा ;
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥ ३० ॥

श्री धरीय टीका-[अतयव यो निश्चय भयो - तत्त्व - ज्ञानीहरुले पनि कर्म गर्नु पर्दछ, परन्तु तिमी अझै सम्म तत्त्वज्ञ भएका छैनौ, अतयव तिमीलाई त कर्म गर्नु नै ठीक छ, यसै विषयमा भन्नु हुन्छ]-कर्म कुन किसिमसँग गर्नाले ठीक हुन्छ ? -

(१) समस्त कर्महरु मै मा समर्पण गरी गर्नु पर्दछ ।
(२) अध्यात्म चित्त द्वारा कर्म गर्नु पर्दछ - अर्थात म अन्तरयामीको अधीनमा छु, र उस्कै इच्छा अनुसार कर्म गर्दछु - यस्तो दृष्टि राखेर ।
(३) निष्काम भएर (आफ्नो सुखको इच्छा त्यसमा नरहोस)
(४) यो कर्म मेरो लागि होइन, श्री भगवानको लागि हो - यो कर्म मलाई फल प्रदान गर्नको लागि होइन, यो श्री भगवानको कार्य हो, यस किसिमसँग ममता रहित भएर कर्म गर्नु पर्दछ । अतयव शोकलाई त्याग गरी युध्द गर अर्थात स्वधर्म पालन गर ॥ ३० ॥

आत्ध्यात्मिक व्याख्या- "म मा सवै कर्म अर्पण गरी क्रिया गर्दछ - आलस्य त्याग गर्दछ ।"

- म मेरो निम्ति यो काम गर्दिन, अन्तरयामी द्वारा प्रेरित भै भृत्यवत् उहाँको आदेश पालन गर्दछु - येस्तो भाव मनमा रहेमा कर्मको ताप तिम्रो शरीरमा लाग्ने छैन । अनि आफ्नो कर्म नहुनाको कारण कर्ममा

निरुत्साह पनि आउने छैन । किन भने हामी आफ्नो अति प्रियतम आत्माको कार्य गर्दछौं । अध्यात्म चित्त नभैकन यस प्रकार श्री भगवानमा कर्म अर्पण गरिन सकिन्न । अध्यात्म - चित्त कस्लाई भनिन्छ ? जुन चित्त आत्मामा संस्थापित छ । चित्तमा, थाहा छैन कति कति जन्मको कति कति संस्कार जमेको छ, बीच बीचमा चित्तको कपाट खुल्दछ र ती सारा दृश्य प्रकट हुन थाल्छन । यी दृश्य या चिन्तन जब चित्तमा आभासित हुन्छ तब मन ती विषयहरुको चिन्तामा तदाकाराकारित बन्न जान्छ । परन्तु कुनै भाव एकसाथ धेरै बेरसम्म टिकी रहँदैन । किन भने चित्त स्पन्दित हुन्छ र त्यसमा एक पछि अर्को दृश्यहरु आउँदछन र जान्छन पनि । यही चित्त सागरको विक्षुव्ध तरंगहरु हुन । परन्तु जब चित्त विषयहरुमा जाँदैन, आत्मामा नै विश्राम गर्दछ, आत्माकाराकारित हुन्छ, तब त्यसमा चंचलता रहँदैन । नाना विषयहरुमा चित्तको पर्यटन जब बन्द हुन्छ त चित्त आत्ममुखी हुन्छ । तबै चित्तको एकाग्र भाव प्राप्त हुन्छ । यो एकाग्रता बढ्दै जान्छ त विषय विस्मृत हुन जान्छ, यही हो चित्तको निरुध्द स्थिति । यस निरुध्द भाव स्थायी भएपछि समाधि या प्रकृत क्रियाको परावस्थाको उदय हुन्छ । यस अवस्थामा चित्त आत्मसंस्थ हुन जान्छ । आत्म संस्थ हुनको लागि जस्को चित्त तत्पर छ, उसैको चित्तनै अध्यात्म चित्त हो । यसैबाट कर्म व्रहमार्पण हुन्छ । क्रियाको परावस्थाको परावस्थामा - यत्तिको निरुध्द या आत्म विस्मृत भाव रहँदैन सही, परन्तु त्यस समय पनि चित्त व्रहमार्पित नै छ । यसैकारण उ आसक्त भएर कर्म गर्न सक्तैन जति कर्म गर्दछ त्यति मानो उसैको आदेश पालनको निम्ति गर्दछ । समस्त कर्महरु त स्पन्दन मात्र हो , प्रत्तेक स्पन्दनको साथ एक न एक ताप उठ्छ अवश्य, र जो कर्त्ता छ उसैलाई ताप लाग्दछ । ज्ञानीको मन श्री भगवान्मा समर्पित हुन्छ, अतयव कर्म गर्दा पनि उस्लाई ताप लाग्दैन । क्रिया साधनको पाँच हेतु श्री भगवान्ले अष्ठादश अध्यायमा भन्नु भएको छ- (१) शरीर (२) अहंकार (३) चक्षु आदि इन्द्रियहरु (४) नाना प्रकारको प्राण-चेष्टाहरु (५) दैव या अन्तर्यामी । शरीर, वचन, मनद्वारा मनुष्य जे जो गर्दछन्, उस्को यही पाँच हेतु हो । भगवत्परायण नभैकन कोही पनि अध्यात्म चित्त हुन सक्तैन । अतयव 'कर्म' हाम्रो होइन - श्री भगवान्को हो' - यस वुध्दिले युक्त नभै कर्म पनि व्रहमार्पण हुन सक्तैन । भगवत्परायण हुनलाई शरीर, अहंकार, इन्द्रिय र प्राणलाई भगवद्मुखी वनाउनुको आवश्यकता छ । यो कसरी हुन्छ ? (१) सर्व कर्माणि मयि संन्यस्य - दहीलाई मथनाले जसरी नौनी निस्कन्छ उसरी नै भगवद्भजन या क्रिया गर्नाले - शरीर, मन र वुध्दिलाई नित्य जाग्रत गराउने वाला सविताको वरणीय भर्गको प्रकाशलाई हामी देख्न सक्दछौं र वुभ्न पनि सक्दछौ । यस प्रकाश-शक्तिले नै शरीर, मन एवं बुध्दिलाई प्रकाश मिल्दछ । यसवाट उनको कृत-कर्म यथार्थतः उसवाट हुँदैन, वल्कि त्यो सर्वशक्तिमयी प्राणरुपिणी जगन्माताको शक्तिवाट हुन्छ । यसैले जसद्वारा कर्म गरिएकोछ उसलाई नै कर्त्ता मान्नु पर्नेछ, आफुलाई कर्त्ता मान्नु ठीक छैन । कसद्वारा प्रेरित भएर कर्म गरिरहेछु, यो जाने पछि अहंकार शून्य अवस्था प्राप्त हुनेछ र तब अध्यात्म चित्त हुनु स्वाभाविक हुनेछ, यसै प्रकार निराशी एवं निर्मम पनि हुन सकिन्छ । चक्षु आदि इन्द्रियहरु पनि केही केही कर्ममा प्रयोजक हुन्छ । परन्तु क्रिया साधन गर्दै गर्दै चक्षु आदि इन्द्रियहरु वहिर्मुखी भएर विषयान्वेषणमा तत्पर न भै आत्माभिमुखी भएर उसमा आत्म समर्पण गर्दछ, तथा नाना किसिमको प्राणचेष्टाहरु जुन चित्त स्पन्दनको हेतु तथा शरीरादिको नियामक छ त्यो पनि क्रिया गर्दा गर्दै निष्पन्द हुनेछ र प्राण आत्मस्थ

भै स्थिर हुनेछ, अतयव मनले पनि शरीरलाई तब संचालित गर्ने छैन । त्यो आत्माको अनुगत भएर आत्माकार हुनेछ । यस अवस्थामा जब सबै व्रहमार्पण हुन जानेछ त बचिरहनेछ केवल एकमात्र अन्तरयामी । अतयव जो यथार्थ कर्ता छ त्यो यदि कर्त्तै रहे पनि कसैको पनि टाउको दुख्ने व्यथा (केही हानी) हुने छैन । यस प्रकार सबै निःशेष व्रहमसागरमा डुवेर विलीन हुन जानेछ । र रहिरहनेछ केवल असीम चिदाकाश परमानन्द आत्मा । "मेरो" अर्थात अहंकारको सीर नै रहने छैन, अतयव त्यसलाई टाउको दुख्ने व्यथा कसरी हुन सक्ला ? जब उस्को आफ्नो भन्ने वस्तु केही छैन भने को माथि अधिस्थित भएर उस्ले "अहं" अभिमान गर्ने ? अतयव जल जसरी वाफ भएर उड्दछ र आकाश वन्दछ "अहं" पनि तेसरी नै क्षीणतर क्षीण हुँदै अन्तमा शून्य मात्र हुन जानेछ । यसैले यी सबै अवस्थाहरु पाउनको लागि भन्नु हुन्छ - 'युध्दयस्व विगतज्वरः' प्रमाद या आलस्यवश म समर्थ भैरहको छैन या यसवेला थाती रहोस पछि देखा जाला-यस्तो भनेर सुत्ने या गफ हाँक्ने आदत छोडी अप्रमादि भएर क्रिया गर्दै जाऊ । ॥ ३० ॥

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ;
श्रध्दावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥ ३१ ॥

श्री धरीय टीका- [यस प्रकार कर्मानुष्ठानको गुण भन्नु हुन्छ]-मेरो वाक्यमा श्रध्दा युक्त तथा असूया रहित भै अर्थात् श्री भगवान्ले मलाई दुःखात्मक कर्ममा प्रवर्तित गर्नु हुन्छ यस किसिमको दोष दृष्टि नराखिकन जस्ले मेरो यस मत (अनुशासन) को पालन गर्दछ तिनीहरु पनि मुक्त हुन जान्छ । ॥ ३१ ॥

आध्यात्मिक व्याख्या- "जो मेरो यस मतमा रहन्छन् त्यो व्रहममा रहेर सारा पापहरु देखि मुक्त हुन जान्छन् ।"

- आलस्यलाई त्यागी सबै कर्म मै मा अर्पण गरी क्रिया गर्दै जानु यही श्री भगवान्को अभिमत कार्य हो, तेस्को जुन फल हुन्छ त्यो यस श्लोकद्वारा भन्नु हुन्छ । उसले व्रहममा रहने योग्यता प्राप्त गर्दछ, व्रहममा रहन्छ अतयव पापदेखि मुक्त हुन जान्छ । पाप हो के ? यही त हो जस्ले भगवान्को ईश्वरत्व अस्वीकार गरी स्वयंलाई नै अहंकर्त्ता मानेर अभिमान गर्दछ । त्यसले त दुःख पाउँछ नै, किन भने विश्वस्रष्टाको आन्तरिक भावलाई उस्ले बुझ्न सक्तैन । उस्लाई कष्ट (शरीर आदिको) हुन्छ, यसैलाई बढाएर हेर्दछ, भगवान्को अभिप्राय बुझ्नमा उ असमर्थ हुन्छ । उस्ले यो बुझ्दैन - भगवान्ले कसैको पनि अमंगल गर्दैन । मंगल अमंगल सब प्रकृतिको वश हुन्छ । त्यो प्रकृतिको अधीश्वर हो । उसलाई नबुझेर उनको खेललाई हृदयंगम नगरी जस्ले आफ्नै मापदण्डले सुख दुःखादिको विचार गर्दछ उस्को अगाढि आफ्नै दुःख वडो भारी लाग्दछ । अनि जस्ले यस्लाई बुझेको छ, उ उनकै क्रीडाभूमि लीलाक्षेत्र यस देह मन आदि प्रकृति-यन्त्र अधीन न भै यसैको पछाडि नदौडी दिनरात उसैको शरणागत भएर क्रिया गरिरहन्छन् । उसले प्रकृतिको खेलतिर दृष्टिपात गर्दैन । त्यस्तालाई चाँडै नै ज्ञानलाभ एवं मुक्तिलाभ हुन जान्छ । परन्तु सर्वदा यस प्रकार जस्ले क्रिया गर्न पनि सक्तैन, परन्तु क्रियामा श्रध्दालु भएर यथासाध्य समयानुसार परिश्रम गर्दछ तथा गुरुवाक्यमा दोषदृष्टि न राखी उस प्रति श्रध्दा स्थापित गरी क्रियामा प्रवृत्त रहन्छ तथा

नियमादिको पालनमा प्रयत्नशील हुन्छ उस्ले पनि क्रमशः मुक्तिप्राप्त गर्दछ । थरी थरीका साधक हुन्छन् । प्रथम श्रेणीको साधक ती हुन - जस्ले गुरुको उपदेश अनुसार परम श्रध्दा भावले तीव्र वेगसाथ साधनामा प्रवृत्त हुन्छ । द्वितीय श्रेणीको साधक त्यो हो - जो गुरु प्रति र साधना प्रति विशेष श्रध्दालु हुन्छ, परन्तु त्यति तीव्र भावसँग साधनामा प्रवृत्त हुँदैन । तृतीय श्रेणीको साधक त्यो हो - जस्ले गुरुप्रति यथेष्ट श्रध्दा राख्दछ, परन्तु साधनामा विशेष तत्पर हुँदैन । तथा चतुर्थ श्रेणीको साधक त्यो हो - जस्लाई गुरु र साधना प्रति विशेष श्रध्दा र विश्वास हुँदैन, विधिपूर्वक साधना पनि गर्दैन, यदि कहिले कहिले धेरथोर कर्म गरेता पनि गुरु र गुरु प्रदत्त साधना प्रति सदा विरुध्द भाव पोषण गर्दछ । यस चतुर्थ श्रेणीको साधकलाई जुन महान अनिष्ट हुन्छ, त्यस्को उल्लेख भगवानले अगाडिको श्लोकमा गर्नु भएकोछ । तृतीय श्रेणीको साधकलाई गुरु कृपाद्वारा एक न एकपल्ट ज्ञानको प्राप्ति हुन्छ । द्वितीय श्रेणीको साधकलाई दुई तीन जन्ममा ज्ञान प्राप्त भै कृतार्थ हुन जान्छ र प्रथम श्रेणीको साधक यसै जन्ममा जीवन मुक्ति अवस्था प्राप्त गरी कृत कृत्य हुन जान्छ । ॥ ३१ ॥

ये त्वेतदभ्यसूयन्तो नानु तिष्ठन्ति मे मतम् ;
सर्व ज्ञान विमूढांस्तान् विध्दि नष्टान चेतसः ॥ ३२ ॥

श्री धरीय टीका- [अन्यथा जुन दोष हुन्छ त्यस्लाई भन्नु हुन्छ]-परन्तु जस्ले मेरो यस मतमा दोष दृष्टि गरेर यस्को अनुसरण गर्दैन, ती विवेकशून्य तथा समस्त कर्महरु एवं व्रहमविषयक ज्ञानमा विमूढ हो, तेस्तालाई नष्ट भएकै बुझ्नु ॥ ३२ ॥

आध्यात्मिक व्याख्या - "जो मेरो मतमा रहँदैन, त्यो नष्ट हुन जान्छ, - ब्रहममा नरहनुको कारण ।"

- जुन मानिसहरु श्री भगवान्‌को यस मतमा अश्रध्दालु भएर क्रिया गर्दैनन्, तेस्ले आत्माको स्थिरतालाई जान्न सक्तैन, अतयव व्रहममा स्थिर रहँदाखेरि जुन परम शान्ति हुन्छ, त्यसलाई उस्ले केही पनि अनुभव गर्न सक्तैन । यदि मनुष्य जन्म पाएर त्यस अव्याकृत स्थिरताको भावलाई हृदयंगम गर्न सकेन भने त यो मनुष्यजुनी केवल दुःख र ल्केश भोग्नकै लागि हुन गयो र केही लाभ उस्ले उठाउन सकेन । तिनीहरु अचेतसः अर्थात तत्त्वज्ञानको प्राप्तिको निम्ति अनुपयुक्त हुन गयो, अतयव सर्वज्ञानविमूढ हुन किन भने साधन हीन अशुध्दचित्त पुरुष शास्त्रीय सिध्दान्तलाई धारण पनि गर्न सक्तैन अर्थात शव्द स्पर्श रुप रस गन्धको रहस्य व्यापारमा सदाको लागि अनभिज्ञ नै रहन गयो, त्यो यसलोक र परलोक दुवैवाट भ्रष्ट हुन गयो ॥ ३२ ॥

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ;
प्रकृति यान्ति भूतानि निग्रहः किं करिष्यति ॥ ३३ ॥

श्री धरीय टीका-[तपाईको वचन पालन गर्नुको यदि यस्तो महाफल हुन्छ भने इन्द्रियादि निग्रह गरी निष्काम भएर सवै मानिस किन स्वधर्मको अनुष्ठान गर्दैन ? यस्को उत्तर दिनुहुँदै भन्नु हुन्छ]- प्रकृतिको

अर्थ हो प्राचीन कर्महरुको संस्कारहरु द्वारा बनिएको स्वभाव । आफ् आफ्नो स्वभाव अनुसार कर्म गुण दोषहरु जान्ने वाला ज्ञानीहरु पनि गर्दछन् । अतयव अज्ञानी यदि आफ्नो स्वभावको अनुसरण गरी काम गर्दछन भने यस्मा भन्ने नै के ? किन भने समस्त प्राणी प्रकृतिको अनुवर्त्तन गर्दछन् ; यदि यस्तो कुरा हो भने त इन्द्रिय-निग्रह कोही कसैले कसरी गर्ला ? प्रकृति नै वलवती छ ? "पूर्वकृत धर्मादिसंस्कारो वर्त्तमान जन्मादावभिव्यक्त: । सा प्रकृति:"-पूर्व जन्ममा गरिएको धर्माधर्मको जुन संस्कार वर्तमान जन्ममा अभिव्यक्त हुन्छ त्यही संस्कारहरुको नाम प्रकृति हो - शंकर) ॥ ३३ ॥

आध्यात्मिक व्याख्या - "पंचतत्त्वमा सर्वदा रहँदै अन्य दिशामा मन रहँदा खेरि निग्रह गर्ने कसरी ? अर्थात क्रिया सदा कसरी हुन्छ ।"

- पंचतत्वमा जव मन रहन्छ, तब सवै किसिमको कार्य मनबाट हुने नै छ । हजारौं पटक सम्झाई रहेपनि उस्को वहिर्विचरण गर्ने स्वभाव बदलिने छैन । जव मन यता उता गै दिन्छ त ठीक ठीक क्रिया पनि हुँदैन । बलात् इन्द्रिय निग्रह गरिनाले पनि केही हुँदैन, मन लाई जे सोच्नु पर्ने या गर्नु पर्ने गरिहाल्छ उस्ले । परन्तु यस्को पनि उपाय छ । सत्त्व, रज: एवं तम: को साम्यावस्था नै त प्रकृति हो प्रकृति जब सत्वभावापन्न हुन्छ तब त्यो ईश्वराभिमुखी हुन जान्छ । ईश्वराभिमुखी भएपछि नै क्रमश: गुणातीत अवस्था प्राप्त हुन्छ, प्रकृतिको भित्र पनि तरंग उठदैन र उसद्वारा सान्सारिक कार्य केही हुँदैन । *"सत्सन्निधानादधिष्टातृत्वं मणिवत्"- (सांख्यसूत्र),* । परमपुरुषको सन्निधानको कारण प्रकृति चैतन्ययुक्त या चैतन्यमयी हुन जान्छ, उस्मा जडत्वको विकार हुँदैन, अर्थात त्यस समय त्यो जड रहँदैन, चैतन्यरुप हुन्छ, यही चैतन्यमयी प्रकृति नै भगवती या स्थिर प्राण हो । यही सृष्टि, स्थिति र प्रलयकारिणी हुन् । यो प्रकृति नृत्यशीला भएर गुणमयी रुप भै बहिर्मुखी हुन्छ, तव सन्सारको खेल प्रारम्भ हुन्छ । यस्लाई अन्य कुनै किसिमसँग रोक्न संभव हुँदैन । परन्तु समस्त भूत (अर्थात शरीर, प्राण, मन, इन्द्रियादि) जब प्रकृतिको अनुसरण गर्दछ, अर्थात् शुध्दसत्त्व भएर साम्य भावापन्न हुन्छ, तब बहिर्मुखी वृत्तिहरु स्वयंमेव खुम्चिएर आत्मामा स्थिर हुन्छ, तबै शान्ति प्राप्त हुन्छ । नत्र भने त केवल कुराकानीको बकवासले हुनेवाला केही छैन । मूल प्रकृति या साम्यावस्थाबाट जसरी पंचतत्त्व उद्‌भूत भएर यो महा विराट् विश्वको रचना गर्दछ उसरी नै सन्सार सागर पारी जाने यात्रीलाई पनि पंचतत्त्वको अतिक्रमण गरी सहस्रारमां परम शिवरुपमा युक्त हुनु पर्दछ । तब सारा इन्द्रियहरु आफसे आफ शान्त हुन जान्छ, *"परमानन्द रुपोऽहं नित्यमुक्त स्वभाववान्"* । तब यो समझमा आई हाल्दछ-आत्मा नित्यमुक्त परमानन्द स्वरुप छ ।

अब प्रश्न यो छ - प्रकृतिलाई वाधा दिएर त काम चल्ने छैन, यसलाई यस विषयमा उपदेश दिनु नै व्यर्थ छ । तब उसलाई आत्ममुखी गर्ने कसरी ? आत्ममुखी गरिने एकमात्र उपाय हो अभ्यास । अभ्यास गर्नाले नै प्रकृति या पूर्व स्वभाव सदा अवरोधलाई मानोस, यस्तो कुरा छैन । परन्तु प्रतिदिन नियमसँग प्राण कर्मको अभ्यास गरेदेखि एक स्वतन्त्र स्वभाव विकसित हुनेछ, जस्ले जीवलाई भगवद्‌मुखी बनाउनेछ र यही एकमात्र प्रभु हो यो बुझे पछि जीवको अहंकार या आत्म-कर्त्तृत्व संकुचित हुन जानेछ । अनेक अनेक

जन्महरुको संचित संस्कारित कर्महरु अत्यन्त बलवान हुन्छ, त्यस्लाई निग्रह गर्न अति कठिन छ - परन्तु निरन्तर नियमसंग चेष्टा गर्नाले असाध्य केही रहँदैन । मनलाई स्थिरता प्राप्त भएमा, त्यस स्थिर चित्तमा भगवती-शक्ति प्रस्फुरित हुन्छ, त्यस बलले बलवान भै जीव आफ्नो स्वभाव निग्रह गर्नमा समर्थ हुन्छ । अनेक जन्महरुमा नाना किसिमको ल्केशहरु भोगी सकेपछि जीवलाई पंचतत्त्वको अधीन रहने प्रवृत्ति हुँदैन । तब भगवद् कृपाबाटै सद्गुरु प्रदर्शित मार्गमा हिंड्दा हिंडदै तत्त्वातीत परम भावलाई प्राप्त गर्नको लागि प्रवल पुरुषार्थ गर्ने शक्ति प्राप्त हुन्छ ॥ ३३ ॥

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ;
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥ ३४ ॥

श्री धरीय टीका-[यदि पुरुषको प्रवृत्ति प्रकृतिको अधीन छ भने त शास्त्रको सारा विधिनिषेध व्यर्थ हुन जान्छ - यस आशंकाको उत्तरमा भन्नु हुन्छ]-प्रत्तेक इन्द्रियको आफ आफ्नो अनुकुल विषयमा अनुराग एवं प्रतिकूल विषयमा विद्वेष व्यवस्थित अर्थात् अवश्यम्भावी छ । यसद्वारा प्रकृति प्राणीहरुको प्रवृत्ति एवं निवृत्तिको उत्पादन गर्दछ, यही भूतहरुको प्रकृति हो । तथापि यस्को (रागद्वेष) वशीभूत नहुनु - यो शास्त्रहरुको अनुशासन हो । किन भने यी मुमुक्षुहरुका प्रतिपक्षी हुन । यसको भावार्थ यो हो - विषयहरुको स्मरणादि द्वारा राग र द्वेष उत्पन्न गरी प्रकृति अनवहित (असावधान) पुरुषलाई बलपूर्वक अत्यन्त गम्भीर श्रोत स्वरुप अनर्थ लगाई दिन्छ, परन्तु शास्त्र त्यो भन्दा अघिनै विषयमा रागद्वेषको प्रतिवन्धक परमेश्वरको भजनादिमा उसलाई लगाउँछ । अतयव पशु आदिको जस्तो स्वाभाविकी प्रवृत्तिको परित्याग गरी धर्ममा प्रवृत्त हुनु नै कर्त्तव्य हो ॥ ३४ ॥

आध्यात्मिक व्याख्या-"इन्द्रियहरुको कर्म इन्द्रियहरुले गर्दछ, उस्को वशवर्ती नहुनु, किन भने उनीहरुले आत्मातिरिक्त वस्तुमा आत्मा (मन) लाई लगिदिन्छ ।"

-इन्द्रियहरु र उस्को कर्महरुलाई जान्नु पर्दछ, बुझ्नु पर्दछ र बुझिसकेपछि सावधान रहनु पर्दछ । यसबाट इन्द्रियहरुको अधीनता स्वीकार गरिनु पर्ने छैन, अनि सहजै इन्द्रिय जय हुन जानेछ । धेरै जसो मानिसहरु सोच्ने गर्दछन् - जब म क्रिया गर्दछु, भगवत्स्मरण गर्दछु भने इन्द्रियहरुले किन टाउको उठाउलान् ? यो कुरा केटाकेटीको जस्तो हो । प्रकृतिलाई आफ्नो वशमा ल्याउनु सबभन्दा कठिन कार्य हो । मैले यसलाई वशमा राख्ने नै छु, यस किसिमको दृढ संकल्प गरेर पनि धेरैलाई अशफलता भएको देखिएकोछ । यसको सजिलो उपाय श्री भगवान् भन्नु हुन्छ - हेर, तिमी सोच्दै छौ - म राम्रो हुनेछु, अतयव मेरो प्रकृति पनि साथ साथै भलो हुनेछ - यो धारणा भ्रमपूर्ण छ, यस्तो कहिल्यै हुँदैन । प्रकृतिको काम प्रकृतिले गरोस, यस्को निम्ति असहिष्णु नबन । प्रकृतिले आफ्नो कार्य गर्नेछ, र तिमी आफ्नो कार्य गर । यसरी तिमीले देख्ने छौ - जति जति तिमी गम्भीर भावले र दीर्घकालसम्म आत्मक्रियामा मन लगाउने छौ, उति उति तिम्रो मन विषय देखि टाढिदै गैरहेछ । यस प्रकारसँग साधनाको निरन्तर अभ्यासले तिमी भित्र एउटा शक्ति उत्पन्न हुनेछ । त्यो यस प्रकारको हुनेछ - मानी लिंउ - तिमीले एउटी सुन्दरी स्त्रीलाई देख्दछौ र

कामले मोहित भएका छौ, - जसलाई आफुतिर लक्ष्य राख्ने अभ्यास छ त्यो त्यस समय एस्तो धारणा गर्नेछ - प्रकृतिले आफ्नो कार्य कुन किसिमसित गरिरहेछ। प्रकृतिको कार्य रुप पनि हो र मन पनि हो। रुपले मनलाई आकर्षण गऱ्यो र मन पनि प्रलुब्ध हुन गयो - यो सब ठीक छ। परन्तु भगवान् साधकलाई सावधान हुनको लागि भन्नु हुन्छ - प्रकृतिको कार्य चाहे जे सुकै होस् - *"तयोर्न वशमागच्छेत"* उन्को वशवर्ती नहुनु या न होऊ। अर्थात उन्को उदय देखि पुनः पुनः उन्को स्मरण गर्नु हुँदैन। यस्तो वेला पुरुषार्थको अवलंवन गरी मनलाई बार बार पुनः पुनः त्यस चिन्तनदेखि निवृत्त गर्नु पर्नेछ। निवृत्त गर्ने अनेक उपाय छन्, त्यसमध्ये कुनै एक मार्गको अवलंवन गर्नाले कृतकार्यता प्राप्त हुनेछ। मानी लिंऊ - तेस्तो समयमा अर्कै प्रसंग उठाएर सत्यकथा द्वारा या वलात् ४-५ प्राणायाम गर्नाले नाडीको उत्तेजना कम हुन जानेछ। क्रिया द्वारा इन्द्रियहरुको रागद्वेष बुध्दि दुवै नै उपशमलाई प्राप्त हुन्छ। तब स्वतः स्फूर्त्त शास्त्रको आदेश र गुरु वाक्यको पालन गर्ने इच्छा हुन्छ। पुरुषार्थ खराब वस्तु होइन अहंकार मात्र पनि होइन। पुरुषार्थको अर्थ हो पुरुषको अर्थ या विषय। जस्तो पुरुष निर्गुण, निर्लिप्त, आफु आफैमा मग्न हुन्छ, त्यस्तै बन्नको लागि जो साधक प्रयत्न गर्दछ उस्को त्यो प्रयासलाई नै पुरुषार्थ भन्दछन्। जुन मानिसहरु प्रकृतिको वशीभूत छन, अतयव कामोपभोगपरायण हुन, तिनीहरु कुनै प्रकारको पुरुषार्थ गर्न चाहंदैनन्। जड समान निद्रा, आलस्य र व्यर्थको आमोदादि प्रति वशीभूत भएर सुख दुःखादिको तापदेखि निरन्तर सन्तप्त भैरहन्छन। इन्द्रियहरुको विषय प्रति स्वाभाविक रागद्वेष हुन्छन्, त्यो आफ्नै बुध्दिको विचारबाट दूर गर्न सकिदैन। यसको लागि शास्त्र श्रवण एवं शास्त्र विचार आवश्यक छ, यसद्वारा हेय र उपादेय विषयहरुको ज्ञान प्राप्त हुन्छ। यसले मनुष्य आफ्नो हिताहित सम्झन सक्छ, अनि त्यस्को साथसाथै यदि नियमित रुपबाट भगवदाराधना एवं सतसंग गरिरहन्छ त एसले मुमुक्षुत्व आफसे आफ जाग्रत हुनेछ। जब मुमुक्षुत्व प्रवल भएर जागि दिन्छ तब जीवको स्वाभाविक रागद्वेषको प्रवलता कम हुन जानेछ, तब भगवत्स्मरणमा आनन्द आउनेछ, अनि यस आनन्दबाट नयां संस्कार उत्पन्न हुनेछ, जसद्वारा प्रकृति माथि विजय पाउन संभव हुनेछ। जुन मानिसहरु आत्मध्यान एवं आत्म-विचारणामा रत रहन्छन्, जप तप आदि अनुष्ठानमा बराबर लागि रहन्छन्, स्वाध्यायशील छन्, तिनीहरु प्रकृति अर्थात देह, इन्द्रिय मन आदिको प्रति केही पनि विश्वास राख्दैनन् तिनीहरुलाई थाहा हुन्छ - यिनीहरुले अलिकति छिद्र पाएमा महान अनर्थ उत्पन्न गर्न सक्दछन्। यसैले उनीहरु सदा आफुलाई भगवद् स्मरण र मनन् आदिमा लगाई राख्दछन्। यस जगतमा सवै कुरा अनित्य छ, यस्लाई उनीहरुले बुझेको हुन्छ र थाहा पाउने र ग्रहण गरिने योग्य कुनै पनि वस्तु छैन। अतयव सान्सारिक वस्तुहरुमा लोभरहित भएर सदा सर्वदा मनलाई भगवत्स्मरणमा लगाई राख्छन,- फलस्वरुप तिनीहरु उपराम प्राप्त गरी परमानन्द लाभ गर्दछन। विषयहरुको सम्पर्कमा रहँदा पनि उनीहरु श्री भगवान्लाई विर्सदैनन्, भ्रान्तिवश पनि तिनीहरु आफुलाई कर्त्ता या भोक्ता मानीकन व्यर्थको विडम्वनामा पर्दैनन् यस्ता सवै पुरुष त्यस विष्णुको परमपदलाई प्राप्त गरी कृतार्थ हुन जान्छन्, अनि प्रकृतिको स्वामीको भजन गरी उन्कै साथ एकात्मता प्राप्त भै प्रकृतिको पर पुगी हाल्छ। यो अभ्यासयोग द्वारा भागवती चित्त प्राप्त गरिने कुरा गीतामा उपदिष्ट छ। अन्यत्र पनि लेखिएको छ -

एवं निरन्तरं कृत्वा ब्रह्मैवास्मीति वासना ;
हरत्य विद्या विक्षेपान् रोगानिव रसायनम् ॥

रसायनको प्रयोग द्वारा जसरी रोग नष्ट हुन जान्छन्, उसरी नै जस्ले निरन्तर "म ब्रहम हुँ" "या म ब्रहमको हुँ" यो स्मरण गर्दछ, उसको अविद्या विक्षेपादि सवै नष्ट हुन जान्छन् । ॥ ३४ ॥

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ;
स्वधर्मे निधनं श्रेयः पर धर्मो भयावहः ॥ ३५ ॥

श्री धरीय टीका- [युध्दादि स्वधर्मलाई दुःखरुप सम्झेर तथा यथावत पालनमा असमर्थ भएर अहिंसादि परधर्मलाई सजिलो मानी त्यसमा प्रवृत्त हुन इच्छा गर्नेवाला अर्जुनलाई भन्नु हुन्छ]-स्वधर्म केही अंगहीन भएपनि उत्तम ढंगबाट अनुष्ठित सर्व अवयवले पूर्ण परकर्मको अपेक्षा प्रशस्यतर अर्थात् श्रेष्ठ छ। यस्को कारण यो छ - स्वधर्म युध्दादिमा प्रवर्त्तमान हुनु श्रेष्ठ छ, किन भने यस्ले स्वर्गादि प्रदान गर्दछ। परन्तु परधर्म निषिध्द छ, किनभने त्यो नरकमा लैजाने कारण भयावह छ ॥ ३५ ॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा रहनु राम्रो छ, अन्य तिर आसक्ति पूर्वक दृष्टि गर्नाले या गर्नुमा मृत्यु छ।"

- मृत्यु नै जीवको लागि सर्वापेक्षा भयावह छ । अन्यदिशामा आसक्तिवश मनको जुन निरन्तर चांचल्यभाव छ, त्यो मृत्युको वाटो हो । यस्को विपरित मनः प्राणको स्थिरावस्थानै अमरत्व प्राप्ति गर्ने मार्ग हो । अतयव यो अवस्था जुन कार्य द्वारा मिल्न सक्छ, त्यस कार्यको अनुसरण नै स्वधर्म पालन हो । यो शरीर नै 'क्षेम' हो, यो गीतामा भनेकोछ, र त्यो धर्म प्रापक हुने कारण धर्मक्षेत्र पनि हो धर्मप्रापक कसरी ? *"(धारणाध्दर्म मित्याहुः"* - धारणार्थक 'धृ' धातुबाट धर्म शव्द बन्दछ । भूत प्रति दया पनि धर्म हो, यो प्रथम अध्यायको पहिलो श्लोकमा व्याख्यात भएकोछ । यो शरीर नै पंचतत्त्व ज्ञान र कर्मेन्द्रियहरुको आधार हो । मेरुदण्डलाई आश्रित गरेर जुन सुषुम्ना नाडी सहस्रार पर्यन्त विस्तृतछ, त्यस्लाई गुरुकृपाबाट जानेर चैतन्यमय गर्न सकेमा मनुष्य जन्म जरा एवं मरणको अधीनता देखि अथवा यस देहवन्धनबाट निस्तार पाउँदछ । यही हो आफु प्रति आफ्नै दया । क्रिया विना एस दयाको अभिप्रकाश ठीकसँग हुँदैन, किन भने क्रिया द्वारानै यो बाटो परिष्कृत हुन्छ । शुभा शुभ कर्मको आधार नै यही शरीर हो । यस शरीरको सम्बन्ध नटुटिकन कर्मक्षय हुँदैन, र कर्मक्षय नभैकन भववन्धन पनि कटदैन, अतयव मोक्षको प्राप्ति पनि हुँदैन ।

"यावन्न क्षीयते कर्म शुभंचाशुभमेव वा:;
तावन्न जायेते मोक्ष नृणां कल्पशतैरपि ॥"

अतयव क्रिया गर्नुको लागि यस देहको रक्षा आवश्यक छ। सुषुम्नालाई चैतन्ययुक्त गर्नको निम्ति प्राणायाम रुप योग-कौशल जान्नु पर्दछ । प्राणायामै द्वारा श्वास चैतन्ययुक्त हुन्छ, यसले सुषुम्नाको सुप्त

मुख खुल्दछ । यसबाट मनलाई त्राण मिल्दछ, अर्थात चंचलतारहित भएर स्थिरता प्राप्त गर्ने कारण यहाँ मन्त्रको मन्त्रनामको (मननात् त्रायते) सार्थकता दृष्ट हुन्छ । तन्त्रमा लेखेकोछ -

"शिवादि कृमि पर्यन्त प्राणिणाप्राणवर्तनम् ;
निश्वास श्वास रुपेण मंत्रोऽयं वर्त्तते प्रिये ॥"

शिवदेखि लिएर कृमि पर्यन्त प्राणीहरुको प्राणावर्तन रुपी श्वास प्रश्वासलाई मन्त्र भन्दछन् ।

"मन्त्रार्थ मन्त्र चैतन्यं योनिमुद्रां नवेत्ति यः;
शतकोटी जपेन्नित्यं तस्य सिध्दिर्न विद्यते ॥"

मन्त्रको यथार्थ अर्थ हो श्वास, र त्यसलाई चैतन्य गर्ने उपाय श्वासक्रिया या प्राणायाम द्वारा तथा योनि मुद्राको सहायताबाट त्यस जगत्‌को प्रसविताको वरणीय शक्ति या तेजको अभिप्रकाश अनुभव हुन्छ । यस तेजको अन्तरगत एक कृष्णवर्ण गोलक देखिन जान्छ, त्यसलाई भन्दछन *'भ्रामरीगुहा'* । यस गुहा स्थित पुरुषलाई जाने पछि नै जीवको जन्म सार्थक हुन्छ । दोश्रो उपाय छैन । किनभने यस क्रियाको परावस्था नै मोक्ष हो, त्यस मोक्षतिर दृष्टि नभय त मन सन्सार चक्रमा फनफनी घुमिनै रहनेछ । अतयव स्वधर्माचरण (क्रिया गर्नु) सही तरीकासँग अनुष्ठित नभय पनि पूर्ण रुपेण अनुष्ठित परधर्मको अपेक्षा श्रेष्ठ छ । पर धर्म चाहे जति नै उच्चतर होस् त्यस्ले शरीरादि भावलाई अतिक्रम गर्न सक्दैन । अतयव भोगादि इन्द्रिय धर्मको चाहे जति नै प्रशंसा गरियोस, तथा मनको लागि चाहे जति नै वान्छित किन नहोस, जीवको परित्राण गर्नमा त्यो समर्थ छैन । बरुभन् इन्द्रियादिको भोग विलाशमा आकण्ठ डुबिरहेको जीव सन्तप्त चित्तले त्राहि त्राहि गर्दछन् । अतयव परधर्म सुन्दररुपले अनुष्ठित भएपनि अन्तसम्म भयावह बनिरहन्छ ; र त्यस्को परिणाम दुःखप्रद हुन्छ । यसैले साधु मनुष्य गुणातीत अवस्थाको कुरा गर्दछन् जस्लाई प्राप्त नगरिकन जीवको परित्राण हुँदैन । त्यसको लागि अभ्यास र तपको दुःख उठाउनु पनि ठीक छ, परन्तु देहेन्द्रियादिको सुखको लालसामा प्राकृत धर्म स्वीकार गरिलिनु मानव धर्मको विरुध्द छ । महाभारतको शान्ति पर्वमा लेखिएको छ - "महर्षिहरुले आफ आफ्नो विज्ञानको बलले नाना किसिमको धर्महरुको निर्देश गरेकाछन्, तिनमा ती सवैको मत इन्द्रिय संयम नै सर्व प्रधान छ ।" शान्ति पर्वको एक अर्को स्थलमा लेखिएको छ - "यथार्थ धर्मको निश्चय गर्नु दुःसाध्य छ । प्राणीहरुको अभ्युदय, ल्केशनिवारण एवं परित्राणको लागि धर्मको सृष्टि भएकोछ । अतयव जसद्वारा प्रजाअभ्युदयशाली होस, उनीहरुको ल्केश निवारण होस र परित्राण मिलोस यही धर्म हो ।" वाह्य धर्मानुष्ठान द्वारा जुन वाह्य अभ्युदय प्राप्त हुन्छ, त्यसले जीवलाई कहिल्यै शान्ति प्रदान गर्न सक्दैन, अतयव त्यो स्वधर्म हुन सक्तैन । *"स मोदते मोदनीयं हि लव्धा"*- जीव यस आनन्दस्वरुप आत्मालाई प्राप्त गरेर नै सुखी हुन्छ ।

अशरीरं शरीरेष्वनवस्थेष्ववस्थितम्;
महान्तं विभुमात्मानं मत्वा धीरो नशोचति ॥ - कठोपनिषद ॥

धीर पुरुष नश्वर शरीरहरुमा अवस्थित अशरीर अर्थात स्थूल सूक्ष्मादि शरीरको अतीत, देश काल गुणद्वारा अपरिच्छिन्न महान सर्वव्यापी आत्मालाई जानेर फेरि शोक गर्दैनन् ।

"अणोरणीयान महतो महीयान्,
आत्मस्य जन्तोर्निहितो गुहायाम् ;
तमक्रतुः पस्यति वीतशोको,
धातु प्रसादान् महिमानमात्मन ॥"

सूक्ष्माति सूक्ष्म अणु भन्दा पनि सूक्ष्मतर अर्थात् ज्ञानेन्द्रियहरुको पनि अतीत, महतः आकाशादि वृहत पदार्थहरु भन्दा पनि 'महीयान्' अति वृहत् देशकालादि देखि अतीत् सुतरां वुध्द्यादिको पनि अतीत यो आत्मा जीवको 'गुहायां' बुध्दिको अभ्यन्तर (भ्रामरी गुहाको अभ्यन्तर) अवस्थित छ । 'धातुप्रसादात' शरीरादी इन्द्रियवर्गलाई धातु भन्दछन, यस्को प्रशन्नता या स्थिरतावश 'अक्रतुः' कामनाशून्य भएर 'वीतशोक' शोक रहित भएर मनुष्य आत्माको 'तं महिमानं' त्यस महिमाको अनादि, निर्विकार, विशुध्द चैतन्य स्वभावलाई 'पश्यति' साक्षात्कार गर्दछन् ।

धातु अर्थात प्राण-मन-इन्द्रियादिको निर्मलता या स्थिरता प्राप्त नभैकन केही हुन सक्तैन । अतयव यस्लाई स्वच्छ बनायेपछि नै यो आत्ममुखी भएर आत्मस्वरुपमा स्थिर हुन सक्छ । यही हो मनुष्य जीवनको चरम सार्थकता या कैवल्य पद । प्राणको प्रच्छर्दन एवं विधारण द्वारा नै स्थिरता प्राप्त हुन्छ । अन्य उपायहरु गौण हुन् ॥ ॥ ३५ ॥

अर्जुन उवाच -

अथ केन प्रयुक्तोऽय पापं चरति पुरुषः;
अनिश्च्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥ ३६ ॥

श्री धरीय टीका-[रागद्वेषको अधीन नहोऊ, यो पहिले नै भनी सकिएकोछ, परन्तु त्यस्लाई असाध्य मानी]-अर्जुनले भने - हे वृष्णिकुलोत्पन्न ! अनर्थरुप पाप कर्म गर्ने इच्छा नहुँदामा पनि कसद्वारा प्रेरित भएर मनुष्य पापाचरण गर्दछ ? विवेकवलबाट काम-क्रोधलाई निरोधगर्नेवाला पुरुषको पनि पापमा प्रवृत्ति देखिन जान्छ । (अतयव यस्को मूलभूत कोही प्रवर्त्तक हुनुपर्छ, यस संभावनाबाट अर्जुनले यो प्रश्न गरेको छ) ॥ ३६ ॥

आध्यात्मिक व्याख्या - "शरीरको तेजद्वारा अनुभव भैरहेछ परन्तु जो उत्तम पुरुष छ उस्ले के कारणले पापाचरण गर्दछ, इच्छा नहुँदैमा पनि बलपूर्वक नियुक्त गराउँदछ ।"

- समस्त अनर्थको मूलकारण यो पापवृत्ति मनुष्यमा कहाँबाट आउँदछ ? पाप घोर अनिष्टकारक छ, यो सवैले जान्दछ, पाप गर्नु सँधै राम्रो लाग्दछ, यस्तो कुरा पनि होइन । तथापि यस्तो लाग्दछ - मानो जीव

वाध्य भएर पापाचरणमा प्रवृत्त हुन जान्छ। किन ? तथा कुन उपायले यो पाप प्रवृत्तिको उच्छेद हुन सक्छ ? यसको उपायको जिज्ञासा गर्दै अर्जुनले यो प्रश्न गरिरहेछ। किन भने उपाय थाहा भए पछि नै साधक त्यस विषयमा यथा साध्य प्रयत्न गर्न सक्दछन। ॥ ३६ ॥

श्री भगवान उवाच-

काम एष क्रोध एष रजोगुण समुद्भवः;
महाशनो महापाप्मा विघ्द्येनमिह वैरिणम्॥ ३७॥

श्री धरीय टीका- (यस्को उत्तरमा)र-श्री भगवान वोल्नु भयो-तिमीले जे सोधेका छौ त्यसको कारण काम हो। पहिले क्रोधको बारेमा पनि भनिएको छ, त्यो पनि कारण हो। परन्तु काम र क्रोध पृथक पृथक् होइन। काम कुनै कारणले प्रतिहत भएमा क्रोधमा परिणत हुन जान्छ। पहिले पृथकरुपमा भनिएतापनि क्रोध कामज हो। यो काम र क्रोध रजोगुणवाट उत्पन्न हुन्छ। सत्त्वको वृध्दिले जब रजोगुणको क्षय हुन्छ, तब फेरि काम उत्पन्न हुँदैन। यस कामलाई मोक्ष मार्गको बैरी बुझ्नु पर्दछ। कामलाई तल लेखिएको (अगाडिको श्लोकमा भनिएको) उपायहरुवाट बध गर्नु पर्नेछ। प्रवल शत्रुलाई साम, दान, भेद आदि उपायहरुवाट बशमा राख्नु पर्दछ। कामोपभोग प्रदान गरी कोही कसैले कामलाई शान्त गर्न सक्दैन। अतयव 'दान' द्वारा केही काम बन्ने छैन। किनभने त्यो महाशन अर्थात् दुष्पुर छ। यस्लाई 'साम' द्वारा पनि बशमा राख्न सकिन्न किन भने यो 'महापाप्मा' अर्थात अत्यन्त उग्र छ॥ ३७॥

आध्यात्मिक व्याख्या - "कूटस्थ द्वारा अनुभव भैरहेछ-इच्छा र क्रोध जुन रजोगुणवाट उत्पन्न हुन्छ, यी शत्रु हुन तथा बडो पापी छ।"

- ग्रहण र त्यागको इच्छाहरुलाई काम भन्दछन्। इच्छामा बाधा परेपछि त्यो क्रोधको रुपमा प्रकट हुन्छ। जवसम्म मन छ तबसम्म ग्रहण र त्याग रहिरहने नै छ, अतयव क्रोध पनि रहनेछ। जबसम्म प्राणवायु मस्तकमा चढेर बस्दैन तबसम्म मन कदापि शान्त हुने छैन, र न काम क्रोधको निवृत्ति होला। सन्सार क्षेत्रमा र विशेषत साधनाको क्षेत्रमा यिनीहरु नै प्रधान शत्रु हो। सारा अनर्थहरु घटाउंछन यी दुवैले नै। प्राणायाम गर्दै गर्दै ब्रहमनाडीको भेद भएर नै प्राण एवं त्यसको साथ मनको पनि उपराम हुन जान्छ। यसैले खूब मन लगाएर प्रच्छर्दन - विधारण गर्नु पर्दछ, सदा श्वासमानै लक्ष्य राख्नु पर्दछ। शास्त्र भन्द छन - "काम निग्रह नै धर्म एवं मोक्षको बीज हो। निर्ममता र योगाभ्यास बिना कामजय हुँदैन।" " (अश्वमेघ पर्व-कामगीता) आत्मा बाहेक अन्य वस्तुको बोध नै मूल अज्ञान हो। यो अज्ञान नै काम-संकल्पादिको मूल आधार हो। काम संकल्प जति जति बढ्दछ, आत्मदृष्टि त्यति त्यति नै लुप्त हुन जान्छ, वहिर्दृष्टि पनि त्यसरी नै फैलिदै जान्छ। त्यति त्यति नै आवरण माथि आवरण ढाकिदै जान्छ। -

"यतः प्रवृतिर्भूतानाम् येन सर्वमिदं ततम्;
स्वकर्मण तमभ्यर्च सिध्दि विन्दन्ति मानवः॥" (गीता)

ब्रहमको जुन माया-शक्ति अर्थात् प्राणबाट भूतहरुको उत्पत्ति हुन्छ, कारणरुपमा जुन ब्रहम यस ब्रहमाण्डमा व्याप्त भएर अवस्थित छ, मानव आत्मकर्म अर्थात प्राणको उपासना द्वारा जव उनको अर्चना गर्दछ त श्री भगवानको मायाशक्ति संकुचित हुन्छ, तव अनन्त विश्व ब्रहमाण्डमा व्यापक परमानन्दरुपिणी भागवती शक्तिको विकास हुन्छ, अनि त्यसको फलस्वरुप जीव तत्त्वज्ञान प्राप्त गरेर कृतकृत्य हुन जान्छ ॥ ३७ ॥

धूमेन व्रियते वह्निर्यथादर्शो मलेन च ;
यथोल्वेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥ ३८ ॥

श्री धरीय टीका- [कामको वैरित्व देखाउनु हुन्छ]-सहोत्पन्न धूम जसरी अग्निलाई आच्छादित गर्दछ, आगन्तुक मल जसरी दर्पनलाई अच्छादित गर्दछ, र जरायु अर्थात गर्भवेष्टन चर्म जसरी गर्भलाई सर्वतो भावेन आवृत्त गर्दछ ठीक त्यसरी नै तीन किसिमसँग काम विवेक ज्ञानलाई आच्छादित गर्दछ ॥ ३८ ॥

आध्यात्मिक व्याख्या - "इच्छारुपी अग्नि धूम द्वारा आवृत रहन्छ, क्रोधरुपी दर्पण मैलाले ढाकिएको हुन्छ, अलि अलि वायुको संचार हुनासाथ बलपूर्वक प्रकाशित गरिदिन्छ ।"

- कहिले काँहि हामीहरुको मनमा यस्तो लाग्दछ - काम क्रोधादि शत्रुहरु हाम्रो मनबाट खेदिएका छन्, परन्तु यो भ्रम हो, वासनाको वायु अलिकति पनि बहनासाथ न जाने कहाँबाट भुसको आगो झैं पुत-पुतायर अग्निको ज्वाला प्रज्वलित भै दिन्छ । जीवको विवेकज्ञानलाई यसैले नष्ट गर्दछन् । यदि काम क्रोध नभै दिंदो होत कसैको लागि पनि आत्म दर्शन कठिन हुने थिएन । जीव यद्यपि स्वभावत: प्रज्ञानमय छ, परन्तु वासना जनित धूमद्वारा ज्ञानाग्नि सदा आच्छन्न रहन्छ । वासना हो मनको कार्य मेघाच्दादित सूर्य जब मेघमुक्त हुन्छ, तब जसरी उस्को प्रकाश पुन: देखिनमा आउँछ, मनको वासना शून्य भएपछि आत्मप्रकाश पनि त्यसरीनै लक्षित हुन थाल्छ । वासना या काम आत्माको आवरक हो । जस्तो मेघले जब सूर्यलाई आवृत गर्दछ त उस्को किरण पूर्णत: लुप्त हुँदैन, उसरी नै आत्माको सच्चिदानन्दभाव वासना द्वारा आच्छादित जस्तो जानिन जान्छ, परन्तु उस्को प्रकाश पूर्णत: आच्छन्न हुन सक्दैन । मेघाच्छन्न सूर्यलाई हेर्नको निम्ति जसरी मेघ हटनुको आवश्यक छ, उसरी नै आत्मालाई देख्नको निम्ति कामलाई हटाउनुको आवश्यक छ, ज्ञानस्वरुप आत्मालाई कामले तीन किसिमसँग आवृत गर्दछ, त्यसलाई याँहा तीन दृष्टान्तबाट देखाइएकोछ । अज्ञानको सुदृढ आधार नै हो काम । काम नष्ट भएपछि अज्ञान पनि सँगसँगै नष्ट हुन जान्छ । जीव स्थूल शरीर धारण गर्नु भन्दा अघि पूर्व कर्मानुसार आफ्नो सूक्ष्म-शरीरको रचना गरिलिन्छ । त्यही पुन: आफ्नो अदृष्टको वश भएर मातापिताको सहयोगबाट स्थूल पिण्ड शरीरको रचना गरिलिन्छ । निश्चय नै जीवको कारण शरीर पहिले देखिनै रहन्छ, किन भने जब सम्म मूल अविद्या नष्ट हुँदैन, अर्थात मुक्ति लाभ हुँदैन, तबसम्म त्यो नष्ट हुँदैन । प्रत्तेक जन्ममा जीवको सूक्ष्म शरीर्को सृष्टिसँगै काम पनि सूक्ष्म शरीरमा सूक्ष्मभावले विद्यमान रहन्छ । स्थूल शरीरं प्राप्त गरेपछि जसै स्थूल शरीर पुष्ट हुँदै जान्छ, तसै तसै यो सूक्ष्म शरीर पनि प्रुष्ट हुँदै जान्छ, त्यस्मा निहित वासना बीज पनि क्रमश: क्रमश: विकसित हुँदै जान्छ ।

शरीराच्छन्न आत्माको कस्तो अवस्था हुन्छ, यही यहाँ बताइन्छ । पहिले यो धुमावृत वह्नि समान रहन्छ । धूमावृत अग्निमा अग्निको प्रकाश सुस्पष्ट हुन्छ, केवल अलि अलि धूमावृत हुन्छ, त्यसमा सहजै अग्निको सन्धान प्राप्त हुन सक्छ । यही हो कारण शरीर र त्यस भित्रको आत्माको कुरा । तत्पश्चात् सूक्ष्म शरीर छ, र त्यसको भित्र जीव नाना किसिमको वासनाहरुबाट आवृत हुनाको कारणले झन घनाच्छन्न प्रतीत हुन्छ - जस्तो मललिप्त दर्पण । जसरी मैलयुक्त दर्पणमा ठीक प्रतिविम्व देखिदैन, - उसरी नै वासनावेगमयी सूक्ष्म शरीरमा आत्म स्वरुपको प्रस्फुरण अत्यन्त अस्पष्टवत् प्रतिभात हुन्छ । परन्तु केही परिश्रम गरी दर्पण सफा गरेमा जसरी प्रतिविम्ब सुस्पष्ट भावले देखिन लाग्छ, उसरी नै विचार र साधनको सहायताबाट जब अशुभ वासनाको वेग ह्रासलाई प्राप्त हुन्छ तब त्यसमा समुज्ज्वल आत्मज्ञान सुस्पष्ट झलकिन थाल्छ । अन्तमा स्थूलतम पिण्डमा कामको विषयोपभोगको चेष्टा पूर्णतालाई प्राप्त हुन्छ । यहाँ नै आत्मा मानो लुप्तवत् जानिन लाग्छ । यसको तुलना जरायु मध्यस्थ भ्रूणसँग भलीभांती गर्न सकिन्छ । जरायुको भित्र भ्रुण जसरी अज्ञानाच्छन्न अवस्थामा रहन्छ, त्यहाँ ज्ञान-शक्तिको कुनै विकासको अनुभव गर्न सकिन्न, उसरी नै कामोपभोगको चेष्टामा तथा भोग्यवस्तुको संग्रहमा बुध्दि एति स्थूल हुनजान्छ र एति धेरै विषयदर्शी हुन जान्छ -आत्मज्ञानको प्रकाश मानो त्यहाँ केही पनि रहँदैन ।

जुन किसिमसँग यी तीन आवरण छन् त्यस किसिमसँगै अज्ञानको आवरणलाई उन्मोचन गर्नको निम्ति साधकले पनि साधनको तीन अवस्थालाई देख्न पाउँछ । पहिलो जरायुमा आवरण समान छ । पूर्ण अन्धकार विराजमान छ - आत्मा, भगवान, ज्ञेय, ज्ञाता, ज्ञानको केही बोध नै रहँदैन । भगवत् साधनाको सम्बन्धमा विलकुल निश्चेष्ट जडवत् भाव रहन्छ । यस अवस्थामा भगवान् जीवको बुध्दि बाहिर परिरहन्छ । अनि जीव खालि सान्सारिक कामोपभोगलाई लिएर व्यस्त रहन्छ । यस अवस्थामा आत्माको ज्ञान ज्योति पूर्णतः समाच्छादित हुन्छ । यद्यपि धेरै धेरै भनसुन गरेपछि साधन ग्रहण पनि गर्छ, तर केही गर्न सक्तैन । साधन गर्ने इच्छा पनि हुँदैन र गरेमा रस पाउँदैन । तत्पश्चात् यस स्तरलाई अतिक्रम गरी जीव जब उस्लाई राम्रो लाग्न थाल्छ, तब ज्ञानको प्रकाशले अन्तराकाश भरिन जान्छ । प्राणको साधनाले जिहवा-ग्रन्थि नष्ट हुन जान्छ, हृदय ग्रन्थि पनि क्षीण भन्दा क्षीणतर हुन जान्छ । आत्म ज्योतिको निर्मल प्रकाशले मनलाई आनन्दित र उत्साहित गरी दिन्छ । मण्डलाकार गर्भाच्छादक उल्वलाई भेदन गरी तब दिव्य प्रकाश अन्तराकाशमा त्यसरी नै क्रीडा गर्दछ जसरी मेघ भित्र विद्युत सौदामिनी झलझलाउँछ । दर्पणको मललाई माझ्दा जसरी त्यो मलशून्य हुन जान्छ र तब त्यसमा जसरी आफ्नो प्रतिविम्व देखिन जान्छ, ठीक त्यसरी साधनाको प्रवल अभ्यासले मन जडत्वबाट हटेर सूक्ष्ममाव तिर अग्रसर हुन्छ । तब फेरि यस जडशरीर र यस्को चेष्टातिर मनको विशेष लक्ष्य या आग्रह रहँदैन । तब मनको मैला दूर हुन जान्छ, भित्र अनन्त रुप भण्डारको द्वार उन्मुक्त हुन जान्छ, अनाहतको वाद्य-भण्डारमा कस्तो मन मोहनीय स्वर्गीय मधुर वाद्य बज्न लागदछ, अदभुत् प्राण विमोहन वंशी ध्वनिले मनप्राण विमुग्ध हुन जान्छ, दीर्घ घण्टानिनादले मनको आतंक मेटिन जान्छ । आकाशमा प्रकाशमान दिव्य चक्षु समान आत्मज्योतिको प्रकाश अनुभूत हुन्छ । अनेकानेक दिव्यदर्शन र देवदर्शन हुन्छ । परन्तु त्यस अवस्थामा पनि धेरै वस्तु

बाँकि रहन जान्छ। त्यस समयमा आत्म ज्ञान आफ्नो महिमामा उद्भासित हुँदैन साधक सदाको लागि अज्ञान-पाश देखि मुक्ति पाउँदैन। त्यस बेला अरु बढी बढी तीव्र साधनाको प्रयोजन हुन्छ, ॐकार क्रियाबाट साधक जाग्रत भएर भूतशुध्दि आरम्भ गर्न लाग्दछ, यस भूतशुध्दिको अन्त भए पछि समस्त आवरण हट्न जान्छ। अन्तिम आवरण हो कारण शरीर। यस्मा नै अनादि अज्ञानवीज निहित रहन्छ। यो दूर हुनमा साधकलाई अझ धेरै धेरै दिन र धेरै जन्म लाग्न सक्छ। *"छायातपयोरिव ब्रहमलोके"*-तव बहत्तर नाडीहरु शुध्द हुन जान्छ, अनि यी सारा नाडीहरुको अधिष्ठातृ देवता तब चैतन्ययुक्त भै जागी उठदछ। तब जीव सच्चिदानन्दमय व्रहम चैतन्यमा प्रवेशोन्मुख भएर - *'सर्वं खल्विदं व्रहम'* लाई आफ्नो ज्ञानको विषय गरी लिन्छ। उषाकालको स्निग्ध ज्योति समान मेघको भित्र पूर्णचन्द्रको प्रकाश समान सदा नै आत्मज्योति एवं आत्मज्ञानको प्रकाश मिली रहन्छ, समस्त शरीर र इन्द्रियादिहरुमाथि पूर्ण आधिपत्य फैलिन जान्छ, कूटस्थको भित्र स्निग्ध-उज्ज्वल शुभ्र ज्योतिर्मय चिदाकाश सुस्पष्ट भै दिन्छ, बुध्दि अन्तरमुखी भै आत्म-स्वरुपमा विलीन प्राय हुन जान्छ, सविकल्प समाधि सुदीर्घ एवं सुस्पष्ट भावमा विराजमान हुन्छ। तवै अन्तिम आवरण कारण शरीर अस्तोन्मुख हुँदै अनन्त आत्मसत्तामा, अनन्त चिद्ज्योतिमा चिरदिनको लागि विलीन हुन जान्छ। यही पूर्ण भएपछि आवरण या अज्ञान केही पनि रहँदैन। यही महामहेश्वर भाव भनिन्छ।

"व्रहमभूतः प्रशन्नात्मा नशोचति नकांक्षति।"

तव *"व्रहमैवाहम"* - यो दृढ निश्चयता उपस्थित हुन्छ तथा देहादिमा अभिमान शून्य भै साधक प्रशन्न-चित्त हुन जान्छ, तब प्राप्त नष्ट भएता पनि तेस्को लागि शोक हुँदैन, तथा अप्राप्य वस्तुको प्राप्तिको लागि पनि मनमा आकांक्षा उत्पन्न हुँदैन ॥ ३८ ॥

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्य-वैरिणा;
काम-रुपेण कौन्तेय दुष्पूरेणानलेन च ॥ ३९ ॥

श्री धरीय टीका-[इदं शव्दले निर्दिष्ट वस्तुलाई निर्देश गर्नु भै कामको वैरित्वलाई स्पष्ट भन्नु हुन्छ]-हे कौन्तेय! यस काम द्वारा विवेकज्ञान आवृत रहन्छ। अज्ञानीको लागि भोगको बेला काम सुख-हेतु जानिन जान्छ सही, परन्तु परिणाममा काम शत्रुको काम नै गर्दछ। र ज्ञानी परिणाममा दुःख दायक सम्झी भोग-कालमा पनि त्यसलाई दुःखको हेतु मान्दछन्, यसै कारण ज्ञानीको लागि काम नित्य वैरी हो। विषयहरु द्वारा परिपूरित भएर पनि यो कदापि पूरा हुँदैन, यसै कारण यो दुष्पूर छ। सर्वदा भोग द्वारा पूर्यमाण हुंदामा पनि यो शोक सन्तापको हेतु छ, अतयव काम अनल-तुल्य छ। यस काम द्वारा ज्ञानीको ज्ञान समाच्छन्न हुन्छ। (काम ज्ञानीको नित्य शत्रु छ किन? शंकर भन्नु हुन्छ - "ज्ञानी हि जानाति अनेनाहमनर्थे प्रयुक्तः पूर्वमेवेति। अतो दुःखी च भवति नित्यमेव। अतोऽसौ ज्ञानिनो नित्यवैरी, नतु मूर्खस्य"-ज्ञानीले जानेको हुन्छ - यस काम द्वारा म अनर्थले युक्त हुन्छु, यसैको कारण उ सर्वदा दुःखी रहन्छ। यसैले यो ज्ञानीको नित्यवैरी हो, मूर्खको होइन) ॥ ३९ ॥

आध्यात्मिक व्याख्या - "क्रियायुक्त पुरुषहरुको इच्छारुपी अनल अन्तः करणमा आवृत हुन्छ, अलिकति पनि वायु मिल्नासाथ यो सुकेको पतकर जस्तै वलिहाल्छ, तथा अहं इत्याकार बुध्दिले त्यो क्रोधान्वित हुन जान्छ।"

- भित्र वासनारुपी अग्नि छँदै छ नी, अलिकता विषय-संयोगरुपी वायुको योग मिल्नासाथ हुरहुरी बल्न थाल्छ, त्यसको साथै अहं अभिमानको योग्दान भएपछि त्यो सोह्रै कलाले पूर्ण हुन जान्छ। यस कामाग्निमा जति विषय भोगरुपी हवि राखिन्छ त्यो उति उति नै प्रज्वलित भै दिन्छ।

"न जातु कामः कामानामुपभोगन शाम्यति
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्ध्दते॥"

यथार्थ योगारुढ ज्ञानीको काम रहँदैन, परन्तु जो योगारुढ छैन र त्यस मार्गमा चल्दछ त्यसलाई पनि ज्ञानी भन्दछन्। उस्लाई पनि कामको कारण विषय विडम्वना भोग्नु पर्दछ। काम राम्रो पनि लाग्दैन, किन्तु संस्कार वश त्यो छुट्दैन पनि। यसैले उनिहरु यथेष्ट सावधान एवं जागरुक रहन्छन्; तथापि समय समयमा आत्मविस्मृति आउने गर्छन। त्यस वेला आत्मस्मृतिलाई जाग्रत राखिरहनु नै उस्को अन्यतम साधना हुन जान्छन। अन्तमा साधक नै विजयी हुन्छ। किन भने कामोपभोग उस्को सामुन्ने प्रधान लक्ष्यको विषय रहँदैन, हुँदैन। भगवत्प्राप्तिको इच्छा उस्को समस्त वासनाहरुमा भरिएको हुन्छ। यस्तो साधक-श्रेष्ठ पुरुष नै भगवत्कृपाले श्री भगवानमा चित्त राख्दै राख्दै कामजयी हुन जान्छ। श्रीमत् शंकराचार्यले काममाथि विजय प्राप्त गर्ने उपाय भन्नु भएको छ -

"संकल्पानुदये हेतुर्यथा भूतार्थदर्शनम्;
अनर्थचिन्तनम् चाभ्यां नावकाशोऽस्य विद्यते॥"

वस्तुको यथार्थ स्वरुप बोध, र त्यसबाट अनिष्ट प्राप्तिको चिन्ता-यी दुवै विद्यमान रहिरहे मनमा काम संकल्पको उदय हुन सक्तैन॥ ३९॥

इन्द्रियाणि मनोबुध्दिरस्याधिष्ठानमुच्यते;
ए तै र्विमोहयत्येष ज्ञानमावृत्य देहिनम्॥ ४०॥

श्री धरीय टीका- [अब कामको आश्रय के छ? यो बताउनु भै त्यसलाई जय गर्ने उपाय भन्नु हुन्छ]- इन्द्रियहरुको विषय दर्शन श्रवणादि, मनको विषय संकल्प, बुध्दिको अध्यवसाय - यी तीन द्वारा कामको प्रादुर्भाव हुन्छ, यसैकारण इन्द्रिय, मन एवं बुध्दिलाई कामको अधिष्ठान या आश्रय भन्दछन्। काम दर्शनादि व्यापारहरुको आश्रयभूत इन्द्रियादि साधनहरु द्वारा विवेक ज्ञानलाई आवृत्त गरी देहीलाई विमुग्ध गर्दछन्॥

आध्यात्मिक व्याख्या - "आत्मामा सदा रहन दिँदैन। इन्द्रिय द्वारा आसक्तिपूर्वक कुनै वस्तुलाई देखाउँदछ र मोहित हुन जान्छ।"

- आत्मामा अवस्थित व्यक्तिलाई संकल्पको उदय हुँदैन। परन्तु पक्का सिध्द साधक बाहेक अरु कोही यस अवस्थामा सर्वदा रहन सक्तैन, किनभने संकल्प विकल्प रहित भएर मन केही स्थिर भएमा पनि अनादि वासना-बीजको प्रभावले मन स्थानच्युत भैकन संकल्पादि गर्नमा प्रवृत्त हुन जान्छ। यही साधारण नियम हो। जस्को मन या बुध्दि पंचतत्त्वको क्षेत्रलाई छोडी आज्ञाचक्र या त्यो भन्दा माथि गएर अवस्थित हुन सक्छ, काम तब त्यस्को नजिक फटकन सक्तैन। मन त्यस समय स्वक्षेत्रमा रहन्छ अतयव उसको शक्ति असाधारण हुन जान्छ, त्यहाँबाट उसलाई कसैले आकर्षण गर्न सक्तैन। जब विषय-दर्शन नै छैन भने त फेरि संकल्प कहाँबाट उठ्ला ? कामोत्पत्ति त तब उठ्छ, जब मनमा विषय दर्शन द्वारा संकल्पको मन्थन हुन्छ। विषय भोग र विषय तृष्णा इन्द्रियहरु द्वारा हुन्छ, अतयव इन्द्रियहरु, मन, बुध्दि यी तीन्टै कामको निवास्थान हो। पंच ज्ञानेन्द्रियहरुको आश्रय स्थल, शब्द स्पर्श रुप रसादि तथा कर्मेन्द्रिय वाक्, पाणि, पाद, पायु एवं उपस्थ मनको नाना किसिमको काम संकल्प, तथा बुध्दिको आश्रय अध्यवसायको सहाराबाट काम विषयरसको उपभोग गर्दछ, जब त्यो यी सबै विषयहरुको भोगमा सचेष्ट हुन्छ त ज्ञानज्योति आवृत हुन जान्छ। तब मोहान्धकारले जीवलाई ढाक्दछ। तब त्यो हिताहित ज्ञानशून्य हुन जान्छ। तव के त फेरि जीवको उध्दारको कुनै उपाय छैन ? विषयतृष्णा प्रवल हुन गयेपछि विवेक ज्ञान आवृत त हुन्छ नै सही, परन्तु विलुप्त हुँदैन। काम प्रवल हुँदा विवेक ज्ञान दुर्वल हुन जान्छ र काम तृप्तिको वस्तु प्राप्त भएमा लोभलाई संवरण गर्न कठिन हुन जान्छ। जसरी नशावाज नशा पीई उन्मत्त हुन गैदिन्छ, उसरी नै तब मन निरन्तर विषयहरुको मदीरा पीई उन्मत्त हुन जान्छ, तव उस्को विवेक ज्ञान आच्छादित हुन जान्छ, अनि उस्ले विर्सी दिन्छ - उ आत्मा हो। श्री भगवान्‌को सेवक हो, ज्ञानयुक्त मनुष्य हो - यस्को धारणा पनि उस्लाई रहँदैन। यसबाट परित्राण पाउने उपाय के हो ? मन जुन किसिमसँग विषयोन्मुखी हुन जाँदा विषय-चिन्तन गर्दै विषयहरुलाई ग्रहण गर्दछ, उही मन आत्ममुखी भै आत्मामा अवस्थित परमानन्दको पनि उपभोग गर्न सक्छ। रस ग्रहण गर्ने स्पृहा मनको स्वभाव हो। यदि भगवत्-रसबाट वंचित हुन्छ त विषय-रसमा अवश्य डुब्ने छ। अतयव साधकको कर्तव्य हुन्छ - मनलाई भगवत्-रसको आस्वाद दिनको लागि सचेष्ट हुनु। अन्यथा मनलाई विषय देखि छुटाउन कठिन छ। यो आत्म-रस आत्मामा नै विद्यमान छ, आत्मा रस स्वरुप छ। *"रसो वै स"*। परन्तु यस रसलाई पगारी निकाल्नु नै साधना हो। यसको निम्ति केही अध्यवसाय, र ल्केश भोग्नुको आवश्यकता पर्दछ। परन्तु यो अध्यवसाय र ल्केश भोग कसरी गर्ने हो ? मनलाई कुनै प्रकारसँग अवसन्न हुने मौका दिनु हुँदैन। यदि मनलाई स्वयं संभाल्नमा असमर्थता लाग्दछ भने तत्काल दौडिएर साधुपुरुषको आश्रय लिनु पर्दछ, कहिले काँही बलपूर्वक प्राणायाम तथा मुद्राआदिको साधनमा वस्नु पर्नेछ। यस किसिमसँग ल्केश साधन गर्नाले मनको अधोमुखी शक्ति क्षीण हुनेछ, अनि साधुसँगबाट त्यस्को उर्ध्वमुखी शक्ति बढ्नेछ। ब्रहम निर्दोष छ र समरससम्पन्न, यही हो उनको विशेषता। यस समरसको आस्वादनको लागि यसको विरोधी रसलाई त्याग्नु पर्नेछ। प्राण अपानको स्थिर अवस्था नै समरस हो।

"यदा संक्षीयते प्राणो मानसं च प्रलीयते ;
तदा समरसत्वं च समाधिरभि धीयते ॥"

प्राणापान स्थिर भएपछि मन पनि क्षीण हुन जान्छ, अर्थात संकल्पशून्य हुन जान्छ। प्राण अपान जाग्रत रहँदा नै विषयज्ञान तथा त्यस्को प्राप्तिको लागि चेष्टा हुन्छ। जब प्राणापानको जति सम भावापन्न हुन जान्छ, त फेरि विषय-तृष्णा रहँदैन। तब मन एवं इन्द्रियादि व्रहमानन्द-रसमा मग्न हुन जान्छ। ॥ ४० ॥

तस्मात्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ;
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥ ४१ ॥

श्री धरीय टीका- अतयव हे भरत श्रेष्ठ ! इन्द्रियहरुले तिमीलाई विमोहित गर्नु भन्दा अघि नै इन्द्रिय, मन र बुध्दिलाई नियमित गरी पापरुपी यस कामलाई विनाश गर। यो काम ज्ञान र विज्ञानको नाशक हो। ज्ञान - शास्त्र एवं आचार्यको उपदेशले उत्पन्न ज्ञान। अनि विज्ञान-निदिध्यासनबाट उत्पन्न ज्ञान। अर्थात् स्वानुभवको ज्ञान नै विज्ञान हो - शंकर श्रुतिमा लेखिएको छ - धीर पुरुषले शास्त्रोपदेशबाट आत्माको ज्ञान प्राप्त गरी साधनको सहायताले त्यसको विशेष ज्ञान अथवा यथार्थ स्वरुप बोधको लागि प्रयत्न गरुन् ॥ ४१ ॥

आध्यात्मिक व्याख्या - "यसैले इन्द्रियहरुलाई पहिले निःशेषरुपले संयत गरी यी दुवै उपर्युक्त पापीहरुलाई पराजय गर, जस्ले योनि मुद्रा एवं क्रिया गर्न दिदैन।"

- इन्द्रियहरुलाई वशमा नगरिनुको कारणले मन बुध्दिमा मलिनता आउँदछ। इन्द्रियहरु नै कामको आश्रयस्थल हो। इन्द्रियहरु बलवान रहँदा चित्तको विक्षेप नष्ट हुँदैन। यदि इन्द्रियहरु विषयाभिमुखी नभए त काम आउन सक्तैन। इन्द्रियहरु द्वारा विषय स्पर्श भएर नै त्यसप्रति आसक्ति या कामको उत्पति हुन्छ। परन्तु दृढ विचार सम्पन्न पुरुषको मन व्रहम भावको अनुसरण गर्दछ, उस्लाई विषय हेय लाग्दछ। अतयव इन्द्रियहरुले विषय स्पर्श गर्न पाउँदैन र उस्को मनमा विषय प्राप्तिको आशाको उदय पनि हुँदैन। इन्द्रियहरुको सामुन्ने विषय उपस्थित हुने वित्तिकै जसै त्यसले उसप्रति मनोयोग दिन्छ तसै नै त्यस विषय प्रति काम उत्पन्न हुन्छ। अतयव त्यसको उपाय के हो त ? यही यहाँ विवेचनीय छ। मनमा दृढता भएन भने समस्त विचार व्यर्थ हुन जान्छ। अतयव चित्त अपेक्षाकृत दृढ छ उस्ले यदि विचार गर्छ भने कुनै न कुनै उपाय निस्किहाछ। पहिले हामी हेरौं -- हामीलाई कति विषयको आवश्यक छ ? जति विषय आवश्यक छ त्यसको निम्ति त प्रयत्न गर्नु नै पर्नेछ, परन्तु प्रायजसो हामी अनावश्यकीय विषयहरुको चिन्तामा व्यस्त हुन्छौं र कामलाई जीवित राख्दछौं। यस्तो गर्दा खेरि त कहिले पनि काममाथि विजय प्राप्त हुने छैन। जुन अनावश्यक चिन्ताहरुछन्, त्यस्को पहिले त्याग गर्नु पर्नेछ, पश्चात् जब मन केही सवल एवं एकाग्र हुनेछ, तब जुन चिन्ताहरु आत्म चिन्तनको लागि हितकर छैन, सन्सारपक्षमा प्रयोजनीय भयेपनि त्यस्लाई मनमा आउन दिनु ठीक हुने छैन। सन्सारमा हाम्रो लागि चाहिने विषय धेरै नै अल्प छ।

त्यस्को चिन्तनले त्यति हानी पनि हुँदैन, परन्तु अप्रयोजनीय विषयहरुको चिन्ताले हामीहरुको अमूल्य जीवन निरन्तरै विनाशको मुखतिर गैरहेछ । अप्रयोजनीय विषय म त्यस्लाई भन्दछु, जस्को लागि चिन्ता नगरे पनि काम चल्दछ । अनि त्यस्को प्रयोजन न ऐहिक न पारलौकिक कुनै पनि स्थानमा पर्दैन । यस्तो विषयको चिन्तन अनर्थकारी हुन्छ । जुन हाम्रो शक्तिको बाहिर छ त्यस्को प्राप्ति या त्यसको लागि व्याकुल हुनु पनि अनर्थ चिन्तामा गणना गर्न सकिन्छ । सबै अवस्थामा श्री भगवान्‌को तथा उनको विधान माथि आत्म समर्पण गरिने प्रयत्न नै समस्त अनर्थहरुको नाशको हेतु हो । मन लगाएर प्राणायाम गर्नु अथवा कूटस्थमा लक्ष्य राखी बसिरहनु, इन्द्रिय जयको प्रमुख उपाय हो । शास्त्रले भन्दछन्‌ -

"जपात्‌ श्रान्तः पुनर्ध्यायेत्‌ ध्यानात्‌ श्रान्त पुनर्जपेत्‌ ।"

जप गर्दा गर्दा थाके पछि ध्यान गर, ध्यानमा परिश्रान्त भएपछि जप गर । येस्को साथ साथै एउटा अर्को विचार गर, एकमात्र एक भगवान्‌ नै सत्य हो, हाम्रो प्रयोजन उसैसँग छ । यो जुन बार बार जन्म मरणको जाँतोमा पीसिएर हामी ल्कान्त र परिश्रान्त हुन्छौ, त्यो कहिल्यै टुटन सक्तैन, यदि त्यस आत्मदेवलाई, त्यस जगत्‌ प्रभुलाई हामीले प्राप्त गर्न सकेनौ भने ! उही हाम्रो सात राजाको धन-माणिक हुन्‌ । विना उस्लाई नपाइकन हाम्रो कुनै पनि दुःख दूर हुने छैन । हामीलाई यदि पृथिवीको समस्त स्वर्ण मणि माणिक्य पशु एवं रमणी प्राप्त हुन गयेता पनि हाम्रो महती जीवन व्यर्थतामा अवसन्न हुनेछ । अति मृत्युको फन्दाबाट कहिल्यै त्राण पाइने छैन । अतयव प्रपन्न भै उसको शरणागत हुन जाँऊ, यस्ले तिम्रो समस्त क्षोभ, जीवनको सारा सन्ताप अवसानलाई प्राप्त हुनेछ । उस्लाई छोडिकन तिमीलाई जे जो मिल्छ, त्यो सब अपदार्थ हो, अत्यन्त हेय छ । अतयव विचार गरी जगत्‌को समस्त हेय वस्तुहरुदेखि ममतालाई परित्याग गरी श्री गुरुको दुर्लभ चरणहरुको आश्रय लेऊ । त्यो भवसागरको नाविक हो, तिमीलाई अवश्य नै पार लगाई दिनेछ । सोच त ! जीवनमा कति पटक कतिका काम्यवस्तुहरु तिमीलाई कति कति पटक प्राप्त भएको छ, कतिपटक तिमीले तेस्को कति किसिमसंग उपभोग गरेका छौ, कति कति पल्ट सोचेका छौ - यस पटक मेरो सम्पूर्ण आशाहरु व्यर्थ भै तुहिन गयो, परन्तु हाय ! के कहिल्यै कोही कसैको भोग वासना निःशेष पूरा हुन्छ ? यस भोगरुपी नरकमा गोता खाँदै खाँदै कति पल्ट सोचेथ्यौ-यस नरकमा अब पर्दिन, परन्तु त्यसबाट उठ्दा न उठ्दै फेरि त्यस नरकमा पतित हुनको लागि कति प्रचण्ड वेगले त्यसतिर अग्रसर भैरहेछौ ! यस प्रकार कामोपभोग द्वारा वासना-कण्टक दूर हुने छैन, काम जय पनि हुनेछैन, तथा विज्ञानको विशुध्द किरण पनि फुट्‌ने छैन । भाई साधक ! यसैले विचार गर, उनको शरणागति होऊ, गुरुको उपदेश अनुसार क्रिया गर्दै जाऊ । अरु कुनै उपाय छैन । कुनै नयाँ उपाय निस्केला, यस्को प्रतीक्षामा बसेर व्यर्थ समय नष्ट नगर । *जय गोविन्द, जय गुरु* भन्दै कम्मर कसेर साधनामा लागिहाल, तवै जीवन कृतार्थ हुनेछ । योनि मुद्रामा भ्रामरी गुहाको भित्र त्यस परम श्याम सुन्दर एवं शत शत सहस्र-शशधर-किरण-लांछित अपूर्व प्रोज्ज्वल नक्षत्रतिर दृष्टि निवध्द गर, तिम्रो समस्त काम अकाम हुनेछ, समस्त इन्द्रियहरु विषयरसलाई छोडीकन "कालीपद-नील-कमलमा" आफुले आफैलाई विर्सी दिनेछ - ॐ शान्तिः ॥ ४१ ॥

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्य परं मनः ;
मनसस्तु परा बुध्दिर्यो बुध्देः परतस्तु सः ॥ ४२ ॥

श्री धरीय टीका- [जस्मा चित्त लगाउनाले इन्द्रियहरुलाई संयत गर्न सकिन्छ, त्यो आत्मा देहादिदेखि भिन्न छ, यही विचार गरेर देखाउनु हुन्छ]-देहादि इन्द्रियग्राह्य विषयहरु भन्दा इन्द्रियहरु श्रेष्ठ छन्, किन भने इन्द्रियहरु सूक्ष्म र प्रकाशक हुन । इन्द्रियहरुको प्रवर्त्तक र संकल्पात्मक हुनाको कारण मन इन्द्रियहरु भन्दा श्रेष्ठ छ । मन भन्दा निश्चयात्मिका बुध्दि श्रेष्ठ छ, किन भने संकल्प भन्दा निश्चय श्रेष्ठ छ । अनि जुन बुध्दि भन्दा पर साक्षीस्वरुपमा अवस्थित छ, उही सर्वान्तरावस्थित आत्मा हो । काम त्यस देही-शव्द-वाच्य आत्मालाई विमोहित गर्दछ । ॥ ४२ ॥

आध्यात्मिक व्याख्या - "समस्त इन्द्रियहरुको वश मन छ । त्यो मनस्थिर भएर बुध्दि भन्दा पर क्रियाको परवस्थामा रहेर व्रहम हुन्छ ।"

- मन सारा इन्द्रियहरुको वशमा रहन्छ इन्द्रियहरुले जुन सवै विषयहरुलाई ल्याएर उपस्थित गर्दछ, मनले विचारै नगरी त्यसैलाई ग्रहण गर्नको लागि उद्यत रहन्छ । इन्द्रियहरु जड छन्, यो भन्नु नै पर्नेछ, यिनीहरु मनको वाहन बनेर उस्लाई विषय भोग गराउँदछ । मन जव सम्म इन्द्रिययुक्त रहनेछ, तवसम्म यस्को भागदौड, उछल कुद बन्द हुने छैन । यसैले क्रिया गर्नु जरुरी छ, क्रिया गर्दै गर्दै मन स्थिर हुन जान्छ, मन स्थिर भएपछि त्यस्लाई फेरि मन भन्दैन ; तव त्यो निरुध्दरुप भएर एकाग्रता प्राप्त गर्दछ, यसैको नाम हो बुध्दि । यो बुध्दि मन समान चंचल छैन, किनभने मन जसरी अनेक विषयहरुमा दौडिन्छ, त्यसरी बुध्दि बहुमुखी हुन सक्तैन । बुध्दिलाई साधन र विचारको सहयोगले आत्ममुखी बनाउन सकेमा फेरि त्यस्मा आत्मा सिवाय अन्य वस्तु भासित हुन सक्तैन । योगादि साधनको अभ्यासले बुध्दि जव आत्ममुखी हुन्छ त इन्द्रियहरुको चाांचल्य-विक्षेप रहँदैन । अतयव इन्द्रिय संयम त्यस समय अनायास सिध्द हुन जान्छ । इन्द्रिय एवं इन्द्रिय-विषयहरुमा मनको गति निरुध्द हुँदा आत्मस्वरुपको विकास हुन्छ, अर्थात मन वासनाशून्य भएर कैवल्य पदमा स्थिति प्राप्त गर्दछ । तव वासना र उस्को संस्कारले चित्त माथि कालिमा लगाउन सक्तैन, तथा कामाग्नि तैलहीन दीपको शिखा समान नष्ट हुन जान्छ । यस साधनलाई आयत्त गर्नको लागि एकातिर जसरी श्रध्दा-भक्तिसँग क्रिया गर्नु आवश्यक छ, उसरी नै विवेक बुध्दियुक्त मन द्वारा इन्द्रियहरुलाई संयत गर्ने चेष्टा पनि गर्नु पर्दछ । परन्तु मनलाई समाहित नगरिकन यथार्थ विवेक बुध्दि जाग्रत हुँदैन । उपनिषद भन्दछन् -

"विज्ञान सारथिर्यस्तु मनः प्रग्रहवान् नरः ;
सोऽध्वनः पारमाप्नोति तद्विष्णो परमं पदम् ॥"

जुन पुरुष विवेक बुध्दिरुप सारथीले युक्त छ, अनि त्यस सारथीको हातमा मनोरुप प्रग्रह अर्थात अश्वपरिचालन-रज्जु छ- *"इन्द्रियाणि हयनाहुर्विष्यांस्तेषु गोचरान"* - चक्षु, श्रोत्र आदि यस शरीररुपी रथको अश्व हुन, अनि अश्वहरुको शव्द स्पर्श, रुप, रस गन्धरुपी विषय गोचरान् अर्थात विचरण स्थान

हुनं। अतयव जस्को विवेकले वश गरिएको बुध्दि रुपी सारथी मनरुपी लगामद्वारा यी सबै इन्द्रियहरुलाई संयममा राख्न सक्दछ - यस सन्साररुपी मार्गको अर्थात् पुनः पुनः आवागमन (जन्म यातायात) को पारी उही जान सक्दछ - यस सन्सार पथको पारी छ श्री विष्णुको परम पद।

यस श्री विष्णुको परमपदलाई कस्ले देख्न सक्दछ ? जो शुरबीर छ, जो कुनै पनि प्रकारले बस्दैन, जबसम्म तिनीहरु शान्त समाहित भएर परमानन्दरुप श्री भगवानलाई प्राप्त गर्दैन, तव सम्म उनीहरुको साधनको उत्साह कदापि कम हुँदैन। उपनिषद भन्दछन् -

"इन्द्रियेभ्यः परा ह्यर्था अर्थेभ्यश्च परं मन;
मनसस्तु परा बुध्दिर्वुध्देरात्मा महान् परः॥
महतः परमव्यक्तमव्याक्तात् पुरषः परः ;
पुरुषान्न परं किंचित सा काष्ठा सा परा गतिः॥"

चक्षु, कर्ण आदि इन्द्रियहरुबाट इन्द्रियहरुको विषय जुन भित्र अनुभूत हुन्छ, सूक्ष्मत्त्वको कारण ती इन्द्रियहरु भन्दा श्रेष्ठ छ, मन भन्दा निश्चयात्मिका वृत्तिवाला बुध्दि श्रेष्ठ छ, बुध्दि भन्दा महान आत्मा अर्थात् अन्तः करणको आदि कारण हिरण्यगर्भ श्रेष्ठ छ, हिरण्यगर्भ भन्दा अव्यक्त अर्थात मूला प्रकृति महामाया या भगवती या जीवको प्राण-शक्तिको केन्द्र श्रेष्ठ छ, त्यस भन्दा पुरुष अर्थात परमात्मा श्रेष्ठ छ, किनभने प्रकृतिको पनि पर अतीत छ। त्यस पर व्रहम भन्दा श्रेष्ठ अरु केही छैन, उही काष्ठा अर्थात् अन्तिम सीमा हो, त्यही श्रेष्ठ गति हो, अर्थात सन्सार-गतिको अवधि छ, जन्म-मृत्युरुप सन्सारको पारी त्यो छ॥ ४२॥

एवं वुध्देः परं बुध्द्वा संस्तभ्यात्मानमात्मना;
जहि शत्रुं महावाहो कामरुपं दुरासदम्॥ ४३॥

श्री धरीय टीका- [यस श्लोकमा आफ्नो वक्तव्यलाई उपसंहार गर्नु हुन्छ]- विषयेन्द्रियहरुको कारण बुध्दिमा कामादि विकार घटित हुन्छ। परन्तु आत्मा निर्विकार एवं बुध्दिको साक्षी हो, एस्तो विचार गरेर, अर्थात बुध्दिको अपेक्षा आत्मालाई श्रेष्ठ जानेर *'आत्मना'* अर्थात निश्चयात्मिका बुध्दि द्वारा *'आत्मानं'* मनलाई *'संस्तभ्य"* निश्चल गरी हे महावाहो! यस दुरासद् शत्रु कामलाई तिमी विनष्ट गरिदेउ।॥ ४३॥

आध्यात्मिक व्याख्या - "यस प्रकार क्रियाको परावस्थामा रहे त मन आफसे आफ स्थिर हुन जानेछ। मन स्थिर भएमा अतिदुर्दान्त कामलाई जय गर्न सक्ने छौं।"

- देह भन्दा इन्द्रियहरु श्रेष्ठछन, यो प्राय हामी सबैले बुझ्दछौं। किन्तु इन्द्रियहरु भन्दा विषय कुन प्रकारले श्रेष्ठ हुन्छ ? इन्द्रियहरु भन्दा विषयहरु श्रेष्ठ हुनुको कारण यो हो - विषयले नै मनलाई आकर्षित गर्दछ। यो विषय दुई किसिमको हुन्छ (१) जस्लाई हामी वाह्य इन्द्रियहरु द्वारा अनुभव गर्दछौं। (२) एक किसिमको विषय अरु पनि छ, तिनीहरु पनि शव्द-स्पर्श-रुपरस गन्धमय छ। परन्तु ती क्रिया विशेष द्वारा भित्र नै अनुभूत हुन्छ। ती बहिर्विषय नभए पनि विषय नै हो, यस्को अनुभव गर्नलाई मनको

आवश्यकता पर्दछ, यसै कारण मन यिनीहरु भन्दा श्रेष्ठ छ। परन्तु त्यो मन पनि विषय व्यापृत मन होइन, बरु त्यो मन बढी चांचल्य रहित छ। परन्तु एकदमै अचंचल होइन। यो मन जब साधनाद्वारा एकाग्र हुन्छ, तव एकमुखी या निरुध्द भावापन्न वन्दछ, अतयव श्रेष्ठ बुध्दिको रुपमा प्रकट हुन्छ। त्यस पश्चात् हिरण्य गर्भ अर्थात कूटस्थ एवं त्यसको भित्र विचित्र वर्णारुपादि युक्त ज्योतिर्मय मंडल छ। त्यस मण्डल भित्र कृष्णवर्ण गुहा छ, यस्को पर पनि लय विक्षेप-रहित अचंचल साम्यभाव, अमावश्याको रात्रीमा महाकाशको समान अनन्त रुप र वैचित्र्यको मूल कारणरुपा महाप्रकृति भगवती हो - त्यो भन्दा पर कार्य कारणको लय स्थान सवैको आदि तथा स्वयं अनादि-चिरस्थिर चिदानन्द मय अवस्था-समाधि बोध गम्य त्यो पुरुष छ। त्यो भन्दा पर अरु केही छैन। त्यही जीवको परम गति हो।

"एषोऽस्य परमो सम्पद् एषास्य परमा गतिः ;
एष सर्वेषु भूतेषु गूढात्मा नं प्रकाशते ॥;
दृस्यते त्वग्रया वुध्द्या सूक्ष्मया सूष्मदर्शिभिः ॥"

समस्त भूतहरुमा जुन गूढभावले अवस्थित छ, त्यो आत्मा सवैको अगाडि प्रकाशित हुँदैन। परन्तु जस्ले साधनाद्वारा सूक्ष्म या अन्तरदृष्टि प्राप्त गर्दछ, उस्लाई नै ध्यान-निश्चल एकाग्रता (बुध्दिको) द्वारा त्यो *"आत्म-स्वरुप" "दृश्यते"* देखिन जान्छ। अर्थात सर्वत्र प्रकाशित हुँदामा पनि निगूढ आत्माको धारणा वहिर्विचरणशील इन्द्रियहरुले केही पनि गर्न सक्दैन। जस्ले क्रिया द्वारा निश्चल अवस्था प्राप्त गरेकोछ, तिनीहरु नै उस्को स्वरुपसंग अवगत हुन सक्दछन। यो अवस्था प्राप्त नभैकन अर्थात जीवन्त नै मृतवत् जस्तो नभैकन कामादि रिपुरुलाई वशीभूत गर्न, एकदमै असंभव हुन्छ।

"यदा न निन्देन्न द्वेष्टि व्रहम सम्यद्यते तदा"

जव क्रियाको परावस्था आउँछ तब सवै व्रहम हुन जान्छ, तव सवै उपद्रव शान्त हुन जान्छ, कुनै तृष्णा रहँदैन, अतयव अक्षय सुख हुन्छ। प्रणव स्वरुप यो शरीर छ र आत्मा जुन नरहँदा यो शरीर रहँदैन, त्यही सर्वव्यापी व्रहम हो, तथा आत्मा छउंन्जेल यो शरीर नै प्रकृति शक्ति हो। यो शरीर प्रणव स्वरुप छ; एस्को केही अंश प्रकृति छ र केही अंश पुरुष-राधाकृष्णको युगल भावको समान - *"प्राणानवती यस्तस्मात् प्रणवः परिकीर्तितः"*- प्राणहरुलाई यसै शरीरको क्रिया द्वारा स्थिर गर्दछ, यसैले एसलाई प्रणव भन्दछन।"हंस" नै हो महाप्राण या महाशून्य, यही सवितृमण्डलमध्यवर्ती नारायण हो, यही हंस (स्थिरवायु) चंचलावस्थालाई प्राप्त हुँदा त एस्को एक नाम मन भयो। मनले स्थिर वायुमा प्रवेश गरेर सन्धिस्थानमा पवन नाम धारण गऱ्यो; पवनले शून्यको आश्रय लिई शव्द नाम धारण गऱ्यो। शव्द नै हो ओमकार ॐ ध्वनि। यसै ध्वन्यात्मक ॐकार ध्वनि स्थिरत्व पद नै निर्वाण भनिन्छ। त्यसमा प्रवेश गरेर हंसले प्राण नाम धारण गऱ्यो, प्राणले व्रहममा प्रवेश गरी व्रहम नाम धारण गऱ्यो।

यस प्रकारको स्थिति नभएमा व्रहम निर्वाणको प्राप्ति हुँदैन। काम निर्वापित हुँदैन। अतयव कामलाई जय गर्नको लागि प्राणलाई महाशून्यमा प्रवेश गर्नु पर्नेछ। प्राणलाई शून्यपथमा संचारित गर्दै गर्दै ओमकार

ध्वनि सुन्नमा आउनेछ, त्यस ॐकार ध्वनिको लयको साथै प्राण पनि परव्रहममा लय हुन जानेछ । तब फेरि कामले टाउको उठाउने छैन-सक्दैन । यसैकारण भगवान्‌ले त्यस परागति परमात्माको विषयमा उल्लेख गर्दै भन्नु हुन्छ - त्यस लाई जान्नु नै पर्दछ । हामी उस्लाई कसरी जान्न सक्दछौ ? साधना लव्ध स्थिर बुध्दि द्वारा अर्थात मनलाई स्थिर गरेर । यसले पुनः जगदर्शन हुने छैन, सर्वत्र व्रहम दर्शन हुन थाल्नेछ । श्री भगवान्‌मा जसको भक्ति छ, श्री भगवान्‌लाई नपाउँदा खेरि उस्को चित्त विषादपूर्ण हुन्छ । यस विषाद सिन्धुमा डुब्दै डुब्दै भगवत् प्राप्तिको लागि प्राणमा व्याकुलता आउँदछ । त्यो व्याकुलता साधना विना दूर हुँदैन । व्याकुलता दूर हुँदामा नै भगवत् निर्भरता आउँदछ । तब समस्त कर्महरुलाई श्री भगवान्‌कै निमित्त गरी भक्त निरहंकार हुन जान्छ । त्यो निरहंकार चित्त नै भगवानको अधिष्ठान या आसन हो । भगवान् आनन्दस्वरुप छ, त्यो रसराजनिखिल रसको केन्द्र हो । त्यसमा अमानी चित्तले चित्तलाई राख्दै राख्दै चित्त परमानन्दमा निमग्न भएर सबै सबै विर्सी दिन्छ, आफुलाई पनि विर्सी दिन्छ । यही व्राहमी स्थिति हो । यस व्राहमी स्थितिको प्राप्तिको बाटोमा काम या बहिर्बिचरणशीलमन नै अन्तराय अथवा बाधक हो । यो मन क्रिया गर्दे गर्दे क्रियाको परावस्था प्राप्त गरी स्थिर हुन जान्छ । तब उस्को कुनै कार्य रहन जाँदैन अर्थात मनको एताउती जानु बन्द हुन जान्छ । यदि उस्ले केही गर्दछ भने पनि आफ्नो लागि गर्देन । तब उस्को सबै कर्म व्रहमार्पण भएर व्रहमकर्म हुन जान्छ । यही नै हो यथार्थतः नैष्कर्म्य या ज्ञान ।

"सुखेन व्रहम संस्पर्शमत्यन्तं सुख मश्नुते" -

- यस प्रकार मन बशीभूत भएमा योगीको पापपुण्य केही शेष रहँदैन, तब अनायासै भगवत्पर्श प्राप्त हुन्छ । निखिल रसको केन्द्र जो भगवान् छ, उनलाई स्मरण द्वारा निरन्तर स्पर्श गर्न सक्दछ । जुन साधकले उस्लाई स्पर्श गर्न सक्दछ, उसले नै कामजय गर्न सक्दछ । किन भने जगत्‌को कुनै पनि वस्तुमा उस्को ममता हुने संभावना रहँदैन । मनको स्थिरता नै काम जयको उपाय हो, किन भने मनको चंचलता नै काम भाव हो । मनको चंचलता नष्ट भए पछि नै मनको मनत्व हराउँछ, संकल्पभाव दूर हुन जान्छ । संकल्प शून्य मन नै असीम व्रहम-स्वरुप हुन जान्छ, तथा अनात्मभाव केही रहँदैन, सबै आत्म-स्वरुप हुन जान्छ । यो आत्म स्वरुपमा स्थिति नै भगवत् चरण स्पर्श भनिन्छ, यो केवल ज्ञान मात्र होइन- प्रेमको पराकाष्ठा हो । भगवान्‌को भक्ति गर्दै गर्दै या प्रेम गर्दै गर्दै, जब उस्लाई आफु देखि पृथक गर्न सकिन्न तबै भक्तिको पराकाष्ठा हुन्छ । यही गुणातीत अवस्था या 'क्रियाको परावस्था' हो ॥ ४३ ॥

"स्वधर्मेण यमाराध्य भक्त्या मुक्तिमिता बुधाः ;
तं कृष्णं परमानन्दं तोषयेत् सर्वकर्मभि ॥"

(वुध्दिमान मनुष्यहरु भक्तिपूर्वक स्वधर्माचरण द्वारा जस्को आराधना, अभिध्यान गर्दै मुक्ति प्राप्त गर्दछ, त्यस परमानन्द रुप श्री कृष्णलाई सर्व कर्महरु द्वारा तुष्ट गर्नु नैं कर्तव्य हो ।

इति श्यामाचरण-आध्यात्मिक-दीपिका नामक गीताको तेस्रो अध्यायको व्याख्या समाप्त भयो ।

ॐ तत्सत् ! ॐ तत्सत् !! ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता

चतुर्थोऽध्याय

(ज्ञानयोग)

श्री भगवानु वाच-

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम;
विवस्वान् मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत ॥ १ ॥

श्री धरीय टीका- [आफ्नो आविर्भाव एवं तिरोभाव प्रकट गर्नको लागि स्वयं हरि *"तत्वमसि"* महावाक्यको 'तत्' एवं 'त्वम्' यी दुई पदहरुको सम्यक् ज्ञानको निमित्त कर्मयोगको प्रशंसा गर्नु हुन्छ]- पहिलो दुई अध्यायमा ज्ञानयोगको उपाय स्वरुप कर्मयोगलाई मोक्षको साधनको रुपमा वर्णन गर्नु भएको छ। त्यसैलाई ब्रहमार्पणादि गुणहरुको विधान द्वारा 'तत्' एवं 'त्वं' पदवाच्य पदार्थलाई विवेक द्वारा स्पष्टीकरणको लागि पहिले परम्परा प्राप्त कर्मयोगको प्रशंसा गर्नु हुँदै-श्री भगवान बोल्नु भयो। मैले अक्षय फलदायक यस योगलाई पहिले सूर्यलाई भनेको थिंए। सूर्यले आफ्नो पुत्र श्राध्द देव मनुलाई, अनि मनुले आफ्नो पुत्र इक्ष्वाकुलाई भन्यो ॥ १ ॥

आध्यात्मिक व्याख्या- "कूटस्थ द्वारा अनुभव हुन्छ-यस योग शास्त्रको मैले सूर्यलाई उपदेश गरें, सूर्यले मनुलाई उपदेश गऱ्यो, मनुले इक्ष्वाकुराजालाई उपदेश दियो"-*"नास्ति योगसमं बलम"*- योगको समान कुनै बल छैन। यस योगबल देखि विहीन भएर नै आज हामी सन्सारको आँखाहरुमा हेय बनेका छौं। जब ऋषिहरुले योगबल द्वारा असाध्यलाई साध्य गरिदिन्थ्यो त त्यस समय कोही कसैले पनि उनीहरुको कुरालाई उलंघन गर्न सक्दैनथे। आज त्यो तपस्या छैन, ब्रहमचर्य छैन, साधन बल पनि छैन - अनि हाम्रो कुरा कस्ले सुन्ला ? 'शास्त्र भन्दछन्' -भन्दैमा मात्र त्यसलाई कस्ले मान्ला ? श्री भगवान्ले गीतामा नै उपदेश दिनु भएकोछ - *"योगस्थ कुरुकर्माणि"* - योगस्थ भएर नै कर्म गर्नु पर्नेछ। योगवलले बलवान नभै यदि कसैले कर्मको उपदेश गर्छ भने त उस्को कुरा सुन्नको लागि मनमा त्यत्तिको आग्रह हुने छैन। आचार्य शंकरले भन्नु भएको छ - "जगत-परिपालयितृणां क्षत्रियाणां बलाधानाय अहं योग प्रोक्तवान, तेन योगबलेन युक्तास्ते समर्था भवन्ति ब्रहमपरिरक्षितुम ब्रहमक्षात्रपरिपालिते जगत् परिपालयितुमलम्" - जगतको परिपालन गर्नेवाला क्षत्रियहरुलाई बलाधानको निमित्त श्री भगवान्ले उनीहरुलाई यो योग भन्नु भएको थियो। यस योगबलले युक्त, भएर क्षत्रियहरु ब्राहमण जातिको परिरक्षा गर्नमा समर्थ हुनेछ। ब्राहमण र क्षत्रियहरुको परस्पर परिरक्षित भएमा तिनीहरु सन्सार परिपालन गर्नमा समर्थ हुनेछ। अतयव जगत्को आदि राजाहरुलाई योगबलले बलवान गरी ब्रहमादि देवताहरुले सारा क्षत्रिय राजाहरु माथि जगतको परिपालन गर्ने भार अर्पण गरेका थिए। कालवश यो शिक्षा विलुप्त प्राय हुन गएकोछ। श्री भगवान् स्वयं भन्नु भैरहेकोछ - कालवश यस योग शिक्षाको लोप हुन गयो। यस्तो बुझिन जान्छ - यही भगवदिच्छा थियो। जसलाई भगवान्ले योगको शिक्षा दिनु भएको

थियो, त्यो सूर्यको थियो ? ती आदि राजा थिए । उसैको नामवाट सूर्यवंश विख्यात छ । उसको साथ हाम्रो यो आकाश मण्डलको आदित्यको सम्बन्ध छ या छैन, यो विचारणीय विषय हो । अवश्य सूर्यको अधिष्ठाता एक चेतन पुरुष निश्चय नै छ । उही चेतन पुरुष नै आदि देव हुन । यस्तो जान्नमा आउँछ, उसैबाट आदि मानवको उत्पत्ति भयो । हाम्रो पुराणहरुको मतमा यो सूर्य व्रहमाको प्रपौत्र (पनाति) हो । - सूर्यको पुत्र मनु र मनुको पुत्र इक्ष्वाकु भयो । यही इक्ष्वाकु सूर्यवंशको आदि राजा थिए । इक्ष्वाकुको कुलमा दिलिप, रघु एवं भगवान् रामचन्द्रले जन्म ग्रहण गरेको थियो । यो कुल योग एवं तपस्यामा खूव महान नभएको भए त के भगवान् यसमा अवतीर्ण हुन्थ्यो ? हामी शास्त्रमा देख्दछौं, - शिव र व्रहमा नै योगको आदि वक्ता हुन । योगको उद्देश्य हो - भगवान् एवं जगत्को स्वरुपको ज्ञान प्राप्त गर्नु । वासुदेव नै सवका सव हुन । यो जगत् व्रहममय छ -जवसम्म यो ज्ञान प्राप्त हुँदैन, तबसम्म जीव सन्सार-चक्रमा बाँधिई रहन्छन् । अतयव सारा शास्त्रले यस सिध्दान्तको नै समर्थन गर्दछन - यो दृश्यमान विश्व तथा भगवान्वाट पृथक रुपमा प्रतीयमान जीव सबै भगवानकै अंश हुन । *"इदन्तु विश्वं भगवानिवेतरो" - (भागवत)* । यस ज्ञानलाई प्राप्त गरेपछि नै जीवलाई मोक्षलाभ हुन्छ र उ शोक रहित भै परमानन्दमा डुवी जान्छ । गीतामा भगवान्ले जुन साधनको कुरा भन्नु भएकोछ, त्यो त्यस परमानन्दरुप आत्माको स्वरुप-साक्षात्कार कै निम्ति भन्नु भएको हो । अन्यथा जीवको दु:खहरुको एकान्तिक अवसान हुन्छ कसरी ? कर्मवश जगत्मा असंख्य जीवहरुको समागम हुन्छ । मनुष्य शरीर जीवको साधनाको श्रेष्ठ आधार हो । मनुष्य शरीर पाएर नै जीव ऐकान्तिक धर्मको पालनमा सचेष्ट हुन्छ, तथा स्वधर्म-पालन द्वारा सवको आदि श्री गोविन्दलाई पाएर कृतार्थ हुन्छ । जसवाट जगत्को विध्वंश गर्नेवाला कामादि शक्तिहरुले टाउको उठाउन नसकोस, त्यसैको उपदेशले हाम्रो वेदादि शास्त्र भरिपूर्ण छ । धर्मपालन कै द्वारा जगत् र जीवको कल्याण हुन्छ । धर्मको रक्षाको लागि नै जगत्मा राजाको आवश्यकता छ । धर्म शक्ति-युक्त राजशक्ति नै वस्तुत: जगत्-पालनको मूल केन्द्र हो । "नराणांच नराधिपम" - मनुष्यलाई धर्ममा व्यवस्थित राख्नको लागि मनुष्यहरुको शासनकर्त्ता पनि भगवद विभूतिमा गण्य हुन्छ । यसै कारण श्री भगवान्ले आदि राजालाई यस परम गुह्य योगधर्मको उपदेश दिइएको थियो ।

अहिले सम्म जे जति भनियो -त्यो बाहिरी आलोचना मात्र हो। यो पनि ज्ञातव्य छ। एस्को एक आभ्यन्तरिक आलोच्य विषय पनि छ, त्यसको पनि याँहा उल्लेख गरिन्छ । यस 'सूर्य' आदिराजा भए पनि हाम्रो अभ्यन्तर भित्र एक पुरुष छ, जसलाई पुरुषोत्तम भन्दछन् । त्यही जगतको मूल शक्तिको उत्स हो, त्यो नरहेमा हाम्रो यो स्थूल पिण्ड देह र मनको मनन-शक्ति आदि सबै वस्तु गतिहीन एवं अव्यवहार्य हुन जान्छ । त्यसैवाट नै 'सविता' को उत्पत्ति हुन्छ । सविता नै जगत्को प्राण उर्जा हो । यसलाई सृष्टिको प्रथम विकास या महत्तत्व भन्दछन् । यहाँ गुणहरुको विशेष जटिलता छैन । गुणहरुको स्वच्छांश हुनुको कारण यो अत्यन्त प्रकाशमय छ, यसैले त्यसलाई *"स्वच्छं भगवत:" पदम्"* भन्दछन् । यस देदीप्यमान देवता सविताको वरणीय भर्ग नै भजनीय पुरुष हो । पुरुषोत्तमलाई प्रथम पुरुष भने त यस्लाई नै द्वितीय पुरुष भन्न सक्छौं । जीवले यसैको उपासना गर्दछ ।

"आदित्यान्तरगतं यच्च ज्योतिषां ज्योतिरुत्तमम्;
हृदय सर्वभूतानाम् जीवभूतः स तिष्ठति ॥
हृदयाकाशे च यो जीवः साधकैरुप वर्ण्यते;
हृदय सर्व भूतानाम् जीवभूत स तिष्ठती ॥"

उही *"प्राणो हयेषः वा सर्वभूतै र्विभाति"* - सवै भूतहरुमा जो प्रकाशित भैरहेकोछ, त्यही प्राण हो । *"या प्राणेन सम्भवति अदितिर्देवतामयी"- (कठ.उप.)* सर्वदेवतारुप जुन अदिति अर्थात चित् शक्ति छ त्यो प्राण शक्तिको साथ उत्पन्न हुन्छ । व्रहमा देखि लिएर तृण पर्यन्त समस्त भूतहरुमा अवस्थित भएर जुन वासुदेव विद्यमान छ, यही प्राण उसको मुख्य शक्ति हो । यही वासुदेव नै श्री कृष्ण हुन, उसैलाई *"आदिदेव"* या पुरुषोत्तम भनिन्छ । भागवत्मा भीष्म भन्दछन् - *"एष वै भगवान् साक्षादाद्यो नारायणः पुमान"* - यही साक्षात आदि पुरुष भगवान वासुदेव हुन । हाम्रो हृदयाकाशमा *"सूर्यकोटी प्रतिकांश"* जुन ज्योतिर्मय मण्डल छ, जस्को अनुभव साधकहरु योग क्रिया द्वारा गर्दछन्, उही हाम्रो गीताको वक्ता भगवान् श्री कृष्ण हो । उही आदिदेव गोलोकपति पुरुषोत्तम हुन - *"स उ प्राणस्य प्राणः"* त्यही प्राणको प्राण हो । सवितृ यस सम्वन्धमा तथा पुरुषोत्तम नारायणको साधना सम्वन्धमा भागवतमा जुन उल्लेख छ त्यसलाई यहाँ दिइएको छ : -

"ॐनमो भगवते तुभ्यं वासुदेवाय धीमहि;
प्रद्दयुम्नाय निरुध्दाय नमः सकर्षणाय च ॥
इति मृर्त्यभिधानेन मन्त्रमूर्त्तिम् मूर्त्तिकम;
यजते यज्ञ पुरुषं स सम्यग्-दर्शनः पुमान ।" - (भाग॰ १ म. स्क.)

दीनवत्सल योगीजन स्थानान्तर प्रस्थान गर्ने समयमा नारदजीलाई यस मन्त्रले दीक्षित गरी जानु भएको थियो । यही गुह्यतम ज्ञानको प्राप्तिको उपाय हो । त्यही पुरुष सम्यग दर्शन अर्थात कृतार्थ हुन्छन-जो यस मन्त्रको ध्यान गर्दछन् । यजनीय पुरुष जो यज्ञेस्वरको रुपमा समस्त कर्म फलहरुको विधाता हुन, जो मन्त्रोक्त मूर्त्तिको अतिरिक्त अन्य मूर्त्ति रहित हुन (यस मन्त्रद्वारा नै सुस्पष्टरुपसँग ब्रहमरुप स्वरुपको अनुभूति हुन्छ) -उस्को आराधना गरेर श्री भगवानको आश्रय लिनु कर्तव्य हो । 'नमः' -एवं 'धीमहि' यी दुई शव्दहरुबाट उस्को चरणकमलहरुमा आश्रय लिने कुरा सूचित हुन्छ । त्यो एक अखण्ड सर्वव्यापी वासुदेव हुँदैमा पनि सत्वप्रधान रुपमा अनिरुध्द, रज प्रधानरुपमा प्रद्युम्न एवं तमः प्रधान संकर्षणरुपमा सृष्टि, स्थिति एवं संहारको कार्य परिचालित गर्दछन् ।

वासुदेवको यी तीनै प्रकाशहरु लिएर नै श्रीकृष्णको चतुर्व्युह वन्दछन् । उसको रुप कस्तो छ ? उनी 'अमूर्त्तिक' हुन, उस्को कुनै मूर्त्ति छैन । तब उस्लाई कसरी देख्न या जान्न सकिन्छ ? यसैले भन्दछन् - अमूर्त्त भएमा पनि उसको 'मन्त्रमूर्त्ति' छ । मन्त्रलाई चैतन्य गरेमा त्यसको भित्र उस्लाई अनुभव गर्न सकिन्छ । यस अनुभव पद र यस सम्वन्धमा केही भन्नुछ ।

"निश्वास श्वास रुपेण मन्त्रोऽयं वर्तते प्रिय"-

निश्वास र श्वास रुपमा यो मन्त्र सवैको भित्र रहन्छ । सारा शरीरमा स्थिर प्राणवायुलाई लैजान सके त भूत शुध्दि हुन जान्छ । भूत शुध्दि भएपछि मन्त्र चैतन्य हुन्छ । इच्छामात्रले कूटस्थ त्यो विन्दुरुपमा प्रकृतिको भित्र प्रवेश गर्दछ । यही गर्भादान क्रिया हो । अनि त्यही विन्दु प्राणवायुको स्वरुपमा महादेव बनेर आविर्भाव हुन्छ । यस शरीरमा ॐकार ध्वनिरुप नाद सदा नादित भैरहन्छ । त्यही नादको माथि छ विन्दु । भ्रूमध्यमा दृष्टि स्थिर गरेमा यही आँखाले नै त्यस विन्दुलाई देख्न सकिन्छ । विन्दु स्थिर भएमा नै साधक व्रहमस्वरुप हुन जान्छ । साधक जब आत्माराम भएर शिवस्वरुप हुन जान्छ, तव उस्को स्थान वाराणसी हुन्छ । *"वाराणसी भ्रुवोर्मध्ये ज्वलंतं लोचनत्रये"*-अर्थात् भ्रुमध्यमा कूटस्थ ज्योति दीप्तिमन्त अग्नि समान प्रज्वलित भैरहेछ ।

तेजोविन्दुः परध्यानं विश्वातीतं हृदिस्थिम;
आणवं शाम्भवं शाक्तं स्थ्लं सूक्ष्मं परं च यत् ॥ (तेजोविन्दु)

जीव जुन शिवस्वरुपले कण्ठमा रहन्छ-त्यो सर्वव्यापी, शून्यस्वरुप छ । त्यस शून्य भन्दा पनि पर क्रियाको परावस्था या परमस्थिति छ, जुन हृदयमा कूटस्थरुपमा विराजमान छ । त्यो आणवं अर्थात अणुरुपमा, - शाम्भवं-कूटस्थरुपमा तथा शाक्तं-स्थूलरुपले जगन्मय भएर व्याप्त भैरहेको छ । अनि यी सवैको पर सूक्ष्मातिसूक्ष्मरुपमा पनि विराजमान छ यही हो परमात्माको स्वरुप ।

जसले सवै कर्महरुको फलको विधिविधान गर्दछ, उही हुन यज्ञेस्वर त्यस यज्ञपुरुषको जब जीवले यजन या आराधना गर्दछ, तब त्यसलाई सम्यग दर्शन भन्दछन् । अर्थात तब उस्को दृष्टि यत्र तत्र सर्वत्रगामी हुन्छ । यस अवस्थामा उस्ले सर्वत्र व्रहमदर्शन गर्न सक्ने शक्ति प्राप्त गर्दछन । श्री भगवान्‌को चार व्यूह छन । यी व्यूहहरु भेदन नगरिकन उस्लाई प्राप्त गर्न सकिदैन । ती चार व्यूह हुन यी ((१) वासुदेव, (२) संकर्षण, (३) अनिरुध्द एवं (४) प्रद्युम्न ।

(१) वासुदेव सर्व व्यापी निखिल जीवहरुको जीवनस्वरुप या सत्ता रुप हो । यही गुणहरुको आधार, अव्यक्त प्राण, माहेश्वरी हुन ।

"यदिदं किंच जगत्सर्वं प्राण एजति निःसृतम्;
महद् भयं वज्रमुद्यतं य एतव्दिदूरमृतास्ते भवन्ति ॥"

इदं यत किंच-यो दृश्यमान जे जति छ, सर्व जगत्-समस्त-जागतिक पदार्थ, प्राणो-व्रहमसत्तारुप प्राणाशक्तिमा, एजति स्पन्दित भैरहेकोछ । निः सृतम्-यसरी उसबाट नै यो जगत् व्रहमाण्ड विकसित भैरहेकोछ । ये एतत-जुन यस प्राणाशक्तिको रुपमा प्रकाशित व्रहमलाई, महद् भयं-महान एवं भयंकररुपमा, विदु (जान्दछ, तो(ती, अमृताः भवन्ति-जन्म मृत्यु देखि अतीत, अर्थात् मुक्त हुन जान्छ । यसबाटै तमोमय

(२) संहर्ता-विन्दुरुप-संकर्षन या महाशक्ति महाकाली प्रादुर्भूत भएकोछ । सवै वस्तु खुम्चिएर संकुचित भएर एक अणुमात्रमा परिणत हुनु नै जगत्को ध्वंसमात्र हो । यसैकारण यसलाई काल भन्दछन्, अनि सृष्टिको प्रारम्भमा यस विन्दुबाटै जगत्को प्रकटीकरण हुन्छ । तब उनी जगन्माता हुन जान्छिन् । (३) अनिरुध्द-जो निरुध्द छैन, अर्थात् जसको स्फुरण या विष्णु अथवा स्थिर प्राण हो । यसलाई नै आश्रय गरेर स्थूल या चंचल प्राण रहन सक्दछ । (४) प्रद्युम्न-यो काम संकल्प, रजोगुण या व्रहमा हो, जसले जगत्को सृष्टि गर्दछन् । कामना नगरिकन सृष्टि हुन सक्तैन । मण्डलको जुन सुवर्ण-लांछित किरण पुंज छ, त्यो यस गोलोकपतिको महिमा हो । गोलोकपति श्रीकृष्ण स्वयं साक्षात् ज्ञानस्वरुप निर्विकार कूटस्थ स्वरुप छ । त्यो स्वयं निर्विकार छ, तथापि स्वयं साक्षात उनको नित्य प्रकाशित शक्तिच्छटा जसले विश्वलाई उद्भासित गर्दछ त्यही प्राण सूर्य हो । सृष्टि प्रकरणमा यही प्रथम प्रकाश या प्रथमोत्पन्न हुनुको कारण आदित्य भनिन्छ । आदित्यबाटै विराट विश्वभुवनको उत्पत्ति हुन्छ, यसैले यस्लाई 'सविता' पनि भन्दछन् । पुरुषोत्तमबाट सर्व प्रथम सूर्यमण्डलमा ज्ञानको संचार हुन्छ, यसैकारण गीतामा भनिएकोछ - भगवान्ले सर्वप्रथम सूर्यलाई ज्ञान प्रदान गर्नु भयो । त्यसपछि मात्र यो ज्ञानधारा मनः क्षेत्रमा उत्रन्छ । त्यसबाट मन चैतन्य-युक्त भएर अनन्त चिन्ताहरुमा नियुक्त हुन्छ । यस मनलाई नै श्री भगवानले 'मनु' भन्नु भएकोछ । मन प्राणबाटै उत्पन्न हुन्छ । *"मनो नाथः मारुतः"*-मन प्राणको अधीन छ, अर्थात मनको राजा प्राण हो । मनैले समस्त कर्महरु गर्दछन् अर्थात मन नै सबै कर्महरुको कर्ता हो ।

"मन करोति पापानि मनो लिप्यते पातकैः ;
मनश्च तन्मनो भूत्वा न पुण्यैर्न च पातकै ॥" ज्ञान संकलिनी

मनको संकल्पले नै यी तीनै लोक उत्पन्न भएको छ । *"तत्सृष्टा तदेवानुप्राविशत्"* यही मन जब एकाग्र भएर स्थिर हुन्छ तबै त्यसलाई कूटस्थ या व्रहम भन्दछन् । मन एकाग्र भएमा नै षडैश्वर्य-युक्त सर्वशक्ति सम्पन्न हुन सक्छ । तबै उस्को जन्म, मृत्यु, सुख, दुःख, क्षुधा, तृषा आदि षडविकारहरु लोप हुन्छ । यस्तो पुरुषको पासमा महर्षिगण, व्रहमा, गणेश, सरस्वती, जगध्दात्री-मूलाधारमा; राधा-कृष्ण-लिंगमूल स्वाधिष्ठानमा; रुद्र नाभिमूल मणिपुरमा; ईश्वर-हृदयमूल अनाहतमा; सदाशिव-कण्ठमूल विशुध्दाख्यमा, तथा अन्यान्य अनेक देवता स्वयं नै आउँदछन् । तब तिनीहरु उसलाई मन लगाएर हेर्दछन् र मन मनै आफ्ना अभिप्राय पनि अभिव्यक्त गर्दछन् । यस अवस्थालाई प्राप्त साधकको मन नै 'मनु' हो । यस प्रकार "मनु" मनुष्यहरु द्वारा नै बारम्बार धर्म-स्थापना हुन्छ । मनले चेष्टा नगरिकन यथार्थ धर्म या स्थिरता (स्थिरता नै ब्रहमसूत्र हो । जसद्वारा व्रहमको प्राप्ति हुन्छ, व्रहमसूत्र मेरुदण्डमा छ जसको अन्तरगत अखिल व्रहमाण्ड छ) कहाँबाट आउला ? यस कारण मनु नै जगत्को धर्म-संस्थापक हुन । मन जबसम्म वाह्यदृष्टियुक्त भएर विषयको उपभोग गर्दछ, तबसम्म सन्सार प्रवाह चलिरहन्छ । अनि जब साधनशील भएर भित्र प्रवेश गर्दछ, तब उस्को अन्तरदृष्टि खुल्न जान्छ । मनको यस अवस्थालाई नै *"इक्ष्वाकु"* भन्दछन् । इक्ष्वाकु मनबाटै उत्पन्न भएको हो-यही हो मनको प्रज्ञाचक्षु या मानस नेत्र । एस्ता प्रज्ञाचक्षु साधकहरुबाटै मोहान्ध जीव अन्तरमुखी हुने मार्गलाई देख्दछन । अतयव प्राचीन काल देखि प्रचलित यो योग नै "परम्पराप्राप्त"

भएर जगत्मा प्रचलित हुन्छ । अगाडिको श्लोकमा पुनः यस कुरालाई भन्नेछु ॥ १ ॥

सर्वशुध्दातीत परमात्मा या निर्गुण व्रहम (Unchangeable Reality)

(अवाच्य, विदेह, निःशव्द, अगोचर, अवरुध्दरुप, निरंजन, सोऽहम् व्रहम, परशिव, अनुभव विन्दु, व्रहमरन्ध्र)

विन्दु कण्ठ

[अगोचर शून्य- -नाद-विन्दु समन्वित]
मायाधीश, महेश्वर या ईश्वरी, कैवल्यावस्था, कैवल्इज्ञान देह-परापरावाक, सूक्ष्मवेद, अमात्र, उन्मनी, अघोर, दीपकम्,
(अव्यक्त, चैतन्य प्रकृति, महामाया, मुख्य प्राण ईश]
(परावाक्, तूर्यावस्था, महाकारणदेह, अर्धमात्रा, परावाक्, तुर्यावस्था, मसूरमात्र,, अगोचरी)
बुध्दि-महत्तत्व-हिरण्यगर्भ
समष्टि कारण शरीर
मध्यशून्य-नाभि
(मूलप्रकृति विकृति भै सत्त्वगुण प्रवुध्द, तत्पुरुष, पूर्वार्ध्द, सुषुप्तावस्था, कारण शरीर, खेचरी, पश्यन्तिवाक, कुण्डलि, प्लुतमात्रा)

लिंगमूल-उर्ध्वशून्य, अहंकार-मन-बुध्दि-तैजस समष्टि-सूक्ष्म शरिर-सप्तदश अवयव=पंच ज्ञानेन्द्रिय पंच कर्मेन्द्रिय पंचप्राण मन बुद्धि

(स्वप्न, लिंगदेह, मध्यवाक, दीर्घमात्रा वामदेव, अंगुष्ठ मात्र, चांचरी)

गुह्यद्वार-स्थूल शरीर (हाथ)-अधः शून्य
(वाक वैखरी, ह्रश्वमात्रा, भूचरी, सद्योजात, जाग्रत)

एवं परम्परा प्राप्तमिमं राजर्षयो विदुः ;
स कालेनेह महता योगो नष्टः परन्तप ॥ २ ॥

श्री धरीय टीका- निमि आदि राजर्षिगणले पितृ परम्परा द्वारा प्राप्त एस योगलाई जानेका थिए । हे शत्रुहरुलाई संतप्त गर्नेवाला ! यस लोकमा यो योग कालवश विच्छिन्न हुन गएकोछ । ॥ २ ॥

आध्यात्मिक व्याख्या- "यसरी परम्परा प्राप्ति द्वारा राजर्षिहरुले पाए, यसरी यो परमयोग कालगत् नष्ट हुन गएकोछ ।"

-यो योग एक मनुष्यद्वारा अर्कोलाई मिल्दछ । यसरी नै गुरुद्वारा शिष्यले साधना प्राप्त गर्दछ, अनि जगत्मा परम्परा क्रमसँग योग(साधनाको प्रचार हुन्छ । कालवश उपयुक्त अधिकारीको अभावले त्यसको प्रचारमा

कमी हुन जान्छ । तव यस्तो प्रतीत हुन्छ मानो यस सन्सारबाट योग-साधना हराई सकेकोछ । अव भन्दछु -के हो "योग" भनेको ? हामी भगवानबाट पृथक् देहाभिमानी जीव हौं, यो ज्ञान दृढवध्द हुन गयो भने समस्त कर्महरुमा आफ्नो कर्तृत्व-भाव देखिन जान्छ, भगवान् देखिदैन । अतयव जीवलाई त्रिताप या दुश्चिन्ताले कहिल्यै छोडदैन । योग युक्त पुरुष *"नैव किंचित् करोमि"* मैले केही पनि गर्दिन-एस्तो सोच्दछ । केवल सोच्ने मात्र होइन, तिनीहरु प्रत्यक्ष श्री भगवानलाई देख्दछन । अतयव उनीहरुलाई आफ्नो कर्तृत्त्वको अभिमान हुनै सक्तैन । त किन हामीहरु सवैले त्यस ईश्वरलाई देख्न सक्दैनौ ? हामी देहेन्द्रियादि सँग एसरी हिलमिल भएका छौं, जसले गर्दा आफ्नो पृथक सत्ताको हामीहरुलाई वोध पनि हुँदैन । देहेन्द्रियहरुको समस्त कर्महरुलाई आफ्नै कर्म मानेर हामी अभिमान गर्दछौं । अनि अनन्त दुःखको भारीलाई वोक्दै वोक्दै यस जीवनलाई निरानन्दमय एवं अकृतार्थ बनाई दिन्छौं । यसैले निष्काम कर्म गर्नु पर्ने आवश्यकता छ । परन्तु निष्काम कर्म मौखिक विचार या मनमनै चिन्तनबाट हुँदैन । हाम्रो अभिमान-सूत्र हजारौं नाडीहरु द्वारा प्रवाहित भएर हाम्रो प्रकृत शुध्द ज्ञान-धारालाई विपर्यस्त गरिदिन्छ । त्यो कदापि दूर हुन चाहँदैन । जुन नाडीहरु द्वारा प्रसारित भएर हाम्रो दिव्य ज्ञान अवरुध्द भएकोछ, ती नाडीहरुलाई शोधन गर्नु पर्नेछ । नाडी(शोधन गर्नु नै भूतशुध्दि हो, यस भूतशुध्दि विना पूजा हुन सक्तैन । भूतशुध्दिको निम्ति नै प्राणायाम एवं ॐकार-क्रियाको आवश्यकता हुन्छ । यसैलाई भन्दछन् योग कुशलता । यस कौशल-कलामा जो कुशली छैन, उसलाई यथार्थ ज्ञान प्राप्त हुन संभव छैन । जुन मानिसहरु पूर्व जन्महरु द्वारा उपार्जित संस्कारहरुवश ज्ञानी भएकोछ, उनीहरुको भूतशुध्दि भै नै सक्यो उनीहरुको कुरा निराला छन । अन्य मानिसहरुको लागि योगाभ्यास नगरिकन मुक्तिको चाहना गर्नु केटाकेटीको खेल मात्र हो । ॥ २ ॥

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ;
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥ ३ ॥

श्री धरीय टीका-सम्प्रदाय विच्छिन्न हुनाको कारण जुन योग नष्ट भएको थियो, त्यस पुरातन योगलाई पुनः मैले तिमीलाई भने । किनभने तिमी मेरो भक्त र सखा हौ । यो योग मैले अन्य कुनै कसैलाई भनेको छैन । किनभने मुक्तिको साधन हुनाको कारण यो अति उत्तम एवं रहस्यमय छ ॥ ३ ॥

आध्यात्मिक व्याख्या-"यही पुरातन योग आज मैले तिमीलाई भने । किनभने तिमी मेरो भक्त र सखा हौ, यसैकारण यो गुप्त विषयलाई मैले भने"

-यो योग पुरातन छ । कृतयुग र त्रेतायुगमा मानिसहरुको मन स्वभावतः स्वच्छ हुन्थ्यो । अतयव सवैले यस रहस्यमय योगलाई जान्दथ्यो । र एस्को अभ्यास पनि गर्दथे । कालवश मानिसहरुका मन मलिन हुनाको कारण ईश्वर-परतन्त्रको भाव हटदै गैरहेकोछ । यही कारणले गर्दा यस योग सम्प्रदायको अस्तित्व अहिले सन्सारमा देखिन आएको छैन । परन्तु द्वापरको अन्तिम काल कलिको प्रारम्भमा भगवान्ले अर्जुनलाई यो रहस्यको कुरा किन भन्नु भयो ? यसको कारण यो हो;-अति पापयुगमा पनि यो रहस्यमय योग विलकुलै लुप्त हुँदैन । अधिकारीहरुको अभावले गर्दा केवल प्रचार कम हुन जान्छ ।

आज भगवान् आफ्नो सखा अर्जुनलाई पाएर अनि उस्लाई भक्त जानेर यस रहस्यलाई व्यक्त गरिरहनुभएको छ । सदाकाल देखिनै सद्गुरुजन आवश्यकता देखेर यस रहस्यको प्रचार गर्दै आउनु भएकोछ, परन्तु सवैको अगाडि गर्नु हुन्न । जो गुरुभक्त छन् ती सवै स्निग्ध-उपयुक्त शिष्यहरुको सामुन्ने गुह्यतम वस्तुहरुको पनि रहस्य प्रकट गरिदिनु हुन्छ । यस्को कारण यो छ,-भक्त नभैकन यस्तो कुराहरुमा कसैलाई विश्वास हुँदैन । यसैले भक्तका अगाडि भन्दा खेरि यो निष्फल हुँदैन । अन्यथा भगवान्को अगाडि भक्त र अभक्त दुवै समान छन् । भगवान्को भक्त हुनु बडो सौभाग्यको कुरा हो, अनि त्यस भन्दा पनि बढी सौभाग्यको कुरा हो उनको सखा हुनु । जसले भगवानलाई आफ्नो सम्झेर भक्ति गर्दछन्, जसले उस्को भजनकीर्त्तन गर्दछन् या क्रिया गर्दछन्; उनीहरु उहाँको अपूर्व रहस्यको कुरा पनि वुझ्दछन् । परन्तु जो उनको सखा छन्, उस्को लागि त रहस्यको समस्त ढोका खुल्दछ । सखाको लागि कुनै तत्त्व अज्ञात रहँदैन । किनभने जुन सखा सखाको साथ समभावापन्न हुन्छ त्यही सखा हो । कसलाई हुन्छ यस्तो सम भावापन्न भाव ? जसले साधन गर्दै गर्दै उनको साथ मिलेर एक हुन जान्छ । जो आत्मस्वरुप हुन जान्छ, उसैलाई पूर्ण अधिकार हुन्छ-यस आत्माको रहस्यलाई जान्ने । अर्जुन यस अधिकारले सम्पन्न थिए । अनधिकारीलाई रहस्यको कुरा भन्नलाई शास्त्रले निषेध गरेकोछ । मुक्तिकोपनिषदमा लेखिएकोछ,-"विद्या ह वै व्राहमणमाजगाम गोपाय मां शेवधिष्टेऽहमस्मि ।" एक समय ब्रहमविद्या सद्विप्रको नजिकमा गै भन्यो-तिमी मेरो गोपनको रक्षा गर, यस विना म शुभफल प्रदान गर्न असमर्थ हुनेछु । ॥ ३ ॥

अर्जुन उवाच:-

अपरं भवतो जन्म परं जन्म विवस्वतः ;
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥ ४ ॥

श्री धरीय टीका- [भगवान्ले सूर्यलाई योगको उपदेश दिनु भयो, यसलाई असंभव मान्दै]-अर्जुनले भन्यो - तपाईको जन्म त पछि भयो । विवस्वतः अर्थात् सूर्यको जन्म पहिले भएको छ । अतयव तपाई अर्वाचीन एवं सूर्य प्राचीन भयो, उसलाई तपाईले पहिले योगको उपदेश दिनु भयो, यस्लाई म कसरी मानुम् ? ॥ ४ ॥

आध्यात्मिक व्याख्या- "शरीरको तेजद्वारा अनुभव भैरहेछ-जुन सूर्यको जन्म तपाईको जन्म भन्दा पहिले भएकोछ, त्यस सूर्यलाई तपाईले योगको उपदेश दिनु भयो, यस्लाई म कसरी सम्झुम् ?"

- भगवान्को यस्तो कुरा सुनेर जीवको मनमा यदि यस्तो आशंका उठछ भने त यस्मा विस्मयको कुरा के छ ? हामीहरु मध्ये कति छौं, जसले भगवान्लाई ठीक ठीक जान्न सकेको छ ? जब केही विश्वास हुन्छ तव एकपल्ट भगवानसँग सोध्ने इच्छा हुन्छ-के तपाई एकै श्रीकृष्णरुपमा बारबार आविर्भुत हुनु हुन्छ ? त के शरीर-भेदले सच्चिदानन्द-स्वरुप आत्माको रुप वदलिँदैन ? यदि यो कुरा सत्य हो भने प्रभु ! त यो फेरि कसरी वुझिनमा आउला ? तपाईको त कुनै अलगग शरीर छैन, अनि जब अवतार लिई शरीर धारण

गर्नु हुन्छ त के प्रत्तेक अवतारी शरीरमा तपाईको रुप परिवर्त्तन हुँदैन ? अर्जुनको मनमा संदेह उठनुको कारण यथेष्ट छ । अर्जुनले अझै बुझ्न सकिरहेको छैन, - परव्रहम भगवान् नामरुप विवर्जित छ । परन्तु नामरुप विवर्जित भैकन पनि (न तस्य प्रतिमा अस्ति) उनको रुप चिन्मय छ । त्यो चिदाकाश रुप हो । रुपको यही हो आदि रुप । यसलाई नै परा-प्रकृति या श्यामा भन्दछन् यही अरुपको रुप हो । यस अघि सवै वस्तु 'अरुप' छ - निजवोध मात्र चिद्रूप छ । समस्त जीवहरुको भित्र त्यो चिदाकाश रुप देख्नमा एकसमान छ । साधनाको पहिलो अवस्थामा यस चिदाकाशरुपको दर्शन पनि हुँदैन । साधक प्रथमतः ज्योतिर्मय सूर्यरुपलाई देख्दछन् । यसै कारण अर्जुनलाई आशंका हुन गयो - सूर्य नै त प्रथम हो, तिमी कृष्ण त्यो भन्दा अघि कसरी भयौ ? अर्जुनलाई थाहा छैन; - श्यामसुन्दरको अंगज्योति नै ज्योतिर्मय सूर्यमण्डल हो । त्यो महाप्राणको विकसित रुप नै सूर्य हो, अनि त्यसैवाट यो विविध रंगी चंगी रुपमय विश्वको उत्पत्ति भएकोछ । र त्यस जोतिर्मय मण्डलको भित्र गुहामा स्थित एक अपूर्व सुन्दर विन्दु झलमल गर्दछ !! यही हो जीव चैतन्य, या "म" या अहंकार । यसैबाट 'अहं-ज्ञान' स्फुटित हुन्छ, अतयव यसलाई अहंकार भन्दछन् । यो विन्दु पनि त्यस चिदाकाशको एक शक्ति हो । सरोवरको बीच कमलिनी पुष्प समान अनन्त नीलाकाशमा एक प्रोज्जवल नक्षत्र चम्की दिन्छ । दुबैमा विशेष अन्तर छैन, केवल रुपभेद मात्र छ । दुवैनै महाविद्या हुन । अज्ञ साधकको मनमा सन्देह हुन्छ - प्रथम प्रकाश त कूटस्थ ज्योति हो पश्चात विन्दु छ, अनि नवजलधर कान्ति समान श्यामसुन्दर पहिले कसरी हुन गयो ? साधक अझै बुझिरहेकोछैन - अनन्त चिदाकाशमा चिज्ज्योति स्फुरित भैरहेछ । चिदाकाशमा व्रहमको प्रस्फुरण नै चिद्ज्योति या कूटस्थको ज्योति हो । व्रहम हो रुपविवर्जित विकारहीन सत्ता मात्र । अनन्त ज्ञान सिन्धु व्रहम यद्यपि सर्वगत छ, तथापि त्यो छ परिवर्तन रहित, शुध्द साक्षी चैतन्य मात्र । नाम रुपात्मकं आवरण उत्पन्न भएकोछ आधा-प्रकृतिको गुण वैषम्यले गर्दा । यसै नाम रुपात्मकं आवरणको वीचमा जुन चैतन्यको स्फुरणा हुन्छ, - त्यसैको नाम हो जन्म । यस द्वारानै प्रकृति-क्षेत्रगत मन, बुध्दि, अहंकार एवं इन्द्रियादिहरुमा, तथा पश्चात् यसबाटै यस स्थूलदेह क्षेत्रमा चैतन्य स्फुरित हुन्छ । तब यिनीहरु पनि चैतन्य मय जस्तो जानिन लाग्दछ । यसलाई आत्म-प्रतिविम्वित चैतन्य आभास चैतन्य भन्दछन् । प्रकृति अव्यक्त चिदाकाश रुपछ । यसैको वक्षःस्थलमा चैतन्य प्रस्फुटित हुन्छ, जस्को कारण हो आत्माको प्रकृतिको गर्भमा वीर्याधान । अतयव आदिदेव पुरुषोत्तम "वीजप्रद पिता" हुन् र यो चिदाकाश व्रहमयोनि हो, जगत्को प्रसविनी जगन्माता हुन । यस चिदाकाशमा जुन महत् ज्योति प्रतिविम्वित हुन्छ, त्यही हो चित्-ज्योति या महत्तत्त्व, अनि त्यसलाई नै विवस्वान् या सूर्य भन्दछन् । ॥ ४ ॥

बहुनि मे व्यतीतानि जन्मानि तव चार्जुन ;
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥ ५ ॥

श्री धरीय टीका-[अन्य अवतारहरुमा उपदेश दिइएकोछ - यस अभिप्रायले]-श्री भगवानले भन्नु भयो- हे परन्तप अर्जुन ! मेरो र तिम्रो धेरै जन्महरु विती सकेकोछ । अलुप्त ज्ञान शक्तिको कारण म ती सवैबाट अवगत छु । तिमी अविद्याबाट आवृत्त भएको कारण पूर्व जन्महरुको वृतान्तहरुबाट अवगत छैनौ । (म

नित्य, शुध्द, वुध्द, मुक्त स्वरुप हुँ, अतयव मेरो ज्ञान-शक्ति कुनै प्रतिवन्धकले आच्छन्न छैन, यसैले म सवै कुरा जान्दछु ।) [मूर्ख मानिसहरु वासुदेवमा ईश्वर र सर्वज्ञ नभएको शंका गर्न सक्दछन्, यसैको परिहारको निम्ति अर्जुन र भगवानको यो प्रश्नोत्तर हो ।] - शंकर ॥ ५ ॥

आध्यात्मिक व्याख्या - "कूटस्थ द्वारा अनुभव भैरहेकोछ - तिम्रो र मेरो सदृश जन्म अनेकबार भएको छ, त्यो सबै म जान्दछु । तिमी केही जान्दैनौ ।"

- भूत, भविष्यत् एवं वर्तमान-यी तीनै काल मायाशक्तिको लीला हो । कालकै प्रभावले कसैलाई सानो, कसैलाई ठूलो, तथा कसैको जन्म र कसैको मृत्यु आदिको वोध हुन्छ । जो काल भन्दा परछ, त्यही महाकाल हो त्रिकाल नहुनुको कारण उसमा नानात्त्व भाव छैन । त्यो सदा एकरुप रहन्छ । साक्षीस्वरुप कूटस्थ भगवान नै महाकाल हुन् । कूटस्थलाई हेर्दै हेर्दै जस्ले त्यस्मा तन्मयता प्राप्त गरेकोछ, उही जन्म मृत्यु देखि पारी गै साक्षी स्वरुपमा अवस्थान गर्दछ । जसरी कालले बध्द जीवहरुको ज्ञानलाई आच्छादित गर्दछ, त्यसरी महाकालमा निवध्द दृष्टि मुक्तात्माहरुको ज्ञान कदापि आच्छादित हुँदैन । अतयव उस्को स्मृति पनि कहिल्यै मलिन हुँदैन । दुर्गा-सप्तशतीमा यसैलाई महास्मृति भनेकोछ । यो ध्रुवा स्मृति नै जीवनको मोक्ष पद हो । यो स्मृति जसको सदा सर्वदा जाग्रत रहन्छ, त्यस्को दृष्टि घटस्थ आकाश देखि विलुप्त भएर महाकाशमा निवध्द हुन जान्छ । तब उस्ले देहादि घटहरुको अनुभव गर्दैन । आत्म-विस्मृत जीव घटमध्यस्थ आकाशलाई नै आफ्नो स्वरुप मान्दछ, यसैले उस्को जन्ममा ल्केश, मृत्युमा भय, नाना प्रकारको अवस्थान्तरहरुमा विषाद र शोक हुन्छ । ध्रुवा स्मृति जाग्रत भएमा जीव शिव हुन्छ र विशोका स्थितिलाई प्राप्त गर्दछ । जब सम्म मेरु मध्यस्थ आत्म चैतन्य स्फुरित हुँदैन, तब सम्म अज्ञानान्धकार दूर हुने छैन । गायत्रीको विसर्जनको एक मन्त्र छ -

"ॐ उत्तमे शिखरे देवी भूम्यां पर्वत मूर्धनि ;
व्राहमणैरभ्यनुज्ञाता गच्छ देवि यथासुखम् ॥"

भूमिमा अर्थात मूलाधारमा अवस्थित जुन मेरुपर्वत अर्थात मेरुदण्ड छ, तेस्को माथिल्लो भागमा अर्थात शिरस्थित सहस्रारमा गायत्री अर्थात जीव शक्तिको यथार्थ आलय छ । त्यस्को बारेमा भन्दछन् - "व्राहमणै" - अर्थात व्रहमोपासक या मेरु मध्यस्थ चैतन्यमयी प्राण शक्तिको उपासक उस्को साधन शक्तिको प्रभाववाट जुन शक्ति स्फुरित हुन्छ, उस्को अनुज्ञा या इच्छा अनुसार यो जीव चैतन्य परमशिवको साथ संयोजित भएर परमानन्द रसले आप्लुत भै मृत्युलाई अतिक्रम गर्दछ । प्रकृतिको नाना भावहरुमा जीवको प्रवेश तथा रुप विशेषमा प्रकाशित हुनु, यी सवै अविद्यामूलक हुन, अतयव यी सवै मायोपहित चिद्विकारमा प्रकाशको कुनै अनुभव हुँदैन, मानो सवै वस्तु ढाकिएको हुन्छ - यसैले भगवानले भन्नु भयो - तिमीले केही पनि जान्दैनौ । परन्तु कुनै पनि आवरणले मलाई आच्छादित गर्न सक्तैन, यसै कारण म सवैकुरो जान्दछु ।

उनको पनि धेरै जन्म वितिसकेकोछ, यो कसरी ? शरीरमा जीवको प्रकाश सँगै आत्माको प्रकाश त रहनेनै छ । यसै अर्थमा भनिएकोछ - आत्माको पनि धेरै जन्म भयो । परन्तु विचार गरी हेर्दामा त जन्म र

मृत्यु कसैको पनि हुँदैन, आत्मविस्मृत जीवले यो कुरा वुझ्दैन। त्यो प्रत्तेक देहग्रहणसँगै जन्म तथा देहान्तरसँगै मृत्युको कल्पना गर्दछ, ममा त्यो अज्ञानको सदा नै अभाव छ, अनि तिमीलाई सदा शरीरमा आत्मवोध हुन्छ, म आफु आफैमा प्रतिष्ठित छु - मलाई देहवोध हुँदैन। प्रकृतिले तिमीलाई नचाउँछ र म प्रकृतिलाई नचाउँछु। देहाभिमान शून्य भएमा तिमी पनि 'मै' हुन सक्नेछौ। ॥ ५ ॥

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्;
प्रकृति स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ॥ ६ ॥

श्री धरीय टीका- [तिमी अनादि छौ, तिम्रो जन्म कसरी संभव छ ? तिमी भन्दछौ - 'मेरो धेरै जन्म वितिसकेकोछ' - तिमी त अविनाशी पुरुष हौ, तिम्रो पुनर्जन्म कसरी हुन्छ ? पुण्य पाप र तज्जनित धर्माधर्मको फलस्वरुप नै जीवको जन्म हुन्छ, तिमी त पुण्य पाप रहित ईश्वर हौ, जीव समान तिम्रो जन्म कसरी संभव हुन सक्छ ? - यसको उत्तर दिनुहुँदै भन्नु हुन्छ]-म जन्म रहित हुँ, यो ठीक कुरा हो, अनश्वर स्वभाव, तथा कर्म पारतन्त्र देखि रहित छु र भूतगणहरुको ईश्वर हूं तथापि आफ्नो मायाशक्ति अर्थात् सम्यक् अस्खलित ज्ञान, बल, वीर्य द्वारा जन्म ग्रहण गर्दछु [तथापि तिमी षोदशकलात्मक-लिंग देहदेखि शून्य हौ, तिम्रो जन्म कसरी हुन्छ ? यसको उत्तर दिनुहुन्छ]-आफ्नो शुध्द सत्त्वात्मिका प्रकृतिलाई स्वीकार या अवलम्वन गरी म आफ्नै स्वेच्छाले विशुध्द एवं प्रोज्जल सत्त्वमूर्ति परिग्रह गर्दै अवतीर्ण हुन्छु। [सम्भवामि देहवानिव भवामि जात इवात्ममायया। न परमार्थतो लोकवत्त् - यस्तो लाग्दछ - म देहवान समान जन्मन्छु परन्तु साधारण मनुष्य समान म जन्मदिन, केवल आत्म माया द्वारा यस्तो बुझिन जान्छ - शंकर] ॥ ६ ॥

आध्यात्मिक व्याख्या- "मेरो जन्म छैन, नाश पनि छैन - सवै भूतहरुको कर्त्ता, म प्रकृतिको आश्रय लिई जन्म ग्रहण गर्दछु।"

- जो अज छ, उस्को जन्म छैन, जो अविनाशी छ उसको मृत्यु छैन। तव उस्को जन्मादि कसरी संघटिट हुन्छ ? यो भोगायतन शरीर त पापपुण्य कर्महरु अनुसार रचित हुन्छ। जो भगवान् हुन, सवै जीवहरुको आत्मा हुन, जो निर्विकार, स्वयं पूर्ण छ, त्यसद्वारा पापपुण्यरुप कार्यहरु गरिनु विल्कुल असम्भव छ, अनि जब यो शरीर कर्मको फल भोग्नको लागि हुन्छ भने त पुण्यपाप विहीन भगवान्को देह प्राप्ति या जन्म ग्रहण कसरी संभव छ ? वस्तुतः भगवान्को जुन जन्म ग्रहण हो त्यो कर्मजनित फल होइन। त्यो उनको आफ्नो इच्छा शक्तिको कारणले हुन्छ। अन्यान्य जीवहरु कर्मफल अनुसार जन्म ग्रहण गर्नको लागि वाध्य छन्, त्यसमा उनीहरु स्वतन्त्र छैनन्। ईश्वरको जन्मग्रहणमा त्यस प्रकारको परतन्त्रता छैन। उसको इच्छा भएमा उसले आफ्नै प्रकृतिलाई वशीभूत गरी या आज्ञा दिईकन ईच्छानुसार देह परिग्रह गर्दछन्। अन्य जीवहरुको जसरी जन्म आफ्नो अधीन छैन, त्यसरीनै मृत्यु पनि आफ्नो इच्छा अनुसार हुँदैन। कर्मको अन्त हुँदा जीवको यो कर्मायतन शरीर विशिलष्ट हुन जान्छ। जसरी भगवान्ले स्वेच्छा सँग देह ग्रहण गर्दछ, त्यसरी नै इच्छा अनुसार यस शरीरलाई संकुचित गरी उ लोकचक्षुको अन्तरालमा अदृश्य

हुन जान्छ। उनको आविर्भाव कालमा उनको शरीर मायिक मनुष्यहरु समान देहास्थिपंजर युक्त जस्तो लागेपनि जब उ अन्तर्धान हुन्छ त कसैलाई पनि उनको देहास्थिपंजरको पत्तो मिल्दैन। जसरी मेघको बीच अपूर्व इन्द्रेणी स्फुटिट हुन्छ तर केही क्षणमा नै त्यो अनन्त शून्यमा विलीन हुन जान्छ, भगवान्को प्रकट र अन्तरधान हुनु तथा देह ग्रहण र त्याग पनि त्यस्तै प्रकारको हुन्छ। उसले जुन देह ग्रहण गर्दछ, त्यो उस्को मायिक देहमात्र हो। महाभारतमा भगवान् नारदसँग भन्नु हुन्छ :-

"माया ह्येषा मया सृष्टा यन्मां पश्यसि नारद;
सर्वभूतगुणैर्युक्तं न तु मां द्रष्टुमर्हसि ॥"

हे नारद ! चर्मचक्षुहरुले तिमी मेरो शरीरलाई देख्दछौ, त्यो मेरो मायाले रचित हो। यस मायिक शरीरबाट आवृत्त मेरो स्वरुपलाई तिमी यी चर्म चक्षुद्वारा देख्न पाइरहेका छैनौ।

"कृष्णमेनमवेहि त्वमात्मानमखिलात्मना;
जगध्दिताय सोऽप्यत्र देहीवाभाति मायया ॥"

यो जुन कृष्णरुप देखिरहेछौ, अखिल भूतहरुको आत्मा यही हो। जगतको कल्याणको लागि आफ्नो माया बाट जीव समान प्रतीत भैरहेछ। उनको यस प्रकार देहधारण पनि उनकै मायाको खेल हो, आवश्यकता परेमा तदनुरुप उस्ले देहधारण पनि गर्दछ। हामीहरुको जस्तो देहधारण नभए पनि ईश्वरको यस मायिक शरीरको एक विशेषता छ। उनको देहधारण *'भूतानुग्रह प्रयोजनम्'* भूतहरु माथि अनुग्रहको निम्ति नै हुन्छ। परन्तु समस्त जीव एकैपटक मुक्त हुँदैनन्, अतयव त्यस्ताको दुःख दूर गर्नको लागि भगवान्को अनुग्रहको आवश्यकता हुन्छ। जुन प्रकट देहको अवलम्वन गरी श्री भगवान् आविर्भूत हुन्छ, जीवको मंगलको लागि त्यो देह नित्य चिन्मयस्वरुपवत् जगत्मा सदा पूजित हुन्छ। यो उनको नित्यसिध्द शरीर हो यस देहको साथ देहाधिष्ठित पूर्ण चैतन्यस्वरुप परमात्मा प्रकाशमान हुन्छ। जीव उनको उपासना गरी कृतार्थ हुन जान्छ। जस्तो अग्निको शिखा अग्नि नै हो, त्यसरी नै सच्चिदानन्द प्रकट भाव जुन शरीरमा स्फुरित हुन्छ त्यो पनि सच्चिदानन्दवत् नै छ। चुम्वकयुक्त फलाम समान त्यस्मा पनि चुम्बकको गुण आउँदछ। अतयव अन्य शरीरको समान उस्को उपासना गरी जीव बध्द हुँदैन। जसरी वाष्प जलमा र जल तुषारोमा परिणत हुन्छ, भगवान्को शरीर पनि त्यस्तै किसिमको हो। चैतन्य सत्ता विना जसरी जडको अस्तित्व ज्ञानमा आउँदैन, त्यसरी नै भक्तको सामुन्ने भगवान्को यो सत्त्वोर्जित मूर्त्ति नित्य चैतन्यमय भएर भक्तको आशा एवं आकांक्षालाई पूर्ण गर्दछ। यो मूर्त्ति मायाधीन छैन। यो भगवानको इच्छाले हुन्छ। भगवान्को इच्छा या संकल्प नै वेद एवं यो विराट विश्व हो। यो इच्छा पनि जस्तो उनको सत्ताबाट पृथक छैन, तेस्तै यो विराट विश्व एवं वेद भगवान्को स्वरुपदेखि भिन्न छैन। परन्तु ज्ञानी र अज्ञानीको दृष्टिमा निकै भिन्नता जानिन लाग्दछ। ज्ञानी जब स्थूल, सूक्ष्म, कारण भेदन गर्दै स्वरुप या शुध्द चैतन्यमा लीन हुन जान्छ, तब व्रहमदेखि पृथक उसले आफुलाई अनुभव गर्दैन। तुषारो पुनः वाफमा परिणत हुन जान्छ। ज्ञानी आत्मासँग तादात्म्य भावले युक्त हुने यो सवै 'मेरो' या 'आत्माको' हो अथवा

यी सव 'अहं' या 'म' हुँ यस्तो देख्दछन या सम्झन्छन् । अज्ञानी प्रत्येक प्रकाशमा भिन्न भिन्न भाव देख्दछन् । बुध्दि, मन, अहंकार र यी पिण्डदेहादिहरु मायाको खेलहरुमा उस्ले नानात्वको अनुभव गर्दछ र सवैको प्रकाश त्यही एकको नै प्रकाश हो, यो सम्झन नसक्नुको कारण विहवल भएर माया वध्द हुन जान्छन् । ॥ ६ ॥

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ;
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ ७ ॥

श्री धरीय टीका- [तिमी कहिले शरीर धारण गर्दछौ या अवतीर्ण हुन्छौ ? यस्को उत्तर दिनु हुन्छ]- जब जब प्राणिहरुको अभ्युदय र नि: श्रेयस साधनरुप वर्णाश्रमादि-लक्षण धर्मको हानी हुन्छ तथा अधर्मको बहुलता अधिक हुन्छ, तब म आफुलाई सृजन गर्दछु । ॥ ७ ॥

आध्यात्मिक व्याख्या- "जब क्रिया लुप्त हुन जान्छ, तब म स्वयं आफुलाई सृजन गर्दछु ।"

- कालस्रोतमा परेर जब जीव विपथगामी हुन जान्छ, तव उस्लाई बाटो देखाउनको लागि भगवान आविर्भूत हुन्छ । कहिले मूर्त्ति परिग्रह गरी, कहिले जीवहृदयमा ज्ञानरुपले आविर्भूत भएर, कहिले विमुक्त पुरुषको बुध्दिस्थ भएर जगतको कल्याणार्थ श्री भगवान् अवतीर्ण हुनुको अर्थ हो केही तल झर्नु । जीव प्रति कृपाले वशीभूत भएर भगवान् केही तल ओर्लनु हुन्छ ; नत्र भने उनको नजिकमा हामी कसरी पुग्न सकौंला ? सप्तम ज्ञान भूमिमा आरुढ पुरुष यस सन्सारको विषयमा केही सोच्दैन, त्यस वेला उस्को बुध्दि देखि जगत् ज्ञान लुप्त हुन जान्छ, परन्तु जो जगत्को प्रभु छ, ज्ञानघनमूर्त्ति छन्, उस्लाई चलायमान गर्न कस्ले सक्ला ? तथापि उ जीवहरु प्रति करुणा गरी जगतीतलमा अवतीर्ण हुन्छन् । तेसवखत उ पंचम भूमिमा ओर्लनु हुन्छ, अन्यथा जगत्को जीवहरुको पहुँच उनको नजिकमा हुँदैनथ्यो । धर्मको हानी र अभ्युत्थान के हो ? जब सत्य प्रति मानिसहरुको आस्था रहँदैन, आदर हुँदैन, जब द्विजातिका मानिसहरु सन्ध्यावन्दनादि देवतालाई कसैले मान्न चाहदैनन्, जब शास्त्र ब्राहमण एवं देवतालाई कसैले मान्न चांहदैनन् सबै मानिसहरु अभक्ष्य भक्षण गर्न तत्पर रहन्छन्, धर्म र शास्त्रको कुराहरु क़ेवल मुखसम्म सीमित हुन्छन्, धर्माचरण वाह्याडम्वरमा परिणत हुन जान्छन्, मानिसहरुलाई ठग्नु नै बुध्दिमानी सम्झिन्छ, नारीहरुमा सतीत्व रहँदैन, तिनीहरु गुरु र मान्यजनको सेवालाई तुच्छ सम्झन्छन्, स्त्रीहरु नारी धर्मलाई छोडी पुरुषभावापन्न हुन जान्छन्, तब सम्झनु पर्दछ - धर्मको हानी भएकोछ, र अधर्मको श्रोतले वाधा उत्पन्न हुन्छ । नाना किसिमका रोगहरु, दैवी आपत्तिहरु, युध्द, अशान्ति, दुर्मिक्ष, महामारी आदि मानो जगतलाई ग्रास गर्नको लागि उद्यत हुन जान्छ । यस्तो लाग्दछ - सन्सारमा कुनै कर्ता या नियन्ता रहेन, अधर्मी मानिसहरु आनन्दोत्सव मनाउँदै नाच्दै घुमफिर गर्दछ । धार्मिक मनुष्यहरुलाई कसैले वास्ता गर्दैन, कसैले सम्मान गर्दैन, तब उनीहरु विपन्न भै सन्सार त्यागी निर्जन अज्ञात स्थानमा बास गर्दछन । यो अवस्था जब विशेष रुपसँग अति बढ्दछ, तब फेरि धर्मचक्र बार बार विकम्पित र आन्दोलित हुन्छ, त्यस आन्दोलनको फलस्वरुप शक्तिमान पुरुषहरुको आविर्भाव हुन्छ । कहिले काँही स्वयं भगवान् जगतीतलमा

अवतीर्ण हुन्छन् । ईश्वरीय नियम कस्तो अपूर्व एवं करुणापूर्ण हुन्छ । यो सोच्दा हृदय हर्षले उत्फुल्ल हुन जान्छ, अत्यन्त आशा र विश्वासले भरी दिन्छ । कलियुगको दुःसह पापहरुबाट सन्तप्त जीवहरुलाई शान्ति कसरी मिल्दछ ? अधर्ममा परी राखेका जीवहरु कसरी धर्मको छायामा आई शीतलता प्राप्त गर्लान्, कहिले उ सत्ययुगको सतपथको अवलम्वन गरी असत्यको परिहार गर्ला, कलिको मध्यान्हमार्तण्डको रश्मि ज्वालाहरुबाट सन्तप्त भै सत्ययुगको स्निग्ध प्रातः समीरणमा शुध्दस्नात भएर शीतल होला, यसैको व्यवस्था गर्नको लागि भगवान्‌ले धेरै पहिले देखिनै आफ्नो विश्वस्त अनुचर, आफ्नो पार्षदहरुलाई जगतमा धर्मरक्षा गर्नको लागि, धर्म संस्थापनको बीज छर्नलाई पठाउँदछन् । यही हो क्रियालोप हुँदा खेरि आफु आफैलाई सृजन गर्नु । क्रिया नगरिकन प्राण स्थिर हुँदैन, प्राण स्थिर भएन भने त मन विषय प्राप्तिको निम्ति उन्मत्त भएर दौडिनेनै छ । अतयव यस रोगको औषधी भन्नको लागि, उत्तप्त प्राणलाई शीतल गर्नको लागि, बहुवृत्तियुक्त मनलाई वृत्तिहीन गर्नको लागि, वहिर्विचरणशील मनलाई अन्तरमुखी वनाउनको लागि त्यो लोकशिक्षक भएर, श्री गुरु- कर्णाधारको रुपमा उदित भै - जीवलाई साधना मार्गको उपदेश दिनको लागि सन्सारमा आविर्भूत हुन्छन । यी भगवत्प्रेरित महापुरुषलाई कति मानिसले चिन्न सक्छन् ? सन्सारमा उस्लाई कसैले चिन्न नसकेपनि तिनीहरु आफ्नो कार्य चुपचाप गरी जान्छन यसैको नाम हो निरहंकार । अभिमान र अहकार शून्य मनुष्य नै धर्मको धारक हुन्छन, संस्थापक हुन्छ, प्रवर्त्तक हुन्छन । कलिमा भयानक धर्म ग्लानि भएको कुरा भागवतमा ऋषिहरु सूतसँग भन्दछन् -

**"प्रायेणाल्पायुष सभ्यः कलास्मिन्युगे जनाः ;
मन्दाः सुमन्दमतयो मन्दभाग्या ह्युपद्रुताः ॥"**

यस कलियुगमा मानिसहरु प्रायः अल्पायु हुनेछ, अल्छी एवं नितान्त बुध्दिहीन हुनेछ । अत्यन्त मन्दभागय तथा दुर्भिक्ष, महामारी रोगव्याधि आदि उपद्रवहरुबाट कलिको जीव सदा उत्पीडित रहनेछ । सत्ययुगमा धर्मको चारै पाउ पूर्ण हुन्छन्, त्रेता द्वापरमा एक एक पाद घट्दै घट्दै कलियुगमा केवल एक पाद अवशिष्ट रहन जान्छ । समष्टिरुपबाट जसरी काल प्रभाव सत्य, त्रेता आदि युगमा पृथक पृथक देखिन जान्छ, त्यसरी नै सवै कालमा व्यष्टिभावले मनुष्यको भित्र पनि सत्य, त्रेता, द्वापर एव. कलिको प्रादुर्भाव देखिन जान्छ । धर्मको चार पाद यी हुनः-

**"तपः शौचं सत्यमिति पादाः कृते कृताः ;
अधर्मांशैस्त्रयो भग्ना स्मय-संग-मदैस्तव ॥"**

सत्ययुगमा तप, शौच, दया एवं सत्य नामक चार पाद थियो । परन्तु अहंकारद्वारा तप, प्रवल भोगासक्ति द्वारा शौच, तथा मद् या मत्तता द्वारा दया नामक पाद भग्न भएकोछ ।

गर्वहीन तपस्या, भोगवर्जित पवित्रता अनि निरभिमानी भएर आजकाल पनि जस्ले दया-धर्मको प्रतिपालन गर्दछन् तथा शरीर-मन-वचनले सत्यको मर्यादा राख्दछन्, तिनीहरु कलीको जीव भए पनि सत्य युगमा

प्रतिष्ठित छन् । साधनाद्वारा नै धर्मको रक्षा गरिन्छ । धर्म धारणा, जसद्वारा यी गुणहरुको धारण गरिनु या आफ्नो भित्र राखियोस यही स्वधर्म-पालन भनिन्छन् । यो स्वधर्म-पालन पूर्णमात्रामा हुँदाखेरि नै सत्ययुग हुन्छ । शरीर, प्राण, मन एवं बुध्दि - यी चारैको पूर्ण निर्मलता नै सत्ययुग हो, प्रत्तेक अघिल्लो युगहरुमा यस पवित्रताको एक एक पाद कम हुँदै जान्छ । कलियुगको मानिसहरुको मुख्य आसक्ति शरीर माथि नै हुन्छ । जब प्राणायाम अर्थात प्राणको साधनाले देहधर्म (स्वार्थभाव एवं कामोपभोगादि) माथि अनास्था आउन थाल्छ तब द्वापर युग हुन्छ । प्राणको साधनाले प्राण स्थिर भएर जब मन स्थिर र इन्द्रियहरु निर्मल भै ईश्वरमुखी हुन्छ तब त्रेतायुग हुन्छ । मनको विक्षेप या चंचलता पूर्णरुपले हटन गएमा बुद्धि स्थिर एवं एकाग्र भएर निरुध्द र ईस्वरार्पित हुन्छ, तब जुन किसिमको ज्ञानको उदय हुन्छ त्यही सत्य युग हो । यी चारै युगहरुमा निरुद्ध क्रिया चारै प्रकारको हुन्छ । कलियुगमा केवल बाहिर बाहिर नै क्रिया गरिने प्रयत्न हुन्छ, द्वापरमा मनलाई अन्तरमुखी गर्दै एकाग्रतालाई प्राप्त गरिने चेष्टा हुन्छ, त्रेतामा प्राणको स्थिरताले मनमा असीम स्थैर्य आउंदछ र बुद्धि निर्मल हुन्छ, सत्ययुगमा बुद्धि अत्यन्त निर्मल भै ब्रहमको भित्र प्रवेश गर्दछ । कलियुगमा जति जति देहाभिमान र देहात्म-बुद्धि बढदछ, उति उति जीव भगवान देखि टाढिँदै जान्छ । कामोपभोग चरितार्थ गर्नु बाहेक मनमा अन्य कुनै किसिमको सद्‌भाववृत्तिको उदय नै हुदैन । घोर कलिको प्रभावको समय मनबाट तप, शौच, दया, सत्य सबै विलुप्त प्राय हुन जान्छ । भगवान ! दया गरी हामीलाई घोर कलिको प्रभावबाट मुक्त गरुन्, जसबाट हामीहरु पूर्ण रुपले उनको स्मरण, मनन गरी कृतार्थ हुन सकौं । ॥७॥

परित्राणाय साधुनां विनाशाय च दुष्कृताम् ;
धर्म संस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥

श्री धरीय टीका- [के को लागि तपाईं शरीर धारण गर्नु हुन्छ ? यसैको उत्तरमा भन्नु हुन्छ]-(१) स्वधर्मवर्ती साधुहरुको रक्षाको लागि, (२) जस्ले दुष्ट कर्म गर्दछ, ती दुष्कृत हुन, तिनीहरुको विनाशको लागि, (३) साधुरक्षा र दुष्टवध द्वारा धर्मको प्रतिष्ठाको लागि युगयुगमा, तत्तत् अवसरहरुमा म अवतीर्ण हुन्छ । दुष्टहरुको निग्रह गर्दा भगवानमा नैर्घृण्य या निष्ठूरताको आशंका गर्नु हुंदैन । जसरी माताले शिशुको लालन पालन ताडन गर्दछन्, ताडना गर्दा खेरि यस्तो भनिन्न-सन्तान प्रति करुणाको अभाव छ । ठीक त्यसरी गुणदोषको नियन्ता प्रभुलाई कहिल्यै अकरण भन्न सकिन्न । ॥८॥

"लालने ताडने मातुनी कारण्य यथार्थके;
तदध देव महेशस्य नियन्तुर्गुणदोषयो"

आध्यात्मिक व्याख्या-"साधुहरुको परित्राणको लागि तथा ब्रहम बाहेक अरु तिर जस्ले चिन्तन गर्दछ, तिनीहरुको विनाशको लागि युगयुगमा जन्म ग्रहण गर्दछु ।"

- (१) साधुहरुको रक्षा, (२) पापीहरुको विनाश र (३) धर्मसंस्थापनको लागि भगवान् अवतीर्ण हुन्छन । (१) जो साधनशील भगवद् भक्तछन्, जो धेरै अग्रसर भएका छन्, उनीहरु माथि पनि बेला बेला अनेक

विपत्तिहरु आउंदछन् । साधनामा यथेष्ट उन्नति भैरहेकोछ, अनेक विभूतिहरु पनि प्राप्त गरेकोछ-संभवत: यसकै कारण अहंकार आई उपस्थित हुन्छ, अनि साधकको प्रगतिको बाटो एकैपल्ट बन्द हुन जान्छ । अव उ अगाडि बढिरहेको छैन । मानो आफ्नो अवस्थादेखि तल ओर्लिन गयो । तब उस्लाई डर उत्पन्न हुन्छ अनि आफ्नै आंखाले अन्धकार देखेर उ भगवान्को शरणापन्न हुन्छ । शरणापन्न हुनासाथ भगवान् हृदयमा सद्बुद्धिरुपमा प्रकट भै दीनार्त साधकलाई कृतार्थ गर्दछन् । अथवा जो अत्यन्त भाग्यवान भक्त हुन्छ, जस्को मन अनेक जन्मको साधन संस्कारले खूब शुद्ध भएकोछ, त्यस्तालाई पनि कहिले कहिले पूर्व जन्मको दुष्कृतिको कारण साधनापथमा केही विघ्नहरु आउंदछन् र अनायास धेरै धेरै अघि अघि बढेर पनि त्यसको अन्तिम सीमा पारी कुनै किसिमसंग पुग्न पाउदैन, अथवा खूव भक्ति छ, विचार छ, परन्तु शरीर तेस्तो स्वस्थ छैन, अतयव इच्छा अनुरुप भगवद्भजन हुन सकेको छैन, अथवा खूव भगवद् भजन चलिरहेछ, परन्तु विचारमा केही त्रुटि हुनुको कारण साधनामा उन्नति हुदैन । यस्तो अवस्थाहरुमा भक्त साधक निकै अधीर हुन जान्छन्, अनि तब भगवान् *"ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते"*-उस्लाई ज्ञान दिन्छन्, बल दिन्छन् जसबाट तिनीहरु उनको पास चांडो पुग्न सकुन् । यही हो साधुहरुको परित्राण ।

(२) जो पापी छ अर्थात भगवान्लाई मान्दैन, साधारणरुपसंग माने पनि पूजा-पाठ, ध्यान-धारणा, साधना आदि केही पनि गर्दैन, स्वेच्छानुसार आहार-विहार गर्दछन्, जीवलाई कष्ट दिन्छ, नाना किसिमका कुकर्महरु गर्दछन् र त्यसको लागि कुनै भय या लाज, अपराध बोध गर्दैनन् । तिनीहरुमा मानवत्व यत्ति पनि हुँदैन, ज्ञान विद्याको अभाव नहुँदा खेरि पनि त्यसको उपयोग अरुको अपकारमा गर्दछन् । यी सबै राक्षसी तथा आसुरी प्रकृतिको मानिसहरुको विनाशको लागि पनि भगवान् आउनु हुन्छ । यहाँ मनमा यस्तो लाग्न सक्दछ, - तब त भगवान् मनुष्य समान नै हिंसा-परायण छ । परन्तु कुरा यस्तो छैन । यो संहार स्थितिमूलक हुन्छ, यो संहार नभैकन जगत्मा कोही पनि बस्न सक्तैन । कीर्ति, श्री, वाक्, स्मृति, मेघा, धृति, क्षमा-यी सप्त मातृका जगत्को भूषण-स्वरुपा हुन् । आसुरी भावको बढोत्तरी सँगै यी समस्त दैवी अध्यात्म शक्तिहरु लोप हुन जान्छन् । जगत्को अभ्युदय गर्ने यी सारा शक्तिहरु जब अन्तर्हित हुन्छ त जगत्लाई विध्वंस गर्ने आसुरी शक्तिहरु प्रचण्डवेगले बढ्न थाल्छ, अतयव त्यसलाई ध्वंस गर्नको लागि फेरि भगवान्लाई सन्सारमा आउनु पर्ने हुन्छ । परन्तु असुरगण असुर भएपनि सन्तान त उनैका हुन । जगत्को उपकार एवं स्थितिको लागि तिनीहरुको विनाश आवश्यक भएर पनि तिनीहरु श्री भगवान्को असीम करुणा देखि वंचित हुँदैन । दुर्गा सप्तशतीमा लेखिएकोछ :-

"एभिर्हतैर्जगदुपैति सुखं तथैते,
कुर्वन्तु नाम नरकाय चिराय पापम्;
संग्राम मृत्यु मधिगम्य दिवं प्रयान्तु,
मत्वेति नूनमहितान् विनिहंसि देवि ॥

दृष्ट्वैव किं नभवति प्रकरोति भस्म,
सर्वासुरानरिषु यत्प्रहिणोषि शास्त्रम्;
लोकान् प्रयान्तु रिपवोऽपि हि शस्त्रपुता,
इत्थं मतिर्भवति तेष्वपि तेऽतिसाध्वी ॥"-चतुर्थ माहात्म्य

- हे देवि ! यी सारा दैत्यहरु मारिन जानाले जगत् सुखी हुन गयो; परन्तु यिनीहरु जसबाट चिरकालसम्म नरक भोगको लागि पाप गर्न नसकोस तथा संग्राम मृत्युलाई प्राप्त भै स्वर्ग जान सकोस, यी तीन हेतुहरुको स्मरण गर्दै अनुग्रह बुध्दिबाटै जगतको अहितकारी महिषासुर आदि दैत्यहरुको वध तपाईले गर्नु भयो ।

के तपाईले दृष्टि मात्र बाटै सारा असुरहरुलाई भस्म गर्न सक्नु हुन्नथ्यो ? परन्तु तपाईले जुन अस्त्रहरु शत्रुमाथि प्रयोग गर्नु भएकोछ, त्यो निश्चय नै यसै विचारले गर्नु भयो-तिनीहरु शस्त्रपूत भएर उत्कृष्ट लोकहरुमा गमन् गरुन् । अतयव शत्रुहरु प्रति जब तपाईको मन यति दयाद्र छ भने त फेरि भक्तहरुको त कुरा नै के छ ?

(३) धर्म संस्थापन-यो उनको अवतारी शरीरको सर्वप्रधान कर्म हो । अन्य दुवै कर्म उनको कृपापात्र भक्त ज्ञानीहरुद्वारा पनि हुन सक्छन्, परन्तु धर्म-संस्थापन अरु कसैले गर्न सक्तैन । धर्मले नै जगत्लाई धारण गर्दछ । धर्मको कमी हुनासाथ जगत्को स्थिति-शक्ति प्रकम्पित एवं विचलित हुन जान्छ । धर्मको मूल शक्ति या केन्द्र भगवान् हुन । केन्द्रबाटै शक्ति स्फुरित भएर परिधि पर्यन्त फैलिन्छ । अनि परिधिबाट केन्द्रमा फर्केर आउँछ । यसरी सदा आवर्त्तन र विवर्त्तन हुनु धर्म-चक्रको लक्षण हो । यसैलाई नै सर्ग-विसर्ग, सृष्टिलय भन्दछन् । यही हो ईश्वरीय शक्तिको क्रीडा या खेल । जीव जीवन्त ईश्वरांश नै त होनी, अतयव यसको स्वाधीन स्वभाव छ; जीवमा स्वाधीनता त छ, परन्तु धेरैजसो यसको दुरुपयोगले जीवको अध: पतन भै ल्केश हुन्छ । यस ल्केशको निवारण ईश्वरले नै चाहे त गर्न सक्दछन्, तर उस्ले गर्दैन किन ? जीवको कल्याणको लागि नै उसले यस्तो गर्दैन । दु:ख कष्ट पाउँदा जीवलाई धेरै ज्ञान संचय हुन्छ, अनेक शिक्षाहरु मिल्दछ । ज्ञान संचय भएपछि पशुबुध्दि जीव सावधान हुन सीख लिन्छ, पशुत्वलाई हटाउने प्रयत्न गर्दछ । यस प्रकारको शिक्षा बडो मूल्यवान हुन्छ । यस शिक्षाबाट उसले कसैलाई पनि वंचित गर्दैन । यही हो उनको परम दया । यो शिक्षा विना कोही मुक्त हुँदैन , यो पनि ईश्वरीय नियम हो ।

अब सोच-शरीररुपी यन्त्रमा कति कल-कारखानाछन् ती सवैको विशेष विशेष धर्म पनि छ । जीव स्वभावैले स्वाधीन हुनुको कारण तेस्को अत्यधिक दुरुपयोग गर्दछ । उदाहरणको लागि आहारलाई नै लिंउ । आहार शरीधर्मको एक पोषक क्रिया हो । भोजन व्यापार ठीक ठीक नियमानुसार चलिरहे त शरीररुपी यन्त्र असमयमा नै जीर्ण शीर्ण हुन सक्दैन । आहार बाटै प्राण, मन, एवं इन्द्रियहरुको पुष्टि हुन्छ । अनि यदि भोजन-व्यापारमा स्वेच्छाचार र असंयम हुन्छ भने त देहयन्त्रहरुको विभिन्न अवयवहरुमा सामंजस्य भग्न हुन्छ, जस्को परिणाम रोग हो र त्यसबाट जीवलाई दु:ख कष्ट भोग्नु पर्दछ । अनि यस सामंजस्यलाई

स्थापित गर्न निकै प्रयत्न गर्नु पर्ने हुन्छ । आहार विहारमा नियम संयम तथा पथ्य औषधी सेवन द्वारा यस सामंजस्यलाई पुनः फर्काउनु पर्ने हुन्छ । उपयोगी औषधी तथा पथ्य सेवन द्वारा शरीर यन्त्रको धर्म स्थापित भएमा शारीरिक स्वास्थ फेरि राम्रो हुन्छ । अतयव शरीरको रक्षाकोलागि यथाविहित-नियम पालन गर्नु पनि धर्म हो । यसबाट शारीरिक धर्म स्थापना हुन्छ । इन्द्रिय, मन, प्राण र बुध्दिमा जुन विरुध्द धर्म उत्पन्न भै यस्लाई विकृत गर्दछ, त्यसलाई पुनः आफ्नो स्थानमा संस्थापित गर्नु पनि धर्म-संस्थापन हो । जब बाहिरी जगत्मा यस प्रकारको धर्मको अभाव हुन्छ तब पनि यस्को सामंजस्य भग्न हुन्छ, तब अधर्मको फलस्वरुप नाना किसिमको व्याधि र दुर्नीतिले जगत्को अध्यात्म-स्वास्थलाई विप्लवित र विपर्यस्त गरी दिन्छ, तब पुनः भूतलमा धर्म संस्थापनको आवश्यकता पर्दछ । यो धर्म संस्थापन बहुधा स्वयं भगवान्लाई आएर गर्नु पर्ने हुन्छ । त्यो स्वयं धर्मरुप छ, धर्म विना जगत्को रक्षा हुँदैन । अतयव धर्मको ग्लानि हुने वित्तिकै प्राकृतिक नियमानुसार जगत्लाई विध्वंस गर्ने आसुरी भावको प्रादुर्भाव हुन्छ । त्यो स्वयं धर्म स्वरुप छ, अतयव जगत्को प्राकृतिक नियमहरुको श्रृंखलाको पूर्ण सामंजस्य उस्को भित्र पूर्ण भन्दा पूर्णतररुपमा विराजमान छ । धर्मको मानदण्ड सर्वदा उनीसँगै साम्यभावमा रहन्छ, यसैले उहाँ भन्नु हुन्छ - *"न मे. द्वेष्योऽस्ति न प्रियः"* । परन्तु मनुष्यमा धर्मको मानदण्ड समभावले सर्वदा रहँदैन, किनभने मनुष्यहरुमा गुण-वैषम्यको कारण अनुराग-विरागको मात्रालाई सदा सम राख्नु असंभव हुन्छ । अतयव धर्मको मानदण्ड प्रायः तल झुक्न जान्छ । धर्मको मानदण्डमा विषमता आउनासाथ धर्मज्योतिको स्वाभाविक उज्ज्वलता ह्रास हुन जान्छ, र धर्मको ग्लानि हुन्छ । यस मानदण्डलाई पुनः स्वाभाविक अवस्थामा फर्काउनको लागि भगवान्को आविर्भावको आवश्यकता हुन्छ । भगवानको आविर्भावको अर्थ हो उनको प्रकट हुनु । जब उ मनुष्यको चित्तदेखि हट्दै हट्दै पूर्णत हटिजान्छ तब जीवले उसलाई विर्सी दिन्छ । धर्मको मानदण्डमा प्रचण्ड विषमता उपस्थित हुन्छ । तब उस्ले आफुलाई प्रकट गर्दछ, अनि प्रकट भएपछि पुनः सबै धर्म, सबै यन्त्र ठीक ठीकसँग कार्य गर्न लाग्दछ । यस विषमताको नाशलाई नै धर्म संस्थापन भनिन्छ । -

"भयादस्याग्निस्तपति भयात्तपति सूर्यः;
भयादिन्द्रश्च वायुश्च मृत्यर्भयातपंचमः ॥"

देवताहरु उसको भयले या उसप्रति श्रध्दावश कहिल्यै कुनै अनियम गर्दैन । *"न देवाः सृष्टि नाशकाः"* -परन्तु स्वाधीन जीव आत्म विस्मृत हुन्छ । त्यो भगवान्सँग पनि डराउँदैन श्रध्दा पनि गर्दैन, उस्को आदर पनि गर्दैन । कहिले काँहि पशुलाई जस्तै लठ्ठीले हिर्काउँदै उस्मा चैतन्यको संचार गर्नु पर्ने आवश्यकता हुन्छ । यो दण्डदान या चेतना संचार नै मनुष्य माथि भगवान्को ऐकान्तिक कृपा हो ।

मनुष्यको शरीर, मन, एवं प्राण द्वारा यसप्रकार जुन धर्म संस्थापन चल्दछ, त्यस विषयमा केही भन्नेछु । मनुष्यको अवयव संस्थानमा द्विदल या आज्ञाचक्रमा आत्माको प्रकाश धेरै बढी देखिन्छ । मनको स्वस्थान पनि यही द्विदल पद्म नै हो । परन्तु पंचतत्त्वसंगै मन ओर्लँदै ओर्लँदै यति टाढा ओर्लन जान्छ - उसलाई आफ्नो घरको सम्झना नै रहँन । यति धेरै आत्म-विस्मृत हुन्छ-शरीर बाहेक, इन्द्रियहरुको विषयहरु बाहेक अरु कुनै पनि कुराको उसलाई याद नै रहँदैन । यस्तो लाग्दछ, मानो आत्मासँग उस्को सारा सम्बन्ध

विच्छिन्न हुन गयो । विर्संदाविर्संदा एति विर्सन जान्छ - त्यस देशको कुरा पनि उसको मनमा आउँदैन । यसैले त्यस बखत आत्म विस्मृत जीवलाई सम्झाउनु पर्ने हुन्छ - *"स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।"* - हे जीव ! तिमी अन्य कसैको होइनौ, तिमी मेरै भक्त हौ, तिम्रो र मेरो प्राण एकै हो, यसैले तिमी मेरो सखा हौ, तिमीमा र ममा अनादिकालदेखि ऐक्य भाव छ, त्यही पुरातन योगको कुरा आज म तिमीलाई सुनाउँछु । मन जब आज्ञाचक्रमा थियो, तब उ पूर्ण ज्ञान सम्पन्न थियो, अब उ त्यहांबाट तल झरेकोछ, अजस्र प्राण प्रवाह बीचमा परेर मानो उसलाई दिगभ्रम भएकोछ । चित्स्वरुप आत्मा ज्ञानस्वभाव, आनन्द स्वभाव, पूर्ण भन्दा पनि पूर्णतर छ, तथापि चित् चैत्यभावमा स्फुरित हुन गएमा मानो उ आत्मविस्मृत हुन जान्छ, आफैले आफैलाई विर्सी दिन जान्छ । चित्को भित्र स्पन्दन भएमा चैत्यभाव प्रस्फुटिट भै उठ्दछ, प्राण स्पन्दन आरम्भ हुन्छ । यो प्राण स्पन्दित हुँदै हुँदै उनन्चास वायु (प्राणशक्ति) को रुपमा अजस्र नाडी प्रवाहको भित्रबाटै बहिर्मुखी हुन जान्छ । प्राणको यही वहिर्मुखता नै इन्द्रियहरु स्पन्दित भै विषयको खोजमा व्याकुल हुन जान्छ र विषयहरु प्राप्त भएर त्यसैको बीचमा रमण गर्दछ ; यसैलाई भन्दछन - *"स कालेनेह महता योगो नष्ट परन्तप !"* परन्तु परमात्मासाँच्चिकै जीवको प्रभु हो, जीवको बडो मित्र हुन, यसैकारण जीवले उसलाई विर्सी दिए पनि उसले जीवलाई कहिल्यै विर्सदैन । उस्को दया, करुणा यति यति छ, - उ यस्को लागि अवतीर्ण हुन्छन । "संभवामि युगे युगे" - 'धर्मसंस्थापनार्थाय धर्मं स्थिरीकर्त्तुं युगे युगे सम्भवामि आविर्भवामि ।'

"देहात्म दृष्टयो मूढा नास्तिका पशु वुध्दयः"

देहात्म दृष्टि गर्दै गर्दै जीव नास्तिक भएर पशु बुध्दि हुन जान्छ । तब धर्म स्थिर रहँदैन, अनि धर्मलाई स्थिर गर्नको लागि भगवान्को आविर्भाव हुने आवश्यकता पर्दछ । अब धर्म र अधर्म भन्ने बस्तु के हो ? - यो बुझ्नु छ । मनले नै पाप संकल्प गर्दछ । मन नै पापमा लिप्त हुन्छ अर्थात मनको स्वस्थान (आज्ञाचक्र) बाट च्युत हुँदा देहात्म-बोध हुन्छ । समस्त पापको मूल यो देहात्मबोध नै हो । देहलाई सर्वस्व मानी त्यसको अनुगत भएर रहनु नै महा पाप हो । यो पाप निरन्तर हामी सबैले गर्दछौं । अनि धर्म भन्ने वस्तु के हो त ? - यही त, - जसबाट मनलाई स्वस्थानबाट भ्रष्ट भै शरीरमा आउन नदिने । यसको विपरीत नै हो अधर्म । अधार्मिक मानिस नै मूढ, नास्तिक र पशुवुध्दि हुन्छ । किन भने तिनीहरु पशुजस्तै भोग-लालसाको तृप्तिको लागि समस्त कार्यहरु गर्दछन्; अनि आफ्नो स्वरुप के हो ? आत्मा के हो - यी सबै केही पनि बुझ्दैन, यसैकारण नास्तिक हुन जान्छ । जीवलाई धारण गर्नेवाला धर्ममा जब विषमता आउँदछ, तब फेरि धर्म संस्थापनको आवश्यकता पर्दछ । धर्म शब्द 'धृ' धातुबाट निस्कन्छ, 'धृ' धातुको अर्थ हो धारण । जगत्लाई कसले धारण गर्दछ ? - मन, मन नरहेमा जगत् रहँदैन । यही मन स्वस्थानबाट च्युत भैकन धर्मभ्रष्ट भएकोछ । यसलाई स्वस्थानमा रोक्ने प्रयत्न गर्नु नै धर्म संस्थापन हो । यस मनलाई फेरि आज्ञाचक्रमा लानु पर्नेछ । यस्तो गर्नाले उस्लाई आफ्नो स्वाधिकारको प्राप्ति हुनेछ, धर्म स्थिर हुनेछ । कुनै पनि चंचल जीवको धर्म स्थिर हुँदैन । यो मन अहिल्यै एक वासना गर्दछ, अर्को क्षण अर्कै वासना गर्दछ, अनि त्यसपछि फेरि अरु कुनै वासना गर्नेछ । उस्को धर्म कहाँ स्थिर छ ? त्यसैले यो धर्म स्थिर

गर्नु या मनलाई स्वस्थानमा राख्नु यो त जीवको निजी कर्त्तव्य हो । भगवान्को आविर्भावको प्रयोजन के हो ? अनि युग युगमा उस्को आविर्भाव हुँदा अधिकांश जीवहरुलाई त्यसबाट के लाभ हुन्छ ? किन भने जब भगवान् अवतीर्ण हुनेछ हामी सबै त्यस समयमा हुने छैनौं । यसको पनि उद्देश्य छ । आविर्भाव माने स्फुट हुनु, जो थिएन् त्यही प्रकाशित हुनु । यो भगवान्, आत्मा - सबै जीवको भित्र रहन्छ, परन्तु उसको स्वत: प्रकाश आज्ञाचक्रमा नै प्रस्फुटन हुन्छ । जब यो चिज्ज्योति स्फुरित हुन्छ, तब प्राणको जुन असली धर्म स्थिरता हो ; त्यो प्रकाशमा आउँदछ । प्राणको स्थिरता सँगै मन विक्षेप शून्य भएर निर्मल हुन जान्छ ।

"प्रशान्तमनंसं ह्येनं योगिनं सुखमुत्तमम्;
उपैति शान्तरजसं ब्रहमभूतकल्मषम् ॥"

प्रत्याहार द्वारा जस्ले बारम्बार मनलाई वशीभूत गर्ने चेष्टा गरिरहन्छ त्यसको रजोगुण क्षय हुन जान्छ, र उ व्रहमसँगको मिलनरुप योगसुखलाई प्राप्त गर्दछ । यस कारण रजोगुणलाई शान्त गर्नु पर्नेछ । यसले पाप (अन्य विषयमा मनको गति) देखि मुक्त भएर व्रहमभाव प्राप्त (स्थिर निश्चल) हुन जानेछ । यस किसिमसँग उत्तम समाधि सुख स्वयं आएर योगीको आश्रय गर्दछ ।

मन लाएर बारंबार प्राणायाम गर्नाले प्रत्याहार, धारणा एवं समाधि सवै अवस्थाहरु प्राप्त हुन सक्नेछ । त्यस पश्चात् मन नरहँदा व्रहम या आत्मा आफ्नो भावमा आफै डूबी रहनेछ, यही स्वधर्म हो । यस स्थितिको प्राप्तिको सचेष्टता नै स्वधर्म-रक्षा या स्वधर्म-पालन भनिन्छ ।

भगवानको आविर्भावको कुरा भनियो, अब युग युगमा आउने कुरा भन्दछु । श्वासको चंचलता नै प्राणको चांचल्य हो । यो श्वास कहिले वाम नासिका कहिले दाँया नासिकामा वहन्छ । बाँया भागमा इडानाडी र दक्षिणमा पिंगला नाडी छ । इडा-पिंगलामा श्वासको प्रवाहको नामै सन्सार हो । यही हो रजस्तम भाव । रजस्तम भाव नै समस्त उपद्रव पापवासनाको मूल हो । जब सम्म इडा पिंगलामा श्वास चलिरहनेछ तबसम्म पापवासना नष्ट हुने छैन । परन्तु भगवान् भन्नु हुन्छ - पापलाई नाश गर्नको लागि नै उहाँ युग युगमा अवतीर्ण हुनु हुन्छ। तब यो युग युग भनेको के हो ? *"युग्मं हि युगलं युग:"* - युग माने युग्म या युगल । श्वास जब इडाबाट पिंगलामा आउँछ त एकपटक सुषुम्ना भएर आउँदछ । तथा पिंगला देखि जव इडामा आउँछ त एक पटक सुषूम्ना भएर आउँदछ । यो जुन इडाको साथ सुषुम्नाको या पिंगलासँग सुषुम्नाको योग छ, यही युग भनिन्छ । यस मिलनको सन्धिकालमा, व्राहम मुहूर्त्तमा भगवान्को आविर्भाव हुन्छ । अर्थात् उसको अपूर्व सार भन्दा पनि अनुपम सार प्रकाशावस्था यही मिलनकालमा नै जानिन्छ । योगीहरु यही मिलन क्षणलाई साधना द्वारा बढाउँदछन । यो युगसन्धिमा भगवानको प्रकाशको अनुभूति या अनुभव हुन्छ । यही हो उनको युग युगमा आविर्भाव । जीवले उस्लाई विर्सी दिन्छ, परन्तु उसले जीवलाई विर्सदैन । उनको दया यति छ, - यसको लागि उहाँ अवतीर्ण हुनुहुन्छ, जहाँ आउँदा खेरि उनको नजिक जीव पुग्न सकुन त्यहाँ उ अवतरण गर्दछन् । देहको अभ्यन्तर भ्रूमध्यमा उहाँ स्वमहिमामा नित्य विराजमान छन् । कुनै किसिमले मन यदि त्यस ठाउँमा प्रवेश गर्न सक्यो भने त उस्को

आत्मविस्मृति दूर हुन जानेछ। जीवको यस मोहनिद्रालाई तोड्नको लागि उहाँ सद्गुरुको रुपमा आएर दर्शन दिनुहुन्छ, भयातुर शिष्यलाई आफ्नो स्वधामको महिमा बुझाउनु भै स्वधामको प्रवेश मार्ग पनि देखाई दिनु हुन्छ। नाडीहरु द्वारा प्राण प्रवाह आउँदै आउँदै पथभ्रष्ट भएकोछ; दयालु गुरु शिष्यलाई त्यो बाटो समात्न दिनुहुन्छ, जुन बाटो प्राण धाराको विशिष्ट राजपथ या सुषुम्ना हो। हजारौं हजारौं ठाउँहरुबाट यस प्रक्षिप्त मनको प्राण प्रवाहको मार्ग देखि कसरी स्वस्थानतिर लैजानु पर्दछ, त्यस अपूर्व कौशललाई बताउनु भएर शिष्यको बन्द नयनलाई उन्मीलित गरी दिनु नै सद्गुरुको प्रमुख कार्य हो। यही हो -
"तत्पदं दर्शितं येन तस्मै श्री गुरवे नमः।"

विषयासक्त मन आत्मालाई विर्सेर विषयहरुमा नै उन्मत्त रहन्छ। सद्गुरुद्वारा प्रदर्शित मार्गमा हिंड्नाले शिष्यको विषयासक्ति एवं मोह क्रमशः ध्वंस हुन जान्छ, यसैलाई दुष्कृतिहरुको विनाश भन्दछन्। साधन प्राप्त गर्नु भन्दा अघि मन जस्तो विकृत र पापासक्त रहन्छ, उसको यो पूर्वभाव साधन गर्दा गर्दै बदलिन जान्छ। यो दृष्कृतिको विनाश पनि हो र धर्मको संस्थापन पनि हो ॥ ८ ॥

जन्म कर्म च मे दिव्यं एवं यो वेत्ति तत्त्वतः ;
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥ ९ ॥

श्री धरीय टीका- [ईश्वरको यस किसिमको जन्म कर्मको ज्ञानको फल के हो ? - यही बताउनु हुन्छ] -हे अर्जुन ! जुन स्वेच्छाकृत मेरो जन्म तथा धर्मपालनादि रुप कर्मलाई 'दिव्य' अलौकिक एवं तत्त्वतः अर्थात् परानुग्रहार्थ ज्ञानी बुझ्दछ, त्यो देहाभिमानलाई त्याग गरी पुनर्जन्म या सन्सार प्राप्त हुँदैन, बरु मलाई नै प्राप्त हुन्छ। (दिव्य स प्राकृतमैस्वरं) - शंकर। (अन्यैः कर्त्तुमशक्यम्-)- मधुसूदन। ॥ ९ ॥

आध्यात्मिक व्याख्या-"मेरो जन्म एवं कर्म आकाश समान छ यसलाई जस्ले जान्दछ, जानेर क्रिया गर्दछ, त्यसको फेरि पुनर्जन्म हुँदैन।" -

- आकाशको शरीर भित्र हामी कति चित्र विचित्र कति रंगी चंगी रंग देख्दछौं, परन्तु त्यो हाम्रो भ्रान्ति दर्शन हो, किनभने ती चित्रहरु र रंगिन दृश्य वस्तुतः आकाशमा छैन। त्यो हाम्रो दृष्टिभ्रमले मनमा त्यस प्रकारको धारणा मात्र हुन्छ। शून्यलाई कुनै पनि वस्तुसँग कुनै पनि किसिमले मिलाउन सकिन्न, अतयव कुनै पनि वस्तु उसँग मिलेर रहन सक्तैन। आत्मा या भगवान् यस आकाश समान निःसंग, निरंजन छ, अतयव त्यसमा पनि कुनै कर्म या संस्कार हुनु संभव छैन। यसैले उनको जन्म कर्म *'दिव्यं' 'अप्राकृतमैश्वरम्'* अर्थात प्राकृत जन्म कर्मको समान उस्को जन्म कर्म हुन सक्तैन, त्यो ईश्वरको स्वेच्छया अधीनमा छ, कर्माधीन छैन। ईश्वर मायाको आश्रय लिई मायालाई वशीभूत गरी प्रकाशित हुन्छ। मनमा त यस्तो लाग्न सक्छ, - प्राकृत मनुष्यको समान उसको जन्म भयो, किन्तु यस्तो कुरा होइन। तिमी हामी पनि मायाको आश्रय लिएर नै जन्म ग्रहण गर्दछौं, फरक या भेद यति मात्र छ, - हामी मायाको वशीभूत हुन्छौं अनि ईश्वर वशीभूत हुँदैनन्। हाम्रो आत्मा र परमात्मामा परमार्थतः कुनै भेद छैन,

- भने हामीलाई नै मायाको वशीभूत भएर जन्म ग्रहण किन गर्नु पर्दछ ? यसको कारण यो छ,-हामी अविद्या, अज्ञानले आवृत: छौं, स्वरुपत: उही हौं परन्तु अविद्याले हामीलाई यस्तो सम्झन दिंदैन । अनादि अविद्याको कारण हाम्रो यो भववन्धन हो । ज्ञान प्राप्त गरेपछि यो अज्ञान नष्ट हुन जान्छ । यदि जीवको स्वरुपमा अज्ञान भएको भए त्यो अज्ञान कहिल्यै नष्ट हुँदैनथ्यो । परन्तु जीवको स्वरुप ज्ञानमय छ, स्वरुपको दृष्टिबाट परमात्मा एवं जीव समानरुपले अज, अव्यय, र अविनाशी छ । -

"अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे"।

यो जीव यदि जन्मरहित एवं अमृतस्वरुपै छ तथा साक्षी चैतन्यरुप छ भने त त्यो मर्दछ कसरी ? मृत्यु हुन्छ शरीरको र जीव शरीरलाई नै 'म' सम्झेर अभिमान गर्दछ, यसैले देहनाश सँगै जीव मरी हाल्यो, - यस्तो बोध हुन जान्छ । परन्तु धीरतापूर्वक केही विवेचना गरेमा उसको यो भ्रान्ति नष्ट हुनमा अवेर लाग्दैन । यो शरीरमा आत्मबोध नै जीवको अज्ञानता हो, यसैले त्यो बध्द हुन्छ । भगवान्लाई यो अज्ञान कहिल्यै हुँदैन, यसैले उ कदापि बध्द हुन सक्तैन । जब जीव परमात्माको जन्म कर्मको कुरा सम्झेर ज्ञानवान हुन्छ तब उस्को आत्मविस्मृति टुट्न जान्छ, उसलाई याद आउँछ - उ र परमात्मा त एकै वस्तु हो - *"अक्षरं ब्रहम परमम्"* - तब उस्ले फेरि आफुलाई शरीर सम्झदैन । परन्तु म शरीर होइन यस्तो सोच्दैमा देहबोध नष्ट हुँदैन । देहबोध नष्ट गर्ने उपाय छ । देहमा आत्मबोध हुँदा देहसँगै कर्मसूत्रमा जीव अनन्त बन्धनहरु द्वारा जडित भएर देह सिवाय अरु केही अनुभव गर्न सक्तैन । यो बन्धनीय भाव प्राणमा आउँदछ, प्राणबाट अगणित नाडीहरुको भित्र आउँछ, जीव तब आफ्नो कुरा आफै भूल्न जान्छ । मन, बुध्दि, इन्द्रियादि सवैलाई नै आत्म-विस्मरण हुन्छ । कहाँबाट आएको हो अनि उनीहरु को हुन, यो विल्कुलै याद रहँदैन । तब सवैको एकमात्र कार्य हुन जान्छ, उन्मत्त समान केवल एक विषय देखि अर्को विषयमा घुम्दै गरिरहनु । अनि फेरि जन्म-मृत्युको कष्ट देखेर जीवमा केही चेतनता जाग्रत हुन्छ, जन्म-मृत्यु देखि छुटकारा पाउने इच्छा जन्म-मृत्यु रहित जीवको निम्ति केही अंशमा स्वाभाविकै छ । जन्म ग्रहण गर्नु र पश्चात् मृत्युलाई प्राप्त हुनु तथा जन्म र मृत्युको बीच बध्द जीवलाई कति त्रिताप हुन्छ, यो सबै उस्ले जानेकै भोगेकै कुरा हो । भगवान्को दिव्य जन्म कर्मको कुराबाट अवगत भएमा जीव जन्म मृत्युको संकट देखि उध्दार पाउन जान्छ । अतयव उनको दिव्य जन्म-कर्मको कुरा जीवको लागि अत्यन्त जरुरी बस्तु हो । उनको जन्म र कर्म हामीहरुको समान छैन, त्यो अलौकिक छ । नि:शव्द देखि वाक्वैखरी अवस्था कसरी आविर्भूत हुन्छ, कसरी विदेह अवस्था स्थूल देहमा परिणत हुन्छ, यो अत्यन्तै विस्मयजनक कुरा छ । भगवान्को त्यो आदि अप्राकृत भाव विकृत नभैकन पनि कसरी यस जगत् लीलाको संपादन हुन्छ, शिव कसरी जीव बन्दछ, यो कुरा मनमा आउनासाथ चित्त विस्मित हुन जान्छ । आत्मा या ब्रहमको स्वरुप तीन अवस्थाहरुमा प्रकट हुन्छन - *ब्रहमरुपमा, ईश्वररुपमा, र अवतार रुपमा* । ब्रहमरुमा उनको मायाशक्ति नित्य संकुचित हुन्छ - *"धाम्ना स्वेन सदा निरस्तकुहकम् ।"* यही ब्रहम जब मायालाई अंगीकार गर्दछ तब उनको द्वितीय अवस्था प्रकट हुन्छ - यही ईश्वरभाव भनिन्छ । ईश्वरको स्थूलशरीर विराटरुपमा, सूक्ष्मशरीर हिरण्य गर्भरुपमा, तथा कारण देह प्राज्ञरुपमा समष्टि एवं व्यष्टिमा प्रकाशित

हुन्छ। यही ईश्वरको तीन उपाधिहरु हुन । व्यष्टिभावमा गुण प्रक्षीण अवस्थामा रहन्छन्, समष्टिमा सत्त्वगुणको अधिकताको कारण ईश्वर अनन्तज्ञान युक्त हुँदछ, अतयव उ मायाधीन हुँदैन, जीव (व्यष्टिमा) सत्त्वगुणको कमीको कारण अज्ञानयुक्त हुन्छ । सत्त्वभावको अधिकताको कारण ईश्वर मायायुक्त भएर पनि मायामुक्त हुन्छ, र जीव मायाधीन हुन्छ । व्रहमको तृतीय अवस्था हो अवतार । जुन धर्मरक्षाको लागि जन्म ग्रहण गर्दछन् ती नै अवतार हुन । मुक्त जीव पनि जब धर्मरक्षाको लागि अवतीर्ण हुन्छन् त ती पनि अवतारमा गनिन जान्छ । तिनीहरु सवै ईश्वर समानै शक्ति सम्पन्न हुन्छन । यस्तो मनमा लाग्न सक्छ- जब एतिका ईश्वर छन् भने त उनीहरुको वीच जुध्न जाने संभावना हुन सक्छ । परन्तु यस्तो कुरा छैन । ईश्वर तुल्य यी सवै मुक्त पुरुष ईश्वरको प्रतिविम्व समान छन् र सदा नै उसको छाँया समान उसकै अभिप्रायलाई सम्पादन गर्दछन्, तिनीहरुको मनमा ईर्ष्या या अहंकारको भाव कहिल्यै आउँदैन । माया ईश्वर या ईश्वराश्रित मुक्त पुरुषहरुको अधीनमा हुन्छ । अतयव यिनीहरु सवै यद्यपि मायाश्रित हुन्छन् तथापि ज्ञानको प्रखरताको कारण उनीहरुलाई सामान्य जीव समान बध्द हुनु पर्दैन । यिनीहरु व्रहममा पनि रहन्छ र मायाको आश्रय गरी जगत् एवं जीवको कल्याण पनि गर्न सक्दछन् । पद्मपत्रमा जसरी जल रहन्छन्, तथापि त्यस्लाई स्पर्श गर्दैन, उसरी नै यिनीहरु कर्त्तृत्त्वाभिमानी समान कर्म गरेर पनि सर्वदा आत्मभावमा पनि रहन सक्दछन्, यसैकारण कुनै कर्म उस्लाई वध्द गर्न सक्दैन । भगवान या मुक्त पुरुषको यो भाव बुझ्न सकेमा साधारण जीव पनि मुक्त पदमा आरुढ हुन्छ, तब उस्को जन्म-मृत्युको खेल पनि परिसमाप्ति हुन जान्छ ।

अव विचार गरी हेरौं, - ईश्वरको जन्मको समान जीवको जन्ममा पनि कुनै भेद छैन । भेद छ त केवल बुध्दिको विडम्वनामा । मायाधीन भएर जीवलाई जुन देहाभिमान हुन्छ, त्यसले उसलाई आफ्नो स्वरुप सम्झन दिदैन । मायामुक्त भएमा यही जीव शिव हुन्छ । बुध्दिको विडम्बनाले जीव कसरी मायाधीन हुन्छ र त्यस मायाबाट मुक्तिको उपाय के छ ? यस्लाई तत्त्वतः जाने पछि पुनः उसलाई मायाले जकड्याउन सक्तैन अनि न उस्को पुनर्जन्म नै हुन्छ । पूर्व श्लोकको व्याख्यामा मैले भनेकोछु-मन कसरी स्वस्थानबाट च्युत भएर प्राण प्रवाहको साथ बहँदा वहँदा छ घाटिहरुको असंख्य नाडीहरुसँगै बाँधिएर एकदमै स्थूलतम् पिण्डसँग मिलेर एक हुन जान्छ र अनि आफुलाई देहमात्र रुपमा देख्दछ, अन्य अनुभव स्पष्टतः उसलाई केही हुँदैन । यो अज्ञान भाव नै जीवको मृत्यु हो, उसको अरु कुनै मृत्यु छैन नै । र अनि यो अज्ञान नै उस्को जन्मको कारण पनि हो । यस अवस्थामा जीवलाई कति कति भय, कति कति व्याकुलता हुन्छ, तर उस्लाई यो कदापि स्मरण हुँदैन - वस्तुतः उ *"चिरस्थिर, अपापविध्द"* छ । परन्तु यदि भाग्यवश - *"सद्गुरु मिले, भेद वतावे, ज्ञान करे उपदेश"* - त उस्लाइ आफ्नो कुरा, आफ्नो घरको कुरा, आप्नो ढुकुटीको याद भैहाल्छ । तब आफ्नो मूलथलोमा फर्कनको लागि जीव छट्पटाउन थाल्छ । जब आफ्नो थलोमा आउँदछ तब उस्को मनको ल्केश, सबै खेद, कष्टहरु मेटिन जान्छ ।

जुन मनुष्य व्रहममा प्रतिष्ठित छ, उसलाई भय हुँदैन, त्यहाँ मृत्यु पनि पुग्न सक्तैन । जुन प्राणको चंचलताले मन, बुध्दि निरन्तर औडाही भएर छट्पटाउँदै घुम्छ,फिर्छ, त्यो प्राण स्थिर भएपछि कूटस्थ

व्रहममा संलीन हुन जान्छ। तब फेरि उसले विषय ग्रहण गर्दैन; मुक्त-स्वभाव भै आत्मासँग एक हुन जान्छ। वाहिरको शव्दस्पर्शमा, रुपरसगन्धमा जीव मोहित भएर अन्धो जस्तै विषय ग्रहण गर्न वाहिरतिर दौडद्छ, परन्तु प्राणको साधनाले जब चिज्ज्योति स्फुरित हुन्छ र अनाहतबाट नौमती वाद्य वज्न थाल्छ, क्रियाको परावस्थाको क्षणिक स्पर्श प्राप्त हुन्छ, तव जीव आश्चर्य चकित हुन जान्छ। तब भ्रम दूर हुन जान्छ र अनि मायालाई निरस्त गर्ने उपाय पनि उस्को समझमा आउँछ। प्राण-क्रिया द्वारा मन स्थिर हुन जान्छ, प्राण पनि महाशून्यमा प्रवेश गर्दछ, तव ॐकार ध्वनि अवच्छिन्न धारामा निनादित हुन थाल्छ, बाहिरको सारा शव्द तब उसैमा डुवी जान्छ। अनाहतमा यस्तो दस किसिमको शव्द सुने पछि जीवको भवरोग दूर हुन जान्छ। मनको वृत्ति निरुध्द हुन जान्छ। गुरुपदिष्ट बाटोमा हिंडदा हिंडदै, अनाहत शव्दको ढोकामा पुग्ने वित्तिकै साधकको आज्ञाचक्रमा अनि पश्चात् सहस्रारमा स्थिति हुन्छ, तवै जीवले आफ्नो स्वरुपको अनुभव गर्न सक्दछ। यस थलोमा जुन उस्को जन्म हुन्छ, त्यो दिव्य जन्म हो अर्थात् सवका सब शून्य तर सबै परिपूर्ण हुन्छ, त्यो दिव्य जन्म हो-यही हो उस्को स्वधाम यस महाशून्य त्यो परमव्योममा पुगेपछि पुनः उसको जन्म कसरी हुन्छ ? शिव नै त स्वयं व्योमरुप हो। यस महाव्योमरुपी देवाधि देव महादेवलाई हामीले प्रणाम गर्न सकौं यही प्रार्थना हो ॥ ९ ॥

वीतराग भय क्रोधा मन्मया मामुपाश्रिताः;
वहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥ १० ॥

श्री धरीय टीका-[उस्को जन्मकर्मको ज्ञानबाट उस्लाई (आत्मालाई) कसरी प्राप्त गर्न सकिन्छ ? यस्को उत्तरमा भन्नु हन्छ]-म शुध्दसत्त्वावतार द्वारा धर्म पालन गर्दछु। मेरो यस परम कारुणिकत्वलाई जानेर उनीहरु विगतराग एवं भयक्रोधरहित हुन जान्छ। अतयव चित्त विक्षेपको अभावको कारण मदेकचित्त भै, एकमात्र मलाई नै आश्रय गरी मेरो प्रसाद द्वारा प्राप्त आत्मज्ञान र ज्ञानको परिपक्वको कारण स्वर्धमरुप तपस्या द्वारा परिशुध्द भएर (अर्थात् अज्ञान र उस्को कार्य-मल दूर भएपछि) अनेकानेक व्यक्ति मत्सायुज्यलाई प्राप्त भएको छ। आजै मात्र यो भक्ति मार्ग प्रारम्भ भयो यस्तो कुरा होइन। "तान्यहं वेद सर्वाणि" इत्यादि वाक्यहरु द्वारा विद्या र अविद्याकृत उपाधि 'तत्' एवं 'त्वं' शव्द द्वारा लक्षित ईश्वर एवं जीवको स्वरुप देखाएर अविद्याको अभावमा ईश्वर नित्यशुध्द छ अनि अविद्योपाधियुक्त जीव ईश्वरको प्रसादले उपलब्ध ज्ञान द्वारा अज्ञानबाट निवृत्त हुन्छ र अनि तब चिदंश हुनाको कारण जीव ईश्वरसँग ऐक्यता प्राप्त हुन्छ - यसैको निम्त 'मद्भावमागता' - मत्सायुज्य प्राप्त हुन्छ, यस्तो भनिएको छ। ॥ १० ॥

आध्यात्मिक व्याख्या-"इच्छारहित भएर भय एवं क्रोधलाई त्याग गरी आत्मा सर्वव्यापक छ र आत्माकै प्रिय (प्रियकार्य) गरी - धेरथोर देखी सुनी-सर्वदा कूटस्थमा रहेर-पवित्र भै, क्रियाको परावस्थामा पुग्दछ।"

-कुन किसिमसँग त्यस आत्म-स्वरुपमा फर्कन सकिन्छ, यही भन्नु हुन्छ। विषयहरुमा हाम्रो प्रवल अनुराग छ, यो अनुराग एत्तिको किन हुन्छ ? किनभने

"परांचि खानि व्यतृणत् स्वयम्भू,
स्तस्मात् पराङ पश्यति नान्तरात्मन्;
कश्चिदधीरः प्रत्यगात्मान-मैक्ष,-
दावृत्तचक्षुरमृतत्वमिच्छन ॥" - कठ.उ.

स्वयंभू भगवान्ले इन्द्रियहरुलाई बहिर्मुख गरी रच्नु भएकोछ । यही कारण जीवले वाह्य विषय शव्दादिलाई जान्न सक्दछ, अन्तरात्मालाई जान्न सक्दैन । कोही कोही विवेकी पुरुष मुक्तिको इच्छा गरी चक्षु आदि इन्द्रियहरुलाई विषयहरु देखि प्रत्याहृत गरी जीव शरीरमा प्रकटित आत्मालाई दर्शन गर्दछन् ।

इन्द्रियहरु किन बहिर्मुखी हुन्छ ? आत्मा विषय ग्रहण गर्न अभिलाषी भएमा मनयुक्त हुन्छ, मन इन्द्रियहरुको ढोकाबाट आएर विषय ग्रहण गर्दछ, विषयमा पनि जुन चैतन्यस्वरुप आत्मा छ त्यसलाई धारण नगरी आत्माको भोग्यरुपमा विषयहरुलाई ग्रहण गर्दछ र ग्रहण गरी विमोहित हुन्छ । तब जीव पनि मानो आफु आफैलाई अन्ध एवं वध्दवत् सम्भन्छ । पश्चात् यन्त्रणाले बली बली कन खाक भएपछि जव आफ्नो आदिरुप खोज्ने प्रयत्न गर्दछ तब गुरुको उपदेशानुसार साधन प्रारम्भ गर्दछ । साधन गर्दै गर्दै जव केही स्थिरता प्राप्त हुन्छ त मनलाई वाह्य विषयहरुको ग्रहण गर्ने अभिलाषा कम हुन जान्छ, तब मन अन्तर मुखी हुन्छ । मनको यस अन्तर्मुखीभावले इच्छा, भय, क्रोध आदि आत्म-दर्शन विरोधी व्यापार ह्रासलाई प्राप्त हुन्छ । वासना नै त समस्त जंजालको मूल हो, यही वासना घट्दै घट्दै एति कम हुन जान्छ - मनले फेरि वाह्य विषयहरुलाई देख्न पनि पाउँदैन, किनभने उस्को जुन मनन छ त्यो नै वन्द हुन जान्छ । यस अवस्थामा सुखको बोध अधीक हुन्छ । तब मन बहिर्जगत्मा नहुनाको कारण आत्मामा लागि रहन्छ या त्यसमा संलग्न या प्रविष्ट हुन्छ । यही हो मद्भाव प्राप्ति र यो अत्यन्त पवित्र भाव हो । तब न त केही देख्छ, न त सुन्दछ, केवल आत्मज्योति, अनाहत शव्द अनि आत्माको आनन्दघन स्वभावको कारण मानो मन आनन्दमा डुब्न जान्छ । यो आत्माको प्रियकार्य पनि हो, किनभने जब जीव मायामा भुलेर मायिक वस्तुहरुलाई खोज्दछ, तब उ केवल यन्त्रणा ज्वालामा पिल्सिएको अनुभव गरी हाहाकार गर्दछ । अनि याँहा विषय चिन्तन हुँदैन, अतयव ज्वाला पनि हुँदैन । यही हो आत्माको प्रियकार्य साधना गर्नु । तब उस्को श्वास निरन्तर स्थिर रहन्छ, यसैबाट कूटस्थमा अवस्थान हुन्छ र अन्य दिशामा दृष्टि नजानुको कारण अपवित्र हुँदैन । यस प्रकारसँग साधनाभ्यास गर्दै गर्दै साधकलाई समाधि आसन्न हुन जान्छ । यस समाधि या क्रियाको परावस्था प्राप्त गरी जीव शिव हुन जान्छ, त्रितापको सट्टा परमानन्द सागरमा डूब्न जान्छ । यसरी जसले साधन गर्दछ, उसलाई यो अवस्था प्राप्त हुन्छ । पहिले पहिले पनि साधना द्वारा धेरै मानिसहरुले यो अवस्था प्राप्त गरेकाछन्; अतयव तपस्या गर्नु पर्ने नै छ । यो तपस्या अन्य नभै शुध्द ज्ञानमय तपस्या हो । प्राणायामादि अभ्यासको जुन फल छ अर्थात् सर्वदा कूटस्थमा रहनु, क्रियाको परावस्थामा रहनु-यही ज्ञानमय तपस्याको फल हो । परमात्मासंग आफुलाई अभिन्न रुपमा जान्नु नै तपस्याको सर्वोत्तम फल हो । यो अवस्था प्राप्त हुनु भन्दा अगाडि नै विषयानुराग, भय, क्रोध, कपट सबकासब मनबाट दूर हुन जान्छ । एकैपटक *"प्रोज्भितकैतवः"* - त्याहाँ कपटता पूर्णतः परित्यक्त हुन

जान्छ । तवै सम्झनु पर्नेछ, -ज्ञानमय तपस्या पूर्णतालाई प्राप्त भैसकेको छ । परमात्मामा पूर्ण शरणागति प्राप्त भएकोछ, अतयव *'मद्भागमागता'* - अर्थात् विशुध्द सच्चिदानन्दघनरुप जुन मद्रूपत्व मोक्ष हो, त्यो प्राप्त भएको छ ॥ १० ॥

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्;
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥ ११ ॥

श्री धरीय टीका- [तब के तिमीमा पनि वैषम्य-भाव छ ? किनभने शरणागतलाई मात्र तिमीले आत्म-भावता प्रदान गर्दछौ, अन्य सकामी मनुष्यलाई प्रदान गर्दैनौ ? यस्को उत्तर दिंदै भन्नु हुन्छ]- सकाम या निष्काम जुन भावले कोही पनि मेरो भजन गर्दछ, उसलाई त्यही किसिमको फल प्रदान गर्दछु । जुन मानिसहरु सकाम छ र मलाई छोडेर इन्द्रादि देवताहरुको भजन गर्दछ, उनीहरुलाई म उपेक्षा गर्दिन, किनभने सवै मनुष्य इन्द्रादिदेवताहरुको सेवक पनि मेरै भजन मार्गको अनुशरण गर्दछन् । किनभने तिनीहरु इन्द्रादिदेवताहरुको रुपमा मेरै सेवा गर्दछन् । -(जस्ले जस्तो फल चाहन्छ उस्लाई तेस्तै फल प्रदान गर्दछु, जो मुमुक्ष, ज्ञानी या सन्यासी छन उनलाई मोक्ष प्रदान गरी, जो आर्त्त छन उनलाई आर्त्ति हरण गरी-अर्थात् जसले जुन किसमसँग मेरो भजन गर्दछ उसँग म त्यस्तै किसिमले भजन या अनुग्रह गर्दछु राग, द्वेष, या मोहका कारण कसैको भजन गर्दिन - शंकर) ('अथ योऽन्यां देवतामुपास्तेऽसावन्योऽहमस्मिति न स वेद'-जस्ले अन्य देवताहरुको उपासना गर्दछ, उस्लाई थाहा छैन, - त्यो देवता म नै हुँ - शंकर) ॥ ११ ॥

आध्यात्मिक व्याख्या- " जसले जुन किसिमसँग भजन गर्दछ, उसको म त्यसरी नै भजन गर्दछु - मेरै बाटोमा सबै मानिस चल्दछन् ।"

- मेरो भजन जसले जुन भावले गर्छ त्यस अनुसारै म उस्लाई फल दिन्छु । जसले मन लगाएर साधन गर्दछ, उस्को मन शीघ्र स्थिर हुन जान्छ र आनन्द प्राप्त गर्दछ । जसले मन लगाएर भजन गर्दैन उसलाई धेरै ढीलो हुन्छ । साधनामा अग्रसर भै जो जति नै गंभीर ध्यानमा मग्न हुन्छ उस्ले तदनुसारै स्थिरता या आनन्द प्राप्त गर्दछ । कसैलाई पनि फल दिने समय छोडदिन, परन्तु उस्को कर्मानुसारै उसमाथि म अनुग्रह गर्दछु । यसले भगवान्मा समभाव कसरी भयो त ? जो मुमुक्षु प्राणपनसँग उनलाई पुकार्दछ, अनि जस्ले यदाकदा मात्र उनलाई पुकार्दछ, ती सबलाई एकै फल दिनु त समभावको लक्षण भएन । मानी लिंउ मैले सबैलाई एकै भावसँग कृतार्थ गर्ने इच्छा गरी सबैको सामुन्ने आत्म-प्रकाश गर्दछु, भनेपनि त साधनको अभावमा ज्ञान पुष्ट नहुनुको कारण सबैले मलाई एकै भावसँग बुझ्न सक्ने छैन । जौहरी नभैकन माणिकको पहिचान हुने छैन, अनभिज्ञलाई माणिक दिंदाखेरि उसले त्यसलाई कांच सम्झी उपेक्षा गर्नेछ । तेसो भये सवै मनुष्यहरु कसरी तिम्रै बाटोमा हिंडिरहेछन् त ? मेरै बाटो सवै चल्दछन् - यसको कारण यो हो - *सकामी होस या निष्कामी, ज्ञानी होस या विषयासक्त* - सबै आनन्दकै आसक्तिमा लागि परेकोछ । विषयासक्त पुरुष विषयलाई नै आनन्दको हेतु सम्झन्छन्, परन्तु उसले जानेको छैन - रस या आनन्द कही कतै छ । समस्त विषयहरुको सारा रस त्यो आत्मा हो *'रसो वै सः'* - परन्तु कोही कसैले

चाहे जे इच्छा गरुन, एकदिन उसको समझमा आउनै नै छ - उसले जे खोजिरहेको छ त्यो आनन्द धनमा छैन, प्रतिष्ठामा छैन, स्त्रीमा छैन, पुत्रमा छैन, विषयमा छैन - *त्यो आनन्द एकमात्र आत्मामानै वर्त्तमान छ।* त्यो स्वयं नै रसराज आनन्दविग्रह हो। यसैले मानिसहरु चाहे जे सोचेर या लक्ष्य गरी दौडुन्, अन्तमा तिनीहरु उसकै पदतलमा आएर उभिनेछ। जसले एकमेकम् उसलाई मात्र चाहनेछ, उसैले सच्चिदानन्द आनन्दघनरुपमा उसलाई पाउनेछ। जसले विषयानन्दरुपमा उस्लाई चाहन्छ, त्यसले त्यसलाई नै पाउने छ तर विषयानन्द रुपमा। म आत्मारुपमा छु र विषयरुपमा पनि छु, जसले मलाई जुन भावमा चाहनेछ म उसको अगाडि त्यही भावमा प्रकाशित हुनेछु। अतयव म मा पक्षपात को दोष लाग्दैन। साधनाहरुमा पनि यो देखिन्छ कुनै कुनै साधक स्थिरतासँग प्रेम गर्दछ, अनि कोही विविध ध्वनिमा विमोहित हुन्छ, र अनि साधनाको फलस्वरुप उसैलाई पाउने इच्छा गर्दछन्, कोही कोही कूटस्थ भित्र विचित्र दर्शन गर्न चाहन्छन् देख्छन पनि अनेकानेक रुप-परन्तु यी सबै आत्माकै विभूति हुन। साधक शव्दमा मोहित होस, या रुपमा मुग्ध होस, या अनन्त स्थिरतामा आत्म-निवेश गरुन्, सबै मैरै विभिन्न प्रकाशसमूहको भजन गर्दछन् ॥ ११ ॥

काङ्क्षन्तः कर्मणा सिध्दिं यजन्त इह देवताः ;
क्षिप्रं हि मानुषे लोके सिध्दिर्भवति कर्मजा ॥ १२ ॥

श्री धरीय टीका- [तब किन सबै मनुष्यहरु मुक्तिको लागि तिम्रो भजन गर्दैनन् ? यस्को उत्तरमा भन्नु हुँदैछ] -कर्मफलको आकांक्षा गरी प्रायः मानिसहरु इन्द्रादि देवताहरुको भजन गर्दछन् ; साक्षात मेरो भजन गर्दैनन्। कर्मजनित फल शीघ्र मिल्दछ, परन्तु ज्ञानफल कैवल्य शीघ्र हुँदैन, किनभने ज्ञान अत्यन्त दुष्प्राप्य छ। (मनुष्यलोकमा शास्त्राधिकार एवं वर्णाश्रमादि कर्म विहित छन, यस लोकमा कर्मफलको सिध्दि शीघ्र हुन्छ - शंकर) ॥ १२ ॥

आध्यात्मिक व्याख्या - "फलाकांक्षाको निमित्त देवताको भजन गर्दछ, - फलाकांक्षा रहित भएर कर्म गर्दा शीघ्र नै सिध्दि हुन्छ, अर्थात इच्छारहित हुन जान्छ।"

- अविद्याकृत जीवको भोगवासना स्वाभाविक छ ; भोग प्रति आसक्ति हुनुको कारण, जहाँ सजिलैसँग भोग प्राप्त हुन्छ उतै जीव दौडन्छ। भगवान्को भजन गरेर पनि जीव काम्य वस्तुको आकांक्षा गर्दछ। योगाभ्यास गर्दा गर्दै पनि योगसिध्दिको प्राप्तिको लागि व्याकुल हुन जान्छ। परन्तु केही ऐश्वर्यहरुलाई प्राप्त गर्नु नै यथार्थ योगसिध्दि होइन। यथार्थ सिध्दि या सबभन्दा ठूलो योगैश्वर्य हो इच्छारहित अवस्था, नैष्कर्म्य ज्ञान। यसको मूल्य कति छ - यो हामी सन्सार विमूढ प्राणी बुझ्न सक्दैनौ। के कुनै सहजै इच्छरहित हुन सक्छ ? अविद्याले आच्छादित हाम्रो चित्तसमुद्रमा नाना किसिमको वासनाहरुको तरंगहरु निरन्तर उठिरहन्छ। तरंगहरुको भयानक उत्थान पतनमा मानिसहरुको देह किनार आलोडित एवं उत्क्षिप्त भैरहेको छ। मनमा अरु कुरा केही आउँदैन, केवल भोगै भोग आउँछ। यो कर्मभोग कहिले कट्‌ला, यो अन्तरयामीलेनै जानुन्। दुर्लभ कैवल्य पद तिर कसैको लक्ष्य छैन। केवल यो चाहियो, त्यो

चाहियो, यो भएन त्यो मिलेन, यो मनको चाहना, एषणा, तृष्णा मनबाट नहटिकन जीवको मुक्ति कसरी होला ? प्राण बहिर्मुखी हुनाले मन पनि विषयमुखी भएकोछ। श्वासको तरंगले मनलाई तरंगित गर्दै जान्छ। जुन कुण्डलिनी शक्ति छ, जुन हाम्रो प्राण हो, जो कुलवधु छ, त्यसले अन्त:पुरलाई छोडी स्वैरिणी समान बाहिर आई चलिरहेछ। त्यसको उच्छ्वासले मन के के चाहँदैन, के के खोज्दैन, अनि के के प्राप्त गर्दैन, तैपनि मनलाई पुगेको छैन, शान्ति छैन। भजन गर्दा पनि कामनारहित भएर भजन गर्न सकिरहेको छैन। कामनाको साथ भजन अनि कामनारहित भजन गर्नुमा धेरै अन्तर छ। कवीरले भनेको छ -

सहकामी सुमिरन करे पावे उंचा धाम;
निहकामी सुमिरन करे पावे अविचल राम॥
सहकामी सुमिरन करे फिरि आवे फिरि जावे;
निहकामी सुमिरन करे आवागमन नशाय॥
भक्ति भेख बड अन्तरा जैसे धरनि अकाश;
भक्त जो सुमिरे रामको भेख जगत्की आश॥

कामनायुक्त मानिस साधन गरी मृत्यु पछि उच्च धाममा गमन गर्दछ, परन्तु जसले भगवान्लाई चाहन्छ अर्थात् निष्काम छ, त्यसले अविचल राम अर्थात् चिरस्थिर परमपदलाई पाउँदछ। सकामी व्यक्ति भगवत् स्मरण गरेर पनि बारम्बार जगत्मा आउने जाने हुन्छ, अनि निष्काम स्मरण गर्नेहरुको आउनु जानु बन्द हुन जान्छ। भक्ति र भक्तिको भेषमा धेरै अन्तर छ, धरती र आकाश जस्तै। भक्त शरणागत भएर भगवानको भजन गर्दछ, तर भेस बनाउनेहरुको दृष्टि केवल जगत्को लाभालाभतिर हुन्छ।

केही साधन गरेमा उच्च लोक प्रकाशित हुन्छ, यसले अनेक दिव्य दर्शन हुन्छ, देवताहरुको दर्शन पनि हुन्छ। तिनीहरु वेला वेलामा साधक प्रति कृपा पनि गर्दछन्। परन्तु कुनैले कैवल्य प्रदान गर्न सक्तैन। यसको लागि साधकलाई धेरै धेरै परिश्रम गर्नु पर्दछ। साधन गर्दै गर्दै जब चित्त शुध्द भएर अत्यन्त निर्मल हुन जान्छ, तब वैकुण्ठको ढोका उन्मुक्त हुन जान्छ। जबसम्म मनदेखि खोजी खोजीकन समस्त वासनाहरु दूर गरिदैन, नष्ट हुँदैन तबसम्म मन अत्यन्त निर्मल हुँदैन। निर्मल मनबाट साधना नगरिकन क्रियाको चरम अवस्था जुन परावस्था हो उसलाई कसैले प्राप्त गर्न सक्तैन। अतयव अल्पबुध्दि पुरुष साधनामा धेरथोर परिश्रम गरी जुन एक-आध विभूतिहरु प्राप्त गर्दछ, त्यसैमा आफुलाई कृतार्थ सम्झन्छ। किनभने उस्को दृष्टि कामोपभोग सम्म रहन्छ, वैकुण्ठ सम्म त्यो दृष्टि प्रसारित हुँदैन। यसैले तिनीहरु मध्य मार्गमा जे जति दिव्यदर्शन या शक्ति प्राप्त गर्दछन् त्यसैमा सन्तुष्ट भै बसिदिन्छ। यो स्वल्प आयासमा नै हुन्छ, परन्तु कैवल्य ज्ञान या विमुक्ति सहज-साधन लभ्य छैन। यद्यपि यसबाट पनि चिर शान्ति प्राप्त हुन्छ, तथापि यो आयाससाध्य तपस्याको फल हुनाको कारण एतातिर कोही लाग्दैन। मानिसहरु सामान्य विभूतिबाटै सन्तुष्ट भएर त्यस परम पावन कैवल्यलाई तुच्छ गर्दछन। कैवल्यकामी साधक श्रेष्ठलाई देवताहरुपनि वहुधा विडम्वित गर्ने प्रयत्न गर्दछन्। निश्चय नै यो एक किसिमले नराम्रो

हो । साधक भगवान्लाई कति आग्रहसाथ चाहन्छ, यसको परीक्षा हुन जान्छ । (यस श्लोकको यो व्याख्या पनि नराम्रो छैन - "यस मनुष्यलोकमा काम्य कर्मको सिध्दि चाहनेहरु मलाई छोडेर इन्द्रादि देवताहरुको भजन गर्दछन्, परन्तु उस्को सिध्दि अनिश्चित छ, किन भने काम्य कर्म विधि अनुसार ठीक ठीक हुन नगयेमा फल-प्रसव गर्दैन । परन्तु निष्काम कर्मरुप जुन प्राण-क्रिया छ त्यसले सिध्दि या इच्छारहित अवस्था निश्चय नै शीघ्र उत्पन्न हुन्छ । अन्य कामना नगरी मन लगाएर क्रिया गरेमा क्रियाको परावस्था निश्चय नै प्राप्त हुन्छ ।") ॥ १२ ॥

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ;
तस्य कर्त्तारमपि मां विध्दय कर्त्तामव्ययम ॥ १३ ॥

श्री धरीय टीका- [कोही सकामभावले कर्ममा प्रवृत्त हुन्छ, तथा कुनै निष्काम भावसंग कर्ममा प्रवृत्त हुन्छन्, यसकिसिमको कर्म विचित्रता देखिन आउँछ । कर्महरुको कर्त्ता ब्राहमण आदिमा पनि उत्तम मध्यमआदि वैचित्र्य देखिन जान्छन् । यस किसिमको वैचित्र्यको कर्त्ता तिमीमा विषमता कसरी छैन ? यस आशंकाको उत्तर दिनु हुन्छ] - चार वर्ण छन्, त्यसमा सत्त्वप्रधान ब्राहमण हुन् शम, दम आदि उनको कर्म हो । सत्त्वरजः प्रधान क्षत्रिय हुन, शौर्य, युध्द आदि उनको कर्म हो । रजस्तमः प्रधान वैश्य हुन्, कृषि, शिल्प, वाणिज्य आदि उनको कर्म हो । तमः प्रधान शुद्र हुन्, त्रैवार्णिकहरुको शुश्रुषा उनको कर्म हो । यस प्रकार गुण र कर्मको विभाग अनुसार चतुर्वर्णको सृष्टि मैले गरेको छु । फलतः यसको कर्त्ता भएर पनि म मा आसक्ति रहित हुनाको कारण अकर्त्ता नै सम्झ । ॥ १३ ॥

आध्यात्मिक व्याख्या- "चार प्रकारको वर्णहरुको सृष्टि मैले गरेको हुँ, त्यसको पनि कर्त्ता मै हुँ ।" -

-सत्त्व, रजः एवं तमः यी प्रकृतिको गुणहरुको भेदबाट ब्राहमण, क्षत्रिय, वैश्य एवं शुद्र यी चार वर्णहरुको सृष्टि भएको छ, यसको पनि कर्त्ता आत्मा नै हो । आत्मा नरहेमा इन्द्रिय, मन, बुध्दिले कुनै कार्य गर्न सक्तैन । यसैले आत्मालाई सबै कर्महरुको कर्त्ता भन्न सकिन्छ । परन्तु यी सबै कर्महरुको फलको भोक्ता आत्मा होइन, यसैले उ अकर्त्ता पनि हो । कुनै पनि कर्ममा प्रकृतिले आत्मालाई लिप्त बनाउन सक्दैन, अन्तरदृष्टिबाट ब्राहमण क्षत्रिय आदि वर्णको खेल हुन् । सत्त्व शुभ्रवर्ण छ, कूटस्थको चतुर्दिकस्थ आकाश जब शुभ्रज्योतिले भरिन जान्छ, तब त्यो शुभ्रवर्ण ज्योतिको प्रकाशमा बुध्दि निर्मल हुन जान्छ, अनि त्यसमा सबै विषय प्रकाशित भै मन शुध्द र शान्त हुन जान्छ - यही सत्त्वभावमय विप्रवर्ण हो । अनि जब मनमा सत्त्वभाव रहन्छ, परन्तु रजोगुणको प्राधान्य परिलक्षित हुन्छ - मनमा यथेष्ट तेज र बुध्दिमा दृढता भाव लक्षित हुन्छ, तब अन्तराकाश पनि ईषत् श्वेत आभायुक्त रक्ताम गुलाबी रंगमा रंजित हुन्छ - यही क्षत्रिय वर्ण हो । परन्तु जब अन्तराकाश पहेंलो रंगले भरी हुन्छ, तब मनको स्थिरता र दृढता तेत्तिको रहन्न, मनमा चंचलता विशेषभावले परिलक्षित हुन्छ । रजोगुणको अत्यन्त बढोत्तरी हुन्छ र सत्त्वगुण रहँदैन । तब बुझ्नु पर्नेछ- यो रजस्तमोमय वैश्य वर्ण हो । अनि जब कूटस्थको चतुर्दिकस्थ ज्योति (AURA) अन्धकारमय लाग्दछ, कुनै प्रकाश या ज्योति परिलक्षित हुँदैन - तब त्यसलाई तमोमय शूद्रवर्ण जान्नु पर्दछ । ऋग्वेदमा लेखिएको छ -

"ब्राहमणोऽस्य मुखमासीद् वाहु राजन्यः कृतः ;
उरु तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ॥"

मुख ज्ञानको प्रकाशद्वार हुनुको कारण ब्राहमणको आदि स्थान भनिन्छ । क्षत्रिय अर्थात जगत्लाई परिचालन गरिने शक्तिको प्रधान केन्द्र बाहु हो, बाहु नै सबै कर्महरुको मूल हो, अतयव ब्रहम शरीरमा यही क्षत्रियको स्थान हो । यसरी नै बसी बसी जुन सारा शिल्पादि कार्य हुन्छन्, त्यसको स्थान उरु हो ; परन्तु यो मुख यानी ब्रहमविद्याबाट धेरै टाढा छ । जगत्मा शिल्पको अति उन्नति र प्रचार भएर पनी त्यस्बाट निःश्रेयस्को प्राप्ति हुँदैन, तथापि जगत्को संरचना र संस्थापनमा प्रयोजनीय छ । अनि यही तेस्रो वैश्य वर्ण यस प्रकारको वैषयिक उन्नतिको मूल हुन । तत्पश्चात् चौथो पद या वर्ण छ, जुन अधोगतिको सूचक छन स्थूलकर्म, गमन आदिको ज्ञापक हुनाको कारण यही ब्रहमशरीरमा शूद्रको स्थान छ । अवयव संस्थानमा चाहे जस्को जे स्थानहोस्, परन्तु सबै एकै ब्रहमलाई आश्रित गर्दछ । अतयव कुनै पनि घृणाको पात्र छैन । अनि सान्सारिक कार्यहरुमा यसको अत्यन्त आवश्यक पनि छ । जो जीव तमोगुणको आश्रित छ, तिनीहरु यस विषयमा धेरै सोच्न-सम्झनमा समर्थ हुँदैनन् । निश्चय नै सबै गुण एकैको अभिव्यक्ति हो । अन्तमा सबै गुण सत्त्वमा नै लीन हुन्छ, सबै वर्ण विस्तारै विस्तारै सत्त्वगुणमय ब्राहमणमा नै परिणत हुन्छ । पूर्ण विकसित हुनु नै साधनाको अन्तिमफल हो । ब्राहमणादि चारै वर्णहरु यस विकासको तारतम्य हुन् । अतयव वर्ण-कल्पना कसैको कपोल-कल्पना होइन, यो प्रकृतिकै स्वकीय कर्म-विभाग या परिणाम हो जडधर्मवाटै क्रमशः आध्यात्मिक धर्म विकसित हुन्छ । स्थूल विषयहरुमा आनन्दको अनुभव हुँदै हुँदै त्यो ब्रहमानन्दमा चरम विकासलाई प्राप्त हुन्छ । स्थूलमा हामीलाई जुन आनन्द मिल्छ, त्यो पनि त्यस परमानन्द देखि पृथक बस्तु होइन, केवल प्रकाशको तारतम्यले एत्तिका विभिन्नता प्रतीत हुन्छन ।

अब यो हेर्नुछ, - भगवान यसको कर्त्ता भैकन पनि अकर्त्ता कसरी छ ? भगवान् वाहेक जगत्मा केही छैन, सवको मूलमा उही छ, यसैले सबैको कर्त्ता पनि उही हो । अकर्त्ता एसकिसिमसँग छ - रातो, पहेंलो, हरियो काँचको भित्रबाट आउँदा खेरि यस्तो भ्रम हुन्छ - प्रकाश पनि तत्तत् वर्णहरुले युक्त छ । परन्तु वस्तुतः प्रकाशको कुनै वर्ण हुँदैन । यसरी कूटस्थको पनि आफ्नो कुनै वर्ण छैन । त्यो अत्यन्त शुध्द हुनुको कारण आकाशवत् निर्मल छ, र त्यसमा कुनै व्यंजना हुँदैन । परन्तु साधकको देह यन्त्र र मनादि (एकै शव्दमा प्रकृति) को अवस्थानुसार सत्त्व, रजः एवं तमोगुणको प्रभावले - गुण अनुसार प्रकृति क्षेत्रमा विम्वित कूटस्थ चैतन्यको झलक उठदछ, त्यो आत्माको वास्तविक स्वरुप होइन । परन्तु कांच मध्यगत अग्निको दीप्ति जस्तै काँचको स्वभावले अनुरंजित भएर तत्तत् रुपहरुमा प्रकाशित गर्दछ - कूटस्थ-मण्डलको वर्ण विचित्रताको पनि रहस्य यही हो । सवै साधकहरु यसबाट अवगत छन् । आत्मसत्ता विना प्रकृतिको कुनै पनि कार्यहरु प्रकाशित हुनु संभव छैन । यसैले जुन चार वर्ण देखिनमा आउँछ तेस्को कर्त्ता प्रकृति हुन, आत्मा होइन । ॥ १३ ॥

न मां कर्माणि लिप्यन्ति नमे कर्मफले स्पृहा ;
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥ १४ ॥

श्री धरीय टीका- [त्यसैलाई प्रमाणित गर्नको लागि भन्नु हुन्छ]-विश्वसृष्टि आदि कर्म समूहले मलाई आसक्त गर्न सक्तैन, किनभने म निरहंकार छु र कर्मफलमा मेरो स्पृहा छैन । अतयव कर्मले मलाई लिप्त गर्न सक्दैन, यो भन्नु पर्ने आवश्यकता छैन । यसरी जसले मलाई निर्लेप र निःस्पृह जान्दछ त्यो पनि कर्ममा आवध्द हुँदैन । निर्लेपताको कारण म मा जुन निरहंकार र निस्पृहभाव छ, त्यसलाई जस्ले जान्दछ, उस्को पनि अहंकार शिथिल हुन जान्छ ॥ १४ ॥

आध्यात्मिक व्याख्या- "म कुनै पनि कर्ममा लिप्त छैन न त मलाई कुनै फलको इच्छा छ, यस किसिमसँग जसले मलाई (अर्थात आफुलाई) जान्दछ त्यो कुनै कर्ममा आवध्द हुँदैन ।"

- *"आप्त कामस्य का स्पृहा ?"* जो आप्त काम छ र सर्वत्र जसको आत्मदृष्टि छ, अतयव जहाँ अन्य वस्तुको अभाव छ; यस्ता मनुष्यलाई कुनै वस्तु काम्य हुन सक्तैन । आत्मा स्वयं पूर्ण छ, त्यस्मा वासनाको लेप कसरी हुन्छ ? साधना द्वारा आत्माको यस तत्त्वलाई जानेर जो आत्माराम भएकोछ, त्यो कर्ममा लिप्त हुन सक्तैन । त्यो साक्षी स्वरुपमा केवल देह-मन-बुध्दिको कार्यहरुलाई मात्र अवलोकन गरिरहन्छ । जो कर्मको कर्त्ता छैन, कर्मफलमा उस्को आसक्ति पनि संभव छैन । क्रिया गरेर जसले क्रियाको परावस्था प्राप्त गरेकोछ, उसले पनि बुझेको हुन्छ - उसको मन बुध्दिबाट कसरी समस्त इच्छाहरु दूर हुन जान्छ, अतयव जो स्वयं आत्मा छ, उस्मा कसरी स्पृहा रहन्छ ? अनि उस्ले कुन बस्तुको कामना गर्ला ? जे जुन कामना हुन्छ, त्यो पनि त उही हो । क्रियाको परावस्थामा जीव आत्मा हुन जान्छ । आत्माको यस प्रकारको निर्लिप्त-भाव यस अवस्थामा नै समझमा आउँदछ, अन्य अवस्थामा होइन । क्रियाको अन्त नै यही 'अक्रिय अवस्था' हो , अतयव जब कर्मै छैन भने त कर्म-वन्धन कहाँबाट होला ? अनि कसलाई होला ? भगवान् नै सबै जीवहरुको आत्मा हुन, यदि उ एत्रो ठूलो जगद् व्यापार गरेर पनि निर्लिप्त रहन सक्दछन् भने जीवको लागि यसको धारणा गर्न कठिन भए पनि एकदमै असंभव हुन सक्तैन, किनभने जीव पनि उसैको अंश हो । सुख दुःखादिमा आत्मा त बध्द हुँदैन, बध्द हुन्छ अज्ञानवश देहाभिमानी जीव, कर्ममा आसक्त हुन्छ मन, अतयव कर्मफलसँग जो आवध्द हुन्छ त्यो हो तिम्रो मन । आत्माले कर्म गर्दैन, अतः त्यो बध्द हुनेवाला पनि होइन आत्माको यस निर्लिप्त भावलाई साधकले क्रियाको परावस्थामा बुझ्न सक्दछ । अतयव जुन कुनै पनि बस्तुले लिप्त हुनेवाला छैन, यस प्रकारको आत्मा तिमी नै हौ, यो धारणा निश्चय भयेपछि तिम्रो या मेरो कर्ममा या त्यस्को फलमा लिप्त हुने सम्भावना रहँदैन । क्रियाको परावस्था पुनः पुनः प्राप्त भएमा नै आत्माको स्वभाव समझमा आउँदछ, जस्लाई यो ज्ञान निरन्तर भैरहन्छ उस्को फेरि वन्धन हुन सक्तैन । जस्को स्वप्न भंग भएकोछ, उसले जसरी सपनामा देखिएको बस्तुको स्मरण गरेर त्यस्मा आफ्नो अभिमान गर्ने इच्छा गर्दैन, त्यसरी नै जसको जगत् स्वप्न भंग हुन जान्छ, उसलाई फेरि कर्तृत्त्व भोक्तृत्त्व आदि भाव रहन सक्दैन ॥ १४ ॥

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ;
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥ १५ ॥

श्री धरीय टीका- [पूर्वोक्त चार श्लोकहरु द्वारा प्रासंगिक क्रमले ईश्वरमा वैषम्यको अभाव देखाई अब देखाउनु हुन्छ-पूर्वोक्त कर्मयोगको अनुष्ठान गरी प्राचीन कालका मानिसहरु किन आवध्द भएन ?] - अहंकारादि रहित भै कर्म गर्दामा त्यो बन्धन-कारक हुँदैन, यही जानेर प्राचीन कालका जनक आदि मुमुक्षुहरुले सत्त्वशुध्दिको लागि कर्म गरेका थिए, तथा ती भन्दा पनि पूर्व युगका मुमुक्षुहरुले पनि कर्म गरेका थिए। अतयव तिमी पनि पहिले कर्म गर। ॥ १५ ॥

आध्यात्मिक व्याख्या - "त्यस निमित्त कर्म (क्रिया) गर, जसरी पूर्वयुगका मानिसहरुले गर्दै आइरहेकाछन्।"

- आत्मा कर्ममा लिप्त हुँदैन, तथा आत्मज्ञ पनि कर्ममा लिप्त हुँदैन, यो त बुझिनमा आयो। परन्तु आवरण आएर सबैलाई भुलाई दिन्छ, अतयव यस ज्ञानलाई स्थिर र स्थायी बनाई राख्न आत्मक्रिया गर्नु पर्दछ। प्राचीनकालका मुमुक्षु जनकादि ऋषिहरुले राम्ररी आत्मतत्त्वलाई जानेका थिए तथा आफैमा यस भावलाई नित्य प्रतिष्ठित राख्नलाई कहिल्यै क्रियालाई छाडेका थिएनन्। क्रियाको परावस्थामा सामान्यरुपले स्थिरत्वको अनुभव गरेपनि क्रिया त्याग गर्नु ठीक छैन। किनभने त्याग गर्नाले अपरिपक्क साधकको पतन हुन संभव छ, केवल बुझेर मात्रै पनि काम चल्नेवाला छैन। कर्म गरी स्थायीभावले मुक्तावस्थालाई प्राप्त नगरिकन कर्म त्याग गर्नु ठीक छैन। क्रियाको परावस्थामा आत्माको साक्षित्व स्पष्टरुपसँग बुझ्नमा आउँदछ। सबै अवस्थाहरुमा यो साक्षित्व-भाव स्थायी भएर नै जीवनमुक्त अवस्था प्राप्त हुन्छ। यसैले हे अर्जुन, तिमी पनि प्रथमतः कर्मै गर। जब सम्म जीवको अगाडि आत्मतत्त्व सूर्यको प्रकाश समान प्रकाशित हुन जाँदैन, तबसम्म बुझ्नु पर्दछ - चित्तशुध्दिको अभाव बनिनैरहेकोछ। अनि यदि कोही क्रियाको परावस्थामा प्रतिष्ठितै भएकोछ भने पनि लोकशिक्षाको लागि उस्लाई क्रिया गर्नु जरुरी छ। जनकादि ऋषिहरु पनि क्रियाको परावस्थामा पुगेर पनि लोकशिक्षाको लागि कर्म गर्दथे ॥ १५ ॥

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः;
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्षसेऽशुभात् ॥ १६ ॥

श्री धरीय टीका- [त्यो पनि तत्त्ववेत्ताहरुसँग विचार गरी गर्नु ठीक छ, लोक परम्परा अनुसार कर्मानुसरण गर्नु ठीक छैन यही भन्नुहुँदैछ]-कुन चाँही कर्म करणीय हुन्छ र कुनचाँहि कर्म अकरणीय छ - यसवारेमा विवेकी पुरुषहरु पनि मोहलाई प्राप्त हुन जान्छ। अतयव जस्को अनुष्ठान गर्नाले तिमी अशुभ अर्थात् सन्सारवाट मुक्त हुन जानेछौ, त्यही कर्माकर्मको विषयमा तिमीलाई भनिरहेछु। यसलाई सुन ॥ १६ ॥

आध्यात्मिक व्याख्या - "कर्म एवं अकर्म, यसलाई पंडितहरुले पनि बुझेका हुँदैनन्, अतयव कर्म केलाई भन्दछन्, यो भन्दछु, जसलाई राम्रोसँग जान्नाले मोक्ष प्राप्ति हुन्छ।"

-यथार्थ कर्मद्वारा मुक्ति प्राप्त हुन्छ, परन्तु कर्मलाई विना सम्झी नबुझिकन गर्नाले त्यसले बन्धनलाई काट्दैन। यसैकारण कर्मको रहस्य जान्नु पर्ने आवश्यकता छ। कर्म कसरी अकर्म बन्दछ र अकर्म कहिले कर्म समान हुन जान्छ, यी सबै ज्ञात नभैकन मनुष्यले राम्रो कर्म गरेर पनि अपकर्म गर्दछन्। अतयव

कर्मको अनुष्ठान कसरी गर्नु पर्दछ, यो बुझ्नु पर्नेछ। जस्तो कर्म गर्न त बसियो किन्तु संस्कारवश मन त्यस समय विषय चिन्तनमा लाग्यो भने त अपकर्म समान हुन जानेछ ; अनि हुन सक्छ -विषय क्रमकै अनुसरण गरिरहेछ, परन्तु आत्मस्थ भएर या आत्मामा लक्ष्य राखी तब त यहाँ कर्म अकर्मको समान बन्धकत्वशून्य हुन जानेछ। जुन सन्सार बन्धन छ त्यही अशुभ या मृत्यु हो, यस महामृत्युको फन्दा वाट विमुक्त हुने उपाय के छ, यही जगद्‌गुरु कृपा गर्दै बताउनु भैरहेछ ॥ १६ ॥

कर्मणो हयपि बोध्दव्यं बोध्दव्यंच विकर्मण:;
अकर्मणश्च बोध्दव्यं गहना कर्मणो गतिः ॥ १७ ॥

श्री धरीय टीका- [यो देहादि व्यापाररुप 'कर्म' त लोकप्रशिध्द छ, अनि देहादिको 'अव्यापार' नै अकर्म हो, भने विवेकी मनुष्य यस विषयमा किन मोहित हुन्छ ? यसको उत्तरमा अन्नु हुन्छ]- कर्मको अर्थात् शास्त्रविहित व्यापारको पनि ज्ञातव्य - तत्त्व छ केवल लोक प्रशिध्द मात्र होइन। अकर्म अर्थात् जुन अविहित व्यापार हो त्यसको पनि ज्ञातव्य तत्त्व छ, तथा विकर्म अर्थात निषिध्द व्यापारको पनि ज्ञातव्य तत्त्व छ। किनभने कर्मको गति गहन अर्थात दुर्ज्ञेय छ। कर्मको गति दुर्ज्ञेय भन्नाले कर्म, अकर्म, र विकर्म तीन ओटै उप लक्षित हुन्छ। (कर्म=शास्त्र विहित कर्म, अकर्म=तूष्णीम्भाव, विकर्म=प्रतिनिषिध्द कर्म -शंकर) ॥ १७ ॥

आध्यात्मिक व्याख्या- "कर्म नै मनुष्यको गति हो; अतयव कर्म, अकर्म, र विकर्मलाई बुझ्नु आवश्यक छ।"

- कर्म द्वारा नै जीव-जगत्‌को व्यापार चल्दछ, कर्म विना कसैको गति मुक्ति छैन। देहेन्द्रियहरुको व्यापार नै त कर्म हो; परन्तु कर्मको तत्त्वको सम्यग् ज्ञान नहुनाले देहेन्द्रियादिको व्यापार ठीकसँग परिचालित नहुनुको कारण बहुधा कर्म अकर्म हुन जान्छ, अनि अकर्म पनि कर्म हुन जान्छ। हाम्रो जुन स्वाभाविक कर्म छ, देहेन्द्रियादिको ती व्यापार ठीक ठीक शिक्षा नमिल्नुको कारण मनुष्यले राम्रोसँग गर्न पाउँदैन। साधारणतः हामी सान्सारिक प्रयोजन या लोभवश कर्म गर्दछौं, यस्तो कर्महरु द्वारा प्राय बन्धन हुन्छ। आसक्तिले त्यस प्रकारको कर्म गर्नको लागि पुनः पुनः प्रवृत्ति हुन्छ, अन्तमा त्यसको संस्कार यति दृढ हुन जान्छ-इच्छा या प्रयोजन नहुँदामा पनि त्यस प्रकारको कर्मनगरिकन बस्न सकिन्न। यसबाटै देखिन जान्छ-कुन किसिमसँग कर्मले बन्धनको कार्य गर्दछ। जसरी, हामीहरु एक पशुलाई नाकमा नत्थी राखेर उस्को इच्छा नहुँदैमा पनि उसबाट काम गरिलिन्छौ, उसरी नै कर्मको संस्कार र प्रवृत्तिको प्रोत्साहनले बहुधा हाम्रो इच्छा नहुँदामा पनि बलजफ्ती कर्ममा लगाई दिन्छन्। हामीले बुझेका हुन्छौं - यो ठीक छैन, तथापि तेस्तो कर्म नगरिकन रहन सकिन्न। यही कर्मको बन्धन हो। कर्म गरिरहेमा असंस्कृत मनमा कर्मफलको उद्देश्य रहनेनै छ, नरहँदा खेरि कर्म गर्नमा उत्साह नै रहँदैन। परन्तु अष्टम अध्यायमा श्री भगवान्‌ले जुन कर्मको कुरा भन्नु भएकोछ, त्यही कर्मको सुन्दर संज्ञा हो। यहाँ हामीले एति नै सम्झी राख्नु पर्दछ-यदि कर्म ईश्वरार्पित नहोस् अर्थात भगवानको उद्देश्यले कर्म गरिएन भने त कर्ममा जुन विषय अर्थात् बन्धनकाारिणी शक्ति छ त्यो कदापि टुट्ने छैन। अनि मनुष्य एकछिन पनि कर्म नगरिकन

वस्न सक्तैन । यसैले भगवान् कर्मको अपूर्व रहस्यको यहाँ विश्लेषण गरी देखाउनु हुन्छ । कर्मको गति दुर्विज्ञेय छ, एसैले बहुधा आसक्ति र लोभ कर्मको कारण बन्न जान्छ । परन्तु कर्म पनि गर्नु र त्यो अकर्म पनि नहोस, यस तत्त्वलाई जान्नु नै के सर्वापेक्षा प्रयोजनीय व्यापार होइन र ? गुरुदेवले कर्म र अकर्मको सम्बन्धमा एक अलगै व्याख्या गर्नु भएकोछ, त्यो सँग पूर्वाचार्यहरुको कथन् केही पार्थक्य भए पनि बास्तविक तत्त्वको दृष्टिले केही गडवडी छैन । शंकराचार्य भन्नु हुन्छ - शास्त्र विहित व्यापार नै 'कर्म' हो, शास्त्रनिषिध्द कर्म नै विकर्म हो, तथा कुनै पनि किसिमको व्यापारबाट रहित भै चुपचाप रहनु वा कर्म नगर्नु नै अकर्म हो । गुरुदेव भन्नु हुन्छ - फलाकांक्षाको साथ जुन कर्म गरिन्छ त्यही अकर्म हो र फलाकांक्षारहित कर्म नै कर्म हो । अनि ईश्वरको उद्देश्यले साधन आदि कर्महरु गरेर क्रियाको परावस्था (क्रियारहित अवस्था) प्राप्त गर्नु नै विकर्म हो । यी तीनै विषयहरुलाई राम्ररी बुझ्नु आवश्यक छ, किनभने कर्म नै मनुष्यको गति हो । देहादिमा प्राण-संचार भएर नै इन्द्रिय, मन, बुध्दिको उत्पत्ति हुन्छ । अनि इन्द्रिय, मन र बुध्दि उत्पन्न भएर बाह्य विषयहरुमा विचरणशील बन्दछ । यसैले प्राण क्रिया बाहिरै बाहिर चल्दछ, तथा प्राणको वहिर्मुखबशी इन्द्रियहरु र मन बाहिरै विचरण गर्दछन-यो यद्यपि कर्म हो, तथापि यो अकर्म पनि हो या अपकर्मको समान छ, किन भने एस्ले कर्मबन्धन हुन्छ र जन्मान्तर तथा नाना किसिमको दुःख ल्केश पनि प्रदान गर्दछ, अनि म को हुँ र के हुँ-यो बुझ्न दिदैन । त्यस पछि जब जीव जाग्रत हुन्छ, केही केही बुझ्न थाल्छ, तब गुरु मुख भएर जान्दछ - वास्तविक कर्म के हो, अनि त्यस कर्मको उपदेश प्राप्त गर्दछ । त्यस उपदेश अनुसार श्रध्दापूर्वक चल्दै चल्दै मन अन्तरमुखी हुन्छ, विस्तारै विस्तारै इन्द्रियहरुको विषय व्यापार ग्रहण गर्ने क्षमता पनि क्षीण हुँदै जान्छ । तब मनमा परमार्थानुसारिणी बुध्दि उत्पन्न हुन्छ र त्यसको फलस्वरुप अधिक शान्ति प्राप्त गर्दछ । बाहिरी व्यापार पनि जुन धेरथोर चल्दछ, त्यो भगवत् प्रीत्यर्थ, भगवानको नै हुन्छ । यसकिसिमका मानिसहरु द्वारा सम्पादित कर्म नै वास्तविक कर्म हो; अनि यस प्राण-कर्मको अनुसरण गर्दै गर्दै जब प्राण र त्यसको साथै मनको व्यापार शून्य या स्थिर हुन जान्छ तबै निः श्रेयसको उपलब्धि हुन्छ । उसको शरीर स्थिर हुन जान्छ प्राण-मन स्थिर हुन जान्छ - *"तन्मनः विलयं याति तद्विष्णो परमं पद ।"* विष्णुको यस परम पदलाई प्राप्त साधक नै सुर या देवता हुन् । यही विकर्म या कर्मको अन्तिम या परावस्था हो । कर्मको सम्बन्धमा यी सबै तत्त्वहरुलाई नवुझिकन जीवनको उद्देश्य विफल हुन जान्छ । ॥ १७ ॥

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ;
स बुध्दिमान् मनुष्येषु स युक्त कृत्स्नकर्मकृत् ॥ १८ ॥

श्री धरीय टीका- [कर्मादिको दुर्विज्ञेयत्व बताउनु हुँदै भन्नु हुन्छ]-जुन 'कर्मणि' अर्थात् परमेश्वरको आराधनारुप कर्ममा, यो कर्म होइन-एस्तो वुझ्दछ, यो कर्म ज्ञान प्राप्तिको हेतु हो अतयव यस किसिमको कर्ममा जुन वन्धकत्वको अभाव बुझ्दछ, तथा 'अकर्मणि' विहित कर्म नगर्नुमा जुन 'कर्म' अर्थात् कर्मवन्धन हुन्छ, यो बुझ्दछ (विहित कर्म नगर्नु प्रत्यवायजनक हुन्छ, अतयव त्यो बन्धनको हेतु हो, यस्तो जसले वुझ्दछ), कर्मकारी मनुष्यमा त्यो वुध्दिमान हो अर्थात् व्यवसायात्मिका बुध्दिले युक्त हुनुको कारण

उही श्रेष्ठ छ। त्यस कर्मद्वारा ज्ञानयोग प्राप्त हुन्छ, यसैले त्यो युक्त अर्थात् योगी हो। त्यो "कृत्स्नकर्मकृत" अर्थात् सर्वकर्मकारी हुन्, किनभने त्यस कर्म सम्प्लुतोदकको समान सबै कर्म विद्यमान छ। अथवा देहेन्द्रियहरुको व्यापाररुप कर्महरु गरेर पनि जस्ले आत्मालाई देहादिबाट अतिरिक्त अनुभव गर्दछ, आत्मामा अकर्म या स्वाभाविक नैष्कर्म्य मात्र अनुभव गर्दछ, तथा अकर्मलाई - यथार्थ ज्ञानको अभावमा दु:ख बुध्दिले कर्मत्यागलाई कर्म बुझ्दछ, अर्थात प्रयत्नसाध्य एवं बन्धनको हेतु सम्झन्छ - यस्तो मनुष्य मनुष्यहरुमा यथार्थ बुध्दिमान या पंडित हुन्, यसको कारण भन्नु हुन्छ - किनभने यदृच्छाबाट प्राप्त आहारादि समस्त कर्महरु गरेर पनि आत्मालाई अकर्ता मानेर जो आत्मज्ञान द्वारा समाधिस्थ हुन्छ, उही युक्त हुन्। यसबाट सिध्द हुन्छ - स्वभावत: (अनायासै) प्राप्त कलंजादि (दूषित मांसादि) भक्षण पनि ज्ञानीको लागि दोषावह हुँदैन, परन्तु अज्ञ व्यक्ति आसक्ति वश जे जो गर्दछन् त्यो दोषमय हुन्छ। अतयव सम्झनु पर्छ - यसद्वारा विकर्म तत्त्व पनि निरुपित हुन गयो ॥ १८ ॥

आध्यात्मिक व्याख्या - "फलाकांक्षा साथै जुन कर्म छ, त्यो अकर्म हो, फलाकांक्षारहित जुन कर्म छ त्यो कर्म अर्थात क्रिया हो, जसलाई गर्दा खेरि मनुष्य बुध्दिमान हुन्छ तथा स्थिर रहन्छ क्रियाको परावस्थामा, त्यसले सन्सारको समस्त कर्म गरिलियो।"

- फलाकांक्षा विरहित कर्म (अर्थात क्रिया गर्नु) सर्वश्रेष्ठ छ, त्यसमा कर्म जनित शुभ अशुभ फल भोग्नु पर्दैन, अतयव त्यो अकर्म अर्थात अननुष्ठितवत् - नगर्नुको समान छ। परन्तु जबर्जस्ती कर्मत्याग गरेमा इच्छारहित अवस्था आउँदैन, अनि विहित या कर्तव्य कर्म नगर्नाले दोष हुन्छ तथा कर्मवासना त्यस समय पनि यथेष्ट रहन्छ, अतयव कर्मफलको फन्दाबाट छुटकारा पनि मिल्न सक्तैन। अतयव चित्तको अशुद्धावस्था रहुंजेल कर्मत्याग पनि हुँदैन। परन्तु योगीहरुलाई थाहा छ प्राणकर्म फलाकांक्षादेखि शून्य हुन्छ, यसैले उनीहरु आफ्नो समस्त शक्तिलाई प्राणको साधनामा लगाई दिन्छ। प्राणसँग यदि मन युक्त भएमा त मन पनि प्राण समान फलाकांक्षा शून्य भै निश्चल हुन जान्छ। तब योगीले वाह्यकर्म गरेता पनि त्यो लक्ष्यहीन हुनुको कारण अकर्मै तुल्य हुन्छ। कुनै किसिमको बन्धन उपस्थित हुँदैन। यस किसिमसँग जस्ले कर्म गर्दछ, उही यथार्थ कर्मकारी र योगी हुन्। तिनीहरु बुध्दिमान पनि हुन्, किन भने स्थिर मन नै बुध्दि हो। तिनीहरु क्रियाको परावस्थामा रहन्छन्, अतयव बुध्दिमान पनि उही हुन। इन्द्रिय, मन, बुध्दि आदि सब जडछन, आत्माको चैतन्य-धर्मले यिनीहरु चेतनवत् प्रतीत हुन्छन्। अब यो हेर्नु छ, - समस्त कर्महरुको कर्ता को हो ? सद्सत् कर्मको कर्ता अहंकार हुन्, यो अहंकार उत्पन्न हुन्छ आत्मासँग बुध्दिको मिलनको कारण। अहंकार नै विहित अविहित सारा कर्महरुको कर्ता हो, इन्द्रियादि उसको करणस्वरुप छ। परन्तु कर्म गरिने बेला यस्तो भ्रम हुन्छ - आत्माले नै कर्म गरिरहेछ। आत्मा द्वारा कर्म नगरिएपनि आत्मा कर्ता जस्तो किन प्रतीती हुन्छ ? किनभने आत्माको चेतन-धर्म बुध्दिमा आरोपित हुन्छ, तथा बुध्दि आदि द्वारा कृत कर्म आत्म-कृत जस्तो लाग्ने गर्दछ, अनि यस किसिमसँग जति कर्म गरिन जान्छ उति उति अहंकार बढ्दै जान्छ, तथा अहंकारको आधिक्यले कर्मको पनि बढोत्तरी प्राप्त हुन्छ, र अनि जीवको पनि बन्धन झन कसिलो सुदृढ हुन जान्छ। अब यो समझमा आई हाल्यो-कर्ममात्रै

अनात्मकृत धर्म हो, यो विल्कुलै आत्माको होइन । परन्तु आत्मा सिवाय जब पारमार्थिक सत्य अरु केही पनि छैन तब कर्म र त्यसको कर्त्ता सबै मिथ्या हुन । अतयव कर्म गरिएर पनि नगरिएकै समान हुन जान्छ । आत्मा एवं कर्मको तत्त्व जसले बुझ्दछ, उसको अगाडि कर्ममा अकर्म देखिन्छ, र आत्मा कर्ता होइन भन्ने यो धारण जब दृढ हुन जान्छ त अहंकार रहँदैन, अतयव कुनै बन्धन पनि घटित हुँदैन । जीव अभिमानी भएर नै कर्मफल भोग गर्दछ, यदि अहंकार मेटिन गये त फल प्राप्ति कस्लाई होला ? अतयव कर्मफल पनि मेटिन जान्छ । आत्मासँग योगयुक्त मनुष्य अहंकार-शून्य हुन्छ, अतयव कर्मेन्द्रियादि द्वारा कर्म भएर पनि कर्म बन्धन घटित हुँदैन । अतयव निरहंकारी योगीको निम्ति कलंजादि अभक्ष्य भक्षणमा पनि दोष हुन सक्तैन । अनि जुन मानिसहरु कर्म-बन्धनको भयले कर्म गर्दैन र मनमनै त्यागी भएका छौं भनेर संतुष्ट हुन्छन्, किन्तु तिनीहरुको अहंकार नष्ट भएको छैन भने त उनीहरुको कर्म शून्य अवस्था पनि घोर बन्धनको कारण बन्न जान्छ । यस प्रकार अकर्ममा पनि जस्ले कर्म देख्दछ त्यो पनि बुध्दिमान हो । प्राण र मन स्थिर नभै बुध्दि स्थिर हुँदैन र बुध्दि स्थिर नभैकन आत्माको निश्चल-भाव र अक्रिय भाव समझमा आउँदैन, अतयव मन बुध्दिलाई स्थिर गर्नको लागि योगाभ्यास गर्नु उचित छ । योगाभ्यासजनित जुन परावस्था प्राप्त हुन्छ, त्यसद्वारा आत्माको निष्क्रियता राम्रैसँग उपलब्ध हुन्छ, तब उनीहरु स्वयं उपस्थित कर्महरु गर्नमा पनि भय गर्दैनन, र कर्म नहुँदामा पनि सन्सारासक्त जीव समान कर्मको लागि व्याकुल हुँदैन । आत्मक्रियाको अन्तिम फल एकाग्रता या मनको निरोध हो, मनमा जब कुनै पनि कारणले संकल्पको तरंगहरु उठ्दैन त त्यसैलाई चित्तशुध्दि भन्दछन् । यस प्रकार चित्त शुध्द भएपछि नै क्रियाको परावस्था घनीभूत हुँदै स्थायी हुन्छ तबै आत्मसाक्षात्कार या ज्ञानको प्राप्ति हुन्छ । यस अवस्थालाई योगारुढ पनि भन्दछन् । यस अवस्थामा इन्द्रियादि द्वारा कर्म भए पनि, ती कर्मले योगीलाई बाँध्न सक्तैन । यही हो फलाकांक्षारहित कर्म । फलाकांक्षारहित कर्म नगरिएमा त राम्रो नराम्रो सबै किसिमको कर्महरुबाट जीव बन्धनमा पर्दछ । अतयव कर्म नगरी चुपचाप बस्नाले कर्म त्याग हुन सक्तैन । आफ्नो लागि नभै भगवत्प्रीति-साधनको लागि जुन कर्म गरिन्छ त्यो पनि बन्धनकारक हुँदैन । क्रिया व्यापार साध्य भएर पनि जब भगवत्प्रीत्यर्थ गरिन्छ, तब त्यसप्रकारको कर्मले साधकलाई बन्धनमा पार्दैन, बरुझन उसलाई बन्धनबाट हटाउँछ । यस प्रकारको भावनाले काम गरेमा साधक लोकमा बुध्दिमान हुन्छ । अर्थात् भगवान्को साथ योग युक्त अवस्था प्राप्त गर्दछ । यस भन्दा कर्मको उच्चतर अवस्था अरु कुनै हुन सक्तैन । यज्ञादि कर्म इन्द्रियादि साध्य छ, परन्तु योगीहरु जान्दछन-उनीहरु इन्द्रियातीत आत्मा हुन् अतयव यज्ञादि कर्महरु गर्दामा पनि उसलाई कर्मले बाँध्न सक्तैन । धेरैजसो मानिसहरु सम्झन्छन् - यज्ञमा पशुबधादि अवैध कर्म हुन्, परन्तु वेदमा यज्ञको निम्ति पशुवधको विधान छ - “अग्निषोमीयं पशुमालभेत”, श्रुतिविहित कर्मद्वारा नरक पाप आदिको संभावना हुँदैन । परन्तु यस प्रकारको सारा व्यवस्थाहरु कामासक्त मानिसहरु कै लागि हुन्छ । यी यज्ञादि कर्महरु नगर्नाले सन्ध्या वन्दनादि नगर्नु समान दोष लाग्दैन । यसैले यस्तो कर्महरु नगरे पनि कर्मकर्त्ता दोषको भागी हुँदैन । यी सारा हिंसात्मक कर्महरु द्वारा जीवको स्वेच्छाचारलाई संयत गर्नु नै शास्त्रहरुको उद्देश्य हो । टीकाकार नीलकंठ भन्नु हुन्छ - “न हि कृत्स्नो वेदस्तथा तद्बोधिता यज्ञाश्च पुरुषं हिंसायां प्रवर्त्तयन्ति, किन्तु परिसंख्याविधया निवृत्तिमेव

बोधयन्तीत्यर्थः ।" सारा वेद र वेदविहित यज्ञ पुरुषलाई हिंसा-कर्म गर्न प्रेरित गर्दैन । बरु परिसंख्या विधिद्वारा निवृत्तिको नै उपदेश प्रदान गर्दछ । यस बाहेक पशुवधको एक आध्यात्मिक रहस्य पनि छ । पशुवध नगरी यज्ञ पूर्ण हुँदैन, यस्को लागि पशुवध गर्नु नै पर्छ । *"यज्ञानां जप-यज्ञोऽस्मि"* - समस्त यज्ञहरुमा जपयज्ञै भगवान्को विशिष्ट विभूति हो । अनि जपहरुमा अजपाजपै सर्व प्रधान छ । यो अजपाजपरुप महायज्ञ पनि पशुवध विना पूर्ण हुँदैन । परन्तु यी पशु छाग-महिष आदि होइन, मनुष्यको चित्त क्षेत्रमा काम-लोभादि पशुहरुको समूह सदा विचरण गर्दछ तथा साधकको महा अनिष्ट साधन गर्दछ, प्रवृत्तिमूलक यी समस्त पशुभावहरुलाई बलि दिनु पर्नेछ । बलि माने त्याग, त्याग विना यज्ञ पूर्ण हुँदैन । भक्त रामप्रसाद भन्नु हुन्छ - "कामे दिये अजा बलि, क्रोधे दिए महिष बलि, जयकाली जयकाली बले ।" परन्तु पशुवधको सम्वन्धमा भनेको छ -

"त्रिभुवन ये मायेर छेले तांर कि आछे पर-भावना;
तुइ कोन लाजे चास् दिते बलि मेष महिष आर छागल छाना ॥"

अर्थात तीनै लोक आमाका सन्तान् हुन्, तव के उनी ती पशुहरुमा परभावना गर्न सक्दछ ? तं कुन अधिकारले भेंडा, बाखा, राँगा बलि दिन चाहन्छस् ।

जवसम्म काम क्रोधादि दूर हुन जाँदैन, तव सम्म मनको कामसंकल्प नष्ट हुनेवाला छैन । यसको विचार जरुरी छ, परन्तु केवल विचार गर्दैमा केही हुने छैन । मनलाई स्थिर र शुध्द गर्नु पर्नेछ, जसबाट काम संकल्पको तरंग न उठोस । आफ्नो र पराईको भाव छोड्नु पर्नेछ, यही शुध्द मनको लक्षण हो । क्रियाको परावस्था विना मन वस्तुतः शुध्द हुँदैन, कुनै न कुनै किसिमको दोष त्यसमा रहिनै जान्छ । जवसम्म बाह्य पदार्थको अनुभव भैरहन्छ, मन कल्पनाशून्य हुन सक्तैन । संकल्पको प्रशमन हुनु विना मनको निष्क्रिय हुने अरु कुनै उपाय छैन । स्थिर या ध्यानी पुरुष व्यावहारिक कर्ममा रत रहेर पनि लक्ष्यहीन हुँदैन । साधनाको यही उत्कृष्ट फल हो । यही हो उसको कर्ममा अकर्म दर्शन । भगवान् वशिष्ठको उपदेश छ -

"पश्यन् कर्मण्यकर्मत्वमकर्मणि चं कर्मताम्;
यथा भूतार्थचिद्रुपः शान्तमास्स्व यथासुखम ॥"

कर्मलाई अकर्म ब्रहमरुपमा, तथा अकर्मलाई (निष्कृय ब्रहमस्वरुपलाई) अवश्य कर्त्तव्य कर्मरुपमा जानी कन तिमी यथासुख शान्त चित्स्वरुपमा अवस्थान गर । ॥ १८ ॥

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ;
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥ १९ ॥

श्री धरीय टीका- [कर्मण्यकर्म यः पश्येत यस श्लोकको श्रुत्यर्थ एवं तात्पर्य द्वारा जुन दुई अर्थ भनिएकोछ, त्यसैलाई अगाडिको पाँच श्लोकहरुमा अझ्भन स्पष्ट गरी भन्नु हुन्छ]-जस्को सारा कर्महरु

फल कामनारहित छ, विवेकी पुरुषले उस्लाई पंडित भन्दछन् । यसको कारण यो छ - यस्तो कर्महरु द्वारा चित्तशुध्दि भएपछि तदुत्पन्न ज्ञानाग्नि द्वारा उसको समस्त कर्महरु दग्ध हुन जान्छ र अकर्मता प्राप्त हुन्छ । आरुढावस्थामा 'काम' अर्थात् फलहेतु विषय तथा कामको लागि यो कर्तव्य हो - यस किसिमको कर्तव्य विषयक संकल्प - यी दुवै बर्जित हुन्छ ॥ १९ ॥

आध्यात्मिक व्याख्या - "अनावश्यक कर्ममा इच्छारहित छ, वर्तमान अवस्थामा र भविष्यमा यस किसिमका समस्त कर्महरुलाई जस्ले दग्ध गरिदिएकोछ तिनीहरु नै पंडित हुन् । आजकालको पंडित विपरित छन्, भन्छन्, दुर्गापाठ गर अमुक फल दिन्छ ।"

- हामी धेरै जसो अनावश्यक विषयहरुको पनि कामना गर्दछौं, परन्तु यस किसिमको सवै चिन्तना व्यर्थ छन् । जस्ले यस किसिमको व्यर्थ चिन्तना गर्दैन तथा लोभवश भविष्य कर्मको विषयमा पनि संकल्प गर्दैन, तिनीहरु दग्ध कर्मा हुन् र तिनीहरु नै पंडित हुन । साधकलाई यस्तै दग्धकर्मा बन्नु पर्दछ । वास्तविक पंडित कर्म फलको आकांक्षा पनि गर्दैन तथा कर्ममा उस्को अभिमान पनि हुँदैन । यी दुई प्रकारको बोध जस्को कर्मको हेतु छैन तिनीहरु नै पंडित हुन । अभिमानले इच्छा हुन्छ, अनि इच्छाबाट वस्तुमा आसक्ति हुन्छ, र त्यसबाट पुनः काम उत्पन्न हुन्छ । भगवत् प्राप्तिमा यो भयानक विघ्न हुन्छ । निश्चय नै भगवत्प्राप्तिको इच्छा या मुक्तिको इच्छा काम होइन, 'न तु कामाय कल्पते' । परन्तु भगवत्प्राप्तिको साधना गर्दा गर्दै यदि संकल्पको उदय हुन्छ - मलाई सिध्दि प्राप्त हुनेछ, के के देख्न र सुन्नमा आउनेछ भने त यसकिसिमको संकल्प जुन साधकहरुको मनमा उठदछन्, उनीहरुको समारम्भ अर्थात क्रियानुष्ठान काम संकल्प वर्जित हुँदैन, उनीहरुको एसकिसिमको कर्म कर्म भएर पनि शुभ फल उत्पादन गर्दैन । यसबाट नैष्कर्म्य या ज्ञानको प्राप्ति हुँदैन । परन्तु जुन मानिसहरु कुनै किसिमको लाभालाभ तिर दृष्टि नराखी केवल गुरुवचनको पालन गर्दछ, तिनीहरु पनि यथासमय कर्मको फल प्राप्त गर्दछन्, परन्तु यस्को लागि उनीहरुलाई संकल्प गर्नुको जरुरी हुँदैन । साथै आफ्नो कर्त्तृत्त्वाभिमानी एवं कर्मफल-तृष्णा नहुनुको कारण कर्मपनि प्रवाहवत् चलिरहन्छ ; यस प्रकारको कर्म गर्न सकेमा त्यस्को फल नैष्कर्म्य या ज्ञान प्राप्त हुन्छ । यस किसिमको ज्ञानाग्निदग्ध साधक नै पंडित कहलाउँछ ॥ १९ ॥

त्यक्त्वा कर्मफलासंग नित्यतृप्तो निराश्रयः ;
कर्मण्यभिप्रवृत्तोऽपि नैव किंचित करोति सः ॥ २० ॥

श्री धरीय टीका- कर्म र कर्मफलमा जस्ले आसक्ति त्यागेर नित्य निजानन्दमा तृप्त रहन्छ, अतयव योग-क्षेममा (योग=अप्राप्त विषयको लागि प्रयत्न, क्षेम=प्राप्त विषयको रक्षा) कसैको आश्रय राख्दैन अर्थात् कसैको अपेक्षा गर्दैन, यस किसिमको पुरुष स्वाभाविक या विहित कर्ममा प्रवृत्त भएमा पनि केही गर्दैन । उसको कर्म अकर्मतालाई प्राप्त हुन जान्छ ॥ २० ॥

आध्यात्मिक व्याख्या - "फलाकांक्षारहित भएर, नित्यतृप्त निराश्रय भएर सबै कर्म गर्दामा पनि उस्ले केही पनि गरेको हुँदैन ।"

-फलाकांक्षा रहिरहे कुनै किसिमले तृप्ति हुन सक्तैन । जस्को हृदयवाट फलाभिलाषाा मेटिएको छ, उही नित्यतृप्त छ । मन संकल्प-विकल्प धर्म ले युक्त भै कुनै न कुनै वस्तुको अवलम्वन गर्दछ नै । क्रियाको परावस्थामा विषय-संगको त्याग हुन जान्छ । अतयव निजानन्दमा त्यो स्वयं मग्न हुन जान्छ, र त्यस अवस्थामा मनन गर्नको लागि केही पनि रहँदैन, अतयव उस्को मन कुनै वस्तुको अवलम्वन नगरी निरालम्वनमा स्थिर रहन्छ । यसैको नाम हो निराश्रय भाव । कर्मासक्ति रहेर नै आश्रय रहन्छ । जस्लाई कर्मासक्ति छैन उस्को कुनै आश्रय पनि हुने छैन । आसक्ति रहँदा कर्म फल उत्पन्न हुन्छ, त्यस कर्मफलको अनुरुपै जीवको अदृष्ट वन्दछ, र तज्जनित सुख-दुःख भोग पनि अनिवार्य हुन जान्छ । जस्मा यो आसक्ति हुँदैन, तथा कुनै वस्तुको लागि चित्तमा अपेक्षा हुँदैन, उस्को मनको आश्रय तब एकमात्र परमानन्दस्वरुप आत्मा हुन्छ र उ त्यसैमा तृप्त रहन्छ । यस किसिमको पुरुषको कर्म प्रविलय हुन जान्छ । तथापि पूर्व संस्कारवश यदि उस्लाई कुनै प्रकारको सुख दुःखादि भोग गर्नु परे पनि या कर्ममा प्रवृत्त हुनु परे पनि त फलासक्ति एवं कर्ममा कर्तृत्त्वाभिमान नहुनुको कारण, यस अवस्थामा पनि उस्को अदृष्ट बन्दैन । अतयव केही गरेमा पनि त्यो नगरेकै समान हुन्छ, अर्थात् कर्म बन्धन हुँदैन । ॥ २० ॥

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ;
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥ २१ ॥

श्री धरीय टीका- 'निराशीः' निर्गत् भएकोछ कामना जसवाट अर्थात निष्काम भएर 'यतचित्तात्मा' - चित्त र देहमा संयत गरी - समस्त विषयादिको परिग्रह त्यागी-कर्तृत्त्वाभिनिवेशरहित भएर शरीर मात्रको निर्वाह होस यस्तो कर्म गरी त्यो बन्धनलाई प्राप्त हुँदैन । योगारुढ पक्षमा, शरीर निर्वाह गर्न उपयोगी स्वाभाविक कर्महरु गरेर पनि 'किल्विषं' अर्थात् विहित कर्महरु नगरिनुको कारण उत्पन्न दोषहरुलाई त्यो प्राप्त हुदैन ।

आध्यात्मिक व्याख्या - "आशारहित भएर, आत्मालाई कूटस्थमा राखी, अन्य वस्तुमा नगैकन शरीरले केवल क्रिया गरेमा कुनै पाप रहँदैन ।"

-संसारमा जति पनि कार्यहरु छन् त्यसलाई गर्दा एक न एक दोष घटित हुन्छ नै । आसक्ति रहेमा त झन भन्ने नै के कुरा, त्यससमय पुण्यकर्म पनि दोषयुक्त हुन जान्छ, अर्थात बन्धनको कारण बन्न जान्छ । तब फेरि क्रिया गर्नु र क्रियामा आसक्त हुँदाखेरि दोष किन लाग्दैन ? यस्को उत्तर दिनु हुन्छ - जो आशारहित छ, अर्थात् जस्को मनमा कुनै काम या विषय प्राप्तिको आशा छैन, तिनीहरु अन्य कुनै वस्तुमा लक्ष नराखीकन केवल कूटस्थमा मन लगाई राख्छन् । यसवाट चित्त र शरीरको संयमको अभ्यास हुन्छ । यस किसिमसँग शरीर एवं चित्तद्वारा तिनीहरु - कार्य गर्दछन् - यही हो *"शारीरं केवलं कर्म ।"* 'शरीर' बाट के मतलव हुन्छ ? *"शरीरेण निर्वर्त्यं शारीरम्"*-अर्थात् जुन कर्म शरीर द्वारा निष्पन्न हुन्छ । यस प्रकार शरीर द्वारा निष्पाद्य जुन 'केवलकर्म' या क्रिया छ, त्यस्लाई नगर्नाले साधकलाई पाप लाग्दैन । पाप लाग्दैन, किनभने आत्मामा लक्ष्य नगरी अन्य वस्तुमा मन लगाउनु नै त पाप हो; परन्तु जस्ले उपर्युक्त किसिमले

साधन गर्दछ, उसको मन आत्मामा स्थिर हुन्छ, अतयव विषयवाट स्पर्श नहुनुको कारण कुनै पाप लाग्दैन । शरीर द्वारा निष्पाद्य कर्म त अनेकानेक छन्, परन्तु याँहा जुन कर्महरुको कुरा भनिई रहेकोछ, ती यस शरीर द्वारा निष्पाद्य 'केवल कर्म' हुन्, अर्थात जुनकर्म द्वारा कैवल्य पद प्राप्त हुन्छ । त्यो कसरी ? योग शास्त्रमा भनेकोछ -

"रेचकं पूरकं त्यक्त्वा सुखं यद्वायुधारणम्;
प्राणायामोऽयमित्युक्तः स केवल इति स्मृतः ॥"

प्राणायामादि साधन गर्दै गर्दै विना आयासै रेचक एवं पूरक अर्थात् श्वास एवं प्रश्वास स्थिर हुन जान्छ, यही 'केवल' प्राणायाम हो । यसद्वारा प्राणावायुलाई सिरमा धारण गरे पछि नै कैवल्य- प्राप्त हुन्छ । शिव यसैले गंगालाई सिरमाथि धारण गरि रहन्छन्, यसै किसिमसँग यस प्राणारुपिणी गंगालाई जस्ले सिरमा धारण गरी राख्न सक्दछ तिनीहरु नै शिव हुन् ॥ २१ ॥

यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः;
समः सिध्दावसिध्दौ च कृत्वापि न निबध्यते ॥ २२ ॥

श्री धरीय टीका- "यदृच्छालाभ"-अर्थात् नमागी कन जुन लाभ उपस्थित छ, त्यसैमा जो सन्तुष्ट छ, 'द्वन्द्वातीत' - शीतोष्णादि सहनशील छ, 'विमत्सर' अर्थात निर्वैर छ, तथा सिध्दि एवं असिध्दिमा जो सम छ, अर्थात् हर्ष विषाद रहित छ-यस किसिमको पुरुष योगारुढ हुन इच्छुक भएमा शास्त्र विहित कर्म तथा योगारुढ भए पछि स्वाभाविक कर्म (अन्न पानादि) गरेर पनि बन्धनलाई प्राप्त हुँदैन ॥ २२ ॥

आध्यात्मिक व्याख्या- "जुन अरुको इच्छा भयो, त्यसद्वारा जे लाभ हुन्छ, त्यसैमा सन्तुष्ट, संशय छैन, अहंकार छैन - सिध्दि असिध्दि दुवैमा समान छ, यसकिसिमसँग जस्ले कर्म गर्दछ, त्यो कसैसँग आवध्द हुँदैन, -सारा कर्म गरेर पनि ।"

-(क्रियाको परावस्था प्राप्त योगीको लक्षण)-जो योग-समाधिबाट उठेको योगीको वाह्य चेष्टा हुन्छ, त्यस समय त उस्को मन वाह्य विषयमा लिप्त हुनेनैछ । यसैले भनिन्छ - उपर्युक्त अवस्थालाई प्राप्त योगी आफ्नो निजी प्रयोजनको लागि कहिले व्याकुल हुँदैन, त्यो अयाचित लाभमा सन्तुष्ट हुन्छ । अरु मानिसले जुन आफ्नो इच्छाले दिन्छ, त्यसैमा उ प्रशन्न रहन्छ । 'यो भएन, त्यो भएन' - यस प्रकारको तरंग उसको मनमा उठ्दैन । समाधिको समय बुध्दिमा वाह्य विषय ग्रहण हुँदैन, अतयव उ द्वन्द्वातीत भावमा हुन्छ । अनि व्युत्थानको वेलामा असल कमसल जे जस्तो प्राप्त हुन्छ, त्यस्मा उस्लाई संकोच हुँदैन । यस्तो नभएमा कष्ट हुनेछ, त्यस वस्तुले सुख होला-यस किसिमको अभिमान र अहंकार पनि हुँदैन उसलाई । अनि शीतोष्णादि द्वन्द्वले पनि उसलाई व्याकुल गर्न सक्दैन । किनभने उस्ले जानेको हुन्छ - यी सबै मिथ्या हुन, अतयव उस्ले सवैकुरा सहन सक्छ । उस्को मन सदा स्थिर रहन्छ - अतयव उसमा सदा नै साम्यभाव रहन्छ, अनि लाभालाभ, शीतोष्णादिमा पनि उसलाई हर्ष विषाद उत्पन्न हुँदैन । यस किसिमको योगी जस्ले

केही सामान्य कर्म जीवन यात्राको लागि गर्दछ, त्यस्ले कुनै विशेष संस्कार उत्पन्न हुँदैन, यसैले त्यो वध्द पनि हुँदैन ॥ २२ ॥

गतसंगस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ;
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥ २३ ॥

श्री धरीय टीका- निष्काम, रागादिमुक्त, ज्ञानमा अवस्थित चित्त पुरुषले ईश्वर निमित्त कर्म गरे पनि उस्को समस्त कर्म वासनासहित प्रकृष्टरुपले विलयलाई प्राप्त हुन्छ, अकर्म भावलाई प्राप्त हुन्छ । योगारुढ पक्षमा यज्ञरक्षणार्थ अर्थात् लोकसंग्रहार्थ गरिएको उस्को कर्म पनि अकर्मतालाई प्राप्त हुन्छ ॥ २३ ॥

आध्यात्मिक व्याख्या- "इच्छारहित भै आत्मामा रहेर सबै कर्महरुमा ब्रहमलाई देख्दछ ।"

-योगीको कर्म कसरी साधनाभ्यास द्वारा अकर्मतालाई प्राप्त हुन्छ ? आत्मस्थित योगी कामना, अभिलाषा रहित हुन्छ, यसैले उसलाई सबै कर्महरुमा ब्रहमको बोध हुन्छ । उसको चित्तवृत्ति आत्मस्वरुपमा विलीन रहन्छ, अतयव उ ज्ञानस्वरुपमा अवस्थान गर्दछ, तथा उसलाई कर्म र कर्मफलले आबध्द गर्दैन । यज्ञ शव्दको अर्थ हो विष्णु, विष् धातु प्रवेशनार्थ प्रयुक्त हुन्छ । जुन सर्वत्र या सबै बस्तुहरुमा प्रविष्ट छ उही आत्मा हो । त्यसको प्रीतिको लागि जे जुन कर्म गरिन्छ, त्यो हो यज्ञ । आत्मा त सदा आनन्दमय छ, भने फेरि उस्को प्रसन्नता के हो ? - त्यो नित्य प्रसन्न भावयुक्त छ, यसैको उपलव्धि गर्न सक्नु । त्यस अवस्थालाई बुझ्नको लागि त्यस्तै नै बन्नु पर्नेछ । जसबाट यो भाव आउँछ त्यस्तो कर्म अर्थात् क्रिया साधनादि द्वारा मनुष्य कुनै बन्धनमा पर्दैन । अनि जुन जगत्को जीवहरुको कल्याणको लागि, अरुलाई स्वधर्ममा लगाउनुको लागि यस क्रियाको प्रचार गर्दछ, त्यस योगारुढ पुरुषको कर्म पनि अकर्मतालाई प्राप्त हुन्छ ॥ २३ ॥

ब्रहमार्पणम् ब्रहमहविर्ब्रहमाग्नौ ब्रहमणा हुतम्;
ब्रहमैव तेन गन्तव्यं ब्रहमकर्मसमाधिना ॥ २४ ॥

श्री धरीय टीका-[परमेस्वराधन लक्षण कर्म ज्ञानको हेतु हुन्छ तथा त्यस्मा बन्धकत्वको अभाव हुन्छ, एसैले त्यो अकर्मै हो । आरुढावस्थामा आत्मा अकर्त्ता हुन्छ - यस किसिमको ज्ञान हेतु स्वाभाविक अकर्ममा कर्म र कर्ममा अकर्म देखिन जान्छ । अब देखाउनु हुन्छ - कर्म या कर्मांग सबैमा ब्रहम अनुस्यूत या अधिष्ठित छन् यस प्रकारको द्रष्टाको पनि कर्मको प्रविलय हुन जान्छ]-अर्पण स्रुवादि यज्ञपात्र या दर्वी ब्रहम हो , हवनीय घृतादि ब्रहम हो, अग्नि ब्रहम हो, त्यसमा ब्रहमकर्त्ता द्वारा होम सम्पन्न हुन्छ, अर्थात् होता पनि ब्रहम हो । अग्नि, कर्त्ता, क्रिया सबै ब्रहम हो । यस किसिमसँग ब्रहमात्मकर्ममा जस्को चित्त एकाग्र छ त्यो "ब्रहमैव गन्तव्यम्" ब्रहमलाई नै पाउँदछ । यस्मा अन्य फलको प्राप्ति हुन सक्तैन ॥ २४ ॥

आध्यात्मिक व्याख्या - "अर्पण गर्नु पनि ब्रहम हो, अन्न ब्रहम हो, " हृदयमा अग्नि छ - त्यो ब्रहम हो, मुखमा अन्न हाल्दै जानु - त्यो पनिब्रहम हो ; ब्रहममै जानको लागि ब्रहमकर्म समाधानको लागि ।"

-पहिले नै भनिएको छ - समस्त यतिहरु सबैकर्महरुमा ब्रहमलाई देख्दछन् यही यस श्लोकमा विशेषरुपले भन्नु हुन्छ । ईश्वराधनार्थ गरिने कर्म ज्ञान प्राप्तिको हेतु हुन, अतयव यस्तो कर्महरुले वन्धन हुँदैन । ज्ञान प्राप्ति भए पछि साधकलाई सर्वत्र ब्रहमदर्शन हुन्छ, भेदवुध्दि नष्ट हुन जान्छ । साधन गर्दै गर्दै श्वास जब ब्रहमनाडीमा प्रवेश गरी सिरमा चढ्न जान्छ र अनि त्यस्को साथै मन पनि निरुध्द हुन जान्छ, तब *"तत् शुभ्रं ज्योतिषां ज्योतिः"*- दर्शन गरी योगी स्वयं पनि ज्योतिरुप या ज्ञानस्वरुप हुन जान्छ । तब शरीरस्थ अग्नि एवं त्यसद्वारा परिचालित शरीर यन्त्र तथा यो प्राणरुपी हवि, अनि यस प्राणलाई ब्रहममा मिलाउनेवाला साधकको चेष्टा, तथा ब्रहममा समाहित मनको अवस्था सबका सब ती ब्रहममय हुन जान्छ । अनि वन्धन हुन्छ त कसलाई हो ? अनिको कस द्वारा बन्धनमा फंस्ने ? अर्थात् यस अवस्थालाई प्राप्त योगीको कर्मफल उत्पन्न हुँदैन, अतयव कर्माकर्म फलभोग पनि हुदैन । कर्म गरेर त्यसैलाई फलभोग गर्नु पर्दछ, जसको कर्त्ता, कर्म, करण आदि ईश्वरार्पित हुँदैन । कर्मबन्धनवाट बच्ने एकमात्र उपाय हो ब्रहमार्पण । आत्मा त सदा छ ब्रहमै, जतिपनि गंजागोल छ त्यो त मनैले उत्पन्न गर्दछ । अतयव मनलाई पनि ब्रहमार्पण गरी ब्रहमको समधर्मी बनाएर नै परम निश्चिन्तता मिल्न सक्दछ । मनमा यदि ब्रहममयी वृत्ति बाहेक अरु कुनै वृत्ति उठ्दैन भने त त्यसले मन र त्यसको मननादि व्यापार सवै ब्रहममय हुन सक्छ । मनलाई स्थिर नगरिकन यो कहिल्यै सम्भव छैन । कर्म गरेपछि त्यस्को फल उत्पन्न हुनेछ नै, अनि कर्म नगरिकन बस्न सकिन्न, यसैले कर्मलाई ब्रहंमार्पित गरिनु आवश्यक छ । जुन कर्म भगवान्को लागि नभै आफ्नो तृप्तिको लागि गरिन्छ, त्यो कर्म यज्ञरुपमा परिणत हुँदैन, अतयव सर्वत्र ब्रहमदर्शन रुप जुन विमुक्ति फल दिनेवाला ज्ञान छ, त्यो प्राप्त हुँदैन । मनलाई नै बन्धन र मनैलाईं मुक्ति हुन्छ, आत्मालाई बन्धन हुँदैन । अतयव उस्को मुक्त हुने प्रश्नै उठ्दैन । साधारणतः साधकहरुको दृष्टिमा आत्माको दुई किसिमको विभाग आउँछ, एक चिरस्थिर र दोश्रो चिरचंचल आत्माको जुन क्रियाशून्य स्थिर भाव छ, त्यसैलाई मानो हामी आत्मा भन्दछौ, अनि जुन भाव सक्रिय एवं चचंल छ, त्यसलाई मन भन्दछौं, र त्यसलाई व्यापकरुपमा हामी जगत् स्रष्टा हिरण्यगर्भ भन्दछौ । परन्तु यी दुवै विभाव एककै रुपान्तर हुन । वास्तविक रुपमा त - *"नेह नानास्ति किंचन ।"* परन्तु यो सक्रिय भाव अज्ञानाच्छादित हुनुको कारण तमोमय छ, अतयव यस अवस्थामा रहँदा रहँदा प्राण छट्पटाउन लाग्छ । र एसैले मुक्ति प्राप्त गर्न चाहन्छ । पुनः पुनः क्रिया गर्दै गर्दै यो सक्रिय भाव निष्क्रिय अवस्थालाई प्राप्त हुन्छ, यही ब्रह्मार्पण भनिन्छ, यसै अवस्थामा वस्तुतः सबै कर्म ब्रहमार्पित हुन्छ । हामी पहिले पहिले यस चिरस्थिर अमृत भावको पत्तो नै पाउँदैनौ, मन नै हाम्रो दृष्टिमा आउँछ यो मन र मनको असंख्य भावनाहरु क्रिया द्वारा एक हुन जान्छ । यस बेलामा जसलाई 'सकलवस्तु' रुपमा हामी सम्भन्छौं । त्यस समय त्यसमा फेरि कुनै वस्तुभाव रहँदैन ; सबैनै ब्रहम जानिन जान्छ । यसैले श्रुतिमा मनलाई तथा मनको कल्पना या बस्तुलाई ब्रहमरुपले उपासना गर्नुको लागि भनिएकोछ । *"मनो ब्रहम इत्युपासीत"* - यो स्थिर, अचंचल भाव ज्ञानात्मक हुनुको कारण ज्ञानस्वरुप भनिन्छ । किनभने भाव जबसम्म चंचल रहन्छ, तबसम्म ज्ञानको उदय हुँदैन र न अभिमान शून्यता आउँछ । यसै कारण चंचल एवं नानात्व भावनाहरुले युक्त यस क्रियात्मक् भावलाई सन्सार भन्दछन । यस चांचल्य या मनरुपता रहुंजेल आत्माको स्थिर भाव समभमा

आउँदैन । अतयव ज्ञान या अमृतत्व प्राप्त हुँदैन । अतयव सक्रिय भावधारालाई अक्रिय ब्रहम भावमा परिणत गर्नको लागि अर्पण, हवि, अग्नि, होता - सबैलाई ब्रहमरुपमा हेरिनुको उपदेश छ । ॥ २४ ॥

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ;
ब्रहमाग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥ २५ ॥

श्री धरीय टीका- [यस प्रकार यज्ञद्वारा सम्पादित सर्वत्र ब्रहमदर्शन लक्षणरुप ज्ञान नै सबै यज्ञको फल हो, अतयव श्रेष्ठ छ । यस कारण ज्ञानको प्रशंसाको निम्ति अगाडिको आठ श्लोकहरुमा अधिकारी भेदले ज्ञानको उपायभूत नाना यज्ञहरुको विषयमा उल्लेख गर्नु हुन्छ]-इन्द्र, वरुण, आदि देवता जसबाट पूजित हुन्छ ('एव' शब्द द्वारा यहाँ इन्द्रादिमा ब्रहमवुध्दि राहित्य सूचित गरिएकोछ) त्यस प्रकारको दैवयज्ञहरुको अनुष्ठान कर्मयोगीले गर्ने गर्दछन् । अन्य ज्ञानयोगीजन ब्रहमरुप अग्निमा, यज्ञरुप उपायद्वारा "ब्रहमार्पणम् ब्रहम हवि" इत्यादि किसिमसँग यज्ञादि समस्त कर्महरुलाई ब्रहममा आहुति दिन्छन्, अर्थात् सारा कर्म प्रविलय गर्दछ । यही ज्ञान यज्ञ हो । (सोपाधिकस्थात्मनो निरुपाधिकेन परब्रहमस्वरुपेणैवयद्दर्शनं स तस्मिन होमः - सोपाधिक आत्मालाई निरुपाधिक परब्रहमस्वरुपमा देख्नु अर्थात् जीवात्मालाई परमात्मामा होम गर्नु या लय गर्नु - यही ज्ञान यज्ञ हो-शंकर) ॥ २५ ॥

आध्यात्मिक व्याख्या-"कूटस्थ दर्शन पनि एक क्रिया हो,-योगीहरु यसैको उपासना गर्दछन् - ॐकार क्रिया-यज्ञद्वारा यज्ञमा आहुति (श्वास रोकेर ठोकर दिनु)-"

-योगीहरु कूटस्थ दर्शनको साधना गरेर कूटस्थ-ज्योतिको दर्शन गर्दछन् । यस प्रकारसँग दर्शन गर्नमा प्रतिदिन साधकहरुलाई इच्छा हुन्छ । यसै कारण तिनीहरु सकामी हुन् । कुनै कुनै योगीले यस प्रकार साधन गर्दछ, जसलाई देव यज्ञ भनिन्छ । देवयज्ञमा खेचरी साधनको अपेक्षा हुन्छ, यसमा कुनै बाहिरी पदार्थको आवश्यकता हुँदैन । केवल प्राणलाई ब्रहम ज्योतिमा हवन गर्दछन् । सुषुम्नामार्गबाट प्राणवायु प्रवाहित गरीकन मूलाधार सम्म ल्याउनु - यही जीवात्मामा परमात्मा दर्शन होम हो, यही "ॐकार क्रिया" भनिन्छ । यही ब्रहम यज्ञ हो । यसद्वारा ग्रन्थि खुल्न जान्छ । यसको फल स्वरुप साधक ब्रहममय हुन जान्छ । यस साधनको उपाय गुरुमुख द्वारा जानिन्छ ॥ २५ ॥

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति;
शब्दादीन् विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

श्री धरीय टीका- अन्य नैष्ठिक ब्रहमचारीहरु इन्द्रिय संयमरुपी अग्निमा श्रोत्रादि ज्ञानेन्द्रियहरुलाई होम गर्दछन्, अर्थात् ज्ञानेन्द्रियहरुलाई शब्द आदि विषयहरुबाट प्रत्याहृत गरी संयमप्रधान जीवन बिताउँछन् । अन्य मुमुक्ष गृहीहरु इन्द्रियरुपी अग्निमा शब्दादि विषयहरुलाई आहुति दिन्छन । विषय भोगकालमा पनि अनासक्त भएर इन्द्रियरुप अग्निमा शब्दादि विषयहरुलाई हविरुपमा प्रक्षेप गर्दछन् ॥ २६ ॥

आध्यात्मिक व्याख्या - "ॐकार-ध्वनि श्रवण ।"-

-कुनै कुनैले इन्द्रियसंयमरुप अग्निमा ज्ञानेन्द्रियहरुलाई होम गर्दछन् । प्राणायामको अभ्यास गर्दा योगीको इन्द्रियहरु प्रत्याहृत हुन्छ । यो प्रत्याहार अन्तमा यति घनीभूत हुन जान्छ, - त्यस समय बाह्य शब्दादिको कुनै स्पर्श अनुभव गरिदैंन । योग दर्शनमा लेखिएको छ - *"त्रयमेकत्र संयमः"* - कुनै बाह्य या आभ्यन्तर विषयको अवलम्बन गरी त्यसैमा धारणा, ध्यान, समाधि लगाउनुको नाम संयम हो । प्राणायाम गरिसके पछि केही काल सम्म मन स्थिर रहन्छ । अर्थात् मनमा जुन सदृश-प्रवाह चलिरहन्छ, त्यसको नाम धारणा हो । यो धारणा दृढ हुँदै हुँदै जब मन केही शान्त हुन्छ, त त्यसबाट एक राम्रो आनन्दानुभव हुन्छ । परन्तु पहिले पहिले त्यो त्यत्तिको गंभीर या स्थायी हुँदैन । अभ्यास कौशल द्वारा 'धारणा' जब केही स्वायत्त गरिन जान्छ त मनलाई अन्तरमुखी गर्न सजिलो हुन जान्छ; तथा चित्तवृत्ति यदि विजातीय वृत्ति द्वारा विचलित हुँदैन र अपेक्षाकृत केही दीर्घकालसम्म स्थायी हुन्छ, तव उस्लाई 'ध्यान' भनिन्छ । चित्तमा जब विजातीय प्रत्यय उठ्दैन र स्वजातीय प्रत्यय-प्रवाह दीर्घकालसम्म अविश्रान्त धारामा चलिरहन्छ त त्यसलाई 'समाधि' भन्दछन् । ध्यानलाई आयत्त गर्नको लागि कुनै अवलम्वन ग्रहण गर्नु पर्ने हुन्छ । परन्तु बाह्य दृश्यादिको अवलम्वन गरी जुन एकाग्रताको अभ्यास गरिन्छ, त्यसको अपेक्षा कुनै आभ्यन्तरीय वस्तुको अवलम्वन गरेमा ध्यानलाई शीघ्र-अधिकृत गर्न सकिन्छ । प्राणायामादि साधन द्वारा प्राणवायुको स्थिरता हुन गएमा आभ्यन्तरिक शब्द श्रुतिगोचर हुन्छ । यही 'अनाहत' शव्द हो । यस शव्दमा मनलाई लगाई राख्दा त्यसले चित्तमा जुन धारणा-ध्यानरुप संयम हुन्छ, त्यस अवस्थामा चित्त अनाहत शव्दसँगै मिल्न जान्छ र एकदमै वृत्तिशून्य हुन्छ । तव उस्को समाधि अवस्था सहजै उत्पन्न हुन्छ । साधारणतः इन्द्रियहरुले विषयहरुलाई ग्रहण गर्दछन्, त्यस समय इन्द्रियरुपी अग्निमा विषयहरुको आहुति त हुन्छ नै, परन्तु त्यसले मनको व्यथा, ज्वाला निमन हुँदैन, किनभने मन त विषयग्रहण गरेको समय विक्षेपयुक्त नै रहन्छ । अनि प्राणायामादि साधनको फलस्वरुप जब 'नाद' प्रकटित भैरहन्छ अथवा कूटस्थादिमा विचित्र रुपादि देखिई रहन्छ, जब इन्द्रियादिको विषय ग्रहण समान भैकन पनि त्यो एक अपूर्व व्यापार छ । त्यसमा वस्तु ग्रहण त हुन्छ, परन्तु विक्षेप रहँदैन, अनि त्यसको परिणाम पनि चमत्कारमय हुन्छ अर्थात समाधि आसन्न हुन्छ । ॥ २६ ॥

सर्वाणीन्द्रिय कर्माणि प्राणकर्माणि चापरे ;
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥ २७ ॥

श्री धरीय टीका- अन्य ध्याननिष्ट योगी श्रोत्रादि ज्ञानेन्द्रियहरुको श्रवण दर्शनादि कर्म, वाक्याणि आदि कर्मेन्द्रियहरुको वचनादि कर्म, प्राणादिको दस प्रकारको कर्महरुलाई ध्यानैकाग्ररुपी योगाग्निमा ज्ञान दीपित गरी होम गरिदिन्छ ; अर्थात् ध्येय विषयलाई सम्यक रुपले बुझेर त्यसैमा मनलाई संयम गर्दै समस्त इन्द्रियकर्महरु र प्राणकर्महरु देखि उपरत हुन जान्छ । इन्द्रियहरु पाँच छन, श्रोत्र, त्वक, चक्षु, जिहवा एवं घ्राण । यसको विषय क्रमशः - शव्द, स्पर्श, रुप, रस र गन्ध । कर्मेन्द्रियहरु पनि पाँच छन;-

(१) प्राणवायुको कर्म हो बहिर्गमन (२) अपानको कर्म हो अधोगमन (३) व्यानको कर्म हो आकुंचन र प्रसारण (४) समान वायुको कर्म हो अशित र पीत द्रव्यको समुन्नयन (५) उदानको कर्म हो उन्मीलन (६) नागको कर्म हो उदगार (७) कूर्मको कर्म हो उन्मीलन (८) कृकरको फुफकार (९) देवदत्तको कर्म हो जृम्भण तथा (१०) धनंजयको कर्म हो समस्त शरीर संस्थानको संरक्षण । यस कारण जीव मरिसकेपछि पनि धनंजयवायुले तत्काल शरीरलाई त्याग गर्दैन । ॥ २७ ॥

आध्यात्मिक व्याख्या - "समस्त इन्द्रियकर्महरुको अपेक्षा अर्थात् कूटस्थमा दृष्टि राख्नुको अपेक्षा भन्दा क्रिया गर्नु श्रेष्ठ छ ।"

- संयम दुई किसिमको हुन्छ - इन्द्रिय संयम एवं आत्मसंयम । पूर्व श्लोकमा भनिए अनुसार साधन विशेष द्वारा इन्द्रियहरु संयत हुन्छन् ; परन्तु त्यो संयम कुनै बस्तुको अवलम्वन गरी गरिन जान्छ, जस्तो अनाहत शव्दको श्रवण या कूटस्थ ज्योतिको दर्शन इत्यादि । यसले पनि चित्त खूव निरुध्द हुन्छ, परन्तु स्थायी हुँदैन । तात्कालिक क्रिया विशेष द्वारा ज्योति या शव्द जबसम्म प्रकाशित रहन्छ, तबसम्म नै मन स्थिर रहन्छ । यो पनि पूर्णरुपेण स्थिर हुँदैन, किनभने त्यस स्थिरतामा पनि एक उद्वेग रहन्छ । परन्तु प्राणायामादिको अभ्यास दीर्घकालसम्म गरिरहँदा जब क्रियाको परावस्था प्राप्त हुन्छ, त्यसैलाई आत्मसंयमरुपी अग्नि भन्दछन्, त्यसमा अन्तरिन्द्रिय मन, वाह्य ज्ञानेन्द्रिय एवं कर्मेन्द्रिय तथा पंचप्राणहरुको समस्त क्रिया निरुध्द हुन जान्छ । सम्यक् निरुध्द भएर नै ज्ञान दीपित हुन्छ अर्थात् *'सर्वं'-'व्रहममयं जगत'* हुन जान्छ । यो अवस्था प्रकाशित हुन गये विक्षेप लेशमात्र पनि रहँदैन, अनि यो अवस्था परिपक्व भएमा विषयवासना समूल नष्ट हुन जान्छ । पूर्व श्लोकमा कथित संयमाग्निमा मन केही क्षणको लागि निरुध्द त हुन्छ, परन्तु त्यसको मनन क्रिया एकदमै नष्ट हुँदैन, किनभने दर्शन र श्रवणको अनुभव यस्मा बनिरहन्छ । किन्तु क्रियाको परावस्थामा जुन संयम हुन्छ, त्यस संयमरुपी अग्निमा इन्द्रियकर्मको साथै समस्त प्राण-कर्म पनि निरुध्द हुन जान्छ; र यो अवस्था सर्वदा नरहे पनि, क्रियाको परावस्थामा जुन नशा हुन्छ, त्यसमा जगत्लाई देखेर पनि मन त्यस जगतमा जमर्किएर बस्दैन । किनभने उस्लाई अमृतको अनुभव हुन्छ, उस्ले सत्यको स्वरुपलाई देखी रहन्छ, अतयव उस्को चित्त मृत बस्तुको लागि या असत्यको लागि किन व्याकुल भै रहला ? भगवान्ले जुन आशोच्च्य वस्तुको लागि शोक गर्न निषेध गर्नु भएकोछ, त्यो यसै अवस्थामा समझमा आउन सक्दछ । लयपूर्वक समाधि तथा बाधपूर्वक समाधिको विषयमा धेरै जसो पंडितहरुले गंजागोल पैदा गरेका छन् । सामान्य वस्तु या सूक्ष्म बस्तुमा जुन चित्तको एकाग्र छ, त्यसलाई लयपूर्वक समाधि भन्दछन् कुनै आश्रयलाई लिएर यस्को साधन गर्नु पर्दछ । यो समाधि भंग भएपछि फेरि विषय भाषित हुन थाल्छ । यस्को अर्थ यो हुन्छ - त्यसबेला पनि सत्य या आत्माको ठीक ठीक पत्तो मिलेको छैन, समुद्रमा साधकले डुबुल्की त लगाउँछ, परन्तु अतल तलमा पुगेर अमूल्य निधिको संग्रह गर्न पाएको छैन । त्यससमयमा पनि मन विषयलाई नै प्राप्त गरी निमज्जित रहन्छ । निश्चय नै त्यो विषय अपेक्षाकृत सूक्ष्म हुन्छ - बस यत्तिकै मात्र ! यसरी सूक्ष्म विषयहरुमा मनलाई एकाग्र गरी धेरै जसो मानिसहरुले नानाकिसिमका सिध्दिहरु प्राप्त गर्दछन्, परन्तु त्यसले विषयहरुमा वैराग्य प्राप्त हुँदैन । विषयमा वैराग्य

नभएपछि त्यसले पनि एककिसिमको वन्धन नै ल्याउँदछ । परन्तु क्रिया गरेर क्रियाको परावस्थाघनीभूत बनाएमा त्यसमा जुन संयम या समाधि हुन्छ, त्यसमा इन्द्रिय, प्राण एवं मन सबै निःशेष लीन हुन जान्छ - तथा त्यसबाट जुन प्रज्ञा उदित हुन्छ, त्यही काष्ठा हो र परागति पनि । यस अवस्थालाई प्राप्त गरे पछि फेरि साधक अन्य कुनै वस्तु प्राप्त गर्न चाहन्न । यही हो आत्मभाव । स्थूल देहाभिमानी या जाग्रतावस्थाको चैतन्य, प्रणवको 'अ' मात्रामा या वैश्वानर पुरुषमा लीन हुन्छ, अनि सूक्ष्मदेहाभिमानी या स्वप्निल चैतन्य प्रणवको 'उ' मात्रामा या तैजस पुरुषमा लीन हुन्छ । र सुषुप्ताभिमानी या कारण देहाभिमानी चैतन्य, नै प्राज्ञ या अन्तर्यामी हुन् । यस प्रणवको 'म' मात्राको अन्तमै छ अर्द्धमात्रा, प्राज्ञ यस अर्धमात्रामा या अव्याकृत चैतन्यमा लीन हुन जान्छ । ती माया जब तुरीय ब्रहममा लय हुन जान्छन् तब ब्रहम मात्र अवशिष्ट रहन्छ । तब यस ब्रहमचैतन्यमा जीव चैतन्य या प्रत्यग्चेतन सदाको लागि समाहित हुन जान्छ, अतयव देहेन्द्रियादिमा फेरि कहिल्यै आत्म भ्रम हुँदैन । क्रियाको परावस्था सम्यकरुपले परिस्फुटित भएमा यो अवस्था प्राप्त हुन्छ । जो स्वयं तत्स्वरुप भएको छ र उसलाई जानेकोछ, त्यसको अविद्याबीज दग्ध हुन जान्छ । जब ब्रहमात्मैक्य बोध हुन जान्छ त त्यो बोध कदापि नष्ट हुँदैन । त्यस अवस्थामा नामरुपमय जगत्को कुनै चिन्ह पनि रहँदैन । केवल महावाक्य-विचार द्वारा नै जसलाई यो अवस्था संभव हुन्छ, यस विषयमा उसको पूर्व जन्मको अभिज्ञता छ, यो बुझ्नु पर्दछ । किनभने मौखिक या मन द्वारा गरिने विचार केवलं केवल मनको क्रीडा मात्र हुन । त्यसले यदि केही समयको लागि बुध्दि स्थिर हुन गये पनि त त्यो चिरस्थिर हुने छैन । अतयव ज्ञानाग्नि बलेर पनि निभ्न जान्छ । परन्तु जस्ले क्रियाको परावस्था प्राप्त गरेर त्यसमा विचरण गर्दछ उनीहरुको चर्नु अर्थात बिषयादिमा गमन गरिनु समाप्त हुन जान्छ । यस किसिमको अवस्था मौखिक पुराण, वाक्य, तर्क या विचार द्वारा प्राप्त हुन सक्तैन । जसले यसलाई प्राप्त गर्दछ, त्यो क्रिया द्वारा क्रियाको परावस्थामा सम्यक् स्थिर भएरै प्राप्त गर्दछ - अन्य कुनै उपायले हुँदैन ॥ २७ ॥

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ;
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥ २८ ॥

श्री धरीय टीका- द्रव्यदान जसको यज्ञ छ, यस्तो यज्ञ गर्नेवालाहरु कृच्छ चान्द्रायणादि तपस्यारुप यज्ञ गर्नेहरु, चित्तवृत्ति निरोधलक्षण समाधि यज्ञकारी तथा कुनै कुनै वेदपाठ रुप यज्ञगर्नेहरु, कुनै कुनै श्रवणमननादि द्वारा वेदहरुको अर्थज्ञानरुप यज्ञका अनुष्ठाताहरुछन् - यिनीहरु सबै प्रयत्नशील एवं तीक्ष्णव्रतपरायण हुन् [श्रौत विधानोक्त विविध दानहरुको नाम द्रव्ययज्ञ हो । कृच्छचान्द्रायणादि उपवास द्वारा एवं भोकप्यास, शीत-उष्ण आदि सहन गर्नुको नाम तपोयज्ञ हो । चित्तवृत्तिनिरोधरुप अष्टांग योगसाधनको नाम योग यज्ञ हो । श्रद्धासाथ गुरुको सेवा गर्दै ऋगवेद आदिको अभ्यास स्वाध्याययज्ञ हो । वेदार्थको निश्चय गर्नुको नाम ज्ञानयज्ञ हो । संशितव्रतयज्ञ अर्थात् दृदव्रतयज्ञ जस्मा कुनै नियममा केही पनि भुल हुँदैन । महर्षि पतंजलिले यस्लाई सार्वभौम महाव्रत भन्नु भएकोछ । अहिंसा आदि यम साधन जव जाति, देश, काल एवं प्रयोजन द्वारा परिच्छिन्न हुँदैन त त्यो सार्वभौम महाव्रत हुनजान्छ । धेरै

विषयहरु पापरुपमा गण्य हुन गएपनि शास्त्र विधि अनुसार कहिलेकांहि करणीय बन्न जान्छन् । जस्तो आपत्कालमा भोकले जब मर्नु पर्ने अवस्था आउँदछ तब चौर्य कर्म गरेर प्राणरक्षा गर्नु अशास्त्रीय कार्य हुँदैन, परन्तु जो संशितव्रत छन् तिनीहरुले यस्तो अवस्थामा पनि यमनियमादिको अनुष्ठान पूर्णरुपेन गरिनैरहन्छन् ।] ॥२८॥

आध्यात्मिक व्याख्या - "वेलपत्रले होम गर्नुको अपेक्षा कूटस्थमा हेर्नु राम्रो छ। त्यसपछि क्रियाको परावस्था राम्रो छ - जहाँ केही पनि रहँदैन ।"

- प्रज्वलित होमाग्निमा घृतयुक्त विल्वपत्रादि निक्षेप गर्नु तथा द्रव्यदानादि गर्नु पनि यज्ञ हो, यस्तो गर्नाले पनि पुण्य हुन्छ, परन्तु उपकरण यज्ञको अपेक्षा जुन मनुष्यहरु कूटस्थमा नानाकिसिमको रुपहरु देख्दछन्, तिनीहरु उनीहरुको अपेक्षा राम्रा हुन्, जस्ले नाना किसिमको नाद आदि अश्रुत विषयहरुको श्रवण गर्दछ, यिनीहरुको अवस्था पनि ठीकैछ, जो वेदहरुको अर्थज्ञान र तत्त्वालोचनामा लागि रहन्छन्, समस्त चक्रहरुको वारेमा आलोचना गर्दछन् र तत्तत् स्थानहरुमा जुनशक्तिहरुछन्, ती सवै शक्तिहरुको सम्बन्धमा सम्यक् परिचय प्राप्त गर्दछन् - तिनीहरु सवै राम्रै हुन, परन्तु क्रियाको परावस्था सर्वापेक्षा श्रेष्ठ छन, किनभने यस अवस्थासँग अरु कुनै अवस्थाको तुलना हुन सक्तैन । - त्यसमा ब्रहम देखि स्तम्ब पर्यन्त सब एकाकार हुन जान्छ । यस अवस्थालाई प्राप्त गर्न तीक्ष्णव्रत-परायण एवं प्रयत्नशील हुनु पर्दछ । ॥ २८ ॥

अपाने जुहवति प्राणेऽपानं तथापरे,
प्राणापानगति रुध्द्वा प्राणायामपरायणा;
अपरे नियताहाराः प्राणान् प्राणेषु जुहवति ॥ २९ ॥

श्री धरीय टीका- यसरी (क) अधोवृत्ति भएको अपान वायुमा उर्ध्व वृत्तिवाला प्राणवायुलाई पूरक द्वारा आहुति दिन्छन् अर्थात् पूरककालमा प्राण र अपानलाई एक गर्दछन् (ख) कुम्भक द्वारा प्राण र अपानलाई उर्ध्व एवं अधोगतिलाई रोधगरी रेचक समय अपानवायुलाई प्राणमा होम गर्दछन् । यसरी पुरक, रेचक एवं कुम्भक द्वारा प्राणायाम परायण हुन्छ । परन्तु कोही कोही आहार संयमको अभ्यास गर्दै जीर्णमान इन्द्रियहरुमा त्यस त्यस प्राण्हरुलाई इन्द्रिययवृत्तिहरुको लयरुपमा हवन गर्दछन् । अथवा "अपाने जुहवति-तथापरे" यसले पूरक एवं रेचक यस द्विविध श्वासको आवर्त्तनमा *"हंसः एवं सोहं"* यस किसिमको अनुलोम र प्रतिलोमरुपमा प्रकाशमान अजपामन्त्र द्वारा महावाक्योक्त *'तत्'* एवं *'त्वं'* पदहरुको अर्थानुसार ब्रहम र जीवको ऐकय - पर्यायक्रमसँग 'ब्रहम मै हुँ' तथा 'मै ब्रहम हुँ' - यस किसिमको चिन्तन गर्दछन् । योगशास्त्रमा लेखिएको छ - जब श्वास बाहिर जान्छ, तब 'सकार' अनि जब भित्र प्रवेश गर्दछ तब 'हं'-कार-यसरी जानु आउनुमा एकपटक 'सोऽहं' एकपटक 'हंसः' - यस तरीकाले चिन्तन गर्दछन् । योगशास्त्रको उपदेश अनुसार पेटको दुई भाग अन्नले, एकभाग जलले पुरा गरी वायु प्रवेशको लागि एकभाग खाली राख्नु पर्दछ, यसरी मिताहारी भएर तिनीहरु कुम्भक द्वारा प्राण र अपानको गतिलाई अवरुध्द गरी इन्द्रियहरुलाई प्राणवायुमा होम गर्दछन् । कुम्भकमा सबै प्राण एकीभूत हुन जान्छन्, त्यसलाई लय प्राप्त

हुने इन्द्रियहरुको होमको चिन्तन गर्दछन् । योगशास्त्रमा लेखिएको छ - निरन्तर अभ्यास द्वारा मन जसै जसै स्थिर हुँदै जान्छ, वायु, वाणी शरीर तथा दृष्टि पनि तदनुरुप स्थिरता हुँदै जान्छन् ॥ २९ ॥

आध्यात्मिक व्याख्या - "प्रच्छर्दन एवं विधारण - ॐकारको क्रिया - प्राण द्वारा प्राणकै आहुति, ठोक्ने क्रिया ।"

-क्रिया द्वारा चित्त निरोध हुन गयेमा क्रियाको परावस्था उदित हुन्छ । क्रियाको परावस्था प्राप्य गर्नु नै क्रिया गर्नुको मुख्य उद्देश्य हो । यस श्लोकमा भगवान्ले यसै क्रियाको उपदेश दिनु भएकोछ । किनभने साधनाको समस्त अंग प्राणायाम र कुम्भकमाथि निर्भर गर्दछ, तथा कुम्भक पनि प्राणायाम कै सहायताले हुन्छ, अतयव प्राणायाम नै योग क्रियाको मुख्य अंग हो । कसरी भगवत् साक्षात्कारको प्रधान उपाय प्राणायाम छ ? यस विषयमा याँहा केही आलोचना गरिन्छ । परमात्मा या परव्रहम निर्गुण छ, मन, वाणीबाट अगोचर छ र त्याँहा नानात्व छैन । ब्रहमको षोदश कलाहरुमा केवल एक कलामात्र अभिव्यक्त छ, शेष अव्यक्त छन् । यही व्यक्त अंश नै त्रिगुणमयी प्रकृति हुन । प्रकृतिबाट निर्गुण र त्रिगुणदेखि यो सन्सार र शरीर छ । यही ब्रहमको सृष्टि इच्छा या उसको नानात्व हुने वासना हो । त्रिगुण नै इडा, पिंगला र सुषुम्नाको भित्रबाट प्राणवायुरुपमा प्रवाहित भएर सन्सार लीलाको सम्पादन गरिरहेछन् । यसैबाट सूक्ष्म प्राणशक्ति या अव्याकृत प्रकृतिको सन्धान प्राप्त हुन्छ । त्यस प्रकृतिको या प्राण शक्ति बाटै यो त्रिगुणात्मक जगत बारम्बार उत्पन्न र लय हुन्छन । यसैले श्रुति गाउँछन -*"नमस्ते वायो त्वमेव प्रत्यक्षं ब्रहमासि ।"* प्राणको वहिर्विचरण गरिने कारणले नै जीवको सन्सार वासना समुद्भूत हुन्छ । यो सन्सार वासना जबसम्म नष्ट हुने छैन, तबसम्म कसैलाई पनि ज्ञान उत्पन्न हुँदैन या ईश्वर दर्शन हुँदैन । मनको विषय ग्रहण गर्ने स्पृहा नै जीवको सन्सार वासना या अज्ञान हो । यो अज्ञान, अविद्या जबसम्म नष्ट हुँदैन, जीवको विषय स्पृहा या तृष्णाको ह्रास संभव छैन । विषय स्पृहा कम नभए पछि मन चतुर्दिक उत्क्षिप्त भएर भ्रमण गर्दछ, त्यस्तो बेला फेरि भगवत् स्मरण कसरी हुन सक्छ ? कवीर भन्नु हुन्छ -

"माला तो करमे फिरे जीभ फिरे मुख माहिं,
मनुवा तो चंहुदिसि फिरे यह तो सुमिरन नाहिं ॥"

जुन सारा अज्ञानको मूल छ, जुन भगवत्स्मरणको घोर अर्गलो छ, यस प्रकारको चंचल मनलाई कसरी स्थिर गर्न सकिन्छ ? शास्त्र भन्दछन्, - प्राण अवरुध्द भएपछि मनको अवरोध हुन जान्छ, अतयव सबभन्दा पहिले प्राणायामको अभ्यास द्वारा प्राणलाई अवरुध्द गर । जुन मानिसहरु नितान्त मूढ छन् तिनीहरु नै प्राणायाम साधनाको उपेक्षा गर्दछन् । परन्तु शास्त्रले प्रत्तेक जप, पूजा, मानस पूजा, एवं ध्यान गर्नुको अगाडि प्राणायाम गर्ने उपदेश दिएकोछ । यद्यपि यसको साधना, विशेष सहज छैन, तथापि यो उपेक्षाको वस्तु पनि होइन । योगदर्शनमा यो श्रुति वाक्य उद्धृत छ - *"तपो न परं प्राणायामात् ततो विशुद्धिर्मलानां दीप्तिश्च ज्ञानस्येति"* - प्राणायाम भन्दा श्रेष्ठ तपस्या अरु केही छैन । यसले समस्त मल विशुध्द हुन्छ र ज्ञानको प्रकाश हुन्छ । जबसम्म यो ज्ञान उदित हुँदैन, भगवत्साक्षात्कारको प्राप्ति हुँदैन

र अनि यो जीवन व्यर्थ व्यर्थ हुन जान्छ। जो तपस्वी छैन, उस्को देहमल र मनोमल दूर हुँदैन, यसैले प्राणायामरुपी तपस्याको साधन सबैले गर्नु पर्दछ। योग दर्शनमा लेखिएको छ - *"ततः क्षीयते प्रकाशावरणम्"*- प्राणायाम द्वारा नै प्रकाश अर्थात ज्ञानको आवरण, अविद्यादि पंचक्लेशहरु क्षीण भए पछि चित्त अप्रसवधर्मा हुन्छ। वासनाको तरंगले चित्तलाई उत्क्षिप्त गर्दछ जसवाट स्वरुपदर्शन असंभव हुन जान्छ। मनको नाना वासनाहरुले जीवलाई क्षण क्षण नरक यन्त्रणाले व्यथित गर्दछ। एक मात्र प्राणायाम साधनाले नै नरक यन्त्रणावाट त्राण दिन सक्दछ। योगी याज्ञवल्क्य भन्नु हुन्छ-

"प्राणायामादृते नान्यत् तारकं नरकादिव,
सन्सारार्णावमग्नानां तारकं प्राणसंयम ॥"

अब प्राण-शक्ति के हो, यस सम्वन्धमा केही भनिन्छ। बाहिरको वायु जस्लाई प्राणादि पंचवायु भन्दछन्, यिनीहरु नै मुख्य प्राणशक्तिको तरंगलहरी हुन्। यही वायुरुपमा यस देहमनलाई संजीवित बनाई राख्दछ। योगीहरु यस मुख्य प्राण शक्तिलाई नै कुलकुण्डलिनी भन्दछन्। यही सबै जीवहरुको जीवन वाती हो। जड र चेतन सबैलाई यस परमाशक्तिले धारण गरिराखेका छन्। यस कुण्डलिनीको शक्ति खुट्टाको अंगुष्ठ देखि केशाग्र पर्यन्त फैली रहेको हुन्छ, यो सबैले अनुभव गर्दछ। किनभने शब्द, स्पर्श रुप, रस एवं गन्धको अनुभव यसै द्वारा सम्पन्न हुन्छ। गुह्यदेश देखि उठेर भ्रूमध्यलाई मण्डलाकार वेष्ठित गरी दक्षिण र वाम सन्धिहरुलाई स्पर्श गर्दै पुनः मूलाधारमा आई मिल्न जान्छ। यो धेर थोर धनुषको आकार समान हुन्छ। प्राणको समस्त शक्तिहरु सम्मिलित भएर गुह्यदेशमा मानो पिण्डाकारमा प्रसुप्त रहन्छ। यही वाह्यवायुलाई स्पन्दित गरी (यस स्पन्दनकै फल हुन प्राणापानादि पंच प्राण या ४९ वायु) मनमा नाना किसिमको इच्छाशक्तिलाई प्रस्फुरण गर्दछ। कुलकुण्डलिनीले प्राणवायुलाई उर्ध्व उत्तोलन एवं आपान वायुलाई निम्न निमज्जन गरी क्रुध्द सर्पिणी समान अनवरत श्वास प्रश्वासको त्याग गरिरहेको छ। यसले नै हाम्रो प्राण क्रिया या जीवन प्रवाह उर्ध्व र अधोमुख अविश्रांत धारामा प्रवाहित हुन्छ। हाम्रो समस्त अनुभव र ज्ञानको यही हो मूल। चित्शक्तिलाई नै यद्यपि संविदस्वरुप भन्दछन्, परन्तु कुलकुण्डलिनी नै यसको मूल बीज हो।

"पिण्डं कुण्डलिनीशक्ति : पदं हंसमुदाहृतम्;
रुपं विन्दुरिति ज्ञेयं रुपातीतं निरंजनम् ॥"

कुण्डलिनी शक्तिलाई नै पिण्ड भन्दछन्। मेरु मध्यस्थ मूलाधारमा यो शक्ति प्रसुप्ताकारमा विराजित रहन्छन्। शरीरको समस्त अवयव यसैको शक्तिले स्थिर रहन्छ। यो शक्ति हृदयमा आउँदा स्थितिपदलाई प्राप्त गर्दछ, अनि सूक्ष्म मृणाल तन्तु समान हृदयमा गमनागमन गर्दछ। यस स्थितिपदको नाम नै 'हंस' हो। त्यो जब भ्रूमध्यमा पुग्छ, अनि 'विन्दु' रुपमा देखिन जान्छ त त्यसको नाम र रुप हुन्छ। यही विन्दु प्रकाशको दिशामा आदिरुप या कूटस्थ हो। समस्त ब्रहमाण्डको नामरुप यस कूटस्थबाटै हुन्छ। परन्तु ब्रहम छ *"रुपातीतं निरंजनम्"*। प्रणायामादि योग साधन द्वारा जुन परमा स्थिति या क्रियाको परावस्था

प्राप्त हुन्छ - उही यो रुपातीत निरंजन हो ।

"यस्यावलोकनादेव सर्वसंगविवर्जित;
एकान्तनिस्पृहः शान्तस्तत्क्षणाद् भवति प्रिये ॥"

परव्रहमको साक्षात्कारले सबै किसिमको आसक्तिबाट छुटकारा मिल्छ ॥ तब 'सर्व' एककै भित्र प्रविष्ट हुन जान्छ । यस अवस्थामा जीव वस्तुतः अत्यन्त निस्पृह एवं शान्त भएर ब्रहम स्वरुप हुन जान्छ ।

यही प्राण जब अजस्र नाडीहरुमा प्रवेश गरी शरीरमा संचरण गर्दछ, तब जीव वाह्य कर्महरुको चेष्टामा लाग्दछ, इन्द्रियहरुले बहिरविषयहरुको खोजी गर्दछन्, तथा सुखदुःख, हर्षविषाद आदि विविध मनोवृत्तिहरु संजीवित हुन्छन् र साथ साथै श्वास प्रश्वासको प्रवाह चल्दछन् । यही हो सन्सार पथ या मृत्युपथ । यसले नै -

देहे हय आत्मवुध्दि, प्राणेर कम्पन बाडे;
चैतन्य डुबिया जाय, जड देह अन्धकारे ।
मन हय चंचल बुध्दिते नानात्व भासे;
हृत्पिण्ड धुकुधुकु श्वासेते चांचल्य आसे ।
वासना र बेग बाडे चित् जडवत् भासे ;
पिछनेते मायानटी मुचकि मुचकि हांसे । -आत्मानुसन्धान

अर्थात् देहमा आत्मवुध्दि हुन्छ, प्राणको कम्पन बढ्दछ, चैतन्य जडदेहको अन्धकारमा डुब्न जान्छ । मन चंचल भै दिन्छ र वुध्दिमा नानात्व आभासित हुन थाल्छ, हृतपिण्ड मुटु धुक धुक गर्दछ, अनि श्वासमा चंचलता आउँछ, वासनाको वेग वढ्दछ र चित्त जडवत् हुन जान्छ । अनि पछाडिबाट मायारुपी नटी मुस्कुराई मुस्कुराई हाँस्दछन् । यसको विपरित अभ्यास नै मृत्युदेखि त्राण पाउने उपाय हो । त्यही विद्या या अमृतको वाटो हो ।

प्राणेर चांचल्ये तब बुध्दि हय विकम्पित;
ताहाते नानात्व देख ताते हओ चमकित ।
प्राणेर कम्पंन रोधि मनः स्थिर हवे जेई;
मनः स्थिरे बुध्दि स्थिर शांतिर उपाय सेई ।
स्थिरतार मध्य देख गंभिर से चिदाकाश;
विवेक रव्यातिर तथा समुज्ज्वल कि प्रकाश ।
सूर्येन्दु अग्निर तथा प्रकाश किछुई नाई;
'तच्छुभ्रं ज्योतिषां ज्योति' फुटेछे जेदिके चाई ।
हृदयगुहार माझे निर्मल जोछना भरा ;
असीम आकाश राजे अनन्त शांतिते पोरा ।

असीम कालेर सेइ वक्षे स्थिराकाश जागे ;
सेई आत्मा ; सिध्दः ऋषि तांहारइ दरश मागे-आत्मानुसन्धान

प्राणको चंचलताको कारण तिम्रो बुध्दि विकम्पित भैरहेछ, त्यसमा नानात्व देखेर तिमी चकित भैरहेछौ। जब प्राणको कम्पन रोकेर मनलाई स्थिर गर्नेछौ तब मन स्थिर हुन जाँदा बुध्दि स्थिर हुनेछ, शान्तिको उपाय पनि यही हो। स्थिरतामा नै त्यो गंभीर चिदाकाश देखिन जान्छ, यो *'विवेक ख्याति'* को कस्तो समुज्ज्वल प्रकाश हो। त्यस प्रकाशको अगाडि सूर्य, चन्द्र र अग्निको प्रकाश फिक्का हुन जान्छ। जताजतातिर दृष्टिपात गर्दछ त्यतै त्यतै उही *'तच्छुभ्रंज्योतिषां ज्योतिः'* प्रस्फुटित भैरहेछ। हृदय गुहाको भित्र निर्मल ज्योत्स्ना भरी भरी छ, अनि अनन्त शान्तिको परिपूर्ण असीम आकाश विराजमान छ। असीम कालको वक्षःस्थलमा त्यही स्थिराकाश जाग्रत छ, त्यही आत्मा हो। त्यसैको दर्शन गर्ने इच्छा सिध्दपुरुष तथा ऋषिमुनिहरु गर्दछन्।

शरीररुपी घटमा महाकाल स्थित भएर चंचल सचंचल भैरहेछन्, त्यही फेरि काल या मृत्युरुप धारण गरी जीवलाई विभिषिका देखाउछन्। यस काल या मृत्यु (अज्ञान) माथि विजय प्राप्त गर्नको लागि ती प्राण प्रवाहिनी अविद्यारुपिणी श्वासक्रियाकै शरण लिनु पर्नेछ। यही हो अविद्याको सहायताले मृत्युलोकलाई जय गर्नु। मृत्युलोकलाई जीत्न अर्थात् श्वासलाई स्थिर गर्न सके पछि नै ज्ञान प्रकाशित हुनेछ। यही हो *"अविद्याया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते।"* यस महाविद्याको साधनाको पीठ नै हो मेरुमध्यगत् सुषुम्ना नाडी या कुल कुण्डलिनी शक्ति। प्राणवायु जब सुषुम्नामा प्रवेश गर्दछ, तबै यथार्थ विद्याको सदुपासना हुन्छ। यही हो अमृतलाभको मूलबाटो।

"मारुते मध्य संचारे मनस्थैर्यं प्रजायते;
यो मनः सुस्थिरीभावः सैवावस्था मनोन्मनी ॥"

यस 'उन्मनी' अवस्थालाई प्राप्त गरी साधक परमा सिध्दिलाई प्राप्त हुन्छ। आत्मासंग मिलेको मुख्य प्राण नै महामहेश्वरी भाव हुन। -

"सैषा सर्वेश्वरी देवी सर्वभूत प्रवर्त्तका ;
प्रोच्यते भगवान् कालो हरः प्राणो महेश्वर ॥"

यसैले प्राणको साधना नै सर्वोच्च ब्रहम-साधना हो। यस साधनालाई प्राचीन कालका समस्त ऋषिमुनिहरु गर्दथे। विशेषतः जुन प्राणको स्थिरताको अभावले अध्यात्म राज्यको कपाट बन्द रहन्छ, त्यस प्राणको साधना विना कसरी हामीहरु आत्मदेवको मन्दिरमा प्रवेश प्राप्त गर्न सक्दछौं ?

वाह्य प्राणलाई निग्रह नगरिकन स्थिर प्राण या मुख्य प्राणको कुनै सन्धान पाउन सकिन्न। प्राण क्षीण भएर तथा तज्जनित मनको लय भए पछि जुन समरस भावको उदय हुन्छ त्यसैको नाम हो समाधि। योग शास्त्रमा लेखिएको छ -

"यदा संक्षीयते प्राणो मानसं च प्रलीयते;
तदा समरसत्वं च समाधिरभिधीयते ॥"

इन्द्रियको निग्रह विना यस समरस या समाधिको उदय नै हुन सक्तैन । यसैले भगवानले भन्नु भएको छ - इन्द्रिय-जय नै प्रज्ञाप्रतिष्ठित पुरुषको लक्षण हो -

"वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता"

जस्को इन्द्रियहरु वशीभूत छ, उसैको प्रज्ञा प्रतिष्ठित छ । प्राणको निग्रह द्वारा इन्द्रियादिको दोषहरु त्यसरी नै नष्ट हुन्छन्, जसरी धातुहरुको मल अग्निद्वारा नै भस्मीभूत हुनछ । मनुले भन्नु भएकोछ -

"दह्यन्ते ध्मायमानानां धातुनां हि यथा मलाः
तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात् ॥"

आदित्य पुराणमा लेखिएको छ *"योगात् संजायते ज्ञानं"* योगाभ्यास द्वारा ज्ञान उत्पन्न हुन्छ । योगबीजमा लेखिएको छ -

"ज्ञाननिष्ठोविरक्तोऽपि धर्मज्ञोऽपि जितेन्द्रियः ;
विना योगेन देवोऽपि न मुक्तिं लभते प्रिये ॥"

ज्ञाननिष्ठ, विरक्त पुरुष, धर्मज्ञ एवं जितेन्द्रिय भए पनि यदि योगाभ्यास गर्दैन भने त त्यो देवता भए पनि मुक्ति प्राप्त गर्न सक्तैन । भागवत्मा लेखिएको छ - तपस्या, मन्त्र आदिबाट जुन सिध्दि हुन्छ, ती सबै योगद्वारा प्राप्त हुन्छ । -

"जन्मौषधितपोमन्त्रैर्यावतीरिहसिध्दयः ;
योगेनाप्नोति ताः सर्वाः प्राणैर्योगगतिं व्रजेत ॥"

योगलाभ गर्नको लागि श्वास माथि विजय प्राप्त गर्नु पर्नेछ, यो एकै स्वरले सबै शास्त्रहरुले उपदेश दिएकोछ । श्वासमाथि विजय प्राप्त गर्नु वाहेक मनलाई स्थिर गर्ने अरु उपाय छैन । अनि यो विजय प्राणायाम साधना विना हुँदैन । प्राणवायु विना प्राणवायु सुषुम्नागत हुदैन । प्राणायामको अर्थ नै यही हो- *"प्राणो वायुरिति ख्यातः आयामंच निरोधनम्"*-प्राणवायुको निरोधलाई नै प्राणायाम भन्दछन् । योगसूत्रमा लेखिएकोछ -

"तस्मिन् सति श्वासप्रश्वासयोर्गतिविच्छेदः"

-श्वास प्रश्वासको गति विच्छेदलाई नै प्राणायाम भन्दछन् । श्वास निस्किएर भित्र प्रवेश नगरोस, अथवा भित्र प्रवेश गरी बाहिर न निक्लोस । यो कुम्भकको अवस्था नै यथार्थ हवन क्रिया हो । वास्तविक होम यस द्वारा नै हुन्छ -

"न होमं होम इत्याहुः समाधौ तत्तु भूयते;
ब्रहमाग्नौ हूयते प्राण होमकर्म तदुच्यते॥"- ज्ञान संकलिनी

भागवतमा लेखिएकोछ- *"जित श्वासस्य योगिनः"*। बोधसार ग्रन्थमा लेखिएको छ-

"हठिनामधिकस्त्वेकः प्राणायाम परिश्रमः;
प्राणायामे मनः स्थैर्यं सतु कस्य न सम्भवम् ॥"

हाम्रो मन-वुध्दि नाना-विषयहरुको चिन्तनमा लागिरहन्छन्, त्यसको पनि असली नियन्ता-मालिक यही प्राण नै हो। यो प्राण-क्रिया नचलेमा कुनै पनि इन्द्रियले विषय ग्रहण गर्न समर्थ हुँदैन। श्वास प्रश्वासको बहिर्गति द्वारा (अर्थात इडा पिंगला वाहिनी प्राण द्वारा) जसरी विशाल विश्वको विराट व्यापार चलिरहेछ, त्यसरी नै प्राण सुषुम्ना वाहिनी नभए त कसैलाई ब्रहमज्ञान या भगवत्तत्त्व विज्ञान बोधको विषय बन्ने छैन। यसैले त्रिताप-सन्तप्त जीवको प्रधान कर्तव्य एवं धर्म हो-आत्मबोध जाग्रत गर्नु, नत्र भने त्रिताप-ज्वालाको उपशान्ति हुने छैन। यस आत्म बोधलाई जाग्रत गर्नु त तवै संभव हुनेछ, - जब -

"विधिवत् प्राणसंयामैर्नाडीचक्रे विशोधिते;
सुषुम्ना वदनं भित्वा सुखाद्विशति मारुतः ॥"

विधिवत् प्राण संयम द्वारा नाडीचक्रको विशोधन भए पछि नै सुषुम्नाको मुख भेदन गर्दै प्राणवायु त्यसको भित्र प्रवेश गर्दछ। सुषुम्नामा प्राण प्रवेशको फल -

"सुषुम्नावाहिनी प्राणे शून्ये विशति मानसे;
तदा सर्वाणि कर्माणि निर्मूलयति योगवित् ॥"

प्राण सुषुम्नावाहिनी भएपछि मन पनि शून्यमा प्रवेश गर्दछ, तब योगीको सारा कर्म उन्मूलित हुन जान्छ, अर्थात योगी कुनै कर्म बन्धनमा पर्दैन। जबसम्म प्राण जीवित (अर्थात् चंचल) छ, अनि मन मृत (अर्थात् स्थिर) हुँदैन, तब सम्म मनमा यथार्थ ज्ञानको उत्पत्ति हुन सक्तैन -

"ज्ञानं कुतो मनसि सम्भवतीह तावतः ;
प्राणोऽपि जीवति मनो म्रियते यावतः ॥"

यस प्रकार ज्ञानको उदय नभैकन हामीहरु जुन पुस्तकहरु पढेर ज्ञानको आलोचना गर्दछौं; त्यसले विशेष केही लाभ हुँदैन, - यसै कुरालाई बाबा गोरखनाथले अति तीव्र भाषामा व्यक्त गर्नु भएको छ-

"यावन्नैव प्रविशति चरन् मारुतो मध्यमार्गे,
यावद्विन्दुर्न भवति दृढः प्राणावातप्रवन्धात् ;
यावद्ध्यानं सहज सदृशं जायते नैव तत्त्वं,
तावज्ज्ञानं वदति तदिदं दम्भमिथ्याप्रलाप ॥"

जव सम्म प्राणवायु मध्यमार्ग-सुषुम्नामा प्रवेश गर्दैन, अनि प्राणवायुको अवरोध हुनुसाथ जवसम्म विन्दु दृढ हुँदैन, तथा ध्यानद्वारा जबसम्म तत्त्वसमूहको साक्षात्कार हुँदैन, तबसम्म ज्ञानको कुरा गर्नु नितान्त दम्भ एवं मिथ्या प्रलाप मात्र हो । यसैले शास्त्र सबैलाई सम्झाउँदै भन्दछन् -

"तपस्या तीर्थयात्राद्याः समदानव्रतादयः;
प्राणायामस्य तस्यैव कलां नार्हन्ति षोदशीम् ॥"

- तपस्या, तीर्थयात्रा, व्रत, दानादि कुनै पनि कार्य प्राणायामको सोह्र भागमध्ये एक भागको पनि फल प्रदान गर्न सक्दैन ।

"चित्तादिसर्व भावेषु ब्रहमत्वेनैव भावनात्;
निरोधः सर्ववृत्तिनां प्राणायामः स उच्यते ॥" -

चित्तादि समस्त भावहरुमा व्रहमरुपको भावना गरी सबै वृत्तिहरु जुन निरोध हुन्छ त्यो पनि प्राणायाम हो । परन्तु यो प्राणायाम सबैको लागि सुविधाजनक छैन ।

मानसं वाचिकं पापं कायिकंचापि यत्कृतम् ;
तत्सर्वं निर्दहेत् शीघ्रं प्राणायामत्रयेण वै ॥
तपस्या तीर्थयात्राद्याः समदानव्रतादय ;
प्राणायामस्य तस्यैव कलां नार्हन्ति षोदशीम् ॥
प्राणायाम पराः सर्वे प्राणायाम परायणाः ;
प्राणायामैर्विशुध्दा ये ते यान्ति परमां गतिम् ॥

ज्ञानको वास्तविक आवरण हाम्रो शास्त्र अध्ययनरहित अज्ञान होइन । ज्ञानको वास्तविक आवरण हाम्रो चंचल प्राण र मन हो । यसको लागि प्राणायामादिको अभ्यास गर्नु आवश्यक छ, किन भने योगानुष्ठान गर्नाले अशुध्दि क्षय हुन जान्छ, अशुध्दिको क्षय भये पछि ज्ञानको प्रकाशोदय हुन्छ । योग दर्शनमा लेखिएको छ -

"योगांगानुष्ठानाद्शुध्दिक्षय ज्ञानदीप्तिराविवेकख्यातेः"

शास्त्र पढेर पनि यदि कसैले साधानाभ्यास गर्दैन भने त्यस्को ज्ञान परिस्फुट हुँदैन, अनि शास्त्र नजानिकन पनि यदि कसैले साधनाभ्यास गर्दछ भने त त्यसको चित्तमा ध्याननिष्ठाको उदय हुन सक्तछ । कुनै कुनै मानिसहरु भन्दछन् - 'केवल कुम्भक' चित्तवृत्तिको निरोधबाटै सिध्द हुन्छ, यसमा प्राण संयमको आवश्यक छैन । परन्तु यो मत भ्रान्तिमय छ । किनभने योगशास्त्रमा लेखिएको छ - *"रेचकं पुरकं त्यकत्वा सुखं यद्वायु धारणम्"* - रेचक एवं कुम्भकको सहायता नलिई सुखै सँग या सहजै जुन प्राणवायुको निरोध हुन्छ, त्यही *'केवल कुम्भक'* - हो, र त्यो प्राणायाम द्वारा प्राण-संयम नभैकन हुन सक्तैन । प्राणद्वारा प्राण स्थिर

भए पछि जुन स्वाभाविक स्थिरता लक्षित हुन्छ, त्यस बेला फेरी रेचक-पुरकको काम रहँदैन, यही केवल कुम्भकको अवस्था हो । उपाय विशेष द्वारा अपान वायुलाई मूलाधारदेखि मस्तक सम्म आकर्षण तथा प्राणवायुलाई मूलाधार पर्यन्त विसर्जन रुप क्रियाको अभ्यास गर्दा गर्दै प्राण र अपान एकत्र मिली मस्तकमा स्थिर हुन जान्छ, अर्थात् पुरक र रेचकद्वारा पुनः पुनः आकर्षण एवं विकर्षण गर्दा गर्दै अनायासै दुवै वायुको गति अवरुध्द हुन जान्छ, त्यस बखत जुन कुंभक हुन्छ त्यही *'केवल कुंभक'* हो । यही चन्द्रनाडी इडासँग सूर्यनाडी पिंगलाको मिलन हो त्यसमा सुषुम्ना पनि मिल्दछ र तीन्टै एक हुन जान्छन् । यस किसिमसंग गंगा, यमुना, सरस्वतीको संगमस्थान त्रिवेणी-महातीर्थ प्रयागमा परिणत हुन जान्छ । र अपान बाहिरवाट आई नासाभ्यन्तरमा द्वादश या दशांगुलमय अन्तर्व्योममा प्रवेश गर्दछ, तथा प्राण नासाभ्यन्तरवाट बहिर्गत भएर द्वादश या दशांगुलि पर्यन्त वहिर्व्योममा विलीन हुन जान्छ । जव अपान वायु वाह्य आकाशदेखि आकृष्ट भएर अन्तराकाशमा स्थिर हुन्छ, तव उसले प्राणवायुलाई ग्रास गर्दछ, यो अवस्था स्थायी भएपछि, जुन कुम्भक हुन्छ, त्यही सूर्य ग्रहण हो । यसरी नै प्राणवायु अन्तराकाशवाट आकृष्ट भएर जब वाह्य आकाशमा अपानलाई ग्रास गर्दछ, तब जुन कुम्भक अनुष्ठित हुन्छ, त्यही चन्द्र ग्रहण हो । इडासँग पिंगला र पिंगलासंग इडाको मिलनमा यसकिसिमको ग्रहण हुन्छ । वाहिर तिर जब हामी चन्द्र सूर्यको पूर्ण ग्रहण देख्दछौं, त त्यसमा ज्योतिको प्रकाश रहँदैन, सब अन्धकार एकाकार हुन जान्छ । अभ्यन्तरमा जब एस किसिमको पूर्ण ग्रास हुन्छ, तब फेरि कुनै वस्तुको प्रतीति हुँदैन, एक अखण्ड सच्चिदानन्द मानो जागतिक समस्त दृश्यहरुको प्रतीतिलाई ग्रास गरिदिन्छ - यसैको नाम नै हो समाधि या क्रियाको परावस्था । यस अवस्थामा पुगेको साधकले कैवल्य पद प्राप्त गर्दछ । योगवाशिष्ठमा भनेको छ-

"प्राणगते यथादेहः सुख दुःखे न विन्दति;
तथा चेत् प्राणयुक्तोऽपि स कैवल्याश्रमे वसेत् ॥"

प्राण गएपछि जसरी शरीरमा सुखदुःखको अनुभव हुँदैन, शरीरमा प्राण रहदैमा पनि जस्लाई तेसरी नै सुखदुःखको अनुभव हुदैन उही कैवल्य पदमा प्रतिष्ठित छ । योग वाशिष्ठमा लेखिएको छ -यस प्रकारको कुम्भकको जो अनुष्ठाता छ उही समस्त शोकबाट उत्तीर्ण हुन्छ । वस्तुतः कुण्डलिनी नै जीवको जीवनी शक्ति हो । यो महाशक्ति नै ऊर्ध्व गमनको कारण प्राणरुपमा र अधोगमनको कारण अपान वायुमा व्यक्त हुन्छ । प्राणायामको ऊर्ध्व एवं अधोगतिले नै श्वासको चंचलता र अन्तः करणको विक्षेप लक्षित हुन्छ, एसैकारण चित्को प्रस्फुरणा लक्षित हुँदैन । प्राणापानको गतिको रोध भएमा कुण्डलिनीको प्रकृत स्वरुप चित्-शक्तिको प्रस्फुरण हुन्छ, तबै त यसैले दुर्गासप्तशतीमा लेखिएको छ -

"त्वं वैष्णवीशक्तिरनन्त वीर्या, विश्वस्य बीजं परमासि माया ;
सम्मोहितं देवि समस्तमेतत्, त्वं वै प्रशन्ना भुवि मुक्तिहेतुः ॥"

हे देवि ! तिमी नै त्यो अक्षय पराक्रमशीला विष्णुको परमाशक्ति हौ । तिमी नै निखिल विश्वको मूल बीजस्वरुपा महामाया हौ । तिमी लेनै समस्त विश्वलाई सम्मोहित गरिराखेका छौ । तिम्रो प्रशन्नता नै सन्सारदेखि मुक्ति प्राप्त गरिनुको हेतु हो ।

“प्रणातानां प्रशीद त्वं देवि विश्वार्तिहारिणी,
त्रैलोक्यवासिनामिड्ये लोकानां वरदा भव ॥”

जुन मानिसहरु तिम्रो चरणकमलमा प्रणत छन्, हे विश्वको दुःखहरुलाई हरन गर्ने जननि ! तिमी उनीहरुमाथि प्रशन्न भै देऊ । हे मां ! तिम्रो जुन चरणकमल तीनै लोकहरुको निवासीहरुको वन्दनीय छन्, त्यस चरणकमलमा जो प्रणत छन्, उनीहरुलाई वरदान दिएर तिमी अभीष्ट पूर्ण गर्दछौ ।

समस्त विश्वको मूलमा जुन महाशक्ति छ, त्यो यही प्राण हो । यो प्राणले नै जगत्लाई धारण गरेकोछ, यसैले उनी जगद्धात्रीरुपा हुन् । प्राण जब वहिर्मुखी हुन्छ, तबै विश्व क्रीडा हुन थाल्छ, र त्यसलाई महामाया भन्दछन्; किनभने उसले समस्त जीवहरुलाई आत्मविस्मृत गरी जगत्को खेलमा लगाउँछन् । अनि जब जीव कांतर भएर उनको चरणमा प्रणत हुन्छन् तव जगदम्बा प्रशन्न भै जीवलाई उध्दार गर्दिनु हुन्छ । मां को श्वास-प्रश्वास या इडा पिंगला रुपी दुई चरण जगतको खेलको हेतु हुन् । उसको तृतीय चरण अत्यन्तै गुप्त छ । साधक जव मां को यस तृतीय चरणको सन्धान पाउँछ तव त्यो उसको हृदयमा संस्थापित हुन जान्छ । स्थिर विन्दुरुप माताको तृतीय चरण साधकको ध्यान गोचर हुनासाथै, उनको फेरि करालभाव रहँदैन, तव साधकको मन-प्राण उनको प्रशन्न दृष्टिले स्निग्ध एवं शीतल हुन जान्छ । परन्तु जो प्रणत या प्रकृष्टरुपसँग नत हुँदैन, उनिहरुले उनको तृतीय पदलाई देख्न पाउँदैन । प्राणायामको साधनाको अभ्यासले साधक कसरी प्रणत हुन्छन्, यो साधकले गुरुमुखैबाट जान्न सक्दछ । जसले यो तृतीय पादको अवलोकन गर्दछ, त्यसको प्राण सुषुम्ना वाहिनी भएर सहस्रदल कमलस्थित शिवको साथ युक्त हुन जान्छ, तव बहिर्दृष्टिले पनि यो मस्तक केही निहुरिन जान्छ । तब उसले मेरुदण्डको भित्र एक अननुभूत आकर्षण अनुभव गर्दछ । उसको शरीर, प्राण, मन सब स्थिर हुन जान्छ, उसको समस्त वासनाहरु मेटिन जान्छ-सारांश यो हो-त्यो कृतकृतार्थ हुन जान्छ, अनि उसको केही प्राप्य रहँदैन, कुनै वस्तुको चाहना रहँदैन, कामनापनि रहँदैन । अनन्त स्थिरतामा मानो जन्म मृत्युको समस्त चपलता लुक्न जान्छ । त्यसको भित्र बाहिर सब एक हुन जान्छ, उसको सबै बस्तु भगवन्मय हुन जान्छ । यस किसिमको वोध अथवा ज्ञान नै सन्सार या अज्ञानको निवृत्तिको उपाय हो । प्राणको दुई विभाव छन्-एक चंचल अवस्था र अर्को स्थिर अवस्था चंचलभावलाई हामी सवैले जान्दछौं, परन्तु स्थिर भाव सहजबोधगम्य छैन । यस चंचल अवस्थालाई समातेर त्यस स्थिरभावमा पुग्न सकिन्छ । यही ‘मरामरा’ भन्दै ‘राममा’ पुगिने धारा या कौशल हो । यसरी उल्टो नामको जप गरेर नै जगत्पूज्य “वाल्मीकि हुए ब्रहमसमाना ।” वाल्मीकि व्रहमभाव युक्त भएर ब्रहमस्वरुप भएको थियो । जुन मनको चड्कनमा परी हामी निरन्तर अस्थिर चंचल रहन्छौं, जुन मनलाई वशमा राख्न नसकेको कारण कति कति मानिसहरु कति कति भयानक कुकर्म गर्दछन्, साधकहरु पनि यस मनलाई वशीभूत गर्ने चेष्टामा कति कति डुवुल्की लगाउँछन्-अर्जुनको मर्मतुन्द रुवाईको यही हेतु हो-

"चंचलं मनः हि कृष्ण ! प्रमाथि बलवद् दृढम्"-

परन्तु यो मन भन्ने वस्तु के हो ? कहाँबाट एस्को उत्पत्ति छ ? - यसलाई अति थोरै मानिसहरुले जान्दछन् ।

परमाराध्य पूज्यपाद गुरुदेव "अविनाशी कवीर गीतामा" भन्नु हुन्छ मनको उत्पत्ति श्वासबाट हुन्छ र त्यो पवन अर्थात स्थिर वायुमा लय हुन्छ । अनि यही स्थिर वायु क्रियाको परावस्था व्रहममा लय हुन्छ । अनि यही स्थिर वायु, पवनबाट श्वास उत्पन्न हुन्छ । ॐकारबाट ध्वनि प्राणबाटै हुन्छ र प्राणमै मिल्न जान्छ । XXXXXXX मन श्वास प्रश्वासमा छ । यसलाई प्राणायामादि क्रिया गरी पवन अर्थात स्थिर वायुमा लय गर्नु उचित छ । वायु स्थिर भएपछि त्यस स्थिरत्वमा मन लगाउँदा ॐकार ध्वनि ह्रस्व दीर्घ, प्लुत मात्रामा सुनिन जान्छन् । अतयव श्वासबाटै मन एवं श्वासलेनै पवन हुन्छ । अनि ओमकार ध्वनिको शब्द प्राणबाट हुन्छ,-अतयव प्राणको क्रिया गर्दै गर्दै सर्वदा अवरोध गरेमा यो व्रहममा लीन हुन जान्छ । अनि व्रहम हंस परव्योममा लय हुन जान्छ, त्यो कालमा रहेर सर्वकालमा रहन्छ, अर्थात कालमा लय हुन जान्छ । ध्यानमा अर्थात १७२८ बार प्राणायाम गरे पछि यो ॐकार स्वरुप शरीरमा लय हुन जान्छ, त्यो कालमा लय भएर सर्वकालमा रहन्छ, अर्थात कालमा लय हुन जान्छ । कालमा लय भएर शिवस्वरुप हुन जान्छ, अर्थात निरंजन कूटस्थमा रहँदा रहँदै आफ्नो तद्रुपमा मिल्न गएर आफु आफैमा रहन्छ अर्थात् 'सोऽहं' 'व्रहम'- एस्तो बोध हुन्छ । यही शास्त्रले भनेको निजबोधरुप हो । यसरी आफुले आफैलाई जान्नुको नाम हो ज्ञान, यसैबाट विमुक्ति हुन्छ । ॥ २९ ॥

सर्वेऽप्येते यज्ञविदो यज्ञक्षयितकल्मषाः ;
यज्ञशिष्टामृतभुजो यान्ति ब्रहम सनातनम् ॥ ३० ॥
नायं लोकोऽस्त्य यज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥ ३१ ॥

श्री धरीय टीका- [पूर्वोक्त द्वादश प्रकारको यज्ञविदहरुको फल भन्नु हुँदैछ]-यिनीहरु सवै यज्ञविद् हुन् अर्थात् यज्ञलाभ गर्दछन् या यज्ञज्ञ हुन । यज्ञ द्वारा निष्पाप भएर यिनीहरु यज्ञावशिष्ट अमृतभोजी बन्दछन् । अर्थात् यज्ञहरु गर्दै यज्ञावशिष्ट कालमा अमृतरुप अनिषिध्द अन्न भोजन गर्दछन्, अनि तिनीहरु ज्ञान द्वारा सनातन नित्य ब्रहमलाई प्राप्त हुन्छ । यी यज्ञहरु नगर्नाले जुन दोष हुन्छ त्यसलाई बताउनु हुन्छ - यज्ञानुष्ठान रहित पुरुषलाई अल्पसुखमय लोकै त प्राप्त हुँदैन भने बहुसुखमय स्वर्ग उसलाई कसरी प्राप्त हुन सक्छ ? अतयव यज्ञ आवश्यक कर्त्तव्य हो ॥ ३० ॥ ॥ ३१ ॥

आध्यात्मिक व्याख्या - "क्रिया गर्नु पश्चात अमृत ब्रहममा जान्छ अर्थात क्रियाको परावस्था ॥ ३० ॥ क्रियाको परावस्था" ॥ ३१ ॥

- विहित कर्म, ज्ञान, एवं उपासना सबै यज्ञशब्द वाच्य हुन । यी सवै यज्ञ तत्त्वहरुलाई जसले जान्दछ, तिनीहरु तदनुसार साधन गरी निष्पाप हुन जान्छन्, एवं यज्ञको अवशेष अमृत भोजन गरी सनातन

ब्रहमलाई प्राप्त हुन्छ अर्थात् विमुक्ति प्राप्त गर्दछ। परब्रहम नै यस यज्ञको अग्नि हो, प्राण उसको स्तोत्र हो, अपान उस्को मन्त्र हो, अहंकार, मन र बुद्धि उसको होता, अध्वर्यु र उद्गाता हुन्। सवैचिज त्याग गर्नु नै उसको दक्षिणा हो। - (महाभारत-अणुगीता) विहित कर्म नै उपासना हो। अनि उपासना विना कसैलाई ज्ञानको प्राप्ति हुँदैन। आत्मा जन्ममृत्यु रहित छ। आत्मक्रिया अर्थात् स्वाभाविक श्वास प्रश्वास साथ जीव उत्पन्न हुन्छ। यही उसको विहित कर्म हो। यस विहित कर्म या प्राणकर्मको अनुसरण गरेमा (क्रिया गरेमा) नै ब्रहमको अमृतपाद अर्थात् क्रियाको परावस्था प्राप्त हुन्छ। यस प्राणयज्ञको अनुष्ठाताहरुको पाप या समस्त मलक्षय हुन्छ। चंचलता नै त मनको प्रधान मल हो। प्राणायामरुपी यज्ञद्वारा मनको सारा मल या विक्षेप नष्ट हुन जान्छ। मनको विक्षेप मल दूर भए पछि जुन स्थिरता उसलाई प्राप्त हुन्छ-यही हो यज्ञको अवशेष। प्राणयज्ञको सबै अनुष्ठाताहरु यस किसिमको यज्ञफल अर्थात् क्रियाको परावस्थारुप अमृत या परमा शान्ति प्राप्त गर्दछ। जस्ले प्राणक्रिया गर्दैन, त्यस्ले आत्मज्योतिको सन्धान प्राप्त गर्न सक्तैन। मन प्राण स्थिर नभएपछि शरीर पनि ठीक रहँदैन। चित्तको चंचलता नै सबै दुःखहरुको मूल हो। यो मूलै बन्द हुँदैन, मुहान सुक्दैन या उत्पाटित हुँदैन। अतयव यस शरीरमा रहेर जसले सुख शान्ति प्राप्त गर्दैन - त्यसले शरीरातीत कैवल्य पदलाई कसरी प्राप्त गर्न सक्ला ? ॥ ३०-३१ ॥

एवं वहुविधा यज्ञा वितता ब्रहमणो मुखे;
कर्मजान् विद्धि तान् सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

श्री धरीय टीका- [ज्ञानयज्ञको प्रशंसाको लागि पूर्वोक्त यज्ञहरुको उपसंहार गर्नु हुन्छ]- वेदमुखबाट यस किसिमको नानाविधी यज्ञ साक्षात् विहित भएको छ। तथापि ती सबलाई वाक् मन कायज कर्महरुबाट उत्पन्न, अतयव आत्मस्वरुपको संस्पर्शले हीन बुझ। किन भने आत्मा कर्मगोचर छैन। यस्तो जानिकन तिमी ज्ञाननिष्ठ भै सन्सारबाट मुक्त हुन सक्नेछौ ॥ ३२ ॥

आध्यात्मिक व्याख्या - "यसप्रकार नाना क्रियाहरु छन, ब्रहमज्ञ द्वारा प्राप्त भै मोक्ष हुन्छ, अर्थात स्थिर !!!" -

- यो यज्ञनै क्रियायोग हो। एसको अनुष्ठान ठीक ठीक भएमा नै यज्ञेश्वरलाई तृप्ति मिल्दछ। ब्रहमज्ञ गुरुको मुखवाट यस साधनक्रियाको उपदेश प्राप्त गरी त्यसको अनुष्ठानमा लाग्नाले नाना किसिमको उच्च अवस्थाहरु प्राप्त हुन्छन्। यी सबै अवस्थाहरुमा स्थिरता नै सर्वश्रेष्ठ छ, त्यसमा प्रतिष्ठित भएपछि साधक जीवन मुक्त हुन जान्छ। भ्रूमध्यमा स्थिर भएपछि नै नाना किसिमको दर्शन, श्रवण हुन सक्छ। मूलाधार स्थित चतुर्दल पद्ममा त्रिकोणाकार योनि स्थान छ, यही कुल-कुण्डलिनीको स्थान हो, सुषुम्ना त्यस योनिस्थानदेखि आज्ञाचक्रसम्म विस्तारित छ। साधना द्वारा मूलाधार स्थित प्राणशक्ति (कुण्डलिनी) मेरु पथवाट आज्ञाचक्रमा पुगेर जब स्थिति लाभ गर्दछ त कर्मातीत या निष्कृय पद प्राप्त हुन्छ। निष्क्रिय पद कर्मातीत हो तथापि क्रिया द्वारा नै त्यस अक्रिय या क्रियारहित पदको सन्धान मिल्दछ। त्यो प्रकृष्टरुपले प्राप्त भएपछि नै साधक मुक्ति लाभ गर्दछ। काल बाटै कर्म अर्थात सृजन एवं संहार हुन्छ।

यसैकारण सबै कालको वशमा हुन्छन् र काल कसैको वशमा हुँदैन । यो काल पनि महाकालमा विलीन हुन्छ । यो महाकाल नै क्रियाको परावस्था हो । क्रियाद्वारा क्रियाको परावस्था प्राप्त भएपछि काल अर्थात प्राणशक्ति या माया, महादेव या महाकालसँग एकाकार हुन्छ । -

"सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्,
स भूमिं सर्वतो वृत्वाऽअत्यतिष्ठद्दशांगुलम्;
एतावानस्य महिमा ततो ज्यायांश्च पूरुषः
पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवी ॥"

यस विश्वव्यापक विराट पुरुषमा अनन्त मस्तक, चक्षु, र पद छन्, त्यो यस पृथ्विमा सबैको भित्र भ्रू देखि व्रहमरन्ध्र पर्यन्त दश अंगुलिको बीचमा छ । यो उसको महिमा हो, यसैकारण उ श्रेष्ठ पुरुष हुन्छ । अखिल सन्सार-इडा र पिंगलामा या प्राण र अपान दुई पादमा छन् । तृतीय पाद सुषुम्नामा छ, जहाँ समान वायु छ, त्यहाँ सदा रहेमा अमृत पद प्राप्त हुन्छ । अर्थात् परव्योममा,-क्रियाको परावस्थामा उस्को स्थिति प्राप्त हुन्छ ॥३२॥

श्रेयान् द्रव्यमयाद् यज्ञाज्ज्ञानयज्ञः परन्तपः ;
सर्व कर्माखिलं पार्थ ज्ञाने परि समाप्यते ॥३३॥

श्री धरीय टीका- [परन्तु कर्मयज्ञ भन्दा ज्ञानयज्ञ श्रेष्ठ छ, यही बताउनु हुन्छ]- हे परन्तप, अनात्मव्यापार देखि गरिने दैवादि यज्ञको अपेक्षा ज्ञानयज्ञ श्रेष्ठ छ । यद्यपि ज्ञानयज्ञ पनि मनोव्यापारको अधीन छ, तथापि आत्मस्वरुपको ज्ञान मनबाट हुँदैन । मनरुपी परिणाम हुँदा खेरि ज्ञानको अभिव्यक्ति मात्र हुन्छ । द्रव्यमय यज्ञ भन्दा ज्ञान यज्ञको विशिष्टता यही हो । ज्ञानको श्रेष्ठत्वको कारण यही छ-समस्त फलहरुसँगै कर्म ज्ञानमा परिसमाप्त हुन्छ, अर्थात् ज्ञानको अन्तर्भूत हुन्छ । श्रुतिमा लेखिएकोछ-प्रजा जसले केही सत्कर्म गर्दछ, त्यो सवै व्रहमज्ञानको अन्तर्भूत हुन्छ । अर्थात तपस्या, योगाभ्यास अनि नाना किसिमको सत्कर्म जे जुन अनुष्ठित हुन्छ, सबै आत्मज्ञानको लाभको लागि नै अनुष्ठित हुन्छ ॥३३॥

आध्यात्मिक व्याख्या - "सवै यज्ञहरुको अपेक्षा ज्ञानयज्ञ नै श्रेष्ठ छ, किन भने समस्त फलाकांक्षाहरुको साथ समस्त कर्म क्रियाको परावस्थामा समाप्त हुन्छ ।"-

- समस्त यज्ञ अर्थात योगांग क्रियाहरुको अनुष्ठानको अपेक्षा ज्ञानयज्ञ या क्रियाको परावस्थानै श्रेष्ठ छ । यद्यपि योगांगको अनुष्ठानहरु द्वारा अशुद्धि क्षय भएपछि साधकलाई योगारुढ पदको योग्यता प्राप्त हुन्छ, तथापि साधन अवस्थामा चित्तको स्थिरता एकाएक नभै क्रमशः हुन्छ । यस्तो बेला साधकको मनमा हुन्छ -कसरी स्थिरता प्राप्त गरुं ? कसरी प्रत्यह कूटस्थ ज्योतिको दर्शन हुन्छ ? कसरी प्रत्यह अनाहत शब्द सुनुं ? इत्यादि । साधकको सकामावस्थामा यो व्यापार द्रव्ययज्ञरुपमा परिणत हुन्छ । त्यस समय नानात्व दर्शनको स्पृहा खूब बलबती हुन्छ, अतयव बुझ्नु पर्दछ-त्यस बखत पनि साधक मायिक

आकर्षणको वीचमा रहन्छ । साधना गर्दा गर्दै अरु केही दूर अग्रसर भएपछि जब साधकको सबै स्पृहा कम हुन जान्छ, तब यो सबै दर्शन श्रवणादि विषय स्पृहा आत्मसंयमरुपी योगाग्निमा समर्पित हुन्छ - यसैको नाम हो 'द्रव्ययज्ञ' । मनले भोगवासनाको त्याग गर्न नसकेमा त मनको नाश हुँदैन, अतयव पूर्वोक्त आध्यात्मिक दर्शन श्रवण आदि भैरहे पनि मानसिक व्यापार तव पनि बनिरहन्छ, मानसिक व्यापार रहुंजेल यथार्थ शान्ति प्राप्त हुँदैन । परन्तु मानिसहरु शान्ति प्राप्तिकै लागि कर्म गर्दछन्‌ । जबसम्म जीवात्मा परमात्मासँग एक हुन जादैन, तव सम्म प्राणको ज्वाला कसरी मेटिन्छ ? वासनाको त्याग नभैकन शान्ति पाइन्न, अनि मनोनाश भएपछि नै वासनाको त्याग हुन्छ । तवै आनन्द सागरमा अवगाहन हुन्छ । क्रियाको परावस्थावाट त्यस आनन्दसिन्धुको नै वोध हुन्छ । द्रव्ययज्ञ पश्चात्‌ तपोयज्ञ आउँछ । तपोयज्ञ हो-

"विधिवत्‌ प्राण संयामैर्नाडीचक्रे विशोधिते;
सुषुम्ना वदनं भित्वा सुखाद्विशति मारुतः ॥
मारुते मध्यसंचारे मनःस्थैर्यं प्रजायते । "

विधिवत्‌ प्राणसंयम द्वारा नाडीचक्र विशुध्द भएमा सुषुम्नाको मुख खुल्न जान्छ र त्यसमा सहजै प्राणवायु प्रवेश गर्न लाग्दछ । सुषुम्नाको भित्र प्राणवायुको संचरन भएमा मनको स्थिरता प्राप्त हुन्छ । यस स्थिरत्व प्राप्तिको लागि नै ॐकार क्रिया-श्वासको ठोकर क्रिया आदिको आवश्यक हुन्छ । यही परम तपस्या या तपोयज्ञ हो । यस तपस्याको फलस्वरुप साधकको तपोलोकमा अर्थात्‌ आज्ञाचक्रमा स्थिति हुन्छ । यस आज्ञाचक्रमा स्थिति लाभ गरेपछि नै स्व-स्वरुपमा अवस्थानरुप योग सिध्द हुन्छ । यस अवस्थामा सदा सर्वदा रहनु नै हो *"योगयज्ञ"* ।

हृदयबाट मस्तक पर्यन्त जुन वायु जान्छ, त्यसको नाम इडा हो, यो प्राणवायु हो । पिंगलाको गति अधोदेशमा हुन्छ, यही अपान वायु हो । यस अधः र ऊर्ध्वको बीचमा समान वायु छ, यही सुषुम्ना हो । नाभिमा यस्को स्थान छ, यो अग्निस्वरुप छ, समस्त यज्ञहरुलाई भस्म गरी यस्ले एक गरी दिन्छ र स्वयं भस्म हुन जान्छ । यो अग्नि जब कंठ देखि मस्तक सम्म रहन्छ, तव यो ब्रहमाग्नि या स्वप्रकाश स्वरुप हुन्छ । नाभिमा यी तीनै वायु एक भएर मिली हृदय पर्यन्त स्थिर रहन्छ । यसरी स्थिर रहेमा प्राणापानको गति स्थिर हुन जान्छ । यसैलाई नै क्रियाको परावस्था भन्दछन्‌ । क्रियाको परावस्था नै ब्रहम निरंजनको रुप या रुपातीत अवस्था हो ।

"यस्यावलोकनादेव सर्वसंग विवर्जितः;
एकान्त निस्पृहः शान्तस्तत्क्षणाद्‌भवति प्रिये ॥"-

क्रियाको परावस्थामा स्थिति भएपछि 'अनुभव' पद प्राप्त हुन्छ, एसैको नाम हो 'ब्रहमावलोकन' । यस अवस्थामा साधक सबै किसिमको आसक्तिबाट मुक्ति प्राप्त गरी एकमेकम्‌ हुन जान्छ । गुरुको कृपाबाट यस किसिमको इच्छा रहित अवस्था प्राप्त भएपछि नै 'शान्तिपद' प्राप्त हुन्छ ।

"ऊर्ध्वशक्ति निपातेन अधोशक्ति निकुंचनात्;
मध्यशक्ति प्रवोधेन जायेते परमं पदम् ॥"

ऊर्ध्वशक्ति प्राणवायु जब अधोशक्ति अपानवायुको साथ मिल्न जान्छ, तवै सुषुम्ना या मध्यशक्ति जाग्रत हुन्छ। तवै परम पद प्राप्त हुन्छ। अतयव यस प्राणापानको गति रुघ्द भएपछि परमज्ञान या परम पद प्राप्त हुन्छ, अनि यो ज्ञान प्रकाशित भएपछि नै अखिल कर्महरुको परिसमाप्ति हुन जान्छ ॥३३॥

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया;
उपदेक्ष्यान्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥

श्री धरीय टीका- [यस्तो आत्मज्ञान प्राप्तिको साधन भन्नु हुन्छ]-ज्ञानीहरुलाई दण्डवत् नमस्कारद्वारा, तत्पश्चात् परिप्रश्न द्वारा-जस्तो कहाँवाट तथा कसरी मेरो यो संसार हुन गयो तथा यो कसरी निवर्तित होला ? तत्पश्चात् गुरुको सेवा द्वारा त्यस तत्त्वज्ञानलाई प्राप्त गर। यसवाट शास्त्रज्ञ तथा अपरोक्ष अनुभव सम्पन्न आचार्यले तिमीलाई ज्ञानोपदेश गर्नेछन् ॥३४॥

आध्यात्मिक व्याख्या - "दण्डवत् प्रणाम गरी जिज्ञासा गरेर अनि सेवा गरेमा तत्त्वदर्शी पुरुषले बताई दिनु हुन्छ।"

- प्रणिपात, परिप्रश्न एवं सेवा यी तीन उपायहरुद्वारा गुरुको अगाडि ज्ञानोपदेश गरिने प्रार्थना गरेपछि गुरु शिष्यलाई यथार्थ रहस्यको ज्ञान प्रदान गर्नु हुन्छ। यसैबाट तत्त्वज्ञान प्राप्तिको केही उपायहरु मैले जान्न सके। गुरुसँग तत्वज्ञानको प्राप्ति गर्नको लागि गुरुलाई दीर्घ दण्डवत् प्रणाम गर्नु पर्दछ, अर्थात उनलाई आत्म समर्पण गर्दै आफ्नो प्रपन्नावस्था उनैलाई वताउनु पर्दछ। कसरी भवसागर पारी पुगुंला, हे कृपालु गुरु, कृपा गरी मलाई यस्को उपदेश दिनोस। म कोहुं ? कसरी यो वन्धनमा परें र यसवाट कसरी मुक्त हुने ? यो कुरा विनय पूर्वक बारंबार उनिसँग निवेदन गर्नु पर्दछ। केवल प्रश्न गरेर नै काम चल्ने छैन, गुरुको सेवा पनि गर्नु पर्नेछ। त्यो सेवा, त्यो आत्मत्याग पनि कस्तो अद्भूत बस्तु छ। त्यो गुरुको प्रति प्राणको आकर्षण पनि कति चमत्कारमय छ। तवैतारे गुरु प्रशन्न हुनुहुनेछ। श्री गुरुदेव प्रशन्न भएपछि त फेरि चिन्ता नै के रहला ? आफ्नो बाच्छालाई दुग्धपान गराउनको लागि जसरी गाई व्याकुल हुन्छ, उसरी नै गुरुपनि आत्म समर्पित, सेवापरायण, जिज्ञासु, काँतर शिष्यलाई भव वन्धनमोचनको उपाय वताई दिनु हुन्छ, उनको उपदेश अनुसार कार्य गर्नाले शिष्य सदाको निम्ति कृतार्थ हुन जान्छ। त्यो गुरु पनि कस्तो अपूर्व, कति आश्चर्य पुरुष हुन, त्यो मानो यस जगतको पुरुषै होइन, उनको समान अरु कोही छैन, जसले हाम्रो प्राणको वेदना बुझ्न, मनको प्यास मेटाउन, हाम्रो रोगलाई ठीकसँग बुझेर ठीक औषधि प्रयोग गर्नमा समर्थ छ। यस्तो बुझिन्छ, हामी पनि आफैलाई ठीक ठीक बुझदैनौ। यसैले उन्लाई देख्न उनको कुरा सुन्न, तथा उनको विषयमा कुरा गर्नाले हाम्रो प्राण मानो कस्तो कस्तो हुन लाग्छ। गुरु एकातिर जसरी शास्त्र पारदर्शी छन्, उसरी नै ब्रहमनिष्ठ पनि छन्। जस्तो साधनसिद्ध छन्, उस्तै

शास्त्रज्ञानमा सुपण्डित छन् । त्यसरी नै उनको मनः प्राण बुद्धि भगवत् सेवामा समर्पित छन् । यसैले श्रुति भन्दछन् -

"तद्विज्ञानार्थ स गुरु सेवाभिगच्छेत् समित्याणिः श्रोत्रियं व्रहमनिष्ठम् ।" यदि शिष्य भववन्धनदेखि त्यस्तो कांतर भैरहेको छैन, यदि त्यसबाट विमुक्त हुनको लागि प्राणको व्यथाबाट त्यो व्याकुल भएर उठदैन, त शिष्य हुनु नै व्यर्थ छ व्यर्थ । यदि श्री भगवान्लाई जीवनको सर्वस्व सम्झन पाएन, यदि उसलाई प्राप्त गर्न सर्वस्व त्याग गर्नमा अवपनि संकोच बोध भैरहेछ, गुरुसँग उपदेश प्राप्त गरी त्यसको बदलामा सबकासब उनको चरणमा प्रदान गरी यदि आफुलाई कृतार्थ सम्झँदैनौ तब वुझी लिनु-तिम्रो समय भएको छैन, अझै तिमीलाई प्रतीक्षा गर्नु पर्नेछ, अझै तिमीलाई त्यो अमृतकथा वारम्वार सुन्नु पर्नेछ-तवैतारे तिम्रो चित्तमल नष्ट हुनेछ, चित्तको मल, मनको वासना नष्ट नभैकन तिमी अधिकारी हुन सक्तैनौ ॥३४॥

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यासि पाण्डव;
येन भूतान्य शेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥

श्री धरीय टीका- [साढे तीन श्लोकहरुमा ज्ञानको फल भन्नुहुन्छ]-हे पाण्डव, जुन ज्ञानलाई प्राप्त गरी फेरि बन्धुबध आदिको कारण मोहलाई प्राप्त हुने छैनौ । किनभने त्यस ज्ञान द्वारा स्वकीय अविद्याविजृम्भित पितापुत्र आदिलाई आफ्नो आत्मामा अभिन्न रुप्ले देख्न सक्नेछौ । पश्चात् आफ्नो आत्मालाई 'म' परमात्मामा अभेद्यरुपले साक्षात्कार गर्न सक्नेछौ ॥३५॥

आध्यात्मिक व्याख्या-"जसलाई जानेपछि मोह हुनेछैन, अनि आत्माको दर्शन हुनेछ ।"

- आत्मदर्शन भएपछि जगत् दर्शन मेटिन जान्छ । अहिले जुन विश्व प्रपंच भासित भैरहेकोछ - जसद्वारा तिमी, त्यो र अरु धेरै धेरै वस्तुहरुको बोध भैरहेकोछ, तब यी सबैको पृथक पृथक बोध हुनेछैन । जसरी चीनीले बनेका सर्प, पक्षी, मानिस, हरिण आदि सबै अन्तमा एक चीनीनै हुन जान्छ, उसरी नै देवतादेखि कीटाणु पर्यन्त सारा प्राणी तिम्रो आत्मस्वरुप जानिनेछ, र तिमीपनि परमात्मासँग अभिन्न छौ - यो बोध हुनेछ । यसरी सवैमा उही एक हो, यस एकत्व दर्शनले जीवात्मा परमात्माको अभेद ज्ञान प्रस्फुटन हुनेछ । पहिले बुझ्न सक्नेछौ - तिम्रो भित्र जुन कूटस्थ छ, उसकै रुपले यो विश्व भरिएकोछ, त्यसपछि नाना घटहरुमा नाना चन्द्रदर्शन हुनेछैन, घटहरु भग्न भए पछि जसरी एकै चन्द्र वर्तमान रहन्छ, उसरी नै जीवको शरीरोपाधि छुटेपछि सबै कूटस्थ ज्योति नै एक असीम आत्मज्योति या चिदाकाशमा विलीन हुन जान्छ ॥३५॥

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः;
सर्व ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ॥३६॥

श्री धरीय टीका-[अधिक के]-यदि तिमी सबै पापीहरु भन्दा पनि बढी पापकारी हौ तथापि पाप समुद्रलाई ज्ञानको नौकाद्वारा अनायासै उत्तीर्ण हुनेछौ ॥३६॥

आध्यात्मिक व्याख्या - "बडो पापी भएर पनि सबै पापबाट मुक्त हुनेछौ ।"

- श्री शंकराचार्यले भन्नु भएकोछ - *"धर्मोऽपिह मुमुक्षोः पापमुच्यते"*-मुमुक्षुको लागि धर्मकार्य पनि पाप हो । जुन कार्यले आत्मस्थितिबाट च्युत गर्दछ, त्यो पुण्यकर्म भएता पनि मुमुक्षुको निम्ति त्यो पापमै गनिन जान्छ । यसैले जव हामी चित्त समाधान गर्न चाहन्छौं, तब कुनै किसिमको चिन्ता, यहाँसम्म कि सुचिन्ता पनि ठीक छैन, किन भने त्यसले विक्षेपलाई वढोत्तरी गर्दछ । परन्तु जो साधना गर्नु भन्दा अघिदेखिनै पाप कर्ममा आसक्त छ, त्यसको के गति होला ? यसैले श्री भगवान् भन्नु हुन्छ - यदि कोही कुनै ज्ञानमा प्रतिष्ठित हुन्छ अर्थात् साधना गर्दा गर्दै मनलाई निश्चल गर्न सके त उसको त्यो निश्चल भाव उसलाई एक अर्को राज्यमा लानेछ । जहाँ देहज्ञान छ, देहको सुख दुःखमा मन प्राण क्षण क्षण नाना किसिमका भावहरुबाट विचलित हुन्छ, त्यहाँ पाप पनि र पुण्य पनि, स्वर्गपनि छ र नरक पनि । परन्तु जहाँ मन अन्तरमुखी भएर शरीर सम्बन्ध देखि अतीत भएकोछ, उसको मनमा फेरि पापपुण्य प्रवेश गर्न सक्दैन तथा पाप पुण्यको परिणाम स्वरुप स्वर्ग नर्क भोग्नु पर्दैन । प्राण सुषुम्नावाहिनी भएपछि मन पनि आज्ञाचक्रमा निश्चल हुन जान्छ, तव उसलाई पाप पुण्यले स्पर्श गर्न पाउँदैन । अतयव पापी पनि यदि साधनाको सहायताले यस अविचल अवस्थामा प्राप्त हुन्छ भने त उसले किन कसरी पापसिन्धुलाई पार गर्दैन ? शरीर र इन्द्रियहरुमा मन आउनु नै पाप हो, जुन मन शरीरमा रहेन, साधनद्वारा आत्मस्वरुपमा स्थितिलाभ गर्‍यो, उसलाई फेरि के पाप र के पुण्य - कोहीले पनि रोक्न सक्तैन त्यो सर्वातीत भएर, सबै अवस्थाहरुलाई अतिक्रमन गरी ब्रहमस्वरुप समुद्रमा विलीन हुन जान्छ । "ज्ञान हुनासाथ कर्म रहँदैन । यही हो ब्रहमपद । यही प्रकृतिबाट पुरुषको मुक्ति हो ।"-महाभारत शान्तिपर्व । ॥३६॥

यथैधांसि समिध्दोऽग्निर्भस्मसात् कुरुतेऽर्जुन;
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते यथा ॥३७॥

श्री धरीय टीका-[ज्ञान द्वारा सागर समान अवस्थित पापराशीलाई अतिक्रमण गर्न सकिन्छ, परन्तु त्यसले के पापको पनि नाश हुन्छ ? यो भ्रान्तिको निवारणको लागि दृष्टान्त द्वारा सम्झाउनु हुन्छ]-हे अर्जुन ! दाउराको खलियोलाई प्रदीप्त अग्निले जसरी भस्मीभूत गर्दछ, उसरी नै आत्मज्ञानस्वरुप अग्निले प्रारव्धकर्म फल बाहेक अन्यान्य समस्त कर्महरु भस्मीभूत गरिदिन्छ ॥३७॥

आध्यात्मिक व्याख्या-"क्रियाको परावस्थामा समस्त पाप भस्म हुन जान्छन् ।"-

-शंकराचार्य भन्नु हुन्छ - "सामर्थ्यात् येन कर्मणा शरीरमारव्धं तत् प्रवृत्तफलत्वाद् उपभोगैनैव क्षीयते । अतो यान्यप्रवृत्तफलानि ज्ञानोत्पतेः प्राक्कृतानि ज्ञानसहभावीनि चातीतानेकजन्मकृतानि च तान्येव कर्माणि भस्म सात् कुरुते ।" - अर्थात जुन कर्मको फलस्वरुप यो शरीर आरव्ध भएको छ, त्यसको फल प्रदान

गर्न त्यो प्रवृत्त भएकोछ, त्यो भोगद्वारा नै क्षय हुनेछ। अतयव ज्ञानोत्पत्ति पूर्व गरिएको तथा ज्ञानोत्पत्ति कालमा गरिएको तथा अनेक पूर्व जन्ममा गरिएको तथा ज्ञानोत्पत्ति कालमा गरिएको कर्म, जसको फल प्रवृत्त भएको छैन भस्मसात् हुन जान्छ। (१) संचित कर्म-सवै जीवको हुन्छ, ज्ञानीको पनि हुन्छ। (२) क्रियमाण कर्म-जुन वर्तमान एवं भविष्यकालमा गरिन्छ या गरिनेछ। (३) प्रारव्धकर्म-जुन कर्महरुले फल दिन थालेकोछ, जुन फल दानोन्मुखी छ, जसको फल यो शरीर हो। पहिलो र दोश्रो किसिमको कर्म ज्ञान प्राप्ति पछि ज्ञानीलाई रहँदैन, तेश्रो प्रकारको कर्महरुको फल ज्ञानीहरुले पनि भोग्नु पर्दछ। परन्तु ज्ञानीहरुलाई त्यस प्रकारको भोगले अभिभूत गर्न सक्दैन तथा ती भुटिएका बीज समान अंकुर पनि उत्पन्न गर्न सक्तैन, किन भने ज्ञानीको कर्माशय नष्ट हुन जान्छ। कर्मफलमा स्पृहानै कर्माशय हो, यो लिंग शरीरमा वर्तमान रहन्छ, यही हृदय गन्थि हो। आत्माको यही अज्ञानरुपी उपाधि हो। यही हृदय ग्रन्थिलाई भेदन् गर्नको लागि नाना प्रकारको साधनहरुको आयोजन साधकहरुले गर्ने गर्दछन्। देहाभिमान नै समस्त अज्ञानको मूल हो। यस देहलाई विर्सन सकेन भनेत सारा साधना व्यर्थ भयो। जसवाट यो देहलाई भुली आत्मस्वरुपमा स्थिति लाभ होस, त्यसको प्रयत्न गर्नु नै मुमुक्षुत्व हो। क्रियाको परावस्थामा यो देहज्ञान विलुप्त हुन जान्छ, र आत्मस्वरुपमा स्थिति प्राप्त हुन्छ। यसको फलस्वरुप अज्ञानको नाश हुन्छ, किन भने पापको मूल अज्ञान हो, अतयव अज्ञानको नाशको साथै पाप पनि नष्ट हुन जान्छ ॥३७॥

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते;
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥

श्री धरीय टीका- [त्यसको कारण देखाउँदै हुनुहुन्छ]-यस लोकमा, तपोयोगादिमा कुनै ज्ञान समान शुद्धकर छैन। (अनि किन त सबै मानिसहरु आत्मज्ञानको अभ्यास गर्दैनन्, - यस्को उत्तर दिनुहुन्छ) - दीर्घकाल सम्म कर्मयोगको अनुष्ठान द्वारा योग्यता प्राप्त गरेपछि आत्म विषयक ज्ञानलाई साधकले आफसे आफ अनायासै प्राप्त गर्दछ, परन्तु कर्मयोग विना त्यो प्राप्त हुँदैन ॥३८॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा रहँदा रहँदा पवित्र भएर कालक्रमसंग आत्मालाई देख्दछन्, सवै किसिमसंग आफसे आफ सिद्ध हुन्छ।"

- दीर्घकाल सम्म तपस्या, श्रध्दापूर्वक नियमादिको पालन एवं तीर्थपर्यटन गर्दा गर्दै जब पाप क्षीण हुन जान्छ, तब ज्ञानोदय हुन्छ, अर्थात सत्यवस्तुको स्वरुप अवगत हुन जान्छ। प्राणायाम नै परम तपस्या हो यसद्वारा चित्त शुद्धि हुन्छ, पापक्षय हुन्छ। पहिले अलि अलि क्रियाको परावस्था नशा समान अनुभव त हुन्छ, परन्तु स्थायी भावले रहँदैन। सुदीर्घ कालसम्म नियमपूर्वक साधनादि गर्दा गर्दै योग्यता प्राप्त हुन्छ, अर्थात् क्रियाको परावस्था दीर्घस्थायी हुन्छ। क्रियाको परावस्थाको समान पवित्र अवस्था अरु कुनै हुन सक्तैन। यस्तो शान्तिप्रद, यस्तो सबै विर्सने अवस्था अरु छैन। क्रियाको परावस्था या ज्ञानको प्राप्तिको लागि योगाभ्यास गर्नु पर्नेछ, अनि सुदीर्घकाल अभ्यास गर्नाले त्यो अनायासै प्राप्त हुनेछ। परन्तु पहिल्यै यस अवस्था प्राप्तिको योग्यता आफसे आफ आउँदैन। अतयव ज्ञान प्राप्त गर्नको लागि सबैलाई नै

क्रियायोगको अभ्यास गर्नु पर्नेछ । क्रियायोग अभ्यासको फलस्वरुप मन संकल्पशून्य भएर महास्थिरतामा डुब्न जानेछ । तवै आत्म साक्षात्कार एवं ज्ञान प्राप्ति हुनेछ ।-

"क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे"-

त्यस परावर दृष्ट भएपछि साधकको समस्त कर्महरु क्षय हुन जान्छ । यसरी आत्माभित्र डुब्दा डुब्दै संसारको मूल बीज अज्ञान समूल नष्ट हुन जान्छ । परन्तु धैर्यपूर्वक साधनाभ्यासमा प्रयत्न गर्नु पर्नेछ, नत्रभने कटमेरो फलमा जस्तो टर्रो रस रहन्छ, उसरी नै चित्तमा अशुध्द संसार भाव रहनेछ । अपवित्र भावनै काम भाव हो । काम भाव नरहे पछि नै मन शुद्ध र परम निश्चिन्त हुन सक्नेछ । यो निश्चिन्त भाव नै ज्ञानानन्दमय अवस्था हो ॥३८॥

श्रद्धावांल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः;
ज्ञानं लव्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥

श्री धरीय टीका- श्रध्दावान अर्थात गुरुको उपदेशमा आस्तिक्य बुद्धि युक्त, तत्पर अर्थात तदेकनिष्ट, अनि जसको इन्द्रियहरु संयत छन्, यस किसिमको पुरुषले नै ज्ञान प्राप्त गर्दछ । अरुले प्राप्त गर्न सक्दैन । अतयव ज्ञानप्राप्ति भन्दा पहिले श्रध्दा आदि द्वारा, चित्त शुध्दिको लागि कर्मयोगको अनुष्ठान आवश्यक छ । ज्ञान प्राप्त गरिसकेपछि फेरि कुनै कर्तव्य रहँदैन । यसैले भन्नु हुन्छ - त्यस्तो पुरुष ज्ञान प्राप्त गरी अतिशीघ्र मोक्ष प्राप्त गर्दछन् ॥३९॥

आध्यात्मिक व्याख्या- "श्रध्दापूर्वक इन्द्रियसंयम गरी क्रिया गर्नाले क्रियाको परावस्थामा रहँदै 'म केही होइन'-'मेरो केही छैन'-शीघ्र नै एस्तो अवस्था प्राप्त हुन्छ ।"

- धर्म साधनको निम्ति श्रध्दा सर्वापेक्षा प्रयोजनीय वस्तु हो । जस्मा श्रध्दा विश्वास रहँदैन, त्यो यस साधन-समुद्रलाई पार गरी भगवान्को चरणमा उपनित हुन सक्दैन । जीवनमा उस्को अशान्ति कहिल्यै मेटिन सक्तैन । योगी याज्ञवल्क्य भन्नु हुन्छ -

"श्रध्दाविधिसमायुक्त कर्म यत्क्रियते नृभि;
सुविशुध्देन भावेन तदानन्त्याय कल्पते ॥"

चाहे जुनसुकै कर्म होस, मनुष्यले श्रध्दापूर्वक विशुध्दभावसँग गर्न सके त त्यसले अनन्त फल प्रदान गर्दछ ।

महाभारतमा लेखिएको छ, - श्रध्दाहीन मानिसको अन्न पनि नखानु । कुनै यज्ञानुष्ठानमा उसलाई अधिकार हुँदैन । अश्रध्दा एकातिर जसरी गुरुतर पाप छ, श्रध्दा त्यसरी नै पाप नाशक छ । श्रध्दावानहरुलाई नै ज्ञान प्राप्त हुन्छ । श्रध्दापूर्वक क्रियाभ्यास गरेमा क्रियाको परावस्था प्राप्त हुनेनै छ, त्यसको अपेक्षा

शान्तिमय अरु कुनै वस्तु छैन । परन्तु यस्तो पनि देखिनमा आउँछ, कसै कसैलाई त्यो प्राप्त हुँदैन । यस्को कारण के हो ? यस्को कारण यो छ - क्रिया त गर्दछ, किन्तु गुरु र उनको उपदेश प्रति त्यस्तो श्रध्दा छैन । क्रिया गर्दा गर्दै अरु पनि किसिम किसिमका साधना गर्न थाल्दछ । यो अश्रध्दान् पुरुषको लक्षण हो, क्रियाको महिमा उसले बुझ्दैन र अनि कसै कसैलाई क्रियामा यथेष्ट श्रध्दाविश्वास हुनाको कारण बीच बीचमा खुव फल पनि पाउँदछ, परन्तु त्यस्तो सुगंभिर निष्ठा हुँदैन । निरालस्य भएर खुव नियम पालन साथ प्रतिदिन धेरै बेर सम्म साधना गर्ने सामर्थ्य हुँदैन । साधनमा तत्पर या आलस्यशून्य नभैकन श्रध्दा भएरै पनि राम्रो फल पाईदैन । अनि कोही कोही श्रध्दालु तथा खुव तत्पर त हुन्छन, परन्तु उसमा इन्द्रियसंयमको अभाव हुन्छ, यसैले प्रकृत ज्ञान या क्रियाको परावस्था प्राप्त गर्न सम्भव हुँदैन । श्रध्दा, तत्परता एवं इन्द्रियसंयम यी तीनै रहेपछि नै ज्ञानलाभ हुन्छ, या क्रियाको परावस्था शीघ्र उदित हुन्छ । क्रियाको परावस्था आउने वित्तिकै परमानन्द या अनन्त शान्ति साधकलाई प्राप्त हुन्छ । अतयव गुरु एवं शास्त्र वाक्यमा जसको अचल श्रध्दा छ, अर्थात नियमपूर्वक साधना गर्दछ तथा जसको इन्द्रियहरु शासनमा छन्, उसलाई ज्ञान प्राप्तिमा विलम्ब हुँदैन ॥३९॥

अज्ञश्चाश्रध्दानश्च संशयात्मा विनश्यति;
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मन ॥४०॥

श्री धरीय टीका- [ज्ञानाधिकारीको कुरा भन्नु भएर अब त्यसको विपरित अनधिकारीको सम्बन्धमा भन्नुहुन्छ] -अज्ञ, गुरुपदिष्ट अर्थमा अनभिज्ञ, गुरुपदेश ग्रहणमा असमर्थ, कथंचित ज्ञान उत्पन्न भएर पनि त्यसमा श्रध्दाहीन, अनि केही केही श्रध्दायुक्त भए पनि "मलाई यसमा सिद्धि प्राप्त हुन्छ या हुँदैन - यस किसिमको संशयात्मक पुरुष भ्रष्ट हुन जान्छ । अज्ञ, श्रध्दाहीन र संशयात्मा-यी तीनमा संशयात्मा सर्वथा विनष्ट हुन जान्छ । संशयको कारण भोग पनि उसको लागि असंभव हुन्छ, यसैले सुख पनि हुँदैन ॥४०॥

आध्यात्मिक व्याख्या -"मूर्ख, श्रध्दाहीन मनुष्य, संशयमा रहनुको कारण इहकालमा पनि सुख छैन, परकालमा पनि सुख छैन ।"

- तीन किसिमका मानिसहरु साधनाभ्यास गर्दैन, (१) जो मूर्ख छ, - परम तत्त्वलाई सही सही बुझेको हुँदैन, कसरी मनुष्य जीवन सार्थक हुन्छ, - त्यसको केही भावना पनि जसको मनमा उदित हुँदैन, पशुवत्त आहार, निद्रा, भय मैथुन आदिमा नै जीवन विताउँछ । (२) अश्रध्दान्वित-यिनीहरु बुद्धिमान त हुन सक्छ, परन्तु भगवान्मा या भगवत् प्राप्तिको उपायहरुमा श्रध्दा गर्दैन, साधनको रहस्यलाई बुझेर पनि त्यस प्रति आस्था राख्दैन र त्यसमा परिश्रम गर्नको लागि उन्मुख हुँदैन । "यो सबै गरेर के होला"-यही तिनीहरु भन्दछन्, अनि तिनीहरुमा खूब आत्माभिमान हुन्छ । (३) संशयात्मा -जसलाई परलोकको विषयमा निश्चय छैन, अर्थात केवल शंका उपशंकाले उसको मनलाई व्याकुल गर्दछ, गुरुवाक्यमा संदेह, शास्त्रवाक्यमा सन्हे, यहाँ सम्म कि परलोक छ या छैन -अतयव परलोकीय साधनभूत अनुष्ठानहरु गर्नाले के लाभ होला, यी सवै सन्देह हुन्छ । संसारमा पुत्र, मित्र, पत्नी, गुरु आदि कसैमा पनि विश्वास गर्न सक्तैन, सवैको व्यवहारमा संशयापन्न हुन्छ । यदि मानिसहरुलाई देखाउनको लागि गुरुको पासमा गएर

उपदेश लिन्छ तथापि त्यसमा श्रध्दा हुँदैन, केवल गुरु र उनले देखाएको साधनामा दोष निकालिरहन्छ, पश्चात् संभवत एकदिन भनिपनि हाल्छन - यी सवै ढुङ्गा फोडेर साधन गर्नाले के होला ? गुरु त हामी जस्तै खान्छन, पिउँछन, घुम्छन फिर्छन, सुखको लागि दौडधुप गर्दछन् - उस्लाई पनि केही आउँछ जान्छ छैन । यी सवै कुराहरु केही पनि हुँदैन, केवल यिनीहरु संसारलाई ठग्दै घुम्दै छन् - इत्यादि उसको मनको भाव छ । यी तीन किसिमका मानिसहरुमा कसैले पनि साधना गर्दैन । यसमा अज्ञलाई गति प्राप्त गर्न सजिलो छ र सुख साध्य पनि । अश्रध्दालुलाई गति प्राप्त हुन धेरै कठिनयत्न साध्य हुन्छ, परन्तु संशयाक्रान्त मानिसलाई गति प्राप्त हुनु विलकुलै असाध्य छ । संशयात्मालाई इहलोकमा पनि सुख छैन, किनभने उसले कसैलाई पनि मनले विश्वास गर्न सक्तैन । उसको आफ्नै आफन्तीहरु पनि उसको मनको दोषले अशान्ति भोग्दछन्, तथा अशान्त चित्त हुनुको कारण त्यसले सान्सारिक सेवा पनि राम्रोसँग गर्न पाउँदैन । सवैमाथि उस्ले शंका उपशंका गर्दछ, कसैमाथि विश्वास गर्न समर्थ छैन । यस कारण उसको कोही पनि वन्धु या आत्मिय हुन सक्तैन । उसलाई परलोकमा पनि विश्वास हुँदैन, यसैले धर्मानुष्ठान नगरिने कारण परलोकको सुख पनि उसको भाग्यमा छैन । विश्वास भए त तदनुरुप कार्य गर्दथ्यो । अतयव संशयात्मालाई इहलोक-परलोक कतै पनि सुख शान्ति हुँदैन ॥४०॥

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम ;
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनंजय ॥४१॥

श्री धरीय टीका- [दुई अध्यायहरुमा भनिएको पूर्वापर भूमिका भेदले ज्ञानमयी द्विविधा ब्रहमनिष्ठाको उपसंहार गर्नु हुन्छ]-धनंजय ! परमेश्वरको आराधनारुपी योग द्वारा उसमा जसले समस्त कर्महरुलाई समर्पण गरेकोछ आत्माको अकर्त्तुत्त्व बोधरुप ज्ञान द्वारा देहाभिमान लक्षणरुप संशय जसको छिन्न भएकोछ, त्यस अप्रमादि पुरुषलाई कर्मसमूह फलहरुले आवद्ध गर्न सक्तैन । चाहे ती कर्म लोकसंग्रहको लागि गरिएको हुन् या स्वाभाविक नै भएका हुन ॥४१॥

आध्यात्मिक व्याख्या - "क्रियाको परावस्थामा रहनाले कुनै पनि कर्ममा आवद्ध हुँदैन ।"-

- कर्मले मनुष्यलाई विलकुलै छोडदैन, छोडनु पर्ने त्यस्तो प्रयोजन पनि छैन । कर्म नछोडिकन पनि जसको कर्मवासना योगाभ्यास द्वारा नष्ट भएकोछ, तथा क्रियाको परावस्था प्राप्त हुनुको कारण जसको सारा संशय दूर भएकोछ, उही आत्मस्थ पुरुष हो, यस्तो अप्रमादि पुरुषले कर्म गरेर पनि आवद्ध हुँदैन । 'देहोऽहं' रुप अविद्या-बुद्धि,-कूटस्थदर्शी तथा क्रियाको परावस्थामा स्थित आत्मवन्त योगीलाई हुन सक्तैन, किनभने त्यो त्यतिखेर छिन्न संशय हुन्छ । देहात्मबुद्धि रहनाले नै कर्म मानो आफ्नो चिरसंगीनी लाग्न थाल्दछ, परन्तु जसले क्रियाको परावस्थामा देहबोध न रहेको देखि सकेको छ, तिनीहरुले देहाभिमान जनित कर्महरुलाई कसरी आफ्नो मान्लान् र ? यसरी नित्यतृप्त निराश्रय मनुष्यले स्वाभाविक भोजन-पान आदि कर्महरु गर्दै रहे पनि त उसलाई कर्म बन्धनमा हाल्न सक्दैन । अतयव देखिन जान्छ - ब्रहमनिष्ठा, कर्म एवं ज्ञान-भेदले दुई किसिमको हुन्छ । प्रथमतः मनलाई विकल्प-शून्य गर्नको लागि क्रियायोगको अभ्यास गर्नु पर्दछ, तत्पश्चात् यस अभ्यासमा पटुता आएमा तदुत्पन्न जुन परावस्था साधकलाई प्राप्त हुन्छ; त्यही ज्ञानमय भाव हो । यस्मा आत्माको प्रत्यक्ष बोध हुन्छ, अतयव आत्मा छ

या छैन, अथवा कस्तो छ -इत्यादि संशय नामेट हुन्छ । यसमा "म, मेरो" रहँदैन, *'सर्वं ब्रहमयं जगत्'* हुनुको कारण कुनै वस्तुमा स्पृहा पनि हुँदैन । यो एषणा शून्य अवस्थानै निष्काम भाव या अपरोक्ष ज्ञान हो । त्यतिखेर एक आत्माकारित बुद्धि बाहेक अरु कुनै बुद्धि उदित हुँदैन ।

- "क्षणार्द्धं च न तिष्ठन्ति वृत्ति ब्रहममयी विना" ॥४१॥

तस्माद्ज्ञानसम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः ;
छित्वै नं संशयं योगमातिष्ठोतिष्ठ भारत ॥४२॥

श्री धरीय टीका- किन भने कर्मयोगी मुक्त हुन्छ र संशयात्मा विनष्ट हुन्छ, अतयव आत्म विषयक अज्ञानबाट उत्पन्न, हृदयमा स्थित, शोकादिको हेतुरुप संशयलाई देहात्मविवेकरुपी ज्ञान-खड्गले छेदन गरी आत्म ज्ञानको उपाय स्वरुप कर्म योगको आश्रय लेऊ । ज्ञान सिद्धिको लागि कर्मविमुख हुनु ठीक छैन । तिमी क्षत्रिय हौ, यसैले युद्ध गर्नु तिम्रो प्रमुख धर्म हो, त्यो युध्द प्रस्तुत छ, अतयव युध्द गर्न उठेर खडा होऊ ॥४२॥

आध्यात्मिक व्याख्या - "यसैले आत्मामा रहेर सदा सर्वदा क्रिया गर ।"

- श्रुति भन्दछन् - *"तमेव विदित्वाऽतिमृत्युमेति नान्यः पंथा विद्यतेऽयनाय"*- ब्रहमलाई जानेर "अतिमृत्यु" अर्थात बार बार मृत्यु तथा अतिमृत्युको भयलाई मनुष्यले अतिक्रम गर्न सक्दछ । मुक्तिको लागि अरु कुनै दोश्रो उपाय छैन । यसैले हृदयको समस्त संशयहरुलाई नामेट गर, र अनि श्री गुरुदेवको स्मरण गर्दै साधनामा कम्मर कसेर लागि हाल । सदा नै आत्मामा रहने कोशिस गर । राम्रोसँग दीर्घकाल सम्म क्रिया गरेमा आत्मामा रहन सक्ने छौ । अरु कुनै दोश्रो उपाय या मार्ग छैन । तिमी क्षत्रिय हौ, आफ्नो धर्म पालन गर । क्षतबाट त्राण गर्नु नै त तिम्रो धर्म हो । जुन मानिसहरु आत्मज्ञानको प्राप्तिको लागि देहेन्द्रियादि धर्मसाथ तत्पर भएर लागि हाल्छन, तिनीहरु नै क्षत्रिय हुन । सोच, विचार गर त कति कति युगहरु देखि कति कति जन्म जन्मान्तरीण संसार वासनारुप सहस्र व्रणपूर्ण मनलाई लिएर यस संसार क्षेत्रमा आवागमन गरिरहेछौ । के कहिल्यै यस क्षत तिर दृष्टि दिएका छौ ? यदि यस्पल्ट भाग्यले दृष्टि परेको छ त भने फेरि किन आलस्यमा समय खेर फाल्ने ? वृथा वकवादमा, आलापमा, वृथा आमोद प्रमोदमा यस अमूल्य समयलाई व्यर्थ नष्ट नगर । जव समय भिड्की हाल्छ त फेरि कुनै काम हुने छैन । जुन समय वचेकोछ, त्यसलाई नष्ट नगर, सन्नद्ध भएर साधनामा जुटी हाल । तवै यस जीवनको रहस्य तिम्रो अगाडि खुल्नेछ । तवै जान्न सक्नेछौ - तिमी को हौ ? कसको हो ? यो शरीर के हो ? आत्मा के हो ? त्यसको साथ शरीरको सम्वन्ध के छ ? - यी कुराहरुको सन्देह-निवारण गरिने उत्तर पाउने छौ । तिमी त्यसमा संशय नगर, तिमी आफ्नो सामर्थको विषयमा पनि संशय नगर । तिम्रो भित्र जुन अनादि अप्रमेय पुरुषोत्तमको लीला चलिरहेछ, एकपल्ट त्यस लीलालाई बुझ्ने प्रयत्न गर । तिमी उसको प्रकृति हौ, तिमीलाई लिएर नै उनको लीला छ । तिमी उसदेखि भिन्न छैनौ - एकपल्ट श्री गुरु मुखबाट यसलाई जानी गुरुप्रदत्त साधनाको अभ्यास गरी तदुत्पन्न प्रज्वलित ज्ञानाग्निमा आफ्नो अविवेकले उत्पन्न समस्त कर्मराशीलाई भस्म गर । तिमी दुवै एकै हो -यसलाई गुरुपदिष्ट उपायद्वारा बुझ्ने चेष्टा गर-तब देख्ने छौ - यस साधनाको परिसमाप्तिको समय, क्रियाको परावस्थामा, त्यस स्निग्घ ज्ञानालोकले उद्भासित

अपूर्व स्थिरतामा अनन्त अनन्त अनैक्य 'एकमेकम' हुन जानेछ। तिमी त्यसमा मिल्ने छौ। अनन्त दुःखहरुको मूल अज्ञान ध्वंस हुनेछ। हृदयको व्यथा-वेदना नामेट हुनेछ। निवृत्तिरुप परमा शान्तिलाई प्राप्त गरी तिम्रो जन्म जीवन सार्थक हुन जानेछ। अतयव हामी सक्छु या सक्दिन, होला या नहोला,-मनका यी समस्त संशयहरुबाट विचलित नहोऊ। जब युद्ध या चेष्टा नगरिकन तिम्रो काम चल्दैन, तथा संसारको पर पारी जानु नै जब जीवनको उद्देश्य छ तव अव धेरै समय नष्ट नगर। सुख दुःखलाई समान सम्झेर साधनामा सचेष्ट हुनु नै तिम्रो कर्मयोग हो, यसलाई ठीकसँग बुझेर कर्मयोगमा स्थिर बुद्धि भएर तत्पर हुनाले नै ज्ञान प्राप्ति हुनेछ ॥४२॥

इति श्यामाचरण-आध्यात्मिक दीपिका नामक गीताको चतुर्थ अध्यायको आध्यात्मिक व्याखया समाप्त।

ॐ तत्सत्!

ॐ तत्सत्!!

ॐ तत्सत्!!!

श्रीमद्भगवद् गीता

पंचमोऽध्याय

(कर्म संन्यास योगः)

अर्जुन उवाच-

संन्यासं कर्मणा कृष्ण पुनर्योगंच शंससि;
यच्छ्रेयं एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥

श्री धरीय टीका- [पंचम अध्यायमा भगवानले कर्मयोग र संन्यास योग विषयक अर्जुनको संशयलाई दूर गरी जितेन्द्रिय यतिको मुक्तिको उपाय भन्नु हुन्छ]-(अज्ञान-संभूत संशयलाई ज्ञान खड्ग द्वारा छेदन गर्दै, अर्जुनलाई कर्मयोगको अनुष्ठान गर्नको लागि भगवान्ले भन्नु भएकोछ, यसमा पूर्वापर विरोध देखेर- अर्जुन बोल्यो, - हे कृष्ण ! तिमीले पहिले एकपल्ट भनेको छ - जसको केवल आत्मामै प्रीति (यस्त्वात्मरतिरेव स्यात् इत्यादि) छ, त्यसको लागि कर्म छैन ; ज्ञानमा नै सबै कर्महरुको परिसमाप्ति (ज्ञाने परिसमाप्यते) हुन्छ, यस उक्तिमा ज्ञानीको कर्म संन्यासको कुरा भनिएकोछ । फेरि अज्ञानसंभूत संशयलाई ज्ञानखड्ग द्वारा छेदन गरेर कर्मयोगको आश्रय लिनको लागि पनि भन्नु भएकोछ । कर्म संन्यास र कर्मयोग एक समयमा एकै मनुष्य द्वारा संभव छैन, किन भने कर्म र संन्यास परस्पर विरुध्द छ । अतयव यी दुवैमा कुनचाँहि अनुष्ठान गर्नाले मेरो कल्याण हुनेछ, यही एक कुरा निश्चय गरी मलाई भन्नुहोस ॥१॥

आध्यात्मिक व्याख्या - "शरीरको तेज द्वारा अनुभव भैरहेछ-संन्यासकर्म-एवं योगकर्ममा-जुन श्रेष्ठ छ त्यसलाई बताऊ ।"

- कर्म छोडनाले सन्सारको काम चल्ने छैन, परन्तु कर्म गर्न पनि धेरै श्रमसापेक्ष छ । कर्म गर्नाले नै कर्म सिद्धि हुन्छ, यस्को पनि सर्वदा कुनै निश्चय छैन । कर्म गरिरहँदा परस्पर नाना विरोधि व्यापार अगाडि आई दिन्छ, अतयव कर्म गरी आत्म दर्शन गर्नु असंभव जस्तो लाग्छ । यस्तो लाग्दछ -मानो आफ्नो शक्ति पर्याप्त छैन । जब कर्म निरपेक्ष संन्यास लिएर पनि आत्मदर्शन या मुक्ति लाभ हुन्छ र कर्म त्याग गर्नु सजिलो देखिन्छ भने त कर्म त्याग तिरै चल्नेछ । भ्रान्त चित्त मनुष्यले यस्तो सम्झन्छ सही, परन्तु उसले कार्यकालमा यो कसरी असंभव छ देख्दैनन् । सन्सारको सुख वासना पुरा गर्नको लागि पनि धेरै धेरै कष्ट उठाउनु पर्दछ । यस कष्टको भय देखि धेरैजसो मानिस गृहस्थी चलाउन चाहँदैन, यो वैराग्य होइन, केवल वैराग्यको नक्कल हो । उसरी नै भगवान्लाई पाउन या ज्ञान प्राप्त गर्नको लागि धेरै धेरै आयास, कठोर परिश्रम, कठोर तपस्या गर्नु पर्ने हुन्छ । यही कारणले श्रमविमुख तामसी प्रकृतिका मानिसहरु बहुधा भगवान्लाई प्राप्त गर्ने उपाय जुन ईश्वरार्पित बुद्धिले कर्मानुष्ठान गर्नुछ, त्यसलाई गर्न तत्पर हुँदैनन् । तिनीहरु दुई पन्ना वेदान्त पढेर एकैपल्ट छलांग लगाउँदै ज्ञानी बन्न चाहन्छन् । परन्तु ज्ञानीको वाना धारण गर्देमा कोही ज्ञानी वन्न सक्तैन । *"ज्ञान योगेन सांख्यानां कर्मयोगेन योगिनाम्"* । भागवतमा भगवानले उध्दवलाई मोक्षको तीन उपाय वताउनु भएको छ ।

- "ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योऽस्ति कुत्रचित्" -

(१) ज्ञान, (२) कर्म, र (३) भक्ति यी तीन उपायहरुको सिवाय मोक्षको लागि कुनै अन्य उपाय नास्ति । यद्यपि उपाय यी तीनै हुन, परन्तु आफ आफ्नो योग्यताको विचार गरी यी उपायहरुको अवलम्बन गर्नु पर्दछ । मनोमानी संग अवलम्वन गरेर काम चल्ने वाला छैन । यसैले भनेको छ-

- "निर्विण्णांनां ज्ञान योगः न्यासिनामिह कर्म सु ।"-

जो निर्विण्ण पुरुष छ, अर्थात सन्सारको भोग सुखादिवाट विरक्त छ, यस किसिमको स्वाभाविक वैराग्ययुक्त कर्मत्यागी मनुष्यहरुको लागि नै ज्ञानयोग हो । -

"तेष्वनिर्विण्णचित्तानां कर्मयोगस्तुकामिनाम्"

कर्मफलमा स्पृहा भएका अर्थात वैराग्य विहीन, अतयव कर्ममा अविरत पुरुषको लागि नै कर्मयोग हो । अनि -

"यदृच्छयामत् कथादौ जात श्रध्दस्तु यः पुमान;
न निर्विण्णो नातिसक्तो भक्तियोगोऽस्य सिद्धिदः ॥"

मेरो कथामा श्रद्धालु मानिस, जो न त संसारबाट विरक्त छ, र न त अत्यन्त आसक्त छ, त्यस्ताको लागि नै भक्ति योग सिद्धिप्रद छ । यसैले वैराग्ययुक्त ज्ञानीलाई साधना भन्नु हुन्छ । -

"यदारम्भेषु निर्विण्णो विरक्तः संयतेन्द्रियः;
अभ्यासेनात्मनो योगी धारयेदचलं मनः ॥"

-योगी जब कर्ममा निर्विण्ण तथा फलमा विरक्त हुन्छ, तब संयतेन्द्रिय भएर आत्मज्ञानको प्राप्तिको लागि मनलाई अचल भावले धारण गर्नुको अभ्यास गर्दछ ।

परन्तु कर्ममा निर्विण्ण एवं फलमा विरक्त पुरुष पाउनु कठिन छ । हजारौं हजारौंमा पनि कहिं कतै कतै एक मनुष्य मुश्किलले मिल्दछ । यस प्रकारको अधिकारी मनुष्यले नै ज्ञानालोचना गर्नु पर्दछ । ज्ञानलाई परिपक्व तथा वैराग्यलाई दृढ भित्ति गर्नको लागि कर्म संन्यास गरेर नै संन्यास ग्रहण गर्नु उसको लागि ठीक हुनेछ । परन्तु जसलाई वैराग्य छैन र कर्ममा पनि त्यति आसक्ति छैन, सन्सारलाई दुःखात्मक सम्झन्छ, परन्तु त्यसलाई छोड्ने सामर्थ्य पनि उसमा छैन -

-एस किसिमको-

"वेद दुःखात्मकान् कामान् परित्यागेऽप्यनीस्वरः"-

मनुष्य भगवद्भक्तिको आलोचना गरोस, घरमा बसेर ध्यान, योग, जप, तप आदि गरोस । गृहस्थको लागि जुन ब्रहमचर्यको विधि छ, त्यसैको अवलम्वन गरोस, यसैबाट उसको कल्याण हुनेछ । अनि जस्ले कामना

र फललाई विलकुलै छोड्न सक्तैन, तिनीहरु दिनरात कर्म गरुन्। अवस्य नै तिमीले यसमा भन्ने छौ- यो कस्तो व्यवस्था भयो-जुन मानिसहरु यस किसिमका आसक्त पुरुष छन, उनीहरुको लागि त भगवान्‌ले कुनै सुव्यस्था गर्नु भएन, या कुनै सहज उपाय वताउनु भएन। भगवान्‌ले उनीहरुको लागि पनि वेदविधि द्वारा व्यवस्था गर्नु भएकोछ-यस किसिमका प्रकृति भएका मनुष्यले शास्त्रानुमोदित सकाम कर्म गरिरहोस, त्यसले अलि अलि विश्वास र त्यागको काम प्रारम्भ हुनेछ। यस प्रकार कर्म गर्दा गर्दै एकदिन उसलाई निर्वेद अवस्था प्राप्त हुनेछ नै, तव तिनीहरु भक्ति र पश्चात् ज्ञानको अवलम्वन गरी जीवनलाई कृतार्थ गर्न सक्नेछ। यदि एक जन्ममा हुन सकेन भने पनि अर्को जन्ममा उसको कृतार्थ हुने आशा रहनेछ। परन्तु जसले कर्मको त्याग गरिनै दियो, तर वासनालाई निवृत गर्न सकेन, उनीहरुको लागि ठूलो दुर्दशाको कुरा हुनेछ। आत्मज्ञानको प्राप्ति नै अन्तिम लक्ष्य छ, यसैले जसको जस्तो अधिकार छ भगवान्‌ले उसलाई उस्तै किसिमको वाटोको अवलम्वन गरेर जीवनको अन्तिम उद्देश्य तिर अग्रसर हुनलाई अंगुलि-निर्देश गरी वाटो देखाउनु भएकोछ। जसले उनको इशारा र आदेश वुझीकन तदनुरुप कार्य गर्नेछ, उस्लाई कहिल्यै हताश हुनु पर्ने छैन।

अर्जुन यही द्विविधामा रल्लिएको छ। उसले वुझ्न सकिरहेको छैन - कर्म र कर्म-सन्यासमा उसको निम्ति कुनचाँहि अवलम्वनीय छ। यसै कारण भगवान्सँग उसले भनिरहेछ - "प्रभु! मार्ग त दुवै ठीक छ, तर मेरो लागि कुनचाँहि वाटो ठीक छ?-एकदम स्पष्ट रुपले वताई देऊ। सुनेर मेरो प्राण शीतल होओस। जे जो भन्नुछ, तिमी आफ्नै मुखले भनिदेऊ, मलाई दुवैवाट एक छान्नको लागि नभन।"

यथार्थतः देखिन गएकै छ - ज्ञान प्राप्ति विना संसारवाट निवृत्ति हुँदैन। यसको लागि ज्ञान प्राप्त गर्नु नै पर्नेछ। परन्तु के कुनै कर्म संन्यास विना ज्ञानी हुन सक्दछ? अतयव संन्यास लिनु पनि आवश्यक छ। शास्त्रमा पनि यसको विधान छ, तर कहिले? कुन बेला?

- "व्रहमचर्यं परि समाप्य गृही भवेत्, गृही भूत्वा वनी भवेत, वनी भूत्वा प्रवजेत्" -
-संन्यास लिनु पर्छ, परन्तु व्रहमचर्य समाप्त गरी गृहस्थ भएर, अन्तमा वानप्रस्थ धर्म परिपालन गर्दै संन्यास लिनु पर्दछ। यद्यपि श्रुतिको यस्तो आदेश छ - जुन दिन विषयबाट वैराग्य हुन्छ त्यही दिन अन्यान्य आश्रमहरुसँग सम्वन्ध त्यागेर संन्यास ग्रहण गरोस। परन्तु वैराग्य भए तव न? अविरक्त अवस्थामा संन्यास लिंदा त्यसको फल विपरितै हुन्छ। हामी साधारणतः जुन कर्म गर्दछौं त्यो आफ्नो सुखको लागि दुःख हटाउनलाई हो। परन्तु त्यसले न दुःख हटाउँछ, अनि न त कर्म नै कट्दछ - अतयव यस किसिमको कर्मको संन्यास या त्याग नितान्त आवश्यक छ। किन्तु कर्म भनेको त वासनाको वेग मात्र हो। अतयव यी सहजै सितिमिति छुट्ने वस्तु होइन नी। यसैले कर्ममा परमात्माको योग अनुभव गर्नु पर्नेछ। कर्ममा आत्माभिमान शून्य भएर, उसैको आदेश पालन गर्दैछु, उसैको लागि कर्म गरिंदै छ - यसकिसिमको भावनाले जुन चित्त भावित छ, त्यस चित्तमा कर्मले दाग लगाउन सक्तैन। उसले चाहे हजारौं किसिमको कर्म किन नगरुन, परन्तु उसको मन भगवच्चरणमा परिरहन्छ। यदि अन्त सम्म

भगवच्चरणमा मनलाई लगाई रहनु नै जीवको धर्म र कर्तव्य हो भने त मनलाई सर्वदा भगवच्चरणमा राख्नुको उपदेश नदिएर उवाट विहित कर्म गराउन चाहन्छौ किन ? यस्को कारण यस्तो छ - त्यो अझै योगारुढ पुरुष वनेको छैन, त्यो केवल आरुरुक्षु मात्र छ। कर्मको नशा अझै पनि उसको गएको छैन, अतयव कर्मलाई भगवान्‌को कर्मरुपमा वुझ्ने चेष्टा गरेपछि उसको ज्ञानोदय हुन जानेछ। यस साधनामा सिध्द भएपछि फेरि वासनाको तरंग उठ्ने छैन। अझै पौड्नमा पटुता आएको छैन, ठीक तरीकासंग संकोच छोडी तरंगको उपेक्षा गर्दै अघि वढ्ने साहस आएको छैन, यस्तो स्थितिमा एक घडालाई छातीमा चेपेर पौडनु पर्नेछ। पूर्ण ज्ञानको अवस्था निरावलम्व हुन्छ, यस्तो अवस्था अझै जसको आएको छैन, उसले कसैलाई मध्यवर्ती वनाएर चल्नु पर्दछ। यही हो भक्ति योग या निष्काम कर्मयोग। खालि कपडा रंगाएर संन्यास ग्रहण गर्नाले काम चल्ने छैन, त्यस्मा दोष लाग्नेछ। कर्म द्वारा अन्त:करण शुद्ध गरी ज्ञानाधिकारी हुन सक्नेछौ। श्रुति भन्दछ - "शान्तो दान्त उपरतस्तितिक्षुः समाहितो भूत्वात्मन्येवात्मानं पश्यति" - शम, दम, उपरति, तितिक्षा, श्रध्दा एवं समाधिको अभ्यास गरेमा आफ्नो हृदयमा नै आत्माको दर्शन गर्न सकिन्छ। अनि यस्तो नभैकन बलजफ्ती संन्यास लिंदा इहलोक र परलोक दुवै नष्ट हुन जान्छ। -

"काष्ठ दण्डो धृतो येन सर्वाशीः ज्ञानवर्जितः ;
तितिक्षाज्ञानवैराग्यशमादिगुणवर्जितः ॥
भिक्षामात्रेण यो जीवेत् स पापी यतिवृत्तिहा।"

शमदमादि साधन छैन, तितिक्षा छैन, ज्ञान वैराग्य छैन, केवल दण्ड धारण गरेकोछ, अनि सवै इन्द्रियहरुको भोग खुव चलिरहेछ, यस किसिमको मनुष्य यदि भिक्षा द्वारा जीवन यापन गर्दछ भने त त्यो वास्तविक भिक्षु या संन्यासी होइन, त्यो संन्यास धर्मलाई नाश गर्नेवाला हो।

येसैले जुन मनुष्य बस्तुतः क्रियाको परावस्थामा नपुगिकन, मेरो कर्महरु सवै समाप्त भएकोछ भनेर क्रियाको परित्याग गर्दछ, अनि संन्यासीको वाना धारण गर्दछ, उसको उभय लोक नष्ट हुन्छ। यद्यपि क्रिया र क्रियाको परावस्था एकै होइन, तथापि क्रिया नगरिकन क्रियाको परावस्था प्राप्त गर्नु सहज छैन। जब हामी एस्तो विचार गरेर देख्दछौं-कर्म (साधन) नगरिकन संन्यास प्राप्त हुँदैन त समस्त गंजागोल मेटिन जान्छ ॥१॥

श्री भगवानुवाच-

संन्यासः कर्मयोगश्च निःश्रेयसकराबुभौ;
तयोस्तु कर्मसंन्यासात् कर्मयोगो विशिष्यते ॥२॥

श्री धरीय टीका- श्री भगवान्‌ले एसको उत्तरमा जुन भन्नुभयो - उसको भाव यो हो - मैले त वेदान्तवेद्य आत्मतत्त्वज्ञ पुरुषको लागि कर्मयोग बताएको छैन, जसवाट पूर्वोक्त संन्याससँग विरोध उत्पन्न होस। परन्तु तिमी त देहाभिमानी छौ, बन्धु बधादिको कारण शोक मोह जनित जुन संशय तिमीलाई भैरहेको छ, त्यसलाई देहात्मविवेकरुप ज्ञान असिको मार द्वारा छेदन गरी परमात्म ज्ञानको उपायभूत कर्मयोगको

आश्रय लिनको लागि मैले तिमीलाई भनेको हुँ । कर्मयोग द्वारा शुद्ध चित्त हुनुको कारण जुन तत्त्वज्ञान प्राप्त भएकोछ, त्यसको परिपाकको लागि ज्ञाननिष्ठाको अंगरुप जुन संन्यास छ, त्यसैको विषयमा मैले पहिले तिमीलाई बताएको छु । कर्मयोग गौण छ र संन्यास प्रधान छ, अत: अंग र प्रधानको बीच विकल्प हुन सक्तैन, कर्म र संन्यास दुवै भूमिका भेदले (आरुढ एवं अनारुढ अवस्था भेदसँग मिलेर) अनुष्ठित भएमा मोक्षको साधक हुन्छन् । तथापि कर्म संन्यास भन्दा कर्म योग राम्रो छ ॥२॥

आध्यात्मिक व्याख्या - "कूटस्थ द्वारा अनुभव भैरहेछ, -संन्यास र योग दुवै राम्रो छ - योग विशेष राम्रो छ ।"

- अपरोक्षानुभूति द्वारा जुन ज्ञानको उच्च अवस्थामा प्रतिष्ठित छ, उसलाई देहात्मबुद्धिको अभावमा आफसे आफ हुन्छ, परन्तु जुन मानिसहरु अविद्वान छन, अर्थात् जसलाई अपरोक्षानुभूति छैन त्यस्को कर्म संन्यासको अवस्था आएको छैन । तैपनि यदि तिनीहरु बलपूर्वक कर्मत्याग गर्दछन् त त्यसवाट उसलाई सुफल प्राप्त हुँदैन । अतयव मुक्तिकामी तथा अविद्वान पुरुषको लागि कर्मसंन्यास भन्दा कर्मयोग (योगाभ्यास) श्रेष्ठ छ । संन्यास अवस्था प्राप्त गर्नको लागि अल्पाधिकारीलाई कर्म गर्नु नै ठीक छ । किनभने पहिले पहिले कर्मयोगको अभ्यास नगरिकन कोही पनि निष्क्रिय हुन सक्तैन, अनि न त क्रियाको परावस्था या संन्यास नै प्राप्त गर्न सक्दछ । अतयव संन्यासको अवस्था सर्वश्रेष्ठ भएर पनि स्वल्पाधिकारीको लागि कर्म त्याग श्रेष्ठ छैन । उसको लागि कर्म नै श्रेष्ठ छ । यो कर्म या क्रिया साधन जसले गर्नेछ, उसलाई एकदिन संन्यासको अवस्था प्राप्त नै हुनेछ । संन्यास भए पछि त साथसाथै मोक्ष पनि प्राप्त हुनेछ । जुन क्रिया गरेमा क्रियाको परावस्था निश्चय नै आउने छ । वाह्यदृष्टिबाट हेर्दा पनि त केवल कपडा गेरु रंगाउनाले नै प्रकृत संन्यास हुँदैन । वास्तविक वैराग्य विना संन्यास सफल हुँदैन । अनि फेरि मनमा वैराग्य हुनु कति कठिन छ । परन्तु जुन मानिसहरुले ईस्वरार्पित बुद्धिवाट समस्त कर्महरुलाई गर्दछन, उनीहरुको जे जति हुन्छ त्यो सबै भगवान् कै हुन्छ - यस्तो चिन्तन गरेमा उसको कर्म त्याग त हुँदैन परन्तु फल त्याग हुन्छ । फलत्याग भएपछि नै संन्यासको फल प्राप्ति हुन्छ । अनि यदि संन्यास लिएर यतिधर्मको पालन हुँदैन भने त त्यसमा दोष लाग्नेछ । ईस्वरार्पित बुद्धिवाट कर्मयोगको साधना गरेको समय यदि कुनै विघ्न पनि हुन्छ त त्यो एकदमै निष्फल हुँदैन । जसले भगवत् प्रीतिको लागि समस्त कर्महरु गर्दछन्, त्यसको कर्ममा दोष रहँदैन । यस किसिमसँग कर्म गर्नाले उसलाई आनन्दको कमी पनि हुँदैन । ॥२॥

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न कांक्षति;
निर्द्वन्द्वो हि महावाहो सुखं वन्धात् प्रमुच्यते ॥३॥

श्री धरीय टीका- [कर्म यदि वन्धनको कारण छ, त कर्मयोग श्रेष्ठ कसरी भयो ? यसै कारण संन्यासित्व द्वारा कर्मयोगीको प्रशंसा गर्नु हुँदै त्यसको श्रेष्ठता देखाउँदै हुनु हुन्छ]-राग र द्वेष रहित भएर जसले परमेश्वरको प्रीतिको लागि कर्मानुष्ठान गर्दछ, उसलाई नित्य अर्थात् कर्मानुष्ठान कालमा पनि संन्यासी

बुझ्नु । यस्को कारण यो हो - राग द्वेषादि द्वन्द्वहरुबाट शून्य शुद्धचित्त भएको मनुष्य ज्ञान द्वारा अनायासै संसारबाट विमुक्त हुन जान्छ । अर्थात् भगवद्-अर्पित चित्त भएर जसले कर्म गर्दछ, 'उसको कर्म फल-रहित हुनेछ' - यस्तो विचार गरी त्यो कर्म प्रति कहिल्यै उदासीन या द्वेषयुक्त हुँदैन । उसले सबै कर्महरुलाई भगवद्इच्छाले गर्दछ, अतयव उसलाई फलाकांक्षा पनि हुँदैन । यसप्रकारको कर्म योगी कर्म गर्दै रहेर पनि सन्यासी हुन । अनि यसद्वारा अनायास मुक्ति प्राप्त हुन्छ, अतयव संन्यास कर्मयोगकै अन्तर्गत भयो । यसैले यस किसिमको कर्मयोगलाई श्रेष्ठ भन्नमा कुनै क्षति हुँदैन ॥३॥

आध्यात्मिक व्याख्या - "त्यो नित्य संन्यासी हो जसले हिंसा (इर्ष्या) गर्दैन - अनि इच्छा गर्दैन - द्विविधारहित भएर सुखसँग बन्धनबाट मुक्त हुन जान्छ ।"

- जसको फलादिमा आसक्ति या लोभ छैन र कसैको राम्रो अवस्था देखेर जसलाई मनमा इर्ष्या हुँदैन, यस प्रकारको अवस्थाका मनुष्य नै यथार्थ ईस्वरार्पित चित्त हुन् । भगवान्ले उसलाई जे जति दिएकोछ, त्यो भन्दा बढी पाउनको लागि उसको मनमा लोभ हुँदैन, तथा अरुको उन्नति र समृद्धि सुख देखेर त्यसमा भगवान्को सुन्दर विधानलाई स्मरण गरी उसले आनन्द प्राप्त गर्दछ, "मेरो भाग्यमा यस्तो सुख छैन" यस्तो विचार गरी उ सुखी मनुष्यको अवस्था माथि ईर्ष्या गर्दैन । यस किसिमको मनुष्यलाई बन्धन हुँदैन । किनभने कामना र द्वेष नै समस्त बन्धनको हेतु हो । हामीहरु साधना गरिरहँदा पनि क्रियामा सिद्धिको आकांक्षा गर्दछौं, अनि जुन प्राकृत भाव सिद्धिको (इच्छारहित अवस्थाको) विरोधि छ, उससँग पनि द्वेष नगरिकन हामी रहन सक्दैनौ - यो पनि श्रेष्ठ साधकको लागि अनुचितै छ । किनभने प्रकृत साधक गुरुवाक्य अनुसार कार्य गरी निश्चिन्त हुन जान्छन् उ त्यसबाट के भयो के भएन, यसको विषयमा विल्कुलै चिन्ता गर्दैन । उसले बुझेको हुन्छ - श्री गुरुको आदेश पालन गर्दै जानु नै उसको कर्तव्य हो । उसले गर्न पनि यही गर्दछ, भगवान् त्यसको फलस्वरुप उसको लागि कस्तो विधान गर्नेछन, यसलाई उनैले जानुन् । साधक यसको लागि अलि कति पनि विचलित या चिन्तित हुँदैन । जसको मनको यस्तो अवस्था छ, उस्लाई फेरि कुनै दुविधा हुँदैन, अतयव त्यो चिर निश्चिन्त भएर परमानन्दमा समय व्यतीत गर्दछन् ।

यस किसिमको साधक विशुद्धचित्त भएर चाँडै नै चरम स्थिति प्राप्त गर्दछ । अतयव क्रियाको परावस्थामा जुन शान्ति छ, त्यस अवस्थामा पूर्ण स्थिति लाभ नगरे पनि उसले परम शान्ति लाभ गर्न सक्दछन् । अयुक्तावस्थामा कर्मशून्य भै रहने जब कुनै उपाय छैन भने तब कर्म गर्नमा आलस्य गर्नु या प्रमाद ग्रस्त हुनाले काम चल्ने छैन । फलको आशालिई जसरी फलाकांक्षी अध्यवसाय सँग कार्य गर्दछ, निष्काम कर्म गर्नेवाला साधक फलाकांक्षाहीन भएर पनि उसरी नै अध्यवसायसाथ कर्म गर्दछन् । उसले सर्वदा बुझेको हुन्छ - "म केही होइन, मेरो केही पनि छैन, सबै चिज उही हुन, सबै उसैको हो" - यसैले उसलाई कर्म गर्नमा भय हुँदैन, विरक्ति आउँदैन, आलस्य लाग्दैन, बरु झन आनन्द आउँदछ, पाउँदछ । धेरै परिश्रमपूर्वक कर्म गरी जब शफलकाम हुन्छ त विनम्र चित्तले *"श्री कृष्णाय अर्पणमस्तु"* भनेर आनन्दमा निमग्न हुन जान्छन्, अनि यदि धेरै परिश्रम गर्दा पनि कार्यसिद्धि हुँदैन तापनि यसबाट तिनीहरु क्षुब्ध हुँदैनन् । उसले

जान्दछ र मन मनै हाँस्दछ - जसको आदेशले उस्ले काम गरेको छ, उनको यदि यही इच्छा छ, त यही होस । कर्मको प्रारम्भमा उस्लाई जुन प्रशन्नता हुन्छ, कर्म निष्फल हुँदामा पनि उसको यो प्रशन्नता स्थिर रहन्छ । यस किसिमको निश्चिन्त भाव नै संन्यास हो । यो अवस्था प्राप्त हुनु अघि जसले कर्मत्याग गर्दछ उसको संन्यास सिद्ध हुँदैन ॥३॥

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः;
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम ॥४॥

श्री धरीय टीका- [किन भने अवस्थागत भेद भएर पनि अंग र प्रधानरुपमा संन्यास एवं कर्मयोगको परिणाम एक नै छ, अतयव विकल्प मानी दुईमा कुन चाँहि श्रेष्ठ छ - यो प्रश्न अज्ञानीको लागि उचितै छ - ज्ञानी या विवेकीजनको लागि उचित छैन । यसैले भन्नु हुन्छ]-सांख्य शब्द द्वारा ज्ञाननिष्ठाको अंग संन्यासलाई लक्ष्य गरिरहनु भएको छ । संन्यास र कर्मयोगको एकै फल हुन्छ, अतयव अज्ञ मानिसहरु नै संन्यास र कर्मयोगलाई पृथक या स्वतन्त्र भन्ने गर्दछन्, परन्तु पण्डितहरु यस्तो भन्दैनन् । एसको कारण यही छ - दुवैमध्ये एकको पनि सम्यक् आश्रय गरेमा दुवैको फल प्राप्त हुन्छ । कर्मयोगी कर्मयोगको सम्यक् अनुष्ठान गरी विशुद्धचित्त भै ज्ञानद्वारा कैवल्य प्राप्त गर्दछ, अनि सम्यक् संन्यास ग्रहण गरेपनि पूर्व अनुष्ठित कर्मयोगको परम्पराजनित फल ज्ञान द्वारा कैवल्य प्राप्त हुन्छ । अतयव दुवैको फल पृथक छैन ॥४॥

आध्यात्मिक व्याख्या- "मूर्ख सांख्य र योगलाई पृथक भन्दछन्, दुवैमध्ये एकमा रहेर पनि दुवैको फल हुन्छ । किनभने दुबैमा नै प्राणायाम गर्न भनेको छ ।"

- प्राणमा मन राखी स्मरण गर्दा गर्दै पनि तन्मयता प्राप्त हुन्छ, तब मन अवरुध्द हुन जान्छ, यस अवस्थाको जुन स्थिति हुन्छ, अनि कूटस्थ हेर्दा हेर्दै तन्मय भएर त्यसको भित्र नाद-विन्दुलाई भेदन गरी जुन स्थिति प्राप्त हुन्छ, दुबै एकै अवस्था हुन् । अतयव योगी र ज्ञानीलाई अन्तमा एकै फल प्राप्त हुन्छ । यी दुवै साधनाहरुको मूलमा प्राणायाम वर्तमान रहन्छ । प्राणायाम द्वारा नाडीचक्र प्रशोधित भएमा मनलाई माथि उचालेर सहस्रारमा प्रवेश गराउन सजिलो हुन जान्छ । अनि अरु कुनै साधनाले यो शक्ति सहजै प्राप्त हुँदैन । सुषुम्नाको जागरण प्राणायामै द्वारा हुन्छ, उसैको फलस्वरुप स्थिरता प्राप्त हुन्छ । जसलाई यो ज्ञान छैन, अनि जो केवल शास्त्र पढेर ज्ञानी भएको छ, तिनीहरु पण्डित होइनन् । किनभने उनीहरुलाई तत्त्व साक्षात्कार भएको छैन । दुवैको फल चित्तसाम्य एवं परमानन्दको प्राप्ति हो । किनभने आत्मा सम र नित्य ज्ञानानन्दस्वभाव छ । दुवैमार्गको फल आत्मदर्शन हो । पहिलोमा कूटस्थ ज्योतिको भित्र प्रवेश गरी नाद-विन्दुलाई भेदन गरी परास्थिति प्राप्त हुन्छ, यस स्थितिमा चित्तको समताको कारण सर्वभावनावर्जित एकात्मभावको उदय हुन्छ - यही सांख्य योग हो । अनि क्रियायोग या केवल प्राणायामको अवलम्वन गरेर पनि यो अवस्था प्राप्त गरिन्छ । प्राणको निरोधावस्था, जुन प्राणायाम द्वारा आफसे आफ आउँछ,

त्यसमा पनि सम्यक् अवस्थित भएमा मनः प्राण स्थिर भएर परमात्मामा प्रविष्ट हुन जान्छ । त्यतिखेर कर्त्तृत्वाभिमानको लेश पनि रहँदैन, साधक आफुलाई विर्सेर एकदमै निश्चेष्ट भोला वन्न जान्छ । द्वेष आकांक्षा आदि उसको केही पनि रहँदैन, यही निष्काम प्राणकर्म या कर्मयोगको फल हो । अतयव देखिन गएको मार्ग दुई त छ, तर फल त्यसको एकै हो । ॥४॥

यत्सांख्यैः प्राप्यते स्थानं तद योगैरपि गम्यते ;
एकं सांख्यं च योगं यः पश्यति स पश्यति ॥५॥

श्री धरीय टीका- [यसैलाई परिस्फुट गर्दछन]-ज्ञाननिष्ठ संन्यासीले जुन मोक्षपद प्राप्त गर्दछन, कर्मयोगी पनि ज्ञान द्वारा त्यसलाई नै प्राप्त गर्दछन् । अतयव जसले सांख्य र योगको एक फल देख्दछन, उही ठीक देख्तछन् ॥५॥

आध्यात्मिक व्याख्या- "सांख्यको जुन क्रियाको परावस्था स्थिति छ, - योगको पनि त्यही हो - योग र सांख्य दुवैलाई जसले एक देख्दछ, उसैले ठीक देख्दछन् ।"

-सांख्यको अन्तिम फल र योगको अन्तिम फल एकै हो । यसमा केही भेद छैन । षटचक्र क्रिया द्वारा सहस्रारमा निरुध्द हुनाले जुन अवस्था प्राप्त हुन्छ, अनि योनिमुद्रा द्वारा पनि सूर्य समान प्रकाश देख्दा देख्दै त्यसको अन्तरगत जुन स्थिति प्राप्त हुन्छ, दुवै अवस्थाहरु एकै हुन । दुवै द्वारा सहस्रारमा एकै स्थिति हुन्छ । योगमा षटचक्रको प्राधान्य छ, सांख्यमा सहस्रारको प्रमुखता छ, दुवैमा ब्रहमरन्ध्रको भेदन गर्नु पर्छ नै । षटचक्रको साधनामा पनि अन्तमा सहस्रारमा स्थिति हुन्छ, मूलाधार देखि सहस्रार सम्म एकै व्रहमनाडी फैलिएको छ । षटचक्रको क्रियाद्वारा नाडीचक्रहरु प्रशोधित भएमा ब्रह्मनाडी प्रकाशित हुन्छ, तव प्राण ब्रहमनाडीको भित्रबाट सहस्रारमा पुगेर स्थिति प्राप्त गर्दछ । अनि सांख्यको क्रियामा जुन प्रकाश देखिन जान्छ, त्यो सहस्रारमा नै हुन्छ, त्यसले पनि चित्तको अवरोध हुन्छ, ब्रहमनाडीको प्रकाश अनुभव हुन्छ । अतयव फलको तारतम्य छैन, यो जसले देख्दछ, उसको देख्नु नै ठीक छ, उही ब्रहमविद् हो । महाभारतको शान्तिपर्वमा छ - "योगीहरु योगबलले जसको दर्शन गर्दछन्, सांख्य मानिसहरु पनि उसैलाई प्राप्त हुन्छन् " दुवैबाटै चित्त निरोध हुन्छ, तथा ध्येयवस्तुको स्वरुप देखिन जान्छ ॥ ५ ॥

संन्यासस्तु महावाहो दुःखमाप्तुमयोगत;
योगयुक्तो मुनिर्व्रहम न चिरेणाधिगच्छति ॥६॥

श्री धरीय टीका- [यदि कर्मयोगीलाई पनि अन्तमा संन्यासै द्वारा ज्ञाननिष्ठा हुन्छ भने तब त शुरुदेखि नै संन्यास लिनु ठीक छ, यदि एस किसिमसँग कसैलाई मनमा हुन्छ - यसैले भन्नु हुन्छ]- हे महावाहो, कर्मयोग विना संन्यास दुःखको हेतु हो अर्थात् कसैले प्राप्त गर्नमा समर्थ हुँदैन । चित्तशुद्धिको अभावमा ज्ञाननिष्ठा संभव छैन । परन्तु योगयुक्त मुनि शुद्धचित्तको कारण संन्यासी भएर शीघ्रै अपरोक्ष ज्ञान प्राप्त गर्दछन् । अतयव चित्त शुद्धि पूर्व संन्यासको अपेक्षा कर्मयोगकै विशिष्टता छ । यसले पूर्व कथित कुरा सिद्ध

भयो । वृहदारण्यक भाष्यको वार्तिककार भन्नु हुन्छ - "प्रमादि, बहिरचित्त, पिशुन, झगडालु, दैवदुषित दुष्टाशय संन्यासी पनि देखिनमा आउँछन ।" - अर्थात जवरजस्ती संन्यास लिंदा यी सबै कुफल देखिन जान सक्दछ ॥६॥

आध्यात्मिक व्याख्या - "योग नभएमा संन्यास कर्ममा दुःख छ - योगले युक्त भएमा ब्रहममा चाँडैनै पुग्दछ किनभने मनले एकलाई त्याग गर्दा दोश्रो उपस्थित हुन जान्छ । योग द्वारा मन स्थिर गरेपछि फेरि त्यस्तो हुन सक्तैन ।"

- विषय नराम्रो लाग्नुको कारण कुनै वेला मनको आवेगले संन्यास ग्रहण त गरिलियौं, परन्तु योगाभ्यास विना चित्त शुद्ध हुँदैन र चित्त शुद्धि नभएमा ज्ञाननिष्ठारुप संन्यास संभव छैन, अर्थात् मनबाट काम संकल्प दूर हुँदैन । यदि बलजफ्ती एक दुई वृत्तिहरुलाई भगाई दिएता पनि फेरि त्यतिखेरै मनमा शत शत काम संकल्प उठन लाग्दछ । परन्तु योगाभ्यासजनित जुन स्थिरता प्राप्त हुन्छ, त्यसमा जुन विषय त्याग हुन्छ, त्यो फेरि जागेर उठ्दैन । अतयव चित्तशुद्धि या चित्त स्थिर हुनु भन्दा अघि संन्यासको अपेक्षा कर्मयोग नै श्रेष्ठ छ । संन्यासमा पनि विषय त्याग छ र योगमा पनि विषय त्याग छ । परन्तु योग द्वारा विषय त्याग भए पछि सन्यास सजिलो हुन्छ, त्यो स्वयं आफै आउँछ; अनि योगाभ्यास द्वारा विषय त्याग नहुनाले बलपूर्वक संन्यासी बनेर विषय त्याग हुँदैन । जो योगी छैन उसको विषय ग्रहण गरिने अभिलाषा जाँदैन । यस्तो अवस्थामा संन्यास नलिनु नै ठीक छ । आवेशमा आएर संन्यास लिनाले इहलोक र परलोक दुवै नष्ट हुन जान्छ । वरु भगवद् अर्पित चित्तले सन्सारको सबै काम गर्नु नै उचित छ, किनभने यसरी कर्म गर्दै रहनाले सजिलैसँग कर्मासक्ति दूर हुन जान्छ । अनि प्राण क्रियाको साधनामा श्वासको स्थिरतासँगै मनको स्थिरता आउँछ, यसरी बुद्धि पर्यन्त स्थिर हुन गएपछि फेरि विषय संकल्प मनमा उठदैन । यसबाट जुन शान्ति प्राप्त हुन्छ, त्यो शान्ति वैराग्यविहीन संन्यासीलाई प्राप्त हुन संभव छैन । जो प्रकृत संन्यासी छ, उसको चारै कर्म छ, र अरु कुनै कर्म छैन ।-

"ध्यानं शौचं तथा भिक्षा नित्यमेकान्तशीलता"-

ध्यान, शरीर एवं मनको शुद्धि, भिक्षान्न भोजन र एकान्त बास । चित्त शुद्धि र स्थिर नभैकन विषयहरुबाट वैराग्य उत्पन्न हुँदैन, विषय वैराग्य विना जुन संन्यास छ, त्यो केवल पाखण्ड र पापजनक हुन्छ, त्यसबाट यो लोक र परलोक दुवै नष्ट हुन जान्छ । अतयव वास्तविक सन्यासी हुनु पर्नेछ, स्वांग रचेर हुने छैन, त्यसो गरे भ्वाङ पर्दछ । चित्त शुद्ध नभएरै ज्ञान उत्पन्न हुँदैन । ज्ञानको प्राप्तिको लागि सद्‌गुरु प्रदर्शित क्रियायोग द्वारा साधनाभ्यास गरेमा स्वतः स्वयं नै मन सन्यासी बन्नेछ । वास्तविक संन्यासीको लागि ध्यान र एकान्तशीलता आवश्यक छ, क्रियाभ्यास द्वारा मनमा ध्यान-निष्ठा उत्पन्न भएर उस्लाई एकदमै एकाकी बनाउनेछ । त्यहाँ मनै नरहेपछि त कोलाहल कहाँबाट होला ? ॥६ ॥

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः;
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

श्री धरीय टीका- [कर्मयोगादि क्रमसँग ब्रहमाधिगम भएर पनि तत्कृत कर्महरु द्वारा बन्धन हुनेछ नै, पछि यस्तो शंका हुन्छ त यसको उत्तर दिनु हुन्छ]-जुन कर्मयोगयुक्त विशुद्ध चित्त छ, तथा संयत शरीर छ, जितेन्द्रिय छ र सबै भूतहरुको आत्मा नै जस्को आत्मा हुन्छ, यस किसिमको मनुष्य लोक संग्रहार्थ या स्वाभाविक कर्म गरेर पनि बद्ध हुँदैन ॥७॥

आध्यात्मिक व्याख्या - "योगमा लागिरहेर, आत्म निर्मल भै विशेषरुपले आत्मामा स्थित भएर समस्त इन्द्रियहरुको जय गरी सबै भूतहरुको आत्मालाई आफ्नै आत्मा समान देखेर सबै कर्महरु गरिरहेर पनि त्यो कदापि लिप्त हुँदैन । "

- अन्य कर्महरु द्वारा जीवको बन्धन त हुन्छ नै, परन्तु प्राणकर्मरुप योगाभ्यासद्वारा चित्त निरुध्द भएमा त्यस चित्तमा संकल्पको तरंग केही उठदैन, अतयव उसको मन निर्मल हुन जान्छ, अनि त्यस निर्मल मनबाट आत्म-साक्षात्कार प्राप्त हुन्छ । तब योगीले समस्त इन्द्रियहरु माथि जयलाभ गर्दछ अर्थात् तव इन्द्रियहरु आफ आफ्नै स्वइच्छा र आग्रह अनुसार चल्न सक्तैन । योगीको शरीर पनि उसको वशमा रहन्छ । तब उसले सबै भूतहरुमा आफुलाई नै उपलब्ध गर्दछ । यस किसिमको योगी प्रारव्धवश शारीरिक कर्महरु गर्दछ ता पनि त्यसबाट उ कर्ममा लिप्त हुँदैन । किनभने जुन मनमा कर्मको छाप पर्नेवाला छ, त्यही मन नै त्यतिखेर विशुद्ध एवं चिन्मुखी भएको छ । एस अवस्था प्राप्त योगी नै वास्तविक दण्डी हो अर्थात् उसको वाक्, काया, र मन सबै ब्रहमरुपी मौलोमा अड्किएको हुन्छ । उसको चित्त शुद्ध र संकल्पशून्य हुन्छ । शरीर शुद्ध हुन्छ, अर्थात् यस किसिमका योगीहरुबाट कुनै असत् कर्म हुँदैन । त्यो जितेन्द्रिय हुन्छ, उस्को इन्द्रियहरु स्वेच्छाचारी हुँदैन, अनि उस्को सर्वात्मक दृष्टि खुल्न जान्छ अर्थात् त्यो सर्वत्र आफैलाई नै अनुभव गर्दछ ॥७॥

नैव किंचित करोमिति युक्तो मन्येत तत्त्ववित;
पश्यन् श्रृण्वन् स्पृशन् जिघ्रन्नशन् गच्छन् स्वप्नश्वसन् ॥ ८ ॥

प्रलपन् विसृजन् गृह्णनन्नुन्मिषन्निपि ;
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥ ९ ॥

श्री धरीय टीका- [कर्म गरेर पनि कर्ममा लिप्त हुँदैन, यो अत्यन्त विरोधी कुरा त छ, परन्तु कर्तुत्वाभिमान नरहेमा यो असंभव पनि छैन, यसैले भन्नु हुन्छ]-कर्मयोगमा युक्त मनुष्य क्रमशः तत्त्वविद भएर दर्शन, श्रवणादि गर्दै पनि इन्द्रियहरु इन्द्रियहरुको विषयहरुमा प्रवृत्त भैरहेछ, (म प्रवृत्त भैरहेको छैन) यो बुद्धिद्वारा निश्चय गरी "म केही गर्दिन"- यस्तो सम्झन्छ । उसले दर्शन, श्रवण, स्पर्श, घ्राण, आहारादि - चक्षु आदि ज्ञानेन्द्रियहरुको व्यापार हुन्, गमन पाउहरुको व्यापार, निद्रा बुद्धिको व्यापार, श्वास प्राणको

व्यापार, बोल्नु वागिन्द्रियको व्यापार, विसर्ग पायु एवं उपस्थको व्यापार, ग्रहण हस्तको व्यापार उन्मेष र निमेष कूर्म नामक प्राणको व्यापार - यस्तो सम्झन्छ । यी सवै कार्यहरु भैरहेर पनि अभिमान नरहनुको कारण ब्रहमविद् कर्ममा लिप्त हुँदैन । ब्रहम सूत्रमा छ - ब्रहम अधिगत भए पछि अर्थात् परमार्थदर्शी पुरुषको उत्तरकृत एवं पूर्वकृत पाप नष्ट हुन जान्छन् ॥ ८ ॥ ९ ॥

आध्यात्मिक व्याख्या - म केही पनि गर्दिन, - सदा ब्रहममा लागि रहन्छु. क्रियाको परावस्थामा रहेर देख्दछु, सुन्दछु, स्पर्श गर्दछु, सुत्छु, सांस लिन्छु, कुरा गर्दछु, सुंघ्दछु, उन्मेष-निमेष-गर्दछु - इन्द्रियहरुको कर्म इन्द्रियहरुले गर्दछ - यस प्रकारको धारणा हुन्छ ।

- प्रकृति या देहमा अहंबोध भएमा नै कर्म हुन्छ । प्रकृतिमा या देहमा अहंबोध गर्नुको नाम नै अभिमान या अहंकार हो । शरीरमा आत्माको अध्यासवश नै एस्तो हुन्छ । यस अध्यासको नाशको जुन उपाय छ, त्यस्लाई नै साधना भन्दछन् । साधन गर्दा गदै शरीरमा अभिमान या आत्मबोध नष्ट हुन्छ । यो अभिमान जबसम्म छ, तवसम्म कर्म हुने नै छ, अर्थात् कर्मवन्धन हुनेछ । शरीरादिमा अभिमान नरहेमा पनि कर्म हुन्छ, परन्तु कर्म प्रकृतिद्वारा संचालित हुन्छ, जसरी निद्रावस्थामा मन नरहेर पनि श्वास एवं प्रश्वासको ग्रहण त्याग आफै आफ भै रहन्छ । शरीर थाकेपछि भोक लाग्दछ, अनि भोजन गरिसके पछि मनको संयोग नभएपनि उसको परिपाक (पाचनक्रिया) क्रिया स्वतः स्फूर्त्त भैरहन्छ । यसरी नै गमन, श्रवण, कथन, आदि समस्त क्रियाहरु पनि चल्न सक्छ । यी सवै प्रकृतिको कार्य हो, यसैमा आत्माभिमान गरेर नै प्रत्तेक जीव यी समस्त प्राकृतिक कर्महरुमा आवद्ध हुन जान्छन् । साधारणतः अज्ञान वश प्रत्तेक जीवलाई अभिमान रहन्छ, यसैबाट प्रकृतिको हजारौं कर्महरुमा आत्मा अकर्त्ता भएर पनि कर्त्तुत्त्वाभिमान गरी बन्धनमा पर्दछ । जसरी हात्ती सुंडद्वारा वृक्षको शारवादिलाई ग्रहण गर्दछ, उसरी नै आत्मा अभिमान युक्त भएमा प्रकृतिसंगै मन उत्पन्न हुन्छ र त्यसद्वारा समस्त भोगहरुलाई इन्द्रियद्वारले ग्रहण गरी - म ग्रहण गर्दछु - यसरी चिन्तन गरेर आत्मा मोहलाई प्राप्त हुन्छ । यही आत्माको बध्दावस्था हो । जड प्रकृतिमा यसरी चैतन्यको स्फुरणा हुन्छ । आत्मा प्रकृतिको भित्र अनुप्रविष्ट भएर मानो क्रीडा गर्दछ । प्रकृति पनि 'अहं' या 'आत्मा' को साथ युक्त भएर क्रियाशील हुन्छ । इन्द्रियहरु द्वारा जुन विषय-ग्रहण या ज्ञान हुन्छ, त्यो खण्डित ज्ञान या असम्यक ज्ञान हो । यो असम्यक् ज्ञान नै भ्रान्तिको उत्पादक हो । सम्यक ज्ञान भएपछि जव असम्यक ज्ञान नष्ट हुन जान्छ तब सर्वत्र आत्म दृष्टि हुन्छ । तब फेरि प्रकृतिको कार्यमा अभिमान रहँदैन । मानो सवै चिज आफै आफ भैरहन्छ । बालक जसरी आफ्नो प्रतिविम्व सँग खेल्दछ, उसरी नै निखिल बोधस्वरुप परमात्माको अंशै यी समस्त खण्डवोध या खण्डज्ञान हो । जब सम्म यससँग आत्माको पृथक बोध भैरहन्छ, तवसम्म कर्मप्रवाह चलिरहन्छन् । त्यतिखेर प्रकृति कर्मोन्मुखी भएर क्रियारुप हुन जान्छन् । साधना द्वारा नै यस अज्ञानजनित भ्रान्तिको उपशमन हुन्छ । त्यतिखेर अनन्त खण्ड बोध एक अखण्ड बोधको नै अन्तरगत हुन गएपछि त्यसको पार्थक्य फेरि उपलब्ध हुँदैन, आत्मादेखि वस्तुको पृथकताको ज्ञान जब समाप्त हुन जान्छ त बस्तुत्वको ज्ञान लुप्त हुनासाथ नै बस्तु पनि लोप हुन जान्छन्, तब आत्माको भित्र प्रकृति प्रविष्ट भएर निष्क्रिय हुन जान्छ । आत्मामा प्रकृति मिल्न गएपछि

'अंह' अभिमान कहाँ रहन्छ ? त्यतिखेर जुन कर्म हुन्छ, त्यो अनिच्छाको इच्छाले हुन्छ । यही ब्रहममा कर्म समर्पण हो । कछुवा जसरी आफु भित्रै अंग समेटी लिन्छ, उसरी आत्माको अंग जुन प्रकृति छ त्यो आत्मामा प्रविष्ट भै निष्क्रिय हुन जान्छ । यही अद्वय ज्ञान हो । यस ज्ञानमा अवस्थित साधकको कुनै क्रिया आफ्नो क्रिया जस्तो जानिंदैन । समस्त क्रियाहरु प्रकृति सिन्धुको अनन्त तरंगहरु जस्तो जानिन लाग्दछन् । पश्चात् क्रमशः जब तरंगहरुको शमन हुन जान्छ तब केवल प्रकृति सिन्धु नै वर्तमान रहन्छ, अन्तमा प्रकृति पनि आफ्नो अधिष्ठान चैतन्य या सत्यस्वरुपको साथ एकाकार हुन जान्छन् । यही हो मुक्तावस्था या स्व स्वरुपमा अवस्थान । ॥८॥९॥

ब्रहमण्याध्याय कर्माणि संग त्यक्त्वा करोति यः ;
लिप्यते न स पापेन पद्मपत्र मिवाम्भसा ॥१०॥

श्री धरीय टीका- [परन्तु जसलाई - 'म भन्दछु' - यस किसिमको अभिमान छ, त्यस्ताको त कर्मलिप्त हुनु अनिवार्य छ, र विशुध्दचितले संन्यासकर्म पनि हुँदैन - एस्तो स्थितिमा महान् संकट उपस्थित छ - यस आशंकालाई दूर गर्नको लागि भन्नु हुन्छ]-कर्मलाई परमेश्वरमा समर्पित गरी तथा कर्मफलमा आसक्तिको त्याग गरेर जसले कर्म गर्दछ, त्यो बन्धनको हेतु पुण्यपापात्मक कर्ममा लिप्त हुँदैन ॥१०॥

आध्यात्मिक व्याख्या - "ब्रहमको ध्यान गर्दै फलाकांक्षा-रहित भएर, सारा कर्महरु गर्दछु, यसबाट कुनै पापले लिप्त हुँदैन-जस्तो ब्रहमको अणु अति सूक्ष्म छ, त्यस्तै नै पद्मपत्रको अणुलाई जान्नु । अनि जलको अणु विषयको अणु तुल्य छ, अतयव जसरी पद्मपत्रको अणु माथि जल पौडिन्छ उसरी ब्रहमअणुको माथि समस्त कर्महरु पौडिरहन्छन् - कुनै विषय कर्म गरेता पनि त्यो लिप्त हुँदैन ।"

- कर्म कसरी गर्नु पर्दछ, यही यहाँ बताउनु हुन्छ ।–(१) कर्म 'ब्रहमणि आधाय'–अर्थात् परमेश्वरमा कर्म समर्पण गरी कर्म गर्नु पर्नेछ । ब्रहममा समर्पण गरेर कसरी कर्म गरिन जान्छ ? 'सँग त्यक्त्वा' - फलाभिनिवेश एवं कर्तृत्त्वाभिनिवेशको त्याग गरी । "मेरो कर्म छ, - मै कर्म गर्दछु" यस प्रकारको अभिमान रहनाले त त्यो कर्मै ब्रहममा निक्षिप्त हुँदैन । ब्रहममा कर्म निक्षेपको अर्थ यही हो - कर्म गर्नेवालालाई कर्ममा अभिमान नरहोस । वस्तुतः कर्मको कर्त्ता त प्रकृति हुन, जीवात्मा अध्यासवश प्रकृतिको कर्मलाई आफ्नो कर्म मानेर आवध्द हुन्छ, तिमीले अभिमानलाई त्याग गरिदेउ त शुभाशुभ कर्म फलबाट आवद्ध हुने छैनौ । आवद्धको माने यही हो - कर्मजनित सुख-दुःखादिरुप फलमा- "मैले सुख पाईरहेछु या दुःख पाईरहेछु" यस किसिमको अभिमान गर्नु । क्रिया गर्दा गर्दै जब चित्त स्थिर हुन जान्छ अर्थात् चित्त जति जति ब्रहममा लीन हुन्छ, उति उति नै कर्मादि व्यापारको आँच शरीरमा लाग्न पाउँदैन, तब कर्म जनित हर्ष-द्वेषादिले कर्म गर्नेवालालाई संलिप्त गर्न सक्तैन । यथार्थ निष्काम साधकको लागि कर्म गरिनुको तरिका यही हो - आफ्नो लागि उसले कर्म गर्दैन; जसरी नोकरले स्वामीको आज्ञा पालन गर्दछ उसरी नै उसले पनि कर्म गर्दछ । परन्तु त्यस कर्म गर्दा खेरि उसको मन खिन्न हुँदैन । बरु त्यस कर्ममा उस्लाई खुब आनन्द लाग्दछ । कुनै लाभको आशाले त्यो आनन्दित हुँदैन, बरु झन प्रभुको आदेश

पालन गर्नुले नै उसलाई परमानन्द प्राप्त हुन्छ । प्रियतमलाई जुन प्रिय लाग्दछ, त्यसैको वलबाट भक्त भगवान्‌को आदेश पालन गर्दछ । चाहे त्यो आदेश अति नै कठोर किन नहोस, त्यस कार्यलाई गर्नमा उसलाई केही पनि दुःख लाग्दैन । हुन सक्छ, त्यस कार्यमा उसलाई तारै तार असफलता भैरहेछ, परन्तु हिम्मत हार्दैन उसले । उसले जानेको हुन्छ-प्रभुको कार्य गर्ने अवसर पाउनु नै उसको परम सौभाग्यको कुरा हो । त्यस कार्यमा उसलाई सुख होला या दुःख-यी सबै सोच्ने प्रवृत्ति उसलाई विल्कुलै हुँदैन ।

अनेक साधक गुरुको उपदेश प्राप्त गरी त्यस उपदेश अनुसार कार्य गर्दा गर्दै वहुधा यस्तो सोच्ने गर्दछन - साधन गरेर शान्ति प्राप्त कहाँ भैरहेछ यत्तिका परिश्रम गरिरहेछु, तैपनि जुन हुनु पर्ने हो त्यो किन भैरहेको छैन ? शक्ति कहाँ प्राप्त भएको छ ? यस प्रकारको चिन्ताहरु यथार्थ गुरुभक्त साधकलाई हुनु ठीक छैन । भक्त गुरुको आदेशलाई ठीक ठीक पालन गर्न प्राणपनले चेष्टा गरेर नै निश्चिन्त हुन जान्छ, उसले विलकुलै सोच्दैन-त्यसले उसलाई केही लाभ भयो या भएन । यहाँ सम्म कि प्रवृत्ति निवृत्तिको न्यूनाधिकको कारणले पनि दुःखित क्रिया हर्षित हुँदैन । उ भन्छन्, - "म प्रभुको आदेश पालन गरेर नै कृतार्थ भैरहेछु, लाभहानीको विषयमा सोच्ने मेरो लागि कुनै आवश्यकता छैन ।" यस प्रकारका साधकहरुकै कर्म वस्तुतः परमेश्वरमा निक्षिप्त या समर्पित हुन्छ, उस्मा कर्तृत्वाभिमान हुँदैन, यसैकारण सफलता र असफलताले उसलाई हर्षित या व्यथित गर्न सक्दैन । जसरी पद्मपत्र जलमा रहेर पनि जलद्वारा लिप्त हुँदैन, उसरी पुण्यपापात्मक कर्मले उसलाई लिप्त बनाउँदैन, लिप्त गर्न सक्तैन । व्रहमको अणु अति सूक्ष्म हुन्छ, त्यस अणुमा जसको मन लागेको छ, त्यस मनलाई विषय अणुले स्पर्श गर्न सक्तैन । अतयव प्रकृतिको स्वभाववश जुन विषयादि उत्पन्न हुन्छन, त्यसले व्रहमाणुमा निमग्न मनलाई आकर्षित गर्न सक्तैन । किनभने व्रहमाणु यति हल्का हुन्छ–तिनीहरु विषयाणुहरुसंग मिलेर विषयाणुहरुको माथि पौडिरहन्छन्, विषयले उसलाई टांस्न सक्तैन । अतयव यस प्रकारको साधकलाई कर्मजनित पापमा लिप्त हुनु पर्दैन । जब चित्त चंचल रहन्छ, तब बन्धनले बन्धित हुने संभावना हुन्छ, परन्तु चक्रमा मन लगाएर क्रिया गर्नाले चित्तको चंचलता निस्पन्द हुन जान्छ, क्रमशः सुषुम्नाको अन्तर्गत ब्रहमाकाशमा स्थिर प्राणधारा प्रवाह चल्न लाग्दछ । तब सबै कर्म ब्रहमार्पण हुन्छ, अनि क्रिया गरी साधना द्वारा प्राप्त नाना विभूतिहरुतिर यदि लोलुप दृष्टि दौडियन भने त मनको आसक्ति पनि नामेट हुन्छ । आसक्तिशून्य मन निश्चिन्त भावले ब्रहममा प्रविष्ट हुन जान्छ ॥१०॥

कायेन मनसा बुध्दया केवलैरिन्द्रियैरपि;
योगिनः कर्म कुर्वन्ति संग त्यक्त्वात्मशुध्दये ॥११॥

श्री धरीय टीका- [निष्काम कर्मको बन्धकत्वाभाव भन्नु भएर अव यही बताउँदै हुनु हुन्छ - सदाचार द्वारा उक्त कर्म नै मोक्षको हेतु हुन्छ]- कर्मयोगीहरु शरीर द्वारा स्नानादि कार्य, मनद्वारा ध्यानादि कार्य, बुद्धिद्वारा तत्वनिश्चयादि कार्य, अनि कर्माभिनिवेश रहित इन्द्रियहरु द्वारा श्रवण कीर्त्तनादि कर्म, चित्तशुद्धिको लागि फलासक्ति त्याग गर्दै क्रिया गर्दछ ॥११॥

आध्यात्मिक व्याख्या - "शरीर द्वारा, मन-वुद्धि द्वारा, केवल चक्षु द्वारा योगीहरु कर्म गर्दछन् - अर्थात क्रिया गर्दछन् - इच्छारहित भएर, आत्मालाई ब्रहममा राख्नको निम्ति ।"

- आत्मशुद्धिको लागि योगीहरु जुन कर्म गर्दछन्, त्यस कर्मलाई गर्दा गर्दै शरीर, मन, बुद्धि र इन्द्रियहरु सबै शुद्ध हुन जान्छन् । किनभने ती समस्त कर्मको लक्ष्य हुन्छन् ईश्वर प्रीति । यस प्रकार जसले कर्म गर्दछ, त्यसको फलाफलमा लक्ष्य रहँदैन । शरीर द्वारा पनि योगीहरुलाई अनेक क्रियाहरु गर्नुपर्ने हुन्छ । शरीरको भित्र जुन अजस्र नाडी प्रवाह चल्दछन्, त्यसको विशुद्धि नभैकन चित्त शुद्ध या स्थिर हुँदैन । वातपित्त-कफ द्वारा सूक्ष्म ज्ञान प्रवाहिका नाडीहरुको मार्ग प्रायः रुध्द रहन्छन् । अतयव त्यस मार्ग द्वारा प्राणलाई लैजान कठिन हुन्छ, यसै कारण प्राणायामद्वारा प्राणप्रवाहलाई यी सबै नाडीहरुको मार्ग बाट संचालित गरेमा नाडीहरुको मल दूर हुन जान्छन् र त्यो शुद्ध हुन जान्छ । तब सुषुम्नाको मार्ग खुल्न जान्छ र त्यसमा प्राण प्रविष्ट भएपछि मनमा स्थिरता आउँछ । मनको नाना प्रकारको वासनाहरु नै मल हुन चित्तको । यी चित्तको मल रहुंजेल कोही पनि आत्मनिष्ठ हुन सक्तैन । प्ररन्तु प्राणायाम द्वारा जव प्राण सुषुम्नाको मुखमा प्रविष्ट हुन्छ, तव उन्मनी अवस्था प्राप्त हुन्छ । यही मनको निश्चल भाव हो । मनको यस एकाग्रभावको नाम नै स्थिर बुद्धि हो । बुद्धिको यो स्थिरता प्राप्त भएमा जगत्को अवलोकन व्यापार बन्द हुन जान्छ । तब केवल आफसे आफै तुष्टि प्राप्त हुन्छ । आसन, प्राणायाम, मुद्रादिको साधना द्वारा नै साधक आफु आफैमा स्थित हुन सक्छ । यही हो आत्मतुष्टि । परन्तु यी सारा साधनाहरुको लागि शरीरको आवश्यकता हुन्छ, प्रत्याहार र ध्यानको लागि पनि मनको आवश्यकता हुन्छ नै । तत्पश्चात् अन्तमा समाधि साधनाको लागि स्थिर मन या बुद्धिको पनि आवश्यकता हुन्छ । क्रिया साधन द्वारा क्रमशः शरीर, मन अनि बुद्धि स्थिर हुँदै हुँदै इच्छारहित अवस्था प्राप्त हुन्छ । अतयव यी सारा क्रियाहरु गर्नुको उद्देश्य यो भयो-मन विषयहरुमा परिभ्रमण नगरोस र ब्रहममा लागोस । परन्तु यी सबै कर्महरुलाई गर्नाले वहुधा विभूतिहरु पनि प्राप्त हुन्छ, परन्तु वास्तविक बुद्धिमान योगी ती फलको आशा नगरी केवल भगवत् प्राप्तिको लागि अथवा आत्मस्थ हुनको लागि नै क्रिया गरोस, त्यसको प्रतिवन्धक चित्तमल आदिलाई दूरगर्नको निम्ति प्रयत्न गरोस । कुनै विषयमा आसक्ति रहन्छ भने चित्तमल नष्ट हुँदैन, र विवेक या ज्ञानको उत्पत्ति पनि हुँदैन ॥११॥

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम्;
अयुक्तः कामकारेण फले सक्तो निवध्यते ॥१२॥

श्री धरीय टीका- [कर्मै द्वारा कोही मुक्त हुन्छ, कोही वद्ध हुन्छ किन यस्तो व्यवस्था छ ? यसैले भन्नु हुँदैछ] -परमेश्वरमा एकनिष्ट पुरुष कर्मफलको त्याग गर्दै कर्म गरी, आत्यन्तिकी शान्ति या मोक्षलाई प्राप्त हुन्छ । परन्तु अयुक्त अर्थात् वहिर्मुखी मनुष्य कामना वश कर्ममा प्रवृत हुनुको कारण फलमा आसक्त भएर बन्धनमा प्राप्त हुन्छ ॥१२॥

आध्यात्मिक व्याख्या - "क्रियाको परावस्थामा स्थिर भै, - कर्मफल रहित भएर "मै पनि केही होइन मेरो

पनि केही छैन" - यस किसिमको चित्तमा रहेर विशेषरुप स्थिति प्राप्त गर्दछ । जो कोही व्रहममा लागेको छैन र फलाकांक्षासाथ कर्म गर्दछ - त्यो निःशेषरुपसँग आवद्ध हुन्छ ।"

- साधना गरी साधनाको परावस्थामा निःशेषरुपसँग स्थिति लाभ भएपछि नैष्ठिकी शान्ति प्राप्त हुन्छ-यही योगयुक्त अवस्था कहिन्छ "मै मेरो" भन्दै र गर्दैमा त जगत्‌को जीव दिन रात सन्तप्त भै ज्वालामा जलिरहन्छ, जब क्रिया गरेर यस किसिमको योगयुक्त अवस्था प्राप्त हुन्छ - तव 'मै मेरो' एस्तो केही रहन जाँदैन, त्यति खेर मानो कसैको साथ संग 'मै' को सम्वन्ध रहँदैन । अतयव विषय वासनाको आत्यन्तिकी निवृत्ति हुन्छ, अनि सन्तापको निवृत्ति भएपछि परमा शान्तिको उदय हुन्छ । यस शान्तिमय अवस्थाको फेरि कहिल्यै विच्युति हुँदैन । परन्तु जसले अलि अलि क्रिया गर्दछ या गर्दै गर्दैन, उसको चित्त धेरै धेरै विषयहरुमा दौडिदिन्छन, अनि विषय प्राप्त गरी कहिले उल्लसित हुन्छ र नपाउँदा खेरि कहिले शोकग्रस्त बन्न जान्छ । यही जीवभाव या बद्धावस्था हो । जस्ले योगसाधन गरी युक्त हुन सक्तैन, त्यस्ताको बन्धन कहिल्यै छुट्दैन, अतयव उसलाई शान्ति पनि मिल्दैन ॥१२॥

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी;
नवद्वारे पुरे देही नैव कुर्वन् न कारयन् ॥१३॥

श्री धरीय टीका-[अहिले सम्म अशुद्ध चित्तको लागि संन्यासको अपेक्षा कर्मयोगलाई श्रेष्ठ भनियो, अब शुद्धचित्त पुरुषको लागि संन्यास श्रेष्ठ छ, यही वताउनु हुन्छ]- संयतचित्त मनुष्य समस्त विक्षेपक कर्महरुलाई विवेकयुक्त मन द्वारा त्याग गरेर सुखसँग अर्थात् ज्ञाननिष्ठ भै अवस्थान गर्दछ । कहाँ अवस्थान गर्दछ त ? नेत्रद्वय, नासिकाद्वय, कर्णद्वय, मुख, पायु र उपस्थरुप नवैद्वांरले युक्त पुरमा अर्थात पुरवत् अहंकार शून्य देहमा देही अवस्थान गर्दछ । अहंकारको अभावको कारण उसले स्वयं देहद्वारा केही पनि गर्दैन । ममकार (मेरोपना) को अभावमा कसै द्वारा केही पनि गराउँदैन । यस द्वारा शुद्धचित्त र अशुद्धचित्तको व्यावृत्ति भनियो । अशुद्ध चित्तले संन्यास लिई पुनः कर्म गर्दछ र गराउँछ । परन्तु शुद्ध चित्तले त्यस्तो गर्दैन । अतयव त्यो सुखपूर्वक अवस्थान गर्दछ ॥१३॥

आध्यात्मिक व्याख्या - "सवै कर्महरु मनले त्याग गरी (कर्मको अर्थ यहाँ अनावश्यकीय कर्म हुन) - सुखपूर्वक वसेर-सवैलाई वशमा राखुन । देहको मध्यमा कूटस्थ छ, त्यसको नवैद्वार खुल्ला छन् उसले केही गर्दैन र गराउँदैन पनि ।"

- साधना द्वारा जसको मन संकल्प-शून्य हुन गएको छ, उसको ज्ञानेन्द्रियहरु र कर्मेन्द्रियहरु स्वभाववश कर्म त गर्दछ, परन्तु त्यस कर्महरुमा देहको अभिमान रहँदैन । अतयव वस्तुतः उसद्वारा कुनै कर्म हुँदैन । उसलाई वासना नहुनुको कारण, कुनै कर्म कसै द्वारा गराउँनु पर्ने प्रयोजन पनि हुँदैन । उसको समस्त इन्द्रियहरु वशमा हुन्छन् । अर्थात् स्वतन्त्र इन्द्रियहरुले जसरी बलपूर्वक देहीलाई शुभाशुभ कर्महरु गराएर विपन्न गर्दछन, यहाँ तेस्तो हुनुको संभावना हुँदैन । किनभने इन्द्रियहरु सवै वशीभूत हुनुको कारण भृत्य

समान उसको सेवा गर्दछन्, उसमाथि प्रभुत्व गर्दैनन्। कुनै कर्म सफल भएर पनि त्यो आह्लादले उत्फुल्ल हुँदैन, अनि न त कुनै किसिमको विपत्ति आएमा कातर नै हुन्छ। किनभने जुन मनले यी सबै तमाशा गर्दछ, त्यो विल्कुल अवरुध्द रहन्छ। मनको संकल्प र बुद्धिको निश्चय दुवै समाप्त हुन जान्छन, यसैले उसको आफ्नै क्रिया पनि केही रहँदैन। केवल सुखमा वास गर्दछ, अर्थात् सु=शोभन, खं=शून्य या आकाशमा, अर्थात् परमानन्द रुप आत्मामा उसको अवस्थिति हुन्छ। त्यतिखेर देहमा देहीको नवैद्वार खुला रहन्छ, अर्थात सवैद्वारबाट काम हुन्छ। परन्तु आत्मानन्दमा अवस्थानको कारण उसको कार्यमा अभिमान हुँदैन, यसैकारण उसले न केही गर्दछ, न त केही गराउँदछ। -

"यथा चन्द्रिकाणां जले चंचलत्वम्;
तथा चंचलत्वंम् तवापीह विष्णो ॥"

तिमी स्वयं स्थिर छौ, परन्तु चंचलजलमा प्रतिविम्वित चन्द्र छाया जस्तै चंचल जानिन लाग्दछ ; यो भ्रमात्मक छ। उसरी नै आत्मा चिरस्थिर छ, परन्तु प्रकृति या देहको विविध गति भैरहेछ - यसलाई देखेर आत्माकै गति भैरहेकोछ, यस्तो जानिन लाग्नु पनि संभव छ। निष्क्रिय आत्माको कर्तृत्त्व भोक्तृत्त्व भासमान भएर पनि स्वरुपतः त्यो सत्य छैन ॥१३॥

न कर्तृत्त्वम् न कर्माणि लोकस्यसृजति प्रभु:;
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥

श्री धरीय टीका-[कौषीतकी ब्राहमणमा छ,-"परमेश्वरले जस्लाई इह लोकबाट उन्नीत गर्ने इच्छा गर्नु हुन्छ, उसबाट साधुकर्म गराउँछ, अनि जसलाई अधोलोक लैजान इच्छा गर्नु हुन्छ उसबाट असाधु कर्म गराउँछ।" यदि परमेश्वर द्वारा नै शुभाशुभ फलप्रद कर्ममा जीव नियुक्त हुन्छ भने त पुरुष अस्वतन्त्र छ, अतयव उसले कसरी सबै कर्महरु त्याग गर्न सक्ला ? अनि ईश्वर द्वारा यदि ज्ञानमार्गमा प्रयुज्यमान भएर जीव शुभाशुभलाई त्याग गर्दछ त वैषम्य एवं नैर्घृण्यबाट ईश्वरको प्रयोजक कर्तृत्त्व हुनुको कारण पापपुण्य उसैलाई लाग्नेछ - यस आशंकाको उत्तर दिनु हुन्छ] - प्रभु ईश्वरले जीवहरुको कर्तृत्त्वादिको सृष्टि गर्नु हुन्न वरु जीवको "स्वभाव" अविद्या नै कर्त्तृत्त्व आदिको रुपमा प्रवृत्त हुन्छ। अनादि अविद्याको प्रेरणाको कारण प्रकृति स्वभाववाला जीवहरुलाई ईश्वरले कर्ममा नियुक्त गर्नु हुन्छ। स्वयं कर्तृत्त्वादिलाई उत्पन्न गर्नु हुन्न ॥१४॥

आध्यात्मिक व्याख्या-"म गर्दछु, यसरी कूटस्थले भन्दैन-उसले कर्म पनि केही गर्दैन फलाकांक्षा साथ-परन्तु सबैलाई सृजन गर्दछ-अनि प्रकृष्टरुपमा हुन्छ-उसमा कर्मफलको केही संयोग छैन-आफ्नो भावमै त्यो रहन्छ। भाव अर्थात त्रिगुणातित स्थिति क्रियाको पश्चात।"-

-ईश्वरले जीवको कर्तृत्त्वलाई उत्पन्न गर्दैन, जीवको कर्मलाई उत्पन्न गर्दैन, अनि सुख दुःख रुपी कर्मफलको सम्बन्धलाई पनि उत्पन्न गर्दैन। अर्थात उ कर्मको उत्पादक होइन, प्रेरक होइन, फलदाता

होइन र फलभोक्ता पनि होइन । भगवान्‌ले यति भन्नु भएर आफ्नो काँधबाट भारी विसाईदिनु भयो । आत्मा निर्लिप्त छ, अतयव उस्माथि कर्तृत्त्वादि दोष आउँदैन, र देहादि जड हुनुको कारण त्यसमा पनि कर्तृत्त्वादि संभव छैन, तेसो भए यो जगत् व्यापार र कर्माकर्मको भोग आयो कसरी ? अनि त्यो भोग गर्दछ कस्ले नी ? तब त सारा दोष, सारा भोग भगवान्‌को काँधमाथि राख्नु पर्नेछ, उनलाई निर्लिप्त भन्दा खेरि कस्ले माल्नान् ? तथा "स्वभावस्तु प्रवर्तते" भन्नालेनै उस्ले कर्म फलको भोगदेखि मुक्ति पाउन सक्तैन । अब यो जान्नु परेको छ –वास्तविक भोग कसलाई हुन्छ ? श्री मदाचार्य शंकरले यस श्लोकको व्याख्या गर्नु हुँदै भगवानकै कुरालाई प्रतिध्वनित गर्नु भएको छ–अविवेकी सान्सारिक मनुष्यको ज्ञान अज्ञानाच्छन्न हुनुको कारण–

–"करोमि कारयामि भोक्ष्ये भोजयामि"–

गर्दछु, गराउँछु, भोग्दछु, भोगाउँछु - यसरी अज्ञानमूढ भएरै सबै मानिसहरु बोल्दछन् । असली कुरो यी व्यापार जस्तो देख्नमा आउँछ त्यस्तो छैन । अनादि अविद्याले नै जीवलाई पूर्वकर्महरुको संस्कार अनुसार कार्य क्षेत्रमा लगाई रहन्छन् । परन्तु यस विषयमा ज्ञान नहुनुको कारण प्रयुक्त जीव यसलाई आफ्नो कार्य सम्झिदै अभिमान गर्दछ र कर्मफलमा बध्द हुन जान्छ, जस्तो भूताविष्ट जीव भूतको कर्म प्रेरणालाई आफ्नै चेष्टा मान्दछ । जीवको यो भूतावेश भावलाई हटाउन सकेमा सबै गंजागोल नामेट हुन्छ । भूतावेश किन हुन्छ, यो कसैले ठीक ठीक बताउन सक्तैन, तर भूतलाई छुटाइन्छ । स्वभावनै सवै कर्मको प्रवर्त्तक हो । अनादि प्रवृत्त वासना नै स्वभाव हो, यसैले अनादि काल देखि प्रत्तेक जीवको आफ आफ्नै एक स्वभाव छ, यसै स्वभाव द्वारा नै प्रत्तेक जीव संचालित हुन्छ । अज्ञानले कुन बेला आएर मलाई घेर्‍यो - यो कसैले बताउन सक्तैन । परमात्मा स्वभाव शून्य छ, अनि यो जीव स्वभावयुक्त किन भयो ? यो अत्यन्त रहस्यमय कुरा छ, यसको कारण खोज्दाको समय मनुष्यहरुले जुन जुन प्रलाप गरेकाछन् त्यसको सिमाना छैन ।–

"स्वभावः ईश्वरस्य प्रकृतिः त्रिगुणात्मिका माया"

त्रिगुणात्मिका माया नै ईश्वरको प्रकृति - यस वासना अर्थात् प्रकृति विना जीवको सन्सार हुँदैन, बन्दैन । अर्थात प्रकृति नभैकन जगत्‌को सृजन हुँदैन । जीवको अनादि वासना नै उसको प्रकृति हो–यस वासना विना जीवको सन्सार बन्दैन । ईश्वरको प्रकृति सत्त्व, रज र तमोगुण नै हो, यो प्रकृतिले नै सवै कार्य गर्दछ । जीवको अनादि जन्महरुको संस्कार वर्तमान जन्मको समस्त वासनाहरुको मूलमा वर्तमान रहन्छ । -

"प्रकृतेः कृयमाणानि गुणैः कर्माणि सर्वशः "–

समस्त कर्म प्रकृतिको गुण इन्द्रियहरु द्वारा निष्पादित हुन्छ । - जीववद्ध किन हुन्छ ? -

"अहंकारविमुढात्मा कर्त्ताहमिति मन्यते" –अहंकारले विमुढ मनुष्य " म कर्त्ता हुँ" यस्तो मान्दछ । यसैकारण जीव हुन्छ । भगवान्‌को पनि उही प्रकृतिले विश्व रचना गर्दछ, परन्तु उनको कर्ममा

कर्तृत्त्वाभिमान छैन, अतयव यति ठूलो विराट् विश्वकार्यमा पनि त्यो आवद्ध हुँदैन । यसबाट थाहा हुन्छ – जीवको पनि स्वभाव छ र ईश्वरको पनि स्वभाव छ । जीव र ईश्वरमा अन्तर एति नै छ–जीवको स्वभाव जीवको कर्मको नियन्ता छ र त्यो आफ्नो स्वभावसँग मिलेर आत्म–विस्मृत हुन जान्छ । ईश्वरको स्वभाव या माया द्वारा जगत् व्यापार रुप कार्य त हुन्छ, परन्तु त्यसबाट उ लिप्त हुँदैन । ईश्वर आफ्नो स्वभावको द्रष्टा मात्र छ । त्यो जीव समान प्रकृतिको वशीभूत छैन, त्यो मायाको अधीश्वर छ ।–

"न मां कर्माणि लिप्यन्ति न मे कर्मफले स्पृहा;
इति मां येऽभिजानाति कर्मभिर्न स वध्यते ॥"

समस्त कर्मफलले मलाई आसक्त गर्न सक्तैन, कर्मफलमा मेरो स्पृहा पनि छैन - यसरी जसले मलाई जान्दछ, त्यो कर्ममा आवद्ध पनि हुँदैन । अर्थात् उसको पनि अहंकारादि शिथिल हुन जान्छन् । यसबाट देखिन जान्छ - अहंकार नै समस्त व्यापारहरुको मूल कारण हो । भगवान्ले मायालाई लिएर लीला गर्दछन् र जीवले त्यसलाई साँचो मानेर खेल गर्दछन अनि विपत्तिमा परेपछि हाहाकार गर्दछन् । अतयव अज्ञानले नै जीवलाई बध्द गर्दछ र विपन्न बनाउँछ । यस अहंकारको नाशको उपाय हो निरभिमान हुनु । यो कसरी हुन सक्छ ? सद्गुरुले भन्नु भएकोछ–"म गर्दछु एस्तो कूटस्थले भन्दैनन–कर्म पनि उसले केही गर्दैन– फलाकांक्षाको साथ, - परन्तु सवैको सृष्टि गर्दछ–र प्रकृष्ट रुपमा हुन्छ–कर्मको फल केही संयोग होइन, –उसमा–आफ्नै भावमा उ रहन्छ ।"–कूटस्थ विना यो जगदादि व्यापार केही पनि प्रकाशमा आउँदैन, उसले सवैको सृष्टि गरेकोछ, उ स्वयं नै सबकुछ भएको छ–परन्तु निरहंकार हुनुको कारण कर्मको साथ कुनै फलको संयोग हुँदैन, उसले गरेर पनि केही गर्दैन । केश लोमको उदगम समान यी सारा विश्व ब्रहमाण्ड जगत् उत्पन्न भएको छ । परन्तु उसले प्रयास गरेर कसैलाई उत्पन्न गर्दैन र प्रकट भएर जुन जुन लीला गर्दछन ती सवैको प्रकाश भावले पनि उसलाई आकर्षित गर्न सक्तैन । उ आफ्नो भावमा आफै मग्न रहन्छ । यसै कारण दुःखबाट पिडित आर्त जीवलाई उसले मानो भनिरहेछ - तिमी किन यी सबै जगद्-व्यापार देखेर यति विचलित भैरहेछौ-किन ? आफै द्वारा आफैले क्रिया गरी क्रियाको परावस्थामा तिमी मग्न भै देऊ, तब देख्नेछौ यी समस्त जगद्-व्यापारले तिमीलाई स्पर्श गरिरहेको छैन । यी सबै स्वप्नवत् तुच्छ छ । यो जगत्–स्वप्न तब टुट्न जानेछ, जब तिमीले शरीर, मन, बुद्धि, प्रकृतिलाई आफ्नो नसम्झी अहंकार गर्ने छैनौ । तिमी को हो ? - एसको परिचय तिमीलाई क्रियाको परावस्थामा हुन जानेछ । सपना टुटे पछि सपनामा देखिएका हिंसक व्याघ्र सर्पादि कसैको पनि अस्तित्वको जसरी पत्तो लाग्दैन, क्रियाको परावस्थामा पनि क्रियावान आत्मानन्दमा डुबेर उसरी नै जगद् व्यापारको चिन्हलाई पनि देख्दैनन् । तिमी केवल प्रवुद्ध हुनु पर्नेछ । श्रद्धापूर्वक क्रिया गर्नु पर्नेछ, त्यस द्वारा क्रियाको परावस्थामा सारा स्वप्नहरुको अवसान देखी निश्चिन्त हुन जानेछौ । त्यस त्रिगुणातित स्थितिमा समस्त इन्द्रजाल उडिजानेछ। अन्धतमसले आच्छन्न घरमा प्रज्वलित दीपले जसरी घरलाई प्रकाशित गर्दछ - उसरी नै कूटस्थ ज्योतिले यस जड अन्ध शरीरलाई जीवन्त गरी आलोकित गर्दछ । तब शरीरमा समस्त इन्द्रियादि जीवित अनि जाग्रत भै उठ्दछ - जुन स्वयं जड स्वभावछ । कूटस्थको स्वतः प्रकाशित ज्योतिले तिनीहरु सबै

चैतन्यमय जानिन लाग्दछ । कूटस्थको स्वभाव कर्म गर्नु होइन । त्यो स्वतः आनन्दमय चेतन विज्ञानघन चैतन्य या पुरुष हुन । परन्तु यस पुरुषको चैतन्य देहेन्द्रियादिमा विच्छुरित भएर त्यसलाई चेतनायुक्त गर्दछ । तब यी जडहरु भित्र क्रिया अनि कर्तृत्वभाव स्फुरित हुन्छ । यसरी कूटस्थको नै प्रकाशबाट उत्पन्न छ । परन्तु असली कुरो कूटस्थको कर्म छैन, कर्म हुँदैन । अतयव कर्म फलको संयोग पनि हुँदैन । त्यो आफ्नै भावमा आफै मग्न हुन्छ । यही भावातीत क्रियाको परावस्था हो । यस क्रियाको परावस्थामा जो रहन्छ, उसलाई अहं अभिमान हुँदैन, अतयव प्रकृतिकृत कर्म उसको कर्मफल कसरी उत्पन्न हुन सक्छ ? तब के 'प्रकृति' एक विभिन्न वस्तु हुन ? र आत्मासँग त्यो पृथक छ ? यस्तो कुरा छैन । जलमा तरंग उठ्छ, त्यो तरंग जलको एक स्वभाव हो । यो स्वभावै प्रकृति हुन । जन्म जन्मान्तरमा अर्जित वासना या संस्कार नै स्वभाव या प्रकृतिरुपमा कार्य गर्दछ । जब दीर्घकाल सम्म बारम्बार क्रिया साधना द्वारा वासना निर्मूल हुन्छ, तब स्वभावको परिवर्तनले सुख दुःखादिको संयोग पनि रहँदैन । यो स्वभावयुक्त आत्मभाव नै जीवभाव हो । स्वभाव या प्रकृति देखि स्वतन्त्र भाव नै ईश्वरभाव हो, अनि स्वभाव या प्रकृतिबाट मुक्त भाव नै ब्रहमभाव हो । यो प्रकृतिले आत्मालाई वेष्टन गरी रहन्छ - जीव आत्मा पर्यन्त जीवत्वसँग प्रकृतिको सम्बन्ध छ । जीवत्व छुट्न गएमा साथसाथै प्रकृति पनि आत्माको मध्यमा विलीन हुन जान्छ । आत्मा प्रवृतिसँग युक्त भएर जब जीव हुन जान्छ, तब पनि उसमा शिवभाव नष्ट हुँदैन । यसैले जीवको जीवत्व नष्ट हुने उपाय भगवान्ले गीतामा अर्जुनलाई अनेक प्रकारले सम्झाउनु भएकोछ । आत्मासँग प्रकृति संयुक्त भएर नै जीवभावको अनन्त उर्मिहरु तंरगायित भएको देखिन जान्छ । परन्तु प्रकृतिको यत्तिका वन्धन भएर पनि त्यसमा जीवको स्वाधीनता छ । रागद्वेषादि रंगयुक्त जीव-नदीमा ज्ञानको अन्तः सलिलाको प्रवाहको एक धारा पनि वर्तमान रहन्छ, त्यसैलाई खोजेर बाहिर निकाल्नु पर्दछ । खोजे पछि नै त्यो प्राप्त हुनेछ । तब त्रस्त एवं व्याकुल जीवले अभय प्राप्त गर्दछ, अनि यो जीवको लागि असाध्य छैन, यसैले भगवान्ले अर्जुनलाई प्रकृतिको भयप्रद शक्तिको उल्लेख गर्दै भन्नु हुन्छ - यद्यपि इन्द्रियहरुको इन्द्रिय विषयहरु प्रति रागद्वेष स्वाभाविकी छ, परन्तु तिमी उसको वशमा किन चल्ने ? उस्को बाटो वाट चल्नाले तिमी आफ्नो घरमा पुग्न सक्ने छैनौ, तिमीले आफुलाई चिन्ने छैनौ तिमी आफु आफैमा प्रतिष्ठित हुन सक्ने छैनौ । प्रकृतिमा गुण वैषम्यको कारण विभिन्न फल उत्पन्न हुन्छन, परन्तु आत्मामा गुण साम्यावस्थालाई प्राप्त हुन्छ, अतयव त्यहाँ विभिन्न कर्म या विभिन्न केही पनि रहन सक्तैन । अतयव तिमी क्रिया गरेर आत्मस्थ हुने चेष्टा गर, तिम्रो स्वभाव परिवर्तन हुनेछ? तिम्रो जीवत्व छुट्नेछ र शिवत्वको प्राप्ति हुनेछ ॥१४॥

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः;
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

श्री धरीय टीका–जब यस्तो कुरा छ त प्रभु प्रयोजक भएर पनि कसैको पापपुण्यको भागी छैन । यसको कारण यो छ–त्यो 'विभु' परिपूर्ण एवं आत्मकाम छन् । यदि उसले स्वार्थ–कामनाले यस प्रकार पापपुण्यमा नियोजित गरे त येस्तो हुन सक्छ । परन्तु उसको कुनै स्वार्थ छैन । त्यो आप्तकाम प्रभु आफ्नो अचिन्त्यमाया द्वारा जीवको तत्तत् पूर्वकर्महरु अनुसार उस्लाई कर्माकर्ममा प्रवृत्त गर्नु हुन्छ । परन्तु उसले

भक्त माथि अनुग्रह र अभक्त माथि निग्रह गर्दछ, अतयव उसमा पनि वैषम्य देखिन जान्छ भने तब फेरि उ आप्तकाम भयो कसरी ? यस्को उत्तर दिनुहुँदै भन्नु हुन्छ– *"परमेश्वर सर्वत्र सम छ"*–यो ज्ञान अज्ञानले आवृत्त रहन्छ, यसै कारण जीव मोहलाई प्राप्त हुन्छ, अर्थात् भगवान्मा वैषम्यतालाई देख्दछ ॥१५॥

आध्यात्मिक व्याख्या–"उसले कसैलाई पापपुण्य दिदैन-आफु आफैमा नरहिकन अन्य दिशामा आसक्तिपूर्वक दृष्टि राखेर पापपुण्यले जडिभूत हुन्छ, -अतयव उसवाट मुग्ध हुन जान्छ–आत्म चिन्तन हुँदैन ।"

जीव मोहित हुन्छ किन ? किनभने अज्ञान द्वारा आवृत भएपछि आफु आफैमा रहन सक्तैन । जीव देहाभिमानको कारण आसक्ति पूर्वक सर्वत्र दृष्टि राख्दछ, अतयव 'सम' भाव नष्ट भएमा जीव पाप पुण्यादि कर्महरुमा प्रवृत्त हुन्छ । यस अवस्थामा वहिर्दृष्टि वढ्दछ, अतयव आत्म-चिन्तन हुँदैन । यद्यपि श्रुति-स्मृतिमा भनेको छ - भगवानले नै जीवलाई पापपुण्यात्मक कर्ममा प्रवृत्त गर्दछ "एष ह्येवैनं साधु कर्म कारयति तं यमे भ्यो लोकेभ्य उन्निनीषते ।"–एष एवासाधु कर्म कारयति तं यमेभ्यो लोकेभ्योऽधोनिनीषते ।" - भगवान्ले जसलाई स्वर्गलोक लैजान चाहन्छ, उसलाई याँहा पुण्यकर्ममा लगाउँदछ, र जसलाई अधोलोकमा पठाउन चाहन्छ उसलाई यहाँ पापकर्ममा लगाउँछन । यदि यही ठीक छ भने त पुण्य-पापात्मक कर्मको लागि जीव उत्तरदायी हुन सक्तैन । तथापि उसले पुण्यपाप कसैलाई दिनु हुन्न, यही भनेर आफ्नो सिरबाट कर्मको वोझ विसाउन चाहन्छ, यसवाट भगवद्वाक्यमा केही सन्देह हुन्छ । यसैले भगवान् भन्नुहुन्छ - आत्मा निष्क्रिय छ, त्यसमा कर्तृत्त्वारोप हुन सक्तैन; परन्तु श्रुति वाक्यमा जुन ईश्वरीय प्रेरणा भनिएकोछ त्यो आवरण विक्षेपादि शक्तियुक्त प्रकृतिको प्रेरणा हो । ईश्वरेच्छा नै प्रकृतिको दोश्रो नाम हो । त्यो आत्म भाव होइन । आत्मभाव स्थिर छ - अनात्मभाव या प्रकृतिको भाव नै विक्षेप हो । यही ईश्वरीय माया हो । त्यसो भए त के अज्ञान या माया यति ठूलो छ - उसले आफ्नै आश्रयदातालाई पनि तमसावृत गरिदिन्छ ? होइन, ज्ञानलाई अज्ञानले आवृत्त गर्न सक्तैन, केवल केही समयको लागि आच्छादित्वत् बुझिन जान्छ, ठीक त्यसरीनै जसरी मेघले सर्वव्यापी सुनिर्मल आकाशलाई आच्छन्न गर्दछ । अनन्त सागरको वक्ष:स्थल माथि क्षणस्थायी बुद्बुदको स्फुरण समान ज्ञानको समुद्रमा बुदबुद् भासित भै उठ्दछ, परन्तु फेरि त्यो सागरकै गर्भमा विलीन हुन जान्छन् । यसैले आत्मा या भगवान्लाई प्रयोजक कर्त्ता भन्न सकिन्न । किनभने त्यो आत्मकाम या विभु हुन् । परन्तु जब मन चंचल भएर वहिर्दृष्टिसम्पन्न हुन्छ, त जीव आफ्नो स्वरुपलाई देख्न असमर्थ हुन्छ । यो अचिन्त्य मायाको प्रभाव हो जसबाट स्वरुप-विस्मृति उत्प्न्न हुन्छ, देहाभिमानको कारण सर्वत्र आफुमै कर्त्तृत्त्वाभिमान हुन्छ । पाप पुण्य सुख दु:खको कारण यही हो । आत्मक्रिया द्वारा आत्मस्थ भएपछि आत्माको विभुपद अर्थात् सर्वव्यापकत्व अनुभूत हुन्छ । सर्वव्यापक भएपछि फेरि स्थूल आवृति-विशिष्ट त्यो रहन सक्तैन, तब सर्व भूतहरुको आत्मा भएर चिन्मात्र रुपमा उपलक्षित हुन्छ । यस अवस्थामा देहसम्बन्ध रहँदैन, अतयव कर्माकर्म, पापपुण्य सवै निशेष रुपले विलीन हुन जान्छ । यही मायाको पारीको त्यो देश हो जुन अज्ञान-तम भन्दा पर छ । यही "स्वधाम" वा 'वैकुण्ठधाम' हो *"धाम्ना स्वेन सदा निरस्तकुहकं"* - यो स्वधाममा मायाको प्रभाव निरस्त हुन जान्छ ॥१५॥

ज्ञानेन तु तदज्ञानं येक्षां नाशितमात्मनः;
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

श्री धरीय टीका–[ज्ञानी मनुष्यहरु मोहलाई प्राप्त हुँदैन, यस विषयमा भन्नु हुनछ]–भगवद् विषयक ज्ञान द्वारा जसको वैषम्य बोधक अज्ञान विनष्ट हुन जान्छ, त्यस ज्ञानले उस जीव-अज्ञानलाई नाश गरी 'तत्परं' अर्थात् परिपूर्ण ईश्वरको स्वरुपलाई प्रकाशित गर्दछ । ठीक त्यही रुपसंग ज्ञानले अज्ञानलाई नाश गरी परमार्थ तत्त्वलाई प्रकाशित गर्दछ ॥१६॥

आध्यात्मिक व्याख्या- "आत्मामा रहँदा अनात्मामा रहनु अर्थात् अन्यतिरको दृष्टि नाश हुन जान्छ, त्यसपछि आत्मामा रहँदा रहँदै सूर्य समान कूटस्थलाई देख्दछ र (आफ्नै) स्वप्रकाश स्वरुप हुन जान्छ - अनुभव हुन्छ ।"

-पूर्व श्लोकमा कथित अवस्थाको अनुभव गरेपछि साधकको जुन अवस्था प्राप्त हुन्छ, त्यसैको यहाँ वर्णन गर्दछ । साधक आत्मस्थ भैसके पछि अनात्म दृष्टिहरुले रहित हुन जान्छ, यस अवस्थामा कूटस्थको आदित्यवत् प्रकाश अनुभवमा आउँदछ । यस प्रकाशको साथै निखिल वस्तुजातको ज्ञानको उदय हुन्छ, अणु परमाणुहरुमा प्रवेश प्राप्त हुन्छ, अनि त्यस अवस्थामा साधकलाई भूत भविष्य केही पनि अज्ञात रहन्न । समाधिनिष्ठ पुरुषको यो अवस्था स्वतः सिद्ध हुन्छ । समाधिबाट ओर्लेपछि फेरि जब देहात्मबोध जाग्रत हुन्छ, तब फेरि अज्ञानले देहीलाई वेष्टन गर्दछ । यस अज्ञानलाई अनादि बनाइएकोछ, अतयव साधकको मनमा संशय हुन्छ–सन्सारको मूल कारण अज्ञान त फेरि देहात्मबोध सँगै फर्केर आउँछ भने साधन भजन बेकार छ ? परन्तु एस्तो कुरा छैन । कर्म यदि अज्ञानले उत्पन्न हुन्छ त यस्तो मनमा लाग्नु स्वाभाविक छ - कर्म अज्ञानको नाशक हुन सक्तैन । आसक्तिपूर्वक जुन सान्सारिक कर्म गरिन जान्छ ती त सामान्य कर्म हुन्, अभ्यासवश जीवले तीसब कर्महरुलाई पुनः पुनः गर्दै त्यसमा वध्द हुन्छ । परन्तु कर्म असाधारण पनि हुन सक्छन्, यदि तिनीहरु इन्द्रियतृप्तिको लागि नगरी भगवदर्पित चित्तले गरिएमा । कर्महरुलाई भगवदर्पित भावसँग गर्नको लागि वेदहरुमा नित्य कर्महरुको उपदेश दिएको छ । क्रिया आदि पनि उही नित्य अनुष्ठान गर्नु योग्य कर्म हो । क्रिया गर्दै गर्दै गुरु कृपाले क्रियाको परावस्था प्राप्त भएमा नैष्कर्म्य या ज्ञान उत्पन्न हुन्छ । यसैले शास्त्रमा उपदेश छ -

"आदौ स्ववर्णाश्रमवर्णिताः क्रियाः कृत्वा समासादित शुद्ध मानसः"

वर्णाश्रम-विहित कर्म गर्दा गर्देकर्म द्वारा चित्त शुद्धि हुनेछ । चित्त शुद्धिको साथै सर्वकर्म संन्यास आफसे आफ हुन जानेछ । यस त्याग द्वारा अज्ञानतमको नाश हुन्छ अनि ज्ञानसूर्य प्रकाशित हुन्छ । आत्मसाक्षात्कारको साथसाथै सर्वदुःखनिवृत्तिरुप मुक्ति पद साधकको आश्रय गर्दछ ॥१६॥

तदवुद्ध यस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः;
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूत कल्मषाः ॥१७॥

श्री धरीय टीका–[यसरी ईस्वरोपासकहरुलाई के फल मिल्दछ, यही भन्नु हुँदैछ]–उनमा नै जसको निश्चयात्मिका बुद्धि छ, उनमा नै जसको मन छ, उसमा नै जसको तात्पर्य या एकाग्रता छ, उही जसको परम आश्रय छ, उनको प्रसादले प्राप्त आत्मज्ञान द्वारा जसको कल्मष अर्थात् पापको क्षय हुन गएको छ - तिनीहरु अपुनरावृत्ति अर्थात विमुक्ति लाभ गर्दछ ॥१७॥

आध्यात्मिक व्याख्या- "कूटस्थमा बुद्धि स्थिर गरी राख्दछ, आत्मालाई पनि त्यहीं राख्दछ, निःशेषरुपसँग स्थिति गरी त्यसमा नै रहिरहन्छ, यस्तो भएमा पुनर्जन्म हुँदैन, आत्मामा सर्वदा रहेपछि अन्य दिशामा दृष्टिरुपी पापबाट निष्कृति पाउँदछ ।" -

कूटस्थमा एकाग्र लक्ष्य होस, अतयव अरु कुनै चिन्ता नआओस, बुद्धिमा नानात्व भाव नरहोस, साधनद्वारा प्राणलाई स्थिर गरोस । त्यो स्थिर प्राण कूटस्थमा स्थिरतासँग रहोस । बाहिरको फेरि त्यसको कुनै क्रिया नहोस - यस प्रकारको आत्मलक्ष्यसम्पन्न पुरुषको कुनै दोश्रो लक्ष्य नभए त पाप आउला कुन किसिमसँग ? तव त सवै चिज ब्रहममय हुन जानेछ । यही जीवनमुक्त अवस्था हो । पुनर्जन्मको मूल कारण अज्ञान नै त्यतिखेर विनष्ट हुन जान्छ ॥१७॥

विद्याविनयसम्पन्ने ब्राहमणे गवि हस्तिनी;
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

श्री धरीय टीका–[त्यस किसिमको ज्ञानी कस्तो हुन्छ जस्लाई अपुनरावृत्ति गति प्राप्त हुन्छ ? यसको उत्तरमा भन्नुहुन्छ]–विषम वस्तुहरुमा पनि जसको "सम" दर्शन गर्नुको स्वभाव हुन गएकोछ, तिनीहरु नै पण्डित या ज्ञानी हुन् । तिनीहरु विद्या विनययुक्त ब्राहमण र चाण्डालमा, गाई, हात्ती एवं कुकुरहरुमा समदर्शी हुन्छन् । तिनीहरुले कर्मगत एवं जातिगत वैषम्यलाई देख्दैनन् । सत्त्वगुणसम्पन्न ब्राहमण, संस्कारवर्जित रजोगुणयुक्त गाई तथा तमोगुण युक्त चाण्डाल, कुकुर र हात्ती आदि सवै प्राणी समदर्शी पण्डितको दृष्टिमा समान छन ॥१८॥

आध्यात्मिक व्याख्या- "राम्रो विद्वान नम्र ब्राहमण जसको हातमा पंचपात्र र कुश छ - त्यसको अन्न, र एक चाण्डाल जसले कुकुरलाई मारेर पाक गरेको छ त्यो - यी दुवैलाई जो पण्डित हुनेछन् समानरुपले हेर्नेछ, अर्थात उसको लागि दुवै समान छन् - क्रियाको परावस्थामा मतवाला समान कुनै विषयको विवेचना रहँदैन ।"

–क्रियाको परावस्था प्राप्त योगीले सवैवस्तु ब्रहममय देख्दछ, अतयव विभिन्न वस्तुहरु या प्राणीहरुको भित्र पनि कुनै प्रभेद देख्दैनन् । जसरी कूप, नदी, तलाउ र समुद्रमा प्रतिविम्वित सूर्य दर्शक पुरुषको अगाडि एकै किसिमको देखिन जान्छ, उसरी नै ज्ञानी पुरुषको दृष्टिमा विभिन्न शरीरमा प्रकटित चैतन्य एकै जानिन जान्छ । उसले सानो ठूलोको तारतम्य कुनै प्राणीको आत्मामा देख्दैनन् । अज्ञानको नाश भएपछि जगत्को सारा दृश्य उसको अगाडि एक समान लाग्दछ, उपाधिगत दोष-गुण द्वारा तिनीहरु विचलित

हुँदैनन् । नशा लागेकालाई जसरी पवित्रापवित्र स्थानको विचार हुँदैन, उसरी नै क्रियाको परावस्था प्राप्त योगी मद्यपी समान मत्त हुन्छन, त्यो आफ्नै भावमा आफै निमग्न हुन्छन्, बाहिरी नामरुप प्रति उसको विलकुलै लक्ष्य हुँदैन । यदि समदृष्टि ज्ञानको लक्षण हो भने आजकालको जातिभेद प्रथालाई हटाई दिने चेष्टाहरुको निन्दा कसरी गर्न सकिन्छ ? होइन, यसरी जातिभेदलाई हटाई दिनु ज्ञानको लक्षण होइन । यथार्थ ज्ञान उदय भएपछि कुनै वैषम्य रहँदैन, अनि साधकको कुनै वस्तु प्रति आसक्ति रहँदैन । परन्तु जहाँ वर्णाश्रमको ध्वंस गरी अन्य शतः शतः भेद राख्नुको चेष्टा रहन्छ त्यांहा जातिनाश ज्ञानको कार्य होइन । यो हाम्रो स्वेच्छाचारिताको फल हो । यस द्वारा वास्तविक वैषम्य या भेदभाव नष्ट हुँदैन । बुद्धिमा जवसम्म जगत्को नानात्व देखिन जानेछ, तव सम्म भेदभावलाई उठाई दिनुको इच्छा पागलको प्रलाप मात्र हुन् । ब्रहम सर्वत्र समान छ, आकाश समान सर्वत्र मिलित भएर पनि त्यो वस्तुदोषले दूषित हुँदैन । आत्मालाई यसै भावसँग सवै भित्र हेर्नु पर्नेछ । अतयव चाण्डालको भित्र जुन आत्मा छ, त्यही आत्मा ब्राहमणको भित्र पनि छ - यस किसिमसँग कुनै भेदको भाव नहुनु नै सत्य छ । आत्मा कुनै वस्तुको गुणसँग मिश्रित हुँदैन । परन्तु जबसम्म यो आत्मदृष्टि सम्यक् प्रस्फुरित हुँदैन, तवसम्म भेदज्ञान जगत्बाट उठ्न सक्तैन । जवर्जस्ती उठाई दिनाले केवल अनर्थ नै उत्पन्न हुनेछ । ज्ञानीको अगाडी ब्रहमदृष्टिको कारण हीरा र काँच दुवै समान छन्, परन्तु अज्ञानीले जति नै उच्च स्वरले भनोस "हामी सवै एक हौं" - बस्तुहरुको यस गुण वैषम्यलाई विर्सन सक्ने छैन, परन्तु ज्ञानीले यस्तो भूल गर्दैन ॥१८॥

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ;
निर्दोषं हि समं ब्रहम तस्माद् ब्रहमणि ते स्थिताः ॥१९॥

श्री धरीय टीका–[किन्तु विषयहरुमा सम दर्शन निषिध्द छ, यस्तो गर्नाले तिनीहरु पण्डित कसरी हुन सक्दछन् ? गौतमले भन्नु भएको छ - जसले असमान अवस्थापन्न पुरुषहरुलाई समभावले पूजा गर्दछ, अर्थात् उत्तम मनुष्यलाई अधमभावले पूज्दा तथा अधमलाई उत्तम भावले पूज्दा खेरि पूजक इहलोक र परलोकमा हीनतालाई प्राप्त हुन्छ, अतयव समदर्शी पुरुष पापको भागी किन नहोला ? यस आशंकाको उत्तर दिनु हुन्छ]–जसको मन समत्वमा अवस्थित छ, उसको सन्सार जीवित दशामा नै निरस्त हुन जान्छ । यसको कारण यो छ - किनभने ब्रहम सम र निर्दोष छ, अतयव तिनीहरु समदर्शी ब्रहममा अवस्थान गर्दछ, अर्थात ब्रहमभावलाई प्राप्त हुन्छन् । अनि गौतम द्वारा कथित दोष ब्रहमभाव प्राप्तिको पूर्वावस्थामा लाग्दछ । गौतमले पनि "पूजात" शब्द द्वारा पूजकावस्थालाई नै लक्ष गरेकोछ ॥१९॥

आध्यात्मिक व्याख्या- "सुख यस सन्सारमा नै छ - जो कसैले समता पाएको छ - यस्तो मन जुन ब्रहम हो - उसलाई दोष छैन, सर्वत्र समान छ । उस्को स्थिति ब्रहमयोनिमा सर्वदा रहन्छ ।"

- प्राण स्थिर भएपछि जव मन स्थिर हुन्छ त समता प्राप्त हुन्छ, समता प्राप्त मनलाई फेरि मन भन्दैन, त्यो तव सम अर्थात ब्रहम स्वरुप हुन्छ । त्यो निर्दोष छ, किनभने देह र देहमा अभिमान नै समस्त दोषहरुको मूल हो । मनः - प्राण स्थिर भएपछि देहाभिमान नष्ट हुन जान्छ, देहाभिमान नरहेपछि देही

निर्दोष हुन जान्छ। तब सर्वत्र समबुद्धि हुन्छ, विषयको विभिन्न भावहरु बोधको विषय रहन जाँदैन। अतयव इन्द्रियहरुको साथ विषयहरुको संस्पर्शले उत्पन्न हुन जाने सुख दुःखादि फेरि उत्पन्न हुँदैन। जव साधक आत्म समाधिमा डुब्न जान्छ त मनको यस किसिमको विकार तथा त्यस्को सुख दुःखादि नाना किसिमको फल साधकको सामुन्ने उपस्थित हुँदैन। अव भनौं, समतालाई यत्तिको उच्च स्थान किन दिइको छ? सर्वत्र समज्ञान गर्नाले धर्मशास्त्रको मतमा धर्मविरुद्ध कार्य हुन्छ, तब समदर्शी मनुष्यलाई ब्रहममा अवस्थित मुक्त कसरी भनिन जान्छ? जीवसंग जीवको पृथकता त ठीकै छ, जड र चेतनमा आकाश पातालको अन्तर वर्तमान छ, तथापि यी सवै अनैक्य र वैषम्यको बीच पनि एक परम ऐक्य वर्तमान छ। यही परम ऐक्य भाव नै जीवको आत्मा हो, अनन्त जड पदार्थहरुको यही सत्ता या अस्तित्वको मूल हो। त्यो आत्मा या सत्तामय भाव आकाश जस्तै निर्लिप्त छ। चिदाकाश निर्लिप्त हुनाको कारण नै देहादिसँग उसको सम्वन्ध छैन। अतयव देहादिको विकार या तत्कृत शुभाशुभ त्यस चिदाकाशरुप आत्मालाई मलिन कसरी गर्न सक्दछ? जस्को मन साधनाद्वारा यस चिदाकाशसँग मिलेर एक हुन गएको छ, उस्लाई फेरि कुनै पृथक वस्तुज्ञान रहँदैन। उसको अगाडि आव्रहमस्तम्ब सवै वस्तु ब्रहममय छ। अतयव शुचि अशुचि पनि उस्को सामुन्ने रहन सक्तैन। यसैकारण उसको अगाडि ब्राहमण, चाण्डाल, गाई, कुकुर सबै समभावसंग मिलेका छन्। अज्ञानीको अगाडि द्वैत-प्रपंच वर्तमान भएर पनि समदृष्टिसम्पन्न साधकेन्द्रको अगाडि सबचिज फेरि पृथक पृथक बस्तुहरु रहँदैन, उसको अगाडि सबै मिलिकन एक अद्वितीय हुन जान्छ। यो एकता बाहिर सबैको साथ भोजन पान गरेर हुन्छ, त यस्तो कुरा छैन। जस्को ब्रहमयोनिमा सदा स्थिति हुन गएको छ, उस्लाई नै यो अवस्था प्राप्त हुन्छ। ब्रहमयोनि नै कूटस्थ हो। यस कूटस्थमा जस्को लक्ष्य स्थिर भएकोछ, त्यो साधक लौकिकाचार मानीकन कर्म गर्दछ ता पनि उसको बुद्धिमा भ्रान्तदृष्टि सदाको लागि निरस्त हुन जान्छ। यस्तै महात्मालाई जीवन मुक्त भन्दछन् ॥१९॥

न प्रहृष्येत् प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम्;
स्थिरबुद्धिरसम्मूढो ब्रहमविद् ब्रहमणि स्थितः ॥२०॥

श्री धरीय टीका–[ब्रहमभाव प्राप्त पुरुषको लक्षण भन्नु हुन्छ]–ब्रहमविद भएर जो ब्रहममा अवस्थित छ, त्यो प्रिय बस्तु पाएर प्रहृष्ट हुँदैन, अनि न अप्रिय बस्तु पाई विषादलाई प्राप्त हुन्छ। यस्को कारण यही छ - त्यो स्थिर बुद्धि छ, अर्थात् उसको बुद्धि निश्चला छ। यो कसरी हुन्छ? किनभने त्यो 'असंमूढ' अर्थात निवृत्तमोह छ। मोह नरहेपछि बुद्धि निश्चला हुन जान्छ ॥२०॥

आध्यात्मिक व्याख्या- "बुद्धि स्थिर - सम्यक् किसिमसंग मूर्ख छैन - अर्थात् बीच बीचमा दोश्रो तिर दृष्टि जान्छ - ब्रहमलाई जानेर सर्व वस्तुमा ब्रहमलाई देख्दछ, यसकारण कुनै बस्तु उस्लाई प्रिय छैन र अप्रिय पनि छैन - यसकारण हर्ष र उद्वेग पनि हुँदैन।" -

- ब्रहमभावमा अवस्थित पुरुषको लक्षण भन्नु हुन्छ। साधना द्वारा प्राण स्थिर भए पछि जब मन र बुद्धि स्थिर हुन जान्छ, तब साधकलाई ब्रहममा अवस्थित या ब्रहमज्ञ भन्दछन्। उच्च श्रेणीको साधकको पनि साधना गर्दा गर्दै कहिले काँही मन विषयतिर दौडी दिन्छ। तब त्यो अझ धेरै प्रयत्नसाथ मन लगाएर

साधना गर्दछ र त्यसको फलस्वरुप उसको मन बुद्धि सब स्थिर भएर एक हुन जान्छ । मन बुद्धि स्थिर भएपछि फेरि देहात्म बुद्धि रहँदैन अर्थात् आसक्ति पूर्वक अन्य वस्तुमा दृष्टि रहन सक्तैन । तवै त्यो यथार्थ ब्रहमज्ञ बन्दछ । सबै वस्तुहरुमा ब्रहम दर्शन भएपछि नै उसलाई ब्रहमज्ञ भन्दछन् । ब्रहमज्ञ पुरुषको दृष्टि अन्य वस्तुमा रहँदैन । यसैकारण उसमा प्रिय अप्रियको बोध पनि रहन सक्तैन । जसलाई प्रिय अप्रियको बोध हुँदैन, उसलाई हर्ष या उद्वेग पनि हुन सक्तैन । अनित्य वस्तुलाई नित्य सम्झनु नै मोह हो । आत्मा नित्य छ, देहादि अनित्य छ । यस अनित्य देहलाई नित्य सम्झनु नै विपरित भावना हो । क्रिया द्वारा विपरित भाव नष्ट भएपछि मनलाई आत्माकारमा स्थिति प्राप्त हुन्छ । यस किसिमको स्थिति प्राप्त भएमा साधक अद्वैत भावमा अवस्थित हुन्छ । यसैलाई आत्म साक्षात्कार भन्दछन । यस अवस्थामा प्राण मन र बुद्धि स्थिर हुन जान्छ । अतयव यस अवस्थामा ब्रहम विषयिणी बुद्धि सिवाय अन्य बुद्धि उत्पन्न हुँदैन । अन्य बुद्धि उत्पन्न नहुनुको कारण प्रिय या अप्रियको बोध हुँदैन, अतयव एसैकारण मुक्त पुरुषलाई हर्ष विषाद पनि हुँदैन ॥२०॥

वाह्य स्पर्शेष्वसक्तामा विन्दत्यात्मनि यत् सुखम्;
स ब्रहमयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥

श्री धरीय टीका–[मोह निवृत्त भएपछि बुद्धिको जुन स्थिरता हुन्छ, त्यसको हेतु भन्नु हुन्छ]-वाह्येन्द्रियहरु द्वारा जुन विषयको उपलब्धि हुन्छ, त्यसमा अनासक्त चित्त पुरुषको अन्तः करणमा उपशमात्मक सात्त्विक सुखको प्राप्ति हुन्छ । यस उपशमात्मक सुखलाई प्राप्त गरेपछि ब्रहममा योग समाधि द्वारा युक्त या एकतालाई प्राप्त भै उ अक्षय सुखमा प्राप्त हुन्छ ॥२१॥

आध्यात्मिक व्याख्या-"बाहिरको हावा बाहिरै रहन्छ, यस प्रकारको जितात्माले नै सुखको अनुभव गर्दछ - एक ब्रहमानन्द छ - त्यसैमा धारणा, ध्यान, समाधिपूर्वक लागिरहेर - यस किसिमको सुखमा काल-यापन गर्दछ, जुन सुखको क्षय छैन, अन्यान्य सुखहरुको क्षय अवश्य छ ।"

- बाह्य विषयमा आसक्ति भएपछि मन बहिर्मुख एवं चांचल्य हुन्छ, अनि उसलाई विषयाधीन हुनु पर्दछ । तब बाहिरको वायुभित्र र भित्रको वायु बाहिर आउने जाने गर्दछ अर्थात् प्राणअपानको काम चलिरहन्छ । यस अवस्थामा स्थित मनुष्यलाई जितात्मा भन्दैन । जितात्मा पुरुष त्यही हो जसलाई बाहिरको वायु आकर्षण गरी लिनु पर्दैन, उसको बाहिरको वायु बाहिरै रहन्छ, भित्र भित्रै सूक्ष्मभावले प्राणको प्रवाह चलिरहन्छ । यस किसिमको स्थितिमा जो छन् तिनीहरुले समाधिको असीम स्थिरता प्राप्त गरी परमानन्द ब्रहमानन्दको प्राप्तिले कृतकृत्य हुन जान्छन् । अन्यान्य विषय सुखहरुको क्षय छ, परन्तु यस सुखको क्षय हुँदैन । तब साधकको अन्तः करणमा निरन्तर आनन्दको प्रवाह चलिरहन्छ । यो आनन्द रहन्छ कहाँ ? ब्रहममा या विषयमा ? ब्रहममानै यो आनन्द वर्तमान छ, परन्तु विषयहरुमा आनन्द छैन । त फेरि चित्त विषयहरुतिर प्रलुब्ध भएर दौडिदिन्छ किन ? विषयमा आनन्द छ - यस्तो सम्झेर मन विषयहरुमा दौडिदिन्छ - यहि अज्ञान हो । चित्तको स्थिर भाव नै आनन्द हो । विषयहरुलाई प्राप्त गरी चित्त केही

समयको लागि स्थिर हुन्छ, यसैले क्षण भरको लागि यत्किंचित आनन्दको अनुभव हुन्छ, नत्र भने विषयहरुमा आनन्द कहाँ ? यदि स्थिरता नै यथार्थतः आनन्द हो भने त चित्तलाई स्थिर गर्न सकेमा त्यो मिल्नेछ; वस्तुको अपेक्षा गर्नु पर्ने छैन । प्राणायाम द्वारा प्राण स्थिर भए पछि चित्त स्थिर हुन जानेछ, तवै परमानन्दको प्राप्ति हुनेछ । आनन्दको लागि फेरि विषयको प्रयोजन हुने छैन । विषयहरु द्वारा सुख हुन्छ - यो मनको संस्कार या भ्रम बाहेक अरु केही छैन । स्थिरताजनित जुन आनन्दको अवस्था छ त्यो वाह्य चिन्ता वर्जित, सबै किसिमको कामना रहित निश्चलावस्था हो - यस अवस्थामै प्रपंचको सर्वथा उपशम हुन्छ, अतयव अनन्त शान्ति सागरमा साधक सदाको लागि निमज्जित हुन जान्छ । यस व्रहमानन्दको साथ कामजनित ऐहिक सुखको तुलना हुन सक्तैन ॥२१॥

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते;
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥

श्रीधरीय टीका– अब भनौ, विषयभोगादि निवृत्त साधकले मोक्ष कसरी आयत्त गर्न सक्छ ? यसैले भन्नु हुन्छ]-विषयजनित समस्त सुखभोग वर्तमान कालमा प्राप्त रहेर पनि स्पर्ध्दा एवं इर्ष्याले व्याप्त हुन्छ, अतयव ती दुःखको कारण हुन्छ, तथा आदि-अन्तयुक्त हुन्छ, अर्थात संयोग-वियोगयुक्त हुन्छ, अतयव अनित्य छन् । परमार्थतत्वको ज्ञाता विवेकी मनुष्य त्यस्मा आसक्त हुँदैन ॥२२॥

आध्यात्मिक व्याख्या- "भोग द्वारा वायुलाई अन्यतिर मनोयोग गर्नाले क्षणिक सुखभोग हुन्छ, परन्तु त्यस भोगको अघि र पछि दुःख छ - जस्तो मैथुन, जन्म, मृत्यु - आदि अन्त दुवै -यसमा नै दुःख छ यसकिसिमको कार्यहरुमा पण्डितहरु रमण गर्दैनन् ।"

- विषय भोग गर्दा गर्दै इन्द्रियहरुको शक्ति निस्तेज हुन जान्छ, चित्त गाढा तमसाच्छन्न भएपछि बुद्धि पनि म्लान हुन जान्छ, अन्तराकाश आच्छादित जस्तो प्रतीत हुन्छ । त्यस चित्त द्वारा व्रहम धारणा हुन सक्तैन । मन जब भोगतिर लुब्ध हुन्छ त प्राण पनि त्यसैतिर आकृष्ट हुन्छ, यसैले भोग्यवस्तु द्वारा क्षणिक सुख भोग त हुन्छ, परन्तु सुख विलीन हुन गएपछि या सुख भोगको शक्ति हीन हुन गए पछि प्राणमा त्यो भोगस्पृहाको स्पन्दन विल्कुलै निवृत्त हुन चाहँदैन । प्राणको स्पन्दनले भोगलालसामा मन उन्मत्त जस्तै भएर उठ्दछ । यी सारा विषय भोगहरुको अघि पछि न मालुम कति कति सन्ताप लागेकोछ, त्यसको कुनै सीमाना देखिन्न । भोग गर्ने शक्ति त समाप्त हुन जान्छ, तर तृष्णा झन झन बढिनैरहन्छ । स्त्री, पुत्र, धनादिमा अत्यन्त आसक्त जीव ती वस्तुहरुको वियोगले अत्यन्तै अधीर हुन जान्छ । यी सबकासब अन्तवन्त छन, यिनीहरु हाम्रो कोही होइन, यी समस्त विषयहरु हाम्रो आँखाको अगाडि आफ्नो क्षणिकत्वको प्रमाण दिई स्वप्नदृष्ट बस्तु समान नमालुम कुन अदृष्य गुफामा हराउन जान्छ; यसलाई केही अंशमा बुझेर पनि प्राणको विकलता हाहाकार कदापि निवृत्त हुँदैन । यी सबै विषयहरु नपाउँदा खेरि पनि जीवलाई दुःख छ, अनि पाएर पनि दाह छ, शान्ति हुँदैन । यसैले विवेकी मनुष्य शान्त भावसँग विचार गरी यी समस्त विषय लालसाहरु देखि चित्तलाई निवृत्त गर्ने प्रयत्न गर्दछन् । जबसम्म चित्तमा विषयासक्ति रहनेछ, तवसम्म

शान्ति या उपराम प्राप्त हुने छैन । प्राणवायुको निरोधद्वारा प्राण जब स्पन्दन रहित हुनेछ, तवै चित्तबाट विषय-स्पृहा दूर हुनेछ। वास्तविक सुख विषयमा छैन, सुख आत्मामा नै छ। यदि सुख चाहन्छौ भने विषयहरुतिर मनलाई नदौडाऊ । विवेक द्वारा मनलाई विषयहरुबाट निवृत्त गरी आत्मस्थ हुने उद्योग गर । प्राण स्पन्दनरहित नभैकन मन आत्मस्थ हुन सक्ने छैन, अतयव जसबाट प्राण स्पन्दन रहित हुन्छ त्यही बाटो समातेर अघिबढ । यसबाट फेरि आद्यन्तयुक्त विषयहरुको मोहमा परेर व्याकुल हुनु पर्ने छैन ।

"यावन्तः कुरुते जन्तुः सम्बन्धान् मनसः प्रियान;
तावन्तोऽस्य निखन्यन्ते हृदय शोक शंकवः ॥"
- विष्णु पुराण

जीवले जति जति वाह्य विषयहरुसँग प्रेम गर्नेछ, उति उति शोकरुपी शंकुले उसको हृदयलाई विध्द गर्नेछ । स्वप्नवत् क्षणस्थायी विषयहरुमा जसको जति धेरै अनुराग हुनेछ - उति उति नै त्यो विविध दुखहरुको ज्वालामा दग्ध भैरहनेछ । अतयव सावधान ! साधक ! सावधान ! ॥२२॥

शक्नोतीहैव यः सोढुं प्राक् शरीरविमोक्षणात् ;
कामक्रोधोद्भववंवेगं स युक्तः स सुखी नरः ॥२३॥

श्री धरीय टीका–[किनभने मोक्ष नै परम पुरुषार्थ हो, र काम क्रोध आदिको वेग त्यसको प्रतिपक्षी हुन, अतयव यी सहनमा समर्थ मनुष्य नै मुक्तिको भागी बन्दछ, यसैले वताउनु हुन्छ]–काम क्रोधले उत्पन्न मन-नेत्रादिको क्षोभस्वरुप वेगहरुलाई, उत्पन्न हुने वित्तिकै जुन मनुष्यले प्रतिरोध गर्न समर्थ हुन्छ, त्यही समाहित एवं सुखी हुन्छ । केवल क्षणमात्र सहन गर्नाले काम चल्ने छैन । देहपात हुन्जेल सम्म सहन गर्दै जानु पर्नेछ । यस किसिमको मनुष्य नै वस्तुतः युक्त छ, अनि त्यही सुखी हुन सक्दछ, अरु कुनै होइन । अथवा मृत्यु पश्चात् रुँदै गरेकी युवती द्वारा आलिंगित तथा पुत्रादि द्वारा दग्ध भएपछि जसरी प्राणहीन मनुष्य कामक्रोधको वेगलाई सहन गर्दछ, उसरी नै मृत्युपूर्व जीवन पर्यन्त जस्ले यी सबै सुख-दुःखादिलाई सहन गर्न सक्दछ, तिनीहरु नै युक्त र सुखी हुन् । वशीष्ठ भन्नु हुन्छ - मृत पुरुषको शरीर जसरी सुख दुःखादिलाई बोध गर्दैन, त्यसरी नै प्राण रहँदै जस्ले सुख दुःखादिको बोध गर्दैन, तिनीहरु नै कैवल्यलाई प्राप्ति हुन्छन् ॥२३॥

आध्यात्मिक व्याख्या-"जुन मनुष्य काम र क्रोधको वेगलाई यस शरीरबाट बाहिर निस्कनु भन्दा पहिले सत्य गर्न सक्दछ - उसलाई मानो ब्रहममा लगाई राखेको छ र त्यसैद्वारा त्यो सुखी छ ।"-

-इन्द्रियहरुको भोग्य विषयहरुलाई पाउनको निम्ति मनमा जुन तीब्र वेग हुन्छ, त्यही काम हो । अनि यस काममा कुनै किसिमको वाधा प्राप्त भएमा जुन मनोवेग उत्पन्न हुन्छ, त्यसको नाम हो क्रोध । फलस्वप काम र क्रोध एकै वस्तु हुन् । मनको यही दुई वेग वडो तीब्र हुन्छन जीवनको सारभूत लक्ष्यदेखि भ्रष्ट गर्नको लागि यी दुई समान दोश्रो शत्रु अरु कुनै छैन । विचार गरेर यसको अनिष्टकारितालाई त बुझ्न

सकिन्छ, परन्तु यसले कामको वेग रोकिदैंन । अवश्यै तीव्र वैराग्यको कुरा अर्कै हुन, परन्तु स्थायी तीव्र वैराग्य कदाचित् नै कसैलाई होला । शरीर र मनमा सात्त्विक भावको प्रस्फुरण साथ साथै विषयहरुको तीव्र आकर्षण ह्रासलाई प्राप्त हुन्छ, पश्चात् गुणातीत अवस्थामा यस कामक्रोधको वेग केही पनि रहँदैन । अतयव साधकहरुको कर्तव्य त्यही हुन, जसवाट सात्त्विक भावको बढोत्तरी होस । सात्त्विक भावको बढोत्तरी तबै हुन सक्छ, जब प्राणायाम आदिको साधनाद्वारा प्राणलाई स्थिर गरियोस । प्राणको गमनागमन, आउनु जानु स्थिर हुनुको सँगसँगै मन बुद्धि पनि स्थिर हुन जान्छ । यही स्थिर भाव प्राप्त अवस्था नै सात्त्विकताको लक्षण हो । स्थिरभाव क्रमशः बढ्दै बढ्दै यति सम्म वृद्धि प्राप्त हुन जान्छ - त्यसद्वारा साधक गुणातीत हुन जान सक्दछ । योगशास्त्रमा छ -

"मनः स्थैर्यं स्थिरो वायुस्ततो विन्दुः स्थिरो भवेत;
विन्दुस्थैर्यात् सदा सत्त्वं पिण्डस्थैर्यं प्रजायते ॥"

मनको स्थिरता सँगै अन्तः प्राणवायु स्थिर हुन्छ, प्राणवायुको स्थिरतासँगै विन्दु स्थिर हुन्छ, अनि विन्दु स्थिर भएपछि सदा सत्त्वभाव हुन्छ । तथा यस शरीरको काम-क्रोध-लोभादिको तृष्णा पनि शान्त हुन्छ ।

मनको वेग प्रवल भएपछि पिण्ड-देहलाई स्थिर राख्न संभव हुँदैन, अतयव त्यस भित्रको मुख्य धातुको क्षय हुनु निश्चित छ । प्रमुख धातु क्षय भए पछि शरीर, मन एवं प्राण सवै शक्तिहीन हुनेछ । तब साधन कसद्वारा होला ? भोगवासनालाई उद्दीप्त गर्ने वस्तुहरु देखि टाढा रहनु अवस्य उचित छ, परन्तु यसरी रहनाले पनि विशेष फल हुँदैन, तर सामान्य फल हुन सक्तछ । प्रधान वस्तु मनको लालसा हो, जुन मनको विक्षेपले उत्पन्न हुन्छ, मनको यस विक्षेप भावलाई हटाउन सके त यसबाट छुट्कारा पाउन संभव छ । दृश्य देखिएपछि मनमा संकल्प उठ्दछ, र संकल्पले वेग या तृष्णा उद्भव हुन्छ । वस्तुतः दृष्य न देखिकन पनि केवल संकल्पबाट पनि बस्तुदर्शनको फल हुन्छ । यो संकल्पले पूर्वाभ्यास या अहंकारको अनुसरण गर्दछ, अतयव जसै संकल्प चलमलाउन थाल्छ तसै प्रवुध्द भएर मनलाई विषय चिन्ता देखि विरत गर्नु पर्नेछ । विषय चिन्ताबाट मनलाई हटाउने राम्रो उपाय छ - त्यतिखेर मन लगाएर १०-१२ पटक प्राणायाम गर्नु । प्राणायामको साथ साथै मनोवेग अदृष्य हुन जानेछ ।

अवस्यै जीव विषयहरुको सम्पर्कमा नआई रहन सक्तैन, बनमा गएरै पनि सबै विषयसंग निवृत्त हुँदैन । किनभने विषयसंग मनमा मनकै द्वारा उत्पन्न हुन्छ । यदि आत्मा या भगवान्मा अनुराग प्रवली भए त विषयानुरागमा कमी आउन सक्छ । तबै विषयहरुमा विरक्ति संभव छ । यस किसिमको विषयवैराग्ययुक्त साधक नै युक्त साधक भनिन्छन् । अनि यिनीहरु नै वस्तुतः सुखी हुन् ।

पिण्डस्थ पंचभूतात्मक भाव नै पंचतत्त्व हुन् । यी पंचभूतहरुको स्थान हुन् मूलाधार आदि पंच चक्रकेन्द्र । यी चक्रहरुको भित्रबाट मनको गमनागमन हुँदै हुँदै मन अत्यन्त सूक्ष्मावस्थालाई प्राप्त हुन्छ । क्रमशः साधना द्वारा सुषुम्ना भेदन गर्दै आज्ञाचक्रमा स्थितिलाभ गर्ने शक्ति प्राप्त हुन्छ । पंचतत्त्वलाई छोडेर आज्ञाचक्रमा स्थिति लाभ गर्नुलाई शरीर विमोक्षण भन्दछन् । परन्तु आज्ञाचक्रमा प्रविष्ट हुनु पूर्व

पंचतत्त्वको साधन समय साधकलाई अनेक शक्तिहरु प्राप्त हुन्छन्, साथसाथै कामक्रोधको वेग पनि बढ्दछ । जसले आज्ञाचक्रस्थ कूटस्थमा प्रविष्ट हुनु भन्दा अघि नै समस्त कामादिको वेगलाई सहन गर्न सक्तैन, त्यो योग भ्रष्ट हुन जान्छ । अनि जो गुरु कृपाले समर्थ हुन्छ, त्यो अनन्त आनन्द धाममा अर्थात् चिदाकाशमा प्रवेश प्राप्त गरी जीवनलाई धन्य धन्य बनाउछन् । फलतः त्यो सुखी अर्थात सुन्दर खं-शून्यमा या चिदाकाशमा आश्रय गर्दछ । वास्तविक योगयुक्त अवस्था हो यही ॥२३॥

योऽन्तः सुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः;
स योगी ब्रहमनिर्वाणं ब्रहमभूतोऽधिगच्छति ॥२४॥

श्री धरीय टीका–[केवल काम क्रोधको वेगलाई संहरण गरेर मात्रै मोक्ष प्राप्ति हुन सक्तैन, अरु पनि जुन आवश्यक छ त्यसलाई भन्नु हुन्छ]-अन्तः आत्मामा नै जसलाई सुख छ, विषय भोगमा होइन, अन्तरात्मामै जसलाई आराम या क्रीडा छ, बाह्य व्यापारमा होइन; व्यापारमा होइन ; आत्मामा नै जसको ज्योति या दृष्टि छ, नृत्य गीतादिमा होइन - यस किसिमको मनुष्य ब्रहममा अवस्थित भएर ब्रहममा निर्वाण अर्थात् लयलाई प्राप्त हुन्छ ॥२४॥

आध्यात्मिक व्याख्या - "जसले निरन्तर क्रिया द्वारा अन्तःकरणमा स्थिति प्राप्त गरेको छ, तथा त्यस द्वारा भित्र एक किसिमको ज्योति जुन अन्धकार र प्रकाश दुबै होइन, त्यहा सबै रुप देखिन जान्छ, (योनिमुद्रा), यस्तो योगी ब्रहममा रहेर निर्वाण अर्थात् स्थितिपदलाई पाउँदछन् - ब्रहममा रहँदै रहँदै ब्रहममा नै स्थिर वुद्धि हुन जान्छ ।"

- ब्रहममा बुद्धि स्थिर हुनु पर्दछ । त्यसमा प्रविष्ट नभैकन परमानन्द प्राप्त हुँदैन । केवल काम क्रोधको वेग रोक्न सक्दैमा काम चल्ने छैन । जसले क्रिया द्वारा आत्मस्थिति प्राप्त गरेको छ, - उसैले ब्रहमानन्द प्राप्त गर्न सक्तछ । उसको मन तब स्थिर हुन जान्छ, उसमा संकल्पको वेग हुँदैन ।

"मनः स्थं मनोमध्यस्थं मनःस्थं मनोवर्जितम्;
मनसा मनमालोक्य स्वयं सिध्दन्ति योगिनः ॥"

त्यो मनको बीचमा त रहन्छ, परन्तु त्यहाँ मन हुँदैन । मनको परिधि चारैतिर बाट कम हुँदै हुँदै मन विल्कुलै केन्द्रगत हुन जान्छ । एसैले त्यो मनको मध्यमा नै रहन्छ । योगीहरु स्थिर मन द्वारा मनको अतीत आत्माको दर्शन गरेर सिद्धि प्राप्त गर्दछन् । उनीहरुको अगाडि सान्सारिक विषयानन्द अति तुच्छ वस्तु हुन । अन्तर्ज्योतिः - जसको सहायताले अतिसूक्ष्माति सूक्ष्म परमाणु पनि दृष्टिगोचर हुन्छन, धेरै धेरै टाढाको घटनालाई जान्न पनि कठिनाई हुँदैन - जहाँ सबै रुपहरुको अन्तररुप प्रकाशित हुन्छ, जुन प्रकाश पनि होइन, अन्धकार पनि होइन - यस अवस्थामा रहँदै रहँदै योगीले अनुभवपद या ब्रहमपदलाई प्राप्त गर्दछ । यस स्थितिपदलाई प्राप्त योगीको विषय दर्शन हुँदैन, ब्रहम दर्शन हुन्छ । यही हो समाधि अवस्था । यस अवस्थावाट उठेको योगीलाई विषय सुखमा आनन्द मिल्दैन । अतयव उसको अगाडि विषयको आकर्षन हुँदैन । यसैले विषयजनित तापबाट उ सदा मुक्त हुन्छ ॥२४॥

लभन्ते ब्रहमनिर्वाणं ऋषयः क्षीणकल्मषाः;
छिन्नद्वैधा यतात्मान सर्वभूते हिते रताः ॥२५॥

श्री धरीय टीका- जसको पाप क्षय भएकोछ, जसको संशय छिन्न भएकोछ, जसको चित्त संयत् छ, जो सर्वभूत हितायमा रत छन्, अर्थात कृपालु छन, यस किसिमका सम्यकदर्शी ऋषिहरु ब्रहम निर्वाण अर्थात मोक्षलाई प्राप्त गर्दछन् ॥२५॥

आध्यात्मिक व्याख्या- " यस किसिमको निर्वाणपद ऋषिहरु निष्पापी भएर अर्थात ब्रहम सिवाय अन्यतिर दृष्टि नजाने - अतयव दुई वस्तु रहँदैन - आत्मा नै एक गुरु हुन जान्छ - यसै कारण सब भूतहरुको जसबाट हित होस, अर्थात यो क्रिया प्राप्त गरोस् - यस्तो इच्छा हुन्छन् ।"

सम्यकदर्शी ऋषिहरुले निर्वाण पदलाई प्राप्त गर्दछन्, परन्तु त्यो भन्दा पहिले निष्पाप हुनु पर्दछ । अन्यतिर दृष्टि गयेपछि ब्रहम बाहेक अन्य वस्तु प्रति आसक्ति हुन्छ, यही पाप हो । यस किसिमको पापले शून्य भए पछि ज्ञान प्राप्त हुन्छ । यही निर्वाण पदको प्राप्तिको सेतु हो । क्रिया गरेर क्रियाको परावस्था प्राप्त भएपछि सव एक हुन जान्छ, दोटा रहँदैन, तव पापपुण्य पनि रहँदैन । एकमेकम् मात्र आत्मकारा वृत्ति रहन्छ, सवकासवनै आत्मानै जानिन जान्छ । सबै गुरुवत् पूजनीय जानिन्छ, किन भने गुरु नै आत्मा हो - *"आत्मा ह वै गुरु"* । जसलाई एस्तो अवस्था प्राप्त हुन्छ, ती महात्माहरु नै मायागन्ध देखि रहित भै दीनवत्सल हुन्छन्, अर्थात जो भगवत् प्राप्तिको लागि व्याकुल हुन्छन् तिनीहरु प्रति कृपालु हुन्छन । कृपापूर्वक साधकहरुलाई गुह्य साधन रहस्य बताई दिनु हुन्छ । त्यस गुह्यातिगुह्य साधन एवं भूति प्राप्त गरेर साधक शोकातीत परमपद प्राप्त गर्दछ ॥२५॥

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ;
अभितो ब्रहम निर्वाणं वर्तते विदितात्मन ॥२६॥

*श्री धरीय टीका–*काम क्रोधादिबाट वियुक्त संयत चित्त, विदित आत्मतत्त्व संन्यासी जीवित तथा मृत दुवै कालमा ब्रहम-निर्वाणलाई प्राप्त हुन्छ, अर्थात् ब्रहममा लय हुन जान्छ । देहान्तमा नै उस्को मुक्ति होस यस्तो कुरा छैन, बरु जीवितावस्थामा पनि विमुक्त हुन्छन ॥२६॥

आध्यात्मिक व्याख्या- "जुन संन्यासी काम र क्रोधमा नरहिकन ब्रहममानै सदा संयत छ - त्यो स्थिर भएर रहन्छ ब्रहममा । सर्वदा आत्मामा जानिकन अर्थात् क्रिया गरी क्रियाशील छ ।" -

- जो यति हुन् अर्थात सर्वदा संयत भएर ब्रहममा, लक्ष्य लगाइरहेको छ, तिनीहरुले आत्म रहस्यलाई सम्यक् रुपले जान्दछन् । आत्मा नित्य स्थिर एवं नित्य निर्मल छ, यसलाई उसले क्रियाको परावस्थामा सर्वदा स्थिर रहिकन जान्दछ । शरीरमा त्यो अभिमान शून्य हुन्छ, अतयव काम क्रोधादिको उत्तेजना उत्पन्न गर्ने वस्तुबाट उस्लाई काम क्रोध उत्पन्न हुँदैन । तिनीहरु सदा नै विमुक्त छन् । यी विदितात्मा

योगीहरुलाई मृत्यु पछि नै मुक्ति प्राप्त हुन्छ, यस्तो कुरा छैन, यस देहमा रहँदै पनि सर्वत्र ब्रहमदृष्टिको कारण त्यो सदा मुक्त हुन्छ। जुन मनुष्यहरु प्राणायाम परायण क्रियाशीलछन् उनीहरुको चित्त स्थिर हुन्छ, यस कारण तिनीहरु सहजै आत्मालाई जानिकन विमुक्ति प्राप्त गर्दछन्। यस किसिमको मोक्षलाभको अन्तरंग साधन अगाडिको दुई श्लोक हरुमा भन्नु हुन्छ ॥२६॥

स्पर्शान कृत्वा बहिर्वाहयांश्चक्षुश्चैवान्तरै भ्रुवोः ;
प्राणापानौ समौकृत्वा नासाभ्यन्तरचारिणो ॥२७॥

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ;
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥

श्री धरीय टीका–['स योगी ब्रहम निर्वाणम्' इत्यादि श्लोकहरुमा भनिएको छ - योगी ब्रहम निर्वाण प्राप्त गर्दछ, त्यस योगलाई संक्षेपमा दुई श्लोकहरुमा भन्नु हुँदैछ]- रुप रस आदि वाह्य विषय चिन्तन गर्नाले अन्तरमा प्रवेश गर्दछन्। चिन्ता-त्याग द्वारा त्यसलाई बाहिर निकाली चक्षु अर्थात् दृष्टिलाई भ्रूद्वयको बीचमा स्थापन गरी अर्थात् नेत्रहरुको अत्यन्त निमीलनमा निद्रा द्वारा मनको लय हुन जान्छ। अनि अत्यन्त उन्मिलनमा मन बाहिर जान्छ, यी दुवै दोषहरुको परिहारको लागि अर्ध्दनिमीलित नेत्रहरु द्वारा भ्रूमध्यमा दृष्टि स्थापन गरी उच्छ्‌वास र निःश्वासरुपमा नासिका भित्र विचरण गर्ने प्राण र अपानको ऊर्ध्व एवं अधोगतिलाई निरोध गर्दै समान अर्थात् कुम्भक द्वारा, अथवा प्राणवायु जसबाट बाहिर नजाओस र अपान भित्र प्रवेश नगरोस, परन्तु दुवै नासिका भित्र संचरण गरोस यसरी मृदु उच्छ्‌वास र निःश्वास द्वारा प्राणायामलाई समान गरी तथा यी सबै उपायहरु द्वारा जसको इन्द्रिय, मन र बुद्धि संयत् भएकोछ, मोक्ष नै जसको लागि एकमात्र प्राप्य वस्तु छ, अतयव जसको इच्छा, भय,र क्रोध विगत हुन गएकोछ, यस प्रकारको मुनि जीवित भैकन पनि मुक्त छन ॥२७-२८॥

आध्यात्मिक व्याख्या- "प्राणायाम परायण क्रियाशीलको बाहिरको हावा बाहिरै रहोस, - चक्षु भ्रुमध्यमा रहोस (पलक नखसोस्) - प्राण (तान्नु) र अपान (फाल्नु) दुवै समान रहोस - नाकको भित्रै वायु संचरण गरोस् - यस कारण सवै इन्द्रियहरु संयत रहनेछ - बुद्धि र मन पनि संयत हुन जानेछ, यस प्रकारका सबै मानिसहरु मोक्ष परायण अनि निश्क्रिय हुन्छन् - यसैको नाम जीवन मुक्ति हो। जिउँदै जाग्दै विमुक्ति। जो इच्छारहित भयक्रोधरहित भएर रहन्छन् - तिनीहरु सदा नै मुक्त छन्।"

- विषय-चिन्तन नगर्नाले नै विषयहरुको वहिष्कार हुन्छ, चिन्तन गर्नाले विषय अन्तरमा प्रवेश गर्दछ। यो केवल पुस्तक पढेर मात्र हुँदैन, यसको लागि कुन किसिमसँग अभ्यास गर्नु पर्दछ, त्यही साधनाको विषयमा यहाँ भनिरहनु भएकोछ। जुन योगाभ्यास द्वारा योगी ब्रहम निर्वाण प्राप्त गर्दछ, त्यही योग विषयक उपदेश भगवान्‌ले संक्षेपमा भन्नु हुँदैछ। प्राण, अपान, समान, उदान एवं व्यान - यी पंच प्राणको स्थान क्रमशः हृदय, गुह्य, नाभि, कण्ठ तथा सर्वशरीर हो यी पाँचै वायुले शरीरको रक्षा गर्दछ - *"वायुर्धाता*

शरीरीणाम"। यस हृदयस्थ प्राणवायुलाई वाह्यगतिदेखि निवृत्त राखिकन सुषुम्नामार्गद्वारा गुह्यस्थ अपान वायुमा संचालित गर्ने अनि गुहयस्थ अपान वायुलाई हृदयस्थ प्राणवायुमा ल्याउने जुन क्रिया छ त्यसलाई नै प्रच्छर्दन एवं विधारण क्रियाको नामले पुकारदछन्। यस क्रियालाई गुरुको उपदेश द्वारा जान्नु पर्दछ। यो वायु स्तम्भन जस्तो कष्ट साध्य व्यापार छैन। मोक्षअभिलाषी मनुष्य चित्तविक्षेप गरिने शब्द, -स्पर्श-रुप-रस-गन्धादिको ग्रहणको विषयमा संयत भएर भ्रूमध्यमा दृष्टि संयत गरी प्राणायामको अभ्यास गर्दछन। अभ्यास गर्दा गर्दै प्राणवायु सुषुम्नाको भित्र प्रवेश गर्नेछ।

"मारुते मध्य संचारे मनः स्थैर्यं प्रजायते ;
सुषुम्नावाहिनी प्राणे शून्ये विशति मानसे॥"
तदा सर्वाणि कर्माणि निर्मूलयति योगवित् ;
यदा संक्षीयते प्राणो मानसं च प्रलीयते।
तदा समरसत्वं च समाधिरभिधीयते॥"

कोही कोही व्याख्याताहरु लेख्दछन - भगवान्‌ले चित्तको एकाग्रताको लागि साधना गर्न एक बहिरंग साधनको उल्लेख गरेको छ। यस्तो उपाय हठयोगमा कथित क्रियायोगको अन्तरगत आउँदछ। जुन मानिसहरु राजयोगमा कथित नियम अनुसार चित्त निरोधको अभ्यास गर्न सक्तछन्, उनीहरुलाई वाह्य वायुस्तम्भनरुप कुम्भक गर्नु पर्दैन।" यो बडो हास्यजनक कुरा छ। यदि यो करणीय नहुँदो हो त भगवान्‌ले सवै कुराहरुलाई छोडी अध्यायको अन्तमा केवल यही साधनको उल्लेख किन गर्नु हुन्थ्यो ? श्री धर स्वामी जस्तो यतिले पनि भन्नु भएको छ - योगी ब्रहम निर्वाण अर्थात् मोक्षलाई प्राप्त गर्दछ। उही योगको विषय यहाँ संक्षेपमा भन्नु हुन्छ - "तमेव योगं संक्षेपेणाह।" शंकराचार्य समान ज्ञानी-गुरु पनि भन्नु हुन्छ - "अथेदानीं ध्यान योगं सम्यग् दर्शनस्यान्तरंग विस्तरेण वक्ष्यामीति तस्य सूत्रस्थानीयान् श्लोकानुपदिशतिस्म भगवान् वासुदेवः"। यदि यही वहिरंग साधन हो भने त अन्तरंग साधन के हो ? मलाई एस्तो लाग्दछ - व्याख्याताले विर्सन जान्छ - यो वाह्य वायुस्तम्भनरुप हठयोग होइन। प्राणायाम परायण यतिहरुलाई यस किसिमको कुम्भक आफसे आफ हुन्छ। यसको उपाय पनि भगवानले चौथो अध्यायको २९ सौं श्लोकमा बताउनु भएको छ। जसलाई नाक वन्द गर्नु सिवाय अन्य प्राणायाम ज्ञात छैन, तिनीहरु नै यस किसिमको केटौले कुरा भन्ने साहस गर्न सक्दछन्।

यसरी 'समरस'वा 'समाधि' प्राप्त गर्नु संभव छ। प्राणायाम गर्दा गर्दै श्वास अति मिहीन धागो समान हुन जान्छ, अनि समझमा आउँदैन - त्यो बाहिर गैरहेको छ या छैन। त्यति खेर यस्तो बुझिन लाग्दछ - त्यसको मृदु वेग नासिका भित्रै छ। जब एस्तो हुन्छ त भन्दछन् - प्राणापानको गति समान हुन गएको छ। यो अवस्था प्राप्त भए पछि आफसे आफ इन्द्रिय, मन, बुद्धि संयत हुन जान्छ। इच्छा, भय, क्रोध अर्थात् राजस एवं तामसी भाव रहँदैन। बहिर्चेष्टामा नाना किसिमको कौशल गर्दै इन्द्रिय, मन, बुद्धिलाई संयत गर्नुको प्रयोजन रहँदैन। त्यतिखेर आँखामा पलक निमेषोन्मेष हुँदैन, मनमा संकल्प विकल्पादिको

तरंगहरु उठदैन, श्वास प्रश्वासको गति आफसे आफ स्तब्ध हुन जान्छ । त्यति वेला त्यस संलीन-मानस साधकेन्द्रलाई मुनि भन्दछन । यही सिध्द साधकको लक्षण हो । उसको अगाडि फेरि जाग्रत, स्वप्न सुषुप्तादि त्रय अवस्था रहन सक्तैन । सर्वत्र समरस, ब्रहमभाव द्वारा परिपूर्ण यस्तो उस्लाई अनुभव हुन्छ । यही निष्क्रिय या जीवन विमुक्तको अवस्था हो । प्राणायामको अन्तिम फलको विषयमा अधिकाधिक मानिसहरुलाई केही थाहा छैन, किनभने त्यहाँ सम्म उनीहरुको गति नै हुँदैन । यसै कारण उनीहरु भन्ने गर्दछन् प्राणायाम द्वारा केवल मन स्थिर हुन्छ, यसले जन्म मरणको निवारण गर्दैन, उनीहरुलाई आशंका हुन्छ, यसले जीवन मुक्ति हुन्छ या हुँदैन । जन्म मरण निवारणको लागि वैराग्य ग्रहण गर्नु पर्दछ । परन्तु तिनीहरु जान्दैनन् - प्राणायाम द्वारा वायु स्थिर भए पछि परम सत्यको प्रकाश हुन्छ । परा वैराग्य आफसे आफ उदय हुन्छ । योग दर्शनमा छ - प्राणायाम द्वारा विवेक ख्याति पर्यन्त ज्ञान दीप्ति प्रकाशित हुन्छ तथा त्यस द्वारा योगीलाई अपुनरावृत्ति रुप मोक्ष लाभ हुन्छ । ॥२७-२८॥

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम्;
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

श्री धरीय टीका–[अब भनौं, के एसरी इन्द्रियादिको संयम बाटै मुक्ति हुन्छ त ? हुँदैन, केवल त्यस द्वारा मात्र हुँदैन, वल्कि ज्ञान द्वारा हुन्छ - यसैले बताउनु हुन्छ]–भक्तहरु यज्ञ र तपस्या गरी मलाई नै फल अर्पण गर्दछन्, यसैले समस्त यज्ञहरु र तपस्याहरुको भोक्ता मै हुँ । मै समस्त लोकहरुको महामहेश्वर हुँ, सर्वभूतहरुको सुहृद निरपेक्ष उपकारी हुँ-योगीले एसरी मलाई अन्तरयामी जानेर मेरो प्रसादले शान्ति अर्थात् मोक्षलाई प्राप्त गर्दछ-भगवानलाई एसरी नजानी केवल उनको स्थूलभावको दर्शन गरी जीव मुक्त हुन सक्तैन । अर्जुनले त श्री कृष्णरुपमै भगवान्को रुपमा देख्दथ्यो नै, तथापि उसलाई ज्ञानको उदय भएन, उसलाई अज्ञानरुपी पाशवाट मुक्त गर्नको लागि आफ्नो स्वरुपको यो व्याख्या गर्नु पर्‍यो ॥२९॥

आध्यात्मिक व्याख्या- "समस्त कर्महरु गराउने वाला कर्त्ता कूटस्थ ब्रहम हो - उही भोक्ता हो, त्यो आफु आफैमा रहन्छ, यसैको नामै तपस्या हो - अर्थात कूटस्थमा रहनु, सबै लोकहरुमा त्यो छ - जीव मात्रमा, यसै कारण पृथक रुपमा महेश्वर हुन् - सबैको हृदयमा सुन्दररुपमा वास गरिरहेको छ (प्राण) यसलाई जानेर क्रियाको पर अवस्थामा रहिकन शान्ति पदलाई पाउँछ अर्थात, म केही होइन, मेरो केही छैन ।"-

- पूर्व श्लोक अनुसार साधन गर्दा गर्दै कूटस्थको ज्ञान हुन्छ - तब समझमा आउँछ - उही विश्वव्यापी विष्णुको रुपमा सबै कर्महरुको फलभोक्ता हुन । विश्वव्यापी भन्नाले यो अर्थ लाग्दैन त्यो र विश्व अलग अलग छन । त्यो आफु आफैमा रहन्छ साधना द्वारा प्राणवायु जब सिरमा स्थिर हुन जान्छ तव आफु आफैमा रहनु वन्दछ । सवै मानिसहरुमा उही कूटस्थ छ र सबै मानिसहरु पनि उही हुन । जब सबैको ज्ञान हुन्छ तव सवैको भित्र कूटस्थ ज्योतिरुप अनुभव हुन्छ । तब सबै ज्ञान विलीन भै एक अखण्ड सत्तामात्रमा पर्यवसित हुन्छ तब पनि उही एक कूटस्थ अखण्ड अद्वितीय सत्तारुपमा रहन्छ । त्यही सत्ता प्राणरुपमा नामरुपमय जगत्लाई प्रकाशित गरेर उसको भित्र फेरि वास गर्दछ । क्रियाको पर अवस्थामा

यस परम सत्यको उदय हुन्छ, तबै सबै कुरा जान्नमा आउंदछ । अनि जान्ना साथ साथै शान्ति पद अर्थात् विमुक्तपद प्राप्त हुन्छ । तब 'म' केही होइन 'मेरो' केही छैन - यो भाव हुन्छ । 'म' र 'मेरो' लिएर नै त जीव सर्वदा व्याकुल भैरहन्छ, परन्तु म के हुँ, यही उसले जान्दैन । यस 'म' को परिचय पाउने वित्तिकै मिथ्या 'म' 'मेरो' नामेट हुन जान्छ 'म' 'मेरो' को उत्पादक हो । क्रियाको परावस्थामा देहात्म बोध मिट्न जान्छ, साथसाथै 'म' 'मेरो' बोध पनि निरस्त हुन जान्छ । क्रियाको परावस्थामा त्यो असीम महाशून्य नै महामहेश्वरको नामले जानिन जान्छ, तथा उसको सत्तामा नै समस्त वस्तुको सत्ता छ - यस्तो निश्चय ज्ञान उत्पन्न भएर विक्षेपलाई नष्ट गरिदिन्छ । तव निवृत्तिरुपा परमा शान्तिले हाम्रो जीवन मरणको समस्त व्यथा वेदनाहरुलाई विर्साइदिन्छन ॥२९॥

पंचम अध्यायको सार संक्षेप

परमार्थ तत्त्वलाई राम्रैसँग बुझेपछि नै पनि योगाभ्यास विना संस्कार या स्वभावलाई परिवर्तन गर्न सकिन्न । यसैले काम क्रोधको वेगलाई सहन गर्नु पर्नेछ । किनभने इन्द्रिय विषयहरुदेखि उत्पन्न भोगसुख हरुमा अनुरक्त रहनाले काम बन्ने छैन, स्थिर भाव आउने छैन । काम क्रोधादि नै मुक्ति प्राप्तिको प्रतिपक्षी हुन, अतयव यस्को वेग सहने सामर्थ्य हुनु अत्यावश्यक छ, परन्तु मन सदा आत्मामा निविष्ट भएन भने त इन्द्रियादिको वेग सहन गर्न संभव हुँदैन । तेसो भए त्यसलाई सहन् कुन किसिमसँग गर्ने त ? क्रिया द्वारा जसलाई स्थिति प्राप्त छ, तथा जसको वुद्धि स्थिर हुन गएको छ, दृष्टि अन्य बस्तुमा जाँदैन, यसै कारण सर्वत्र ब्रहमदृष्टि प्राप्त हुन्छ, जसले गर्दा उसको लागि प्रिय या अप्रिय केही रहँदैन, तथा कुनै पनि वस्तु पाउने आकांक्षा नहुनुको कारण उसलाई हर्ष पनि हुँदैन र उद्वेग पनि हुँदैन । क्रिया द्वारा त्यसले जुन स्थिति प्राप्त गर्दछ अनि त्यस द्वारा भित्र जुन ज्योतिको अनुसन्धान मिल्दछ - जुन प्रकाश पनि होइन र अन्धकार पनि होइन त्यसैमा रहेर त्यो अरु कुनै पनि वस्तुवाट विचलित हुँदैन । यही हो निर्वाण पद । यस अवस्थामा अवस्थित योगीको चित्तले उपराम लाभ गर्दछ । तथा त्यसको आफ्नो कुनै काम रहँदैन । तब उस्ले सर्वभूतहरुको हितकामना गर्दछ - जसबाट तिनीहरु पनि परमपदलाई प्राप्त गरुन् । यसको उपाय सबैलाई ज्ञात होस - केवल यही उसको इच्छा हुन्छ र यो संकल्प कार्य रुपमा परिणत हुन्छ । यस प्रकारको हुनुको पक्षमा जुन अन्तरंग साधना छ त्यसको उल्लेख गरी यस अध्यायलाई समाप्त गरिएकोछ ।

प्राणायाम परायण क्रियाशील साधकलाई साधन गर्दै गर्दै जस्तो हुन आवश्यक छ, यो यही हो-प्राण अपानको कार्य (तान्नु र फाल्नु) दुवै समान रहुन अर्थात् वायु नासिका भित्र संचरण गरुन्, चक्षु भ्रू को बीचोबीच रहुन, अर्थात् पलक न गिरोस, । किन होला, सबै मनुष्यहरु इन्द्रिय निग्रह गरी निष्काम भावसँग स्वधर्मको अनुष्ठान गर्दैन ? यसको उत्तरमा श्री भगवान् भन्नु हुन्छ - सद्सद विषयमा ज्ञानवान मनुष्य पनि आफ्नो प्रकृति अर्थात् पूर्व जन्महरुमा कृत संस्कारहरुको अधीन स्वभाव अनुसार नै काम गर्दछ । प्राणी आफ्नो प्रकृतिको अनुसरण गरिरहन्छन, अतयव "इन्द्रिय निग्रह गर्दछु" भन्दैमा हुँदैन । मनमा हुन

सक्छ - यस्तो हालतमा त शास्त्रीय विधि निषेध व्यर्थै हुन जान्छ । यसैले देखाउनु हुन्छ - प्रत्तेक इन्द्रियको स्व स्व अनुकुल विषयमा अनुराग एवं प्रतिकुल विषयमा द्वेष हुनु अवश्यम्भावी छ, अतयव विषयहरुमा प्रवृत्ति निवृत्तिको उत्पादन प्रकृतिलेनै गर्दछ - तथापि एसको वशीभूत भैकन काम चल्ने छैन, किनभने यिनीहरुले मुमुक्षुको लागि प्रवली शत्रु समान काम गर्दछन् । एसैले भगवान्‌को उपदेशको उद्देश्य यही हो - प्रकृतिले तानातानीमा आफ्नो बल देखाउने नै छ, त्यतिखेर प्रवृत्तिको गंभीर रहमा निमज्जित नहोऊ, यसको लागि पहिले देखिनै रागद्वेषको प्रतिवन्धक साधनाहरुमा प्रवृत्त हुनु पर्नेछ । ईश्वरोपासनाले यो प्रतिवन्धक शक्ति प्राप्त हुन्छ । किनभने श्रवण, मनन, निदिध्यासनादि आरम्भ गर्ने चेष्टा गरेपछि नै सत्त्वगुणको बढोत्तरी हुनेछ, सत्त्वगुणको बृद्धिले ज्ञान उत्पन्न हुनेछ । यसको प्राप्ति भएमा गुणासक्ति शिथिल हुन जानेछ । यसले जीवको समस्त संस्कार नष्ट हुन्छ अनि मनः प्राणमा एक अपूर्व शान्तिको अनुभव हुन्छ । यो शान्तिको अवस्था नष्ट नहोस, यसको लागि एसको विरोधी भावहरु प्रति अनास्था उत्पन्न हुनेछ । साधकलाई कल्याणको मार्गमा परिचालित गर्नको लागि यही सर्व श्रेष्ठ उपाय हो ।

इति श्यामाचरण - आध्यात्मिक दीपिका नामक गीताको पंचम अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्‌भगवद् गीता

षष्ठोऽध्याय

(ध्यानयोग या अभ्यासयोग)

श्री भगवानुवाच -

अनाश्रितः कर्म फलं कार्य कर्म करोति यः ;
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ॥१॥

श्री धरीय टीका- श्री भगवान् बोल्नु भयो [पूर्व अध्यायको अन्तमा योगको सम्वन्धमा जुन संक्षेपमा भनिएकोछ त्यसैको विशेषरुपले व्याख्या गर्नको लागि नै षष्ठ अध्याय आरम्भ गरिएको छ । पूर्व अध्यायमा मनद्वारा सर्वकर्म परित्यागपूर्वक संन्यासपूर्विका ज्ञाननिष्ठाको कुरा भनिएको छ । कर्म साधन गर्नलाई कष्टप्रद सम्झेर कर्मत्यागको उपयुक्त अवस्था प्राप्ति हुनु भन्दा अघिनै मानिसहरु कर्म त्याग गरी बस्दछन्, यही आशंकाले अनुपयुक्त अवस्था देखि संन्यास लिन निषेध गर्नको लागि संन्यासको अपेक्षा कर्मयोगको कीर्त्तन गरिरहनु भएको छ]- कर्मफलको अपेक्षा नगरी जसले विहित कर्मलाई आवश्यक कर्त्तव्य जानी कर्म गर्दछन तिनीहरु नै संन्यासी अनि तिनीहरु नै योगी हुन । "निरग्नि" अग्नि द्वारा साध्य हुनेवाला इष्टि (यज्ञ) नामक कर्महरुलाई त्याग गर्नेहरु तथा "अकृय" जुन अग्निसाध्य छैन यस्तो पूर्त्त नामक कर्महरुको त्याग गर्नेहरु संन्यासी या योगी हुन सक्तैन । (पूर्त्त नामक कर्म इनार बनाउनु बगैंचा लगाउनु आदि) ॥१॥

आध्यात्मिक व्याख्या - "फलाकांक्षारहित भएर समस्त कर्त्तव्य कर्महरु गर्ने-उही संन्यासी हो र योगी पनि, मैले अग्नि छुन्न अनि कुनै कर्म गर्दिन भनेर कोही पनि संन्यासी या योगी हुन सक्तैन ।"

जब मनुष्यलाई कर्म गर्नु नै पर्दछ, तब कर्मत्याग गर्नको लागि शास्त्रले यत्तिका उपदेश किन दिन्छन ? शरीर छउंजेल वास्तविक कर्मत्याग हुँदैन । एस्तो अवस्थामा जसरी कर्मत्याग संभव छ, यही उपदेश भगवान्ले दिनु भएको छ । मानिस दुई किसिमसँग कर्म गर्दछन, एक आफ्नो लागि र एक अरुको निम्ति । आफ्नो लागि जसले कर्म गर्दछ त्यो प्रायः स्वार्थान्ध भएर आफ्नै कल्याणको लागि गर्दछ । अरु पनि एक किसिमको कर्म गर्नेवाला हुन्छन् जसले आफ्नो स्वार्थको लागि कर्म गर्दैनन्, बरु अरुहरुको कल्याणको लागि कर्म गर्दछन । यिनीहरुमा कर्मकर्त्ता आस्तिक र नास्तिक भेदले दुईकिसिमका हुन्छन । जो शुद्धभावहरुसँग युक्त छन् तर भगवान्मा विश्वास गर्न सक्तैन तिनीहरु केवल लोकहितको लागि कर्म गर्दछन । परन्तु जो आस्तिक छन तिनीहरु पनि "सर्वजनहिताय" कर्म गर्दछन्, किन्तु तिनीहरुले 'लोकोपकार गरिरहेछु' यस्तो भावले काम गर्दैनन् । तिनीहरु अरुको लागि कर्म गरिरहेछन । यसैले उनीहरुको कर्मको लक्ष बन्न जान्छन श्री भगवान्, अतयव उनीहरुको कर्मफल पनि श्री भगवान्लाई नै समर्पित हुन्छ । चित्त अन्तर्मुखी नभैकन ईश्वरप्रीत्यर्थ कर्म गर्न सहज हुँदैन । मनमा यदि भोगवासना

नरहोस तवै हामी आफुलाई भगवच्चरणमा समर्पण गर्न सक्दछौं; यस अवस्थामा जुन कर्म हुन्छ त्यही वस्तुतः निष्काम कर्म हो । यसमा हात खुट्टा आदि इन्द्रियहरुको व्यापारहरुलाई निरुध्द गर्नुको जरुरी विल्कुलै हुँदैन । विषय संग्रह गर्नु जीवनको चरम लक्ष्यको विषय होइन । चरम लक्ष्य त भगवान् हो । जसले सवै भूतहरुमा भगवान् छ, यो जानेर जीव सेवालाई भगवत्सेवारुप सम्झन्छ र गर्दछ, उसको देहेन्द्रियव्यापार चलिरहेपनि त उसको कर्म भगवद् उद्देश्यले नै हुनेछ, परन्तु मनको यो समता केवल मानेरै मात्र आउँदैन । यसको लागि मनलाई व्यर्थै चंचल गरेर काम चल्ने छैन । अगाडि क्रिया गरी क्रियाको परावस्थामा पुग्नु पर्ने आवश्यक छ । क्रियाको परावस्थामा पुगे पछि यो वुझिनमा आइहाल्छ - कर्म मेरो होइन ।

यस किसिमसँग कर्म गर्नाले अक्रिय या अल्छी बनेर कालक्षेप गर्नु पर्ने छैन, अनि आफ्नो स्वार्थसिद्धिको लागि कर्म र त्यसको फलमा अधिकाधिक आसक्ति गर्दै हेय विषयलोलुपतालाई प्रश्रय दिनु पनि पर्ने छैन । यिनीहरु पनि संन्यासी हुन, परन्तु संन्यासीको गेरुवा वस्त्र वाना धारण गर्नेवालाहरु समान " म अग्नि छुन्न, कुनै कर्म गर्दिन" इत्यादि मिथ्याचारलाई प्रश्रय दिंदैनन् । भगवान् परम सत्य स्वरुप छ । यस सत्य स्वरुपलाई कसैले मिथ्या कपटता द्वारा प्राप्त गर्न सक्तैन । त्यसलाई पाउनको लागि वाणी, शरीर र मनद्वारा सत्यको उपासक हुनै पर्नेछ । संन्यासीहरु त्यागी हुन्छन, योगीहरु कर्मी हुन्छन्, त्यागको चरम फल शान्ति अर्थात मोक्ष हो, अनि क्रियादि साधनको अन्तिम फल पनि वासना विरहित भएर मोक्ष प्राप्त गर्नु हो । सर्वत्यागी नभैकन कोही संन्यासी हुन सक्तैन, तथा योगाभ्यास द्वारा चित्त विक्षेप शून्य नभैकन वासनाको निवृत्ति हुँदैन, अतयव चित्तको संकल्प विकल्प रहुंजेल कोही प्रकृत संन्यासी हुन सक्तैन, त्यस्तै वासना समूलोच्छेद नभैकन कोही पनि योगी कहलाउन सक्तैन ।

"निःस्पृह सर्व कामेभ्यो युक्त इत्युच्यते तदा"

सवै कामनाहरु देखि निःस्पृह मनुष्य नै 'युक्त' भनिन्छ । संकल्पशून्य वासनारहित पुरुष नै मोक्ष प्राप्तिको अधिकारी हुन् र त्यही यथार्थ संन्यासी पनि हुन् । यसैले अगाडिको श्लोकमा जसलाई संन्यास भन्दछन् त्यसैलाई योग वताउनु हुन्छ । जव कुनै कर्म नगरी रहन सकिन्न, तव कर्म गर्नु नै पर्नेछ । कर्म गर्नु पर्दछ, परन्तु ईश्वरार्पित चित्तसँग, फलाकांक्षारहित भएर, कर्तव्य सम्झी कर्म गर्नु पर्नेछ । यस किसिमसँग जस्ले कर्म गर्दछ, त्यो कर्मी पनि हो, योगी पनि हो र संन्यासी पनि । यसरी ईस्वरार्पित चित्तले कर्म गरिने साधना छ । केवल मौखिक अर्पण गर्नाले अर्पण हुँदैन । जो क्रियाभ्यासमा रत छ, उस्ले मूलाधारस्थ जीवशक्ति कुण्डलिनीलाई सहस्रारमा परमशिवको साथ मिलाउने चेष्टामा व्यापृत छ । यो पनि एक किसिमको कर्म हो, परन्तु यस कर्ममा विषय तृष्णा र तज्जनित विक्षेप छैन, अतयव यस किसिमको साधक या कर्मीलाई कर्मफलले स्पर्श गर्न सक्तैन, अनि एस कर्मको अन्तिम फल ज्ञान अर्थात् सर्वात्मक भाव हो । क्रिया गर्दा गर्दै क्रियाको देहेन्द्रियहरु व्यापार शून्य हुन जान्छ, अतयव स्वभाववश देहेन्द्रियहरुको व्यापार वन्द नभए पनि उसलाई कर्मफलले आश्रय गर्न सक्तैन । यही अवस्था वस्तुतः 'अनाश्रित कर्मफल' हो परन्तु कार्यादि

जगत्व्यापार प्राय: सवै ठीक ठीक चल्दछ । जव साधकको यो अवस्था अविच्छिन्न चल्दछ, तव उसलाई संन्यासी र योगी दुवै भनिन्छ । वास्तविक वेदोक्त संन्यास आजको युगमा हुन अत्यन्त कठिन छ । त्यस किसिमको शरीर एवं मनको गठन आजकाल देखिनमा आउँदैन । साथै मनवाट यथार्थ त्याग नभएमा केवल संन्यासीको गेरुवा वाना धारण गरी घुम्ने फिर्ने गरिनाले नानात्व अकर्म गरिनु असंभव छैन । अन्तत: मानिसहरुले अनेकानेक असत् उपायहरुवाट अर्जित धनद्वारा जीवन निर्वाह त गर्नु नै पर्दछ । यो ब्रहमाभ्यासको विरोधी हो । यस किसिमको अन्नले परिपुष्ट शरीर र मनवाट आत्मध्यानमा मग्न हुनु संभव छैन । 'अकर्मकृत' भएर कोही पनि क्षणमात्र पनि रहन सक्दैन, चाहे त्यो संन्यासी होस या गृहस्थ । निश्चय नै संन्यासीले केवल शास्त्र निर्दिष्ट केही कर्महरुलाई नै त्याग गर्दछ । साधना अभ्यास द्वारा निरालम्व अवस्थामा नपुगिकन त्यो संन्यासी या योगी हुन सक्तैन । कर्म होइन, कर्मफलको आकांक्षा जसको मनवाट हटेको छ, अर्थात् जो सर्वसंकल्पशून्य छ, त्यही वस्तुत: योगी एवं संन्यासी हुन ॥१॥

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ;
न ह्यसंन्यस्त संकल्पो योगी भवति कश्चन ॥२॥

श्री धरीय टीका–[कर्मफलको अपेक्षा नगरिकन जसले कर्म गर्दछ, त्यो कसरी संन्यासी हुन्छ, यस अपेक्षामा कर्मयोगको नै संन्यासत्व प्रतिपादन गर्नको लागि भन्नु हुन्छ]– "न्यास एवात्यरेचयत्"–इत्यादि श्रुतिवाक्य द्वारा जुन संन्यासको श्रेष्ठत्व भनिएको छ, त्यस संन्यासलाई नै केवल फलसंन्यासको कारण योग जान्नु पर्दछ । किनभने जसको फल संकल्प संन्यस्त भएको छैन अर्थात् जस्ले फलकामनालाई त्याग्न सकेको छैन, यस किसिमको कर्मनिष्ठ या ज्ञाननिष्ठ जो सुकै होस कहिल्यै योगी हुन सक्तैन । अतयव फलसंकल्प त्यागको विषयमा योगी र संन्यासीमा समता छ । फलसंकल्प त्याग गर्नुको द्वारा चित्त विक्षेपको अभाव भएमा संन्यासी पनि योगी हुन ॥२॥

आध्यात्मिक व्याख्या–"जसलाई संन्यासी भन्दछन् उसलाई नै योगी भन्दछन–संन्यासी वर्तमानकालमा अनावश्यक इच्छाले रहित हुन्छन र योगी भविष्यतमा पनि इच्छा रहित हुन्छन । जसले भविष्यतलाई इच्छा रहित गर्न सक्तैन त्यो सन्यासी कहिल्यै योगी हुन सक्तैन ।"

- कर्म र कामनालाई जसले त्याग गरेकोछ त्यही संन्यासी हुन । संन्यासी कामसंकल्पविहीन हुन्छन्, उनलाई कुनै सान्सारिक आशा नभए पनि मोक्षको आशा हुन्छ । योगीलाई मोक्षको आशा पनि हुँदैन । अतयव संन्यासी भएर पनि यदि मोक्षको अभिलाषा त्याग गर्न नसकेत त्यो योगी हुन सक्तैन । योगीलाई वर्तमान भविष्यतको कुनै आशा इच्छा हुदैन यसैले जो योगी छ उही संन्यासी पनि हो । काम्यकर्मको त्याग नै संन्यासको मुख्य लक्ष्य हो, भगवान्ले १८ रौं अध्यायमा पनि यही भन्नु भएको छ । परन्तु काम्यकर्मको त्याग या कर्म-संकल्प त्याग गर्नुको अपेक्षा कर्मफलकामनाको त्याग नै परमार्थत: श्रेष्ठ छ । भगवदर्पित चित्त भक्तिमान् निष्काम कर्मयोगी संन्यास-चिन्हले विरहित भएर पनि कामना त्यागको कारण वस्तुत: संन्यासी हुन । उसले कर्म त गर्दछन् परन्तु भगवत्प्रीत्यर्थ, आफ्नो सुखको लागि केही पनि गर्दैनन् ।

यसैले संन्यासी भन्दा पनि योगी श्रेष्ठ छन् । किनभने योगी सवै किसिमको संकल्प वर्जित हुन्छन । जुन मनले समस्त संकल्प तरंगहरुलाई उठाउँछन त्यो मन नै त्यसको पासमा हुँदैन । त्यो अमनस्क हुन्छ, यसैले सदा शुचि रहन्छ । संकल्पको त्याग विना भगवत स्वरुपको ज्ञान परिस्फुट हुन सक्तैन ।

"नान्य कश्चिदुपायोऽस्ति संकल्पोपशमादृते"-

संकल्पको उपशम विना सत्यज्ञान प्रस्फुटित हुने अरु कुनै उपाय छैन । चित्तको समस्त वृत्तिहरुको निरोध नै योग हो । प्रमाण, विपर्यय, विकल्प, निद्रा, स्मृति चित्तको यी पाँच किसिमका वृत्तिहरु छन । रजोगुण र तमोगुणको नाश नभैकन सत्त्वगुणको उदय हुन्न । सत्त्वगुणान्वित चित्तलाई नै शुध्दचित्त भन्दछन् । यस किसिमको सम्यक् शुध्द चित्तमा अन्य कुनै वृत्तिको उदय हुँदैन । जवसम्म प्राण प्रवाह इडा र पिंगलामा प्रवाहित हुन्छ तवसम्म चित्त कदापि आत्ममुखी हुँदैन । अतयव योगाभ्यास द्वारा जव प्राण सुषुम्नामार्गमा प्रवाहित हुन्छ तवै चित्त शुध्द र शान्त हुन्छ, अनि तवै सन्सार वासना या फल कामना केही पनि रहँदैन । यस अवस्थालाई स्थायी वनाउनु नै योगाभ्यासको प्रमुख उद्देश्य हो । जसको प्राण सुषुम्ना वाहिनी भएर सहस्रारमा स्थिर भएकोछ, जो इडा, पिंगला एवं सुषुम्नाको अतीत भएर शिवशक्तिको सम्मिलनमा परम शिव स्वरुप भएकोछ - उही योगी हो । योगीले नै प्रकृत उपराम प्राप्त गर्दछन, तथा सर्वतत्त्वदर्शी एवं आत्मसाक्षात्कार सम्पन्न हुनुको कारण उही ज्ञानी हुन अनि उसको अन्य कुनै वस्तुमा स्पृहा हुँदैन, यसैले उनको वैशारदी वुद्धिमा परावैराग्य प्रस्फुटित हुन जान्छ । विषय जव हेय वुभिन्छ तवै त विषयमा वितृष्णा आउनेछ । जवसम्म विषयको स्वरुप ज्ञान र आत्म स्वरुपको ज्ञान हुँदैन, परमार्थ वस्तु उपादेय अनि विषय हेय जानिने छैन । धेरै धेरै चिन्तन र अधिकाधिक आलोचना गरेमा सामान्य वैराग्य केही स्फुटित हुन्छ, परन्तु धेरै वेरससम्म टिक्दैन ।

पंचतत्त्वमये देहे पंचतत्त्वानि सुन्दरि;
सूक्ष्मरुपेण वर्त्तन्ते जायन्ते तत्त्वयोगिभिः ॥ (पवन विजय)

यस पंचतत्त्वमय शरीरमा पंचतत्त्व मूलाधार आदिस्थानहरुमा सूक्ष्मरुपले विराजित छन्, योगीहरुले ती सवैलाई जान्दछन । अनि जानेर ती तत्त्वहरुमा मनलाई स्थिर गर्दै अन्तमा परम तत्त्वमा उनीहरुको चित्त स्थिर हुन जान्छन् ।

"पंचतत्त्वात् भवेत सृष्टि स्तत्त्वे तत्त्वंविलीयते;
पंच तत्त्वं परं तत्त्वं तत्त्वातीतं निरंजनम् ॥"

क्षिति, अप, तेज, मरुत् एवं व्योम, यी पाँच तत्त्वहरु हुन । यी पंच तत्त्वहरुवाटै सृष्टि हुन्छ । अनि जव प्रलय हुन्छ तव यी तत्त्वहरु एक दोश्रोमा लीन हुँदै हुँदै अन्तिम तत्त्व अर्थात् व्योमतत्त्वमा विलिन हुन जान्छन् । यी पंचतत्त्वहरुको पर अतीत जुन परम तत्त्व छ, त्यही हो तत्त्वातीतं निरंजनम् । यो तत्त्वातीत निरंजन कहिले जानिन जान्छ ? -जव ज्ञान हुन्छ । परन्तु-

"योगहीनं कथं ज्ञानं मोक्षदं भवतीस्वरि"–हे परमेश्वरि ! योग विहीन ज्ञान कसरी मोक्षदायक हुन सक्छ ?
यसैले वावा गोरखनाथले भन्नु भएको छ -

"यावन्नैव प्रविशति चरन् मारुतो मध्यमार्गे,
यावद् विन्दुर्न भवति दृढः प्राणवात प्रवन्धात् ;
यावद् ध्यानं सहज सदृशं जायते नैव तत्त्वं,
तावज्ज्ञानं वदति तदिदं दम्भमिथ्या प्रलाप ॥"

जवसम्म प्राणवायु सुषुम्नामा प्रवेश गर्दैन, अनि जबसम्म प्राणवायुको पूर्ण स्थिरताको कारण अन्तर्विन्दु स्थिर हुन जाँदैन, तथा जवसम्म चित्तमा ध्यान भाव स्वाभाविक हुन जाँदैन, तवसम्म ज्ञानको कुरा गर्नु दम्भ एवं मिथ्या प्रलाप मात्र हो ।

अतयव कर्मी र संन्यासी सबैलाई नै संकल्प त्यागेर योगी वन्नु पर्नेछ । प्राण शान्त हुनु विना संकल्पको तरंगहरु रोकिन सक्तैन, यसैले प्राणापानलाई समान गरी *"उत्तमा सहजावस्था"* लाई प्राप्त हुनु पर्नेछ ।

योगीहरुको अवस्थाहरु दुईटा हुन्छन् । एक प्राथमिक अर्थात् जस्ले भर्खरै योगाभ्यास प्रारम्भ गरेका छन् र त्यसको आनुषंगिक केही विषयहरुलाई आयत्त गर्ने प्रयत्न गरिरहेछन, उस्को मनवाट अझै कषायदूर भएको छैन, अनि तिनीहरु अझै योगमा प्रतिष्ठित हुन सकेको छैन । साधन गर्दा गर्दै बीच बीचमा उनीहरुलाई केही स्थिरता त आउँदछ, परन्तु त्यो स्थायी हुँदैन, संकल्प आएर स्थिरतालाई भंग गरिदिन्छ; यसैले वारम्बार प्रतिदिन नियमित एवं धेरै धेरै वेरसम्म क्रियाको अभ्यासमा रत भै लागिरहनु नै उस्को "कर्म" हो । किनभने एस प्रकारसँग सुदृढ अभ्यास द्वारा नै तिनीहरु "योगारुढ" अवस्थामा पुग्न सक्दछन । योगाभ्यासको दोश्रो अवस्था हो "योगारुढ" अवस्था ।

"सर्वसंकल्पसंन्यासी योगारुढस्तदुच्यते" -

अर्थात् जब क्रिया गरी आफसे आफ सर्वसंकल्प त्याग हुन जानेछ । "सर्वकर्मभ्यो निवृत्ति" नभैकन कोही पनि योगारुढ हुन सक्तैन । जब मनमा संकल्प विकल्पको तरंग उठ्दैन, तबै उस्को कर्म रहँदैन । परन्तु जुन मानिसहरु आरुढ भएकोछ, बीच बीचमा मनमा विकल्प आई दिन्छ, तिनीहरु अझै अपरिपक्वै छन । उनीहरुको लागि त्यस अवस्थालाई स्थायी बनाउनुमा 'शमता' नै साधन बन्दछ । जसबाट मनमा 'शमता' स्थायी होस, धेरै विकल्प नउठोस, यसको लागि 'मन' माथि नै विशेष लक्ष्य राख्नु पर्नेछ । समस्त चिन्ताहरु देखि मनलाई समेटेर जब निरावलम्ब या आत्मामा स्थिर गर्न समर्थ हुनेछ, तबै बुझ्नु पर्दछ - साधनाभ्यास परिपक्व भैरहेछ । त्यस अवस्थादेखि विचलित गर्ने कारणहरुबाट निवृत्त रहनुको चेष्टा नै उनीहरुको लागि सर्वोत्तम नियम हुनेछ । *"सदैव वासनात्यागः"* सदा नै संकल्प या वासना त्याग उनीहरुको एकम्एक कर्तव्य हुने छ । यस समयमा पनि उनीहरुलाई कति कति नै नियमहरुलाई दृढतापूर्वक पालन गर्दै जानु पर्नेछ । मनलाई वैराग्यतिर तान्नको लागि विषयहरुको तुच्छताको विषयमा

आलोचना गरिनु पर्नेछ । यसले मनलाई थोरै विराम प्राप्त होला, परन्तु क्रिया गरी केही बेर सम्म क्रियाको परावस्थामा रहनु विना अन्य कुनै किसिमले विशेष सुविधा हुने जस्तो देखिन्न । प्राण रुक्नु विना मनको उपराम प्राप्त हुन निश्चयनै अति कठिन छ । अपक्व फलमा जसरी टर्रो कषायरस रहन्छ उसरी जवसम्म साधनामा सिद्धि प्राप्त हुँदैन तबसम्म मनबाट कामक्रोधादि पूर्णतः विलुप्त हुँदैन । जवसम्म कामक्रोधादि विलुप्त हुँदैन तबसम्म सवै कुयोगी हुन । यसैले जो प्रथमाभ्यासी छन्, अथवा केही केही टाढासम्म अग्रसर भएका छन, ती सवै आरुरुक्षु (आरुढ हुन इच्छा गर्नेहरु) पुरुषहरुलाई नित्य साधुसंग, सतकथाको आलोचना तथा भगवत् कथाको श्रवण मनन आदिमा सचेष्ट रहनु पर्नेछ । यस किसिमसँग चेष्टा गर्नाले भगवान् तिर तथा ज्ञानभक्तिको प्राप्तिमा मनको अनुराग वढ्न जानेछ । भागवतमा लेखिएको छ-

"मत्कामः शनकैः साधुः सर्वान् मुंचति हृच्छयान्"-

जो ममा अनुरक्त छन् तिनीहरु विस्तारै विस्तारै हृदयस्थ सारा भोगवासनाहरुलाई परित्याग गर्नमा समर्थ हुन्छन् । किनभने -

"मतिर्मयि निवध्दे यं न विपद्येत कर्हिचित्"-

जस्को मति भगवानमा आवध्द हुन जान्छ, तिनीहरु कहिल्यै विनाशलाई प्राप्त हुँदैनन् ॥२॥

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते;
योगारुढस्य तस्यैव शमः कारणमुच्यते ॥३॥

श्री धरीय टीका–[तव के त जीवन पर्यन्त कर्मयोग नै गर्नु पर्नेछ ? यो आशंका गर्नु भै त्यसको सीमाको निर्देश गर्नुहुन्छ]–ज्ञानयोगको प्राप्तिको लागि इच्छुक पुरुषलाई ज्ञानयोगमा आरोहण गर्नमा कर्म नै हेतुरुपले निर्दिष्ट भएको छ । किनभने कर्मले चित्तलाई शुध्द गर्दछ । परन्तु ज्ञानयोगमा आरुढ ध्याननिष्ठ मनुष्यको लागि शम अर्थात चित्तको विक्षेपक कर्महरुको उपरतिरुप समाधि नै ज्ञान परिपाक को हेतु भनिएको छ ॥३॥

आध्यात्मिक व्याख्या- "जसले क्रिया गर्दै गर्दै क्रियाको परावस्थामा स्थिर भएर आफसे आफ बोल्न चाँहदैन - उसको नाम हो मुनि, परन्तु क्रिया गर्नाले केही शुभै होला - यस किसिमको मन नरहनाले कर्म गर्दैन - त्यही कर्मलाई उत्तम कल्याणको उद्देश्यले जसले क्रिया गर्दछ - उसलाई आरुरुक्षु भन्दछन् । जब यस किसिमसँग कर्म गर्दै गर्दै जुन हुनेवाला छ त्यही होस - केही फल प्राप्त भै अर्थात मनमा आनन्द भए पछि - कर्म गर्दै जान्छन फलाकांक्षारहित भएर । यसैको नाम हो योगारुढ ।"

मन स्थिर भएर मौन भएपछि नै मुनि बन्न जान्छ । तबै आनन्द प्राप्त हुन्छ । परन्तु क्रिया नगरिकन कसरी मन स्थिर होला ? मनलाई स्थिर गर्नको लागि नै क्रिया गर्नु छ । क्रिया गर्नाले स्थिरता प्राप्त हुनेछ, आनन्द पाइने छ - यस किसिमको धारणा राखी जसले क्रिया गर्दछन् तिनीहरु नै आरुरुक्षु हुन । त्यतिखेर

आज्ञाचक्रमा स्थिति हुँदैन, अतयव उसले स्थिरताको आनन्द पाउँदैन, केवल बीच बीचमा चित्त केही स्थिर हुँदा आनन्द हुन्छ, यसैले यस स्थिरता पाउनको लगि जसले प्राणपनसँग बलपूर्वक क्रिया गर्दै जान्छन् उनीहरु नै आरुरुक्षु हुन अनि जब केही वेर सम्म यसरी प्राणकर्म गर्दा गर्दै प्राण स्थिर हुन जान्छ, मन विक्षेपशून्य भएर स्थिर हुन जान्छ, चित्त आनन्दले भरिन जान्छ, तव फेरि फलाकांक्षाको इच्छा नै रहँदैन; केवल एक किसिमको नशाको मस्ती धुनमा काम गर्दै जान्छन । प्राणमा जब एस किसिमको स्थिरता आउन थाल्छ त त्यसको साथै अन्तरेन्द्रिय मनमा पनि शमता आउन जान्छ। यस समभाव प्राप्त, विक्षेपहीन मनमा फेरि कुनै वृत्ति उदय हुँदैन यही क्रियाको परावस्था हो - *"समाधावचला बुद्धि"* यो अवस्था परिपक्व भएमा नै योगारुढ या ज्ञानयोगको अवस्था प्राप्त हुन्छ । अतयव जो योगारुढ भएको छैन, परन्तु योगमा आरुढ हुन चाहन्छ उसले प्राणपनले यत्न पूर्वक क्रिया गर्नु पर्दछ । यस क्रिया द्वारा नै उसलाई योगारुढ अवस्था प्राप्त हुनेछ । आरुरुक्षुलाई आनन्द प्राप्तिको केही केही कामना रहन्छ । साधनावस्थामा बेला बेलामा आनन्द भएर पनि यो अवस्था दीर्घकाल सम्म रहँदैन, भंग हुन जान्छ । स्थिति बढोत्तरी गर्नको लागि 'शम' अर्थात् अन्तरेन्द्रिय मनमा विक्षेपहरुको पूर्ण निरोध हुनु आवश्यक छ । आरुरुक्षु योगीलाई जव योगारुढ अवस्था आउन लाग्छ, तव उस्को मनमा नानात्व संकल्प या नाना चिन्ताहरु रहँदैन । तव केवल एकमात्र चिन्ता - आत्मचिन्ताको वृत्ति पुनः पुनः उदय भैरहन्छ । जब यस्तो हुन लाग्छ त बुझ्नु पर्दछ योगारुढ. अवस्था आसन्न छ । यस किसिमको आत्मकारा वृत्ति अपेक्षाकृत दीर्घकाल स्थायी भएर पनि योगीको चित्त फेरि व्युत्थित हुन्छ । परन्तु पुनः पुनः चेष्टाको फलस्वरुप जव आत्मकारा वृत्ति सुदीर्घकाल स्थायी हुन्छ त सहसा व्युत्थान हुँदैन, तबै त्यसलाई योगारुढ अवस्था भन्दछन । तब यस अवस्थाको परिपाकार्थ दीर्घ समाधिको अभ्यास गर्नको निम्ति प्रयत्न गर्नु पर्दछ । यहाँ प्रयत्न भन्नाले केवल अभ्यास मात्र होइन । वरु झन एस्तो ध्यानमा राख्नु पर्नेछ, - त्यस अवस्थाको प्रतिवन्धक अवस्था आउन नपाओस । अवश्य नै त्यति खेर मन सहजै लक्ष्यमा लाग्न जान्छ, एति अभ्यास त भैरहेकै हुन्छ, परन्तु यो मस्तपन वीच बीचमा छुट्न नजाओस, यसको लागि सावधान रहनु नै यस संयमको कार्य हो - यसैको नाम हो 'शम' साधना । आरुरुक्षु पुरुष साधना पनि गर्दछ, चित्त पनि स्थिर हुन्छ, परन्तु चित्तमा फेरि संन्सारको पनि स्मरण हुन्छ । अर्थात् अन्य चिन्ताहरु पनि आइरहन्छ । जब नित्य कर्तव्य कर्मको अन्तमा मन फेरि अन्य कर्महरुतिर दौडदैन, मौका पाएर पनि मनमा कुनै वृत्तिको उदय नभै आत्म लक्ष्यतिर मनको स्वाभाविक गति हुन्छ - तब बुझ्नु पर्नेछ आरुरुक्षु पुरुष एसपटक शीघ्र नै योगारुढ अवस्थामा स्थायी भावले अवस्थित हुनेछ। शंकराचार्यले भन्नु भएको छ - "यावद्-यावत् कर्मभ्य उपरमते तावत्तावन्निरायासस्य जितेन्द्रियस्य चित्तं समाधीयते । तथा सति स झटिति योगारुढो भवति" जब जब कर्म देखि विराम लिन्छ, तब तब उसको चित्तले विषय चिन्तन नगरी ध्येय वस्तुमा समाहित हुन्छ अर्थात् सन्सारमा जुन केही कर्म करणीय हुन्छ त्यसको अवसान हुनासाथै उसको मन अन्य विषयको चिन्ता नगरी ध्येय वस्तुमा निमग्न हुन जान्छ । जब आरुरुक्षुको यस किसिमको अवस्था हुन्छ, तब बुझ्नु पर्दछ - उ चाँडै नै योगारुढ हुन जानेछ ॥३॥

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ;
सर्वसंकल्पसंन्यासी योगारुढस्तदोच्यते॥४॥

श्री धरीय टीका–[योगारुढ पुरुष कस्तो हुन्छ ? - 'शम' नै जस्को कारण छ; त्यसैलाई बताउनु भैरहेछ ।] - "इन्द्रियार्थेषु" शब्दादि इन्द्रियभोग्य विषयहरुमा अनि त्यसको भोगसाधन गरिने कर्महरुमा तिनीहरु आसक्ति गर्दैनन् । आसक्ति नगर्नुको कारण यो छ–आसक्तिको मूलकारण छ–भोगविषयक एवं कर्मविषयक संकल्प । यस्को त्याग गर्नमा जो अभ्यस्त छन्, उनीहरुलाई योगारुढ भन्दछन् ॥४॥

आध्यात्मिक व्याख्या–"कुनै इन्द्रियको निमित्त अथवा मलाई राम्रो भनुन् यस किसिमको अभिप्रायले जसले क्रिया गर्दैन - कुनै विषयको इच्छा नगरी क्रिया गर्दै जान्छन् उसलाई नै योगारुढ भन्दछन् ।". -

- कर्मत्यागी भएर पनि यदि मन मनै विषयहरुमा आसक्ति रहन्छ त यसले साधक सर्वसंकल्पत्यागी योगी वन्न सक्तैन । केवल कर्मत्यागले नै वासना जाँदैन, संकल्प त्यागले नै वासना मिट्दछ, र कर्म पनि मेटिन जान्छ । क्रिया गर्दा गर्दै इन्द्रियद्वारबाट जब फेरि विषय ग्रहण हुँदैन अर्थात् कुनै कामना या संकल्प उठ्दैन तव बुझ्नु पर्दछ योगारुढ अवस्था आएको छ मनोवृत्तिको अन्तरमुखताको कारण अन्तःकरणमा जब कुनै संकल्प उठ्दैन त त्यही समाधिको अवस्था हो । यस अवस्थामा इन्द्रियको भोग्य शब्दादि विषयहरु तिर मनोगति प्रवाहित हुँदैन । विषय चिन्तन ठीक छैन, यही हाम्रो सारा दुःखको मूल हो, यसरी विचार गर्नेवाला साधक विचार गरेर पनि जब चित्तलाई रोध गर्नमा समर्थ हुँदैन, तव उनीहरु निश्चय नै हताश हुन जान्छन । त्यतिखेरको कर्त्तव्य के हो ? अवश्य नै यही चिन्तन गर्नु पर्नेछ - समस्त काम संकल्प नै दुःखमय छन । विविध काम संकल्प नै मानो सुदुस्तर समुद्र हुन तथा विषय तृष्णा नै त्यस समुद्रको व्याकुल तरंगहरु हुन । प्राणापानको चंचल गति ती तरंगहरुको नृत्यमय भाव हुन् । चित्त सदा नै विषय तृष्णा द्वारा आलोडित भैरहेको छ। यो विक्षुब्ध विषयतृष्णा विशाल तरंगको समान कस्तो भयंकरी देखिइरहेको छ । साधकलाई यस अश्रान्त क्षुभित तरंगहरुको तल प्रदेशमा पुग्नु पर्नेछ । तलप्रदेश स्थिर, शान्त एवं अचंचल छ । त्यही आत्मा हो, स्थिर समुद्र हो । स्थिर समुद्रको ऊपरी भाग माथि या बाहिर जसरी चंचल तरंगहरु उठदछन्, चिर स्थिर आत्माको वहिर्देशमा संकल्पमय मन नै विक्षुव्ध तरंगमाला समान शोभा पाइरहेछ । यी तरंगमाला रुक्नासाथै महासमुद्र स्थिर एवं गम्भीर देखिन्छ । उसरी नै चित्तको शान्ति र स्थिरता स्थिर भएमा नै प्रशान्त एवं पवित्र आत्माको साक्षातकार हुन्छ । यी तरंगहरुलाई रोक्नुको कौशल नै हो योगाभ्यास । यसै कारण योगाभ्यास विना आत्म दर्शन संभव छैन । तरंगहरुको नृत्य बन्द हुनासाथै जसरी तरंगहरु पनि वन्द हुन जान्छन् , उसरी नै प्राण अपानको गति रुध्द हुनासाथै नटराज भगवान्को नृत्य अनि त्यसको साथ अनन्त अंग संचालन अथवा चांचल्य वन्द हुन जान्छन् । प्राणको स्पन्दनले नै चित्तमा स्पन्दन हुन्छ । प्राणायामको अभ्यास गर्नेहरुको प्राण स्पन्दन तिरोहित हुन जान्छन्, अनि त्यसको साथै चित्तको स्पन्दन पनि रोकिन जान्छ । चित्त स्पन्दनहीन भएपछि वासना संकल्प पनि फेरि जाग्न सक्तैन । वासना निर्वासित हुनासाथ सर्वसंकल्प शून्य निरोधावस्था आउँदछ, यही ध्यानावस्था

हो। यस ध्यानावस्थाको प्रगाढ भावको नामै हो समाधि। अतयव चित्त रुपी तरंग जव शान्त हुन जान्छ, तव एकमेकम् आत्माकारा वृत्ति नै उदय हुन्छ। यसलाई नै आत्म साक्षात्कार या स्वरुप दर्शन भन्दछन्, अनि यही योगारुढ अवस्था हो ॥४॥

उध्दरेदात्मनात्मानं नात्मानम वसादयेत्;
आत्मैव ह्यात्मनो वन्धुरात्मैव-रिपुरात्मनः ॥५॥

श्री धरीय टीका–[अतयव विषयासक्तिको त्यागमा मोक्ष र आसक्तिमा वन्धन छ - यो पर्यालोचना गरी रागादि स्वभावको परित्यागको उपदेश दिनु हुँदैछ]–विवेकयुक्त मनद्वारा सन्सारवाट सन्सारमग्न भएको आत्मालाई उध्दार गरोस, आत्माको अधः पतन हुन नदेओस। किनभने मनः संगले उपरत आत्मा नै आफ्नो वन्धु या उपकारक हो, अनि विषयासक्त आत्मा नै आफ्नो शत्रु या अपकारक हो ॥५॥

आध्यात्मिक व्याख्या - "आत्मा द्वारा आत्माको उध्दार गरोस् अर्थात् मस्तकमा स्थिर गरी राखोस्, जुन क्रिया द्वारा हुन्छ - यो नगर्नाले अधोगति हुन्छ अर्थात् तामसिक कर्ममा प्रवृत्त हुन्छ। अतयव आफ्नो वन्धु आफै हो अनि आफ्नो शत्रु आफै हो।" -

- प्राण स्थिर नहुनुको कारण त्यसले मनलाई अविरत विषय ग्रहणमा स्पन्दित गर्दछ। प्राण वहिर्मुखी भएर नै सन्साररुपी अनर्थलाई उत्पन्न गर्दछ। जवसम्म श्वास इडा-पिंगलामा वहिरहन्छन्, तवसम्म प्राण नृत्यमय एवं सचंचल रहन्छन्, तबैसम्म जीवको सन्सार प्रवृत्ति छ। मूलाधारादि पंचचक्र नै शब्द, स्पर्श, रुप, रस, गन्धको लीला क्षेत्र हुन्। जवसम्म मन यस क्षेत्रमा संचरन विचरण गर्दछ तबसम्म विषयादिको आकर्षण हुन्छ। अभ्यास एवं संस्कारले मनलाई जवरजस्ती विषयमा आकर्षण गर्दछन्। तब मन विविध वृत्तिहरुको अधीन हुन जान्छ। नानाभांतिसँग सम्झाउँदा पनि मनको विषय प्रति आकर्षण कमी हुँदैन। यसको लागि गुरुको उपदेशानुसार साधना गर्नु पर्दछ, साधना गर्नाले प्राणको गति इडा पिंगलावाट सुषुम्नामा प्रवाहित हुन्छ। तव मूलाधार आदि पंचचक्रहरुलाई भेदन गर्दै मन आज्ञाचक्रमा आएर स्थिर हुन्छ। यसैको नाम आत्माको उध्दार या ऊर्ध्व उन्नयन हो। आज्ञाचक्रको तल रहँदा खेरि मन विषयहरुको आकर्षणमा आउँछ, यसैले यसलाई अधोदेशमा अर्थात् आज्ञाचक्र भन्दा तल ल्याउन निषेध गरिएको हुन्छ। जुन मन स्वभावतः वहिर्मुखी या विषयाभिमुखी हुन्छ, त्यसलाई अन्तरमुखी गर्नु पर्नेछ। जसले एस्तो गर्नेछैन त्यो आफसे आफ आफ्नै शत्रु बन्नेछ। उसको मन बौलाहा कुकुर समान आफ्नै व्यथा यातनामा छटपटाउँदै चारैतिर दौडदा दौड्दै अन्तमा कालको पंजामा जकडिने छ। अनि जसले विचार सम्पन्न भएर मनलाई अन्तरमुखी बनाउँछ, त्यसले आफ्नो उपकार आफैले नै गर्दछ, उसको समस्त तापहरु निवृत्त हुन जान्छन्, उसको सारा दु:खहरुको उपशमन हुन जान्छन्। मनको विषयप्रवृत्तिको मूलमा काम र कामको मूलमा संकल्प हुन्छ, किनभने संकल्पलेनै काम जाग्रत हुन्छ। "फेरि संकल्प गर्ने छैन" - जसले यस्तो दृढ प्रतिज्ञा गर्दछ उस्को सबै दु:खहरुको जरो काम जाग्रत हुँदैन। अपरिपक्व मन कर्ममा नलागी रहेत संकल्प गर्नेनै छ। यसैले यसलाई कहिल्यै मौका नदिइकन सर्वदा कर्ममा नियुक्त राख्नुको प्रयत्न गर्नु पर्दछ।

परन्तु जे जुन कर्ममा लगाई राख्नाले मनमा त्यस अनुसार काम संकल्पको तरंग उठ्नेछ, यसैले उसलाई आत्म कर्ममा लगाई राख्ने चेष्टा गर्नु नै समीचीन एवं युक्ति संगत छ । माला समान चक्रहरुमा मन एवं श्वासलाई चलाउन सकेमा काम संकल्प निर्वापित हुन जान्छन । मनको उत्पत्ति प्राणवाट छ, प्राण चंचल भएर नै मनलाई विषयाभिमुखी वनाउँदछ, अनि त्यो विषयाभिमुखी मन समस्त दुःखहरुको उत्पादक छ । अतयव देखिन जान्छ - प्राणको चंचलताले नै मन एवं इन्द्रिय चंचल भएर विषयान्वेषणमा दौडिदिन्छ, यसैले वुध्दिमानको कर्त्तव्य हुन्छ - प्राणलाई सर्वप्रथम स्थिर गर्ने प्रयत्न गरोस, चेष्टा गरोस । प्राणायाम द्वारा प्राण स्थिर भए मन पनि साथसाथै स्थिर हुन्छ । मनमा संकल्पको तरंग नउठे त त्यस मनलाई मन भन्दैनौं । तव मन स्थिरा वुध्दिमा परिणत हुन जान्छ । यो स्थिरा वुध्दि या एकाग्रता क्रमशः क्रमशः यति घनीभूत हुन जान्छ कि त्यसमा फेरि कुनै उद्वेगको चिन्ह नै देखिन्न । त्यो उद्वेगहीन अचंचल प्रशान्त मन नै आत्मा हो । आत्मा चंचल भएर भएर मन वन्दछ र इन्द्रियहरुमा गएर इन्द्रिय विषयहरुमा आसक्त भएर विषय भोग गर्दछ । यो आसक्ति सजिलै सँग सहजै जाँदैन । साधु संग गर, भगवत्‌कथा श्रवण गर, प्राणमा भगवद् विरहको ज्वाला फूट्नेछ, तव गुरुपदिष्ट प्राणायामादि साधन द्वारा मनलाई स्थिर गर्न सक्ने छौ, यसले तिम्रो सवै दुःखहरुको सारा उपाधिहरु विनष्ट हुनेछ । जसरी जलवाट उद्भूत वुद् वुद जलमा आत्मविसर्जन गर्दै जलमा नै परिणत हुन जान्छ, त्यसको पृथक नाम-रुप तव रहँदैन, उसरी नै आत्मसागरको वुदवुद मन आत्मामा परिनिमग्न भएर आत्म स्वरुप हुन जानेछ ॥५॥

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ;
अनात्मनस्तु शत्रुत्वे वर्त्तेतात्मैव शत्रुवत् ॥६॥

श्री धरीय टीका–[यदि जिज्ञासा गर्दछौ भने कसको मन वन्धु हो, अथवा कसको मन रिपु हो, त यसको उत्तरमा भन्नु हुन्छ]–जसले आत्मा द्वारा कार्यकरणसंघातरुप अर्थात् देहेन्द्रियादिको समष्टिरुप आत्मालाई वशीभूत गरेकोछ, यस किसिमको आत्माको आत्मा (मन) नै वन्धु हो । अनि अजितात्माको आत्मा (मन) शत्रु समान अपकार साधनमा प्रवृत्त हुन्छ ॥६॥

आध्यात्मिक व्याख्या - "जसले क्रिया द्वारा आत्मालाई स्थिर गर्न सकेको छ त्यही आत्माको वन्धु हुन, अनि जसले आत्मामा आत्मालाई राख्दैन अर्थात क्रिया गर्दैनन् त्यसले आत्मालाई नै आत्माको शत्रु जानोस् - किनभने सदा क्रिया नगर्नाले मृत्यु हुनेछ र मृत्यु भन्दा ठूलो शत्रु अर्को को छ ?" -

- सवैले आफ्नो उध्दार आफैले गर्न सक्दछन् । यदि सोचिरहेछौ कि म सन्सार सागरमा डुविरहेछु, मेरो उध्दार कस्ले गर्ला ? पापको गंभीर दवदवे हिलोवाट अरु कसैले तिमीलाई वाहिर निकाल्न सक्तैन । तिमी त्यस आनन्दमय चिरस्थिर आत्माको विषयमा चिन्तन गर, अनि आफ्नो पाप पंकिल शरीर मनको विषयमा सोच, तिमी आफै आफुसँग भयभीत हुन थाल्ने छौ । तव तिमीलाई सुखमय शान्तिमय आफ्नो आत्माको स्मरण हुनेछ । कुनै किसिमसँग यदि एकपटक त्यस आत्माको शरणापन्न हुन जान सक्छौ त तिमी आफ्नो निजस्वरुपमा पुग्ने छौ । इन्द्रियहरु आत्मवशी नभएर स्वेच्छाचरी भए त फेरि साधकको

कल्याण छैन । जसले क्रिया गरी प्राणलाई (श्वासलाई) स्थिर गरिलिन्छ, उसको देहाभिमान रहँदैन, त्यो आफु आफैमा रहन्छ । प्राण नै चंचल भएर स्थूल, सूक्ष्म एवं कारण शरीरहरुलाई प्रकट गर्दछ । स्थूल शरीर निद्राको समय सुत्न जान्छ, परन्तु सूक्ष्म शरीर त्यतिवेला पनि जागा रहन्छ । सुषुप्तिकालमा सूक्ष्मशरीर पनि निंदाउँछ, त्यतिवेला केवल अज्ञानरुप आवरण रहन्छ । जव यस त्रिपुरलाई वशमा राखिनेछ तवै प्रकृतिको क्रिया रोकिनेछ । यस चंचल प्रकृतिले नै जीव र जगतलाई सचंचल गरिराखेकोछ । चंचला प्रकृति नै हाम्रो चंचल प्राण हो । यस प्राण स्थिर हुन गएमा प्रकृतिको क्रिया रुध्द हुनेछ, अनि ज्ञानको प्राप्ति हुनेछ । "म" केही होइन, "मेरो" केही छैन, यो ज्ञान द्वारा सवै किसिमसँग त्यो आत्माभिमान शून्य हुन जान्छ, - यस किसिमको मनुष्य नै वस्तुतः जितेन्द्रिय हुन । जितेन्द्रिय पुरुषको मन विषयमा जाँदैन, अतयव इन्द्रियहरुले उसलाई त्रिताप दग्ध सन्तप्त गर्न सक्तैन । विषयासक्ति जति जति कम हुँदै जान्छ, यस प्रकारको स्थिरचित्त महात्मा नै आफ्नो वन्धु आफै हुन । अनि जो अजितात्मा विषय लोलुप र कामलम्पट छन्, तिनीहरु आफैले आफ्नो दुःखहरु सृष्टि गर्दछन्, कष्ट भोग्दछन् । शत्रुले जसरी अनिष्ट गरी दुःख दिन्छ अजितात्माको मन शत्रु समान आफुले आफैलाई उत्पिडित गर्दछन् ।- ॥६॥

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ;
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

श्री धरीय टीका–[जितात्मा पुरुष आफ्नो वन्धु आफै हो, यसलाई स्पष्ट गर्दै भन्नु हुन्छ]– जसले आफ्नो आत्मालाई जितेको छ, त्यस रागादिरहित प्रशान्त पुरुषलाई शीत उष्ण, सुख-दुःख, मान-अपमान आदिमा पनि आत्म निष्ठा रहन्छ, अर्थात् शीतोष्णादि द्वारा व्याकुलचित्त भएर परमात्मालाई विर्सदैन । त्यस अवस्थामा पनि उसको हृदय परमात्मामा नै समाहित हुन्छ या अवस्थान गर्दछ । (आत्मजयी मनुष्य सिवाय अन्यलाई यो अवस्था प्राप्त हुँदैन) ॥७॥

आध्यात्मिक व्याख्या - "आत्मालाई जितेर, प्रकृष्टरुपले शान्तिपदलाई पाएर अर्थात् क्रियाको परावस्थामा रहेर कूटस्थ परमात्मामा स्थिर भै शीत-उष्ण, सुख दुःख, मान-अपमान केही पनि रहँदैन-किनभने नशावाजलाई यो सवै केही रहँदैन ।"-

साधनाद्वारा मनलाई शान्त गरी साधकले क्रियाको परावस्थालाई प्राप्त गर्दछ । यही शान्तिपद हो । यस अवस्थामा फेरि शीतोष्णादि द्वन्दभाव रहँदैन । प्रारव्धवश जव उसलाई सुख दुःख, मानापमानादि प्राप्त हुन्छ तव पनि उ विचलित हुँदैन, प्रशान्तभावसँग यी सबलाई भोग गर्दछ । ठीक त्यसरी नै जसरी नशावाजले गर्दछ - खाउँछ, पिउछ, लोटछ, चोट पनि लाग्दछ, तर उस्ले यो बुझ्न सक्तैन । आत्मसमाधि निमग्न पुरुष कदापि आत्मस्थितिवाट विचलित हुँदैन ॥७॥

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः;
युक्त इत्युच्यते योगी समलोष्टाश्म कांचनः ॥८॥

श्री धरीय टीका–[योगारुढको लक्षण र श्रेष्ठत्त्वको उपसंहार गर्नु हुन्छ]–जुन उपदेशजात ज्ञान एवं अपरोक्ष अनुभव–यी दुवै द्वारा तृप्तात्मा अर्थात् निराकांक्षी चित्त छन, अतयव कूटस्थ हुन, भोग्यवस्तु रहँदामा पनि निर्विकार छन्, अतः विजितेन्द्रिय हुन, अतयव सम लोष्टाश्मकांचन अर्थात् मृतपिंड, पाषाण एवं सुवर्णमा समान अर्थात् हेय एवं उपादेय वुद्धिले शून्य छन्, यस्ता योगीलाई युक्त अर्थात् योगारुढ भन्दछन् ॥८॥

आध्यात्मिक व्याख्या - "ज्ञान त कूटस्थ दर्शन हो-विज्ञान अर्थात क्रियाको परावस्थामा रही आत्मतृप्त भएर कूटस्थमा रहनु-सवै इन्द्रियहरुलाई जीत्नु, यसको नाम हो व्रहममा अडिरहनु - योगीहरु भन्दछन् - जव ढुंगा र सुन समान जानिन्छ - जस्तो मद्यपायीलाई हुन्छ ।" -

- ज्ञान हो कूटस्थ दर्शन अर्थात् हामी जुन "म-म" भन्दछौ त्यो सत्य "म" हाम्रो भित्र को हो ? यो शरीर, इन्द्रिय या मन ? अथवा अरु कुनै ? जव हामी आत्मज्योतिलाई देखेर जान्दछौं - कस्को ज्योतिले हाम्रो देहेन्द्रिय-मन-बुद्धि तथा "म" प्रकाशित भैरहेको छ, तव फेरि शरीरादिमा हामीलाई आत्मभ्रम हुँदैन, यही ज्ञान हो । अनि क्रिया गरी जुन क्रियाको परावस्था प्राप्त हुन्छ, त्यही विज्ञान पद हो । विज्ञानको अर्थ विगत ज्ञान हो अर्थात् जव अन्तःकरणको लय हुन गये पछि सवै कुरा विलीन हुन जान्छ, तब केवल एक आत्मभावलाई छोडेर अरु कुनै पृथक सत्ताको अनुभव हुँदैन - यही हो विज्ञान पद । यस अवस्थामा एक परमा तृप्तिको अनुभव हुन्छ, जुन कुनै विषय भोग द्वारा हुन संभव छैन । तव देह-इन्द्रियवाट मनः वुद्धि दूर भएर आत्मासँग मिली आत्माकार हुन्छ । तब मन शरीरमा रहँदैन, महाशून्यमा विलीन हुन जान्छ । यसको नै नाम हो व्रहममा अडिरहनु । त्यतिवेला एक अलौकिक अनिर्वचनीय निर्विकार भाव आउँछ - तब फेरि योगीलाई केहीले पनि भ्रममा राख्न सक्तैन, उसको अगाडि सुन एवं इंटा-पत्थर सव एकै हुन जान्छ - अर्थात सवै वस्तु स्वर्ण हुन जान्छन् - *"मधुवत्पार्थिवंरजः"* - अर्थात प्रत्तेक वस्तुहरु देखि नामरुप लय हुन जान्छ - रहन्छ केवल सत्ता मात्र भाव । तव जानिन जान्छन् -

"आनन्दाद्ध्येव खल्विमानि भूतानि जायन्ते ।"

तव जगदादि समस्त प्रकाश त्यस परमानन्दकै प्रकाशको रुपमा अनुभव हुन्छ । जसले यस अवस्थालाई प्राप्त गरेको छ, उही युक्त योगी हो । ॥८॥

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु
साधुष्वपि च पापेषु सम बुद्धिर्विशिष्यते ॥९॥

श्री धरीय टीका–[सुहृद एवं मित्रादिमा समबुद्धियुक्त व्यष्टि तदपेक्षा श्रेष्ठ छ, यही बताउनु हुन्छ]–'सुहृत्' स्वभावतः हितैषी, 'मित्र' - स्नेहवश उपकार गनेवाला, 'अरि'-घातक, 'उदासीन'-विवदमान दुवै पक्षको उपेक्षा गर्नेवाला, 'मध्यस्थ'-विवदमान दुवै पक्षको हितैषी, 'द्वेष्य'-द्वेषको विषय या पात्र, 'वन्धु'-सम्वन्धी-जससँग सम्वन्ध छ, 'साधु'-अर्थात् शास्त्रानुवर्ती सदाचारी, अनि 'पाप'-दुराचार शास्त्र विगर्हित कर्ममा रत-यी सवैमा 'सम' अर्थात् रागद्वेषादिशून्य वुद्धिवाला पुरुष नै विशिष्ट हुन्छ ॥९॥

आध्यात्मिक व्याख्या - "तव सुहृत्, (जसको हृदय सुन्दर छ) मित्र अर्थात जो सुख दुःखमा भागी छ। उदासीन अर्थात् वायुद्वारा जो मस्तकमा गई बसेको छ ; अनि मध्यवृत्तिको मानिस तथा हिंसक र वान्धव - जस्ले हित कामना गर्दछ र जस्ले क्रिया गर्दछ - साधु र पापी - तेसले यी सवैलाई समान देख्दछ।"

- योगारुढ पुरुषलाई सर्वत्र समज्ञान हुन्छ। कसले राम्रो गर्दछ, कसले नराम्रो गर्दछ, कुनै विषयमा मनोयोग दिँदैन ; यो वाहेक शरीरमा अभिमान नहुनुको कारण, तथा भलो-खराव, आफ्नो पराईको ज्ञान नहुनुको कारण, त्यो सर्वत्र राग-द्वेष-शून्य हुन्छ। 'सर्वं ब्रहममयं' भाव रुपी अभेदज्ञानमा त्यो प्रतिष्ठित हुन्छ, यसैले उसको अन्तकरण सर्वदा विकारशून्य हुन्छ। पूर्व श्लोकहरुमा योगारुढको अनेक लक्षणहरुलाई देखाउनु भै यस श्लोकमा त्यसको सर्वश्रेष्ठ लक्षणहरुलाई वताउनु भएको छ। यस अवस्था प्राप्त योगीलाई संशय, भ्रम रहँदैन, अनि उस्को इन्द्रियहरु यति वशीभूत हुन्छन - विषय प्राप्त भएर पनि उस्ले त्यतातिर फर्केर ताक्तैन ॥९॥

योगी युंजीत सततमात्मानं रहसि स्थितः ;
एकाकी यतचितात्मा निराशीरपरिग्रह ॥१०॥

श्री धरीय टीका–[यसरी योगारुढको लक्षण भन्नु भएर अव यस श्लोकमा "स योगी परमो मतः" पर्यन्त योगको अंगहरुको साथ योगको व्याख्या गर्नु हुन्छ]–योगारुढ मनुष्यले मनलाई समाहित गरोस, निरन्तर एकान्तमा संगरहित भएर चित्त र शरीरलाई संयत गरी निराकांक्ष एवं परिग्रहशून्य भएर मनलाई समाहित गरोस ॥१०॥

आध्यात्मिक व्याख्या - "योगी-क्रियाको परावस्थामा रहेर सदा सर्वदा क्रिया गर्दछ - आत्माको रहस्य अर्थात् गुप्त - समस्त मूर्त्तिहरु जुन विज्ञानपदमा देखिन जान्छ - जहाँ दिन रात छैन -त्यसैमा रहन्छन्। कुनै विषय देखि आशा रहित भएर - सबैको बीचमा रहेर पनि एकाकी; आत्माले कतैतिर दृष्टि गर्दैन, आत्मा सिवाय अन्य गृहमा जाँदैन।" -

योगारुढको लक्षण भन्नु भएर योगारोहणको लागि इच्छुक व्यष्टिलाई के के गर्नु आवश्यक छ, यही बताउनु हुन्छ। योगाभ्यासीले संगशून्य भै चित्तनिरोधको लागि प्रयत्न गर्नु पर्नेछ। यो अभ्यास नै उसको सर्व प्रधान कार्य हुनेछ, किनभने चित्तको क्षिप्त, मूढ एवं विक्षिप्त अवस्थामा योगको प्राप्ति हुँदैन। यसको लागि योगीलाई केही एकान्त वास बस्नु पर्नेछ। जब उसलाई योगाभ्यास गर्नु छ, त्यतिबेला एक निराला स्थानमा, अन्ततः घर भित्रै कुनै निराली कुटीमा रहेर योगाभ्यास गर्नु पर्नेछ। जहां विषय स्मरण कम हुने संभावना छ त्यही निर्जन स्थान कहलाउँछ। जसको चित्त वैराग्ययुक्त छैन, त्यो जंगलमा गएर समाधिको अभ्यास गर्न सक्तैन। त्यहाँ पनि उसको चित्तलाई धेरै जसो चिन्ताहरुले व्याकुल गरि रहन्छन्। विशेषतः दंश, मशक, हिंस्र जन्तु एवं दुष्ट मानिसहरु द्वारा त्यहाँ उत्पीडित हुनु विलकुलै असंभव छैन। अतयव पहिले आफ्नो घरको कुनै निभृत कुनामा, अथवा मन्दिर भित्र, जहाँ धेरै कम मानिसहरु आउने जाने

गर्दछन् - जहाँ कुनै उद्वेगको कारण रहँदैन - यस किसिमको स्थान छानिकन त्यहाँ योगाभ्यास गर्नु पर्दछ । यहाँ सम्म कि धेरै पुस्तकहरुको संग्रह या त्यसको पठनादि कार्यहरु देखि पनि विरत रहनु पर्नेछ । धेरै जसो मानिसहरु भन्दछन् - संन्यास विना समाधिको साधना हुँदैन । यस कुरामा पूर्ण श्रध्दा स्थापित गर्नु कठिन छ । साधना नै जस्को जीवनको लक्ष्य छ, भगवत् प्राप्ति नै जसको जीवनको एकमात्र आकांक्षा छ, उसले यस्तो किन गर्न सक्तैन ? तथापि आजको वर्तमान सन्साराश्रममा धेरै जसो विघ्न छन्, ती विघ्नहरुलाई यथासाध्य दूर गरी साधना प्रारम्भ गरिनु पर्नेछ । मनमा वल नभए यो हुन सक्तैन । सन्सारमा जो यता उता विभ्रान्त हुन जान्छन् , त्यसको लागि त समाधि साधन असंभवै छ । किनभने योगाभ्यासको लागि यतचित्तात्मा एवं निराकांक्षी हुनु पर्नेछ । शरीर र मनको संयमको अभ्यास नगरिकन अनि मनबाट सारा आशाहरु देखि निवृत्त नभैकन ठीकसँग योगाभ्यास हुँदैन । साधन गर्दाखेरि जुन चित्त केही स्थिर हुन्छ, त्यो फेरि लोकसंग द्वारा नष्ट हुन जान्छ, अतयव सन्सारमा साधनाको धेरै विघ्नहरु छन् । यसैले समाधि प्राप्तिको पनि संभावना हुँदैन । निश्चय नै यो कुरा ठीक छ, परन्तु साधनाभ्यासी साधकले धेरै मानिसहरुको संग किन गर्लान । उसले यदि लक्ष्यलाई सामुन्ने राखेर ठीक मार्गमा चल्दछन् र यथासंभव संयमाभ्यासमा पटुता प्राप्त गर्दछन् भने त त्यो लय विक्षेपद्वारा किन भ्रष्ट होलान् ? वरु घरमा अनेक सुविधाहरु रहन्छन् । आफ्नो मन लायक स्थान, समयानुसार संयत आहार तथा समयको सवै व्यवस्था गरिन सकिन्छ । परन्तु अर्काको नोकरी गर्दै अथवा गृहस्थाश्रमको कार्यहरुमा अत्यन्त आसक्त भएर योगाभ्यास गर्दै जानु विडम्वना हो । पृथिवीमा एकान्त स्थान पाउनु कठिन छ, वस्तुतः साधकलाई यस्तो स्थान स्वयं नै तयार गर्नु पर्दछ । जीव निर्जनमा या संगरहित भएर रहन सक्ने यस्तो स्थाननै सन्सारमा कहाँ छ ? शरीरको भित्र रहस्य स्थान सुषुम्ना हो । त्यस सुषुम्नाको भित्र प्राणलाई लैजानु पर्नेछ । गुरुको उपदेश अनुसार निरन्तर साधन गरी जसले लक्ष्यलाई स्थिर गरिलिएको छ, उही रहस्य स्थानमा ठीक पुग्न सक्दछ । यसरी एकाकी र निः संग भएर नै आत्म साक्षात्कार हुन्छ । त्यस परम गुप्त रहस्यमय स्थानमा नै विज्ञानपद प्राप्त हुन्छ, त्यहाँ सहस्रौं कति कतिका अद्भूत ज्योतिर्मय चिन्मय मूर्त्तिहरु छन् । त्यहाँ चित्रको कस्तो सुन्दर अचपल शान्त भाव हुन्छ । त्यहाँ सबचिज छन, र केही पनि छैन । कस्तो छ त त्यँहा

"न चन्द्रस्य गतिस्तत्र नसूर्यस्य गतिस्तथा"-

प्रकाश छैन, नत अन्धकार-तथापि एक दिव्य प्रकाश छ-त्यसपरमधाममा अवस्थित योगीको दृष्टि फेरि अरुतिर रहँदैन, शतशत कोलाहलहरुको वीच रहँदामा पनि त्यो एकाकी हुन्छ, उसको त्यो शान्त, गम्भीर एवं मौनभाव कदापि दूर हुँदैन । उसको हृदयमा कुनै किसिमको आशाको लेश पनि हुँदैन - जुन साधक यसकिसिमको साधनमा सुदृढ एवं अविचल छ, त्यो यदि अति जनाकीर्ण स्थानमा रहे त पनि कुनै व्यापार या वस्तुले त्यस गोप्य तथा समय स्थानवाट तानेर हटाउन सक्तैन । परन्तु जो ठीक मुमुक्षु छैन, देखादेखी योगाभ्यास गर्दछन्, उनीहरुको लागि यी सव आलोचनाहरुवाट केही पनि लाभ हुन सक्तैन ॥१०॥

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ;
नात्युच्छ्रितं नातिनीचं चेलाजिन कुशोत्तरम् ॥११॥

श्री धरीय टीका–[दुई श्लोकहरुमा आसनको नियम बताउनु हुन्छ]–(१) शुध्द स्थानमा (अर्थात जुन ठाउँ परिष्कृत छ तथा मृत्तिका गंगाजल आदिद्वारा संस्कृत छ) (२) स्वकीय आसन (अर्थात त्यो आसन अन्य कसै द्वारा व्यवहृत नहोस) स्थापित गरी त्यसको माथि वसोस, त्यो आसन कस्तो हुनुपर्ला ? (१) स्थिर-अचल अर्थात पुनः पुनः एकस्थानवाट अर्को स्थानमा आसन नहटाओस, तथा यस किसिमसँग आसन स्थापित गरोस-भूमिको असमताले गर्दा एता उता हल्लिने नहोस । (२) न धेरै माथि होस किनभने यस्तो भएमा लड्ने आशंका रहन्छ, शंकित स्थानमा वसनाले फेरि चित्त स्थैर्यमा विघ्न आई लाग्छ, यसैले धेरै अग्लो आसन लगाउन हुँदैन । (३) न अति तल होस, आसन अत्यन्त निम्न प्रदेशमा स्थापित गर्दामा कीरा सर्प आदिको भय हुन्छ, झरीवर्षा आदि कारणले निम्नभूमि आद्र भएर वातक्षोभ, अग्निमान्द्य आदि रोग सृष्टि गर्न सक्दछ । (४) चेलाजिन कुशोत्तरम् - कुशासन माथि मृगचर्म, त्यसमाथि रेशम वस्त्रले ढाकेर आसन तैयार गर्नु पर्नेछ ॥११॥

आध्यात्मिक व्याख्या - "पवित्र देश अर्थात् ब्रहममा रहिकन रुकिकन हृदयासनमा स्थिर भएर - (आत्मालाई राखेर मानिसहरु आसनमा वस्दछन्) न अति तल, न अति माथि, अर्थात् मध्यस्थानमा हृदयमा रहेर, कुश अर्थात् ब्रहमा जसको स्थान मूलाधार हुन्छ -अजिन-चर्म जसको माथि छ–कृष्ण लिंग मूलमा स्वाधिष्ठानमा विराजमान छन् । चेल अर्थात रेशम जसलाई शीतकालमा अंध्यारो घरमा माड्दाखेखि अग्नि समान दीप्ति प्रकाशित हुन्छ। यो रुद्र स्वरुप मणिपूर नाभिस्थानमा विराजमान छ। त्यस माथि हृदयासनमा उपवेशन गरेर बसोस ।"

- समाधि अभ्यासको लागि एक पवित्र स्थानमा आसन राखोस, अनि त्यसलाई बारम्बार परिवर्तित या स्थानान्तर नगरोस । माटो या काठको आसनमा बसी योगाभ्यास नगरोस । साधन गर्दा गर्दै शरीरमा दिव्य तेज र शक्तिको उदय हुन्छ । परन्तु क्षिति अत्यन्त शक्ति-परिचालक (Conductor) छ, यसैले साधन द्वारा जुन शक्ति संचित हुन्छ, त्यसलाई यदि पृथिवीले तानी लिन्छ त साधनाद्वारा जति परिमाणमा शक्ति अर्जित गरिन्छ त्यस परिमाणमा संचिती हुनेछैन । अतयव पृथिवी शक्तिले आकर्षण गर्न नसकोस, यसको लागि कुशासन, मृगचर्म अनि रेशमबस्त्र द्वारा आसन बनाउनु पर्दछ । यी पदार्थहरु शक्तिरक्षक (Non-conductor) छन् । यसैले साधनामा एसको व्यवहार गरिने नियम चलिआइरहेको छ । परन्तु लोमवस्त्रमा यी सबै गुणहरु छन्, अनि लोमवस्त्रको व्यवहार गरिएमा व्यर्थ प्राणीवध गरी चर्म ग्रहण गर्नु पर्ने छैन । भगवत् साधन गर्ने समय हिंसा वृत्तिलाई बढाउनु राम्रो हुँदैन । यस्तो बुझिन्छ - पूर्वकालीन मानिसहरु मृत व्याघ्र आदिको चर्मलाई आसन बनाउँदथे । धेरै वस्त्रले बाक्लो या मोटो आसन बनाउँदा बस्नलाई सुविधा त हुन्छ, शरीर खुकुलो हुन जान्छ, यसैले आसन खूब भारी बनाउनु ठीक छैन, अनि बढी पातलो आसन पनि राम्रो हुँदैन । यस्तो आसनमा धेरै धेरै बेरसम्म स्थिर बसिरहनुको अभ्यास गर्नु आवश्यक छ । यस

किसिमसँग आसन लगाई योगाभ्यास गर्नु पर्दछ, परन्तु यो बाहिरी आसन हो। योगीको मन जसै आध्यात्मिक भावापन्न हुनेछ त्यस्तै योगीको व्यावहारिक जगत्को आसन शयन प्रभृति आध्यात्मिकताले परिपूर्ण हुन पनि जरुरी छ। अतयव साधकको आसन केवल बाहिरी वस्तुहरुबाट निर्मित आसनले मात्र काम चल्ने छैन। शरीरबाटै उस्को साधना हुन्छ, यस शरीरको भित्र नै उसले स्थिर आसन प्राप्त गर्नु पर्ने छ। सुषुम्नाको भित्र परम पावनी ब्रहमनाडी छ, त्यो सरस्वतीको उपकूल हो, यस स्थानमा नै ब्रहमर्षिहरु ब्रहममा लागिरहन्छन् अर्थात् ब्रहमध्यानमा मग्न रहन्छन्। यसको अपेक्षा पवित्र या शूचि स्थान दोश्रो हुन सक्तैन। कुनस्थानमा लागिरहने, - अर्थात मनको आसन या स्थिति हुनेछ कहाँ ? - हृदयकाशमा या अनाहत चक्रमा। यो अति उच्चस्थान या अति निम्नस्थानमा स्थापित छैन, यो ठीक मध्यस्थानमा हृदयमा अवस्थित छ। यस हृदयासनमा आसन लागे पछि त्यो चेलाजिन कुशको उत्तर या माथि नै हुनेछ। कुश-कु (पृथिवी) शी (शयन) पृथिवी अर्थात मूलाधारमा जसले शयन गरेको छ - त्यो व्रहम हो। उसको स्थान मूलाधार हो। अजिन-चर्म, जसको माथि कृष्ण लिंगमूलमा स्वाधिष्ठान विराजमान छ। चेल-तेजोत्पादक मणिपूर चक्र जस्को अग्नि समान दीप्ति छ, उसको स्थान नाभिमा हो। मूलाधार, स्वाधिष्ठान, मणिपूर-यी तीन चक्रहरुको माथि हृदयचक्रमा उपवेशन गर्नु पर्नेछ। हृदयमा वस्नुको अर्थ हुन्छ त्यहाँ मनलाई प्रतिष्ठित गर्नु। अर्थात जब क्रिया गर्नु पर्नेछ, श्वास तानेर फाल्नु (अर्पण गर्नु) समय लक्ष्य राख्नु पर्नेछ हृदय चक्रमा। मेरुदण्डलाई सीधा राखी बसेर श्वास तान्दाखेरि हृदयमा केही जोड पर्दछ, तव हृदयलाई केही समेटनु पर्दछ, अनि श्वास फाल्ने समयमा फालिएको वायु आफ्नो स्थान अनाहत चक्रमा ओर्लन्छ, त्यतिखेर हृदय केही फैलिन्छ। अतयव प्राणको वेग अनाहत चक्रमा धारण गरिन्छ। यस चक्रमा प्राण-शक्तिको स्थिरता उत्पन्न हुनासाथै हृदयग्रन्थि छिन्न हुन जान्छ। तवै साधकको प्रकृत अटल आसन प्रतिष्ठित हुन्छ ॥११॥

तत्रै काग्रं मनः कृत्वा यतिचत्तेन्द्रियक्रियः ;
उपविश्यासने युंज्याद् योगमात्मविशुध्दये ॥१२॥

श्री धरीय टीका - त्यस आसनमा बसेर मनलाई विक्षेपरहित गरी चित्त र इन्द्रियको क्रिया संयत गरी अन्तः करणको शुध्दिको लागि योगको अभ्यास गरोस ॥१२॥

आध्यात्मिक व्याख्या - "त्यही एक ब्रहममा मनलाई राखी चित्त स्थिर गर्दै अनि इन्द्रियहरु संयत गर्दै, यस किसिमको आसनमा क्रिया गरोस-आत्म शुध्दिको लागि आत्म ब्रहममा रहनको निम्ति।"-

- मनलाई आज्ञाचक्रमा राखेर विन्दुको ध्यान गर्नाले चित्त स्थिर हुन जान्छ। अवश्यै यो सवै गर्नु पर्नेछ प्राणायाम क्रियाको पश्चात्। खूब मन लगाएर प्राणायाम गरेमा त्यतिको विषय स्मरण हुने छैन। मनको डुब्नु उत्रिनु कम भए पछि इन्द्रियहरु स्वभावतः नै केही अन्तर्मुखी हुनेछ। चित्तमा जब वृत्ति स्मरण स्फुरण कम हुन जान्छ, तव मन एकाग्र हुन्छ। संकल्प विकल्प रहित भएर जब मन एकाग्र हुन्छ, तव चित्तमा वृत्तिहरु विलकुलै उठदैन। चित्तको वृत्तिहरु यस किसिमसँग निरोध हुनुको नाम समाधि हो।

चित्तको वृत्तिहरुको स्फुरण जति जति क्षीण हुँदै जानेछ चित्त पनि उति उति विशुद्ध हुँदै जानेछ। जव साधना गरिहेको हुंदैन, त्यतिखेर पनि यो विशेषरुपले ध्यानमा राख्नु पर्नेछ - मन अधिक चंचल हुन नपाओस। विषय सुख यथार्थ सुख होइन, त्यसले मनमा अनेक संताप उठ्दछन्। यो कुरा मनलाई वारवार सम्झाउनु पर्दछ। जीवको विषय वासना नै स्थूल विषयको रुपमा परिणत हुन्छ। मन इन्द्रियहरुको ढोकाहरुबाट त्यही विषयहरुको अनुभव गर्दछ। परन्तु प्राणको स्पन्दन विना मन या इन्द्रियहरुको विषय ग्रहण हुन सक्तैन। यसै कारण चित्त र इन्द्रियहरुको क्रियालाई संयत गर्नको लागि श्वासलाई स्थिर गर्नु पर्नेछ। श्वासमाथि लक्ष्य राख्नाले त्यो आफसे आफ स्थिर हुन जान्छ - यही हो उपाय। जीवको भित्र कर्तृत्त्व या भोक्तृत्त्वको अभिमान उत्पन्न हुनासाथ प्राण आन्दोलित हुन्छ, प्राण आन्दोलित भएर मनलाई उत्पन्न गर्दछ। यस मनलाई स्थिर गर्नु छ त सवभन्दा अघि प्राणलाई स्थिर गर्नु पर्नेछ। प्राण (प्रकृति) आन्दोलित भएपछि यस्तो अनुभव हुन्छ - मानो स्वरुप सत्ताकै आन्दोलन भैरहेछ। यही चित्तको इन्द्रियहरुको क्रिया हो। जवसम्म चित्त - इन्द्रियको क्रिया छ, तवसम्म योग प्राप्त हुने छैन। अतयव प्राणायामको अभ्यास द्वारा प्राण स्थिर भएमा चित्त र इन्द्रियहरु पनि स्थिर हुन जान्छ। उसको गति पनि बन्द हुन जान्छ। चित्तको यो अक्रियावस्था नै आत्माको स्वरुप हो। जसरी प्राण आन्दोलित भएर मनलाई आन्दोलित गर्दछ, त्यसरी नै मनको स्पन्दन या विषय ग्रहण गर्ने व्याकुलताले प्राणलाई व्याकुलित गर्दछ। यस कारण आत्मशुध्दिको लागि एकातिर जसरी प्राणायामको अभ्यास गरेर प्राणलाई स्थिर गर्नु पर्नेछ, अर्कोतिर उसरी नै मनलाई पनि भगवद् मुखी वनाउने प्रयत्न गर्नु पर्नेछ। जब केवल ध्येय वस्तु नै मनमा स्फुरित हुन्छ तवै मन एकाग्र हुन्छ। यो एकाग्रता जति जति गहिरिंदै जानेछ, समाधि पनि उति उति नै आसन्न हुँदै जानेछ। अतयव वाणी, मन एवं इन्द्रियहरु सामूहिक रुपसँग भगवच्चिन्त्तनमा लाग्न सकुन, यस्तो चेष्टा यदि गरिएन भने त उद्देश्य शफल हुन एकदमै असम्भव हुन्छ ॥१२॥

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ;
सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥

श्री धरीय टीका–[दुई श्लोकहरुमा चित्तको एकाग्रताको लागि उपयोगी शरीरादि धारणको कुरा बताउनु हुन्छ]–काय, देहको मध्य भाग, शिर एवं ग्रीवा - मूलाधार देखि मस्तकको अग्रभाग सम्म, सीधा एवं अचल भावमा राखी दृढप्रयत्न होऊ, आफ्नो नासिकाको अग्र भागमा दृष्टि राखी अर्थात् अर्ध निमिलितनेत्र भएर तथा यताउति नहेरिकन योगी अवस्थान गरोस ॥१३॥

आध्यात्मिक व्याख्या - "शरीर र गलालाई सोझो राखेर, वायुलाई स्थिर गर्दै नाकको अग्रभागमा दृष्टि राखोस् (गुरुमुखबाट जानी)।"

मेरुदण्ड एवं ग्रीवालाई सीधा राख्दा यथासंभव सिर पनि सीधा रहने छ। यस्तो प्रयत्न गर्नु पर्नेछ, जसबाट शरीर नहल्लियोस र दृष्टि भ्रूमध्यमा रहोस। बाहिरको नासाग्र - नासाग्रदर्शन होइन। अनि ठीक अग्रभागलाई हेर्नु नै उद्देश्य होइन। शंकराचार्यले भन्नु भएको छ - "न हि स्वनासिकाग्र संप्रेक्षणमिह

विधित्सितम् । किं तर्हि स्वनासिकाग्र संप्रेक्षणमेव चेद्विवक्षितं मनसतत्रैव समाधीयेत नात्मनि ।" नासिकाग्रमा दृष्टि राख्नाले मन नासिकाग्रमा समाहित हुनेछ, यसले विपरित फल पनि हुन सक्छ । अतयव आत्मामा नै मन समाहित गर्नु पर्नेछ । आँखा चिम्लिएर मनलाई आज्ञाचक्रमा राख्नाले पनि हुन्छ, अथवा अर्धनिमिलित नेत्रले मनमनै कूटस्थको चिन्तन गर्दा चाक्षुषी वृति शून्यभावमा अवस्थान गर्दछ, यसले लय विक्षेप पनि कम हुन जान्छ । लयविक्षेपरहित चित्त आत्मामा डूब्न जान्छ, अनि प्रकृत ज्ञान तवै उदय हुन्छ । यही परमानन्द रुप हो ॥१३॥

प्रशान्तात्मा विगतभीर्ब्रहम चारिब्रते स्थितः ;
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

श्री धरीय टीका– प्रशान्त चित्त, भयरहित एवं ब्रहमचर्यमा अवस्थित भएर, मनलाई प्रत्याहृत गर्दै, मैमा चित्त समर्पण गरी "म" अर्थात् भगवान् नै जसको परम पुरुषार्थ छ, यसरी समाहित भै अवस्थान गरोस ॥१४॥

आध्यात्मिक व्याख्या - "तव राम्रैसँग 'म केही होइन र मेरो केही छैन', यस्तो अवस्थामा रहेर ब्रहममा अनवरत विचरण गरोस, मनलाई मनमै संयत गरी अर्थात क्रियाको परावस्थामा रुध्द भै म सिवाय अरु केही छैन - यस्तो अवस्था हुन जानेछ" -

-पूर्वोक्त रीतिसँग योगाभ्यास गर्दामा जुन समाहित अवस्था हुन्छ, त्यसैको वर्णन गरिरहनु भएकोछ । "म केही होइन, मेरो केही छैन", - यो धारणा बारम्बार गरेपछि फेरि मन विक्षेपयुक्त हुँदैन, प्रत्तेक चक्रमा बारम्बार स्मरण गर्दै मन आफसे आफ प्रविष्ट हुन जान्छ-अर्थात् उसमा फेरि संकल्प विकल्पको तरंग उठदैन । यस किसिमको अवस्थामा केही बेर रहनाले वृत्ति स्मरण या चित्त निरोध हुन जान्छ । यही क्रियाको परावस्था हो । यस क्रियाको परावस्थामा एक अखण्ड आत्मसत्ता बाहेक अन्य कुनै वृत्तिको स्फुरण हुँदैन । यही हो ब्रहमचर्य या ब्रहममा विचरण । मनको यो शान्ताकार भाव आएपछि साधक निर्भय हुन जान्छ, अर्थात तव उसको दोश्रो वस्तुमा मनोयोग हुँदैन *"सर्वं ब्रहममयं जगत्"* हुन जान्छ । यसलाई नै युक्तावस्था या समाधिको अवस्था भन्दछन् । जुन आत्मालाई शत शत वाह्य चेष्टाहरु द्वारा हामीले प्राप्त गर्न सक्तैनौ, मनको स्थिरता द्वारा भावना सुदृढ गरेमा त्यो अव्यक्त आत्मा पनि साधकको सामुन्ने व्यक्त हुन जान्छ ॥१४॥

युंजन्नेवं सदात्मानं योगी नियतमानसः ;
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥

श्री धरीय टीका–[योगाभ्यासको फल भन्नु भैरहेछ]–उपुर्युक्त रीतिले सदा मनलाई समाहित गर्दै, निरुघ्द चित्त योगी, निर्वाण-मोक्षप्रदा, मेरो स्वरुपमा अवस्थितिरुपा शान्ति अर्थात् सान्सारिक उपरतिलाई प्राप्त गर्दछन् ॥१५॥

आध्यात्मिक व्याख्या - "यस किसिमसँग सर्वदा क्रिया गरेमा, निःशेष रुपले संयत भएर, म केही होइन, मेरो केही छैन - यसरी स्थिर भै मेरो परमपदमा सम्यक किसिमसँग स्थिर भएर बुद्धि द्वारा, पश्चात पर बुद्धिमा गमन गर्दछ ।" -

- समाधिको अभ्यासले के लाभ हुनछ, यही वताउनु हुन्छ । मायाशक्तिको विलासले कल्पित यस सन्सार तथा शरीरादिमा जीवलाई जुन अहं अभिमान लागेकोछ, यस महाव्याधिवाट जीवको परित्राणको कुनै दोश्रो उपाय छैन । यसैले योगाभ्यास द्वारा मन र प्राणलाई निश्चल गरी, समाधियुक्त भएर आत्मदर्शनको कुरा शास्त्र, गुरु एवं साधुको मुखदेखि सुनिन्छ । योगाभ्यास द्वारा चित्त संयत भए पछि मनको वहिर्विचरण रुप प्रवृति निवृत्त हुन जान्छ । । मन वृत्तिहरु देखि निवृत्त हुनासाथै योगी निजस्वरुपमा निमग्न हुन जान्छ, अनि यसरी स्वरुपमा अवस्थिति भए पछि परम शान्ति प्राप्त गरी त्यो कृत कृत्य हुन जान्छ । यो निर्वाण नै भगवान्को साक्षात् स्वरुप हो, यसलाई नै प्रकृत 'ज्ञान" भन्दछन् । श्री मदभागवत्मा नारदको आत्म परिचयमा बर्णित छ -

"ज्ञानं गुह्यतमं यत्तत् साक्षाद् भगवतोदितम्,
अन्ववोचन् गमिष्यन्तः कृपया दीनवत्सलाः;
येनैवाहं भगवतो वासुदेवस्य वेधसः,
मायानुभावंमविदं येन गच्छन्ति तत्पदम् ॥"

साधनस्वरुप धर्मतत्त्वज्ञान, अर्थात् जुन साधन द्वारा ब्रहमस्वरुपको ज्ञान प्राप्त हुन्छ, त्यो गुहय छ । त्यस गुहय ज्ञान द्वारा आत्मस्वरुपलाई देह देखि पृथकरुपमा अनुभव गर्न सकेपछि नै त्यस अनुभूतिलाई "गुह्यतर ज्ञान" भन्दछन् । अनि जब गुहयतर ज्ञान द्वारा भगवान्को स्वरुपको अनुभव गरी साधकले आफुलाई ईश्वररुपले अभिन्न रुपमा देख्दछ, तव त्यसज्ञानलाई "गुहयतमज्ञान" भन्दछन् । यस ज्ञानको उदय साक्षात् भगवान्वाट हुन्छ । यस गुहयतम ज्ञानको अनुभूति द्वारा सर्वनियन्ता, सर्वैश्वर्यमय र सर्ववस्तुमा अधिष्ठित ब्रहमको मायाशक्तिको गूढ स्वरुपको उपलव्धि नारदजीले गर्नु भएको थियो । यस अनुभूतिको प्राप्ति भएपछि साधकले ब्रहमपदलाई प्राप्त गर्दछन । यसैकारण संयत हुनु पर्नेछ अनि यसरी मन बुद्धि संयत भएर स्थिर हुन जानेछ, अतयव निष्क्रिय हुन जानेछ । यसैको नाम हो जीवन मुक्ति । यसरी इच्छा-भय-क्रोध रहित भएर रहनुको सौभागय जसले प्राप्त गरेको छ ती सदा मुक्त छन् ।

चित्तको समता नभएमा यतेन्द्रिय मनोबुद्धि हुन कठिन छ । प्राणायामादि साधन द्वारा चित्तको समताको साधन - यी दुवै किसिमको चेष्टाहरु द्वारा साधन आरम्भ गर्नाले अति शीघ्र फल प्राप्त हुन्छ । सवै कुराहरुमा भगवान्को आश्रय गरी त्यो *"सुह्रदं सर्व भूतानाम्"* हुन, यस भगवद्वाक्यमा दृढ विश्वास लिई उसमाथि निर्भर भै जसले प्रयत्न गर्नेछ, त्यो कहिल्यै निराश हुने छैन । कूटस्थ दर्शन द्वारा सगुण उपासना हुनेछ, अनि क्रियाको परावस्थामा निर्गुण उपासना हुनेछ । सगुण उपासना द्वारा चित्त शुध्द भएर पनि सम्पूर्ण ज्ञान हुने छैन । क्रियाको परावस्थामा स्थितिलाभ गरेपछि अद्वैत भावको उपलव्धि हुनेछ । तव

जीवन मुक्त अवस्था प्राप्त गरी जीव कृत कृत्य हुन जानेछ । मन नै समस्त उपद्रवहरुको मूल हो, यसैले मनलाई निरोध गर्नु पर्नेछ । परन्तु प्राणलाई स्थिर नगरिकन मनलाई स्थिर गर्ने आशा गर्नु दुराशा मात्र हो । यसैले प्राणायामादि योग क्रिया द्वारा प्राणलाई स्पन्दनरहित गरिने चेष्टा सवैभन्दा अगाडि गर्नु पर्नेछ । प्राण-मनलाई स्थिर गर्ने अभ्यास गर्दा गर्दै जुन निरोध अवस्था उत्पन्न हुन्छ त्यो मुख्यतः दुई स्तरमा विभक्त हुन्छन् - (१) सम्प्रज्ञात अनि (२) असम्प्रज्ञात । पहिलेको साधनाद्वारा जुन सहज कुम्भक हुन्छ, त्यसले प्राण मस्तकमा प्रवेश गरेमा सर्वसंकल्पशून्य एक किसिमको निरोध समाधि हुन्छ । पहिले त्यो अल्प क्षण स्थायी हुन्छ, परन्तु त्यो "निमेषं निमेषार्ध्दं वा" भएर पनि महाफलप्रद छ । शनैः शनैः अभ्यास पटुताको कारण निरोध समयको स्थिति दीर्घ हुन सक्छन् । यस निरोध अवस्थाको प्राप्ति भएपछि आत्म ज्ञानको उदय हुन्छ । अर्थात् आत्मा के हो, यसको साथै देहादि या दृश्य जडवर्गको के सम्वन्ध छ - यसको धारणा राम्रैसँग हुन जान्छ । -

"मनो बुद्धयहंकार चित्तानि नाहम्"

अहंवाच्य आत्मा, मन, बुद्धि, अहंकार या चित्तादि होइनौं - यसको सुन्दरतापूर्वक उपलब्धि हुन्छ । यो उपलब्धि जब अवेर सम्म अनि अनेक पल्ट हुन्छ त आत्मस्वरुपको धारणा दृढ हुन जान्छ । आत्म स्वरुपको धारणा दृढ हुनासाथ अविद्या, अस्मिता, राग, द्वेष एवं अभिनिवेशादि पंच ल्केशहरु प्रक्षीण हुन जान्छ र समस्त दुःख सदाको लागि निरस्त एवं क्षय हुन जान्छ । तव बस्तु निरपेक्ष एक अकाम एवं अहैतुक आनन्द प्रकट हुन्छ । त्यसले त्यो निराधार निरवयव आत्मा, जुन "व्रहमानन्दरुपममृतम्" छ, साधकको ज्ञाननेत्रहरुको अगाडि विभासित हुन्छ । मनको एकाग्रता बढ्दै बढ्दै जव खूव वढोत्तरी हुन्छ, तव समाधि प्रज्ञाको उदय हुन्छ । ध्येय वस्तुमा मनको पूर्ण एकाग्रता नै सम्प्रज्ञात समाधि हो । यस एकाग्र भूमिमा चित्तलाई धेरै धेरै बेरसम्म अभिष्ट वस्तुमा संलग्न राखिन्छ, अनि फलतः त्यसवस्तु भित्र प्रविष्ट भै त्यस सम्वन्धमा पूर्ण ज्ञान प्राप्त हुन्छ, यसैले एसलाई सम्प्रज्ञात समाधि भन्दछन् । विक्षिप्त भूमिमा पनि समाधि द्वारा पदार्थ ज्ञान या अभिष्ट लाभ त हुन्छ, परन्तु त्यो सदा रहँदैन र त्यसवाट ल्केशादिको परिक्षीण अवस्था पनि प्राप्त हुँदैन, अतयव वैराग्य पनि सुप्रतिष्ठित हुँदैन । यसैले भगवदाराधनारुपी योगाभ्यास द्वारा जुन चित्त अप्रसवधर्मा हुन जान्छ, त्यस एकाग्र रुध्द चित्तमा ज्ञान स्थायी हुन्छ, अनि वैराग्य पनि सुप्रतिष्ठित हुन्छ । तव विक्षेप नआउनुको कारण सुखदुःखादि द्वारा मुग्ध हुनु पर्दैन । ल्केशको यस क्षीणावस्थामा कर्मवन्धन शिथिल हुन जान्छ, समस्त ज्ञेय बस्तुहरुको चरम ज्ञान हुन्छ, तव फेरि कुनै अभिष्ट वस्तुमा चित्त निरुध्द नभै एकदमै निरावलम्व हुन जान्छ - यही यथार्थतः निरोध समाधि या योग हो । यसमा समस्त ज्ञेय विषयहरुको ज्ञान पनि निरुध्द हुन जान्छ, यसैले यही प्रकृत समाधिको अवस्था हो र यस्लाई असंप्रज्ञात समाधि भन्दछन् । यही द्रष्टाको स्वरुपमा अवस्थान भनिन्छ । यस अवस्थामा साध्य एवं साधकमा केही भेद रहँदैन । अभ्यास एवं तज्जनित वैराग्य द्वारा संम्प्रज्ञात समाधि प्राप्त भएपछि पर वैराग्य द्वारा जव व्रहमाविष्णु शिवत्व पद पनि साधकको लागि प्रार्थनीय रहँदैन, तव सम्भनु पर्नेछ - असम्प्रज्ञात समाधिको उदय भएको छ - त्यस चित्तमा वृत्तिको लेशमात्र पनि रहँदैन । अनि वृत्तिको

लेशमात्र नरहँदामा उसको चित्तत्व पनि विलुप्त हुन जान्छ। जुन चित्त संकल्प-वासनाको भण्डार छ, जुन, जन्म, मृत्यु आदि अजस्र दु:खहरुको कारण छ, त्यो चित्त यस प्रकारले समूल नष्ट हुन जान्छ। निश्चय नै यो अवस्था सवै साधकहरुको भाग्यमा एकै जन्ममा प्राप्त हुँदैन, परन्तु जुन चित्तमा विषयको हेयत्वको उपलब्धि भएको छ तथा भगवद्-निर्भरता र तल्लीनता द्वारा जुन साधकको साधन-चेष्टा विघ्नशून्य तथा अप्रहित भएकोछ, त्यस साधकलाई शीघ्र नै यो चरमावस्था प्राप्त हुन्छ। अन्ततः एक दुई पल्ट भन्दा अधिक जन्म ग्रहण गर्नु पर्ने छैन। यद्यपि असम्प्रज्ञात समाधि प्राप्त गर्नु सवैको भाग्यमा प्राप्त हुँदैन। परन्तु चेष्टाशील साधकले संप्रज्ञात समाधि अनायासै प्राप्त गर्दछ। प्राणायामादि द्वारा नाडीचक्र विशुध्द भएमा, सारा दृश्य द्रष्टाको स्वरुप मात्र हुन् - यो धारणा प्रवल हुन्छ, तव मनमा एक किसिमको विरोध भाव आउँछ, त्यही संप्रज्ञात समाधि हो। यो संप्रज्ञात समाधि वितर्क, विचार, आनन्द एवं अस्मिता भेदले चार किसिमको हुन्छ। चित्तवृत्ति जव स्थूल विषयलाई निरुध्द हुन्छ तव त्यो (१) वितर्कानुगत सम्प्रज्ञात समाधि हुँदछ। धेरै जसो मानिसहरु "समाधि के हो" - यो नजानिकनै आफ्नो अभिष्टको चिन्तन गर्दै गर्दै या मन्त्रादिको जप गर्दै गर्दै अनि कीर्त्तन गर्दै गर्दै पनि निरोध अवस्थालाई प्राप्त गर्दछन्। यसलाई भाव समाधि पनि भन्दछन्। कूटस्थमा ज्योति तथा नाना किसिमका मूर्तिहरु देख्दै देख्दै जुन तन्मयता चित्तमा आउँछ, त्यो पनि त्यस किसिमको स्थूल विषयक समाधि हो। परन्तु यसद्वारा मुक्ति या चरम प्रज्ञाको प्राप्ति हुँदैन। त्यसपछि जब द्रष्टातिर लक्ष्य जान्छ, जगत्को अनित्य भावना प्रवल भएर उठ्दछ, तव विचार द्वारा सूक्ष्म ध्येय पदार्थमा चित्तको जुन एकाग्रता दृष्ट हुन्छ, अथवा कूटस्थ ज्योति अन्तर्गत सूक्ष्म विन्दुलाई देख्दै देख्दै, यही त्यो आत्मा हो - मेरो सर्वश्व हो - यस किसिमको भावनाले भावित भएर जब चित्त मग्न भएर स्थिर हुन जान्छ भने त त्यो (२) विचारानुगत सम्प्रज्ञात समाधि हुन्छ। संयत एवं दृढ विचारवान पुरुषलाई यस किसिमको 'विचारानुगत' समाधि प्राप्त हुन सक्दछ। अनि फेरि योगपथको अनुगमन गर्नेवाला प्रयत्नशील मनुष्यलाई पनि प्राणायामादि साधन द्वारा शरीर, प्राण, एवं मन सुस्थिर हुन गएमा जुन एक किसिमको सात्त्विक धैर्य या निरोधको अवस्था प्राप्त हुन्छ, त्यसमा एक अननुभूत आनन्दमय भावद्वारा चित्त परिव्याप्त हुन जान्छ, तब त्यसबाट चित्तको जुन तन्मयता या निरोधाभाव आउँछ त्यो (३) आनन्दानुगत सम्प्रज्ञात समाधिको अवस्था हो। यसमा इन्द्रियहरुलाई विषय व्यापार हीन गर्दै इन्द्रियचेष्टाहरुलाई मनमै विलीन गरेमा जुन सुखानुभ हुन्छ त्यही "आनन्दानुगत सम्प्रज्ञात समाधि" हो। क्रमिक अध्यवसायसाथ साधनाभ्यासमा अरु पनि अधिक परिश्रम गरेमा यी समस्त भावहरु तिरोहित हुन जान्छन्। तव (४) अस्मितानुगत अथवा एकात्मिक प्रत्ययमात्रमा जुन संप्रज्ञान हुन्छ त्यही चतुर्थ संप्रज्ञात समाधि हो। स्वावलम्वन या सम्प्रज्ञात समाधिको यही चरम अवस्था हो। परन्तु यस्मा पनि "पुरुष ख्याति" या पुरुष विषयक समाधि हुँदैन। यो ग्रहितृ विषयक समाधि हो। 'अस्मिता' या 'म' - यसको केवल बोध मात्र नै समाधिंको विषय हुन्छ। बुद्धि या महत्तत्त्व नै यस समस्त ज्ञानको ग्रहिता हो। पुरुष या द्रष्टालाई अवलम्वन गर्दा नै यस ज्ञानको प्रकाश हुन्छ। यो बुद्धि तत्त्व या महत् चेतन पुरुष होइन, यो पनि बुद्धि प्रतिविम्वित चैतन्य हो। त्यतिखेर अरु कुनै प्रत्यय नै रहँदैन, केवल 'म' प्रत्यय मात्र प्रस्फुटित हुन्छ। परन्तु त्यतिबेला पनि ज्ञानको पूर्ण निरोधावस्था आउँदैन, अतयव यसलाई असम्प्रज्ञात समाधि भन्न सकिंदैन। जब "म"-

केही होइन मेरो केही छैन" यस ज्ञानमा प्रतिष्ठित भएर यो बुद्धि पनि पराबुद्धिमा प्रवेश गर्दछ तवै चरम अपरोक्ष ज्ञान या कैवल्यपद प्राप्त हुन्छ । यही द्रष्टाको स्वरुपमा स्थिति हो । श्रुति भन्दछन् -

"ज्ञानात्मनि महती नियच्छेत् तद्यच्छेत् शान्त आत्मनि"-

म ज्ञाता या कर्त्ता हुँ, यस किसिमको ज्ञान अहंकार भनिन्छ, यो अस्मिता होइन । यस ज्ञातृत्त्व या कर्तृत्त्वलाई महत्तत्त्वमा या बुद्धितत्त्वमा विलीन गर्नु पर्नेछ । तव जुन अहं-प्रत्यय रहन्छ, त्यही अस्मिता हो । यस अवस्थामा म केही जान्दछु, यो वोध हुँदैन, अतयव अहंकार रहँदैन - तव केवल आफुलाई आफुले जान्नु हुन्छ । यस वुद्धितत्त्वको विलीन भएमा नै 'अस्मिता' भाव पनि रहँदैन । त्यतिखेर अस्मिता आत्मस्वरुपमा एक हुन जान्छ । त्यतिवेला उसको ज्ञाता कुनै रहँदैन । यही शान्त आत्मा हो । जव अस्मिता भाव रहँदैन त यो आत्मा निस्तरंग शान्तरुपमा प्रकाशित रहन्छ । यस अवस्थालाई देख्नेवाला पनि कोही रहँदैन । यही हो स्वरुपावस्था या कैवल्य ज्ञान ।

गृहस्थाश्रममा रहेर समाधिको साधना हुन सक्तैन । यस कुरामा केही अत्युक्ति वुझिन जान्छ, किन भने प्राचीनकालमा अधिकांश ऋषिमुनिहरु गृहस्थ नै थिए । तिनीहरु स्त्री पुत्रादिलाई साथमै राखे र गार्हस्थ धर्मको पालन गर्दथे र साधनाभ्यासमा पनि रत रहन्थे । समाधि साधन वाहेक परमात्मालाई निगूढ भावले प्राप्त गर्नुको अरु कुनै सजिलो उपाय छैन । निश्चय नै घरमै रहेर सर्वदा ध्यान निरत रहनु अथवा समाधिमग्न हुनु अत्यन्त कठिन व्यापार हो, एस्मा अलि कति पनि सन्देह छैन । वहुधा यो एक किसिमले असंभव नै छ, यस्तो भन्न सकिन्छ । परन्तु मेरो विचारमा घरदेखि वाहिर गएर पनि समाधि साधन खूबै सजिलो हुन जानेछ, यस्तो छैन । समाधि साधन के वस्तु हो, यसलाई एकपल्ट खूव राम्रोसँग वुझ्ने चेष्टा गर । समाधि साधन के हो र त्यसको अनुष्ठान कसरी गरिन्छ यसको शिक्षा प्रणाली एवं उपदेश श्री भगवान्‌ले अर्जुनलाई यथेष्टरुपमा वताउनु भएको छ, अनि उ पनि गृहस्थ नै थिये । सन्सारमा पंचानब्वे प्रतिशत त गृहस्थहरु नै छन्, उनीहरुको लागि जुन संभव छैन, एस्तो शिक्षा दिनुको आवश्यकता नै के थियो ? असली कुरा त समाधि साधन हो, जसलाई हामीले राम्ररी वुझ्न पाउँदैनौ । यो कुनै किसिमको व्यायाम कसरत होइन । चित्तमा जुन अनेकानेक वृत्तिहरु निरन्तर स्फुटित भै रहन्छ, उनको निरोधको नाम नै योगाभ्यास हो । एकाग्रताको अभ्यास जव गम्भीरतर देखि गम्भीरतम हुन लागदछ तवै मन निरुध्द हुन्छ । यो निरोधावस्था जब दीर्घकाल स्थायी हुन्छ त त्यसलाई समाधि भन्दछन् । परन्तु केवल निरुध्द भावलाई नै समाधि भन्दैन । शकुन्तलाले दुष्यन्तको चिन्तन गर्दा गर्दै यति अन्यमनस्क भएकिथिइन् नजिकमा स्थित दुर्वासा मुनि आएको र उसद्वारा शाप दिएको कुरावाट पनि तिनी अवगत हुन सकिन । यो मनको यथेष्ट एकतानता भएर पनि समाधि भन्न सकिन्न । ध्येय विषयमा मनको अत्यन्त एकाग्रता, अनि त्यसलाई भगवान्‌मा अर्पित गरेमा नै त्यो प्रकृत समाधि हुन सक्छ । गीताको एसै अध्यायमा श्री भगवान्‌ले भन्नु भएको छ-

"यदा हि नेन्द्रियार्थेषु न कमष्वनुषज्जते ;
सर्वसंकल्पसंन्यासी योगारुढस्तदोच्यते ॥
जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ;
शीतोष्ण सुखदुःखेषु तथा मानापमानयो ॥
ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ;
युक्त इत्युच्यते योगी समलोष्टाश्मकांचनः ॥"

समाधिबाट व्युत्थित भएपछि पनि जसको यस्तो अवस्था रहन्छ, त्यही युक्त योगी हो ।

वाहय वस्तुको चिंतनमा पनि कहिले काँहि मानिसहरुको चित्त एकाग्र हुन जान्छ ; परन्तु यसले त्यो प्रकृत निरोधावस्था आउँदैन, जसवाट ब्रहमभावमा भावित भएर तदाकाराकारित हुन सकोस । ब्रजगोपिनीहरु पनि श्रीकृष्णको ध्यानमा आत्म विस्मृत भएकी थिइन, जगतलाई विर्सिएकी थिइन् । योगाभ्यासको समय प्राणायाम-साधन द्वारा योगीको चित्त स्पन्दन शून्य हुँदै हुँदै देहज्ञान विलुप्त हुन जान्छ । तब मिथ्या 'म' लाई 'म' रुपमा वोध गर्दैन । त्यतिबेला मन र वासना नरहेमा जुन एक विशुध्द चैतन्यको बोध हुन्छ त्यो सर्वव्यापक हुन्छ, अथवा सवचिज उही हो यस प्रकारको वोधको त्यतिखेर जुन एक अखण्ड धारा प्रवाहित हुन्छ त्यही आत्मबोध कहलाइन्छ । यस अवस्थामा परिछिन्न अहंज्ञानको बोध नरहनुको कारण विविध भावनाहरुको या वोधहरुको स्पन्दन पनि लुप्त हुन जान्छ । तवै प्रकृत प्राणायाम हुन्छ अर्थात प्राणको आयाम विस्तारको अनुभव हुन्छ । यसै अवस्थालाई लक्ष्य गरी ज्ञानीहरु भन्दछन् -

"चित्तादिसर्वभावेषु ब्रहमत्वेनैव भावनात् ;
निरोधः सर्ववृत्तीनां प्राणायामः स उच्यते ॥"

चित्तमा सदा अनवरत जुन संकल्पको तरंगहरु उठिरहन्छन्, त्यसलाई पनि ब्रहमभावले भावित गर्नु पर्नेछ । जल एवं तरंग भिन्न छैन, समस्त स्पन्दनहरुमा एक चिरस्थिर अवस्था विद्यमान छ, त्यसको धारणा गर्नु पर्नेछ । परन्तु केवल चिन्ता द्वारा नै त्यो अवस्था प्राप्त हुँदैन । चिन्तामा मन रही नै रहन्छ, अनि निश्चिन्त भाव नै ब्रहमस्वरुप हो । अतयव संकल्प या मनोधर्मलाई बचाई राख्नाले ब्रहमस्वरुपता प्राप्त हुने छैन । यसको लागि के गर्नु पर्ला ? यसको लागि जुन बस्तुतः निजस्वरुप छ, त्यस स्वरुपमा फर्की आउनु पर्नेछ । चैतन्य जब चेत्य विषयमा उन्मुख हुन्छ त त्यस उन्मुखी भावलाई नै संकल्प भन्दछन् । परब्रहम जब आफ्नो शक्तिको विषयमा भावनायुक्त हुन्छ, अर्थात स्पन्दित हुन्छ त त्यो स्पन्दन नै जीव जगत् एवं ब्रहमाण्डको रुपमा परिणत हुन जान्छ । क्षुद्र भावमा रहँदा पनि त्यो संकल्प या स्पन्दन प्रत्तेक जीवमा रहन्छ, अनि त्यो जबसम्म बनिरहने छ तबसम्म मनको वहिर्मुखता या सृष्ट्युन्मुखता लुप्त हुने छैन । यसैकारण संकल्पको उपशम सिवाय अन्य कुनै उपायले जीव ब्रहमभावलाई प्राप्त हुन सक्दैन । विषयहरुमा दोष दर्शन गर्दै गर्दै विषयस्पृहाको केही उपशम त हुन सक्छ, परन्तु विषयाभिलाषा निःशेष

रुपले छुट्दैन । यहाँ सम्म कि विषयदेखि टाढा टाढा जंगलमा गए पनि विषयसंग छुट्दैन । किनभने मन विषयहरु सँगै बाँधिएको हुन्छ । स्पन्दन नै मन हो र त्यही जगत् हो तथा मन नै प्राण हो र त्यही स्पन्दन हो, एक दोश्रोबाट पृथक छैन, अतयव दुवैमा एक रहँदा खेरि दुवैको रहनु हुन्छ । अस्तु गृहत्याग गर्नाले पनि चित्त निरुध्द हुने छैन । यसैले घरमा बस या बनमा जाऊ, सर्वत्र चित्त निरोधको अभ्यास गर्नु आवश्यक छ । चित्तलाई कदापि बाहिर दौड्न दिनु ठीक छैन - यसरी दृढ संकल्प गरेर पनि चित्तलाई वृत्तिशून्य बनाउने संभव छैन । चित्तलाई वृतिशून्य गर्नको लागि, चित्त-बुद्बुदको उत्पत्ति थलो जुन जल तरंगरुप प्राण छ त्यस प्राणलाई सर्वप्रथम रोक्नु पर्नेछ । प्राणायामादि योगाम्यासको सहायताले प्राणलाई स्पन्दन शून्य गरिन्छ । प्राण निस्पन्दित हुन गएमा मन र साथसाथै सारा इन्द्रियादि वृत्तिहरु निस्पंन्द हुन जानेछ । शुद्ध प्राण-मनसँगै भगवद् चिन्तन गर्नाले चित्त भगवद्ध्यानमा मग्न हुन जानेछ र समस्त विषय चिन्ता विर्सन जानेछ । चित्तको स्पन्दन नरहेमा त्यसको विषय ग्रहण बन्द हुनेछ । तवै चित्त वृत्ति शून्य भएर चिदाकारमा अवस्थित हुनेछ । यसैले एकतिर देखि विषय चिन्तनबाट मनलाई हटाउँदै जानु पर्नेछ । यसको लागि साधुसँग, देवपूजा, या जनसेवा आदि सात्त्विक कर्महरुमा मन, प्राण र शरीरलाई लिप्त राख्नु पर्नेछ । मन लगाएर प्राणायामको अभ्यास गर्नाले शीघ्र नै प्रत्याहार लाग्नेछ, अझै अरु पनि प्रयत्न गर्नाले मन संकल्प शून्य हुँदै हुँदै एकदमै कामसंकल्पले रहित भएर स्थिर हुनेछ । मनले एस स्थिरताको आनन्द प्राप्त गरी फेरि विषयमा भ्रमण गर्न चाहने छैन । तवै यथार्थ विषय त्याग हुनेछ । यसको लागि अभ्यासको दृढताको रक्षा गर्नु पर्नेछ, सतसंग गर्नु आवश्यक छ र कहिले कांहि अपेक्षाकृत निर्जन स्थानमा रहनु पनि आवश्यक छ । निर्जन स्थानमा केही समय विताएर बीच बीचमा जनपूर्ण कोलाहलमा रहिकन देख्नु पर्नेछ-मन विचलित हुन्छ या हुँदैन । नाना किसिमको ल्केश, अभाव एवं विषमताहरुको बीचमा रहँदै हेर्नु पर्नेछ - मनमा धैर्यच्युति हुन्छ या हुँदैन । जसरी शरीरको कुनै अंगमा वेदना हुँदाखेरि सवै काममा त्यो वेदना नै अनुभूत हुन्छ, उसरी नै सन्सारको विविध एवं विचित्र अवस्थाहरुमा परेर पनि भगवान्लाई भुल्दछ या भुल्दैन यो हेर्नु पर्नेछ । यदि सबै अवस्थाहरुमा भगवान्को स्मरण हुँदैन भने त बुझ्नु पर्नेछ - मनको मैला अझै ठीकसँग छुटेको छैन । निश्चय नै नियमित भगवत स्मरणको यो अवस्था ल्याउनको लागि गृहस्थलाई नियमित परिश्रम गर्नु अत्यावश्यक छ । मनुष्यले परिश्रम गर्दै यस किसिमसँग जति हुन सक्छ गरोस । त्यस पछि साधकको सूक्ष्म दर्शन गर्ने बुध्दि तीक्ष्ण भएमा अब अगाडि जो हुनु पर्छ त्यो भगवत् कृपाले आफ से आफ हुनेछ । परन्तु चित्तको निरोध नभएमा ब्रहमस्वरुपको अनुसन्धान गर्न सकिंदैन । जवसम्म चित्तमा वृत्तिहरुको अभिस्फुरण भैरहन्छ, तवसम्म चित्तस्वरुपलाई सही तरिकासँग धारण गर्न सकिंदैन । यसैले यत्नपूर्वक चित्तलाई वृत्तिशून्य गर्नु नै पर्नेछ । जाग्रत, स्वप्न, सुषुप्तिमा चित्तवृत्ति विद्यमान रहन्छ, यसैले चित्तस्वरुप सदा वर्तमान रहेर पनि जाग्रदादि तीन अवस्थाहरुमा त्यसको विकास वुझिनमा आउँदैन । जब चित्त विषयाकार वृत्तिहरुले शून्य हुन जान्छ त त्यो चित्त रहँदैन, र त्यस अवस्थालाई निर्वाण अवस्था भन्दछन्, परन्तु त्यो शून्यमात्र हुँदैन - त्यसैलाई विशुध्द चैतन्य बुझ्नु पर्दछ ॥१५॥

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नत ;
न चातिस्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

श्री धरीय टीका–[योगाभ्यासको आहारादिको नियम वताउनु हुन्छ]–अधिक भोजन गर्नेहरुलाई, तथा विल्कुलै भोजन नगर्नेहरुलाई पनि समाधि हुँदैन । अति निद्राशील अथवा अति जागरणशीललाई पनि योग समाधि हुँदैन ॥१६॥

आध्यात्मिक व्याख्या - "धेरै खाएमा योग हुँदैन, विल्कुलै नखाँदा पनि योग हुँदैन - धेरै सुत्ने र धेरै जाग्दामा पनि योग हुँदैन ।"

- *"अति भोजनं रोगमूलम्"* अति भोजन रोगको कारण हुन्छ । यसैले योगीलाई आहार सम्बन्धमा विशेष सतर्क रहनु जरुरी छ । शरीरमा रोग उत्पन्न भए फेरि योगाभ्यासमा सुविधा रहँदैन । रोगादिलाई योगविघ्न भन्दछन् । स्वास्थ एवं बलको रक्षार्थ उपयोगी आहार गर्नु पर्नेछ र त्यस आहारको पवित्रता एवं परिमित हुन पनि आवश्यक छ । जुन मानिसहरु योगाभ्यासमा धेरै समय लगाउँछन् उनीहरुको लागि एकाहार गर्नु पनि खराव छैन । दिनको आहार चाहे जे हुन, रात्रीको आहार अत्यन्त लघुहुनु आवश्यक छ । अत्यन्त भोजन तथा अधिक उपवास यी दुवै नै योगाभ्यासको लागि हानीकर छन् । श्रुति भन्दछन् -

"यदु ह वा आत्म सम्मितमन्नं तदवति तन्न हिनास्ति ;
यद्‌भूयो हिनस्ति तद् यत् कमीयो न तदवति ॥"-

जसले आत्म सम्मित अन्न भोजन गर्दछ, त्यो अन्नले भोक्ताको रक्षा गर्दछ, उसलाई हानी गर्दैन । श्री शंकराचार्य भन्नु हुन्छ -

"तस्माद् योगी नात्मसम्मितादन्नादधिकं न्यूनं वाऽश्नीयात् ।"

अतयव योगीले आत्म सम्मित अन्न नै भोजन गरोस, त्यो भन्दा धेरै होइन अनि तदपेक्षा थोरै पनि होइन । योगशास्त्रमा लेखिएको छ -

"द्वौ भागौ पूरयेदन्नेस्तोयनैकं प्रपूरयेत् ;
वायोः संचरणार्थाय चतुर्थम्वशेषयेत् ॥"

योगीले पाकस्थलीको दुई भाग अन्न द्वारा र एक भाग जलद्वारा पूर्ण गरोस, अनि चौथोभाग वायु संचरणको लागि खाली राखोस । - अनाहार या भोको रहेर योगाभ्यास गर्नु हुँदैन । शास्त्रविहित उपवासको दिन स्वल्पाहार या फल, दुग्ध ग्रहण गर्नु नै ठीक छ । अवश्य नै सालमा ५-६ निर्जल उपवास बस्नु नराम्रो हुँदैन, परन्तु अधिक उपवास ठीक छैन । नियमित एवं शुद्ध आहार विना योगाभ्यास निष्फल छ । शास्त्रमा लेखिएको छ -

"मिताहारं विना यस्तु योगारंम्भंच कारयेत् ;
नाना रोगो भवेत्तस्य किंचित योगो नंसिध्यति ॥" -

योगाभ्यासको वेला जसले मिताहार गर्दै चल्दैन, त्यसलाई किंचित पनि योगसिद्धि त हुने नै छैन, वरु झन नाना किसिमको रोगहरुले समाउने छ ।

"ब्रहमचारीं मिताहारी त्यागी योग परायणः ;
अब्धादुर्ध्वं भवेत्सिद्धो नात्र कार्या विचारणा ॥" -

त्यागी पुरुष ब्रहमचारी एवं मिताहारी भएर योगाभ्यास गरोस त एक वर्ष पश्चात् त्यसले सिद्धि प्राप्त गर्न सक्दछ ।

"वन्हिस्त्रीपथिसेवा नामादौ वर्जनमाचरेत् ;
प्रातः स्नानो पवासादि काय ल्केश विधिं तथा ॥"

योगाभ्यासको समय अग्नि सेवा, स्त्री संभोग या लामो दूरीको यात्रा, प्रातः स्नान उपवास या काय ल्केशादि गर्नु हुँदैन । मार्कण्डेय पुराणमा लेखिएको छ - अनाहारी भएर, क्षुधित अवस्थामा परिश्रान्त भएर अथवा व्याकुल चित्तले योगाभ्यास गर्नु हुँदैन । अवश्यै यी सारा निषेध प्रथमावस्थाका हुन । अभ्यास सुदृढ भएपछि यस किसिमको निषेध केही पनि छैन ।

"अभ्यासकाले प्रथमे शस्तं क्षीराज्यभोजनम् ;
ततोऽभ्यासे दृढीभूते न तादृङ नियमग्रहः ॥"

योगीको अन्नपानको सम्बन्धमा योगशास्त्रमा लेखिएको छ -

" गोधुमशालियवषाष्ठिकशोभनान्न,
क्षीराज्यखण्डनवनितसितामधूनि ;
शुण्ठिकपटोलफलादिकपंचशाकं,
मुद्गादिदिव्यंमुदकं च यतीन्द्रपथ्यम् ॥"

मूगी, गेहुँ, जौ, धान सुन्दर अन्न, घ्यु, दूध, नौनी, मधु, मिश्री, सोंठ, परवल आदि फल, पालक आदि सागहरु योगीको लागि सुपथ्य छन् । निषिध्द आहार यी हुन -

"मांस दधि कुलत्थं च लशुनं शाकमेवच ;
कट्वम्लंतिक्तपिन्याकहिंगसौवीरसर्षया ॥
तैलं च वर्जान्येतानि यत्नतो योगिना सदा ;
पुनरुष्णीकृतं द्रव्यसहितं चेति केचन ॥"

मांस, दही, कुलथी, लशुन, प्याज, शाक, कटु, अम्ल, तिक्त, पीना, हींग, बयर, सरस्युंको तेल - यिनीहरुको

यत्नपूर्वक त्याग गरोस । कुनै वस्तु चीसो भएको छ भने त्यसलाई फेरि तताएर खान पनि निषेध छ। योगाभ्यासीलाई निद्राको सम्वन्धमा पनि नियम हुनु पर्दछ। अनियमित निद्रा या जागरण योगीको लागि त्याज्य छ। अति निद्राले शरीर र मनमा तमोगुण वढाउँछ, आलस्यको कारण साधना गर्ने इच्छा नै हुँदैन। अनिद्राले मस्तिष्क उष्ण हुन जान्छ, काम गर्ने समयमा तन्द्रा आउँदछ, राम्रोसँग मनोयोग हुँदैन। अतयव ध्यानादिमा विघ्न हुन्छ। योगाभ्यासीलाई दिनमा सुत्नु र राती अवेर सम्म जाग्नु ठीक छैन। रातको प्रथम प्रहर जागेर द्वितीय एवं तृतीय प्रहर निद्राको लागि राख्नु ठीक छ। प्रथम प्रहर जागेर द्वितीय प्रहर निद्राको लागि राख्नु ठीक छ। प्रथम र चतुर्थ प्रहरमा साधनाको लागि वस्नु उचित छ। जुन मानिसहरु धेरै वेर सम्म नियमित अभ्यास गर्दछन, तिनीहरुको स्वभावतः निद्रा घट्दै जान्छ, तव तृतीय प्रहर या त्यसको अन्तिम आधा समय पनि साधनाको लागि उपयोग गर्न सकिन्छ। जो धेरै समय सम्म सुत्नुको अभ्यासी छ, अर्थात् जसको शरीरमा कफको अधिकता छ, तिनीहरुले यदि यत्न पूर्वक निद्रालाई कम गर्दैनन् भने त योगाभ्यासमा समर्थ हुने छैन। दिंउसो सुत्नाले तमोगुण एवं कफको वृद्धि हुन्छ, अतयव त्यो पनि त्याज्य छ। निश्चय नै वृद्धावस्थामा आहार पछि देब्रेकोल्टे केही निद्रा लिनु त्यति हानिकारक छैन ॥१६॥

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ;
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

श्री धरीय टीका–[तव कुन किसिमको पुरुषलाई योग प्राप्त हुन्छ ? यही बताउनु हुन्छ]–जसको आहार नियमित छ, विहार अर्थात भ्रमणादि गति नियमित छ, कार्यहरुमा जसको चेष्टा नियमित छ, तथा जसको निद्रा र जागरण नियत अर्थात परिमित छ, यस किसिमको मनुष्यलाई योगाभ्यास दुःख निवर्त्तक हुन्छ। अर्थात योग सिद्धि हुन्छ ॥१७॥

आध्यात्मिक व्याख्या - "क्रियाको परावस्थामा रहेर आहार गरोस् विहार गरोस, सुतोस, चेष्टा गरोस्, कर्म गरुन् - यस्तो नगर्नाले योग हुँदैन, यो गर्नाले योगमा कुनै ल्केश हुँदैन।"-

- योगाभ्यासको प्रथमावस्थामा खूब बाँधिएको नियमहरु हुनु नै ठीक हुन्छ। नियम नरहेमा कुनै कार्यमा शफलता प्राप्त हुँदैन। योगाभ्यासको सम्वन्धमा त यसमा विशेष ध्यान दिनु नै पर्दछ, यो भन्नु पर्ने त्यति जरुरी छैन। ठीक समयमा सुत्नु, ठीक समयमा उठ्नु, ठीक समयमा भोजन, ठीक समयमा कीर्त्तन भजन-ध्यान हुनु पर्दछ, अनि यिनीहरुमा प्रत्तेकलाई जति समय दिइन्छ त्यसको पनि व्यतिक्रमक हुनु हुँदैन। यसमा पनि ध्यान दिनु पर्नेछ। सबै किसिमको संयम अभ्यास अर्थात् यम-नियम-आसनादिको अनुष्ठानमा दृढता-यी सवै द्वारा योगमा दृढभूमिको प्राप्ति हुन्छ। प्राणायाम द्वारा चित्तको बहुधा वृत्तिको वहिष्कार गरिन्छ, यसले चित्त निर्मल भएर प्रशन्नता प्राप्त गर्दछ। प्रशन्न चित्तमा नै बुद्धि प्रतिष्ठित हुन्छ, अर्थात् त्यस बुद्धिको व्यतिक्रम हुँदैन। असम्बध्द तरीकाले साधन गर्दा खेरि सुफल त मिल्दैन नै कुफलको संभावना पनि हुन्छ। योग तबै सबै दुःखहरुको नाशक हुन्छ तब योगी देहाभिमान त्यागी केवल आत्मरतिमा नै समुत्सुक हुन्छ, लक्ष्य केवल आत्मामा राख्दछ। यस अवस्थामा रही योगीले उपस्थित

कर्महरुलाई यथासाध्य एवं यथा संभव गरिरहन्छ । अनि जे जति गर्दछन् ती सब नारायणमा समर्पण गरेर गर्दछन्, आफ्नो सोचीकन आहार विहारादि पनि गर्दैनन् - यस किसिमका स्थिर लक्ष्य साधकले नै वस्तुतः सिद्धि प्राप्त गर्दछन् । उनीहरुकै समाधि-साधन समस्त सांसारिक दुःखहरुको नाशक हुन्छ, अर्थात् योगाभ्यासमा साधकको ज्ञानको यति विकाश हुन्छ - त्यसको साथ निरोध अवस्था उत्पन्न भएर योगीको समस्त दुःखहरुलाई विनाश गर्दछ । उसको अन्तःकरणमा अरु कुनै संस्कार संचित हुन सक्दैन, पूर्व संस्कार पनि नष्ट हुन जान्छ, अतयव योगीलाई कुनै वस्तुले सन्तप्त गर्न सक्तैन । व्यावहारिक जगत् अनि त्यससँगको सम्वन्ध योगीको चित्तवाट दूर हुन जान्छ, त्यसरी नै जसरी स्वप्नावस्थामा भएको सुख-दुःखको अनुभव जाग्रत पुरुषलाई सुखी या दुःखी गर्न पाउँदैन । यही द्रष्टा एवं दृश्यको एकताको अनुभवस्वरुप परम योग हो । नियमित चेष्टाशील अनि संयतशील साधकले यस परम योगलाई प्राप्त गरी कृतार्थ हुन जान्छन् । ॥१७॥

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ;
निः स्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

श्री धरीय टीका–[योगी पुरुष कहिले निष्पन्न योग भनिन्छ ? यही बताउनु हुन्छ]–जव विशेषरुपले चित्त निरुध्द भएर केवल आत्मामा नै निश्चल भावसँग अवस्थान गर्दछ, तथा सबै किसिमको दृष्टादृष्ट विषयभोग देखि विगततृष्णा हुन जान्छ, तब उसलाई प्राप्त योग भन्दछन् । ॥१८॥

आध्यात्मिक व्याख्या- "अड्की रहनु यसको नाम हो - जब विशेषतः निःशेषरुपले चित्त संयत हुनेछ - अनि आत्मामा नै आत्मा क्रियाको परावस्थामा लागि रहनेछ - तब कुनै विषयमा इच्छा हुने छैन, यसलाई युक्त भन्दछन् ।" -

- हाम्रो समस्त भोग्य पदार्थ अर्थात् शब्द, स्पर्श, रुप, रस, गन्ध क्षिति, जल, तेज, मरुत्, व्योम आदि पंचभूतहरुवाट प्राप्त हुन्छन् । जब "लागिरहनु" अर्थात् निरुध्द अवस्था यति यति घनीभूत हुन जान्छ- त्यसबाट साधक फेरि च्युत हुँदैन, तब चित्त निःशेषरुपले संयत भनिन्छ । तब योगीलाई इहलोक या परलोकको कुनै इच्छा नै रहँदैन । समस्त सम्बन्धहरुबाट रहित योगीको एकमात्र अवलम्बन तब आत्मा नै रहन्छ । कुनै विषय नहुनुको कारण, चित्त पनि चित्स्वरुपमा लय भएर आत्माको साथमा मिल्दछ, जलविम्ब जलमा मिल्न जान्छ, यही युक्तावस्था हो । यो असम्प्रज्ञात योगको अवस्था हो । चित्त विलकुलै लय नभैकन यो अवस्था आउन सक्तैन । साधनाको सामयिक चेष्टाको फलस्वरुप विक्षिप्त चित्त केही स्थिर हुन्छ । विषय भावना हुनासाथ चित्त तदाकार हुन जान्छ, यही चित्तको वृत्तिरुप परिणाम हो । यस किसिमसँग सहस्र चित्त वृत्तिहरु चित्त सागरमा जल तरंग समान उठ्दछन् र डूब्दछन् । जब साधना द्वारा चित्तमा नाना वृत्तिहरु उदित नभैकन केवल एकमात्र ध्येय वृत्ति उदित भैरहन्छ, तव त्यसलाई सम्प्रज्ञात समाधि भन्दछन् । यस सम्प्रज्ञात समाधिको चार किसिमको अवस्थाहरुको वर्णन पहिले गरिसकिएकोछ । जव एक वृत्ति पनिरहँदैन, तथा दीर्घकाल पश्चात् पनि वृत्ति तरंगहरुको उदय हुनुको संभावना रहँदैन, तव त्यही असम्प्रज्ञात योगावस्था हुन्छ । निश्चय नै वैराग्यविहीन चित्तमा कुनै किसिमको समाधि लाग्दैन ।

वैराग्यको अर्थ हुन्छ विषय ग्रहण गर्ने अनिच्छा, अनि भगवत् प्राप्तिको ऐकान्तिक इच्छा एवं प्रचेष्टा । यो साधारण वैराग्य हो, साधना गर्दै गर्दै फेरि परवैराग्यको उदय हुन्छ । तवै योगी "निःस्पृहः सर्व कामेभ्यः" हुन जान्छ । यस्को लागि प्राणायाम आदि गर्नुको प्रयोजन कहाँ रहन्छ ? श्री मद्भागवतमा लेखिएका छन -

"नष्टप्रायेष्वभद्रेषु नित्यं भागवत्सेवया ;
भगवत्युत्तम श्लोके भक्तिर्भवति नैष्ठिकी ॥
तदा रजस्तमोभावाः कामलोभादयश्चये ;
चेत एतैरनाविस्थितं सत्त्वे प्रसीददति ॥
एवं प्रशन्न मनसो भगवद् भक्ति योगतः ;
भगवत्तत्त्व विज्ञानं मुक्त संगस्य जायेते ॥
भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ;
क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे ॥"

- नित्य अर्थात सदा परम भागवतरुप साधुजनको संग गर्नाले काम क्रोधादि अकल्याणकर वृत्तिहरु निस्तेज भएर नष्ट प्राय हुन जान्छन, तवै उत्तम - श्लोक भगवान्मा निश्चला भक्तिको उदय हुन्छ । तब रजो गुण र तमोगुणले उत्पन्न काम क्रोधादि भावहरु द्वारा अनाविध्द भएर चित्त सत्त्वगुणमा अवस्थित हुन्छ । यसरी ब्रहमचिन्तनमा निरत भएर चित्त प्रसाद या परमानन्दको उपभोग गर्दछ । भगवद् भक्ति द्वारा भगवान्को साथ चित्तको योग हुन्छ । एस्तो योग प्राप्त मनुष्य परमानन्द लाभ गर्दछ र विषयहरु प्रति आसक्तिरहित हुन जान्छन् । यो वैराग्य उत्पन्न भएमा यथार्थ भगवत्तत्त्व-विज्ञान अर्थात ज्ञानको स्फुरण हुन्छ । जुन वासुदेवरुपमा समस्त सृष्ट वस्तुहरुको आत्मा हुन्, उसको दर्शन प्राप्त हुन्छ, अर्थात् स्वरुपानुभव हुन्छ । तब जुन अविद्याले देहात्मभाव उत्पन्न गरी मन र बुद्धिलाई शरीरादिसँग आवद्ध गरिराखेको थियो, त्यो बन्धन ग्रन्थि छिन्न हुन जान्छन् । तमोगुणको प्रभावले मनमा जुन कुतर्क र असम्भावनादि रुप संशय उठदथे, ती चिरकालको लागि निवृत्त हुन जान्छन र सबै प्रारव्ध कर्म पनि नष्ट हुन जान्छन् । श्री मदभागवत्को मतानुसार भक्तिविना ज्ञान उत्पन्न हुँदैन, तथा गीतामा पनि लेखिएको छ -

"भक्त्या मामभिजानाति यावान् यश्चास्मि तत्वतः ;
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम्" ॥ (गी. १८. अ)

- परा भक्ति द्वारा मलाई तत्त्वतः जान्न सक्दछ । म जसरी (सर्वव्यापी) तथा जुन (सच्चिदानन्दस्वरुप) छु त्यसलाई जान्न सक्तछ । मलाई यसरी यथार्थरुपमा जानिकन तत्पश्चात् ममा नै प्रवेश गर्दछ, अर्थात परमानन्दस्वरुप हुन जान्छन । परन्तु यस प्रकारको उनको भक्त को हुन सक्छ ? गीतामा भक्तको लक्षण यसरी दिइएको छ -

"सन्तुष्ट सततं योगी यतात्मा दृढनिश्चयः ;
मय्यर्पित मनोवुद्धि-र्योमद् भक्तः स मे प्रियः ॥"

जो प्रशन्न चित्त, अतयव योगी, संयतचित्त, दृढनिश्चय तथा ममा मनोवुद्धि अर्पण गर्नेवालाहरु छन्, यस्तो भक्त मलाई प्रिय छ । पुनः अठारौं अध्यायमा यस्तो भक्तिलाई कसले प्राप्त गर्दछ ? वताउनु हुन्छ -

"ब्रहमभूतः प्रसन्नात्मा नशोचति न कांक्षति ;
सम सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥"-

यस पराभक्तिलाई कसले प्राप्त गर्दछ ? जो ब्रहमभूत छन्, अर्थात् ब्रहममा अवस्थित (ब्रहमलाई प्राप्त-शंकर) प्रसन्नचित्त छन (यहा भागवतको "एवं प्रसन्न मनसः" याद राख्नु योग्य छ) यस्तो पुरुषले शोक गर्दैन नत आकांक्षा नै गर्दछन, किनभने उसमा शरीरादिको अभिमानको अभाव हुन्छ । जो सवै भूतहरुमा समदर्शी छन्, उसैले परा भक्तिलाई प्राप्त गर्दछन् । अब विचार गर्नु पर्ने कुरा छ - जसलाई ज्ञान छैन, अतः पराभक्तिको उदय पनि भएको छैन, त्यसलाई उपर्युक्त अवस्था कसरी प्राप्त हुन सक्तछ ? शास्त्रज्ञ मानिसहरु भन्दछन - सवै किसिमको अकल्याणको मूलजरो चित्तको अशुद्धि हो । चंचलता नै चित्तको अशुद्धि या मलिन भाव हो । अतयव नाना किसिमको वासनाहरु रहुंजेल चित्तको विक्षेप शून्यता या चित्तशुद्धि हुँदैन । यी नाना किसिमका वासनाहरु कसरी प्राण द्वारा स्पन्दित भएर मनमा वासना या तरंगको रुपमा उदित हुन्छ, यसको वर्णन अनेकवार यस गीताकै व्याख्याको अवसरमा मैले गरेको छु । प्राण स्थिर नभैकन भगवद् उपासनाको कुरा विडम्वना मात्र हो । अतयव प्राणलाई स्थिर गर्नको लागि प्राणायामादिको योगाभ्यास अवस्य नै गर्नु पर्दछ । यसैले श्रीभगवान्ले गीतामा अनेकवार अनेकस्थानहरुमा यस्को निर्देश दिनु भएकोछ । प्राणायाम साधनले जुन लाभ हुन्छ, त्यस विषयमा सिद्ध ऋषि पतंजलिको सिद्धान्त यहाँ केही अंशमा देखाइएको छ । पातंजल दर्शनको साधन पादमा *"योगांगानुष्ठानादशुद्धिक्षयज्ञानदीप्तिराविवेकख्यातेः"* । योगांगहरुको अनुष्ठान द्वारा अशुद्धिको नाश हुन्छ, विक्षेपरुपी अशुद्धिको नाश साथै ज्ञानको अभिव्यक्ति हुन्छ । ज्ञान वढ्दै वढ्दै विवेकख्याति पर्यन्त जान्छ । केवल प्राणायामको सम्वन्धमा भन्नु हुन्छ - *"ततः क्षीयते प्रकाशावरणम्"-"धारणासु च योग्यता मनसः"* प्राणायामको अभ्यास गर्नेवाला योगीको विवेक ज्ञानको आवरणभूत कर्म क्षयलाई प्राप्त हुन्छ, तथा धारणादिमा मनको योग्यता प्राप्य हुन्छ । श्रुतिमा लेखिएको छ - *"तपो न परं प्राणायामात् ततो विशुद्धिर्मलानाम् दीप्तिश्च ज्ञानस्येति"* - प्राणायामको अपेक्षा श्रेष्ठ तपस्या अरु केही छैन, त्यसले सारा मलहरुको विशुद्धि एवं ज्ञानको दीप्ति हुन्छ । प्राण क्रियाको सम्वन्धमा धेरै कुराहरु भन्नु परेकोछ, परन्तु यहाँ यति नै भन्नु यथेष्ट हुनेछ - आत्माको प्रकाश या अस्तित्वको सम्वन्धमा धेरैजसो मानिसहरुले सन्देह गर्दछन्, त्यो सन्देहको आवरण प्राणायाम द्वारा नै क्षय हुन जान्छ, र धारणादिको विषयमा मनको योग्यता प्राप्त हुन्छ । आध्यात्मिक देशमा चित्तलाई वाँध्ने योग्यता प्राप्त हुन्छ । प्राणायाम गरेको समयमा निरन्तर आध्यात्मिक देशहरुकै भावना गर्नु नै पर्दछ । जसको अनवरत भावना भैरहेछ त्यसमा चित्तलाई

बाँध्ने योग्यता प्राप्त हुन्छ, यस्मा सन्देह नै के छ र ? यो बाहेक पतंजलि भन्नु हुन्छ - *"सत्त्वपुरुषयोः शुद्धि साम्ये कैवल्यमिति"*- बुद्धि सत्त्व जव रज र तमको मलबाट शून्य भएर अत्यन्त शुध्द हुनछ, अनि अविद्याको संगबाट पुरुषमा जुन अशुद्धि कल्पित हुन्छ त्यसको निवृत्ति हुन्छ तब दुवैको शुद्धि साम्य हुन्छ। यही कैवल्यपद हो। साधनाले बुद्धि अन्तरमुखी भएर डुब्न जान्छ। तर फेरि त्यसको व्युत्थान हुन्छ। जवसम्म व्युत्थान भैरहन्छ तब सम्म सम्झनु पर्नेछ - बुद्धिको पूर्ण शुद्धि भएको छैन। पूर्ण शुद्धि भएमा आत्म-प्रत्यय अखण्ड धारा समान वहन लाग्दछ। यही परम धाम *"यद गत्वा न निवर्तन्ते"* हो। योगाभ्यास द्वारा जुन अशुद्धिको क्षय हुन्छ, त्यसले एक अखण्ड ज्ञान धारा प्रवाहित हुन्छ, जसको फलस्वरुप चित्त व्युत्थानरहित भएर आत्मामा विलीन हुन जान्छ। यसबाट योगाभ्यासको प्रयोजनशीलता एवं शास्त्रीयता प्रमाणित भयो ॥१८॥

यथा दीपो निवातस्थो नेंगते सोपमा स्मृता ;
योगिनो यतचित्तस्य युंजतो योगमात्मनः ॥१९॥

श्री धरीय टीका–[आत्माको साथ एकाकारमा अवस्थित चित्तको दृष्टान्त भन्नु हुन्छ]–निर्वात स्थानमा प्रदीप जसरी विचलित हुँदैन, यो दृष्टान्त कसको लागि हो ? आत्म विषयक योगाभ्यासी, संयतचित्त योगीको अचंचल चित्तको यो दृष्टान्त हो। निष्कम्पता एवं प्रकाशकताको हेतु निर्वातस्य दीप समान योगीको चित्त अचंचल रहन्छ ॥१९॥

आध्यात्मिक व्याख्या - "आत्मयोगी क्रिया गर्दछन् - एक प्रदीप जसरी अचंचल हावामा बल्दछ उसरी योगीको आत्मा स्थिररुपमा रहन्छ।" -

साधनाद्वारा योगीले जब क्रियाको परावस्थालाई प्राप्त गर्दछ त त्यस समयमा उसको मनको अवस्था कस्तो हुन्छ, यही दृष्टान्त द्वारा सम्झाउनु हुन्छ। स्थिर वायु भएको स्थानमा दीपशिखा जसरी अलिकति पनि हल्लिदैन, प्रदीपको मुखबाट क्रमशः सूक्ष्मबाट सूक्ष्मतर हुंदै हुंदै अन्तमा आफ्नो अग्रभागले मानो आकाशलाई छुन्छ, पश्चात् त्यसको सूक्ष्मरेखा पनि देखिनमा आउँदैन। योगीको संयत चित्तको यही राम्रो उपमा हो। योगाभ्यासद्वारा योगीको चित्त पनि संयत हुँदै हुँदै समस्त वृत्तिहरु एकमुखी भै एकाकार हुन जान्छ। अन्तमा सूक्ष्मतम स्पन्दन पनि असीम चिदाकाशमा मिलेर एक हुन जान्छ। तरंगहीन समुद्र जसरी स्थिर अचंचल हुन्छ, कल्पना शून्य चित्त पनि उसरी नै स्थिर हुन्छ। यो स्थिर चित्त नै त्यतिखेर चित्सत्ताको साथ एकाकारमा अवस्थित हुन्छ। यसैको नाम समाधि हो। जब चित्त स्पन्दनशून्य हुन जान्छ त फेरि त्यसलाई चित्त भन्दैन। त्यस बेला चित्त आत्मसत्तासँगै एकीभूत अवस्थालाई प्राप्त हुन्छ। अतयव चित्तवृत्ति शुन्य भएर जुन स्थिरता अनुभूत हुन्छ, त्यही ब्रहमसत्ता हो र त्यही चिरस्थिर सत्यवस्तु हो। चित्तको चंचलताले जुन केही कल्पित हुन्छ, त्यो भ्रम या मिथ्या कल्पना मात्र हो। नाना वासनाहरुले युक्त चित्त समाधिको लागि अयोग्य हुन्छ। चित्तको यस स्पन्दनयुक्त अवस्थाले भ्रममय एवं दुःखमय सन्सार कल्पित हुन्छ। चित्तको स्पन्दनरहित अवस्थामा ज्ञानको विकास हुन्छ। तब जगद्-दर्शन हुँदैन, सर्वत्र

व्रहम-दर्शन हुन्छ । यस्तो योगीले आफ्नो इच्छा अनुसार विषयहरुको ज्ञान प्राप्त गर्न सक्दछ, संकल्प गर्दै नगर्दै समस्त ऐश्वर्य योगीको अगाडि उपस्थित हुन जान्छ । परन्तु समाधि मग्न योगीको वासनावीज एकदमै निर्मूल हुन जान्छ, अनि आत्माकारमा अवस्थित हुनुको कारण *"निःस्पृहः सर्व कामेभ्य"* अवस्था सिद्ध हुन्छ । जब उसको मन नै छैन भने त वासनाको उदय हुन्छ कहाँवाट ? तथा त्यहाँ ज्ञानको स्वच्छ निर्मलतामा विषयको कुनै दाग लाग्दैन, अतयव योगीलाई त्यसमा कुनै मोह या आकर्षण हुँदैन । प्राणको चंचलताले नै चित्तको स्पन्दन हुन्छ, यसैकारण त्यसको स्पन्दनलाई दूर गर्नको लागि सवभन्दा पहिले प्राण स्पन्दनको निरोध हुनु आवश्यक छ ॥१९॥

यत्रोपरमते चित्तं निरुध्दं योगसेवया ;
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

श्री धरीय टीका–["जसलाई संन्यास भन्दछन् त्यसलाई नै योग जान" - यस द्वारा पहिले योगशव्दलाई कर्मको अर्थमा भनेको छ, अनि "अति भोजनशील मनुष्यलाई योग हुँदैन" - यहाँ योग शव्द द्वारा समाधिको संकेत गरिएको छ । अतयव मुख्य योग के हो ? यसलाई बताउनको लागि जुन समाधिको लक्ष्य सचेत गरिएको छ त्यही मुख्य योग हो - सांढे तीन श्लोकहरुमा यही वताई रहनु भएको छ]–जुन अवस्था विशेषमा योगाभ्यास द्वारा निरुध्द चित्त उपरत हुन्छ, अर्थात निष्क्रिय हुन्छ - त्यही योगको स्वरुप, लक्षणरुपमा भनिएको छ । किन भने पातंजलसूत्रमा "चित्त वृत्तिको निरोध" नै योग भनिएको छ । इष्ट प्राप्तिको लक्षणस्वरुप फल द्वारा त्यसलाई लक्ष्य गरिएको छ । जुन अवस्था विशेषमा शुद्ध मन द्वारा हामी आत्मालाई देख्दछौं, देहादिमा दृष्टि रहँदैन, तथा आत्मालाई देखेर त्यसमा नै परितुष्ट हुन्छ, विषय प्राप्तिमा कुनै तुष्टिवोध हुँदैन - त्यस अवस्था विशेषलाई समाधि या योग सम्झनु पर्दछ ॥२०॥

आध्यात्मिक व्याख्या - "क्रियाको परावस्था रहँदा - चित्त विज्ञानपदलाई प्राप्त भै जहाँ रात छैन - सबै रुप देख्दछ - वायु स्थिर भएर क्रिया द्वारा जहाँ आफुलाई आफैले देखेर आफैमा सन्तुष्ट हुन्छ ।"-

क्रिया द्वारा वायु स्थिर हुन्छ यानी तव प्राणको चांचल्य तिरोहित हुन जान्छ, अतयव मन नामको वस्तु त्यस समय केही रहँदैन । मन नरहेपछि उसको विषय भ्रमण हुँदैन । पहिले जुन विषयमा मन दौडिन्थ्यो, मन नरहे पछि ती विषयहरु पनि रहँदैनन् - यही चित्तको वृत्तिहरुको निरोधरुप योगको अवस्था हो । मनको एकतानतामा जव वृद्धि हुन्छ तव साधकले देहलाई विर्सन जान्छ । तव केवल ध्याता र ध्येयमात्र बोधको विषय रहन्छन्, दोश्रो शत शत खण्डज्ञान जुन मनको चंचलताको कारण परिलक्षित हुन्थ्यो - ती खण्डज्ञानहरुको कुरा अब सम्झनामै आउँदैन । जव त्यस भन्दा पनि अचंचल अवस्था आउँछ त ध्याता पनि रहँदैन, ध्येयमात्र अवशिष्ट रहन्छ, अर्थात ध्याता ध्येय वस्तुमा डूब्न जान्छ । खण्ड चैतन्य अखण्ड चैतन्यसंग एकाकार हुन जान्छ । घटाकाश तव अखण्ड महाकाशको साथ अभिन्न हुन जान्छ । यस किसिमसँग चित्तको वृत्तिहरुको निरोध नै योग हो । यही क्रियाको परावस्था हो । क्रियाको परावस्थामा चित्तको अनन्त स्पन्दन एक आत्मसत्तामा डूब्न जान्छ, खण्ड ज्ञान तिरोहित हुन जान्छ, अनि एक अखण्ड

ज्ञान प्रवाह प्रवाहित हुन लाग्दछ । यो क्रियाको परावस्था अलि अलि आरम्भ हुँदै हुँदै पश्चात् दीर्घकाल स्थायी हुन जान्छ । यो अवस्था दीर्घकाल स्थायी भएपछि विज्ञान पद या अनुभवपद प्राप्त हुन्छ । क्रिया द्वारा प्राण स्थिर हुनासाथ अनेक ज्योतिर्मय दृश्य देखिन थाल्दछ । परन्तु यी दृश्यहरु पनि कुनै पृथक वस्तु होइनन्, यो आफुलाई आफैले देख्नु हो । योगीले जव ज्योतिरुप दर्शन गर्दछ, तव उ सोच्न लाग्दछ - यो 'ज्योति' के मै हुँ ? अथवा अरु कसैले ज्योतिलाई हेरिरहेछ । तव यो ज्योति के हो तथा यस्लाई हेर्दछ कस्ले ? यस किसिमसँग जुन वितर्क एवं विचारको अवस्था आउँदछ, तथा यी दुवै अवस्थाहरु अभिभूत भएपछि जुन स्थिर वृत्ति प्रवाहित हुन्छ, त्यही संप्रज्ञात समाधिको पहिलो र द्वितीय स्तर हुन ॥२०॥

सुखमात्यन्तिकं यत्तद् बुद्धिग्राहयमतीन्द्रियम;
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥

श्री धरीय टीका–[आत्मैमा नै सन्तोषको हेतु देखाइरहनु भएको छ]–जुन अवस्था विशेषमा एक अनिर्वचनीय निरतिशय नित्य सुखको अनुभव हुन्छ, त्यहाँ विषयको साथ इन्द्रियहरुको सम्वन्धको अभाव हुन्छ, त्यसो भए फेरि त्यो सुख कहाँवाट हुन्छ - यसैले भन्नु हुन्छ - जुन सुख विषयेन्द्रियहरुको सम्वन्धको पर छ, त्यो केवल आत्माकाराकारित वुद्धि द्वारा ग्राहय छ । अतयव जसमा अवस्थित भएपछि योगी आत्मस्वरुपवाट विचलित हुँदैन, त्यही योग या समाधि-शब्द वाच्य छ ॥२१॥

आध्यात्मिक व्याख्या - "जहाँ सुखको अन्त छैन - जुन सुख वुद्धिद्वारा ग्राहय छैन - अनि इन्द्रिय द्वारा पनि ग्राहय छैन - क्रियाको परावस्थामा रहँदा-त्यो वस्तु यस्तो छ - यस किसिमसँग जानिदैं न - तथापि वायु स्थिर रहन्छ - यद्यपि चल्दछ पंचतत्त्वमा - अर्थात् मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुध्दाख्य- किनभने यस्तो नभएमा त मर्दछ ।" -

- यहाँ एक किसिमको सुख अनुभव हुन्छ, तर त्यो कस्तो हुन्छ - यो वाक्य द्वारा बताउन सकिदैंन । इन्द्रियहरुको ढोकामा जुन सुखानुभव हुन्छ, त्यसलाई हामीहरु जान्दछौं, परन्तु यो सुख इन्द्रियहरु द्वारा अनुभव गर्न सकिदैन । किनभने अनुभव गर्ने इन्द्रियहरु रहँदैन । प्राण प्रवाह त्यति खेर स्थिर हुन्छ । प्राण प्रवाहित भएर नै त इन्द्रिय मनलाई जाग्रत गर्दछ । त्यतिवेला प्राणको चंचलता रहँदैन, अतयव त्यस सुखको निर्देश गर्ने इन्द्रियहरु पनि त्यतिखेर सुप्त रहन्छन् । त्यस समय वाह्य अनुभव त हुँदैन, परन्तु भित्र भित्र एक असीम आनन्दको धारा निरन्तर प्रवाहित भैरहन्छ । निर्मल बुद्धि द्वारा यस आनन्दको अनुभव हुन्छ, यही समाधि सुख हो । प्राण-स्पन्दन पनि त्यतिखेर तिरोहित हुन जान्छ । यस प्राणहीन अवस्थामा के जीव जीवित रहन सक्दछ ? रहन सक्छ, किनभने बाहिरको वायु यद्यपि स्थिर हुन जान्छ, परन्तु भित्र भित्र मूलाधार देखि विशुद्धाख्य पर्यन्त चक्र चक्रमा वायु त्यतिखेर पनि सूक्ष्मभावसँग चलिरहन्छ । त्यो नचलेमा त शरीर रहँदैन । यस अवस्थामा जुन सुखानुभव हुन्छ, त्यो इन्द्रिय ग्राहय छैन हुँदैन, यो भन्नु नै व्यर्थ छ । त्यतिवेला पनि बुद्धिको लय हुँदैन । बुद्धि जाग्रत रहन्छ, अतयव बुद्धिमा त्यो सुख-स्पर्श लागिरहन्छ, त्यस अनुभव कालमा पनि बुद्धिले यसलाई प्रकट गर्न सक्तैन, किनभने प्रकट गर्ने इन्द्रियहरु नै त्यतिखेर

सुप्त हुन्छन । जब यो अवस्था छुट्न जान्छ तब क्रियाको परावस्थाको परावस्थामा यो सुख अनुभव भैरहन्छ, अनि त्यो इन्द्रिय भोग्य वस्तुहरुवाट उत्पन्न सुख समान पनि हुँदैन । त्यो कस्तो हुन्छ, यसलाई भाषावाट व्यक्त गर्न सकिदैन तथापि त्यो परमानन्द स्वरुप हुन्छ - यस सुखको अन्त हुँदैन, यसरी धारणाप्रवाह चल्दछ । क्षण मात्र पनि यस सुखको स्पर्श भएमा त्यो धेरै दिन सम्म स्मृतिमा रहिरहन्छ, अनि यस्तो बुझिन थाल्छ मानो जगत्‌को समस्त वस्तु पदार्थ त्यस आनन्द अणु द्वारा पूर्ण छन । यही योग-शास्त्रोक्त सम्प्रज्ञात समाधिको तृतीय एवं चतुर्थ स्तर हुन । यो भन्दा पर असम्प्रज्ञात समाधि हुन्छ ॥२१॥

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ;
यस्मिन् स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥

श्री धरीय टीका–[योगीको अचंचलत्व प्रतिपादन गर्नु हुन्छ]–आत्मसुखरुप लाभ प्राप्त भएपछि त्यो भन्दा अधिक अरु दोश्रो कुनै लाभ जानिदैन । - यसको कारण यो छ - आत्मा नै निरतिशय सुखरुप छ - जसमा अवस्थित भएपछि शीतोष्णादि महान दुःखले पनि अभिभूत गर्न सक्दैनन् । यस द्वारा सर्व अनिष्ट निवृत्तिरुप जुन फल प्राप्त हुन्छ, त्यही योगको लक्षण भनिएको छ ॥२२॥

आध्यात्मिक व्याख्या - "जसले लाभ भएर पनि अन्य वस्तुलाई लाभ मान्दैन अर्थात जुन परमलाभ छ - प्राप्ति यसैलाई भन्दछन्, प्रकृष्टरुपमा प्राप्ति नै प्राप्ति हो । यसैकारण समस्त शास्त्र अभ्रान्तहरुको (आप्त मनुष्यहरु) कुरालाई मान्य बताउँदछन्, जहाँ आठै प्रहर स्थिति भएमा अत्यन्त दुःख हुँदामा पनि त्यो प्राप्ति अर्थात लाभ विचलित हुँदैन - (अर्थात अति ल्केश हुँदामा पनि क्रिया छोडदैन) ।"

-पूर्व श्लोकमा भनिएको अवस्था परिपक्व भएर नै प्रकृत योगलाभ हुन्छ । यही प्रकृष्टरुपमा प्राप्ति या प्राप्तिको पराकाष्ठा हो । यस अवस्थामा स्थित पुरुष नै 'आप्त' कहलाउँछ । उसलाई फेरि भ्रान्ति हुँदैन । यो अवस्था जव आठै प्रहर स्थायी हुन्छ, तव फेरि दुःख ल्केशका रुपमा अनुभव हुँदैन । त्यस समयमा योगीले व्यावहारिक जगत्‌को कार्य पनि गर्न सक्दछन । तथापि उसको वासना, आशा, संकल्प केही पनि रहँदैन । यदि एस्तो नभए त उस्ले अरुलाई कसरी बुझ्दथे ? अन्तः करणको वृत्तिको साथ विषयादि शब्द स्पर्शादि वाह्य विषयहरुको संयोग हुँदाखेरि सुख दुःखादिको अनुभव हुन्छ, त्यही अन्तःकरणको वृत्तिहरु निरुध्द भएमा बुद्धि आत्माको साथ समाहित हुन जान्छ, फेरि वाह्य ल्केशादिको अनुभव कस्लाई होला ? त्यतिखेर चित्त एकाग्र भूमिलाई छोडेर निरोध भूमिमा पुग्न जान्छ । त्यस सुखको कुनै सीमा हुँदैन, यसै कारण विषयादिको सुख उसको सामुन्ने अकिंचित्कर लाग्ने गर्दछ । जुन साधना द्वारा यो सुखमय अवस्था प्राप्त हुन्छ, त्यस साधनायोगलाई फेरि साधकले कदापि छोडन सक्तैन । क्रियाको यस अपूर्व महिमालाई देखेर योगीले क्रियालाई सर्वस्व सम्झन्छन् । यही असम्प्रज्ञात समाधि हो, आगामि श्लोकमा यसलाई अझै सुस्पष्ट भावले भनिएको छ । ॥२२॥

तं विद्याद् दुःखसंयोगवियोगं योगसंज्ञितम् ;
स निश्चयेन योक्तव्यो योगेऽनिर्विण्णचेतसा ॥२३॥

श्री धरीय टीका - यस किसिमको अवस्था विशेषलाई नै दुःख संयोगको वियोगरुप बुझ्नु पर्दछ । दुःख शब्द द्वारा दुःख मिश्रित वैषयिक सुखहरुको पनि बोध हुन्छ । जुन अवस्थामा दुःखको संस्पर्शमात्र हुने वित्तिकै दुःखको वियोग हुन्छ त्यस अवस्था विशेषलाई योगशव्द-वाच्य बुझ्नु पर्दछ । परमात्माको साथ क्षेत्रज्ञ अर्थात जीवको जुन संयोजन छ, त्यही योग हो । अथवा शूरवीरहरुमा कायरता जसरी विरुद्द धर्म छ उसरी नै योगीलाई पनि दुःखसंयोग असम्भव छ । दुःखको संयोग-मात्रले नै उसको दुःखको वियोग हुन्छ - यसै अवस्थाको नाम हो योग । कर्म पनि जुन योगनामले अभिहित भएकोछ, योगको उपायभूत हुनुको कारण औपचारिक भावले उस्लाई पनि योग भन्दछन् । जुन योगको एस्तो महाफल छ, त्यस्को यत्नपूर्वक अभ्यास हुनु पर्दछ । त्यस योगको अभ्यास शास्त्र एवं आचार्यको उपदेशबाट प्राप्त भएको निश्चयसाथ गर्नु पर्दछ । यदि शीघ्र सिद्धि प्राप्त भएन भने पनि दुःख बुद्धिले प्रयत्न मा शिथिलता नहोस - यस्तो चित्तद्वारा योगाभ्यास गर्नु पर्नेछ ॥२३॥

आध्यात्मिक व्याख्या - "यो अध्यात्मविद्या नै विद्या हो - क्रिया नै विद्या हो । धेरै धेरै दुःखहरुवाट सम्यक् प्रकारसँग योगहुन्छ अर्थात् प्राप्ति हुन्छ । यसको विशेषरुप खूबराम्रोसँग अड्किरहनु नै योग भनिन्छ । यसैले गुरु वाक्यमा विश्वास गरी निश्चयपूर्वक क्रिया गर्नु उचित छ अन्यतिर आसक्ति रहित भएर ।"-

- साधन गर्ने समय साधकलाई (१) अध्यवसाय एवं (२) अनिर्विण्ण चित्त हुनु अत्यन्त्यै आवश्यक छ । त्यसको अभावमा साधन गर्न असंभव छ । शंकराचार्यले भन्नु भएकोछ - *"विद्या हि का ? ब्रहमगतिप्रदा या ।"* जसले ब्रहमगति प्रदान गरोस्, त्यही असली विद्या हो । यो धेरै दुःखबाट प्राप्त हुन्छ - *"हसिं खेलै नहि पिया मिलै"* - जगत्को तुच्छ आनन्दमा जो हर्षित हुन्छन, जगत्को खेलमा नै जो उन्मत्त रहन्छन्, तिनीहरुले त्यो प्रियतम सदा सुखकर आत्माको अनुसन्धान पाउँदैन । - यसकारण भगवत्-साधन पहिले निरस लाग्दछ, अथवा अधिक प्रयत्न गर्दा खेरि पनि केही नभएको देखिन्छ त त्यसको साधनमा प्रयत्न शिथिलता आउन सक्तछ, अथवा निराशा आउन सक्छ । यसैले अध्यवसाय साथ साधन गर्नलाई श्री भगवान् उपदेश दिनु हुंदैछन् । म प्राणपनले साधना गर्नेछु, मेरो प्रयत्न कहिल्यै व्यर्थ हुने छैन, भगवान्ले निश्चयनै कृपा गर्नु हुनेछ - यस किसिमको विश्वास लिई गुरुको उपदेश अनुसार जसले साधन गरिरहन्छ, वस्तुतः उस्लाई कहिल्यै हतास निराश हुनु पर्नेछैन, साधनाको फल त फल्दछ नै । परन्तु गुरु वचनमा दृढ विश्वास र साधनामा दृढता नरहेमा विश्वासयोग्य फल सहजै मिल्दैन । विश्वास गरेर जो साधकले दृढ प्रयत्न गर्दछ, उसको साधनामा सिद्धि प्राप्त हुनमा विलम्व हुन लाग्दैन । अन्ततः साधना हाम्रो लागि अभीष्ट-फलप्रद हुनेछ - साधकलाई यो बुझ्नमा केही बाँकि रहँदैन । परन्तु सावधान ! अनिर्विण्ण चित्तले गुरुले देखाएको मार्गमा हिंड्नु पर्नेछ । महिनौ महिना, सालवसाल अल्कान्त भावसँग वर्षौं वर्षौं परिश्रम गर्दै जानु पर्नेछ ; केही प्राप्त नभएपनि, केही समझनमा नआए पनि प्रयत्नमा कहिल्यै शिथिलता नआउन दिनु पर्नेछ । त्यस वेला पनि मनमा यो विश्वास राख्नु पर्नेछ - गूरुप्रदत्त साधनाले निश्चयनै शुभफलदायी

हुनेछ । अहिले जुन यस्लाई ठीकसँग बुझ्न सकेको छैन, त्यो पनि केवल आफ्नै दुष्कृतिको परिणाम हो, यस्तो सम्झेर अझै अरु दृढ प्रयत्न साथ साधना गरी जसले आफुलाई अभीष्टफल प्राप्तिको योग्य सुयोग्य बनाउँदछन, त्यसको अध्यवसाय नै यथार्थ अध्यवसाय हो । यस किसिमको धारणा पुण्यात्मा सौभाग्यवान् साधकलाई नै हुन्छ । योग दर्शनमा लेखिएको छ - *"तत्र स्थितौ यत्नोऽभ्यास ।"* द्रष्टाको स्वरुपमा अवस्थानको लागि जबसम्म अवैराग्य एवं अविवेकको कारण मन चंचल भएर विषयहरुमा रमण गरिरहनेछ, तबसम्म उस्लाई यत्नपूर्वक विषयहरुबाट तानेर आत्मामा पुनः पुनः स्थापन गर्नु पर्नेछ - यसैको नाम हो अभ्यास ।

साधकको मनमा यस किसिमको एक विचार हुनु आवश्यक छ - यो शरीर सदाको लागि होइन, अन्तसम्म रहने छैन । यसलाई नानाभांतिको चिन्ताहरु र विषयभोगहरु द्वारा पला पला मृत्युको मुखमा होम्नुको अपेक्षा साधना गर्दै मृत्युलाई वरण गर्नु सहस्रौं गुना राम्रो छ । विषय प्राप्तिको लागि कति दौडादौडी गर्नु पर्दछ, परन्तु त्यसबाट जुन लाभ हुन्छ त्यो कति क्षुद्र, कति सामान्य हुन्छ । तैपनि यी तुच्छ विषयहरुको प्राप्तिमा हामीहरु समस्त जीवन निःशेष गरी विताई दिन्छौ । यदि यही प्रयत्न यही प्रचेष्टा विषयाभिमुखतिर परिचालित नगरी भगवत् प्राप्तिमा लगाइन्छ भने त एसको अपेक्षा अधिक सौभाग्यको बस्तु मनुष्यको लागि अन्य के हुन सक्दछ ? यो जगत्मा - यो सन्सारमा कस्तो कस्तो दुःख, कति कति अशान्तिहरु निरन्तर लागिरहन्छ, यदि भगवत् भजनकीर्त्तन द्वारा यो अशान्ति निवृत्त हुन्छ या दुःखको उपशम हुन्छ भने त यस्को अपेक्षा परम लाभ अरु के हुन सक्तछ ? प्राणको अन्तरतम प्रदेशमा जुन एक परम स्थिरभाव छ त्यसले चित्तलाई सर्वथा उपराम प्राप्त हुन्छ, त्यो निरतिशय स्थिरता नै ब्रहमस्वरुप हो । प्राण ब्रहमकै प्रकृति हुन । अतयव प्राणको भित्र पनि एक असीम स्थिरताको धारा रहन्छ । प्राणको चंचल वहिर्मार्ग पनि जब त्यस असीम स्थिरतामा प्रवेश गरी स्थिर हुन जान्छ, तबै त्यस अचंचल स्थिर प्राणलाई नै आत्मा भन्दछन् । यही परमा विद्या हुन र अचंचल स्थिर प्राणलाई नै आत्मा भन्दछन् । यही परमा विद्या हुन र सचंचल भाव नै अविद्यारुपा तथा महामोहमायामयी हुन, यही जीवको बुद्धिलाई नष्ट गर्नेवाला अज्ञान भाव हुन । चिर स्थिर चिदानन्दमय परमात्मा देखि यो क्षेत्रज्ञ जीव स्वरुपतः भिन्न छैन । क्षेत्रज्ञ जीव शरीर एवं इन्द्रियहरु सँग मिलिकन आफु आफैलाई बुझ्दैन, यसैले उसलाई एति दुःख दुर्गति तथा भव यन्त्रणा भोग्नु पर्दछ । या जीव नै जब दुःख शोकवाट आर्त भएर आफ्नो स्वरुप्को अनुसन्धानमा प्रवृत्त हुन्छ, तब फेरि उसलाई स्वरुपानुभव हुन्छ । निश्चय नै यसको लागि उस्लाई धेरै धेरै परिश्रम र अधिकाधिक प्रयत्न गर्नु पर्ने हुन्छ । जब उसले आफ्नो भुललाई बुझ्दछ तब उसले आफ्नो भ्रमसंशोधन गर्नमा एकान्तिक यत्न गर्न लाग्दछ । यो यत्न या अभ्यास नै साधना भनिन्छ । केही मनुष्यहरु प्रश्न गर्न सक्दछन् - जीवको यो अवस्था पहिले कसरी आउँछ ? कसले उसलाई विषयहरुमा उत्साहित गर्दछ ? अवश्य नै यी सारा कुराहरुको मीमांसा केवल तर्कद्वारा हुन सक्तैन । यही संसार स्थितिको कारण हुन, महामायामयीको प्रभाव हुन । यसैले जे जो हुनेवाला छ त्यो भई रहोस । ऋषिहरुले यसलाई ज्ञान चक्षुले देखिकन उच्च स्वरले घोषणा गरेको छ - *जीव जो भगवन्मुखी हुन चाहँदैन, विषयहरुमै रमण गर्न चाहन्छ - यसको*

कारण हो प्राणको विकृति। प्राणको यस विकृतिको रोध जब सम्म हुँदैन, तवसम्म आफ्नो स्थानमा फर्कन यसको लागि असंभव छ। यो प्राण नै गतिशील भएर अर्थात् वायुरुपमा मनलाई उत्पन्न गर्दछ, तथा त्यसले जीवदेहको आश्रय गरेर निरन्तर विषयहरुतिर दौडद्छ। यसैले जहाँ प्राणको चंचलता रहन्छ, त्यहाँ नै मन एवं त्यसको विषयभ्रमण-व्यापार चलिरहन्छन। त्यहीं नै शरीर र इन्द्रियहरुको नानात्व चेष्टाहरु पनि चलिरहन्छन्। यस प्राणलाई रोक्नु पर्नेछ। *"मनोनाथस्तु मारुत"* - मनको चालक प्राणवायुलाई शुध्द गर्नु नै भवरोगवाट परित्राण पाउने उपाय हो ॥२३॥

विशेष नोट - पूर्वकालीन ऋषिहरुले योगाभ्यास द्वारा समस्त वायुको गतिलाई स्थिर गरी महाप्राणको सन्धान प्राप्त गर्दथे, तथा भगवत् स्वरुपको अनुभव गरी जीवनलाई कृतार्थ गर्दथे। योगशास्त्रमा यी सबै उपायहरुको वर्णन छ। परन्तु यो रहस्यमय योगशास्त्र वर्त्तमानकालमा अनधिकारीहरुको हातमा परेर एक किसिमले अर्थशून्य हुन गएको छ। कालको प्रभावले हामीहरु यस परम योगविद्यावाट वंचित भएका छौं। फेरि यस समयमा योगको यथार्थ वक्ता अत्यन्तै दुर्लभ भएको छ। यस युगमा जुन महापुरुष-(योगिवर श्यामाचरण लाहिडी) ले जन्म ग्रहण गरी जनसमाजमा यस रहस्यमय योग साधनाको पुन: प्रचार गर्नु भएको थियो, उहाँकै व्याख्या गरिएको पुस्तकवाट शरीरस्थ प्राणादि वायुको सम्बन्धमा यहाँ केही विस्तृत आलोचना गरिएको छ। पाठकले ध्यानपूर्वक यस अंशलाई अध्ययन गर्नु भए त अनेक रहस्यमय कुराहरुको मर्म सम्झनमा आउन सक्नेछ, अनि यो पनि जान्नु हुनेछ - अत्यन्त प्राचिनकालमा ऋषिहरुको बीचमा यो योगविद्याको यत्रो समादर किन भएको थियो। भगवद् गीतामा पनि यस रहस्यमय विद्याको सुविस्तृत आलोचना छ।

समस्त चंचलवायुहरु स्थिर वायुमा आश्रित छन्। यो स्थिर वायु (प्राण) नै ब्रहमदेव हुन, त्यसको सात स्कन्धहरु छन। ती सात प्रकारको वायु स्कन्धमाथि छन, तिनीहरु अदृश्य छन्, केवल क्रिया द्वारा तेस्को अनुभव हुन्छ। यी सप्त स्कन्धवायुमा एक वामदिशामा प्रवाहित हुन्छ - त्यस्को नाम हो इडा। द्वितीय दक्षिणदेशमा प्रवाहित हुने चाँहि पिंगला हो तृतीय - मेरुदण्डको बीचोबीचमा प्रवाहिता सुषुम्ना हो। यी नै तीन प्रमुख्य नाडीहरु हुन। चतुर्थ - वामचक्षुमा पूषा या ताम्रपर्णी हो। पंचम-दक्षिण चक्षुमा अलम्बुषा या गौतमी हो। षष्ठ-दक्षिण कर्णमा हस्तिनी या सिन्धु हुन। सप्तम बाम कर्णमा गान्धारी या काबेरी हुन। यस सप्त स्कन्धमा सप्त शाखाहरु छन - अनि ती सबै मिलेर जम्मा उनन्चास वायु छन।

नाभिमा जुन स्थिर वायु छ त्यसको नाम "समान" वायु हो। यो दुर्जय छ, अर्थात् अति कठिनतासँग यसको जय हुन्छ। यो स्थिर वायु जब कण्ठमा पुगेर डकार उठाउँदछ त एसको नाम "उदान" हुन्छ। यो वायु जव कण्ठको चापले सर्वशरीरमा गमन गर्दछ त "व्यान" नामले अभिहित हुन्छ। यो "व्यान" गुहयस्थ देशमा गएर "अपान" नाम धारण गर्दछ। "अपान" हृदयमा पुगेर 'प्राण' नाम ग्रहण गर्दछ। यी सबै प्राणादिहरुको विभिन्न कर्महरु अनुसार फेरि विभिन्न गति र नाम हुन्छन्, ती सबैको याहाँ वर्णन गरिन्छ। सबै उनन्चास वायुहरुको स्थान षटचक्र-चित्रमा हेर्नुहोस।

प्राणको कर्म हो चेष्टा गर्नु । यो चेष्टा जुन वायु द्वारा हुन्छ, तिनीहरुको नाम यी हुन - (१) प्रवह - यसको रुप विद्युत समान ज्योतिर्मय छ । (२) आवह - यसको कर्म जीर्ण गर्नु हो, यसको रुप प्रभाातकालीन अरुण समान छ । स्थान अन्तर्शरीरमा छ, यही उदान हो, यही वायु द्वारा चन्द्र उत्पन्न हुन्छ । (३) उद्वह - यसले चार समुद्रहरुको जल धारण गर्दछ र ऊर्ध्व वहन गर्दछ । अर्थात समस्त नाडी संजालद्वारा शरीरको चारैतिर रक्त संचालन गरिरहेकोछ, अनि श्वास तान्ने समय ऊर्ध्व अर्थात मस्तकतिर लैजान्छ र श्लेष्मारुप मेघ तथा श्लेष्माको रुप निर्गमन वर्णन गर्दछ । सिरमा चार समुद्र छन् मुख, नाक, चक्षु एवं कर्ण । यी चार समुद्रमा वायुको सदा नै गति भैरहन्छ । यसबाटै क्रियाको परावस्था स्थिररुपमा सारा शरीरमा चल्दछ । यसैले यस्को रुप र स्थानको निर्देश छैन, यसैको नाम हो व्यान । (४) संवह - यस वायुको कर्म हो, उपर्युक्त समस्त मेघरुपी श्लेष्मालाई कमजोर गरेर तल लैजानु, वर्षण एवं मोक्षण गर्ने उद्योग गर्नु । यस उद्योग हुनु साथ मेघरुपी समस्त श्लेष्मा - धर्म (पसीना) हुन जान्छ, अर्थात समस्त श्लेष्मालाई खण्ड खण्ड गर्दै वाहिर निकाल्दछ, र विशेषरुपले शरीरबाट मोक्षण गर्दछ । यसै बेला श्लेष्मा धेरै हुनाले सारा नदीहरु स्रोतवती हुन्छन - अर्थात इडा-गंगा, पिंगला-यमुना, गान्धारी-कावेरी, हस्तिनी-सिन्धु, पूषा-ताप्रपर्णी, अलंवुषा- गौतमी, सुषुम्ना- सरस्वती, - (माथि र भित्र दुवै स्थानहरुमा प्रवाह छ - यसैले यसको दुई रुप मानिन्छ), कुहू - नर्मदा, - वारुणी (यसको पनि प्रवाह दुई छन), गोमती सवै अंगमा पयस्वनी - यी द्वादश वायु नदीरुपमा समस्त शरीरमा प्रवाहित भैरहेकोछ । यी सबै वायुको संचरण द्वारा समस्त जीव जीवित छन । यी सारा वायु जसद्वारा सीरमा गैरहन्छन ती हुन पंचभूत । यो रथरुपी शरीर अपान वायु अर्थात उत्तम प्राणायाम द्वारा ऊर्ध्व गतिलाई प्राप्त हुन्छ । अपान वायु द्वारा नै गिरिमर्दन हुन्छ, अर्थात् त्यो मूलाधार देखि सहस्रार ब्रहमरन्ध्रमा गएर मस्तक फोडी गैदिन्छ (योगीहरुको मृत्यु यसकिसिम संग हुन्छ) । भूकम्प भएको वेला जसरी पहाड ढल्दछन्, त्यसरी नै योगीहरुको मृत्युको समय शरीर त्याग हुन्छन् । (५) विवह - यस वायुको व्यतिक्रमवाट सबै रोग उत्पन्न हुन्छन, यसको रुखोपनले रजोगुण अर्थात क्रोध उत्पन्न हुन्छ । यो समान वायुसँग यदि मेघरुपी श्लेष्माको योग हुन्छ, तब त्यो मृत्यु एवं दारुण उत्पातको संचार गर्दछ र आकाशमा मिल्दछ । (६) परिवह - यस वायुद्वारा सव आकाशमय हुन जान्छ । जल चल्दछ, पक्षी उड्दछन, अनि यसद्वारा इडा नाडी स्थिर रहन्छ, टाढाबाट यस द्वारा हत हुन्छन, सूर्यको रश्मि हुन्छ - जसको अनन्त किरणहरुबाट यो वसुन्धरा प्रभाविशिष्ट छ, जसद्वारा चन्द्रको पूर्णता र कलाबाट शीतल हुन्छ धरती । जो श्रेष्ठ छन, तिनीहरु यस वायुको जप गर्दछन । (७) परावह - यस वायुले समस्त प्राणीहरुको भरण पोषण गर्दछ र मृत्यु कालमा निर्गत हुन जान्छ । यसैद्वारा जीवन र मृत्यु हुन्छ ।

श्वास-प्रश्वास अर्थात प्रकृष्टरुपमा श्वसन, वायु द्वारा चल्दछ । परन्तु कूटस्थ शरीरमा रहेकै कारणले समस्त वायु कार्य गर्दछन । पूषदस्य नामक वायु अदृश्यगतिले त्वचामा जान्छन - त्यसद्वारा नै त्वचामा स्पर्शशक्ति आउँदछ । शीत, उष्ण, साह्रो, नरम-यी सवै स्पर्श द्वारा नै अनुभूत हुन्छन । नासिकामा गन्धवाह नामक वायु छ, यस वायुशक्तिको प्रवाह द्वारा गन्धको ज्ञान हुन्छ । वाह नामक वायु त्यस गन्धबोधलाई केही समय धारण गरी चलाउँछ र त्यसमा नियुक्त रहन्छ । यो प्रवाह केही बेरसम्म रहंदा भोगिकान्त नामक

वायुको गति द्वारा यस गन्धको पुनः प्राप्तिको कामना हुन्छ। श्वसिनी वायु द्वारा महाबली पराक्रान्त आकर्षणको जीवलाई अनुभव हुन्छ। जीवको सारा कर्म यसको प्रवाह शक्ति द्वारा नै सम्पन्न हुन्छन। क्रियाद्वारा इच्छारहित नभैकन यो महावली जसले सवैसँग वलपूर्वक अनावश्यक समस्त कर्म गराई रहेकोछ त्यसबाट मुक्त हुने अरु कुनै उपाय छैन। इच्छारहित नहुनाले नै दुःख भोग हुन्छ। भोगिकान्त वायुको कारण सबैले यस ल्केशलाई सहन गर्दछन। यो भोगिकान्त नै प्राण हो, यसैको एक नाम हो इडा। यसको रुप विद्युत् समान, स्थान छ हृदयदेखि भ्रु पर्यन्त, यसलाई प्रवाहवायु पनि भन्दछन्। यस प्रवाहको भित्र साराका सारा परेकाछन्, यही वायु सबैको हृदयमा कर्त्ता भएर वसेको छ। यसको उत्पत्ति आकाशवाट हुन्छ, आकाशको उत्पत्ति कूटस्थ ब्रहमवाट हुन्छ। कूटस्थ ब्रहम नै गुरु हुन। आकाश गुरुपुत्र र इडा पौत्र हुन। यी पौत्र पर्यन्त गुरुवत् मान्य छन्। वायु प्रत्यक्ष ब्रहम हुन। श्रुतिमा लेखिएको छ - *"वायो त्वं प्रत्यक्षं ब्रहमासि"*। यही कर्त्ता भएर सवै कर्महरुको चेष्टा गर्दछ तथा त्वचाको अध्यात्म बनेर यस्तो चेष्टा गरिरहेछन कि सारा स्पर्शहरुको भोग हुन सकोस। गुरुपदेश द्वारा यसको साधन गरेमा स्वप्रकाशस्वरुप अधिदैवत पुरुष प्राप्त हुन्छ। यसैको ज्योतिले चक्षुद्वारा रुपको, कर्णद्वारा शब्दको तथा जिहवाद्वारा शब्दसमूहको निर्गमन तथा मधुरादि रसको अनुभव हुन्छ। यसको विकारले नै सवै रोगहरुको उत्पत्ति हुन्छ। कर्त्ताको विकारले प्रजामा विकार, अनि त्यस वाट ल्केश उत्पन्न हुन्छ। यो जबसम्म शरीरमा हुन्छ, तवसम्म मनुष्यको आयु र वल छ। यही विश्व जगत्मा छ र कूटस्थवाट उत्पन्न भएकाछन्। यसैको नाम हो जीव, ईश। यो लिंगमा विष्णु एवं गुहयमा ब्रहमा नाम धारण गरी सबै लोकहरुमा रहन्छन। यो जगत्मय छ, यसको नाशले समस्त इन्द्रियहरु नाश हुन्छन। यो अपानवायु द्वारा आकर्षित भैरहेकोछ, अपानको अर्को नाम पिंगला हो। यसको गति तलतिर अर्थात् नाभि देखि गुहय पर्यन्त छ। जीर्ण गर्नु छ भने वाम नासिका द्वारा प्राणायाम गरेमा शीघ्र जीर्ण हुन जान्छ, यही संवह एवं समीर नामले प्रशिध्द छ। समीर - स= नितम्ब, म=मणिबन्ध, ई=शक्ति, र=दृष्टि अर्थात् मणिबन्ध देखि नितम्ब पर्यन्त गतिको परिमान छ। निदायको मानिसलाई प्रातः कालको वायुले जसरी जाग्रत गर्दछ, उसरी नै गुरुवाक्यद्वारा कुलकुण्डलिनी जुन मूलाधारमा छ त्यसलाई सम्यकरुपले जाग्रत गरेमा (अर्थात मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त स्थिर राख्नु) - यो स्थिरत्वले मनुष्यलाई मोहनिद्रावाट जाग्रत गर्दछ। यस स्थिर वायुको नाम "अजगत्प्राण" हो। जगत् शब्दले गति अशब्दले - छैन - अर्थात् अनन्त स्थिति। प्राण जुन माथि छ त्यो अपान स्थितिमा आउँछ अर्थात क्रिया गरी आफसे आफ स्थिर हुन जान्छ। जसरी चुम्वक-पत्थरमा फलामले स्पर्श गर्दाखेरि चुम्बकको गुण धारण गर्दछ त्यसरी नै प्राणको कर्मले श्वास-प्रश्वास स्थिर हुन जान्छ, विपरित गमनादिको इच्छा हुँदैन। क्रियाको परावस्थामा रहँदा कुनै बस्तुको स्पर्श हुँदैन। नासिकाको नगिचै कुनै सुगंन्धित वस्तु भए पनि उसलाई गन्ध ग्रहणको इच्छा हुँदैन। यस किसिमको निवृत्तिको उपाय योगीहरुको पासमा सहजै क्रिया द्वारा प्राप्त हुन्छ। त्यस निवृत्ति द्वारा ब्रहममा स्थिति हुन्छ। जसले क्रिया गर्दैन, त्यसको ब्रहममा स्थिति हुँदैन, ब्रहममा स्थिति नभए पछि प्राण नासिका द्वारा कूटस्थमा स्थिर भएर छिन्न देशमा अर्थात योनिमा आएर जन्म ग्रहण गर्दछ। यस वध्दावस्थामा केही दिन रहँदा रहँदै कुनै दोष अथवा धेरै कर्म गर्नाले त्यसको वेग ह्रास हुन्छ। वेगको ह्रास भएर इन्द्रियहरु शिथिल हुन जान्छन, अथवा एकदमै त्यसको क्रियाको अवरोध हुन जान्छ - अर्थात अपानको आकर्षण नहुनाले प्राण

कुनै न कुनै द्वारबाट बाहिर निस्कन जान्छ, अनि मृत्यु हुन जान्छ । वसन्त ऋतुको अवसानमा कोइली, भ्रमर एवं नव पल्लव इत्यादिको अभाव हुन जान्छ, उसरी प्राणको अभावमा जलको एक-अष्टमांश र तेजको एक अष्टमांशको अभावमा जलको एक-अष्टमांश र तेजको एक अष्टमांशको अभावमा जलको एक - अष्टमांश अन्तरहित हुन जान्छ, जलको एक अष्टमांशको अभावमा मृत्तिकाको एक - अष्टमांश अतर्हित हुन गएपछि तिनीहरु सबकासव व्योम अर्थात कूटस्थमा गई मिल्न जान्छन् अर्थात् जहाँबाट आएका थिए फेरि त्यही हुन जान्छन । यसैकारण साधक रामप्रसादले भन्नु भएकोछ - मरे पछि - "या छिले भाइ ताइ हबे" - यानी तिमी जे थियौ तेही हुनेछौ ।

कुलकुण्डली सार्ध्द त्रिवलयाकृतिमा छ । त्यसको अर्धमात्रा स्थिर अर्थात अमर छ । अपरार्ध्द चंचल छ, यही चंचलभाव आफ्नो शिथिलताले स्थान-च्युत हुनुको कारण फेरि नाभि पर्यन्त आउन-जान सक्तैन, यसैले प्राणलाई पनि स्थान-च्युत हुनु पर्दछ । स्थिरार्ध्द-मणिपुर, स्वाधिष्ठान, मूलाधारमा रहन्छ, त्यसको नाश हुँदैन, अनि चंचलार्ध्दलाई क्रियाद्वारा स्थिर गरेमा प्राणलाई फेरि स्थानच्युत हुनु पर्दैन । स्थान-च्युत नहुनाले मृत्यु पनि हुँदैन । स्थान-च्युत हुन कसैले पनि इच्छा गर्दैन, यसैकारण हृदयलाई अनाहत भन्दछन । प्राणको विकारले अन्यान्य वायुहरुको विकार हुन्छ । यस प्राणको स्थिति ईश्वररुपले हृदयमा रहन्छ । मूल यदि दृढ भएन भने बृक्ष कुनै किसिमले खडा रहन सक्तैन । वायु रबर जस्तै स्थिति स्थापक हुन्छ । रबरलाई माथि तान्दा खेरि तलको भार सँगै जसरी माथि उठछ त्यसरी नै अपानको शक्ति ह्रास भएमा प्राणले जसरी माथितिर माथितिर तान्दछ त्यसरी नै त्यस तानिनुको साथ नाभिको समान वायु रबर समान माथि उठेर मणिवन्धमा जान्छ, त्यहाँ तलको आकर्षण नहुनाको कारण त्यो अरु तल आउन सक्तैन ।

यसै समय स्वाधिष्ठान अर्थात् अधिष्ठानको साथ स्थिति (बुद्धिमास्थिर) हुन्छ - यहाँ राधा कृष्ण रहन्छन् अर्थात् कूटस्थ एवं ज्योति । यो ज्योतिले योनिमा जन्म ग्रहण गर्दछ । यो समान वायुको अभावमा स्थिर नरहनुको कारण प्राणको खिंचावट साथै रबर समान मणिवन्धमा गमन गर्दछ । जसबाट जन्म मृत्युको कर्त्ताको अभाव हुन्छ । त्यसपछि मूलाधार अर्थात् सबैको आधार जुन मृत्तिका हुन त्यो सबैको अभावमा जस्ताको तस्तै मृत्तिका नै रहन जान्छ । यी सबै जाने बेला कण्ठ भएर गमन गर्दछन्, कण्ठमा सदाशिव जीव रहन्छन् । जब सबैले कण्ठ सम्म गमन गर्दछन्, तब जीवले देख्दछ - अब म पनि हिंडे । त्यतिखेर यदि जीवले विषय-चिन्तन नगरी अभ्यास द्वारा त्यो विशुध्दाख्य कूटस्थको चिन्ता गर्न सक्यो भने जीव मुक्त हुन जानेछ, अनि विषय-चिन्तन भएमा फेरि जन्म हुनेछ ।

अपान वायु कुलकुण्डलिनी-स्वरुपा नित्य ब्रहम हुन् । त्यो विशुद्धाख्यमा गएर अन्य बस्तुमा मन लगाउनुको कारण भोगको लागि जन्म ग्रहण गर्दछ । अनि यस किसिमको सत् वस्तुमा मन किन लाग्दैन ? स्थितिच्युत हुनुमा सामान्य कारण विषय हुन्, त्यसमा अभ्यासवश मन सहसा गैहाल्दछ, अतयव स्पर्श यानी प्राणवायु दोषको कारण बन्दछ । किनभने स्पर्श यानी तेज बाहिरको वायुको आघातबाट सूक्ष्मरुपमा मिली समस्त पदार्थहरुलाई गलाई दिन्छ अर्थात् समस्त द्रव्यहरुमा मन चलायमान् हुन जान्छ । ब्रहम स्वयं नै अदृश्यभावले उनन्चास वायु भएर अनन्त प्रकाश क्रियाहरु गरिरहन्छन् । यसलाई देख्न नसक्नुको कारणले

नै यतिका गंजागोल छ, देखेपछि कुनै गडबडी रहँदैन । वाहिरको वायु यद्यपि चक्षु इन्द्रिय द्वारा देखिनमा आउँदैन, परन्तु स्पर्शेन्द्रिय द्वारा अनुभूत हुन्छ, यसै कारण त्यो स्पर्शेन्द्रिय द्वारा अनुभूत हुन्छ, यसै कारण त्यो स्पर्शेन्द्रिय ग्राहय एवं दृश्य छ । पचास हात तलको जुन मृत्तिका भित्र सूक्ष्म वायु छ, त्यो स्पर्शेन्द्रिय द्वारा पनि उपलब्ध हुन सक्तैन । तिम्रो नाभिसम्म जुन वायु आउने जाने गर्दछ, त्यसलाई तिमी अनुभव गर्दछौ, परन्तु मृत्तिकाको तल मूलाधारमा जुन वायु स्थिर भावले तथा सूक्ष्मरुपसँग आउँछन र जान्छन, त्यसको अनुभव गर्न सकिदैन । इन्द्रियहरु द्वारा ग्रहण गर्न नसक्नुको कारणले नै त्यो अदृश्य छ । मनुष्य जन्म लिने वित्तिकै मरी हाल्थ्यो, परन्तु अपान वायुको स्थिति शक्तिले अचानक उसलाई मर्न दिदैन । यसैले विशेषरुपसँग प्रयत्न द्वारा क्रिया गरी यदि अपान वायुमा गयो भने त विशेषरुपमा स्थिति हुन्छ । विशेषरुपले गरेमा विशेषरुप देखिनमा आउँछ । यसैले क्रिया गर । क्रिया गरेर पनि त मन चंचल हुन्छ । जसरी एउटा चरा उडेर भ्रमण गर्दछ उस्लाई पिंजडामा वन्द गर्दा पनि जसरी त्यो भाग्ने चेष्टा गर्दछ, उसरी क्रिया गरेर अपान वायुमा स्थिति हुन जाँदा पनि अभ्यासवश प्राणको खिंचाहट हुन्छ, अर्थात् चारैतिर जाने चेष्टा हुन्छ । चारैतिर जाने बेला कामिरहन्छ । यसै कारण वायुको एक नाम प्रकम्पन छ । चुम्बकको नजिक फलाम राख्दा चुम्बकले जसरी फलामलाई आकर्षण गर्दछ, उसरी नै सर्वगुण विशिष्ट स्थिति स्वरुप ब्रहममा प्राणवायु आकर्षित भएमा प्राणको सर्वज्ञत्व, सर्वव्यापकत्व, सर्वशक्तिमत्व गुण प्राप्त हुन्छ, यसकिसिमसँग अवरोध गर्नु पछि कण्ठ सम्म अवरुध्द रहन्छ । तत्पश्चात् यस स्थिर वायु मस्तकमा रोकिये त्यहाँ भारी जस्तो जानिन्छ र एक किसिमको नशाजस्तो चढ्न जान्छ । जुन वाहय र आभ्यन्तरिक बोधको कर्त्ता छ, त्यसको कर्त्ताछ, त्यसको कर्त्ता यही वायु हो । त्वचाको अभ्यन्तरलाई वायुले धारण गरिरहेको हुन्छ, यसैले शरीरमा बलको बोध हुन्छ, अनि क्रियाद्वारा जुन आउँछ त्यसको नाम हो शक्ति । यस शक्तिचालनको कुरा तन्त्रमा छ, शक्ति चालनले कुलकुण्डलिनी जाग्रत हुन्छ । जसलाई अलि अलि अनुभवावस्था भएकोछ - त्यो जुन वायु द्वारा हुन्छ त्यसको नाम हो अपान ; यो वायु नरहेमा भोक लाग्दैन । भोक लागेको बेला कूटस्थ देखि मूलाधार पर्यन्त खिंचान हुन्छ, पर्दछ । उपर्युक्त प्राण र अपानको गतिले समान वायु उत्पत्ति हुन्छ - अर्थात क्रियाको परअवस्था (स्थिति) हुन्छ, यही पुरातन योग हो जुन गीतामा भनिएको छ । यस वायुको सूक्ष्म गति छ, यसैको नाम सुषुम्ना हो । यसको बस्ने स्थान नाभि हो यसले विशेषरुपसँग जीर्ण एवं यसै समय स्वाधिष्ठान अर्थात् अधिष्ठानको साथ स्थिति (बुद्धिमा स्थिर) हुन्छ-यहां राधा कृष्ण रहन्छन् अर्थात कूटस्थ एवं ज्योति योनिमा जन्म ग्रहण गर्दछ । यो समानवायुको अभावमा स्थिर नरहनुको कारण प्राणको खिंचान संगै रवर समान मणिबन्धमा गमन गर्दछन्, जस देखि जन्म-मरणको कर्त्ताको अभाव हुन्छ । त्यस पछि मूलाधार अर्थात् सबैको आधार जुन मृत्तिका छ त्यो सबैको अभावमा जस्ताको तस्तै मृत्तिका नै रहन जान्छ । यी सब जानुको समय कण्ठ भएर गमन गर्दछन्, तब जीवले देख्दछ-अब म पनि हिंडे । त्यसबेला यदि जीवले विषय-चिन्तन नगरिकन अभ्यास द्वारा त्यस विशुद्धाख्य कूटस्थको चिन्तन गर्न सके त जीवको विमुक्ति हुन जानेछ, र विषय(चिन्तन भएमा जीवको फेरि जन्म हुनेछ ।

अपान वायु कुलकुण्डलिनी-स्वरुप नित्य ब्रहम हुन, त्यो विशुद्धाख्यमा गएर अन्य वस्तुमा मन लगाउनुको कारण भोगको लागि जन्म ग्रहण गर्दछ । फेरि यस किसिमको वस्तुमा मन किन लाग्दैन ? स्थिति च्युत

हुनुमा सामान्य कारण विषय हो, त्यस्मा अभ्यास बशात् मन सहसा गै हाल्दछ, अतयव स्पर्श यानी प्राण वायु दोषको कारण बन्दछ । किन स्पर्श यानी तेज वहिर्वायुको आघातले सूक्ष्म रुपसंग मिलेर समस्त द्रव्यलाई पगाली दिन्छन् अर्थात सारा पदार्थहरुमा मन चलायमान हुन जान्छ । ब्रहम स्वयं नै अदृश्यभावले उनन्चास वायु भएर अनन्त प्रकाश क्रियाहरु गर्दछन् ।

यस्लाई देख्न नसक्नुको कारणले नै यत्तिका गंजागोल छ, देखेमा कुनै गडबडी गंजागोल रहँदैन । वाहिरको वायु यद्यपि चक्षु-इन्द्रिय द्वारा देखिनमा आउँदैन, परन्तु स्पर्श इन्द्रिय द्वारा अनुभूत हुन्छन्, यसै कारण यो स्पर्श इन्द्रिय ग्राहय एवं दृश्य छ । पचास हात माटोको तल जुन सूक्ष्म वायु छ त्यो स्पर्शेन्द्रिय द्वारा पनि उपलब्ध हुन सक्तैन । तिम्रो नाभि सम्म जुन वायु आउने जाने गर्दछन्, यस्लाई तिमीले अनुभव गर्न सक्दछौ, अनुभव गर्दछौ । परन्तु मृत्तिकाको तल मूलाधारमा जुन वायु स्थिर भावसंग तथा सूक्ष्मरुपले आउने जाने गर्दछन्, त्यस्लाई अनुभव गर्न सकिदैन । इन्द्रियहरु द्वारा ग्रहण गर्न नसक्नुको कारणले नै त्यो अदृश्य छ । मनुष्य जन्म लिनुको साथै मर्दथ्यो, परन्तु अपान वायुको विरेचन गरिरहन्छ, यसैले यस्को नाम 'विवह' छ । नितम्ब देखि कूटस्थ पर्यन्त यसले गमनागमन गरी स्वयं स्थिर भएर दुबै दिशाहरु अर्थात् अध एवं ऊर्ध्वलाई घर्षण द्वारा अग्नि प्रज्वलित गरी भक्षित द्रव्यादि (चर्व्य, चुष्य, लेहय, पेय) लाई शुष्क गरी पचाउँछ, पश्चात् नाभिमा एसको स्थान हुनुको कारण त्यसमा मलत्यागको चेष्टा उत्पन्न गरी मललाई वाहिर निकाल्दछ, जसलाई शास्त्रमा विरेचन भन्दछन । यो विशेषरुपसँग प्रकुंचन शक्ति द्वारा बाहिर निकाली दिन्छ । मूलाधारदेखि नाभिसम्म जुन अपान वायुको खिंचान हुन्छ, पहिले त्यो नाभिमा स्पर्श हुन्छ, तत्पश्चात् सर्वत्त्वचामा जुन स्पर्श वायु छ त्यसको स्पर्श बोध हुन्छ । यस स्थानमा गैकन मेरुदण्डतिर सरल भावसँग रहेमा, मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त गएर समस्त मनको कुराहरु बोल्न सक्दछ । किनभने त्यतिखेर ब्रहममा रहेर सबै चिज देख्दछ - जसरी कूटस्थमा अर्जुनले सारा भविष्य देखेका थिए - यही विराट् मूर्त्ति हुन जसलाई योगीहरुले देख्दछन् ।

यस कूटस्थमा विना प्रयासै सबै चिज देख्न सुन्न सक्दछन् । विना प्रयास समस्त गन्ध र स्वादानुभव तथा स्पर्शवोध हुन्छ । यसको स्थितिमा नै जगत्को स्थिति छ । यसको भित्र जुन सारा मूर्त्तिहरु देखिन्छ तिनीहरुको गति पनि देखिनमा आउँछ । परन्तु समाधिमा गतिको अनुभव हुँदैन, किनभने त्यतिखेर त्यो आफु नै रहँदैन । जव राम्रैसँग समाधि जम्दछ तब शून्यको जसरी अन्त हुँदैन उसरी नै स्थिरत्वको पनि अन्त हुँदैन । यो स्थिराकाश जुन समाधिमा देखिन जान्छ, त्यसमा पनि वायुको दुई आना अंश छ । जव विल्कुलै गतिहीन हुन जानेछ तव एक ब्रहमाकार हुन जानेछ । यहाँ रहँदा खेरि निम्नलिखित चिहन देखिन जान्छ - मृदु भाषण, अल्प गन्ध बोध, रसास्वाद, रुप देख्नुको इच्छा अनि अल्प स्पर्श शक्ति । यो स्थिर वायु जव कण्ठमा पुग्दछ, भने कालको अनुभव हुन्छ, अर्थात ब्रहममा रहनु हुन्छ, त्यहाँ रहँदा भूत, भविष्यत् र वर्तमान सबैको अनुभव हुन्छ ।

क्रियाको परावस्था नै 'आत्मा' हो । त्यस समयमा मनको अरु कुनै धर्म रहँदैन, तबै मन "साधर्म्यमागताः" वन्दछ । नाभिमा मनको आधार छ, यस स्थानबाटै शब्दको उत्पत्ति हुन्छ, त्यो वायु आफै देखि नै स्थिरमा मिल्न जान्छ तव मन मनमै मिल्न जान्छ, यही परमपद हो ।

समान वायु- यस वायुमा रहँदाखेरि सदा समान अवस्था राख्दछ । यसैकारण यस्को नाम समान वायु छ, यसले सबैको पोषण गर्दछ । यो वायुले सबैको गतिलाई समान गर्दछ, यसैले सदा सर्वदा यसमा रहनु पर्दछ । मन कुनै वस्तुमा समानरुपले रहँदा रहँदै फेरि रहन सक्तैन । किनभने अपानले मनलाई त्याग गरी प्राणमा गएर पृथक गरिदिन्छ, र त्यस स्थानवाट पृथक हुनमा कुनै ल्केश वोध हुँदैन । यसले सृष्टि संकल्पलाई नाश गर्दछ, अतयव स्थितिपद या अपरपदको प्राप्ति येस द्वारा नै हुन्छ । यस्को स्थितिले नै चर्म स्थिर भएर वृद्धिलाई प्राप्त हुन्छ, यो स्थिरत्व नहुँदो हो त यस्को सारा अणु भित्रै पृथक हुन जान्थे । भित्रको स्थिति स्वरुप आकाश शरीरको माथि पनि छ । ब्रहमाणु दस गुणा भएर आकाशमा मिलेका छन, येसै कारण ब्रहमले ब्रहमलाई स्पर्श गरे त यो आफसे आफ जानिन जान्छ । पृथिवीको अणु आकाशको अणुको लाख गुना छ । आकाशको अनन्त अणुको स्थिरभावसँगको दवावको कारण यसले माथिको चर्मको अणुलाई गलिकन झर्न दिदैन, वरु स्थिर भावसँग रुकिरहन्छन र रक्तको दवाव वश श्वास तान्ने र फाल्नुको साथसाथै पदांगुलि देखि मस्तक सम्म द्रुतगतिले भित्र भित्रै आउने जाने गर्दछन् । जसको रंग पहिले रस हुनुको कारण जलवत् हुन्छ, पश्चात् हृदयमा गएर रक्तवर्ण धारण गर्दछ । त्यो रक्त तेजद्वारा समान वायुमा आएर सर्वत्र प्रसारित भै व्यापक हुन जान्छ । एस रक्तलाई पनि स्थिर वायुले स्थिर राख्दछ, स्थिर नभएमा रक्त फाटिएर वाहिर निस्की हाल्थ्यो । यसको स्थिति हुनाले नै मनुष्यको स्थिति छ । मरुत्को स्थिरत्वको कुरा योगीहरुले जान्दछन्, जसको वुद्धिवाट अमरत्वपद प्राप्त हुन्छ । मरुत् नभएको भए सवै मरी हाल्थे । यसैले मरुत् शरीरको प्रत्यक्ष कर्त्ता हुन् । *"वायो त्वं प्रत्यक्षं- ब्रहमासि"* । जसले सृष्टि गरेको छ (ईस्वर) त्यो सबैको हृदयमा स्थिररुपमा विराजमान छन् । क्रियावान् मनुष्यहरु यस समान वायुमा बसिकन समदर्शिता प्राप्त गर्दछन् । एसैको नाम हो योग - *"समत्वं योग उच्यते"* - एस समान वायुमा स्थिर भएपछि भ्रूमध्यमा एक ज्योति देखिन जान्छ, निर्वात दीप समान । त्यही सूक्ष्म शरीर हो ।

व्यान - उपर्युक्त वायु नै समस्त शरीरमा गएर व्यान नाम धारण गर्दछ । यो वायुनाडीको नाम 'पूषा' हो । सारा शरीरको वायुलाई आवद्ध गरेमा त्यो सूर्य समान देखिन जान्छ, त्यसलाई नै कूटस्थ ब्रहम भन्दछन्, यसको भित्र ब्रहम छ । त्यसको गति ऊर्ध्व छ, विशेष गति योनि देखि कण्ठ सम्म छ, यसैकारण यसको नाम "उद्‌वह" छ । उत्तर दिशाको वायुले जसरी निद्रित मनुष्यलाई जाग्रत गरिदिन्छ, उसरी नै कूटस्थ दर्शनले सबैलाई जाग्रत गरिदिन्छ । काम-क्रोधादि जति शत्रुहरु छन्, तिनीहरुलाई यस वायु द्वारा नै जय गरिन्छन, अनि येस वायु द्वारा नै आकाशमा दीप्ति हुन्छ । - अर्थात् कूटस्थको दर्शन हुन्छ । सर्वदा शरीरमा मन लगाउनाले अर्थात् व्यानमा रहनाले अपरिपाक उत्पन्न हुन्छ । मृत्यु भएपछि यस वायुले शरीरलाई फुलाई दिन्छ । यो वायु सारा शरीरमा वेगसँग चलिरहेछ । यस वायुद्वारा जीवले सोच्दछ अर्थात् के कर्त्तव्य छ के अकर्त्तव्य, यस्तो विचार गर्दछ । यो समस्त शरीरमा व्याप्त छ, यस वायुको शक्ति द्वारा नै सबै सांस धृत भैरहेको छ, शरीरबाट खस्न दिदैन । यसले हरिण समान छलांग लगाई निश्वाससँगै मस्तक पर्यन्त जान्छ तथा प्रश्वाससँगै पदांगुलि पर्यन्त तलतिर जान्छ । यसको गति विद्युत समान छ । यो व्यान वायुले आफ्नो शरीरलाई पूर्ण गरी अरुको मनको अभिप्रायलाई अभिव्यक्त गर्न सक्दछ । यो वायु सब शरीरमा रहन्छ, यसैले यस्को नाम व्यान छ । परन्तु यस्को प्रमुख्य अभिव्यक्तिको स्थान हो चक्षु, कण्ठ

एवं मूर्द्धा । यसै वायुको शक्तिले हाई हाई "जृम्मण" उठ्दछ । जसले सदा हाई हाई गरिरहन्छ, त्यो यसै वायुमा रहन्छ । यसमा रहंदाखेरि गुहय तथा सव अंगहरुको आकुंचन गरिन जान्छ, मलको आकुंचन एवं प्रसारण यसै द्वारा हुन्छ । अरुलाई वशीभूत गर्नु, जतातती मन द्वारा जानु अनि सबैको मनको भावलाई जान्नु यस वायुकै शक्तिबाट हुन्छ ।

उदान - व्यानवायुको ऊर्ध्व गमनको शक्ति हुनाले यस्को एक नाम उदान छ । यस्को स्थान कण्ठ, मस्तक एवं नासिकाको प्रान्तर भाग हो । यस वायु नाडीको नाम अलम्वुषा हो । डकार लिने वेला इच्छा भएमा यस्को अनुभव गर्न सकिन्छ । यो जव व्यानबाट पुनरागमन गर्दछ तव यसलाई अवह भन्दछन । यसको गति मूलाधार देखि नासिका पर्यन्त छ । यसले गन्धलाई ऊर्ध्व वहन गर्दछ, अर्थात् गन्धको अणुलाई वहन गरी ल्याउँदछ । यसैकारण जस्ले जस्तो आहार गर्दछ, उसको डकार पनि तदनुरुप गन्ध लिएर उठ्दछ । यो स्वर्ग, मर्त्य र पाताल यी तीन स्थानहरुकै सुख दिनेवाला छ । डकार उठनाले गुहयद्वार, पेट एवं मस्तकको रोग निवारण हुन्छ । यो जवसम्म हुन्छ तबसम्म कूटस्थमा कोही रहन सक्तैन । जब योनि देखि कण्ठसम्म यस वायुको गति हुन्छ, तव एसको नाम 'पवन' हुन्छ । किनभने यस्ले शरीरलाई शुद्ध एवं पवित्र गर्दछ । डकारलाई बाधा दिन सकिन्न, सर्पको फण मस्तकमा ऊर्ध्व गति हुन गए निश्चितम् नै ब्रहमपद प्राप्त हुन्छ । ब्रहमपदमा रहँदा श्वास-प्रश्वास वाहिर चल्दैन, भित्र भित्रै चल्दछन् । यो त्वगिन्द्रिय व्यापी छ, यस द्वारा कूटस्थ दर्शन भएमा पापको नाश हुन्छ । उद्गीरणको कारण यस्को नाम उदान छ । प्राय एकैपल्ट मनुष्यहरुलाई हुन्छ, यसैले एसको नाम सकृत छ । यो सकृत एकपल्ट उठेपछि फेरि भर्न चाहदैन । मस्तकमा उठेर रहनुको कारण यसलाई परिवह भन्दछन् अर्थात माथि या मस्तकमा वहन गर्दछ, यसैकारण यसद्वारा टाउकोमा भारी हुन्छ । यो वायु सबैमा नै रहन्छ, परन्तु कसैलाई यसको अनुभव हुँदैन । यस नाडीको नाम गान्धारी हो । यस वायुले सवैलाई जानेर पनि जान्न दिँदैन । जस्तो चक्षु भएर पनि अन्धो । गुरुवचनले क्रियाको अनुभव भएर पनि जुन वायु द्वारा क्रिया गर्नमा मन लाग्दैन त्यसको नाम अनिल हो । यो वायु गुहयद्वार देखि ब्रहमरन्ध्रमा ब्रहमयोनि पर्यन्त धेरै बेरसम्म रहन्छ । वर्णनील परन्तु धूमको अपेक्षा पनि पातलो हुन्छ । यो स्थिर रहेमा शरीर निरोग रहन्छ, अनि व्यक्तिक्रमले अनेकानेक रोग हुन्छ । यो वायु शीत एवं उष्णले वर्जित सदा वसन्त ऋतु समान हुन्छ । यो भित्र भित्रै सर्वदा रहन्छ, यसलाई कसैले जय गर्न सक्तैन । एसको अर्को नाम समीरण छ । जस्तो पश्चिमको हावा शीतल र स्वास्थप्रद हुन्छ, यो वायु पनि तेस्तै नै हुन्छ । एसको एक अर्को नाम सुषेण छ, अर्थात् शीघ्रतापूर्वक सबै वस्तुहरुको अर्थ ग्रहण गर्दछ । जस्तो वाज पक्षीले अन्य पक्षिहरुलाई गांज्दछ, उसरी नै यो ब्रहममा रहेर सूक्ष्म वस्तुहरुको अनुभव गर्दछ । यसले स्थिरत्व भाव प्राप्त हुन्छ, तव श्वास कम र प्रश्वास अधिक हुन्छ । यदि यो स्थिर वायु नभए त प्रश्वासै हुँदैनथ्यो, किनभने श्वासको माथि गएर स्थिर वायुको प्रतिघातले तल आउनुको नाम प्रश्वास हो । सुषेण वायुमा राम्रोसँग स्थिर रहनाले शीत-उष्णको बोध हुँदैन । यस वायुमा रहनाले धेरै धेरै टाढाको चिजविज देखिनमा आउँछ । यसै कारण क्रिया गरेमा साधक भविष्यद् वक्ता हुन्छ, भूतकालीन विषयहरुलाई पनि देख्न सक्तछन् । जव भूत भविष्यलाई देख्छ भने वर्तमान विषयलाई देख्नुको

कुरै के भयो र ? यस कारण यस वायुको नाम प्रसदीक्ष अर्थात दूरदृष्टि छ । जसले क्रिया गर्दैन, उसलाई वायुको विषयमा बुझ्ने क्षमता रहदैन । एसको अर्को नाम 'सुखाष' छ, अर्थात् यस वायुमा या ब्रहममा रहनुमा विशेष सुख हुन्छ । यो सुखदाता हो, एसमा जतिनै रहने छौं उतिनै सुख पाइनेछ । जसले जसरी क्रिया गर्नेछ, उसलाई तेस्तै किसिमको सुखानुभव हुनेछ । यस वायुमा रहेर देवताहरुको देवता महादेव त्रिनेत्र भएकाछन् । यस वायुद्वारा आकाशमा गमन गर्न सकिन्छ तथा अर्काको मनको कुरा पनि भन्न सक्दछन्, यसैकारण यस्को अर्को नाम 'विहग' छ । यसलाई उड्डीयान वायु पनि भन्दछन्, यस वायु द्वारा सूक्ष्म शरीरमा उड्न पनि सक्दछन् । एसको एक अर्को नाम 'ऋतवाह' छ, ऋत माने ब्रहम, र वाह माने प्रवाह-श्रोत अर्थात ब्रहममा रहेर परमानन्द प्राप्त गर्दै आफसे आफ समस्त वस्तुहरुको अनुभव हुन्छ । यसको एक अर्को नाम नभः स्वर छ, नभः आकाश, स्वर यानी वाहिर हुन्छ । यस शव्दको अनुभव भएमा परव्योममा रहेर अरुको कुरा टाढावाटै सुनिन जान्छ, तथा नाना किसिमका शव्दहरु सुनिन जान्छन । तिनीहरुमा मुख्य दसकिसिमका छन् - (१) भृंग, (२) वेणु, (३) वीणा, (४) घण्ट निनाद, (५) कांस्य, (६) दीर्घ घण्टा (७) शंख, (८) मृदंग, (९) मेघगर्जन, (१०) सिंहनाद । परन्तु यी सारा शव्दहरु धेरै अवेर सम्म रहँदैन । यो स्थिर वायु नै प्राण हो, यस द्वारा नै निमेषोन्मेष हुन्छ, यो स्थिर वायु नै शरीरवाट वाहिर निस्कन्छ । यस्को एक अर्को नाम त्रिशक्र छ, अर्थात तीनस्थानहरुमा इन्द्रत्व या राजत्व गर्दछन । सत्त्वगुणमा ऊर्ध्व गमनको कारण नित्य निरतिशय ब्रहमानन्दको भोग गर्दछन्, रजोगुणमा रागान्वित भएर अनित्य सुख भोग गर्दछ, तथा तमोगुणमा आवृत भएर अधोगमन गर्दै अनित्य दुःखप्रद नरकमा गमन गर्दछ । यो स्थिरत्वमा गमन गर्दै हस्तिनी नामको नाडीमा 'परावह' नाम धारण गर्दछ, जो मातारिश्वा अर्थात जगत्माता हुन, जगत्लाई अणुरुपमा धारण गर्नु भएकी छिन (ब्रहम) । सत्य ब्रहममा रहनुको कारण यो 'सत्यजित्' नामले प्रशिद्ध छ, अर्थात ब्रहममा रहिकन ब्रहमको अणुको अनुगामी भएमा आफसेआफ सबै वस्तुहरुको अनुभव हुन्छ । जुन चलायमान जगतको प्राण छ त्यही स्थिरत्व पद या ब्रहम हुन, त्यसैलाई ऋतं ब्रहम भन्दछन । यसैलाई जान्नु पर्दछ, चिन्नु पर्दछ, यसैको नाम पवमान छ, जसलाई लोकमा वेद भन्दछन्, यही क्रियाको परावस्था हो । एसैको एक अर्को नाम ऋतजित् छ । ब्रहममा रहँदाखेरि जब त्यो पनि देखिनमा आउँदैन, अर्थात् "सर्वं ब्रहममयं जगत्" हुन जान्छ भने तव त्यही अव्यक्त पद कहलाउँछ । यही स्थिर वायुमा रहेर गमनागमन गर्दछ, परन्तु आफु आफैमा रहनु विना एसको वोध हुँदैन । यही प्राणरुप कूटस्थमा रहेर इच्छुक भै चित्तलाई चलायमान गर्दछ । यस स्थिरत्त्वमा सर्वदा रहँदा फेरि इच्छा हुँदैन, तव त्यसलाई समाधि भन्दछन । यस इच्छामा नै सृष्टि हुन्छ, यही वायु नै धाता वन्दछ, यसैले समस्त इच्छाहरुलाई हरण गर्दछ, यसै कारण एसको नाम हरि छ । यसमा रहनाले नै मोक्ष हुन्छ, अर्थात ब्रहम सिवाय अन्यदिशातिर मन जाँदैन । ब्रहमको अतिरिक्त अरु सबैको अन्त छ, यो सबैको तथा अन्तकालको मित्र हुन्छ, यसलाई स्मरण गरी मरेमा परमगति प्राप्त हुन्छ । यही हो सन्सारको सार, यसैबाट साराका सारा उत्पत्ति छ, यो नित्य छ, सदा रहन्छ । यसमा पनि पुरुषोत्तमको बास छ, यही सबभन्दा ठूला हुन, अर्थात् अणुस्वरुपमा विश्वेश्वर हुन, अनन्त छ, सर्वव्यापि छ अनि विभिन्न रुपमा मित्र छन्, अतयव वायु प्रत्यक्ष ब्रहम हुन ।

उपर्युक्त समस्त वायुहरुको ऐक्यता छ चक्रहरुसँग छ। मूलाधारको चार पद्महरुमा चार वायु छन्, लिंगमूलमा छः छन, मणिपुरमा १०, दस वायु छन, हृदय अनाहतमा वाह्र, कण्ठमा सोह्र छन, अनि आज्ञाचक्रमा दुई छन्। ब्रहम, विष्णु, महेश, चन्द्र सूर्य, अग्नि यी छ देवताहरु आफ्नो शक्तिको साथ उनन्चास देवता या वायु हुन्छन। जस्तो मूलाधारमा ब्रह्मा, गणेश, जगध्दात्री एवं सरस्वती छन। यस किसिमको प्रत्येक चक्रको प्रत्येक कमलपत्रमा देवताहरु छन, यिनीहरु पनि उनन्चास नै छन। यस शरीरमा विराजमान यी देवताहरुको विषयमा तन्त्रमा विशेषरुपसँग लेखिएको छ। उपर्युक्त समस्त वायु जसरी अन्तर्जगतमा छन, त्यसरी नै बहिर्जगतमा पनि छन। यसै कारण मन एवं शरीरको साथ बहिर्जगत्को सबै रोग वायुकै विकारले उत्पन्न हुन्छन। जुन वायुको विकारले जुन रोगको उत्पत्ति हुन्छ, त्यसै वायुलाई समभावसँग राख्न सकेमा नै रोगको शमन भएर आरोग्य प्राप्ति हुन्छ। यही कारणले बाहिरको बस्तुद्वारा रोग दूर हुन जान्छ, किनभने त्यस बस्तुमा भित्रको वायुको वैषम्य हुन्छ, यो आयुर्वेदमा विशेषरुपसँग लेखिएको छ, जुन प्रत्यक्ष छ।

- वैशेषिक दर्शन व्याख्याबाट

संकल्पप्रभवान कामांस्त्यक्त्वा सर्वानशेषतः ;
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥

श्री धरीय टीका - संकल्पबाट उत्पन्न हुनेवाला, योगको प्रतिकूल समस्त कामनाहरुलाई वासनासंगै त्याग गर्नु पर्दछ। विषयदोषदर्शी मन द्वारा सर्वतः प्रसारित अर्थात् चारैतिर दौडिने इन्द्रियहरुलाई विशेषरुपसँग संयत गरी योगाभ्यास गर्नु पर्दछ ॥२४॥

आध्यात्मिक व्याख्या - "म एस्तो गर्नेछु - यस किसिमको इच्छा त्याग गरोस, यस्लाई विलक्षण रुपसँग अशेष त्याग गरुन - मन तथा समस्त इन्द्रियहरुलाई निःशेषरुपले संयमन गरोस।" -

म फलानो काम गर्नेछु - यस किसिमसँग मन मनै संकल्प नगरोस। निश्चय नै, इन्द्रियहरुले जबरजस्ती विषय ग्रहण गराउँदछन, तिनीहरुलाई विचार द्वारा संयत गर्नु पर्नेछ। संकल्पबाट उत्पन्न असंख्य कामनाहरु योग अभ्यासको प्रतिकूल छन। मनको गति इन्द्रियाभिमुखी भएमा इन्द्रियहरु स्व स्व विषय ग्रहण गर्नु उत्सुक हुन्छन्। यसैले जसवाट मन इन्द्रियाभिमुखी नहोस्, यसलाई लक्ष्यमा राख्नु सर्व प्रथम कर्तव्य हो। यी काम संकल्पहरु मुखले भनिदिएर मात्र जानेवाला छैन। विषयहरुमा दोष देखिकन तथा भगवत् चर्चा गरी मनलाई पहिले नै आत्माभिमुखी गर्नु पर्दछ। त्यस पछि मन लगाएर साधनाभ्यास गर्नु पर्ने हुन्छ। चंचल प्राण नै मन र इन्द्रियहरुलाई नचाउँदै घुमाउने गर्दछ। साधन द्वारा प्राणलाई स्पन्दनरहित गर्न सकेमा तदनुगत मन एवं इन्द्रियहरु पनि निःस्पन्द हुन जानेछ। यही सर्वापेक्षा सुगम र सरल उपाय हो ॥२४॥

शनैः शनैरुपरमेद् बुद्धया धृतिगृहीतया ;
आत्मसंस्थं मनः कृत्वा न किंचिदपि चिन्तयेत् ॥२५॥

श्री धरीय टीका–[पूर्व कर्महरुको संस्कारवश यदि मन विचलित हुन्छ भने त धारणाद्वारा त्यसलाई स्थिर गरोस - यस विषयमा भन्नु हुन्छ]–धारणाले वश गरिएको वुद्धिद्वारा मनलाई आत्मामा सम्यक् निश्चल गरी उपरतिको अवलम्वन गरोस । परन्तु त्यो पनि अचानक नभई अभ्यासक्रमसँग गर्नु पर्नेछ । उपरामको स्वरुप के हो ? - त्यही बताउनु हुन्छ । त्यतिवेला आत्मा सिवाय अरु केही चिन्तन नगरोस । मन निश्चल भए पछि स्वयं नै प्रकाशमान परमानन्दस्वरुप हुन जानेछ । तव आत्मध्यान पनि निवृत्त हुनेछ । अर्थात् मध्यान गर्दछु, यस्तो धारणाको उदय पनि हुने छैन । (शंकराचार्य भन्नु हुन्छ - आत्मा नै सवचिज हुन, त्यो बाहेक अन्य कुनैको अस्तित्व छैन - एस किसिमको धारणाको नाम आत्मसंस्थ अवस्था हो । मनलाई यसरी आत्मसंस्थ गरी अन्य कुनै वस्तुको चिन्तन नगरोस्, यही योगको परम विधि हो ॥२५॥

आध्यात्मिक व्याख्या - "क्रमशः ऊर्ध्वमा गमन गरोस् र सबै रुप हेरोस । स्थिर भएर जुन स्वयं आफ से आफ क्रियाको परअवस्था धारण हुन्छ त्यसैको वृद्धि गरोस् । - आत्मामा सम्यक् पूर्वक क्रियाको पर अवस्थामा स्थिर गरी मनमा अन्य कुनै चिन्ता नगरोस् - चिन्ता आफसे आफ नै हुँदैन ।"

- साधन क्रियाको अभ्यास कुन किसिमसँग गर्नु पर्नेछ, यसैको उपदेश यस श्लोकमा दिनु हुन्छ । क्रमशः ऊर्ध्वमा गमन गर्नु पर्नेछ - अर्थात मूलाधार देखि विस्तारै विस्तारै चक्रहरुलाई अतिक्रम गर्नु पर्नेछ, यस्तो होइन - झटपट एकै श्वासमा माथि उकाली दिनु एवं माथिबाट तल झारी दिनु । प्राणलाई अतिवेगले संचालित गर्दा खेरि अनेक विघ्न उपस्थित हुन सक्छन । यद्यपि योगशास्त्रमा "बलात्कारेण गृहनीयात्" को स्पष्ट उल्लेख छ, परन्तु शुरुको अवस्थामा यस प्रकारको बल प्रयोग गर्नु युक्ति युक्त छैन । राजयोगमा मनलाई लिएर नै सारा साधनाहरु गरिन्छन, अतयव विस्तारै विस्तारै प्राणलाई आकर्षण गरेमा मन प्रति चक्रलाई स्पर्श गर्दै माथि उठ्न सक्नेछ । प्रत्तेक चक्रलाई मनले स्पर्श गर्नु आवश्यक छ । अन्यथा तत्तत् स्थानमा कसरी शक्ति जाग्रत हुन सक्छ ? क्रियाको अभ्यास गर्दा गर्दै पनि अनेक रुपादिको दर्शन हुन्छ, त्यसमा मन केही विक्षिप्त हुन सक्छ । एसैले क्रिया गरिरहेको बेला उपदेशानुसार चिन्तन गर्नु बाहेक अन्य चिन्तन गर्नु हुँदैन । यसरी मन लगाएर क्रिया गरेमा एक एक गरी आफसे आफ क्रियाको परावस्थाको उदय हुन्छ । त्यसैलाई क्रमशः उत्तरोत्तर बढोत्तरीको चेष्टा सततः गर्नु पर्नेछ । क्रियाको यो परावस्थाको उदय भएर जब मन केही निश्चल हुनेछ, तव पनि मनमा पूर्वसंस्कार वश अन्य चिन्ताको उद्भव हुन संभव हुन्छ । यसैले तव सावधान भएर यस्तो गर्नु पर्नेछ, जसबाट अन्य चिन्ताहरु नआओस, अन्यथा क्रियाको परावस्थाको नशा कट्न जानेछ । अवश्य नै क्रियाको परावस्था घनीभूत भएमा "कुनै चिन्ता नगर" यस्तो भन्नु पर्ने छैन । चिन्ता आफसे आफ नै हुँदैन । क्रिया गर्दै गर्दै जाँदा जुन केहि केहि अलि अलि नशा जस्तो क्रियाको परावस्था आउँदछ - त्यही धारणाको अवस्था हो यस धारणाले वश गरिएको चित्तमा असली क्रियाको परावस्था उदय हुन्छ । मनमा कुनै चिन्ताको उदय हुन नदिएमा मनको निश्चल

अवस्थामा जुन स्थिति हुन्छ, - त्यही प्रत्याहार हो । यो स्थिति अत्यन्त तरल हुन्छ, परन्तु अभ्यासद्वारा त्यो क्रमश: घन देखि घनतर हुन जान्छ, अनि दीर्घकाल स्थायी हुन्छ भने त त्यसलाई धारणा एवं ध्यानको नामले पुकारिन्छ, अनि जब ध्यान अत्यन्त घनीभूत भएर सुदीर्घकाल स्थायी हुन्छ त त्यसलाई समाधि भन्दछन् । बलपूर्वक समाधि ल्याइदैन, त्यो विस्तारै विस्तारै क्रियाको अभ्यासले उदित हुन्छ । मानिसलाई निद्रा लाग्नु भन्दा पहिले जस्तो प्रथम तन्द्रा र पश्चात् स्वप्न अवस्था तथा त्यसपछि सुषुप्ति अवस्थाको उदय हुन्छ, त्यसरी नै समाधि निद्राको प्रथम अवस्था तन्द्रा समान हुन्छ, त्यतिबेला बाह्य दृश्य क्षण क्षण भुल्दै जान्छन र फेरि नशा टुट्न जान्छ - यही धारणा हो, यहाँ मनले शरीर एवं बहिर्वस्तुहरु विर्सन जान्छन, तर साधकले आफुलाई ठीक ठीक विर्सन पाउँदैन । यस अवस्थामा इन्द्रियवृत्तिहरु मनमा प्रवेश गर्न जान्छन । अनि तन्द्रा पछि जस्तो तरल निद्रा या स्वप्नावस्था आउँछ, र सूक्ष्म दृश्यादिको द्रष्टाको रुपमा हामी जसरी जागिरहन्छौं, अनि वाह्य वस्तुहरुको अनुभव हुँदैन - त्यस्तै नै समाधि निद्राको द्वितीय स्तर यस स्वप्नकै समान हुन्छ, वाह्यज्ञान ठीक रहँदैन, परन्तु आन्तर ज्ञान नाना किसिमसँग स्फुटित हुन लागदछ, तब पनि बस्तुको प्राप्ति एवं तज्जनित सुखादि बोध कर्त्ताको रुपमा आफुलाई साधकले देख्दछ । यसैलाई भन्दछन - मनलाई अहं तत्त्वमा लैजानु । त्यति खेर साधकको अवस्था वालक समान हुन जान्छ । त्यसबेला कुनै जागतिक सम्वन्ध दृढ भावसँग मनमा बस्दैन । त्यस पछि स्वप्नावस्थावाट सुषुप्तिमा पुगे पछि जसरी वाह्य विषय कुनै आन्तर विषयको ज्ञान रहँदैन, उसरी नै समाधि निद्राको तृतीय स्तरमा गाढा निद्रा समान अरु कुनै वृत्ति रहँदैन । निद्राको साथ केवल यति नै अन्तर हुन्छ - गम्भीर निद्रामा बुद्धि बस्तुत: सुप्त हुँदैन, जाग्रत भैरहन्छ, केवल वृत्ति - विस्मरण रुप अवस्था उत्पन्न हुन जान्छ । यही “अस्मितारुपी” सविकल्प समाधिको अवस्था हो । यहां नै अहंतत्त्व महत्तत्वमा प्रविष्ट हुन्छन, अथवा अहंकारको जय हुन्छ । यही आत्माकाराकारित अवस्थाको निकटतम अवस्था हो । यस अवस्था भन्दा पनि अझ एकाग्र एव चिन्मुखी मनलाई चित्को साथ एक गरिदिनु पर्नेछ, अर्थात् उपाधि शून्य चिन्मात्र रुपमा जुन स्थिति हुन्छ, त्यही आत्माकाराकारित भाव हो, त्यसलाई नै असम्प्रज्ञात समाधि या आत्म-दर्शन भन्दछन् । यसमा ‘म’ ‘मेरो’ बोध रहँदैन । यथार्थ क्रियाको परावस्था यही हो । यति बेला मन रहँदैन, अतयव मनको देख्नु सुन्नुको कुनै क्रिया नै रहदैन । यस किसिमसँग वाक्, मन, अहंकार एवं महत्तत्त्वको भूमि सबै नै जय हुन जान्छ । *ज्ञान, ज्ञेय, ज्ञाता* - यस त्रिपुटीको यहाँ नाश हुन जान्छ ।

यच्छेद्वाङमनसि प्राज्ञस्तद् यच्छेज्ज्ञान आत्मनि ;
ज्ञानं नियच्छेन्महति तद् यच्छेद् शान्त आत्मनि ॥ (श्रुति)

श्रुति भन्दछन् - *प्राज्ञ पुरुष वाक्यलाई मनमा, मनलाई ज्ञानात्मामा, ज्ञानात्मालाई महत्मा, अनि महत्लाई शान्त आत्मामा लगाओस* । यही समाधिको अभ्यासको क्रम हुन । संकल्प वाक्यरुपमा प्रकट हुन्छ, यसैकारण वाक्यको मूल हो प्राणशक्ति । त्यस प्राण शक्तिलाई प्राणायाम द्वारा स्थिर गर्न सकेमा मनको नाना किसिमको संकल्प मनमानै विलीन हुन जान्छन् । मन संकल्प-विकल्प रहित भएपछि एकाग्र हुन जान्छ । यही हो मनलाई ज्ञानात्मामा लैजानु । यसलाई ज्ञानात्मा किन भन्दछन् ? यस्को कारण यो

छ - मनको एकाग्र अवस्थामा जुन जान्नुको इच्छा हुन्छ, त्यो जानिन जान्छ । यस ज्ञानात्मालाई पनि महत्मा मिलाई दिनु पर्नेछ । यसैलाई महत्मा प्रवेश या महाकाशरुप हुनु भन्दछन् । यस पश्चात् त्यो चिदाकाशको महाकाश पराकाशमा, अनि पराकाश परव्योममा विलीन हुन जानेछ । यही शान्त आत्मा हो । अर्थात यस अवस्थाबाट मनमा फेरि विक्षेप तरंग उठ्न सक्तैन । यही निर्विकल्प समाधि हो । यो अवस्था एकै चोटि आउँदैन, शनैः शनै अर्थात् विस्तारै विस्तारै यसलाई आयत्त गर्नु पर्ने हुन्छ । मनले अहिले सम्म नाना किसिमको चिन्ताहरु र नाना प्रकारको वासनाहरु गर्दै आइरहेको-छ, अनि मनमा ती सारा विषयहरुको अजस्रछाप परिराखेका छन् । ती सवलाई 'भाग' -'भागिहाल' भन्दैमा ती सब एकैपटक जान सक्तैनन् । मनबाट वासनाको दाग पूराका पूरा मिटाउनु छ भने त धैर्य साथ साधनाभ्यास गर्नु पर्नेछ । यस साधनाभ्यासको फलस्वरुप जव प्राण स्पन्दनरहित हुन्छ भने त चित्तको स्पन्दन फेरि रहने छैन । चित्तमा स्पन्दन नरहँदा नै पनि त्यसमा वासनाको संस्कार बीज रुपमा सुषुप्त रहन्छ । जुन अवस्थामा समस्त वासनाको बीज सुप्त रहन्छन्, टाउको उठाउन सक्तैनन्, त्यही महत् आत्मा हो, अर्थात बुद्धिको अतिसूक्ष्म भाव हो । बुद्धिको यस अति सूक्ष्मावस्थामा नै आत्माको स्पर्श अनुभूत हुन्छ । त्यतिखेर पनि सविकल्प भाव रहन्छ । पश्चात् जव त्यस स्पर्शको विराम रहँदैन, तव संस्कारको बीज पनि नष्ट हुन जान्छ, त्यही शान्त-आत्मा या निर्विकल्प समाधिको अवस्था हो । "धृतिगृहीतया" बुद्धिद्वारा यस अवस्थालाई आयत्त गर्नु पर्दछ । अर्थात् साधनद्वारा जब मन र बुद्धि स्थिर हुन्छन् त त्यस स्थिर बुद्धि या एकाग्रता द्वारा निरोध अवस्था विस्तारै विस्तारै उपस्थित हुन्छ । यही अव्यक्त या मूल प्रकृतिको शुद्ध चैतन्यरुप परमपुरुषको भित्र आत्मनिमज्जन कहलाउँछ । यही हो *"पुरुषान्न परं किंचित् सा काष्ठा सा परागति"* । पुरुषको अपेक्षा पर या श्रेष्ठ वस्तु अरु केही छैन । त्यही काष्ठा अर्थात अन्त हो, अनि त्यही परमागति हो । परमागतिलाई प्राप्त गर्नको लागि साधन गर्नु आवश्यक छ । गुरुको उपदेश अनुसार साधन गर्दै गैरहनु नै ईश्वरको शरणागति हो । यो शरणागति जसलाई भएको छ उसैले भगवत्कृपा अर्थात् परम शान्ति प्राप्त गर्दछन । यही हो सर्व विषय-निवृत्तिरुपी मनको कैवल्य पद या अभय परम पदको प्राप्ति । यस प्राप्तिको बाधक छ कामसंकल्प । काम संकल्प प्राणको नै स्पन्दन मात्र हो । अतयव प्राणायाम द्वारा, निरन्तर अभ्यासद्वारा प्राणलाई अवरुध्द गरेमा नै मनको निरोधावस्था आउँदछ । जीवात्माको भोग प्राप्तिको चेष्टा नै संकल्प या मन हो । यो भोगासक्ति जीवको प्राणमा संचित रहन्छन । त्यही अशुध्द प्राणको कार्य हो । प्राणायाम द्वारा प्राण शुध्द भएमा भोगासक्ति पनि तिरोहित हुन जान्छ । जब मनले पनि अशुध्द संकल्प गर्न सक्तैन । अतयव मन पनि शुध्द हुन जान्छ । यस शुध्द मनले नै शुध्द बुद्धि उत्पन्न हुन्छ । शुध्द बुध्दिको आभ्यन्तर आत्माको निर्मल भाव प्रतिविम्ति हुन्छ ।

यहाँ अरु पनि एक ज्ञातव्य विषय बताइरहेछु । मन निश्चल भए पछि "म ध्यान गर्दछु" - यो धारणा पनि रहँदैन । 'म' आत्मस्वरुप भएको छु, यो पनि बुझ्नु वा बुझाउन समाधिमग्न पुरुष समर्थ हुँदैन । तब "आत्मदर्शन" मा कुन किसिमको दर्शन हुन्छ त ? यो देख्नु आँखाले देखिन गएको बस्तु देख्नु समान हुँदैन । समाधिको समय जब मन निरुध्द हुन जान्छ, तब आँखाहरुले दृश्य देख्नुको समान त समाधिको अवस्था देखिन जाँदैन । जाग्रत, स्व्प्न, सुषुप्तिमा अन्तः करणको विषय चिन्तन द्वारा आत्मा आच्छादित

हुन्छ, केवल समाधियोगको अवस्थामा अन्त:करणको विषय चिन्तन नहुनुको कारण एक भावातीत भाव वर्तमान रहन्छ, व्युत्थित भएमा त्यस स्थितिको सम्वन्धमा केवल एक निशिचत धारणा मात्र हुन्छ । मन विषय चिन्तावाट विरत भएमा नै आत्मचिन्तन या भगवत् चिन्तन हुन्छ, यस किसिमको अवस्थामा मन निर्विषय हुँदैन । अतयव आत्मचिन्तनमा पनि एक किसिमको अभिमान या अहंकार रहन्छ । यो अहंकार एकाएक जाँदैन । स्पन्दित शक्ति नै प्राण को शक्ति हो । प्राणायाम अभ्यास द्वारा जुन संकल्प शून्य अवस्था आउँछ, त्यसद्वारा विस्तारै विस्तारै अहंकारले क्षीणतालाई प्राप्त गर्दछ । अहंकार क्षीण हुन गएपछि जुन निर्मल मन अवशिष्ट रहन्छ, त्यसमा फेरि स्पन्दन हुँदैन । यस उपरत चित्तमा चिन्ता स्वयं उठदैन, त्यस बेला आत्माकाराकारित मन परम स्थिरतामा विश्राम गर्दछ । यस किसिमको विश्राममा जुन पुरुष शनै: शनै: अभ्यस्त भएको छ, त्यस साधकको पासमा 'म' रहँदैन, अनि 'मेरो' पनि रहँदैन । यही हो मन-गंगाको विस्तारै विस्तारै आत्मानन्द सागरमा निमज्जन । योगधृति या प्रत्यह अभ्यासको फलस्वरुप जुन स्थिरता आउँछ, त्यसै द्वारा यो लभ्य छ ॥२५॥

यतो यतो निश्चरति मनश्चंचलमस्थिरम् ;
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

श्री धरीय टीका–[यसरी रजोगुणको वशमा मन यदि चलायमान हुन्छ भने त पुन: प्रत्याहार द्वारा त्यसलाई वशमा ल्याउनु पर्दछ - यसैले भन्नु हुन्छ]–स्वभावत: चंचल अर्थात् धार्यमाण भएर पनि अस्थिर मन जुन जुन विषयहरुतिर दौडिन्छ त्यस त्यस विषयहरु देखि त्यसलाई प्रत्याहृत गरी आत्मामा नै स्थिर गरोस ॥२६॥

आध्यात्मिक व्याख्या - "जता जता मन दौडदछ, - त्यतै त्यतै देखि आत्मामा वलपूर्वक ल्याई वशीभूत गरिराखोस ।" -

समाधिमा चार किसिमका विघ्न हुन्छन् । कषाय, विक्षेप, लय एवं रसास्वाद । स्मृति-संस्कार द्वारा मनमा जुन विषय तृष्णा जागदछ भने त्यसलाई वलपूर्वक विषयहरु देखि फर्काउनु पर्नेछ । निभ्न लागेको आगोलाई फुक्दा खेरि जसरी फेरि जाग्दछ, उसरी विभिन्न नाडीमुखहरुवाट स्वसन क्रिया द्वारा जुन प्राणको गति हुन्छ, त्यसले नै समस्त वासना वृतिहरु जागी उठ्दछ । त्यसलाई वाह्य विचार द्वारा निरस्त गर्न धेरै नै कठिन छ । अत्यन्त विक्षिप्त अवस्थामा अथवा निद्रित भएमा प्राणायाम या मुद्रादि गर्ने व्यवस्था छ । यस्तो गर्नाले फण उठाएको सर्पको टाउको माथि दण्ड प्रहार गर्दा खेरि जसरी टाउको झुकाउन वाध्य हुन्छ, उसरी नै चित्तको विक्षेपादि वृत्तिहरु अवसान हुन्छ । मन जव स्वस्थ रहन्छ तव ठीक विचारादि गर्न सक्तछन्, परन्तु अत्यन्त लयविक्षेपको समय ती सव नजाने कता विलाउन जान्छ । जंसलाई प्राणायाम गर्ने अभ्यास छ, तिनीहरु इच्छा नभए पनि यदि २/४ प्राणायाम गर्दछ भने त शत्रुहरुको प्रवल आक्रमण वाट रक्षा प्राप्त गर्न सक्दछन् । विकल्प, निद्रा, अति भोजनादि व्यापार समाधिको विरोधि हुन्, परन्तु यी नै मनको अति प्रिय छन । यसैले जव सम्म एकबार मन आत्माको अन्त:पुरमा प्रविष्ट हुँदैन, यी सारा

विघ्नहरु रहनेनैछन् । परन्तु यस कुरालाई लक्ष्यमा राख्नु आवश्यक छ - दौरात्म्य जति हुन सक्छ कम होस । मनलाई निरन्तर वैराग्यको कुरा सुनाएर विषयको हेयत्वलाई सम्झाउनु पर्नेछ । आहार धेरै हुन गएमा अथवा धेरै निद्राले आच्छन्न भाव आउँदछ, यसैले यस्तो प्रयत्न गर्नु पर्नेछ, - त्यस्तो भाव आउनै नपावस् । यसरी लय विक्षेपबाट स्वयंलाई बचाउनु पर्ने छ । सुखास्वादनरुपी एक अरु विघ्न छ, त्यो पनि अत्यन्त प्रवल विघ्न हो । अरु विघ्नहरुलाई त विचार द्वारा, साधनाभ्यासमा दृढ प्रयत्न द्वारा दूर गर्न सकिन्छ, परन्तु यसलाई नष्ट गर्नु धेरै कठिन छ, बरु भन्न सकिन्छ - दुःसाध्य छ । यस विघ्नको स्वरुप यस किसिमको छ - साधनमा जब केही अग्रसर हुँदाखेरि कुनै सिध्दि प्राप्त हुन्छ, तब मन त्यसमानै डुब्न जान्छ । त्यो भन्दा विशुध्द एवं निरुध्द भूमिमा प्रवेश गर्न चाहँदैन । जहाँ लोक प्रतिष्ठा हुन्छ त्यही मन लोलुप भएर बसिदिन्छ, हट्नुको नाम पनि लिंदैन । भगवत् कृपाले पर वैराग्यको प्राप्ति भएमा यो दोष दूर हुन सक्तछ । अनि कषायरुपी विघ्न साधनाको पहिलो अवस्थामा हुन्छ । साधनामा रस नमिल्नुको कारण त्यो राम्रो लाग्दैन ॥२६॥

प्रशान्तमनसं ह्येनं योगिन सुखमुत्तमम् ;
उपैति शान्तरजसं ब्रहमभूतमकल्मषम् ॥२७॥

श्री धरीय टीका–[एस किसिमसँग प्रत्याहार द्वारा जसले पुनः पुनः मनलाई वशीभूत गर्दछन्, त्यो रजोगुणको क्षय भएपछि योग सुखलाई प्राप्त हुन्छ - यसै विषयमा भन्नु भैरहेछ]–उपर्युक्त प्रकारले जसको रजः शान्त भएको छ र मन पनि प्रशान्त हुन गयो, त्यस निष्पाप एवं ब्रहमत्व-प्राप्त योगीलाई उत्तम समाधि-सुख स्वयं नै आश्रय गर्दछ ॥२७॥

आध्यात्मिक व्याख्या - "धेरै राम्रोसँग रातदिन, म केही होइन, अनि न मेरो केही छ, क्रियाको परावस्थामा रहीकन धारणा, ध्यान एवं समाधि गर्दै सुखसँग उत्तम रुपमा रहोस - तब क्रियाको परावस्थामा रहँदै म केही होइन, मेरो केही छैन - यस किसिमको अवस्थामा रहँदा अन्य दिशा तिर आसक्तिपूर्वक दृष्टि जाने छैन, अतयव *"सर्वं ब्रहममयं जगत्"* - ब्रहम भएर निष्पाप हुन जानेछ अर्थात अन्यबस्तुमा मन जाने छैन ।"

- मन मनै ब्रहमचिन्तन गर्नाले पनि एक किसिमको प्रत्याहार हुन्छ, परन्तु क्रिया द्वारा क्रियाको परावस्था प्राप्त योगीलाई जुन प्रत्याहार हुन्छ त्यसले रजोगुण शान्त हुन्छ तब प्रफुल्लताले चित्त भरिन जान्छ, अनि मोह रहँदैन, अतयव 'म' 'मेरो' भाव रहँदैन । 'म' मेरो' भाव रहन जाँदा आसक्तिपूर्वक विषय दृष्टि हुन्छ, अतयव त्यसमा ब्रहमभाव पनि रहँदैन । जब 'म' 'मेरो' रहँदैन, तब मन पनि अरुतिर जाँदैन । मन जब अन्य तिर जाँदैन त पापशून्य हुन जान्छ, यसरी निष्पाप भएका योगीको "सर्वं ब्रहममयं जगत्" भाव हुन जान्छ । तब योगी निरतिशय सुख - घनीभूत क्रियाको परावस्था या आत्मसाक्षात्कारलाई प्राप्त हुन्छ । रजोगुण र तमोगुणको क्षय द्वारा बुद्धि परिशुध्द भएमा निर्मल स्वच्छ आत्मासँग त्यो एकत्वभावापन्न हुन जान्छ । योग दर्शनमा लेखिएको छ - *"सत्त्वपुरुषयोः शुद्धिसाम्ये कैवल्यम्"* - सत्त्व तथा पुरुषको

शुद्धिसाम्यमा कैवल्य प्राप्ति हुन्छ। पुरुष त नित्य शुध्द छ, प्रकृतियुक्त अवस्थामा त्यो पनि गुणादि दोषहरुले दूषित जस्तो जानिन्छ। परन्तु जब बुद्धि स्वच्छ हुन जान्छ त आत्मामा कल्पित अशुद्धि दूर हुन जान्छ। यस किसिमले दुवैको शुद्धि साम्य हुनासाथ चिदाभासरुपी बुद्धितत्त्व चिद्रुप आत्मामा एकाकार हुन जान्छ। यही कैवल्य निर्वाण हो, अतयव सर्वोत्तम सुख हो ॥२७॥

युंजन्नेवं सदात्मानं योगी विगतकल्मषः ;
सुखेन ब्रहमसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

श्री धरीय टीका–[तत्पश्चात योगी कृतार्थ हुन जान्छ - यस विषयमा भन्नु हुन्छ]–यस किसिमसँग सर्वदा मनलाई वशमा राखी निष्पाप भएर योगी अनायासै अविद्या निवर्त्तक ब्रहमसाक्षात्काररुप अत्यन्त सुख भोग गर्दछ अर्थात् जीवनमुक्त हुन जान्छ ॥२८॥

आध्यात्मिक व्याख्या - "एस किसिमसँग सदा सर्वदा क्रिया गर्दै धारणा-ध्यान समाधियुक्त भएर, अन्य दिशामा आसक्तिपूर्वक दृष्टि नराखीकन "सर्वं ब्रहममयं जगत्" स्वरुप सुख आफसे आफ क्रियाको परावस्थामा रहेर ब्रहम गरी - अत्यन्त सुख प्राप्त हुन्छ"

- क्रियाद्वारा धारणा-ध्यान एवं समाधि सबै शनैः शनैः आउन सक्तछन्। परन्तु विषय संस्कार यति बलवान हुन्छ - अभ्यासशील साधकको अलि कता अवहेलनाले पनि मन विषयतिर हाम्फाली दिन्छ - यसैले आसक्तिपूर्वक अन्यतिर दृष्टि नराखिकन केवल आत्मामा मन लगाई रहुं - यही श्री भगवान्‌को उपदेश हो, अन्यथा पाप कटिने छैन। यस किसिमको अभ्यासको फलस्वरुप योगी पापशून्य हुन जान्छ, अर्थात फेरि उसको मन आसक्तिपूर्वक अन्य दिशातिर दौडिदैन जसको एस किसिमको अवस्था हुन्छ, त्यसको क्रियाको परावस्था खूब घनीभूत हुन जान्छ। क्रियाको परावस्था घनीभूत भएपछि *"सर्वं ब्रहममयं जगत्"* हुन जान्छ - यसको अपेक्षा सुखमय अवस्था अरु कुनै छैन। यसमा भय-विद्वेष हुँदैन, तब शरीर, मन एवं प्राण विक्षेपशून्य हुन जान्छन्, बुद्धि आत्माकारलाई प्राप्त हुन्छ - यस प्रकारको परिपूर्ण चिदानन्दमय *"निजबोधस्वरुप"* अवस्थाको साथसँग अरु कुनै सुखको तुलना हुँदैन। यसमा नै चिरकालको लागि साधकले अविद्या-पिशाचिनीको पंजाबाट छुटकारा प्राप्त गर्दछ। यसैलाई सर्वोत्तम सुख भन्दछन्, किनभने विदेहमुक्ति या निर्वाणावस्थाको प्राप्ति पछि सुख दुःखको बोध हुँदैन। कारण यो छ - त्यहाँ भोक्तृत्त्वभाव केही रहन्न। शरीर छँदैमा हामी देहेन्द्रिय, - मन - बुद्धि जनित अनेक किसिमका सुखहरुको आस्वादन गर्दछौं। परन्तु जीवमुक्त योगीको अविद्या-नाश भएर जुन मुक्ति-सुख अनुभव हुन्छ त्यसैलाई यी सारा सुखहरुको तुलनामा सर्वोत्तम भनिएको छ। जीवितावस्थामा समाधिलाभ भएर पनि त्यो बीच बीचमा भंग हुन्छ। जब भंग हुन्छ त हाम्रो समभ्रुमा आउँदछ - जुन सुखको भोग भैरहेको थियो, त्यसको तुलनामा यी समस्त जागतिक अथवा इन्द्रियजनित सुख कति तुच्छ छन्। यसैले फेरि त्यतातिर मनले ताक्नै चाहन्न। मनलाई निष्पाप अवस्थामा राख्नको लागि पापरुपी मनको पापरुप मलहरुसँग परिचय हुनु आवश्यक छ। यिनीहरु नै समाधिको विघ्न हुन् योग दर्शनको समाधिपादमा लेखेको छ -

"व्याधिस्त्यानसंशयप्रमादालस्या विरति भ्रान्तिदर्शनालव्धभूमिकत्वानवस्थितत्वानि चित्तविक्षेपास्तेऽन्तरायाः" - चित्त विक्षेपको हेतु यी नव विघ्नहरु छन् - *व्याधि, स्त्यान, संशय, प्रमाद, आलस्य, अविरति, भ्रान्तिदर्शन, अलब्धभूमिकत्व एवं अनवस्थितत्व*। यी नौवटा अन्तराय धराप चित्तका विक्षेपहरु हुन। सारा चित्तवृत्तिहरुको साथै यीनीहरु उद्‌भूत हुन्छन, यिनीहरुको अभावमा पूर्वोक्त चित्तवृत्तिहरु उद्‌भूत हुँदैन। (१) व्याधि - धातुरस तथा इन्द्रियहरुको विषमता। (२) स्त्यान - चित्तको अकर्मण्यता अर्थात साधनादि सिकेर पनि त्यसको अभ्यासमा शिथिलता। (३) संशय - उभयदिक - स्पर्शी विज्ञान, जस्तो यो एस्तो होला अथवा नहोला, योगसाधन गर्नु उचित छ या अनुचित। (४) प्रमाद - समाधिसाधनमा गलत धारणा हुनु, भावना नगर्नु। (५) आलस्य - शरीर तथा चित्तको गुरुत्वको कारण साधनामा अनिच्छुक अप्रवृत्ति। (६) भ्रान्तिदर्शन - विपर्यय-ज्ञान। (८) अलब्धभूमिकत्व - समाधिभूमिको अलाभ। (९) अनवस्थितत्व - लब्धभूमिमा प्रयत्नको शिथिलताको कारण चित्तको अप्रतिष्ठा। समाधिको प्रतिलम्भ (निष्पत्ति) भएर चित्त अवस्थित हुन्छ। यी नौ किसिमका चित्त विक्षेपहरुलाई योगमल, योग प्रतिपक्ष या योगान्तराय (योगका धराप) भन्दछन् ॥२८॥

- (कपिलाश्रमीय योगदर्शनबाट उदघृत)

सर्वभूतस्थमात्मानं सर्व भूतानि चात्मनि ;
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

श्री धरीय टीका–[ब्रहमसाक्षात्कारलाई नै देखाउनु हुन्छ]–योगाभ्यास द्वारा समाहित चित्त सर्वत्र(ब्रमदर्शी योगी ब्रहमादि स्थावरान्त सबै भूतहरुमा अविद्याकृत शरीरादिले शून्य आफ्नो आत्मालाई देख्दछ। अनि निज आत्मामा सबै भूतहरुलाई अभिन्नरुपमा देख्दछ ॥२९॥

आध्यात्मिक व्याख्या–"म सबै भूतमा छु, अर्थात् यो आत्मा नै सवै (जीवहरुमा) भूतहरुमा छन्, सबै भूतहरुको आत्मा यस आत्मामा, (जीवमाछन्) धारणा-ध्यान-समाधि गरी क्रियाको परावस्थामा रहेर देख्न पाउँछन, तब सबै सर्वं ब्रहमयं जगत्"–अतः सबलाई समान देख्दछन्।"–

समाधि अवस्था प्राप्त योगीको अनुभव कस्तो हुन्छ ? यही बताउनु हुन्छ जब त्यो समाधिस्थ रहन्छन, तब ब्रहमादि स्थावरन्त कुनै दृश्य पदार्थ रहँदैन। तब "सर्वं ब्रहममयं जगत्" हुन जान्छ। अनि त्यही योगी जव प्रारव्धवश, व्युत्थित हुन्छन्, तब यो जगत्–प्रपंचलाई प्रतिभासित भैरहेको देख्दछन्, सही, परन्तु त्यस देख्नुमा पनि एक विशेषत्व हुन्छ। किनभने क्रियाको परावस्थामा जगत्‌को स्वरुप उस्लाई अवगत भैरहन्छ। एक ब्रहम सिवाय अन्य केही छैन, यो उसको सुस्पष्ट बोधको विषय बनिसकेको छ। क्रियाको परावस्थामा उस्लाई जुन ब्रहमदर्शन भएको थियो, समाधि टुटेपछि त्यो अवस्था रहेन, उस्को जगत् दर्शन अवरुद्ध भएन, यस अवस्थामा के उस्को समदर्शन टिक्न सक्दछ ? यदि टिक्छ भने त असंख्य जीवहरुलाई निरन्तर क्लेश भोगेको देखेर उ पनि क्लिष्ट हुन जानेछ, परन्तु त्यस अवस्थामा सुखको समदर्शन हुनेछैन,

तव उस्को शान्ति र आनन्द कसरी स्थायी रहलान् ? अज्ञानी सवलाई समान देख्दैनन्, अतयव अरुको दु:खमा उसलाई ल्केश नहुन पनि सक्छ, परन्तु समदर्शीले सवैको आत्मामा आफुलाई देख्दछ, अतयव तिनीहरुको दु:ख भोगको साथसाथै उस्लाई पनि दु:खभोग गर्नु पर्दछ, तेसो भए त आत्मदर्शनमा हानीको सिवाय लाभ केही छैन । परन्तु कुरा यस्तो छैन । उस्को समदर्शन हुन्छ ज्ञानद्वारा, अनि जीवलाई दु:ख या अशान्ति हुन्छ अज्ञानको कारण । ज्ञान दु:खको निवारक छ, अतयव ज्ञानीलाई दु:ख हुनु संभव छैन, समाधिवान पुरुष अज्ञानको पर पारी पुग्दछन । यसैले जगत्को दु:खमा अज्ञानीलाई जुन किसिमको दु:खानुभव हुन्छ, त्यस्तो दु:खानुभव उस्लाई हुँदैन । ज्ञानीले जान्दछ सबै आत्मा एक छ, नाना घटमा सूर्यको प्रतिविम्व समान नाना शरीरहरुमा केवल त्यस महान चैतन्य सत्ताको नै प्रतिविम्व पर्दछ । स्वरुपत: तीसब नाना छैन, यसैले कोही पृथक या भिन्न छैन ।

यदि मलाई दु:खित देखेर ज्ञानीलाई दु:ख हुँदैन भने त उसको संग गर्नाले के लाभ होला ? ज्ञानीलाई दु:ख हुँदैन, यस्तो कुरा होइन–परन्तु मुग्ध जीव समान मोहयुक्त दु:ख उसलाई हुन सक्तैन । तेसो भए अज्ञानीलाई दु:खित देखेर उसलाई कुन किसिमको दु:ख हुन्छ ? जसरी सुतेको मानिसलाई स्वप्नमा डरलाग्दो भीषण दृश्य देखेर ल्किष्ट हुन्छ र त्यसलाई देखेर त्यहाँको जागेको मानिसले हातले उसको शरीर हल्लाएर जगाइदिन्छ, त्यसरीनै उसले भवरोग–ल्किष्ट अज्ञानी जीवलाई जीवको अज्ञानजनित निद्रित संसार स्वप्नरुपी ल्केशलाई देखेर उस्लाई ज्ञानोपदेशद्वारा केवल जाग्रत मात्र गरिदिन्छन् । उस्लाई थाहा छ,–तत्त्वत: सवैको आत्मा एकै हुन, अनि त्यो आत्मा नित्यपूर्ण आनन्दमय छ, त्यसमा दु:खको लेश पनि छैन । मायामोहित अज्ञानी जीवलाई यो आत्मदृष्टि नहुनुको कारणले नै ल्केशको अनुभव हुन्छ । साधनाको प्रभावले ज्ञानालोक प्रज्वलित हुन्छ, तव साधकलाई ज्ञात हुन जान्छ–अज्ञानले यस शरीरलाई वेष्ठन गरिराखेको छ, आत्मालाई वेष्ठन गर्ने शक्ति त्यसमा छैन । उनीहरुले आत्मस्थ भएर देखिसकेको छ–त्यो यो शरीर होइन, आत्मा हुन, यसैकारण शरीरको कष्टले उस्लाई मोहित गर्न सक्तैन ।

ज्ञानीले क्रियाको परावस्थाको परावस्थामा जुन जगत् प्रपंचलाई देख्दछन, त्यो केही केही यस्तो नै हुन्छ । अर्थात् एक अनन्त शर्कराराशि मानो बीच बीचमा घनीभूत भएर विविधरुप धारण गरी प्रकट भैरहेकाछन् । त्यस्मा मनुष्य, पशुपक्षी, कीट–पतंग अजस्र दृश्यरुपमा भासमान भैरहेकाछन् । परन्तु सुचतुर रसज्ञ पुरुषको सामुन्ने यी सवै रुपको पृथक पृथक अस्तित्व भएता पनि एक शर्कराकै अस्तित्वको रुपमा नै व्यक्त हुन्छन् । उसले शर्करा निर्मित बस्तुहरुको समूहमा केवल शर्करा नै अनुभव गर्दछन्, नाम रुप जनित पार्थक्यलाई अनुभव गर्दैनन् । यसैले ती सवको पृथक पृथक नामरुपलाई देखि उ विहवल भएर उठदैन । शर्करानिर्मित विभिन्न विभिन्न पुतलीहरुको रुप देखेर अज्ञ शिशुमा भेदबुद्धि हुन सक्छ, परन्तु ज्ञानी पुरुषको त्यस्तो वुद्धि उत्पन्न हुँदैन । उसरी नै ज्ञान दृष्टि सम्पन्न व्युत्थित योगीलाई जगत्दर्शन भएमा पनि त्यसमा उसको त्यो ब्रहमानुभव नष्ट हुँदैन । प्रज्वलित अग्निकुण्डमा इन्धन राख्दा खेरि जसरी अग्नि रुप हुन जान्छ, उसरी नै जगत्को बहिर्भागमा जुन जड मलिनताले भरिएको भाव देखिन जान्छ, स्व-स्वरुपमा अवस्थित या व्युत्थित योगीको अगाडि वस्तुको जडत्वभाव दूर भएर त्यसको शुध्द चैतन्य

भावमात्र प्रकटित हुन्छ। यसैले उस्लाई कदापि भ्रम हुँदैन। यही यथार्थ समदर्शन हो। जवसम्म मनको वाह्य र नानात्व दृष्टि छ तबसम्म यथार्थ समदर्शन आउन सक्तैन। यहाँ एउटा कुरा सम्झी राख्नु योग्य छ–समदर्शन अति उच्च अवस्था भएर पनि त्यही प्रार्थनीय वस्तु हो–यस्तो कुरा छैन। किन भने योगारुढ अवस्थामा योगीको सारा दुःखहरुको अवसान त हुन्छ नै सही परन्तु त्यति वेला पनि कति कति लाखौं जीव दुःखकष्टको ज्वालामा जल्दै खाक भैरहेछन। जगत्मा वैषम्य त प्रायः सर्वत्र छ, र एक दुई मानिसको वैषम्य छुटेर त जगतको दुःख दूर हुँदैन। दुःखको दावाग्निमा जल्ने रोगातुर दीन–दरिद्रको अवस्थाको तुलनामा दुग्धफेन सदृश शैय्यामा सुत्नेवालाहरु, विविध प्रकारका सामग्रीहरुको बीचमा प्रतिपालित धनी मानिसको समत्व कसरी समझमा आउलान्? अनि यी समदृष्टिसम्पन्न पुरुषले यदि समदृष्टिवाट देखी नै रहेपनि त दीनदुःखी दरिद्रहरुको दुःखको वोझ कसरी हलुंगो होला? अनि यस किसिमको समदृष्टि सम्पन्न अर्थात् उदासिन पुरुषबाट जगत्लाई विशेष लाभ के हुनेछ? जसरी उसले धनीको ऐश्वर्यतिर हेर्ने छैन, त्यस्तै नै दीनार्त्तदुःखीको दुःख प्रति पनि उसको कुनै हमदर्दी हुने छैन, फेरि समदृष्टिसम्पन्न पुरुष द्वारा यस श्रेणीको आर्त्त जीवहरुको के उपकार होला? अतयव साधारण मानिसहरुमा यस किसिमको समदृष्टिसम्पन्न हुनको लागि विशेष आग्रह हुनुको सम्भावना निकै कम छ, यस्तो वुझिन जान्छ। परन्तु योगीश्वर पुरुषको समदृष्टि यस किसिमको हुँदैन। तिनीहरुले दुःखीको दुःख, र व्यथितको व्यथालाई खूब हृदयंगम गर्न सक्दछन्। भगवान्ले त गर्न नै सक्तछन्, अन्यथा उस्लाई दीनवन्धु भगवान् भनेर पूजा गर्नुको आग्रह मनुष्यको मनहृदयमा आउने थिएन। त्यो पतितपावन छन्, पतितहरुको उध्दार गर्ने उसको प्रतीज्ञा छ, यस प्रतीज्ञाबाट त्यो कहिल्यै स्खलित हुँदैन। *"मोक्षयिष्यामि मा शुचः"* यही त उस्को अभय वाणी छ। योगीलाई या भगवान्लाई जीवको लागि दुःख त हुन्छ नै, तर त्यो दुःख हाम्रो समान हुँदैन। विचारगरी हेर, भगवान् परमानन्दस्वरुप छन, त्यो जहाँ छ, त्यहाँ दुःख छैन। जहाँ त्यो छैन, त्यहीं त समस्त दुःखहरुको घर छ। फेरि जब उ सर्वव्यापी छन,–भने तब त्यो दुःखहरुको घरमा पनि त विद्यमान हुनेछ, तब यो कसरी संभव छ–उस्ले दुःखीहरुको दुःखलाई देख्दैनन्। यदि दुःखलाई देख्दछन् भने त सर्वशक्तिमान भगवान्ले किन त्यस दुःखलाई दूर गर्दैनन्? यही नै हाम्रो र भगवानको हेराईमा तारतम्य छ, यो सम्झनु पर्नेछ। लौत भन, दुःख हुन्छ किन? दुःखको अनुभव कस्ले गर्दछ? प्रकृतिको भित्र जुन गुणको खेल हुन्छन्, त्यसैले नै सुख दुःखको घात–प्रतिघात हुन्छन्। परन्तु यो घात हुन्छ प्रकृतिको क्षेत्रमा। आत्म चैतन्यमा चेतनवान भएर मन, बुद्धि, अहंकारले यस दुःखलाई अनुभव गर्दछन्, आत्मासँग यसको कुनै सम्बन्ध छैन। यसैले जुन पुरुष आत्मस्थ छ, त्यसलाई दुःख छैन। जसको मन शरीरमा रहन्छ, उसले त शरीरको व्यापारबाट सुख दुःखको बोध गर्नेनै छन। यद्यपि आपात दृष्टिले जानिन्छ–देहीले दुःखभोग गर्दछ, परन्तु सत्यतः देहीलाई कष्ट हुँदैन। ल्केशादि विकार हुन्छन् शरीरको कष्टलाई आफ्नो कष्ट सम्झन्छन। यो हो अध्यासजनित भ्रम। साधनाद्वारा जसले शरीरको साथ आत्माको पार्थक्यताको अनुभव गरेको छ, उस्लाई देहजनित सुख–दुःखादिमा सुख दुःखको बोध किन होला? यसैले यस अशुध्द भावलाई विशुध्द गर्नु पर्नेछ। क्रियाको परावस्थामा जब मन बुद्धि आत्मासँग एकाकार हुन जान्छन, तब 'त्वं' पदवाच्य जीवको शोधन क्रिया हुन्छ। यो परिशोधन सम्यक् हुन गएमा 'त्वं' 'तत्' को साथमा एक हुन

जान्छ। यसैको नाम हो ज्ञान। यही हो असली समदर्शन। जुन आत्मा आफ्नो महिमामा सर्वत्र विराजमान रहेकोछ, जसको आनन्दमा यो अनन्तदृश्य समन्वित जगत् परिस्फुटित भैरहेको छ– त्यसलाई नजान्नु नै अज्ञान हो र यही सारा दुःखहरुको मूल हो। यही अज्ञान नै ज्ञानको आवरक हुन्, यो अज्ञानतम जबसम्म दूर हुँदैन, त आत्मदर्शन कहाँबाट होला ? उस्को सच्चिदानन्दघन अपरुप रुप एवं अनन्त करुणाको परिचय जीवले पाउला कहाँबाट ? यस परमवोधमा बाधक छ देहात्मवोध। यसैकारण सारा दुःखहरु एवं समस्त अशान्तिहरुको मूल या देहात्मवोध जसवाट छुट्न जाओस यो जगत्‌दर्शनरुपी दुःस्वप्न जसबाट कट्न जाओस–यही उद्देश्यले करुणाको अवतार योगीजन पथभ्रष्ट पथिकलाई सुपथ देखाउनु भै उसको बारबारको जन्म–जरा–मृत्युको कठोर अभिनयलाई अवरुध्द गर्नुको व्यवस्था गर्दछन्। यो भन्दा बढी दया या करुणा अरु के हुन सक्छ ? स्थूलदर्शीले स्थूलभाववाट दुःखको वियोग त बुझ्दछन् तर त्यो यथार्थतः दुःखवियोग होइन। यसैले योगीजन स्वयं मायाको पारी गएर माया नदीको श्रोत देखि उत्क्षिप्त, आर्त्त, दुःखी जीवलाई सुखको सैकत या अज्ञान(नाश गर्ने उपाय बताई दिनु हुन्छ ॥२९॥

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ;
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

श्री धरीय टीका–[म सर्वभूतात्मा हुं अतयव मेरो उपासना नै सर्वत्र समदर्शनरुप आत्मज्ञानको मुख्य कारण हो; यस विषयमा भन्नु हुन्छ]–परमेश्वररुप मलाई जस्ले भूतमात्रमा देख्दछन् तथा सवै प्राणीलाई मात्र 'म' उस्को अगाडि प्रत्यक्ष भएर कृपादृष्टि द्वारा अवलोकन गरी उसमाथि अनुग्रह गर्दछु ॥३०॥

आध्यात्मिक व्याख्या–"जस्ले मलाई एसकिसिमसित सर्वत्र देख्दछ, उस्ले सवैमा मलाई देख्दछन्, उस्ले मेरो नाश गर्दैन अर्थात मलाई छोडी अन्य वस्तु देख्दैनन्। मै पनि उस्लाई हेर्दछु अर्थात उ बाहेक अरु केही हेर्दिन, उस्लाई म नाश गर्दिन।"–

कूटस्थ ब्रहममा नियमपूर्वक चित्त लगाउँदा खेरि क्षणमात्रको लागि पनि आत्मा या ब्रहमको सहवासबाट वंचित हुनु पर्दैन। साधकले जे जुन देख्दछ, त्यसमा उस्लाई नै देख्दछ अरु कुनै वस्तु देख्दैन। *"जहाँ जहाँ दृष्टि पडे, तहाँ तहाँ कृष्ण स्फुरे"*। ब्रहमादि देखि स्थावर पर्यन्त वस्तुतः अरु केही छैन, विमुग्ध–दृष्टिले हाम्रो अगाडि जगदादिरुपमा भासित हुँदामा पनि आत्मदृष्टि सम्पन्न पुरुषको लागि सबैमा त्यही आत्मा देखिन जान्छ। तव 'सर्व' कोरुपमा केही रहँदैन। सवैमा प्रभुको एक परमानन्दरुप परमेश्वरलाई नै देखेर योगी कृत कृत्य हुन जान्छन्। सवै भूतहरुमा उसलाई देख्नु छ भने पहिले उसलाई आफु भित्रै हेर्नु पर्नेछ। आफ्नो भित्र उस्को सन्धान पाउने वित्तिकै सर्वत्र उस्को सन्धान मिल्दछ। त्यो निखिल भुवनमा प्रविष्ट भैरहेका छन्, अतयव जेजति छ सवै उस्को नै रुप हो। हामी शवसमान उपासना गर्दछौं, यसैले उस्लाई जाग्रत जीवन्तरुपमा प्राप्त गर्न सक्तैनौ। जुन शक्ति हामी भित्र सुप्त भावमा बसेको छ, यदि त्यसलाई हामीले जगाउन सक्यौं भने त विश्वमा जुन शक्ति व्याप्त भैरहेको छ, त्यो पनि जागेर उठ्ने छ। प्रहलादको धारणा जाग्रत थियो, यसैकारण स्तम्भमा पनि उसले भगवान्‌लाई देख्न सकेको थियो। त्यो त

सदा जाग्रत छन्, सबैलाई नै देख्दछन, यदि हाम्रो निद्रा टुटन गयो भने, यदि हामीले उसलाई देख्न पायौं भने त साथ साथै हामीले पनि देख्न पाउने थियौं–श्री भगवान्ले हामीलाई पनि हेरिरहेछन । यो यो, त्यो त्यो, सबैचिज देखेर नै त तिमी सब नष्ट गरिरहेछौ । एकम् एक त उही हुन, यो यो, त्यो त्यो त सवकासब मायामात्र हुन् । योगीको निर्मल दृष्टिमा कुनै 'अहं–मम' आदि आवरण नरहनुको कारण, श्री भगवान्ले कृपादृष्टि द्वारा उनीहरु माथि अनुग्रह गर्दछन, जसले गर्दा योगीले सर्वत्र प्रभुलाई देख्न पाउँदछन् । प्रपंचवर्जित सच्चिदानन्दरुप ब्रहम नै कूटस्थ चैतन्य हो, त्यही 'तत्' पदवाच्य छ, अनि मायोपहित अहं बुद्धिविशिष्ट प्रपंचज्ञान नै जीवभाव हो, यही 'त्व'–पद वाच्य हो । प्रपंचको उपशम पश्चात् 'त्वं' आफ्नो कारणरुप स्वरुप ब्रहमसत्ताको साथ एकाकार हुन जान्छ । साथसाथै यो जगद्व्यापाररुप प्रपंच पनि तब अदृश्य हुन जान्छ । यही प्रथमतः आफ्नो अन्तःकरणमा अनुभव गर्नु पर्दछ, तब बाहिर पनि अनुभव हुन्छ । बरफ पत्थर समान देखिएर पनि जस्तो जल सिवाय केही हुँदैन, त्यसरी नै चित्स्वरुप नै घना भएर जगत्को आकारमा प्रतीत हुन्छन, अतयव आत्मा चैतन्यस्वरुप भएर पनि जगदादि प्रपंचको कारण स्वरुप छ । अतः जगत्तिर दृष्टि हुनासाथ योगीले आत्मालाई नै समस्त दृश्य प्रपंचको मूलरुपमा देख्दछ, अतयव भासित हुँदाखेरि पनि त्यसमा उसले ब्रहमदर्शन नै गर्दछ । ऋतम्भरा प्रज्ञाको उदय हुन गएमा अन्य कुनै वस्तु बोधको विषय हुँदैन, तब ब्रहमादि स्थावरान्त ब्रहमको साथ एक हुन जान्छन् । जुन चैतन्य, मन एवं वाणीको अगोचर छ त्यही दृढ भावना वश हाम्रो स्थूल दृष्टिको लागि गोचर हुन जान्छ । जुन छैन त्यही हुनु नै उसको मायाशक्तिको प्रभाव हुन । क्रियाको परावस्थामा जगदादि अनन्त खण्ड ज्ञान एक असीम अनिर्वचनीय ज्ञान-सत्तामा डूब्न जान्छन् । अनन्त खण्ड ज्ञानमा पनि त्यही एक अद्वितीय थिए - उसको माया शक्तिद्वारा जुन नामरुपमय अनेकको ज्ञान हुन्थ्यो, त्यो मायाशक्ति जब ब्रहममा संस्लेषित हुन जान्छ तब एक अनादि अखण्ड ब्रहम आफ्नो सत्तामा विराजित हुनछन्, अनि अन्य केही रहँदैन ॥३०॥

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ;
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

श्री धरीय टीका–[यस किसिमको योगी विधिकिंकर हुँदैनन्–यही बताउनु हुन्छ]–सबै भूतहरुमा स्थित मलाई यस किसिमसँग जस्ले अभेदभावले भज्दछन्, त्यही योगी ज्ञानी हुन्, त्यो सबै अवस्थाहरुमा रहँदामा पनि अर्थात् वैध या कर्त्तव्य कर्मको परित्याग गरेर पनि ममा नै अवस्थान गर्दछन । अतयव मुक्ति प्राप्त गर्दछन, कदापि भ्रष्ट हुँदैनन् ॥३१॥

आध्यात्मिक व्याख्या - "जो कसैले यस प्रकारसँग गर्दछ, "सब भूतमा छु" - देख्दछ - एक गरी अर्थात क्रियाको परावस्थामा शान्तिपदलाई प्राप्त गरी त्यो समस्त वस्तुमा रहँदामा पनि मै मानै रहन्छ ।" - क्रियाको परावस्थामा अवस्थित योगीलाई जुन परम ऐक्यको अनुभव हुन्छ, त्यसैबाट उसले विमुक्तिपद प्राप्त गर्दछ । शास्त्रीय आचार या कुनै किसिमको विधिको किंकरतत्त्व उसलाई गर्नु पर्दैन । वस्तुतः तिनीहरु-

"क्षणमात्रं न तिष्ठन्ति दृष्टिं ब्रहममयीं विना ।" -

उसको लक्ष सर्वदा ब्रहममा रहन्छ, देहेन्द्रियादि द्वारा जागतिक व्यापारमा लागि रहेर पनि वस्तुत: उसको चित्त विषयहरुमा आकृष्ट हुँदैन । यहाँ सम्म कि विषयादिको भोगको समयमा पनि उसको चित्त वासना शून्य हुन जान्छ। अतयव बुझ्नु पर्ने कुरा छ - उसको लक्ष्य निश्चयनै कतैतिर लागेको छ, जब उ भोग्यवस्तुमा छैन भने त पक्का पक्की ब्रहममा नै लागेको होला । जुन साधकको ब्रहमनाडी सुषुम्ना साधना द्वारा खुलेकोछ, त्यसलाई यस किसिमको एकत्वको बोध हुन्छ । यही हो वास्तविक "अद्वैत-बोध" । चित्त भन्दा पर नगैकन देहबोध मेटिन सक्तैन, त्यतिखेर केवल मुखले "अहं ब्रहमास्मि" भनेर कोही कसैले पनि "अद्वैतभाव" को अनुभव गर्न सक्तैन । घटाकाशस्थ आकाश, - महाकाश नै हो, घटमा दृष्टि हुँदा जसरी त्यो महाकाशको बोध हुन सक्तैन, उसरी नै ब्रहम चैतन्य देखि जीव चैतन्य पृथक छैन - यस अपरोक्षानुभवलाई प्राप्त गरेमा परोक्षानुभवको विलोप अवश्यंम्भावी छ । यस परोक्षानुभवको पूर्ण विलोप हुन्छ - क्रियाको परावस्थामा तबै 'तत्' एवं 'त्वं' - पदार्थको अभेदभाव सावित हुन्छ । तब साधक साध्यसँग एक हुन जान्छ ॥३१॥

आत्मौपम्येनसर्वत्र समं पश्यति योऽर्जुन ;
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

श्री धरीय टीका–[यस किसिमसँग मेरो भजन गर्नेवाला योगिहरुमा सर्वभूतानुकम्पी योगी श्रेष्ठ छन् - यही वताउनु हुन्छ]–हे अर्जुन ! आत्माको उपमामा अर्थात् स्वसादृश्यमा - जस्तो मलाई सुख प्रिय तथा दु:ख अप्रिय छ, त्यसरी नै अरुलाई पनि हुनेछ - यसरी सर्वत्र समदृष्टि गरी जसले सबैको सुखको इच्छा गर्दछन्, कसैको पनि दु:खको वांछा गर्दैन -मेरो मतमा त्यही योगी श्रेष्ठ छन ॥३२॥

आध्यात्मिक व्याख्या - "आफु नै समान सबैको सुख दु:खलाई जसले देख्दछ, त्यो परम योगी हो ।" -

- जुन मनुष्यहरु योगाभ्यासमा रत छन, तिनीहरु अर्काको विषयमा राम्रोसँग सोच्न पनि सक्तैनन् । किनभने दोश्रो भावना आउनासाथै योगमा विघ्न पर्दछ । परन्तु जो परिपक्व योगी छन्, यथार्थ आरुढ पुरुष छन् उनीहरुको चित्त जीवहरुको दु:खबाट द्रवित त हुन्छन नै परन्तु त्यसमा कुनै मोह रहन्न । किनभने तिनीहरु कुनै वासनाजन्य मोहले लोकहित गर्नको लागि उद्यत हुँदैनन् । साधारणत: सुख दु:खको अनुभव प्रकृत योगीलाई हुँदैन । अपरिपक्व योगीलाई व्युत्थितावस्थामा सुख दु:खको अनुभव हुन्छ । अनि जवसम्म यस्तो अनुभव रहन्छ, तवसम्म कोही पनि मुक्तात्मा हुन सक्तैन । अतयव केवल तत्त्वज्ञ हुनालेनै कोही योगी वन्दैन योगीन्द्र पुरुषलाई तत्त्वाभ्यास एवं मनोनाश दुबैको नै साधन गर्नु पर्दछ । *तत्त्वाभ्यासको उपाय हो सत्संग एवं तत्त्वालोचना । परन्तु मनोनाशको एकमात्र उपाय हो योगाभ्यास ।* तत्त्वाभ्यास एवं मनोनाश एकसाथ चल्दामा योगको प्राप्ति सहज हुन जान्छ । कल्पनाको अजस्र प्रवाहहरुको कारण मन समुद्रजस्तै भीषण लाग्ने गर्दछ, त्यसमा कल्पनाको तरंगहरु क्षीण हुन गयो भने

त त्यसको भीषणता नष्ट हुन जानेछ । यसैले कृपालु योगीन्द्र पुरुष भन्दछन - साधनाद्वारा मनोनाश गर, अनि व्युत्थान कालमा सर्वरुपमा प्रभु विराजमान भैरहेछन्, यस्तो भावना गर, यसले ब्रहमध्यान बनिरहनेछ ।

परन्तु श्री भगवान् भन्नु हुन्छ - जसले आत्म तुलनामा अरुको सुखदु:खलाई आफ्नै सुखदु:ख समान देख्दछ, त्यही श्रेष्ठ योगी हुन, परन्तु उसले आफ्नो या अरुको सुखदु:खलाई अनुभव गऱ्यो भने तब उसको निरोधावस्था कहाँ भयो ? यदि निरोध भाव छ भने तव त उस्को न मन हुनेछ, न त कल्पना - अनि त्यो योगीले अरुको सुखदु:खलाई कसरी सम्भःला ? यस किसिमको सुखदु:खलाई सम्भःनको लागि फेरि मनमा फर्केर आउनु पर्नेछ, द्वैतवुध्दिको आवश्यकता हुनेछ । जो एति तलतल आउने छ, त्यो भगवान्को सामुन्ने यति श्रेष्ठ कसरी विवेचित भयो ? क्रियाको परावस्थामा जब सवचिज ब्रहममय जानिन जान्छ, मलाई वोध भैरहेछ - यसको पनि बोध रहँदैन, त्यस अवस्थामा कुनै किसिमको वोध हुनु संभव छैन हुँदैन, परन्तु क्रियाको परावस्थाको परावस्थामा ओर्लंदा योगीको एक किसिमको अवस्था हुन्छ, जसमा दुवै भाव रहन सक्दछन्, यानी ब्रहम संलीन भाव पनि रहन्छ र जगत् दर्शन पनि हुन्छ । जसरी निद्रा आउनुको समय यस्तो जानिन लाग्छ, - वहिर्दृष्टि पनि छ चित्त अन्तर्मुखी पनि भैरहेको छ । परावस्थाको परावस्थामा ओर्ले पछि योगीको मनमा हुन्छ, - सब एक हुन गएको थियो, जगत् नामको कुनै बस्तु थिएन । धेरै बेर सम्म क्रियाको परावस्थामा रहिकन ओर्लंदा खेरी जगत्को कार्यकारणको सम्बन्ध ठीक तरीकासँग भान हुँदैन, यहाँसम्म कि परिचित व्यष्टिलाई देख्दा खेरि पनि सहसा अपरिचत व्यष्टि जस्तो लाग्दछ, अत्यन्त नजिकको स्वजनको नाम पनि याद हुँदैन । अनि केही वेर पछि सबैचिज सम्भःनामा आउन लाग्दछ । जगत्को कुरा एकबार मनमा आउँदछ भने फेरि त्यतिखेरै विस्मृति भाव पनि आइहाल्दछ । यो व्युत्थित अवस्थाको पूर्वभाग हो । श्रेष्ठ योगीलाई व्युत्थित अवस्थामा जगत्ज्ञान त हुन्छ, परन्तु त्यसमा मोह या आसक्ति हुँदैन । त्यस अवस्थामा योगीले अरुको ल्केशलाई अनुभव गरी त्यसलाई मोचन गर्नको लागि सचेष्ट हुन सक्छन । यद्यपि जागतिक भाव उसको अगाडि सत्यवत् प्रतीत हुँदैन, जगत्को दु:खशोकादि एक किसिमको दु:स्वप्नवत् लाग्दछ, परन्तु अरु कसैलाई दु:ख पाएको देखेर उसलाई आफ्नो पूर्वावस्था सम्भःनामा आउँदछ - अहो ! मलाई पनि अज्ञानवश पहिले एस्तै दु:ख भएको थियो । जस्तो उसको मनमा हुन्छ - एकबार घोर दु:स्वप्नमा व्याघ्रको आक्रमणले डरले भयभीत भै म कराएको थिंए, यो मानिस पनि त्यसरी नै स्वप्नमा कराइरहेकोछ, यसैले अनुकम्पायुक्त भै उसले स्वप्नद्रष्टा मनुष्यलाई जगाएर सान्त्वना दिनुहुन्छ । यसरी जब योगीले भवरोग ल्कान्त मानिसको दु:खलाई स्मरण गरी आफ्नो पूर्व अवस्थाको स्मरण गर्दछन्, तब उसलाई सदुपदेश नदिइकन त्यो रहन सक्तैन । निश्चय नै यदि तिनीहरुले एस किसिमको अवस्था प्रति उपेक्षा प्रदर्शन गरी निश्चेष्ट रहे त दु:खबाट जर्जर दु:खी मनुष्यको भवरोगको शान्तिको कुनै उपाय रहने थिएन । ब्रहममा तल्लीन भएर जस्ले जीवहरुको व्यथालाई अनुभव गर्न सक्तैन, तिनीहरु पनि उच्चतर अवस्था प्राप्त योगी हुन, यसमा कुनै सन्देह छैन, परन्तु जो इच्छामात्रले तत्काले तल्लीन हुन सक्दछन् र त्यस अनुपम परमानन्दलाई पनि तुच्छ गरी जब व्यथित कातर जीव प्रति अनुग्रह

गर्नको निम्ति उद्यत हुन्छन् त ती कृपासिन्धु महानुभव योगीन्द्र सर्वश्रेष्ठ योगी हुनुमा सन्देह नै के छ? स्वयं भगवानले पनि जगत्‌को जीवहरुको लागि ठीक यस्तो नै गर्नु हुन्छ, चित्तसाम्यमा भगवान्‌को साथ एकरुपतालाई प्राप्त हुनुको कारण तिनीहरु श्रेष्ठ छन् । अन्यथा यस भवान्ध जीवको उध्दारको कुनै आशा नै रहने थिएन । यी समस्त मुक्तात्मा नै जगद्‌गुरु हुन । जागतिक दुःखबाट त्राण दिलाउनमा रत ती महानुभव पुरुषहरुलाई हामी बारम्बार प्रणाम गर्दछौं ॥३२॥

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ;
एतस्याहं न पश्यामि चंचलत्वात् स्थितिं स्थिराम ॥३३॥

श्री धरीय टीका–[अरु किसिमको योगलाई असंभव मानेर]–अर्जुनले भन्यो - हे मधुसूदन ! मनको लय विक्षेप देखि शून्य हुनुको हेतु केवल आत्माकारमा अवस्थान द्वारा जुन समता रुप योगलाई तपाईले भन्नु भएकोछ, यस किसिमको योगको स्थिरा स्थिति मैले देखिरहेको छैन । अर्थात् यो स्थिरभाव धेरै कालसम्म स्थायी हुने संभावना देखिदैन ॥३३॥

आध्यात्मिक व्याख्या - "शरीरको तेज द्वारा अनुभव भैरहेछ - तपाईले जुन योग भन्नु भयो - यसलाई मैले बुझिन - किनभने मेरो मन अति चंचल छ - बुद्धिलाई स्थिर गरी मैले बुझ्न सकिन ।" -

- योगको दुईटा प्रमुख विघ्न हुन्छन - अलब्धभूमिकत्व एवं अनवस्थितत्त्व । अर्थात् योगाभ्यास द्वारा जुन स्थिरावस्था या परावस्था प्राप्त हुन्छ त्यसलाई प्राप्त नगर्नु, र समय समयमा त्यस अवस्था आएर पनि त्यसको दीर्घकाल स्थायी नहुनु । यसैले साम्यभाव आएर फेरि टुटन जान्छ - अतयव साधकले स्थिरास्थिति अर्थात् दीर्घकाल पर्यन्त क्रियाको परावस्था प्राप्त गर्न सक्तैन । तब मनमा नैराश्य आउँदछ, मनमा लागदछ - साधन गर्नाले के लाभ होला ? जब स्थिरता रहँदैन, थोरै कारणले टुटन जान्छ, तब शरीरको तेज द्वारा जिज्ञासा हुन्छ, - यो चित्तको समता अचल कहिले होला ? ॥३३॥

चंचलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ;
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

श्री धरीय टीका–[यही स्पष्टसंग भन्नु हुन्छ]–हे कृष्ण ! मन स्वभावतः नै चपल छ, देहेन्द्रियहरुको क्षोभ उत्पन्न गर्दछ, वलवान छ अर्थात् विचार द्वारा जय गर्नु संभव छैन तथा विषय वासनाको अनुवध्दता द्वारा दुर्भेद्य छ । अतयव आकाशमा प्रकम्पित वायुको निरोध जसरी कलस आदिमा असाध्य छ, त्यसरी नै मनको निरोध पनि सर्वथा सुदुष्कर बुझिन जान्छ ॥३४॥

आध्यात्मिक व्याख्या - "मन बडो चंचल छ, घोल मन्थन समान चंचलएवं अस्थिर छ - जोडसँग अरुतिर तानेर लगि दिन्छ - जे चाहन्छ, त्यो गरिहाल्दछ, यसलाई घरदेखि बाहिर निकाल्न दुःसाध्य छ जसरी वायुलाई घर देखि बाहिर निकाल्न दुःसाध्य छ ।" -

- वासना एवं विक्षेपसंस्कारले युक्त मन अति नै वलवान हुन्छ, सम्झेर पनि त्यसले कदापि आफ्नो जिद्दी छोडन चाहँदैन, अनि उसको उक्स्याईंमा परेर इन्द्रियहरु र शरीर पनि सब क्षुब्ध भै उठ्छन् । जे चाहन्छ, त्यही गरिहाल्दछ, त्यताबाट उस्लाई अरु बढी प्रवली बनाई हाल्दछन । प्रवल उच्छृंखल आँधीलाई जसरी कसैले रोक्न सक्दैन उसरी नै वासना विक्षुव्ध व्याकुल चित्तलाई सुस्थिर गर्न पनि दुःसाध्य छ । दुर्दमनीय हठी वालक समान "यो देऊ,-त्यो देऊ" भन्दै सदा कराई रहन्छ र पागल कुकुर समान वासनाको घाउचोटले पीडित भएर केवल चारैतिर दौडिरहन्छ । तपाईंले पहिले प्राणायामादि द्वारा प्राणावायुलाई स्थिर गर्नको लागि भन्नु भएको छ - प्राण निश्चल भएमा मन निश्चल हुनेछ, परन्तु प्राणवायुलाई स्थिर गर्न पनि त सहज सरल देखिन्न । वासना-विक्षुव्ध मनलाई शान्त गर्नु जसरी असंभव छ, भयंकर चंचल प्राणवायुलाई स्थिर गर्न पनि त्यसरी नै असंभव छ ॥३४॥

असंशयं महावाहो मनो दुर्निग्रहं चलम् ;
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृहयते ॥३५॥

श्री धरीय टीका–[मनको चांचल्यादिलाई मान्नु हुँदै त्यसको निग्रहको उपाय]–श्री भगवान्‌ले भन्नु हुन्छ - हे महावाहो ! चंचलत्वादि दोषको कारण मनलाई निरुध्द गर्नु असाध्य छ, यो जुन तिमीले भन्दछौ, यसमा कुनै संशय छैन । तथापि परमात्माकार प्रत्यय वृत्तिको अभ्यास द्वारा तथा विषय वैष्तृण्य द्वारा मनलाई निरुध्द गर्न सकिन्छ । अभ्यासद्वारा लय (चित्तको अवसाद या निद्रा) को प्रतिवन्ध हुन्छ, तथा वैराग्य द्वारा विक्षेप (विषय प्रवणता) को प्रतिवन्ध भएमा मनको वृत्ति उपरामलाई प्राप्त हुन्छ, तब मन परमात्माकारमा परिणत भएर अवस्थान गर्दछ । योगशास्त्रमा भनिएको छ - वृत्तिशून्य मनको ब्रहमाकारमा अवस्थितिलाई नै असम्प्रज्ञात समाधि भन्दछन् ॥३५॥

आध्यात्मिक व्याख्या - "कूटस्थ द्वारा अनुभव हुन्छ - तिमीले जुन भन्दैछौ - त्यो ठीक छ - अभ्यास द्वारा अनि अनावश्यक इच्छाहरुबाट रहित भएपछि त्यसलाई (मनलाई) समात्न सकिन्छ ।"

- शरीरको तेज द्वारा मनलाई निग्रह गर्नु असंभव बुझिन गए पछि कूटस्थ द्वारा अनुभव हुन्छ - अभ्यास एवं वैराग्य साधन द्वारा मनलाई रोध गर्न सकिन्छ । अभ्यास केलाई भन्दछन ? योगदर्शनमा लेखिएको छ - *"तत्र स्थितौ यत्नोऽभ्यासः"* । परमात्मामा मनको स्थितिको लागि उत्साहपूर्वक जुन यत्न हुन्छ, त्यसको नाम हो अभ्यास । पुनः पुनः साधनको सहायताले मनलाई कूटस्थमा लगाउनु पर्दछ, एसरी चित्त एकाग्र भएर आत्मामा स्थिर हुन जानेछ । यस किसिमको प्रयत्नको नाम अभ्यास हो श्रध्दापूर्वक निरन्तर दीर्घकाल सम्म अभ्यास गरेमा चित्तलाई दृढ भूमि प्राप्त हुन्छ । तब चित्तलाई इच्छामात्रले नै कुनै विषयमा संयत गर्न सकिन्छ । मनलाई रोक्ने यो एक उपाय हो, अनि दोश्रो उपाय हो वैराग्य । मनलाई अनावश्यक संकल्पादि गर्न नदिनु नै वैराग्य कहँलाउँछ । किनभने संकल्प नहुँदा खेरि विषयहरुमा आसक्ति हुँदैन । वैराग्यको पनि साधना छ । पर एवं अपर भेदले वैराग्य दुई किसिमको हुन्छ । यसमा अपर वैराग्य चार किसिमको हुन्छ - *यतमान, व्यतिरेक, एकेन्द्रिय, एवं वशीकार* । गुरु एवं शास्त्रको वाक्यलाई सुनिकन

भोगत्यागमा मनको जुन प्रयत्न हुन्छ, त्यही 'यतमान' वैराग्य हो । तत्पश्चात् इन्द्रियहरुको कुन कुन प्रवृत्तिहरु नष्ट भयो ; अनि कुन कुन विषयहरु देखि मन अझै पनि निवृत्त भैरहेको छैन, यी विषयहरुको अवधारण नै 'व्यतिरेक' वैराग्य हुन । पश्चात् लौकिक एवं वैदिक सारा विषयहरु दुःखकर छन्, यस किसिमको निश्चय मनमा गर्दै वाह्य इन्द्रियहरुलाई निरोध गर्नु तथा एकै विषयमा मनको जुन अवस्थिति छ त्यसलाई "एकेन्द्रिय" वैराग्य भन्दछन् । यसमा पनि विषयहरु तिर मनको उत्सुकता नरहँदो हो, यस्तो कुरा छैन, परन्तु नाना विषयहरुमा चित्त दौडिदैन । त्यतिखेर इन्द्रियहरुद्वारा विषय ग्रहण गर्नुको इच्छा हुँदैन । अनि जब मनमा तृष्णा रहँदैन, सबै विषयहरुमा वैतृष्णा या निःस्पृह भावको उदय हुन्छ भने त त्यसको नाम 'वशीकार' वैराग्य हुन्छ ।

"दृष्टानुश्रविक विषयवितृष्णस्य वशीकारसंज्ञा वैराग्यम् ।"- यस श्लोकमा अन्नपान, स्त्री मैथुन आदिको भोग दृष्ट सुख कहलाउँछ, अनि शास्त्रहरु द्वारा सुनिएको सत्कर्महरुको फलस्वरुप स्वर्गादिको भोग आनुश्रविक सुख हुन । यी दुवै किसिमको सुखहरु प्रति वितृष्णालाई नै "वशीकार" वैराग्य भन्दछन् । यस वशीकार वैराग्यको उदय हुनासाथ आत्मानात्म विषयक या प्रकृति पुरुषको पार्थक्यता प्रत्यक्ष हुन जान्छ । यसैको नाम हो पर वैराग्य । तब फेरि मनको निरोधमा कुनै विघ्न उपस्थित हुन सक्दैन । यी सबकासब क्रियाको परावस्थाको सामान्य, घन, घनतर एवं घनतम अवस्थाहरु हुन । योगाभ्यास विना मनोनिग्रह हुँदैन । क्रिया गरी क्रियाको मातमा मस्त रहँदाखेरि विषयरसमा वितृष्णा आउनेनै छ । अतयव यी वैराग्यता पुस्तक पठन पाठनले पात्र हुने छैन, हुँदैन, साधनाभ्यास द्वारा नै संसाधित हुन्छन् । मनको निरोध गर्नको लागि पहिलो आवश्यकता छ अध्यात्म विद्याको प्राप्ति । परन्तु अध्यात्म विद्या प्राप्त गर्दैमा पनि सबै काम हुन जादैन, त्यसको साधन गर्नु पर्नेछ। परन्तु प्रथम प्रथमतः साधना निरस लाग्ने गर्दछ। अतयव साधनामा मन लगाउनको लागि दोश्रो प्रयोजन हुन्छ साधुसँग सतसंग । साधुको उपदेश एवं आचरणमा जब मन आकृष्ट हुन्छ, तबै तदनुसार कार्य गर्नुको अभिलाषा या प्रवल इच्छा उत्पन्न हुन्छ । त्यतिवेला पनि पूर्वाभ्यास वश नाना प्रकारको वासनाहरुको संस्कार प्रवल विघ्न बनेर खडा हुन जान्छ । परन्तु साधुको पवित्र जीवनलाई देखिकन नानात्व वासनाहरुबाट चित्तलाई निवृत्त गर्नुको प्रबल इच्छा उत्पन्न हुन्छ । *वासना नै साधनामार्गको महाविघ्न हो* त्यस वासना संकल्पको ह्रास गर्नको लागि त्यतिखेर मनको आग्रह बढ्न जान्छ आत्मसाक्षात्कारको लागि यही तृतीय प्रयोजनीय बस्तु हो । संसार वासना क्षीण हुन गए पछि पनि प्रकृत वैराग्यले स्थायी भाव प्राप्त गर्दैन । यसको कारण हो प्राणको स्पन्दन । यस प्राण स्पन्दनलाई रोक्नको निम्ति प्राणायामादि योगको अभ्यास अवस्य करणीय छन् । केवल यति मात्रै होइन, प्राणायामादि द्वारा प्राण स्पन्दन रोकिएमा वशीकार संज्ञा वैराग्य एवं पर वैराग्यादि आफसे आफ उदित हुन्छन तथा आत्म साक्षात्कार अनायासै प्राप्त हुन्छ ।

मनको निग्रहको लागि श्री भगवान्ले अभ्यास एवं वैराग्यलाई नै मुख्य उपाय बताउनु भयो । वस्तुतः अभ्यास द्वारा के हुन सक्तैन ? जीवले अभ्यासको बलबाट असाध्यलाई सिध्द गर्न सक्दछ । वैराग्य त्यसै सजिलोसँग आउने होइन, परन्तु अभ्यासद्वारा चित्त अन्तर्मुखी भएमा वैराग्य स्वतः उदित हुन्छ ।

"अभ्यासात् सर्वसिध्दिः स्यादिति वेदानुशासनम् ।" - अभ्यासले समस्त सिध्दहरु प्राप्त हुन्छन, यही वेदको अनुशासन हो । मन बडो दुर्निग्रह छ, तर अभ्यासद्वारा त्यसलाई निग्रह गर्नु असंभव छैन । जन्मजन्मान्तर देखि चित्तमा जुन संस्कारहरु संचित छन, प्राण स्पन्दन द्वारा ती अनन्तवासनाको रुपमा जागेर उठ्दछन । प्राणायाम द्वारा प्राण स्पन्दनको अवरोध गरेपछि नै मनको वहिर्विचरण वन्द हुन जान्छ । प्राणायाम नै मनरुपी मत्त मातंगको सुतीक्ष्ण अंकुश हो । मनको वहिर्विचरणको अवरोध हुना साथै (मनोनाश भएपछि) त्यसको संसार वासना पनि क्षीण (वासनाक्षय) हुन जान्छ । यसको साथै तत्त्वाभ्यासको योग छ अर्थात् आत्मा नै सत्य वस्तु हो तथा *चित्तको परिकल्पना नै यो जगत् प्रपंच हो* - यो जगत्प्रपंच विल्कुल मिथ्या छ - यस किसिमको धारणा जम्नासाथै जगद्-व्यापारमा वैराग्य आई उपस्थित भै दिन्छ, विषयको हेयत्वको उपलब्धि हुन्छ । यसरी क्रमिक अभ्यासद्वारा समाधिसिध्दि प्राप्त हुन्छ । विषयलाई हेय सम्झी लिए पछि व्यर्थ नै विषय प्राप्तिको लागि दौडा दौडी गर्ने छैन । यो विचारजनित वैराग्य विशेष रुपले मनको लागि उपकारी हुन्छ । योग दर्शनको व्यासभाष्यमा लेखिएको छ - "चित्तनाम नदी उभयतो वाहिनी, वहति कल्याणाय, वहति पापाय च । या तु कैवल्यप्रागभारा विवेकविषयनिम्ना सा कल्याणवहा । संसारप्राग्भारा अविवेकविषयनिम्ना पापवहा । तत्र वैराग्येण विषयस्रोतः खिली क्रियते, अभ्यासेन कल्याणस्रोतः उद्घाट्यते इत्युभयाधीनश्चित्तवृत्तिनिरोधः" । चित्तनामा नदी उभय दिशामा बहन्छ । यो कल्याण तिर प्रवाहित हुन्छ र पाप तिर पनि प्रवाहित हुन्छ । जुन कैवल्यरुपी उच्च भूमिबाट विवेक विषयतिर निम्नगामिनी छ त्यो कल्याणवहा छ, र जुन संसार प्राग भार देखि अविवेक विषयतिर निम्नगामिनी छ त्यो पापवहा हो । यसैले वैराग्यको अभ्यासद्वारा विषय स्रोतलाई रोक्नु पर्नेछ, अनि मनोनिरोधको अभ्यासले प्रयत्न गर्दै मनको निस्चलतारुपी परम कल्याण स्रोतलाई उद्घाटित गर्नु पर्नेछ । यस किसिमले चित्त वृत्ति निरोध गर्ने दुबै उपायहरुको अधीन छ । पातंजलदर्शनको द्वादश सूत्रमा पनि भगवद्वाक्यको प्रतिध्वनि छ । *"अभ्यास वैराग्यभां तन्निरोध"* । - अभ्यास एवं वैराग्य द्वारा चित्तवृत्तिको निरोध हुन्छ ॥३५॥

असंयतात्मना योगो दुष्प्राप्य इति मे मतिः ;
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

श्री धरीय टीका–[यस विषयमा यही निश्चित छ, यसैले भन्नु हुन्छ]–उक्त किसिमसँग अभ्यास एवं वैराग्य द्वारा जसको चित्त संयत छैन, उसको निम्ति योग प्राप्त हुनु दुःसाध्य छ, यही मेरो मत हो । परन्तु अभ्यास एवं वैराग्यद्वारा जसको चित्त वशवर्ती छ, एस्तो मनुष्य यस प्रकारको उपायहरु द्वारा प्रयत्न गरेमा योगलाई प्राप्त हुन सक्दछ ॥३६॥

आध्यात्मिक व्याख्या–"जसको मन संयत हुँदैन, त्यसलाई योग हुँदैन–बडो कष्टले हुन्छ । संयम गर्दा गर्दै उपाय द्वारा मन वशमा हुन्छ ।"–

–असंयत चित्तवाट योग प्राप्त हुनु दुःसाध्य त छ, परन्तु धेरै धेरै मानिसहरुले थोरै दिन साधना गरी *"मेरो मन वशमा भैरहेको छैन"*–भनेर हताश हुन जान्छन्, यसरी काम चल्ने वाला छैन, योगक्रिया त एक किसिमको कौशल हो, यस क्रियालाई नियमित रुपले निरन्तर दीर्घकाल सम्म गरी रहू, अन्तमा यसको फल तिमीले देख्न सक्ने छौ । परन्तु असंयतात्मा अनि पौरुष–प्रयत्न विहीन मनुष्यको निम्ति योग प्राप्त गर्नु दुःसाध्य छ । बाहिरको अभ्यास–वैराग्यले चित्त अलि अलि संयत हुन्छ, अन्ततः अनावश्यक चिन्तामा चित्तलाई उद्भ्रान्त हुनु पर्दैन । तत्पश्चात् चित्तलाई वशीभूत गर्नुको प्रधान उपाय हुन्छ, पौरुषी (सुचेष्टा या साधनाभ्यास । प्राणामायादि योग कौशल संयम साथ प्रतिदिन धेरै अबेर सम्म (कमसेकम छ घण्टा) गर्न सकेमा प्राणस्पन्दनको अवरोध हुन्छ । प्राण स्पन्दन अवरुध्द हुने वित्तिकै प्रज्ञाको उदय हुन्छ । प्रज्ञा उदित भएपछि प्रारब्ध क्षीण हुन जान्छ, यसैले साधन एकमात्र उपाय हो, त्यसलाई नगरी यस विषयमा प्रारव्ध माथि निर्भर गर्नाले काम चल्ने छैन । सान्सारिक सुख दुःख भोगको समान यो केवल प्रारव्ध माथि निर्भर गर्दैन । यसमा पुरुषार्थको आवश्यकता छ । पातंजल दर्शनमा लेखिएको छ– *"श्रध्दा वीर्य स्मृति समाधि प्रज्ञापूर्वक इतरेषाम् ।"*–(समाधिपाद)–श्रध्दा, वीर्य, स्मृति, समाधि प्रज्ञा–यी उपायहरुबाट असम्प्रज्ञात योग प्राप्त हुन्छ । गुरु एवं वेदान्त वाक्यमा अटल विश्वास नै श्रध्दा हो । श्री भगवान् भन्नु हुन्छ– *"श्रध्दावान लभते ज्ञानं"* । केवल एक विषयलाई जान्ने उत्सुकता नै श्रध्दा होइन । श्रध्देय विषयमा तीव्र अनुराग नै श्रध्दा हो या श्रध्दा कहलाउँछ । यो अनुराग विना कसैलाई कुनै विषयमा प्रवेश प्राप्त हुँदैन । मनको प्रवली उत्साहको नाम हो वीर्य । यस वीर्य या ओजको अभावमा शम दमादि गुण कदापि वशीभूत गर्न सकिदैन । साधना अभ्यास गरिरहेको बेला कहिले काँहि आलस्य एवं नैराश्यता आउने गर्छ, परन्तु मनमा बल नहुने हो भने त्यसलाई दूर गर्न कठिन हुन्छ, भगवान् बुध्दले जस्तै सबै साधकले भन्नु पर्दछ–

"इहासने शुष्यतु मे शरीरम्,
त्वगस्थिमांस प्रलयंच यातु ;
अप्राप्यबोधिं बहुकल्पदुर्लभां,
नैवासनात् कायमितश्चलिष्यते ॥"

–अनेक कल्पहरुको साधना द्वारा पनि जसलाई प्राप्त गर्नु दुर्लभ छ, त्यस ज्ञानको प्राप्ति जबसम्म हुन जाँदैन, तबसम्म कदापि म आसनवाट उठ्ने छैन । यो अवश्य पनि अत्यन्त अदभूत एवं अनुपम वीर्य हो । परन्तु यसको केही अंश पनि नभए त साधनमा सिध्द प्राप्त गर्नु असंभवै छ । जुन ज्ञान एकपल्ट उदित भयो, या साधनाद्वारा प्रत्यय एकबार भएको छ त्यसलाई स्मृतिपथमा राख्नु नै स्मृति साधन हो । धेरैलाई जीवनमा एकाधिक बार विवेक, वैराग्य, शुभबुध्दि, भगवद्विश्वास या साधनाद्वारा जुन प्रत्यय एकपल्ट भएकोछ, त्यसले मनलाई उपराम प्राप्त हुन्छ, परन्तु त्यसलाई हामी यसरी विर्सन जान्छौ–फेरि जीवनमा एकपल्ट पनि मनमा उदय हुँदैन । यही विस्मृति नै जीवको परम दुर्भाग्य हुन । दुःखलाई दुःखकोरुपमा जान्यौं, सन्सारको असारत्व मनमा सुस्पष्ट भावसँग प्रतिपन्न हुन गयो, यस कुरालाई म फेरि भूल्ने छैन–

जीवनमा नजाने यस्तो कतिपल्ट प्रतिज्ञा गरियो, परन्तु अविवेक एस्तो छ कि विषयभोगको समयमा पूर्व प्राप्त सारा स्मृतिहरु नजाने कसरी विस्मरण भएर कहाँ डूब्न जान्छन । जीवनको सवभन्दा भयंकर ल्केश यही हो यसैले स्मृति साधन गर्नु साधकको निम्ति अति नै आवश्यक छ । कल्याणजनक अनुभूत विषयको पुन: पुन: स्मृतिले एकाग्रता आउँछ । यसैले नाम, मन्त्र आदिको जप गर्नुको उपदेश शास्त्रहरुमा पाइन्छ । स्मरणको अभ्यासद्वारा चित्त तन्मुखी हुन जान्छ, दोश्रो संकल्प आउन पाउँदैन । परन्तु विश्रृंखलरुपले अनुभूत विषयको चिन्तन अथवा विक्षेपयुक्त मनले मन्त्रादिको स्मरण या प्राणायामादि गर्नाले विशेष लाभ हुनेछैन । यस किसिमको श्रध्दा, वीर्य, स्मृतिको साधनले समाधिको उदय हुन्छ । *चित्तको एकतानता नै ध्यान हो, यही ध्यान नै घनीभूत भएपछि समाधि कहलाउँछ* । यो निश्चय नै सम्प्रज्ञात समाधि हो । यस सम्प्रज्ञात समाधिवाट प्रज्ञा या योगजज्ञान उत्पन्न हुन्छ । यसद्वारा बुध्दित्व पुरुषको साथ एकीभूत हुन जान्छ । पर वैराग्यको उत्पत्ति हुन गएपछि सर्वश्रेष्ठ विभूति प्रति पनि वैराग्य उपस्थित हुन जान्छ । यसैद्वारा कैवल्यपद प्राप्त हुन्छ, साधक सदाको लागि कृतार्थ हुन जान्छ । अतयव उपर्युक्त श्रध्दादि उपायहरु द्वारा नै जीव जीवन–विमुक्त हुन सक्दछन् । श्रुति भन्दछन–"एतैरुपायैर्यतते यस्तु विद्वान तस्यैष आत्मा विशते ब्रहमधाम"–यी उपायहरुबाट जस्ले प्रयत्न या अभ्यास गर्दछन्, उसको आत्मा ब्रहमधाममा प्रविष्ट हुन्छ । यो प्रयत्न, यो चेष्टा जीवलाई गर्नु नै पर्दछ । "मेरो भाग्यमा छैन" भनिकन शिथिलप्रयत्न भएर काम चल्ने छैन । अदृष्ट द्वारा सुख दु:खादिको भोग प्राप्त हुन सक्छ, परन्तु जुन भोग छैन, जुन साधना छ, जुन नित्य अनुष्ठेय छ, त्यसको अनुष्ठान नगरी अदृष्टको माथि भरपर्नु कोरा मूर्खतामात्र हो । श्री भगवान्‌ले यसैको लागि "उपायत:" शब्दको प्रयोग गर्नु भएको छ । जस्ले प्रमादवश प्रयत्न गर्नेछैन त्यो वंचितै हुनेछ ॥३६॥

अर्जुन उवाच:–

अयतिः श्रध्दयोपेतो योगाच्चलितमानसः ;
अप्राप्य योगसंसिध्दिं कां गतिं कृष्ण गच्छति ॥३७॥

श्री धरीय टीका–[अभ्यास एवं वैराग्यको अभावमा जस्को सम्यग् ज्ञान भएको छैन, एस्तो व्यष्टिलाई के फल प्राप्त हुन्छ, यो जान्नको लागि]–अर्जुन बोले–हे कृष्ण ! जुन पुरुष मिथ्याचारको कारणले होइन, परन्तु श्रध्दायुक्त भएर योगमा प्रवृत्त भएकोछ, पश्चात् फेरि सम्यक् प्रयत्न नगरी शिथिलाभ्यासको कारण योगबाट विचलित हुन गएकोछ, यस किसिमको विषयप्रवणपुरुष, मन्दवैराग्य एवं शिथिलताको कारण योगफल अर्थात् ज्ञानलाई नपाएर कुन गतिलाई प्राप्त हुन्छ ? ॥३७॥

आध्यात्मिक व्याख्या–"शरीरको तेजद्वारा अनुभव भैरहेकोछ–यदि कथंचित मनलाई स्थिर गर्न सकेन–योगमा अर्थात् धारणा–ध्यान–समाधिमा केही प्राप्त गर्दैन–र मरी हाल्छ भने त उस्को गति के होला ?"

–पहिले खूब श्रध्दायुक्त भएर साधनाभ्यास प्रारम्भ गरियो, परन्तु चित्त स्थिर भएन, विक्षेप आएर मनलाई बारबार अस्थिर गर्न लाग्यो, तब अकृत कार्यताको कारण मनमा एककिसिमको निराशा आउँदछ । मनमा लाग्दछ,–यत्तिको चेष्टा गरेर पनि यदि सफलता प्राप्त भएन भने त फेरि योगाभ्यास गर्नाले के लाभ ?

यस्तो सोच्न लागे पछि साधनामा पनि शिथिलता आउँछ। अथवा खूब संयमसँग साधना गर्दा गर्दै अचानक विषयरसको आस्वादनको लागि आग्रह लालायित छ, जस्ले विषय प्रति अवैराग्यको सूचना दिन्छ, अनि साधनामा खूब उत्पाती विघ्न उत्पन्न गर्दछ, यस्तो अवस्थामा यदि अचानक मृत्यु हुन गयो अनि प्रारब्धको फलस्वरुप मृत्युल्केशको कारण भगवत्स्मरण भएन भने त योगभ्रष्टलाई तत्त्वसाक्षात्कारको अभावमा कस्तो किसिमको गति प्राप्त होला, अर्जुनको प्रश्न यही हो ॥३७॥

कश्चिन्नोभयविभ्रष्ट श्छिन्नाभ्रमिव नश्यति ;
अप्रतिष्ठो महावाहो विमूढोः ब्रहमणः पथि ॥३८॥

श्री धरीय टीका–[प्रश्नको अभिप्रायलाई स्पष्ट गर्नु हुन्छ]–हे महा वाहो ! तिनीहरुले ईश्वरमा कर्मार्पण गरी कर्म अनुष्ठान द्वारा स्वर्गफल प्राप्त गर्दैन ; यता योगको अनिष्पत्तिको कारण मोक्षलाभ पनि गर्न सक्दैन, यसरी उभय भ्रष्ट भएर, निराश्रय भएर, ब्रहमप्राप्तिको उपाय भूत मार्गमा विमूढ भै त्यो व्यष्टि नष्ट त हुन जाँदैन ? नाशको दृष्टान्त–जस्तो विछिन्न अभ्र पूर्वअभ्रवाट विश्लिष्ट भएर दोश्रो अभ्रलाई प्राप्त नभै बीचमा नै विलीन हुन जान्छ, उसरी नै के योगभ्रष्ट पुरुष पनि नष्ट हुन जान्छ ? ॥३८॥

आध्यात्मिक व्याख्या–" मेघको टुकडा समान उस्को गति छ, त्यो ब्रहममा नरही मूर्ख रहन्छ। त्यसको गति कस्तो हुन्छ ?–"

–जसले धर्म एवं मोक्ष दुवै मार्गलाई छाडी बसेकोछ, त्यसको गति के होला ? वायुद्वारा मेघ छिन्न भिन्न भएपछि एक स्थानमा जम्न सक्तैन। पश्चात् यदि कुनै खण्डमेघले अनुकुल वायु पाएन भने त त्यो अर्को मेघसँग मिल्न पनि सक्तैन, बीचमा हराउन जान्छ। के योग भ्रष्ट पुरुषको पनि यस्तै दुर्दशा हुन्छ ? योगाभ्यासको अनुष्ठान आरम्भ गर्नाले प्रचलित कर्मानुष्ठानको मार्गलाई ग्रहण गर्न सक्तैन, अतयव त्यसको लागि पितृयान पथ अवरुध्द हुन जान्छ। अनि योगाभ्यास गर्दै ब्रहममा रहने योगफल पनि उसलाई प्राप्त भएको छैन, अतयव त्यो मोक्षको योगय पनि रहेन, यस किसिमसँग उभय भ्रष्ट साधकको गति के हुन्छ ? के त्यो वायुद्वारा सन्ताडित छिन्न-भिन्न खण्डमेघ समान नष्ट हुँदैन ? ॥३८॥

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ;
त्यदन्यः संशयस्यास्य छेत्ता न ह्यु पपद्यते ॥३९ ॥

श्री धरीय टीका–[तिमी सर्वज्ञ हौ, मेरो यस सन्देहलाई दूर गर्न सक्दछौ–यस विषयमा भन्दछन्]–हे कृष्ण। मेरो यस संशयलाई निःशेषरुपसँग छेदन गर्नमा तिमी समर्थ छौ। तिमी सिवाय अन्य कुनै ऋषि या देवता द्वारा मेरो यस सन्देहको निराकरण हुनु संभव छैन ॥३९॥

आध्यात्मिक व्याख्या–" यी सवै संशयहरुको छेदन गर्नुहोस, पश्चात् अन्य संशयहरुको छेदन गर्नुहोला।"

–साधकलाई पहिले नै एक प्रवल सन्देह हुन्छ। यो सन्देह मेटिन गएपछि अर्को संशय उठाउन सकिन्छ।

हाम्रो मन निरन्तर संशयको झोलुंगोमा झुलिरहेछ, यो झुल्नु जबसम्म रोकिदैन तबसम्म कुनै कार्य पनि सिध्द हुन सक्तैन । हामीले आफ्नै मनलाई आफैले बुझ्न पाउँदैनौ ; परन्तु जो हृदयमा अन्तर्यामी रुपले विराजमान भैरहेछन त्यसले हाम्रो हृदयको कुरा जसरी बुझ्दछन, त्यसरी दोस्रो कसैले बुझ्न सक्दैन । यसैले अर्जुन भन्दछन–मेरो मनको अन्तस्थलमा जुन सन्देह जागी उठिरहेछ त्यसलाई तिमी सिवाय अरु कसैले दूर गर्न सक्तैन । श्री भगवान् सर्वज्ञ छन, सुषुम्ना ज्ञान प्रवाहिनी नाडी हो । जो सुषुम्नामा अवस्थित हुन सक्दछ, त्यो सर्वज्ञ हुन जान्छ । परमात्मामा नै यो सर्वज्ञत्वको बीज पूर्णरुपले वर्तमान छ । योगदर्शनमा लेखिएकोछ –"तत्र निरतिशयं सर्वज्ञवीजम्"–उसमा सर्वज्ञवीज पराकाष्ठालाई प्राप्त छ । जो पुरुषोत्तम या भगवान् छन, त्यो यस अक्षर पुरुष या जीव चैतन्य भन्दा उत्तम छ । "अक्षरादपि चोत्तमः"–उपनिषदमा लेखिएको छ– "तमीश्वराणा परमं महेश्वरम्" । परमात्मा नै सबै जीवहरुको गुरु, जीवहरुको सारा संशयहरुको छेदन–कर्त्ता हुन । परमात्मा वाहेक अन्य कोही संशयको नाश गर्नमा समर्थ छैन । जबसम्म मन छ, तवसम्म संशयको अन्त छैन । मन जसै परमात्मामा प्रविष्ट भै आफ्नो पृथक नाम रुपलाई मिटाई हाल्दछ तब फेरि कुनै संशयले मन ल्किष्ट गर्न सक्दैन । साधना द्वारा मनोनाश गर्नु सिवाय प्रकृत कल्याण प्राप्तिको लागि अरु कुनै उपाय छैन । वासना शून्य भएर जब मन आत्माकारमा स्थिति लाभ गर्दछ तव त्यो निखिल ज्ञानको प्रकाशक हुन जान्छ । त्यही प्रकृत गुरु हुन्छ–"आत्मा वै गुरुरेकः ।" यसै कारण आत्मज्ञ पुरुषलाई नै गुरु भन्दछन् ॥३९॥

श्री भगवानुवाचः–

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ;
न हि कल्याणकृत कश्चित् दुर्गतिं तात गच्छति ॥४०॥

श्री धरीय टीका–[यसको उत्तर साँढे चार श्लोकमा]–श्री भगवान भन्नु हुन्छ–हे पार्थ ! उभय भ्रष्ट हुनुको कारण इहलोकमा नाश या पातित्य, तथा परलोकमा नाश अर्थात नरक प्राप्ति, यी दुइटै उसलाई हुँदैन । किनभने हे तात ! कोही शुभकर्म गर्नेवाला दुर्गतिलाई प्राप्त हुँदैन । त्यो शुभकारी यसैले छ–श्रध्दायुक्त भएर योगमा प्रवृत्त भएको छ । अर्जुन भगवान्को सखा एवं भाई हुन, यहाँ तेस्तो संवोधन नगरिकन उसलाई 'तात' भनी संबोधन गर्नु भयो, किनभने अर्जुनले उहाँलाई गुरुरुपमा वरण गरेकोछ । यसैले उहाँले पनि लोकरीतिको अनुसरण गरी वात्सल्यभावले संवोधन गरिरहेछन् ॥४०॥

आध्यात्मिक व्याख्या–"कूटस्थ द्वारा अनुभव भैरहेछ–त्यसको कहिल्यै विनाश हुँदैन, शुभकर्म गर्दा खेरि कहिल्यै दुर्गति हुँदैन ।"

–साधकको मनमा उपर्युक्त किसिमको सन्देह भएर पनि उस्को साधना जनित दिव्यज्ञानको पुनः उदय हुन्छ, त्यस दिव्यज्ञान द्वारा उस्ले जान्न सक्दछ कल्याणकारी पुरुषको कहिल्यै दुर्गति हुँदैन । कल्याणकृत को छ ? जुन जीवात्मा शरीर मनको दाम्लोमा जकडिएर अहिले सम्म नाना किसिमको दुःख र दुर्गति भोगिरहेको छ, त्यो जब आफ्नो अवस्था सम्झेर देहमनको कुरा सुन्दैन, आफ्नो अन्तपुरमा प्रवेश गर्नको

लागि उद्योग गर्दछ र इन्द्रिय मनको वशवर्ती भै विषयहरु द्वारा वंचित हुन चाहँदैन, तब त्यो साधनादि उपायहरुको अवलम्बन गर्दछ ; शास्त्रमा, गुरुमा दृढ विश्वास गर्दै तत्त्वप्रदर्शित मार्गमा गमन गर्ने चेष्टा गर्दछ–त्यही प्रकृत कल्याणकृत हो । त्यस्ताको कहिल्यै दुर्गति हुन सक्तैन । इन्द्रियहरु चाहन्छन विषय, अनि शरीर चाहन्छ आराम-परन्तु यसमा दुर्गति नष्ट नष्ट हुँदैन । आत्मा देखि टाढा रहनु नै प्रकृत दुर्गति हो । यो दुर्गति आउन नपावस, यस्को चेष्टा साधकले गर्नु पर्दछ । परन्तु यदि मन विषयहरुमा घुम्दै रहे तब त दुर्गति अनिवार्य छ । यसैले साधकहरुले यस्तो उपायको अवलम्बन गर्दछन् जसबाट आत्मस्थिति प्राप्त गरी परम निश्चिन्त हुन सकोस । त्यो उपाय हो आत्माको साथ मनको संयोग स्थापन कौशलता । यही योगाभ्यास भनिन्छ । यी योगाभ्यासी पुरुष पनि यदाकदा विषयाकृष्ट भएर योगपथबाट भ्रष्ट हुन जान्छन्, या अभ्यासमा कुनै किसिमसँग शिथिलप्रयत्न हुन जान्छन्–त्यस्ताको दुवै लोक नष्ट होलान या हुँदैन–यही अर्जुनलाई सन्देह भएको थियो । भगवान्ले अर्जुनलाई बुझाई दिनु भयो–उनीहरुको दुर्गति हुँदैन, किनभने तिनीहरु कल्याणकृत छन् । एकपटक गुरुकृपाबाट जस्ले आत्मज्योतिको दर्शन गरेको छ, अथवा कुनै दिन क्रियाको परावस्थामा क्षणकालको लागि पनि ब्रहमानन्दको उपभोग गरेको छ, त्यसले यदि सिध्दिलाभ गर्न नसके पनि अथवा अन्य कारणहरुबाट योगभ्रष्ट हुन गएता पनि त्यसको असद्गति हुन सक्तैन । निश्चय नै त्यसले क्रम क्रमबाट मुक्ति प्राप्त गरी कृतार्थ हुन जान्छ । कथन समाधि सिध्दि भएन तापनि केवल समाधि साधनमा चेष्टाशील भै रहयो–अनि यसै बीचमा मृत्यु हुन गयो भने पनि उस्को मनको संस्कार जालान् काँहा ? अतयव संस्कारवश उसले शुभ देह तथा शुभ गति प्राप्त गर्नेनै छन् । स्वर्ग, नरक, कर्मलोक, भोगलोक तथा एसमा स्थित समस्त जीव त परमात्माकै स्वरुप त हुन्नी । जसले सवै अवस्थाहरुमा भगवत्स्मरण गर्नुको दृढ अभ्यास गरेकोछ, त्यसलाई भय गर्नुको कुनै कारण छैन, निश्चय नै उसले मृत्यु पछि शुभ गति प्राप्त गर्नेछ, यही मात्र किन ? जसको अभ्यास दृढ भएको छैन या मन्द भाग्यको कारण अभ्यास गर्न छोडी दिएकोछ, त्यसको नरक–निवारण हुन जानेछ । उस्को स्मरणको यस्तो महिमा छ । किनभने परमात्मामा सब लोक छन्, यसैले त्यो यदि कर्मफलको कारण नरकमा पनि बास गर्दछ तब पनि पूर्वाभ्यास वश उस्लाई विर्सन सक्तैन, यसैले उसको नरक वास हुँदामा पनि भगवत्स्मृति लुप्त हुने छैन । त्यस द्वारा त्यस्ले फेरि उच्चगति प्राप्त गर्नेछ । श्री मदभागवतमा नारदजी भन्नु हुन्छ–

"त्यक्त्वा स्वधर्मं चरणाम्बुजं हरे,
भजन्नपक्वोऽथ पतेत् ततो यदि;
यत्र क्व वा भद्रमभूदमनुष्य किं –
को वार्थ आप्तोऽभजतां स्वधर्मतः ॥" (१ स्क.५ अ.)

जुन मानिसहरु स्वधर्म, अर्थात् आफ आफ्नो वर्णाश्रम अनुसार विधिकिंकरत्व परित्याग गरी हरि-पाद पद्मको भजन गर्दछन्, अर्थात आत्म दर्शन प्राप्तिको लागि क्रिया गर्दै जान्छन र आत्म दर्शन–योग्यता प्राप्त गर्नु अघि नै यदि उसको खुट्टा चिप्लिन जान्छ अथवा तिनीहरुको मृत्यु हुन्छ त यस किसिमको चाहे

जुनसुकै अवस्थामा पनि तिनीहरु पतित होउन् उनीहरुको (इहलोक या) परलोकमा फेरि उच्च स्थानमा उन्नति हुन्छ केवल वर्णाश्रम धर्म पालन गर्दामा त्यस किसिमको पुरुषार्थको प्राप्ति हुँदैन, अनि जुन अलि अलि पुरुषार्थ हुन्छ त्यो पनि क्षणस्थायी हुन्छ । ॥४०॥

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतिः समाः ;
शुचिनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

श्री धरीय टीका–[तव उसले कुन किसिमको गति प्राप्त गर्दछन् ?–यस विषयमा भन्नु हुन्छ]– (योगभ्रष्ट मनुष्य पुण्यकारी, अश्वमेधादि यज्ञ गर्नेवाला पुरुषहरुको लोकहरुलाई प्राप्त गरी, त्यहाँ अनेक संवत्सर पर्यन्त सुखसँग वास गरी सदाचारी सम्पन्न मानिसहरुको घरमा जन्म ग्रहण गर्दछन् ॥४१॥

आध्यात्मिक व्याख्या–"योगभ्रष्ट पुरुष असल पुण्यात्मा मनुष्यहरुको घर ब्राहमणको घर, लक्ष्मीवानको घर योगभ्रष्ट भएर जन्म ग्रहण गर्दछ" ।–

–योग भ्रष्ट दुई किसिमका हुन्छन । वैराग्यको अभावको कारण उस्को विषयाकृष्ट चित्त त्यसरी आत्मचिन्तनमा मग्न हुन सक्दैन । यद्यपि तिनीहरुले केही सामान्य योगैश्वर्य प्राप्त गर्दछन, जसवाट उनीहरुको मन लुब्ध हुन जान्छन् । अनि प्रमादवश ती सामान्य शक्तिहरुको प्राप्तिबाट मुग्ध भएर आत्मक्रियामा उनीहरुको प्रयत्न त्यतिकै शिथिल हुन जान्छ । तव उसको मनमा एस्तो लाग्न थाल्दछ–उनीहरुले यथेष्ठ शक्ति प्राप्त गरेका छन् , जुन हुनु थियो त्यो भैसकेकोछ । तब अभिमान वढ्दछ, स्पर्द्धा बढोत्तरी हुन जान्छ र क्रमशः चित्त विपथगामी हुन जान्छ । धन एवं विषय सुखादि प्रति खूब लालायित हुन्छन् । यी सारा सकाम योगभ्रष्ट मानिसहरुको चित्त विषयाकृष्ट हुनुको कारण–तिनीहरु मृत्यु पश्चात पुनः मर्त्यलोकमा जन्मग्रहण गर्दछन । परन्तु यिनीहरुको पुनरावृत्ति सामान्य जीव समान हुंदैन । उनको चित्तमा एकसमय जुन ब्रहमनिष्ठाको उदय भएको थियो तथा त्यसको निम्ति उनीहरुले जुन परिश्रम गरेका थिए, त्यसको फलस्वरुप तिनीहरु पुण्यवान मनुष्य जस्तै स्वर्गसुख त प्राप्त गर्दछन नै, स्वर्गभोग पश्चात् भूतलमा तिनीहरु श्रीमानहरुको घरमा जन्म ग्रहण गर्दछन् । पूर्व संस्कार वश भगवत्साक्षात्कारको लागि उनीहरुलाई साधना गर्नु पर्ने हुन्छ, यसैले सदाचारी आस्तिक ब्राहमण कुलमा जन्म लिन्छन् । कवीरले भन्नु भएको छ–

"सहकामी सुमिरन करे पावे उँचा धाम,
निहकामी सुमिरन करे पावे अविचल राम;
सहकामी सुमिरन करे फिर आवे फिर जावे,
निहकामी सुमिरन करे आवागमन नसाय ॥"

–इच्छा–कामनासाथ भगवत्स्मरण गर्नाले उच्च धाम प्राप्त हुन्छ, निष्काम भावसाथ स्मरण गर्दा उनलाई नित्यपद प्राप्त हुन्छ । सकामी मनुष्य भगवत्स्मरण त गर्दछन्, परन्तु उनीहरुको सान्सारिक आवागमन बन्द हुँदैन परन्तु निष्कामी मानिसहरुको भगवत्स्मरण उनीहरुको जन्म मरण, आवागमनलाई रोकिदिन्छ ॥४१॥

अथवा योगिनामेव कुले भवति धीमताम् ;
एतध्दि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

श्री धरीय टीका–[अल्पकाल अभ्यस्त योगबाट भ्रंशको गति भनिए, चिरकालसम्म अभ्यस्त योगबाट भ्रंशको के गति हुन्छ, यही बताउनु हुन्छ]–तिनीहरु योगनिष्ठ बुध्दिमान ज्ञानीको कुलमा जन्म ग्रहण गर्दछन् । अनारुढ योगीको कुलमा जन्म लिदैन । यस किसिमको जन्मको प्रशंसा गर्दै भन्नु हुन्छ (लोकमा यस किसिमको जन्म दुर्लभ हुन्छ । मोक्षको प्राप्ति हुनुको कारण नै यो दुर्लभतर छ ॥४२॥

आध्यात्मिक व्याख्या–"अथवा योगीको घरमा जन्म लिन्छ–यस किसिमको जन्म अति दुर्लभ छ ।"

–यसपल्ट द्वितीय प्रकारको योगभ्रष्टहरुको गतिको बारेमा भन्नु हुन्छ । धेरै धेरै समय सम्म योगाभ्यास गरेर पनि पूर्व पूर्व जन्महरुको दृष्कृतिको कारण अथवा आयुको अल्पताको कारण अलव्ध भूमिकत्व अथवा अनवस्थित्व रुपी योग विघ्नहरुको कारण जसको योगसिद्धि हुन सकेन, उनको गतिको विषयमा यस श्लोकमा भन्नु हुन्छ । यस किसिमको योगीको वैराग्य या प्रयत्नशैथिल्यको अभाव नभएर पनि योग सिद्धि हुँदैन । मृत्यु पछि यस किसिमको योगी ब्रहमलोकमा गएर त्यही नै साधन समाप्त गर्दछन, अथवा त्यस किसिमको उच्चावस्थालाई यदि प्राप्त गरेन भने त उनीहरुलाई पुन: यस जगत्मा फर्केर आउनु पर्दछ । परन्तु यस पल्ट तिनीहरु योगी कै घरमा आएर जन्म ग्रहण गर्दछन् । जहाँ पारिपार्श्विक समस्त अवस्थाहरु उनीहरुको अनुकुल हुन्छन । तिनीहरुले सहजै सजिलै त्यहाँ योगमार्गको उपदेश प्राप्त गर्दछन् । कोही कसैले उनको साधनामा विघ्न उत्पन्न गर्दैन । दरिद्र निर्धन कुलको भएता पनि उनिहरु निर्जनमा धेरै बेरसम्म बसेर आफ्नो अति प्रिय प्राणहरुमा आत्माको अनुसन्धान गर्न सक्दछन् । यसरी बारम्बार स्वस्वरुपमा स्थिति प्राप्त गर्नको लागि प्रयत्न गर्दै तिनीहरु वर्तमान जन्ममै चरमसिद्धि लाभ गरी कृतार्थ हुन जान्छन् । कुनै पनि किसिमको उत्पाती विघ्न नहुनुको कारण यो जन्म दुर्लभतर हुन्छ । सम्पन्न कुलको घरमा चित्तलाई विक्षेप, विक्षोभ उत्पन्न गरिने धेरैजसो विघ्नहरु हुन सक्दछन्, परन्तु योगीको घरमा त्यसकिसिमको उपद्रव हुँदैन । त्यहाँ तिनीहरु निश्चिन्त चित्तले साधना गरी जन्म सफल गर्दछन् । यसैले श्री सम्पन्न मानिसहरुको घरमा जन्म लिनुको अपेक्षा योगीको घरमा जन्म लिनु श्रेष्ठतर एवं श्रेष्ठतम हुन्छ ॥४२॥

तत्र तं बुध्दि संयोगं लभंते पौर्वदेहिकम् ;
यतते च ततो भूयः संसिध्दौ कुरुनन्दन ॥४३॥

श्री धरीय टीका–[त्यस किसिमको जन्म ग्रहण पछि के हुन्छ, यही डेढ श्लोकमा भन्नु हुन्छ]–तिनीहरुले यी द्विविध जन्महरुमा पूर्व देहजात ब्रहम विषयक बुध्दिको संयोग प्राप्त गर्दछन । त्यसपछि उनीहरु विमुक्ति प्राप्तिको लागि अधिकतर प्रयत्न गर्ने गर्दछन । (श्रीधरले 'तत्र' शब्दबाट "द्विविध जन्ममा" तथा शंकराचार्यले "योगीहरुको कुलमा" अर्थ लगाउनु भएकोछ) ॥४३॥

आध्यात्मिक व्याख्या–"त्यस पछि पूर्वजन्मको संस्कारले पुनः त्यस्तै किसिमको मति भएर परजन्ममा यत्लवान बन्दछ, पश्चात् साधना गर्दै गर्दै सम्यक् किसिमसँग सिध्दि हुन्छ ।"

–निद्राबाट उठेको मानिस जसरी पूर्व स्मृति लाभ गर्दछ, त्यसरी नै पूर्व जन्मस्थ साधनको इच्छा यस जन्ममा तीक्ष्ण संस्कारको रुपमा आविर्भूत हुन्छ । त्यसको फलस्वरुप तिनीहरु अधिकतर साधनमा यत्लवान हुन्छन । हामीहरुको समस्त प्रवृतिहरु नै पूर्व संस्कारको अनुरुप बनेर हामीलाई कर्ममा प्रेरणा प्रदान गर्दछन –पूर्व जन्ममा अकृत कार्य साधक यस जन्ममा प्रवल चेष्टा गर्नमा समुद्यत हुन्छन । वहुधा अवश भएर पनि हामी बाध्य भई तत्तत् कार्य गर्दछौं । हाम्रो स्थूल शरीरको त्यागको साथ सूक्ष्मशरीर त नष्ट हुँदैन । अतयव समस्त पूर्व संस्कार सूक्ष्म शरीरमा वर्तमान रहन्छन । परन्तु पूर्व देहजात संस्कार प्रवल भएमा पनि यस जन्ममा विना परिश्रम नै सवै हुन जानेछ, यस्तो कुरो त छैन । यस जन्ममा पनि साधकलाई अधिक अधिकतर परिश्रम गर्नु पर्नेछ । गत जन्मको विफलताको कारण यस जन्ममा परिश्रम गरिने प्रवृत्तिको उदय हुनु स्वाभाविकै छ । परन्तु गत जन्ममा जति साधन पथ अतिक्रान्त भएको थियो,–यस जन्ममा त्यसको लागि विशेष घोटिनु पर्दैन, थोरै प्रयत्न मात्रबाट त्यो प्राप्त हुन्छ । परन्तु अवशिष्ट पथको लागि भने प्रवल प्रवलतर परिश्रम नगरिकन यस जन्ममा पनि सफलता प्राप्त गर्न संभव हुँदैन । परन्तु त्यहाँसम्मको साधनाको जोड जन्मान्तरमा पनि वचिरहनेछ ॥४३॥

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ;
जिज्ञासुरपि योगस्य शब्द ब्रहमातिवर्तते ॥४४॥

श्री धरीय टीका–[यस्को कारण]–त्यस पूर्व शरीर द्वारा गरिएको अभ्यास द्वारा कुनै विघ्नको कारण अनिच्छुक हुँदा पनि–उनलाई विषयहरुबाट हटाएर ब्रहमनिष्ठ गर्दछन् । यसरी पूर्वाभ्यासवश प्रयत्न गर्दै गर्दै शनैः शनैः त्यसले विमुक्ति प्राप्त गर्दछन । जुन मानिसहरु केवल योगको स्वरुप जान्नको लागि इच्छुक छन, प्राप्त योग छैनन्, यस किसिमको व्यष्टि योगमा प्रविष्ट भएर पापवश योग भ्रष्ट भएमा पनि शब्दब्रहम अर्थात् वेदोक्त कर्मफललाई अतिक्रमण गर्दछन् । अर्थात् त्यस भन्दा पनि अधिक फल प्राप्त गरी विमुक्त हुन जान्छन् ॥४४॥

आध्यात्मिक व्याख्या–"पूर्वाभ्यासको कारण अवश भएर क्रिया–साधन गरिरहन्छ । व्रहम के हो ? यो सोध्दछ–अनि शब्दद्वारा गुरुवाक्य द्वारा लभ्य हुन्छ ।"–

–योगभ्रष्ट पुरुष योगीको कुलमा जन्म ग्रहण गर्दछन, त्यहाँ ऐश्वर्य विभवादि योग विघ्न कारक विषय हुँदैन, अतयव उस्को ज्ञान प्राप्तिमा विघ्न हुन सक्तैन । परन्तु ऐश्वर्यवानको घरमा जन्म लिएर भोगासक्तिको बीचमा लालित पालित भएर के उनीहरु योग-जिज्ञासु हुन सक्दछन् ? श्री भगवान भन्नु हुन्छ–यस्तो मानिसपनि जिज्ञासु हुन सक्दछन् ? त्यो आफ्नो इच्छाको वश, विवेक–विचार पूर्वक जिज्ञासु हुन्छन, यस्तो कुरा छैन । उनको पूर्वजन्मको अभ्यासको पुण्यसंस्कार वर्तमान विषयवासनालाई अभिभूत

गर्दै पूर्व साधन संस्कारलाई जाग्रत गरिदिन्छ । त्यस संस्कार वशात् तिनीहरु ब्रहम–जिज्ञासु हुनको निम्ति वाध्य हुन्छन्, अनि जिज्ञासु शिष्यलाई श्री गुरुले कृपा गर्नु हुन्छ नै । गुरु कृपा प्राप्त गरी तथा गुरु वचनमा विश्वास गरी साधनमा परिप्रयत्न गरेमा क्रियाको परावस्था प्राप्त हुनेनै छ । योगको मुख्य फल नै हो क्रियाको परावस्था । अवश्यै यसलाई प्राप्त गर्नमा पनि यथेष्ट परिपक्व अभ्यासको काम छ । पूर्वजन्मको साधन जसबाट साधित छन्, तिनीहरु जिज्ञासु भएर अर्थात् योगको उपदेश प्राप्त गरेर चेष्टाशील भयो भने त अति सहजसँग उनको नाद समुत्थित हुन्छ, र पश्चात् उनीहरुले नाद भेदन गरी ज्योतिको अन्तर्गत शुध्द मानस अर्थात् ब्रहममुखी चित्तको अनुभव गर्दछन् । पश्चात् त्यही मन क्रियाको परावस्था या विष्णुको परम पदमा स्थित भै ब्रहमस्वरुप हुन जान्छन् ॥४४॥

प्रयत्नाद्यतमानस्तु योगी संसुध्दकिल्विषः ;
अनेकजन्मसंसिध्दस्ततो याति परां गतिम् ॥४५॥

श्री धरीय टीका–जब यसरी मन्दप्रयत्न योगी पनि परमगतिलाई प्राप्त हुन्छ, तब जुन योगी प्रयत्नपूर्वक योगाभ्यासमा अधिक अधिकतर प्रयत्नशील बन्दछन, त्यस्ता योगी विघूतपाप भएर अनेक जन्महरुको अलि अलि संस्कारले संवर्धित योग द्वारा सम्यक् ज्ञानी बनेर पश्चात् श्रेष्ठ गतिलाई प्राप्त हुनेछ, यस्मा भन्नु नै के छ त ? ॥४५॥

आध्यात्मिक व्याख्या–"यस किसिमसँग संयम हुँदै हुँदै ब्रहम सिवाय अन्य वस्तुलाई योगीले देख्दैन– यसरी अनेक जन्महरुमा सम्यक् सिध्दि हुन्छ । परम गति अर्थात् क्रियाको परिस्थिति हुन्छ ।"

–शिथिलप्रयत्न योगीले पनि स्वल्प प्रयत्न द्वारा अप्रत्याशित फल प्राप्त गर्दछन् । अर्थात् उनको चित्त अलि अलि गर्दै विषयहरु देखि आत्मसुखी हुन्छ । जब थोरै प्रयासको पनि यति धेरै फल छ, तब जसले साधनमा धेरै अधिक प्रयत्न गर्दछन्, उनको साधनमा सिध्दित प्राप्त हुनेनैछ । क्रियाको परावस्था नै प्रकृत सिद्धि हो । यो अवस्था अलि अलि गर्दै दीर्घ काल स्थायी हुन जान्छ । दीर्घकाल स्थायी भएपछि त्यसलाई परमागति भन्दछन् । जुन साधकले पूर्व जन्मको साधन संस्कार लिई जन्म ग्रहण गर्दछन्, उनको साधनमा अधिकतर प्रयत्न हुन्छ, मानो कुनै अति प्रिय हराएको वस्तु पाइन गयो, यसरी साधना प्रति उनको खूब धेरै समादर हुन्छ । त्यसले योगको अनेक खुडकिलाहरुलाई शीघ्रतापूर्वक समाप्त गर्दछन । यसले उनको अन्तःकरण विशुध्द हुन जान्छ र अनावश्यक चिन्तनमा चित्त उद्भ्रान्त हुँदैन । साधना गर्न बस्नासाथै उनको मन साधनामा जम्न जान्छ । क्रमशः समस्त वहिर्विषय विर्सन थाल्छन, अवसर पाउनासाथै सत्वरअन्तरमुखी हुन चाहन्छ । यस अवस्थाको नाम हो "संशुध्द किल्विष" । यस अवस्थालाई प्राप्त गरे पछि पनि सम्यक् सिध्दि प्राप्त गर्नमा धेरै जन्म लाग्न सक्दछन् । सम्यक सिद्धि त्यसैलाई भन्दछन् जस्लाई प्राप्त गरेपछि कदापि चित्त विषयाकृष्ट हुँदैन । चित्तमा जब निरन्तर शान्तिको प्रवाह बहिरहन्छन त साधक परमानन्दमा मग्न भएर सवैवस्तु भुल्न जान्छ । यी सबचिज विर्सन जानुको देशमा पुग्नमा पनि धेरै विलम्ब लाग्दछ–यसमा साधकलाई अनेक जन्म लाग्न सक्दछ । तर यसमा हताश हुनुको आवश्यकता

छैन । किनभने चेष्टाशील योगीलाई योगारुढ अवस्था प्राप्त गर्नुमा विशेष विलम्ब लाग्दैन । योगदर्शनमा लेखेको छ– *"तीव्र संवेगानामासन्न"* (समाधिपाद) जसलाई तीव्र संवेग आएकोछ, उसको लागि योगको प्राप्ति आसन्न नै सम्भनु पर्दछ । तीव्र संवेगवाला योगीलाई समाधिलाभ तथा त्यसको फल ज्ञानको प्राप्तिमा विलम्ब हुँदैन । पूर्व जन्मको दृढ संस्कारले पनि यस जन्मको वेगलाई दृढतर गर्दछ, त्यस्को फल यस्तो हुन्छ –साधकलाई साधनकार्यमा आलस्य या प्रमाद आउँदैन, निरन्तर साधनमा लागिरहनको लागि उनको चित्त सदा उत्सुक रहन्छन । यहाँ अनेक जन्मको कुराको के अर्थ छ, यसलाई बताउनु हुन्छ । उपर्युक्त संवेगको अवस्था मृदु, मध्य एवं अधिमात्र भेदले तीन किसिमको हुन्छ । जसलाई अधिमान तीव्र संवेग छ, उसको योग आसन्नतम छ । अतयव यदि गुरु कृपा गर्दछन, यदि श्री भगवान्को दया हुन्छ, यदि विचारमा कुनै भ्रम आउँदैन त तीव्र संवेगको प्राप्ति असंभव हुँदैन । भजनमा मृदुता आउँदछ तामसिक भावको कारण । परन्तु अलि अलि गर्दै नियमित रुपले साधन गरेमा तमोभाव दूर हुन जान्छ ।

माताको गर्भबाट जन्म लिए पछि जब यो शरीर फेरि नष्ट हुन जान्छ त त्यस अवस्थालाई प्रलय या मृत्यु भन्दछन । अनि यो बहिर्विचरणशील मन साधनाभ्यास द्वारा डूब्दै डूब्दै जब विल्कुलै डूब्न जान्छ त त्यसलाई योगीहरु प्रलय भन्दछन् । यस किसिमको प्रलयलाई सामान्यत: नैमित्तिक प्रलय भन्दछन् । जाग्रदावस्था पछि निद्रावस्थालाई पनि नैमित्तिक प्रलय भन्दछन । परन्तु यो वाह्य हो, पूर्व कथित नैमित्तिक प्रलय आन्तर हुन । साधनाभ्यास द्वारा यो अन्तर्मुखी गतिको संस्कार बढ्दै बढ्दै जब अत्यधिक बढोत्तरी हुन्छ, त्यतिखेर जुन मन डूब्न जान्छ त्यो सहजै फेरि उठदैन–यही अपुनरावृत्ति या विमुक्ति कहलाउँछ । यसैलाई योगीहरु महा प्रलय भन्दछन् । जीव जन्मना साथै श्वासको गति चल्दछ । यो श्वास एकपटक आउँछ र एकपटक जान्छ । यदि श्वास गएर नफर्के त मृत्यु भनिन्छ । यदि श्वास आउँछ त त्यो जन्म कहलाउँछ । अतयव प्रत्तेक श्वास प्रश्वास सँगै हाम्रो निरन्तर जन्म मृत्यु भैरहन्छ । यो श्वासको आउनुजानु गमनागमन–काल प्राणायाम साधना द्वारा नियमित एवं संवर्धित हुन्छ । अनेकबार प्राणायाम हुन गएमा अर्थात श्वास तान्नु र फाल्नुमा अनेकबार जन्म हुन्छ । यसरी साधकले अनेक जन्म अर्थात् अनेक प्राणायाम द्वारा संसिध्दि प्राप्त गर्दछ । परन्तु प्रयत्न तीव्र भएमा साधकलाई अनेक प्राणायाम गर्नुको आवश्यकता हुँदैन । अलि अलि गर्दैमा नै उस्को मनमा नशा या मात आउन लाग्छ, उसको मन भित्र डूब्न जान्छ । साधारणत: यसको नियम यो छ–*मन लगाएर १२ प्राणायाम गरेमा प्रत्याहार, १४४ मा धारणा, १७२८ बार प्राणायाम गरेमा ध्यान, २०७३६ बार प्राणायाम गरेमा समाधि लाग्दछ ।* ॥४५॥

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिक: ;
कर्मिभ्यश्चाधिको योगी तस्माद् योगी भवार्जुन ॥४६॥

श्री धरीय टीका–[अतयव] – योगी कृच्छ्चान्द्रायणादि तप गर्नेवालाहरु भन्दा योगी श्रेष्ठ छन् । शास्त्रज्ञ ज्ञानीहरुको अपेक्षा पनि श्रेष्ठ छन, इष्टापूर्त्त कर्म गर्नेवालाहरु भन्दा पनि योगी श्रेष्ठ छन, यो मेरो मत हो । अतयव हे अर्जुन ! तिमी योगी बन ॥४६॥

आध्यात्मिक व्याख्या–"कूटस्थमा रहनुको अपेक्षा–क्रियाको परावस्थामा रहनु राम्रो छ–योनिमुद्रा देख्नुको अपेक्षा–क्रियाको परावस्था राम्रो छ–क्रिया गर्नुको अपेक्षा क्रियाको परावस्थामा रहनु राम्रो छ–यसैले योगी बन ।"–

–योगाभ्यासीले जब प्राणमा मन राखी चक्र चक्रमा आरोहण एवं अवरोहण गर्दै–(*"भ्रूवोर्मध्ये प्राणमावेस्य"*–भ्रुको–आज्ञाचक्र या द्विदलको–यही तपोलोक या काशी हो) बीचमा प्राणलाई प्रवेश गराई दिन्छन् तब तिनीहरु तपस्वी कहलाउँछन् । अनि ज्ञानी हुन् तिनीहरु, जसले योनिमुद्रा द्वारा आत्मज्योतिलाई हेर्दछन तथा त्यसभित्रको अनेक अश्रुत विषयहरुलाई सुन्दछन्, अदृष्टपूर्व दृश्यहरुलाई देख्दछन, पश्चात् नाद विन्दुको सन्धान पाएर विन्दुमा मनलाई स्थिर गरी वसिरहन्छन, तिनीहरु नै ज्ञानी हुन, अर्थात् अन्तरजगतको बारेमा ज्ञान प्राप्त गरी ज्ञानी हुन्छन । अनि कर्मी हुन तिनीहरु, जसले गुरुपदेश अनुसार क्रियाको अभ्यासमा रत रहन्छन् । यी समस्त साधकहरु भन्दा योगी श्रेष्ठ हुन्छन् । किनभने योगी भनेका तीनै हुन, जसले क्रियाको परावस्था प्राप्त गरेकाछन, र त्यसैमा उनको स्थिति छ । यही हो साधनाको सिध्दि । जसको लागि यतिका यत्न या परिश्रम हुन्छ, त्यो आत्मस्वरुपको प्राप्ति नै सर्वोच्च अवस्था हो । अन्य समस्त अवस्थाहरुमा मनको केही न केही वृत्ति रहन्छ नै, परन्तु क्रियाको परावस्थामा चित्तमा वृत्तिहरु उदित हुँदैन । यो अवस्था जबसम्म आउँदैन,–साधनाको अन्त हुँदैन । यसैले श्री भगवान अर्जुनसँग बोल्नु भयो–तिमी साधन गर्दा गर्दै बीच बाटोमा नै नबसिदिनु, एकबारगी विकुलै अन्तिम योगको प्राप्तिको लागि उद्यत भै हाल ।

लौ भनत, चित्तको वृत्तिहरुको निरोधलाई योग किन भन्दछन ? योग शब्दको अर्थ हो मिलन । चित्त स्पन्दित हुनुको कारण नै समस्त दृश्यहरु देखिन जान्छ । चित्त वहुमुखी हुनु विना अधिकाधिक दृश्यहरुको अस्तित्व रहँदैन । एक सत्तामात्र पदार्थ नै चित्त स्पन्दनको कारण शब्द, स्पर्श, रुप, रस, गन्धको रुपमा प्रतिभासित भैरहेछन, यी सबै पदार्थहरु बुझ्नको लागि हाम्रो ज्ञानेन्द्रियहरु पनि भिन्न भिन्न भएको छ । परन्तु वस्तुतः यी सब एकै बस्तु हुन । यस अविद्याकृत समस्त ज्ञेय बस्तुहरुको ज्ञाता रुपमा जुन 'अहं' या 'म' छ, वस्तुतः त्यही हुन सद्वस्तु, यसको त्रिकालमा व्यतिक्रम हुँदैन । परन्तु यी दृश्य समूह सर्वदा रहँदैन । यी जुन प्रकाशित भैरहेछन, त्यो द्रष्टाको दृश्यरुप भएर नै प्रकाशित भैरहेछन् । *द्रष्टाको अभावमा दृश्य रहँदैन । परन्तु दृश्यको अभावमा पनि द्रष्टा वर्तमान रहन्छ । यही द्रष्टाको स्वरुपमा अवस्था नै योग हो* । यसको एकत्व मिलनलाई नै योग भन्दछन् । यदि साँच्चिकै नानात्व रहँदो हो त कहिल्यै योग हुँदैनथ्यो । श्रुति भन्दछन (*"नेह नानास्ति किंचन,–मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति ।"* यसैले यो चित्त विक्षेपक नानात्व भाव पनि चित्तको एक किसिमको अवस्था मात्र हुन । एकात्म प्रत्ययरुप आत्म बोध उदय भएमा यी समस्त अनात्म भावरुपी मनको विविध वृत्तिहरु निरुध्द हुन जान्छन् । जुन मनको मात्र कल्पना थियो त्यो मनोलयको साथसाथै अदृश्य हुन जान्छ । अतयव वृत्ति समूह समुदित हुन गएमा आत्मासँग मनको मिलनमा जुन विघ्न हुन्छ, वृत्तिहरु रुध्द भएमा त्यो मिलनुको बाधा केही पनि रहँदैन । यसैले ऋषिहरुले चित्त वृत्तिहरुको निरोधलाई योग भनेको छ । अवश्य यसैकारण योग साधन उपायभूत प्राणायामादि साधनलाई पनि योग भन्दछन । र यसैले यो प्राणायाम श्रेष्ठ तपस्याको रुपमा गनिन गएको छ ।

"मनसश्चेन्द्रियाणांच ऐकाग्र्यं परमं तपः ;
तज्जाय सर्व धर्मेभ्यः स धर्मः पर उच्यते ॥"

मन र इन्द्रियहरुको एकाग्रता नै परम तपस्या हो, सबै धर्मको अपेक्षा यो श्रेष्ठ छ । प्राणायामादि योगाभ्यास गरेमा यो परमतपस्या संसाधित हुन्छ, र वासनाको क्षय हुनाले तत्त्वज्ञानको उदय हुन्छ । यसैकारण योगाभ्यास तत्वज्ञान प्राप्तिको हेतु छ । मनको चंचलताको कारण अर्जुनलाई योगद्वारा चित्त साम्य–स्थायित्वको सम्बन्धमा निराशा भएको थियो । चिर स्थिर अचंचल श्री भगवान्ले मनको साम्यावस्थामा नै योगको उपदेश गर्नु भएको थियो । यो चित्त साम्यता ल्याउनु नै साधनाको लक्ष्य हो । पहिले अनेकबार भनिसक्नु भएको छ–प्राण स्पन्दनकै कारण मनको चांचल्यता हुन्छ । यो चंचल प्राणापानको गति रुध्द हुना साथै प्राण स्पन्दन तिरोहित हुन जान्छ, साथसाथै मनको स्पन्दन विलाउँदछ। मनको स्पन्दन नरहेपछि नै त्यो आत्माकारकारित भएर अचल भावमा वर्तमान रहन्छ । यही हो योग । यसैले अन्य सबै धर्महरुको अपेक्षा योग धर्म श्रेष्ठ छ । योग साधकको मध्यावस्थामा नजाने कति कति कस्तो कस्तो अद्भूत अनौठो व्यापार घटित हुन्छन, यसबाट सबै साधक अवगत छन र धेरै भन्नुको प्रयोजन छैन ॥४६॥

योगिनामयि सर्वेषां मद्गते नान्तरात्मना ;
श्रध्दावान भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

श्री धरीय टीका–[यमनियमादि–परायण योगीहरुमा मेरो भक्त नै श्रेष्ठ छन, यसैले भन्नु हुन्छ]–जसले मद्गत्चित्त द्वारा म परमेश्वर बासुदेवलाई श्रध्दायुक्त भएर भजन गर्दछन, तिनीहरु योगयुक्तहरुमा श्रेष्ठ छन्, यो मेरो मत हो । अतयव मेरो भक्त बन ॥४७॥

(भक्त योगशिरोमणि आत्मयोगको जस्ले (भक्तको अगाडि) व्याख्या गर्नु भयो, भक्तको त्यस परम सम्पद परमानन्द माधवको वन्दना गर्दछु ।)

आध्यात्मिक व्याख्या–"क्रियाको परावस्थामा रहेर–जसको मन ब्रहममा सदा रहन्छ–त्यसले मलाई जान्न सक्दछ–मलाई जानेपछि नै सारा इन्द्रिय संयम हुनेछ ।"

–योगीहरुमा भक्त योगी नै श्री भगवान्ले श्रेष्ठ योगी भन्नु भएको छ । यसको कारण यो छ–मनमा अगाध श्रध्दा नभएमा यस सुदुर्गम योगफललाई कसैले अतिक्रमण गर्न सक्तैन । जस्को प्राणमा अधिक आकर्षण छ, –*'यथा देवे तथा गुरौं'*–उसको अगाडि नै श्री भगवान्को स्वरुप प्रकाशित हुन्छ । यो हुन सक्तैन–भक्त पृथक होउन् वा योगी पृथक होस । जो योगी एवं भगवद भक्त छन, उनीहरुकै लागि नै योगाभ्यास सुगम तथा सहज हुन्छ । भगवान्लाई जान्नको लागि योगी हुनु पर्नेछ । परन्तु योगी यदि भक्त हुन्छन् अर्थात् भगवान् प्रति अत्यधिक आसक्ति राख्दछन भने त उनीहरुको लागि योगाभ्यास सुखद, सुखकर हुन्छ । यतिको कठोर अभ्यास या प्रयत्न गर्दछु कसको लागि ? जुन *"प्रेष्टो भवान् तनुभृतां किल बन्धुरात्मा"*–प्रियतम, जीवमात्रको बन्धु, परम सुहृद छन्–किनभने त्यही सबैको 'आत्मा' हो । आत्मसंस्थ हुनु विना कसैको लागि पनि आत्मसाक्षात्कार संभव छैन । जसबाट आत्मसंस्थ हुन जान्छ त्यो उपाय नै

योगाभ्यास हो, यस अभ्यासको बारेमा नै यस अध्यायमा विशेषरुपले भनिएकोछ। योगीको चित्त भगवान्को लागि बडो नै आदरको बस्तु हो। त्यस चित्तमा त अरु कुनै विषयको तरंग–रंग या संस्कार हुँदैन, त्यो केवल स्व(भावमा नै पूर्ण हुन्छ, आफ्नै निजानन्दमा मग्न हुन्छ। जीवात्मा सबभन्दा अधिक परमात्माको निकटम छ। जीवात्मा विषय व्याकुल भएर शरीरादिको सम्बन्धमा जडित हुन्छ, तब उस्लाई केही पनि समझमा आउँदैन–त्यो के हो र कसको हो ? अचिन्तनीय भाग्यको फलस्वरुप, प्राण स्थिर गरिने अभ्यास द्वारा जब प्राणज संस्कार क्षीण हुन जान्छन, त त्यसको साथ मनको संसार प्रकृत्ति पनि ह्रासलाई प्राप्त हुन्छ। जब मनदेखि सन्सार विल्कुलै दूर हुन जान्छन, तब मन एवं आत्मामा अरु कुनै व्यवधान रहँदैन। विषयहरु देखि विनिर्मुक्त मन तब *"यथागंगाम्भसोऽम्बुधौ"* यानी जसरी गंगा सागरमा गई मिसिन्छ, उसरी नै परमात्मासँग अविच्छिन्न भावले युक्त हुन जान्छ। यही हो युक्ततम एवं भक्तको अवस्था। किनभने यस अवस्थामा आत्माको परमात्मा सिवाय अरु कुनै अवलम्बन या आश्रय रहँदैन। यही हो सर्वात्मक भावले आत्मसमर्पण। समुद्रमा मिलेर जसरी गंगाको पृथक नामरुप रहँदैन, उसरी नै आत्म समर्पण गर्नेवाला योगीको चित्त फेरि पृथक रुपमा रहँदैन। परमात्मासँग त्यो एक हुन जान्छ। यही हो परमपद। यस्ता अनेक मतावलम्बी छन जसले योगशास्त्र अनुसार योगाभ्यास गर्दछन र तिनीहरुले केही न केही बाहिरी योगफल–विभूति–प्राप्त गर्दछन्, परन्तु भगवान्लाई प्राप्त नगरिकन प्राण जोडिदैन; यसैले नास्तिक योगी, अलि अलि योगैश्वर्य प्राप्त हुँदामा पनि परम शान्ति विमुक्ति पदलाई प्राप्त गर्न सक्तैनन। यसै कारण बुझिन जान्छ भगवान्ले सावधान गरिदिएका छन्–योगाभ्यास गरेर पनि यदि भगवान्मा विश्वास या निर्भरता रहँदैन भने त यत्तिका साधन गरेर पनि बिशेष केहि लाभ हुने छैन ॥४७॥

इति श्री श्यामाचरण-आध्यात्मिक-दीपिका नामक षष्ठ अध्यायको आध्यात्मिक व्याख्या समाप्त।

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्‌भगवद् गीता

सप्तमोऽध्यायः
(ज्ञान विज्ञान योग)

श्री भगवानुवाचः-

मय्यासक्तमनाः पार्थ योगं युंजन्मदाश्रयः ;
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

श्री धरीय टीका- [पूर्व अध्यायहरुमा योग संगको ज्ञातव्य आत्म तत्त्वको वर्णन गर्नु भै अब भजनीय ईश्वरको स्वरुपको निर्देश गर्नुहुँदैछ]-पूर्वाध्यायको अन्तमा भनिएकोछ-"मदग्‌तचित्त भएर जसले मेरो भजन गर्दछ त्यही युक्ततम छ यो मेरो मत हो। त्यो तिमी कुन किसिमका हौ, जसको भक्ति गर्नु कर्त्तव्य हो ? -यस्को उत्तरमा आफ्नो स्वरुपको निरुपण गर्नको लागि श्री भगवान् बोल्नु भयो-हे पार्थ ! जसको मन म परमेश्वरमा अभिनिविष्ट छ तथा म नै जसको आश्रय छु (यसरी) अनन्यशरण भै जस्ले योगाभ्यास गर्दछन्, तिनीहरु असंशयित भावबाट समस्त विभूतिबल-ऐश्वर्यको साथ जसरी मलाई जान्न सक्दछन्, त्यसलाई भन्दछु, श्रवण गर ॥१॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेछ-ममा प्रवेश गरी अर्थात् क्रियाको परावस्थामा रहिकन -आत्मामा नै आश्रय गर्दै जो कोहीले क्रिया गर्दछ-त्यसले स्थिति प्राप्त गरी समान भावले मलाई पहिले जसरी देख्न पाउँदछन्, त्यसलाई भन्दछु, सुन"-

-क्रिया गर्नै पर्नेछ, परन्तु आत्मामा आश्रय गरी, अर्थात् यो ध्यानमा राख्नु पर्नेछ-त्यतिबेला मनको आश्रय गुरु प्रदत्त मन्त्र माथि नै रहोस, अन्य विषयमा मन भट्कन नपाओस। यसले शीघ्र नै क्रियाको परावस्था प्राप्त हुन्छ। *यस अवस्थालाई नै भन्दछन् "मदाश्रय"*। मन लगाएर क्रिया गरिरहँदा मन आत्मामा प्रविष्ट भएर आवध्द हुन जान्छ, त्यस आत्ममग्न या ध्यान निवध्द चित्त साधकको अगाडि समस्त विभूति-वल-ऐश्वर्य साथै श्री भगवान्‌को स्वरुप जसरी उपलब्ध हुन्छ, त्यही यहाँ बताउँदै हुनुहुन्छ। यस योग मग्न चित्त सिवाय निसंशयरुपले भगवान्‌को स्वरुप अवगत गर्ने अरु कुनै उपाय छैन, यसैले यहाँ त्यस स्वरुपको तथा त्यसलाई प्राप्ति गर्ने उपायको निर्देश गर्नु हुन्छ। पहिलो षटकमा भगवान्‌ले 'त्वं' पदको जुन लक्ष्य छ त्यही ज्ञेय पदार्थको व्याख्या गर्नु भएको छ। देहाभिमानयुक्त जुन "म" को हामीलाई ज्ञान हुन्छ, त्यो अशुध्द छ। त्यस अशुध्दभावलाई त्यागनु पर्नेछ। विषयासक्ति नै जीवको अशुध्द भाव हो, यही जीवनको वन्धनरज्जु हो। भोगासक्तिको कारण समस्त भोग्यवस्तुलाई जीवले आफ्नो अधिकारमा ल्याउन चाहन्छ। त्यो भोग्य वस्तु भनेको के हो र स्वयं के बस्तु हो-उसले जानेको छैन। यसैले यस "त्वं" पदार्थको परिशोध आवश्यक छ। अन्यथा *"त्वं" नै "तत्"* हो, यो कदापि बुझिनमा आउने छैन। वस्तुको प्राप्तिको लागि जीवको जुन अत्यासक्ति हुन्छ, यसको कारण हो अज्ञान-आफुले आफैलाई नजान्नु। यस अज्ञान एवं

अविवेकको कारण जुन भोग्य वस्तुहरुमा आसक्ति हुन्छ, त्यसको संन्यास नै यस "त्वं" पदार्थको शुद्धि हो। परन्तु केवल विषय छोडेर भाग्नाले नै विषयले जीवलाई छोडने छैन, विषयप्रति आसक्ति जीवको प्राणमा जडित छ। जबसम्म प्राणको सम्यक शोधन हुँदैन तबसम्म देश छोडेर जाँदैमा, या मुखले तिम्रो शरणापन्न छु भन्दैमा यो आसक्ति कदापि जान सक्तैन। पूर्व अध्यायको अन्तमा भन्नुभएको छ-योगीहरुमा जसले मद्गत् चित्त भएर "मलाई" भज्दछन त्यही युक्ततम हो। "मलाई भज्ने" को कुरा त उहाँले भन्नु भयो, तर यो "म" के हो, यो "म" तत्त्व तथा उसको भजन द्वारा जुन मद्गतचित्त हुनुपर्दछ-यी सारा रहस्यको कुराहरुलाई अब भन्नुहुनेछ ॥१॥

ज्ञानंतेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ;
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

श्री धरीय टीका-[वक्ष्यमाण ज्ञानको प्रशंसा गर्नु हुँदै भन्नु हुन्छ]-म तिमीलाई अनुभवको साथ यस मद्विषयक समस्त ज्ञानलाई पूर्णतः भनिरहेछु, जसलाई जाने पछि श्रेयमार्गमा हिंडने पुरुषको लागि अरु केही जान्नको निम्ति अवशिष्ट रहँदैन अर्थात् यसद्वारा त्यो कृतार्थ हुन जान्छ ॥२॥

आध्यात्मिक व्याख्या-"ज्ञान,-योनिमुद्रा, विज्ञान-क्रियाको परावस्था, सांगोपांग बताइरहेछु-जसलाई जानेपछि अरु केहि जान्नको लागि बाँकि रहँदैन।"-

-कसलाई जानेपछि यस जगतको सारा रहस्य विदित हुन जान्छ ?-

"ज्ञातेतु कस्मिन् विदितं जगत् स्यात् ?
सर्वात्मके मयि ब्रहमणि पूर्ण रुपे ॥"-

-यस प्रश्नको उत्तरमा आचार्य शंकर भन्नु हुन्छ-सर्वात्मक पूर्ण ब्रहमस्वरुप अहंपदवाच्य आत्मालाई जानी लिएपछि अरु सबै कुरा विदित हुन जान्छ। यस विश्व ब्रहमाण्डको सृष्टि गरी श्री भगवान् त्यसको प्रत्तेक अणु अणुमा कुन किसिमसँग प्रविष्ट भैरहेछन्, वस्तुतः यो भन्दा बढी आश्चर्यको कुरा केही छैन ! अतयव जसले एक अणुको रहस्यलाई जानी लिन्छ, त्यसको लागि ब्रहमाण्डमा केही अविदित रहँदैन। मानिसलाई नै हेर, यसको शरीर इन्द्रियमय वाह्य रुपलाई नै हामी देख्न पाउँदछौ, परन्तु कसले यसको भित्र रहेर यस शरीर यन्त्रलाई चलाइरहेछ, यस कुरालाई हामीहरु बहुधा बुझ्दैनौ र बुझ्नु पनि आवश्यक सम्झदैनौ। जसरी उ प्रत्येक अणु अणु भित्र छ, त्यसरी नै यस शरीर यन्त्रमा पनि विराजमान छ, उनको विशिष्ट प्रकाश पनि यस्मा वर्तमान छ। त्यस प्रकाश-स्वरुपलाई साधन विशेष द्वारा जान्नु-यही ज्ञान हो, अनि यस्को पनि आदिमा एक अवस्था रहन्छ, जहाँ प्रकाश या अप्रकाश केही हुँदैन, तथापि त्यो नित्य छ, त्यहाँ चन्द्र सूर्यको गति छैन, तरै पनि त्यहाँ कस्तो अद्भुत प्रकाश छ !! त्यस चिरस्थिर केन्द्रबाटै अनन्त प्रसारिणी ब्रहमाण्डको विकास भैरहेको छ। यो स्थान नै हो परमधाम, त्यही छ स्वानुभवपद, त्यही हो क्रियाको परावस्था। यस अवस्थामा पुगे पछि अरु केहि जान्नमा शेष रहँदैन, सबै निःशेष हुन जान्छ। साधक तव सर्वज्ञ हुन जान्छ।

"सूर्येन्दु अग्निर तथा प्रकाश किछुइ नाइ,
"तच्छुभ्र ज्योतिषां ज्योति" फूटेछे जेदिके चाइ ;
हृदय गुहार माझे निर्मल जोछना भरा,
असीम आकाश राजे अनन्त शान्तिते पोरा ।" ॥२॥

मनुष्याणां सहस्रेषु कश्चिचद्यतति सिध्दये ;
यततामयि सिध्दानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

श्री धरीय टीका-[परन्तु मदभक्ति विना मद्‌विषयक ज्ञान दुर्लभ छ, यसैकारण भन्नु हुन्छ]-असंख्य जीवहरुको बीचमा मनुष्य सिवाय अन्य कसैमा श्रेय प्राप्तिको लागि प्रवृत्ति देखिनमा आउँदैन, परन्तु सहस्रौं सहस्रौं मनुष्यहरुमा कोही कुनैले पुण्यवश आत्मज्ञान प्राप्तिको लागि प्रयत्न गर्दछ, अनि सहस्रौं प्रयत्न गर्नेवालाहरुमा, पुराकृत प्रकृष्ट पुण्यवश कोही कुनैले आत्मालाई जान्न सक्दछ । यस किसिमको सहस्रौं पुरुषहरुमा कोही कोहीले मतप्रसादबाट मलाई तत्त्वतः जान्न पाउँदछ । अतयव यो आत्मतत्त्व अति दुर्लभ छ, यही आत्मज्ञानलाई नै म तिमीलाई भन्दछु ॥३॥

-शंकराचार्यले "सिध्दानां" शब्दको अर्थ लेख्नु भएको छ-

"सिध्दा एव हि ते ये मोक्षाय यतन्ते ।"-जसले मोक्षको लागि चेष्टा गर्दछन्, उनीहरु नै सिध्द हुन । मधुसूदन भन्नु हुन्छ -"सत्व शुध्दि द्वारा ज्ञानोत्पत्ति पर्यन्त"-सत्त्वशुध्दिद्वारा ज्ञानोत्पत्ति भएमा सिध्द हुन जान्छ ।-

आध्यात्मिक व्याख्या-"हजारौं हजारौं मानिसहरुमा कोही एक अनावश्यक कर्ममा इच्छारहित हुनको निम्ति यत्नवान हुन्छ, अनि एस किसिमको यत्नशील पुरुषहरुमा कोही कोहीले क्रिया गर्दछन्, क्रिया गरी परब्रह्म कूटस्थमा जान्छन ।"-

मनुष्येतर जीवहरुको आत्मज्ञानमा अधिकार हुँदैन । मनुष्य देहमा नै आत्मज्ञान प्राप्त हुन सक्दछ । परन्तु मनुष्यहरुमा पनि जोसँग संचित पुण्य छैन, आत्मज्ञानको लागि उनीहरुको प्रवृत्ति हुँदैन । आत्मज्ञानको प्रमुख उपाय योग हो, योगको अधिकार विवेकी पुरुष सिवाय अरुलाई प्राप्त हुन सक्तैन । अनि यस किसिमको योगानुष्ठानमा पनि नाना किसिमका विघ्नवाधाहरु आई लाग्दछन्, अतयव आत्मज्ञान अत्यन्तै दुर्लभ वस्तु छ । यसैले भगवान् भन्नु हुन्छ-योगाभ्यास गरेमा सिध्दि प्राप्त त हुन्छ, परन्तु अनधिकारीको लागि योगाभ्यास गर्न अत्यन्त कठिन छ, किनभने मनुष्यलाई नानाकिसिमको अनावश्यक कार्यहरु गर्ने इच्छा हुन्छ, नाना किसिमको भोगहरुमा आसक्ति हुन्छ, र यसै कारण सहस्रौं अनावश्यक कल्पनाहरु गर्दा गर्दै जीव ल्कान्त हुन जान्छ, तथापि कल्पनाको त्याग गर्न सक्तैनन् । अशुध्द अन्तः करणको कारण विषयहरु प्रति अत्यधिक आसक्ति हुन्छ र त्यसले गर्दा अविश्रान्त कल्पनाको प्रवाह चलिरहन्छन् । साधुसँग तथा विषयहरुको हेयत्वलाई आलोचना गर्दाखेरि वासनाको वेग कम हुन्छ । पहिले पहिले नितान्त

प्रयोजनीय कर्ममा वेग रहन्छ त रहन देऊ, परन्तु अनावश्यक कर्म एवं तद्विषयक संकल्पको वेग रोक्नको लागि त केही न केही प्रयत्न हुनु आवश्यक छ। प्रयत्न गरेमा साधक यस विषयमा केही कृतकार्य पनि हुन्छन्। यस किसिमसँग आत्मोन्मुखी जीव प्रति कृपा गरी सद्गुरुले उनीहरुलाई साधनाको उपदेश पनि दिनुहुन्छ। उपदेश प्राप्त गरी गुरुको निर्देश अनुसार साधन गर्दै गर्दै उनको साधनामा तीव्रता बढ्न जान्छ। साधनामा जसलाई आलस्य या प्रमाद हुँदैन तथा तीव्र वेगसाथ जो साधनामा लागि रहन्छ, तिनीहरुले नाना किसिमको योगज सिध्दि प्राप्त गर्दछन, तथा यस किसिमको समस्त सिध्द साधकहरुमा कोही कोही कूटस्थ रुप परव्रहममा प्रवेश प्राप्त गर्दछन्। अवश्यै यस किसिमको भाग्यवान साधक अति दुर्लभ हुन्छन्।

यदि धेरै जसो मानिसहरु तत्त्वतः शब्दबाट राम-कृष्णादि रुपमा या शंखचक्रगदापद्म-धारी रुपमा देखिन जान्छन्-यस्तो भन्ने गर्दछन्। यो यथार्थ रुपमा उनलाई "तत्त्वतः" जान्नु होइन। यसरी त धेरै मानिसहरुले देखद्छन्, परन्तु त्यसबाट उनीहरुको भ्रम दूर हुदैन र न त विषयाभिलाषा मेटिन्छ। यो उनको नित्य स्वरुप होइन, बरु मायातनु या विग्रहमात्र हो। *"मायातनुं लोक विमोहनीयाम" धत्ते परानुग्रह एष रामः"*। परन्तु यो उच्च स्तरको सिद्धि हो, यस्मा शंका छैन। यस किसिमका सिद्ध साधकहरुमा पनि धेरै कम मानिसहरु देहातीत कैवल्यभावलाई धारण गर्न सक्दछन्। यदि भन्दछौ भने तत्वतः जान्नु के हो-त यस्को उत्तर यो छ-क्रियाको परावस्थामा प्रवेश गर्नाले नै त्यो तत्त्वतः जानिन जान्छ। त्यतिबेला भगवान्को ऐश्वर्य, ज्ञान, बल एवं माधुर्य-समस्त विषयहरु संग साधकको परिचय हुन जान्छ। तब साधक योगबलले बलिष्ठ भै स्वयं तद्रूप हुन जान्छ। यस किसिमको अवस्था प्राणायामादि योग साधन द्वारा कसरी प्राप्त गरिन्छ, यही वताउंदछु। क्रिया गरेमा क्रियाको परावस्था रुप परम शान्तिपद प्राप्त हुन्छ, क्रियाको परावस्थामा जब चित्त व्रहममा लीन हुन जान्छ तब फेरि कुनै कर्म रहँदैन। त्यतिखेर सबैमा एकरस, अर्थात यस्तो बोध हुन्छ-एक व्रहम बाहेक अरु केही रहँदैन। यो शरीर ॐकार स्वरुप छ, त्यसमा तेजोविन्दु छ। प्राण-अपानको क्रिया द्वारा जब वायु कुम्भकावस्थामा रहन्छ, तब मन आफसे आफ अन्य सब दिशाहरु देखि रुद्ध भएर शून्यमा प्रवेश गर्दछ र निजानन्दमा रहन्छ। त्यहां रहंदा रहँदै उत्तम पुरुष नारायणलाई देख्दछ, अनि तब साधकमा तद्वत पौरुषत्व तथा अलौकिक शक्ति प्रकट हुन्छ। त्यस तेजमा रहंदा शुक्रको वृद्धि हुन्छ, वुद्धि तीक्ष्ण हुन्छ तथा अग्निको वृद्धि हुन्छ। अग्निको तेज वृद्धि भएमा सबै वस्तुहरुको इच्छा नष्ट हुन जान्छ। यस तेजको वीचमा एक सानो चिन्ह देखिन जान्छ, त्यसलाई विन्दु भन्दछन्। त्यो विन्दु अणु भन्दा पनि अणु छ र *"महतोमहीयान"* छ। जो सदा यस अवस्थामा रहन्छ उसलाई परव्रहमको अनुभव हुन्छ। पहिले योनिमुद्रामा कूटस्थ दृष्टिगोचर हुन्छ, त्यसभन्दा पर अव्यक्त छ, त्यहां सर्वशून्य छ तथापि त्यसमा अनन्त व्रहमाण्ड प्रविष्ट छ। क्रिया गर्नाले एक एस्तो अवस्था प्राप्त हुन्छ, जुन अवस्थामा रहंदा खेरि मन अन्य कुनै वस्तुमा जादैन, यस किसिमको स्थितिको नाम नै हो क्रियाको परावस्था। क्रिया गर्दा गर्दै यो आफसे आफ प्राप्त हुन्छ। यो सुखदुःख-सम्पर्करहित एक परमानन्द अवस्था विशेष हो, यही कैवल्यावस्था या विदेह भनिन्छ ॥३॥

भूमिरापोऽनलो वायुः खं रवं मनो बुद्धिरेव च;
अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥४॥

श्री धरीय टीका-[आफ्नो प्रकृतिलाई भगवान्ले सामुन्ने देखाउनु भै प्रकृतिद्वारा सृष्टयादिको कर्तृत्त्वस्वरुपमा ईश्वरलाई बताउने जुन प्रतिज्ञा गर्नु भएको थियो, त्यसकै निरुपणार्थ ईश्वरको परा-अपरा भेदले प्रकृतिद्वयलाई बताउनु हुँदैछः]- मेरो प्रकृति (ईश्वरको मायाख्य शक्ति) अष्टधा भिन्न छ, अर्थात आठ भागमा विभक्त छ-भूमि, जल, अनल, वायु, आकाश, मन, बुद्धि र अहंकार । यहां भूमि आदि शब्द स्थूल पंचभूतहरुको लागि होइन, बरु यसको गन्धादि तन्मात्राहरु संगको तात्पर्य बुझ्नु पर्दछ । यसरी 'मन' शब्दबाट केवल मन नसम्झी त्यसको कारणभूत अहंकारलाई बुझ्नु पर्दछ । तथा 'बुद्धि' शब्द देखि बुद्धिको कारण महत्तत्त्व, अनि अहंकार शब्दले अहंकारको कारण अविद्या सम्झनु पर्दछ यस किसिमसंग प्रकृति अष्टधा भिन्न छ । अथवा भूमि आदि शब्दहरुबाट केवल अहंकारलाई नलिइकन त्यसको साथ तत्कार्यरुप इन्द्रियहरुलाई लिनु पर्दछ । बुद्धि नै महत्तत्त्व हो । "मन" द्वारा अव्यक्तरुप प्रधानलाई ग्रहनलाई ग्रहण गरिएको छ । यस किसिमले हाम्रो मायाख्या प्रकृतिको आठ विभाग हुन्छन् । सांख्य मतले पंचतन्मात्राहरु, अहंकार, महत्तत्त्व एवं अव्यक्त-यी अष्टधा प्रकृति, तथा यसको सोह्र विकारहरु जम्मा गरी चौबीस तत्त्व हुन्छन्-यसलाई तेह्रौं अध्यायमा क्षेत्र-तत्त्व सम्झाउने समय भन्नु हुनेछ । अविद्या अहंकारको कारण हो, यहां अहंकारको शब्दबाट अहंकारको कारण अविद्यालाई नै लक्षित गरिएको छ । शंकर भन्नु हुन्छ-"अहंकार इत्यविद्या संयुक्त मव्यक्तम । यथा विषसंयुक्त मन्न विषमुच्यते" अहंकारै अविद्यासंयुक्त अव्यक्त या मूल प्रकृति हुन, जसरी विषसंयुक्त अन्नलाई पनि मानिसहरु विष भन्दछन् । किनभने अविद्या विना अहंकार उत्पन्न हुँदैन, आफ्नो स्वरुपलाई बिर्सेर आफुलाई अन्य कुनैरुपमा हेर्नु पनि अज्ञानै हो र अहंकार पनि । अव्यक्तलाई नै जब मूल कारण बताउनु हुन्छ, तथा "अहंकार" कै वशमा नै जीवको सन्सार वासना छ, त यहां "अहंकार" शब्दले मूल कारण अव्यक्तलाई नै लक्षित गरिएको छ । शंकर भन्नु हुन्छ-"प्रवर्त्तकत्वादहंकारस्य । अहंकार एव हि सर्वस्य प्रवृत्तिबीजं दृष्टं लोके ।" अहंकारै सब कार्यको प्रवर्त्तक हो, यस जगत्मा समस्त प्रवृत्तिहरुको बीज अहंज्ञानबाट उत्पन्न भएको देखिन जान्छ, सांख्य मतले प्रकृतिको परिणाम बुद्धि एवं बुद्धिको परिणाम अहंकार हो । अहंकारको परिणाम हुन,-पंचतन्मात्रा, कर्मेन्द्रिय एवं ज्ञानेन्द्रिय । तथा तन्मात्राहरुबाट स्थूल भूत उत्पन्न भएका छन् ।❖

❖*"सत्त्व रजस्तमसां साम्यावस्थाः, प्रकृतेर्महान् महतोऽहंकारोऽहंकारात् पंचतन्मात्राण्यु भयमिन्द्रियम् तन्मात्रेभ्यः स्थूल भूतानि ।"-सांख्यसूत्रम् त्रिगुणको साम्यावस्थाको नाम प्रकृति हो । जब प्रकृति क्षुब्ध हुन्छन् तब उनको साम्यावस्था रहदैन । प्रकृतिको गुण-वैषम्यले महत्तत्त्व उत्पन्न हुन्छ । महत्तत्त्वलाई बुद्धितत्व पनि भन्दछन् । बुद्धि नै प्रकृतिको पहिलो विकार या कार्य हुन । तीन्टै गुणहरुलाई लिएर प्रकृति हुन्छ, जब प्रकृति विकारलाई प्राप्त भै बुद्धि तत्व बन्दछन, त त्यस बुद्धितत्त्वमा पनि तीन किसिमको भेद रहन्छ । महत्तत्त्व विकृतिलाई प्राप्त भै जुन परिणामलाई प्राप्त हुन्छ, त्यो "अहंकार" या "अहं" प्रधान हुन्छ । अहंकारको कार्य हो,- अन्य समस्त कार्यहरु देखि आफुलाई पृथक गरी देख्नु या आफुलाई संकुचित गर्नु । या महत्तत्त्वको*

आध्यात्मिक व्याख्या-"क्षिति, अप, तेज, मरुत्, व्योम-मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्धाख्य-अनि मन तथा कूटस्थ एवं श्रीकृष्ण म, यी आठ प्रकृति हुन-यसको पर सूक्ष्मरुपमा पराप्रकृति पनि सवै यही हुन ।"-यहां प्रकृतिको आठ भागहरुलाई सुस्पष्ट रीतिसंग निर्देश गर्नु हुन्छ । (१) क्षितितत्त्व-यसको स्थान मूलाधार हो । (२) जलतत्त्व-यसको स्थान स्वाधिष्ठान हो । (३) तेजतत्त्व-यस्को स्थान हो मणिपूर । (४) वायुतत्त्व-यसको स्थान हो अनाहत । (५) आकाशतत्त्व-एसको स्थान विशुद्ध हो । (६) मन-मन द्वारा मन । (७) बुद्धि (८) अहंकार । (९) यी तीन्टैलाई एक साथ बताउनु भैरहेछन् । यसको स्थान हो आज्ञाचक्र । आज्ञाचक्रमा जुन चार भावहरुको विकाश हुन्छ, यहां विशेषरुपले उसैको विवेचना गरिन्छ । यद्यपि साधारणतः आज्ञाचक्रलाई नै मनको स्थान भन्दछन्, परन्तु मन भन्नाले मन, बुद्धि, चित्त र अहंकार यी चारैको ग्रहण हुन्छ, अतयव यी सबैको स्थान आज्ञाक्र नै मान्न सकिन्छ । वस्तुतः यी चारै (या तीन) को कार्य आज्ञाचक्रमा हुन्छ, अलि ध्यानपूर्वक हेर्नाले नै बुझ्नमा आउनेछ । यी मन, बुद्धि चित्त र अहंकारलाई ब्रहमाण्ड सृष्टिको प्रधान कारणरुपमा गृहीत गरिएका छन् । यीनीहरु नरहेमा कर्तृत्व पनि रहदैन, कल्पना पनि रहदैन र स्मरण पनि रहदैनन् । अतयव सृष्टिको जुन अत्यावश्यक उपादान छन, तिनीहरु पनि केहि रहदैनन् । यीनीहरु मानो विरजा प्रकृति या मायाको मूर्त्तभाव हुन । पहिले पहिले अनिर्वचनीय निर्गुण ब्रहमबाट जुन गुणमयी मायाको विकाश हुन्छ, त्यसैको क्षेत्र आज्ञाचक्र हो, यसैकारण कसै कसैले यसलाई

विकार अहंकार पनि तीन किसिमकै हुन्छन्-सात्विक अहंकार, राजसिक अहंकार एवं तामसिक अहंकार । सात्त्विक अहंकारबाट इन्द्रियहरुको अधिष्ठात्री देवता र मन उत्पन्न हुन्छन् । राजस अहंकारबाट पंच-ज्ञानेन्द्रियहरु एवं पंच कर्मेन्द्रियहरु समुद्भूत हुन्छन । तामस अहंकार देखि सूक्ष्म पंचभूत या पंच तन्मात्राहरुको जन्म हुन्छ । आकाशं तन्मात्राको सात्त्विक अंशबाट श्रोत्र, वायुको सात्त्विक अंशबाट त्त्वक, तेजको सात्त्विक अंशबाट चक्षु, जलको सात्त्विक अंशबाट रसना र पृथ्वीको सात्त्विक अंशबाट घ्राण-यी पंच ज्ञानेन्द्रियहरु उत्पन्न हुन्छन् । आकाशको राजस अंशबाट "वाक", वायुको राजस अंशबाट "पाणि"; तेजको राजस अंशबाट "पाद" जलको राजस अंशबाट "पायु" पृथ्वीको राजस अंशबाट "उपस्थ" उत्पन्न भएकोछ । आकाशादि पंच तन्मात्राहरुको सात्विक अंशको मेलबाट मन, बुद्धि, चित्त र अहंकारको उद्भव भएकाछन् । पंच तन्मात्राहरुको राजस अंशको मेलबाट पंचवायु-प्राण, अपान, व्यान उदान एवं समान उत्पन्न भएकाछन् । पंच तन्मात्राहरुको तामसिक अंशबाट या पंचतन्मात्राहरुको पंचीकरणबाट पंचस्थूल भूत उत्पन्न भएका छन् ।

पंचीकरण या मिश्रणको प्रणाली - (१) स्थूल आकाश=१ को आधा अंश सूक्ष्म आकाश या आकाश तन्मात्रा+१ को आठौं भाग, सूक्ष्म वायु+१ को आठौं भाग, सूक्ष्म अग्नि+१ को आठौं अंश, सूक्ष्म जल+१ को आठौं भाग, सूक्ष्म पृथ्वी । (२) स्थुल वाय=१ को आधा भाग, सूक्ष्मवायु या तन्मात्रा+१ को आठौं अंश, सूक्ष्म आकाश+१ को आठौं भाग, सूक्ष्म अग्नि+१ को आठौं भाग, सूक्ष्म जल+१ को आठौं भाग सूक्ष्म पृथ्वी । यसरी नै समस्त अपंचीकृत भूतहरुको सम्मिश्रणबाट पंचीकृत या स्थूल भूत-समूह उत्पन्न भएकाछन् । यसै कारण प्रत्येक मिश्र या स्थूल भूतमा अन्य स्थूल भूतहरुको अंश परिलक्षित हुन्छन् ।

अज्ञानचक्रको नामले पनि अभिहित गर्दछन् । योगीश्वरहरु भन्दछन्-यस आज्ञाचक्रलाई भेदन गरी सहस्रारमा पुग्न सके मायाको आवरण दूर हुन जान्छ । यस आज्ञाचक्रको भित्र चन्द्र मण्डल समान एक किसिमको स्निग्ध ज्योति देखिन जान्छ, त्यही मनको स्वरुप हो, यसैकारण मनको देवतालाई चन्द्र भन्दछन । आज्ञाचक्रको भित्र जुन सवितृमण्डलको विकास देखिन जान्छ, त्यही हो बुद्धि-तत्त्व या महत्तत्त्व,-कूटस्थको बहिर्भागमा यसैको विकास छ । यसै कारण कुनै कुराको स्मरण गर्नको लागि या सम्झनको निम्ति अज्ञाचक्रको वहिर्दिक भ्रुमध्यमा अलि बल लगाएर लक्ष्य गर्दामा नै धेरै जसो कुराहरु स्मरणमा आउंदछन् । अनि धेरै जसो कुराहरु पनि बुझिनमा आउंदछन् । यसैकारण बुद्धिको देवता ब्रह्म या जगत् प्रसविता सूर्य हुन । अहंकार नै जगत्को विकासको मूल हो-यो अविद्यामूलक अव्यक्त भाव हो । अव्यक्तमा जबसम्म केवल विद्या स्फुरित भैरहन्छ, तब सम्म अविद्याको विकास नहुनुको कारण प्रकृत सृष्टि आरम्भ हुंदैन । अविद्या शुद्धज्ञान आवृत्त हुन जान्छ, शुद्धज्ञान आवृत्त नभैकन सृष्टि कसरी होला ? यस अविद्याको कारण जब अहंभाव उत्पन्न हुन्छ, तब सृष्टि हुन्छ, यस अहंकारको देवता "शंकर" हुन । यही सृष्टिको प्रथम कारण, सर्व प्रथम सगुण भाव या व्यक्त भाव हो । यही आज्ञाचक्रको भित्र चित्शक्तिको स्फुरण हो । यो स्फुरण नै विन्दुरुप कूट हो, यस कुटस्थित चैतन्यको नामै हो *"कूटस्थ चैतन्य"*, पुरुष या ईश्वर हो । कूटको चारै तिर सूर्य किरणको राशी समान जुन छटा हुन्छ त्यही चिज्ज्योतिको विकास

तन्मात्राहरु पंचीकृत नभैकन इन्द्रियगोचर हुन सक्तैन । यसैबाट ऊर्ध्व सप्तलोक एवं अधः सप्तलोक अर्थात चतुर्दश भुवन उत्पन्न भएकाछन् । यी स्थूल भूतहरुबाट चतुर्विध स्थूल शरीर (जरायुज, अण्डज, स्वेदज एवं उद्भिज) तथा चतुर्विध स्थूल शरीरको भोगोपयोगी नाना किसिमका अन्नपान आदि उत्पन्न भएकाछन् ।

पुनः स्थूल शरीरलाई "अन्नमय कोष" भन्दछन् । पंचवायु एवं पंच कर्मेन्द्रियको मेलबाट "प्राणमय कोष" हुन्छ । मन एवं कर्मेन्द्रियहरुको योग "मनोमय कोष" हुन । ज्ञानेन्द्रियहरु र बुद्धिको योगबाट "विज्ञानमयकोष" बन्दछ । अनि मूल अज्ञानलाई "आनन्दमय कोष" भन्दछन् । यो "प्राणमय" "मनोमय" र "विज्ञानमय" कोष मिलेर सूक्ष्म शरीर कहलाउंछ । "आनन्दमय कोषलाई कारण शरीर भन्दछन् ।

प्रत्येक इन्द्रियको अधिष्ठात्री देवता छन् । देवताले नै इन्द्रियहरुलाई उनको विषयहरु तिर प्रेरित गर्दछन् । श्रोत्रको देवता दिक, त्वकको देवता वायु, चक्षुको देवता सूर्य, रसनाको देवता वरुण, घ्राणको देवता अश्विनी कुमार हुन । पंच कर्मेन्द्रियहरुमा वाक्को देवता अग्नि, पाणिको देवता इन्द्र, पादको देवता उपेन्द्र, पायुको देवता यम, उपस्थको देवता प्रजापति हुन । मनको देवता चन्द्र, बुद्धिको देवता ब्रहम, अहंकारको देवता शंकर र चित्तको देवता विष्णु हुन ।

सांख्य मतानुसार प्रकृति जड छ, परन्तु पुरुषको सान्निध्यवश जड प्रकृतिमा चैतन्यको संचार हुन्छ । चैतन्यको संचार हुनु विना प्रकृति कर्त्ता हुन सक्तैन । सांख्यको मतले पुरुष चेतन त हो, परन्तु निर्विकार, अकर्त्ता एवं केवल साक्षी मात्र हुन । प्रकृति र पुरुष दुबै युक्त नभैकन सृष्टिको कार्य हुन सक्तैन । सांख्यको

हो, त्यसको अभ्यन्तर चन्द्रमण्डल समान ज्योतिर्मयी प्रभाले युक्ततम आकाश परिदृष्ट हुन्छ, त्यही चिदाकाश हो । त्यसबाट समस्त शक्तिहरुको स्फुरण हुन्छ र त्यसैमा सारा शक्तिहरु अन्तर्लीन हुन्छन् । त्यही महादेवी या मूला प्रकृति, अथवा पुरुष या ब्रहमको चिन्मय लीलाविलास शरीर हो । इन्द्रियातीत हुनुको कारण यसलाई "अव्यक्त" पनि भन्दछन् । यसको भित्र चित्-शक्तिको कुनै आभास मिल्दैन, यसैकारण यसलाई "असत" पनि भन्दछन् । यो अव्यक्त शक्ति जब व्यक्त हुन्छ, तव त्यो विन्द्ररुपा भएर स्फुटित हुन्छ ।

सवितृमण्डल-मध्यवर्ती पुरुष या कूटस्थ चैतन्यले मानो साधकलाई स्पष्ट भावसंग देखाउनु भैरहेछन् -यही मेरो अष्टधा प्रकृति हुन । क्रियाको पर अवस्थामा या गुणातीत अवस्थामा जब पुरुषको पुरुषत्व पनि रहँदैन, प्रकृतिको पनि प्रकृतित्त्व रहँदैन, त्यतिखेर त्यो गुणातीत अलिंग पुरुष रहन्छ । यसलाई नै *"अतितुर्यावस्था"* भन्दछन् *"सदसत तत्परम् यत"*-त्यो सत् एवं असतको पर छ । त्यहां न त चैतन्य हुन्छ न त जडत्त्व हुन्छ, त्यो जे जो छ-बुद्धिको लागि अगम्य छ । यस अवस्थालाई भावुक मानिसहरुले मन पराउदैन, तिनीहरुले निर्गुण-सगुणमा मिलित पुरुषोत्तम भावलाई नै धेरै समादर गर्दछन् । परन्तु ज्ञानी महाजन *"साक्षी चेता केवलो निर्गुणश्च"*-यस भावलाई चरम भाव मानी यसैलाई अधिकतर समादर गर्ने गर्दछन् । कसैले यस अवस्थालाई नै प्राप्त गरी रहोस, अथवा पुरुषोत्तम भाव लिएरै मग्न रहुन-दुवैले नै आत्म साक्षात्कार प्राप्त गर्दछन, एसमा कुनै सन्देह छैन । उत्तम पुरुष या श्री कृष्ण जो कूटस्थको भित्र

मतले शुद्ध स्फटिकमा जवाकुशुम प्रतिविम्वित भएमा जसरी स्फटिक रक्ताभ देखिन्छ, उसरी नै निर्मल पुरुषमा प्रकृतिको गुणकार्यको अध्यारोप हुन्छ, यसबाट प्रकृति चेतन समान एवं पुरुष क्रियाशील हुन जानुको भ्रम हुन्छ । यसरी पुरुषलाई संसार बन्धन हुन्छ ।

साक्षीस्वरुप एवं ज्ञान-स्वभाव पुरुषले आफुलाई विर्सेर कसरी प्रकृतिको कार्यलाई आफ्नो सम्झदैं भ्रममा पर्दछ, यो अत्यन्त विस्मयजनक कुरा छ । परन्तु पुरुषको यो भ्रम कसरी सम्भव हुन्छ ? यस्को उत्तर सांख्यमा त्यति सुस्पष्ट रुपमा पाइदैन । सांख्यवादीले ईश्वरलाई मान्दैनन् । ईश्वर निरपेक्ष भएर पनि विमुक्ति प्राप्ति संभव छ-यसको अनुमोदन आचार्य विज्ञान भिक्षु प्रभृत्तिले पनि गर्दछन् । तन्त्रशास्त्रमा प्रकृति र पुरुषलाई विल्कुल अर्को रुपमा नै ग्रहण गरिएकोछ । गीताको प्रसिद्ध टीकाकार मधुसूदन प्रभुत्तिले प्रकृतिको स्वतन्त्रतालाई स्वीकार गर्दैनन् । गीताको १४ औं अध्यायको प्रथम श्लोकको आफ्नो टीकामा उहां भन्नु हुन्छ-"तत्र निरीश्वर-सांख्यमत-निराकरणेन क्षेत्र-क्षेत्रज्ञ-संयोगस्य ईश्वराधीनत्वं वक्तव्यम ।"- निरीश्वर सांख्य जसले प्रकृति पुरुषको संयोगलाई स्वतन्त्र मान्दछन्, त्यस मतलाई नमानीकन क्षेत्र-क्षेत्रज्ञको संयोग ईश्वराधीन छ, यही वक्तव्य यहां बुझिन्छ ।

तन्त्रले कुनै पनि अवस्थामा शिव-शक्तिको विच्छिन्नता या स्वतन्त्र भाव स्वीकार गर्दैनन् । जगत् लिलाको निम्ति ब्रहमले आफुलाई शिव-शक्तिको रुप दुई भागमा विभक्त गर्दछन् । परन्तु यस विभक्त अवस्थामा पनि शिवको भित्र शक्ति अनि शक्तिको भित्र शिव सदा वर्तमान रहन्छन् । शिव-शक्तिको यो संयोग कुनै कालमा विच्छन्न हुनेवाला छैन । यसैबाट दृश्यरुप एवं द्रष्टारुपमा दुबैतिर शिव-शक्तिको समावेश छ ।

छ त्यही अहं शब्द वाच्य हुन । प्रकृति-यो शरीर हो, जुन शरीरको पनि तर छन् त्यो सर्वव्यापक ब्रहम स्वरुप भएर महत् भैरहेछन् । जसलाई एसकिसिमसंग सोऽहं ब्रहम ज्ञान हुन्छ, त्यही महत् हो । त्यो ब्रहम मै हुं, यो मनमा नै बोध हुन्छ । जब त्यो मन फेरि मनमा लय हुन जान्छ तब सबकासब ब्रहम हुन जान्छ ।

"अयं सदेव इत्येव सम्परिज्ञान मात्रत;
जन्तोर्न जायते दुःखं जीवनमुक्त त्वमेति च ॥"

यो मन जब चंचल हुन्छ तब सबै वस्तुहरुमा आसक्तिसाथ दृष्टिपात गर्दछ, सबै वस्तुहरुमा आग्रह र इच्छा जागदछ । त्यस इच्छाको फेरि अन्त हुदैन । उसले अनन्त इच्छाहरु द्वारा अनन्त कर्महरुलाई गर्दछन्, अनि अनन्त कर्महरुको अनन्त फलहरु भोग गर्नको लागि जन्म-मृतुको चक्रमा चौरासी लाख योनिहरु भ्रमण गर्दछ र भोग गर्नको निम्ति पंच-तन्मात्र शरीर धारण गर्दछ । सबैको शरीर क्षिति, अप, तेज, मरुत र व्योम मिश्रित हुन्छन् । यी पंचतत्वहरु विना शरीर धारण हुन सक्तैन । यस शरीरमा पांच ज्ञानेन्द्रियहरु र पांच कर्मेन्द्रियहरु छन्, तथा पंचमहाभूत-क्षिति, अप, तेज, मरुत एवं व्योमको सूक्ष्म अणु विभिन्न आकार एवं विभिन्न वर्णका छन्, जसलाई योगीहरु देख्दछन् । क्रमशः हरिद्रा (पहेंलो) हरियो, रातो, जंगाल र नीलो रंग देखिन जान्छ, यस द्वारा नै भित्र र बाहिरको सबै तत्त्व देखिन जान्छन् । पश्चात् सर्वतत्त्वाातीत ब्रहमलाई देखेर सबै भूतहरुमा प्रवेश गर्ने क्षमता हुन्छ, सर्वज्ञत्त्व प्राप्त हुन्छ र सबै पदार्थहरुको गुण ज्ञात हुन्छ । क्रिया गरेमा कुल कुण्डलिनी जाग्रत हुन्छ र जाग्रत हुना साथै साधकलाई उपर्युक्त शक्ति प्रदान गर्दछ । दीयोले जसरी सबै वस्तुहरुलाई प्रकाशित गर्दछ, उसरी नै कूटस्थको भित्र उत्तम पुरुषको प्रकाशले सारा वस्तुहरु या तत्व प्रकाशित हुन्छन् । क्रिया गरी क्रियावान मानिसहरुले यस उत्तम पुरुषलाई देख्दछन् । तब उनीहरुलाई पनि सबै किसिमको ऐश्वर्य र ईश्वरत्त्व प्राप्त हुन्छन्, र यस शरीरको भित्र जेजति छन् सबैको अनुभव उनीहरुलाई हुन्छ । गुरु वचनमा विश्वास गरी जसले क्रिया गर्दछ, तिनीहरुले कूटस्थको दर्शन गर्दै गर्दै महादेव हुन जान्छन् तथा शास्त्रहरुमा जुन कुराहरुको उल्लेख छ, तेस्को अनुभव तिनीहरुले आफु भित्र नै गर्दछन् । क्रिया गर्दा गर्दै जब आफसे आफ अड्न जान्छ, साधक तब ब्रहममा लीन हुन जान्छन् । तब तिनीहरु पनि सर्वव्यापक भएर सबैको भित्र आफुलाई देख्दछन् । तब कूटस्थको

शिव-शक्तिको संयोग विना केहीपनि प्रकाशित हुन सक्तैन । कुनैपनि क्रीडा दृश्य-पटमा समुदित हुन सक्तैन ।

-गीतामा श्री भगवानले पुरुष-प्रकृतिलाई स्वीकार गरेर पनि सृष्टिको विषयमा प्रकृतिको स्वतन्त्रको उपदेश गर्नु हुन्न । "मयाध्यक्षेण प्रकृतिः"-"सुयते चराचरम्"-मेरो अधिष्ठान द्वारा प्रकृतिले चराचर जगत्लाई उत्पन्न गर्दछन् । "तासां ब्रहम महद्योनिरहं बीजप्रदः पिता"-प्रकृति ती सबैको मातृस्थानीया हुन, अनि म गर्भाधान कर्त्ता हुं । वेदान्तमा यसैलाई "ईक्षण" भन्दछन् । श्रुतिमा छ-"तद् ऐक्षत" । अतयव गीताको मतबाट मूलतत्व पुरुष या प्रकृति होइन । पुरुषोत्तम या परब्रहम नै गीता मतानुसार मूलतत्त्व हुन । प्रकृति र पुरुष दुबै त्यस परम पुरुषको "परा" एव "अपरा" प्रकृतिको नामबाट अभिहित गरिएका छन् । - गीता-२-२

भित्र तीनै लोकको प्रकाश देखिन जान्छ, तथा त्यसको भित्र सबै देवता देखिन जान्छ। तब साधक विस्मित विमुग्ध भएर देख्दछन्-"पिंडस्थं पिण्डवर्जितं-अर्थात त्यो शरीर भित्र पनि छ र साथै देहातीत पनि छन् ॥४॥

अपरेयमितस्त्वन्यां प्रकृतिं विध्दि मे पराम् ;
जीवभूतां महावाहो ययेदं धार्यते जगत् ॥५॥

श्री धरीय टीका-[अपरा प्रकृतिको उपसंहार गरी परा प्रकृतिको विषयमा भनिरहेछन्]-हे महावाहो ! यस अष्टधा प्रकृतिको विषयमा जे भनियो त्यो अपरा अर्थात् निकृष्टा छ। निकृष्ट किन ? प्रकृतिको जडत्व र पराधीनत्वको कारण यो निकृष्ट भनिन्छ। यसको अपेक्षा उत्कृष्ट एक अर्को चेतनामयी जीवरुपी मेरो प्रकृतिलाई जानी लेऊ। त्यसको श्रेष्ठत्वको कारण यो छ-त्यो प्रकृति क्षेत्रज्ञरुपी चेतन शक्ति हुन, जसले स्वकर्म द्वारा यस अचेतन जगतलाई धारण गर्दछ। शंकर भन्नु हुन्छ-["अपरा, न परा निकृष्टाऽशुध्दाऽनर्थकरी संसाररुपा बन्धनात्मिकेयम्"-यो निकृष्टा, अशुध्दा, बन्धनात्मिका, अनर्थकरी एवं सन्साररुपा छ। "मे परां प्रकृष्टां जीवभूतां क्षेत्रज्ञलक्षणां प्राणधारणनिमित्तभूतां, यथा प्रकृत्येदं धार्यते जगदन्तः प्रविष्टया" -मेरो श्रेष्ठा प्रकृति क्षेत्रज्ञ लक्षणा, जीवरुपा एवं प्राणधारण हेतु भूताछ, यही प्रकृति सृष्टिकालमा जगत्को भित्र प्रवेश गरी यस विश्वलाई धारण गरेकी छन] ॥५॥

आध्यात्मिक व्याख्या-"ती परा प्रकृति ब्रहमसूत्र पद हुन, जुन सुषुम्ना अन्तर्गत विश्वजगत् संसार जीवरुपमा जगद् व्यापक महादेव लिंग हून-ब्रहमाको स्वरुप यस चलायमान सन्सारलाई धारण गरिरहेछन्।"

-मेरुदण्डको भित्र ब्रहमसूत्र छ। यो विश्व सागर त्यसैको अन्तर्गत छ। मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त कूटस्थ स्वरुपमा विराजित छ। यस सूत्रको अवलम्बन गरेर नै यो शरीर र जगत् वर्तमान छ। यही महाकाशको रुपमा अलिंग शिवस्वरुप हो, यही अलिंग सारा लिंगहरुको मूल हो। अर्थात् केहि पनि थिएन, यसैबाट सवकुछ सबचिज भएको छ। यो केहि नरहनुको अवस्था नै अव्यक्त या अलिंग ब्रहम हो। यो हो के वस्तु ? यो वाणीले भन्नमा आउँदैन। आकाश नै त्यस ब्रहमको चिन्ह हो। जब त्यो केहि थिएन, तब आकाश थियो। परन्तु त्यो आकाश यो आकाश होइन, जसलाई हामी आकाश भन्दछौं। त्यो महाकाश हो। क्रियाको परावस्थामा जब सबकासब एकाकार हुन जान्छ, म पनि रहँदैन, तब त्यही महाकाश हो। त्यो आकाश फेरि सदासर्वदा स्वप्रकाशित रहन्छ; भूत, भविष्य एवं वर्तमान सबै त्यस आकाशमा देखिन जान्छ। त्यही विभिन्न स्थानहरुमा नानारुप नाना नाम धारण गरेकाछन्। त्यसमा स्थिर भै रहँदाखेरि नै अमृत पद प्राप्त हुन्छ। *"अव्यक्ताज्जायते प्राण"*-यो प्राण नै जीवको आयु हो-*"प्राणो हि भूतानामायुः"*। यस प्राणको तीन पद छन-इडा, पिंगला एवं सुषुम्ना; सत्त्व, रजः, तमः तथा ब्रहमाः, विष्णु, रुद्र। सुषुम्नामा रहँदा यी तीनै पद स्थिर भएर एक हुन जान्छ, यही क्रियाको परावस्था हो। यसैलाई अक्षर परमपद या परव्योम भन्दछन। यसै अवस्थामा *"सर्वं ब्रहममयं जगत्"* हुन जान्छ। यो महेश्वर नै आत्मारुपमा विश्वको भित्र अणु प्रविष्ट भएर विश्वरुप धारण गरिरहेकाछन्। यस अवस्थामा उनको संज्ञा माया हुन्छ। मायी जब मायालाई भेदन गरी एक हुन जान्छन् तब विश्वेश्वरी नै विश्वेश्वर हुन जान्छ। यो प्रकृति र

आत्मा दुवै एक हुन, यिनमा भेद छैन । चन्द्र एवं चन्द्रिका समान, जहाँ शक्ति छ त्यहाँ शिव छन्, जहाँ कूटस्थ छ, त्यहाँ परमात्मा छन् । यही प्रकाशरुपा प्रकृति हुन, यसलाई जान्नाले प्रकृति व्योम स्वरुप हुन जान्छ । रुपातीत भएर पनि अनन्तरुपमा, गुणातीत भएर पनि अनेकौंको भित्र, स्थिर रुप भएर पनि श्वासरुपमा चंचल, यही महेश्वर एवं माहेश्वरी रुपमा शक्ति भएर प्रकाशित भैरहेका छन् ।

"या सा माहेश्वरी मूर्तिर्ज्ञानरुपातिशोभना ;
व्योम संज्ञा पराकाष्ठा सैषा हैमवती सती ॥"

जव यो चंचल श्वास स्थिर हुन्छ तबै साधकले उनलाई जान्न पाउँदछ । त्यो ज्ञानरुपा, सूर्य किरण समान उज्ज्वला एवं अमला छ, त्यही मस्तकमा स्थिर भएर नै अर्थात् प्राण सहस्रारमा अवरुध्द हुँदामा नै व्योमस्वरुप महादेव हुन्छ । त्यही तव *"एकैवाहं जगत्यत्र द्वितीया का मयापरा"* हुन । तब उनको नाम सती अर्थात् सत्स्वरुपमा वर्तमान हुन्छ, त्यही तव मंगलदाता एवं एक ब्रहमस्वरुपा हुन्छन् । चंचल श्वास द्वारा जीव आच्छन्न हुनुको कारण त्यस 'सत्भाव' या परम मंगलरुप परमानन्दनिलय ब्रहमस्वरुपमा स्थिति लाभ हुँदैन । आधार विना आधेय रहँदैन । आधार हो चेतन, आधेय जड पदार्थ हुन । यही चेतन जडलाई आलिंगन गरी प्रकाशित भैरहेछ । यही जडादि दृश्य प्रपंच नै अपरा प्रकृति हुन । त्यही समस्त क्षेत्रहरुको अधिष्ठान स्वरुप क्षेत्रज्ञ हुन । यो अधिष्ठान चैतन्यले नै दृश्य प्रपंचलाई धारण गरिरहेको छ । परन्तु शक्ति जड एवं अजड दुवैमानै वर्तमान छन । त्यस जडलाई भेदन गरी जब शक्ति स्फुरित हुन्छ तब हामी त्यसलाई चेतन भाव भन्दछौं । जव शक्ति आफ्नो भित्र आफै सुप्त रहन्छ तब तेस्को जडसंज्ञा हुन्छ । चैतन्य विना ज्ञानको या कुनै किसिमको प्रकाशको संभावना रहँदैन, जड तेस्को बाधक हुन्छ, यसै कारण प्रकृतिको चैतन्यांश श्रेष्ठ तथा जडांश निकृष्ट हुन्छ । यो चैतन्यांश नै प्राणरुपी, स्पन्दन धर्मी छ । जहाँ चैतन्य छ त्यहाँ नै स्पन्दनको अनुभूति हुन्छ । अव्यक्त चिन्मय पुरुषबाटै यो चैतन्य या प्राण स्पन्दित हुन्छ । प्राणको स्पन्दनमा नै जगत्को विकास हुन्छ, यस कारण यस प्राणले नै प्रकृत पक्षमा जगत्लाई धारण गरिरहेकोछ । यो महाप्राण नै नित्या विराट् चैतन्यमयी, उल्लासमयी हुन्छन्, यसैबाट चराचर ब्रहमाण्ड सदा प्रस्फुटिट भैरहन्छ । यसैकारण यस विराट विश्वलाई ब्रहमको आनन्द या उल्लास भन्दछन ॥५॥

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ;
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

श्री धरीय टीका-[दुई किसिमको आफ्नो प्रकृतिलाई बताउनु भएर अब निर्देश गरिरहेछन-तद्द्वारा त्यही सृष्टयादिको कारण हुन]-क्षेत्र एवं क्षेत्रज्ञरुप प्रकृति द्वय जसको योनि या कारण हो, त्यस स्थावरजंगमात्मक सर्वभूतहरुलाई यस प्रकृति द्वयबाट नै उत्पन्न भएको बुझ । यिनमा जडप्रकृति देहरुपमा परिणामलाई प्राप्त भएर तथा मेरो अंश भूत चेतना प्रकृति भोक्तारुपमा शरीरमा प्रवेश गरी स्वकर्म द्वारा देहादिलाई धारण गरी अवस्थान गर्दछन् । मेरो यी दुवै प्रकृति नै मबाट संम्भूत छ । अतयव मै नै सप्रकृतिक जगत्को उत्पत्तिको परम कारण हुँ, तथा त्यसरी नै मै नै जगत्को संहर्ता या प्रलयकर्ता हूँ ॥६॥

आध्यात्मिक व्याख्या-"ब्रहमयोनिबाटै सबै भूतहरुको उत्पत्ति भएको छ-मैबाट उत्पत्ति र म मै लय छ।"-

-एउटा बर्फको टुक्रालाई चूर्ण विचूर्ण गरी फाल्दाखेरि धेरै धेरै सानो सानो अंश चारैतिर छरिन जान्छन्। परन्तु त्यस अणु समान क्षुद्रतम अंशमा पनि बर्फ वर्तमान रहन्छ, उसरी नै विश्वको प्रत्तेक अणुमा चित् र जड मिलिकन वर्तमान छ। अन्यथा केही पनि प्रकाशित हुँदैन। जहाँ सत्ता छ त्यहाँ त्यसको प्रकाश पनि वर्तमान हुन्छ, त्यहाँ चित्त पनि रहन्छ र जड पनि रहन्छ, यी जड र चित् सम्मिलित भएर यस अपूर्व दृश्य प्रपंच-शब्द, स्पर्श, रुप, रस, गन्ध-नाम-रुपमय विश्वलाई प्रकाशित गर्दछन्। चित् एवं जडको यस सम्मिलित अवस्थाको नाम प्रकृति हो। यही माहेश्वरी प्राणरुपा हुन। जसरी समुद्रको वक्षः स्थलमा तरंग उठदछन् उसरी नै ब्रहम या चितको भित्र "प्राण" सदा तरंगायित भैरहेछन्। यदि कसैले प्रकृतिलाई विभाग गरी हेर्न चाहेमा त त्यसको भित्र उसलाई चित् एवं जड दुवै बस्तु नै देख्नेछ। सबै भूतहरुको उत्पत्तिको मूल हुनुको कारण यसलाई ब्रहमयोनि भन्दछन। ज्ञानरुपा चित् इच्छामयी शक्ति हुन, अनि जड प्रकृति क्रियाशक्तिमयी हो। परन्तु चित्को संस्पर्शमा नआइकन जडको क्रियाशक्तिको पनि कुनै स्फुरण हुँदैन। यसैले जहाँ क्रिया छ, त्यहा ज्ञान पनि वर्तमान रहन्छ, तथा जहाँ ज्ञान रहन्छ, त्यहां क्रिया पनि त्यस भित्र अव्यक्तरुपमा वर्तमान रहनेनै छ। यो चित्जडमयी प्रकृति एक अदभूत शक्ति हो। पहिले त यो छ या छैन, यो निर्णय गर्नु नै दुःसाध्य छ, यसैले शास्त्रले एसलाई अनिर्वचनीया भनेर पुकारेकोछ। यी कर्तृ-भोक्तृरुपा परमेश्वरी प्रकृतिलाई माया नामले पनि अभिहित गर्दछन्। जब यसलाई परमेश्वर देखि अभिन्न रुपमा देख्दछन् तब यसलाई महामाया या माहेश्वरी शक्ति अथवा जगन्माता या सृष्टि-स्थिति-प्रलयकर्त्री भनेर वर्णन गर्दछन्। यसैको भित्र अनन्त कोटी कल्पित खण्डांश अनन्त कोटि जीवरुपमा मानो व्यक्त भैरहेछन। यो परमेश्वरी प्रकृति जब सृष्टिमुखी हुन्छन, तब परमपुरुष मानो अचैतन्य भावमा पडिरहन्छन्। उनकै वक्षःस्थलमा यी चिर चंचला, चिर नृत्यमयी प्रकृति कसैको भावमा मानो उन्मत्त भएर यस विराट् ब्रमहाण्ड-भाण्डोदर बाट प्रकटित गरी कारुण्यपूर्ण आँखाहरुले उनैतिर हेरिरहेछन्-यो करुणापूर्ण दृष्टि नै विश्वको स्थितिको कारण हो। फेरि प्रलयकालमा प्रलय नृत्यको निम्ति उद्यत मां को पदकमलको सघन सन्ताडनले यो विराट् विश्व धूलिकण समान चूर्ण विचूर्ण धूलि पीठो भएर उनकै भित्र संहृत हुन जान्छ, तथा उनी पनि परम पुरुषको वक्षः स्थलमा स्थिर देखि स्थिरतर हुँदै, शान्त हुँदै हुँदै विकुलै त्यसमा विलीन हुन जान्छन। यही महाप्रलय हो। घनीभूत श्यामल वादलको वक्षःस्थलमा जसरी चपला विद्युत् झिलिक्क चम्किई विलीन हुन जान्छ, उसरी नै आफुलाई केही क्षण प्रकाशित गरी आफ्नो उद्भवस्थान व्योममूर्त्तिरुपी परमपुरुष शिवलाई मानो अंगुलि संकेत देखायर त्यस निविड घना महाकाशमा आत्मसंगोपन गर्दछ। यही सृष्टिको सृष्टि एवं लयको पुनः पुनः अभिनय हो। उनको यस अभिनयको कारण के हो ? -यो कसैले भन्न सक्तैन। एस्तो बुझिन्छ-यही उनको आनन्द हो। अनि असीमलाई सीमा भिंत्र ल्याउनु तथा अखण्डलाई कतिपय खण्ड बोधको भित्र ल्याउनु नै उनको प्रमोद हो। यो के हो ? यसलाई उनैले जानुन्। जब शक्ति स्फुरित भएर सृष्टितिर उन्मुखी हुन्छ तब त्यस अव्यक्त ब्रहमकलाबाट नाद समुत्थित हुन्छ, त्यस नाद देखि ब्रहम-विन्दु प्रकटित हुन्छ। नाद विन्दुको भित्र प्रवेश गर्दछ। यही

गर्भाधान हो । त्यस विन्दुको भित्र तिमी, हामी र सारा विश्व छिपेको छ र त्यसबाटै समुद्भूत हुन्छ । यही विन्दु नै जगत्‌को मातृस्थानीया ब्रहमयोनि हो, तथा नाद नै अक्षर ब्रहम या पुरुष शक्ति हो । यी दुबैको संयोगले नै महत् ज्योति, तथा महत् ज्योतिबाट मन या संकल्प-विकल्पमय जगत् उत्पन्न हुन्छ । लय पनि ठीक यस्को विपरित ढंगले हुन्छ । मन ज्योतिमा मिल्दछ, ज्योति ध्वनिको भित्र विलीन हुन जान्छ । ध्वनि अनन्त चिदाकाशरुपी अव्यक्तको भित्र अंग गोपन गर्दछ । पश्चात् चिदाकाश परम पुरुष या पुरुषोत्तमसँग मिलेर एक हुन जान्छ । त्यसपछि के हुन्छ, अनि के रहन्छ, यो बताउनु असंभव छ । यही हो *"मैबाट उत्पत्ति एवं मैमा लय"* । यो पुरुषोत्तम निरंजन नै परब्रहम हुन, तथा प्रकृति यस परब्रहमको नै प्रकाश या शक्ति हुन, यही समस्त जगदादिको उत्पत्ति एवं लयको मूल कारण हुन् । यो जगत् खेल प्रवाह समान किन चलिरहेछ, यसलाई जगतकर्ताले नै भन्न संक्दछन । जीवको अनादि अदृष्ट नै यस्को हेतु हो-यस्तो भन्नाले उत्तर त हुन जान्छ, परन्तु यस उत्तरलाई सुनेर कसैको मनको समाधान प्राप्त हुने आशा छैन । परब्रहमको भित्र छ, *"एकोऽहं वहु स्याम"*-धेरै हुन जानुको वासना अकस्मात स्फुरित हुन्छ, यस इच्छाले नै अनेकको सृष्टि हुन्छ । यो इच्छाशक्ति नै ब्रहमको संकल्पमयी प्रकृति या भाव हुन, यस इच्छाशक्तिले उनको क्रिया शक्तिको विकाश हुन्छ । यसरी ब्रहम एक भएर पनि आफुलाई अनन्त आकारमा प्रकट गर्दछन् । यो धेरै हुनुको वासनाले नै बहिर्दृष्टि जाग्रत हुन्छ, तथा अन्तर्मुखी भाव या आत्मभावको विस्मृति घटित हुन्छ । यही जीवको बन्धन हो । चिद्रुप ब्रहमको चैत्यभाव नै उनको प्रकृति हो । यो चैत्यभावै बहुवासनामय स्पन्दन हुन् । यस स्पन्दनवाट मन, बुध्दि, चित्त अहंकार या अन्तकरणात्मिका वृत्तिरुप परिणाम हुन्छ । यस स्वरुप-विस्मृतिले नै जीवात्माको बन्धन हुन्छ । अनि स्वरुपको स्मृतिले नै जीवात्माको बन्धन दूर हुन्छ । अतयव जसबाट उत्पत्ति हुन्छ, त्यसमा नै लय हुन्छ ॥६॥

मत्तः परतरं नान्यत् किंचिदस्ति धनंजय !
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

श्री धरीय टीका-[अतयव]-हे धनंजय, म भन्दा श्रेष्ठ जगत्‌को सृष्टि र संहारको कारण अरु केही पनि छैन । जगत्‌को स्थितिको कारण पनि मै हुँ, यसैले भन्नुहुन्छ-सूत्रमा मणिहरु जसरी ग्रथित हुन्छन्, उसरी यो समस्त जगत् म मा ग्रथित भैरहेको छ अर्थात मेरो आश्रय गरी अवस्थान गर्दछ ॥७॥

आध्यात्मिक व्याख्या-"म बाहेक केही छैन-म सूक्ष्मरुपले ब्रहम स्वरुपमा मृणालतन्तु सदृश जीव भएर -सबै भूतहरुको भित्र मणिको मालामा धागो समान रहन्छु ।"

जसरी मणिगण सूत्रको आश्रय लिएर मणिमालाको रुपमा अबस्थित रहन्छ, त्यसरी नै कूटस्थ चैतन्यको आश्रय गरी जीव जगत् प्रकाशित हुन्छ । सूत्र विना जसरी मालाको अस्तित्व रहन सक्दैन, उसरी नै कूटस्थ विना जीवको अस्तित्व रहन सक्दैन । जसरी मालाको भित्र सूत्र गुप्त भावले रहेर मालाको धारक हुन्छ, उसरी नै ब्रहम सूत्ररुपमा गुप्त रहेर यस जगत जीवलाई प्रकाशित गर्दछन । यसैले कूटस्थ नै सब

विषयहरुको कारणरुपमा बर्तमान छन्। यो कूटस्थ नै कुलकुण्डलिनी रुपमा जीव शक्ति हो। यो मूलाधारमा *"प्रसुप्त भुजगाकारां स्वयंभु लिंगमाश्रिताम्"*-प्रसुप्त भुजंग समान साढे तीन वलयको आकारमा स्वयंभूलिंगलाई वेष्टन गरी अवस्थित छ। यसको रुप-*"कोटि सौदामिनी भासांमृणाल तन्तु सदृशम्"*-मृणाल सूत्र समान छ र यो कोटि विद्युत समान प्रभाभयी छ।

भगवानको यो जीव भाव नै मायाश्रित भाव हो। यसै कारण, सूक्ष्म एवं स्थूल शरीरले युक्त भएर वाहिर देहादिरुपमा र भित्र अर्धचन्द्रात्मिका विन्दुरुपमा विराजमान छ। यही जीवभूता परमाप्रकृति हुन।-

"मायानंगविवेकरुपललना विन्द्वर्ध्दचन्द्रात्मिके"-फेरि भन्नु हुन्छ-

"मूर्त्तिस्ते जननि ! त्रिधा सुघटिता स्थूलातिसूक्ष्मापरा ;
वेदानं न हि गोचरा कथमपि प्राप्तां नु तामाश्रय ॥"-

-सुवर्णमा जसरी कुण्डल कल्पित हुन्छ, उसरी नै ब्रहममा यो जगत कल्पना द्वारा आश्रितवत्त अवस्थान गर्दछ। नामरुपमय कुण्डल पदार्थ जसरी सुवर्णलाई आश्रय गरी रहन्छ, उसरी नै जीव र जगत्ले ब्रहमलाई आश्रय गर्दै वर्तमान रहन्छ। ब्रहम नै सत्य हो। नामरुप या माया सत्यरुपमा दृष्ट भए पनि पारमार्थिक सत्य होइन। स्वप्नादि अवस्था मिथ्या भएर पनि जस्तो स्वप्नद्रष्टा सत्य हुन्छ, त्यसरी जीव एवं जगत् स्वप्नवत् मिथ्या छन्, परन्तु स्वप्नको अधिष्ठानरुप द्रष्टा मिथ्या छैन। यो द्रष्टापुरुष नै सत्य हो, तथा द्रष्टाको दृश्यरुपमा जुन वर्तमान छ, त्यो प्रकृत होइन, विकृति मात्र हो ॥७॥

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ;
प्रणवः सर्ववेदेषु शव्दः खे पौरुषं नृषु ॥८॥

श्री धरीय टीका-[जगतको स्थितिको हेतु मै हुँ, यो पाँच श्लोकहरुमा देखाउनु भैरहेछन]-हे कौन्तेय ! म जलमा रसस्वरुप हुँ। रसतन्मात्रारुप विभूति म जलको आश्रय भएर रहन्छु। चन्द्र सूर्यमा प्रकाशरुप विभूति द्वारा उनको आश्रय भएर रहन्छु। यस किसिमसंग सवै पदार्थहरुको आश्रय मलाई सम्झनु पर्दछ। समस्त वेद प्रणवको नै वैखरीस्वरुप हुन-प्रणवको रुपमा मै सब वेदहरुको मूल हुँ। आकाशमा म शव्द तन्मात्ररुप हूं। तथा पुरुषको भित्र उद्यमरुपमा म रहन्छु। उद्यममा नै पुरुष वर्तमान रहन्छ ॥८॥

आध्यात्मिक व्याख्या-"जलको रसस्वरुप, सूर्यको किरणहरुको स्वरुप, चन्द्रको पनि त्यही-जस्तो जस्तो प्रकृतिमा रहन्छु ; त्यस्तै भासमान हुन्छ। सत्लोकमा सत् एवं असत्मा असत्-जसरी जलमा सूर्यको तेज या प्रतिविम्व स्पष्टरुपसँग प्रकाशित हुन्छ, र पत्र या मृत्तिकामा सूर्यको प्रतिविम्ब देखिन जाँदैन-केवल एक प्रकाश मात्र देखिन्छ-यसको कारण यो छ जल भन्दा अग्नि निर्मल हुन्छ-त्यस ज्योतिमा प्रकाश अधिक हुन्छ(त्यसको अपेक्षा वायु निर्मल हुन्छ-त्यस द्वारा झन बढी निर्मल रुपमा प्रकाश हुन्छ-त्यसभन्दा पर शून्य छ जसको स्थितिको कारण अचल ब्रहमको रुप-कूटस्थको-ब्रहमको दर्शन हुन्छ। अतयव जल, सूर्य एवं चन्द्र प्रभा तीन्टै मेरै रुप हुन।"-

सर्वत्र एक भगवत्-सत्ताको नै स्फुरण भैरहेछ, अरु केही पनि छैन। त्यो भगवत् शक्ति छ त एक नै, परन्तु आधारको भिन्नताको कारण विभिन्नवत् प्रतीत भैरहेछ-सत् आधारमा सतरुपमा एवं असत् आधारमा असत् रुपमा। जसरी मेरो प्रतिविम्ब माटो भित्र पनि प्रतिविम्वित हुन्छ, जलभित्र पनि हुन्छ तथा ऐना भित्र पनि हुन्छ; परन्तु जुन आधार जति स्वच्छ हुन्छ। त्यसमा प्रतिविम्ब पनि उति नै सुस्पष्टतर हुन्छ। परन्तु सर्वत्र उनैको प्रकाश हो। प्राणवायुको भित्र उनको प्रकाश झन अधिक छ, तद्पेक्षा अधिक प्रकाश शून्यमा छ। मन जब शून्यमा अवस्थान गरी शून्यवत् हुन जान्छ, तब त्यस स्वच्छ चित्गगनमा हीरा(मणिको झलझलाकार चमक दिंदै अगणित सूर्य चन्द्रको प्रकाश समान अपूर्व प्रकाश फुट्दछ। हामीले जगत्मा जेजति देख्छौं सुन्छौं ती सब चिज त्यही ब्रहमशक्ति हुन। अर्थात् कार्यरुपमा जे जति प्रकाशित भैरहेछन, त्यो सबै त्यस ब्रहमसत्ताकै विकास हुन, यो जानी लेऊ। मनुष्य भित्र त्यो पौरुषरुपमा वर्तमान छन्। मनुष्यको भित्रको कर्मशक्ति या पुरुषाकार उसैको विभूति हो,, जसले पुरुषाकारलाई आफ्नो शक्ति मानी अभिमान गर्दछन् तिनीहरु अज्ञ हुन। जुन मानिसहरु एस्तो सम्झेर अभिमान या अहंकार गर्दछन, पुरुषार्थ नगरी आलस्यमा समय गुमाउँछन् तथा एस्तो सोचेर अदृष्ट द्वारा सबै कुरा हुन्छन्, उद्यम गर्दैनन्, वसिष्ठजीले तिनीहरुको तुलना गर्दभसँग गर्दछन्। वस्तुत: हामी भित्र शक्ति हुन्छ र त्यो शक्ति उनैको हो। पौरुषको रुपमा त्यो हामीहरुको भित्र रहन्छन् तब हामीले त्यसको उपयोग किन नगर्ने? जब हामीहरु उनैको शक्तिले कार्य गर्दछौं भने तब घमण्ड या अभिमान गर्नुको कुनै कारण छैन। शक्ति उसैको हो, यसको वर्णन केनोपनिषदको तृतीय खण्डमा यक्ष र इन्द्रादि देवताहरुको आख्यायिकामा सुन्दर भावले वर्णित छ। यसै कारण गीतामा कर्मत्यागको उपदेश छैन, श्री भगवान्ले वारम्बार अनासक्त भावसंग कर्म गर्नुको उपदेश दिनु हुन्छ। कर्म गर्नु विना कहिल्यै कसैलाई पनि आफ्नो शक्तिको परिचय मिल्न सक्तैन ॥८॥

पुण्यो गन्धः पृथिव्यांच तेजश्चास्मि विभावसौ ;
जीवनं सर्वभूतेषु तपश्चामि तपस्विषु ॥९॥

श्री धरीय टीका-म पृथिवीमा अविकृत गन्ध अर्थात् पृथिवीको आश्रयभूत गन्धतन्मात्र हुँ। गन्धको उत्कृष्टताको कारण त्यो भगवान्को विभूति हो, यसैले पुण्यगन्ध भगवद्विभूतिको आश्रय हो। यसरी नै अग्निमा जुन सहजात दु:सह तेज या दीप्ति छ त्यो मै हुँ। सबै भूतहरुमा प्राण धारण रुप आयु मै हुँ। वान प्रस्थावलम्बी तपस्विहरुमा म द्वन्द (शीतोष्णादि) सहनरुप तपस्या हूं ॥९॥

आध्यात्मिक व्याख्या-"पृथ्वीमा जुन फूलको सुगन्ध हुन्छ, त्यसको पनि आकार हुँदैन, तथापि प्रकृतिमा आएर गन्धरुपमा प्रकाशित हुन्छ-त्यो पनि मेरै रुप हो। सूर्यको तेज जुन आकाशबाट आउंछ-त्यो आकाशमा देखिदैन, परन्तु प्रकृतिस्थ भएमा त्यसको तेजोरुप देखिन जान्छ-यसरी नै निराकार ब्रहमशरीर केही पनि देखिनमा आउँदैन-परन्तु त्यही शक्तिको तेज-मणिपुरमा रहिकन-कथावार्त्ता द्वारा प्रकाशित हुन्छ-जीवन अर्थात महादेव जो क्षेत्रज्ञ हुन उनलाई कसैले देख्दैन-जसलाई गुरुवाक्य द्वारा जान्न सकिन्छ-उनको सारा कर्महरु द्वारा अर्थात् चला प्रभृति द्वारा-समस्त जीवहरुको प्रकृतिको भित्र रहनाले प्रकाशित हुन्छ।

तपोलोकमा रहेर सबचिज देख्न सक्छन्, अर्थात कूटस्थमा । जसलाई कसैले देख्न पाउँदैन, परन्तु त्यो सवैको भित्र रहन्छ । अतयव त्यही ब्रहमस्वरुप मेरो रुप हो ।"-

-पृथ्वीको तन्मात्र गन्ध हो, अनि त्यो गन्ध सदा पवित्र अवस्थामा रहन्छ, अर्थात् त्यो गन्ध कहिल्यै मलिन हुँदैन । जडत्वको मलिनतासँग स्पर्श हुन गये त्यो विकृत हुन जान्छ । पृथिवीको यो पवित्र गन्ध पनि भगवद् विभूति या उसको शक्ति हो । यस शक्तिको आकार केही पनि छैन, परन्तु प्रकृतिसँग संयोग हुनासाथै त्यो गन्धरुपमा जानिन्छ । ब्रहमको त्यो एकै पवित्र शक्ति प्रकृतिको विभिन्न क्षेत्रमा आएर विभिन्न रुप धारण गर्दछ । जुन शक्ति नासिकाको सूक्ष्म शक्तिको संस्पर्शले गन्धरुपमा प्रकट हुन्छ, त्यही शक्ति जब चक्षुको सूक्ष्मशक्तिसँग मिल्दछ, तब त्यो रुप या वर्णमा परिणत हुन जान्छ । मानिसहरु भन्छन् उनको कुरा सुनिन जाँदैन, परन्तु सबै जीवहरुको कण्ठमा कसको स्वर ध्वनित हुन्छ-प्रणव देखि वाकवैखरी, प्रियतमको प्रणय आलाप, कोइलीको कुहूकुहूतान देखि कागको कठोर कंठको कर्कश ध्वनि पर्यन्त-सब उनैको विभूतिहरु हुन । हामी शब्द सुन्दछौं, परन्तु जस्को शब्द हो उसको स्पर्श प्राप्त हुँदैन, यसैले इन्द्रियहरु व्याकुल भएर सदा उस्लाई विषयहरुको भित्र खोज्दछन् ।

"य एको देवो वहुधा शक्ति योगाद्,
वर्णाननेकान् निहितार्थो दधाति ;
यो देवाऽग्नौ योऽप्सु यो विश्वं भुवनमाविवेश,
यो ओषधीसु वनस्पतिषु तस्मै देवाय नमो नमः ।"

गन्धको भित्र पनि जसरी त्यो छ त्यसरी नै प्रदीप्त अग्निको भित्र पनि उसैको प्रकाश छ । सारा जीवहरुको जीवनमा उनैको प्रकाश छ । मनुष्यको सौन्दर्य, बल, ज्ञान आदि आत्माकै प्रकाश हुन । अनि तपस्या-शीत आतप सहनु, इन्द्रियादिको निग्रह, योगीको प्राणासंयम-यी समस्त शक्तिहरु उनैबाट छन् । अतयव हामीहरुको अहंकारको कुनै हेतु छैन । तपस्वी को तपः शक्ति देखेर मानिसहरु मुग्ध हुन जान्छन्, उनीहरुको बल एवं तेजलाई देखेर विस्मित हुनु पर्दछ-परन्तु के यो सबै उनैको चित् शक्तिको क्रीडा होइन ? ॥९॥

बीजं मां सर्वभूतानां विध्दि पार्थ सनातनम् ;
बुध्दिर्बुध्दिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

श्री धरीय टीका-समस्त चराचर भूतहरुको सजातीय कार्योत्पादनमा मलाई समर्थ जान । यो बीज नित्य अर्थात उत्तरोत्तर सारा कार्यहरुमा अनुस्यूत छ । यस बीजलाई मेरो विभूति सम्भ । यो प्रकृतिको समान विनश्वर छैन । -[अर्थात अन्यान्य वीज अंकुरोत्पादन गरी जसरी स्वयं नष्ट हुन जान्छन् भगवद् बीज त्यस किसिमको हुदैन]-त्यसरी नै बुध्दिमानहरुमा बुध्दिको प्रज्ञा मै हुं अनि तेजस्वी पुरुषहरुको प्रगल्भता या तेज मै हुं ॥१०॥

आध्यात्मिक व्याख्या-"ब्रहमयोनिबाटै सबै भूतहरुको उत्पत्ति छ-बुध्दिमानको बुध्दि, अर्थात क्रियाको परावस्था -सब तेजहरुको तेज अर्थात् कूटस्थ-ब्रहम, तद्व्यतीत कुनै तेज हुन सक्तैन"-

-त्यो जुन सूक्ष्मातिसूक्ष्म ब्रहमको अणु छ, जुन जगत् जीवहरुको योनि छ अर्थात् उत्पत्तिको कारण छ, त्यही परा प्रकृति या ब्रहमसूत्र या प्राण हो जुन सुषुम्नामा रहन्छ, जुन नरहँदा खेरि केही रहँदैन । क्रियाको परावस्था नै बुध्दि हो, जसलाई यो अवस्था प्राप्त छ उनलाई नै बुध्दिमान भन्दछन् । सान्सारिक बुध्दि हुनु या नहुनुले केही अन्तर हुँदैन । उस्लाई मृत्युको द्वार नै सम्झनु पर्दछ । जुन तेजको अगाडि अन्य तेजस्वीहरुको बल अति सामान्य जानिन्छ, त्यो योगबल हो । परन्तु सारा बल आत्माकै हो । त्यो कूटस्थमा सबै शरीरहरुमा विराजमान छन् । त्यो विना प्रकृतिको क्षेत्र, यी शरीरादि यन्त्र सबका सब मृतवत् जानिन्छन् । यो एक अनादि अनिर्वचनीय ब्रहमशक्ति बहुधा विभक्त भएर पृथक पृथक नामरुपमा प्रकटित हुन्छन । यी सारा नामरुप मिथ्या हुन । अनादि बीजस्वरुप आत्मा नै एकमात्र सत्य हो, जसको आश्रय बाट समस्त विश्वभूवन परिकल्पित हुन्छ ॥१०॥

बलं बलवतामस्मि कामरागविवर्जितम ;
धर्माविरुध्दो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

श्री धरीय टीका-काम यानी अप्राप्य बस्तुमा अभिलाषा । राग यानी अभिलषित बस्तु प्राप्त भएर पनि पुनः पुनः प्राप्तिको लागि चित्तमा उठ्ने रंजनात्मक तृष्णा । काम राजस हुन्छ र राग तामस हुन्छ । काम एवं रागले वर्जित बलवानहरुको स्वधर्मानुष्ठान सामर्थ्य-सात्त्विक वल मै हुँ । प्राणीहरुमा धर्मको अविरुध्द आफ्नो धर्मपत्नीमा पुत्रोत्पादनमात्रोपयोगी कामरुपमा म नै अवस्थित हुँ । [देहधारण मात्राद्यर्थोऽशनपानादि विषयः -स कामोऽस्मि-शास्त्र अविरुध्द देहधारणार्थ अशनपानादि मात्र जुन कामको लक्ष्य हो त्यो काम मै हुँ-शंकर] ॥११॥

आध्यात्मिक व्याख्या-"बलीको बल अर्थात योगबल-कामरागवर्जित-क्रिया गर्नु मेरो रुप-धर्म अर्थात क्रिया गर्नु-विरुध्द अर्थात क्रिया नगर्नु-अविरुध्द अर्थात क्रिया गर्नु-क्रिया गर्नुको इच्छा-(कामोऽस्मि) मेरो रुप हो ।" -

अप्राप्त बस्तु पाउनुको अभिलाषालाई काम भन्दछन् । प्राप्त बस्तु प्रति अधिक तृष्णा नै राग हो । यस किसिमसँग काम राग देखि शून्य जुन बल छ त्यही सात्विक बल हो । मनको संकल्पबाट या कुनै बस्तुमा अनुरागको कारण त्यसको प्राप्तिको निम्ति जुन बल या पौरुष हामी प्रकट गर्दछौं, त्यो सात्त्विक होइन । साधन गर्दा गर्दै सात्त्विक बल आफसे आफ उदय हुन्छ । त्यसमा चित्तको कुनै उत्सुकता हुँदैन । यस किसिमको बलवानहरुको जुन बल छ त्यो आत्माकै बल हो, यसैलाई योगबल भन्दछन् । जसको यस किसिमको धर्मबल या क्रिया गर्नुको सामर्थ्य जति धेरै हुन्छ त्यसले त्यति नै अधिक आत्मबल सँग परिचित गर्दछ, त्यसले त्यति नै मन लगाएर अझ झन बढी उत्साह साथ क्रिया गर्दछ । व्युत्थित

अवस्थामा यी सब सामर्थ्यहरुलाई सिध्दि भन्दछन् । परन्तु समाधिको साधनामा यिनीहरुपनि उपसर्ग या प्रतिबन्धक हुन्छन् । *"ते समाधाव उपसर्गाः व्युत्थाने सिध्दयः"-(योगदर्शन)* । धर्मको अविरुध्द काम नै भगवद् विभूति हो । आत्मामा मनको पूर्ण स्थिति नै धर्म हो । त्यस स्थितिको लागि जुन चेष्टा या साधन गर्नुको इच्छा छ, त्यो पनि धर्म हो । सन्सारको अन्य कामहरु गर्नाले यो स्थिति नष्ट हुन्छ, परन्तु मन लगाएर क्रिया गर्नाले यो स्थिति नष्ट हुँदैन, बरु झन यस आत्मकर्म द्वारा मन अरु बढी स्थिर हुन्छ । मनको विक्षेपता शून्य भएमा ज्ञान उत्पन्न हुन्छ । यस ज्ञानको प्राप्तिको इच्छाले जुन साधन गरिन्छ, त्यो काम भएर पनि भगवद् विभूति हो ।

ये चैव सात्त्विका भावा राजसास्तामश्च ये ;
मत्त एवेति तान् विध्दि न त्वहं तेषु ते मयि ॥१२॥

श्री धरीय टीका-जुन सबै शमदमादि सात्विक भाव, हर्षदर्पादि राजसिक भाव एवं शोकमोहादि तामसिक भाव छन्-ती सबै प्राणीहरुमा स्वकर्म वश उत्पन्न हुन्छन् । तिनीहरुलाई म बाटै उत्पन्न भएको सम्झनु । मदीय प्रकृति अर्थात् ती सबै कार्य त्रिगुणकै हुन, यसैले तिनीहरुलाई मैबाट उत्पन्न जान । एस्तो भएपनि अर्थात् म बाटै उत्पन्न भएर पनि म ती सबमा अवस्थित रहन्न । अर्थात् जीव समान यी गुणहरुको अधीनमा म छैन, परन्तु मेरै अधीन रहेर मैमा रहन्छन् ॥१२॥

आध्यात्मिक व्याख्या-"जुन मानिसहरु रजोगुण, तमोगुण, सत्त्वगुणमा लागेकाछन्, तिनीहरु सबै पनि मै हूं परन्तु म तिनीहरु होइन,-परन्तु तिनीहरु मै हूं-अर्थात तिनीहरु म मा छैन-किन्तु उनिहरुमा म हूं । -जस्तो कूटस्थ, सबै मनुष्य कूटस्थमा छैन, परन्तु सबै मनुष्यहरुको भित्र कूटस्थ स्वरुपमा म छु । "-

-शमदमादि सात्त्विक भाव, हर्ष दर्पादि राजसिक भाव, र शोकमोहादि तामसिक भाव, यी सब मानिसहरुको आफ्नै आफ्नै कर्मको वश उत्पन्न हुन्छन् । जब कर्म गुणत्रयबाट उत्पन्न हुन्छ र ती गुणत्रय भगवान्को प्रकृतिबाट उत्पन्न हुन्छन् । परन्तु यी सब कर्महरुमा त्यो जडित हुँदैन अथवा यस द्वारा विकारलाई प्राप्त हुँदैन । एस्तो हुन्छ किन ? एसको कारण यो छ-जीव जसरी गुणहरुको अधीन छ, त्यसरी भगवान् गुणहरुको अधीनमा छैन । कूटस्थ चैतन्य रुप परमात्मा शरीर भित्र विराज्दछन् । उनी विना शरीर, इन्द्रिय एवं मन आदिको कुनै स्पन्दन नै हुँदैन । त्यो अत्यन्त सूक्ष्म एवं निर्मल छन्, देहेन्द्रियहरुले उन्लाई स्पर्श पनि गर्न सक्तैन । अतयव यिनीहरुको कार्यको प्रकाशक भएपनि यिनीहरुको कुनै कार्यले उनलाई विकृत गर्न सक्तैन । उनको मुख्य प्रकृतिको प्राण-स्पन्दनको कारणले नै देहेन्द्रियादिमा स्पन्दनको भाव लक्षित हुन्छ । प्राण स्पन्दित भएर त्यो आफ्नो स्थानबाट विच्युत हुन जान्छन, तब त्यो ऊर्ध्व देखि निम्न स्तरमा मनरुपले अवतरण गर्दछन् । जसै जसै मनको अवतरण हुन लाग्दछ तसै तसै सारा गुण उत्पन्न भएर गुणानुसार चिन्तन एवं कर्म अथवा सद्सत मानसिक अवस्थाहरु प्रकट गर्दछन् । अनि जव विपरित दिशामा मनको गति हुन्छ त मनको अवस्था निम्न स्तर बाट उच्च स्तर तिर उठदछ । यसै कारण जव मन नाभिको तल रहन्छ तब तामसिक भावहरुको प्रादुर्भाव हुन्छ, नाभि माथि एवं कण्ठको

तल रहँदा राजसिक भाव र कण्ठ माथि रहेमा सात्त्विक भावको विकाश हुन्छ। यस किसिमसित मनलाई आज्ञाचक्रमा राख्न सके सत्त्वगुणको विशेष वृध्दि हुन्छ, पश्चात् त्यसले गुणातीत अवस्था प्राप्त हुन्छ। मन पनि तब संकल्प-विकल्प शून्य भएर "अमन" हुन जान्छ, अर्थात मन नामको कुनै बस्तु फेरि रहँदैन। यही गुणातीत निर्मल भाव हो। गुण त्यहाँ पुग्न सक्तैन। यसैले गुणातीत कूटस्थ चैतन्य सदा निर्विकारै हुन्छ। तथापि जसरी आलोकले गृहस्थित समस्त बस्तुहरुलाई प्रकाशित गर्दछ, परन्तु ती बस्तुहरुसंग त्यसको कुनै सम्बन्ध रहँदैन त्यसरी परमात्मा कूटस्थरुपमा सबै जीवहरुको भित्र रहन्छन्, नत्र त जीवलाई कुनै ज्ञान नै हुँदैन, त्यसको अस्तित्व सम्म रहने छैन, परन्तु जीव कूटस्थमा स्थित छैन, यसैकारण जीव उनमा छैन। उनको अस्तित्व सम्मलाई जान्दैन। त्यो मनरुपमा बहिर्मुख भएर वाह्य विषयहरुमा घुम्दछ। यदि सौभाग्यवश सद्गुरुको सन्धान मिल्दछ र उनको उपदेश अनुसार कार्य गर्दछ त त्यो आफ्नो निजी घरमा फर्कन सक्दछ, जहाँ आएपछि प्राणको चांचल्य स्तिमित हुन्छ, साथै मन पनि पग्लि पग्लिएर विलीन हुन्छ। तबै आत्मदर्शन हुन्छ या स्वस्वरुपमा अवस्थिति हुन्छ।

"अणो रणीयान् महतो महीयान्,
आत्मस्य जन्तोर्निहितो गुहायाम् ;
तमक्रतुः पश्यति वीतशोको,
धातुः प्रसादान्महिमान-मात्मन ॥"

सूक्ष्म भन्दा पनि जुन सूक्ष्मतर छन्, अर्थात् ज्ञानेन्द्रियहरुको अतीत छ र वृहत् भन्दा पनि वृहत छ, अर्थात् देशकालातीत छ-यस किसिमको चिन्मात्र आत्मा यस जीवको बुध्दि भित्र अवस्थित छ। जो अक्रतु अर्थात् कामना रहित छन्, जो वीतशोक अर्थात् मोहशून्य छन् यानी रजस्तमादि भावहरुले अभिभूत हुँदैन, ती धातुः प्रसादात् (धाता=शरीरधारक प्राण) अर्थात् प्राणको स्थिरताको कारण आत्माको त्यस महिमा अर्थात् निर्विकार भावलाई साक्षात गर्दछन्।

कसै कसैको मनमा यो शंका उठ्न सक्दछ-मानी लिंउ-श्री भगवान शमदमज्ञानरुप सात्त्विक भाव बन्दछन्, परन्तु राजस एवं तामस भाव पनि उही बन्दछन्, यसमा विश्वास गर्ने कसरी ? जसलाई सबै किसिमको कल्याणको आकार भनिन्छ, त्यो फेरि सब दुःखहरुको निलय-राजसिक एवं तामसिक भावमा कसरी रहलान ? स्थूल दृष्टिले हेर्दाखेरि यो कुरा ठीकै लाग्दछ, अनि एत्तिको असामंजस्य भगवान्मा हुनु कसरी सम्भव छ ?-यो कुरा बुध्दिमा उतार्नु कठिन छ सही, परन्तु बास्तवमा यसलाई बुझ्न कठिन छैन। हाम्रो शास्त्रहरुले उनलाई भनेकोछ "सर्वस्वरुप", अतयव धर्माधर्म, पापपुण्य यदि केही छन त त्यो सबै उनमा छ। उसदेखि भिन्न कुनै बस्तु छैन। जेजति छ सब उसैको अभिव्यक्ति हो। परन्तु त्यो यी सबमा रहँदै पनि यसको अतीतरुपमा वर्तमान छन्। यसैकारण त्यो व्यक्त भएर पनि अव्यक्त छन्, मनरुप भएर पनि अचिन्त्य छन्, इन्द्रियरुप तथा इन्द्रियातीत छन्, बुध्दिस्थ छन् अनि बुध्दिको अतीत छन्। यसैले दुर्गासप्तशतीको मातृस्तोत्रमा उनको विषय भनिएको छ *"अति सौम्याति रौद्राय नतास्तस्यै नमोनमः"*-

तिमी अत्यन्त सौम्यरुपमा अनि रौद्ररुपमा रहन्छौ, तिमीलाई नमस्कार । प्राचीनकालका साधकहरुले उनको घोर एवं अघोर सौम्य दुवैरुपलाई एकसाथ उपलव्ध गरेका थिए । तिनीहरुले यो पनि जानेका थिए- त्यो सु-कु, शुभ-अशुभ, राम्रो-नराम्रोको अतीत भएर पनि वर्तमान छन् । यसैले माताको धेरै संगिनीहरुलाई देखेर ल्केशाभिभूत शुंभासुरलाई सम्झाएको थियो-धेरै कसलाई भन्दछौ ? यी सब त मेरै रुप हुन- "*एकै वाहं जगत्यत्र द्वितीया का ममापरा*"-एक मलाई छोडेर अरु दोश्रो को छ ? ॥१२॥

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत् ;
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥

श्री धरीय टीका-[यस किसिमको जगदीश्वर तिमी हौ, अनि तिमीलाई किन मनुष्यले जान्दैन ? यसको उत्तर दिनु हुँदै भन्नु हुन्छ]-पूर्वोक्त त्रिविध कामलोभादि गुण विकार युक्त भावहरु द्वारा यो जगत् मोहित रहन्छ, यस कारण मलाई जान्न पाउँदैन । त्यो 'म' या 'भगवान' कस्तो छ ? त्यो यी सब भावहरु द्वारा अस्पृष्ट छन्, तथापि यी सबैको नियन्ता हुन् । अतयव निर्विकार भगवान्लाई तिनीहरुले बुझ्न पाउँदैन ॥१३॥

आध्यात्मिक व्याख्या-"तीन गुणहरुद्वारा आसक्तिपूर्वक दृष्टि गरी सबै मत्त छन्, यो जगत् चलायमान छ -सबै मोहित भैरहेछन् । म जुन अव्यय अविनासी सबको पर हुँ-यसलाई कसैले जान्दैन । अहंपदवाच्य जुन आत्मा छ त्यो त्रिगुणातीत छ, मायामुग्ध जीव उसको स्वरुप बुझ्नमा असमर्थ छ ।"-

आत्म-समुद्रमा स्फुरित असंख्य दृश्य बुद्बुद देखेर जीव विमुग्ध छ, यी बुदबुद् त्यस असीम सागरको वक्षःस्थलमा भासित हुन्छन्-यसलाई न बुझिकन जीव ती दृश्य पदार्थहरुलाई लिएर नै व्यस्त रहन्छ । परन्तु बुद् बुद् फिंज त स्थिर छैनन्, ती चलायमान छन् । त्येस्मा आसक्तिपूर्वक दृष्टि राखी जीव कहिले आनन्दित हुन्छ र कहिले दुःखले रुन्छन् । यी सारा दृश्य पदार्थ जसको वक्षःस्थलमा भासित भैरहेछन्, त्यो त चिरस्थिर, नित्य एवं अविनासी छन् । उनलाई देखेपछि फेरि यी जन्म-मरणरुप असंख्य तरंगहरुको घात प्रतिघातले जीवलाई मोहित गर्न सक्दैन गुणहरु द्वारा मोहित जीवले केवल वाह्य पदार्थहरुलाई नै देख्दछन्, र त्यस प्रति आसक्त हुन्छन् । जुन सबै पदार्थहरुको आश्रय छ, त्यस आत्मातिर विर्सेर पनि एक बार लक्ष्य गर्दैन । आत्मालाई छोडी प्रकृतिमा रहनुको कारण जीवको सामुन्ने यो रुपमय जगत् प्रकाशित हुन्छ । क्रियाको परावस्थामा जब दृश्यादि केही पनि रहँदैन, 'त' 'म' केही पनि रहँदैन, त त्यो त्रिगुणातीत अवस्था हुन्छ । त्यस अवस्थामा नरहनुको कारणले मोहमुग्ध जीव उनको गुणातीत अव्यय भावलाई धारण नै गर्न सक्तैन अतयव महामायामा जडित भएर जुन नित्य बस्तु छ त्यस प्रति लक्ष गर्न सक्तैन ॥१३॥

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ;
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥

श्री धरीय टीका-[तव तिमीलाई कसले जान्न सक्दछ ? यसको उत्तरमा भन्नु भैरहेछन्]-अलौकिकी अनि अद्‌भुता सत्त्वादि गुण विकाररुपा मेरो माया दुस्तरा छ । मेरो मायाशक्ति दुस्तरा छ यो प्रशिध्दनै छ, तथापि

जुन मानिसहरु अव्यभिचारिणी भक्ति द्वारा मलाई भज्दछन्, तिनीहरु यो माया सुदुस्तरा भएपनि यसलाई पार गरी जान्छन् । त्यसपछि मलाई जान्न पाउँदछन् ॥१४॥

आध्यात्मिक व्याख्या-"दैवी अर्थात् कूटस्थ ब्रहममा रहँदा रहँदै दैवी गुण प्राप्त हुन्छ-मेरो माया आत्मामा छ-ब्रहम भिन्न अन्यवस्तु देख्नाले ब्रहमलाई देख्न पाउँदैन-अर्थात आत्मामा रहेर देख्न पाउँछ । आत्मा देखि दूर भएर देख्न पाउँदैन । जो कोही मेरो आत्मामा सर्वदा रहन्छ उही मेरो माया देखि उत्तीर्ण हुन्छ अर्थात् क्रिया गरिरहन्छ ।"

-प्राणको चंचल भावले नै "म मेरो" को बोध हुन्छ, यही माया हो । चिरस्थिर आत्मभाव भित्र "म मेरो" को बोध हुँदैन, अर्थात् त्यहाँ माया हुँदैन । यही दैवी भाव हुन, यही कूटस्थ ब्रहम हो । यहाँ मन राख्न सकेमा साधकलाई दैवीगुण प्राप्त हुन्छ, अतयव फेरि माया देखि मोहित हुनु पर्दैन । आत्मभाव देखि दूर रहँदा मायालाई अतिक्रम गर्न सकिदैन । जसले सदा क्रिया गर्दछन् तथा आत्मामा रहन्छन् उनीहरुको प्राणको चंचलता रहँदैन । अतयव अचंचल स्थिर ब्रहमस्वरुपलाई प्राप्त गरी साधक यस चिर नृत्यमयी चंचल प्राणरुपा मायालाई अतिक्रम गर्दछ । प्राणको चंचलताले नै मनको दौडधुप छ । मन चंचल रहेपछि आत्माको स्वरुपलाई कसैले बुझ्न सक्तैन । किनभने आत्मा स्थिर छ, मन स्थिर नभैकन त्यसलाई समाउन सकिदैन । जुन घरमा अन्धकार आश्रय गर्दछ, त्यसलाई नै आवृत्त गर्दछ, यसरी नै चंचल प्राण, जुन स्थिर प्राण (आत्मा) को आश्रित छ, त्यसै चिरस्थिर भावलाई उसले आच्छादित गर्दछ । आत्मक्रिया द्वारा यस चंचल प्राणलाई स्थिर गरेपछि त्यो स्थिर प्राणसँग एक हुन जान्छ । यो जुन दुःख ल्केशमय चंचल प्राण छ, जसको शक्तिले परिचालित भएर मन एक विषय देखि दोस्रो विषयहरुतिर दौडी रहन्छ र अनि नाना भांतिको दुःखकष्ट पाउँछ, त्यही मनले यदि विचार गरी आत्मक्रिया द्वारा उनको शरणागत हुन्छ त त्यो यस साधनाको फलस्वरुप सुदुस्तरा माया अर्थात चांचल्य भावलाई अतिक्रम गर्न सक्दछ । मन लगाएर लगातार क्रिया गरिरहेमा यी सारा कुराहरु बुझिनमा आईहाल्छ । धेरै जसो मानिसहरु सम्झन्छन्-शरणागत हुनुको अर्थ हो उसमाथि भारी विसाएर आफुले कुनै प्रयत्न नगर्नु । यो शरणागतिको भाव होइन, यो त चित्तको विमूढता र आलस्यादि जनित प्रमाद हो । विचार विहीन भएर नै मनमा एस किसिमको भ्रम उत्पन्न हुन्छ । शंकरले भन्नु भएको छ-"सर्वधर्मान् परित्यज्य मामेव मायाविनं स्वात्मभूतं सर्वात्मना ये प्रपद्यन्ते ते मायामेतां सर्वभूतचित्तमोहिनीं तरन्त्यतिक्रामन्ति ।" आवरण एवं विक्षेपी शक्तिद्वय नै अविद्या या प्रकृति हुन -यही हो चंचल प्राण, अनि *"मायिनन्तु महेश्वरम"*-स्थिर प्राणनै महेश्वर हो । जसले दोस्रोतिर नहेरिकन केवल गुरुवाक्यमा विश्वास गरी क्रिया गरी रहन्छ, तिनीहरुले नै यस स्थिर प्राण महेश्वरलाई जान्न सक्दछन् । कुनै दोस्रोतिर नहेरिकन केवल क्रियाको आश्रय लिनु नै उनको शरणागति हुनु हो । यसकिसिमको शरणागत मनुष्यले नै यस मायालाई अतिक्रम गर्न सक्दछ, अर्थात् उनीहरुकै चंचलप्राणले स्थिरभाव धारण गर्न सक्दछन् । यस किसिमको शरणागति या पौरुष प्रयत्न एकै कुरा हो । पुरुषाकार विना प्रारव्ध क्षय हुँदैन, संस्कार छुट्दैन । पुरुषको शक्ति नै त पौरुष हो । पुरुष एकमात्र आत्मा हो । मनुष्यले साधन गर्दछ त त्यही आत्म शक्ति द्वारा नै गर्दछन् । यो चंचल प्राण नै महामाया हुन, यसैले बलपूर्वक आकर्षण गरी जीवलाई मोहयुक्त गरिदिन्छन । दुर्गासप्तशतीमा छ,-"बलादाकृष्य मोहाय

महामाया प्रयच्छति"-परन्तु जसले आफ्नो दीनता सम्झेर आर्त्तभावसाथ उनको शरणागत हुन्छ, उसको परित्राण गर्नु उसको स्वभाव हो-यो जानिकन जीव निश्चित्त हुनु पर्दछ। कुनै दोस्रोतिर नहेरिकन गुरु वाक्यमा विश्वास गरी अटल श्रध्दासाथ क्रिया गरिरहनु पर्दछ। यसैबाट जीव बारम्बारको जन्म-मरणको ल्केशदेखि छुट्न सक्दछन। प्राण चंचल भएर सैकडौं बन्धनहरुमा जुन मनलाई गांजेकाछन्, मनको त्यो बन्धनी दाम्लो खुल्न जानेछ, उसको त्रितापको समस्त ज्वालाहरु शान्त हुन जानेछ। क्रिया गरी कूटस्थमा स्थित भएमा सारा दैवी गुणहरु साधकको आश्रय गर्दछन्। जो आत्मामा रहन्छ, त्यस्ले मायाको स्वरुप देख्न सक्दछ, तब उ फेरि माया देखि मुग्ध हुँदैन। जस्ले क्रिया गर्दैन, त्यो आत्मामा रहँदैन, अतयव मायालाई समात्न सक्दैन। क्रियाद्वारा स्थिर भाव प्राप्त भएपछि यो मायालाई अतिक्रम गर्न सकिन्छ ॥१४॥

न मां दृष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ;
माययाऽपहृतज्ञाना आसुरं भावमाश्रिता ॥१५॥

श्री धरीय टीका-[यदि यस्तो कुरा छ त सबै मानिसहरुले तिम्रो भजन किन गर्दैनन्? यसको उत्तर दिनु हुँदै भन्नुहुन्छ]-मनुष्यहरुमा जो अधम छन्, तिनीहरुले मलाई भज्दैनन्। उनीहरुको अधमत्वको कारण के हो? -तिनीहरु विवेक शुन्य हुन्छन्। यसको कारण के हो त? किनभने तिनीहरु पापशील हुन्छन्। अतयव उनीहरुको शास्त्र एवं आचार्यको उपदेशले उत्पन्न ज्ञान पनि मायाद्वारा निरस्त हुन जान्छ। यसै कारण तिनीहरु दम्भ, दर्प, अभिमान, क्रोध, पारुष्य अर्थात् निष्ठूरता इत्यादि आसुरी भावलाई प्राप्त भएर मेरो भजन गर्दैनन् ॥१५॥

आध्यात्मिक व्याख्या-"जो दुष्कृत छन अर्थात् सुकृत छैनन्, सु=ब्रहम=आत्मा-त्यसमा जो रहँदैनन् तिनीहरु मूर्ख हुन्। तिनीहरु मेरो चरण अर्थात् आत्मा-आत्मा नै चरण हो, किनभने आत्मानै यस शरीरबाट अर्को शरीरमा जान्छ (चरण पनि एक स्थानदेखि अर्को स्थानमा जानछ) यसमा प्रकृष्टरुपसँग पर्दैनन् अर्थात् क्रिया गर्दैनन्। तिनीहरु मनुष्य त हुन परन्तु अधम छन्। अधमको शव्दार्थ-अ=मणिवन्ध=कूटस्थ; अध=तल, कूटस्थदेखि तल रहन्छन्, माथि जाँदैनन्, यसकारण तिनीहरु अधम हुन। अन्य दिशामा आसक्तिपूर्वक दृष्टि गरी आत्मामा दृष्टि त्याग गर्दछन्। अनि आत्मामा सर्वदा दृष्टि राख्नु, यो सुरको(देवताको कर्म हो। अ=त्यसको उल्टो, अर्थात् असुरको कर्ममा नियुक्त रहन्छन।"-

-जुन मानिसहरु दुष्कृति-युक्त हुन्छन, तिनीहरुले मेरो भजन गर्दैनन्। सुकृत तिनीहरु हुन जो सर्वदा आत्मस्थ रहन्छन्। दुष्कृत मानिसहरु यसको विपरीत हुन्छन। एस्ता दुष्कृत या पापिष्ठहरु चार किसिमका हुन्छन् :-

(१) मूर्ख-मेरो सम्बन्धमा जसलाई कुनै ज्ञान हुँदैन, जो पशु समान आहार, निद्रा, भय, मैथुन सिवाय अरु केही सम्झदैन-तिनीहरु साधना तिर जाने नै गर्दैन।

(२) नराधम-जसले मलाई अलि अलि बुझदछन्, परन्तु विषयादिमा अत्यन्त आसक्त हुनुको कारण मतिर आकृष्ट हुँदैनन्, उनीहरुको आसक्ति या रति पापकार्यमा विशेष रहन्छ। कूटस्थमा उनीहरुको दृष्टि रहँदैन

-मणिवन्धको तलै उनीहरुको मन परिरहन्छ-तिनीहरु नाममात्रको लागि मनुष्य हुन्छन् । केवल अपकृष्ट कर्ममा नै रत रहन्छन्, यसैले मनुष्यहरुमा यिनीहरु अधम हुन्, साधन प्राप्त गरेर पनि साधन गर्दैनन् ।

(३) मायापहृतज्ञान-जुन मानिसहरु साधु, सदगुरुको पासमा कहिले काँही गएर आत्मज्ञानको कुरा सुन्छन्, भगवांनको कथावार्त्ता सुन्दछन्, परन्तु ती वाक्यहरुमा दोष कहाँ छ-कुतर्क द्वारा यही सब खोजिरहन्छन । मायाको आवरणले यति आवृत्त रहन्छन-तत्त्वकथा सुनिकन संभवतः केही उत्साहित पनि भये, परन्तु अर्को क्षण यदि कसैको सर्वनाश गरेर पनि आफ्नो केही लाभ हुने देख्दछन् त त्यसको प्राप्तिको निम्ति दौडी हाल्छन् । सन्सार मिथ्या छ यो सुन्दछन्, मनलाई पनि ठीक लाग्दछ, परन्तु त्यही समय पुत्रको पीडा या कुनै विपदको समाचार पाउँदछन्, त फेरि उनीहरुको धैर्य छुट्टिजान्छ, विचार रहँदैन । मानिसहरुलाई देखाउनको लागि साधना गर्न टोपल्दछन्, परन्तु यदि फलानो साधुसँग मन्त्र सिखनाले फलामलाई सुन बनाउन सकिन्छ भन्ने कुरा सुन्नमा आयो भने त्यतिखेरै साधना छोडी त्यतैतिर दौडी दिनेछन् । मानो उसको ज्ञान माया द्वारा अपहृत हुन्छ । ज्ञान भएर पनि नहुनु समान हुन्छ । यस प्रकृतिको मानिसहरुले साधन प्राप्त गरेर पनि साधनातिर आकृष्ट हुँदैन ।

(४) आसुर प्रकृति-यिनीहरु अत्यन्त अभिमानी या स्पर्द्धी हुन्छन् । तिनीहरुलाई थाहा हुन्छ-यस किसिमसँग साधना गर्नाले कल्याण हुनेछ, परन्तु सदगुरुको समीपमा जाँदैन । त्यहाँ गएर उनीहरुको अगाडी टाउको निहुराउनु पर्नेछ, यो उनीहरुलाई असह्य हुन्छ । तिनीहरु कसैको अगाडि सानो बन्न चाहँदैनन् । जुन कुरालाई जानेको हुँदैन, त्यसलाई पनि जानेको फुर्ति गरेर मानिसहरुको अगाडि प्रतिष्ठा बनाई राख्ने चेष्टा गर्दछन् । यसको लागि यदि असत्य बोल्नु परेपनि त्यसलाई बोल्नमा पछि पर्दैनन् । कोही राम्रो मानिस छन्, मानिसहरु त्यसप्रति श्रध्दाभक्ति गर्दछन् त आसुर प्रकृतिको मानिसहरुलाई यो सहय हुँदैनन्, साधुको नाममा व्यर्थ नै निन्दा फैलाउँछन् । साधुनामधारी मानिसहरुमा पनि यसकिसिमका असुरहरु हुन्छन्, कुनै राम्रो साधुको सुनाम सुनेर तिनीहरु सहन गर्दैनन् । यदि मिथ्या निन्दा गरेर पनि त्यसको प्रतिष्ठा नष्ट हुँदैन भने त उनलाई मृत्युको मुखमा हाली दिन पनि उनीहरुको मनमा संकोच हुँदैन । उनीहरुको विश्वास हुन्छ -तिनीहरु स्वयं नै सर्वापेक्षा उच्च छन्, यहाँ सम्म कि आफुलाई भगवान् भनेर प्रचार गर्नुको दुःसाहस पनि उनीहरुमा यथेष्ट हुन्छन् । हिरण्यकशिपु समान कसैलाई भगवद्भजन गरि रहेको देखेर तिनीहरु अत्यन्त क्रुध्द भै दिन्छन । कोही कोही मानिसहरुमा रावणको समान पूजा एवं तपस्याको आडम्बर पनि खूव हुन्छ, परन्तु जति किसिमको दुष्कर्म हुन्छन्, त्यसलाई गर्नमा तिनीहरु कहिले पछि हट्दैनन् । असुर त्यो हो जो सुर या देवताको विपरित छ । आत्मालाई सदा लक्ष्यमा राख्नु देवताको काम हो र असुरको काम हो आत्मदृष्टिले शून्य हुनु ॥१५॥

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन;
आर्त्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥१६॥

श्री धरीय टीका-[सुकृतिशाली मानिसहरुले नै मेरो भजन गर्दछन् । सुकृतिको तारतम्यको अनुसार तिनीहरु चार किसिमका हुन्छन, त्यसलाई नै यहाँ भन्नु हुन्छ]-पूर्वजन्मकृत पूण्य जसको पासमा छ

तिनीहरुले नै मेरो भजन गर्दछन् । तिनीहरु चार किसिमका हुन्छन्-(१) आर्त्त अर्थात रोगादि द्वारा अभिभूत । उनलाई यदि पूर्वकृत पुण्य हुन्छ तबै मेरो भजन गर्दछन्, अन्यथा क्षुद्र देवताहरुको भजनले सन्सारगतिलाई प्राप्त हुन्छन्, (जो तस्कर, व्याघ्र, रोगादि द्वारा अभिभूत भएर आर्त्तियुक्त छन्-शंकराचार्य) । (२) जिज्ञासु-आत्मज्ञानको इच्छुक । (३) अर्थार्थी-इहलोक अथवा परलोकमा भोग साधनरुप अर्थको लिप्सा राख्नेवाला । (४) ज्ञानी-आत्मवित् ॥१६॥

आध्यात्मिक व्याख्या-"चार किसिमको भलो मनुष्यले मलाई भज्दछन्-आर्त्त भएर-ब्रहम हो के ? जसले यस्को अनुसन्धान गर्दछन्-अर्थको लागि प्रार्थना गर्दछन्, अथवा कुनै कामनाको लागि प्रार्थना गर्दछन् -अनि ज्ञानी जो क्रियाको परावस्थामा रहन्छ, यी नै चार प्रकारका हुन ।"

-यद्यपि प्रथम तीन किसिमका भक्त सकाम हुन्छन्, तथापि सुकृतिशाली हुन, नत्र भने भगवान्को भजन किन गर्दथे ? (१) रोग भयो त चिकित्सक कै सहायता लिंउ यस्को लागि भगवान्लाई किन पुकार्ने ? जब चिकित्सक रोगलाई शमन गर्न समर्थ हुँदैन, तब आर्त्त भएर उनैको आश्रय लिन्छन् । रोग दूर गर्नुको उद्देश्यले आज पनि बाबा तारकनाथ, बाबा वैद्यनाथ काँहा मानिसहरु धर्ना दिन्छन् । कोही कोही साधुको पासमा साधन सिक्दछन्, यस आशाले कि साधुको आशिर्वादले रोग दूर हुन जानेछ । अथवा उसद्वारा प्रदर्शित साधन-पथको अनुशरण गरी रोगव्याधिको हातद्वारा छुटकारा मिल्न जानेछ । डाकु-व्याघ्रादि द्वारा आक्रान्त हुन गएमा प्राणको रक्षाको लागि व्याकुल चित्तले भगवान्को नजिक कांतर भावसंग प्राणको भीख माग्नु पनि आर्त्त भक्तको लक्षण हो । प्राचीन कालमा गजेन्द्रले ग्राहको भयबाट तथा द्रौपदीले सभाको बीच वस्त्रहीना हुनुको डरले प्राणपण साथ भगवान्लाई पुकारेका थिए र उनीहरु शरणापन्न भयेथे । यो पनि आर्त्तभक्तको सुन्दर लक्षण या दृष्टान्त हो । सन्सारको ज्वालायन्त्रणाले व्याकुल भएर अथवा भवरोग देखि कांतर पनि कोही कोही उनको शरणापन्न हुन्छन् । (२) जो जिज्ञासु छन्, आत्मानुसन्धानको लागि साधुसंग गर्दछन् तथा साधनाभ्यास गर्दछन-तिनीहरु नै जिज्ञासु हुन । प्रत्तेक युगमा अनेक जिज्ञासु भक्त देखिनमा आउँछन् । यस कलियुगमा पनि जिज्ञासु भक्तको अभाव छैन । यत्तिका बडो विराट् विश्वलाई देखेर तथा जीवको जन्म मरणादि ल्केशलाई देखिकन पनि जिज्ञासु नहुनु वडो आश्चर्यको कुरा हो । (३) अर्थार्थी-भोग एवं ऐश्वर्यको लागि भगवानको भजन गर्दछन् । यिनीहरुको पनि भगवान् माथि खूब विश्वास हुन्छ । समस्त विश्वको प्रभु, समस्त कर्मफलको विधातास्वरुप भगवान्को शरणापन्न तिनीहरु हुन्छन् । उनीहरुको दृढ विश्वास छ-भगवत् सेवाद्वारा उनीहरुको समस्त अभीष्ट प्राप्त हुन सक्दछन् । यसमा एत्रो विश्वास हुन्छ-विचारको कुनै आवश्यकता रहँदैन । शास्त्र एवं गुरुवाक्य प्रति उनीहरुको मनमा कुनै अविश्वास हुँदैन । शास्त्रनिर्दिष्ट समस्त व्रत-नियम, पूजा-पाठ आदिको पालन तिनीहरु एक एक गरी गर्दै रहन्छन् । यो उनको विशेषता हो । परन्तु अझै पनि यो भाव मनमा आउँदैन-*भगवान्को लागि भगवान्कै पूजा गर्नु पर्दछ*। केवल उनकै लागि नै उनिसँग प्रेम गर्नु पर्दछ । भगवान्संग दिनु लिनु सिवाय अरु पनि केही प्राप्तव्य एवं ज्ञातव्य छ-त्यो हाम्रो प्राणहरुको प्राण हो, हाम्रो सर्वस्व हो त्यो, त्यो हो हाम्रो 'म'-आदि भावहरुको गम्भीरता अझै पनि तिनीहरुलाई प्राप्त

हुँदैन । अर्थार्थी मानिसहरु केवल क्रिया गरी शक्ति या विभूति नै खोज्दछन् र यही उनीहरुलाई मिल्दछ पनि । शक्ति संचय गरि लिनु तथा साधन शक्ति प्राप्त गरी लिनुको कारण जिज्ञासुको अपेक्षा तिनीहरु श्रेष्ठ हुन्छन् । यस श्रेणीको भक्त पूर्व एवं वर्तमान युगमा अनेक भएकाछन् । अव आजकाल यस श्रेणीका भक्त धेरै देखिनमा आउदैन । भगवत्कृपाबाट यिनीहरुले ज्ञान प्राप्त गरी पश्चात् विमुक्ति पदलाई प्राप्त गर्दछन् । (४) ज्ञानी-उपर्युक्त तीन प्रकारका भक्त सकाम हुन्छन् । केवल ज्ञानी भक्त नै निष्काम हुन्छन् । ज्ञानीको मनमा कुनै फलाभिसन्धान हुँदैन । प्राणको आकर्षणमा परेर भगवान् सिवाय उनीहरुलाई अरु केही राम्रो लाग्दैन । जीवनमा उनीहरु जे जति गर्दछन् सवै भगवान्कै लागि गर्दछन्, कुनै वासना या कामनाले उनीहरुको हृदयलाई स्पर्श गर्न सक्दैन । यिनीहरु तत्त्वसाक्षात्कारी पुरुष हुन्छन्, ब्रहमानन्दमा मस्त रहन्छन् । ज्ञान वैराग्य सम्पन्न निर्विण्ण पुरुष आत्मप्रेममा उन्मत्त एवं देहविभ्रम देखि रहित हुन्छन् । ज्ञानको परिपाकको उसले जुन साधना गर्दछ, त्यसको उल्लेख भागवतमा यसरी पाइन्छ-

"यदारम्भेषु निर्विण्णः विरक्तः संयतेन्द्रियः ;
अभ्यासेनात्मनो योगी धारयेद् चलं मनः ॥"-

योगी जब कर्ममा निर्विण्ण एवं कर्मफलमा विरक्त हुन्छ, तव उसले संयतेन्द्रिय भएर आत्माभ्यास द्वारा मनलाई स्थिर गरी निर्विकल्प गरिने अचल स्थितिमा लैजान्छ । यसैले श्री भगवान्ले ज्ञानी भक्त उध्दवलाई उपदेश दिँदै भन्नु हुन्छ -

"त्वं तु सर्वं परित्यज्य स्नेहं स्वजनबन्धुषु;
मय्यावेश्य मनः सम्यक् समदृक् विचरस्व गाम् ॥"

तिमी सवचिजलाई छोडी, स्वजन बन्धुहरुमा स्नेह त्यागी मैमा सम्यक रुपले मन समाहित गरी तथा समद्रष्टा भएर पृथ्वीमा पर्यटन गर ।

साधकले जब साधन गर्दै गर्दै क्रियांको परावस्थामा मनलाई पूर्णतः लीन गरी दिन्छ अनि त्यस परमस्थिति सिवाय उसको मनमा वैषयिक लाभहानीको कुनै तरंग उठदैन, तब उसलाई जीवनमुक्त पुरुष भन्दछन् । यी जीवनमुक्त पुरुष नै उनको ज्ञानी भक्त हुन । नारद, वसिष्ठ, शुक सनकादिक ज्ञानी एवं उध्दव, प्रहलाद आदि भक्त साधक-सबै उनको ज्ञानी भक्त हुन ।

तेषां ज्ञानी नित्ययुक्त एक भक्तिर्विशिष्यते ;
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥

श्री धरीय टीका-[उनीहरुमा ज्ञानी श्रेष्ठ हुन-यही बताउनु हुन्छ]-यी चतुर्विध भक्तहरुमा ज्ञानी विशिष्ट छन् । यसको हेतु यो छ (१) ज्ञानी सदा मन्निष्ठ रहन्छन्, (२) एकमात्र मैंमा उनको भक्ति हुन्छ, ज्ञानीलाई देहेन्द्रियादिको अभिमान नहुनुको कारण चित्तविक्षेप हुँदैन, त्यसबाट उनको नित्य(युक्तत्व एवं एकान्त -भक्तित्व सम्भव छ, अरुको लागि त्यो संभव छैन । (३) यसैकारण म ज्ञानीको अतीव प्रिय छु, (४) अनि

तिनीहरु पनि मेरो अत्यन्त प्रिय छन् । यी नित्य युक्तत्वादि चार कारणहरुले ज्ञानी नै सर्वापेक्षा श्रेष्ठ छन् । [प्रसिध्दं हि लोके आत्मा प्रियो भवतीति । तस्मात् ज्ञानिन आत्मत्वाद्वासुदेव प्रियो भवतीत्यर्थः । स च ज्ञानी मम वासुदेवस्यात्मैवेति ममात्यर्थं प्रियः-यो कुरा प्रशिद्ध छ-आत्मा नै मानिसहरुलाई सर्वापेक्षा प्रिय हुन्छ । वासुदेव ज्ञानीको आत्मा हुन, यसैले वासुदेव ज्ञानीलाई प्रिय छन्, अनि ती ज्ञानी मेरो यानी वासुदेवको आत्मा हो, एसैले ज्ञानी पनि आत्माको अत्यन्त प्रिय छन्-शंकराचार्य] ॥१७॥

आध्यात्मिक व्याख्या-"यस कारण क्रियाको परावस्थामा जो रहन्छन् ती ठूला हुन, त्यो नित्य मैमा रहन्छ, गुरुवाक्यमा विश्वास गरी-त्योसबको अपेक्षा उत्तम छ-क्रियाको परावस्थामा रहँदा मेरो प्रिय हुन्छ, र मै पनि उसको प्रिय हुन्छु, किनभने त्यतिखेर दुवै एक हुन जान्छन् ।"-

"म-म" "तं तं" जबसम्म लागिरहन्छ, तबसम्म एकभक्ति हुनु संभव छैन । जुन मनुष्य मन्निष्ठ हुन्छ, उसैले सवैलाई विर्सेर एकमात्र मलाई या आत्मालाई आश्रय गरी रहन्छ, जो क्रियाको परावस्था प्राप्त ज्ञानी छन्, उनीहरुको न त देहाभिमान रहन्छ न त चित्त विक्षेप, यसैकारण उ नित्य आत्मामा नै प्रतिष्ठित रहन्छन् । जो आत्मामा नित्य प्रतिष्ठित छन्, उनलाई "मैं पन" को बोध हुँदैन । यसरी निरभिमान जगद-विस्मृत आत्ममय ज्ञानीको निम्ति आत्मा बाहेक अरु केही रहँदैन । किन भने त्यतिबेला आत्मासँगै उ एक हुन जान्छ । आत्मानै आत्माको प्रिय हुन्छ । अतयव ज्ञानीको आत्मालाई अनि आत्माको ज्ञानीलाई प्रिय हुनेनै छ भागवतमा लेखिएको छ-

"साधवो हृदयं मह्यं साधूनां हृदयं त्वहम् ;
मदन्यत्ते न जानन्ति नाहं तेभ्यो मनागपि ॥"

मद्‌भावित ज्ञानीको आत्मा मैं हुँ । ज्ञानीले पनि जान्दछन्-"प्रेयोऽन्यस्मात् सर्वस्माद् अन्तरतरं यदयमात्मा" -आत्मा अन्य सबै बस्तुहरुको अपेक्षा अन्तरतम छ, अतयव ज्ञानी आत्मालाई सर्वस्व जान्दछन्-यसैले ज्ञानी सर्वापेक्षा श्रेष्ठ भक्त हुन । आत्मा नै आत्माको सर्वापेक्षा निकट एवं अन्तरतर छ । यसैले आत्मा बाहेक अरु सब परमात्मा देखि टाढा छन् । "आत्मविद् आत्मैव भवति"-आत्मविद पुरुष आत्मा नै हुन जान्छ । यसैले आत्मज्ञानीहरु परमात्मालाई अति प्रिय हुन्छन् । सकाम भक्त गण परमात्माको साथ नित्ययुक्त हुँदैनन्, किनभने तिनीहरुले सन्सार एवं भगवान् दुवैलाई चाहन्छन्, यसैले त्यो एकनिष्ठ पनि हुनसक्तैन । सबै विर्सेर उनैको हुन जानु उनको लागि संभव हुँदैन ॥१७॥

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ;
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥

श्री धरीय टीका-[तब त के अन्य तीन किसिमको भक्त सन्सार गतिलाई प्राप्त हुन्छन् ? निश्चय नै होइन, यही अभिप्रायले भन्नु हुन्छ]-यिनीहरु सबै-आर्त्त, जिज्ञासु र अर्थार्थी-महान् अर्थात् मोक्षको भागी हुन्छन्, परन्तु ज्ञानी [मोक्षको भागी त हुन्छन् नै] त मेरै आत्मा हुन, यही मेरो निश्चय छ । किनभने ज्ञानी

मदेकचित्त भएर सर्वोत्तमा गति मलाई आश्रय गर्दछन् । म बाहेक अरु कुनै फल तिनीहरुले मान्दैनन् । [त्रयोऽपि मम प्रिया एवेत्यर्थः । न हि कश्चित मद्भक्तो मम वासुदेवस्या प्रियो भवतीति । ज्ञानी त्वत्यर्थं प्रियो भवतीति विशेषः-अन्य तीनै भक्त पनि मलाई प्रिय छन् । किनभने कुनै भक्त म वासुदेवको अप्रिय हुन सक्तैन । परन्तु ज्ञानी मलाई अत्यन्त प्रिय हुन्छन्, यतिमात्र विशेषता छ-शंकराचार्य ।] ॥१८॥

आध्यात्मिक व्याख्या-"उनको द्वार सबै खुला छन्,-जो कोही क्रियाको परावस्थामा रहन्छ, यसकिसिमसँग अड्की रहेर-मेरो जुन उत्तम गति त्यसैको पछि अणुको भित्र-प्रवेश गर्दछ ।"

- मनको स्थिरता हुनुको नाम निरोध हो, *निरोध अवस्था नै ब्रहमको स्वरुप हो* । त्यो सत्य छ र अरु सब मिथ्या छ । जुन मनुष्य सदा निरोध अवस्थामा रहन्छ, उसैको प्रकृत हित कल्याण हुन्छ । त्यो एक विचित्र अद्भुत अवस्था हो जब "सर्वं ब्रहमयं जगत्" हुन जान्छ । क्रिया गर्दा गर्दै क्रियाको परावस्थामा रहनुको नाम हो ज्ञान, जब त्यो ज्ञान सर्वदा बनिरहन्छ तब सब ब्रहम हुन जान्छ । यसरी साधन गर्दै गर्दै निःशेषरुपले हित हुन्छ अर्थात् कूटस्थको भित्र जुन नक्षत्र-स्वरुप गुहा छ, त्यसको भित्र प्रवेश गरी मणिवन्धको पर जुन व्योम छ, जसको अणुको भित्र समस्त त्रिलोक छ, त्यो पनि समस्त ब्रहम स्वरुप बुझिन जान्छ । जहाँ समस्त छ, तथापि केही पनि छैन । सबै एक हुन गये पछि स्वयं पनि रहँदैन, अतयव सत्य-मिथ्या केही पनि रहँदैन । इडा, पिंगला, सुषुम्ना यी प्राणको तीन पैताला हुन्, यी तीनै एक हुन गये पछि अर्थात सुषुम्नामा पुगेमा - क्रियाको परावस्थामा रहँदा - अक्षरपद परब्रहमको अणु भित्र प्रवेश गर्दछ, सर्वं ब्रहममयं जगत् हुन जान्छ, त्यही हो महत् । त्यही महत ब्रहम (प्राण) देखि सारा सृष्टि हुन्छन्, यसैंले ती सबलाई प्राणी भन्दछन् । समस्त स्थावर-जंगम आदि सब भूतहरुमा प्राण वायुरुपले सूक्ष्म भावसँग रहन्छ । यस वायु द्वारा नै सबैको स्थूल अणु नाश हुन्छ ।

यस किसिमसंग क्रियाको परावस्थामा युक्तचित्त योगीले सर्वोत्तम गति प्राप्त गर्दछन् । ब्रहमाणुको भित्र प्रवेश गरी अणु हुन जान्छ, फेरि देहाभिमान रहँदैन । आत्मा बाहेक तब अन्य कुनै वस्तुमा उसको चित्त लाग्दैन । जब विषयान्तरमा चित्त रहँदैन त आत्मासँग घनिष्ठ भावले युक्त हुनु नै स्वाभाविक छ ॥१८॥

वहुनां जन्मनामन्ते ज्ञानवान् मां प्रपद्यते ;
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥

श्री धरीय टीका-[मेरो यस किसिमको भक्त अति दुर्लभ छ, यसैले भन्नु हुन्छ]-अनेक जन्महरुमा किंचित - किंचित् पूण्यको उपचय द्वारा त्यो चरम जन्ममा ज्ञानवान भएर "यी चराचर वासुदेव हुन"-यस किसिमको सर्वात्मदृष्टि द्वारा मलाई भज्दछन् । अतयव यसकिसिमको अपरिच्छिन्न दृष्टि महात्मा दुर्लभछन् ॥१९॥

आध्यात्मिक व्याख्या-"अनेक जन्म यसरी साधन गर्दै गर्दै मेरो चरणमा परिरहन्छन् - जो इच्छा हुन्छ -त्यो ब्रहमले गर्दछ, यस किसिमको ज्ञान हुन्छ - यस किसिमको सर्वव्यापी ब्रहमको ज्ञान कुनै महात्मालाई हुन्छ -त्यो अति दुर्लभ छ ।'

अनेक जन्ममा साधन गरी त्यस पुण्यको बलबाट साधकले ज्ञान प्राप्त गर्दछन् । अनेक जन्ममा ज्ञान प्राप्त गर्दै गर्दै अन्तिम जन्ममा प्रकृत ज्ञानी हुन सक्दछ । ज्ञानीलाई भगवत् सत्ता सिवाय अरु कुनै वस्तुको अस्तित्वको भान हुँदैन । यसकिसिमसँग सर्वात्म-दृष्टि द्वारा साधन दुर्लभ परमात्मालाई जानेपछि त्यो महात्मा हुन जान्छ, अर्थात तब यस्तो अनुभव गर्दछ - उनको आत्मा नै विश्वव्यापी भएको छ । परन्तु यस किसिमको अवस्थाको प्राप्ति अत्यन्त दुर्लभ छ । हजारौं सिध्द साधकहरुमा कोही कोही एक दुई येस्तो अवस्थालाई प्राप्त हुन्छ । यो ज्ञानपूर्विका भक्ति हो यसबाट अन्तः करण शुध्द भएमा "सबै वस्तु वासुदेव हुन्छ" यस्तो ज्ञान हुन्छ । त्यही अणुरुपमा सूत्ररुपमा सर्वत्र अनुप्रविष्ट छन् । त्यही जगत्को प्रभु हुन, यस प्रकारको बोध हुन्छ । विष्णु पुराणमा वासुदेवको अर्थ एस किसिमको छ-

"भूतेषु वसते सोऽन्तर्वसन्त्यत्र च तानि यत् ;
धाता विधाता जगतां वासुदेवस्ततः प्रभः ॥"

उनी सवैको भित्र अनुप्रविष्ट छन, यसैले जगत भासमान भैरहेछ । जति रुपहरुछन् ती सब रुपहरुको मूल कूटस्थ हुन । यो सूर्य स्वरुप कूटस्थको पछि रहँदा त्रिभुवन देखिन जान्छ । कूटस्थ ब्रहमको तीन चक्र छन्, *प्रथम ज्योतिश्चक्र, त्यो भन्दा पर कृष्ण चक्र अनि त्यो भन्दा पर नक्षत्र चक्र* । यस भित्र रहनाले सुन्दर रुप ब्रहममय हुन जान्छन् । पश्चात करोडौं सूर्यको उदय हुन्छ, तब समस्त ब्रहममय हुन जान्छ । यस शरीरको जुन प्राणवायु छ, त्यसको क्रिया विशेषले नै भित्र सूर्यस्वरुप देखिन जान्छ । त्यो सूर्यस्वरुप कूटस्थ सबैको भित्र छ । त्यो रहेर नै सबै वस्तुहरुको अस्तित्व छ । यसैले त्यो वासुदेव हुन, जगत्को विधाता एवं प्रभु हुन । यस सर्वत्र प्रविष्ट स्थिर प्राणरुप वासुदेवको भजन गरेमा क्रियाको परावस्था रुप मुक्ति आफसे आफ आउँदछ । तब साधकले जे जति गर्दछन्, सोच्दछन्, त्यो ब्रहमले गर्दछन, यस्तो जानिन जान्छ । यसरी सर्वात्मभावले जसलाई ब्रहमदर्शन हुन्छ त्यही हो महात्मा । यस किसिमका प्रकृत महात्मा जगतमा सुदुर्लभ छन् ॥१९॥

कामैस्तैस्तैर्हृत ज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ;
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

श्री धरीय टीका-[विषयकामी भएर काम प्राप्तिको निम्ति जुन मानिसहरुले परमेश्वरलाई भज्दछन, तिनीहरुले अभीष्ट वस्तु प्राप्त गर्दछन् तथा पछि विस्तारै विस्तारै विमुक्ति लाभ पनि गर्दछन् । जसको प्रकृति अत्यन्त राजसी या तामसिक हुन्छ, तिनीहरु कामाभिभूत भएर क्षुद्र देवताहरुको सेवा गर्दछन्, तिनीहरु आवागमनलाई प्राप्त हुन्छन्, यही चारश्लोकहरुमा भन्नु भैरहेछन]-परन्तु जुन मानिसहरुको पुत्र-कीर्त्ति शत्रु-जयादि विषयक कामनाहरु द्वारा विवेक अपहृत भएकोछ, तिनीहरु भूत प्रेत यक्षादि क्षुद्र देवताहरुको भजन गर्दछन । कुन किसिमसँग तिनीहरुले यी देवताहरुलाई भज्दछन ?-तत्तत् देवताको आराधनामा जुन जुन उपवासादि लक्षण भएका नियमहरु छन्, ती ती नियमहरुलाई स्वीकार गरी । त्यहाँ पनि आफ्नो प्रकृति अर्थात पूर्वाभ्यस्त वासना द्वारा वशीभूत भएर अन्य देवताहरुको भजन गर्दछन् ॥२०॥

आध्यात्मिक व्याख्या-"कामना गरी अन्य देवताहरुको भजन गर्दछन् अतयव आत्मामा रहँदैनन्, अर्थात् यसै किसिमका सबै नियमहरु पालन गर्दछन, यस अष्ट प्रकृतिहरुको भित्र रहन्छन्, अर्थात् जन्म हुन्छ ।"-

-पूर्व अभ्यास अनुसार जुन संस्कार उत्पन्न हुन्छन्, त्यही जीवको प्रकृति हो । त्यही प्रकृतिको वशीभूत भएर कामादि द्वारा जसको विवेकज्ञान अपहृत छ, तिनीहरुले अन्य देवताको उपासना गर्दछन्, आत्मदेवको उपासना गर्दैनन् । तिनीहरु जडा प्रकृतिको अनुशरण गर्दै काम लोभाादिले वशीभूत हुन्छन्, अनि तत्तत् कामोपभोग प्राप्तिको लागि व्रत नियमादिको पालन गर्दछन् । *आज्ञाचक्रलाई भेदन नगरिकन कोही परमात्मतत्वमा पुग्न सक्दैन* । जुन मानिसहरु स्थूल शरीर, मन, बुध्दि, अहंकारादि अष्ट बहिर्मुखी प्रकृतिहरुको वशमा रहन्छन्, तिनीहरुलाई बारम्वार जन्म मरणको वशीभूत हुनु पर्दछ । तिनीहरुले जुन नियमहरुको पालन गर्दछन् त्यो पनि वहिः प्रकृतिको अनुसारै गर्दछन्, अतयव प्रकृतिको वाहिर जान पाउँदैन । ॥२०॥

यो यो यां यां तनुं भक्तः श्रध्दयाऽर्चितुमिच्छति ;
तस्य तस्याचलां श्रध्दां तामेव विदधाम्यहम् ॥२१॥

श्री धरीय टीका-[जसले देवता विशेषको भजन गर्दछन्, तिनीहरुमा]-जुन जुन भक्त जुन जुन देवतारुपी मेरो मूर्तिको श्रध्दासाथ अर्चना गर्नमा प्रवृत्त हुन्छन्, ती भक्तहरुको ती मूर्त्तिहरुको विषयमा तिनीहरुको श्रध्दाको श्रध्दालाई म अन्तरयामीले अचल अर्थात् दृढ गरि दिन्छु ॥२१॥

आध्यात्मिक व्याख्या-"जसले जजसको भजन गर्दछ ; त्यसै द्वारा मैले अचल श्रध्दाको बुध्दि दिन्छु ।"-

-अन्य देवमूर्त्तिहरु पनि मेरै शरीर हुन्, जुनै रुपमा भक्तले मेरो उपासना गरोस, म त्यस मूर्तिको प्रति उसमा अचल श्रध्दाको विधान गरिदिन्छु । समस्त देवमूर्त्तिहरु भगवत् तनु हुन्, सबै देवदेह भित्र त्यो अन्तरयामी आत्मा छन्, अतयव तिनीहरुमा पनि भगवान् कै उपासना हुन्छन् । कहीं क्षुद्र देवता मानी पूजा गर्दा मनमा क्षोभ उत्पन्न भएर नियमित श्रध्दाको अभाव हुन नजाओस् र यस किसिमको देवोपासना व्यर्थ हुन नजाओस, यसैले भक्तको मनमा त्यस देवता प्रति दृढ श्रध्दा उत्पन्न गरी दिनुहुन्छ । यसको फल यो हुन्छ -श्रध्दासाथ तत्तत् देवताको भजन गरी फल प्राप्त गरेमा भक्तको देवता प्रति दृढ भक्ति हुन्छ, र त्यस भक्तिको बलबाट क्रमशः आत्मदेव प्रति पनि उसलाई भक्ति प्राप्त हुन्छ । देवताहरु त उनैको शरीरै त हुन्, यसैले भक्तलाई सतपथ बताई दिनुमा, भगवान्को भजन गर्ने शिक्षा दिनुमा देवताहरुलाई आनन्द नै हुन्छ ॥२१॥

स तया श्रध्दया युक्तस्तस्याराधनमीहते ;
लभते च ततः कामान् मयैव विहितान् हि तान् ॥२२॥

श्री धरीय टीका-त्यस किसिमको भक्तले दृढ श्रध्दा साथ त्यस देवतनुको आराधना गर्दछन्, अनि तत्पश्चात् त्यस देवता विशेषबाट आफ्नो संकल्पित अभीष्ट वस्तुहरु प्राप्त गर्दछन् । परन्तु अन्तरयामि

रुपले त्यस देवतामा अवस्थित मै द्वारा नै त्यस फलको निर्माण हुन्छ । किन भने यो स्पष्ट छ-देवता मेरो अधीन तथा मेरै मूर्त्ति हुन्छन्, अतयव फलको दाता मै हुँ ॥२२॥

आध्यात्मिक व्याख्या-"उसले त्यस किसिमसँग श्रध्दापूर्वक कर्म गर्दछन्, अर्थात् निश्चय भएर कर्म गर्दछन् त म उसलाई त्यही किसिमको फल दिन्छु, किन भने त्यो सर्वत्र छन् ।"-

-देवताहरु भगवन्नियमको अधीन भएर नै आफ आफ्नो कार्य गर्दछन् । देवताहरुले आफ्नो भक्तहरुलाई जुन फल दिन्छन्, त्यो पनि त्यस ईश्वरीय नियमकै अधीन छ । देवताहरुको भित्र पनि आत्मरुपमा उही विद्यमान छन्, उनैले सबै कर्मको फल विधान गर्नु हुन्छ । हाम्रो प्रत्तेक कर्मेन्द्रिय र ज्ञानेन्द्रियहरुको पृथक पृथक अधिष्ठाता देवता छन्, तिनीहरु जब पूजित भएर सन्तुष्ट हुन्छन् त तत्तद् इन्द्रियहरुको शक्तिवृद्धि हुन्छ, ती इन्द्रियहरुमा दैवी शक्तिको संचार हुन्छ । परन्तु हस्त, पद, चक्षु आदि कुनै इन्द्रियलाई ती देवताहरुले शक्ति प्रदान गर्न सक्दैनन्-यदि समस्त देहेन्द्रियादि प्रकृतिको अधीश्वर रुपमा उनको भित्र आत्मा नभए । त्यही मानो प्रत्तेक देवताको अन्तःरस्थ भएर भक्तको अभीष्टलाई पूर्ण गर्दछन् यसको ठीक धारणा यी देवयाजीहरुले गर्न पाउँदैन ॥२२॥

अन्तवत्तु फलं तेषां तद्भव त्यल्पमेधसाम् ;
देवान् देवयजो यान्ति मद् भक्ता यान्ति मामपि ॥२३॥

श्री धरीय टीका-[यद्यपि सब देवता सर्वात्मक भावले मेरै तनुहुन, अतयव उनीहरुको आराधना वस्तुतः मेरै आराधना हो, अनि फलदाता पनि मै हुन्छु, तथापि साक्षात् मदभक्त एवं यी सबै भक्तहरुमा फल वैषम्य हुन्छ, यही बताइरहनु भएको छ]-यी सबै अल्प मेधा परिच्छिन्न दृष्टि भएकालाई यद्यपि मै फल दिन्छु, तथापि त्यो फल विनाशी हुन्छ । देवयाजी मानिसहरु अन्तवान देवलोकलाई प्राप्त हुन्छन्, मेरो भक्तहरु मलाई अर्थात आद्यन्त विहीन परमानन्दलाई प्राप्त हुन्छन् ॥२३॥

आध्यात्मिक व्याख्या-"परन्तु ती सब फलहरुको अन्त छ,-*म ब्रहम हुँ, अनन्त छु*-मेरो फल अनन्त छ -मलाई भज्नेले मलाई नै प्राप्त गर्दछन् ।"-

-अल्प बुध्दिवाला मानिसहरुले जुन फल प्राप्तिको लागि अन्य देवताहरुको आराधना गर्दछन्, ती देवताहरु नै अन्तयुक्त छन्, अतयव तिनीहरुले जुन फल प्रदान गर्नेछन्, त्यो कहिल्यै अनन्त हुन सक्दैन । एकमात्र परमात्मा ब्रहम नै अनन्त छन्, अतयव आत्मोपासक मनुष्यले नै अनन्त फल प्राप्त गर्दछन् । ज्ञानी भक्तले त अन्तमा ब्रहमपद लाभ गर्दछन नै, उनको अन्य तीन किसिमको भक्त पनि वांछित फल प्राप्त गरी अन्तमा विमुक्तिपद लाभ गर्दछन्, परन्तु क्षयोदयशील देवताहरुको अर्चना गरी केवल अचिरस्थायी फल कै प्राप्ति हुन सक्दछ, त्यसबाट अनन्त फल प्राप्तिको आशा गर्न सकिदैन । एकमेकम् ब्रहम नै अविनाशी छ, र सब अरु वस्तु मायिक या विनाशशील छ । जस्ले त्यस अविनाशी आत्माको उपासना गर्दछ उसैले अमृतत्त्व लाभ गर्न सक्दछ ॥२३॥

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धय ;
परम् भावमजानन्तो ममाव्ययम नुत्तमम् ॥२४॥

श्री धरीय टीका-[राम्रो, जब प्रयास समान छ परन्तु फलगत भेद यत्तिका धेरै छन् भने त सबै मानिसहरु अन्य देवताहरुको त्याग गरी किन तपाईंको भजन गर्दैनन् ? यसैको उत्तर दिनु हुन्छ]-म अव्यक्त अर्थात् प्रपंचातीत छु, परन्तु अल्प बुध्दि भएका मानिसहरुले मलाई मनुष्य, मत्स्य, कूर्मादि भावहरुलाई प्राप्त भएको मान्दछन् । यसको कारण यो छ-तिनीहरुले मेरो नित्य, सर्वोत्कृष्ट परमस्वरुपलाई जान्दैनन् । अतयव जगत्को रक्षाको निम्ति लीला वश नाना किसिमको विशुध्द उर्जित सत्त्व मूर्त्ति धारण गर्नेवाला म परमेश्वरलाई तिनीहरु स्वकर्म निर्मित भौतिक शरीर धारण गर्ने अन्य देवताहरु समान सम्झेर मेरो आदर गर्दैनन् बरु क्षिप्र फल प्रदान गर्नेवाला अन्य देवताहरुकै भजन गर्दछन् । यस किसिमले तिनीहरु अन्तवत या अनित्य फललाई प्राप्त हुन्छन् ॥२४॥

आध्यात्मिक व्याख्या-"अव्यक्त ब्रहममा नरहिकन, व्यक्त जुन यो शरीर छ, यसको उद्देश्यले जो. रहन्छ अर्थात पाप पुण्यादि कर्म गर्दछन् तिनीहरुले क्रियाको परावस्थामा जुन भाव छ त्यसलाई जान्दैनन । त्यही अव्यय परब्रहम हुन ।"-

-शरीर भाव रहँदा नै पाप पुण्य हुन्छ, देहभाव नै संकीर्ण भाव हो । देहदृष्टि रहँदाखेरि देहातीत अव्यक्त स्वरुप समझमा आउँदैन किनभने त्यो इन्द्रियहरुबाट गोचर छैन । जुन इन्द्रियद्वारा गम्य छ त्यो देश, काल, वस्तु द्वारा परिच्छन्न छ । अतयव त्यो सदा एक रुप रहन सक्तैन । परमात्माको प्रपंचातीत अव्यय स्वरुप नित्य निर्विशेष, निर्गुण एवं निराकार छ । यस किसिमको देहातीत भाव नै क्रियाको परावस्थामा उपलब्ध हुन्छ । यो अव्यक्त ब्रहम भाव क्रियाशून्य अवस्था हो । परन्तु यस निर्गुण अवस्था बाट नै सगुण भाव आउँदछ । क्रमशः सूक्ष्मतम भाव देखि बुध्दि, मन, इन्द्रिय एवं देहादि व्यक्त भाव परिस्फुट हुन्छ । यो व्यक्त भाव मायिक छ, यसैबाट विविध क्रिया, पाप पुण्य आदि हुने गर्दछन् यस अवस्थामा क्षयोदय हुन्छ, यसैबाट जन्म मृत्यु सुख दुःखादि विविध विकार लक्षित हुन्छन् । यस भावमा रहँदामा नै जीव त्रिताप ज्वालामा व्याकुल रहन्छ । यस किसिमको दुःखमय अवस्था प्राप्त गरेर पछि उसले श्रध्दासाथ सद्गुरु द्वारा प्रदर्शित साधनको अभ्यास गर्दै गर्दै क्रियाको परावस्थारुप असंग अद्वैतावस्था प्राप्ति गर्दछ । यही ज्ञान हो र यसबाहेक अरु जे जो छन सबै अज्ञान हुन । *जुन मानिसहरु भोगसुखमा मुग्ध हुन्छन्, उनको देहज्ञान छुट्दैन* । अतयव परमात्माको नित्य स्वरुपको सन्धान नपाइकन तिनीहरु मूढ नै रहन जान्छन्, यिनीहरुको अगाडि त्यो उनको परम भाव स्फुटित हुँदैन ।

अस्तु, जसले उस्को साकारभावले पूजा गर्दछन्, उनको अवस्था ज्ञानको हो या अज्ञानको ? जगतको रक्षाको लागि श्री भगवान् अनेकबार जगतीतलमा अवतीर्ण हुन्छन् । ती अवतार नै परब्रहमको प्रकट रुप हुन् । यस्तो बुझेर उनको ध्यान, पूजा गरेमा जीवले मुक्तिको ढोका देख्न पाउनेछ, किनभने ती सारा लीला मूर्तिहरुमा ब्रहमको अनावृत भाव रहन्छ अर्थात ऐश्वर्य-शक्ति पूर्णरुपले वर्तमान रहन्छ । साधारण जीव

पनि ब्रहमकै अंश हुन, परन्तु त्यसमा ब्रहम शक्ति अनावृत रहँदैन, अज्ञानावृत हुन्छ। साधन गर्दै गर्दै प्रतिचक्रमा अथवा कूटस्थको भित्र उनको बहुविध शक्ति मूर्त्तिहरु प्रकटित हुन्छन्, ती सब ब्रहम शक्तिहरु नै हुन। *ज्योति, ज्योतिको अभ्यन्तर गुहा, तथा त्यस भित्र नक्षत्र-यी सब साकार-भाव हुन्*। शिव, विष्णु, दुर्गा, सूर्य एवं गणेशादि मूर्त्तिहरुको अवलम्बन गरी *"यी पनि परब्रहमकै रुप हुन"* यस भावसँग चिन्तन गर्नाले यस्मा पनि ब्रहमोपासना हुन्छ। मनले जहाँसम्म स्पर्श ग्रहण गर्दछ, त्यहाँ सम्म साकार भावको सीमा छ, तेसभन्दा पर अग्राहय, अस्पर्श एवं अरुप भाव छ-असीम चित्समुद्र छ। मायावध्द अज्ञानी जीव यी सब भावहरुबाट भावित नभैकन आफ आफ्नो क्षुद्र स्वार्थको सिध्दिको लागि जुन देवताहरुको उपासना गर्दछ त्यसले क्षुद्र फल त प्राप्ति हुन्छन् परन्तु परमात्माको स्वरुपको साक्षात्कारबाट वंचित हुन जान्छन्। उसको परमार्थ दर्शी बुध्दि हुँदैन, किनभने आज्ञाचक्रमा स्थिति प्राप्त नगरिकन कसैको अन्तरदृष्टि खुल्दैन। अतयव परमात्माको सर्वोत्कृष्ट जुन मायातीत नित्य स्वरुप छ, त्यसलाई उसले प्रत्यक्ष गर्न पाउँदैन। त्यो मायातीत अव्यक्त भाव सबैको भित्र रहन्छ, त्यही हो असली वस्तु, परन्तु त्यसलाई प्रत्यक्ष नगरी विभिन्न देहहरुमा प्रकटित चैतन्यको एक अखण्ड चित्सत्तारुपमा नवुझ्नुको कारण उसलाई विभिन्न आधारमा विभिन्न रुपमा देख्दछन्। क्षुद्र भन्दा पनि क्षुद्र जीवमा, यहां सम्म कि अणु परमाणुको भित्र पनि त्यही *एक भगवत्सत्ता विद्यमान* छ, यसलाई उस्ले बुझ्न पाउँदैन। दुग्धमा घृत छ, यो साधारण दृष्टिमा आउँदैन, परन्तु दुग्धलाई मन्थन गरेमा त्यस भित्र नवनीत आभासित भै उठ्दछ-यसरी साधनारुपी मन्थन कार्यमा जो अभ्यस्त छन्, तिनीहरुले देहादि देखि पृथक त्यस ज्योति-स्वरुप-आत्मालाई देख्न पाउँदछन्। त्यो आत्मा सदा सदा नै सबैको शरीर भित्र रहन्छ, परन्तु आवरण एवं विक्षेपरुपी मायाशक्ति द्वारा आच्छादित हुनुको कारण उसको स्वरुप सदा बोधगम्य हुँदैन। केवल ज्ञानेन्द्रियहरुको द्वारमा त्यस चैतन्यको प्रकाश केही केही अनुभूत हुन्छ। साधारणतः देहीको देहभित्र त्यो ब्रहम आवृतै रहन्छ। साधना द्वारा त्यस आवरणलाई उन्मुक्त गर्नु पर्दछ। परन्तु कुनै कुनै देहमा ब्रहम अनावृत रहन्छन्, आवरण-मुक्त अवस्थामा रहन्छन्। तिनीहरु नै अवतारी पुरुष आजन्म सिध्द या जीवनमुक्त पुरुष नामले पुकारिन जान्छ। यिनीहरुलाई पनि अज्ञानान्ध जीवले जान्न सक्तैन। जुनकिसिमसँग श्री कृष्णलाई कंस, शिशुपाल, दुर्योधन आदिले सम्झन बुझ्न सकेका थिएनन्। पाण्डव सभामा श्री कृष्णलाई तथानाम नराम्रो कुरा भनेको देखेर ज्ञानवृध्द योगी भीष्म पितामहले शिशुपाललाई लक्ष्य गर्नै भनेको थियो-

"कृष्ण एव हि लोकानामुत्पत्तिरपि चाव्यय ;
कृष्णस्य हि कृते विश्वंमिदं भूतं चरा चरम् ॥
अयन्तु पुरुषो वालः शिशुपालो न बुध्यते;
सर्वत्र सर्वदा कृष्ण तस्मादेवं प्रभाष से ॥"-महाभारत, सभापर्व ३८ अ०।

यस कृष्णबाटै लोकहरुको उत्पत्ति छ। यो चराचर विश्व श्री कृष्ण कृत हो। यो अल्प बुध्दि शिशुपालले यिनलाई चिन्ह सकेको छैन, यसैले सर्वत्र सदा श्री कृष्णलाई यसरी तथानाम अपमान गरिरहन्छन ॥२४॥

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ;
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम ॥२५॥

श्री धरीय टीका-[उनीहरुको आत्मज्ञानको अभावको कारण बताउनु हुन्छ]-सबै मानिसहरुको सामुन्ने म प्रकट हुन्न, परन्तु मद्भक्तहरुको अगाडि प्रकट हुन्छु। किनभने म योगमाया द्वारा समावृत रहन्छु, यसै कारण मानिसहरु मेरो स्वरुप ज्ञान देखि मूढ भएर, म अज, एवं अव्यय हुँ यो जान्न पाउँदैन। योगमाया=योग अर्थात भगवानको अचिन्त्य प्रज्ञाविलासरुप संकल्प जसलाई अघटन-घटन-पटीयसी हुनुको कारण उनको माया पनि भन्दछन्। यसै अवस्थामा गुणहरुको योग या संघटन हुन्छ। ["योगो गुणानां युक्तिः घटनं सैव माया योगमाया"-सत्त्व रज, एवं तमः यी गुणत्रयको योग नै यहाँ योग शब्दको अर्थ छ, त्यो योग नै माया हो-शंकराचार्य। "भगवतो यः संकल्पः स एव योगः तद्वशवर्त्तिनी या माया योग माया" -मधुसूदन] ॥२५॥

आध्यात्मिक व्याख्या-"म सबैको सामुन्ने प्रकट छैन ; किन भने अन्य वस्तुमा आसक्तिपूर्वक सबैको दृष्टि रहन्छ-त्यसैबाट आवृत हुन्छ-यस कारण तिनीहरु मूढ हुन, अतयव आत्मामा नरहिकन मलाई जान्दैन। मेरो जन्म पनि छैन, नाश पनि छैन-त्यो यही क्रियाको परावस्था हो-जुन कैले भयो कैले गयो केही पनि पत्ता मिल्दैन।"-

भगवान्लाई या परमात्मालाई सबैले जान्न सक्थे र बुझ्न पनि सक्दथे, परन्तु कसैले बुझ्न पाउँदैन -किन ? किन भने साधारणतः जीवको अन्य वस्तुमा आसक्ति हुन्छ, यसबाट उसको ज्ञान समाच्छादित हुन्छ। यस ज्ञानको आवरणलाई भेदन गर्न सक्दछन् ज्ञानीहरु, अज्ञानीले भेदन गर्न सक्दैनन्। यसैकारण उसले उनको चिरस्थिर नित्यस्वरुपलाई बुझ्न जान्न पाउँदैन। क्रियाको परावस्था प्राप्ति भएमा समझमा आउन जान्छ-कुन किसिमसँग यस जन्म मृत्यु रहित आत्माको शरीर साथ संग हुनाले अर्थात् देहमा आत्मबोध हुनाले जन्म मृत्युको बारम्बार संघटन हुन्छ। क्रियाको परावस्थामा जब चित्तको शुध्दि या निरोध हुन्छ तबै परात्पर आत्मस्वरुप प्रकाशित हुन्छ, त्यही सत्य जन्म-मृत्यु रहित अवस्था हो। त्यो "अदृष्टं, अव्यवहार्यं, अग्राहयं, अलक्षणं, अचिन्त्यं, आत्मप्रत्ययसारं, प्रपंचोपशमं, कर्मेन्द्रियद्वारा पनि अग्राहय छ, व्यवहारको अयोगय छ, एस्तो कुनै चिन्ह छैन, जसबाट त्यो समझमा आओस। त्यो अचिन्त्य छ -कसैले सम्झाएमा समझमा आउँदैन। त्यो प्रपंचोपशम अर्थात् क्षित्यादि भूतमय उपाधिले शून्य छ। त्यो शान्त छ, अर्थात इन्द्रियहरुले जब विषय ग्रहण गर्दैन, त्यही अवस्थामा उपलब्ध हुने योगय छ। त्यो द्वैतभावरहित छ, अतः जन्म-मृत्यु आदि अमंगल देखि शून्य शिवस्वरुप छ। साधना द्वारा यो अवस्था प्राप्त भएमा गुणहरुको आवरण रहँदैन ; अतयव शरीरादिमा अभिमान पनि रहँदैन। गुण संयोग छिन्न भए पछि त्यसको साथै माया पनि अदृश्य हुन जान्छ। जीव शरीरस्थ भएर इडा, पिंगला एवं सुषुम्नाको योगले गुणाच्छादित जस्तो प्रतीत हुन्छ। साधना द्वारा गुणातीत भएपछि अर्थात इडा पिंगला र सुषुम्नाको पर गएपछि गुणत्रयले उस्लाई विडम्वित गर्न सक्तैन। त्रिगुण द्वारा जीवहरुको दृष्टि बहिर्मुख हुन

जानुको कारण बध्द जीवको लक्ष्य गुण एवं उसको कार्यतिरै हुन्छ। यी सारा मोह विडम्बनामा परिरहेका जीव मूढ हुन ; किनभने उनीहरुलाई वेदोज्ज्वला बुध्दि या प्रज्ञानेत्र प्राप्त हुँदैन। क्रियाको परावस्थामा जुन असीम स्थिर भाव छ विषय विमूढ, चंचल चित्तले त्यस स्थिरतालाई केही पनि धारण गर्न सक्तैन ॥२५॥

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ;
भविष्याणि च भूतानि मान्तु वेद न कश्चन ॥२६॥

श्री धरीय टीका-[मरो सर्वोत्तम स्वरुपलाई अज्ञ मानिसहरुले जान्न सक्दैन, यो भनी सकिएकोछ, पश्चात् आफ्नो सर्वोत्तमत्व अनावृत ज्ञान-शक्तित्व निर्देश गर्ने अन्यान्य मानिसहरुको अज्ञानको विषयमा भन्नुहुँदै छन्]-हे अर्जुन ! अतीत, वर्तमान एवं भविष्यत्, यी तीनै कालहरुको समस्त स्थावर-जंगमादि भूत समूहलाई म जान्दछु। मै मायाको आश्रय हुँ। मायाले आफ्नो आश्रयलाई आफै मोहित गर्न सक्तैन, यो प्रसिध्द छ। परन्तु मलाई कसैले जान्दैन किनभने तिनीहरु मेरो मायाले मोहित छन्। यो लोक प्रसिध्द छ -माया आफ्नो आश्रयको अधीनमा छ, परन्तु अन्यको निम्ति महामोहोत्पादक छ। ["नासौ योगमाया मदीया सती ममेश्वरस्य मायाबिनो ज्ञानं प्रतिवध्नाति"-मायाबी ईश्वर मै हुँ, मेरो मायाले मेरो ज्ञानलाई आवृत्त गर्न सक्दैन अर्थात् जसरी ऐइन्द्रजालिकले आफ्नो विद्या द्वारा दर्शकहरुलाई विमोहित गर्दछ, परन्तु त्यस इन्द्रजाल द्वारा स्वयं आफु विमुग्ध हुँदैनन्-शंकराचार्य।] ॥२६॥

आध्यात्मिक व्याख्या-"भूत, भविष्यत्, वर्तमान सबै म जान्दछु।-उसले त जान्नेनै छ किनभने ब्रहम हुन *-परन्तु ब्रहमलाई ब्रहम नभैकन जान्न सकिदैन।"*-

सीमावध्द काल अस्थिर एवं सचंचल छ, यसैले त्यसमा तीन कालहरुको बोध हुन्छ। महाकाल अचंचल स्थिर स्वभाव छ, यसैले त्यसमा त्रिकाल छैन। योगीन्द्र पुरुष जस्ले कालमाथि विजय प्राप्त गरेको छ, उनीहरुको अगाडी सबचिज वर्तमान समान जानिन जान्छ। यस किसिमको कालजयी पुरुष नै सर्वज्ञ हुन, अनि कालाधीन जीव चाहे जति नै ठूलो पंडित किन नहुन, फेरि पनि त्यो अल्पज्ञ छ। जब कालकै भित्र भेद रहन्छ त कालाधीन वस्तुको भित्र भेद रहनेनै छ। कालमा भेद रहनुको कारणले नै जन्म-मृतु-स्थितिको बोध हुन्छ। यस किसिमको बोध नै अज्ञान हो। परन्तु क्रिया गरी क्रियाको परावस्थामा पुगेमा साधकलाई सबकासब ब्रहममय बोध हुन्छ। अतयव उसको अगाडि काल शक्ति रुध्द हुन जान्छ। ब्रहम कालातीत छ। शरीरादि धर्मादिमा दृष्टि राखेर कोही कालातीत हुन सक्तैन, अतयव ब्रहमलाई जान्न सक्दैन। ब्रहमलाई जान्नको लागि कालातीत ब्रहमस्वरुप हुनु पर्नेछ, *किनभने ब्रहमले नै ब्रहमलाई जान्न* सक्दछ। अन्य सगुणाधिकार चाहे जति नै उच्च किन नहोस, तथापि त्यसबाट ब्रहमलाई जान्न सकिदैन। तुलसीदासले भन्नु भएकोछ-

"विधि हरि संभु नचावनी हारे,
तेउ न जानहिं मरम तुम्हारा ;
अउर तुम्हहिंको जाननिहारा,
जानत तुम्हहि तुम्हहिं होइ जाई ॥"

-विधि, हरि शम्भुलाई पनि तिमीले नचाउँछौं, तिनीहरुले पनि तिम्रो मर्म जान्दैन, अत दोस्रो कसले तिमीलाई बुझ्न सक्ला ? तिम्रो कृपाले जीवले तिमीलाई जान्न सक्छ, अनि जस्ले जान्दछ त्यो फेरि त्यो रहँदैन, "तिमी" हुन जान्छ । अभिप्राय यो छ-नामरुप विशिष्ट कसैले पनि नामरुपातीत वस्तुलाई जान्न सक्तैन । किनभने बोधरुपी द्वार जुन इन्द्रियहरु छन् ती भन्दा पर त्यो छ । उनलाई जान्ने एकमात्र उपाय छ, उही बन्न जानु, नामरुप विवर्जित अवस्थालाई प्राप्त गर्नु एकमात्र क्रियाको परावस्थैमा यस नामरुप विवर्जित कालातीत अवस्थासँग साक्षात्कार हुन्छ, अतयव जस्ले त्यसलाई प्राप्त गर्दैन त्यो असमाहित चित्त व्यक्ति इन्द्रियहरुको लागि अग्राहय आत्म स्वरुपको धारणा कसरी गर्न सक्ला ? ॥२६॥

इच्छाद्वेषसमुत्थेन द्वन्दमोहेन भारत ;
सर्वभूतानि संमोहं सर्गे यान्ति परन्तप ॥२७॥

श्री धरीय टीका-[मायाको कारण जीवलाई भगवत् ज्ञान हुँदैन यो भनी सकिएको छ । अब यस अज्ञानको दृढताको कारण देखाउँदै हुनु हुन्छ]-हे परन्तप भारत ! स्थूल देहोत्पत्तिको समय अर्थात् जन्मकालमा शरीरको अनुकुल विषयमा इच्छा र प्रतिकुल विषयमा द्वेष उत्पन्न हुन्छ (पूर्व संस्कारको कारण) अनि त्यसबाट शीतोष्ण, सुख दुःखादि द्वन्द्व समुद्भूत हुन्छन्, त्यसै कारण विवेक भ्रंश हुन्छ । त्यसबाट समस्त जीवहरु संमोहलाई प्राप्त हुन्छन्, अर्थात म सुखी या दुःखी छु इत्यादि गाढतर अभिनिवेश प्राप्त हुन्छन । (अर्थात् यसरी अभिमानयुक्त भएर मोहित हुन्छन्) अतयव मद्विषयक ज्ञानको अभावमा तिनीहरुले मेरो भजन गर्दैनन् ॥२७॥

आध्यात्मिक व्याख्या-"इच्छा गर्दछ-हिंसा गर्दछ-संशय गर्दछ-मोह गर्दछ-सबैलाई सुखको इच्छा हुन्छ" -स्थूल देह उत्पन्न हुनासाथै जीवको पूर्व संस्कारको कारण अनुकुल विषयमा इच्छा र सुख दुःखादि द्वन्द्व समुत्थित भएर म सुखी म दुःखी यस किसिमको भावले जीवलाई मोहित गरिदिन्छन् । त्यो दुःख परित्राण पाउनको लागि काल्पनिक सुखको पछि दौडिदै घुम्छ फिर्छ र त्यस सुखमा कसै द्वारा वाधा उत्पन्न गरेमा या अरुलाई त्यस सुखको भोग गरिरहेको देखेर त्यसको हिंसा गर्दछ, जगतको सारा सुखहरुलाई आफ्नो अधीन गर्नको लागि समुत्सुक हुन्छ । यसले आत्मविषयक प्रज्ञा आच्छादित हुन्छ, अर्थात् शीततााप, क्षुतपिपासाले व्याकुल भएर देहरक्षार्थ कर्मादिमा त्यो आवध्द हुन जान्छ, अनि म सुखी म दुःखी-इत्यादि बोधको ताडनाले दिनरात छटपट गरिहन्छ, आत्मदर्शनको स्पृहा सम्म पनि मनमा उदय हुँदैन । यो जुन अनात्म विषयमा बोध हुन्छ-त्यसद्वारा नै आत्मबोध आच्छादित हुन्छ । जति जति आत्मसम्बन्धी ज्ञान

आवृत्त हुन्छ त्यति त्यति नै अज्ञान गंभिर भन्दा गंभीरतर हुँदै जान्छ, अन्तःकरण देखि भगवत्स्मृति त्यति नै दूर भाग्न जान्छ, यसैले गर्दा तिनीहरुले भगवान्‌को भजन गर्दैनन् ॥२७॥

येषां त्वन्तगतं पापं जनानां पुण्य कर्मणाम् ;
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

श्री धरीय टीका-[तब किन कोही कोहीले तिम्रो भजन गरेको देखिन्छ ? यसको उत्तरमा भन्नु हुन्छ]- परन्तु जुन पुण्याचरणशील मानिसहरुको समस्त प्रतिबन्धक रुप पाप नष्ट भएकोछ, तिनीहरु द्वन्द्व निमित्त मोह देखि निर्मुक्त भएर एकान्तिक भावले मलाई भजदछन् ॥२८॥

आध्यात्मिक व्याख्या-"जसको आसक्तिपूर्वक अरुतिर दृष्टि हुँदैन, यस कारण त्यो आत्मामा रहन्छ-शुभ-कर्म अर्थात क्रिया गर्दछ। त्यो दुविधा र मोह देखि निःशेष रुपबाट मुक्त भएर अविनाशीको पर अर्थात् क्रियाको परावस्थामा स्थित हुन्छ ।"-

कसलाई निःशेष रुपले क्रियाको परास्थिति अर्थात क्रियाको परावस्था प्राप्ति हुन्छ ? जुन मानिसहरु पुण्यकर्मा अर्थात् जसले राम्रोसँग क्रिया गर्दछन् । तिनीहरुले नै क्रियाको फल प्राप्त गर्दछन् अर्थात् उनीहरुको कुनै वस्तुमा आसक्ति रहँदैन । क्रिया गर्नमा आनन्द मिल्दछ, यसैले क्रिया गर्दछन् । अरु जुन कर्महरु छन्, त्यसलाई गर्दा खेरि संभवत सुखको प्राप्ति हुन्छ, परन्तु त्यसमा उनीहरुको मन जाँदैन किनभने ती सब सुखको प्राप्तिले मनको ज्वाला मिटदैन । क्रियाको परावस्थामा नै मनको ज्वाला मेटिन्छ । यसैले एकान्तिक चित्तले तिनीहरु क्रिया गर्दछन् । क्रिया गरी जब केही केही क्रियाको परावस्थालाई प्राप्त गर्दछन्, तब फेरि क्रियामा सन्देह रहँदैन, विषयको मोह पनि कट्न जान्छ । तब उ प्राणापनले भजन गर्दछन् । क्रियालाई पुण्य कर्म भनिएको छ किन ? किनभने अरु सबैकर्महरुमा पाप हुन्छ, परन्तु क्रिया गर्नाले शरीरको ताप एवं अन्तरग्लानि सबै नष्ट हुन जान्छन् । शरीर र मनको ताप नष्ट भएपछि शरीर र मनमा दिव्य तेजको संचार हुन्छ । *यस दिव्य तेजको संचार मात्रले अन्तरदृष्टि खुल्न जान्छ* । तब इन्द्रियहरुलाई विषय प्राप्ति या अप्राप्तिबाट सुख दुःखको कुनै अनुभव हुँदैन, अतयव विषय प्रति चित्तको खिंचान् रहन जाँदैन ; विषय प्रति खिंचान नरहेपछि साधनाको विघ्न पनि नष्ट हुन जान्छ । अतः झन दृढवत भै एकान्त चित्तले भगवत भजन हुन सक्छ र यस किसिमको भजनले नै क्रियाको परावस्थामा दृढ स्थिति लाभ हुन्छ । यो दृढ स्थिति प्राप्त हुँदा नहुँदै यदि कसैको देहपात हुन्छ त पूर्वजन्मको येस सुकृतिवश उसको द्वन्द्व जनित मोह क्षीण हुन जान्छ । त्यो संशयहीन साधक तब अन्य कुनैवस्तुतिर नहेरिकन आत्मोपासनालाई मात्र आफ्नो एकमात्र भजनीय मान्दछ । यस किसिमको दृढवत साधक नै मुक्ति पद-प्राप्ति अधिकारी मानिन्छ ॥२८॥

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ;
ते ब्रहम तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम ॥२९॥

श्री धरीय टीका-[यस किसिमसँग जसले मेरो भजन गर्दछन्, ती भक्तगण समस्त विज्ञेय पदार्थहरुलाई जानेर कृतार्थ हुन्छन । यसै विषयमा भन्नु हुन्छ]-जरामरण देखि विमुक्ति पाउनको लागि मेरो आश्रय गरी जसले प्रयत्न गर्दछन्, तिनीहरुले त्यस परब्रहमलाई तथा समस्त अध्यात्मलाई जान्न सक्दछन् । जसद्वारा परब्रहम प्राप्त हुन जान्छ, त्यस प्राप्तिको उपाय स्वरुप देहादि व्यतिरिक्त शुध्द आत्मालाई तिनीहरु जान्न सक्दछन् तथा त्यस साधनभूत सरहस्य अखिल कर्महरुलाई पनि जान्न पाउँदछन् ॥२९॥

आध्यात्मिक व्याख्या-"अध्यात्म क्रिया गरेमा मेरो आश्रित भएर जरामरण बाट मुक्त हुन्छ-ब्रहममा रहँदै ।"- -शरीर प्राप्त गरी शरीरको चरम संकटावस्था हुन्छ-जरा एवं मरण । सुन्दर बलिष्ठ शरीर जरामा जीर्ण हुँदै जान्छ । आज जुन परम सुन्दर देखिन्छ, भोलि त्यो श्री भ्रष्ट अनि कुरुप हुन जान्छ । कालको वशीभूत जीव कालद्वारा सदा परिवर्त्तित भैरहन्छ, यही प्राकृतिक नियम हुन । भोगसुखमा आसक्त जीव कालकृत यी सब परिवर्तनहरुलाई मन पराउँदैन । उ सर्वदा रुपमा, रसमा, भोगमा डूबीरहन चाहन्छ, परन्तु *जीवको यो वासना, चाहना कदापि पूर्ण हुँदैन, भोग गर्दा गर्दै, आशा पुरा हुँदा नहुँदै जीवन वाती निभ्न जान्छ । मनको तृष्णा, एषणा मनमा नै रहन जान्छ,* विवश भएर उसलाई कुनै अज्ञात आवासमा जानु पर्ने हुन्छ, *जुन स्थानबाट फेरि उसको कुनै समाचार पाउने संभावना रहँदैन । जरामरणको यस दुर्दम्य प्रतापदेखि जीव निरन्तर सन्त्रस्त, विचलित एवं क्षुव्ध रहन्छ* । जरामरणको यस जकडनबाट त सबैले त्राण पाउन चाहन्छन् नै, परन्तु यस बाट निष्कृति पाउनुको उपाय जान्दैनन् । विषयविमुख चित्तले अनन्य शरण भएर श्री भगवान्को आश्रय लिइयो भने त कालभय दूर हुन सक्छ । अध्यात्म कर्म द्वारा जब क्रियाको परावस्था प्राप्त हुन्छ तबै जीव अनन्य शरण हुन्छ, यही भगवदाश्रय भनिन्छ । देहसँगै जरामरण-नित्य-संयुक्त रहन्छन् क्रियाको परावस्थामा जो आत्माको साथ संयुक्त हुन जान्छन् तिनीहरुले ब्रहममा अटल स्थिति प्राप्त गर्दछन् अनि जरा मरणको पंजाबाट निष्कृति पाई हाल्दछन् । आत्मदेवको भजन या आत्मोपासना गर्नु नै उनको आश्रय गर्नु हो । यस किसिमले आश्रय ग्रहण गर्नाले चित्त शुध्द हुन जान्छ, मन स्थिर हुन जान्छ, अनि कूटस्थ-ज्योतिको प्रकाश देखिन जान्छ । अनि साधकले बुझ्न पाउँछन्-त्यसको भित्र जुन अध्यात्म या कूटस्थ रहन्छ, त्यो परब्रहमको साथ एक एवं अभिन्न छ । यो बुझिनमा आउनासाथ जरा मृत्युको प्रभावबाट रक्षा मिल्न सक्छ तथा जुन अध्यात्म कर्मद्वारा आत्म-साक्षात्कार गरिन्छ, त्यस अध्यात्म कर्मको रहस्य पनि समझमा आई हाल्नेछ ॥२९॥

साधिभूताधिदैवं मां साधियज्ञं चये विदुः ;
प्रयाण कालेऽपि च मां ते विदुर्युक्त चेतसः ॥३०॥

श्री धरीय टीका-[यस किसिमको मानिसहरुको योग भ्रंश हुने आशंका पनि हुँदैन, यसै विषयमा भन्नु हुन्छ । -अधिभूतादि शव्दहरुको अर्थको व्याख्या श्री भगवान्ले अगाडिको अध्यायमा गर्नु हुनेछ]-जस्ले

मलाई अधिभूत, अधिदैव, अधियज्ञको साथ जान्दछन्, ती ममा आसक्त तथा युक्तचित्त साधकले मृत्युको बेलामा पनि मलाई जान्न सक्दछन् । त्यतिखेर व्याकुल भएर तिनीहरुले मलाई भुल्दैनन् । अतयव मेरो भक्तहरुको योग भ्रंश हुनुको आशंका पनि रहँदैन ॥३०॥

आध्यात्मिक व्याख्या-"अधिभूत, अधिदैव, अधियज्ञ-यसलाई मर्ने समयमा जसले जान्दछ त्यो ममा अडकी रहेर-चिद्रूपमा रहेर ब्रहमपदलाई पाउँदछ ।"-

-जसले अधिभूत, अधिदैव, अधियज्ञको साथ परमात्मालाई जान्दछन्, तिनीहरुले ब्रहमपदलाई प्राप्त गर्दछन् । यी शव्दहरुको व्याख्या अगाडिको अध्यायमा गरिनेछ । मृत्युको समय शरीरको विविध यातनाहरुबाट साधारणतः इन्द्रियहरु र मन अभिभूत हुन्छन् । त्यतिखेर अरु कुराहरु मनमा आउँदैन, केवल चिराभ्यस्त संस्कारले चित्तमा तरंगायित गरिरहन्छन् । त्यतिबेला जीवलाई अत्यधिक भय हुन्छ, कहिले काँहि ज्ञानशून्य पनि हुन जान्छ । तब स्वयं त भगवत् स्मरण गर्न सक्तैन अनि अरु द्वारा स्मरण गराउँदा पनि कानमा प्रवेश गर्दैन । किनभने त्यतिबेला मन अत्यन्त व्याकुल रहन्छ उनको शक्ति पनि तेस्तो सतेज हुँदैन । परन्तु यदि कोहीले भाग्यवश साधनामा प्रयत्न गर्दछ र आत्मामा स्थित हुनुको अभ्यास दृढ हुन जान्छ त त्यतिबेला उसको मनमा अन्य भाव आउन पाउँदैन, उसको मन चिद्रुपमा मग्न हुन जान्छ। मरणमुर्च्छामा उसको वाह्य ज्ञान विलुप्त भए पनि अन्तः ज्ञान छिन्न हुँदैन । शरीरमा शत शत कष्ट रहँदा पनि मन विवश हुँदैन । आत्मध्यानाभ्यस्त चित्तको आत्मचिन्तन कदापि विस्मृत हुँदैन । अतयव यस किसिमको साधकको योगभ्रंश हुनुको आशंका हुँदैन । पूर्व नै मृत्युको लक्षणहरुबाट अवगत भएर तिनीहरु मृत्युको लागि प्रस्तुत रहन्छन् । योगीले कुनै किसिमसँग मूलाधारस्थ जीवनी-शक्ति कुलकुण्डलिनीलाई मेरुमार्गको भित्र देखि सहस्रारमा परम पुरुष शिवको साथ मिलाई दिन्छन् अनि एसरी जन्म मृत्यु मार्गमा आउनु जानुको क्रीडालाई रोकिदिन्छन् -यो अत्यन्त विस्मयजनक व्यापार हो । त्यो सदा नै मुक्त हुन्छ । उसको प्राणले उत्क्रमण गर्दैन-*"न तस्य प्राण उत्क्रामन्ति"* । परन्तु जो शरीर रहँदैमा यत्तिको उच्चस्तर अग्रसर हुन सकेको छैन, उनको लागि क्रममुक्तिको पनि विधान छ । भगवान्को जुन शरणागत भक्त छन्, तिनीहरु सर्वदा उनैको साधन भजनमा लागि रहन्छन्, यदि कुनै कारणवश उनको मुक्तिमार्गमा विघ्न आउँछन् त जसरी माताले भयातुर एवं व्यथित शिशुलाई आफ्नो काखमा लिन्छन् त्यसरी नै भगवान् साधनमा सदाभ्यस्त साधकलाई मृत्युको समयमा दिव्यज्ञान दिएर आफ्नो धाममा प्रविष्ट गरी लिनु हुन्छ-यो उनको भक्त वात्सल्य हो ॥३०॥

इति श्यामाचरण-आध्यात्मिक दीपिका नामक गीताको सातौं अध्यायको आध्यात्मिक व्याख्या समाप्त ॥

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्‌भगवद् गीता

अष्टमोऽध्याय

(अक्षर ब्रह्मयोग)

अर्जुन उवाच-

किं तदब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ;
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥

अधियज्ञं कथं कोऽत्र देहेऽस्मिन् मधुसूदन ;
प्रयाण काले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥

श्री धरीय टीका-[कृष्णमा एकचित्त भक्तगणले यो जान्दछन्-ब्रहमकर्म, अनि अधिभूतादि के वस्तु हुन -यो पहिले भनिसकिएको छ यस अष्टम अध्यायमा ब्रहम एवं कर्मादि विषयमा स्पष्ट रुपसँग बताउनु हुन्छ]- [पूर्व अध्यायको अन्तमा भगवदुक्त ब्रहम, अध्यात्म प्रभृति सप्त पदार्थहरुको तत्व जिज्ञासु भएर] -अर्जुनले भन्यो-हे पुरुषोत्तम, (१) त्यो ब्रहम के हो ? (२) अध्यात्म के हो ? (३) कर्म के हो ? (४) अधिभूत कसलाई भन्दछन् ? (५) अधिदैव केलाई भन्दछन् ? (६) हे मधुसूदन यस देहमा जुन यज्ञ छ त्यसको अधिष्ठाता अर्थात प्रयोजक तथा फलदाता को हुन ? (७) अधियज्ञको स्वरुपको जिज्ञासा गर्दै सोधिरहेछन्-उनको अधिष्ठान कुन किसिमका छन अर्थात् यस शरीरमा रहिकन उसले कसरी यज्ञ (कर्म) सम्पन्न गर्दछन् ? सबै कर्महरुको उपलक्षणार्थ यहाँ यज्ञ शब्द प्रयुक्त भएको छ । अनि (८) अन्तकालमा संयतचित्त पुरुषहरु द्वारा तिमी कसरी ज्ञेय बन्दछौ ? ॥१-२॥

आध्यात्मिक व्याख्या-"तारक ब्रहम-योग वर्णन । शरीरको तेज द्वारा अनुभव भैरहेछः-(१) ब्रहम, (२) अध्यात्म कर्म, (३) अभिधूत के हो ? अधियज्ञ के हो ? यस देह भित्र मरने बेलामा तिमीलाई कुन किसिमसँग जान्ने ?" -

पूर्वाध्यायको अन्तमा भगवानले भन्नु भएको छ-जस्ले अधिभूत, अधिदैव, एवं अधियज्ञको साथ मलाई जान्दछन्, उनीहरुले मृत्युकालमा पनि मलाई नै जान्दछन् । मृत्युकालको दैहिक एवं मानसिक क्लेशले चित्तलाई यत्तिको अभिभूत गर्दछन्-साधारणतः जीवले त्यतिखेर भगवच्चिंता गर्न सक्दैनन्, स्थूल शरीरको साथ सम्बन्ध छिन्न हुने समयमा जीव यन्त्रणाले आकुल व्याकुल हुन जान्छ, उसले आफुले गरेको कर्महरुको अनुस्मरण गर्न लागदछ र कर्म संस्कारले भावी देहको गठनको लागि उपादान संग्रह गर्दछन् । अतयव यदि पहिले देखि नै भगवत्स्मरणको दृढ अभ्यास छैन भने त यस दारुणकालमा अर्को उपायले काम गर्दैन । अतयव पहिले देखि नै ब्रहम, अध्यात्म कर्म एवं अधिभूतादि विषयहरुसँग अवगत हुन गयेमा साधकले परमात्मालाई विर्सदैन, भुल्दैन, यही श्री भगवान्‌को कथन हो । यसैकारण यसलाई जान्नको लागि

समुत्सुक भएर अर्जुनले यो प्रश्न सोध्यो । तिमी सर्वज्ञ एवं परम कारुणिक छौ, अतयव म शरणागत प्रति कृपा गरी यी कुराहरु मलाई सम्झाएर भन, यही अर्जुनको सोधनीको अभिप्राय हो । ब्रहम सर्वत्र विद्यमान भएर पनि मनुष्यको लागि अन्य ज्ञातव्य विषयहरु समान कुनै प्रसिध्द पदार्थ होइन । किनभने त्यो ज्ञातव्य भएर पनि अत्यन्त निगूढ एवं रहस्यमय छ, सबै मनुष्यले उसलाई जान्न सक्तैन, सम्झाउँदामा पनि त्यो सदा समभ्रमा आउँदैन । ब्रहम सगुण एवं निर्गुण भेदले द्विधा विभाजित छन्, यहाँ (१) कुन ब्रहम ज्ञेय हुन, सोपाधिक या निरुपाधिक ? (२) यस शरीरलाई अवलम्बन गरी जुन अवस्थित छ, त्यस अध्यात्मको स्वरुप के हो, त्यो चेतनरुप छ या भौतिक ? चक्षु आदि इन्द्रियहरु जडवत हुन्छन् तथापि ती द्वारा बोध हुन्छ भने त यो जड-चेतनात्मक शक्ति नै अध्यात्म हुन ? (३) कर्म के हो, वैदिक यज्ञादि कर्म हुन या लौकिक एवं समस्त शास्त्रीय काम के हो ? (४) पृथिव्यादि कार्य अधिभूत हुन या यसद्वारा कर्म मात्रलाई लक्षित गरिएका छन ? (५) अधिदैव के हो, के एसद्वारा इन्द्रियाधिष्ठाता देवताहरुलाई लक्ष्य गरिएको छ ? अथवा-

“आदित्यान्तर्गतं यच्च ज्योतिषां ज्योतिरुत्तमम्;
हृदये सर्वभूतानां जीवभूतः स तिष्ठति ॥”-

आदित्य अन्तर्गत सबै ज्योतिहरुमा श्रेष्ठ ज्योति तथा सब भूतहरुको हृदयमा जुन जीवरुपले अवस्थित छन् -के उनलाई लक्ष्य गर्दछौ ? (६) अधियज्ञ के हो, त्यो देवता विशेष या परब्रहम ? कुन किसिमसँग उनीहरुको चिन्तन गरिन्छ, त्यो शरीर भित्र छ या बाहिर ? बुध्दिरुपमा छ या बुध्दिदेखि स्वतन्त्र वस्तु ? (७) मृत्युकालमा संयत-चित्त व्यष्टिले तिमीलाई कसरी जान्न पाउँछ ?

अर्जुनले यी सप्त पदार्थहरुको सम्बन्धमा जिज्ञासु भएर श्री भगवान्‌सँग प्रश्न गरे ॥१-२॥

श्री भगवानुवाच-

अक्षरं ब्रहम परमं स्वभावोऽध्यात्ममुच्यते ;
भूत भावोद् भवकरो विसर्गः कर्मसंज्ञितः ॥३॥

श्री धरीय टीका-[प्रश्नक्रमसँग तीन श्लोकहरुमा उत्तर दिनु हुँदै]-श्री भगवान् बोल्नु भयो-[जुन वस्तु नष्ट हुँदैन, जसको चलन या क्षय हुँदैन त्यही अक्षर हो । जीव पनि त अक्षर हुन, यसैले भन्नु हुन्छ]-(१) जुन परम अक्षर जगत्‌को मूल कारण हो त्यही ब्रहम हो । वृहदारण्य श्रुतिमा लेखिएको छ (“एतद्वै तदक्षरं गार्गि ब्राहमणा अभिवदन्ति”-याज्ञवल्क्य भन्नु हुन्छ-हे गार्गि ! ब्रहमज्ञ पुरुषहरु भन्दछन यही त्यो अक्षर हो । (२) ‘स्वस्य’ अर्थात ब्रहमको अंशस्वरुप जीवरुपमा हुनु या अवस्थिति अर्थात् यो आत्मा जसले यस देहलाई अधिकृत या अवलम्बन गरेर सुख दुःखादिको भोक्ताको रुपमा वर्तमान छ-त्यस जीवलाई नै “अध्यात्म” भन्दछन् । (३) जरायुजादि भूत समूहको उत्पत्ति एवं उनको उत्कर्ष या वृध्दि जुन देवोद्देश्यले त्यागरुप यज्ञ द्वारा हुन्छ, त्यो वृध्दिक्रम यसरी छ-अग्निमा जुन आहुति दिइन्छ त्यो सम्यक् रुपसँग आदित्यलाई प्राप्त हुन्छ, आदित्यबाट वृष्टि हुन्छ, वृष्टि देखि अन्न अनि अन्न देखि प्रजा उत्पन्न हुन्छ । देवताको उद्देश्यले

त्यागरुप जुन यज्ञ द्वारा द्रव्य निष्पन्न हुन्छ, त्यो यज्ञ नै कर्म हो । यी सब कर्मको उपलक्षण हुन अर्थात् यज्ञको अर्थमा सारा कर्महरुको बोध हुन्छ ।

-अक्षरं="न क्षरतीति अक्षरं परमात्मा । "एतस्य वा अक्षरस्य प्रशासने गार्गि" इति श्रुतेः । ॐकारस्य च ॐ इत्येकाक्षरं ब्रहमेति परेण विशेषणात्तद्रग्रहणम् । परममिति च निरतिशये ब्रहमणि अक्षरे उपपन्नतरं विशेषणम् । तस्यैव परस्य ब्रहमणः प्रतिदेहं प्रत्यगात्मभावः स्वभावः इति स्वोभावः स्वभावोऽध्यात्ममुच्यते, आत्मानं देहमधिकृत्य प्रत्यगात्मतया प्रवृतं परमार्थ-ब्रहमावसानं वस्तु स्वभावाऽध्यात्ममुच्यते ।"-अक्षर त्यो हो जुन विनष्ट हुँदैन अर्थात् परमात्मा । "यस अक्षरको शासनले हे गार्गि ! चन्द्र सूर्य विधृत भएर रहन्छन्"-यो श्रुतिद्वारा पनि सिध्द हुन्छ । यहाँ अक्षर शव्द द्वारा प्रणवको ग्रहण हुँदैन, किनभने "ॐइत्येकाक्षरं ब्रहम" इत्यादि श्लोकहरुमा जुन अक्षर शव्दको ग्रहण भएको छ, त्यसमा 'परं' विशेषण छैन । 'परम' विशेषणको निरतिशय ब्रहमरुप अक्षरमा प्रयुक्त हुनु नै अधिक उत्पन्न हुन्छ । प्रति देहमा प्रत्यगात्म भावले त्यस परम ब्रहमको अवस्थितिलाई नै स्वभाव भन्दछन् । यो स्वभाव नै "अध्यात्म" भनिन्छ । देहरुप आत्मालाई अधिकृत गरी प्रति पुरुषको आत्मभावमा अवस्थित त्यस परम ब्रहमरुप परमार्थ वस्तु पर्यन्त सबै पदार्थहरुको स्वभाव या अध्यात्म शव्द द्वारा प्रतिपादन गरिएको छ ।-शंकराचार्य] ॥३॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा प्रकाश हुन्छः-(१) कुटस्थ अक्षर परब्रहम, (२) क्रिया गर्नुको नाम अध्यात्म, अर्थात (अधि=बुध्दि) आत्मामा बुध्दि स्थिर राख्नु, क्रियाको पर त्रिगुणातीत भएर इडा-पिंगला-सुषुम्ना वर्जित अवरुध्द रुप आश्चर्य निजबोध रुप, यसैको नाम अध्यात्म हो ।"-

जसको क्षरण छैन त्यही अक्षर हो । परब्रहम नै एकमात्र क्षयहीन अविनाशी वस्तु हुन । मायाको इन्द्रजाल जहाँ निरस्त हुन जान्छ, त्यही एकमात्र सत्पदार्थ हो । त्यसको त्रिकालमा पनि कहिल्यै परिवर्तन हुँदैन । अन्तर वाह्य गरी यदि केही छ त जुन अन्तरवाह्य-व्यापि, उत्पत्ति-विनाश-वर्जित् त्यही ब्रहम या अक्षर पुरुष हो । अक्षर शव्दले जीवको पनि बोध हुन्छ, अतयव "परम" शव्द द्वारा जीवोपाधि रहित परब्रहम नै यहाँ अभिप्रेत हुन्छ । "परम" शव्दको अर्थ शंकराचार्यले निरतिशय गर्नु भएको छ । यो निरतिशय शब्द केवल ब्रहमको लागि नै प्रयुक्त हुन सक्छ । ब्रहम बाहेक अरु सब ससीम छ । वृहदारण्यकमा याज्ञवल्कयले गार्गीसँग भन्नु हुन्छ-"एतस्य वा अक्षरस्य प्रशासने गार्गि सूर्याचन्द्रमसौ विधृतौ तिष्ठतः, एतस्य वा अक्षरस्य प्रशासने गार्गि द्यावा-पृथिव्यौ विधृते तिष्ठतः, एतदक्षरं गार्गि ब्राहमणा अभिवदन्ति"-यस अक्षरको प्रशासनमा हे गार्गि ! चन्द्रसूर्य यथास्थान धृत भैरहेका छन, यसकै प्रशासनमा नै द्युलोक एवं भूलोक आ आफ्नो स्थानमा अवस्थित छन, ब्रहमज्ञ पुरुषहरु यस अक्षरको विषयमा नै चर्चा गरिरहन्छन् । आकाश माथि, पृथिवीको तल, तथा यी दुवै लोकको मध्यभागमा जुन आकाश सर्वव्याप्त छ, त्यस आकाशलाई कसले धारण गरिराखेको छ ? गार्गिको यस प्रश्नको उत्तरमा याज्ञवल्क्य भन्यो-"स हो वा चैतद्वैतदक्षरं गार्गि"-हे गार्गि ! त्यही त्यो अक्षर हुन । यस अक्षरलाई नजानिकन जसले इहलोकमा यज्ञादि गर्दछन्, या तपस्यादि कर्म गर्दछन्-उनीहरुको त्यस यज्ञ या तपस्याजनित कर्मको फल अक्षय हुँदैन, अतयव अक्षर नै परब्रहम हो, यो श्रुति सम्मत छ ।

'स्वभाव' एवं 'अध्यात्म' को सम्बन्धमा शंकरले भन्नु भएको छ :-"तस्यैव परस्य ब्रहमणः प्रतिदेहं प्रत्यगात्मभावः स्वभावः-स्वोभावः स्वभाव अध्यात्ममुच्यते । आत्मानं देहमधिकृत्य प्रत्यगात्मतया प्रवृत्तम्"-त्यस परब्रहमले देहरुप आत्मालाई आश्रय गरी प्रत्यगात्मा या जीवको रुपमा प्रवृत्त हुनु नै अध्यात्म कहलाउँछ । भोक्ता जीवको रुपमा 'स्व' को भवन या अवस्थिति नै 'स्वभाव' भनिन्छ र त्यसैको नाम अध्यात्म हो । यो अध्यात्म या जीव ब्रहमकै स्वरुप हो । त्यो आत्मारुपमा रहेर जब शरीरलाई अवलम्बन गरी भोक्तारुपमा वर्तमान हुन्छ, तबै उनलाई अध्यात्म भनिन्छ यही जीव भाव हो ।

"भूतभावोद् भवकरो विसर्गः-यो कर्म विसर्ग छ, अर्थात् त्याग नै कर्म हो, जीवको भित्र जुन शक्ति वर्तमानछ, त्यसलाई स्फुटित गर्नुको नाम नै कर्म हो । यो प्रस्फुटन कार्य त्याग विना हुँदैन । अंग्रेजीमा भन्दा कर्म देखि Expenditure of energy को बोध हुन्छ । आफ्नो शक्तिको व्यय नै कर्म हो । शक्ति खर्च नगरिकन हामीहरुले कुनै कर्म गर्न सक्दैनौ । आफ्नो पुत्रलाई मनुष्य बनाउनको निम्ति स्वकीय शक्ति व्यंय गर्नु पर्नेछ । एक खेत, बारी तयार गर्नमा अथवा एउटा वाटिका बनाउनमा हामीलाई त्यस्मा धेरै शक्ति लगाउनु पर्ने हुन्छ । कवि हुन या दार्शनिक, वैज्ञानिक हुन या साधक,-सबैलाई आ-आफ्नो लक्ष्य साधनमा शक्ति खर्च गर्नु पर्दछ-यसैलाई तपस्या भन्दछन् । यस तपस्या विना कसैले सान्सारिक उन्नति अथवा कुनै आध्यात्मिक संपद प्राप्त गर्न सक्तैन । आफ्नो धर्मपत्नीबाट पुत्रोत्पादन गर्नमा पनि शक्तिको व्यय हुन्छ । परन्तु शास्त्रले सबै प्रकारको शक्तिको व्ययलाई कर्म मान्दैन । *"देवतोद्देशेन परित्यागः, स एष विसर्ग-लक्षणो यज्ञः कर्म संज्ञितः"*-देवताको उद्देश्यले परित्याग गर्नु-यस लक्षण-युक्त त्याग नै कर्म कहलाउँछ । भूतभाव शव्द देखि जीवको उत्पत्ति तथा जीवको भित्रको समस्त भावहरुको बोध हुन्छ । दुवैमा सृष्टि-क्रिया वर्तमान छ । सृष्टिको अर्थ नै भावको विकास हो । जगत्पिताको अन्तःकरणमा जुन भावरुपमा विद्यमान छ, त्यसको विकास साधनको चेष्टाको नाम नै हो ऐश्वरिक कर्म । तथा मनुष्यको अन्तः करणमा जुन नाना किसिमसँग अस्फुटित भाव समूह प्रसुप्त अवस्थामा वर्तमान छन् त्यसलाई स्फुटित गर्नु नै जीवको कर्म हो, परन्तु केवल भाव स्फुटित गर्नाले मात्रै कर्म हुन सक्तैन । जुन त्याग जीवको भाव विकासक छ तथा देवोद्देश्यले या विष्णुप्रीत्यर्थ छ, त्यसैलाई कर्म भन्दछन् शास्त्र । मानी लिंउ, मैले धेरै कष्ट गरेर, धेरै धेरै परिश्रम या शक्ति खर्च गरी अर्थ उपार्जन गरें, त्यसबाट मेरो शक्तिको व्यय भयो, यसैले यो एककिसिमको कर्म त भयो, परन्तु तबसम्म त्यसलाई कर्म भनिने छैन यदि त्यसको मूलमा यो उद्देश्य नहोस-त्यस कर्मद्वारा अर्जित धन परदुःख-मोचनमा खर्च हुनेछ । विष्णु सर्वभूतमा स्थित छ, यसरी त्याग द्वारा नै सर्वभूतस्थ विष्णुको प्रीति साधन हुन्छ । यही यथार्थतः देवोद्देश्यमा त्यागरुप यज्ञ हुन । मानी लेऊ मेरो शरीरमा बल छ, त्यसलाई पनि मैले शक्ति खर्च गरी, चेष्टा गरी कन उपार्जन गरेकोछु, अब यस बलद्वारा म अरुलाई पीडित गर्न सक्दछु, परन्तु त्यसलाई कर्म नभनिकन अकर्म भनिनेछ, यदि बल विपन्नहरुको आपद-विपद दूर गर्नमा प्रयुक्त हुन्छ त देवोद्देश्य-त्याग रुप यज्ञमा परिणत हुन जानेछ । यसरी नै मैले धेरै परिश्रम गरी विद्या सिकेकोछु, त्यो विद्या यदि अरुको अज्ञानान्धकारलाई दुर नगरी केवल आफ्नो स्वार्थ-साधनमा लाग्दछ भने त यसलाई फेरि कर्म भनिने

छैन । तपस्वी या साधकको तपस्या या साधना द्वारा यदि केवल केही आध्यात्मिक ऐश्वर्य प्राप्त गर्नु नै साधनाको उद्देश्य हुन्छ त त्यो दैवभावापन्न नभएर आसुर-भावापन्न हुन जान्छ अनि त्यसमा जगत्को जीवहरु माथि खाली आफ्नो कर्त्तृत्त्व स्थापना कै चेष्टा हुन्छ, यस्तो अवस्थामा बुझ्नु पर्नेछ,-त्यो साधना, तपस्या एवं शक्ति निष्फल भएकोछ, त्यसले केवल अकर्म नै सिध्द हुन्छ । किनभने त्यो *"जगत्हिताय कृष्णाय"* समर्पित भएन । यसै किसिमसित "पुत्रार्थे क्रियते भार्या" पुत्रको लागि आफ्नो धर्मपत्नी सँग सहवास गर्नु पर्दछ, त्यसमा पनि त शक्तिको व्यय हुनेछ, परन्तु यदि खाली मोजमस्ती एवं इन्द्रियचरितार्थता मात्र हुन्छ भने त त्यो अकर्म एवं अधर्म हुन जानेछ-कर्म या धर्म हुने छैन । अन्यथा धर्मलाई लक्ष्य गर्दै जीव-प्रवाहको लागि जुन प्रवृत छ, त्यो अतिशय कर्तव्य कर्म हुन । यस कर्तव्यको लागि सबै मनुष्य जगत्को अगाडि ऋणी छन् । यस जीव देखि नै व्यास, वशिष्ठ, नारद, शुक, ध्रुव, प्रहलाद, नल, युधिष्ठिर, अनुसुया द्रौपदी, सीता, सावित्री, दमयन्ती बुध्द, शंकर, चैतन्य, अद्वैत आदि मनीषि उद्भूत भएका छन् । यस किसिमका जगत्, पावन जीवहरुको जन्म जगतकै कल्याणको लागि हुन्छ । जसले यस लक्ष्यलाई देख्न पाउँदैन, हेर्दैन, सम्झनु पर्दछ-उसको शक्तिको अपव्यय भयो तथा उसको कर्म अकर्मरुपमा परिणत भयो अनि त्यो केवल पाशविक चेष्टामा नै पर्यवसित हुन गयो ।

यो त भयो साधारण भावको कुरा, अब केही साधनाको कुरा भन्दछु । भगवान् श्रीकृष्ण नै कूटस्थ चैतन्य हुन् । उनलाई हृषीकेश भन्दछन् , किनभने उनको कूटस्थ चैतन्य हुनुको कारण नै इन्द्रियहरु आ आफ्नो कार्यमा नियन्त्रित हुन्छन् । यही कर्त्ता या अधियज्ञ पुरुष हुन्, यही कूटस्थ चैतन्य समस्त भूतहरुमा प्रविष्ट भएका छन्, यसैले उनको नाम विष्णु हो । उनै हुनाले नै यो नामरुपमय जीव एवं जगत प्रकाशित भैरहेछन्- *"वहुनात्र किमुक्तेन सर्वं विष्णुमयं जगत्"*-अधिक भन्नु पर्ने आवश्यकता छैन, समस्त जगत् नै विष्णुमय छ ।

"शिवः स्यान्निर्मलो यस्माद्विभुः सर्वगतो यतः ;
तारणात् सर्वदुःखानां तारकः परिगीयते ॥"

सर्वगत हुनुको कारण उनलाई विभु भन्दछन्, तथा सबै दुःखहरु बाट त्राण गर्नुको कारण त्यो तारक कहलाउंछन्। प्रकृतिपटरुपी कूटमा त्यो नानारुपमा प्रतिविम्वित हुन्छन्, नाना रुपहरु धारण गर्दछन्। प्रकृतिको वक्षःस्थलमा विहार गर्नेवाला चैतन्यस्वरुप भगवान्को अवस्थितिको कारण इन्द्रिय, मन, बुध्दि चैतन्ययुक्त भएर प्रकाशित हुन्छन्। कामीको आरनको निहाईलाई पनि कूट भन्दछन्। त्यसमाथि फलामलाई पीटेर उनीहरुले असंख्य रुपहरुमा परिणत गर्दछन्। परन्तु त्यो निहाईमा कुनै परिवर्तन हुँदैन, । तद्रुप अनन्त जीवहरुको अनन्त रुपहरु हामी देख्दछौ, परन्तु ती सब जीवहरुको भित्र कूटस्थ चैतन्य सदा सबको एकरुप हुन्छ, त्यसमा कहिल्यै परिवर्तन हुँदैन । यही त्यस सर्वव्यापी विष्णुको परम पद हो- "तद्विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः दिवीव चक्षुराततम्"-आकाशमा सुविस्तृत चक्षु समान त्यस

विष्णुको परम पदको ज्ञानी मानिसहरु सदा दर्शन गर्दछन् । चित्शक्तिको अपूर्व हिरण्मय किरणराशीको भित्र एक कृष्णवर्णीय गोलक छ ।-

"हिरण्मये परे कोषे विरजं व्रहम निष्कलम्"-

हिरण्मय कोषको भित्र सुनिर्मल ब्रहमस्वरुप कृष्णवर्ण मण्डल अहा ! कस्तो अदभूत शतः शतः श्री शोभामा प्रस्फुटित भएर उठदछ ।

"तच्छुभ्रं ज्योतिषां ज्योतिस्तद् यत्तदात्मविदो विदुः"

त्यो अत्यन्त सुनिर्मल ज्योति जसको ज्योति हो, त्यही हो आत्मा । त्यस नव नव जलधर श्यामल शुभ्र सुनिर्मल श्यामसुन्दरको सौन्दर्यको कही कतै तुलना छैन-*"कृष्णस्य तुलना नास्ति"* । दुईटा धनुषको मुखामुखी एक साथ जोड्नाले जुन आकार रुपायित हुन्छ, त्यसको बीच स्थित कदम्ब पुष्प समान गोलाकार यस गोलोकको साधन-सम्भूत ज्ञानचक्षु द्वारा जसले दर्शन गर्दछन्, तिनीहरु ब्रहमलोकमा, गोलोकमा गमन गर्दछन् ।

"कोदण्डद्वयमध्यस्थं पश्यन्ति ज्ञानचक्षुषा ;
कदम्बगोलकाकारं ब्रहमलोकं व्रजन्ति ते ॥"

जुन साधना द्वारा आफ्नो भित्र यस आत्मस्वरुपको दर्शन हुन्छ, त्यही साधना हो 'अध्यात्म' साधना । किनभने त्यसै साधना द्वारा आत्मामा बुध्दि स्थिर हुन जान्छ, तब क्रियाको परावस्थारुपी स्थिर भाव उपलब्ध हुन्छ, यही यथार्थ 'अध्यात्म' हो-यही त्रिगुणातीत अवस्था हो इडा, पिंगला, सुषुम्नाको पर भावरुप निजवोधमात्र अवरुध्द अवस्था हो यही आत्मामा दुईटा भाव अवस्थाहरु विद्यमान हुन्छन्-एक हो गुण मय भाव र दोश्रो गुणातीत भाव । गुणमय भाव नै प्राणको स्पन्दन भाव हो, इडा, पिंगला-सुषुम्नाको मध्यगत अवस्था हो । प्राणको निःस्पन्द अवस्था नै गुणातीत अवस्था हो । परन्तु अवरुध्द रुप यस गुणातीत अवस्थामा पुग्नु छ त गुणहरुकै भित्रबाट भएर जानु पर्नेछ, अर्थात् इडा-पिंगला-सुषुम्नाकै सहायताले यी तीनैको परको अवस्था प्राप्त हुन्छ । यसैलाई नै उपनिषदमा "त्रिणाचिकेत" अग्निको उपासना भनिएको छ । कठोपनिषदमा छ -

"त्रिणाचिकेतस्त्रिभिरेत्य सन्धिं,
त्रिकर्मकृत तरति जन्म-मृत्यु ;
ब्रहमयज्ञं देवमीडयं विदित्वा,
निचाय्येमां शान्तिमत्यन्तमेति ॥" १-१-१७

त्रिभि = (इडा,-पिंगला-सुषुम्ना-यी तिन्टैको) सन्धि (मिलन अवस्थालाई एत्य (प्राप्त गरी) त्रिणाचिकेत (यस सूर्य-चन्द्र-अग्नि अर्थात् इडा, पिंगला सुषुम्नाको अर्चनारुपी) त्रिकर्मकृत (तिन्टै कर्मलाई जसले

गर्दछन्, अर्थात् यस त्रिगंगाधारामा जसले साधन गर्दछन्) जन्म मृत्यु तरति = (त्यसले जन्म मृत्युलाई अतिक्रम गर्दछन्। ब्रहमयज्ञं देवं = (ब्रहम एवं ब्रहमबाट उत्पन्न समस्त ज्योतिर्मय प्रकाशलाई) इड्यं-(पूजनीय) विदित्वा-(जानिकन)-नियाय्य-(त्यही आत्म हो) (यस किसिमसँग आत्मस्वरुपलाई उपलब्धि गरी) इमां अत्यन्तं शान्ति-(यस निरतिशय शान्तिलाई) एति (प्राप्त गर्दछन्)।

त्रिणाचिकेतस्त्रय मेतद् विदित्वा,
य एवं विद्वांश्चिनुते नाचिकेतम् ;
स मृत्युपाशान् पुरतः प्रणोद्य,
शोकातिगो मोदते स्वर्गलोके ॥"-१-१-१८

यः त्रिणाचिकेतः (यी तीनै अग्निहरुको उपासना गर्नेवाला) एतत् त्रयं (यी तीनै अर्थात् इडा-पिंगला-सुषुम्नालाई) विद्वित्वा (जानेर) एवं नाचिकेतं (यसरी अर्थात यी तीनैको ज्ञान द्वारा केवल एक नाचिकेत अग्निलाई मात्र) चिनुते -ध्यान गर्दछन्, अर्थात इडा-पिंगला-सुषुम्ना यी तीनमा प्रधान सुषुम्नाको जस्ले ध्यान गर्दछन्) सः (त्यो) पुरतः (देहपात हुनु पूर्व नै) मृत्युपाशान् (बारम्बार जन्म-मरणरुप पाशलाई) प्रणोद्य (छिन्न गरी) शोकातिगः (शोक देखि अतीत अवस्था प्राप्त गरी) स्वर्गलोके (स्वर्गमा अर्थात् सहस्रारमा) मोदते (परमानन्द अनुभव गर्दछन्)। [इष्टक एवं वाह्य अग्नि चयन द्वारा कसैले शोकातिग अवस्था प्राप्त गर्न सक्तैनन्।]

जीवको लागि सर्वश्रेष्ठ साधन त्यो हो जसद्वारा परमात्मासँग आत्माको मिलन प्राप्त हुन्छ। अतयव एस्तै किसिमको कर्मलाई अध्यात्म कर्म भन्दछन्, जस्मा अन्यान्य वासनाहरुको तरंगहरु अवरुध्द हुन जान्छन र केवल ब्रहम वासना स्फुरित हुन्छन। अतयव जुन कर्मद्वारा हामीहरुले ब्रहमसंमिलनरुप आनन्द लाभ गर्न सक्दछौं त्यही सर्वापेक्षा श्रेष्ठ अध्यात्म कर्म हुन। त्यो अध्यात्म कर्म के हो-चैतन्यको जीवावस्था नै 'भूतभाव' कहलाउँछ अर्थात् जुन प्राण स्थिर एवं अचंचल थियो, त्यो जब चंचल हुन्छ, तबै जीवभाव व्यक्त हुन्छ। जीवभाव व्यक्त हुँदा प्राण बहिर्मुखी भएर श्वास-प्रश्वासरुपी कर्मलाई उत्पन्न गर्दछन्। यसै श्वास प्रश्वासबाटै सृष्टि, स्थिति र पोषणको कार्य हुन्छ, अनि सन्सार प्रवाह चल्न लाग्दछ। त्यो प्रवाह फेरि कदापि रुक्न चाहँदैन। पश्चात् जब जीव सांसारिक तापहरुबाट सन्तप्त भएर कातर भै उठ्दछ र सहन सक्दैन, तब त्यसबाट त्राण पाउनको लागि श्री गुरुको शरणापन्न हुन्छ। उसले कृपा गरी आर्त्त शिष्यलाई उध्दारको बाटो बताई दिनु हुन्छ। जुन चंचल प्राणले संसार प्रवृत्ति प्रारम्भ हुन्छ, त्यसबाट निवृत्त हुनको लागि उल्टो बाटोलाई समात्नु पर्दछ। श्वास जुन भावसँग प्रवाहित एवं जीवभावलाई संजीवित गरिरहन्छन्, त्यही जीव प्रवाहको (जन्म-मरण-लीला) "उद्भवकर" भाव हो। श्वासको बहिर्गमनागमन भैरहनु नै त्यो 'भूत भावोदभवकर' भाव हुन। यसद्वारा जीव-जगतको प्रारम्भ एवं विस्तार हुन्छ। यो भाव जबसम्म रहन्छ, तबसम्म जन्म मृत्युको भवकरी विविध कर्महरुको हुरी चलिरहन्छन्। यस भावले घुम्दै घुम्दै अन्तमा उही अनादि, एक, अव्यक्त भावमा आई जीव सम्मिलित हुन जान्छन्। तब फेरि बहुभाव रहँदैन,

नानात्व रहँदैन । तबै प्रलयको अवस्था आउँछ, अव्यक्तमा आत्म-विसर्जन हुन्छ । यस भावलाई नै शिवभाव या ब्रहमभाव भन्दछन् । शिवभाव संस्थापित भएपछि प्राणकर्मको अवसान हुन्छ, बुध्दि आत्मामा स्थिर हुन्छ । जुन कर्म द्वारा जीवभावको विसर्ग एवं आत्मभाव संस्थापित हुन्छ त्यही कर्म-शव्द-वाच्य छ । यस विसर्गले सृष्टिरुप परिणाम अव्यक्त भावमा विलीन भएर शाश्वती अपरिणाम भावलाई प्रकाशित गर्दछ । तब समस्त प्रवाह संकुचन भएर अपरिणामी विन्दुमा आई विलीन हुन जान्छ ॥३॥

अधिभूतं क्षरो भावः पुरुषश्चाधि दैवतम् ;
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥४॥

श्री धरीय टीका-क्षरभाव, अर्थात विनश्वर देहादि पदार्थ नै अधिभूत हो, यसले प्राणीमात्रलाई अधिकृत गरिराखेको छ, यसैले एसलाई अधिभूत भन्दछन् । पुरुष अधिदैवत हुन अर्थात् सूर्यमण्डलवर्ती स्वांशभूत सबै देवताहरुको अधिपति वैराज पुरुषलाई अधिदैवत भन्दछन् । अधिदैवत यानी अधिष्ठात्री देवता । श्रुतिमा लेखिएको छ-जो प्रथम शरीरी छ, उसैलाई पुरुष भन्दछन् त्यो समस्त भूतहरु भन्दा पहिले उत्पन्न हुन्छ, उसलाई नै आदिकर्ता ब्रहमा भन्दछन् । यस देहमा अन्तर्यामिरुपले स्थित म नै अधियज्ञ हुँ अर्थात् यज्ञादि कर्महरुको प्रवर्तक एवं त्यसको फलदाता हुँ । कुन किसिमले यस शरीरमा अवस्थित छन्, यसको उत्तर पनि यसैमा दिइएको छ । म सत्वादिगुणहरुले रहित्, अन्तर्यामी तथा शरीरको अन्तर्वर्ती जीव भन्दा विलक्षण हुँ । श्रुतिमा लेखिएको छ-

"द्वा सुपर्णा सयुजा सखाया, समानं वृक्षं परिषस्वजाते ;
तयोरस्य पिप्पलं स्वाध्दत्यनशनन्नयो अभिचाक शीति ॥" इति

दुइटा परस्पर संयुक्त सख्य भावापन्न पक्षी एकै वृक्ष (शरीर) को आश्रय गरेकाछन् । तिनीहरुमा एकले त स्वादिष्ट फललाई खान्छ र अर्कोले नखाईकन केवल हेरिरहन्छ ।

यस देहमा अन्तर्यामीरुपले एवं सबै कर्महरुको प्रवर्तकको रुपमा म नै अधियज्ञ हुँ । मै सबकर्महरुको फलदाता हुँ । असंगादि गुणहरु द्वारा जीवात्मादेखि पृथक पनि हुँ । अर्थात् सत्त्वादि गुणहरुले शून्य, जीवदेखि विलक्षण, देहान्तर्वर्ती अन्तर्यामी हुँ । जीव फलभोक्ता अर्जुनलाई देहधारीहरुमा श्रेष्ठ भनिकन संवोधन गर्नाले यो संकेत गरिएको छ-तिमी पनि यस किसिमको अन्तर्यामित्वलाई प्रवृति-निवृत्तिको अन्वय-व्यतिरेक द्वारा अवगत हुन सक्दछौं । अर्थात् जीव स्वाधीन छैन, जीव फलभोक्ता भएर पनि फलदाता अरु कुनै छ । कर्ममा आफ्नो प्रवृत्ति एवं निवृत्ति देखेर सहजै अनुमान गर्न सकिन्छ-म कसैको इच्छाको अधीन भएर काम गर्दछु । यस द्वारा पृथक अन्तरयामीको सत्तालाई अनुमान गरिन सकिन्छ । अब यो हेर्नु छ-त्यस अधीनताको पाशबाट कसरी मुक्ति हुन सकिन्छ ? जसको अधीन रहिकन तिमी कर्म गर्दछौं,-त्यही अन्तर्यामी हुन र तिमी त्यही हौ । यही हो अन्वय व्यतिरेक द्वारा बुझ्नु या सम्झनु ॥४॥

आध्यात्मिक व्याख्या-"(३) अधिभूत पंचभूतहरुमा मन राख्नाले कूटस्थ अक्षरमा भाव हुन्छ-अर्थात त्यसैमा स्थिर रहन्छ-त्यसको पर उत्तम पुरुष देखिन जान्छ-त्यो आकाश समान निराकार छ-त्यसमा बुध्दि स्थिर राख्नुको नाम अधिदैव हो-शरीररुपी चर्मस्वरुप वस्त्र परिधान गरी जगत् ब्रहमाण्ड व्यापक ब्रहमसूत्र छ, जुन गुरु वक्त्रगम्य छ उसैले समस्त कर्महरु गर्दछन्-त्यसमा मन राखिकन सबै कर्महरुमा प्रवृत्त हुनु र कर्म गर्नु (४) अधियज्ञ कहलाइन्छ ।"

-पूर्व श्लोकमा भनिएको छ,-'अधि' माने बुध्दि । जब बुध्दिले आत्मालाई छोडी यस देहलाई लिएर क्रीडा गर्दछ, यस देहलाई नै आफ्नो स्वरुप मान्दछ, तब अधिभूत अवस्था हुन्छ । आकाश, वायु, तेज, जल एवं पृथ्वि तथा त्यसको गुण या सूक्ष्मावस्था शब्द, स्पर्श, रुप, रस एवं गन्ध यिनीहरु नै पंचभूत हुन । यी पंचभूतहरुमा मन रहँदामा नै 'अधिभूत' भाव हुन्छ । यी पंचभूतहरुमा मन अर्पित गरेर नै आत्माले जगत् -प्रपंचको सृष्टि गरी आफु आफैलाई जीवरुपमा आवध्द गरिराखेको छ । यस बाट उध्दारको उपाय के छ ?-*"विषस्य विषमौषधम्"*-विष निवारणको औषधि विष नैं हो । जुन किसिमसँग यी पंचभूतहरुमा जडित भै जगत्-प्रपंच व्यक्त भएको छ, त्यसवाट परिज्ञान पाउनको लागि पनि यी पंचतत्त्वहरुमा नै -मूलाधार-क्षिति, स्वाधिष्ठान=जल, मणिपूर=तेज, अनाहत=मरुत, विशुध्द=व्योम, आज्ञा=मन) रहेर साधन गर्नु पर्नेछ । यसरी साधन गर्नाले जुन स्थिरता आउँछ त्यही अक्षर भाव हो । यस अक्षरसित विस्तारै विस्तारै मिल्दै मिल्दै त्यसको साथ भाव अर्थात् मिलन हुन्छ । मन उसैमा नै स्थिर रहन्छ अर्थात् त्यही हुन्छ । त्यो भन्दा पर अधिदैव छ, यही पुरुष भाव हो । पुरुष अर्थात् देहरुपी पुरमा जो शयन गर्दछ । आकाश नै सब हो । त्यसै आकाशलाई प्राचीरले घेर्दामा पुर हुन्छ । हाम्रो देहरुपी पुरको भित्र जुन चैतन्यरुपी आकाश या चिदाकाश रहन्छ त्यही अधिदैव हुन । अनन्त प्रकाशमय वस्तु जब एक अन्तवान वस्तुको भित्र आत्मप्रकाश गर्दछ तब त्यसको रुप मानो देखिनमा आउँछ । जुन अमित-तेज-पुंज सम्पन्न सूर्यतिर ताक्न सकिदैन, त्यही जब एक पात्र स्थित जलमा प्रतिविम्वित हुन्छ तब त्यसको रुप सहजै देखिन जान्छ ठीक यसरी नै देहपुर भित्र जुन चिज्जोतिको प्रकाश देखिन जान्छ, त्यही हो अधिदैव पुरुष । आदि अधिदैव पुरुषको प्रतीक हो त्यो । त्यो देहरुपीपुरमा सर्वत्र व्याप्त छ । *"तस्मिन हंसतो भ्राम्यते ब्रहम चक्रे"*-त्यस ब्रहमचक्रमा आत्महंस घुम्दछ । यस ब्रहमचक्रलाई क्रियावान साधकले पहिले आज्ञा चक्रमा देख्दछन् । "यो कूटस्थ तेजः, अप्, अन्नस्वरुप छ, यही परम सूक्ष्म ध्वनिरुपा नित्या गायत्री हुन, यही दुर्गा हो, यस शरीररुप दुर्गमा रहन्छन् । त्यो कूटस्थ ब्रहम, अमृत, अक्षर एवं सूर्यस्वरुप छन् । त्यही सूर्यको वरणीय शक्ति हो । त्यसको उपासनाले मधुर रस समान अमृतरसको अनुभूति हुन्छ । यो शरीर ॐकार स्वरुप छ, ॐकार-क्रिया द्वारा काल, क्षेत्रज्ञ एवं प्रधानलाई जान्न सकिन्छ, अर्थात् महाविष्णु, विष्णु एवं ब्रहमालाई जान्न सकिन्छ । परावस्थामा सर्वदा स्थिति महाविष्णु, अल्पस्थिति विष्णु एवं अस्थिति ब्रहमा हुन । क्रियाको परावस्थामा सब एक हुन गये पछि अव्यक्त पद हुन्छ । त्यो सद्सदात्मक छ । जसद्वारा अश्रुत श्रुत बन्दछ, अमत मत हुन्छ अनि अज्ञात ज्ञात बन्दछ, त्यही ब्रहम हो । उसैबाट तेजः अप्, जल, त्यसको पर अन्न अर्थात् कूटस्थ छ । क्रिया द्वारा त्यो स्थिर भएमा त्यो अमृत स्वरुप कहलाउँछ । त्यही आत्मा या परव्योम हो ।-

"शक्तिः प्रथम सम्भूता गायत्री सा पदोत्तमा"-वायु पुराण-

पहिले श्वास जब ब्रहमयोनिको भित्र प्रविष्ट हुन्छ तब गायत्री पद प्राप्त हुनछ । त्यो जीवको त्राण कर्ता हो । ब्रहम योनि भित्र स्थितिको अर्थ श्वास मस्तकमा स्थिर हुनु हो , त्यसैलाई माहेश्वरी शक्ति भन्दछन् । -

"या सा माहेश्वरी मूर्त्तिर्ज्ञानरुपातिशोभना ;
व्योम संज्ञा परा काष्ठा सैषा हैमवती सती ॥"

त्यो मस्तक-स्थित शक्ति नै माहेश्वरी शक्ति हो, यस शक्तिको ज्ञान हुनासाथ साधक व्योम स्वरुप हुन जान्छ । यही पराकाष्ठा तथा यही सती हुन् अर्थात् प्रकृति नै ब्रहमस्वरुपा हुन् । जब केही पनि उत्पन्न भएको थिएन, तब सब चिज प्रकृतिकै भित्र अव्यक्त भावमा थियो । त्यो अव्यक्तावस्था नै सद्सद् भाव हुन अर्थात विकृत एवं अविकृत, नित्य एवं अनित्य दुवै यसको भित्र छ । ब्रम नै यी दुवै अवस्थाहरुलाई प्राप्त हुन्छन । यही सदसद् रुप दुई विन्दु हुन् । एसैको एक अपरिणामी र एक परिणामी, एक कूटस्थ र एक क्षर भाव छन् । श्वास अवरुध्द हुँदामा नै एसको बोध हुन्छ, सूर्य किरण समान निर्मल तेज उत्पन्न हुन्छ । त्यही माहेश्वरी शक्ति उपाधियोगले बहुरुपा हुन जान्छन् । धेरै दिन क्रिया गरेमा शान्ति, विद्या, प्रतिष्ठा एवं निवृत्ति -यी चार शक्तिहरुको अनुभव गरिन सकिन्छ, तबै आत्मानन्दको भोग हुन्छ । महादेवको यी चार मूर्त्तिहरु जगत् भित्र र बाहिर रहन्छन् । त्यो आत्मा नै कालस्वरुप अग्नि हो । कालबाटै सृजन, स्थिति र संहार हुन्छ । अतयव जगत् कालको अधीन छ । कालको वशमा समस्त प्राणीहरु छन् । काल कसैको वशमा छैन । परन्तु काल पनि महाकालको भित्र लय हुन जान्छ । यो महाकाल नै क्रियाको परावस्था हो । अतयव यसै अवस्थामा सवै रहनु पर्दछ । मायात्मिका शक्ति सारा आकाशमा विद्यमान छ अनि महादेव नै आत्मारुपमा विश्वरुप भैरहेछन । माया जब मायीलाई भेदन गर्दै एक हुन जान्छ तब विश्वेश्वरी नै विश्वेश्वर हुन जान्छन् । त्यो आत्मास्वरुप शिव एवं प्रकृति स्वरुपा शिवा स्वभावमा रहँदा खेरि दुवै समान छन् अर्थात क्रियाको परावस्थामा प्रकृति र आत्मा दुवै ब्रहममा रहनाले दुबै नै समान हुन जान्छन् ।

"यथा देवस्तथा देवी यथा देवी तथा शिवः ;
नान्ययोरन्तरं विद्याच्चन्द्रचन्द्रिकयोर्यथा ॥"

कूटस्थलाई हेर्दै हेर्दै पछि उत्तम पुरुष देखिन जान्छ जसलाई शास्त्रमा परमात्मा भन्दछन् । त्यो निराकार भएर पनि अरुपको रुपमा आकाश रुप छन्, त्यसमा बुध्दि स्थिर राख्नुको नाम अधिदैव हो [पृष्ठदेशमा मेरुदण्डमा सूक्ष्मरुपसँग इडा-पिंगला-सुषुम्ना यी तीनैको मुख क्रिया द्वारा एक भएपछि रथस्वरुप कूटस्थमा उत्तम पुरुष नारायणको दर्शन हुन्छ] । सूर्य सिध्दान्तमा लेखिएको छ-महादेवले जलमा बीज रोपण गर्नु भयो अर्थात् प्रकृति योनिमा वीर्य पतन भयो, त्यसबाट स्वर्ण समान अण्डको उत्पत्ति भयो । अन्धकारावृत्त

(जहां इन्द्रियहरुको प्रकाश छैन), निरुध्द (परव्योम) अवस्था देखि यो व्यक्त भयो। प्रथम ॐकार ध्वनि भयो, त्यसले आधा सुन एवं आधा चाँदी समान अण्ड उत्पन्न भयो। यसैकारण यस पुरुषलाई हिरण्यगर्भ भन्दछन्, प्रथम व्यक्त हुनुको कारण यिन्लाई आदित्य पनि भन्दछन्। यस कूटस्थको पर परम ज्योतिः स्वरुप सविता छन्, उसैले त्रिभुवनको पालन गरिरहेछन्, उनको जुन प्रकाश छ त्यही आत्माको स्वरुप हो। पुरुष, अव्यक्त, एवं पंचतत्व-यी सप्त प्रकृतिहरुबाट अण्ड आवृत छ। त्यसको भित्र कूटस्थ अनि कूटस्थ भित्र पुरुष छ। त्यसको वामदिशामा विष्णु एवं लक्ष्मी, दक्षिण दिसामा ब्रहमा र सरस्वती, पूर्वमा ईश्वर रुद्र कार्य गर्दछन्। एक महादेवको नै यी तीन रुप हुन। कूटस्थ प्रथम सविता हो, क्रियाको परावस्था द्वितीय सविता हो अनि तृतीय सविता हो परमज्योतिः सत्य ब्रहम, उनै जगतको जन्मादिको कारण हुन्। *"योऽसावादित्य पुरुषः सोऽसावहम्"*-जुन आदित्य मण्डलस्थ पुरुष छ त्यही म हुँ। यही ब्रहमाण्ड-व्यापक ब्रहमसूत्र हो। यिनैको सत्तामा समस्त निखिल भूत जगतको अस्तित्व छ। यही हुन अधिपज्ञ पुरुष। यसमा मनलाई राखेर समस्त कर्महरुमा प्रवृत्त हुनुको नाम हो अधियज्ञ भाव।

"एता वानस्य महिमा अतो ज्यायांश्च पुरुषः ;
पादोस्य विश्वाभूतानि त्रिपादस्यामृतं दिवि ॥"

यो सबै यज्ञहरुको फलदाता सबै भूतहरुमा अनुप्रविष्ट भैरहेछन्, यसै कारण यो विष्णु हो। यिनको दोश्रो नाम वासुदेव हो, सब यज्ञहरुको कर्त्ताहुनुको कारण उनी यज्ञेश्वर या कर्मकर्त्ता हुन। यस कर्त्तालाई जानी लिए पछि जीवको अहंभाव नष्ट हुन जान्छ। गीतामा श्री भगवान्ले जहाँ जहाँ 'अहं' शब्दको व्यवहार गर्नु भएकोछ, त्यहां त्यहां यही अधियज्ञ पुरुष या पुरुषोत्तम अभिप्रेत छ-यस्तो सम्झनु पर्दछ। सप्तम अध्यायमा-

"जरा मरण मोक्षाय मामाश्रित्य यतन्ति ये"-

जरा मरणबाट मुक्ति प्राप्त गर्नको लागि मेरो आश्रय गरी जसले यत्न गर्दछ-

"ते ब्रहम तद्विदुः कृत्स्नमध्यात्म कर्म चाखिलम"-

तिनीहरु त्यस परब्रहम, समस्त अध्यात्म तथा सारा कर्महरुको रहस्य देखि अवगत हुन जान्छन्। यही कर्म फलदाता हुन, कर्मले जब उनको आश्रय गर्दछ तब त्यस कर्मको फल रुपमा श्री भगवान् स्वयं आविर्भूत हुन्छन्। अब प्रश्न यो हुन सक्छ-यस 'अहं' को स्वरुप के हो ? त्यो कृष्ण, राम, विष्णु हुन या कुनै देवता विशेष ? के त्यो हामीहरु समान शरीरधारी हुन ? उनको हामीहरु समान आकृति त छ परन्तु त्यस आकारमा स्थूल जडदेहको धर्म छैन, बरु त्यो शुध्द चिदाकाश रुप छ।

"अयं हि विश्वोद्भव संयनाम्,
एकः स्वमाया गुण विम्बितो यः ;

विरिंचि विष्णवीश्वर नाम भेदान,
धत्ते स्वतन्त्र परिपूर्ण आत्मा ॥"

तृतीय अध्यायमा भगवान्ले त्यस आश्रय वस्तुको निर्देश गर्नु भएको छ-

"मनसस्तु परा बुध्दिर्यो बुध्देः परतस्तु सः"-

मन भन्दा बुध्दि श्रेष्ठ छ, जो बुध्दिको पर साक्षी स्वरुपमा अवस्थित छन् उही सर्वान्तर्यामी आत्मा हुन । *"सा काष्ठा सा परागतिः"* । उही काष्ठा हुन, उनी देखि पर अरु केही छैन, उनै समस्त भूतहरुको चरम गति हुन् । उनको भित्र ब्रहमाण्डको केही पनि छैन तथापि उनैबाट समस्त ब्रहमाण्डको झलक उठदछ । मुण्डकोपनिषदमा लेखिएको छ -

"दिव्यो ह्यमूर्तः पुरुषः स बाहयाभ्यन्तरो ह्यजः ;
अप्राणे ह्यमनाः शुभ्रो हयक्षरात्परतः परः ॥" २-१-२

त्यो पुरुष दिव्यः अर्थात् स्वयं ज्योतिस्वरुप छ, अमूर्त्त = कुनै विशेष आकार-विशिष्ट छैन-तथापि मन रुप उनैको हुन, त्यो वाह्य एवं अभ्यन्तर ज्ञानरुपमा बुध्दिको अभ्यन्तर तथा नाना नामरुपादिमयरुपमा वहिर्देशमा विद्यमान छन, त्यो जन्मरहित छ, अर्थात् नित्य छ । उनको प्राण छैन, मन छैन, त्यो शुभ्र छन, अर्थात् निर्मल, विकार वर्जित छन्, त्यो अक्षर अर्थात् अव्यक्त प्रकृति भन्दा पनि श्रेष्ठछन् ।

"एतस्माज्जायते प्राणो मनः सर्वेन्द्रियाणि च ;
खं वायु ज्योंतिरापः पृथिवी विश्वस्य धारिणी ॥" २-१-३

यस पुरुषबाटै प्राण (हिरण्यगर्भ) मन, सबै इन्द्रियहरु, आकाश, वायु तेज, जल एवं सब वस्तुहरुको आधार पृथिवी (मूलाधार) उत्पन्न भएको छ ।

"अग्निर्मूर्धा चक्षुषी चन्द्रसूर्यौ
दिशः श्रोत्रे वाग्विवृताश्च वेदाः ;
वायु प्राणो हृदयं विश्वमस्य,
पद्भ्यां पृथिवी ह्येष सर्वभूतान्तरात्मा ॥" -

यस पुरुषको मस्तक आकाश, चन्द्र र सूर्य दुई नेत्र, दिशाहरु कर्ण, ऋगादि वेदवाक्य, वायु प्राण, एवं यो अखिल विश्व नै मन हो । संकल्प वाटै मनको जगत् उत्पन्न हुन्छ र संकल्प मनको धर्म हुन । उनको दुवै पैतालावाट पृथिवी उत्पन्न भएको छ । यो पुरुष सबै भूतहरुको अन्तरात्मा हुन ॥४॥

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ;
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशय ॥५॥

श्री धरीय टीका-[प्रयाणकालमा तिमी कुन किसिमसँग ज्ञेय बन्दछौं, अर्जुनले यो प्रश्न सोधेको थियो, यसैले त्यो ज्ञानोपाय एवं त्यसको फल बताउँदै हुनु हुन्छ]-मलाई अर्थात् अन्तर्यामी परमेश्वरको स्मरण गर्दै जसले देहत्याग गरी अर्चिरादि मार्ग तथा उत्तरायण पथ द्वारा प्रकृष्टरुपमा गमन गर्दछ, त्यसले र त्यसको फल हो -मद्भाव-प्राप्ति ॥५॥

आध्यात्मिक व्याख्या-"अन्तकालमा कूटस्थलाई स्मरण गर्दै जसले शरीर त्याग गर्दछ, त्यो ममा नै मन लगाई राखेको कारण मेरै भावमा अर्थात् मैमा स्थित भै मुक्त हुन जान्छ, यसमा सन्देह छैन । जुन लय क्रियान्वित साधकलाई प्रतिदिन अनुभव भैरहन्छ ।"-

-जो जीवन मुक्त भैसकेको छैन, तर दृढ अभ्यासी साधक छन्, मृत्युकालमा उनलाई कुन किसिमसँग मुक्ति प्राप्त हुन्छ, यही विषय यँहा स्पष्ट गर्नु हुन्छ । ब्रहमज्ञ पुरुषहरुले प्राण उत्क्रमण गर्दैनन् । तिनीहरु शरीर रहँदैमा विमुक्ति प्राप्त गर्दछन् । उनीहरुको प्राण ब्रहममा लीन हुन जान्छन्, अतयव उनीहरुलाई जीवन या मृत्यु कुनैको अनुभूति हुँदैन । परन्तु जसले यस किसिमको सर्वोत्तम अवस्था अर्थात् नित्यस्थितिलाई प्राप्त गर्न सक्तैन, उनीहरुको यदि स्मरणाभ्यास दृढ छ भने त त्यसको फलस्वरुप मद्भावलाई प्राप्त हुन्छ, अर्थात त्यस साधकको मन आत्मस्वरुपमा लीन हुन जान्छ । क्रियावान मानिसहरुले प्रायः प्रत्यह यस अवस्थालाई केही न केही अनुभव गर्दछन् । तब मूलाधार देखि आज्ञाचक्रसम्म एक खिंचाव अनुभूत हुन्छ । जब अन्तकालमा कूटस्थ-स्मृति उदय भएपछि मन त्यसैमा रत्तिन्छ त त्यस मनमा अर्को चिन्तन हुँदैन । दोस्रो चिन्तन नहुनुको कारण आत्माकारमा उस्को स्थिति हुन्छ । त्यस अवस्थामा यदि प्राण उत्क्रमण गर्दछ त निश्चय नै मत्स्वरुपता अर्थात् परावस्था या मोक्षको प्राप्ति हुन्छ । यही आशाले गर्दा हाम्रो देशमा मृत्युकालमा जीवलाई भगवन्नाम श्रवण गराइन्छ । यदि उस्स्को ज्ञान रहन्छ भने त यसले केही उपकार त हुन्छ नै । परन्तु जो निरंकारी, नित्य साधनशील, भगवदर्पित चित्त साधक छन उनीहरुलाई मृत्युकालमा अज्ञान आउन सक्तैन । यद्यपि शरीर ल्केशको कारण विक्षेप आउँछ तथापि उसले श्री भगवान्‌लाई विर्सदैन ।

"क्षेत्रज्ञ आत्माको स्थान हृदय हो । मरणको बेला हृदयको अग्रभागमा ज्वलन द्वारा दीप्ति हुन्छ, त्यो तेजमाला हृदय देखि चक्षु, ओष्ठ, मूर्ध्दा आदि द्वारहरु बाट उत्क्रमण गर्दछ । त्यस प्रकाशित हृदयमा द्वारमा ज्ञानको बलले परमाविद्या तत्त्व ज्ञानरुप सामर्थ्य प्राप्त हुन्छ, तेसको प्रभावले अनुस्मृति योग द्वारा अन्तमा ब्रहम मा गति हुन्छ । तेस म्रियमाण पुरुषलाई कैवल्यको प्राप्ति हुन्छ, परम व्योमरुप परमात्मभाव प्राप्त हुन्छ । पश्चात् स्मृति योग द्वारा हृदयस्थित परमात्मा शिवको दर्शन हुन्छ । त्यस हृदयस्थ परमात्माको अनगुग्रहले १०१ नाडीहरु जुन हृदयमा छन, त्यसमा एक ऊर्ध्व नाडी द्वारा त्यो ऊर्ध्वपथमा उत्क्रमण गर्दछन । त्यस उदान वायुको नाडी द्वारा पुण्यवान पुण्यलोक अर्थात ब्रहमलोकमा जान्छन अनि पापी मनुष्यलोकमा जान्छन । जो मर्दछ उसको हृदयाग्र द्वारा ऊर्ध्वनाडी प्रकाशित हुन्छ र तेस रश्मिद्वारा आत्मा निष्क्रमण गर्दछ ।

यंयं वापि स्मरन्‌ भावं त्यजत्यन्ते कलेवरम
तं तमैवेति कौन्तेय सदा तद्‌भाव भावितः ॥६॥

श्री धरीय टीका-[अन्तकालमा मलाई स्मरण गरेमा मद्‌भाव प्राप्ति हुन्छ, केवल मेरो विषयमा मात्र यो नियम छ, यस्तो कुरा छैन । तब के छ त ?] -जो जुन भाव-देवतान्तर या अन्य कुनै भावको स्मरण गर्दै शरीर त्याग गर्दछ, त्यो त्यही स्मर्यमाण भावलाई प्राप्त हुन्छ । अन्तकालमा कुनै एक भावको स्मरण विशेषको हेतु के छ ? यसको कारण यो छ-त्यो व्यष्टि सदा त्यस भावना या अनुचिन्तन द्वारा वासित चित्त या अभ्यस्त हुन्छ ॥६॥

आध्यात्मिक व्याख्या-"मर्ने बेलामा जो जुन भावमा रहन्छ, त्यही भावले युक्त उसको परजन्म हुन्छ ।-"

-प्रत्येकको शरीर आ-आफनो भावानुरुपनै हुन्छ । कर्मानुरुप भाव उत्पन्न हुन्छन । जुन पुरुष अनुकम्पायुक्त छ, उसको शरीर , मन , इन्द्रियहरुको गठन एक किसिमको हुन्छ र जो क्रुर निर्दयी छ, उसको देह , मन, इन्द्रियहरु अर्कै किसिमको हुन्छ । हामी बाहिरबाट सदा यस कुरालाई लक्ष्य गर्न सक्दैनौ , परन्तु सूक्ष्मदर्शी तत्वज्ञानी हरुलाई यी समस्त कुराहरु देखिन जान्छन । सरल चित्त शिशुले आकृतिलाई देखेर सहजै बुझ्दछ-कसले उसलाई माया गर्दछ र कसले माया स्नेह गर्दैन । भावना द्वारा क्षण क्षण हामीहरुको आकृति परिवर्तित भैरहन्छ, विशेषतः अन्तः प्रतिकृति । हाम्रो जुन किसिमको कर्म संस्कार र भावनाहरु हुन्छन्, मृत्यु पछि हामीलाई तदनुकुल नै हामीलाई शरीर मिल्दछ । जीवित अवस्थामा हाम्रो भावमा धेरै परिवर्तन हुन्छन् । परन्तु एक शरीरमा हुनुको कारण शरीरको एक सामयिक परिवर्त्तन लक्षित भएर पनि त्यस्मा स्थायी परिवर्त्तन लक्ष्य गरिंइदैन । परन्तु मृत्यु कालमा जब हामी यस देहलाई त्याग गर्दछौं जुन देहमा फेरि फर्कने हुँदैन, तब मृत्युकालको भाव त्यस सूक्ष्म देहमा स्थायी हुन जान्छन । किनभने शरीरमा फर्केर आउँदा जुन परिवर्तनको सम्भावना हुन्थ्यो, मृत्युको कारण त्यो हुन पाउँदैन । यस कारण मृत्युकालमा चिन्तानुरुप भाव स्थायी हुन जान्छन अर्थात मनोमय सूक्ष्म शरीर तद्‌भावभावित हुन जान्छ । मृत्यु पश्चात् परलोकमा केहीकाल रहेर जब फेरि नुतन शरीर धारणको समय हुन्छ, तब कर्महरुको भोगायतन स्थूल शरीर, भावमय या मनोमय सूक्ष्म शरीरको अनुरुप भावमा रचित हुन्छ । यही ईश्वरीय विधान हो । मरणकालको चिन्ताशक्ति अतिशय प्रबली हुन्छ । मृत्युकाल उपस्थित भएपछि चित्तको व्याकुलतावश त्यस समय अनेक भावहअरु एकसाथ समुदित हुन्छन । क्रमशः जब इन्द्रियहरुको शक्ति र मनको शक्ति रहँदैन, तब मनमा अवशभावले कति कति चिन्ताहरुको उदय हुन्छ । त्यस्लाई पूर्वकृत कर्महरुको अनुध्यान पनि भन्न सकिन्छ । तब यो चिन्ता गरुंला या नगरुंला । अवशभावले उनलाई पूर्वकृत कर्महरुको प्रकृतिहरुलाई हामी आफनो मानसपटलमा मानो अंकित देख्न पाउँदछौं । चिन्ताहरु क्रमशः पिण्डीकृत भएर सामुन्ने आउँछन अनि हामी मानो त्यसैको भित्र प्रवेश गरी त्यही हुन जान्छौं । उपनिषदमा लेखिएको छ-

"वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम्
ॐ क्रतो स्मर कृतं स्मर क्रतो स्मर कृतं स्मर ॥"-

मृत्युकालमा प्राणवायुको साथ सूक्ष्म शरीर वायुरुपी सूत्रात्मालाई प्राप्त हवोस । यो शरीर भस्ममा मिलोस । हे शुभाशुभ चिन्ताशील मन ! तिमी आफनो कृत कर्महरुलाई स्मरण गर । शंकराचार्य भन्नुहुन्छ- "हे क्रतो संकल्पात्म ! स्मर यत् मम स्मर्तव्यम्, तस्य कालोऽयं प्रत्युपस्थित , अत स्मर ! एतावन्तं कालं भावितं कृतमग्रे स्मर-यत् मया बाल्यप्रभृत्यनुष्ठितं कर्म, तच्च स्मर ।" हे संकल्पात्मक मन । जुन तिम्रो लागि स्मरण गर्नु उचित छ तेसको अब स्मरण गर, समय आइसकेको छ । शैशव देखि अहिले सम्म जुन समस्त कर्मलाई गरेका छौ पहिले उनकै स्मरण गर ।

यसवाट यस्तो बुझिन्छ-मृत्युकालमा जब केही बेरपछि नै यो शरीर भस्मान्त हुन जानेछ-जीवनमा गरिएका कर्महरुको प्रतिच्छाँया अवश भावले मनमा उदित हुन्छ , त्यही स्मरणको कुरा यहाँ भनिएको छ । किनभने आगामी शरीर तदनुरुप नै हुन्छ । सप्त दश अवयव युक्त लिंग देहमा नै जीवको शुभाशुभ कर्महरुको संस्कार निहित हुन्छन । अगाडि जुन शरीर बन्नेछ त्यसले यी संस्कारहरुको भोग सम्पादन गर्नकालगि तदनुकुल स्थूल शरीरको गठन गरिलिने छ ।

यसैकारण देखिन गएको छ दीर्घकाल सम्म तपस्या गरेर पनि राजा भरतलाई मृत्युकालमा मृगशिशुको चिन्तामा अभिनिविष्ट हुनुको कारण दोस्रो जन्ममा हरीणको शरीर प्राप्त भएको थियो । नन्दिकेश्वर सदा शिबको चिन्तन गर्दथ्यो, यसै देहमा शिवरुपलाई प्राप्त भएको थियो । यस जन्मको गम्भीर अभिनिवेश द्वारा यस जन्ममा नै तत्तत् भावको प्राप्तिको कुरा सुनिन्छ । शरीरको पनि परिवर्तन हुन्छ । मनको परिवर्तन हुनुको त अनेक कथाहरु सुनिन्छ । एउटा चेलो धेरै अन्यमनष्क थियो, पाठमा मन लाग्दैनथे, गुरुले यसको कारण जानेर उसलाई आफनो अति प्रिय भैंसीको चिन्ता गर्नको निम्ति भन्यो । त्यसलाई चिन्तन गर्दै गर्दै आफनो ध्येय वस्तुमा तन्मय हुन गयो त्यो । उसको बाहय ज्ञान नष्ट भयो । जब गुरुले उसलाई सचेत गरी आफनो पासमा आउनलाई भने, तब त्यो बोल्यो-म कसरी तपाईको पासमा आँउ ? मेरो सिंग नजिकको वृक्षमा अडकिने छ । तन्मयताको प्रभाव यस्तो हुन्छ । जसको मन साधनाको अभ्यासले आत्मा साथ तन्मयता प्राप्त हुन्छ । उसको मन आत्माराम हुन जानेछ यसमा सन्देह नै के छ र ?

तस्मात सर्वेषु कालेषु मामनुस्मर युध्य च
मय्यर्पित मनोबुद्धिर्मामेवैष्यस्य संशयः ॥७॥

श्री धरीय टीका-[किनभने अन्तकालमा स्मृतिको हेतु छ पूर्व वासना या संस्कार र यस कारण जो मरण समयमा विवश परिरहन्छ , उसको लागि नयाँ किसिमसँग स्मरणोद्यम गर्नु संभव छैन ।] -अतयव सर्वदा मेरो चिन्तन गर, परन्तु चित्तशुद्धि विना सतत स्मरण हुन सक्तैन , अतयव चित्त शुद्धिको लागि युद्धादि स्वधर्मको अनुष्ठान गर । यसरी संकल्पात्मक मन एवं व्यावसायिक बुद्धि ममा अर्पित भए तिमीले मलाई नै पाउने छौ । यसमा कुनै संशय छैन । ॥७॥

आध्यात्मिक व्याख्या-"यसकारण सदा यस आत्मामा जो स्थिर स्वरुप भएर ब्रहमस्वरुप हुन जान्छन र अर्थात परमात्मा, उनैको स्मरण गर्दै क्रिया गरिरहुं।

कोही कोहीले सोच्ने गर्दछन-यावज्जीवन भगवच्चिन्तन नगरे पनि मरणकालमा यदि उनको अनुचिन्तन गरिन्छ भने त सारा झंझट मेटिनेछ। परन्तु जीवन भरी उनलाई विर्सिएर मृत्युकालको समयमा तिमीले उनको स्मरण गरी पार हुनेछौ यस्तो न सोचनु। यद्यपि कुनै कुनै मानिसको जीवनमा यस्तो घटना घटेको छ, यो वस्तुतः देखिनमा आउँछ। परन्तु ती एक दुई घटनाहरुमा विश्वास गरी निश्चेष्ट भएर कालक्षेप गर्नु बुद्धिमानको काम होइन। जुन एक दुई जीवनमा एस्तो प्रमाण मिल्दछ, त्यसको मूलमा पूर्व जन्मको अभ्यास एवं संस्कार रहन सक्छ, अनि हुन सक्छ उसको जीवन पुण्य एवं पाप दुवै संसकारले विमण्डित होस र संभव छ, यस जीवनमा दुष्कृतिको फलस्वरुप कुकर्ममा प्रवृत्ति हुन गयो , परन्तु उसको फलभोगको समय समाप्त भएपछि उसको सुकृतिको उदय भएर त्यो मृत्युको समयमा भगवत् स्मरण गर्नमा सक्षम भएको होस। यसैले सबैको लागि यो संभव छ, यस्तो सोच्नु ठीक छैन। किनभने यस्तो नहुनुमा वढी संभव छ। अतयव जुन आफनो निम्ति साध्य छ, त्यसको उपेक्षा गरेमा वंचित हुनुकै अधिक संभावना छ। यसैले यस विषयमा जुन राजपथ खडा छ, त्यसैको अनुशरण गर्नु सर्वतोभावेन कर्तव्य हो। अतयव पहिले देखिनै तयार होऊ, मेरो सदा स्मरण गर, तबै नि अन्तकालमा शतशत शारीरिक कष्ट भएर पनि मेरो स्मृति नष्ट हुने छैन। जसको चित्त शुद्ध भएको छैन, त्यो सर्वदा स्मरण गर्नमा समर्थ हुँदैन। पूर्व संस्कारहरुको वेग आधिक्यकोकारण नाना वासनाहरुले मनलाई विक्षिप्त गरिदिन्छन। स्मरणमा मन लगाउने इच्छा भएर पनि मनुष्य समर्थ हुँदैनन्। जसले भगवद् अर्पित चित्त भैकन कर्म गर्दैन , उसको मनको मैला दूर हुदैन, त्यसको लीग सर्वदा भगवत् स्मरण संभव छैन। पूर्वकृत कर्महरुको नजाने कतिकति भारी हामीहरुको काँधमा वसिरहेका छन, त्यसले त अनर्थ गर्नेनै छ। त्यस संस्कारलाई नष्ट गर्नको लागि प्रकृष्ट उद्यमकोआवश्यकता छ। यसैले श्री भगवान भन्नु हुन्छ "स्मरण गर" परन्तु स्मरणमा पनि नानाविध विध्न आउनेछन यसैले युद्धगर अर्थात प्राणपणसँग चेष्टा गर। अर्जुन क्षत्रिय हुन, क्षत्रिय भावापन्न साधकको स्वधर्म हो युद्ध अर्थात् प्राणपनले साधनाभ्यास। यस साधनाभ्यास बाट कहिल्यै विरत नहुनु, यस द्वारा नै प्रवृत्तिपक्षीय वासनाराशी पराजित हुन जानेछ। जसले सदा मन लगाएर क्रिया गर्दछ, उस्को मन आत्मस्थ हुन जान्छ। जब मन आत्मस्थ भएर विलीन हुन जान्छ तब फेरि कुनै संस्कार रहँदैन, एक अखण्ड आत्मसत्ताले सब चिज भरिन जान्छ। यही परमात्माको स्वरुप हो, यसमा मन, प्राण वुद्धिको पृथक अस्तित्व रहँदैन, सबकासब आत्माकाराकारित हुन जान्छन। यसैको दोस्रो नाम हो आत्मसमर्पण। यो समर्पण जसको ठीकठीक सँग भएको छ उस्को फेरि बहिर्दृष्टि रहँदैन अतः जगतको कुनै वस्तु उसको सामुन्ने पृथक भावले रहँदैन। यसैले साधकलाई यस विषयमा सदा जागरुक सावधान रहनु पर्दछ-एक स्वास पनि खेर गै विफल हुन नपाओस। जसको सदा यसरी स्वतः स्मरण चलिरहन्छ, त्यही जीवन मुक्त पुरुष हुन। उनीहरुलाई हामीहरुको समान वलपूर्वक मनलाईतानी ल्याउनु पर्दैन, उनीहरुको मन स्वयं नै श्री भगवान्को चरणहरुमा लुटपुटिन लागदछन। त्यस मनबाट आफ्नो काम या सन्सार प्रपंच हुँदैन, त्यो भगवान् हुन जान्छ। भगवान्लाई छाडेर अरु कुनै स्मरण उसले गर्न पाउँदैन।

यदि उसले केही वाहिरको काम गर्दछन् त त्यसले मानो उनै द्वारा आदिष्ट भएर गर्दछन । यसैले कर्मको फलाफलमा उनको भ्रूक्षेप पनि हुदैन । साधना द्वारा जबसम्म यो अवस्था आउँदैन तबसम्म अहंकार रहन्छ, "म मेरो तं तेरो" बनिरहन्छ । यस अवस्थालाई विजय प्राप्त गर्नुको लागि क्षत्रिय तेजकोआवश्यकता हुन्छ । युद्धमा अपलायन नै क्षत्रियको प्रधान धर्म हो । साधन गरिरहेको समयमा यस किसिमको भाव मनमा भएन भने त उसले कदापि युद्धमा जय प्राप्त गरी आत्मराज्य स्थापन गर्न सक्दैन । मुण्डकोपनिषदमा लेखिएको छ । -

"तदेतदक्षरं ब्रहम स प्राणस्तदु वाङमन
तदेतत्सत्यं तदमृतं तद्वेद्धव्यं सौम्य विद्धि ॥

यही त्यो सर्वाश्रय अक्षर ब्रहम हो, उही प्राण हुन, उही वाक् एवं उही मन हुन । जुन प्राणको पनि प्राण छ त्यो अक्षर ब्रहम नै परम सत्य हो , त्यही अमृत हो, त्यसलाई विद्ध गर्नु पर्नेछ, अर्थात मन द्वारा ताडित गर्नुपर्नेछ । त्यसैमा मन समाहित गर्नु पर्नेछ । कुन किसिमसँग विद्ध गर्नु पर्ला ?

"धनुर्गृहीत्वौपनिष्दं महास्त्रं शरं ह्युपासा निहितं संदधीत ,
आयम्य तद्भावगतेन चेतसा, लक्ष्यं तदेवाक्षरं सौम्य विद्धि ॥ मु॰ २-२-३

हे सौम्य ! उपनिषदमा प्रसिद्ध महास्त्र या महामन्त्ररुप धनुषलाई ग्रहण गरी त्यसमा "उपासा निशित" अर्थात अनवरत उपासना द्वारा तनुकृत मनरुप शरलाई योजित गरोस । शर सन्धान पश्चात् आयम्य-धनुष तानीकन अर्थात इन्द्रियहरु संगै अन्तःकरणलाई स्वस्व विषयहरुवाट खिंचेर तद्भावगतेन लक्ष्य विषयमा अनुराग सम्पन्न चित्त द्वारा त्यसलक्ष्य स्वरुप अक्षर ब्रहमलाई विद्ध गर । यसै कुरालाई अझै पनि प्रष्ट गरी भन्दछन

"प्रणवो धनुः शरो ह्यात्मा ब्रहम तल्लक्ष्यमुच्यते
अप्रमत्तेन वेद्धव्यं शरवत्तन्मयो भवेत ॥

प्रणव या ॐकार धनुः स्वरुप हो । जसरी धनुष शरको लक्ष्य वींधनुको कारण हो, उसरी नै प्रणव नै ब्रहमरुप लक्ष्य वस्तुमा, आत्मा अर्थात् बुद्धिरुपी शर प्रवेशको कारण हो । त्यस अक्षर ब्रहमरुपी लक्ष्यलाई अप्रमत्तभावले अर्थात बाह्य विषयहरुमा तृष्णावर्जित भएर विद्ध गुर्न पर्नेछ । शर जसरी मृगादि लक्ष्य वस्तुमा प्रविष्ट हुन जान्छन, तेसरी नै चित्त पनि लक्ष्यको साथ एकात्म भावलाई प्राप्त हुन जानेछ । यसरी ब्रहमसत्तामा चिदाभास अभिन्न हुन जान्छन् ।

श्री भगवान् भन्नु हुन्छ-यस किसिमसँग त्यसमा मनलाई नियोजित गर्नुपर्ने छ । यस प्रकार संयोगको प्रयत्न द्वारा नै भूतशुद्धि हुन्छ । भूत शद्धि भएपछि सबकासब ब्रहममय हुन जान्छन् । यस अवस्थामा निःसंशय तिमीले मलाई प्राप्त गर्नेछौ, अर्थात 'म' हुन जानेछौ तब 'तिमी' रहने छैनौ ॥७॥

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥

श्री धरीय टीका-[अभ्यास नै सतत स्मरणको अन्तरंगसाधन हो, यही देखाउनको लागिभन्नुहुन्छ]- सजातीय प्रत्यय प्रवाह नै अभ्यास कहलाउँछ । हे पार्थ त्यस अभ्यासरुपी योग या उपाय द्वारा द्योतनात्मक (ज्योतिर्मय) परमेश्वरलाई एकाग्रं यानी विषयान्तरमा गमन रहित चिन्तन द्वारा चिन्तन गर्दागर्दै साधकले उन लाई प्राप्त गर्दछ ॥८॥

आध्यात्मिक व्याख्या-"क्रमश क्रियाको अभ्यास गर्दै गर्दै धारणा ध्यान समाधिपूर्वक आत्मामा अडकी रहेर -क्रियाको परावस्था यानी जब मनआफै अन्य दिशामा जाँदैन,तब आकाश समान नै नराकृति परमपुरुष जो जगतका नाथ हुन-ब्रहमको अणुमा चिन्तन गर्दै गर्दै देख्न सक्नेछौ ।"

पहिले चित्तलाई अन्य विषयतिर जान नदेऊ, साधनाभ्यास द्वारा जसबाट त्यो एकाग्र एवं अनन्यगामी होस त्यही उपाय गर्नु पर्नेछ । यस अभ्यासको बललेनै ध्यानावस्था प्राप्त हुनेछ । चित्तमा सजातीय प्रत्यय धारा प्रवाहित गर्नको लागि पुनः पुनः प्रयास गरिरहनुको नाम अभ्यास हो । यस किसिमको अभ्यासको फलले चित्त बहिर्मुखी हुँदैन, आत्मामा नै अडकिरहन्छ । तब मन स्वयं आत्ममुखी हुन जान्छ , अरुतिर जाँदैन । यही क्रियाको परावस्था या समाधि हो । यस अवस्थामा योगीले परम पुरुष या पुरुषोत्तमको दर्शन गर्दछन । पहिले गुरुको उपदेश अनुसार साधन गर्दै गर्दै अनेक चित्र विचित्र रंगविरंगको आश्चर्यहरुलाई देखेर विस्मयापन्न हुन जान्छन त्यो । पश्चात् चारैतिर अग्निस्वरुप ज्योति एवं त्यसको भित्र कूटस्थलाई देख्दछन, त्यही द्योतनात्मक आदित्य हुन । तन्मण्डलस्थ पुरुषलाई नै श्रुतिले "यश्वासावादित्य-पूरुष " भन्दछन । कूटस्थ भित्र नक्षत्र, एवं नक्षत्र भित्र गुहा, तथा गुहाको भित्र ज्योति एवं ज्योतिको भित्र कूटस्थ तथा कूटस्थ को भित्र उत्तम पुरुष देखिन्छ । कति कति देवता देवी एवं सिद्ध पुरुष कूटस्थको भित्र देखिन जान्छन । आकाशको जुन मूर्त्तिहरु देखिन जान्छन, तिनीहरु जस्तो आकाश सिवाय अरु केही होइन, उसरी नै चिदाकाशमा जुन नराकृति परम पुरुष देखिन्छन् त्यो पनि चिदाकाश नै हो । तत्पश्चात् मन सूक्ष्म ब्रहमको अणुमा प्रवेश गर्दछ, तब भित्र बाहिर सब एक हुन जान्छ । यस कूटस्थमा चित्तको स्थितिकोलागि प्रयत्न अर्थात द्रष्टाको स्वरुपावस्थानको लागि जसले पुनः पुनः प्रयास गरि नै रहन्छ, त्यसको नाम पनि अभ्यास हो । यो अभ्यास एवं ब्रहम विचार भिन्न वस्तुहरु होइन । अवश्य नै मौखिक वेदान्त आदिको आलोचनालाई ब्रहम विचार भन्न सकिन्न, ब्रहम सत्तामा अवस्थानको प्रयत्न नै ब्रहम विचार या ब्रहममा विचरण हो । साधन गर्दा गर्दै चित्तवृत्ति शून्य भएमा चित्तको जुन प्रशान्त वाहिता निरोध प्रवाह छ, त्यसलाई स्थिति भन्दछन र त्यस स्थिति कोलागि वीर्यपूर्वक जुन प्रयत्न गरिइन्छ, त्यसैका नाम अभ्यास हो । यस किसिमको पौरुष प्रयत्न या अभ्यासको बलले नै चित्त अनन्य गामी हुन्छ, अनि त्यस अनन्यगामी चित्त द्वारा जीवलाई भगवत् प्राप्तिरुप परम कल्याण प्राप्त हुन्छ । उपनिषदमा लेखिएको छ-

"नायमात्मा बलहीनेन लभ्यो
न च प्रमादात् तपसो वाप्यलिंगात्
एतै रुपायैर्यतते एस्तु विद्वान्-
स्तस्यैष आत्मा विशते ब्रहम धाम ॥"

यो आत्मा आत्मनिष्ठासमुत्पन्न शक्ति द्वारा नै लभ्य छ, आत्मज्ञानको प्राप्तिको साधनामा जो उद्यमहीन् छन तिनीहरुलाई यो लभ्य छैन । ऐहिक वित्त पुत्रादिमा अत्यन्त आसक्तिरुप प्रमाद भएमा त्यो लभ्य हुँदैन । शास्त्रविधि बहिर्भूत तपस्याबाट पनि त यो लभ्य छैन । परन्तु जुन विद्वान साधकले यी सारा उपायहरु द्वारा (आत्मनिष्ठासमुत्पन्न बल, विषयासक्तिशून्य आत्मानुराग, शास्त्रसम्मत तपस्या द्वारा) आत्म साक्षातको प्रयत्न गर्दछ । उसैको आत्मा ब्रहमधाममा प्रवेश गर्दछ ॥८॥

कविं पुराणमनुशासितार-
मणोरणीयांसमनुस्मरेद यः
सर्वस्य धातारमचिन्त्यरुप-
मादित्य वर्णं तमसः परस्तात् ॥९॥

श्री धरीय टीका-[फेरि त्यस स्मरणीय पुरुषको सम्बन्धमा दुई श्लोकहरुमा विशेषरुपले भनन‌ु भैरहेकाछन] त्यो स्मरणीय पुरुष सर्वज्ञ, सर्वविद्यानिर्माता, अनादिसिद्ध, नियन्ता, सूक्ष्मभन्दा पनि सूक्ष्मतर, अति सूक्ष्म आकाश, काल, दिकभन्दा पनि सूक्ष्मतर छ । सबैको पोषक, अपरिमित महिमाको हेतु अचिन्त्यरुप, अर्थात मलिन् मनोबुद्धिको अगोचर तथा प्रकृतिको पर वर्तमान छ । श्रुति भन्दछन्-"महान पुरुषलाई मैले जानिलिएको छु , त्यो आदित्यवर्ण अर्थात नित्य चैतन्य प्रकाशस्वरुप तथा अज्ञानरुप मोहान्धकारको परपारमा अवस्थित छन् ॥९॥

आध्यात्मिक व्याख्या-"त्यो कवि हुन्छन-प्राण पुरुष अणुको अणु-माटोको अणु जलको अणुमा मिल्न जान्छ -जलको अणु तेजको अणुमा तेजको अणु वायुका अणुमा, वायुको अणु आकाशको अणुमा, आकाशको अणु ब्रहमको अणुमा-ब्रहमको अणुको एक अंशमा त्रिलोक छ, यस किसिमसँग महादेव एक ब्रहम हुन जान्छन -त्यस ब्रहमबाटै सारा सृष्टि हुन्छ-चिन्तन द्वारा त्यसलाई पाउनुको उपाय छैन । *किनभने दुई विना चिन्तन हुँदैन, अनि ब्रहम छएक* । अतः क्रियाको परावस्थामा रहेर एक हुनु बिना हुँदैन । यसै कारण शास्त्र एक ब्रहमकै कुरा गर्दछन-त्यो कस्तो छ, मानो सूर्य समान प्रकाशमान-अभ्रपर तम (अन्धकार) स्वरुप (योनिमुद्रा) छ, त्यो कूटस्थ ब्रहम हुन जसको विषयमा वेद-वेदान्त सवैले बताउँदछन-त्यो गुरु वाक्य द्वारा लभ्य छ ।" "यन्मनसा न मनुते" मनले जसलाई मनन गर्न सक्तैन अर्थात मन पनि त्यस ब्रहमाणुको सामुन्ने अति स्थूल छ । स्थूल जसरी सूक्ष्म कोभित्र प्रवेश गर्न सक्तैन, हाम्रो मन पनि त्यसरी नै ब्रहमाणुको भित्र प्रवेश गर्न सक्तैन । मन जबसम्म मनन धर्म विशिष्ट हुन्छ तब सम्म मनको चिन्तनमा ब्रहमाण्ड वास गर्दछ । मनको यस किसिमको स्थूलत्व भाव रहनुको कारण त्यस्लाई "अणुभ्योऽणुश्च" अर्थात अणुभन्दा पनि अणुब्रहम को दर्शन हुँदैन ।

न चक्षुषा गृहयते नापि वाचा, नान्यैर्देवैस्तपसा कर्मणा वा
एषेऽणुरात्मा चेतसा वेदितव्यो, यस्मिन प्राणः पंचधा संविवेश ॥"

रुप नहुनुको कारण कसैले उसलाई चक्षुद्वारा ग्रहण गर्न सक्दैन । अनिर्वचनियता को कारण त्यो वाक्य द्वारा पनि ग्रहण गर्न सकिदैन । अन्य इन्द्रियहरु द्वारा पनि ग्रहण हुँदैन, न तपस्या या कर्म द्वारा ग्रहण गर्न सकिन्छ । जुन शरीरमा यो प्राण पंचधा विभक्त भएर सम्यकरुपले प्रविष्ट छ त्यही शरीरस्थ हृदयभित्र यस अति सूक्ष्मक आत्मालाई जान्नु पर्दछ । जे जति छन सब चित्त द्वारा व्याप्त छ, त्यो चित्त शुद्ध भएमा यो आत्माले स्वस्वरुपमा आफुलाई प्रकट गर्दछ । चित्त शुद्धिको क्रिया द्वारा वायुलाई कुम्भकावस्थामा राख्दा मन आफसे आफ चारैतिर देखि प्रत्याहृत भएर शून्यमा प्रवेश गर्दछ र निजानन्दमा तल्लीन हुन जान्छ । तेसमा रहँदा रहँदा नै उत्तम पुरुष नारायण देखिन जान्छ, तब साधकलाई अलौकिक शक्ति प्राप्त हुन्छ, बुद्धिमा तीक्ष्णता हुन्छ । अग्निको तेज समान एक तेज देखिन्छ त्यही ब्रहम हो । प्राणायाम, प्रत्याहार, धारणा, ध्यान एवं समाधि यी पाँच योगको धर्म हुन । प्राणायामको अभ्यास द्वारा प्रत्याहार अनि त्यस पछि क्रमशः धारणा ध्यान एवं समाधिको अवस्था उदय हुन्छ । यो विश्वभ्रमणकारी मन जब क्रियाको परावस्थामा प्रवेश गर्दछ तब अन्य कुनै वस्तु तिर दौडिदैंन । क्रिया गर्दा गर्दै आफसे आफ हृदय स्थिति हुन्छ । तब साधक पनि ब्रहमको अणुको अंशमा रहेर अणुस्वरुप हुन जान्छ । ब्रहमको यस अणुमा आसक्तिपूर्वक रहँदा खेरि त्यसमा चित्त अर्पित हुन्छ । सदा ब्रहमको अणुमा मन लाई लगाई राख्नाले मन ब्रहमाणुसँग संलग्न भएर तद्रुप हुन जान्छन् । राम्रोसंग मन लगाई उनको चिन्तन गरेमा उनको नै वारम्बार स्मरण हुन्छ । तब त्यो अव्यक्त पूर्ण ब्रहमस्वरुप परमात्मा क्रियाको परावस्थामा तेजोविन्दु रुपमा देखिन जान्छन् । त्यस तेजोविन्दुमा मन लीन भएमा जुन भाश्वर तेजको प्रकाश हुन्छ साधकले त्यस तेजरुपलाई हेर्दा हेर्दै पूर्ण ब्रहमस्वरुप हुन जान्छ । तब सबै वस्तुहरुको नाश हुन जान्छ ॥९॥

प्रयाणकाले मनसाऽचलेन
भक्त्या युक्तो योगबलेन चैव
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक
सतं परं पुरुषमुपैति दिव्यम् ॥१०॥

श्री धरीय टीका-जसले प्रपंचको साथ प्रकृतिलाई भेदन गरेको छ, तिनीहरु अन्तकालमा भक्तियुक्त भएर विक्षेप रहित मन द्वारा स्मरण गर्दै गर्दै प्रयाण गर्दछन, तिनीहरु त्यस परमात्मस्वरुप द्योतनात्मक पुरुषलाई प्राप्त हुन्छन् । मन को निश्चलताको कारण यो छ-योगबल द्वारा सुषुम्नामार्ग देखि भ्रुहरुको बीचमा प्राणलाई आविष्ट गरेमा मन निश्चल हुन जान्छ-[पूर्व हृदयपुण्डरीको वशीकृते चित्तं तत ऊर्ध्वगामिन्या नाड्या भूमिजयक्रमेण भ्रुर्वोर्मध्ये प्राणमावेश्य स्थापयित्वा सम्यक् अप्रमत्तः सन् स एवं बुद्धिमान् योगी तं परंपुरुषं उपैति प्रतिपद्यते । भक्त्या युक्तो भजनं भक्ति : तया युक्तो योगबलेन चैवयोगस्य बलं योगबलं तेन समाधिजसंस्कार प्रचयजनित चित्तस्थैर्य लक्षणं योगबलं तेन च युक्त इत्यर्थ : । -प्रयाण गर्नु भन्दा

अधि देखि नै योगीलाई हृदयपुण्डरीकमा धारणा द्वारा चित्तलाई वशीभूत गर्नुपर्दछ, त्यसपछि भुमिजय-(पंचचक्र या पंचतत्व भेदन) एवं ऊर्ध्व गामिनी नाडी (सुषुम्ना) द्वारा प्राणलाई भ्रुमध्यमा स्थापन गर्नु पर्दछ। यस श्लोकमा भक्ति शब्दको अर्थ भजन हो। समाधि संस्कारहरु द्वारा उत्पादित जुन चित्तस्थैर्य छ, तेही चित्त स्थैर्यरुप योगबल हो-शंकराचाय]-["चित्तं हि स्वभावतो विषयेषु व्यापृत तेभ्यो विमुखीकृत्य हृदयपुण्डरीकाकारे परमात्मस्थाने यत्नतः स्थापनीयम्। इडापिंगले दक्षिणोत्तरे नाड्यौ हृदयान्निःसृते निरुध्य तस्मादेव हृदययाग्रा दूर्ध्व गमन शीलया सुषुम्नया नाड्या हार्द्द प्राणमानीय कण्ठावलम्बितं स्तनसदृशं मांसखण्डं प्रापय्य तेनाध्वना भ्रूवोर्मध्ये तमावेश्य ब्रहमरन्धात विनिष्क्रम्य परमपुरषं उपगच्छतीत्यर्थः"। -चित्त स्वभावतः नै विषयहरुमा व्यापृत रहन्छ, तेसलाई विषयहरु देखि विमुख गरी हृदयबाट पुण्डरीकार परमात्म स्थानमा यत्नपूर्वक स्थापन गर्नु पर्दछ। हृदयबाट निःसृत इडा एवं पिंगला नामक दक्षिणोत्तर स्थित दुवै नाडीहरुलाई निरुद्ध गरी हृदयाग्रदेखि ऊर्ध्वगमनशील नाडी मार्ग द्वारा हृदयमा प्राणलाई ल्याईकण्ठावलम्ब स्तनसदृश माँसखण्डलाई प्राप्त गराएर त्यस मार्ग द्वारा (सुषम्ना द्वारा) भ्रूमध्यमा प्राणलाई आविष्ट गरी ब्रहमरन्धद्वारा निष्क्रमण गराउंदा परम पुरुष प्राप्ति हुन्छ। -आनन्द गिरि] ॥१०॥

आध्यात्मिक व्याख्या-"मर्ने बेलामा मन द्वारा गुरु वाक्यमा विश्वास गरी आत्मामा अड्किरहेर धारण ध्यान समाधिपूर्वक बलपूर्वक सम्यकरुपले भ्रूमध्यमा प्राणवायुलाई प्रवेश गरेमा सत् परम पुरुषलाई देख्न सकिन्छ -(गुरुवाक्य लब्ध यस किसिमसँग भीष्मादिले प्राण त्याग गरेका थिए अर्थात एक निःश्वासमा ॐकार क्रियालाई बीस हजार सातसय छत्तीस बार गर्दा ब्रहमरन्ध्र फाटिन जान्छ, यो साधन गरेमा परम पदको प्राप्ति हुन्छ, जुन गुरुवाक्य द्वारा प्राप्य छ।"

जसले सदा नै भजन गर्दै आइरहेकाछन तथा जसले योगविद्याको अनुशीलन गरेको छ, मृत्युकालमा पनि तिनीहरुले त्यस भजनको बलले प्राणवायुलाई भ्रूमध्यमा लैजान सक्दछन्। साधारण मानिस एवं योगीको मृत्युमा धेरै अन्तर हुन्छ। व्यासजीले वेदान्त सूत्रहरुमा भन्नु भएको छ-जीवको मरणकाल उपस्थित भएपछि जीवको सारा इन्द्रियवृत्तिहरु एवं प्राणवृत्तिहरु सूक्ष्म शरीरमा संपिण्डित हुन जान्छ। "सूक्ष्मं प्रमाणतश्च तथोपलब्धे"-(ब्रहमसुत्र)। मृत्युकालमा सूक्ष्म शरीरलाई लिएर जीव परलोक गमन गर्दछ। साधारण मनुष्यहरु कर्मासक्त एवं कर्मलिप्त हुनुको कारण कर्मसंस्कारलाई साथ लिई शरीर देखि गमन गर्दछन। "तं विद्या कर्मणी समन्वारभेते पूर्व प्रज्ञा च"-विद्या कर्म एवं पूर्व प्रज्ञा सवै उसको अनुगमन गर्दछन। जीवले कर्मानुसार परलोकमा फल भोग गरी भोगको क्षय भएपछि इहलोकमा कर्म गर्नको निम्ति पुनः आगमन गर्दछ। परन्तु जो निष्काम या ज्ञानी पुरुष छन उनीहरु मृत्युको पारी दोस्रो लोकहरुलाई प्राप्त नगरी सीधै ब्रहमलोकमा गमन गर्दछन्। त्यस ब्रहमलोकको गमनको के व्यवस्था छ ?-यही यहाँ श्री भगवान् उपदेश गर्नु हुन्छ। शंकराचार्य भन्नु हुन्छ-मृत्युकालमा जीवनमुक्त पुरुषको शरीरवाट उत्क्रान्ति हुँदैन। किनभने मायिक जीव समान उनको देहेन्द्रियादिमा सत्य बोध हुँदैन। देहेन्द्रियादिमा उनीहरुलाई सत्य बोध नहोस तापनि देहेन्द्रियहरु त उनिहरुको सांच्चिकै हुन्छन, यस

किसिमको ज्ञानी पुरुषको शरीर नष्ट भएपछि उनको आत्माको गति कुन किसिमको हुन्छ त ? जस्तो कुनै पदार्थमा धमिरो लागेपछि बाहिरबाट रुपान्तर भएको देखिदैन, परन्तु जब त्यसलाई उचाल्छौं त त्यसलाई पदार्थको फेरि पत्ता लाग्दैन, त्यस ठाउँमा केवल माटो हात लागी हुन्छ, तब भनिएको हुन्छ -बाहिरबाट हेर्दामा चाहे जे होस असलमा त्यो पदार्थ माटो हुन गएको छ । यसरी नै शरीर छँदै ब्रहम ज्ञान हुँदामा बाहिर बाट देह प्राण मन विशिष्ट मनुष्य समान त्यो जानिन जान्छन, सही परन्तु उनलाई परलोकमा उठाउनुको समय ती देहादिको पृथक कुनै सत्ता उपलब्ध हुँदैन, अनि देखिन जान्छ उनको देह, मन प्राण सबै ब्रहममय हुन गएका छन । यस किसिमबाट जीवन मुक्त पुरुषको उत्क्रान्तिको निषेध छ । "अत्र ब्रहम समश्नुते" यहाँ नै त्यो ब्रहमलाई प्राप्त हुन्छन, लोकान्तरको अपेक्षा गर्नु पर्दैन । शंकराचार्यले जुन भन्नु भएको छ त्यो अयोक्तिक छैन । परन्तु जसको विदेह मुक्ति हुन्छ अर्थात मृत्यु पश्चात विमुक्ति हुन्छ तिनीहरु पनि ब्रहमज्ञ पुरुष हुन । परन्तु यी सब ब्रहमज्ञ पुरुषहरुमा स्तरभेद हुन्छ । यद्यपि पश्चात् सबै एकै अवस्थालाई प्राप्त हुन्छन तथापि जीवितावस्थामा उनीहरुको पौरुष प्रयत्नमा भेद हुन्छ । यसको फलस्वरुप उनको गतिमा पनि केही भिन्नता हुन्छन । यी ब्रहमज्ञ पुरुषहरुको सूक्ष्म शरीर नष्ट हुँदैन, परन्तु सूक्ष्म शरीरको अवयव मन, बुद्धि, इन्द्रियादि ब्रहमभावलाई प्राप्त हुन्छन । जस्तो हिरण्यगर्भ एवं नारदादिको शरीर केवल बाहिरबाट देखाउनको लागि मात्र हुन्छन, परन्तु उनको विश्लेषण गऱ्यो भने त स्थूल या सूक्ष्म कुनै तत्त्वको पत्तो लाग्नेछैन । यसैले साधकहरु भन्दछन्-

"ब्रहममयीर सकल ब्रहममय तारकर चरण श्रवण नयन,
भौतिकेर तौं किछुइ नय "

ब्रहममयीको सबचिज ब्रहममय हुन्छ , उनको कर, चरण, श्रवण, नयन कुनै पनि भौतिक हुँदैनन् । ब्रहमज्ञ पुरुषहरुको अवयवादि जुन देखिनमा आउँछन ती पनि धेरै जसो भौतिकता देखि शून्य हुन्छ । परन्तु ती विदेहमुक्त पुरुषहरुको पनि विशिष्ट भाव प्रकाशको अनुकुल सूक्ष्म देह समान एक प्रकारको देह हुन्छ, या अवलम्बन नहुँदो हो त उनीहरुको लोकान्तरमा पुग्ने जुन विधि छ तेसको संभावना हुन्थ्यो कसरी ? परन्तु तिनीहरु लोकान्तरमा पुग्दछन्-यो श्रुति सम्मत छ । ब्रहमलोक या सत्यलोकमा तिनीहरु ब्रहमाको आयुष्काल पर्यन्त ब्रहमाको साथ रही ब्रहमाको लीलावसानमा उनी सहित कैवल्य पद प्राप्त गर्दछन । यदि विदेहमुक्त अवस्थामा कुनै आश्रय नहुँदो हो त तिनीहरु ब्रहमलोकमा कसरी रहन्थे ? वेदान्त दर्शनको निम्बार्क भाष्यमा लेखिएको छ-ब्रहमोपासकस्य शरीर वियोगकाले सर्वकर्मक्षयऽपि पन्था उपपन्न : कृत ? परंज्योतिरुपं सम्पद्य स्वेनरुपेणाभिनिष्पद्यते सतत्र पर्येति, जक्षन क्रीडन रममाण इत्यादिषु देहादिसम्बन्ध लक्षणार्थोपलब्धे :"-ब्रहमोपासकको शरिर वियोगको समय सबै किसिमको कर्महरुको क्षय भएमा उनीहरुलाई देवयान मार्गको प्राप्ति सिद्ध छन-किनभने श्रुति भन्दछन-उनीहरुले परम ज्योतिलाई प्राप्त गरी आफनो निर्मल रुपमा प्रतिभात हुन्छन् -तिनीहरु इच्छा ज्योतिलाई प्राप्त गरी आफनो निर्मलरुपमा प्रतिभात हुन्छन, तिनीहरु इच्छा अनुरुप गमन भोजन क्रीडन एवं आमोद गर्न सक्दछन-यी वाक्यहरुबाट देहसँग सम्बन्ध राख्ने भोगहरुको उपलब्धि हुन्छ । वेदान्त दर्शनको यो सूत्र पनि यसको पोषक छ-"सूक्ष्मं प्रमाणतश्च

तथोपलब्धेः"-स्थूल देह विनष्ट भएपछि ज्ञानी पुरुषको सूक्ष्म शरीर हुन्छ, किनभने श्रुतिप्रमाण द्वारा यो जानिन जान्छ । देवयान मार्गमा (अर्चिरादि मार्ग) गमन गर्ने ज्ञानी पुरुष एवं चन्द्रमाको कथपोकथनको श्रुतिमा जुन वर्णन छ त यो सूक्ष्म शरीर विना संभव हुन सक्तैन । संवाद बोध श्रुति यस्तो छ-"विदुषस्तं प्रतिब्रुयात्" (विद्वान पुरुषले चन्द्रमालाई प्रत्युत्तर दिउन)-इत्यीद ।-(श्रीतारा किशोर शर्मा चौधरी द्वारा निम्वार्क भाष्यको अनुवाद)

यसले बुझिन जान्छ-सारा विदेह विमुक्त पुरुष देहधारी हुन । त्यो देह सूक्ष्म देह नै हो परन्तु साधारण सूक्ष्म देह भन्दा तेसमा केही विशेषता छ, उनीहरुको मन र बुद्धि पनि ब्रहमरुपता या ब्रहमभावले भावित हुन जान्छ । साधारण सूक्ष्म देह प्राकृतिक नियमको अधीन हुन्छ परन्तु त्यो यस्तो हुँदैन । जस्तो तडित ताडित पदार्थमा सर्वत्र ताडित को सन्धान मिल्दछ । अवश्य यो ब्रहमाणु शब्दको अभिप्राय योगीको सिवाय अन्य कसैको समझमा आउदैन ।

अब विद्वान पुरुषको उत्क्रान्तिको विषयमा यहाँ केही आलोचना गरिन्छ । वेदान्त दर्शनको चौथो अध्यायको द्वितीय पादमा एक सूत्र छ-"तदोकोग्रज्वलनं तत्प्रकाशितद्वारो विद्यासामर्थ्यात्तच्छेष गत्यनुस्मृति योगाच्च हार्द्दानुग्रहित शताधिकया"-आफनो विद्याको प्रभावले तथा सामर्थ्यको प्रभाव ले अन्तिम गति स्वरुप परमात्माको सतत स्मरणको कारण श्री भगवान्को अनुग्रहबाट त्यस नाडीको मूलस्थान अर्थात् हृदयको अग्रभाग दीप्ति युक्त भै उठ्दछ, पश्चात् भगवत् कृपा बाटै त्यस नाडी द्वारा प्रकाशित हुन्छ, त्यसलाई जानी विद्वान पुरुष त्यस नाडी द्वारा निष्क्रमण गर्दछन ।

"शतंचैका च हृदयस्थ नाड्य-
स्तासां मूर्धान्मभिनीः सृतैका
तयोर्ध्वमायन्नमृतत्वमेति
विष्वङ्ङन्या उत्क्रमणे भवन्ति ॥"

पुरुषको हृदयस्थ एक सय तथा सुषम्ना नामक एक यानी एकसय एक नाडीहरु निस्किएका छन, त्यसमा सुषुम्ना नामक नाडी मूर्द्ध देश (ब्रहमरन्ध्र) लाई भेदन गर्दै वहिर्गत हुन्छ । अन्तकालमा आत्मा (प्राण) लाई वशीभूत गरी आफनो हृदयमा तेस नाडीसंग संयोजित गरोस । त्यस नाडीको सहायताले ऊर्ध्वमा उत्कान्त भएर आदित्य मण्डल द्वारा अमृतत्वप्राप्त गर्दछन, अरु नाडीहरु द्वारा उत्क्रमण भएमा जीवको अन्यान्य लोकहरु मा गति हुन्छ । वेदान्त दर्शनमा एक सूत्र छ-"रश्म्यनुसारी" विद्वान पुरुष मूर्द्धन्य नाडी द्वारा निष्कान्त भएर सूर्यरश्मिको अवलम्बन गरी ऊर्ध्वगमन गर्दछन ।

ब्रहमलोकमा गमन गर्ने पुरुषहरुको लागि लोक लोकान्तरमा लैजानको निम्ति बहनकारी देवता छन । यस किसिमको विद्युत लोक प्राप्त भएपछि एक अमानव पुरुष आएर उनलाई ब्रहमलोकमा लिएर जान्छन । छान्दोग्योपनिषदमा लेखिएको छ-ब्रहमवित् पुरुषहरु अर्चिरादि मार्गलाई प्राप्त हुन्छन । (अर्चिः अहः शूक्लपक्ष, षण्मास उत्तरायण सम्वत्सर, वायु आदित्य इत्यादि) । वृहदारण्यक मा पनि छ "स एतान ब्रहम गमयति" त्यसले यिनीहरुलाई ब्रहमप्राप्ति गराउँछन् ।

अर्चिरादि मार्गबाट गमन गरिसके पछि परब्रहमलाई प्राप्त भै जीवआफ्नु स्वभाविक रुपमा प्राप्त हुन्छ। उनीहरुलाई देव शरीर या अन्य कुनै धर्मले विशिष्ट कलेवर प्राप्त हुँदैन । छान्दोग्यमा लेखिएको छ-

"एवमे वैष सम्प्रसादेऽस्माच्छरीरात् समुत्थाय परं ज्योति रुपं सम्यक् स्वेन रुपेणाभि संपद्यते"-यस किसिमसंग सान्सारिक दुःखबाट विमुक्त संप्रसाद प्राप्त पुरुष यस शरीरदेखि सम्यक् उत्थित भएर परम ज्योतिमा प्रतिष्ठित हुन्छन अनि स्वाभाविक विशुद्धरुपमा आविर्भूत हुन्छन । अब यो हेर्नुछ-क्रियासँग यसको के सम्बन्ध छ ?

क्रिया गर्दामा जुन क्रियाको परावस्था प्राप्त हुन्छ , त्यो आत्माकै ऐश्वर्य हो । त्यस अवस्थामा मन अन्य दिशामा जाँदैन, अनि साधक सारा पापहरु देखि विनिर्मुक्त भएर ब्रहमस्वरुप हुन जान्छ । यो क्रियाको परावस्था जसको जति जतिअधिक हुन्छ, उसको सत्य संकल्पत्त्व एवं सर्वज्ञत्त्व आदि ऐश्वर्य तेति त्यति नै धेरै हुन्छन, परन्तु क्रियाको परावस्थामा अटल प्रतिष्ठाप्राप्त योगीको कुनै ऐशवर्य हुँदैन, यसको कारण यो छ-ऐश्वर्यादिमा उसको संकल्प या इच्छा हुँदैन । त्यसबेला त्यो शुद्ध चैतन्यमात्रमा अवस्थित हुन्छन्, परन्तु जब क्रियाको परावस्थाको परावस्थामा रहन्छन, त्यस समय उनमा सत्यसंकल्प आदि गुण देखिन जान्छ, अर्थात् उनको संकल्प मात्रले देवता,पितृ आदि उनको सामुन्ने आविर्भूत हुन्छन्। मुक्त पुरुषहरुको कुनै अधिपति हुँदैन अर्थात् उनीहरुले गुणलाई अतिक्रमण गरेर रहन्छन-"सगुणान समतीत्यैतान् ब्रहमभूताय कल्पते" तिनीहरु गुणको अधीन हुँदैन, यसरी उनीहरु "स्वराट हुन जान्छन, प्रयोजन हुंदा खेरि तिनीहरुले संकल्प शरीर निर्माण गरी जगदादिको व्यापारमा योगदान दिन सक्छन् । क्रियाको परावस्थामा कुनै तेज या शक्तिको क्रिया नरहँदामा पनि सब तेज या शक्तिहरु त्यस अवस्थाबाटै उत्पन्न हुन्छन । हृदयमा वायुको (प्राणको) स्थिति भएपछि नै क्रियाको परावस्था प्राप्त हुन्छन । सबै शरीरमा क्रियाको परावस्था समभावले नै उपलब्ध हुन सक्दछन । वस्तुतः यो स्थिति सबैको भित्र रहन्छ, अन्यथा कोही पनि जीवित रहदैनथे । परन्तु साधारणतः सबैको मन बहिर्मुखी हुन्छ यसै कारण यो अवस्था कसैको समझमा आउदैन । क्रिया गर्नुको पश्चात् मनको यो वहिर्लक्ष्य रुद्ध भएमा साधकको अगाडि क्रियाको परावस्था जुन पहिले देखि नै रहन्छ, त्यसको केवल नयाँ ढंगले बोध मात्र हुन्छन । क्रियाको परावस्थामा रहँदा "तत्पदं" दृष्ट हुन्छ, पश्चात् त्यसमा रहँदा रहँदा साधक पनि देवस्वरुप सर्वत्यागी हुन जान्छन । यस अवस्थामा देवताको देवमूर्त्ति पनि देखिनमा आउँदैन । जति देवता र आत्मा छन् सबै ब्रहममा लय हुन जान्छन । शरीरादि जुन दृश्य पदार्थ देखिन जान्छन तिनीहरु पनि उही ब्रहम बाटै उत्पन्न हुन्छन् ।

यस शरीरको भित्र त्यो सूक्ष्म नक्षत्ररुमा विराजमान छन । जसले क्रिया गर्दछन ती साधकहरुको निम्ति गुहा भित्र एक मार्ग प्रकाशित हुन्छ, तेसको भित्र जो विराजमान छ, त्यही शरीरको भित्र सत् स्वरुप ब्रहम हुन् । क्रियाको परावस्थामा प्राण नै ब्रहमतेजरुपलाई प्राप्त हुन्छ, तब ब्रहमलाई ब्रहमले नै प्राप्त गर्दछन् । किनभने त्यतिखेर कुनै कामना रहँदैन समस्त कामनाहरु ब्रहममा लीन भए पछि साधक ब्रहम समान हुन जान्छ अनि अमरत्वलाई प्राप्त गर्दछ ।

श्रेष्ठ साधकहरु यस शरीरमै रहेर पनि कुन किसिमसँग ब्रहमभावापन्न हुन्छन, यो भनिसकिएको छ, तिनीहरु उत्क्रान्ति गर्ने समयमा कस्तो गति प्राप्त गर्दछन यो पनि आलोचित भैसकेको छ। अब यो हेर्नु छ-शरीर त्यागको समय उनको शरीरको विभिन्न स्थानहरुमा कुन किसिमको क्रियाको अवलम्बन गर्दा खेरि योगीलाई ब्रहमलोकको प्राप्तिको द्वार उन्मुक्त हुन जान्छ। यो द्वार कसरी मुक्त हुन्छ, यसको साधना सबै क्रियावानहरुले जान्दछन्, परन्तु अभ्यास द्वारा यसमा पटुता प्राप्त गर्नुपर्दछ। धारणाध्यान द्वारा मनलाई रोकेमा त्यो प्राणवायुसंगै भ्रुमध्य मा प्रवेश गर्दछ। तब परमपुरुषको दर्शन हुन्छ। साधन विशेष द्वारा भ्रूमध्यमा प्राणवायुलाई अवरुद्ध गर्नासाथ जुन ज्योतिर्मय मण्डल प्रकट हुन्छ त्यसको भित्र कूटस्थ एवं नक्षत्र देखिन्छ, योगीहरु त्यही पथलाई भेदन गरी जान्छन अनि तेस भित्र दिव्यपरमपुरुषलाई देखेर कृतकृत्य हुन जान्छन। त्यस योगीको फेरि पुर्नजन्म हुँदैन। जुन क्रिया द्वारा यो अवस्था प्राप्त हुन्छ त्यसलाई ॐकार क्रिया भन्दछन्। योगीलाई जुन अभ्यास जनित पटुता प्राप्त हुन्छ त्यसको प्रभाव बाट एक निःश्वासमा बीस हजार सातसय छत्तिस (२०७३६) बार ॐकार क्रिया गर्न सक्दछन्। यस किसिमसंग गर्न सकेमा ब्रहमरन्ध्र फुटन जान्छन। यस साधना प्रकियामा जो सदा अभ्यस्त छन, उनमा योगबल उत्पन्न हुन्छ, तब उनको दृष्टि निमेष शून्य मन निश्चल एवं श्वास स्थिर भएर उनको उपर्युक्त सामर्थ्यको सूचना दिन्छन। तब आदित्य वर्ण पुरुषको अचिन्त्य दिव्य रुप प्रस्फुटित भै उठ्दछ, यसरी तमः पार भएपछि त्यो फेरि यस जगतमा फर्कदैनन्। जब योगीलाई यस अवस्था प्राप्त हुन्छ त समझनु पर्दछ-उनीहरुले योगयुक्त अवस्था प्राप्त गरेको छ। तब प्राण एवं त्यसको साथ मन आज्ञाचक्रमा अवस्थित भएर पहिले तेस ज्योतिर्मय मण्डल साथ अनि आज्ञाचक्रलाई भेदन गरी सहस्रारमा दिव्य पुरुषसँग एक हुन जान्छन। यसैलाई परम पद प्राप्ति भन्दछन। भीष्म आदि श्रेष्ठ योगीहरुले पनि यसरी नै देह त्याग गरेका थिए। भागवतमा लेखिएको छ।

कृष्ण एवं भगवति मनोवाग् दृष्टि वृत्तिभिः
आत्मन्यात्मानमावेश्य सोऽन्तः श्वास उपारमत्॥

भीष्मले यस किसिमसँग मन, वाक चक्षु आदि इन्द्रियहरु तथा इन्द्रिय वृत्तिहरु द्वारा आत्मस्वरुप श्रीकृष्णमा आत्म संयोग गरी अर्थात् जीवात्मालाई परमात्मामा आविष्ट गरी, प्राणरुद्ध गर्दै महाप्रयाण गरेका थिए। "अन्तःश्वास" शब्दको व्याख्या श्रीधरले यसरी गरेका छन "अन्तरेव लीनो श्वासो यस्य सः" श्वासको प्रकाश तब बाहिर प्रकट हुँदैन, त्यो अन्तर्लीन हुन जान्छ यसलाई नै निरुद्धावस्था भन्दछन।

ब्रहमरन्ध फुटाएर योगीको जुन मृत्यु हुन्छ त्यस सम्बन्धमा प्रणावगीतामा जुन विवेचना गरिएको छ, त्यही यहाँ संक्षेपमा भन्दछु। सुषुम्ना नाडी मूलाधार देखि उठेर मस्तक ग्रन्थिमा पुगी दुई शाखाहरुमा विभाजित भएको छ। एक शाखा मस्तिष्कको अधस्तल देखि केही वक्रभावमा आई भ्रूको नजिक अलि ऊर्ध्वमुख भएर आज्ञालाई भेदन गरी इडा पिंगला सँग मिल्न जान्छ। यहाँ बाट ऊर्ध्व दिशामा अलिकति उठेर कपालको बीचोबीचमा आएर एक अति क्षुद्र सूक्ष्म छिद्रलाई पार गरी भित्र प्रवेश गर्दै अलि अलि झुलदै अल्पवक्र गतिले ऊर्ध्वमुख उठेर सामान्य अर्द्धवृत्ताकार भै ब्रहमरन्ध्रमा प्रवेश गर्दछ। सुषुम्नाको यो शाखाको मुख

बन्द छ र अर्को खुला छ । अतयव एक शाखाको छिद्र को संयोग छैन । योगी जब योगबलले प्राण त्यागन उद्यत हुन्छ तब सुषुम्ना स्थित ब्रहमरन्ध्रगत बद्धमुख खुल्न जान्छ अनि दुवैशाखाहरुको छिद्र एक हुन जान्छन, यसैलाई नै ब्रहमरन्ध्र फुटनु या फाटिनु भन्दछन् ।

अवश्य नै यसरी देहत्याग गर्न सबै योगीहरुको सामर्थ्यमा छैन । जसको कुण्डलिनी शक्ति सदा जाग्रत रहन्छ, उसैको लागि यो संभव छ । कुलकुण्डलिनी शक्ति नै वस्तुतः प्राण शक्ति हुन "सा देवी वायवी शक्तिः", यस प्राणको साथ मन रहन्छ नै, अतयव मन एवं प्राणको एकत्र संयमले सूक्ष्म प्राण एवं स्थिर प्राणको अस्तित्व बुझ्निनमा आउँदछ । तब अनायासै योगी ले प्राणशक्ति सुषुम्ना चालित गर्दै ब्रहमरन्ध्र मा प्रविष्ट गराउंछन् अनि तब तडित प्रभा समान प्राणरश्मि चतुर्दिक फैलिन जान्छ । त्यस ज्योतिर्मयी ज्योतिको सहायताले योगीको ब्रहमरन्ध्रीय सूक्ष्मातिसूक्ष्म छिद्रपथ प्रस्फुटित आकारमा देखिन जान्छन, तब सहजै मन प्राणलाई एक गरी योगी तेसमा प्रविष्ट भएर ब्रहमलोकमा पुग्न सक्दछन । जुन जुन अवस्थाभित्र योगी गएर ब्रहमलोकमा प्रवेश प्राप्त गर्दछन, त्यसैको विवेचना अग्निज्योतिरहः शुकलः" आदि श्लोकहरुमा गरिएको छ । सूक्ष्मतम प्राण शक्ति संग जुन अनन्त ब्रहमाण्डको संयोग छ, त्यसलाई यस शरीर मै रहेर योगीले सम्झन सक्तछन, परन्तु प्राणलाई जय गर्नु विना केही पनि सुगम हुदैन । भागवतमा लेखिएको छ-

"जितेन्द्रियस्य युक्तस्य जितश्वासस्य योगिनः
मयि धारयतश्च्येत उपतिष्ठन्ति सिद्धयः ॥

तेस्तै योगशास्त्रमा पनि छ-

"प्राणवृत्तौ विलीनायां मनोवृत्तिर्विलीयते"

प्राण वृत्तिको विलीन भएमा मनोवृत्ति पनि विलीन हुन जान्छ । यसैले-

ब्रहमादयोऽपि त्रिदशाः पवनाभ्यास तत्पराः"-

ब्रहमा आदि समस्त देवता प्राण संयमको अभ्यास गर्दछन ।

सनकाद्या वसिष्ठाद्याः कचदत्तशुकादयः
अरुन्धतीप्रभृतयः योगात्सिद्धिमुपागता ॥

योगाभ्यास द्वारा सनकादि ऋषि वसिष्ठ शुकादि, अरुन्धती प्रभृतिले सिद्धि प्राप्त गरेका छन ॥१०॥

यदक्षंर वेदविदो वदन्ति
विशन्ति यद् यतयो वीतरागाः
यदिच्छन्तो ब्रहमचर्यं चरन्ति
तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

श्री धरीय टीका-[केवल अभ्यास योगको अपेक्षा प्रणवाभ्यासको अन्तरंग विधानको लागि प्रतिज्ञा गर्नु हुन्छ ।]-वेदार्थ जान्ने मानिसहरु जुन अक्षरको विषयमा भन्दछन्-[सूर्य एवं चन्द्र यस अक्षर ब्रहमको प्रशासनले नियमित भै रहन्छन् । (वृहदारण्यक ३-८-९)]-वीतराग जसबाट राग या आसक्ति विगत भएको छ, यस किसिमका यतिहरु प्रयत्नवान भएर जसमा प्रवेश गर्दछन, जसलाई जान्ने इच्छाले गुरुकुलमा ब्रहमचर्यको अनुष्ठान गर्दछन,त्यही पद अर्थात प्राप्य वस्तु मैले संक्षेपमा भनिरहेछु अर्थात त्यसको प्राप्तिको उपाय बताउँदछु ॥११॥

आध्यात्मिक व्याख्या-"जसलाई वेद जान्नेहरुले कूटस्थ भन्दछन इच्छारहित भएर तेसै पदलाई पाउँदछन-ब्रहममा रहेर सदा यसैमा रहन्छन-यस किसिमको जुन पद छन- त्यसलाई सम्यकरुपले तिमीलाई बताउँदछु ।"

माण्डुक्योपनिषदमा लेखिएको छ-"ओमित्येतदक्षरं मिदंसर्वं तस्योपव्याख्यानं भूतं भवद् भविष्यदिती सर्वमोंकार एवं यदन्यत् त्रिकालातीतं तदप्योंकार एव ॥ यो दृश्यमान समस्त जगत् ॐअक्षरात्मक छ, तेसको सुस्पष्ट विवरण यो छ-भूत, भविष्य एवं वर्तमान समस्त वस्तु ॐकारमय छ, अनि कालत्रयातीत र अरुपनि जे जो छ ती सब पनि ॐकारस्वरुप छ ।

"सर्वे वेदा यत्पदमामनन्ति
तपांसि सर्वाणि च यद्वदन्ति
यदिच्छन्तो ब्रहमचर्य चरन्ति
तत्ते पदं संग्रहेण ब्रवीम्योमित्येतत् ॥ कठश्रुति ।

सवै वेदहरु जसलाई प्राप्तत्व्य बताउँदछन , समस्त तपस्याहरु पनि जसको प्राप्तिको उद्देश्ले अभिहित छन, साधु मनुष्य जसको प्राप्तिको इच्छाले ब्रहमचर्य (गुरु आश्रमवास एवं इन्द्रियसंयम) को आचरण गर्दछन , संक्षेपमा म त्यस पदलाई बताउँदछु-त्यही हो त्यो ओम पद ।

श्रीमत शंकराचार्य आपनो भाष्यमा भन्नु हुन्छ-ॐ इत्येतत् तदेतत् पदं यद् बभुत्सितं त्वया, तदेतत् ॐ शब्दवाच्यम् ॐ शब्दप्रतीकंच-अर्थात् जुन तिमीले बुझ्ने इच्छा गर्दछौं, "ॐ" त्यो पद हो । "ॐ" शब्दमा ब्रहम एवं "ॐ" शब्दमा ब्रहमप्रतीक-यी दुवैलाई तेस पदको रुपमा बुझ ।

"यतद्धयेवाक्षरं ब्रहम यतद्धयेवाक्षरं परम्
यतध्दयेवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत् ॥

अतयव यो प्रसिद्ध अक्षर (ॐकार) नै अपरब्रहम स्वरुप (कार्यब्रहम) हुन तथा यो अक्षर नै परब्रहमस्वरुप हो । किनभने यो अक्षर नै उपर्युक्त दुवै किसिमको ब्रहमको प्रतीक या आलम्बन हुन् । यस अक्षरलाई नै ब्रहमरुपमा जानेर उपासना गरी जो जसले जुन किसिमको इच्छा गर्दछन-पर या अपर ब्रहमको, -त्यसको

त्यही सिद्ध हुन्छ अनि यदि अपरब्रहमको साधना गर्दछन त त्यही प्राप्तव्य रुपमा सिद्ध हुन्छ [निर्विशेष ब्रहमलाई नै परब्रहम भन्दछन् र हिरण्यगर्भलाई अपरब्रहम या कार्य ब्रहम भन्दछन्]-शांकरभाष्य अनुवाद ।

यो स्थूल पाँच भौतिक शरीर सप्तदश अवयवयुक्त सूक्ष्म शरीर एवं कारण शरीर तथा तदतिरिक्त (तुरीय) नाद विन्दु कला एवं कलातीत अवस्था सबैको समूह एकत्र ॐकार हुन्छ । यस ॐकारलाई स्थूल सूक्ष्म कारण एवं कारणातीत रुपमा जाने पछि नै साधक ब्रहमरुप हुन जान्छ ।

वेदज्ञ योगीहरुले यसलाई नै "कूटस्थ" भनेर जान्दछन् । यो शरीर र इन्द्रिय एवं मन जसको आश्रयमा अवस्थित छ, जुन विना केही रहँदैन, इन्द्रियमन रहँदैन, शरीर पनि नष्ट हुन जान्छ , जसको सत्ताले इन्द्रिय मन बुद्धि सदा प्रकाशित रहन्छन्, आत्मवित् पुरुषले तेस ज्योतिर्मय कूटस्थलाई देख्न पाउँदछन् । मुण्डकोपनिषदमा छ :

"हिरण्मय परे कोशे विरजं ब्रहम निष्कलम् :
तच्छुभ्र ज्योतिषां ज्योतिस्तद् यदात्म विदो विदुः॥

ज्योतिर्मय कोश आत्मरुपको उपलब्धि गर्ने स्थान हो, आत्मवित् पुरुषले त्यस अविद्यारहित निरवयव ब्रहमलाई ज्योतिर्मय कोशमा अवस्थित भएको देख्दछन् । त्यो शुभ्र अर्थात निर्मल छ तथा समस्त ज्योतिको पनि प्रकाश हो ।

"हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम
तत् त्वं पूषन्न पावृणु सत्य धर्माय दष्टये ॥
- ईश उपनिषद

ज्योतिर्मय पात्र द्वारा अर्थात सूर्यमण्डल द्वारा तेस सत्य स्वरुप आदित्य मण्डलस्थ पुरुषको उपलब्धि द्वार आवृत्त छ, हे पुषन ! हे जगत्पोषक परमात्मन । तिमी तेसलाई उपनीत गर । सत्य धर्म परायण अर्थात ब्रहमानुसन्धानमा तत्पर मेरो दर्शनको तागि तिमी त्यस्लाई उन्मुक्त गर ।

"पूषन्नेकर्षे यम सूर्य प्राजापत्य-
व्यूहरश्मीन समूह तेजो
यत्तेरुपं कल्याणतमं तत्ते पश्यामि
योऽसावसौ पुरुषः सोऽहमस्मि ॥"

हे एकांकी गमनशील (त्यहाँ दोस्रो छैन) एवं जगत पोषक (जो नरहेमा जगत् रहँदैन) हे यम (जसलाई देखेर मन अन्यतिर जाँदैन, विषयतिर दौडिन्न) प्रजापति सम्भूत सूर्य ! (ब्रहमदेखि कूटस्थ कूटस्थदेखि ब्रहममा) रश्मिसमूहलाई हटाई देउ एवं तीव्रतेजलाई संकुचित गर, (अर्जुनले पनि श्री भगवान्लाई यसरी नै तेजलाई सयंत गर्न अनुरोध गरेको थियो) जसले तिम्रो कृपा बाट तिम्रो जुन कल्याण सुन्दररुप छ (पुरुषोत्तमरुप) त्यसलाई म हेर्न सकुँ । त्यसलाई देखेपछि यस्तो लागदछ-यो जुन आदित्य मण्डलस्थ पुरुष छ, त्यो "सः अहं अस्मि" मै अर्थात "म" प्रकृत स्वरुप हुँ ।

यस परम पुरुषको साथ मनको संयोग हुनुको नाम नै हो योग ।

"यां योगमिती मन्यन्ते स्थिरामिन्द्रियधारणम्
अप्रमत्तस्तदा भवति योगो हि प्रभवाप्ययौ" ॥ -कठोपनिषद

पूर्वोक्त (यदा पंचावतिष्ठन्ते इत्यादि) इन्द्रिय समूहको स्थिरीकरणलाई योगीहरुले योग भन्ने गर्दछन । यस योगको थालनीको समय साधक अप्रमादि रहुन, किनभने योग नै प्रभव (सिद्धि) एवं अप्यय (विनाश) को कारण हुन्छ । प्रमादरहित पुरुषलाई नै योग सिद्धि हुन्छ, प्रमादि पुरुषलाई विपरीत फल प्राप्य हुन्छ, यसैले प्रमाद छोडी योगभ्यास गर्नुको उपदेश दिनु हुन्छन ।

प्रमाद रहित भै योगाभ्यास गर्दा खेरि शीघ्र नै इच्छारहित अवस्था प्राप्त हुन्छ । त्यही परम पद हो-"पदं तत्परम विष्णोः मनो यत्र प्रसीदति "

योगी ब्रहमको अणुमा प्रवेश गरी हर्षशोक बाट मुक्त हुन जान्छ-त्यही परम पद हो । त्यस परम पदको प्राप्तिको उपाय अब अगाडिको श्लोक मा श्री भगवान्‌ले बताउनु हुनेछ ॥११॥

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च
मूर्धन्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥

श्री धरीय टीका-[प्रतिज्ञात उपायलाई अंगसँगै दुई श्लोकहरुमा भन्नु हुन्छ]- (१) सारा इन्द्रियहरुलाई प्रत्याहृत गर्दै अर्थात् चक्षु आदि इन्द्रियहरु द्वारा बाह्य विषयहरुलाई ग्रहण नगरी (२) मनलाई हृदयमा निरोध गरी अर्थात् बाहय विषहरुको स्मरण नगरी (३) भ्रूमध्यमा प्राणलाई स्थापन गरी, स्थैर्य आश्रय गर्दै ॥१२॥

आध्यात्मिक व्याख्या-"सबै ढोकाहरु बन्द गरिदेओस मनलाई हृदयमा निःशेषरुपले अवरुद्ध गरोस-आफनो प्राणलाई मस्तकमा लगेर ध्यान गरोस-त्यस ध्यानमा नै ओमकारको क्रिया गरोस त्यहीं रहेर समाधिस्थ भै योगलाई धारण गरोस अर्थात योनिमुद्रा । "

प्रयाणकालमा योगीले जसरी देहत्याग गरी परम गतिलाई प्राप्त गर्दछन्, त्यसको संक्षिप्त उपाय बताउन जुन श्री भगवान्‌ले प्रतिज्ञा गर्नु भएको थियो । यहाँ त्यही संक्षिप्त बताउनु भैरहेछन् । (१) पहिले शरीरको सबै द्वार लाई बन्द गर्नु पर्नेछ, अभ्यास पटुता द्वारा इन्द्रियहरुलाई इन्द्रिय विषयहरु बाट प्रत्याहृत गर्नु पर्ने छ । जसले विषयहरु तिर तिनीहरु नदौडिउन् । यदि यस किसिमसँग संयम गर्न नसके त इन्द्रिय ढोकाहरुलाई बाह्य उपायहरु द्वारा निरुद्ध गरोस, जसबाट बाह्य विषय इन्द्रिय द्वार भएर मनमा प्रवेश नगरोस । इन्द्रिय द्वार खुला रहेमा नै बाहय विषय त्यसमा प्रवेश गर्ने छन र मनलाई विक्षिप्त गर्नेछ । अतयव योगधारणमा सुविधा हुने छैन । (के गर्नु पर्ला, यो अगाडि भन्नु हुनेछ) बाह्यरुपले रोध गर्नुको पनि विशेष फलछ । इन्द्रिय द्वार अधिकांश सिरमा अवस्थित छन, यी द्वारहरुबाटै धेरै जसो नाडीहरु मस्तिष्क

सम्म फैलिएकाछन्। मस्तिष्कमा यी नाडीहरु द्वारा नाना किसिमका ज्ञान उत्पन्न हुन्छन्। यही ज्ञान मनलाई वहिर्मुख गर्नाको कारण छन्, मन वहिर्मुख हुँदा शक्तिको अपचय हुन्छ। परन्तु जब यी द्वारहरु बन्द गरिइन्छन तब मनले विषय ग्रहण गर्न पाउँदैन, अतयव उसको शक्तिको पनि अपचय हुँदैन। यसरी जब शक्तिको अपचय बन्द हुन जान्छ त त्यसको बहिर्स्फुरण नभै अन्तः स्फुरणा हुन थाल्छ। अन्तः स्फुरित भएर त्यसको विद्युज्ज्वालामयी शक्ति पुंजको प्रकाश अनुभूत हुन्छ। यसले सुषुम्नाको अवरोधभाव मेटिन जान्छ अनि त्यसको प्रकाश शक्तिको विकास हुन्छ, यस प्रकाशको स्फुरणालाई नै योगीहरु कुलकुण्डलिनी शक्तिको जागरण भन्दछन। कुण्डलिनी शक्ति नै ईश्वरको पराशक्ति जीवभूता प्राण हो। जसले जगतलाई धारण गरेका छन्। प्राणैको एक अर्को रुपान्तरण मन हो, क्रिया द्वारा मन अणुस्वरुप हुन जान्छ तब मनसंगै प्राण सुषुम्नामा प्रवेश गर्दछ। तबै कुलकुण्डलिनी शक्ति जाग्रत हुन्छ। उपर्युक्त क्रिया विशेष द्वारा कुलकुण्डलिनीको सामयिक जाग्रत भाव आउँदछ, यस साधन क्रियालाई योनिमुद्रा भन्दछन्। यो क्रिया विशेष द्वारा जगद्योनि जगदम्बाको सामयिक प्रकाश अनुभूत हुन्छ। मनकै भित्र देवता रहन्छन। उत्तर गीतामा लेखिएको छ

"मनस्थो देहिनां देवो मनोमध्ये व्यवस्थित"

देहीको देवता उसको मनमा अवस्थान गर्दछन्।

"काष्ठाग्निवत् प्रकाशे तु आकाशे वायुवत्चरेत"

काठको भित्र जसरी अग्नि प्रकाशित हुन्छन, त्यसरी मनमा आत्माको प्रकाश देखिन जान्छ जस्तो वायु सदा आकाशमा विचरण गर्दछन, तथापि मानिसहरुले त्यसलाई आँखाले देख्न सक्तैनन्, उसरी नै आत्मा प्रत्येक जीवको हृदयाकासमा विराजमान छन्। यसैले योगीहरु हृदयाकाशमा नै ध्यान गर्ने गर्दछन ।

**"इडापिंगलयोर्मध्ये सुषुम्ना सूक्ष्मरुपिणी
सर्वं प्रतिष्ठितं यस्यां सर्वगं सर्वतोमुखम्॥"-**

इडा एवं पिंगलाको बीच भागमा जुन सूक्ष्मरुपिणी सुषुम्ना नाडी रहन्छ त्यसैमा नै सर्वव्यापी एवं सर्वतोमुखी ब्रहमज्योति प्रकाशित हुन्छ, यसैकारण समस्त विश्व ब्रहमाण्ड त्यसमा प्रतिष्ठित रहन्छन्।

**नाना नाडी प्रसवगंसर्व भूतान्तरात्मनि
ऊर्ध्वमूलमधः शाखं वायुमार्गेण सर्वगम्॥**

यही सुषुम्ना नाडी सबै जीवहरुको अन्तरात्मा स्वरुप छन। यसबाट अनेकानेक नाडीहरु उत्पन्न भएर शरीरको चारैतिर परिव्याप्त छन, ऊर्ध्वभागमा अर्थात मस्तिष्कको भित्र यसको मूल छ अनि तलतिर अनेक हाँगाविंगाहरुले युक्त भएर त्यो वायु मार्ग द्वारा सर्वत्र व्याप्त भैरहेछन्।

यस प्राणवायुको सहायताले यी सारा नाडीहरुको भित्र गमनागमन गर्न सकिन्छ। अमरावती, यमलोक, नैर्ऋतलोक, वरुणको विभावरी पुरी गन्धवती पुरी, पुष्पवती पुरी, मनोत्थनीपुरी एवं ब्रहमपुरी सबै यसै

मस्तकमा घेरिएर अवस्थित छन । अतयव यसैको भित्र मनलाई संयत गरेमा यी समस्त पुरहरुमा रहने देव शक्तिहरुको साक्षात् प्राप्ति हुन्छ । यस देहभित्र जुन ७२००० नाडीहरु छन, योगीहरु प्राणवायुको सहायताले त्यसमा प्रवेश गरी ब्रहमाण्डको समस्त तत्वहरुलाई जान्न सक्दछन् ।

"अधस्चोर्ध्वं गतास्तास्तु नवद्वाराणि रोधयन्
वायुना सह जीवोर्ध्वज्ञानी मोक्षमवाप्नुयात् ॥

नाडीहरु सुषम्नाबाट निक्लिएर ऊर्ध्व एवं अधोभागमा प्रसृत रहन्छन, नवद्वारहरुलाई निरोध गरी प्राणवायुको साथ जीवात्मा ऊर्ध्व अवस्थिति भएमा जीवले ज्ञान प्राप्त गर्दछन र विमुक्तिको भागी हुन्छ ।

अतयव ब्रहमरुपले अवरोध गर्दामा पनि साधकलाई लाभ सिवाय हानि हुँदैन । पूज्यपाद लाहिडी महाशले वेदान्त दर्शनको व्याख्यामा एक ठाँउमा भन्नु भएको छ- (१) वायु द्वारा क्रिया गर्दै गर्दै मन तृप्त र परिष्कृत हुन्छ, तब सूक्ष्मरुपमा प्राण सुषुम्नाको भित्र आउन जान थाल्दछ-यस्तो गर्दा गर्दै समस्त शरीरांगहरुमा यस वायुलाई लैजाने क्षमता प्राप्त हुन्छ । यस किसिमको क्षमता भएपछि चन्द्रको दर्शन हुन्छ, साधक कुबेर समान धनशाली हुन्छ, (अर्थात जे जुन इच्छा गर्दछ त्यो गर्न सक्तछ) समस्त द्रव्यहरुको गुण देख्दछ, सुधारसपान गर्दछ । ब्रहमरन्ध्रमा जुन छिद्र छ, जसलाई फटाएर साधुहरु प्राणत्याग गर्दछ, त्यो छिद्र भित्र जब मन (प्राण) प्रवेश गर्दछ तब सदा आनन्दानुभव भैरहन्छ । (२) क्रिया गरी क्रियाको परावस्था ऊर्ध्वमा आकर्षित भएमा हृदयको एक सय नाडीहरु को माथि जुन नाडी छ-त्यसमा गएर साधकले अखिल विश्वलाई ब्रहममय देख्दछन । यही नाडी ज्योतिर्मयी सुषुम्ना नाडी हो- *"तत्र श्वेतः सुषम्ना ब्रहमयानः"* । यसलाई कसैकसैले सूर्यद्वार पनि भन्दछन । योगी मनुष्यले सूर्यमण्डललाई भेदन गर्दछ, यो शास्त्रमा लेखिएको छ । यस ढोका भएर नै अव्यय आत्माको उपलब्धि हुन्छ-

"सूर्यद्वारे ते विरजाः प्रयन्ति यत्रामृतः स पुरुषो ह्यव्ययात्मा ।"

अब प्रश्न उठ्न सक्छ-यो हाडमांस मेद मज्जापूर्ण अवयवस्थ नाडीले कसरी सूक्ष्म लोकहरुमा उपनीत गराउँछ या पुऱ्याउँछ ? यो सँग लोकान्तरको परिचय या सम्बन्ध कहाँ छ? वस्तुतः सुषुम्ना कुनै रक्तवाहिका नाडी जस्तो होइन । त्यो केवल ज्योतिर्मय द्वार हो । ज्ञानको प्रवाह यसकै भित्रबाट प्रवाहित हुन्छ । यसैले यसलाई ब्रहमबोधि परमानन्द नाडी भन्दछन् । यसको एक ज्यातिर्मय वेग (current) मेरुदण्डको भित्र पनि अनुभूत हुन्छ । परन्तु यस बोधधारालाई कुनै स्थूल पदार्थ समान सम्झेर अन्वेषण गरेमा यसको सन्धान पाइने छैन । साधारणतः देख्न जान्छ-मेरुको मज्जा (Spinal cord) नरहेमा या नष्ट भएमा यो बोधिधारा पनि अवरुद्ध हुन जान्छ । आत्माको विद्यमानता नै हाम्रो सबै किसिमको बोधको मूल हो । परन्तु मेरु मज्जा विना जब बोधादि अवरुद्ध हुन जान्छ त बुझ्नु पर्दछ । आत्माको साथ शरीरको संयोग या सम्बन्ध यही ठाउँमा हुन्छ । यसको संयोग हुनासाथै देहमा प्राणको संचार हुन्छ अनि आत्मा प्राणरुपमा समस्त शरीरमा अुप्रविष्ट हुन जान्छ । यस बोधधाराको कार्यकारी प्रमुख केन्द्र हृदय स्थित अनाहत चक्र

हो । यसैले उपनिषदमा हृतपुण्डरीकमा आत्माको आवास स्थान कल्पित भएको छ । शास्त्रमा अन्यत्र पनि उल्लेख छ -

"अनन्ता रश्मयस्तस्य दीपवत् यः स्थितो हृदि
ऊर्ध्वमेकः स्थितस्तेषां यो भित्त्वा सूर्यमण्डलम्
ब्रहमलोकमतिक्रम्य तेन याति परां गतिम् ॥"

हृदयमा जो अवस्थित छन, उनको दीपवत् अनन्त रशिमहरु छन्, त्यस मध्येमा एक ऊर्ध्वमा अवस्थित छ, जुन सूर्यमण्डललाई भेदन गरी ब्रहमलोकलाई पनि अतिक्रम गरेको छ, त्यसद्वारा नै परमगति प्राप्त हुन्छ ।

यो ऊर्ध्व गतिशील ज्योतिर्मयी धारा नै सुषुम्ना या सूर्यद्वार हो । यसको भित्र एक छिद्र या प्वाल छ जुन ब्रहमलोक आदिको साथ संयुक्त छ, अवश्य नै यो संयोग भौतिक होइन । यसैले एउटा कुरा याद राख्नु योग्य छ-मनमा हुन सक्दछ-हामी जुन जगत्‌मा रहन्छौं, त्यसको साथ नाडी मुख द्वारा जुन ऊर्ध्व लोकहरुको सम्बन्ध बताइएको छ, तिनीहरु पनि के यसलोकको समान स्थूल भूतमय स्थान हुन ? यदि यस्तो छैन भने त सुषुम्ना नाडी द्वारा लोक लोकान्तरको योग केवल दन्त्यकथा जस्तो जानिदैन ? परन्तु यस्तो कुरा छैन । जस्तो हामीहरु एक स्थानमा बसेर चिन्तन द्वारा धेरै धरै टाढा पुग्दछौं, केवल कल्पनामा होइन वस्तुतः पुग्दछौं, त यसले बुझ्न सकिन्छ-हाम्रो मनोमय या सूक्ष्म भूतमय सूक्ष्म शरीरले स्थूल पिण्ड देहलाई अतिक्रमण गरी लोक लोकान्तर जान सक्दछन । जाने बाटो पनि यसै किसिमको सूक्ष्म पदार्थहरुले रचित हुन्छ । जसरी स्थूल मार्ग द्वारा हाम्रो स्थूलशरीर चल्ने घुम्ने फिरने गर्दछ, उसरी नै यी सब सूक्ष्म तेजोमय मार्गको अवलम्बन गरी हाम्रो सूक्ष्म शरीरले पनि लोक लोकान्तर गमनागमन गर्न सक्तछन । प्राणको स्थिरता द्वारा मन क्षय भएपछि इन्द्रियहरुको विविध शक्तिहरु जब मनमा सम्पिण्डित हुन्छन तब अनेकानेक अदृष्टपूर्व लोक एव जीव हामीहरुको ज्ञान गोचर हुन सक्छन । ब्रहमलोक यदि सत्य हो र हामी द्वारा कल्पित छैन भने त त्यस देशको साथ यस देशको संयोग हुनुको एक विशेष मार्ग हुनु आवश्यक छ, यही मार्ग देवयान मार्ग भनी कहलाउँछ । ब्रहमज्ञ पुरुषको मृत्युकालमा यो मार्ग खुल्न जान्छ । धेरै जसो त्यस्तो ब्रहमज्ञ नभए पनि पुण्यकर्मकृत मनुष्यले मृत्युपश्चात् यस पथको सन्धान पाउँदछन्-यसको उल्लेख शास्त्रहरुमा हामीलाई स्थान स्थानमा मिल्दछ । लौ त मानिलिंउ-एउटा लामो पातलो सूतको दुवै किनारमा धेरैदूरीको अन्तर छ, परन्तु दुवै छेउको टुप्पो जब एक ठाँउमा जोडिन्छ त फेरि त्यो दूरी रहन जाँदैन । यसरी नै साधारणतः यसलोक देखि ब्रहमलोकको वीच अधिक व्यवधान रहेमा पनि त्यस दुवै छेउको टुप्पोलाई मिलाउने उपाय छ, जसलाई योगीहरु जान्दछन । त्यस उपायलाई जानेपछि योगी अनायासै पलमात्रमा यस लोकबाट लोक लोकान्तर जान सक्दछन् ।

अरु पनि एक कुरा छ, जरी घटस्थ आकाश घटस्थ भएर पनि महाकाश सँग संयुक्त छ, उसरी नै यो आत्मा पिण्डस्थ हुँदैमा पनि पिण्ड वर्जित छ । यो आत्मा विभुस्वभाव अर्थात सर्वव्यापक छ, अतयव यस

को लागि के इहलोक एवं के परलोक ? अज्ञानवश शरीरादिमा अहंभाव युक्त हुनुको कारण नै आत्मा पिंजडामा आवद्ध चरा समान देहमा आवद्ध भएको छ। परन्तु त्यो ज्ञानको आवरण जसै जसै हट्दै जान्छन्, तसै तसै यसको व्यापक भाव प्रस्फुटित हुँदै जान्छ। स्थूलदेह को कारणले स्थान एवं कालको बोध हुन्छ अनि त्यस्तै कारणले वस्तु को दूरत्व या नैकट्य बोध उत्पन्न हुन्छ। साधनादि द्वारा स्थूल शरीरसंग जसको जति जति अभिमान क्षीण हुन्छ उति उतिनै त्यसको विभूत्व, विष्णुत्व जुन संकुचित थियो, विस्तृत हुँदै फैलिदै जान्छन्। अतयव प्राणयामादि साधनको सहायताले बुद्धिको आवरण जति जति क्षीण हुँदै जान्छ उति उति उसको सामुन्ने सूक्ष्म लोकादि प्रकट हुदै जान्छन्। जसको आवरण पूराका पूरा क्षीण भएको छ, उसको लागि फेरि ब्रहमलोकादिमा जान कसरी असम्भव हुन सक्छ ? जब ब्रहम एवं आत्मा एकै छन, तब सबै लोक आत्माको भित्र रहन्छ निश्चित छ। अतयव जो जे जसरी आत्मस्थ हुन्छन्, त्यसको अगाडि तेस्तै किसिमको लोक प्रकाशित हुन्छ। जो पूर्ण आत्मस्थ छन, त्यो यस लोकमा रहेर पनि ब्रहमलोकमा रहन सक्दछन्। अतयव "अत्र ब्रहम समश्नुते"

ओमित्येकाक्षरं ब्रहम व्याहरन मामनुस्मरन्
यः प्रयाति न्यजन्देह स याति परमाँ गतिम् ॥१३॥

*श्री धरीय टीका-*ॐ यस एकाक्षरं ब्रहमवाचक शब्दलाई (ब्रहमको प्रतीक प्रतिमादिवत् ब्रहमलाई) उच्चारण गरेर तथा ॐ शब्दवाचक मलाई स्मरण गर्दै देह त्याग गरी जो अर्चिरादि मार्ग द्वारा प्रयाण गर्दछन्, त्यो श्रेष्ठगति जुन मद्गति हो त्यसलाई प्राप्त गर्दछन ॥१३॥

आध्यात्मिक व्याख्या-"ॐ यो शरीरको रुप हो-यसको पर कूटस्थ छ,-त्यही ब्रहम !!! व्याहृतिपूर्वक ब्रहमको अणुमा स्मरण गर्दछ-ॐभूः मूलाधार अर्थात पृथिवी हो-ॐ भुवः स्वाधिष्ठान अर्थात प्रस्राव हो ॐ महः महर्लोक मणिपूर हो (क) नाभिस्थान, जो रुद्ररुपमा सबै मानिसको भित्र विराजमान छ-यो मनको गोपनीय योगिगम्य स्थान हो। ॐ स्वः-जसबाट सबै जन्म हुन्छ अर्थात हृदयमा अनाहत (ख) महादेवको स्थान-स्वयं जन्म लिनु हुन्छ-ॐ जनः-जहाँबाट समस्त स्वरहरुको उत्पत्ति हुन्छ , अ, आ, इ, ई, अं , अः सोह्र अक्षर छन्, यसै कारण शोडषाधार विशुद्धाख्य हो, (ग) शिवको स्थान श्वेतवर्ण महादेवको रुप-त्यसको पर कूटस्थ छ।

(क) मणिपुरमा तेजमा वायुद्वारा समस्त कथोपकथन हुन्छन् (ख) त्यसले उपर्युक्त अग्नि प्रज्वलित गरी हृदयमा स्थित हुँदै सारा अन्नलाई भष्म गरी वायुमा तेजलाई मिलाई दिन्छ, (ग) त्यो वायु कण्ठमा गएर शून्यमा मिली सोह्ररुप श्वासलाई प्रकट गर्दछ-त्यस सोह्र रुपको अन्त स्थिर सूक्ष्मरुप कूटस्थ स्वरुप द्विदल आज्ञाचक्रमा ब्रहमस्वरुप छ। पश्चात त्यस ब्रहमको अणुमा प्रवेश गरी ३४५६ बार ॐकार क्रिया प्रति चक्रमा एक निःश्वासमा गर्दै गर्दै जसले देहत्याग गर्दछ-त्यो परम गतिमा प्राप्त हुन्छ। यसैलाई योगबलले प्राण त्याग गर्नु भनिन्छ। अनि जसले यस्तो गर्न सक्तैन। त्यसले यस चार चक्रको ध्यान गर्दे, ब्रहमको अणुलाई स्मरण गर्दै प्राण त्यागन सके त परम गति प्राप्त हुन्छ।"-ठीक भएमा जिज्ञासाको विषय रहँदैन।)

जुन साधना द्वारा ब्रहम गति प्राप्त हुन्छ , माथि त्यही साधना सून्दररुपमा व्याख्यात् भएको छ, यसको अपेक्षा सहजरुपमा साधनाको कुरा गर्नु संभव छैन । ॐकार यस शरीरको रुप हो (प्रथम षटक पृ. ६६-६७ मा हेर्नोस) यस साधनामा शरीरस्थ नवैद्वारहरुलाई रोक्नु पर्दछ, अभ्यस्त भएपछि साधकले आफसेआफ बिना प्रयास नवैद्वारलाई रोक्न सक्दछ । अर्थात तत्तत् स्थान देखि मनलाई हटाएर त्यसलाई आफनो स्थान आज्ञाचक्रमा स्थापित गर्न सकेमा मनको इन्द्रियहरु पनि अवरोध हुन जान्छ । जसले यस्तो गर्न सक्तैन, तिनीहरुले बाह्य उपायहरुको अवलम्बन गरोस,त्यसले पनि काम हुन जानेछ । दुवै पाउको एंडिहरुले गुह्यद्वारलाई दबाई तथा गुरुको उपदेश अनुसार बाह्य इन्द्रियहरुको द्वारहरुलाई संयत गरी प्राणवायुलाई मूलाधार देखि आज्ञाचक्र या ब्रहमरन्ध्रमा उठाई त्यही नै स्थापन गरोस । ब्रहमाण्डको भित्र जसरी भू: आदि सप्तलोक विद्यमान छन, उसरी नै शरीर ब्रहमाण्डमा पनि सप्त स्थान छन, ती नै सप्तलोक हुन । यस सप्तलोकहरुलाई जय गरेपछि मूलाधार स्थिता कुल कुण्डलिनी शक्ति सप्तलोकलाई भेदन गर्दै ब्रहमलोकमा परम शिवको साथ संयुक्त हुन्छ । यसैलाई कुण्डलिनी जागरण भन्दछन । ब्रहमाण्डस्थ सात लोकहरुको जस्तो वर्ण र आकृति छ र त्यस त्यस स्थानहरुमा रहँदा जुन अवस्था प्राप्त हुन्छ, जीव शरीरमा पनि त्यस सप्त स्थानमा रहँदा योगीलाई त्यही अवस्थाहरु प्राप्त हुन्छन् । यस किसिमसित षटचक्रहरुलाई भेदन गरी जो आज्ञाचक्र या त्यस भन्दा माथि सहस्रारमा प्रतिष्ठित हुन सक्दछन, तिनीहरु शरीरमा रहदैं पनि जीवन मुक्त छन् । यही वस्तुतः भगवानमा आत्मसमर्पण हो ।

सहस्रार स्थित दिगम्बर परमात्मा संग मूलाधार सित दिगमबरी कुल कुण्डलिनीको संयोजन गर्न सकेपछि योगी कृतकृत्य हुन जान्छन । पूजाको अन्तमा जसरी देवताको आरती गर्दछौं, उसरी नै साधनाको अन्तिम अवस्थामा कुण्डलिनीको साथ परम शिवको संयोग हुनु पूर्व नै स्वर्गीय दुन्दुभी बज्न थाल्दछन् । तेलधारा समान अविच्छिन्न रुपमा प्रणव ध्वनि ध्वनित भएर जीवको चित्तवृत्तिलाई अचंचल गरिदिन्छ, त्यसलाई फेरि तलतिर ओर्ली विषयरसमा लिप्त हुनु पर्दैन । त्यस ध्वनि अन्तर्गत आत्मज्योति फुटेर चारैतिर आफनो किरणहरुलाई विकीर्ण गरिदिन्छन । तब शब्द स्पर्श रुप रस गन्धादिको ज्ञान नामेट हुन्छ अनि पाँच भौतिक जीवलीला समाप्त हुन जान्छ । त्यस अश्रुतपूर्व वेदध्वनिको सम्यक् विकासमा मनको वहिर्मुखी वृत्तिको संकुचित या लुप्त भएपछि "तच्छुभ्रं जयेतिषाँ ज्योतिषां" रुप विष्णुको परम पद प्रकाशित हुन्छ । यही परमागति हो । श्रीमद्भागवतको चतुर्थ स्कन्धमा वर्णित छ-पृथुराजाले यस किसिमको साधना द्वारा स्वरुपावस्था प्राप्त गरेका थिए । पाठकहरुको तृप्तिको लागि भागवतको ती श्लोकहरुलाई यहाँ उद्धृत गरिन्छ -

सम्पीड्य पायुं पार्ष्णिभ्याँ वायुमुत्सारयन शनैः ।
नाभ्यां कोष्ठेष्ववस्थाप्य हृदुर : कण्ठ शीर्षणि ॥
उत्सर्पयंस्तु तन्मूर्ध्नि क्रमेणावेश्य निस्पृहः
वायुं वायौ क्षितौ कायं तेजस्तेजस्ययूयुजत् ॥

खान्याकाशे द्रवं तोये यथास्थानं विभागशः
क्षितिमम्भसि तत्तेजस्यदो वायौ नमस्यमूम् ॥
इन्द्रियेषु मनस्तानि तन्मात्रेषु यथोद्भवम्
भूतादिनामूत्युक्षिप्य महत्यात्मनि सन्दधे ॥ -भागवत ४-२३ । १४-१७

आदिराजा पृथुले पहिले दुवै पाउको एंडिहरुको तल्लो भागले गुह्यद्वारलाई दाबी मूलाधार देखि क्रमशः वायुलाई माथि उठाएर स्वाधिष्ठान चक्रमा अनि नाभिस्थानमा, तत्पश्चात क्रमशः हृदयमा, वक्षःस्थलमा, कण्ठदेशमा अनि भ्रूमध्यमा लग्यो । कामनाशुन्य महाराज पृथुले त्यस वायुलाई क्रमशः ब्रहमरन्ध्रमा उठाई (अर्थात स्थापन गरी) देहारम्भक भूतहरुलाई एकीकरण गर्‍यो । देशस्थ वायुलाई वायुमा शरीरलाई क्षितिमा तेजलाई तेजमा, देहस्थ छिद्रहरुलाई आकाशमा अनि जलीय अंशलाई जलमा संयोजित गर्‍यो । यसरी देहलाई विलय गरी देहको अवलम्बनरुप महाभूतहरुलाई लय गर्‍यो । पृथिवी जलमा जललाई तेजमा, तेजलाई वायुमा, वायुलाई आकाशमा लय गर्‍यो । तत्पश्चात् आकाशलाई पंचेन्द्रियमा, इन्द्रियहरुलाई त्यसको उत्पत्ति क्रमानुसार अपंचीकृत पंच तन्मात्राहरुमा विलय गर्‍यो इत्यादि।

कुम्भक द्वारा प्राणादि पंचवायु एवं त्यसको साथ मनोबुद्धि एकीभूत भएपछि तिनीहरु एकमुखी हुँदै ऊर्ध्वमा पुगेर स्थिति लाभ गर्दछन, यसको जुन साधना गर्नुपर्ने छ त्यस साधन प्रक्रियाको संकेत यस आध्यात्मिक व्याख्यामा दिइएको छ । आधार पद्म देखि प्राण शक्तिलाई कुन किसिमसँग सहस्रारमा लैजानु पर्नेछ,- यो उपदेश र साधना सापेक्ष छ, जिहवाग्रन्थि, हृदयग्रन्थि एवं मूलाधार ग्रन्थि भेदन भएमा चक्रस्थ शक्तिपुन्ज उत्तरोत्तर चक्रहरुको शक्तिसँग मिलेर एक हुन जान्छ । यस किसिमसित अन्तिम तत्त्व पर्यन्त मिल्न गए पछि तत्त्वातीत परव्योम मात्र अवशिष्ट रहन्छ । यस किसिमको अवस्थामा देहत्याग भएमा देही ब्रहममय हुन जान्छ । मन जसले अजस्र चिन्तन गर्दछ र इन्द्रियहरु जसले अविश्रान्त कार्य गर्दछन्, ती समस्त चिन्ता शक्तिहरुको मूलमा रहन्छ प्राण । यही सचंचल भएर मन एवं इन्द्रियहरुलाई वहिर्विषयमा धकेलीरहन्छन । प्राणायामद्वारा प्राण स्थिर भएमा इन्द्रिय मनोवुद्धिमा जुन स्थैर्य देखिन जान्छ त्यही वस्तुतः योगधारण हो । साधक जब यस किसिमसँग योगधारणमा अभ्यस्त हुन्छ र फेरी उसलाई मुखबाट ॐकार उच्चारण गर्नुको आवश्यकता हुँदैन । जे जति छन दृश्य या अदृश्य ती सब ॐकार नै हुन उसको लागि एक स्वतन्त्र योगक्रिया छ, शरीर त्यागने समय योगीको त्योक्रिया स्वतः सिद्धभावसँग हुन्छ, त्यसद्वारा नै योगीले अन्तमा परम गति लाभ गर्दछन्, यहीयोगद्वारा देहत्याग भनिन्छ । योगीहरु यसरी शरिर त्याग गर्दछन ॥१३॥

अनन्यचेताः सततं योमां स्मरति नित्यशः
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥१४॥

श्री धरीय टीका-[यसरी नित्यअभ्यासरत व्यष्टिलाई नै अन्तकालमा धारणा द्वारा मत्प्रति हुन्छ, अरुलाई हुँदैन -यो उपयुक्त कुरा नै पुनः स्मरण गराईरहेछन]-जसलाई कुनै विषयको चिन्ता हुँदैन, त्यही अनन्यचित्त हुन । यसरी अनन्यचित्त भै जसले मलाई निरन्तर प्रतिदिन स्मरण गर्दछ, त्यस नित्ययुक्त

अर्थात समाहित चित्त साधकलाई अनायास म लभ्य हुन्छ अरुलाई होइन-["सततमिति नैरन्तर्यमुच्यते । नित्यशः इति दीर्घकालत्वमुच्यते-न षण्मासँ सम्वत्सरं वा । किं तर्हिं ? यावज्जीवं नैरन्तर्येण यो मां स्मरतीत्यर्थ : । तस्य योगिनोऽहं सुलभः सुखेन लभ्यः"-तत यस शब्द द्वारा नैरन्तर्य भनिएको छ । नित्यशः यस शब्दको अभिप्राय दीर्घकालव्यापी छ, छः मास या एकवर्ष होइन बरु झन जबसम्म बाचिन्छ तबसम्म निरन्तर जुन मानिसले मेरो स्मरण गर्नेछ-यही अर्थ छ-त्यस्ता योगीकोलागि म सुलभ अर्थात अनायास लभ्य हुन्छ-शंकरचार्य] ॥१४॥

आध्यात्मिक व्याख्या-अन्य दिशामा आत्मा वाहेक अरु देख्दैन अर्थात् सर्वदा कूटस्थमा रहेर जसले स्मरण गर्दछ-सर्वदा त्यसले सुन्दर रुपमा ब्रहमलाईपाउँदछ-जुन मनुष्य सर्वदा नै क्रियाको परावस्थामा अडकिरहन्छ धारणा ध्यान समाधिपूर्वक-१२ प्राणायाममा प्रत्याहार-१४४ प्राणायाममा धारणा, १७२८ प्राणायाममा ध्यान २०७३६ प्राणायाम गरेपछि समाधि हुन्छ -यस समाधिमा अचल स्थित रहनुको नाम हो योग । बाह्र दिन यदि १७२८ बार प्राणायाम गरे त त्यो समाधिको संख्या मात्र हुन्छ परन्तु समाधि हुदैन । समस्त कर्म गर्दै प्राणायाम सदा मन मनै गर्दै भित्रदेखि मूलाधार देखि मस्तिष्क पर्यन्त जसको सदा नै एकै जस्तो खिंचान रहन्छ-त्यसलाई चैतन्य समाधि भन्दछन्-त्यही सबैको निम्ति कर्तव्य हो । त्यस समाधि मा जडवत् हुन जान्छ, त्यसैलाई जडसमाधि भन्दछन-परन्तु १७२८ बार प्राणायाम गरेपछि जुन प्रातकाल देखि १० बजे रातसम्म हुन जान सक्छ यो एक आध दिन गरेमा समस्त ऋतुहरुलाई जुन यस पृथिवीको स्वभाव हो-देख्न पाउँदछन् र अनुभव हुन्छ-तथा जे जुन देख्नुको इच्छा गर देख्न पाउनेछौ-एकाग्र चित्तले प्राणायाम गरेमा यसको अतिरिक्त अनवरत प्राणायाम गर्दै गर्दै आफसे आफ मन स्थिर हुन जान्छ अनि सत्यको अनुभव हुन्छ -अनवरत ६ महिना सम्म अभ्यास गरेमा-परन्तु चेष्टा गरी गर्दाखेरि हुँदैन । "

अनन्यचित्तले उसको स्मरण गर्नुपर्नेछ-यो सबभन्दा अधिक आवश्यक कुरा हो । आत्मा सिवाय जसले अन्य कुनै लक्ष्य राख्दैन, सन्सारको कुनै वस्तु पाउने इच्छा गर्दैन, केवल आत्माको भित्र आत्माराम भएर रहन चाहन्छ, त्यसले फेरिअन्य वस्तुको चिन्तन नै किन गर्ला ? त्यो केवल मात्र आत्मचिन्तामा तन्मय भएर बसेको छ, यस किसिमले क्रियाको परावस्थामा जसले सर्वदा रहनुको प्रयत्न गर्दछ, त्यसलाई फेरि सन्सारको कुनै वस्तुले आकर्षित गर्न सक्दैन । परन्तु यो अवस्था दुई चार दिनको चेष्टाले हुनेछैन । यतिमात्र किन दुईचार वर्षमा पनि हुँदैन । जसले दीर्धकाल सम्म निरन्तर उनको स्मरणाभ्यास गर्दछन, त्यसैले यस सुदुर्लभ योगलाई प्राप्त गर्दछ । "स तु दीर्घकाल : नैरन्तर्य-सत्कारसेवितो दृढभूमि"- पातंजलयोगदर्शन, समाधिपाद, सूत्र १४) निरन्तर दीर्घकाल पर्यन्त अभ्यास एवं अत्यन्त श्रद्धापूर्वक आसेवित भएमा दृढभूमि हुन्छ । प्रबल अभ्यास द्वारा ज्ञानको तुर्यगा नामको चरम भूमि प्राप्त हुन्छ । अवश्य नै त्यसलाई प्रतिदिन दीर्घकालसम्म प्राणायामादि अभ्यास गर्नु पर्दछ, परन्तु यदि मन लगाई गरिएन भने त त्यसले कुनै फल मिल्ने छैन । अनि वीच वीचमा कमसेकम महिनामा एक या दुई बार १७२८ बार प्राणायाम अभ्यास गरेर हेर्नु ठीक छ । परन्तु एक अर्को सहज उपाय छ, अवसर पाई मनलाई मेरुदण्डको भित्र चक्र चक्रमा राख्नुको प्रयत्न गर्नु । यसरी सर्वदा स्मरणमा जो अभ्यस्त छ, त्यसको मन

पूर्ण स्थिरताको भित्र डुब्न जान्छ । मनको यस स्थिरावस्थामा जुन आनन्द प्राप्त हुन्छ त्यो अतिशय सुदुर्लभ छ । म आनन्द प्राप्त गर्नेछु, या आत्मामा डुवी जानेछ -यस किसिमको लोभातुर चित्तले जो साधना गर्दछ, त्यसचित्तमा रजोगुणको अधिकता हुनुको कारण त्यसले प्रकृत शान्ति लाभ गर्न सक्तैन । केहोला या नहोला म जान्दिन केवल गुरुको इच्छा अनुसार जसले मनलाई प्रतिक्षण पलपल स्मरण मा लगाई राख्छ, एक न एक दिन अचानक त्यो त्यस परमात्मासँग सहजै योगयुक्त हुन जान्छ ॥१४॥

मामुपेत्य पुर्नजन्म दुःखालयमशाश्वतम्;
नाप्नुवन्ति महान्मानः संसिद्धिं परमां गताः ॥१५॥

श्री धरीय टीका-[यदि तिमी भक्तहरुको लागि सुलभ नै छौ भने त त्यसले के ?-यसैले भन्नु हुन्छ]-उपर्यूक्त लक्षणहरुले युक्त मद्भक्तगणले मलाई पाएपछि पुनः दुखको आश्रय स्थानरुप अनित्य जन्मलाई प्राप्त हुँदेन, किनभने तिनीहरु परम संसिद्धि अर्थात मोक्षलाई प्राप्त हुन्छन् ॥१५॥

आध्यात्मिक व्याख्या-"मलाई प्राप्य गरेपछि फेरि पुर्नजन्म हुँदेन । जुन जन्म केवल दुखको घरै हो-त्यो चिरकाल सम्म रहदैन । त्यसको प्राप्तिपद पाए पछि अर्थात ब्रहममा क्रियाको परावस्थामा लीन भएर क्षुद्र आत्मामा-ब्रहम मा पुगी महात्मा अर्थात् "सर्व ब्रहममयं जगत्" यस रुपलाई प्राप्त गरी सर्वदा सम्यकरुपले सब विषयहरुको सिद्धि प्राप्त हुन्छ, अर्थात कुनै वस्तुको इच्छा हुँदैन-आवश्यकता हुँदैन-विशेष अनावश्यक वस्तुमा-यस किसिमको अवस्था रहँदा रहँदा परमगति अर्थात योनि देखि मस्तक पर्यन्त वायु स्थिर रहेर लीन हुन जान्छ ।

आवागमन नै त सबै दुःखहरुको घर हो । यो आउनु जानुको क्रम त्यसलाई प्राप्त गरेपछि बन्द हुन जान्छ । जसले त्यसलाई पाउंदछन्, त्यो महात्मा हुन जान्छ अर्थात उसको तुच्छ सीमावद्ध दृष्टि रहँदैन, उसको दृष्टि विशाल हुन जान्छ । त्यस समस्त चराचरको भित्र त्यही एक आत्मालाई नै देख्दछन । "म" भने पनि त्यस आत्माको नै बोध हुन्छ, यो आत्मबोध एक पल्ट हुन गएपछि फेरि नष्ट हुँदैन । यो आत्मतत्त्व जब साधकको अगाडि प्रकट हुन्छ तब उस्ले बुझ्न सक्तछ-जसलाई उसले खोजिरहेको थियो त्यो विशुद्ध तत्व शिव स्वरुप त त्यो स्वयं रहेछ । त्यो शिव अज, विभु एवं विश्वव्यापक छन, क्रिया द्वारा क्रियाको परावस्थामा स्थित हुना साथै त्यो विश्वव्यापक हुन अनित्यसैबाट सबैको उत्पत्ति एवं त्यसैमा सब को लय हुन जान्छन-यो साधकको बोधको विषय बन्दछ । यो क्रियाको परावस्था नै प्राणको प्राण ब्रहमरुप हो । प्राणकै क्रिया द्वारा नै यस प्राणको प्राणलाई बुझ्न सक्दछन् । निर्वात स्थानमा दीपशिखा समान अविचल ब्रहमतत्त्वलाई जानेर जीव शिव हुन जान्छ । तब त्यो सबै पापहरु देखि विमुक्त भएर शुद्ध निर्मल हुन जान्छ । षटचक्रहरुमा जसले क्रिया गर्दछ उसैलाई स्थिति प्राप्त हुन्छ, यो स्थिति या परावस्था नै उसको महिमा हो, यही उसको तेस्रो पद हो । कूटस्थमा जुन उत्तम पुरुष देखिन जान्छ त्यो अज छ, त्यसमा स्थित भएपछि ब्रहममा स्थित हुन्छ, परन्तु क्रियाको परावस्थामा कुनै किसिमको दर्शन श्रवण हुँदैन-त्यही "एकमेकमेवाद्वितीयम" हो, सर्वत्र समरुपले सर्वव्यापक छ, त्यसैलाई योगीगण ब्रहमरुप

भन्दछन । यस अवस्थामा जो सर्वदा रहन्छ त्यही विमुक्त छ। त्यतिबेला योगीले कूटस्थमा अखिल विश्वलाई देख्दछन, अनि त्यहाँ जे जुन सब देख्दछन ती सब उसको सम्मुख ब्रहम नै जानिन जान्छ, अतयव उसको अगाडि अन्य विविध वस्तुहरुको अस्तित्व रहँदैन। तब सब एक हुन जान्छ । जसको सामुन्ने सवचिज एक हुन जान्छ, त्यो यसलोकमा रहँदै पनि ब्रहमलोकमा रहन्छन । ब्रहम अज छ, अतयव यस्तो योगीको फेरि पुनरावृति हुँदैनन् । सबैको निजरुप यही ब्रहमरुप छ, जब त्यो ब्रहममा मिल्न जान्छन त त्यो आत्मस्वरुपमा स्थित हुन जान्छन् । तब क्षुद्रआत्मा विश्वात्मा हुन जान्छ । तब अरु कुनै वस्तु प्रति आकर्षण रहँदैन, अतयव इच्छा पनि हुँदेन । यस इच्छारहित अवस्थालाई परंमागति भन्दछन । त्यति खेर योगीको बाह्य श्वास रहदैन, मूलाधार देखि सहस्रार मष्तिष्क सम्मको सारा प्राण प्रवाह स्थिर हुन जान्छ, यही सिद्ध अवस्था हो, यही अभय अमृतपद हो । जसलाई यसको प्राप्ति भएको छ त्यसलाई फेरि बन्धन रहदैन, अतयव त्यस्को पुनरावृत्ति हुनु सम्भव छैन ॥१५॥

आब्रहमभुवनाल्लोका : पुनरावति नोऽर्जुन
मामुपेत्य तु कौन्तेय पुनर्जन्म नविद्यते ॥१६॥

श्री धरीय टीका-[यस किसिमसँग सबै लोकहरु देखि पुनरावृत्ति हुन्छ, यो देखाउनु भएर अपुनरावृत्तिको निर्धारण गर्नु हुन्छ] ब्रहमाको वास स्थान ब्रहमलोक हो, त्यस ब्रहमलोक सम्म सबै लोकहरु देखि पुनरावृत्ति हुन्छ । ब्रहमलोक पनि विनाशशील छ, त्यस लोकमा पनि जसको ज्ञान उत्पन्न भएको छैन यस्ता जीवहरुको पुनर्जन्म अवश्यम्भावी छ। परन्तु जुन मनुष्यहरु क्रम मुक्तिप्रदान गरिने उपासना द्वारा ब्रहम लोकलाई प्राप्त हुन्छन, तिनीहरु त्यस लोकमा रहेर ज्ञानोत्पन्न भएमा ब्रहमाको साथ मोक्षलाई प्राप्त हुन्छन, अरु लाई मोक्षको प्राप्ति हुँदैन । "परस्य"-अर्थात ब्रहमाको परमायुको अन्तमा जसको मनोवृत्ति ब्रहम भावलाई प्राप्त हुन्छ, तिनीहरु पनि परमपद अर्थात मोक्षलाई प्राप्त हुन्छन् । परन्तु जसले कर्म द्वारा ब्रहमलोक प्राप्त गरेको छ , उनीहरुलाई मोक्षको प्राप्ति हुँदैन,परन्तु हे कौन्तेय! मलाई प्राप्त भएमा फेरि पुनर्जन्म हुँदैन ॥१६॥

आध्यात्मिक व्याख्या-"ब्रहम देखि जति भुवनहरुको सृष्टि भएका छन, सबैको जन्म र मृत्यु छ-मलाई पाएपछि अर्थात स्थिर हुँदा क्रियाको परावस्थामा सर्वदा रहँदाखेरि पुनर्वार जन्म हुने छैन"-

-समाधिवान भएर नै कर्मको निःशेष निवृत्ति हुन जानेछ, यस्तो कुरा छैन । समाधि भंग भएपछि फेरि सन्सारले घेर्दछन । अतयव यस किसिमका साधकहरुलाई पनि उच्चावस्था देखितलतिर ओर्लनु पदछ । जब साधक क्रियाको परावस्थामा सर्वदा रहन सक्नेछ त फेरि उसलाई ओर्लिनु पर्ने छैन । क्रियाको परावस्थामा जब गम्भीरता क्रमशः परिस्फुट हुन्छ, तब अनेक देवमूर्त्तिहरु देखिन जान्छन, परन्तु जब क्रियाको परावस्था पूर्ण रुपसँग प्रस्फुटित हुन्छ, तब कुनै देवमूर्ति पनि देखिदैन, समस्त देवता एवं सारा आत्मा ब्रहममा लय हुन जान्छन् । उनलाई यो पनि बोध रहँदैन-उसको शरीर छ या छैन । जो सर्वदा क्रियाको परावस्थामा रहन्छन्, उसको फेरि ओर्लनु पनि शेष रहँदैन, अतयव उसको जन्म पनि हुदैन । तब तल माथि, चारैतिर दशै दिशा-सब ब्रहम नै हुन जान्छ ॥१६॥

सहस्रयुग पर्यन्त महर्यद ब्रह्मणो विदुः
रात्रिं युग सहस्रान्ता तेऽहोरात्र विदो जनाः॥१७॥

श्री धरीय टीका-[पुराणमा लेखिएको छ-जो तपस्वी, दानशील, वीतराग तथा तितिक्षु छन, तिनीहरु त्रैलोक्यको माथि स्थित शोकवर्जित स्थान प्राप्त गर्दछन इत्यादि । पुराणोक्त वाक्य द्वारा भूः भुवः एवं स्वः यी तीन लोकहरुको अपेक्षा महः आदि ब्रह्मलोक श्रेष्ठ लोकहरुमा गनिन जान्छन् । परन्तु ब्रह्मलोक देखि पनि यदि पुनरावृत्ति हुन्छ भने त यी अवशिष्ट लोकहरुको अपेक्षा त्यो कसरी श्रेष्ठ हुन गयो ? यस आशंकाको निवारणार्थ भन्नु हुन्छ-ब्रह्मलोक अन्य लोकहरुको अपेक्षा दीर्घकाल स्थायी छ, त्यसको तुलनामा अन्य लोकहरु अधिक अल्पकाल स्थायी छन, यही अरु लोकहरुको अपेक्षा ब्रह्मलोकको विशेषता हो । शतवर्ष आयुवाला ब्रह्माको प्रतिदिनमा त्रैलोक्यको उत्पत्ति एवं प्रतिरात्रीमा प्रलय हुन्छ । यही देखाउनको लागि ब्रह्माको अहोरात्रको सम्बन्धमा प्रमाण दिनु हुन्छन ।] सहस्रयुग पर्यन्त ब्रह्मको जुन एकदिन छ तथा सहस्र युग पर्यन्त जुन रात्रीछ, त्यसलाई जसले योगबलले जान्दछन, त्यो सर्वज्ञ व्यष्टि नै अहोरात्रवेत्ता हुन । जसले चन्द्रादित्यको गति द्वारा अहोरात्र को जानकारी राख्दछन, तिनीहरु अहोरात्रविद् होइनन् किनभने तिनीहरु अल्पदर्शी छन । यहाँ युग शब्दले चारैयुगलाई जनाउँछ, ज्ञान संकलिनि आदि तन्त्र पुराणमा सहस्र चतुर्युगी को समय ब्रह्माको दिन बताइएको छ । ब्रह्मलोक शब्द महर्लोक आदिको उपलक्षण हो । काल गणनाको तरीका यस किसिम सँग छ-मनुष्यहरुको जुन एक वर्ष छ त्यही देवताको एक अहोरात्र हो । यस किसिमसँग देवताहरुको अहोरात्रमा पक्ष मासादि को गणना गरी बाह्र हजार वर्षहरुमा चतुर्युग हुन्छ । सहस्र चतुर्युगी ब्रह्माको एकदिन तथा यसै परिमाणमा उनको एकरात्री हुन्छ । यस किसिमले अहोरात्र पक्ष मासादि लिई शत संवत्सर ब्रह्माको आयुष्काल छ ॥१७॥

आधात्मिक व्याख्या-"दिनभरीमा महर्षिहरुको हजार पटक प्रच्छर्दन एवं विधारण हुन्छन-रातमा पनि यही किसिमले हुन्छ यसरी जसलाई हुन्छ उनैलाई नै ब्राहमण भन्न सकिन्छ । अर्थात प्राणायाम गर्दा गर्दा जसको प्रच्छर्दन र विधारण एकबार स्वभावतः ४४ सेकेण्डमा हुन्छ ।"

साधारणतः सत्य, त्रेता, द्वापर एवं कलियुग-यी नै चतुर्युग हुन। यस किसिमको चतुर्युग सहस्रबार अतिक्रान्त भएपछि ब्रह्माको एकदिन हुन्छ र यसरी नै सहस्र चतुर्युगीको समय ब्रह्माको एक रात्री हुन्छ । यसरी ब्रह्माको दिनमा सृष्टि थालनी हुन्छ र दिनभरी सृष्टि चलिरहन्छन् । ब्रह्माको रात्री नै प्रलय रात्रीको महाप्रलय हो, त्यति खेर समस्त चराचर विश्व प्रलीन हुन जान्छ । ब्रह्माको एक एक दिनको समय एक एक कल्प भनिन्छ । एक एक कल्प एक एक इन्द्रको राजत्वकाल छ । एक कल्पमा १४ मनु आविर्भुत हुन्छन र एक एक मनुको आविर्भाव एवं तिरोभाव को काललाई मन्वन्तर भन्दछन । यस किसिमको कालको गणनामा ब्रह्माको शत वर्ष परमायु हो, यसैलाई द्विपरार्ध काल पनि भन्दछन । तत्पश्चात् ब्रह्मा पनि रहँदैन, अतयव ऊर्ध्व चतुलोर्क जन, मह, तप, एवं सत्यलोकको पनि अस्तित्व रहँदैन । अतयव सूर्यको उदय अस्त देखेर जसले दिनरातको निर्धारण गर्दछन । तिनीहरु अल्पज्ञ हुन । ती अल्पज्ञ पुरुष अहोरात्र बेत्ता होइन । योगीको अतिरिक्त कसैमा पनि यो शक्ति छैन । -यस कालको

रहस्यलाई सम्झनु् । परिमित काल नै मायाको स्वरुप हो, यसकाललाई अतिक्रमण गर्न नसकेमा कसैले मायालाई अतिक्रमण गर्न सक्तैन । जबसम्म जीवको देहदृष्टि छ, तबसम्म त्यो मायाको अधीन छ । तबसम्म त्यो कालको वशमा रहन्छ अर्थात् जन्म मृत्यु को अतिक्रमण गर्न सक्तैन । महाकाल अनन्त छ जहाँ जन्म मृत्युको खेल छैन । यो काल जब घटस्थ हुन्छ तबै त्यसको परिमाण हुन्छ । कालको परिमाण जहाँ छ, त्यहाँ आरम्भ एवं अन्त छ, साधारणतः यसको आरम्भको नाम जन्म एवं अन्तको नाम मृत्यु हो । यस किसिमको सृष्टि एवं लय भैरहँदा यसमा भोक्ता एवं पदार्थको विद्यमान आवश्यक छ । भोक्ता एवं भोग्य बाटै प्राण जगत्‌को सृष्टिको लागि स्थूल जगत्‌को आवश्यक छ । यो भोक्ता एवं भोग्य नै सूर्य र चन्द्ररुप मिथुन छन । यस मिथुनले नै अनन्त प्रजाजन उत्पन्न भएर जगतमा परिपूर्ण भैरहेछन । यो मिथुन नै क्षर पुरुष एवं अक्षर पुरुष हुन । यिनकै संयोगले जगतको पुनः पुनः सृष्टि एवं लय हुन्छ ।

"क्षरं प्रधानं अमृताक्षरं हरः
क्षरात्मनो इशते देव एकः ॥"-श्वेता श्वेतर उपनिषद ।

-क्षर नै प्रधान (प्रकृति) हो र अक्षर अमृत या हर हो । जुन देवता क्षर एवंआत्माको प्रभु छ त्यही ईश्वर या परमात्मा हो ।

त्यो परमात्मा नै महाकाल हो-

"कलनात् सर्वभूतानां महाकाल प्रकीर्तितः ।"

महाकालले समस्त प्राणिहरुको कलन अर्थात ग्रास गर्दछ, यसैले त्यो महाकालको नामले प्रसिद्ध छ । यस महाकालको सीमा कसैले निर्धारण गर्न सक्तैन-

"कत चतुरानन पंचानन डुवि डुवि जावत न तुया आदि अवसाना"-

तिम्रो आदि अन्त ब्रहमा विष्णुको लागि पनि अगम्य छ-भक्त तुलसी दास भन्नु हुन्छ-

"विधि हरि शम्भु नचावन हारा । सो नहिं जानत मरम तुम्हारा"

अर्थात विधि हरी एवं शम्भुलाई पनि तिमी नचाइरहन्छौ, तिनीहरुले पनि तिम्रो मर्म जान्न सक्तैन ।

यस सीमावद्ध काललाई लिएर नै नामरुपमय जगत छ-त्यो अनित्य वस्तु हो । जसले उनलाई जान्न चाहन्छ उसलाई कालको अतिक्रमण, गर्नु पर्ने छ , तबै त्यो मुक्त हुनेछ अनि बुझन सक्नेछ-नित्य पदार्थ भन्ने वस्तु के हो तथा तबै त्यसले कर्मपाशलाई काट्न सक्नेछ ।

"विहाय नामरुपाणि नित्यं ब्रहमाणि निश्चले
परिनिश्चित तत्वो यः स मुक्त कर्म बन्धनात् ॥"

-पहिले भनिसकिएको छ-महाकाल जब घटस्थ या देहस्थ हुन्छ त त्यो सीमा शुद्ध कालरुप भएर प्रादुर्भूत हुन्छ । तब उसको संख्या या परिमाण हुन्छ । यही जीवको आयु हो । यसलाई योगीहरु अजपा भन्दछन ।

दिनरात अनवरत जीव ले श्वास तान्दै फाल्दै गरिरहेछन । यसको परिणाम २१६०० बार छ । मानिसको प्रति मिनेट १२ देखि १५ पटक श्वास प्रश्वास चल्दछ । पूर्व कर्महरु अनुसार जीव यही श्वासको पूंजी लिएर जन्म ग्रहण गर्दछ । यो पूंजी सिद्धिना साथ उसको शरीर रहदैन । योगीले प्राणायाम साधन द्वारा यस आयुष्काललाई बढाउन सक्दछन् । प्राणायाम द्वारा खालि आयुवृद्धि मात्र होइन बरु विशुद्ध ज्ञान पनि प्राप्त हुन्छ । जसरी वहि:श्वर्वासको अभावमा हाम्रो सान्सारिक ज्ञान लुप्त हुन जान्छ । उसरी नै जब श्वास सुषम्नावाहिनी भएर अन्तरमुखी हुन्छ तब दिव्य ज्ञानको उदय हुन्छ । रात्री अप्रकाश या अज्ञानरुप छ, दिन प्रकाश या ज्ञानरुप छ । इडा पिंगला भित्रबाट श्वास चल्दा जुन बाह्य ज्ञान समुदित हुन्छ, त्यो अज्ञानकोनै नामान्तर हो । क्रिया गरेपछि जब श्वासले इडापिंगलालाई अतिक्रम गरी सुषुम्नामा चल्दछ त विज्ञान पद प्राप्ति हुन्छ । तब कुनै पदार्थ या कुनै मानिसको सम्बन्धमा केही पनि अज्ञात रहन्न । जसलाई यो ज्ञांन हुन्छ तिनीहरु नै प्रकृत अहोरात्रवेत्ता हुन सक्छन । यस ज्ञान विना कसैलाई विमुक्ति प्राप्त हुन सक्तैन । जसले प्राणायामादि अभ्यास द्वारा २१६०० बार अजपालाई कंम गरी २००० पटक सम्म ल्याउन सक्छन अर्थात जसको श्वास स्वभावत: प्रति ४४ सेकेण्डमा एकबार चल्छ तिनीहरु नै महर्षि या प्रकृत ब्राहमण पद वाच्य हुन सक्दछन् । यस किसिमको ब्राहमण न भैकन कोही कुनै अहोरात्र वेत्ता हुन सक्दैनन् । उपर्युक्त २००० बारको अजपामा उनको इडा अर्थात वामनासिका द्वारा १००० बार तथा पिंगला अर्थात दक्षिण नासिका द्वारा एक हजार बार प्राणायाम हुन्छ । यस किसिमसँग प्रतिवारको अजपामा उनको प्राणको स्थिति सुषुम्ना मार्गमा हुन्छ । सुषुम्नामा स्थितिको अर्थ हुन्छ-त्यति बेला इडा सुषुम्नासँग अथवा पिंगला सुषुम्नासँग युक्त हुन्छ, यसैकारण यसलाई युग भन्दछन् । यसरी सहस्रयुग ब्रहमाको दिन तथा दोस्रो सहस्रयुग ब्रहमाको रात्री हुन्छ । इडालाई चन्द्रनाडी तथा पिंगलालाई सूर्यनाडी भन्दछन । श्वास इडाबाट पिंगलामा तथा पिंगलाबाट इडामा जाँदा सुषुम्नागामी हुन्छ । यही अव्यक्त पद हो । सुषुम्नाको यो स्थिति दीर्घ भएमा त्यही ब्रहमाको दिन तथा इडा पिंगलामा श्वासको गति नै रात्री हुन । यस किसिमले अहोरात्रवेत्ता पुरुषहरुको ब्रहमलोकमा स्थिति हुन्छ । यो ब्रहमलोक या सत्यलोक जीवको मुर्द्धा या सहस्रारमा हुन्छ । जसको अजपा २१६०० को ठाँउमा २००० बार हुन्छ, [देवलोकको जुन दुई सहस्रयुग छ त्यही ब्रहमको अहोरात्र हो । साधनाको प्रभावले जसलाई यस किसिमको अवस्था प्राप्त भएको छ] तिनीहरु ब्रहमलोकमा वास गर्दछन । योगी याज्ञवल्कयले भन्नु भएको छ-

"सत्यन्तु सप्तलोको वै ब्रहमण: सदनन्तत:
सर्वेषां चैव लोकानां मूर्द्धि सन्तिष्ठते सदा ॥
ज्ञानकर्म प्रतिष्ठानात् तथा सत्यस्य भाषणात
प्राप्यते चोपभोगार्थं प्राप्य न च्यवते पुन:
तत् सत्यं सप्तमो लोकस्तस्मादूर्ध्वं नविद्यते ॥

श्वास प्रश्वासको गति वहिर्मुख हुँदाखेरि देहात्म बुद्धि उत्पन्न हुन्छ । त्यही माया अधिकृत अवस्था हो । यो अवस्था जबसम्म हुन्छ, तब सम्म कसैलाई मुक्ति प्राप्त हुन सक्तैन । भुक्तात्मालाई देहबोध रहदैन । उनको श्वास पनि सुषुम्नावही भएर अन्तर्मुख भै लीन हुन जान्छ । उनको फेरि पुनरावृत्ति हुदैन ॥१७॥

अव्यक्ताद्व्यक्तय:सर्वा : प्रभवन्त्यहरागमे
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्त संज्ञके ॥१८॥

श्री धरीय टीका-कार्यको जुन कारण छ त्यही अव्यक्त हो । अव्यक्त नै कार्यरुपमा व्यक्त हुन्छ । त्यस अव्यक्त को कारणले व्यक्त चराचर भूत प्रादुर्भुत हुन्छन । कहिले प्रादुर्भूत हुन्छन् ? ब्रहमाको अहरागममा दिनको आरम्भमा । उसरी नै ब्रहमाको रात्र्यागममा अर्थात ब्रहमशयनमा अव्यक्त संज्ञक कारणरुपमा चराचर प्रलीन हुन जान्छ ॥१८॥

आध्यात्मिक व्याख्या-"जब दिनरात अर्थात इडापिंगला स्थिर भएर सुषुम्नामा चल्दछन, तब यस किसिमको अवस्था प्राप्त हुन्छ-त्यो सदा नै विज्ञान पदमा रहन्छ-जहाँ दिनरात छैन-तथापि दिनको समान प्रकाशमा जसरी देखिइन्छन उसरी नै समस्त मूर्त्तिहरु जुन देख्दछन, उनलाई रोमकूप सम्म देखिनमा आउँदछन । जब यस किसिमको अवस्था रहँदै-त्यतिवेला समुदय केही पनि देखिदैन त्यसैको नाम रात्री हो । जब प्रकृष्टरुपसँग ब्रहमातिरिक्त अन्य वस्तुमा आसक्तिपूर्वक दृष्टि राख्दछ । तब अव्यक्त अर्थात केही पनि बुझ्न पाउदैन ।

अहरागम अर्थात दिवसको उपक्रम भएपछि सब चिज आलोकित हुन जान्छ तब योगीकोलागि केही अज्ञात रहँदैन । सूर्यनाडी पिंगलामा जब श्वास प्रवाहित हुन्छ तब योगीहरुको दिन हुन्छ अनि चन्द्र नाडी इडामा श्वास प्रवाहति हुँदा योगीहरुको रात हुन्छ । इडा बाट पिंगलामा जाने समय तथा पिंगलाबाट इडामा जाने समय सुषुम्नामा जुन श्वासको गति हुन्छ त्यो अव्यक्तावस्था हो । त्यो अव्यक्तावस्था नै विज्ञान पद हो । त्यहाँ अन्तर्जगत्को नानाकिसिमको अद्भूत दृश्य अनुभवमा आउँदछन् ।-

"न चन्द्रस्य गतिस्तत्र न सूर्यस्यगतिस्तथा"

त्यहाँ चन्द्र सूर्यको गति छैन, अर्थात इडा पिंगलाको कार्य हुदैन , बाह्य जगत विलीन हुन जान्छन, परन्तु स्वप्रकाशको अनुभव प्रस्फुटित भै उठ्दछ। तब त्यहाँ ज्योतिको जुन प्रकाश हुन्छ त्यसको रशिमपातले वस्तुका अन्त: एवं बाह्य समस्त ज्ञातव्य हुन जान्छन । यस अवस्थामा योगीलाई सर्वत्र ब्रहमदृष्टि प्राप्त हुन्छ । योगी सर्वज्ञ हुन जान्छन । जब अन्य वस्तुमा आसक्ति हुन्छ तब ब्रहमदृष्टि नष्ट हुन जान्छ, तब अव्यक्त ब्रहमनाडी देखि श्वास हटिजान्छ जुन स्फुरण भैरहेको थियो त्यो फेरि रहँदैन, सबका सब मानो गहन अन्धकारमा डुबिजान्छन । श्वास सुषुम्नामा चल्दा खेरि योगीलाई जुन विज्ञान पद प्राप्त हुन्छ त्यही योगीको पक्षमा दिन हुन्छ । त्यस बेला यो प्रत्यक्ष व्यवहारिक जगत् मानो अव्यक्त कारणमा विलीन हुन जान्छ अनि स्व प्रकाश अनुभव पद जुन अव्यक्त थियो त्यो योगीलाई प्रत्यक्ष्यागम हुन लाग्छन । यो ज्ञान र अज्ञान, संसारातीत भाव एवं सन्सार वस्तुत: योगीको दिन र रात्रिको हुन । यो स्वप्रकाश अनुभव पद नै आदि पुरुष या हिरण्यगर्भ हो तथा तदन्तर्गत सर्वोत्तम विज्ञानपद नै पुरुषोत्तम भाव हो । यस पुरुषोत्तम या नारायणको शरीरमा नै समस्त जीव जगत् या बाह्य प्रकाश समूह लीन हुन जान्छन ॥१८॥

भूतग्रामः स एवायं भूत्वा प्रलीयते
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

श्री धरीय टीका-[कर्म गरेर त्यसको फल प्राप्ति नहुनु कृतनाश भनिन्छ अनि कर्म विनाको फल भोग्नु अकृताभ्यागम दोष हुन । सृष्टि आकस्मिक भएमा यस किसिमको आपत्ति उठ्न सक्छ-यस शंकाको निवारण गर्दै वैराग्यार्थ सृष्टि प्रलय प्रवाहको अविच्छेद भाव देखाउनु भैरहेछन] चराचर प्राणीसमूह जुन पहिले थिए तिनीहरु नै ब्रहमाको अहरागममा जन्म लिई उनको रात्रि आउँदा प्रलयलाई प्राप्त हुन्छन, यसरी प्रलयलाई प्राप्त भएपछि फेरि ब्रहमाको दिवसारम्भमा कर्मादिको वशमा जन्म लिन्छन । जुन मनुष्यहरु कर्महरुको वश हुन्छन तिनीहरु नै जन्म लिन्छन, अरु होइन ।

यस श्लोकको शांकर भाष्यको अनुवाद-"जसले कर्म गरेन उस्लाई फल मिल्यो अनि जसले कर्म गर्‍यो उसलाई फल मिलेन यस किसिमको दोषहरुमा यथाक्रम कृतनाश एवं अकृताभ्यागम दोष भन्दछन । यस किसिमको दोषहरुलाई परिहार गर्न बन्ध एवं मोक्षको प्रतिपादक शास्त्र पढेर मानिसहरुको जुन प्रवृत्ति हुन्छ त्यस प्रवृत्तिको सफलता देखाउनको लागि तथा अविद्यादि क्लेशहरुको कारण कर्माशयको वशमा प्राणीहरुको जुन पुदः पुनः जन्म मरण हुन्छ र यस कारण सन्सार देखि वैराग्य हुन्छ यो पनि देखाउन श्री भगवान् भन्नु भैरहेछन । भूतग्राम प्राणी समुदाय, स्थावर एवं जंगम उभयविध, जुन पूर्व कल्पमा थिए त्यही फेरि यस परिदृश्यमान रुपमा उत्पन्न हुन्छन, अन्य होइन । दिनको आगमन भएपछि यसरी भूतग्राम उत्पन्न हुन्छन अनि रात्रिको आगमनमा पुनः विलीन हुन जान्छन । अवश अर्थात अस्वतन्त्र भएर फेरि दिनको आगमनमा उसरी नै उत्पन्न हुन्छ ।

प्रत्येक कल्पको अन्तमा ब्रहमा एक कल्पसम्म निद्रित रहन्छन, त्यति बेला समस्त स्थावर जंगम वस्तुहरु अव्यक्तमा लीन हुन जान्छन । कल्पान्तमा जब ब्रहमा जाग्दछन तब उनको दिवसारम्भ हुन्छ अनि त्यस समय स्थावरजंगमात्मक समस्त सृष्ट वस्तुहरु अव्यक्तबाट ब्यक्त अवस्थामा उपनीत हुन्छन । ब्रहमाको रात्री समयमा त्रिलोक एवं त्रिलोकस्थ समस्त जीव जब ध्वंस हुन जान्छन त वीजरुपमा ब्रहमाको प्रकृति गात्रमा संलग्न भएर सुप्त हुन जान्छ्न । जसरी हामी निद्राको समय पूर्वदिनको चिन्ताहरु एवं कर्मको संस्कारहरुलाई लिएर निदाउँछौ र जाग्रत भएपछि फेरि तीनै संस्कारहरु र चिन्ताहरु साथै जाग्दछौ उसरी नै सारा जीव प्रलयकालमा आफनो कर्महरु र चिन्ताहरु लिएर अव्यक्तमा प्रवेश गर्दछन अनि सृष्टिकालमा ती सारा कर्म र चिन्ताहरु लिई अव्यक्त देखि बाहिर निस्कन्छन । त्यो घटना पुनः पुनः चलिनैरहन्छन । अवश भएर जीव यस मायाको स्रोतमा वहदै जान्छन । ब्रहमा केवल कर्मको साथ जीवहरुलाई प्रकट गर्दछन । यसलाई नै सृष्टि भन्दछन, परन्तु यस सृष्टिमा कुनै नया जीवले जन्म लिदैन । जुन पहिला थिए तिनीहरु नै आउँदछन, जीवलाई आ-आफनो शुभाशुभ कर्मका संस्कार अनुसार भेष बदल्नु पर्दछन । श्रुतिमा यही भनिएको छ-

**"सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत्‌;
दिवं च पृथिवां चान्तरिक्षमथो स्वः ॥"-ऋग्वेद**

सूर्य, चन्द्र पृथिवि अन्तरिक्ष एवं स्वर्गादिलोक पूर्वकल्पमा जे जो रुपमा थिए, पर कल्पमा पनि विधाताले त्यही किसिमसँग तिनीहरुको रचना गर्दछन ॥१९॥

आध्यात्मिक व्याख्या-"सबै भूतहरु सृष्ट भएर प्रकृष्ट रुपमा लयलाई प्राप्त हुन्छन-अन्य दिशामा रहँदा खेरि, जुन अवश भै सबैलाई हुनु पर्दछ-जसले क्रिया गर्दैन-फेरि क्रिया गर्दामा अन्धकारबाट स्वप्रकाश स्वरुपलाई प्राप्त हुन्छ ।"-

-जीवले आफनो स्वरुपलाई बुझ्नको लागि बारम्बार जन्म ग्रहण गर्दछ । दुर्भाग्यवश जीवले यो कुरा बिर्सिदिन्छ, यसैले बारंबार आउँदछन एवं बारंबार जाने गर्दछन । उसको जन्म मृत्युको प्रवाह फेरि रोकिन चाँहैन । कति कति पटक कति कति शुभकामनाहरु गऱ्यो परन्तु कहिल्यै त्यो कार्यरुपमा परिणत भएन । यसैले जीव समुद्रको बुदबुद समान व्यक्त भएर फेरि अव्यक्तमा मिल्न गयो । यही मानो जीवको अदृष्ट हो, अवशरुपले समस्त जीव यस किसिमसँग प्रवाहमा कति कति डुब्दछन र कति कति उठ्दछन । जसलाई खोजिरहेछन त्यसलाई पाइरहेको छैनन् । सुखको खोजमा रिङदैरिङदै अनेक बार दुखलाई अगांल्दछन । उसको सुखको भ्रम कदाप मेटिदैन, अज्ञानानन्द जीवले आफनो यस स्थूल शरीर बाहेक अरु केही देख्न पाउँदैन । यस स्थूल शरीरको भोगको लागि सदा नै मानो व्याकुल रहन्छ यसैले शब्द- स्पर्श-रुप-रस गन्धमय विषयहरु प्रति उत्कृष्ट लालसा हुनुको कारण खालि विषय चिन्तन गर्दा गर्दै जडवत् हुन गएको छ । त्यो जन्म मत्यु जरा व्याधि अनि तज्जनित शोक तापादिबाट सदा सन्तप्त भैरहन्छ, भोगवस्तुमा उसको आसक्ति छुट्दैन । विषय भोगको लागि लोलुपचित्त भएर अनेक वासनाहरु गर्दछन, अनेक कर्म सृजन गर्दछ-जसको कुनै गणना छैन, सीमाना छैन । वासनाको संस्कारहरुले जीवको जन्म मरणको तरंगहरु बन्द हुन चाहँदैन, अतयव उसको दुखहरुको अवसान हुनुको कुनै सम्भावना पनि देखिदैन । यद्यपि त्यो दुःख क्लेशहरुको पंजाबाट मुक्ति पाउनको लागि छटपट गर्दछ, परन्तु दुर्भाग्य यस्तो छ-जतिजति त्यो दुःखबाट उम्किन चाहन्छ उति उति नै अधिक जन्ममृत्युको दलदले हीलोमा त्यो भास्सिदै गैरहेछन । जुन भोगआशाले उसलाई घोर नरक यन्त्रणामा रिंगाउछ त्यस भोग आशालाई अति तुच्छ देखेर पनि त्यसलाई मनबाट परित्याग गर्न सक्तैन । साधनाभ्यास गर्दामा प्रज्ञालोक उदित भएर त्यसको महान्धकारलाई अवसान गर्न सक्दथ्यो । अज्ञानान्धकारमा जीव अर्द्धमृत भएर केवल विषयरस लोभमा पागल भएर परस्पर एक अर्कोलाई निरन्तर घात प्रत्याघात गरिरहेछन र राक्षस समान हाड मासु लुछदै ताण्डव नृत्य गरिरहेछन ॥

यत्तिका दुःखहरु क्लेशहरु हामी किन भोगिरहेछौं ? पिचास समान दुर्गन्धले भरिएको पंकिल विषयरस पानमा हामी किन मस्त भैरहेछौं ? विषयाग्निमयी ज्वालामा दग्ध भएर पनि हामी किन विषयहरु देखि हट्दैनौ ? यो बडो अनौठो रहस्यमय व्यापार हो । यसैले दयालु गुरु भन्नुहन्छ-विमुग्ध जीव अब त्यसरी

विषयहरुमा डुवी नरहु *एक बार जाग, एक बार उठ*। पागल समान पत्थरको थाङने थैलीलाई छातीमा टाँसेर नबस। गुरुले जुन साधना दिनुहुन्छ, एकबार त्यस साधनामा उन्मत्त भै देऊ। एकबार बाहिरको व्यापारलाई छोडि आफु भित्र प्रवेश गरी हेर-*कति सुन्दर! कति मन मोहक। शोभामयी अपूर्व ज्योति छ-यही त तिम्रो स्वरुप हो*, तिमी किन पिचाश समान यस हाडमांस रक्तयुक्त शरीरलाई लिएर बारबार चपाई रहेछौ, लुछिरहेछौ एकबार गुरु प्रदर्शित मार्गमा हिंडेर त हेर

"अन्तः शरीरे ज्योतिर्मयी हि शुभ्रो
यं पश्यन्ति यतयः क्षीण दोषाः॥

-अन्तः शरीरमा अर्थात् शरीरको अभ्यन्तर ब्रहमरन्ध्रमा या हृदयाकाशमा स्वर्णवर्ण निर्मल आत्मा विराजमान छ, जसको दर्शन शुद्ध हृदय योगीजन गर्दछन। यस आत्मालाई कसरी प्राप्त गर्नुपर्ला?

"सत्येन लभ्यस्तपसा ह्येष आत्मा,
सम्यग् ज्ञानेन ब्रहमचर्येण नित्यम्॥"

यस आत्मालाई जान्नु छ त कायमनोवाक्ले सत्यको आश्रय गर्नुपर्नेछ। तपस्या गर्नुपर्नेछ। तपस्या के हो? मन एवं इन्द्रियहरुको एकाग्रता नै परम तप हो। सम्यक् ज्ञान अर्थात आत्मदर्शन एवं ब्रहमचर्य अर्थात सब किसिमको मैथुन परित्याग द्वारा यसलाई वशमा राख्नाले नै दोष क्षीण हुन जान्छन। तब फेरी कालरात्रि या अत्यन्त दारुण मोहरात्रिमा परेर जीवलाई सन्त्रस्त हुनु पर्दैन। यो देहदृष्टि जबसम्म रहनेछ तबसम्म बारंबार जन्म मृत्युको खेल अवश्य चल्ने छ। यद क्रिया गर्दैनौ, मनलाई आत्ममुखी नगरी विषयमुखी राख्दछौ भने त अबश भएर यसरी पुनः पुनः जन्म मरण जरामा, भवचक्रमा परिनै रहनेछौ। *यही त घोर तमोमयी रात्रि हो*। यस मोहान्धकार देखि निस्केर यदि स्वप्रंकाश स्वरुप को अनुभव गर्न चाहन्छौ भने त कठोर यत्न गरी साधनाभ्यास गर। यस जन्म मरणको आवागमन बाट परित्राण पाउनको लागि योगाभ्यास गर। जुन मनुष्य आत्मा या भगवानलाई चाहन्छ, खालितिनीहरु नै गुरुपथ निर्देशनुसार साधना गरी जन्म मरणको आवागमनलाई रोक्न सक्दछन ॥१९॥

परस्तस्मात्तु भावोऽन्यो ऽव्यक्तोऽव्यक्तात् सनातनः;
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

श्री धरीय टीका-[सबै लोकहरुको अनित्यत्व प्रतिपादन गर्नु भै अब परमेश्वरको स्वरुपको नित्यत्व प्रदर्शन गर्नु हुन्छ] पूर्वोक्त चराचरको करणभूत अव्यक्त भन्दा पनि श्रेष्ठ अर्थात त्यसको पनि कारणरुप अन्य विलक्षण "अव्यक्त" जुन चक्षु आदि इन्द्रियहरुको अगोचर छ, अनि जुन सनातन एवं आदि छ तथा जुन समस्त कार्य कारण रुप छ त्यो भूतहरु नष्ट भएर पनि नाशलाई प्राप्त हुँदैन ॥२०॥

आध्यात्मिक व्याख्या-"यस पछि क्रियाको परावस्थामा रहँदै त्यहाँ केही पनि व्यक्त छैन, अव्यक्त पनि छैन त्यो सर्वदा ब्रहममा रहँदै अन्तमा सनातन ब्रहममा लीन हुन जान्छ-यस किसिम सित जसको भूतमा ज्ञान हुन जान्छ त्यो नाशवान भएर पनि विनाशलाई प्राप्त हुदैन विनाश विशेषरुपले नाशलाई प्राप्त हुँदन

अर्थात अन्तरिक्षमा अणुस्वरुपले रहन्छ ब्रहमको रुप भएर । त्यस रुपमा जे इच्छा गर्दछ, त्यो इच्छा गर्नु पूर्व नै आफसे आफ सम्पन्न हुन जान्छ, या गर्न सक्तछ, यो यथार्थ र प्रत्यक्ष छ । *"जसले गर्दछ त्यसले देख्दछ, जसले देख्दछ, त्यस्ले देख्छ" यो भन्नाले कसैलाई विश्वास हुने छैन, गरेर हेर" !!!*

क्रियाको परावस्थामा नै निर्विकल्प भाव हुन्छ, किनभने त्यस अवस्थामा कुनै अवलम्बन रहँदैन । सबै प्रपंचहरु देखि रक्षा पाउनुको त्यही एकमात्र आश्रयस्थान हो । क्रियाको परावस्थामा जब सबै वस्तुहरु देखि चिन्ता निवृत्त हुन जान्छ, तब फेरि प्रवृत्ति कहाँ ? त्यति बेला प्रवृत्तिमा निवृत्ति हुँदैन र निवृत्तिमा प्रवृत्ति हुँदैन । जहाँ प्रवृत्ति निवृत्ति दुवै छैन, त्यहाँ समस्त वस्तुहरु रहँदैमा पनि कुनैमा भाव हुँदैन-अर्थात् आसक्ति पूर्वक दृष्टि हुँदैन, तथापि सब चिज देख्दछ, सुनेर पनि सुन्दैन, सुँघेर पनि सुंघदैन, खाएर पनि खाँदैन, छोएर पनि छुँदैन-यस किसिमको अवस्था हुन्छ, तब योगी सुषुम्नामा रहँदै सदा नशामा रहन्छन, कुनै काम आसक्ति पूर्वक गर्दैन, सबकासब ब्रहममय बोध गर्दछन । यस किसिमको योगीको सवचिज ब्रहमलीन हुन जान्छन् । सारा प्रवृत्ति प्रवाह, संस्कार आदि ब्रहमलीन हुन जाँदा पनि त्यो विशेषरुपले नाशलाई प्राप्त हुँदैन । त्यति समय पनि त्यो अन्तरिक्षमा अणुस्वरुपमा अवस्थान गर्दछन । त्यो अणुस्वरुप भाव पनि ब्रहमभाव हुन्छ । त्यस अवस्थामा अवस्थित भै जे चाहन्छन त्यही सिद्ध हुन जान्छ, चाहनु पहिले नै त्यो सम्पन्न हुन जान्छ । प्राणायाम गर्दामा मनको प्रशन्नता प्राप्त हुन्छ अनि मनको प्रशन्नता प्राप्त हुनासाथ क्रियाको परावस्था उपस्थित हुन्छ । वामश्वास, दक्षिणश्वास एवं श्वास-यी तीन्टै ब्रहमरुप सुषुम्नामा रहने सूक्ष्म वायुको रुप हुन-जुन मृणाल तन्तु समान सूक्ष्म छ । यही हो आफुले आफैलाई जान्ने मन्त्र । यस द्वारा नै चंचल मन अन्य दिशातिर न गै क्रियाको परावस्थामा स्थिर हुन्छ । यही स्थिरत्वले निज बोध स्वरुपलाई अनुभव गराउँदछ । तब योगी जितेन्द्रिय हुन जान्छन, चक्षु कर्ण नासिका , जिहवा, त्वक एवं मन माथि आत्मा कर्तृत्व गर्दछ । क्रिया द्वारा आत्मा वशीभूत भएपछि सारा इन्द्रियहरु रहँदामा पनि नरहनु कै समान हुन जान्छन । वाक पाणि पाद पायु एवं उपस्थ-कर्मसाधनको यी पाँच इन्द्रियहरु क्रियाको परावस्थामा रहदैमा पनि रहदैन, किनभने त्यतिखेर आत्माले वागादि पांचै अंगहरुबाट कर्म गर्नुको इच्छा गर्दैन, इच्छा नगरेपछि यी समस्त अंगहरु रहे पनि नरहेकै समान हुन्छन्। योगीहरुको अवस्था यस्तो हुन्छन । यो शास्त्रमा लेखिएका छन । योगीश्वर महापुरुषहरुले यसलाई प्रत्यक्ष गरेका छन । यही परमावस्था हो र यही ब्रहम भाव, यो अविनश्वर छ । समस्त भूतहरुको लय भएपछि पनि यो रहन्छ । *"आदित्य वर्णो भुवनस्य गोप्ता"* यो अव्यक्त भन्दा पनि अव्यक्त छ । योगीहरु यसलाई इडा पिंगला एवं सुषुम्ना को अतीत अवस्था भन्दछन् । कूटस्थको ज्योति ले नै यो प्रत्यक्ष्य शरीरादि इन्द्रियवर्ग प्रकाशित भैरहेछन, परन्तु त्यस कूटस्थ मण्डलको ज्योति सबैको लागि प्रत्यक्ष गम्य छैन । सबकासब समस्तको कारण स्वरुप कूटस्थमण्डल भन्दा पनि विशुद्ध एक अर्को अव्यक्त भाव छ, त्यही क्रियाको परावस्था हो, त्यो समस्त भूतमण्डल विनष्ट हुँदामा पनि नष्ट हुँदैन । त्यही सवितृमण्डल मध्यवर्ती पुरुष हुन, त्यही नारायण हुन ॥२०॥

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम्
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

श्री धरीय टीका-[भगवान्‌को अविनाशित्वको प्रमाण दिनु हुन्छन]-जुन भाव अव्यक्त अर्थात अतीन्द्रिय छ त्यसलाई "अक्षर" अर्थात प्रवेश नाश शून्य भनिकन श्रुतिमा वर्णन गरिएको छ। अक्षर स्वरुपबाट विश्व समुत्पन्न भएको छ। यो श्रुति वाक्य हो। यसलाई परमगति अर्थात परम पुरुषार्थ बताइएको छ। श्रुतिमा लेखिएको छ-त्यस पुरुष भन्दा श्रेष्ठ अरु कुनै छैन। त्यो परमात्मा नै काष्ठा अर्थात अन्तिम सीमा हुन र परम गति पनि अर्थात जीवको जन्म मृत्युको निवृत्तिको एकमात्र कारण हुन। उनको परम गतित्वको कारण यो छ-उनलाई पाएपछि फेरि पुनरावृत्ति हुँदैन। त्यही मेरो परमधाम या स्वरुप हो। मेरो धाम भन्नुमा म एवं धाम पृथक वस्तु होइन, जस्तो राहुको कपाल भन्नाले पृथकवस्तुको बोध हुदैन किनभने राहु एकशिर मात्र नै हो। अतयव म नै परम गति हुँ, यही अभिप्राय छ ॥२१॥

आध्यात्मिक व्याख्या-"अव्यक्त कूटस्थ अक्षर हुन्छ-त्यसको लागि उपर्युक्त जुन लेखियो त्यो गुरु वक्त्रगम्य छ ‼ त्यही स्थितिको कारण हुन जहाँ पुगेर स्थिर भएपछि क्रियाको परावस्थामा निवृत्त हुन चाँहदैन अर्थात अन्य दिशामा मन जाँदैन। त्यही मेरो परम धाम हो अर्थात, त्यहीं अडकिरहन्छु।"-

यो अव्यक्त नै अक्षर पुरुष हुन यही परम गति हो यस्तो स्थिति प्राप्त गरेपछि फेरि फर्कनु पर्दैन। क्रियाको परावस्थामा मन प्रविष्ट भएपछि फेरि दोस्रा तिर जान चाहँदैन-यो परम निवृत्तिरुप लय विक्षेप शून्य अवस्था नै मेरो परमधाम हो-"तद्विष्णो परमं पदं।" यो चिरनित्य ध्वंस शून्य अवस्था हो, यस अवस्थाको फेरि परिवर्तन हुदैन। मेरो परम धाम भन्नाले मनमा यो हुन सक्छ-श्री भगवान् र उनको धाम दुई वस्तु हुन। परन्तु यथार्थतः यस्तो कुरा छैन। यद्यपि मानिसहरु कुराकानीमा राहुको शिर भन्दछन परन्तु सवै जान्दछन् -राहु र उसको शिर पृथक छैन। अतयव यस धामको प्राप्ति ग्रामादिको प्राप्ति समान छैन। यस धामलाई पाउनुको तात्पर्य छ-मलाई प्राप्त गर्नु या मै हुन जानु। भ्रमवश देहदृष्टि हुनुको कारण म र आत्मा दुई पृथक वस्तु बुझिन जान्छ, परन्तु क्रियाको परावस्थामा देहदृष्टि त हुदै हुदैन नी; बुद्धिको काम पनी रहदैन, अतयव पृथक सत्ताको उपलब्धि रुप भ्रम पनि रहदैन। तब जीव र आत्मा एक अभिन्न स्वरुपमा प्रतीत हुन्छ। यो परमात्मा नै जीवको अवलम्बन हो। जीवको अन्य पृथक सत्ता छैन। बुद्धिमा उपस्थित परमात्मा नै जीवरुपमा प्रकाशित हुन्छन। क्रियाको परावस्थामा प्राणको निरुद्धता हुंदा त्यसको साथै मन र बुद्धि पनि निरुद्ध हुन जान्छ। तब जीवभाव मेटिएर एक अखण्ड परमात्मा नै विराजमान रहन्छन। परमात्मा सँग जीवको यो सम्बन्ध जानेपछि जीवले बुझ्न सक्दछ-"एषाऽस्य परमागति" यही उसको अर्थात जीवको सर्वस्व हुन ॥२१॥

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया
यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

श्री धरीय टीका-[भक्ति नै भगवत् प्राप्तिको अन्तरंग उपाय हो। यो पहिले भनियो। यहाँ फेरि भन्नु भैरहेछन]-म नै त्यो परम पुरुष हुँ जसको अन्य कुनै आश्रय छैन, रहँदैन, केवल भगवान् नै जसको एकमात्र आश्रय छन। यस किसिमको एकान्त भक्त द्वारा त्यो पुरुष लभ्य छन , अन्य कसैको द्वारा छैन।

त्यो परम पुरुष किन हुन्, यो बताउनु हुन्छ-त्यस कारणभूत पुरुषको भित्र नै यी सारा भूत स्थित छन र त्यही कारण रुपमा यस समस्त जगत्मा व्याप्त छन् ॥२२॥

आध्यात्मिक व्याख्या-त्यसको पर एक पुरुष देखिन जान्छ, अर्थात कूटस्थको पर जुन सब भूतहरुको भित्र छन त्यो ईश्वर ब्रहमस्वरुप छन्-जसबाट यो सबचिज-जुन देख्दछौ-भएको छ ।"-

भगवत्प्राप्तिको उपाय हो अनन्य भक्ति । भक्तिको लक्षण छ-

"स्वस्वरुपानुसन्धानं भक्तिरित्यभिधीयते"-

आफनो स्वरुपको अनुसन्धान नै भक्ति हो । त्यो के खालि शास्त्रपठन या ब्रहमविचार द्वारा प्राप्त हुन सक्ला ? *"शास्त्राण्यधीत्यापि भवन्ति मूर्खा:"* शास्त्रपाठ गरेर पनि मानिस मूर्ख रहन्छन् । *"यस्तु क्रियावान् पुरुष: सविद्वान"* जसले शास्त्रविहित एवं गुरुको उपदेशानुसार साधनाभ्यासमा मनलाई आत्ममुखी गर्दछन त्यही यर्थाथमा विद्वान हुन । भजन गर्दै गर्दै अनन्य भजनशील नभैकन कसैले त्यस परम पुरुषलाई प्राप्त गर्न सक्तैनन् । अनन्यभक्तिको स्वरुप श्रीमत शंकराचार्य भन्नु हुन्छ- *"अनन्यया आत्म विषयया"*-आत्म विषयको सिवाय जहाँ अरु केही बोल्नुको इच्छा हुँदैन, देख्नु सुन्नु एवं जान्नुको पनि इच्छा हुँदैन, तबै तारे अनन्य भक्ति हुन्छ । क्रिया गरी जब मनमा खुव नशा आउँदछ तब फेरि मन दोस्रो विषयतिर जान चाँहदैन तब अनन्य भाव हुन्छ । यसैले खुव मनोयोग पूर्वक क्रिया गर्नुपर्ने हुन्छ । मनोयोग पूर्वक क्रिया गर्नाले क्रियाको परावस्था शीघ्र नै प्राप्त हुन्छ । अन्यमनस्क भएर क्रिया गर्दा खेरि क्रियाको फल प्राप्त हुदैन । मन लगाएर क्रिया गर्दा ॐकार ध्वनि सुन्नमा आउँदछ, तब मन सहजैस्थिर हुन्छ । सदा नै क्रिया गर्दा ब्रहमरन्ध्रबाट सुधामृतको वर्षण हुन्छ, तब मनमा फेरि चांचल्य रहँदैन, अतयव केही इच्छा पनि रहदैन जुन मानिसहरु राम्रोसंग क्रिया गर्दछन । तिनीहरु आफुभित्र सूर्यसमान प्रभाविशिष्ठ एक सुवर्ण अण्ड देख्न पाउँदछन् त्यसबाट पुरुषोत्तमको अभिव्यक्ति हुन्छ। हिरण्यवर्ण कूटस्थको भित्र एक कृष्णवर्ण गोलक देखिन जान्छ, त्यही कारण वारी हो, त्यसको भित्र नक्षत्र स्वरुप बीज छ । कूटस्थ को यस द्वार भएर गमन गरेमा पुरुषोत्तम रुपको अनुभव हुन्छ । त्यही हो नारायण । नराकृति छ अनि नराकृति छैन पनि, त्यो यस किसिमको पुरुष हो । कूटस्थको कृष्णवर्ण (कारण सलिल) को भित्र त्यसको स्थिति छ । यसैले उसलाई नारायण भन्दछन । यस नारायणबाटै समस्त विश्व समुद्भूत भएको छ । अनन्य चित्तले क्रिया गरेमा क्रियावान पुरुषले कूटस्थ भित्रको पुरुषोत्तम नारायणलाई अनुभव गर्न सक्दछन् । पश्चात क्रियाको परावस्थामा बुद्धि निरुद्ध भएमा द्रष्टा एवं दृश्यको बोध लुप्त हुन जान्छन, दिक्काल पनि निवृत्त हुन जान्छ, भेद बुद्धि तिरोहित हुनजान्छ अनि समरसपूर्ण शिवभाव द्वारा सबकासब पूर्ण बोध हुन्छ । ॥२२॥

यत्र काले त्वनावृत्तिमावृत्तिंचैव योगिन:
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतभर्ष ॥२३

श्री धरीय टीका- [परमेश्वरको उपासना गर्नेहरु त्यस पदलाई प्राप्त गरी संसारमा फेरि आवागमनलाई प्राप्त हुँदैन, अन्य सबै आवागमनलाई प्राप्त हुन्छन् । अब यो बताउनु भैरहेछन्-कुन मार्गमा हिंड्दा खेरि पुनरावृत्ति हुँदैन र कुन मार्गमा चल्दा खेरि पुनरावृत्ति हुन्छ ? जुन कालमा योगीहरु प्रयण गरी अनावृत्तिलाई प्राप्त हुन्छन्, त्यस कालको सम्बन्धमा भन्दछु । वेदान्त दर्शनमा दुईवटा सूत्र छन्-रश्म्यनुसारी (४।२।१८) एवं "आतश्चायनेऽपि दक्षिणे" (४।२।२०) यसको अर्थ यो हुन्छ-विद्वान पुरुष मूर्द्धन्य नाडी द्वारा निष्क्रान्त भएर सूर्यरश्मि जुन यस मूर्द्धन्यसंग सम्बन्धित छ त्यसको अवलम्बन गरी ऊर्ध्वगमन गर्दछन् । (४।२।१८) पूर्वोक्त हेतुले दक्षिणायनमा मृत्यु भएपनि विद्वान पुरुषको ब्रहम प्राप्तिमा वाधा हुदैन । वेदान्त दर्शनको यस सूत्रमा युक्ति द्वारा उत्तरायणादि काल विशेषमा मृत्युको कुनै विशेषता देखाएको छैन । अतयव बुझ्नु पर्दछ-यहाँ काल शब्दले कालाभिमानी आतिवाहिकी देवताहरुको प्राप्ति मार्गको कुरा भनिएको छ । अतयव यसको अर्थ यो हुन्छ-उपासक एवं कर्मी जुन कालाभिमानी देवताको उपलक्षित मार्गको नै कुरा भन्दछु ॥२३॥

आध्यात्मिक व्याख्या-"जुन कालमा मर्दाखेरि पुनर्जन्म हुँदैन र जुन कालमा मर्दा जन्म हुन्छ योगीहरु को अर्थात समाधिस्थ मनुष्यहरुको-त्यो भन्दछु । प्रकृष्टरुपले जो ब्रहममा जान चाहन्छन मृत्युकालीन निम्न लिखित कालमा तिनीहरु जानेछन् ।"

योगबल देखि मर्न सक्ने शक्ति यदि प्राप्त छैन त कुनै बाह्य उत्तरायण कालमा मर्दा खेरि पनि विमुक्ति प्राप्त गर्न सक्तैन । जुन मानिसहरु ज्ञानी छन् अर्थात् सर्वदा क्रियाको परावस्थामा अवस्थित रहन्छन, तिनीहरुको प्राणहरुको उत्क्रान्तिको श्रुतिमा निषेध पाइन्छन्, न तस्य प्राणा उत्क्रामन्ति" उनीहरुको प्राणहरुको उत्क्रमण हुँदैन । किनभने क्रियाको परावस्थामा शरीरस्थ इन्द्रियहरु एवं जीवात्मा सब परमात्मामा लीन हुन जान्छन । मन जब चिन्मात्रमा स्थिति प्राप्त गर्दछ त शरीर पनि ब्रहममय हुन जान्छन् । तब इन्द्रियहरुको पनि पृथक कुनै कार्य रहँदैन, तिनीहरु पनि ब्रहमलीन हुन जान्छन । इन्द्रियादिको अभावमा विषयको पनिअभाव हुन्छ । तब के हुन्छ ? "सर्वं ब्रहममयं जगत"-सब वस्तुहरुको ब्रहमसंग भाव अर्थात मिलन हुन जान्छ । तब आत्मा समस्त उपाधिकहरु रहित अलिंग मात्र रहन्छ । यस अवस्थामा शरीर शुष्क पत्र समान खस्न जान्छ अनि देही त ब्रहममय अवस्थामा ब्रहम नै भएको हुन्छ । त्यसको शरीर देखि उत्क्रान्ति हुँदैन । यिनीहरु नै जीवन विमुक्त पुरुष हुन्छन । जो जीवनमुक्त हुन सकेका छैनन, उनिहरुलाई देहान्त पछि या केही समय पछि जुन विमुक्ति प्राप्त हुन्छ त्यो विदेह मुक्ति हो । साधारणतः यही मुक्ति प्रयत्नशील साधकप्रवर पुरुषहरुले प्राप्त गर्दछन । शास्त्रमा यसलाई क्रममुक्ति भन्दछन । यसविषयमा अगाडिको श्लोकमा भन्नु हुनेछ । जीवन मुक्ति लाखौं सिद्धसाधकहरुमा कदाचित कोही कसैलाई प्राप्त हुन्छ । त्यो जस्तो असाधारण महामानव हुन्छन उस्तै किसिमको असाधारण मुक्ति पनि उनलाई प्राप्त हुन्छन् । विदेह मुक्ति शरीर रहँदै पनि साधकहरुलाई सामयिक रुपले हुन्छ, परन्तु त्यस अवस्थामा पनि उनको स्थिति सर्वदा नरहनुको कारण उनलाई मुक्त मान्न सकिन्न । जीवनमुक्तको आत्मा शरीर छँदैमा नै स्वरुपमा स्थित हुन जान्छन् । ब्रहमसूत्रमा लेखिएको छ-"अविभागेन दृष्टत्वात" त्यस

अवस्थामा जीवको आत्माको साथ सवै किसिमका बन्धनहरु देखि विमुक्त हुनुको कारण समस्त पदार्थहरुमा ब्रहम दर्शन हुन्छ या "अहंब्रहमास्मि" यस किसिमको अनुभव हुन्छ। पश्चात् त्यो अनुभव पनि रहँदैन, तब चिदाभासको साथ चिन्मात्रको अनि चिन्मात्रको साथ पुरुषोत्तमको चिरसम्मिलन हुन जान्छ। परन्तु यस सम्मिलन को पहिले उनको ईश्वर भाव हुन्छ। श्रुतिमा भनेको छ-त्यो स्वराट हुन जान्छन, समस्त लोकहरुमा इच्छामात्रले नै उनको गति हुन्छ। संकल्प मात्रले पितृगण उनको सामुन्ने उपस्थित हुन्छन्। सारा देवता उनको वलि आहरण गर्दछन। "आप्नोति स्वाराज्यम् तेषां सर्वेषु लोकेषु कामचारो भवति। संकल्पादेवास्य पितरः समुत्तिष्ठन्ति, सर्वेदेवा बलिमाहरन्ति।" वेदान्त दर्शनमा लेखेको छ-

"संकल्पादेव तत्छूते" -४-४-८

"अतएबानन्याधिपतिः"-४-४-९

समस्त ऐश्वर्य उनको संकल्पमात्रले प्राप्त हुन जान्छ, त्यो अनन्याधिपति हुन जान्छन, अर्थात पूर्ण स्वाधीन हुन जान्छन्, उनको अधिपति अन्य कुनै रहदैन।

यस शरीर भित्र जुन पुरुष छ, इडा र पिंगला उसको दुई पद स्वरुप छन्। यी दुईटा पदहरुको क्रिया द्वारा तृतीय पद प्रकाशित हुन्छ। नाभि देश देखि सुषुम्ना नै त्यो तृतीय पद छ। यही स्थिरत्वको पद या क्रियाको परावस्था हो। यस अवस्थामा ब्रहम अणुस्वरुप बोधको विषय बन्दछन्। यो अवस्थां जब सम्म छ तबसम्म महत् छ। त्यस समय स्वर्ग, मर्त्य, पाताल, त्रिभुवनमा व्याप्त भएर उनको महिमा प्रकाशित हुन्छ। त्यतिबेला त्यो विश्वनाथ हुन्छन्। यो तीन्टै पाद मिलेर अमृत पाद हुन्छ, त्यही परमव्योम स्वरुप हो। यस किसिमको पुरुषलाई जसले जान्दछ त्यो सर्वज्ञ हुन जान्छ। जे जो भैरहेछ या हुनेछ, ती सबको साथ त्यो युक्त हुन जान्छ। शरीरमा रहँदै पनि त्यो शरीरातीत या विमुक्त हुन्छ। यी सारा ब्रहमभूत पुरुषहरुको कुनै विशेष स्थानविशेषमा गमनागमन सम्भव छैन। *"अत्र ब्रहम समश्रुत"-अत्रैव समवलीयन्ते"*-यहाँ नै त्यो ब्रहमलाई प्राप्त हुन्छ-उनको प्राण उत्क्रान्त हुँदैन, ब्रहममा नै लय हुन जान्छ।

मुक्त पुरुषहरुको बुद्धि समतालाई प्राप्त हुन्छ। ब्रहम साक्षातकार गरेपछि सुख दुःखको प्रति उनको द्वेष या राग हुँदैन। यदि उनको प्रारब्ध कर्म फलोन्मुख भएर उनको लागि सुखकर या दुखप्रद भएता पनि यसको गतिरोध गर्नुको उनमा स्पृहा हुँदैन ,अतयव भोगद्वारा क्षय नहुन्जेल उनको स्थूल शरीर तथा तदनुगामी सुख दुःखादि पूर्णतः नष्ट हुँदैन। देहान्त भएछि या त्यसको अगाडि नै तिनीहरु स्वराट् हुन जान्छन, अतयव उनको लोप हुँदैन। व्यक्तित्व नरहेपछि स्वराट को होला ? उनको त्यो व्यक्तित्व देहात्माभिमानयुक्त हुँदैन, ईश्वरको साथ त्यो ऐकात्मभावले युक्त हुन्छ। उनको सूक्ष्म शरीर रहन्छ , परन्तु त्यो शरीरको सारा उपादान अर्थात् मन, बुद्धि इन्द्रियादि सबै ब्रहमभावमय हुन जान्छन। तिनीहरुले इच्छा गरेमा धेरैदिन सम्म यस शरीरलाई राख्न सक्दछन, नराख्न पनि सक्दछन। जब राख्ने इच्छा हुँदैन, तब तिनीहरु ब्रहमको साथ एक हुन जान्छन अर्थात् ब्रहम सायुज्य प्राप्त गर्दछन। देह रहँदैमा पनि उनलाई सामीप्य एवं सारुप्य मुक्तिमा बाधक हुदैन। नारदादि विमुक्तपुरुष यसै श्रेणीका हुन। परन्तु जसको प्राणमन, बुद्धि सदाको लागि

ब्रहममा लीन हुन जान्छन , उनलाई फेरि जगत् ज्ञान रहँदैन, अतयव देहबोध पनि रहन सक्तैन । तिनीहरु यस जगतमा फेरि जाग्रत हुँदैन, यदि कुनै वखत जागे पनि त यस जगतलाई जगत रुपमा बुझ्दैन ।मात्र एक ब्रहमकारा वृत्ति रहन्छ । अतयव सबमा तिनीहरु ब्रहमलाई नै देख्दछन, उनको समुन्ने जगत् मिथ्या बुझिन जान्छ । उनको ब्रहम समाधि फेरिकहिल्यै भंग हुँदैन । यस श्रेणीका योगी स्वयं नै ब्रहम हुन जान्छन, उनको पृथक अस्तित्व रहँदैन । उनलाई नै पूर्णज्ञान प्राप्त हुन्छ । अज्ञान या मायाले उनलाई स्पर्श गर्न सक्तैन । जुन मानिसहरु ब्रहमलोकमा पुगेर ज्ञान प्राप्त गरी विमुक्त हुन्छन्, उनको गति श्री भगवान् अगाडिको श्लोकमा भन्नु हुनेछ । ॥२३॥

अग्नि ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ;
तत्र प्रयाता गच्छन्ति ब्रहम ब्रहमविदो जनाः ॥२४॥

श्री धरीय टीका-[यहाँ अनावृत्ति मार्गको विषयमा भन्नुहुन्छ]-अग्निः ज्योतिः तेजको अधिष्ठात्री देवता हुन, यस द्वारा श्रुतिमा कथित अर्चिका अभिमानी देवता उपलक्षित छन् । अहः दिवसाभिमानी देवता, शुक्लःशुक्ल पक्षाभिमानी देवता,यी सबै तथा वेदोक्त संवत्सर देवलोकादि देवताहरुको जुन उपलक्षित मार्ग छ, त्यसबाट भगवानको उपासना गर्ने साधक प्रयाण गरी ब्रहमलाई प्राप्त हुन्छन । किनभने तिनीहरु पनि ब्रहमविद् हुन् । श्रुतिमा लेखिएको छ-उत्तरमार्गगामी पहिले अर्चि देवताहरुलाई प्राप्त हुन्छन, अर्चि देवताबाट अहर्देवतालाई, अहर्देवताबाट संवत्सरको देवतालाई संवत्सरको देवताबाट सूर्यलाई, सूर्यबाट चन्द्रमालाई तथा चन्द्रमाबाट विद्युत देवतालाई प्राप्त हुन्छन । त्यहां एक अमानव पुरुष ब्रहमलोक बाट आई उनलाई त्यहाँ लैजान्छन् । -शंकराचार्यले "ब्रहमविदो जना" को अर्थ गर्नुहुन्छ 'ब्रहमोपासका जनाः' गर्नु हुन्छ उनको "क्रमेणेति वाक्य शेषः" अर्थात् क्रम मुक्ति हुन्छ । यसको कारण देखाउनु हुन्छ"-"न हि सद्योमुक्ति भाजां सम्यग् दर्शननिष्ठानां गतिरागतिर्वा क्वचिदस्ति न तस्य प्राण उत्क्रामन्ति इति श्र तेः । ब्रहमसंलीन प्राणाः एव ते ब्रहममयाः ब्रहमभूता एव ते"-जो सम्यग्दर्शननिष्ठ सद्यमुक्ति भागी पुरुष छन, उनको कुनै स्थानमा गमन या आगमन हुँदैन । श्रुतिमा उल्लेख छ-उनको प्राण उत्क्रमण गर्दैन । उनको प्राण ब्रहममा संलीन हुन्छ, तिनीहरु ब्रहमभूत या ब्रहममय हुन जान्छन् । ॥२४॥

आध्यात्मिक व्याख्या-"चारैतिर अग्निको ज्वाला समान समस्त दिशाहरु बल्न जानेछन-त्यसको भित्र विद्युत हुनेछ-त्यसको भित्र दिनको समान प्रकाश हुनेछ-श्वेतवर्ण-यस किसिमसित मानो कोटि सूर्य एवं कोटि चन्द्रको उदय एकत्र भएको छ-छ महिना दिनरात क्रिया गर्दा गर्दै यसरी सामुन्ने उदय हुनेछ-त्यसमा रहेर जो समाधिस्थ हुन्छन-श्रेष्ठ पुरुष भीष्मादि समान ब्रहमज्ञ अथवा ब्रहमलाई जसले जानिलिएको छ-शरीर त्याग गरी"-

ज्ञानीको यस किसिमसित मुक्ति हुँदैन अर्थात् त्यो स्वतः मुक्त हुन्छन, उनको विमुक्तिले कारणान्तरको अपेक्षा गर्दैन । १०।१२ पन्ना वेदान्त पढी अथवा आत्मा अनात्माको मौखिक विचार या तर्क वितर्क गरी कोही यस्तो ज्ञानी हुन सक्तैन । यस्तो ज्ञानी हुनको लागि अधिक धेरै साधन गर्नु पर्दछ तथा सिद्धावस्था

प्राप्ति पछि पनि यो अवस्था प्राप्त हुनमा धेरै विलम्ब हुन्छ। लाखौं लाखौंमा कतै एक दुई साधक मृत्युलोकमा रहँदै यस अवस्थालाई प्राप्त हुन्छन। जुन मानिसहरु यस्तो अधिकारी नभएर पनि उच्चाधिकारी छन, उनको शरीर त्याग पछि ब्रहमलोकमा रहँदा रहँदा यस प्रकारको ज्ञान प्राप्त हुन्छ। यस किसिमको उच्चाधिकार सम्पन्न योगीले जब देह त्याग गर्दछन तब उ प्रस्तुत भएर नै देह त्याग गर्दछन। ६ महिना दिनरात क्रिया गर्दै गर्दै कोटि सूर्य एवं कोटि चन्द्रको समान श्वेत वर्ण ज्योतिको प्रकाश अनुभूत हुन्छ। सारा दिशा हरु मानो प्रज्वलित अग्निशिखा समान जली उठ्दछन, त्यसमा निरन्तर विद्युत विलास जस्तोभैरहन्छ, अनि दिवालोक समान सर्वत्र आलोक नै आलोक प्रकाशित हुन्छन। यही उत्तरायणको पथ हो अर्थात् यस पथ भएर जानमा साधक उत्तीर्ण हुन जान्छन। जसले जीवन पर्यन्त प्राणायाम अभ्यास गरेको छ उनको सुषुम्ना द्वार सदाको लागि उन्मुक्तहुन जान्छ, तबै यो अवस्था प्राप्त हुन्छ। यस अवस्थामा गुरुको उपदेश अनसार ॐकार क्रिया गरी योगीले ब्रहमरन्ध्रको मार्ग देखि प्राणलाई बाहिर गरी ब्रहमलोकमा प्रयाण गर्दछन। जो भीष्मादि समान ब्रहमज्ञ छन, उनलाई पनि यस किसिम सँग साधन गरी देहपात गर्नुपर्ने हुन्छ। जसले त्यस समय सम्म पनि ब्रहमलाई पूर्णरुपले जान्न पाउँदैन, तिनीहरु पनि योगबलले यसरी नै देहत्याग गरी ब्रहमलोकमा गमन गर्दछन तथा त्यहाँ गएर ब्रहमज्ञ भएर ब्रहममा लीन हुन जान्छन।

मृत्यु भएपछि जीवको सारा करण (अन्तःकरण तथा बाह्येन्द्रिय) सम्पिण्डित भएर कार्यमा अक्षम हुन जान्छन्, त्यस अवस्थामा एक स्थान देखि अर्को स्थानमा जानु उसको संभव हुँदैन। यस कारण बहनकारी देवता (जसलाई अतिवाह देवता भन्दछन) ले उनलाई लोकान्तरमा लैजान्छन। ती देवता अर्थात द्युतिमान शक्तिहरु हुन। क्रियावान पुरुषले साधनको समय जुन नाना किसिमको ज्योतिको दर्शन गर्दछन्, तिनीहरु पनि शक्तिमान देवता हुन। ती शक्तिमान ज्योतिर्मय देवता सूक्ष्मलोकमा विराज्दछन् तर तिनीहरुले साधकलाई साधना मार्गमा धेरै धेरै सहायता गर्दछन्। ब्रहमलोक गमनको लागि देवयान मार्गमा भिन्न भिन्न अनेक देवताले जीवलाई एक स्थानबाट अन्य उच्चतर लोकहरुमा लैजान्छन। परन्तु उनीहरुमा पनि कोहीले ब्रहम लोक लैजान सक्तैन। विद्युदधिष्ठात्री देवलोक प्राप्त भएपछि ब्रहमलोकबाट एक मानव पुरुष आएर जीवलाई ब्रहमलोकमा लैजान्छ। यही छान्दोग्य उपनिषदमा वर्णित छ। योगी भन्दछन-

"दक्षिणा पिंगला नाडी वह्निमण्डल गोचरा;
देवयानमिती ज्ञेया पुण्यकर्मानुसारिणी ॥

दाहिने नासिकामा जुन नाडी द्वारा वायु प्रवाहित हुन्छ, त्यसको नाम पिंगला हो, त्यो पिंगला अग्नि समान तेजोमयी छ। यसलाई नै देवयान मार्ग भन्दछन। जुन मानिसहरु पुण्यकर्मानुसारी छन, उनको नै यस मार्गद्वारा गति हुन्छ। योगीहरु यस नाडीमा मनलाई समाहित गरी साधनगर्दै ज्योतिर्मय देवपथमा उत्तरोत्तर गमन गर्दै ब्रहमलाई प्राप्त हुन्छन। क्रिया गरेमा नै अग्निज्योति प्रकाशित हुन्छ। त्यो क्षिति, अप, तेजको अग्नि या तेज हो। ब्रहमविद्हरुले यस पंचाग्निलाई (अग्नि,विद्युत सूर्य चन्द्र एवं कूटस्थ ब्रहमलाई)

जानेर शरीर त्याग गर्दछन । यही भित्रको पंचाग्निरुपी तपस्या हो, जसले श्रद्धापूर्वक एक मास, एक संवत्सर कूटस्थमा रहिकन तपस्या गर्दछ त्यसले आफनो रुप समान एक पुरुष देख्दछ । पश्चात् जसले चन्द्र एवं विद्युतको भित्र यसरी देख्न पाउँछन, त्यही ब्रहममा प्रवेश गर्दछन । यही हो देवयान गति । यही हो अभय एवं अमृत पद । कूटस्थ भित्र मणि समान जुन नक्षत्र देखिइन्छ, त्यही हो शरीरको कर्ता, त्यही हो आनन्दस्वरुप ब्रहम । क्रिया गरी जसको चित्त यसरी ब्रहममा रहन्छ, त्यो फेरि मातृगर्भमा आउँदैन । यस किसिमसंग ब्रहमलीन अवस्थामा साधक वास्तविकरुपमा राजाधिराज हुन जान्छन ।

सकाम साधकले यस किसिमसँग देहत्याग गर्न सक्तैन, उनको पुनरावृत्ति हुन्छ । परन्तु के ज्ञानी एवं के अज्ञानी (जीवनमुक्त पुरुषलाई छोडी) सबजीवहरु को मृत्युकाल उपस्थित भएपछि उनको वाक् आदि इन्द्रियहरु मनमा अनि मन मुख्यमा प्राणमा लय हुन जान्छ, मुख्य प्राणले सूक्ष्मभूतको आश्रय लिन्छ । यस अवस्था सम्म ज्ञानी र अज्ञानीमा कुनै विशेषता हुँदैन । यस पश्चात् अविद्वान पुरुष आफ्नो कर्मको उपयुक्त नाडी द्वारा बहिर्गत भएर आफ्नो कर्मानुसार लोकलाई प्राप्त हुन्छ । अनि विद्वान पुरुष उत्क्रमण कालमा हृत्पुण्डरीकमा जुन एकसय एक नाडीहरु छन, त्यसमा जुन एक मुर्द्धाभिमुख नाडी जान्छ, त्यस सुषुम्नाको अवलम्बन गर्दै ऊर्ध्वदिशामा गमन गरी ब्रहमस्वरुपलाई प्राप्त हुन्छन् । यसको क्रम वेदान्त सूत्रमा यसरी लेखिएको छ-"तदोकोऽग्रज्वलनं तत्प्रकाशितद्वारो विद्यासामर्थ्यात् तच्छेषगत्यनुस्मृति योगाच्च हार्द्दानुगृहीतः शताधिकया"-(४।२।१७) आफनो विद्याको प्रभावले तथा आफनो अन्तिम गतिस्वरुप परमात्माको सदा अनुस्मृति-क्रिया साधन द्वारा हृदयमा स्थित पुरुषोत्तमको अनुग्रहले एकसय एक नाडीहरुमा जुन प्रधान सुषुम्ना नाडी छ, त्यसको मूलस्थान अर्थात हृदयको अग्रभाग दीप्तियुक्त भै उठ्दछ, त्यसपछि त्यस नाडी द्वारा प्रकाशित हुन्छ । विद्वान पुरुषले यसलाई जानेर त्यस नाडी द्वारा निष्क्रान्त भएर सूर्यरश्मि को अवलम्बन गर्दै ऊर्ध्व गमन गर्दछन ।

अब यहाँ प्रश्न उठन सक्छ-यदि सूर्यरश्मिको अवलम्बन गरी ऊर्ध्व गमन हुन्छ भने त रातमा सूर्यरश्मि नुहुनुको कारण जुन विद्वान पुरुष रातमा मर्दछन, के उनलाई ब्रहमप्राप्ति हुनेछैन ? यो प्रश्न ठीक छैन, किनभने श्रुति भन्दछन-देहसम्बन्ध विच्छिन्न हुनासाथै विद्वान पुरुषलाई ब्रहम प्राप्ति हुन्छ । "तस्य तावदेव चिरं यावन्न विमोक्ष्येऽथ सम्पत्स्ये" । श्रीमत् शंकराचार्य भन्नु हुन्छ देहको साथ सूर्यरश्मिको सम्बन्ध नियत छ, श्रुति पनि भन्दछन्-"अहरिवैतद्रात्रौ विदधाति"-अर्थात सूर्यदेवले रात्रिको बेला पनि रश्मिदान गर्दछन् । यसकारण विद्वान पुरुषको दक्षिणायनमा मृत्यु भएपनि उनको ब्रहम प्राप्तिमा कुनै विघ्न हुँदैन । वेदान्त दर्शनमा यसको लागि एक सूत्र छ-"अतश्चायनेऽपि दक्षिणे" । यस सूत्रको व्याख्यामा पूज्यपाद लाहिडी महाशयले जुन भन्नु भएको छ, त्यसको भाव यो छ-हृदयाग्रमा जुन प्रकाश हुन्छ, त्यसैद्वारा योगीको उत्क्रमण हुन्छ त्यो दिनरात दक्षिणायन उत्तरायण सब अवस्थाहरुमा हुन सक्छ । बाह्य सूर्यालोक द्वारा हृदयको प्रकाश हुँदैन । बाह्य सूर्यको प्रकाशमा बाह्यदेश प्रकाशित हुन्छन, त्यसद्वारा अन्तर हृदय प्रकाशित हुँदैन, हृदयको ज्वलन या प्रकाश द्वारा नै उत्क्रमण ठीक तरीकाले हुन्छ । हृदयाग्रको प्रकाश द्वारा ऊर्ध्वनाडी प्रकाशित हुन्छ, त्यस आलोक रश्मिको अनुसरण गरि आत्माको निष्क्रमण हुन्छ । ऊर्ध्व नाडी

अर्थात् सुषुम्नाको प्रकाश नै कूटस्थको प्रकाश हो । क्रिया गर्दै गर्दै रश्मि को ऊर्ध्वमा उत्क्रमण हुन्छ । यस किसिमको रश्मिमा योगीहरु रातदिन रहन्छन । यो पनि एक किसिमको लय हो । परन्तु क्रियाको परावस्थामा कुनै रश्मि हुँदैन, त्यतिखेर "सर्वंब्रहममयं जगत्" हुन जान्छ । क्रियाको परावस्थामा जहां कुनै रश्मि छैन, त्यसलाई ब्रहमवेत्ता मानिसहरुले ब्रहम भन्दछन् । क्रियाको परावस्थालाई प्राप्त अनि त्यसमा नित्य अवस्थित योगी नै प्रकृत ज्ञानी हुन् । अतयव यस किसिमको ज्ञानीलाई रश्मि अथवा लोकान्तरको अपेक्षा हुदैन । उनको लागि दक्षिणायन उत्तरायण पनि हुँदैन ॥२४॥

धूमो रात्रिस्तथा कृष्णाः षण्मासा दक्षिणायनम्;
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्त्तते ॥२५॥

श्री धरीय टीका-[आवृत्ति मार्गलाई बताउनु हुन्छ]-धूम शब्दबाट धुमाभिमानी देवता, रात्रि शब्दले रात्रि अभिमानी देवता, कृष्ण शब्दले कृष्णपक्षाभिमानी देवता, षण्मास शब्द बाट षण्मास, दक्षिणायनाभिमानी देवता आदि उपलक्षित हुन्छन । यी देवताहरुको उपलक्षित मार्ग बाट गमन गर्ने योगी चान्द्रमास ज्योति अर्थात, तदुपलक्षित स्वर्ग लोक प्राप्त भएर त्यहाँ इष्टापूर्त (इष्ट=यज्ञादि कूप=इनार-तडागादिदान) -कर्मको फल भोग गरी भोगको अन्तमा पुनरावर्तन गर्दछन्। श्रुतिमा लेखेको छ-कर्मयोगीजन मृत्यु भएपछि पहिले धूमाभिमानी देवतालाई प्राप्त हुन्छन् । धूम देवताबाट रात्रिदेवता, रात्रिदेवताबाट कृष्ण पक्षीय देवता, कृष्ण पक्षीय देवताबाट दक्षिणायन देवता, दक्षिणायन देवताबाट पितृलोक को देवता, पितृलोकको देवताबाट आकाशको देवता,आकाशको देवताबाट चन्द्रमालाई प्राप्त हुन्छन । चन्द्र मण्डलमा गएर देवताहरुको अन्न अर्थात भोग्य बन्दछन । जसले फलाकांक्षा रहित भएर कर्म एवं उपासना गर्दछन, उनको क्रम मुक्ति हुन्छ । सकाम उपासकहरु को स्वर्गभोग पश्चात पुनरावृत्ति हुन्छ । निषिद्ध कर्म गर्ने हरुको नरक भोगको अनन्तर पुनरावृत्ति हुन्छ । क्षुद्र कर्म गर्ने जन्तु अर्थात् विद्याकर्मशून्य पशुपक्षी कीरा फटेंग्रादिको लोकान्तरमा आवागमन हुँदैन । अर्थात निम्नतर कीट पतंगपशु पक्षी आदि प्राणीहरु क्रम क्रमसँग उच्चत्तर कीट पतंगपशु पक्षीकै योनिमा जन्म ग्रहण गर्दछन ॥२५॥

आध्यात्मिक व्याख्या-"जब योगी क्रियादेखि निवृत्त हुन्छ, अर्थात अन्य बस्तुमा आसक्तिपूर्वक दृष्टि राखी आत्मामा धयान नराखी, अन्धकारमय रात्रि समान मोहित भएर, अल्प चन्द्रज्योति समान संसारमा सुखावृत्त भै जुन सुख चिरस्थायी छैन-किनभने चन्द्र एकै अवस्थामा रहँदैन, सूर्य समान प्रकाशित छैन, तदनुरुप जगत् क्रमशः वृद्धि एवं ह्रासलाई प्राप्त हुन्छन-यस किसिमको अवस्थामा अर्थात क्षणिक सुखमा रहेर दक्षिणायन अर्थात यमको घरमा सचेष्टित भएर मर्दैन अर्थात जाँदैन । ६ महिना सम्म अलि अलि क्रिया गर्दछ-तब मर्दैन । अनि उत्तर दिशामा जब सूर्य रहन्छ, तबै मर्दछन । पहिले ६: मास क्रिया गर्दै गर्दै चन्द्रमालाई देख्दछन-पश्चात योनिमुद्रामा कूटस्थलाई देख्दछन्-फेरि ६ मास पछि भारी ज्योतिको साथ-तब तिनीहरु मर्दछन । त्यो धेरैदिन-अर्थात प्रायः एकवर्ष परिश्रम गरी देख्न पाउँछन-तब व्याहृतिपूर्वक योनिमुद्रामा ॐकारको क्रियामा जसको विस्तार १२ रौं श्लोकमा छ ।"-

-योगीहरुको मन जब भौतिक वस्तु तिर जान्छ , तबै उनको जगद्व्यापार आरम्भ हुन्छ, ऐश्वर्य विकसित हुन्छ र त्यसको साथै मान प्रतिष्ठा प्रति आसक्ति हुन्छ । जो यस किसिमको जगद् व्यापारमा मग्न हुन जान्छन्, उसको ज्ञानको प्रतिभा कम हुन जान्छन् । तिनीहरु अल्पसुखमा मोहित भएर सन्सारी समान विवेक भ्रष्ट हुन जान्छन । यो सुख पनि चिरस्थायी थोरै दिनहरुको समयमा नै सारा विभूतहिरु नष्ट हुन जान्छन् । यसअवस्थामा योगीको मृत्यु भएमा त्यो स्वर्गादि लोकहरुमा उपनीत भएर त्यहा केहीदिन सुख भोग गर्दछन् । पश्चात त्यहाँ देखि फेरि जगत्मा फर्केर आउँछन । उनलाई साधन शक्तिको प्रभावले केही केही ज्ञान रहन्छ, परन्तु सूर्यको आलोक एवं चन्द्रको आलोकमा जुन पार्थक्य देखिन जान्छ, प्रकृत सिद्धज्ञानी को साथ उनको पनि त्यही पृथकता हुन्छ । चन्द्र जस्तो सम अवस्थामा रहँदैन, तेस्तै विमूढ योगीहरुको सुख सदा स्थिर हुँदैन । चन्द्रमा समान ह्रासवृद्धिलाई प्राप्त हुन्छन । परन्तु जो उत्तम योगी छन, जो साधनमा सचेष्ट रहेर भगवत्कृपाले साधनामा सिद्धि प्राप्त गर्दछन । उनलाई मृत्युको कुनै आतंक हुँदैन, मृत्युको लागि त्यो सदा नै प्रस्तुत रहन्छ । २४ औं श्लोकमा जुन गति भनिएको छ, त्यही गति उनलाई प्राप्त हुन्छन । अर्थात देह त्याग गरेपछि तिनीहरु ब्रहमलोकमा उपनीत हुन्छन । यस किसिमको शरीर त्याग योगबल विना हुँदैन । उनको दक्षिणायनमा इच्छापूर्वक मृत्यु हुँदैन । मृत्युले मानो उनलाई तानेर लैजान्छ। जुन मानिसहरु अलिअलि क्रिया गर्दछन, उनीहरुको यस किसिमको गति हुन सक्तैन । उनीहरुलाई कूटस्थ ज्योतिको तेस्तो प्रकाश अनुभूत हुँदैन । मन चंचल रहन्छ, त्यस अवस्थामा रात्रिको अन्धकार समान उनीहरुको मनमा तामसिक शक्तिको विकास हुन्छ । विषयासक्ति रुप अज्ञानान्धकारले उनको मनलाई सदा घेरिरहन्छ । धेरै कम समयको लागि जुन केही ज्ञानको विकास हुन्छ, त्यो पनि क्षणस्थायी एवं स्वल्प प्रकाशयुक्त हुन्छ । यो उत्तरायणको ठीक विपरित मार्ग हो । यस समयमा देह त्याग भएमा स्वर्गादि भोग पछि फेरि मर्त्यलोकमा फर्केर आउनु पर्दछ । यस महामार्गलाई पितृयान मार्गपनि भन्छन । भक्तिमान प्राज्ञ योगीले जब देख्दछन् -आफनो मनमा अझै पनि विषयको छाया परिरहेछ, अतयव कूटस्थ दर्शन त्यस्तो स्पष्ट भैरहेको छैन तब उसले अरु पनि परिश्रम गरी ६: महिना दिनरात नै प्राणायाम गर्दछन । यसको फलस्वरुप त्यसले योनिमुद्रामा सुस्पष्टसँग कूटस्थलाई देख्न पाउँदछ । यदि उनको आयु र शक्ति रहन्छ त अझै छ: महिना परिश्रम गरी क्रिया गरेमा उनलाई अति वृहत कूटस्थ ज्योतिको प्रकाश अनुभूत हुन्छ , त्यस समयमा यदि उनको मृत्यु हुन गयो त फेरि उनको पुनरावृत्ति हुँदैन । ॥२५॥

शुकल कृष्णे गति ध्येते जगतः शाश्वते मते
एकया यात्यना वृत्तिमन्ययावर्तते पुनः ॥२६॥

श्री धरीय टीका-[उपर्युक्त दुवै मार्गको उपसंहार गर्नुहुन्छ]-शुक्ल अर्थात प्रकाशमय हुनुको कारण अर्चि आदि गति, तथा कृष्ण अर्थात् तमोमय हुनुकोकारण धूमादि गति यी दुवै गतिहरु जगतमा ज्ञान एवं कर्मको अधिकारीहरुको लागि अनादिरुपले प्रसिद्ध छन । सन्सारको अनादि हुनुको कारण यी दुवै गतिहरु पनि अनादि छन । यीनमा एक शुकला गति द्वारा मोक्ष प्राप्ति हुन्छ, दोस्रो अर्थात् कृष्णा गति द्वारा पुनरावृत्ति हुन्छ ॥२६॥

आध्यात्मिक व्याख्या-"उज्ज्वल एवं कालो-यी दुई जगतको नित्य गतिहरु हुन : उज्जवल अर्थात दिन, काली अर्थात रात-जसको विस्तार २४ सौं श्लोकमा छ । परन्तु दिनमा अर्थात उत्तरायण महती ज्योतिको साथ देखेर मरनाले आवृत्ति अर्थात पुर्नजन्म हुँदैन-अनि खालि चन्द्रलाई देखेर मर्दामा पुनर्जन्म हुन्छ । यसैकारण साधुहरु कोटि चन्द्र र कोटि सूर्यको प्रकाश चारैतिर अग्निमा विद्युत त्यसपछि कूटस्थ ब्रहम पुरुषोत्तम पुरुषलाई देखेर मृत्यु जुन सब साधुहरुको साथ दर्शन भएको छ । अतयव उनीहरुलाई सालोक्य प्राप्ति भयो- यो अनेकले देखेका छन् ।"

-अब श्री भगवान् दुवै मार्गको उपसंहार गर्नु हुन्छ । हे जीव ! उद्देश्य यो छ यसअनावृत्ति एवं पुनरावृत्ति दुइटै मार्गहरुलाई राम्रोसंग बुझोस । जीवले यदि यी दुवै मार्गहरुलाई बुझेर सावधान हुँदैन भने त उसलाई कृष्णागति या त्यसको अपेक्षा पनि निकृष्ट गति प्राप्त हुन सक्दछन् । उत्तरायण उत्तीर्ण हुनुको मार्ग हो भने दक्षिणायन त्यसको विपरित उल्टो छ । जो गुरुको उपदेश अनुसार साधनमा सचेष्ट छ र उत्साहयुक्त छन, तिनीहरुले यस पथको साक्षात्कार यसै जन्ममा अनेकबार गर्दछन । अनि जुन साधु मनुष्यहरु पार भैसकेका छन-तिनीहरु पनि यस ज्योतिर्मय कूटस्थ मण्डलको भित्र ज्योतिर्मय मूर्त्तिमा वसेका देखिन जान्छन । यसलाई नै सालोक्य मुक्ति भन्दछन, सारुप्य एवं सायुज्य विमुक्ति यस पछि हुन्छ । यस किसिमका साधकहरुको मृत्युकालमा मानो कोटि कोटि चन्द्र एवं कोटिकोटि सूर्यको प्रकाश हुन्छ । चारैतिर प्रज्वलित अग्निसमान दीप्ति देख्दछन, त्यसको भित्र स्थित विद्युत समान ज्योति प्रकाशित हुन्छन । त्यसको भित्र परम सुन्दर पुरुषोत्तम नारायण विराजमान छन् । त्यस मण्डलको भित्र कति कति सिद्ध पुरुष, कतिकति विमुक्त पुरुषहरु रहन्छन । ती सब सालोक्य प्राप्त विमुक्त पुरुषहरुलाई साधकहरुले नित्य चिन्मय देहमा कूटस्थको भित्र अवस्थित देख्दछन ॥२६॥

नैते सृति पार्थ जानन् योगी मुह्यति कश्चन;
तस्मात् सर्वेषु कालेषु योगयुक्त भवार्जुन ॥२७॥

श्री धरीय टीका-[मार्गज्ञानको फल देखाउनुहुँदै भक्तियोगको उपसंहार गर्नुहुन्छ]-मोक्ष एवं सन्सारलाई प्राप्त गरिने यी दुवै मार्गहरु जानेर कुनै पनि योगी मुग्ध हुँदैनन् अर्थात सुख बुद्धिको वश भएर स्वर्गादिको कामना गर्दैनन्,बरु झन परमेश्वरनिष्ठ भएर नै रहन्छन । अतयव हे अर्जुन । तिमी सदा नै योगयुक्त होऊ ॥२७॥

आध्यात्मिक व्याख्या-"योगीजन कहिल्यै मुग्ध हुदैनन् अर्थात् समाधिस्थ हुँदा खेरि अन्य वस्तुमा कहिल्यै दृष्टि हुँदैन-यसकारण सदा समाधिस्थ भै ब्रहममा अडकिरहन्छन ।"

समाधिमा स्थिति नभैकन विषयको मोह काटिदैन, समाधिस्थ पुरुषको विषयान्तरमा दृष्टि जाँदैन । बारम्बार तिमीले रामैसँग बुझदछौ तथापि चित्त विषयहरुको लोभमा दौडिहाल्दछ , विषयहरुको यत्रो आकर्षण छ । तथा विषयहरुलाई स्वादिष्ट मानेर विषय प्रति मनको यत्ति दृढ संस्कार छ । अतयव त्यसबाट बच्ने उपाय के छ ? यसैले जगद्गुरु भन्नु हुन्छ-अशुभकर्महरु गरी नरकको मार्ग प्रशस्त नगर,

शुभकर्मको अनुष्ठानले स्वर्ग प्राप्ति त हुन्छ , परन्तु त्यो स्थान सदाको लागि हुँदैन । कर्मक्षय भएपछि भोगको अन्तमा फेरि सन्सारमा फर्केर आउनु पर्नेछ । यहाँ आएर फेरि तीनै शुभाशुभ कर्म अनि फेरि त्यही माया ममता स्नेहले जडित भएर कति कति दुःख कतिकति दुर्गतिलाई प्राप्त हुनुपर्नेछ । फेरि त्यसबाट अव्याहृति कसरी मिल्ला त ? यसैले योगाभ्यास गर, योगाभ्यासको फलले धारणा ध्यान आयत्तीकृत हुनेछ, पश्चात् ध्यानको गम्भीर अवस्थामा आफुलाई विर्सनेछौ, मायाको स्पर्शको सीमा देखि बाहिर जानेछौ । त्यहाँ जुन चित्त हुनेछ, त्यो कामदोषले दुषित हुनेछैन । योगदर्शनमा लेखिएको छ "तत्र ध्यानज-मनाशयम्"-(योगदर्शन कैवल्पपाद) सिद्ध चित्तको भित्र ध्यानज अनाशय हुन्छ अर्थात त्यसमा रागादि प्रकृति हुदैन, अतः त्यहाँ सजातीय एवं विजातीयभेदको ज्ञान विलुप्त हुन जान्छ । शुद्ध अस्मिता स्वरुपमा प्रत्ययको वहुत्व हुँदैन । त्यस अवस्थामा काम्य कर्म विद्यमान रहन सक्तैन । अतयव बारम्बार कूटस्थ मण्डललाई हेर त्यस ज्योतिको भित्र नारायणपुरुषलाई देखि जीवन सार्थक गर । तिम्रो बारम्बारको आवागमन छुटन जानेछ ॥२७॥

वेदेषु यज्ञेषु तपःसु चैव,
दानेषु यत्पुण्यफलं प्रदिष्टम्;
अत्येति तत्सर्वमिदं विदित्वा,
योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

श्री धरीय टीका-[अध्यायार्थ अष्ट प्रश्नहरुको अर्थ निर्णयको फलको साथ उपसंहार गरिरहनु भएको छ]-वेदअध्ययन द्वारा, यज्ञानुष्ठान द्वारा कायशोषणादि तपस्या द्वारा, सत्पात्रमा अर्पणादि दान द्वारा प्राप्त जुन पुण्यफल शास्त्रहरुमा उपदिष्ट छन् योगीले त्यस समस्त पुण्यफलको अतिक्रमण गर्दछन अर्थात त्यसको अपेक्षा अरु श्रेष्ठ योगैश्वर्यलाई प्राप्त गर्दछन । कुन किसिमसँग समस्त पुण्यफललाई तिनीहरुले अतिक्रमण गर्दछन ? यस अध्यायमा कथित अष्ट प्रश्नहरुको निर्णय द्वारा जुन तत्त्व निर्दिष्ट भएको छ त्यस तत्त्वलाई जानेर,-तत्पश्चात् योगी ज्ञानी भएर उत्कृष्ट जगतको मूलभूत विष्णु परम पदलाई प्राप्त हुन्छन ॥२८॥

आध्यात्मिक व्याख्या-सम्पुर्ण देख्दै सुन्दछन-सम्पूर्ण क्रिया गर्दछन, सबै मानिसहरुलाई क्रिया दिई कूटस्थमा सर्वदा रही जुन फल हुन्छ-यी सबलाई अतिक्रम गरी योनि मुद्रामा यसरी कूटस्थ, समस्त साधु मानो सामुन्ने बसेका छन देखेपछि फल हुन्छ । पश्चात् क्रिया गर्दै गर्दै प्राय बीच बीचमा बीस हजार सातसय छत्तीस (२०७३६) बार प्राणायाम एकासनमा बसी क्रमशः अभ्यास गर्दै गर्दै यस्तो एकासन प्राप्त हुन्छ अर्थात् क्रियाको जुन परावस्था छ त्यही अवस्थामा सदा रहन्छ-जसको पर कुनै अरु स्थान छैन अर्थात परम स्थान ब्रहम त्यसमा लीन भएर रहन्छ अर्थात् ब्रहम प्राप्ति हुन्छ-जुनसबकोआदि हो ।

क्रियाको परावस्था नै सर्वोच्च अवस्था हो, त्यतिखेर म या मेरो केही पनि रहँदैन । सबकासब ब्रहममय हुनजान्छ । क्रिया गर्दा खेरि बीच बीचमा साधकको यो अवस्था हुन्छ, परन्तु त्यो अधिक समय सम्म स्थायी हुदैन । जसले सर्वदा क्रिया गर्दछन तथा बीच बीचमा एकासनमा बीस हजार सातसय छत्तिस

(२०७३६) बार प्राणायाम गर्दछन उनको यो ध्यानावस्था सुदीर्घ हुन्छ । यस अवस्थामा जो सर्वदा रहन्छ त्यही विमुक्त पुरुष हुन । यस अवस्थालाई नै विष्णुको परमपद भन्दछन । यस अवस्थाको प्राप्तिको मूलभूत कारण हो प्राणायामको अभ्यास अनि त्यसमा पटूताको प्राप्ति । यस अभ्यास द्वारा नै प्राण ऊर्ध्वगति प्राप्त गरी स्थिर हुन जान्छ । प्राणको यस स्थिरावस्थामा ध्येय वस्तुको प्रत्यक्ष ज्ञान हुन्छ, इन्द्रिय एवं मनको चपलता दूर भएर अन्तःकरण शुद्ध हुन जान्छ । यस किसिमको शुद्धान्तः करणमा नै परम पद प्रकाशित हुन्छ जसलाई प्राप्त गरी योगी कृतकृत्य हुन जान्छन । यीनीहरुको अगाडि दूरदर्शन, दूरश्रवण आदि विभूतिहरु अथवा अनेकानेक विषयहरुको ज्ञान तुच्छ छ । जसले जीवको कल्याणको उपदेश गर्दछन या कूटस्थमा रहनुको प्रयत्नरुप तप गर्दछन, त्यसबाट जुन पुण्य हुन्छ त्यसको अपेक्षा पनि अधिकतर फल त्यसले प्राप्त गर्दछन, जो क्रियाको परावस्थामा सदासर्वदा रहन्छन । यो क्रियाको परावस्था नै विष्णुको परम पद हो । ॥२८॥

इति श्री श्यामाचरण आध्यात्मिक दीपिका नामक गीताको अष्टम अध्यायको आधयात्मिक व्याख्या समाप्त ।

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

नवमोऽध्यायः

(राजविद्या राजगुह्य योग)

श्री भगवानुवाच-

इदन्तु ते गुहयतमं प्रवक्ष्याम्यनसूयबे
ज्ञानं विज्ञानंसहितं यज्ज्ञात्वा मोक्षसेऽशुभात् ॥१॥

श्री धरीय टीका-[शुद्धाभक्ति द्वारा परमेश्वरको प्राप्ति हुन्छ, यो आठौं अध्यायमा भनिएको छ ,अब यस नवमअध्यायमा उनको अत्याश्चर्य ऐश्वर्यको वर्णन गरिनेछ] [स्वकीय पारमेश्वर तत्त्व भक्ति द्वारा नै सुलभ छ, अन्य उपायले होइन यो सप्तम एवं अष्टम अध्यायमा भनिएको छ, अब स्वीय अचिन्त्य ऐैश्वर्य एवं भक्तिको असाधारण प्रभाव वर्णन गर्नको लागि] श्री भगवान् बोल्नु भयो, जसद्वारा विशेषरुपले भगवान्लाई जानिन्छ त्यही विज्ञान अर्थात उपासना हो । त्यसको साथ साथै ईश्वर विषयक ज्ञान तिमीलाई भन्दछु, किनभने तिमी असुयारहित छौ, अर्थात म जुन पुनः पुनः स्वमाहात्म्यको उपदेश गरिरहेको छु , यस किसिमको परम कारुणिक ममा तिमी दोषदृष्टि रहित छौं, 'तु' शब्द द्वारा यहाँ वैशिष्ट्य निधारण गरिएको छ [त्यो विशिष्ट ज्ञान के हो, बताउनु हुन्छ] धर्मज्ञान नै गुह्य छ, देहादि व्यतिरिक्त आत्मज्ञान त्यसभन्दा गुहयतर छ, अनि परमात्मज्ञान त्यसको अपेक्षा पनि रहस्यमय हुनुको कारण गुह्यतम छ। यस गुह्ज्ञानलाई जानेर सन्सार बन्धन देखि तिमी सद्य नै मुक्त हुन जानेछौं [विज्ञान सहितमनुभवयुक्तम-साक्षात्कार या अनुभवयुक्त-शंकराचाय] ॥१॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेछ-"यतिखेर म तिमीलाई ज्ञान विज्ञान बताइरहेछु जसलाई जानेर उत्तमरुपसँग सजिलै मंगलमय मोक्षपद पाउनेछौ ।"-

-आठौं अध्यायमा साधना द्वारा कसरी क्रममुक्ति प्राप्त हुन सक्छ यही भगवान्ले बताउनु भयो । सातौं अध्यायमा अनुभव सहित ज्ञान, जसलाई जानेपछि अरु केही जान्नको लागि वाँकी रहदैन त्यो उहाँले अर्जुनलाई बताउनु भएको छ । श्री भगवान्ले अर्जुनलाई भन्नु भएको छ-त्यो ज्ञान दुर्लभ पनि छ । यस स्वानुभव ज्ञानलाई सबैले बुझ्न सक्दैन, यसै कारण शास्त्र भन्दछन्-उपयुक्त अधिकारीलाई नै ज्ञान दिनु पर्दछ, अनुपयुक्तलाई होइन । गुह्य विषय सुन्नुको विशेष अधिकारी तिनै हुन जसमा गुरुप्रति अचला भक्ति छ, जसलाई गुरुको वाक्यमा दोष खोज्नुको इच्छा नहोस् । यसैले श्री भगवान् अर्जुनलाई विशेष अधिकारी संझी उसको अगाडि गुह्य भन्दा गुह्तर रहस्यहरु प्रकट गर्नको लागि तत्पर भैरहेछन ।

भगवान्को जुन ईश्वरीय मायाशक्ति जगदादिरुपमा उत्पन्न भएका छन, त्यसको मूलतत्त्व पनि अतिशय रहस्यमय छ । त्यस तत्त्वलाई बुझ्न नसक्नुको कारण संसार को असंख्य जीव मोहपाशमा आवद्ध भैरहेछन । सतसंग, शास्त्रावलोकन एवं साधुसन्तको कृपाले हाम्रो चित्तमा यी श्रुत्युक्त प्रश्न उठदछन् ।

किं कारणं ब्रहम कुतः स्म जाता,
जीवाम केन क्व च संप्रतिष्ठा;
अधिष्ठिता केन सुखं तरेषु,
वत्तमिहे ब्रहमविदो व्यवस्थाम् ॥

यस श्रुत्युक्त ज्ञेय वस्तु जान्नको लागि जुन मनको उद्योग छ, त्यही ज्ञान भनिन्छ अनि जीवभूता क्षेत्रज्ञरुपा जुन प्रकृति छ-जुन प्राणशक्तिको रुपमा प्राणी हरुमा प्राण धारणको कारण बनिरहेछ, जुन अन्तः प्रविष्ट भएर यस जगतलाई विधृत गरिरहेछन, त्यो परमात्मा को उत्कृष्ट प्रकृति क्षेत्र, जीवात्मा हुन त्यसलाई जान्न सक्नु नै गुह्यतर ज्ञान हो । शास्त्र एवं गुरुद्वारा दिइएको उपदेश जसले आत्मबोध विकसित हुन्छ त्यही प्रथमोक्त ज्ञान हो । पश्चात् साधनको सहायताले त्यसवस्तुको अनुभवको नाम विज्ञान हो । क्रियाद्वारा नाडी एवं त्यसको साथ प्राण शुद्ध भएपछि तथा त्यसको साथ चित्तको स्थिरता भएपछि भगवान्‌को परा एवं अपरा दुवै प्रकृतिहरुको परिचय प्राप्त हुन्छ । त्यसलाई जानेपछि जीव कृतार्थ हुन जान्छ । यस पटक त्यसको अपेक्षा पनि रहस्यजनक गुह्यतम ज्ञानको कुरा भन्नु छ, यसैले आफनो शिष्य अर्जुनलाई आश्वासन दिनु हुन्छन् । यो गुहयतम कुरा कसलाई भनिन्छ ? साधन द्वारा जुन शिष्यको चित्त शुद्ध भएको छ र अज्ञान पनि निवृत्त हुन नै चाहन्छ । जसको चित्त शुद्ध भएको छ, त्यो सहज नै संयमशील एवं सरल हुनेछ । उसले प्रकृतिको रहस्यलाई उद्‌घाटन गरेको छ, यसपल्ट उसको अगाडि आत्माको रहस्य बताउनु हनेछ । यो उच्च अधिकार उत्पन्न हुनुविना गुह्यतम ज्ञानको कुरा भन्न सकिँदैन भनेमा विपरीत फल हुन्छ यसैकारण अनधिकारी लाई रहस्यको कुरा भन्न शास्स्त्रले निषेध गरेको छ । श्रीमदाचार्य शंकर भन्नु हुन्छ-*"वासुदेवः सर्वमिती"*, *"आत्मैवेदं सर्वम"*-*"एकमेवाद्वितीयम"*, *अथयेऽन्यथाऽतो विदुरन्यराजानः ते क्षय्यलोका भवन्ति"* वासुदेव नै सवचिज हुन, यो सब आत्मा नै हो, त्यो आत्मा एक एवं अद्वितीय छ, जुन साधारण राजाहरु यस आत्मामा भेद दृष्टि गर्दछन, तिनीहरु पुनरावृत्तिलाई प्राप्त हुन्छन । यस अद्वैत ब्रहमज्ञान को सिवाय अन्य कुनै उपाय मोक्ष प्राप्तिको साधन हुन सत्तैन । यसै अनुभव युक्त ज्ञानको कुरा श्री भगवान्‌ले अर्जुनलाई यसपटक सुनाउनु हुनेछ । उहाँले भन्नुभैरहेछन-आत्माको सम्बन्धमा यो ज्ञान प्राप्त गरेपछि फेरि संसार बन्धन रहँदैन ।

यस्मात्परं नापरमस्ति किंचित्,
यस्मान्नाणीयो न ज्यायोऽस्ति कश्चित् ;
वृक्ष इव स्तब्धो दिवि तिष्ठत्येक,
तेनेदं पूर्ण पुरुषेण सर्वम ॥ ३/९
ततो युदुत्तरतरं तदरुपमनामयम्,
य एतद् विदुरमृतास्ते भवन्त्येतरेदुःखमेवापि यन्ति ॥३१10

सर्वानन शिरो ग्रीवः सर्वभूत गुहाशयः
सर्वव्यापी स भगवान् तस्मात् सर्वगतः शिवः ॥ ३/११
यो देवाऽग्न्यौ योऽप्सु यो विश्वभुवनमाविशेष
यः ओषधीषु यो वनस्पतिषु तस्मै देवाय नमोनमः ॥२।१७

- श्वेताश्वर उप०

जसदेखि उत्कृष्ट दोस्रो कुनै वस्तु छैन, जसदेखि सानो या ठूलो कुनै वस्तु छैन, त्यो परमात्मा वृक्ष समान निश्चल भावले आकाश (चित्) मा विराजिरहेछन । त्यही एकमात्र हुन अरु केही छैन, त्यस पुरुष द्वारा यो अखिल भुवन परिव्याप्त भैरहेछन । जुन जगतको कारण (मूलाप्रकृति) छ, त्यसभन्दा पनि यो श्रेष्ठ छन् । जुन सर्वोपाधिरहित तथा तापरहित छन, त्यस क्लेशशून्य अर्थात् शान्तिपूर्ण पुरुषलाई जसले जान्दछन, तिनीहरुले विमुक्ति प्राप्त गर्दछन अनि अन्य मानिसहरु अर्थात् जसले उनलाई जान्दैन, तिनीहरु संसार दुःखलाई प्राप्त हुन्छन । सबै जीवहरुको मुख, मस्तक एवं ग्रीवा जसको मुखमण्डल छ अर्थात् जीवमात्र मात्रमा जो विराजित छन, जो सब प्राणीहरुको बुद्धिरुपी गुहामा अवस्थित छन, त्यो सर्वव्यापी एवं सर्व ऐश्वर्यले युक्त छन । त्यो सर्वत्र विराजमान एवं शिवस्वरुप छन् । जुन देवता अग्निमा जलमा औषधीमा वनस्पति समूहमा तथा समस्त निखिल भुवनमा प्रविष्ट छन त्यस देवतालाई बारम्बार नमस्कार ॥

यो ज्ञान केवल पुस्तक पढेर मात्र हुँदैन । यस ज्ञानलाई प्राप्त गर्नको लागि धारणा ध्यान एवं समाधि साधनाको आवश्यकता छ । दोस्रो उपायहरुले चित्तको मल दूर हुँदैन । चित्तको मल दुर भएन भने त प्रकृत शुद्धा भक्तिको उदय हुने छैन, शुद्धाभक्ति विना कसैले कुनै ज्ञान प्राप्त गर्न सक्दैन । जसलाई ज्ञान प्राप्त भएन त्यसलाई भगवत्प्राप्ति पनि हुँदैन, अतयव संसारदेखि छुटकारा पनि मिल्दैन । ॥१॥

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तृमव्ययम ॥२॥

श्री धरीय टीका-यो ज्ञान राजविद्या अर्थात् विद्याको राजा तथा राजगुह्य, गोप्य विषयहरुमा सर्वापेक्षा रहस्यमय अर्थात श्रेष्ठ छ, यो अत्यन्त पवित्र छ, ज्ञानीहरुको लागि प्रत्यक्षावगम, स्पष्ट अवबोध हुनेवाला छ, अर्थात यसको फल प्रत्यक्ष इष्ट छ । यो धर्मदेखि अनपेत अर्थात धर्मको विरुद्ध छैन, वेदोक्त सर्वधर्म फलहरुलाई प्रदान गर्नेवाला छ । गर्नुमा अत्यन्त सुकर सरल छ तथा फलपनि अक्षय छ । शंकराचार्यले भन्नु भएको छ-

"अतः श्रद्धेयमात्मज्ञानम्" यसैले यस आत्मज्ञान प्रति तिम्रो श्रद्धा हुनु पर्दछ ॥२॥

आध्यात्मिक व्याख्या-"राजविद्या-गुप्त, ठूलो विद्या हो, अति गुप्त छ, जहाँ जाँदा खेरि मन ब्रहममा रही पवित्र हुन्छ-चक्षुको अगाडि कूटस्थलाई रोकी राखेर सहज फल विना इच्छाले धर्म हुन्छ । अर्थात् जुन क्रिया गुरुवक्त्रगम्य छ तथा सुन्दर सुखसंग-कलियुगमा गरिन जान्छ ।"

-प्राणको चंचलताले सारा इन्द्रियहरु र मन चंचल रहन्छन । चंचल इन्द्रियहरु निरन्तर एक विषय देखि अर्को विषयमा दौडी रहन्छन । जति बेर सम्म विषय समुन्ने छ र मन इन्द्रियहरुद्वारा ती विषयहरुमा दौडदछ, तब सम्म मनलाई विश्राम छैन, शान्ति छैन । परन्तु यी विषय पनि आत्मा देखि पृथक स्वतन्त्र वस्तु होइन । अज्ञान निवृत्त नहुनुको कारण आत्मालाई नै मनले विषयाकारमा देख्दछ । चंचल मन स्वरुप बोधमा बाधक छ । अतयव मन स्थिर भएमानै इन्द्रियहरु विषय ग्रहणबाट निवृत्त हुन्छन् । विषयहरुबाट निवृत्त मन जब आत्माकारमा स्थित हुन्छ तब परम शान्तिमय अवस्था उदित हुन्छ । यो अवस्था नै प्रकृत ज्ञानको अवस्था या स्वस्वरुपावस्था हो । स्वरुपमा स्थिति भएमा नै जीव ब्रहमरुप हुन जान्छ, अभय परम पद प्राप्त गर्दछ ।

जसद्वारा यो अवस्था प्राप्त हुन्छ या यसको नजिक पुग्न सक्दछौं त्यही हो धर्म । यसैले धर्म तत्त्व अति नै रहस्यमय छ । धर्म तत्त्व लौकिक एवं अलौकिक भेदले दुई किसिमका छन र दुवै नै रहस्यमय छ । कही कतै कुनै एक पुण्यकर्म द्वारा जीवले सुकृति संचय गर्दछ, त्यो सुकृति जबसम्म फलीभूत हुन जाँदैन तब सम्म संचित रहन्छ, दोस्रो जन्ममा जीवको शरीर मन प्राणमा सर्वत्र त्यस पुण्यको छाप परिरहन्छ, त्यस पूर्वकृत पुण्यले त्यस जीवलाई दैवी सम्पत् युक्त गरिदिन्छ । यो कसरी हुन्छ कसले गर्दछ, यो जीव बुद्धिको अगोचर छ । परन्तु कुनै अदृष्ट शक्तिको नियन्तृत्वमा यो धर्मको अमोघ फल फल्दछ नै । दुष्कृतिको फल पनि यसैकिसिमको नियमले संघटित हुन्छ । यसैले जुन कर्मले जीवलाई धेरै धेरैदिन पछि पनि सुख दुखको भागी बन्नु पर्ने हुन्छ, के यो एक असाधारण शक्तिको खेल होइन ? यसैले धर्म अतिशय गुह्य एवं रहस्यमय छ । यो त साधारण पुण्य पापको कुरा छ, अतयव अविद्याको विषय हो । अनि जुन अध्यात्म विद्या छ, जुन विद्याको सहायताले जब अलौकिक शक्ति सामर्थ्य प्राप्त गर्दछ, जडत्वको प्रभावलाई अतिक्रम गरी चिन्मय भावमा अनुरंजित हुन्छ, त्यो साधना र त्यसको फल के अरु बढी गुह्यतर दुर्लभतर रहस्य होइन ? परन्तु आत्मज्ञानको अगाडि यो सबै अति तुच्छ छन । यसैले आत्मज्ञान सर्वश्रेष्ठ छ र यसैले त्यो गुह्यतम छ। यसले प्रत्यक्षावगम हुन्छ र यसको साधना पनि कष्टसाध्य छैन, बरु झन सुख साध्य छ-यही श्रीभगवान्‌ले भन्नु भएको छ। धेरैजसोको यो धारणा छ-आत्मज्ञान प्राप्तिको उपाय जुन भक्ति छ, त्यसैको कुरा यहाँ श्री भगवानले भन्नु हुनेछ । उनीहरुको विचारले भक्ति ब्रहमविद्या कहलाउन सक्तैन । उनको मतले ब्रहमविद्या देखि भक्ति पृथक वस्तु हो। परन्तु यो ठीक छैन। जसबाट भगवत प्राप्ति हुन्छ, आत्मदर्शन प्राप्त हुन्छ त्यही ब्रहमविद्या हो । यस कारण भक्ति पनि ब्रहमविद्या अन्तर्गत छ । शुद्धज्ञानमार्ग या योगमार्ग नै ब्रहम विद्याको मार्ग छैन । जसद्वारा परमानन्द रुप ब्रहम को प्रत्यक्ष अनुभव हुन्छ, तदनुरुप साधन भजनमा प्रवृत्ति हुनु नै भक्तिको लक्षणहो । भगवान्‌को भजनमा सुख र शान्ति बोध भएमा चाहे त्यो ज्ञान, योग या कर्म द्वारा हुन, त्यही भक्ति लक्षणले युक्त ब्रहम विद्या हो । भागवतमा लेखिएको छ-

तच्छद्दधाना मुनयो ज्ञानवैराग्ययुक्तया
पश्यन्त्यात्मनि चात्मानं भक्त्या श्र तगृहीतया ॥

श्रद्धालु भएर जो साधनामा प्रवृत्त हुन्छन ती मननशील पुरुषले शास्त्रानुमोदित भक्ति द्वारा तथा त्यसको साथ यदि ज्ञान एवं वैराग्य मिलित छ त त्यस किसिमको साधना द्वारा त्यस विश्वात्मा भगवानलाई

आफनो चित्तमा अनुभव गर्दछन् । ब्रहम या परमात्मालाई जीवात्माको साथ अभेदभावले अनुभवगरेमा नै ब्रहमसँग योगयुक्त हुन्छ । यस योगयुक्त अवस्थामा सबचिज चित्तमा परमानन्द द्वारा परिव्याप्त बुझिन जान्छ र त्यस आनन्द मा हाम्रो बुद्धि मिलेर एक हुन जान्छ । यसले जीवलाई आनन्द हुन्छ अतः भगवान्लाई पनि आनन्द हुन्छ । यही यथार्थतः भागवतोक्त "हरितोषणं" हो । उत्तम रीतिसँग धर्म अनुष्ठित भएमा त्यसको फल हुन्छ भगवान्लाई सन्तोष अनि भक्तलाई आनन्द । यही हो प्रकृत आत्मज्ञान ।

अतयव आत्मज्ञान द्वारा उनको प्रत्यक्ष अनुभव गरिन जान्छ । श्री भगवान् भन्नु हुन्छ यो आत्मज्ञान कष्ट साध्य छैन । आत्मज्ञान द्वारा परमानन्दको उपलब्धि सुख साध्य त छ, परन्तु जो आत्मज्ञानको प्राप्तिको उपयुक्त छैन, तिनीहरुले यदि त्यसको प्राप्तिको प्रयत्न गर्दछन त उनको लागि त्यो सुख साध्य हुनेछैन । ध्यान द्वारा चित्तको शुद्धि भएपछि अज्ञानको निवृत्ति हुन्छ, पश्चात् ध्येय वस्तुको प्रत्यक्ष अनुभव हुन्छ । यही प्रकृत ज्ञान हो । जुन विद्या द्वारा साधकले यस ध्येय वस्तुलाई जान्दछ त्यही विद्या श्रेष्ठ विद्या हो अनि गुहय विद्याहरुमा त्यही सर्वश्रेष्ठ छ ।

योनिमुद्रामा ज्योतिर्मय कूटस्थ मण्डल देखिन जान्छ, त्यस भित्र कति कति देवता, ऋषि ,मुनि वसिरहेका देखिन्छन । त्यस कूटस्थको कृष्णवर्ण कारणवारी (अमृतरस) को भित्र पुरुषोत्तम नारायणकोदर्शन हुन्छ । क्रियाभ्यास गर्दै गर्दै जो देवता हुन गएका छन, ती समस्त नरदेवताले उनको प्रत्यक्ष अनुभव गर्न सक्दछन । तिनीहरुले देख्दछन-आज्ञाचक्रको त्रिकुटीको भित्र ज्योतिर्मय सनकादि ऋषिगण, नारदादि देवर्षिजन सबैले उनको स्तवन गरिरहेछन । तिमी पनि विमुक्त भएमा त्यसमा आफुलाई देख्न पाउनेछौ । यो अत्यन्त रहस्यमय साधना हो, गुरुले यसलाई सहजै कसैलाई प्रदान गर्नु हुन्न । अत्यन्त रहस्यमय हुनुको कारणले नै यसलाई राजविद्या एवं राजगुह्य भन्दछन । तथापि यो साधना धेरै कठिन छैन । यसको फल प्रत्यक्ष एवं स्थायी छ । सद्गुरुबाट यस साधनालाई जानेर साधन गरेमा साधक कृतार्थ हुन सक्छ ,परन्तु सौभाग्य उदय नभैकन कसैलाई सद्गुरुको प्राप्ति हुँदैन ।

प्राणायाम रुपी आत्मकर्म द्वारा प्राण स्थिर भएपछि मन अवरुद्ध हुन जान्छ । त्यस अवस्थामा जुन बोध हुन्छ त्यो साधारण बुद्धिको गम्य छैन । त्यस बुद्धि को उदय भएमा अनेक गुह्य देखि गुह्यतर विषयहरुको सन्धान मिल्दछ । यस साधनामा परिपक्व भएपछि जुन परावस्थाको प्रकाश हुन्छ अनि त्यसैमा जुन ज्ञान प्राप्त हुन्छ त्यही बुद्धिले ब्रहम गम्य छन ।त्यति बेला यी अनन्त दृश्यहरु एकको भित्र लय भएर एक हुन जान्छन । हृदय, प्राण र मन यी तीन्टै क्रियाको अधिष्ठान क्षेत्र हुन, यी तीन्टैको विभिन्न कार्य एवं शक्तिहरुले जब ब्रहममा स्थिति लाभ गर्दछन, तब साधक ब्रहममय हुन जान्छ । तब मन नशाबाज समान निश्चेष्ट हुन जान्छ । त्यो जागिरहन्छ देख्दछ सब चिज, परन्तु कुनैले पनि उसको मनलाई स्पर्श गर्दैन । यस अवस्थामा जो रहन्छ, त्यसलाई नै अमर पद प्राप्त हुन्छ । यस अवस्थामा जो सर्वदा रहन्छ, त्यस्लाई आत्माकारमा अवस्थित बुझ्नु पर्दछ । यस अवस्थालाई प्राप्त नगरिकन अद्वय ज्ञानतत्व के हो-यो समझमा आउँदैन । यस अवस्थामा अवस्थित साधकले क्षिति, अप, तेज, मरुत एवं व्योमको भित्र जुन निरंजन ब्रहम रहन्छन, उनको अनुभव गर्न सक्तछ । त्यस समय साधक पनि ब्रहमरुप हुन जान्छ-

"ब्रहममयी को पूजाको पूजारी ब्रहममय" हुन्छ । स्वयं ब्रहममय हुनु विना यो बोध हुनु संभव छैन । यो इन्द्रियबोध गम्य पदार्थ छैन त्यो निजबोध मात्र छ । जो यो अवस्थामा प्राप्त हुन्छ त्यही कृतकृत्य हुन जान्छ । श्वेताश्वतर उपनिषदमा लेखिएको छ-

यथैव विम्वं मृदयोपलप्तं, तेजोमयं भ्राते तत्सुधातम्;
तद्वामत्तत्वं प्रसमीक्ष्य देही, एकः कृतार्थो भवते वीतशोकः॥
यदात्म तत्वेन तु ब्रहमतत्त्वं दीपोपमेनेह युक्तः प्रपश्येत
अजं ध्रुवं सर्वतत्त्वै विशुद्ध, ज्ञात्वा देवं मुच्यते सर्वपाशै :॥श्वेत.उ.२/१४(१५

जसरी मृत्तिका द्वारा अनुलिप्त स्वर्ण वर्ण राम्रोसँग परवालिएपछि तेजोमय रुपलाई धारण गर्दछ । यसरी नै देहीले आत्मतत्त्वको दर्शन गरी द्वितीयरहित (अर्थातएक) भै शोकहीन एवं कृतार्थ हुनजान्छ । [जीवले शोकरहित अवस्थालाई कसरी प्राप्त गर्दछ ? यही बताउनु हुन्छन] जब जीवले दीपसदृश प्रकाशयुक्त आत्मतत्त्वले युक्त भै आफनो आत्मामा ब्रहमतत्त्वको दर्शन गर्दछ, तब अज, ध्रुव सर्वतत्त्वहरु देखि विशुद्ध या तत्वातीत ब्रहमलाई जानेर सर्वपाशहरुबाट मुक्त हुन जान्छ । श्री विष्णु धर्ममा पनि यही कुरा पाइन्छ-

पश्यत्यात्मान मन्यन्तु यावद्वै परमात्मन;
तावत् स भ्राम्यते जन्तुर्मोहितो निजकर्मणा ॥
संक्षीणाशेषकर्मा तु परं ब्रहम प्रपश्यति
अभेदेनात्मनः शुद्धं शुद्धत्वादक्षयो भवेत् ॥

जन्तु अर्थात अज्ञ जीवले जबसम्म आफुलाई परमात्मा देखि अन्य या पृथक देख्दछ, तबसम्म आफनो कर्मफलले विमोहित भएर संसारमा परिभ्रमण गर्दछन । परन्तु जसले निःशेष रुपले कर्मक्षय गर्दै आफनो साथ अभिन्न रुपमा विशुद्ध परब्रहमलाई देख्दछन, त्यो स्वयं शुद्ध हुन जान्छन र उनको मृत्यु भयपनि दूर हुन जान्छ ।

वृहदारण्यकमा पनि यस किसिमको भेद दर्शनको अशुभ फल वर्णित छ-

"य एवं वेदाहं ब्रहमास्मीती, स इदं सर्वं भवतीति तस्य ह न देवाश्च नाभूत्या इशते । आत्मा ह्येषा स भवति । अथ योऽन्या देवतामुपास्तेऽन्योऽसावन्योऽह-मस्मीति, न स वेद यथा पशुरेव स देवानाम"-जसले यसरी जान्दछन-म नै ब्रहम हुँ, त्यही सर्वमय हुन्छन् । देवताहरुले पनि उनको अनिष्ट गर्नमा समर्थ हुँदैन । [आत्माको अनिष्ट गर्नमा कसैको प्रवृत्ति हुँदैन] अनि जुन मानिसहरु म अन्य हुँ, हाम्रो उपास्य देवता अन्य छन, यसभावलेअन्य देवता को उपासना गर्दछन तिनीहरुले जान्दैन । ती अज्ञ मानिसहरु जस्तो गृहस्थ को लीग पशु हुन्छ, त्यसरी नै देवताहरुको अगाडि पशुतुल्य हुन्छन् । भगवान्को स्वरुपमा द्वैतभाव छैन । क्रियाको परावस्थामा जसको द्वैतभाव मिट्न जान्छ, उनलाई नै यथार्थ अद्वैत ज्ञान प्राप्त

हुन्छन् । यही आत्मज्ञान हो ।साधना द्वारा भगवानको विशुद्ध स्वरुपको प्रत्यक्ष अनुभव हुनु विना कसैको अज्ञान निवृत्त हुँदैन । प्राणायाम द्वारा चंचल चित्त निरुद्ध नभैकन भगवान्को स्वरुप (ज्ञान) कसैको बोधको विषय बन्दैन, अतयव उच्च साधकहरुको लागि यो सुखसाध्य भएपनि अयोगी पुरुषको लागि निश्चय नै सुख साध्य छैन ॥२॥

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परन्तप;
अप्राप्त मां निवर्तन्ते मृत्युसंसारवर्त्मनी ॥३॥

श्री धरीय टीका-[राम्रो ज्ञान जब यति सुकर छ भने त जीब किन संसारी बन्दछ यसको उत्तरमा भन्नुहुन्छ]-यस भक्तियुक्त ज्ञान लक्षण धर्ममा जसको आस्तिक्य बुद्धि छैन, तिनीहरुले मलाई प्राप्त गर्न दोस्रो उपायहरु द्वारा कृतप्रयत्न भएमा पनि मलाई नपाई मृत्युयुक्त संसार मार्गमा परभ्रमण गर्दछन ॥३॥

आध्यात्मिक व्याख्या-"जुन पुरुष ब्रहममा रहँदैन, त्यसले क्रिया गर्दैन-अतयव मलाई पाउँदैन, नपाएर आत्मादेखि निवृत्त भै अन्य वस्तुमा आसक्ति पूर्वक दृष्टि राख्दै विषय भोगमा अर्थात फलाकांक्षा साथ कर्म गरीकन तिजारत गर्दछन-त्यसबाट भोगको निम्ति मृत्यु एवं जन्म हुन्छ ।"

द्रष्टा एवं दृश्यको सम्बन्ध जब संघटित हुन्छ त त्यो द्रष्टाको भोग कहलाउँछ । जब यस जगत् आदि विषयहरुको साथ म को सम्बन्ध हुन्छ तबै जगदादि विषय म को भोगरुपमा सम्बन्धित हुन्छ । त्यसमा केही विषय सुखरुपमा अनि केही दुःखरुपमा प्रकाशित हुन्छन । चित्तमा यसको संस्कार निहित रहन्छन, यसैले दुःख प्रति द्वेष एवं सुख प्रति आसक्ति हुन्छ । यस आसक्ति एवं द्वेषको भावको कारण नै जीवको बन्धन हुन्छ । यद्यपि पुरुष (आत्मा) मा खाील द्रष्ट्रत्व भाव छ, तथापि त्यो बुद्धिको प्रतिसंबेदी हुनुको कारण बुद्धिको बन्धनले आफुलाई बन्धनग्रस्त सम्झन्छ । ज्ञानेन्द्रियहरु एवं कर्मेन्द्रियहरु द्वारा जुन किसिमको विषय ग्रहण गरिइन्छन, चित्तमा त्यही किसिमको उनको धारण हुन्छ । त्यस धारणा बाट सुख दुःखको संस्कार उत्पन्न हुन्छ । यसले केही विषयहरुको त्याग एवं केही विषयहरुको ग्रहण गर्ने प्रवृत्ति उत्पन्न हुन्छ । व्युत्थित चित्तमा यी संस्कार जाग्रत भै ग्रहण एवं त्याग बुद्धिलाई प्रवृत्त गर्दछन । मलिन बुद्धिमा द्रष्टा एवं उद्देश्यको भेद ज्ञानहुन्छ अनि त्यस बुद्धिमा निश्च्चयात्मिका वृत्ति हुनुको कारण भेदज्ञान तिरोहित हुदैन । अतयव सन्सार प्रवाह अविराम गतिसँग चलिरहन्छन् । यस्तो चित्तले धर्म साधन गरे पनि त्यो धर्मको व्यापार नै हुन्छ, यथार्थ भगवन्मुखी प्रवृत्तिको उदय हुँदैन । यस अवस्थामा सांसारिक विषयभोग हेय बुझिन्न, बरु उपादेय जानिइन्छन । सत्संग एवं शुद्ध बुद्धिको प्रभाव बाट द्रष्टा एवं दृश्यको पार्थक्य निश्चित हुन गएपछि मनोवेगको ह्रास त हुन्छ नै परन्तु पूर्व संचित विषय ज्ञानको संस्कार प्राणको भित्र निहित हुन्छन् यसैले चंचल प्राणको गमनागमनको साथ ती सारा संस्कार मनमा अनि त्यहाँबाट इन्द्रियहरुमा पुनरावर्तन गर्दछन । अतयव चित्तलाई शुद्ध गर्नु छ त प्राणलाई शुद्ध गर्नु पर्नेछ । क्रिया द्वारा प्राणको यी सारा संस्कार क्षीण गरिइन्छन । प्राण को भित्रदेखि कुनै पनि चिन्तन संस्कार नष्ट भएमा त्यो फेरि मनमा आउन सक्तैन । यसै कारण शुद्ध प्राणमा विषयासक्ति हुँदैन, त्यस समय चित्तको स्पन्दन पनि रहँदैन । यस किसिमसँग निरुद्ध चित्त नै जीवको जन्म मरण को बाध हुन्छ । प्राणलाई शुद्ध गर्नु या

चित्तलाई स्पन्दनरहित गर्नु नै साधनाको एकमात्र उद्देश्य हो । जसले क्रिया साधन गर्दैन, त्यसको चित्त एकाग्र भएर आत्मामा वस्न सक्तैन, अतयव त्यो आत्मासँग योगयुक्त हुन नसक्नु को कारण विषयान्तरमा मनलाई बसाउने चेष्टा गर्दछ, यस किसिमको श्रद्धा भक्तिशून्य जीव परमानन्दको लाभ देखि वंचित भएर पुनः पुनः आवागमनको चक्करमा पर्दछन । जीवको प्राण प्रवाह वहिर्मुख हुनुको कारण नै जीवको विषयाशक्ति दूर हुदैन, यसै कारण उसको अज्ञानान्धकार बनिनै रहन्छ ।

"न साम्परायः प्रतिभाति वालं,
प्रमाद्यन्तं वित्तमोहेन मूढम् ;
अयं लोको नास्ति पर इति मानी,
पुनः पुनर्वशमापद्यते मे ॥"-कठ॰उप॰

विवेकहीन मनुष्यको अगाडि साम्पराय प्रतिभात हुदैन । परलोकमा सद्‌गति प्राप्तिको निमित्त साधना -विशेषलाई "साम्पराय" भन्दछन । जो प्रमादी अर्थात पुत्रधनादिमा आसक्त चित्त छ , जो चित्तजनित मोहले विमूढ भैरहेछन, यस किसिमको मनुष्यको अगाडि साम्पराय प्रकट हुदैन । अनि जसले यस्तो मानेर बस्दछन-यो परिदृश्यमान जगत् नै छ र अप्रत्यक्ष अन्य लोक छैन, तिनीहरु अर्थात् ती अभिमानग्रस्त जीव बारम्बार मृत्युरुपी मेरो वश्यतालाई प्राप्त हुन्छन अर्थात् उनको जन्म-मरणको दुःख प्रवाहको अन्त हुदैन । तिनीहरु नै आत्मप्रवंचित जीव हुन । तिनीहरु आस्तिक्य बुद्धिले युक्त भए पनि आत्मज्ञानको प्राप्तिको मार्गलाई नजानी यस जन्ममरण संकुल सुख दुःखको अग्निमय ज्वालामा निरन्तर जलिरहन्छन् ॥३॥

मया ततमिदं सर्वं जगद्व्यक्तमूर्त्तिना;
मत्स्थानि सर्व भूतानि नचाहं तेष्ववस्थितः ॥४॥

श्री धरीय टीका-[अब वक्तव्य ज्ञानको स्तुति गर्दै श्रोताको चित्तलाई उपदिष्ट ज्ञान प्रति अभिमुख गरी अर्थात् श्रोतालाई प्रस्तुत गरी दुई श्लोकहरुमा त्यस ज्ञानलाई बताउनु भैरहेछन]-जसको स्वरुप अतीन्द्रिय छ, त्यो म कारणरुपमा यस समस्त जगत्‌लाई व्याप्त गरी अवस्थान गर्दछु । श्रुतिमा लेखेको छ-त्यो ब्रम्ह समस्त विश्वको सृष्टि गरी त्यसैमा प्रविष्ट भएकाछन । अतयव कारण भूत ममा समस्त चराचर भूत अवस्थित रहन्छन् । यद्यपि घटादिरुप कार्यमा जसरी मृत्तिका वर्तमान रहन्छ उसरी नै भूतहरुमा म अवस्थित छैन, आकाश समान असंग हुनुको कारण ॥४॥

आध्यात्मिक व्याख्या-"जब यस जगत्‌को कुनै कुरा बुझ्न पाउदैन,-त्यति बेला म यी सबैमा रहन्छु-ममा नै सबै रहन्छन-म सबैमा रहन्न-अर्थात् ती सब ममा रहन्छन, परन्तु म उनको भित्र रहन्न । जस्तो सब आत्मामा छन-परन्तु आत्मालाई नदेख्नुको कारण उनको रहनु हुदैन । किन भने दृष्टि अन्य बस्तुमा रहन्छ-श्वासमा दृष्टि रहदैन ।"

-जब जीवको दृष्टि जगत् तिर, तब जीव समूहको भित्र आत्मारुपमा अबस्थित मलाई कसैले जान्न पाउदैन। मेरो साथ संम्बन्धयुक्त हुनुको कारणले नै वस्तुहरु चैतन्यवान या अस्तित्ववान् बुझिन जान्छन ।

समस्त चराचर भूतहरु आत्मालाई आश्रय गरेर जब प्रकाशित भैरहेछन, त मेरो (आत्माको) भित्र सबै रहन्छन, यो भन्न सकिन्छ, परन्तु म सबैको भित्र रहंदिन । किन? यदि वस्तु मात्रको नै म आश्रय हुं त तिनीहरु पनि ममा आश्रित रुपले रहनेनै छ, किन भने कारण कार्यको भित्र व्याप्त रहन्छ नै । यो सत्य त छ, परन्तु म आकाश समान अपरिच्छिन्न छु, अतयब कुनै मेरो अवलम्बन अथवा म कुनै वस्तुको आश्रय हुन सक्तैन । दुध दही बनेपछि यदि भनौं-दही मा दुध छ, त त्यसकिसिमको यो होईन । रज्जुमा सर्पबोध भए पछि जसरी रज्जुमा रहदैन, म पनि त्यसै किसिमले कार्यरुप यस जगतमा रहदिन । यसैले नै बुझ्न सकिन्छ-डोरीमा सर्प समान जगत् सत्य छैन; यो मनः कल्पित मात्र हो । सारा चराचर विश्व यस किसिमसंग खालि प्रकट जस्तो प्रतीत हुन्छ । जवसम्म सबै वस्तुहरु छन भन्ने भान भैरहन्छन् तबसम्म त्यो कूटस्थ चैतन्य नै सर्वत्र प्रतिविम्बित भैरहेछ । कूटस्थ चैतन्यलाई छोडेर यदि कुनै बस्तुको सत्ता रहे त बुझिन जान्छ । यी सारा वस्तुहरु आत्मानिरपेक्ष पनि रहन सकदछन्, परन्तु यस्तो हुनु संभव छैन, जसरी सुवर्णलाई छोडेर स्वर्णवलयको अस्तित्व संभव छैन । अतयव समस्त वस्तुहरुको जब कूटस्थ चैतन्य विना अस्तित्व नै छैन, तव उनको भित्र कूटस्थ नरहनु कसरी सम्भव हुन सक्छ ? आत्मालाई नै लिएर त म तिमी अनि यो अनन्त जगत् छन् । समुद्रको अनन्त तरंगहरुको जस्तो समुद्र नै एकमात्र आश्रय छ , समुद्र नरहेमा तिनीहरु हुदैनन्, उसरी नै म, तिमी र अनन्त जगत् आत्मा विना रहदैन । समुद्र विना जसरी तरंगको पृथक सत्ता छैन हुदैन, उसरी नै आत्मा विना म मेरो तं तेरो एवं अन्य कुनैको पनि अस्तित्व छैन ।

त्यो अव्यक्त मूर्त्ति हुन अर्थात् चक्षु आदि इन्द्रियहरुको अगोचर छन, त्यस सूक्ष्म ज्ञेय आत्मालाई जाने पछि ज्ञाता एवं ज्ञेय एक हुन जान्छन । अतयव द्रष्टा एवं दृश्य यी दुबैमा द्रष्टाको लागि पृथक दृश्य-ज्ञानको ज्ञान हुनु संभव छैन । अतयव म, तिमी अनि यो अनन्त जगत् आत्मारुपी समुद्रमा बुद्बुद् समान फुटी उठदछन र बुद्बुद् समान त्यसैमा डूबन जान्छन् । यो बुद्बुद् को उठनु र डूबनु नै जगत् लीला अर्थात् सृष्टि, स्थिति, एवं लयको चक्र हो ।

यस प्रकाशको कारणभुत ब्रम्ह प्राणरुपमा सबैको भित्र रहेर भूतजात वस्तु मात्रलाई प्रकाशित गरिरहेछन् । प्राण भएन भने केही पनि रहदैन । यसै बाट ब्रहमाण्ड प्राणरुपी सूत्रमा गुंथिएको छ । हामी वस्तुमात्रको नामरुप लाई देख्दछौं, परन्तु अव्यक्त प्राण सूत्रको कुनै सन्धान हामीलाई मिल्दैन । व्यक्त प्राण-श्वासलाई हामी देख्दछौं परन्तु त्यसमा लक्ष्य नहुनुको कारण हाम्रो दृष्टिभ्रम दुर भैरहेको छैन । प्राण अव्यक्त रुपमा स्थिर छ, र यस स्थिरत्वमा लक्ष्य नहुनुको कारण आत्मा जुन सबैको सर्वस्व हो बोधगम्य भैरहेको छैन । बाह्य वस्तुहरुमा नै दृष्टि रहन्छ, श्वासमा दृष्टि हुदैन, यस कारण यी जगदादि अनन्त तरंगहरुलाई देखेर हामी बारम्बार मुग्ध भैरहेछौं । परन्तु यो चांचल्य एवं तरंग जस्का हुन, त्यस प्राणमा लक्ष्य राख्नाले प्राणको चंचलता यानी श्वास स्थिर हुन जानेछ । तरंग-चांचल्य जब आत्म सागरमा गोपन गर्नेछ त यो जगद्व्यापार पनि मनबाट दूर हुन जानेछ । क्रियाको परावस्थारुपी परम अव्यक्त भाव द्वारा परमात्मा चराचरमा व्याप्त छन-त्यो सदा निःसंग छ, त्यही फेरि घटस्थ भएर देहादि समस्त पदार्थहरुको

साथ संयुक्त हुन जान्छन । यद्यपि त्यो घटस्थ भएर घटरुपमा आफुलाई प्रकटगर्दछन तथापी घट त्यो सदवस्तु होईन । अपरिच्छिन्न महाकाश घटद्धारा परिच्छिन्न भए पछि घटाकाश उपाधि धारण गर्दछ । यो घटस्थ आकाशको संयोग नै प्राणको व्यक्तावस्था हो । प्राणको यस व्यक्तावस्थामा नै यसको स्पन्दन अनुभूत हुन्छ । स्पन्दनले वासना अनि वासनाले जन्ममृत्युरुप भवचक्र को खेल आरम्भ हुन्छ । अस्पन्दित अव्यक्त स्थिर भाव नै महाप्राण हो-*"स उ प्राणस्य प्राण:"* यही हो ज्ञेय पदार्थ । "एतज्ज्ञेयंनित्यमेवात्मसंस्थं, नातः परं वेदितव्यं हि किंचित"-क्रियाको परावस्था नै त्यो ज्ञेय पदार्थ हो, परन्तु यो महाभाव कूटस्थ चैतन्यरुप मा जब घटस्थ भएर बिम्बित हुन्छ तब त्यो ध्येय हुन्छ अनि साकार पनि हुन्छ ॥४॥

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्;
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

श्रीधरीय टीका-सबै भूत ममा अवस्थित छैन, किन भने म असंग छु । परन्तु मेरो सर्वव्यापकत्व एबं सर्वाश्रयको कुरा जुन पहिले भनिएकाछन त्यसले मानिसहरु विरुद्ध आशंका गर्न सक्दछन, यसैले भन्नु भैरहेछन मेरो ईश्वरीय असाधारण अघटन-घटना-पटुत्व-रुप योगलाई हेर, मेरो योगमायाको बैभवको अगाडि केहि पनि असंभाव्य छैन, अतयव केहि पनि विरुद्ध आशंकाको कुनै अवसर छैन । अरु पनि आश्चर्य हेर, म भूत भृत छु अर्थात सारा भूतहरुलाई धारण गरिरहन्छु म भूत भावन छु, अर्थात् समस्त भूतहरुको पालन गर्दछु । म एस किसिमको छु ता पनि मेरो आत्मा अर्थात् 'परंस्वरुप' भूतस्थ छैन । यस को भाव यो छ-जीवले देह धारण र पालन गर्दैमा पनि अहंकारवश त्यसमा संश्लिष्ट हुन जान्छ, परन्तु म सब भूतहरुलाई धारण एवंपालन गर्दै मा पनि निरहंकार हुनुको कारण उनबाट संश्लिष्ट हुन्न । ॥५॥

आध्यात्मिक व्याख्या-"मेरो रुप ईश्वर हो-उनबाट अन्य दिशामा दृष्टि गर्नु-यसकै माथि लक्ष्य गर-जसले त्यस्तो नहोस, अर्थात अन्य दिशामा दृष्टि नगर-सबको भित्र रहदै पनि-सब अवस्थामा, सब भूतहरुमा वर्तमान रहन्छ तथापि ममा होईन, आत्मा चंचल मनले युक्त भएर अन्य दिशामा दृष्टि गर्दछ ।"

यस श्लोकको उपदेश पूर्वोक्त श्लोकहरुको विरुद्ध छ, यस्तो मनमा हुन सक्दछ । "समस्त भूतहरु ममा अवस्थित छैन, म भूत समूहमा रहन्न, तथापि म भूतहरुको उत्पादक एवं पालक हुं" यो कुरा कसरी संगत हुन सक्छ ? भूतगण यदि छन, त उनलाई प्रकाशित एवं पालन कसले गरिरहेछन ? यदि भूतगणको हुनु ठीक छ र तिनीहरु तिमीमा छैन भने त फेरि कहां रहन्छौ ? वस्तुत: एक आत्मा नै सत्य हो, अनि जे जति प्रतीत भैरहेकोछ त्यो पारमार्थिक सत्य होईन । सुवर्णमा कुण्डलको स्वरुप बोध हुनुको समान यो दृश्य जगत् उनमा प्रतिष्ठित जस्तो भासमान हुन्छ । डोरीमा सर्प भ्रम भए पनि त्यो खाली कल्पित सर्प हो , वस्तुतः सर्पत्व डोरीमा रहन सक्तैन, अतयव डोरीमा जुन सर्प देखिइन्छ त्यो काल्पनिक सर्प हो, वास्तविक होइन । सर्प विषयक अज्ञान तिरोहित भए पछि जब डोरीको ज्ञान प्रकाशित हुन्छ तब त्यसमा सर्पबोध रहन सक्तैन, यसकिसिमसँग ब्रहमज्ञान उदय भएमा पर ब्रह्ममा नाना किसिम को कल्पना या भ्रान्तिको विनाश हुन जान्छ । अतयव संसार जुन आपात दृष्टिले सत्य बोध भैरहेछ , त्यो यथार्थतः सत्य छैन । तबसम्म संसार सत्य छ, जबसम्म आत्मज्ञान प्रकाशित हुदैन। श्रुति भन्दछ ।-

"यदेवेह तदमुत्र यदमुत्र तदन्विह;
मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति ॥
मनसै वेदमाप्तव्यं नेह नानास्ति किंचन;
मृत्योः स मृत्युं गच्छन्ति य इह नानेव पश्यति ॥"कठ० उ० २/११

यत=जुन आत्मचैतन्य, इह=यस देहस्थ अन्तःकरणमा या इहलोकमा प्रकाशित छ, तत्एव=त्यो आत्म चैतन्य नै, अमुत्र= त्यहां अर्थात् परलोकमा पनि वर्तमान छ, अथवा प्रत्यक्ष दृश्यमान कार्योपाधि देहादिमा जुन चैतन्य वर्तमान छ, अदृश्य कारणोपाधि मायामा पनि त्यही एक चैतन्य अनुस्यूत रहन्छ। जुन मानिसहरुले यस चैतन्यमा नाना पृथक् भावहरुलाई देख्दछन्, तिनीहरु मृत्युको पछि मृत्युलाई प्राप्त हुन्छन। एकमात्र विवेकयुक्त एवं ध्यानसमाहित मन द्वारा नै ब्रह्म एवं आत्माको एकत्व बोध प्राप्त हुन्छ। ब्रह्ममा कुनै पनि भेद या नानात्व छैन। जसले यसकिसिमको भेद या नानात्वलाई देख्दछन तिनी हरु मृत्युको पछि पनि मृत्युलाई अर्थात् बारबार जन्म-मरणलाई प्राप्त हुन्छन्।

मूढहरुको यस्तो धारणा छ-म प्राणीहरुको देहादिको आश्रय गरी रहन्छु। पहिले विचार गरेर हेर-यो देह एवं दृश्य जगत् छ यो छैन, यदि यो छैनन् भने त यिनलाई अवलम्बन गरी रहनु या यिनको साथ आत्माको संशिलष्ट हुनु कसरी संभव हुन सक्छ ? यसैले भगवान् भन्नु हुन्छ-यो दृश्यमान जगत् अज्ञानीको लागि वर्तमान भए पनि ज्ञानीको निम्ति कुनै अस्तित्व राख्दैन। जुन वस्तु कहिले अनि कहिल्यै छैन-त्यो छैन, यहि बुझ्नु ठीक छ। समुद्रको तरंग समान पृथक देखिए पनि समुद्र दृष्टिले उनमा अभेद छ यस जगत्लाई जसले क्षण क्षणमा भेदाभेद रुपमा देखाउन सक्तछ, त्यो जादुगरको चटक सिवाय अरु के हुन सक्छ ? यही भगवान्को लीला या माया हो। यही भगवान्को अघटन घटन पटियसी माया शक्ति या ऐश्वर्य योग हो। अतयव दृश्यजगत् या यो भूत ग्राम जुन सागरमा तरंग समान उनको भित्र प्रतीत भैरहेछ, त्यसको केही पनि सत्ता छैन। स्वप्न को आश्रय वस्तु सत्य छ , यसैले जब स्वप्नको अनुभव भैरहन्छ तब प्रकृत सत्ता सँग तदाश्रित वस्तु पनि सत्य कहिन जान्छ-यसै कारण-

"भूत भृन्न च भूतस्थो ममात्मा भूत भावन :"-

भनियो, परन्तु जागे पछि जब देखिन्छ,-स्वप्नको आश्रय वस्तु त सत्य छ, परन्तु स्वप्न सत्य छैन, त भूतगणको प्रकाश एवं प्रतिपालन सब नै स्वप्न मात्र हुन। अवश्यै जवसम्म 'इन्द्रं सर्वं' को प्रतीति रहन्छ तबसम्म आश्रय वस्तुको साथ जगदादिको आधार एवं आधेयरुप सम्बन्ध स्वीकार गर्नु नै पर्दछ , तबै त्यसलाई भनिएको हुन्छ।

य एकोवर्णो वहुधा शक्ति योगाद्,
वर्णाननेकान् निहितार्थो दधाति;
विचैति चान्ते विश्वमादौ स देवः,
स नो बुद्धया शुभया संयुनक्तु ॥४-१॥

तदेवाग्निस्तदादित्यस्तद्वायुस्तदु चन्द्रमाः
तदेव शुक्रं तद्ब्रह्म तदापस्तत् प्रजापतिः ॥२॥

त्वं स्त्री त्वं पुमानसि त्वं,
कुमार उत वा कुमारी;
त्वं जीर्णो दण्डेन वंचसि,
त्वं जातो भवसि विश्वतोमुखः ॥३॥

नीलः पतंगो हरितो लोहिताक्ष,
स्तडिद् गर्भ ऋतवः समुद्राः;
अनादिमत्वं विभुत्वेन वर्तसे,
यतो जातानि भुवनानि विश्वाः ॥४॥
सुक्ष्मातिसूक्ष्मं कलिलस्य मध्ये,
विश्वस्य स्रष्टारमनेक रुपम्;
विश्वस्यैकं परिवेष्टितार,
ज्ञात्वा शिवं शान्तिमत्यन्तमेति ॥१४॥

स एवं काले भुवनस्यास्य गोप्ता,
विश्वाधिपः सर्वभूतेषु गूढः
यस्मिन् युक्ता ब्रह्मर्षयो देवताश्च;
तमेव ज्ञात्वा मृत्युपाशांश्छिनत्ति ॥१५॥

एष देवो विश्वकर्मा महात्मा,
सदा जनानां हृदये सन्निविष्टः;
हृदा मनीषा मनसाभिक्लृप्तो
य एतद् विदुरमृतास्ते भवन्ति ॥१७॥

यदा तमस्तन्न दिवा न रात्रि ,
र्न सन्न चासच्छिव एव केवलः;
तदक्षरं तत्सवितुर्वरेण्यं,
प्रज्ञा च तस्मात् प्रसृता पुराणी ॥५-१८॥ श्वेता०उ०

जो अद्वितीय वर्णरहित प्रच्छन्नाभिप्राय (स्वार्थ निरपेक्ष) परमात्मा नाना प्रकारका शक्तिहरुको योगले विषयादिको सृष्टि गर्दछन, जसबाट समस्त जगत् पहिले उत्पन्न हुन्छन र अन्तकालमा जसमा प्रतिगमन गर्दछ, त्यो देवताले हामीलाई शुभ-बुद्धि प्रदान गरुन् ।

त्यहि अग्नि हुन, त्यही आदित्य हुन, त्यहि वायु हुन, त्यहि चन्द्रमा हुन, त्यहि आप् हुन , त्यही प्रजापति हुन, त्यही अपर ब्रह्म हुन अनि त्यही परब्रह्म हुन । तिमीनै स्त्री हौ, तिमी नै पुरुष हौ, तिमी नै कुमार हौ र तिमी नै कुमारी हौ । तिमी नै जराग्रस्त भएर दण्ड हातमा लिई हिड्दछौ, तिमी नै विश्वतोमुख भएर जन्म ग्रहण गर्दछौ ।

तिमी नै नील पतंग हौ, लोहितचक्षु शुक हौ, तिमी तडित्वर्गमेघमाला हौ तिमी नै ॠतुएवं सागर समूह हौ । अनादि-स्वरुप तिमी नै व्यापक रुपमा रहन्छौं, जस्बाट समस्त भुवन उत्पन्न भएकाछन ।

तिमी सुक्ष्म भन्दा पनि सूक्ष्म छौ, अविद्यारुपी गहनता भित्र तिमी नै स्थित छौ, तिमी विश्वको स्रष्टा हौ, तिम्रो अनेक रुप छन । विश्वको यस अद्धितीय परिवेष्टिता शिवस्वरुपलाई जानेपछि अत्यन्त शान्ति प्राप्त हुन्छ ।

उही कालमा (अर्थात स्थितिकालमा) यस भुवनको रक्षक हुन्, त्यो विश्वाधिप छन् अनि समस्त भूतहरुमा गूढरुपले वर्तमान छन । जसदेखि ब्रह्मर्षिगण एवं देवगण पनि युक्त भएर रहन्छन, उनलाई जाने पछि नै मृत्युपाशलाई छेदन गर्न सक्दछन् ।

यो महात्मा विश्वकर्मा अर्थात ईश्वर सर्वदा सबको हृदयमा सन्निविष्ट रहन्छन् । संशयरहित बुद्धि एवं मनन द्बारा जसले ध्यान गर्दछ उनीहरुको अगाडि यो प्रकाशित हुन्छन । यसरी जसले उनलाई जान्दछन् तिनीहरु अमृत हुन जान्छन् अर्थात मोक्षलाभ गर्दछन् ।

जब अतम : अर्थात् ज्ञानको प्रकाश हुन्छ तब न दिन हुन्छ र न त रात्रि, सत् रहदैन र असत् पनि रहदैन, तब केवल उनको मंगलमय रुप प्रकाशित हुन्छ । त्यो जगत् प्रसविताको वरणीय छन, अक्षर पुरुष हुन, जसबाट यो पुरातनी प्रज्ञा प्रसृत भएको छ ।

यस अपरिच्छिन्न आत्मासँग कुनै परिच्छिन्न वस्तुको संयोग हुनु असंभव छ। अनि त्यही जब "सर्वात्मान् सर्वगतं विभुत्वात्" छन तव उनमा अन्य वस्तुको उत्पन्न हुनु सम्भव छैन । यसैले श्रुति भन्दछन -यदि मोहवश अन्य कुनै बस्तु लाई देख्दछौ ता पनि त्यो अन्य कुनै पृथक वस्तु छैन, त्यसलाई उनैको प्रकाश मात्र रुपमा सम्झने चेष्टा गर ।

"तदेवाग्निस्तदादित्य-स्तद्वायुस्तदु चन्द्रमा"

देवता देखि लिएर मनुष्य, पशु, पक्षी कीट, पतंग, उद्भिद आदि समस्त प्राणी प्राणसूत्रमा माला समान उनिएर ग्रथित छन । प्राण नै त्यो सूत्र हो, त्यस सूत्ररुपी प्राणमा लक्ष्य नरहनुको कारण जीवले त्यसलाई समात्न सकिरहेको छैन । जबसम्म जगत् दृष्टि अवरुद्ध हुदैन, आत्माको स्वप्रकाश-भाव अनुभवमा आउन सक्तैन । यसैले हे साधक ! तिम्रो दृष्टि सदा जाग्रत हुनुको आवश्यक छ । आत्मामा लक्ष्य नरहेमा बाहिरी वस्तुमा लक्ष्य रहनेछ । बाहिरी वस्तुमा लक्ष्य हुदा खेरि नै मन त्यसमा बाधिन जानेछ । यसैले जगत्दृष्टिलाई अवरुद्ध गर । मन लगाएर क्रिया गरेमा नै साधकको आत्म लक्ष्यमा स्थिति हुन्छ, तब

संसारचक्ररुपी उनको घोर मूर्त्ति दृष्टिगोचर हुदैन । गुरुको उपदेश अनुसार प्राणपणले साधनाभ्यास गर । अहिले सम्म गरिनैरहेछौ के र ? खालि क्षिप्त एवं अन्धा समान दुबै हातले दुर्गन्धित् हीलो मुछिरहेछौ !! अब त जागेर साधन गर । गुरुको कृपाले एक एस्तो अवस्थाको सन्धान मिल्नेछ ; जुन अवस्थामा स्थित भएपछि बाहिरी मानिसहरुले देख्नेछन-तिमी संसारी बाना धारण गरी संसार चलाउदै छौ, संसारको सारा सम्बन्ध तिमीसंगै जडित छन, परन्तु तिम्रो मन आत्मस्थ भएर अहंकार शून्य भएको छ । एस्तो अवस्थामा साधक सबैमा रहेर पनि सबकोसाथ असंयुक्त (पृथक) रहन्छ-यही हो युक्तावस्था ।

यो युक्तावस्था कसरी प्राप्त हुन सक्ला ? जे जति छ सव भगवत् रुप छ । *"इशावास्यमिदम् सर्वम"*-समस्त बस्तु ब्रह्मरुप छ, परन्तु अज्ञानी समक्ष ती विभिन्न रुपहरुमा आभासित हुन्छन् । बद्ध जीवहरुको संसार दृष्टि हुन्छ, ब्रह्मदृष्टि हुदैन । यसैले साधकलाई प्रयत्न गर्नु पर्नेछ जसबाट ब्रह्मदृष्टि होस, र जगद्-दृष्टि नहोस । परन्तु मनलाई आत्मामा राखेन भने त त्यसले अरु वस्तुहरु देखनेनैछन् । अन्य वस्तु देखे पछि ब्रह्म दर्शन हुने छैन । एस्तो किन हुन्छ ? यसको कारण यो छ-मन स्वभावतः चंचल छ, अतयव अन्य दिशामा उसको दृष्टि रहनेनै छ र तब उसको अगाडि अनेक दृश्य रहन्छ नै । यदि साधकले साधन द्वारा मनको चांचल्यलाई दूर गरी स्थिर गर्न सके त उसको अन्य वस्तुमा दृष्टि दूर हुन जानेछ र तब उसको समक्ष ब्रह्म सिवाय अन्य कुनै वस्तुको अस्तित्व रहने छैन । मन चंचल भए पछि त बोध पनि चंचल हुन जान्छ, यसैकारण एक वस्तु अनेक वस्तुहरुको रुपमा बुझिन जान्छ । परन्तु श्रुतिमा अनेक वस्तुहरुको निषेध देखिनमा आउंदछ, अतयव अनेक पदार्थ सत्य छैनन् । सत्य खालि त्यो एक परमात्मा हुन् । यो एकत्वदर्शन तब हुन्छ जब मनको चंचलता रहदैन, अतयव मनको विक्षेपलाई रोक्नु नै सर्व प्रधान साधना हो ॥५॥

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान्‌;
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

श्रीधरीय टीका-[अशंशिलष्ट दुई पदार्थहरुलाई आधारधेयभाव दृष्टान्त द्वारा बताउनु हुन्छ] अवकाश विना अवस्थान असंभव छ । सर्वत्रगामी एवं महान वायु नित्य आकाशस्थित भएर पनि आकाशसंग संश्लिष्ट हुदैन, निरवयवत्वको कारण संश्लेषण असम्भव छ । यस किसिमसंग समस्त भूत असंश्लिष्ट भावले आकाशस्वरुप ममा अवस्थित छन, यस्तो जान्नु पर्दछ ॥६॥

आध्यात्मिक व्याख्या-"वायु समान सर्वव्यापक एवं सर्वभूतहरुमा मै छु ।"-वायु आकाशमा सर्वत्र बहनेवाला भएर पनि जसरी असीम आकाशलाई लिप्त गर्दैन, उसरी नै भूत-समूह आत्मामा संचरण गर्दछन्, तथापि आत्मा उनको समूह देखि निर्लिप्त रहन्छ । एस्तो किन हुन्छ ? यसको कारण यो छ-यद्यपि म सर्वत्र छु, परन्तु निरवयव हुनुको कारण आकाशरुपी आधारमा रहदैमा पनि वायु उनको साथ मिल्न पाउदैन । जुन किसिमसँग वायु सर्वत्र विद्यमान छ, उसरी नै अनन्त जीवात्मा ब्रह्माण्डमा व्याप्त भएर अवस्थित छन, आकाशमा वायु रहिकन पनि जसरी आकाशसँग मिल्न सक्तैन, उसरी शरीरादि आत्माको

साथ युक्त भएर पनि आत्मासँग मिल्न सक्तैन । वायु आकाशमा सर्वत्रगामी भएर पनि जसरी पृथकभावना रहन्छ, उसरी नै यी भूतसमूह निर्लिप्त आत्मचैतन्यमा अवस्थित भैकन पनि उसको साथ संश्लिष्ट हुदैन ।

तुरीय ब्रह्म नै निर्गुण ब्रह्म हुन, त्यो शान्त छन, आफु आफैमा स्तब्ध एवं मग्न छन । त्यति बेला उनमा कुनै विषयको स्फुरण या सृष्टि हुदैन । यद्यपि उनको प्रकृति उनमा स्वतः विद्यमान हुन्छ, तथापि तुरीयावस्थामा त्यो ब्रह्ममा संलीन रहन्छन् । उसको कुनै कार्य देखिनमा आउदैन । यो निःसंग ब्रह्म जबजब मायालाई अंगिकार गर्दछन, तब त्यो सगुण ब्रह्म या महेश्वरी बन्दछन । तबै उनको भित्र सृष्टिको इच्छा उदय हुन्छ । तव *"स ऐक्षत एकोहं बहुस्याम"* त्यस इक्षणले ब्रह्मशक्ति प्राण स्पन्दित भै उठदछ । तब जुन प्रकृति उनको साथ अंगांगी भावले मिली एक हुन गएको थियो, त्यो मानो उनबाट केही पृथक हुन जान्छन । यही शिव-शक्ति रुपमा प्रकाश भाव हो, यही त्यस सद्वस्तुको प्रकृति-पुरुष रुप परिणाम हो । अन्तमा असंख्य परिणाम एवं असंख्य जीव हुन जान्छन् परन्तु मूलतः यी असंख्य त्यस एककै परिणाम मात्र हुन । ज्ञान दृष्टिले त्यस एकलाई अनुभव गरेमा बहुत्वको विकास रुद्ध हुन जान्छ , तब जुन एक थियो त्यही एक रहन जान्छ । यसै कारण मध्यावस्थामा जुन असंख्य परिणाम एवं असंख्य जीवहरुको उत्पति हुन्छ, त्यसलाई ज्ञानीहरुले माया भन्दछन् ।

अस्मान् मायी सृजते विश्वमेतत्,
तस्मिंश्चान्यो मायया संनिरुद्ध ॥४।९॥
माया तु प्रकृति विद्या न्मायिनन्तु महेश्वरम्;
तस्यावयव भूतैस्तु व्याप्तं सर्वमिदं जगत् ॥४।१०॥

यो योनिं योनिमधितिष्ठत्येको,
यस्मिन्निदं संच विचैति सर्वम्;
तमीशानं वरदं देवमीड्यम्,
निचाय्येमां शान्तिमत्यन्तमेति ॥४।११॥ श्वेता श्वतर उ.

मायाधीश्वर परमेश्वरले यस विश्वलाई अक्षर ब्रह्ममा सृजन गरेको छ । अन्य अर्थात् जीव त्यस विश्वमा मायाद्वारा बद्ध हुन गएकोछ ।

मायालाई प्रकृति जान्नु अनि मायीलाई महेश्वर, उनको अंगभूत बस्तुहरु द्वारा यो समस्त जगत् व्याप्त भैरहेकोछ ।

जुन अद्वितीय देवता प्रत्तेक कारणको अधिष्ठाता छ, जसबाट यो सबै उत्पन्न हुन्छ र जसमा फर्कने गर्दछ, त्यस नियन्ता, वरद् एवं पूज्य देवता को दर्शन गरी साधकले अत्यन्त शान्ति प्राप्त गर्दछ ।

यस शिव-शक्ति-युक्त ईश्वर भावको अगाडि भीत एवं व्याकुल जीवले परित्राणको लागि आकुल चित्तले प्रार्थना गर्दछ ।

अजात इत्येयं कश्चिद् भीरुः प्रतिपद्यते;
रुद्र यत्ते दक्षिणं मुखं तेन मां पाहि नित्यम् ॥ श्वेता ०४।२१॥

हे रुद्र, तिमी जन्म-मरणादि दुःख देखि रहित छौ, अतयव जरा-मरण बाट कातर भएर जीवले तिम्रो शरण लिन्छ । अतयव कृपा गरी आफ्नो अनुकुल दक्षिण मुख द्वारा मेरो रक्षा गर ॥६॥

सर्वभूतानि कौन्तेय प्रकृति यान्ति मामिकाम् ;
कल्पक्षये पुनस्तानि कल्यादौ विसृजाम्यहम् ॥७॥

श्रीधरीय टीका-[असंग भगवान्को योगमाया द्वारा नै सन्सारको स्थिति हुन्छ, यो भनिसक्नु भएकोछ , त्यही फेरि सृष्टि एवं प्रलयको हेतु छन, यो बताउनु हुन्छ]-प्रलयकालमा भूतगण मेरो प्रकृतिलाई प्राप्त हुन्छन् अर्थात् त्रिगुणात्मिका मायामा लीन हुन जान्छन् । पुनः सृष्टिकालमा ती समस्त भूतहरुलाई म विशेष रुपसँग सृजन गर्दछु ॥७॥

आध्यात्मिक व्याख्या-"समस्त भूत अष्ट प्रकृतिमा जान्छन्-कोही कर्म सम्पन्न भएपछि फेरि अन्य कर्ममा प्रवृत्त हुन्छन ।"

भगवत् प्रकृतिबाट जगत् उत्पन्न भएकोछ । जगत् विनष्ट भएपछि सारा पदार्थ मूल कारणरुप प्रकृतिको भित्र लीन हुन जान्छन् । जब जगद् आदि वस्तुहरुको सृष्टि एवं लय हुन्छ, त त्यसलाई नितान्त असत् कसरी भन्न सकिन्छ ? जगद् आदिको सृष्टि एवं लयको कारण हो माया । माया द्वारा नै यो जगद् पुनः पुनः सृष्ट एवं ध्वंसलाई प्राप्त भैरहेछन । यो माया अनिर्वचनीया छ । यसलाई न त सत् भन्न सक्दछन् अनि न त असत् । घट मृत्तिकाबाट उत्पन्न हुन्छ र त्यो मृत्तिकामा नै लीन हुन्छ , उसरी नै यो जगत् अनिर्वचनीया मायाबाट उत्पन्न हुन्छ र त्यसैमा लिन हुन्छ । यदि माया नै जगत्को उत्पतिको हेतु छ त फेरि भगवान्लाई हेतु किन भन्दछन ? हो, माया हेतु त छ, परन्तु त्यो निमित्त कारण छ । निमित्त कारण हुनु विना जगतरुपी परिणाम हुन सक्तैन । जगत्रुप जुन विकृति छ, त्यसको उपादान हेतु पनि माया छ परन्तु माया स्वयं सत्य छैन, अतयव त्यसको परिणाम स्वरुप यी जगदादि भाव पनि असत्य छन । परन्तु जसको अवलम्बन गरेर यो मायिक परिणाम हुन्छ, त्यसको मूल कारण नित्य सत्य हो, त्यो सत्य नै जगत्को विबर्त्त कारण हो । डोरीमा सर्प भ्रम हुन्छ, यो सर्पबोध भ्रमज्ञान हो, अतयव मिथ्या छ , परन्तु जुन डोरीको आश्रय गरी यो सर्प ज्ञान हुन्छ, त्यो डोरी या रज्जु सत्य हो । डोरी नै मानो विवर्तित भएर सर्परुपतालाई प्राप्त हुन्छ । यसरी भगवान्लाई नै सबको कारण भन्दछन, किन भने माया पनि भगवान्को नै शक्ति हो र उनबाट अभिन्न छ । यदि उनबाट माया भिन्न भएको भए त जगत्को निमित्त कारण पनि सत्य हुन्थ्यो र ब्रह्म बाहेक यो प्रकृति पनि परम सत्य रुपमा परिगणित हुन्थ्यो । परन्तु श्रुति भन्दछन्- "नेह नानास्ति किंचन" -नानात्व छैन, अतयव निमित्त कारण पनि उस देखि अभिन्न, अपृथक छ । जसरी समुन्द्रको जलै तरंग रुपमा या सुवर्ण नै कुण्डल रुपमा विवर्तित हुन्छ, परन्तु समुद्र देखि तरंग किंवा सुवर्ण

देखि कुण्डल कुनै पृथक वस्तु छैन ,उसरी नै ब्रह्म देखि माया पृथक वस्तु होईन । यदि त्यसको प्रतीति भैरहेछन त त्यो ब्रह्म नै तद्रुपमा प्रतीति भैरहेछन, अन्य कुनै होइन। श्रीरामतापनि उपनिषदमा लेखिएकोछ

"जाग्रत्स्वप्न सुषुप्त्यादि प्रपचं यत्प्रकाशते;
तद् ब्रह्माहमिती ज्ञात्वा सर्वबन्धैः प्रमुच्यते॥"

जाग्रत, स्वप्न एवं सुषुप्तिको भित्र जुन प्रपचं प्रकाशित भैरहेछ; त्यो पनि सब ब्रह्मस्वरुप मै हुं, यो जानिकन बन्धन देखि विमुक्ति प्राप्त हुन्छ ।

प्रकृति अर्थात् क्षिति, अप्, तेज, मरुत, व्योम, मन, बुद्धि एवं अहंकार-यी अष्ट प्रकृति हुन । देहान्त भएपछि पनि जीव यस अष्ट प्रकृति देखि अलग हुंदैन । यो अष्ट प्रकृतिले अणुरुपमा देहीको अनुगमन गरी फेरि जीवरुपमा उत्पन्न हुन्छन् । जीवावस्थामा जीवले सहस्र सहस्र कल्पनाहरु गर्दछन । कल्पना अनुसार कर्मसम्पन्न भए पछि फेरि अन्य कर्ममा प्रवृत्त हुन्छन् । कल्पना परित्यागको समय हुन्छ जीवको मृत्यु, परन्तु त्यो त्याग सामयिक छ फेरि जीवको अदृष्टको कारण भोगको समय उपस्थित भएपछि कल्पना अनुसार जीवको जन्म हुन्छ । यस किसिमले जीवको बारम्बार जन्म एवं मृत्यु भै नै रहन्छन् । क्रियाको परावस्थामा जीवको यो कल्पना निबृत्त हुन्छ, त्यसलाई नै कल्पक्षय भन्दछन । परन्तु क्रियाको परावस्थामा पूर्ण स्थिति भएन भने जीव विवश भएर त्यहाबाट अवतरण गर्दछ, तब फेरि उसको सान्सारिक प्रवृतिको उदय हुन्छ-यही हो *"कल्यादौ विसृज्याम्यहम"* यो श्री भगवान्को प्रकृतिको खेल हो अनि त्यस प्रकृतिको वशमा समस्त जीव छन । किन भने तत्त्वातीतक्रिया को परावस्थामा केही पनि रहदैन, अतयव यो जीवभाव एवं यसको जाग्रत, स्वप्न, सुषुप्ति यी तीनै अवस्थाहरु प्रपंच हुन । जीव पंचतत्त्वमा रहिकन देहादिमा अभिमान गर्दछन्, परन्तु तत्त्वातीत अवस्थामा प्रपंच छैन । त्यही हो ब्रह्मस्वरुप अनि त्यसै बाट यो प्रपंच प्रकाशित हुन्छ । क्रिया गर्दै गर्दै क्रियाको परावस्थामा त्यस निर्मल ब्रहमको ज्ञान हुन्छ । तब म ब्रह्म हुं यस किसिमको ज्ञान हुनाले जीव सर्वबन्धन बाट विमुक्त हुन जान्छ, किन भने ब्रह्ममा लीन भएपछि अन्य वस्तु रहदैन । वस्तु द्धारा नै मन आकृष्ट भएर बद्ध हुन्छ जब कुनै वस्तु छैन, सबकासब ब्रह्म हुन गयो तब कसले कसलाई बन्धन गर्ला ? चित्त अन्य मनस्क हुंदाखेरि नै मायामा विमुग्ध हुन्छ, यसैले क्रिया अधिकाधिक गर्नु पर्ने हुन्छ , क्रिया गरेपछि नशा लागदछ, तब फेरि चित्त अन्य वस्तुमा जादैन, अतयव फेरि कल्प या कल्पनाको सृष्टि हुदैन । यसरी चित्त जब चित्तमा नै रहन्छ, अन्यत्र कतैजादैन, तब त्यो 'चिन्मात्र' हुन जान्छन । यो चिन्मात्र रुप नै भगवद् रुप हुन, यही क्रियाको परावस्था हो । यसैलाई चित्तमा राख्नु या मनमा मन राख्नु भन्दछन् । क्रियाको परावस्थामा चित्तमा चित्त मिल्न जान्छ, मनमा मन मिल्न जान्छ, यस अवस्थामा जो रहन्छन त्यही सदाशिव हो । तब भित्र भित्र श्वास चल्दछ अनि भ्रु-भध्यमा दृष्टि रहन्छ, प्राण एवं अपान समान रुपमा अबस्थिति गर्दछन्, वायु नासिका भित्र विचरण गर्दछ । यही हो निष्कल अवस्था । क्रिया गर्दै गर्दै यो अवस्था आफसे आफ आउंदछ । सदा चित्स्वरुप कूटस्थमा

रहंदा रहंदै ब्रहममा रहन्छ अनि ब्रहममा रहेर ब्रह्म नै हुन जान्छ । सब ब्रह्म भए पछि ब्रहम हुन जान्छन् अद्वितीय । यसलाई जान्नुको नाम कैवल्य हो । सर्वदा क्रिया गरेमा कैवल्य पद प्राप्त हुन्छ । जसलाई कैवल्य पद प्राप्त हुन जान्छ, उसको निम्ति फेरि सृष्टि या लय रहदैन । यस अवस्थालाई प्राप्त साधक नै जीवनविमुक्त पुरुष हुन ॥७॥

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ;
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

श्रीधरिय टीका-[राम्रो, तिमी त असंग एवं निर्विकार छौ तब फेरि तिमीले कुन किसिमसँग सृष्टि गर्दछौ ? यसको अपेक्षामा भन्नु भैरहेछन्] म मेरो अधीन प्रकृतिमा अधीष्ठान गरी प्रलयमा लीन चतुर्विध (जरायुज अण्डज, स्वेदज, एवं उद्‌भिज्ज-यी सारा) कर्मादि परवश भूतग्रामलाई पुनः पुनः सृजन गर्दछु, किनभने यी सारा भूत ग्राम प्राक्तन कर्महरुको कारण तत्तत् स्वभाववश लाचार छन् ॥८॥

आध्यात्मिक व्याख्या-"यस प्रकृतिमा अडकिई रहेर बारम्बार अर्थात् इच्छा गर्दछ-यसै कारण बारम्बार जन्म-मृत्यु हुन्छ-परन्तु पंच भूतहरुको जुन पंच इन्द्रियहरु छन, ती भूत त्यस इन्द्रियहरुको वशमा छन, सब इन्द्रियहरुलाई प्रकृति अर्थात् शरीरको भित्र रहिकन, शरीर जुन स्वयं अवश छ, त्यसलाई वशमा राख्नु दुष्कर छ-अतयव इन्द्रियहरु त्यही घर कै हुन, तिनीहरु पनि वशमा छैन, रहदैन-परन्तु क्रिया गरेमा वशमा रहन्छन् ।"

निर्लिप्त एवं निर्विकार भएर भगवान्‌ले कसरी जगत्‌को सृष्टि गर्दछन्? यसमा उनको प्रयोजन के छ ?- यस किसिमसँग मनमा प्रश्न उठनु स्वाभाविक छ यसैले श्री भगवान्‌ले अर्जुनको संशय मेटाउनको लागि भन्नु भैरहेछन्, हेर, प्रलयकालमा सारा भूतहरु प्रकृतिमा विलीन रहन्छन्, त्यस प्रकृतिको म अधिश्वर हूं, मलाई इच्छा अनिच्छा केही छैन, किनभने म स्वयं पूर्णछु मलाई कुनै अभाव रहन सक्दैन । अतयव अभाव पूर्तिको लागि जगत्‌को सृष्टि गर्नुको कुनै कारण छैन । म चिरमुक्त स्वभाव छु , मेरो बन्धन हुन सक्तैन, फेरि मुक्तिको लागि मैले किन जन्म ग्रहण गर्ने ? तब सृष्टि कसरी हुन्छ, किन छ ? प्रश्न यही छ । आफनो प्रकृतिको बारेमा जुन मैले भनेको छु, त्यो प्रकृति मेरो माया हो । त्यसको भित्र अनेक अघटित घटनाहरु भैरहन्छन, परन्तु म उनको प्रभुहुं, म नै उनको आश्रय हुं, अतयव त्यसमा जुन खेल हुन्छ, ती मेरो शक्तिले नै हुन्छन् ।

यसैकारण जानिईन्छन्, मानो म नै सब गर्दछु, परन्तु मेरो कुनै प्रयोजन नहुनुको कारण म ती सारा खेलहरु देखि सदा निःसंग रहन्छु । यी सारा प्रकृतिको खेल मिथ्या भएर पनि सत्यवत् प्रतीति हुन्छन । यसको कारण यो छ माया मिथ्या भएर पनि सत्यस्वरुप मलाई आश्रय गरी रहन्छन् । यसैकारण त्यसलाई कसैले असत्य सम्झन् पाउदैन । यस मायादर्पणमा जुन मेरो प्रतिबिम्ब पर्दछ त्यो स्वरुपतः असत्य भएर पनि सत्यवत् भासित हुन्छ । यस प्रतिबिम्ब लाई नै लिएर नै मायाको खेल हुन्छन, यस खेलको मानौ अन्त नै छैन, कहिले आरम्भ भयो यो कसैले भन्न सक्दैन । त्यसमा कतिकति पटक सृष्टि, स्थिति र लय भैरहन्छन । प्रतिबिम्ब भएर पनि त्यो चैतन्यको प्रतिबिम्ब हो, त्यो चैतन्यमय प्रतिबिम्ब ले नै अनेक अनेक

रुपमा खेल गर्दछ, यस खेलको मानौ अन्त नै छैन कहिले देखि आरम्भ भयो, यो कसैले भन्नसक्दैन। किनभने यो प्रकृति अनिर्वचनीया, सद्सद्रुपा एवं अनादि छ। यो प्रकृति जब पुरुषको वक्षः स्थलमा निदाउंछन तब जगत्को प्रलय हुन जान्छ। परन्तु प्रकृति फेरि जागदछ। यस प्रकृतिको जागरणको साथसाथै उनको समस्त खेलौनाहरु पनि जागी उठदछन्। पुरातन कर्महरुको कारण भूतहरुको जुन स्वभावको सृष्टि हुन्छ, त्यस स्वभाववश लाचार भएर खेल्न आउंछन्। तिनीहरु पुरातन कर्महरु अनुसार कर्ममा आवद्ध भएर तत्तत् रुपमा सृष्ट हुन्छन। अतयव यस किसिमको सृष्टि पनि जसरी मायामय एवं मिथ्या छ , त्यसरी नै हाम्रो सृष्टि संकल्प एवंरचना पनि मायामय एवंमिथ्या छन। म यी सारा व्यापारहरुको मात्र साक्षी हूँ, मेरो अधीष्ठान वशवर्ती प्रकृतिमा यसरी सृष्टिको विकास हुन्छ।जसरी स्वप्न द्रष्टा पुरुषको आश्रय गरी स्वप्न उत्पन्न हुन्छ, उसरी नै मलाई आश्रय गरी मायामा सृष्टि परिकल्पित हुन्छ। स्वप्नावस्था जसरी द्रष्टा पुरुषको मिथ्या कल्पना हो, उसरी जगदादि रचना द्रष्टा पुरुषको मायाले कल्पित मात्र छ।

भुतग्रामले मायालाई वशीभूत गर्न सक्दैन, यो माया नै जीवको इच्छा या कल्पना हो। यसैको वश भएर प्रकृतिको भित्र जीव अडकीई रहन्छ अनि त्यसको फलस्वरुप बारम्बार जन्म मरणको नाटक चल्दछ। पंच इन्द्रियहरु चक्षु, कर्ण, नासिका, जिहवा र त्वक्-यी पंचभूत क्षिति, अप, तेज मरुत्एवं व्योमको वशीभूत छन्, अतयव शव्द, स्पर्श, रुप, रस, गन्धादि द्रष्टाको दृश्य बनेर अविरत अविराम चक्कर लगाईरहन्छन्। प्रकृति रुपी यो शरीर स्वयं अवश छन, पंचभूतहरुको खेलमैदान हुन, पंचइन्द्रियहरु त्यस खेल भूमीको उपकरण झ्याल ढोका स्वरुप छन। पंचभूतहरुको चंचलताले शरीर चंचल, शरीरको चंचलताले इन्द्रियहरु चंचल, अनि इन्द्रियहरुको चंचलताले मन चंचल भएर ५गुणा५= २५ तत्त्वहरुमा चक्कर लगाउदै व्याकुल भैरहेकाछन्। परन्तु यो भूतग्राम एवं इन्द्रियादि इन्द्रजालको जादुमय दृश्य समान अदभूत तथा मिथ्या छन्। जसले मन लगाएर नित्य प्रतिदिन अधिकाधिक साधनाभ्यास गर्दछ त्यसको प्राण जुन सवै प्रपंचहरुको मूल मुहान छ, स्थिर हुन जान्छ। प्राणको स्थिरता संगै मन अनि त्यसको साथै इन्द्रियहरु स्थिर भएर देवाधिदेव त्यस महादेव परमात्माको आरती गर्दछन्। तब एकको भित्र बहुत्वको परिसमाप्ति हुन्छ अनि यस इन्द्रजालरुपी विश्व खेलको अवसान हुन जान्छ। त्यही एक देवता स्त्री, पुरुष, पशु, पक्षी, कीट, पतंग, स्थावर-जंगमादि रुपमा प्रकाशित भैरहेछन्। यसखेलमा अनेकत्वको खेल त छ , परन्तु अभिनेता एकै छन अनेक छैन ॥८॥

न च मां तानि कर्माणि निबध्नन्ति धनंजय;
उदासीनवदासिनमसक्तं तेषु कर्मसु ॥९॥

श्रीधरीय टीका-[तिमी त नानाकिसिमको कर्म गर्दै रहन्छौ, तब जीवलाई समान तिम्रो बन्धन किन हुदैन, यसको उत्तर दिनुहुदै भन्नु हुन्छ]-हे धनंजय, ती सब विश्वसृष्टि आदि कर्मले मलाई बन्धनमा राख्न सक्तैन। बन्धनको हेतु हो आसक्ति। म आत्मकाम छु, यसकारण ममा कर्मासक्ति छैन। अतयव उदासिनवत् रहनुको कारण मेरो कर्म बन्धन हुदैन। उदासिनको लागि कर्तृत्त्व उत्पन्न हुदैन। कर्तृत्त्वमा उदासीनत्वको अनुपपति अर्थात् अभाव हुन्छ, यसैकारण "उदासिनवत" अवस्थित भनेकोछ ॥९॥

आध्यात्मिक व्याख्या-"प्रकृतिको र इन्द्रियहरुको वशद्धारा सारा कर्म भैरहेछन्? परन्तु म ती सब कर्महरु देखि पृथक छु-ती कर्मले मलाई आबद्ध गर्न सक्तैन, किन भने म आफ्नै आत्मामा छु मस्तक माथि आरुढ अथवा आरुढ समान अन्य दिशामा दृष्टि नहुनुको कारण अन्य वस्तुमा आसक्ति छैन म आत्मामा नै रहन्छु यसकारण आत्मामा नै आसक्त रहन्छु ।"-

माया जब तिम्रो नै हो अनि त्यसबाट जब केही कर्म हुने नै छ, तब अन्यान्य जीवहरु समान तिम्रो बन्धन किन हुदैन? यसैले भगवान् भन्नुहुन्छ-हेर धनंजय ! कर्म बन्धनको हेतु के हो जान्दछौ ? आसक्ति एवं कर्तृत्त्वको अभिमान नै कर्मबन्धनको हेतु हो । म उदासिन हुनुको कारण कुनै कर्मको कर्त्ता हुन सक्तैन । अतयव कर्तृत्त्वाभिमान रुप विकार ममा हुनु संभव छैन ? अनासक्त हुनुको कारण कर्मको शुभाशुभ फल प्रति मेरो आसक्ति पनि रहन सक्तैन । अतयव मायायुक्तभएर पनि म मायाको कार्यमा आबद्ध छैन । फलासक्तिको अभाव नै अबन्धनको हेतु हो, अन्यथा कर्म अभिनिबेशयुक्त मूढ पुरुषलाई रेशमको कीरा समान आबद्ध गरिरहन्छ । म पर्जन्य समान छु जसरी पर्जन्यले वृक्ष आदि माथि समभावसँग वारिवर्षण गर्दछ, परन्तु बीजको प्रकृति अनुसार मीठो या तीतो फल हुने गर्दछन, त्यसको निम्ति पर्जन्य उत्तरदायी हुदैन, उसरी नै भगवान् जीवको सुख दुःखको उत्पादक होईन । सुख दुःख जीवको आफ आफ्नो कर्महरु अनुसार नै हुने गर्दछन् । जीवको कर्मफलको उत्पत्तिको लागि उनको प्रभाव अवश्य नै स्वीकार गर्नु पर्नेछ । बीजको भित्र चाहे जे शक्ति होस, पर्जन्यको वृष्टि बिना कुनै बीज अंकुरित हुन सक्तैन । त्यसरी नै उनको अधिष्ठान विना माया एक्लैले केही गर्न सक्तैन । परन्तु त्यो उदासीनवत् साक्षी स्वरुप छन, यसैले मायाको कार्यद्धारा त्यो बद्ध हुन सक्तैन । तब यहाँ एक प्रश्न मनमा उठन सक्तछ-यस किसिमको उदासीन भगवान्को भजन गरेर जीवलाई के लाभ होला ? लाभ हुन्छ । जसरी अग्निको नजिक जादाखेरि अग्निको इच्छा नरहेपनि अग्निको स्वतः स्फुरित तेजले अग्नि सेवीको शैत्यता-निवारण गरिदिन्छन, उसरी नै भगवत् उपासनाले उपासकलाई कल्याण प्राप्ति हुन्छ । जसरी तटस्थित मानिसले प्रार्थना नगरेपनि समुद्रको वायुले उसको ताप निवारण गर्दछ , उसरी नै भगवान्मा स्थित स्वाभाविक ताप-प्रशमिनी शक्तिले उनको भक्त सेवकको त्रिताप ज्वालालाई निवारण गर्दछन् । यसको निम्ति साधकको इच्छाको आवश्यकता हुदैन अनि भगवान्लाई पनि संकल्प गर्नु पर्ने आबश्यकता प्रयोजन हुदैन । यस किसिमसँग निर्विकार भगवान्ले भक्तोपासकको कल्याण गर्दछन ।

जगत्को जुन कर्महरु छन सब प्रकृतिले बश इन्द्रियहरुद्धारा हुने गर्दछन, परन्तु आत्मालाई ती सारा कर्महरुले लिप्त गर्न सक्तैनन् । आकाश समान निरवयव आत्मालाई कदापि कसैले लिप्त गर्न सक्तैन । त्यो यिनीहरु देखि सदा नै पृथक छन । यो त्यसै बेला समभमा आउंदछ जब अभ्यास को प्रभावले साधकको प्राणउर्ध्व (सहस्रारमा) स्थिति लाभ गर्दछ । बाह्य श्वास रहदैन, अतयव दोस्रो तिर दृष्टि या आसक्ति हुँदैन । यसैले कर्म गरेर पनि त्यो कर्मले योगी लाई बद्ध गर्न सक्तैन । यही हो प्राणमा प्राणको मिलन । बाहय श्वास चंचल प्राण हो, त्यो स्थिररु श्वास अव्यक्तमा जब मिल्न जान्छ, तब दुबै एक हुन जान्छन ।यसरी एक भए पछि फेरि जगत् दृष्टि रहदैन । जब केही रहदैन त आसक्ति होला कहा? जुन

प्राणले चंचल भएर जगत्को सृष्टि गरेको थियो, त्यस चंचलताको अभाव भए पछि योगी को अगाडि जगत् व्यापारको फेरि अस्तित्व पनि रहदैन । कर्तृत्त्व भोकतृत्त्व नरहे पछि जगत् रहेर पनि रहदैन । यही गुणातीत भाव हो । यस अवस्थामा रहंदा गुण कर्मले योगीलाई स्पर्श गर्न सक्तैन । जब स्पर्श नै गर्न सक्तैन भने त उसलाई फेरि बद्ध कसरी गर्न सकदछन् ?

आत्मा मन वाणी देखि अगोचर छ, अतयव अव्यक्त छ, देह, इन्द्रिय मनोबुद्धिले युक्त भाव नै व्यक्तावस्था हो । समुन्द्रको असीम जलराशी देखि जसरी बुदबुद् उठदछन्, त्यसरी नै असिम अव्यक्तावस्थाको भित्रदेखि व्यक्तावस्था बारम्बार उत्पन्न भैरहेछन । बुदबुद्कारमा परिणाम स्वरुप व्यक्तावस्था प्रकृतिको अधीन छ । अव्यक्त भाव प्रकृतिको वशमा छैन । यसैकारण त्याँहा बन्धन या मोक्ष छैन । अव्यक्त प्राण शक्ति देहेन्द्रियहरुको आकारमा परिणत भएर जसरी आत्म समुन्द्रमा जलविम्बको रुपमा खेल गर्दछन, त्यही जीवको जीवन या चंचल श्वास हो । त्यस चंचल श्वासलाई साधना द्धारा जसले सहस्रारमा स्थिर गर्न सकदछन्, त्यसैले सम्यक भावले बुझ्न सक्दछन्-यो अव्यक्तावस्था के हो ? ॥९॥

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम;
हेतुनाऽनेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

श्रीधरीय टीका-[त्यसैलाई प्रमाणित गर्नु हुन्छन]-मेरो अधिष्ठान वश अर्थात् म निमित्त भूत हुं, यसकारण प्रकृतिले सचराचर विश्व लाई उत्पन्न गर्दछन् । यस किसिमले मेरो अधिष्ठानको कारण यो जगत् बारम्बार उत्पन्न भैरहेछन् । सन्निधीमात्रले मेरो अधिष्ठातृत्वको कारण प्रकृति जगत् कार्यमा समर्थ भैरहेकोछ, अतयव सृष्टि कार्यमा कर्तृत्त्व एवं उदासिनत्व विरुद्ध छैन ॥१०॥

आध्यात्मिक व्याख्या-"बुद्धिपूर्वक यस शरीरमा अर्थात् प्रकृतिमा दृष्टि गर्दै चर एवं अचरमा छु यस कारण जगत् उल्टो बाटोमा चलिरहेछ यसको कारण यो छ-फेद हाँगा पातहरु तल छन अनि जड टाउको माथि छ ।"

पूर्व श्लोकमा भनिएको छ-भगवान्ले प्राणीहरुको सृष्टि पनि गर्दछन अनि उदासीन समान पनि रहन्छन, परन्तु यी दुबै कुरा परस्पर विरुद्ध प्रतीति हुन सक्दछन् । यस आशंकाको निवारणार्थ श्री भगवान् भन्नु हुन्छ -"मया सर्वतो दृशिमात्र स्वरुपेणाविक्रियात्मनाऽध्यक्षेण मम माया त्रिगुणात्मिका ऽविद्यालक्षणा प्रकृतिः सूयत उत्पादयति सचराचरम् जगत् ।"तथा च मन्त्र वर्ण- शंकर

"एको देवः सर्व भूतेषु गुढः
सर्वव्यापीसर्वभूतान्तरात्मा;
कर्माध्यक्षः सर्व भूताधि वासः
साक्षीचेता केवलो निर्गुणश्व ॥"-श्वेता श्वेतरोपनिषद

म सर्वत्र एकमात्र ज्ञानस्वरुपमा विराजमान छु, ममा कुनै किसिमको विकार छैन, म अध्यक्ष्य रुपले प्रेरणा गर्दछु-यसकिसिमसंग मेरो माया त्रिगुणात्मिका अविद्यालक्षणा प्रकृतिले यस चराचर जगत्लाई प्रसव

गर्दछन् । वेदमा एस्तै किसिमको एक मन्त्र छ-त्यही एक अद्धितीय देवता सव प्राणीहरुमा गूढभावले अवस्थित छन, त्यो सर्वव्यापक एवं सबजीवहरुको अन्तरात्मा हुन, त्यो यावतीय कर्महरुको अध्यक्षहुन , सर्वभूत उनको आश्रय गरी विद्यमान भैरहेकाछन, त्यो साक्षी चैतन्य स्वरुप एक एवं प्राकृतिक गुण सम्बन्धले रहित छन । तैत्तिरीय ब्राह्मणमा लेखिएको छ "योऽस्याध्यक्षः परमेव्योमन"-यस परिदृश्यमान प्रपंचको जो अध्यक्ष छन, त्यो परम आकाशमा विराजमान छन । मायावश ब्रह्मचैतन्यको विपर्यय ज्ञानमा जीव विकासलाई प्राप्त हुन्छ । परन्तु भगवान्को अध्यक्षता नरहेमा यो चराचरात्मक व्यक्त एवं अव्यक्त जगत् नाना अवस्थाहरुमा परिवर्तित हुन सक्तैन । यसैले ब्रह्मलाई जगत्को कारण कल्पित गर्दछन् । परन्तु जब दोस्रो अरु कुनै सत्य वस्तु छैन, एकमात्र त्यही सत्य हुन, त परमार्थतः उनको कुनै भोगको साथ सम्बन्ध हुन सक्तैन र उनको सिवाय जब कुनै भोक्ता या चेतन सत्ता पनि छैन भने त यस जगत्लाई कसले उत्पन्न गऱ्यो ? यसैले बुझिन जान्छ यो सृष्टि, स्थिति एवं प्रलय खालि मिथ्या मात्र हुन । तब यसकिसिमसँग हामीलाई सत्यबोध किन भैरहेछ त? यसको उत्तर दिनुहुदै श्री भगवान् भन्नु हुन्छ-

"अज्ञाने-नावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः"

अज्ञानद्धारा ज्ञान ढाकिएको छ, यसकारण जीव मोहलाई प्राप्त हुन्छन् । आत्माको चैतन्य भाव देहेन्द्रियादिमा लिप्त भएर देहेन्द्रियलाई पनि चेतनवत् देखाउंदछ । देहेन्द्रियादिको चैतन्यमा जसको दृष्टि छ त्यसले यस कुरालाई विचार नगरी चैतन्य कसको हो केवल यस जड चेतनात्मक दृश्य जगत्लाई नै देख्दछन । जहाँ बाट चैतन्य आइरहेकोछ, त्यसको मूल केन्द्रमा लक्ष्य गर्न सक्तैन, अतयव उल्टो बाटो हिंडछन । जगत् दर्शन हुन्छ, तर ब्रह्म दर्शन हुदैन । त्यो चैतन्य स्वरुप छन, त्यस चैतन्यलाई विपरित भावले हेर्दछ । वृक्षको मूल रहन्छ तल, शाखा प्रशाखाहरु रहन्छन माथि । परन्तु यांहा मूल माथि छ , किन भने मस्तकको ब्रह्मरन्ध्रमा त्यो परम कारणहरुको कारण विद्यमान रहन्छ, त्यही शक्ति नाना किसिमले नाना देहेन्द्रियादिको रुपमा परिणत भएकाछन । मूलस्थानमा एकमात्र शिव एवंशक्ति एकाकारमा मिलित छन, त्यही मस्तकबाट असंख्य प्रवाहिकाहरुको भित्र गएर अन्तमा सहस्रारमा परम व्योममा आएर मिल्नु पर्नेछ । तब फेरी सबकासब एकाकार हुन जानेछ । त्यो जो अध्यक्ष अर्थात् अधि+अक्ष, अधिस्थ पुरुष छन, यही पुरुष सबैको भित्र सवचिज छन । यो नरहेमा केही पनि रहदैन, तर पनि प्राकृत व्यापारको शुभाशुभ कर्म हरुको भोक्ता त्यो होईन, खालि द्रष्टा हुन । प्रकृतिले सवचिज वनाउंछन विगार्दछन, परन्तु यस अध्यक्ष पुरुष रहेमा नै प्रकृतिले सवचिज गर्नु सम्भव भैरहेकोछ । वस्तुतः यो प्रकृति पनि त्यही बन्न गएका छन, यही हो उनको अवतरण या जगद्रुपमा परिणामलाई प्राप्त हुनु ॥१०॥

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम्;
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

श्री धरीय टीका-[तिमी एसकिसिमका परमेश्वर हौ, फेरि तिमीलाई केही मानिसहरुले आदर किन गर्देन ? यसको उत्तर दिनुहुदै भन्नु हुन्छ]-सर्वमूत महेश्वररुप मेरो परम तत्त्वलाई नजानेर मूर्ख मानिसहरु

मेरो अवज्ञा गर्दछन । अवज्ञा गर्नुको हेतु यो छ-म शुद्धसत्त्वमय भएर पनि भक्तको इच्छा वश मनुष्याकार देह धारण गर्दछु ॥११॥

आध्यात्मिक व्याख्या-"मूर्खहरुले यस्तो विशेष स्थिर गरिलिन्छ-म मनुष्य हुं, मेरो जुन परम भाव अर्थात् क्रियाको स्थिति छ त्यसलाई नजानेर-म परम पदार्थ ब्रह्मस्वरुप हुं। मेरो नाश पनि छैन, जन्म पनि छैन ॥॥"

प्राण चंचल भएर नै देहादि रुपमा परिणामलाईप्राप्त भैरहेकाछन, अतयव प्राणको कार्य-देहेन्द्रियादिको स्वभाव पनि अत्यन्त चंचलछन् । यो चंचल स्वभावको कारण देहेन्द्रियादिमा नाना किसिमको विकार एवं नाना परिणाम उत्पन्न भैरहेकाछन, जुन उत्सले प्राणको यो प्रवाह वहिर्मुखी भएरफुटी निस्कन्छ, त्यस उत्सको केन्द्र अत्यन्त स्थिर एवं चिर निर्मल छ। यो परम स्थिर अवस्था नै आत्माको परम भाव या स्वरुप छ र यस अवस्थाको आरम्भ या नाश छैन । यसलाई कसैले समात्न या जान्न सक्तैन, परन्तु यसबाट उत्पन्न प्राणको वेग नाना किसिमको आकारमा आफुलाई प्रकट गरी जगद् व्यापारलाई सम्पन्न गर्दछ । मूर्ख मानिसहरु यस आकार युक्त जीवभावलाई सांचो संझेर यस नामरुपलाई समाती रहन्छन्, मानो यस नामरुप नरहेमा केही पनि रहने छैन । शिशुले जसरी माताको पीयूष प्रवाहक स्तनलाई असली सम्झेर छोड्न चाहदैन, त्यसको मूल उत्सतिर लक्ष्य गर्न सक्तैन, उसरी नै जीवले आफ्नो मूल अव्यक्त मुहान उत्सको धारण गर्न पाउदैन, अगाडि जुन नामरुपमय कार्यकारणको संघात देह प्रकृतिलाई देख्दछ, त्यसदेखि पृथक अव्यक्तावस्थालाई कदापि बुझ्न पाउदैन । सबै रुपहरु को भित्र जुन त्यो अरुप महेश्वर रहन्छन्, त्यो हामीलाई देखिन जादैन, किनभने हामी अज्ञानान्ध छौ। क्रिया द्वारा क्रियाको परावस्थाको परिस्थिति बुझेपछि जानिन्छ-त्यही हाम्रो म हुन, त्यही परम पदार्थ ब्रह्मस्वरुप आत्मा हुन, उनको जन्म पनि छैन, विनाश पनि छैन ॥११॥

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः;
राक्षसीमासुरींचैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

श्री धरीय टीका-अन्य देवताले शीघ्र फल प्रदान गर्नेछन्, यस किसिम को निष्फल आशाले युक्त अतः मद्विमुख भएर निष्फल कर्म गर्नेवाला जसको शास्त्र ज्ञान नाना किसिमसँग कुतर्कहरुमा आश्रित हुनुको कारण निष्फल छ, तथा यी कारणहरुले जीव क्षिप्त चित्तछन, तिनीहरुले बुद्धिभ्रंश गरिने हिंसादिपूर्ण तामसी राक्षसी प्रकृति तथा कामदर्पादि बहुल राजसी आसुरी स्वभावको आश्रय गरी मेरो अवज्ञा गर्दछन् ।-

आध्यात्मिक व्याख्या-"ती नष्टकर्मा हुन जस्ले आत्मामा रहेर कूटस्थको दर्शन गर्दैनन्, आखाले हेर्दछ अन्य वस्तुमा लोभ गर्दछ-क्रिया गर्दैन धृष्टता गर्दछ । (कूटस्थ नै पुरुष, ज्योति प्रकृति हुन्)-"जो अत्यन्त संसारासक्त तथा धूर्त्तछन उनमा पनि कसै कसैले मलाई पाउने आशा गर्दछन ।-

-तिनीहरुको धारणा हुन्छ-उनीहरुले चाहे जतिसुकै कुकर्म गरुन् या अन्यान्य जीवहरु प्रति जति नै निर्मम व्यवहार गरोस, उनीहरु जुन प्रतिदिन थोरै थोरै जप गर्दछन या भगवान्को प्रतिमाको अगाडि केही भोग

लगाउंछन-त्यसैको बलले आफ्नो कलुषित कर्मजनित यमदण्डलाई फांकी दिनसक्नेछन । परन्तु तिनीहरु जान्दैनन्-यमराज उनीहरुको कर्मचारी होइनन् जसले कुनै किसिमसँग प्रभुको चाकरी गरी सन्तुष्ट भएर आफ्नो कर्त्तव्य सम्पादन देखि विमुख हुन जानेछन । यम स्वयं म हुं "यमः संयतामहम"-धर्माधर्मको फल प्रदानरुप निग्रहानुग्रहकारीहरुमा म यमराज हुं । ती मानिसहरुको सारा चेष्टाहरु निष्फल हुन्छन, तिनीहरु यमदण्डबाट मुक्त हुनेछन यो व्यर्थ आशा गरी वसेकाछन् । उनको कर्म पनि निष्फल छन, किनभने तिनीहरु मद्‌विमुख छन । मलाई चाहदैन, परन्तु मैले दिएका धनादि प्रति उनको विशेष लोभ छ त्यस लोभलाई चरितार्थ गर्नको लागि तिनीहरुले कहिलेकांहि मेरो या अन्य देवताको पूजा गरी टोपल्दछन, यागयज्ञादि गर्दछन, म प्रति ममत्वको अभावमा उनको तपस्या या क्रिया आदि व्यर्थ छ, अनि जसलाई शास्त्रज्ञान छ खूव अध्ययन पनि गरेकोछ परन्तु कुतर्कको आश्रय लिन्छन, तिनीहरु इच्छा अनुसार अन्याय कार्य गर्नेछन र त्यसलाई शुभ कर्म तथा शास्त्रानुमोदित कर्म प्रमाणित गर्नको लागि कुतर्क द्वारा चेष्टा पनि गर्नेछन । त्यसको परिणाम वडो शोकपूर्ण हुन्छ, उनको भविष्य अत्यन्त नै अन्धकारमय हुन्छ । यदि उनीहरुलाई अमूक स्थानमा एक राम्रो असल साधु महात्मा आएको छ भन्यो भने यो सुनेर तिनीहरुले त्यो साधु या भगवद्‌भक्त होइन भन्ने प्रमाणित गर्ने चेष्टा गर्नेछन । यदि अन्ततः कुनै त्रुटि पाएनन् भने भन्नेछन-त्यसकिसिमसंग पेट भरि भरी जसले दुई वेला भोजन गर्दछ र दिंउसो नास्ता पनि गर्दछ त त्यो साधु कस्तो ? जसले उपवास गर्दैन, फुकेर आगो वाल्न सक्तैन त्यो फेरि कस्तो साधु ? यस्ता मानिसहरुले मेरो भक्तको पनि अवज्ञा गर्दछन र मेरो पनि अवज्ञा गर्दछन । तिनीहरुमा कुनै कुनैले भगवान्‌लाई मान्न चांहदैन-केही मानिसहरु कुनै व्यक्ति विशेषको साधारण ऐश्वर्य देखेर उसलाई नै भगवान् भन्नको लागि तैयार हुन्छन । यी सारा अल्पज्ञ मनिसहरुलाई उनको महात्म्य ज्ञात छैन । भगवान् अवतीर्ण भएर पनि उनलाई केवल लीला पुरुष सम्झियो भने त यो ज्ञान व्यर्थ छ । त्यो दृश्यमा आउंछन, तापनि दृश्यमान रुपमात्र नै उनको स्वरुप होईन । उनको रुप कुनै आकृति होइन, परन्तु समस्त आकृतिहरुमा जुन सच्चिदानन्द स्वरुप भासित हुन्छ, त्यही उनको रुप हो । जो आफ्नो भित्र यस सच्चिदानन्द रुपसँग अवगत हुन्छन, त्यो पनि तद्‌रुप हुन जान्छन । जुन मानिसहरुले शरीर वाहेक अरु केही देखन पाउदैन, शरीरको भित्र जुन कूटस्थ ब्रह्म अनि उनको ज्योति सदा विकीर्ण भैरहेकाछन, त्यसलाई हेर्ने या सम्झने चेष्टा गर्दैनन्, जसले सारा इन्द्रियहरुलाई केही सान्सारिक लाभ को प्रत्याशामा नियुक्त गरिदिएकोछ, ब्रह्ममार्गको क्रिया सिकाई दिए पनि हठकारिता वश जो त्यसमा प्रविष्ट हुन चाहदैन, या त्यसको लागि केही परिश्रम गर्न चाहदैन, ती समस्त मूढ विक्षिप्त चित्तवाला मानिसहरु श्री भगवान्‌सँग प्रीति गर्न सक्तैनन्, उनीहरुलाई राक्षस या असुर नै जान्नु पर्दछ ॥१२॥

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः;
भजंत्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

श्री धरीय टीका-[तब कुन किसिमका मानिसले तिम्रो आराधना गर्दछन, यस विषयमा भन्नु हुन्छ]-जो महात्मा छन, जसको चित्त कामादि द्वारा अभिभूत छैन, अनि यस कारण अभय सत्त्व शुद्धादि आदि दैवी

स्वभावलाई जसले आश्रय गरेकाछन, अतयव मेरो सिवाय अन्य विषयमा जसको तनमन जादैन, तिनीहरुले मलाई जगत्‌को कारण तथा अव्यय बुझेर आराधना गर्दछन् ॥१३॥

आध्यात्मिक व्याख्या-"जसलाई यस प्रकार ज्ञान भएर-जसले सर्वं ब्रह्ममयं जगत् एवं ब्रह्ममा प्रकृति अर्थात पंचतत्त्वको क्रिया, यसको नै आश्रय लिएर रहन्छन, अनि समस्त भूत उनको आदि जुन ब्रह्म छ नी, अर्थात षष्ठचक्र अविनाशीलाई जानेर ।"

उत्तम रीतिसंग पंचतत्त्व क्रिया गरी जसले देहादिरुप प्रकृतिको माया आवरणलाई हटाई यथार्थ "म" लाई बुझी लिएको छ, तिनीहरु नै महात्मा हुन यी समस्त महात्माहरु सारात्सार परब्रहमको आश्रय गरी रहन्छन् तथा सर्वजीवहरुको परम आश्रय देखि विच्युत हुन नपरोस यसैले उनको दैवी प्रकृति को आश्रय लिन्छन । प्राण नै भगवान्‌को प्रकृति हो त्यसैको अवलम्बन गरी यो जगत् खेल हुन्छ । जबसम्म प्राण चंचल भएर बहिर्मुखी भैरहन्छ, तबै सम्म त्यो रजतमले अभिभूत भएर राक्षसी एवं आसुरी भावसँग मनलाई अनुप्राणित गर्दछ; परन्तु जसले क्रिया गरी महात्मा हुन्छन्, तिनीहरु जगत्‌को स्थिर प्राणरुपी आदि कारणको आश्रय गरी बस्दछन् । यही दैवी प्रकृति हो, यो स्थिर प्राण नै आत्मा हो । श्रद्धासाथ षटचक्रमा क्रिया गरी रहेपछि षटचक्रमा स्थित महाशक्ति उद्‌बुद्ध हुन्छन । त्यही अविनाशी ब्रह्म हुन । त्यो अव्यक्त अचंचल महास्थिररुप परब्रह्म नै वासुदेव हुन । महात्मा मानिसहरु यस सर्वमय वासुदेवको नै भजन गर्दछन् । यी महात्मा तीन श्रेणिमा विभक्त छन-(१) जसले यस दुर्लभ अवस्थाको आस्वादन प्राप्त गरेको छ, तथा यस कारण जगत्‌को अन्य सारा व्यापारहरुलाई नगण्य जानी जो उनको आराधनामा तत्पर रहन्छन् । (२) जो शुद्ध चित्त भएर आत्मसंस्थ भएको छ, जसको चित्त स्वभावतः एकाग्र भएर निरुद्ध भएकोछ, बुद्धि सारावलोकिनी हुनुको कारण जसको ज्ञानदीप्ति पूर्ण परिस्फुटित भएकोछ, यो दुर्लभतर अवस्था हो अनि (३) दुर्लभतम अवस्था छ त्यो जब आत्मा बाहेक अन्य कुनैको ज्ञान रहदैन, तब जीवभाव परमात्मभावमा डुब्नजान्छ यही इन्द्रियहरुको अगोचर अव्यक्तावस्था या क्रियाको परावस्था हो । यो एक विचित्र दशा हो, जसको सम्बन्धमा केही भन्ने उपाय छैन, त्यतिबेला यो यो पनि भन्न सकिन्न-ब्रह्म हुन । जसलाई पाएपछि सबकासब प्राप्त हुन जान्छ त्यही कारणवारिको स्वरुप हो । त्यसको भित्र सारा विश्व संसार छ पनि अनि छैन पनि । जुन प्राणाग्निको तेजले यो विश्व संसार उत्पन्न हुन्छ त्यो प्राण जब क्रियाको परावस्थामा ऊर्ध्व अर्थात् मस्तकमा गमन गर्दछ भने त सारा सांसारिक विषय निवृत हुन जान्छन । प्राण रहंदा खेरि नै अन्तर एवं बाह्य विषयहरुको उत्पत्ति हुन्छन। यस किसिमको जगत् दृष्टि नै भवरोग हो । कारणवारि ब्रह्म हुन, त्यसमा रहनु नै भवरोगको औषधि हो । यो अवस्था प्राप्त गर्नको लागि क्रियारुपी औषधिको सेवन गरेमा बाह्य विषयहरु देखि चित्त प्रत्याहृत भएर ब्रह्ममा प्रकृष्टरुपसँग लीन हुन जान्छ । क्रियाको परावस्था नै सद्‌भाव या आदिभाव हो, यसको कहिल्यै पनि विनाश हुदैन ॥१३॥

सततं कीर्तयन्तो मां यतन्तश्च दृदव्रता:;
नमस्यन्तश्च्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

श्री धरीय टीका-[उनको भजन प्रणाली दुई श्लोकहरुमा भन्नु हुन्छ]-(१) कोही कोहीले सर्वदा स्तोत्र -मन्त्रादि द्वारा कीर्तन गरेर मेरो उपासना गर्दछन (२) कसै कसैले दृढ नियमयुक्त भएर इन्द्रियादिलाई संयत गरी सगुण ईश्वरोपासनामा प्रयत्न गर्दछन्। (३) कोही कोहीले भक्तिपूर्वक प्रणामपूर्वक उपासना गर्दछन अनि (४) अरु कुनै कुनैले अनवरत अवहित चित्तसाथ मेरो सेवा गर्दछन् ॥१४॥

आध्यात्मिक व्याख्या-"मेरो नै कीर्तन अर्थात् क्रिया-आँखा, कान बन्द गर्दै खूब मजबुत भएर मलाई ॐकार क्रिया द्वारा नमस्कार गर्दछ, गुरु वाक्यमा विश्वास गरी सदा अड्किरहन्छ ऊर्ध्वमा वसेर"-

-भगवान्को भजन गर्नको लागि चाहे जुनसुकै मार्गको अवलम्बन गरौं त्यस्मा हाम्रो श्रद्धा हुनु आवश्यक छ। यो बाटो अतिशय दुर्गम छ। यसैले श्रद्धाको साथै त्यस लक्ष्य प्रति तथा त्यहां पुग्नुको उपायबारे बारम्बार आलोचना गर्नु जरुरी छ। यस विना वहिर्मुखी चित्त अन्तरमुख हुँदैन। यसको लागि जहाँ साधकलाई विक्षेपरहति हुनुपर्दछ, उसरी चित्त संयमको लागि दृढव्रत अवलम्बन गर्नु पर्दछ। वाणी द्वारा बारम्बार भगवच्चिंतन सम्बन्धी आलोचना निश्चय नै राम्रो हुन्छ, परन्तु यो साधना वहिरंग छ। यसले मनलाई अन्तर्मुखी गर्न कठिन हुन्छ। यसैले केही केही अन्तरंग साधना पनि आवश्यक छ भगवत चर्चा बारम्बार गर्नु समान प्राणायामको साथ अनुलोम विलोम मा जुन भगवत्स्मरण हुन्छ, त्यसले मनको वहिर्मुखी भाव अरुपनि सहजैसाथ निवारित हुन जान्छ। मन अन्तर्मुखी भएर नै निरुद्ध हुन जान्छ र निरुद्ध चित्तमा आत्म चैतन्यको स्वरुप साक्षात्कार हुन्छ। यस अवस्था प्राप्तिको लागि प्रणत हुनु पर्नेछ। प्रकृष्टरुपमा नत हुनु नै प्रणत भाव हो। मनलाई नत कहा गर्ने ?-आत्माको अगाडि। यस किसिमको प्रणत चित्त नै आत्मामा अवस्थान गर्न समर्थ हुन्छ। उपासनाको अर्थ एवं उद्देश्य पनि यही हो। उप अर्थात् नजिकमा आस धातुको अर्थ हो स्थापना-आफुलाई भगवान्को समीप स्थापित गर्नु नै उपासनाको लक्ष्य हो। यस किसिमले प्रणत हुनुको उपाय हो गूरुपदिष्ट ॐकार क्रियाको साधनाले हृदयग्रन्थि छिन्न हुन जान्छ, परमाकाश प्रकाशित हुन्छ। प्राणवायु ऊर्ध्व अर्थात् मस्तकमा स्थिर भएर आत्माकाशमा अडकिन जान्छ। योगीहरु योगाभ्यास जनित धारणा द्वारा कूटस्थलाई भेदन गरी पुरुषोत्तमको ज्ञान प्राप्त गर्दछन। क्रियाको परावस्थामा नै ब्रह्मस्वरुपको अनुभव हुन्छ, त्यसमा रहंदा खेरि नै ब्रह्म या आत्माको सारा शक्तिहरुको अनुभव हुन्छ। यस प्रकारको अनुभव भैरहदा नै प्रत्तेक अनुभवमा उनको महिमाको कीर्तन हुन्छ। सुषुम्ना मार्गमा स्थित स्तम्भस्वरुप वायु जसले यस शरीरलाई धारण गरेकोछ , त्यसमा जो रहन्छ तथा शरीरको नवद्वार -दुई आखा, दुईकान, नासिका, मुख, लिंग, गुदद्वार एवं मन-मा ब्रह्मको स्वरुप अनुभव गर्दछ, उसैको निरन्तर भगवत् सेवा हुन्छ अनि उसैको भगवत्समीपमा अवस्थान हुन्छ ॥१४॥

ज्ञानयज्ञेन चाप्यन्ते यजन्तो मामुपासते;
एकत्वेन पृथक्त्वेन वहुधा विश्वतोमुखम् ॥१५॥

श्री धरीय टीका-कोही त "सबकासब वासुदेव नै हुन"-यो जुन सर्वात्म दर्शनरुप ज्ञान छ, यस ज्ञानरुप यज्ञद्वारा मेरो उपासना गर्दछन्। यस प्रकार ले ज्ञान यज्ञको भित्र कोही कोहीले "एकमात्रपरब्रह्म नै

छ"यस किसिमको परमार्थ दर्शनरुपी अभेद भावना द्वारा, कोहीले पृथक भावना द्वारा-"तिमी प्रभु हौ म दास हु " अनि कसैले मलाई ब्रह्म रुद्रादि विविध रुपमा भज्दछन् ॥१५॥

आध्यात्मिक व्याख्या-"कोहीले योनी मुद्रा र क्रिया दुबै गर्दछन्-दुवैनै एक हो-अनेक किसिमको क्रिया, यानी सबैको मतलब एक छ। "

जो महात्मा भैसकेकाछन, तिनीहरुले साधन बलले नै यस अवस्थालाई प्राप्त गरेका हुन्। पूर्व श्लोकहरुमा पनि अनेक साधनाको कुरा भनिएका छन्। यहाँ विशेषतया ज्ञान यज्ञको कुरा भन्नु हुदैछन्। जसरी यज्ञकालमा अग्निमा हवि प्रक्षेप गर्नु पर्दछ अनि फलस्वरुप अग्निबाट सुन्दर ज्योती प्रस्फुटित हुन्छ, उसरी नै आत्मक्रियारुप जुन यज्ञ छ, त्यसमा मन एवं इन्द्रियहरुलाई हविरुप मा प्रक्षेप गर्नाले ज्ञानाग्नि प्रज्वलित भएर उठदछ। यस ज्ञानाग्निको अनेक रुप छन-प्रथमतः निजवोधरुप-मुख्य आत्मसाक्षात्कार हो। यही स्वरुप स्थिती हो जुन अवस्था उदय भएपछि एक "म" बाहेक अरु केही रहदैन।

पंच भूतात्मकं विश्वं मरीचिजलसन्निभम्;
कस्याप्यहो नमस्कुर्यामहमेको निरंजनः॥
आत्मैव केवलं सर्वं भेदाभेदो न विद्यते;
अस्ति नास्ति कथं ब्रूयां विस्मयः प्रतिभातिमे॥
यो वै सर्वात्मको देवो निष्कलो गगनोपम;
स्वभाव निर्मलः शुद्धः एवाहं न संशयः॥-अवधूत गीता

मरीचिकामा जसरी जल-भ्रम हुन्छ, उसरी पंचभूतात्मक विश्व पनि वस्तुतः छैन। केवल बोध मात्र हुन्छ। जहाँ एकमात्र निरंजन "अहं" नै विद्यमान छ। त्यहां दोस्रो को छ जसलाई नमस्कार गरौं ? सवचिज केवल आत्मा नै छ, भेदाभेद छैन। अतयव विश्व छ या छैन-यो कसरी भन्न सकिन्छ ? यो सबै कस्तो विस्मयजनक लाग्दछ। त्यही सर्वात्मक देव जुन निष्कल उवं गगन सदृश छन, जुन स्वभावतः शुद्ध एवं निर्मल छन, त्यही म हुँ यस्मा केही पनि सन्देह छैन।

सबैको भित्र परव्योमस्वरुप त्यही आत्मदेव रहन्छन्, त्यही विश्वेश्वर हुन। क्रियाको परावस्थामा एक विचित्र दशा हुन्छ, त्यो निष्कल स्वरुप छन, त्यस समय बाहिर को हावा बाहिर नै रहन्छ, दृष्टि भ्रूमध्यमा तथा प्राण एवं अपानको गति समान हुन जान्छ अर्थात् निःश्वास नाकको भित्र रहन्छ वाहिर निस्कदैन। ब्रहम परव्योमरुप छन, गगन समान स्वभाव हुनुको कारण गगनोपम भनिन्छ, परन्तु गगनको अपेक्षा दस गुना निर्मलछन्। त्यहाँ पुगे पछि मनको कुनै वासना रहदैन, मन मनमा नै लीन भएर मिल्न जान्छ, अतयव त्यो अवस्था अत्यन्त विशुद्ध छ, संसारको कुनै भावनाले त्यसलाई स्पर्श गर्न सक्तैन। त्यो ब्रह्म नै 'म' हो, त्यतिखेर 'म' पनि रहदैन। जब केही पनि रहदैन, अतयव संशय होला कसलाई ? यही आत्मसाक्षात्कार या ज्ञानाग्निको सर्वोत्तम स्वरुप हो।

द्वितीय किसिमको बोध छ अपूर्व ज्योतिर्मण्डल, त्यसको भित्र नीलो आकाश समान घनश्यामसुन्दर रुप -त्यसको चारैतिर झिलमिल गर्दछन् नक्षत्र, जसलाई देखेर वस्तुतः मन मुग्ध हुन जान्छन् । रत्नमय मणिमय सिंहासनमा पुरुषोत्तम विराजमान छन-कति कति ऋषि, मुनि, देवता, कतिकति अपूर्वदर्शन ज्योतिर्मय जीवले उनको स्तवन कीर्तन गर्दछन्, उनलाई मुग्ध नेत्रले हेर्दछन्-यस किसिमसंग उनको बोध हुन्छ ।

तृतीय किसिमको बोध त्यो छ जसमा अनाहत नादको अपूर्व झंकार मन-इन्द्रियलाई मुग्ध गरी मनलाई मानौ कुनै अनन्तसँग मिलाई दिन्छन् ।

यी सबैको अनुभवहरु पछि साधकको त्रिताप-ज्वाला छुटन जान्छ । साधकको विशोका ज्योति प्रस्फुटित हुन्छ । परन्तु प्राणको प्रच्छर्दन-विधारण-अर्थात प्राणायाम-द्वारा नै प्रधानतः यो विषयवती प्रवृत्ति उत्पन्न हुन्छ, यस विषयवती प्रवृति उत्पन्न भए पछि चित्तले स्थैर्य लाभ गर्दछ । योग दर्शनमा लेखिएको छ -"विषयवती वा प्रवृत्तिरुत्पन्ना मनसः स्थितिनिबन्धनी ।" विषयवती प्रवृत्ति के हो, यो भन्दछु । शब्द-स्पर्शादि विषयहरुको प्रत्यक्षस्वरुप सूक्ष्म बृत्ति नै विषयवती प्रवृत्ति हुन । परन्तु यो लौकिक वृत्ति होईन, दिव्य शब्द स्पर्शादिको अनुभव नै यो प्रबृत्ति हुन । नासिकाग्रमा चित्तको धारण गर्दामा जुन दिव्य गन्धको ज्ञान हुन्छ त्यो गन्ध-प्रबृत्ति हो । जिहवाग्रमा धारणगर्दा खेरि दिव्य रसको ज्ञान हुन्छ । यसलाई प्रवृत्ति भन्नुको कारण यो छ-साधारणतः जुन शव्द, गन्ध आदिको वृत्ति उदय हुन्छ, त्यस भन्दा यो प्रकृष्ट हुन्छ र एसैले यसलाई 'प्रवृत्ति' भन्दछन । यस प्रवृत्तिको उदय भए पछि साधकलाई आनन्द प्राप्ति हुन्छ, साधनामा विश्वास पैदा हुन्छ, योगाभ्यासमा दृढ श्रद्धा हुन्छ तथा वाह्य विषयहरु देखि वैरागय उत्पन्न हुन्छ । पातंजलि भन्नु हुन्छ-तदनन्तर "विशोका वा ज्योतिष्मती"-पूर्वोक्त विषयवती प्रबृत्ति उत्पन्न भएपछि विशोका या ज्योतिष्मती प्रवृत्ति उदय हुन्छ । यसलेपनि चित्त स्थितिमा प्राप्त हुन्छ । यस परम सुखमय भाव द्वारा चित्तबाट सबै किसिमको दुःख अपगत हुन जान्छन् । यसैकारण यसलाई "ज्योतिष्मती" भन्दछन् ।

चित्त स्थिर भए पछि आकाश समान स्थिर, शुभ्र, स्वच्छ ज्योति या प्रकाशको अनुभव हुन्छ । सुषुम्नाको मुख खुल्दा खेरि यो लक्षण प्रकट हुन्छन्। श्रुति भन्दछन्-"अंगुष्ठ मात्रो रवितुल्यरुपः" यस आकाश-सदृश ज्योतिमा आत्म भावना गर्दा खेरि परमानन्द प्राप्त हुन्छ । जो योगारुढ हुन्छन, उनमा नै यो पूर्व लक्षणको रुपमा प्रकट हुन्छ ।

यही द्वितीय किसिमको ज्ञानाग्निको प्रकाश हो । प्राणायाम-अभ्यास एवं योनि मुद्रामा नाना किसिमका ज्ञानाग्नि प्रज्वलित भै उठदछन् । पहिलो किसिमको ज्ञानमा एकत्वको ज्ञान अनुभव हुन्छ । द्वितीय किसिम द्वारा पृथक् बोध एवंनाना विषयहरुको बोध हुन्छ, अर्थात् जुन जान्ने या गर्नुको इच्छा हुन्छ त्यो जानिन्छ र गरिन्छ । परन्तु यो ज्ञान पनि कुनै वाह्य विषयक ज्ञान होइन, यो पनि अन्तर्मुखी ज्ञान हो यसको परिणाम हुन्छ सबैको भित्र ब्रह्मको बोध । अन्तमा ब्रह्मको भित्र सबको प्रवेश हुन्छ । यस किसिमको ज्ञान जुन

ब्रह्मनाडी मुख द्वारा साधकलाई हुन्छ त्यसैलाई श्रीभगवान्ले उत्तर गीतामा अर्जूनलाई बताउनु भएको छ ।-

"इडापिंगलयोर्मध्ये सुषुम्ना सूक्ष्मरुपिणी;
सर्वं प्रतिष्ठितं यस्मिन् सर्वगं सर्वतोमुखम्॥"

इडा र पिंगलाको बीचमा सूक्ष्मरुपिणी सुषुम्ना विराजमान छ । त्यसमा नै समस्त तथा सर्वतोमुखी ब्रह्म प्रतिष्ठित रहन्छन् ।

"नानानाडी प्रसवगं सर्वभूतान्तरात्मनि;
ऊर्ध्वमूल: मधः शाखं वायुमार्गेण सर्वगम् ॥
द्विसप्तति सहस्राणि नाडयः स्युर्वायुगोचरा:;
अधश्चोर्ध्वं गतास्तास्तु नवद्वाराणिरोधयन् ।
वायुना सह जीवोर्ध्वं ज्ञानी मोक्षमवाप्नुयात् ॥"

शरीरको भित्र बहत्तर हजार नाडीहरु विद्यमान छन, यी नाडीहरु ऊर्ध्व एवं अधोदिशामा फैलिएकाछन् । इन्द्रियरुपी नवद्वारहरुको अवरोध गरी वायु सँगै जीवलाई उर्ध्वगामी गर्दामा मोक्षको प्राप्ति हुन्छ ॥१५॥

अहं क्रतुरहंयज्ञः स्वधाहमहमौषधम;
मन्त्रोऽहमहमे वाज्यमहमग्निरहं हुतम् ॥१६॥

श्री धरीय टीका-["अहं क्रतु:" इत्यादी चार श्लोकहरुमा आफ्नो सर्वात्मता को बर्णन गर्नुहुन्छ]-म क्रतु अर्थात् अग्निष्टोमादि श्रोत यज्ञ हुं, म स्मृत्युक्त पंच महायज्ञ हुं, म स्वधा अर्थात् पित्रृहरुको निमित्त श्राद्धादि हुं, म औषधिबाट उत्पन्न अन्न या औषधि हुं, म यजन-क्रियाको वाक्यादि मन्त्र हुं, मै होमादिको साधन घृत हुं, म नै आहवनीय अग्नि हु र मै होम हुं । यी सब म हुं ॥१६॥

आध्यात्मिक व्याख्या-"(अहं क्रतु एवं अहँ यज्ञ)-म त कर्ता हुँ-यज्ञ गर्न को लागि यज्ञ कर्ता-यज्ञ कर्म पनि त मै हुँ-क्रियाको परावस्था पनि मै हुँ-औषधि पनि मै हुँ, किनभने त्यसको भित्र ब्रह्म छ, ब्रह्म रहनु भन्दा ठुलो औषधि अरु कुनै छैन । मै मन्त्र हुँ अर्थात् आफु आफैमा रहनाले मनले प्राणलाई पाउंदछ, यसको उपाय गुरुमुखबाट जानिन्छ । होमको घृत मै हुँ-मै अग्नि हुँ-मैलाई होम गर्दछ ।"

(१) क्रतु वेदविहित यज्ञ जुंन सोमरससाध्य छ । कियावान् मानिसहरु जुन सुरापान गर्दछन् त्यहि सोमरस हो । *"सोमधारा क्षरेत या तु ब्रह्मरन्ध्रात. वरानने"*-(आगमसार) क्रिया गर्दा गर्दै ब्रह्मरन्ध्र देखि सुधाधारा क्षरित हुन्छ, त्यसलाई पान गरी योगी उन्मत्त हुन जान्छन । उनको देहवोध सम्म रहदैन । यो सुधाले शरीर एवंमनको प्रत्येक अणु अणुलाई तृप्त पार्दछन । तब फेरि बाह्य रस हरु प्रति चित्तको लोलुपता रहदैन । सहस्रार स्थित त्रिकोण मण्डलको भित्र यो सुधारस संचित रहन्छ । यस त्रिकोणको तीनै

मुखहरुमा क्रमशः इडा, पिंगला र सुषुम्ना सम्मिलित भएकाछन् । इडा नै चन्द्रनाडी या मन हो । उपर्युक्त रस इडा नाडीमा प्रवाहित भएमा मनलाई पुष्टिदान गर्दछ अनि जब यो रस पिंगलामा बहन्छ तब त्यसलाई सूर्यदेवले ग्रहण गर्दछन्, पश्चात् त्यो वृष्टिको रुपमा पृथिवीमा वर्षन्छ अर्थात् क्षेत्ररुप यस शरीर त्यस द्वारा पुष्टि हुन्छ । सुषुम्नामा जुन अंश प्रवाहित हुन्छ त्यो अमृत हो, कुण्डलिनीले त्यस अमृतको पान गर्दछ, त्यो फेरि बाहिर आउदैन । साधकले जब साधना को सहायताले यस परम शक्तिलाई चैतन्ययुक्त गर्न पाउंदछ तब सहस्रार मा परम शिवसँग युक्त हुन जान्छ, तब जीव भाव अवसान हुन जान्छ । कुलकुण्डलिनी या सुषुम्नास्थिति शक्ति शरीरको भित्र मूलाधारमा सुप्तावस्थामा वसिरहेकोछ, क्रिया साधन द्वारा त्यसैलाई जाग्रत गर्नु पर्दछ । यस शक्ति जाग्रत भए पछि अति सूक्ष्मरुपमा शरीरको भित्र मेरुदण्डस्थ पंचतत्त्वमा स्थिति लाभ हुन्छ अर्थात तत्त्व तत्त्वमा प्रवेश गर्नुको शक्ति साधकलाई प्राप्त हुन्छ ।

(२) यज्ञ नै विष्णु हुन जो समस्त विश्वमा अनुप्रविष्ट भैरहेछन् ।यही स्थिर प्राण हो, यो न रहेमा देहेन्द्रिय तथा सारा विश्व अचल हुन जान्छ । अर्थात् विलुप्त हुन जान्छ । यसलाई अवलम्बन गरेर नै अनन्त चांचल्यमय यो विराट् विश्व चक्राकारमा सदा परिभ्रमण गरिरहेकोछ तथापि केन्द्र च्युत हुन सक्तैन । यही जीवको चैतन्य सत्ता हुन । प्रज्वलित अग्नि समान यो आज्ञाचक्रमा सदा दीप्तियुक्त भएर रहन्छन् । यही जठरस्थ अग्निको रुपमा अन्नादि समस्त भुक्त पदार्थहरुलाई पाक गरी शरीरमा सर्वत्र जीवन संचार गर्दछन् । यही नाभिमण्डलमा समान वायुको रुपमा अवस्थान गरी प्राण र अपानको गति संयमित गरी रहन्छन्, यसैले विष्णुलाई पालन-कर्ता भन्दछन् ।

(३) स्वधा-सबै प्राणीहरुको अन्न । "सर्वप्राणी साधारणमन्नम्"-(शंकर) विभिन्न अन्नहरु द्वारा जीवको स्थूल एवं सुक्ष्म शरीर पुष्ट हुन्छ । स्वधा हुन अग्निको स्त्री-यही तेजरुपा ओज धातु हो, यस धातुको अपक्षयले जीवको शरीर र त्यसको साथै मन सुक्न जान्छ । यसलाई ब्रह्मतेजपनि भन्दछन । साधन गरे पछि प्राण ऊर्ध्व गामी हुन्छ, तब जुन तेजः या ज्ञान प्रस्फुटित हुन्छ त्यही स्वधा हो ।

(४) औषधि-तेह्रौं श्लोकको व्याख्यामा भनिएको छ-जगत् दृष्टि नै भवरोग हो । जगत् =जसले गमन गर्दछ अर्थात् चंचल । यो चंचलता मेटिन्छ प्राण स्थिर भएमा । प्राण स्थिर भए पछि ब्रह्ममा स्थिति हुन्छ, यो भन्दा बढी भवरोग को दोस्रो औषधि अन्य कुनै छैन ।

(५) मन्त्र-यानी जसबाट मनको त्राण हुन्छ । मनलाई त्राण मिल्दछ आफु आफैमा रहनाले । आफु आफैमा रहने उपाय हो क्रिया गर्नु ।

"निःश्वास श्वास रुपेण मन्त्रोयं बर्तते प्रिये" । "प्रच्छर्द्दन विधारणाभ्यां वा प्राणस्या"

(६) आज्य-घृत, यस द्वारा हवन गरिन्छ, यसैबाट यज्ञ-कार्य सम्पन्न हुन्छन, यज्ञेश्वर प्रसन्न हुन्छन । हवनको अर्थ हो प्रक्षेप या त्याग । कुन किसिमको त्याग गर्ने ? हामी वाह्य तत्त्वहरुमा परी तत्त्वातीतलाई विर्सेकाछौ । अहंज्ञान या देहाभिमान लाई लिएर संसारसंग वांधिएकाछौ तथा यति ठुलो संसार फैलाएका छौं । यो आत्म शक्ति हो परन्तु उल्टो दिशामा कार्य गरिरहेछन, गतानुगतिक भावले जगत् चक्रको

अनुवर्तन गर्दछन अनि त्यसमा जुन सामान्य सुख पाईरहेकोछ, त्यसलाई लोलुप समान ग्रास गर्न को लागि उद्यत छ-यस अज्ञान पाश, यस अभिमान, यस देहात्मबोधलाई समेटनु पर्ने छ र ब्रह्मागिनमा शिवशक्ति समरसको भित्र यसलाई पाक गर्नु पर्ने छ यसको फल के होला ? "त्यागात् शान्तिरनन्तरम" । जुन अहं देखि वृत्तिउठेर अज्ञानको बाटोमा हिंडदा हिंड्दै यस विश्व संसारको रचना गरी हाल्दछ, त्यस लाई नै समेटदै समेटदै फेरी त्यस "सर्वातीतोहं" को भित्र यस "देहोहं" बुद्धिलाई डूबाई दिनु पर्नेछ । यस "देहोहं" बुद्धिको मूल कारण प्राणको बहिर्मुखी भाव हो । क्रियाद्वारा प्राणलाई ऊर्ध्वमा राख्न सके आत्मज्योति को दर्शन हुन्छ । त्यस्मा लक्ष्य स्थिर गरेपछि आत्म-संयमाग्नि प्रज्वलित हुन्छ, त्यही आत्म साक्षातकार हो । जसरी दुग्ध मन्थन गर्दा खेरि नौनी उत्पन्न हुन्छ, उसरी नै चंचल प्राणको मन्थन गर्नाले स्थिर प्राणरुपीघृत त्यसबाट उत्पन्न हुन्छ । ज्ञान संकलिनी तन्त्रमा लेखिएको छ। ।

"नहोम होम इत्याहुः समाधौ तत्तु भूयते;
ब्रह्माग्नौ हुयेते प्राणो होमकर्म-स्तदुच्यते ॥"

ब्रहमाग्निमा प्राणको होम गर्नु नै प्रकृत होम कर्म हो, अन्य होम होम होईन ।

(७) अग्नि-यो आत्मा नै अग्नि हो । यही सबैको अहं हो, जुन नरहेमा कुनै वस्तुको अस्तित्व रहदैन । यही सबैको एकमात्र प्यारो अभिष्ट वस्तु हो । यो "म" नै विश्वरुपमा विविध नामरुपमा आफुलाई प्रकाशित गर्दछ, गरिरहेछ । यो अग्नि या तेज सबैको भित्र छ , परन्तु सर्वत्र यसको स्वरुप प्रकाशित हुदैन । यसको स्वरुप प्रकाशित हुंदा खेरि जुन वस्तुको भित्रबाट यसको प्रकाश हुन्छ, त्यसैलाई यस्ले खाई हाल्दछ । यसैकारण अग्निको नाम "स्वयोनिभुक" छ । यो आत्मा अनन्त नामरुपहरुको भित्र विद्यमान छ जब कुनै विशेष नामरुपयुक्त वस्तु देखि यसको प्रकाश हुन्छ, तब त्यसवस्तुको पूर्व नामरुप रहदैन, नाम र रुप मेटिएर त्यस अग्निको या आत्माको रुपमा वर्तमान रहन्छन् ।

(८) होम-हवन कार्य पनि आत्मा या "म" हो । "म" नरहंदा खेरि होम कसरी हुन सक्ला ? क्रिया जुन हामी गर्दछौ त्यो पनि आत्मा रहेर नै हो, प्राणको जुन वहिर्मुखी वृत्ति मनरुपमा परिकल्पित हुन्छ, आत्म-क्रिया द्वारा प्राण स्थिर भएपछि त्यो मन आफ्नै कारण-स्थिर प्राणको भित्र विलीन हुन जान्छ । यो साधना सद्गुरुको उपदेशबाटै जानिन्छ । यो सद्गुरुको उपदेश देखि प्राप्त क्रिया नै यथार्थ होमकर्म हो । आत्मा रहदा खेरि नै क्रिया गर्नु सम्भव हुन्छ, अतयव आत्मा नै सबचिज हो ॥१६॥

पिताहमस्य जगतो माता धाता पितामहः;
वेद्यं पवित्रमोंकार ऋक्सामयजुरेव च ॥१७॥

श्री धरीय टीका-म यस जगत्को जनयिता, जनयित्री तथा पिताको पनि पिता अर्थात् पितामह हुं । मै कर्मफल विधाता हूं । मै ज्ञेय वस्तु हूं, मै शोधक अथवां प्रायश्चित-स्वरुप हूं । मै प्रणव हूं तथा ऋगादि चारै वेद म नै हूं ॥१७॥

आध्यात्मिक व्याख्या-"पितामह ब्रह्म मै हूं-जगत्को अर्थात् चलायमान वस्तुलाई, जुन मबाट निस्किएको छ, मै रक्षा गर्दछु अनि म नै सबैको पितामह हूं, जुन गुरुवक्त्र गम्य छ-जान्नै पर्ने वस्तु मै हूं-मेरो म समान पवित्र वस्तु पृथिवीमा केही छैन-मेरो नै कारणले यो शरीर ॐकार रुप छ-ऋक, साम, यजु तिनै मिली अथर्व हुन-यो चारैतिर मेरो रुप छ।"

मै जगतको मातापिता हूं, किनभने मैंबाट सारा चराचर जीव उत्पन्न भएका छन। म नै जगत्को आधारभूत एकमात्र आधेय शक्ति हूं,-जसको अवलम्बन् गरेर यो विराट विश्व प्रकाशित भैरहेको छ। यसै कारण म विश्वको जननि रुप हूं। मै जगत्को रक्षा गर्ने विधाता हूं। "म" नरहेमा के केही रहन सक्तछ ? यस अहं या अभिमान देखि नै जगत्को सृष्टि हुन्छ, यसै कारण जगत् को जनयिता या पिता मै हूं। मैं पितामह अर्थात् सबैको प्रभुको प्रभु हूं यानी जगत्को मूल कारण मुहान हूं। कूटस्थलाई हेर्दै हेर्दै जुन उत्तम पुरुष देखिन जान्छ त्यसलाई परमात्मा भन्दछन्। कूटस्थको भित्र अन्धकारको अपेक्षा केही हल्का जस्तो-क्षीण अन्धकार-देखिन्छ-त्यो राम्रो सँग जानिदैन, त्यस्को कुनै चिन्ह पनि छैन। उसको अगाडि षडऐश्वर्यले पूर्णयुक्त व्यक्त स्वरुप छ, जुन आफसे आफ भएकोछ, जसलाई कूटस्थको भित्र देख्न पनि सकिन्छ अनि देख्न पनि सकिन्न। अत्यन्त सूक्ष्म हुनुको कारण त्यो इन्द्रियादिको लागि ग्राहय छैन, चित्त द्वारा पनि त्यसको धारणा गर्न सकिदैन तथापि त्यो आफसे आफ प्रकाशित हुन्छ।-

-त्यो अवस्था सृष्टिपूर्वको अवस्था हो, त्यतिबेला "माया" या प्रकृति त्यसबाट पृथक् हुदैन। पश्चात्-

"अप एव ससर्जादौ तासु वीजमवासृजत्"

प्रथम जलको सृष्टि जसलाई कारण-वारि-कूटस्थ भित्र जुन कृष्ण वर्ण देखिनमा आउछन्-त्यसको भित्र बीज (नक्षत्रस्वरुप) को सृजन गरे।

"तदण्डय भवद्धैमं सहस्रांशुसमप्रभम्;
तस्मिन् यज्ञे स्वयं ब्रहमा सर्वलोक पितामहः॥" मनु-स्मृ॰

त्यो सुवर्ण-सदृश अंण्डा सहस्र-सूर्यहरु समान प्रभाविशिष्ट थिए, त्यसबाट पुरुषोत्तम उत्पन्न भयो जो समस्त मानिसहरुको पितामह हुन।

"आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः ;
ता यदस्यायनं पूर्वं तेन नारायणः स्मृतः॥" मनु॰+स्मृ॰

जललाई नारा भन्दछन, जल अर्थात् कूटस्थ-त्यसमा नराकृति अनि नराकृति छैन-यस किसिमको एक पुरुष छ, त्यही पुरुषोत्तम हुन। कूटस्थ द्वारा नै उनको आगमन हुन्छ। कूटस्थको कालो वर्ण भित्र उनको स्थिति छ। यसैकारण उनको नाम नारायण छ। सबैको वास्तविक "म" त्यस उत्तमपुरुषको नै रुप हो जुन शरीर समान छ। यसैले अर्जुनले भनेको छ-"दृष्टवेदं मानुषं रुपं" अर्थात् जुन अँगुष्ठ मात्र-ज्योति

स्वरुप भ्रूमध्यमा देखिईन्छ अनि जुन केशको एक सहस्र भागहरुको एक भाग जस्तो सूक्ष्म छ, त्यही हो जीव, त्यो सुषुम्नाको भित्र सूत्ररुपमा आउने जाने गर्दछन् अनि सूक्ष्म नक्षत्र समान ज्योतिमा देखिन जान्छ। यही ऋक, यजु एवं साम हो-यहि सृजन, स्थिति एवं मृत्यु हो-यसैको अवलम्बन गरेर नै साढे तीन हातको यो शरीर अनि यो समस्त निखिल विश्व छ। यसै कारण भनिएको हुन्छ-वेदबाट विश्व उत्पन्न हुन्छ। मनु भन्नु हुन्छ।-

"दुदोहयज्ञ सिध्यर्थं ऋकयजु: सामलक्षणम्।"-

अर्थात क्रियारुप यज्ञको सिद्धि गर्नको निम्ति ऋकं, यजु: एवं सामलक्षण रुप-सृजन, स्थिति एवं मृत्युलक्षणरुप यस साढे तीनहात प्रमाणको अवयवको सृष्टि गर्‍यो। यो शरीर नै ॐकार रुप छ।

ऋक् (ऋच् अर्थात् स्तुति गर्नु, क्रिया अर्थात् प्राणायाम द्वारा स्तवन, जस लाई गर्दा खेरि मन प्रशन्न हुन्छ। वाम श्वास, दक्षिण श्वास एवं मध्यश्वास यी तीनै ब्रह्मरुपी सुषुम्ना हुन्, जुन मृणाल-तन्तु समान सूक्ष्म वायु हुन्। त्यही ऋक हो, अर्थात् आफुले आफुलाई जान्ने मन्त्र हो। यसले चंचल मन लाई अन्य दिशातिर जान नदिईकन क्रियाको परावस्थामा स्थिरत्व प्रदान गर्दछ। र निजबोधस्वरुपलाई अनुभव गराई दिन्छ। यही वेदमन्त्र गायत्री हो, जसको बारम्बार गान गरेपछि क्रियाको परावस्था प्राप्त हुन्छ र त्यस द्वारा मनको चांचल्यरुप विषम दु:ख देखि छुटकारा मिल्दछ।

यजु:-यज अर्थात पूजा गर्नु-दक्षिण दिशामा वायुलाई लगे पछि ॐकार क्रिया द्वारा जुन वायुको स्थिति हुन्छ, त्यतिखेर मूलाधार देखी ब्रह्मरन्ध्र पर्यन्त अडकिई रहन्छ, कहिले सेतो शुभ्र वर्ण एवं कहिले कालो कृष्ण वर्ण देखिनमा आउंदछन्, त्यही शुक्ल एवं कृष्ण यजु: हो।

साम-पश्चिम दिशामा वायुलाई लैजादा ॐकार ध्वनि सुनिन जान्छ, यस बेद लाई जानेपछि साधक ब्राहमण हुन जान्छ। तब सर्वत्र, सर्वव्यापी एवं सर्वशक्तिमान हुन जान्छ ॥१७॥

गतिर्भर्त्ता प्रभु: साक्षी निवास शरणं सुहृत्;
प्रभव: प्रलय: स्थानं निधानं बीजमव्ययम् ॥१८॥

श्री धरीय टीका-म एस जगत्को गति अर्थात् कर्मफल हूं, म पोषण कर्ता हूं, नियन्ता शुभाशुभ द्रष्टा हूं। म भोगस्थान हूं। मै शरण अर्थात् रक्षक या प्रपन्नजनको आर्त्तिलाई नष्ट गर्नेवाला हूं। मै हितकारी हूं। मैं स्रष्टा संहर्त्ता हूं। मै आधार एवं लयस्थान हूं। मै अव्यय बीज अर्थात् अविनाशी कारण हूं, ब्रीही-यव आदि बीजहरु समान म नश्वर छैन ॥१८॥

आध्यात्मिक व्याख्या-"मै गति-मैं भरणपोषण कर्ता-म नै एक पुरुष हूं आफ्नै दृष्टिमा-मैमा सब रहन्छन -सबको स्मरण योग्य मै हूं, अर्थात् सबैले मेरो स्मरण गर्नु उचितछ-सुन्दर शरीर भएर पनि मै बाट सब प्रकाश प्रकृष्टरुपले भैरहेकोछ अर्थात् उत्पत्ति मेरो मन देखि तथा लय उसैमा राम्रो संग-निधानं-सबैको विशेष रुपले स्थितिस्वरुपमा रहने ठांउ-सविशेष उत्पत्ति स्थान अर्थात बीज ब्रह्म हो। त्यसको नाश हुदैन।"

जीव जसले शुभाशुभ कर्म गर्दछ, तदनुसार उसको गति हुन्छ । त्यो प्रत्येक कर्म को कर्मफल रुपमा रहेर जीवको शुभाशुभ गतिको विधानगरिरहेछन । त्यही भरण पोषण कर्ता हुन । जीवको आफ आफ्नो कर्म द्वारा कर्मफल उत्पन्न भएर फेरि त्यसै कर्म गर्नेवाला जीवको अदृष्टरुपमा संयुक्त हुन्छ । यसले जीवको भरण पोषण हुन्छ, जीवको कर्म अनुसार वारि वर्षण हुन्छ, कर्म अनुसार क्षेत्रमा शस्यादि उत्पन्न हुन्छन् र कर्मानुसार जीवलाई पुत्र वैभव आदि प्राप्ति हुन्छ । यसको व्यवस्थापक उनै हुन ।

त्यो प्रभु हुन, उनकै आदेशले सूर्य-चन्द्र नियमपूर्वक आफ आफ्नो कर्म गरिरहेछन, उनकै आदेशले मेघ यथासमय वारिवर्षण गर्दछन, कर्म यथासमय फलोत्पादनमा समर्थ हुन्छ । उही जीवको कृत अकृत कर्महरुका द्रष्टा हुन । देह विना कर्मफलको भोग हुदैन । प्रपंचको अधिष्ठान यस शरीररुपी पुरमा जीववास गर्दछ, यस देहको प्रकाश मै बाट हुन्छ, यसै कारण त्यो निवास हुन् । त्यही जीवको आश्रय हुन् । स्थिर प्राणको अवलम्बन गरेर नै जीवको बहिर्मुखी प्राण वृत्ति प्रवाहित भैरहेछन । अतयव उही जीवको आश्रय एवं एकमात्र स्मरणयोग्य छन् । जसले उसको स्मरण गर्दछ, उसलाई सारा विपत्ति हरु देखि त्यस शरणागत वत्सलले रक्षागर्दछन्, क्रिया गरेमा के शरीरिक, मानसिक सव किसिमको विपत्तिहरु बाट परित्राण पाउन सकिन्छ । अतयव जीवको यस प्रकारको अर्को कुनै आश्रय छैन । जीव नानाकिसिमको शोकएवं दु:खको संतापहरु बाट सदा सन्त्रस्त रहन्छ । यी सारा सन्तापहरुको मूल हो देहात्मबोध । शरिर चिन्ता समान जीवको अरु कुनै विषम ज्वर छैन ।

श्री शंकराचार्य भन्नु हुन्छ- *"संसारमूलं हि किमस्ति ? चिन्ता"* यही चिन्ता ले नै मनलाई सतत: उत्क्षिप्त गर्दछ । यो चंचल भाव नै मन नामले प्रशिद्ध छ । जहाँ चांचल्यछैन अर्थात् मन छैन, त्यहाँ संसार पनि छैन । चिरस्थिर आत्मा यसैकारण जीवको एकमात्र गति छ । जुन साधन प्राणपनले प्रयत्न गरी प्राणायामादि योग क्रिया द्वारा मनको चंचलतालाई निवारण गर्न समर्थ हुन्छन, त्यसैले आफ्नो परमाश्रयको सन्धान पाउंदछन् । यो आश्रय जसले प्राप्त गर्दछ, उनलाई फेरि जराजन्ममरणरुपी क्लेशहरुको अधीन हुनु पर्दैन । त्यो सुहृत छन, त्यो मेरो कल्याणमकर्मी हुन । मैले न चाहंदामा पनि जसले मलाई चाहन्छन् मैले नपुकार्दामा पनि जस्ले मलाई पुकार्दछन्, मेरो समीपमा आउंछन, संसारको हीलो-धूलो माटोको खेल मा अन्धा भएर उन्मत भावसँग हामी दिन यापन गरिरहेछौं तथापि त्यो गुरु कर्णाधार बनी हामीलाई परित्राणको उपाय बताउदछन, उनको अपेक्षा जीवको हितार्थ या परम सुहृद् अरु को हुन सक्तछन्? सृष्टि, स्थिति एवं प्रलयको कर्ता उही हुन । प्रलय पछि पनि जीवसमूह सूक्ष्म बीजरुपमा उनैमा अवस्थान गर्दछन् । समाधि कालको निश्चल स्थिति पनि उनैमा हुन्छ । क्रियाको परावस्था रुप पनि उनकै हुन । समाधि भंग भए पछि जीवको जब सन्सार-प्रवृत्ति हुन्छ त त्यस उत्पत्तिको स्थान एवं सर्वजीव तथा सर्वभावको बीज स्वरुप उनै हुन् । त्यस ब्रह्मरुपी बीज कहिल्यै पनि नाश हुदैन ॥१८॥

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च;
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥

श्री धरीय टीका-हे अर्जुन, निदाघ-कालमा आदित्यरुपमा जगत्लाई म नै तृप्त गर्दछु। वृष्टिको समय म नै वारि-वर्षण गर्दछु, कदाचित् वृष्टिलाई आकर्षण गर्दछु। म नै जीवन हूं म नै नाश हूं। म सत् अर्थात् स्थूल दृश्य हूं म नै असत् अर्थात् सूक्ष्म अदृश्य हूं। यो सब मै हूं मलाई एसकिसिमले जानिकन मनुष्यहरु अनेक रुपहरुमा मेरो उपासना गर्दछन्। (पूर्वोक्त पन्ध्रौ श्लोकको साथ यसको अन्वय छ।) ॥१९॥

आध्यात्मिक व्याख्या-"इच्छा द्वारा अर्थात मनमा सोच्दा न सोच्दै सृष्टि हुन्छ-जब मानिसको यस किसिमको क्षमता हुन्छ-तव अमरपदमा लक्ष्य हुन्छ। त्यही ब्रह्म हो !!! मृत्यु हुनु मेरोरुप हो-किन भने जीवीत रहे पछि मर्नु विना विमुक्ति हुदैन। शुभ पनि मै हूं, अशुभ पनि मै हूं। म नै तपस्यारुपी ताप हूं, यस ताप द्वारा नै जीवको कर्म-वारिलाई शोषण गर्दछु।"-

कष्ट सहिष्णु हुनु नै तपस्याको उद्देश्य हो, परन्तु " तपो न परं प्राणायामात् ततो विशुद्धिर्मलानां दीप्तिश्च ज्ञानस्येति"-प्राणायामको अपेक्षा श्रेष्ठ तपस्या दोस्रो छैन किनभने प्राणायाममा यो शोषण-कार्य हुन्छ। मन धेरै जसो विक्षिप्त भएर विषयहरुमा दौडधुप गर्दछ, मलयुक्त मनको कार्य नै यही हुन्। प्राणायाम द्वारा यस मलको विशुद्धि हुन्छ अनि ज्ञानको दीप्ति हुन्छ। कसैकसैको मनमा यस्तो सन्देह हुन सक्तछ-प्राणायाम द्वारा ज्ञानको दीप्ति कसरी हुन सक्छ ? अज्ञानको नाश हुनु विना के ज्ञान हुन सक्छ?अज्ञान भनेको वस्तु के हो ? अनात्म वस्तुमा आत्म बोध यानी देहको "म" ज्ञान नै त अज्ञान हो। देहसँग "म" यसरी जडित हुन गएको छ-त्यस को वियुक्त न भैकन देहदेखि "म" पृथक छु यस ज्ञानको उदय हुनै सक्तैन। प्राणायाम द्वारा यस शरीर देखि "म" पनाको ज्ञान नष्ट हुन्छ, यसैले प्राणायाम ज्ञानोत्पादक क्रिया हो। अतयव *प्राणयाम नै सर्वश्रेष्ठ तपस्या हो*। अनि तपस्या पनि भगवान्‌को रुप हो। यस प्राणायाम रुपी तपस्याको तापले अज्ञान रुपी वारि शुष्क हुन जान्छ। यही "निगृह्लामि" हो तथा क्रियाको परावस्थारुप शान्तिवारी वर्षण हुन लागदछ,-यही "उत्सृजामि" हो। त्यस अवस्थाको भोग गर्दै साधकको अमृतपदमा लक्ष्य हुन्छ र अन्तमा साधक स्वयं अमृत बन्न जान्छ। यही प्रकृत जीवन हो। यो जीव मेरै शक्ति या रुप हो अनि मृत्य पनि मेरै रुप हो। शरीर छोडेर जानाले नै त मृत्यु हुदैन, "म" त रहीनैरहन्छ, अतयव यस देहको नष्ट हुन जानु नै मृत्यु होइन। तव मृत्यु के हो त ?-"यस्य पुनर्नजन्म" जसको फेरि जन्म हुदैन, जसको पुनरावृत्ति हुदैन। जीवित छदैमा पनि यस किसिमको मृत्यु हुन सक्छ-यही क्रियाको परावस्था हो। या म जब क्रिया गरी आत्मस्थ हुन जान्छ, तब आफुलाई सत्स्वरुप मा बुझ्न सक्तछन्, यही "शुभ म" हो। जब क्रिया नगरिकन संसार चिन्तामा मन मग्न हुन जान्छ तब शरीरमा आत्मबुद्धि हुन्छ, परन्तु शरीर चिरस्थायी छैन, यसैले शरीरमा आत्मबुद्धि पनि असत् हो, यही अशुभ "म" को अनन्त रुप छन-सर्वात्मक रुपमा यो "म" सर्वत्र प्रकाशित छ।

सुक्ष्मातिसूक्ष्मं कलिलस्य मध्ये,
विश्वस्य स्रष्टारमनेकरुपम्;
विश्वस्यैकं परिवेष्टितार,
ज्ञात्वा शिव शान्तिमत्यन्तमेति ॥

गुणान्वयो यः फलकर्म कर्त्ता,
कृतस्य तस्यैव स चोपभोक्ता ;
स विश्वरुपस्त्रिगुणस्त्रिवर्त्मा,
प्राणाधिपः संचरति स्वकर्म भिः ॥

अंगुष्ठ मात्रो रवितुल्य रुपः,
संकल्पाहंकार समन्वितो यः;
बुद्धेर्गुणे नात्म गुणेन चैव,
आराग्रमात्रोऽह्यपरोऽपि दृष्टः ॥-श्वेता०उ०

जगत्-सृष्टिको प्रारम्भमा बुद्बुदावस्था पूर्व सूक्ष्म भन्दा पनि अतिसूक्ष्म कलिलावस्था हुन्छ, त्यसभित्र रहेर त्यो अनन्त रुपहरुमा प्रकाशमान छन, अर्थात् क्रियाको परावस्थारुप अत्यन्त सूक्ष्मा-वस्था बाट नै त्यो असीम व्यक्त जगत् प्रकाशित भएकोछ । त्यस सूक्ष्मातिसूक्ष्म जगत्को अद्वितीय भोगविधाता आनन्दमय शिवस्वरुपलाई जानेपछि आत्यन्तिकी शान्ति प्राप्त हुन्छ । ज्ञान एवं कर्म जनित वासनात्मक गुणहरु सँग जसको अन्वय या सम्बन्ध छ, त्यही "गुणान्वय" पद वाच्य छन । त्यही सत्त्व, रज, तम गुणहरु अनुसार धर्म-अधर्म एवं ज्ञानरुपी त्रिविध मार्गहरुमा गमन गर्दै प्राणाधिपरुपमा सन्सारको परिभ्रमण गर्दछन् ।

अंगुष्ठ-प्रमाण हृदय गुहामा रहनुको कारण जीव अंगुष्ठ मात्र छ, त्यसको रवितुल्य रुप छ अर्थात् सूर्य समान त्यो ज्योतिर्मय छ, र त्यो संकल्प एवं अहंकारादि धर्महरुले युक्त छ तथा बुद्धि एवं शरीरको धर्महरुले युक्त भएर कुनै अन्य वस्तुको रुपमा दृष्ट हुन्छ अर्थात् जीव परमात्मा देखि पृथक जस्तो जानिन्छ ॥१९॥

त्रैविद्या मां सोमपाः पूतपापा,
यज्ञैरिष्ट्वा स्वर्गीतिं प्रार्थयन्ते ;
ते पुण्यमासाद्य सुरेन्द्रलोक,-
मश्नन्ति दिव्यान् दिवि देवभोगान्॥२०॥

श्री धरीय टीका-["अवजानन्तिमां मूढा" इत्यादि दुई श्लोकहरुमा "क्षिप्रफलको आशाले जो देवतान्तर को उपासना गर्दछन्, मेरो समादर गर्दैनन् तिनीहरु अभक्त हुन" यो भनिएको छ तथा "महात्मानस्तु मां पार्थ" इत्यादि श्लोकहरुमा भक्त को हुन यो बताउनु भएकोछ । यिन्को समान अभेद भावना द्वारा या पृथक भावना द्वारा जसले परमेश्वरको भजन गर्दैन, उनको निम्ति जन्म-मृत्युको प्रवाह अनिवार्य छ, यो दुई श्लोकमा भन्नु हुदैछ]-ऋक, यजुः एवं साम-लक्षण तीन विद्याहरु त्रिविद्या नामले अभिहित छन अर्थात् त्रय वेदोक्त कर्म परायण व्यष्टि । वेदत्रय विहित यज्ञ द्वारा, मेरो नै स्वरुप अन्य देवता छन, यसलाई नजानिकन जसले इन्द्रादि रुपमा वस्तुतः मेरै पूजा गरी यज्ञ शेष सोमपान द्वारा विगत कल्मष भएर स्वर्ग गतिको प्रार्थना गर्दछन् तिनीहरु पुण्यफल स्वरुप सुरेन्द्रलोकलाई प्राप्त गरी स्वर्गमा दिव्य देवभोगहरु भोग गर्दछन ॥२०॥

आध्यात्मिक व्याख्या-"यस ॐकार स्वरुप शरीरको भित्र-तीन विद्या जान्नु-मेरो स्वरुप हो, जिहवाग्रन्थि, हृदयग्रन्थि-मूलाधार ग्रन्थि-भेदन पूर्णचन्द्रको दृष्टि त्यो पनि मेरो रुप हो-जहाँ जानाले पवित्र हुन्छ त्यो यज्ञ नै यज्ञ हो-जहां जानुको नाम सद्गति हो-त्यस पुण्यले आफ्नो शुभ कर्म गरी इन्द्रिय अर्थात् चक्षु जुन सबैमा छ, त्यही कूटस्थरुप स्वयं भएर त्यसको भित्र नक्षत्र दर्शन गर्दै नानाकिसिमको दिव्य रुपहरुको दर्शन एवं आनन्द भोग, यस शरीरमा हुन्छ।"

-ॐकार स्वरुप यो शरीर-(हेर्नोस प्रथमखण्ड)। शरीरको भित्र कूटस्थ एवं कूटस्थको भित्र उत्तमपुरुष रहन्छन्। पश्चात् साधकले शुद्ध निर्मल रश्मि, जसमा कुनै रंगछैन देख्न पाउंदछ। त्यसलाई जानेर सब विद्याहरुको तात्पर्य बुझ्न पाउंदछ। पश्चात् एक विद्युत शक्ति यस शरीरमा उत्पन्न हुन्छ, जुन अनिर्वचनीय शक्ति हो। त्यही शक्तिरुपा ब्रह्मस्वरुपिणी गायत्री हुन। त्यसको उत्पत्ति पूर्व ॐकार ध्वनि अनाहत शव्द सुन्नमा आउंछन्। तब अन्न (मन) ब्रह्मस्वरुप हुन्छ। प्राण नरहेमा कुनै भूत रहन सक्तैन प्राण अन्नब्रह्ममा मिलेपछि समस्त भूत ब्रह्ममा मिली जान्छन, यस ज्ञानको नाम वेद हो। वेदलाई त्रयी भन्दछन् , उक्त किसिमको ज्ञान भए पछि त्रयीविद्या जानिइन्छ। प्राण, अपान एवं व्यानको क्रिया त्रयीविद्या हो।-

क्रियाको परावस्थामा जुन स्थिति छ, जसलाई तुरीय अवस्था भन्दछन् अनि जुन व्यानको क्रियाले हुन्छ त्यसलाई जान्नु को नाम वेद हो। प्राण स्वरुप गायत्रीमा अर्थात् ॐकार-क्रियामा त्राण पाउछ, यसैले यस क्रियाको नाम गायत्री छ। जुन अवस्थामा तीनै लोक मिलेर एक हुन जान्छन्, त्यही ब्रह्मरुप हो। "भूर्भुवस्व" यही त्रिपदा गायत्री हुन। जब मस्तकमा वायु स्थिर हुनेछ तब प्रथम पद हुनेछ। जब बाहुमा वायु स्थिररुपमा प्रतिष्ठित हुनेछ तब गायत्रिको (क्रियाको) द्वितिय पद हुनेछ अनि सबैमा ब्रह्म देख्नु तृतीय पद हो। मस्तकमा, बाहुमा वायु स्थिर भएमा ब्रह्म दर्शन हुन्छ। यही वास्तविक करांगन्यास हो। हामी हात द्वारा बांहा, चक्षु एवं सर्वांग स्पर्श गर्दछौ, परन्तु यसरी हात द्वारा शरीरको अंगहरुलाई स्पर्श गर्नाले अंगन्यास हुदैन। क्रियाद्वारा जब मस्तकमा, बांहामा वायु स्थिर हुनेछ तबै ब्रह्म दर्शन हुनेछ, यसैलाई गायत्रीको तीन पद भन्दछन्। दुःखको कुरा छ-अब हामी न्यासको वास्तविक उद्देश्यलाई नबुझिकन खालि अंगस्थानहरु नै स्पर्श गर्दछौ। जुन प्राणायाम द्वारा अनिल स्थिर भए पछि परमा स्थिति प्रकाशित हुन्छ, त्यही अमृत हो। त्यस अमृत पानले कृतार्थ भएर साधक परमानन्दरुप ब्रह्ममा प्रलीन हुन्छ। क्रियाको परावस्थाको परावस्थामा यसको अनुभव हुन्छ।

"हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ;
तत्व पूषन्नपावृणु सत्यधर्माय दृष्टये ॥
पूषन्नेकर्षे यमसूर्यप्राजापत्यव्यूह,
रश्मीन् समूह तेजो यत्ते रुपं;
कल्याणतमं तत्ते पश्यामि,
योऽसावसौ पुरुष सोऽहमस्मि॥"-ईशोपनि०।

दुग्ध भित्र घृत देखिदैन, परन्तु दुग्धलाई मन्थन गर्नाले जसरी घृत निस्कन्छन्, त्यसरी नै शरीरको प्रत्तेक अणु अणु भित्र ब्रहम रहन्छन् । प्राणायामरुपी मन्थन द्वारा त्यस जोडलाई नगालिकन अर्थात ग्रन्थिभेदन गर्नु विना जसरी पाषाण बाट स्वर्ण निस्कदैन, त्यसरी नै मृत्तिका स्वरुप शरीर छ, यस्को तीन ग्रन्थिहरु छन्- जिहवा, हृदय, नाभि या मूलाधार-प्राणायामद्वारा यी सब ग्रन्थिहरुको भेदन गर्नु विना सर्व ज्योतिहरुको ज्योति त्यो ब्रहमस्वरुप अग्नि प्रकाशित हुँदैन । कूटस्थको भित्र सुन्दर ज्योतिर्विशिष्ट आकाशमण्डल छ, त्यस आकाशमण्डलको भित्र प्रदीपको वर्त्तिका समान आलोक बल्दछ, त्यसैको भित्र त्रिलोक छ । यसरी दर्शन गर्दै गर्दै समस्त चराचर ब्रहमरुप बोध हुन्छ । समस्त ब्रहम हुन गएपछि फेरि केही अपवित्र रहन जादैन । जुन क्रिया द्वारा यस पवित्र भावको उदय हुन्छ, त्यही प्रकृत यज्ञ हो । त्यस यज्ञको उद्देश्य सद्‌गति अर्थात ब्रहमगति या क्रियाको परावस्थाको प्राप्ति हो । जो आठै प्रहर क्रियामा लागिरहन्छ त्यही हो 'सुर' । यो देवत्व या सुरत्व कुन शक्तिले हुन्छ ? हामीहरुको भित्र जुन कूटस्थ रहन्छन् उसैको शक्ति हो, त्यो कूटस्थ मै हूं। त्यो सबैभन्दा श्रेष्ठ छ, यसकारण सुरेन्द्र हो । त्यस सुरेन्द्रलोकमा अर्थात ज्योतिर्मय कूटस्थमण्डलमा नाना प्रकारको दिव्य दर्शन एवं दिव्य श्रवण प्राप्त हुन्छन तथा परमानन्द भोग हुन्छ ।

अनाहतं च यत् शव्द तस्य शब्दस्य यत्परम ;
तत्परम विन्दते यस्तु स योगी छिन्न संशयः "

-ध्यान विन्दु ।

अनाहतमा दस किसिमका शब्द हुन्छन । ती शब्द हृदयस्थ द्वादश-पद्म मध्यस्थित छन । यहाँ जीवात्मा वास गर्दछ । यस शब्दलाई सुने पछि जुन स्थिरत्व बोध हुन्छ, त्यस स्थिरत्वको पर जुन धाम प्रकाशित हुन्छ, जहाँ चन्द्रसूर्य हुदैन तथापि सवचिज देखिन जान्छ-यो परमधाम जसको अगाडि प्रकाशित हुन्छ त्यस योगिको समस्त संशय छिन्न हुन जान्छन् अर्थात् प्रकृत ज्ञान उदय हुन्छ ॥२०॥

ते तं भुक्त्वा स्वर्गलोकं विशालं,
क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति;
एवं त्रयीधर्ममनुप्रपन्ना,
गतागतं कामकामा लभन्ते ॥२१॥

श्री धरीय टीका-तिनीहरु (समस्त स्वर्गकामी) आफ्नो प्रार्थित विपुल स्वर्गलोक तथा त्यसको सुखहरुलाई भोग गरी आफ्नो भोगप्रदायक पुण्यको क्षय भएपछि मर्त्यलोकमा प्रवेश गर्दछन्। यस किसिमसँग त्रयवेद विहित धर्म को अनुष्ठानमा लागिरहने कामकामीहरु पुनः पुनः आवागमन अर्थात् संसार-गतिलाई प्राप्त गर्दछन ॥२१॥

आध्यात्मिक व्याख्या-"तिनीहरु स्वर्गलोकदेखि फेरि आउंदछन् पुण्यक्षय भए पछि यसकिसिमले धर्म अर्थ काम तिजारती धर्म गरी जुन जुन कामना गर्दछन त्यसलाई पाउंदछन् ।"

विक्षेप शून्य अवस्था नै पुण्य हो, तद्विपरित अवस्था पाप छ। क्रियाको परावस्था निस्तरंग भाव हो, त्याँहा विक्षेप या चांचल्य छैन। त्यही द्रष्टाको स्वरुपमा अवस्थान भनिन्छ। परन्तु यो पुण्यमय अवस्था सबै साधकको भागमा चिरस्थायी हुदैन। जसको चित्त गम्भीर ध्यान युक्त भएर समाधिस्तरमा गै पुगेकोछ, जसको चित्त चंचलता शून्य भएकोछ, उनलाई फेरि देहाभिमान आउन सक्तैन, त्यसले त्रिगुणमयी मायाको अधिकार सीमालाई पारगरी धेरै माथि पुगी सकेकोहुन्छ। उनको कुरा यहाँ भनिएको छैन, परन्तु जुन मानिसहरु साधनाभ्यासमा पारदर्शी एवं इच्छुक छन तथापि पूर्वकृत कर्मसंस्कार वश केही अन्तराय उनको गन्तव्य पथमा विघ्न उपस्थित गर्दछन्, तिनीहरु योगफलको प्राप्ति देखि वंचित हुन जान्छन्। ध्यान भंग भए पछि सान्सारिक प्रवृति बढेर फेरि उनलाई अविद्याको मुखमा हाली दिन्छन्, तब फेरि देहाभिमान फर्केर आउंदछन् अनि एक दुई तल्लो स्तरको सिद्धिहरु आएर उनलाई वंचित गर्दछन्। जो उच्च कोटिको योगी छ, अर्थात् जो योगमा आरुढ छ, उनको जिह्वाग्रन्थ्रि, एवं मूलाधार ग्रन्थि भेदन हुन जान्छ। ग्रन्थि भेद हुनाले साधकको आज्ञाचक्र माथि सहस्रारमा स्थिति हुन्छ। फेरि उनको पतन हुनुको आशंका रहदैन। परन्तु जसले यतिको उच्च अधिकार प्राप्त गर्न पाउदैन, तिनीहरु आज्ञाचक्रसम्म उठेर फेरि तल ओर्लन्छन। स्वर्गसम्म पुगी त्यहा धेरै समय सम्म रही योगै-श्वर्य जनित आनन्द लाभ गर्दछन्, परन्तु त्यो गुणातीत अवस्थाको आनन्द हुदैन अनि न त्यो चिरस्थायी हुन्छ। योगैश्वर्यमा आसक्तिवश फेरि उनको अधोगति हुन्छ, नाभि भन्दातल उनको मन विचरण गर्दछ। यस अवस्थामा मृत्यु भए पछि कामना शून्य नहुनुको कारण साधकलाई फेरि जन्म ग्रहण गर्नु पर्ने हुन्छ। योगदर्शनमा पातंजलि ऋषि योगको नौ अन्तरायहरुलाई वर्णन गर्नु हुन्छ-"व्याधिस्त्यानसंशयप्रमादालस्या विरति-भ्रान्ति दर्शनालब्धभूमिकत्त्वा नव स्थित तत्त्वानि विक्षेपास्ते ऽन्तरायाः"-(समाधिपाद, योगदर्शन)-(१) व्याधिशरीरगत धातुहरुको विषमताको कारण इन्द्रियादिको विकलता तथा त्यसको साथ शारीरिक अस्वस्थता। शरीरमा पीडा रहँदा योग प्राप्तिको लागि सम्यक् प्रयत्न हुन सक्तैन, आहारको असंयम र इन्द्रियहरुको असंयमले सारापीडाहरु उत्पन्न हुन्छन्, जो एस विषयमा जति धेरै सावधान हुन्छ उसलाई अस्वस्थ्यको कष्ट त्यतिनै कम भोग्नु पर्दछ। (२) स्त्यान-चित्तको अवसाद मनमा पर्याप्त श्रद्धाभक्ति रहेर पनि साधनमा चित्त बस्न चाहदैन। यो राक्षसीले धेरै जसो साधकहरुलाई खाईदिन्छ। साधन अप्रीतिकर लागे ता पनि चेष्टा गर्नेहरु एक न एक दिन त्यसको पंजाबाट छुटकारा पाउन चाहि सक्दछ। (३) संशय-साधनामा सिद्धि पाईन्छ या पाईदैन, यस्तै सन्देह, आफ्नो सामर्थ्य प्रति सन्देह, म द्वारा योकाम अन्तसम्म हुन सक्ला या सक्दैन यो आशंका तथा भगवान्को करुणाप्रति सन्देह-त्यस चेष्टाशील माथि दया गर्नु हुन्छ या हुदैन। गूरु एवं शास्त्र प्रति जसको श्रद्धा छ त्यसको मनमा यसकिसिमको संशय प्रायः उपस्थित हुदैन। (४) प्रमाद-जो आत्म विस्मृत छन, र साधन गर्ने समय कुनै एक विषयमा आसक्तिकोकारण साधना चेष्टामा शिथिलता गर्दछन् साधनामा उनको त्यति उद्यम रहदैन, बरु बाह्य विषयमा नै मग्न रहन्छन-यसैलाई प्रमाद भन्दछन्। यसरी राजा भरतले हरिणप्रति आसक्त भएर तपस्यामा शिथिलता गरेका थिए। यसै कारण आत्मस्मृतिलाई जाग्रत गर्नको लागि मनोयोग दिनु पर्ने विशेष आवश्यक्ता छ। (५) आलस्य-आहार आदिमा अनियम हुनुको कारण शरीर एवं मनको जडता । यसले गर्दा शरीर र मनले परिश्रम गर्न चाहदैन। गरिष्ठ भोजन एवं अधिक

सुत्नाले आलस्य उत्पन्न हुन्छ। अनेक बुद्धिमान एवं श्रेष्ठ मनुष्य यस आलस्यको वशीभूत भएर आफ्नो जीवनमा उन्नति गर्नुबाट वंचित भएकाछन्। (६) अविरति-विषय भोग को आसक्ति नहटनु। मनलाई सर्वदा अनावश्यकीय चिन्ता बाट टाढा राख्ने, विषयहरुको हेयत्य विचार गर्ने तथा मनलाई अन्ततः श्वास प्रश्वासको जपमा अभ्यस्त गराउनाले अविरति कम गर्न सकिन्छ। (७) भ्रान्तिदर्शन-जुन सत्य छैन, त्यसलाई सत्य सम्झनु, सामान्यलाई असामान्य सम्झनु, तथा अविवेक वश साम्प्रदायिक संस्कार द्वारा बुद्धिलाई संस्कार बद्ध गरी आत्म प्रसाद प्राप्त गर्नु। चित्तलाई उदार बनाउने तथा शास्त्रोज्वला बुद्धि द्वारा विचार गरी सबै विषयहरु बुझ्ने चेष्टा गरेमा भ्रान्ति दर्शन मेटिन जान्छ। (८) अलब्ध भूमिकत्व-ठीक ठाउमा पुग्न नसक्नु, यथेस्ट साधन गरेर पनि केही प्रत्यक्ष लाभ गर्न नपाउनु। यो पूर्वकर्मजनित अन्तराय हो। यसको लागि धैर्यपूर्वक साधनामा स्थिर भएर चल्नु पर्नेछ। (९) अनवस्थिततत्व-साधना द्वारा कुनै भूमिकालाई प्राप्त गरेर पनि त्यस्मा स्थिति लाभ गर्न नपाउनु।

उपर्युक्त विषयहरु योगको विघ्न हुन। यी सब अन्तरायहरुलाई दुर गर्ने जुन उपाय भनिएकाछन्, उनको सम्यक् पालन गरेमा विघ्न दूर हुन जानसक्छन्। जो सम्पर्क चेष्टा गर्ने उद्यमी पुरुष छन, तिनीहरु ले एक न एक दिन सफलता प्राप्त गर्नेनैछन, अनि जसले चेष्टा गर्दैन, उनको लागि एस मार्ग मा खुट्टा राख्नु विडम्बना मात्र हुन। ॥२१॥

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ;
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥

श्री धरीय टीका-[परन्तु मेरो भक्तगण मत्प्रसादले कृतार्थ हुन्छन, यसैको विषयमा भन्नु हुन्छ]-जसको म बाहेक कुनै अर्को काम्य या भजनीय देवता छैन, तिनीहरुले मेरो चिन्तन गर्दै सेवा या उपासना गर्दछन, सदा नै एकमात्र मैमा निष्ठा राख्दछन् उनले धनादिको प्राप्ति तथा त्यसको रक्षा नमाग्दा पनि म वहन गर्दछु अर्थात् प्राप्त गराउंदछु। [श्री धर भन्नु हुन्छ-योगक्षेमको अर्थ मोक्ष पनि हुन सक्दछ। शंकराचार्यले भन्नु भएको छ -"योगोऽप्राप्तस्य प्रापणं, क्षेमस्तद्रक्षणम् x x नन्वन्येषामपि भक्तानां योगक्षेमं वहत्येव भगवान्। किन्त्वयं विशेषः-अन्ये ये भक्तास्ते स्वात्मार्थं स्वयमपि योगक्षेममीहन्ते। अनन्यदर्शिनस्तु नात्मार्थं योगक्षेम-मीहनते। न हि ते जीवीते मरणे वात्मनो गृद्धि कुर्वन्ति। केवलमेव भगवच्छरणास्ते। अतो भगवानेव तेषां योगक्षेमं वहतीति।"अप्राप्त वस्तुको प्राप्तिलाई योग एवं त्यस लब्ध वस्तुको रक्षणलाई क्षेम भन्दछन्। यो सत्य छ-दोस्रो भक्तहरुको योगक्षेमलाई पनि भगवान्ले वहन गर्नुहुन्छ, किन्तु यहाँ विशेषता यो छ-दोस्रो भक्तले आफ्नो लागि योगक्षेम सम्पादन गर्न स्वयं प्रयत्न गर्दछन्, परन्तु जसले भगवान्लाई आत्मभाव मा प्राप्त गरेकोछ त्यसले कहिल्यै आफ्नो भोगेच्छाले योगक्षेम प्राप्त गर्ने चेष्टा गर्दैन। के जीवन अनि के मरण-त्यसले आफ्नो लागि भोग कामना गर्दैन किन भने भगवान् नै उनको एकमात्र शरण या आश्रय हुन्छन्।यसैले भगवान्ले नै उनको योगक्षेम वहन गर्ने गर्नु हुन्छन-शंकराचार्य] ॥२२॥

आध्यात्मिक व्याख्या-"जो कुनै सर्वदा आत्मामा रहन्छ-अन्य दिशामा दृष्टि नगरी-प्रत्यह अडकिरहन्छ -उनको समाधिको कल्याण जसबाट हुन्छ, त्यो म मन मनै स्वत: उदय गराउंदछु।"

-जसले सारा चिन्ताहरु छोडी केवल मात्र आत्मामा सदा अभिनिविष्ट चित्त हुनको लागि समस्त पुरुषार्थलाई लगाईदिन्छन्, उनको देहादिको रक्षा तथा संसारको प्रतिपालन कुन किसिमले होला, जीवको मनमा यस्तो आशंका उठनु संभव छ। परन्तु भन्नु हुन्छ भगवान्-यसको कुनै चिंता छैन। जसले देहको चिन्ता नगरी, परिवारको चिन्ता नगरी केवल आत्म-कर्ममा लागिरहन्छन्, अन्य कुनै चिन्तामा जसको मनै जादैन, उनलाई फेरि आफ्नो संसारको कसरी चिन्ता हुन सक्छ, उसको निम्ति उनलाई विशेष क्लेश या अभाव हुदैन या अभाव हुदैन। भगवान्‌ले नै उसको व्यवस्था गरिदिनु हुन्छ। श्री भगवान् यस्तो भक्तवत्सल छन !!! यहाँ योगक्षेमको विषयमा अरुपनि केहि विचार गर्नु छ। मानिलिनोस कुनै आत्मनिष्ठ पुरुष छन, प्रतिदिन नियमित भावसँग अधिक अबेर सम्म उत्साहपूर्वक साधना गर्ने गर्दछन, यस्तो साधक पनि वेलावेलामा नाना किसीमका योग विघ्नहरु उपस्थित हुँदा व्याकुल भै उठदछन्, उनको योगाभ्यास मा पनि शिथिलता आई उपस्थित हुन सक्तछ। उनको लागि श्री भगवान्‌ले जुन किसिमको योगक्षेम वहन गर्नुहुन्छ, त्यो भन्दछु। योग अर्थात् ऐकान्तिका एवं क्षेम अर्थात् विघ्न निवारणको शक्ति भगवत्कृपाबाट यत्नशील साधकलाई हुने गर्दछ। परन्तु उनको स्मरण हुनु पर्छ अनन्य चित्तसँग, तबै योग धारण प्राप्त हुनेछ तथा उसको विविध अन्तराय दूर हुनेछन। योग धारणा द्वारा प्राण, मन एवं बुद्धि सबै आफ्नो कार्य त्यागेर आत्मस्थ हुन जान्छन्, यही अडकिनु या अवरोध भाव भनिन्छ। हाम्रो मन: प्राण साधारणत: विषयहरुमा आबद्ध रहन्छन्, प्रकृत साधकको मन: प्राण भगवान्‌मा सन्निरुद्ध हुन्छन्। यो निरोध नै योग हो। यो अप्राप्य वस्तु छ, भगवत्कृपाले साधक यसलाई प्राप्त गर्दछ। त्यो आत्मसंस्थ भएर अविच्छेदरुपमा ब्रह्मानन्दलाई भोगगरी कृतकृत्य हुन्छ। धेरै धेरै परिश्रम गरी साधकले यसलाई प्राप्त गर्दछ। परन्तु अविच्छेदरुपमा योगयुक्त हुनु कुनै साधारण कुरा होइन। यसमा विघ्न पनि हुन्छन्। ती विघ्नहरु द्वारा चित्त चलायमान पनि हुन सक्छ, अतयव अधिकाधिक चेष्टा र अधिकाधिक साधनाको फलस्वरुप जुन समाधि उत्पन्न हुन्छ या आसन्न हुन्छ, त्यसलाई यदि विघ्नराशी आई नष्ट गर्न तत्पर हुन्छन् त श्रीभगवान्‌ले समाधिरुपी कल्याण प्राप्तिको उपाय साधकको मनमा जाग्रत गरी दिनुहुन्छ। शरणागत साधक प्रति भगवान्‌को जुन करुणा हुन्छ, त्यसैको स्मरण यहाँ भगवान्‌ले गराइरहनु भएकोछ, जसबाट हामीलाई भगवान्‌को एसकुरामा अविश्वास नहोस अनि हामीले भक्ति विनम्र चित्तले यस कुराको स्मरण गरेर अभय हुन सकौं। पातंजल दर्शनको समाधिपादमा एक सूत्र छ-"ईश्वरप्रणिधानाद्वा"। प्रणिधान शब्दको अर्थ छ भगवद् भक्ति या भगवदाश्रय भगवान्‌प्रति यो ममत्व हुनु विना कसैले उनको साथ योगलाभ गर्न सक्तैन। भगवान्‌लाई आफ्नो आश्रय रुपमा बुझिलिनु नै जीवको सर्वोत्तम कल्याण छ। भगवान्‌लाई पाउनको लागि मनको तीव्र संवेग चाहिन्छ, तबै उनको साथ मिलन आसन्न हुनेछ। यसैले ईश्वर प्रणिधान आवश्यक छ। यस सूत्रको भाष्यमा व्यासजी भन्दछन्-"प्रणिधानाद् भक्ति विशेषात् आवर्जीत ईश्वरस्तमनुग्रह्णाति अभिध्यान मात्रेण तदभिध्यानादपि योगिन आसन्नतम: समाधिलाभ: फलं च भवतीति।" भक्ति विशेषको

कारण आवर्जित या अभिमुखीकृत भएर ईश्वर ले त्यस योगी प्रति अभिध्यान द्वारा अनुग्रह गर्दछन् । उनको अभिध्यानले योगी लाई समाधिलाभ अनि त्यसको फल कैवल्य आसन्न हुन्छ । भक्तिपूर्वक जसले उनलाईचाहन्छ, त्यसले उनको भजन गर्ने नै छन ।भजनद्वारा चित्त ईश्वरमुखी हुन्छ र यो समझमा आउंछ-ईश्वर नै मेरो प्रभु हुन, तथा म जे जो गर्दछु सबै उनकै शक्तिले हुन्छ, यति बुझेपछि कर्म ईश्वरार्पित हुन जान्छ । हठपूर्वक शरीरको जोरले होईनबरु झन ईश्वरार्पित चित्तले जुन साधक साधन गर्दछ, उनको चित्त ईश्वरमुखी हुनुको कारण ईश्वरको चित्त पनि तदभिमुखी हुन जान्छ । भक्तमाथि भगवान्को दृष्टि पर्नासाथै साधकका समस्त विघ्नहरु विनष्ट हुन जान्छन्, साधनाको फल समाधि या आत्माको साथ मिलन पनि त्यस साधकलाई शीघ्र प्राप्त हुन जान्छ सुचारुरुपले सांसारिक कर्म गरे पछि जसरी कर्मीलाई सांसारिक सुख प्राप्त हुन्छ, उसरी नै ईश्वरप्रणिधानरुप कर्मद्वारा साधकलाई पारमार्थिक सुख या ज्ञानको प्राप्ति हुन्छ । यो ज्ञान समाधिजनित प्रज्ञा हो, वैषयिकी ज्ञान होइन । सबै कर्महरुमा प्राण कर्मनै श्रेष्ठ छ । मनः संयोगपूर्वक यो प्राणकर्म गरेमा साधकको प्राणले आफ्नो प्राणको प्राणलाई आकर्षित गर्दछन् । यो प्राणहरुको प्राणनै आत्मा हो, या चिर स्थिर चिदानन्दमय छ "स उ प्राणस्य प्राणः"॥२२॥

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धायान्विता;
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥

श्री धरीय टीका-[तिम्रो अतिरिक्त अरु देवताहरुको वस्तुतः अभाव हुनुको कारण इन्द्रादि देवताको पुजारी पनि त तिम्रो नै पूजा गर्दछन, भने फेरि किन उनलाई आवागमन प्राप्ति हुन्छ, यसको उत्तर दिनु हुदै भन्नु हुन्छ]-ठीकै त छ नी, श्रद्धान्वित एवं भक्तियुक्त भएर जसले यज्ञमा इन्द्रादि अन्य देवताको उपासना गर्दछन, तिनीहरु पनि मेरै उपासना गर्दछन्, परन्तु तिनीहरु अविधिपूर्वक उपासना गर्दछन् अर्थात मोक्ष प्रदान गरिने विधि विना पूजा गर्दछन, यसैकारण उनीहरुको पुनरावृत्ति हुन्छ ॥२३॥

आध्यात्मिक व्याख्या-"जो जसले आत्मा बाहेक अन्य देवताको भजन गर्दछ, श्रद्धापूर्वक, विना आत्मालाई विशेषरुपले स्थिर गरी-त्यसले मेरै भजन गर्दछ-किन भने उसको दृष्टि केहीबेरसम्म त्यस देवतामै रहन्छ, परन्तु विशेषरुपसँग बुद्धि स्थिर राख्दै सर्वदा रहँदैन-विधि अर्थात् विशेषरुपले बुद्धिमा रहनुको नाम विधि हो ।"

-जब आत्मा बाहेक अरु केहीछैन, तब जसको पूजा गरियोस, त्यो आत्माको नै पूजा हुनेछ । पूजा त ठीकै हुनेछ, परन्तु अविधिपूर्वक हुनेछ ।अविधि नै अज्ञान हो । आत्मा सिवाय अन्य देवताको पूजा गौण पूजा हो । अज्ञानको पूजा हो । मन भित्र जबसम्म सुख-ऐश्वर्य आदिको कामना रहन्छ, तबसम्म जीव गुणको अधीनमा रहन्छ, त्रिगुणातीत भावलाई ग्रहण गर्न सक्तैन । मनको चंचलता-विक्षेपादि गुणकै खेल हुन्, यस चंचलता (अज्ञान) को वशवर्ती भएर जसले पार्थिव वस्तुको प्राप्तिको लागि देवान्तरको उपासना गर्दछन, तब मन त्यस देवतामै रहन्छ । उनको त्यस भजनको अन्तिम फल क्रियाको परावस्था समान शान्तिप्रद

हुदैन। कामना रहेपछि बुद्धि स्थिर हुदैन अनि बुद्धि स्थिर हुनु विना आत्मदर्शन हुदैन। यदि भनौं-फलकामना गरी जब अन्य देवताको उपासना गर्दछन् त मन त्यस देवतामै रहन्छ, अतयव त्यस देवतामा केही समयको लागि त मन अवश्य स्थिर रहन्छ या हुन जान्छ। यो ठीक छ, केही स्थिरता आउंछ नै, विना त्यसको काम्यफल प्राप्ति कसरी हुन्छ ? परन्तु उनको बुद्धि विशेषरुपले स्थिर हुदैन, किनभने उनको मन चंचल हुनुको कारण उनको वासनाको अन्त हुदैन, यसैकारण मनलाई पनि एकस्थानमा तिनीहरुले स्थिर गरेर राख्न सक्दैन। मनको यो चंचल भाव नै अज्ञान हो। परन्तु जब लक्ष्य स्थिर हुन्छ। तब बुद्धि पनि स्थिर हुन्छ। स्थिर बुद्धि हुनेवाला असंमूढ हुन्छन्, यसैले तिनीहरु चिरस्थिर सुनिर्मल आत्मालाई छोडेर अन्य विषयमा मन लगाउदैनन्। उनको नै आराधना विधिपूर्वक हुन, अरु आराधना अविधिपूर्वक हुन ॥२३॥

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च;
न तु मामभिजानन्ति तत्वेनातश्च्यवन्ति ते ॥२४॥

श्री धरीय टीका-[पूर्वोक्त कुरालाई नै स्पष्ट गरी भन्नु हुन्छन्]-सब यज्ञहरुको तत्तत् देवतारुपमा म नै भोक्ता हूं, मै स्वामी एवं फलदाता हूं। यसरुपमा मलाई तिनीहरु यथावत जान्न सक्तैनन्, यसैले पुनरावृत्ति हुन्छन्। जसले सबै देवताहरुमा अन्तरयामीरुपले मलाई देखेर उपासना गर्दछन, उनको पुनरागमन हुदैन ॥२४॥

आध्यात्मिक व्याख्या-"सबै यज्ञहरुको भोक्ता मै हूँ-यज्ञ अर्थात् कर्म, मै प्रकृष्टरुपमा भएकोछु, जसले क्रिया गर्दैन-अर्थात् पंचतत्त्वमा नरही षष्ठ चक्रमा रहदैन-तिनीहरुले मलाई सर्वतोभावेन जान्न सक्तैन।"

मै अर्थात् आत्मा नै सब कर्महरुको कर्ता र फलदाता हो। यद्यपी इन्द्रियहरुले सबै कर्म गर्दछन, परन्तु यदि आत्मा नहुंदो हो त तिनीहरुले कुनै कर्म गर्न सक्तैनथे, यसैले सबैयज्ञहरुको अधिपति आत्मा नै हुन। जे जति भैरहेकोछ या हुनेछ, सब आत्माकै आश्रयमा रहिकनै हुन्छ। यसैले प्रभु उनै हुन। जे जति जगत्मा जीवरुपमा उत्पन्न हुन्छ ती सब मै को प्रकाश हुन। जीवले आफु भित्रको यस 'अहं' तत्त्वलाई नजान्नुको कारणले नै अज्ञानान्ध भएर परिभ्रमण गर्दछ। कूटस्थ अक्षर अव्यक्त छ। ज्ञान संकलिनी तन्त्रमा लेखिएको छ-"अव्यक्ताज्जायते प्राण"। यो स्थिर प्राण नै महेश्वर हुन। यो स्थिर प्राण सर्वव्यापी छन, यसैकारण यो सर्वगत शिव हुन। प्राण चंचल भएर नै त्यसको क्रिया हुन्छ, यो क्रिया नै श्वास प्रश्वास रुपी प्राण यज्ञ हुन। यस प्राण यज्ञबाट मन तथा मनको संकल्प देखि एस विश्वको प्रकाश हुन्छ। जसरी तीलको भित्र तेल रहन्छ, दहीको भित्र घृत रहन्छ अनि काष्ठको भित्र अग्नि हुन्छ उसरी नै देहेन्द्रियादिको प्रत्येक अणु अणु भित्र त्यो आत्मा व्याप्त भैरहेछन। काष्ठको प्रत्येक अणु अणु भित्र अग्नि रहेर पनि जसरी विना घर्षण अग्निको प्रकाश हुदैन, उस्तै किसिमसँग प्राण अपान या श्वास प्रश्वासको घर्षण विना त्यस आत्माग्निको प्रकाश हुदैन। अग्निबाट जसरी फिलिंगो प्रकट हुन्छ उसरी नै अखण्ड चैतन्य देखि दृष्टि प्रसविनी महाशक्ति रुपा प्राणको उत्पत्ति हुन्छ। योग वासिष्ठमा लेखिएको छ -"चित्त कारणमर्थानां तस्मिनस्ति जगत् त्रयम्" चित्त नै समस्त विषयहरुको हेतु हो, त्यसमा मानो त्रिजगत् गुंथिएका छन। अतयव मन

जबसम्म रहनेछ तवसम्म संसार रहनेनैछ । यो मन प्राणको चंचलताले उत्पन्न हुन्छ । अतयव प्राणको चंचलता नहटिकन जगत्‌दर्शन पनि हट्ने छैन, आवागमनको पनि अन्त हुनेछैन । 'म' नै सबहो र सबको मूल 'मै' हो, यस 'म'को सन्धानको लागि पंचतत्त्वमा अर्थात् प्रकृतिमा मन लगाएर वसिरहनाले काम चल्ने छैन । प्राणक्रियाको सहायताले मनलाई षष्ठचक्रमा लैजानु पर्ने छ । षष्ठचक्रमा मनको गति हुनासाथै मनलाई असीम स्थिरता प्राप्त हुन्छ, त्यहाँ प्राणको त्यस असीम स्थिरताको अनुभव गरेपछि आत्मसाक्षात्कार हुन्छ । कूटस्थमा रहनु नै आत्मा लाई जान्नुको मूल हो । जसले क्रिया गरी षष्ठचक्रमा स्थिति प्राप्त गर्नसक्तैन, तिनीहरुले खालि प्रकृतिलाई अर्थात् आत्माको कार्यलाई नै देख्न पाउंछन्, परन्तु सर्वतोभावेन आत्मा केहो यो जान्न पाउदैनन् ॥२४॥

यान्ति देवव्रता देवान् पितॄन् यान्ति पितृव्रता;
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम्॥२५॥

श्री धरीय टीका-[त्यही विषयको प्रतिपादन गरिरहेछन्]-इन्द्रादि देवतामा जसको व्रत अर्थात् नियम परायणता छ, तिनीहरु अन्तवान देव लोकलाई प्राप्त हुन्छन, यसैले पुनरावृत्ति हुन्छ । जो पितृ व्रत् छन अर्थात् श्राद्धादिक्रियारत,-(अग्निष्वात्तादि-शंकर)- तिनीहरु पितृलोकलाई प्राप्त हुन्छन् । जुन मानिसहरु विनायक एवं मातृकादिका उपासक छन, तिनीहरु सब भूतलोक (भूतोपासक) मा प्राप्त हुन्छन । जो मेरो उपासकछन, तिनीहरुले अक्षय परमानन्दरुप मलाई प्राप्त गर्दछन् ॥२५॥

[-"समानेऽप्यायासे मामेव न भजन्तेऽ ज्ञानात् । तेन तेऽल्पफल भाजी भवन्तीत्यर्थः"-

-प्रयास समान भएर पनि मनुष्यहरु अज्ञानवश मलाई भज्दैनन्, अतयव तिनीहरु अल्पफलको भागी हुन्छन -शंकर]

आध्यात्मिक व्याख्या-"देवतालाई भजन गरेपछि देवतालाई पाउंछ-पितृ लोकको भजन गर्दा पितृलोकलाई पाउंछ-भूतलोकको भजन गरेमा भूत लोकमा जान्छ-मेरो भजन गर्दा मलाई पाउंदछ ।"

-जो देवव्रत छन, तिनीहरु मरेपछि देवलोकलाई प्राप्त हुन्छन । देवताहरु यी लोकहरुको अधिनायक हुन, इन्द्रियहरुको अधिष्ठाता हुन, उनको उपासना गर्नाले मृत्यु पछि उनको सालोक्य-प्राप्ति त हुनैनेछ, जीवित छदैमा पनि उपासकले उनीहरु द्वारा दिईएका ऐश्वर्यको भोग गर्दछन् । साधकलाई ती इन्द्रियहरुको विशिष्ट शक्तिहरु पनि प्राप्त हुन्छन् । ती देवोपासक मानिसहरु सात्त्विक, राजसिक एवं तामसिक भेदले तीन किसिमका हुन्छन् । जुन उपासकको जुन गुण प्रवल हुन्छ, त्यसले देवलोकमा पनि त्यही गुण अनुसार नै विशिष्ट स्थान प्राप्त गर्दछन । जसले श्रद्धापूर्वक श्राद्ध तर्पणादि द्वारा पितृहरुको आराधना गर्दछन्, तिनीहरु पितृस्थानिय हुन, यिनी हरु तन्मात्राहरुका अधिष्ठात्री देवता हुन् । जो इनको उपासक छन्, उनको तन्मात्रा द्वारा सूक्ष्मलोकमा गति प्राप्त हुन्छन् । जसले स्थूल भूतादिको पूजा या उपासना गर्दछन् तिनीहरु यस जरामरण-संकुल स्थूल भौतिक जगतमा भोगको लागि फर्केर आउदछन् । उनीहरुको

यस स्थूल भोगादि प्रति यस्तो आसक्ति हुन्छ, तिनीहरु मरण मूर्च्छा भंग भएपछि यस स्थूल वस्तुहरु को प्राप्तिको लागि आकुल हुन जान्छन् । सबैलाई छोडी जसले आत्मचैतन्यको उपासना गर्दछन्, उनको मृत्यु समयमा ब्रह्मनाडी दीप्त भै उठदछ, तिनीहरु त्यस ब्रहमरश्मि द्वारा उद्भासित मार्ग देखि प्रयाण गरी ब्रह्मलोकमा गमन गर्दछन् अनि त्यहां ब्रह्म-सायुज्य लाभ गरी अनन्त ब्रह्म चैतन्य सँग एक हुन जान्छन् । मद्याजी अर्थात् जुन 'अहं' पदवाच्यआत्मा को उपासना गर्दछन्, तिनीहरु परमान्दरुप आत्मा हुन जान्छन् । कबीर भन्नु हुन्छ- *"तु तु करते तु भया तुझमे रहा समाय"* ॥२५॥

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति;
ददहं भकत्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

श्री धरीय टीका-[भक्तहरुको अक्षय फलको लाभको कुरा भनिसकिएको छ, अब यहाँ आफ्नो भक्तिको अनायासत्व देखाउनु हन्छ]-जसले प्रीतिपूर्वक पत्र पुष्पादि मलाई अर्पण गर्दछन, म त्यस शुद्ध चित्त निष्काम भक्तहरुको भक्तिपूर्वक समर्पित पत्रपुष्पादिलाई प्रीतिसाथ ग्रहण गर्दछु । म महाविभूति पति परमेश्वर हूं, क्षुद्र देवताहरुलाई समान बहुधनसाध्य यागादि द्वारा मलाई सन्तुष्ट गर्न पर्दैन, परन्तु केवल भक्तिद्वारा नै म सन्तुष्ट हुन जान्छु । अतयव भक्त द्वारा समर्पित यत्किंचित पत्रादिलाई पनि उनको अनुग्रहार्थ म ग्रहण गर्दछु ॥२६॥

आध्यात्मिक व्याख्या-"विल्वपत्र फल फूल जल जुन कसैले गुरुवाक्यमा विश्वास गरी मलाई दिन्छ, ती समस्त म ग्रहण गर्दछु, परन्तु राम्रैसँग समाधिस्थ भएर दिएमा । मिथ्यालाई सत्य ज्ञान जस्तो गरी ल्पीहा झार्ने समयमा वोल्दछ-'नबोल'; फेरी 'नबोल' परन्तु जो बोल्दछ त्यसले मिथ्याजानेर पनि सत्य उद्देश्य गरी बोल्दछ, उसरी नै यस जगत्को समस्त (पूजार्चना) कर्म मिथ्या जानी कन पनि सत्य उद्देश्यले बोल्दछ र गर्दछ ।"-

-फलफूल आदि जे दिएपनि उसले ग्रहण गर्नेनैछन्, परन्तु दिनु पर्दछ शुद्ध चित्तले । चित्तलाई शुद्ध गर्नु छ भने चित्तलाई अवरोध गर्नु पर्नेछ । मनमा अनेक कल्पनाहरु कामनाहरु रहँदा खेरि चित्त शुद्ध हुदैन । कामनाशून्य चित्त जब एकाग्र भएर लक्ष्याभिमुख हुन्छ तब त्यसमा अन्य वासनाको तरंग उठदैन त्यस चित्तको लक्ष्य हुन्छ एकमात्र आत्मा, दोस्रो कुनै सांसारिक वस्तु होईन । यसकोनै नाम हो 'निरोध अवस्था' । मनको यस निरुद्ध अवस्थामा ध्येय वस्तु बाहेक अन्य कुनै प्रत्यय उदित हुदैन । परन्तु यस अवस्थामा के पत्रंपुष्पं' दिनु संभवछ ? छैन । तब प्रयतात्मा भएर 'पत्रंपुष्पम् अर्पण गर्नुको कुरा किन भनियो, यही बताउनु हुन्छ । निरुद्ध अवस्थामा चित्त आत्मामय भएर आत्मा नै बन्न जान्छ । अतयव त्यहाँ सवचिज आफसेआफ अर्पण हुन जान्छन् । परन्तु समाधि भंग हुनु पछि पनि साधकको स्मृति जाग्रत रहन्छ, अतयव उसले देख्दछन्-समाधि अवस्थामा एक आत्मा नै थियो अनि अब जाग्रत अवस्थामा त्यही आत्मा नै सबचिज भएकोछ । यस कारण त्यस आत्म-चैतन्यको प्रसन्नताकोलागि योगी फल-फुल, जल, दुग्ध स्वयं ग्रहण गरी कन पनि सोच्दछन्-यसले त्यस आत्मचैतन्यलाई नै तृप्ति भैरहेकोछ । त्यो सिवाय

दोस्रो अरु को छ र जसले तृप्ति लाभ गर्दछ? जसले यतिको उन्नति गरेकोछैन, परन्तु साधु प्रकृतिका मनुष्य छन, ईश्वर परायण छन, प्रतिदिन ध्यान संध्या पूजा-पाठ गर्दछन्, भगवान्मा प्रीति राख्दछन् र विश्वास गर्दछन्-त्यो सर्वमय छन, तिनीहरुले भक्तिपूर्वक आफ्नो प्राणको देवता लाई जुन नैवेद्य आदि अर्पण गर्दछन्, यसलाई पनि त्यस्ले ग्रहण गर्दछन्। तिनीहरु भन्दछन्, प्रभु ! यद्यपि तिमीलाई मैले ठीकठीकसँग अनुभव गर्न पाएको छैन तथापि तिम्रो कुरामा मेरो विश्वास छ। तिमी भन्दछौ।-

"सर्वतः पाणिपादं तत् सर्वतोऽक्षि शिरोमुखम्;
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्यतिष्ठति ॥"

यसैले भक्त जब रोयेर भन्दछन् -"प्रभु ! तिमी यस तुच्छ उपहारलाई ग्रहण गर" त त्यसलाई उसले सुन्दछन् र ग्रहण पनि गर्दछन्। यही उसको आफ्नो भक्तप्रति स्नेह र वात्सल्य हो। परन्तु दिनु छ केवल यसैले जुन मानिसहरु भगवान्को प्रतिमाको अगाडि द्रव्यादि ल्याई जम्मा गरिदिन्छन्, अनि मन्त्र पढेर अश्रद्धासाथ नैवेद्य अर्पण गर्दछन् तथा यदि पुरोहित ले सोच्दछन् कि आजलाई यथेष्ट लाभ भयो, अनि यजमानले सम्झदछन् (यतिका द्रव्य म भगवानलाई दिन्छु, यस स्थानलाई छोडी भगवान् अरु कता जालान् ? त दुबै थरी भ्रान्तिमा छन। श्रीभगवान् द्रव्य ग्रहण गर्नु हुन्छ, द्रव्यसाथ जुन भक्ति मिलेको हुन्छ, अर्पण मन्त्रसाथ जुन प्राण समन्वित भाव नै उनको लागि ग्राह्य हुन्छ। जसले भगवान्को अगाडि उभिएर दर्शकहरुलाई ठगदछन्, तिनीहरु स्वयं जान्दछन्-हामी मिथ्या बोल्दछौ अनि जसलाई बोल्दछन्, त्यसले पनि जान्दछ-भगवान् केही ग्रहण गर्नु हुन्न, तर एक रीति चलिआएको हुन्छ-"भगवान्लाई भोग देउ पांच चवन्नी"-यस भावसँग दिदा खेरि त्यो उनलाई ग्राह्य हुँदैन। भगवान्को श्रद्धालु भक्तले सर्वभूतस्थित भगवान्को पूजा गरी आफ्नो हृदयलाई पवित्र गर्दछन्। यसैकारण तिनीहरु दुःखी पीडितको सेवा गरी, अभावग्रस्तको अभाव दुर गरी, आफ्नो धन ऐश्वर्य एवं सामर्थ्य लाई सफल गर्दछन्। भक्त जान्दछन्-भगवान्को वैभवको सीमा छैन तथापि विविध, दरिद्रको वेश धारण गरी मानिसहरुको ढोका ढोकामा हात फैलाउंछन, उद्देश्य हुन्छ भक्तको धनलाई सफलगर्नु र उस्को चित्तलाई पवित्र गरिदिनु, अन्यथा भगवान्लाई के कमी छ र ! जसले उनलाई जान्दछ -त्यो मानिसहरुको दृष्टिमा अन्यन्त अभाव ग्रस्त भएर पनि वस्तुतः राजा हुन। यसैले प्रेमी भक्त गाउँछन् -

विभव कौन ? छाय छाय देय भुवन सिन्धुसारे ;
दैन्य कौन ? भीरव मांगतु है दीनन दिन द्वारे ॥२६॥

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ;
यत्तपस्यसि कौन्तेय तत् कुरुष्व मदर्पणम् ॥२७॥

श्री धरीय टीका-[पत्रपुष्पादि पनि यज्ञार्थ पशुसोमादि द्रव्यहरु समान मेरो निमित्त उद्यमसाथ संग्रह गरी समर्पण गर्नुको आवश्यकता छैन, तब फेरी के गर्नु पर्ला ? एतदर्थ भन्नुहुन्छ]-स्वभावतः या शास्त्र अनुसार

जे जति कर्मतिमी गर्दछौ, जे जुन भक्षण गर्दछौ, जे जुन होम गर्दछौ, जे जति दान गर्दछौ, जे जस्तो तप गर्दछौ, यो यसकिसिमसित गर-जुन सबकासब मलाई समर्पित हुन सकोस ॥२७॥

आध्यात्मिक व्याख्या-"जे जुन भोजन गर्दछौ, जे दिन्छौ तथा जुन क्रिया गर्दछौ-सब ममा अर्पण गर अर्थात ब्रह्मलेनै गर्दछन् ब्रह्मको कर्म-म गर्दिन-यसको नाम अर्पण हो-त्यो ब्रह्म मै हुँ यो सर्वदा नजानी अर्थात आफसे आफ यस्तो ज्ञान हुनु विना क्रिया गरिरहदा यसरी अर्पण हुदैन । ब्रह्मले ब्रह्मैमा अर्पण गर्दछन् । अर्थात स्वरुपस्थिति ।"-

श्रीमद् भागवत्मा लेखिएको छ-

"कायेन वाचा मनसेन्द्रियैर्वा,
बुद्ध्यात्मना वाऽनुसृत स्वभावात्;
करोति यद्यत् सकलं परस्मै,
नारायणायेति समर्पयेत्तत्॥"-

काय, मन, वाक्य, इन्द्रिय, बुद्धि एवं आत्मा द्वारा या स्वभाववश जुनकर्म गरिन्छन् ती सब परंपुरुष नारायणलाई समर्पित गरोस् । खालिपूजा अर्चना मात्र न भै लौकिक कर्म आहार विहारादि पनि नारायणमा समर्पण गरी गर्नु पर्दछ । सकामी पुरुषले कर्मफलको आशालाई त्याग गरी कर्म गर्नमा उत्साह पाउदैनन् । निष्कामी अर्थात् भगवदर्पित चित्तको विशेषता एस्तो हुन्छ त्यसले कर्मफलको आशालाई त्याग गरेर पनि कर्म गर्न सक्दछ । यस किसिमसँग कर्म गर्नमा पनि उसको उद्यम या उत्साहमा कमी हुदैन, किनभने उसलाई थाहा छ-सवचिज नै भगवान्को हो र भगवान् नै सर्ब हुन् । भगवान् नै यो सबै हुन -यो दृष्टि स्फुटित हुनु पर्दछ । अन्यथा खालि मुखले "अर्पण गरें" भनेर अर्पण हुदैन । यस शरीर भित्र जुन नारायण छन उनको अनुभव गर्नु पर्दछ र उही मेरो सर्वस्व हुन् यो बोध हुनुपर्दछ । एकमात्र उही चराचर जगतमा व्याप्त छन, यो हेर्नको लागि आखाँ र बुझ्नको लागि प्रज्ञा हुनु पर्दछ । हामी भित्र उनै पुरुषोत्तम नारायण रहन्छन्, यो ठीक ठीक समझमा आयो भने त आफुले आफैलाई मनुष्यले उनीबाट पृथक बोध गर्दैनन् ।

कर्त्तृत्वको अभिमान जब रहदैन तब उनलाई सर्वस्व अर्पण गर्नु सिवाय कुनै बाटो रहदैन । सबैको भित्र "म" रहन्छ, यो "म" पनि उही एकअखण्ड अनन्त मै को अन्तरगत छ, यस्तो धारणा हुनु विना कोही पनि यथार्थ निष्कामी हुन सक्तैन । एक अनादि 'अहं' ब्रह्माण्डमा परिव्याप्त छ, यसलाई बुझ्नमा प्रमुख बाधा छ आफ्नो काम संकल्प । यही हो जीवको अज्ञान या हृदयरोग । काम संकल्प पूर्णतः निवृत हुन गए पछि जीव यो बुझ्न समर्थ हुन्छ । त्यो स्वयं अमृत स्वरुप छ । कठोपनिषदमा लेखेको छ-

"यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य हृदि श्रिताः;
अथ मर्त्योऽमृतो भवत्यत्र ब्रह्म समुश्नुते ॥"

अन्त:करणमा अवस्थित सारा कामनाहरु जब विनष्ट हुन जान्छन्, तब मनुष्य जन्म-मृत्यु देखि पार हुन जान्छ अनि परलोकमा नगैकन यहीं नै ब्रहम-स्वरुपता प्राप्त हुन्छ

"यदा सर्बे प्रभिद्यन्ते हृदयस्येह ग्रन्थयः
अथ मर्त्योऽमृतो भवत्येतावदनुशासनम् ॥" कठ०उ॥

जब यस जीवनमा नै हृदयको समस्त ग्रन्थिहरु खुल्न जान्छन् तब मरण-धर्मशील जीवले अमृतत्वलाई प्राप्त गर्दछ, यहाँ सम्म नै अनुशासन छ । आत्म-दर्शन पछि अरु कुनै उपदेशको आवश्यकता हुँदैन ।

यस अवस्थामा देहाभिमान युक्त 'म' रहदैन, अतयव समस्त कर्महरु ब्रह्मकर्म जानिइन्छन् । यसबाटै अभिमानात्मक 'म' को साथ सारा कर्महरुको संसर्ग नामेट हुन्छ । त्यो 'म' तब त्यस परम 'म' को साथ मिलेर एक हुन जान्छ । तब द्वितीय वस्तु या दृश्य को अभावमा 'म' को अरु कुनै कार्य रहदैन । क्रिया गर्दा गर्दा यस किसिमको ज्ञान भएपछि नै वास्तविक अर्पण हुन्छ । तब केवल एक 'म' रहन जान्छ, अत त्यस समय यदि केही अर्पण हुन्छ त त्येस्ले "मै" लाई अर्पण गर्दछ । यही ब्रहमार्पण या स्वरुप स्थिति हो ॥२७॥

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः
सन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥

श्री धरीय टीका-[यस्तो गरेमा जुन फल प्राप्त हुनेछ, त्यो सुन !]-यस किसिम सँग ममा कर्म समर्पण गरेपछि कर्म निमित्त इष्टानिष्ट फल देखि तिमी मुक्त हुन जानेछौ । ममा कर्म समर्पित भए पछि तिम्रो फल सम्बन्ध कसरी रहला? कर्मफल देखि मुक्त भै मैमा कर्मार्पणरुप योगले युक्तचित्त तिमीले मैलाई प्राप्त गर्नेछौ ॥२८॥

आध्यात्मिक व्याख्या-"यस किसिमसँग गर्नाले शुभ र अशुभ फलबाट मुक्त हुनजान्छ-अर्थात् फलाकांक्षाको साथ कर्म गरी बन्धन प्राप्त हुँदैन-कुनै बस्तु मा दृष्टि जाँदा त्यसमा इच्छा नगर्नु समाधिस्थ भएर-अडकिरहेर-विशेषरुपले मुक्त भएर अर्थात् स्थिर भै मेरो उपासना गर्दछ । अर्थात् मस्तक माथि रहन्छ ।"-

-जुन मनुष्यहरु त्याग-कौशल जान्दछन्, उनीहरुलाई थाहा छ-क्रियाको परावस्थामा कसरी आफ्नो "म" भाव खस्न जान्छ । मानो त्यस महान मै मा यो सानो "म" उफ्रिकन आफुले आफैलाई विलीन गरिदिन्छ । अतयव "अहं-मम" बुद्धि रहन जादैन । पहिले देहाभिमान युक्त "म" देहेन्द्रियादिको साथ मिली कर्म पनि गर्दथ्यो र कर्मफल पनि भोगदथ्यो । अब त्यो "म" जब महान "म" को भित्र डूब्न गयो, तब देहको साथ संयोग नरहनुको कारण उसलाई देहादिसाथै फेरि फलभोग गर्नु पर्दैन । यही सन्यास हो-सं=सम्यक्, न्यास अर्थात्त्याग । यस त्याग द्वारा परम "म" को साथ एस "म" को योग युक्त अवस्था हुन्छ । जसलाई यस किसिमको अवस्था प्राप्त छ उस्को देहाभिमान रहदैन । यो शरीराभिमानकै पाशले

नैत हामीलाई आबद्ध गरी राख्दछ । देहाभिमान नरहे पछि नै "विमुक्त" अर्थात् विशेष भावसाथ मुक्ति हुन्छ । शरीरमा जबसम्म अहंज्ञान छ तबसम्म फलभोग गर्नुपर्दछ । क्रियाको परावस्थामा सर्वकर्म समर्पित हुन गएपछि साधक "म" हुन जान्छ । देहाभिमानको अभावमा साधक सबकाम गर्दै रहेमा पनि केही कर्त्तृत्त्व हुदैन । क्रियाको परावस्थामा जब अन्य कुनै बस्तुमा दृष्टि रहदैन तब साधकलाई सामयिक मुक्ति प्राप्त हुन्छ, परन्तु जब मष्तिष्कको माथि श्वास उक्लेर दीर्घकालसम्म अडकिरहन्छ, तब त्यो विशेषरुपले विमुक्त हुन्छ । यो स्थिरभाव कहिल्यै विचलित हुदैन, त्यस्ले समस्त इन्द्रियहरु द्वारा विषय-स्पर्श प्राप्त गरेता पनि त उस्को मनमा कुनै वैषयिकी संकल्प को उदय हुदैन । त्यतिबेला इन्द्रियहरु द्वारा गरिएको कुनै पनि शुभाशुभ कर्मले उसलाई त्यस चिरस्थिर अटल आसन देखि कदापि तल खसाल्न सक्दैन ॥२८॥

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रिय ;
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम ॥२९॥

श्री धरीय टीका-[यदि भक्तगणलाई नै मोक्ष दिन्छौ, अभक्तगणलाई दिदैनौ भने त के तिमीमा पनि रागद्वेषकृत वैषम्य छ,-यसको उत्तरमा भन्नुहुन्छ]-म सब भूतमा समान छु, अतयव मेरो प्रिय या द्वेष छैन । यस्तो हुंदामा पनि जसले मलाई भज्दछन्, तिनीहरु भक्तिको कारण ममा रहन्छन्, अनि म पनि अनुग्राहक रुपमा उनको भित्र रहन्छु । यसको भाव यो छ आगो ताप्नेको तमः शीत आदि दुःख हरुलाई हटाएर पनि जसरी अग्निमा वैषम्य आउदैन, यसरी नै भक्त पक्षपाती ममा वैषम्यता छैन । मेरो भक्तिको महिमा नै यस्तो छ ।-कल्पवृक्षले कसैलाई बोलाउदैन, परन्तु जसले कल्पवृक्षको सेवा गर्दछ उसलाई फल प्रदान गरी तृप्त गरिदिन्छ । अग्निले नजिकको व्यष्टिको शीत दूर गर्दछ; दूरस्थ व्यष्टिको होइन । जसरी यो कल्प वृक्ष एवं अग्निको महिमा छ, उसरी नै यद्यपि मेरो द्वेष-प्रिय कोही छैन, त्यो मेरो सन्निकट अवस्थित हुनुको कारण ममा स्थित परम शान्तिलाई प्राप्त गर्दछ ॥२९॥

अध्यात्मिक व्याख्या-"सबै भूतहरुमा म समानरुपले विराजमान छु, जस्तो मालामा समानरुपले सूत्र उनिएको हुन्छ-न म कसैको हिंसा गर्दछु, न कसैलाई प्रेम गर्दछु-जसले भक्तिपूर्वक मलाई भज्दछ-अर्थात क्रिया गर्दछ, त्यसलाई म पनि भज्दछु-अर्थात् उसको भित्र रहेर म पनि क्रिया गर्दछु ।"

-भक्तमाथि भगवान् दया गर्दछन्, अभक्तलाई विनाश गर्दछन् तब त भक्ति एवं अभक्तिको फलहरुमा विषम तारतम्य हुन्छ । परन्तु तिमीले जुन भन्दैछौ-तिमी सबभूतहरुमा समान छौ, तिम्रो द्वेष या प्रिय कोही छैन, यो कसरी संभव हुन सक्छ ? वस्तुतः भगवान् सबको लागि समान छन, भगवान्लाई राम्रो लाग्नु या नलाग्नुको कारण जीवहरुको आफ आफ्नो कर्महरुको प्रतिक्रिया नै हुन । शान्त एवं दुष्ट सब किसिमको जीवहरुको हृदयमा श्रीभगवान् विराजमान छन, यस्मा कुनै वैषम्य छैन, परन्तु जीवको प्रकृतिको तारताम्यवश भगवान् शान्त शुद्ध आनन्द मय भाव या भीषण भन्दा भीषण भावमा प्रकाशित हुन्छ । यसले भगवान्को वैषम्यता प्रमाणित हुदैन। स्फटिक स्वभावतः स्वच्छ एवं निर्मल भएर पनि रक्त कुसुमको सन्निधान बाट जसरी रक्ताभ देखिइन्छ, वस्तुतः स्फटिक रक्तवर्ण हुदैन, उसरी नै जुन जीवले उनको साथ

जुन किसिमले सम्बन्ध राख्नेछ, त्यो पनि उसको अगाडि तद्रुप नै सम्बन्ध या भाव लिई प्रकाशित हुनेछन्। जसले उनको साथ प्रेमको सम्बन्ध राख्नेछ, उसको अगाडि त्यो भक्त पक्षपाति परम प्रेमिक रुपमा प्रकाशित हुनेछन्, जसले उनलाई द्वेष भावले देख्नेछ, त्यस द्वेष्टाको आँखाहरुमा उनको दुष्ट विमर्दन भीषण भाव नै प्रकटित हुनेछ।

मेघले वारिवर्षण वीष वृक्ष एवं अमृत वृक्ष दुवैलाई समभावसँग पोषण गर्दछ, यसमा मेघको पक्षपात छैन, क्षेत्र एवं वीजको उत्कर्षापकर्ष माथि यो सब निर्भर गर्दछ। यदि भन्छौ त क्षेत्र एवं वीजको स्रष्टा पनि त उही हुन, उनले सृष्टिकालमा यस किसिमको विषय गुणयुक्त पदार्थहरुको सृष्टि किन गरे ? यो नानात्व या भेद उनको गुणमयी प्रकृतिको खेल हुन्, उनको प्रकृति जब उनैको भित्र विलीन रहन्छ त प्रकृतिको त्यस साम्यावस्थामा कुनै पनि गुणको प्रस्फुरण हुदैन, परन्तु प्रकृतिको वैषम्यावस्थामा जब प्रकृति मध्यस्थ गुणमयी शक्ति नृत्य गर्दै बहिर्मुखी भएर फुटन जान्छ त त्यसको विचित्र गुण अनि तज्जनित विचित्र कर्म, सागरमा तरंग समान प्रस्फुरित हुन्छन्। यो शक्ति उनको स्वशक्ति हो र शक्तिको खेलको दर्शक पनि स्वयं उही हुन्। जब द्रष्टा जीवले स्वरुप विस्मृत भएर शक्तिको खेललाई "मै खेल्दछु"-यस्तो अभिमान गर्दछ, तबै उसको कर्म उत्पन्न हुन्छ अनि तज्जनित जन्म-मृत्युको विभिन्न भोगहरुमा उसलाई संत्रस्त हुनु पर्दछ। जब जीवले नाना किसिमको कष्ट र क्लेशहरु भोगी आत्मस्थ हुनकोलागि साधना शुरु गर्दछ, तव बिस्तारै विस्तारै उसको पूर्वावस्था फर्केर आउंदछ। तब भगवान्को मायाशक्ति स्वभावतः संकुचित हुन जान्छ, नानात्वको ह्रास हुन जान्छ। तब जीवको विचित्र एवं विविध व्यापाररुप स्वप्न-दर्शन को अवसान हुन जान्छ तब जीव जागी उठदछ। यो जाग्रत भाव नै जीवको स्वरुपमा अवस्थान हो। तब फेरि भगवत्-शक्ति या प्रकृत भगवत्-स्वरुपको साथ मिलेर एक हुन जान्छ। यो जीवको स्वप्न-दर्शन त हो नी, परन्तु यो स्वप्न दर्शन सहजै मेटिदैन, यसको लागि भजनको आवश्यकता छ। जुन आत्मा चिरस्थिर निर्मल एवंअविनाशी छ, चंचल भए पछि उसलाई पनि जन्म मृत्युको अभिनय गर्नु पर्ने हुन्छ तथा तज्जनित विविध दशा एवं सन्ताप पनि भोग्नु पर्ने हुन्छ। आत्माको यो चंचल भाव नै मानौ उसको चिर स्थिर कूटस्थ भावलाई आच्छादित राख्दछ। यहि आत्माको प्रकृति भाव प्राप्त हुनु या गुणयुक्त हुनु हो। प्रकृतिको यस सचंचल नृत्यमयी भावलाई जबसम्म स्थिर गरिदैन, तबसम्म आत्माको कुनै पनि सन्धान मिल्दैन। प्रकृति जब आफ्नो नृत्य लाई रोकी स्थिर हुन्छ त त्यो आत्मामा लीन हुन जान्छ, तब फेरी पृथक भाव देखिदैन। यो स्थिर भाव जबसम्म हुनेछैन, तबसम्म जन्म-मृत्यु, सुख-दुःखको अभिनय पुनः पुनः भैनै रहनेछ। आत्मा प्रकृतिभावलाई प्राप्त भएर प्राणत्व भावलाई प्राप्त हुन्छ, यही जीव भाव हो। यस जीवभाव देखि जसले मुक्त हुन चाहन्छ, उसले सर्व प्रथम प्राणलाई स्थिर गर्नु पर्नेछ। आत्म चैतन्य प्रकृति भावमा प्राप्त भै जुन प्राणरुपमा प्रकाशित भैरहेकोछ, त्यो प्राण नै साधनाको प्रमुख अवलम्बन हो। यसको आश्रय नलिइकन कदापि आत्म-स्वरुपको समीप पुग्नु संभव छैन। प्राण नै वस्तुतः सूत्रात्मा हो। सूत्र जसरी मालाको भित्र अन्तर्निहित रहन्छ, उसरी नै आत्मा प्राणस्वरुपमा भूतसमूहमा व्याप्त भैरहेको छ र सबै जीवहरुको चैतन्य सम्पादन गर्दछन्। जो जसले यस प्राणको उपासना गर्दछ, उसको प्राण स्थिर हुन जान्छ, अनि त्यस स्थिर प्राण मा आत्मचैतन्य स्वरुप उपलब्धि हुन्छ। यो आत्मचैतन्य सर्वत्र समभावमा

विराजमान छ, जसले भक्तिसाथ भजन या क्रिया गर्दछ, उसको अगाडि त्यसले आफ्नो सच्चिदानन्द नित्य चैतन्य भावलाई प्रकाशित गर्दछ । आत्माले स्नेहवश या द्वेषवश कसैको सामुन्ने आफ्नो स्वरुपलाई प्रकट गर्दछ या गोप्य राख्दछ, यस्तो कुरा छैन । चांचल्य एवं स्थिरत्व उसमा स्वतः सिद्ध भावसँग विद्यमान छन् । जसले साधन शक्तिको बलबाट प्राणलाई स्थिर गर्दछन् उनलाई त्यस स्थिर प्राणमा ब्रह्मको सच्चिदानन्दमय नित्य चिन्मय भावउपलब्ध हुन्छ । जसले साधना गर्दैन, उसको अगाडि यस भावको प्रकाश अवरुद्ध हुन जान्छ ।चंचल प्राणको भित्र स्वतः नै यस भावको स्फुरण हुन सक्तैन, यसको लागि प्राणलाई स्थिर गर्नु आवश्यक छ । प्राण स्थिर भए पछि आत्माको सच्चिदानन्द भावको स्वतः प्रकाश आवरणहीन हुन जान्छ । जो भगवान्को भक्तछन् तिनीहरुले यसलाई जान्दछन् र जान्नु को कारण नै भजन देखि कहिल्यै निवृत्त हुदैन ।

आत्मचैतन्य नै प्राणरुपमा वर्त्तमान रहन्छ, अभक्त मानिसहरु यसमा विश्वास गर्न सक्तैनन्, यसैकारण तिनीहरु प्राणको उपासना नगरी खालि विषय भोगको लागि आकुल रहन्छन, यसको फलस्वरुप विविध दुःखहरुको ज्वालामा जली खाक भै रहन्छन् अनि शान्तिको मुख कहिल्यै देख्न पाउदैनन् ॥२९॥

अपिचेत् सुदुराचारो भजते माममन्य भाक्‌;
साधुरेव स मन्यव्यः सम्यग् व्यवसितो हि सः ॥३०॥

श्रीधरीय टीका-[आफ्नो भक्तिको अवितर्क्य प्रभाव देखाउनु हुदै भन्नु हुन्छ]-अत्यन्त दुराचारी मानिस पनि यदि (स्वरुपतः अभिन्न भएर पनि) पृथक् देवतालाई देवतान्तर रुपमा भक्ती नगरी, त्यो बासुदेव नै हुन, यस बुद्धिले परमेश्वर स्वरुप मलाई भज्दछन् त त्यसलाई साधुश्रेष्ठ समभनु पर्दछ । किनभने उसले "परमेश्वरको भजन द्वारा कृतार्थ हुन जानेछु" यो शोभनीय अध्यवसाय गरेको छ । (अनन्यभागनन्यभक्ति) ॥३०॥-शंकर

आध्यात्मिक व्याख्या-"अनन्त ब्रह्ममा नरहिकन-दुष्ट जुन आचार गर्दछ,–त्यो यदि स्यात् अनन्यचित भै आत्मामा रहन्छ-त्यसलाई साधु नै समभनु ठीक छ, सम्यक् रुपसँग व्यवसित अर्थात् फलाकांक्षा साथ कर्म गर्दछ भने पनि"–

अत्यन्त पापासक्त मानिसलाई पनि अभय दिनु हुदै श्री भगवान् भन्नुहुन्छ-हे जीव, तिमीले अहिले सम्म धेरै गर्हित कर्म गरेकाछौ, यतिखेर के तिमीलाई आफु कृत कर्महरुको निम्ति पश्चाताप भैरहेकोछ ? तिम्रो लागि कुनै उपाय छैन, तिम्रो रक्षा गर्नेवाला अरु कोही छैन, यस पटक के तिमी मेरो शरणापन्न हुन सक्छौ ? यदि मेरो शरणापन्न एवं अनन्य भजनशील हुन सक्छौ त तिमीलाई फेरी कुनै भय रहनेछैन । यसले जानिइन्छ-भजनशील हुनु आवश्यक छ, किन भने जो भजनशील हुन्छ उसैले अभय प्राप्त गर्दछ । अतयव भगवद् भजन नै परित्राण पाउनुको एकमात्र उपाय हो ।

वस्तुतः जसको चित्त आत्मामा रमण गर्दैन, त्यसले दुष्ट कर्म गर्नेनैछ। परन्तु यस किसिमको दुष्ट बुद्धि जीवको कहिल्यै उद्धार हुनेछैन,-यस्तो कुरा छैन। कोही चाहे जति नै कुकर्मी किन नहोस, एक न एक दिन उसलाई जाग्नु पर्नेछ नै, सत्यपथ ग्रहण गरी चल्नु नै पर्नेछ, यही हो ईश्वरीय नियम। यदि भन्छौ त अत्यन्त कुकर्मीले उनको भजन कसरी गर्ला ? के त्यसले इच्छा भएर पनि सहजै भगवान्मा मन लगाउन सक्नेछ ? अनन्य भक्ति हुनु भनेको त टाढाको कुरा छ, त्यसको लागि त साधारण भजन गर्नु पनि दुरुहछ। ठीक छ, शुरु शुरुमा त्यसले एस्तो गर्न सक्ने छैन र यो पनि ठीकैछ-त्यो अनन्य भजनशील हुन नसक्ला तथापि यदि कुनै किसिमसँग उसको मन भगवान् तिर गयो भने त त्यो एकदम निराश्रय रहने छैन। मानौं, जस्तै कुनै दुराचारी कुकर्म गरी कुत्सित रोगले ग्रस्त छ। त्यस्तो अवस्थामा उसको लागि एक सद्वैद्यको आश्रय लिनु सिवाय दोस्रो उपाय के छ ? उसलाई देह भित्रको निदारुण रोगको यातनाले नै चिकित्सकको ढोकामा पुर्‍याई दिनेछ। मनुष्य जब आफुले गरेका पापहरुको ज्वालाले दग्ध हुन लाग्छन, तब जो निराश्रयहरुको आश्रय छन, जुन जीवहरुको आत्मा हुन, त्यस आत्माको शरण गर्नमा के त्यसले उपेक्षा गर्न सक्ला ? जसले उसको शरण लिन्छ, शरणागतवत्सल भगवान्ले कहिल्यै पनि उसको आवेदनको उपेक्षा गर्न सक्तैन। परन्तु वास्तबिक शरणागत हुनु पर्नेछ। यस्तो सोच्नु हुदैन-कुकर्ममा रत मनुष्यले उनको शरण लिना साथ उनको वैकुण्ठको पार्षद बन्न जानेछ। परन्तु त्यसको मन जुन अहिले सम्म उल्टो बाटोमा गैरहेको थियो, त्यो उल्टो बाटोवाट हटनेछ। उसको चित्तको गति बदलिनेछ। यसरी सत्मार्ग ग्रहण गरी जव चल्न शुरु गर्दछ, उसको मनको बिस्तारै विस्तारै उन्नति हुन्छ र अगाडि वढदै वढदै उसको चित्त अनन्यमावमा आत्मामा रमण गर्दछ। यसैले दुराचारी मनुष्य पनि जब आत्मनिष्ठ भएर भजन आरम्भ गर्दछ अनि भजनबाट आनन्द प्राप्त गर्दछ, तब उसको गणना साधुहरुमा हुनु पर्दछ। किन भने त्यो आत्मनिष्ठ क्रियावान् व्यष्टि शीघ्रनै दुष्कृति देखि मुक्त हुन जानेछ, अनि कुकर्ममा फेरी उसको आसक्ति या प्रवृत्ति रहनेछैन। कर्म तबै अशुभ कर्महुन्छ, जब त्यसले जीवलाई जन्म मरणको पाशमा आवद्ध गर्दछ। यस जन्म-मृत्युको चक्करमा भौंतारिरहनु नै पापको फल हो। शुभाशुभ वासनाद्वारा नै जीव यस कर्मचक्रमा जडित हुन जान्छ, भगवान्बाट उदासिन रहनुको अपेक्षा सकाम भावले पनि उनको भजन गर्नु राम्रो छ, परन्तु जबसम्म सकामभाव रहन्छ, तबसम्म आत्माभिमुखी लक्ष्य हुदैन, तबसम्म यथार्थरुपले अग्रसर पनि हुन सक्तैन। परन्तु जुन आत्मनिष्ठ व्यष्टिले प्रतिदिन नियमितरुपसँग साधन गर्दछ अर्थात क्रिया गर्दछ, त्यसले यदि पूर्वप्रकृतिले अवश भएर बीचबीचमा कुकर्म पनि गरिहाल्दछ भने तब पनि उसलाई कुनै भय छैन, त्यो शीघ्र नै अशुभ संसर्ग त्याग गर्नमा समर्थ हुने छ। यसको कारण यो छ-जसले व्याकुल प्राणले प्रतिदिन नियमितरुपसित साधन गर्दछ त त्यसलाई भजनानन्द रस मिल्नेछ नै। भजनानन्दको रस भिजेपछि विषयानन्द विरस भै हाल्छ। प्राचिन इतिहासमा पनि देखिएको छ-रत्नाकर दुराचारी भएर पनि साधुसँगको महिमाले जब आफ्नो वास्तविक दुरावस्था देखि अवगत भयो तब उसले साधुको शरणापन्न भएर भजनमा चित्तलाई लगाउने चेष्टा गर्नथाल्यो। क्रमिक क्रमिक प्रयत्न एवं धेरै दिनको परिश्रमले उस्कोचित्त शान्त हुन गयो अनि उस्को विषयामुखी प्रकृति बन्द हुन गयो। उस्को मन निश्चल भएर आत्मामा बसिहाल्यो। यसरी डांकु रत्नाकर महामुनि बाल्मिकी बन्नु भयो। अनन्य भजनको अमृत फल यही हो।

"अतिपाप प्रसक्तोऽपि ध्यायन्निमिषमच्युतम ;
भूयस्तपस्वी भवति पङ्क्ति पावन पावनः ॥"

अत्यन्त पापासक्त व्यष्टि पनि यदि अनन्यचित्तले निमेष मात्र पनि भगवान्‌को ध्यान या चिन्तन गर्दछ त त्यो तपस्वी हुन जान्छ, अनि त्यो मानिस जुन पंक्ति या मानिसहरुको मण्डलीमा रहन्छ त्यसलाई पवित्र गरिदिन्छ ॥३०॥

क्षिप्रंभवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ;
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

श्री धरीय टीका-[समीचिन अध्यवसाय गरे पछि कसरी उनलाई साधु मान्न सकिन्छ, यसकोउत्तर दिनुहुन्छ]- अति दुराचारीले पनि मेरो भजन गर्दछ भने शीघ्र नै धर्मचित्त हुन्छ। त्यस पछि शाश्वति उपशान्ति अर्थात् चित्त को उपप्लव (तरंग) को उपरामरुप एकान्त परमेश्वर निष्ठा प्राप्त हुन्छ। "कुतर्ककर्कश-वादीले यसलाई मान्नेछैन" यस प्रकारको शंकाकुल अर्जुन लाई प्रोत्साहित गर्दै भन्नु हुन्छ- हे कौन्तेय ! तिमी विवदमान सभामा गएर नगरा बजाउदै महाघोषपूर्वक बाँहा माथि उचाली निर्भय भएर प्रतिज्ञा गर्न सक्छौ-मेरो भक्त सुदुराचारी भए पनि प्रनष्ट हुदैन बरु कृतार्थ हुन जान्छ। यसले तिम्रो (प्रौढि विजृम्भद्वारा) उत्साह वाक्यले उनीहरु को कुतर्क विध्वंसित हुन गए पछि निःसन्देह तिनीहरुले तिमीलाई नै गुरु रुपमा वरण गर्नेछन् ॥३१॥

आध्यात्मिक व्याख्या-"शीघ्र त्यो धर्मात्मा हुन जानेछ-अर्थात् क्रिया गर्नेछ, तथा क्रियाको परावस्थामा रहिकन शान्तिपद पाउनेछ। म प्रतिज्ञा गरी भन्दछु, जो जसले गुरुवाक्यमा विश्वास गर्नेछ र सर्वदा राम्रो सँग क्रिया गर्नेछ त्यसको कहिल्यै विनाश हुनेछैन।"-

पूर्व श्लोकमा भनिसक्नु भएकोछ-दुराचारीले पनि यदि भगवान्‌को भजन गर्दछन त त्यो साधु गनिन जान्छ, किनभने त्यसले उत्तम मार्ग ग्रहण गरेकोछ, परन्तु साधुमार्गको अवलम्बन गरेर पनि त्यो धर्मात्मा हुन सक्नेछ, यो समझमा आउदैन। किनभने पाप प्रवृत्तिको संस्कार अति प्रवल हुन्छन। उसले इच्छा नगरे पनि पूर्व संस्कारले उसलाई पाप कार्यमा प्रेरणा दिनेनैछ। त्यसले अवशभएर अन्याय गर्नेछ अनि अशुभ चिन्ता गर्ने छ। यसैले भगवान् उत्साहित गर्दै भन्नु हुन्छ-पूर्वाभ्यस्त दुष्कर्मले उसलाई फेरि विनाशको मार्गमा लैजान सक्नेछैन, त्यो शीघ्र नै धर्मात्मा हुन जानेछ अर्थात् क्रियागरी धर्मशील बन्न जानेछ। धर्म के हो ? "धारणात् धर्ममित्याहु"-प्राणको अविरत चंचलतामा मन शतत उत्क्षिप्त भैरहेछन, चंचल मनको निम्ति अकरणीय केही पनि रहदैन, त्यो चंचल मन क्रियाको अभ्यास द्वारा स्थिर हुनेछ या अडकिन जाने छ-यही योगधारणा नै धर्म हो, अनि मनको चाांचल्य विक्षेप नै अधर्म हो। यो योगधारणारुप स्थिरावस्था नै वास्तविक धार्मिक को अवस्था हुन्। यो अवस्था जसको हुन्छ, त्यसले अनन्य भाक् भएर शाश्वत शान्ति पद प्राप्त गर्दछ। यसैले भगवान् भन्नु हुन्छ -यो कुरा प्रतिज्ञापुर्वक भन्न सकिन्छ-"जो जस्ले गुरुवाक्यमा विश्वास गरी भक्तिपूर्वक क्रिया गर्नेछ, त्यो विनाशलाई प्राप्त हुने छैन।" शरीरमा आत्मबोध नै यथार्थ मृत्यु हो। जो उत्तम क्रियावान छन् त्यसले क्रिया गरी क्रियाको परावस्था निश्चय

प्राप्त गर्नेछ । यो अवस्था प्राप्त भएपछि फेरि देहात्मबोध रहदैन, अतयव उसको जन्म मरणको खेल पनि बन्द हुन जान्छ ॥३१॥

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः;
स्त्रियो वैश्यास्तथा शुद्रास्तेऽपि यान्ति परा गतिम् ॥३२॥

श्री धरीय टीका-[मेरो भक्ति आचारभ्रष्ट मानिसलाई पवित्र गर्दछ, यसमा आश्चर्यनै छ के र ? किनभने मेरो भक्ति दुष्कुलमा उत्पन्न एवं अनधिकारी पुरुषलाई पनि संसारबाट मुक्त गर्दछ, यस विषयमा भन्नु हुन्छ]-जुन निकृष्ट जन्मवालाअन्त्यजः आदिछन, जो खालि कृष्यादिमा रत रहनेवाला वैश्यछन तथा अध्ययनादि रहित स्त्री शुद्र आदि छन, तिनीहरुले पनि मेरो सेवा गरी निश्चय नै परमगतिलाई प्राप्त हुन्छन ॥३२॥

आध्यात्मिक व्याख्या-"आत्मालाई आश्रय गरी-कुनै पनि पापयोनि होस स्त्रिहरु वैश्य, शुद्र-तिनीहरु पनि परमगतिलाई प्राप्त हुन्छन-अर्थात् क्रियाको पर स्थिति हुन्छ ।"

जुन साधक आत्मस्थ हुनुको प्रयत्न गर्दछ, त्यो चाहे जुनसुकै योनिमा उत्पन्न भएको होस, मुक्ति प्राप्त गर्दछ । क्रिया साधनमा सबैलाई अधिकार छ, क्रिया गरेमा नै क्रियाको पर स्थिति जुन शान्ति पद छ, त्यो सबैलाई प्राप्त हुन सक्छ। यसमा अन्त्यज, स्त्री, शुद्र, वैश्य भेदले कुनै तारतम्य हुदैन । जो कोहीले आत्माको आश्रय लिएर गुरुको उपदेश अनुसार साधना गर्दै जानेछ, त्यो निश्चयनै परमपदलाई प्राप्त हुनेछ । अणुगीतामा लेखेको छ-"स्वधर्मनिरत ब्राह्मण एवं क्षत्रियको त कुरा टाढा रहोस, पापनिरत , स्त्री, वैश्य शुद्रले पनि यस अत्मदर्शनरुपी धर्मको आश्रय गरी अनायासै परमगति प्राप्त गर्न समर्थ हुन्छन । छ महिना सम्म लगातार योग साधन गर्नाले नै योगफल प्राप्त हुन्छ, यस्मा सन्देह छैन ।" चंचलता नै मनको मल हो यसमल दूर हुनु विना मन शुद्ध हुदैन । चित्त निश्चल भएपछि नै परमपद-साक्षात्काररुप विमल-ज्ञान समुदित हुन्छ र साधक कृतार्थ हुन जान्छ । प्राणायाम द्वारा यस मलको विशुद्धि हुन्छ, पश्चात् शुद्ध साधक जीवन विमुक्त अवस्था प्राप्त गरी परमात्माको स्वरुपको साक्षात्कार गर्दछन, अर्थात् परंब्रह्मको साथ अभिन्नभावसँग अवस्थान गर्दछन् ॥३२॥

किं पुनर्ब्राहमणाः पुण्या भक्ता राजर्षयस्तथा ;
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

श्री धरीय टीका-[यदि यस्तो कुरा छ त सत्कुलसंभूत सदाचारी मेरो भक्तले परमगतिलाई प्राप्त गर्लान, -यसमा फेरि भन्नु नै के छ र? अतयव भन्नुहुन्छ]-सुकृतिशाली ब्राह्मण तथा भक्त राजर्षिगणले (जो राजा छन र ऋषिपनि छन) परम गतिलाई प्राप्त गर्नेछन यस विषयमा फेरि भन्नु नै के छ । अतयव हे अर्जुन, तिमीले यो राजर्षि-देह प्राप्त गरी मेरो भजन गर । यो अध्रुब सुखरहित मर्त्यलोक या मनुष्य शरीर पाइकन सुखको लागि उद्यम गर्न छोडी शीघ्र मेरो भजन गर ॥३३॥

आध्यात्मिक व्याख्या-"ब्राहमण पुण्यवान्, असली राजर्षि-उनिहरुको त फेरि कुरा नै के , यो चलायमान जगत् अनित्य छ-एक वस्तुमा पनि सुख छैन-आत्मचिन्ता एवं क्रियालाई छोडी-यसलाई प्राप्त गरी क्रिया गर्दै जाऊ ।"

-ज्ञान भक्तिको अधिकार अन्य योनिमा छैन, केवल मनुष्य योनिमा नै छ । यस पुरुषार्थक साधन मनुष्य जन्म अति नै दुर्लभछ । पुण्यशील एवं भक्तिमान ब्राहमण तथा राजर्षि शरीर प्राप्त गर्नु अझ अधिक दुर्लभतर छ । मनुष्य शरीर प्राप्त गर्न किन दुर्लभ छ ? किनभने यसै शरीर द्वारा साधन गरिन्छ, प्रयत्न गरेमा योगाभ्यास द्वारा यसै शरीरमा सुषुम्ना उन्मुक्त हुन सक्छ, सुषुम्ना उन्भुक्त भएमा मोक्षद्वारकोअर्गला खुल्न जान्छ । मनुष्य शरीरमा जो जसले साधन गर्नेछ त्यसले विमुक्तिको आस्वादन गर्न सक्नेछ । जुन मानिसहरु दृढतापूर्वक साधन युद्धमा जुटेकाछन तथा जसले यस शरीर देखि नै क्रियाको परावस्थारुपी ब्रहमानन्द रस अनुभव गरिरहेछन, त्यस्ताको कुरा नै के छ? परन्तु साधनमा अब अधिक बिलम्ब नगर, किन भने साधनको लागि उपयुक्त मानव शरीर बाहेक दुर्लभ देह अरु छदैछैन, परन्तु शरीर क्षणमंगुर छ यसैले कबीर भन्नु हुन्छ ।-

"कल्ह करो सो आजकर, आज करो सो अब,
पलमे परलय होयेगी वहुरी करैगा कब ?"-

आज छ त भोलि छैन, यसको के भरोसा छ ? अतयव विलम्ब नगरी साधनामा लागिहाल । एक आत्म चिन्तन बाहेक कुनै पनि वस्तुमा अर्थात् जागतिक वस्तुमा सुख छैन । यदि जन्म-मरणसंकुल, दुःख दावाग्नि जर्जरित शरीर पाएर साधना गर्दछौ त वास्तविक सुख एवं शान्ति लाभ गर्नेछौ ॥३३॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु;
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

श्री धरीय टीका-[भजनको किसिम देखाउनु भै उपसंहार गर्नु भैरहेछन्]-मैंमा जसको मन छ, त्यो मन्मना हो, तिमी पनि एस्तै बन ।यसरी नै तिमी मेरो सेवक बन । मेरो यजनशील बन, मलाई नै नमस्कार गर । यसरी मत्परायण भएर मैमा मन समाहित गरी परमानन्दरुप मैलाई प्राप्त हुनेछौ ॥३४॥

आध्यात्मिक व्याख्या-"आत्मामा नै रहु गुरुवाक्यमा विश्वास गरी-क्रिया गर-ॐकारको क्रिया गर अडकिरहेर-मेरो हुन जानेछौ-यदि क्रिया गर्दै गरिरहे ।"

विषयले नै मनलाई विभ्रान्त गरी तानिराख्दछन्, मन यदि विषयहरुबाट निवृत्त हुन गए त त्यो मन रहन्छ काहाँ ? त्यो मन आत्माकारमा आकारित हुन जान्छ ।यसैले खुब मनलगाई क्रिया गर , मन लगाईकन क्रिया गरेमा मन विषयतिर लम्किने छैन, त्यो रुकिरहनेछ । सब वस्तुहरुमा "मै" जडित छ, यस "म" लाई छुटायर ल्याउनु पर्नेछ अनि ॐकार क्रिया द्वारा त्यसलाई आत्मामा प्रतिष्ठित गर्नु पर्नेछ । परन्तु यदि क्रिया गर्दैनौ भने त यो आत्मप्रतिष्ठा प्राप्त हुनेछैन 'मै' हुन सक्ने छैन आत्मारुप भगवान् लाई सर्वत्र बुझ्न सक्ने छैनौ । क्रिया गर्नुको नामै हो "मत्परायण" हुनु । खुब राम्रो सँग क्रिया गर्नाले एक विचित्र

अवस्था प्राप्त हुन्छ, त्यस अवस्थामा कुनै संशय रहदैन, प्रश्न रहदैन, जे आवश्यक छ त्यो विना माग्नु नै आएर उपस्थित हुन्छ । समस्त जगत् तब ब्रह्ममय हुन जान्छ, जुन वस्तु देखिईन्छ त्यसैमा ब्रहमसत्ताको उपलब्धि हुन्छ । यही हो शान्ति पद ! सुषुम्नाको क्रिया गर्दै गर्दै ऊर्ध्व अर्थात् मस्तकमा स्थिति हुन्छ, तबैतारे फेरी मन दोस्रोतिर दौडिदैन, स्थिर हुन जान्छ । यही क्रियाको परावस्था हो, यो अवस्था प्राप्त भए पछि साधक ब्रह्मसंलीन हुन जान्छ । अनि त्यसैले "सर्वं ब्रह्ममयं जगत्" हुनजान्छ ॥

"यथा नद्यः स्यन्दमानाः समुद्रे,-
ऽस्तं गच्छन्ति नामरुपे विहाय;
तथा विद्वान्नामरुपाद् विमुक्त,
परात्परम् पुरुष मुपैति दिव्यम् ॥" मुण्डक॰

गंगा आदि नदीहरु बंहदैबहदै जसरी आआफ्नो नाम एवं रुपलाई परित्याग गरी सागरमा अस्तमित हुन्छन, उसरी नै विद्वान् पुरुष पनि नामरुप देखि विमुक्त भएर परात्पर चिन्मय परमपुरुषमा प्राप्त हुन्छ ॥३४॥

इति श्री श्यामाचरण-आध्यात्मिक-दिपिका नामक गीताको नवमं अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता

दशमोऽध्यायः (विभूतियोग)

श्री भगवानु वाच-

भूय एवं महाबाहो श्रृणु मे परमं वचः,
यत्तेऽहंप्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

श्री धरीय टीका-[सप्तमादि (७-८-९) अध्यायहरुमा भजनीय परमेश्वररुप तत्त्व निरुपित भएकोछ। सप्तमाध्यायमा "रसोऽहमप्सु", अष्टममा "अधियज्ञोऽ हमेवात्र", नवममा "अहंक्रतुरहं यज्ञः" इत्यादि श्लोकहरुमा भगवद् विभूति हरुलाई संक्षेपमा भनिसक्नुभएकोछ। अब ती समस्त विभूतिहरु एवं स्वभक्तिको अवस्य करणीयत्वको विस्तृत रुपसँग वर्णन गर्नको लागि]-श्री भगवान् बोल्नु भयो-युद्धादि स्वधर्मानुष्ठानमा तथा महत्को परिचर्यार्थ कुशल-बाहु अर्जुन तिमी पुनःमेरो वाक्यलाई सुन । यो वाक्य कस्तो छ ? परम यानी परमात्मानिष्ठ छ। मेरो बचनामृतमा तिमी प्रीतिवान छौ, यसैले तिम्रो हितार्थ जे म भन्दछु त्यसलाई सुन ॥१॥

आध्यात्मिक व्याख्या-"श्री भगवानु वाच-श-शब्दले यो श्वास जुन मस्तक पर्यन्त गएकोछ, -र- शब्दले अग्निबीज, चक्षु-ई-शक्ति-यस श्वासलाई मस्तक सम्म चक्षु सहित यथाशक्ति लिई राख्नुको नाम 'श्री' हो -यस श्रीको साथ भगवान अर्थात् षट ऐश्वर्यवान मूलाधारमा शाश्वतपद, स्वाधिष्ठानमा शान्ति, मणिपुरमा रेतपूर्ण, अनाहतमा स्वरुप, विशुद्धाख्यमा तुष्टि, एवं आज्ञाचक्रमा प्रकाश-जो यी सब गुणले युक्तछन्, उही भन्दछन अर्थात् तालुमूलमा कूटस्थ द्वारा अनुभव हुन लाग्यो-पुनः मेरो वचनलाई सुन म तिमीलाई स्नेह गर्दछु किनभने तिमी महाबाहु हौ अर्थात् अग्निको स्वरुप तिमीले सबलाई दग्ध गर्न सक्तछौ-यसैले तिम्रो मंगलको लागि भन्दछु ।"

श्री भगवान्को स्वरुप दुई किसिमका छन्((१) सोपाधिक र (२) निरुपाधिक । प्रथममा रुपगुण छ, दोस्रो रुपगुण वर्जित छ। यो दोस्रो क्रियाको परावस्थामा अनुभव गरिन जान्छ, त्यहाँ दृश्य या द्रष्टा रहदैन, आफुनै आफ्नो भावमा वर्तमान रहन्छ, यही द्रष्टाको स्वरुपमा अवस्थानरुप योग हो। मनले जुन दृश्यहरुको अनुभव गर्दछ, त्यो दृश्य पनि मन देखि भिन्न बस्तु होईन, यो विचारपूर्वक बुझी लिए पछि ब्रह्मको निरुपाधिक अवस्था समझमा आईहाल्दछ। यस विषयलाई योग वाशिष्ठमा जुन किसिमले संझाईएको छ, त्यसलाई याहाँ उद्धृत गर्दछु। "जुन शुद्ध चैतन्य छ त्यही चित्त र जगत्को आकारमा द्विधा अवस्थान गर्दछ। अतयव समस्त जगत्लाई चिद्बुद्धिले हेरे पछि चिन्मय छ, अनि द्वैत बुद्धिले हेर्दामा पनि चिन्मय छ , किन भने 'चित्त' सिवाय त्यो अरु केही छैन। चित् नै भ्रान्त पुरुष समान आफैले आफैलाई अन्याकारमा देख्ने गर्दछ। यो पनि जान्नु पर्दछ-परमार्थ पदमा भ्रान्ति छैन, अतयव आत्मा पनि भ्रान्त

छैन" जसरी जलले पूर्ण समुद्रमा जल सिवाय दोस्रो पदार्थ छैन, उसरीनै पूर्ण स्वभाव चिद्वस्तुमा पनि पदार्थान्तर छैन। चित्तको रुपसमूह जडनामले प्रसिद्ध भएपनि चित्त बाहेक अरु केही छैन, किन भने त्यस जडभावमा पनि चित् भाव नै अनुभूति हुन्छ। चिद्भाव नरहेमा स्फूर्ति हुदैन र स्फुर्ति प्राप्त नभएपछि "यो जड हो" यस किसिमको अवधारण हुदैन। अतयव जसरी जडमा बोधको सत्ता छ, उसरी नै बोधमा जडको प्रतिभास हुन्छ। जुन बोध (चैतन्य) छ त्यो चिद्भाव हो अनि त्यसमा जुन अहंको उदय हुन्छ त्यो जड भागहो, जुन परतत्त्व छ ज्यो संवित्सार हो अर्थात खालि संवित् (मुख्यज्ञान) हो, त्यसमा अन्य दोस्रो केही छैन। त्यसमा चैत्यको उदय जुन अहं बुद्धिद्वारा दृष्ट हुन्छ, त्यो मृगतृष्णा समान छ। मासिहरुले जसरी घनीभूत शैत्यलाई हिंउ भन्दछन्, उसरी घनीभूत वासना विशिष्ट चित्लाई अहं रुपमा जान्दछन्। स्वप्नमा स्वमरणको अनुभव समान चित् ले आफसेआफ जाड्यको दर्शन गर्दछ। चित् जसले आफ्नो विचित्र शक्तिको प्रदर्शन गरिरहेछ, त्यो ज्ञानको दृढता विना उपशान्त हुनेछैन। नाना शक्त्यात्मक चित्रुप देह नै अतिवाहिक देह हो, त्यो आकाश समान स्वच्छ छ, मन आदि पदार्थ त्यस को विकास मात्र हो। अतयव स्थूल सूक्ष्मादि शरीरलाई भुलिकन चित्तद्वारा चित् को विचार गर्नु आवश्यक छ। जस्तो आकाशमा वृक्ष छैन, त्यस्तै आत्मामा देहादि पनि छैन। 'यो देह हों-यो प्रतीति खालि मिथ्याज्ञानको प्रकार भेद हुन। यदि त्यो सत् हुन्थ्यो त त्यसको लागि आग्रह गर्नुमा आपत्ति उठदैनथ्यो। जुन मानिसहरु असत् देहादिमा "अहं-मम" को व्यर्थ अभिमान गर्दछन्, तिनीहरुनै आत्मादि शब्द समूहलाई देहवाची बताएर उपदेश गर्दछन्। मूर्त्तिरहित चित्त दृढभावनाको प्रभावले मूर्त्त समान हुन जान्छ। चित्ले जब जुन जुन भावमा स्फूर्ति पाउंदछ, तब त्यस त्यस भावमा मूर्त्त हुन जान्छ, अतयव बुझ्नु पर्दछ-वस्तुतः शरीर पनि छैन, अहं पनि छैन, केवल एक अखण्ड विज्ञान मात्रछ, त्यसलाई जानेर तिमी इच्छाविहीन भै सुखसँग अवस्थान गर। बालक जसरी भुतको कल्पना गरी डराउंदछन र कल्पनाको परित्याग गरेपछि निर्भय हुन्छ, उसरी नै "योमेरो शरीर हो" एसकिसिमको कल्पना गर्दा संसार भय हुन्छ, अनि यस कल्पनाको परित्याग गरेमा निर्भयता प्राप्त हुन सक्दछ।

परमात्मा नै सर्वप्रपंचरहित शून्यरुपी आत्माकाश देखि मानो उछिट्टिएर शरीरादिको आकारमा अवस्थित भैरहेछन्। जुन विशुद्ध चित्त छ त्यही परम हुन, अनि त्यही स्वमोहको आच्छादनमा जीव हुन। त्यही जीव मन भएर व्यर्थै देहादिको भावलाई अनुभव गर्दछ चिद्वपु परमात्मा नै सर्वात्मा हुन अनि त्यही सृष्टिको आकारमा प्रतिभात भैरहेछन्। त्यही आफ्नो मायाशक्ति मा यो ब्रह्माण्डरुप दीर्घस्वप्न अनुभव गरिरहेछन। द्विचन्द्रादि दर्शन जसरी एक किसिमको भ्रान्ति छ, उसरी विश्व पनि भ्रान्ति विशेष छ अर्थात् चित्तमय एवं चित्तपरिकल्पित छन। यो सत एवं असत् दुबै देखि बहिर्भूत छ, किन भने उपलब्धिकालमा सत् एवं अनुपलब्धि कालमा असत्रुपमा अवधारित हुन्छ। त्यो संकल्पात्मा वृहद्वपु मन जड पनि छ र अजड पनि, किनभने दृश्य हुनुको कारण जड छ अनि ब्रह्म हुनुको कारण अजड पनि हो मन दृश्यानुभव कालमा दृश्य समान र ब्रह्मानुभव कालमा ब्रह्म समान हुन्छ। जसरी सुवर्णमा सुवर्णत्व एवं कटकत्वमा विरुद्ध हुदैन, उसरी नै मनमा जडत्व एवं अजडत्व मा पनि अविरुद्ध छ ब्रह्म सर्वमय छ, यसकिसिमसँग सबचिज् जड एवं सबचिज चेतन छ।

सर्बव्यापी चैतन्य सर्वत्र विद्यमान छ, त्यसको आश्रयबाट चित्तको जुन विविध परिणाम नै विषयको नामले प्रसिद्ध छन । तब त त्यो जड कंहा रहोस्? साराका सारा चित्तकै रुप हुन ? अतयव यो जड छ, त्यो अजड छ-यी सब कुरा निरर्थक छन् । चित्तको चैत्याकार हुनु नै मनत्व हो, त्यसै बाट जडअजडको विभाग छ जसलाई अवबोध शब्दले प्रकट गर्दछन् त्यो हो चिद्भाग अनि जसलाई चेत्य (चित्तमाभासमान) भन्दछन् त्यो जडभाग हो । जीवले उपर्युक्त प्रणाली द्वारा जगद्भ्रान्तिको अनुभव गर्दै त्यसबाट सम्पृक्त भाव लाई प्राप्त भैरहेको छ । कसरी यो रुपमय जगत् अरुप सत्तामा विलीन भएर केवल सत्तामात्र अवशिष्ट रहन्छ तथा अरुप चित्त कसरी रुपमय भएर बोध को विषय बन्दछ, यो भनिसकिएकोछ ।अरुपमा समस्त विश्वले आत्मगोपन गर्दा मा जुन भाव हुन्छ त्यही निरुपाधिक या निर्गुण भाव हो । यो कुरा खालि मुखले भनेर मात्र बुझनमा आउन सक्तैन, क्रियाको परावस्थामा अनुभव द्वारा यस लाई बुझ्नु पर्ने हुन्छ। जो निरुपाधिक भावमा एक छन, त्यही फेरि सोपाधिक भावमा अनेकछन, तथा बहुविध भएर पनि त्यो एकको नै महिमा या विभूति हुन-यही कुरा यस दशम अध्यायमा विशेषरुपले भनिनेछ । आपाद दृष्टिले जुन जड या चैतन्य, सूक्ष्म या स्थूल जानिइन्छ, त्यो स्वरुपतः भिन्न छैन । जुन स्थूल या जडरुपमा दृष्ट भैरहेकोछ, त्यही फेरि सूक्ष्मरुपमा कूटस्थ भित्र देखिन जान्छ । यस कूटस्थमा दृष्टि राख्दा अनन्त अनन्त भावमय रुपमय दृश्य अनुभव गरिन जान्छन, यस द्वारा परमात्मा षड ऐश्वर्यवान् छन र त्यही वस्तुतः श्री भगवान् हुन, यो साधकले अनुभवगर्न पाउंदछ । जसको कुनै रुप छैन । जो विना दोस्रो कुनै वस्तु रहन सक्तैन-"नतस्य प्रतिमा अस्ति" त्यही आत्मा ले पंचतत्त्वको सृष्टि गरी त्यसैमा प्रवेश गर्दछ अनि अनन्तभावहरुमा आफुलाई अभिव्यक्त गर्दछ । यो प्रकाश या शक्तिको साथ ब्रह्म अविनाभाव सम्बन्ध युक्त छ, जब नामरुप बर्जित अरुप बाट विविध नामरुप फुटी उठदछन, तब त्यो शोभामय, शक्तिमय, तेजोमय, पुष्टिमय, ऐश्वर्यमय, रुपमय बोध हुन लाग्दछ । यो सारा भावराशी पहिले कूटस्थ भित्र फूटदछन् योगीहरु योग दृष्टि द्वारा यसलाई अनुभव गर्न सक्दछन् । यही भाव नै उनको सोपाधिक भाव हुन । यो सोपाधिक भाव नै दशौ अध्यायको वर्णनीय विषय हो । त्यही यहाँ जगत्को जीवहरु को हितकामनाले प्रेरित भै श्रीभगवान्ले अर्जुनलाई उपलक्ष्य गरी बताउनु भैरहेछन, जसबाट आत्मतत्वलाई जानेर जीवले आफ्नो उद्धार गर्न सकोस ।

माथि श्रीभगवान्को जुन व्याख्या दिइएको छ, त्यसलाई बुझनको लागि साधना गर्नु आवश्यक छ, अनि साधना गर्दा गर्दै साधकलाई जुन अनुभव हुन्छ, त्यही याहाँ भनिरहनु भएकोछ । अर्जुनलाई "महाबाहो" भनी सम्बोधन गर्नुको उद्देश्य यही हो । जीवको भित्र जुन अन्तरनिहित शक्ति रहन्छ, साधनको सहायताले जसले त्यसलाई जाग्रत गर्न पाउंछ त्यही वास्तविक महाबाहु हुन । उनको साधन शक्तिको अगाडि प्रचण्ड प्रपंच भाव-माया-संसारत्व-पनि विलुप्त हुन जान्छ । प्रपंच-भाव विलुप्त भएपछि योगीको इच्छा र अनिच्छा देखि शून्य एक अपूर्व भावको उदय हुन्छ । तब जोहुनेवालाछ या हुन्छ आफसे आफ हुन जान्छ । परन्तु त्यो विशिष्ट साधकको मनलाई केन्द्रित गरी फुटेर उठदछ । त्यस अवस्थामा साधकले मनको अजानमा जे जो बोल्दछ या संकल्प गर्दछ, त्यो सब सत्य हुन जान्छ । साधारण अज्ञ मानिसहरुले यस्तो

बुझ्दछन्-साधुको साधक शक्तिको प्रभावले यो सव व्यापार सिद्ध भैरहेकाछन । वस्तुतः यस्तो कुरा छैन । मनमा संकल्प रहुंजेल कोही सिद्ध हुन सक्तैन, परन्तु सिद्ध साधकको चित्तमा उसको अनिच्छाको इच्छा देखि जुन संकल्प समुद्भूत हुन्छ, त्यो योगीलाई शाम्भवी मुद्राको फलस्वरुप विना प्रयासै आफसेआफ सिद्ध हुन जान्छन ॥१॥

न मे विदुः सुरगणाः प्रभवं च महर्षयः;
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

श्री धरीय टीका-[कथित विषयलाई पुनः भन्नु को कारण छ-त्यसको अति दुर्ज्ञेयत्व-यसैकारण भन्नु हुन्छ] -मेरो प्रकृष्ट भव अर्थात् जन्मरहित भएर पनि नाना विभूतिहरुको साथ अवतारादिको रुपमा आविर्भाव लाई देवताहरु तथा भृगु आदि महर्षिगणले पनि जान्दैनन् । यसको कारण देखाउनु हुन्छ-म नै देवताहरु एवं महर्षिहरुको आदि अर्थात्कारण हूं, किनभने सबै किसिमसँग उनको उत्पादक तथा बुद्धि आदिको प्रवर्तक रुपमा मै आदि कारण हूं, अतयव मेरो अनुग्रह विना कसैले पनि मलाई जान्न सक्तैन ॥२॥

आध्यात्मिक व्याख्या-"जुन मानिसहरु क्रिया गरिरहेकाछन् तिनीहरुले पनि मलाई जान्दैन-महाऋषि-मरीचि-अत्रि-आंगिरस-पुलस्त-पुलह-क्रतु-प्रचेता-वशिष्ठ-भृगु-नारद, यी दस महर्षिले मलाई जान्दैनन्-किनभने महर्षिहरु सब ब्रह्मको पुजारी हुन-यसैले सबको आदि मै हूं-जति देवताहरु छन सब ब्रह्मको उपासक छन-यसैले म सबैको आदि हूं"

जुन मानिसहरु श्रद्धापूर्वक प्रतिदिन नियमित रुपसँग क्रिया गर्दछन्, तिनीहरुनै 'सुर' हुन। तिनीहरुको केही केही शक्ति हुन्छन, परन्तु तिनीहरुले पनि मलाई जान्न पाउदैन । जो महर्षिछन तिनीहरुले पनि जान्दैनन् । ऋषिको अर्थ हुन्छ द्रष्टा पुरुष, जसको यस किसिमको आध्यात्मिक दृष्टि न्यूनाधिक परिमाण मा प्रस्फुटित छ, जसले भूत भविष्य-वर्तमान सबै जान्दछन, जसको शक्ति असीम छ, ती सब महर्षिगण पनि मेरो प्रभुशक्तिको अतिशयितालाई हृदयंगम गर्न पाउदैन, "म" एस्तो दुर्ज्ञेय छु । आत्मा समस्त उपाधिहरु देखि विनिर्मुक्त छ , त्यसलाई जसले जान्नेछ, उसको पनि कुनै उपाधि रहने छैन, त्यो तब त्यही नै हुन जानेछ । भक्त कवि तुलसीदासले भन्नु भएको छ । *"जानततुमहिं तुमहिं होइजाई ।"* अतयव जसले सवचिज विर्सेर आत्मा हुन सक्तैन, त्यसले फेरि आत्मालाई कसरी जान्ला? अनि जो आत्मा हुन जान्छ, त्यसले केही भन्न पाउदैन, किनभने तब उसलाई भन्नु पर्ने कुनैवक्तव्य रहदैन । यसैले देवता या महर्षि कुनै त्यसदेखि अवगत छैनन् । कूटस्थ चैतन्य, प्राण, मन, र बुद्धि यी सबै अव्यक्त परावस्था देखि नै समुद्भूत हुन्छन, अतयव यिनीहरुले आफ्नो कारणलाई जान्दैन । श्रुति भन्छन्-"को श्रद्धा वेद, कुतः इयं विसृष्टि ?"-अर्वाग देवा अस्य विसर्जनेनाथ को वेद यत आवभूव"-यो सृष्टि कहाबाट भएकोछ, कसले जान्दछ ? देवताहरु पनि सृष्टि पछि भएका हुन, अतयव जहाँबाट आविर्भूत भएकाछन त्यसलाई कसले जान्लान ? ॥२॥

यो मामजमनादिं च वेत्ति लोक महेश्वरम्;
असंमुढः स मर्त्येषु सर्वपायैः प्रमुच्यते ॥३॥

श्री धरीय टीका-[उक्त किसिमको आत्मज्ञानको फल के छ, यो बताउन हुन्छ]-सबैको कारण रुप हुनुको कारण त्यसको आदि या कारण छैन, यसैले अनादि छ, अतयव अज अर्थात जन्मशून्य तथा सबलोकहरुको महेश्वर रुप मलाई जस्ले जान्दछ, मनुष्यहरुमा त्यो सम्यक मोह रहित भएर सारा पापहरु देखि विमुक्त हुन जान्छन ॥३॥

आध्यात्मिक व्याख्या-"जसले जान्दछ-मेरो जन्म छैन र आदि पनि छैन, अनि सबैलोकहरुको ईश्वर हूं -श्वास स्थिर भएर नै महेश्वर-त्यो मर्त्यलोकमा सम्यक् किसिमले मुग्ध नभै सबै पापहरु अर्थात् ब्रह्म सिवाय अन्य दिशामा मन जादैन, अतयव ब्रह्ममा सदा रहंदा अन्यचित्त भएर (दोस्रो तिर चित्त लगाउनाले) मुक्त हुन जानेछ ।"

-"म या आत्मा" देहको साथ मुक्त भएर जन्म-मृत्युको अभिनय गर्दछु । देहदृष्टि जबसम्म हुन्छ तबसम्म जन्म-मरणको पंजाबाट निस्तार छैन । क्रिया गरी जसले स्थिर अवस्था प्राप्त गरेकोछ, त्यसले शरीरातीत परम भावको अनुसन्धान पाउंदछ । तब उसले बुझ्दछ, यो स्थिर अविचल भाव नै ब्रह्मभाव हो तथा यही नै मेरो स्वरुप हो। यो स्वरुपको धारण उत्पन्न भए पछि फेरि जन्म-मरण हुन सक्तैन । मर्त्यधर्म फेरि त्यसमा रहँदैन । तब आफ्नो आत्मालाई "लोकमहेश्वर" अर्थात् अज्ञान एवं त्यसको कार्यसाथै असम्बद्ध तुरीय ब्रह्मरुपमा बुझ्न पाउँदछ । साधन गर्दा गर्दै जब श्वास सुन्दर एवं सहज भावले स्थिर हुन्छ, तब कालातीत महेश्वर भाव हुन्छ, त्यस अवस्थांमा मन फेरि दोस्रो तिर जादैन, अतयव त्यो सदा विमुक्त छ । त्यो मनुष्य शरीरमा रहेर या संसारमा विविध कार्यहरुमा लिप्त हुंदामा पनि मुक्त छ ।

प्राण नै चराचर वस्तुहरुको स्वामी हुन । प्राण रहेन भने केही पनि रहँदैन । हामी जुन आत्मीय स्वजनमा प्रेम गर्दछौ त वस्तुतः उनको देहसँग होईन बरु उनकै प्राणसँग प्रेम गर्दछौ, किन भने प्राणहीन शवलाई कसैले समादर प्रदान गर्दैन । अतयव प्राण भन्दा बढी ठुलो प्रियवस्तु दोस्रो छैन । वहिः प्राण चंचल छ, यही महामाया हुन । स्थिर प्राण महाविद्या हो, यो स्थिर भाव नै महेश्वर भाव या परमात्मा हुन, यो सर्वव्यापी, निखिल ब्रह्माण्डको चैतन्यरुपमा विराजमान छ, यसै कारण यो महामहेश्वर हुन ॥३॥

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः;
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥

अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयश;
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः॥५॥

श्री धरीय टीका-[तीन श्लोकहरुमा आफ्नो लोकमहेश्वरता परिस्फुट गर्नु हुन्छ]-बुद्धि-सारासार-विवेकमा निपुणता, ज्ञान-आत्मविषयक ज्ञान, असंमोह-व्याकुलताको अभाव-[बोध योग्य विषय उपस्थित भएमा

त्यसमा जुन विवेकपूर्वक प्रवृत्ति हुन्छ-शंकर]-क्षमा-सहिष्णुता,-कसैले ताडना गर्दा मन विकाररहित हुनु-शंकर] सत्य-यथार्थ भाषण, दम-बाह्येन्द्रियहरुको संयम, शमअन्तः करणको संयम, सुख-मनको अनुकुल संवेदन, दुःख-सुखको उल्टो अर्थात् प्रतिकुल संवेदन, भव-उद्भव, अभाव-त्यसको विपरित अर्थात् नाश, भय -त्रास, अभय-त्रासको विपरित ॥४॥

अहिंसा-परपीडा देखि निवृत्ति, समता-रागद्वेषादि रहित हुनु [समचित्तता शंकर], तुष्टि-दैवलब्ध वस्तुमा सन्तोष, [जुन प्राप्त हुन्छ त्यसमा पर्याप्त बुद्धि-शंकर], तपः शारीरिक तपस्या [इन्द्रिय संयम पूर्वक शरीर पीडन-शंकर] दानं-न्यायसंग अर्जित गरिएका धनादिलाई सत्पात्रमा दान, [यथा शक्ति अरुलाई आफ्नो धन वितरण गर्नु-शंकर] यश-सत्कीर्त्ति, अपयश-अपकीर्ति-प्राणिहरुका यी सारा बुद्धयादि तथा त्यसको विपरित अबुद्धयादि नाना भावहरु सबै मैबाट उत्पन्न हुन्छन् ॥५॥

आध्यात्मिक व्याख्या-"ब्रह्ममा सदा बुद्धि स्थिर गरी राख्नु र त्यसबाट अनुभब हुनु को नाम हो ज्ञान-यस्तो भए पछि कुनै वस्तुमा मोह हुदैन-अतयव मोहित नहुँदामा क्षमा अर्थात् त्यसबाट निवृत्त, आफु आफैमा रहे पछि सत्य ब्रह्ममा, रहनु हुन्छ-पश्चात् सबै विषयहरुको दम एवं शम हुन्छ, सुख दुःख हुनु या नहुनु, भय अभय" हिंसा नगर्नु,-सबमा ब्रह्म देख्नु, त्यसद्वारा तुष्ट रहनु-कूटस्थमा रहनु अनि त्यसको उपदेश गर्नु त्यस द्वारा जय एवं अजय यी सब पंचभूतको भावको भारले मत्त पृथक विशेष बुद्धि भैरहेकोछ ।"-

-अन्तः करणको जुन शक्तिले कुनै विषय निःसंशय रुपसँग बुझिन जान्छ, त्यो बुद्धि हो । हामी साधारणतः जसलाई भन्दछौ, त्यसको शक्ति हो संकल्प गर्नु । खालि संकल्प द्वारा कुनै काम गरिंइदैन या कुनै इच्छा सफल गरिइन्न । यसको कारण यो छ-अन्तःकरणको संकल्पात्मिका वृत्ति बहुमुखी हुन्छ । त्यो धेरै बेरसम्म एकै अवस्थामा रहन सक्तैन । एकै अवस्थामा दीर्घकाल सम्म न रहंदा कुनै चिन्तन द्वारा हामी संगठनात्मक कुनै कार्य गर्न सक्तैनौ । अन्तः करणको जुन शक्ति द्वारा संकल्पलाई कार्यमा परिणत गरिइन्छ, त्यस स्थिर संकल्पको नाम बुद्धि हो । यसले बुझिन जान सक्छ-"बुद्धि" अन्तःकरणको या मनको एकाग्र अवस्था हो, एकाग्र अवस्था एकमुखी हुन्छ, अनि नाना संकल्पहरु या मनन-वृत्तिहरुको विरोधी छ । एकाग्र अवस्थामा अनेक चिन्तन रहदैन, खालि एक चिन्तन रहन्छ, यसैले यो "निरुद्ध" अवस्थाको ज्ञापक छ । जहाँ बुद्धिको कार्य छ, त्यहाँ निरोध-भाव स्वतः विद्यमान हुन्छ । संसारमा जे जति विषय छन कुनै पनि स्थिर छैन । यसैले बाह्य विषयहरुमा जुन बुद्धिको गति हुन्छ त्यो पनि स्वभावतः चंचल हुन्छ । एकमात्र आत्मा या ब्रह्म नै चिर स्थिर परिवर्तन विहीन छन् । यसैले मनको गति जुन ब्रह्ममुखी हुन्छ अनि त्यसैमा स्थिर रहन्छ (अडकिईरहन्छ) त्यो ब्रह्मको साथ तल्लीन हुन जान्छ, त्यसैलाई वास्तविक बुद्धि भन्दछन् । आवरण एवं विक्षेप मनको मैला हुन यस द्वारा आत्माको स्वतः शुद्ध प्रकाश आवृत्त हुन जान्छ-यसै कारण अनात्म पदार्थमा आत्मबोध हुन्छ-यही हो अज्ञान । जब बुद्धि स्थिर हुन जान्छ तब वास्तविक ज्ञान उदित हुन्छ । यसको लागि मन को आवरण एवं विक्षेपरुप अशुद्धिको क्षय गर्नु आवश्यक छ । अशुद्धि क्षयः कसरी होला ? महर्षि पतंजलिको योग दर्शनको साधनपादमा एक सूत्रद्वारा यसलाई स्पष्ट गर्दछन-

"योगांगानुष्ठानाद्-शुद्धिक्षये ज्ञानदीप्तिराविवेकख्यातेः ।"

योगांगहरुको अनुष्ठानले अशुद्धि क्षय हुन्छ र अशुद्धि क्षय भए पछि विवेक ख्याति पर्यन्त ज्ञानदीप्ति हुन्छ । यम, नियम, आसन, प्राणायाम आदि वास्तविक योगांग हुन । यद्यपि प्रत्याहार, धारणा, ध्यान एवं समाधिलाई लिएर नै योगको अष्टांग पूर्ण हुन्छन, तथापि यी अन्तिम चार योगाभ्यासको फलहुन । उनमा प्राणायाम नै सर्वश्रेष्ठ छ । यस प्राणायामको फल के छ त? यस कुरालाई ऋषि योग सूत्रमा बताउनु हुन्छ- *"तत क्षीयते प्रकाशावरणम्"*-प्राणायाम द्वारा प्रकाशस्वरुप आत्माको आवरण क्षय लाई प्राप्त हुन्छ । जुन प्राण आत्माको प्रधान शक्ति हो त्यस प्राणलाई प्राणायाम द्वारा जान्न सकिन्छन् । त्यसले आत्मामा प्राणको तथा त्यसको साथ मनको प्रतिष्ठा प्राप्त हुन्छ । यसरी ज्ञान हुन गए पछि शव्द, स्पर्श, रुप, रस, गन्धादि विषयले फेरि साधकलाई मुग्ध गर्न सक्तैन । जसलाई आत्मज्ञान भएकोछ, त्यसलाई अनात्म वस्तुले कसरी मुग्ध गर्न सक्तछ ? विषयहरु देखि मुग्ध भएमा नै जीवको हिताहित ज्ञान लुप्त हुन जान्छ, परन्तु जो मोहित हुदैन, त्यसको इन्द्रियहरु विषय-ग्रहण देखि निवृत्त हुन जान्छन् । दैवात् मनोविकार उत्पन्न हुन गएमा चित्तको बेगलाई सहन गरी त्यसदेखि निवृत हुनु को नामै क्षमा हो । जसले चित्तको बेगलाई सहन गर्न सक्तछ, त्यो युक्त एवंसुखी हो, यो पांचौ अध्यायमा श्री भगवान्ले बताउनु भैसकेकोछ । यस किसिमको युक्त पुरुषै सत्यको आवरणहीन मुख देख्न सक्दछन् । यस अवस्थामा सब इन्द्रियहरु स्वतः विषय-व्यापार देखि विनिवृत्त हुन जान्छन् र त्यस चित्तमा ब्रह्मचिन्ता बाहेक अन्य चिन्ताको उदय हुदैन । अतयव शमदमादि साधनको लागि उसलाई प्रयत्न गर्नु पर्दैन, त्यो उसको निम्ति स्वाभाविक बन्न जान्छ ।

सुख-सु= सुन्दर, खं-शून्य, जसको चित्तमा विषयस्पृहा छैन त्यसको विषय विस्मृति हुन जान्छ । यो विषय विस्मृति नै चित्तको शून्याकार अवस्था हो । त्यस चित्तमा कुनै उद्वेग हुदैन् ।

दुःख-उपर्युक्त अवस्थाबाट जो दूर छ उस्को अन्तः करणमा जब बाह्य दुःखकर विषय तदनुरुप वृतिले उत्तेजित गर्दछन् तब चित्तमा दुःखाकार वृत्ति उदित हुन्छ । सत्त्वगुण सुखको कारण छ, अनि रजोगुणको फलस्वरुप दुःख उत्पन्न हुन्छ ।

भव= जन्म, अभाव=नाश, भय= जबसम्म द्वैतको अभिनिवेश रहन्छ, तवसम्म भय जादैन, एकमात्र ब्रह्मपद नै निरापद अभयपद हो । जब्रसम्म भय छ-तबसम्म जान्नु पर्छ-आफ्नो भित्रदेखि हिंसा हटेको छैन । योगदर्शनमा लेखिएकोछ-अहिंसा प्रतिष्ठित भएमा सर्वत्र वैरभाव त्याग हुन जान्छ । सर्वत्र ब्रह्मदर्शन भएपछि फेरि कसैको प्रति हिंसा रहन जादैन ।

समता= सम-चित्तत्व अर्थात् समदर्शन, 'अहं' अभिमान छउंजेल समदर्शन हुदैन, क्रियाको परावस्थामा जस्को अहं गैसकेकोछ उसैलाई वास्तविक समदर्शन हुन्छ ।

तुष्टि=यस समदर्शनले तुष्टि आउंछ, आफु आफैमा मग्न हुनु नै तुष्टि हो । टन्न पेट छ भने जत्तिकै उत्कृष्ट भोजनमा पनि रुचि हुदैन । उसरी ब्रह्मदर्शन देखि जो तृप्त भएकाछन, उनको तृप्तिको लागि फेरि बाहिरको भोगसुखको भावश्यकता हुदैन ।

तपः=कूटस्थमा अर्थात् तपोलोकमा या आज्ञाचक्रमा रहनु । दान=साधनाको उपदेश गर्नु, यो भन्दा ठुलो उत्कृष्ट दान अरु केही छैन । यश= आत्मामा रहनु, आत्मामा रहँदा खेरि जुन चित्तको उपराम हुन्छ अनि त्यसबाट जुन प्रशान्त भाव हुन्छ, त्यसले अन्य मानिसहरुको चित्तलाई पनि आकर्षण गर्दछ । अपयश=आत्मामा नरहंदा इन्द्रियपरायणता आदि जुन विपरित फल हुन्छ, त्यहि अपयश हो ।

-समस्त जीवहरुको यी सारा पृथक भाव मैबाट उत्पन्न हुन्छन् । उपर्युक्त वृत्तिहरुको उत्पत्तिको आधार आत्मा हो । आत्मा नरहेमा केही पनि रहदैन । यस आत्मामा जो प्रतिष्ठित हुन्छ, त्यसको अगाडि यी पृथक पृथक् बोध रहन जादैन । त्यहाँ यी सारा भाव एक अद्वितीय भावमा विलीन हुन जान्छन् । काया सँग जसरी छांया रहन्छ, उसरी आत्माको आश्रयमा समस्त वस्तुहरुको बीजरुप अज्ञान वर्तमान रहन्छ, यस अज्ञानबाटै विश्व, मन एवं त्यसको नाना किसिमको वृत्तिहरु उत्पन्न हुन्छन ।यी सारा वृत्तिहरु मायाको क्रीडा अर्थात् खेलमात्र हुन । मन जब जुन गुणमा रहन्छ तब त्यसै गुणको अनुयायी भाव उदित हुन्छन् । चित्त धर्म नै भाव हो । यी सारा भाव चित्तको वृत्तिहरु निवृत्त हुनुको साथै निवृत्त हुन जान्छन ॥४-५॥

महर्षयः सप्त पूर्वे चत्वारी मनवस्तथा ;
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजा ॥६॥

श्री धरीय टीका-[अरु पनि भन्दै हुनुहुन्छ]-भृगु आदि पुराण प्रसिद्ध सप्त महर्षि अर्थात् सप्त ब्राह्मण जुन पुराणहरुमा निश्चय भएकाछन, तिनीहरु भन्दा पनि पूर्ववर्ती सनक आदि चार महर्षि र स्वायम्भुव आदि चौदह मनु-यी मेरो प्रभावले युक्त छन र हिरण्यगर्भरुप मेरो संकल्प देखि उत्पन्न भएका हुन । प्रभाव कस्तो छ, यो बताउनु हुन्छ [महर्षि भृगु आदि सनकादि एवं मनुहरुको ब्राहमण आदि सन्तान (प्रजा) यस जगत्मा क्रमशः वढोत्तरी भएर यथायथ पुत्र पौत्रादि रुपमा अनि शिष्य-प्रशिष्यादि रुपमा उत्पन्न भएका हुन-सप्त महर्षि-भृगु, मरीचि, अत्रि, अंगिरा, पुलह, पुलस्त्य, क्रतु हुन । पुर्ववर्ती चार महर्षि-सनक, सनन्द, सनातन एवं सनतकुमार हुन । यिनीहरु सदावहार कुमार रहे । अतयव यिनको पुत्रादि उत्पन्न भएन । अस्तु "येषां लोक इमा प्रजा" यो कुरा यिनीरुहरुको सम्बन्धमा कसरी घटन सक्छ ? यिनीहरु चिरकुमार रहे, परन्तु यिनका शिष्यहरु थिए । अतयव ज्ञानधाराको कुल शिश्य प्रशिष्य द्वारा नै रक्षित हुन्छ । चौदह मनु-स्वायम्भुव, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष, वैवश्वत, सावर्णि, ब्रहमसावर्णि, धर्म सावर्णि, रुद्रसावर्णि, देव सावर्णि एवं इन्द्र सावर्णि ।]-[मद्भावाः मच्चिन्तनपराः मद्भावना-वशादाविर्भूता मदीज्ञानैश्वर्यशक्तयः इत्यर्थः-मेरो चिन्तनमा रत छन, यस कारण मेरो ज्ञानैश्वर्यशक्ति उनीहरुको भित्र आविर्भूत भएको छ-मधुसूदन]

आध्यात्मिक व्याख्या-"सात महर्षि एवं चार मनु-मेरो भाव देखि मनबाट यिनको जन्मछ, जसदेखि यो प्रजा देख्दैमा प्रकृष्ट रुपले उत्पन्न भएको छ ।"

-ब्रह्मलाई वस्तुतः संकल्प हुदैन, उनको अनिच्छाको इच्छाले यो सब उत्पन्न भएकोछ । अनिच्छाको इच्छा कसरी ? आसक्तिको कारण मनमा जुन संकल्पको उदय हुन्छ, त्यसकिसिमको कुनै संकल्प छैन । बरु जुन

अवस्थामा कहिले काँही आफसे आफ नै संकल्प विकल्पशून्य एक भावको उदय हुन्छ त्यसलाई नै भगवदिच्छा मा अनिच्छाको इच्छा भन्दछन् । यस इच्छाको उदय भए पछि यसको सिद्धि निश्चित हुन्छ किनभने श्रीभगवान् सत्यसंकल्प हुनुहुन्छ । यसै भाव देखि ब्रह्मबाट विश्व समुत्पन्न हुन्छ । मुण्डकोपनिषदमा लेखिएकोछ-

"यथा सतः पुरुषात् केश लोमानि,
तथाक्षरात् संभवतीह विश्वम् ॥"

जसरी मनुष्यको (इच्छा-अनिच्छामाथि निर्भर नगरी) केश एवं लोम उत्पन्न हुन्छन्, उसरी नै यो दृश्यमान प्रपंच जगत् परब्रह्म बाट उत्पन्न हुन्छन् ।

"तस्मादेतद् ब्रह्म नामरुपमन्नंच जायेते"-मुण्डक.उ.

यस अक्षर ब्रह्म देखि हिरण्यगर्भ या कार्य ब्रह्म, नामरुप एवं अन्न उत्पन्न भएकाछन् ।

ब्रह्मको यसकिसिमको संकल्प देखि नै आदि या समष्टि मन हिरण्यगर्भ उत्पन्न हुन्छ,त्यसबाट यो सृष्टि प्रवाह चल्दछ । मन नरहे त सृष्टि कसले गर्दछ ? एक मनमा जसरी नानाविध संकल्प उदित हुन्छन् उसरी विराट् मनको संकल्पले यो ब्रह्माण्ड एवं यसको भित्रको सारा जीव एवं अन्नपानादि उत्पन्न भएकाछन् । जसरी निरवयव आकाश, पात्रको आकार भेदले पृथक्पृथकरुपमा प्रतीत हुन्छ, उसरी जीवको देहोपाधि सम्बन्धको कारण निर्विकार अक्षर पुरुषको ज्ञानमय सत्तामा त्यसको उत्पत्ति एवं प्रलयको प्रतीति मात्र हुन्छ । यद्यपि त्यो अक्षर पुरुष आकार-विशिष्ट छैन, स्वप्रकाश स्वरुप छन, तथापि निर्विशेषज्ञानरुपमा बुद्धिको भित्र अवस्थित छन अनि नामरुपादिमय विशेष विशेष ज्ञानभेदले बहिर्देशमा विद्यमान छन । उनको न प्राण छ न त मन, त्यो शुभ्र अर्थात् सर्वसम्बन्ध विवर्जित शुद्ध भावमय छन, अतयव अक्षररुपा अव्यक्त प्रकृति भन्दा पर छन् । उपनिषदमा लेखेकोछ ।

"एतस्माज्जायते प्राणो मनः सर्वेन्द्रियाणि च;
खं वायुर्ज्योतिरापः पृथिवी विश्वस्य धारिणी ॥"-मुण्डक.उ.

यस पुरुष बाटै प्राणशक्ति, चिन्तनशक्ति (मन) पंच कमेन्द्रिय, पंच ज्ञानेन्द्रिय, आकाश, वायु तेज, जल तथा सबै वस्तुहरुको मूल आधार पृथ्वि उत्पन्न हुन्छ । पुरुष सबै उपाधिहरु देखि विनिर्मुक्त छ, तब कुन किसिमसँग त्यसबाट यी सब उत्पन्न हुन्छन्? जसरी स्वप्न दृष्ट पदार्थहरुमा मन बाहेक दोस्रो कुनै सत्ता हुँदैन अनि जसरी स्वप्न मिथ्या हुँदामा पनि त्यो स्वप्न द्रष्टाको ज्ञानमा प्रतीति हुन्छ, उसरी नै सृष्ट पदार्थ -समूह पुरुषको ज्ञानसत्तामा प्रतीत हुन्छन् । अतयव पुरुषबाटै यसको उत्पत्ति भएको छ-यस्तो भनिन्छ ॥६॥

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः;
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

श्री धरीय टीका-[उपर्युक्त विभूति आदिको तत्त्वज्ञानको फल भन्नुहुन्छ]-मेरो यस भृगु आदि विभूति तथा ऐश्वर्यरुप योगलाई जसले. तत्त्वतः जान्दछन्, त्यो संशयरहित भएर सम्यग् दर्शन द्वारा (आत्मज्ञानले) युक्त हुन्छन् । यसमा सन्देह छैन ॥७॥

आध्यात्मिक व्याख्या-"यस किसिमको सब क्रियाहरु द्वारा समाधिमा अचल बुद्धि रहिकन पंच तत्त्वातीत षष्ठचक्रमा स्थितिस्वरुपलाई जसले जान्दछ त्यो विशेषरुपसँग भविष्यको इच्छाले रहित भएर द्विविधाले रहित भै निश्चितरुपमा लागिरहन्छ ।"-

-त्यही यथार्थ योगी हुन सक्दछ, जसले साधन द्वारा उनको साथ अविचल योगले युक्त भएर उनको विभूति, योगैश्वर्य एवं सर्वज्ञत्व आदि सामर्थ्य प्राप्त गरेकोछ । मनको विविध कल्पनाहरु रहँदा खेरि यथार्थतः ब्रह्मको स्वरुप ज्ञान हुदैन । श्रवण एवं अध्ययन आदिले जुन ज्ञान उत्पन्न हुन्छ, त्यस बाट स्वरुपज्ञान अनुभव हुदैन । पंचतत्त्वलाई भेदन गरी जब आज्ञाचक्रमा स्थिति हुन्छ, तब प्रकृत इच्छारहित एवं संशयशून्य अवस्था आउंदछ, अनि तबै मन अन्य विषयहरुमा आसक्तिरहित भएर केवल मात्र आत्मामा योग युक्त भएर रहन सक्दछ । साधनमा दृढता अवलम्बन गरी जसले खेचरी सिद्धि गरेकोछ, तिनीहरुले यसपछि एक अवस्थालाई प्राप्त गर्दछन्, जसलाई शाम्भवी भन्दछन्-त्यस अवस्थामा साधकलाई असाधारण सामर्थ्य एवं योगैश्वर्य प्राप्त हुन्छन् । यस विभूतिले नै श्रीभगवान्‌को अतुल महत्व एवं अपूर्व सौन्दर्यलाई प्रकाशित गरी साधकलाई साधनपथमा अग्रसर हुने प्रेरणा प्रदान गर्दछ । साधक साधना द्वारा जति जति विज्ञानमय क्षेत्रमा प्रवेश प्राप्त गर्दछ त्यति त्यति नै अति सूक्ष्म एवं अननुभुतपूर्व विषयहरुलाई प्रत्यक्ष गर्दछ । त्यति बेला साधकको मनमा फेरि कुनै संशय रहन जादैन । जुन साधक आज्ञाचक्रमा यसकिसिमले प्रतिष्ठित हुन्छ, त्यसलाईफेरि केहि पनि पाउनुको इच्छा हुदैन । यस किसिमको संकल्परहित साधकहरु सदा ब्रह्ममा लागिरहन्छन् ॥७॥

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्त्तते;
इति मत्वा भजन्ते मां बुधा भाव समन्विताः ॥८॥

श्री धरीय टीका-[विभुति एवं योगको ज्ञानले जुन किसिमको सम्यगज्ञानको प्राप्ति हुन्छ, त्यसलाई चार श्लोकहरुमा देखाउनु हुन्छ]-म सब जगत्‌को प्रभव अर्थात् भृग्वादि एवं मन्वादिरुप विभूति द्वारा सबै जगत्‌को उत्पत्तिको कारण हूं । मै बाट तिनीहरुको बुद्धि, ज्ञान एवं असंमोह आदि प्रवर्तित हुन्छन् । यसरी जानेर विवेकी मनुष्य प्रीतियुक्त भएर मेरो भजन गर्दछन् ॥८॥

[भावसमन्विताः-" भावो भावना परमार्थ तत्त्वाभिनिवेशस्तेन समन्विताः संयुक्ताः इत्यर्थ :"-शंकर । भावको अर्थ हो भावना-परमार्थतत्त्वमा अभिनिवेश । त्यो जस्लाई छ, तिनीहरु भाव समन्वित छन्]

आध्यात्मिक व्याख्या-"मैबाट सब प्रकृष्टरुपले हुन्छ र म मा नै प्रकृष्ट रुपसंग वर्तमान छन, यो बुझिकन जसले भजन गर्दछ, सर्वत्र ब्रह्म दर्शन गर्दै समबुद्धि रहिकन क्रियाको पर जुन भाव छ त्यस भावमा लागिरहन्छ ।"-

-जो जस्ले जस्तो साधन गर्दछ, परम तत्त्वमा उसको त्यस्तै नै अभिनिवेश हुन्छ । यस किसिमको अभिनिवेश युक्त योगीलाई प्रत्यक्ष अनुभव हुन्छ-म (आत्मा) नै ब्रह्मादि स्थावरान्त समस्त विश्वको उत्पत्तिको कारण हूं । जगत्‌मा जे जति छ त्यो सब ब्रह्मकै प्रकाश हुन । सुवर्णलाई आश्रय गरी जसरी नाना प्रकारको नाना नामरुप प्रकाशित हुन्छन उसरी नै यो नाना नामरुपमय जगत् आत्माकै आधारमा वर्तमान छ । आत्मा नरहेमा केही पनि रहन सक्तैन, यसलाई विचारपूर्वक जानिकन त्यसले अन्य चिन्तन छोडी केवल भजन गर्दछन् । तब त्यस्ले सुवर्णमा अलंकारको अवस्थान समान ब्रह्ममा नामरुपमय यो जगत् वर्तमान छन, यसलाई देख्न पाउंदछन् । यसैकारण उनको बुद्धिमा समता हुन्छ, नाना विषयहरुको पछाडि दौडिने उनको इच्छा हुदैन । क्रियाको पर पनि यसै किसिमको समभाव हुन्छ । यस समभावले योगीको चित्त सर्वदा युक्त रहन्छ । अतयव उत्तम रीतिसँग क्रिया गर्दै परावस्थाको प्राप्तिको लागि अवहित रहनु साधकको परम कर्तव्य हो ॥८॥

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्;
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

श्री धरीय टीका-[प्रीतिपूर्वक भजनरीति या साधनको किसिम बताउनु हुन्छन्]-म मा नै जसको चित्त अनुरक्त छन, जसका इन्द्रियहरु मैलाई नै गत या प्राप्त छन् अर्थात् जसको जीवन मदर्पित छ, यस किसिमको ज्ञानी मनुष्य युक्तियुक्त श्रुत्यादि प्रमाणहरु द्वारा मलाई जानेर अनि आपसमा मेरै विषयमा कीर्तन गर्दै त्यसको अनुमोदन गरी तुष्टि प्राप्त गर्दछन् र निर्वृत्तिलाई प्राप्त गर्दछन् । ["रमन्ति च रतिं प्राप्नुवन्ति प्रिय संगत्येव" जसरी प्रिय समागममा रति प्राप्त हुन्छ तेस्तै नै रति प्राप्त हुन्छन-शंकर] ॥९॥

आध्यात्मिक व्याख्या-"भ्रुमध्यमा सदा विन्दुमा दृष्टि राखी मैमा नै प्राण अवस्थित गरी मन ब्रह्म एक ज्ञान हुन्छ अतयव मेरै कुरा सव विषयहरु मा भन्दछन र त्यस द्वारा सन्तुष्ट भएर आनन्दित हुन्छन् ।"-

श्री भगवान्‌को स्वरुप चिन्तनको कुरा गरिरहेछन् ।

"सत्यं ज्ञानमनन्तं ब्रह्मानन्दरुपममृतं यद्विभाति"

यो मुखले उच्चारण गर्नालेनै उनको स्वरुपको अवगत हुदैन, ब्रहमानन्दको आस्वाद पाइदैन । यस शरीरको भित्र नै उनको स्वरुपलाई अवगत गर्ने उपाय छ । जसरी समस्त जीवहरुको पंचभूतात्मक स्थूल शरीर छ, उसरी नै यस शरीरको भित्र पनि अर्को एक शरीर छ । त्यो अत्यन्त सूक्ष्म छ, चक्षु आदि इन्द्रियहरुको गोचर छैन, त्यसलाई लिंग शरीर भन्दछन्, त्यो सप्तदश अवयवात्मक छ । पंचदशीमा लेखिएकोछ ।-

"बुद्धि कर्मेन्द्रिय प्राण पंचकैर्मनसा धिया;
शरीर सप्त दशभिः सूक्ष्मं तल्लिंगमुच्यते॥"

श्रवणादि पांच ज्ञानेन्द्रियहरु, वाक् पाणि आदि पांच कर्मेन्द्रियहरु, प्राण, अपान, समान, उदान एवं व्यान यी पंच प्राण मन एवं वुद्धि-यी सप्त दश पदार्थहरुले गठित सूक्ष्म शरीरनै लिंग शरीर हो । योगीहरुले यस

लिंग शरीरलाई प्रत्यक्ष गर्दछन् । यस लिंग शरीरको शोधन नै भूत शुद्धि भनिन्छ । भूत शुद्धि विना कुनै पूजार्चनादि हुन सक्तैन । *"देवो भूत्वा देवं यजेत्"*-देवतै भएर देवताको पूजा गर्नु पर्ने हुन्छ । भूत शुद्धि भए पछि नै यो शरीर देवशरीरमा परिणत हुन्छ । तब देवाराधना तथा त्यसको फलस्वरुप देवैश्वर्य एवं ज्ञानादिको प्राप्ति हुन्छ । रुद्रयामलमा लेखिएकोछ-

"षटचक्रार्थं न जानाति यो भजेदम्बिकापदम्;
तस्य पापं क्षयं यति सप्त जन्मसू सिद्धिभाक्॥

ज्ञात्वा षटचक्र भेदंच यः कर्म कुरुतेऽ निशम्;
संवत्सराद् भवेत्सिद्धिरिति तन्त्रार्थ निर्णयः ॥"-रुद्रयामल

षटचक्रको विषयमा केही नजानिकन जसले देवता आराधना गर्दछन्, उनको पाप क्रमश क्षय हुन जान्छन्, अनि संभवतः सातौ जन्म पछि मात्र सिद्धि प्राप्त हुन्छ । परन्तु जसले षटचक्र भेदन कुशलता जानेर कर्मानुष्ठान (जप पूजा आदि) गर्दछन् तिनीहरुले संवत्सर भित्रै सिद्धि लाभ गर्न सक्दछन् ।

"न योगेन विना मन्त्रो न मन्त्रेण विनाप्यसौ;
द्वयोरभ्यास योगेन शीघ्र सिद्धमवाप्नुयात ॥
षटचक्र भेदने प्रीतिर्यस्य साधन चेतसः;
संसारे वा वने वापि स सिद्धि भवति ध्रुवम् ॥"-रुद्रयामल

योग विना मन्त्र एवं मन्त्रविना योगले सिद्धि प्रदान गर्दैन । शीघ्र नै सिद्धि लाभ गर्नको लागि दुवैको अभ्यास गर्नु अत्यावश्यक छ । साधन शील मनुष्यले षट्चक्र भेदनमा यदि प्रीति एवं यत्न राख्दछन् भने त त्यो संसारमै रहोस या जंगलमा, निश्चय नै सिद्धि प्राप्त गर्नेछन् ।

गीताको प्रथम षटकमा आध्यात्मिक व्याख्याको सूचनामा तथा गीताको व्याख्यामा स्थान स्थानमा भनिएको छ-जीवको मेरुदण्डको मध्यभागमा मूलाधार देखि ब्रह्मरन्ध्र पर्यन्त सुषुम्ना नाडी भयो । त्यस सुषुम्ना भित्र नै वाम भागमा अमृतरुप चन्द्र या इडा नाडी तथा दक्षिण भागमा विषप्रवाहिनी सूर्य या पिंगला नाडी छ । यो पनि मूलाधार देखि ब्रहमरन्ध्र सम्म फैलिएकोछ । यी तीनै नाडीहरुको मिलन स्थान हो आज्ञाचक्र । पश्चात् त्यहाँ देखि अलग अलग प्रवाहित भएर पुन : मूलाधार चक्रमा यी तीनै नाडी हरु मिल्न जान्छन् । यसै कारण यिनमा *एक लाई युक्त वेणी र अर्कोलाई मुक्त वेणी भन्दछन्* । सुषुम्ना नाडी भित्र वज्राख्या नामको एक नाडी छ र त्यसको भित्र एक अर्को सूक्ष्म नाडी चित्रिणी विद्यमान छ । यो चित्रिणी ब्रहमनाडीको नामले प्रख्यात छ । सारा पद्म या चक्र यस नाडीमा गुंथिएकाछन । यो नाडी रौंको सहस्रांशको एक अंशसमान अति सूक्ष्म छ यो नाडी मूलाधारस्थित स्वयंभुलिंगको मुख या ब्रह्मद्वार (हरिद्वार) देखि ब्रह्मरन्ध्र परम शिव-स्थान पर्यन्त फैलिएकोछ । यी पद्म मुदितावस्थामा अधोमुखि भै नै

अवस्थित रहन्छन, कुल-कुण्डलिनी शक्ति चैतन्य भएपछि यी उर्ध्वमुखी एवं विकसित हुन्छन । यसै कारण चक्र चिन्तनको समय योगीहरु पद्मलाई उर्ध्वमुखरुपमा नै चिन्तन गर्दछन ।

गुह्य एवं मेढ्रको बीचमा मूलाधार पद्म छ, त्यो चतुर्दल छ । मूलाधार देखि माथि लिंगमूलको समानान्तर ब्रह्मनाडीमा पद्म समान ग्रथित स्वाधिष्ठान चक्र छ, यो षट्दल छ । त्यसको माथि नाभिको पछाडि मणिपूर नामक दशदल पद्म छ । मणिपुरको माथि गएर हृदय देशको पछाडि अनाहत चक्र नामक द्वादशदल पद्म छ । कण्ठमुलमा विशुद्ध चक्रमा षोदशदल कमल छ । त्यसको माथि भ्रूमध्यमा आज्ञाचक्र नामक द्विदल पद्म छ । यस चक्रलाई भेदन गर्दै साधक सहस्रारमा ब्रह्मस्थानमा या गुरुस्थानमा गमन गर्न समर्थ हुन्छन । वीचमा अरु पनि कतिपय गुप्त चक्रमा पद्म छन् । त्यसको माथि निरालम्वपुरी छ । योगीहरुले यस स्थान मै ज्योतिर्मय ईश्वरलाई देख्न पाउँछन् । यसको माथि नाद छ र नादको माथि विन्दु छ । त्यस भन्दा माथि ब्रह्मरन्ध्रमा अधोमुखी सहस्रदल कमल छ, त्यसदेखितल उर्ध्वमुखी द्वादशदल पद्म छ, यस पद्मको वर्ण शुभ्रश्वेत छ । सुषुम्ना नाडीको यही प्रान्त सीमा हो सहस्रदलको भित्र द्वादशदल माथि परम शिवको स्थान हो । कुण्डलिनीलाई उत्थापित गरी यस सहस्रदल कमलमा स्थित परम शिवको साथ संयुक्त गर्नु पर्दछ ।

परमशिव परमव्योमरुपछन, त्यही परमात्मा या परब्रहम हुन । ब्रहमग्रन्थि, विष्णु ग्रन्थि एवं रुद्र ग्रन्थि नामक तीन ग्रन्थिहरु छन । प्राण एवं अपानको योग द्वारा ब्रह्मग्रन्थि भेदन हुन्छ, पश्चात् विष्णुग्रन्थि एवं रुद्रग्रन्थि भेदन भएपछि कुलकुण्डलिनी सहस्रारमा उपनीत हुन्छ ।

"मूलकाण्डे तु या शक्ति र्भुजगाकाररुपिणी;
तन्त्रमावर्त्तवातो यः प्राण इत्युचते बुधैः ॥

झिल्लीरव्यक्तमधुरा कूजन्ति सततोत्थिता;
गच्छन्ति ब्रह्ममार्गेण प्रविशन्ति स्वकेतनम् ॥

यातायात क्रमेणैव तत्र कुर्यान् मनोलयम्,
तेन मन्त्र शिखा जाता सर्वमन्त्रप्रदीपिका॥"

यो भुजगाकार रुपिणी महाशक्ति नै प्राण हुन् "सा देवी वायवी शक्ति" यही प्राणादि वायुरुपमा समस्त शरीरमा फैलिएका छन् । यो प्राण समुत्थित भएर ब्रह्ममार्ग सुषुम्ना लाई भेदन गरी जब निज निकेतनमा अर्थात् सहस्रारमा प्रवेश गर्दछ । तब नानाकिसिमको श्रुति मधुर नाद सुनिन जान्छन । यस किसिमसँग कुलकुण्डलिनी स्थान मूलाधार देखि सहस्रार पर्यन्त पुनः पुनः बार बार यातायातरुप क्रम द्वारा मनोलय गर्नु पर्ने हुन्छ । यही वास्तविक रुपमा मन्त्र शिखा हो । यसरी मन्त्रशिखा जानि लिए पछि समस्त मन्त्र शक्तिहरु प्रकाशित हुन्छन ।

यो कुल कुण्डलिनी शक्ति कामकला-स्वरुपिणीछ-

"सापि कुण्डलिनी शक्तिः कामकला स्वरुपिणी॥"

वैष्णवहरुको श्री राधिका कुण्डलिनी शक्ति यही हो । "राधिका हुन्छन कृष्णको प्रणयविकार"-यहि गीताको अपरा प्रकृति एवं तन्त्रको हुन् महाप्रकृति । वैष्णव ग्रन्थमा उल्लिखित छ-

"कामबीजं काम गायत्री तार उपासन"

परमात्मा या श्रीकृष्णको उपासनामा काम बीज या काम गायत्रीको आवश्यकता हुन्छ । यस कामबीजको अर्थ यथार्थतः बुझ्न् अति अति कठिन छ ।

यो अतिशय गुप्त रहस्य छ । याँहा काम त छ, परन्तु यो काम बाह्यवस्तुहरुमा आसक्ति जनित काम होइन, यो कृष्ण-काम हो, यस आसक्ति या कामको नामान्तर हो भक्ति, यसले चित्तलाई आत्ममुखी गर्दछ । कृष्ण या परमात्मालाई पाउनको लागि वैष्णवजनले श्रीराधिकाको आश्रय लिनु भन्दछन् । यो राधिका नै शक्तिसाधकहरुको माताभगवती हुन, जुन सारा जगत्को मूल कारण हो । यो भगवती विश्व एवं विराट्रुपमा, तैजस एवं हिरण्यगर्भरुपमा, अव्याकृत प्राज्ञरुपमा तथा अव्यक्तरुपमा सर्वरुपा हुन । त्यही मूल प्रकृतिरुपमा समस्त जगत्को जननी हुन । त्यही देवताहरुलाई अभीष्ट फल प्रदान गर्नको निम्ति दिव्य देह धारण गरी दानवहरुको संहार गर्दछन् । ती अव्यक्त स्वरुपा एवं निराकार छन तथापि भक्तहरु उनलाई दिव्य देह धारण गर्नेवाली भक्त-वांञ्छा-कल्पवृक्षको रुपमा देख्दछन् । यस परमादेवी (कुलकुण्डलिनी) को पूजा द्वारा नै सबै देवदेवी पूजीत हुन्छन् । यस मूल प्रकृति देखि महासरस्वती, महालक्ष्मी एवं महाकाली आविर्भूत हुन्छन् । यस त्रिविध शक्ति देखि त्रिविध नाद, (त्रिविध महत्तत्त्वरुपमा) एवं त्रिविध नाद देखि त्रिविध विन्दु (सात्विक, राजस एवं तामस अहंकार रुपमा) समुद्भूत हुन्छन्-सात्विक अहंकार देखि अपंचीकृत शब्दज्ञान, स्पर्श ज्ञान, रुपज्ञान, रसज्ञान एवं गन्धज्ञान रुपमा अनि राजसिक अहंकार देखि अपंचीकृत, शब्दशक्ति, स्पर्शशक्ति, रुपशक्ति, रसशक्ति एवं गन्धशक्ति रुपमा तथा तामस अहंकार देखि अपंचीकृत आकाश, वायु, तेज, जल एवं क्षितिरुपमा त्यो अव्यक्ता, निराकार एवं सूक्ष्मरुप देखि प्रकटित भएका छन् । यसको विपरित पंचीकृत स्थूलभूतादिरुपमा त्यो व्यक्ता, स्थूला एवं साकारारुपमा प्रकटित भएका छन् । प्रलयकालमा एक मात्र तमोगुण रहन्छ, सत्त्वरजः क्रमशः तमोगुणमा लय हुन जान्छन्, तमोगुण मूला प्रकृतिमा लयलाई प्राप्त हुन्छन् । सृष्टिपूर्व प्रकृतिमा गुणक्षोभ हुन्छ, तब प्रथम तमोगुण आर्विभाव हुन्छ, त्यस तमोगुण देखि रजोगुण अनि रजोगुण बाट सत्त्वगुण आविर्भूत हुन्छन् । यो तमः नै शब्द शक्तिले निर्दिष्ट हुन्छ । मनु भन्नु हुन्छ-*"आसीदिदं तमोभूतं अप्रज्ञात अलक्षणम्"* शारदातिलक तन्त्रमा लेखिएको छ ।-

"निर्गुणः सगुणश्चेति शिवो ज्ञेयः सनातनः ;
निर्गुण : प्रकृतेरन्य : सगुणः सकलस्मृत :॥

सच्चिदानन्द विभवात् सकलात् परमेश्वरात् ;
आसीत् शक्तिस्ततो नादो नादात् विन्दु समुद्भव : ॥ ”

शक्तियुक्त परमेश्वर नै मूल प्रकृति हुन् । शक्ति दुई किसिमका छन्, ज्ञानमयी एवं अज्ञानमयी अथवा विद्या र अविद्यारुपा । अविद्या नै संसारवन्धन्को कारण हुन र विद्या संसार-बन्धनको नाशको कारण छ । नाद नै महत्तत्त्व हो । त्यो सात्त्विक, राजस एवं तामस भेदले तीन किसिमका हुन्छन् । यो नामत्रय नै अव्यक्त महेश्वर, अव्यक्त ब्रहमा एवं अव्यक्त विष्णु हुन । परब्रहममा क्रिया हुदैन, कर्तृत्त्व पनि हुदैन, अतयव त्यतिख़ेर सृष्टि पनि हुँदैन र प्रलय पनि हुँदैन । पश्चात्-

“सृष्टेरादौ त्वमेकासीत्तमोरुपमगोचरम् : ;
त्वत्तोजातं जगत्सर्वं परब्रहमसिसृक्षया ॥
महत्तत्त्वादिभूतान्तं त्वया सृष्टमिदं जगत् ;
निमित्त मात्रं तद्ब्रहम सर्वकारणकारणम् ॥ ”

-महा निर्वाण तृतीय उल्लास

सृष्टिको आदिमा एकमात्र तिमी नै तमोरुपमा विद्यमान थियौ, तिम्रो त्यो अव्यक्त रुप वाणी एवं मनबाट अगोचर छ । पश्चात् परब्रहम (मूल प्रकृति सहिततादात्म्य प्राप्त तुरीय ब्रहम) को सिसृक्षा (सृष्टिको इच्छा) अनुसार तिम्रै रुपभेद तमोरुप शक्तिले अखिल जगत सृष्ट भएको छ । महत्तत्त्व देखि लिएर पंचीकृत महाभूत पर्यन्त समस्त जगत् तिमीबाटै सृष्ट हुन्छ । सबै कारणहरुको कारण परब्रहम खालि निमित्त मात्र छन् ।यस मूला-प्रकृति देखि उपहित तुरीय ब्रहमको साथ एकीभूत मूला-प्रकृति नै आद्याकालीको नामले अभिहित हुन्छन् ।

यसै कारण देखिनमा आउँदछन् (गोपीहरुले श्रीकृष्ण-सच्चिदानन्द ब्रहमस्वरुप) लाई पाउनको निम्ति भगवतीको उपासना गरेका थिए ।

जुन साधक भगवत् उपासक छन ती सबलाई यस भगवतीको उपासना गर्नै पर्दछ । त्यही कुलकुण्डलिनी -शक्तिको रुपले प्रत्येक जीवको जीवनरुपमा विद्यमान रहन्छन् । योगीहरु योगाभ्यास द्वारा यस मूलाधार -स्थित कुण्डलिनी-शक्तिलाई सहस्रार-स्थित परम शिवको साथ संयुक्त गरी संसार-सागर देखि उत्तीर्ण हुन जान्छन् । यो कुल कुण्डलिनी देवी नै “कामकला” हुन । तन्त्रमा आफूले आफैलाई यस कामकलारुपमा चिन्तन गर्नुको उपदेश छ । यन्त्रमा कामकलाको रुप छ ऊर्ध्वमा एक विन्दु, त्यस विन्दुको तल दुवैतिर दुई विन्दु एक ऊर्ध्वमुख त्रिकोण समान यसको तीन कुनामा तीन छन एवं तल यो नादको चिन्ह हो . प्रकृतिको गुणक्षोभ देखि यी विन्दुत्रय उद्भूत हुन्छन् । उनमा प्रथम तामसिक विन्दुको उत्पत्ति हुन्छ । तामसिक विन्दु देखि राजसिक विन्दु तथा राजसिक विन्दु देखि सात्विक विन्दु उत्पन्न हुन्छ ।

विन्दुत्रयलाई धारण गर्ने वाला नाद नै गुणक्षोभयुक्ता सृष्टि उन्मुखी मूला प्रकृतिको प्रथमोच्छ्वास हो । यी विन्दुत्रय नै ब्रम्हा, विष्णु एवं रुद्रको उत्पत्ति स्थान हुन् अथवा यो विन्दुत्रय नै ब्रहमा-विष्णु-शिवात्मिका छ । ब्रहमा, विष्णु एवं शिव नै विन्दुत्रयको व्यक्त भाव हुन ।

गुरुपदिष्ट साधनद्वारा भ्रूमध्यमा दृष्टि लगाउँदै लगाउँदै विन्दुको दर्शन हुन लाग्दछ, क्रमशः जिहवा, चक्षु, मन स्पन्दनशून्य हुन जान्छ । तबै *"ममा प्राणको स्थिति"* हुन्छ । तब मन मन रहँदैन, त्यो ब्रहमरुप हुन जान्छ । तब उनको लागि कुनै पनि वस्तु ब्रहमदेखि पृथक हुदैन । उसले जुन विषयको आलोचना गर्दछन् सब ब्रहमालोचना हुन्छ । यस प्रकारको अवस्थामा सर्वत्र नै ब्रहमदर्शन भै रहन्छ । यसैमा उनलाई आनन्द मिल्दछ र सन्तोष प्राप्त हुन्छ । कमलपत्रमा जलको स्थिति समान विषयले उनलाई लिप्त गर्न सक्तैन । योगीले यस किसिमसँग कर्म गर्नुको सामर्थ्य प्राप्त गर्दछन, यस अवस्थामा कर्मले उनलाई आवद्ध गर्न सक्तैन । परन्तु जबसम्म कुण्डलिनी शक्ति जाग्रत हुँदैन तब सम्म साधकलाई यो अवस्था प्राप्त हुन सक्तैन । कुलकुण्डलिनी नै सुषुम्नास्थित प्राणशक्ति हो, यसलाई नै ब्रहम शक्ति या प्रकृति भन्दछन् । ब्रहम प्रकृतिष्ठ भएर नै सृष्टि कार्यमा रत हुन्छन् । शरीरको भित्र यो शक्ति मूलाधारमा सुप्तावस्थामा रहन्छ । त्यो प्राणवायुको निरोधद्वारा जाग्रत हुन्छ । प्राणवायुलाई निरोध गर्ने कौशलको नाम नै क्रिया हो । क्रिया गर्दै गर्दै शरीरस्थ मेरुदण्डको भित्र स्थितिरुपमा यस शक्तिको बोध हुन सक्छ । यस स्थितिशक्ति द्वारा नै पंचतत्वमा प्रवेश गर्ने क्षमता प्राप्त हुन्छ । यसको भित्र प्रवेश भएमा *"सर्वं ब्रहममयं जगत्"* बोधको विषय बन्दछ । तब कुनै आवरण रहँदैन, अतयब भित्र बाहिर पनि हुँदैन अर्थात भित्र बाहिर एक हुन जान्छ । यही हो *"पिण्डस्थं पिण्डवर्जितम्"* अवस्था । सुषुम्नामा प्राणको स्थिति हुन गएमा नै क्रियाको परावस्था उदित हुन्छ, त्यस अवस्थामा मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त सदा अडकिरहनु समान बोध हुन्छ । तब वाम एवं दक्षिण स्रोत एक स्रोतमा पर्यवसित भएर कुलकुण्डलिनीको आकारमा आकारित भएर सर्वव्यापक हुन जान्छन् । तब ब्रहम सिवाय अन्य कुनैको बोध नरहनु को कारण "सर्वं ब्रहममयं जगत्" हुन जान्छ । यो अवस्था नै क्रियाको परावस्था हो, यस अवस्था देखि जब साधक ओर्लन्छन् तब समान अधिकारलाई प्राप्त साधकहरु परस्पर यस अवस्थाको बारेमा आलोचना गर्दै परमानन्द लाई प्राप्त हुन्छन् । तब उनको चित्त सदा आत्ममुखी अनि उनको प्राण को आकर्षण ऊर्ध्वमुखी हुन्छ । त्यस देशको भाषा एवं भावलाई तिनीहरुले नै बुझ्न सक्दछन र त्यसैभावमा मतवाला भएर तिनीहरुले परमानन्द प्राप्त गर्दछन ॥९॥

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ;
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥ १० ॥

श्री धरीय टीका-[यस किसिमका मनुष्यहरुलई म सम्यगज्ञान प्रदान गर्दछु, यस विषयमा भन्नु हुन्छ]- ममा आसक्त चित्त एवं प्रीतिपूर्वक भजन गर्नेहरुलाई मैले बुद्धिरुप उपाय दिन्छु । त्यो बुद्धि कस्तो छ-जुन उपायद्वारा मेरो भक्तगण मैमा प्राप्त हुन्छन । त्यही बुद्धियोग हो ॥ १० ॥

आध्यात्मिक व्याख्या-"यस किसिमसँग सर्वदा विशेषरुपले अनि निःशेषरुपले आत्मामा अड्किरहन्छ जो ईच्छारहित भएर , जुन अवस्था क्रियाको पर हुन्छ-यस किसिमसंग जसले भजन गर्दछ क्रिया सिवाय अन्य केही नजानिकन, त्यसलाई म समाधिमा अचल बुद्धिको योग दिने गर्छु-जसद्वारा आश्चर्य अनुभव बोध प्राप्त हुन्छ । "-

जसले यस किसिमसँग सदा भजन गर्दछन् तिनीहरु सदा नै मच्चित्त हुन्छ । अर्थात आत्मामा अड्किरहन्छ, यही निरोध अवस्था भनिन्छ । यस अवस्थामा कुनै इच्छा या संकल्प रहदैन । यो अवस्था क्रियाभ्यास पछि अनुभूत हुन्छ, अतयव यस्लाई क्रियाको परावस्था भन्दछन् । क्रियाको परावस्था प्राप्त साधकको अवस्था एक किसिमले नशावाज समान हुन्छ, त्यस्मा अत्यन्त सुख मिल्दछ, उसलाई यस्तो लाग्न थाल्दछ-जुन क्रियाद्वारा यो अवस्था पाइन गएको छ । त्यो समान अर्को वस्तु यस जगत्मा छैन । क्रिया प्रति जसको यस्तो दृढ विश्वास हुन्छ, उसको समाधिमा अचल मति हुन जान्छ, अर्थात कतैतिर समय नलगाई समाधि साधनमा नै निरन्तर रत रहन्छन । यसको फलस्वरुप उसलाई आश्वर्यजनक अनुभव भै रहन्छन् ॥१० ॥

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ;
नाशयाम्यात्म भावस्थो ज्ञान दीपेन भास्वता ॥ ११॥

श्री धरीय टीका-[मैले बुद्धियोग प्रदान गरेर पनि बुद्धिद्वारा उसलाई अनुभव हुनु सम्म त्यस बुद्धिवृत्तिमा स्थित भै उसको अविद्याकृत संसारलाई नाश गर्दछु यस विषयमा भन्नुहुन्छ]-उनको प्रति अनुग्रह देखाउन को लागि उनको ज्ञानजनित सन्सार रुपी तमलाई अर्थात् अन्धकारलाई मैले नष्ट गरिदिन्छु । यदि भन्छौ-तिमी कहाँ वसेर तथा कुन साधनद्धारा उसको ज्ञानलाई नाश गर्दछौ त यसको उत्तर दिनुहुन्छ-उनको बुद्धि -वृतिमा म अवस्थित भएर विस्फुरित ज्ञानदीप द्वारा उनको अज्ञानजनित अन्धकारलाई नाश गर्दछु । ["ज्ञानदीपेन विवेक प्रत्ययरुपेण भक्ति प्रसाद-स्नेहाभिषिक्तेन मद्भावनाभिनिवेशवातेरितेन ब्रहमचर्यादि -साधन संस्कारवत्प्रज्ञावर्तिना विरक्तान्त : करणाधारेण विषय व्यावृत-चित्तरागद्वेषाकलुषित निवातापवारकस्थेन नित्यप्रवृत्तैकाग्य्र ध्यानजनितसम्यग्दर्शनभास्वता ज्ञानदीपेन इत्यर्थः" -अन्तःकरणाशयमा स्थित भै मिथ्याज्ञानरुप तमलाई नष्ट गरिदिन्छु । कसद्वारा नष्ट गर्दछु ज्ञानदीप द्वारा । त्यो ज्ञानदीप कस्तो छ त्यो विवेक बोधरुप ज्ञानदीप भक्तिजनित चित्तको प्रसादरुप तेलद्वारा अभिषिक्त तथा ईश्वर भावनाभिनिवेशरुप वायु द्वारा प्रथम प्रज्वलित हुन्छ, ब्रहमचर्यादि साधन संस्कार साथ मिलिएको प्रज्ञा नै त्यस दीपको वृत्तिका हुन, विरक्त अन्तः करण नै त्यस दीपको आधार हो । राग एवं द्वेषको उदय भएमा जुन कलुषित हुँदैन, यस्तो विषय चिन्तन शून्य चित्तरुप आवृत गृहमा नै त्यो दीप निष्कम्प भावले बलिरहन्छ । सर्वदा विद्यमान एकाग्रता एवं ध्यान तथा तज्जनित सम्यग्दर्शन रुप प्रभा द्वारा त्यो ज्ञानदीप सदा उद्भासित रहन्छ , यस किसिमको दीप्तिमय ज्ञानदीप द्वारा उनको अज्ञानजनित मोहान्धकारलाई म नष्ट गर्दछु-शंकराचार्य] ॥११॥

आध्यात्मिक व्याख्या-"ती सब साधक ब्रहममा रहँदै रहदै-ब्रहमको अनुसन्धान गर्दै गर्दै परा बुद्धिकोअद्भूत अनुभवहरुलाई बोध गर्दछन्-यसको अतिरिक्त अन्य भावापन्न भएर नजान्नुको स्वरुप अन्धकारलाई नाश गर्दछन्-आत्मामा क्रियाको परावस्थामा रहिकन,-सूक्ष्म शरीरमा रहेर दीपवत् प्रकाश ज्ञानद्वारा ।"-

-क्रियाको परावस्थामा ब्रहमको अनुसन्धान हुन्छ, त्यहाँ सब अद्भूत अनुभव हुन्छन् । त्यो एक विचित्र देश छ , *जहाँ चन्द्र-सूर्य-अग्नि छैनन्, तथापि स्वप्रकाश छ !!* क्रियाभ्यास द्वारा कूटस्थको भित्र नक्षत्ररुपी गुहामा जो पुग्दछन् त्यसले त्यहाँ आकाशमूर्त्ति देवताहरु द्वारा भैरहेको ओमकार ध्वनि गानको अनुभव गर्दछन । जसले क्रिया गर्दछन् तिनीहरु यस आनन्दमय स्थानमा गमन गर्दछन् । त्यसपछि सर्वव्यापक आत्मामा लक्ष्य हुन्छ ।

क्रिया गर्दै गर्दै जब क्रियाको परावस्था आउँदछ तब एस्तो अनुभव हुन्छ त्यही अवस्था सर्वव्यापी ब्रहमको अवस्था हो । "मूलाधार देखि कूटस्थ सम्म सूक्ष्मरुपमा सदा खिंचान रहन्छ, यस अवस्थामा जो सदा सर्वदा रहन्छ त्यो शिव हुन जान्छ । कूटस्थको गुहाभित्र प्रवेश गरेमा शोकरहित अवस्था प्राप्त हुन्छ । सप्त धातुहरुमा सौम्यता आउँदछ । यस ओमकाररुपी शरीरको भ्रूमध्यमा निवात दीपशिखा समान उज्वल प्रकाश देखिन जान्छ, त्यहाँ मृणाल तन्तु समान आभा यस आँखाले देखिइन्छ । त्यो शक्तिरुपा शिवा हुन, उही सूर्यस्वरुप कूटस्थको रुप हो । यस शरीरमा ७२००० नाडीहरु छन् । त्यसलाई क्रिया द्वारा भेदन गरेमा उपर्युक्त अदभूत दृश्यहरु देखिन जान्छन, तब दीर्घ घण्टा निनाद सुन्नमा आउँदछ । पश्चात् क्रियाको परावस्थाको प्राप्ति भएमा उनलाई देहबोध रहदैन । देहबोध नै घोर अज्ञानतम हुन । जुन मानिसहरु क्रियाभ्यासमा रत रहन्छन्, उनको बुद्धिको मलिनता रहदैन, बुद्धि एकाग्र भएर ध्यान-निश्चल अवस्था प्राप्त गर्दछ । यस निश्चल अवस्था द्वारा सम्यगज्ञान प्रदीप्त भै उठ्दछ । तब उनको बुद्धिवृति विषय ग्रहणमा अप्रवृत हुन जान्छ, जसबाट आत्मसाक्षात्कार रुप परमज्ञान प्रकाशित हुन्छ, तब उनको बुद्धिमा संसारमल जम्न पाउँदैन। ॥ ११ ॥

परं ब्रहम परं धाम पवित्रं परमं भवान् ;
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥ १२॥

श्री धरीय टीका-संक्षेपमा भनिएका विभूतिलाई विस्तार रुपमा जान्नको निम्ति जिज्ञासु भै ७ श्लोकहरुमा श्री भगवान्को स्तवन गर्दै अर्जुन बोल्यो तपाईलाई मनुष्यहरुले परब्रहम, परम आश्रय तथा परम पवित्र भन्दछन् । किन भन्दछन यस्को उत्तर दिन्छन-किनभने तपाई नित्य पुरुष हुनु हुन्छ र द्योतनात्मक स्वयं प्रकाश स्वरुप हुनुहुन्छ । तपाई देवताहरुको आदि, जन्मरहित एवं व्यापक हुनुहुन्छ ॥ १२ ॥

आध्यात्मिक व्याख्या-"शरीरको तेजद्वारा बोध भैरहेको छ-क्रियाको पर जुन अवस्था छ त्यही परब्रहम हो र परमधाम हो अर्थात् निश्चय नै त्यो भन्दा पर दोस्रो स्थान छैन-मन त्यहीं नै निर्मल हुन्छ-तपाईं नै सबैको पर, तपाईं नै उत्तमपुरुष नित्य आकाशवत् सबै आकाशहरुको आकाश अर्थात महाकाश हुनुहुन्छ, तपाईको जन्म हुँदैन स्वयं प्रकृष्ट रुप हुनुहुन्छ ।"

-क्रिया गरेर क्रियाको परावस्थामा आत्मा परमात्मामा लीन हुन जान्छ । तब ब्रहम सिवाय अन्य कुनै वस्तुमा मन नरहनुको कारण सबकासब ब्रहममय हुन जान्छ । जब सब एक हुन जान्छ तब साधक पनि

ब्रहम हुन जान्छ । अतयव त्यस अवस्थामा अरु पनि केही छ, यो कुरा कोही या कसैले कसरी भन्न सक्छ, यसैले त्यसलाई अव्यक्त पद एवं परमधाम भन्दछन् । अव्यक्त पदको पर एक पुरुष देखिइन्छन् त्यो विभु अर्थात् सर्वव्यापी छन्, त्यो अत्यन्त सूक्ष्म अणुभन्दा पनि अणूस्वरुप सर्वव्यापक छन् । त्यस ब्रहमाणुको भित्र त्रिलोक वर्तमान छ । यसभन्दा पर अरु केही छैन, यसैले यस्लाई परागति भन्दछन् । मन त्याहाँ निर्मल हुन जान्छ, अर्थात संकल्प-विकल्पात्मक रहदैन, यसैकारण यो प्रपंचातीत अवस्था परम पवित्र हुन्छ । यद्यपि आत्मा जन्मरहित तथा आकाशवत् निःसंग छ, तथापि सारा जगत् प्रपंच यसैबाट प्रकृष्टरुपमा उत्पन्न हुन्छन् , यसैले यसलाई आदिदेव भन्दछन । त्यो छ प्रकाशस्वरुप कहिल्यै उत्पन्न हुँदैन, त्यो सदा सदा नै रहन्छ । मन को चंचलताको कारणले त्यो जानिइदैन, साधनद्वारा मन निश्चल भएमा त्यो निजबोधरुप हुन जान्छ ॥ १२॥

आहुस्त्वामृषय : सर्वे देवर्षिर्नारदस्तथा ;
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥ १३॥

श्री धरीय टीका-[कसले तिमीलाई यस्तो भन्दछन]-भृगु आदि सारा ऋषिगण, देवर्षि नारद, असित, देवल एवं व्यासले तिमीलाई यस्तो भन्दछन् स्वयं आफै मलाई यही भन्दछौ । ॥१३॥

आध्यात्मिक व्याख्या-"सब ऋषिले तपाईलाई भन्दछन् आकाश स्वरुप, नारद पनि भन्दछन्, असित , देवल व्यास अनि तपाईले नै भन्नु भएको छ"-ऋषिहरु एवं शास्त्रको वचन हामी सुन्दछौ-ब्रहम निर्मल महाकाशस्वरुप छन, भगवत्-अनुग्रहले साधकहरु त्यसलाई स्वयं प्रत्यक्ष गर्दछन् । आफ्नो अनुभूत विषय शास्त्रद्वारा समर्थित भए पछि साधकको बुद्धि साधनाबाट अरु पनि दृढीभूत हुन्छ र उसलाई आनन्द मिल्दछ ॥ १३॥

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ;
न हि ते भगवन् व्यक्तिं विदुर्देवा न दानवा : ॥१४॥

श्री धरीय टीका-[तिम्रो ऐश्वर्यको सम्बन्धमा अब मेरो सम्भावना-बुद्धि निवृत्त भएको छ, यस विषयमा भनिरहेछन् ।]-ऋषिहरु जसले तिमीलाई परब्रहम भन्दछन, त्यो सत्य म बुझदछु अनि जुन तिमी भन्दछौ -देवगण एवं ऋषिगणहरुले तिम्रो आविर्भावलाई जान्न सक्तैन, यसलाई सत्य मान्दछु । हे भगवान् ! देवताहरुले पनि तिम्रो प्रभावलाई जान्दैनन् अर्थात् उनीहरु प्रति अनुग्रह प्रदर्शन गर्नको लागि नै तिम्रो अभिव्यक्ति हुन्छ, यो तिनीहरुले जान्दैन । दानवहरुले पनि जान्दैनन्-उनकै निग्रहार्थ तिम्रो आविर्भाव हुन्छ ["प्रभवो नाम प्रभावो निरुपाधिक स्वभाव" प्रभाव अर्थात् निरुपाधिक स्वभाव-आनन्दगिरि] ॥ १४॥

आध्यात्मिक व्याख्या-"तपाई जे जो भन्नुहुन्छ सब म सत्य मान्दछु, देवदानब कसैले तपाईलाई बताउन सक्तैनन् र विशेषरुपले जान्न पनि सक्तैनन । "

आत्मालाई आत्माले नै जान्दछ अनि कसैको पनि सामर्थ्य छैन उसलाई जान्ने । जसले उसलाई जान्दछ त्यो आत्मा नै हुन जान्छ । देवता तिनीहरु हुन् जसले कूटस्थ दर्शन गर्दछन र जसले त्यसमा केही केही स्थिति लाभ गरेकाछन तिनीहरुले पनि उनको निरुपाधिक आत्माकार भावलाई धारण गर्न सक्तैनन, किनभने क्रियाको परावस्थामा "म" या "मेरो" बोध हुँदैन । अनि दानवहरु तपस्वी भएरै पनि फल एवं ऐश्वर्य कामनाले सदा विमूढचित्त रहन्छन्, तिनीहरुले त्यस समाधि-लभ्य अवस्थाको कुरा के सम्झलान् ? ॥१४॥

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम;
भूतभावन भूतेश देवदेव जगत्पते ॥ १५॥

श्री धरीय टीका-[तिमीलाई देवता या दानवले जान्दैनन् तब कसले तिमीलाई जान्दछ ?] स्वयं नै तिमी आफैलाई जान्दछौं, अरु कसैले जान्दैनन् । त्यो पनि तिमीले आफैद्वारा आफूलाई जान्दछौ, यसैले अर्को कुनै साधनको आवश्यकता छैन [भगवान्लाई सिवाय अरु कसैलाई यस किसिमसंग स्वतः सिध्द स्वानुभूति सम्भव छैन ।] अतिशय समादरको निम्ति यस श्लोकमा श्री भगवान्लाई अनेक प्रकारले संबोधन गरिएको छ । "पुरुषोत्तम" हेतुगर्भ संबोधन हो । भूतभावन अर्थात् भूतोत्पादक, भूतेश अर्थात भूतहरुको नियन्ता, देवदेव अर्थात् आदित्यादि देवताहरुको प्रकाशक, जगत्पते अर्थात् विश्वपालक । [त्वं निरतिशयज्ञानैश्वर्य बलादिशक्तिमन्तमीश्वर पुरुषोत्तम-तिमी ज्ञान, ऐश्वर्य, बल आदि शक्तिहरुमा निरतिशय हौ, तिमी ईश्वर पुरुषोत्तम हौ-शंकराचार्य । पुरुषोत्तम-पुरुषश्चासावृत्तमश्चेति क्षराक्षरातीतपूर्णचैतन्यरुपत्वं बोध्यते-क्षर एवं अक्षरको पर पूर्ण चैतन्य रुप-पुरुषोत्तम शब्दबाट जानिइन्छ-आनन्दगिरी] ॥१५॥

आध्यात्मिक व्याख्या-"स्वयं क्रिया गरे पछि उत्तम पुरुष आफैमा प्रकृष्टरुपमा जानिइन्छ-तिमी नै सब भूतहरुको भाव अर्थात् क्रियाको परावस्था हौ, सब भूतहरुको कर्ता अर्थात् सब भूत ब्रहमदेखि निर्गत भएका छन्; सब किसिमको आकाश अर्थात् शून्य भावित भावात्मकहरु को परव्योमस्वरुप तिमी हुन्छौ-जतिपनि चलायमान वस्तुहरु छन उनमा पनि तिमी कर्त्ता स्वरुपमा छौ ।"

म पदार्थ के हो-यो देहात्मबोधयुक्त चंचल स्वभाव जीवको निम्ति बोधगम्य हुनेवाला छैन । यो आत्मा नै सर्वज्ञ एवं सर्वशक्तिमान छ। यो अल्पज्ञ जीवको समझमा आउन सजिलो छैन । आपाततः यस्तो मानिलिंउ -जीवात्मा एवं परमात्मा दुवै नै वस्तुहरु विद्यमान रहन्छन् । अब विचार गर्नु छ-यस जीवरुप घटाकाश सँग परमात्मा रुप महाकाशको सम्बन्ध के छ ? यस घट उपाधि मात्र द्वारा सारा पार्थक्य प्रतीत भैरहेका छन्, नत्र भने त आकाशमा पृथकत्व के छ ? एक महाकाश नै अखण्डभावले चराचर जगत्मा व्याप्त रहन्छ। घट त उस्को सामयिकी उपाधि मात्र छ। यस उपाधिलाई ग्रहण गर्नुको हेतु छ अज्ञानजनित कल्पना । आकाशलाई कसले लिप्त गर्ला ? त्यसलाई समाती राख्नुको आधार पनि त हुन सक्तैन । यसैले आकाशको घट-उपाधि निष्फल छ । जब आकाश घटस्थ जानिइन्छ त्यस समय पनि घटाकाश घटसँग संयुक्त हुँदैन, त्यति खेर पनि घटले महाकाश देखि उस्लाई विच्छिन्न गर्दैन । यसरी नै

देहस्थ आत्मा एवं देहातीत आत्मामा कुनै विशेष व्यवधान छैन, किन भने जुन आत्मा अखण्ड बोधस्वरुप छ, त्यसमा क्षुद्रत्व या वृहत्तत्त्व ससीमत्व या असीमित्व केही पनि छैन । आत्मा सदा विकारशून्य छ, अनि एकरुप छ अतयव त्यसदेखि दोस्रो या अरु केही हुनु संभव छैन । घटाकाश, मठाकाश या महाकाश खालि कल्पित उपाधि मात्र हुन, वस्तुतः आकाशको कुनै उपाधि हुन सक्तैन । भित्र बाहिर एक चिदाकाश नै वर्तमान छ, यो जान्नु नै ज्ञान भनिन्छ । तिमी, म, तं, त्यो आदि सयौं भेद रहंदा आत्मालाई जानिंदैन । आत्म क्रिया द्वारा क्रियाको परावस्था प्राप्त भएमा स्वयंले आफूलाई जान्न सक्दछन् । राम्रो सँग विचार गरी हेर्दा खेरि आत्मस्वरुपलाई जान्नु नजान्नु केही पनि बन्दैन । आत्मा प्रकाश मात्र हो । त्यस बोधमात्र वस्तुको कुनै निर्देशक पनि छैन, किनभने त्यस अवस्थामा "म" "तिमी" केही रहदैन । यही यथार्थ पुरुषोत्तम अवस्था हो । त्यो यद्यपि निर्लिप्त एवं निरंजन छ, तथापि सबको मूल कारण या ब्रहम हो । आत्मस्थ पुरुष क्रियाको परावस्थाको परावस्थामा त्यस देखि अवगत हुन्छन् । यो पुरुषोत्तम नभएमा अन्य कुनै वस्तुको पनि प्रकाश संभव छैन । अतयव प्रकाशित वस्तुमात्रको स्वरुप उही हुन र उनको अतीतावस्थामा पनि त्यही वर्तमान छन् । यसैले उनलाई पुरुषोत्तम भन्छन् । जुन मनुष्य ध्यानपरापण छन, उनको चित्त चिन्तनशून्य भएर जब व्योमरुप हुन्छन त ती व्योममय चित्त परव्योममा एक भै मिल्न जान्छन्-यसै कारण त्यो "देवदेव" हुन् । जतिपनि चलायमान वस्तुहरु इन्द्रियगोचर भैरहेछन । ती सब असत्य एवं अनित्य छन, तथापि उनको सामयिकी प्रकाश तिम्रै सत्तालाई अवलम्बन गरेर नै हुन्छ, यसैले तिमी जगत् को पनि प्रभु हौं ॥१५॥

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ;
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥ १६॥

श्रीधरीय टीका-[किनभने आफ्नो अभिव्यक्ति तिमी आफै जान्दछौ, देवताले पनि जान्दैन, अतयव भन्दछन्]-आफ्नो जुन अत्यद्भुत विभूतिहरु द्वारा सारा लोकहरुमा तिमी व्याप्त भैरहेका छौ, ती सब दिव्य विभूतिहरुलाई भन्नमा तिमी नै समर्थ छौ अर्थात् ती विभूतीहरुलाई तिमीले जसरी भन्न सक्दछौ त्यसरी अरु कोही पनि भन्नमा समर्थ छैन । "याभिः" विभूतिहरुका विशेषण हुन् । यसको अर्थ स्पष्ट छ । ॥१६॥

आध्यात्मिक व्याख्या-"सबचिजलाई भन्नुको योग्य तपाई नै हुनुहुन्छ । आत्मा द्वारा जुन सब आकाश स्वरुप मूर्त्तिहरु जुन विशेषरुपले तिमीमा छन जुन विभूतिहरु देखि लोकहरुमा व्याप्त भएर स्थिररुपमा छन । "

जगतमा जे जति वस्तु छन् सब भगवद् विभूति हुन् । ती विभूतिहरुको गणना हुन सक्तैन । आफ्नो विभूतिहरुको कुरा त्यो स्वयंले भन्न सक्दछन् , अरु कसैमा भन्नुको सामर्थ्य छैन । पंचेन्द्रियहरु द्वारा हामी जे जति अनुभव गर्दछौ त्यो छ र कति नै, अनि जे जुन अलि अलि अनुभव गर्दछौं त्यो पनि श्री भगवान्कै केही स्थूल विभूतिमात्र हुन । सूक्ष्म विभूतिहरुको कुनै सीमाना छैन, संख्या पनि छैन । योगीहरुले उनलाई अलिअलि जान्दछन् । योगीहरुको साधनपथमा कहिले काँही योगैश्वर्यको विकास हुन्छ । त्यसलाई बहुधा

योग-विध्न मान्दछन, कारण यो छ-यथार्थ सिद्धि या इच्छारहित अवस्था आउनु पूर्व नै मनको निरुद्ध शक्तिको प्रभावले जुन योगैश्वर्य आएर उपस्थित भैदिन्छन्, त्यसले धेरैजसो अवैराग्यवान् योगीहरुलाई योगविध्न उत्पन्न गर्दछन् । ती धेरैदिन सम्म रहदैन तथापि त्यसबाट अपक्व योगीको चित्त अभिमानले पूर्ण हुन जान्छ । यो महामायाको खेल हो भन्ने कुरा त्यसले बुझ्न पाउँदैन । साधनाको उद्देश्य नै शरीरलाई विर्सनु हो, यदि साधनाको परिणाम स्वरुप देहाभिमान बढ्न जान्छ भने तब त मायाको नै जयजयकार भयो । जबसम्म जीवको देहाभिमान छ तबसम्म बाह्य वस्तु प्रति आसक्ति एवं विरक्ति उत्पन्न हुन्छ, किनभने जुन द्रव्यहरु भोग्यरुपमा हामी ग्रहण गर्दछौं त्यसले कहिले त देहमनको अनुकुल एवं कहिले प्रतिकुल हुन्छन् । अतयव अनुकुल द्रव्यादि प्रति स्वत: मनको आकर्षण हुन्छ र प्रतिकुल विषयमा द्वेषभाव आउंदछ मनको यो आसक्ति एवं विरक्ति पनि तबसम्म जानेवाला छैन । परन्तु साधनाद्वारा जसले जतिजति अधिक आत्माको "म" पनालाई देह देखि हटाउने प्रयत्न गर्दछ , त्यसको अगाडि वस्तु भन्दा आत्माको स्वतन्त्रता त्यति त्यति नै अधिक परिलक्षित हुन्छ । तब शरीरको राम्रो या नराम्रो या वस्तुको राम्रो नराम्रो हुनु प्रति योगीलाई कुनै आसक्ति या विरक्ति हुँदैन । योगीको यस आत्मभोला भावलाई नै शाम्भवी मुद्रा भन्दछन् । त्यतिखेर उसको दृष्टि वहिर्मुख भएपनि लक्ष्य सदा अन्तरमुखी रहन्छ । यही योगसिद्धि या स्थितधीको लक्षणहो त्यस बेला योगीलाइ अनेक ऐश्वर्यको प्राप्ति हुन्छ, जसलाई लिएर पुतलीको खेल समान खेल गर्दछन् । उसले स्वयं जान्दैन यी सिद्धिहरु उसँग छन या छैनन् । शिशु समान पूर्वापर चिन्तन गर्नु बिना जे जुन उसले मुखले बोल्दछन त्यो सत्य हुन जान्छ, किनभने त्यतिखेर आत्मा या सत्यमा ती प्रतिष्ठित हुन्छन् । मानिसहरु उनको ऐश्वर्यलाई देखेर चकित् अवाक हुन जान्छन्, परन्तु योगीले स्वयं बुझ्न पाउँदैन-यो कसरी संभव हुन्छ । संसारमा जति पनि वस्तुहरु या प्राणी, देव, गन्धर्व, मनुष्यादि-हामी देख्छौ, ती सबको एक सूक्ष्म रुप छन् । यो बाह्य प्रकाश त्यस सूक्ष्मको नै अभिव्यक्ति हुन् । त्यस सूक्ष्म प्रकाशको अपेक्षा पनि एक सूक्ष्मतर प्रकाश छन् जुन आकाश समान छ । आकाशको अवलम्बन गरेर नै समस्त मूर्त्तिहरु छन, तथापि आकाश स्थिर छ, त्यस्मा चांचल्य छैन । आत्मा स्थित आकाशको समान सबै प्राणीहरुमा अधिष्ठित छन, यसैको फलस्वरुप जीवको अनन्त रुप, भाव एवं अनन्त स्वरुप प्रस्फुटित भैरहेकाछन् । यसैबाट यी अनन्त रुप आत्माकाशमा स्थिरभावसँग प्रतिष्ठित रहन्छन् । यस चिदाकाशलाई बुझिलिएपछि शरीराभिमान रहदैन अनि आफूमा कर्तव्यको बोध पनि हुँदैन । तब योगी भन्दछन-"हे प्रभु ! जे जति छन् सब तिम्रै इच्छा हुन, म केही होइन, मेरो केही छैन, तिमी नै सब हौ, तिम्रै सब हुन ।" सबै 'तिमी' हुन गए पछि फेरि 'सब' कहाँ रह्यो । तब 'सब' दूर हुन गयो, एक अखण्ड अद्वितीय आत्मा नै रहन गयो । मेघ एकित्रत भएर आकारमा कति कति भिनन भिन्न रुप प्रकट गर्दछन्, हाम्रो मनले कल्पना द्वारा आकाशमा त्यसलाई देख्न पाउँदछ । मनको कल्पना मेटिन गए पछि एक अनन्त आकाश वर्त्तमान रहन्छ र त्यसको भित्र विभिन्न चित्र परिलक्षित हुँदैन । जसरी आकाशमा अगणित प्रतिमूर्त्तिहरु मन द्वारा अनुभूत हुन्छन, उसरी त्यस एक अद्वितीय ब्रहमको भित्र अनन्त विश्वविभूतिहरु प्रकाशित हुन्छन् । परन्तु स्थिर भएर देखेमा फेरि कुनै मूर्त्ति रहदैन । सब मूर्तिहरु भंग हुन जान्छन अनि एक अखण्ड " आकाश प्रकाशित हुन्छ । ॥१६॥

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ;
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥ १७॥

श्री धरीय टीका-[विभूति कथनको प्रयोजन देखाएर दुइ श्लोकहरुमा अर्जुनले प्रार्थना गरिरहेछन्]-हे योगिन्, कुन कुन विभूति भेददेखि कुन किसिमसँग सदा चिन्तन गरेमा म तिमीलाई जान्न सक्नेछु? हे भगवान्! विभूति भेदले तिमी कुन कुन पदार्थमा म द्वारा चिन्तनीय छौ ? ॥ १७॥

आध्यात्मिक व्याख्या-"कुन किसिमसँग योगीहरुले तिमीलाई जान्दछन् अनि सदा चिन्ता गर्दछन्, अनि कुन भावलिई म चिन्तन गरुं । "

योगमार्गमा साधक जति जति अग्रसर हुन्छन,उनको कर्म एवं प्रारब्ध अनुसार न्यूनाधिक विभूतिहरु उनीहरुको सामुन्ने उपस्थित हुन सक्दछन् । यसलाई योगमार्गमा उन्नतिको सूचना पनि भन्न सकिन्छन् । यस अध्यायमा श्री भगवान्ले जुन विभूतिहरुको उल्लेख गर्नु हुनेछ, त्यो पंतजलि प्रोक्त विभूतिहरुको व्याख्याको रुपान्तर मात्र हुन । विभूतियोगको सारा कुराहरु योगिहरुलाई प्रत्यक्ष अनुभव हुन्छन् । विभूतिको अनुभव गरेर पनि साधकलाई अहंकार गर्नुपर्ने कुनै कारण हुँदैन, किनभने सबै विभूतिहरु आत्मा या भगवान्कै हुन, यसमा जीवले अहंकार गर्नुको कुरा के छ र ? जस्ले कुनै विभूति प्राप्त गरि अहंकार गर्दछ, त्यसलाई भाग्यहीन सम्झनु पर्दछ । साधक जब अन्तरमुखी हुन्छ, साधनको भित्र केही प्रवेश गर्दछ, तब पनि आत्मदर्शन हुँदैन, परन्तु केही केही योगैश्वर्य या विभूति साधकलाई प्राप्त हुन्छन् । त्यति बेला सम्म द्वैतभाव मेटिदैन, मन प्रशान्त भएर लक्ष्यमा आफूले आफैलाई विलीन गर्दैन, यस अवस्थामा समस्त विषयहरुको कार्य-कारण सम्बन्ध जान्नुको लागि साधकको मनमा इच्छा जागृत हुन्छन् । त्यस इच्छाको फलस्वरुप विशेष विशेष आध्यात्मिक देशमा चित्तलाई बाँधी या धारणा गरी योगाभ्यासीले अलौकिक दर्शन श्रवणादि गर्ने गर्दछन् । षटचक्र-मार्गको आध्यात्मिक स्थान नै धारणको विषय हुन । ती ती स्थलहरुमा जुन जुन विशेष अनुभव हुन्छन,त्यसद्वारा चित्तबद्ध हुन्छ, अति चित्त बद्ध हुन जाँदा तद्विषयक ज्ञान चित्तमा अनुभूत हुन्छन् । परन्तु जुन मानिसहरु प्राणायाममा अभ्यस्त छैनन् ,उनीहरुलाई यस किसिमको धारण हुनु संभव छैन । आज पनि जुन मानिसहरु श्रध्दापूर्वक योगाभ्यास गर्दछन् , उनकोलागि यी अनुभूतिहरुको प्राप्ति हुनु असंभव छैन ।

यसैले अर्जुन सोध्दछन्-सर्वदा कस्तो रुपमा तिम्रो म चिन्तन गरुं अनि कुन कुन पदार्थहरुमा चिन्तन गरुम् । कुनै विषयमा धारण गर्दा खेरि कुन किसिमको ज्ञान हुन्छ, यी कुराहरु जान्नुको प्रयोजन हुनुको कारणले नै अर्जुनले प्रश्न गरेको छ । पातंजल दर्शनको विभूतिपादमा यी सारा रहस्यहरुको वर्णन छ । (१)-"संस्कार साक्षात्करणात्, पूर्व जातिज्ञानम्"-संस्कार साक्षात्कार गरेमा पूर्व जन्मको ज्ञान हुन्छ । चित्तक्षेत्रमा जुन नानात्व वासनाहरु स्फुटित हुन्छन्, ती नै संस्कार हुन ।

संस्कार दुई किसिमका हुन्छन्-पूर्ववर्ती एवं परवर्ती । जुन संस्कारहरुको फलस्वरुप यो वर्तमान शरीर छ ती पूर्व संस्कार हुन अनि वर्तमान जीवनको कर्मफलबाट जुन संस्कारहरु उत्पन्न भैरहेका छन ती परवर्ती

संस्कार हुन । यिनमा पूर्व संस्कारहरुमा संयम प्रयोग गरेमा पूर्वजन्म को ज्ञान एवं परवर्ती संस्कारहरुमा संयमको प्रयोग गर्दा देखि परजन्मको ज्ञान विभूतिरुपमा प्राप्त हुन्छ । संस्कार मात्रमा यदि संयम प्रयोग गरियो भने त अर्थात् चित्तमा अन्य चिन्ता नराखिकन खालि ज्ञातव्य विषयमा मन निरुध्द गरिन्छ त यो ज्ञानगोचर हुन जान्छ कुन जन्ममा कहाँ कसरी संस्कारहरु संचित भएका छन । (२)-"प्रत्ययस्य परिचित्तज्ञानम्"-प्रत्ययमात्रमा संयमको अभ्यास गर्दा परचित्तको ज्ञान हुन्छ । स्वचित्तमा संयमको प्रयोग गरेमा पनि पर-चित्तको ज्ञान हुन्छ । "जसको चित्त जान्नु छ, त्यसतिर लक्ष्य गरी आफ्नो चित्तलाई शून्यवत् गर्दाखेरि त्यसमा जुन भाव उठ्दछ त्यही परचित्तको भाव हो ।"-कपिलाश्रमीय योगदर्शन । (३)-"सोपक्रमं निरुपक्रमंच कर्म तत्संयमादपरान्त ज्ञानम् अरिष्टेभ्यो वा"-विभूतियाद-२२ । कर्म सोपक्रम एवं निरुपक्रम भेदले दुई किसिमका हुन्छन, त्यसमा संयम प्रयोग गरेमा अपरान्तको अर्थात् मृत्युको ज्ञान हुन्छ । अरिष्ट समूहहरुबाट पनि यो जानिइन्छ । जगत्मा मनुष्यको स्थिति काललाई आयु भन्दछन्, यसैकालमा व्याप्त भैकन जीवको कर्मफलभोग हुन्छ । आयुकाल सम्म जीवको समस्त कर्मफलहरुको भोग हुन पनि सक्तैन । जुन कर्म फलोन्मुख भएका छन या जुन कर्मको फलभोग भैरहेको छ ती सोपक्रम हुन । अनि जुनकर्मको फलभोग यस जन्ममा नै होला परन्तु दूर भविष्यमा हुनेछ, ती निरुपक्रम हुन । यी द्विविध प्रारब्ध कर्महरुमा संयम प्रयोग गर्दा खेरि अपरान्त ज्ञानको विषय अवगत हुन जान्छन् । अमृत एवं मृत्यु दुवै यस आत्माको विभूतिहरु हुन् । "मृत्यु : सर्वहरश्चाहम"-मृत्यु उनको विभूति हो । यसको उल्लेख श्री भगवान्ले यसै अध्यायमा गर्नु भएको छ । अतयव मृत्युको कारण जुन जीवको त्रास हुन्छ, त्यसको कारण हो मनुष्यको अज्ञान । भोगद्वारा क्षण प्रतिक्षण हाम्रो प्रारब्ध क्षय भैरहेको छ, समस्त प्रारब्ध क्षय हुन जाँदा मृत्युकाल उपस्थित हुन्छ । जीवलाई अत्यन्त अधिक मृत्युभय हुन्छ । यो पनि एक तीव्र क्लेश हो । यस क्लेशको पंजाबाट परित्राण मिल्न सक्छ यदि मृत्युको साथ परिचय प्राप्त हुन जाओस् । योगीको मृत्युसँग परिचय हुन जान्छ । आत्म समाधि नै मृत्यु हो, देहसंग त्यतिखेर कुनै सम्बन्ध रहदैन । परन्तु जो समाधिवान् या ध्यानी छैन त्यसले पनि यदि जान्दछ-मृत्युकाल आसन्न छ भने त त्यो विषय चिन्तन देखि विरत भएर श्रीभगवान्मा चित्तलाई समाहित गर्ने चेष्टा गर्न सक्दछ । अथवा उनको शरण ग्रहण गरी उनकै नामादि जप गर्न सक्दछन् । यसबाट यदि मुक्ति प्राप्त नभए पनि त अर्को जन्ममा मुक्तिको योग्यता प्राप्त हुन सक्दछ । अतयव मरणकालको समय अवगत हुनु आवश्यक छ । अरिष्ट ज्ञानद्वारा आसन्न मृत्यु को ज्ञान हुन्छ । अरिष्ट-आध्यात्मिक, (दैहिक र मानसिक) आधि दैविक अनि आधिभौतिक भेदले तीन किसिमका हुन्छन । आध्यात्मिक अरिष्ट दुइटै कान बन्द गर्दा खेरि अन्तरघोषलाई नसुन्नु, दुवै आँखा बन्द गर्दा ज्योति देख्न नसक्नु, आधिदैविक अरिष्ट अचानक स्वर्ग या सिद्धहरुलाई देख्नु अथवा सवचिज विपरित उल्टो देख्नु । तीव्र अभिसम्पात पनि आध्यात्मिक अरिष्ट हो । आधिभौतिक अरिष्ट-यम पुरुष या पितृ पुरुषहरुलाई देख्नु, स्वप्नमा महिषारोहण, दीपनिर्वाण हुँदा गन्ध थाहा नहुनु र अरुन्धती नक्षत्रलाई देख्न नसक्नु आदि अरिष्ट-लक्षण हुन । यी लक्षणहरुमा एक या दुई ती प्रकट हुन गएमा मृत्यु प्रस्तुत छ । यो बुझ्नु पर्दछ ।

कुन कुन विषयको संयमले कुन कुन किसिमको ज्ञान हुन्छ तथा विवेकज ज्ञान अनि चरम अपरोक्ष ज्ञानले कसरी कैवल्य प्राप्त हुन सक्तछ, यी विचारहरु मनमा उदय भएपछि कूटस्थ चैतन्यलाई शरीरको तेजले जुन किसिमसँग ज्ञान प्रदान गर्दछ तथा त्यसद्वारा जुन किसिमसँग प्रश्न को समाधान हुन्छ, उही कुरा यहाँ चलिरहेको छ । ॥१७॥

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ;
भूयः कथय तृप्तिर्हि श्रृण्वतो नास्ति मेऽमृतम् ।,१८॥

श्री धरीय टीका-[यस किसिमसँग वहिर्मुख हुँदा पनि जुनजुन विभूतिहरुमा चित्त आकृष्ट भएमा तिम्रै चिन्तन हुन सकोस, त्यसलाई विस्तारपूर्वक बताऊ, यही भनिरहेछन्]-हे जनार्दन; आफ्नो योग अर्थात् सर्वज्ञत्व एवं सर्वशक्तिमत्वादिरुप योगैश्वर्य अनि विभूतिको विषयहरुलाई विस्तृत रुपसँग फेरि मलाई भन किनभने तिम्रो अमृतरुपी वाक्य सुनेर " मलाई तृप्ति भएको छ । " अरु धेरै भन्नुपर्ने प्रयोजन छैन-यस किसिमको बुद्धि आउँदैन । ॥१८॥

आध्यात्मिक व्याख्या-"विस्तारपूर्वक आत्म-क्रिया द्वारा समाधिमा अचल स्थिति द्वारा जे जुन देखिन जान्छ फेरि भन-यस सिवाय अन्य कुनै वस्तुले अमृत समान तृप्ति दिदैंन । "

प्राणायामादि योगाभ्यासले आध्यात्मिक देशमा चित्तको स्थिति हुन जाँदा बुद्धि निर्मल हुन्छ, राग द्वेष दूर हुन जान्छन, विषयहरु देखि वैराग्य हुन जान्छ । विषयहरु बाट वैराग्य हुनुको कारण विभूतिहरु या ऐश्वर्य सब श्री भगवान्कै प्रकाश हुन यो समझमा आउँदछन् । भगवान् सिवाय तीसब चिज केही होइन । यस किसिमको विभूतिहरु जन्म, औषधि एवं मन्त्रले पनि हुने देखिन जान्छ, परन्तु त्यसबाट कैवल्य प्राप्ति हुँदैन । बुद्धि निर्मल भएपछि साधकलाई अनुभव हुन्छ-पार्थिव ऐश्वर्यको लागि व्यर्थ परिश्रम गर्नाले केही लाभ हुँदैन । जुन सब ऐश्वर्यको मुहान छन, जसभन्दा महान् ठूलो लोभनीय दोस्रो वस्तु यस जगत्मा छैन, उनलाई पाउनु विना दोस्रो सारा प्राप्ति पनि व्यर्थ छ । यसैले पार्थिव वस्तु प्रति योगीको आकर्षण हुँदैन । योगीले त्यही ऐश्वर्य चाहन्छन् जसबाट परम तृप्ति लाभ हुन्छ । मानिलिंउ, मैले दोस्रो पदार्थको इच्छा गरेको छैन, परन्तु साधना द्वारा मेरो अचल स्थिति भएको छ-यो बुझ्नुको चिन्ह के छ? त्यो स्थिति भैरहेको छ । यो जान्नुको उपाय के छ ? यसैले अर्जुनको प्रश्न हुन्छ । यस अचल स्थितिको प्राप्ति समयमा तिम्रो कुन कुन योगैश्वर्य, सर्वज्ञता, सर्वशक्तिमत्वादि प्रकाशित हुन्छ, यो बताऊ, जसबाट फेरि कहिल्यै कुनै गंजागोलमा नपरुं । तिमी जति जति नै यी सबकुराहरु भन्दछौ त्यति त्यति नै ती सब राम्रो लाग्दछन् । भागवतमा पनि ऋषिहरुले सूतसँग यही कुरा भनेका थिए ।

"वयन्तु न वितृप्याम उत्तम : श्लोक विक्रमे ;
यच्छृण्वतां रसज्ञानां स्वादु स्वादु पदे पदे ॥" १-१-॥ १८॥

श्री भगवानुवाच-

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतय : ;
प्राधान्यत : कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥ १९॥

श्री धरीय टीका-[यस किसिमसित प्रार्थित भएर]-श्री भगवान् बोल्नु भयो-हे कुरुश्रेष्ठ ! ("हन्त"-यो अनुकंपायुक्त सम्बोधन हो) मेरो दिव्य विभूतिहरुमा जुन प्रधान प्रधान् छन उनलाई नै म तिमीलाई भन्दछु, किनभने मेरो अवान्तर विभूतिहरुको अन्त छैनन् , यसैले प्रमुखभूत विभूतिहरुको विषयमा नै भन्नेछु ॥ १९॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेको छ। आत्माको सारा दिव्यरुप विभूतिहरु म तिमीलाई भन्दछु जुन प्रधान प्रधान छन उनलाई म भन्दछु-मेरो विभूतिहरुको अन्त छैन । "

श्री भगवान् अनन्त हुनुको कारण उनको विभूतिहरु पनि अनन्त छन् । जसरी हाम्रो मानसिक कल्पनाहरुको अन्त छैन, उसरी नै यो अनन्त विस्तृत जगत् यसको अणु-परमाणु पर्यन्त सब भगवद् विभूति हुन यी सब भगवान्कै मनबाट उत्पन्न छन्, यस बाहूल्यको के अन्त छ ? यी सप्त अधोलोक एवं सप्त ऊर्ध्वलोक यिनको भत्रि कोटि कोटि जीव-यत्ति नै छैन, यत्रो ठुलो विशाल जुन ब्रहमाण्ड छ यसकिसिमका कोटि कोटि ब्रहमाण्ड उनकै भित्र संन्यस्त छन् । उनको विभूतिको अन्त कहाँ छ ? सूर्यको किरणहरु जसरी सूर्यसँग अभिन्न छन्, उसरी नै अनन्त जीवहरुको यो मेला उनैको प्रकाश हो । वाणीद्वारा के उसको वर्णन शेष हुन सक्तछ ? अगाडि पछाडि दुईवटा ठूलो ऐना राखी त्यसको बीचमा उभिदा खेरि एक म नै अगणित संख्यामा देखिन जान सक्तछ, उसरी नै माया दर्पणमा प्रतिविम्बित भएर एक आत्मा नै नाना रुपहरुमा देखिई रहेको छ । यसलाई नजानिकन आभास-चैतन्य रुप जो मुग्ध भै आफूले आफैलाई देखि बारबार विस्मित भैरहेको छ । दुइटै ऐनालाई हटाइदेऊ, मनको कल्पनालाई रोकिदेऊ, तब देख्ने छौ-त्यस स्थिर अव्यक्त आत्मभावको भित्र अनन्त चांचल्य रुप जगत् प्रपंच लय हुन गएको छ । साधकको साधनावस्थामा कूटस्थ मंण्डलको भित्र कति कति शत शत-सहस्ररुप प्रकाशित हुन्छन् । त्यस प्रकाशको भित्र जुन जुन प्रधान छन,-अनि त्यसलाई विर्सन सकिदैन, उनैको यहाँ वर्णन गरिरहेछन् ॥ १९॥

अहमात्मा गुडाकेश सर्वभूताशयस्थित :;
अहमादिश्च मध्यं च भूतानामन्त एवं च ॥ २०॥

श्री धरीय टीका-[पहिले आफ्नो ऐश्वर्यलाई भन्नुहुन्छ]-हे गुडाकेश, समस्त भूतहरुको आशयमा अर्थात् अन्तःकरणमा सर्वत्वादि गुणद्वारा नियन्तारुपमा अवस्थित परमात्मा मै हूं । म नै भूतहरुको जन्म , स्थिति एवं संहार हूं, अर्थात् सब भूतहरुको जन्मादिको हेतु मै हूं ॥२०॥

["गुडा का=निद्रा, तस्या ईशो गुडाकेशो जितनिन्द्र इत्यर्थः"-शंकर सर्वेषां भूतानां हृदि स्थितोऽहमात्मा नित्य ध्येयः । तदशक्तेन-चोतरेषु भावेषु चिन्त्योऽहं च चिन्तयितं शक्य"-शंकर । सबै प्राणीहरुको आशयमा

अर्थात् अन्तरहृदयमा अवस्थित प्रत्यगात्मा रुपमा म ध्येय हूं। यस प्रकारको ध्यानमा जो असमर्थ छ, त्यसले उत्तरोत्तर भावहरुमा कुनै एकलाई लिएर मेरो ध्यान गरुन्।] ॥ २०॥

आध्यात्मिक व्याख्या-"मै श्वास प्रश्वास हूं, सबै भूतहरुको स्थिति यसैले छ, यो आत्मा आदिमा अर्थात् पितामा मध्यमा अर्थात् जबसम्म जिवित छ, पुनर्जन्ममा पनि यहि श्वास रहन्छ।"-श्वास जीवको आयु हो, यस श्वासको संबल लिएर नै जीव जगत्मा आउँदछन। सूत्ररुपी प्राण जन्ममा, जन्मको पूर्व पिताको प्राणमा, जन्म भएपछि जीवनमा अनि मृत्युको पर पनि यही श्वास सूत्रात्मारुपमा वर्तमान रहन्छ। अन्यथा परजन्ममा कसले जन्म ग्रहण गर्ला ? यस श्वासलाई साधना द्वारा स्थिर गरिलिए पछि सर्वभूत-स्थित तथापि निर्लिप्त आत्माको सन्धान मिल्दछ। *श्वास या प्राणलाई आत्मा किन भन्दछन् ? प्राणको चंचल अवस्था नै श्वास हुन, यही चंचल प्राण जब स्थिर हुन्छ त त्यो कूटस्थ अक्षर या ब्रहम हो।* प्राण एवं त्यसबाट उत्पन्न मन-इन्द्रियादि सब प्राण स्थिर भएमा ब्रहम स्थिति प्राप्त गर्दछन अर्थात् सब स्थिर भएर ब्रहममय हुन जान्छन्। *यस ब्रहममा रहनुको नाम नै गायत्री उपासना हो। प्राण गायत्रीस्वरुप छ, यस प्राणको उपासनाले नै त्राण मिल्न जान्छ। यसैले यही हो गायत्री अनि यो गायत्री नै ब्रहम हुन। इडा, पिंगला एवं सुषुम्ना यी गायत्रीका तीन पाद हुन। क्रियाको परावस्थामा यी तिनै पाद एक हुन जान्छन्* अथवा यी तीनै लाई एक गरिलिंदा क्रियाको परावस्थारुप ब्रहमपद या परव्योम प्रकाशित हुन्छ, त्यही अमृतपद यो मोक्ष हो। तैत्तिरीय उपनिषदमा लेखिएको छ- *"भूर्भुव : स्वः भूरिति वै प्राण : भुव इत्यपानः स्वरिति व्यानः"-अर्थात् भूः-प्राण भूव-अपान एवं स्वः व्यान वायु हुन्।* वायुक्रिया गरेमा सवचिज प्राप्त हुन जान्छ। उपनिषदमा लेखेको छ-*"नमस्ते वायो त्वमेव प्रत्यक्षं ब्रहमासि"। हे वायु, तिमीलाई नमस्कार, तिमी प्रत्यक्ष ब्रहम हौ,* किनभने यो प्राण नै ब्रहमको प्रत्यक्ष प्रकाश या शक्ति हो, अनि प्राणको साधनाले नै ब्रहमपद प्राप्त हुन्छ। तैत्तिरिय उपनिषदमा लेखिएको छ-*"प्राणो वै सत्यम्"-प्राण नै सत्य ब्रहम हो,* कारण यो छ-प्राण विना कुनै वस्तुको केही ज्ञान हुँदैन। "या प्राणेन संभवति अदितिर्देवतामयी"-सर्वरुप जुन देवताछन त्यो प्राणशक्तिको साथ अर्थात् सगुण ब्रहमदेखि क्रियारुपमा उत्पन्न हुन्छन्।

"ऊर्ध्वं प्राणमुन्नयत्यपानं प्रत्यगस्यति ;
मध्ये वामनमासीनं विश्वेदेवा उपासते ॥ "-

वायुको ऊर्ध्वगतिको नाम प्राण हो, अधोवायुको नाम अपान हो, प्राणायामद्वारा दुइटै वायुको स्थिति हृदयमा भएपछि साधकले त्यसमा मन स्थापित गरी ब्रहमको उपासना गर्दछ, यस अवस्थालाई प्राप्त साधक देवता हुन। उपासना गर्दै गर्दै त्यो ब्रहममा लीन हुन जान्छ। त्यही प्राणहरुको प्राण हुन।। *"प्राणं देवा अनुप्राणन्ति मनुष्य पशवश्च ये स उ प्राणस्य प्राणः।"* अतयव जति पनि भूतहरु छन् सबैको भित्र प्राणवायु छ, यो मूलाधारमा रहेर मूलाधार स्वरुप सबको आधार भैरहेको छ। प्राणको क्रिया गरेमा उत्तम पूरुषको दर्शन हुन्छ अनि अन्तमा साधक स्वयं त्यही हुन जान्छ। प्राण रहनाले नै समस्त भूतादि प्रकाशित

हुन्छन् । प्राण स्थिर भएर ब्रहममा मिले पछि सारा भूत पनि ब्रहममा मिल्न जान्छन । यस ज्ञानको नाम हो वेद । प्राण, अपान एवं व्यान को क्रिया नै त्रयी विद्या हुन । क्रियाको परावस्थामा जुन स्थिति हुन्छ त्यही तुरीयावस्था हो । व्यानको क्रिया द्वारा नै यो स्थिति पद प्राप्त हुन्छ ।

ब्रहममा सूक्ष्म एवं स्थूलरुपले पंच आत्मा या पंच तत्त्व रहन्छ । (१) प्राणवायु-मूलाधार देखि सहस्रार पर्यन्त चल्दछ, यो प्राणवायु पंच तत्त्वहरुमा आउनु जानु भैरहन्छ, यसैबाट सब जीवित छन । (२) अपान-अपानको क्रिया हो निःसरण गर्नु, प्राण अपानको साथ ऊर्ध्वगामी भैरहेको छ, यसै कारण शरीरको समस्त द्वारबाट क्लेद निस्किरहन्छ, स्थान स्वाधिष्ठानको तल छ । (३) उदान-उदानवायुको क्रिया हो ऊध्वर्गमन गर्नु अर्थात् डकार, छींक बाडुल्की आदि । यो उदान प्राण संगै ऊर्ध्वगमन गरिरहेछ स्थान मणिपुरमा छ । (४) व्यान व्यानवायुको क्रिया सर्वांगमा हुन्छ, यो व्यान पनि प्राणवायु संगै ऊर्ध्वगमन गरिरहेछ, स्थान हृदयमा छ । (५) समान-शून्य मा स्थिर भएर नाभिमा समानरुपमा रहन्छ, यो सर्वदा यस अवस्थामा रहिरंहदा कुनै पीडा हुँदैन । क्रियाको परावस्थामा प्राण हृदयमा अड्किरन्छ । सूक्ष्म ब्रहममा यी सब वायु सूक्ष्मरुपमा छन् । यसैकारण स्थूलमा देखिरहेछन ।

प्रकृति=पंचतत्त्व, मन, बुद्धि अहंकार । यदि पुरुष प्रकृतिमा नहुँदो हो त कुनै वस्तुको पनि अनुभव हुँदैनथ्यो । सूत्ररुपी श्वासको भित्र यी सूक्ष्मभावमा सम्मिलित रहन्छन् । मृत्यु हुँदा खेरि यी सबकासब श्वासको साथ मिलेर गैहाल्दछन् अनि शरीर ग्रहण गर्ने बेला श्वासको साथ यी देहमा आविर्भूत हुन्छन । अतयव श्वासरुपी प्राण समस्त प्राणी वर्गको आदि, मध्य, अनि अन्तमा वर्तमान रहन्छन ॥ २० ॥

आदित्यानामहं विष्णु : ज्योतिषां रविरंशुमान् ;
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥ २१॥

श्री धरीय टीका-[अब "आदित्यानां" इत्यादि देखि अध्याय-समाप्ति पर्यन्त सब विभूतिहरुको कुरा भनिरहनु भएका छन्]-द्वादश आदित्यहरु मा म विष्णु हूं अर्थात् वामन हूं । प्रकाशकहरुमा विश्वव्यापक रशिम युक्त सूर्य मै हूं । मरुत् नामक देवताहरुमा मरीचि मै हूं अर्थात् सप्तवायुमा म मरीचि हूं । सप्त मरुत्को नाम हुन, आवह, विवह, प्रवह, परावह, उद्‌वह, संवह, परिवह । नक्षत्रहरुमा म चन्द्र हूं ॥ २१॥

आध्यत्मिक व्याख्या-"जति पनि प्रकाश छन उनमा स्थिति स्वरुप प्रकाश मै हूं-अर्थात् क्रियाको जुन परावस्था छ, सूर्यको अणुमा ब्रहमको अणु छ, तेजको भित्र जुन सूक्ष्म वायु स्वरुप छन-त्यही मेरो रुप हो । सबैको अन्तरमा जुन ब्रहम अणु नक्षत्ररुपमा देखिन जान्छन तिनमा वृहत चन्द्र मेरो रुप हो । "

गीताको प्रथम षटकमा चतुर्थ अध्यायको प्रथम श्लोकमा आदित्य के हो, यो भनिसकिएको छ । भित्रको समस्त प्रकाशमा कूटस्थ ज्योति को अन्तर्गत हिरणमय वपुधारी नारायणको प्रकाश सर्वापिक्षा महान एवं चित्ताकर्षक छ, यही विष्णुको सत्त्वोर्जित मूर्त्ति हुन । क्रियाको परावस्थामा यस स्थिति स्वरुप प्रकाशको आधिक्य देखिइन्छ, यसैले क्रियाको परावस्था नै यसको स्वरुप हो भागवतमा भनेको छ-"चैत

एतैरनाविद्धं स्थितं सत्त्वे प्रसीदति"-क्रिया द्वारा चित्तले जब प्रशान्त रुप धारण गर्दछ त त्यस्मा रजस्तमो भाव या काम लोभादिको तरगं उठ्न सक्तैन, त्यस निस्तरंग अवस्थामा चित्त सत्त्वगुणमा अवस्थान गर्दै परमानन्दको उपभोग गर्दछ ।

"एवं प्रशन्न मनसो भगवद् भक्तियोगतः ;
भगवत्तत्त्व विज्ञानं मुक्त संगस्य जायेते ॥"

भगवान् प्रति भक्ति एवं त्यसको साथ मनको योग हुँदा खेरि साधकको चित्तमा भगवत्तत्व-विज्ञान अर्थात् चिन्मय ब्रहम-स्वरुपको अनुभूति हुन्छ र विषयहरुमा वैराग्य उत्पन्न हुन्छ । यस किसिमको आत्मदर्शनले हृदय-ग्रन्थि छिन्न हुन जान्छन अनि सब किसिमको संशय दूर हुन जान्छन् । यस ब्रहम प्रकाशलाई जसले सदा हृदयमा देख्दछ, त्यसको अविद्या तिरोहित हुन जान्छ । यो ब्रहम-प्रभा या चैतन्य ज्योति द्वादश भागहरुमा विभक्त छन-भग, अंश, अर्यमा, मित्र, वरुण, सविता, धाता, विवस्वान, त्वष्टा, पूषा, इन्द्र एवं विष्णु । यसलाई श्रुतिमा हिरण्मय पुरुष भन्दछन । छान्दोग्योपनिषदमा छ-"अथ यदेवैतदादित्यस्य शुक्लं भाः सैव सा, अथ यन्नीलं परः कृष्णं तदमः-तत् साम, अथ य एषोऽन्तरादित्ये हिरण्मयः पुरुषो दृश्यते हिरण्यश्मश्रुर्हिरण्यकेश आप्रणरवात् सर्व एवं सुवर्णः"-त्यो शुकल एवं कृष्ण दिप्तिद्वय नै "सा" एवं "अम" -साम हुन । यो अन्तरादित्य अर्थात् आदित्यको अभ्यन्तर जुन हिरण्मय हिरण्यश्मश्रु एवं हिरण्यकेश पुरुष देखिइन्छ, जसको नखाग्र देखि केश पर्यन्त सब सुवर्ण अर्थात् ज्योतिर्मय छन्, त्यो हृदयकमलमा शयन गरिरहेको छ, त्यसलाई देखिन्छ या अनुभव गरिइन्छ । कसले उसलाई देख्न पाउँदछ ? आचार्य शंकर भन्नुहुन्छ-"जसले आफ्नो दृष्टिलाई विषयहरु देखि निवृत गरिसकेको छ, चित्तलाई समाहित गरिलिएको छ अनि ब्रहमचर्यादि साधन सम्पन्न छन तिनीहरुद्वारा त्यो दृष्ट हुन्छन ।"

ज्योतिष्कगणमा त्यो सूर्य हुन् अर्थात् सूर्यमा उनको प्रकाशाधिक्य देखिइन्छ । सूर्यको अणुमा ब्रहमको अणु रहन्छ, तेजको भित्र सूक्ष्म वायुको अणु रहन्छ । यस किसिम सँग अन्तरमा ब्रहमाणु नक्षत्रको रुपमा देखिन जान्छन । ती नक्षत्रहरुमा चन्द्र नै वृहत छ, यसैले त्यो भगवान्‌को प्रधान विभूति हो ।

मरीचि-"मृ" धातुबाट अर्थात् जसले अहंकारलाई नाश गर्दछ त्यही दिव्यचक्षु कूटस्थ हो । त्यस श्वासरहित कूटस्थ ब्रहमको पुत्र हो "मरीचि" अर्थात सूर्य समान जसको ज्योति छ । पश्चात् त्यसमा समस्त चन्द्र समान ज्योति देखिन जान्छ । क्रिया गरेपछि चन्द्र दर्शन हुन्छ, मनको रुप नै चन्द्र हुन ॥२१॥

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः;
इन्द्रियाणाम् मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

श्री धरीय टीका-चतुर्वेदहरुमा म सामवेद हूं। देवताहरुमा देवराज इन्द्र हूं। चक्षु आदि एकादश इन्द्रियहरुमा म संकल्प विकल्पात्मक मन हूं। भूतहरुमा चेतना या ज्ञानशक्ति मै हूं। ॥२२॥

आध्यात्मिक व्याख्या-"ओमकार ध्वनि जुन पश्चिम शरीरमा अनुभव गरे पछि सुनिन जान्छ-जुन सबै आकाशमा देखिन जान्छ । त्यसमा परव्योम ब्रहमस्वरुप छन, त्यहाँ माग्नु विना नै समस्त वस्तुहरु प्राप्त हुन्छ -स्थिर वायु एवं विन्दु यी मेरा रुप हुन ।"

विना नभनिकन जुन सुनिइन्छन् त्यसको नाम श्रुति हुन अनि त्यसलाई जान्नुको नाम हो वेद अर्थात् जुन निःशब्दमा बोध हुन्छ । निविष्ट भाव सँग क्रिया गरेपछि जुन स्थिरता आउँदछ, त्यसद्वारा जुन बोध हुन्छ त्यही प्रकृत ज्ञान हो, त्यहाँ भूल हुनुको संभावना छैन । यसैले वेदको प्रमाण अकाट्य छ । योगीहरुले अणुप्रवेशद्वारा पहिले स्थानलाई देख्दछन, त्यस पछि त्यहाँ जुन प्राणी रहन्छन र तिनीहरु जुन विषयमा आलोचना गर्दछन् त्यसलाई श्रवण गर्दछन । यस किसिमसँग तिनीहरुलाई अतीत अनागत विषयहरु पनि अवगत हुन सक्दछन । मन लगाएर क्रिया गरेमा–

–आफसे आफ ओमकार-ध्वनि सुन्नमा आउँदछ । सूक्ष्म अणुस्वरुप जुन विन्दु ब्रहम छ त्यसमा सर्वदा रहनाले ओमकार-ध्वनि सुनिन जान्छ ।

"अनाहतंच यच्छब्दं तस्य शब्दस्य यत्परम्;
तत्परम् चिन्तयेद्यस्तु स योगी छिन्नसंशय ॥ "

अनाहत शब्द–("अर्थात कांस्य, घंटा, भ्रमर, वेणु, वीणा, मेघ, सिंह भेरी, तुरी, ढक्का) को पर निःशब्द अवस्था छ, यस अवस्थामा जो पुगेका छन त्यस योगीको सब संशय छिन्न हुन जान्छन ।

अ=गुहयद्वार, उ=हृदय, म=कूटस्थ, यी स्थानहरुमा वायु गमन गर्नाले उक्त किसिमको शब्द हुन्छ । त्यो अत्यन्त सुमधुर एवं चित्ताकर्षक हुन्छ, यसैले समस्त ज्ञातव्य-(जुन जानियोस-वेद) विषयहरुमा त्यो सामवेद हो । त्यस स्वर माधुर्य लहरी अधिक हुनुको कारण चित्त सहजै लय हुन जान्छ र आत्मस्थिति प्राप्त हुन्छ । यसैकारण वेद श्रेष्ठ छ ।

उपर्युक्त तीनै स्थान (गुहयद्वार, हृदय एवं कूटस्थ) क्रमशः दोहन गर्दै गर्दै भू-लिंग, भूव-नाभि, स्व-कण्ठ, यी स्थानहरुमा वायुको अनुभव हुन्छ ।

पहिलेवायु मस्तक पश्चात् हृदय अनि त्यस पछि गुहयद्वार पर्यन्त जान्छ । यही क्रमशः पूर्व, पश्चिम एवं उत्तरको क्रिया हुन र यही ऋक, साम एवं यजु हुन, यी तिन्टै एकत्र हुँदा खेरि नै ओमकार बन्दछ । प्रजापति ब्रहमाले वेदत्रय देखि एक एक पद दोहन गरी ओमकार बनाएको छ। साधकलाई पनि यसरी नै एक एक पाद दोहन अर्थात् मस्तक देखि हृदय, हृदय देखि गुहयद्वार-यी तीन ग्रन्थिहरुको भेदन गरेपछि कण्ठ एवं तालु पर्यन्त वायु स्थिर हुन जानेछ । ऋगवेद "ऋच"=स्तुति गर्नु, सम्मुख अगाडि पूर्व दिशातिर क्रिया गर्नु अर्थात प्राणायाम द्वारा स्तवन गर्नु, जसद्वारा मनको प्रशन्नता प्राप्त हुन्छ क्रिया गरी क्रियाको परावस्थामा रहनु । यजु="यज्"-पूजा गर्नु दक्षिण दिशामा वायुलाई लगेपछि ओमकार क्रिया द्वारा वायुको स्थिति हुन्छ, मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त अडकिई रहन्छ, कहिले श्वेतवर्ण कहिले कृष्ण वर्ण देखिन्छ । साम–पश्चिम दिशामा वायुलाई लगेमा ओमकार ध्वनि सुनिइन्छ, यस वेदलाई जान्नाले नै ब्राहमण हुन्छ, सर्वज्ञ, सर्वव्यापी एवं सर्वशक्तिमान हुन्छ, अष्टसिद्धि लाभ गर्दछ ।

क्रिया गर्दा गर्दै जुन आकाश देखिनमा आउँदछ, त्यसमा क्रियाको परावस्था रुप शून्य नै परव्योम हुन । यसैलाई देवराज भनिन्छ । ऊर्ध्वलोकमा सर्वोच्च स्थान नै परव्योम हो । "अहं" को सर्वश्रेष्ठ सूक्ष्मानुभूति कूटस्थ विन्दु नै चेतनरुप हो । यो विन्दु जबसम्म छ तबसम्म जडदेह पनि चेतन जानिइन्छ ।

आत्मादेखि मन निस्कियो, मनले संकल्पद्वारा विषयहरुलाई ग्रहण गर्ने इच्छा गऱ्यो, यसैबाट इन्द्रियहरु उत्पन्न हुन गयो । यी इन्द्रियहरुमा जुन शक्ति छ त्यै मनको शक्ति हुन । मन प्रथमतः अत्यन्त सूक्ष्म शक्ति सम्पन्न हुन्छन्, त्यतिखेर उसको जे इच्छा हुन्छ त्यसले गरिलिन्छ । चक्षु द्वारा अरुपको रुप हेर्दछ (अर्थात् कूटस्थ, विन्दु आदिलाई हेर्दछ), पश्चात् कान द्वारा अशब्दको शब्द ओमकार ध्वनि सुन्दछ । जिहवालाई तालुको भित्र प्रवेश गराई अरसको रस आस्वादन गर्दछ अर्थात् वायुरुप अमृत र (माधुर्य) कण्ठमा अनुभव हुन्छ । नासिकामा अगन्धको गन्ध आफसे आफ बोध हुन जान्छ, नाना द्रव्यहरु एवं पुष्पहरुको गन्ध प्राप्त हुन्छ । त्वचाले अस्पर्श ब्रहमवायु द्वारा ब्रहमाण्डको सब वस्तुहरुको स्पर्श गर्न सक्तछ । यी सारा साधन शुद्ध मनको संकल्प-शक्तिले उत्पन्न हुन्छन् । परन्तु इन्द्रियहरुको अनुभवको मूलमा मनै रहन्छ यसैकारण इन्द्रियहरुको बीचमा मन नै उनको प्रधान ऐश्वर्य हो ।

इन्द्रियहरुले जब स्थूल पदार्थहरुको अतिरिक्त अरु केही बुझ्न पाउदैनन् तब बुझुन पर्दछ-मन पनि बाहय संकल्प वशात् स्थूल वस्तुहरुको चिन्तन गर्दै अधिकाधिक स्थूल बन्दै जडवत हुन जान्छ । यो मन अन्धो , सदसद्-विवेक, शून्य हुन जान्छ ॥ २२॥

रुद्राणां शंकरश्चाश्मि वित्तेशो यक्षरक्षसाम् ;
वसुनाम् पावकश्चापि मेरु शिखरिणामहम् ॥२३॥

श्री धरीय टीका-एकादश रुद्रहरुमा म शंकर हूं । यक्षराक्षसहरुमा म कुबेर हूं-क्रुरतामा राक्षसहरुको साथ यक्षहरुको समता हुनुको कारण दुवैको एकत्र निर्देश भएको छ । अष्टवसुहरुमा अग्नि म हूं तथा उच्चश्रंग पर्वतहरुमा म मेरु हूं ॥२३॥

आध्यात्मिक व्याख्या-"नाभिमा वायु स्थिर एकत्व पावक नाम वसुको मूर्त्ति कूटस्थको भित्र मुकुटधारी देखिन जान्छ-चन्द्रको भित्र कूटस्थ समान तथापि त्रिकोण पहाडको शिखर समान जुन देखिन्छ-ती सब मैरै रुप हुन । "

-नाभिमा जुन वायु छ, त्यो रुद्र हो । यो वायु जब स्थिर हुन्छ तब त्यो "शकंर " हो अर्थात् जसले मंगल गर्दछन् । नाभिमा जबसम्म समान वायु ठिक रहन्छ तबसम्म मृत्यु हुँदैन । समान वायु जब वृद्धि लाई प्राप्त हुन्छ त उत्तम पुरुषको दर्शन हुन्छ, अतयव शंकर उनको विभूति या प्रकाश हुन । कूटस्थमा सब अनुभव हुन सक्दछन् । परन्तु यी सब दृश्य स्वतः स्फूर्त देखिन जान्छन । यसरी कूटस्थको भित्र जे जति दृश्यरुपमा देखिइन्छ, ती सब उनकै विभूति हुन । यस को लागि कुनै संकल्प या उद्योग गर्नु पर्दैन । जुन स्वतः कूटस्थको भित्र देखिन जान्छ या अनुभवमा आउँदछ, त्यसको पनि विभूतियोगमा वर्णन भएको छ ॥२३॥

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम्;
सेनानीनामहं स्कन्दः सरसामस्मि सागर :॥२४॥

श्री धरीय टीका-पुरोहितहरुमा देव पुरोहित वृहस्पति नै मुख्य छन्, यसैले मलाई देवपुरोहित वृहस्पति बुझ्नु । सेनापतिहरुमा देवसेनापति स्कन्द या कार्त्तिकेय हूं । स्थिर जलाशयहरुमा म समुद्र हूं । ॥२४॥

आध्यात्मिक व्याख्या-"वृहस्पति अर्थात् ब्रहम-सब षट्‌चक्र ब्रहममा मिल्दछन् ।"

वृहस्पति देवताहरुको गुरु हुन् । जुन क्रियावान सदा कूटस्थमा रहन्छन् उनको तृतीय नेत्र प्रस्फुटित हुन्छन् । तिनीहरुनै देवता हुन् "यो देवानांम् पुरोहितः" जसले देवताहरुको पूर्वहित गर्दछन् तिनीहरु नै पुरोहित हुन, आत्मक्रिया द्वारा जो सर्वदा उनमा रहन्छ उनैको हित अर्थात् कल्याण हुन्छ । क्रियाको परावस्थामा पुग्नु नै परम हित हो । त्यसले नै परमपद प्राप्त हुन्छ । साधक कूटस्थ स्वरुप भएर पश्चात् उत्तम पुरुष स्वरुप हुन जान्छ । तब उ सर्वदा ब्रह्मा रहन्छ अनि त्यस अवस्थामा नै क्रिया गर्दछ ।

सब सेनानीहरुमा म स्कन्द हूं । जो लड्‌दछ भिड्‌दछ, त्यो सेना हो । समस्त जन-समूह सेना हुन, तिनीहरु खालि "तंतं" "म" "म" मेरो लिएर युद्ध गर्दछन् । यस झैझगडाको मूल हो वासना । यो वासना जसको अधीनमा छ त्यो सेनाधिपति हुन । स्थूल श्वास प्रश्वास द्वारा नैं वासना संजीवित हुन्छ । यस बाह्य स्थूल श्वासको प्रभु हुन सूक्ष्म श्वास या स्थिर श्वास । जसको श्वास स्थिर हुन्छ त्यो वासना माथि जय प्राप्त गरी विमुक्तिको भागी हुन्छ । स्कन्द(स्+क+न+द । द शब्दबाट योनि, न शब्दले होइन छैन-जसको मनोवृत्ति योनि देखि तल रहदैन त्यसको नै श्वास (स) मस्तक (क) माथि चढ्‌दछ । जसको श्वास मस्तक माथि चढ्‌दछन् त्यसले असुरहरुलाई जीत्न सक्दछ ।-

"विद्यास्तस्य प्रतिष्ठांच यस्य त्वं मस्तकोपरि"

उसले नै विद्या या ज्ञान, प्रतिष्ठा या स्थिरता प्राप्त गर्दछ,-जसको प्राण मस्तकमा पुगेर स्थिर हुन्छ ।

"सरसामस्मि सागरः"-जो निरन्तर चलिरहन्छ त्यो सरस अर्थात् मन हो । प्राण चंचल भएर मन बन्दछ । त्यो चंचल प्राण या श्वास जब मेरुको भित्र गमनागमन गर्दछ तब त्यो सूक्ष्म हुन जान्छ । सूक्ष्म हुँदै हुँदै जब त्यो अपरिसीम सूक्ष्ममा परिणत हुन जान्छ अनि सागरको रुप धारण गर्दछ अर्थात् आत्मा तब विश्वब्रह्माण्डमा र त्यसको बाहिर पनि विद्यमान जानिन जान्छ ॥२४॥

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ;
यज्ञानां जप यज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

श्री धरीय टिका-महर्षिहरुमा म भृगु हूं । पदात्मक वाक्यहरुमा ओंकाराख्य एकाक्षर पद हूं । श्रुति एवं स्मृति विहित यज्ञादिमा म जयरुपी यज्ञ हूं अनि स्थावरहरुमा म हिमालय हूं ॥ २५॥

आध्यात्मिक व्याख्या-"कूटस्थ अक्षर-क्रिया गर्नु-शीतल वायु मेरुको भित्र एवं बाहिर गमन गर्दछ "।

जुन मानिसहरु मन लगाएर शरीर रुप क्षेत्रलाई श्वासरुप हलो द्वारा कर्षन गर्दछन्, तिनीहरु नै ऋषि हुन। जसलाई क्रियाको सम्यक् फल अवगत हुन्छन ती महर्षि हुन। यस किसिमका महर्षिहरुमा भृगु उन्को प्रधान विभूति हुन। भृगु=भ्रस्ज धातुले बनेको छ। यस्को अर्थ हुन्छ भर्जन गर्नु। जसरी भुटिएको बीजमा फेरि अंकुर उत्पत्ति हुँदैन, भृगु त्यसै किसिमका हुन। क्रिया गर्दा गर्दा खूब नशा हुन जान्छ, मुखले फेरि कुरा गर्ने इच्छा हुदैन, अतयव क्रिया द्वारा क्रियाको परावस्थारुप ब्रहममा रहेर जो मौन हुन गएको छ त्यही भृगु हो (लाहिडी महाशयको वेदान्त व्याख्या २यअ.१ म पाद पृ: १७४ हेर्नुहोस) सबै वाक्यमा एकाक्षर प्रणव त्यै हुन। यो प्रणव नै ब्रहमको वाचक अर्थात प्रकाशक हो। यही ईश्वर प्रणिधानको बीज हो। यो जुन किसिमसँग ब्रहमाण्डको बीज छ उसरी नै व्यष्टिरुपले प्रत्येक जीवको पनि बीज हो। जसरी बीज वृक्षाकारमा परिणत भएर पत्र, पल्लव, पुष्प, फलद्वारा समृद्ध हुन्छ, उसरी यस अनन्त ब्रहमाण्ड देखि जीवाणु परमाणु पर्यन्त सबकासब प्रणव स्वरुप छन। प्रत्येक जीवको स्थूल, सूक्ष्म, एवं कारण शरीर आदि जसरी विन्दुरुपा महाप्रकृति देखि उत्पन्न भएका छन्। उसरी नै विन्दु पनि नादरुपी पुरुषदेखि उत्पन्न छन्। यो नाद एवं विन्दु संयुक्त भएर पुरुष एवं प्रकृतिको मिलित भाव शिवशक्त्यात्मक छ-त्यही आद्या प्रकृति हुन। सबै जीवहरुको सारा वैखरी शव्द मिलेर सूक्ष्म भन्दा सूक्ष्मतर हुँदै अन्तमा नादमा पर्यवसित हुन्छन र त्यस नाद देखि सृष्टि आरम्भ भएर यस स्थूलतम पिण्डमय जगत्मा परिणत हुन्छन। त्यो नाद नै ब्रहम हो। यस नाद-ब्रहमलाई अवलम्बन गरेपछि समस्त स्थूल तत्त्व सूक्ष्म तत्त्वभावमा प्राप्त भै तत्त्वातीत भावमा अनुप्रविष्ट हुन्छन्। जब सारा शव्द सूक्ष्मनादमा मिल्न जान्छन्। तब त्यो अनाहतरुपमा या ओमकार रुपमा प्रकट हुन्छन्। यसैले वाक्यहरुमा उनको सर्वप्रधान विभूति एकाक्षर प्रणव हुन।

सबै यज्ञहरुमा त्यो अजपारुप यज्ञ हुन। यज्ञ द्वारा जसरी देवता प्रसन्न हुन्छन् र यजमानलाई यज्ञफल प्रदान गरी कृतार्थ गर्दछन्, उसरी अजपारुप जपयज्ञले जीवको भवबन्धन छुट्न जान्छ। अन्य समस्त यज्ञको फल बन्धनात्मक छन्। यस अजपारुप यज्ञबाट साधकले आफ्नो अभीष्ट वस्तु प्राप्त गर्दछ-आत्मासँग मिल्न जान्छ। दोस्रो यज्ञले साधकलाई त्यसदेखि विच्छिन्न गरिदिन्छन्। खालि यही एकमात्र यज्ञ छ जसद्वारा जीव आफ्नो अभीष्ट वस्तु आत्मासँग मिलेर एक हुन जान्छ। यसैले समस्त यज्ञहरुमा अजपा नै प्रधान छ।

"स्थावराणां हिमालय:" स्थावर वस्तुहरुमा त्यो हो हिमालय। स्थावरको अर्थ छ श्रेष्ठ स्थिति अर्थात् जो कहिल्यै विचलित हुँदैन। मेरुमा प्राणको स्थिति भएपछि त्यो स्थिर शान्त एवं शीतल हुन जान्छ अर्थात् तब वासनाको कुनै उत्ताप तरंग रहदैन, मन परम शान्तिरसमा डुब्न जान्छ।

"यावत् वायो मेरोर्मध्ये तावत् मृत्यु भयं कुत:"

मेरुको भित्र प्राणको स्थिति हुंदाखेरि मृत्यु भय रहदैन, अमृतत्त्वको प्राप्ति हुन्छ। जीव चिरकालको निम्ति निश्चित हुन जान्छन्। ॥२५॥

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणांच नारदः;
गन्धर्वाणां चित्ररथः सिध्दानां कपिलो मुनि : ॥२६॥

श्री धरीय टीका-सबै बृक्षहरुमा म अशवत्थ हूं। देवता भएर जस्ले मन्त्रदर्शन द्वारा ऋषित्व पाएको छ उनमा नारद हूं। उत्पन्न हुनासाथै जसलाई परमार्थ तत्त्व अधिगत हुन्छन्, तिनीहरु सिद्ध पुरुष हुन ती सिद्धहरुमा कपिल नामक मुनि हूं। गन्धर्वहरुमा चित्ररथ नामक गन्धर्व हूं। ॥२६॥

आध्यात्मिक व्याख्या-"अशवत्थ वृक्ष समान उल्टो भ्रूको बीचमा देखिइन्छ, नारद कूटस्थको सम्मुख देखिइन्छन् -कूटस्थको अगाडि चित्र विचित्र पुरुषोत्तमकै रुप। "

सबै वृक्षहरुमा अशवत्थ श्रेष्ठ छ। यो कूटस्थमा विपरित रुपमा उल्टो (अर्थात् सिर तलतिर स्थित) देखिन जान्छ। नारद पनि देखिइन्छन्। क्रियावान मानिसहरुमा जो ऋषि छन त्यही नारद हुन। नारद -नर-मनुष्य समूह) + द-(उपदेश दान)=जसले मनुष्यहरुलाई उपदेश प्रदान गर्दछन्। क्रिया दिंदा दिंदै सर्वदा त्यस कूटस्थ ब्रहममा रहनु आफसे आफ हुन जान्छ। यस किसिमका जो छन त्यही नारद हुन। आत्माको क्रिया द्वारा त्यसले आफुलाई आफै प्रकाशित गर्दछन। त्यसले चन्द्र सूर्य आदि समस्त लोकहरु एवं सबै मनुष्यहरुलाई जान्दछन, देखने वित्तिकै बुझ्दछ-कुन कस्तो किसिमको मानिस हो।

कूटस्थमा जुन चित्र विचित्र पुरुषोत्तमको रुप देखिन जान्छन्, त्यही चित्ररथ" हुन्। कूटस्थको भित्र सिद्ध पुरुषहरु पनि देखिन्छन, तीनमा कपिल प्रधान छन्। कपिल आजन्म सिद्ध एवं तत्त्वज्ञ पुरुषहरुमा श्रेष्ठ छन्। ज्ञान, वैराग्य एवं योगैश्वर्यले अतिशय युक्त कपिल भगवद् विभूतिको रुपमा प्रसिद्ध छन्। भागवतमा कपिलदेव भगवान्को अवतार मानिएका छन। ॥२६॥

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ;
ऐरावतं गजेद्राणां नराणांच नराधिपम् ॥२७॥

श्री धरीय टीका-अमृतार्थ क्षीरसमुद्रको मन्थनकालमा उद्भूत उच्चै : श्रवा अशवलाई मेरो विभूति जान्नु। "अमृतोद्भव" पद ऐरावत सँग पनि सम्बद्ध छ [ऐरावत पनि क्षीर समुद्र मन्थनमा उद्भूत भएका हुन। मलाई गजेन्द्रहरुमा अमृतोद्भव ऐरावत सम्झनु। मनुष्यहरुमा नराधिप अर्थात् राजालाई मेरो विभूति जान्नु] ॥२७॥

आध्यात्मिक व्याख्याः "घोडा देखिन जान्छ-त्यो अग्निरुप छ-हात्ती देखिइन्छ-वृहत ज्योतिको भित्र कूटस्थ।"-

अमृत प्राप्तिको लागि देवताहरुले समुन्द्र मन्थन गरेका थिए, उनको दण्ड थियो सुमेरु पर्वत अनि वासुकी नागलाई मन्थन रज्जु बनाइएको थियो समुन्द्र मन्थनबाट अनेक वस्तुहरु निस्केका थिए, उनमा अमृत, लक्ष्मी, चन्द्र, धन्वन्तरि, कौस्तुभ, शंख, उच्चैः श्रवा अश्व एवं ऐरावत हस्ती प्रधान छन्। यो खालि बाहिरी कुरा होइनन् यसमा जुन आध्यात्मिक रहस्य छ त्यस्लाई याँहा बताउंदछु। अनन्त प्राणशक्ति नै

सागर हो, पृष्ठस्थ (मेरु पृष्ठ हेर्दाखेरि कुर्मको पीठ समान जानिन जान्छ) मेरुदण्ड नै सुमेरु पर्वत हो, मेरुदण्डको सबभन्दा तल मूलाधार पद्ममा जीव चैतन्यमयी कुल कुन्डलिनी शक्ति विराजित छन्, यसले अविरत श्वास उद्गीरण गरिरहेको छ । यस श्वासलाई रज्जुरुपमा कल्पना गरी मेरु मध्यस्थ सुषुम्नारुपी मन्थन दण्डको साथ युक्त गरेर मन्थन गर्नाले प्राण-समुन्द्र मथित भएर क्रियावानलाई ज्ञानरुपी अमृत प्रदान गर्दछन् । तब विविध योगैश्वर्यरुपी कमला त्यसबाट समद्भूत हुन्छन्, सुमधुर गम्भीर शंख निर्घोष, रक्तवर्ण अश्व, तथा श्वेतवर्ण हस्ती साधकहरुलाई दृग्गोचर हुन्छन्, कूटस्थमा समुज्वल नीलवर्ण कौस्तुभमणिको ज्योति प्रकाशित हुन्छन्, वृहत् ज्योतिको अभ्यन्तर विश्वको राजा घनश्यामसुन्दर मदनमोहनको रुपमा प्रकाशित भएर जीवको समस्त सन्तापलाई हरण गर्दछन ॥२७॥

आयुधानांमहं वज्रं धेनुनामस्मि कामधुक् ;
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकि : ॥२८॥

श्री धरीय टीका-आयुधहरुमा या अस्त्रहरुमा म (दधीचिअस्थिनिर्मित) बज्र हूं । कामधुक् को अर्थ हुन्छ जसले सब कामनाहरुको दोहन गरोस धेनुहरुमा म कामधेनु हूं । प्रजोत्पत्तिको हेतु म कामदेव हूं । खालि संभोगप्रधान काम मेरो विभूति होइन, किन भने त्यो अशास्त्रीय छ । विषालु सर्पहरुमा उनका राजा वासुकि नाग मै हूं । ॥२८॥

आध्यात्मिक व्याख्या-"बज्राकृति देखिइन्छ, गाई देखिन जान्छ इच्छारहित काम-जुन आफसे आफ हुन्छ-सर्प देखिन जान्छन् ।"

-यी श्लोकहरुका सारा विभूतिहरु साधकको निजबोधरुप छन् । वज्राकृति अग्निको झलक कूटस्थ भित्र देखिन जान्छ, जसमाथि त्यो प्रयुक्त हुन्छ तत्सम्बन्धमा त्यसै बेला प्रज्ञालोक प्रदीप्त भएर साधकलाई प्रकृतज्ञान गोचरीभूत हुन्छ । हामीलाई थाहा छ-जसमाथि ब्रज्जानल खस्दछ त्यो ध्वस्त हुन जान्छ । ज्ञानको प्रकाशमा पनि यही हुन्छ, त्यतिखेर अन्य वृति चित्तमा फुर्दैन । यसको पर समाधि अवस्था आउँदछ । योगदर्शनमा लेखेको छ-*"तदेवार्थ मात्र निर्भासस्वरुप शून्यमिवसमाधि"*-ध्यानको परिपक्व अवस्था नै समाधि हो । त्यतिबेला दुई विषय परिस्फुट हुन्छन्, एक हो "अर्थमात्र निर्भास"-अर्थात् जुन विषयको अवलम्बन गरी ध्यान भैरहेथ्यो त्यसको सम्यक् प्रकाश या निज ज्ञानगोचर हुनु । दोस्रो हो "स्वरुपशून्यमिव" अर्थात् स्वरुप शून्य हुन जानु । समाधिको समय ध्यातृभाव रहदैन, शून्यवत् हुन जान्छ । यस अवस्थामा केवल ध्येयमात्र प्रकाशित हुन्छ । यस किसिमको संयमले प्रज्ञालोक उद्भासित हुन्छ । तब ज्ञानको आन्तर एवं बाह्यरुपमा रहनजाने प्रकाश रहदैन, सब एक हुन जान्छ । वज्रानलमा मानो सब दग्ध भएर भस्म हुन जान्छ । हाम्रो चित्त नै द्रष्टा एवं दृश्य दुवै रुपमा सज्जित भएर यस अनन्त भेदमय संसार-लीलाको अभिनय गर्दछ । समाधि अवस्थामा यो भेदज्ञान तिरोहित हुन जान्छ । प्रत्येक चित्तवृतिको सारुप्य जुन द्रष्टा छ त्यो प्रत्यक्षीभूत हुन जान्छ । यसैले जति किसिमका अस्त्र छन त्यसमा बज्र समान अन्य कुनै अस्त्र छैन । वज्राग्नि प्रदीप्त भए पछि स्वरुपावस्थाको जति पनि विरोधी प्रवृतिहरु छन, ती सब ध्वस्त हुन जान्छन् ।

कूटस्थको भित्र गाई देखिन जान्छ। त्यो कामधेनु हो, साधनको संकल्पमात्रले सारा काम्यवस्तुहरु साधकको पासमा उपस्थित हुन जान्छ। त्यसपछि कन्दर्प-साधकको इच्छारहित काम आफसे आफ हुन्छ। मनमाकुनै संकल्प हुँदैन तथापि अभीष्ट वस्तु स्वयंमेव आई उपस्थित हुन्छन्। साधकको साधनावस्थामा कहिले काँही कूटस्थको भित्र ज्योतिर्मयी सर्प देखिन जान्छ ॥२८॥

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ;
पितृणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

श्री धरीय टीका-निर्विष नागहरुमा उनका राजा अनन्त (शेषनाग) मै हूं। जलचरहरुमा उनका राजा वरुण मै हूं। पितृहरुमा राजा अर्यमा मै हूं। संयम या शासन गर्नेहरुमा मै यम हूं। ॥२९॥

आध्यात्मिक व्याख्या-"अनन्त नाग देखिन्छ-कारणवारि-रिचा अर्थात् गला देखि भ्रूपर्यन्त-वायुको स्थिति अनि संयम-अर्थात् प्राणायाम प्रत्याहार, धारणा, ध्यान एवं समाधि"-

कूटस्थको भित्र अनन्त नाग देखिन जान्छ, नीलो समुन्द्र समान अथवा नीलाकाश समान कारणवारि देखिन्छ जसको भित्र सब निहित छ। "यादः" या रसहरुमा प्रधान रस कारणवारि मै हूं जसलाई आश्रय गर्दै सृष्टि, स्थिति एवं संहार पुनः पुनः भैरहन्छन। यस रसलाई अवलम्बन गरेर नै विचित्र जगत्-लीला चलिरहन्छन्। अर्यमा पितृगण को अधिपति हुन। "पा" धातुले पितृ बनेको छ, जसले पालन गर्दछ। पालक को हो ? -*"वायुर्धाता शरीरीणाम्"*-देहधारी जीव मात्रको पालक हुन वायु या प्राण, प्राण, अपान, एवं समान वायु शिथिल हुन गएमा शरीर रहदैन। प्राणको अधिपति "अर्यमा" हुन। अर्य-ऋ धातु देखि गमन अर्थमा बन्दछ। जब प्राण गमन गर्दैन त त्यसको स्थिर भाव नै "अर्यमा" कहलाउँछ। तब गलादेखि भ्रूपर्यन्त वायु स्थिर रहन्छ। पहिले वायु मस्तक सम्म जान्छ, पश्चात् हृदयमा आउँछ अनि गुहयद्वारमा पुगी स्थिर हुन्छ। यही ऋक, साम, यजु हुन। यी तिन्टै एकसाथ मिली ओमकार हुन्छन्। मस्तक, मस्तकदेखि हृदय, र हृदय देखि गुहयद्वार-यी तीन ग्रन्थिहरुलाई भेदन गरेमा कण्ठ एवं तालु पर्यन्त वायु स्थिर रहन्छ-यस्को ऋचा हो र यही सावित्री हुन। वाम श्वास, दक्षिण श्वास एवं मध्यश्वास अर्थात सुषुम्ना-सूक्ष्म वायु मृणाल तन्तु समान सूक्ष्म छ-त्यही ऋचा हो आफुले आफैलाई जान्ने मन्त्र हो। यसले चंचल मनलाई अरुतिर जान दिदैन अनि क्रियाको परावस्थाको स्थिरत्व जुन निज बोध स्वरुप छ, त्यसको अनुभव गराई दिन्छ। संयमकारीहरुमा यम भगवान्को प्रधान विभूति हुन। कैवल्योपनिषदमा लेखिएका छ।-

पुरत्रये क्रीडती यस्तु जीव,
स्ततस्तु जातं सकलं विचित्रम्;
आधारमानन्दम खण्ड बोधं,
यास्मिन लयं याति पुरत्र यन्च ॥"

यो अणु स्वरुप जीव जुन मायाविशिष्ट भएर कहिले यहाँ कहिले त्यहाँ मन लगाइरहेको छ । बालक समान यस शरीरको ती स्थानहरुमा खेलिरहेछन्, त्यसैबाट यी विचित्र अवस्था (जाग्रत, स्वप्न, एवं सुषुप्ति) को उद्भव हुन्छ । यस किसिमसँग खेल गर्दा गर्दै क्लान्त थकित जीव गुरुसँग सदुपदेश लिई क्रिया गर्न शुरु गर्दछ , क्रिया गरी क्रियाको परावस्थामा ब्रहमाधारमा रहेर जीव अव्यक्त अखण्डानन्द निज-बोधरुप हुन जान्छ । तब शरीरको यो तीनै पुर (त्रिभुवन) लय हुन जान्छन् । जब सम्म यी तीनपुर वर्तमान छन् तबसम्म जीवलीलाको अन्त छैन । यी पुरको नाश हुनेछ संयम द्वारा । यम त्यस संयमनी पुरीको अधिपति हुन । योगदर्शनमा छ- *"त्रयमेकत्र संयम"*-धारणा, ध्यान, समाधि यी तीनलाई एकत्र गरी कुनै विषयमा प्रवर्तित गर्नुको नाम संयम हो । जब यस संयमको मात्रा यति यति सम्म टाढा पुग्दछ-बाह्य विषयको कुनै संज्ञा नै रहदैन । -*"तं विद्याद् दुःख संयोगं योगसंज्ञितम्"* यही द्रष्टाको स्वरुपमा अवस्थान भनिन्छ । तब प्राण एवं मन स्थिर हुन जान्छन् । यो महास्थिरावस्था नै महाशव हो-जगत् महाश्मसान हो त्यस महाश्मसानमा कोही रहदैन । रहन्छन त्याहाँ केवल अनादि पुरुष शिव एवं शिवहृदयमा विहार गर्ने मा कालिका । त्यो तब सूक्ष्म प्राणको रुपमा चक्र चक्र मा चलिरहन्छन् ॥ २९॥

प्रहलादश्चास्मि दैत्यानां कालः कलयताहम् ;
मृगाणांच मृगेन्द्रोऽहम् वैनतेयश्व पाक्षिणाम् ॥३०॥

श्री धरीय टीका-दैत्यहरुमा म प्रह्लाद हूं । वशकारीहरुमा या गणकारीहरुमा काल हूं । पशुहरुमा मृगेन्द्र अर्थात् सिंह हूं । पंक्षिहरुमा म गरुड हूं । ॥३०॥

आध्यात्मिक व्याख्या-"प्रकृष्टरुप आनन्द सर्वदा मस्तकमा वायुलाई स्थिर राख्दछ जुन सिंह देखिइन्छ, पक्षी देखिन जान्छ ।"

दितिबाट दैत्य बनेको छ, दिति शब्द "दुई" धातुले बनेको छ जसको अर्थ हुन्छ छिन्न या खण्डित गर्नु, आनन्द मात्रमा ब्रहमानन्दको धारा छ । परन्तु जब त्यो इन्द्रिय विषयहरु बाट उत्पन्न हुन्छ, तब खण्डित या छिन्न हुन्छ, अर्थात् त्यसमा समरस भाव रहदैनन् आउँछ र जान्छ । यसै कारण विषयानन्दलाई परमानन्द भन्दैनन् । प्रकृष्ट आनन्द तबै हुन्छ जब प्राणको र मनको चांचल्य भाव दूर हुन जान्छन् । त्यही स्थिरत्वको आनन्द हो । यस आनन्दलाई साधकहरुले तब बुझ्दछन् जब मस्तकमा प्राणवायु स्थिर हुन जान्छन् । त्यस अविच्छिन्न धारावाही परम आनन्दको तुलना फेरि कांही पनि पाइदैन । सारा इन्द्रियहरु अन्तरराज्यमा जुटेर एकमुखी हुन जान्छन्, अन्तर कमल-विलासिनी प्राणमयी जगन्माता तब आनन्दमयी रुप मा साधकको चित्तमा विहार गर्दछन ।

"अहं सुव पितरमस्य मूर्द्धन्मम योनिरप्स्वन्तः समुद्रे ;
ततो वितिष्ठे भुवनानुविश्वा उता मुंद्यां वर्ष्मणोपस्पृशामि ॥ "

-ऋ० १० मण्डल

देवीसूक्त ।

“सबैको पिता म हूं तथा सब भूतहरुको मूल कारण आकाशलाई मैले प्रसव गरेको छु। मैले जुन अवस्थामा आदि पितालाई प्रसव गरेको छु त्यो समुद्रको अतलतल समान अतीव दुर्ज्ञेय छ, म चैतन्यरुपमा यस त्रिभुवनलाई व्याप्त गरी अवस्थित छु, शक्तिरुपमा पनि सबमा अनुप्रविष्ट छु ।” यही जगन्माता हुन, यही सबको प्राण हुन ।

“राज्यं तस्य प्रतिष्ठा च लक्ष्मी तस्य सदा स्थिरा ;
प्रभुत्वं तस्य सामर्थ्य यस्य त्वं मस्तकोपरि ॥”-

मां, तिमी जसको मस्तकमा (सहस्रारमा) प्रतिष्ठिता हुन्छौ राजाले त्यसको चरणहरुमा मस्तक राख्दछ, प्रतिष्ठाले उसको आराधना गर्दछ, लक्ष्मी त्यहाँ सदा स्थिर भावले अवस्थान गर्दछ, प्रभुत्व एवं सामर्थ्य सब त्यसको अनुगामी हुन जान्छन् ।

“मृगेन्द्रोहम”-कूटस्थको भित्र सिंह देखिन जान्छ, सिंहनाद पनि सुन्नमा आउँछ । जुन साधकले सिंहनाद सुन्न पाउँछ , सम्झनु पर्दछ-उसको समाधि आसन्न छ । मृगको अर्थ अन्वेषण या याचना हो । सबै अन्वेषणहरुमा ठुलो अन्वेषण आत्मानुसन्धान नै हो, सब भिक्षाहरुमा श्रेष्ठ छ मुक्तिको भिक्षा । वैनतेय-गरुड । कूटस्थको भित्र गरुड पंक्षी देखिन जान्छ । वाणको पंखलाई पनि पंक्षी भन्दछन् । “शरोह्त्यात्मा” शर हो मन जुन वेगयुक्त भावमा गमन गर्दछ । मनको यो वेगयुक्त भाव जब ब्रहमलाई लक्ष्य गर्दछ , तब त्यो विष्णुको -जुन विश्वमा अनुप्रविष्ट छन्- वाहन ्बन्दछ । अतयव मनोवेगहरुमा भगवन्मुखी मनोवेग नै सर्वश्रेष्ठ छन् । यस्तो अवस्था जसको हुन्छ त्यसलाई विनत अर्थात विशेषभावले नत हुनुपर्दछ । यो प्रणत भाव नै भगवत्साक्षात्कारको प्रकृष्ट उपाय हो । -गरुड शब्दले पनि यी अर्थ प्रकट हुन्छ गर-विष, हृदय ग्रन्थिले नै जीवको लागि विषको कार्य गर्दछ, त्यसलाई जसले विनाश गर्दछ । -चक्षुमा कूटस्थ रहन्छ । त्यसको कृष्णस्वरुप ब्रहम एवं ज्योतिस्वरुप अग्नि नै महारथ हुन । वायुको ऊर्ध्वगति भएपछि यस कूटस्थको दिव्यरुपको दर्शन हुन्छ । अतयव वायुको ऊर्ध्वगति रुप गरुड माथि यस कूटस्थको स्थिति भएको छ । तब मस्तकमा एक किसिमको भार बोध हुन्छ । श्वास स्थिर भएपछि जुन क्रियाको परावस्थामा यस किसिमको भार बोध हुन्छ । त्यसमा वासनाको वेग, मनको चंचलता केही पनि रहदैनन् ॥३०॥

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ;
झषाणां मकरचाश्मि स्रोतसामस्मि जान्हवि ॥३१॥

श्री धरीय टीका-पवत् शब्दले पावयिता अर्थात् पवित्र गर्ने वालाहरुमा अथवा वेगवानहरुमा म वायु हूं । शस्त्रधारी वीरहरुमा दाशरथि राम हूं अथवा परशुराम हूं । झष अर्थात् मत्स्यहरुमा मत्स्य जाति विशेष मकर हूं । प्रवाहिनी नदीहरुमा म भागीरथी हूं । ॥३१॥

आध्यात्मिक व्याख्या-"वायु इच्छारहित-देखिन जान्छ-जानुमा वायुको जोर ।"

प्राणायामादि वायुको कार्य गरेमा इच्छारहित अवस्था हुन्छ । इच्छा नै सारा पापहरुको मूल हुन । यो इच्छा नष्ट हुन्छ प्राणायाम साधन द्वारा अशुद्धि नै प्रकृति मैला हुन । आवरण एवं विक्षेप मनको अशुद्धि या मल हुन । प्राणायाम द्वारा यो मल-अशुद्धि क्षय हुन्छ । योग दर्शनमा छ-*"ततः क्षीयते प्रकाशावरणम्"* प्रकाशस्वरुप जुन आत्मा छ त्यसको आवरण क्षयलाई प्राप्त हुन्छ, यही प्राणायामको फल हो । प्राण आत्माको नै विशेष शक्ति हो, त्यसशक्ति द्वारा नै जगत्‌को कार्य सिद्ध हुन्छन् । यस प्राणमा जो प्रतिष्ठित हुन्छन् त्यसले प्राणशक्तिको आश्रय त्यस द्रष्टा पुरुष या चितिशक्तिको सन्धान पाउँदछ ।

रामःराम देखिन जान्छन् । सबैको भित्र जसले रमण गर्दछ त्यो आत्मा हो । शस्त्र यानी आयुध जसद्वारा रक्षा या त्राण पाइयोस् । जस्को मन आत्मामा स्थिर छ त्यसलाई फेरि भय हुँदैन । अतयव भय देखि परित्राण पाउने जति पनि अस्त्र छन्, आत्मा उनमा सर्वप्रधान छन् । विभिन्न स्थानहरुमा स्थिर प्राणको गति द्वारा ज्ञानको प्रकाश हुन्छ । त्यस ज्ञान प्रवाहमा पवित्रतम आत्मज्ञान नै गंगा हुन, त्यतिखेर जानुमा स्थिर वायुको गति हुन्छन् । सर्वागमा स्थिर वायुको गति हुन गए पछि फेरि उसको बाह्य कर्म रहदैनन्, परन्तु जानुको भित्र योनिमा आसक्तिपूर्वक दृष्टि गरेमा रौखमा जानु पर्दछ । आसक्तिपूर्वक पुनः पुनः देख्दाखेरी कण्ठस्थ वायु पर्यन्त मग्न भएर उसैको कुरा गर्दछ अनि यो सोचेर त्यसमा सुख मिल्नेछ, त्यसमा लीन हुन जान्छन र फलस्वरुप रोगग्रस्त भै मृत्युलाई प्राप्त गर्दछ । यस जानुलाई भेद्न गरी या काम लाइ अतिक्रम गरी मनको जुन निर्मल प्रवाह बहन्छ त्यही पवित्र गंगा हुन ॥३१॥

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ;
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

श्री धरीय टीका-जुन सृष्ट हुन्छ त्यो सर्ग हो (अर्थात् आकाशादि) उनमा आदि, अन्त एवं मध्य मै हूं । यस अध्यायको बीसौं श्लोकमा सृष्टि आदिको कर्तृत्त्व रुप पारमैश्र्वर्य कथित भै सकेको छ । यस श्लोकमा विशेषरुपले बताउनु हुन्छ-सृष्टि, स्थिति एवं प्रलय मद्‌विभूतिरुपमा ध्येय छन् । अध्यात्म विद्याको अर्थ छ, सब चिजहरुमा आत्मविद्या मै हूं । प्रवदत् शब्दको अर्थ हुन्छ वादी, वादिहरुको सम्बन्धमा वाद, जल्प एवं वितण्डा नामक तीन कुराहरु प्रसिद्ध छन यिनमा म वाद हूं । जसमा दुवै वादीले प्रमाण एवं तर्कद्वारा स्वपक्ष स्थापन गर्दछन् तथा पर पक्षलाई छल, जाति एवं निग्रह स्थान दुषित गर्दछन्, त्यसको नाम जल्प हो । जसमा एक व्यष्टिले स्वपक्षको स्थापना गरुन र दोस्रो पक्षले दल, जाति एवं निग्रह स्थानद्वारा त्यस पक्षमा दोषोद्‌भावना गरुन् परन्तु आफ्नो पक्षलाई स्थापना नगरुन् त त्यसको नाम हो वितण्डा । यिनमा जल्प एवं वितण्डाद्वारा विजयाभिलाषी वादी दुवैको शक्तिको परीक्षा मात्र हुन्छ । "वाद" मा वितरागी शिष्य एवं आचार्य अथवा कुनै दुई व्यष्टिहरुमा तत्त्व निर्णयको कुरा हुन्छन । अतयव वाद श्रेष्ठ छ , यसैकारण त्यो मेरो विभूति हो ॥३२॥

आध्यात्मिक व्याख्या-"आकाशको आदि, अन्त मध्यरुप-क्रियाको परस्थिर अवस्था उत्तर दिएर जसले निरस्त गर्न सक्दछ ।"-

सृष्टिको आदि, अन्त एवं मध्यभाग-त्रिकालमा वर्तमान छन्। आकाशमा आदि, अन्त एवं मध्यरुप खण्डभाव हुँदैन । घटमठ आदिमा आकाश खण्डित देखिए पनि घट-मठादि व्यवधान जसरी आकाशलाई वस्तुतः खण्ड खण्ड गर्न सक्दैन, उसरी आत्मा पनि असंख्य शरीरादि उपाधिहरु भएर पनि एक अखण्ड आत्मा चिरविद्यमान रहन्छ, त्यसलाई कुनै वेष्टनमा ल्याउन सकिदैन ।क्रियाको परावस्थामा जब देहबोध रहदैन , तब आदि अन्त मध्यहीन आत्माको अखण्ड स्वरुपको बोध हुन्छ । अध्यात्म विद्यानै आत्म विद्या हो । यसद्वारा आत्मज्ञान प्राप्त हुन्छ ।

"विद्या हि का ? ब्रहमगति प्रदा या "

देहलाई अधिकृत गर्नुको कारण आत्मा नै अध्यात्म हुन । यस देहको सम्बन्धमा अनि त्यसमा अवस्थित आत्माको सम्बन्धमा ज्ञान आत्मक्रिया द्वारा नै लक्ष्य छ, यसैले क्रिया-साधनलाई पनि अध्ययन भन्दछन् । यस आत्मक्रियाद्वारा देहात्मबोध नष्ट हुन्छ अनि सत्यवोध या परमार्थबोधको उदय हुन्छ ।

वाद-जसबाट प्रकृत जिज्ञासुको सन्देह दूर हुन जान्छन् त्यसलाई वाद भन्दछन् । क्रियाको परावस्थाको सिवाय अन्य अवस्थामा यो संभव छैन ॥३२॥

अक्षराणामकारोऽस्मि द्वन्द्व : सामासिकस्य च ;
अहमेवाक्षयः कालो धाताऽहं विश्वतोमुखः ॥३३॥

श्री धरीय टीका-अक्षर अर्थात् वर्णहरुमा अकार मै हूं। अकार सर्ववाङमय छ , यसैकारण श्रेष्ठ छ। श्रुतिमा छ-"अकार नै सर्ववाक्य स्वरुप छन, यो स्पर्श र उष्मरुपमा व्यज्यमान अर्थात् प्रकाशमान भएर नानारुपहरुमा प्रकाशित हुन्छन् ।" समासहरुमा उभयपदको प्रधानताको कारण "रामकृष्णौ" इत्यादि द्वन्द्व समास मै हूं । मै अक्षय प्रवाहरुप काल हूं । "कालः कलयतामहम"-कालको कुरा पहिले भनिसकिएको छ। त्यो आयुर्गणनात्मक छ । शत-संवत्सर आयुस्वरुप कालको कुरा भनिएको छ । आयु क्षीण भएपछि त्यसले क्षयलाई प्राप्त गर्दछ, परन्तु याहाँ प्रवाहरुप अक्षय कालको कुरा भनिएको छ । केवल यति नै विशेषता छ। कर्मफलको विधाताहरुमा मै विश्वतोमुखी धाता हूं अर्थात् सबै कर्मफलहरुको विधाता हूं । ॥३३॥

आध्यात्मिक व्याख्या-"कूटस्थ-दुई-स्थिर उत्पत्तिको स्थान ब्रहम सबै दिशाहरुमा मुख"

ॐकाररुपी शरीरको भित्र सर्वत्र कूटस्थको अनुभव हुन सक्दछ। परन्तु दुई स्थानहरुमा कूटस्थ स्थिर र नित्य छन-भ्रूमध्य एवं मूलाधारमा । कूटस्थ अव्यक्त एवं नित्य छ। त्यसैद्वारा सृष्टि भएको छ र भैरहेको छ -त्यसलाई नै ब्रहम भन्दछन्। मूलाधारमा वायु गमन गरेपछि समस्त सृष्टिको क्षमता हुन्छ अर्थात् दूरको रुपरस, गन्ध, स्पर्श एवं शब्दको अनुभव यस शरीरमा नै हुन्छ । यही ब्रहमको सबै दिशाहरुमा मुख

भनिन्छन, यसमा यस्तो पराक्रम छ जे इच्छा गर्दछ त्यो गर्न सक्तछ। चक्षुद्वारा अरुपको रुप-कूटस्थ विन्दु देख्दछ। कर्णद्वारा अशब्दको शब्द-ॐकार-ध्वनि सुन्दछन। जिहवाद्वारा अरसको रस आस्वादन गर्दछन् अर्थात् वायुरुप अमृत (मिठास) गलामा बोध हुन्छन् , नासिकामा अगन्धको गन्ध नाना द्रव्यहरुको एवं पुष्पहरुको गन्ध मिल्दछन्। त्वचाले अस्पर्शीय ब्रहमलाई वायुद्वारा स्पर्श गर्दछन्। त्यो एक ब्रहम-वस्तुले नै आफुलाई अनेक भावहरुमा अनुभव गर्दछन्। ॥३३॥

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ;
कीर्तिः श्रीर्वाक् च नारीणां स्मृतिर्मेधा धृतिःक्षमा ॥३४॥

श्री धरीय टीका-संहारकहरुमा म सर्वहर मृत्यु हूं। प्राणीहरुको भविष्यत् कल्याणको पक्षमा मै अभ्युदयरुप हूँ। नारीहरुमा कीर्ति आदि सप्त देवतारुपिणी नारीहरु मै हूं। जसको आभास-मात्र सम्बन्ध द्वारा प्राणी श्लाध्य अर्थात् प्रशंसनीय हुन्छन्, ती कीर्ति आदि नारीहरु मेरा नै विभूति हुन ॥

[उपर्युक्त नारीहरुलाई धर्मपत्नी भनेको छ। जो वास्तवमा धार्मिकै छन, उनमा यी समस्त विभूतिहरु धर्मलक्षणरुपमा प्रस्फुटित भएर उठ्दछन। (१) धार्मिकहरुको जुन यशः चतुर्दिक कीर्तित हुन्छ, त्यही कीर्ती हुन। (२) धर्मानुष्ठान द्वारा धार्मिकहरुको शरीरादिमा जुन सौन्दर्यता उज्यालिन्छ, जसलाई देखेर मानिसहरु मुग्ध हुन जान्छन् त्यसको नाम श्री हुन। (३) धार्मिक मानिस धर्माचरण द्वारा जुन अपूर्व वाग्विभव प्राप्त गर्दछन, जसको वाणी सुनेर सबै मानिसहरु मुग्ध हुन जान्छन् , मानिसहरुको मनको सन्देह दूर हुन जान्छन् त्यस काव्यरसमयी भाव प्रकाशक शक्तिको नाम वाक् हो। (४) स्मृति (स्मरणशक्तिको नाम स्मृति हो। भगवद् विषयिनी स्मृति ध्रुवा भए पछि मुक्ति द्वारा उन्मुक्त हुन जान्छ। (५) मेधा-बुद्धिद्वारा बुझेर त्यसलाई धारण गर्ने शक्तिको नाम मेधा हो। जसको मेधा जति तीक्ष्ण हुन्छ त्यसले त्यति नै अभ्युदय लाभ गर्दछ। मेधा राम्रो हुनेलाई विस्मृति हुँदैन। (६) धृति-विषयान्तरलाई धारण न गरी मन, प्राण, इन्द्रियहरुलाई नियमित गरी चित्तलाई भगवद् अभिमुख एकाग्र गर्ने शक्तिको नाम धृति हो। (७) क्षमा-हर्ष विषाद मा उल्फुल्ल या आतुर नहुनुलाई क्षमा भन्दछन्।

वाहये बाध्यात्मिक चैव दुःखे चौत्पातिके कवचित ;
न कुप्यन्ति न वा हन्ति सा क्षमा परिकीर्तिता ॥३४॥]

आध्यात्मिक व्याख्या-मृत्यु समस्त हरणकर्ता-ब्रहमदेखि भएको छ र हुनेछ-नारीको कीर्ति श्री एवं वाक्य अनि स्मृति धृति क्षमा रुप।"

समाधि रुप मृत्यु नै समस्त विषयहरुको हरणकर्ता हो। साधारण मृत्युले देहादिको नाश भएर पनि संस्कारको नाश हुँदैन। यसैले फेरी जन्म मृत्यु हुन्छ। जन्मको आदि जहाँबाट भयो त्यसको नाम ब्रहम हो। यसलाई जानेपछि सर्वज्ञ हुन जान्छन्। यो सर्वज्ञता सबै अभ्युदयहरुमा श्रेष्ठ छ। क्रियाको परावस्थामा रहँदा रहँदै ब्रहममा अड्किईरहन्छ, तब सबै भाव एक भावमा मिली एक हुन जान्छन्। धर्मरुप

ऐश्वर्य द्वारा मनलाई जुन बल मिल्दछ अनि तज्जनित शरीरमा जुन कान्ति हुन्छ, त्यही श्री हुन। वाक्-राम्रोसँग सम्झाउने या बोल्ने शक्ति। साधनाद्वारा यो वाक् शक्ति विपुल परिमाणमा वर्द्धित हुन्छन्। साधकको वाक्य देखि मुग्ध भएर धेरै मानिसहरु आकर्षित हुन्छन्। स्मृति-यो एक किसिमको साधन विभूति हो, जुन हुँदा खेरि धेरै दिन पूर्वको कुरा अनि धेरै जन्मको कुरा साधकलाई स्मरण हुन जान्छ। क्रियाको परावस्था कूटस्थ दर्शनको जुन स्मृति छ,त्यो स्मृति जुन साधकमा सदा जागृत रहन्छ, त्यसले जीवन विमुक्ति लाभ गर्दछ। यस किसिमको स्मृतिको नाम नै मेधा हो। धृति-साधनद्वारा जसको चित्त एवं श्वास जति जति बढी परिमाणमा अवरुध्द हुन्छ, त्यसको धृति पनि त्यति त्यति नै उच्चस्तरको हुन्छ। क्षमा-योगबल द्वारा असाध्य साधन गर्दा खेरि पनि जब धैर्यसाथ त्यस शक्तिको संवरण गर्दछ, कसैको प्रति कुद्ध या तुष्ट हुँदामा जब नियम बाहिर कुनै कार्य गर्दैन अनि इन्द्रियहरुको धैर्य च्युतिको कारण उपस्थित हुँदामा पनि जब धैर्यच्युत न मै साम्यावस्था वर्तमान रहन्छन् भने त्यही असली क्षमा हुन। ॥३४॥

वृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ;
मासानां मार्गशीर्षोऽहमृतुनां कुसुमाकार : ॥३५ ॥

श्री धरीय टीका-"त्वामिद्धि हवामहे" इत्यादि ऋगमन्त्रमा गीयमान वृहत्साम मै हूं। इन्द्रलाई त्यस द्वारा सर्वेश्वर रुपमा स्तवन गरिइन्छ , यसै कारण वृहतसामको श्रेष्ठता छ। छन्दविशिष्ट मन्त्रहरुमा म गायत्री मन्त्र हूं। गायत्री मन्त्र द्विजत्वप्रापक एवं सोमाहरण हुनुको कारण श्रेष्ठ छ। मासहरुमा म मार्गशीर्ष एवं ऋतुहरुमा बसन्त हूं ॥३५॥

आध्यात्मिक व्याख्या-"महान ॐकार ध्वनि-ॐकारक्रिया-मूलाधार एवं सहस्रार एक हुनु-सदा वसन्त ऋतु समान बोध।"-

साधकहरुले साधनावस्थामा प्राय: ॐकार ध्वनि सुन्न पाउँदछन्। यो शब्द कहिले काँही धेरै उच्च एवं दीर्घकाल स्थायी हुन्छ। तब मन अरु कतै रहदैन, सदा शब्दमा तन्मय रहन्छन्। ॐकार क्रिया रुपी जुन साधना को अभ्यास योगीहरु गर्दछन् त्यसको यहाँ संकेत गरिएको छ। यानी ॐकार आदि द्वारा प्रज्ज्वलित ऊर्ध्वगामी अग्निमा मन्त्रले सहित अपान वायु द्वारा आहुति दिनु। प्रणव नै सवै मन्त्रहरुको आदि मन्त्र हुन। ॐकारमय शरीर छ, त्यो आद्य बीज हो किनभने यही आदि फलाकाँक्षारहित धर्म हुन, यस शरीरमा यसैको साधन गर्नु आवश्यक छ। यसलाई गर्दै गर्दै साधक क्रियाको परावस्था रुप ब्रहममा लीन हुन्छ। जसले छः चक्रहरुको क्रिया गर्दछन् तिनीहरु जिहवा द्वारा मधुपान गर्दछन्- *"इड्यास्ते ते पिवन्ति जिहवाया मधोरग्ने वषट् क्रिति"-ऋग्वेद।* मनलाई रोक्नुको नाम मधु हो, त्यसलाई पान गरेपछि नशा हुन्छ। क्रियाद्वारा नै मनको अवरोध हुन्छ अनि एक किसिमको नशा हुन्छ। सहस्रार देखि सुधा क्षरित हुन्छ। त्यसलाई पान गरेपछि उन्मत्तता आउँदछ, जगतज्ञान नष्ट हुन जान्छन्। यो षड्दलपद्मको रस हो, यसलाई पान गरेमा सदा वसन्त ऋतु जस्तो ज्ञान हुन्छ। ॥३५॥

द्युतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ;
जयोऽस्मि व्यवसायोऽस्मि सत्वं सत्त्ववतामहम् ॥३६॥

श्री धरीय टीका-छलयत् शब्दको अर्थ हुन्छ वंचनाकारी । परस्पर वंचना गर्नेहरुमा म द्यूतक्रीडा हूं । प्रभावशालीहरुमा म प्रभाव हूं । जयशीलहरुमा जय हूं । सात्त्विकहरुको सत्त्व मै हूं ॥३६॥

आध्यात्मिक व्याख्या-"चतुरता-तेज-जय-सत्य-मै हूं । जुन जन कृष्ण भज्छन ती बडो चतुर"

साधकहरुलाई यस किसिमको चतुर्याईं सिक्नु पर्दछ । सारा रिपुहरु सदा प्रलोभन देखाएर विषयभोग गराउँदछन्, उनको हात देखि छुटकारा पाउनको लागि उनीहरुलाई सम्झाउने या खुशामद गर्नाले काम चल्ने छैन । तिनीहरुले तेत्तिकैमा छोड्ने छैन । उनीहरुसँग यस्तो व्यवहार गर्नु पर्नेछ, जसबाट उनीहरुले थाहा नपाओस-उनीहरुसँग संगत्याग गर्ने प्रयन्त गरि रहेछन् । यस किसिमसँग उनलाई वंचना गर्दै आत्मोपासना गरिइन्छ नत्र भने त तिनीहरुले साधनामा धेरै विध्न गर्दछन् । द्यूत-दिव्धातुबाट बनेको छ । दिवको अर्थ हुन्छ आकाश । मनलाई आकाशमा या शून्यमा राख्दा त्यहां अरु कसैलाई त्यसको पत्ता लाग्ने छैन । काम लोभादिलाई वंचना गर्नुको यस्तो उपाय दोस्रो छैन । यसैले यो भगवद्विभूति छन् । अन्यथा अरुलाई जुआचोरीद्वारा वंचना गर्नमा द्यूतक्रिडा जुन प्राधान्य छ त यो भवगद्विभूति होइन । जसमा तेज छ त्यसको वशमा सबै रहन्छन् । ब्रहमतेज नै सर्वापेक्षा बडो तेज हो । ब्रहमतेजः संपन्न पुरुष देखि देवता पनि डराउँदछन । तेजस्वी पुरुषले जे इच्छा छ गर्न सक्तछन् । यो तेज आत्मतेज हो । जय-"यतोधर्मस्ततोजयः" जहाँ धर्म छ त्यहाँ नै जय छ । सच्चिदानन्द भाव नै आत्माको धर्म हो । यस सच्चिदानन्दमा जो प्रतिष्ठित छन, त्यसलाई फेरि कुनै वासना या रिपुले आफ्नो वशमा ल्याउन सक्तैन । रिपुगणले उसको अगाडि हार मान्दछन् । व्यवसाय-उद्यम या पुरुषार्थ । उद्यमशील पुरुषले नै कुरुक्षेत्रयुद्धमा जय प्राप्त गर्न सक्दछन् । उद्यम हो क्रिया गर्नुको इच्छा एवं प्रयत्न सत्त्वगुण-धर्म, ज्ञान, वैराग्यादि नै सत्त्वगुण हुन । यस गुणको बढोत्तरी विना कोही आत्मस्थ हुन सक्तैनन् । विषयाकुल चित्त विषय संग्रहको लागि व्याकुल रहन्छ, त्यसको चित्त चंचलता जाँदैन । विक्षिप्त चित्तमा आत्माको स्थिर भाव जानिदैंन । *"सत्त्वं यद् ब्रहम दर्शनम्"* -सत्वगुण बाटै ब्रहमको स्वरुपानुभव हुन्छ । ॥३६॥

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः ;
मुनीनामप्यहं व्यासः कवीनामुशना कवि : ॥३७॥

श्री धरीय टीका-वृष्णिवंशीहरुमा वासुदेव हूं । जो म तिमीलाई उपदेश दिइरहेछु । धनंजय ! पाण्डवहरुमा तिमी मेरो विभूति हौ । वेदार्थ मनन गर्ने मुनिहरुमा म वेदव्यास हूं । कवि जुन क्रान्तदर्शी अर्थात् सूक्ष्म दर्शी हुन्छन् उनमा म उशना नामक शुक्राचार्य हूं । ॥३७॥

आध्यात्मिक व्याख्या-"इच्छा-ब्रहमज्ञ-वक्ता-उत्तमपुरुष ।"

वृष्णि "वृष" धातुदेखि बनेको छ, वृष धातुको अर्थ हो काम । देहाभिमानयुक्त जीवलाई जुन काम या इच्छा; हुन्छ, त्यो हुन्छ देह सम्बन्धी सुख प्राप्तिको इच्छा । *"सत्वं विशुद्धं वसुदेव संज्ञितम्"*-विशुद्ध सत्व नै वासुदेव हो । सत्व विशुद्ध भएपछि जो प्राप्त हुन्छन त्यही वासुदेव हुन । रजस्तमोगुणले अभिभूत जीवको

संसार वासना अति प्रवल हुन्छन् विशुद्ध सत्व भएपछि मनोवेग अविच्छिन्न धारामा आत्मामिमुख भै प्रवार्हित हुन्छ त्यही वासुदेव हुन। यस किसिमको शुभ-वासना ले नै सब कामहरुको परिसमाप्ति हुन्छन् अनि जो विश्वमा अनुप्रविष्ट भैरहेका छन त्यस कूटस्थ चैतन्य प्रति दृढाभक्ति आई उपस्थित हुन्छन्। यसैले सबै कामनाहरु भन्दा ठूलो कामना हो आत्माको अभिलाषा तथा सर्वप्राप्ति भन्दा श्रेष्ठ प्राप्ति हो आत्मज्ञानको प्राप्ति । पाण्डव-पाण्डव पंचतत्त्व हुन, उनमा अर्जुन तेजस्तत्व हो । त्यही मणिपूरको शक्ति हो जहाँ समानवायु रहन्छ । यो समान वायु जबसम्म अविकृत रहन्छ, तबसम्म जीवलाई कुनै भय हुँदैन । समानवायु प्राण अपानको सन्धिस्थलमा आएर प्राणअपान लाई स्व स्व कार्यमा स्थिर राख्दछ । यो वायु नै वैष्णवी शक्ति हो । नाभिस्थ अग्नि नै जीवको जीवत्व हो, यस कारणले पनि सबै तत्त्वहरुमा यसको प्राधान्य छ ।यस बाहेक यसको एक आर्को अर्थ विवेच्य छ । पाण्डव शब्द पण्ड धातुले बनेको छ । जसको अर्थ हुन्छ वेदोवज्जवला ज्ञान-बुद्धि । जसको बुद्धि उज्ज्वल छन, सत्यार्थ निरुपणमा समर्थ छन्, तिनीहरु नै पाण्डव या ज्ञानी हुन। यी ज्ञानीहरुमा श्रेष्ठ त्यो छ, जो ब्रहमज्ञ छ । धनदेवतालाई जय गर्नुको कारण यिनको नाम धनंजय छ । धनले जसरी मनुष्यलाई जीवलाई महामोहमा जरवडबंन्ध गर्दछन् । जस्ले सबै किसिमका एषणाहरुलाई जय गरिलिएकाछन् । मोहाभिभूत गर्दछन त्यस्तो वस्तु अरु कुनै छैन । यसैले धनको मोह लाई महामोह भन्दछन् । धनादि जड वस्तु प्रीति समधिक प्रति मोहको लक्षण हुन । धनैषा पुत्रैषा आदि एषणाहरुले रहित तिनीहरु नै ब्रहमज्ञ पुरुष हुन सक्तदछन् ।

व्यास-वेद-विभाग कर्त्ता या जो वेद वक्ता छन अनि जीवलाई उपदेश दिएर उध्दार गर्दछन् तिनीहरु नै व्यास हुन ।

उशना-वश धातु देखि बनेको छ । अस्तु , उशना अर्थात् जसले सारा इन्द्रियहरुलाई वशमा राखेको छ । दृष्ट (कामिनी कांचनादि ऐहिक भोग्य वस्तु समूह) एवं आनुश्रविक (पारलौकिक भोग्य विषयादि) विषयहरुमा जसको वितृष्णा छ यस्तो योगाधिकारी व्यष्टिलाई वशीकार संज्ञक वैरागय प्राप्त हुन्छ । यसको फलस्वरुप बुद्धि देखि विषय प्रति हेय एवं उपादेय भावहरु तिरोहित हुन जान्छन्। यस किसिमको आत्मवश्य विधेयात्मा पुरुषले नै शान्ति लाभ गर्दछन्, यो श्रीभगवान्‌ले गीतामा भन्नु भएको छ । जो यस प्रकारसँग वैराग्यलाई प्राप्त गरेका साधक छन, तिनीहरुले उत्तमपुरुषको साक्षात्कार प्राप्त गर्दछन्। उत्तमपुरुषको साथ जसको चित्त मिल्न जान्छन् तिनीहरु सर्वज्ञ हुन जान्छन् ॥३७॥

दण्डो दमयतारस्मि नीतिरस्मि जिगीषिताम्‌;
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥ ३८॥

श्री धरीय टीका-"दमयत" शब्दको अर्थ हुन्छ दमनकर्ता । दमनकर्ता सम्बन्धी दण्ड मै हूं । जसले असंयत व्यष्टि संयत हुन्छन्, त्यो दण्ड मेरो विभूति हो । जिगीषत् को अर्थहुन्छ जयकामी । जयको कामना गर्नेहरु सँग सम्बन्ध राख्ने सामादि (साम, दान, एवं भेद) उपायस्वरुप नीति मै हूं । सब गोप्य वस्तुहरुमा गोपनको हेतु मौन वचन मै हूं, किनभने तुष्णीभावले अवस्थित व्यष्टिको अभिप्राय कसैले जान्न सक्तैन । तत्त्वज्ञानीहरुको जुन ज्ञान छ त्यो मै हूं ॥३८॥

आध्यात्मिक व्याख्या-"सजाय-नीति-मौन-कूटस्थ हेर्नु-अनि आफ्नो बोधरुप ।"-

कुपथगामीहरुलाई सजाय दिनु विना उनिहरुलाई सुपथमा ल्याउन सकिन्न, अतयव दण्ड पनि भगवान्को विभूति हो । राजदण्ड द्वारा प्रजा सुशासित हुन्छन्, पापी पापाचरण देखि निवृत हुन्छन्, परन्तु मनुष्यको निम्ति इन्द्रियहरुको अपेक्षा दुर्दान्त रिपु दोस्रो कोही छैन । इन्द्रियहरुको प्रेरणाले मानिसहरु कस्ता कस्ता कति कति अन्याययुक्त कर्महरु गरी हाल्दछन् । ती इन्द्रियहरुको शासनको लागि अरु उपायहरु हुँदैमा पनि प्राणायामरुपी दण्ड सर्वोत्कृष्ट छ । अविद्या, अस्मिता, राग, द्वेष, एवं अभिनिवेश, यी पाँच क्लेशहरु छन् । क्लेशहरुद्वारा जीवको कर्माशय, गठित हुन्छ । इच्छा या अनिच्छाले जीव जुन सदसद्कर्मको अनुष्ठान गर्दछ, त्यसदेखि नै धर्माधर्म रुप कर्मबीजको संचय हुन्छन् । यसैकारण कर्माशय रुपी आधारबाट शत शत आशाहरु एवं वासनाहरु निरन्तर विकसित भै रहन्छन् ।अनि यस्को नै परिणाम हुन्छ मनुष्यत्व, द्विजत्व, चांडालत्वादि, स्वल्प या दीर्घ जीवन-काल तथा विषयेन्द्रियहरुको साथ स्थूल या सूक्ष्म विषयादिको संयोग । यी समस्त इन्द्रियहरु एवं यिनको साथ विषयहरुको संयोग नै प्रकाशस्वरुप आत्माको आवरण हुन । यस आवारणको क्षय हुनु विना आत्माको स्वरुप बुझिनमा आउँदैन । प्राणायाम द्वारा नै यो आवरण क्षयलाई प्राप्त हुन्छन् । योग दर्शनको साधन पादको ५२ सूत्रमा वर्णित छ-"ततः *क्षीयते प्रकावरणम् ।"*

अधिकांश जीव आवरण एवं विक्षेपरुप मलद्वारा नितान्त अशुद्ध रहन्छन । यस मललाई नष्ट गर्नु विना जीवलाई ज्ञान प्राप्त हुनु अत्यन्तै दुष्कर छ। प्राण आत्माको नै विशेष शक्ति हो , अव्यक्त परब्रहम देखि प्राणको उत्पत्ति हुन्छ, *"अव्यक्ताज्जायेते प्राण"* । सृष्टि, स्थिति, एवं लय यो प्राणको लीला या खेल मात्र हुन । प्राणको उपासना गरेपछि प्राणको जुन आश्रय छन उनमा उपासक लक्षित हुन्छन् । प्राणको स्थिर भाव नै आत्मा हो । प्राणायाम द्वारा स्थिर हुने वित्तिकै प्राण आत्मसत्ता संग एक हुन जान्छन । यसैको नाम हो प्राण प्रतिष्ठा । प्राणायाम द्वारा योगीको प्राणमय ग्रन्थि भेदन हुँदा अखण्ड प्राण सत्ता या स्थिर प्राणको अनुभव हुन्छ । अतयव दुर्दान्त मनलाई शासन गर्नको निम्ति प्राणायाम नै सर्वोत्कृष्ट दण्ड हो ।

नीति-जसले जयको इच्छा गर्दछन्, इन्द्रियहरु माथि जय गर्न चाहन्छन, उनको त्यस विजय साधन कौशलको नाम हो नीति । यही योग कौशल हो । यस योगोपाय रुपी नीतिको अवलम्बन गरी इन्द्रियहरुलाई पराभव गर्न सक्दछन । क्रिया गरी क्रियाको परावस्था लाभ गर्दा अनासक्त अवस्था प्राप्त हुन्छ । यस किसिमको अनासक्त पुरुषले नै मोक्ष प्राप्त गर्दछन ।

मौन क्रिया गरी जति जति बढी क्रियाको परावस्थामा प्रवेश प्राप्त हुनेछ, मन त्यति त्यति नै मौन हुँदै जानेछ, त्यसको बहिर्विचरण कम हुँदै जानेछ, यस अवस्थाको कुरा केही पनि व्यक्त गर्न सकिन्न । यो सर्वतोभावेन अप्रकाश्य छ, यसैकारण समाधिको मौनको अपेक्षा अधिक गुह्यतम अरु केही हुन सक्तैन ।

ज्ञान-स्थिति पदलाभ एवं कूटस्थ दर्शन । क्रियाको परावस्थामा नै ब्रहम सदृश स्थैर्य प्राप्त हुन्छ । तब कुनै वस्तुको इच्छा हुँदैन र त्यही निरालम्ब पद हो । त्यहाँ प्रवृति निवृत्ति दुवै नै रहदैन । तब सुन्दैमा पनि केही

सुन्दैन, सुंघदैमा पनि केही सुंघदैन, खाएर पनि केही खाँदैन, स्पर्श गरेर पनि केही स्पर्श गर्दैन । तब सुषुम्नामा रही सर्वदा नशामा रहन्छन । कुनै काम आसक्तिपूर्वक गर्दैन । सबकासब ब्रहममय बोध गर्दछन् ॥३८॥

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ;
न तदस्ति विना यत् स्यान्मया भूतं चराचरम् ॥३९॥

श्रीधरीय टीका-सबै भूतहरुको जुन बीज अर्थात् प्ररोहको कारण छ त्यो (उत्पत्तिको हेतु) मै हूं । यसको कारण यो छ-म विना रहन कुनै भूत पनि सक्तैन अर्थात् चर अचर कुनै पनि पदार्थ छैन ।३९॥

आध्यात्मिक व्याख्या-"सबैको वीज मै हूं म बाहेक कोही छैन केही छैन ।"-

चराचर समस्त भूतहरुको उत्पत्तिस्थान ब्रहम या आत्मा हुन । आत्मा बिना कुनै भूत रहन सक्तैन । जसरी स्वर्ण विना स्वर्णालंकार छैन, उसरी यस जगत्मा आत्मा सिवाय कुनै वस्तुको अस्तित्व छैन । यद्यपि ब्रहमको साथ जगत्को कार्य-कारण सम्बन्ध छ, परन्तु कार्यको जुन सत्ता छ, त्यो कारणको सत्ताको अतिरिक्त छैन । यस कारण जगत् प्रपंच पनि आत्मा देखि भिन्न छैन । आत्मा भन्दा अतिरिक्त कुनै पदार्थको अस्तित्व नै छैन । अज्ञान द्वारा नै नानात्व कल्पित हुन्छन् । यस नानात्वलाई नष्ट गर्नको लागि नै सर्वरुपमा जुन वस्तुको बोध भैरहेको छ त्यो आत्माको विभूति बा आत्मा नै हो । यही सम्झाउनको लागि यस उपदेशको अवतारणा छ । हामी देख्दछौं त सबै छन्, परन्तु वासुदेव नै सबचिज हुन , यो धारणा गरेपछि एकात्मताको धारणा हुनेछ । यसै कारण सबै पदार्थहरुमा ब्रहम बोधको लागि यो उपाय अवलम्बित भएको छ । नत्र भने त उपासना हुन सक्ने छैन अनि बिना उपासना अज्ञानीको अज्ञान नष्ट हुनेछैन । समस्त उपासनाको लक्ष्य अद्वैत अभेद-भाव नै हुन, अभेद-भाव न आइकन अज्ञान नष्ट हुँदैन अनि अज्ञान नष्ट हुनु बिना सुख दुख भोग तथा जन्म मरणको क्लेश निवारित हुँदैन ।

धेरै जसो भक्तहरु भगवान्को साथ भोक्ता एवं भोग्य सम्बन्ध देख्नु विना तृप्त हुँदैनन् । साधानावस्थामा केही सुखकर भए पनि यो सत्य वस्तु छैन । द्वैतावस्थामा चाहे जति निरन्तर भैरहे पनि त्यसको साथ दुख बोध रहन्छ नै । भगवत् मिलनमा अनन्त सुख हुन्छ भने त भगवद्‌विरहमा पनि दुख अनिवार्य छ । वासनाको यदि अन्त हुँदैन, तृप्ति हुँदैन त त्यसको निवृत्ति कसरी होला ? वासनाको निवृत्ति हुनु विना सुख कहिल्यै अप्राकृत या अलौकिक हुन सक्तैन । अप्राकृत सुख ब्रहम पदार्थ हो, त्यसमा "तं म" छैन । क्रियाको परावस्थामा "तं म" मेटिन गए पछि प्रकृत आनन्द प्राप्त हुन्छ । *त्यही हो 'ब्रहमानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिम्'* । अतयव चाहे जुन भावले उपासना गरोस, सबैलाई यस अद्वैत पथ देखि मिलने मार्ग भएर नै आउनु पर्ने छ । अनन्त जलराशिमा जलविन्दु समान मग्न भएपछि फेरी उसको पृथक ज्ञान हुन असम्भव छ । ॥३९॥

नान्तोऽस्ति मम दिव्यानां विभूतिनां परन्तप ;
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

श्री धरीय टीका-[प्रकरणको उपसंहार गर्नुहुन्छ]-मेरो विभूतिहरु छन्, अतः पूर्णतः तिन्लाई भन्न संभव छैन । अतयव यी विस्तृत विभूतिहरुलाई संक्षेपमा भनेकोछु" ॥४०॥

आध्यात्मिक व्याख्या-"मेरो दिव्य विभूतिहरुको अन्त छैन । यो सब भनियो"-यी विभूतिहरुको अन्त छैन, खालि दिग्दर्शनको लागि संक्षेपत : केही कुराहरु भनियो, साधकहरुले साधनावस्थामा हजारौं किसिमका विभूतिहरु देख्दछन् । एक मानिसले जे देख्दछ, अर्कोले केही अर्कै रुपमा देख्दछ । परन्तु जुन साधक मात्रको लक्ष्यमा आउँदछ-ती केही विभूतिहरुको कुरा यहाँ भनियो । कोटि-कोटी ब्रहमाण्ड धुलिकण समान उनको भित्र निरन्तर भ्रमण गरिरहेका छन् ,यी ब्रहमाण्डहरुको जो अधीश्वर छन उनको ऐश्वर्यको सीमाना कसरी निर्धारित गर्न सकिन्छ ? यद्यपि उनको अनन्त प्रकाश भैरहेका छन, परन्तु यस अनन्त अनन्तको मूहानको मूल केवल एकै वस्तु छ । क्रियाको परावस्था मा यस एकलाई अलिअलि बुझ्न सकिन्छ , परन्तु त्याहाँ कुनै पनि विभूतिको प्रस्फुरणा हुँदैन ॥४०॥

यद यद् विभूति मत्सत्त्वं श्री मदूर्जितमेव वा ;
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥४१॥

श्री धरीय टीका-[पुनः श्रवणाकांक्षी अर्जुनलाई केही प्रकारान्तरले सबै विभूतिहरुको बारेमा भन्नु हुन्छ] -विभूतिमत्को अर्थ हुन्छ ऐश्वर्ययुक्त । जुन जुन समृद्धियुक्त कान्तियुक्त, अथवा प्रभाव एवं बलादि गुणहरु द्वारा अतिशायित अर्थात् श्रेष्ठ छन ती वस्तुहरुलाई मेरो प्रभावको अंश देखि उत्पन्न भएको सम्झनु ॥४१॥

आध्यात्मिक व्याख्या-"यी सब शाम्भवी मुद्राको तेज-जान्नु ।"

वृहत् ब्रहमाण्डमा जे जति छन, यस देहरुपी क्षुद्र ब्रहमाण्डमा ती सब विद्यमान छन ।

"देहऽस्मिन वर्तते मेरु : सप्त द्वीप समन्वित ;
सरित : सागराः शैलाः क्षेत्राणि क्षेत्रपालका : ॥
ऋषयो मुनयः सर्वे नक्षत्राणि ग्रहास्तथा ;
पूयतीर्थानि पीठानी वर्तन्ते पीठदेवता ॥
त्रैलौक्ये यानि भूतानी तानि सर्वाणि देहतः ;
मेरुं सवेष्ट्य सर्वत्र व्यवहार : प्रवर्तते ॥"

- शिव संहिता

जीवदेहमा सप्तद्वीपको साथ सुमेरु पर्वत अवस्थित छन । समस्त नदनदी, सागर,पर्वत क्षेत्र क्षेत्रपाल आदि त्रैलोक्यमा जुन जुन भूतादि ऋषि, मुनि नक्षत्र ग्रह, पुन्यतीर्थ, पीठस्थान एवं पीठदेवता छन, सबले मेरुलाई संवेष्ठन गर्दै अर्थात् मेरुलाई घेरेर आफ आफ्नु कार्य सम्पादन गरिरहेका छन् ।

यस मेरुमा रहने शक्ति नै निखिल ज्ञान-प्रकाशको एकमात्र मूल कारण हुन । यही एकांश अर्थात् ज्ञानको विषय हो , अवशिष्ट सारा अंश अव्यक्त छन, तिनलाई बताउने या समझाउने कुनै उपाय छैन, जुन योगीहरुको दृष्टि बाहिर स्थिर हुन्छन र मन अन्तर्लक्ष्यमा स्थापित हुन्छन तिनीहरु शाम्भवी मुद्रायुक्त सिद्ध साधकेन्द्र पुरुषहरु असीम शक्तिसम्पन्न हुन्छन । शाम्भवी मुद्राको फलस्वरुप साधक ब्रहम समान शक्तिसम्पन्न हुन सक्दछन । गोरक्ष संहितामा शाम्भवी मुद्राको बारेमा लेखिएको छ ।-

"नेत्रांजनं समालोक्य आत्मारामं निरीक्षयेत् ;
सा भवेत् शाम्भवी मुद्रा सर्वतन्त्रेषु गोपिता ॥"

नेत्रस्थ अंजन प्रति दृष्टि राखी (अर्द्धनिमिलित भावमा स्थिर दृष्टि सम्पन्न भै) भित्र आत्मा प्रति लक्ष्य राख्नुलाई शाम्भवी मुद्रा भन्दछन् । यो तन्त्रहरुमा अति गोपनिय छ । शाम्भवी मुद्राको फल यस्तो छ ।

"स एव आदिनाथश्च्च स च नारायणः स्वयम् ;
स च ब्रहमा सृष्टकारी यो मुद्रां बेत्ति शाम्भवीम् ॥"

जो यस शाम्भवी मुद्रासँग अवगत हुन्छ, त्यो साक्षात् आदिनाथ स्वरुप छ, त्यो नारायण स्वरुप छ अनि सृष्टिकर्ता ब्रहमाको समान अटल एवं अचल भावले विद्यमान रहन्छन । योग दर्शनको समाधिपादमा जुन "ज्योतिष्मति" या "विशोका" को कुरा भनिएको छ , त्यो हो शाम्भवी मुद्राकै फल । चित्त स्थिर भएपछि शुभ्र स्वच्छ निर्मल निस्तरंग आकाश समान एक प्रकाश सत्ताको अनुभव हुन्छ । यसलाई नै ज्ञानमूर्त्ति श्रीगुरुदेवको प्रकाश जान्नु ॥४१॥

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ;
विष्टभ्याहमिदं कृत्स्नमेकांशने स्थितो जगत् ॥४२॥

श्री धरीय टीका-[अथवा तिमीलाई यस परिच्छिन्न (पृथक्पृथक) विभूति दर्शन देखि के प्रयोजन ? सर्वत्र समदृष्टि गर्दै हेर (अर्थात मलाई हेर) यस विषयमा भन्नुहुन्छ]-हे धनंजय ! यस किसिमको धेरैजसो पृथक पृथक ज्ञानसँग तिम्रो के प्रयोजन, किनभने यो समस्त जगत् एक देश द्वारा धारण गरी या व्याप्त भएर मै अवस्थित छु । म सिवाय अरु केही श्रुतिमा लेखेको छ-विश्वभूत या दृश्य जगत् परमात्माको एक पाद हो, शेष तीन पाद उनको निर्गुण स्वरुपमा स्थित छन् । इन्द्रिय द्वार देखि चित्त बाहिर दौडदछन्, यसैले सर्वत्र ईश्वर दृष्टि गर्नुको विधानार्थ दशम अध्यायमा श्री भगवान्ले आफ्नो विभूतिहरुको कुरा भन्नु भएको छ ॥४२॥

आध्यात्मिक व्याख्या-"धेरै भन्नु पर्ने कुनै प्रयोजन छैन-धूलोको अणु जलको अणुमा प्रवेश गर्दछन-जलको अणु तेजमा, तेजको अणु वायुमा, वायुको अणु आकाशमा-आकाशको ब्रहममा-ब्रहमको अणुको एकांशमा जगत्लाई जान्नु ।"

ब्रहमको एकांशमा नै व्यक्त जगत् छ, यो मायोपहित छ, शेष समस्त अव्यक्त छ । यस अव्यक्त देखि प्राण उत्पन्न भएर विश्वजगत्लाई प्रकाशित गर्दछन । अव्यक्त नै मुख्य प्राण छ, यसको कुनै रुप छैन । "स उ प्राणस्य प्राणः" त्यही प्राणको प्राण हो । त्यही अचल ब्रहम हुन । इच्छा द्वारा चलायमान हुँदा त्यो पंचधा विभक्त भएर प्राण अपानादि पंच प्राणहरुमा विभक्त हुन्छन् । हृदयस्थ वायु प्राण हो जसद्वारा जीव जीवित छन् । यही हो मनुष्यको जीवन । यस प्राण अपानको घर्षणले अग्नि प्रज्वलित हुन्छन । अग धातुको अर्थ हो गमन गर्नु । यस किसिमको होम-क्रियाले प्राण ऊर्ध्व अर्थात् मस्तकमा गमन गर्दछ । त्यही ब्रहमाग्नि प्रज्ज्वलित गरी होम अर्थात क्रिया गरेर क्रियाको परावस्थामा ब्रहममा लीन भै "सर्वं ब्रहममयं जगत्" बन्दछ । ब्रहमरन्ध्र भेदन गरी यसरी प्राणको गति हुन्छ , यो श्रुतिले भन्दछ, यस्तो अवस्था जीवनमुक्तको हुन्छ । यतिखेर जुन अवस्था हुन्छ, त्यसबारे कठ श्रुति भन्दछन ।

"यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य हृदि श्रिताः ;
अथ मर्त्योऽमृतो भवत्यत्र ब्रहम समश्नुते ॥;

जुन मानिसहरु क्रिया गर्दै गर्दै क्रियाको परावस्थामा जान्छन् तिनीहरु पहिले तृतीय नेत्र कूटस्थलाई प्राप्त गरी शिव बन्दछन्, पश्चात् त्यस कूटस्थमा स्थिर भए पछि विष्णु हुन्छ,-प्रयत्न गरेमा सबैले यस अवस्थाालाई प्राप्त गर्न सक्दछन्-तथा सह्य गरी क्रिया गरि रहँदा मूलाधारमा कुलकुण्डलिनी जाग्रत हुन्छन । तब प्रमुच्यन्ते अर्थात हृदयमा जति पनि कामादि रहन्छन् , त्यसबाट इच्छामात्रले मुक्त हुन जान्छन, पश्चात् अमृत लाभ गर्दछन । साधुहरु क्रियाको परावस्थामा जलवत् घृत तथापि दुग्ध समान सुस्वादु वस्तु सुधाको पान गर्दछ । क्रियाको परावस्था रुप सुरा पान गरी तिनीहरु "अश्नुते"-जगत्मा जसरी मानिसहरु भोजन गरी तृप्त हुन्छन, उसरी नै प्रकृति भवानीको भ्रू-भंगीमा मातंगिनी रुप धारण गरी सुधामृत पानले प्रमत्त भएर त्यस परम ब्रहमपदमा पुरुष एवं प्रकृति दुवै लीन भै "सर्वब्रहममयं जगत्" हुन जान्छन ।

पंच महाभूत, पंच कर्मेन्द्रिय एवं पंच ज्ञानेन्द्रियहरु जम्मा१५ छन् । यसरी सूक्ष्म देखि स्थूल भूत सम्म प्राण वर्तमान रहन्छ । प्राणको एक अगाु आकाशमा, प्राणको दुई अणु वायुमा, प्राणको तीनअणु अग्निमा, प्राणको चार अणु जलमा, प्राणको पाँच अणु पृथ्वीमा-यी सारा सूक्ष्म अणु शुक्रको साथ पंचतन्मात्र महाभूत सृजन गर्दछन । पश्चात् ति स्थूल भएर श्रोत्रादि बन्दछन् । अनि शोणितमा मिलित भै हात पाउ, तत् पश्चात् अहंकार हुन्छन । यस किसिम संग सूक्ष्म देखि स्थूलमा अविरत रुपले परिणत भै रहन्छन् । पश्चात जब लय हुन्छ तब पृथ्वीको अणु, जलको अणुमा प्रवेश गर्दछन । जलको अणु तेजमा, तेजको अणु वायुमा, वायुको अणु आकाशमा, अनि आकाशको अणु ब्रहमको अणुमा प्रवेश गर्दछन् । ब्रहमको अणुको एकांशमा जगत् छन । यो एकांश ब्रहमदेखि एकबार उठ्दछ र फेरि त्यसैमा डुब्न जान्छन् ।

ब्रहम असीम छ, अतयव त्यसको केन्द्र सर्वत्र छ । यो केन्द्र अणुरुप छन । सबै जीवहरुको भित्र यो अणुस्वरुप ब्रहमकेन्द्र रहन्छ । जब प्रलय हुन्छ तब सबै त्यस अणुमा प्रवेश गर्दछन्, अनि समस्त अणु त्यस ब्रहममा प्रविष्ट हुन जान्छन । कहिले यो अवस्था प्राप्त हुन्छन ?

"यदा पंचावतिष्ठन्ते ज्ञानानि मनसा सह ;
बुद्धिश्च न विचेष्टति तामाहु : परमां गतिम् ॥"

जब पाँचै ज्ञानेन्द्रियहरु मनको साथ स्थिर हुन जान्छन् त बुद्धिको आफ्नो चेष्टा रहँदैनन् त्यस अवस्थालाई ज्ञानी मनुष्यहरु परमागति भन्दछन । यही क्रियाको परावस्था हो ॥४२॥

इति श्री श्यामाचरण-आध्यात्मिक दीपिका नामक गीताको दशम अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता
एकादशोऽध्यायः
(विश्वरुपदर्शनयोग)

अर्जुन उवाच-

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम्;
यत्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥ १॥

श्री धरीय टीका-[भगवान् हरिले परम कृपावश आफ्नु विभूति वैभवलाई पूर्वाध्यायमा भन्नु भैकन दिदृक्ष अर्जुनलाई एकादश अध्यायमा विश्वरुप देखाउनु भयो ।]

[पूर्वाध्यायको अन्तमा "विष्टभ्याहमिदं कृत्स्न " इत्यादि वाक्यहरु द्वारा प्रसंग वश परमेश्वरको विश्वरुपात्मक भावको कुरा भनिएको छ । यहाँ भगवान्को उक्त वाक्यको प्रशंसा गर्नु हुँदै उनको दर्शनको आकांक्षाले चार श्लोकहरु मा]-अर्जुन बोल्यो-मेरो शोक निवृत्तिको निम्ति अनुग्रह भै परमात्मनिष्ठ गोप्य तथा आत्मानात्म -विवेक विषयक जुन वाक्य "अशोच्यान्व शोचस्त्वं" देखि षष्ठाध्याय सम्म तपाईले भन्नु भो, त्यसद्वारा "म हन्ता एवं यिनीहरु हत हुनेछ" यस किसिमको मेरो मोह अर्थात् भ्रम नष्ट हुन गयो, कारण यो छ-यसमा आत्माको कर्त्तृत्वादिको अभाव भएको कुरा भनिएको छ ॥१॥

आध्यात्मिक व्याख्या-शरीरको तेजद्वारा अनुभव भैरहेको छ ।-तपाईले जुन भन्नु भएको छ , त्यसले सारा मोह दूर हुन गयो-गुप्त अध्यात्म विद्याको जुन गुरुवाक्यगम्य छन ।"

-देहात्मबोध यानी देह नै मै हुँ ,यो ज्ञान नै जीवको महामोह हो । यो मोह कहिल्यै छुट्न चाहँदैन । द्वितीय अध्याय देखि यहांसम्म श्रीभगवान्ले आफ्नो (आत्माको) स्वरुप सम्झाउनु भएको छ । दशम अध्यायमा आत्मविभूतिको उल्लेख गर्दै अर्जुनलाई यो बताउनु भएको छ-सारा भूतहरुको जुन बीज छ त्यो मै हूं (यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन) तथा "विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत"-मैले समस्त जगतलाई आफ्नो एकांश द्वारा प्राप्त गरिरहेछु । अर्जुन भन्दछन्-तिम्रो यी सबै वाक्यहरु द्वारा मलाई ज्ञात हुन गएको छ । म को हुँ, तिमी को हौ, अनि तिमीसँग मेरो पनि यस जगत्को सम्बन्ध के छ । मेरो मोह दूर भएको छ अब म व्यर्थै कर्त्ता बनेर अहंकार गर्ने छैन । तिमी मेरो प्रभु हौ, मेरो आत्मा हौ , तिमी नै मेरो सर्वश्व हौ-यो तपाईंले कृपा गर्नु भै सम्झाई दिनु भएको छ । मेरो हृदयरोग नष्ट भएको छ, म अधिकांश शान्त भएको छु । दयालु गुरु जब आत्मस्थ भएर जीवलाई यो ज्ञान-दान गर्दछन् त त्यस गुप्त अध्यात्म विद्याको प्रभावले शिष्यको मोह नष्ट हुन जान्छन, अन्यथा छैन ॥१॥

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ;
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२॥

श्री धरीय टीका-भूतहरुको सृष्टि एवं प्रलय तिमी बाटै हुन्छ [मै निखिल जगत्‌को उत्पत्ति एवं प्रलयको परम कारण हूं इत्यीद]-यो मैले वारम्बार तपाईंबाट सुने । हे कमल दल नयन ! (कमलपत्रमा अंकित नेत्र समान सुप्रसन्न एवं विशाल नेत्र छन जस्को) तिम्रो अक्षय माहात्म्यलाई पनि सुने । अर्थात् यद्यपि तिमी विश्वसृष्टि आदिको कर्त्ता हौ, सर्व नियन्ता हौ, शुभाशुभ कर्मको कारयिता हौ, बन्धमोक्ष आदि विचित्र फलदाता हौ, तथापि अविकार, अवैषम्य, असंग एवं औदासिन्यरुपी लक्षणहरुले विशिष्ट तिम्रो अपरिमित महत्व छन, त्यो पनि मैले सुने ("अव्यक्त व्यक्तिमापन्नं"-मयाततमिंद सर्व-"न च माँ तानि कर्माणिनिबध्नन्ति" "समोहं सर्वभूतेषु"-इत्यादि) । अतयव जीवहरु सर्वथा तिम्रै अधीन भएर पनि "अहंकर्त्ता"-आदि जुन मोह मलाई थियो त्यो विगत अर्थात दूर हुन गयो ॥२॥

आध्यात्मिक व्याख्या-"तपाइको साथमा धेरै सुनेर तपाईं अव्यय अविनाशी महात्मा हुनुहुन्छ सुनिलिंए-हे कमलपत्राक्ष ! कमलपत्र को समान अक्ष ।"—साधकको अन्तरदृष्टिमा श्री भगवान्‌को जुन महात्म्य लक्षित हुन्छन, त्यसबाटै साधकको मोह दूर हुन्छ । अधिकांश कुराहरु जुन कहिल्यै सुनिएका थिएनन् ती अभूतपूर्व कुराहरु सुनिन जान्छन्, जुन पहिले कहिल्यै देखिएका थिएनन् ती देखिन जान्छन्-कूटस्थरुप चक्षुको भित्र त्यो विश्वतोदर्शी विराट्‌चक्षु प्रत्येक जीवमा पद्मपत्र समान मण्डलाकाररुपमा अनुभुत हुन्छन् । त्यस गोलाकार कूटस्थ मण्डलको श्यामायमान कान्ति देखेर मनः प्राण एक भएर हर्षविभोर हुन जान्छन् । यस्तो जानिन्छ-त्यस चक्षुमा हृदयको सारा कुराहरु लेखिएका छन् । ती विशाल नयनले मानो मेरो अन्तस्तल लाई भेदन गरी सब देख्दछन् । त्यस दृष्टि देखि मानो केही लुकाएर राख्न सकिदैन । पद्मपत्रमा जुन ईषत् लालिमायुक्त श्यामल शोभा विद्यमान छन् त्यो वस्तुतः अति मनोहरणीय छन । श्री भगवान्‌को त्यस विशाल नेत्रहरुमा कस्तो अपूर्व सौन्दर्य, कस्तो सुगम्भीर प्रसन्नता एवं अदभूत ज्योतिर्मयी ज्योति ज्योतित् भैरहेजस्तो देखिन्छन् ।

साधकको सौभाग्यवश यस कूटस्थमा जब पुरुषोत्तमरुप परिदृष्ट हुन्छ तब साधकको कर्त्तृत्त्वादि अभिमान रुप मोह चिरदिनको लागि नष्ट हुन जान्छन, ठीक त्यसरी नै जसरी कर्त्तालाई सामुन्ने देखेर मृत्युको मनमा "अहंकर्त्ता" भाव रहन सक्तैन । जब मनमा केही पनि रहदैनन् तब भला कर्त्ता को बन्ला ? साधकले जब उनमा सर्वकर्त्तृत्त्व, सर्वनियन्तृत्त्व एवं बन्धमोक्षादि विचित्र भाव देखेर पनि उनलाई असंग एवं उदासीनवत् सम्भन्छन् तब ती पनि तद्‌वत् उदासीन एवं असंग हुन जान्छन् । उनमा तब फेरी "अहंकर्त्ता" रुप मोह अभिमान विल्कुलै रहन जादैन ॥२॥

एवमेतद् यथात्थ त्वमात्मानं परमेश्वर ;
द्रष्टुमिच्छामि ते रुपमैश्वरं पुरुषोत्तम ॥३॥

श्री धरीय टीका-[अरु पनि भन्दछन्]-भूतहरुको उत्पत्ति एवं लय तिमीबाटै हुन्छन्, इत्यीद कुराहरु ७ सातौं अध्यायमा मैले सुनेको छु । अनि आफ्नो संबन्धमा जुन तिमीले भर्खरै भन्नु भएको छ-"आफ्नो प्रकाश द्वारा मैले समस्त जगत्‌लाई व्याप्त गरिरहेको छु" हे परमेश्वर, यो कुरा पनि सही छ , यसमा कत्तिपनि अविश्वास छैन । तथापि हे पुरुषोत्तम, तिम्रो ऐश्वर अर्थात् ज्ञानैश्वर्य शक्ति वीर्यादि सम्पन्न जुन रुप छ, कौतुकवश त्यस्लाई हेर्ने मेरो इच्छा भैरहेको छ । ॥३॥

आध्यात्मिक व्याख्या-"आत्माको जुन रुप ईश्वरलाई हेर्ने इच्छा गर्दछु-तत्त्वद्वारा"

-भित्र जुन अनुभव हुन्छन ती अति चमत्कारपूर्ण छन् । त्यसमा मेरो कुनै अविश्वास छैन । अब एकपटक तत्वतः बुझ्न चाहन्छु-कसरी तिम्रो एकांशमा यो विश्वरुप रहन सक्दछ । साधक साधनाको समय कहिले सानो कहिले अलि ठूलो अनि कहिलेकाहीं नाना रंगिविरंगी दृश्यको अनुभव गर्दछन् । "कूटस्थमा जुन साधक रहन्छन् शिव हुन जान्छन्, उनको चारै तिर देखि जुन अनुभव पद निर्गत हुन्छन-जुन साधकको हृदयमा नै पहिले मग्न थियो ती सब साधनाको बलद्वारा विस्तार विस्तार प्रकाशमा आउँदछन् । दस इन्द्रियहरुलाई दमन गर्दै क्रिया गर्दा खेरि ती खुल्न जान्छन् । ॐकार रुप शरीर नै माया हुन, त्यो छ : चक्र विशिष्ट छन् । क्रियाद्वारा यी ६ चक्र हरुमा क्रिया गरेपछि साधकले क्रियाको परावस्थारुप शान्ति प्राप्त गर्दछ । "प्राणवायु द्वारा मूलाधारस्थित कुलकुण्डलिनीलाई उत्थित गरेपछि कूटस्थमा स्वयंभू-लिंग-वेष्ठित कोटि सूर्य प्रभा देखिने छ । तब बोध हुनेछ-म नै शिव हूं । तब साधकले कूटस्थमा उत्तमपूरुषलाई देख्न पाउँदछ, क्रियाको परावस्थामा रहिकन "सर्वं ब्रहम मयं जगत्" देख्दछन । छः चक्रहरुमा जे जो देखिन जान्छन, ती सब उसलाई देख्नमा आउँदछन । क्रिया गर्दै गर्दै साधकले सुषुम्ना मार्ग बाट दीपकलिका समान ज्योति देख्न पाउँछ । वीर्य धारण गरी क्रिया गर्नु पर्दछ । भ्रूमध्यमा जुन विन्दु छ त्यो पनि देखिन जान्छन् । त्यो विन्दु नै सृष्टि-स्थिति-लयात्मक छन । सर्वदा प्राणायाम गरेपछि देवभाव प्राप्त हुन्छ र सव सिद्धिहरु पनि प्राप्त हुन्छन् । क्रिया विना गरिने खालि बाह्य पूजा व्यर्थ छन् । क्रिया द्वारा वंशी, घंटा, भृंग अनि मेघका गर्जन शब्द सुन्नमा आउँदछन । प्राणायामः द्वारा वायु स्थिर भए पछि समाधि सिद्धि हुन्छ । *"केवलं कुम्भकाद्देवि समाधिश्च प्रजायते ।"* कूटस्थको भित्र सूचिको (सियोको) अग्रमागको परिमाणमा एक सूक्ष्म विन्दु छ, त्यसको भित्र यो अनन्त विश्व भरिएको छ । त्यस अत्याश्चर्यमय सहस्रदलकमलमा शिवशक्ति -सम्मिलित अवस्थानै अर्द्ध-नारीश्वररुप जगत्को माता-पिता एकांगमा मिलेर अवस्थान गर्दछन् । त्यही ब्रहमको एकांश हो, त्यस एकांशको अनुभव भएपछि जीवको सारा देख्नु सुन्नुको अभिलाषा मेटिन जान्छन । यो एकांशै विराट्विश्वरुप हुन । अब अर्जुनले त्यसलाई हेर्न चाहन्छन् ॥३॥

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ;
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

श्री धरीय टीका-[म त्यसरुपमा हेर्न चाहन्छु , यसै कारण त्यस रुपलाई देखाऊ, यस्तो कुरा होइन । तब के हो ? त यही अर्जुनले भन्दछन]-हे योगीहरुको ईश्वर , (योग शब्दले योगीको पनि बोध हुन्छ) यदि यस्तो सम्झनु हुन्छ-म तपाईंको त्यसरुपलाई हेर्नमा समर्थ छु भने त मलाई त्यस रुपमय नित्य आत्माको दर्शन गराउनोस ॥४॥

आध्यात्मिक व्याख्या-"यद कदाचित् तपाई सम्झनु हुन्छ-म देख्न सक्छु-तब कूटस्थ द्वारा आफ्नो अविनाशी रुपलाई हेर्न लागे ।"

अर्जुन श्रीगुरुपदकमलमा नतसिर भैरहेछन्, उस्मा आत्माभिमान रहन गएको छैन । श्री भगवान्को अपार ऐश्वर्यलाई हेरेर त्यो विस्मित भैरहेछन्, उसको मनमा यस्तो भैरहेछ-म कति क्षुद्र एवं त्यो कति कति विराट् छन् । अणिमा लघिमादि महैश्वर्यसम्पन्न भगवान्लाई पाउन उसको लागि मानो कति कति असंभव लागिरहेछ । परन्तु त्यो बडो दीनदयालु छन, आर्त्तहरुको बन्धु हुन् । भवरोगकातर पुरुष यदि भयले व्याकुल भएर उनको शरण ग्रहण गर्दछन् भने त उनलाई त्यसले अभयदान गर्दछन् । यही विश्वासले अर्जुन डराउँदै उनीसँग भनिरहेछन-हे प्रभु ! तिम्रो ऐश्वर रुप हेर्नु को बडो इच्छा भैरहेको छ, परन्तु म के त्यसरुपलाई हेर्न योग्य छु ? यदि मैले हेर्न योग्य छैन भने त केवल मेरो मनोवेग तृप्तिको लागि तिमीले कुनै प्रयास नगर, मलाई त्यो रुप नदेखाऊ, म यसबाट दुःखी हुनेछैन र म तपाईकै प्रसादले आफूलाई योग्य बनाउनको लागि प्रयत्न गर्नेछु । प्रभु ! मलाई खालि आफ्नो सेवक-रुपमा याद राख्नोस-भक्तको यही आन्तरिक अभिप्राय हुन्छ ।

अर्जुनलाई उपर्युक्त भावहरु आउनु सम्भव छ, यो हामीसवैले बुझ्न सक्दछौं । भगवान् योगेश्वर हुन् । उनको अघटन घटन पटियसि माया भनेको साधारण व्यापार होइन । त्यसरुपलाई देख्न योग्य को छ ? हामी तपःहीन शुचिता शून्य छौं, खालि यसै कारणले त्यसरुपलाई हेर्न अयोग्य छौं, यस्तो कुरा होइन । जो तपस्वी छन, दानशील छन, याज्ञिक छन, तिनीहरुले पनि त्यसरुपलाई देख्ने योग्यता प्राप्त गर्न सक्तैनन् । हाम्रो यस्तो कस्तो तपस्या छ, कुन चाहि यस्तो त्याग छ, जसको सट्टामा श्री भगवान्ले आफ्नो कल्याणतम परमरुप हामीलाई ज्ञानगोचर गरुन् ! यदि गर्दछन् त त्यो उनको असीम कृपा बाहेक अरु केही होइन ।

निर्गुण परमात्माको जस्तो अरुप भाव छ, जसलाई योगीहरु क्रियाको परावस्थामा बुझ्न पाउँदछन, त्यसरी नै उनको सगुण भाव पनि छ, योगीहरुले कूटस्थमा त्यसलाई देख्दछन्, उनको यी दुवै भाव नित्य हुन । प्राज्ञ, तेजस-एवं विश्वको समष्टि भाव नै ईश्वर, हिरण्यगर्भ एवं विराट हुन । यी तीनै प्रकारको भावहरुलाई देख्नुको अधिकार एकमात्र योगीलाई नै छ । श्वेताश्वतर उपनिषदमा भनेको छ-

"य एको जालवानीशते ईशनीभिः,
सर्वांल्लोकांनीशते ईशनीभिः ॥
य एवैक उद्भवे सम्भवे च;
य एतद्विदुरमृतास्ते भवन्ति ॥"

जुन एक अद्वितीय मायावी स्वशक्ति द्वारा सबैलाई नियमित गर्दछन तथा जुन एक भएर पनि आफ्नो ईश्वरी शक्ति द्वारा समस्त जगत्को शासन गर्दछन । जुन जगतको उद्भव एवं स्थितिको एक मात्र कारण हुन, उनलाई जसले जान्दछन त्यो अमृत अर्थात् विमुक्त हुन जान्छन । "हिरणगर्भ जनयामास पूर्वम्" उनैले प्रथम हिरण्यगर्भलाई उत्पन्न गरेका थिए ।

या ते रुद्र शिवा तनुरघोरा पापकाशिनी ;
तय नस्तनुवा शन्तमया गिरिशन्ताभिचाकशीहि ॥"

"हे रुद्र! हे गिरिशन्त! (अर्थात जसले गिरिमाथि रहिकन सुख विस्तार गर्दछन अर्थात् मेरुपर्वतको शिखरदेश सहस्रारमा बसेर जसले जीवलाई ब्रहमानन्दमा मग्न गर्दछन्)-आफ्नो त्यस मंगलरुपा, अभया पुण्य -प्रकाशिनी सुखतमा तनुद्वारा हामी हरु माथि दृष्टिपात गर ।"

"ततः परं ब्रहम परं वृहन्तं
यथा निकायं सर्वभूतेषु गुढम् ;
विश्वस्यैकं परिवेष्टितारं ,
ईशं तं ज्ञात्वामृता भवन्ति ॥ "

त्यो यस जगदादि भन्दा पनि श्रेष्ट छन तथा अपरब्रहम हिरण्यगर्भ भन्दा पनि श्रेष्ठ छन । जो विभिन्न शरीर धारी समस्त प्राणीहरुको भित्र प्रच्छन्न भावसँग विद्यमान छन, जो समस्त विश्वको परिवेष्ठिता छन अर्थात् समस्त विश्वलाई जसले व्याप्त गरिरहेछन, साधक त्यस ईश्वरलाई जानेर अमृत हुन जान्छन् अर्थात् विभुक्ति लाभ गर्दछन् ।

योगी मानिसहरुले यी दुवै भावलाई जान्न पाउँदछन्। उनको एक अनामय ज्योतिरन्तर्गत विश्व -विमोहनकारी तेजोमय शरीर छ, अनि दोस्रो गगनोपम, शान्त, शुद्ध स्थिर भाव छ-जुन क्रियाको परावस्थामा अनुभूत हुन्छ । योगीहरु कूटस्थको भित्र आफ्नो नित्य अविनाशी स्वरुप या पुरुषोत्तमरुपलाई देख्न पाउँदछन । वृहत् ज्योति भन्दा पनि वृहत्तर ज्योतिरुप एवं क्षुद्राति क्षुद्र भन्दा पनि क्षुद्र अणु परमाणुलाई देख्न पाउंदछन् । त्यो क्षुद्र अणु परमाणु कसरी विश्व व्यापी हुन सक्तछ, यो बुझ्नलाई त्यति सहज छैन । जसले वृहत् कूटस्थलाई देखेको छैन, उसको लागि यस्को धारणा गर्न पनि असम्भव छ । यसैले अर्जुनलाई शंका हुन गयो-के त्यस अनन्त महत्‌रुप देख्नको लागि म समर्थ छु ? म त अहिले सम्म पनि योगी हुन सकेको छैन ॥४॥

श्री भगवानुवाच-

पश्य मे पार्थ रुपाणि शतशोऽथ सहस्रश : ;
नानाविधानि दिव्यानि नानावर्णाकृतीनिच ॥५॥

श्री धरीय टीका-[यसकिसिमसँग प्रार्थित भएर अत्यद्भूत रुप दर्शन गराउनको लागि अर्जुनलाई "तिमी सावधान भै हाल" भनी त्यसरुप तिर उन्मुख गर्न चार श्लोकहरुमा]-श्री भगवान् बोल्नु भयो-हे पार्थ [रुप एक भएर पनि नाना किसिमका हुनुको कारण रुपाणि यस पदमा बहुवचनको प्रयोग गर्नु भएको छ ।] मेरो अपरिमित अनेक किसिमका अलौकिक, शुक्ल-कृष्णादि नाना वर्णहरुले युक्त एवं नाना अवयवहरुले विशिष्ट रुपलाई हेर ॥५॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेछ-शत सहस्र रुपहरुलाई हेर, नानारंगका अणुहरुमा रहन्छु।"

दीपले जसरी गृहस्थित समस्त वस्तुहरुलाई प्रकाशित गर्दछ, उसरी क्रिया गर्दा खेरि आफसे आफ सारा अन्तःकरण प्रकाशित भै उठ्दछ। दीप जसरी मार्गको सबै वस्तुहरुको प्रकाशक छन, उसरी नै जुन उत्तमपुरुष कूटस्थको भित्र छन, त्यो सबकासब वस्तुहरुको प्रदर्शक छन, क्रियाद्वारा त्यो उत्तम पुरुष देखिन्छन्। तब यस शरीर भित्र नै सबै वस्तुहरुको अनुभव हुन्छ, सबै किसिमको ऐश्वर्य-अणिमा-लघिमा आदि-प्रकाशित हुन्छन् । क्षिति, अप, तेज, मरुत् एवं व्योमदेखि मुक्त सबैको शरीर हुन्छन्। यी पंच तत्त्वहरुको बिना कसैले शरीर धारण गर्न सक्तैनन्। यस शरीरमा पाँच ज्ञानेन्द्रियहरु पाँच कर्मेन्द्रियहरु एवं पाँच महाभूतहरुको समष्टि छन्। योगीहरुले यसको सूक्ष्म अणुहरुलाई, भिन्न भिन्न आकारहरुलाई देख्दछन्। यिनीहरु द्वारा नै वाहिर र भित्रको समस्त तत्त्वहरु पीत, हरित , लाल, जंगाल एवं नीलो वर्ण हुँदै देख्दछन्। पश्चात् सर्व तत्त्वातित ब्रहमलाई देखेर सबै भूतहरुमा प्रवेश गर्ने क्षमता तथा सर्वज्ञत्वको प्राप्ति हुन्छन्।

योगीहरुले जे इच्छा गर्दछन्, त्यही कूटस्थको भित्र देख्न पाउँदछन्, अनि जुन द्रव्यको जे जस्तो गुण छ त्यसलाई पनि बुझ्दछन। हामी वाहिर जुन आकृति देख्दछौं, उनको वर्णमा कति कति परिवर्तन भैरहेको छ, त्यो यस आँखाले देखिँदैनन् परन्तु जसको अन्तर दृष्टि खुल्न गएको छ,–तिनीहरुले त्यसकै सहायता देखि सबै बुझिलिन्छन्। अतयव मानिसहरुका गरिएका कर्महरु तथा उनको अभिप्रायलाई बुझ्न मा उनलाई कुनै बाधा अडचन पर्दैन। आफू भित्र भगवान्को अनुभव गरेपछि उनको ऐश्वरीय भाव तथा साधकहरु प्रति उनको कति कति कृपा छ, त्यो बुझनमा आउँदछ ॥५॥

पश्यादित्यान् वसून् रुद्रानश्विनौ मरुतस्तथा ;
वहुन्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

श्री धरीय टीका-[ती सबै अलौकिक रुप के हुन, यही बताउनु हुँदैछ]-हे भारत, मेरो शरीरमा द्वादश आदित्य अष्ट वसु, एकादश रुद्र दुई अश्विनी कुमार तथा उनन्चास मरुतहरु (देवताहरु) एवं अनेक अदृष्टपूर्व अद्भूत रुपहरुलाई हेर, जसलाई तिमीले या अन्य कसैले पहिले कहिल्यै देखेको छैन ॥६॥

आध्यात्मिक व्याख्या-"सूर्य,-अष्टवसु-रुद्र अश्विनीकुमार-मरुत् यी सबलाई हेर-मेरै सबकासब आश्चर्य आश्चर्यरुप छन।"

कूटस्थको भित्र कत्रो तेज छ! यस्तो लाग्छ मानो द्वादश सूर्य एक साथ उदायका छन्। अष्ट वसू, एकादश रुद्र दुवै अश्विनी कुमार, उनन्चास मरुत् तथा अनेक वस्तुहरु छन, तिमीले जे हेर्न चाहन्छौ, ती सब कूटस्थ भित्र हेर्न सक्दछौ। यसकिसिमसँग मानिसहरुलाई विस्मयमा राखिने सारा व्यापार यस जीवदेहमा संघटित हुन्छन्। जो योगी छन तिनीहरुले कत्रो अदृष्टपूर्व आश्चर्यजनक विषयहरुलाई कूटस्थमा

देख्दछन । कूटस्थमा आफ्नो आकृति देखिइन्छ । जुन गत भैसकेका छन । अथवा जगत्मा जो आउलान् उनलाई पनि योगीहरु कूटस्थमा देख्दछन् । यसको अपेक्षा परम आश्चर्यको कुरा अरु के हुन सक्दछ ? ॥६॥

इहैकस्थं जगत् कृत्स्न पश्याद्य सचराचरम ;
मम देहे गुडाकेश यच्चान्यद् द्रष्टुमिच्छसि ॥७॥

श्री धरीय टीका-[फेरि भन्नु हुन्छ]-ती सब स्थानहरु परिभ्रमण गर्दै हेर्न करोडौं वर्षहरुमा पनि कसैले हेर्न सक्दैन, हे गुडाकेश (जितनिद्र) अर्जुन, स्थावर-जंगमात्मक यो जगत् मेरो यस शरीरमा अवयवरुपले एकत्र अवस्थित छन, यसलाई हेर । यदि अरु केही हे.र्ने इच्छा छ-जगत्को आश्रयभूत कारण, जगत्को विशेष विशेष अवस्थाहरु तथा यस युद्धमा कसको जय पराजय होला त यो सबै पनि हेर्न सक्नेछौं ॥७॥

आध्यात्मिक व्याख्या-"यी सब चरअचरमेरो रुप हुन-यस देहको भित्र जुन अन्यरुप देख्न चाहन्छौ त्यो"-यस कूटस्थ मण्डलको भित्र चरअचरसमस्त जीव एवं पदार्थहरु देखिन जान्छन, यी सारा जीव एवं पदार्थ अन्य केही होइन,-आत्मा को नै रुप हुन् । सारा दृश्यमान पदार्थ चित्तकै प्रतिविम्ब हुन, । ती अजस्र अपरिमित छन् उनको गणना हुन सक्तैन । जीवको जुन कार्य हामी वर्तमान कालमा देख्दछौ त्यसको आदिरुप खालि कल्पनामा रहन्छ, कल्पनाको पहिले पनि जुन कारणरुपमा वर्तमान थियो तथा भविष्यमा त्यो जुन कार्यरुपमा परिणत हुनेछ, त्यो सब कूटस्थमा एकत्र सजिएको हुन्छ । त्यो त अखण्ड महाकाल हो । यसैले खण्डकालभूत, भविष्यत् बर्तमान-यी सब उनको भित्र एकसाथ रहन्छन् । जो सर्वदा कूटस्थमा रहन्छन्, उनीहरुको अगाडि यो अपूर्व रहस्यहरु को द्वार खुल्न जान्छ । ती योगीश्वरहरुलाई फेरी केही अज्ञात रहन जाँदैन । परन्तु योगी हुनु विना यी रहस्यहरुको सन्धान कसैले पाउँदैन । अर्जुन यस अधिकारलाई प्राप्त गरेका योगी हुन । यसैले श्री भगवान्ले उनलाई "गुडाकेश" भनी सम्बोधन गर्नु भयो । गुडाकेश को अर्थ हो निद्राशून्य पूरुष । समाधिनिष्ठ हुनु विना कोही वस्तुतः निद्राशून्य हुन सक्तैनन् ॥७॥

नतु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ;
दिव्यं ददामि ते चक्षु : पश्य मे योगमैश्वरम् ॥८॥

श्री धरीय टीका-[अर्जुनले भगवान्लाई भनेका थिए "यदि तेस रुपलाई हेर्ने योग्य मलाई सम्झनु हुन्छ त मलाई देखाऊ" यसैको उत्तर दिनु हुँदै भगवान् भन्नुहुन्छ]-तिमीले आफ्नो चर्मचक्षु द्वारा मलाई हेर्नमा समर्थ हुनेछैनौ । अतयव तिमीलाई मैले ज्ञानात्मक अलौकिक चक्षु दिइरहेछु । मेरो असाधारण योग अर्थात् अघटन घटना सामर्थ्यलाई हेर ॥८॥

आध्यात्मिक व्याख्या-"यस चक्षुले देख्न सक्नेछैनौ ,आकाश समान एक चक्षु दिन्छु-त्यस द्वारा ईश्वरको रुप योग द्वारा देख्न पाउनेछौं ।

अलौकिक ज्ञानचक्षु द्वारा यो रुप देखिन जान्छ । श्रीगुरुदेवले कृपा गर्नु भै जुन चक्षुलाई उन्मीलित गरि दिनु हुन्छन् त्यो आकाश समान छ, त्यस आकाशीय चक्षुमा ब्रहमाण्डमा रहेका सब चिज प्रकाशित हुन

जान्छन् । त्यस आकाशमा जसले मनलाई वशीभूत गर्न समर्थ छन् , तिनीहरुले अलौकिक वस्तुहरुलाई प्रत्यक्ष्य देख्न पाउंदछन् । ब्रहमवस्तु नै आत्मा हो, त्यही गम्य वस्तु हो, त्यसैमा सबै पुग्नु पर्दछ । प्राणायाम रुप क्रियाले नै त्यस गम्य वस्तुमा पुर्‍याउन सक्दछ । स्थिर बुद्धि द्वारा नै त्यो प्राप्य छ र बुद्धि क्रियाद्वारा स्थिर हुन्छ । सद्‌गुरुले आफ्नो साधन शक्तिद्वारा शिष्यको ज्ञानचक्षुलाई स्फुटित गर्ने जब कृपा गर्दछन, तब शिष्य आफ्नो भित्र अनेक अप्रत्यक्ष वस्तुहरुको अनुभव गर्दै कृतार्थ हुन जान्छन् ॥८॥

संजय उवाच-

एवमुक्त्वा ततो राजन् महायोगेश्वरी हरि :;
दर्शयामास पार्थाय परमं रुपमैश्वरम् ॥९॥

श्री धरीय टीका-[यति भन्नु भै श्री भगवान्‌ले अर्जुनलाई आफ्नो रुप देखाउनु भयो]-अर्जुनले श्रीकृष्णलाई जसरी देख्यो, त्यही छः श्लोकहरुमा महाराज धृतराष्ट्रलाई) संजयले भनिरहेछन । हे राजन धृतराष्ट्र ! महायोगेश्वर हरिले अर्जुनलाई परम ईस्वरीयरुप देखाउनु भयो ॥९॥

आध्यात्मिक व्याख्या-"दिव्य दृष्टि द्वारा बोध भैरहेछ-यस किसिमसँग कूटस्थले शरीरको तेजलाई आफ्नो रुप देखाउन लाग्यो ।"-

-विवेक उत्पन्न भएपछि अन्धाहरुलाई पनि दिव्य दृष्टि प्राप्त हुन्छ । मन नै मानो त्यतिबेला दुई भागमा विभक्त हुन जान्छन् । एक वक्ता बन्दछ र दोस्रो श्रोता । साधनको प्रभावले विषयहरुमा अनासक्ति भाव आउँदा खेरि विवेक उत्पन्न हुन्छ अनि त्यो विवेकी पुरुषले तब परम ईश्वरीय रुप देख्न पाउँदछ । तब कूटस्थको भित्र दिव्यज्ञान प्रभाव एवं महायोगेश्वर भाव प्रकटित हुन्छन् । त्यो हरिले तब हाम्रो मनको निम्नगामी वृत्तिहरुलाई हरण गर्दछन् । अन्यथा विषयगामी मन कदापि स्थिर हुँदैन । मन स्थिर गरी विशुद्ध नभैकन कोही पनि ईश्वरीय भावलाई प्रत्यक्ष गर्नमा समर्थ हुँदैन । दिव्य दृष्टिको प्रभावले कूटस्थको भित्रै भूत, भविष्य एवं वर्तमान को सारा घटनाहरु देखिइन्छन् । जुन किसिमसँग हामी हरु स्वप्नमा टाढा टाढाको वस्तुहरु र घटनाहरु देख्दछौं, उसरी नै सिद्ध साधकले आफ्नो सूक्ष्म अन्तर्दृष्टि द्वारा भूत-भविष्यको समस्त घटनाहरुलाई प्रत्यक्ष गर्दछन् ॥९॥

अनेकवक्त्रनयनमनेकाद्‌भूतदर्शनम् ;
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥

श्री धरीय टीका-[त्यो रुप कस्तो छ, यही बताउनु भैरहेछन]-जसमा अनेक मुख-नयन छन्, अनेक अदभूत दर्शन भैरहेकाछन्, अनेक दिव्य आभुषण छन तथा अनेक दिव्य उद्यत आयुध छन । ॥१०॥

आध्यात्मिक व्याख्या-"कूटस्थको अगाडि अनेक मानिसहरु बसेका छन् , अनेक चक्षुहरुले कूटस्थलाई ताकिरहेछन-अनेक अद्‌भूत रुप-अनेक आकाशको अस्त्र-शस्त्र हातमा छन ।"

-यी समस्त आकाशकै मूर्त्तिहरु हुन, मानो अनेक मनुष्यहरु बसिरहेका छन्। कति कति आँखाहरुले कूटस्थतिर मानो टकटकी लगाएर केही हेरिरहेकाछन्। अनेक अद्‌भुत अद्‌भुत रुप जुन पहिले कहिल्यै देखिएका थिएनन् देखिरहेछन्। कस्तो अदभुत चमत्कार छ ! सारा शरीरमा अलंकार छन, अनेक शस्त्र धारण गरी कति कति मनुष्यहरु उभिइरहेका छन ॥१० ॥

दिव्यमाल्याम्बरधरं दिव्य गन्धानुलेपनम् ;
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम ॥११॥

श्री धरीय टीका-[अरुपनि भन्नु भैरहेछन्]-दिव्य माल्य एवं वस्त्र जसले धारण गरिराखेको छ, जसमा दिव्य गन्ध छ, अनुलेपन छ, जो सर्वआश्चर्यमय अर्थात् अनेक आश्चर्यहरुले युक्त, द्योतनात्मक एवं अपरिच्छिन्न छ तथा जसको सर्वत्र नै मुख छन्-यस किसिमका रुप देखाउनु भयो ॥११॥

आध्यात्मिक व्याख्या-"आकाशको माला-आकाशको गन्ध सबै आश्चर्य ! यस किसिमको कूटस्थ देवतालाई हेर्न लाग्यो ।" अनन्त रुप-अखिल विश्वका मानिसहरुको चक्षु-जो कोही सिद्ध छन तिनीहरु कूटस्थतिर सदा दृष्टि राख्दछन्-वस्तुतः तिनीहरु कूटस्थकै रुप हुन । कूटस्थ सिवाय त्यहाँ केही पनि छैन ।"

–स्वर्ग मर्त्य सबचिज त उसकै भित्र छ, यसै कारण अनन्त मूर्त्तिहरु कूटस्थको भित्र देखिन लाग्यो । फूलहरुको असंख्य मालाहरु कतिकतिका सुन्दर वस्त्र-परन्तु सबकासब आकाशले निर्मित ! दिव्य गन्ध फैलिदैछन, ज्योति तरंगायमान भैरहेछ, त्यसको मानौ कहीं कतै आदि अन्त छैन !! यो सारा निखिल संसार कूटस्थकै रुप हुन । यसैले कूटस्थ भित्र सवचिज देखिन्छन । जस्ले सिद्ध देह प्राप्त गरेका छन्। ती सिद्ध पनि कूटस्थको भित्र देखिन्छन्। जसरी सूर्य आकाशमा देखिन्छन र त्यही सूर्य फेरि असंख्य पात्रहरुमा चम्किरहेछन उसरी नै प्रति देहरुपी घटमा त्यसै आत्माको प्रतिविम्ब चम्किरहेको छ। अनि कूटस्थ भित्र त्यस असंख्य विश्वको प्रतिविम्ब परिरहेको छ। !! म जसरी बाहिर छु उसरी कूटस्थको भित्र पनि छु , अनेक जीवदेहहरुको कूटस्थ भित्र पनि म वर्तमान रहन्छु ।यसमा कुन चाँही म सत्य छु यो जान्नुको कुनै उपाय छैन। हेर्दा हेर्दै टकटकी लागिहाल्दछ ॥११॥

दिवि सूर्य सहस्रस्य भवेद् युगपदुत्थिता;
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

श्री धरीय टीका-[विश्वरुपको दीप्ति कति कति अनुपम छ यही बताउनु हुन्छ]-आकाशमा एक साथ एकबार यदि सहस्र सूर्यको प्रभा उदित भयो भने तब कहीं त्यो दीप्ति विश्वरुप महात्माको प्रभाको केही सदृश हुन सक्तछ। यसको तात्पर्य यस्तो छ-त्यसको अन्य उपमा हुन सक्तैन। यस किसिमको विश्वरुप अर्जुनलाई देखाउनु भयो। पूर्वश्लोक साथ यसको अन्वय छ ॥१२॥

आध्यात्मिक व्याख्या-"त्यस महात्मा कूटस्थको-कोटी सूर्य समान तदपेक्षा अधिक यस किसिमको तेज चारै तिर उदित छन् ।"-

त्यस कूटस्थको कस्तो ज्योति छ मानो सहस्र सहस्र सूर्य एकसाथ आकाशमा उदित भैरहेकाछन। प्रलयकालमा यसरी सहस्र सूर्यहरु एकसाथ उदित हुन्छन । त्यतिवेला जुन महाकाल प्रलय नृत्यमा मग्न हुन्छन, अर्जुनलाई श्री भगवान्ले त्यही महाकालको रुप देखाउनु भैरहेकाछन् । त्यस रुपलाई देखेर के कसैले त्यसलाई सहन गर्न सक्दछन ? परन्तु श्री भगवान् जसमाथि प्रसन्न हुन्छन, त्यसले यो अतुलनीय अनुपम रुपलाई देखेर कृतार्थ हुन जान्छन् ॥१२॥

तत्रैकस्थं जगत् कृत्सनं प्रविभक्तमनेकधा ;
अपशयद् देवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

श्री धरीय टीका-[त्यसपछि के भयो, यस प्रश्नको अपेक्षामा संजयले भनिरहेछन]-तब अर्जुनले नाना विभागहरुमा वांडिएका समस्त जगत्लाई त्यस देवदेव को शरीरमा उनको अवयव रुपमा एकत्र अवस्थित देख्यो । -[जसरी शरीरको पृथक् पृथक् भाग शरीरमा नै अवस्थित हुन्छन, उसरी नै त्यस देवदेवको शरीरमा नाना भागहरुमा विभक्त जगत् एकत्र अवस्थित रहन्छ] ॥१३॥

आध्यात्मिक व्याख्या-"त्यहाँ समस्त जगत्लाई देख्दछ-सबै कूटस्थको रुप अनेक भिन्न भिन्न-आफै शरीरमा (पाण्डवको) देख्न लाग्यो-आफ्नो शरीरमा नै पंच पाण्डव छन ।"

देवलोक, पितृलोक एवं मनुष्यलोकलाई लिएर सारा जगत् छ । नदीको प्रवाहमा जसरी शत-सहस्र-तृण वगिरहन्छन, उसरी शत-सहस्र किसिमका जगत अनि जीव कूटस्थको भित्र छन् । अर्जुनले तिनीहरुलाई हेर्न लाग्यो । यी सारा असंख्यरुप कूटस्थकै रुप हुन । पाण्डवको शरीरमा नै यी देखिन जान्छन् । सबको शरीर पंचतत्त्वमय या पंच पाण्डव (क्षिति, अप, तेज, मरुत् व्योम) को शक्तिले मिलित छन । हाम्रो शरीरको भित्र त्यही छ जुन सबैको भित्र छ । अतयव आफूलाई राम्रोसँग जानेपछि यो समस्त विश्व-भुवन अवगत हुन सक्तछ ॥१३॥

ततः स विस्मयाविष्टो हृष्टरोमा धनंजय : ;
प्रणम्य शिरसा देवं कृतांजलिरभाषत ॥१४॥

श्री धरीय टीका-[यसविश्वरुपलाई देखेर अर्जुनले के गर्‍यो यो बताइरहेछन]-त्यस अद्भूत विश्वरुप दर्शन गरेपछि धनंजयले विस्मयान्वित भै तथा आनन्दले पुलकित भएर त्यस देवलाई शिर झुकाई प्रणाम गर्‍यो अनि हात जोडिकन भन्न लाग्यो ।

आध्यात्मिक व्याख्या-"विस्मयापन्न भएर कृतांजलिपूर्वक रोमांचित भै भन्न लागे-प्रणाम गर्दै ।"-

यस अवस्थामा विस्मय नहोस त के होस ? यत्ति क्षुद्र शरीरमा यति यतिका वृहत्. तेजको प्रकाश ! ब्रहमाण्डमा जे जति वस्तुहरु, जे जति प्राणी छन सबकासब कूटस्थ भित्रै छन । साधकले प्रथमतः आफ्नै शरीरमा कूटस्थ देख्दछन, यसैले मनमा लाग्दछ-यो देह को भित्र यत्ति यत्ति असंख्य एवं अपरिमित वस्तुहरु कसरी छन्! तब के त हामीहरु शरीरलाई यति क्षुद्र मान्दछौं ? त्यति सानो छैन, ब्रहमाण्डको सारा वस्तुहरु कसरी त्यसको भित्र धृत भैरहेको छ,-यही आश्चर्य छ ! साधक अहिले सम्म पनि यो बुझ्दैन,-त्यो "अणुभ्योऽणुच " अणुको अपेक्षा पनि सानो एक परमाणु मात्र हुन परन्तु त्यस परमाणुको भित्र पनि ब्रहमाण्ड छ ! यसले जति आश्चर्य हुन्छ त्यति नै आनन्द पनि मिल्दछ । विस्मयले शरीर पुलकायमान भैरहेको छ । तब त्यस आत्मदेव कूटस्थलाई प्रणाम गरी हात जोडेर केही भन्नुको इच्छा साधकलाई हुन्छ । त्यही आउने आगामी श्लोकहरुमा भन्दछन । ॥१४॥

अर्जुन उवाच-

पश्यामि देवांस्तव देव देहे
सर्वास्तथा भूत विशेष संघान्;
ब्रहमाणमीशं कमलासनस्थं,
ऋषींश्च सर्वानुरंगाश्च दिव्यान् ॥१५॥

श्री धरीय टीका-[अर्जुनले "पश्यामिति" सप्तदश श्लोकरु द्वारा पश्चात् जुन केही भन्यो, संजयले धृतराष्ट्रलाई बताइरहेको छ ।]-हे देव, तिम्रो शरीरमा आदित्य आदि देवहरुलाई तथा सर्वभूत विशेषसंघ अर्थात् जरायुज (मनुष्य पशु आदि) अण्डज (पक्षी सर्वादि) स्वेदज (मशका आदि) तथा उद्भिज (तृणवृक्षादि) आदिको संघ या समूहलाई पनि देखिरहेछु, उसरी नै वशिष्ठादि दिव्य ऋषिहरुलाई, तक्षक आदि सर्पहरुलाई तथा देवहरुको ईश्वर ब्रहमालाई पनि देख्दछु । त्यो ब्रहमा कस्तो छ, योपनि बताउँदछन् । कमलासनस्थ अर्थात् पृथिवी-पद्मको कर्णिकारुपमा जुन सुमेरु पर्वत छ, त्यस्मा अथवा नाभिपद्मरुपी आसन माथि अवस्थित छन्-[कमलासनस्थ अर्थात् पृथिवी-पद्म मध्ये मेरुकर्णिकासनस्थ-मित्यर्थः पृथिवी पद्मको भित्र मेरुरुप कर्णिकासनमा जो अवस्थान गर्दछन्-शंकर] ॥१५॥

आध्यात्मिक व्याख्या-"शरीरको तेज द्वारा अनुभव भैरहेको छ-आफसे आफ देख्न लाग्यो यस शरीरमा नै कूटस्थ भित्र (देव= आकाश) सबभूत विशेष गरी-ब्रहमा-विष्णु-महेश-ऋषिगण-समस्त-पक्षीगण ।"-

-साधकको साधनालब्ध दृष्टि द्वारा या निजबोध रुप छन । साधक स्वयं पनि आत्माको नै रुप हुन, तथापि जब त्यसले साधन गर्दछ तब उसको भित्र स्वयं नै यी दृश्य देखिन लाग्दछन् । परन्तु के यो दर्शन यस जड पिण्ड शरीरको भित्रै हुन्छ ? होइन, त्यो दर्शन हुन्छ देव-देहमा अर्थात् आकाशमा । त्यो आकाश आफ्नो भित्र पनि छ, त्यस आकाशको भित्रै अनन्त ब्रहमाण्डको रुप प्रकाशित हुन्छन्. । यस आकाशलाई हेरिने दिव्य दृष्टि जसको खुल्न गएको छ उसैले यो सब देख्न पाउँदछ । मेरु मध्यस्थ मूलाधार-पद्ममा नै ब्रहमाको आसन छ । त्यस मूलाधार देखि नै सारा सृष्टि भैरहेको छ ॥१५॥

अनेकबाहूदरवक्त्र नेत्रं
पश्यामि त्वां सर्वतोऽनन्त रुपम् ;
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर विश्वरुप ॥१६॥

श्री धरीय टीका-जस्को अनेक बाहु आदि छन्,यस किसिमको तिमीलाई मैले देखिरहेछु । अनन्तरुपवाला तिमीलाई सर्वत्र देखिइरहेछु । परन्तु तिमी सर्वगत छौ यसैले तिम्रो अन्त, मध्य या आदि देख्न पाउँदिन ॥१६॥

आध्यात्मिक व्याख्या-"जस्को अनेक हात देख्न लाग्यो-अनेक उदर अनेक मानिसहरुको-अनेक मुख अनेक मानिसहरुको-अनेक नेत्र अनेक मानिसहरुको-तिमीलाई सर्वत्र देख्दछु-अनन्तरुप अन्त-छैन-जहांसम्म देख्दछु त्यहांसम्म देख्दछु देख्नुको कुनै अन्त छैन-अन्त छैन त मध्य पनि छैन-अतयव आदि पनि छैन-यो विश्व संसार विश्वेश्वरको । "

कूटस्थको भित्र नजाने कति कति मानिसहरुको कति कति मुखहरु कति कति उदर,कतिकति चक्षु देख्दछु, यिनको अन्त छैन । जताजतातिर हेर्दछु यही सब देख्दछु, उनको आदि, मध्य र अन्त खोजेर पनि मिल्दैन । हे विश्वेश्वर, यस्तो जानिदैछ, तिमी यस निखिल विश्वमा विश्वरुप धारण गरी बसेका छौ । तब म, तिमी यो अनि त्यो, त्यो सवरुप तिम्रै रुप हुन । तिमी विश्वरुप अनि विश्वनाथ हौ ॥१६॥

किरीटिनं गदिनं चक्रिणंच,
तेजो राशिं सर्वतो दीप्तिमन्तम् ;
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्तात् ,
दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

श्री धरीय टीका-[अरु पनि भन्दैछन्]-किरीट-मुकुटधारी, गदाचकधारी एवं सर्वत्र दीप्तिशाली तेजः पुंजस्वरुप छन। यसैले दुर्निरीक्ष्य अर्थात् हेर्न नसकिने अयोग्य छन् ।दुर्निरीक्ष्य किन, यसको हेतु भन्दछन (तिमी) प्रदीप्त अग्नि एवं सूर्यको द्युति समान द्युतिमान अप्रमेय छौ अर्थात तिमी निश्चयपूर्वक कस्तो छौ, यो स्थिर गर्न सकिदैन । यस किसिमको तिमीलाई समन्तात् अर्थात सर्वत्र देख्दछु ॥१७॥

कूटस्थ वर्णन

आध्यात्मिक व्याख्या-" तिम्रो रुपको माथि किरीटको स्वरुप चारैतिरछटा गदास्वरुप सर्वव्यापक-चक्र समान गोल-तेजको विराट्-असीम-प्रकाश अनन्त-अग्नि समान-सूर्य समान-विद्युत समान-अरु कुनैको समान छैन -त्यस प्रकाशको तुलना छैन-त्यस कालोचन्द्रमाको प्रकाशमा जगत् प्रकाश-यस्तो प्रकाश कहिल्यै कसैले (अप्रमेय) देखेको छैन-"भाग्यवान् त्यहाँ जान्छन् मनुष्यको त्याँहा जानको के औकात ।"-

वस्तुतः परम सौभाग्यको उदय नभैकन कसैले त्यस परमज्योतिको दर्शन गर्न सक्तैनन् । संसार बन्धनको क्षीण हुनुको यही परम उपाय हो ।

"तयो विद्या च विप्रस्य निःश्रेयस करं परम् ।"

ब्राहमणले तपस्या एवं ज्ञान द्वारा मुक्ति लाभ गर्दछन । तपस्या नै योगाभ्यास हुन अनि तज्जनित आत्मदर्शन नै त्यसको शुभ फल हो ।

"जन्मान्तर सहस्रेषुयदा क्षीणास्तु किल्विषा : ;
तदा पश्यति योगेन संसारच्छेदनंमहत् ॥"

सहस्रौं जन्म पछि जब पापराशि क्षीण हुन जान्छन, तब योगाभ्यास द्वारा संसारलाई उच्छिन्न गर्नेवाला उत्तम उपाय दृष्टिगोचर हुन्छ ।

"विषयेन्द्रियसंरोधस्तन्द्रालस्यविवर्जनम् ;
शरीरपरिसंख्यानं प्रवृतिष्वधदर्शनम् ॥ "

विषयहरु देखि इन्द्रियहरुको निरोध, तन्द्रा एवं आलस्यको त्याग शरीर तत्वको निरुपण तथा प्रवृत्तिमूलक कर्ममा दोष दर्शन ।

"नीरजस्तमसा सत्त्व शुद्धिर्निस्पृहता शमः ;
एतैरुपायैः संशुद्धसत्तयोग्यमृति भवेत् ॥ "

रजोगुण एवं तमोगुणलाई क्षीण गरेपछि सत्त्व शुद्धिको उदय हुन्छ । सत्त्व शुद्धिले भाव स्पृहाशून्य हुन्छन र इन्द्रियहरु संयत हुन जान्छ (शम) यी उपायहरु द्वारा सत्त्वसंशुद्ध योगीले अमृत लाभ गर्दछन् ।

"क्षेत्रज्ञस्येश्वरज्ञानाद्विशुद्धिः परमा मता ;
अयन्तु परमो धर्मो यद् योगेनादशर्नम् ॥"

परमेश्वरको तत्त्व ज्ञानमा जीवको शुद्धि (स्वरुपाभिव्यक्ति) हुन्छ, त्यही परम शुद्धि हो, योगबलले जुन आत्मदर्शन छ त्यही उसको परम धर्म हो ।

क्रिया गरेपछि जुन क्रियाको परावस्था प्राप्त हुन्छ, त्यो वैश्वानर सदृश हुन्छन् । त्यसले सारा विषय एवं 'म मेरो' भाव नष्ट हुन जान्छन । वैश्वानर अग्नि नै प्राण हो , यस वैश्वानर द्वारा नै क्रिया गरिइन्छ । यही आत्मा एवं गुरु हुन ।

"इदं विष्णुर्विचक्रमे त्रेधानिदधे पदं, समूढमस्य पांशुले"-यो विष्णु नै क्रियाको परावस्था हो । यसमा रहँदै रहँदै "त्रिधानिधते" अर्थात् अनाहत देखि विशुद्धाख्यमा पुग्न सक्दछन् , विशुद्धाख्य देखि स्वाधिष्ठानमा ,

स्वाधिष्ठान देखि मणिपुरमा-यस किसिमको क्रिया द्वारा नाभिस्थानमा स्थिति भएपछि वास्तविक धारणा हुन्छ अर्थात् ब्रहमपदरुपी क्रियाको परावस्था प्राप्त हुन्छ । तब समस्त अज्ञता एवं मूर्खता नाश भएर "सर्वं ब्रहमयं जगत्" हुन जान्छन । (१) ब्रहम नै सबको योनि हो । ब्रहमदेखि आकाश, आकाश देखि वायु वायु देखि अग्नि, अग्नि देखि जल, जलदेखि मृत्तिका निर्गत भयो । सबचिज ब्रहमदेखि निस्किएर फेरि ब्रहममा नै लीन हुन जान्छन् । यही हुन योनि एवं कर्त्ता पनि । आत्मा नै यस सृष्टि, स्थिति, प्रलयको कर्त्ता हुन् । क्रिया गर्दा गर्दा जुन कूटस्थ देखिइन्छ, त्यैभित्र स्थित पुरुषोत्तम नै कर्त्ता हुन । त्यही ब्रहम हुन, उनको चिन्तन गर्दा गर्दै साधक तद्‌रुप हुन जान्छन । यस पुरुषोत्तमको सम्बन्धमा मुण्डकोपनिषदमा भनेको छ ।

"हिरण्मये परे कोषे विरजं ब्रहम निष्कलम् ;
तच्छुभ्रं ज्योतिषाँ ज्योतिस्तद् यदात्मविदो विदुः ॥ "

त्यस हिरण्मय श्रेष्ठ कोषमा निर्मल अखण्ड ब्रहम प्रकाशित छन् । त्यो शुद्ध ज्योति सारा प्रकाशमय वस्तुहरुको प्रकाश-स्वरुप छन् । यो त्यही वस्तु हुन जसलाई आत्मज्ञ पुरुष जान्दछन् । यो पुरुषोत्तम त्यस अपूर्व ज्योति द्वारा आच्छादित छन् ।

हिरण्मयेन पात्रेण सत्यस्या पिहितं मुखम्-ईश० ।

ज्योतिर्मय पात्र द्वारा सत्यको अर्थात् सूर्यमण्डल स्थित ब्रहमको मुख आच्छादित रहन्छन ।

तेजो यत्ते रुपं कल्याणतमं तत्ते पश्यामि ;
योऽसावसौ पुरुषः सोऽहमस्मि ॥"-ई० ।

तिम्रो त्यो जुन कल्याणतम रुप छ, त्यसलाई हामीहरु तिम्रो अनुग्रहले देख्दछौं । यो जुन सूर्यमण्डल-स्थित पुरुष छ, त्यही म हूं ।

"यस्त्वविज्ञानवान् भवत्यमनस्क : सदाशुचि : ;
न स तत् पदमाप्नोति संसारंचाधिगच्छति ॥-कठं० ।

जो अविवेकी छन, असमाहित चित्त छन, अतयव सदा अशुचि रहन्छन त्यसलाई त्यो ब्रहमपद प्राप्त हुँदैन, संसार गतिलाई प्राप्त हुन्छ ।

कूटस्थमा जो प्रतिष्ठित छन अर्थात् कूटस्थ-गुहा भित्र जसले प्रवेश प्राप्त गरेको छ त्यसले अनन्त लोकलाई प्राप्त गर्दछन् । कूटस्थ को पर जुन शुभ्र ज्योति छ, त्यसलाई जसले देख्दछ त्यो सर्वज्ञ हुन जान्छ । स्थिरत्व पद पाउनु विना यो हुन सक्तैन । तीन गुणहरु अर्थात् प्राण, अपान व्यानको अतीत गति द्वारा समान या साम्यभाव प्राप्त भएपछि समान वायु नाभिदेशमा स्थिर भएर जब हृदय देश पर्यन्त स्थिर हुन्छ त हृदयदेशमा जुन ईश्वर छन, त्यसमा लीन भएर साधक सर्वज्ञ बन्दछन् ।

कूटस्थको कस्तो सुन्दर मनोहारी रुप छ । त्यसैको वर्णन ३१ सौं श्लोकसम्म चलेको छ । चारैतिर किरीट समान ज्योतिर्मय ६ वटा जगमग ज्योति चम्किरहेको छ, मानो सुवर्ण माथि मणिमुक्ता जडित छन । चक्र समान ज्योतिर्मय मण्डल कस्तो अपूर्व शोभासम्पन्न छ! देख्ने वित्तिकै मनमुग्ध हुन जान्छन् । गदा घुमाएर जसरी वीरले आफ्नो रक्षा गर्दछ, उसरी पहिले यो ज्योतिर्मय चक्र घुमिरहन्छन् । यस मण्डलमा जसको लक्ष्य स्थिर रहन्छन्, उसको पतन को आशंका हुँदैन । यसको भित्र चारौटा स्वर्ग छन् ।

१) महास्वर्ग-जसमा स्थिरत्व पद प्राप्त हुन्छ ।

२) परव्योम-सत्य निरुक्तानिरुक्त अखिल स्वर्ग जुन ब्रहममा देखिन जान्छ ।

३) प्रधानको प्राकृत प्रलयमा-अव्यक्त निलयनानिलयन स्वर्ग क्रियाको परावस्था ।

४) २४ तत्वहरुको अवशेषमा-महाकल्प, त्यसको अवशेषमा नारायणाख्य स्वर्ग, पुरुष एवं देव, तथा यसै ब्रहमचक्रमा जीवको विचरण । *"अस्मिन हंसो भ्राम्यते बहमचक्रे"* आत्मास्वरुप हंस ब्रहमचक्रमा घुमिरहेका छन ।

सूर्याग्नि समान यो कूटस्थको तेज सर्वदा प्रदीप्त भैरहेको छ । यस कूटस्थ ज्योतिको भित्र श्यामसुन्दरको अपूर्व ज्योति चतुर्दिक ज्योतिर्मय गरिरहेछन । यस ज्योतिको आदि अन्त केही पनि समभ्मा आउँदैन । यस कूटस्थ-सूर्यको उपासनाले विद्या, शान्ति, प्रतिष्ठा एवं निवृत्तिरुप चार शक्ति हरु प्राप्त हुन्छन ।

योगाभ्यासरत साधकमा ब्रहम साक्षात्कार-सूचक जुन चिन्हहरु पहिले प्रकट हुन्छन, ती श्वेताश्वतरोपनिषदमा वर्णित छन ।-

"नीहार धूमार्की निलानलानां ,
खद्योत विद्युतस्फटिक शशीनाम् ;
एतानि रुपाणि पुरः सराणि ,
ब्रहमण्यभिव्यक्ति कराणि योगे ॥ "

तुषार, धुम, सूर्य, वायु, अग्नि खद्योत-खचित, विद्युत-प्रकाश, शुभ्र-स्फटिक तथा पूर्ण चन्द्र समान रुप प्रकाशित हुन लाग्दछन । ॥१७॥

त्वमक्षरं परमं वेदितव्यं,
त्वमस्य विश्वस्य परं निधानम् ;
त्वमव्ययः शाश्वत धर्म गोप्ता ,
सनातंनस्त्वं पुरुषो मतो मे ॥१८ ॥

श्री धरीय टीका-[किनभने तिम्रो ऐश्वर्य यस किसिमसँग अचिन्त्य छ अतयव]-तिमी नै अक्षर-शब्द-वाच्य परम ब्रहम हौ । यदि सोध्दछौ-त्यो कसरी त वेदितव्य अर्थात् मुमुक्षुहरुद्वारा ज्ञातव्य छन् । तिमी विश्वको प्रकृष्ट आश्रय हौ । अतयव तिमी अव्यय अर्थात् नित्य एवं नित्यधर्मको पालक हौ अनि तिमी सनातन अर्थात चिरन्तन पुरुष हो, यहि मेरो धारणा छ ॥१८॥

आध्यात्मिक व्याख्या-"तिमी नै कूटस्थ अक्षर हौ त्यही जान्नु योग्य छ-परम छ-सबैको पर तिमी छौ समस्त विश्व-संसारको पर निःशेष रुपले स्थितिको स्थान-तिमी अविनाशी नित्य धर्मगोप्ता=क्रियारुप हौ-जुन गुप्त गुरुवाक्यबाट लभ्य छ-नित्य पुरुष । यो मेरो भाव हो अर्थात् यसरी मनमा उदय भैरहेको छ ।"-

तिमी कूटस्थ पुरुष हौ , यहि एकमात्र जान्नु योग्य छन । जगत्मा अरु जे जति ज्ञातव्य छ, त्यसलाई जान्नाले विशेष लाभ छैन, त्यो खालि बन्धनको फांस हुन । तिमी सबैको पर छौ अर्थात् परम आश्रय हौ । क्रियाको परावस्था सिवाय अरु कतै निःशेषरुपमा स्थिति हुँदैन । यसको आश्रय देखि नै यो ब्रंहमाण्ड निरन्तर अभिव्यक्त भैरहेको छ । अरु जे जति देखिन सुनिन जान्छन् त्यो प्राय आगमापायी छन । तिमी क्रियारुप नित्य धर्मको रक्षक हौं । यही धर्म प्राण हो, प्राण विना जगत् रहन सक्तैन । स्थिर प्राणरुपा महाविद्या तबै महामाया रुप परिग्रहण गर्दछन । जब त्यो जन्म मरणशील चंचल श्वासमा परिणत भएर पंचतत्त्वमय जगत्को कल्पना गर्दछन् । परन्तु अचंचलरुपी उनको नित्यभाव गुप्त छ, गुरुपदेश द्वारा साधन गरेर नै त्यो जानिन जान्छ । तिमी यस किसिमको भावमय, अनादिसिद्ध ,चिरन्तन पुरुष हौ, तिमीलाई देखेर यही मेरो मनमा उदय भैरहेको छ । ॥१८॥

अनादि मध्यान्तमनन्त वीर्य –
मनन्तवाहुं शशिसूर्य नेत्रम् ;
पश्यामि त्वां दीप्तहुताशवक्त्रम् ,
स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

श्री धरीय टीका-[अरु पनि देखिरहेछु]-तिमी उत्पत्ति, स्थिति एवं प्रलय रहित छौ । जसको वीर्य या प्रभाव अनन्त छ, जसको अनन्त बाहु छन, शशि एवं सूर्य जसको आँखा छन, जसको मुख प्रज्वलित अग्नि तुल्य छ, जसले आफ्नो तेजद्वारा यस विश्वलाई सन्तप्त गरिरहेकाछन । यस किसिमको तिमीलाई देखिरहेछु ॥१९॥

आध्यात्मिक व्याख्या-"आदि अन्त मध्य छैन किन भने एक भएपछि केही हुँदैन-तब अनन्त बाहु उनकै बाहु हुन । चन्द्र सूर्य नेत्र हुन, दक्षिणमा सूर्य वाममा चन्द्र अग्नि समान प्रज्वलित छ-मुख-विश्व संसार तेजले उत्तप्त भएको छ अर्थात् आफ्नो गर्मी देखि टिक्न सकिरहेको छैन ।"-

"मै मेरो" नरहे पछि सबको अव्यक्तावस्था हुन जानछन् । आदि, अन्त एवं मध्य केही पनि रहदैनन् । जीवलाई जब आत्मसाक्षात्कार हुन्छ , तब यस प्रकारको आदि, मध्य एवं अन्त शून्य अवस्थाको अनुभव हुन्छ अनि यो बाहुविशिष्ट अनन्त जीवसमूह जुन देखिन्छन् ती असंख्य जीवहरुको अगणित भुजाहरु मानो श्री भगवान्कै अनन्त बाहु जानिइन्छन । यसविश्वको अनन्त क्रिया शक्तिहरु मानो उनकै नै अनन्त शक्तिको परिचय दिन्छन् । वाम भागमा चन्द्र र दक्षिणमा सूर्यले कस्तो मनोहर शोभा धारण गरिरहेछन ! मुखमा मानो अग्निराशी धपधप् बलिरहेछन । कूटस्थको अपार तेजोराशि हेर्दा हेर्दा साधकको

मनमा यस्तो भैरहेछ मानो त्यो समस्त संसार लाई सन्तप्त गरिरहेछन् । शरीर देखि पसिनाको धारा वगिरहेका छन , त्यो ताप मानो सहन भैरेहेको छैन । ॥१९॥ ”

द्यावा पृथिव्योरिदमन्तरं हि,
व्याप्त त्वयैकेन दिशश्च सर्वा :;
दृष्ट्वाद्भुतं रुपमुग्रं तवेदं,
लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

श्री धरीय टीका-हे महात्मन ! द्यावा (स्वर्गलोक) एवं पृथिवीको बीच मा जुन अन्तरिक्ष छ, त्यो एक तिमी द्वारा नै व्याप्त छ । सारा दिशाहरु पनि व्याप्त छन् । म देखिरहेछु-तिम्रो यस अदृष्टपूर्व घोर रुपलाई देखेर तीनै लोक अत्यन्त भयभीत भैरहेकाछन् छन् ॥२०॥

आध्यात्मिक व्याख्या-“पृथ्वी एवं स्वर्ग अनि हृदयको अन्तरमा जुन मनुष्य रहन्छ सबै किसिमसँग व्याप्त (रहन्छ) भएको छ, सबै दिशाहरुमा प्रकाशै प्रकाश-तिम्रो यस उग्ररुपलाई देखेर तीनै लोकहरुमा मेरो मनमा व्यथा हुन्छ अर्थात् स्वर्ग, मर्त्य एवं पाताल यस शरीरकै अनवधान हुन यसको होश रहदैन अन्तमा-क्रियाको पर अन्तिम अवस्थामा अनुभव हुन्छ ।”

दुर्निरीक्ष ब्रहमज्योति द्वारा चराचर विश्व समाच्छादित जस्तो जानिन्छ । पृथिवी एवं आकाश पृथक पृथक देखिदैनन्, सबै दिशाहरुमा प्रकाशै प्रकाश फैलिएका छन, सबलाई एकाकार गरिदिएका छन् । यो विश्वरुप अत्यद्भूत भएर पनि दर्शनकालमा साधकलाई एक किसिमको व्यथा जस्तो अशान्तिप्रद लाग्ने गर्दछ, मन स्तंम्भित एवं मुग्ध तथा शरीर अवसन्न भैरहेको छ, यस शरीरको भित्रै तीनै लोक छन, त्यसलाई केही पनि होश रहँदैन, क्रियाको अन्तमा जानिइन्छन । मनमा केही पनि थिएनन् । त्यसपछि सर्वांगमा एक वेदना समान अनुभुत हुन्छन ॥२०॥

अमी हि त्वां सुरसंघा विशन्ति ,
केचिद्भीताः प्रांजलयो गृणन्ति ;
स्वस्तीत्युक्त्वा महर्षीसिद्धसंघा,
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कराभिः ॥२१॥

श्री धरीय टीका-यी सारा देवगण भयभीत भै शरणापन्न भैरहेका छन । तीनमा कुनै कुनै अत्यन्त डरायर टाढाबाटै हात जोडी जय हो जय हो, रक्षा गर ! रक्षा गर ! यसरी प्रार्थना गरिरहेका छन् । अन्यान्य महर्षि एवं सिद्धगण “स्वस्ति-स्वस्ति” भन्दै सम्पूर्ण अर्थहरुले युक्त स्तुतिहरु द्वारा तिम्रो स्तवन गरिरहेका छन ॥२१॥

आध्यात्मिक व्याख्या-सबै मानिसहरुलाई देख्ने वितिक्कै चक्षु स्थिर छन !!! कोही भयले हात जोडि रहेका छन् । जुन सिद्धहरुछन-तिनीहरु भन्दछन स्वस्ति स्वस्ति शान्त होऊ-सिद्धगण एवं महर्षिगण शान्त होऊ-कोही एकटक हेरिरहेका छन् मनमनै राम्रो संग स्तवन गर्दछन् ।”-

साधनाद्वारा जसले अन्तर्जगत्लाई लक्षित गरेको छ , तिनीहरुले कूटस्थ भित्र यो सब देख्न पाउँदछन्। अर्जुनले अत्यन्त भयभीत भै कल्पनाको आँखाले यो सब देखेका हुन, यस्तो कुरा होइन। यो त साधकलाई साँच्चिकै प्रत्यक्ष अनुभव हुन्छ। कुनै भाग्यशाली साधक ले जब कूटस्थको भित्र यी सब दृश्यहरुलाई देख्दछ भने त हुन सक्छ-त्यति खेरै सहस्रौं साधकेन्द्रले कूटस्थलाई देखि रहेका छन्। कूटस्थको भित्र जसरी अनेक देवता, सिद्ध एवं साधकगण देखिइन्छन्, उसरी नै आफूलाई पनि त्यसमा साधकले देख्दछन। साधकले कूटस्थको जुन अवस्थालाई देख्दछन्, त्यतिबेला उनको मनको जुन अवस्था -(भीत, चकित, स्तव्ध भाव) हुन्छ, तद्रुप अवस्थापन्न साधकहरुलाई पनि तिनीहरुले कूटस्थ भित्र यसरी नै देख्दछन्। जुन किसिमसंग अर्जुनले भीत भएर स्वस्ति स्वस्ति गरिरहेका देखिरहेका छन्। उसरी नै साधकहरुले पनि कूटस्थ दर्शन गर्नुको समय अर्जुनलाई भयले व्याकुल दशामा देख्न सक्दछन्। त्यति बेला देखिन जान्छन-कोही त त्यस अपूर्व दृश्यलाई देखेर प्राणपनले स्तवन गरिरहेछन, कोही त्यो असह्य रुपलाई देखेर अत्यन्त चंचल भै "प्रभु ! शान्त होऊ, शान्त होऊ" यस किसिमले वाक्य उच्चारण गरिरहेछन, कोही जय को उल्लासमा नृत्य गरिरहेछन्, कोही हात जोडी एकटक हेरिरहेछन् , अनि कसैको नेत्र त्यस अमानवी दृश्यलाई देखेर स्थिर भैरहेछन, इत्यादि ॥२१॥

रुद्रादित्या वसवो ये च साध्या ,
विश्वेऽश्विनौ मरुतश्चोष्मयाश्च ;
गन्धर्वयक्षासुर सिद्ध संघा,
विक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

श्री धरीय टीका-[अरु पनि भनिरहेछन्]-रुद्रगण, वसुगण, आदित्यगण, साध्य नामक देवगण, विश्वेदेवा, देववैद्य दुबै अश्विनी कुमार, मरुद्गण, उष्मपायी पितृहरु, गन्धर्व गण, यक्षगण, विरोचन आदि असुरगण एवं सिद्धगण सबै विस्मित भएर तिमीलाई हेरिरहेछन् [श्रुतिमा भनिएको छ-पितृहरु निवेदित द्रव्यहरुको उष्मभाग अर्थात् तत्पदार्थ-निहित तेजभागलाई ग्रहण गर्दछन्। स्मृतिमा पनि छ-अन्न जबसम्म उष्ण रहन्छ, वाकसंयमी पितृगणले तब सम्म नै त्यसलाई भोजन गर्दछन्। जब सम्म हविको गुण कथन हुँदैन, तब सम्म तिनीहरु आहार गर्दैनन्] ॥२२॥

आध्यात्मिक व्याख्या-रुद्र-आदित्य-अष्टवसु-साधक विश्वदेव-अश्विनीकुमार मरुत् प्रभृत्ति, गन्धर्व असुर, यक्ष सिद्धहरु, सबकासब लाई देखेर नै विस्मयापन्न भैरहेछन अचम्भित भएर !!!"

देवताहरु, सिध्दहरु सबै कूटस्थको भित्र रहन्छन्, सबै कूटस्थको तेजलाई देखेर मुग्ध भैरहेछन्। म पनि देख्दछु, म पनि त्यस कूटस्थकै भित्र छु। अति नै अदभुत व्यापार छ ! सबै अचम्भित भैरहेका छन !! ॥२२॥

रुपं महत्ते वहु वक्त्रनेत्रं,
महावाहो वहुवाहुरुपादम्;
वहुदरं वहु द्रंष्टाकरालं ,
दृष्ट्वालोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

श्री धरीय टीका-[अरु पनि भनिरहेका छन]-हे महावाहो ! तिम्रो अति उर्जित (विशाल) रुप देखेर सबै मानिसहरु अत्यन्त भयभीत भैरहेका छन । म पनि तद्‌रुप अतिशय भीत भैरहेको छु । कस्तो रुप देखेर ? धेरै धेरै वक्त्र एवं नेत्र जुन रुपमा छन, अनेक वाहु, उरु, पाद तथा उदर जुन रुपमा विद्यमान छन तथा अनेक दंष्ट्राहरुको कारण जुन रुप विकृत अर्थात रौद्र भैरहेका छन । ॥२३॥

नभः स्पृशं दीप्तमनेक वर्णं,
व्यात्ताननं दीप्त विशाल नेत्रम्;
दृष्ट्वा हि त्वां प्रव्यथितान्त रात्मा ,
धृतिं न विन्दामी शमं च विष्णो ॥२४॥

श्री धरीय टीका-[म खालि भयभीत नै भैरहेको छैन बरुभ्न]-अन्तरीक्ष व्यापी तेजोयुक्त अनेक वर्णविशिष्ट, विस्फारित मुख, अनि विशाल नेत्र विशिष्ट तिमीलाई देखि मन प्रव्यथित भैरहेको छ , मैल विल्कुलै धैर्य एवं उपशम प्राप्त गरिरहेको छैन ॥२४॥

आध्यात्मिक व्याख्या-"अनेक किसिमको वर्णहरुको प्रकाश हुन्छन-त्यो सब आकाशमा व्याप्त छन, मुख ठूलो ठूलो-अर्थात् कूटस्थको चारैतिर प्रकाश दीप्त विशाल नेत्रको भित्र कृष्णवर्ण चक्षु समान । मेरो अन्तः करणको भित्र व्यथा प्राप्त भैरहेछ-धैर्य एवं स्थिरता पाइरहेको छैन ।"-

-वृहत् कूटस्थको त्यो विश्व व्यापी आलोकाकीर्ण तेजोमय विशाल मुख या विशाल नेत्र समान रुप देखेर भयले प्राण व्याकुल हुन जान्छन् । वस्तुतः त्यस विशाल रुपलाई देखेर कदापि मनमा शान्ति आउँदैन । भयले व्याकुल चित्तमा यस्तो लाग्दछ-यस रुपको संवरण हुन गए त प्राण बच्यो । चित्तमा एक किसिमको व्यथा वेदना जस्तो लाग्दछ, धैर्य च्युत हुन्छ, मनको समता नष्ट हुन्छ ॥२४॥

दंष्ट्राकरालानि च ते मुखानि ,
दृष्ट्वैव कालानलसन्निभानि
दिशो न जाने न लभे च शर्म
प्रसिद देवेश जगन्निवास ॥२५॥

श्री धरीय टीका-हे देवेश ! तिम्रो मुखहरुलाई देखेर भयावेशमै म दिङमूढ भइरहेछु र शान्ति पाइरहेको छैन । हे जगन्निवास ! प्रशन्न होऊ । तिम्रो मुख भयंकर दंतहरुयुक्त एवं कालानल प्रलयाग्नि सदृश छन् ॥२५॥

आध्यात्मिक व्याख्या-"यस किसिमसँग जसले देख्दछ-जुन अभिप्रायले-उसरी नै त्यस कूटस्थको भित्र यसरी आफ्नो मुखमा देखाइरहेका छन्। ठूलठूला दाँत-तरवार समान कालान्तक यमको समान रुप

-प्रज्वलित अग्नि समान चारैतिर आगो दन्किनाले कुनै दिशाबोध हुँदैन । मन घबराई उठेको छ-हे देवेश ! कूटस्थ !! प्रकृष्टरुमा शान्त होऊ, तिमी नै जगत्को निवासस्थल हौ !!!

यो जगद्व्यापी रुप, त्यो विकृत मुख, त्यस मुखको भित्र लामा लामा डरलाग्दा भीषण दाँत, यम समान भयंकर कराल रुप अनि यसको अतिरिक्त चारैतिर मानो आगोको मुश्लो दन्किई भस्मीभूत-यो सबै देखेर आतंकले मन दिग्भ्रमित भैरहेको छ । तब मन विमूढ हुन जान्छन । अनि खालि यही भन्ने इच्छा हुन्छ (हे प्रभु ! तिमीले आफ्नो रुपलाई संवरण गर, अब सहन गर्न सक्तिन, हे जगदाधार ! म माथि प्रसन्न होऊ ॥२५॥

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहेवावनिपाल संघै ,
भीष्मो द्रोणः सूतपुत्रस्तथाऽसौ ,
सहास्मदीयैरपि योधमूख्यै ॥२६॥

श्री धरीय टीका-[यस संग्राममा भावी जयपराजयादि तथा अरुपनि जे जुन देख्न चाहन्छौ, त्यो सब मेरै शरीरमा हेर-यस भगवद्उक्तिलाई अब अर्जुनले श्री भगवान्को शरीरमा प्रत्यक्ष देखि पाँच श्लोकमा भनिरहेका छन् ।]-ती दुर्योधनादि धृतराष्ट्रका पुत्र, जयद्रथ, आदि अवनिपालहरुका साथ तिम्रो मुखमा प्रवेश गरिरहेका छन, भीष्म, द्रोण, सूतपूत्र कर्णपनि त्यसमा पसिरहेका छन् । केवल यिनीहरु मात्र प्रवेश गरिरहेका छन, यस्तो छैन । शिखण्डी धृष्टद्युम्न आदि हाम्रा प्रधान प्रधान योद्धाहरुलाई पनि मै उनीहरुको साथ तिम्रो मुखमा प्रवेश गरिरहेका देख्दछु ॥२६॥

आध्यात्मिक व्याख्या-"भीष्म, द्रोण, कर्ण एवं बडेबडे योद्धा तथा धृतराष्ट्रको शतःपुत्र" ।-(२७,२८,२९ श्लोकहरुको अर्थ हेर्नुहोस)

अर्जुनले सम्भेको थियो इन्द्रियहरु एवं भोगवासनाहरु मर्न गए पछि त बाँकी रहन्छ नै के र, यिनलाई जय गरी आत्मराज्यको उद्धार गर्न पनि सहज छैन । परन्तु वृहत् कूटस्थ दर्शन गरेपछि उनको समभमा आइरहेछ–त्यो त निमित्त मात्र रहेछन् । इन्द्रियवेग जहाँबाट उठ्दछ, त्यहीं फेरि डुब्न जान्छ । सुषुप्तावस्थामा जसरी इन्द्रियवेग रहदैन, उसरी नै क्रियाको परावस्थामा पनि विशाल ज्योतिको दर्शन को समय यी समस्त मनोवेग कुनै अदृश्य गह्वरमा लुक्न जान्छन् । आत्मज्ञान नहुनुको कारण जीवलाई पांचभौतिक देहेन्द्रियादिमा तथा उनको विषयहरुमा ममत्व बोध हुन्छ । प्रकृत "म" को परिचय पाए पछि फेरि भोगादिमा आसक्ति रहदैनन् । आसक्ति नष्ट भएपछि भोग्यवस्तु एवं भोगायतन शरीर तथा त्यसको कारणहरु प्रति लक्ष्य पनि रहदैन अतयव ती रहँदामा पनि नरहेकै समान हुन जान्छन । साधनाको प्रथमावस्थामा जुन सब विचित्र ज्योति देखिन जान्थ्यो, अनि जे जो सुनिन जान्थ्यो, त्यो सब मानो त्यस विशाल ज्योतिको भित्र प्रविष्ट भएको जानिन जान्छन् । जसलाई शत्रु तथा जसलाई आत्मीय बुझ्दथ्यो, तिनीहरु सबै अन्तमा कुनै पनि रहन जाँदैन । अतयव कालको कराल मुखमा सबै प्रवेश गर्दछन ॥२६॥

वक्त्राणि ते त्वरमाणा विशन्ति ,
दंष्ट्राकरालानि भयानकानि ;
केचिद् विलग्ना दशनान्तरेषु,
संदृश्यन्ते चुर्णितैरुत्तमांगैः ॥२७॥

श्री धरीय टीका-तिनीहरु सबै त्वरमाण अर्थात् दौडिदैं तिम्रो विकराल दन्त भएका मुखमा प्रवेश गरिरहेछन। तिनीहरुमा कोही कोही चुर्णित मस्तक भएर तिम्रो दाँतहरुको बीचमा अडकेका देखिइन्छन ॥२७॥

आध्यात्मिक व्याख्या-"सबै तिम्रो मुख भित्र गैरहेका छन, कुनै दंत बीचमा अडकिरहेका छन, सिर कटकट चपाइरहेका छन।"

-जीवको भविष्य के छ, हामी बद्ध जीवले यसलाई जान्न पाउँदैनौ, परन्तु भगवान्को लागि यो अगोचरछैन। उसको सामुन्ने त्रिकाल एक छ, त्यसमा कुनै परिवर्तन देख्नु संभव छैन। केही भए तबै त परिवर्तन हुने हो ? घटना निचयमा जुन भूत, भविष्यत् वर्तमानादिको परम्परा छ, त्यो मायिक छ। जबसम्म "म" पनाको बोध छ, तबसम्म अखण्ड कालको सत्ताको अनुभव हुन सक्तैन। कालको खण्डितावस्थामा बहुत्वको ज्ञान स्वाभाविकै छ-अर्जुनलाई जब यो विश्वरुप दर्शन भैरहेको छ, त्यतिखेर पनि उसलाई विश्वको बोध छ, परन्तु त्यो विश्व भगवानकै भित्र छ, बाहिर केही छैन-अर्जुनलाई बोध भैरहेको छ। परन्तु "इहबाह्य"-यसको अगाडि पनि जान्नु पर्ने धेरैजसो कुराहरु रहन जान्छन। त्यो कालातीत अवस्था होइन, परन्तु खण्डकाल भित्र जुन घटनाको अवबोध हुन्छ, भूत भविष्यको ज्ञान हुन्छ, यो उसै किसिम को धारणाको विषय हो। विषय-भोग पछि जुन ज्वाला हुन्छ, त्यो तीव्र ज्वालाले नै जीवलाई मुक्तिको मार्ग देखाइदिन्छ। जो मुक्तिपथको पथिक छन उनलाई काम भोगादि मुक्तिको अन्तराय अर्थात् बाधक जानिन जान्छन् तथा त्यसको पंजाबाट मुक्ति प्राप्त गर्नको लागि कामादि भोगको विपरित भाव=वैराग्य एवं शमदमादि साधन आफ्नो मार्गको अनुकुल जानिइन्छन्। परन्तु यी शमदमादिले पनि तबसम्म नै मित्रवत् कार्य गर्दछन्, जबसम्म मार्गमा अवरोध तेर्स्याउने कामकोधादिलाई केही टाढा हटाईदैन। यीनलाई नहटाइकन त गन्तव्य मार्ग दृष्टिगोचर नै हुँदैन। यसैले याँहा देखाइएको छ। विश्वरुप दर्शन समान ज्ञान प्राप्त भए पछि साधकले देख्न पाउँदछ। साधनाको परिपन्थी कामक्रोध लोभ मोहादि सबै यस प्रज्वलित ज्ञानाग्निमा प्रविष्ट भएर विलुप्त जान्छन। केवल यति मात्र होइन, मुक्ति मार्गमा सहायता गर्ने वृत्तिहरु पनि एक एक गरी उनमा प्रविष्ट भएर तद्रुपतालाई प्राप्त हुन जान्छन, उनको "पृथक अस्तित्व सम्म रहँदैन, ठीक त्यसरी नै जसरी नदी तरी सकेपछि डुंगाको आवश्यकता रहँदैन। मुक्ति साधनको निम्ति पहिले शमदमादि साधनहरुलाई साधकले आयत्त गर्नुको प्रयत्न गर्दछन्। त्यस पछि त त्यसको पनि आवश्यकता रहँदैन, फेरि यी सबलाई पनि त्यागनु पर्दछ, नत्र भने त उनमा आसक्ति रहेमा यिनीहरु नै मुक्तिमार्गमा विरुध्दाचरण गर्नेछन। अभिमान सँग जडित भएमा यी उत्तम गुण पनि

हाम्रो आत्मदर्शनको बाटोमा बाधक बन्न जान्छन् । तब यसलाई भगवान्ले नै दूर गर्दछन । अन्यथा सर्वशून्य भएर "सर्वातीत" हुनुको अधिकार प्राप्त हुँदैन । अन्यथा सब तथा कोही कोही प्रवृत्तिपक्षीय पनि विचुर्णित भएर उनको दशन-सन्धिमा किन लागिरहन्छन ? यसको कारण यो-तिनीहरु पूर्णतः लुप्त हुन जादैनन् । उनिहरुद्वारा पनि जीवन मुक्त साधकलाई कार्यमा केही केही सहायता प्राप्त हुन्छन । परन्तु उनिहरुको दुष्ट भाव जसबाट त्यसले साधकहरुलाई हानि गर्न सक्दछन्, गैहाल्दछ । यसैकारण उनिहरुलाई एकैपटक लोप हुन गएको नदेखाई कन यो देखाउनु भएको छ-तिनीहरु दंश द्वारा चुर्णविचुर्ण भै दन्तद्वारमा अडकिएका छन् ॥२७॥

यथा नदीनां बहवोऽम्बुवेगा :
समुद्रमेवाभिमुखा द्रवन्ति ;
तथा तवामि नरलोक वीरा,
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

श्री धरीय टीका-[प्रवेश विषयक दृष्टान्त दिइरहेछन]-विभिन्न मार्गगामी विभिन्न नदीहरुको विभिन्न प्रवाह जसरी समुद्राभिमुख भएर समुद्रमा प्रवेश गर्दछन, ठीक उसरी यी समस्त नरवीरहरु सर्वतः देदीप्यमान तिम्रो मुखमा प्रवेश गरिरहेका छन । ॥२८॥

आध्यात्मिक व्याख्या-"जसरी नदीहरु सागरमा खस्दछन, त्यसरी नै वीरगण तिम्रो मुखमा खसिरहेका छन ।"

यो जुन महाकालको कराल वदनमा समस्त वीरगण प्रवेश गरिरहेकाछन, यसमा मानो कोही कसैको कुनै प्रयत्न छैन । जसरी प्रवाहित जलमा तृणसमूह अवश भएर बहन जान्छन, त्यसरी नै वीरगण विना विचार मानो कुनै अदृश्यको इशाराले परिचालित भएर तिम्रो फैलिएको मुख-विवरमा प्रवेश गरिरहेका छन । यसै किसिमसँग जीवको अन्तःकरणमा शत शत वासनाहरुको वेग तरंगायमान भएर सुषुप्तिको प्रलय गहवरमा प्रवेश गर्दछन । कोही रहँदैन, केही पनि रहन जादैन, फेरि पनि यी शत शत चिन्तातरंगहरु मनुष्यलाई कुन किसिमसँग उत्क्षिप्त गर्दछन्, यो कसैलाई पनि अविदित छैनन् । उनलाई विभ्रान्त गर्न देऊ, तिमीले त्यतातिर दृष्टि नराख । ती साधन पथको विरोधी भएता पनि धेरै समयसम्म टिक्न सक्ने छैन । कूटस्थको अनन्त ज्योतिपुंजको भित्र यी सारा मनोवेग, सागरमा जसरी नदीहरु प्रवेश गर्दछन, त्यसरी नै प्रवेश गरी डुब्न जानेछन् ॥२८॥

यथा प्रदीप्तं ज्वलनं पतंगा,
विशन्ति नाशाय समृद्धवेगाः;
तथैव नाशाय विशन्ति लोका-
स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥

श्री धरीय टीका-[अवशभावले प्रवेशमा नदी-वेगको दृष्टान्त भनियो , अब बुद्धिपूर्वक प्रवेशको दृष्टान्त दिइरहेका छन्]-जसरी पतंग बुद्धिपूर्वक समृद्ध वेगसँग ज्वलन्त अग्निमा मर्नको लागि प्रवेश गर्दछन, उसरी नै यी जनगण पनि विनाशको लागि तिम्रो मुखहरुमा प्रविष्ट भैरहेका छन ॥२८॥

आध्यात्मिक व्याख्या-"प्रदीपमा पतिंगा जुन किसिमसँग शीघ्र गएर मर्न जान्छन्, उसरी नै (मनुष्य) तिम्रो मुखमा गएर जलिकन मरिरहेका छन् ।"

पतंग अग्निको ज्वलन्त रुपदेखि मुग्ध भै जसरी त्यसमा प्रवेश गर्दछन् र मृत्युको मुखमा जान्छन्, उस्तै किसिमसँग यस जगत्को उत्पत्ति नाशशील दृश्यहरुको दर्शनले विमुग्ध भएर आपात-मनोहर वस्तुको प्राप्तिको लागि मृत्युलाइ आलिंगन गरिरहेका छन । तिमी कालस्वरुप छौ, ती सारा रुपरस-मुग्ध जीव समूह तिम्रो कराल शरीरमा आइ प्रविष्ट गरिरहेकाछन् । दुर्मतिको विषयलोभ पनि यसै किसिमको छ । त्यो दुर्मति वा दुःस्वभाव चाहे जतिसुकै विकट किन नहोस, शेष पर्यन्त टिक्ने वाला छैन । यसैले हे साधक! कुनै पनि कुरा को लागि चिन्ता नगरी साधना गर्दै अघि अघि बढ, यो दुर्मति कालवश एकदिन विलुप्त हुन जानेछ ॥२९॥

लेलिह्यसे ग्रसमानः समन्ता–
ल्लोकान समग्रान् वदनैर्ज्वलद्भि ;
तेजोभिरापूर्य जगत् समग्रं ,
भासस्तवोग्रा : प्रतपन्ति विष्णो ॥३०॥

श्री धरीय टीका-[त्यसपछि के भयो, यस प्रश्नको उत्तरमा भनिरहेछन्]-(तिमीले) चारैतिर बाट यी समस्त वीरहरुलाई निल्दै अतिशय भक्षण गरिरहेछौ कसद्वारा भक्षण गर्दछौ ? ज्वलन्त मुखहरु द्वारा, हे विष्णो !आफ्नो दीप्त तेजको विस्फुरण द्वारा (अर्थात् अत्यन्त प्रखर भै) तिमीले समस्तजगत्लाई व्याप्त गरी संतप्त गरिरहेका छौं ॥३०॥

आध्यात्मिक व्याख्या-"जीब्रो लप लप गर्दछ, त्यस भित्र सबै गएर खसिरहेका छन् , चारैतिर अग्नि यस्तो उग्ररुप तिम्रो छ ।"-

तिम्रो देदीप्यमान मुखहरुमा सबै खस्दै गैरहेका छन । तिम्रो लाल लाल जिहवा समस्त वस्तुहरुलाई मुखमा तानी मानो एक अपूर्व रसस्वादन गरिरहेछन ! चारैतिर अग्नि प्रज्वलित छ । यस कूटस्थतेज को भित्र सारा वस्तुहरु पर्दै तेजः स्वरुप हुँदै गैरहेका छन, उनको पृथक नामरुप केही पनि समझमा आइरहेको छैन । तिमी परम तृप्तिलाभ गरिरहेछौं, किनभने सबैवस्तुहरुलाई एकै बनाउनु तिम्रो अभ्यास छ, यसैले तिमीलाई हरि भन्दछन् । प्रभु,तिमीले सबैको सबचिज हरण गरिलिन्छौ ! परन्तु तिम्रो यस प्रखर विस्फुरण अर्थात् उग्ररुपलाई जगत्ले अब धेरै सहन गर्न पाइरहेको छैन, समस्त खण्डकाल अखण्डकालमा प्रवेश गरिरहेछन, यसलाई देखेर साधकको सिर चकराइरहेको लाग्दछ ॥३०॥

आख्याहि मे को भवानुग्र रुपो ,
नमोऽस्तु ते देववर प्रसीद ;
विज्ञातुमिच्छामी भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

श्री धरीय टीका-[यस किसिमको उग्र रुप देखेर फेरि भन्दछन]-उपग्ररुप धारी तिमी को हौ, यो मलाई भन । म तिमीलाई नमस्कार गर्दछु हे देववर ! तिमी प्रसन्न होऊ । तिमी आदि पुरुष हौ, तिमीलाई म विशेषरुपले जान्न चाहन्छु । तिम्रो प्रवृति अर्थात् चेष्टा केको लागि हो अर्थात कुन कारणले यसरी प्रवृत्त भैरहेका छौ, यो मैले जान्दिन । तिम्रो यस किसिमको प्रवृत्तिलाई पनि जान्दिन ॥३१॥

आध्यात्मिक व्याख्या-"महाशय, तपाई को हुनु हुन्छ ? यो त बताउनोस-यस्तो उग्र रुप-तिमी देवताहरुमा श्रेष्ठ हौ, म तिमीलाई नमस्कार गर्दछु । तिम्रो मूल जान्न चाहन्छु-कसद्वारा के भयो यो मैले राम्ररी बुझ्न पाइरहेको छैन-अहिले कूटस्थ हेरिरहेको थिएं, त्यस पछि यो के हुन गयो ?"

साधकले आफुभित्र कूटस्थको स्निग्ध शान्तरसप्रद अपूर्व ज्योति एवं त्यसको भित्र नव नव नीरद-प्रभा -लांछित घन घन श्यामसुन्दर रुपलाई हेर्दै हेर्दै विमुग्ध भैरहेको थियो । अनि यो फेरि कस्तो दृश्य देखियो ! यो कस्तो भीषण मूर्त्ति हो ! मूर्त्ति देखि मानो अग्निवर्षा भैरहेछ !! जुन अत्यन्त सुमनोहर थियो, त्यसले कस्तो भयंकर मुर्त्ति धारण गरिलियो ! यो प्रलयाग्नि समान कालान्तक विराट् रुप देखिकन साधक भय एवं विस्मयले अभिभूत भै उसले के देखिरहेको थियो यो विर्सन गयो । त्यो मनोहर रुप देखेर कति आनन्द भैरहेथ्यो ! त्यो प्राण हो मेरो, त्यो हो मेरो आत्मा-यो सम्झिएर कति कति शान्ति आइरहेथ्यो, अब उनको यो भाव हुन गयो । साधकले सोच्न लाग्यो-के प्रलयकाल त उपस्थित भएन ! के यसैले यो कालाग्नि दन्किएर उठेका छन् ! यस्तो सोची साधक भयभीत भएर व्याकुल चित्तले जिज्ञासा गर्दैछन-हे उग्रमूर्त्ति ! तिमी को हौ ? तिम्रो यो वेष परिवर्तनको कारण त मैले बुझ्न सकिन । तिमी के मेरो उही मित्र मेरो प्राण मेरो आत्मा हौ ? तिम्रो यस उग्ररुप धारणको मैले कुनै कारण बुझ्न पाइरहको छैन ।

वस्तुतः यस्तो रुप देखेर नवीन साधकलाई भय त हुन्छ नै । नवीनको अर्थ यहाँ यो छैन-जसले साधनारम्भ गरेको दुई चार वर्ष भएको होस । यस मूर्त्तिलाई जसले पहिले कहिल्यै पनि देखेको थिएन, जुन अर्वाचीन छन, उनलाई परमात्मरुपी महाकालको यो प्रलय-नृत्य देखे पछि त त्रास हुनेनै छ, यस्मा विस्मय गर्नु पर्ने केही कुरा छैन परन्तु जसले कालचक्रको यस गतिलाई प्रत्यक्ष गर्नुमा अभ्यस्त छन, उनलाई यो विराट् रुप देखेर भय हुँदैन ॥३१॥

श्री भगवानुवाच-

कालोऽस्मि लोकक्षयकृत प्रवृध्दो,
लोकान् समाहर्तुमिह प्रवृतः ;

ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे ,
येऽवस्थिताः प्रत्यनीकेषु योधा :॥३२॥

श्री धरीय टीका-[यस किसिम सँग प्रार्थित भएर तीन श्लोकहरुमा]-श्री भगवान् बोल्नु भयो-सबै मनुष्यहरुको क्षयकर्ता "प्रवृद्ध" अत्तिउग्रकाल मै हूं। प्राणीहरुको संहार गर्नको लागि यसलोकमा प्रवृत्त भएको छु। अतयव तिमीले नाश नगरे पनि त यिनीहरु बच्ने वाला छैनन् अर्थात् यदि तिमीले यिनीहरुलाई मार्दैनौ भने पनि त म कालात्मा द्वारा ग्रस्त भएर यिनीहरु पक्का मर्नेनै छन। जो मर्नेछन-तिनीहरु को हुन ? अनीकानि अर्थात प्रतिपक्षी सैन्यदलको योद्धाहरुमा भीष्म द्रोणादि जति योद्धा अवस्थित छन, सबै मर्नेछन ॥३२॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेको छ-म कालस्वरुप हुँ , मानिसहरुको क्षयको निमित्त प्रवृत्त काल हुँ, २१६०० पटक दिनरातमा श्वास चल्दछ, त्यसकालको प्राण्वायुलाई वृद्धि गर्दै योगीहरुले क्षुद्र समाधि देखि वृहत समाधि पर्यन्त स्थिर गरी राख्दछन्। तब स्थिर-स्वरुप ब्रहमकालको काल बन्दछ-यो एक कर्ममा प्रवृत्त-तिमीलाई छाडि कोही बच्ने छैन-जति योद्धाहरु छन्।"

काल यद्यपि अनन्त छन, परन्तु घटस्थ भएपछि त्यसको गणना गरिन्छ। महाकाल अनन्त छ। त्यसको ध्वंस हुँदैन, परन्तु घटस्थकाल अन्तयुक्त छ। यसैकारण देहरुप घटमा २१६०० पटक अजपाजय रुप श्वास प्रतिदिन रातमा स्फुरित हुन्छ। यो काल नै लोक संहार कर्ता हुन। श्वासको यस वहिर्गमनलाई रुद्ध गर्नु विना कसैको पनि त्राण छैन। केवल योगीहरुले योगाभ्यास द्वारा कालातीत अवस्था प्राप्त गर्न सक्दछन्। समाधिको समय श्वास-प्रश्वासको गति रुद्ध भएपछि योगीले काललाई प्रवंचित गर्न सक्दछन्। सारा जीवले नै क्रमानुसार श्वासको पूँजी लिएर जन्म ग्रहण गर्दछन् यसको संख्या समाप्त हुन गएपछि उसको देहपात हुन्छ। प्राणायामको अभ्यासले यस आयुकालको बृद्धि हुन्छ। जति समय सम्म समाधि हुन्छ, त्यति समय सम्म आयुको क्षय हुँदैन। यस अवस्थालाई जसले जति बढाउन सक्छ, तद्नुरुप नै त्यो कालजयी हुनेछ। समाधि स्थिरावस्था नै कालको कालस्वरुप हो। यस किसिमको महासाधनमा जो प्रवृत्त छन, उनको अतिरिक्त सबलाई मृत्युग्रस्त हुनुपर्नेछ। सृष्टि, स्थिति, लय बाह्य जगत्मा छँदै छ नै, हाम्रो भित्र पनि यसको कार्य अनवरत चलिरहन्छन। यसलाई बन्द गर्नु बिना हामीहरुको निष्कृति छैन। यो श्वासको बहिर्गमनागमन जबसम्म चलिरहने छ, तबसम्म प्रकृत ज्ञानको उदय हुनेछैन। ज्ञानको उदय हुनु विना जीवको संसार निवृत्तिको संभावना कहाँ छ ? कामद्वारा ग्रस्त भएर सारा वर्तमान अतीतको गर्भमा प्रवेश गरिरहेका छन। यस त्रिकालको भित्र कति कति घटनाहरु घटित हुँदै गैरहेका छन, परन्तु त्यसको द्रष्टास्वरुप "म" मा केही पनि परिवर्तन भैरहेको छैन। समस्त दृश्यसमूह ध्वस्त भैरहेका छन, परन्तु ध्वस्त भैरहेको छैन-केवल एक अविनाशी "म"। प्रवृत्ति निवृत्तिको पक्षवाला तथा पंचतत्त्व सबकासब विलुप्त भैरहेका छन। क्षिति जलमा जल तेजमा, तेज वायुमा-यसैकिसिमसँग व्योम आधा प्रकृतिमा तथा प्रकृति पुरुषमा विलीन भैरहेको छ। तब तिम्रो अतिरिक्त कोही रहने छैन-यसको अर्थ के

हो, पंचतत्त्वको लय हुन गएपछि पनि अन्तः करणोपहित तेजोमय चैतन्य वर्त्तमान रहन्छ । यसैकारण तेजः तत्त्वरुपी अर्जुनको पंचपाण्डवहरुमा यतिको प्राधान्य छ । यसैले त्यो नर नारायण हुन । जीवको कर्म, वासना एवं फल भोग तथा बारम्बार संसारमा आवागमन कालक्रमसँग एकदिन सब विलुप्त हुन जानेछन्, परन्तु चैतन्य शक्तिले जाग्रत उत्थित ज्ञान न्याय जेजति छन् सब प्रलीन हुन जानेछ । जसले योगाभ्यासद्वारा यस महाकालको स्वरुपलाई जानेर त्यसमा प्रविष्ट हुन्छन, उनलाई फेरि कालको क्रीडा जन्म मरणादि तथा प्रलयको ताण्डव नृत्यदेखि व्याकुल हुनु पर्ने छैन ॥३२॥

तंस्मात्वमुतिष्ठ यशो लभस्वः;
जित्वा शत्रुन् भुङ्क्ष्व राज्यं समृद्धम्
मयैवैते निहता पूर्वमेव,
निमित्त मात्रं भव सव्यसाचिन् ॥३३॥

श्री धरीय टीका-[किनभने यस्तो छ]-अतयव तिमी युद्धको लागि उठिहाल । देवदुर्जय भीष्म द्रोण आदिलाई पराजित गरी यश प्राप्त गर । बिना प्रयत्न शत्रुहरुलाई जय गरी समृद्धराज्य भोग गर । तिम्रा यी शत्रुगण म कालस्वरुप द्वारा युद्धपूर्व नै मृतप्राय भै सकेकाछन, अस्तु हे सव्यसाचिन् ! तिमी निमित्त मात्र बन -वामहातले पनि जो शरसन्धानमा समर्थक हुन्छ त्यसलाई सव्यसाचि भन्दछन् ॥३३॥

आध्यात्मिक व्याख्या-"अतयव क्रिया गर्दै जाऊ-केवल तिमी निमित्त मात्र होऊ सबै मरेकै छन ।"

शरीर एवं इन्द्रियहरु साधनाको प्रबल अन्तराय (बाधक) हुन । यसको वशमा परी जीवको जुन अभ्यास एवं संस्कार उत्पन्न हुन्छन, त्यसले साधनाको विरुद्ध प्रबल विद्रोह गरिदिन्छन । त्यसलाई कुनै किसिमले पनि मनको अनुसार समुचित रुपसँग वशमा राख्न सकिन्न । यसैले प्राय साधकहरुले साधना गर्ने समय यसको दुष्टता देखि हतोत्साह हुन जान्छन । वस्तुतः यी रिपुगण जस्तो प्रबल एवं मैमत्त छन, यसले जयको आशामा नैराश्यता हुन्छ त यसमा विचित्रता को कुरा केही छैन । तब के त उनलाई आफ्नो वशमा ल्याउने चेष्टा नितान्त नै व्यर्थ छ त ? यस्तो कुरा छैन । अलि विचार गरेर हेर । यद्यपि यी सारा शत्रुहरु दुरन्त एवं दुर्जय छन, तथापि यी आत्मासमान नित्य एवं सत्य पदार्थ होइनन् । ती प्राकृत पदार्थ हुन, अतयव जीर्ण वस्त्रखण्ड समान समय आएपछि जीर्ण हुनलाई बाध्य छन । हामीलाई भोगको सामग्री, घर घरमा सामान, खेतबारी, धन, सम्पत्ति आदि-केही दिनको लागि भोग गर्न प्राप्त भएका छन् । यिनमा कुनै पनि चिरन्तन छैन, त्यसरी नै शरीर एवं इन्द्रियहरु आगन्तुक अतिथि मात्र हुन, यिनीहरुको साथ संग थोरै दिनको लागि नै पाइएको छ र केही दिनमा यी पर्यटकहरु गैहाल्नेछन् । तब यिनीहरुको सामयिक क्रुद्ध आँखाहरु देखि किन डराउँछौ ? शरीर रोगग्रस्त या क्षीण हुँदामा पनि त इन्द्रियहरुको अनेक उपद्रब आफसे गैदिन्छन, निदाय पछि शरीरको अनेक व्यापार निरस्त एवं निरुद्यमा हुन जान्छन । एकाध दुर्दैव या आपद-विपदको झटका लाग्दा खेरि मनको अनेक विचार, अनेक आकांक्षाहरु निर्वापित हुन जान्छन् । अहिले

शत्रुदल दौडधुप गरिरहेका छन, खुब उफ्रदै छन, यति नै त उनिहरुको दौडादौडी हुन, त फेरि किन यिनको कारण यति निराश हुन्छौ ? परन्तु के तिमीलाई थाहा छ, यिनीहरुको स्थायित्व कतिंजेल सम्म को लागि हो ? यस शरीरको साथ नै सबको अन्त हुन जानेछ । यदि भन्छौ-सूक्ष्म शरीरको साथ पनि यिनीहरुको संस्कार रहन्छन् त यसको लागि पनि भयभित हुनुपर्ने कुनै कुरा छैन । सूक्ष्म शरीर पनि नित्य रहँदैन, यहाँ सम्म कि कारण शरीर पनि रहँदैन । यसको विनाशको उपाय आफसे आफ प्रस्तुत हुन्छ । कालमा नै सबै उत्पन्न हुन्छन र कालमा नै सब लय हुन्छ । कालको (श्वासलाई) प्रतीक्षा (लक्ष्य) गरिराख, देखन पाउनेछौ-जो बडा अत्याचारी थिए, बडा दुर्दमनीय थिए, ती पनि भग्नहस्तपद भएर कालको विपुल गर्भमा विलीन हुन गए । कालले कसैलाई पनि स्थायी रहन दिँदैनन्, तिमीले मार्ने चेष्टा नगरे पनि त तिनीहरु मर्ने नै छन् ।

"कलनात् सर्वभूतानाम् महाकालः प्रकीर्त्तितः" म०नि० तन्त्र"

समस्त जीवहरुलाई ग्रास गर्नुको कारण नै उनको नाम काल छ । जो आज बालक छ, भोलि तन्देरी हुन्छ त्यो, आज जो युवा छ , केही दिनपछि त्यो वृद्ध एवं जराग्रस्त हुनजानेछ, जो आज बृद्ध एवं जराग्रस्त छ,त्यो एकदिन यस जीर्ण देहलाई त्याग्न बाध्य हुनेछन् । अतयव मृत्यु जुन कालको धर्म हो, त्यो कालको वश एकदिन आइहाल्नेछ । एकदिन कालवशात् सबले रुपान्तरलाई प्राप्त गर्नेछन । अतयव वस्तुतः सब मरेकै छन्, यसको लागि कसैको प्रयासको जरुरी हुँदैन । आज जुन अर्धकोपिला फूल रुपहीन गन्धहीन कलिकामात्र छन, भोलि त्यसले सौन्दर्य एवं गन्ध द्वारा मानिसहरुलाई मुग्ध गर्ने छन । आज जुन दीन-दरिद्रपथको भिखारी छ, संभव छ भोलि त्यसको अतुल ऐश्वर्यले अति ऐश्वर्य गर्वित पुरुषको गर्वलाई पनि खर्व गरिदिनेछ । यो परिवर्त्तन गर्नेवाला को हो? कसले सबैको ओटमा रहिकन पुष्पकलिकालाई सौन्दर्य एवं गन्धको भारले लोक-विमोहनीय वनाउंदछ ? कसले बाटोको भिखारिलाई राजमुकुट लगाईदिएर स्वयं मनमनै आफै हांसिरहन्छ ? यो शक्ति कसको हो ? यो शक्ति जसमा छ, त्यही महाकाल हो, त्यही भगवान् हुन । हाम्रो शक्तिले केही हुदैन । समस्त कर्म हरुको कर्त्ता महाकाल हुन । हामीहरु बीचमा कुनै पनि मनुष्य कर्ता छैन । अतयव कुनै काम गरी हामीहरुको निम्ति अहंकार गर्नुको कुनै कारण देखिंदैन । विमूढात्मालाई यदि अहंकार आउंदछ भने त त्यो उसकै मूढताको नै परिचायक छ । आफ्नो कृतकर्म एवं तज्जनित सुख दुःखादि फलाफलको पनि हामी प्रभु होईनौ । उनकै सान्निध्य देखि प्रकृतिको भित्र विचित्र कर्म चेष्टा स्फुटित हुन सक्दछ, प्रत्तेक पटक एक-एक नयां कर्म मनुष्य चित्तमा संस्कार राखिदै जान्छ र त्यही परवर्ती नवीन कर्मको कारण बन्न जान्छ । परन्तु सबैको मूलमा त्यो अनादि कारणरुपी महाकाल महेश्वर हुन । केनोपनिषदमा समस्त कार्यहरुको मूल कारणलाई कस्तो अपुर्व भाषामा व्यक्त गरेको छ ।

"केनेषितं पतति प्रेषितं मनः ,
केन प्राणः प्रथम प्रैति युक्त ;

केनेषितां वाचमिमां वदन्ति,
चक्षुः श्रोत्रं क उ देवो युनक्ति ॥"

कुन कर्ता द्वारा मन अभिलषित भएर अर्थात् कसको इच्छाले नियोजित भएर आफ्नो कार्यतिर जान्छन ? कसद्वारा प्रेरित भै प्राण गमन गर्दछ अर्थात् कार्य सम्पादन गर्दछ ? पंचवृत्ति प्राण सब इन्द्रियहरु भन्दा पहिले उत्पन्न भएको छ । यसैकारण प्राणलाई "प्रथम" विशेषण दिइएको छ । मनुष्यहरु कसदेखि प्रेरित भएर शब्द उच्चारण गर्दछन् अनि कुन (द्युतिमान) देवताले चक्षुः एवं श्रवणेन्द्रियलाई स्व.स्व. कार्यमा अभिप्रेरित गर्दछ ? यस प्रश्नको उत्तर दिनु हुन्छन्-

"श्रोत्रस्य श्रोत्रं मनसो मनो यद्,
वाचो ह वाचं स उ प्राणस्य प्राणः;
चक्षुषश्च क्षु-रति मुच्य धीराः ,
प्रेत्यास्माल्लोकादमृता भवन्ति ॥"-(केन०उ०)

जसद्वारा शब्द श्रवण गरिइन्छ अर्थात जुन शब्द-श्रवणको करण या उपाय छ, शब्दाभिव्यंजक त्यस इन्द्रियको नाम श्रोत्र हो । जुन देवताले श्रोत्र एवं चक्षुलाई स्वविषयमा नियुक्त गर्दछ । त्यो श्रोत्रको पनि श्रोत्र हो ।

त्यो जस्तो श्रोत्रको श्रोत्र हुन, त्यसरी नै मन अन्तः करणको पनि मन हुन । किन नहोस? त्यस आत्म-चैतन्य ज्योतिमा दिप्तिमान हुनु विना अन्तः करणरुपी मन स्व विषयमा संकल्प अध्यवसाय आदि कार्य गर्नमा समर्थ हुदैन । यस कारण त्यो (परमेश्वर) मनको पनि मन हो । बुद्धि एवं मन दुवैलाई एक अर्थमा मनसः भनिएको छ ।

तिमीले जुन प्राणको सम्बन्धमा प्रश्न गरेकाछौ त्यसैको सहायता ले नै यो प्राणवृति कर्मशक्ति-सम्पन्न हुन्छ, किनभने आत्माको अधिष्ठान या प्रेरणा नभैकन कहिल्यै प्राण व्यापार युक्त हुन सकदैन । अन्यत्र श्रुति भन्दछन्-"को ह्येवान्यात् कः प्राण्यात् यदेष आकाश आनन्दो न स्यात्" यदि यो आनन्द-स्वरुप आकाश (ब्रह्म) नहुंदो हो त को जीवित रहन्थ्यो, कसले प्राण धारण गर्दथ्यो । त्यो चक्षुको पनि चक्षु हो अर्थात् चक्षुमा जुन रुप-प्रकाशको सामर्थ्य छ, त्यो पनि आत्म चैतन्यको अधिष्ठान देखि नै सम्पादित हुन्छ । अतयव त्यो चक्षुको पनि चक्षुस्वरुप हो ।

अतयव जुन पुरुष श्रोत्रादिमा पनि श्रोत्रादि स्वरुप ब्रह्मलाई आत्मस्वरुप जानेर श्रोतादि इन्द्रियहरुमा आत्मबुद्धिको परित्याग गर्दछ, त्यही यथार्थ बुद्धिमान, सद्बुद्धि सम्पन्न छन । यस किसिमको बुद्धिमान मनुष्य इहलोक देखि प्रयाण गरी स्त्री-पुत्र, मित्रवन्धु वर्गमा "म मेरो" आदि व्यवहार त्याग गरी अमृतत्त्वलाई प्राप्त गर्दछन् ।

आफुले गरिएका कर्महरु तथा तज्जनित फलाफलको प्रभु हामी होइनौ । हामी खालि "निमित्तमात्र" हुनुको सिवाय अरु केहि हुन सक्तैनौ । कसले के कर्म गर्नेछ र कसलाई कुन फलाफल भोग्नु छ, यो सब स्थिर गरिएको हुन्छ । यस सम्बन्धमा चिन्ता गर्नु पनि व्यर्थ छ । परन्तु जीवलाई चिन्ता अवश्य हुन्छ, म यसलाई स्वीकार गर्दछु यसको कारण छ "क्षेत्रक्षेत्रज्ञ संयोगात्" अर्थात् क्षेत्र एवं क्षेत्रज्ञको संयोगले उत्पन्न आत्माध्यास-हेतु अविवेक । "म" को ज्ञान उसलाई छैन, यसै कारण शरिरमा आत्म-बुद्धि भएर शरिरमा नै "म" को अभिमान जडित हुन गएकोछ । यी सब कार्यकारणहरुको संयोग, संयोग-वियोग विल्कुलै अचिन्त्य छन । खालि आत्माको अधिष्ठातृत्वको कारण मस्तक व्यापार निष्पन्न भैरहेकाछन् । यसैले महाकाल भगवान् अर्जुनलाई भनिरहेकाछन-

"मयैवैते निहताः पूर्वमेव,
निमित्तमात्र भव सव्यसचिन"।

जय पराजयको निम्ति चिन्ता नगर, जय पराजय भनेको त तिम्रो होइन, मेरो खेल हो । केवल देहाभिमानिवश जीवले आफुलाई जयी या पराजित सम्झन्छन् । हामीहरु सब यस महाकालको हातको यन्त्र खेलौना हौं, यहां निमित्तमात्र हुनु विना दोस्रो उपाय छैन । तवफेरि भगवान्ले अर्जुनलाई "उत्तिष्ठ यशो लभस्व" किन भन्यो ? यसको कारण छ-अहंकार नहटिकन कुनै काम बन्ने छैन । यसैले जसबाट अहंकार मेटिन्छ त्यही उपाय भन्नु हुदैछन्-युद्धको लागि उठि हाल, तिमी कर्त्ता होईनौं, यो अनन्त कार्यकारण श्रृखला पनि केहि छैन, खालि मायाको खेल-मात्र हुन, जबसम्म आत्मबोध उत्पन्न हुदैन, यसलाई बुझ्न सकनेछैनौ । यस ब्रह्मात्मबोधमा मुख्य बाधा छ, हाम्रो बहिर्विचरणशील प्राण एवं इन्द्रियहरु । अतयव यी बाधाहरु पार गर्नु पर्नेछ । यसैको उपाय बताउनु भैरहेछन्-"उत्तिष्ठ" =उत्+तिष्ठ । कहां उठने? उर्ध्वमा उठनु पर्नेछ -एकबारगी सहस्रारमा कसरी उठने ? प्राण बहिर्गमनागमनलाई निरोध गरी । सारा इन्द्रियहरुमा प्रथम उत्पन्न हो प्राण । प्राण देखि समस्त इन्द्रियहरु एवं मन उत्पन्न हुन्छन अनि आफ आफ्नो काममा लाग्दछन् । अतयव प्राणको निरोध गरेमा सब आफसेआफ निरुद्ध हुन जान्छन् । प्राणायाम या श्वास प्रश्वासको धनुषमा मनरुपी वाण लगाउनासाथ भीष्म, द्रोण, दुर्योधन, दुःशासन आदि वृत्तिहरुले टाउको उठाउने छैन । तिनीहरुमा कोही रणदेखि भाग्नेछ । तिमी क्रिया गर्दै जाऊ, क्रियाको फलाफलतिर नहेर, यही श्रीगुरुको उपदेश एवं आदेश हो । तिमी खालि क्रिया गर्दै जाऊ, क्रिया गरी क्रियाको परावस्था प्राप्त गरेपछि त्यसको स्वरुप बुझिनमा आई हाल्नेछ । तब बुझ्न सकनेछौ-ती सव निर्जीव इन्द्रजालको खेल हुन । त्यस अवस्थामा तिनीहरु छन या छैनन्, उनको रहनु उचित छ या ध्वंस उचित, यी सब कुराहरु मनमा जागृत हुदैन । आत्माको प्रकाश देखि इन्द्रियहरु एवं बृत्तिहरुको समुदाय आफसेआफै उपशान्त हुन जानेछ । जसबाट आत्मबोध जाग्रत होस, आत्माको प्रकाश मेघशून्य सूर्यालोक समान अव्याहत गतिले नैहोस, त्यसंतै कार्य गर्दै जाऊ । सूर्योदय देखि जसरी अन्धकार आफसे आफ विलिन हुन जान्छन्, उसरी प्रकाश स्वरुप आत्माको अभ्युदय मात्रले इन्द्रियहरु र उनको कार्यादि केही पनि रहन सक्तैन । परन्तु आत्मप्रतिष्ठ नभैकन खालि त्यसलाई दबाई रहनाले काम चल्ने छैन । आलोकको

अभावले जसरी अन्धकारलाई अस्तित्वशाली बनाउंदछन् उसरी चिर स्थिर आत्माको अनुपलब्धिको कारणले नै रिपुगणको हुंकार सुन्नमा आउंदछन् । जसरी सूर्योदयको साथ साथ अन्धकारको विलय हुन्छ, उसरी नै आत्म साक्षातकारको साथ साथ देहात्मबोध रहन सक्तैन, अनि इन्द्रियहरुको कार्यादिमा अभिमानको अभाव देखि तिनीहरु विरक्ति या ल्केशको कारण बन्न सक्तैन । पूर्व संस्कारहरुको कारण प्राण बहुधा विक्षिप्त भएर मन, इन्द्रिय आदिलाई व्याकुल गर्दछन्, आत्म कर्म द्वारा वायु (सबप्राण) लाई स्थिर गरेपछि इन्द्रियहरुको तर्जन सुन्नमा आउने छैन । स्थिर प्राण नै आत्मा हो, त्यही ब्रह्म हुन, त्यहाँ इन्द्रियादिहरुको कुनै बल चल्दैन । जब साधना प्रारम्भ गरेर त्यतैतिर हिडीं रहेछौ, तब बुझिहाल, तिनीहरु मरिसकेकाछन् । तिमी ब्रह्म दर्शनको लागि क्रिया गर, तिम्रो प्राण स्पन्दनशून्य हुनजानेछ, चित्त संकल्पशून्य हुन जानेछ, इन्द्रियहरुको साधारण परिस्थिति मात्र रहनेछ, तिनीहरु कुनै अपकार गर्नमा समर्थ हुने छैन । आत्म महिमा जानिलिए पछि जीवन कृतकृत्य हुन जानेछ । साधनामा सिद्धिलाभ हुनुको पूर्व सम्म प्राकृतिक भाव प्रवल रहन्छन्, आत्म महिमा आवृत्त हुन्छ । साधक जति जति सिद्धितिर अग्रसर हुन्छ, उति उति नै त्यसको आत्मभाव आवरणमुक्त हुंदै जान्छन्, उति उति नै यशोलाभ हुन्छन् । "शौर्यादिप्रभवंयश:"-शौर्यादिले जीवित अवस्थामा जुन ख्याति हुन्छ त्यही यश हो । जुन साधकले वीर्य सहित साधना गर्दछ अनि तज्जन्य सुख्याति लाभ गर्दछ, त्यहि प्रकृत यशस्वी हुन । विवेक ख्याति नै प्रकृतपक्षमा यश हुन । यस विवेक ख्यातिको विषयमा केही भन्नु छ । विवेक ख्याति नै यथार्थ मा ज्ञान हो, यस ज्ञानको जबसम्म प्राप्ति हुदैन, तवंसम्म मन एवं इन्द्रियहरुको विषयस्पृहा निवृत्त हुदैन । इन्द्रियहरुको विषयहरुको साथ जुन संयोग छ त्यसको हेतु हो अविद्या नामक शक्ति । यस संयोगको अभाव हुन गए पछि नै द्रष्टाले कैवल्य प्राप्त गर्दछ । अविद्याको अभाव हुना साथ द्रष्टासंग दृश्यको संयोग विलुप्त हुन्छ । त्यसलाई नै योगदर्शनमा 'हान' भनेकोछ । विवेक ख्याति नै हानोपाय हुन । "विवेक ख्याति र विप्लवा हानोपाय"-हान प्राप्तिको उपाय अविप्लवा विवेकख्याति हो । बुद्धि एवं पुरुषको जुन भेदछ, त्यस को सम्बन्धमा जुन मनको प्रबल ज्ञान छ, त्यही "विवेकख्याति" हो । यो समाधि जनित निर्मल ज्ञान हो । जब यो निर्मल ज्ञान विप्लव रहित हुन्छ अर्थात् कुनै किसिमको मिथ्या ज्ञान द्वारा भग्न हुदैन, तबै त्यसलाई विवेक ख्याति भन्दछन् । "तस्य सप्तधा प्रान्तभूमि: प्रज्ञा"-त्यस हानोपायको (१) शुभेच्छा (२) विचारणा (३) तनुमानसी (४) सत्त्वापत्ति (५) असंसक्ति (६) पदार्थभावनी (७) तुर्यगा आदि सप्त प्रान्तभूमि अर्थात् एकको पर एक अवस्थाहरु हुन । यीनमा अन्तिम अवस्था कैवल्यावस्था हो । कैवल्य पदको प्राप्ति नै मानव जीवनको चरम लक्ष्य हो । परन्तु चरम लक्ष्य प्राप्ति पूर्व मुक्ति मन्दिरको नजिक पुग्नासाथ विभूतिहरुको गहन कान्तारमा परिकन साधन अति विपन्न हुनजान्छन् । धेरै जसो बलिष्ठ साधननिष्ठ साधक पनि त्यहां पुगेर विमुढ हुन जान्छन् । योगाभ्यास द्वारा योगीलाई काय संपद एवं अणिमादि सिद्धिहरु प्राप्त हुन्छन् । "सत्वपुरुषन्यताख्यातिमात्रस्यसर्वभावाधिष्ठातृत्व सर्वज्ञातृत्वंच" को सिद्धि हुन्छ, अर्थात् योगीमा सर्वज्ञातृत्वभाव (ज्ञानरुपासिद्धि) तथा सर्वाधिष्ठातृत्व (समस्त भावहरुको साथ आफ्नो संयोग अर्थात् जे जति छ ती सब मानो मैमा अवस्थित छ) प्रज्ञाको उदय हुन्छ । "स यदि पितृलोककामो भवति संकल्पादेवास्य पितर

समुपजायन्ते"-योगीको यस किसिमको संकल्पमात्रले पनि सिद्धिको अवस्था प्राप्त हुन्छ । यही ईश्वर भाव हुन, परन्तु यस्तो उच्चस्तरको सिद्धिले पनि अनात्मवस्तुमा आस्था उत्पन्न गर्न सक्तछ । त्यसदेखि पनि जब वैराग्य हुन जान्छ त योगीलाई सिद्धावस्था या कैवल्यावस्था प्राप्त हुन्छ ।

"तद्वैराग्यादपि दोषबीजक्षये कैवल्यम" (योगदर्शन विभुतिपाद) पूर्व कथित सर्वभावाधिष्ठातृत्व एवं सव ज्ञातृत्व-रुप सर्वश्रेष्ठ विभूति प्रति पनि वैराग्य उपस्थित भए पछि दोष बीजको क्षय हुन जानुको कारण कैवल्य प्राप्त हुन्छ ।

यसै यश प्राप्तिको कुरा श्री भगवान्ले भनिरहनुभएकोछ । यस प्रकारको यशको प्राप्ति जसले गर्दछ त्यसले निष्कण्टक या असपत्न राज्य प्राप्त गर्न सक्तछन् । यही चीर वांछित जीवनमुक्तिको अवस्था हो । त्यतिखेर फेरि नानात्वको खेल रहदैन, संसार दग्धबीजवत् हुन जान्छ अनि कसैले प्रभाव पार्न सक्तैन । प्रकृति देवी ले पनि त्यस साधकको सामुन्ने सिर उठाउने छैनन्-

"यो मां जयति संग्रामे यो मे दर्पं व्यपोहति;
यो मे प्रतिबलो लोके स मे भर्त्ता भविष्यति ॥"

जसले मलाई युद्धमा पराजित गर्नेछ, जसले मेरो दर्प चुर्ण गर्नेछ, जगत्मा जो म समान बलशाली छ, त्यही मेरो स्वामी होला (दुर्गा सप्तशती) अर्थात् जो सर्वतत्त्वज्ञ भएर परवैराग्यको प्रभावदेखि परम शिवरुप हुन जानेछ, त्यो प्रकृतिको स्वामी या ईश्वरतुल्य हुनेछ । श्रीभगवान्ले अर्जुनलाई सव्यसाचि शब्दले संबोधन गर्नु भएकोछ । सव्यसाचीको सामान्य अर्थ हुन्छ-जो एति एति पराक्रमी छ-वाम दक्षिण दुबै हातले समानरुपले शरसन्धान गर्न सक्दछ । परन्तु 'सव्य' शब्दको भित्री अर्थ हुन्छ पछाडि तिर, 'सच' शब्दको अर्थ हुन्छ युक्त हुनु, अर्थात् जसले पीठयुंतिर मेरुदण्डमा इच्छामात्रले मनः संयोग गर्न सक्दछन् र प्राणलाई त्यसको भित्र लैजान सक्दछन् त्यही सव्यसाची हुन । यस साधन क्रियाको नाम ॐकार क्रियामा जो सुदक्ष छन, तिनको लागि जीवनमुक्ति अवस्था प्राप्त गर्नु कठिन छैन । महाभारतमा लेखिएको छ ।-

"उभौ मे दक्षिणे प्राणी गाण्डीवस्य विकर्षणे ;
तेन देवमनुष्येषु सव्यसाचीति मां विदु : ॥"

मेरुदण्ड नै गाण्डीव हो, यो गीताको प्रथम षटक (प्रथम अध्यायमा) उल्लेख भैसकेकोछ । यस मेरुदण्डको वाम एवं दक्षिणमा विकर्षणै ॐकार क्रिया हो । ॐकार क्रियामा सिद्धि प्राप्त गरेपछि मूलाधार ग्रन्थि एवं हृदय ग्रन्थिको भेदन हुनजान्छ अनि श्वासमाथि विजय प्राप्त हुन्छ । यस को साधक कृतकृत्य हुन जान्छ । यसैले भगवान् भन्नु हुन्छ-तिमी जब यस साधनामा कुशली-पटु छौ तब तिमीलाई यशको प्राप्ति या शत्रुहरु माथि विजय को चिन्ता नै के छ ? ॥३३॥

द्रोणंच भीष्मंच जयद्रथंच,
कर्ण तथान्यानपि योधवीरान;

मया हतांस्त्वं जहि मा व्यथिष्ठा,
युद्ध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

श्री धरीय टीका-[मैले उनिहरुलाई जीतुं या तिनीहरुले मलाई जीतुन्-यी दुईमा कुन चांहि मेरो पक्षमा श्रेयस्कर छ, यो बुझ्रिहेको छैन, अर्जुनलाई जुन यो आशंका भएको थियो, अब त्यस्को आवश्यकता छैन, यसैले भन्नु हुन्छ]-जसको लागि तिमीले शंका गरिरहेका थियौ ती द्रोण आदि सबकासब म द्वारा मारिई सकेकाछन् अर्थात् उनलाई मैले अहिले नै मारी सकेकोछु, अब तिमीले उनलाई मार । भय नगर, शत्रुहरुलाई निश्चय नै युद्धमा जीत्नेछौ ॥३४॥

आध्यात्मिक व्याख्या-"(रुपक हेर) एक ठोक, भय-दुःसाहस-सुनेर विश्वास यी सबलाई मैले हरण गरिराखेकोछु । केवल तिम्रो क्रिया गर्नुको अपेक्षा यस किसिमसंग गरीराखेको छु-प्रकृतिको साथ ।"

अब त बुझिहाल्यौ नी! जसलाई मानिसहरुले अजेय सम्झन्छन्, त्यही जिद्दी, भय, दुःसाहस, दुर्मति आदिले तिम्रो साधना गर्नुको चेष्टा देखेर अनि त्यसको अवश्यम्भावी फल आफ्नो विनाश सम्झेर भयले मृतप्राय भैरहेकाछन्, यसैले खुब मन लगाई अधिकाधिक क्रिया गर, त फेरि तिनीहरुलाई दमन गर्नको लागि चिन्ता नै के छ ? क्रिया गरे पछि जुन क्रियाको परावस्था प्राप्त हुनेछ, त्यस ले तिनीहरु मात्रै किन,-समस्त प्रकृति स्थिर हुन जानेछ । अलि संयमसाथ नियमित रुपले तिमी क्रिया गर यसले प्राणादि वायु एवं त्यसको साथै मन, इन्द्रियादि पनि स्थिर हुन जानेछन् । प्रकृति (स्थिरआत्मा) को कुरा विर्सिएकाछौ, यसैले विपक्षीहरुको बलदेखि डराउंछौ । आत्म द्वारा प्राण स्थिर भएपछि मूल प्रकृति पर्यन्त स्थिर हुन जानेछ । प्राण प्रसन्न रहेपछि फेरि भय के ? दुर्गासप्तशतिमा लेखेको छ-

"देवि प्रसीद परमा भवती भवाय;
सद्यो विनाशयसि कोपवती कुलानि ।"-मध्यम चरित्र ।

हे देवि, तिमी मेरो सर्वश्रेष्ठा देवी हौ । मां, तिमी प्रसन्न हुनुहोस । तिमी प्रसन्न भएर जगत् (चांचल्पयुक्त जीवहरु) को कल्याण साधन गर्दछौ । अनि क्रुद्ध भएपछि रिपुहरु (जो साधन गर्न चाहदैन) लाई सदा नै विनष्ट गर्दछौ ।

"या मुक्तिहेतुर विचिन्त्य महाव्रता च,
अभ्यस्यसे सुनियतेन्द्रिय तत्त्व सारै ;
मोक्षार्थिभिर्मुनिभिरस्तसमस्तदोषै-,
विंद्यासि सा भगवती परमा हि देवी ॥"-मध्यम चरित्र

जुन (स्थिर प्राण या स्थिरा प्रकृति) मुक्तिको कारण छ तथा जसको लागि दुष्कर बृहत् ब्रह्मचर्य या महाव्रतको पालन गर्नु पर्दछ त्यस तत्त्वज्ञानरुपी भगवत् प्राप्तिको साधन भूता तिमी परमा विद्या (साधना) हौ, यसैले तत्त्वज्ञान सम्पन्न रागद्वेष विहीन संयतेन्द्रिय मुमुक्षु मुनि गणले तिम्रो (प्राणको) अभ्यास या

साधन क्रिया गर्दछन् । क्रिया द्वारा त्यस स्थिर प्राणमा मन युक्त भएपछि त्यसको उद्धार हुन्छ । मनको उद्धार भएमा फेरि विपदको आशंका कहां छ र ?

[महाव्रत-" अहिंसा सत्यमस्तेयं ब्रह्मचर्या परिग्रहा: । एते जातिदेशकाल-समयानवच्छिन्नाः सार्वभौम महाव्रतम् ॥" उपर्युक्त पांच किसिमको यम यदि जाति, देश, काल एवं समय द्वारा अनवच्छिन्न हुन्छन् त त्यसलाई "महाव्रत" भन्दछन् । अर्थात अहिंसा, सत्य अस्तेय आदि यमहरुलाई जाति, देश, कालमा निवद्ध राख्नाले काम चल्ने छैन, यी सब नियमहरु द्वारा अवच्छिन्न नभएर यदि सर्वकालमा एवं सर्वभूतमा अहिंसादि व्रत पूर्णाभावसँग, अनुष्ठित हुन्छन् भने तबै यो व्रत सार्वभौम हुन्छन् अनि तबै यस्लाई महाव्रत भन्दछन्] ॥३४॥

संजय उवाच-

एतच्छ्रुत्वा वचनं केशवस्य,
कृतांजलिर्वेपमानः किरीटी;

नमस्कृत्वा भूय एवाह कृष्णं,
सगद्गदं भीत भीतः प्रणम्य ॥३५॥

श्री धरीय टीका-[त्यसपछि जे भयो, त्यसलाई संजयले धृतराष्ट्र प्रति भन्दछन्]-उपर्युक्त त्रयश्लोकीय केशवको कुरा सुनिकन काम्दै अर्जुनले हात जोडेर श्रीकृष्णलाई नमस्कार गर्दै फेरि भन्यो । भय हर्षादिको आवेगको कारण गद्गद् भावले अर्थात् कंठावरोध साथ एवं भीत भन्दा पनि भीत भै सिर निहुराउदै उसले भन्न लाग्यो ॥३५॥

आध्यात्मिक व्याख्या-"दिव्य दृष्टि द्वारा अनुभव भैरहेकोछ-यो सब सुनी कूटस्थ द्वारा अनुभव भएर शरीरको तेज गद्गद् भावले भययुक्त भै प्रणाम गरिरहेकोछ ।"

माथि भनियो-साधकलाई दिव्य दृष्टि द्वारा अनुभव भैरहेकोछ, परन्तु साधक त साधन छोडी भयभीत एवं व्याकुल भैरहेछ, असिद्ध या साधनभ्रष्ट साधकको के दिव्य दृष्टि हुन सक्दछ? यो साधक यद्यपि ब्राहमी-स्थिति प्राप्त साधक होईन, परन्तु कूटस्थमा दृष्टि राखेर कूटस्थभित्र जुन ज्ञान प्राप्त हुन्छ त्यस लाई अनुभव गर्ने योग्य साधना उ संग हुन्छ । अन्यथा दिव्य दृष्टि द्वारा त्यसको अनुभव संभव थिएन । यसैले उनलाई किरीटी अर्थात् उच्च स्तरीय साधक भनिएकोछ । जुन साधकले निम्न भूमिहरुलाई जय गरिसकेकोछ, परन्तु उच्चभूमि आज्ञाचक्र आदि स्थानहरुमा सदा रहनुको अधिकार जसलाई अझै प्राप्त भएको छैन, त्यसलाई पछि कतै यो अवस्था पनि रहदैन कि भन्ने भय हुन्छ । अन्तरस्थ वायुको वेग धारण गर्नमा अझैपनि त्यो असमर्थ हुन्छ,-यसैले भयभीत भएर श्वास तान्दछ, परन्तु लक्ष्य ठीक कूटस्थमा राख्दछ-यही "भीतभीत: प्रणम्य" हुदै कृष्णलाई आफ्नो मनोवेदना जनाउने संकेत हुन । त्यो कसरी

बोल्दछन-वेपमान एवं कृतांजलि भएर । आफ्नो अवस्था ठिक छ या छैन, यस आशंकाले क्रियामा अलि अलि कम्पन हुन्छ, अथवा मनमा दुविधा भएमा क्रिया गर्नुको समय (उत्कृष्ट प्राणायाममा) पुलक न भै कम्पन-स्वेद कंपपुलक, अश्रु (यी चार अवस्थाहरुमा द्वितीय अवस्था कम्पन मात्र) हुन्छ । त्यस अवस्थामा पनि कूटस्थ ज्योतिको प्रकाश अनुभव हुन्छ, अन्यथा मनको कुरा कोसँग भन्ने ? यस प्रकाशको भावलाई ठीक राख्नुको नाम हो "कृतांजलि" । अंजलि-अंज्धातुले बनेकोछ, यसको अर्थ हुन्छ प्रकाश पाउनु, यस प्रकाशको अवस्था ल्याउने योग्य साधन गर्नुलाई कृतांजलि भन्दछन् । त्यस अवस्थामा साधकको जुन मनोभाव हुन्छ त्यो परवर्ती श्लोकहरुमा भन्दछन ॥३५॥

अर्जुन उवाच-

स्थाने ऋषीकेश तव प्रकीर्त्या,
जगत् प्रहृष्यत्यनुरज्यते च ;
रक्षांसि भीतानि दिशो द्रवन्ति,
सर्वे नमस्यन्ति च सिद्धसंघाः ॥३६॥

श्री धरीय टीका-यस श्लोक देखि लिएर एकादश श्लोकहरुमा अर्जुनको कथन छ । स्थाने-यो पद अव्यय हो-'युक्त' अर्थमा । हे हृषीकेश, तिमी यस किसिमले अद्भुत प्रभावसम्पन्न एवं भक्त वत्सल हौ, अतयव तिम्रो माहात्म्य-संकीर्त्तन द्वारा खालि म मात्र आनन्दित भैरहेको छैन, बरुभ्रन समस्त जगत् प्रकृष्ट रुपले हर्षलाई प्राप्त भैरहेकाछन्, यो युक्तियुक्त नै छ । जगत् जुन तिमी प्रति अनुरक्त छ अनि राक्षसहरु जुन भयभीत भएर दसै दिशाहरुमा दौडिरहेकाछन् तथा योग-तपस्या-मन्त्रादि-सिद्ध व्यष्टि जसले तिमीलाई प्रणाम गर्दछन्, ती सब पनि युक्तिसँगत नै छ अर्थात् त्यसमा कुनै विचित्रता छैन ॥३६॥

आध्यात्मिक व्याख्या-"शरीरको तेजले भनिरहेको छ-महाशय रक्षा गर-चारैतिर आगो लाग्यो-सारा दिशाहरु पगिलए-समस्त सिद्धहरुले तपाईलाई नमस्कार गर्दैछन-भयप्रयुक्त ।"

वृहत् कूटस्थको अप्रमेय तेजोराशी देखेर एस्तो मनमा हुन्छ-यसै पल्ट अन्त छ! यस्तो लाग्दछ-सारा सन्सार मानो जलिकन ध्वंस हुन गयो !! कूटस्थ भित्र जुन सिद्ध पुरुषहरु देखिइन्छन, तिनीहरु पनि मानो यस महा उग्ररुपलाई देखेर भयभीत भै स्तुति गर्दैछन् । त्यो हृषीकेश हुन, यो पनि साधकको मनमा अनुभव हुन्छ, किनभने जबसम्म इन्द्रियहरु संयत भएर निरोधमुखी हुदैन, तबसम्म त्यो परम ज्योतिको प्रकाश हुदैन । यो एक अपूर्व अलौकिक ज्योति हो, ज्योतिको प्रकाश देखेर प्राण चाहे जतिसुकै मुग्ध होस,अति उग्र प्रकाश मनको निम्ति अति असह्य जानिइन्छन् । उनको यस अपरुप रुपलाई देखी साधक मनमनै हर्षित हुन्छ र यस आत्मक्रिया एवं आत्मज्योती माथि उसको अनुराग दृढहुन जान्छ । सिद्ध मनुष्यहरु जसले यस क्रिया द्वारा मनः प्राणलाई एक गर्दै कूटस्थतिर लक्ष्य स्थिर गर्दछन् अनि एस साधनकै सहायताले तिमीतिर एकमात्र स्थिर दृष्टि स्थापन गर्दछन्, त्यसलाई मैले बुझ्रिरहेकोछु । तिनीहरुलाई आत्माको स्वानुभूतिको

रसमा डुबिरहेका देखिरहेछु अनि उनिहरुलाई कुरा गर्ने इच्छा पनि भैरहेकोछैन । *"गुप्त आनन्द धामेर मेला, हये बधिर बोबा, रसे डोवा, कच्छे सब रसेर खेला-(परिब्राजकको संगीत)* अर्थात् आनन्द धामको मेला रहस्यमय छ, त्यहाँ साधकहरु वहिरो एवं लाटो बनी रसमा डुबी रसको क्रीडा गर्दछन् । यस रसस्वरुपलाई पाउनको लागि साधकेन्द्र पुरुषहरु तिम्रो माहात्म्यगुण-कीर्त्तन गर्दछन्, अर्थात् गुरुपदिष्ट उपायहरुबाट तिम्रो स्मरण गरेपछि जुन एसकिसिमको परमानन्दको बोध हुन्छ, त्यसैलाई तिनीहरु परस्पर एकदोस्रालाई सुनाउंदछन् एवं सम्भ्फाउंछन् । राक्षस स्वभावका मानिसहरु तथा काम क्रोधादि दुर्वृत्तरुप राक्षसहरु त्यस स्मरणको प्रारम्भ हुनासाथै भयभीत भै भाग्दछन्, अर्थात् तिनीहरुले मनलाई विषयहरुतिर फेरितान्न आकर्षित गर्न पाउँदैनन् ।

साधकले यी साधन फलहरुलाई अनुभव गरी भन्दछन-पहिले जुन केही सुनिन्थ्यो, त्यो अब प्रत्यक्ष अनुभव गरिरहेकोछु ॥३६॥

कस्माच्च ते न नमेरन्महात्मन्,
गरियसे ब्रह्मणोऽप्यादिकर्त्रे;
अनन्त देवेश जगन्निवास,
त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

श्रीधरीय टीका-[जगत्‌ले तिमीलाई किन प्रणाम गर्दछ, यसको कारण वताउदछन्]-हे महात्मन् ! हे देवेश! हे जगन्निवास!तिनीहरुले तिमीलाई किन नमस्कार न गरुन ? तिमी कस्तो छौ ? तिमी ब्रह्माको अपेक्षा गुरुतर हौ, आदिकर्त्ता ब्रह्माको पनि जनक हौ । व्यक्त जगत् तथा अव्यक्त प्रकृतिको मूलकारण अक्षर-ब्रह्म तिमी हौ । महात्मन, अनन्त, देवेश, जगन्निवास, ब्रह्मभन्दा पनि गुरुतर आदिकर्ता, व्यक्तको मूल, अव्यक्तको मूल, अनि स्वयं अक्षर रुप यी नौ कारणहरुदेखि सबैले यदि तिमीलाई नमस्कार गरिरहेकाछन् त यस्मा विचित्रता नै के छ र ? ॥३७॥

आध्यांत्मिक व्याख्या-"तिमी अनन्त देव हौ, तिमी नै सत् असत्‌को पर छौ, जगत्‌को निवासस्थान हौ, तिमी कूटस्थ हौ ।"-

तिमी "महतोमहीयान" छौ । यति ठुलो जुन विराट् ब्रह्माण्ड छ त्यो हिरण्यगर्भ ब्रह्माको पेटमा अवस्थित छ, त्यस हिरणयगर्भको पनि जुन आधार छन त्यो वासुदेव हुन, त्यसको अन्त कसले पाउला? त्यही सत हुन अनि त्यही असत् हुन । सत् असत्‌को पर उही हुन् । जति पनि उनको व्यक्तावस्था अर्थात् इन्द्रियगोचरता छ त्यो सत् हो या कार्यावस्था हुन, अनि जुन इन्द्रियहरुको अगोचर कारणावस्था छ, त्यो असत् या प्रकृति हुन । सद् असद् को परको अवस्था नै हो-परमात्मभाव । व्यक्तको कारण अव्यक्त हो । यो स्थूल देहेन्द्रियादि समन्वित जुन "म" को बोध छ, त्यही हो सद्‌भाव । यसको अन्तरालमा जुन कारणरुप ज्योतिर्मय मण्डल छ, त्यही अव्यक्त प्रकृति हुन् । त्यही असत् अर्थात् कारणावस्था हुन जुन

बाह्येन्द्रियहरुको अगोचर छ । यसभन्दा पर जुन वासुदेव-भाव छ, जसलाई आश्रय गरी यो व्यक्त एवं अव्यक्त भाव विकसित भैरहेकाछन, त्यही ईश्वर या चिदाकाश हुन ।-

"यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः" (गी.अ.१५) जो लोकत्रयमा प्रविष्ट भएर सबैको पालन गरिरहेकाछन् त्यही अव्यय ईश्वर हुन, यी तीनै अवस्थाहरु ब्रह्ममा अन्तर्निहित हुन । श्वेताश्वतरोपनिषदमा लेखिएकोछ ।-

उद्गीथमेतत् परमं तु ब्रह्म,
तास्मिंस्त्रयं सुप्रतिष्ठा क्षरंच ;

अत्रान्तरं वेद विदो विदित्वा,
लीला ब्रह्मणि तत्परा योनिमुक्ता ॥

यो जगत् प्रपंच एवं यसको कारण अविद्यादेखि ब्रह्म पुर्णतः भिन्न उद्गीथस्वरुप छन र परम अक्षर भनिन्छन् । त्यसमा भोक्ता जीव, भोग्य जगत अनि नियन्ता ईश्वर-यी तीनै सुप्रतिष्ठित रहन्छन् । यस देहमा उनको भेदलाई जानी अर्थात साधनद्वारा ब्रह्म-प्रवेश-द्वार देखि अवगत भै ब्रह्म साधनामा लागेका पुरुषहरु ब्रह्ममा लीन हुन जान्छन् र पुनर्जन्मदेखि छुटन जान्छन् । यस किसिमको अव्यय ब्रह्मलाई जानेपछि जीवलाई संसार पाशबाट छुटकारा मिल्न जान्छन् ।

"संयुक्त मेतत् क्षरम क्षरंच,
व्यक्ता व्यक्तं भरते विश्वमीशः;
अनीशश्चात्मा बध्यते भोक्तृभावात्,
ज्ञात्वां देवं मुच्यते सर्व पाशै ॥"

यस क्षर एवं अक्षर, व्यक्त एवं अव्यक्तमय विश्वलाई परमेश्वरले पोषण या धारण गर्दछन् । अविद्या-परवश जीव भोक्तृत्त्वको अभिमानको कारण सन्सार–बन्धनलाई प्राप्त हुन्छ अनि जब स्वप्रकाश ब्रह्मलाई जानि लिन्छ त सबै किसिमको बन्धन पाश देखि विमुक्त हुन जान्छन ॥३७॥

त्वमादि देवः पुरुषः पुराण,-
स्त्वमस्य विश्वस्य परं निधानम्;
बेत्तासि वेद्यंच परंच धाम,
त्वया ततं विश्वमनन्तरुपम् ॥३८॥

श्री धरीय टीका-[अरु पनि भनिरहेकाछन्]-तिमी देवगणको आदि हौ किनभने तिमी अनादि पुरुष हौ । तिमी यस विश्वको लयस्थान हो । तिमी नै विश्वको ज्ञाता हौ । जे जति ज्ञेय वस्तु छ अनि जुन परमधाम

वैष्णव पद छ, त्यो सब तिमी नै हौ । अतयव हे अनन्त रुप ! तिमी द्वारा यो विश्व परिव्याप्त भैरहेको छ । आदि देव, पुराण पुरुष, विश्वको लयस्थान, वेत्ता, वेद्य, परमधाम एवं अनन्तरुप-यी सात कारणहरुले तिमी नमस्य छौ ॥३८॥

आध्यात्मिक व्याख्या-"तिमी आदिदेव हौ,-पुराण पुरुष हौ-तिमी आखिल विश्वको निःशेषरुपसँग स्थितिको स्थान हौ-तिमी ज्ञान दान वस्तु-तिमीले नै जान्न सकतछौ-परमधाम-तिमी देखि नै सारा अनन्तरुप विश्वसंसार भएको छ ।"-

जब कुनै दोस्रो प्रकाश थिएन, तब तिमी नै थियौ, यसैले तिमी (१) आदिदेव हौ । क्षिति, अप, तेज, मरुत् एवं व्योम-यी पांच तत्त्वछन् जुन विना लोक, लोकान्तर तथा तत्तत् स्थानहरुमा अवस्थित कुनै प्राणीको उद्भव हुन सक्तैन । त्यस अनाद्या प्रकृतिमा तिमीले बीज आधान गर्दछौ जसबाट यस त्रिलोकको उत्पत्ति हुन्छ । यो प्रकृति नै प्राणशक्ति हुन । *"शून्य धातुर्भवेत्प्राणः"* शून्यको पर परव्योम नै महा प्राण हो । महाप्राण एवं परब्रह्म अविनाभाव सम्बन्धले सदा युक्त रहन्छन् । त्यस महाप्राण निरंजन देखि सबै भूतहरुको उत्पत्ति भएकोछ, त्यही आदि कारण हो । आदिकारणको सम्बन्धमा श्वेताश्वतरोपनिषदमा जुन मीमांसा भएकोछ, त्यसलाई यहाँ उद्धृत गरिन्छन् ।-

"किं कारणं ब्रह्म कुतः स्मजाता,
जीवाम केन क्व च सम्प्रतिष्ठा;
अधिष्ठिता केन सुखेतरेषु,
वार्त्तामहे ब्रह्मविदो व्यवस्थाम् ॥"

(क) कारण स्वरुप ब्रह्म कस्ता छन ? के ब्रह्म यस जगत्को निमित्त एवं उपदान दुवै नै कारण हुन ? (ख) हामी कहाँबाट जन्मन्छौ ? (ग) जन्मे पछि कसको सहायताले जीवित रहन्छौ ? (घ) मृत्यु पछि कहाँ हाम्रो स्थिति हुन्छ ? अनि (ङ) कुन शक्ति विशेष द्वारा परिचालित भएर हामीहरु यस सुख दुःखको नियमलाई मान्दै गैरहेकाछौ ?

"काल स्वभावो नियतिर्यदृच्छा,
भूतानि योनिः पुरुष इति चिन्त्या;
संयोग एषां न त्वात्मभावा,
दात्माव्यनीशः सुख दुःख हेतोः ॥"

समस्त वस्तुहरुको परिणामको हेतु काल नै के यसको कारण हो ? अथवा अग्निमा उष्णता समान पदार्थहरुमा जुन कार्यनियामिका शक्ति छ, के यसकिसिमको स्वभावनै कारण हुन ? अथवा नियति अर्थात् जीवहरुको पाप पुण्यात्मक प्राक्तन कर्म कारण हुन ? अथवा यदृच्छा-आकस्मिक संघटन कारण हुन ?

अथवा पृथिवी आदि पंचभूत या पुरुष अर्थात जीवात्मा कारण छ। यिनीहरुमा प्रत्येकको या कुनै एक मुल कारण छ या छैन, यो चिन्तनीय छ। यी मुल कारण होईनन्। के यिनीहरुको पारस्परिक संयोगै कारण छ? यो पनि होइन, किन भने कारणको कार्यमा चेतन आत्माको सहायता अपेक्षित छ। तब त के चेतन आत्मा जीव नै कारण हुन? त्यो पनि होईन, किनभने जीव "अनिश" हुन, प्रभु होइन, कर्म को अधिनस्थ छ, अतयव त्यो पनि मूल कारण हुन सक्तैन।

"ते ध्यान योगानुगता अपशयन्,
देवात्मशक्तिं स्वगुणैर्निगूढाम्
यः कारणानि निखिलानि तानि,
कालात्मयुक्तान्य-धितिष्ठ-त्येकः ॥"

ब्रह्मवादी ऋषिगण जब बाह्य उपायहरु देखि कारण निरुपणमा असमर्थ हुन गयो तब ध्यानस्थ भए। ध्यानयोग द्वारा उनिहरुले त्यस परम देवताको कार्यकारिणी शक्तिलाई (जुन सत्त्व, रजः तमः एवं यसका कार्य बुद्धि आदि द्वारा आवृत्त छ) कारण-रुपमा बुझे। जुन एक अद्वितिय वस्तु (परमात्मा) काल देखि लिएर आत्मा सम्म पूर्वोक्त कारणहरुलाई परिचालन गरिरहेकाछन्, उनको त्यसै शक्ति लाई ऋषिहरुले देखे। यसको प्रमाण-

"सर्वभूतेषु सर्वात्मन् या शक्तिर परा तव;
गुणाश्रया नमस्तस्यै शाश्वतायै परमेश्वर ॥
याऽतीता-गोचरा वाचां मनसां चाविशेषणा;
ज्ञानध्यानपरिच्छेद्या तां वन्दे देवतां पराम् ॥"

हे सर्वात्मन्! हे परमेश्वर! सबभूतहरुमा अवस्थित गुणाश्रित जुन तिम्रो अपराशक्ति छ, त्यस चिरन्तन शक्तिको लागि नमस्कार। जुन वाणीको पर छ, मनको निम्ति अगोचर छ तथा ज्ञान एवं ध्यानगम्य अविशेषरुपा छ, त्यस परा देवतालाई हामी वन्दना गर्दछौ। देवात्मशक्तिको अर्थ यो पनि हुन्छ-देव, आत्मा एवं शक्ति परब्रह्मको अवस्था-भेद हुन, प्रकृति, पुरुष एवं ईश्वरको स्वरुपभूता एवं ब्रह्मरुपमा अवस्थिता जुन परात्परतरा छन, त्यस शक्तिलाई कारणरुपमा उनिहरुले देखे।

(२) तिमी पुराण पुरुष हौ, देहपुरमा शयन गर्नुको कारण त्यो पुरुष हुन्। त्यो सदा रहन्छन्, त्रिकालमा उनको अस्तित्वको लोप हुदैन। यसै कारण त्यो पुराण हुन।

नवद्वारे पुरे देही हंसो लेलायते बहिः
वशी सर्वस्य लोकस्य स्थावरस्य चरस्य च ॥-श्वेता०उ०

नवद्वारले युक्त यस पुरमा देही (देहाभिमानी जीव) बाह्य विषयहरुको भोगको लागि व्यापारवान हुन्छ।

"पुरुष एवेदं सर्वं यद्भूतम् यच्च भाव्यम्;
उतामृतत्त्वस्येशानो यदन्नेनातिरोहति ॥"

जुन भूत छ, भविष्यत् छ तथा जो अन्नद्वारा वृद्धिलाई प्राप्त भैरहेकोछ, त्यो सब पुरुष या परमात्मस्वरुप छ, त्यो पुरुष मुक्तिको पनि प्रभु हुन ।

(३) विश्वको परम निधान तिमी हौ अर्थात् संसारको निःशेष रुपमा स्थितिको स्थान हौ । संसारको जतिपनि वस्तुहरु छन, सब कालवश परिवर्तित भैरहेकाछन् या विलुप्त भैरहेकाछन् । यसैले जो जसको आश्रय लिइयोस त्यो आश्रय स्थान एकदिन ध्वस्त हुनेनै छ, परन्तु अपरिणामी तिमीलाई पाए पछि फेरि विनाश हुदैन, किनभने आत्मालाई जसले प्राप्त गर्दछ त्यो आत्मा नै हुन जान्छ, सारा उपाधिहरु नष्ट भएर खालि आत्माकारमा त्यसको स्थिति हुन्छ ।

(४) वेत्ता-तिमीले नै आफुलाई जान्दछौ, अरु कसैले तिमीलाई जान्न सक्तैन, जसले तिमीलाई जान्दछ त्यो तिमी नै हुन जान्छ ।

(५) वेद्य-जान्नु योग्य जे जति छ त्यो तिमी नै हौ, किन भने तिमी बाहेक अर्को दोस्रो वस्तु नै के छ र ? मानिसहरु जसले अरुहरुलाई ज्ञानदान गर्दछन, त्यो पनि तिम्रैं कृपाले हुन्छ । ज्ञान रुपमा यदि तिमी स्फुरित हुदैनौ भने त हामीले कसैलाई पनि केही पनि सम्झाउन सक्तैनौ ।

(६) परंधाम-लय विक्षेपशून्य अविद्यारहित स्थितिलाई भन्दछन । जहाँबाट मन फेरि विषयहरुको आकर्षणमा आउदैन । त्यही क्रियाको परावस्था, परमानन्दरुप स्थितिको स्थान हुन । त्यो स्थिति साधकको निज बोधरुपा छ ।

(७) अनन्तरुप-त्यो स्थिर प्राण चंचल भएर अनन्त नामरुपमय जगतरुपमा लीला गरिरहेकाछन् । उनको त्यस अनन्त लीलालाई बुझ्नको निम्ति पहिले यस देह-ब्रह्माण्डको भित्र त्यसको अनुसन्धान गर्नु पर्दछ ॥३८॥

वायुर्यमोऽग्निर्वरुणः शशांकः;
प्रजापतिस्त्वं प्रपितामहश्च;
नमो नमस्तेऽस्तु सहस्रकृत्वः,
पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

श्री धरीय टीका-[तिमी सर्व देवात्मक हौ, यस कारण तिमी सबैको नमस्य छौ यसरी स्तवन गर्दै श्री भगवान्लाई नमस्कार गरिरहेछन्]-वायु आदि रुप तिमी नै हौ । सर्व देवात्मक बताउन लाई भनिरहेका छन -तिमी प्रजापति अर्थात् ब्रह्मा हौ, उनका पनि पिता तिमी नै हौ, अतः प्रपितामह तिमी हौ । अतयव तिमीलाई सहस्र सहस्र नमस्कार । फेरि पनि हजारौ बार तिमीलाई नमस्कार ॥३९॥

आध्यात्मिक व्याख्या-"वायु, यम, अग्नि, चन्द्र, वरुण, ब्रह्मा-नमस्कार गर्दछु, हजारौं बार-फेरि नमस्कार -नमस्कार"-

-कूटस्थको भित्र वायु, यम, अग्नि, चन्द्र आदिको दर्शन हुन्छ । बाहिर पनि ती सबलाई देख्दछन् । तब साधकले बुझ्दछ-यी सब देव मूर्तिहरु कूटस्थकै रुप हुन । वस्तुतः हो पनि यही ।-

"तदेवाग्नि स्तदा-दित्यस्तद् वायुस्तदु चन्द्रमा;
तदेव शुक्रं तद्ब्रह्म तदापस्तत् प्रजापति ॥"

त्यही आदित्य हुन, त्यही वायु हुन, त्यही चन्द्रहुन् त्यही शुक्र अर्थात् शुभ्रज्योति हुन, त्यही हिरण्यगर्भ हुन, त्यही आप् एवं त्यही विराट पुरुष हुन । जे जति छ सबै तिमी हौ । तिमीलाई "पिता" भनुं, "माता" भनूं, गुरु भनुं या सखा भनुं, भाई भनुं या पुत्र भनुम्; केहि समझमा आउदैन-सवचिज त तिमी नै हौ । मेरो हृदय को सर्वोत्तम प्रिय वस्तुको रुपमा तिमी नै विराजमान छौ, तिमीलाई छोडेर तिनलोकमा अरु केही छैन । हे बहुरुपी, हे मेरो प्रिय सुहृत, हे मेरो प्रिय भन्दा प्रियतर आत्मा, तिमीले नाना रुप धारण गरी कस्तो अपूर्व लीला गरिरहेकाछौ ! हे माता! हे विधाता ! तिमीलाई बारबार प्रणाम गर्ने इच्छा भैरहेकोछ । गुरु पदिष्ट ॐकार-क्रिया द्वारा यो प्रणतभाव साधकलाई प्राप्त हुन्छ, तब क्रिया गर्नुको इच्छा बारम्बार हुन्छ । यो प्रणतभाव प्राप्त भएपछि नै जीवको यथार्थ कल्याण हुन्छ ॥३९॥

"नमः पुरस्तादथ पृष्ठतस्ते,
नमोऽस्तुते सर्वत एव सर्व ;
अनन्तवीर्यामितविक्रमस्त्वं,
सर्वं समाप्नोषि ततोऽसि सर्वः" ॥४०॥

श्री धरीय टीका-[भक्ति, श्रद्धा एवं भयको अतिरेक सँग गरिएका नमस्कारहरुले तृप्त नभएर पुनः धेरै धेरै प्रणाम गरिरहेका छन]-हे सर्व ! सर्वात्मन् ! सबै दिशाहरुदेखि तिमीलाई नमस्कार । भगवान्को सर्वात्मकत्व प्रतिपादनको लागि भनिरहेकाछन्-तिमी अनन्त वीर्य अर्थात् अनन्त सामर्थ्ययुक्त एवं अपरिमित पराक्रमयुक्त छौ यस किसिमले सारा विश्वको बाहिर र भित्र व्याप्त भैरहेकाछौ । कटक, कुण्डल आदि कार्यमा जसरी सुवर्ण व्याप्त हुनुको कारण सर्ब स्वरुप हौ ॥४०॥

आध्यात्मिक व्याख्या-"तिमीलाई सम्मुख नमस्कार-पछाडि बाट नमस्कार-सर्वत्रदेखि नमस्कार-अतन्तवीर्य -पराक्रमको अन्त छैन अर्थात् कूटस्थको अन्त छैन-सर्वत्र सर्वत्र नै कुटस्थ !!! क्रमशः वृद्धि भएर कहांसम्म वृद्धि हुन सक्दछ, यस को सीमाना पार छैन ।"

-तिमीलाई पूर्व दिशामा नमस्कार, तिमीलाई पश्चिम दिशामा नमस्कार, तिमीलाई उत्तर दक्षिण एवं सब दिशामा नमस्कार । यो नमस्कार नै ॐकार क्रिया हो, यो पुनः पुनः गर्नु पर्दछ, तब हृदयग्रन्थि भेदन हुन्छ । सर्वत्र जीव छ, सर्वत्र कूटस्थ छ । एक जीवको भित्रनै यति यतिका यत्रो काण्ड ! यी अनन्त जीव

एवं अनन्त कूटस्थ !!! अनि सब कूटस्थ मिलेर एक विराट् कूटस्थ !!! साधकले कूटस्थ को दर्शन गर्दै गर्दै देख्दछ-त्यो सूक्ष्म ज्योतिको मण्डल बढदैं बढदै विश्वव्यापी हुन गयो, तब त्यसको अन्त रहदैन । यसै कारण त्यो अनन्त वीर्य हुन तथा उनको पराक्रम पनि अनन्त छन् ॥४०॥

सखेति मत्वा प्रसभं यदुक्तं,
हे कृष्ण हे यादव हे सखेति;
अजानता महिमानं तवेदं,
मया प्रमादात् प्रणयेन वापि ॥४१॥

श्री धरीय टीका-[अब 'सखेति' यी दुई श्लोकहरु द्वारा भगवान संग क्षमा माग्दछन्]- तिमीलाई प्राकृत सखा अर्थात् समवयस्क सम्झी हठात् प्रमादवश (असम्भ्रम भावले) जे जो मैले भनेकोछु, त्यसको निम्ति तिमीसँग क्षमा प्रार्थना गर्दछु । कुन किसिमसँग असम्भ्रम-वाकय प्रयोग गरे, यो बताउंदछन्-हे कृष्ण, हे यादव; हे सखे इत्यादि । 'सखेइति' यी दुईपदको सन्धिमा आर्षप्रयोग भएकोछ । असम्भव सुचक वाक्य बोल्नुको कारण यो छ-तिम्रो महिमा एवं यो विश्वरुपता मलाई ज्ञात थिएन ।अतयव जुन केही मैले भनेकोछु त्यो प्रमादवश या स्नेहवश नै भनेकोछु ॥४१॥

आध्यात्मिक व्याख्या-"पागल समान भएर मैले पहिले सखा शब्दको प्रयोग गरेकोछु ।-परन्तु तिमी जुन महत् सर्वव्यापी हौ-यसलाई नजानिकन–परन्तु प्रेमवश नै भनेकोछु ।"

-वस्तुतः पागल हुनु विना कोही कसैले यस शरीरलाई 'म' भन्न सक्तैन। हामी सबै पागल छौ, देहातिरिक्त आत्माको बोध हामी लाई छैन, जुन केही सामान्य बोध छ त्यो पनि अत्यन्त अस्पष्ट छ । यसैले जीवको जन्म-मरणमा हामी कति हांस्ने-रुने गर्दछौ । हामीले जीवलाई लौकिक बुद्धिले हेर्दछौं, हामीमा अलौकिक दृष्टि कहाँ छ र ? यसैकारण घटघटमा विराजित राम या कूटस्थलाई नदेखि "मेरो पुत्र, मेरो पिता, मेरो सखा" आदि प्रमादपूर्ण वाकयहरुले उनलाई सम्बोधन गर्दछन् । "घट-घट विराजे राम"-हामी यस घटमा रामलाई नदेखि कन यो सड्ने देहपटलाई नै देख्दछौ र यत्रो भूल गर्दछौ । यो देहघटको भित्र बसेर जसले खान्छ, घुम्दै फिर्दछ, इन्द्रियहरुको लालसालाई चरितार्थ गर्दछ, कति कतिखलता, छल-कपट, दुष्टयांई आदि दुष्कर्म गर्दछन्, त्यो महान् कर्ता पुरुष के मै हुं ? यो 'म' को हुँ? शरीर, इन्द्रिय, मन, बुद्धि, अहंकार -यसमा कुनै पनि त 'म' होईन, परन्तु जो नरहंदाखेरि यिनीहरु कोही पनि रहदैनन्, त्यही मेरो यथार्थ "म" हो ।

यद् वाचानभ्युदितं येन वागभ्युद्यते;
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥
यन्मनसा न मनुते येनाहुर्मनो मतम्;
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥

यच्चक्षुषा न पश्यति येन चक्षुंषि पश्यति;
तदेव ब्रह्म त्वं विद्धि नेद यदिदमुपासते॥–केनोप॰

जुन वाक्य द्वारा प्रकाशित हुदैन, जसद्वारा वाक्य प्रकाशित हुन्छ, त्यसलाई नै तिमीले ब्रह्म जान्नु। मानिसहरुले चक्षु, कर्ण, एवं अन्तः करण द्वारा ग्राह्य-रुप, शब्द एवं चिन्तादिको जसले उपासना गर्दछन् त्यो ब्रहम होईन। मनद्वारा जसको चिन्तन गर्न सकिन्न, जसद्वारा मन प्रकाशित हुन्छ, चक्षुद्वारा जसलाई देख्न सकिन्न, जसद्वारा चक्षुले देख्दछन, त्यही ब्रह्म हुन। गीतामा पनि श्री भगवान्ले भन्नु भएकोछ *"सूक्ष्मत्वात्तदविज्ञेयम"*-सूक्ष्मताको कारण-नामरुपादिहीन हुनुको कारण त्यो अविज्ञेय छन्। त्यो दुर्ज्ञेय, कालस्वरुप परब्रहम प्रत्येक जीवको देहमा कूटस्थरुप मा प्रतिविम्बित भैरहेकाछन्। त्यो परमात्मा नै एकमात्र हुन्, अरु केही छैन, जब यस सत्यज्ञानको प्राप्ति हुन्छ, तब हामीले आफु भित्रको 'म' लाई बुझ्न पाउंदछौ अनि यो पनि बुझ्दछौ-जसरी स्वप्नमा बाघदेखि आकान्त भएर डर्नु र भाग्नु आदि कार्यहरुमा एकमात्र स्वप्नद्रष्टा नै वर्तमान हुन्छ, त्यहाँ अरु कुनै वस्तुको अस्तित्व हुदैन, यसरी त्यस प्रकृत "म" को भित्र यो अनन्त दृश्य जगत् स्वप्नवत् स्फुरित हुन्छ, परन्तु त्यहां पनि एक साक्षी चैतन्य सिवाय अन्य कुनै वर्तमान छैन। देहोऽहं बुद्धिले नै हाम्रो पिता, माता, पुत्र रुपमा सज्जित हुन्छ। शत्रु, मित्र एवं आत्मीय स्वजनको रुपमा हामी आत्मालाई जुन पृथक् पृथक् भावमा देख्दछौ, त्यो हाम्रो देहोऽहंबुद्धिकै फल हुन। जब क्रिया गरी क्रियाको परावस्थामा "नाहं देहश्चिदात्मेति" यस प्रत्ययको उदय हुनेछ, तब फेरि स्वप्न दर्शन रहनेछैन र यस शरीरलाई आत्मा या "म" भन्नुको भ्रम रहने छैन। यस अपरोक्ष ज्ञानको उदय हुनासाथ फेरि माता, पिता, पत्नी, पुत्र, सखा, बन्धु आदि पृथक् उपाधिहरु द्वारा आत्मालाई संबोधन गरी आफुले आफैलाई हास्यास्पद बनाउन सक्ने छैन।तब 'तिमी नै सब हौ-तिमी नै सब हौ' यस बोधमा हामी प्रतिष्ठित हुनेछौ, यथार्थ ज्ञान-नेत्र उन्मीलित हुनेछ, संसारको समस्त खेल दूर हुन जानेछ ॥४१॥

यच्चावहासार्थमसत्कृतोऽसि,
विहार शय्यासन भोजनेषु;
एकोऽथवाप्यच्युत तत्समक्षं,
तत् क्षामये त्वामहमप्रमेयम् ॥४२॥

श्री धरीय टीका-[अरुपनि भनिरहेकाछन्]-हे अच्युत! क्रीडादिको स्थानमा परिहासको लागि एकाकी या बन्धुवर्गका समक्ष, निर्जन या परिहासकारी सखावर्गको अगाडि मैले तिम्रो जुन अनादर गरेकोछु, हे अचिन्त्य प्रभाव! ती सब अपराधहरुको लागि तिम्रो सामुन्ने क्षमा याचना गर्दछु ॥४२॥

आध्यात्मिक व्याख्या-"जुन ठट्टा गरेकोछु-विहार, शय्या,आसनमा भोजनमा-हे अच्युत !! अर्थात् तिम्रो वीर्यको कूटस्थ को स्खलन छैन-अनि तिमी समान कोही छैन।"

-तिमी त निर्विकार छौ, तिम्रो स्खलन हुदैन। मैले तिमीलाई चाहे जे सुकै भनेर सम्बोधन गरुं, तिमी कहिल्यै पनि आफ्नो निज स्थान (स्वधाम) देखि स्खलित हुदैनौ । तिमी जे छौ त्यस्तै रहन्छौ । तिम्रो प्रकृति -स्वरुपलाई नबुझिकन तिमीलाई जब मनमा जस्तो आयो तब त्यस्तै भन्ने गरेकोहुं, परन्तु हे नाथ ! मैले एकबार पनि विचार गरिन-तिमी सबको पर छौ । तिम्रो समान अरु केहि छैन । यो पनि मैले कहिल्यै सोचेको छैन । मेरो यस त्रुटि एवं अपराध को लागि हे दीनवत्सल ! के तिमीले यस दिनार्त्तभक्तलाई क्षमा गर्दैनौ ? ॥४२॥

पितासि लोकस्य चराचरस्य,
त्वमश्च पूज्यश्च गुरुर्गरीयान ;
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

श्री धरीय टीका-[अचिन्त्य प्रभावत्वको बारेमा भनिरहेकाछन्]-जसको प्रतिमा या उपमा छैन, त्यो अप्रतिम भनिन्छन् । तिमी अप्रतिम-प्रभावशाली हौ, तिमी यस चराचर विश्वको जनक हौ, अतयव पूज्य छौ, गुरु एवं गुरु भन्दा पनि गुरुतर छौ । त्रिलोकमा तिम्रो समान कोही छैन, परमेश्वरको तुल्य जब कोही पनि छदैछैन भने त फेरि त्यसदेखि श्रेष्ठ कोही कसरी हुन सक्तछ ? ॥४३॥

आध्यात्मिक व्याख्या-"तिमी सब लोकहरुको पिता अर्थात् सृजनकर्ता चर एवं अचर पदार्थका हौ । -तिमीले अखिल विश्वलाई अन्धकार देखि प्रकाशमा ल्याउन सक्तछौ-यो प्रत्यक्ष देख्दछु-तिमी पूजनीय हौ-*प=योनि मूलाधार, उ=शक्तिपूर्वक, ज=कूटस्थमा रहनु, यसको नाम पूजा हो* अर्थात् प्राण लगाएर पूजा गर्नु पर्दछ -जुन गुरुवक्त्रगम्य छ-तिम्रो समान (जोडा) कोही छैन । धेरै त फेरि कसरी हुन सक्तछ । यी तीनै लोकहरुमा प्रतिमूर्त्ति कुनै तिम्रो हुन सक्तैन-किनभने तिमी समान केही पनि हुन सक्तैन ।"-

-जब तिमी देखि सबचिज उत्पन्न भएकोछ, तब तिमी चराचरका पिता त हौ नै, यसको सिवाय तिमी सबका गुरु हौ, तिमीले नै मोहान्ध जीवहरुलाई ज्ञानालोक दिएर उनिहरुको परित्राणको उपाय गरिदिन्छौ । तिमी पूजनीय छौ, पूजा गरेपछि नै प्राप्त हुन्छौ, परन्तु प्राण लगाएर पूजा गर्नु पर्नेछ । प्राण लगाएर पूजा गर्नुको अर्थ के हो ? *मूलाधार देखि बलपूर्वक प्राणशक्तिलाई उठाएर जब आज्ञाचक्रमा राख्न सक्नेछौ, तबै प्रकृत पूजा हुनेछ ।* त्यस पूजाको विधि गुरुको मुख देखि जानिकन श्रद्धापूर्वक धेरै कालसम्म अभ्यास गरे पछि पूजा गर्नुको योग्यता प्राप्त हुन्छ । जीव आफ्नो चिन्मय स्वरुपलाई विर्सेर भोगसुखमा मग्न छ । गुणातीत ब्रह्म-सत्ता-सागर मा नानारुपमय तरंगहरु उठिरहेछन्, गुरुको कृपा देखि प्राणको साधना गरी क्रियाको परावस्था लाभ गरेपछि चित्सत्तामा डुवी समाहित हुंदाखेरी यो नामरुपमय अभ्यास दूर हुन्छ । तबै पूजा को साक्षात फल आत्मसाक्षातकार लाभ हुन्छ । त्यो परावस्था समान जब अरु केहि छैन, त त्यसदेखि बढी फेरि के हुन सक्तछ ? श्वेताश्वतरोपनिषदमा लेखिएकोछ । -

“स वृक्षकाला कृतिभिः परोऽन्यो,
यस्मात् प्रपंच परिवर्ततेऽयम् ।
धर्मावहं पापनुदं भगेशं
ज्ञात्वात्मस्थममृतं विश्व धाम ॥

तमीश्वराणां परमं महेश्वरम्;
तं देवतानां परमंच दैवतम् ॥

न तस्य कार्यं करणंच विद्यते;
नतत् समश्चाभ्यधिकश्च दृश्यते,
परास्य शक्ति र्विविधैव श्रुयते;
स्वाभाविकी ज्ञानबल क्रिया च ॥”-

त्यो वृक्षाकार (संसार) एवं कालाकार (भूत, भविष्यत्, वर्त्तमानरुप) सबको पर भिन्न वस्तु हुन । त्यसदेखि जगत्-प्रपंच बारम्बार आविर्भूत भैरहेकोछ । त्यो धर्मानुकुल बुद्धिको लागि गम्य तथा पाप प्रवृतिको विनाशक छन । जुन षड ऐश्वर्यको अधिपति, जगत्‌को आश्रयभूत, अमृतमय एवं अन्तर्यामी हुन, उनको साक्षात्कार गरेपछि साधकले आफुलाई पंचतत्त्वहरु देखि पृथक अनुभव गर्दछन् । जो ब्रह्मा आदि लोकेश्वरहरुको पनि महेश्वर हुन, देवताहरुको पनि परम देवता हुन, त्यस भगवान्‌को कार्य (शरीर) एवं करण (चक्षुआदि इन्द्रियहरु) छैन, उनको समान या उनिदेखि श्रेष्ठ केही देखिन्न । उनको अनेक अनेक प्रकारको स्वतः सिद्धि शक्तिहरु छन, यो सुनिइन्छन । उनलाई सब विषयहरुको अप्रतिहत ज्ञान तथा सान्निध्य मात्रले कार्य सम्पादन गर्ने क्षमता छ, यो वेददेखि जानिन जान्छन् ॥४३॥

तस्मात् प्रणम्य प्रणिधाय कायं,
प्रसादये त्वामहमीशमीडयम्;
पितेब पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

श्रीधरीय टीका-[किनभने एस्तो छ, अतयव भन्दछन्]-यसै कारण जगत्‌को ईश अर्थात् स्वामी एवं स्तुतिको पात्र तिमीलाई प्रसन्न गर्दछु । कसरी प्रसन्न गर्दछु ? शरीरलाई दण्डवत् अवनत गर्दै अनि प्रकृष्टरुपसँग नत भएर । तिमी मेरो अपराधलाई क्षमा गर्ने योग्य छौ । पुत्रको अपराधलाई जसरी पिताले कृपागरी सहन्छ, मित्रको अपराध जसरी निःस्वार्थ मित्रले सहन्छ, प्रियाको अपराध जसरी प्रियले प्रणयवश सहन गर्दछ, त्यसरी नै तिमीले मेरो अपराध हरुलाई क्षमा गर । [प्रियाया+अर्हसि, यी दुबै पदहरुको सन्धिमा ‘प्रियाया अर्हसि’ हुन्छ, अतयव ‘प्रियायार्हसि’ आर्ष प्रयोग हुन, परन्तु ‘प्रिय प्रियाय’ यस किसिमको अर्थ लाउनमा पनि कुनै आपत्ति छैन ।]

आध्यात्मिक व्याख्या-"यस कारण म तिमीलाई प्रणाम गर्दछु, शरीरलाई निःशेषरुपले स्थिर गर्दै-अब प्रसन्न हुनुहोस, किनभने तिमी कर्त्ता हौ ।"-

-भक्तले यसपटक भगवत् पूजाको आयोजन गरिरहेकोछ । यस पूजाको प्रधान अंग हुन आत्मसमर्पण -आफैलाई भगवच्चरणमा नमित गर्नु । त्यसले आफुलाई बडो नै दीन सम्झिरहेकोछ, अतिनै असमर्थ मानिरहेकोछ , निरुपाय सखाले जसरी सखालाई आत्म-समर्पण गर्दछ, पत्नीले जसरी पतिलाई आत्मसमर्पण गर्दछ, पुत्रले जसरी पितालाई आत्म समर्पण गर्नमा संकोच गर्दैन, उसरी नै निःसंकोच साधक भक्तले आफुलाई परमात्माको सामुन्ने उत्सर्ग गर्दछन्, आफ्नो दैन्यताको लागि क्षमा याचना गर्दछन्, भगवान्लाई प्रसन्न गर्दछन् । भगवान्लाई प्रसन्न गर्नु एवं आत्मालाई प्रसन्न गर्नु एउटै कुरा हुन । भगवान् प्रसन्न तब हुन्छन, जब श्रीगुरु प्रसन्न हुन्छन् । त्यो गुरुनै आत्मा हो । गुरुको प्रसन्नता जब मानसतटमा तरंगायित हुन्छन, तब अन्तःकरण पनि प्रसन्न हुन्छ । अन्तःकरण प्रसन्न भएपछि तत्त्वज्ञान उत्पन्न हुन्छ । मनको यो स्थिरभाव या प्रसन्नता नै श्रीविष्णुको परम पद हो । विष्णुको यस परम पदलाई त्यसैले सदा साक्षात्कार गर्दछन्, जो 'सुर' या वीर साधक छन् । ती वीर साधकले कसरी प्रणाम गर्दछन, हेर्नुहोस । "प्रणिधाय -कायम्"-'कार्य प्रकर्षेण नीचैर्धृत्वा दण्डवत् भुमौ पतित्वा इति यावत्'-(मधुसुदन) । काय = क+अय, इ धातुदेखि अय गमनार्थक छ । क= ब्रह्मा, जसले ब्रह्मा देखि गमन गर्दछ । ब्रह्माको स्थान नाभिदेश एवं त्यसदेखि तल छ । जुन श्वास नाभिदेशदेखि सहस्रारमा गमन गर्दछ, योगीले त्यस श्वासलाई मस्तकमा स्थिर गरी समग्र मेरुदण्ड एवं तत्संलग्न अवयवलाई निम्नाभिमुखी गर्दै जुन साधना गर्दछन् यहां त्यसै साधनातिर संकेत गरिएकोछ । यस साधन द्वारा मूलाधारस्थ कुण्डलिनी चैतन्ययुक्त हुन्छन । कुण्डलिनी चैतन्ययुक्त हुनगए पछि नै त्यसले तद्विष्णुको परम पद आज्ञाचक्रलाई भेदन गरी सहस्रार स्थित शिवको साथ युक्त हुन्छ, तब शरीर देखि चित् पृथक हुन जान्छन् । तबै जीव बन्धन देखि विमुक्त भएर परम शान्ति लाभ गर्दछ । महर्षि अष्टावक्रले राजर्षि जनकलाई भन्दछन्-

यदि देहं पृथक् कृत्वा चिति विश्राम्य तिष्ठति;
अधुनैव सुखी शान्तो बन्धमुक्तो भविष्यसि ॥४४॥

अदृष्टपूर्व हृषितोऽस्मि दृष्ट्वा;
भयेन च प्रव्यथितं मनो मे ;
तदेव मे दर्शय देव रुपं,
प्रसिद देवेश जगन्निवास ॥४५॥

श्री धरीय टीका-[यस किसिमसँग क्षमा याचना गरी दुई श्लोकहरुमा प्रार्थना गरिरहेकाछन्]-हे देव, जस्तो पहिले कहिल्यै देखिएन, तेस्तो तिम्रो रुप देखेर म आनन्दित भैरहेको छु, परन्तु भयले मेरो मन व्याकुल भैरहेकोछ । अतयव मेरो व्यथा निवृत्तिको लागि आफ्नो त्यही रुप देखाऊ । हे देवेश, हे जगन्निवास, प्रसन्न होऊ ॥४५॥

आध्यात्मिक व्याख्या-"अदृष्टपूर्व अर्थात् पहिले यस्तो रुप देखिएन, यसैले भय लाग्दछ । यसैले पूर्वको रुप देखाऊ अनुग्रह गरी ।"-

अर्जुनले यो जुन विश्वरुप देख्यो, यस्तो रुप उसले कहिल्यै पनि देखेको थिएन । विश्वरुप देखेर त्यो अति भयभित भएकाछन् । यसैले भगवान्सँग भन्दछन्-हे प्रभु, तिमीले आफ्नो यो रुपलाई संवरण गर । अगाडि तिम्रो जुन रुप मैले देखेको थिए, त्यही हृदय एवं मनलाई आकर्षण गर्नेवाला मोहन मुरलीधर रुपलाई फेरि मलाई देखाऊ । मलाई त्यहीरुप हेर्नमा अत्यन्त प्रिय लाग्दछ ॥४५॥

किरीटिनं गदिनं चक्रहस्त ,
मिच्छामि त्वां द्रष्टुमहं तथैव ;
तेनैव रुपेण चतुर्भुजेन,
सहस्रवाहो भव विश्वमुर्त्ते ॥४६॥

श्री धरीय टीका-[त्यो रुप कस्तो छ, विशेषरुपले बताउंदछन्]-पहिले जुन किरीटयुक्त गदाधारी एवंचक्र हातमा लिएको रुपलाई तिमीले देखाएका थियौ, म तिम्रो त्यही रुपलाई हेर्न चाहन्छु । अतयव हे सहस्रवाहो, हे विश्वमूर्त्ते ! यस विश्वरुपलाई उपसंहार गरी किरीट आदिले युक्त चतुर्भुजरुपमा आविर्भूत होऊ । यस श्लोकले यस्तो जानिन्छन्-अर्जुनले श्रीकृष्णलाई पहिले किरीटादिले युक्त देखेको थियो । विश्वरुप दर्शनको समयमा अर्जुनले जुन "किरीटिन गदिनं चक्रिणंच" भन्यो, त्यसको अभिप्राय यो छ-त्यतिखेर उसले उनलाई अनेक किरीटादियुक्त देख्यो । अथवा अहिले सम्म तिमीलाई किरिटयुक्त, गदाचक्रहस्त सुप्रसन्नरुप रुप देख्दै आईरहेको थिंए, यतिखेर तिमीलाई तेजः पुंज एवं दुर्निरीक्ष्य देखिरहेकोछु, यस्तो पनि अर्थ हुन सक्छ, अतयव यहाँ पूर्वापर विरोध भएन ॥४६॥

आध्यात्मिक व्याख्या-"चतुर्भुज भएर त्यस पछि यो विश्वमूर्त्ति धारण गरेका थिए-त्यही रुप दर्शन गराऊ"-

-बृहत् कूटस्थ दर्शन पछि साधकलाई पुरुषोत्तम रुप दर्शन गर्नु को स्वाभाविक इच्छा हुन्छ । विश्वरुपको भित्र जुनकिसिमसंग भीति एवं चांचल्य उत्पन्न हुन्छ, पुरुषोत्तम रुपमा साधकलाई त्यस्तो उत्कंठा हुदैन । अतयव साधकलाई "प्रव्यथितान्तरात्मा धृति न विन्दामि", आफ्नो सौम्य मूर्त्तिको दर्शन गराऊ" भनेर प्रार्थना गर्नको प्रयोजन हुदैन । पुरुषोत्तम-रुप देखनमा साधकलाई धेरै धेरै राम्रो लागदछ, वडो तृप्ति मिल्दछ । यो मानौ एक असीम वस्तुलाई सीमाको भित्र ल्याई हेर्नु हो । समस्त इन्द्रियहरुले राम्रो सँग त्यसमा सुखानुभव गर्न सक्दछन्, यसैले उनलाई असीम तृप्ति हुन्छ । खालि सौन्दर्य रसान्वेषी भावुकले नै यसलाई मनपराउंदछन्, यस्तो कुरा छैन । यस रुपले योगीहरुको पनि चित्त-विनोद गर्दछन् । असीमको भित्र एक प्रगाढ विस्मय आई चित्तलाई अभिभूत गर्दछ, ससीमको भित्र यो जुन अरुपको रुपदेखिन जान्छ, त्यो मानौ गुणातीत ब्रहम-सत्तामा रुपमय सगुण ब्रहमको विकाश हुन । मनको धारणा योगय भएर मानौ

त्यो फुटी उठदछ । यसमा विस्मय छ, आनन्दछ, परन्तु भीति छैन । यस लाई देखेर साधकलाई यस्तो भन्नु पर्दैन-"हे प्रभो ! आफ्नो यसरुपलाई संवरण गर, म सहन गर्न सक्तिन" त्यो त मानो कोटि कोटि चन्द्र-स्रवित सुधाले ल्पावित मुख छ । यसरुपलाई जति जति हेर्दछन्, त्यति त्यति नै अरु हेर्नुको इच्छा हुन्छ । युग युग सम्म हेरिरहेपनि मानौ तृप्ति नै हुदैन । असीम वस्तु जब ससीम भित्र आई आफुलाई प्रकाशित गर्दछ त त्यसको अपरुप सौन्दर्य एवं माधुर्यको सन्धान मिल्दछ । युरोपेली दार्शनिकले यसको प्रतिध्वनिमा भन्दछन्-"The beautiful is the infinite represented in the finite form."

अस्तु, यस विषयमा योगीहरुको जुन धारणा हुन्छ, त्यही म बताउदछु । श्रीमद् भागवत्मा लेखिएकोछ-

केचिद् स्वदेहान्तर्हृदयावकाशे,
प्रादेशमात्रं पुरुषं वसन्तम्;
चतुर्भुजं कंजरथांग शंखम्- ,
गदाधरं धारणया स्मरन्ति ॥ (२ य.स्क.)

-आफ्नो शरीरको अभ्यन्तर हृदयाकाशमा प्रादेशमात्र शंख-चक्र-गदा-पद्म धारी चतुर्भुज पुरुष वास गर्दछन, यसकिसिमसँग धारणा गर्नु पर्दछ । योगी पुरुषहरुले पनि आफ्नो हृदयमा अंगुष्ठ-परिमाण पुरुषलाई देख्दछन्, त्यो प्रादेशमात्र हुन्छ । कठश्रुतिमा लेखेकोछ *"अंगुष्ठ मात्र पुरुषोन्तरात्मा सदा जनानां हृदये सन्निविष्ट"* अंगुष्ठ मात्र पुरुष अन्तर्यामीरुपले सर्वदा प्राणीहरुको हृदयमा सन्निविष्ट रहन्छन् । शुक्ष्म ज्योतिर्मय मण्डलस्थ श्याम सुन्दरलाई तिनीहरुले हृदयाकाशमा देख्न पाउदछन्, त्यो वृहत् कूटस्थ समान तीव्र ज्योतिः पुंज हुदैन । त्यो चतुर्भुज हुन्छ । भुज शब्दको अर्थ छ धनुको आकारको गोलाकार वस्तु–(प्रकृतिवाद अभिधान हेर) यहाँ भुजको अर्थ हात होइन । मण्डलाकारिय ज्योतिः पुंज भित्र चार कुराहरु जान्नु योग्य छन् । (१) पहिले साधकले शंखको शब्द समान एक गम्भीर एवं सुन्दर शब्द सुन्दछन्, यही पांचजन्य शंखको नाद हो । मूलाधार देखि विशुद्धाख्य पर्यन्त पंच चक्रहरुमा पांच किसिमका श्रुतिमधुर नाद सुन्नमा आउंदछन् । यस किसिमका सम्मिलित निर्घोष नै शंख शब्द द्वारा सुचित हुन्छ । यस शंखलाई त्यसले धारण गरेकाछन् अर्थात् ज्योतिर्मय कूटस्थमण्डलको यो शंखनाद एक चिन्ह हुन् । (२) यस भुजाको द्वितीय विषय हो चक्र । कूटस्थको चारैतिर जुन ज्योतिर्मय मण्डल छ, त्यो चक्रको समान पहिले घुम्दछ । *"अस्मिन् हंसो भ्राम्यते ब्रह्मचक्रे"* आत्मस्वरुप हंस ब्रहमचक्रमा घुमिरहेकोछ । त्यो कूटस्थ ब्रहमनै अमृत-अक्षर हो, यो सूर्य नै श्रेष्ठ छ । त्यसको उपासनाले वायुस्वरुप मधुर रसको उपलब्धि हुन्छ अनि यसकिसिमसँग उपासना गर्दै गर्दै विद्या, शान्ति, प्रतिष्ठा एवं निवृत्तिरुपा चार शक्तिहरुको आविर्भाव हुन्छन ।क्रिया गर्दा गर्दै हृदयमा कूटस्थको भित्र उत्तम पुरुष हरि देखिनमा आउंदछन् । त्यो उत्तम पुरुष हुन् । त्यसले सारा इच्छाहरुलाई हरण गर्दछन् यसैले उनको हरि नामछ । यो विष्णु स्वरुप स्थिति क्रियाको परावस्था हो । यसैले जीवको प्रकृत कल्याण हुन्छ, यसैकारण त्यो शिवस्वरुप छ, यस अवस्थामा जुन इच्छा गरिन्छ, त्यही हुन्छ । तब उनलाई समस्त वस्तुहरुको सृष्टिकर्ता

ब्रहमा भनिन्छन ? सर्वाधिपति इन्द्र नै कूटस्थ ब्रहम हुन, जसले यस शरीरको भित्र र बाहिर आधिपत्य गरिरहेकाछन् । त्यो देव राज हुन अर्थात् समस्त देवता उनको भित्र छन । कूटस्थमा रहंदा खेरि सबै देखिन जान्छन्, परन्तु धेरै बेरसम्म रहनाले नै देखिन्छन् । सब किसिमको ज्योति, त्यस पछि तमः , जसको पर उत्तम पुरुष " नीलनभोनिभ निखिलकारण" छन, जसलाई सबले एक दृष्टिले देखिरहेकाछन् । त्यही जगन्नाथ हुन, उनको भित्र सबलोक छन, उही भर्त्ता-भोक्ता महेश्वर हुन। (३) यस भुजाको तृतीय विषय गदा छ-यसले शासनको परिचय दिन्छ । कठोपनिषदमा लेखिएकोछ ।-

भयादस्याग्नि स्तपति भयात् तपति सूर्य;
भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पंचम्॥"

यिनको शासनले अग्नि,सूर्य, इन्द्र, वायु एवं मृत्युले यथार्थ भावमा आफ आफ्नो कार्य सम्पादन गरिरहेकाछन् । यो परम नियन्ता कूटस्थ ब्रह्म नै सबैको शरीर भित्र रहेर सबैलाई आफ आफ्नो कर्मको फल भोग गराइरहेकाछन् ।

"तं ज्ञात्वा मुच्यते जन्तुरमृतत्वंच गच्छति"

उनलाई जानेर जीव संसार बन्धन देखि विमुक्त हुन जान्छन् र अमरत्वलाई प्राप्त हुन्छन् ।

"यः सर्वज्ञः सर्वविद् यस्यैषा महिमा भुवि;
दिव्ये ब्रह्मपुरे ह्येष व्योमन्यात्मा प्रतिष्ठितः॥"

जुन ब्रहम सर्वज्ञ अर्थात् सबै किसिमका ज्ञानका आश्रय छन, जो सर्वविद् छन अर्थात् जसलाई प्राप्त गरे पछि साधकलाई अरु केही ज्ञातव्य रहदैन, जगत्मा जसको महिमा छ अर्थात् जसको ज्ञान ऐश्वर्य द्वारा आफ आफ्नो स्थान एवं आफ आफ्नो कार्यमा सब प्रतिष्ठित भैरहेकाछन, त्यो आत्मा नै ज्ञानशक्तिले दीप्त भएर व्योम्नि ब्रह्म पुरमा अर्थात् ब्रहमको प्रकाश-स्थान ब्रहमरन्ध्रमा प्रतिष्ठित अर्थात् अभिव्यक्त भैरहेकाछन् । "तुरीय मूर्ध्नि संस्थितं"-मुर्द्धामा अर्थात् ब्रहमरन्ध्रमा मन स्थिर गर्दाखेरि आत्माको तुरीय स्वरुप प्रकाशित हुन्छन् । (४) भुजाको चतुर्थ विषय पद्म छ-यो शान्तिको परिज्ञापक छ । साधना द्वारा क्रियाको परावस्था प्राप्त भए पछि जुन एक परम शान्तिमय अवस्था प्राप्त हुन्छ, त्यसलाई पाए पछि फेरि जन्म, जरा एवं मरणको भय रहदैन, प्राप्ति अप्राप्तिको हर्ष विषाद्ले चित्तलाई मुग्ध गर्न पाउदैन, त्यो शान्तिरुपा परमा गति हो । पद्महस्त द्वारा यही सुचित हुन्छ ।

"तां योगमिति मन्यन्ते स्थिरामिन्द्रिय धारणाम् "-

स्थिर इन्द्रिय धारणालाई अर्थात् आत्माभिमुखी इन्द्रियहरुको निश्चलतालाई योग भन्दछन् ।

"अप्रमत्तस्तदा भवति ।"

त्यस अवस्थामा योगी समाहित हुनुको कारण प्रमादरहित हुन जान्छन् । त्यसलाई नै परम गति या निवृतिरुपा परमा शान्ति भन्दछन् ।

"यदा पंचावतिष्ठन्ते ज्ञानानि मनसा सह;
बुद्धिश्च न विचेष्ठते तामाहुः परमां गति ॥"

जुन अवस्थामा पंच ज्ञानेन्द्रियहरु मनको साथ अवस्थान गर्दछन् अर्थात् इन्द्रियहरु अन्तर्मुखी हुन्छन् अनि बुद्धि पनि विषय चिन्तन द्वारा चंचल हुदैन, त्यसलाई नै परम गति भन्दछन् ।

योगीलाई यस अवस्थामा अवस्थित हुनलाई अत्यन्त उत्कंठा हुन्छ । यस को केही परिचय उनको विश्वरुप दर्शन हुनु पहिले मिलेको छ, विश्वरुप दर्शन पछि त्यस अवस्थामा फर्केर जान साधकलाई प्रवल इच्छा हुन्छ, अर्जुनको यो चतुर्भुज रुप हेर्नुको इच्छा त्यसैको संकेत हुन ॥४६॥

मया प्रसन्नेन तवार्जनेदं,
रुपं परं दर्शितमात्मयोगात् ;
तेजोमयं विश्वमनन्तमाद्यम् ,
यन्मे त्वदन्येन न दृष्ठपूर्वम् ॥४७॥

श्री धरीय टीका-[यस किसिमसंग प्रार्थित भएर अर्जुनलाई आश्वासन दिनको लागि तीन श्लोकहरुमा]-श्री भगवान् भन्नुहुदैछन्-हे अर्जुन, तिमी भयभीत किन हुन्छौ ? मैले प्रसन्न भएर कृपापुर्वक योगमायाको प्रभावले तिमीलाई यो उत्तमरुप देखाएकोछु । कसरी उत्तम छ, यो बताउनु हुन्छ-यो तेजोमय, विश्वात्मक, अनन्त एवं आद्यजुन मेरो रुप छ, यसलाई तिमी समान भक्तले सिवाय अरु कसैले पहिले देखेको छैन ॥४७॥

आध्यात्मिक व्याख्या-"कूटस्थद्वारा अनुभव भैरहेकोछ-आत्मा को योगले गरिएको यस रुपलाई तिमीले देख्न पायौ-जुन सब को अपेक्षा श्रेष्ठ छ अनि यसलाई मैले संतुष्ट भएर तिमीलाई देखाएकोछु-सारा तेजोमयरुप (ज्योतिः स्वरुप) विश्व संसार मेरो अनन्त रुप तिमीले देख्यौ-जुन रुपलाई तिमी समान भक्त सिवाय अरु कसैले पहिले देखेको छैन ।"-

-आत्मयोगको सिवाय यस रुपलाई देख्नुको अन्य कुनै उपाय छैन । यो रुप सब भूतहरुको भित्र रहन्छ, परन्तु आत्मयोग विना देखिन· जादैन । साधनाभ्यास द्वारा मनलाई आत्मा सहित योग युक्त गरेपछि यो अद्भुत तेजोमय रुप साधकको लक्ष्यपथमा उपस्थित हुन्छ । चिर प्रसन्न आत्माको प्रसन्नता यस अवस्थामा उपलब्ध हुन्छ । यो देहेन्द्रियादि प्रकृति नै त्यसको आवरण हुन, यो आवरण जति जति नै निर्मल हुन्छ, उति उति नै उसको शाश्वत भाव उपलब्ध हुन्छ । "धातुप्रसादात् महिमानमात्मन"-शरीर धारण गर्नेवाला इन्द्रियहरु एवं मन आदिको स्थिरता वश आत्माको महिमा (निर्विकारत्वादि भाव) साक्षातकार

गरिन जान्छ । आत्माले नै आत्माको आफ्नो स्वरुप देखाउन सक्तछ । यस किसिमको ज्योतिर्मयरुप ब्रह्म नाडीमा प्राणको प्रवृष्टि हुन गए पछि नै देखिन जान्छन् । त्यहि प्रकृत प्राणको रुप हो, परन्तु प्राणको बहिर्मुखी वृत्ति प्राणापान रुद्ध हुनु विना रुपको प्रकाश अनुभूत गरिन जादैन । यही ब्रह्मनाडी या सुषुम्नाको भित्र प्राणको प्रवेश छ। साधकले गुरुकृपा देखि साधन प्राप्त गरी यसलाई स्वयं बुझ्न पाउंदछ । साधकले जब विश्वरुप देख्दछ तब विश्वको सारा वस्तुहरु ज्योतिर्मय हुन जान्छन् । पहिले अनेक नाममय रुपमय सत्ता देखिन्छन्, अन्तमा केवल ज्योति नै ज्योति देखिंन्छन्, अरु केही देखिदैन, ठीक त्यसरी नै जसरी अग्निमा धातु, काष्ठ प्रस्तर पर्दा खेरि ती सब अग्निमय हुन जान्छन् । यस परम ज्योतिको अनुभव गर्नु पूर्व आफ्नो नामरुप विर्सनु पर्ने हुन्छ, स्वयं पनि ज्योतिः स्वरुप हुन जानु पर्दछ । यो अवस्था जबसम्म प्राप्त हुदैन तवसम्म विश्वरुप हेर्नुको अधिकार पाउदैन । यसैले भगवान् भन्नु हुन्छ-तिमी सिवाय अरु कसैले यसलाई देखेको छैन । अर्जुन त तेजस्तत्त्व हो नि ? त्यो तेजस्तत्त्व जब अन्य समस्त देहेन्द्रियदेखि आकर्षण गरी एक विशेष केन्द्रमा एकीभूत हुन्छ । तब त्यस अवस्थालाई प्राप्त साधकको लागि यो विश्वरुप देख्नु संभव हुन्छ । यसैले सर्वप्रथम आत्मालाई प्रसन्न गर्नु पर्दछ, त्यसको प्रसन्नता विना यस किसिमको दर्शन असम्भब छ । कुनकिसिमसँग त्यसलाई प्रसन्न गर्नु पर्दछ, यो पहिले नै भनिसकेको छु ॥४७॥

न वेदयज्ञाध्ययनैर्न दानै,-
र्न च क्रियाभिर्न तपोभिरुग्रै ;
एवंरुपः शकय अहं नृलोके ,
द्रष्टुम् त्वदन्येन कुरुप्रवीर ॥४८॥

श्री धरीय टीका-[यो विश्वरुप-दर्शन अति दुर्लभ छ , यसलाई प्राप्त गरी तिमी कृतार्थ हुन गएकाछौ, त्यही भन्नु हुन्छ]-वेदाध्ययन देखि यज्ञाध्ययन कुनै पृथक वस्तु नहुनुको कारण यहाँ यज्ञ शब्द देखि यज्ञविद्या कल्पसूत्रादि लक्षित छन् (कर्मकाण्डको संग्रह ग्रन्थ विशेषलाई कल्पसूत्र भन्दछन्) वेदाध्ययन या यज्ञाध्ययन द्वारा, दान द्वारा, अग्नि होत्रादि क्रिया द्वारा एवं चान्द्रायणादि उग्र तपस्या द्वारा पनि मेरो यस रुपलाई देख्नमा कोही समर्थ हुदैन । मनुष्य लोकमा तिमीलाई छोडेर यस किसिमले विशिष्ट भावसंग मलाई देख्नमा कोही समर्थ भएन । खालि तिमी नै मेरो प्रसादले देखिकन कृतार्थ हुन गएकाछौ ॥४८॥

आध्यात्मिक व्याख्या-"तिमीले जुन रुपलाई देख्यौ-वेद पढनु, यज्ञ गर्नु, उग्र तपस्या गर्नु दान एवं क्रियाहरु द्वारा-यो रुप कसैले देखेको छैन मनुष्यहरुमा ।"-

-यो विश्वरुप हेर्नमा को समर्थ छ यही यहाँ बताउनु हुन्छन् । जसले धर्मको खालि बाह्यानुष्ठान गरेर नै निश्चिन्त रहन्छन्, वहुल वेदशास्त्रादि अध्ययन गर्दछन्, उग्र तपस्या, दान, ध्यान एवं याग-यज्ञादि बाह्य क्रियाहरुको अनुष्ठान आदि पूर्ण मात्रामा गर्दछन्, तिनीहरुले पनि यस रुपलाई हेर्नुको योग्यता प्राप्त गर्देनन् । तब के त वेदादि अध्ययन एवं यागयज्ञादि गर्नु विल्कुल व्यर्थ छ त ? होइन, यस्तो कुरा छैन ।

यसले सकाम साधक को अत्यधिक उपकार अवश्य हुन्छ, परन्तु आत्मदर्शनको लागि अथवा भगवत् कृपा प्राप्तिको लागि यी पर्याप्त छैनन् । यदि भगवत् कृपाले आत्मदर्शन नभए त यी सारा बाह्य व्यापारहरुको अनुष्ठान व्यर्थ छन, श्रममात्र छन् । भगवान्‌को कृपा विना यदि उनको दर्शन प्राप्ति अत्यन्त दुष्कर छन भने जीवको लागि फेरि के उपाय छ ? हामीले प्राणपनले चेष्टा गऱ्यौ परन्तु भगवान्‌ले यदि कृपा गर्नु भएन भने त के प्रयत्न गर्नुको इच्छा प्रवल रहन सक्दछ ? भयको कुरा छैन, भगवत् कृपाको प्राप्ति एस्तो वस्तु होईन-जसबाट चेष्टाशील साधकलाई निराश हुनु पर्ला । *"यो मां स्मरति नित्यशः"* *"तस्याहं सुलभ पार्थ"* *"ददामी बुद्धियोगम्"*-इत्यादि वाक्यहरु द्वारा श्री भगवान्‌ले बताई दिनु भएकोछ-त्यसले आफ्नो भक्तको लागि के गर्दछन् । केवल संयम, नियम, तपस्या गरी आफ्नो शरीरको बल या अहंकार द्वारा उनलाई कसैले पाउदैन । उनलाई पाउनको निम्ति 'अहं' लाई छोडनु पर्नेछ, अभिमानलाई दूर राख्नु पर्नेछ । अहंकारी बनेर चाहे हामीले जति नै घोर तपस्या किन नगरौ, त्यसदेखि केही भोग्य विषय त मिल्ला, परन्तु आत्मदर्शन हुनेछैन । आत्मदर्शन हुन्छ उनैको कृपाले । उनको कृपा त्यसैले प्राप्त गर्दछ जो उनको शरणागत हुन्छ । शरणागति हुन्छ कसरी ? मनलाई जब कुनै दोस्रो आश्रय रहदैन, जब अन्य कुनै विषय भावमा मन लिप्त हुदैन, केवल उनको स्मरण गरिरहन्छन् अनि यसरी स्मरण गर्दै गर्दै जब जगत् विर्सन जान्छन्, आफ्नो शरीरलाई विर्सेर तन्मयता प्राप्त हुन जान्छ, तबै प्रकृत शरणागत-भाव प्राप्त हुन्छ । यसको लागि मनुष्यलाई आफ्नो आयु, प्राण, इन्द्रिय, मन, वाक्य आदि सबै त्यस यज्ञपुरुषको सेवार्थ नियोजित गर्नु पर्दछ । यसैले वेदको यो आदेशवाणी छ ।-

"आयुर्यज्ञेन कल्पतां, प्राणो यज्ञेन कल्पतां;
चक्षुर्यज्ञेन कल्पतां, श्रोत्रं यज्ञेन कल्पतां;
वाग यज्ञेन कल्पतां, मनो यज्ञेन कल्पतां ॥"-इत्यादि ॥

भजनशील पुरुषले क्रिया गर्दै गर्दै मनुष्यस्वभावलाई अतिक्रम गरी देवत्वलाई लाभ गर्दछ, तब त्यसले आफ्नो अन्तः शरीरमा आफ्नो तेजोमय वपुको दर्शन गरी कृतार्थ हुन्छ । पश्चात् साधनाको तीव्रवेगले प्राणको स्थिरतासाथ मनोलय भएपछि त्यो कैबल्य पदमा प्रतिष्ठित हुन्छ । त्यसले पहिले नै आत्माको महाकालरुप भावलाई बुझिलिएपछि सबचिज आत्माकै नै रुप हो,-यो बोधको विषय हुन जान्छ । त्यसलाई छोडेर अरु केही पनि छैन, सब रुप त्यस एकको भित्र प्रविष्ट भएर आत्मसंगोपन गर्दछन्, रहन्छ खालि एक अनन्त ज्योति, दशै दिशाहरुमा प्रसारित एक अप्रमेय तेजोराशि-अनि रहन्छ त्यस अपार महिमा को द्रष्टाको रुपमा स्वयं साधक । परन्तु त्यतिबेला "आपनार नाम मोर नाहि पडे मने" उस्लाई आफ्नो नाम पनि याद आउदैन । यस किसिमसँग कृतार्थ साधक द्रष्टाको स्वरुपमा अवस्थानरुप महायोग-समाधिमा निमग्न भएर कालातीत अवस्था प्राप्त गर्दछ । अर्जुन लाई याहाँ "कुरुप्रवीर" भनिएकोछ । जसले क्रिया गर्दछन्, उनिहरुमा जो विशेष ख्याति सम्पन्न वीर अर्थात् अति उग्र साधक छन,उनले बाहेक अरु कस्ले उनलाई देख्नमा समर्थ होला ? ॥४८॥

मा ते व्यथा मा च विमूढभावो,
दृष्ट्वा रुपं घोरमीदृङ्ममेदम्;
व्यपेत भीः प्रीतमनाः पुनस्त्वं,
तदेव मे रुपमिदं प्रपश्य ॥४९॥

श्री धरीय टीका-[यसकिसिमको भयंकर रुपलाई देखेर तिमी लाई व्यथा हुन्छ भने त पूर्व रुपलाई देखाउंदछु, यो वताउनु हुन्छ]-मेरो यस किसिमको घोररुपलाई देखेर तिमीलाई व्यथा एवं विमूढभाव नहोस । तिमी विगतभय एवं प्रसन्नचित्त भएर पुनः मेरो त्यस पूर्बरुपलाई राम्रो सँग हेर ॥४९॥

आध्यात्मिक व्याख्या-"यस रुपलाई देखेर तिमीले मनमा डरमान्नु राम्रो छैन-यसैले यस व्याप्त रुपलाई अभयपूर्वक राम्रो संग हेर"-विश्वरुप दर्शन गरी अर्थात् बृहत कूटस्थको ज्योति देखेर मनमा जुन अस्वस्ति आउंदछ, त्यस किसिमको उद्वेग आउनु ठीक होइन, परन्तु जसले यसलाई पहिले दर्शन गर्दछन्, उनको लागि यस किसिमको ल्केशानुभव स्वाभाबिक छ । यस अवस्थाको अतिक्रम गर्नु विना कसैको लागि पनि त्यस अभय परम पदमा प्रतिष्ठत हुनुको कुनै उपाय छैन । साधकले प्रीतमना एवं उपयुक्त भएर यसको दर्शन गर्नु पर्नेछ । उपनिषदमा यसकिसिमसँग उपयुक्त एवं प्रीतमना हुनुको लागि प्रार्थना मन्त्र छ ।

"युक्ताय मनसां देवान् सुवर्यतो धिया दिवम्;
बृहज्ज्योतिः करिष्यतः सविता प्रसुवाति तान ॥" श्वेता.॥

हे सवितृदेव ! (मेरो) मनलाई परमात्मामा संयोजित गरी ब्रहमानन्दाभिमुखी देवहरुलाई-[मन एवं इन्द्रियहरुलाई] -बुद्धिको सहायताले (साधनालब्ध एकाग्र द्वारा) बृहत्ज्योतिलाई अनुभवको उपयुक्त गर जसबाट परमार्थ-लाभको उपाय-स्वरुप ध्यानादि कार्यमा म यथाशक्ति प्रयत्न गर्न सकुम् । यसको लागि 'युक्ताय मनसा' अर्थात् मनलाई संयोजित गर्नु पर्नेछ ।

"महान् प्रभुर्वै पुरुषः सत्वस्यैष प्रवर्त्तकः;
सुनिर्मलामिमां प्राप्तिमीशानो ज्योतिर व्ययः ॥"

त्यो आत्मा नै महान् प्रभु हुन् अर्थात् उत्पत्ति, स्थिति एवं लयको कर्त्ता हुन् । त्यो पुरुष हो अर्थात् देहपुरमा अवस्थित छ, त्यसदेखि निर्मल मुक्ति प्राप्त हुन्छ, त्यो बुद्धि सत्त्वको प्रेरक हो । उसैको प्रेरणाले स्वरुपमा अवस्थिति रुप निर्मल परम पद प्राप्त हुन्छ । त्यो सबको शासन कर्त्ता, ज्योतिः स्वरुप एवं अविनाशी हुन् ।

ततो यदुत्तरतरं तदरुपमनामयम;
य एतद् विदुरमृतास्ते भवन्ति अथेतरे दुःख मेवापियन्ति ॥

समस्त जगत्को जुन कारण (प्राण) छ, त्यसको पनि जुन कारण छ, त्यो अरुप एवं अनामय छ अर्थात् आध्यात्मिकादि तीनै तापहरु देखि रहित छ (यही क्रियाको परावस्था हो) । जुन मानिसहरुले यसलाई

जान्दैन, तिनीहरु खालि आध्यात्मिकादि त्रिविध दुःखहरुलाई नै प्राप्त हुन्छन् अर्थात् उनको दृष्टि खालि शरिरमा अनि देहस्थ भोगतिरै हुन्छन् ॥४९॥

संजय उवाच

इत्यर्जुनं वासुदेव-स्तथोक्त्वा;
स्वकंरुपं दर्शयामास भूयः;
आश्वासयामास च भीतमेनं,
भूत्वा पुनः सौम्य वपुर्महात्मा॥५०॥

श्री धरीय टीका-[संजयले भन्दछन्]-श्री वासुदेवले अर्जुनलाई यति भनिकन पहिलेको जस्तै किरीट आदिले युक्त आफ्नो चतुर्भुज रुपलाई फेरि देखाउनु भयो । यसरी प्रसन्न वपु भएर भयविह्वल अर्जुनलाई आश्वासन प्रदान गर्नु भयो । महात्माको अर्थहुन्छ विश्वरुप अथवा कृपालु ॥५०॥

आध्यात्मिक व्याख्या-"दिव्य दृष्टि द्वारा अनुभव भैरहेकोछ-यस किसिमसँग भनिकन फेरि उही शान्त मूर्तिलाई धारण गर्‍यो ।"-

-जुन शान्त चतुर्भुज मूर्त्ति साधकलाई अतिप्रिय छ, त्यही किरीट समान प्रभायुक्त, शंख,चक्र, गदा पद्म, विशिष्ट सौम्य मूर्त्ति श्री भगवान्ले धारण गर्नु भयो । यही चतुर्व्यूह समन्वित विष्णुमूर्त्ति हुन, जुन समस्त जगत्को भित्र प्रविष्ट भैरहेकाछन् । विशुद्ध सत्त्व हुनु विना त्यस वासुदेवको सन्धान पाउन सकिन्न । यही त्यस ज्योतिको आभ्यन्तरीय रुप हुन । यसको चतुर्दिक किरीटको जस्तै प्रभाछटा रहन्छ । शंख, गदा चक्र, पद्म विशिष्ट जुन भाव छन् त्यसलाई लिएर साधकेन्द्रगण मग्न रहन्छन, परन्तु जो गृहकर्ममा रत रहन्छन् र साधना पनि गर्दछन, त्यस्तालाई बाध्य भएर भन्नु पर्ने हुन्छ ।

"दिव्यं रुपमिद देव प्रसादेनोपसंहर"

यो जुन ज्योतिर्मय प्रकाश छ, यसको उपसंहार गर, अन्यथा कंस रहन्छ कहाँ ? कामना कहाँ रहला ? कामना नरहेपछि संसार-प्रवाह कसरी चल्ला ? यसकारण कंस रहनेछैन यस भय देखी यस चतुर्भुज मूर्त्तिलाई संवरण गर्नको लागि अनुरोध गरिरहेकाछन् । वासुदेव भाव या अवस्था प्राप्त योगीको समस्त कामनाहरु संकल्प मात्रले सिद्ध हुन्छन् । परन्तु यस किसिमको कामनाले पनि कतै वशमा नगरोस, यसै कारण कंस (कामना) को भय देखि साधकले यस किसिमको रुप संवरण गर्नुको अनुरोध गर्दछ । द्विभुजी शान्त मूर्त्तिमा योगैश्वर्यको प्रकाश रहदैनन्, परन्तु उनको बंशीको जुन श्रुति मधुर ध्वनि छ, त्यसबाट ब्रजवालाहरु अर्थात् मनको बहिर्मुखी चंचल वृत्तिहरु मुग्ध हुन जान्छन् । तिनीहरु सवचिज बिर्सेर आत्माभिमुखी भैरहन्छन् । यो द्विभुजी मुरलीधर मूर्त्तिले नै अन्तमा कंस या वासना समूहको उच्छेद गर्दछन् । त्यस सुमधुर-निनाद लाई सुनेर वासनाको वेगवति प्रगति अर्थात् कंसको ध्वंस हुन जान्छन । त्यस भन्दा अगाडि जुन चतुर्व्युह समन्वित भाव छ त्यो अझै बढी उच्चकोटिको साधकहरुको लागि हुन् ।

साधनको प्रभावले सत्त्वविशुद्ध हुन गए पछि जब मनमा कुनै कामना या मल रहदैन, तब त्यो शंख-चक्र-गदा-पद्म, समन्वित भावमा विभोर हुन जान्छन्, तब विश्वरुप या कालचक्रले उसलाई मुग्ध या भयविह्वल गर्न सक्तैन ॥५०॥

अर्जुन उवाच-

दृष्ट्वेदं मानुषं रुपं तब सौम्यं जनार्दन;
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

श्री धरीय टिका-[त्यस पछि निर्भय भएर अर्जुन बोल्यो]-"सचेतस्"-शब्दको अर्थ हो प्रसन्न चित्त, 'संवृत्त अस्मि' को अर्थ छ, म भएको छु । प्रकृति शब्दको अर्थ छ स्वस्थ्य । हे जनार्दन ! तिम्रो यस सौम्य मनुष्यरुपलाई देखेर अब म प्रसन्न चित्त एवं स्वस्थ भएकोछु ॥५१॥

आध्यात्मिक व्याख्या-"शरीरको तेज द्वारा अनुभव हुन्छ-अब तिम्रो मनुष्यरुपलाई देखेर मेरो मन मनमा आयो अर्थात् चैतन्य प्राप्त भयो ॥"

-श्री भगवान्को अरुपसत्ता को अतिरिक्त उनको तीन रुपमय-व्यक्त भावछन् । एक हो विश्वरुप, जुन साधारण साधकको लागि दर्शनीय छैन । यदि कतै भाग्यवश त्यसको दर्शन प्राप्त हुन्छ भने पनि त्यसलाई सहन गर्नुको क्षमता अधिकांश साधकहरुमा हुदैन । द्वितीय रुप छ पुरुषोत्तम रुप, त्यो नराकृति छ र नराकृति छैन पनि, त्यो केहो, यो बताउनुको कुनै उपाय छैन । कबीर भन्नु हुन्छ-

"परब्रहम के तेज का कैसा है अनुमान ;
का वाकी शोभा कहौं देखनको परमान ॥"

कबीर भन्नु हुन्छ-परब्रहमको तेजको अनुमान कसरी हुन सक्छ ? उनको जुन शोभा छ, त्यसको बारेमा म के भनुं ? प्रत्यक्ष देखे पछि नै त्यो बुझनमा आउंदछ । जसले देखेकोछ उसैले त्यसको प्रमाण जान्दछ । अर्थात् हिरण्यमय सिंहासनमा कूटस्थ एवं सम्मुखमा समस्त सिद्धगण बसिराखेकाछन, यस किसिमको प्रकाशको प्रमाण दिनुको कुनै उपाय छैन, किनभने यो निज-बोध-रुप हुन, जसले देख्दछ उसैले जान्दछ ॥

"अगम अगोचर गमि नहिं तहा झलके ज्योति;
तहां कविरा बन्दगी पाप पुन्य नहि द्वोति ॥"

कबीर भन्नु हुन्छ-त्यो स्थान अगम्य छ, इन्द्रियहरुको लागि गोचर छैन, बुद्धि त्याहाँ जान सक्तैन, त्यहाँ कुनै चिन्ता छैन अर्थात् मन छैन, त्यहाँ पापपुन्य दुबै छैन । यस किसिमको स्थान देखि ज्योतिको झलक बाहिर निस्क्यो, त्यहाँ कबीरले दण्डवत् प्रणाम गऱ्यो ।

"जहाँ पवन नहि संचरे तहाँ रची एक गेह ;
अचरज एक जो देखिया सेंध कजेजा देह ॥"

-[यस अवस्था पाउनको लागि के उपाय गर्नु पर्दछ, यही कबीरले बताईरहेछन]-जहाँ पवनको संचरन छैन, त्यही एक घर बनाइयो; आश्चर्य त यो भयो-हृदय एवं शरीरमा दुलो भएको छ, अर्थात् श्वास-प्रश्वास रहित हुन गएकोछ। त्यतिखेर श्वास सुक्ष्म रुपमा सुषुम्नाको भित्र तत्त्व-तत्त्वमा चलिरहेकोछ। घरमा जसरी बास बसिन्छ त्यसरी सुषुम्नामा बास गर्नाले सुषुम्ना गृहवत् हुन गयो। यस अवस्थामा एक आश्चर्य देखिन गयो -हृदयमा धुक्धुकी (स्पन्दन) छैन, प्राण भित्र भित्र नै चलिरहेकोछ।

"उन्मन लागि शून्यमें निशदिन गलतान्;
तनमन की कछु सुधि नहिं पाया पद निर्बान॥"

उन्मनीमा अडकिएर कबीरले शून्यमा देख्न लाग्यो। रातदिन गलामा टान (खिंचन) रहन्छ, शरीर एवं मनको कुनै खबर छैन, निर्वाण-पद पाइयो। अर्थात् ऊर्ध्वमा मणि अडकिन जानाले साधक कूटस्थ ब्रहममा (शून्यमय) रहयो अनि दिनरात गलामा टान (जालन्धरबन्ध या मुद्रा) बनिरहयो। नशामा मात् लागिरहनुले कुनैविषयमा आसक्ति रहेन। त्यो निर्वाण पद पाइयो। जस्को सर्वदा जालन्धर-मुद्रा बनिरहन्छ, जानिहाल -त्यसले निर्वाण पद प्राप्त गऱ्यो। निर्वाण= वाणरहित,-वाण भनेको त्यो हो जसद्वारा जीवमात्र विद्ध भैरहेकाछन।

तृतीय रुप-द्विभुज मुरलीधर श्यामसुन्दर रुप हुन। यसरुपमा केही आडम्बर छैन, केवल पीताम्बरमा आवृत्त नीलो नभ समान श्याम ज्योति एवं उनको मुरली धुन! *"रग रग बोले रामजी, रोम रोम रोंकार"* -अविच्छिन्न भावसँग प्रणवको मनमोहन मधुर निक्वण हृदयमनलाई मतवाला गरिदिन्छन्। त्यस ध्वनि लाई सुन्दै सुन्दै चित्त लय हुन जान्छन्, शरीर एवं जगत्को सुधि रहदैन। जसरी साधुहरुको धुनिमा सदा आगो बलिरहन्छ, त्यसरी देह-घटमा श्वास-प्रश्वासको जुन सहज धुनी चलिरहंन्छन्, त्यसै मा मन लगाई राख, तब देख्नेछौ-

"हिरदे हरि हरि होत है मुखकी हाजत नाहिं"

-आफसे आफ स्वतः स्फुरित मन मोहन घनश्याम सुन्दरको बंशी धुनि बजी उठदछन्, नाम आफसे आफ ध्वनित हुन्छ, अनि मुखबाट नामोच्चार गर्नुको आवश्यकता हुदैन।

यस अवस्थामा चित्त प्रशान्त एवं प्रसन्न हुन्छ। अर्जुनलाई व्यक्त भावको द्वितीय भाव पुरुषोत्तमरुपको दर्शन भयो। त्यो दुर्निरीक्ष्य छैन, बरु जीवमात्रको अभीष्ट सिद्ध गर्नेवाला इष्ट मूर्त्ति हुन्॥५१॥

श्री भगवानुवाच-

सुदुर्दर्शीमिदं रुपं दृष्टवानसि यन्मम;
देवा अप्यस्य रुपस्य नित्यं दर्शनकांक्षिणः॥५२॥

श्री धरीय टीका-[आफ्नो अनुग्रहको अति दुर्लभत्वलाई देखाउनु हुदै]-श्री भगवान् बोल्नु भयो-मेरो जुन विश्वरुपको तिमीले दर्शन गरेकाछौ, त्यसलाई देख्नु अत्यन्त दुर्लभ छ, किन भने देवताहरुले पनि यस रुपलाई हेर्ने इच्छा गर्दछन, तर देख्न पाउदैन ॥५२॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेकोछ-यस किसिमको देख्नु धैरै दुःखले मिल्दछ-जुन तिमीले देख्यौ, देवताहरु पनि अर्थात् क्रियान्वित व्यष्टि पनि यरु रुपलाई हेर्ने सर्वदा इच्छा गर्दछन जस्ले देख्दछन्"-

-अर्जुनले जुन पुरुषोत्तम रुपको दर्शन गरेकोछ, त्यसलाई देख्नु कुनै सहज कुरा होईन, देवताहरुले पनि त्यसलाई हेर्न पाउदैनन् ॥ देवताहरु ती हुन, जो चरित्रवान एवं साधनशील पुरुष छन । साधन गरेर पनि सबै साधकहरुलाई यसरुप देख्नुको शक्ति हुदैन । अद्वैतावस्थामा सब एक हुन जान्छन्, त्यतिबेला एक भन्ने वाला पनि कुनै रहन्न । यो क्रियाको परावस्थामा नै उपलब्ध हुन सक्छ । द्वैतावस्थामा कूटस्थको भित्र अगणित रुप देखिईन्छन्, अन्तमा सबरुप एकरुप (ज्योतिमात्र) अद्वैतभावमा पर्यवसित हुन जान्छन् । त्यस बेला त्यो त्यस अपूर्व अवस्थाको द्रष्टा-मात्र हुन्छ । पुरुषोत्तम रुप पूर्ण अद्वैत भाव-स्वरुप नभए पनि विशिष्टाद्वैत भाव हुन । अद्वैतभाव देखि अलि अलि द्वैतभावतिर ओर्लनासाथ यो पुरुषोत्तम नारायणरुप साधक लाई दर्शन हुन्छ । यो पनि अति सुदुर्लभ दर्शन छ । धैरै धैरै साधकहरुले यस अपूर्व रुपको दर्शन गर्नुको अभिलाषा गर्दछन्, परन्तु देख्नु पाउदैन । *यो वासुदेव-मूर्त्ति अत्यन्त सूक्ष्म एवं दुर्ज्ञेय छन । सुदूर आकाशमा विद्युत विलासित नव नवजल धर-घनघन-श्यामल अपूर्व श्यामसुन्दर मूर्ति !* आकाशपटमा मानौ अनेक मूर्त्तिहरु अंकित देखिन जान्छन् । ती मूर्तिहरु वास्तविक अंकित हुन्छन या कल्पना मात्र हुन ? कल्पना हुंदामा पनि जस्तो एक किसिमको अनुभव हुन्छ, यो पनि धैरै जसो त्यस्तै ढंगको अनुभव हो ॥५२॥

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया;
शक्य एवं विधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

श्री धरीय टीका-[यसको हेतु बताउनु भैरहेछन्]-मलाई जुनरुपमा तिमीले देखेका छौ, त्यो रुप वेदाध्ययन, तपस्या, दान अथवा यज्ञ द्वारा दर्शन गर्न सकिदैन ॥५३॥

आध्यात्मिक व्याख्या-"जो कसैले सुनी जानिकन, क्रियादान गरी ॐकार क्रिया गर्दछ-कूटस्थमा रहेर-यो रुप कसैले देख्न पाउदैन, जसलाई तिमीले देख्यौ"

केवल आत्मा तत्त्वलाई जानिलिनु, सुनिलिनु अथवा आत्मतत्त्व लाई जान्नुको उपाय स्वरुप क्रिया साधन गर्नु या कूटस्थमा रहना ले पनि यो रुप देखिनमा आउदैन । यसरुपलाई हेर्नुको योग्यता प्राप्त गर्नु पर्दछ । साधनमा विशेष परिपक्वता आउनु विना यसरुपलाई दर्शन गर्नुको सामर्थ्य प्राप्त हुदैन । यो दर्शन, -आत्मदर्शन हो । वेद कंठस्थ गर्नाले या अन्य कुनै याज्ञ यज्ञ अथवा तपस्या द्वारा यसको अनुभव गरिन

जादैनं । 'म' या आत्मालाई देख्नुको एकमात्र उपाय हो क्रिया द्वारा अनुभव पद प्राप्त गर्नु । क्रियाको परावस्थाले नै यो अनुभव पद प्राप्त हुन्छ, यसको निम्ति अन्य मार्ग छैन । हृदयग्रन्थि भेदन हुनु पर्दछ । अविद्या आदि संस्कारहरु नष्ट हुनु विना संशय छिन्न हुदैन । हृदय स्थित कामना रहुंजेल अविद्या या अज्ञान नष्ट हुदैन । यो अज्ञान कैले नष्ट हुन्छ त? "तस्मिन दृष्टे परावरे" जब त्यो परावर ब्रहम साधकको आत्मचैतन्य देखि अभिन्न रुपमा दृष्ट हुन्छ । त्यो कहां छ त?

मनोमयः प्राणशरीर नेता,
प्रतिष्ठितोऽन्ने हृदयं सन्निधाय;
तद्विज्ञानेन परिपश्यन्ति धीरा,
आनन्दरुपममृतं यद्विभाति ॥ (मुण्डका२-२-८)॥

आत्मा केवल मनोवृत्ति द्वारा नै अनुभव-गोचर हुन्छ, यसैकारण त्यो मनोमय छ । त्यो "प्राणशरीर नेता" अर्थात् प्राण एवं शरीरको नियन्ता हो । यी दुबैलाई यस स्थूल शरीर देखि दोस्रो सूक्ष्म शरीरमा लैजानको लागि यो कर्त्ता छ । पुण्डरीक-रन्ध्रमा बुद्धि या हृदयलाई सन्निवेशित गरी त्यो अन्नमा प्रतिष्ठित छ अर्थात अन्नद्वारा परिपुष्ट देहमा अवस्थित छ । "हृदयं सन्निधाय" (हृदय अर्थात बुद्धि-स्थिर प्राणलाई) लाई शीर्षस्थ ब्रह्मरन्ध्रमा स्थापन गरेपछि त्यस को नित्य अवस्थिति या प्रकाशको ज्ञान हुन्छ । "तद्विज्ञानेन"-गुरुपदिष्ट साधन द्वारा प्राणलाई स्थिर गरी धीर व्यष्टिले त्यस आत्मतत्त्वलाई जान्दछन् । त्यो आनन्दस्वरुप एवं अमृतस्वरुप छ । प्राणायाम-साधना द्वारा प्राणहरुको प्राण ब्रहमस्वरुपिणी सुषुम्नामा दौडन्छन्, त्यहाँ गएपछि अग्नि भन्दा पनि प्रज्वलित ज्योति-स्वरुप कूटस्थ देखिन जान्छ । त्यो गायत्री-छन्द-स्वरुप चतुर्थ पाद ब्रह्म हुन् । त्याहाँ पुगेपछि सब बन्धनहरु देखि विमुक्ति मिल्न जान्छ, अनि श्वेत द्वीप निवासी उत्तम पुरुषमा लीन हुन जान्छन् । पश्चात् सूक्ष्मातिसुक्ष्म सर्वव्यापक परमात्मा पुरुषलाई देख्दछ अनि त्यही हुन जान्छन् । क्रियाको अभ्यास गर्दै गर्दै इच्छारहित हुन जान्छ र ब्रहमपदलाई प्राप्त गर्दछ ॥५३॥

भक्त्या त्वनन्यया शक्य अहमेवम्विधोऽर्जुन
ज्ञातुं द्रष्टु च तत्त्वेन प्रवेष्टुं च परन्तप॥५४॥

श्री धरीय टीका-[तब कुन उपायले यो रुप देखिन जान्छ, यसको उत्तरमा भन्नुहुन्छ]-मदेकनिष्ट भक्ति द्वारा नै यस किसिमको विश्वरुप म शास्त्रतः परमार्थरुपमा ज्ञात हुन सक्तछ, प्रत्यक्षरुपमा दृष्ट हुन सकतछु अनि तादात्म्य रुपमा (अभिन्न भएर) प्रविष्ट हुन सक्तछु, अन्यकुनै उपायले होइन ॥५४॥

आध्यात्मिक व्याख्या-"अन्यन्य भक्ति द्वारा गरी-अर्थात् सर्वदा आत्मामा रहेर गुरुवाक्यमा विश्वास गरी यो रुप देख्न सकदछ, जान्न सक्दछ-देख्न पाउंदछ, तत्त्वेन अर्थात् पंचतत्त्वमा रही क्रिया गरी प्रकृष्टरुपमा आवेश गरेपछि"

-ब्रहमको अपार महिमालाई जान्न नसक्नुको कारण उनको अस्तित्व मा पनि सन्देह हुन संभवछ । क्रियाको परावस्थामा रहनु नै ब्रहम भाव हो, अतयव क्रिया विना उनको महिमा जान्नु संभव छैन । क्रिया

गर्दा गर्दै जब क्रियाको परावस्थामा पूर्ण स्थिति लाभ हुन्छ तब फेरि मन दोस्रोतिर जाँदैन, यसको नाम नै "अनन्य भक्ति" हो गुरुवाक्यमा विश्वास गरी जसले क्रिया गर्दछन, त्यसले आफसे आफ सबचिज बुझिहाल्दछन् । आत्मा जब मन, इन्द्रियादिको भावमा भावित हुन्छ तबै त्यो जीव हुन्छ अनि इन्द्रियहरु तथा उनको कर्त्ता मन जब आत्मामा लीन हुन जान्छन् र आत्मा परमात्मामा लीन हुन जान्छन् तब इन्द्रियहरु पनि ब्रहमस्वरुप हुन जान्छन् । जीव सबै वस्तुहरुमा रहन्छ परन्तु आसक्तिपूर्वक रहन्छ, परमात्मा पनि सबवस्तु हरुमा रहन्छ परन्तु निर्लिप्त भावसँग । क्रियाको परावस्थामा नशामा रही सब कर्म गर्दछन् । यस शरीररुपी चक्रको मध्य भाग हो नाभि, जहाँ समान वायु रहन्छ, त्यो समान वायु नै स्थिरत्व या ब्रहमपद हो । त्यहाँ रहंदाखेरि आफसे आफ राजा हुन्छ यानि समस्त इन्द्रियहरु वशीभूत हुन जान्छन्, एक किसिमको विचित्र नशा हुन्छ जसमा चैतन्य रहन्छ र आनन्द हुन्छ । यसकिसिमसँग उनको स्वरुपको ज्ञान हुन्छ । कूटस्थको भित्र नक्षत्रस्वरुप ज्योति देखिइन्छ, त्यस को भित्र त्रिलोक स्थित छ । त्यो प्रकाश स्वरुप दीप्ति छ । त्यसको भित्र पहिले अग्नि पश्चात् विद्युत् एवं त्यस पछि सूर्यको प्रकाश छ । यस किसिमको जुन दिव्य चक्षु छ त्यही ब्रहम हो, जगन्मय व्याप्त छ, त्यसको भित्र प्रवेश गर्न सकिन्छ । कूटस्थको भित्र जुन नक्षत्र छ, त्यो गुहास्वरुप छ, त्यसमा प्रवेश गर्दा खेरि आश्चर्यजनक दृश्य देखिन्छन् । त्याहां रहिकन सबचिज देखिन जान्छ । त्यो गुहा नै आश्रय हुन्छ, त्यसैमा ब्रहम अवस्थित छन् त्यस ब्रहममा रहदै रहदै साधक तद्रुप हुनजान्छन् । त्यतिखेर भित्र भित्रै श्वास चलिरहन्छन्, भ्रु मध्यमा दृष्टि रहन्छ, प्राण एवं अपान समानरुपले अवस्थिति गर्दछन्, वायु नासिकाको भित्रै विचरण गर्दछ-यसकिसिमको अवस्थाको नामनै निष्कल अवस्था हो, यो क्रिया गर्दा गर्दै आफसे आफ हुन्छ । चित् स्वरुप कूटस्थमा रहदै रहदै ब्रहममा रहनु हुन्छ, ब्रहममा रहदा साधक ब्रहम नै हुन जान्छन् । जब सब ब्रहम हुन जान्छन् त दोस्रो केही रहदैन अनि अद्बितीय ब्रहमको बोध हुन्छ । यस ज्ञानको नाम नै कैवल्य हो । सर्वदा क्रिया गरिरहेपछि कैवल्यपद लाभ हुन्छ । अर्थात् जो खालि कुम्भकमा सदा रहन्छ अनि संसारको सबै व्यापार रहदैमा पनि कैवल्यपदमा आरुढ रहन्छ, उसलाई जीवन्मुक्त भन्दछन् । यसको लागि 'योगाभ्यास गर्नु' आवश्यक छ । "नायमात्मा बलहीनेन लभ्य"-बलहीन मनुष्य आत्मस्वरुपसँग अवगत हुन सक्तैन । योगबल नै प्रकृत बल हो ॥५४॥

मत्कर्मकृन्मत्परमो मद्भक्तः संगवर्जितः;
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

श्री धरीय टीका-[अब सबै शास्त्रको सारभूत जुन परम रहस्य छ, त्यसलाई बताउनु हुन्छ]-मदर्थ अर्थात् मेरो निम्ति जसले कर्म गर्दछन्, म नै जसको परम पुरुषार्थ छ, मेरा भक्त अर्थात् जो मेरो आश्रित छन, पुत्रादिमा आसक्ति रहित तथा सर्वभूतहरुमा वैरशून्य छन, त्यही म मा प्राप्त हुन्छन अरु कसैले मलाई पाउदैन ॥५५॥

आध्यात्मिक व्याख्या-"मेरो नै कर्म गर अर्थात् क्रिया गर, जुन गुरुमुख बाट जानिन्छ-मेरो माथि-कूटस्थमा रहनु-देखि सुनिकन गुरुवाक्यमा विश्वास-अतयव अन्य वस्तुमा इच्छा नजाउनु यसरी देख्नु-सर्वदा

निर्मल ब्रहममा रहेर जब सबलाई समान रुपले देख्नेछ तब बैरभाव कहिल्यै हुनेछैन-जो कोही यस किसिमको अवस्थामा रहन्छ, त्यसले मलाई पाउंदछ अर्थात् आफु आफैमा रहन्छ-जुन क्रियाको परावस्था हो । ”

-यस श्लोकमा समस्त गीता-शास्त्रको सारभूत उपदेश लिपिबद्ध भएकोछ । श्री मच्छंकराचार्यको भाष्य यहाँ उद्धृत गरिएको छ-“अधुना सर्वस्य गीताशास्त्रस्य सारभूतोऽर्थः निःश्रेयसार्थोऽनुष्ठेयन्वेन समुच्चित्य उच्यते, मत्कर्मकृत मदर्थं कर्म मत्कर्म तत्करोति इति मत्कर्मकृत । मत्परमः-करोति भृत्यः स्वामिकर्म न त्वात्मनः परमा प्रेत्य गन्तव्या गतिरिति स्वामिनं प्रतिपद्यते अयं तु मत्कर्मकृत मामेव परमां गतिं प्रतिपद्यते इति मत्परमः अहं परमः परा गतिर्यस्य सोऽयं मत्परम् । तथा मद्भक्तः-मामेव सर्वप्रकारैः सर्वात्मना सर्वोत्साहेन भजते इति मद्भक्त । संगवर्जितः-धनपुत्रमित्रकलत्र बन्धुवर्गेषु संगवर्जितः संगः प्रीतिः स्नेहस्तद्वर्जितः । निर्वैरः-निर्गतवैरः सर्बभुतेषु शत्रुभाव रहितः आत्मनः अत्यन्तापकार-प्रवृतेष्वपि । य ईदृशो मद्भक्त स मामेत्यहमेव तस्य परा गतिः नान्या गतिः काचित् भवत्ययं तवोपदेशः इष्टःमया उपदिष्टः हे पाण्डव !इति” अब सबै गीता शास्त्रको जुन सारभूत अर्थ छ तथा जुन एकमात्र निःश्रेयस (मोक्ष) प्राप्तिकोउपाय छ त्यसको अनुष्ठानको निम्ति उपदेश दिनुहुन्छन्-“मत्कर्मकृत” अर्थात् मेरो लागि जुन कर्म गरिइन्छन त्यसको नाम हो मत्कर्म, त्यो मत्कर्म जसले गर्दछन-त्यसलाई मत्कर्मकृत भन्दछन् । भृत्यले प्रभुका लागि कर्म गर्दछन, आफ्नोकर्म गर्दैनन्, तर पनि त्यसले प्रभुलाई आफ्नो परलोकको गति या आश्रय सम्झदैन । परन्तु जुन भक्त मेरो कर्म गर्दछ त्यसले मलाई नै ऐहिक एवं पारलौकिक एकमात्र गति सम्झन्छन्, जसले यस्तो जान्दछन् त्यसलाई नै “मत्परम” भन्दछन । “मद्भक्तः”-जसले मलाई नै सबैको आत्मा सम्झेर सबैकिसिमसँग भजन गर्दछन् त्यो मद्भक्त हुन । संगवर्जितः-धन, पुत्र, मित्र, पत्नि, एवं बन्धुवर्गमा जसको संग अर्थात् प्रीति या स्नेह छैन त्यसलाई संगवर्जित भन्दछन् । निर्वैरः-प्राणिहरुमा यदि कोही कसैले अत्यन्त अपकार गर्न मा पनि प्रवृत्त हुन्छ भने पनि त्यसमाथि जसको शत्रुता बुद्धि हुँदैन, त्यही हो निर्वैरता । यस किसिमको गुण सम्पन्न भक्तले नै मलाई पाउन सक्दछन् अर्थात् म उसको परम गति हुन्छु, त्यसको अन्य कुनै गति हुदैन ।

पूर्व श्लोकमा भनि सकिएको छ-अनन्य भक्ति द्वारा नै मेरो तत्त्वलाई जान्न सक्नेछौ, मेरो स्वरुपको दर्शन गर्न सक्नेछौ अनि ममा प्रविष्ट हुन सक्नेछौ । भक्त को हो ?-जो अनन्यशरण छन, जसको कोही दोस्रो आश्रय छैन । त्यही उसको एकमात्र हुन् आश्रय, यस भावसंग जस्ले भगवान्लाई निरतिशय प्रीति संग भजन गर्दछ त्यही भक्तहुन् । भक्तले के गर्नु पर्दछ ? मत्कर्मकृत हुनु पर्नेछ । भगवान्को कर्म के हो ? जब भगवान् सिवाय अरु केही रहन्न, तब सबै कर्म भगवत् कर्म हुन जान्छन् । परन्तु देहाभिमानवश समस्त कर्महरुको कर्ता जीवले आफैलाई सम्झन्छन्, भगवान्लाई सम्झंदैनन् । समस्त कर्म भगवान्कै हुन, यसलाई खुब राम्रो संग बुझ्नु पर्दछ । कर्म गर्दछन् केको लागि? कुनै उद्देश्य को साधना गर्नलाई । अतयव कर्म गर्नुको समय शरीर, मन, इन्द्रियहरु एवं बुद्धिको आवश्यकता त छदै छ, अहंकारको पनि आबश्यकता छ । परन्तु यदि प्राण रहेन भने त देह इन्द्रियहरु आदि पनि कर्म गर्नमा समर्थ हुदैन । अतयव प्राण नै देहेन्द्रियादिको रुपमा तथा उनको कर्म चेष्टाको रुपमा परिणामलाई प्राप्त हुन्छन् । प्राण विना कुनै कर्म

हुन सक्तैन हुदैन । यस प्राणको सबै किसिमले आफ्नो निजी कर्म के हो ?-श्वास-प्रश्वासको ग्रहण एवं त्याग । यो ग्रहण र त्याग नै जीवन हो । जीवन नै समस्त कर्महरु को मूलकारण हुन । जीवन देखि नै मन या इच्छा तथा इच्छानुकुल कर्मचेष्टा छ । श्वास एवं प्रश्वासको यो ग्रहण-त्याग जब बन्द हुन जान्छ त मन या संकल्प रहदैन अनि मन नरहंदा इन्द्रियहरु अकर्मण्य जड पदार्थ मात्र हुन जान्छन् । सबैमा चैतन्यको संचार गर्दछ प्राण । *यो प्राण नै भगवान् या परमात्माको मुख्य शक्ति हो अतयव यो प्राणकर्म नै भगवत्कर्म हुन ।* उनको कर्म प्राणरुपमा अभिव्यक्त भएर सबैलाई प्रकाशित गर्दछन । सबैको भित्र चैतन्य जाग्रत गर्दछन, त्यस चैतन्यको अभावमा यो अखिल विश्व एक विराट जड स्तुप-मात्रमा पर्यवसित हुन जानेछ ।

"म" या आत्मा नै एक मात्र प्राप्तव्य वस्तु हो, स्वर्गादि होइन-यसकिसिमको स्थिर निश्चय जस्को हुन गएकोछ, त्यसले ममा प्रवेश गर्ने चेष्टा गर्नेछ । मेरो सन्धान उसलाई कसरी मिल्ला ? कुनै बाह्य वस्तुमा या मानसिक कल्पनामा मलाई खोजेर कसैले पाउन सक्तैन । जुन श्वासको बहिर्गमनागमन को कारण यो सारा बाह्य व्यापार चलिरहेकोछ, त्यो बाह्य उपायहरुद्वारा कुनै किसिमसँग पनि रुद्ध हुनेवाला छैन । *श्वास प्राणको कर्म हो अनि जब प्राण उनको मुख्य शक्ति छ* तब श्वास नै उनको प्रकृत क्रिया शक्ति भयो । *जुन मन्त्रले मनलाई त्राण गर्दछ त्यो मन्त्र हो श्वास-प्रश्वास, तन्त्रमा श्री महादेव जीको यही वचन छ ।* अतयव कण्टक द्वारा कण्टक-उद्धार समान, जुन प्राण-क्रियाले यो जगद् व्यापार संघटित भैरहेकोछ, त्यस जगद् व्यापार देखि मनलाई फर्काउनको लागि यही श्वास प्रश्वास को आश्रय लिनु पर्नेछ । अतयव उनलाई प्राप्त गर्ने एकमात्र उपायछ आत्मकर्म या प्राणकर्म । आफु आफैमा रहनुको नाम हो ज्ञान या ब्रहमको स्वरुपावस्था । प्राणायाम त्यो कर्म हो जसको साधन गर्दै गर्दै परब्रहममा लीन हुन जान्छन् । यसको अतिरिक्त दोस्रो कर्म अकर्म हुन, प्राण साधना नै एकमात्र आत्मकर्म हो, यसको साधन गर्दै गर्दै परब्रहममा लीन हुन जान्छन् । यो "मत्कर्म" जसले गर्दछन, तिनीहरु नै "मत्परम" हुन जान्छन् । गुरुपदेश अनुसार क्रिया गर्दा खेरि कूटस्थको प्रकाश हुन्छ र त्यसमा रहनु बन्न जान्छ । जब उही हाम्रो सर्वकालको एकमात्र गति जानिइन्छन् भने तबै वास्तविक "मत्परम" अवस्था आउंदछन् । यस अवस्थामा अवस्थित साधकलाई संगवर्जित अवस्था प्राप्त हुन्छ अर्थात् अन्य कुनै बस्तु को प्राप्तिको इच्छा पनि मनमा उठदैन । इच्छाशून्य -आसक्तिरहित-हुँदा खेरि नै मनको समता आउंछ, त्यही अत्यन्त सुनिर्मल ब्रहमभाव हो। मानिसहरु फलासक्त भएर कर्मकाण्डमा लाग्दछन् । यो चाहिन्छ, त्यो चाहिन्छ गर्दै जगत् तथा आफ्नै निम्ति घोर अशान्तिलाई बोलाउंदछन् । मनको यो वैषम्य भाव अशान्तिको जनक एवं मुक्तिको बाधक छ । सारा मैलाहरु यसै भावले उत्पन्न हुन्छन र जीवलाई हर्ष विषादले वशीभूत गर्दै उसको साम्यभावलाई नष्ट गरिदिन्छन । परन्तु ब्रहमभाव-भावित साधकको सर्वत्र समदृष्टि हुनुको कारण कसैलाई मित्र कसैलाई शत्रु रुपमा सम्झनुको बुद्धि हुदैन । यो समदृष्टिसम्पन्न साधकले जगत्लाई, जीवहरुलाई एवं आफुलाई ब्रहमकोसाथ अभेदभाव ले देख्दछ । मनको चंचलता रहुन्जेल भगवान्को स्वरुपसत्ताको साथ आफुलाई अभिन्न भावले देख्न सक्तैन । प्राणकर्म को साधना द्वारा जो उनको एकान्त शरणापन्न हुन्छन,

उनको आत्म विस्मृत दृष्टिको अगाडि शत्रु-मित्र, स्वजन-परजनको ज्ञान रहदैन । उनको एकमात्र चेष्टा हुन्छन् भगवत् सत्तामा आत्माभिमान लाई विसर्जित गरी उनको नै हुन जानु । जो उनको हुन जान्छ, त्यो त्यही हुन जान्छ । ध्याता ध्येयको आकारमा अवस्थान गर्दछ । यही अनन्य शरणको अवस्था हो । अनन्यशरण भावले साधकलाई चरम अपरोक्षानुभूति प्रदान गरी कैवल्यमुक्तिको अधिकारी बनाई दिन्छ । तब त्यो निर्वैर हुन जान्छ । जबसम्म द्वितीय पदार्थको अनुभव हुन्छ, तबसम्म भेदभाव छ, तबसम्म शत्रु, मित्रको बोध हुन्छ । वस्तुतः जुन इदं-रुपमा ज्ञेय छ त्यो दृश्य पदार्थ हो अनि दृश्यको जुन प्रकाशक छ त्यो द्रष्टा या अहं हो, यस अहंको प्रत्ययगोचर वस्तु नै दृश्य हुन । यो द्रष्टा रुप भेद अज्ञान कल्पित छ अर्थात् देहदृष्टि को कारण हुन्छ । स्वकीय स्वरुपको ज्ञान प्राप्त भए पछि अज्ञान रहन सक्तैन, अज्ञान कल्पित चित्तवृत्ति पनि निरुद्ध हुन जान्छ । वस्तुतः जगत् मा द्वितीय केही छैन, एक अद्वितीय आत्मा नै द्रष्टा एवं दृश्य भावापन्न भएर एक दोस्रोलाई हेर्दछ । यसैले उपनिषदमा भनेकोछ- *"यदा द्वैतमिव भवति तदा इतर इतरं पश्यति"* । क्रियाको परावस्थामा एक आत्मा सिवाय अरु कुनै वस्तु रहदैन, अतयव उसको सामुन्ने फेरि सर्वभूत रहदैन, एवं एकै भूत हुन जान्छन् । यो अवस्था भंग भएर पनि साधकले दृश्य प्रपंचलाई द्रष्टा देखि अभिन्न रुपमा बुझ्न पाउंदछन् । यसरी सर्वभूतमा समदर्शी साधकमा इष्टानिष्ट बुद्धि रहन जादैन, राग द्वेष पनि रहदैन, तव उसको अहिंसा प्रतिष्ठित हुन्छ, सब भूतहरुमा समज्ञान हुन्छ, कसैलाई पनि दुःख दिने उसको प्रवृति हुदैन । केवल यस किसिमको अहिंसा प्रतिष्ठित पुरुषकै वैर त्याग हुन्छ यस्तो कुरा होइन, उसको अगाडि उपस्थित हुंदाखेरि हिंस पशुको पनि हिंसा-बुद्धि लुप्त हुन जान्छ । यसैले योगदर्शनमा ऋषिले भन्नुभएकोछ- *"अहिंसा प्रतिष्ठायां तत्सन्निधौ वैरत्याग"* उपर्युक्त भावापन्न साधक नै आत्मदर्शनको उपयुक्त छ, त्यसले विश्व रुप दर्शन पनि गर्न सक्तछ । त्यसले वासुदेव रुपमा सब भूतहरुमा प्रविष्ट पुरुषोत्तम रुपको पनि दर्शन गर्न सक्तछ । पश्चात् क्रियाको परावस्थामा त्यो स्वयं ब्रहमस्वरुप हुन जान्छ । क्रियाको परावस्थाको पर पनि जुन स्मृति रहन्छ त्यसमा पनि बडो आनन्दानुभव हुन्छ, विषय-रहित भएर म एक अपूर्व आनन्दमा स्थिर थिए-यस्तो अनुभव हुन्छ । मनको यस जाग्रत अवस्थामा पनि सबैको भित्र आनन्दको प्रकाश देखिन जान्छन् । यसले पनि प्रमाणित हुन्छ-एक परमानन्द सत्ता नै अनन्त सत्ताकारमा परिदृष्ट भैरहेकाछन् । परावस्था पछि यस किसिमको आत्मदृष्टि सम्पन्न भएर सबै प्रकाशलाई *ब्रहमको प्रकाश जानेर जुन पूजा गरिन्छ त्यही "शुकल पूजा" हो, अनि क्रिया को परावस्थामा जब ब्रहम सिवाय अरु कुनै अनुभव हुदैन, तबै "कृष्णपूजा"* हुन्छ । मन जब ब्रह्ममा लीन हुन जान्छ, तब ब्रहम 'व्यक्त' अर्थात निजबोध हुन्छ, अनि जब मन विषयासक्त हुन्छ तब ब्रहम 'अव्यक्त' हुन्छ अर्थात् निजबोध रहदैन् । यो जुन जगत् आदिको बोध हुन्छ, त्यो तेस्तै नै छ जस्तो जलमा बुदबुद व्यक्तावस्थामा जलदेखि उठदछ र केही क्षणपछि जलमा नै लीन हुन जान्छन् । जल त जस्ताको तस्तै रहन्छ परन्तु केही समयको लागि त्यसमा उत्पति एवं ध्वंसको ज्ञान हुन्छ । अन्य अवस्थान्तर हुदैन, जलबाटै त्यो आउदंछ र जलमानै लय हुन जान्छ । यो दृश्य चराचर जगत् पनि त्यस्तै किसिमको छ । "प्राण एजति निःसृतम"-जबसम्म प्राण छ, तबसम्म सबचिज बर्तमान छ, प्राण स्थिर हुनासाथै समस्त दृश्य पदार्थहरुको विलय हुन जान्छ । अतयव सदा प्राणको क्रिया गरी सबकासब प्राणमय या आत्ममय

गरिदेऊ । तबै ब्राह्मी स्थिति लाभ गर्न सक्नेछौ । क्रियाको परावस्थाको परावस्थामा मन अन्य दिशामा जानुको कारण नै उत्पत्ति हुन, एस्तो नहुदो हो त प्रलय अर्थात् "सर्बंब्रहममयं जगत्" हुन जान्छ । क्रिया गरी स्थिर भएमा स्थिर बुद्धि हुन्छ, यो स्थिर बुद्धि नै पराबुद्धि या क्रियाको परावस्था हो । *प्राण जवसम्म चक्षुमा छ, तबसम्म जाग्रत, जबसम्म कण्ठमा छ तबसम्म स्वप्न, हृदयमा हुन्छ त सुषुप्रि एवं मस्तकमा छ त तुरीय अवस्था हुन्छ ।* देखनासाथ मन आंखामा जान्छ, मन जाँदा खेरि नै सृष्टि हुन्छ, यस अवस्थाको देवता ब्रहमा हुन । त्यही मन कण्ठमा रहिकन देखी-सुनिकन किंकर्त्तव्यविमुढ समान मानौ स्थिर हुन जान्छ, यस स्थितिको अधिष्ठाता विष्णु हुन । यसरी मग्न रहनु पछि सब नष्ट हुन जान्छन्, त्यस नाशको देवता हो रुद्र । यो सृष्टि, स्थिति, प्रलय हो अर्थात् ब्रहमा, विष्णु रुद्र हुन् । यसको अगाडि मूर्ध्दामा तुरीय अवस्था छ जुन अक्षर ब्रहम हो । ब्रहमको अतिरिक्त त्यहाँ केही छैन । तब "हृदि प्राणःप्रतिष्ठित"-हृदयमा प्राणवायुको प्रतिष्ठा अर्थात स्थिति हुन्छ, तुरीयावस्था हुनगयेपछि नै प्राणवायु हृदयमा स्थिर हुन्छ । स्थिर हुनासाथ सबचिज ब्रहममय हुन जान्छ । यही ब्रहमको चार पाद अर्थात् चार स्थानमा स्थिति हुन्छन् । नाभि, हृदय, कण्ठ, मूर्द्धा-यी चार स्थानहरुमा चतुष्पाद ब्रहम प्रकाशित भैरहेकाछन् । जाग्रत-नाभिमा वायु रहंदा खेरि दोस्रो तिर मन जानासाध आंखाको पलक भिम्किन्छन् र नाना विषयहरुमा मन धावमान हुन जान्छन । क्रिया गरी यस वायुलाई नाभिमा स्थिर गर्न सकेमा मन स्थिर रहन्छ र आँखाको पलक झिम्किदैन । यो स्थिरता नै अनुभव स्वरुप ब्रहमको एक पाद हुन । हृदय देखि कण्ठ सम्म जुन वायु चलायमान छ, त्यस द्वारा स्वप्नवत् बाहिर को वस्तुहरु देखेर जीव मोहित हुन्छ, भित्र पनि तद्रुप स्वप्नवत् देखिन जान्छ र त्यसबाट पनि मोहित हुन्छ । त्यस वायु स्थिर हुन गएपछि भित्रबाहिर स्वप्न देखिदैन । जसलाई ब्रहमज्ञान हुन्छ त्यसको लक्षण हुन्छ स्वप्न नदेख्नु । त्यतिबेला हृदयमा सदा सुषुप्तावस्था रहन्छ । यी तीन पादहरुको माथि जुन वायु छ त्यसको नाम हो अमृत । यो वायु ऊर्ध्वमा अर्थात् ब्रहमरन्ध्र गएर गगन-सदृश क्रियाको परावस्थामा रहन्छ । त्यसलाई नै चतुर्थ पाद या तुरीयावस्था भन्दछन ।

प्राणको मूर्द्धामा स्थिति हुनासाथ तुरीयावस्था हुन्छ । जसलाई यो अवस्था प्राप्त हुन्छ त्यो ब्रहमरुप हुन जान्छन । "स मां एति" त्यसैले मलाई पाउंदछन् ॥५५॥

इति श्री श्यामाचरण-आध्यात्मिक दीपिका नामक गीताको एकादश अध्यायको आध्यात्मिक व्याख्या समाप्त ॥

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता
द्वादशोऽध्यायः

(भक्तियोग)

अर्जुन उवाच-

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ;
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

श्री धरीय टीका-निर्गुण उपासना एवं सगुण उपासना-यी दुई मा कुन श्रेष्ठ छ, यो निर्णय गर्नुको लागि द्वादश अध्यायको उद्यम अर्थात् आरम्भ हुन्छ ।

[पूर्वाध्यायको अन्तिम श्लोकमा "मत्कर्मकृत मत्परमः" इत्यादि द्वारा भक्तिनिष्ठको श्रेष्ठत्व भनिएकोछ, तथा 'कौन्तेय प्रतिजानीहि' (नवम अध्याय) इन्यादि श्लोकहरुमा पनि त्यसको-(अर्थात् भक्तिनिष्ठ व्यष्टिको) नै श्रेष्ठता वर्णित छ । 'फिर तेषां ज्ञानी नित्ययुक्ता' इत्यादि सप्तम अध्यायको श्लोकहरुमा तथा 'सर्वं ज्ञानप्लवेनैव' इत्यादि चतुर्थ अध्याय को श्लोकहरुमा ज्ञाननिष्ट व्यष्टिको श्रेष्ठत्व भनिएकोछ । दुबैको नै श्रेष्ठत्व कथित हुनुको कारण विशेषरुपले जिज्ञासा गर्दै श्री भगवान् संग अर्जुन बोल्यो]-यस किसिमले सर्वकर्म समर्पण आदि द्वारा सतत अर्थात् त्वन्निष्ठ भएर जुन भक्तहरुले विश्वरुप, सर्वज्ञ एवं सर्वशक्तिमान तिम्रो ध्यान गर्दछन् अनि जुन अव्यक्त निर्विशेष अक्षर ब्रहमको उपासना गर्दछन्-यी दुईमा कुन अतिशय योगवित् अर्थात् अतिशय श्रेष्ठ छ । [श्रीमद आचार्य शंकरले यस श्लोकको भाष्यमा जुन भन्नु भएकोछ, त्यसको अनुवाद यो छ-"द्वितीय अध्याय देखि दशम अध्याय सम्म दुई विषय भनिएकाछन् (१) सर्ब विशेषण विमुक्त अर्थात् नाम रुपादि वर्जित अक्षर परब्रहमको उपासना भनिएकोछ । (२) सर्वयोगैश्वर्यसम्पन्न सर्वज्ञानसमन्वित जुन सत्त्व छ, त्यस द्वारा विशेषित जुन परमेश्वर छन, उनको पनि उपासना भनिएकोछ । विश्वरुपको अध्यायमा तिमीले जगदात्मस्वरुप आद्य ईश्वर सम्बन्धी त्वदीय विश्वरुप देखाएको छ । उपासनार्थ नै यस किसिमको विश्वरुप देखाइएको छ र त्यसलाई देखाएर तिमीले भनेका छौ-'मत्कर्मकृत' उपासकगण ममा प्राप्त हुन्छन् । अब निर्गुण एवं सगुण यी द्विविध उपासनाहरुमा कुनचाहि विशिष्टतर छ, यो बुझ्नको निम्ति म तिमीसँग जिज्ञासा गर्दछु । अर्जुन भन्दछन्-यसरी 'सततयुक्त' निरन्तर भगवत्प्रीतिको लागि विहितकार्यहरुमा सदा रत रहि अनन्य शरण भएर जुन भक्तहरुले तिम्रो त्यस दर्शित विश्वरुपको उपासना अर्थात् ध्यानगर्ने गर्दछन्, तथा जुन मानिसहरुले सर्वेषणा त्यागपूर्वक सर्व किसिमको कर्म संन्यस्त गरी पूर्वोक्त सब विशेषणहरुले रहित अव्यक्त पर ब्रहमको उपासना गर्दछन्-यी दुई किसिमको उपासकहरुमा कुन उपासक योगवित्तम छन अर्थात् अतिशयरुपमा योग जान्दछन् । ॥१॥

आध्यात्मिक व्याख्या-"शरीरको तेजले भनिरहेकोछ-यसरी जो सर्वदा अडकिईरहन्छ-क्रिया गर्दछ गुरु वाक्यमा विश्वास गरी अनि जसले कूटस्थको उपासना या योनिमुद्रा गर्दछन्-जुन के हो भन्न सकिदैन-यसमा कुन उत्तम योगी छन ?"

-श्रीमद् आचार्य शंकर भन्नु हुन्छ-'सततयुक्ता' तिनीहरु हुन् जो "नैरन्तर्यण भगवत्कर्मादौ यथोक्तेऽर्थे समाहिताः सन्तः प्रवृत्ता इत्यर्थः"-भगवत् कर्मादिमा शास्त्रानुसार जो निरन्तर निरत रहन्छन्, तथा जसले अव्यक्त परब्रहमको उपासना गर्दछन्, यी द्विविध उपासकहरुमा कुन उपासक उत्तम योगी हुन ? श्रीमद् रामानुज स्वामीले 'के योग वित्तमाः' को अर्थ गर्नु भएकोछ, "के स्वसाध्यं प्रति शीघ्रगामिनः?" अर्थात् यी उभय योगिहरुमा निज साध्य बस्तुको नजिक शीघ्र को पुग्दछ? प्रश्न यो छ-कुनचाहि उपाय अवलम्बन गरी लक्ष्य वस्तुको पासमा शीघ्र पुग्न सकिन्छ। उपाय दुईछन-(१) गुरुपदेश अनुसार क्रिया गर्दै जानु। क्रिया गर्दा गर्दा एक यस्तो अवस्था प्राप्त हुन्छ (जसलाई क्रियाको परावस्था भन्दछन्) जस द्वारा ब्रहमभावमा भावित साधक ब्रहमस्वरुप हुन जान्छन्, यो क्रिया नै व्यक्तावस्थाको साधन हो। किन छ-यो बताउनु हुन्छ -आत्मा नै प्राणाकारमा प्रकाशित भएर जगत् सृष्टि गर्दछ। प्रश्नोपनिषदमा लेखिएकोछ-"स एष वैश्वानरो विश्वरुपः प्राणोऽग्निरुदयते"-शंकरले आफ्नो भाष्यमा यसको अर्थ गर्दछन्-'यो भोक्ता प्राण नै वैश्वानर एवं विश्वरुप हुन। सर्वात्मक हुनुको कारण त्यही प्राण अग्निस्वरुप पनि हुन।' 'स इक्षाचक्रे कस्मिन्नहमुत्क्रान्त उत्क्रान्तो भविष्यामी, कस्मिन् वा प्रतिष्ठिते प्रतिष्ठास्यामि इति'-त्यस षोडसकला-विशिष्ट पुरुषले चिन्तन गरेको थियो-(शरीरदेखि) कसको उत्क्रान्त हुंदाखेरि म उत्क्रान्त हुनेछु अनि को प्रतिष्ठित हुदा म पनि प्रतिष्ठित हुनेछु।

"स प्राणमसृजत्, प्राणाच्छ्द्धां खं वायुज्योतिराप्: पृथिवीन्द्रियं मनः। अन्नमन्नाद्वीर्य तपो मन्त्राः कर्मलोकाः लोकेषु च नाम च" त्यस पुरुषले उपर्युक्त किसिमले इक्षण या चिन्ता गरी समस्त प्राणिहरुको इन्द्रियहरुको आधार एवं अन्तरात्मा हिरण्यगर्भ संज्ञक प्राणको सृष्टि गर्‍यो। यसै किसिमसँग ज्ञान एवं कर्म सम्पादन गर्ने वाला ज्ञानेन्द्रियहरु एवं कर्मेन्द्रियहरु तथा यी सबैको प्रभु या संचालक संशय एवं संकल्प आदि लक्षणहरुले युक्त देहमध्यस्थ मन तथा प्राणिहरुको कार्य (देह) एवं करण (इन्द्रियहरु) को सृष्टि गरे, त्यस पछि यिनीहरुको रक्षाको लागि ब्रीही यवादिरुप अन्न, तदनन्तर भुक्त अन्न देखि सबै कर्महरुमा प्रवृत्तिको साधन वीर्य अर्थात सामर्थ्य एवं उपर्युक्त वीर्यसम्पन्न प्राणिहरुको शुद्धि गर्नेवाला तपस्या, वेदरुपी मन्त्रसमूह, कर्म (यज्ञादि) कर्मफल स्वरुप लोकादि तथा लोकहरुमा नाम-यी कलाहरुको सृष्टि गरे। योत भयो सृष्टिको व्यक्त दिशा, त्यसको विपरित यी सृष्ट पदार्थ जब आफआफ्नो कारणमा विलीन भएर पुरुषलाई प्राप्त गरेर नामरुप शून्य हुन जान्छन् तब केवल 'पुरुष' मात्र भनिनजान्छन्-"एवंमेवास्य परिद्रष्ट्वरिमाः षोडशकलाः पुरुषायणाः पुरुषं प्राप्यास्तं गच्छति भिद्येते चासां नामरुपे पुरुष इत्येवं प्रोच्यते।" यस पुरुषलाई जान्नु आवश्यक छ, "तमेवैकं जानथ आत्मानमन्या वाचो विमुंचथामृतस्यैष सेतुः"-मुण्डक। खालि यस आत्मालाई जान, अन्य सारा कुराहरु छोडिदेऊ, यही अमृत या मोक्ष प्राप्तिको सेतु हो। यो पुरुष ज्ञात हुन्छ कसरी ? "आत्मन यष प्राणो जायेते। यथैषा पुरुषेच्छाया यतस्मिन्नेतदाततं, मनो कृतेनायात्यस्मिंछरीरे" आत्माबाट यो प्राणले जन्मग्रहण गर्दछ। पुरुषदेहमा जसरी छाया समुत्पन्न हुन्छ, उसरी यो प्राण पनि यस आत्मामा आतत् या अनुगत हुन्छ, मानसिक संकल्प या इच्छा आदि द्वारा सम्पादित कर्महरु अनुसार छाया समान यो शरीरमा आगमन गर्दछ। "अरा इब रथनाभौ प्राणे सर्बं प्रतिष्ठितम्" रथचक्रको नाभिमा अरा अर्थात् शलाकाहरु समान सबचिज यस प्राणमा अवस्थित रहन्छन्।

"प्रजापति श्वरसि गर्भे त्वमेव प्रतिजायेते।
तुभ्यं प्राण प्रजास्त्विमा बलिं हरन्ति यः प्राणैः प्रतितिष्ठसी"

हे प्राण ! तिमी प्रजापति भएर गर्भमा विचरण गर्दछौ, अनि (माता पिताको) अनुरुप भएर जन्म ग्रहण गर्दछौ । यी जुन मनुष्यादि प्रजागण छन, सबै तिम्रै उद्देश्यले चक्षु आदि इन्द्रियहरु द्धारा बलि उपहार दिने गर्दछन् । तिमी चक्षु आदि प्राण-समुहको साथ सारा शरीरमा अवस्थित छौ यसैले तिम्रै उद्देश्यले बलिआहरण गरिनु समुचित नै छ, किन भने तिमी नै भोक्ता हौ अनि अरु सब भोग्य हुन ।

"प्राणस्येदं वशे सर्व त्रिदिवे यत्प्रतिष्ठितम्
मातेव पुत्रान् रक्षस्व श्रीश्च प्रज्ञांच विधेहि न इति"-

त्रिलोकमा जे जति अवस्थित छन, ती सब प्राणकै वशीभूत छन । हे प्राण! जसरी माताले पुत्रहरुको रक्षा गर्दछ, उसरी नै हाम्रो रक्षा गर । र हाम्रो लागि सम्पत् एवं कल्याण-बुद्धि को विधान गर ।

"यथा सम्राडेवाधिकृतान विनियुङक्ते-एतान् ग्रामान् एतान् ग्रामान् अधितिष्ठस्वेति, एवमेवैष प्राण इतरान् प्राणान् पृथक् पृथगेव सन्निधत्ते"-

संसारमा सम्राटले जसरी विभिन्न मानिसहरुलाई विभिन्न ग्रामादि को आसनमा अधिकृत नियुक्त गर्दछन्, ठीक त्यसरी नै प्राणले पनि अन्य प्राणहरुलाई पृथक् भावले उनिहरुको आ-आफ्नो विषयहरुमा नियुक्त गर्दछन् ।

"पायुपस्थेऽपानं, चक्षुः श्रोत्रे मुखनासिकाभ्यां प्राणः स्वयं प्रतिष्ठते, मध्येतु समान, एष ह्येतद् भुक्तमन्न समं नयति तस्मादेताः सप्तार्चिषो भवन्ति"-

प्राणले अपानलाई पायु र उपस्थ देशमा नियुक्त गर्दछ, प्राण स्वयं चक्षु, श्रोत्र, मुख एवं नासिकामा अवस्थान गर्दछन, प्राण एवं अपान स्थानको बीचमा नाभिदेशमा समान वायु अवस्थान गर्दछ। यो समानवायुले नै भुक्त अन्नलाई समता प्रदान गर्दछ । हृदय देशस्थ यस जाठर अग्नि देखि शीर्षवर्त्ति सात किसिमको दीप्ति निस्कन्छन्, अर्थात् रुप रसादि विषयहरुको अनुभूति स्वरुप दर्शन, श्रवण, आदि रुप प्रकाश प्राण द्वारा नै निष्पन्न हुन्छन् ।

"हृदि ह्येष आत्मा, अत्रैतदेकशतं नाडीनां तासां शतं शतमेकैकस्यां द्वासप्ततिर्द्वासप्ततिः प्रतिशाखानाडी सहस्राणि भवन्त्यासु व्यानश्चरति । अथैकयोर्ध्व उदानः पुण्येन पुण्यलोकं नयति पापेन पापमुभ्याभ्यामेव मनुष्यलोकम्"-

कमल-पद्म सदृश मांसपिण्ड द्वारा परिव्याप्त हृदयाकाशमा यो आत्मा अर्थात् आत्म सम्बन्धि लिंगरुपी जीवात्मा छ । यस हृदय मा एकसय एक प्रधान नाडीहरु छन । यी एक एक मुख्य नाडीहरुमा एक एक सय विभाग छन । पुनश्च यस प्रत्येक शाखा नाडीमा ७२००० नाडीहरु छन् । आदित्य मण्डल देखि निस्किएर रश्मिहरु समान हृदयदेखि सबै अवयवहरुमा गमन गर्ने नाडीहरु द्वारा समस्त देशमा व्यान वायु

वर्तमान छन । शरीरको सन्धिहरु, स्कन्धदेश मर्मस्थान तथा प्राणवृत्ति एवं अपानवृत्तिको बीचमा अर्थात् प्राणापान को सन्धिस्थलमा व्यान-वायुको कार्य अभिव्यक्त हुन्छन् । तत्पश्चात् उदान वायु छ । ती एक सय एक नाडीहरुमा सुषुम्ना नामक एक ऊर्ध्वगामिनी नाडी छ । त्यस द्वारा उदान वायु ऊर्ध्व गामी भएर पैताला देखि मस्तक पर्यन्त सर्वत्र विचरण गर्दै जीवलाई पुण्यवश पुण्यलोकमा एवं पापवश पापलोकमा लैजान्छ, उभय द्वारा अर्थात् पाप एवं पुण्य दुवै समान रुपले प्रधान हुंदाखरि मनुष्य लोकलाई प्राप्त गराउंदछन् ।

"यच्चित्तस्तेनैष प्राणमायति प्राणस्तेजसा युक्तः;
सहात्मना यथासंकल्पितं लोकं नयति ॥"

मृत्युको बेला जीवको चित्त जुन विषयमा आसक्त रहन्छ, त्यसै चित्त को साथ जीव मुख्य प्राणलाई प्राप्त हुन्छ । फेरि मुख्य प्राण तेजोयुक्त, भै अर्थात् उदानबृत्ति सहित सम्मिलित भएर पुण्य एवं पापकर्महरु अनुसार त्यस भोक्तालाई यथासंकल्पित लोकमा लैजान्छन् ।

"य एवं विद्वान् प्राणं वेद, न ह्यस्य प्रजा हीयते अमृतो भवति।"

विद्वान्ले यसरी प्राणलाई जान्दछन्, उसको प्रजा कल्यै विच्छिन्न हुदैन अर्थात् वंशलोप हुदैन । त्यसले स्वयं अमृतत्वलाई प्राप्त गर्दछ ।

"उत्पत्तिमायतिं स्थानं विभूत्वंचैव पंचधा;
अध्यात्मंचैव प्राणस्य विज्ञायामृतमश्नुते॥"

उपासकले प्राणको उत्पत्ति अर्थात् परमात्मा देखि प्राणको जन्म, आयति अर्थात् मन द्वारा सम्पादित धर्माधर्मको फलस्वरुप यस देहमा आउनु, स्थान अर्थात् पायु एवं उपस्थादि स्थानमा अवस्थान, विभूत्व अर्थात् सम्राट समान प्राणको वृत्ति भेदबाट अपानादि वायुलाई पांच किसिमले स्थापन, बाह्यरुप देखि आदित्यादि रुपमा अवस्थान एवं अध्यात्म अर्थात् चक्षु आदि आकारमा अवस्थान प्राण लाई यसकिसिमसँग जानिकन जीव अमृत भोग गर्दछ ।

"यदिद किचं जगत् सर्वं प्राण यजति निःसृतम्"-

-यी सारा जागतिक पदार्थ प्राणदेखि निस्केकाछन् अनि प्राणसत्तामा स्पन्दित भैरहेकाछन् । सब प्राण एकै हुन । त्यही मुख्य प्राण भिन्न भिन्न भागहरुमा विभक्त भएर विभिन्न स्थानहरुमा रहिकन विभिन्न नाम ग्रहण गर्दछ । श्वास-प्रश्वास रुपमा वायु जीवको प्राण हुन । जबसम्म श्वास छ तबसम्म प्राण छ, तबसम्म सुखदुःखादि भोग पनि छ । यस श्वास प्रश्वास रुप चंचल प्राणको सहायताले नै स्थिर प्राणमा पुग्न सकिन्छ । त्यस स्थिर प्राणको व्यक्त भाव नै यो श्वास प्रश्वास हो । तैत्तिरीय उपनिषदमा भनेकोछ- *"नमस्ते वायो त्वमेव प्रत्यक्षं ब्रहमासि"* हे वायु, तिमीलाई नमस्कार, तिमी नै प्रत्यक्ष ब्रहम-स्वरुप हौ ।

प्राण-शक्ति जब स्थूलरुपमा आत्मप्रकाश गर्दछ तब वायुरुपमा नै यसको अभिप्रकाश हुन्छ । हाम्रो श्वास-प्रश्वास प्राणको बाह्य्य अभिव्यक्ति हो । यसै कारण बाह्य्य वायु अर्थात् श्वास प्रश्वास स्थिर हुन गए पछि वायु देवता महाप्राणमयी महालक्ष्मीको अस्तित्व एवं आविर्भाव बुझ्न सकिन्छ । यो प्राणशक्तिले विश्वलाई भित्र बाहिर देखिनै धारण गरेकाछन । प्राण, अपान, व्यान, उदान, एवं समान यी पाँच प्राणवायु त्यस विश्वाधार महाप्राणशक्ति को नै पांचै किसिमका प्रवाह हुन । श्वास-प्रश्वास रुपी प्राणन् क्रिया सामान्य वायु प्रवाहको नामले उपेक्षणीय छैन, यही हाम्रो जीवन हुन । अव्यक्त स्थिर महाप्राणको नै यो पंचप्राण विक्षोभ मात्र हुन् । यसकैद्वारा यो स्थूल शरीर विधृत छन् । यी सब त्यस महाशक्तिको नै प्रकाश या तरंग मात्र हुन् । महाशक्ति प्राण नै आद्याशक्ति या मूल प्रकृति हुन, त्यही प्राण ब्रहमा, विष्णु, शिव एवं समस्त देवहरुको शक्तिको रुपमा प्रकाशित हुन्छ । ब्रह्माण्ड एवं त्यस भित्रको समस्त जीव एवं वस्तुहरु प्राण-महासागरको मात्र बुदबुद् हुन । दुर्गासप्त शतिमा यसै महाप्राणलाई लक्ष्यगरी भनिएकोछ-

"हेतुः समस्त जगतां त्रिगुणापि दोषै,-
र्न ज्ञायसे हरिहरादिभिरप्यपारा;
सर्वाश्रयाखिलमिदं जगदंशभूत,-
मव्याकृत हि परमा प्रकृतिस्त्वमाद्या॥"-

तिमी नै सत्त्वरजस्तमोगुणमय त्रिगुण प्रकृति हौ , तिमी नै सारा जगत्को मूल कारण हौ । रागादि दोषहरु वश तिमी परिज्ञात हुदैनौं । तिमी हरिहरादिको लागि पनि ध्यान द्वारा अगम्य हौ । तिमी सर्वाश्रया हौ अर्थात् जे जो जति छन सबकासब तिम्रो आश्रय गरेर नै रहन्छन् । यो निखिल ब्रहमाण्ड तिम्रै अंशभूत हुन, परन्तु तिमी अव्याकृता परमा आद्या प्रकृति हौ (जसद्वारा अवच्छेदरहित परमात्मा जीवभावमा अवच्छिन्नवत् भएर रहन्छन्) चंचल प्राण (अविद्या) को कारण यो संसार प्रत्यक्ष भैरहेछ, साधना द्वारा त्यस प्राण स्थिर भए पछि सारा इन्द्रियहरु, मन बुद्धि सब एक हुन जान्छन, तब जसबाट यी सबको उत्पत्ति छ त्यस परा प्रकृतिको भित्र मिलेर ती सब एक हुन जान्छन् । त्यो मिलन स्थान केन्द्र नै सर्बशक्तिको कारण हुन, त्यही हो ब्रहम । जसले क्रिया गरी क्रियाको परावस्थामा अडकिरहन्छ, त्यसैले त्यस महाप्राणको सन्धान पांउदछ, तब त्यो अक्षर ब्रहमलाई जानेर सर्वज्ञ हुन जान्छन र त्यसैमा प्रवेश गर्न सक्दछन् । निरन्तर प्राणको साधना गरे पछि यसकिसिमसँग अडकिने सामर्थ्य या अवस्था प्राप्त हुन्छ, त्यो अवरुद्धरुप हो । यस अवस्थामा मनको वृत्ति तिरोहित हुनुले मन परमानन्दमा मग्न भएर परमानन्द स्वरुप आत्मा वन्न जान्छ । जुन मानिसहरु सतत यस प्राण कर्ममा व्यापृत रहिकन उनको उपासना गर्दछ, अर्थात् उनको नजिक हुन चाहन्छन्, तिनीहरुले उनको सान्निध्य प्राप्त गर्दछन्, त्यसमै तन्मयता प्राप्त गरी त्यही हुन जान्छन् । यही व्यक्त या प्राण (श्वास-प्रश्वास) को उपासनाको फल हुन । यस्तो साधक क्रमशः क्रियाको परावस्था प्राप्त गरी विमुक्ति लाभ गर्दछन् ।

द्वितीय उपासना कूटस्थको उपासना, अव्यक्तको उपासना हो, जुन योनिमुद्राको सहायताले योगीहरुलाई प्राप्त हुन्छन् । कूटस्थ अव्यक्त छ, यसै कारण त्यो सब जीवहरुका भित्र रहन्छन्, तर आच्छादित भावले रहन्छन् । बाहिर देखि जसरी श्वास या प्राण को उपलब्धि गरिन्छ, यो त्यस किसिमले उपलब्ध हुदैन । जुन व्यक्त छैन तथापि जुन नरहंदा खेरी केही पनि रहदैन; जसलाई स्पर्श पनि गर्न सकिन्न, जुन अतिन्द्रिय हुंदामा पनि बोधगम्य छ, त्यही कूटस्थ ब्रहमको रुप हुन ।

हिरण्मये परे कोषे विरजं ब्रह्म निष्कलम् ;
तच्छुभ्रं ज्योतिषां ज्योतिस्तद् यदात्मविदोविदुः ॥

रजोगुणले रहित एवं कलाशून्य ब्रह्म ज्योतिर्मय परमकोषमा अवस्थित छन् । त्यो शुभ्र छन्, ज्योतिहरुको पनि ज्योति हुन, उनलाई आत्मवेत्ता मानिसहरुले जान्दछन् ।

परन्तु यो कूटस्थ ब्रहम आवृत्त या आच्छादित छ अर्थात् चक्षु ले देखिदैन ।यसको प्रमाण के छ ? ईशोपनिषदमा लेखिएकोछ । -

"हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ;
तत् त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये ॥"

हे पुषन्! (जगत्पोषक) हिरण्मय अर्थात् ज्योतिर्मय पात्र द्वारा त्यस सत्य स्वरुप ब्रह्मको उपलब्धिको मार्ग आवृत्त भएकोछ। तिमीले त्यसलाई हटाईदेऊ, तिम्रो उपासना तथा सत्य धर्मको सेवाले मैले सत्य धर्मलाई प्राप्त गरेकोछु । त्यस हिरण्मय पात्रको आवरणलाई तिमी उन्मुक्त गर, जसबाट मैले सत्य एवं आत्मस्वरुप तिम्रो रुपको दर्शन गर्न सकुम् ।

परमात्माको यो ज्योतिर्मयरुप देहावरणको भित्र सुषुप्त छ । गुरुको कृपाले साधना द्वार खुल्न जान्छन् कूटस्थको त्यो परम ज्योतिर्मय रुप देखिन थाल्छन् । अब अर्जुनको प्रश्न छ-यी दुई उपायमा कुनचाहि बढी सुगम छ, यो मलाई संझाऊ ॥१॥

श्री भगवानुवाच-

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते;
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

श्री धरीय टिका-[यिन्मा जुन प्रथम अर्थात् सगुण उपासक छन् तिनीहरु नै श्रेष्ठ छन्, यही उत्तर भगवान्ले दिनुहुन्छ]-सर्वज्ञत्वादि-गुण-विशिष्ट म परमेश्वरमा मन एकाग्र गर्दै मदर्थ कर्मानुष्ठान द्वारा तथा श्रेष्ठ श्रद्धाले युक्त भएर जसले मेरो आराधना गर्दछन् तिनीहरु नै मेरो मतमा युक्ततम छन ॥२॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेकोछ क्रियाको पर मन आवेश गर्दछ-स्थितिपुर्वक नित्य अडकिरहेर उपासना गर्दछ-जो धेरै अडकिरहन्छ, त्यही राम्रो छ ।"

पडितहरुले सगुण-निर्गुण या साकार निराकार को उपासनालाई लिएर यहां बडो गडबड गरिराखेकाछन् । जो निर्गुण छ, अनिर्देश्य छ, त्यसको उपासना हुदैन । निर्गुण-निराकार को उपासनामा मन ले के सोचलान् ? उनलाई चाहे जे भनुन्, असीम भन या अनन्त भन, हामीले मुख द्वारा उनको गुणरहित अवस्थालाई थाहा पाउन सक्तैनौं । इन्द्रिय, मन एवं बुद्धिलाई लिएर नै त हामीहरु को दौडादौडी छ, यसले चाहे जति नै आकाश पाताल हांकोस, मन, बुद्धिको लागि यो साध्य छैन-उनलाई निर्देश गर्न ।-

"यतो वाचो निवर्त्तन्ते अप्राप्य मनसा सह "

जस्लाई व्यक्त गर्नुको चेष्टामा वाणी मन संगै फर्केर आउंदछन । के त्यो कोही कसैको चिन्तनगम्य हुन सक्छन्? एक वृहत वस्तु आकाश या समुद्रलाई पूर्णतः देख्न संभव नभए पनि त्यसलाई देख्ने वितिकै हाम्रो बुद्धिमा यति समझ त आईहाल्छन-त्यो हाम्रो इन्द्रिय ज्ञानको सीमाको बाहिर छ । अतयव जब हामी एक विशाल वस्तुलाई धारण गर्न सक्दैनौं भने तब अचिन्त्य वृहत ब्रहम वस्तुको चिन्तन कसरी गर्न सकिन्छ ? अतयव जुन ध्यानको विषय होईन, त्यसको सम्बन्धमा चिन्तन या ध्यानको उपदेश कसरी दिन सकिन्छ ? नत शास्त्रले न त भगवान्ले यो उपदेश दिन्छन्-

"सालम्बस्यानित्यत्वं निरालम्बस्य शून्यता"

अवलम्बन युक्त अर्थात् साकार ध्यान अनित्य छ । जो छ त्यो जाने नै छ यस्तो सोचिकन यदि निरालम्बको ध्यान गरोस त त्यो पनि खालि शून्यकै ध्यान हुनेछ, दुबैतिर दोष छ । प्रपंचोपशम तुरीयावस्था अव्यवहार्यछ, अनि जुन व्यवहार्य अर्थात् इन्द्रिय एवं मनको विषय छ, त्यो प्रपंच या मायिक छ । अतयव विभिन्न रुपहरुले प्रलाप गरे पनि ब्रहम हाम्रो बोधको विषय हुदैन । उनलाई जान्न को निम्ति के गर्नु पर्लाः- "कश्चिद्धीरः प्रत्यगात्मान मैक्षदावृत्तचक्षुरमृतत्वमिच्छन्" कोहि कोही धीर पुरुष आफ्नो नित्यसिद्ध स्वभाव या स्वरुप प्राप्त गर्ने इच्छाले प्रत्यगात्माको दर्शन गर्दछन् । कस्तो धीर पुरुष-जसको इन्द्रियहरु सब विषयहरु देखि प्रत्याहृत हुन गएकोछ ।

यसले बुझ्न सकिन्छ-जीवको एक नित्यसिद्ध स्वरुप छ, जुन जीवदेहमा आत्मचैतन्य रुपले प्रकटित छ तथा व्यापक छ । त्यो देखिन्छ परन्तु यी आखाँहरुले होइन । जो विवेकी छ अर्थात् विषयासक्त छैन र जसको इन्द्रियहरु विषयहरु देखि सदा विनिवृत्त हुन्छ त्यसैले देख्न पाउंदछन् । यसको लागि दृष्टिको शोधन आवश्यक छ । दृष्टिको शोधन कसरी हुन्छ त ?

"यत्र यत्र मनो याति ब्रहमणस्तत्र चिन्तनात्"-

मन जब कुनै बस्तु ग्रहणको लागि तत्पर हुन्छ तब यस्तो चिन्तन गर्नु पर्नेछ-त्यो वस्तु वस्तु मात्र होईन, बरु ब्रहम नै हो । यस्तो चिन्तन गर्दा गर्दै वस्तुको रुप-गुण अर्थात् उसको विशेषण दृष्टिमा आउने छैन । नामरुपादि विशेषणहरुको विच्युति घटित हुन गए पछि त्यो केवल सत्तामात्र बोध हुनेछ । 'सत' स्वरुपको प्रतीति हुन गएपछि उसको अगाडि सत्वभाव स्फुटित हुन्छ । यतिखेर जगत् आदि रुपमा जुन अनुभव

भैरहेकोछ तब ती सब भगवान्‌कै उपाधि जानिनेछ, पश्चात् त्यो सब भगवद्-रुप अनुभव हुन लाग्नेछ, यही साधकको विश्वरुपदर्शन हो ।

परन्तु यी सारा कुराहरु आलोचना मात्र हुन। साधकलाई बास्तविक विश्वरुपदर्शन हुन्छ, जस्तो गीतामा अर्जुनलाई दृष्ट भएको विश्वरुपको दर्शन-वर्णन छ । अवश्य नै त्यसलाई कोही कोही भाग्यवान व्यष्टिले नै देख्न पाउँदछन् । सबको लागि यस्तो घटित हुनु दुर्लभ छ । परन्तु मन लगाएर प्राणायाम क्रिया गरेमा प्रतिदिन केहि न केही मन अवरुद्ध हुदै जान्छन् र मनको त्यो अदम्य चंचलता पनि कम हुन थाल्छन् । मन पूर्णतः निर्विषय भएर केही क्षण रुक्न सक्तछ, क्रमशः उसको साधनाको शक्ति बढ्दछ, मनलाई निविष्ट गरी यदि त्यसले साधना गर्दछ र धेरै बेर सम्म प्रतिदिन नियमित भावसंग गर्दछ भने त अवरुद्ध भावको स्थितिकाल पनि वढदै जान्छ । उसको इन्द्रियहरु र मन सबै किसिमले विषय चिन्ता देखि विरत भएर स्थितिरुप धारण गर्दछ । मनको यस किसिमको प्रत्याहार वश जसको उपर्युक्त अवस्था अतिशय वृद्धिलाई प्राप्त हुन्छ, त्यसले परम शान्ति पद प्राप्त गर्दछ । आत्म चेष्टाको फलस्वरुप पनि जुन स्थिति प्राप्त हुन्छ, त्यो पनि ठुलै शान्ति एवं आनन्दप्रद अवस्था हो । अतयव उसको साथ योगयुक्त हुनको लागि क्रियाको परावस्था समान दोस्रो कुनै सुन्दरतर उपाय हुन सक्तैन । यसैकारण भगवान्‌ले यस उपायलाई नै, यस शरणागत भावलाई नै युक्ततमरुपमा वर्णित गर्नु भएकोछ । यस उपायलाई कसरी शरणागत भाव भन्न सकिन्छ ? चित्तको वृत्तिहरुको प्रवाह संचरणशील हुन्छ, त्यसकै फलस्वरुप जीवको जन्म जन्मान्तरव्यापी ल्केशभोग हुन्छ । मनको विक्षेप एवं आवरण शक्तिहरु द्वारा जीवले आफुलाई विर्सेर विषयभोगतिर दौडादौडी गरिरहन्छन् । यी सब ल्केशहरुको बीज मूलबीज प्राणको भित्र निहित रहन्छ । कुनै किसिमको संकेत या उत्तेजना पाउनासाथ प्राणको प्रवाह अस्वाभाविक रुपसंग वेगयुक्त हुन जान्छन् । प्राणको त्यो स्पन्दित भाव नै मनको रुपमा जताततै दौडदछ, श्वासको माथि ध्यान दिनु या प्राणायामपरायण भएमा श्वास-प्रश्वासमा समता आउदछ, तब मनको चांचल्य दूर हुन जान्छ । यसरी मन विषयमुखी नभै आत्ममुखी हुन जान्छ । मनको यस आत्ममुखी भावको नाम नै 'शरणागति' हो । यो शरणागति भाव जति जति बढ्दै जान्छ उति उति नै नाद प्रकाशित हुदै जान्छ । नादको प्रकाश साथै मन आनन्दमा मग्न भएर जगत्‌लाई विर्सिदिन्छ । तब श्री कृष्णको मुरली ध्वनि द्वारा अपहृत-चित्ता-गोपीनिहरुले जसरी सर्वस्वको उपेक्षा गरी श्रीकृष्णतिर दौडिएकी थिइन, त्यसरी नै योगीको चित्त वेणुनादले विमोहित भएर परम स्थिर स्वरुप परमात्माको साथ मिल्न जान्छन् । अतयव क्रिया नै वस्तुतः अध्यात्म विद्या हो, यस द्वारा प्रकृत आत्मज्ञान हुन्छ । अरुसब अविद्या हुन, त्यस द्वारा अतिन्द्रिय कुनै वस्तुको ज्ञान हुदैन । यो साधना गर्दा गर्दा वीर्य अर्थात् आन्तरिक बल हुन्छ, त्यो बल नै इच्छारहित र कामना रहित अवस्था हो । यो ब्रह्मवीर्य जसको जतिजति नै बढदछ त्यसले त्यति त्यति नै अमृतपदलाई प्राप्त गर्दछ । क्रमशः त्यस पदमा रहदै रहदै साधक तदरुप अर्थात् ब्रहमरुप हुन जान्छन् ॥२॥

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते;
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥

संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धय;
ते प्राप्नुवन्ति मामेव सर्वभूतहितेरता: ॥४॥

श्री धरीय टीका-[तब के त अपर अर्थात् निर्गुणोपासक श्रेष्ठ छैन, यस विषयमा दुई श्लोकहरुमा भन्नु भैरहेछन्]-जसले इन्द्रियलाई संयत गरी सर्वत्र सम वुद्धि भएर अक्षर ब्रहमको उपासना गर्दछन्, तिनीहरु पनि मलाई नै प्राप्त हुन्छन् । अनिर्देश्य इत्यादि पदहरु देखि अक्षरको लक्षण बताउदैछन् । अनिर्देश्य अर्थात् जसको निर्देश गर्न सकिदैन, किनभने त्यो अव्यक्त अर्थात् रुपविहीन छन् । सर्वत्रग अर्थात् सर्वव्यापी छन् । अव्यक्त हुनुको कारण अचिन्त्य छन् । कूटस्थ-कूटमा अर्थात् मायाप्रपंचमा अधिष्ठानरुपमा अवस्थित छन । अचल अर्थात् स्पन्दनरहित छन, अतयव ध्रुव एवं नित्य अर्थात् वृद् ध्यादी रहित छन् ॥३-४॥

आध्यात्मिक व्याख्या-"जो कोही कूटस्थमा रहन्छ-जहाँ जान्छ त्यही कूटस्थलाई देख्दछन् तथा सब विषयहरुमा अचिन्त्य ब्रहमको कूटस्थरुपमा चिन्तन गर्दछन्-स्थिर भएर निश्चिन्त रुपमा"-"इन्द्रियहरुलाई नि:शेषरुपले संयम गर्दै सवलाई समान राखी कन देखिकन बुद्धिलाई स्थिर गर्दै-त्यो मलाई थाहा छ निश्चय अनि त्यसले जसमा सब जीवहरुको कल्याण हुन्छ अर्थात् क्रिया बताई दिन्छ-यसमा नै उसको मन सर्वदा रहन्छ ।"-

सबै मनुष्यहरुको चित्त त एकै किसिमको हुदैन, यसैले साध्यवस्तु एक भएर पनि साधना प्रणालीमा केही केही पार्थक्य हुनु स्वाभाविक छ । कसैको चित्त सजिलै संग द्रवीभूत हुन्छ र कसैको हुदैन-यस्तो देखीनमा आउँछन् । कोही सन्सारमा भोग्य वस्तुहरुलाई लिएर उन्मत्त छ, अनि कसैको चित्त विल्कुलै भोग प्रवण हुदैन । कसैको चित्त वृत्ति अत्यन्त विक्षेपयुक्त हुन्छ, अनि कसैको चित्त खुब स्थिर हुन्छ । कोही भगवान्‌लाई सब रुपहरुमा देखेर आनन्दले उत्फुल्ल हुन्छन् त कोही सबैको भित्र त्यही एक सत्तालाई बुझेर स्तम्भित हुन जान्छन । कोहीले सहजै विश्वास गर्दछ भने कोही विचार गरेपछि ग्रहण गर्न चाहन्छ । यी सारा विविध संस्कार चित्तको भित्र रहन्छन् ।

पूर्व संस्कार या साधनाभ्यास वश जो कर्मफल एवं भोगादिमा विरक्तछन, उनिहरुको लागि ज्ञानयोग अनुकुल मार्ग छ । "निर्विण्णानां ज्ञानयोगी न्यासिनामिह कर्मसु"-यसकिसिमको जसको प्रकृति छ, तिन्का साधना हुन ज्ञान मार्ग ।

"यदारम्भेषु निर्विण्ण: विरक्त: संयतेन्द्रिय:;
अभ्यासेनात्मनो योगी धारयेदचलं मन: ॥"

जब योगी कर्म देखि निर्विण्ण एवं तत्कालमा विरक्त हुन्छ, तब उसलाई संयतेन्द्रिय भएर आत्मत्यागद्वारा, जसबाट मन अचल होस त्यस्तो किसिमको धारणाभ्यासमा मनलाई लगाउनु पर्दछ । मन रहिरहदा त्यसमा कुनै न कुनै वासनाको तरंग उठिनै रहन्छ, यसैले त्यसले प्राण निरोधको चेष्टा गर्नु पर्दछ, किनभने इच्छा भएर पनि त जबसम्म मन छ तबसम्म भोगेच्छा या कामना त्याग गर्नु सहज छैन । प्राणायाम

द्वारा प्राणको निरोध हुन गएपछि मन निरुद्ध हुन जानेछ । तब जुन अपूर्व ध्यानावस्था आउनेछ, त्यसमा ध्याता एवं ध्येय एक हुन जानेछ । साधक (म) एवं परमानन्द स्वरुप आत्मा जसलाई साधकले चाहन्छ, त्यस ध्येय-स्वरुपको साथ जबसम्म ऐकात्म्य लाभ गर्दैन तबसम्म साधनाको प्रवाहलाई बन्द गर्नाले काम चल्ने छैन । जुन कूटस्थ साक्षी स्वरुप छ, त्यो मनको अगोचर छ, मन जीवीत रहुंजेल त्यसको सन्धान पाइदैन । क्रियाको परावस्थामा मन रहदैन । यो अवस्था जस्को हुन्छ, त्यो सद्य मुक्त हुन्छ । परन्तु जबसम्म मन वर्तमान छ, यो अवस्था प्राप्त हुन सक्तैन । प्राणायाम द्वारा मन निरुद्ध भए पछि, देहातीत अवस्था प्राप्त हुन्छ, तब यो समझमा आउंदछ-मुक्ति भन्ने वस्तु के हो । यसैले व्यक्त प्राण को उपासनाले जुन स्थिति प्राप्त हुन्छ, त्यसबाट व्यक्त एवं अव्यक्त दुबै किसिमको अवस्थाहरु प्राप्त हुन्छन् । सामान्य स्थिरता प्राप्त भएर कल्पना पुर्णतः मेटिदैन । अतयव पूर्ण वैराग्यभाव आउदैन, भोगेच्छा बाँकि रहन जान्छ, यसैकारण त्यतिखेर मनमा संकल्पको उदय हुन्छ र त्यसको सिद्धि हुन्छ । यस अवस्थामा स्थित साधक नै व्यक्तको उपासक हुन यही मूर्त्तोपासना हो । पश्चात् जब स्थिरता को पराकाष्ठा प्राप्त हुन्छ, मनमा कुनै वृत्ति उदय हुदैन अनि यसको दीर्घकालस्थायी हुन गए पछिजब नामरुप सब विस्मृत हुन जान्छन्, तब सुख-दुःख, प्राप्ति-अप्राप्ति, लाभ-अलाभ केही पनि रहदैनन्, यही अमूर्तको उपासना हो । यस कुरालाई अझै अरु स्पष्टसँग भन्दछु । हामी जगतमा सदा जुन असंख्य वस्तुहरुलाई देख्दछौं, तिनीहरु वस्तुतः हाम्रो चित्त भन्दा पृथक कुनै वस्तु होइनन् । ती वस्तुहरु चित्तकोनै तत्कालीक अवस्थाहरु हुन । बाहिरको वस्तुहरु चित्तकै घनीभूत अवस्था मात्र हुन (चित्त प्राणको नै स्पन्दन हुन) । चित्तको यो घनभाव अथवा जडभाव जबसम्म मेटिन जादैन, तबसम्म चित्त वास्तविकरुपमा अन्तर्मूख हुन सक्तैन । अन्तर्मुखी हुनु विना ध्यानावस्था प्राप्ति हुदैन । ध्यान गम्भीर हुन गए पछि चित्तको वृत्तिहरु क्षीण हुदा जुन चांचल्यरहित अवस्था प्राप्त हुन्छ त्यसैलाई योगदर्शनमा 'समापत्ति' भन्दछन् । यस तनुता देखि नै चित्त गगनोपम हुन जान्छ तब चित्त देखि जडत्वको मल स्खलित हुन जान्छन् अनि चित्तमा चिद्भाव परिस्फुट हुन्छ ।यसरी चित्तले भगवद्-ध्यानको योग्यता प्राप्तगर्दछ । दर्पणमा जसरी प्रतिविम्ब पर्दछ, त्यसरी नै चित्तको भित्र वस्तु प्रतिविम्बित भएपछि चित्त् तत्स्वरुपतालाई प्राप्त हुन्छ । तबै हामी त्यसलाई चित्त् भन्दछौ । अस्तु, पूर्वोक्त समापत्तिको सवितर्क एवं निर्वितर्क तथा सविकार एवं निर्विकार भेदबाट चार किसिमका भेद हुन्छन् । अब सवितर्क केहो, यो बताउनु हुन्छ । समापत्ति जब शब्द, अर्थ एवं ज्ञान यी त्रिविध विकल्पहरु द्वारा संकीर्ण हुन्छन् त त्यसलाई सवितर्क भन्दछन् । जस्तो अश्व एक शब्द हो, त्यसशब्दको अर्थ छ त्यसै नामको एक विशेष पशु तथा अश्व विषयक ज्ञान । यी यद्यपि प्रत्येक स्वतन्त्र छन तथापि अश्व शब्द उच्चारण गर्दाखेरि यी तीनै भाव अभिन्न भावमा प्रकाशित हुन्छन् । परन्तु वास्तविक ज्ञान एकान्ततः स्वतन्त्र वस्तु छ, प्रथमतः शब्द एवं अर्थ द्वारा संकीर्ण नभएर यस्तो जानिन्छ मानो आफैलाई प्रकाशित गर्न पाईरहेको छैन । ज्ञान लाई समात्नको निम्ति कुनै शब्द या अर्थको आश्रय गर्नु पर्दछ, यी दुई बिना ज्ञान मानो टिक्न सक्तैन । योगीले जब यसभावलाई ग्रहण गर्दछ तब उसको सवितर्क समापत्तिको अवस्था हुन्छ । त्यस पछि साधकको निर्वितर्क समापत्तिको अवस्था आउंदछ। योगदर्शनमा यस सम्बन्धमा यो सूत्र छ-"स्मृति परि शुद्धौ स्वरुप शून्येवार्थमात्रनिर्भासा

निर्वितर्का"(योगदर्शन, समाधि पाद ४२ सुत्र), (१) स्मृति परिशुद्ध हुन्छ (२) स्वरुप शून्यजस्तो हुन जान्छ र (३) अर्थ मात्र निर्भास हुन्छ । जबसम्म स्मृति परिशुद्ध हुँदैन, तबसम्म शब्द, अर्थ एवं ज्ञान यी त्रिविध विकल्पहरु द्वारा स्मृति या ज्ञानको संकीर्ण भाव तिरोहित हुँदैन । तब जुन विषयलाई लिएर समापत्ति हुन्छ, त्यसविषयको शब्द एवं अर्थको स्मृति रहदैन, केवल ध्येय पदार्थको स्मृति रहन्छन, यही स्मृतिको परिशुद्धि हो । यस किसिमको अवस्था प्रकाशित भएपछि स्वरुप-शून्य-जस्तो हुन जान्छ अर्थात स्वरुप जुन म या ज्ञाता हो त्यो शून्य समान हुन जान्छ, म ध्यान गर्दछु यो भाव पनि रहदैन । तबरहन्छ,-'अर्थमात्र निर्भास' अर्थात् ध्येय नै पूर्णरुपेण ज्ञानको विषय रहन्छ । यही निर्वितर्का समापत्ति हो । यस अवस्थामा शब्द एवं अर्थको स्मृति या ज्ञान रहदैनन्, ध्याताको पनि शून्यवत् अवस्था हुन्छ, एक ध्येय पदार्थको सम्यक ज्ञान हुन्छ । पहिले कुनै एक विषयलाई जान्नको लागी तीन भावहरुलाई बुझ्नु पर्ने हुन्छ । (१) ग्रहीता-यो पुरुष हो, जसको सत्ता एवं प्रकाशमा सारा वस्तुहरु प्रकाशित हुन्छन् । (२) ग्रहण-अर्थात् करणवर्ग, जसद्वारा विषय ग्रहित हुन्छन, हाम्रो इन्द्रियहरु, मन एवं बुद्धि यी सारा करणवर्ग नै ग्रहण शब्द द्वारा लक्षित हुन्छन । (३) ग्राह्य-जुन गृहित हुन्छन, अर्थात् शब्द, स्पर्श, रुप, रस आदि ।

चित्तको वृत्तिहरु क्षीण भए पछि उक्त तीनहरुमा जब जसमा रहने इच्छा हुन्छ, ठीक त्यसैमा रहने योग्यता प्राप्त हुन्छ । पश्चात् ध्याता ध्येय वस्तुको आकारमा आकारित हुन जान्छन् । यो ध्यानको एकाग्र भूमि हो, यसैलाई समापत्ति भन्दछन् , पहिले कुनै ग्राह्य विषयक सम्यक् ज्ञान प्राप्त गर्नको लागि त्यस विषयलाई अवलम्बन गरी ध्यान गर्नु पर्दछ । यसरी चेष्टा गरे पछि पहिले चित्तको विक्षिप्त भाव दूर हुनेछ, रहनेछ ध्येय पदार्थको नाम या शब्द, त्यस ध्येय वस्तुको आकार एवं ध्याता । यस्तो जानिन्छ मानो एक ज्ञान नै यी त्रिविध भावमा प्रकाशित हुन्छन । 'म' नै त्यो ज्ञानस्वरुप हो, अतयव यो बोध हुनेछ-जे जति छ त्यो मेरो (आत्मा) को नै प्रकाश हो पश्चात् यो भावनामय ध्यातृभाव पनि रहदैनन्, रहन्छ खालि त्यस वस्तुको आकार अवयवादि रहित ज्ञानमय सत्ता, ग्राहय विषयमा यस किसिमको ध्यानको फलस्वरुप फेरि पदार्थ मात्रमा कुनै आसक्ति रहदैनन्, किनभने त्यति समय बोध हुन जान्छ-मेरो जुन आकांक्षित बस्तु छ, त्यसको कुनै पृथक सत्ता छैन, त्यो केही वस्तु होइन, त्यो केवल ज्ञानमात्र हुन । यस प्रकारको ज्ञानस्वरुप को फल पर वैराग्यको लाभ हुन्छ अर्थात् फेरि कुनै विषयहरुको प्रति आकर्षण रहन जादैन ।

ग्राह्य विषय समापत्तिको समान ग्रहण-विषयक समापत्ति सविचारा, एवं निर्विचारा भेदले दुई किसिमका हुन्छन् । ग्रहण विषयक समापत्ति जब शब्द, अर्थ एवं ज्ञानरुप विकल्प द्वारा संकीर्ण हुन्छन् त त्यसलाई सविचारा भन्दछन् तथा स्मृति विशुद्ध भएपछि जब स्वरुप शून्य समान भएर अर्थमात्र निर्भास हुन जान्छन् त त्यो निर्विचार हुन्छ । ग्राह्य विषयक समापत्ति भन्दा ग्रहणविषयक समापत्ति सूक्ष्मतर हुन्छ, पहिले इन्द्रिय तब मन अनि पश्चात् बुद्धिको क्षेत्र सम्म पुगे पछि ग्रहणविषयक समापत्तिको परिसमाप्ति हुन्छन् ।

ग्रहीतृविषयक समापत्ति नै सूक्ष्मतमको पराकाष्ठा हुन । ग्रहीताको सूक्ष्मता अन्यान्य सूक्ष्म वस्तुहरु समान छैन । त्यसको अपेक्षा सूक्ष्मतम कुनै वस्तु छैन, अनि न त त्यो कुनै किसिमसँग हुने इन्द्रियज्ञान को विषय नै हो । यसैकारण त्यसलाई "अज्ञेय" भन्दछन् । बुद्धिको सारा मलिनता पूर्णरुपेण नष्ट हुन गए पछि जुन

सत्तामात्र ज्ञानको विषय हुन्छ, त्यही प्रकृति योग हो । त्यतिखेर बुद्धि रहन्छ त पनि शुद्ध सत्त्व बुद्धि, त्यसमा कुनै अंजन हुदैन । तब त्यो बुद्धि बिम्बस्वरुप आत्माको साथ मिलेर एक हुन जान्छन । *यही शिवशक्ति समरस-भाव या अर्द्धनारीश्वर अवस्था हुन । यसलाई शुद्धा प्रकृति पनि भन्दछन्* या यस्तो पनि भन्न सकिन्छ- पुरुषको काखमा सुप्ता प्रकृतिको पुरुषको साथ तादात्म्यभाव प्राप्त हुन गएकोछ । यस किसिम ले साधकलाई द्वैत देखि अद्वैतभावमा आउनु पर्ने हुन्छ ।

"सर्ब ब्रहमेति यस्यान्तर्भावना स हि मुक्तिभाक्"

सब ब्रहम हो, यो जसको अन्तर्भावना हुन्छ त्यही मुक्तिको भागी हुन्छ । यसकुरालाई खालि मुखदेखि सुन्नु या विचार मात्र लिनाले काम चल्ने छैन, त्यस्तो नै बन्नु पर्नेछ । यही अनिर्देश्य एवं अव्यक्तको उपासना हो, यो उपासना गरिनु विना साधना सफल हुदैन । यो विश्व ब्रहमाण्ड कसरी मनको घनीभूत अवस्थाबाट विकसित हुन्छ अनि कसरी ध्याननिष्ठ चित्त द्वारा सूक्ष्मभन्दा सुक्ष्मतर हुदै सुक्ष्मतम आत्माकारमा पर्यवसित हुन्छ, यसलाई बुझ्‌ेपछि अक्षर उपासनाको विषय समझ्‌मा आउनेछ । सगुण एवं निर्गुण पृथक वस्तु होईन, *सगुण नै निर्गुण हुन्छ र निर्गुण नै सगुण हुन्छ ।* विशुद्ध चैतन्य जब अविद्याको अंजनले अनुरंजित जस्तो हुन्छ त नामरुपमय बन्दछ । साधनको प्रभावदेखि जब विक्षिप्त मन नामरुपलाई विर्सेर ज्योतिमात्रमा पर्यवसित हुन्छ तब साधक निराकार को मार्गमा हिंडन थाल्दछ, जब त्यही ज्योति केवल सुक्ष्मातिसुक्ष्म विन्दुमा विलयलाई प्राप्त भएर विन्दुरुप हुन जान्छ तब तद्‌विष्णु को परमपद प्रकाशित हुन्छ, पश्चात् त्यो चिदाकाशमा चिन्मात्र अवस्थामा अवस्थित भएर चित् स्वरुप हुन जान्छ, यही पूर्ण अव्यक्त अवस्था हो । यस अवस्थाको प्राप्ति साधकलाई दुईकिसिमले हुन सक्छ । प्रथमतः व्यक्त श्वासको सहचर्यमा मनलाई राखिकन-यो सहज नै लभ्य छ, यस किसिमको साधकलाई युक्ततम भन्दछन् । द्वितीयतः तारकब्रहम-योग द्वारा कूटस्थ ब्रहमलाई लक्ष्य गरी त्यसमा प्रविष्ट भएमा-परिणाम एक भएर पनि यसमा पथको गहनता केही अधिक छ अर्थात् ज्योतिर्मय कूटस्थ तथा बृहत् कूटस्थ भेदन गरी विन्दुमा, अनि नाद विन्दु भेदन गरी चिन्तन्‌को पर अवस्थामा पुगी चिन्मात्रमा अवस्थान गर्नु पर्नेछ । यसैकारण यस साधनामा बताएकोछ-"सर्वदा कूटस्थको चिन्तन गर्नुपर्नेछ, पश्चात् त्यस अचिन्त्य ब्रहममा ध्यान जमाउनु पर्नेछ जुन कूटस्थरुपमा प्रकाशित हुन्छन्" ध्यान गर्दा गर्दा जब तन्मयता आउनेछ, ध्येय एवं ध्याताको परिज्ञान रहनेछैन, तब आत्माकाराकारिता चित्त महाशून्य मा विलीन हुन जानेछ । यसमा इन्द्रियहरुको संयम आवश्यक छ, जस बाट तिनीहरुले बाह्य विषयहरुलाई ग्रहण नगरोस । इन्द्रियहरु स्थिर भएपछि मनको तनुता अवश्य प्राप्त हुनेछ अनि त्यसले चिदाकाशरुपी बुद्धिमा प्रवेश लाभ हुनेछ । अन्य तब अन्य रहनेछैन, सब आत्माको स्वरुप जानिनेछ । यस अवस्थालाई प्राप्त साधकले जब देख्दछ-आत्मक्रियाको अभावमा जीव भयानक बन्धनावस्थामा परेकोछ, तब कृपापरबश भएर माया पाशमा फंसेका जीवलाई भवरोग को औषधिरुप क्रिया को उपदेश गर्दछ । त्यसको मन सदा नै कूटस्थमा रहन्छ, यसैले सबमा उसको समबुद्धि हुन्छ । "कूटस्थमा रहेपछि दोस्रो तिर मन जादैन, इन्द्रियहरु मुग्ध हुदैन । त्यही प्रकृत पक्षमा साधु हुन्छ । जसले क्रिया गर्दछ त्यसको आयु एवं बुद्धि बढदछ,

आफुजस्तै एक मानिस कूटस्थमा देख्दछ र क्रियामा अडकिरहन्छ। सुषुम्नामा स्थिर भएर कूटस्थ दर्शन गरे पछि कति कति अश्रुत विषय सुनिन जान्छन्। अनि अज्ञात विषय जानिन जान्छन। जुन कहिल्यै देखिएन, सुनिएन, त्यसलाई देखी अनि सुनिकन पश्चात् अन्यान्य मनुष्यहरु एवं बन्धुहरुलाई उपदेश दिउन्। प्राणायामादि साधन द्वारा विधिपूर्वक तीन ग्रन्थिहरु भेदन गरे पछि प्राण सुषुम्ना गएर अडकिनेछ।" यही वस्तुतः संयम हो, यस किसिमको संयममा जो अभ्यस्त छ उसको बुद्धि स्थिर हुन्छ र त्यसले आत्मसाक्षात्कार प्राप्त गर्दछ। यसकिसिमसँग जीवनमुक्ति-अवस्था प्राप्त गरी त्यसले परम शान्तिपद लाभ गर्दछ ॥३-४॥

चिदाकाश नै सबै रुपहरुको उद्भव एवं विलयकोस्थान हो। यही साकार को अन्तिम सीमा एवं निराकारको आरम्भ स्थान हो। साधकले अव्यक्त कूटस्थ-रुपको दर्शन गर्दै गर्दै पश्चात् चिदाकाशको अनुभव गर्दछ। त्यस पछि परावस्थामा प्रवेश गरी 'म' र 'मेरो' बोध देखि शून्य हुन जान्छ। प्राणायाम द्वारा सोझै यस परावस्थामा क्रमशः प्रवेश गर्न सकिन्छ, यसैकारण व्यक्त भावको उपासकलाई श्रेष्ठ भनिएकोछ। परन्तु अन्ततः दुवैकोफल एकै छ। (५ म अ को ४ थं श्लोक हेर) बाह्य दृष्टिले कूटस्थ अव्यक्त भएर पनि प्रकृत पक्षमा त्यो व्यक्तरुप हो, नत्रभने त कूटस्थको ज्ञान कसरी हुन्छ? बाह्य रुपादि समान त्यो परिवर्तनशील छैन। त्यो सबै अवस्थाहरुमा एकरुप छ। कूटस्थ दर्शन गरेर कूटस्थमा स्थित हुनु विना प्रकृत अव्यक्तावस्था प्राप्त गर्नमा विलम्ब लाग्दछ। परन्तु १७२८ बार विशुद्ध प्राणायाम द्वारा जुन ध्यानावस्था प्राप्त हुन्छ, त्यसमा त्यस ब्रह्मवस्तुको ज्ञानोपलब्धि सहजै हुन्छ।

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम्;
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते॥५॥

श्री धरीय टीका-[निर्गुणोपासकले पनि यदि तिमीलाई प्राप्त हुन्छन् त सगुणोपासकहरुको युक्ततमत्व कसरी सम्भव छ, यस आशंकाको लागि क्लेश एवं अल्केशजनित पार्थक्य निर्देश गरिरहेछन्]-अव्यक्तमा अर्थात् निर्विशेष अक्षरमा जसको चित्त आसक्त छ उनलाई अधिकतर क्लेश हुन्छ किनभने अव्यक्त-विषयक निष्ठा देहाभिमानि हरुलाई दुःखले प्राप्त हुन्छन्। देहाभिमानीहरुको लागि नित्य प्रत्यक् प्रवणता दुर्घट छ, यसैकारण यो क्लेशकर छ। -स्थूल देहमा जसको आत्मबुद्धि प्रवल छ त्यसको मानसिक वृत्तिको लागि प्रत्यग चैतन्यमा युक्त हुनु अन्यन्त दुर्घट छ।)॥५॥

आध्यात्मिक व्याख्या-"जो कोही कूटस्थमा रहदैन त्यसलाई अत्यन्त क्लेश हुन्छ-किन भने अव्यक्त ब्रहमलाई देहीले दुःखलेप्राप्त गर्दछ"-

-जसको चित्त अत्यन्त भोगासक्त छ, तिनीहरुले कूटस्थमा चित्त-समाधान गर्न सक्तैन, उनको चित्त देह एवं देहको भोगहरुतिर लहसिरहन्छन्। यस्तो चित्त लिएर यदि साधन गरिन्छ भने त चित्त कदापि स्थिर हुने छैन यस्तो कुरा छैन, खालि स्थिर हुनमा धेरै दिन र धेरै प्रर्यत्न लाग्नेछ तथा धेरै दुःखले यो स्थिरताको

आस्वाद पाउन सक्नेछ। ऐहिक भोगादिमा चित्तको निर्विण्ण हुनु धेरै दुर्घट या कठिन छ, पूर्ब जन्मको साधन संस्कारहरु वश विषयादिमा जसको आसक्ति कम हुन्छ, उनको चित्त शीघ्र नै एकनिष्ठ एवं ध्यान प्रवण हुन्छ, त्यस चित्तमा योगलाभ धेरै सहज हुन्छ। परन्तु जसको शरीरादिमा यथेष्ट आसक्ति छ अनि साधन गरेर आत्मज्ञान प्राप्त गर्न या ध्यानी हुन चाहन्छन्, उनको चेष्टा विफल हुदैन, यस्तो अवस्था प्राप्त गर्नको लागि विशेष तीव्रताको आवश्यकता पर्नेछ। यसै कारण श्रीभगवान्ले "देहवद्भि" शब्दको व्यबहार गर्नु भएकोछ। जुन मनुष्यहरु कूटस्थमा मन राखेर ध्यानस्थ भएर देहलाई विर्सन जान्छन उनीहरुको पूर्व जन्मको संस्कार राम्रा हुन्छन्, यस्तो मानिसहरुलाई अव्यक्त ब्रहममा प्रवेशलाभ गर्न विशेष दुष्कर छैन, परन्तु जसको कुनै किसिमसँग अव्यक्त विषयमा आसक्ति त हुन गएको छ, तथापि मन देखि विषयासक्ति या इन्द्रियहरुको विषय विचरण कमी भएको छैन, उनिहरुलाई अव्यक्तावस्था प्रति लोभ भएर पनि त्यसमा प्रवेशगर्न त्यति सुकर हुदैन। चित्त-विक्षेप गर्ने इन्द्रियहरु जसको अति मात्रामा प्रबल छन, उनको लागि योगाभ्यास सहज हुदैन। गुरुकृपा देखि यद्यपि तिनीहरुले कूटस्थको केही ज्ञान प्राप्त गर्दछन्, परन्तु पूर्व संस्कार या अभ्यास वश जसको चित्त अधिक अन्तर्मुखी छैन, उनलाई अव्यक्तावस्था प्राप्त गर्नुमा धेरै विलम्ब हुन्छ। "चंचल मनको आश्रय स्थिर मन हो, त्यस स्थिर मनमा मनलाई लय गरे पछि ब्रहमपद प्राप्त हुन्छ" यस्तो विचार गरी बुझ्दामा पनि बुझिनमा आउदैन। प्राणापान को संयम द्वारा जुन साधक स्थिर भएकोछ, त्यसैले यसलाई बुझ्न सक्नेछ। तब त्यसले भ्रुमध्यमा देख्नासाथै ॐकार ध्वनि सुन्न पाउनेछ। पश्चात् प्रकाशमा मन जानेछ अर्थात् मन जति जति बाह्य विषय विर्सेर अन्तर्मुख हुनेछ, उति उति भगवान्को विविध प्रकाश शक्तिको विषयसँग अवगत हुनेछ। त्यस मनमा मनको लय भए पछि ब्रह्मपद मिल्दछ, तब ब्रहम सिवाय अरु केही रहदैन। यो अवस्था सर्वदा रहेपछि अरु कुनै किसिमको उपलब्धि हुने छैन। यही क्रियाको परावस्था हो, या एक विचित्र दशा हो जुन साधकलाई हुन्छ। यसको बारेमा मुखले केही भन्न सकिदैन। दर्पणमा मैला जमेपछि जसरी स्वरुप देखिदैन, उसरी नै मन अन्य दिशामा दौडिदिए पछि त्यसमा आत्म स्वरुपको दर्शन हुदैन। यसै कारण नियमपूर्वक क्रिया गर्नु पर्दछ, क्रिया गरे पछि क्रियाको परावस्थामा बुद्धि स्थिर रहन्छ अनि त्यसको साथै कर्मेन्द्रियहरु पनि स्थिर हुन जान्छन्। *"तद्विष्णोः परमं पदं सदा पश्यन्ति सुरयः। दिवीव चक्षुराततम्"*-"त्यही विष्णुको परम पद क्रियाको परावस्था या ब्रहमपद हो। वायु सदा जसको मस्तकमा रहन्छ, त्यसले कूटस्थ ब्रहमलाई आकाश समान चक्षुको प्रकाशको रुपमा देख्न पाउँछ र देख्दा देख्दा परव्योम महाकाश ब्रहम विश्वव्यापक बोध हुन लाग्दछ। त्यसमा मन लीन हुन जान्छ" यसैलाई कैवल्य मुक्ति भन्दछन्। यसले सब दुःखहरुको अवसान एवं परमानन्दरुपता प्राप्त हुन्छन्।

जसको चित्त दुर्वल एवं विषयासक्त छन, तिनीहरुले इन्द्रियहरुलाई प्रत्याहार द्वारा सजिलै अन्तर्मुख गर्न सक्तैनन्। प्राणायाम द्वारा जब उनको बुद्धि स्थिर हुनेछ, इन्द्रियहरु अन्तर्मुखी हुनजानेछन् अनि कूटस्थ-दर्शन तथा त्यसमा स्थिति लाभ हुनेछ, तब अव्यक्तावस्थारुप परव्योममा उनको चित्त विलीन हुन जानेछ। निर्गुण उपासकको बाना धारण गर्नाले काम चल्ने छैन, निर्गुण उपासक बन्नु पर्नेछ। निर्गुण

उपासक बन्नको लागि सगुणको उपासना गर्नु पर्नेछ। *कूटस्थब्रहम निर्गुण छ, सगुण ब्रहम हो प्राण।* प्राणको उपासना गरेपछि जब प्राण स्थिर हुन जानेछ तब त्यो अव्यक्तमा प्रवेश गरी स्वयं पनि अव्यक्त या ब्रहममय हुन जानेछन्। भक्तिपूर्वक क्रिया गरे पछि प्राणापानको गति रुद्ध हुन जानेछ, अतयव गुरुवाक्यमा विश्वास गरी श्रद्धासाथ क्रिया गर। श्रुति भन्दछन्- *"भक्ति योगात् मुक्तिः"* अर्थात् भक्तिपूर्वक उपासित भए पछि प्राण स्थिर हुन जानेछ। स्थिर प्राणमा यो बुझिनमा आउनेछ-ब्रहमको त्यो परमानन्द भाव के हो ? ॥५॥

ये तु सर्वाणि कर्माणि मयी संन्यस्त मत्पराः;
अनन्येनैव योगेन मां ध्यायन्तं उपासते॥६॥

श्री धरीय टीका-[मेरो भक्तहरुलाई मत्प्रसादले अनायासै सिद्धि लाभ हुन्छ, यही दुई श्लोकहरुमा भन्नु हुदैछन्]-जस्ले म परमेश्वर मा सारा कर्महरुलाई समर्पण गर्दै मत्परायण भै मेरो ध्यान गर्दै अनन्ययोग द्वारा (अन्य भजनीय छैन जस्मा यस्तो योग द्वारा) अर्थात् एकान्त भक्तियोग द्वारा उपासना गर्दछन ॥६॥

आध्यात्मिक व्याख्या-"जो कसैले समस्त कर्महरुलाई फलाकांक्षा सहित ममा अर्पण गरेकोछ, मेरै क्रिया -गुरुमुखबाट जानेर ममा रहन्छन्-दोस्रो तिर दृष्टि नगरी समाधिस्थ भएर मेरो क्रिया अर्थात् १७२८ बार गरेर उपासना गर्दछ।"

पूर्वोक्त वर्णनले ज्ञात हुन्छ-कूटस्थमा जो रहदैन त्यसलाई अत्यन्त ल्केश हुन्छ अनि देहाभिमानिले जब अव्यक्त ब्रहमलाई दुःखले प्राप्त गर्दछ तब त्यसको फल अवश्य नै केही ठुलो तालको हुनेछ, यसैले कूटस्थ देखि शरीरको तेजलाई अनुभव भैरहेकोछ-जुन गुरुको उपदेश अनुसार दोस्रोतिर मन नलाई क्रिया गर्दै जान्छन् भने त तिनीहरु सहजै आत्मस्थ हुन सक्दछन्। आत्माको भित्र कर्मवासना रहदैन किनभने त्यो स्वयं पूर्ण छ, क्रिया गरी क्रियाको परअवस्थामा मन आत्मस्थ भए पछि साधकलाई कुनै फलाकांक्षा रहदैन, उसको समस्त कर्म आत्मामा लीन हुन जान्छन्। कर्मको कर्त्ता पनि तब त्यो रहदैन, अतयव फलाकांक्षा कसलाई होला ? यसरी जुन साधकगणले १७२८ बार प्रतिदिन प्राणायाम गर्दछन्, तत्फलस्वरुप जसको चित्त ध्याननिष्ठ भएर एकाग्र हुन जान्छ, उनलाई कूटस्थ-दर्शनको अपेक्षा पनि अधिक फल लाभ हुन्छ। जसको चित्त जति जति नै एकाग्रभूमिमा रहन्छ उति उति नै उसमा ईच्छा या संकल्पको वेग कम हुनजान्छ, यस भावले जसले उपासना गर्दछन् तिनीहरु निःशेषरुपसँग स्थिर हुन जान्छन् तथा आत्मा वाहेक अरु कसैमा मन लगाउदैन। क्रिया द्वारा केही स्थिरता आएर अनि त्यसैमा बसी रहंदा-(जुन प्रतिदिन दृढ अभ्यास द्वारा आफसेआफ हुन जान्छन्) सार वस्तु ब्रहमको प्राप्ति हुन्छ र साधक तद्गत्चित्त हुन जान्छ। गुरुले यस साधना पथको निर्देश शिष्यलाई बताईदिन्छन्। जुन शिष्यले गुरुपदेशानुसार साधना गर्दै जान्छन्, त्यसले क्रिया गर्दा त्यस वस्तुलाई प्राप्त गर्दछ। परन्तु क्रिया नगरी विषय चिन्तन गरेमा त्यसलाई प्राप्त गर्न दुःसाध्य नै छ। गुरुपदेश अनुसार क्रियाद्वारा आत्मचिन्तन गरेमा क्रियाको परावस्था अर्थात् स्थितिपद प्राप्त हुन्छ। दुधलाई जमाउन दिनाले कसरी त्यो जमेर दही बन्न जान्छ,

दुधको तरलता रहँदैन, त्यसरी नै क्रिया गरे पछि मनको चंचलता निःशेषरुपले हट्न जान्छ, तब त्यो स्थिरावस्था रुपी क्रियाको परावस्थामा ब्रहमसंलीन भएर ब्रह्मरुप हुन जान्छन् ॥६॥

तेषामहं समुद्धर्त्ता मृत्युसंसार सागरात्;
भवामि न चिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥

श्री धरीय टिका-यसकिसिमसँग जो ममा आवेशचित्त छन्, उनलाई मृत्युयुक्त संसार सागर देखि म सम्यक् उद्धार गर्दछु ॥७॥

आध्यात्मिक व्याख्या-"उसलाई मृत्युसंसार देखि स्थिर गरी मस्तकको माथि उठाइदिन्छु-शिघ्र त्यो मै हुन जान्छ-जो कोही क्रिया को परावस्थामा पुगी अडकिरहन्छन् ।"-

-तरंग विहीन अनन्त प्रशान्त महासागर जसरी स्थिर एवं आद्यन्त विहीन जानिइन्छन, त्यसरी नै ब्रहम स्थिर एवं शान्त छ । सागर चंचल भए पछि जसरी त्यसमा अनन्त उर्मिमालाहरु तंरगिइन्छन, प्रकाशित हुन्छन्, त्यसरी नै प्रशान्त ब्रह्म समुद्रमा नामरुप एवं जन्ममृत्युमय संसार उर्मि-तरंगहरु परिदृष्ट हुन्छन् । समुद्र एवं समुद्र तरंग विभिन्न भएर पनि जसरी एकै छन्, त्यसरी ब्रहम एवं नामरुपमय जगत् एकै हुन । तरंगहरु जसरी सागर देखि उठेर सागरमा नै आत्मगोपन गर्दछन्, समुद्र भन्दा पृथकरुपमा उनको कुनै अस्तित्व रहँदैन, त्यसरी नै ब्रहम-समुद्रमा नामरुपमय जगत् तरंग समान उठेर फेरि त्यसमानै विलीन हुन जान्छन् । यो चांचल्य हुन्छ कसरी ? ब्रहमको अनेक हुनु को संकल्पले संकल्प किन हुन्छ,-यो अनिर्वचनीय छ । इच्छा हुंदामा ब्रहममा जुन स्पन्दन हुन्छ, त्यही जगदयोनि 'प्राणशक्ति' हुन । यही प्राणशक्ति चंचल भएर संकल्पमय मनलाई उत्पन्न गर्दछ । प्राणशक्ति को चांचल्य नै पंच प्राणरुपमा एवं श्वास-प्रश्वास रुपमा प्रवाहित हुन्छ । यस श्वास-प्रश्वासको प्रवाहको प्रवाहले प्राणकोभित्र सुप्त संस्कार-समूह जाग्रत भएर मनको आकारमा परिणामलाई प्राप्त हुन्छन् । यो प्राण नै ब्रहमको माया हुन, प्राण स्पन्दित भएपछि जगदादि उत्पन्न हुन्छन । प्राणशक्ति मा जुन चैतन्य प्रतिफलित छ, त्यही चैतन्य ईश्वर हुन । त्यही अर्द्धनारीश्वर हुन । त्यसदेखि नै हिरण्यगर्भ ब्रहमा या विश्वसंकल्प शक्तिरुप समष्टि मन उत्पन्न भएर जगदादिरुपमा परिणामलाई प्राप्त हुन्छन् । व्यष्टि भावले त्यही अन्तः करण (मन) या तदधिष्ठित चैतन्यनै सुख दुःखादिको भोक्ता जीवको रुपमा प्रतीयमान हुन्छन् । यही जीव चैतन्य एवं सर्वव्यापक ईश्वर-चैतन्य वस्तुतः एकैहुन, तीनमा जुन भेदछ त्यो खालि औपाधिक छ । अविद्या हटनासाथ जब उपाधिकृत व्यवधान विलुप्त हुन्छ त दुबैको भेदनष्ट हुन जान्छन् । ब्रहमको उत्पत्ति र विनाश छैन, तथा त्यो निष्क्रिया छन, यो तबसम्म बुझ्न मा आउन सक्तैन, जबसम्म प्राण विशुद्ध अर्थात् स्थिर हुन जादैन । प्राण चंचल भए पछि श्वासरुपमा प्रवाहित हुन्छ, तबै अनेक संकल्पमय मनको उत्पत्ति हुन्छ । अनि मनको नानाकिसिमको इच्छा या संकल्प द्वारा जीव बद्ध जानिन्छन् । मनको चंचलताले नानात्वको दर्शन हुन्छ । यो भाव तबसम्म रहनेछ तबसम्म आवागमन रुपी तरंगहरुको उत्थान एवं पतनको अवसान कहिल्यै पनि हुने छैन । कठोपनिषदमा भनेकोछ -*"मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति"*

जुन चैतन्य देहमा छ, त्यही ईश्वरमा छ। एकै चैतन्य कार्य एवं कारण मा अनुस्यूत रहन्छ, यस चैतन्यलाई जसले नाना भावहरुमा देख्दछ त्यो मृत्युलाई प्राप्त हुन्छ। यो जुन जन्म-मृत्युको तरंगले हामी कंपित भैरहन्छौ, यो कम्पन एवं नानात्व दर्शन मनको नै धर्म हो मनको जुन कंपन एवं चांचल्य छ, त्यो प्राणको विशुद्धिले नै घटित हुन्छ। प्राण स्थिर या शुद्ध भएपछि मन पनि स्थिर हुन्छ। त्यस मनमा फेरी संकल्पको उदय हुदैन।

"मनो हि द्विविधं प्रोक्तं शुद्धंचाशुद्धमेवच;
अशुद्ध कामसंकल्पं शुद्धं काम विवर्जितम्॥"

अशुद्ध मनलाई कसरी शुद्ध गर्न सकिन्छ ?

निरस्त विषयासंग सन्निरुद्धं मनो हृदि;
यदायात्युन्मनी भावं तदा तत्परमं पदम् ॥"-ब्रह्म विन्दु ॥

-मनले इच्छा या संकल्प गरी बद्ध हुन्छ, इच्छाशून्य भए पछि त्यो शुद्ध भएर मुक्त हुन जान्छ। मुक्ति पदमा यदि आरोहण गर्न चाहन्छौ भने त यस चंचल प्राणलाई स्थिर गरी नित्य क्रियाको परावस्थामा रहू। त्यस अवस्थामा मन आफसे आफ निःसंग भएर हृदयमा निरुद्ध रहनेछ। यस किसिमसँग रहँदा रहँदा जब उन्मनि भाव हुनेछ तब त्यसलाई नै ब्रहमपद जान्नु। जबसम्म बुद्धिको क्षय हुदैन अर्थात् सदा क्रियाको परावस्था प्राप्त हुदैन, तबसम्म क्रिया गरिनै रहनु पर्दछ। क्रियाको परावस्था नै परब्रहमपद हुन्। क्रियाको परावस्थामा प्राण आत्मामा अडकिरहन्छ, त्यही निरोधरुप समाधिको अवस्था हो। जीवात्मा चेतनरुप छ, त्यो बोट विरुवा आदिमा पनि छ, क्रिया गरी क्रियाको परावस्थामा जुन चैतन्य हुन्छ, त्यस चैतन्यमा स्थिर भएर रहेमा "सर्वंब्रहममयं जगत्" हुन जान्छ। यसकिसिमको अवस्था जसको हुन्छ, त्यो सदा नै क्रियाको परावस्थामा रहन्छ अर्थात् ब्रहममा रहन्छ। ब्रहम सिवाय अरु कसैमा रहदैन, अतयव सर्वज्ञ अर्थात् सबको भित्र जुन ब्रहम छ त्यस व्रहमलाई नै देख्दछ। अव यो हेर्नु छ-क्रियाको परावस्था कसरी प्राप्त हुन्छ। गुरुपदेश द्वारा साधन जानेर त्यस साधना द्वारा प्राणवायुलाई ब्रह्मरन्ध्रमा स्थिर गर्नुको नाम क्रियाको परावस्था हो।"

ऊर्ध्वं प्राणमुन्नयत्यपानं प्रत्यगस्यति;
मध्ये वामनमासीनं विश्वेदेवा उपासते ॥-कठोपनिषद

आत्माको स्वरुप परिज्ञानको उपाय बताउनु हुन्छ- *"ऊर्ध्व विन्दु एवं अधोविन्दुको बीचमा मन रहन्छ।* सबै इन्द्रियहरुमा मन नै ब्रहम अर्थात् सर्वव्यापक छ, त्यो मन यदि मनमा नै स्थित हुन्छ त ब्रहमलीन हुन जान्छन, तब कर्ता एवं करण केही पनि रहदैनन्। क्रियाको परावस्था ब्रहम नै कर्ता हुन, उनकोकुनै कार्य कारण छैन। उही अनादि कारण हुन।" त्यो विना खुट्टा हिडदछन्, विना हात ग्रहण गर्दछन्, उनको सर्वत्र गति छ, यसैले त्यो वासुदेव अर्थात् उत्तम पुरुष हुन, उही सर्वव्यापक जगन्नाथ हुन, उनको इच्छाले नै सब चिज भैरहेकोछ।

"ऊर्ध्व वायुलाई नाश गरी अधोवायुमा आउनुको नाम नै अपान हो, त्यस (श्वास) लाई अगाडि देखि पछाडितिर मेरुदण्डमा गमन गराउनु को नाम मन हो, त्यस मनमा जो बसेकोछ अर्थात् जो क्रियाको परअवस्थामा छ, सारा देवता अर्थात् क्रियावानले उसको उपासना गर्दछन ।" यो वामन नै हृत्पद्ममध्यवर्त्ती आकाश हो, हृदयाकाश मा श्वासको स्थिरताको कारण जुन अवस्थित छ सारा इन्द्रियहरुले उसको उपासना गर्दछन् अर्थात् उसले नचाहंदामा पनि दूरदर्शन, दूरश्रवण, संकल्पसिद्धि हुन्छन् ।

योगाभ्यास द्वारा अनन्यचित्त भएर जो 'मत्पर' रहन्छन् अर्थात् सर्वदा क्रियामा लागिरहन्छन्, उनलाई क्रियाको परावस्थारुप पुरुषोत्तमरुपको दर्शन सहज नै हुन्छ । दोस्रो कूटस्थको भित्र परव्योमरुप शिवको दर्शन गर्दछन् । यी दुबैको अन्तमा एकै अवस्था प्राप्त हुन्छ । "ज्योतिको भित्र आकाश छ, आकाश विना ज्योति हुन सक्तैन । अतयव ज्योति एवं आकाश परस्पर सापेक्ष छन । दुबैको समान बल छ अर्थात क्रियाको परावस्थामा तथा कूटस्थमा-दुबै अवस्थाहरुमा ब्रहमको अनुभव समान रुपले हुन्छ" ॥७॥

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय;
निवसिष्यति मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥

श्री धरीय टीका-[किनभने यस किसिमको छ, यसैले भन्नु हुन्छ]-(तिमी) ममा संकल्प विकल्पात्मक मनलाई स्थिर गर, व्यवसायात्मिक बुद्धिलाई पनि ममा सन्निवेशित अर्थात् निविष्ट गर यस्तो गरेपछि मत्प्रसादले ज्ञानलाभ गरी देहान्त भएपछि मैमा वास गर्नेछौ अर्थात् मत्स्वरुपमा अवस्थान गर्नेछौ, यस्मा कुनै संशय छैन । श्रुतिमा पनि छ-"देहान्त भएपछि उपास्य देवताले तारक-ब्रहममन्त्रको उपदेश दिने गर्दछन् ।" ॥८॥

आध्यात्मिक व्याख्या-"मैमा नै मनलाई राखिदेऊ अर्थात् क्रिया को परावस्थामा बुद्धिलाई स्थिर गर्दै निःशेषरुपले प्रवेश गरी देऊ-यसरी निःशेष्रुपले आवेश गरेपछि त्यो निश्चय नै मै हुन जानेछ निश्चितरुपमा -तथा ऊर्ध्वमा जानेछ अर्थात् मस्तक माथि चढेर बसिरहनेछ-यसमा कुनै सन्देह छैन " ॥८॥

-मनमा जबसम्म संकल्प विकल्प छ, तबसम्म त्यो ब्रहममा प्रवेश गर्न सक्तैन । यो मन अति स्थूल छ अनि ब्रहम अति सूक्ष्म छ । स्थूल सूक्ष्ममा कसरी प्रबेश गर्ला ? यसकोलागि मनलाई पनि सूक्ष्म गर्नु पर्नेछ । मन जति जति निविर्षय हुन्छ, उति उति नै सूक्ष्म बन्दछ । प्राणायाम द्वारा मनले बाह्य विषयहरुलाई विर्सदै प्राणको साथ तत्त्व तत्त्वमा विचरण गर्दै गर्दै तनुतालाई प्राप्त हुन्छ । तनुतालाई प्राप्त मन जब विस्तारै विस्तारै अदृश्य हुन जान्छ । तब परावस्थामा पुग्न जान्छ, तब मन रहदैन अतयव मनमा केही पनि रहदैन । तरंगशून्य समुद्र जसरी अतीव प्रशान्तभाव धारण गर्दछ, संकल्प-विकल्पात्मक मन जब सूक्ष्मात् सुक्ष्मतर भएर आत्माकाशमा लीन हुन्छ त योगीको चित्त पनि त्यसरी नै प्रशान्त भाव धारण गर्दछ । तब मन विश्वात्मामा मिल्दै मिल्दै पूर्णतः मिल्न जान्छन्, उसको चिन्ह पनि रहदैन । यो अवस्था नै ध्यान हो, यो अवस्था जति जति गम्भीर देखि गम्भीरतर हुन्छ उति उति नै समाधिको अवस्था आरम्भ हुन्छ । यही हो मनलाई स्थिर मनमा प्रबेश गराई दिनु-*"मय्येव मन आधत्स्व"* । त्यसको पर मनको

स्थिर भाव या एकाग्रता छ जसलाई बुद्धि भन्दछन्, यस बुद्धिलाई पनि वि:शेषरुपसँग त्यसमा प्रवेश गरि दिनु पर्नेछ, तब जसरी बाह्य जगत्को स्मृति रहने छैन, त्यसरी नै 'म ध्यान गरीरहेको छु' यो भाव पनि उदय हुने छैन । मन तब असीम शून्यमा प्रवेश गरेर त्यही हुन जान्छन् । यही 'बुद्धिं निवेशय' भन्नुको अभिप्राय हो । यही आत्माकारमा अवस्थित अवस्था हुन । यसअवस्थामा रहे पछि फेरि दर्शन, श्रवण, मनन् केही पनि रहदैनन्, देवताको देवमूर्त्ति पनि देखिदैन । जतिपनि देवता एवं आत्मा छन, ती सब ब्रहममा लय हुन जान्छन् । तब योगीको यो शरीर रहदैमा पनि मानो रहदैन । तब शरीर-बोध यस्तो किसिमको रहन्छ मानौ ब्रहमरुप नदीमा शरीर रुप फिंज बग्दैगैरहेकोछ । पश्चात् त्यो भाव पनि रहदैन, सब एक हुन जान्छन् । प्राण जबसम्म मस्तक-स्थित सहस्रारमा स्थिर हुदैन, तबसम्म यो अवस्था प्राप्त हुदैन । यसैले सर्वदा आत्मचिन्तनमा रत भैरहूं गुरुपदेश अनुसार प्राणलाई स्थिर गर्ने चेष्टा गर, यसले यो अवस्था आफसेआफ प्राप्त हुनेछ । तिमीले बुद्धिलाई स्थिर गर, आत्मामा प्रविष्ट गराऊ, यस्तो भएमा बाह्य प्रकृति तिम्रो लागि ल्केशोत्पादक हुने छैन । प्राण सर्व शरीरमा आत्म-स्वरुपले चंचल छ, यस अवस्थाबाट स्थिरावस्थामा रहनुको नाम बुद्धि हो । यही इडापिंगला रहित भएर सुषुम्नामा रहनु हो । यस्तो भएमा नै ब्रहमपद प्राप्त हुन्छ, सब ब्रहममय हुन जान्छन् । 'सब' नामको केही रहन जादैन, त्यतिखेर सब एक हुन जान्छन् ।

"तस्मात्त्वं सर्वदा भिन्नमात्मानं हृदि भावय;
बुद्ध्यादिभ्यो बहि: सर्वमनुवत्तृस्व मा खिद॥"

तिमी कुनै वस्तु होईनौ, कुनै वस्तुको साथ तिम्रो योग छैन । कुनै वस्तु छैन पनि, एक तिमीनै छौ । बुद्धिरुपी दर्पणमा एकमात्र तिमीनै प्रतिबिम्बित भैरहेकाछौ । तिम्रो बाहिर पनि तिम्रो सिवाय अरु केही छैन, यसलाई जानिलिएपछि फेरि तिमीलाई कुनै ल्केश हुनेछैन । क्रिया गरेर क्रियाको परावस्था प्राप्ति भएपछि त्यो हुन्छ निजबोधरुपा, निजबोध हुनु विना खालि सुन्नुले काम चल्नेवालाछैन ॥८॥

अथ चित्तं समाधातुं न शकनोषि मयि स्थिरम;
अभ्यास योगेन ततो मामिच्छाप्त धनजय॥९॥

श्री धरीय टीका-[पूर्वोक्त रीतिसँग उपासना गर्नमा जो अशक्त छन् उनको लागि सजिलो उपाय बताउनु हुदैछ]-ममा जसरी चित्त स्थिर हुन्छ त्यसरी यदि चित्तलाई धारण गर्नमा तिमी समर्थ भैरहेको छैन भने त विक्षिप्त चित्तलाई पुनः पुनः प्रत्याहार गर्दै मेरो अनुस्मरणरुप अभ्यास योग द्वारा मलाई पाउनुको इच्छा गर अर्थात् प्रयत्न गर ॥९॥

आध्यात्मिक व्याख्या-"यदि कदाचित ममा मन यसकिसिमले स्थिर गर्न सक्दैनौ त अभ्यास गर्नुको इच्छा गर अर्थात् क्रिया बढाऊ ।"

श्री भगवान्मा मन एवं बुद्धिलाई निविष्ट गरिदिनु कठिन साधना हो, सबैको यत्रो सामर्थ्य हुदैन । चित्तको प्रमादवश सूक्ष्म विषयमा मनलाई धेरै बेर सम्म राख्नु सवको लागि साध्य हुनु पनि संभव छैन । जसको चित्त यस्तो एकाग्रताले युक्त छैन, उनको लागि कुनै कौशलको अवलम्बन गर्नु नै श्रेयस्कर छ ।यो कौशल

हो अभ्यास योग । भ्राम्यमाण चित्तलाई मेरुदण्डको भित्र चक्र-चक्रमा घुमाउनुको अभ्यास द्वारा प्रत्याहृत गर्नुको चेष्टा गरेपछि जब त्यो स्थिर हुन्छ, तब ममा चित्तलाई स्थापित गर्नु अपेक्षाकृत सुगम छ । योग दर्शनमा लेखिएकोछ- *"तत्र स्थितौ यत्नोऽभ्यास:"* द्रष्टाको स्वरुपावस्थामा जुन स्थिति छ त्यही क्रियाको पर-अवस्था हो । त्यस स्थितिको लागि पुनः पुनः प्रयास नै अभ्यास-योग हुन । यसस्थिति विना कसैको लागि ईश्वर-साक्षातकार प्राप्त गर्नु संभव छैन । कसैलाई पनि यो स्थिति यकैपटक आउदैन, यसको लागि प्रयत्न गर्नु आवश्यक छ । क्रिया गर्दागर्दा कुनै समय मन यस्तो स्थिर हुनेछ मानो कतै हल्लिन चाहदैन, परन्तु त्यस्तो सदा रहनेछैन । अनेक बार चेष्टा गरिरहंदा पनि असफल हुनु पर्नेछ साधक ! यस कारण कहिल्यै पनि हतोत्साह नहुनु गुरुपदिष्ट मार्गदेखि प्रयत्न गर्दा गर्दा मन लक्ष्य को समीप पुग्नेछ, अति नजिक पुगेर पनि संभव छ त्यो तल खस्नु, तैपनि आशा नत्यागनु । जतिजति खस्दछ त्यति त्यति उठने चेष्टा गर, यसरी बारम्बार निरन्तर चेष्टा गरेपछि उद्देश्य प्राप्त गर्नमा सहज हुन जानेछ । तब लक्ष्यमा मनलाई प्रविष्ट गर्नमा विशेष आयास लाग्ने छैन । त्यो यति सहज एवं स्वाभाविक हुन जानेछ-इच्छाहुनासाथै चित्तलाई निरालम्बमा स्थिर गरिन सकिनेछ, तब अभ्यास बन्द गर्दामा पनि कुनै क्षति हुने छैन ।

यस अभ्यासलाई कसरी दृढ गर्न सकिन्छ, यस विषयमा योग-दर्शनमा भनेकोछ- *"स तु दीर्घकालनैरन्तर्यै सत्कारा सेवितो दृढभूमि:"*-दीर्घकाल सम्म अभ्यास, निरन्तरता एवं अत्यन्त श्रद्धा तथा आदरसाथ आसेवित हुन गए पछि दृढ भूमि हुन्छ ।

अल्पकाल साधना गरी ज्ञानलाभ गर्नु अति दुष्कर छ । यदि यस्तो न हुंदो हो त श्री भगवान् किन भन्नु हुन्छन् -*"बहुनां जन्मनामन्ते ज्ञानवान् मां प्रपद्यते ।"* तपस्या एवं ब्रहमचर्यादि पूर्वक अभ्यास सम्पादन हुनु विना दृढ-भूमि-लाभ हुदैन, यसलाई पनि दिर्घकाल निरन्तर गरियो भने तबै यस्तो हुनु संभव छ । जुन मानिसहरु चाडैनै एवं सहजै केही हुन जानुको भावना गर्दछन् अनि यसको लागि व्याकुल हुन जान्छन्, उनिहरुलाई गीताको यो भगवद् वाक्य एवं योगदर्शनको उपर्युक्त सूत्र मा ध्यान राख्नु पर्नेछ । श्री भगवान्ले पनि "सर्वेषु कालेषु" स्मरण गर्नु पर्ने कुरा भन्नु हुन्छ । अभ्यासको दृढताले ज्ञान परिपक्वावस्थामा प्राप्त भए पछि ज्ञानको चरम भूमि तुरीयावस्था सम्म पुग्न सकिन्छ । अभ्यास गर्दा गर्दै जसै जसै वृत्तिहरुको निरोध बढदैजान्छ तसै तसै चित्तको तनु-मानसा सम्पादित हुदै जानेछ । यस्तो क्षीण-चित्तताले योगको चतुर्थ भूमि 'सत्तापत्ति' अवस्था प्राप्त हुन्छ । सत्तापत्ती अर्थात् ब्रहममा स्थिति । स्वर्गीय लाहिडी महाशयले यसलाई 'अडकिरहनु' भन्दछन् । क्रियाको परावस्थाको सूत्रपात यहीं देखि हुन्छ । सत्ता जुन आत्मा हो जसमा चराचर सारा विश्व प्रतिष्ठित रहन्छ, त्यस सत्तारुपी ब्रहमवस्तुको प्राप्ति नै 'सत्ता' नामले अभिहित हुन्छ । अतयव भन्नुको आवश्यक्ता छैन-यस अवस्थालाई प्राप्त गर्नुको लागि दीर्घकाल एवं निरन्तर अभ्यास गर्नु पर्नेछ कवीरले भन्नु भएकोछ- *"निसिदिन हरी ध्याये विना, मिलेन दुर्लभ योग"*-दिनरात ध्यान गर्नु विना कसैले हरिको साथ योग प्राप्त गर्न सक्तैन । महात्मा कबीरले फेरि भन्नु हुन्छ-

"लम्बा मारग दूर घर, विकट पन्थ बहु भार"

बाटो लामोछ, घर (मंजिलयालक्ष्य) कति टाढा छ यसको ठेगान छैन,मार्गपनि बडो विकट छ, कांधमा भारी बोभ्क छ-यस अवस्थामा दुर्लभ हरि कसरी मिल्ला ?

"यतैरुपायैर्यतते यस्तु विद्वान्;
तस्यैष आत्मा विशते ब्रहमधाम॥"

जुन विद्वान् पुरुषले यस किसिमको उपायको अवलम्बन गरी प्रयत्न या अभ्यास गर्दछ, उसैको आत्मा ब्रहमधाममा प्रवेश गर्दछ ॥९॥

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव;
मदर्थमपि कर्माणि कुर्वन् सिद्धिमवाप्स्यसि॥१०॥

श्री धरीय टीका-[यदि पुनः पुनः यसकिसिमसँग अभ्यास गर्न सक्दैनौ, त कसरी के गर्नु पर्नेछ, यही बताउनु हुन्छ]-यदि पुनः पुनः अभ्यासमा तिमी अशक्त हुन्छौ त मेरो प्रीत्यर्थ एकादशी उपवास, ब्रत-आचरण, पूजा एवं नाम संकीर्त्तन आदि जुन कर्म छन, तिनको अनुष्ठान नै परम श्रेष्ठ सम्झेर त्यसको आचरण गर । यसरी कर्महरुलाई मेरो उद्देश्यले गरे पछि मोक्ष प्राप्त गर्नेछौ ॥१०॥

आध्यात्मिक व्याख्या-"अभ्यास गर्नमा यदि कदाचित् तिम्रो शक्ति र सावकास छैन भने त मेरो कर्म अर्थात् फलाकांक्षारहित कर्ममा अर्थात् क्रिया गर्दै गर्दै सारा वस्तुहरु देखि इच्छारहित हुन जानेछौ । यसैको नाम हो सिद्धि प्राप्ति" नवम श्लोकोक्त अभ्यासलाई गर्दा गर्दै प्राण सुषुम्नामा प्रविष्ट हुनजानेछ, कूटस्थमा लक्ष्य स्थिर हुन जानेछ। जसको जन्मान्तरीण साधन-संस्कार प्रवल छ उनको निम्ति यस जन्ममा दृढतापूर्वक अभ्यास गरे पछि लक्ष्यमा स्थिरता राख्नु अपेक्षाकृत सहजता छ, परन्तु जसको पूर्वाभ्यास प्रवल छैन, उसको निम्ति कर्त्तव्य के छ यही यस श्लोकमा बताउनु हुन्छन्। उसलाई पनि क्रियाको अनुशीलनमा यत्नवान हुनु पर्नेछ । प्राणकर्म नै मत्कर्म हो, यो पहिले नै भनिसकिएकोछ । त्यस प्राणमा जसले लक्ष्य राख्नेछ उसको प्राण स्थिर हुन जानेछ र उसले कैवल्य प्राप्त गर्न सक्नेछ । पूर्ब श्लोकमा कथित प्रवल अभ्यासलाई गर्नमा असमर्थ हुन गए पनि यदि त्यसले सब कर्महरुलाई गर्दै प्राणमा लक्ष्य राख्न सकोस अनि यस किसिमले लक्ष्य राखिकन सन्सारको कर्महरुलाई गर्दै गए पनि त त्यो लक्ष्य प्राप्ति देखि वंचित हुने छैन । यस भावको साधक आसनमा बसेर संभवतः केही बेर सम्म साधन गर्दछन्, परन्तु पूर्वोक्त श्लोकको अभ्यासी साधक समान दिनरात यस विषयमा प्रयत्न गर्न पाउदैनन्, तथापि यदि तिनीहरुले सदा प्राणमा लक्ष्य राख्दछन् भने त सिद्धकाम हुनेछ । प्राणको प्रच्छर्दन-विधारण उनिहरुलाई पनि गर्नु पर्नेछ, संभव छ-त्यति प्रबलतापूर्वक एवं दीर्घकाल व्यापी अभ्यास उनिहरु द्वारा हुन नसकोस तथापि यदि तिनीहरुले आध्यात्मिक देश समूहमा सर्वदा लक्ष्य राख्न सकोस त विस्तारै विस्तारै

आत्मस्थितिलाई प्राप्त गर्नेछन् । यसको साथ *"ज्योतिष्मती प्रवृत्ति"* या हृदयस्थ ज्योतिको धारणा एवं अनाहत नादको धारणाको अभ्यास गर्न सके पछि तथा त्यसको साथै केही केही प्राणायामको अभ्यास गर्दै रहेमा बहुविध अन्तरस्थ नादसमूह सुनिन जानेछ । यसरी सुन्दा सुन्दै एक सूक्ष्म विन्दुको दर्शन प्राप्त हुनेछ । त्यस विन्दुलाई दर्शन गर्दै गर्दै मन त्यसमा विलीन हुन जानेछ, यसलाई नै योगशास्त्रमा विष्णुको परम पद भन्दछन ।

क्रियाभ्यासको विषयमा त पूर्वश्लोकहरुमा पनि भनिसकिएकाछन् । यस श्लोकको साधना उनका लागि हुन जो पूर्वोक्तरुपमा अभ्यास गर्न मा असमर्थ छन् । यो निश्चय नै पूर्वापेक्षा केही सहज उपायको उपदेश हुन, परन्तु यहाँ पनि यदि त्यही क्रियाको अभ्यासको कुरा भनिन्छभने त पूर्वोक्त साधनाभ्यासको अपेक्षा यो सहज कसरी छ तथा पूर्व साधनाको साथ यसको पार्थक्य कहां छ ?-पार्थक्य यही छ पूर्वोक्त (नवमश्लोकोक्त) अभ्यास ध्यानयुक्त छ, त्यसमा प्रत्ययको एकतानता अधिक छ । जसले दीर्घकाल संम्म प्रयत्नसाथ अभ्यास गरेको छ, उसको लागि पूर्वोक्त अभ्यास संभव छ । दीर्घकालको अभ्यासको फलस्वरुप जुन चित्तको एकतानता आउंदछ, त्यो एकतानता जति जति दीर्घकाल स्थायी हुन्छ, त्यति त्यतिनै साधकको ल्केशदायक विक्षेपभाव विदुरित हुदै जान्छन् । तब क्रियाभ्यास अधिक कष्टसाध्य जानिदैनन् । यसको साथ ईश्वर प्रणिधान (अचंचल स्थिर दिव्यभाव) हुनुको कारण अविद्यादि पंचल्केशहरु क्षीण हुन जान्छन् अनि मन सहजै निरुद्ध हुन जान्छ, फलस्वरुप शीघ्र नै सविकल्प समाधिको उदय हुन्छ ।

जसको निम्ति यस किसिमको दृढ अभ्यासको साथ साधना गर्नुको संभावना छैन, जो अझै वासनाको प्रबल वेगले इतस्ततः धावित हुन्छ उसको लागि श्वासमा लक्ष्य राख्नु र गुरुपदेश अनुसार नित्य नियमित भावसँग अलि अलि प्राणायामादिको अभ्यास गर्नु आवश्यक छ । जसले प्रतिदिन केही केही अभ्यास गर्दछन्, उसको प्राण र त्यसको साथ मन विस्तार विस्तार स्थिर हुन जान्छ, जसले यस स्थिरताको आस्वादन पाउंदछन्, त्यसले फेरि यस अभ्यासको परित्याग गर्न सक्तैन । क्रमशः उसको नशा जम्दै जम्दै यस्तो जम्न जान्छ -त्यो क्रिया नगरिकन रहन सक्तैन । जो यस किसीमसँग लागिरहन्छ, उसको प्राण अन्तमा चरम तत्त्वमा प्रतिष्ठित हुन जान्छन् ।

"यथा वायु वशाद्गन्धः स्वाश्रयाद् घ्राणमा विशेत;
योगाभ्यासं रतं चित्तमेवमात्मानमाविशेत् ॥"

जसरी वायुद्वारा गन्धले आफ्नो आश्रय पुष्पादिबाट मानिसहरु को नासारन्ध्रमा प्रवेश गर्दछ, त्यसरी योगाभ्यासरत चित्तले विषयान्तरको परिहार गरी आत्मामा प्रविष्ट हुन जान्छन् ।

पूज्यपाद श्रीधर स्वामीले 'मत्कर्म' शब्दको यस्तो अर्थ गर्दछन्-पूजा, चर्या, एकादशी ब्रत तथा नाम -संकीर्त्तनादि कर्म ईश्वरोद्देश्यले गरेपछि मुक्ति प्रदान गर्दछन् । श्रीमत् शंकराचार्य पनि भन्नु हुन्छ- 'अभ्यास विना केवल मेरो लागि कर्म गर्दै रहेर पनि सिद्धि प्राप्त गर्न सक्नेछौ, अर्थात् क्रमशः चित्तशुद्धि एवं ज्ञान प्राप्ति द्वारा सिद्धि अर्थात् मोक्षलाभ गर्न सक्नेछौ ।'श्रद्धापूर्वक श्रवण कीर्त्तनादि अथवा भगवत्

प्रतिमादिको पूजा द्वारा चित्त शुद्ध हुन सक्दछ, परन्तु विधिपूर्वक प्रतिमाको पूजा अर्चनादि पनि सहज व्यापार छैन, यसमा पनि न्यास एवं भूतशुद्धि यथेष्ट परिमाणमा गर्नुपर्ने हुन्छ, किनभने यस बिना प्राण शुद्ध हुँदैन। पूजादिमा शुद्धिको उद्देश्य विर्सन जादा पूजादि अनुष्ठान बाह्याडम्बरमा पर्यवसित हुन जान्छन्। नाम संकीर्त्तनादि गर्दा गर्दा जसको चित्त भगवदुन्मुखी हुन्छ, उनको लागि यो संकीर्त्तनादि निरर्थक सम्झनु हुँदैन। भगवान्‌को लागि कर्म गर्नाले तद्द्वारा सिद्धि हुन सक्तछ, परन्तु भगवान्‌को निम्ति कर्म गर्नु अभ्यासको फल हो। बिना अभ्यासले भगवत्कर्म कसरी हुन सक्ला ? मनमा सम्झी लियौं-जे जुन गर्दछु त्यो भगवान् कै लागि गर्दछु-परन्तु यसको लागि पनि त स्मृतिशुद्धिको आवश्यक छ। भगवत्स्मृति न आउनुको कारण यो छ-हाम्रो चित्त शुद्ध छैन अनि जबसम्म प्राण अशुद्ध रहनेछ, चित्त पनि शुद्ध हुन सक्तैन। मध्यमार्ग सुषुम्नामा प्राणको प्रवेश गरिनु विना प्राण शुद्ध हुन सक्तैन। सुषुम्ना मार्गमा प्राणलाई प्रवेश गराउनुको सजिलो उपाय हो प्राणलाई स्थिर गर्नु, जुन प्राणायामको साधना द्वारा सहज नै हुन जान्छन्। *चैतन्य नै प्राण रुपमा अनि प्राण नै अखिल वस्तु रुपमा प्रकाशित भैरहेकोछ। मन र बुद्धि पनि प्राणकै प्रकाश मात्र हुन।* प्राण प्रतिष्ठित हुन गए पछि नै इन्द्रियहरु, मन एवं बुद्धि सब शुद्ध एवं निर्मल हुन जान्छन्। अतयव प्राणायाम द्वारा जबसम्म प्राण शुद्ध हुन जादैन तबसम्म कुनै कर्म भगवत्कर्म जानिदैनन्, यदि जानिन्छन् भने त केवल मौखिक। *"प्राणायामैर्दहेद् दोषान"* -प्राणायाम द्वारा समस्त अशुद्धिहरु क्षय हुन्छन्। अतयव भूतशुद्धि, स्मृतिशुद्धि एवं भगवत्प्रीत्यर्थ कर्म गर्नको लागि प्राणको उपासना एकमात्र कर्त्तव्य हो। *चित्तशुद्धि विना वैराग्य उत्पन्न हुदैन, वैराग्य विना ज्ञान उत्पन्न हुदैन र प्राणको उपासना विना चित्तको शुद्धि हुदैन।* प्राणको उपासना गर्दा गर्दै प्राण जति जति नै स्थिर एवं विशुद्ध हुन जान्छन् उति उति नै त्यो अन्य वस्तुहरुमा जादैन। अनि केही पनि पाउनुको फेरि इच्छा हुदैन, यस इच्छारहित अवस्थानको नाम नै सिद्धि हो ॥१०॥

अथैतदप्यशक्तोऽसि कर्त्तुमद्योगमाश्रितः;
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥

श्री धरीय टीका-[भगवद्धर्म-परिनिष्ठामा पनि जो अत्यन्त अशक्त छन, उनको लागि दोस्रो उपायको निर्देश गरिरहनुभएकोछ]-यदि तिमी यो पनि गर्न सक्दैनौ भने त एकमात्र मेरो शरणापन्न भएर सारा दृष्टफल, अदृष्टफल एवं आवश्यकीय अग्निहोत्रादि कर्महरुको फलहरुलाई संयतचित्त भैकन परित्याग गर। यस द्वारा यो बताईएको छ-हामीहरु ईश्वराज्ञा अनुसार यथाशक्ति कर्म गर्दैजांऊ, हाम्रो कृत कर्महरुको फल दृष्ट होस या अदृष्ट, सब परमेश्वराधीन छ, यस प्रकारको भाव ममा आरोप गरी फलासक्तिलाई परित्याग गर्दै कर्म गरे पछि मेरो प्रसादले कृतार्थ हुन जानेछौ-यही तात्पर्य छ।

[मद् योगमाश्रितः-मयि क्रियमाणानि कर्माणि संन्यस्य यत्करणं तेषामनुष्ठानं स मद्योगः। तमाश्रितः सन्-मेरो योगलाई आश्रय गरी अर्थात् जे जुन कार्य ममा समर्पण गरी अनुष्ठित हुन्छ, त्यो अनुष्ठान मेरो योग हो-यसकिसिमसित मेरो योगलाई आश्रय गरी-शंकर] ॥११॥

आध्यात्मिक व्याख्या-"यदि कदाचित् यो पनि समाधिस्थ भएर गर्न सक्तैनौ त सब प्रकारको कर्म गर्न सक्तैनौ त सब प्रकारको कर्म गर-किन्तु फलाकांक्षारहित भएर संयत आत्माको साथ अर्थात् धारणा(ध्यान(समाधिस्थ भएर ।"

सबको आश्रय नै भगवान् हुन, यो कुरा बुझ्रेर या त्यत्तिकै माथि माथि जानेर नै कसैले उनको आश्रय पाउनेछ्न, यस्तो कुरा सोच्नु भूल हो, किनभने कर्मको फलकामना छोडेर गर्नु तथा संयत चित्त हुनु-दुबै अत्यन्त दुरुह व्यापार हुन । मैले फलकामना त्याग गरि दिंए यति भनेर नै फलाकांक्षाको परित्याग हुन जानेछ अथवा चित्तलाई संयत गर्नेछु, यो भनेर नै चित्त संयत हुन जानेछ यस्तो नसम्झ । तब त फेरि यतात्मा एवं मद्योगाश्रय कसरी हुन सक्तछ ? यसको लागि साधना गर्नु पर्नेछ, विपुल चेष्टा गर्नु पर्नेछ । योगदर्शनमा लेखिएकोछ- *"त्रयमेकत्र संयमः"*-धारणा ध्यानएवं समाधि कुनै एक विषयमा एकत्र प्रयुक्त हुनुको अवस्थालाई संयम भन्दछन, परन्तु चित्त अत्यन्त शुद्ध हुनु विना धारणा, ध्यान, समाधि धेरै बेर सम्म टिक्न सक्तैन। अभ्यास द्वारा प्राण शुद्ध हुनु विना चित्त शुद्ध हुदैन । चित्त पूर्णतः शुद्ध नभए पछि त्यो व्युत्थित हुनेनै छ । जबसम्म चित्त व्युत्थित भैरहनेछ, तबसम्म त्यसलाई यथार्थ संयम भन्न सकिन्न । पुनः पुनः चित्तलाई प्रत्याहारको भूमिमा ल्याई प्राणायामादि क्रियायोगको अभ्यास गरेपछि धारणा-ध्यान-समाधि रुप प्रकृत संयम आयत्त हुन सक्दछ । योगदर्शनमा यसको पनि अद्भूत फल लेखेकोछ- *"तज्जयात्प्रज्ञालोक"* -यदि यस संयमलाई जय गर्न सकोस त प्रज्ञालोक उद्भासित हुनेछ । जब इच्छा मात्रले नै धारणा एवं साथसाथै ध्यान अनि समाधिको अवस्था आउंदछ, तबै त्यो संयम जयको अवस्था हुन्छ । पुस्तक पढेर, कथावार्त्ता सुनेर या चिन्तन द्वारा जुन ज्ञान हुन्छ, त्यो त परोक्ष ज्ञान-मात्र हुन, प्रज्ञालोक होईन । धारणा, ध्यान एवं समाधिको बार बार अभ्यासले बुद्धि अत्यन्त निर्मल हुन जान्छ, विषयहरुको तरंग विक्षेपमा त्यो कहिल्यै विचलित हुदैन तथा वाहिरको शब्द, स्पर्श-रुप रसादि त्यसमा प्रवेश गर्न पनि सक्तैन, यही स्थिर अविचलित बुद्धि वस्तुतः 'प्रज्ञा' हो अनि यसै बुद्धिमा आत्मा ज्ञेय हुन्छ । *"बुद्धिग्राह्यमतिन्द्रियम्"*- ऋग्वेदको महावाक्य जुन *'प्रज्ञानं ब्रहम'* हुन, यो त्यही प्रज्ञान हो । संयम जय भए पछि नै यस प्रज्ञाको उदय हुन्छ । यस किसिमका प्रज्ञावान पुरुषलेनै क्रियाको परावस्थामा तथा परावस्थाको परावस्थामा निर्लिप्त भावसँग संसारको नाना किसिमका कर्म गर्दछन्, तिनीहरु सिद्ध पुरुष हुन, उनलाई कुनै पनि काम्य वस्तु प्रति स्पृहा हुदैन ।फलाकांक्षारहित भएर निःस्पृह भावले कर्म गर्नु उनको लागि स्वाभाविक हुन जान्छन । यो अवस्था जसलाई प्राप्त छैन अर्थात् यस्तो भावसँग कर्म गर्नलाई जसले अझसम्म सामर्थ्य प्राप्त गरेकोछैन, उनिहरुलाई उचित छ-तिनीहरु परावस्था प्राप्तिको लागि दृढ प्रयत्नपूर्वक धारणा, ध्यान एवं समाधिको अभ्यास गरिरहुन् । यसले साधक सदा समाधिस्थ रहन सकला, यस्तो कुरा छैन, कहिल्यै त्यो ध्यानको अवस्थामा उत्रनेछ अनि कहिले धारणाको अवस्थामा अवतरित हुनेछ, उठनेछ खस्नेछ । समाधि द्वारा असाधारण ज्ञान एवं असाधारण शक्ति प्राप्त हुन्छ । जसै जसै व्युत्थान कम हुदैजानेछन्, तसैतसै समाधि उत्कृष्टतर रुपमा प्रतिष्ठित हुदै जानेछ । यसैले भन्दछन्-"यदि समाधिस्थ भएर कर्म गर्न नसकोस त धारणा, ध्यान एवं समाधि जसबाट उत्कर्षलाई प्राप्त होस त्यसको लागि प्रयत्न गर अनि

त्यसको साथै सब किसिमको कर्म पनि गर्दै रहु, परन्तु यस्तो ध्यानमा राखेर कर्म गर-कहीं कतै चित्त अत्यन्त विक्षिप्त नहोस, अन्यथा धारणा, ध्यान एवं समाधि पूर्व श्लोकोक्त अवस्था प्राप्त हुन सक्ने छैन ।

सर्व कर्मफल त्याग कसरी हुन सक्तछ, यस सम्बन्धमा केही आलोचना हुनु पर्दछ । *कर्म-मात्र कर्त्ताको आश्रित छन । भगवान् नै सब को आश्रय हुन, यो बुझिलिए पछि ज्ञात हुन जानेछ-कर्महरुको कर्त्ता पनि उनै हुन, यसको सम्यक् धारणा भए पछि सारा कर्महरु आत्मामा या ईश्वरमा अर्पित हुनेछन् ।* सर्वकर्मको फलत्याग गर्नको 'यतात्मा' बन्नु पर्नेछ । परन्तु चित्त संयम विना यो समझमा आउने छैन-आत्मा या भगवान् सबैको आश्रय हुन, उनैको आश्रय गरेर नै सबचिज अस्तित्ववान भैरहेकाछन् । एक ब्रहमसूत्र (प्राण) जगत् आदिको रुपमा प्रकाशित भैरहेकोछ । अतयव त्यस ब्रहम सूत्रको सन्धान नपाईकन यो समझमा आउन सक्तैन-त्यो कुन किसिमसित जगत्को आश्रय भैरहेकाछन् । यसलाई जबसम्म बुझन पाउदैनौ तबसम्म कर्मको कर्त्ता हामी बनिरहनेछौ, अतयव कर्मफलले पनि तबसम्म हाम्रो पिण्ड छोडने छैन । चित्त बाहय व्यापारको प्रवाहमा बहदै रहनुले मेरु मध्यस्थ ब्रह्मसूत्रको सन्धान मिल्ने छैन । तबसम्म कर्मको जुन बास्तविक मालिक छन, उनको पनि सन्धान पाईने छैन । तबसम्म मलाई नै सारा भूतहरुको बोझ भारी बहन गर्दै मर्नु पर्नेछ सुख दुःखको फलास्वाद जबसम्म निवृत्त हुने छैन जन्म मरणको प्रवाह पनि छुटने छैन अनि न त जीवनको ज्वाला नै मेटिएला ।

कर्म जसको आश्रयले रहन्छ, त्यसको केही परिचय पाए पछि नै लक्ष्य प्राणमा पर्नेछ । लक्ष्य परेपछि प्राण जसदेखि संयत हुन्छ त्यसतिर चेष्टा बढदछ र समस्त सांसारिक कर्महरुलाई गर्दै त्यसको मूलमा जुन सत्ता रहन्छ अर्थात् आफ्नो स्वरुप, त्यसतिर लक्ष्य परे पछि बुझिनमा आउनेछ शरीर, इन्द्रियहरु एवं मन देखि पृथक 'म' छ । अतयव अहिले सम्म जसलाई आश्रय सम्झिराखेका थियौं, ती सब आश्रय आफसे आफ भंग हुन जानेछ । अन्य कुनै वस्तुको आश्रय नरहेपछि मन त्यस परम सत्ता 'म' को साथ मिलिकन एक हुन जानेछ । तब 'सर्वकर्म' तथा त्यसको समस्त फलहरुको त्याग हुन जानेछ ।

परन्तु खालि जानेरै मात्र पनि 'कमली' ले छोडने छैन । यसको लागि जसबाट विवेक उत्पन्न हुन्छ त्यस्तै संग एवं विचार गर्नु पर्नेछ । जुन अनात्म वस्तु छ त्यसको परिहार तथा जुन आत्म सम्बन्धी छ त्यसको ग्रहण मा सर्वदा सजग अतन्द्रित रहनु पर्नेछ । यसको लागि साधकलाई धारणा, ध्यान एवं समाधिको अभ्यास गर्नु पर्नेछ, नत्र भने त देहमा 'म' को बोध छुटने छैन, कर्मले पनि छोडनेछैन, फलसंग पनि नष्ट हुनेछैन एक ब्रह्म सिवाय अरु केही छैन, यसको बोध खालि समाधि देखिनै हुन सक्तछ । व्युत्थित दशामा नानात्व दर्शन हुनु अवश्याम्भावी छ नानात्व बोध हुंजेल प्रकृत ज्ञान हुनेछैन अतयव व्युत्थित अवस्था मा अज्ञानले त जकड्ने नै छ । तब यस अज्ञान देखि मुक्ति लाभ कसरी संभव छ ?

पहिले भनिसकिएकोछ-यो 'नानात्व' बोध-क्रियाकोपरावस्थामा अर्थात् समाधिको समय नष्ट हुन्छन् । परन्तु समाधि अति दुर्लभ अवस्था छ, शीघ्र लभ्य छैन । यसको लागि केहि बाह्य विचार गर्नु पनि आवश्यक छ । विचार गरी देख्नु पर्नेछ-नानात्व छदैछैन , छ केवल एक । चित्तमल या विक्षेपको कारण

नानात्व बोध नष्ट भैरहेकोछैन । अतयव जसबाट विक्षेप नष्ट हुन्छ, तदर्थ प्रयत्न गर्नु बुद्धिमानि कार्य हुन । प्राणायाम विना चित्तमल या विक्षेप नष्ट हुनु अति दुरुह छ । प्राणायाम द्वारा प्राण स्थिर भए पछि त्यसले मेरु मध्यस्थ सुषुम्नालाई भेदन गर्दै सहस्रारमा परम शिवको साथ युक्त हुन जानेछ तब प्रकृत ज्ञानोदय हुनेछ तथा ज्ञान प्रसादले जगत्‌को कुनै वस्तुमा फेरि मन लाग्नेछैन । यसरी परवैराग्य प्राप्त साधक परम पदलाई प्राप्त गरी धन्य हुन जानेछ, जीव ब्रहममा मिल्न जानेछ । कबीर भन्नु हुन्छ-

"मन लगा उन्मनी सुं गगन पहुंचा जाय ;
चांद विना चांदनी तहां अलख निरंजन राय ॥"

जब मन उन्मनीमा लाग्दछ त तब त्यस शून्यब्रहममा पुग्न सकिन्छ जहाँ चन्द्र छैन तर ज्योत्स्ना छ । जहाँ यस किसिमको प्रकाश छ त्यहीं अलक्ष्य कूटस्थ अर्थात् निरंजन ब्रहम रहन्छन् ।

"बुन्द समाना सिन्धु में सो जाने सब कोय;
सिन्धु समाना बुन्द में, बुझे विरला कोय ॥"

कबीर भन्नु हुन्छ-बिन्दु जुन सिन्धुमा प्रवेश गर्दछ, यो कुरा त सबैले जान्दछन, परन्तु सिन्धु विन्दुमा पस्दछ, यस रहस्यलाई धेरै धेरै कम मानिसले जान्दछन् । क्रिया गर्दा गर्दै विन्दु-दर्शन हुन्छ अनि विन्दु दर्शन गर्दा गर्दै क्रियाको परावस्था प्राप्त हुन्छ, यस लाई सुनिपुण क्रियावानले नै जान्दछन् यही हो विन्दुको सिन्धु मा निमज्जन । यस विन्दुमा जुन अनन्त कोटि ब्रहमाण्ड रहन्छन्, यस को धारणा अत्यन्त कम मानिसलाई हुन सक्दछ-

"एक समाना सकल मे सकल समाना ताहि ।"

कबीर भन्नु हुन्छ-एक सबैको भित्र प्रवेश गरेका छन एवं सब त्यही एकको भित्र छन ।

एक आत्मा नै (१) कूटस्थमा, (२) क्रियाको परावस्थामा, (३) ब्रहमको अणुमा (४) सबमा रहन्छ । यो विपुल विश्व ब्रहमाणु द्वारा संगठित छ अनि एक ब्रहमाणुको भित्र तीनै लोकहरु प्रविष्ट छन । जुन साधक यस ब्रहमाणुमा प्रवेश गर्न पाउंदछ, उसको लागि त्रिलोकमा केही पनि अज्ञेय, अदृश्य, अश्रुत रहदैन । यस अवस्थाको वर्णन कबीर गर्नु हुन्छ ।-

"गुरु नही, चेला नही, नहिं मुरीद नहि पीर;
एक नही दुजा नही तहं रिझ दास कवीर॥"

कबीरदास भन्नु हुन्छ-त्यहा गुरु छैन, चेला छैन, मुरीद या पीर पनि त्यहाँ छैनन् । त्यहां एक पनि छैन, दोस्रो पनि छैन, यस्तो स्थान मा कबीर रमण गर्दछन् ।

पूर्व श्लोकमा भनिएकोछ-प्रबल अभ्यासमा असमर्थ भए तिमीले प्राणमा लक्ष्य स्थिर गर । प्राणकर्म नै फलाकांक्षारहित कर्म हो । त्यसमा लक्ष्य राखे पछि नै तिमीले इच्छारहित अवस्था प्राप्त गर्न सक्नेछौ । यहां

फेरि भन्नु हुन्छ-त्यसमा पनि यदि तिमी असमर्थ छौ त इन्द्रिय हरुको संयम गर्दै मदेकशरणत्वरुप योगको आश्रय गरी सबै कर्महरु को फललाई त्याग गर ।

यो पूर्वापेक्षा सहज कर्म हुनेछ यस्तो त जानिदैनन् । तब यो भन्नु को उद्देश्य के छ ? वस्तुतः यी सारा उपदेश उनिहरुकै लागि सहज छन, जसलाई विश्वरुप-दर्शन भएकोछ । यहाँ उत्तरोत्तर सहज साधनाको कथनछैन, बरु झन उत्तरोत्तर उत्कृष्ट अवस्थाको प्राप्तिको कुराभनिएकोछ । अगाडिको श्लोकमा यसको अर्थ अरु स्पष्ट हुन जानेछ । विश्वरुप प्राप्तिको समान अवस्था जसलाई प्राप्त छ, त्यसले आफुलाई साधनाको अन्तिम उच्चस्तरमा लैजान चाहन्छ भने त समय एवं सुयोग अनुसार त्यसले जे गर्न सक्दछ, त्यसैको संकेत यहाँ प्रदान गरिएकोछ । एकै अवस्था प्राप्त एक ब्राहमण र एकराजाको, अथवा एक गृहस्थ एवं एक सन्यासीको-साधन क्रममा जुन तारतम्य हुन्छ, त्यसैको कुरालाई यहाँ परिव्यक्त गरिएकोछ । साधकले आफ्नो अवस्था अनुसार साधनाको चरम सिद्धिको लागि प्रयत्न गरुन-उद्देश्य यही छ ॥११॥

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद् ध्यानं विशिष्यते;
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम्॥१२॥

श्री धरीय टीका-[उपर्युक्त कर्मफल-त्यागको प्रशंसा गर्नु हुन्छ]-सम्यगज्ञान रहित अभ्यासको अपेक्षा युक्तिरहित उपदेश पूर्वक (परोक्ष) ज्ञान श्रेष्ठ छ । यसकिसिमको ज्ञानको अपेक्षा तत्पूर्वक ध्यान श्रेष्ठ छ श्रुतिमा लेखेकोछ-" त्यस पछि-(साधन सम्पनन एवं संयतेन्द्रिय भएर) एकाग्रतापूर्वक ध्यान गर्दा गर्दा भेदरहित आत्माको दर्शन गर्दछन" त्यो भन्दा पनि उक्त लक्षण [कर्मफल त्याग श्रेष्ठ छ] यस किसिमको त्याग पछि कर्म एवं त्यसको फलस्वरुप आसक्तिको निवृत्ति भए पछि मेरो प्रसादले अति शीघ्र सन्सार शान्ति अर्थात विमुक्ति प्राप्त हुन्छ ॥१२॥

आध्यात्मिक व्याख्या-"योनिमुद्राको अपेक्षा १७२८ बार प्राणायाम गर्नु राम्रो छ, त्यसको अपेक्षा फलाकांक्षारहित भएर सर्वदा क्रिया गरिरहनु उत्तम छ, अनि तदपेक्षा म केही होइन मेरो केही छैन-जुन क्रियाको परावस्थामा हुन्छ-अझ राम्रो छ ।"-

-जसको मनमा भगवत् प्राप्तिको इच्छा उदय भएकोछ, त्यसले कुनै न कुनै एक साधनपथको अवलम्बन गर्नेनै छ । साधनपथ अवलम्बन गर्नु त भयो, परन्तु भगवान् के हुन, भगवत् प्राप्ति भएपछि कस्तो अवस्था हुन्छ, भगवत् प्राप्ति कसलाई भनिन्छ, केही पनि जान्दैन । "श्री भगवान्लाई प्राप्त गर्नु छ"केवल यो सोचेर एक योगी गुरुलाई समातियो, उनले पनि संभवतः उसलाई उपयुक्त ठानेन तथापि कृपा गरी एक मार्ग देखाइदिनु भयो । त्यस बाटोमा गुरुपदेश अनुसार अभ्यास गर्न पनि थाले । परन्तु साधनाभ्यासको अवश्य पालनीय नियमहरु सही तरीका संग पालन गर्दैन, गर्ने इच्छा पनि हुदैन । जसो तसो नियम रक्षा गर्दै साधना गर्दै गैरहेकोछ, यसले विल्कुलै केही हुदैन यस्तो छैन । बेला बेलामा मन स्थिर हुन्छ, एक आधबार ज्योति दर्शन पनि हुन्छ, परन्तु यही सारात-सार परमाराध्या वस्तु हो, यस्तो कहिले कांही मनमा लागे पनि दृढ विश्वास हुदैन । यसैले समय समयमा तीर्थ भ्रमणार्थ जाने गर्दछ, देव देवीको दर्शन गर्दछ, परन्तु त्यहां

पनि केही शान्ति मिल्दैन । सोच्दछ, सन्सारमा मानिसहरुले यस्तो गर्दछन्, सम्भवतः भविष्यमा केही फल पाईएला, कतै त्यस फल देखि वंचित हुन नपरोस, अथवा देवताको स्थानमा नजानाले देवता रिसाउलान् अनि त्यसले मेरो केही सान्सारिक हानि हुन सक्तछ-यी आशंकाहरु देखि केही मिलोस या नमिलोस, देव मन्दिरमा गएर एक पटक सिर निहुराउछ र आउँछ । विषयको लोभ जादैन, विषय त्यागमा कुनै उत्साह पनि आउदैन, परन्तु धर्मको लागि आडम्बर गर्ने एक अभ्यास जस्तो भएको छ र त्यही गर्दछ पनि । बेला बखत आफ्नो अवस्थालाई पनि बुझ्दछ, तर अभ्यास छोड्न सक्तैन-यस प्रकृतिको उपासक भन्दा ज्ञानी उत्तम छन् । ज्ञानी अर्थात् जसलाई शास्त्रको ज्ञान छ, जसले शास्त्रमा पढेको छ-आत्मा के हो, आत्माको साथ मनको मनसँग शरीरको के सम्बन्ध छ, यस्तो एक एक गरी बुझेकोछ, उनको मनमा जब यस आत्मदर्शनको तीब्र अभिलाषा उत्पन्न हुन्छ, तब तिनीहरुले त्यस अनन्त रहस्यहरुले परिपूर्ण आत्मविषयक चिन्तामा मनोनिवेश गर्दछन् । यसको लागि सत्संग गर्दछन्, सत्शास्त्रको आलोचना गर्दछन् अनि अध्यात्म-मार्गमा पारदर्शी पुरुषहरुको उपदेश अनुसार साधन गर्दछन् । त्यतिखेर उनको चित्तमा यो कुरा सदा जाग्रत रहन्छन्-ब्रहम सवचिज हुन, परन्तु सबलाई देखेर मनमा तेस्तो केही तृप्ति त पाउदैनन् । तब के गर्ने त जसबाट अत्यन्त सूक्ष्म एवं दुर्ज्ञेय आत्माको बारेमा केही ज्ञान प्राप्त होस । द्रष्टाको स्वरुपमा अवस्थान नै त योग हो, तर द्रष्टाको सन्धान कसरी मिल्ला? तब विचारयुक्त अनुसन्धान थालिन्छ । उनको मनमा आउने गर्दछ-जुन नरहंदाखेरि केही पनि रहदैन, जसले सब दृश्य समूहलाई प्रकाशित गर्दछ र जुन रहंदाखेरि दृश्यसमूहको अनुभव हुन्छ, त्यही द्रष्टा के हो ? के त्यो द्रष्टा नै अभ्यन्तरस्थ ज्योति हो जसलाई गुरुले देखाउनु हुन्छ र देख्नुको उपाय बताउंदछन् । त्यस ज्योति प्रकाश नरहंदाखेरि कुनै वस्तुको पनि प्रकाश हुदैन, त्यही मेरो प्राण हो, त्यो नरहंदा खेरि मेरो मनले मनन गर्न सक्दैन, मेरो इन्द्रियहरुले विषय ग्रहण गर्न सक्दैन, मेरो स्त्री, पुत्र, कन्या, माता, पिता, भ्राता, इष्टमित्र, बन्धु, स्वजन-जसलाई म धेरै प्रेम गर्दछु, प्राणपनले जसलाई म चाहन्छु, ती सब त्यस ज्योतिकै रुप हुन । त्यस ज्योति रहेर नै प्राणको स्पन्दन हुन्छ, इन्द्रियहरु आफ आफ्नो विषयतिर दौडिन्छन्, मनमा नाना किसिमका सूक्ष्मातिसुक्ष्म विचार, अनुमान, संकल्प, विकल्पको तरंगहरु उठदछन् । गुरु द्वारा ज्ञात हुन जान्छ-त्यो ज्योति नै द्रष्टाको एकमात्र स्वरुप होईन, त्यो त मात्र एक अंश हो । उसको स्वरुप जान्नको लागि ध्यानको अगमतलमा डुबुल्की लगाउनु पर्नेछ । त्यो मात्र ज्ञेय छैन, 'विज्ञाता' हो । त्यस विज्ञानलाई जान्नुको कुनै करण छैन । जुन गुरुको उपदेश अनुसार साधनाभ्यासमा स्वयंलाई सर्वदा निरत राख्दछन्, तिनीहरुले उसलाई खालि आनन्दस्वरुपमा जान्न पाउंदछन् । त्यसलाई जानेर पनि त प्रकट गर्नुको कुनै उपाय छैन । यस्तो कुनै भाषा पनि छैन, जसमा उस्को वर्णन गरियोस, यस्तो बुद्धि पनि छैन, जुन बर्णन सुनेर त्यसको बोध गर्न सकियोस । प्रकृत योग तब प्राप्त हुन्छ जब द्रष्टाको स्वरुपमा अवस्थान हुन्छ । परन्तु जब योगको प्राप्ति हुदैन, तब द्रष्टा कहां रहन्छ अनि उसलाई कुन किसिमसित चिन्दछन् ?-यसको निम्ति योगदर्शनको समाधिपादमा एक सूत्र छ, त्यसमा भनेको छ-*"वृत्तिसारुप्यमितरत्र"*-अन्यत्र अर्थात् अयोग-अवस्थामा द्रष्टा वृत्ति समानरुपतालाई प्राप्त हुन्छ । त्यस्तै उपनिषदमा पनि छ-*"यदा द्वैतमिव भवति तदा इतर इतरं पश्यति"*-जब आत्मा द्वैत समान हुन्छ, तब त्यो अद्वितीय आत्मा द्रष्टा एवं दृश्य भावपन्न भएर एक भावमा द्रष्टा अनि अन्य

भावमा दृश्यरुपले द्रष्टाको बोधको विषय बन्दछ । तब फेरि यी जुन चित्तको नाना किसिमका वृत्तिहरु छन्, जुन शत-शत दृश्यरुपमा स्फुटित भैरहेकाछन्, यी सब दृश्यहरुमा कसले आफुलाई प्रकाशित गरिरहेकोछ ? जुन किसिमसंग समुद्रले आफुलाई सहस्रौं तरंगहरुको आकारमा प्रकाशित गरिरहेको छ ? जुन किसिमसंग समुद्र ले आफुलाई सहस्रौं तरंगहरुको आकारमा प्रकाशित गर्दछन उसरी नै यस दृश्यमान जगत्को रुपमा चित्तको नै विभिन्न प्रकाश या वृत्तिहरु छन, यस बाहेक त्याहाँ अरु केही छैन, त्यो द्रष्टाको प्रकाश मात्र हुन् । दृष्टि-मार्जन गरेपछि देखिनेछ-यस अनन्त रुपराशिको भित्र खालि एक सत्तामात्र आत्मा नै विराजमान छ, अरु केही छैन । *"या देवी सर्वभूतेषु वृत्तिरुपेण संस्थिता"*-त्यो ब्रहमशक्ति प्राण हो, त्यही जगत्को माता हुन, उसले नानारुपमा आफुलाई प्रकाशित गरिरहेकाछन्, समस्त वस्तुहरुको अस्तित्वको मूल तत्त्व उही हुन, अतयव कुनै वस्तु उसको सिवाय अरु हुन सक्तैन, उही जडचेतन रुपमा सजिएकोछ अनि द्रष्टाको रुपमा आफुलाई दृश्यदेखि पृथक् गरी देखाइरहेकोछ । यद्यपि अविद्यालाई यसको हेतु भनिएको छ- *"तस्य हेतुरविद्या"* तथापि त्यो अविद्या पनि उसैको एक अन्यरुप हो । तिनी महादेवी एवं महासुरी दुवै हुन । अविद्या नरहंदाखेरि यो जगत् लीला चल्दैन । अविद्या द्वारा स्वरुप आच्छादित हुन्छ, यसैले गर्दा मनुष्यले "म" लाई जान्न पाउदैन । यदि यो अविद्या आत्माको आवरण रुपमा एक पृथक वस्तु हुन्छ भने त कहिल्यै छुटने थिएन । आफुलाई जब जान्दछन् तब त्यो विद्या हो, जब जान्दैनन् तब अविद्या हुन् । यसै कारण आज जो अज्ञ छ आज जो बद्ध छ, भोलि त्यो 'विज्ञ' हुन जान्छन् विमुक्त हुन जान्छन् ।

यो त भयो आलोचनात्मक ज्ञानको कुरा । अब हेर्नुछ-'ज्ञान' को अपेक्षा 'ध्यान' कसरी श्रेष्ठ छ ।

"अभेद दर्शनं ज्ञानं ध्यानं निर्विषयं मनः"-

जीवात्मा एवं परमात्मामा अभेद छ, यो अभेद ज्ञान-धारण नै ज्ञान हो । मन विषयशून्य भए पछि अर्थात् मनमा जब संकल्प या दृश्य-पदार्थ भासित हुदैन, तबै त्यसलाई ध्यान भन्दछन् । ज्ञानमा स्वरुपदर्शन त हुन्छ, आत्माको अभेदभाव पनि बुझिनमा आउंछ, परन्तु ज्ञेयस्वरुपमा स्थिति हुदैन । त्यति बेला हामी कूटस्थ दर्शन गर्दछौ तथा विचार गर्दछौ-कूटस्थ नै मै हुं । यांहा मनको पूर्णनिर्विषयावस्था प्राप्त हुदैन, परन्तु स्वरुप दर्शन खुव हुन्छ । यस लाई देख्नाले के लाभ हुन्छ-

आपना चिनिले भ्रम जावेक तोमार;
जगत् देखिते पावे आपन प्रकार ।
आमाते जे वस्तुरुपे देह माझे आछे;
सर्वजीवे तदाकारे वस्तु बिहरिछे ।
अक्षय अव्यय वस्तु आछे सवै ठाई;
रामेर रमण छाडा कोन प्राणी नाइ ॥-आत्मबोध

सद्‌गुरु प्रसन्न भएपछि सत् शिष्यलाई यो देखाईदिनु हुन्छ -

ए हेन सद्‌गुरु जबे हन कृपावान;
शब्दातीत परब्रहम चक्षुते देखान ॥ -आत्मबोध ॥

आफुलाई चिनेपछि तिम्रो भ्रम मेटिन जानेछ, तब जगत्‌लाई हेर्दा खेरि आफ्नै किसिमको देख्नेछौ । मेरो शरीरमा जुन वस्तुरुपमा छ त्यो वस्तु तदाकारमा नै सबै जीवहरुमा विहार गर्दछ। त्यो अक्षय, अव्यय वस्तु सबै ठाउंमा छ, रामको रमण सिवाय कुनै प्राणी छैन । सद्‌गुरुले जब कृपा गर्नु हुन्छन त शब्दातीत परब्रहमलाई आखाँहरुलेनै देखाई दिनु हुन्छ । तब साधकले "श्यामरुपे राम देखे जगत् भरिया" रामलाई श्यामरुपमा सर्वत्र सन्सारमा भरीपूर्ण देख्दछन् । यहासम्म जे जुन भनियो, त्यो सब ज्ञान हुन् । यो प्रज्ञा साधकलाई गुरुप्रदत्त साधना द्वारा आफसेआफ हुन्छ । जब साधकको लागि यो ज्ञानगम्य हुन्छ, तब साधकको शरीर र मनमा जुन एक वैशिष्टय भाव प्रकटित हुन्छ, त्यसलाई नै 'योनिमुद्रा' भन्दछन् ।-

"मन्त्रार्थ मन्त्र चैतन्य योनिमुद्रा न वेत्ति यः"

मन्त्रको अर्थ एवं योनिमुद्रालाई जसले जान्दैन, त्यसले शत शतकोटि जपगरिरहे पनि मन्त्र चैतन्य लाभ गर्न सक्तैन । यही ज्ञानपूर्विका साधना हुन, यो अज्ञानपूर्वीका साधनाको अपेक्षा श्रेष्ठ त छ, परन्तु यसमा पनि क्रियायोग अपेक्षित छ ।

"तपः स्वाध्यायेश्वरप्रणिधानानि क्रियायोगः"-(योगदर्शन)-तपः एवं स्वाध्याय द्वारा जसबाट ईश्वर प्रणिधान सिद्ध हुन सकोस, यस भावबाट अनुष्ठित कर्मसमूह नै क्रिया योगको नामले अभिहित हुन्छ । तपः शब्द को अर्थहुन्छ तपोलोक या आज्ञाचक्र । यस आज्ञाचक्रमा नै 'स्व' को अर्थात् आत्माको अधिगम (साक्षात्कार) हुन्छ, त्यसमा नै सर्वदा स्थिति या आत्मसमर्पण गर्नुको नाम ईस्वर प्रणिधान हुन । यो इच्छाले मात्र हुन जादैन, यसको लागि क्रियायोगको अनुष्ठान गर्नु पर्दछ । क्रिया योगको सहायताले यसकिसिमको आत्मानुसन्धान कर्म सिद्ध हुन जान्छ । श्री श्री गूरुदेव भन्नु हुन्छ-यसको लागि १७२८ बार प्राणायामको अभ्यास गर्नु आवश्यक छ, यसैले मन निर्विषय हुनेछ र यही ध्यानावस्था हो । तब मन एकाग्र भएर पूर्ण निरोध तिर अग्रसर हुन्छ । योनिमुद्रा मा दर्शनरुप ज्ञानको अपेक्षा यो ध्यानावस्था उच्चतर अवस्था हो, किन भने यहाँ मनमा कुनै आन्दोलन हुदैन, विक्षेप विहीन मन स्थिर हुदै हुदै स्वरुप शून्य समान हुन जान्छन ।

यो स्थिरावस्था हो, परन्तु यो विशेष घन छैन, अपेक्षाकृत तरल छ, अल्प आयास या सामान्य कारणले त्यसको स्वरुपच्युति हुन्छ । यसैले यसको अपेक्षा पनि उच्चावस्था छ-सदा क्रिया गरेर फलाकांक्षारहित अवस्था प्राप्त हुनु । मन लगाई सर्वदा क्रिया गरे पछि नशाग्रस्त जस्तो एक अवस्था हुन्छ, त्यसमा आत्मकर्म बाहेक बाहिरी कर्मपनि गरिन जान्छन्, परन्तु कर्मको सिद्धि असिद्धिले मनमा कुनै उद्वेग हुदैन । यो जब अरु पनि झन गम्भीर एवं घनीभूत हुन्छ त क्रियाको परावस्था प्राप्त हुन्छ । त्यस दशामा न 'म'

रहन्छ नत 'मेरो'। यही सन्यासको अवस्था हो, यसद्वारा शीघ्र नै शान्ति मिल्दछ। यो अवस्था ज्ञानी अथवा ध्यानीलाई त हुन्छ नै, परन्तु जो अज्ञ छन, तिनीहरुले पनि यदि मन लगाएर गर्दछ भने त क्रियाको परावस्था प्राप्त गरी मनोनिवृत्तिरुप परमशान्ति प्राप्त गर्न सक्दछन्। मनोनिवृत्त भएपछि सारा वस्तुहरुदेखि बन्धन छिन्न हुन जान्छन्, तब कुनै पदार्थको लागि मनले दौडादौडी गर्दैन, यसरी उसको क्रियायोग या कर्म गर्नु हुन गयो, फलत्याग पनि हुन गयो॥

धेरै मानिसहरुको धारणा हुन सक्दछ-श्री भगवान्ले कतिपय श्लोकहरुमा (८-९-१०-११) एकको अपेक्षा दोस्रो लाई सहज मार्ग बताउनु भएकोछ, तर फलनिरुपणमा सबभन्दा निम्नस्तरको फललाई नै सर्वापेक्षा ठुलो भनिकन घोषित गर्नु भयो। तेसो भए के त वस्तुतः पूर्व-पूर्व मार्गको अपेक्षा पछिल्लो मार्ग अपेक्षाकृत सहज सरल छ? यदि यस्तो छैन भने त "त्यो गर्न सक्तैनौं त यो गर," यस्तो भन्नुमा कुनै सार्थकता रहदैन।

वस्तुतः कर्मफल-त्याग निकृष्ट छैन, त्यसको सहज साध्यत्व पनि प्रदर्शित भएको छैन। मनुष्यलाई चाहिन्छ के? शान्ति। यो शान्ति त्याग विना प्राप्त हुन सक्तैन। जबसम्म हाम्रो मन विषयहरुमा टांसिरहनेछ, तथा विषय ग्रहणको निम्ति लालायित भएर विषयहरुमा घुमिरहनेछ, तब सम्म उसलाई शान्ति मिल्न सक्तैन। यस दुःख या अशान्ति को मूल हुन् विषयसँग मनको संयोग। दुःख हेय अर्थात्परित्याज्य छ जसलाई हेय भनियो, त्यसको कारण निर्दिष्ट गरिईन्छन्। योगदर्शनमा लेखिएकोछ- *"द्रष्ट दृश्ययोः संयोगो हेयहेतुः"* द्रष्टा एवं दृश्यको संयोग नै हेयहेतु हो। दुःखको कारण जानिसकेपछि कारणलाई हटाएर दुःखको नाश गर्न सकिन्छ। द्रष्टा अर्थात् पुरुष अनि दृश्य अर्थात् बुद्धिसत्त्व र सारा दृश्य बुद्धिरुपलाई प्राप्त भएर पुरुषको दृश्यरुपमा सम्बन्ध युक्त हुन्छन्। वस्तुतः द्रष्टाको कहिल्यै पनि संयोग हुदैन, संयोगको केवल प्रतीति मात्र हुन्छ। यसको कारण अज्ञान नै हुन, यसैले अज्ञानलाई दूर गरे पछि द्रष्टा एवं दृश्यको संयोगको प्रतीति पनि हुदैन। जसलाई आत्म दर्शन हुन्छ, उसको अगाडि समस्त दृश्य वस्तुहरु आत्ममय हुन जान्छन्। यसैले पंचशिखराचार्य भन्नुहुन्छ-"तत्संयोगहेतुर्विवर्जनात् स्यादयमात्यन्तिको दुःख प्रतीकारः"-बुद्धिको साथ संयोगको हेतुलाई वर्जित गरेपछि दुःखको आत्यन्तिक प्रतिकार हुन्छ।

यसले स्पष्ट भयो-शान्ति नै जीवनको एकमात्र आकांक्षित एवं अत्यन्त प्रयोजनीय वस्तु हो। परन्तु त्यसलाई प्राप्त गर्नु त्यति सहज-साध्य छैन। जुन कारणहरुले गर्दा जीवलाई अशान्ति या दुःख प्राप्ति हुन्छ, त्यस को प्रतीकार गर्नु आवश्यक छ। यो प्रतीकार कसरि गरिन सकिन्छ? जुन दृश्यरुपमा प्रतीत भैरहेको छ, त्यो दृश्य होईन, आत्माहो-यो बुझ्नु पर्नेछ। विषयरुप दृश्य जुन सर्वदा अनुभूति भैरहेकोछ, त्यो सब बुद्धिको खेल हो। त्यस बुद्धिको प्रतिसंवेदी हुनुको कारण आत्मा विषयहरुको ज्ञातारुपमा अनुभूत हुन्छ। अविद्या या अज्ञानवश द्रष्टा एवं दृश्यको जुन एकत्र सम्बन्ध हुन्छ, त्यसबाट द्रष्टा र दृश्यसंग भोगरुप सम्बन्ध घटित हुन्छ। यो सम्बन्ध नष्ट भएपछि भोगको अवसान हुन जान्छ। प्राण आत्मा को विशिष्ट शक्ति हो, यो पहिले अनेक पटक भनिएकोछ, यो प्राण नै चंचल भएर मन रुपमा विषयलाई ग्रहण गर्दछ।

प्राणको साधनाले जब त्यो चांचल्य तिरोहित हुन्छ, तब संकल्पात्मक मन उपशान्त हुन जान्छ। यस अवस्थामा नै कर्म एवं त्यसको फलत्याग सम्भव छ। जुन कर्म हुन्छ त्यो प्राणको चांचल्यको कारणले हुन्छ। प्राणको भित्र अनादि वासना बीज निहीत छ, प्राण चंचल भएर मनरुपमा विषयको आकांक्षा गर्दछ। चंचल प्राण स्थिर भए पछि अव्यक्तमा मिल्न जान्छ, तब फेरि उसको कर्म हुन पाउदैन। अतयव यस अवस्थालाई प्राप्त योगीको कर्म एवं फल एकपटक परित्यक्त हुन जान्छन्। यस प्रकारको त्याग द्वारा नै निवृत्तिरुपा परमा शन्तिको उदय हुन्छ, तब साध्य एवं साधक एकाकारमा मिल्न जान्छन्। यस एकत्वको अवस्थामा कर्मको प्रवर्त्तक ज्ञान, ज्ञेय एवं ज्ञाता तथा कर्मको आश्रय कारण, कर्म र कर्ताको पृथक अस्तित्व रहदैनन्, त्यहां एकमात्र साक्षी स्वरुप कूटस्थ वर्तमान रहन्छ, अतयव आफसे आफ त्याग हुन जान्छन् यो 'त्याग' अत्यन्त नै आवश्यकीय वस्तु हो, प्रकृत त्याग पछि नै शान्ति लाभ हुन्छ। ध्याननिष्ठ चित्तविना यो त्याग क्रिया संसिद्ध हुदैन। जस लाई क्रियाको परावस्था भन्दछन्, त्यही हो त्याग। यो त्याग या परावस्था नै सर्व श्रेष्ठ प्राप्ति हुन। ध्यान द्वारा प्राप्ति हुनुको कारण एक किसिमसँग ध्यानको श्रेष्ठता त हुन्छ, परन्तु परावस्था ध्यानावस्था भन्दापनि अधिक शान्तिमय अवस्था हुन। यसैले फलरुपमा परावस्थाको नै श्रेष्ठत्व देखाईएकोछ। त्यसमा 'म'-'मेरो' भाव रहदैन, अतयव कर्म, कर्ता या उनको पारस्परिक संयोग पनि रहदैन। यो अवस्था प्रतिदिन भक्तिपूर्वक क्रिया गर्नाले आउंदछ। क्रिया द्वारा यो ध्यानावस्था प्राप्त हुन्छ, यसैले जुन क्रियाले ध्यानावस्था ल्याईदिन्छ त्यही सर्वतोभावेन प्रशंसनीय छ। क्रियाको अपेक्षा ध्यानावस्था राम्रो यस कारणले छ-क्रिया गरिरहेको वेला मन रहन्छ अनि मनसँगै विक्षेप भाव पनि रहन्छ।तब चित्त को उपराम प्राप्त हुदैन, यसले क्रिया खुब तृप्तिकारक या आनन्दप्रद जानिदैन या लाग्दैन। क्रिया द्वारा जब प्राण स्थिर हुन जान्छ अनि त्यसको साथै मनको जुन स्थिरता एवं एकाग्रता प्राप्त हुन्छ-त्यो अवस्था अतिशय वांछनीय एवं तृप्तिजनक लाग्दछ। अतयव क्रियाको अभ्यासले मनको विक्षेपशून्य अवस्था अधिक उपयोगी छ, अतः अभ्यास र क्रिया को ज्ञान भन्दा ध्यान श्रेष्ठहुन्छ। ध्यानबाटै फलत्याग हुन्छ अर्थात् आशा एवं वासना मिट्न जान्छन्। ध्यान गंभीर भए पछि क्रियाको परावस्था रुप जुन अवस्था प्राप्त हुन्छ, त्यसमा कुनै विषयको वासना रहदैन अनि चित्तको यस वासना विरहित अवस्था देखि चित्त ध्येयाकारमा मिल्न जान्छ, यसको अपेक्षा परम शान्ति जनक अवस्था दोस्रो छैन। अब सारा साधनाको कुरा अरु पनि संक्षेपमा भन्दछु। (१) 'ममानै मनलाई स्थिर गर, मैमा बुद्धि निविष्ट गर'-यही श्रीभगवान्को उपदेश हुन साधना गर्दा गर्दा साधकले जबसम्म आफ्नो मन बुद्धिलाई आत्माको भित्र प्रविष्ट. गरी निश्चिन्त हुन जाँदैन तबसम्म यो मान्न सकिन्न-त्यसले साधनामा आशाजनक उन्नति गरेकोछ। जसले यसमार्गमा यथार्थ उन्नति प्राप्त गरेकोछ, उनिहरुको भगवान्मा आत्मसमर्पण प्रधान लक्षणको रुपमा प्रस्फुटित भै उठदछ। भगवान्को अस्तित्वमा उनको दृढ विश्वास हुनुको कारण उनलाई कहिल्यै भय हुदैन, उनको अनवद्य चरित्र बलको अगाडि जनसमाजको शिर अवनत हुन जान्छन्। उनिहरुको सदा ध्याननिष्ठ चित्त कहिल्यै विषयचिन्तन द्वारा कलुषित हुदैन।

क्रियाको परावस्था हुनु विना कसैको मनःबुद्धि श्री भगवान्मा वस्तुतः अर्पित हुन सक्तैन। भगवद् अर्पित चित्तमा साधकको मनको कल्पना या बुद्धिको मलिनता रहदैन। क्रियाको परावस्थामा स्वभावतः मन एवं

बुद्धि स्थिर हुन जान्छन् । तब त्यसद्वारा कुनै सांसारिक कार्यक्रम विलकुलै हुन सक्तैन । यस्तो कुरा त छैन अनि यो पनि होइन कि व्युत्थित दशामा ठीक सांसारिक मनुष्य समान आसक्त भएर काम गरोस् । यदि कसैले यस्तो गर्दछ भने त बुझ्नु पर्दछ-उसको बुद्धि अझै पूर्णरुपले आत्मामा आविष्ट भएकोछैन । क्रियाको परावस्थामा जो रहन्छन, ती स्थिरबुद्धि सम्पन्न उन्नत साधकहरुमा एक किसिमको सूक्ष्म आभ्यान्तरिक शक्तिमय संस्कार शून्य चित्त उत्पन्न हुन्छन् अनि त्यस द्वारा जुन वृत्तिहरुको उदय हुन्छ या उनबाट जुन कर्म गरिन जान्छन, त्यसमा धर्म अधर्म या उभयात्मक कुनै संस्कार रहदैन । त्यही योगीको निर्मल चित्त हुन, यो समाधि स्थिति देखि उत्पन्न हुन्छ । यस किसिमको ध्यानज चित्त काम्यकर्मादि संस्कार-दुषित चित्त भन्दा विल्कुलै भिन्न हुन्छ । सर्वसाधारणको चित्त कर्माशय देखि उत्पन्न हुन्छ, योगीको चित्त कर्माशय देखि रहित हुन्छ । यस किसिमको चित्तमा अनेक प्रत्यय रहदैनन्, त्यो सतत् एकमुखी हुन्छ । अतयव त्यसदेखि सर्व किसिमको भेदज्ञान तिरोहित हुन जान्छन् । यस किसिमको ध्यानज चित्तमा संसार को कुनै संस्कार पर्न सक्तैनन् । कैवल्य स्थितिको लागि साधकहरुलाई यस किसिमको चित्तको आवश्यकता हुन्छन । यस अवस्थामा नै बुद्धि लाई निःशेषरुपले क्रियाको परावस्थामा आविष्ट गरिइन सकिन्छन् । तब उसलाई "आपनार नाम मोर नाहि पडे मने" अर्थात् आफ्नो नाम पनि याद रहदैन । यसकिसिमको भावले युक्त साधकप्रवरको स्थिर प्राण सहस्रारमा निःशेषरुपले स्थित भएर शिवशक्तिसमरस भावापन्नहुन जान्छन् अर्थात् प्राण आत्मामा निमज्जित भै एक हुन जान्छ । यसै कारण श्री भगवान्ले भन्नु भएकोछ *"अत ऊर्ध्व मय्येव निवसिष्यसि"*-साधना द्वारा प्राणलाई ऊर्ध्वमा अर्थात् सहस्रारमा राखेपछि साधकले अभय परमपद लाभ गर्दछ र मैमा नै रहन्छ । यस किसिमको स्थिति जसको हुन गएकोछ, त्यसले नै आफ्नोउद्धार आफैले गर्न सक्दछन् ।

(२) त्यस पछि भन्नुहुन्छ-यदि यस किसिमसित चित्त समाधान गर्न सक्दैनौ अर्थात् यत्तिको स्थिर हुन सक्दैनौ भने त क्रिया अभ्यासलाई खुब बढाउदै जाऊ । दीर्घकाल सम्म मन लगाएर धेरै धेरै बेर सम्म क्रिया गरेपछि प्रांणको स्थैर्य साधन हुनेछ, अनि त्यो स्थिरता विस्तार विस्तार बढदै क्रियाको परावस्थामा प्रवेश गर्नुको सामर्थ्य प्राप्त हुनेछ ।

(३) यदि यस किसिमसित अभ्यास गर्नमा समर्थ हुदैनौ या समय मिलेको छैन, ता पनि निराश नहोऊ । मन लगाएर अलि अलि अभ्यास गर्दै रहु र यस निरन्तर प्रवाहित प्राणधारा तिर लक्ष्य राख यो सबै समय र सबै अवस्थाहरुमा गर्न सक्दछौ । यसकिसिमको लक्ष्यको फलस्वरुप मन स्थिर हुन जानेछ, क्रमशः बहिर्जगत्मा मन रहनेछैन, तिम्रो आफ्नै नामरुप पनि याद रहने छैन । यस द्वारा अन्ततः यही हुनेछ-तिम्रो आफ्नो कुनै इच्छा रहने छैन र प्रवाहवत् कर्म गर्दै जानेछौ । कर्मको शुभाशुभ फल तिर दृष्टि रहने छैन । यसरी सबैकामहरु गरेर पनि मन बद्ध हुने छैन । तिमी अनायासै सन्सार सागर पार हुन जान सक्नेछौ । उपयुर्क्त द्वितीय अभ्यास गर्नेवाला योगीको समान तिमीलाई हुन सक्छ-योगविभूति प्राप्त नहोला पनि परन्तु जीवनको जुन सर्वप्रधान लक्ष्य-आत्माराम हुन जानु हो-त्यो प्राप्त हुनेछ ।

(४) पुर्वोक्त साधकको चित्त अन्तमा स्थिर एवं एकाग्र भै त्रिकुटीमा प्रवेश गर्न सक्तछ र उसलाई सिद्धावस्था पनि प्राप्त हुन सक्दछन् । परन्तु जुन मानिसहरु यसकिसिमको साधनामा पनि असमर्थ छन, उनिहरुलाई श्री भगवान् भन्नु हुनछ-"तिमीले चित्त संयम गरी सब कर्महरुको फल त्याग गर्दै मेरो शरणापन्न होऊ" । फलको आशा त्याग गरी अल्प साधना गर्दाखेरि पनि आशातीत सफलता मिल्दछ । यसमा थोरै प्रयत्नले पनि चित्त स्थिर हुन जान्छन, चित्त स्थिर भएपछि नादध्वनि उत्थित हुन्छ, त्यस नादसँगै चित्त वृत्ति पनि लय हुन जान्छन्, अतयव इन्द्रियहरु संयत हुन्छन र मनमा संकल्यको तरंग उठदैन । विश्वरुप दर्शन हुनु समान अवस्थाको प्राप्ति भएपछि साधकले उपर्युक्त चारकिसिमको साधनाहरुमा कुनै पनि एक साधना आफ्नो अवस्था अनुकुल चुन्न सक्दछन्, त्यसैमा उसलाई भगवद् प्राप्ति हुन जानेछ । परन्तु त्यो अवस्था प्राप्त हुनु विना यी चारैमा कुनै सहज सरल साध्य छैन । चित्त संयम गरी अनि फलाकांक्षा रहित भएर साधना गर्नु कुनै साधारण कर्म होइन । सर्वसंकल्पत्याग या इच्छारहित हुनु समाधि अवस्थामा नै हुन सक्छ । इच्छारहित अवस्था त्याग को अवस्था हो, त्यसमा परम शान्ति प्राप्त हुन्छ । यस शान्ति को प्राप्तिको लागि योगीहरु प्रत्याहार, धारणा, ध्यान एवं समाधिको अभ्यास गर्ने गर्दछन् । उत्तम प्राणायाममा १२ ले प्रत्याहार, १४४ ले धारणा, १७२८ले ध्यान अनि २०७३६ ले समाधि हुन्छ । योनि मुद्रामा कूटस्थको ज्ञान हुन्छ, ज्योतिदर्शन हुन्छ र नाना किसिमको अलौकिक वस्तुहरुको पनि ज्ञान हुन्छन् , परन्तु मनको उपराम या शान्ति तदपेक्षा वांछनीय वस्तु हुन, यो अवस्था नभएपछि आत्मसाक्षात्कार हुदैन, हृदयरोग पनि नष्ट हुदैन । प्राणायाम द्वारा प्राण स्थिर भएपछि योगीले यस शान्तिमय पदको अनुभव गर्दछन्। अतयव योनिमुद्राको अपेक्षा प्राणायाम धेरे गर्नु नै विशेष फलप्रद छ, परन्तु उत्तम प्राणायाम हुनु पर्दछ। प्राणायाम उत्तम हुदा खेरि १ घंण्टामा ८० पटक गरिन जान सक्दछ । मध्यम प्राणायाममा १ घंटामा १०० बार एवं तृतीय श्रेणीको प्राणायाम घंटामा १२० देखि १५० बार हुन्छ । चतुर्थ श्रेणीको प्राणायाम १ घंटामा १७५ देखि २०० या यसभन्दा पनि अधिक हुन सक्दछन् ॥

प्रत्याहार-उत्तम प्राणायाम १२ पटक गर्नाले प्रत्याहार हुन्छ । प्रत्याहार हुनासाथै रुप रसादि विषयहरुको साथ इन्द्रियहरुको संयोग छुटन जान्छन् । प्राणायाम द्वारा प्राण जति जति स्थिर हुन्छ, चित्तपनि त्यति कै परिमाणमा स्थिर हुन्छ अनि चित्तको स्थिरता संगै इन्द्रियहरु पनि त्यसरी नै चित्तनिरोध साथ निरुद्ध हुन जान्छन् । चित्तको एकाग्रको साथै विषयहरुमा इन्द्रियहरुको प्रवृत्ति बन्द हुन जान्छन् । *जैगीषव्यको मतले इन्द्रियजयको यही सर्वोत्कृष्ट उपाय हो ।*

धारणा-प्रत्याहार पछि १४४ बार उत्तम प्राणायाम द्वारा धारणा हुन्छ । धारणा अर्थात् अभीष्ट लक्ष्यमा चित्तलाई संस्थापित गर्न सक्नु । मन स्वभावतः एक वस्तुमा धेरैबेर सम्म टिक्न सक्तैन । जब मनलाई कुनै एक विषयमा लगाइदिने सामर्थ्य आउंदछ भने त त्यसलाई 'धारणा' नाम दिइन्छ । प्राणायामको बेला आध्यात्मिक देशहरु-(मेरुदण्डस्थ चक्रआदि) मा बारम्बार भावना गर्नु पर्ने हुन्छ भावना गर्दै गर्दै चित्त तत्तत् देशमा बद्ध हुन जान्छन् , यही वस्तुतः धारणा हो । प्राणायाममा अभ्यास हुनु विना यी आध्यात्मिक देशं हरुमा चित्त आवद्ध हुन सक्तैन । यी आध्यात्मिक देशहरुमा धारणा ले अलौकिक दर्शन श्रवणादि विभूतिहरु आएर उपस्थित हुन्छन ।

ध्यान-१७२८ वार उत्तम प्राणायामले ध्यानावस्था प्राप्त हुन्छ। प्रत्यय को एकतानता नै ध्यान हो। धारणाको समय चित्त अभीष्ट स्थानमा या ध्येय विषयमा बद्ध त हुन्छ नै, परन्तु त्यो विभिन्न प्रत्ययहरु द्वारा क्षण क्षण मग्न भैरहन्छन्। ध्यान को समय प्रत्ययको एकतानता हुन्छ अर्थात् एक जातीय प्रत्यय धारा अखण्ड प्रवाहमा वगिरहन्छन्। ध्यानावस्थामा चित्त खुव प्रशान्त एवं आत्मविस्मृत जस्तो हुन जान्छ। धारणाको भाव गम्भीरता हुन गए पछि त्यसलाई ध्यान भन्दछन्।

समाधि-२०७३६ बार प्राणायाम द्वारां समाधि लाभ हुन्छ। ध्यान अतिशय प्रगाढ भएपछि चित्त ध्येयाकारमा अवस्थित हुन्छ, ध्यातालाई आत्मविस्मृति हुन जान्छ, ध्येय विषयको साथ ध्याता मानो एक हुन जान्छ। चित्तको यस किसिमको असीम धैर्यलाई समाधि भन्दछन। समाधि अवस्था विना आत्मसाक्षातकार हुनु असम्भव छ। श्रुति भन्दछन्- *"समाहितो भूत्वा आत्मन्येवात्मानं पश्येत्"*-समाहित भएर आफ्नै भित्र-स्थिर चित्तको भित्र नै-आत्माको अनुभव गरिन जान्छ। ॥१२॥

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ;
निर्ममो निरहंकारः समदुःख सुखः क्षमी ॥१३॥

श्री धरीय टीका-[अतिशीघ्र परमेश्वर कृपा प्राप्तिको हेतु-स्वरुप धर्मलाई आठ श्लोकहरुमा भन्नु हुन्छ -(त्यो व्यष्टि) सबै भूतहरु प्रति यथायोग्य क्रमले अद्वेष्टा, मैत्र एवं करुण हुन्छ अर्थात् उत्तमको प्रति-शून्य, समअवस्थापन्न प्रति मित्रभावापन्न एवं हीन प्रति कृपालु हुन्छ। 'निर्मम' अर्थात् 'म'-'मेरो' अभिनिवेशले रहित एवं निरहंकार हुन्छ, कृपालु हुनुको कारण अन्य मानिसहरुको साथ उसलाई सुख दुःखको समान बोध हुन्छ, त्यो क्षमी अर्थात् क्षमाशील हुन्छ ॥१३॥

आध्यात्मिक व्याख्या-"कसैसँग द्वेष गर्दैन-नशावाजलाई-द्वेष नै के? सबलाई नै आफु समान कूटस्थरुप देखे र जसबाट क्रिया मा उन्नति होस त्यो गर म केही होईन मेरो केही छैन क्रियाको परावस्थामा रहिकन, किनभने अहंकार त्यतिखेर रहदैन-नशा मात्मा सुख दुःख समान-कोही केही बोल्दछन भने पनि 'बोल्न देऊ' भनेर क्षमा गर्दछ अर्थात् वास्ता गर्दैन-जस्तो ढोकाको क्रिंचक्रोंच ध्वनि"

-यस श्लोक देखि यस अध्यायको अन्तिम श्लोक सम्म भगवद्भक्त एवं ज्ञानीको जुन लक्षण स्फुटित हुन्छन् त्यस बारेमा भन्नु भैरहेछन्। "अविच्छिन्न आत्मरतिरुप पराभक्ति एवं अपरोक्ष ज्ञानमा वस्तुतः कुनै भिन्नता छैन।" सर्वापेक्षा प्रिय वस्तु आत्मा नै छ, ज्ञानी भक्त भगवान् को आत्मा हुन, अतयव तदपेक्षा उनको प्रिय वस्तु अरु कुनै हुन सक्तैन। परा भक्तिको लक्षण पनि ठीक यही छ। जसको आत्मरति अविच्छिन्न धारामा अनि अप्रतिहत भावले बहन्छ, त्यो आत्मासँग सदा नै योगयुक्त हुन जान्छ। यसैले यस किसिमको भक्त एवं ज्ञानी मनुष्य समभावापन्न हुन्छन, उनको आन्तर एवं बाह्य लक्षण पनि एकै समान हुन्छन्, अथवा समानरुपसँग प्रस्फुटित हुन्छन्। परन्तु गौणी भक्तिलाई यदि प्रकृत भक्ति भनौं तथा परोक्षज्ञान प्राप्त गरी यदि कोहीले ज्ञानीको आसन माथि अधिकार गरी वस्दछन् भने त उनिहरुको बीचमा

फेरि वादविवादको सीमाना रहने छैन । जसको चित्त को गठन जस्तो हुन्छ त्यसले यी लक्षणहरुलाई तदनुरुप नै देख्ने गर्दछन् । यसैलाई लक्ष्य गरी ज्ञानी शंकराचार्यले भन्नु भएकोछ -"तस्मादक्षरोपासकानां सम्यग्दर्शननिष्ठानां संन्यासिनां त्यक्त सर्वैषणानां 'अद्वेष्टा सर्वभूतानां' इत्यादि धर्मपूगं साक्षात् अमृतत्व कारणं वक्ष्यामीति प्रवर्त्तते"-यसैकारण जो अक्षरोपासक छन्, जसले सर्वकामनाहरुलाई परित्याग गरेकोछ, जो सम्यगद्दर्शननिष्ठ छन तथा जो संन्यासी हुन, उनिहरुमा साक्षात् अमृतपद प्राप्तिको उपायभूत जुन सद्गुणहरुको उदय हुन्छन्, त्यसलाई बताउनको लागि नै यांहा श्रीभगवान् प्रवृत भैरहेछन् । भक्त श्रीधर स्वामीले यस श्लोकलाई लक्ष गरी भन्नु हुन्छ-"भक्तलाई शीघ्र नै परमेश्वरको प्रसन्नताको हेतु स्वरुप जुन धर्म (गुणसमुह) स्फुटित भै उठदछन्, आठश्लोकहरु द्वारा उनलाई नै व्यक्त गरिरहेका छन ।"

यी दुवैको लेखन शैली हेर्दा खेरि ज्ञात हुन्छ-ज्ञान एवं भक्ति एकै वस्तु हुन, कसैले त्यसलाई ज्ञान भन्दछन् भने कसैले भक्ति । भक्तलाई ज्ञान हुदैन या ज्ञानीलाई भक्ति हुदैन, यो कुरा सर्वथा अविश्वसनीय छन् । जे होस, म यस्लाई भक्ति नै भन्दछु, किनभने भगवान्ले भक्त शब्दको नै व्यवहार गर्नु भएकोछ ।

कुन लक्षणहरु देखि भक्तहरु चिनिन जान्छन, श्री भगवान्ले यही बताउनु भैरहेकोछ । (१) उसले कसैसँग द्वेष गर्दैन, किनभने भगवद् भजन (क्रिया) द्वारा उसको मन नशाले नशाबाज जस्तै हुन जान्छन, त्यो आफ्नै भावमा आफै मतापिएर वसिरहन्छ, कसले उसलाई गाली गर्‍यो या अनिष्ट गर्‍यो, यसको लागि कसैमाथि रिसाउने या कसैलाई दण्ड दिने कुरा उसको मनमा आउदैन । उसको मन जहाँ रहन्छ, त्यहा दुःख बोध हुने संभावना नै हुदैन, यसैले उसलाई दुःख बोध हुदैन, जसले उसलाई दुःख दिन्छ उसलाई दण्ड दिनमा पनि व्यस्त हुदैन ।

(२) उस्को बाह्य ज्ञान फर्केर आउंदा पनि उसले अन्य जीवहरुलाई कूटस्थ देवको रुपमा नै देख्दछ, यसैले सबैको प्रति उसको स्नेहदृष्टि एवं प्रेम दृष्टि हुन्छ । त्यसले शत्रुलाई पनि प्रेम गर्दछ, किनभने उसले जानेको हुन्छ उसको 'मै' पनको जुन कारण छ, त्यही राम-श्यामको राम-श्यामकत्व को पनि कारण हो । अतयव वास्तविक दृष्टिमा सबै एकै बस्तु हुन, यसै कारण सबै प्रति उसको मित्रता हुन्छ-अरु दुःखी छन, बरु झन त्यस दुःख लाई आफ्नै सम्झेर प्रतिकार गर्दछ ।

(३) त्यो अति करुणापूर्ण हुन्छ । जब त्यो ध्यान या समाधिमा निश्चेष्ट भएर बसिरहन्छ, तब बहिर्मुखी मानिसहरुले सम्झन्छन्-अर्काको टाउकोमा भोजन गर्दछन, कसैको कुनै काम गर्दैन, चुपचाप वसी बसी अल्छी भएर कालक्षेप गर्दछन् । परन्तु ती अज्ञ मानिसहरुले जान्दैनन्-त्यस परम भाव मग्न योगीको ब्रहम भावापन्न एवं यतचितात्म भाव कति विराट एवं विश्वव्यापक छ ! उनको शान्त समाहित चित्तको स्निग्ध शीतल किरण-कण-राशिले कति कति अगणित शोक ताप दग्ध जीवहरुको सन्तापलाई हरण गर्दछन् ! कतिकति पथभ्रष्ट दुर्बल साधकहरुको चित्तमा उस्ले बल संचार गर्दछन । व्युत्थित दशामा कति कति पाप हत जीवहरुको पाप कालिमा आफ्नै हातले दूर गरी भीत एवं सन्तप्त जीवलाई अभयदान दिन्छन् र उनलाई उनको गन्तव्य मार्ग देखाईदिन्छन ! जसबाट उसको साधनामा सुविधा होस, त्यसले राम्रोसँग साधना गर्न

सकुन्, साधनपथमा उन्नति गर्न सकुन्, यस किसिमको शास्त्र सम्मत अनेक उपायहरुलाई निर्देश गरिदिन्छन् । भव व्याधि देखि अत्यन्त कातर अनेक असमर्थ आतुर मानिसहरुलाई उसले भवरोगको औषधि देखाईदिन्छन् ॥

(४) त्यो निर्मम हुन्छ अर्थात् कुनै विषयमा उसको ममता या आसक्ति हुदैन । कुनै बाह्य बस्तुले उसको मन हरण गर्न सक्तैन, किनभने त्यो सर्वदा क्रियाको परावस्थामा अनि परावस्थाको परावस्थामा रहन्छ, यसैले 'म' केही होइन, मेरो केही छैन'-यस भावमा निमग्न हुनुको कारण कुनै वस्तुमा उसको ममत्वबोध हुदैन । त्यो व्युत्थित अवस्थामा जगत्को विविध सम्बन्धहरुलाई चित्तको कल्पना मात्र जानेर सर्वत्र ममताशून्य हुन जान्छन् । ममताशून्य भएर पनि त्यो निर्दयी पुरुष समान कठोर हुदैन । उसको मन प्राण अति नै कोमल हुन्छन् । सन्सारको साधारण मानिसहरु जस्तो आफ्नो या आफ्नो पुत्र कन्या को दुःखले कातर भै उठदछन्, अर्काको दुःख लाई देखेर त्यस्तो कातर हुदैनन् । परन्तु देहात्मबुद्धि नहुनुको कारण उसले सबैलाई एकै आंखाले हेर्दछन, त्यो जस्तो आफ्नो पुत्रको दुःखले अभिभूत हुदैन, उसरी नै अरुको दुःखलाई देखेर पनि मोहाभिभूत हुदैन, परन्तु आफ्नो पुत्रलाई तथा अरुलाई पनि समभावले दुःखको प्रतिकारको उपाय बताईदिन्छन् ।

(५) त्यो निरहंकार हुन्छ-'अहं-भाव उसको हुदैन । देहादिमा 'अहं बुद्धि' नै अज्ञान हो त्यो सदा आत्मस्वरुपमा ज्ञानस्वरुप मा प्रतिष्ठित रहन्छ । आत्मा देखि बाहिर कुनै वस्तुलाई देख्न पाउदैन, जे जति देख्दछ सबलाई आत्माकै रुप सम्झन्छ । अतयव देहात्म बुद्धिवश जुन किसिमसँग अज्ञानीलाई पृथक 'अहं' को ज्ञान हुन्छ, उसलाई यस किसिमको अहंकार हुदैन । सबै वस्तुहरुलाई आत्मा देखि आत्मासँग अभिन्न रुपमा देख्नुको कारण उसको अगाडि दृश्य प्रपंच हुदैन, अनि अहंकार किन गर्लान ?

(६) त्यो सुख दुःखमा सम हुन्छ-किनभने उसको मन कूटस्थमा लक्ष्य गरी तन्मय हुन जान्छ, अतयव सुखमा उसलाई सुखबोध हुदैन, अनि दुःख देखेर पनि त्यो विचलित हुदैन । *"कः शोकः को मोहः एकत्वमनुपश्यत्"* -एकै वस्तुको जस्लाई अनुभव भैरहेकोछ, उसलाई शोक-मोह कसरी होला ? व्युत्थित अवस्थामा सुख दुःखादि भए पनि त्यसलाई प्रारब्धको खेल बुझेर योगी मुग्ध हुदैनन्, यसलाई स्वप्नबोध समान सम्झिकन उस्ले तितिक्षाको सहारा लिन्छन् ।

(७) त्यो क्षमी हुन्छ-कसैले यदि अकारण तिरस्कार गर्दछन् त त्यसले उस्लाई क्षमा गरिदिन्छ ।उसले बुझ्दछ -अरुहरुले उसलाई आफआफ्नो स्वभाववशै तिरस्कार या ग्लानि प्रदान गर्दछन् । स्वभाव अपरिहार्य छ, अतयव उसले कसैमा दोष देख्दैन । ढोकाको चरचराहट जस्तो स्वाभाविक हुन्छ, त्यसबाट जस्तो कुनै उद्विग्न हुदैन, त्यसरी नै य्रोगीले 'भन्नदेउ' भनेर अरुद्वारा गरिएका अपराध या गालीवर्षण लाई विना क्लेशले सहन गर्दछन्, त्यसको केही वास्ता अथवा परवाह गर्दैनन् ॥१३॥

सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः;
मय्यर्पित मनो बुद्धिर्यो मद्भक्तः स मे प्रिय ॥१४॥

श्री धरीय टीका-लाभ एवं अलाभमा जो सर्वदा सुप्रसन्न चित्त छन, योगी अर्थात् अप्रमत्त छन, यतात्मा अर्थात् संयतस्वभाव, दृढ निश्चय अर्थात् मेरो विषयमा जसलाई दृढ निश्चय छ अनि जसद्वारा मन एवं बुद्धि मैमा अर्पित छन, त्यही मेरो भक्त हुन, त्यही मलाई प्रिय छ ॥१४॥

आध्यात्मिक व्याख्या-"सर्वदा मनमा सन्तुष्ट-आफु आफै क्रियाकोपरावस्थामा रहेर-किनभने आत्मा अडकिरहन्छ राम्रोसँग र निश्चय रुपले-ममा जसलेमनलाई क्रिया पछि स्थिर गरी अर्पण गरिदिएको छ, अर्थात् अन्य विषयमा आसक्तिपूर्वक दृष्टि गर्दैन-जसलाई यो अवस्था आफसेआफ हुन्छ जहाँ बुद्धि स्थिर गरी अर्पण गर्दछ -त्यो पनि आफसे आफ हुन्छ-जसलाई गुरुवाक्य विश्वास गरेर भएको छ-त्यो मेरो प्रिय अर्थात् रुपमा यो सिवाय अरु केही जान्दैन ।"(८-९)

उपर्युक्त गुणहरुले युक्त भक्त नै मलाई प्रिय छन् । जसले मेरो भजन गर्दछ, जसले मलाई प्रेम गर्दछ अर्थात् मलाई चाहन्छ त्यही भक्त हुन । भक्त साधकहरुको साधना-पथ नाना किसिमका हुन सक्तछन । कसैले ज्ञानालोचना द्वारा, कोही योगाभ्यास द्वारा उनको आराधना गर्दछन् । अर्थात् उनको समीपमा जान चाहन्छन् । यद्यपि आत्मा या भगवान् हामी सबैको भित्र छन, त्यो सबैको अन्तरको अन्तरतम हुन, तथापि बिना उपासनाले कसैलाई भगवद् दर्शन हुदैन । प्रश्न हुन सक्छ "जब त्यो सर्वव्यापी एवं सर्वभूतहरुको भित्र बाहिर विद्यमान छन् भनेत उनको उपासना गर्नुको आवश्यकता किन हुन्छ ? यसको उत्तर योगी याज्ञवल्क्यले दिनु हुन्छ-

"गवां सर्पि शरीरस्थं न करोत्यंगपोषणम् ;
निःसृतं कर्म संयुक्तं पुनस्तासां तदौषधम् ॥
एवं सहि शरीरस्थ सर्पिवत् परमेश्वरः;
विना चोपासना देव न करोति हितं नृषु ॥"

गाईको दुधमा घ्यु रहन्छ, परन्तु त्यो घ्यु गाईको शरीर भित्र रहेर पनि उसको अंगादि पुष्टि या क्षतादिको उपशम गर्दैन । गाईको शरीर देखि दुध निकालेपछि मन्थनादि द्वारा त्यसबाट नौनी निकाल्दछन्, तब त्यो मकखन उसको लागि औषधिरुपमा व्यवहृत भएर आरोग्यप्रद बन्दछ । यसरी नै परमेश्वर सबैको शरीर भित्र भएर पनि उपासनारुपी मन्थन विना-(तदुत्पन्न शान्तिरुप नवनीत जबसम्म बाहिर निस्कदैन तबसम्म) मनुष्यहरुको लागि हितकारी हुदैन । अर्थात् त्यो देहिको अन्तरस्थ भए पनि उसको भव दुःखलाई नष्ट गर्देनन्, जबसम्म उपासनारुप उपायको अवलम्बन गर्दैन ।

उपासना गर्नु पर्दछ यसको कारण यो छ कि हामी शास्त्र या विचार द्वारा भगवान् या आत्मालाई केही न केही त बुझ्न सक्दछौ, तर उनको ठिक परिचय मिल्दैन, किनभने जसद्वारा बुझ्नु छ, त्यो मन-बुद्धि भूत ग्रस्त छन् । भूत भगाउनु विना त्यस मन द्वारा ईश्वर-प्राप्ति हुन सक्तैन । मन यति यति विक्षिप्त एवं चंचल छ अनि उसको विषयानुराग यति प्रबल छ-उसलाई जति नै संझाए पनि त्यसले विषय छोडन सक्तैन । यसैले उपासनाको आवश्यकता छ । उपासना एक किसिमको अभ्यास हो । विचार द्वारा मैले भगवदुपासनाको सार्थकतालाई त बुझें पनि, तर जब उपासना गर्ने समय देख्दछु-

माला तो करमे फिरे जीभ फिरे मुख माँही,
मनुवां तो चहुँदिस फिरे यह तो सुमिरन नाही ॥

यस किसिमसँग माला फेर्नाले, नाम लिनाले या फुस फुस गर्दै साँस तान्नाले केही हुने छैन । उपासना हो उनको समीपस्थ हुनु । जब हाम्रो मन बुद्धिले अरु कुनै विषयलाई ग्रहण नगरी एकान्तभाव सँग केवल उनको नै स्मरण गर्दछन् तब उपासना हुन्छ अर्थात हाम्रो मन बुद्धि उनको नजिक गएर बस्दछ अनि त्यस उपासनाको फल परमशान्ति प्राप्त गर्दछ । यो मन एकैपटक उनितिर प्रबृत भएर आत्मविस्मृत हुँदैन । जसरी भ्रमरले फल फुलमा मधुग्रहण गर्दै भटकिरहन्छ, त्यसरी नै मनको स्वभाव छ रस ग्रहण गर्नु । आशै आशाले एक विषय देखि दोस्रो विषयमा दौडिदिनु । जसको स्वभाव यसकिसिमसँग चंचल छ त्यसलाई कुन किसिमसँग जपमा, ध्यानमा, या इष्ट चिन्तनमा लगाउने ?-यसको पनि उपाय छ। मन प्राणको अधीन छ, प्राणशक्ति चंचल भएर श्वासरुपमा सदा दौडादौडी गर्दछन । प्राणकै चंचलताले नै मन, इन्द्रियहरु , शरीर-सब चंचल भएर घुमिरहन्छन् । प्राणको साधना द्वारा यदि यस श्वासलाई स्थिर गऱ्यौं भने त सर्पको मस्तक मा डंडाले हिर्काउँदा जसरी त्यसले फेरि सिर उठाउन सक्तैन, त्यसरी नै मन-इन्द्रियहरु सब सुस्थिर हुन जानेछ ।

प्राणेर स्थिरता हले मनः स्थिर तबे;
मनः स्थिरे बुद्धि स्थिर आपनिइ हवे ॥

प्राण स्थिरे मनः स्थिर हइबे यरवन ;
दिव्यधाम प्रकाशित हइबे तरवन ॥

मध्यपथे बहिप्राण हइले निश्चल ;
चरमे परमं बोधं हवे सुविमल ॥

प्राणेर विचेष्टा जाबे संकल्प मनेर ;
भातिये अपूर्व ज्योति : ज्ञान भास्करेर ॥

प्राण स्थिर मनः स्थिर हइले तोमार ;
विन्दु स्थिर देह स्थिर हबे परपर ॥

(१०) महात्मा-संयत स्वभाव वाला अर्थात् शरीर एवं इन्द्रियादि-जसको वशमा छन । विषयहरुमा लोलुपता भएपछि मनुष्यको संयम नष्ट हुन जान्छन् ।

(११) दृढ निश्चय-अन्य कुनै कर्ममा दृढ निश्चय रहोस या नरहोस, आत्मतत्त्वको विषयमा जसको अध्यवसाय स्थिर छ, त्यही दृढ निश्चयी हुन-शंकर

"ब्रहमैवाहं न शोक भाक्"-मेरो आत्मा पनि ब्रहम देखि भिन्न छैन । म शरीर होइन, अतयव जसरी ब्रहम निर्विकार छ, शोक-मोह देखि अतीत छ, म पनि त्यही हुम् यस किसिमको जसको धारणा छ, उसैको

निश्चय दृढ छ, यो बुझ्नु पर्दछ । देहाभिमानवश नै आत्मा शोक-मोह-ग्रस्त जानिन जान्छन् । परन्तु जो भक्त छन उनको देहाभिमान हुँदैन । "म देह होइन-देह मेरो होइन"-यो भाव जसको भित्र प्रतिष्ठित भएको छ, त्यसले विषयलाई प्राप्त गरेर पनि कहिल्यै प्रमत्त हुँदैन । यस किसिमसँग आत्म प्रतिष्ठित दृढ निश्चयशील पुरुषको प्रज्ञा प्रतिष्ठित हुन्छ । त्यो विपद्मा परेको होस या दुःखश्रोतमा प्रवाहित भएको होस, अन्न संस्थान होस या नहोस, आत्म विषयमा उनलाई कुनै प्रमाद उपस्थित हुँदैन, किनभने उसले सदा दृढभावले भगवान्लाई समातिरहन्छन् । "त्यो मेरो हो" यो जानेर त्यो परम निश्चिन्त हुन्छन् । यसैकारण श्री मधुसुदनले दृढनिश्चयको अर्थ "स्थितप्रज्ञ" गरेको छ ।

१२) मय्यर्पित मनोबुद्धिः- त्यो योगी हो, यसैले उसको मन-बुद्धि अन्य कुनै विषयमा अडकी रहन सक्तैन । उसको सबचिज ब्रहमार्पण छ । त्यसले कुनै विषयमा आसक्तिपूर्वक दृष्टिपात गर्दैन । त्यसले आफ्नो ध्यानज चित्तलाई कैवल्य स्थिति प्राप्तिको लागि क्रियाको परावस्थामा सम्यक् रुपले प्रविष्ट गरी राख्दछन् । यो पनि बलपूर्वक गरिन सकिदैन । गुरुको कृपाले साधकलाई यस किसिमको स्थिति आफसेआफ आउँदछ, यसलाई नै ब्रहमार्पण भन्छन् । आत्मा सिवाय अरु कुनै वस्तुलाई उस्ले न त जान्दछ अनि न सम्झन्छ । आत्मा प्रति जसको यत्रो आकर्षण, यत्रो प्रेम छ-यस्तो गुणयुक्त पुरुष नै भगवान्को प्रिय भक्त हुन । श्री भगवान् त भन्नु हुन्छ-

"समोऽहं सर्व भूतेषु न मे द्वेषोऽस्ति न प्रियः "

तब त प्रिय भक्तको कुरा उठयो कसरी ? वस्तुतः भगवान्लाई कोही प्रिय या अप्रिय छैन, यस्तो रहँदा खेरि भगवान्मा पक्षपातित्व-दोष आउँदछ । जब आत्मा बाहेक अरु केही छैन भने त को उनको प्रियको होला?- यो जुन आफू आफैमा रहनु छ, यही आफु आफैको प्रिय हुनु हो । परन्तु परावस्थामा अविच्छिन्न रुप सित रहेपछि जुन ब्रहमात्मैक्य बोध स्फुटित हुन्छ, त्यहाँ सम्म जो अग्रसर हुन सक्तैन, ती भक्तसाधक हरुले नै आत्मालाई प्रिय मान्दछन् अनि यसैकारण आत्माले पनि उनलाई प्रिय मान्दछन्, यस्तो जानिन जान्छन् । कसैको मुस्कानयुक्त अनुहार रहंदा जसरी ऐनामा पनि त्यस किसिमको आनन्दपूर्ण मुस्कान प्रतिबिम्वित हुन्छ उसरी नै आत्मालाई जस्ले प्रिय सम्झन्छन, आत्माले पनि उस्लाई प्रिय मान्दछ, केवल यस्तो जानिन जान्छन् सगुणभावमा प्रिय अप्रियको भाव केही रहेमा पनि निर्गुणभावमा बुद्धिसाम्यको कारण कुनै इतर-विशेष जानिन नै जाँदैन, सर्वत्र नै समभाव जानिइन्छन् । भक्त आफु आफैमा प्रतिष्ठित हुन्छन, यसैले त्यसले बुझ्दछ-भगवान् उसकै भित्र छन नै । जसले उसको भक्ति गर्न सक्तैनन्, त्यो आत्मामा स्थित नहुनुको कारण यो पनि बुझ्न पाउँदैन-आत्मा छ भन्ने कुरा । श्री भगवानको सतचित् आनन्द , यी त्रिविध भाव स्वाभाविक छन् । श्री भगवान पापी-पुण्यात्मा, ज्ञानी-अज्ञानी, भक्त-अभक्त सबैको भित्र समभावले यी त्रिविध रुपहरुमा विद्यमान छन् । कसैको प्रति स्नेहवश या कसैको प्रति द्वेषवश यस भावको धेरथोर, कमी-बढी देखिने छैन, परन्तु जुन मानिसले श्रद्धापूर्वक भजन गर्दछन । उसको अन्तःकरण स्वच्छ हुन्छ र त्यस स्वच्छ अन्तः करणमा भगवान्को उपर्युक्त भावसमूह सहजै फूटी उठ्दछन् । यसैले जानिन

जान्दछन्-उसले परमानन्दको उपभोग गरिरहेको छ। दोस्रो जसले उनको भजन गर्दैन , उनको अन्तःकरण मलयुक्त रहन्छ। त्यसैले श्री भगवान् सबैको लागि सम भएर पनि अभक्तले उनलाई परमानन्दमय रुपमा जान्न सक्तैन ॥१४॥

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ;
हर्षामर्ष भयोद्वेगैर्मुक्तो यः स च मे प्रिय ॥१५॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-जसबाट कुनै व्यष्टि भय-आशंकाले क्षोभलाई प्राप्त हुँदैन र जो स्वयं अरुहरु देखि उद्वेगलाई प्राप्त हुँदैन, जो स्वाभाविक हर्षादिले युक्त छ, त्यो मेरो भक्त मलाई प्रिय छ। यहाँ हर्ष शब्दको अर्थ छ-आफ्नो अभीष्ट प्राप्तिमा उत्साह। अमर्ष-अर्काको लाभलाई जसले सहन गर्न सक्तैन। भय शब्दको अर्थ छ त्रास तथा उद्वेगको अर्थ छ-भयादि जनित चित्तक्षोभ ॥१५॥

आध्यात्मिक व्याख्या-"जसद्वारा कुनै व्यष्टिलाई क्लेश हुँदैन अरु मानिसहरु जसको कर्मदेखि कष्ट पाउँदैन-दुख एवं सुख भय एवं उद्वेग जुन नशाबाजलाई कहिल्यै हुँदैन-यस किसिमसँग क्रियाको पर-अवस्थामा रहन्छ जुन जीवनमुक्त पुरुष-त्यो आफ्नो आनन्दमा आफै रहिकन आफनो प्रिय आफै हुन्छ"-(१३-१४)

-जो समदर्शी छ त्यही ज्ञानी हो, उसको मन सदा समतामा अवस्थित हुन्छ, त्यो प्रिय या अप्रियको प्राप्तिमा हृष्ट या उद्विग्न हुँदैन। त्यसलाई द्वितीयको अभिनिवेश हुँदैन, अतयव कसैलाई शत्रु या मित्रघातक या रक्षक सम्झदैन। उसको सदा प्रफुल्ल आत्मतृप्त मुखमण्डललाई देखेर अतिशय हिंसक जीवले पनि आफ्नो वृत्तिलाई परित्याग गर्नको लागि बाध्य हुन्छन। सबैले उसलाई देखेर आफ्नो परम आत्मीय सम्झन्छन्। अतयव यस्तो साधु पुरुषलाई देखेर अरुलाई क्लेश हुने कुनै संभावना हुँदैन, यसैले उसलाई देखेर कोही उद्विग्न हुँदैन। ऋणी जसरी साहुलाई देखेर अशान्त हुन जान्छन, जीवनमुक्त पुरुषलाई देखेर कसैलाई त्यस्तो हुँदैन, यहासम्म कि पापी तापीलाई पनि भय दूर भएर भरोसा मिल्दछ, त्यसले उनलाई देखेर सम्झन्छन-"अब विपद वारिधि देखि उत्तीर्ण हुन सक्नेछु असीम भवसागरको पारी पुगिने छ।" यस किसिमको मुक्त पुरुषको कर्म यति आडम्बर शून्य, स्वार्थगन्धहीन एवं सर्वतोमुखी हुन्छन, जसलाई देखेर सर्वसाधारण जन स्तम्भित भै उठ्दछ। मानिसहरुले उनलाई मनुष्यदेहमा ईश्वर तुल्य जान्दछन्, अतयव उनमाथि अप्रसन्न कसरी होलान ? श्रीमत नित्यानन्द प्रभुलाई परदोष-सहन एवं परोपकारमा रत तथा भगवत्प्रेममा मत्त देखेर आसुरी प्रकृति भएका जगाई मधाई पनि विस्मित भएका थिए, तिनीहरुले पनि आफ-आफ्नो स्वभाव विर्सेर उनको पाद पद्मा आत्मसमर्पण गर्नको लागि व्याकुल भएका थिए। यस्तो महात्माको परिचय दिनुको जरुरी हुँदैन। उनको महिमोज्जवल, शान्तिपूर्ण पर दुःखकातर, क्षमापूर्ण मुखलाई देखेर अत्यन्त दुष्ट प्रकृतिको मानिस पनि आफ्नो प्रकृतिलाई छोडेर उनलाई आफनो परम सुहृत सम्झन्छन्। परन्तु जो अहंकारी एवं उद्धत् छन, अरुको उत्कर्ष सहनमा असमर्थ छन्, तिनीहरु वंचित रहन जान्छन, साधुको महिमाले त्यस्ताको हृदयलाई स्पर्श गर्न सक्तैन।

(१५-१८) यी साधुहरुलाई हर्ष, अमर्ष, भय या उद्वेग हुँदैन । तिनीहरु सदा निर्भय एवं उद्वेग शून्य हुन्छन् । उनलाई कसैदेखि सुख या दुख त्यसै किसिमसंग हुन सक्तैन, जसरी नशावाजलाई मत्त अवस्थामा केही बोध रहदैन । जुन मानिसहरु क्रियाको परावस्थामा सदा रहन्छन् । जगत् या जागतिक वस्तुहरुमा यस्तो कुनै आकर्षण रहँदैन, जसद्वारा उनको चित्त आकृष्ट होओस । हामी जसरी कसैसँग कुरा गरी, कसैसँग प्यार गरी तृप्तिलाभ गर्दछौ, यसरी उनको तृप्तिको लागि कुनै बाहिरी वस्तुको आवश्यकता हुँदैन । योग दर्शनमा एक सूत्र छ-"विशेषदर्शिन आत्मभावभावनाविनिवृत्ति"-(कैवल्यपाद)-जसलाई विवेकख्याति भएको छ, यस किसिमको विशेषदर्शी योगीको आत्मभाव भावनाको निवृत्ति हुन्छ । उनलाई मम विषयक भावना हुँदैन । कसरी जीवन यात्रा चल्ला, शरीरको व्याधि देखि कसरी छुटकारा पाइएला, ठीटो मानिस बनेर कसरी दुईचार पैसा कमाउला, मलाई मानिसहरुले प्रतिष्ठा प्रदान गर्लान् या गर्दैनन्, वसुंला कहाँ, व्यवहार कसरी चल्ला-इत्यादि कुनै भावना उनलाई हुदैन, चित्त या चित्तको कुनै प्रत्यय समुदित हुँदैन, उनलाई अहंभावना हुदैन, यसै कारण त्यो पूर्ण वैराग्यभावलाई प्राप्त हुन्छन् । अविद्या तिरोहित भएपछि जब पुरुष चित्तधर्म द्वारा अस्पृष्ट हुन्छन, तब उसको अहंभाव भावना रहदैन । *चित्त को प्रतिविम्ब रुप चित्त जब सम्म वर्तमान रहने छ, तब सम्म चाहे जति नै रुनु धुनु गरोस, जति नै नाच्ने कुदने गरोस, जति नै ज्ञानको फूर्ति लगाओस, पूर्ण ज्ञान, पूर्ण भक्ति या पूर्ण वैराग्य कदापि हुनेछैन ।*

अविद्यारहित साधकको भाव कस्तो हुन्छन, उनको पतंजलिले यसरी वर्णन गर्दछन्-" तदा विवेक निम्नं कैवल्यप्रागभारं चित्तम्"-(कैवल्यपाद) तब चित्त विवेक निम्न एवं कैवल्य प्राग्भार हुन्छ । नदी जसरी निम्नभूमितिर प्रवाहित हुन्छ, विषयाभिमुखी पुरुषको चित्त उसरी नै विषय प्रणाली भएर वग्दछ, यस्तो चित्तलाई अविवेक निम्न एवं विषयप्राग्भार भन्दछन । परन्तु योगीको चित्त विवेक निम्न प्रणाली भै प्रवाहित हुन्छ र बहँदै बहँदै कैवल्यको सीमानामा पुग्दछ । पुरुष साक्षात्कार या आत्मदर्शनको फल यही हो । अतयव अविवेक जनित हर्ष, अमर्ष, भय या उद्वेग यी सब जीवनविमुक्त पुरुषलाई हुन सक्तैन । वस्तुतः यिनीहरु नै भक्त हुन । जीवन भरी साधकहरुको यही चेष्टा चल्दछ, शरीरको लागि उनको कुनै आग्रह हुँदैन, तिनीहरु सोच्दछन, यदि भगवान्‌लाई प्राप्त गरी लियौं भने त शरीर मन इन्द्रियहरु सब सार्थक हुन गयो, नत्र भने त यो भार बहन गर्नाले कुनै लाभ छैन । भक्त कबीरले यसैले भन्नु भयो- *"परमारथ परतीतमें यह तव रहे कि जाय"* परमार्थको प्रतीतिमा यो शरीर रहोस या जाओस, यस्मा केही हानी छैन ।

विश्वब्रहमाण्डमा भ्रमण गर्नेवाला मन भक्तिको द्वारमा प्रवेश गर्न सक्तैन, यसकोलागि चित्तलाई शान्त गर्नु पर्ने छ , किनभने त्यो द्वार अति सूक्ष्म छ । कबीर भन्नु हुन्छ- *"भक्ति दुआर है सांकरा"* स्थूल बुद्धि, स्थूल इन्द्रिय एवं मन रहेमा काम चल्ने छैन । *"मन ऐरावत हो रहा किस विधपैठा जाय"* मन ऐरावत हात्ती जस्तो हुन गए पछि त्यस सूक्ष्म द्वार देखि कसरी प्रवेश गर्न सक्नेछौं ? अभिमानमा जीवको चित्त फूलेर सदा अविवेक खोलामा वगिरहन्छ । हे साधक त्यस अभिमान अहंकारलाई श्री गुरु पाद पद्ममा अर्पण गरेर विवेक नदीमा पौड, तबै भक्ति, प्रेम, वैराग्य एवं ज्ञानको समीपमा पुग्न सक्ने छौं । 'हामी बडो' यस किसिमले अभिमान गरी मानिसहरुलाई ढांटने स्वांग रचेर आत्मानुसन्धान गर्न नजाऊ । कबीरले भन्नु भएको छ

"तिमिर गई रवि देखते कुमति गई गुरु ज्ञान :
सत्य गई एक लोभते भक्ति गई अभिमान ॥"

ण्सूर्यको आलोकले अन्धकार नाशिन्छ, गुरुले ज्ञान दिए पछि कुमति नष्ट हुन्छ, लोभ गर्नाले सत्यको मर्यादा रक्षा हुन सक्तैन, उसरी नै अभिमान रहेपछि भक्ति हुँदैन । ।१५॥

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः
सर्वारम्भपरित्यागी यो मद्भक्त स मे प्रिय ॥१६॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-अनपेक्ष अर्थात आफसे आफ उपस्थित वस्तुमा जो स्पृहाशून्य, शूचि अर्थात बाह्य एवं अभ्यन्तरिक शौच सम्पन्न , दक्ष अर्थात अनलस, उदासीन, अर्थात पक्षपातरहित, गतव्यथ अर्थात् आधि या मनस्तापशुन्य, सर्वारम्भ परित्यागी अर्थात् सारादृष्टादृष्ट अर्थहरुको लागि उद्यम परित्याग गर्ने वाला, यस किसिमको जुन मेरो भक्त छ त्यो मलाई प्रिय छ ॥१६॥

आध्यात्मिक व्याख्या-"अन्य कतैतिर ताक्दैन-त्यसको आशा पनि गर्दैन-सर्वदा ब्रहममा रहन्छ-क्रियाको परावस्थामा रहेर कूटस्थ लाई हेर्दछ सवैदेखि सब किसिमको कर्ममा पटु-मस्तक माथि चढेर बसेको कुनै क्लेश देखि रहित हुन जान्छ-जुन अनावश्यक कर्ममा इच्छा हुन्छ-त्यस इच्छाको पहिले नै ब्रहममा रहनुको कारण प्रकृष्टरुपमा नशाद्वारा-आफसे आफ त्याग हुन जान्छ, किनभने त्यो सब क्षणिक सुख त्यसको अपेक्षा जसको पर सुख छैन-क्रियाको परावस्थामा रहेर-भोग गर्दछ-यस किसिमको अवस्था गुरुवाक्य द्वारा प्राप्त भएको त्यो आफनो कर्ममा आफै प्रिय छ ।"

१९) भक्त अनपेक्ष हुन्छन् अर्थात अन्य कतैतिर ताक्दैन या कुनैको आशा गर्दैन । जो लोभी छ, जो आसक्त छ, उही सवैको मुखतिर ताक्दछन् । त्यसले यदि भगवान्को पनि भजन गर्दछ भने पनि त उसको उद्देश्य केही लाभ गर्नु हुन्छ । योगाभ्यास पनि यदि त्यसले गर्दछ त उसको मनमा सदा यही चिन्ता रहन्छ-कहिले सिद्धि प्राप्त होला मेरो क्षमता देखेर मानिसहरु आश्चर्य चकित हुन जानेछन , अथवा मानिसहरु मेरो अनुगामी हुने छन, धेरै अर्थागम हुनेछ , कुनै अभाव रहने छैन-यी सब व्यापारी हुन । कबीर भन्दछन(

"भक्ति भेख बड अन्तरा जैसे धरनि आकाश ;
भक्त जो सुमिरे रामको, भेख जगत्की आस ॥"

भक्ति एवं भेसमा जमीन एवं आकाशको अन्तर छ । भक्त त्यो हो जसले केवल रामको स्मरण गर्दछ, सान्सारिक लाभ हानिको कुनै चक्करमा रहँदैन । जुन मानिसहरु भक्तिको स्वांग रच्दछन् उनको दृष्टि संसार को हानिलाभ तिर रहन्छ । यसै कारण प्रकृत भक्ति स्वर्गको पारिजात हो र भेष हीलोमा गांजिएको सडेको माल ।

“कविरा ज्ञान न बेधिया, हिरदय नही जुडाय ;
देख देख भगोतीकरे, रंग नही ठहराय ॥ ”

कबीरदास भन्नु हुन्छ-ज्ञानको भेदन नगरिकन अर्थात् क्रियाको परावस्थामा प्रवेश गर्नु विना हृदयको ज्वाला मेटिदैन । जसले देखादेखि भक्ति गर्दछ अर्थात् साधन भजन गर्नाले अरुको हाल सुध्रिएको् छ, धन सम्पत्ले भण्डार भरिएको छ, अतयव म पनि भजन गर्दछु , मेरो पनि यस्तो नै हुनेछ-यस्तो सोचेर जो भजन-साधन गर्न बस्दछ, त्यसको भजन निष्फल एवं आडम्बर पूर्ण हुन जान्छन । मानिसहरुलाई देखाउन हामी जुन केही गर्दछौं, त्यसमा उपरी रंग खराब न देखियोस ता पनि त्यो रंग परीक्षामा टिकदैनन् ।

अतयव जो सबै किसिमले (२०) स्पृहाशून्य छन, त्यही अनपेक्ष हुन्, (२१) त्यही शुचि हुन अर्थात् उनको शरीर मन विशुद्ध रहन्छ । शौचदुई किसिमको हुन्छ शरीरको र मनको । माटो पानी आदि द्वारा तथा मेध्याहार द्वारा बाहय शौच सम्पादन हुन्छ । आभ्यन्तर शौच हुन मन को विशुद्धि, चित्तको मलापसारण । आन्तर शौच नै यथार्थ शौच हुन, त्यसले मन निर्मल हुन्छ । आफनो पराईको बोध रहन जाँदैन यो प्रकृत आत्मज्ञान-क्रियाको परावस्था विना हुन सक्तैन ।

(२२) भगवद्भक्त सब कार्यहरुमा दक्ष हुन्छन । भगवद् भक्त कहिल्यै आलस या कर्म विमुख हुँदैनन् । भगवत्स्मरणको फलस्वरुप उनको प्रतिभा सर्वतोमुखी प्रसारित हुन्छन, जसलाई देखेर मानिसहरुमा विस्मय उत्पन्न हुन्छ । *“जेइ जन कृष्ण भजे से बडो चतुंर ।”* तिनीहरु आलस्य रहित भएर सर्वदा साधनाभ्यासको प्रयत्न गर्दछन, संसारको आपात रमणीयतामा मुग्ध भएर आफ्नो लक्ष्य देखि भ्रष्ट हुँदैनन् ।

(२३) तिनीहरु उदासीन अर्थात् पक्षपात रहित हुन्छन । उभयात्मक कर्म पाप-पुण्य असल-खराब यी सब गुणको खेल हुन । परन्तु भगवद्भक्त गुणातीत भएर रहन्छन, उनको प्राण सहस्रारमा उत्थित हुन्छन । -उत=ऊर्ध्वमा आसीन रहन्छन-मन द्विदलमा विलिन हुन जान्छ, अतयव (२४) तिनीहरु गतव्यथ हुन्छन । यस अवस्थामा साधकलाई कुनै ल्केशको अनुभव हुँदैन अनात्म भावले नै त्याग एवं ग्रहण रुपी कर्महरुको उदय हुन्छ परन्तु जसको मन सहस्रारमा स्थिर भएर विलिन हुन गएको छ , त्यस पुरुषको चित्त साधारण पुरुष समान ल्केश (अविद्या-अस्मिता आीद) कर्म, विपाक (कर्मफल) एवं आशय-कर्मबीजद्वारा स्पष्ट हुँदैन । तिनीहरु ईश्वर कोटिका जीव हुन अर्थात् जीवन्मुक्त पुरुष हुन । तिनीहरु (२५) सर्वारम्भ परित्यागी हुन्छन अर्थात ईहकाल वा परकालमा भोगार्थ जुन कर्म चेष्टा या उद्यम छ उसैको नाम आरम्भ हो,यस किसिमको कर्ममा उनको उद्यम हुँदैन । ब्रहममा स्थित पुरुष सदा एक किसिमको नशाको आकर्षणमा रहन्छन । साधारण जीवलाई अनावश्यक कर्म मा प्रचुर इच्छा हुन्छ, परन्तु क्रियाको परावस्थामा नशामा विभोर हुनुको कारण मुक्त पुरुषको प्रवृति-निवृत्ति मेटिन जान्छन, अतयव यस किसिमको कर्ममा उनको मन नरहनुको कारण कर्म आफसेआफ दूर हुन जान्छन्, यदि केही गर्दछन भने पनि अनिच्छाको इच्छाले; उनमा प्रवृति या आरम्भ रहन सक्तैन । जसरी मनुष्यको शरीरमा रोम एवं केश स्वतः उद्गत हुन्छन,त्यसै

किसिमको उनको कर्म हुन्छन । आफनो इच्छाले त्यसले कुनै काम गर्दैन , उनमा कुनै संकल्प चिन्ता या परिणाम विवेचना आदि मनोबुद्धिको स्पन्दन केही पनि रहदैन-गर्नु छ गरिदै जान्छन ॥१६॥

यो न हृष्यति न द्वेष्टि नसोचति न कांक्षति ;
शुभाशुभ परित्यागो भक्तिमान् यः स मे प्रिय :॥१७॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुँदैछन]-प्रिय वस्तु पाएर जो हृष्ट हुँदैन, अप्रिय वस्तुको प्राप्तिमा जसले द्वेष गर्दैन, इष्टार्थ जो नाश हुँदा पनि जसले शोक गर्दैन, अप्राप्त अर्थको पनि जसले आकाँक्षा गर्दैन, शुभाशुभ अर्थात् पाप-पुण्य को परित्याग गर्नु जसको स्वभाव छ, यस किसिमले जो ममा भक्तिमान छ त्यो मेरो प्रिय छ । ।१७॥

आध्यात्मिक व्याख्या-"जो क्रियाको परावस्थामा रहेर कुनै वस्तु देखि खुशी हुँदैन,-हिंसा गर्दैन-इच्छा गर्दैन-शुभ अशूभ दुवैको त्याग जुन नशावाजलाई आफसे आफ हुन्छ । यस किसिमको क्रिया गुरुवाक्य द्वारा पाएर आफ्नै कर्मले नै-आफु प्रिय हुन्छ ।"

(२६-२७) साधारणत: मानिसहरुलाई इष्टलाभ देखि हर्ष , अनिष्ट आइ लागेपछि द्वेष तथा प्रिय वस्तुको वियोगले शोक हुन्छ, परन्तु जुन साधकले प्राणलाई भ्रूको माथि प्रवेश गराएर क्रियाको परावस्थामा आफसे आफ प्रतिष्ठित भैरहेका छन्, उनको चित्त कहिल्यै हर्ष या द्वेष या (२८) शोकले वशीभूत हुन सक्तैन । जोआत्मज्ञपुरुषलाई प्रिय अप्रियको बोध हुँदैन । उनको आनन्दको लागी बाहिर को कुनै वस्तुको आवश्यक हुँदैन । विषय प्रति जीवको जुन अति तीब्र आकर्षण हुन्छ त्यसकै फलस्वरुप शुभ अशूभको ग्रहण एवं त्यागको इच्छा हुन्छ यही कारणले शरीर एवं इन्द्रियादिको व्याकुलता कदापि नष्ट हुँदैन , परन्तु क्रियाको परावस्थामा जो प्रतिष्ठित छन, उनको मन नै रहदैन तथा शरीर संग कुनै सम्बन्ध रहदैन । अतयव इष्टानिष्ट को प्राप्तिले उनको केही बन्नु विग्रनु छैन । त्यो सबै अवस्थाहरुमा अचल अटल हुन्छन । उनलाई त्यस स्थिर अवस्था देखि तानेर ल्याउने शक्ति विषयहरुमा हुँदैन । परम स्थिर अवस्थालाई प्राप्त गरेर उनको सारा वासनाहरु मेटिन जान्छन, (२९) यसैले उनलाई कुनै नयाँ किसिमको इष्ट प्राप्तिको आकांक्षा गर्नु पर्दैन । सच्चिदानन्द भाव मा नित्य प्रतिष्ठित हुन सक्नु नै सर्वापेक्षा ठुलो अभीष्ट वस्तुहो जब त्यही वस्तु प्राप्त छ त अन्य कुनै वस्तु पाउने तृष्णा नै उनलाई हुँदैन अनि न त आकांक्षा नै हुन्छ । अतयव तब कुनै उद्वेग उनको मनलाई व्याकुल गर्न पाउँदैन । (३०-३१) उनिबाट त्यस्तो कुनै कर्म पनि हुन सक्तैन जसद्वारा जन्मान्तरको प्राप्ति होस अतयव पुण्य-पापको कुनै पनि संस्कार उनको भित्र रहन सक्तैन शुभ-अशूभ दुवैको त्याग हुन गएको छ, कुनै कर्म कामना गरेर उनले गर्नु पर्दैन । यस किसिमको भजनशील साधक आफैमा आफु सदा प्रतिष्ठित छन अनि यस्तो भक्तसाधक भगवान्को अत्यन्त प्रिय छन । प्रिय बोध कसरी हुन्छ ? जुन वस्तु जसको प्राणको जति नजिक छ, त्यो उसलाई अधिक प्रिय जानिन्छन । *आत्मा नै आत्माको सर्वापेक्षा सन्निकट छ, अतयव आत्माको अगाडि आत्मा नै सर्वापेक्षा प्रिय जानिन्छन्* । यस आत्मालाई उसैले प्रियरुपमा अनुभव गर्न सक्दछ जो क्रिया द्वारा

आत्मस्थ भएको छ । गुरुकृपा बाट जसले क्रिया प्राप्त गरी क्रिया गर्दछन र क्रियाको परावस्थामा नशावाज जस्तो उन्मत्त हुन जान्छन् उनको सामुन्ने शुभ अशुभ केही रहँदैन । क्रियाभ्यासमा जो नित्यरत छन् उनलाई नै यस किसिमको मात् या आत्मविस्मृत भाव हुन्छ । क्रिया द्वारा मन बुद्धिको मल अपनीत भएपछि अन्तःकरण शुद्ध हुन्छ, त्यसै शुद्ध अन्तकरणमा आत्माको अपापविद्ध परमानन्द भाव समुदित हुन्छ । यसैले गुरुको कृपाले जसले साधन पाएको छ तिनीहरु ले त्यस साधना द्वारा आफु नै जुन आफ्नो प्रिय छ यो बुझ्न पाउंदछन ॥१७॥

समः शत्रौ च मित्रे च तथा मानापमानयो
शीतोष्ण सुखदुःखेषु समः संगविवर्जित ॥१८॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छन]-शत्रु र मित्रमा जो सम अर्थात् एकरुप छ तथा मानापमानमा जो त्यसरी नै सम अर्थात हर्ष-विषाद शून्य छ, शीत, उष्ण, सुख र दुःखमा जो सम छ, जो संगवर्जित छ, अर्थात् जसलाई आसक्ति छैन ॥१८॥

आध्यात्मिक व्याख्या-"नशाबाज समान क्रियाको परावस्थामा रहेर शत्रुमित्र कसैलाई जान्दैन-मान अपमान पनि उसलाई छैन-शीत, उष्ण, सुख, दुःख सब समान छ, कुनै विषयमा इच्छा जाँदैन"-

(३२-३५)-नशाबाजलाई जसरी आफनो पराईको बोध रहँदैन, शुभ अशुभको बोध रहदैन, शीत उष्ण जानिदैन, नशाको झोंकमा सबै विर्सन जान्छ, उसरी क्रियाको परावस्थामा स्थित योगीको मन रहँदैन, अतयव शीतोष्णादि या सुखदुख जनित कुनै उद्वेग उनलाई हुँदैन । जब नशा टुट्न जान्छ तब पनि त्यो सान्सारिक मानिसहरु समान सुख दुःख देखि विह्वल हुंदैन, त्यसले जानेको हुन्छ सुख दुःखादि जे जुन छ सब आफसे आफ प्रारब्ध अनुसार हुन्छ र संसारमा जसले हाम्रो निन्दा या प्रशंसा गर्दछन, त्यो आफ आफनो प्रकृति अनुसार गर्ने गर्दछन् । मेरो जुन आत्मा या "म" छ, त्यो निन्दा या प्रशंसा देखि पर छ । मानिसहरुलाई जुन राम्रो लाग्दैन त्यसको तिनीहरुले निन्दा गर्दछन । अनि जसले उनलाई उत्फुल्ल गर्दछन त्यसको प्रशंसा गर्दछन । निन्दा या प्रशंसा-गुण दोष देखेर नै गरिइन्छन र गुण दोषको सम्बन्धमा जसको जस्तो धारणा हुन्छ त्यसले त्यस्तै भन्दछ । परन्तु आत्मा गुण-दोष रहित छ, कसैले निन्दा गरोस या प्रशंसा-ज्ञानीलाई कुनै निन्दा प्रशंसाले स्पर्श गर्न सक्तैनन् । रामायणमा श्री रामचन्द्रको वनवासको आज्ञा सुनेर लक्ष्मण अत्यन्त रुष्ट भै कहिले दशरथ, कहिले कैकेयी एवं कहिले भरतको काँध माथि दोषारोपण गर्न लाग्यो त तेसको उत्तरमा श्रीरामचन्द्र जीले लक्ष्मणलाई भन्यो-भाई कसैको दोष छैन, किन अरुहरुमाथि कोध गरिरहेका छौ ?

सुखस्य दुखस्य न कोऽपि दाता,
परो ददातीती कुबुद्धिरेषा ;
अहं करोमिती वृथाभिमान :
स्वकर्म सूत्र ग्रथिती हि लोक : ॥

आफ आफनो कर्मसूत्रमा सबै बाँधिएका छन । हामी जुन सुखदुःख पाउंदछौ त्यो आफआफनो कर्मको फल हो अरुको यसमा तिल मात्र पनि दोष छैन । यस किसिमको दृष्टि जसको छ त्यही भक्त हो त्यही ज्ञानी हो त्यही साधु हो । ।१८॥

तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित्
अनिकेतः स्थिरमतिर्भक्तिमान् मे प्रियो नरः ॥१९॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छन]-जसको निम्ति निन्दा र स्तुति समान छ , जो मौनी अर्थात् संयतवाक् छ तथा जो यथालब्ध वस्तुमा सन्तुष्ट छ, जो अनिकेत छ अर्थात् नियतकाल एकस्थानमा बास गर्दैन तथा स्थिरमति छ अर्थात् व्यवस्थित चित्त छ, यस किसिमको मद्‌भक्तिमान पुरुष नै मेरो प्रिय छ । ॥१९॥

आध्यात्मिक व्याख्या-"निन्दा या स्तुति विना याचना हुँदैन । अतयव दुवैलाई तुच्छ समान जानेर कुनै कुरा भन्ने इच्छा गर्दैन-जुन केही भयो या पाये,त्यसैमा सन्तुष्ट-आफनो घरमा रहँदैन अर्थात ब्रहममा रहन्छ -मति स्थिर क्रियाको परावस्थामा आफसे आफ हुन्छ । यस्तो क्रिया गुरु वाक्य द्वारा प्राप्त गरी आफसे आफ राम्ररी यो स्थिर गर्दै ब्रहमप्रिय हुन जान्छ ।" ३६

यस किसिमको साधकको कसैले निन्दा गर्छ त त्यो दुःखी हुँदैन, कसैले प्रशंसा गरोस त त्यो हृष्ट हुँदैन । मृत शरीरमा जीवन न हुनुको कारण त्यसलाई तुच्छ पदार्थ जानेर मानिसहरुले त्यसलाई छुँदैन, उसरी प्रशंसा एवं निन्दा दुवैलाई योगीहरु तुच्छ सम्भन्छन । जसको कामना छ, तिनीहरु नै निन्दा या स्तुति सुनेर विचलित हुन्छन, परन्तु क्रियाको परावस्थामा स्थित सर्वकामनाशून्य योगीलाई यो सबले स्पर्श पनि गर्न सक्तैन, व्युत्थित अवस्थामा यस्लाई त्यसले अति तुच्छ, सम्भन्छन , अतयव यदि कसैले उनको भुठो निन्दा पनि गर्दछ भने पनि उनिहरुले त्यसको प्रतिवाद गर्दैन । शान्तिको समुद्रमा उनको मन डुबिरहेको हुन्छ । कुनै बाध्य अभावले उनको शान्त चित्तलाई चंचल गर्ने सक्तैन । विशेषतः कुनै सान्सारिक लाभलाई त्यसले लाभ संभदैन । जसलाई प्राप्त गरी अरु केही पाउनुको आवश्यकता रहँदैन, आत्मप्रतिष्ठा भएर त्यो त्यही धनको धनी बनेको छ, अतयव सान्सारिक लाभहानितिर उनको दृष्टि आकृष्ट हुँदैन । ब्राहमीस्थितिको अटल सिंहासन देखि सांसारिक हानि लाभले उनलाई तलतिर भार्न सक्तैन । (३७) त्यो सदा ब्रहमसंलीन चित्त हुन्छन । यसैकारण त्यो मौनी हुन्छन, तुच्छ कुराहरुमा समय विताएको उनलाई कसैले देख्दैन । कुरा गर्नुको इंच्छा सम्म उनलाई हुँदैन । त्यो (३८) सदा सन्तुष्ट हुन्छन, प्रारब्धवश जे जुन आएर उपस्थित हुन्छ, त्यो अति सामान्य भएपनि उनको मनमा असन्तोष उत्पन्न गर्दैन । (३९) त्यो अनिकेत हुन्छन अर्थात साधारण मानिसहरु जसरी आफना् घर प्रति आसक्त भएर त्यसलाई आफनो निन्त्य निवास मान्दछन, योगीलाई त्यस्तो हुँदैन । त्यो पर्णकुटीमा रहोस या राजप्रासादमा, उनलाई त्यो एक वृक्ष कोटर को अपेक्षा अधिक मूल्यवान मान्दैन । धर्मशालामा जसरी यात्री एक दुई दिन या केही घंटा विताएर गै हाल्दछन, उसले पनि त्यसरी नै गृहादिलाई धर्मशाला समान देख्दछन । यस किसिमको महात्मा

घरसंसार धन धान्य,पशु अथवा पुत्र-पुत्री लिएर उन्मत्त हुँदैनन्, यिनीहरुलाई आफनो वस्तु पनि संझदैनन् । निद्रालु शिशुलाई खुवाउनको लागि उठाएपछि त्यो जसरी पुनः निद्रित हुन जान्छन, उसरी नै विषयहरुतिर उनको मनलाई तानी ल्याए पनि ती सारा ग्राम्य कथाहरुमा उनको मन कदापि बस्न चाहदैन । क्रियाको परावस्थामा प्रविष्ट भएर निजानन्दमा मग्न योगीले जगत्लाई विर्सिदिन्छन् । त्यो कुनै वस्तुमा आसक्त नहुनुको कारण घरमा बसिरहँदै पनि रहँदैन । उनको एकमात्र निवास स्थान ब्रहम हुन, अन्य निवासको उनलाई आवश्यकता हुँदैन । (४०) उनको बुद्धि सर्वदा स्थिर हुन्छ, किनभने उनको मन एकाग्र हुँदा हुँदा निरोध अवस्थातिर क्रमशः अग्रसर हुन्छ । विस्तारै विस्तारै त्यो निरतिशय स्थिर हुन जान्छन् । क्रियाको परावस्थाामा यो स्थिरता आफसेआफ हुन्छ । जुन क्रियाको अभ्यास द्वारा यस किसिमको अनिर्वचनीय अवस्था प्राप्त हुन्छ, त्यो क्रियालाई गुरुमुख देखि जानेर जस्ले त्यसको साधना प्रयत्न गर्दछन, तिनीहरु अचिर-कालमा नै आफसे आफ प्रिय हुन जान्छन । आत्माको अपेक्षा अरु कुनै प्रियतम वस्तु हुन सक्तैन । क्रियाद्वारा क्रियाको परावस्था प्राप्त भएपछि साधक स्वयं नै आत्म स्वरुप हुन जान्छन, तब आत्माको आनन्दत्व एवं प्रियत्व भाव सुपरिस्फुट भई उठ्दछन । क्रियाको परावस्था विना आत्माको स्वरुप अवगत हुँदैन । अतयव सबैले नै क्रिया गर्नु पर्दछ । आत्मामा लक्ष्य नहुनुको कारण हामीहरु अन्य वस्तुलाई प्रिय मान्दछौं, परन्तु त्यो मनको भ्रान्ति मात्र हो, बोध एवं आत्मा एकै पदार्थ हुन, जब क्रिया गरेर क्रियाको परावस्थामा सर्वशून्य भएर परमानन्दको बोध मात्र अवशिष्ट रहन्छ तबै आत्मा कस्तो प्रिय वस्तु हो भन्ने कुराको बोध हुन्छ । सन्सारको सारा प्रिय वस्तुहरुको बोध पनि यस आत्माकै कारण ले हुन्छ, आत्मा नरहेमा बोध हुन्छ कसलाई ? अतयव जे जति बोध हुन्छ त्यो पनि केवल बोध स्वरुप हो, अतयव जे जति छ सबकासब आत्माको नै प्रकाश हो । यो बोध नहुनुको कारण अधिकांश मानिस हरु मोहान्धकूपमा परिरहन्छन र जब क्रियाभ्यास द्वारा यस आनन्दमय जगत्प्राण आत्मातिर लक्ष्य पर्दछ, तब आत्मा प्रियबोध हुन्छ । यहि हो आत्मा प्रति आत्माको प्रिय बोध । मन चंचल रहेपछि आत्मालाई लक्ष्य गर्न सक्तैन अनि यो बोधको विषय हुँदैन पनि । आत्मा नै सर्वापेक्षा प्रिय वस्तु हो । प्राणको चंचलताले नै मनको चांचल्य घटित हुन्छ, आत्मक्रियाद्वारा प्राण स्थिर हुन गएपछि त्यसको साथ मन पनि स्थिर हुन जान्छन् अर्थात मन रहँदैन, तब बर्हिदृष्टि नहुनुको कारण आत्मा आत्मामा नै प्रतिष्ठित हुन्छ । यस अवस्थामा शरीरादिको बोध रहँदैन, अतयव देहजनित सुख दुःख आदिमा आसक्ति या विरक्ति आउन सक्तैन । यसैकारण योगी सतत स्थिरमति हुन सक्दछन ॥१९॥

ये तु धर्मामृतमिदं यथोक्तं पर्युपासते
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रिया ॥२०॥

श्री धरीय टीका-[पूर्व कथित धर्महरुको फलको साथ उपसंहार गर्नु भैरहेका छन]-उपर्युक्त धर्मामृतको जसले श्रध्दापूर्वक मत्पर भएर अनुष्ठान गर्दछन् । तिनीहरु मेरा भक्त हुन र मलाई अतिशय प्रिय छन, धर्म नै अमृत हो किनभने त्यो मुक्तिको साधन हो । कोहीकोही यस श्लोकमा "धर्मामृत" को स्थानमा "कर्म्यामृत" पाठ गर्दछन् ॥२०॥

[अव्यक्त मार्गरुपी निर्गुण उपासना दुःखसाध्य एवं विघ्नबहुल छ, अतयव पंडितहरु भक्ति रुपी सत्पथको आश्रय गरी सुखसँग श्री श्री कृष्ण चरणकमलको भजन गर्दछन ॥]

आध्यात्मिक व्याख्या-"यो जुन धर्म अर्थात इच्छारहित क्रिया छ-यसै बाट नै अमरपद पाउने छौं ।-जसले यस किसिमसँग क्रिया गर्नेछ र ऊर्ध्व मा रहने छ-ब्रहममा रहेर केवल आत्मा नै सर्वश्रेष्ठ छ यो जानिकन अर्थात् क्रियामा गुरुवाक्यद्वारा उपदिष्ट भएर विश्वास गरेपछि-आफसे आफ यस परमपदको विवेचना गरी ब्रहमानन्दमा निश्चित स्थिर भै रहन्छ । अतयव जसले ब्रहम ज्ञान प्राप्त गर्ने इच्छा गर्दछन, त्यसले यही क्रिया गरोस ।"

-यस अध्यायमा १३ देखि २७ श्लोक सम्म जुन सद्गुणहरुको कुरा भनिएका छन, त्यही भगवद्भक्तिको पूर्व लक्षणको रुपमा भक्तहरुमा प्रकटित हुन्छन । यही प्रकृत धर्म अर्थात् आत्मकथा हो । यी सबको अनुष्ठान ले नै आत्मानुशीलन हुन्छ, जसको चरम फल इच्छारहित अवस्था हो । यो यसै द्वारा प्राप्त हुन्छ र यसैले साधकलाई अमृतपद प्रदान गर्दछ । यहाँ जुन सदगुणहरुको विषयमा भनिएको छ, त्यो नाच्दै उफ्रँदै गड्डमड्ड गर्नाले अथवा पत्रपुष्प नैवेद्य उपचार मन्त्र पढेर अर्पण गर्नाले नै प्राप्त हुन जानेछ, यस्तो कुरा छैन । जो भगवद् भक्त हुनेछ उनको-चरित्रमा यी सारा लक्षण परिस्फुट हुने नै छन । उनको शरीर इन्द्रियहरु प्राण मन-बुद्धि सब अत्यन्त शुद्ध एवं संयत हुनेछ अन्यथा सतत सन्तुष्ट, सतत योगी निःस्पृह, समदर्शी, सुखदुःखमा एकरुप, परोपकारी तथा शुभाशुभ परत्यागी हुन संभव छैन । यीलक्षणहरु जसमा पूर्णत परिस्फुटित हुन्छन, त्यही जीवन्मुक्त पुरुष हुन साधकलाई यी गुण साधनाद्वारा प्राप्त गर्नुपर्ने हुन्छ, पश्चात जब यी गुण साधकमा स्वभाविक गुणको रुपमा परिणत हुन्छन, तब उसलाई सिद्ध साधक भन्दछन् । अशुभ देखि कल्याणको मार्गतिर जाने जसको इच्छा हुन्छ, संसारको उत्तापले सन्तप्त भए पछि जब त्यसदेखि परित्राण पाउनको लागि इच्छा बलवती हुन्छ, जब जन्म मृत्यु, भोगरोगको अशुभ फललाई देखेर चित्त अतिशय भीत एवं सन्त्रस्त भै उठ्दछ तब त्यसदेखि मुक्ति पाउनको लागि मानव चित्त व्याकुल भै उठ्दछन । यस व्याकुलताले जीवको भित्र मोक्षको इच्छा उत्पन्न हुन्छ । यस इच्छाबाट असत्कार्य देखि निवृत्ति एवं सत्यपथमा गमनको प्रवृति उत्पन्न हुन्छन । जीवको सदसद् प्रथम गमनको कारण हो संकल्प विकल्पात्मक मन । यो मन प्राणको नै स्पन्दन हो । प्राणलाई निःस्पन्दित गर्नु विना मोक्ष द्वार उद्घाटित हुन सक्तैन । यद्यपि शास्त्रमा भनेको छ-

"न मुक्तिर्भजनाद् होमादुपवासशतैरपि ;
ब्रहमै वाहमिति ज्ञात्वा मुक्तो भवति देहमृत ॥

जप, होम या शत शत उपवासादि काय-क्लेशद्वारा दुःखनिवृत्ति हुन सक्तैन । "म नै ब्रहम हुँ"-यो ज्ञान जबसम्म हुँदैन, तबसम्म देहधारीलाई मुक्ति प्राप्तिको सम्भावना हुँदैन । परन्तु " मब्रहम हुँ" यस कुरालाई मुखले भनेर या बारम्बार शास्त्रालोचन गर्नाले मुक्ति लाभ संभव छैन । यदि यस्तो कुरा भएको भए त हाम्रो देशको हजारौं हजारौं वेदान्तादि शास्त्रहरुमा पारदर्शी पण्डितहरुले मुक्ति प्राप्त गर्दथ्यो । परन्तु

तिनीहरु मुक्ति प्राप्त गर्न सक्तैन-यो उनिहरुको विषयासक्ति तथा ऐहिक सुख सम्पदादि प्रति अत्यधिक आकर्षण देखेर अनुमान गरिन सकिन्छन । वस्तु दर्शन नै ज्ञान हुन, परन्तु वस्तु दर्शनको लागि के ज्ञानको आलोचना मात्र एथेष्ट छ त ? आलोचना गर्दा गर्दा जीवन समाप्त हुन जान्छ, परन्तु मनको तरंगोच्छवासको निवृति हुँदैन । नाम संकीर्तन गर्दै नाच्दा नाचदा् खुट्टा थाक्न जान्छन, अश्रुधारा बहंदा बहंदा आंखा वन्द हुन जान्छन, शरीरमा रोमांच आदि लक्षण परिस्फुट हुन्छन, आफुलाई कति कति कृतार्थ सम्भन्न थाल्दछन्, परन्तु केही क्षणमै विषयास्पृहा वलवती भै उठ्दछन । यसको कारण केहो-यसको कारण यो छ-अज्ञानवरण रुप विक्षेप उनको नष्ट भएको छैन, अतः चित्तको एकाग्रता एवं निरोधभावको अभाव त्यहां वर्तमान छ, यो मान्नु पर्ने छ । पतंजलि भन्नु हुन्छ- *"ध्यानहेयास्तद्‌वृत्तय"* क्लेशहरुको शोक मोह आदिको रुपमा जुन प्रादुर्भाव हुन्छ, त्यो ध्यान द्वारा हेय हुन्छ । ईश्वर प्रणिधान एवं क्रियायोगको तीव्र अभ्यास द्वारा यी सबभाव क्षीण भएर समूल निरुद्ध हुन जान्छन । संसारको अधिकांश मानिसहरुको चित्त आवरणविक्षेप रुप मल द्वारा अशुद्ध हुन्छन । सबै मानिसहरु शरीर एवं इन्द्रियहरुको सुखविधानार्थ उन्मत्त भएर दौडादौडी गरिरहेका छन् । किन दौडिरहेछ जान्दछौ ? सबै सुखको खोजमा रणभुल्ल छन, परन्तु सुख के हो, यसलाई उसले बुझ्दैन । यसैले व्यर्थ बेकार दौडादौडी गर्दा गर्दै मर्दछन । पतंगले आफनो प्रतिबिम्ब देखेर त्यसलाई पाउनुको आशाले ऐनामा टाउको ठोक्दछन्, परन्तु ऐनामा उसलाई त्यो मिल्ने छैन यो ज्ञान त्यसलाई छैन यसैले टाउको ठोकदा ठोक्दै त्यही मर्न जान्छन् । यो दर्पण आवरण मात्र हो, प्राप्तिको द्वार होइन । सुखरुपमा जानिन लाग्ने सहस्रौं पदार्थहरु आत्माको प्रतिविम्ब त हुन, परन्तु त्यसद्वारा अन्वेषण गर्दा खेरि ती सब आत्माको आवरक हुन जान्छन्, त्यहाँ त्यस सत्य वस्तु आत्माको कुनै सन्धान मिल्दैन । यसै कारण विक्षेप या दौडादौडी दूर हुँदैन । आत्मा त सच्चिदानन्द स्वरुप छ, त्यस स्वरुपको अप्रकाश नै आवरण हुन । त्यही चित्त दर्पणको मल हुन । यस मलकै कारण हाम्रो ज्ञान दीप्ति हुँदैन । यस मललाई प्रक्षालन गरी ज्ञानको उज्जवलता को बृद्धि कसरी प्राप्त हुन सक्दछ, यसलाई ऋषि बताउनु हुन्छन-"योगांगानुष्ठादनाशुद्धिक्षय ज्ञानदीप्तिविवेक ख्यातेः"-योगांगहरुको अनुष्ठानले अशुद्धिको क्षय हुन्छ । अशुद्धिको क्षय भए पछि विवेक ख्याति पर्यन्त ज्ञानको प्रकाश हुन्छ । यम-नियम-आसन-प्राणायामादि योगांगहरुमा प्राणायाम द्वारा नै-"ततः क्षीयतेप्रकाशावरणम्"-प्रकाशकोआवरण क्षीण हुन्छ । प्राणायाम द्वारा प्राणवृत्ति स्तम्भित भएपछि प्राणको वास्तविक स्वरुप प्रकाशित हुन्छ । त्यस स्थिर प्राणको भित्र आत्माको सुशीतल क्रोडलाई साधकले लक्ष्य गर्न सक्दछ अनि त्यसमा अवस्थान गर्नुको सामर्थ्य प्राप्त गरी चिरजीवनको लागि कृतकृत्य हुन सक्दछन । प्राणायामादि क्रिया द्वारा क्रियाको परावस्था प्राप्त भएपछि "शरीर एवं इन्द्रियहरु देखि म पृथक हुँ" यो शुद्ध बुद्धि द्वारा बोधि हुन्छ । यति बेला जुन म देहेन्द्रिमय हुन गएको छ, कदापि देहइन्द्रिय देखि आफूलाई पृथक् गरी हेर्न सक्तैन, प्राणायाम द्वारा परावस्था प्राप्त भएपछि त्यस पृथक भावकोअनुभव हुन्छ तथा दिव्य ज्ञानको उदय हुन्छ । यो खालि मनमा इच्छा मात्र गर्दै रहेर प्राप्त हुने छैन, साधनाको फलरुपमा यसको प्राप्ति हुन्छ जीवनको पूर्व कर्महरु अनुसार उसको मोक्षद्वारा अर्गलावद्ध हुन्छ,परन्तु प्राणायाम साधन द्वारा त्यो अर्गला मुक्त हुन्छ । प्राणायाम विशुद्ध भावले अभ्यस्त भएपछि हाम्रो मूल प्राण जुन कुलकुण्डलिनीको रुपमा मूलाधारमा निद्रितावस्थामा स्थित

छ, जाग्रत दशामा फर्केर आउँदछ । बाहय ज्ञान या स्पन्दनलाई त्यसको सुषुप्तावस्था भन्दछन, जब त्यो शक्ति जाग्रत भएर अन्तर धारालाई स्पन्दित गर्दछ, तब बहिर्ज्ञानको निरोध हुन्छ अनि त्यो शक्ति सुषुम्नामार्ग देखि प्रवाहित भएर सहस्रारमा पुगी परमशिवसँग मिल्न जान्छन । यही एकमात्र ज्ञान प्राप्तिको उपाय हुन । *यद्यपि ज्ञानमोक्ष प्राप्तिको साक्षात उपाय हो, परन्तु प्राण एवं चित्तमाथि जय हुनु विना ज्ञान प्रतिष्ठित् हुँदैन ।* ज्ञान भनेको कुरा खालि मुखले भन्नुको कुरा मात्र होइन, जब सम्म प्राण मध्यमार्गमा प्रविष्ट हुँदैन । तब सम्म मुखले ज्ञानको कुरा भन्दै जानु खालि मिथ्यादम्भ एवं प्रलाप मात्र हुन । गोरक्षसंहितामालेखिएको छ ।

ब्रहमरन्ध्रे मनो दत्त्वा क्षणार्द्ध यदितिष्ठति ;
सर्वपाप विनिर्मुक्त स याति परमां गति ॥"

यदि कसैले ब्रहमरन्ध्रमा क्षणार्द्ध पनि मनलाई निश्चल भावमा राख्न सके त त्यो साधक समस्त पापहरु देखि विनिर्मुक्त भएर परम गतिलाई प्राप्त हुन्छन ।

जसको प्राण एवं चित्त निविष्ट हुँदैन, त्यसले यदि शास्त्रानुसार कर्म गर्दछ भने पनि त उसलाई आत्मज्ञान उत्पन्न हुँदैन, तथा मोक्षलाभ पनि हुँदैन । स्तुति पूजा एवं स्मरण द्वारा शुद्धसत्त्व भएपछि भगवान्मा जुन निश्चला भक्ति एवं विश्वास हुन्छ । त्यही प्रकृत पूजा हो । मनमा जबसम्म विजातीय चिन्ताको प्रवाह चलिरहन्छ , तब सम्म त्यस मन द्वारा प्रकृत भगवत्स्मरण मनन हुन सक्तैन ।

"सतताभ्यास युक्तस्तु निरालम्बो यदा भवेत् ;
तल्लयाल्लीयते नान्तर्गुण-दोष विवर्जित : ॥"

अभ्यास योग द्वारा मन जब निरालम्बमा स्थिर हुनेछ, तब मनको लय भएपछि सब किसिमको गुण दोष्हरु देखि विनिर्मुक्त भएर योगी परमात्मामा विलिन हुन जानेछन् ।

ब्रहम साक्षातकार द्वारा योगीको भ्रम एवं संशय आफसे आफ नष्ट हुन जान्छन । उनको चित्तले यति एकाग्रता प्राप्त गरिलिन्छ-त्यसमा अरु कुनै पनि वस्तुको प्रतीति सम्म हुँदैन । धर्मपथ प्रशस्त होस , यसैले श्रध्वावान एवं श्रवणाभिलाषि साधकलाई उसले व्युत्थित अवस्थामा उपदेश प्रदान गर्दछन्, अनि जसबाट उस्को आत्मज्ञान प्राप्तिको लागि उत्साह बढोस, यस किसिमको व्यवस्था गरीदिन्छन, उनको चित्त सर्वदा समभावापन्न हुनुको कारण उनंलाई सुखको इच्छा हुँदैन, दुःखादिको प्रतीकारमा प्रवृति पनि आउँदैन । भ्रम संशयशून्य योगीको चित्त अत्यन्त स्थिर हुन्छ । त्यो स्थिर अवस्था जब अत्यन्त बृद्धिलाई प्राप्त हुन्छ त योगी इच्छारहित हुन जान्छन । मन स्वभावतः विक्षेप धर्मी छ, अतयव मन चंचल रहुन्जेल कुनै साधना सहीभावसँग हुँदैन । साधनाको लागि हामी अनेक मार्गहरुको अनुसरण गर्दछौ र मनकै द्वारा त्यसलाई गर्दछौ, परन्तु मन चंचल हुनुको कारण त्यो आत्मवस्तु ती उपायहरुले सहजै प्राप्त हुदैन । प्राणले यद्यपि मनलाई वेगयुक्त गर्दछ, तथापि प्राणको क्रियामा कुनै इच्छा हुँदैन, कसैले त्यसतिर दृष्टि राखोस या

नराखोस, त्यो आफसे आफ सर्वदा चलिरहन्छन, यो संकल्पहीन प्राण क्रिया जुन श्वासरुपमा हुन्छ, त्यसमा लक्ष्य राखे पछि प्राण एकदम स्पन्दनशून्य हुन जानेछ अनि त्यसको साथ साथै मन पनि विलीन हुन जानेछ । प्राण स्थिर एवं मन लय भए पछि अमरपद प्राप्त हुन्छ । अर्थात आत्मा त अमृत स्वरुप छँदैछ, केवल मनः प्राणको विक्षेपको कारण त्यसको अमृतस्वरुपको प्राप्ति या उपलब्धि हुँदैन । जसले आत्मक्रियाको अभ्यास गर्दछन, उसको प्राण सहस्रारमा प्रविष्ट भएर स्थिर हुन जान्छ तब उस्ले बुझ्दछ-परमपद भन्ने वस्तु के हो । गुरुवाक्यमा विश्वास गरी उनको उपदेश अनुसार जो दृढ अभ्यासमा जमिरहन्छन, रत रहन्छन्, त्यो निश्चय नै परमपदमा प्रविष्ट भएर ब्रहमानन्दको भोग गर्दछन, उसको जीवन चिर चिरकालको लागि कृतार्थ हुन जान्छन, अतयव हे साधक ! यदि ब्रहमको भित्र प्रवेश गरी ब्रहमज्ञान लाभ गर्न चाहन्छौ भने त गुरुप्रदत्त यस साधन क्रियालाई प्राणप्रणले गर्दै-जाऊ । निश्चय नै तिमीले अमृतपदलाई प्राप्त गरी ब्रहमानन्दको अधिकारी बन्न सक्नेछौ ॥२०॥

द्वादश अध्यायको वक्तव्यको सम्बन्धमा संक्षिप्त पुनरालोचना–

ब्रहम दुई भागमा विभाजित छन-एक "निर्गुण र अर्को सगुण" । निर्गुण को उपासना हुँदैन, साधनाको फलस्वरुप कोही कोही साधकले ब्रहमको यस निर्गुणभावलाई उपलब्ध गर्न सक्दछन । परन्तु त्यो हो के, यो भन्ने या बुझ्नु योग्य भाषाको अभाव छ । कुनै विशेषण दिएर त्यस अवस्थालाई बुझाउन सकिदैन, यसलाई चिरकाल सम्म मूकास्वादनवत् साधकेन्द्रहरुले अनुभव मात्र गर्न सक्दछन, परन्तु उसको स्वरुपको निर्देश गर्नुको सामर्थ्य कसैमा हुँदैन । सगुणको उपासना हुन्छ । यो ब्रहम को एकांश मात्र हो । यो सगुण उपासना दुई किसिमका छन । (१) अव्यक्त कूटस्थको उपासना र (२) व्यक्तको उपासना । व्यक्तको उपासना अधिकारी भेदले अनेक किसिमका हुन सक्तछन ।

विश्वको भित्र जुन अधिष्ठान चैतन्य विद्यमान छ , त्यो असंख्य नाम रुप द्वारा आवृत छ, त्यस नामरुप मात्रलाई अवलम्बन गरी जुन उपासना प्रवर्तित हुन्छ त्यही सगुण उपासना हो अनि अव्यक्त भएर पनि त्यो स्थूल छ । एकै वस्तुको रुपभेदले असंख्य नाम भएर पनि जसरी उसको स्वरुपगत भावमा द्वितीयको अस्तित्व रहँदैन, एकै आकाश घटभेदले विविध उपाधि ग्रहण गर्दछ तथापि आकाश जसरी विभिन्न हुँदैन, उसरी विश्वको जुन मूलसत्ता या अधिष्ठान चैतन्य छ, त्यो प्रकाश मात्र ज्योतिः स्वरुप छ, त्यसको अन्य कुनै विशिष्ट नाम या रुप छैन, यस कारण त्यसलाई कूटस्थ भन्दछन यो कूटस्थ या सवितृमण्डल मध्यवर्ती नारायण नै विश्वरुपमा प्रकाशित हुन्छन । जुन प्रत्येक जीवमा कूटस्थमा ज्योतिरुपमा रहन्छन । त्यही अंगुष्ठमात्र पुरुष हुन, अनि त्यही वृहत् कूटस्थरुपमा विश्वमय भै व्याप्त भरैहेका छन, यसैले वृहत् कूटस्थलाई जसले देख्दछन तिनीहरुले जान्दछन्-यस जगतको समस्त नामरुपमय पदार्थ त्यस ज्योति भित्र प्रविष्ट भएर ज्योतिः स्वरुप हुन जान्छन् । यस ज्योति अन्तर्गत पुरुष नै ध्येय हो । तथा यस विराट् विश्वभित्र लाखौं नामरुप वर्तमान भएर पनि ती नामरुप जसको आश्रय गरी रुपवान् एवं नामयुक्त भएको छ, उनको अन्तराल मा जुन ज्योतिर्मय अन्तर्यामी पुरुषरुपमा वर्तमान छ, त्यही कूटस्थ या नारायण हुन ।

यो पुरुष नै विश्वको प्राण हो । यसको केवल चैतन्य भावलाई लक्षित गरी यसलाई पुरुष या नारायण भन्दछन तथा यसको विविध शक्तिहरुलाई लक्ष्य गरी यसलाई ज्योतिर्मयी महादेवी या जगदम्बा भन्दछन्। ब्राहमणहरु गायत्रीको उपासना गर्दछन, त्यो पनि यस विश्वप्राण जगदम्बाको नै उपासना हो । यो कूटस्थ ज्योति सबैको भित्र वर्तमान रहेर पनि सवैको सामुन्ने प्रकाशित छैन, अतयव यसलाई अव्यक्त भन्दछन । वेदविद् पुरुषले यसलाई अक्षर ब्रहम भन्ने गर्दछन ।

"सेइ एक विन्दुरुप सिन्धुरुपाधार ;
जगतेर रुप याते करये विहार ॥"

आदित्यको प्रकाश समान त्यो स्वप्रकाश स्वरुप छ, चिन्तन द्वारा कसैले त्यस रुपलाई साक्षातकार गर्न पाउँदैन यसैले त्यो अचिन्त्य छ, त्यो आफु आफैमा प्रकाशित त हुन्छ तर मलिन मन बुद्धिको लागि त्यो अगोचर छ । योगबल द्वारा सुषुम्नाको मार्गदेखि प्राणलाई आवेशित गरेमा त्यस द्योतनात्मक परम पुरुषको दर्शन हुन्छ, यो गीताको आठौं अध्यायमा भनिसकिएको छ । यो पुरुष नै जीवको उपास्य एवं मोक्षदाता हुन ।

चित्त स्थिर भएपछि जुन स्वरुप शून्य समान अवस्था हुन्छ, त्यसमा श्री भगवान् प्रथमतः निराकार जस्तै प्रतीत हुन्छन, परन्तु त्यही अन्तिम तत्त्व होइन । निराकार असीम आकाशलाई भेदन गरेपछि पुनः त्यो चिन्मय लीला विग्रहको अनुभव हुन्छ । त्यो मायिक रुप छैन , त्यो नित्य सच्चिदानन्द विग्रह हो, यस रुपको विरलै कसैले नै दर्शन गर्न पाउंदछन । यसलाई तत्तत् स्थान निवासी जीवनमुक्त महापुरुषले बेला वखत वखतमा अनुभव गर्दछन । त्यसको पर पनि जुन अनिर्वचनीय अव्यक्त अवस्था रहन्छन त्यसलाई भन्न या सम्झाउन सकिदैन । धेरै जसो मानिसहरु सम्झन्छन-योगीहरुले समाधि मग्न भै केही पनि अनुभव गर्न सक्तैनन्, अतयव त्यस अवस्थामा आनन्दको पूर्ण अभाव हुन्छ । परन्तु यो कुरा सत्य छैन , योगीले समाधिको अवस्था मा जुन आनन्द प्राप्त गर्दछन, त्यसको तुलना कुनै पनि सान्सारिक आनन्दको साथ गर्न सकिन्न ।

व्यक्त उपासनामा प्रतीकको उपासना नानातरीकासँग देशभरी प्रचलित छन । सिद्ध साधकहरुको ध्यानावस्थामा यी रुप पहिले प्रकाशित हुन्छन, पश्चात् ती जगत्मा प्रचारित भएर उपासकहरुको उपासनालाई सरल बनाउँदछन । याद राख्नु पर्नेछ-यी सब रुप केवल कल्पनामात्र होइनन् । योगीहरुले योगसाधन समयमा अन्तः शरीरमा यसको अनुभव गर्दछन । परन्तु जसले नाम मात्रको पूजा गर्दछन, उनको सामुन्ने त्यो जड रुपमा प्रतीत हुन्छन । त्यसमा प्रतीकको दोष छैन, जडबुद्धि साधकको जडताको कारण त्यो जडवत् प्रतीत हुन्छन । साधकको साधनामा तीव्रता द्वारा यी समस्त जडमूर्त्तिहरुमा चैतन्यको अधिष्ठान हुन्छ, कुनै कुनै साधक यस किसिमको मूर्त्तिको उपासना गरेर पनि कृतकृत्य हुन जान्छन । मन्त्र जप, मूर्त्ति ध्यान, नाम-कीर्तन आदि प्रतीक उपासनाको अन्तरगत छन । यी सारा उपासनाहरु एक किसिमले शक्तिको या प्राणको नै उपासना हो । व्यक्त भाव श्वास प्रश्वास रुपमा शरीरमा वर्तमान रहन्छ, यस श्वास प्रश्वासरुप मन्त्रलाई

चैतन्ययुक्त गर्नु पर्नेछ । जब सम्म श्वास छ, तबसम्म जीवन छ र बाहय चैतन्य छ । यस व्यक्त प्राणको उपासनाले नै साधकले "निष्कल" अवस्था प्राप्त गर्दछ ।

"निष्कलं तं विजानीयात् श्वासो यत्र लयं गतः"

यस व्यक्त प्राण या श्वासको उपासना गर्दा गर्दै साधकले अव्यक्त या स्थिर प्राणको सन्धान पाउंदछन, तबै उसकोमन्त्र चैतन्य हुन्छ । यस्तो उपासना विफल हुँदैन । सबैले यसको अभ्यास बल द्वारा सिद्धि प्राप्त गर्न सक्दछन । भक्तिको लक्षणहरु चालीस किसिमका छन, जुन यस बाह्रौं अध्यायमा भनिएका छन, यी साधनाको अभ्यासले सबैको भित्र प्रस्फुटित हुन सक्दछन । मुक्ति प्राप्तिको लागि यी चालीस किसिमका गुणहरु साधकहरुको लागि नितान्त सम्पादनीय छन । साधकको साधना अभ्यासको फलस्वरुप यी सारा गुणहरु एक एक गर्दै प्रकटित हुन सक्दछन । सिद्धावस्थामा सिद्धको स्वाभाविक लक्षणरुपमा यी गुणहरु सदा सर्वदा वर्तमान रहन्छन ।

भक्त साधकलाई आफआफनो सामर्थ्य अनुसार के के गर्नु पर्नेछ, यसको पनि एक पटक आलोचना गर्नु पर्दछ ।

(१) जसले अव्यक्तको उपासना गर्दैन, व्यक्तको उपासना गर्दछन, तिनीहरु गुरुपदेश अनुसार दोस्रोतिरमन नदिई क्रिया गर्दै जाउन्, यसले तिनीहरु अतिशीघ्र आत्मस्थ हुन सक्नेछन अर्थात मृत्यु सन्सार रुप यो शरीर ज्ञान उनलाई रहने छैन । उनको प्राण मस्तकमा स्थिर हुने वित्तिक्कै क्रियाको परावस्थारुप अवरुद्ध अवस्था शीघ्र नै प्रकाशित हुनेछ । यसैले स्थिर कुम्भकको साथ प्राणलाई निःशेष रुपले मस्तकमा अर्थात् सहस्रारमा उठाउनु पर्नेछ, यसबाट फेरि यस जगत्मा जन्म मरणको अभिनय गर्नको लागि पुनः पुनः बारबार आवागमन गर्नुपर्ने छैन ।

(२) प्रतिदिन १२-१४ घंटा अभ्यास गरेपछि, १७२८ बार प्राणयाम को अभ्यास गरेपछि प्राण शीघ्र त्रिकुटी भेदन गर्दै सहस्रारमा पुग्न सक्दछ । यस प्रकारको तीव्र अभ्यासमा असमर्थ छ भने जहाँ सम्म हुन सक्छ अभ्यास गर र प्राणमा या श्वासमा लक्ष्य राख । सबकाम गर र त्यसको साथ साथै श्वासमा लक्ष्य राख यसले पनि चित्त स्थिर भएर विषय भ्रमण देखि विरत हुन जानेछ । यस किसिमको अभ्यासको फलस्वरुप चित्त क्रियाको परावस्थामा रहिकन कर्म गर्नमा समर्थ हुनेछ ।

(३) यदि क्रियाको परावस्थामा रहेर कर्मादि गर्न सक्दैनौ त सबै किसिमको कर्म गर्दै जाऊ, परन्तु संयमको अभ्यास संगै उपर्युक्त साधनमा सबै किसिमसँग कर्म गर्नुको प्रवृति नष्ट हुन जान्छन । परन्तु जसको प्रवृत्ति त्यतिखेर पनि प्रबल छ यदि संयम अम्यासको साथ क्रियायोगको विविध अनुष्ठानहरुको साधना गर्दछन् भने त त्यसको फलस्वरुप उनको प्राण स्थिर हुन जानेछ अनि प्राणको स्थिरता संगै मन पनि स्थिर भएर विलीन हुन जानेछ । क्रियाको परावस्थामा रहेर नशावाज समान कर्म गर्ने सामर्थ्य रहँदैन । क्रियायोगको अभ्यास गरेपछि त्यस अभ्यासको फलस्वरुप मन उत्तरोत्तर ध्यानावस्थामा प्रवेश गर्न सक्नेछ । यस तरीकासंग जुन साधकले साधनाभ्यास गर्दछन तिनीहरुले शीघ्र नै गीताको एघारौं अध्यायको अन्तिम श्लोकमा कथित लक्षणहरुलाई प्राप्त गर्न सब्दछन ।

"मत्कर्मकृत मत्परमो मद्भक्तः संगवर्जित ;
निर्वैर :सर्वभुतेषु यःस मामेति पाण्डव : ॥"

(१) कर्म गरेर भक्त साधकलाई अहंकार हुँदैन, सबचिज भगवत्प्रेरणा जानिइन्छन । अतयव ती सब कर्महरुलाई गरी तिनीहरु सुखदुखको भागी हुँदैनन् ।

(२) आत्मा बाहेक अर्कोतिर मन दिंदाखेरि प्रकृत कल्याण हुँदैन, यो बुझेर भक्त दृढतापूर्वक भगवद्भजन गर्दछ र अनि उनको नै आश्रय गरी बस्दछन ।

(३) जो यसकिसिमको भक्त छ त्यही संगवर्जित हुन सक्दछ । जीवको संसार प्रति अति आकर्षण हुन्छ । म लाभान्वित हुनेछु, यस्तो सोचेर जीवले सारा कर्म गर्दछन । परन्तु भगवद् भजन गर्दा गर्दा भक्तको यो सन्सार प्रति त्यो आकर्षण रहन जादैन ,तब यस्तो बुझिन जान्छ भगवद् प्रेरित भै म सर्व कर्म गरिरहेको छु, त्यसको शुभाशुभ फलतिर उसको दृष्टि जाँदैन ।

(४) सर्वभूतमा उनको वैरभाव रहँदैन त्यसले सब शरीरहरुमा अनि सर्व पदार्थहरुमा आत्मदर्शन गर्दछन । यसैले उनको लक्ष्य सदा जीव हरुको कल्याण प्रति रहन्छ । तब उनलाई आत्माको अदर्शन कतैपनि रहँदैन ।

अक्रोध, परमानन्द एवं क्षमा साधुहरुका लक्षण हुन । स्थित प्रज्ञ हुनु विना यी सब लक्षण कसैमा घटित हुदैन । सर्वभूता समदर्शन एवं ब्रहममा सर्व कर्मार्पण हुनु विना निःश्रेयस प्राप्त हुन सक्तैन । तथापि सन्सारको नियम श्रृंखलातिर लक्ष्य राखेर साधु मनुष्य दुष्टको दमन एवं शिष्टको पालनको उपदेश दिन्छन,अतयव अवस्था विशेषमा क्षमा एवं क्रोध देखाउनु पर्दछ । भक्त प्रहलादले आफ्नो नाति बलिसँग भनेको थियो-

"न श्रेय सततं तेजो न नित्यं श्रेयसी क्षमा "

सर्वदा तेज या क्षमा प्रकट गर्नु श्रेयस्कर छैन । अवस्था विशेषानुसार यसको प्रयोग हुनु पर्दछ ।

साधकको जीवन साधु जीवन हो । साधु जीवन यापन गर्नु विना चरित्रबलको प्राप्ति हुन सक्तैन । इन्द्रियहरु विषय प्राप्त हुनसाथ यदि त्यसतर्फ धावमान हुन्छ, दौडादौडी गर्दछ भने त सम्झनु पर्छ अझै भगवत् प्राप्ति धेरै धेरै टाढा छ । जो आत्मजयी छैन अर्थात जसको मन विक्षेपशुन्य हुन सक्तैन, त्यसलाई इन्द्रियजय गर्नमा पूर्ण असमर्थ सम्झनु । ईश्वरमा विश्वास गर्नु पर्नेछ, परन्तु बलपूर्वक विश्वास उत्पन्न गर्न सकिन्न । यसकोलागि साधुसंग गर्नु पर्ने छ । साधुसंगले शास्त्रमा दृढमति उत्पन्न हुन्छ । तब भगवान्लाई शास्त्र एवं गुरुवाक्य अनुसार युक्तिसाथ बुझनुको प्रयत्न गर्नुपर्दछ । प्रति दिन क्रिया गर, प्रतिदिन ध्यानाभ्यास गर, यसले प्राण, मन एवं बुद्धि स्थिर हुन सक्ने छ । बुद्धि जति जति स्थिर हुनेछ, त्यति त्यति नै परमानन्दको अधिकारी बनेर तिमीले यो बुझ्न सक्नेछौं-परमपद भन्ने वस्तु के हो । बाहय कार्य जसलाई गर्न अत्यावश्यक छ, त्यसलाई गर्नुनै पर्नेछ, परन्तु यो दृढ लक्ष्य राख्नुपर्ने छ । कहिं कतै बाह्रयकर्ममा मन आसक्त हुन न जाओस् । क्रियाको परावस्था विना यद्यपि समदर्शन ठीक किसिमसित

हुँदैन , तथापि विचार द्वारा सर्वभूतहरुमा उनै एक आत्मा नै विराजमान छन भने बुझिकन सबै प्रति श्रद्धालु हुन सक्तछौ अनि सदय व्यवहार गर्न सक्दछौ । जीवनलाई शास्त्रानुशासनमा नियमित गर । धेरै नबोल, सर्वदा श्वासमा लक्ष्य राखेर स्मरणमा सचेष्ट रहू परहित साधनमा कहिल्यै पछाडि नरहू । सबै जीवहरुमा त्यही आत्मा छ, यो जानेर कसैसँग घृणा नगर,यहासम्म कि शत्रुसँग पनि द्वेष नगर-यही अमृत धर्म हो । यस धर्मको आचरण गरी साधु जीवन प्राप्त भएर उपस्थित भै दिन्छ । दुःश्चरित्र एवं अशान्त व्यक्तिको साधना निष्फल छ, यसैले इन्द्रिय मन एवं शरीरलाई सर्वदा पवित्र राख्नुको चेष्टा गर । चरित्रवान हुनु विना केवल शास्त्र पढिरहनाले विवेक उत्पन्न हुन सक्तैन । प्रकृत श्रध्दा एवं विवेक उत्पन्न भएपछि आफसे आफ साधन भजनमा दृढता आउँदछ । अविरत भजनको फल स्वरुप चित्त विषयकृष्ट नभैकन सर्वदा सब विषयहरुमा सन्तोष प्राप्त गर्दछ । यस किसिमसँग विक्षेप शून्य भएपछि नै चित्त परमपदमा प्रविष्ट हुन्छ । तब सर्वात्म-दृष्टि उत्पन्न भएपछि परम ज्ञान को प्राप्तिले साधक सदाकोलागि कृतकृत्य हुन जान्छ ।

इति श्री श्यामाचरण आध्यीत्मक दीपिका नामक गीताको द्वादश अध्यायको आध्यात्मिक व्याख्या समाप्त ॥

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता

त्रयोदशोऽध्याय

(प्रकृति-पुरुष-विवेक-योग)

अर्जुन उवाच-

"प्रकृति पुरुषं चैव क्षेत्रं क्षेत्रज्ञमेव च;
एतद्वेदितुमिच्छामि ज्ञानं ज्ञेयं च केशव ॥-

अनुवाद-अर्जुनले भन्यो-हे केशव ! प्रकृति एवं पुरुष, क्षेत्र एवं क्षेत्रज्ञ तथा ज्ञान एवं ज्ञेय-यी सबै तत्त्व जान्न चाहन्छु ।

(श्रीधर स्वामीले यस श्लोकको व्याख्या गर्नु भएको छैन । खालि श्री धर स्वामीलेमात्र किन, आचार्य शंकर एवं प्राचीन टीकाकारहरुमा धेरैले यस श्लोकलाई गीता अन्तरगत मानेका छैनन् । पूज्यपाद लाहिडी महाशय द्वारा व्याख्यात गीता ग्रन्थमा पनि यो श्लोकमा प्रश्न रुपमा भनिएका छन । श्री भगवान्ले यहाँ जुन तत्त्वहरुको आलोचना आरम्भ गर्नुभयो, यो कसैकसैलाई आकस्मिक लागिदिनेछ । यसै कारण यस्तो बुझिइन्छन-संभवतः कसैले केही अगाडि बढेर यस श्लोकको रचना गरी जोडिदिए । जब प्रशिद्ध प्राचीन व्याख्याताहरुमा धेरैले यो श्लोकको टीका या भाष्य लेखेनन्, तब यस श्लोकलाई गीता भित्रको मान्नुमा सन्देह हुन्छ । वस्तुतः यस किसिमको आलोचनाको अवतारणा हुनु आकस्मिक छैन । प्रकृतिको सम्बन्धमा श्री भगवान्ले पहिले नै सप्तम अध्यायमा संक्षेपमा आलोचना गर्नुभएको छ, अनि केही विस्तृत रुपमा यसको आलोचना गर्नु को आवश्यकता पनि छ, यसैले यस्तो आलोचना आकस्मिक छैन र यो अप्रासंगिक पनि छैन,किनभने श्री भगवान्ले पहिले नै भन्नु भएको छ-उसले शीघ्र नै भक्तहरुलाई जन्म मरण रुप संसार देखि उद्धार गरिदिनु हुन्छन् । तत्त्वज्ञान विना यसरी उद्धार हुनु संभव छैन । यसैले प्रकृति पुरुष विवेक रुप तत्त्वज्ञानको उपदेश यस अध्यायमा शुरु भएको छ ।

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधियते ;
एतद् यो वेत्ति तं प्राहु क्षेत्रज्ञ इति तद्विद :॥१॥

श्री धरीय टीका-"म भक्तहरुलाई संसार सागर देखि उद्धार गर्दछु"-यो कुरा उनले द्वादशाध्यायमा भन्नु भएको छ, अब त्यसको सिद्धिको लागि अर्थात् भक्तहरुको जुन किसिमले उद्धार हुन्छ, यही तत्त्वज्ञान त्रयोदश अध्यायमा भनिएका छन ।

[-"जन्म मरण रुप संसार देखि उनिहरुलाई मैले शीघ्र उद्धार गरी दिन्छु " भगवान् द्वारा प्रतिज्ञात संसार बाट उद्धारण आत्मज्ञान विना संभव छैन, यसैले तत्त्वज्ञानको उपदेशको निम्ति यो प्रकृति पुरुष

विवेकाध्याय प्रारम्भ गरिएको छ । सातौं अध्यायमा जुन अपरा एवं परारुप प्रकृति द्वय कथित छ तथा जुन प्रकृति द्वयको विवेकको अभावले जीवभाव प्राप्त चिदंशलाई यस संसारको प्राप्ति हुन्छ अनि जुन प्रकृतिद्वय द्वारा जीवको उपभोगको लागि ईश्वर सृष्ट्यादिमा प्रवृत्त हुन्छन, त्यस परस्पर विभिन्न क्षेत्र एवं क्षेत्रज्ञ(पद वाच्य प्रकृतिद्वयको स्वरुप निर्णय गर्नको लागि] श्री भगवनान बोल्नु भयो-हे कौन्तेय ! यस भोगायतन शरीरलाई क्षेत्र भन्दछन किनभने यो संसारको प्ररोह-भूमि हो अर्थात् संसार रुपी शस्यको उत्पत्ति भूमि हुन । यस शरीरलाई जसले जान्दछ अर्थात् जसद्वारा "म र मेरो" को यो भान हुन्छ, क्षेत्र क्षेत्रज्ञ-विवेकी पुरुषले त्यसलाई क्षेत्रज्ञ भन्दछन किनभने कृषक समान यो क्षेत्रज्ञ नै त्यस क्षेत्रको फलभोक्ता हुन । तद्विद शव्दको अर्थ छ क्षेत्र एवं क्षेत्रज्ञको विवेकज्ञ पुरुष ॥१॥

[यस श्लोकको शांकर भाष्य-"सप्तमे अध्याये सूचिते द्वे प्रकृति ईश्वरस्य । त्रिगुणात्मिका अष्टधा भिन्ना अपरा संसार हेतुत्वात्, परा चान्या जीवभूता क्षेत्रज्ञ-लक्षणेश्वरात्मिका च । याभ्यां प्रकृतिभ्यां ईश्वरो जगदुत्पति स्थितिलय-हेतुत्वं प्रतिपद्यते ! तत्रक्षेत्रक्षेत्रज्ञलक्षण-प्रकृतिद्वयनिरुपणद्वारेण तद्वत ईश्वरस्य तत्त्वनिर्धारणार्थ क्षेत्राध्याय आरभ्यते । अतीतानन्तराध्याये च-"अद्वेष्टासर्वभूतानाम्" इत्यादिनां यावदध्यायपरिसमाप्ति : तावत् तत्त्वज्ञानिनां सन्यासिनां निष्ठा यथा ते वर्तन्ते इत्येतदुक्तम्, केन पुनस्ते तत्त्वज्ञानेन युक्ता यथोक्त धर्माचरणात् भगवतः प्रिया भवन्ति इत्येवमर्थश्चायमध्याय आरभ्यते ।" सप्तम अध्यायमा ईश्वरको दुइ किसिमको प्रकृतिको कुरा भनिएको छ । यी दुई प्रकृति कै सहायताले ईश्वर जगत्‌को उत्पत्ति, स्थिति एवं लयको कारण हुन्छन । यस क्षेत्र एवं क्षेत्रज्ञ लक्षण प्रकृति हुन जुन जीवरुपा तथा क्षेत्रज्ञ लक्षण युक्ता ईश्वर को तत्त्व निर्णयार्थ यस क्षेत्राध्यायको प्रारम्भ गरिएको छ । गत अध्यायमा अर्थात द्वादशाध्यायमा "अद्वेष्टा सर्वभूतानां श्लोक देखि यस अध्यायको परिसमाप्ति सम्म तत्त्वज्ञानी संन्यासीहरुको निष्ठा अर्थात तिनीहरु कसरी रहन्छन या आचरण गर्दछ भनिएको छ । पुनरपि कुन किसिमसँग तत्त्वज्ञानयुक्त भै यथोक्त धर्महरुको आचरण द्वारा उनिहरु भगवानको प्रिय हुन्छन यो सम्झाउनको लागि पनि यो अध्याय आरम्भ गरिएको छ । -"प्रकृतिश्च त्रिगुणात्मिका-सर्वकार्यकरण विषयाकारेण परिणता पुरुषस्य भोगापवर्गार्थ-कर्त्तव्यतया देहेन्द्रियाद्याकारेण संहन्यते सोऽयं संघात इदं शरीरं तदेतत्"-प्रकृति त्रिगुणात्मिका छ । यो कार्य, करण एवं विषयाकारमा परिणत भएर पुरुषको भोग एवं अपवर्गको सिद्धिको निम्ति शरीर एवं इन्द्रियहरुको आकारमा संहत हुन्छन । यो संघात नै शरीर हो । यसैलाई सम्झाउनको निम्ति श्री भगवान् भन्नु हुँदैछन-"इदं शरीरं कौन्तेय" इदमिति सर्वनाम्नोक्त विशिनष्टि शरीरमिती" । हे कौन्तेय, "क्षतत्राणात्क्षयात् क्षरणात् क्षेत्रवद् वा अस्मिन् कर्मफल निवृतेः क्षेत्रमिति । इति शब्द एवं शब्दपदार्थकः । क्षेत्रमित्येवं अभिधीयते कथ्यते । एतत् शरीरं क्षेत्रं यो वेत्ति विजानाति आपादतलमस्तकं ज्ञानेन विषयीकरोति स्वाभिविकेन औपदेशिकेन वा वेदनेन विषयीकरोति विभागशः तं वेदितारं प्राहुः कथयन्ति क्षेत्रज्ञ इति । क्षेत्रज्ञ इत्येवमाहु : के ? तद्विदः तौ क्षेत्रक्षेत्रज्ञौ ये विदन्ति ते तद्विदः"-इदं यस सर्वनाम पद द्वारा जुन व्यक्त भएको छ त्यही यो शरीर हो । हे कौन्तेय ! यस शरीरलाई किन क्षेत्र भन्दछन ? कारण यो छ-क्षत देखि एसले त्राण गर्दछ, अथवा यसको क्षय हुन्छ, अथवा क्षेत्रवत्-

क्षेत्रमा बीज छर्नाले जसरीफल प्राप्त हुन्छ-देहकृत कर्महरुको पनि फलभोग हुन्छ-यसैले यस देहलाई क्षेत्र भनिएको हो। इति शव्दको अर्थ हो "एव" अर्थात् यस किसिम सित। यस शरीरलाई यसरी क्षेत्र रुपले निर्देश गरिएको हुन्छ। यस शरीररुपी क्षेत्रलाई जसले जान्दछन् जनिलिन्छन, या यसलाई स्वाभाविक अथवा उपदेश जनित अनुभवको विषय बनाउंछन्। तिनीहरुले शरीर देखि पृथक त्यस शरीर वेत्तालाई "क्षेत्रज्ञ " भनेर निर्देश गर्दछन। क्षेत्र एवं क्षेत्रज्ञलाई जान्ने वाला नै "तद्विद हुन ॥ १॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेको छ-यो देह क्षेत्रस्वरुप छ यसमा जसले खेती गर्दछ त्यसको नाम क्षेत्रज्ञ अर्थात क्रिया हुन।"-

शरीरलाई क्षेत्र किन भन्दछन ? आचार्य शंकरको मतानुसार यस्को तीन किसिमको कारण हुन सक्दछन (१) यसले क्षत देखि त्राण गर्दछन (२) किनभने यसको क्षय हुन्छ, (३) क्षेत्रमा बीज छर्दाखेरि जसरीफल पाइन्छ उसरी नै देहकृत कर्महरुको फलपनि जीवलाई भोग गर्नुपर्ने हुन्छ। संसारको चिन्तामा जीव क्षत विक्षत हुन जान्छ, साधन विना यो क्षत (घाउ) सुक्दैन अतयव तापको पनि निवृति हुदैन। अनि यो शरीर नरहेमा साधना पनि हुँदैन। साधना गर्नु विना आवागमनको निवृत्ति पनि हुँदैन, कर्मायतन यो शरीरले जसरी कर्मद्वारा सुखदुःखमा आवद्ध गर्दछन, त्यसरी नै अपवर्ग गरी कृतार्थ पनि गर्दछन।

क्षेत्रमा बीज छर्दा खेरि जसरी फल उत्पन्न हुन्छन, अनि क्षेत्रकर्त्ताले त्यस फललाई भोग गर्दछन् उसरी नै यस शरीर रुपी क्षेत्रमा जीवले गरेका सुकर्म या कुकर्मको आफनो कर्मको फल भोग्नु पर्दछ। असल कृषक भएका जीवलाई कर्मबन्धनमा आबद्ध हुनु पर्दैन। असल किसान कसरी बन्न सकिन्छ। (१) कृषकले एकदम राम्रोसँग खेत जोत्नु पर्नेछ, (२) उत्तम बीज संग्रह गर्नु पर्ने छ तथा (३) फसलको पैदावारमा उत्पन्न हुने सारा विध्नबाधाहरुलाई हटाउनु पर्ने छ। कृषकले यदि राम्रोसँग खेत नजोते, त्यसमा मन नलगाए या अवहेलना गरे त उत्तम बीज छरेर पनि सुफल पाइने छैन। यसको अतिरिक्त दैवी कृपा या राम्रो मौसमको आवश्यकता पनि हुनुपर्छ, किनभने समयानुसार वृष्टि भएन भने राम्रो फल हुदैन। यदि सुवृष्टि पनि भयो तर राम्रोसँग रेखदेख गरिएन भने पनि फसलको धेरैजसो भाग कीरा फटेंग्रा, पशुपक्षीले खाइदिन्छन। खेतबारी जोत्नको लागि पनि तीन तीन वस्तुहरुको आवश्यक छ-खेत, हल एवं गोरु। आध्यात्मिक खेतिमा पनि हाम्रो शरीर क्षेत्र भयो, जोतिने वाला हल हुन प्राण-क्रिया या श्वास-प्रश्वास, यस श्वास प्रश्वासरुपी हललाई चलाउने हली हुनेछन मन प्रभृत्ति इन्द्रिय पशु। यस किसिमसित प्राणायामादि प्राण क्रिया गरी राजा जनकले सीता नामको यज्ञदेवता या साधनको फलस्वरुप साधन लक्ष्मी ब्रहमविद्यालाई प्राप्त गरेको थियो।

जुन मानिसहरुले उत्तम साधन प्रणाली पाएर पनि साधना गर्नमा अवहेलना गर्दछन,या मन लगाएर साधना गर्दैनन्, तिनीहरुले साधनाको मीठो मधुरो फल शान्तिलाई प्राप्त गर्न सक्तैनन्। दैवानुकम्पाको पनि आवश्यकता छ अर्थात जसलाई पूर्व जन्म देखि कै साधन साधित छ, तिनीहरुलाई वर्त्तमान जन्ममा परिश्रम गरेमा उपयुक्त फल प्राप्त हुन जान्छन, तब पनि साधकलाई सतर्क रहनु पर्ने हुन्छ, वैरागयवान

हुनुपर्ने हुन्छ नत्र भने धेरै जसो साधनारुपी तपस्याको फललाई इन्द्रिय वृत्तिरुपी चोरले अपहरण गरिलिन्छन । साधकको तीव्र साधना एवं त्यसको फललाई देखेर धेरै मानिसहरुले उसको सम्मान गर्दछन, उसको ख्याति देशविदेशहरुमा प्रचारित भएर फैलिन जान्छन्, फलतः यदि साधकलाई यी प्रतिष्ठाहरु प्रति लोभ हुन्छ भने त खेतमा राम्रो फलफसल लागेर पनि त्यस फलको अभिमान रुपी पशुपक्षी कीट पतंग आदिले नष्ट गरिदिन्छन, त्यो अपदेवतालाई भोग लाग्दछ, देवतालाई भोग लाग्दैन ।

यो क्रिया गर्दछ कसले ?-क्षेत्रज्ञ जीव या क्रियावान साधकले, बद्धजीव पनि त क्षेत्रज्ञ नै हुन किनभने जीवले जान्दछ-यो शरीररुपी क्षेत्र उसैको हो । यसैले शरीरलाई उसले सजाउँछ ,सिंगार गर्दछ तथा देहलाई स्वस्थ एवं पुष्ट राख्नुको इच्छा उसलाई स्वतः भै हाल्दछ । परन्तु जसले शरीरको सौन्दर्य एवं सौष्टव बढाउनुतिर लक्ष्य नराखी आफूलाई शरीर वन्धन पाश देखि अष्ट पाश देखि उन्मुक्त गर्ने प्रयत्न गर्दछ, चेष्टा गर्दछ त्यसले सर्वतापहर सर्वपाप हर देहातीत (विदेह) अवस्था प्राप्त गरी कृतार्थ हुन जान्छ । यो शरीरातीत भाव नै देहीको निजभाव हो । यस भावमा प्रतिष्ठित भएपछि जीवको जीवत्व या वन्धनरज्जु छुट्न जान्छ । जो यी दुवैभाव (देशवद्ध एवं विदेह) देखि अवगत छन, उही "क्षेत्रज्ञ" हुन ॥१॥

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारतः
क्षेत्र क्षेत्रज्ञ योर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

श्री धरीय टीका-[यस किसिमसित क्षेत्रज्ञको सान्सारिक स्वरुप भनियो । अब त्यही क्षेत्रज्ञको असांसारिक भाव स्वरुपलाई भन्नु हुन्छन-अर्थात् जीवको व्यावहारिक स्वरुप सांसारिक हुँदैमा पनि वस्तुतः पारमार्थिक छ यसै विषयमा भन्नु हुन्छ]-त्यो क्षेत्रज्ञ, सान्सारिक जीव वस्तुतः मलाई नै सम्झ बुझ । मै समस्त क्षेत्रहरुमा अनुगत अर्थात अनुप्रविष्ट छु । किनभने "तत्त्वमसि" यस श्रुतिवाक्य देखि उपलक्षित जुन चिदंश छ त्यसद्वारा मेरै स्वरुपको चर्चा गरिइन्छन । आदरार्थ यस ज्ञानको प्रशंसा गर्दछन-क्षेत्र एवं क्षेत्रज्ञ जुन विलक्षण (पृथक) ज्ञान छन् त्यही मुक्तिको हेतु हुनुको कारण मेरो मतले यथार्थ ज्ञान हो । -अन्य ज्ञान व्यर्थ पाण्डित्य मात्र हुन, किनभने त्यो बन्धनको कारण छ, विद्या त्यही हो जसले विमुक्ति प्रदान गरोस । अन्य कर्महरु त खालि परिश्रमको निमित्त बन्दछन, अन्य विद्या शिल्प कला निपुणता मात्र हुन । ॥२॥

आध्यात्मिक व्याख्या-"क्षेत्रज्ञ जुन नाभिदेशमा छ त्यो मेरै रुप हो-गुरुवाक्य द्वारा लभ्य-त्यो सब शरीरमा छ ।"-

जसले शरीरमा "अहं-मम" अभिमान युक्त भएर शरीरको सुखदुःखलाई आफनै सम्झेर अभिमान गर्दछ, त्यो क्षेत्रज्ञ हो । परन्तु यति नै जानेर मात्रै क्षेत्रज्ञ को विषय सबै ज्ञात हुन जादैन । सबै क्षेत्रहरुमा जुन क्षेत्रज्ञ छन उही भगवान् हुन ,यो बुझ्नु पर्दछ । अझै जुन जीव दुःख र शोक देखि ग्रस्त जानिइन्छन, त्यो परमात्मा देखि पृथक वस्तु होइन । परमात्माको जुन सच्चिदानन्द स्वरुप छ, त्यही जीवको पनि स्वरुप हुन परन्तु जीव अत्यन्त अल्पज्ञ छन अनि ईश्वर सर्वत्र छन । अतयव जीव एवं ईश्वरमा जुन विराट् भेद

छ , त्यसलाई कसरी अस्वीकार गर्न सकिन्छ । भेद त छ नै परन्तु त्यो भेद हो औपाधिक नित्य सत्य होइन ॥ श्रुति भन्दछन 'नेह नानास्ति किंचन' नानात्व छैन, अतयव क्षेत्रज्ञ यदि परमात्मा नहुँदो हो त सबै क्षेत्रहरु मा पृथक् पृथक् क्षेत्रज्ञ हुनाले क्षेत्रज्ञहरुको वहुत्व स्वीकार गर्नु पर्ने हुन्थ्यो, परन्तु यो वेदादि शास्त्र सम्मत छैन तथा अनुभवको पनि विरुद्ध छ । यसैले सनत्सुजातीय अध्यात्म शास्त्रमा सनतकुमार भन्नु हुन्छ ।-

"दोषो महानत्र विभेद योगे ,
ह्यनादि योगेन भवन्ति नित्याः
तथास्य नाधिक्यमपैति किंचि-
दनादि-योगेन भवन्ति पुंसः ॥१॥२०।

विभेद योगमा अत्यन्त दोष छ । मायाको प्रभावले त्यो जीवरुपमा अवस्थान गर्दछन् । त्यो एक अद्वितीय परमेश्वर मायाको कारण वहुत्व मा परिणत भएर पनि आफनो आधिक्यलाई कम गर्दैन । तब जीव कसरी अनि कुनकिसिमले अल्पज्ञ भयो तथा कुन प्रकारसँग जीव वर्तमान अवस्था देखि आफनो स्वरुपमा पुगन सक्दछ, यस सम्बन्धमा केही भन्नु छ । अविद्याको उपाधिको कारण जीव, देहसँग तादात्म्य भावले मिलित भएर आफनो स्वरुपलाई विर्सन जान्छन । प्राणको बहिर्मुख गति द्वारा नै जीवलाई आत्म विस्मृति हुन्छ। तबै उसको बाहय दृष्टि स्फुरित हुन्छ । कठोपनिषदमा भनिएको छ । -

"या प्राणेन सम्भवति अदितिर्देवतामयी,
गुहा प्रविश्य तिष्ठन्ति या भूतेभिर्व्यजायत ॥एतद्वैतत्॥

सर्वदेवतारुपी जुन अदिति अर्थात् विषयभोक्ता क्षेत्रज्ञ प्राणेन अर्थात् प्राणशक्तिको साथ प्रकाशित हुन्छन अनि जुन भूतहरुको साथ अर्थात् पंचभूतहरु देखि युक्त भएर उत्पन्न हुन्छन, त्यो जीवको हृदयरुपी गुहामा-कूटस्थ भित्र-अवस्थित छन, त्यस चित् शक्तिको जसले दर्शन गर्दछन् त्यसले ब्रहमको दर्शन गर्दछन ।

"परांचि खानी व्यतृणत् स्वयम्भूः;
तस्मात् पराङ पश्यति नान्तरात्मन ॥"

परमेश्वरले इन्द्रियहरुलाई बाहय-पदार्थदर्शी बनाउनु भएको छ, अतयव जीवले शब्दादि बाहय पदार्थहरुलाई जान्न पाउँदछन्, अन्तरात्मालाई जान्न पाउँदैनन् । बाहयज्ञान स्फुरण सँग जीवले आफुलाई देहमात्र (प्रकृति) मान्दछन् अनि शरीर जस्तो जड छ त्यस्तै नै उसको बुद्धि पनि जडभावापन्न भएर अज्ञानले आच्छन्न हुन्छ । यही वहिर्मुख गति रुध्द भएमा जीव जुन शिवै थियो त्यो फेरि शिव हुन जान्छन ।

"उर्ध्व प्राणमुन्नयत्यपानं प्रत्यगस्यति
मध्ये वामनमासिनं विश्वेदेवा उपासते ॥" कठ॰

त्यसले प्राणलाई ऊर्ध्वगति एवं अपानको अधोगतिलाई "अस्यति" निक्षेप गर्दछ-(अर्थात त्यसैको अवलम्बन गरी प्राण अपान वायु को गति चल्दछ) यस प्राणापानको सन्धि स्थलमा अर्थात् प्राणायाम द्वारा दुवै प्राणापान वायु हृदयमा स्थिर भएपछि वामन देवको ज्ञान हुन्छ । तब जानिन्छन विश्वको सारा देवताले उनको उपासना गर्दछन । "स उ प्राणस्य प्राण:" उही प्राणको प्राण हुन अर्थात् उसैदेखि प्राणले शक्ति प्राप्त गर्दछन् । त्यस स्थिर प्राणको उपासना गर्दा गर्दा साधक ब्रहममा लीन हुन जान्छ । श्रुति भन्दछन "ब्रहमविद् ब्रहमैव भवति" यसरी आफूले आफैलाई जानेपछि अज्ञान नष्ट हुन जान्छ, सारा भेद खुल्न जान्छन । रज्जुलाई रज्जु रुपमा जानिलिएपछि त्यसमा सर्पभ्रम हुनुको आशंका रहँदैन । त्यसरी नै आफूलाई आफैले चिनेपछि फेरि यस कल्पित अज्ञान (जीवभाव) को लागि विडम्बित हुनु पर्दैन ।

प्राणको जुन बहिर्मुखि वृत्ति द्वारा यो महा अनर्थ उत्पन्न भएको छ, आफ्नो स्वरुपावस्थामा फर्कनु छ भने त जुन बाटो भएर बाहिर आउनुपरेको छ, त्यही मार्गबाटै घरमा प्रवेश गर्नुपर्नेछ । गीताको व्याख्याको अनेक ठाउँहरुमा आलोचना भएको छ-इडा पिंगलामा जबसम्म श्वास बहिरहन्छ तबसम्म जगद्दर्शन निवृत्त हुदैन भगवान्को घोररुपको दर्शन पनि बन्द हुदैन । यसैले हामीलाई साधनामा सदा सचेष्ट हुनु पर्नेछ । तृतीय पद सुषुम्नामा क्रिया गर्दा गर्दा ऊर्ध्व (मस्तक) मा स्थिति रुप एक अवस्था या पुरुष को उदय हुन्छ । त्यस स्थिति पदमा रहँदा रहँदा विश्वदर्शन विलुप्त हुन जान्छन् । स्वभावत: विक्षिप्त मन क्रियाद्वारा क्रियाको परावस्थामा जति नै दीर्घकाल सम्म स्थित हुन सक्नेछ, त्यतिनै नानात्व एकत्वमा प्रविष्ट हुँदै जानेछ अनि यो विश्व ब्रहममय हुँदै जानेछ । जब सब एक हुन्न जान्छ, तबै पुरुषोत्तम भाव हुन्छ । यस पुरुषोत्तमलाई देख्नुको उपाय हो क्रिया । यस पुरुषोत्तम अवस्थामा जुन ब्रहमानन्दस्वरुप छ, त्यही जीवरुपमा विषयानन्दमा विभोर छ । जुन विश्वातीत छ, त्यही विश्व पनि हो । पुरुष-सूक्तमा लेखिएको छ "यतावानस्य महिमा, ततो ज्यायांश्च पुरुष: पदोऽस्य विश्वभूतानि त्रिपादस्य मृतं दिवि" प्राणरुपी नारायणको इडा, पिंगला एवं सुषुम्ना तीन पद या क्रियाको परावस्थाको अनुभव हुन्छ । क्रियाको परावस्थामा रहंदा रहंदा परव्योमको अणु भित्र प्रवेश हुन सक्तछ र त्यसमा प्रविष्ट हुनासाथै "सर्वं ब्रहममयं जगत्" हुन जान्छ । त्यो परव्योम या ब्रहम नै महद्ब्रहम हुन्छन , तब त्यसले कूटस्थ ज्योति रुपमा नै आफसे आफ सृष्टि गर्दछन् । महदब्रहमले प्राणरुप स्थावर जंगमात्मक विश्वलाई प्रकाशित गर्दछन । समस्त सृष्ट वस्तुहरु प्राणद्वारा प्रकाशित हुन्छन, अतयव तत्समुदायलाई प्राणी भन्दछन् । यो प्राण सूक्ष्म वायुरुपमा समस्त सृष्ट वस्तुहरुको भित्र रहन्छन । यही सूक्ष्मातिसूक्ष्म वायुरुप स्थूल भूतहरुमा परिणत हुन्छन् । स्थूल भूतहरुको यो स्थूल अणु हुन, जस्को कारणले स्थूल भावको दर्शन हुन्छ । वायु द्वारा नै यसको स्थूलत्व नष्ट पनि हुन्छ । यसैले वायुको क्रिया (प्राणक्रिया) गर्नुको आवश्यकता छ । मन स्थूल चिन्तन गर्दा गर्दा एकदमै स्थूल हुन जान्छन । तब मन स्थूल चिन्तन गर्न पाउँदैन । प्राणक्रिया द्वारा मनको यो स्थूलता नष्ट हुन जान्छ । यही प्राणरुपमा नाभिमा रहन्छ , त्यो तेज: स्थान हुन । यसै स्थानको शक्तिले वाक्य स्फुरित हुन्छन ।वाक्यको जति जति विस्तार हुन्छ उति उति प्राणको चंचलता बढ्न जान्छन । प्राणको चंचलावस्था नै मन हो, यो चंचल मनले नै जीवलाई मृत्युपाशमा आबद्ध गर्दछ । यजुर्वेदमा लेखिएकोछ-

"मरुतः शिवः मरुत ब्रहम" मरुत जब स्थिर हुन्छ तब शिव हुन्छ अनि मरुत नै चंचल भएर मन रुपमा संसार को रचना गर्दछ । यसै कारण वेद भन्दछ- *"नमस्ते वायो, त्वमेव प्रत्यक्षं ब्रहमासि, तन्माभवतु"*- हे वायु, तिमी प्रत्यक्ष ब्रहम हौ, तिमीलाई नमस्कार, तिमी मेरो रक्षा गर अर्थात् मेरो यस संसार गतिलाई अवरुद्ध गर । मन, बुद्धि, अहंकार, इन्द्रियादि सब आत्मा कै महिमा हुन । परन्तु यी सब हुन बाहिरी महिमा ।क्रिया गरेर साधक जति जतिस्थिर हुँदै जान्छन त्यति त्यति नै आत्माको भित्री महिमा या ऐश्वर्यलाई बुझ्न सम्झन समर्थ हुन्छन् । यो स्थिर पद अनुभव हुनुको साथै आत्माको र्स्वव्यापकत्व, सर्वज्ञता एवं सर्वशक्तिमता को अनुभव हुन्छ । यति खेर जीवले आफूलाई जुन अज्ञ या अल्पज्ञ बुझिराखेको छ, यो सब त्यतिखेर उल्टिन जानेछ, यस क्रियाद्वारा नै उनको "ज्यायान" अर्थात् उत्कृष्ट पद अनुभूत हुन्छ । त्यही हुन उत्तम पुरुष, उनलाई हामी हेर्न पाउंदछौ, त्यही अनुभव पद अथवा आफैमा आफु हो । यस किसिमको अवस्था जुन साधकलाई प्राप्त हुन्छ, उसको अगाडि फेरि क्षेत्र क्षेत्रज्ञको पृथकत्व बोध रहन जादैन । यसैको नाम हो ज्ञान । यसै कारण जीव र परमेश्वरको विभिन्नता भनिनेवाला सिद्धान्त शास्त्र दृष्टिमा दोषयुक्त मानिन्छन् । जीव अन्य वस्तु होइनन्, मायाको कारण परमात्मा नै जीवरुपमा सदा वर्तमान छन् । जीव एवं परमेश्वरको या जीवको साथ जीवको जुन भेद छ त्यो औपाधिक हुन, तात्त्विक होइन । "इन्द्रो मायाभिः पुरुरुप ईयते "इन्द्र अर्थात् ब्रहमले माया द्वारा नानारुप धारण गर्दछन, अतयव असंख्य जीवभाव परमात्माकै रुपभेद मात्र हुन । यो माया परमेश्वरमा शक्तिरुपले निहित छन । जस्तो पुरुषको आदि छैन, अन्त छैन उसरी प्रकृति पनि आद्यन्तरहित छन । भगवान्‌ले यसै अध्यायमा भन्नु भएको छ-*"प्रकृति पुरुषंचैव विद्धयनादी उभावपि"*-प्रकृति र पुरुष दुवै अनादि छन । जीवको भोक्तृत्व तथा उसको भोग एवं भोग्य सब मायाको कारणले कल्पित् मात्र छन् । त्यो भेद ज्ञान मायाको संयोग विच्छिन्न हुनासाथै विलुप्त हुन जान्छन् । घटाकाश अखण्ड आकाशको उपाधि मात्र हुन, घटोपाधि नाश हुनासाथ घटाकाशको पृथकत्व प्रतीति रहँदैनन् ।यसरी नै अखण्ड परमात्माको कुनै अंश मायाच्छन्न हुंदा खेरि त्यस अंशको नै जीव उपाधि हुन्छ । यो उपाधि सबै अवस्थाहरुमा रहँदैन, जब उपाधि तिरोहित हुन जान्छ त जीव परमात्मा सँग अखण्ड अभेद रुपमा प्रतीत हुन्छ नारद पंचरात्र मा लेखिएको छ ।-

"अ मुक्तेर्भेद एवं स्यात् जीवस्य च परस्य च;
मुक्तस्य तु न भेदोऽस्ति भेदहेतोर भावतः "

मुक्ति पर्यन्त भेदव्यवहार रहन्छ । मुक्ति पछिको भेदहेतु अभाव हुनुको कारण भेदज्ञान रहँदैनन । श्रुति पनि भन्दछन-

"यथा नद्यः -समुद्रे-स्यन्दमानाः
स्तं गच्छन्ति नामरुपे विहाय
तथा विद्वान्नामरुपाद्विमुक्त :
परात्परं पुरुषमुपैति दिव्यम् ॥" (मुण्डक॰)

नदीहरु समुद्रमा प्रवेश गरेर जसरी आफनो नाम र रुपलाई परित्याग गर्दछन, जीवले पनि ज्ञान द्वारा परात्पर पुरुषमा मिलित भै आफनो समस्त नामादि भेद लक्षणहरु देखि विमुक्त हुन जान्छन् ।

देहदृष्टिको कारण नै जीव र ब्रहममा भेद व्यवहार सिद्ध हुन्छ । किन्तु क्रियाको परावस्थामा देहादि संघात देखि पृथक भएर जीव जब परमपुरुषमा मिलिकन एक हुन जान्छन, तब भेदको कुनै यथार्थता रहन सक्तैन । यद्यपि जीव देखिनुमा असंख्य छन, तथा प्रत्येक जीव परमात्माकै अंश हुन, तथापि यसबाट परमात्माको पूर्णत्व एवं एकत्वको हानी हुँदैन, किनभने यो जीवभाव अविद्या कल्पित छन, पारमार्थिक सत्य छैन । असंख्य प्रतिविम्ब भएर पनि जसरी त्यसबाट प्रकृत सूर्यको क्षय या ह्रास हुनुको संभावना रहदैन, त्यसरी नै जीव चाहे जति नै असंख्य एवं अगणित होउ, त्यसबाट परमात्माको ह्रास या वृद्धिको संभावना छैन । यसै कारण श्री भगवानले जब स्वेच्छा या आफनो मायामा अधिष्ठित भएर नानारुपहरुमा आफुलाई प्रकाशित गर्दछन, तब पनि उनको पूर्णत्वको हानि हुंदैन । अतयव सांख्यको असंख्य पुरुषवाद हुदैमा पनि परमपुरुषमा नानात्व हुँदैन, त्यो एक अखण्ड भावमा नै सदा वर्तमान रहन्छन् । षडैश्वर्यवान् श्री भगवान् माया द्वारा जगतप्रपंचको रुपमा परिणत हुन्छन र अनि मायाकै कारण ले नै यस प्रपंचको बोध हुन्छ, वस्तुतः उनमा कुनै विकार हुँदैन स्वप्नमा देखिएको वस्तु जसरी जाग्रत अवस्थामा त्यसको कुनै अस्तित्व रहँदैन । उसरी नै माया निवृत भएपछि यस दृश्यमान जगत्को पनि कुनै अस्तित्व रहँदैनन् । नाभिदेशमा समान वायुको स्थान छ, त्यही क्षेत्रज्ञको अवस्थान हुन, त्यसैले तेजरुपमा यस क्षेत्रको संचालन गर्दछ । मृत्युको समयमा यस तेजको जति नै अभाव हुन्छ, त्यति नै शरीरको क्रिया शक्ति नष्ट हुन जान्छन् । समान वायु शिथिल भएपछि प्राणले वायुलाई शरीरमा धारण गर्न सक्तैन । *नाभिस्थ शक्तिनै कूटस्थको तेज या शक्ति हो, यसैले दुवै एक आपसमा सखा हुन्,* यसबाट अवगत हुनु छ भने त गुरुवाक्य गम्य साधनामा प्रवृत हुनु आवश्यक छ । ॥२॥

तत्क्षेत्रं याच्च यादृक् च यद्विकारी यतश्च यत् ;
स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥३॥

श्री धरीय टीका-[यहाँ यद्यपि चतुर्विंशति भेद विशिष्ट प्रकृति नै क्षेत्ररुपमा भगवान्लाई अभिप्रेत छ , तथापि देहरुपमा परिणत यस प्रकृतिमा नै अहंरुपले अविवेक परिस्फुट हुन्छ । यसै कारण प्रकृतिको विवेचनाको लागि यस शरीरलाई क्षेत्र नामले निर्देश गरिएको छ । यसैलाई विस्तार पूर्वक सम्भाउनको लागि प्रतिज्ञा गर्नुहुन्छ]-मैले जुन भनेको छु त्यो क्षेत्र (१) जुन किसिमसँग जड दृश्यादि स्वभावहरुले युक्त छन, (२) जस्तो इच्छादि धर्महरुवाला छन, (३) जसरी इन्द्रियादि विकार युक्त छन, (४) जुन किसिमले प्रकृतिपुरुषको संयोगबाट उतपन्न हुन्छन, (५) जसरी स्थावर जंगमादि भेद देखि भिन्न छ र त्यो क्षेत्रज्ञ (६) स्वरुपतः जुन केही छ तथा (७) अचिन्त्य ऐश्वर्ययोग द्वारा जस्तो प्रभाव सम्पन्न छ-त्यो सब संक्षेपमा मबाट सुन ॥३॥

आध्यात्मिक व्याख्या-"त्यो शरीर जुन जस्तो छ तथा त्यसको विकार भएर जो जुनरुपले संसारमा सबै मनुष्यहरुमा आवृत छन् अर्थात क्रिया-सर्वदा आत्मामा रहनु यसको नाम हो कार-विकार हो दोस्रो तिर आसक्तिपूर्वक दृष्टि गर्नु ,त्यस द्वारा मनको विकार र प्रकाश त्यो सब सुन ।"-

क्षेत्र क्षेत्रज्ञ को सम्बन्धमा जुन वक्तव्य छ, अब श्री भगवान्ले त्यसलाई बताउनु हुनेछ । अर्जुनलाई राम्रोसँग सुनेर यसलाई बुझ्नको लागि भन्नु हुन्छ । शरीर जसरी जडदृश्य स्वभाव युक्त छ तथा जुन किसिमसँग इच्छादि कर्म विशिष्ट भएर ज्ञानलाई आच्छादित गरिरहेको छ तथा त्यस्देखि जुन किसिमसंग विचित्र-कार्यादि उत्पन्न भैरहेकोछ, यो विशेषरुपले ज्ञातव्य छ । आत्मा जब आफु आफैमा रहन्छ तब यी देहादिको कार्य केही पनि रहँदैन, त्यतिबेला सारा कर्मबन्द हुन जान्छन् । केही नै रहदैन, अतः आसक्ति पनि कुनै वस्तुमा रहँदैन जस्तो सुषुप्ति मा हुन्छ । मन जसै जागेर उठ्दछ अनि चारैतिर आसक्तिपूर्वक हेर्दछ, त्यस्तै नै पाँचै इन्द्रियहरु पाँचै विषयहरुतिर दौडिन थाल्छन् । अव्यक्तको भित्र जुन प्रविष्ट थियो, त्यो फेरि व्यक्त हुन लाग्दछ त तत्काल नै स्थूलतम भावलाई प्राप्त हुँदैन । पहिले कारण, त्यसपछि सूक्ष्म, अनि त्यसपछि स्थूलको विकास हुन्छ । यी विकारहरुको कुरा भगवान्ले भन्नु हुनेछन् । यी समस्त विकास जुन अचिन्त्य ऐश्वर्ययोग सम्पन्न क्षेत्रज्ञको शक्ति हो त्यो "क्षेत्रज्ञ" विशेष रुपसंग आलोचनीय छ । देहेन्द्रिय एवं मनलाइ लिएर नै संसार छ र यी सब त्यस स्वरुपावस्थाको नै विकार हुन । त्यसबाटै सब हुन्छ, आत्मा नहुँदो हो त यो जगत् प्रपंच व्यक्त हुन सक्तैनथे । गृहादि वस्तुहरु आकाशलाई वेष्टन गरेर नै उत्पन्न हुन्छन, आकाश विना उसको स्वरुप कसैले देख्न पाउदैन । यसरी नै यो जगत्प्रपंच प्रकृतिको परिणाम हुन, अनि प्रकृति उनकै हुन अतयव सब चिज उही हुन । देहेन्द्रियादि माथि सवार भएर मन कति कति बाहय चेष्टाहरुमा लागिरहन्छ, त्यसको वासनाहरुको अन्त छैन । वहिर्मुखी जीवले आफनो घरको कुरा एकदमै विर्सन जान्छन । संसारको तापले सन्तप्त भै जीव निरन्तर हाहाकार गर्दछ, परन्तु कसरी शीतल हुन सक्दछ, काहाँ जाँदा खेरि त्यस्ले शान्ति प्राप्त गर्न सक्दछन, यी सारा कुरा उसले विर्सेको छ । आफनो घर छोडी अरुको घरमा आश्रय पाउनको निम्ति त्यो रुदैरुदै भटकिरहेछ । यो भ्रान्ति हुन्छ कसरी ? प्रकाशशील स्थिर आत्मामा एकदिन संकल्पको एक प्रचण्ड वेग उठ्यो । त्यस वेगदेखि मानो स्थिर समुद्र विक्षुब्ध भै उठ्यो तब मनरुपी तरंगराशि ताण्डव नृत्य गर्दै गर्दै बाहिर तिर निस्कियो । समस्त दिग्दिगन्त तरंगाघातले उत्पन्न असंख्य जलकणहरुले व्याप्त हुन गयो । जलकणले आफुलाई विर्सन गयो, आफनो मूल कारणलाई विर्सियो । आफूलाई अरु कोहीबुझेर उसको अहंअभिमान जागि उठ्यो ।

"देहाभिमानयुक्त हय जब "आमी" एइ
विश्वहते भिन्न आमि बोधतार हय सेइ
नानात्वेर खण्डज्ञान तखनइ स्फुरित हय
उहाइ अज्ञानसिन्धु जी ताहे मग्न रय ॥-

जब यो म देहाभिमान युक्त हुन्छ त उसलाई यस्तो बोध हुन्छ "म" विश्वदेखि भिन्न छु । तबै नानात्वको खण्ड ज्ञान स्फुरित हुन्छ त्यही हो अज्ञानको समुद्र । त्यसमा जीव मग्न रहन्छ ।" तब भोक देखि व्याकुल

बहुलाहा कुकुरसमान समस्त दृश्य वस्तुहरुको उपभोग गर्नको लागि त्यो उन्मत्त हुन जान्छ । कसले भोगगर्ला, कसलाई भोग गर्नेछ, अनि किन गर्ला-यस कुराहरुको विवेचना उसले विलकुल गर्दैन । यही विकृतिको लक्षण हो तब उसले सर्वत्र नै आसक्ति साथ दृष्टि गर्दछ । अनि जब गुरुकृपाले आफनो घर तथा आफनो स्मृति हुन्छ, तब उसले व्याकुल भएर साधना अभ्यास गर्दछ । साधन गर्दा गर्दा भित्रको कपाट खुल्न जान्छ तब उसले आफनो स्थानलाई एवं आफैलाई चिनेर आफु आफैमा प्रतिष्ठित हुन्छ । तब उसलाई अन्य कुनै वस्तुमा आसक्ति हुँदैन । आत्मा सिवाय अरु वस्तुमा आसक्ति भएपछि जीवको जुन दुर्गति हुन्छ त्यसलाई हामीहरुले प्रत्यक्ष्य देख्दछौं । यो सब देहासक्तको कारणले हुन्छ । यो देह नै प्रकृति हुन, प्रकृतिले नै जीवलाई संसारमा तान्दछन् । जसले क्रिया गरी परावस्थामा रहन्छन्, उस्लाई फेरि यस विकृत भावमा पर्नु पर्दैन ॥३॥

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक्‌
ब्रहमसूत्र पदैश्चैव हेतुमद्‌भिर्विनिश्चितै : ॥४॥

श्री धरीय टीका-[कसद्वारा विस्तारपूर्वक भनिएका कुराहरुको यो संक्षेप हो, यही अभिप्रायले भन्नु हुन्छन]- वसिष्ठादि ऋषिहरुद्वारा योगशास्त्रमा वैराजादिरुपमा ध्यान धारण आदिको विषयहरुलाई भनेर नाना किसिमसित जुन तत्त्वको निरुपण गरिएको छ तथा विचित्र नित्यनैमित्तिककाम्य कर्मादि विषय जसको (छन्दहरु) वेदहरुले नाना किसिमले यजनीय देवताहरुको रुपमा निरुपण गरिएको छ तथा ब्रहमसूत्र द्वारा अर्थात् जसद्वारा ब्रहम सूचित हुन्छ । जस्तो "यतो वा इमानि भूतानि जायन्ते" अर्थात् जसबाट भूतहरु उत्पन्न हुन्छन् इत्यादि ब्रहमका तटस्थ लक्षणपरक उपनिषद् वाकयहरु द्वारा, तथा ब्रहमपदहरु द्वारा ब्रहमलाई साक्षात जान्न सक्दछन,जस्तो "सत्यं ज्ञानमनन्तं ब्रहमं" अर्थात सत्यस्वरुप, ज्ञानस्वरुप एवं आनन्दस्वरुप इत्यादि स्वरुप लक्षणपरक श्रुतिद्वारा उनिहरुले नानारुपहरुमा जुन निर्णय गरेको छ, तथा युक्तियुक्त श्रुतिवाकय जस्तो "सदेव सौम्येदमग्र आसीत् " हे सौम्य, सृष्टिको पूर्व सत् मात्र थिए, "कथम असतः सत् जायेत " असत् देखि सत्‌को उत्पत्ति कसरीहुन सक्दछ ? यदि यस आकाश (हृदय) मा आनन्द स्वरुप आत्मा नहुँदो हो त अपानको कर्म या प्राणको चेष्टा कसले गर्थ्यो ? यो आत्माले नै प्राणीहरुलाई आनन्दित गर्दछ इत्यादि हेतुयुक्त श्रुतिहरु द्वारा गीत भएको छ, 'अन्यात्' पद द्वाराअपान चेष्टा कसले गर्थ्यो, "प्राण्यात्" पद द्वारा प्राणको व्यापार कस्ले गर्दथ्यो-यो उपर्युक्त श्रुति पदहरुको नै अर्थ हुन् । 'विनिश्चित शब्दको अर्थ छ-उपक्रमबाट उपसंहार पर्यन्त एक वाक्यमा असंदिग्ध-अर्थ प्रतिपादक युक्तियुक्त पदद्वारा जुन विस्तारपूर्वक निरुपना गरिएको छ ,त्यस दुःसंग्रह तत्वलाई म संक्षेपमा तिमीलाई भन्दछु, त्यसलाई सुन ।

अथवा "अथातो ब्रहमजिज्ञासा"-साधन चतुष्टयपछि ब्रहमजिज्ञासा गरोस इत्यादि वेदान्तसुत्र" शब्ददेखि गृहित भएको छ । ती सूत्रहरु द्वारा ब्रहम "पद्यते" अर्थात् निशिचत गरिनुको कारण तिनीहरु पद हुन । तीसब हेतुपद एवं विनिश्चतार्थक पदहरु द्वारा ब्रहम निरुपित हुन्छन् । शेषअंशको अर्थ पूर्ववत् छन ।

-स्वरुप एवं तटस्थ यी दुई लक्षणहरु द्वारा ब्रहम निरुपित हुन्छन । जुन स्वयमनै आफनो लक्षण हो अर्थात् प्रमाणान्तर निरपेक्ष छ ,त्यो ब्रहमको स्वरुप लक्षण हुन जस्तो "सत्यं ज्ञानमनतं" यो उनको साक्षात परिचय हो। सृष्टि, स्थिति एवं लयको कारण ब्रहम हुन, यो ब्रहमको तटस्थ लक्षण हो-"यतो वा इमानि भूतानि जायन्ते" इत्यादि ॥४॥

आध्यात्मिक व्याख्या-"समस्त काली प्रभृति रुप-यी यसै कूटस्थको भित्र दृश्यमान हुँदै-तिनीहरु नै ऋषि हुन यसको प्रमाण तन्त्रमा कालिका ऋषि हुन-नाना किसिमका छन्द कूटस्थको भित्र देखिनमा आउँछन-पृथक पृथक् ब्रहमको सूत्र मेरुदण्डमा छन, जसको अन्तरगत विश्व संसार छ-त्यो पनि क्रियाद्वारा देखिनमा आउँदछन । जुन मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त कूटस्थ स्वरुपमा विराजमान छन, त्यही यस शरीरको हेतु हुन । सुन्दर एवं निश्चितरुपमा सब शास्त्र हरु मा कथित छ ।"

वसिष्ठ आदि ऋषिहरुले अनेक शास्त्रहरुमा यस क्षेत्र एवं क्षेत्रज्ञको बारेमा आलोचना गरेको छ । उपनिषदादिमा र वेदान्त सूत्रमा तथा सिद्धान्तवादीहरुको सिद्धान्तमा यो अतीव सूक्ष्म ब्रहम तत्त्व आलोचित भएको छ । वेदको कर्मकाण्ड र ज्ञानकाण्डमा पनि यसको आलोचना छ । आलोचन त भएको छ परन्तु खालि आलोचनाले ब्रहमतत्त्व जानिन जाँदैन । यसको निम्ति तपस्याको आवश्यकता छ । प्राणायाम आदि तपद्वारा नाडी शुद्ध भएपछि सत्य ज्ञान प्रकाशित हुन्छ । यो प्रकाश हामीहरु सबैको भित्र रहन्छ । यो प्रकाश नै कूटस्थ ज्योति हुन । त्यसको भित्र उत्तम पुरुष देखिन्छ । तब एक शुद्ध निर्मल रश्मिको प्रकाश हुन्छ जसमा कुनै रंग हुँदैन, त्यसलाई हेर्दा हेर्दै साधक ब्रहममय हुन जान्छन । साधन गर्दा गर्दा साधकको शरीरमा एक वैद्युतिक शक्ति उत्पन्न हुन्छ । यो शक्ति नै अनिर्वचनीया ब्रहमशक्ति गायत्री हुन । गायत्रीको पूर्व ॐकार ध्वनी आफसे आफ सुनिन जान्छन तथा नाना किसिमका अनाहत शब्द सुनिन्छन । तब अन्नमय कोष पनि ब्रहमरुप हुन जान्छन् प्राण अन्नब्रहममा मिल्न जान्छन । समस्त भूतहरुमा प्राण हुनुकोकारण नै ती सब भूतादिहरुको अभिव्यक्ति हुन्छन । त्यो प्राण जब ब्रहममा मिल्दछ त समस्त भूत पनि ब्रहममा मिल्न जान्छन -यस ज्ञानको नाम नै वेद हो । यसलाई जान्नको लागि त्रयी-विद्या जान्नु पर्दछ अर्थात प्राण, अपान एवं व्यानको क्रिया गर्नु पर्दछ । प्राण अपानको क्रिया द्वारा श्वास स्थिर भए पछि सत्य ब्रहमको ज्ञान हुन्छ अर्थात क्रियाको परावस्था रुप एक परमानन्दमय अवस्था प्रकाशित हुन्छ । यो स्थिति नै व्यानको क्रिया हो, यसलाई तुरीय अवस्था भन्दछन तथा यसलाई जान्नु नै वेद कहलाउँछन । "भूर्भुवः "यो त्रिपदा गायत्री हुन् । यी तीनै लोकहरु एक भएपछि नै ब्रहमपद प्राप्त हुन्छ, अर्थात् तब इडा,पिंगला एवं सुषुम्ना तिन्टै एक हुन जान्छन् । जब मस्तकमा वायु स्थिर हुन्छ तब प्रथम पद, बाहुमा स्थिर भएपछि द्वितीय पद अनि सर्वत्र ब्रहमदर्शन भएपछि वायुले चरम स्थिर अवस्था प्राप्त गर्दछ, यहीहो गायत्री को तृतीय पद । प्राणायाम द्वारा वायु स्थिर भएपछि स्थितिपद प्रकाशमा आउँदछन । यो स्थितिपद नै अमृतपद हो । यो अमृत पान गरिलिए पछि साधक आनन्द स्वरुप हुन जान्छन् ।

आध्यात्मिक व्याख्यामा "कालिका ऋषि" भनिएको छ । यहाँ ऋषिको अर्थ छ "जो स्वयं उत्पन्न हुन्छ" (प्रकृतिंवाद अभिधान) यही चिदाकाश आद्याशक्ति या कालिका ऋषि "आधाररुपमा जगतस्त्वमेका" हुन

अर्थात् सबै वस्तुहरुको आधाररुप भएर पनि कुनै पदार्थमा लिप्त हुँदैन । अनेक देव देवी एवं सिद्धगण कूटस्थको भित्र देखिन जान्छन ।

छन्द-नाना किसिमका सादा कालो विन्दु कूटस्थ भित्र देखिइन्छन्। जसबाट वीणा समान ध्वनि सुनिइन्छन । यसै आद्याशक्ति ऋषि या चिदाकाशको बारेमा शास्त्रहरुमा नाना किसिमसंग व्याख्या भएको छ । ब्रहसूत्रीय पदहरु द्वारा नै ब्रहमको स्वरुप विनिश्चत हुन्छ । ब्रहम सूत्र मेरुदण्ड स्थित सूक्ष्म सूत्र हुन । ब्रहमसुत्रपद अर्थात् इडा पिंगलारहित भएर प्राण केवल सुषुम्नामा रहनु अर्थात् क्रियाको परावस्था, जहाँ रहँदा खेरि सब चिज ब्रहममय हुन जान्छन, यो अवस्था प्राप्त भएपछि योगीको ब्रहमसूत्र धारणा सुनिश्चित हुन जान्छ । यही प्राणस्वरुप मूख्य वायु प्राणरुपमा प्रकृति बनिकनजगत को सृष्टि गर्दछन अनि स्थिर प्राण भएर ब्रहमरुप हुन्छ । अतयव जीव नै शिव हो र शिव नै ब्रहम हो । क्रियाको परावस्थामा जुन स्थिति हुन्छ त्यही फेरि-

अंगुष्ट मात्रः पुरुषो ज्योतिरिवा धूमकः
ईशानो भूतभवश्य स एवाद्य स उ श्व :॥ कठ. २।१।१६

-अंगुष्ठ परिमाणमा निर्वात दीपशिखा समान एक पुरुष छ जो भ्रूमध्यमा छ, त्यो शरीरमा शयन गरेको छ एवं सारा शरीरको पालन गर्दछ, त्यो आत्मास्वरुप सर्वदा शरीरमा वास गर्दछ । त्यही जगत्को आदि कारण स्वरुप ईश्वर ब्रहम हुन । (लाहिडी महाशयको वेदान्त व्याख्या) कूटस्थ विना ब्रहमसूत्र रहँदैन अनि ब्रहमसूत्र नभैकन यो शरीर टिक्न सक्तैन । जुन मानिसहरु साधन गरेर परपारमा उत्तीर्ण भएका छन्, तिनीहरुको यस रहस्यलाई राम्रो सँग जान्दछन । जुन मानिसहरु बाहिर बाहिर नै चक्कर लगाई रहन्छन, तिनीहरुको अन्तर खुल्दैन । जुन मानिसहरुले भित्रभित्र आघात गर्दछन, अर्थात साधन द्वारा मनलाई अन्तरमुखी गर्दछन तिनीहरु बाहिरको नामरुपमा भुल्दैनन्, उनिहरुको अन्तर आवरण हट्न जान्छन्। तिनीहरु तब सत्यस्वरुपको आवरण हीन मुखलाई देखेर कृतार्थ हुन्छन ॥४॥

महाभूतान्यहंकारो बुद्धिव्यक्तमेव च ;
इन्द्रियाणि दशैकं च पंच चेन्द्रिय गोचरा : ॥५॥

श्री धरीय टीका-[दुई श्लोकहरुमा त्यस क्षेत्रको स्वरुप बताउनु हुन्छ]-महाभूत अर्थात क्षिति,अप्, तेज,मरुत एवं आकाश यी पाँच यिनको कारण स्वरुप अहंकार एवं बुद्धि अर्थात् ज्ञानात्मक महत्तत्व एवं अव्यक्त अर्थात मूल प्रकृति दश बाह्य इन्द्रियहरु अर्थात पंच ज्ञानेन्द्रियहरु (चक्षु,कर्ण नासिका, जिहवा, र त्वक्) अनि पंच कर्मेन्द्रिंयहरु (वाक, पाणि,पाद,पायु र उपस्थ) अनि एक मन । इन्द्रियहरुको विषय भैरहेका छन , यसरी चौबीस तत्त्वहरु भनिए ॥५॥

आध्यात्मिक व्याख्या-"जसबाट पंच महाभूत अतिसूक्ष्म स्वरुप पंचतत्त्वहरुको, अणु ब्रहमको स्वरुप जानेर "सोऽहं ब्रहम" इत्याकाराज्ञान क्रिया द्वारा अनुभव हुन्छ, त्यसमा स्थिर भएर क्रिया द्वारा अव्यक्त

पदको पनि अनुभव हुन्छ। त्यसबाट पंच ज्ञानेन्द्रिय एवं पंच कर्मेन्द्रिय यी दशौ द्वारा समस्त वस्तुहरु लक्षित हुन्छ।"

पंच महाभूत विश्वकोकारण हुन सही, परन्तु ब्रहम अणु देखि नै सब भूतहरुको उत्पत्ति भएके छ। भूत पंचकको समष्टि नै द्रव्यरुपमा प्रकाशित हुन्छन। जसरी शालिग्राममा स्वर्णरेखा मिलिरहेका हुन्छन, उसरी आत्माको साथ भूतपंचक पृथक् पृथक भावमा मिलेका हुन्छन। यिनको उत्पत्ति हुनुको कारण अविद्या अर्थात् अन्य दिशातिर मन दिनु हो। आत्मा सिवाय अन्य दिशामा मन लगाउंदा नै जगत् प्रपंच व्यक्त हुन्छ। आत्मामा मनलाई संलीन गरेपछि फेरि प्रपंच देखिदैन। क्रिया गरी क्रियाको परावस्थामा जब मन अन्य दिशामा जाँदैन त भने त्यही अवस्था विज्ञानपद हो, त्यतिबेला मन अन्यत्र नजानुको कारण अन्य वस्तुको अनुभव हुंदैन। त्यही स्थिरावस्था ब्रहमको स्वरुप हो। क्रिया गरे पछि क्रियाको परावस्थाको परावस्थामा त्यसको अनुभव हुन्छ। यस अवस्थामा सबै वस्तुहरुमा ब्रहमदर्शन हुन्छ। वस्तुहरु अनन्त छन, यसैले ब्रहम पनि अनन्त छन्। कूटस्थको भित्र नक्षत्र एवं त्यसको भित्र गुहा छ। त्यस गुहामा प्रवेश गरेपछि जुन आकाश देखिन जान्छ त्यस आकाशको अणुमा समस्त वस्तुहरु ब्रहमस्वरुपमा विराजमान छन। त्यहां सबचिज छन र केही पनि छैन। यो अनुभव पहिले हामी लाई हुन्छ, अन्तमा हामी पनि रहँदैन, अनुभव पनि रहँदैन। सब एकाकार हुन जान्छन, यही समस्त कारणहरुको कारण अव्यक्त अवस्था हुन। यस अवस्थामा रहनुको नाम नै ज्ञान हो।

"य एकोऽवर्णः वहुधा शक्तियोगाद् ;
वर्णान् अनेकान् निहितार्थो दधाति ॥

यो एक अद्वितीय एवं अवर्ण अर्थात् जाति शून्य छ तथापि त्यसमा नाना किसिमक शक्तिहरु छन, त्यसले नाना किसिमका शक्तिहरुद्वारा अनेक प्रकारका वर्णहरुको विधान गर्दछन, कूटस्थमा अनन्त शक्तिहरु एवं नाना मूर्तिहरु प्रकाशित भैरहेका छन् (जे इच्छा हुन्छ, त्यही देखिन्छ) त्यहाँ पंच ज्ञानेन्द्रियहरु र पंच कर्मेन्द्रियहरु को निरोध भावापन्न भएपछि पनि कूटस्थको शक्तिले सवचिज देखिन सुनिन जान्छन तथा धेरै धेरै टाढा घुमफिर गरी जुन वस्तुहरु देखिन जान्छन् तिनीहरु पनि त्यहाँ संकल्प मात्रले उपस्थित हुन जान्छन। जुन केहीदृश्यादि छन या होलान् ती सब कूटस्थपटमा प्रतिविम्बित हुन्छन। यस देखि पर अव्यक्त पदको पनि अनुभव हुन्छ। यो अव्यक्त क्रियाको परावस्था नै सबको मूल हो, तथापि त्याहाँ केही पनि छैन, सब शून्य छ। कूटस्थ नै क्रियाको परावस्थाकोव्यक्त रुप हो। त्यसदेखि अनन्त अनन्त वस्तुहरुको रुप फुटेर उठ्दछन्। जसरी समुद्रमा बुदबुद उठ्दछन र समुद्रमा नै विलिन हुन्छन, त्यसरी नै अव्यक्त ब्रह्म सागर देखि चराचरको उत्पत्ति भैरहेका छन। परमात्मा निष्क्रिय छन, त्यो क्रिया विशिष्ट भएर सारा प्रजाको उपादान स्वरुप भैरहेका छन, जसलाई कूटस्थ भन्दछन। त्यही वैश्वानर "स्वरुप" जाग्रत स्थान हुन। क्रियाको परावस्थामा यो कूटस्थ पनि देखिदैन।

ईच्छा द्वेषः सुखंदुःखं संघातश्चेतना धृति : ;
एतत् क्षेत्रम् समासन सविकारमुदाहृतम् ॥६॥

श्री धरीय टीका-इच्छादि अर्थात् इच्छा, द्वेष, सुख एवं दुःख संघात अर्थात् ज्ञानात्मिका मनोवृत्ति धृति, अर्थात् धैर्य यी दृश्यत्वकोकारण मनोधर्म हुन, आत्माकोधर्म होइन । अतयव यी संकल्पादिको उपलक्षणस्वरुप छन अनि क्षेत्रको अन्तरगत् आउँदछन । श्रुति पनि भन्दछन-कामना, संकल्प, विचिकित्सा, श्रद्धा, अश्रद्धा, धैर्य, अधैर्य, लज्जा,बुद्धि भय यी सब मनै हुन । यस किसिमसँग यस अध्यायको तृतीयश्लोकमा प्रतिज्ञात क्षेत्र धर्म यहाँ प्रदर्शित गरियो। इन्द्रियादिको विकारको साथ यो क्षेत्रविषयक कुरा संक्षेपमा भनियो । यही क्षेत्रवर्णनको उपसंहार हुन ॥६॥

आध्यात्मिक व्याख्या-"तत्पश्चात् कुनै वस्तुमा आसक्तिपूर्वक दृष्टि गरेपछि इच्छा हुन्छ, त्यो इच्छा पूर्ण नभएपछि द्वेष हुन्छ-द्वेष गर्नुको इच्छा खाील सुखाभिलाषको कारणले हुन्छ । त्यो नहुँदा खेरि नै दुःख हुन्छ-दुःखदेखि मृत्यु ,मृत्यु देखि जन्म भएपछि केही दिन रहनु-यो शरीरको विकारसाथ समस्त मैले भनिदिए ।"

शरीर किन हुन्छ, शरीर के हो इत्यादि शरीरको धर्महरुलाई भन्नु भै क्षेत्रतत्त्वको उपसंहार गर्नुहुन्छ । अनादि ईश्वरेच्छा या संकल्प देखि जगत्प्रपंच व्यक्त हुन्छ । जगत् शरीरको जुन कारण छ,त्यही इच्छा यस शरीर या व्यष्टिदेहको पनि कारण हो । जब कुनै वस्तु प्रति आसक्तिपूर्वक दृष्टिगर्न जान्छ । तब तद्विषयक इच्छा उत्पन्न हुन्छ । तबै स्वक्षेत्र (स्थिरावस्था) देखि परिभ्रष्ट भएर आत्मा को जुन बाह्य अवतरण हुन्छ त्यसैको नाम संकल्प या मन हो । तब जुन वस्तु विशेष हाम्रो मनलाई राम्रो लाग्दछ त्यसलाई पाउनको निम्ति जुन मनको वेग या झोंक हुन्छ त्यसलाई इच्छा भन्दछन् । त्यस स्वाभिलाष पूर्ति नभएपछि या त्यसको सिद्धिमा विघ्न वाधा परेपछि क्रोध या विद्वेष आएर उपस्थित हुन्छन ।

पूर्व संस्कारहरु अनुसार विषयेन्द्रिय संयोगका कारण केही विषय मनको अनुकुल एवं केहीविषय मनको प्रतिकुल रुपले संवेदित हुन्छ । अनुकुल विषय सुखजनक तथा प्रतिकुल विषय दुखकारक रुपमा मनलाई प्रतीति हुन्छन् । जीवको जीवन सुख एवं दुःखको कतिपय अनुभव मात्र हुन । *ईप्सित वस्तु पाउनुको आशा अनि अनभिलषित वस्तुलाई त्याग्नुको इच्छा-यही द्वन्दभावलाई लिएर नै जीवको जीवन छ ।* यी द्वन्दभावहरु द्वारा संसार परिपूर्ण यी नै संसार सागरको विशाल तरंगमालाहरु हुन । द्वन्भावको अन्तहुँदा नहुदै जीवन वातीनिभ्न जान्छन । जीवनका कति कति आशाहरु कति कति इच्छाहरु, के के गरौंला भन्ने रहरहरु अपूर्ण इच्छाहरुको पूर्ति को लागिफेरि यस जगत्मा जन्म ग्रहणगर्ने हुन्छ । मृत्युको त्यस पारी पनि केही दिन भोगमय शरीर पाई त्यहाँ पनि स्वर्ग नरकादिको भोग हुन्छ, भोगको अन्तमा फेरि यस जगत्मा फर्कनु पर्दछ । फेरि जन्म र मृत्यु हुन्छ । यो आवागमन, आउनु जानुको क्रम कदापिमेटिन चाहँदैन ।भ्रमात्मक ज्ञानको फलस्वरुप संसारमा मनुष्यको यातायातको खेलको अन्त हुदैन । यो भ्रम किन हुन्छ । कसले बताउलान ? कसले जान्दछ, कुन किसिमसँग जीव आफनो घर देखि परिभ्रष्ट भएर बहिर्मुखी हुन गयो । त्यो हो आत्मा, चिरस्थिर छ, जन्म मृत्यु देखि पर छ-यी कुराहरु त्यसले यहाँ आउने वित्तिकै विर्सन गयो । बाहिर आई शरीरको साथ मिलीकन उसले आफु आफैलाई विर्सिदियो । शरीरको धर्मलाई निज धर्म मानेर शरीर जन्म मृत्युको साथ आफुलाई उत्पन्न एवं विनष्ट बोध गर्दै हाहाकार गर्न

लाग्यो। देह प्रकृति जन्म मृत्युरुप विकारको अधीन छ, यस देहमा बाँधिएर जीवले आफु आफैलाई विर्सिदियो। जबसम्म देहदृष्टि छ, तबसम्म जन्ममृत्युको खेल, त्रितापदग्ध हुनुको भय छुट्नेवाला छैन, भोगलालशाको आशा मेटिनेवाला छैन, यसैकारण देहको क्षणिक सुखको लोभदेखि प्रलुब्ध भएर आफ्नो स्वरुपलाई भुलिकन जीवले अनात्मामा आत्म समर्पण गरिदियो। जीवन भरी जीव यस शरीरलाई लिएर आकुल व्याकुल छ, देह सिवाय आफनो चिन्मय स्वरुपको उसलाई कुनै सन्धान छैन। यस देहको सुखलाई सुख मानेर त्यस कल्पित सुखको पछाडि दौडादौडी गर्दै बारम्बार देह ग्रहण एवं देहत्यागको अभिनय गर्दछन। देहको भोगमा वास्तविक सुख छैन ,यो कुरा उसलाई कसले समझ्झाउला ? कसले उसलाई निज निकेतन "स्वधाम" को बाटो देखाउलान?कसले उसलाई उसको मिथ्या "अहंम" लाई विर्साएर सत्य "मैं" को पहिचान गराउला ? अरे मूर्ख ! "म म" गरिरहेको छ, के कहिल्यै "म" लाई देखेको छस् ? तिम्रो यो "देह म" वास्तविक "म" होइन,त्यो त देहातीत छ। आऊ हेर, देह माथि चढेर को बसेको छ? के त्यतातिर एकबार पनि दृष्टि जाँदैन ? अरे ! त्यही त तिम्रो प्रकृत "म" हो। त्यो नित्य सत्य अव्यय चिन्मय वस्तु हो,-त्यसको जन्म छैन, मृत्यु छैन, क्षय छैन, तन्मय भएर खेल्दै खेल्दै अन्तपुर देखि यति यति टाढा आइसकेको छु-म कोहुँ, अब यो त यादै छैन, कहाँको निवासी हुँ, कंहाबाट यहाँ आइपरेको छु। हे जीव! अब तिमी आफनो घरतिर फर्कनु पर्नेछ, जुन बाटो समातेर आएका छौ, त्यही बाटो समातेर फेरि आफनो घरमा फर्कनु पर्नेछ। अर्को कुनै बाटो छैन-उपाय छैन। कुन बाटोबाट आएका छौं, जान्दछौ ? त्यस ब्रहमस्वरुप देखि त्यस शिवशक्ति समरस भाव देखि हट्दै हट्दै क्रिडोन्मत्त बालक समान घर देखि बाहिर निस्केर मैले मूलबाटो विर्सेको छु। घर भित्र जति जति नै आलोकाकीर्ण छ, घर बाहिर त्यति त्यति नै घना अन्धकार छ। यसै कारण बाहिरबाट घरको मूल बाटोको पत्तो पाउन सकेको छैन, खालि अन्धकारमा हिंडदा हिंडदा थकित भै मरणान्त समान भैरहेको छु। घरको याद आउँदछ अनि अश्रु प्रवाह भैरहन्छ। म एक्लै छु, अकेला हूं, पथभ्रष्ट हूं अन्धकारमा दौडिरहेछु, परन्तु घरको कुनै सन्धान पाउँदिन, पत्तो पाउँदिन, एक्लै एक्लै म हूं, निराश्रय छु, यही देखेर धेरै दस्युहरु मित्रवेषमा मसँग बेलाबेलामा भेटिरहन्छन्। शायद मैले उनिहरुको सीमा नाघेर जान्छु भने पनि त मार्गको कुरा मलाई कसले बताउला ? को करुणहृदयीले मलाई त्यो मार्ग समाउन देला, जसलाई समातेर म आफनो घर पुग्न सकूम्। व्यथित चित्तले क्लान्त शरीर भएर जब म तटिनीतटमा बसिबसि रुन्छु तब मेरो व्यथा देखि व्यथित मेरो दर्दी मेरा भवसागरको कर्णाधार श्री गुरुदेव आउनु भै मेरो हात समाउँदछन्, अनि भन्नु हुन्छ- "आऊ वत्स आऊ, यो डुंगामा यस पथको अनुसरणगरी स्वयं डुंगा खियाउँदै जाऊ,तिमी निजधाम निज निकेतनमा पुग्न सक्नेछौ।

"डर नहिं कुछो डहर ना पुछो, बंसुरी सुनत कबिरा बढ जाई"

-मार्गको बारेमा अरुकसैसँग नसोध्नु, त्यस बाँसुरी ध्वनिलाई सुन्दै सुन्दै डुँगा खियाउँदै अघि अघि बढ। उनको स्निग्ध शान्त मुखमण्डलमा जुन करुणाको दीप्ति प्रस्फुटन भैरहेको छ, त्यसलाई देखेर लाग्दछ मलाई-मेरो आफ्नै घर, मेरो निजधाममा फर्कन सक्ने छु उनले अभयदान दिएर पथको समाचार भन्नु

भयो, अनि यो पनि बताइदिनु भयो- यस मार्गबाट हिंडदै हिंडदै त्यहाँ पुग्न सक्ने छौ, पुग्नेछौ । यो बाटो त्यहीं पुगेर समाप्त हुन्छ-

"चलता चलता वहाँ चला जहां निरंजन राय"-कबीर

म कति कति आशा लिएर भवसागरको त्यस मार्गलाई समाती अग्रसरहुन थाले । परन्तु जति सजिलोसँग अनायासै अन्तःपुर देखि बाहिर आएको थिंए त्यति सजिलो संग- त्यति चाँडै घरतिर जान सकेको छैन । मानो कसैले मलाई पाइलो पाइलोमा बाधा दिइरहेको छ । त्यो बाटो वाँगो टिंगो भएर कतिकति खाल्डा खुल्डी उबड खाबड भएर गएको छ । बीचबीचमा कति कति घुम्ती-घुम्ती एवं कति कति आवर्त्त छन, जति जति नजिकिदैछु त्यति त्यति मार्ग बडो विकट र दुर्गम अलंध्य लागिरहेको छ । विस्तारै क्रमशः बढिरहन असंभव लागिरहेको छ । नदी मानो अनेक बाटो भएर घुम्दै फिर्दै गइरहेछ । अब मैले कुन बाटो समातुँ ? एउटै बाटो कति कति बांगो टिंगो हुदै हिंडदै कति कति टाढा घुम्दै फिर्दै फेरि त्यसै ठाउँमा आएर मिल्दछ । जतिपटक यस घुम्तीलाई पार गर्ने चेष्टा गर्दछु, घुम्दै फिर्दै फेरि त्यसै घुम्तीको मुहानमा आइपुग्दछ, मलाई भयभीत एवं संदेहमा परेको देखेर गुरु आई बोल्नुभयो- बाटो देखेर किन डराउँछौ ? सोझै पारी जाऊ, सोझै पार गरे पछि तिम्रो डुंगा आफसे आफ घुम्ती चक्रको अतिक्रमण गर्दै ठीक बाटोबाट जानेछ । टाढा देखि जति बांगो घुमाउनी देखिन्छ अगाडि बढे पछि त्यसको गति बांगो रहनेछैन, बाटो सोझो हुन जानेछ । यसपटक पार गर्नुको कौशल सिकाइदिन्छु- यो हृदयग्रन्थि भेदनको साधना हो, प्राणको मार्गदेखि मनको डुंगियालाई चलाउँदै जाऊ, तब त्यस त्रिमुहानी (सत्त्व, रजः एवं तमोगुण (इडा, पिंगला एवं सुषुम्ना) घुम्तीचक्रलाई पार गर्न सक्नेछौ । यस किसिमसँग तल (मुलाधार) देखि ऊर्ध्व आज्ञाचक्र-अनि त्यहाँ बाट दक्षिण, दक्षिणदेखि उत्तर ठोकर दिएर एकबार वेगसँग जहाँबाट आरम्भ गरेका थियौं त्यहाँ पुगेपछि त्यही वेग गुरुकृपाले जानिएको बाटो देखि माथि तिर आफसेआफ् पुऱ्याईदिनेछ । तब त्यहाँ पुगेर तिमीले आफनो घरको चन्द्रसूर्य ध्वजालाई देख्न सक्नेछौ । तब यो देखेर तिमी विस्मित भै दिनेछौ- कुन किसिमसित कसरी कस्तो मार्गदेखि आफनो निकेतन निजधाममा तिमी पुग्न सक्यौ ! शरीरको विकार, इन्द्रियहरुको विकार, मन एवं प्राण को विकार-सब तेतिखेर तल तलै रहन जानेछ । तब नदीको बाटो छोडेर आकाश मार्ग देखि जाँदै जाँदै यस्तो स्थानमा आफुलाई पुगेको पाउने छौ , जहाँ देखि दस्युगणले कदापि तिमीलाई आकर्षित गर्न सक्नेछैन-*"यद्गत्वा न निवर्तन्ते"*, त्यस उच्च स्थानमा पुगेपछि निम्न स्थलको कुरा विस्मृत हुन जानेछ । यस देह, इन्द्रिय मन आदि सबलाई सुकेको सडेको काठ समान तल बसेको देखेर तिमीलाई आश्वासन मिल्नेछ । तब क्षेत्र एवं क्षेत्रज्ञको सारा विकार स्वप्न दृष्ट पदार्थ समान असत्य एवं अलीक हुन जाने छ । तब सबै मानो स्वप्न घटित खेल समान जानिनेछ । यी सारा देहेन्द्रियहरुको खेल अन्तसम्म रहदैन, यसैले शास्त्रले यिनलाई अनात्म वस्तु अर्थात् असत्य पदार्थ भनेर घोषित गर्दछन । यद्यपि यी सब-(क्षेत्र नामले जे जति छ) अलीक छन, अन्त सम्म रहँदैनन् तथापि यस मिथ्या प्रपंचको अवलम्बन गर्नासाथ प्रपंचातीत अवस्थामा पुग्न जान्छ । यसैले साधकावस्थामा यसको प्रयोजनशीलता छ । अतयव संघात (शरीर) चेतना (चिदाभास) एवं धृति (प्रयत्न विशेष द्वारा जुन स्थिरता

आउँदछ) यी सब आत्मतत्त्व समान नित्य सत्य नहुँदामा पनि आत्मज्ञान को प्राप्तिमा सहायक छन, निज निकेतनमा पुग्ने बाटो हुन ॥ ६॥

(ज्ञानको साधन)

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ;
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रह ॥७॥

श्री धरीय टीका-[अब पूर्वोक्त लक्षणहरुले युक्त क्षेत्रको अतिरिक्त ज्ञेय शुद्ध क्षेत्रज्ञको विस्तारपूर्वक वर्णन गर्नको लागि अमानित्व" आदि पंच श्लोकहरुमा तत्त्वज्ञानको साधनहरुलाई बताउनु हुन्छ]-(१) अमानित्व- आफनो गुणहरुको श्लाघा अर्थात आत्मप्रशंसाको अभाव (२) अदम्भित्व-दम्भकोअभाव, (३) अहिंसा- परपीडा वर्जन, (४) क्षान्ति-सहिष्णुता, (५)आर्जव-अवक्रता अर्थात सरलता (६) आचार्योपासन-सदगुरुको सेवा (७) शौच-बाहय एवं आभ्न्तर शौच मृत्जल आदि द्वारा बाह्य शौच हुन्छ अनि रागद्वेषादि मलहरु प्रक्षालन (भावशुद्धि) द्वारा आभ्यन्तर शुद्धि हुन्छ । (८) स्थैर्य-सन्मार्गमा प्रवृत्त पुरुषको तदेकनिष्ठा (९) आत्मविनिग्रह-शरीर संयम । "यी ज्ञानका साधन हुन । यसको विपरित जे जति छ त्यो अज्ञान हो ।" -एघारौं श्लोकको साथ यसको अन्वय छ ॥७॥

आध्यात्मिक व्याख्या-"क्रियाको परावस्थामा रहँदा खेरि मानरहित हुन्छ-दम्भ अर्थात बडोपना, दर्पछाती फुलाएर हिडनु-अभिमान अर्थात अन्य द्वारा सुनेर आफसे आफ मान गर्नु, अथवा मानको हानी हुँदा आफसे आफ अपमानित सम्झनु-दम्भरहित-अहिंसा हिंसा होइन-क्षान्ति-ऋजु अर्थात सरलता हुनु-आर्जवं सरल अर्थात जुन मनमा रहन्छ त्यही बोल्दछ । गुरुको उपासना अर्थात क्रिया गर्दछ स्थिर भएर आत्मालाई ब्रहममा राख्नु ।"

शरीर दृष्टिले (१) आत्मश्लाघा हुन्छ । तब मनमा लागिरन्छ- म कति कति दानीमानी, ज्ञानी एवं विद्वान हूं- यस्तो बुझिन्छ- सब भन्दा ठूलो मै हुं । जो क्रियाको परावस्थामा शरीरको ऊर्ध्वमा रहन्छन् उन्लाई शरीरको बोध नहुनुको कारण शरीरजनित अभिमान पनि रहँदैन । (२) दम्भ अर्थात् सर्वदा आफनै बडाई गर्नु, मानो उनैलाई मात्र भगवान्ले सर्वगुणयुक्त बनाएर पठाएको छ । यिनीहरुले आफनो शक्तिको प्रशंसा गर्दै धाक जमाउन पछि पर्दैनन् । आफ्नो कल्याणको लागि जसले उपासना गर्दछन उसको पनि प्रशंसा गर्न पछि पर्दैनन्-"म प्रतिदिन ६ घंटा साधन भजन गर्दछु" इत्यादि । यिनीहरुको यति अभिमान हुन्छन्-त्यसदेखि अलिकति छुटकारा पाउँदैनन् । यिनीहरुको सर्वदा यही ध्यान रहन्छ-छुस्स पनि मानहानी नहोस । यस किसिमको दम्भको अभाव नै अदम्भित्व हो । (३) अहिंसा-प्राणीमात्रलाई पीडा नदिनुको आग्रह, विपदग्रस्त मानिसहरुलाई आफनै मानिस सम्झेर सदा उसलाई मद्दत गर्नुको चेष्टा । सबैको सुखलाई आफनो सुख सम्झनु मान्नु, यही सर्वश्रेष्ट "यम" हो । जब यो अहिंसा प्रतिष्ठित होओस त साधकले बुझ्नु पर्दछ- सर्वात्मबोधको योग्यता प्राप्त गरेको छ । मनमा हिंसा रहेपछि रंचमात्र पनि भगवद् कृपा प्राप्त गर्न

असंभव छ । यो अहिंसा भाव जब आफनो भित्र दृढतापूर्वक प्रतिष्ठित हुन्छ, तब दोस्रो प्राणीहरुले उसको साथ हिंसाभाव राख्दैन । कोही आफनो साथ आफैले हिंसा गर्दैन । यसरी जसलाई सर्वत्र आत्म दर्शन हुन्छन, तिनीहरुले कसैको पनि हिंसा गर्न सक्तैनन् । जहाँ आत्मप्रेमको विस्तार छ त्यहाँ हिंसा कहाँ ! (४) क्षान्ति -कोही कसैले अपकार गर्दामा पनि क्षमा गर्न सक्नु अर्थात् अरुबाट दुःख प्राप्त गरेर पनि विकार रहित भएर सब सहन गर्न सक्नु । आफनो शिशुले प्रहार गर्दा जस्तो पिताले उसको आचरण देखेर हाँस्दछन उसरी नै अन्यकृत अपकारलाई जसले शरीरमा पोत्दैन, सामर्थ्य भएर पनि उस्को अनिष्ट गर्दैनन् त त्यसैलाई यथार्थत : क्षमा भनिनेछ । तत्पश्चात साधकले जब साधनाको सारा क्लेशहरुलाई सहिष्णुतापूर्वक सहन गर्दछन , यत्तिका दिनहरुमा पनि केहीफल मिलेन" यसबाट जसको धैर्य छुटदैन, जो आफनो पूर्वार्जित कर्महरुको फल भोग्नको निम्ति सर्वदा ततपर रहन्छन, त्यस्ताको सहिष्णुता नै वास्तविक क्षान्ति हुन । यस किसिमको सहिष्णुताको साथै जुन मानिसहरुले साधना गर्दछन- उनकोचित्त समाधि सिन्धुमा एकदिन निमज्जित हुने नै छ । (५) आर्जव- ऋजुभाव, कुटिलताको अभाव । जो खुव सरल हुन्छन् उनिहरुको भित्र बाहिर खुला रहन्छ, भित्र अन्तरमा जोछ, त्यही बोल्दछन । मनमा कालो राखेर बोल्न जान्दैनन् । अन्तः करण शुद्ध हुनु विना कोही पनि वस्तुतः सरल हुन सक्तैनन् । यस्तो मानिसहरुले कसैको मन राख्नको लागि कुरा गर्दैनन् । कोही कसैलाई सन्तुष्ट राख्नको लागि कुटिल बन्दैनन् । मानिसहरुले उनको कुरा सुनेर के सोच्लान् यो विचार उसको मनमा उदय हुँदैन । तिनीहरु निर्भिक हुन्छन। यसैकारण यति सरल या निष्कपट हुन्छन् । साधनामा मत्त पुरुषले बाहिरको कुनै कुरातिर दृष्टि नै दिंदैनन्, उनको लक्ष्य एकमात्र श्री भगवान्को पादपद्ममा रहन्छ । त्यसले कसैसँग केही प्राप्त गर्ने आशा गर्दैनन्, यसैले उनलाई कसैको मन राख्नुको चेष्टा गर्नुको आवश्यकता हुँदैन । जो जति जति नै सरल निष्कपट हुन्छ, त्यो त्यति त्यति नै भगवत्प्रिय हुन्छन । जो सरल छैन, त्यसको लागि परमपदको प्राप्तिको संभावना- त्रिकालमा पनि संभव छैन । (६) आचार्योपासना- सद्गुरु एवं साधु उपदेष्टाको सेवासुश्रुषा गर्नु । "तद्विज्ञानार्थ स गुरुमेवाभिगच्छेत् समित्पाणिः श्रोत्रियम् ब्रहमनिष्ठम्"-मुण्डका-१।२-मुमुक्षु पुरुषले परमात्माको साक्षातकारको लागि समित्पाणि भएर (यथासक्य दक्षिणा लिएर) श्रोत्रिय ब्रहमनिष्ठ गुरुको पासमा जाओस ।

जुन मानिसहरु सदाचारहीन एवं अहंकारी छन तिनीहरु भगवन्प्राप्ति को लीग व्याकुल हुदैनन्, अतयवसद्गुरुको पासमा जानुको आवश्यकता अनुभव गर्दैनन् । यदि जान्छन भने पनि त गुरुलाई आत्मसमर्पण गर्न सक्तैनन् । जो शास्त्राभ्यासी छन, तिनीहरु पनि यदि गुरुको शरणागत् हुँदैनन् त परमार्थ प्राप्ति देखि वंचित हुन जानेछन, किन भने शास्त्रको विषयहरुलाई ठीक ठीक अवधारण गर्न साधन विना संभव छैन । गुरु यदि ब्रहमनिष्ठ छैन भने त उनको उपदेशले पनि शिष्यको अन्तर्ग्लानि दुर हुने छैन । यसैले साधनशील तत्वज्ञ एवं शास्त्रज्ञ पुरुषको निकट शिष्यत्व स्वीकार गर्नु पर्दछ । शास्त्रको यो उपदेश छ-शिष्यलाई श्रोत्रिय ब्रहमनिष्ठ गुरुको पासमा समितपाणि भएर अर्थात् यथासाध्य भेटी लिएर जानु पर्दछ । गुरुको निजी प्रयोजन नरहन पनि सक्दछ, परन्तु शिष्य श्रद्धालु चित्तले आफनो सर्वस्व श्री गुरु चरणमा समर्पण

गर्नुको शिक्षा ग्रहण गर्दैन अनि कुनै किसिमको त्यागमा अभ्यस्त छैन भने त त्यो सद्गुरुद्वारा प्रदर्शित मार्गमा हिडनको लागि अयोग्य सम्झिइनेछ । शिष्यले श्रद्धा साथ गुरुको समीप आफनोसर्वस्व जब समर्पण गर्दछ त यस किसिमको त्याग द्वारा उसको आत्म विषयिनी निर्मल बुद्धिको विकास हुन्छ । यो त्याग जसको जति नै धेरै हुन्छ उसको परमार्थ दृष्टि उतिनै धेरै प्रस्फुटित हुन्छ । वस्तुतः गुरुको उपासना हो क्रिया गर्नु । जस्ले साधना गर्दैन उसको गुरु उपासना हुँदैन । गुरुले बाहय वस्तुलाई ग्राहय गर्दैन, उनलाई त्यही शिष्य प्रिय हुन्छ जो साधन- निरतछन । गुरुको आत्मा छ, आत्माको नजिक त्यही टिकन सक्छ जसले सर्वदा क्रिया गर्दछन । सर्वदा क्रिया गरेछि चित्त स्थिर हुन्छ । मनको समस्त संकल्प विकल्प त्यस स्थिरतामा लय हुन जान्छन । यही हो यथार्थ रुपमा आत्मसमर्पण । यस किसिमको आत्मसर्मपणमा जो अभ्यस्त छन, तिनीहरुले यदि आफनो गुरुलाई-सर्वस्व अर्पण गर्दछन भने त यसमा आश्चर्य नै के छ ७) शौच-शरीर तथा मन को पवित्रता नै शौच हो । बाह्य एवं आभ्यन्तर भेदले शौच दुई किसिमको हुन्छन । मृत्तिका, जल एवंशुद्ध आहार द्वारा शरीरको बाह्य मल, राग एवं द्वेषादि दमन द्वारा आभ्यन्तर मल प्रक्षालित हुन्छ । जुन मानिसहरु बाह्य शौचादिलाई मनको दुर्वलता मान्दछन,उनीहरुको कुरा अर्कै हो । उनिहरुले यसको आवश्यकता पनि सम्झन सक्तैनन् । परन्तुजसले आत्म कल्याण गर्न चाहन्छ, उनकोलागि यस किसिमको शौचादिलाई अनावश्यक सम्झनु उचित छैन । पूर्व जन्म को प्रभावले विशिष्ट पुरुषहरुको अन्तःकरण अत्यन्त विशुद्ध हुन्छन । उनलाई शौचाचारको आवश्यकता नहुन पनि सक्तछ, परन्तु साधारण मानिसले त्यो दृष्टान्तलाई ग्रहण गर्दछन भने त आफैलाई विपन्न एवं वंचित गर्नेछन । *शुद्ध बास, शुद्ध आहार, शुद्ध वात एवंशुद्ध संग सबैको लागि आवश्यक छ । यी नरहेमा जीवनमा आधिव्याधि द्वारा धेरै क्लेशहरु सहनु पर्ने छ* । परन्तु जो पूर्व पुण्यहरुको फलस्वरुप साधन भजनमा सदा अभ्यस्त छन् । तिनीहरुले पनि यदि यस शुद्धाचार तिर लक्ष्य राख्दैनन् त यी मैलहरुले उनको साधना मा अनेक विध्न उपस्थित गर्नेछन । यो याद राख्नु पर्नेछ। परतु बाह्य शौचाचार अधिक मात्रामा गरिरहँदा खेरि धेरै मानिसहरु शौचाचार को उद्देश्य देखि नै खस्न जान्छन् । यसविषयमा सावधान रहनु आवश्यक छ । (८) स्थैर्य- सन्मार्ग एवं साधन पथ जसले ग्रहण गरेको छ ,त्यसबाट उनिहरु कहिल्यै विच्युत नहुनु नै स्थैर्य हो । साधन मार्गमा बेलाबेला अनेक विध्न आएर साधनाको गमनपथलाई अवरुद्ध गरिदिन्छन । विघ्नहरुले मोक्षमार्गको प्रयत्नमा शिथिलता आउँदछ । जसको चित्त साधन विषयमा एकनिष्ट छ उनको चित्त यी विघ्नहरुद्वारा साधन पथ देखि स्खलित हुँदैन । जुन मनोभावले साधन विषयक प्रयत्नहरुमा शिथिलता आउँदैनन् त्यस किसिमको मनोभावलाई स्थैर्य भन्दछन । बाह्य चेष्टाले यस किसिमको स्थैर्य केहीकेही प्राप्त भएर पनि सम्पूर्ण स्थैर्य प्राप्त गर्न संभव छैन । प्राणायामादि योगांगको साधन द्वारानै वास्तविक मनःप्राणको स्थैर्य प्राप्त हुन्छ । जुन मानिसहरु यस किसिमको प्रयत्नमा सदा अभ्यस्त हुन्छन, उनको क्रियाको परावस्थामा बुद्धि आफसे आफ स्थिर हुन जान्छन् । जसले क्रिया गर्दैनन् अर्थात योगयुक्त छैनन् उनको यस किसिमसँग बुद्धि स्थिर हुनुको संभावना छैन । क्रिया गर्दा गर्दा जसको बुद्धि स्थिर हुन्छ, उसैले उपरति प्राप्त गर्दछन । तब काम-क्रोध-लोभ-मोह, आदिले उनलाई विचलित गर्दै उसको ब्रतलाई भंग गर्नै सक्तैनन् । यही हो यथार्थ स्थैर्य । बहुधा क्रिया गरेर पनि क्रियाको परवस्थामा स्थिति हुँदैन । यसलाई

आफनो पूर्व जन्मको फल सम्झेर अरु पनि धेरै तीव्रतर वेगले क्रियामा प्रयत्न गर्नु उचित छ। यस प्रयत्नको फलस्वरुप क्रियाको परावस्था मा सुदीर्घ स्थिति हुन्छ। परन्तु जबसम्म यो स्थिति प्राप्त हुँदैन। तब सम्म साधना देखि अलग रहनु जीवनको परम दुर्भाग्य हो। यस दुर्भाग्य देखि छुटकारा पाउनु आफ्नै हातको कुरा हो। गुरुवाक्यमा श्रद्धागरी खुब राम्रोसँग मन लगाएर क्रिया गरेपछि मन ब्रहममा अडकिन जान्छ। भागवत्मा रासलीलाको समय भगवान्‌को सम्बन्धमा भनिएको छ। -"आत्मन्यवरुद्ध-सौरत" सुरतको अर्थ छ रतिक्रिया अर्थात् विषय वासना एवं विषयासक्ति। यस सुरतिको कारण जुन आनन्द हुन्छ त्यसको सौरत हो। यो विषयानन्द आत्मामा सदा अवरुद्ध रहन्छ अर्थात् आत्मामा यसको अभिप्रकाश हुँदैन। सबै किसिमको आनन्द आत्मामा नै छन, किन्तु विषयानन्द आनन्द भएर पनि आत्मामा चिर अवरुद्धरहन्छ। जसको मन आत्मामा अडकिरहन्छ, उसको मनमा विषयवासनाको उदय नै हुँदैन। यस किसिमको अवरोध या स्थैर्य नै साधनाको एकान्तिक लक्ष्य हुन्।

(९) आत्मविनिग्रह-देहेन्द्रियादिको प्रवृतिलाई निरुद्ध गरी सन्मार्गमा प्रवृत्ति जबसम्म स्थिर हुदैन, तबसम्म साधन मार्गमा धेरै जसो विघ्न आएर उपस्थित भैरहन्छन। यसैले एकातिर अभ्यास पटुता एवं अर्कोतिर बाह्य विषयहरु प्रति अनावस्यक आसक्तिलाई रोक्नु साधकको जीवनकै अत्यन्तै प्रयोजनीय व्यापार हो।

आत्म विनिग्रहको अर्थ हन्छ आत्मालाई ब्रहममा राख्नु अर्थात् मन लाई अन्य विषयमा न लगेर खालि आत्मस्थ गरिराख्नु। श्रीमतस्वामी रामानुजको व्याख्यामा पनि यहीकुरो प्रतिध्वनित हुन्छन-"आत्मस्वरुप-व्यतिरिक्त विषयभ्यो मनसो निवर्तनम्"-आत्मस्वरुपको अतिरिक्त अन्य विषयहरु देखि मनलाई निवर्तित गर्नु नै "आत्मविनीग्रह" हो। मधुदन सरस्वती भन्नु हुन्छ-"आत्मनो देहेन्द्रिय संघातस्य स्वभाव प्राप्तां मोक्षप्रतिकुले प्रवृत्ति निरुद्धय मोक्ष साधन एवं व्यवस्थापनम्-"देहेन्द्रिय संघात देखि स्वभावतः प्राप्त मोक्षको प्रतिकुल मनको प्रवृतिलाई निरुद्ध गरी मोक्षसाधनमा व्यवस्थापन गर्नु नै "आत्म विनिग्रह " हो। अब यो हेर्नु छ- मनलाई आत्मामा कुन किसिमसँग प्रतिष्ठित गर्दछन्। आफै आफुमा स्थिति हुन गए पछि नै आत्म- विनिग्रह हुन्छ। बलपूर्वक जबर्जस्तीमनको निग्रह हुन सक्तैन। आत्मविनिग्रह शब्दबाट कसैकसैले शरीर संयम अनि कसै कसैले मनः संयमको अर्थ गरेको छ। यी दुवै अर्थ एकांशमा नै सत्य छ। देह एवं इन्द्रियहरु दुवैलाई संयत गर्नु पर्नेछ, अन्यथा चित्तलाई आत्माभिमुखी गर्नु कठिन छ। प्रथमतः विषय प्रति चित्तको वेग कम गर्नको लागि भोग्य विषय (शरीर र भोग्य वस्तु) को अनित्यतालाई चिन्तन गर्नु आवश्यक छ। पश्चात् *देहेन्द्रियादिको संयमको लागि "आसन एवं प्राणायाम" यी दुवैको प्रयोजनियता सर्वापेक्षा बढी छ*। यसैकारण योगीहरुले आसन एवं प्राण संयमलाई उच्च स्थान दिएको छ। हठ्योगादि ग्रन्थहरुमा स्वस्तिक, पद्यासन आदि अनेक प्रकारको आसनहरुको उल्लेख छ, परन्तु उनको प्रयोजन केवल प्रथम शिक्षार्थीकै लागि हुन। उनिहरुको प्रयोजनशीलतालाई अस्वीकार गर्न सकिन्न, परन्तु वास्तविक आसन के हो यसलाई भगवान् पतंजलिले योग दर्शनमा बताउनु भएको छ-"स्थिर सुखमासनम" यस्तो आसन लगाउनुपर्दछ जसले शरीरलाई कष्ट नहोस, शरीर लाई कष्ट भएपछि मन चंचल हुन जानेछ। श्रीमद् आचार्य शंकर अपरोक्षानुभूतिमा भन्नु हुन्छ।

"सुखेनैव भवद्यस्मिन अजस्रं ब्रहम चिन्तनम् ;
आसनं तद्विजनीयात् नेतरत् सुखनाशनम् ॥"

जुन अवस्थामा सुखपुर्वक अजस्र ब्रहम चिन्तन भैरहोस, त्यसलाई नै यथार्थ आसन बुझ्नु पर्दछ । अर्को कुरा सुखनाशक आसनलाई आसन भन्न सकिदैन । एकातिर त मनको चांचल्य छ, अनि त्यस शरीरको अमिल्दो बसाई- यस अवस्थामा अजस्र ब्रहम चिंतन कसरी होला? यसैकारण शरीरलाई ठीक गर्नको लाग हठयोगीहरुले नाना किसिमका आसनहरुको उपदेश दिन्छन। त्यसबाट शरीर र शारीरिक विकारको शान्ति हुन्छ । परन्तु शरीरलाई ठीक गर्दैमा नै सारा आयु यदि गैदिन्छ भने त फेरि अजस्र ब्रहमचिन्तन कैले होला ? अतयव केवल आसनतिर मात्र लक्ष्य नराखिकन जुन एक दुई आसन अभ्यस्त हुन्छन त्यसैमाथि निर्भर गरी मनलाई स्थिर गर्नको लागि सर्वापेक्षा बढी प्रयत्न गर्नु ठीक छ । "स्थिर सुखमासनम्" स्थिरताजन्य ....सुखमा जसको चित्त उपविष्ट रहन्छ त्यसलाई नै आसन सिद्धि प्राप्त छ, प्राणायामादि योगाभ्यासको प्रभावले चित्त जब प्राणसँगै हृदय देशमा अवस्थान गर्दछ, तब त्यसचित्तमा फेरिकुनै तरंग उठ्दैन । यो स्थिर प्रशान्त चित्त नै श्री भगवान् को बस्ने स्थान हो । निरालम्बोपनिषदमा लेखिएको छ- "ब्रहमैव स्वप्रकृति शक्त्यभिलेशमाश्रित्य लोकान् दृष्टवान्तर्यामित्वेन प्रविश्य ब्रहमादिनां बुद्धयादीन्द्रियनियनतृत्वादीश्वर :" ब्रहमले स्वयं आफनो प्रकृति शक्तिको अंशको आश्रय गरी अन्तर्यामी रुपले सबैको हृदयमा प्रवेश गरेर ब्रहमादिको बुद्धधयादि इन्द्रियहरुको नियन्ता हुनुको कारण ईश्वर हुन । यसैले जसको चित्त जति जति नै अन्तः प्रविष्ट छ त्यो त्यति त्यति नै बढी ईश्वरको नजिकमा छ । हृदय देशमा चित्तलाई स्थापित गर्नसके पछि यो चंचल चित्त ले स्थिरत्वको आनन्द एवं प्रशान्त भावको आस्वादन प्राप्त गर्दछ । गीतामा पनि भनिएको छ-

"शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनामात्मनः "

यो शूचि देश हो हृदयाकाश । यस हृदयाकाशमा नै साधकले आसन लगाउनु पर्दछ । यो आसन जसको जति जति नै दृढभावले प्रतिष्ठित छ, त्यो त्यति त्यति नै ईश्वरसँग योगयुक्त हुन सकेको छ । यसआसनको फल योगदर्शनमा यसरी उल्लिखित छ-"प्रयत्न शैथिल्यानन्तसमापत्तिभ्यां"-(योग दर्शन समाधिपाद) जब प्रयत्न शैथिल्य एवं अनन्त समापत्ति,यी दुई लक्षण परिस्फुट हुन्छ, तब बुझ्नु पर्दछ,- आसन सिद्धि भएको छ । शरीर र इन्द्रियादिमा जुन स्वभाविक कर्मोन्मुखता देखिन्छ,त्यसको शिथिलताको नाम नै "प्रयत्न शैथिल्य" हो अर्थात् जुन बेला चित्तको यस्तो स्थिरता हुन्छ-जब देहादि अवयव अथवा चक्षु श्रोत्रादि इन्द्रियहरु कुनै व्यापारमा दौडिन चाहदैन, मानो सबै किसिमको कर्मचेष्टाहरु देखि तिनीहरु निरस्त छन, तब त्यसलाई "प्रयत्न शैथिल्य" अवस्था बुझ्नु पर्दछ । "अनन्त समापत्ति" तबै हुन्छ जब चित्त असीम भावले भावित हुन्छ । तब चित्तले फेरि ससीम भाव लिएर रहन सक्तैन ।अनन्तको सतही सतही (उपरी) उपलब्धि (जुन कविहरुलाई) सम्यक प्राप्ति या समापत्तिहोइन । हामी सन्ध्यादि कालमा पूजा गर्न जुन आसन शुद्धि गर्दछौं, त्यसको उद्देश्य पनि चित्तलाई असीम भावमा प्रविष्ट गर्नु हो ।

यसैकारण आसन मन्त्रको सुतलं छन्द, कूर्म देवता एवं मेरुपृष्ठ ऋषि छन । मेरुदण्ड त्यस देवताको पीठस्थान हुन । तन्मध्यस्थ शक्ति उस्का ऋषि हुन यसको छन्द सुतल छ अर्थात् तब पदतल देखि मूलाधार एवं नाभि पर्यन्त वायु स्थिर रहन्छ । तब जुन भाव या देवशक्तिको प्रकाश हुन्छ ,त्यही कूर्म देवता हो । कूर्मले जसरी आफनो साराअंगहरुलाई आफु भित्र समेटेर राख्दछ, उसरी नै जसकोमन प्राणमा तथा प्राण महाप्राणको स्थिरतामा प्रविष्ट हुन्छ, त्यसलाई नै यथार्थ आसन सिद्ध सम्झनोस, आसन सिद्ध भएपछि "ततो द्वन्द्वानभिघातः" अर्थात् शीत-उष्ण, सुख दुःखादि द्वन्द्वहरु देखि उत्पन्न क्लेश रहँदैन । यस अवस्थामा अनुकुल या प्रतिकुल कुनैपनि भावद्वारा चित्त उन्मथित् हुँदैन । जुन सुखस्वरुप ब्रहममा स्थित भए पछि दोस्रो कुनै चिन्ता लेशमात्र पनिरहन जाँदैन । त्यो त्रिकाल स्थायी ब्रहम नै आसन हो,यही साधकहरुको बस्ने स्थान हुन ।

दोस्रो कुरा छ प्राणसंयम । यो प्राणायामादि साधन द्वारा हुन्छ। जबसम्म प्राणको स्थिरता प्राप्त हुँदैन, तब सम्म प्राणको स्वरुपको अनुभव हुँदैन । प्राणको साधनाले नै हृदय ग्रन्थिको भेदन हुन्छ । प्राण अति सूक्ष्म प्रवाहिका हरु देखि गएर नाना स्थानहरुमा ग्रन्थि उत्पन्न गर्दछन । जसरी नदीको भित्र आवर्त्त (भंवर) हुन्छन, उसरी नै प्राणधारा एक एक ग्रन्थिमा अडकिदै अडकिदै प्राण प्रवाहलाई आवर्त्तमय गरिदिन्छन । यो ग्रन्थि जबसम्म भेदन गरिन जान्न,तब सम्म जीवको मुक्ति हुँदैन । किन भने जुन मुक्तिको पथ छ त्यही आवर्त्तमय भएर स्वाभाविक गतिलाई अवरोध गर्दछन । यस पथलाई आवर्त्तहीन एवं सरल बनाउनु पर्नेछ, तबै प्राणशक्ति या कुण्डलिनी शक्ति सही बाटो पाएर अविलम्ब स्वस्थानमा पुग्न सक्दछन् । कुण्डलिनीको बाटोलाई मुक्त गर्नु नै मुद्रादि साधनको उद्देश्य हुन । प्राणायाम द्वरा श्वास प्रश्वासको गति विच्छेद भएपछि प्राणको निरोध भाव उपस्थित हुन्छ । तब समझमा आउँद्छ मेरो "अहंभाव" प्राणसत्ता देखि अभिन्न छ ।

प्राणायामको फल योगदर्शनमा छ-"धारणासु योग्यता मनसः" योग सम्बन्धित् धारणामा मनको योग्यता प्राप्त हुन्छ । हामीहरुलाई बेलाबेलामा आध्यात्मिक भावको कुराहरु मीठो लाग्छन । कहिले काँही अचानक अनेक आध्यात्मिक विषयहरुको उपलिब्ध पनि हुन्छ । परन्तु मनको अक्षमताको कारण ती भावहरुको धारण हुँदैन । अतयव समस्त उच्चतम भावहरुको स्मृतिधारा थौरै समयमा त्यसरी नै लुप्त हुन जान्छन् जसरी जलको बुदबुद फोका क्षणभरमा जलमा नै मिल्न जान्छन यसैकारण उच्चभावले भावित भएरपनि मनमा त्यस भावलाई स्थायी बनाएर राख्न कठिन छ । यसैले स्थायी कल्याण हुँदैन । स्मृति ध्रुवा नभएपछि चित्त शुद्धिमा विध्न पर्दछन् । अतयव जे ले धारणामा व्याघात उत्पन्न गर्दछ र आत्मप्रकाशको आवरणस्वरुप हुन्छ, त्यसको क्षय हुनु आवश्यक छ । जबसम्म यो आवरण क्षय हुँदैन, साधनाको उच्चतम अवस्थालाई प्राप्त गर्न सम्भव छैन । परन्तु यतिले मात्रै प्राणायामको कल्याणकारिणी शक्तिको पूर्ण परिचय भएन । अपरोक्षानुभूतिमा प्राणायामको यो लक्षण बताईएको छ ।

"चित्तादि सर्वभावेषु ब्रहमत्वेनैव भावनात् ;
निरोधः सर्ववृत्तिनां प्राणायामः स उच्यते ॥"

चित्तको समस्त भावहरुलाई ब्रहममय गर्न तथा त्यसको अन्याकारमा उपलिब्ध नभएपछि नै सवै वृत्तिहरुको निरोध हुन्छ, यसैको नाम हो प्राणायाम ।यो प्राणायाम जब सम्म सहजरुपसँग बोध हुन जाँदैन, तबसम्म दृष्टिलाई ब्रहमयी गर्दै जगत्लाई ब्रहममयबोध गर्न सक्तैन । परन्तु प्राणायाम अर्थात् प्राणको विस्तृति भएपछि यो सहज बोध्य हुन जान्छन् । प्राण यस देहरुप आधारमा परेर संकुचित हुन गएको छ । यस देहमा प्रवेशगरी देहलाई प्राणमय गरिदिएको त सहीछ, परन्तु त्यसको अनन्त विस्तृति खर्व हुन गएको छ । प्राणायाम द्वारा प्राणवृत्तिको रोध भएपछि स्थिर प्राणको जुन अनुभव हुन्छ, त्यो त अनन्त व्यापी जानिइन्छन् । व्याप्तिको यो असीमत्व नै ब्रहमभाव हुन । प्राण तब सर्वव्यापी आकाशको समान हुन जान्छन । यही प्राणायाम या प्राणको विस्तार हो । परन्तु खालि मनन द्वारा यसको विस्तार सहज सम्पाद्य छैन । यसैले देहभित्र जुन प्राणको स्पन्दन रहन्छ, त्यस प्राणमा लक्ष्य राखेर त्यस्लाई निरुद्ध गर्नु पर्नेछ । प्राणको निरन्तर स्पन्द्न्ले नै असंख्य मनोवृत्तिहरु स्पन्दित भैरहेका छन । प्राणको स्पन्दनलाई रोध गरिलिएपछि मनलाई निरुद्ध गर्न सहज हुन जानेछ । वृहदारण्यक उपनिषदमा अन्तर्यामि ब्राहमणको सूत्रात्म प्रस्तावमा वर्णित छ- प्राण एवं मन एकै साथ स्पन्दित हुन्छ, अतयव प्राणको संयमले मनको पनि संयम हुन जान्छ ।" मनमा ब्रहमवृत्तिलाई अखण्डाकारमा प्रवाहित गर्न कठिन छ , किनभने मनको वृत्ति रोध गर्नु सहज छैन । यसैकारण विद्यारण्य मुनिले आफनो "जीवनमुक्ति विवेक " नामक ग्रन्थमा भनेको छ-"अत्यन्त बलवतीहुनुको कारण यदि बासनाहरुलाई परित्याग गर्न सकिएन भने त प्राणस्पन्दनको निरोध नै एकमात्र उपाय छ ।" हठयोग प्रदीपिकामा लेखेको छ ।-

"कन्दोर्ध्वं कुण्डलीशक्ति : सुप्ता मोक्षाय योगिनाम् ;
बन्धनाय च मूढानां यस्तां बेत्ति स योगवित् ॥"

कन्दको माथिल्लो भागमा कुण्डलिनी शक्ति सुतिराखेका छन । जसले त्यस कुण्डलिनीलाई उठाउँदछन्, ती नै मोक्षलाई प्राप्त हुन्छन् । जुन मुढ मानिसहरुले यस्तो गर्दैन तिनीहरु बन्धनलाई प्राप्त हुन्छन् । त्यस कुण्डलिनीलाई जाग्रत गर्नुको उपाय जसलाई थाहा छ, तिनीहरु नै यथार्थ योगवित् हुन । सुषुम्ना नाडीको द्वार सर्पाकार कुण्डलिनी शक्ति द्वारा अवरुद्ध रहन्छन् । यसले प्राणवायु सुषुम्ना मार्गमा प्रवेश गर्न पाउँदैन । प्राणयामादि द्वारा कुण्डलिनीशक्ति जाग्रत भए पछि सुषुम्नाकोअवरोध दुर हुन जान्छ । तब प्राणवायु संचरण गरेपछि साधकलाई उन्मनी अवस्था प्राप्त हुन्छ तब साधक जीवन मुक्त हुन जान्छन । सुषुम्नामा प्राणवायु प्रवाहित भएपछि जुन मन नष्ट हुन्छ त्यो सुषुप्ति अवस्थाको मनोलय समान छैन । सुषुप्तिमा मन सुप्त रहन्छ । विलुप्त हुदैन। परन्तुउन्मनी अवस्थामा योगीको मन अमनमा परिणत हुन जान्छ अर्थात मन नामको कुनै वस्तु त्यति खेर रहँदैन ।

"निर्विकारतया वृत्या ब्रहमाकारतया पुनः ;
वृत्ति विस्मरणं सम्यक् समाधिर्ज्ञान संज्ञक ॥ "- अपरोक्षानुभूति ।

अन्त:करणमा जब कुनै वृत्तिको स्फुरण हुँदैन,तब त्यसलाई निर्विकार अवस्था भन्दछन ।-यही ब्रहमाकारा वृत्ति हो । यस अवस्थामा बृत्तिको सम्यक विस्मरण हुन्छ, यही समाधि कहलाउँछ, यो अज्ञान रुपा छैन ।

प्राणको स्पन्दनले नै मनोवृत्तिहरु स्पन्दित भै उठ्दछन् । योगाभ्यास द्वारा त्यो प्राण निरुद्ध हुन गएपछि मनोवृत्तिहरु पनि निरुद्ध हुन जान्छन । यसलाई समाधि भन्दछन । बुद्धिमा बाह्य वस्तु प्रतिविम्बत भएपछि बुद्धिको एकाग्रता नष्ट हुन्छ । परन्तु जुन बुद्धि सर्वदा साम्यावस्थामा रहन्छ, त्यसमा अन्य वस्तुको प्रतिविम्ब पर्दैन, तब त्यो बुद्धि आत्माकाराकारित हुन्छ । यो आत्माकाराकारित बुद्धि नै हो ब्रहमाकारा वृत्ति । यही मुक्तिको हेतु हो । योग कल्पद्रुममा लेखिएको छ ।

"ध्येयस्वरुपोपगतं यदा मनो
विस्मृत्य चात्मानमथा वतिष्ठते
संकल्प पूगापगतं तमन्तिम
योगस्य सन्तोऽवयवं प्रचक्षते ॥"

ध्येय स्वरुपलाई प्राप्त भएर जब मनले आफुलाई विर्सेर आत्मामा अवस्थान गर्दछ तब सबै किसिमको संकल्प दूर हुन जान्छन् । त्यस अवस्थालाई नै साधुहरुले योगको चरम अवयव अर्थात समाधि भन्दछन ॥७॥

इन्द्रियार्थेषु वैराग्य मनहंकार एव च ;
जन्ममृत्यु जरा व्याधि दुःख दोषानुदर्शनम् ॥८॥

श्री धरीय टीका- इन्द्रियहरुको निमित्त कुनै विषयहरुमा वैराग्य निरहंकारिता तथा जन्म, जरा व्याधिमा दुख एवं दोषको अनुदर्शन अर्थात् पुनः पुनः आलोचना ॥८॥

आध्यत्मिक व्याख्या-"इन्द्रियहरुको निमित्त कुनै विषयको इच्छा नगर्नु , मनमा अहंकार नगर्नु , जन्म मृत्यु जरा व्याधि दुख एवं दोषको अनुसन्धान । "

(१०)- इन्द्रियहरुको विषय भोगमा अस्पृहा । इन्द्रियहरुको भोग्य विषय दुई किसिमको हुन्छन- दृष्ट एवं अदृष्ट, मन इन्द्रियहरु सँग मिली सारा दृष्टादृष्ट विषयहरुको भोग गर्दछ अनिआसक्ति वश आवद्ध हुन्छ । अतयव विचार द्वारा विषयको हेयत्वलाई उपलब्ध गरेपछि त्यसमा स्पृहा रहन जानेछैन । (११) अनहंकार अर्थात अहंकार-शून्यता (१२)- जन्म मृत्यु जरा व्याधि दुख दोषानुदर्शनम्-जन्म मृत्युआदिमा जुन दुःख रहन्छ त्यसको आलोचना गर्नु । जन्मकोलागि गर्भवास, गर्भदेखि योनिद्वारा निस्कनु, मृत्युको समय नाना किसिमको क्लेश, मर्मस्थान छिन्न गरी प्राणको उत्क्रमण तथा निराश्रय हुनुको कारण मनमा भय । अत्यन्त बुढयौली लाई जरा भन्दछन । त्यसमा हस्त पाद आदि इन्द्रियहरुको शक्तिको पनि ह्रास हुन जान्छ अनि मनको शक्ति कम हुन जान्छन्, बुद्धिको प्रखरतामा पनि व्यतिक्रम हुन जान्छ । यो अवस्था अत्यन्त नै कष्टकर हुन्छ । यस अवस्थामा जीवित रहनु भनेको केवल कष्ट भोगमात्र छ । यस्माथि फेरि व्याधि, नाना किसिमको यन्त्रणा भैरहने शारीरिक पीडा-यी समस्त दुखप्रद विषयहरुको बारबार आलोचना गरेपछि देह धारणको वासना तथा देह जनित विविध भोगवासना क्षीण हुन जान्छन् । अतयव यसमा सन्देह छैन । यसको आलोचना ज्ञान प्राप्तिको अनुकुल छ ।

श्रीमद् आचार्य शंकर यस श्लोकको भाष्यमा भन्नु हुन्छ,-"जन्म च मृत्युश्च जरा च व्याधयश्च दुःखानि च, तेषु जन्मादि दुःखान्तेषु प्रत्येक दोषानुदर्शनम्" जन्ममरण बुढयौली तथा अन्यान्य दुःखसमूह- यी विषयहरुमा दोष दर्शन अर्थात् यिन्को आलोचना गर्नु अथवा- "दुखान्येव दोषः दुःख दोषस्तस्य जन्मादिषु पूर्वबदनुदर्शनम् । दुःख जन्म,दुःखं मृत्यु : दुःख जरा, दुःख व्याधयः दुःखनिमित्तत्वात् जन्मादयो दुःखम् , न पुनः स्वरुपेणैव दुःखमिति । एवं जन्मादिषु दुःख दोषानुदर्शनात् देहेन्द्रियविषय भोगादिषु वैराग्यमुपजाये ततः प्रत्यगात्मनि प्रवृत्ति : करणानामात्मदर्शनाय।एव ज्ञानहेतुत्वात् ज्ञानमुच्यते जन्मादि दुःख दोषानुदर्शनम्" अथवा दुःख-समूह नै दोष हुन, यस अर्थमा दुःखदोष शब्दको प्रयोग गरिएको छ। दुःखदोष शब्दको जन्मादि शब्दहरुको साथ अन्वय गर्नु पर्दछ । जस्तो जन्म दुःख मृत्यु दुःख, जरा दुख , व्याधिसमूह दुःख । जन्मादि स्वरुपतः दुःख छैन परन्तु तिनीहरु दुःखको कारण हुन, यसैकारण यसलाईदुःख भनिएको छ । यस किसिमसित जन्म आदिमा दुःख दोषाणुदर्शन द्वारा देहेन्द्रिय एवं प्रवृत्ति उत्पन्न हुन्छन । यसरीजन्मादिमा दुःख दर्शन पनि ज्ञानको हेतु हुनको कारण ज्ञान शब्द द्वारा अभिहित हुन्छ । यी सारा विषयहरुलाई दुःखप्रद चिन्तन गर्दा-गर्दा भोगवासनाको ह्रास हुनु जान्छ र देह धारणको लागि बलवती स्पृहा रहँदैन । यसैले जन्म मृत्यु आदिमा दोषानुसन्धान गर्नु आत्मज्ञानको प्राप्तिमा परम सहायक छ ॥८॥

असक्तिरन भिष्वंगः पुत्रदार गृहादिषु ;
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥

श्री धरीय टीका- [अरु भन्नु भैरहेछन]-पुत्रादिमा आसक्ति अर्थात् प्रीतित्याग । अनभिष्वंग अर्थात् पुत्रादिको सुखदुःखमा "म सुखी दुःखी हुँ "-यस किसिमको अध्यासको अभाव इष्ट एवं अनिष्ट प्राप्तिमा सदा समचित्तता । ॥९॥

आध्यात्मिक व्याख्या-"इच्छारहित पुत्रदार गृहादिको साथसँग समान किसिमको चिन्तन शुभ अशुभ दुवैमा"

(१३) आसक्ति स्त्रीपुत्र गृहादिमा जीवको स्वभावतः अधिक ममत्व हुन्छ अनि यसै कारण तत्तत् विषयहरुमा नाना किसिमका संकल्प विकल्पको तरंगहरु उठेर मनलाई विक्षिप्त गर्दछन । उनको सुखदुःखमा आफुलाई सुखी दुःखी, उनको जीवन मरणमा आफनो जीवन मरण यस किसिमको भाव नै अभिष्वंग हुन । यी सारा विषयहरुमा मनोयोग नदिनु नै अनिभष्वंग भनिन्छन् । (१४) जसको प्रकृत ज्ञान हुन्छ, उनलाई स्त्री पुत्र गृहादिमा कुनै आसक्ति रहँदैन । यस वस्तुहरुको साथ संगप्राप्त हुँदा खेरि पनि यीनमा प्रीति उत्पन्न हुँदैन । यिनको संग साथको अभावमा पनि कुनै दुःख या अभाव बोध हुँदैन । (१५) समचित्तत्व-सुख दुःखादिमा पनि उनको चित्तको समता नष्ट हुँदैन । क्रियाको परा अवस्थाको नशामा जो उन्मत्त छन , उनको मनमा यी सांसारिक विषय उदित हुँदैन । ॥९॥

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ;
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥

श्री धरीय टीका-[अरु भनि भन्नु हुन्छन]-परमेश्वर स्वरुप ममा अनन्ययोग अर्थात्‌ सर्वात्म दृष्टिद्वारा एकान्त भक्ति, शुद्ध एवं चित्त प्रशन्न हुने देशमा अवस्थान गर्नु जस्को स्वभाव छ उनको नै भाव छ, "विविक्त देश सेवित्व" जनसमूह देखि विराग अर्थात्‌ प्राकृतजनको सभामा रहनुको अनिच्छा ॥१०॥

आध्यात्मिक व्याख्या-"क्रियाको परावस्थामा रहँदा खेरिनै आफसे आफ सब हुनेछ ।-क्रियामा मन राखेर दोस्रोतिर आसक्ति पूर्वक दृष्टि नगर्नु नै उचित छ-आसक्ति पूर्वक अर्थात्‌ आत्मातिरिक्त अन्यतिर दृष्टि गर्नाले नै अतयव व्यभिचारी दोषग्रस्त सबै जो आत्मामा छैन-सदा आत्मक्रिया, आत्मचिन्तन , आत्ममनन्‌ अनि यसकारण आत्मज्ञान पनि हुन्छ । नांगाको बीच एक कपडा लगाएका-त्यो अग्राहय, निर्जन अर्थात्‌ कुनै दशामा आसक्ति पूर्वक मन नदिनु अनि कुनै मानिसलाई आसक्ति पूर्वक नहेर्नु-"

परमेश्वर स्वरुप "ममा" या आत्मामा अनन्ययोगको साथ । (१६) अव्यभिचारिणी भक्ति हुनु पर्दछ। अनन्ययोग केलाई भन्दछन ? ऐकान्तिक चित्तले श्री भगवान्‌मा आत्मसमर्पण । श्रीमद्‌आचार्य शंकर भन्नु हुन्छ-"न अन्यो भगवतो वासुदेवात्‌ परोऽस्ति, अतःस एव नो गतिरित्येवं निश्चित्य अव्यभिचारिणी बुद्धिः अन्यन्ययोग, तेन भजनं भक्ति : । न व्यभिचरणशीला अव्यभिचारिणी सा च ज्ञानम्‌"-भगवान्‌ वासुदेव भन्दा अन्य कोही श्रेष्ठ छैन ,अतयव त्यही हाम्रो एकमात्र गति हुन, यस्तो किसिमको निश्चित बुद्धिलाई "अनन्ययोग" भन्दछन्‌ । अनन्ययोगको साथ जुन भजन या भक्ति छ त्यही अव्यभिचारिणी भक्ति हुन । यो भक्ति पनि "ज्ञान" हो अर्थात्‌ ज्ञान-प्राप्तिको उपाय हुन । क्रियाको परावस्था नै प्रकृत "ज्ञान" हो । यस ज्ञानको प्राप्ति तब हुन्छ जब फलकामना रहित भएर अविचलित भावले क्रिया गरिन जान्छ । यसरी क्रिया गर्दै रहेपछि फेरि अन्यवस्तु प्रति आसक्ति पूर्वक दृष्टि रहदैन, सर्वदा आत्मामा नै लक्ष्य रहन्छ । आत्मामा लक्ष्य नरहे पछि मन व्यभिचार दोषले दुष्ट हुन जान्छ । परन्तु साधकले जब अनुभव गर्दछ-"भगवान्‌ वासुदेव भन्दा श्रेष्ठ कोही छैन" त्यही हाम्रो सर्वस्व हुन,तब त्यसले उनको भजन छोडेर अन्य वस्तु प्रति आसक्ति देखाउँदैन । साधकको अव्यभिचारिणी यहां ज्ञानको अन्यतम लक्षण रुपमा निर्दिष्ट भएको छ । क्रियाको परावस्थामा अन्य केही बोध नरहनुको कारण त्यस अवस्थामा जुन भजन हुन्छ त्यही अनन्य भक्ति हो अर्थात्‌ त्यसमा स्थिति नै प्रकृत भक्ति हो ।

भजन गर्दा गर्दा यो बोध त हुन्छ, परन्तु यो तब हुन्छ जब सर्वव्यापी आत्मा जुन सर्वत्र एवं सबको भित्र अनुप्रविष्ट भएर रहन्छन । साधकले त्यसको साक्षातकार गर्दछ । यस किसिमको आत्मदर्शन सबैलाई किन हुँदैन ?-किनभने हाम्रो मन वहिर्मुखी भएर आफनो कल्पनाको बलले अवस्तुमा-(जुन वस्तुतः कुनै वस्तु होइन) वस्तु दर्शन गर्दछ अनित्यलाईनै सत्य ठानेर समस्त कल्पित वस्तुहरु लाई भोगार्थ संग्रह गर्नमा प्रवृत्त हुन्छ । यदि संग्रह गर्नमा समर्थ हुन्छ त त्यसको आनन्दको सीमा रहँदैन, अनि यदि संग्रहमा असमर्थ हुन्छ त शोक दुःखले जर्जरित हुन्छ । परन्तु त्यो वस्तु आकाश कुशुम समान असत्य छ, यो विचार गरी हेर्नुको सामर्थ्य त्यतिखेर उसमा रहँदैन । यसै कारण उसको मन क्षणात्‌ क्षणात्‌ आनन्द र निरानन्दमा रिंगिरहन्छन । यस मिथ्या कल्पनाको बाघपंजा देखि मुक्ति पाउनु विना जीवलाई शान्ति प्राप्तिको संभावना

कहाँ ! जीवको गति-मुक्ति त चिरस्थिर चिदानन्दमय आत्मा हुन । त्यो परम शून्य छ किनभने त्यहाँ मन छैन, कल्पना छैन, अनि भोक्ता भोग्यको सम्बन्ध पनि छैन । अतयव वस्तुको प्राप्ति एवं अप्राप्तिले त्यस सुखमयी शान्ति निद्रामा कुनै विघ्न घटित हुनुको संभावना छैन । यो सुखमय शान्ति अवस्था प्राप्त हुन्छ कसरी ? सर्वदा आत्मक्रिया, आत्मचिन्तन, एवं आत्ममनन द्वारा मनको निविड काल्पनिक घन मेघ छिन्न भिन्न हुन जान्छन । कल्पना तिरोहित हुन गए पछि आत्मज्ञानको उषा स्निग्ध किरणहरु मनमन प्राणप्राण शरीरमा भरिपूर्ण हुन जान्छन । तब कतै कसैतिर आसक्ति हुँदैन, कुनै वस्तु या व्यष्टि प्रति आसक्ति हुँदैन, तब मन जनशून्य अरण्य समान निस्तब्ध कोलाहल शून्य हुन जान्छन् । अहा ! यो कस्तो सुन्दरअवस्था छ ! यही अवस्था नै क्रियाको परावस्था हो । अन्य दिशातिर दृष्टि नदिइकन मन लगाएर क्रिया गर्नाले यो अपूर्व अवस्था प्राप्त हुन सक्दछ । आत्मा सिवाय अन्यविषयमा आसक्ति हुनाले नै चित्तको पवित्रता नष्ट हुन्छ । तब चित्त व्यभिचार दोषग्रस्त हुन जान्छ । मनमा विषय रति रहुंजेल ऐकान्तिक भावसंग आत्मामा योगस्थापन हुँदैन । यसैले सर्वदा आत्मक्रिया एवं आत्ममनन्-आत्मचिन्तनमा सचेष्ट रहनु पर्नेछ । जुन साधक तीव्र चेष्टाशील छन अनि जसको चित्त तीब्र वैराग्य युक्त छ उनलाई यो अवस्था प्राप्त गर्नमा ढीलो अबेर हुँदैन । यो अवस्था प्राप्त भएपछि जगत् विस्मृत हुन जान्छन् तब "आपनार नाम मोर नांही पडे मने" यस्तो स्थिति हुन जान्छ । यही हो मनको अव्यभिचारिणी स्थिति । यस अवस्थामा आत्मासँग अनन्य योग हुनाले श्री भगवान्मा निष्कपट प्रेम संस्थापित हुन्छ । यसैलाई अविचलित-स्थिर भाव या भक्ति भन्दछन । यस अवस्था प्राप्तिको लागी (१७) विविक्त देश सेवित्व एवं (१८)-जनसंसदमा अरति आवश्यक छ । विविक्त देश कसलाई भन्दछन ? "विविक्तः स्वभावतः संस्कारेण वा अशुच्यादिभिः सर्वव्याघ्रादिभिः च रहितः अरण्य नदी-पुलिन-देव-गृहादिः विविक्तो देशः"-जुन स्थान स्वभावतः पवित्र छ अथवा जुन स्थान संस्कार द्वारा शुद्ध छ तथा जुन स्थानमा व्याघ्रादि हिंस्र जन्तुहरु विचरण गर्दैनन, त्यस स्थानलाई "विविक्त देश" भन्दछन् जस्तो अरण्य नदीतट, देवमन्दिर आदि । निर्जन स्थान या विविक्त देशमा वास गर्नाले चित्त प्रसाद प्राप्त हुन्छ-यसैले आत्म कल्याण चाहने साधकहरु बीचबीचमा निर्जन स्थानमा बास गरेर दृढतासाथ साधनामा मन लगाउनु पर्दछ । जुन स्थानहरुमा मानिसहरुको समागम हुन्छ, त्याहाँ नानाथरीका कुराकानीमा खालि विषयहरुको नै सम्बन्ध बढी रहन्छ, विषय सम्पर्कले चित्त विक्षिप्त हुन्छ, अविच्छिन्न भावसँग भगवच्चिन्तन हुन सक्तैन । अविच्छिन्न भगवच्चिन्तन् नहुँदा खेरि मन विक्षेपशून्य एवं शुद्ध हुन सक्तैन । *परन्तु प्रकृत निर्जन स्थान पृथिवीमा खोजेर पाउन मुस्किल छ, त्यहां कोही पनि हुँदैन भने पनि मन त रहने नै छ । मन त एक्लै नै सयको बराबर छ, त्यो एक्लैले नै सारा गडवडी गर्नेछ । अतयव मन रहुंजेल निर्जन हुनुको कुनै आशा छैन ।* विषयहरु प्रति मनको आसक्ति नै सारा प्रपंचीय कोलाहलको कारण हुन । यदि मनले आसक्तिपूर्वक कुनै वस्तुको स्मरण गर्छ तबै त्यो असंग हुन सक्तछ । मन असंग हुन गएपछि नै जनशून्य स्थानमा बास ठीक हुन्छ । जसको चित्त क्रियाको परावस्थामा रहँदा-रहँदा असंग हुन गएको छ, त्यसको मन फेरि कल्पित लोक व्यवहारमा कसरी जालान् ? त्यो कुनै मानिससँग आसक्ति पूर्वक व्यवहार गर्नमा असमर्थ रहन्छ । क्रियाको परावस्थामा

उसको मन शमशान शून्य भएको छ , अतयव त्यसले लोक व्यवहार गर्न सक्तैन, मानिसहरु पनि उस्को पासमा जाँदैनन् । विक्षिप्त मन लिएर निर्जन हिमाद्रिको गुफामा वास गर्नाले पनि विषय संस्कार दूर हुँदैन । विषय संस्पर्श रहँदा खेरि कुनै न कुनै वापत बुद्धिको विफलता घटित हुने नै छ । अनि बुद्धि भ्रंश भएपछि कल्याण पथ देखि निश्चित नै विभ्रष्ट हुनु पर्नेछ । अवश्य नै साधनाको स्थान उपद्रव रहित हुँदैन भने त साधनाको अनुकुल हुनेछैन । यी बाहिरी उपद्रव त सजिलै सँग हटाउन सकिन्छन परन्तु सबभन्दा बढी उपद्रो गर्दछन, हाम्रो देहेन्द्रियहरु र मनले । यिनको संगत्याग सहजनै हुनेवाला छैन, अनि यिनको संग छउन्जेल निरुपद्रव हुन असंभवै छ । यिनीहरु रहुंजेल चित्तको प्रसन्नता एककिसिमले असंभव छ । बाहिरको विविक्त स्थानमा तात्कालिक चित्तको प्रसन्नता हुनु सम्भव छ , यसैले साधनाको स्थान साधनाको लागि अनुकुल एवं उपद्रव रहित होस यसको ध्यान राख्नु नै पर्नेछ । यो कसरी होला ? प्राणायाम द्वारा । प्राणायामरुपी परम तपस्या द्वारा शरीर एवं इन्द्रियहरुको कर्मशून्यता दशा प्राप्त हुन्छ कर्म नै अज्ञानताको प्राण छ, अतयव कर्म प्रवृत्ति क्षीण भएपछि मनको चंचलता रहन सक्तैन, मन अचंचल भएपछि देहेन्द्रियादि कृत कर्ममा जीवात्माको अभिमान हुँदैन । अतयव खुब मन लगाएर क्रिया गर्नु आवश्यक छ । मन लगाएर क्रिया गर्दा गर्दा एक किसिमको नशा ज़स्तो लाग्न थाल्दछ, तब बाह्य उपद्रवले मनलाई विषयतिर तान्न सक्तैनन् । साधकले तब मत्त भएर आफूलाई अनि बाह्य विषयहरुलाई विर्सन जान्छन् अतयव आत्मज्ञानको प्राप्तिको लागि सदा उद्योग गर्नु पर्दछ । कूटस्थदर्शन पनि अध्यात्म ज्ञान हो, परन्तु त्यो चरम ज्ञान होइन, चरम ज्ञान क्रियाको परावस्थामा उदित हुन्छ । तब दृश्यदर्शन लोप हुन जान्छन् । श्री भगवान्ले पनि भन्नु भएको छ ।-

"यद् दृष्टं विश्वरुपं मे मायामात्रं तदेव हि ;
तेन भ्रान्तोऽसि कौन्तेय स्वस्वरुपं विचिन्त्यय ॥ "

क्रियाको परावस्थामा यस स्वरुपको ज्ञान हुन्छ, त्यति खेर जन समागम को अनिच्छा हुन्छ एवं कुनै मानिस यो वस्तु प्रति आसक्ति हुँदैन । बाहिरको संग त्याग त कठिन छैन, परन्तु मन द्वारा त्याग पनि त्यत्तिको मुश्किल छैन, परन्तु पुत्र, कलत्र, वित्त गृहादि प्रति जुन अत्यधिकै आसक्ति रहन्छ, त्यसको बन्धन सर्वापेक्षया दुश्छेद्य छ । अतयव बाहिरी र भित्री, सब किसिमको संगहरुको त्याग गर्नुपर्नेछ । जनसंग अप्रयोजनीय भए पनि साधुसंग, सतसंग विशेषरुपले साधनकालमा प्रयोजनीय हुन्छ । साधुसंग, विना सद्भाव परिपुष्ट हुँदैन, मनमा साधुभावको अभाव भए असत्कर्ममा अप्रवृत्ति पनि आउन सक्तैन । ॥१०॥

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम्;
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-आत्मालाई अधिकृत गरिरहने वाला ज्ञान अध्यात्मज्ञान हुन, त्यसमा नित्य भाव अर्थात् "तत्" एवं "त्वं" पदार्थको शुद्धिको लागि निष्ठा अर्थात् त्यसमा विश्वास, तत्त्व ज्ञानको अर्थ या प्रयोजन जुन मोक्ष हो त्यसको सर्वोत्कृष्टताको आलोचना । अमानित्व-अदम्भित्वादि

ज्ञानको बीस साधनहरुको नामले वसिष्ठादि ऋषिले अभिहित गरेका छन् ।यिनको विपरित मानित्व दाम्भित्व आदि अज्ञान हुन किनभने यी ज्ञानको विरोधी छन । अतयव सर्वथा त्याज्य छन ॥११॥

आध्यात्मिक व्याख्या "आत्मामा नै सर्वदा क्रिया गर्नु जुन गुरुवाक्य द्वारा लक्ष्य छ-तत्त्वज्ञानको अर्थ हो रुप कूटस्थको क्रिया द्वारा जान्नु देख्नु-यसैको नाम ज्ञान हो-यस बाहेक अन्यतिर आसक्तिपूर्वक हेर्नुको नाम अज्ञान हो ।"-

(१९) अध्यात्मज्ञाननित्यत्व (२०) तत्वज्ञानार्थदर्शन-आत्मज्ञानको प्राप्तिमा सदा उद्योग। आत्मालाई अधिकृत गरी जुन ज्ञान हुन्छ, त्यही अध्यात्मज्ञान हो सत्य, अरु जे जति छन ती सब मिथ्या हुन । यस किसिमसँग दृढ निश्चय गरेर आत्मज्ञानको लागि ऐकान्तिक निष्ठा चेष्टा नै *"अध्यात्मज्ञान नित्यत्त्व"* हो । ज्ञान दुई किसिमको हुन्छ एक जुन आत्मालाई अधिकृत गरेर हुन्छ अनि दोस्रो जुन देहलाई अधिकृत गरेर हुन्छ । देहलाई अधिकृत गरेर जुन ज्ञान हुन्छ त्यो नित्य हुन सक्तैन । आत्मविषयक ज्ञान नै परम सत्य हो, त्यो छ अपरिवर्तनीय, त्यसको अनुभवको चेष्टाको नाम नै आत्मज्ञान निष्ठा हो । गुरुको उपदेश अनुसार सर्वदा साधनाभ्यास गर्दा गर्दा साधनको फलस्वरुप स्थिरता प्राप्त हुन्छ । स्थिरत्वको अनुभव भएपछि आनन्द प्राप्ति हुन्छ, तब बुझिनमा आउँदछ-त्यसको अपेक्षा अरु समस्त लाभ नगण्य छन् । तब अन्य वस्तुको लागि चित्त लालायित नभएर आत्मक्रिया गर्नमा नै आग्रहशील हुन्छ, यसैकोनाम हो आत्मनिष्ठा । यस किसिमको आत्मनिष्ठा भएपछि तत्त्वज्ञानको यथार्थ स्वरुप कूटस्थ देखिन जान्छ । कूटस्थलाई देखेपछि समझमा आउँदछ-त्यही आफनो प्रकृत "म" हो । यो कूटस्थ जब "अखण्डमण्डलाकारं व्याप्तं येन चराचरम् " रुपमा सबैको भित्र तिमीलाई देखिनेछ, तब तिमी अरु देखि पृथक् छौ, यो पार्थक्य ज्ञान रहने छैन । तबै जान्नु पर्दछ -तिमीलाई ज्ञान प्राप्त भएको छ । तबै "तत्" अर्थात् कूटस्थ नै तिमी हौ, यो ज्ञानको अभिप्रकाश हुनेछ । यस ज्ञान प्राप्तिको निम्ति सर्वदा उद्यम गर्नुपर्नेछ । यसदेखि नै जानिनेछ-आत्मज्ञानमा तिम्रो निष्ठा भएको छ । ज्ञानको स्वभाव हो वस्तुलाई प्रकाशित गर्नु अनि अज्ञानको स्वभाव छ पदार्थको स्वरुपलाई आच्छादित गर्नु, प्रत्येक शरीरको भित्र यो ज्ञान रहन्छ । परन्तु देहावरणले त्यसलाई जान्न दिँदैन । यसैले यो देह नै ज्ञानको अवरोधक छ । जसले यस शरीरको सिवाय अरु केही अनुभव गर्न सक्तैन, उसको ज्ञान प्रकृत अज्ञान हो । शरीरको भित्र जसले आफनो प्रकृत "म" कूटस्थ ज्योतिको दर्शन गर्दछ, त्यसको देहात्मबोधरुप अज्ञान विनष्ट हुन जान्छन् । अज्ञानको स्वभाव वस्तुलाई आवरण गर्नु तथा त्यसलाई अन्यरुपमा बोध गराउनु । चंचल प्राणमा नै अविद्याको बीज निहित छ । प्राण जब चंचल भएर स्पन्दित हुन्छ त कल्पनाको प्रवाह या मन को अभ्युदय हुन्छ तथा चंचल मनले विराट् सन्साररुपी इन्द्रजालको रचना गर्दछन् । क्रियाको परावस्थामा प्राणको स्थिरता सँगै जब मन स्थिर हुन्छ तब फेरि यो कौतुकी विश्व परिदृष्ट हुँदैन । अतयव अज्ञानमा जो छ त्यो ज्ञानको प्रकाशमा रहँदैन ।यसैले यसलाई माया या अघटन घटना घटियसी पटियसी शक्ति भन्दछन् । माया तथा माया को अतीत जुन वस्तु छन् त्यसलाई जान्नुको नाम वेद या ज्ञान हो । क्रियाको परावस्थामा यस ज्ञानको अन्त हुन जान्छ । परावस्था साक्षात् हुनु विना वेदान्तको ज्ञानं परिस्फुटित हुँदैन । आत्मा बाहेक अन्य वस्तु मा जब सम्म

आसक्ति रहला,-तबसम्म अज्ञान दूर हुने छैन । अनात्म ज्ञानलाई तिरोहित गर्नुको उपाय क्रिया नै हो । जसको यस क्रियामा निष्ठा छैन उसलाई अनुभव पद प्राप्त हुने छैन ॥११॥

(ज्ञेयवस्तु ब्रहम हो)

ज्ञेयंयत्तत् प्रवक्ष्यामि यजज्ञात्वाऽमृतमश्नुते ;
अनादिमत्परं ब्रहम न सत्तन्नासदुच्यते ॥१२॥

श्री धरीय टीका-यी साधनाहरु द्वारा जुन ज्ञेय छ त्यसलाई बताउँदछु । श्रोताको आदर सिद्धयर्थ अर्थात श्रोंता जसबाट ज्ञेय पदार्थ जान्नुको लागि अधिक उत्साहित होस यसैले ज्ञानको जुन फल छ-त्यसलाई देखाउनु हुन्छ । जसलाई जानेपछि अमृत अर्थात मोक्ष प्राप्त हुन्छ त्यो के हो ? त्यो अनादिमित् छ । त्यो परं अर्थात् निरतिशय ब्रहमस्वरुप हुन । अनादि शब्दले आदि छैन जसको यस किसिमसंग बहुब्रीहि समास गर्दा खेरि अनादिमत् पदको अर्थ सिद्ध हुन्छ । अथवा अनादि एवं मत्परं यी पद छन् । मत्परं शब्दको अर्थ छ म विष्णुको पर अर्थात् निर्विशेष रुप ब्रहम । त्यो ब्रहम के हो ? यो बताउनु हन्छ- *"न सत् न असत्"*- त्यो ब्रहम न सत छ न असत । विधिमुख देखि जुन प्रमाणको विषय छ त्यो हो सत शब्दवाच्य । अनि जुन निषेधको विषय छ त्यो असत शब्द वाच्य छ । परन्तु ब्रहम दुवै देखि विलक्षण छ किन भने ब्रहम अविषय छ । (इन्द्रिय ग्राहय वस्तु हो "सत् " अर्थात् अस्ति बुद्धिलाई आश्रय गर्दछ । अन्यथा" असत" नास्ति बुद्धि आश्रय गरिरहन्छ । तर ब्रहम अवाङ मनसगोचर छ, अतयव अस्ति या नास्ति कुनै बुद्धिको आश्रय गर्दैन । ॥१२॥

आध्यात्मिक व्याख्या-"ज्ञेय अर्थात् जान्नुको वस्तु कूटस्थ ब्रहम हो-त्यसलाई खुव राम्ररी भन्दछु-जसलाई जानेपछि मेरो पद प्राप्ति हुन्छ जसको आदि छैन अर्थात् कुन बेला नशा क्रियाको परावस्था आरम्भ भयो, यो अनुभव हुँदैन, तब ममा म रहँदैन,-त्यो परब्रहम हुन्छ, सबको पर ध्रुव निश्चित-तब सत् असत् दुइटै वर्जित हुन्छन, अर्थात दृश्य एवं द्रष्टा कुनै रहँदैन ।"

कूटस्थ ब्रहम वस्तु नै ज्ञेय वस्तु हुन । यस कूटस्थलाई जानिलिए पछि नै मृत्युको अतिक्रमण गरिन जान्छन । यो शरीर मरिहाल्छ परन्तु कूटस्थको मृत्यु हुदैन । कूटस्थलाई जानिलिएपछि जन्म मृत्युको खेल समाप्त हुन जान्छ । अनि अमरत्वको प्राप्ति हुन्छ । ज्ञेय भन्नाले जानिइन्छन-त्यो ज्ञाताको ज्ञानको विषय हो, यसरी यो ज्ञेय पदार्थ साधारण वस्तु समान हुन गयो । परन्तु जसरी चक्षुको लागि ज्ञेय दृश्य पदार्थ नै हुन्छन, त्यस्तो किसिमको यो ज्ञेय होइन । तैत्तिरीयश्रुति यस ज्ञेयको सम्बन्धमा भन्दछन ।

"यतो वाचो निवर्त्तन्ते अप्राप्य मनसा सह"

अर्थात त्यो वाक्य एवं मनको अतीत छ । अतयव इन्द्रियादिको ज्ञानको साथ त्यसको कुनै सम्बन्ध छैन । त्यतिखेर आफैमा म रहँदैन, त्यस अवस्थामा द्रष्टा एवं दृश्य केही पनि रहँदैन । बुद्धिको अतीत त्यो

परमात्मालाई बुझ्नुको सामर्थ्य बुद्धिमा पनि हुँदैन । यसै कारण भनिएको छ-त्यो सत् असत् केही पनि होइन । ब्रहम इन्द्रियग्राह्य सत् पदार्थ होइन, यसैले त्यो छैन यस्तो कुरो छैन। त्यसको झलक बुद्धिमा प्रतिविम्बित हुन्छ । पश्चात् जब बुद्धि पनि रहँदैन त त्यो बोद्धा पनि रहदैन, परन्तु त्यो रहन्छन । त्यस स्थिति अर्थात् अस्तित्व मात्र सत्तालाई ज्ञेय भन्दछन । वेद भन्दछन-

नासदासीन्नो सदासीत्तदानीं,
नासीद्रजो नो व्योमपरो यदिति-(ऋग्वेद १० मं०)

सृष्टिविकाश हुनु पहिले असत् या शून्य, सत् या व्यक्त वस्तु प्रभृति केहीपनि थिएन । जसद्वारा जानिइन्छन त्यो कारण समूह ब्रहमचैतन्य लाई प्रकाशित गर्न सक्तैन । मन इन्द्रियादि बुद्धिको साथ बुद्धि निरुद्ध हुनु विना त्यसलाई जान्न सकिदैन । अथाह समुद्र तलमा जुन असीम आकाश विद्यमान छ, त्यो जसरी सलिल राशीको भित्र बाट देखिदैन ,परन्तु कल्पनामा आउँदछन, उसरी नै मनोबुद्धि इन्द्रियादिरुप तरंगहरुको हलचलमा चिरस्थिर नित्य सत्य परमात्माको अनुभव हुँदैन, परन्तु अनुमान हुन सक्दछ । त्यो तबै ठीक पकडमा आउंदछ जब बुद्धि पनि रहँदैन अर्थात् जब ज्ञाता, ज्ञेय एवं ज्ञान एक हुन जान्छन । यस अवस्थामा केही पनि रहँदैन, अतयव त्यस अवस्थालाई लक्ष्य कस्ले गर्ला ? यस अवस्थाबाट अवतरण भएपछि जब बुद्धि जाग्रत हुन्छ, तब त्यस बुद्धिमा आत्माको केही प्रकाश अनुभूत हुन्छ, यसैकारण त्यस्लाई "बुद्धिग्राह्येतिन्द्रियम्" भनिएको छ । यदि बुद्धि स्थिर एवं निर्मल नहोस त ब्रहमको यो बुद्धिग्राह्य भाव पनि परिलक्षित हुन सक्तैन । यसैले जसले आत्माको परिचय प्राप्त गर्न चाहन्छन, उनिहरुले इन्द्रिय मनोबुद्धिलाई असीम स्थिरतामा लैजानु पर्नेछ । प्राणको चंचलता रोकिने छैन । यसैले सबभन्दा पहिले प्राणको निरोध गर्नु पर्नेछ । प्राण निरुद्ध हुन गएपछि त्यससँगै मनोबुद्धि पनि निरुद्ध हुन जानेछन । त्यही कल्पनाशून्य स्थिर बुद्धिको भित्र स्थित ज्ञेय आत्मालाई जानिइन्छन । त्यही कूटस्थ ब्रहम हो अर्थात् बुद्धिभित्र स्थित आत्म प्रतिबिम्ब हो यहाँ सम्म नैं ज्ञानगम्य छ । पश्चात् बुद्धि पनि विलीन हुन जान्छ, साथसाथै ज्ञाता र ज्ञेय नामको पनि कुनै वस्तु रहदैनन् । यही क्रियाको परावस्था शब्द द्वारा लक्षित हुन्छ । क्रियाको परावस्थामा म छैन मेरो छैन, तथापि एक परम चरम ध्रुव छ जुन विना कुनैपनि वस्तु रहन सक्तैन-त्यो नित्य वर्तमान छ, त्यसको कहिल्यै अभाव हुँदैन । यसको अनुभव गरेपछि नै अमरपद प्राप्त हुन्छ, सदाको लागि जन्म मरणको बाघपंजादेखि अव्याहति मिल्न जान्छन् । जसरी विशेष्य या संज्ञाको आश्रय गरेर नै सारा विशेषण रहन्छन, उसरी नै सदसद्रहित तथा परम ध्रुब आत्माको आश्रय गरेर नै यो व्यक्ताव्यक्त जगत् प्रकटित हुन्छन् । यो व्यक्ताव्यक्त या सदसद् भाव जबसम्म वर्तमान छ, तबसम्म द्रष्टा-दृश्य पनि छन् । परन्तु क्रियाको परावस्थामा कुनै विशेष भाव रहदैन, तब परमात्मा केवल स्वमहिमामा विराजमान रहन्छन्, तब दृश्य रहदैन अनि त्सको द्रष्टा पनि रहँदैन। दृश्यवस्तु रहँदा खेरि नै द्रष्टाको कल्पना गरिन जान्छ, अनि द्रष्टा रहेपछि त केही दृश्य पनि हुनेछ, यस्तो सोचिन जान सक्छ । परन्तु त्यो एक यस्तो अनौठो विचित्र अवस्था हुन जसमा द्रष्टा एवं दृश्य सब विलुप्त हुन्छन । तथापि त्यस महान् अस्तित्वको कुनै अभाव हुँदैन । यसलाई जसले अनुभव गरेको छ तिनीहरुले नै यसलाई जान्दछन । यसैले श्रुति भन्दछन्-

"अस्तीत्येवोपलब्धव्यस्तत्त्वभावेन चोभयो :
अस्तीत्येवोपलब्धस्य तत्त्वभावः प्रसीदति ॥"

इन्द्रिय ग्राहय सोपाधिक भावमा तथा निरुपाधिक भावमा अर्थात् विषयेन्द्रियादिको अतीत चिन्मात्र रुपमा आत्मा सांच्चिकै रहन्छन, यस निश्चयलाई उपलब्ध गर्नु पर्दछ। आत्सत्तालाई उपलब्ध गर्नेवालाको बुद्धिमा आत्माको नित्यचैतन्य भाव प्रकाशित हुन्छन् ॥१२॥

सर्वतः पाणिपादं तत् सर्वतोऽक्षिशिरोमुखम्
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

श्रीधरीय टीका-[यदि ब्रहम सत् असत् देखि विलक्षण छ भने त "सर्व खल्विदं ब्रहमं"- समस्त जगत् ब्रहम हुन, "ब्रह्मैवेदं सर्वम्" ब्रहम नै यो सब जगत हुन-इत्यादि श्रुतिसँग विरोध हुन्छ, यस आशंकाले भन्नु हुन्छ]-

"परास्य शक्ति र्विविधैव श्रुयते ;
स्वाभाविकी ज्ञानबल क्रिया च ॥"

यस ब्रहमको शक्ति विविध प्रकारका छन् तथा ज्ञान बल एवं क्रियाको कुरा पनि श्रुति प्रशिद्ध छन, अतयव अचिन्त्य शक्ति द्वारा त्यो सर्वात्मक छ, यसलाई पाँच श्लोकहरुमा देखाउनु हुन्छ] सर्वत्र नै जसको हात पाउ छन तथा सर्वत्र नै जसको चक्षु, मस्तक एवं मुख छन, त्यो सर्वत्र नै श्रवणेन्द्रिय युक्त भएर सब लोकहरुलाई व्याप्त गरी अवस्थित छन, अर्थात् सब प्राणिहरुको हस्तपाद आदि उपाधिहरु द्वारा सब व्यवहारहरुको आस्पद भएर त्यही वर्तमान भैरहेको छ। ॥१३॥

आध्यात्मिक व्याख्या-"त्यस अवस्थामा जहाँ इच्छा हुन्छ जान सक्दछ-सूक्ष्म शरीरमा आठै प्रहर नशा रहँदा जे इच्छा हुन्छ त्यसलाई मन द्वारा देखेर ग्रहण गर्न सक्दछ अर्थात आँखाको अगाडि देख्न पाउँदछ-अगम्य स्थानमा गएर देख्न सक्दछ-सब अनुभव गर्न सक्दछ सबको स्वाद लिन सक्दछ-कुन द्रव्यमा कति अंश मिलेको छ त्यो बुझ्न सक्दछ किन भने त्यससमय त्यो ब्रहमस्वरुप हुन जान्छ-ब्रहम ती वस्तुहरु मा आवृत छन तथापि त्यो एक स्थानमा बसेको छ।"

ब्रहमको स्वरुप-शक्ति बोधको विषय छैन। यसैले उसको तटस्थ शक्तिद्वारा त्यसलाई सम्झाउने चेष्टा गरिन्छन। त्यसलाई सम्झे पछि ज्ञात हुन जान्छ-ब्रहमको क्रिया शक्ति असीम छ। त्यस क्रियाशक्ति या शक्तिको कार्य जड भएर पनि त्यसको मूलमा चैतन्य रहन्छ। यदि चैतन्य नहुँदो हो त तत्तत् वस्तुको प्रकाश असम्भव हुन्थ्यो। यसैले प्रत्येक कार्य शक्ति क्षेत्र पाणिपाद आीदको मूलमा त्यही कारण रुपमा अवस्थान गरिरहेको छ। सब प्राणिहरुमा चक्षु, कर्ण पाणि आदिको व्यवहार जुन सिद्ध भैरहेका छन, त्यो ब्रहमको अधिष्ठानको कारणले नै सम्भव छ। किनभने उस्कै सत्ताले सत्तावान् भएर नै मन इन्द्रिय आदिले

विषयहरुको अनुभव गर्दछन । प्राणिहरुको सारा इन्द्रियहरु उस्को अधिस्थान हुन। तिनीहरुले उसके शक्तिले नै काम गर्दछन । यसैले सबको चक्षु कर्ण द्वारा मानो उसैको देखने सुन्नेको काम चलिरहेछ । मनले युक्त अहंकार नै कर्त्ता हुन, इन्द्रियहरु उसको कर्ण हुन । यी कारणहरु रहेपछि क्रिया को बोध हुनेछ अनि बोध भएपछि अहंकार वश तत्तत् विषयमा जीवलाई अभिमान हुनेछ । यसैले कारणहरुलाई अकरण बनाइदिनु सिवाय दोस्रो उपाय कुनै छैन । क्रियाको अभ्यास द्वारा नै करणहरुलाई अकरण बनाउन सकिन्छ। तब दृश्य प्रपंच रहँदामा पनि त्यसको बोध हुने छैन । तबै यो बोध हुन जान्छ-आत्मा यी सबदेखि पृथक् छ । फेरि त्यस अवस्था देखि झरे पछि एक प्रकारको अस्तित्वको बोध हुन्छ । त्यो अस्तित्व भावले नै उसलाई सर्वत्र पाणिपाद शिरोमुख द्वारा व्याप्त रुपमा बोध गराउँदछ । ज्ञेय वस्तु ज्ञान देखि पृथक छैन ।जब केही थिएन तब पनि एक किसिमको बोध थियो । त्यस बोध भित्र सबै वस्तुहरु मिलेर एक हुन गएका थिए । परन्तु जब सबै वस्तुहरुको बोध फर्केर आयो, तब त्यो बोध सबै पदार्थहरुको रुपमा प्रकट भै उठयो । जब ब्रहम केवल ज्ञान मात्र छ तब क्रियाशक्तिको प्रकाश एवं संकोच द्वारा अनुभवको पार्थक्य भएरपनि त्यो वस्तुत: पृथक वस्तु छैन । जब नानात्वको बोध हुन्छ तब पनि त्यो मन एवं इन्द्रियहरुको विलास मात्र हुन्छ, कुनै नया वस्तु हुदैन ।

यो "तत्" वस्तु जुन सर्वत्र पाणि पाद युक्त छन, सर्वत्र चक्षुकर्णविशिष्ट छन, त्यो योगाभ्यास द्वारा प्राप्त शक्तिले अरुपनि सूक्ष्मरुपमा बुझिन जान सक्दछ । ब्रहम सबैको भित्र रहन्छ । स्थान एवं कालद्वारा त्यो बोधित हुदैन । यसै कारण योगीले जब स्थिर पद प्राप्त गरी ब्रहमभावले भावित हुन्छ, तब केवल मन या संकल्पद्वारा सब पदार्थहरुको आदान-प्रदान भैरहन्छ । त्यो जे सोच्दछ त्यही उसको चक्षुको सामुन्ने देखिन थाल्छन, मनमा उदयहुने वित्तिक्कै त्यो अति दूरवर्त्ती स्थानमा उपस्थित हुन सक्दछन र त्यहांको सब विषयहरुलाई प्रत्यक्ष गर्न सक्दछन । हजारौं हजारौं कोसको अन्तर भएपनि त्यस स्थानहरुमा कसले के भनिरहेको छ, इच्छा गर्नासाथ त्यसले उसलाई सुन्न सक्दछ । कुन पदार्थहरुमा कुन कुन गुण छन, इच्छा मात्रले नै त्यसलाई उसले जान्न सक्दछन् । ब्रहम द्वारा सब वस्तुहरु आवृत्त छन, यसैले त्यो ब्रहम भावापन्न भएर एकै स्थानमा बसेर ब्रहमाण्डको समस्त समाचार हरु ग्रहण गर्न सक्दछन् । उसको अगाडि यो स्थान या अन्य स्थान छैन, सब एकै स्थान छ । जब नानात्वको ज्ञान हुन्छ तब पनि यस्तो बुझ्नु पर्दछ-परमात्माको नै अधिष्ठान हो । राम्रो सँग क्रिया गर्नाले क्रिया द्वारा जुन धारणा हुन्छ तथा क्रियाको परावस्था प्राप्त योगिले जसरी सान्सारिक व्यवहार गर्दछ या जसरी उसले संसारलाई हेर्दछ त्यसलाई धारण गरेपछि श्री भगवान्को सर्वत्र विद्यमानता बुझ्न कठिन हुने छैन। क्रियाको परावस्था मा रहनु नै उपवास रुप ब्रत हो । उप अर्थात नजिक रहनु । परमात्माको सान्निध्य प्राप्तिको लागि जुन विद्या साधित हुन्छन् त्यही क्रिया हो, किनभने क्रिया गरेपछि नै क्रियाको परावस्था प्राप्त हुन्छ । तब ब्रहमको समीपमा या उसको साथ एक भएर अवस्थान गरिइन्छन् । तब श्वास प्रश्वासको क्रियाको बाहिरी अनुभव हुँदैन, तब त्यो यति यति सूक्ष्मपूर्वक भित्र भित्रै चल्दछन्-त्यसको चल्नु थाहा लाग्दैन । परन्तु श्वासमा मन लगाएपछि जानिइन्छन-त्यो चलिरहेछ, यदि न चल्दो हो त जीवन रहन्छ कसरी ? क्रिया द्वारा जुन यस

किसिमको स्थिति हुन्छ त्यसैको नाम हो योगधारण । फलाम जसरी चुम्बकको नजिक आउनासाथ टाँसिन जान्छन् उसरी नै क्रिया द्वारा क्रियाको परावस्थामा आत्मा परमात्मा मा संलीन हुन जान्छन् र त्यसैमा अडकिन जान्छ । पहिले यसअवस्था मा दोस्रो कुनै कर्म गरिन सकिन्न । परन्तु पछाडि अड्किईरहेर पनि योगीले सबै कर्म गर्न सक्दछन् । यसैले प्रतिदिन अनि निरन्तर क्रिया गरिरहनु आवश्यक छ, अन्यथा क्रियाको परावस्था प्राप्त हुन सक्दैन, न त यो समझमा आउन सक्दछ-आत्मा अर्थात् मनः प्राण कसरी परमात्मामा मिल्नगै अवरुद्ध हुन्छन् । क्रिया गर्ने समय मन चंचल रहन्छ, परन्तु परावस्थामा कुनै संकल्परहँदैन, अतयव मन पनि रहदैन । त्यतिखेर एक किसिमको नशालु अवस्था हुन्छ । त्यस नशामा या मात्मा रहनुको नाम नै भक्ति, श्रद्धा ध्यान या योग हो । यसैको नाम हो "उपवास" किनभने तबै परमात्माको सान्निध्य प्राप्त हुन्छ । त्यस बेला उसको साथ श्वास प्रश्वास अडकिरहनुको कारण कुनै बाह्य वस्तुको ग्रहण हुँदैन । यस अवस्थामा साधकलाई असाधारण ज्ञान प्राप्त हुन्छन् । जसदेखि सबकासब उत्पन्न भएको छ त्यसमा नै मन लीन रहन्छ । तब ब्रहम जुन एक एवं अद्वितीय छ यसको अनुभव हुन्छ त्यही अव्यक्त रस हो, त्यो सदा एक रस छ, किनभने त्यसमा नानात्व छैन । त्यो आनन्दघन स्वप्रकाश छ, त्यही हो सर्वतोमुखी महादेव महेश्वर । रस शब्दको अर्थ छ स्वाद । जब एक रस छ त अन्यकुनै स्वाद छैन, केवल एकको नै अनुभव छ । त्यही अव्यक्त रस हो, किनभने त्यस रसको परिवर्तन छैन । त्यो नित्य नवीन समान उपभोग्य छ । क्रियाको परावस्थाको गहीरो नशामा जुन अगाध गम्भीर आनन्द हुन्छ, त्यसकै कारण ले त्यस अवस्था देखि अवस्थान्तरमा मनलाई जाने इच्छा हुँदैन । त्यही स्वप्रकाश रुप हो, आफसे आफ प्रकाशक छ, अरु कुनै उसको तुलनामा छैन । तब सब ब्रहममा संलीन रहन्छ, यसैले पृथक अभिमान रुप जुन "म" छ त्यो "म" पनि त्यहां रहदैन । यस अवस्थामा आफनो पृथक सत्ताको बोध नरहनुको कारण "म" सर्वव्यापक हुन जान्छन् । यसैले सर्वत्र मुख चक्षु हुन जान्छन अर्थात् एक स्थानमा बसेर नै सब शब्दहरुलाई सुन्दछन । सब दृश्यहरुलाई देख्दछन्, उनको घ्राण, स्वाद एवं स्पर्श बोध गर्दछन । चेष्टा गर्नाले यो अवस्था आउन सक्दैन, यो आफसे आफ हुन्छ । तब योगीको अगाडि कोही गयो भने त त्यसलाई देखनासाथ उसले उसको चरित्रलाई जानिहाल्दछन । कोही विपत्तिमा परेर भक्तिपूर्वक उसलाई पुकार्दछन त त्यसलाई पनि सुन्दछन । कोही ध्यानमा मग्न भएर कतै बस्छन् त त्यसलाई पनि देख्दछन् । कसैले सुगन्ध या पुष्प द्वारा भक्तिपुर्वक पूजा गर्दैछन् त उसको गन्ध त्यसको नाकमा पुगिहाल्दछन् । यदि कसैले नैवेद्य निवेदन गर्दछन् त योगीको जिहवामा त्यसको स्वाद अनुभूत हुन्छ ।

वायु स्थिर हुनुको नाम नै हो प्राण स्थिर हुनु । वायु स्थिर भएपछि सर्वगत हुन्छ । तब जे इच्छा हुन्छ त्यसलाई साधकले स्पर्श गर्न सक्दछ, परन्तु उसलाई यो बोध हुँदैन-कसैले उसलाई स्पर्श गरेको छ । ब्रहम पनि सब वस्तुहरुलाई स्पर्श गरी सर्वज्ञ विराजमान छन, परन्तु ब्रहम स्पर्शको धारणा कसैलाई हुँदैन । ब्रहमज्ञान जसलाई हुन्छ, त्यो पनि ब्रहमस्वरुप हुन जान्छ । तब ब्रहमको सूक्ष्म अणु सब वस्तुहरुमा प्रविष्ट हुनुको कारण सर्वव्यापक महादेब बन्न जान्छन । महत् आकाशमा ब्रहमको अणु प्रविष्ट भएपछि त्यो महेश अर्थात् सबको कर्त्ता बन्न जान्छन । तब त्यसले जे चाहन्छ त्यही हुन सक्छ, परन्तु उसको कुनै इच्छा

हुदैन । तब ब्रहम बाहेक अरु केही रहन्न, आफैमा पनि रहँदैन, अतः इच्छा नै कसले गर्ला अनि कुन वस्तुको इच्छा गर्ला ? यो "एकमेवाद्धितीयम" भाव कसरी हुन्छ ?-"तद्विष्णो : परमं पदं सदा पश्यन्ति सूरयः दिवोव चक्षुराततम्"-त्यस विष्णुको परम पद अर्थात् कूटस्थलाई जो सूर छन अर्थात् सर्वदा क्रिया गर्दछन तिनीहरुले नै सर्वदा देख्न पाउँछन । आकाश समान एक चक्षु जुन योनि-मुद्रामा प्रकाशित हुन्छ त्यसलाई सुर मानिसहरुले सदा देख्न पाउँदछन । त्यस चक्षुको परमाणुमा त्रिलोक छन । ती तीन लोकहरुको भित्र नै मर्त्यलोकको भित्र म,अनि मेरो भित्र सब चिज छन । समुदायको भित्र म अनि मेरो भित्र समुदाय छन, अतयव समुदाय नै एक ब्रहम हुन गयो ।

यस किसिमसँग ब्रहम सर्वत्र पाणिपाद एवं शिरोमुख युक्त भएर तथा सबलाई आवृत गरेर पनि एक भैरहेको छ । यस एकत्वलाई जसले जान्दछ त्यो पनि ब्रहम हुन जान्छ । "सोऽहं " त्यही म हुं , सब जुन "म" को भित्र एक अखण्ड भावले घटाकाश समूहको भित्र एक महाकाशको रुपमा विराजमान छन। देहाभिमानी जीवलाई जुन देहयुक्त अहंज्ञान हुन्छ त्यसदेखि यो भिन्न छ ।

देहतट तो नइको आमि देहेर ओपार परव्योम :
सेइ तो आमार आसल 'आमि' सेइ तो आमार निकेतन ॥

त्यो "म" प्रपंचातीत छ । त्याहाँ मायाको जाल सदाको लागि निरस्त हुन जान्छन । सोऽहं हुनु पर्दछ, सम्भिन जादैन । समभ्फन जान्छ त ज्ञान एवं ज्ञेय पृथक पृथक भावमा प्रतीत हुन्छन । त्यो यर्थाथतः अवाङ मनसगोचरछ । यस परम अहंको एकांशमा लीलावश जब सहस्र सहस्र अहंभाव फुटि उठ्दछ तबै त्यसको नाम हुन्छ "माया" । सर्वप्रथम यस अहं बोध या माया देखि नै अनन्त ब्रहमाण्डको विकास हुन्छ । यसको नै दोस्रो नाम हो "प्राणशक्ति" । कठोपनिषद भन्दछन्-

"यदिदं किंच जगत्सर्वं प्राण एजति निसृतम्"

यो दृश्यमान जे जति जागतिक वस्तुहरु छन ती सब ब्रहमसत्ताकै "प्राणशक्ति" ले स्पन्दित भएर उत्पन्न भैरहेका छन । यो प्राणशक्ति या माहामाया जब ब्रहमको भित्र सुषुप्त रहन्छन तब उनको क्रिया शक्ति हुँदैन, त्यस अटल स्थिरावस्थालाई नै ब्रहम या परमात्मा भन्दछन् ब्रहमको भित्र त्यही शक्तिको ईषत् चंचल हुन जाँदा "अहंअस्मि" यो बोध प्रस्फुटित हुन्छ। परन्तु तब पनि त्यसको भित्र विश्व प्रपंचको विकासको कुनै चिन्ह परिलक्षित हुँदैन । त्यस पछि आँखाबाट निद्रा हट्न गएपछि जसरीजगत् बोध हुन थाल्छन् उसरी नै स्थिरता को भित्र इषत् चांचल्य उदय हुना साथ विश्वप्रकाशिका महाशक्तिको गर्भतल देखि मानो अहं बोधमूल फुटी भुलभुलाउंछन । यो अहंबोध नै हिरणगर्भ हुन अनि यही विश्वको जनिता एवं विधाता हुन्-*"हिरण्यगर्भः समवर्तताग्रे विश्वस्यबीजं पतिरेक आसीत्"*-यस अहं बोधको साथ साथै अनन्त कोटि जीव एवं ब्रहमाण्ड फुटि उठदछन । यही अहंको ब्रहमाण्डरुपमा स्फुरण या सृष्टि हुन । फेरि सृष्टिको लयोन्मुख हुंदा खेरि अनन्त ब्रहमाण्ड या अहंमात्र रुपमा पर्यवसित भएर जुन अनेक थियो

त्यो एक हुन जान्छन् । यसैले वस्तुतः अनेक छैन,एक आत्मसत्तामात्र छ, यो अहं नै नामरुपमय अनन्त स्फुरणाको मध्यविन्दु हो । यसैबाट त्यो-"अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च" हुन । यस "अहं" लाई जानिलिएपछि जान्नुको पनि अन्त हुन जान्छ । तब त्यो एक भएर पनि कसरी-"सर्वतः पाणिपादन्तत् सर्वतोऽक्षिशिरोमुखं"-भैरहेका छन,-बुझिनमा आइ हाल्दछ ॥१३॥

सर्वेन्द्रिय गुणाभासं सर्वेन्द्रिय विवर्जितम् ;
असक्त सर्वभृच्चैव निर्गुणं गुण भोक्तृ च ॥१४॥

श्री धरीय टीका-[अरुपनि भन्नु हुन्छ]-चक्षु आदि इन्द्रियहरु को गुणहरुमा अर्थात् उनको दर्शन श्रवणादि वृत्तिहरुमा तत्तत् रुपाकारमा त्यही आभासमान हुन्छ । सर्वेन्द्रियहरु अनि उनको गुण समूह यानी विषयहरुलाई त्यसले प्रकाशित गर्दछ तथापि सारा इन्द्रियहरु देखि त्यो वर्जित छ । श्रुतिमा लेखेको छ-त्यो ब्रहम पादशून्य भएर पनि गमनशील छ, पाणिशून्य भएर पनि ग्रहण गर्दछ, चक्षु न रहंदामा पनि देख्दछ र कर्णहीन भएर पनि सुन्दछ , किनभने त्यो सबैको आधार छ । त्यो सत्त्वादि गुणहरुले रहित भएर पनि गुणभोक्ता छ अर्थात् सत्त्वादि गुणहरुको पालक छ ॥१४॥

आध्यात्मिक व्याख्या-"सबै इन्द्रियहरुको गुणहरुको प्रकाश स्वरुप जस्तो चक्षुको दृष्टि कर्णको शब्द, नासिकाको गन्ध, जिहवाको स्वाद, त्वचाको स्पर्श यी सब गुणहरुमा त्यो छ, यही उनको रुप हुन । यसको अनुभव योगीहरुलाई एक एक गरेर अभ्यास द्वारा गुरु वाक्यले प्राप्त हुन्छ । जसद्वारा देख्यो, सुन्यो, सुंघ्यो खायो, स्पर्श गऱ्यो त्ससदेखि वर्जित छ अर्थात जुन त्रिगुणातीत अवस्था जुन वायु स्थिर भएपछि हुन्छ, तथा त्यो सब गुणहरुको भोक्ता छ ।"-

इन्द्रियहरु ज्ञानको द्वारस्वरुप छन । आफसे आफ कुनै वस्तुलाई बुझने शक्ति त्यसमा छैन । शरीरमा आत्मा रहँदा खेरि नै इन्द्रियहरु लाई विषयहरुको ज्ञान हुन्छ । उनको अवस्थानको कारण इन्द्रियसंयुक्त देह मानो उसको स्वरुप नै बुझिन जान्छन । तिनीहरु स्वयं चेतन पदार्थ होइनन्, परन्तु चैतन्य वस्तुको आधार स्वरुप छन । एक सर्वव्यापी ज्ञाननै पृथक पृथक द्वारा देखि शब्द, स्पर्श, रुप, रस, गन्धादि रुपमा अनुभूत हुन्छन । इन्द्रियहरुले यीज्ञानहरुलाई आत्मा विना प्रकट गर्न सक्तैनन् । यसैले आत्मा गुण विवर्जित भएर पनि गुणमय छन् । यस्तो शंका हुन सक्तछ-जब परमात्मा इन्द्रिय वर्जित छ त हाम्रो कुरा, हाम्रो प्रार्थना उसले कसरी सुन्ला । यो शंका गर्नु पर्ने आवश्यकता छैन । इन्द्रिय विवर्जित भएर पनि श्रवण दर्शन आदिमा कुनै बाधा पर्दैन । उसको अपूर्व शक्तिलाई बाहिरबाट बुझनुको कुनै उपाय छैन । परन्तु साधन द्वारा वायु केही स्थिर भएपछि योगीहरुले उसको त्यस अपरुप अति अदभुत शक्तिको आभास पाउँदछन अनि तबै समझमा आउन सक्दछ-त्यो गुणातीत भएर पनि कसरी गुणभोक्ता हुन्छ । श्रोत्र, त्वक,चक्षु ,जिहवा एवं घ्राण द्वारा जुन शब्द, स्पर्श रुपरस गन्धका अनुभव हुन्छ त्यो आत्मशक्ति देखि पृथक कुनै शक्ति होइन । केही होइन तथा सब चिज हो । यस सर्व माथि आधिपत्य गर्नुको कारण उनको नाम "इन्द्र" अर्थात् सर्वश्रेष्ठ छ । त्यही देवराज हुन अर्थात् सब देवता उनको भित्र रहन्छन । एकमात्र त्यही हुन तर

पनि त्यो देव आदि नाना रुपहरुमा प्रकाशित भैरहेका छन । जसले कूटस्थमा सदा लक्ष्य राख्दछन, त्यसले कूटस्थमा धेरै बेरसम्म रहँदा रहँदा सबचिज देख्न थाल्दछन । "तमसः परस्तात"-पहिले मयुर पुच्छ समान चारैतिर ज्योति हुन्छन् । त्यसपछि तमः अर्थात् शून्यमा कृष्णवर्ण गोलाकार देखिन्छन् । त्यसको अगाडि उत्तम पुरुष छ , जसलाई समस्त ऋषि,मुनि योगी एवं देवताले एक टंकारले देख्दछन । जब केही रहँदैन तब त्यो महाशून्य छ, अनि जब यो जगत् व्यक्त हुन्छन्, तब त्यो जगन्नाथ हुन । त्यसैको भित्र सारा लोक छन । त्यही भर्त्ता भोक्ता महेश्वर एवं सर्वव्यापक हुन । यस कूटस्थरुपी चक्षुलाई जसले देख्न पाउदैन त्यो अन्धा हो । त्यो अज्ञानले आवृत्त भएर खालि "मेरो मेरो" भन्दै मुग्ध भैरहेको छ । यो मोह देखि उद्धार पाउनुको एकमात्र उपाय क्रिया नै हो । क्रिया द्वारा नै जगन्नाथको दर्शन मिल्दछ । पश्चात् त्यसमा लीन भएर त्यसको स्पर्श गर्दछ । फेरि क्रियाको परावस्थामा मग्न भएर अमृतपान गर्दै अमर पद या ब्रहमपद प्राप्त गर्दछ । अनि "सर्वं ब्रहमंमय जगत्" हुन जान्छन् । यस शरीरमा जुन कूटस्थ छ त्यसको पर उत्तम पुरुष छ जुन आकाश परव्योम स्वरुप छन । त्यो सर्वव्यापक छन, अतयव "म" पनी त्यसकै भित्र छन । जब "म" रहँदैन त म भन्ने वाला पनि कोही रहन जाँदैन । सब एक छ । तब कुनै इच्छा हुँदैन । तब भोज्य, भोजन एवं भोक्ता सब एक हुन्छन । यही इडा, पिंगला एवं सुषुम्नाको अतीतावस्था हो । प्राणायाम द्वारा वायु स्थिर भएपछि यो अवस्था आफसे आफ उदित हुन्छन ॥१४॥

बहिरन्तश्च भूतानामचरं चरमेव च
सूक्ष्मत्वात्तदविज्ञेयं दुरस्थं चान्तिके च तत् ॥१५॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-कटक कुण्डलादि अलंकारकोभित्र बाहिर जसरी सुवर्ण हुन्छन्, जलतरंगको भित्र र बाहिर जसरी जल हुन्छ , त्यसरी नै त्यो पनि आफनो सृष्ट चराचर भूतहरुको भित्र र बाहिर अवस्थान गर्दछन् । सारा कार्य कारणात्मक छन । यस किसिमको भएर पनि सूक्ष्मत्त्वको कारण अर्थात् रुपादि विहीन हुनुको कारण अविज्ञेयछन् अर्थात् स्पष्ट ज्ञानको अयोग्य छन । त्यो अविद्वानको लागि लाख योजनको अन्तर समान दूरस्थ छ किनभने त्योसविकारा प्रकृतिको पर अर्थात् अतीत छ । विद्वानहरुको अगाडि त्यो प्रत्यगात्मा छ,अतःउनको लागि त्यो नित्य सन्निहित छन् । यस सम्बन्धमा ईश श्रुति भन्दछन -"त्यो गमन गर्दछ र गमन गर्दैन, त्यो दूर छ त्यो निकट छ, त्यो परिदृश्यमान समस्त जगत्को भित्र अवस्थित छन अनि त्यसको बाहिर पनि विद्यमान छन, ॥१५॥

आध्यात्मिक व्याख्या-"समस्त भूतहरुको बाहिर भित्र जस्लाई क्रियाशील पुरुषहरुले देख्दछन-अचर एवं चरमा-जुन ब्रहमज्ञानले निवारणहुन जान्छन् अतयव सब देख्न पाउँदछन घरको भित्र र बाहिर । अत्यन्त सूक्ष्म ब्रहमको अणु सूक्ष्म छ । अतयव विशेषरुपले जानिदैन-तिमी दूर पनिछौ र भित्र पनि छौ । "

त्यो सब वस्तुहरुको बाहिर छ र भित्र पनि छ । यो बाहय एवं अन्तरको भाव शरीरलाई लिएर हुन्छ, अन्यथा बाह्य र अन्तर नामको कुनै वस्तु छैन । परन्तु जब सम्म देहेन्द्रियको ज्ञान रहन्छ तबसम्म यी दुवै भाव रहनेछैन । एक त व्यक्त अर्थात इन्द्रियगम्य छ, अनि दोस्रो अव्यक्त अर्थात इन्द्रियहरुको अगोचर छ । जब

सम्म प्रकृत ज्ञान हुँदैन तब सम्म व्यक्त र अव्यक्त दुवै अवस्थाहरु रहन्छन । अव्यक्त अवस्था इन्द्रिय गोचर छैन, यसैकारण प्रत्यक्ष गोचर हुँदैन ।जब क्रियाको परावस्थामा भित्र बाहिर एक हुन जान्छन, तब बाहिर र भित्र केही पनि रहँदैन । यो भित्र बाहिर जसको एक हुन जान्छ त्यही ज्ञानी या मुक्त पुरुष हुन । ज्ञानीहरुको पनि इन्द्रियहरु हुन्छन र त्यसको कार्य पनि हुन्छन । परन्तु विषयले उनलाई कहिल्यै पनि विमुग्ध गर्न पाउदैन । तिनीहरुले अनन्त अनैक्यको भित्र एक ऐक्यलाई देख्न पाउँदछन । अतयव उनको जगत् या नानात्वको बोध लुप्त हुन जान्छन् । यसैले उनको सामुन्ने स्थावर जंगम नामको कुनै वस्तुको अस्तित्व रहदैन । एकमात्र ब्रहम नै विद्यमान रहन्छ । त्यस ब्रहम वस्तुमा हाम्रो अविवेकी मनले संसारको कल्पना त्यसरी नै गर्दछ जसरी बालकले अन्धकारमा भूतको कल्पना गर्दछ । मन चंचल हुन गएपछि नै बर्हिदृष्टि हुन्छ । बर्हिदृष्टि भएपछि जसरी डोरीमा सर्पभ्रम हुन्छ त्यसरी ब्रहममा संसार बोध हुन लाग्दछन् । डोरीमा सर्प बोध हुंदामा पनि डोरी डोरी नै रहन्छ, त्यसरी नै ब्रहममा सन्सार बोध भएपछि पनि ब्रहम ब्रहम नै रहन्छ, कहिल्यै संसार बन्दैन । तथापि त्यो जगत् प्रपंच हाम्रो नित्य बोधको विषय बनिरहन्छन, यसबोधको निरोध जबसम्म हुँदैन तबसम्म जगद् दृष्टि रुद्ध हुने छैन । यसैले साधनाभ्यास गर्नको निम्ति हामीले प्रयत्न गर्नुपर्दछ । स्थूल जागतिक पदार्थहरुको अनुभव हामीहरु इन्द्रिय द्वारा गर्दछौं । परन्तु ब्रहम पदार्थ अत्यन्त सूक्ष्म छ अतयव त्यो इन्द्रियज्ञानको अतीत छ । त्यो सत्ता मात्र छ, अतयव भित्र बाहिर को नामले जुन केही प्रतिभात हुन्छ त्यो ब्रहमातिरिक्त कुनै वस्तु छैन । भित्र जुन प्रकाश छ, बाहिर पनि उसैको प्रकाश छ, अज्ञानवश जुन नाम रुपमय बाह्य वस्तु जस्तो बोध हुन्छ, त्यसको पनि द्रष्टा त्यो ब्रहम नै हो । उसले बाह्य वस्तुको अनुभव गर्नको लागि मानो बाह्य इन्द्रियहरुको कल्पना गरेको छ । बाह्य इन्द्रियहरुको समष्टि नै यो जीव शरीर छ । इन्द्रिय ग्राहय वस्तुहरुको ज्ञाता स्वयं जीव छ । जीव चैतन्य ब्रहम नै हो, अतयव ब्रहम सर्वत्र छ, यसैकारण भित्र बाहिरको प्रश्न नै उठ्न सक्तैन । ब्रहमज्ञान भएपछि यो भित्र बाहिरको झमेला सदाको निम्ति मेटिन जान्छन् । जुन एक सूक्ष्म काल्पनिक आवरण छ यो पनि तब रहदैन । अतयव योगीले तब नजिक टाढाको सब चिज देख्न पाउंदछ । नजिकको कुरा त सुन्छ नै, धेरै धेरै टाढाको कुरा पनि उसको श्रवण गोचर हुन जान्छन । अगाडि, पछाडि नजिक टाढा तल माथि समस्त वस्तुहरुलाई सम भावमानै देखन पाउंदछ । ब्रहमाणु अति नै सूक्ष्म हुन्छन्, मन अत्यन्त सूक्ष्म भएन भने त त्यसले ब्रहमाणु भित्र प्रवेश गर्न सक्दैन । जो ब्रहमाणु भित्र प्रविष्ट हुन्छ त्यसको लागि दूर एवं निकट केही पनि छैन, किन भने ब्रहम सर्वव्यापक छ । यस अवस्थालाई नै विष्णुभाव भन्दछन । विष्णु जसरीसबैको भित्र प्रविष्ट रहन्छन् यस अवस्थालाई प्राप्त योगी पनि सबैको भित्र रहन्छन । क्रियाको परावस्थामा जुन स्थिति छ त्यही विष्णु स्वरुप हो, त्यही शून्य स्वरुप कारण वारि हुन । यो मायाको वशीभूत भएर चंचल हुन्छ । यस चंचल भाव स्थिर हुन गएपछि नै साधक शुचिअर्थात् पवित्र हुन्छ । सद्भाव नै ब्रहमभाव हो, त्यो नित्य विद्यमान छ, त्यतिबेला "म" रहँदैन अनि 'मेरो' पनि रहँदैन, अतयव जगदादिको अभिप्रकाश पनि हुँदैन । जसै चांचल्य हुन्छ तसै जगद्रुप या बहुरुप प्रकाशित हुन्छन, यो बहुत्व नै मायी भाव या असत् हुन ।

क्रिया गर्दा गर्दा जबसम्म क्रियाको परावस्था परिपक्व हुँदैन तब सम्म बहुत्वको विलोप हुदैन । अतयव क्रियाको परावस्थामा जुनस्थिति हुन्छ त्यसबाट एक एवं ब्रहमको अद्वितीय हुनुको ध्रुव विश्वास उत्पन्न हुन्छ । तब चन्द्र समान ज्योत्सना सदा देखिइन्छन । सर्वदा स्थितिपद अनुभूत हुन्छन्, त्यही विष्णुको परम पद हो । सुषुम्नामा सूक्ष्मवायु सदा बगिरहन्छन, प्रत्युष समान एक प्रकाशकों अनुभव हुन्छ, त्यस प्रकाशको सहायताले सबचिज देखिन्छन । जुन मानिसहरु क्रिया गरेर क्रियाको परावस्थालाई प्राप्त हुन्छन्, तिनीहरु प्रथमतः तृतीय नेत्र कूटस्थमा रहेर विरुप हुन जान्छन । त्यो कूटस्थ स्थिर भएपछि विष्णु रुप हुन जान्छ । जुन मानिसहरुले साधनमा प्रयत्न र चेष्टा गर्दछन, तिनीहरु सब यस अवस्थालाई प्राप्त हुन सक्दछन् । बाहिरको साधारण कष्टलाई सहेर क्रिया गरेपछि मूलाधारमा कुलकुण्डलिनी जाग्रत हुन्छ । तब हृदयस्थ कामादि समूल नष्ट हुन्छन ।तब योगी सबै किसिमको इच्छाहरु देखि मुक्त हुन जान्छन ।

एकमात्र ब्रहमवस्तु नै मनको मनन द्वारा स्थावर जंगमआदि रुपमा प्रकाशित हुन्छन, मन नरहेपछि कुनै वस्तु रहदैनन् । यसैले सर्व प्रथम मनोनाशको प्रयत्न गर्नु पर्दछ । क्रियाद्वारा मन जब तनुतालाई प्राप्त हुन्छन् त कल्पना क्षीण हुन जान्छन्, अनि तब इन्द्रिय एवं इन्द्रिय ज्ञान नरहनुको कारण आत्मा अविज्ञेय-रुपमा अनुमित हुन्छन् ॥१५॥

अविभक्तंच भूतेषु विभक्तमिव च स्थितम् ;
भूतभर्तृ च तज् ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-सब भूतहरुमा अर्थात् स्थावर जंग्मात्मक भूतहरुमा अविभक्त अर्थात् कारणरुपमा अभिन्न छन, परन्तु कार्यरुपमा विभक्त अर्थात् भिन्न भाव मा अवस्थित छ, जस्तो समुद्रमा उत्पन्न फिंजादि समुद्र देखि भिन्न छैन । [फिंज-समूहको कारण समुद्र हो, त्यस कारणमा कुनै भेद छैन परन्तु फिंजरुप कार्यमा जसरी भिन्न भिन्न रुपहरुमा प्रतीयमान हुन्छ, उसरी नै क्षेत्रत्र एवं परब्रहममा भेदको सम्भावना छैन]-पूर्वोक्त स्वरुप ब्रहम नै ज्ञेय हुन, त्यही स्थितिकालमा भूतहरुको पोषक, प्रलयकालमा ग्रसनशील अर्थात ग्रासकारी तथा सृष्टिकाल प्रभविष्णु अर्थात नाना कार्यरुपमा उत्पन्न हुन्छन ॥१६॥

आध्यात्मिक व्याख्या-"सब भूतहरुमा तथा वस्तुहरुमा एकै वस्तु ब्रहम रहन्छन-अनि पृथक पृथक पनि रहन्छन-भैरहेछन त्यही, भरणकर्त्ता पनि उही छन्-नाशकर्ता पनिउहीछन-सृष्टिकर्ता पनि उही छन ।"-

ब्रहमवस्तु छ एक । त्सको कुनै द्वितीय नहुनुको कारण त्यो विभक्त कसरी हुन सक्तछ ? भिन्न भिन्न काष्ठखण्डमा जसरी अग्नि रहन्छ् एकै भएर पनि जसरी त्यो विभिन्न काष्ठहरुमा भिन्नवत् जानिन्छन । उसरी नै परमात्मा वस्तुतः एक भएर पनि भिन्न भिन्न देहहरुमा विभिन्नवत् प्रतीयमान हुन्छन् । यद्यपि परमात्मा सर्वत्र नै समभाव मा विद्यमान छन, परन्तु पृथक पृथक घटमा भिन्नभिन्न आकाशवत् विभिन्न देहरुप घटमा भिन्न भिन्न रुपहरुमा अभिव्यक्त भएर पनि परमात्मा वस्तुतः भिन्न छैनन् । पृथक् पृथक्

घट आकाश को उपाधि मात्र हुन । अतयव जबसम्म देहघटरुप उपाधि छ, तबसम्म आत्माको उत्पत्ति र विनाश नरहंदामा पनि घटको उत्पत्ति, एवं लयको साथ त्यसको उत्पत्ति र लय कल्पित हुन्छ, वस्तुतः उत्पत्ति, स्थिति एवं लयको कारण रुपमा त्यो कल्पित हुन्छ ।

त्यो परमा स्थिति रुप ब्रहम नै क्षेत्रज्ञरुपमा चंचल हुन्छ, तब उसको उपाधि हुन्छ प्राण । क्षेत्रज्ञले जब चंचल प्राणको आकार धारण गर्दछ, तबै जन्म,मरण एवं स्थिति, यी तीन भाव उत्पन्न हुन्छन । परन्तु चांचल्य एवं स्थिरता एकै वस्तुको दुई दिशाहरु मात्र हुन । स्थिरत्वलाई छोडेर चांचल्यरहन सक्तैन अनि स्थिरत्व रहनु विना चंचलता आउलान् कहाँ बाट ? क्रियाको परावस्थामा जुन स्थितिको अनुभव हुन्छ त्यो अव्यक्त छ किनभने त्यो इन्द्रियहरुको अगोचर छ । त्यही स्थिति इन्द्रिय गोचर भएर चंचल या व्यक्त हुन्छन । अव्यक्त अवस्थाको साथ योग छिन्न गरी व्यक्तावस्था प्रकाशित हुन सक्तैन । यसबाट सम्झन सकिन्छ-चंचल भाव पनि त्यस अचंचल भावसंग योगयुक्त भएर रहन्छन्। यसैले दुर्गा सप्तशतीमा भनिएको छ ।-जसको ज्ञानमयी विद्यामूर्त्ति छ, मोहमय अविद्या भाव पनि उसैको हो । क्रियाको परावस्थामा जुन आकर्षण हुन्छ, क्रियाको परावस्थाको परावस्थामा पनि त्यही आकर्षण हुन्छ । विक्षेपयुक्त संसार भावमा पनि त्यही आकर्षण हुन्छ, त्यही बांचिरहने इच्छा, सब वस्तुहरुलाई अपनाउनको लागि ऐकान्तिक लालसा-यी सबकासब ले यसलाई प्रमाणित गर्दछन-त्यो एकमात्र स्थितिपद नै चरम परम सत्य हुन । यस सत्तातिरको प्रबल आकर्षण नै जीवको जीवन हो । आत्माको अस्तित्वमा नै जगत् एवं जीवको अस्तित्व छ । जबसम्म हाम्रो म रहनेछ, तब सम्म यस विश्वलाई तथा यसको कर्त्ता भगवान्लाई जान्न तथा त्यसतिर जानुको इच्छा विद्यमान रहनेछ । परन्तु यो "म" र विश्वज्ञान लुप्त हुनुविना नानात्व विलाउने छैन, अतः अज्ञान पनि नष्ट हुने छैन । सुषुप्ति अवस्थामा सारा विषयादि स्वकारणले अज्ञानमा विलिन हुन जान्छन उसरी नै क्रियाको परावस्थामा म रहँदैन, विश्व रहदैन तथा विश्वको रचयिता पनि रहदैनन् । अहं, विश्व एवं कर्त्ता भगवान् सब एक भएर चिन्मात्र रुपमा अवस्थित हुन्छन् अर्थात् सबकासब ब्रहम सागरमा निमज्जित भएर आफआफनो पृथकत्वलाई विलुप्त गर्दै एक हुन जान्छन् । तब यो प्रमाणित हुन्छ-त्यो विशुद्ध सद्भावनै शुद्ध चैतन्य हुन, जुन एक अखण्ड, द्वैत-विवर्जित देश कालातीत वस्तु हुन् । जबसम्म द्वैत भाव रहनेछ, तबसम्म अज्ञान रहनेनै छ तथा यस अज्ञान रहुंजेल दृश्य प्रपंच विलीन हुनेछैन । आत्मा एक अखण्ड सत्तामात्र हुन, अविद्याको कारणले नानात्व कल्पित हुन्छन, अतयव त्यो नानात्व असत् पदार्थ बाहेक अरु केही हुन सक्तैनन् । यदि नानात्व मनको कल्पना मात्र हुन्छ त दृश्य भाव पनि कल्पना सिवाय अरु केही होइन अनि दृश्यको अभावमा आत्माको द्रष्टारुपमा जुन सम्बन्ध छ त्यो पनि सत्य छैन । समस्त असत्य निरसन भएपछि जुन रहन्छ त्यही शुद्ध चैतन्य या ब्रहम भाव हुन जुन क्रियाको परवस्थामा अनुभूत हुन्छ । यो ज्ञान त्रिकालै विद्यमान रहन्छन् । कालको अस्तित्वले नै ज्ञेयवस्तुको नानात्व परिदृष्ट तबै सृजन, पालन एवं संहारको सान्सारिक लीला चलिरहन्छन् । किन्तु यो सत्यहोइन । ब्रहममा समस्त खण्ड कालको कलित अर्थात् वशीभूत हुनुको कारणले ब्रहमलाई महाकाल या महाकाली भन्दछन । वस्तुतः त्यस ब्रहमस्वरुपमा कालको कल्पना हुदैन, किनभने त्यहां घटना हुँदैन अनि घटनाहरुको परम्परा नहुनुको कारण काल नामको केही वस्तु रहदैन ।

ब्रहम एक अनि अद्वितीय भएर पनि जब चंचल भएर दृश्य प्रपंच लाई व्यक्त गर्दछन् त त्यसमा सात किसिमका भंगिमा हुन्छन (१)-स्थिर (२) चंचल, (३) स्थिरमा स्थिति (४) चंचलमा स्थिति (५) छ (६) अनि छैन पनि (७) जुन छ त्यो अव्यक्त छ। ब्रहमका यी सात अवस्थाहरु हुन्। क्रियाको परावस्थामा सबकासब सारा बस्तुहरु एक भएर ब्रहम हुन जान्छन-त्यही हो स्थिर भाव, त्यही हो परव्योम। कूटस्थको भित्र तथा बाहिर जगत्मा जुन नानात्व एवं बहुरुप देखिन जान्छन् त्यो सब परव्योमको नै रुप हुन् यही चंचल भाव या सृष्टि हुन। स्थिरत्वमा पनि स्थिति रहन्छन्, अनि चचंचलत्वमा पनि स्थिति रहन्छन्, अन्यथा चंचल अवस्था प्रकाशित हुन सक्तैन। छ र छैन अर्थात् जुन व्यक्त या चंचल भाव छ त्यसको पृथक् भावमा अस्तित्व छैन। स्थिरत्वको कारण नै उसलाई अस्तित्ववान रुपमा स्वीकार गर्दछन्। जुन वास्तविक "अस्ति" को विषय छ त्यो चिनमात्र हुन्। त्यो व्यक्त मन बुद्धि इन्द्रियादिको गोचर छैन।

यस किसिमसंग नाना भावहरुमा ब्रहमले कहिले सृजन गरिरहेका छन, कहिले पालन गरिरहेका छन अनि कहिले ग्रास गरिरहेका छन। यो त खालि भन्नुको भंगिमा मात्र हो। योगवासिष्ठमा लेखेको छ-"जबसम्म आफु आफैमा रहदैन, तब सम्म मृत्युरुपमा त्यसले हनन् गर्दछ, पालकरुपमा रक्षा गर्दछ, स्तावकरुपमा स्तवन गर्दछ अनि फल लाभको इच्छा गर्नेहरुलाई बांछितफल प्रदान गर्दछ। ।१६॥

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

श्री धरीय टीका-[अरुपनि भन्नु हुन्छ]-सूर्यादि ज्योतिष्कहरु को पनि यो ज्योति अर्थात प्रकाशक हुन। श्रुति भन्दछन-"त्यो तेजयुक्त भएर सूर्यलाई उत्तप्त गर्दछ।" (परमात्मा स्वयं प्रकाश स्वरुप छन यो बताउनु हुन्छ) त्यस ब्रहम सत्तामा सूर्य प्रकाशित हुँदैन। चन्द्र एवं नक्षत्र समूह भासमान छैन तथा विद्युत समूह पनि त्यहाँ प्रकाशित हुँदैन, फेरि यो अग्नि त्यहाँ कहाँ ?-प्रकाशमान आत्मालाई अवलम्बन गरेर नै अर्थात् उसैको प्रकाशले सूर्यादि समस्त स्थावर-जंगमात्मक जगत् दीप्तिमान भैरहेका छन। " अतयव तमः अज्ञान देखि पर छ अर्थात् अज्ञान द्वारा ब्रहम असंपृक्त छन। श्रुतिमा लेखेको छ-त्यो आदित्यवर्ण छ अनि तमबाट अतीत छन्। त्यही ज्ञान हुन, बुद्धिवृत्तिमा अभिव्यक्त, रुपादि आकारमा ज्ञेय त्यही छन र त्यही ज्ञानगम्य छ अर्थात् अमानित्वादि पूर्वोक्तः ज्ञान साधनाहरु द्वारा प्राप्य छन। कसरी ज्ञानगम्य छ, यही विशेषरुपले भन्नु हुदैछ-सब प्राणिहरुको हृदयमा विष्ठित छन-विशेष रुपसंग स्थित छ अर्थात अप्रच्युत नियन्ता भावमा-यसकिसिमले पाठ भए पछि "अधिष्ठान पूर्वक " छ यस्तो अर्थ हुनेछ।

आध्यात्मिक व्याख्या-"सबै ज्योतिहरुको ज्योति हुन् अर्थात उसको समान दोस्रो ज्योति छैन-त्यसको परअन्धकार छ, ब्रहम कूटस्थस्वरुप छ, यसैको नाम ज्ञान हो, त्यही ज्ञेय वस्तु छ यो जान्नाले जानिन जान्छन, सबको हृदयमा स्थिर भएर छ।"

ब्रहम ज्ञेय वस्तु छ, त्यो स्थिर रुप छ, त्यहां कुनै चांचल्य छैन, हृदय को भित्र त्यो स्थिर भाव अनुभूत हुन्छन्। यस स्थिरतालाई अनुभव गर्न सकेमा अरु सब चिजको अनुभूति हुन्छ। पहिले वृहत् ज्योति त्सको

भित्र अन्धकार अर्थात् कृष्णवर्णीय कूटस्थ छ। कूटस्थमा नक्षत्र तथा त्यसको भित्र गुहा छ, त्यस गुहा भित्र बुद्धि स्थिर हुन्छ। हृदयको वायुलाई स्थिर गर्नसकेपछि जीव त्यहां स्थिर हुन जान्छन्। गुरुवाक्यगम्य साधनालाई जानिकन साधना गर्न सकेपछि परमात्माको प्रत्यक्ष दर्शन हुन्छ। त्यसशुभ्र ज्योतिको ज्योतिलाई नै आत्मज्ञानीले आत्मा भन्दछन। त्यही ज्ञेय छ। उत्तम रुपसँग प्राणायाम गरेपछि प्राण सुषुम्नामा जान्छ त्यहाँ गएपछि अग्निको अपेक्षा पनि प्रज्वलित ज्योति स्वरुप कूटस्थ देखिन जान्छन्। यसैले ज्ञानगम्य छ, त्यो गायत्री छन्द रुप चतुर्थ पाद ब्रहम हुन। यहां पुगेपछि सबै बन्धनहरु देखि मुक्ति मिल्न जान्छन्। अनि श्वेतद्वीप निवासी उत्तम पुरुषमा जीव लीन हुन जान्छन्। पश्चात् सूक्ष्मातिसूक्ष्म सर्वव्यापी परमात्मापुरुष देखिन जान्छन् अनि उसलाई हेर्दा हेर्दा साधक तद्रुप हुन जान्छन्। क्रियाको अभ्यास द्वारा इच्छारहित भएपछि ब्रह्मपद प्रकाशित हुन्छन्। इशोपनिषदमा लेखेको छ-

"पुषन्ने कर्षे यम सूर्य प्राजापत्य,
व्यूह रश्मिन समूह तेजो ;
यत्ते रुपं कल्याणतमं तत्ते पश्यामि,
योऽसावसौ पुरुष सोऽहमस्मि ॥"

पूषन,-(हे जगत् पोषक सूर्य-किनभने प्राणरुप सूर्य बिना जगत् रहँदैन) एकर्षे (एकाकी गमनशील-मन जब आत्ममुखी हुन्छ त बहुमुखी चिन्ता रहँदैन, एक आत्मकारा वृत्ति हुन जान्छ) यम-(संयमकारिन्-त्यतिखेर बहिर्वृत्ति संयत हुन्छन्) सूर्य-(रथीनां प्राणानां रसानांच स्वीकरणात्, सूर्य-(शंकर)-प्राणशक्ति जब देह एवं इन्द्रियहरुमा रहन्छ त बाह्य वस्तुहरुको ग्रहण अर्थात बोध हुन्छन्। साधनको प्रभावले जब सर्वत्र विखरित प्राण शक्तिलाई मस्तकमा ल्याइन्छन् तब सूर्य स्वरुप प्रकाश साधकको दृष्टिगोचर हुन्छ) प्राजापत्य-(प्रजापतिको अपत्य-प्रजापति को हुन् ? जो सर्वेश्वर शासन कर्त्ता हुन् "एष सर्वेश्वरः एष सर्वज्ञः" (मण्डुक्य) त्यस सर्वेश्वर आदि पुरुषबाट जुन उत्पन्न छ त्यही प्रकाश स्वरुप तैजसरुप द्वितीय पाद हुन, त्यही अन्तः प्रज्ञ 'तैजसः द्वितीयः पाद' हुन, मनोग्राहय विषयहरुको ज्ञाता हुन, त्यो तेजोमय छ। त्यसैलाई उद्देश्य गरेर भनिन्छ - 'व्यूह' - स्वान् रश्मीन विगमय (शंकर) अर्थात् आफ्नो रश्मिहरुलाई अपसारित गर, अन्यथा त्यसको किरणोदभासित बाह्य बस्तुमा आत्मबुध्दि नष्ट हुनेछ। तेजः समूह-तेजलाई संकुचित गर। कूटस्थको बाहिर पहिले जुन तेज देखिन जान्छन् त्यसलाई पनि भेदन गरेर जानु पर्नेछ। त्यसपछि "यत् ते रुपं कल्याणतमं" जुन रुप अतिशय सुन्दर छ, सूर्य समान प्रकाशशील छ, तथापि कोटि चन्द्र जस्तो सुशीतल छ, तेतत् पश्यामि-तिम्रो कृपाले म त्यसलाई देख्न सकूम। किनभने प्राणायाम द्वारा प्राण स्थिर भएपछि उसको प्रसन्नता बुझिन जान्छन्। यही आत्माको आनन्दमय यो स्निग्ध ज्योतिर्मय स्वरुप हुन। यः असौ पुरुषः -जाग्रत आदि तीनै अवस्थाहरुको साक्षी-स्वरुप जुन आदित्य मण्डलस्थ पुरुष छन् -पुरुषाकारत्वात्-पुरुष समान जसको आकृति छ अर्थात् कूटस्थ-मण्डलको भित्र पुरुषोत्तम नरनारायण शरीर छ, सोऽहमस्मि -म त्यसको स्वरुप हुँ अर्थात म नै त्यो हूम-

हिरणमये परे कोशे विरजं ब्रहम निष्कलम् ;
तच्छुभ्रं ज्योतिषां ज्योतिस्तद् यदात्म विदो विदुः ॥मुण्डक॥

सुवर्ण समान एक ज्योति छ, त्यसको पर ब्रहमको एक रुप छ, त्यो निष्कल ब्रहम हुन् अर्थात रजोगुण रहित छ, त्यो देखिन जान्छन्-"एषोऽन्तरादित्यं हिरणमय पुरुषो दृश्यते इत्यधिदैवतम्"-यस अन्तरादित्य कूटस्थमा हिरण्मय पुरुष छ। चतुर्दिक स्वर्ण समान प्रकाश छ, त्यसको भित्र पुरुष छ त्यसलाई खूब राम्ररी क्रिया गर्ने साधकहरुले देख्दछन्। त्यसैलाई 'अधिदैवत' पुरुष भन्दछन्। त्यो पुरुष नै सर्वव्यापक ब्रहम हुन जान्छन्। निष्कल जस्मा बाहिरको वायु बाहिर नै रहन्छ, चक्षु भ्रूको बीचमा रहन्छ, प्राण एवं अपानलाई समान वायुमा अर्थात् नाभि देशमा स्थिर राख्नु पर्दछ। तब वायु नासिका देखि बाहिर आउदैन, नासिका भित्रै रहन्छ। सारा इन्द्रियहरु, मन एवं बुध्दि संयत भएर प्रशान्त हुन जान्छन्, कुरा गर्ने इच्छा हुदैन, यस अवस्थालाई नै निष्कल भन्दछन्। यो अवस्था जसको हुन्छ तिनीहरु नै मोक्ष परायण मुनिको नामले ख्यात हुन्छन्। तब मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त सुषुम्नामा एक किसिमको आकर्षण हुन्छ अर्थात् आकर्षणको अनुभव हुन्छ, त्यही विष्णु दैवत या द्वितीय मात्रा हुन्। योनि मुद्रामा धेरै बेर सम्म रहेपछि कृष्णवर्ण कूटस्थको भित्र सबै देवताहरु सँग साक्षात्कार हुन्छ, पुरुषोत्तम रुपको पनि दर्शन हुन्छ, त्यही नित्य एवं पुराण पुरुष हुन् अर्थात त्यही वैष्णव पद हो। तब लिंगमूल देखि मस्तक पर्यन्त वायु स्थिर रहन्छ। ॐकार क्रिया द्वारा जब सब जानिन्छन् त यो इशान या तृतीय पाद छ। जो ईश्वर एवं अधिपति छ, त्यो ब्रहम सबै भूतहरुमा वर्तमान देखिन्छन्। जब भस्म समान रंग देखिन्छन् त त्यसैको नित्य ध्यान गर्दा गर्दा नाभि देखि मस्तक पर्यन्त वायुकोआकर्षण हुन्छ। यस किसिमको ध्यानावस्थामा इशानपदको प्राप्ति हुन्छ। कूटस्थको भित्र जुन विन्दु छ अथवा वाह्य विन्दुमा-(जुन चक्षुको सामुन्ने देखिन्छन्) जो रहन्छ, त्यो अनिच्छाको इच्छा हुन, यो बोधगम्य छ, उसको महिमा छ र उसैद्वारा सबचिज जानिन जान्छन्। अर्द्धमात्रा-यसलाई चतुर्थ मात्रा भन्दछन्। त्यतिबेला हृदयमा ब्रहमको स्थिति अनुभूत हुन्छ, जहाँ समस्त देवताहरुको तेजोरुप देखिन जान्छन्, आकाशमा शुध्द स्फटिक समान वर्ण देखिन्छ, त्यसैको ध्यान गर्नु पर्दछ। गगनमण्डलमा त्यही ध्यान नित्य गर्दा-गर्दा सहस्रदल पद्म नामक निधि प्राप्त हुन्छ। त्यस द्वारा सर्व व्यापी आत्माको स्वरुपको बोध हुन्छ, त्यसको पर अरु केही छैन। यस श्लोकमा ब्रहमज्ञान पछिको अवस्थाहरुको क्रमशः वर्णन भएको छ ॥१७॥

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयंचोक्तं समासतः ;
मद् भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

श्री धरीय टीका-[उक्त क्षेत्रादिको अधिकारी एवं फल सँगै उपसंहार गर्नु हुन्छ]-यसरी महाभूतादि देखि धृतिपर्यन्त क्षेत्र, अमानित्वादि देखि तत्त्वज्ञानार्थ - दर्शन पर्यन्त ज्ञान, एवं 'अनादिमत परब्रहम' देखि 'विष्ठितं' पर्यन्त ज्ञेय संक्षेपमा भनिए। यो वसिष्ठादि द्वारा पनि विस्तारपूर्वक भनिएकाछन्। पूर्वाध्यायमा कथित लक्षणहरुले युक्त भक्त यी सबलाई जानेर मेरो भाव अर्थात् ब्रहमत्व-प्राप्तिको योगय हुन जान्छन् ॥१८॥

आध्यात्मिक व्याख्या-"यो शरीर तथा जान्नु पर्ने सारा बस्तुहरु मैले भने-मेरो जुन भक्त छ अर्थात जसलाई गुरुवाक्यमा विश्वास छ यसलाई जानेर क्रियाको परावस्थामा रहिकन अडकिई रहन्छन्" -

-परब्रहम विज्ञात वस्तु हुन, त्यो ज्ञानेन्द्रियहरुको विषय नभएर पनि ज्ञातव्य छ । त्यसलाई जान्नको लागि साधन गर्नु पर्दछ, शास्त्रालोचना गर्नु पर्दछ, परन्तु यो आलोचना गुरु वाक्य अनुसार हुनु आवश्यक छ । गुरुवाक्यमा विश्वास गरी साधन गरेपछि सन्सारको उपदानस्वरुपा त्रिगुणात्मिका प्रकृति या यस देहको सम्बन्धमा अनि क्षेत्रज्ञरुपा परा प्रकृति या यस जीवको सम्बन्धमा यथार्थ ज्ञान प्राप्त हुन्छ । यो ज्ञान-प्राप्ति जबसम्म हुँदैन तब सम्म केही जान्नु कठिन छ । यसैले साधकलाई प्रथमतः क्षेत्र एवं क्षेत्रज्ञको परिचय प्राप्त गर्नु पर्दछ । यो शरीर तथा शरीरस्थ नाडीहरु तथा नाडीहरुको भित्र प्राणको प्रवाह, जसद्वारा वाह्य वस्तुहरु इन्द्रियहरुको ज्ञानको विषय बन्दछन् क्षेत्र भन्दछन् । यस क्षेत्रको सम्बन्धमा ज्ञान प्राप्त गर्नु पर्नेछ । सूर्यको किरणहरु आएर जसरी जगदादि वस्तुहरुलाई प्रकाशित गरिरहेकाछन्, उसरी नै शरीरको भित्र रहनेवाला कूटस्थको ज्योति द्वारा यी सारा वस्तुहरु अस्तित्ववान् जानिन्छन् । त्यही विश्वको प्राण हुन्, त्यही क्षेत्रज्ञ हुन्, त्यसको परिचय प्राप्त गर्नु पर्नेछ । साधना विना यस प्रकृतिद्वयलाई जान्न सकिन्न । साधकले कूटस्थ भित्र रहने उत्तम पुरुषलाई जान्न सक्दछन् अनुभव गर्न सक्दछन् अनि त्यही मेरो 'म' या मेरो यथार्थ स्वरुप हो, -यसको ज्ञान प्राप्त गर्न सक्दछन् । त्यही हो पुरुष, त्यही हो ब्रहम, अनि त्यही जगन्मय भएर परिव्याप्त छन् । यसलाई जानेर साधकलाई सर्वात्मक ब्रहमभावको उपलब्धि हुन्छ । परन्तु क्रिया गर्नु विना केही पनि जान्न सकिदैन । क्रिया गर्नुको आधार यही शरीर हो । शरीरको भित्र ७२००० नाडीहरु छन् । ती नाडीहरुको भित्र प्राण प्रवाहित भएर यस जगद्भावको सृष्टि गरिरहेछन्, तथा यस जगत्लीलाको अनुभव गरिरहेछन् । *यो अनुभव जबसम्म भैरहन्छन् तब सम्म ब्रहमको घोर रुप या संसारदर्शनको विराम हुने छैन ।* यसैले यस प्राण क्रियालाई अवरोध गर्नु पर्नेछ । त्यसको गतिलाई विपरित गामी बनाउनु पर्नेछ । यसको साधना हो प्राणायामादि योगाभ्यास । यस साधनामा कृतकार्य भएपछि नै साधकको चक्र व्यूह भेदन हुन जानेछन् । चक्र व्यूह भेदन भएपछि पुरुषोत्तमको दर्शन प्राप्त गरी साधकको अज्ञानमयी तिमिर-रजनीको अवसान हुन्छ । त्यो पुरुषोत्तम नै ज्ञेय वस्तु हुन् । जब साधकले त्यस ज्ञेय वस्तुको दर्शन पाउँदछन् तब त्यसले निरन्तर घंटनाद श्रवण गर्दछ, पश्चात् क्रियाको परावस्था या ब्राहमी स्थिति प्राप्त हुन्छ । त्यसमा जो अडकिइ रहन्छन् त्यसैलाई अमृत पद प्राप्त हुन्छ । तब हृदयमा जुन शतः नाडीहरु छन्, तिनीहरुको माथि रहने एक नाडीमा प्राण प्रवेश गर्दछ । त्यसमा प्राणको प्रवेश हुनासाथ सारा संसार ब्रहममय अनुभूत हुन थाल्छन् । तब मनमा कुनै संकल्प रहँदैन, जुन केही हुन्छ, अनिच्छाको इच्छाले हुन्छ, इच्छापूर्वक केही गर्दैन । सर्वदा चन्द्र सूर्यलाई भित्र देख्न पाउँदछन् । सर्वदा आनन्दमा रहन्छन् । दूर दृष्टि हुन्छ । तब यदि कसैले त्यस साधकको अनिष्ट गर्दछन् त भगवान्ले उसलाई दण्ड दिन्छन । शरीर खूब स्निग्ध रहन्छ । आत्मामा भक्ति भएपछि केश एवं रौं खडा हुन्छन् । सदा नशा लागे जस्तो भैरहन्छन् । विषयको कुनै आकर्षण रहदैन । त्यो योगी सदा नै तृप्त रहन्छन्, उनको दृष्टि सर्वदा नै शून्यमा तथा स्थिर रहन्छन् । यसैलाई उन्मनीभाव भन्दछन् । ईच्छा विना पनि दूरको पदार्थ उनको दृष्टिको अगाडि भासमान हुन्छ । जुन कुरा मुखले भन्दछन् त्यो सिध्द हुन्छ ।

क्रिया विना क्षेत्र क्षेत्रज्ञको ज्ञान हुँदैन, यसैले गुरुवाक्यमा विश्वास गरी भक्ति साथ क्रिया गर्नु आवश्यक छ । यदि भन्दछौं कि साधक द्वारा नै जब ज्ञेय वस्तु समभ्रमा आउँदछ तब फेरि भक्तिको के आवश्यकता छ ? भक्तिको आवश्यकता छ । गुरुवाक्यमा श्रध्दा एवं विश्वास साथ जुन भगवत् - साधनको प्रबल चेष्टा हुन्छ त्यसैको नाम भक्ति हो । भक्ति नरहेपछि के साधना गर्न सकिन्छ र ? समस्त साधनाहरु नै प्रवर्त्तकको लागि नीरस लाग्दछन् । जब यो भक्तिरसले आप्लुत हुन्छ तबै साधना सहज हुन जान्छन् । यस किसिमसँग भक्ति पूर्वक जसले साधनाभ्यास गर्दछन्, उनको मनमा शीघ्र नै एक नशा समान भाव हुन्छ र त्यस नशा भाव नै परावस्थारुप ज्ञानको अनुज्ञापक हुन् । यस भावले नै समस्त वस्तुहरुमा पनि वैराग्य हुन्छ -

"जन यत्याशु वैराग्यं ज्ञानंच यद्हेतुकम्"-

ज्ञान, वैराग्य एवं भक्ति ल्याएर जुन क्रियाले साधकलाई कृतार्थ गर्दछ, - त्यसमा विचार गरी हेरे पछि यो हृदयंगम हुन जान्छ - क्रिया गर्नु कत्तिको धेरै धेरै आवश्यक छ ॥१८॥

प्रकृति पुरुषंचैव विद्ध्यनादि उभावपि ;
विकारांश्च गुणांश्चैव विध्दि प्रकृतिसम्भवान् ॥१९॥

श्री धरीय टीका-[अब "तत् क्षेत्रं यच्च या दृक् च" यहाँ सम्म विस्तार पूर्वक भन्नु भएर "यद् विकारी यतश्च यत् स च यो यत् प्रभावश्च" यस पूर्व प्रतिज्ञात विषयलाई प्रकृति पुरुषको संसार हेतुत्व कथन द्वारा पाँच श्लोकहरुमा विशदरुपमा देखाउनु भैरहेकाछन्]-प्रकृति-पुरुषआदि मत् हुन्छ भने त यी दुबैको उत्पत्तिको निम्ति एक अन्य प्रकृति मान्नु पर्ने छ । यसरी अनवस्था दोष लाग्दछ, अतयव दुबैलाई नै अनादि जान्नु । अनादि ईश्वरको शक्तिको रुपमा प्रकृति अनादि छ तथा पुरुष पनि त्यही ईश्वरको अंश हुनुको कारण अनादि छ । यस विषयमा परमेश्वरको र उनको शक्तिहरुको अनादित्व भगवान् शंकाराचार्यको भाष्यमा विस्तृत प्रवन्ध द्वारा प्रतिपादित भएको छ । अतयव ग्रन्थवाहुल्यको भयले मैले एसलाई विस्तारपूर्वक भनेको छैन । "विकार" अर्थात देहेन्द्रियहरु, "गुण" अर्थात् गुण परिणाम सुख दुःख मोहादि प्रकृति देखि नै सम्भूत जान्नु ॥१९॥

आध्यात्मिक व्याख्या-"शरीर तथा क्षेत्रज्ञ पुरुष अर्थात् कूटस्थ यी दुबैको आदि छैन - ईडा, पिंगला, सुषुम्ना -यस क्रिया द्वारा आसक्तिपूर्वक अन्य दिशामा दृष्टि गरी हुन्छ - जुन पंचतत्त्व शरीरमा रहँदा हुन्छ ।"-

-प्रकृति एवं उसको अधीश्वर पुरुष यी दुई वस्तुहरु छन् । प्रकृति हुन शरीर एवं कूटस्थ हुन पुरुष । कूटस्थ भएन भने त शरीर रहन सक्तैन । जसरी नदीमा फेन बहन्छ, उसरी नै ब्रहमरुपी नदीमा यो शरीररुपी फेन बहन्छ । दुबै नै अनादि छन् । क्षेत्ररुपा अपरा प्रकृति नै ईश्वरको माया शक्ति हो । यो माया शक्ति सत्त्व, रजः तमः त्रिगुणरुपा छन् । इडा, पिंगला एवं सुषुम्ना यस त्रिगुणको खेल्ने स्थान हुन् । स्थिर प्राण शुध्द सत्त्वरुप छ । त्यो स्पन्दित भएर जब इडा, पिंगला एवं सुषुम्नाको भित्र खेल्न लाग्दछन, तब त्यसले

मन र इन्द्रियरुपमा जगद्व्यापारलाई सम्पादन गर्दछन् । स्थिर भाव ईश्वर भाव हो त्यो आद्यन्तहीन छ, अतयव क्षेत्र एवं क्षेत्रज्ञरुपा ईश्वरको दुबै प्रकृति पनि अनादि छन् । यो प्रकृति विकृत भएर पंच भूत एवं त्यसको साथै एकादश इन्द्रियहरु - यी षोडश विकारहरुलाई उत्पन्न गर्दछन् । सबैको मूलमा एक आत्मा भयो । प्रश्न हुन सक्दछ - सर्वदोष विवर्जित आत्मा कसरी सर्वदोषयुक्त शरीर हुन्छ ? यो त्यसरी नै हुन्छ जसरी स्वच्छ निर्मल आकाश वायु भएर धुम हुन्छ त्यसदेखि अभ्र अर्थात मेघ, मेघदेखि वर्षा, वर्षा देखि शस्यादि तथा शस्यादि देखि रेतः तथा रेत देखि सर्वभूतनिचय हुन्छ । आत्मा ब्रहम विज्ञानमय मन हो जुन क्रियाको परावस्था हो । आकाश जसरी वायु रुपमा परिणत हुन्छ उसरी नै आत्मा चंचल भएर मन बन्दछ । ब्रहमरुप आकाशमा मन वासनामय भएर स्थूल भूतादिको रुपमा परिणत हुन्छन् । यसरी शुध्द या स्थिर भाव देखि ओर्लिएर विस्तार विस्तार मन यस विश्वरुप परिणामलाई प्राप्त गर्दछ । यस किसिमले शुध्द मनदेखि क्रमशः यस विश्वको उत्पत्ति हुन्छ । मनले नै आसक्तिवश कामना गर्दै सारा काम्य वस्तुहरुको सृष्टि गर्दछन् । अनि मन नै कामनारहित भएर व्यापक बन्दै ब्रहमलाई प्राप्त हुन्छन् । पूर्व जन्मकृत फलानुसन्धान कर्मको हेतु हुन एवं त्यही कर्मको फल भोगको लागि नै पुनः पुनः जन्म मृत्यु हुन्छन् । जो साधनाभ्यास द्वारा इच्छा रहित हुन जान्छन् उनलाई हृदयमा स्थिति प्राप्त हुन्छन् । तब त्यो जन्म मृत्यु देखि पर भएर ब्रहमस्वरुप हुन जान्छन् । जीवलाई जबसम्म मोक्ष प्राप्त हुँदैन तब सम्म उसको आवागमन छुट्दैन । धर्माधर्मरुप कर्महरु देखि उसको अदृष्ट या सूक्ष्म शरीर उत्पन्न हुन्छ, अनि त्यो सूक्ष्म शरीर नै स्थूल शरीरको रुपमा प्रकटित हुन्छन् । आत्मा नित्य एवं एकरुप छ, त्यसको कुनै किसिमले पनि विकृति हुन सक्तैन, यसैले यस शरीर एवं जगदादि विकारलाई ज्ञानी मानिसहरुले स्वप्न-दृष्ट वस्तु समान शून्य मात्र मान्दछन् । जाग्रत अवस्थामा जसरी स्वप्न- दृष्ट वस्तुहरुको पत्तो पाइँदैन, उसरी नै प्रबुध्द साधकको अगाडि यस जड देह तथा दृश्य जगदादिको कुनै अस्तित्व रहँदैन । अध्यात्म-रामायणमा व्यासजी भन्नु हुन्छ-

"मायया कल्पितं विश्वं परमात्मनि केवले;
रज्जौ भुजंगवत् भ्रान्त्या विचारे नास्ति किंचन ॥" -

डोरीमा जसरी सर्प कल्पित हुन्छ उसरी नै निर्विकल्प स्थिर परमात्मामा यो जगद्रुप कल्पित भएको छ । विचार द्वारा यो भ्रान्ति दूर हुन सक्दछ । विचार अर्थात् विगत चरण । जबसम्म मन चंचल छ, तबसम्म उस्को विषयानुसन्धान रहने नै छ । जब मनको चरण या गति नष्ट हुन्छ, तब फेरि त्यसमा विषयानुसन्धान रहन सक्तैन । अतयव त्यो विषयाकारमा परिणत पनि हुँदैन । सृष्टि मनबाटै हुन्छ, मन जब सम्म रहला तबसम्म सृष्टि प्रवाह चल्ने नै छ । मन निरुध्द हुन गये पछि त्यसको साथ सृष्टिको पनि निरोध हुन जान्छ । ईश्वरको सृष्ट्यनुकुल शक्ति नै उनको प्रकृति हो, त्यो त्रिगुणमयी छ, शास्त्रमा त्यसलाई नै माया भनिएको छ, गुण यस मायाको कार्य या विकार हुन् । प्राण या श्वासको चंचलताले नै यो जगद् भाव प्रस्फुटित भएर उठदछन् । क्रियाको परावस्थामा चंचल प्राण एवं त्यसको साथ मन निरुध्द भएपछि त्रिगुणको क्रिया हुदैन । त्रिगुण अर्थात इडा, पिंगला, सुषुम्नाको अन्तर्गत क्रिया रुध्द हुन गये पछि कुनै

उत्पत्ति या परिणाम हुदैन् यसैले यी सब गुण-विकार आदि प्रकृतिकै परिणाम हुन-अर्थात इडा, पिंगला एवं सुषुम्नामा प्राण प्रवाहको हेतु बन्दछन् । अतयव जब सम्म मनको आसक्ति छ तब सम्म शरीर छ अनि शरीर रहे पछि क्षेत्रज्ञ पुरुष कूटस्थ रहने नै छ क्रियाको परावस्थामा जब "म मेरो" रहँदैन, तब क्षेत्रज्ञ या क्षेत्र पनि रहँदैन । यस निरोध अवस्था देखि अदृष्टवश जब कल्पनाको तरंगहरु उठ्दछन् तब कार्य साधक क्षेत्र पनि उदित हुन जान्छन् । ईश्वरको ईश्वरत्व नित्य सिध्द हुनुको कारण उसको दुबै प्रकृतिहरु जुन जगतको कारण छन् तिनीहरु पनि अनादि छन् । ॥१९॥

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ;
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

श्री धरीय टीका-[समस्त विकारहरु प्रकृति देखि उत्पन्न हुन्छन्, यो देखाउनु भएर अब संसार हेतुत्वलाई देखाउनु भैरहेका छन्]-कार्य=शरीर, कारण सुख दुःख साधक इन्द्रियहरु । उनको कर्तृत्वको सम्बन्धमा अर्थात् तदाकार परिणामको विषयमा कपिल आदिको मतले प्रकृति नै हेतु भनिएको छ । पुरुष अर्थात जीव देहेन्द्रिय कृत सुख दुःखको भोक्तृत्त्वको् हेतु भनिएको छ । यसको तात्पर्य यो छ - यद्यपि अचेतन् प्रकृतिको स्वतः कर्तृत्त्व सम्भव छैन तथा अविकारी पुरुषको भोक्तृत्त्व पनि संभव छैन, तथापि कर्तृत्त्व शब्दको जुन क्रिया सम्पादन अर्थ छ, त्यो चेतन जीवको अदृष्टवश छ । चैतन्यको अधिष्ठानको कारण अचेतन प्रकृतिको कर्त्तृत्व सम्भव छ । जस्तो अग्निको ऊर्ध्वज्वलन्, वायुको तिर्यगमन अनि वत्सको अदृष्टवश स्तन्य दुग्धको क्षरण हुन्छ, उसरी नै पुरुषको सान्निध्यको कारण प्रकृतिको कर्त्तृत्व कथित भएको छ । भोक्तृत्त्व शब्दको अर्थ छ सुख दुःखको अनुभव । सुख दुःख संवेदन चेतनको धर्म हुन । प्रकृतिको सान्निध्यको कारण पुरुषको भोक्तृत्त्व सम्पादित हुन्छ, यसैले पुरुषलाई भोकत्तृत्त्व भनिएको छ । ॥२०॥

आध्यात्मिक व्याख्या-"पंचतत्त्व, मन, बुद्धि, अहंकार - यसमा रहेपछि कर्तव्य कर्मको कारण लक्षित हुन्छ । त्यस कारणको उद्देश्यले कर्म गर्नाले कर्त्ताले अहं इत्याकार बोध गर्दछ, सब विषयहरुमा आसक्त हुन्छन् अर्थात फलाकांक्षासाथ कर्म गर्नमा प्रवृत्त हुन्छन् । महेश्वर त्यो हुन जो स्थिर भएर कूटस्थ-स्वरुपले यस शरीरमा रहन्छन । जसको भक्ति पूर्वक क्रिया गरेमा कूटस्थको पर स्पष्टरुपसँग देख्न सक्दछन्-त्यो सुख दुःख वर्जित छ-त्यसमा नरहँदा खेरि अर्थात् आफु आफैमा नरहनुको कारण अन्य दिशामा आसक्तिपूर्वक दृष्टि देखि हुनेवाला प्राप्तिमा आफुलाई सुखी समझन्छ, अप्राप्तिमा दुःखी-परन्तु यस (सुख दुःख) को मूलभूत कारण त्यो उत्तम पुरुष नै हुन । किन भने त्यो नहुँदो हो त यी सबको अनुभव कसले गर्थ्यो ? अतयव सुख-दुःख भोगको हेतु त्यही हुन् ।" -

-पंचतत्त्व, मन, बुद्धि एवं अहंकार - यिनीहरुलाई लिएर नै स्थूल, सूक्ष्म एवं कारण शरीर रचिएका छन्, यिनको नै नाम हुन प्रकृति । प्रकृति नै चैतन्यको लीलापीठ हुन । प्रकृतिको भित्र देखि नै जब चैतन्यले आफ्नो प्रकाश गर्दछ, तब हामीहरुले चैतन्यको अस्तित्वलाई अनुभव गर्दछौं । यी देहादिहरुमा जीवको अभिमान र आसक्ति हुनुको कारणले नै देहकृत शुभाशुभ कर्महरुमा जीव आवध्द हुन्छन । तथा शुभा

शुभकर्म जनित फलहरुलाई भोग्दछन । यस आसक्तिको कारणले नै संसारको आवागमन रोकिदैन , त्यो समानरुपसँग चलिरहन्छन् । जसरी जीवको कर्मको विराम छैन, उसरी नै त्यसको फलभोगको निमित्त आवागमनको पनि विराम छैन । गुण वैषम्यको कारण देहाभिमानी जीवको प्रवृत्ति नाना किसिमका शुभाशुभ कर्महरुमा हुन्छन् । प्रवृत्ति अनुसार कर्म गरी जीवले पुनः पुनः त्यसको फल भोग्नको निम्ति वाध्य हुन्छ । जब सम्म देहासक्ति छ तब सम्म प्रवृत्ति निवृत्तिको यो श्रोत अवरुध्द हुनेवाला छैन र जन्म जरा मरणको वाघपंजा देखि त्राण पाउनुको पनि कुनै उपाय छैन । परन्तु प्रकृतिको पर एक अप्राकृत भाव छ, त्यो चंचल छैन, जन्म जरा मरणशील छैन । त्यो चिरन्तन छ, सबचिज नष्ट भएर पनि त्यो नष्ट हुँदैन, त्यो सुख दुःख वर्जित छ, त्यही चिर स्थिर महेश्वर हुन जुन यस प्राकृत देह भित्र रहँदैमा पनि देहातीत रुपमा नित्य वर्तमान छन्, त्यही हो कूटस्थ सत्य । जुन साधकको चित्त कूटस्थमा विलीन हुन जान्छन्, त्यसले परमात्माको एस महेश्वर भावको अनुभव गर्न सक्दछन् । भक्तिपूर्वक क्रिया गरेपछि, जुन स्थिरता या परावस्था प्रकाशित हुन्छ, त्यही सर्व सुख दुःखातीत महेश्वर भाव हुन् । जो एस भावले भावित हुन्छन् उसको दोश्रो तिर आसक्ति हुँदैन-यही हो आफु आफैमा रहनु । जो आफु आफैमा रहँदैनन् त्यो सन्सार दृष्टिद्वारा आवध्द हुन्छन र यसैकारण अनन्त सुख दुःख भोगको भागी बन्दछन् । यदि कूटस्थ चैतन्य नहुँदो हो त यो सुख दुःख भोग पनि संभव थिएन । यसैकारण यस कूटस्थ चैतन्य पुरुषलाई नै सुख दुःखादिको भोकतृत्त्वको विषयमा हेतु भनिएको छ । प्रकृतिको भित्र चेतन पुरुषको अधिष्ठानको कारणले नै सुख दुःखादिको अनुभव हुन्छ । प्रकृतिको तादात्म्य भित्र स्फुरित सुख दुःखादि पुरुषको ज्ञानको विषय बनिकन त्यसको भोगको सम्पादन गर्दछन्, अन्यथा असंलिप्त कूटस्थ निर्विकार पुरुषलाई भोग नै कसरी संभव हुन्थ्यो । अभ्यासको कारण त्यो भोक्तारुपमा देखिन्छन्, किन भने क्षेत्रज्ञ पुरुषले क्षेत्रलाई आफ्नो भनेर अभिमान गर्दछ अतयव सुख दुःखादि क्षेत्र धर्म क्षेत्रज्ञ पुरुषमा आरोपित मात्र हुन्छन् । तप्त लौह खण्ड जसरी अग्निमय जानिन्छन, उसरी क्षेत्र एवं क्षेत्रज्ञको गुण परस्पर अध्यारोपित हुन्छन् । पुरुषको प्रकाशशील स्वभावको कारण प्रकृति पनि प्रकाशशीला जानिन जान्छन तथा प्रकृतिको अन्तर्गत जब अहंकार स्फुरित हुन्छ त आत्माको 'मकर्त्ता' 'म भोक्ता' आदि भाव उदित हुन्छन् । यही निर्विकार चेतन क्षेत्रज्ञ पुरुषको भोक्तृ भाव हुन । यही असंसारी आत्माको संसारी भाव हो । यदि क्रियाको परावस्थामा क्षेत्रज्ञको स्वरुप अवगत नहुँदो हो त क्षेत्रज्ञको असंलिप्त भावको धारणा कदापि हुँदैनथ्यो । यसै कारण मन लगाएर क्रिया गर्नु पर्ने हुन्छ । मन लगाएर क्रिया गर्नाले नै क्रियाको परावस्थाको साक्षात्कार हुन्छ । तब आत्मा एवं प्रकृतिको भेद तथा दुबैको सम्बन्ध कहाँ अनि के छ, यो समभ्रमा आई हाल्दछ ॥२०॥

पुरुष प्रकृतिस्थो हि भुङ्क्ते प्रकृति जान गुणान् ;
कारणं गुण संगोऽस्य सदसद् योनि जन्मसु ॥२१॥

श्री धरीय टीका-[तथापि अधिकारी एवं जन्मरहित पुरुषको भोकतृत्व कसरी संभव छ, यसको उत्तरमा भन्नु हुन्छ]-पुरुष प्रकृतिस्थ हुन्छ अर्थात प्रकृतिको कार्य देहमा तादात्म्य भावले अवस्थान गर्दछ, एसैले

प्रकृतिजात गुण अर्थात देहजनित सुख दुःखादिको भोग गर्दछ । यस पुरुषको सत अर्थात देवादि योनिमा एवं असत् अर्थात तिर्यगादि पशुपक्षी योनिमा जुन जन्म हुन्छ, त्यसको कारण गुणसंग हुन अर्थात् शुभाशुभ कर्म गर्नेवाला इन्द्रियहरुको संग नै यसको कारण हुन् ॥२१॥

आध्यात्मिक व्याख्या-"पुरुष उपर्युक्त प्रकृतिस्थ भएर प्रकृति देखि उत्पन्न छ जुन गुण त्रय अर्थात इडा, पिंगला सुषुम्ना, उसको भोग, त्रिगुणयन्त्रमा आरुढ भएर अन्य दिशामा आसक्तिपूर्वक दृष्टि गरी भोग गरिरहेको छ । त्यस प्रकृतिको गुणले सबलाई जसरी कर्म गराइराखेका छन् फलाकांक्षाको साथ त्यसै किसिमको सद् असद योनिमा तिनीहरुले भोग गरिरहेका छन् ।"-

-आत्मामा नरहिकन अन्य दिशामा आसक्तिपूर्वक दृष्टि गरेपछि जुन भोग हुन्छ, त्यो गुणत्रयमा मन संयोग हुनुको कारणले हुन्छ । यही पुरुषको प्रकृतिस्थ भएर प्रकृतिको गुणहरुको भोग हो । इडा-पिंगला-सुषुम्ना, यस त्रिगुण यन्त्रमाथि आरुढ भएपछि नै आत्माको बहिर्मुखी दृष्टि हुन्छ । बहिर्मुख दृष्टिले नै आत्माको विषय भोग हुन्छ । प्रकृतिको गुणहरुले प्रभावित कर्महरुको कारण नै मनमा फल प्राप्तिको आशा जागृत हुन्छन, अनि एस फल प्राप्तिको प्रवृत्ति देखि नै सत् असत योनिमा जन्म हुन्छ । भोगको विचित्रताको कारण विचित्रता हुन्छ । जसको दृष्टि केवल कूटस्थमा रहन्छ उसलाई फेरि योनिमा आउनु पर्दैन । कूटस्थ सर्वदेवमय हुन, यसैले जसको लक्ष्य कूटस्थ ब्रहम यस शरीरको भित्र एवं बाहिर आधिपत्य गर्दछन् त्यो सर्वश्रेष्ठ हुन् । यसैले उसलाई देवराज भन्दछन् । कूटस्थको भित्र नै सब देवताहरुको अधिष्ठान छन् । जसले कूटस्थमा रहनुको अभ्यास गरेका छन्, तिनीहरुले त्यसको भित्र सारा देवताहरुलाई देख्दछन् । कूटस्थ नै जगन्नाथ हुन् । सारा सिद्ध पुरुष त्यस ज्योतिको अन्तरगत जुन तमः छ अनि त्यसको पर जुन उत्तम पुरुष छ त्यसतिर एकटक दृष्टिले ताकिरहन्छन । त्यसको भित्र नै सवचिज छ, यसैले त्यही भर्त्ता त्यही भोक्ता एवं त्यही महेश्वर हुन अर्थात् सर्वव्यापक भएर सबको भित्र सबचिज भैरहेछन । यो कूटस्थरुप चक्षु जसको छैन अर्थात कूटस्थमा जसको लक्ष्य छैन, त्यो अज्ञानान्ध भएर 'तंतं' 'मेरोमेरो' गर्दै मुग्ध बनिरहन्छन । एस अज्ञान मोह देखि परित्राण पाउनुको एक मात्र उपाय हो क्रिया । *कूटस्थ गायत्री हुन्, त्यसको भित्र जुन व्योम स्वरुप महादेव छन त्यही आत्मा हो* । यस ब्रहमपुरी शरीरको भित्र ग्रन्थिस्वरुप गुहा हृदयमा छ । प्राणायाम क्रिया द्वारा वायु स्थिर भएपछि अर्थात आफसे आफ कुम्भक भए पछि कूटस्थ भित्र यो आकाशवत् देखिन्छन जुन पुण्डरीक-नयन-स्वरुप छ, *यसको एक महाकाश छ । त्यो आकाश नै आत्मा हुन, त्यही ब्रहमस्वरुप गायत्री हुन, त्यही परव्योम हो, उसैको नाम हो शिव* । क्रियाको परावस्थामा जो अडकिरहन्छन त्यो अडकिनु यसै आकाशमा हो । प्रभात हुने बेलामा जुन ज्योति देखिन्छन् त्यस समान नै एक ज्योति प्रकाशित हुन्छ । यस ज्योतिको दर्शन भएपछि सबै आवरणहरु देखि मुक्ति हुन जान्छन् । पहिले सुवर्ण समान ज्योति चारैतिर देखिइन्छन्, त्यसको भित्र चक्षुस्वरुप सविता छ, त्यस सविताको अन्तर्गत जुन देवता छन त्यही हुन् पुरुषोत्तम् । पुरुषोत्तम पनि ब्रहम हुन जान्छन्, जब एक भन्नेवाला पनि कोही रहँदैन, पुरुषोत्तम पतिको पति परव्योम रुप शिवको भित्र प्रविष्ट भएर एक

अद्वितीय हुन जान्छन् । प्राणेन्द्रियादिको अवरोधले कूटस्थको जुन रुप देखिन्छ, त्यो पनि ब्रहम स्वरुप छ, त्यसमा रहेर पनि मन अन्य दिशामा जाँदैन, अतयव प्रकृतिस्थ भएर आत्मालाई पाप पुण्य, सुख दुःख आदिको भोग गर्नु पर्दैन । परन्तु क्रियाको परावस्थामा जो रहन्छन त्यसले द्वन्द्वातीत अवस्थालाई प्राप्त गर्दछन्, त्यतिखेर "म" रहँदैन, अतयव कुनै ज्योति पनि रहँदैन - त्यतिबेला सब ब्रहममय हुन जान्छन् । त्यो एक यस्तो अवस्था हुन त्याँहा केही छ या छैन, भन्न सकिदैन । यही त्रिगुणातीत अर्थात इडा-पिंगला-सुषुम्नाको अतीतावस्था हो । इडा-पिंगला-सुषुम्ना या गंगा-यमुना-सरस्वतीको संगमस्थल नै पवित्र तीर्थ हो । यो मिलनको स्थान नै क्रियाको परावस्था हो । यसै स्थानमाथि ब्रहममा मनः प्राण बुद्धि समर्पित हुन्छन । *"मनः स्थं मनोवर्जितम्"*- जब मनमा नै मन रहन्छन अर्थात आफु आफैमा रहन्छ तब त्यो मन नै ब्रहम हुन् । तद्व्यतीत क्रियाको परावस्थामा अरु कुनै रुप रहँदैन । क्रियाको परावस्थामा रहनु नै सत्य प्रतिष्ठा हो । यस बाहेक अन्य जे जति छन सव मिथ्या हुन । साधनद्वारा इडा-पिंगला-सुषुम्ना जबसम्म एक हुन जाँदैनन् तबसम्म प्रकृतिकै भित्र रहनु पर्दछ । गुणमयी प्रकृतिको भित्र रहेपछि मन कल्पना राज्यमा विचरण गर्दछन । यसैले अन्तर्दृष्टि अवरुद्ध हुन जान्छन् । तब ती सब मनः कल्पित वस्तुहरुमा आसक्त भएर जीवले सुख दुःखमय विषयहरुको भोग गर्दछन् । तब फलाकांक्षाको साथ कर्महरु गर्नको लागि जीव स्वतः प्रवृत्त हुन्छन् । जीवले जुन किसिमको कर्महरु गर्दछन् तदनुरुप नै उसलाई विविध योनिहरु प्राप्त हुन्छ अनि त्यस योनिहरुमा सद् असद् कर्महरुको फल भोग हुन्छ । गुण युक्त वस्तुहरुमा तादात्म्यभावले अभिमान गरेपछि जीवात्मालाई सुख दुःखादिभोगको लागि विविध शरीर धारण गर्नु पर्ने हुन्छ । प्रकृतिसंगको तादात्म्य भावको कारण पुरुष जब प्रकृतिको सत्त्वभावमा अभिमान हुन्छ तब त्यसले देवयोनिमा तथा तमोगुणमा अभिमानी भएपछि मूढयोनिमा जन्म प्राप्त गर्दछन । यसरी पुरुष आत्मविस्मृति अवस्थामा प्रकृतिसंगको तादात्म्य सम्बन्धले युक्त भएपछि अर्थात प्रकृतिको साथ अभेदभावले मिलित भएर प्रकृतिजात सुख दुःख आदिलाई आफ्नो सम्झेर भोग गर्दछ । यही नित्यमुक्तआत्माको बद्ध भाव हुन् । यस बद्धभावको खेल खेल्नको लागि नै प्राण मानो इडा-पिंगलामा प्रवाहित भएर पृथक हुन जान्छ । फेरि साधना द्वारा जब इडा-पिंगलाको प्रवाह सुषुम्नामा संचालित हुन्छन् तब जीवभाव रुध्द भएर देवभाव प्रकटित हुन्छ । यी तीन्टै मुख जब एक हुन जान्छन् तब जीव सर्वभावविनिर्मुक्त भएर भावातीत कैवल्य भावले युक्त हुन्छन् । यसैलाई जीवको विमुक्ति भन्दछन् । यही पुरुषको साथ प्रकृतिको संयोगको विच्छिन्न भाव हो । त्यस समय पुरुषको फेरि कुनै भोग रहँदैन । जीवको अदृष्टवश एकबार जब यो मिथ्या भोग आरम्भ हुन जान्छन् त गुणसंगको कारण त्यो पुनः पुनः भैरहन्छन् । प्रकृतिको त्रिगुणमय भाव इडा पिंगला सुषुम्नामा प्राणको प्रवाहको कारण हुन्छन । यसैको कारणले जीवको विविध शरीरहरुको उत्पत्ति हुन्छन । इडा-पिंगला-सुषुम्नामा प्राण-प्रवाहको साथ आत्माको निमज्जनको नाम नै गुणसंग हो । यस गुणसंगको कारणले नै जीवको शुभाशुभ फलभोग हुन्छ । यो भोकतृत्व भ्रम तबसम्म जानेवाला छैन जबसम्म इडा-पिंगला एवं सुषुम्ना यी तीन्टै नाडीहरुको मुख एकै हुन जाँदैन । यी तीन्टै मुखहरुको गति जब सम्म पृथक रहन्छ तबसम्म असाधक जीवको वृत्ति बहिर्मुख स्फुरित भैरहन्छन । बहिर्वृत्ति-स्फुरणको साथ जीवको भोकतृत्व-ज्ञान क्रमशः बढोत्तरी हुँदै जान्छन, विस्तारै विस्तारै वासना नदीले समुद्रको आकारलाई धारण गरी जीवलाई आफ्नो भुमरी-गर्त्तमा निमज्जित गरि दिन्छन ॥२१॥

उपद्रष्टानुमन्ता च भर्त्ता भोक्ता महेश्वरः;
परमात्मेति चाप्युक्तो देहेऽस्मिन् पुरुषः परः ॥२२॥

श्री धरीय टीका-[यस किसिमसँग प्रकृतिको अविवेकको कारणले नै पुरुषको संसार छ, परन्तु वास्तविक रुपमा पुरुषको संसार छैन, यस आशयले पुरुषको स्वरुप बताउनु हुन्छ) - यो जुन प्रकृतिको कार्य शरीर छ, यसमा रहेरै पनि पुरुष प्रकृति देखि भिन्न छ अर्थात-प्रकृतिको गुणहरुले युक्त छैन । यसको कारण यो छ - त्यो उपद्रष्टा हो अर्थात पृथक भएर निकट रहनुको कारण द्रष्टा या साक्षी हुन् । अनुमन्ताको अर्थ छ सन्निधि मात्रले अनुग्राहक । श्रुतिमा लेखिएको छ - "त्यो साक्षी, चेतन, उपाधिवर्जित एवं निर्गुण छ । त्यो ईश्वररुपमा भर्त्ता अर्थात विधायक हुन अनि भोक्ता अर्थात पालक छ । त्यो महान ईश्वर ब्रहमादिका पनि अधिपति हुन एवं श्रुत्युक्त परमात्मा अर्थात् अन्तर्यामी हुन्" । यस विषयमा श्रुतिको पनि प्रमाण छ - "यो सबको ईश्वर हो, यो भूताधिपति तथा लोकपाल हुन्" ॥२२॥

आध्यात्मिक व्याख्या-"त्यही महेश्वर हुन, त्यही गुरु हुन । जुन देश लक्ष्य हुँदैन त्यसलाई गुरुवाक्य द्वारा देख्न सक्दछ - त्यस ब्रहमको अणुमा स्थिति भए पछि नै अनन्त ब्रहमाण्ड जगन्मय व्रहमको स्वरुपलाई देख्न सक्तछ । त्यही सबको भरणपोषण कर्त्ता अर्थात् भरणपोषण कर्त्ता आफैं छ-यसलाई जानिकन पनि मानिसहरु मूर्ख समान हाय भगवान ! हाय भगवान ! कसरी संसार यात्राको निर्वाह गर्ने हो यसरी व्यर्थ काल यापन गर्दछन् । मनुष्यले सम्भन्छन्-म उपार्जन गर्दै गैरहन्छु, परन्तु स्पष्ट नै देखिन्छ, जसलाई मानिसहरुले देखेर पनि देख्दैनन्-मर्ने व्यष्टिले खादैनन्-ममा त्यो रहन्छन, यसैले त्यही खान्छन अनि जसले खान्छन् त्यसले सर्वत्र सब चिज खान्छन् जीवस्वरुप भएर-दृष्टान्त छ दाँतमा पनि कीरा । त्यो सबभूतहरुमा जीवरुपमा छन । एक ब्रहमस्वरुप भएर महेश्वर, जगन्मय, जगन्नाथ, ब्रहममय नामले सब शास्त्रहरुमा कथित छन् । त्यसमा रहेपछि त्यही हुन जान्छन्-जुन क्रियाको परावस्थामा बोध भएर पनि कसैले लक्ष्य हुँदैन, यसैले अव्यक्त छ । केवल १७२८ बार प्राणायाम गरेपछि योगीहरुलाई ध्यानगम्य हुन्छ । यही आत्माको पर कूटस्थ स्वरुप छ । यस शरीरमा नै कूटस्थको पर एक उत्तम पुरुष छ, क्रिया गुरुवाक्य द्वारा जानेर देख्न पाउँदछ । (यस शरीरमा नै) ।"-

-यद्यपि पुरुष (जीवात्मा) प्रकृतिकै परिणाम स्वरुप यस शरीरमा नै अवस्थान गर्दछन् तथापि त्यो स्वतन्त्र छ, प्रकृतिको गुणहरु बाट त्यो कहिल्यै आवद्ध हुँदैन । स्वरुपतः यो आत्मा असंसारी भएर पनि उपद्रष्टा प्रतीत हुन्छन् अर्थात प्रकृतिको समीपस्थ छ यसैले त्यो प्रकृतिको कार्यहरुको साक्षी प्रतीत हुन्छन । अध्यात्म रामायणमा लेखिएको छ -

"ज्ञात्वा मां चेतनं शुद्धं जीवरुपेण संस्थितम्"-

यो आत्मा प्रकृतिको निकटस्थ हुनुको कारण प्रकृतिको कार्यहरुको साक्षी मात्र छ परन्तु कर्त्ता त्यो कहिल्यै छैन ।

त्यो अनुमन्ता हो - आचार्य शंकर भन्नु हुन्छ - "देह एवं इन्द्रियहरुको व्यापारहरुमा स्वयं कुनै किसिमसँग व्यापृत नभएर पनि आपाततः अनुकुल भावले व्यापृत जस्तो प्रतीत हुन्छन्। अथवा आफ आफ्नो व्यापारमा प्रवृत्त देह एवं इन्द्रियहरुलाई कहिल्यै पनि निवारण नगर्नुको कारण नै आत्मालाई अनुमन्ता भन्न सकिन्छ।"

त्यो भर्त्ता छ - उसको सत्ता बिना देहेन्द्रिय आदिको सत्ता स्फुरण हुन सक्तैन। चैतन्यमय आत्माको चैतन्य आभासले नै यी जड इन्द्रिय वर्ग आत्माको व्यावहारिक भोगलाई सिद्ध गर्दछन्। देहेन्द्रिय आदिलाई चैतन्य मय बनाई दिनुको कारण नै त्यो यिनिहरुको भर्त्ता हुन।

त्यो भोक्ता हुन-आत्मा बिना कुनै वस्तुको केही अनुभव हुन सक्तैन। सब वस्तुहरु बुद्धिमा प्रतिविम्वित भएर आत्माको बोधको विषय बन्दछन। त्यो बुद्धिको प्रतिसंवेदी छ, उसको कुनै निजी भोग हुँदैन तथापि त्यसले प्रकृतिलाई मेरो, भनेर अभिमान गर्दछन, यसैकारण उसलाई प्रकृतिजात विषयहरुको भोक्ता भनिएको छ।

त्यो महेश्वर हो अर्थात् महान एवं ईश्वर हुन। त्यो सबैको आत्माको आत्मा हुन अनि सबैदेखि स्वतन्त्र छ, अतयव 'महेश्वर' हुन।

त्यो परमात्मा हो - यो आत्मा 'पर' अर्थात अव्यक्त देखि विलक्षण उत्तम पुरुष हुन, यसैले उसलाई 'परमात्मा' भन्दछन्। यही मूलतत्त्व सब जीवहरुको आश्रय छ। नाना किसिमको पात्रको जलमा जसरी चन्द्रको प्रतिविम्ब पृथक पृथक पर्दछ परन्तु चन्द्र केवल एक छ, त्यसरी नाना किसिमका शरीरहरुमा जुन प्रतिविम्वित चैतन्य छ ती समस्त प्रतिविम्बहरुको जुन विम्बस्वरुप छ, त्यही हो परमात्मा।

त्यसलाई महेश्वर किन भन्दछन्? मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त वायुलाई स्थिर राख्नुको नाम हो पूजा। यो स्थिरावस्था नै क्रियाको परावस्था हो, यस स्थिति स्वरुपलाई नै विष्णु भन्दछन्, त्यो सर्वव्यापक छन्। यस्तो कुनै स्थान छैन जहाँ त्यो नहोस, यसैले त्यो महेश्वर हुन। त्यही हुन गुरु। यस शरीर्को रुप छ ॐकार। कूटस्थको इच्छा भए पछि विन्दु स्वरुपले प्रकृतिमा प्रवेश गरेमा प्राण वायु स्वरुप महादेव आफसे आफ आविर्भाव हुन्छन। यस शरीरको भित्र ॐकार ध्वनि स्वरुप नाद सदा नादित भैरहन्छन। त्यस नादको पर विन्दु छ, भ्रू मध्यमा दृष्टि गरेपछि त्यो विन्दु देखिन्छन। त्यो विन्दु स्थिर भएपछि ब्रहम पद प्रकाशित हुन्छ। यस शरीरमा क्रिया गर्दा गर्दा जब मन अन्य दिशा तिर नगै स्थिर हुन जान्छन्, तब अज्ञान अन्धकारलाई भेदन गर्दै स्वप्रकाश स्वरुप आत्माराम गुरु प्रकट हुन्छन्। क्रिया गर्दा गर्दा मेरुदण्डमा मूलाधार स्थित शक्तिलाई जब हृदयमा स्थिर गर्दछन् त स्थिति पद प्राप्त हुन्छ, तब यसको नाम हंस हुन्छ। यस मूलाधारस्थ शक्ति मृणालतन्तु समान हृदयमा गमनागमन गर्दछन तब यसलाई हंस भन्दछन्। स्थिर वायु जब भ्रूमध्यमा जान्छ अनि विन्दु देखिन्छन त उसको नाम 'रुप' हुन्छ - यही कूटस्थ रुप हो परन्तु क्रियाको परावस्थामा जुन रुप छ त्यो ब्रहमनिरंजनको रुप हो त्यही हो अरुपको रुप।

**"सोऽहं सर्वमयी भूत्वा परं ब्रहम विलोकयेत ;
परात्परतरं नान्यत् सर्वमेव निरामय ॥"**

क्रियाको परावस्थामा "म नै सब हूंम" - यस्तो भए पछि ब्रहमको दर्शन हुन्छ, त्यही अव्यक्त पद हो । यही परात्परतर हुन, त्यो सिवाय अरु केही छैन । यस अवस्था उदय भए पछि जीव सर्वत्र निरामय हुन्छ अर्थात मन तब दोश्रोतिर जादैन ।

यो ब्रहम नै सबको भरण पोषण कर्ता हुन । त्यही जीव हुन र जीवको कर्मरुपमा त्यसैले फल उत्पन्न गर्दछन् तथा जीवरुपमा त्यसको फल भोग गर्दछन् । अतयव जीवले जुन 'मगर्दछु' भनेर कर्त्ता भैदिन्छन त्यो नितान्त हास्य जनक छ । त्यही एकमात्र कर्त्ता हुन । अतयव सोच्नु पर्ने केही छैन । जसबाट स्वरुपावस्था प्राप्त हुन्छ, त्यसैको लागि प्राणपनले प्रयत्न गर्नु आवश्यक छ । स्वरुपावस्था प्राप्त भए पछि नै बुझिनमा आउनेछ - जगत् के हो अनि जगन्नाथ के हुन् । प्राण चंचल भएर नै मन बहिर्मुख हुन्छन्, तबै जगत दर्शन हुन्छ अर्थात एस्तो जानिइन्छन् मानो सब चंचल छन । जब प्राण स्थिर हुन्छ तब केही पनि चंचल जानिदैनन् । सबै स्थिर सबै अचल जानिन्छन् । सचल अवस्था जसको प्रभावले अचल हुन्छ, त्यही जगन्नाथ हुन् । क्रियाको अवस्थामा यसको बोध हुँदैन, परावस्थामा यसको अनुभव हुन्छ, यसैले यसलाई अव्यक्त पद भन्दछन् । यो ध्यानगम्य पद हो ।

**"यस्यावलोकनादेव सर्वसंग विवर्जित ;
एकान्तनिस्पृहः शान्तस्तत्क्षणात् भवति प्रिये ॥"**

यस परम ब्रहमको अवलोककन गरी जीव सर्वसंग देखि विमुक्त भएर सबैको भित्र त्यस एक ब्रहमलाई देख्दछन् । एसको नाम एकान्त हो । जब सबको भित्र एकको नै अनुभव हुन गयो भने त फेरि अरु स्पृहा कसरी रहला । यस किसिमसँग जो इच्छारहित हुन जान्छ त्यसले शान्तिपद प्राप्त गर्दछ ।

क्रियाको परावस्थामा जो योगनिद्रामा मग्न मस्त रहन्छन् उन्लाई स्वप्न दर्शन हुँदैन, यही प्रकृत सुषुप्ति हो । यस सुषुप्ति स्थानमा रहँदा रहँदा त्यो स्वयं पनि ब्रहमस्वरुप भएर एक हुन जान्छन् । त्यसपछि प्रज्ञानघन अवस्था प्रकाशित हुन्छ अर्थात स्थैर्य भाव धेरै बेर सम्म स्थायी एव गाढा हुन जान्छन् तथा अधिककाल सम्म घण्ट निनाद सुन्दा सुन्दा त्यस ध्वनिमा लय हुन जान्छ अर्थात स्थिति लाभ गरी आनन्दमय स्वरुप भएर खालि आनन्द भोग गर्दछ । यसरी आनन्द स्वरुप सुख भोग देखि साधक प्राज्ञ भएर तृतीय पादलाई प्राप्त हुन्छन् अर्थात हृदय ग्रन्थिलाई भेदन गरी साधक-"सर्वं ब्रहमंमयं" जगत् हुन जान्छ । त्यहीं मनोवृत्ति एव इन्द्रियवृत्ति ब्रहममा लीन हुन जान्छन् । ब्रहमको साथ मिलन भएपछि परमात्मामा स्थिति हुन्छ, यसैको नाम सन्ध्या या ध्यान हो जुन १७२८ बार प्राणायाम गरेपछि बुझ्नमा आउंदछन । यस किसिमसँग अवरुद्ध रहनुको अभ्यास गाढा भएपछि ध्यान सन्ध्या हुन्छ । जसमा कुनै कायल्केश रहँदैन । ब्रहममा मिलेपछि सबै भूतहरुमा मिल्न सक्छन् । यही हो एकदण्डीको सन्ध्या । जब सर्वदा सुषुम्नामा रहन्छ तबै एकदण्डी हुन्छ अनि तबै *"सर्वं ब्रहममयं जगत्"* हुन्छ ।

विषयहरुमा रहेर पनि जसले मनलाई ब्रहममा राख्दछन्, तिनीहरु ऋषि हुन् । सूर्यस्वरुप कूटस्थ छ, कोटि सूर्य समान प्रकाश हुन्छ, यस्को अपेक्षा पनि महाज्योति (अग्नि एवं विद्युत् मिश्रित ज्योति) छ । त्यहाँ अनेक देवता रहन्छन्, त्यस कूटस्थको भित्र उत्तमपुरुष रहन्छन । जसको भित्र समस्त ब्रहमाण्ड छ, पुन क्रिया गरेपछि देखिन्छन, त्यो कूटस्थ नै पूजनीय छन्, त्यही गुरुब्रहम हुन, त्यसैले शरीर धारण गरी जन्म ग्रहण गर्दछन् । उही सर्वत्र रहनुको कारण विष्णु हुन्, षड ऐश्वर्यवान हुनुको कारण भगवान् हुन् तथा अत्यन्त निर्मल हुनुको कारण शिव हुन् । त्यो 'परम' हुन् । त्यो अरस अर्थात सबरसहरुको रस हुन । त्यो विज्ञान स्वरुप छन, किनभने त्यहाँ जो रहन्छन् सर्वज्ञ हुन्छन त्यो । त्यो सर्वव्यापक छन, अतयव महत् हुन् । त्यो क्रियाको परावस्थामा महादेव हुन्, त्यो हृदयमा रहेर सर्वत्र सब मानिसहरुमा जान्छन् अनि कसैको वशमा हुँदैन, यसैले त्यो ईश्वर हुन् । त्यो ब्रहमा हो अर्थात इच्छा-स्वरुप छ । त्यो भएकोछ अतयव भूत हुन, त्यो क्षेत्र अर्थात शरीरलाई जान्दछ यसैले क्षेत्रज्ञ हुन । त्यसले ब्रहमा, हर, इन्द्र, कूटस्थ एवं विष्णु स्वरुपमा जगत एवं जीवलाई पालन गरिरहेको छ । त्यो सबको आदि हुन यसले आदित्य हो, उसको जन्म छैन यसैले अज हुन् । त्यसले प्रजाहरुको पालना गर्दछ त्यसैले प्रजापति हुन । जब त्यो प्रजापति एवं जगत भर्त्ता छन त मानिसहरु व्यर्थ नै भोजनको चिन्तामा मर्न गैरहेकाछन । क्रियाको परावस्थामा त्यो 'केवल' हो । यस देहपुरीमा शयन गर्नुको कारण त्यो पुरुष हो । उसैको यजन गरिइन्छन् अतः त्यो यज्ञ हुन् । क्रियाको परावस्थामा शान्ति पद प्राप्त गरिन जान्छन् यसैले त्यो शान्त हुन् । त्यो सिवाय अरु केही छैन, यसैले त्यो अद्बितीय हुन । प्राण-स्वरुप जुन अग्नि छ त्यो हिरण्य वेष्टित छन्, यसैले त्यो हिरण्य गर्भ हुन् । यो प्राण नै विश्वम्भर हो, उसलाई कसैले देख्दैन, परन्तु त्यसले सवचिज गरिरहेको छ र खाइरहेकोछ । *देख्नु, सुन्नु, मनन गर्नु समस्त प्राणकै कर्म हुन् । प्राण नै वाक्य हुन, प्राण नै परमात्माको गौण नाम हुन । यस प्राणको साधना द्वारा प्राण एवं मन स्थिर भएपछि यस शरीरको भित्र तथा शरीर देखि स्वतन्त्र जुन उत्तम पुरुष छ, त्यो देखिइन्छन् । त्यही हुन अन्तर्यामी, त्यही भूताधिपति परमात्मा हुन ॥२२॥*

य एवं वेत्ति पुरुषं प्रकृतिंच गुणैः सह;
सर्वथा वर्त्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

श्री धरीय टीका-[प्रकृति-पुरुष-विवेकज्ञ ज्ञानीको प्रशंसा गर्नु हुन्छ]-यसरी उपद्रष्टा भावहरुमा जसले पुरुषलाई जान्दछ तथा जसले गुणहरु अर्थात् सुख दुःखादिको परिणामहरुको साथ प्रकृतिलाई जान्दछन्, त्यो मनुष्यले सर्वथा विधिको अतिक्रमण गर्दै वर्त्तमान भएर पनि पुनः जन्म ग्रहण गर्दैन, त्यो विमुक्त हुन जान्छ ॥२३॥

आध्यात्मिक व्याख्या-"यसरी उत्तम पुरुषहरुलाई जसले जान्दछ, अर्थात् देख्दछ, पंचतत्त्व, मन, बुद्धि, अहंकार, उत्तम, मध्यम अधम गुण; सबमा त्यही ब्रहमको अणु-स्वरुप-त्यो सब समय पुरुषमा नरहँदामा पनि पुनर्वार जन्म ग्रहण गर्दैन, तथा भएर पनि त्यो हुँदैन किनभने त्यो ब्रहमस्वरुप हुन गएको छ ।"-

-पंचतत्व, मन, बुद्धि, अहंकारले युक्त जीवप्रकृतिले जब उत्तम पुरुषलाई जान्दछ तब उसलाई ती सबमा ब्रहमको अणु देखिइन्छन्। तब कुनै वस्तु ब्रहमदेखि पृथक जानिंदैनन्। *शरीर, प्राण, मन, एवं बुद्धिको ज्ञातारुपमा जुन साक्षी-चैतन्य छ, उसैको सत्ता माथि यस विश्व प्रकृतिको विकास निर्भर गर्दछन।* अतयव साक्षी चैतन्य सिवाय यिनको स्वतन्त्र अस्तित्व छैन जुन साधकको मन प्राण साधना द्वारा यस साक्षी चैतन्यसँग मिलेर एक हुन गएका छन्, जस्तो क्रियाको परावस्थामा हुन्छ र त्यस अवस्था देखि ओर्लेर पनि यदि त्यस अवस्थाको स्मृति जाग्रत रहन्छन् भने त त्यस साधकको पुनर्जन्म हुँदैन, किन भने उसलाई ब्रहमको स्वरुप अवगत हुन गएको छ।

प्रकृतिको कारणले नै असीम काल खण्ड खण्ड प्रतीत हुन्छ अनि कालको खण्डत्वको कारण सब वस्तुहरुको परिवर्त्तन देखिन जान्छ। परन्तु क्रिया गरी जसलाई क्रियाको परावस्थाको अनुभव हुन्छ तथा जसको त्यो अवस्था क्रमशः दीर्घ हुँदै जान्छन्, त्यस साधकको वाह्य वस्तुहरु देखि संसक्ति लुप्त भएर शिशु जस्तै अवस्था हुन जान्छन् - कहिल्यै रुनु, कहिले हाँस्नु र क्षणमा नै ती सबको नाम मात्र पनि स्मरण नरहनु। जो एस किसिमसँग जीवनमुक्त छन् उनको अगाडि कालको व्यवधान रहँदैन, भूत भविष्यत् नामको कुनै वस्तु पनि रहँदैन। तब उसको सामुन्ने सबचिज वर्तमान सदृश हुन जान्छ। जसको अगाडि काल सदा नै वर्तमान छ अर्थात अखण्ड छ त्यसले फेरी भूत भविष्यत्को कल्पना गर्दैन। काल द्वारा नै कर्महरुको सुख दुःखादि फल उत्पन्न हुन्छन। जसको अगाडि काल सदा वर्तमान रुपमा अवस्थित छ, त्यसलाई फेरी सुख दुःखको भोग कहाँ ? एक विचार देखि अन्य विचारमा आउनको लागि नै कालज्ञानको आवश्यकता हुन्छ। जसको चित्त वृत्तिमा कुनै स्पन्दन छैन त्यसको कर्म कसरी होलान् ? अतयव कर्मको फलस्वरुप सुख दुःखादि भोगको लागि उसको पुनर्जन्म हुनु संभव छैन। *शरीरको भित्र कूटस्थ छ, त्यसको पर उत्तम पुरुष छ, जुन परव्योम स्वरुप छ। तब त्यो सर्वव्यापक छ, अतयव सब "म" उसको भित्र छन्।* 'म' को ज्ञान द्वारा नै विषयको अनुभव हुन्छ। जब 'म' रहँदैन तब कुनै विषय पनि रहँदैनन्, सब एक ब्रहम हुन जान्छन्। शरीर दृष्टि रहँदा खेरी नै साक्षी चैतन्यको पृथक पृथक रुपमा अनुभव हुन्छ, परन्तु आत्माको सर्वव्यापकत्व बुझि लिए पछि त्यो एक नै सबको भित्र अनुभूत हुन्छन्। प्रवर्त्तक साधकलाई जुन सर्वरुपमा प्रतीत हुन्छन्। पहिले विश्वको विराटत्व अणुत्वमा परिणत हुन्छ र अणु क्षीण हुदै हुँदै शून्यमा परिणत हुन जान्छन्। जुन मानिसहरुले कूटस्थको भित्र ब्रहम अणुलाई विन्दुरुपमा देख्दछन्। यही विन्दु अनन्त वस्तुहरुको रुपमा प्रकाशित हुन्छन्। यसलाई जसले प्रत्यक्ष गर्दछन् तिनीहरु नै स्व स्वरुपमा अवस्थान गर्दछन्। तब उनको जन्म जन्मान्तरको संचित कर्म समष्टि अर्थात प्रारब्ध समूल विध्वंस्त हुन जान्छन्। तब साधकको ज्ञान चक्षुको अगाडि एक ब्रहम सिवाय अरु केही वर्त्तमान रहँदैन। पश्चात एक भन्नुको लागि पनि कोही रहँदैन। परमात्मा वस्तुतः एक एवं अद्वितीय हुन जुन मायाको प्रभावले अनेक जस्तो प्रतीत हुन्छन। जब देह बोध निरुध्द हुन जान्छन् त माया पनि मायीको भित्र संप्रविष्ट हुन जान्छन्। तब एक आत्मा नै वर्तमान रहन्छ। श्री मद् भागवतमा लेखिएको छ -

"इदन्तु विश्वं भगवानिवेतरो;
यतो जगत्स्थान निरोध संभवा ॥"

जुन ईश्वर देखि यस जगत्को सृष्टि, स्थिति एवं लय छ त्यो ईश्वर तथा यो विश्व एवं जुन जीवरुपमा प्रतीयमान भैरहेछ, सबै भगवान हुन् अर्थात् सब ब्रहमय छन् ॥२३॥

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना;
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

श्री धरीय टीका-[एस किसिमसित आत्मज्ञानको साधनको विषयमा जुन नाना विकल्प छन, त्यसलाई दुई श्लोकहरुमा भन्नु हुन्छन]-(१) ध्यान - अर्थात आत्माकार प्रत्ययको आवृत्ति द्वारा 'आत्मनि' देहमा 'आत्मना' मन द्वारा कोही कोहीले आत्माको दर्शन गर्दछन् । (२) दोश्रो कोहीले सांख्य अर्थात् प्रकृति पुरुषको वैलक्षण्य (भेद) को आलोचना द्वारा तथा अष्टांग योग द्वारा आत्माको दर्शन गर्दछन् । (३) कोही कोही कर्मयोग द्वारा आत्माको दर्शन गर्दछन् (यहाँ 'पश्यन्ति' यस क्रियाको सर्वत्र अनुषंग जान्नु पर्दछ) यी ध्यानादिकहरुको यथायोग्य क्रमसमुच्चय भएपछि निष्ठाको विभिन्न अभिप्राय देखाउनको लागि यी पृथक भावले कथित भएका छन् । [यद्यपि आत्म दर्शनको लागि ध्यान, सांख्य, कर्म प्रभृत्तिको समुच्चय अर्थात परस्पर मिलित भावमा अनुष्ठान गर्नु नै प्रयोजनीय छ, तथापि निष्ठाभेद देखाउनको लागि श्री भगवान्ले यस किसिमसित विकल्पको उक्ति गर्नु भएको छ] ॥२४॥

आध्यात्मिक व्याख्या - "१७२८ बार प्राणायाम गरेपछि आत्मा निर्मल ब्रहम स्वरुप अणु देखिनमा आउंछन् । कोही असंख्य प्राणायाम गर्दा गर्दा आफसे आफ आत्मालाई देख्दछन्, अरु मानिसहरु सब देखि रहित भएर आसक्तिपूर्वक कतैतिर मन नलगाई केवल आत्मामा रहेर आत्मालाई आफसे आफ हेर्दछन् जसलाई सांख्य योग भन्दछन-उसको तात्पर्य पनि यो क्रिया नै हो । दोश्रो मानिसहरु फलाकांक्षा रहित भएर धारणा ध्यान समाधियुक्त भएर यो क्रिया गर्दै (जुन गुरुवक्य गम्य छ) त्यस आत्मालाई आफसे आफ देख्दछन् ।"-

वाह्य विषय इन्द्रियद्वारहरु द्वारा मनमा आउँदछन अनि इन्द्रियहरुकै सहायताले नै प्रकाशित भएर वासना रुपले हृदयमा प्रविष्ट हुन्छन् । जबसम्म यो भाव छ तबसम्म संसार छ । प्राण धारा स्पन्दित भएर मन रुपमा यी समस्त संकल्प विकल्पको तरंगहरुलाई उठाउँदछन । परन्तु आत्माको भित्र तरंगहरुको उच्छ्वास छैन । जसरी सूर्य देखि किरण राशि उत्पन्न भएर विश्वमा फैलिन जान्छन् त्यसरी नै आत्मा चंचल भएर प्राणरुपमा यस विश्व सन्सारलाई उत्पन्न गर्दछन र वासनाको सहयोगले उससँग युक्त भएर खालि सन्सार तरंगहरुको नै अवलोकन गर्दछन । जब भाग्यवशात् कृपाले यो सन्सार चांचल्य उसलाई ल्किष्ट बोध हुन्छ, तब तरंगाकार मनोवृत्तिहरु आफ्नो केन्द्रतिर दौडिन्छन् । जब वासना समूह आत्म तन्द्रामा पुगेर शान्त हुन जान्छन् तब चंचल प्राण अव्यक्त प्राणमा मिलेर एक आत्माकार भावले भावित हुन जान्छन्

ततः परं ब्रहम परं वृहन्तं
यथा निकायं सर्वभूतेषु गूढं;
विश्वस्यैकं परिवेष्टितारं,
ईशं तं ज्ञात्वाऽमृता भवन्ति ॥श्वेता० ३/७॥

जगत आत्मासँग सम्बन्धयुक्त छ, त्यसको अपेक्षा पनि जुन श्रेष्ठ छ, त्यो कारणरुपमा जगत् प्रपंचको भित्र पनि वर्तमान छ, तथा त्यस जगदात्मक विराट् पुरुषको अतीत छ अर्थात् हिरण्यगर्भरुपी ब्रहमाको अपेक्षा पनि उत्तम छ तथा व्यापक हुनुको कारण वृहत छ । त्यो 'यथानिकाय' अर्थात भिन्न भिन्न शरीर अनुसार सर्वभूतहरुमा गूढ छ अर्थात प्रच्छन्न भावले विद्यमान छ तथा समस्त जगत्को परिवेष्टिता छन अर्थात समस्त जगतलाई अन्तर्भुक्त गर्दै स्वस्वरुपमा जगत्लाई व्याप्त गरी अवस्थित छ । त्यस परमेश्वरलाई अवगत गरी जीवगणले अमृतलाई प्राप्त गर्दछन-अर्थात विमुक्त हुन जान्छन् ।

त्यस परम पुरुषलाई कसरी प्राप्त गर्न सकिन्छ ? "त्रिणि पादे विचक्रमे विष्णोर्गोपऽदाभ्यां अतो धर्माणि धारयन"- ऋग्वेद । इडा, पिंगला, सुषुम्ना यी तीन पद छन्-अढाई दण्ड वाम दिशामा, अढाई दण्ड दक्षिण दिशामा एवं किंचित काल मध्य भागमा श्वास बहन्छ । यसैलेनै संसार चक्र प्रवाह चल्दछन । यस अनन्त काल चक्रको गति स्थिर भएपछि नै विष्णुको परम पद प्राप्त गरिन जान्छन् । वाम दक्षिण अर्थात इडा पिंगलाको गति क्रियाद्वारा स्थिर भएर जब सुषुम्नामा प्रवेश गर्दछ तब स्थिरत्व पदको लाभ हुन्छ । क्रियाको परावस्थामा यो स्थिति धृत हुन्छ, यो स्थिरत्व नै प्रकृत धर्म हो । यस स्थिरता द्वारा नै निवृत्ति पद प्राप्त गरिन जान्छन् । प्रथमतः क्रिया गर्दा गर्दा जति जति मन स्थिर हुन्छ उति उति नै पापको क्षय हुन्छ । समस्त पापहरु क्षय भएपछि मनमा मन डूब्न जान्छ र यस शरीरको अधिपति जुन ब्रहम छ उसैसँग युक्त हुन जान्छन् । यस योग युक्त अवस्थाले नै सर्वत्र समभाव हुन्छ, हृदय सुन्दर हुन्छ अर्थात त्यस हृदयमा कुनै ग्लानि या मल रहँदैन र आनन्दको अनुभव हुन लाग्दछन् । तब साधकले कुनै दोश्रो आश्रयको अपेक्षा गर्दैन । त्यो "राम भरोसा" हुन जान्छ, अर्थात् ब्रहम प्रति उसको पूर्ण निर्भरता आउँदछ । यो अवस्था नै क्रियाको परावस्था हो, यही विष्णुको परम पद हुन् । श्वास जब मस्तकमा चढेर स्थित हुन्छ तब योगीले सदा परमपदलाई देख्न पाउँदछ । वायुको स्थिर गति साथ माया रहित भएर साधक तत्वातीतं निरंजन ब्रहमभावमा रहन्छन । यही क्रियाको परावस्था, परमपद या ब्रहम पद हो । ब्रहम तब सूक्ष्म अणुस्वरुपमा सर्वव्यापक हुन्छन् । उसको कुनै उपलब्धि हुँदैन, तथापि त्यसमा मन लीन भए पछि साधक सर्वव्यापी ब्रहमस्वरुपमा वर्तमान रहन्छन् । १७२८ बार प्राणयाम गरेपछि जुन ध्यानावस्था आउँदछ त्यसमा निर्मल ब्रहमाणुको समय समयमा उपलब्धि हुन्छ, त्यो ब्रहमाणु नै हाम्रो निज स्वरुप हो । यसको अनुभव गरी साधक कृतकृत्य हुन जान्छन् । तब प्राणको बाह्य स्पन्दन नहुनुको कारण मन प्राणमा विलीन भएर परम शान्तिमय भावमा अवस्थान गर्दछ । यस अवस्थामा मनको समस्त विजातीय प्रत्यय प्रवाह निरुध्द हुन जान्छन् । त्यो 'समरस' भाव अर्थात ज्ञानधारा तैलधारा समान अविच्छिन्न भावले प्रवाहित हुन्छन-यही हो

ध्यान द्वारा आत्मसाक्षात्कार । क्रियाको परावस्थामा जुन परम स्थिर या ब्रहमभावको उपलब्धि हुन्छ, त्यो ब्रहम नै सबकासबको आधार हो । त्यसमा रहेपछि नै परमानन्दको बोध हुन्छ । एक अखण्ड ब्रहमबोध द्वारा समस्त बोध आच्छादित हुन जान्छन् अनि अन्य जे जति छन ती सबकासब ब्रहममा लीन हुन जान्छन् ।

उपर्युक्त साधना तथा त्यस पछिको अन्यान्य साधनाहरुको जुन क्रम छन, ती सबलाई एक साथ आरम्भ गर्न सकिन्छन् । यसले निरोधावस्था अपेक्षाकृत सहजलभ्य हुन जान्छन् । दीर्घकाल सम्म दीर्घक्षण पर्यन्त क्रियाको अभ्यास गर्नुको फलस्वरुप क्रियाको परावस्था जसलाई ध्यान योग भन्दछन् प्रकटित हुन्छन् । यस साधनाको अंग हुन् सांख्य योग एवं क्रियायोग । (१) क्रियायोगको अनेक अंग छन, त्यसमा जपको साथ प्राणायाम नै सर्व प्रधान छ । प्राणायामको क्रिया गर्दा गर्दा मनको बहिर्विचरण कम हुन जान्छन्, चित्त एकाग्र हुन्छन् -

यही धारणा हो । त्यस पछि चित्त विशेषरुपले अन्तर्मुखी हुँदै निरोध तिर अग्रसर हुन्छ, तब ध्यानावस्था प्राप्त हुन्छ । त्यसपछि ध्यान गम्भीरतर भएपछि चित्तको एकाग्रताले पराकाष्ठालाई प्राप्त गर्दछ, तब मन निरुध्द हुन जान्छन्- यसैको नाम समाधि हो । प्राणायामको साधनाले चित्त जति जति चिन्ताशून्य हुन्छ, उति उति नै सत्त्वशुध्दि हुनाले मन अन्तरमुख भएर आत्मस्थ हुन जान्छ-यही हो श्री भगवान्मा सर्वकर्म समर्पण। चिन्तन द्वारा भगवान्मा सर्वकर्म अर्पण गर्दै नियमित कर्तव्य कर्महरुको जुन अनुष्ठान छ त्यही कर्मयोग हो । पूर्वोक्त प्राणायामादि क्रियायोग पनि कर्मयोग हुन् ।

(२) सांख्य एवं ध्यान योग-विचारयुक्त ज्ञान योग नै सांख्य योग हुन । परन्तु खालि मौखिक विचार लिइरहनाले प्रकृत ज्ञान उत्पन्न हुँदैन । अष्टांग योगाभ्यासमा रत भएर क्रियावान साधकले आत्मा द्वारा आत्माको दर्शन गर्दछन । यसमा पनि प्राणायामको आवश्यकता छ । यो कुरा योगीहरुले जान्दछन् । साधकले प्रथमः योनिमुद्रा द्वारा शरीरस्थ आत्मज्योतिको दर्शन गर्दछन्, क्रमशः श्रध्दा एवं अभ्यास पटुता द्वारा ज्योतिको अन्तर्गत कूटस्थको भित्र उत्तम पुरुष नारायणको दर्शन प्राप्त गर्दछन् । यही हो आफुलाई आफैले देख्नु । तब मनको अन्य वस्तुहरुमा आसक्ति रहँदैन, योगी केवल आत्मक्रिया द्वारा आत्मस्थिति प्राप्त गरी आफैमा डूबिरहन्छन । यो पनि प्राणायामको नै फल हो । धेरै प्राणायाम गरेपछि साधकले आत्मज्योतिको नित्य नै दर्शन गर्न सक्दछन ॥२४॥

अन्ये त्वेवमजानन्त श्रुत्वान्येभ्य उपासते;
तेऽपि चातितरन्त्येव मृत्युंश्रुति परायणाः ॥२५॥

श्री धरीय टीका-[अति मन्दाधिकारीहरुको निस्तारको उपाय भन्नु भैरहेछन्]-दोश्रो मन्दाधिकारी मानिसहरु सांख्ययोगादि द्वारा उपद्रष्टादि लक्षणहरुले युक्त आत्मालाई साक्षात्कार गर्न नजानेर अन्य आचार्यहरुको उपदेश सुनेर ध्यान गर्दछन् । तिनीहरु पनि श्रद्धा साथ उपदेश श्रवण परायण भएर मृत्यु अर्थात सन्सारलाई क्रमशः विस्तारै विस्तारै अतिक्रम गर्दछन ॥२५॥

आध्यात्मिक व्याख्या - यी सब सुनेर अर्थात उपर्युक्त सब कर्महरुलाई सुनेर कुनै एकलाई मनमा स्थिर गर्दछन, तिनीहरु पनि अरु केही नपाएर खालि ॐकार ध्वनि सुनेर बसिरहन्छन्, तिनीहरु पनि तर्न जान्छन अर्थात् क्रिया गर्दा खेरि जुन स्थिति हुन्छ त्यसको अनुभव हुन्छ।

-तीन्टै गुणहरु साम्य भएपछि क्रियाको परावस्था प्राप्त हुन्छ, यही तीन गुणहरुको अतीताभाव हुन्। तब प्राण, अपान एवं व्यानको गति समान हुन्छन्। त्यस समयमा स्थित भए पछि स्थिरत्व पद प्राप्त हुन्छ तीन्टै गुणहरु देखि अतीत भएपछि समान वायु नाभिदेशमा स्थिर भएर जब हृदय पर्यन्त स्थिर हुन्छ त हृदयस्थ ईश्वरमा लीन भएर साधक सर्वज्ञ हुन जान्छन्। यस अधिकारको प्राप्ति जसको लागि कठिन या असम्भव छ, त्यसको कूटस्थमा प्रतिष्ठा भएपछि अनन्त लोकहरुको प्राप्ति हुन्छ। कूटस्थको गुहामा प्रवेश गर्नपनि जसको निम्ति संभव हुँदैन, त्यसले यदि गुरुपदेश अनुसार क्रिया गरिनै रहन्छ भने त त्यसले आफसे आफ ॐकार सुन्न लाग्दछ। क्रियाको परावस्था प्राप्त योगीको जुन अवस्था हुन्छ, गुरुको कृपाबाट नाद जस्को व्यक्त भएको छ त्यसलाई पनि त्यही अवस्था प्राप्त हुन्छ जसलाई विष्णुको परमपद भन्दछन्। यो शब्द ब्रहमको साधन अति सहज छ, अलि अलि मन लगाएर क्रिया गरेपछि प्रणवध्वनि सुनिन जान्छन्। त्यसमा जसले मन लगाउँदछ उनलाई पनि नशा हुन्छ अर्थात जगत् विस्मृत हुन जान्छन ॥२५॥

यावत् संजायते किंचित् सत्वं स्थावरजंगमम्;
क्षेत्र क्षेत्रज्ञ संयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

श्री धरीय टीका-[तृतीय, चतुर्थ एवं पंचम अध्यायहरुमा कर्मयोगको सम्बन्धमा विस्तृतरुपसँग भन्नाले तथा षष्ठ, एवं अष्टम अध्यायहरुमा ध्यान योगादिको विषय विस्तारपूर्वक भन्नुले, ध्यानादिको हेतु सांख्य विविक्त आत्म विषयक हुनुको कारण सांख्यलाई नै एस अध्यायको समाप्ति पर्यन्त विस्तृतरुपले भन्नु हुदैछन्]-जुन केही स्थावर जंगमादि वस्तुहरु उत्पन्न हुन्छन, त्यो सब क्षेत्र एवं क्षेत्रज्ञको अविवेककृत तादात्म्याध्यासको कारणले उत्पन्न भएको जान्नु। [एक पदार्थमा अन्य पदार्थको धर्म बोध गर्नुको नाम हो अध्यास। अनात्मामा आत्मबोध भएपछि अनात्माको धर्मलाई आत्माको धर्म मानेर जुन बोध हुन्छ त्यसको नाम अध्यास हो। स्थूलत्व एवं कृशत्व आत्माको धर्म होइन, परन्तु म स्थूल हूंम्, म कृश हूंम् भनेपछि देहधर्म आत्मामा अध्यासित हुन्छन्। आत्मा अनात्मा भन्दा विलक्षण छ, यसको ज्ञान नहुनुको कारण यो अध्यास उत्पन्न हुन्छ। अतः यस अध्यासको हेतु अविवेक छ, यो भन्न सकिन्छ] ॥२६॥ [जीव एवं परमेश्वरको अभेद ज्ञान मोक्षको साधन हो, "यज्ज्ञात्वामृत मश्नुते" - जसलाई जानेर मोक्ष प्राप्त गरिन्छन। यस सिद्धान्तको हेतु के हो, यही देखाउनको लागि यस श्लोकको आरम्भ गरिएकोछ। जुन केही वस्तु संजात अर्थात् उत्पन्न हुन्छन् त्यो समस्त स्थावर जंगम वस्तु जात क्षेत्र एवं क्षेत्रज्ञको संयोगले उत्पन्न हुन्छन्। यो जुन क्षेत्र र क्षेत्रज्ञको संयोग निर्दिष्ट भएकोछ एसको तात्पर्य के छ अर्थात यहाँ कस्तो संयोग अभिप्रेत छ, यही समझाउनको लागि भन्नु हुँदैछन - जसरी डोरीको साथ घटको अवयव संयोग मूलक परस्पर संयोग हुन्छ-क्षेत्र र क्षेत्रज्ञको संयोग के त्यस्तै किसिमको हो ? यो हुन सक्तैन किनभने

आकाश समान क्षेत्रज्ञको कुनै अवयव छैन । तन्तु र पटको जस्तो समवाय रुप सम्बन्ध छ, के त्यस्तै नै समवाय रुप सम्बन्ध यहाँ क्षेत्र र क्षेत्रज्ञमा छ ? यो पनि होइन किनभने तन्तु एवं पटमा एक कारण हो दोश्रो कार्य त्यसमा यो कार्य कारण हुनुको कारणले नै तन्तु र पटको परस्पर समवाय रुप सम्बन्ध स्वीकार गरिन जान्छन् । क्षेत्र एवं क्षेत्रज्ञको भित्र यस किसिमको कार्य कारण भावरुप सम्बन्ध छैन, अतयव यिन्मा समवाय रुप सम्बन्ध रहन सक्तैन । तेसो भए यो संयोग कस्तो छ, यसको उत्तरमा भन्न सकिन्छ क्षेत्र र क्षेत्रज्ञ वस्तुतः विलक्षण स्वभावका छन् । क्षेत्रज्ञ स्वयं ज्ञान स्वरुप छन्, क्षेत्र हो ज्ञानको विषय । यिनको पारस्परिक जुन अध्यास रुप सम्बन्ध छ त्यही याँहा संयोग शब्दको अर्थ छ अर्थात क्षेत्रज्ञको धर्म क्षेत्रमा एवं क्षेत्रको धर्म क्षेत्रज्ञमा आरोपित हुन्छ । यसको सिवाय क्षेत्रको तादात्म्य क्षेत्रज्ञमा र क्षेत्रज्ञको तादात्म्य क्षेत्रमा आरोपित हुन्छ यस किसिमसँग पारस्परिक धर्म एवं स्वरुपको जुन आरोप हुन्छ त्यो आरोप या अध्यास नै क्षेत्र र क्षेत्रज्ञको संयोग हुन । यो संयोग नै सन्सारको कारण हुन । क्षेत्र एवं क्षेत्रज्ञको स्वरुपगत विवेकको अभाव नै यस संयोगको कारण हुन । जस्तो शुक्ति एवं रजतको विवेकको ज्ञान नरहेमा शुक्तिमा रजत अनि रजतमा शुक्तिको धर्म आरोपित हुन्छन, क्षेत्र एवं क्षेत्रज्ञको परस्पराध्यास पनि यस किसिमसँग अविवेकमूलक छ] शांकरभाष्यको अनुवाद ।

आध्यात्मिक व्याख्या-"जुन केही भएको छ देखिरहेछौ स्थावर जंगम यी सबमा सत ब्रहम छ, तथा सबैको आकार क्षेत्रस्वरुप छन प्रकृतिरुपमा तथा सबमा क्षेत्रज्ञस्वरुप जीव परम पुरुष ब्रहमस्वरुप सर्वव्यापक त्यो एक छ, अतयव त्यस एक पुरुषलाई देखेपछि अनन्य चित्तले त्यही एक पुरुषमा रहेपछि एक नै एक अर्थात ब्रहम नै ब्रहम छ । तब फेरि अरु केही जान्नु या पाउनुको लागि बाँकि रहँदैन ।"-

-स्थावर जंगमात्मक समस्त जगत ब्रहममय छन् - *"ईशा वास्यमिदं सर्वम्"* । तब क्षेत्र एवं क्षेत्रज्ञ भिन्न वस्तु कसरी हुन तथा उनको संयोगको कल्पना नै कसरी गर्न सकिन्छ ? क्षर एवं अक्षर दुबै उनको प्रकृतिहरु हुन् अनि त्यसदेखि अभिन्न छन् । हामीले जसरी आफ्नो दक्षिण हस्तलाई वाम हस्तसँग संयुक्त गर्दछौं त्यसरी नै पुरुषोत्तम नारायणको इच्छाले उनको यस क्षर अक्षर प्रकृतिदुईको मिलन हुन्छ, यो मिलन नै जीव र जगत हो । दुबै हातमा जसरी 'म' वर्तमान छ त्यसरी नै आफ्नो प्रकृतिहरुमा त्यही वर्तमान छन् । समुद्रमा तरंग देखिएर पनि जसरी समुद्र देखि तरंग अभिन्न छ, उसरी नै यो नामरुपमय जगत् एवं जीव ब्रहमस्वरुपले अभिन्न छन् । बहिर्दृष्टि रहुंजेल यो अभिन्न बोध कदापि नष्ट हुँदैन । मौखिक विचारले बुद्धि यस ऐक्यलाई अनुभव त गर्दछन परन्तु वाह्य दृश्य छउंजेल यो ऐक्यको अनुभव खालि कथनमात्र हो । अध्यासलाई बुझ्रेर पनि भ्रम मनदेखि दूर हुँदैन । अध्यासको कारणलाई अनुसन्धान गर्दा देखिन जान्छन् प्राणको स्पन्दनको कारण नै मन स्पन्दित या संकल्पमय भएर यस विराट गन्धर्व नगरीको निर्माण गरिहाल्दछन् । जगत् सत्य छ या असत्य केवल विचार द्वारा निर्धारण गर्दै जानु त बाल चापल्य मात्र हुन । स्वप्नावस्थामा बाह्य जगत बोधको विषय बन्दैन, जाग्रतावस्थामा हामी स्वप्न देख्दैनौ । परन्तु दुबै अवस्थाहरुमा तदनुरुप दृश्य देख्नु बन्द हुने छैन । यसलाई नास्ति सम्झनाले नै नास्ति हुन जाँदैन । परन्तु एक एस्तो अवस्था छ जसमा साँच्चिकै यिनीहरुको अस्तित्व रहँदैन । स्वप्न जगत् एवं वाह्य जगत मनको दुई अवस्था भेदमा परिदृष्ट हुन्छन । एक अवस्थामा दोश्रो अवस्था रहँदैन । सर्वकालमा नरहनुको

कारण यिनलाई असत भनिइन्छन्। सद्‌वस्तु एकमात्र आत्मा हुन, तीनै कालमा उसको कुनै परिवर्तन हुँदैन। त्यस सदवस्तुको एक स्वस्थान छ। वाह्य दृष्ट स्थानको समान उसको स्थान (Space) छैन, उसको त्यो स्वधाम हो, त्यस स्वधाममा कुनै माया छैन, अतयव स्थावर-जंगमादि नाम रुपात्मक जगतको कुनै अस्तित्व त्यहाँ छैन। आत्मा स्वस्थानमा रहिकन पनि जब स्वस्थान देखि दूर हट्‌न जान्छन जसलाई आत्माको गुणयुक्त अवस्था भन्दछन्, तब जस्तो सागरमा अगणित तरंगहरु उठ्‌दछन् त्यसरी नै त्यस एक आत्मामा असंख्य असंख्य विम्वपात हुन्छन्। तबै भेद ज्ञापक स्थावर जंगमादि नामरुपमय असंख्य प्रतिविम्ब परिलक्षित हुन्छन्। परन्तु यस गुणमयी अवस्थाको अन्तरालमा जुन सत्ता वर्त्तमान रहन्छ त्यसमा नानात्व हुँदैन, त्यहाँ सदा नै "सर्वं ब्रहममयं जगत" छ, अतयव त्यहा सृष्टि या लय कुनैको पनि संभावना हुँदैन। क्षेत्रज्ञ स्वरुप जीव तथा परम पुरुष ब्रहमको भेद औपाधिक छ, यिनमा प्रकृत भेद छैन। यहाँ सृष्टि या लय सब काल्पनिक छन्, प्रकृत सत्य छैन। नाना किसिमको स्वर्णालंकारको भित्र जसरी एक स्वर्ण नै सत्य रुपमा वर्तमान रहन्छ, उसरी नै अनेक क्षेत्रज्ञहरुमा एक आत्मा नै वर्तमान रहन्छ। परन्तु साधारणतः हाम्रो अगाडि जुन नानारुपमा प्रतीत हुन्छन् तथा जड-चैतन्यको भेद अनुभूत हुन्छन् त्यो सब आपेक्षिक बोधमात्र हुन। समस्त क्षेत्रहरुलाई तन्मध्यस्थ पुरुषले नै परिस्फुटित गर्दछन्। जब त्यस पुरुषलाई लक्ष्य गर्दछन् तब त्यसमा एकै किसिमका रुप देखिइन्छन् यी सारा रुप जसको हो त्यस पुरुषलाई हेर्दा हेर्दा जब सारा नाम रुप मय बोध डूब्न जान्छन् तब खालि त्यो अद्वितीय ब्रहम या आत्मा रहन जान्छन्। तब जान्नुको लागि केही रहँदैन अनि न पाउनको निम्ति नै केही रहन जान्छन्। तब ज्ञाता, ज्ञेय एवं ज्ञान तीन्टै मिलिकन एक 'सत'-स्वरुपमा विराजमान हुन्छन्। कबीर भन्नु हुन्छ- *"हरी भजै आपा मिटै तब पाये करतार"*-हरिभजन गर्दा गर्दा जब 'म' मेटिन जान्छ तब कर्त्ता प्राप्त हुन्छ। यसैले भन्दछन-"हरिभजन" बाट सर्वनाश हुन्छन्" अर्थात् जसले हरिको भजन गर्दछ त्यसको अगाडि 'सर्व' को प्रतीति रहँदैन, त्यो त्यतिखेर हरिको साथ एक हुन जान्छन्। भक्त तुलसीदासले राम चरितमानसमा बाल्मीकीको मुख देखि भनाइएको छ- *"जानत तुमहि तुमहि होई जाइ"*। यो शरीर घट जुन चैतन्यको आलोक सम्पातले चैतन्यमय भैरहेको छ त्यस सर्व चैतन्यमयको सन्धान गर, तब यस देहकै भित्र नै त्यसलाई देख्न सक्ने छौ अनि देख्दै देख्दै द्रष्टा एवं दर्शन केही पनि रहने छैन। कबीरले भनेको छ- *"घटही मांह चवुतरा घटहिं माह दीवान"* यस शरीरको भित्रै राजा र राजसिंहासन (कूटस्थ ज्योति एवं तन्मध्यस्थ उत्तमपुरुष दुवै नै विद्यमान) छन्। *यी विषयहरुको सन्धान नगरी खालि घटत्व पटत्वलाई लिएर विवाद गर्नाले कदापि त्यस अगम्य अपार वस्तुको सन्धान मिल्ने छैन* ॥२६॥

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्;
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

श्री धरीय टीका-[अविवेक कृत संसारोत्पत्ति भन्नु भै त्यसको निवृत्तिको लागि विविक्त आत्म विषयक सम्यक् दर्शन अर्थात तत्त्वज्ञानको सम्बन्धमा भन्नु हुँदैछन्]-स्थावर-जंगमात्मक भूतसमूहमा निर्विशेष सद् रुपमा सम भावले अवस्थित परमात्माको जसले दर्शन गर्दछन तथा उनको विनाशमा पनि त्यस परमात्मालाई जसले अविनाशी रुपमा देख्दछन्, तिनीहरु नै सम्यगदर्शी हुन अरु होइन ॥२७॥

आध्यात्मिक व्याख्या-"यस किसिमले जब सब भूतहरुमा समान हुन गयो र सब भूतहरुमा नै स्थिररुपले अड्किरहयो - त्यही एक ब्रहम परमेश्वर हृदयमा अर्थात् कूटस्थमा विनाशशील वस्तुहरु विशेषरुपले नाश हुनुको अन्तमा जसले परब्रहमलाई देखिरहेकोछ त्यसको फेरि विनाश छैन-त्यसैले देखिरहेको छ ।"-

सर्व वेदान्त सिद्धान्त संग्रहमा लेखिएको छ -

"एष प्रत्यक स्वप्रकाशो निरंशोऽ,
संगः शुद्धः सर्वदैकस्वभावः ;
नित्याखण्डानन्द रुपो निरीह :,
साक्षी चेता केवलो निर्गुणश्च ॥"

यो आत्मा प्रकाशस्वरुप, अंशरहित, संगहीन, निर्दोष, सदा नै एक रुप, सर्वदा अखण्ड आनन्द स्वरुप, क्रियारहित, उदासीन ज्ञान रुप केवल एवं निर्गुण छ ।

वाह्य दृष्टिले यत्तिका व्यक्तरुप जसको अन्तै छैन, देखिकन उनलाई एक सम्झनु असंभव छ । यो असंभव पनि क्रियाको परावस्थामा संभव हुन जान्छन् । यी जुन नानारुपछन्, उनमा त्यो एकत्व मानो गुप्त हुन गएकोछ । स्वर्णालंकारहरुमा यद्यपि गठनको नानात्वलाई मानिसहरुले देख्दछन् तर यो जान्दछन् ती नानात्व आकार गठनत्व स्वर्ण कै हुन्, उनको भित्र सुवर्ण सिवाय अरु केही छैन । आत्माको यो एकत्वभाव तबै प्रकाशित हुन्छ जब क्रियाको परावस्थामा बहुत्व भाव प्रकृष्ट रुपसँग लीन हुन जान्छन् तब मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त आकर्षण रहन्छ, तब मन तल्लीन हुन जान्छन्, त्यस अवस्थामा दोश्रोतिर मन जान सक्तैन । यही हो श्री भगवान्‌को अवरुध्द रुप । यस रुपमा मनलाई अडकाई राखी रहेमा अरु केही देखिँदैन । सुषुप्तिमा मन जुन किसिमसँग रुध्द हुन्छ, यो अवरोध त्यस किसिमको होइन । यो पूर्णतः जाग्रत भाव हो, परन्तु यसमा मनको विषय दर्शन हुँदैन । मन रहँदैन यसैले विषय दर्शन हुँदैन, एस्तो कुरा होइन । अज्ञानले नै विषय प्रपंच व्यक्त गर्दछन् । अवरुध्द अवस्थामा अज्ञान रहँदैन । अतयव अज्ञान जुन प्रपंचको उत्पादक छ त्यो नरहेपछि प्रपंच पनि रहन सक्तैन, जस्तो मनको कल्पना अनुसार आकाशमा अनेकरुप देखिइन्छन परन्तु कल्पना नष्ट हुन गएपछि कल्पित रुपहरुको आस्तित्व रहँदैन । सबरुप जब अरुपसागरमा डूबिकन एक हुन जान्छन त त्यो समत्व हो, त्यही ब्रहम परमेश्वरको स्वरुप हुन । जति जीवभूत कल्पित भएर मूर्त्तरुपमा अभिव्यक्त छन्, ती व्यक्त मूर्त्तिहरुको अन्तरालमा त्यही अमूर्त्त विराजित रहन्छन् । अमूर्त्तको आश्रय गरेर नै अनन्त नाम रुपमय जगत अस्तित्ववान हुन्छन् । जब समस्त रुप फेरि यस अव्यक्त अरुपमा आत्मगोपन गर्दछन् तब पनि ती समस्त व्यक्त भावहरुको अधिष्ठान रुप अव्यक्त भाव विनष्ट हुँदैन । त्यस अवस्थामा अन्य कुनै वस्तुको अस्तित्व रहँदैन । यसैलाई चूलिकोपनिषदमा वर्णन गरिएको छ -

"यस्मिन सर्व मिदं प्रोतं ब्रहमस्थावरजंगमम्;
तस्मिन्नेव लयं यान्ति बुद् बुदा सागरे यथा ॥"

ब्रहम सर्व व्यापक छन्, त्यस सर्वव्यापक ब्रहममा नै यी स्थावर जंगम मानो सागरमा फेनिल बुद् बुदहरु समान उठिरहन्छन् अनि त्यसैमा नै लीन भैरहन्छन् ।

जुन किसिमसँग समुद्र देखि बुद् बुदको उत्पत्ति तथा त्यसमा नै लय हुन्छन्, उसरी नै ब्रहम समुद्र देखि बुद् बुद् स्वरुप विश्व चराचरको उत्पत्ति तथा ब्रहमस्वरुपमा नै त्यसको लय हुँदै गैरहेकाछन् । ब्रहमनै प्राण रुपमा प्रवृत्त भएर देह, इन्द्रिय एवं मनमा परिदृष्ट भैरहेको छ । क्रियाको परावस्थामा प्राणस्पन्दन रुध्द भएपछि समस्त व्यक्त जगत ब्रहममा प्रवेश गर्दछन् । जगत तब जगद्रुपमा रहँदैन, त्यो पनि ब्रहममय हुन जान्छन् । बुद् बुदको उत्पत्ति स्थिति जसरी क्षणिक छन्, विश्वको उत्पत्ति स्थिति पनि त्यसरी नै क्षणिक छन् बुदबुद्को अभिप्रकाश जसरी क्षणमात्रको लागि हुन्छन्, उसरी नै विश्वको प्रकाश पनि क्षण स्थायी मात्र छन् । मनको चंचलावस्थामा म, तिमी एवं समस्त विश्वको ज्ञान हुन्छ । क्रियाको परावस्थामा मन स्थिर हुन गये पछि समस्त क्षणहरुको खण्ड ज्ञान परावस्थाको ज्ञानमा विलुप्त हुन जान्छन् । ब्रहमशक्ति प्राण हो, त्यसप्राणको स्पन्दनले नै यो नाम रुपमय जगत स्पन्दित भएर उठ्दछन् । यसैले प्राण जसबाट स्पन्दित नहोस, यसको चेष्टा गर्नु पर्दछ । प्राणको स्पन्दन जबसम्म रहनेछ, संसार दर्शन नष्ट हुने छैन । अतयव सर्वदा नै प्राण क्रिया गर्दै प्राणलाई स्थिर गर्नुको प्रयत्न गर । तब यस व्यक्तरुपलाई देखेर फेरि मुग्ध हुनु पर्ने छैन । जो आत्मदर्शी योगी छन् तिनीहरुको आफ्नो देहको भित्र यस परम रुपमय कूटस्थको दर्शन गर्दछन अनि त्यस कूटस्थको भित्र परम विचित्र जगत्को पनि दर्शन गर्दछन् । यो नाम रुपमय दृश्य भाव पनि अन्तमा ज्योतिर्मय रुपमा परिणत हुन्छन र त्यो ज्योति पनि परावस्थामा विलीन हुन जान्छ । त्यस परावस्थाको विनाश हुँदैन, यसलाई जसले योग प्रभावले जान्दछन् उनिहरुकै ज्ञान सम्यग् ज्ञान हो ॥२७॥

समं पश्यन् हि सर्वत्र समवस्थितमीश्वरम;
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

श्री धरीय टीका-[त्यो कसरी सम्यग्दर्शी छ, यो बताउनु भैरहेछन्]-जसले सर्वत्र अर्थात भूतमात्रमा परमात्मालाई अप्रच्युत रुपमा अवस्थित देख्दछन् त्यसले आफसे आफै (आत्मा) लाई हिंसा गर्दैन अर्थात अविद्या द्वारा सच्चिदानन्दरुप आत्मालाई आवृत गरी विनाश गर्दैनन् । यसले परागति अर्थात मोक्षलाई प्राप्त हुन्छन् । जसले यस किसिमसँग हेर्दैन त्यो निश्चय नै देहात्मदर्शी हुन, त्यसले देहको विनाश साथ आत्माको पनि विनाश गर्दछ । यस किसिमको अविवेकी पुरुष नै वस्तुतः आत्महा हुन् । श्रुति भन्दछन्- "जुन मानिसहरु आत्महा हुन्छन् तिनीहरु मृत्यु पछि आलोकहीन अन्धकारवृत्त निरयादि लोकहरुमा गमन गर्दछन" ॥२८॥

आध्यात्मिक व्याख्या-"यस किसिमसँग (समान रुपले) सर्वत्र ब्रहम सबमा स्थित जसले देख्दछ-त्यसले आत्मालाई आत्माद्वारा नष्ट नगरी अर्थात् अन्य दिशामा दृष्टि नगरी क्रिया गर्दछन जुन गुरु बक्त्र गम्य छ, त्यस पछि परा गति (अर्थात् क्रियाको परा स्थिति) लाभ गर्दछन् ।"-

परमात्मा सब भूतहरुमा एकै भावले अवस्थित छन्, जसले आज्ञाचक्रमा कूटस्थ दर्शन गर्दछन त्यसले यसलाई जान्दछन् । बाहिरको रुप या गुणमा जीव समूहको ऐक्य हुन सक्तैन । परन्तु आत्म तेजको जुन प्रकाश शक्ति देहादिरुपमा व्यक्त छ, त्यसको मूलमा यो कूटस्थ ज्योति छ । यद्यपि अनन्त वस्तुहरुमा उनको अनन्त प्रकाश विद्यमान छ तथापि कूटस्थरुप मूल उसको भित्र कुनै वर्णगत या गुणगत भेद छैन । कूटस्थ सबैको भित्र एक रुपमा नै वर्त्तमान छन् । कूटस्थ आत्माको कुनै कालमा विनाश छैन । जुन मानिसहरुले कूटस्थलाई देख्दैनन् कूटस्थको तेजले विकसित विशेष विशेष देहेन्द्रियादियुक्त आकृति मात्रलाई देख्दछन् तिनीहरुले बारम्बार आफ्नो जन्म मरणलाई देख्दछन् । जुन मानिसहरुले कूटस्थलाई देख्दछन, तिनीहरुले कुनै पदार्थको विनाश या जन्मलाई जान्न पाउँदैनन् । प्राणको चंचलताले नै मन छ, मन स्थिर हुन गयेपछि स्थिर प्राणको अनुसन्धान मिल्दछ । मन जब संकल्प विहीन भएर स्थिर हुन्छ त त्यो फेरि मन रहन जाँदैन । त्यही स्थिर प्राण हो, त्यो स्थिर प्राण नै आत्मा हुन । प्राणको ऊर्ध्वगति भएपछि आज्ञाचक्रमा जुन त्यसको स्थिति हुन्छ त्यस स्थितिको अवस्थालाई नै आत्मा भन्दछन्, त्यो निजबोध रुप छ । लेखेर या भनेर त्यसलाई सम्भाउन सकिदैन । आज्ञाचक्रमा प्राण स्थिर भएपछि मनको लय हुन्छ । तब एक आत्मसत्ताको अतिरिक्त अरु कुनै उपाधि वर्त्तमान रहँदैन । यस अवस्थामा सब समान हुन जान्छन्, यसैले यसलाई "निर्दोषं समं ब्रहम" भनिएको छ । यो जुन समतारुप आत्मा छ यसको हिंसा या नाश कसैले गर्न सक्तैन । जसले विषयरुपी विषधरको मस्तकमा चरण राखिकन परमानन्दमा वंशी बजाइरहेकाछन्, त्यस समतारुप समस्त इन्द्रियहरुको प्रभु गोविन्दको जसले दर्शन गर्दैन त्यसले आत्माको अविनाशी भावलाई कसरी बुझ्न सक्दछ । चिरकालदेखि अज्ञानवृत्त उसको ज्ञान केवल शरीर सम्बन्धी छ । शरीरमा आरोपित आत्मबोधको कारण प्रत्येक देहको ग्रहण एवं त्यागको समय त्यसले आत्मालाई जन्म मरण धर्मी जस्तो मान्दछन् र शोकग्रस्त हुन्छन । यिनीहरु नै यथार्थतः "आत्महा" हुन । जसले प्राणको चांचल्य र तज्जनित मनको विक्षेपलाई रोक्न सक्तैन, तिनीहरुले नै यस नित्य निर्विकार अद्वितीय विशुद्ध आत्मामा नानात्वको कल्पना गर्दछन् तथा देहदृष्टिले युक्त भएर जन्म मृत्युको विभीषिकाको दर्शन गर्दछन् । आत्माको स्वरुप अवगत नहुनुको कारण जीवलाई यस किसिमको घोर नरकको यातना भोग्नु पर्दछ । यस किसिको आत्महननरुप व्यापार अज्ञानान्ध जीवको भित्र सदा नै चलि रहन्छन् । यसै कारण मनुष्यको दुःखहरु र जन्म मरणको क्लेशहरुको अन्त छैन । हाय रे जीव ! कैले तिम्रो भाग्योदय होला ! कैले तिमी श्री गुरु-उपदेश देखि आत्मदर्शन गर्नमा समर्थ भएर यस जरा जन्म मरणको अभिनयको परिसमाप्ति देखेर निश्चिन्त हुन जाने छौ । यसैले जीवलाई वेदले प्रबुद्ध गर्दछन- *"उत्तिष्ठत, जाग्रत, प्राप्य वरान्नि बोधत"*-एकबार त्यस आत्मदर्शी मुक्तात्माको चरण धूलिबाट अभिषिक्त भएर *हे जीव ! जाग, विम्झेर उठ । जाग्रत होऊ, आफुले आफैलाई चिन ।* अविद्या वश पशु पक्षी, कीट पतंग आदि योनिमा जन्मलिएर आफुले आफैलाई जान्नुको सुयोग तिमीले पाएनौ । यस पटक त तिमीले मनुष्य जन्म पाएका छौ । *अरे ! जीव !! यस पटक एस बार त आत्मानुसन्धान गरेर हेर ।* यस सुयोगलाई कतै तिमीले न हराउनु । मनुष्य शरीर पाउनु त्यति कठिन छैन जति अतिशय दुर्लभ मनुष्य देह पाई आत्मानुसन्धानमा सचेष्ट हुनु । जसले आत्मज्ञान प्राप्त गर्न सक्तैन, त्यसलाई गर्भवास र देहधारणको क्लेश स्वीकार गर्नु नै हात लागी छ । मनुष्य शरीर पाएर यदि पशुहरु समान इन्द्रिय सुखमा उन्मत्त भएर

बसी रहे त के लाभ भयो । हे जीव ! एक बार जागि उठ । एकबार जागिकन आफ्नो स्वरुप आत्माको सन्धान गर तिमी स्वयं को हौ हेर देख र बुझ । तिम्रो सर्वस्व जुन आत्मा हो, त्यस आत्मा प्रति मनोयोग दिई संसार सागर देखि उत्तीर्ण हुनको लागि श्री गुरु-चरण-कमलहरुको आश्रय लेऊ । हेर, श्री मद् भागवतमा के लेखेको छ-

"नृदेहमाद्यं सुलभं सुदुर्लभं,
प्लव सुकल्पं गुरु कर्णधार ;
मयानुकूलेन नभस्वतेरितं,
पुमान् भवाब्धिं न तरेत् स आत्महा"-भा॰११ स्कं॰

यो मनुष्य देह दुर्लभ छ। कर्मजनित यस देहको प्राप्ति कुनै प्रकारले सुलभ भएर पनि जुन शरीर भगवदनुसन्धानमा लाग्दछ, त्यो देह प्राप्त गर्नु बडो कठिन छ। मनुष्य शरीर पाएर मानिसहरु देहेन्द्रियहरुको सुखभोगमा नै उन्मन्त हुन्छन र कामिनी कांचनको भोगमा अनुरक्त भैदिन्छन । यसको फलस्वरुप नजाने कति कति अधम योनिहरुलाई प्राप्त हुन्छन, यसको सीमाना छैन । भक्त प्रहलाद भन्नु हुन्छ -

"दुर्लभं मानुषं जन्म, तदप्य ध्रुवमर्थदम" -

मनुष्य जन्म त दुर्लभ छ छ, परन्तु जसबाट भगवत्प्राप्ति हुन्छ एस्तो जन्मलाभ गर्न त्यसको अपेक्षा पनि झन दुर्लभ छ । यस मनुष्य देह रुपी नौकाको सहायताले नै जीव भवसिन्धु देखि उत्तीर्ण हुन्छन । यस देह डुंगियाको कर्णधार श्री गुरुदेव हुन् । गुरु कृपा प्राप्त गरी जसले आत्माको स्मरण भजन गर्दछन्, उस्को डुंगियाले अनुकुल वायु प्राप्त गरी शीघ्रातिशीघ्र लक्ष्य स्थानमा पुग्दछन् । यो अपूर्व देह डुंगिया प्राप्त गरी अनि यसको वास्तविक कर्णधारलाई प्राप्त गरेर पनि जो आत्म दर्शन देखि वंचित रहन्छन्, अतयव संसार सागर देखि उत्तीर्ण हुँदैन, भने त त्यो साँच्चिकै आत्मघाती हुन् । यस सन्सारमा प्रायः सबैले आफुले आफैलाई घात गर्दछन्, सबै आफैलाई आफैले नष्ट गर्नमा सतत उद्यमयुक्त छन् । केवल तिनीहरुले नै आफ्नो रक्षा आफै गर्दछन जसले गुरुपदेश अनुसार साधनाभ्यासमा रत रहन्छन्, दोश्रोतिर विल्कुलै हेर्दैनन्, यी सब उत्तम सुविज्ञ साधकले परागति मोक्षलाई प्राप्त गर्दछन । मन लगाएर क्रिया गरेपछि नै क्रियावान पुरुषले क्रियाको परावस्थारुप स्थितिको अनुभव गर्न सक्दछन् । जसले यस स्थितिको अनुभव गरेको छ तिनले सबैको भित्र यस स्थिर अविचल रामलाई देखेर बुझ्दछन-सर्वत्र समभावमा अवस्थित यो आत्माले कसैको हनन गर्दैन । "म" नै आत्मारुपमा सबको भित्र रहन्छन् कसैले आफुलाई आफैले हनन गर्दैन । आत्माको यस किसिमको अविनश्वरत्त्व एवं एकत्त्वलाई बुझेपछि नै यसको यथार्थफल मोक्ष प्राप्त हुन्छ । जो आत्म दृष्टि सम्पन्न छैन, तिनीहरुले देहको मृत्युलाई नै मृत्यु मानी बारबार मरणको पासमा बाँधिन जान्छन ॥२८॥

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ;
यः पश्यति तथात्मानमकर्त्तारं स पश्यति ॥२९॥

श्री धरीय टीका-[यदि भन्छौ त शुभाशुभ कर्महरुको कर्तृत्त्वको कारणले आत्माको वैषम्य देखिन जान्छन अतयव आत्माको समत्व कसरी हुन सक्तछ त यस आशंकाको उत्तर दिनुहुन्छ]-देहेन्द्रियादिहरुको आकारमा परिणत प्रकृति द्वारा सब किसिमको कर्म संपादित भैरहेकाछन्, यो जसले देख्दछ तथा आत्मालाई पनि जसले अकर्त्ताको रुपमा देख्दछ त्यसैले सम्यक् देख्दछन्, दोश्रोले होइन (देहाभिमानको कारण आत्माको कर्तृत्त्व छ, स्वतः कर्तृत्व छैन ॥२९॥

आध्यात्मिक व्याख्या-"प्रकृतिको गुणहरु द्वारा साराले कर्म गर्दछन्, परन्तु आत्मामा दृष्टि राखेर-अतयव यो अकर्त्ता हो-ब्रहममा सर्वदा रहन्छन ।"-

- यस श्लोकको व्याख्यामा श्री मच्छंकराचार्यको भाष्य एस किसिमको छ - "सर्वभूतस्यमीशं समं पश्यन न हिंनस्ति आत्मना आत्मानमित्युक्तं तदनुपपन्नं स्वगुणकर्म-वैलक्षण्यभेदभिन्नेषु आत्मसु इत्येतदा शंक्याह-प्रकृत्यैवेति । प्रकृत्या प्रकृतिर्भगवता माया त्रिगुणात्मिका, "मायां तु प्रकृति विद्यात्" इति मन्त्र-वर्णात्, तया प्रकृत्यैव च नान्येन महदादिकार्यकारणाकारपरिणतया तान्येव कर्माणि वाङमनः कायारभ्याणि क्रियमाणानि निर्वर्त्यमानानि सर्वशः सर्वप्रकारैः यः पश्यति उपलभते तथा आत्मानं क्षेत्रज्ञमकर्त्तारं सर्वोपाधि विवर्जितं पश्यति स परमार्थदर्शीत्यभिप्रायः निर्गुणस्याकर्तृः निर्विशेषस्य आकाशस्येव भेदे प्रमाणानुपपत्तिरित्यर्थः"- सब भूतहरुमा अवस्थित अधिष्ठित परमेश्वरलाई सर्वत्र समभावले जसले देख्दछ त्यसले आत्मालाई आत्माद्वारा हिंसा गर्दैन, यो भनिएको छ । यहाँ शंका हुन सक्दछ-यो कुरा अप्रामाणिक छ, किन भने जीवको गुण एवं कर्मको विलक्षणता देखेर यही प्रमाणित हुन्छ - देहभेदबाट आत्मा पनि भिन्न भिन्न छन । सब भूतहरुमा यो आत्मा समभावसँग रहन सक्तैन । यदि एस्तो हुन्थ्यो भने त कोही सुखी, कोही दुःखी, कोही ज्ञानी, कोही अज्ञानी-यस किसिमले जीवहरुमा व्यवस्था हुँदैनथ्यो । यस किसिमको शंका निवारणको लागि भन्नु भैरहेछन्-प्रकृति शब्दको अर्थ भगवान्को माया हो । त्यो माया त्रिगुणात्मिका छन् । श्रुतिमा पनि छ-*"मायालाई प्रकृति जान्नु"* महतत्व प्रभृति कार्य र कारण रुपमा परिणत प्रकृति नै कर्म गर्दछ । प्रकृति सिवाय अन्य कोही कर्त्ता हुन सक्तैन । कर्मपनि तीन किसिमका छन् - *वाचिक, मानसिक एवं कायिक ।* सब किसिमसँग प्रकृतिले नै सारा कर्महरुलाई गर्दछन् । आत्मा क्षेत्रज्ञ कर्ता होइन, किनभने आत्मा सबै प्रकारले उपाधिवर्जित छ । यसरी प्रकृति र आत्माको स्वरुपलाई जसले देख्दछ, त्यो परमार्थदर्शी हुन, यही अभिप्राय छ । जो निर्गुण छ, अथच अकर्त्ता छ, त्यो आकाश समान निर्विशेष एवं निरुपाधि आत्मा प्रत्येक शरीरमा भिन्न भिन्न छन, यस विषयमा कुनै किसिमको प्रमाण मिल्दैन । आत्मा प्रति देहमा भिन्न छैन तथा आत्मा अकर्त्ता हो, यो शास्त्र र आचार्यहरुको मुख देखि हामी सुन्दछौं त हो, परन्तु के हामी भन्न सक्दछौं - यो हाम्रो समझमा आएको छ ? दृश्यमान जगतमा वैषम्य देखिनमा आउँदछन् । यदि भनौं आत्मा कर्त्ता होइन, प्रकृतिको द्वारा यी सारा कार्य सम्पादित हुन्छन् त यसले

आत्मालाई अकर्त्ता त बनाइदियो, परन्तु प्रकृति आइन् कहाँ देखि ? अनि प्रकृतिको परिणाम अन्तः करणमा जुन आत्माको अध्यास हुन्छ तथा अध्यास वश जुन आत्मामा कर्तृत्व कल्पित हुन्छ, त्यो अध्यास कसरी सम्भव हुन्छ ? आत्माको अकर्तृत्व मानि लिंदा खेरि प्रकृतिको अस्तित्व अस्वीकार गर्नु सम्भव छैन, किनभने दुवैको संयोग आवश्यक छ । तब भन्नु पर्नेछ - जगत्मा दुई पृथक पृथक् मूलतत्व छन, र उनको परस्पर अध्यास नै यो जगत जीवरुप परिणाम हो । आत्मालाई स्वतन्त्र एवं सबको अधिष्ठानभूत मानि लिएमा पनि 'सब' त रहन नै जान्छन् अतयव दृश्यमान प्रकृतिलाई हटाउन सकिदैन । यदि प्रकृतिलाई उस्को शक्ति भनौं, त भगवान्लाई या आत्मालाई अकर्त्ता कसरी भन्ने ? आफ्नो शक्तिको भित्र हामी नै रहन्छौ । उसरी नै भगवत्शक्तिको भित्र भगवान् नै विद्यमान रहन्छन् । यी सब नानात्व शंका उपशंकाहरु उठ्दछन् ।

वस्तुतः अचिन्त्य शक्ति सम्पन्न भगवान्को नाना किसिमको ऐश्वर्य एवं शक्तिहरु छन् । त्यस ऐश्वर्यको कारण कहिले उनलाई निर्गुण, निरुपाधिक र कहिले सगुण, सोपाधिक रुपमा देख्दछौं । अतयव दुवैको सत्यता नकार्न सकिदैन । यसैले त्यो अकर्त्ता भएर पनि कर्त्ता हुन् अवश्य नै यो कुरा सत्य छ-त्यो निर्गुण, निर्विकार एवं सर्वोपाधिवर्जित भएर नित्य निर्गुण अवस्थामा रहिकन पनि सगुणरुपमा अर्थात जीव, ईश्वर एवं जगतरुपमा प्रकाशमान छन, यसलाई अस्वीकार गर्नुको कुनै कारण छैन । अतयव यो भन्नु उपयुक्त छ - त्यो निर्गुण एवं सगुण दुवै नै हुन् । निर्गुण आत्मा प्रकृतियुक्त भएर सगुण बन्दछ । प्रकृति कुनै भिन्न सत्ता होइन । यो भगवान्को निजशक्ति या महिमा हो । *यसलाई ब्रहमको अघटन घटन घटियसी पटियसी माया भन्दछन् ।* जसरी भगवान्को अन्त छैन त्यसरी नै मायाको पनि अन्त छैन । प्रकृतिलाई कोही मानिसहरुले जड भन्ने गर्दछन्, परन्तु त्यो काठ पत्थर समान जड छैन । त्यो आत्माको दृश्य पदार्थ हो, अतयव जड कहलाउंछ । प्रकृति र आत्मा अन्योन्याश्रय भावमा मिलित छन् । दुबै ईश्वर या ईश्वरी हुन । याँहा प्रश्न हुन्छ, जसलाई श्रुतिले एक एवं अद्वितीय भन्दछन्, त्यो दुई या अनेक कसरी हुन्छन । यही उनको अनिच्छाको इच्छा हुन । यो कसरी हुन्छ, किन हुन्छ, भन्न सकिदैन । भगवान्को विकल्प हुँदैन, वासना हुदैन, तथापि जब उसलाई आफुले आफैलाई देख्नुको इच्छा हुन्छ, जसरी दर्पणमा हामी हाम्रो मुख हेर्दछौं, तब आफ्नो मायालाई प्रकट गरी आफैलाई नाना रुपहरुमा प्रकाशित गर्नुको सामर्थ्य उनमा छन्, यो सामर्थ्य नै उनको माया या शक्ति हो । एक एवं अद्वितीय भएर पनि नाना रुपहरुमा आफुलाई प्रकाशित गर्दछन । मायासंग मिलेर नै त्यो अनेक हुन्छन् । जसरी शिशु आफ्नो प्रतिविम्बसँग खेल्ने गर्दछन त्यसरी नै आफ्नो प्रतिविम्बको साथ खेल्दछन् । खेल खेलिरहेको समयमा पनि त्यो आफ्नो स्वस्वरुप देखि कल्यै विच्युत हुंदैन । उनको माया द्वारा सृष्ट यी खेलौनाहरु पनि उनिदेखि पृथक वस्तु होइनन् यो उनकै शक्ति मात्र हुन् । जब यी खेलौनाहरु माया चक्र भित्र पृथक रुपसंग खेल्दछन् तब यी नाना जानिन जान्छन् अनि ब्रहम देखि पृथक भिन्नवत् प्रतीत हुन्छन् । यी खेलौनाहरुले जब मायालाई भेदन गर्दै स्वकेन्द्रमा उपनीत हुन्छन् त जसरी जल विम्ब जलमा मिल्न जान्छन्, त्यसरी नै तिनीहरु पनि ब्रहमदेहमा मिल्न जान्छन् । जीव बिम्बको यस अवस्था प्राप्तिलाई उसको मुक्ति भन्दछन ।

यो माया कुनै अन्य वस्तु होइन, या उनको स्वशक्ति हो । ऋषिहरुले त्यस मूलकेन्द्रलाई पिता तथा उसको अचिन्त्य शक्तिलाई, जुन जगतको उत्पत्तिको हेतु छन, विश्वजननी भनेर सम्बोधन गरेका छन । ऋषिहरुको एक सम्प्रदायले निर्गुण ब्रहमभावलाई छोडेर यस ब्रहमशक्तिको सगुण भावको नै पुजा गरेको छ र यसलाई विश्वको आदि जननी भनेर एसको परमेश्वरी रुपमा चिन्तन गरी आफुलाई कृत कृत्य मान्दछन । यो पनि बडो सुन्दर भाव हो । मानो विश्वमाता नानारुपहरुमा सजधजगरेर कहिले जीवरुपमा, कहिले विश्वरुपमा कहिले मोक्षदात्रीको रुपमा आत्मप्रकाश गरिरहेका छन् । देवता, जीव आदि सबै उनको खेल अभिनय देखि मुग्ध भएर उनितिर अनिमेष दृष्टि हेरिरहेछन् ।

कार्यरुपमा विश्व एवं कारणरुपमा निराकारा, विश्वातीता, अरुपिणी भएर पनि त्यसले जीवको सन्तापहरण गरिरहेकाछन् तथा उपयुक्त पात्रलाई मुक्ति प्रदान गर्नको निम्ति सदा तत्पर रहन्छन् । शिव जसरी बुद्धिको लागि अगम्य छन, माता पनि त्यसरी नै बुद्धिको लागि अगम्य छन् । यसै कारण देवी माहात्यमा ऋषिहरु स्तवन गर्दछन -

"हेतु समस्त जगतां त्रिगुणापि दोषैः,
न ज्ञायसे हरिहरादि भिरप्य्यप्यारा;
सर्वाश्रियाखिलमिदं जगदंशभूतम्,
अव्याकृता हि परमा प्रकृतिस्त्वमाद्या ॥"

हे देवी ! तिमी समस्त जगतको मूल कारण हौ, तिमी त्रिगुणमयी छौ, यसैकारण रजोगुण देखि सृष्टि गर्दछौ, सत्वगुणदेखि जगत्को पालना गर्दछौ अनि तमोगुणदेखि जगतको संहार गर्दछौ । सृष्टि, स्थिति एवं प्रलयको एकमात्र कारण तिमी नै हो । जगत्का यी समस्त वस्तुहरु सब तिम्रै प्रकाश हुन तथापि रागद्वेषादि दोषहरुले युक्त जीवहरुको लागि तिमी ज्ञेय छैनौ । हरिहरादिले पनि तिमीलाई जान्न सक्दैनन् । तिमी अन्तः रहित छौ, तिमी सबैको आश्रयदाता सर्वव्यापिनी छौ, अतः यो अखिल ब्रहमाण्ड तिम्रो एक अंश मात्र हुन् । पृथक पृथक दृश्य वस्तुरुपमा प्रकृति अविच्छिन्न भएर पनि तिमी षड विकार शून्या आद्या प्रकृति हौ ।

अतयव जगत्मा जे जति कार्य भैरहेकोछ त्यो सब प्रकृतिकै हुन् । ब्रहमको भित्र जुन कार्यरुपी भाव या शक्ति छ, त्यही प्रकृति हुन । त्यही आत्माको क्रिया शक्ति वाह्य प्रकाश या शरीर ग्रहण हो । यो क्रियाशक्ति आत्मकेन्द्र देखि सर्वत्र विस्तारित भएर जगदादिरुपमा परिणत हुन्छन् । यही क्रियाशक्ति जब संकुचित भएर केन्द्रमा संलीन हुन्छ तब त यो अव्याकृत हुन जान्छ, त्यतिखेर जगदादिरुप परिणाम हुदैन । प्रथमतः यो शक्ति आत्मामा अविनाभावले सम्मिलित रहन्छ, पश्चात् आफुले आफैलाई हेर्ने इच्छा हुनासाथै उनको स्वशक्ति जुन उनमा सुप्त रहन्छ त्यसको स्फुरण आरम्भ हुन्छ । यही *"एकोऽहं वहुस्याम"* संकल्प हुन । स्फुरणाको पहिलो अवस्थामा यो शक्ति अव्यक्त रहन्छ, त्यसबेला आफु आफैमा केवल ईषत् व्यंजनायुक्त रहन्छन, त्यस समयमा पनि शक्ति एवं शक्तिमान अभेद रहन्छ । पश्चात् शक्ति एवं शक्तिमान द्वन्द्व मिथुन तथा युगलरुपमा व्यक्त हुन्छन् । तब पनि तिनीहरु अंगांगी रुपमा नै अवस्थित हुन्छन् । अनि जसै शक्ति

सृष्टितिर उन्मुखी हुन्छन त त्यसै शक्ति र शक्तिमान मानो पृथक रुपमा उपलब्ध हुन थाल्छन् । यस अवस्थामा अलि पृथक भावमा प्रकाशित भएर पनि परस्पर विच्छिन्न हुँदैनन् । यसै कारण "चित्त" जति जति नै शक्ति (प्रकाश) रुपमा पृथक हुन्छ त्यति त्यति नै शक्तिको भित्र चिदाभास रुपमा त्यसले आफु आफैलाई प्रकट गर्दछ । वाह्य दृष्टिले जति नै शक्ति देहादि स्थूलरुपमा परिणत देखिन जान्छन उति नै ती सारा स्थूलरुपहरुमा चैतन्य विम्ब प्रज्वलित भएर उठ्दछन । यसरी प्रथम प्राणशक्ति रुपमा पश्चात मन इन्द्रियहरु एवं देहादिरुपमा त्यो सूक्ष्म भन्दा सूक्ष्म आत्मशक्ति मानो स्थूल भन्दा स्थूलतर रुप धारण गर्दछ । वाष्प जसरी जल बन्दछ, जल जसरी जमेर बरफ हुन जान्छन, त्यसरी नै मन इन्द्रियहरु र देहरुपमा सूक्ष्म प्राण शक्ति व्यक्त हुन्छन् । आत्मा जब प्राणरुपमा व्यक्त हुन्छन् तब त्यस प्राणलाई उसको प्रकृति भन्दछन् । त्यसको भित्र विचित्र जगत् निर्माण गर्नुको शक्ति स्वतः वर्त्तमान रहन्छन् । त्यस प्राणरुपा आद्या प्रकृतिको भित्र आत्म चैतन्य सदा नै झलमल झलमल गर्दछन् । यस प्राणको उत्पत्तिको साथ मानो आत्मा र प्राण पृथक पृथक हुन् यस किसिमको खेल प्रारम्भ हुन जान्छन् । यस खेललाई मायाको खेल भन्दछन् । यसबाट नाना किसिमको विचित्र भावहरु स्फुरण हुन लाग्दछन् । प्राणशक्तिको साथ आत्माको नित्य निर्गुण भाव स्वतः सम्मिलित रहन्छन् । प्राणको विचित्र निर्माण शक्तिको स्फुरण हुनासाथ वाह्य जगत्सँग लिप्त हुनुको एक प्रबली आकर्षण त्यसमा दृष्टिगोचर हुन्छ । यही प्राणको कम्पन या प्राण तरंगको उछ्वास हो । फलस्वरुप मायोपहित चैतन्य अहं मनरुपमा वाह्य व्यापारमा लिप्त भएको देखिन जान्छ । निर्गुण पुरुषको यस मायांशको नै पृथक जीवरुप उपाधि हुन जान्छन् । यो प्रकृति मानो पुरुषदेखि स्वतन्त्र छ । स्वतः पृथक छ यस्तो कुरा छैन, तथापि जुन पार्थक्य देखिन्छ त्यो पनि जसबाट नरहोस यसैले प्रकृति पुरुषको भित्र एक प्रबल आकर्षण लक्षित हुन्छ । त्यस आकर्षणको बेगले नै जीवलाई परमात्मासँग मिल्नको लागि त्वरान्वित गर्दछ । जगदादि भोग्य वस्तु एवं भोक्ता मन प्राण शक्तिकै परिणाम हुन् । यसबेला प्राणको अवस्था चंचल र विक्षेपमय हुन्छन् । त्यो जब आफ्नो केन्द्र मुख्य प्राण सँग मिल्नको लागि वेगयुक्त हुन्छ, तब प्राणको परिणाम देह, इन्द्रियहरु र मन आदि समस्त केन्द्रमुखी हुन जान्छन् । क्रमशः सर्वत्र अवस्थित प्राणशक्ति खुम्चिएर स्वकेन्द्रमा सम्मिलित हुन जान्छन् । यस एकत्र सम्मेलनको उपाय हो प्राण द्वारा प्राणको घर्षन । यो पनि एक किसिमको हवन क्रिया हो । दुग्धको प्रत्येक परमाणुमा अवस्थित घृत जसरी मन्थन द्वारा एकीभूत भएर भासित भै उठ्दछ, काष्ठद्वयको संघर्षण द्वारा जसरी त्यसको भित्रको अग्नि प्रज्वलित भै उठदछ, त्यसरी नै प्राणको मन्थन द्वारा प्रकृति मध्यगत आत्मज्योति देहेन्द्रिय प्राण देखि पृथक भएर प्रकाशित हुन्छ । प्रकृतिरुपी सलिलको भित्र मानो स्वर्णकमल झलमल गरि उठदछ । यही कारणार्णवशायी या क्षीरोदशायी भगवत्स्वरुप हुन । यही प्रकृति मध्यगत पुरुष या राधावक्षविहारी श्रीकृष्ण हुन । जडचेतनरुप प्रकृति पुरुषको यही युगलभावमा सम्बद्ध भाव हुन । पश्चात् यस युगलभावको युग्मबोध पनि लुप्त भएर एक अखण्डाकार महाभाव या परावस्था रुप वर्तमान रहन्छ । चराचर ब्रहमाण्ड तथा आफ्नो व्यक्तित्व सब एकको साथ मिलिकन एक हुन जान्छन् । "सदेव आसीत" जुन एकमेवाद्वितीयम् पहिले वर्त्तमान थियो, पछि पनि यो नानात्वको समस्त विचित्रभाव मिलिकन यही एक अद्वितीय हुन जान्छन् । बीचमा यो जुन नानात्व रहन्छ, त्यो मायाको खेल मात्र हो, यथार्थ नानात्व

छैन । यस पुनर्मिलनको नाम नै समता हो, यो समाधि भाव गम्य छ । जसले यस किसिमको समता भाव प्राप्त गरेको छ, देहान्त पछि ती साधकेन्द्रहरुको फेरि स्थूल शरीरको रचना हुन्छ, ज्ञानप्राप्ति पछि उनको त्यो सूक्ष्म शरीर पनि स्थूल देहको पतनको साथ सदाको निम्ति निर्वापित हुन जान्छ जबसम्म उनको स्थूल शरीर रहन्छ तबसम्म प्रकृतिले उनको सब किसिमसँग परिचर्या गर्दछ । उनको अभिमान विलीन हुन गएपछि प्रकृतिको कार्य सुख दुखः आदिमा उनको आसक्ति बोध हुँदैन । अतयव यी सब आत्ममग्न पुरुष सदा ब्राहमी स्थितिमा वर्त्तमान रहन्छन र अहंकार शून्यताको कारण प्रकृतिको कार्यमा उनको कर्तृत्वबोध सदाको लागि अन्तर्हित हुन जान्छन् । प्रकृतिको कार्यहरुको अकर्त्तारुपमा द्रष्टारुप देखि उदासीनको समान तिनीहरुले केवल हेरिरहन्छन् ॥२९॥

यदा भूत पृथग्भावमेकस्थमनुपश्यति ;
तत एव च विस्तारं ब्रहम सम्पद्यते तदा ॥३०॥

श्री धरीय टीका-[भूतगण पनि स्वकारणले प्रकृति देखि अभिन्न छन्, अतयव भूतभेदवश आत्माको जुन भेद छन् त्यसलाई जसले देख्दैन त्यो ब्रहमलाई प्राप्त हुन्छन्, यसैले भन्नु हुन्छ]-जब स्थावर-जंगमादि भूतहरुको पृथक भावहरुलाई एकस्थ रुपमा अर्थात प्रलय कालमा एकमात्र ईश्वर शक्तिरुपा प्रकृतिमा अवस्थित देखदछन् अनि सृष्टिकालमा पनि उही प्रकृति देखि भूतहरुको फेरि विस्तार या विकासको पर्यालोचना गर्दछन् अर्थात सब प्रकृतिमा पर्यवसित हुन् जान्छन् अतयव सब एक हुन् यस किसिमसंग अभेद दर्शन गर्दछन्, तब त्यो ब्रहम नै हुन जान्छन । प्रकृति ब्रहमको शक्ति हुनुको कारण ब्रहम देखि अभिन्न छ । सबभूतहरु प्रलयकालमा प्रकृतिरुपतालाई प्राप्त भएर प्रकृतिको साथ अभिन्न हुन जान्छन्, अतयव ब्रहमकोसाथ पनि तिनीहरु अभिन्नछन् - यस किसिमको अभेद पुरुष ब्रहमस्वरुप हुन जान्छन् ॥३०॥

आध्यात्मिक व्याख्या - "पृथक पृथक भूतहरुलाई जब सब एक ब्रहमज्ञान हुन्छ, अनि त्यस एक ब्रहमको अणु भित्र सबै रहन्छन, अतयव यो जुन विस्तृत संसार छ सब ब्रहम नै हुन गयो । एक अणु देखि नै सब अनि सब एक अणुमा छन्, तब अरु केही छैन ब्रहम सिवाय । "-

-क्रियाको परावस्थामा जब मन एवं प्राणको साथ सब भूत ब्रहममा लीन हुन जान्छन्, तब ब्रहम सिवाय अरु केही रहँदैनन् । ऋग्वेदको ७-८-१४ मा लेखिएको छ - "अमृतं यज्ञे मधिमर्त्तेषु" - क्रिया गरी क्रियाको परावस्थामा जुन कूटस्थ स्वरुप ब्रहम छ, त्यही मर्त्यलोकमा मधु अर्थात अमृत स्वरुप हुन्छ । समस्त चलायमान वस्तुहरुमा आत्मा नै छन् अन्यथा वस्तुको नाम रुप पनि प्रकाशित हुँदैनथे । आत्मा प्रकृतिस्थ भएर चंचल हुन्छ र चंचल भएर मनरुपमा विविध कल्पना गर्दछ । प्राण आत्माकै प्रकृति हुन, यस प्राणमा मन लगाउँदा लगाउँदा यो चंचल प्राण स्थिर हुन जान्छन । स्थिर प्राणमा जे जुन देखिन्छन् सब ब्रहम रुपमा बोध हुन्छ । *आत्माको विस्तार नै प्राण हो र प्राणको विस्तार मनको संकल्प हो । संकल्प-स्वरुप देखि नै यस विश्व ब्रहमाण्डको उत्पत्ति हुन्छ ।* प्राण स्थिर भएपछि जुन अणुस्वरुप ब्रहमको

प्रकाश हुन्छ, त्यस अणुको भित्र सारा ब्रहमाण्ड डूब्न जान्छन्। बुद्बुद् जसरी समुद्रमा प्रविष्ट हुन जान्छन् उसरी नै त्यो अणु पनि ब्रहमस्वरुपमा विलीन हुन जान्छ, तब एक भन्नेबाला पनि कोही रहँदैन, खालि ब्रहम नै ब्रहम रहन्छ। ब्रहमको यस एक अणुमा समस्त ब्रहमाण्ड ओत प्रोत छ। त्यस अणुको ज्ञान भएपछि नै ब्रहमज्ञान हुन जान्छन्। कूटस्थमा रहँदा रहँदा अणुको दर्शन हुन्छ। जो सदा कूटस्थमा रहन्छ त्यसको "म मेरो" रहँदैन, उसको आकाश पाताल एवं पृथ्वी सब ब्रहममय हुन जान्छन्। आत्म दृष्टि प्रतिष्ठित भएपछि समस्त भूत आत्मामय नै अवस्थित देखिन्छन्। तरंगमालाहरु असंख्य भएर पनि जसरी सागरमा उत्थित भएर सागरमा नै विलीन हुन्छन्। अनि त्यस असंख्य तरंगहरुलाई सागरमा अभेद रुपमा देख्दछन्, उसरी नै एक ब्रहम सत्ता देखि नै यस अनन्त ब्रहमाण्डको विकास हुन्छ। यसरी समस्त ब्रहमाण्ड ब्रहमसत्तामा नै निमज्जन एवं त्यसैमा नै एकिकरण जसको ज्ञानचक्षुमा भासित हुन्छ, त्यसैले ब्रहम स्वरुपता प्राप्त गर्दछन। अज्ञानवश रज्जुमा जुन सर्प बोध हुन्छ, अज्ञान स्वप्न मेटिन गएपछि रज्जुमा त्यो सर्वबोध विलीन हुन जान्छन्। यसै किसिमसँग अज्ञानवश ब्रहममा जुन जगत भ्रम कल्पित छ, ज्ञानको प्रकाशमा त्यही जगत् प्रपंच ब्रहमरुपमा परिणत हुन जान्छ, नाम रुप मेटिएर एक सत्तामात्रमा पर्यवसित हुन जान्छन्। जसरी मणिगण मध्य सूत्र प्रोत हुन्छ, त्यसरी नै ब्रहम सूक्ष्मरुपमा सबैको भित्र निर्लिप्त भावसँग रहन्छन्। हृदय, प्राण एवं मन यी तीन सूत्र यज्ञोपवित हुन्, जसद्वारा सब बाह्यवस्तुहरु ग्रथित छन्। कुनै कर्मको संकल्प भएपछि त्यो पहिले हृदयमा, पश्चात् प्राणवायुमा तब मनमा उदित हुन्छन्। जुन मनमा उदित हुन्छन् त्यही कार्यरुपमा परिणत हुन्छन्। कार्य, कारण एवं कर्त्तृत्वको हेतु सारा बाह्य कर्महरुमा यो ब्रहमसूत्र छ, अभ्यन्तरमा पनि त्यही छ। गुरु वाक्यमा विश्वास गर्दै हृदयलाई स्थिर गर्नु पर्नेछ-त्यो क्रिया-प्राण द्वारा प्राणको वृद्धि गरेपछि क्रियाको परावस्था हुन्छ र त्यस अवस्थामा मनको चंचलता आफसेआफ दूर हुन जान्छन्। स्थिरत्वपदमा रहेपछि ब्रहमपदको प्राप्ति हुन्छ, तब ब्रहमरन्ध्रमा प्रवेश प्राप्त गरी साधक ब्रहम स्वरुप हुन जान्छन्। क्रियाको परावस्थामा जो रहन्छ, त्यही योगी हुन्। क्रिया गर्दा गर्दा योगीलाई आफसे आफ धारणा हुन्छ, त्यस धारणा द्वारा उपर्युक्त सूत्र धारण गर्नु पर्दछ। तब तिनीहरु योग युक्त अवस्थामा रहेर २४ तत्त्वहरुलाई मानो देखिरहेकाछन्, एस्तो अनुभव गर्दछन् - (१) मूल प्रकृति - यो शरीर मूलाधार हो, त्यसमा रहँदै रहँदै (२) क्रियाको परावस्थामा महत् ब्रहम हुन जान्छ (३) पश्चात सोऽहं ब्रहम इत्याकार बोध हुन्छ (४) मन जुन ब्रहममा लीन हुन्छ (५-२४) शब्द, स्पर्श, रुप, रस, गन्ध, (पंच तन्मात्र); चक्षु, क्षोत्र, रसना, नासिका, त्वक (पंचज्ञानेन्द्रिय); वाक, पाणि, पाद, पायु, उपस्थ (पंचकर्मेन्द्रियहरु) क्षिति, अप, तेज, मरुत, व्योम (पंच महाभूत) यी चौवीस तत्त्वहरु योगबलले दिव्य दृष्टि द्वारा देख्दछन्-मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धाख्य एवं आज्ञाचक्र पंच महाभूतहरुको सूक्ष्म अणु परमाणुलाई पृथक रुपमा देख्दछन्। यी सबैको भित्र ब्रहम छ, यसलाई जसले देख्दछन् तिनीहरु नै तत्त्वदर्शी हुन्। सारा तत्त्वहरुको भित्र त्यही एक ब्रहम रहन्छ। यसै कारण तिनीहरुले जुन तत्त्वलाई देखदछन् तिनीहरु नै तत्त्वदर्शी हुन्। सारा तत्त्वहरुको भित्र त्यही एक ब्रहम रहन्छ। यसै कारण तिनीहरुले जुन तत्वलाई देख्दछन्, सबै तत्त्वहरुमा ब्रहमदर्शन गर्दछन्।

मायाको प्रधान विकास देश एवं काल हुन् । यस द्वारा नै एक वस्तु अगणितरुपमा प्रतिभात हुन्छन् । जबसम्म आत्मचैतन्यमा बुद्धि निरुद्ध हुँदैन तबसम्म यो नानात्व दर्शन कदापि जाँदैन । बुद्धि निरुद्ध हुनु विना देश कालातीत हुनु संभव छैन । दृढ अभ्यास साथ जो आत्मस्थ हुन सक्दछ, त्यसको अगाडि देशकालजनित पदार्थ हरुमा केही पनि पार्थक्य रहँदैन, सब स्वप्नवत् जानिइन्छन् । क्रियाको परावस्थामा एकमात्र ब्रहम चैतन्य नै रहन्छ, अतयव यी असंख्य जीव या जगत् जुन देखिइन्छन्, क्रियाको परावस्थामा यिनीहरुको कुनै अस्तित्त्व रहँदैन । यसै कारण यो जगदादिरुप सारा ब्रहमविस्तार क्रियाको परावस्थामा ब्रहमाणुको भित्र प्रविष्ट भएर ब्रहम हुन जान्छन् ॥३०॥

अनादित्वान्निर्गुणत्वात् परमात्मायम-ध्ययः ;
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

श्री धरीय टीका-[तथापि परमेश्वरको संसारावस्थामा देह सम्बन्धको कारण कर्म एवं त्यसको फल सुख दुःखादि द्वारा वैषम्य दुष्परिहरणीय छ, अतयव सम दर्शन कुन किसिमसँग सम्भव हुन सक्दछ, यस आशंकाको उत्तर दिनु हुन्छ]-जुन उत्पत्तिमत् छ त्यही 'व्येति' अर्थात विनाशलाई प्राप्त हुन्छ । अनि जुन गुणवत् छ त्यसको गुणनाश देखि 'व्यय' अर्थात विनाश हुन्छ । परन्तु यो परमात्मा अनादि एवं निर्गुण छन्, अतयव अविकारी छ । यसैले शरीर रहेर पनि त्यसले केही गर्दैन अनि कर्म फल देखि लिप्त हुँदैन ॥३१॥

आध्यात्मिक व्याख्या-"अतयव एकमा सब अनि सबमा एक, तब त्यसको आदि काँहाँ ? गुण पनि काँहाँ रहन्छ तब ? किनभने सवगुण ब्रहम हुन गएकोछ-क्रियाको परावस्थामा ब्रहममा लीन भएकोछ-आत्माको परावस्थामा स्थिति प्राप्त भएकोछ जसको स्थिति भएर पनि अनन्त छ, त्यसको फेरि विनाश काँहाँ ? त्यो अर्थात जसलाई यसरी ज्ञान भएको छ-शरीरमा रहेर पनि केही गर्दैन-केही पनि ब्रहम हो-गर्नु पनि ब्रहम हो । अतयव केही गर्दैनन्-अन्य वस्तु भए तब त लिप्त हुन्थ्यो सब ब्रहम हो,-अतयव त्यो निर्लिप्त छन् ।"-

-क्रियाको परावस्थामा जब सब ब्रहममा लीन भयो, तब फेरि त्यसमा गुण कसरी रहला । क्रियाको परावस्था ब्रहमदशा हो, त्यसको आदि अन्त छैन, अतयव केही गर्नको लागि पनि केही छैन । यसरी जब सब एक छन् तब लिप्त गर्नेवाला अन्यवस्तु कहाँ रह्यो ? प्राण जब इडा पिंगलामा बहन्छ त बहिर्वस्तुको ज्ञान हुन्छ, शरीरादिको अनुभव हुन्छ, मानो उनमा एक पारस्परिक सम्बन्ध छ, यस्तो धारणा हुन्छ । प्राण जब सुषुम्नावाही भएर त्रिगुणातीत हुन जान्छन् तब प्रकृति रहँदैन न उसको साथ कसैको सम्पर्क । प्रकृतिसँग सम्पर्क नरहेपछि जन्म मरणादि विकारहरु हुनु पनि संभव छैन । श्री मत् शंकराचार्यले यस श्लोकको जुन व्याख्या गरेकोछ त्यसको संक्षिप्त भाव यो छ-"जसको आदि छैन त्यसलाई अनादि भन्दछन्, आत्मा निरवयव छ अतयव विनाश छैन । जुन वस्तु सगुण छ त्यसको गुणहरुको अपचय भएपछि विनाश हुन्छ । आत्मा निर्गुण छ अतयव त्यसको विनाश हुन सक्तैन । शरीरस्थ भएर पनि आत्माले कुनै किसिमको कार्य गर्दैन तथा कार्य नगर्नुको कारण कार्यफल द्वारा पनि लिप्त हुँदैन । आत्मालाई शरीरस्थ भनिएको छ किनभने शरीरमा नै आत्माको उपलब्धि हुन्छ ।

जलमा सूर्यको जुन प्रतिविम्ब पर्दछ त्यो जलको चांचल्यता द्वारा हिल्लोल गरिरहेको बुझिन्छ । परन्तु सूर्य जसरी वास्तवमा चंचल हुँदैन, उसरी नै शरीरको सुख दु:खको साथ आत्मा सुखी या दु:खी जस्तो जानिइन्छन्, परन्तु आत्माको साथ त्यस सुख दु:खादिको कुनै वास्तविक सम्बन्ध हुँदैन । यसै कारण आत्मा शरीरस्थ भएर पनि शारीरिक धर्मसँग लिप्त हुँदैन । यहाँ एस्तो जिज्ञासा हुन सक्तछ - तब त शरीरको भित्र कसले कार्य गर्दछ ? यदि परमात्मा सिवाय कोही दोश्रो देही भए त भन्न सकिन्छ - त्यसैले कार्य गर्दछ र त्यही लिप्त हुन्छ, परन्तु देही त उही छ। *"मलाई नै सब क्षेत्रहरुमा क्षेत्रज्ञ सम्झनु"* - यस किसिमको उक्तिहरु द्वारा जीव एवं ईश्वरमा भेद अप्रमाणित हुन जान्छ । यदि ईश्वर देखि पृथक कुनै देही छैन भने त कसले गर्दछ अथवा लिप्त नै को हुन्छ ? भगवान्ले एक स्थानमा भन्नु भएकोछ - *"स्वभावस्तु प्रवर्त्तते"* । अविद्याले नै कर्म गर्दछ तथा कर्मफलमा अविद्या लिप्त जीवको मन लिप्त हुन्छ -

"अविद्या संसृतेर्हेतु: विद्या तस्य निवर्त्तिका"-

जब अविद्या सत्य छैन, मिथ्या छ, तब तत्कर्त्तृक व्यवहारलाई पनि मिथ्या बुझ्नु पर्दछ। यो जगदादि विषय, जीव, तथा कर्म, अनि जीवको कर्मफलमा लिप्त हुनु यी सब स्वप्न दर्शन समान छन्। स्वप्नावस्थामा जुन प्रतीति हुन्छ, जाग्रतावस्थामा त्यसको कुनै चिन्ह रहँदैन । जुन सर्वकालमा सत्य छैन, त्यसलाई असत्य नै बुझ्नु पर्दछ । यसैले जीवको बन्धन र मोचन भ्रम जनित मन: व्यापार मात्र हुन्। हामी संकल्प द्वारा जगत्सँग लिप्त एवं आवद्ध हुन्छौं, यो संकल्प मनको कार्य हुन्, बलपूर्वक संकल्प नगरिकन कोही कसैसँग लिप्त या बद्ध हुन सक्तैन । क्रियाको परावस्थामा जब देह बोध रहँदैन, तब देहादिको कार्यमा कसैको लिप्त हुनुको संभावना हुँदैन ॥३१॥

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते;
सर्वत्रावस्थितो देहे तथात्मा नोप लिप्यते ॥३२॥

श्री धरीय टीका-[त्यसको दृष्टान्त देखाइरहनु भैरहेछन]-जस्तो सर्वगत अर्थात पंकादिमा अवस्थित आकाश सूक्ष्म एवं असंग हुनुको कारण पंकादिद्वारा उपलिप्त हुँदैन, उसरी नै सर्वत्र उत्तम, मध्यम र अधम शरीरहरुमा अवस्थित भएर पनि आत्मा दैहिक गुण दोष या गुणले युक्त हुँदैनन् ॥३२॥

आध्यात्मिक व्याख्या - "जसरी वृहत ब्रहमाण्डमा सबमा नै सूक्ष्म रुपसँग आकाशको गति अर्थात् स्थिति छ-तात्पर्य स्थिति गति दुबै छन् !! सूक्ष्म गति देखि स्थिति एवं स्थूल गति देखि गति !!! परन्तु सूक्ष्मत्व प्रयुक्त निर्लिप्त हुन्छ । त्यसरी नै क्षुद्र ब्रहमाण्ड अणु स्वरुपमा सब देहहरुमा ब्रहम व्याप्त तथा स्थिति !! यस किसिमले आत्मा शरीरमा सूक्ष्म ब्रहम स्वरुपमा सब स्थानमा छन् । गति हुन्छ तथा स्थिति । स्थिति भएपछि नै निर्लिप्त ब्रहम छ - त्यो स्थिति क्रियाको परावस्था हो । जसले त्यसलाई प्राप्त गरेको छ त्यो जगत्मा छ, अर्थात जन्म देखि खालि गतिमा रहन्छ । तात्पर्य यो छ-ब्रहमाण्डको गति रुध्द गर्नुको केवल क्रिया यही हो जुन गुरु वक्त्र गम्य छ र सुख सँग गर्न सकिन्छ । केवल अलि अलि अनुग्रहसाथ एतातिर

दृष्टि राख्नु मात्रले । खालि श्रोतमा बहदै जानेछौ-एक 'मियो' समात जुन तिमी भित्रै छ ।"-*आत्मा निर्लिप्त छ, यसको दृष्टान्त हो आकाश । आकाश सबैको भित्र छ, परन्तु कुनै पनि वस्तुको साथ आकाश लिप्त छैन, किनभने आकाश अनि सूक्ष्म छन् ।* धूलो र धुँवाले आकाशलाई बेला बेला आच्छादित गरिरहेजस्तो देखिइन्छन्, परन्तु धूलो र धुँवा हटेपछि पनि आकाशमा कुनै दाग छोडेर जाँदैन, किनभने आकाश असंग छ । आकाशलाई सर्वत्रग भन्दछन्, अर्थात सवै वस्तुहरुमा उस्को स्थिति छ । यो स्थिति र गति के हो ? स्थिति एवं गति एकै कुरा हुन् । स्थितिशील आत्मा काल द्वारा नै गतिशील हुन्छन । *सीमाबद्ध काल नै मायाको रुप हो, शरीर उसको आश्रय हुन्,* यस कालको कारणले नै हामी आत्माको इह परत्र गमनागमनको कुरा सुन्दछौं । यसैको कारणले बाल्य, युवा, बार्द्धक्य जन्म एव मरणको नानात्व खेलहरु देख्दछौं । यस प्राकृत सम्बन्ध देखि रहित भएपछि आत्मालाई चिर स्थिर, नित्य निर्विकार, जन्म जरा मरण शून्य रुपमा उपलब्ध गर्न सक्दछन् । सहस्रदलमा जसलाई नित्य निर्विकार रुपमा देख्दछन्, त्यसलाई जब सुषुम्नामा अवस्थित देख्दछन् त त्यो गतिशील तथापि स्थिर छ । स्थिर यसैले छ- सुषुम्नामा अवस्थित प्राण मृत्युपाशले बद्ध हुदैन अर्थात् परिवर्त्तित हुदैन-

"यावद्वायु मेरोर्मध्ये तावन्मृत्यु भयं कुतः" -

त्यहाँ विलकुलै गति हुँदैन, यस्तो कुरा त छैन, विल्कुल गतिशून्य भएपछि त शरीर रहन सक्तैन । तथापि सुषुम्नामा स्थिर प्राणको सुक्ष्म गतिलाई गतिशून्य नै भन्दछन्, किनभने त्यस गतिले कुनै परिवर्त्तन हुँदैन । जब प्राण इडा-पिंगलामा आएर जन्म मरण धर्मी हुन्छ, तब पनि सूक्ष्म भावसंग सुषुम्नामा स्थिर प्राणको साथ उसको सम्बन्ध हुन्छ । यो स्थिर प्राण जुन अचल भएर पनि अचल छ, त्यो जब सहस्रारमा पुगेर गतिशून्य हुन्छ तब देहादिसँग प्राकृत सम्बन्ध रहँदैन । जन्म देखि मृत्युकाल पर्यन्त जीवको यस गतिको अवरोध हुँदैन, यसैकारण जीवको अदृष्ट एवं देह सम्बन्ध पनि कहिल्यै अवरुध्द हुँदैन । प्रत्येक गतिशील पदार्थ कुनै आपेक्षिक गतिहीन पदार्थको अवलम्बन गरेर नै वर्तमान रहन्छन्, अन्यथा त्यसको अस्तित्व रहँदैन । जब सम्म अस्तित्व छ तबसम्म एकातिर गति र अर्कोतिर गतिहीन अवस्था रहनेनै छ । यही जीवको बारम्बार जन्म मरण या बारम्बार आवागमनको कारण हुन् । यो गति ब्रहमाण्डमा सर्वत्र छ । गति विना ब्रहमाण्डको अस्तित्व रहन सक्तैन । सब यस गतिमा परेर अनन्त ब्रहमाण्डमा बारबार परिभ्रमण गरिरहेका छन् । यस गतिलाई अवरोध गर्नको निम्ति ब्रहमावस्थामा पुग्नु पर्दछ, जहाँ न केही छ र न केही होला । -

"धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि"-

यस परम सत्यलाई बुझ्नु पर्नेछ, त्यसको भित्र प्रवेश गर्नु पर्नेछ, जहाँ मायाको जाल सदाको लागि स्तंभित रहन्छ । क्रियाको परावस्था नै त्यो स्वकीय धाम हो, अतयव यस पथको बटुवाहरुसँग यही अनुरोध छ - तिनीहरु आत्मविस्मृत नहोउन् । जसबाट त्यो कैवल्यावस्था प्राप्त हुन्छ त्यसको लागि यस प्राणको मीयोलाई बलपूर्वक समाती राखुन् । यो मीयो या स्थिर भाव तथा श्वास या गति सबैको भित्र रहन्छ । जसले श्वासतिर लक्ष्य राख्न सक्दछ त्यसैले संसारगतिको अतिक्रमण गर्दछ । निरन्तर श्वास प्रश्वास

चलिरहेकोछ र पलपलमा जीव मृत्युतिर अग्रसर भैरहेकोछ । यस साधारण श्रोतमा आफुलाई बग्न नदिनु अनि त्यस अचल लक्ष्यलाई समाती राख्नुको प्रचेष्टा गर्नु नै परम कर्त्तव्य हो । परिश्रम गर्नाले नै त्यो पकडमा आउन सक्छ । एकबार त्यस अचल लक्ष्यलाई समात्न पाए पछि “अविचल राम” को प्राप्ति हुनेछ जुन सबको भित्र रहन्छ ॥३२॥

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ;
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारतः ॥३३॥

श्री धरीय टीका-[असंगत्वको कारणले आत्मा लिप्त हुँदैन, यो आकाशको दृष्टान्त द्वारा देखाइएको छ । अब प्रकाशकत्वको कारण आत्मा प्रकाश्य धर्मयुक्त हुँदैन, यो सूर्यको दृष्टान्त द्वारा भन्नु हुन्छ]-एक सूर्यले जसरी यस समस्त लोकलाई प्रकाशित गर्दछ, त्यसरी नै क्षेत्रज्ञ आत्माले समस्त क्षेत्रलाई प्रकाशित गर्दछन् ॥३३॥

आध्यात्मिक व्याख्या-“जसरी एक सूर्यले समस्त पृथ्वीलाई प्रकाशित गर्दछ त्यसरी नै शरीरीले यस शरीरलाई प्रकाशित गर्दछ-(Note)-जबसम्म अन्धकार छ अर्थात् आत्मा देखि अन्य दिशामा आसक्तिपूर्वक दृष्टि रहन्छ र आत्माको स्वरुप आदित्यवत् प्रकाश कूटस्थको हुँदैन ।”-

सर्वलोक चक्षु सूर्य जसरी *“न लिप्यते चाक्षुषैर्वाहयदोषैः”*-बाह्य पदार्थहरुको दोषले दुषित हुँदैन उसरी नै सर्वभूतान्तरात्मा सर्वशरीरको प्रकाशक भएर पनि देहको सुख दुःखसंग लिप्त हुँदैन । यसरी नै कूटस्थ सूर्य भित्र रहिकन यस देह इन्द्रिय मन बुद्धिलाई प्रकाशित गरिरहेको छ, तथापि देहेन्द्रियादिको अशुद्धि एवं नानात्वभावले कूटस्थलाई लिप्त गर्न सक्तैनन् । जबसम्म दोश्रोतिर दृष्टि छ तबसम्म सब अप्रकाश छ अन्धकार छ । जब कूटस्थ आदित्य समान प्रकाशित हुन्छ त साधक त्यस कूटस्थमा दृष्टि राखेर अनन्यलक्ष्य हुन जान्छन् । तब बाह्य प्रकृतिले उसलाई नानात्व तिर कदापि आसक्त गर्न सक्दैन । मनमा लाग्न सक्छ -यतिका बाह्यरुपहरुको स्फुरण हुन्छ तथा यिनीहरु प्रति मनको पनि जुन असीम आकर्षण छ, यस्तो अवस्थामा जब जगत् पनि रहनेछ र हाम्रो मन पनि रहनेछ तब जीवको मुक्ति कहाँ ! यसैले श्री भगवान् भन्नु हुन्छ - क्षेत्रले नै जीवलाई मुग्ध गरिराखेकोछ, त्यस क्षेत्रको प्रकाशक हो क्षेत्रज्ञ । त्यस क्षेत्रज्ञलाई नदेख्नुको कारणले नै यस क्षेत्रको नानात्व देखि मोहित भएर बन्धनमा पर्दछौं । परन्तु क्षेत्रलाई आलोकित गर्ने क्षेत्रज्ञ तिमी नै हो, तिमीले आफुलाई चिन जान, तब तिमीलाई आफ्नो खेलदेखि मुग्ध हुन पर्ने छैन ॥३३॥

क्षेत्र क्षेत्रज्ञयोरेव मन्तरं ज्ञान चक्षुषा ;
भूत प्रकृति मोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

श्री धरीय टीका-[यस अध्यायको अर्थलाई उपसंहार गर्नु हुन्छ]-उक्त किसिमसँग क्षेत्र एवं क्षेत्रज्ञको अन्तर अर्थात भेद विवेक ज्ञान रुप चक्षु द्वारा जसले जान्दछन् तथा यी भूतहरुको प्रकृति एवं त्यसबाट मोक्ष प्राप्तिको उपाय ध्यानादिलाई जान्दछन्, तिनीहरु परम पदलाई प्राप्त हुन्छन् ॥३४॥

आध्यात्मिक व्याख्या-"क्षेत्र एवं क्षेत्रज्ञ अर्थात् शरीर एवं शरीरीलाई जान्न ज्ञान चक्षु कूटस्थको प्रकाश भएर नै हुन्छ अर्थात योनिमुद्रा अन्य दिशातिर मन जाँदैन, खालि त्यस दिव्य दृष्टिमा नै रहन्छ जुन गुरुवक्त्र गम्य छ। पंचभूत, मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धाख्य यही पंचभूत आत्मलिंग हुन्। लिंग

द्वारा लिंगमा मैथून गरी मनलाई स्थिर गरेपछि बुद्धि हुनेछ-बुद्धिको पश्चात् पराबुद्धि अर्थात प्रकृतिको पर जुन पुरुष त्यही म ब्रहम हूम! तात्पर्य यो छ-काली स्वरुपी प्रकृति बलवती छ-महेश्वर स्वरुप पुरुष माथि चढेर सबलाई आफ्नो मायाले हनन गरिरहेछन्। उस्लाई महादेवले आफ्नै रुप बनाउँदछन्। बनाईलिए पछि दोश्रो तिर दृष्टि रहेन-आफु आफैमा रहनु त्यही क्रियाको परावस्था हो तथा सबको पर छ -त्यसमै लयको नाम मोक्ष हो। यही परम पद हो-यही हो परम पद।"-

-जब सम्म सद्गुरुको कृपाबाट दिव्य दृष्टि प्राप्त हुँदैन, तबसम्म क्षेत्र एवं क्षेत्रज्ञलाई कसैले बुझ्न सक्दैन। यस देहतिर हेर्दा खेरि प्रकृति पुरुषको मिलित भाव धेरै जसो बुझिनमा आउँदछन्। यो रक्त, मांस, अस्थि, मज्जाले ढाकिएको शरीर त जड छ, यसको भित्र चैतन्यको अपूर्व खेल छ, जसले ती समस्त जडीभूत अणु परमाणुहरुलाई मानो चैतन्यमय गरिदिन्छन्। चेतन र जड मानो मिलिकन एक भएर रहन्छन्, एकलाई अर्को देखि पृथक गर्न सकिंदैन। परन्तु प्रकृति पुरुषको विविक्त भाव पनि देख्न सकिन्छ। यस जड पिण्ड देहलाई भेदन गरी एक चैतन्य ज्योति प्रत्येक अंगप्रत्यंगमा झलमल गरिरहेछन्। सदगुरुको कृपाले जसले साधन प्राप्त गरेकोछ, त्यसले योनिमुद्राको साधनको सहायताबाट यो देख्न सक्दछ। यो देहस्थ ज्योति जसको ज्योति हो त्यस ज्योतिर्मय पुरुषको अनुभव गर्न सक्दछन्। यस किसिमसँग अनुभव गर्दा गर्दै त्यो अनुभव फेरि विलुप्त हुँदैन। साधकले इच्छा गर्ना साथै -

"रवि मध्ये स्थितः सोमः सोममध्ये हुताशनः ;
तेजोमध्ये स्थितं सत्यं सत्यमध्ये स्थितोऽच्युतः॥
एको हिं सोम मध्यस्योऽमृतं ज्योति स्वरुपकम् ;
हृदिस्यं सर्वभूतानां चेतो द्योतयते ह्यसौ॥
आदित्यान्तर्गतं यच्च ज्योतिषां ज्योतिरुत्तमम् ;
हृदये सर्वभूतानां जीवभूतः स तिष्ठति॥"-

यही हो कूटस्थ ज्योति। यस ज्योतिको अन्तर्गत जुन पुरुष छ त्यो मै हूम्। यस 'म'लाई जानेपछि सब ज्ञात हुन जान्छन्। जब मन कुनै दोश्रोतिर जाँदैन, त्यस दिव्य चक्षु स्वरुप कूटस्थको भित्रै निहित रहन्छ, तबै ज्ञानचक्षु खुल्दछन् तथा क्षेत्र एवं क्षेत्रज्ञको विभागको धारणा पूर्णरुपसँग हुन्छ। त्यस परम पुरुषलाई साक्षात् प्राप्त गर्नुको उपाय एस्तो छ। यस पंचभूत मय देहमा मूलाधारादि पंच स्थानहरुमा पंच मूर्त्तिहरुमा पंचलिंग रहन्छन्, यी नै पंचप्राणरुपले देहमा वर्तमान छन। जब प्राण द्वारा प्राणको मन्थन गरिइन्छन्, जसलाई मैथून भन्दछन् त त्यस मैथुनको फलस्वरुप मन स्थिर हुन जान्छ। मन स्थिर भएपछि बुद्धि स्थिर हुन्छ। त्यस स्थिर बुद्धि या पराबुद्धिमा प्रकाशित आत्मभाव नै पुरुष हो, त्यही ब्रहम हो अनि

त्यही 'म' हो । पहिले प्रकृति बडो बलवती हुन्छन् । यही संसारमूर्त्ति हो, आसक्तिरुपमा एवं जन्ममृत्युरुपा घोरा विभीषणा कालिका रुपिणी उसको प्रचण्ड मूर्ति *"चण्डरुपाति भीषणा"* प्रकाशित हुन्छ - यसको स्मरणमात्रले सबैको हृदय कंपित हुन्छन् । स्थिर शून्य, व्योम या महेश्वरको हृदयलाई भेदन गरी या त्यस्लाई आवृत्त गरी *"तकधिनतकधिन"* भावमा उसको अविच्छिन्न नृत्य नर्त्तन चलिरहेकाछन् । यसै कारण अखंड महाकाल महेश्वर यत्तिका विच्छिन्न तथा असंख्य खण्ड विखण्ड भावमा देखिइन्छन् । एकलाई अनेक भावले अनेकरुपमा देखेर मनको भ्रम मिटिरहेको छैन अज्ञान छुटिरहेको छैन । फेरि लीलाको अन्तमा स्वयं महादेव जब आफ्नो यस इन्द्रजालमयी बहिर्मुखी शक्तिलाई संकुचित गरिलिन्छन्, तब अनेक एक हुन जान्छ, घोरा अघोरा हुन जान्छ । जन्म मृत्युको विभीषिकामयी कराल मूर्ति निलेन्दीवरलोचना भएर, मोहमयी माया सन्तानवत्सला जननी भएर अनन्त विभिन्न भावहरुलाई एक महाकाश या चिदाकाशमा परिणत गर्दै *"सौम्या सौम्यतरा शेष सौम्येभ्यस्त्वति सुन्दरी" भएर "सर्व श्यामा असिकरा मुण्डमाला विभुषिता"* भएरअखण्ड ब्रहमाण्डलाई आफ्नो भाण्डोदरमा सुताइदिन्छन् । यही हो शवरुप अनात्मभावलाई शिवरुपमा परिणत गर्नु, यही हो विश्वलाई आफ्नो बनाउनु अनि यही हो आफु आफैमा रहनु । यस्तो भएपछि फेरि अन्य दिशामा दृष्टि रहने छैन । पहिले जुन असिकरा भएर सबलाई हनन गर्दथ्यो, माया मोहकूपमा खसाल्दथ्यो, अब उसैले सबलाई आफ्नो गलामा राखेर आफ्नो अंग शोभाहारको रुपमा परिणत गरिदिन्छन् । युद्ध बन्द भयो, अशुभ शुभ रुपमा रुपान्तरलाई प्राप्त भयो । जब देवाधिदेवले यसरी स्वभक्तलाई आफ्नो रुप बनाइलिन्छन्, तब भक्त अनन्य दृष्टि भएर आफुलाई उनकै भित्र विसर्जित गर्दछ । यही हो योगको पराकाष्ठा । अन्य दिशामा आसक्ति छैन, सन्सार रहेरै पनि उसको संसार छैन, यही हो आफु आफैमा रहनु । यसैको नाम हो क्रियाको परावस्था । यही हो सर्वशेष अवस्था यसैमा सवैको निमज्जन या लय हुन्छ, यही मोक्ष पद हो, यही परमपद हो । यही हो भूत प्रकृति देखि विमुक्ति प्राप्ति तथा यही हो भूत प्रकृतिको विमुक्ति । समाधि साधनमा जो दृढ अभ्यस्त छन् तिनीहरु समाधि भंग पछि पनि आत्माको प्रकृति कार्यमा लिप्त सम्भंदैन । यस्तो कुरा त छैन-उनको यस अवस्थामा क्षेत्रको पृथक अस्तित्व रहँदैन । तिनीहरु जाग्रदावस्थामा पनि योगयुक्त हुनुको कारण प्रकृत क्षेत्रलाई आफ्नो आत्म सत्ता देखि पृथक उपलब्ध गर्देनन् यही भूत प्रकृतिको पनि मोक्षप्राप्ति हो भक्त रामप्रशाद भन्नु हुन्छ-"भाई ! जुन थियौ त्यही हुन जानेछौ" अध्यासवश प्राण चंचल भएर बाह्य दृष्टियुक्त भएर यस अनन्त दृश्यलाई समुत्पन्न गर्दछन् । प्राण स्थिर भएपछि जसरी बुद्धि स्थिर हुन्छ, त्यसरी नै *"नेह नानास्ति किंचन"*-साधकलाई अनुभव हुन्छ । वस्तुत उसको बन्धन या मोचन हुँदैन, जुन स्वप्नमा देखिन्थ्यो, स्वप्न टुटे पछि त्यसको अस्तित्व रहेन यति मात्र भयो, यसैको नाम हो मोक्ष । यसै कारण श्री मद्भागवतमा लेखिएकोछ -*"बद्धो मुक्त इति व्याख्या गुणतो मे न वस्तुतः"* -एघारौं स्कन्ध ॥३४॥

इति श्री शयामाचरण आध्यात्मिक दीपिका नाम गीताको त्रयोदश अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

त्रयोदश अध्यायको परिशिष्ट एवं आलोचना
"तेषामहं समुध्दर्ता मृत्यु संसार सागरात्"

मृत्यु-संसार देखि मैले सबै भक्तहरुलाई उध्दार गर्दछु, यो श्री भगवान्को प्रतिज्ञा हो । परन्तु आत्मज्ञान बिना यो संभव छैन अतयव यस तत्त्वज्ञानको उपदेशको लागि प्रकृति-पुरुष-विवेकयोग यस त्रयोदश अध्यायमा आरंभ गर्नु भएको छ । भगवान्ले सप्तम अध्यायमा अपरा र परा प्रकृतिको रुपमा यस प्रकृति पुरुषको वर्णन गर्नु भएको छ । यस उभय प्रकृतिको प्रकृत ज्ञानको अभावको कारणले नै चिदंश जीवको संसार गति हुन्छ । यसैले यस अध्यायमा श्री भगवान्ले प्रकृति र पुरुष, क्षेत्र एवं क्षेत्रज्ञ, ज्ञान एवं ज्ञेय आदि तत्त्वहरुको आलोचना गर्नु भएको छ । गम्भीर ज्ञानयुक्ति पूर्ण रहस्यमय आत्मतत्त्वलाई नबुझिकन तथा बुझेर पनि तदनुसार साधना गर्नु विना ज्ञानको उदय हुन सक्तैन । ज्ञान उदय नभैकन संसार सागर देखि उत्तीर्ण हुन असंभव छ । यसै कारण शास्त्रले आदेश दिन्छन् - श्रध्दालु भएर गुरुमुख देखि तत्त्वज्ञान सुन । खालि सुनेर मात्रै पनि काम चल्ने छैन, सुनेर "मत्परम" हुनु पर्नेछ । "मत्परम" अर्थात् परब्रह्मरुप अक्षरात्मा नै जसको निरतिशय गति छ, यसरी ज्ञानाश्रिता भक्तिको अवलंबन गर्दै गैरहनाले नै भगवान्को प्रिय या भक्त बनिन जान्छन् । *"प्रियो हि ज्ञानिनोऽत्यर्थ"*-म ज्ञानीको अत्यन्त प्रिय हूंम । अतयव ज्ञानवान् नै उनको प्रकृत भक्त हून् । भगवान्को (आत्माको) साथ मिल्नमा देहात्मबोध प्रचण्ड विघ्न छ । यो देहात्म बोध हुन्छ किन ? परम पुरुषको शक्ति प्राण रुपमा नाडीहरु भित्र भएर देहमा संचारित हुन्छ । प्राण-शक्तिको बलबाटै इन्द्रियहरुले जगत् वस्तुको दर्शन गर्दछन् । प्राण इन्द्रियगत भएर यो दर्शन क्रिया संपादन गर्दछ । यही प्राण आत्माको शक्ति हुनुको कारण आफ्नो सत्ता देखि अहंज्ञान उत्पन्न गरी जागतिक वस्तुलाई दर्शन गर्दछ । ज्ञान द्वारा अर्थात क्रियाको परावस्था द्वारा देह बोधरुप अभिमान नष्ट भएपछि आत्म प्रतिष्ठा या जीवन्मुक्ति अवस्था प्राप्त हुन्छ । त्यो हो जीवनमुक्त जसको शरीरादिमा आत्म बुद्धि छैन । अविद्यासँग सम्बन्ध शून्य भएपछि नै जीव मुक्त हुन्छ, तब त्यो केवल आत्मरुपमा नै अवस्थान गर्दछ, अतयव ज्ञानी खालि उसको प्रिय मात्र होइन, बरु उसको आत्मसम हुन जान्छ । "ज्ञानी त्वात्मैव से मतम्"-ज्ञानी आत्माकै स्वरुप हो । दोश्रो जुन भक्त आत्मज्ञान-विवर्जित छन् । तिनीहरु भगवान्को साथ अभिन्न भएर उनको प्रकृत निज जन हुन सक्तैन । यसै कारण भगवान् शंकराचार्यले भन्नु भएको छ-"यस्माद् धर्म्यामृतमिदं यथोक्तं अनुतिष्ठन भगवतो विष्णोः परमेश्वरस्य अतीव मे प्रियो भवति, तस्माद इदं धर्म्यामृतं मुमुक्षुणा यत्नतः अनुष्ठेयम्"- धर्म्यामृतको अनुष्ठान गर्दा गर्दा भगवान् परमेश्वर विष्णुको अतीव प्रिय बन्न सक्दछन्, यसैले विष्णुको परम पद प्राप्तिको इच्छा जसले गर्दछन्, यस्ता मुमुक्षुजनले बडो यत्नपूर्वक यस धर्म्यामृतको अनुष्ठान गर्नु पर्दछ ।

आत्मज्ञान विना दुस्तर शोक-सागर देखि उत्तीर्ण हुन वस्तुतः संभव छैन । द्वितीय वस्तुको अभिनिवेशको कारण हामीलाई भय एवं शोक उत्पन्न हुन्छ । अज्ञानको कारणले नै यस द्वितीय वस्तुको ज्ञान हुन्छ, यही हो आत्माको अविद्या सम्बन्ध । यस भय एवं शोक देखि आत्मविद् नै उत्तीर्ण हुन सक्दछन् । छान्दोग्य श्रुति भन्दछन् - *"तरति शोकमात्मविद्"* जबसम्म नानात्वको निरसन हुँदैन तबसम्म शोक जान सक्तैन किन भने मृत्यु या अभाव बोध शोकको प्रधान आश्रय हो ।

नानात्व दर्शन नै मृत्यु हो-

ऐक्य ज्ञान विना अमृत प्राप्ति हुँदैन । जबसम्म नानात्वको दर्शन भै रहन्छन्, तबसम्म मृत्युले हामीलाई पछ्याउन छोड्न सक्तैन । वृहदारण्यक श्रुति भन्दछन् - *"मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति"* जसले यस ब्रहमसत्तामा ईश्वर-जीव-जगत् आदि नाना भेद दर्शन गर्दछन्, तिनीहरु मृत्युपछि बारंबार जन्म-मरणलाई प्राप्त हुन्छन् । आत्मा अनेक छैन, आत्मा छ एक-यो समाधिज ज्ञान द्वारा जानेपछि जीवको जन्म-जरा-मरण व्याधि त्रास छुट्न जान्छन् । आत्मा त अमृत-स्वरुप छ अनि आत्मा सिवाय अन्य केही जब छैंदै छैन भने त हामीले जन्म-मृत्यु आदि द्वन्द्वभावको अनुभव किन गर्दछौं ? यस किसिमको भ्रान्ति-बोध हुनुको कारण हो देहात्म-बुद्धि । शरीर त नित्य परिवर्त्तनशील छ, देहमा आत्म-बोध हुनुको कारण भ्रान्त जीवलाई यस्तो लाग्दछ - जन्म-मरणको साथ यस आत्माको पनि जन्म मरण हुन्छ । यो देह भ्रम जबसम्म छुट्दैनन् तबसम्म जीवलाई संसार समुद्र देखि पारहुनु असंभव छ ।

देहातीत वस्तुको ज्ञान-

यसैले ज्ञान प्राप्तिको चेष्टा गर्नु परम आवश्यक छ । आत्म ज्ञान प्राप्त गर्नको लागि यस देहको परिचय प्राप्त गर्नु अनि देहमा जुन देहातीत नित्य चैतन्य जन्म मरण रहित एक वस्तु छ त्यसको सम्बन्धमा एक निर्भ्रान्त ज्ञान हुनु आवश्यक छ । यही ज्ञेय बस्तु हो, यसलाई जानेपछि नै मुक्ति प्राप्त हुन्छ । परन्तु ज्ञेय वस्तुसँग अवगत हुनु भनेको कुनै चानचुने कुरा होइन यसको लागि बहुसाध्य साधना गरी आफुलाई प्रस्तुत गर्नु पर्ने हुन्छ । धेरै धेरै सद्‌गुणहरुको राशि अर्जित गर्नु पर्ने हुन्छ, अमानित्व अदम्भित्व देखि थालनी गर्दै सबै किसिमको संयम र साधनामा अभ्यस्त हुनु पर्दछ । त्रयोदश अध्यायमा जस्लाई ज्ञान या ज्ञानको साधन बताउनु भएको छ, ती सद्‌गुणहरुलाई आयत्त गर्नु बिना शास्त्रको अभ्यास या उपदेश मात्र सुन्नाले कुनै फल हुँदैन । अतयव आत्माको सम्बन्धमा ज्ञान प्राप्त गर्नको लागि योगाभ्यासमा सुनिपुण हुन आवश्यक छ । खालि मौखिक युक्तितर्क द्वारा अचिन्त्य वस्तुको धारणा हुँदैन ।

सत्वशुद्धि ज्ञान प्राप्तिको प्रधान उपाय हो-

प्रथमतः साधना द्वारा सत्त्वशुध्दि गर्नु पर्नेछ, सत्त्वशुध्दि भएपछि आत्मविषयक स्मृति प्राप्त हुनेछ । यो स्मृतिधारा जब अविच्छिन्न भावसँग चल्न थाल्नेछ । तब मनोवृत्तिहरु क्षीण हुन जानेछन् । वृत्तिनिरोधपूर्वक समाधिस्थ हुनु बिना निर्गुण पुरुषमा स्थितिलाभ गर्न कठिन छ । यस स्थितिको नाम हो अपरोक्षानुभूति ज्ञान अथवा क्रियाको परावस्था । मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त जुन आत्मा कूटस्थरुपमा विराजमान छ त्यही यस शरीरको कारण हुन् । यो शरीर र शरीरस्थ धातु (इन्द्रिय, मन, बुद्धि आदि) ब्रहमको पृथक पृथक सूत्र मेरुदण्डको भित्र रहन्छन्, त्यसैबाट यो विश्वसंसारले विस्तार प्राप्त गर्दछन् । पंच महाभूतहरु देखि यो जगत् छ, ती पंच महाभूतहरुको कारण जुन सूक्ष्म पंचभूत छन, ती मेरुदण्ड स्थित चक्रमा रहिकन जीवको शरीर इन्द्रियलाई संगठित गर्दछन् । ती पंचतत्त्वहरुलाई प्रकाशित गर्दछ । जबसम्म त्यो फेरि अन्तर्मुखी हुँदैन, तबसम्म जीवको विश्वदर्शन-रुपी-भ्रम कदापि मेटिन सक्तैन ।

योगाभ्यास किन आवश्यक छ ?-

योगको मूलतत्त्वलाई राम्ररी बुझिलिएपछि मुक्तिको लागि योगाभ्यासको प्रयोजनशीलता जान्न सकिन्छ। ब्रहमको अणु प्राणधाराको साथ मिलेर नाडीमुखमा प्रवाहित हुन्छन्। यस प्रवाहको कम्पनको साथ इच्छा, द्वेष आदि मनोवृतिहरु स्फुटित हुन थाल्दछन्, तब यी अरु पनि बढी बहिर्मुख भएर विषय अन्वेषण गर्नमा प्रवृत्त हुन्छन्। यो विषय अन्वेषण मनको स्वाभाविक क्रिया हो। यस क्रियालाई अरु कुनै किसिमसँग अवरुध्द गर्न सकिदैन। यसैले प्राणको जुन स्पन्दन देखि यी संकल्पात्मक वासनामय मनोधर्म आदि जाग्रत हुन्छन, त्यस स्पन्दनलाई अवरोध गर्दा गर्दा जति जति प्राणवृत्ति निःस्पन्दित हुनेछ, उति उति नै ज्ञानेन्द्रियहरु र कर्मेन्द्रियहरुको क्रियाहरु पनि अर्कै किसिमको हुन जानेछन् अर्थात् तिनीहरुबाट व्यावहारिक जगत्को क्रिया नभएर अन्तर्जगतको क्रिया प्रकाशित हुनेछ। पश्चात् यी सारा क्रियाहरु पनि रहने छैनन्। क्रमशः क्रमशः आत्म क्रिया द्वारा स्थिर हुँदै हुँदै अव्यक्त पदको अनुभव हुन लाग्नेछ अर्थात् "सोऽहं सोऽहं" जुन पहिले थियो त्यही फेरि हुन जानेछ। सब वस्तुहरु तथा भूतहरुमा एक महाप्राणलाई लक्ष्य गरिलिएपछि त्यही सब भूतहरुको भित्र सबचीज भएर रहन्छन्, यो बुझ्न सजिलो हुन जानेछ। पश्चात् क्रियाको परावस्था जति जति नै बढोत्तरी हुनेछ, त्यति त्यति नै बाह्य क्रियाको अवरोध हुन जानेछ। जब सम्म इडा-पिंगला, सुषुम्ना चलिरहनेछ, तबसम्म मन अन्य विषयहरुमा रहिरहने छ बाहिरी क्रिया रुध्द हुने छैन। ब्रहमको अणुमा स्थिति भएपछि इडा पिंगला-सुषुम्ना एक हुन जानेछ। तब जगन्मय ब्रहमको स्वरुपलाई जानिकन यो जीवन कृत कृत्य हुन जानेछ।

आत्मालाई शरिर देखि पृथक् गरी हेर्नु-

त्यो अंगुष्ठमात्र पुरुष जुन जीवहरुको हृदयाकाशमा अवस्थित रहन्छन्, त्यसलाई देह देखि पृथकभावमा अवस्थित अनुभव गर्नु पर्नेछ। मुंजतृण देखि इषिका अर्थात् मध्यस्थ दण्डलाई जसरी पृथक गरिदिन्छन्, उसरी नै सर्वदेहस्थ भएर पनि जो सर्व देहातीत छन्, उसलाई क्रियाद्वारा स्थिर भएर आफ्नो शरीर देखि पृथक गरी देख्न सक्ने छौं अतयव देह-सृष्टि कसले गर्‍यो, कुन किसिमको, त्यो के हो, तिमी के हौ, पुरुष के हो, प्रकृति के हुन् यी सब रहस्य तिम्रो समझमा आई हाल्नेछ। यस रहस्यलाई भेदन गर्नको निम्ति प्राणायामादि योगांग क्रिया अधिक परिमाणमा गर्नु आवश्यक छ। तब यो शरीर कसको हो देख्न सक्ने छौ। कसले यस देह-कदम्ब-वृक्षमा बसेर दिनरात बंशी बजाई रहेछन्। उनलाई देखेर, उनको बंशीध्वनि सुनेर तथा त्यस परमपुरुषलाई देखेर उनैमा प्रविष्ट हुन गएपछि नानात्वको कुनै चिन्ह शेष रहने छैन। तब जान्नु या पाउनुको लागि केही रहन जाने छैन।

द्वादश अध्यायमा तत्त्वज्ञानी या भक्तको लक्षण देखाइएको छ। जुन देह एवं देहीको ज्ञान तथा यिनको ऐक्यलाई प्राप्त गरी भगवान्‌को प्रिय बन्न सक्दछौं त्यस तत्त्वज्ञानको विषय यस अध्यायमा सम्यक् रुपसँग आलोचित भएको छ। यसैले यो अध्याय यथार्थतः बडो दुरुह छ।

प्रकृति र पुरुष, क्षेत्र र क्षेत्रज्ञ-

आत्मतत्त्वलाई बुझ्नको लागि दुई प्रमुख विषय आलोचनीय छन् । - क्षेत्र एवं क्षेत्रज्ञ, अथवा प्रकृति र पुरुष । यिनीहरुको पारस्परिक संयोग नै संसार हुन् । यो संयोग छिन्न नभैकन आत्म दर्शन हुँदैन अथवा प्रकृत ज्ञानको उदय हुँदैन । प्रकृति पुरुषको ज्ञान प्राप्त गरेपछि नै यो संयोग छिन्न हुन्छ । यो देह र देहको भित्र जुन चैतन्य छ, जुन देहको समस्त क्रियाहरुको साक्षी हुन अनि जसको रहनु बिना शरीरको क्रिया हुन सक्तैन - त्यही चेतन पुरुष, साक्षी या आत्मा हो । देह प्रकृतिको क्रिया यस प्रकृतिको निजस्व हो, यस कुरालाई बुझ्न नसक्नुको कारण त्यो आत्माको कार्य बुझिन जान्छन् । यद्यपि यो कुरा सत्य छ-शरीरमा आत्मा वर्तमान नरहेमा प्रकृतिको क्रिया (प्राण, मन, बुद्धि आदि) को कुनै परिचय प्राप्त हुँदैन, तथापि चैतन्य-सत्ताको अस्तित्वको कारण प्रकृति जो क्रियाशील हुन्छन्, त्यसलाई आत्माको धर्म मान्नु भ्रम हो । आत्मा कर्त्ता होइन खालि साक्षी मात्र हुन्, यो क्रियाको परावस्थामा आत्मसाक्षात्कार भएपछि अनुभव गरिन जान्छन् अनि तब उसको धारणा अकर्त्ताको रुपमा हुन्छ । यस ज्ञान प्राप्तिको उपाय हो यो मार्ग या क्रिया योग । साधारणतः भक्ति या ज्ञानालोचना पनि यस योगमार्गको अर्न्तर्गत छ । प्रकृत ज्ञान या भक्ति आत्मदर्शन बिना हुन सक्तैन ।

आत्माको आवरण एवं प्राणको प्रकाश-

अखण्ड अपरिच्छिन्न आत्मा कुन किसिमसंग शरीरको भित्र आएर प्रवेश गरी रहन्छ, यो अत्यन्त विस्मयजनक कुरा छ । सहस्रार स्थित परमात्मा जब लीलावश आज्ञाचक्रमा ओर्लन्छ त उनको जुन आवरण रचित हुन्छ, त्यही हो अज्ञानको आवरणजुन अत्यन्त स्थिर छ, त्यही जब स्पन्दनयुक्त हुन्छ त माया शक्ति या प्राण प्रकाशित हुन्छ । त्यो प्राण चंचल भएपछि आत्मा प्राणसँग मिलेर निम्न अर्थात् स्थूलमा अवतरण गर्दछ - यही सृष्टि रहस्य हो । त्यही चंचल प्राण मनोरुपमा तथा पश्चात् देहादिरुपमा परिणामलाई प्राप्त भै यस विशाल व्यक्त जगत्लाई अभिप्रकाश गर्दछ । यसै कारण बध्द जीवलाई पहिले शरीरमा नै आत्माको भ्रम हुन्छ, किन भने त्यो पंचभूतमय देहमा नै पहिले आत्माको प्रकाशलाई अनुभव गर्दछ ।

भूतात्मा-

यस देहसँग जडित जुन आत्म भावको विकाश हुन्छ, त्यस आत्मालाई (१) भूतात्मा भन्दछन् । चिन्तनशील पुरुषले विचार गरेर बुझ्न सक्तछन-यो नश्वर, नित्य परिवर्तनशील भूतमय शरीर कहिल्यै आत्मा हुन सक्तैन । तिनीहरुले देख्दछन्-देहको भित्र देहको अतीत अरु पनि कुनै पदार्थ रहन्छ जसको दीप्तिले यो देह प्रभायुक्त बनिरहन्छ, त्यस दीप्तिको अभाव भएपछि यो देह जडवत हुन जान्छन, यस्मा चैतन्यको लेश पनि रहँदैन । पश्चात तिनीहरुले साधन चक्षु द्वारा देख्दछन-देहको भित्र जुन एक स्पन्दन छ त्यसैद्वारा चैतन्यको संचार भैरहेको छ । यही हो प्राणको स्पन्दन । स्पन्दन त छ परन्तु वास्तविक मुख्य प्राण छैन जसद्वारा जीव जीवित रहन्छन् । त्यो (२) सूत्रात्मा हो, प्राण-स्पन्दन उसैको शक्ति हो ।

भूतात्मा-

यस प्राण-स्पन्दन द्वारा नै जीवले भोगोपयोगी शरीरको परमाणुहरु लाई सम्मिलित गरी यस स्थूल देहको रचना गर्दछ । पश्चात यही प्राण अनेकानेक भागहरुमा विभक्त भएर शरीरको भित्र नाडी मुखमा प्रवाहित भएर देहलाई प्राणवन्त तथा कर्मोपयोगी बनाइ दिन्छन् । यस प्राण प्रवाहको भित्र एक अपरुप शक्ति रहन्छ जसले देहलाई संगठित गर्न सक्दछन । प्राण बिना शरीर गठनको क्रिया सम्पन्न हुँदैन, यसकुरालाई हामी सबैले बुझ्दछौं । नाडी मध्यस्थित शक्ति नै प्राणको शक्ति हो, परन्तु यो पनि मुख्य प्राण होइन । नाडी-मध्यस्थित शक्ति उसको शरीर या प्राणमय कोष हुन् । जसले यस प्राणमय कोषमा रहिकन देह एवं इन्द्रियहरुको कार्यलाई नियन्त्रित गरिरहेको छ त्यही (३) जीवात्मा या कूटस्थ हो ।

जीवात्मा-

देहादिमा वर्तमान भएर पनि त्यो कूटस्थ सर्वदा देहको अतीत छ । देह प्राणादिमा संश्लिष्ट रहनुको कारण उसको सावयव, सीमाबध्द, कर्म फल भोक्ता एवं अनेकरुपमा धारणा हुन्छन् । बहिर्दृष्टिको कारण प्रकृतिको अनुगामी भएर जीवले सुख दुःख भोग्दछ । परन्तु वस्तुतः त्यो सुख दुःखको भागी अथवा कर्मफलको भोक्ता होइन । प्राण, मन एवं इन्द्रियहरुको सान्निध्यको कारण उनको कृत कर्महरुको फल भोगादि उसमा अध्यस्त हुन्छ । स्वरुप ज्ञानले यस किसिमको भ्रान्ति दूर हुन जान्छन । घृत जसरी दुग्धको प्रत्येक अणुमा रहेर पनि दुग्धलाई अस्तित्व प्रदान गर्दछ तथा दुग्धको जल भागसँग उसको सम्बन्ध हुँदैन, मन्थनदण्ड द्वारा दुग्ध मथित भएपछि जसरी तन्मध्यस्थ घृत त्यसको माथि पौडिन थाल्छन्, त्यसको साथ लिप्त भएर पनि संलिप्त हुँदैन, उसरी नै यो देहादि या प्रकृतिरुप दुग्ध प्राणायामरुप मन्थन दण्डको सहायताले आत्मादेखि स्वतन्त्ररुपमा भासित हुन्छ । तब यो पूर्णतः बुझनमा आउँदछ-आत्मा प्रकृति देखि असंलिप्त छ । यही हो भूत प्रकृति देखि मुक्तिको प्राप्ति । यसरी भूत प्रकृति देखि मुक्ति प्राप्त गरेपछि यी दृश्यमान असंख्य जीव या खण्ड भाव एकमा मिलिकन एकाकार हुन जान्छन् ।

परमात्मा-

देहेन्द्रियको लागि अगोचर, अव्यक्त, परम- एक पुरुषोत्तम या परमात्मा हुन् । यो निर्गुण परमात्मा लीलावश जब सगुण हुन्छ, तब त्यसलाई ईश्वर भन्दछन् । भिन्न भिन्न देहहरुमा प्रकटित कूटस्थ चैतन्य नै क्षेत्रज्ञ पुरुष हुन्- *"क्षेत्रज्ञं चापि मां विद्धि सर्व क्षेत्रेषु भारत"* । यो क्षेत्र क्षेत्रज्ञ देखि अभिन्न छ । *"बीजं मां सर्व भूतानाम विद्धि"*-त्यो सब भूतहरुको मूल हुन् । परा एवं अपरा दुबै प्रकृतिहरु उसैका हुन्, अतयव एक किमिससँग सर्वभूत उनै हुन् । यसै कारण वेदले हामीलाई बताउँदछन्- *"नेह नानास्ति किंचन"* । सुषुम्ना अन्तर्गत ब्रहमसूत्र पद नै परा प्रकृति हुन् । त्यसको भित्र सूक्ष्मरुपमा समस्त भूतहरु वर्तमान छन् । यसको स्थूल भाव नै अपरा प्रकृति या विश्व हो । अतयव विश्वको योनि यो ब्रहमसूत्र या ब्रहमयोनि कूटस्थ हो । कूटस्थ हो । कूटस्थको भित्र समस्त देवताहरु रहन्छन् । भित्रको सविता नै कूटस्थको रुप हो । त्यस देखिनै त्रिलोकको विस्तार हुन्छ । यस कूटस्थको भित्र जुन पुरुष छ -

"योऽसावसौ पुरुषः सोऽहमस्मि"

"एषोऽन्तरादित्ये हिरण्मय पुरुषे दृश्यते इत्यधिदैवतम्"

पराप्रकृति, कूटस्थमा ब्रहमयोनि-

- यस अन्तरादित्य कूटस्थमा हिरण्मय पुरुष रहन्छन् । चारैतिर स्वर्णको प्रकाश समान प्रकाश विद्यमान छ र मध्यमा पुरुष छ जस्ले राम्रोसँग क्रिया गर्दछ । त्यसले त्यस अधिदैवत पुरुषलाई देख्न पाउँदछ । त्यो पुरुष नै सर्व व्यापक ब्रहम हो-*"क्षेत्रज्ञं चापि मां विध्दि ।"* क्षेत्रान्तर्गत दिव्य चक्षु समान प्रकाशित कूटस्थलाई देखेपछि मन दोश्रोतिर जाँदैन । त्यसमा नित्य स्थिति भएपछि जीवन्मुक्ति या भूत प्रकृति देखि मोक्ष प्राप्ति हुन्छ । विश्वको उत्पादन चतुर्विंशति तत्त्व नै क्षेत्र या प्रकृति हो । विराट् प्रकृति प्रकृतिको परिचय एवं भोगायतन यो शरीर-दुबैको स्वरुप उपादान एकै छ । यसैले दुबै क्षेत्रलाई क्षेत्र या प्रकृति भन्न सकिन्छ ।

कूटस्थमा हिरण्मय पुरुष-

"महाभूतान्यहं कारो बुद्धिरव्यक्त मे व च ;
इन्द्रियाणि दशैकंच पंच चेन्द्रिय गोचराः ॥
इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृति;
एतत् क्षेत्रं समासेन सविकार-मुदाहृतम् ॥"

भूत प्रकृति देखि मुक्तिलाभ-

महाभूत (क्षिति, अप, तेजः मरुत्, व्योम) अहंकार (बुद्धि महत्तत्त्व), अव्यक्त (मूलप्रकृति), दश इन्द्रियहरु मन तथा पंच इन्द्रिय गोचर) (शब्द, स्पर्श, रुप, रस र गन्ध)-यी चतुर्विंशति तत्त्व नै क्षेत्र हुन् । इच्छा, द्वेष, सुख, दुःख संघात (शरीर) चेतना (ज्ञानात्मिका मनोवृत्ति) तथा धृति यी सब मनोधर्म हुन अर्थात् क्षेत्रको अन्तरगत छन् ।

सृष्टिको विकास-

विश्वको मूल कारण अव्यक्त या मूल प्रकृति हो मूल प्रकृति त्रिगुणमयी छ, अर्थात सत्व, रजः एवं तमो गुणात्मिका छन् । गुणत्रय जब सुप्त या साम्यावस्थामा रहन्छन् तब त्यसलाई अव्यक्त भन्दछन, अर्थात इडा-पिंगला र सुषुम्नाको अतीत भाव । जीवको अदृष्ट वश कालको प्रभावले यस साम्यावस्थाको विच्युति हुन्छ । तब प्रकृति क्षुब्ध भएर विकृत हुन्छ । प्रकृतिको यस विकृत भावलाई नै सृष्टि भन्दछन् । सृष्टिकालमा पहिले जब सत्त्वगुण वृद्धिलाई प्राप्त हुन्छ त ज्ञानात्मक महत्तत्त्व या बुद्धिको उत्पत्ति हुन्छ । अर्थात म के हूम् तथा मेरो शक्ति के हो-यो स्मृति पथमा उदित हुन्छ । पश्चात रजगुण एवं तमोगुण प्रबुध्द

भएपछि अभिमानात्मक अहंकार उत्पन्न हुन्छन् । अहंकार अर्थात 'म' लाई पृथक गरी देख्नुको भाव तथा यस 'अहं' कार्यसँग सम्बन्धयुक्त भएर म गर्दछु, म देख्दछु, इत्यादि अभिमान । विषयहरुलाई आत्मगोचर गर्नुको प्रधान शक्ति हो अभिमान । यस अहंकार देखि पंच तन्मात्राहरु तथा पंचतन्मात्राहरुको पंचीकृत भएपछि आकाशादि स्थूल भूत उत्पन्न हुन्छन् । पंचतन्मात्राहरु इन्द्रिय गोचर छैन, यिनीहरु जब पंचीकृत हुन्छन् तब स्थूल इन्द्रियहरुको गोचर हुन्छन् ।

सांख्य शास्त्रले प्रकृतिलाई जड भन्दछन् । सांख्य मतानुसार यो प्रकृति स्वतन्त्र छ अनि यो जगत् प्रकृतिको स्वतः परिणाम मात्र हुन । परन्तु गीतामा श्री भगवान्ले प्रकृतिलाई स्वतन्त्र भन्नु हुन्न -

"मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम;
हेतुनानेन कौन्तेय जगद्विपरिवर्त्तते ॥"

-मेरो अधिष्ठानको कारण प्रकृतिले चराचरात्मक जगत्लाई प्रसव गर्दछन् । हे कौन्तेय, यो जगत् यसै कारणले उत्पन्न हुन्छन् ।

सांख्य एवं गीताको मत-

सांख्य मतानुसार प्रकृति जड हुनुको कारण सृष्टिकार्यमा एक्लै समर्थ हुँदैनन् । अतयव पुरुषको संयोगको आवश्यकता हुन्छ । परन्तु सांख्यको पुरुष निर्गुण छ । निर्गुणको इच्छा हुन सक्तैन । तब त फेरि उनको संयोग-साधन कसले गर्दछ ? पुरुषको सान्निध्यको कारणले नै प्रकृति सृष्टि-कार्यमा समर्थ हुन्छन् यो ठीक छ, तर यो सामर्थ्य प्रदान त पुरुषले नै गर्दछन्, अतयव मान्नु पर्ने नै छ पुरुषको भित्र प्रेरणा या इच्छा हुन्छ या रहन्छ । यस स्थितिमा पुरुषलाई निर्गुण मान्नाले काम बन्दैन । इच्छा अन्तः करणको धर्म हो । पुरुषको इच्छा भन्नाले त्यसलाई मनोयुक्त मान्नु पर्नेछ । पुरुषको औदासिन्य एवं कर्तृत्त्व परस्पर अत्यन्त विरुध्द प्रतिपन्न हुन्छन् । यसैल यस्तो जानिइन्छन्-प्रकृति र पुरुष स्वतन्त्र वस्तु होइन । प्रतीत हुन्छ मानो लीला-हेतु द्विधा विभक्त भएर तिनीहरु स्वयं प्रकृति-पुरुषको रुपमा खेल-अभिनय गर्दछन् । गीतामा श्री भगवान भन्नु हुन्छ -

"एतद् योनीनि भूतानि सर्वाणीत्युप धारय;
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा" ॥७।६॥

भूतगण क्षेत्र एवं क्षेत्रज्ञ-स्वरुप यस द्विविध प्रकृति देखि उत्पन्न भएका छन्, यसलाई जानिलेऊ । अपरा प्रकृति देहरुपमा परिणत भएर तथा परा प्रकृति भोक्तारुपले प्रविष्ट भएर शरीरमा अवस्थान गर्दछन् । यी मेरा दुई प्रकृतिहरुलाई मैले नै उत्पन्न गरेको छु, अतयव निखिल जगतको उद्भव एवं लयको कारण म नै हूम् ।

योगमाया-

देहको भित्र जुन देही विराजमान छ, उसको यो अनुत्तम भूत महेश्वर भाव साधारण मानिसहरुलाई अवगत छैन । यसैले मूढ मानिससहरु विक्षिप्त चित्त हुनाले आफ्नो परम तत्त्वलाई बुझ्न नसक्नुको कारण उसलाई सामान्य देहधारी मानिस बुझिकन उसको अवज्ञा गर्दछन् । भगवान्‌को यो अनुत्तम भाव सृष्टि-लीलाको बेला योगमाया द्वारा समाच्छादित हुन्छन । यसैले प्रकृति-पुरुषको भित्र त्यही एक परम पुरुष छ, यसलाई मानिसहरुले बुझ्न पाउँदैनन् । श्रीमत् शंकराचार्यले योग मायाको अर्थ यसरी लेख्नु भएको छ- "भगवतो यः संकल्पः स एव योगः तद्‌वशवर्त्तिनी या माया सा योग माया" । यस किसिमसित भगवान्‌को इच्छा या संकल्प मान्नु पर्‍यो । यो संकल्प भगवान्‌को भित्रको वस्तु हो, यो बाहिरको आगन्तुक पदार्थ होइन, अतयव यो संकल्प या इच्छा नै उसको माया हो । यो इच्छाले रुप परिग्रह गरेमा नै जगद्‌रुपमा प्रस्फुटित हुन जान्छन् । अतयव जगदादि पनि उनिदेखि भिन्न कुनै वस्तु होइन । उपनिषदमा लेखिएको छ -

उपनिषदको मत-

"तत्-सृष्ट्वा तदेवानु प्राविशत", "तद्‌नुप्रविश्य सच्चत्यच्चाभवत्"-सृष्ट पदार्थहरुमा अनुप्रविष्ट भएर त्यो सत् शव्द वाच्य एवं त्यत् शब्द वाच्य हुन जान्छन् । "तदात्मनं स्वयमकुरुत"-त्यसले आफुलाई आफ्नै सृष्टिको विषयहरुमा परिणत गरिदिएका छन् । तन्त्र पनि भन्दछन्-

"या शक्ति सर्वभूतानाम् द्विधा भवति सा पुनः" -

एकमात्र शक्ति नै सब भूतहरुमा पुनः द्विधा हुन गयो । यस शक्तिको विषयमा उपनिषदमा पनि वर्णन पाइन्छ । श्वेता श्वतरोपनिषदमा लेखिएको छ -

"ते ध्यानयोगानुगता अपश्यन;
देवात्म शक्ति स्वगुणैर्निगूढाम् ।
यः कारणानि निखिलानी तानि;
कालात्मयुक्तान्यधितिष्ठत्येक ॥"

-ध्यान योगको सहायताबाट ऋषिहरुले परमात्म-देवको स्वगुणावृत शक्तिलाई कारण रुपमा बुझ्यो । जुन एक वस्तुले काल देखि पुरुष पर्यन्त समस्त कारणहरुलाई परिचालित गर्दछन् त्यस शक्तिको दर्शन ऋषिहरुले गरेका थिए । ब्रहमा, विष्णु, शिव उसको शक्ति मात्र हुन् । *"शक्तयो यस्य देवस्य ब्रहमा विष्णु शिवात्मिका" "देवात्मशक्ति"* देव, आत्मा एवं शक्ति परब्रहमको नै अवस्था भेद हुन् । ब्रहमरुपमा अवस्थित भएर पनि त्यो प्रकृति, पुरुष र ईश्वर रुपमा अथवा भोक्ता, भोग्य एवं प्रेरयिताको रुपमा प्रकाशित हुन्छन् । *"परास्यशक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञान बल क्रिया च"*-उसको नाना किसिमको पराशक्ति, स्वाभाविक ज्ञान, प्रभाव तथा क्रियाको कुरा सुनिइन्छन्-यो युक्तिद्वारा बोधगम्य हुँदैन । परन्तु

साधकले उसको शक्तिको विषयमा अवगत भएर जुन वर्णन गर्दछन् त्यसलाई शास्त्र द्वारा हामी जान्दछौं । *"एकोदेव सर्व भूतेषु गूढ"*-त्यो एक वस्तु सर्वभूतहरुमा गूढभावले रहन्छन्, किन्तु *"तं दुर्दर्शं गूढमनुप्रविष्ट"*-सब भूतहरुको हृदयगुहामा प्रच्छन्न भावले अवस्थित छन् । अतयव सहजै त्यो जानिन जाँदैन ।

प्रकृति द्वय श्री भगवान्कै शक्ति हुन-क्षर-अक्षर एवं पुरुषोत्तम-

यस प्रकृति द्वय देखि भगवान् अभिन्न छन । गीतामा यसलाई सम्झाउनुको बेला तीन पुरुषहरुको उल्लेख गर्नु भएको छ-क्षर, अक्षर एवं पुरुषोत्तम । (१) जुन क्षरित अथवा विनाशलाई प्राप्त हुन्छन्, ब्रहमादि स्थावरान्त जुन शरीरछन् तिनीहरु नै क्षर पुरुष हुन् । (२) क्षरको विपरित जुन छ त्यो अक्षर पुरुष हुन अर्थात जुन क्षर पुरुषको उत्पत्तिको कारण छन्, जुन मायाको आश्रय छन्, जुन चेतन भोक्ता हुन । शरीर नष्ट हुँदामा पनि त्यो विद्यमान रहन्छ । (३) जुन क्षर-अक्षर उपाधि द्वारा स्पृष्ट छैन, जो सदा सर्वदा शुध्द छ, मुक्त स्वभाव छ, त्यो उत्तम पुरुष या परमात्मा हो । उत्तम पुरुषकै क्षर अक्षर या अपरा एवं परा दुई प्रकृतिहरु छन । अतयव देख्दछन् - प्रकृति स्वतन्त्र छैनन्, यो पुरुषोत्तम या परमेश्वरको कार्यकारिणी शक्ति हुन । त्यो जड छैन, बरु नित्य चैतन्यमयी छ । यस चैतन्यमयी परमाशक्तिलाई ईश्वर भन्दछन् । तन्त्रमा यसलाई नै परमेश्वरी भनिएको छ । त्यही हो आद्या शक्ति । योगीहरुले यसैलाई "चिदाकाश" भन्दछन् । यही चिदाकाश नै समस्त व्यक्त जागतिक सन्सारको मूल कारण हुन् । यस चिदाकाश बाटै नै ब्राहमी, वैष्णवी एवं माहेश्वरी शक्ति उत्पन्न हुन्छन् । यसै कारण चिदाकाशलाई जगदम्बा या ब्रहमा-विष्णु-शिव-प्रसविनी भनिएको छ । चेतनको सान्निध्यको कारणले नै यो चेतन जस्तो जानिइन्छन् यस्तो कुरा छैन । यो मूल चेतन वस्तुको स्फुरण या शक्ति हुन् ।

शक्ति शक्तिमान देखि पृथक छैन, यिनको नित्य अविनाभाव सम्बन्ध छ, अतयव दुवैलाई कोही कसैले अलग गर्न सक्तैन । परन्तु यिनको पृथक रुपसँग आलोचना गर्न सकिन्छ । ब्रहम निर्गुण छ, त्यो कहिल्यै विषयको बोध हुँदैन, परन्तु ब्राहमी शक्ति या माया-प्रतिविम्वित चैतन्य बोधको विषय हुन्छ । उसलाई नै ईश्वर भन्दछन् । यस ईश्वर या परा प्रकृतिलाई जानिलिए पछि नै जीव जीवनमुक्त अवस्थालाई प्राप्त गर्न योग्य हुन्छन् । दुर्गा सप्तशतीमा लेखिएको छ -

प्रकृति र पुरुषको अभिन्नता-

"त्वं वैष्णवी शक्तिरनन्त वीर्या,
विश्वस्य बीजं परमासि माया;
संमोहितं देवि समस्तमेतत्,
त्वं वै प्रसन्ना भुवि मुक्तिहेतुः ॥"-

हे देवि, तिमी अनन्त वीर्या वैष्णवी शक्ति हौ, तिमी जगत्को मूल कारण महामाया हौ, तिमीले समस्त विश्वलाई संमोहित गरिराखेका छौ । तिमी प्रसन्न भएमा जगत्को मुक्तिको कारण बन्दछौ ।

यस अवस्थालाई लक्ष गरी कठोपनिषद भन्दछन् -

"धातु प्रसादान्महिमानमात्मन"-

धातुको प्रसन्नताको कारणले आत्म महिमाको दर्शन गर्दछन् । यो धातु शरीर धारक खालि मन आदि करण वर्ग मात्र होइन, यो धातु प्रकृति या ईश्वरी हुन् । यो प्रकृति प्रसन्न भएपछि आफ्नो स्वामीलाई देखाएर सदाको लागि साधकलाई कृतार्थ गरिदिन्छन् । धातु=धा+तुन । 'धा' धातुको अर्थ छ धारण गर्नु, "शरीर धारणात् धातव इत्युच्यन्ते", अतयव प्राण- पदार्थ नै प्रकृत धातु हो । *"प्राणेन धार्यते लोकः"* यो प्राण नै जगदम्बा-जगत्को माता हुन । "त्यो देवी नित्या अर्थात् उत्पत्ति-नाश-शून्या छन् । यो जगत् उसैको मूर्त्ति हुन, त्यो चिन्मयीरुपमा यस समस्त जगतमा व्याप्त छन् । तथापि उनको आविर्भावको कुरा अनेक किसिमसँग भनिएका छन् । त्यो नित्या भएर पनि जब देवताहरुको कार्य सिद्धिको निम्ति आविर्भूत हुन्छन् तब त्यो उत्पन्ना नामले जगत्मा अभिहित हुन्छन्"-दुर्गा सप्तशती ।

कपिल मुनि भन्नु हुन्छ- *"सत्वरजस्तमसां साम्यावस्था प्रकृतिः"* यसको अर्थ त्यो जड छ भन्ने होइन । जगत्मा निरवच्छिन्न जड रहन सक्तैन । शास्त्र एवं ऋषिगण भन्दछन्- *"सर्वं प्राणमयं जगत"-"सर्वं खल्विदं ब्रहम"* । तब जडत्वको कल्पना कसरी किन गर्ने ? चैतन्यलाई छोडिदिएमा कुनै वस्तुको अस्तित्व रहँदैन । एक परम वस्तुको नै शक्ति परा एवं अपरा प्रकृतिको रुपमा विद्यमान छन्, शक्ति देखि शक्तिमान अभिन्न छ । सुवर्णालंकारबाट सुवर्ण विच्छिन्न गरिदिएमा जसरी अलंकार नामको कुनै पदार्थ रहँदैन, उसरी नै चैतन्य विना कुनै जड वस्तुको कल्पना गर्न सकिदैन । अनादि-अविद्याको कारण आत्म-पदार्थमा अनात्माको केवल कल्पना-मात्र हुन्छन् । यसैले श्वेताश्वतर श्रुति भन्दछन् -

"सर्वाजीवे सर्वसंस्थे वृहन्ते ;
तस्मिन् हंसो भ्राम्यते ब्रहमचक्रे ॥"-

जीवात्मा एवं परमात्माको भेद दर्शन गर्नुको फलस्वरुप जीव खालि यस संसार चक्र या स्थूल देहमा भ्राम्यमाण हुन्छ । यो प्रकृति पनि आत्माको समान नै इन्द्रियादिको निम्ति अगोचर छ । त्यसैले प्रकृतिलाई पनि अव्यक्त भन्दछन् । यसकारण आत्माको अतिरिक्त आत्माको उपाधि मात्र लाई जड भनिएको छ । जडको अर्थ हो ती पदार्थहरु जुन स्वाधीन छैनन्, प्रकृति वस्तुतः जड छैन । त्यो ब्रहम नै हो अथवा ब्रहमको व्यक्तावस्था मात्र हुन । प्रकृतिलाई पृथक मान्दाखेरि उसलाई ब्रहमको आवरणको रुपमा मान्नु पर्दछ । यस आवरणको कल्पना गरिलिएपछि, यस आवरणलाई कसले सृष्टि गऱ्यो, किन गऱ्यो-इत्यादि नाना प्रश्नहरु उठ्नेछन । भंगवान्ले गीतामा यस प्रश्नको मिमांसा गर्नु भएको छ । उहाँले भन्नु भएको छ-यो जीव चैतन्य उनको परा प्रकृति हुन । अनि जुन बाह्य प्रकृतिरुपमा वर्तमान छ त्यो उनको अपरा प्रकृति हुन । दुवै प्रकृतिहरु जब उनैका हुन भने तब त्यो जड हुन सक्तैन । भागवतमा छ-

"ज्ञानमात्र परं ब्रहम परमात्मेश्वरः पुमान्,
दृश्यादिभिः पृथक्भावैर्भगवानेक ईयते ॥"-

परब्रहम ज्ञान मात्र हुन । त्यो परमात्मा, परमेश्वर आदि अनेक प्रकारका नामहरुले अभिहित हुन्छन् । द्रष्टा एवं दृश्यरुपमा, पृथक पृथक भावमा उही विद्यमान छ । उसको परा प्रकृति प्राण हो जुन ब्रहमसूत्र रुपमा, जीवदेह भित्र सुषुम्नाको भित्र विराजमान भैकन यस विश्वलीलालाई सम्पादन गर्दछन् ।

सगुण एवं निर्गुण-

सच्चिदानन्द-विभव परब्रहमलाई जसले यस विश्वरुपमा परिणत गराउँदछ, त्यो परमा शक्ति ब्रहमको अतिरिक्त अन्य कुनै वस्तु हुन सक्तैन । भगवान्ले आफ्नो शक्तिको बल स्वेच्छाबाट आफुलाई विविध नामरुप द्वारा परिच्छिन्न गरिराख्दछन् । यो शक्ति उसको भित्र स्वाभाविक एवं स्वतः सिध्दरुपमा वर्त्तमान छ । यसै कारण कोही कोहीले प्रकृतिलाई ब्रहमको स्पन्दन या माया भन्दछन् । वस्तुतः उनको रहनु बिना ब्रहम छ या छैन कसैले जान्न सक्दैनन् । ब्रहमको कार्यभाव या सगुण अथवा ईश्वर भाव नै उसको प्रकृति हो । कारण भाव नै निर्गुण भाव हो । साधकलाई यस निर्गुण भावसँग पनि परिचित हुनु पर्दछ । निर्गुणभावसँग परिचित हुनु बिना निर्गुण ब्रहम आत्म मायावश अखिल विश्वको रुपमा परिणत भएर पनि कुन किसिमसित अविकृत एवं असंस्पृष्ट भएर रहन्छन्, यो केही पनि समझमा आउँदैन । परमात्माको दुबै विभावहरु (Aspects) लाई पृथक पृथक भावले आलोचना गरेपछि एक महाद्वन्द उपस्थित हुन्छ । परमात्मा क्षेत्रज्ञरुपमा निर्गुण छ र प्रकृति गुणमय छ । क्षेत्र एवं क्षेत्रज्ञ जसको प्रकृति हो, त्यो परमात्मा सगुण एवं गुणातीत दुवै छन । परन्तु क्षेत्र क्षेत्रज्ञको बिना प्रकाशित हुँदैन अनि क्षेत्रज्ञ पनि क्षेत्र विना रहँदैनन् ।

अतयव एसको मतलव यो हुन गयो-श्री भगवान्को जुन विश्वलीला देखिइन्छन त्यसलाई स्वप्न भनिकन अस्वीकार गर्नुको कुनै उपाय छैन । त्यसको भित्र शुध्द ज्ञानात्मक भावलाई पुरुष या क्षेत्रज्ञ तथा यस लीलाको अधिष्ठान या आश्रयवाला वस्तुहरुको समूहलाई क्षेत्र भन्दछन् ।

भगवद्-ईक्षण-

प्रकृतिबाट जुन महान या बुद्धि उत्पन्न हुन्छ, वेदान्तले त्यसलाई नै भगवद् ईक्षण भन्दछन । भगवान् देखि भगवद्-इक्षण कार्यतः स्वतन्त्र बोध भएर पनि त्यो उनको आफ्नै शक्तिको विलाश मात्र हुन्, अन्य कुनै आगन्तुक पदार्थ छैन । यो इक्षण नै भगवन्माया हुन् । यो माया जब लीला विलाशको हेतु बहिर्मुखी हुन्छन्, तबै त्यसबाट अहंकार उत्पन्न हुन्छ, अर्थात चैतन्यको बाह्य्य स्फुरणा हुन्छ जस्तो सुषुप्तावस्थामा स्वपनावस्थाको स्फुरण हुँदा खेरि आफु आफैलाई केही भान हुन लाग्दछ । यस् आलोचना या मनन क्रिया देखि मन हुन्छ । पश्चात् त्यो बहुधा संप्रसारित भएर श्रवण, दर्शन, स्पर्शनादिको इच्छा उत्पन्न गर्दछन् । त्यस इच्छा देखि इन्द्रिय शक्तिको विकाश हुन्छ । इन्द्रिय शक्ति प्रकटित भएपछि उसको क्षुधाको निवारणको लागि इन्द्रियहरुको भोग्य स्थूल जड जगदादि उत्पन्न हुन्छन् । परन्तु सबको मूलमा उसकै अनादि इच्छा *"एकोऽहं बहु स्याम्"* रहन्छ ।

माया-

परमात्माको अनादि इच्छा या संकल्प नै माया हो । श्री भगवान्‌ले गीतामा मायालाई त्रिगुणात्मिका, दैवी एवं दुस्तरा भन्नु भएको छ । आचार्य शंकरले देवी शब्दको अर्थ गर्नु भएको छ- *"दैवी देवस्य ममेशवरस्य विष्णोः स्वभावभूता"*-देव परमेश्वर विष्णु स्वरुप मै हूं अतः मेरो स्वभावभूता हुनुको कारण माया दैवी हुन । आचार्य रामानुज भन्नु हुन्छ-"देवेन क्रिया-प्रवृत्तेन मया एवं निर्मिता"-लीलामा प्रवृत्त भगवान्‌ले लीलाको निमित्त मायालाई प्रस्तुत गर्नु भएकोछ । यो माया पनि अनिर्वाच्या छन् । अद्वैत वेदान्तको मतानुसार यो माया "सदसद्भ्यामनिर्वचनीयं त्रिगुणात्मकं ज्ञान-विरोधि भावरुप यत किंचित्"-यो सत होइन, असत होइन, यो के हो ठीक ठीकसँग भन्न सकिदैन । त्रिगुणात्मिका, ज्ञान विरोधि, भावरुप यतकिंचित छ । यसलाई सत भन्न सकिन्न, किन भने ज्ञान भएपछि यो रहँदैन । यसलाई शश-श्रृंगको समान मिथ्या पनि भन्न सकिदैन, किनभने यसको व्यावहारिक सत्ता सबैले अनुभव गर्दछन् । परन्तु जब यो ब्रहम शक्ति हो तब ब्रहम समान सद्वस्तु नहुँदामा पनि अत्यन्त असत् पनि होइन । यो ज्ञान विरोधि छ, किन भने जबसम्म माया या गुणको खेल रहन्छ तबसम्म ज्ञान नित्य वस्तु भएर पनि आवृतवत् प्रतीत हुन्छ । यही आवरण मायाको आवरण हुन् । परन्तु तन्त्रशास्त्र मायालाई अवस्तु भन्दैनन् ।

तन्त्रमतले माया के हो ?-

"अप्रतर्क्यमनिर्देश्य मनौपम्यमनामयम्;
तस्य काचित् स्वतः सिद्धा शक्तिर्मायेति विश्रुता ॥"-देवी गीता !

-श्रुति-प्रतिपाद्य त्यस आत्माको स्वरुप अनुमानादि प्रमाणको विषय होइन । त्यस आत्म पदार्थलाई जाति, गुण, क्रिया अनि संज्ञादि द्वारा निर्देश गर्न सकिन्न । यसैले त्यो अनिर्देश्य छ, त्यस्को समान द्वितीय पदार्थको अभावको कारणले त्यो अनामय छ । यो आत्मा स्वतः सिध्द एक शक्ति हो जुन माया नामले विख्यात छन् ।

"स्वशक्तेश्च समायोगाद अहं बीजात्मतां गता;
स्वाधारावरणात्तस्या दोषत्वंच समागतम् ॥" - देवी गीता ।

-मैले निर्गुण भएर पनि स्वशक्तिको समायोगबाट जगत्‌को कारणत्वलाई प्राप्त गरेकोछु । यो मायाले अविद्या शक्ति द्वारा आत्मालाई आवृत्त गर्दछ । यसैकारण मायामा स्वाश्रय-व्यामोहकता-रुप दोष विद्यमान छ ।

चैतन्यस्य समायोगान्निमित्तत्वंच कथ्यते ;
प्रपंच-परिणामाच्च समवायित्वमुच्यते ॥ - देवी गीता

मेरो चैतन्य नै जगत्को निमित्त कारण हो । मेरो माया शक्ति प्रपंच रुपमा परिणत भएर जगत्को निर्माण गर्दछ, अतयव माया हुन् जगत्को समवायी अथवा उपादान कारण ।

"त्तत्र या प्रकृतिः प्रोक्ता सा राजन् द्विविधा स्मृता ;
सत्त्वात्मिका तु माया स्यात् अविद्या गुण मिश्रिता ॥
स्वाश्रयं या तु संरक्षेत्सा मायेति निगद्यते ;
तस्यां तत्प्रतिविम्बं स्याद् बिम्बभूतस्य चेशितुः ॥

स ईश्वरः समाख्यातः स्वाश्रयज्ञानवान पर ;
सर्वज्ञः सर्वकर्त्ता च सर्वानुग्रहकारकः ॥
अविद्यायान्तु यत्किंचित् प्रतिविम्बं नगाधिप;
तदेव जीव संज्ञंस्यात्सर्वदुःखाश्रय पुनः ॥" - देवीगीता

हे राजन ! पहिले जुन प्रकृति भनिएको छ, त्यो दुई किसिमको छ । सत्त्व-प्रधाना प्रकृतिलाई माया एवं रजस्तमोमिश्रित प्रकृतिलाई अविद्या भन्दछन् । यो मायाले स्वाश्रय आत्मालाई आवृत गर्दछन् । यस मायामा प्रतिविम्वित चैतन्यको नाम ईश्वर हो । उन्को आत्म ज्ञान कहिल्यै आवृत हुँदैन । त्यो सर्वश्रेष्ठ, सर्वज्ञ सर्वकर्त्ता तथा सबको प्रति अनुग्रह गर्नमा समर्थ छन् । हे नगाधिप ! अविद्या प्रतिविम्वित चैतन्यलाई जीव भन्दछन् । यो सबै दुःखहरुको आश्रय हुन् ।

"करोति विविधं विश्वं नाना भोगाश्रयं पुनः ;
मच्छक्ति-प्रेरितो नित्यं मयि राजन् प्रकल्पितः ॥" देवीगीता ।

माया श्रीभग्वानको शक्ति हो-

हे राजन ! ईश्वरले मेरो माया शक्ति द्वारा प्रेरित भएर अखिल विश्वको सृष्टि गर्दछन्, किनभने ईश्वर पनि रज्जु सर्पवत् ब्रहमरुप मैमा कल्पित हुन्छन्, अतयव त्यो मेरो शक्तिले प्रेरित अर्थात् मेरो अधीनमा छन् ।

"मन्मया शक्ति संकल्पं जगत् सर्वं चराचरम् ;
सापि मत्तः पृथङ् माया नास्त्येव परमार्थतः ॥" - देवी गीता

यो समस्त चराचर जगत मेरै माया शक्ति द्वारा कल्पित हुन्छन् । यो माया शक्ति परमार्थ दृष्टिले मेरो अतिरिक्त अन्य कुनै पदार्थ होइन, किनभने यो माया मै मा नै कल्पित हुन्छ । परब्रहमको दुई शक्तिहरुमा जुन चेतन अविकारी छ त्यसलाई प्रकृति भन्दछन् । श्रुतिमा लेखिएको छ - *"द्वै प्रकृति वेदितव्ये परा च अपरा"* । गीतामा पनि यी दुई शक्तिहरुलाई परा र अपरा नाम दिइएको छ । यो परा प्रकृति जीवको जीवनरुपा छन्, यसैले जगत्लाई धारण गरिराखेका छन् । चैतन्य धारणाको विषय भए पछि नै जगत्को

अस्तित्व हुन्छ । यो जगत् उसको धारणाको विषय नहुँदो हो त यसको अस्तित्व रहँदैनथ्यो । यसैलाई नै आचार्य शंकर भन्नु हुन्छ-"जीवरुपां क्षेत्रज्ञलक्षणा प्राणधारणनिमित्तभूताम्" । वेदान्तको भाषामा यही परब्रह्मको स्पन्दनशक्ति हो । योगको भाषामा यो प्राणशक्ति हो । मणिमा जसरी स्वाभाविक ज्योति चम्किन्छन्, शान्त, शुद्ध, चिन्मय ब्रहममा पनि त्यसरी नै स्वाभाविक स्पन्दन उठ्दछन् । यो स्पन्दन नै प्राण या माया हो । ब्रहम चांचल्यहीन शान्त, शुध्द, चिन्मय, शिवरुप छ अनि त्यसमा जुन स्पन्दन उठ्दछन्, त्यो उसको प्राण शक्ति, मन या माया हो । पंचदशीकार भन्नु हुन्छ -

"मायाविद्ये बिहायैवं उपाधी पर जीवयो;
अखण्डं सच्चिदानन्दं परं ब्रहमैव लक्षते ॥" -

ईश्वर एवं जीव दुवै उपाधि कल्पित अवस्तु हुन्-
ईश्वरत्वं तु जीवत्वं उपाधिद्वय कल्पितम" -

माया एवं अविद्यारुप उपाधिको परित्याग गरेपछि अखण्ड सच्चिदानन्द परब्रहम लक्षित हुन्छ । अद्वैतवादीले ब्रहमको द्विविध लक्षण बताउँदछन् - (१) स्वरुप लक्षण जुन निर्गुण, निर्विकल्प, निरंजन छ जसमा सृष्टिको कुनै कुरा उठन सक्तैन । यसैले उनिहरुले ब्रहमको एक (२) तटस्थ लक्षण पनि स्वीकारेको छ । तटस्थ लक्षणमा त्यो सगुण छन्, अतः सर्वज्ञ, शक्तिमान, सर्वकल्प एवं सृष्टि-स्थिति प्रलय कर्त्ता हुन । यसलाई लिएर सगुण एवं निर्गुण वादिहरुको बीचमा नजाने कति कति वाद विवाद भएको छ र भैरहेकाछन् । परन्तु योगीको लागि यस तथ्यको निरुपण गर्नमा केही पनि कठिन छैन । दक्ष स्मृतिमा लेखेको छ -

"स्वसंवेद्यं हि तद्ब्रहम कुमारी स्त्री सुखं यथा ;
अयोगी नैव जानाति जातन्धो हि यथा घटम् ॥"

जन्मान्धलाई जसरी घटादि पदार्थहरुको चाक्षुषी ज्ञान हुँदैन, कुमारीले जसरी स्त्रीसुख बुझ्न सक्तैन, अयोगीले पनि त्यसरी नै स्वसंवेद्य ब्रहमको विषयलाई केही पनि जान्न सक्दैनन् । ।

तन्त्रमा लेखिएकोछ-

"योगीनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ;
अभ्यास्यात् कादिवर्णीनि यथा शास्त्राणि बोधयत्
तथा योगं समासाद्य तत्वज्ञानं च लभ्यते ॥"

ककारादिको वर्णहरुको अभ्यासले जसरी शास्त्रवोध उत्पादन गर्दछ, योगले पनि त्यसरी नै तत्त्वज्ञानको उदय गराउँदछन् ।

तत्त्वज्ञान योग सापेक्ष छ अर्थात योगाभ्यासले नै तत्त्वज्ञान उत्पन्न हुन्छन । श्रुतिमा लेखिएको छ - *"आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो-मन्तव्यो निदिध्यासितव्य"*-"अनि यो पनि भनेकोछ-"शान्त, दान्त, उपरत, तितिक्षु एवं समाहित भएर आफु भित्रको आत्मालाई उपलब्ध गर ।"

पुरुष क्षेत्रज्ञ या आत्मा हो, त्यही ज्ञेय छ-

श्री भगवान्ले यस त्रयोदश अध्यायमा भन्नु भएकोछ - त्यो हो क्षेत्रज्ञ । अपरा प्रकृतिको कार्य हून शरीररुपमा या भोगसाधन द्रव्यादिरुपमा परिणत हुनु । अनि परा प्रकृति या क्षेत्रज्ञको कार्य हो भोकतृत्त्व । यो प्रकृतिस्थ भएर *"भुङक्ते प्रकृति जान् गुणान्"* प्रकृतिको गुणहरुको भोक्ता हुन्छ । प्रकृतत : यी प्रकृति पुरुष एकै वस्तुको दुई दिशाहरु मात्र हुन । परमात्माको यी दुवै प्रकृतिहरु एकत्र रहनुको कारणले नै असंग पुरुषको संसार भाव परिलक्षित हुन्छ । *परा र अपरा प्रकृति द्वय एकत्र मिलेपछि नै जीवको बद्धवस्था हुन्छ । जबसम्म ज्ञानोदय हुँदैन, बद्धभाव वर्तमान रहन्छ ।* ज्ञानद्वारा पुरुषले जब आफ्नो परिचय पाउँदछ त अपरा प्रकृतिको ममत्व बन्धन देखि जीवले मुक्तिलाभ गर्दछ । यस मोहबन्धनबाट विमुक्ति भए पछि जीव स्वस्वरुपमा प्रतिष्ठित हुन्छन । तब अपरा प्रकृति वृक्षको जीर्ण त्वचा समान आफसे आफ स्खलित हुन जान्छन् । यसैले वेदान्त भन्दछन् - प्रवुद्ध हुनु पछि अर्थात स्वरुपदर्शन पछि जगदादि स्वप्न दर्शन तिरोहित हुन जान्छन् । ज्ञानोदयको साथै हाम्रो सृष्ट जगत् विश्व फेरि हाम्रो प्रतीतिको विषय रहन जाँदैन, परन्तु यो विल्कुलै लुप्त पनि हुन जाँदैन । मुक्त जीव यस सम्बन्धमा खालि उदासीन हुन जान्छन् । प्रपंचातीत अवस्था प्राप्त गरी फेरि प्रपंच दर्शन गर्दैन । वस्तुमात्रमा प्रतीति तब हुन्छ जब त्यो कसैको बोधको विषय हुन्छ । स्वरुपमा जीवको स्थिति भएपछि उसको बुद्धिको अस्तित्व रहँदैन, अतयव जगदाकारमा बुद्धिको परिणाम नहुनुको कारण जगत्को कुनै अनुभव उसलाई हुँदैन । यसै कारण मुक्त पुरुषले देहेन्द्रियादि यन्त्र द्वारा कर्म गरेमा पनि उनलाई कर्म बन्धन हुँदैन । क्षेत्रको साथ क्षेत्रज्ञको तादात्म्यको कारण जगत दर्शन हुन्छ, त्यो उसको व्यावहारिक स्वरुप हुन् । क्षेज्ञको यस व्यावहारिक भावलाई देखाइकन पश्चात् उसको पारमार्थिक असंसारी स्वरुप देखाइन्छन् । क्षत्रज्ञको यो असंसारी स्वरुप नै ज्ञेय वस्तु हो । अनि यो ज्ञेय वस्तु नै ब्रहमहो । यसलाई नजानिकन कोही अमृतत्व लाभको अधिकारी हुन सक्तैन । श्री भगवान् भन्नु हुन्छ-त्यो ज्ञेय ब्रहम वस्तु अनादि छ, त्यो सत् असत प्रमाणको विषय छैन । *साधारणतः जुन इन्द्रियज्ञान द्वारा जानिइन्छन् त्यही सत् हो, जुन इन्द्रियादिको अगोचर छ त्यो असत् हो ।* परन्तु त्यो सदसत् या स्थूल सूक्ष्म केही पनि होइन-त्यो निर्विशेष स्वप्रकाश स्वरुप छ । त्यो केही होइन भने त त्यो के शून्यमात्र हो ? यस्तो छैन । त्यो केही होइन यसको अर्थ यो छ -जस्तो स्वप्न दृष्ट वस्तु हाम्रो मनको अतिरिक्त कुनै पदार्थ होइन, उसरी नै परा या अपरा प्रकृति, स्थूल या सूक्ष्म त्यस ब्रहम देखि कुनै अतिरिक्त पदार्थ होइन । परन्तु सत असत् भाव उसको स्वरुपमा न रहेर पनि जबसम्म 'सर्व' को प्रतीति छ तबसम्म त्यो सर्वात्मक रुपमा-

"सर्वतः पाणिपादं तत् सर्वतोऽक्षिशिरो मुखम्;
सर्वतः श्रुति मल्लोके सर्वमावृत्य तिष्ठति ॥" -

परन्तु ब्रहमको स्वरुप लक्षणमा- *"बहिरन्तश्च भूतानामचरं चरमेवच"*-यो सर्वात्मक भाव पनि रहदैन । ब्रहमको तटस्थ लक्षण यस सर्वात्मक भावमा नै बुझिन जान्छन् । *"सत्यं ज्ञानमनन्तं ब्रहमानन्द रुपममृतं यद्विभाति"* - यही हो ब्रहमको स्वरुप लक्षण । जसरी कनक कुण्डलको भित्र बाहिर सुवर्ण छ, त्यसरी नै दृश्य जगतको भित्र र बाहिर तथा त्यसको अतीत भावमा पनि केवल एक ब्रहम विद्यमान छ ।

जगत् के हो ?-

सांख्यको मतानुसार जगत् प्रकृतिको स्वतः परिणाम मात्र हो । गीताको मतले जे जति भएको छ ती सब उसैको इच्छाबाट "मयाध्यक्षेण" भएको छ । मानो त्यो स्वयं द्विधा विभक्त भएर प्रकृति र पुरुषरुपमा खेल गरिरहेका छन् । प्रकृति नै 'ब्रहमयोनि' या 'महतत्त्व' हुन् तथा ईश्वर बीज प्रद पिता हो अर्थात उसको इक्षणले नै प्रकृतिको गर्भाधान हुन्छ । ईश्वर स्वयं काम-गन्धहीन निर्विकार आफु आफैमा प्रतिष्ठित छन्, तथापि अचिन्तनीय योगैश्वर्यको बलले यस विश्व संसारको सृष्टि, स्थिति एवं संहार साधन गरिरहेका छन । यो सृष्टि एकदमै अनौठो र अलौकिक छ । सृष्ट वस्तुको साथ उनको कुनै योग छैन । त्यो सर्वव्यापक छन तथापि कसैमा लिप्त छैनन् । यो विचित्र अवस्था केवल क्रियाको परावस्थामा नै अनुभव गरिन जान्छन् । त्यो लिप्त हुँदैन किन ? पहिले त सृष्ट वस्तुहरु नै कल्पित छन्, जुन कल्पित या स्वप्न मात्र छन् यसमा वस्तुतन्त्रता हुँदैन । अतयव कोसँग को लिप्त होला ? यसको सिवाय ब्रहम-

"सूक्ष्माच्च तत् सूक्ष्मतरं विभाति अणुभ्योऽणु च" -

यति यति सूक्ष्म छ - अणु पनि उस्को अगाढि स्थूल छ । यत्तिको सूक्ष्म अरु कुनै वस्तु हुन सक्तैन । अतयव त्यो कुनै वस्तुमा लिप्त हुन सक्तैन । वायु सूक्ष्म पदार्थ भएर पनि अत्यन्त सूक्ष्म छैन । त्यसैले उसको स्पर्श हामीहरु त्वचा द्वारा अनुभव गर्न सक्दछौं । शून्य या व्योम वायुको अपेक्षा सूक्ष्म छ, अतः शून्यमा कुनै पदार्थ लिप्त हुन सक्तैन । त्यस शून्यको अणुको दशभागको एक भाग ब्रहमाणु छ, त्यो कसरी अन्य वस्तुको साथ लिप्त या संयुक्त होला । अतयव ब्रहम सब वस्तुहरुको आधार हुँदैमा पनि सबैवस्तुहरु भन्दा पृथक छ । आप्त कामको यो एक अपूर्व लीला हो । परन्तु एस अवस्थामा पनि त्यो अनासक्त छन, यसैले सब साज सज्जा उन्कै हुन्, तथापि त्यो सबै सँग सम्बन्ध रहित छन् । रज्जुमा सर्प भ्रम हुन गये पछि जसरी रज्जुनै कल्पित सर्पको आश्रय हुन्छ, उसरी नै निर्गुण ब्रहम सत्त्वादि गुणहरुको पर भएर पनि सत्त्वादि गुणहरुको पालक छन् । ब्रहमको स्वरुप लक्षण बुझाउन सकिदैन, जसरी क्रियाको परावस्था कसैलाई बुझाउन सकिन्न । त्यो छ केवल अनुभव-गम्य । अतः उनको अस्तित्वमा सन्देह हुन सक्तैन । ब्रहमको तटस्थ लक्षण द्वारा उनको स्वरुपको अलि अलि धारणा हुन्छ । भगवान्ले त्रयोदश अध्यायको तेह्रौं श्लोकदेखि सत्रौं श्लोक सम्म ब्रहमको तटस्थ लक्षणलाई सम्झाउने प्रयास गर्नु भएको छ । अर्थात त्यो ब्रहम नै सबैको बाहिर, भित्र, दूर एवं निकट छन् । त्यही स्थावर एवं जंगम हुन् तथा सूर्यादि ज्योतिष्क उनैको ज्योति मात्र हुन् । त्यो यद्यपि एक अखण्ड, अविभक्त छन् तथापि विभक्त समान देखिइन्छन् । त्यो अत्यन्त सूक्ष्म छन्, यसै कारण हाम्रो ज्ञानको द्वार इन्द्रियहरुको लागि अविज्ञेय छन । त्यही ज्ञेय एवं

ज्ञानगम्य छन । अनि सबैको हृदयमा त्यही अधिष्ठित छन् । उनलाई जान्नु बिना प्रकृति संभूत देहेन्द्रियादिको पंजा देखि परित्राण पाउनुको अरु कुनै उपाय छैन । यसै कारण ज्ञानालोचना तथा ज्ञानको साधनाहरुलाई जानेर ज्ञेय वस्तुको यथार्थ धारणा गर्नु पर्ने हुन्छ ।

यस अध्यायको सातौं श्लोक देखि एघारौं श्लोकसम्म कथित अमानित्व अदम्भित्व आदि सद्गुणहरुलाई आयत्त गर्नुको प्रयत्न गरिनु आवश्यक छ । यी नै ज्ञानको साधन हुन् तथा प्रकृत ज्ञान उत्पन्न भएपछि ज्ञानीमा यी सारा लक्षण प्रकटित हुन्छन् ।

आत्म-साक्षातकारको विविध मार्ग-

"ध्यानेनात्मनि पश्यन्ति केचिदात्मान मात्मना ;
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥
अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ;
तेऽपि चाति तरन्त्येव मृत्युं श्रुति-परायणा ॥"

(१) कुनै कुनै अधिकारीको लागि ध्यान योगै आत्मदर्शनको उपाय हुन्, तिनीहरु बुद्धिमा प्रतिविम्वित आत्मालाई प्रत्यक्ष गर्दछन् (२) दोश्रो अधिकारी मनुष्यहरु प्रकृति पुरुषको प्रभेदको आलोचना द्वारा आत्मदर्शन गर्दछन् । (३) तेश्रो अधिकारीहरु अष्टांगयोगको साधनमा अभ्यस्त हुन्छन अनि (४) चतुर्थ अधिकारीगण भगवत्प्रीत्यर्थ कर्मानुष्ठान द्वारा आत्म दर्शनको सुचेष्टा गर्दछन् ।

ध्यान योग भनेको के हो ? शब्दादि विषयहरु देखि इन्द्रियहरुलाई प्रत्याहृत गर्दै मनमा अवरुध्द गर्नु पर्दछ अनि मनलाई आत्मामा उपसंहृत गरी एकाग्र भावले जुन चिन्तन हुन्छ त्यसको नाम ध्यान हो । यस ध्यान कालमा विजातीय ज्ञान धारा रहँदैन, तैलधारा समान अविच्छिन्न मनोवृत्ति बगिरहन्छन् । यस ध्यान द्वारा बुद्धिमा कोही कोही योगीले प्रत्यग चेतन या आत्माको दर्शन गर्दछन् ।

सांख्ययोग कस्तो छ ? सत्व, रजः एवं तमः-यी त्रयगुण मेरा दृश्य हुन्, म यी त्रिगुण देखि विलक्षण छु, यी गुणत्रयको जे जुन व्यापार छ, त्यसको द्रष्टा म हूंम् । म अविनाशी अपरिणामी आत्मा हूंम् । यस किसिमसँग प्रकृति पुरुषको विभाग चिन्तन नै सांख्ययोग हुन्-(शंकर) यस किसिमसित सांख्ययोग द्वारा सुसंस्कृत अन्तः करणमा कसै कसैले आत्म दर्शन गर्दछन् । अष्टांग योगाभ्यास उनका साधना हुन । कुनै कुनै अधिकारी निष्काम कर्मयोगको अवलम्बन गरी भजन गर्दछन । त्यस द्वारा चित्त शुध्द भएपछि निदिध्यासनको अधिकार प्राप्त भएपछि तिनीहरु आत्मदर्शन गरेर कृतार्थ हुन जान्छन् । परन्तु जो अतिमन्द अधिकारी छन, तिनीहरु उपर्युक्त उपायहरुको अवलम्बनमा असमर्थ भएर गुरु वाक्यानुसार उनको उपदिष्ट उपायहरुमा श्रध्दालु भै आत्मोपासना गर्दछन् । तिनीहरुले पनि मृत्युको अतिक्रमण गरेर भविष्यत्मा ज्ञान प्राप्त गर्दछन् ।

पूज्यपाद गुरुदेव लाहिडी महाशयले भन्नु भएको छ - खूब राम्ररी १७२८ बार प्राणायाम गरेपछि निर्मल ब्रहमस्वरुप अणु देखिन जान्छन । यसलाई नै ध्यान योग भन्दछन, किनभने ध्यानमा कुनै ध्येय वस्तु रहनु पर्दछ। यही सावलम्ब ध्यान हो । सांख्ययोग हो निरावलम्ब ध्यान-असंख्य प्राणायाम द्वारा जब मन विषयादि देखि विरक्त अनासक्त भएर स्थिर हुन्छ तब त्यो निर्विषय अर्थात आफु आफैमा रहनुरुप जुन स्थिति छ त्यही प्रकृति सांख्ययोग हुन । क्रियायोग जुन फलाकांक्षारहित भएर प्राण अपानलाई स्थिर गर्नुको कौशल अष्टांग योगको अवलम्बन बाट प्राप्त गर्दछन् तिनीहरुनै कर्मयोगी हुन । यी सारा उपायहरुमा क्रियायोग नै रहन्छन् ।

**"ज्ञानादेव हि कैवल्य मतः स्यात्तत् समुच्चय ;
सहायतां ब्रजेत् कर्म ज्ञानस्य हितकारि च ॥"-**

ज्ञान द्वारा कैवल्य प्राप्त हुन्छ, निष्काम कर्मादि द्वारा त्यस ज्ञानको प्राप्तिमा सहायता मिल्दछ । एकमात्र प्राणकर्म नै निष्काम कर्म हो । प्राणकर्मको साधना द्वारा नै प्राणको स्थिरता सम्पादित हुन्छन् । स्थिरता नै प्राणको स्वाभाविक अवस्था हो तथा चंचलता विकृत अवस्था हो । प्राण स्थिर भएपछि नै सत्य वस्तु प्रत्यक्ष हुन्छ । स्थिर जलमा सूर्यको प्रतिविम्ब स्वाभाविक हुन्छ, चंचल जलमा प्रतिविम्ब विकृत देखिन्छन् । जसरी मेघमाला द्वारा सूर्य किरणहरु आच्छादितबत् प्रतीयमान हुन्छ अनि मेघमाला हट्न गएपछि सूर्यको किरणहरु प्रत्यक्ष देखिइन्छन्, उसरी नै प्राणापान आदि प्राणवृत्ति द्वारा अनन्त स्थिरता मानो आच्छादित जस्तो जानिइन्छन्, साधन शक्ति द्वारा फेरि प्राणापान वृत्ति रुध्द हुना साथै चिर स्थिर, चिर अविकृत स्थिर प्राणको उपलब्धि हुन सक्दछ । यो स्थिर प्राण अखण्ड एकरस आत्माको नै नाम भेद मात्र हुन् । यसैले साक्षत् ज्ञान स्वरुप आत्माको अवबोध कैवल्य प्राप्तिको प्रत्यक्ष कारण भएर पनि स्पन्दनात्मिका प्राणवृति यस अवबोधको प्रधान अन्तराय छ, यस्मा कुनै सन्देह छैन । प्राणवृत्ति निस्पन्दित भएमा सारा बाधाहरु क्षीण हुन जान्छन्, तब आत्मबोध निर्वाध भएपछि मेघमुक्त सूर्य समान झलमल गर्न लाग्दछ । प्राणायाम रुप प्रयत्न द्वारा प्राणशक्तिलाई आयत्त गर्न सकिन्छन् । *चंचल प्राणै मोहपाश हुन् तथा त्यही मृत्यु भयको कारण हो ।* प्राणायाम सिद्धि द्वारा यो भय पूर्णतः दूर हुन जान्छ । यस बाहेक मन, बुद्धि, अहंकार तथा भूत एवं रुपादि विषय प्राण द्वारा नै सर्वदेहमा परिचालित हुन्छन् ।

**"मनो बुद्धिरहंकारो भूतानि विषयाश्च यः ;
एवं त्विह स सर्वत्र प्राणेन परिचाल्यते ॥" - महाभारत शान्तिपर्व**

अतयव प्राण यदि स्थिर हुन्छ भने त मन, बुद्धि, रुपादि विषयहरु जसले मनलाई चंचल गर्दछन्, फेरि उठन सक्तैन ।

चक्षु श्रोत्रादि ज्ञानेन्द्रियहरुमा पनि प्राण वर्तमान रहन्छ तथा विषय ज्ञानवाहक यन्त्रमा पनि अधिष्ठित रहन्छन्, मष्तिष्कको भित्र पनि त्यो वर्तमान छ । *"प्राणो हृदयम्, हृदि प्राण प्रतिष्ठितः"* -प्राण हृदयमा

रहन्छ, चक्षु आदिमा स्थित नाडीहरुमा जसरी (बोधवाही) प्राणस्थान छ, श्वास यन्त्रमा पनि त्यसरी नै प्राण वृत्ति रहन्छ । यसैले श्रुति भन्दछन् -

प्राण-

"उत्पत्ति मायंतिं स्थानं विभुत्वंचैव पंचधा;
अध्यात्मंचैव प्राणस्य विज्ञायामृतमश्नुते ॥"

प्राणको उत्पत्ति, आगमन, स्थिति, विभुत्व तथा बाह्य एवं अध्यात्म भेदले पाँच किसिमसित हुने अवस्थितिलाई जानेर साधकले अमृत भोग र्दछ । समस्त सृष्टि भन्दा पहिले प्राण थियो-*"प्राणो भूतानां जेष्ठः"* । जागतिक समस्त पदार्थलाई 'रयि' एवं 'प्राण' भनिएको छ । त्यसमा प्राण नै शक्ति पदार्थ अनि रयि द्रव्य पदार्थ हुन ।

एषोऽग्नि स्तपत्येष सूर्यः ,
एष पर्जन्यो मधवानेष वायुः ;
एष पृथिवी रयिर्देवः,
सदसच्चामृतंच यत् ॥- प्रश्नोपनिषद

यो प्राण अग्नि भएर ताप दिन्छन, यो सूर्य हो, यो पर्जन्य हुन, यो मधवानं (इन्द्र) हो, यो वायु हो, यो पृथिवी हुन तथा यो प्रकाश स्वभाव रयि (चन्द्र) हुन् । जो जुन सत एवं असत् तथा अमृत छ त्यो पनि उही हुन । त्यस शक्ति पदार्थको स्थान हो सुषुम्ना नाडी । त्यही स्थिर प्राणको आधार हो ।

दीर्घास्थिमूर्ध्दपर्यन्तं ब्रहम दण्डेति कथ्यते;
तस्यान्ते सुषिरं सूक्ष्मं ब्रहमनाडीति सूरिभिः ॥ - उत्तरगीता

मस्तक पर्यन्त दीर्घास्थि अर्थात मेरुदण्ड छ, त्यसलाई ब्रहमदण्ड भन्दछन् । त्यसको भित्र अत्यन्त कोमल एवं सूक्ष्म ब्रहमनाडी रहन्छ । त्यस नाडीको भित्र श्वासलाई संचालन गर्नु पर्नेछ । यदि भन्छौ भने त यो बाटो त हामीद्वारा देखिएको छैन, अनि कुन किसिमसित त्यसको भित्र प्राणलाई परिचालित गर्ने, त श्रुतिको उपदेश छ -

"येनासौ पश्यते मार्गं प्राणस्तेन हि गच्छति"-अमृत विन्दु

मन द्वारा यदि यसमार्गलाई लक्ष्य गरियो भने त प्राण पनि त्यही मार्गद्वारा गमन गर्नेछ ।

यस सम्बन्धमा पूज्यपाद लाहिडी महाशयले वेदान्तको व्याख्यामा जुन केही भन्नु भएकोछ, त्यसलाई जानिलिएपछि उपर्युक्त विषय बुझ्नमा धेरै सुविधा हुनेछ - "पुरुष चतुष्पाद छन् - जाग्रत, स्वप्न, सुषुप्ति एवं तुरीय यी चार अवस्थाहरु छन् । यी चार अवस्थाहरुको चार स्थान छन् । (१) नाभि, (२) हृदय, (३) कण्ठ, (४) मूर्धा । नाभिमा वायु रहँदा खेरि मन नाना विषयहरुमा दौडिरहन्छन् । मन नाना विषयमा

दौडिनाले चक्षुको पलक उठ्ने खस्ने गरिरहन्छ । जब क्रिया द्वारा नाभिमा वायु स्थिर हुन्छ, तब मन पनि स्थिर हुन जान्छ, पलक पनि खस्दैन । यो स्थिरता नै अनुभवस्वरुप ब्रहमको प्रथम पाद हो । हृदय देखि कण्ठ पर्यन्त वायु चलायमान भएमा भित्र र बाहिर स्वप्न दर्शन हुन्छ । बाहिरको स्वप्न हुन बाहिरको वस्तु दर्शन, जुन वस्तुतः छँदै छैनन् त्यसलाई देखेर मोहित हुनु । भित्र जुन छैन त्यही स्वप्नमा देखिन्छन्, जस्तो स्वप्नको सर्प वस्तुतः हुँदैन तर पनि सर्प देखेपछि भयको उद्रेक हुन्छ । हृदय देखि कण्ठ पर्यन्त जुन वायु चलायमान रहन्छ, त्यो स्थिर रहन गएपछि फेरि स्वप्न देखिदैनन् । बाहिर पनि त्यसले ब्रहम सिवाय अन्य केही देख्दैनन् । स्वप्न नदेख्नु नै ब्रहम ज्ञानको चिन्ह हो - यही ब्रहमको द्वितीय पाद हुन् । जब वायु हृदयमा स्थिर हुन्छ, तब सुषुप्ति अवस्था हुन्छ अर्थात नानात्वको ज्ञान विलुप्त हुन जान्छन् । यही ब्रहमको तृतीय पाद हुन । यी तीन पादहरुको माथि जुन वायु रहन्छ त्यसको नाम अमृत हो । त्यही ऊर्ध्वमा उत्थित भएर जब ब्रहमरन्ध्रमा स्थिर हुन्छ, तब गमन सदृश अवस्था प्रकाशित हुन्छ, यही ब्रहमको चतुर्थ पाद अथवा तुर्यावस्था हो ।

जब तिमी अस्थिर हुन्छौ त त्यसबेला तिम्रो बुध्दि स्थिर हुँदैन । तब त यो यो त्यो त्यो गर्नुको, अनि एता उता कता कता जानुको कति कति इच्छा हुन्छन । क्रिया गरी जब स्थिर हुन जान्छौ तब नाना वासनाहरु देखि चित्त विक्षिप्त हुँदैन, तब बुझ्नु पर्दछ - तिम्रो बुध्दि पनि स्थिर भएको छ । जुन बुध्दि ब्रहममुखी हुन्छ, त्यसमा फेरि कल्पना हुँदैन, तब मन पनि निरुध्द हुन जान्छन् अनि बुध्दि पनि स्थिर र अचंचल हुन्छ । यो स्थैर्य जब पराकाष्ठालाई प्राप्त हुन्छ तब त्यसलाई पराबुद्धि भन्दछन् । त्यही हो क्रियाको परावस्था । हृदयमा प्राणवायुको प्रतिष्ठा हुनासाथै स्थैर्यको पराकाष्ठा प्राप्त हुन्छ । यस परम स्थिरताको अवस्थामा नै "सर्वं ब्रहममयं जगत्" हुन जान्छन् । तब 'म' नरहनुको कारण द्रष्टाको दृश्य प्रपंच रहँदैनन् । यस अवस्थामा विश्वको उत्पत्ति एवं प्रलयको केही पनि सम्भव छैन ।

"आसीदिदं तमोभूतं अप्रज्ञातमलक्षणम्" -

पहिले केही थिएन, तब एकमात्र ब्रहम नै थियो । परन्तु अन्य ज्ञाताको अभावमा ब्रहम पनि नरहनु कै समान थियो । यस अगोचर अनिर्देश्य वस्तुबाट एक नर उत्पन्न भयो त्यही प्रथम पुरुष नारायण कारणार्णवशायी हुन् । यो कूटस्थ रुप कारण सलिलमा प्रथम दृष्ट हुन्छ । त्यसलाई ॐकार-मध्यस्थ भन्दछन् । स्थूल, सूक्ष्म एवं कारण शरीर नै ॐकार हुन अनि एसको पर विदेह पुरुष छ । यी तीन्टै शरीर त्यस विदेह पुरुषकै प्रकृति हुन् । त्यतिबेला प्रकृति पुरुष समरस भावापन्न हुन्छन् । पश्चात् तिनीहरु पृथक भएर विच्छिन्न हुन जान्छन् । परन्तु फेरि पनि दुबैमा चेतनात्मक शिव अनि जगदात्मक प्रकृति वर्तमान रहन्छ, तिनीहरु नै विभक्त भएर दुई रुप ग्रहण गर्दछन् तथा इन्द्रिय आदिको कार्य स्थान स्थूल देहादि पनि रचित हुन्छन् । पश्चात मन चंचल भएपछि अभिमानात्मक वृत्ति वशात् नरले आफुलाई अनि नारीलाई पृथक रुपमा देख्न थाल्दछन् । फेरि नरको मन नारी प्रति आसक्त हुन्छन् । त्यसले मनको चाांचल्य द्वारा आफ्नो सृष्टि आफै गर्दछ । अर्थात नर नारीको गर्भमा आफै जन्म ग्रहण गर्दछन् । यसरी सबै जीवहरुको

उत्पत्ति हुन्छन् । इन्द्रिय, मन, अहंकार एवं प्राण यी सब चंचल भाव हुन् । उपाधि या आवरण नै जीवको जीवत्व हुन् । उपर्युक्त (इन्द्रिय, मन, अहंकार एवं प्राण) आवरण चतुष्टय नै बन्धनको कारण हुन् । यस आवरण-चतुष्टय देखि मुक्त भएमा जीवत्वको नाश हुन जान्छ । चंचलता नै समस्त आवरणहरुको मूल कारण हुन । यसैले जब सम्म जीवको यो अवस्था रहन्छ, तबसम्म उसको जन्म एवं मृत्युको चांचल्य, सुख दु:खको चांचल्य तथा अरुपनि अनेक किसिमको चंचलता लक्षित हुन्छन । यस चचंचलताले नै हृदयको धुक धुकी भय, व्याकुलता आदिको श्रोत प्रवाहित भैरहन्छन् । यो चंचलता या वेग नाडी मुखहरु देखि सर्वत्र सम्प्रसारित हुन्छन् । अतयव जबसम्म नाडी शोधन या भूतशुद्धि हुंदैन, तबसम्म स्वरुपावस्थामा फर्किन सकिदैन । यसैले प्राणलाई स्थिर गरी यस आवरण चतुष्टयलाई छिन्न गरिलिएपछि नै साधक आफु आफैमा प्रतिष्ठित हुन्छन् । यसैको नाम हो तुर्यावस्था । क्रियाको परावस्था गम्भीर देखि गम्भीरतर भएर यस तुरीयावस्थामा पुऱ्याउँदछन् । यो अवस्था प्राप्त गरेपछि फेरि योगीलाई पुनरावर्त्तन गर्नु पर्दैन । यही हो निर्गुण भाव । यो आनन्दमय या निरानन्दमय छैन । कूटस्थ अविकारी छ । सत्त्वगुणको अत्यन्त बढोत्तरी भएपछि आनन्दको जुन अनुभव हुन्छ, त्यो आत्माको निर्गुण अवस्थाको निम्न अवस्था हो । परन्तु यस अवस्थालाई प्राप्त गरिलिएपछि योगीले विशोकावस्था प्राप्त गर्दछन् ।

गीतामा क्षेत्र र क्षेत्रज्ञ दुबैलाई भगवान्को प्रकृति बताएको छ । अतयव दुबै भगवान् देखि कुनै स्वतन्त्र वस्तु होइनन्, यो मैले पहिले नै भनिसकेकोछु । श्री भगवान्ले जुन लीला गर्नु हुन्छन्, त्यस लीलाको प्रसंगमा नै दुबैको भेद स्वीकृत हुन्छ । यसैले मुक्ति प्राप्तिको इच्छा राख्नेवाला साधकहरुलाई दुबै तत्त्व ज्ञातव्य हुन्छन । दुबैको भेद जब जहाँ मेटिन जान्छन्, त्यही परम तत्त्वको स्थान हुन । तत्त्ववित् मनुष्यले यस परम तत्त्वलाई नै तत्त्व वस्तु या ज्ञेय भन्दछन् । तत्त्ववस्तुलाई नै परम ब्रहम, परमात्मा या परमेश्वर भनिएको छ । त्यो एक अखण्ड अद्वितीय सच्चिदानन्द स्वरुप छ । र सांख्य भन्दछन् "ज्ञानान्मुक्ति" । यस सच्चिदानन्द स्वरुपको ज्ञान भएपछि नै मुक्ति हुन्छ । जबसम्म यो ज्ञान प्राप्ति हुँदैन तबसम्म जीव त्रिविध दु:खहरुको ज्वाला देखि दग्ध त्रितापित भैरहन्छन । जीवको स्थूलादि देहत्रय तथा यिनमा जीवको अत्यन्त आसक्तिको कारणले नै यो दु:ख अनुभव हुन्छन् । अवस्य देहादिको उत्पत्तिको कारण कर्म हुन अनि देह रहेपछि त कर्महुनु अनिवार्य छ । जीवको स्थूल शरीरमा पंचदश गुणहरु वर्तमान रहन्छन् । त्यही पंचीकृत पंचभूतहरुको समष्टि हुन । *व्योममा शब्द, अनिलमा शब्द र स्पर्श, अनलमा शब्द, स्पर्श एवं रुप, सलिलमा शब्द, स्पर्श, रुप एवं रस अनि क्षितिमा शब्द, स्पर्श, रुप, रस सबै मिलेर पंचदश हुन्छन । यी पंचदश गुणहरुद्वारा नै जीव मोहित भएर तत्तत् वस्तुमा आसक्त हुन्छन । यही आसक्ति नै बन्धन हुन् । यस बन्धन देखि मुक्त हुने उपाय हो योगाभ्यास । यस बन्धनको फाँस सही अर्थमा स्थूलदेहमा हुदैन, यस्को स्थूलमा मात्र अभिव्यक्ति हुन्छन् । यस बन्धनको मूल जरो सूक्ष्म शरीरमा छ र त नी सूक्ष्म देहको शोधन नै भूत शुध्दि हुन ।*

भूत शुद्धि विना सूक्ष्म देहमा लागिरहेका संस्कारहरु कदापि मेटिंदैनन् । सूक्ष्म देहमा पृथिवी तत्त्व देखि भय, जलतत्त्व देखि मोह, अग्नितत्त्वदेखि क्रोध, वायुतत्व देखि काम तथा आकाश तत्त्वदेखि लोभ उत्पन्न हुन्छन्

सूक्ष्म पंचभूतहरु द्वारा नै जीवको चित्तमा नानात्व मनोवृत्तिहरु उत्पन्न भएर उसलाई आवध्द गर्दछन् । योगाभ्यास द्वारा शरीर र प्राण शुद्ध भएपछि बुद्धिमा आत्मतत्त्व प्रत्यक्ष हुन्छन् । यसैले प्राचिन आचार्यहरु एवं ॠषिहरुले योगाभ्यासको निम्ति सबैलाई उपदेश दिएका छन् । योगाभ्यास द्वारा भूत शुद्धि हुन गएपछि काम, क्रोध, लोभ, भय तथा मोह आफसे आफ निवृत्त हुन जान्छन र मनमा परम प्रशान्त भाव आएर साधकलाई परमानन्दको अधिकारी बनाइदिन्छन् । गौतमसूत्र या न्यायदर्शनमा तथा वात्स्यायन भाष्यमा पनि यो स्वीकार गरिएकोछ-योगाभ्यास द्वारा नै त्यो परम तत्त्व लभ्य छ -

"अरण्यगुहा पुलिनादिषु योगाभ्यासोपदेशः"-गौतमसूत्र तत्त्वज्ञान विवृद्धि प्रकारणम् । "योगाभ्यासजनितो धर्मो जन्मान्तरेऽप्यनुवर्त्तते प्रचयकाष्ठागते तत्त्वज्ञान हेतौ धर्मे प्रकृष्टायां समाधिभावनायां तत्त्वज्ञानमुत्पद्यते इति । दृष्टश्च समाधिना "तदर्थ यमनियमाभ्यामात्मसंस्कारो योगाच्याध्यात्म विध्युपायैः ।"

"तस्यापवर्गस्याधिगमाय यमनियामाभ्यामात्म संस्कारः । योगशास्त्राच्चध्यात्मविधिः प्रतिपत्तव्यः । स पुनः तपः प्राणायामः प्रत्याहारो ध्यानं धारणेति । इन्द्रिय विषयेषु प्रसंख्यानाभ्यासो रागद्वेषप्रहाणार्थः उपायस्तु योगाचार विधानमिति"-वात्स्यायन भाष्य ।

"ये नाव बुध्यते तत्वं प्रकृते : पुषस्य च" -

जुन ज्ञान द्वारा प्रकृति एवं पुरुषको तत्त्व अवगत् हुन्छ, त्यही प्रकृति देखि मुक्ति प्राप्त गर्नुको उपाय हुन् । तत्त्व विचार द्वारा नै ज्ञान उत्पन्न हुन्छ । परन्तु मलयुक्त चित्तमा तत्त्वविचारको उदय नै हुँदैन । यसै कारण भूतशुद्धि गर्नु पर्ने हुन्छ । क्रियायोग नै भूत शुद्धिको सर्वोत्तम साधना हो । प्राण प्रवाह जब ऊर्ध्वाम्नायमा (वेदको शिरो भागमा अर्थात सहस्रारमा) स्थित हुन्छ तब योगीले भूत प्रकृति देखि विमुक्ति प्राप्त गर्दछन् । देहात्मबोध नै संसृतिको कारण हुन । श्री मद् भागवतमा कपिलजी भन्दछन्-

"भूतैः पंचभिरारब्धे देहे देहयबुधोऽसकृत;
अहं ममेत्यसद्ग्राहः करोति कुमतिर्मतिमु ॥
तदर्थ कुरुते कर्म यद्वध्दो याति संसृतिम्;
योऽनुयाति ददत् ल्केशमविद्या कर्म बन्धन ॥" भा.३-११ ।

जुन मानिसहरु मूढ छन्, अर्थात देहातिरिक्त कुनै वस्तुको वास्ता राख्दैन, तिनीहरु यस पंचतत्त्व विनिर्मित स्थूल शरीरमा आसक्त भएर मूढतावश पुनः पुनः असद् आग्रह-युक्त कुकार्य गर्दछन् । अविद्या कर्म बन्धनको कारण जुन शरीरले यतिका दुःख दिन्छन्, मूढहरु त्यसै शरीरको निम्ति कर्म गर्दै आसक्तिवश संसार गतिलाई प्राप्त गर्दछन् । देवहूति भन्दछन -

"यावत् पृथकत्वमिदमात्मन इन्द्रियार्थ,-
मायाबलं भगवतो जन ईश पश्येत्;

तावन्न संसृतिरसौ प्रतिसंक्रमेत,
व्यर्थापि दुःखनिवहं बहती क्रियार्था ॥"

हे भगवान ! मानिसहरु जबसम्म इन्द्रियफलदात्री माया द्वारा बर्द्धित यस देहलाई तिमी देखि स्वतन्त्र देख्न पाउँदैनन्, तबसम्म दुःखदायी क्रियाफल प्रसवकारी यो संसार उनिहरुबाट उपरत हुनेवाला छैन । परन्तु देह देखि देहीलाई पृथक रुपमा देख्नु पनि बडो कठिन छ । यसैले देवहूति भन्दछन् -

"पुरुषं प्रकृतिर्ब्रह्मन् न विमुंचति कर्हिचित ;
अन्योऽन्यापाश्रयत्वाच्य नित्यत्वाच्यानयोः प्रभो ॥" -

हे प्रभु ! हे ब्रह्मन् ! प्रकृति र पुरुषमा पारस्परिक दृढ संबन्ध छ तथा दुबै नै अविनाशी छन्, अतयव प्रकृतिले कहिल्यै पुरुषलाई परित्याग गर्न सक्तैन ।

"यथा गन्धश्च भूमेश्च नभावो व्यतिरेकतः ;
अपां रसस्य च यथा तथा बुद्धे परस्य च ॥" -

जसरी गन्ध र पृथ्वीको, जल र रसको सम्बन्ध अन्योन्याश्रित छ, अर्थात् एकको अभावमा अन्यको सत्ता रहन सक्तैन; त्यसरी नै प्रकृति र पुरुषको सम्बन्धमा एकको अभावमा दोश्रोको अस्तित्व उपलब्ध हुन सक्तैन ।

"क्वचित् तत्वावमर्शेन निवृत्तं भय मुल्वणम् ;
अनिवृत्त निमित्ततत्वात् पुनः प्रत्यवतिष्ठते ॥" -

कहिले काँहि तत्त्व विचारले कुनै पुरुषको सन्सार भय निवृत्त भएर पनि उसको कारण द्वय अविनाशी हुनुको कारण तिनीहरु पूर्णतः निवृत्त हुन सक्तैनन् । अतः फेरि त्यही भय उत्पन्न हुन्छ ।

यसको उत्तरमा कपिल भन्नु हुन्छ -

"अनिमित्त निमित्तेन स्वधर्मेणामलात्मना ;
तीव्रया मयि भक्तया च श्रुत संभूतया चिरम् ॥
ज्ञानेन दृष्ट तत्त्वेन वैराग्येण बलीयसा ;
तपोयुक्तेन योगेन तीब्रेणात्मसमाधिना ॥
प्रकृतिः पुरुषस्येह दह्यमाना त्वहर्निशम् ;
तिरोभवित्री शनकैरग्नेर्योनिरिवारणि :॥
भूक्त भोगा पुरित्यक्ता दृष्ट दोषा च नित्यशः ;
नेश्वरस्याशुभं धत्ते स्वे महिम्नि स्थितस्य च ॥
यथा ह्यप्रति बुध्दस्य प्रश्वापो वह्वनर्थभृत् ;

स एव प्रति बुद्धस्य न वै मोहाय कल्पते ॥
एवं विदिततत्त्वस्य प्रकृतिर्मयि मानसम्,
युंजतो नाप कुरुत आत्मारामस्य कर्हिचित् ॥"

काष्ठ देखि उत्पन्न अग्निले जसरी तेसै काष्ठलाई दग्ध गर्दछ, त्यसरी नै निष्काम धर्म, निर्मल मन, तीब्र भगवदनुराग, प्रकृति पुरुषको यथातथ्य ज्ञान, प्रवल वैराग्य एवं तपोयुक्त योगाभ्यास जनित तीब्र आत्म समाधि द्वारा पुरुषको प्रकृति (लिंगशरीर) उपर्युक्त रीतिबाट सतत दह्यमान भएर तिरोहित हुन जान्छन । तब प्रकृतिको भोगको पनि अन्त हुन जान्छ अनि पुरुषले पनि प्रकृतिको दोष गुणहरु प्रति सतत लक्ष्य राख्दछ । यसैले प्रकृति मानो परित्यक्ता स्त्री समान आफ्नो महिमामा स्थित पुरुषको कुनै अकल्याण या बन्धन उत्पादन गर्नमा समर्थ हुँदैन । निद्रित भएपछि जसरी स्वप्नमा पुरुषलाई नाना किसिमको अनर्थ देखिन जान्छन्, किन्तु जाग्रत हुनासाथै स्वप्नको घटना चित्तमा आएपनि त्यसले फेरि मोह उत्पन्न गर्दैन, उसरी नै ममा चित्त लगाई राख्नेवाला जुन आत्माराम पुरुष छन्, उनको कुनै अपकार गर्नमा प्रकृति समर्थ हुँदैनन् ।

"एतैरन्यैश्च पथिभिर्मनो दुष्टमसत्पथम ;
बुध्दया युंजीत शनकैर्जितप्राणो ह्यतन्द्रितः ॥"

आलस्य त्यागेर शास्त्रोक्त, अन्यान्य उपायहरु द्वारा तथा जीत प्राण अर्थात प्राणायाम परायण भएर असत्पथमा प्रवृत्त मनलाई बुद्धि द्वारा योग साधनमा लगाओस । यसको फल बताउनु भैरहेछन् -

"मनोऽचिरात्स्याद्विरजं जितश्वासस्य योगिन ;
वाय्यग्निभ्यां यथा लोहं ध्यातं त्यजति वै मलम् ॥"

जसरी सुवर्ण अग्निमा सुतप्त भएपछि शीघ्र नै आफ्नो मलिनतालाई त्याग गर्दछ, त्यस्तै किसिमसँग जितश्वास योगीको चित्त पनि थोरै समयमा नै निर्मल हुन जान्छन् । सूक्ष्म शरीरमा सूक्ष्म भूत निहित रहनछन् । यो पहिले नै भनि सकेको छु । सूक्ष्म शरीर वायुभूत छन्, सूत्रात्मा नै यस सूक्ष्म शरीरको प्राण हो । सूत्रात्मा प्राणमय छ, अतयव स्पन्दन धर्मी छ । यो स्पन्दन जबसम्म रुक्दैनन्, तबसम्म त्रितापी ज्वाला कसरी मिटलान् अनि यस जीवलाई मुक्ति प्राप्ति पनि कसरी होलान ? अतयव प्राणतत्त्वको सम्बन्धमा यहाँ केही अरु आलोचना गरिएकोछ ।

"आत्मन एष प्राणो जायते । यथैषा पुरुषे छाया एतस्मिन्नेतर्दाततं, मनोधिकृतेनायात्यस्मिंद्दरीरे ।" -(प्रश्नो.उप) आत्मा देखि यो प्राण उत्पन्न भएको छ । पुरुष देहमा जसरी छाया उत्पन्न हुन्छ, उसरी यो प्राण पनि आत्मामा या परमेश्वरमा आतत या अनुगत रहन्छ तथा मन द्वारा सम्पादित कामादिबाट यस स्थूल शरीरमा आउँदछ ।

"यथा सम्राडेवाधिकृतान् विनियुक्ते-एतान् ग्रामानेतान् ग्रामानधितिष्ठस्वेति, एवमेवैष प्राण इतरान् प्राणान् पृथक् पृथगेव सन्निधत्ते"- (प्रश्न. उप.) 'यी सारा गाउँहरुमा शासन गर' भनेर अधिकार प्राप्त मानिसहरुलाई सम्राटले जसरी नियुक्ति गर्दछन्, ठीक तेसरी नै प्राणले पनि अपर प्राणहरुलाई (चक्षु आदि तथा स्वीय भेदहरुलाई) यथास्थान नियुक्त गर्दछन् ।

"हृदि हयेष आत्मा । अत्रैतदेकशतं नाडीनां तासां शतं शतमेकैकस्यांद्वासप्तति: द्वासप्तति: प्रतिशाखानाडीसहस्त्राणि भवन्त्यासु व्यानश्चरति" -(प्रश्न उप.) जीवात्मा सांसपिण्ड द्वारा परिव्याप्त हृदयाकाशमा बास गर्दछ । यस हृदयमा एकसय एक नाडीहरु छन् । तेसमा एक एकमा फेरि एक एक सय शाखा नाडीहरु छन्, ती प्रत्तेक शाखा नाडीहरुमा बहत्तर बहत्तर हजार नाडीहरु छन्, यी सबैको भित्र व्यानवायु वर्तमान छन् र संचरण गर्दछन् ।

आदित्य मण्डलबाट निस्किएका रश्मिहरु समान हृदयबाट अवयवहरुमा जानेवाला नाडीहरु द्वारा समस्त देहमा व्याप्त भएर व्यान वायु वर्तमान छन् ।

यी सब नाडीहरु भित्र जुन प्राणको प्रवाह हुन्छ, त्यसैले यो शरीरलाई प्राणमय तथा श्रोत्रादि इन्द्रियहरुलाई चैतन्यमय गरी राख्दछन् । जीवात्माको स्थान पनि जीव शरीरकै भित्र हृदयमा छ । यस हृदयमा जुन बहत्तर हजार नाडीहरु छन् उनको भित्र व्यानवायु संचरण गर्दछन् । यस किसिमसँग बुझिनमा आउँदछन्-प्राणादि वायुको भित्र नै आत्माको शक्तिले क्रीडा गर्दछन् ।

"अथैकयोर्ध्व उदान: पुण्येन पुण्यं लोकं नयति, पापेन पापं, उभाभ्यामेव मनुष्यलोकम्"-(प्रश्नं)-एकसय एक नाडीहरुमा सुषुम्ना नामक एक ऊर्ध्वगामिनी नाडी छ । त्यस द्वारा उदान वायु ऊर्ध्वगामीनी भएर पदतल देखि मस्तक पर्यन्त सर्वत्र विचरण गर्दै जीवलाई पुण्यकर्म द्वारा पुण्यलोकमा अनि पामकर्म द्वारा पापलोकमा लैजान्छन तथा पाप पुण्य समान भएमा मनुष्यलोकलाई प्राप्त गर्दछ । उदान वायुलाई जय गरेपछि शरीर लघु हुन्छ र इच्छामृत्युको क्षमता हुन्छ । मेरुदण्डको अभ्यन्तरस्थ बोधवाही नाडी नै सुषुम्ना हो । सुषुम्ना ऊर्ध्वगामिनी छ । उदान पनि सुषुम्ना स्थित शक्ति हो । जुन मानिसहरु सम्झन्छन् -प्राण एक प्रकारको वायु हो, तिनीहरु शास्त्र सिद्धान्त देखि अवगत छैनन् । वेदान्त सूत्रको अध्याय २, पाद ४ मा लेखेको छ - *"न वायु क्रिये पृथगुपदेशात"* । यस सूत्र द्वारा ज्ञात हुन्छ - मुख्य प्राण वायु या इन्द्रिय या इन्द्रियहरुको सामान्य वृत्ति मात्र होइन, किनभने श्रुतिले पृथकरुपसँग यस प्राणको उपदेश गर्दछन् ।

पीतं भक्षितमाघ्रातं रक्तपित्तकफानिलात्;
समं नयति गात्राणि समानो नाम मारुत: ॥- योगार्णव

समान वायुले अन्नरसलाई सर्वस्थानमा समनयन गर्दछन । भूक्त द्रव्यलाई समनयन (Assimilate) गर्नु या शरीरको उत्पादन रसरक्तादि रुपमा परिणत गर्नु समानको कार्य हो ।

ध्यानशुध्द पुरुषहरुले अलौकिक योगबलको प्रभावले देखेका छन् - प्राणवायु स्थिर भएपछि अमर पद प्राप्ति हुन्छ । यो अमरपद नै ब्रहमयोनि हो । त्यस योनि देखि नै सबको उत्पत्ति तथा त्यही नै सबको लय

हुन्छ । यस सन्सारमा जीव कर्मवशात् बारंबार आउने जाने गर्दछ । जसले ब्रहमको खूंटी (मौलो) स्थिर या मुख्य प्राणलाई दृढरुपले समाती राख्दछन् त्यो आवागमन देखि मुक्त हुन जान्छ । यस प्राणक्रिया द्वारा नै क्रियाको परावस्था या स्थिति पदको प्राप्ति हुन्छ ।

उमा सहायं परमेश्वरं प्रभुं ; त्रिलोचनं नीलकंठ प्रशान्तं ।
ध्यात्वा मुनिर्गच्छ्रति भूत योनिम्-श्रीराम तापिनी-

उमा=उ-शिव, मा-लक्ष्मी । शिव अर्थात आत्माको लक्ष्मी या ऐश्वर्य यो शरीर हो, यो शरीर नै प्रकृति या उमा हुन । यस उमाको सहायताले अर्थात यस शरीर द्वारा (साधना शरीर द्वारा नै हुन्छ) सर्वश्रेष्ठ ईश्वरलाई प्राप्त गर्दछन् । क्रियाको परावस्थामा हृदयमा स्थितिरुप जुन अनुभव छ त्यही ईश्वर हुन । तब तृतीय चक्षु कूटस्थ देखिन्छ । यही तृतीय नेत्र हो । यो संसार समुद्र स्वरुप छ । क्रियाद्वारा यस समुद्रको मन्थन गरी जुन ऐश्वर्यादिको प्राप्ति हुन्छ, त्यही विषयरुप विष हुन् । यस विषलाई निल्नु हुन्छन् नीलकण्ठ । कण्ठ स्थित षोडशदल पद्ममा वायु स्थिर भएपछि साधक नीलकण्ठ हुन जान्छ । तब सन्सारको विष ज्वाला प्रशमित भएर शान्ति पद प्राप्ति हुन्छ, तबै लाग्दछ - *"बधिर बोबा रसे डोबा"* यानि बहिरो लाटो रसमा डूबेकोछ । कसैसँग कुरा गर्ने इच्छा हुँदैन । तबै साधक ब्रहमयोनिमा स्थित हुन्छन् । भृगुबल्लीमा लेखिएकोछ - *"प्राणे ब्रहमेति, मनो ब्रहमेति, विज्ञानं ब्रहमेति, आनन्दं ब्रहमेति ।"* प्राण स्थिर भएपछि ब्रहम हुन जान्छन् । प्राण संगै मन रहन्छ, अतयव प्राण स्थिर हुँदा मन पनि स्थिर हुन जान्छ । तब मन पनि ब्रहम हुन जान्छ । पश्चात क्रियाको परावस्थामा विज्ञान पद प्राप्ति हुन जान्छ, त्यो पनि ब्रहम हो । विज्ञान पदको पर आनन्द बोध हुन्छ त्यो आनन्द पनि ब्रहमै हो । *"प्राणापानयो कर्मेति"*-प्राण र अपानको कर्मलाई नै क्रिया भन्दछन् यस क्रिया देखि नै ब्रहमपदको प्राप्ति हुन्छ । यो कर्म नै प्रकृत कर्म हो, अरु सब अकर्म हुन् । यस किसिमसँग कर्मको रहस्य देखि अवगत भएर जुन कर्म द्वारा जीवभावलाई नष्ट गर्न सक्दछन् । तिनीहरुले नै परम तत्त्वलाई जानिकन अनायासै विमुक्ति प्राप्त गर्न सक्दछन् । यसैले श्री भगवान्ले यस तेह्रौ अध्यायमा जीवको बन्धनको कारण तथा त्यसदेखि विमुक्तिको बाटो निर्देश गर्नु भएको छ । -ॐ-

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता

चर्तुदशोऽध्याय

(गुणत्रय-विभाग)

श्री भगवानुवाच-

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम्;
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

श्री धरीय टीका-[पुरुष एवं प्रकृतिको स्वतन्त्रता निषेध गरी गुण-संगको कारण जुन सन्सारको विचित्रता उत्पन्न हुन्छन्, त्यसको विषयमा चतुर्दश अध्यायमा विस्तार पूर्वक भन्नु भैरहेछन्]-"हे भरतर्षभ ! क्षेत्र र क्षेत्रज्ञको संयोगले स्थावर जंगमात्मक सारा पदार्थहरु उत्पन्न भएकाछन्" - यो १३ रौं अध्यायको २६ सौं श्लोकमा भनिएकोछ। यो क्षेत्र र क्षेत्रज्ञको संयोग निरीश्वर सांख्यमा जस्तो भनिएकोछ तेस्तो स्वाधीन भावसँग हुँदैन। बरु ईश्वरेच्छाले हुन्छ-यो बताउनु हुँदै १३ अध्यायको २१ सौं श्लोकमा जुन सत्त्वादि गुणहरुबाट उत्पन्न सन्सार वैचित्र्यको कुरा भनिएकोछ, त्यसको विस्तार पूर्वक वर्णन गर्नुको उद्देश्यले दुई श्लोकहरु द्वारा त्यस वक्ष्यमाण विषयको प्रशंसा गर्नुहुन्छ-'पर' अर्थात परमात्मानिष्ठ जुन ज्ञान अर्थात उपदेश छन्, त्यसलाई पुनः प्रकृष्टरुपसँग तिमीलाई भन्नेछु। त्यो ज्ञान कस्तो छ ? मोक्षको कारण हुनुको कारण त्यो समस्त ज्ञान अर्थात तपस्या एवं कर्मादिविषयक ज्ञानहरु भन्दा श्रेष्ठ छन्। जुन ज्ञानलाई जानेर मननशील मुनिगण 'इतः'-यस देह बन्धन देखि अर्थात मोक्षलाई प्राप्त भएकाछन, त्यसैलाई नै भन्दछन् ॥१॥

आध्यात्मिक व्याख्या - "कूटस्थ द्वारा अनुभव भैरहेकोछ - सबज्ञानमा उत्तम ज्ञान - जसलाई जानिलिए पछि आफसे आफ केही बोल्नुको इच्छा हुँदैन - एस्ता जुन मुनि छन्, तिनीहरुले यस क्रियालाई पाएर (जुन गुरु बक्त्रगम्य) सबै सिद्धिहरुको पर जुन परासिद्धि अर्थात् ब्रहम छ - इच्छा रहित तथापि इच्छा हुँदा नहुँदै सब आफसे आफ हुन्छ यसरी यथार्थ नै हुन्छ-यो कोरा कुरा होइन !! यथार्थ !!! तिम्रो दुहाई !!! जसको पर अरु केही छैन।" -

श्री भगवान्ले १३ रौं अध्यायमा जुन विषयहरुको विवेचना गर्नु भएको छ तिनीहरु मध्ये कुनैलाई अरुपनि स्पष्ट गर्नको लागि यस अध्यायको प्रारम्भ गर्नु हुन्छ। क्षेत्र र क्षेत्रज्ञको संयोग देखि जगदादिको सृष्टि हुन्छन्। निरीश्वर सांख्यले पनि एसको समर्थन गर्दछन्। यस अध्यायमा भगवान्ले भन्नु हुनेछ - सांख्य मतावलम्बीले जुन किसिमसँग क्षेत्र र क्षेत्रज्ञको संयोगलाई स्वाधीन भावले हुनेवाला भन्दछन्, तेस्तो कुरा होइन। क्षेत्र र क्षेत्रज्ञको संयोग स्वाधीन भावसँग हुन सक्तैन, त्यो ईश्वरेच्छाले नै हुन्छ, यस अध्यायमा यही कुरालाई श्री भगवान्ले स्पष्ट सँग भन्नु हुनेछ। जीव गुणसंग द्वारा विविध योनिमा परिभ्रमण गर्दछ, यो भगवान्ले पूर्वाध्यायमा भन्नु भएकोछ। गुण भनेको के हो, गुण संयोग कसरी हुन्छ तथा गुण समूहले

कसरी जीवलाई बन्धनमा राख्दछन् - यो पहिले भनिएको छैन । यस विषयमा केही भन्नु आवश्यक छ । भूत प्रकृति देखि जीवले कसरी मुक्ति प्राप्त गर्दछ तथा पूर्वोक्त "अमानित्त्वादि" ज्ञान साधनको अपेक्षा पनि जुन उत्कृष्ट ज्ञानतत्त्व छ, त्यो परम ज्ञान के हो अनि कुन कुन लक्षण द्वारा मुक्त पुरुषहरुलाई चिन्न सकिन्छन् -यी सब लक्षणहरुको यस अध्यायमा उल्लेख गर्नु हुनेछन् । १३ रौं अध्यायमा साधनको लागि 'साधन-ज्ञान' को आलोचना गर्नु हुन्छन् । जस्को अपेक्षा परम ज्ञान अरु केही हुन सक्तैन र जुन ज्ञानलाई प्राप्त गरी साध केन्द्रले वासना शून्य परमासिद्धिको अवस्था प्राप्त गर्दछन । यो सब ज्ञानहरु देखि उत्तम ज्ञान छ किन भने दोश्रो अन्य विषयहरुलाई जानिलिएपछि त्यसको अगाडि अरु के छ, यस किसिमको प्रश्न मनमा रहन जान्छन् । परन्तु क्रियाको परावस्थारुप जुन साध्य ज्ञान छ, त्यसलाई जानिलिएपछि फेरि अरु जान्नुको इच्छा नै रहँदैन अर्थात एसको पर पनि अरु कुनै उत्कृष्ट अवस्था छ अथवा छैन - यस किसिमको जिज्ञासा गर्नुको प्रवृत्ति नै हुँदैन । किन भने त्यसैमा नै सारा संकल्पहरु सारा वासनाहरु पूर्णतः परिसमाप्ति हुन जान्छन् । यस प्रकारको संलीन मन भएका मुनि जन परमानन्द रुप चरमावस्थालाई जानेर आफसे आफ स्तब्ध हुन जान्छन् । उनलाई अरु केही प्राप्त गर्नु रहँदैन, यसैले उनको चित्तमा कुनै किसिमको संकल्पको उदय पनि हुँदैन तथा अनावश्यक विषयहरुमा कुरा गर्नुको प्रवृत्ति नहुनुको कारण तिनीहरु संयतवाक् या मौन रहन्छन् । भूत प्रकृति देखि योगीहरुलाई यस किसिमसित विमुक्ति प्राप्त हुन्छन् । निश्चय नै, यस किसिमको मुक्ति प्राप्ति साधारण शक्ति या सौभाग्यको कुरा होइन । अस्तु यदि यस प्रकारको इच्छा रहित अवस्थालाई नै चरम सौभाग्य मानिलियौं भने त जसलाई यो सौभाग्य प्राप्त होला उनको देह यात्रा कसरी चल्ला ? सिद्ध साधकहरुलाई प्रयोजन अनुसार ईश्वरीय कृपा देखि सारा विषय आफसे आफ प्राप्त हुन्छन् । त्यस विषयहरुलाई प्राप्त गरेर साधक हर्षित हुँदैन र उनको त्यसमा कुनै आसक्ति पनि हुँदैन । यी सारा विषय सिद्धिरुपमा साधकको पासमा स्वयं उपस्थित हुन्छन् । परन्तु यो सिद्धि भएर पनि चरम सिद्धि या परा सिद्धि होइन । जब साधकको भय, द्वेष, संकल्प आदि केही पनि रहँदैन, तब परमात्मनिष्ठ हुनुको कारण आत्मानन्दमा मग्न पुरुषलाई उसको चित्तलाई इन्द्रिय विषयले केही पनि विक्षुब्ध या अशान्त गर्न सक्दैनन् । अप्राप्य वस्तु प्राप्त गर्ने इच्छा पनि हुँदैन । जुन प्राप्त छ त्यसको संरक्षणमा पनि उनीहरु उदासीन रहन्छन । यस प्रकारको अवस्थालाई नै परा सिद्धि भन्दछन् । अरु विशेषता त यो हुन्छ - उनको भूत प्रकृतिको लागि प्रयोजनीय कुनै वस्तुको आवश्यकता भएमा उनको इच्छा हुनुको पूर्व नै त्यो उसको सामुन्नेमा उपस्थित हुन्छन् । यदि कुनै किसिमको इच्छा भयो भने त त्यो पूर्ण हुनु बिना रहँदैन, परन्तु उनलाई इच्छा हुनु नै कठिन छ । मन रहेपछि विषय भोग हुन्छ, परन्तु अमनस्क पुरुषको पासमा विषयको आउनु जानु समान छ । कुनै पनि अवस्थामा उनलाई कुनै अभाव बोध हुँदैन । अतयव सिद्धि र असिद्धिमा उनलाई एक समान जानिन जान्छन् । तिनीहरु नै पूर्णकाम हुन अनि उनिहरुले नै परा सिद्धि प्राप्त गरेकाछन् ॥१॥

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ;
सर्गेऽपि नोपजायन्ते प्रलय न व्यथन्ति च ॥२॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छन्]-यस वक्ष्यमान ज्ञान साधनको अनुष्ठान गर्दै मेरो साधर्म्य अर्थात मद्रुपत्वलाई प्राप्त भएर सृष्टिकालमा (ब्रहमादिको उत्पत्ति समय) पुनः उत्पन्न हुँदैन तथा प्रलय कालमा पनि प्रलय दुःखको अनुभव गर्दैन अर्थात् उसलाई फेरि पुनः फर्केर आउनु पर्दैन ॥२॥

आध्यात्मिक व्याख्या-"यसलाई जानिलिए पछि जुन कुनै कर्म होइन, तथापि एक कर्म हो । त्यो आफ्नो धर्ममा आएमा अर्थात स्थिति भए पछि सुखमा पनि त्यो नष्ट हुँदैन-विशेषरुपले अन्य दिशामा गएमा पनि उसको नाश हुँदैन । अर्थात क्रियाको पर पनि तथा प्रलय कालमा पनि परको स्थिति !!"-

श्री भगवान्ले जुन पूर्व श्लोकमा पनि भन्नु भएकोछ-ज्ञानको कुरा भन्नेछु, त्यही ज्ञानको फलको व्याख्या यस श्लोकमा गर्नु हुन्छन्। *"तत्त्वं यद ज्ञानमद्वयम्"- भाग.१ स्क.* । *"तत् अद्वयं ज्ञानं तत्त्वं वदन्ति"*। जुन अद्वय ज्ञान ब्रहम, परमात्मा तथा भगवान् -यी तीन नामहरुले अभिहित हुन्छन्, त्यसै ज्ञानलाई तत्त्ववेत्ताहरुले तत्व भन्दछन् । अद्वयको अर्थ छ अद्वितीय अर्थात केवल 'चित्' मात्रले जुन वस्तु विश्वमा परिव्याप्त रहन्छ, जसको सिवाय विश्वमा अन्य कुनै वस्तु छैन यही ज्ञान तत्त्व अर्थात् ब्रहमको स्वरुप हो । यस ज्ञान पछि त्यसलाई फेरि जन्म मरणको दुःख अनुभव गर्नु पर्दैन । जुन साधना द्वारा यो स्थिति प्राप्त हुन्छ, त्यसलाई एक प्रकारको कर्म त भन्दछन्, परन्तु त्यो कर्म अन्य सामान्य कर्महरु समान ल्केश उठाएर या उद्यम गरेर गर्नु पर्दैन । त्यो कर्म आफसे आफ हुन्छ । त्यो कर्म हो प्राणकर्म । त्यो स्वस्थान च्युत भएर अहर्निशि स्वतः स्फूर्त चलिरहन्छन्, परन्तु त्यसमा स्थिरता छैन खालि चलायमानता छ । यस चंचल प्राण तरंगको उत्पातले नै सारा इन्द्रियादि अहर्निशि स्व स्वः विषयकर्ममा व्यापृत रहन्छन् - जसको निन्दा साधुहरुले अज्ञानतमः भनेर गर्दछन । यो चंचलत्व जबसम्म छ, तबसम्म यो संसारको मूर्त्ति कति भयावह कति भयानक छ !! जन्म-जरा-मरण-अभाव आदि शत शत ल्केशहरु मानो सुरसाले जस्तै मुख च्यातेर निल्न आइरहेकाछन् !! यिनीहरुको विकराल शरीर देखि कसैलाई पनि त्राण पाउनुको उपाय छैन । यही चंचल प्राण, अत्यन्त सौभाग्यवश जब आफ्नो स्थानमा आएर मिल्दछ, तब त्यो आफ्नो स्वभावमा आउँदछ । चचंल प्राण आफ्नो स्वभावमा आउनु त्यसको स्वरुपमा अवस्थान भनिन्छन् । यो चिर स्थिर, चिरनिर्मल सुख दुःख जन्म मरणको अतीत भाव हो । प्राणको सुषुम्नामा स्थिति हुनासाथै यी समस्त परम अभय भाव प्रत्यक्ष हुन जान्छन् । जब यस स्थितिमा केही पनि व्यत्यय हुँदैन, सदा समान भावमा यो स्थिति बनिरहन्छ, तब सुखभोग गर या दुःख भोग गर तिम्रो मन फेरि कदापि विचलित हुने छैन । यो अचल स्थिति नै ब्रहमपद हो । जन्म-मरणको ल्केश उनैलाई हुन्छ, जसले यस अचल स्थिति पदलाई धारण गर्न सक्तैन । जसले यो स्थिर ब्रहमपद प्राप्त गरेकोछ, उसको चित्त प्रकृष्टरुपसँग लय हुन जान्छ, यही प्रलय हुन् जसको मन छैन, उसको लागि सृष्टि छैन अनि प्रलय पनि छैन ॥२॥

मम योनिर्महद् ब्रहम तस्मिन् गर्भं दधाम्यहम्;
संभवः सर्वभूतानाम् ततो भवति भारत ॥३॥

श्रीधरीय टीका-[यस किसिमसँग वक्ष्यमान विषयको प्रशंसा द्वारा श्रोतालाई अभिमुख गर्दै अर्थात् श्रोतालाई श्रवणोन्मुख गरी प्रकृति पुरुषको सर्वभूतोत्पत्ति प्रति जुन हेतुत्व छ, त्यो परमेश्वराधीनछ, स्वतन्त्रभावले उनको हेतुत्व छैन - यो विवक्षित अर्थ या वक्ताको वक्तव्यको तात्पर्य भन्नु हुँदैछन्]-प्रकृतिलाई महद् ब्रहम भन्दछन्, देश र काल द्वारा अपरिच्छिन्न हुनुको कारण प्रकृति महत् हुन । वृहितत्त्व अर्थात आफ्नो कर्महरुको वृद्धिको कारण प्रकृति ब्रहम (निरतिशय) हुन । त्यो महद् ब्रहम (प्रकृति) मेरो (परमेश्वरको) योनि अर्थात गर्भाधानस्थान हुन। त्यसैमा नै मैले गर्भ अर्थात जगत् विस्तार हेतु - चिदाभासलाई निक्षेप गर्दछु । प्रलयकालमा अविद्या कर्मानुशयी जीव ममा लीन रहन्छन् । सृष्टिकालमा उनको भोग योग्य क्षेत्रको साथ ती जीवहरुको सम्यक योजना गर्दछ । यसरी गर्भाधान देखि नै ब्रहमादि समस्त भूतहरुको उत्पत्ति हुन्छन् ।

[क्षेत्रक्षेत्रज्ञसंयोग ईदृशो भूतकारणमित्याह-ममेति । मम स्वभूता मदीया माया त्रिगुणात्मिका प्रकृतिर्योनिः सर्वभूतानाम् सर्वकार्येभ्यः महत्वात् भरणाच्य स्वविकाराणां महद्ब्रहमेति योनिरेव विशिष्यते । तस्मिन महति ब्रहमणि योनौ गर्भं हिरण्यगर्भस्य जन्मनो बीजं सर्वभूतजन्मकारणं बीजं दधामि निक्षिपामि । क्षेत्र क्षेत्रज्ञ-प्रकृति-द्वय-शक्तिमानीश्व-रोऽहं अविद्याकाम कर्मोपाधिस्वरुपानुविधायिनं क्षेत्रज्ञं क्षेत्रेण संयोजयामित्यर्थः । संभवः उत्पत्तिः सर्वभूतानां हिरण्यगर्भोत्पत्तिद्वारेण ततस्तस्मात् योनेर्मूलकारणात गर्भाधानाद्भवति । हे भारत ! यस किसिम संग क्षेत्र र क्षेत्रज्ञको संयोग नै प्राणी सृष्टिको कारण हुन, यही बताइरहेछन् । मेरो आत्मस्वरुपा मदीया माया जुन त्रिगुणात्मिका प्रकृतिको नामले निर्दिष्ट हुन्छन् त्यो माया नै योनि अर्थात सबै भूतहरुको उत्पत्तिको कारण हुन । अतयव यो प्रकृति सबकिसिमको कार्यहरुमा प्रधान छ तथा आत्म विकार स्वरुप सबै कार्यहरुको भरण पोषण गर्दछन् । यसै कारण प्रकृति यहा 'महत' एवं 'ब्रहम' यो दुई विशेषण द्वारा विशेषित भएका छन् । त्यस महत् एवं ब्रहमस्वरुप योनिमा मैले गर्भको आधान गर्दछु । यहाँ गर्भ शब्दको अर्थ छ हिरण्यगर्भको जन्महेतु बीज अथवा सर्वभूतहरुको जन्मकारण स्वरुप बीज । त्यसै बीजलाई मैले यस प्रकृति योनिमा आधान गर्दछु । यसको तात्पर्य यो छ - क्षेत्र र क्षेत्रज्ञ, यी द्विविध प्रकृतिहरु ईश्वरकै शक्ति हुन यी द्विविध शक्तिहरुले युक्त पुरुष नै ईश्वर हुन् । अविद्या, काम एवं कर्मरुप आफ्नो उपाधिको वशस्वरुप ग्रहण गर्नको निम्ति उद्यत जीवहरुलाई त्यो ईश्वरले क्षेत्रको साथ संयोजन गर्नु हुन्छ अर्थात् भूतहरुलाई उनको आफ आफनो प्राक्तन कर्महरु अनुसार क्षेत्रसँग संयोजित गर्दछन् । यस किसिमको संयोजन नै गर्भाधान हो । यस गर्भाधानको फल हुन्छ सब किसिमको भूतहरुको सम्भव अर्थात उत्पत्ति । यी सब भूतहरुको उत्पत्ति हिरण्य गर्भको उत्पत्ति पछि हुन्छन्-शांकरभाष्यानुवाद]

आध्यात्मिक व्याख्या-"मेरो योनि जुन "सर्वं ब्रहमयं जगत्" व्यापक जुन ब्रहम उसको जुन अणु त्यसको भित्र प्रवेश गर्नु अर्थात् क्रियाको परको स्थिति-सूक्ष्म ब्रहमाणु रुपमा-जाहाँ गएपछि केहि बोल्न सकिन्न-सोध्दा खेरि पनि जो-जो-सो-सो बोल्दछ !!!"

श्री भगवान्ले याहाँ पुनः सृष्टिक्रम भन्नु भैरहेछन् । यो सृष्टितत्त्व अतीव सूक्ष्म छन । प्रज्ञाचक्षु प्राप्त साधकेन्द्रहरु सिवाय अन्यलाई एसको धारणा गर्न कठिन छ । तथापि शास्त्रहरुमा यस कुरालाई बारम्बार

सम्झाउने चेष्टा गरिएको छ । बाहिरी रुपमा सम्झाउँदा खेरि यो भनेरै समाप्त हुँदैन अनि श्रोताको सब प्रश्नहरुको मीमांसा पनि यसबाट हुँदैन । यो निजबोध स्वरुप छ । टर्रोको स्वाद खानेलाई बाहेक अरुले जान्दैनन् । ब्रहम सर्वव्यापक निराकार एवं उत्पत्ति विनाशवर्जित छन् । इन्द्रिय, मन एवं बुद्धि द्वारा तेसलाई बुझ्न सकिदैन । त्यो सर्व व्यापक सर्वशक्तिमान, सर्वज्ञ एवं अत्यन्तै सूक्ष्म छन् । त्यसको एकांश अत्यन्त सूक्ष्म अणुको समान हुन्छ, जस्लाई योगीहरुले अनुभव गर्दछन् । उसकै भित्र त्रिलोक विद्यमान छन् । ब्रहमअणुको षष्ठांश यो मर्त्यलोक छ । यसको भित्र सप्त समुद्र एवं सप्त द्वीप छन् । ती सप्त द्वीपको एक भाग जम्बू द्वीप हो । त्यस जम्बूद्वीपको लक्ष कोटि अंशहरुको अंश पनि तिमी छैनौ अनि तिमी भित्र नजाने कति कति लाखौं लाखा अणुहरु रहन्छन । ती सारा अणुहरु अनुभव द्वारा बोधगम्य छन् । श्री भगवान कति कति सूक्ष्मरुपमा यस अणुको भित्र व्याप्त रहन्छन, यसलाई बुद्धि द्वारा बुझ्न खोज्नु सर्वथा असम्भव छ । अणुकै भित्र सबचिज छन । त्यही अणु नै हो ब्रहमयोनि ।

क्रियाको परावस्थामा जुन गुणातीत, निर्लिप्त र अव्यक्त छ, त्यही सर्व गुण विशिष्ट भएर ईश्वर हुन्छ । जसले क्रिया गरी क्रियाको परावस्थाको अनुभव गर्दैन तिनीहरु प्रपंचमै वर्तमान रहन्छन् । यसैकारण उनिहरुले सन्सारलाई देख्दछन, ब्रहमलाई देख्दैनन् । मनको संकल्पको कारणले नै प्रपंच देखिन्छन् । मनले नै संकल्प गरी बद्ध हुन्छ, संकल्प नरहेपछि जीव मुक्त हुन जान्छन् । यस अवस्थामा मन आफसेआफ नि:संग भएर हृदयमा निरुध्द हुन जान्छ । यसरी निरुध्द रहँदा रहँदा उन्मनी भाव हुन जान्छ । यो उन्मनी भाव नै परमपद हो । मनमा नै सन्सार भासिन्छ, यसैले जब सम्म मनको क्षय हुँदैन, तबसम्म क्रियाको परावस्था राम्रोसँग हुँदैन, भए पनि धेरै बेर सम्म टिक्न सक्तैन । ऊर्ध्वविन्दु र अधोविन्दुको बीचमा मन छ । त्यो मन मनमै रहेर ब्रहममा लीन हुन्छ, तब कर्त्ता या करण नामको कुनै पृथक् वस्तु रहँदैन ।

आत्मा प्रकृतिस्थ भएर मन उपाधि धारण गर्दछ अनि त्यस मनदेखि नै यस प्रपंचको सृष्टि हुन्छ । आज्ञाचक्र सम्म गुणको स्थान छ । *आज्ञाचक्रमा जबसम्म अचल स्थिति हुन जाँदैन, प्रकृतिको फन्दाबाट छुटकारा पाउनुको कुनै उपाय छैन ।* आज्ञाचक्र नै ब्रहम योनि हुन । आज्ञाचक्र देखि तल ओर्लनु नै मनको सन्साराभिमुखी गति हुन । यहां नै ऊर्ध्वमुखी त्रिकोण एवं अधोमुख त्रिकोणको स्थान छ । अधोमुखी त्रिकोणबाट सन्सार प्रवृत्ति आरम्भ हुन्छ तथा ऊर्ध्वमुखी त्रिकोणको ऊर्ध्वमुख नै ब्रहमलोकको पथ हो । यहाँ स्थिति लाभ भएमा गुणातीत अवस्था प्राप्त हुन्छ । यो आज्ञाचक्र योगमायाको पुर हो, यस पुरमा जो रहन्छ त्यही पुरुष हुन । त्यही महेश्वर या उत्तम पुरुष हो । यस महेश्वरको साथ आद्याशक्ति अविना भाव सम्बन्धले नित्ययुक्त छन् । गुणातीत ब्रहम या परशिव नै महेश्वर या पुरुषोत्तमको आदि हो । यो परशिव अवाङ मनस गोचर छ । यहाँ प्रकृति पनि छैन अनि पुरुष पनि छैन । पश्चात् पुरुषोत्तम नारायणमा यो शिवशक्ति समभावसँग मिलेकोछ । त्यहां पनि एक दोश्रोलाई विभिन्न भावमा देख्नुको कुनै उपाय छैन । पुरुष प्रकृति अभिन्न रुपमा रहन्छन् तथापि यही उनको युगल रुप हो । एकातिर सगुण छ भने अर्कोतिर निर्गुण छ । यही महेश्वर या शिवशक्ति सम्मिलित अर्द्ध नारीश्वर भाव हुन । शारदा तिलकमा लेखिएको छ -

"निर्गुणः सगुणश्चेति शिवो ज्ञेयः सनातनः ;
निर्गुणः प्रकृतेरन्यः सगुणः सकलः स्मृत ॥
सच्चिदानन्दविभवात् सकलात् परमेश्वरात् ;
आसीच्छक्तिस्ततो नादो नादद्विन्दु समुभ्दव ॥"

सच्चिदानन्द परब्रहमको सगुण-निर्गुण भेदले दुई विभाव छन् । जब ब्रहम माया देखि अनुपहित रहन्छ अर्थात मायालाई स्वीकार गर्दैन, तब त यो निर्गुण कहलाउँछ । माया देखि उपहित भएपछि त्यसलाई सगुण ब्रहम भन्दछन् । सच्चिदानन्द स्वरुप ब्रहम जब कलायुक्त हुन्छ अर्थात मूल प्रकृतिसँग उपहित रहन्छन्, तब त्यसदेखि शक्तिको आविर्भाव हुन्छ तथा त्यस आविर्भूत शक्ति देखि नाद (महत्तत्त्व) एवं विन्दु (अहंकार तत्त्व) उत्पन्न हुन्छन् । यस मूल प्रकृति देखि उपहित सच्चिदानन्द ब्रहमको उपासना हुँदैन । जीवको अदृष्टको संयोग देखि अथवा कुनै दैवी कारणले जसलाई कसैले जान्दैन, सच्चिदानन्द ब्रहमको तादात्म्य- सम्बन्धयुक्त हुने क्षणमा चैतन्य युक्त मूल प्रकृति देखि पहिले शक्तिको आविर्भाव हुन्छ । यो शक्ति नै आद्या शक्तिको नामले प्रसिद्ध छ । यो आद्याशक्ति मूल प्रकृतिको रुप भेद मात्र हो । यो पनि सच्चिदानन्दको साथ एकीभूत छ र याहाँ पनि गुण साम्यावस्था वर्तमान छ । मूल प्रकृतिमा विकृति छैन । परन्तु कालको साहचर्यले जीवको अदृष्टको हेतु यस आद्याशक्तिमा गुण क्षोभ हुन्छ । तन्त्रमा लेखेको छ -

"सृष्टिश्चतुर्विधा देवी प्रकृत्वामनुवर्तते ;
अदृष्टाज्जायते सृष्टि प्रथमे तु वरानने ॥
विवर्त्त भावे सम्प्राप्ते मानसी सृष्टिरुच्यते ;
तृतीये विकृतिं प्राप्ते परिणामात्मिका तथा ॥
आरम्भ सृष्टिश्च ततश्चतुर्थे यौगिकी प्रिये ;
इदानीं श्रृणु देवेशि तत्तत्त्वंच विशेषतः ।
सृष्टिश्चतुर्विधा देवी यथापूर्व समासतः ॥"-

हे देवी ! प्रकृतिदेखि चार प्रकारको सृष्टि हुन्छन् । अदृष्टवश जीव समष्टिको भोगकाल उपस्थित भएपछि जुन सृष्टि हुन्छ त्यो प्रथम सृष्टि या अदृष्ट-सृष्टि भनिन्छन् । मूल प्रकृति देखि शक्तिको आविर्भाव एवं गुणक्षोभ नै प्रथम सृष्टि हुन । विवर्त सृष्टिलाई मानसी सृष्टि भन्दछन् । वेदान्तसारमा लेखिएको छ -

"सतत्त्वतोऽन्यथा प्रथा विकार इत्युदीरितः ;
अतत्त्वतोऽन्यथा प्रथा विवर्त्त इत्युदाहृतः ॥"

जहाँ एक वस्तु देखि दोस्रो वस्तु उत्पन्न हुने समय पूर्व वस्तु वस्तुतः रुपान्तरलाई प्राप्त हुन्छन्, त्यसलाई विकार भन्दछन् । जसरी दुग्धको विकार दधि हुन् + तथा शब्द - तन्मात्रादिको विकार आकाशादि हुन् । जहाँ एक वस्तु देखि दोस्रो वस्तु उत्पन्न हुन्छ तथापि पूर्ववस्तुको अन्यथाभाव हुँदैन, त्यसलाई विवर्त्त

भन्दछन्। रज्जुमा सर्पको भ्रमकालमा रज्जुमा मिथ्या सर्पको उत्पत्ति भएर पनि रज्जुको स्वरुप तेस समयमा पनिअव्याहत रहन्छ, यसैलाई विवर्त्त भन्दछन्। यस किसिमले प्रकृतिमा उपहित ब्रहम देखि जुन जगतको सृष्टि हुन्छ, त्यसमा अद्वितीय ब्रहमको ब्रहमत्व अव्याहत रहन्छ। रज्जुमा सर्प कल्पना समान माया कल्पित यो जगत् ब्रहमको विवर्त्त स्वरुप हुन। यही द्वितीय सृष्टि या मानसी सृष्टिको नामले अभिहित हुन्छन्। यो सृष्ट पदार्थ जब विकृतिलाई प्राप्त हुँदै हुँदै एकवस्तुलाई रुपान्तरित गरी अन्य वस्तु उत्पन्न गर्दछन्, तब त्यसलाई तृतीय सृष्टि या परिणाम सृष्टि भन्दछन्। महत्तत्त्व देखि अहंकार तत्त्व, अहंकार तत्त्व देखि एकादश इन्द्रियहरु एवं पंच तन्मात्राहरु तथा पंचतन्मात्राहरु देखि पंचभूतहरुको उत्पत्ति नै तृतीय सृष्टि या परिणाम सृष्टि हुन्। जब पंचीकृत परमाणु समूहहरुको पारस्परिक योग द्वारा विभिन्न वस्तुहरुको उत्पत्ति हुन्छन्, तब त्यसलाई चतुर्थ सृष्टि या यौगिकी सृष्टि भन्दछन्।

अदृष्टवश जीव-समष्टिको भोगकाल उपस्थित भएपछि जब आद्याशक्ति (मूल प्रकृति) मा गुण क्षोभ हुन्छ, त तत्काल तमोगुणको आविर्भाव हुन्छ। चैतन्ययुक्त शक्ति पनि तब तमोगुणमा अनुप्रविष्ट हुन्छ। यो तमोगुण महाकाल शब्दले अभिहित हुन्छ। जब प्रलयकाल उपस्थित हुन्छन्। त्यो तमोगुण पनि प्रकृतिमा लयलाई प्राप्त हुन्छन्। यही हुन् आद्या कालीले महाकाललाई प्रसव गरी उसैमा उपगत हुनु या विपरित रतिमा प्रवृत्त हुनु। यही हो आद्या शक्ति देखि आविर्भूत तमोगुणमा आद्याशक्तिको अनुप्रवेश। स्त्री-पुरुषको संयोगले जसरी जीव-सृष्टि हुन्छ, त्यसरी नै महाकाल र आद्याशक्तिको संयोग देखि यो जगत्-सृजन हुन्छन्।

प्रकृतिको गुणक्षोभ भएपछि त्यसद्वारा उत्पन्न महाकालको साथ नाद या महत्तत्त्व उत्पत्ति हुन्छन्। यो नाद पुनः सत्त्व, रज, एवं तमो भेददेखि तीन किसिमको हुन्छन्। यो महत्तत्त्व नै हिरण्यगर्भ हो। यही पहिलो सृष्ट वस्तु हुन।

"हिरण्यगर्भः समवर्त्तताग्रे"-पहिले हिरण्यगर्भ उत्पन्न भएको थियो। गुण भेदले ब्रहमा, विष्णु एवं महेश्वर यी तीन उसैको मूर्त्तिहरु हुन। रुद्र ज्ञानशक्ति-स्वरुप, ब्रहममा इच्छाशक्ति स्वरुप तथा विष्णु क्रियाशक्ति स्वरुप छन्। गोरक्ष संहितामा लेखिएको छ -

"इच्छा क्रिया तथा ज्ञानं गौरी ब्राहमी च वैष्णवी ;
त्रिधा शक्तिः स्थिता लोके तत्परम ज्योतिरोमिति ॥"

ज्ञानशक्ति, इच्छाशक्ति एवं क्रिया शक्ति-गौरी, ब्राहमी एवं वैष्णवी नामले अभिहित छन्। यही तीन शक्तिहरु देखि सृष्टि, स्थिति एवं प्रलय भैरहेकोछ। यो त्रिधा शक्ति रुप ज्योति नै प्रणवको प्रतिपाद्य हो क्रियासारमा लेखेको छ -

विन्दुः शिवात्मकंस्तत्र बीजं शकत्यात्मकं स्मृतम;
तयोर्योगे भवेन्नादस्तेभ्यो जातास्त्रि शक्तयः ॥

"विन्दु शिवात्मकं बीजं शक्त्यात्मक तथा नाद शिव शक्त्यात्मक छ। यस विन्दु, नाद, बीज देखि त्रिशक्ति अर्थात ज्ञान, इच्छा एवं क्रिया शक्ति उत्पन्न हुन्छन्।

मूल प्रकृतिको साथ सच्चिदानन्द ब्रहमको जसरी कुनै भेद छैन, त्यसरी नै रुद्र, ब्रहमा र विष्णु पनि ज्ञान, इच्छा र क्रिया शक्तिको साथ तादाम्य रुपमा सम्मिलित छन्। अतयव शक्तिको साथ शक्तिमानको कुनै भेद छैन। मायाको संकुचित अवस्था नै ब्रहमभाव हो, अतयव त्यो अगोचर छ। यही तुर्यावस्था, कैवल्यावस्था एवं अवाच्य हो। यही महाकारण देह, कैवल्य-ज्ञान-देह अनि विदेह हुन। यही परा, परापरा र निःशब्द वाक् हुन्। यही अगोचरी, उन्मनी र ब्रहम हो। यही सूक्ष्म वेद एवं अगोचर हो। यही हृदयाकाश, अगोचर, शून्य एवं सर्वशुध्दातीत हुन्। यही ईश, अघोर एवं निराकार हुन। यो "मसूरमात्र दीपकं एवं "सोऽहं ब्रहम" द्वारा सूचित हुन्छ।

यो भाण्ड (देह) एवं ब्रहमाण्ड एकै नियमको अधीन छन्। एकै रुपगुण समावेशले निर्मित छन्। अतयव ब्रहमाण्डमा जे छन्, त्यही देहमा पनि छन्। यो ब्रहमाण्ड या देह सब प्रणवरुप छन्। सारा देवस्थान यस देहमा सन्निविष्ट छन्। प्रणवको अकारस्वरुप ब्रहमा पृथ्वीतत्त्व मूलाधार चक्रमा अवस्थान गर्दछ। उकार स्वरुप विष्णुमूर्त्ति जलतत्त्व स्वाधीष्ठान चक्रमा, म-कार स्वरुप रुद्र तेजस्तत्त्व मणिपुर चक्रमा, नाद स्वरुप ईश्वर वायुतत्त्व अनाहत चक्रमा, विन्दु स्वरुप महेश्वर आकाशतत्त्व विशुध्द चक्रमा, कलास्वरुप परशिव मनोरुप आज्ञा चक्रमा एवं कलातीत पर ब्रहम या परमा प्रकृति सहस्रार चक्रमा अवस्थान गर्दछन्।

यी सप्त चक्र प्रणवको सप्तांग हुन् अनि बहिर्दृष्टिमा यी सप्त आम्नाय हुन्। यी सप्त आम्नायहरुलाई जानिलिएपछि सब जान्नु समाप्त हुन जान्छन्। प्रथम आम्नायमा सृष्टि छ-मूलाधारमा कुल कुण्डलिनी प्राण शक्ति द्वारा जगत्को सृष्टि गर्दछन्। द्वितीय आम्नायमा स्थिति छ, लिंगमूलमा स्थिति रुप विष्णु। तृतीय आम्नायमा संहार छ - नाभि देशमा रुद्ररुप। नाभिश्वास प्रारम्भ भयेमा जीवको मृत्यु हुन जान्छ। चतुर्थ आम्नायमा अनुग्रह छ - भक्ति भएपछि नै भजन हुन्छ, त्यस्मा नै अनाहत स्थित छ। अनाहत शब्द नै ईश्वर कृपा हुन, तब हृदयस्थ ईश्वरको कृपाको अनुभव हुन्छ। पंचम आम्नायमा अनुभव छ - विशुध्द चक्रमा कण्ठमा प्राणको स्थिति हुनासाथै अनुभव पद प्राप्त हुन्छ। षष्ठ आम्नाय आज्ञाचक्रमा निरनुभव छ। यो अनुभवातीत अवस्था हो। अनि सप्तम आम्नाय छ सहस्रारमा परव्योम। प्रथम आम्नायको ज्ञेय छ कुण्डलिनी शक्ति, द्वितीय आम्नायको गम्य हो नारायण या पुरुषोत्तम, तृतीय आम्नायको ज्ञेय हो काल, चतुर्थको गम्य छ विज्ञान पद, पंचमको ज्ञेय शून्य छ। षष्ठको गम्य छ ब्रहम, सप्तमको ज्ञेय छ परब्रहम या परव्योम।

प्रथम आम्नायको साधन हो कुल कुण्डलिनी जगाउनको लागि मन्त्रयोग एवं हठयोग। द्वितीय आम्नायको साधन हो भक्तियोग या लययोग। तृतीय आम्नायको साधन हुन क्रियायोग र लक्ष्य अथवा ध्यानयोग। चतुर्थ आम्नायको साधन हो ज्ञानयोग एवं उरोयोग-(हृदयग्रन्थि भेदन साधना)। पंचम आम्नायको साधन छ परायोग या संन्यास। षष्ठ आम्नायको साधन हो अमनस्कयोग एवं शाम्भवी - योग। सप्तम आम्नायमा सहजयोग एवं मोक्ष साधन हुन्छ।

यी योग साधनहरुको कारण पनि आम्नाय भेदले विभिन्न छन् । प्रथम आम्नायको कारण हो नासा-श्वास-प्रश्वास द्वारा नै प्रथम आम्नायको साधन हुन्छ । श्वास स्थिर नभैकन कुलकुण्डलिनी शक्ति जाग्रत हुँदैन । द्वितीय योगको कारण हो जिह्वा जिह्वालाई तालुकुहरमा प्रविष्ट गरेपछि वाक संयत हुन्छ र वाक संयमको साथ साथै इच्छाको नाश हुन्छ । भक्तियोग त्यो हो जसमा मनको गति अन्यत्र कतै नगैकन निरवच्छिन्न भावले ब्रहममा मग्न हुन जान्छन् । तृतीय आम्नायको योगाभ्यासको कारण हो चक्षु । चक्षुको लक्ष्य भ्रु-मध्यमा भएपछि मन ऐकान्तिक लक्ष्य प्रति नियुक्त हुन्छ । दृष्टि जबसम्म स्थिर हुन जाँदैन, मन चारैतिर नाना विषयहरुमा दौडिने गरिरहन्छन् । चतुर्थ आम्नायको योगाभ्यासको कारण हो त्वक कुम्भक द्वारा हृदयमा पुनः पुनः बारंबार ठोकर । यस ठोकर क्रिया द्वारा चर्ममा जुन मोहमयी शक्ति आस्तृत रहन्छ त्यसको शोधन हुन्छ । चर्मको आकर्षण सर्वापेक्षा मोहमय आकर्षण हुन - कामसंकल्पको यही प्रधान स्थान हो । यस साधनको परिसमाप्तिमा हृदय-ग्रन्थि भेदन भएर दिव्य ज्ञानको संचार हुन्छ । पंचम आम्नायस्थ योगाभ्यासको कारण हो श्रोत्र । श्रोत्र स्तब्ध भएपछि मन अत्यन्त अन्तर्मुखी हुन्छन् । शब्दले नै हामीलाई जगत्को साथ विभिन्न सम्बन्धहरुले युक्त गरिदिन्छन् । शब्दको बन्धन शुध्द भएपछि अत्यन्त दृढ हुन्छ । त्यो अन्तसम्म रहन्छ । सबै तत्वहरु आकाश तत्वमा मिल्न गएपछि एक अनिर्वचनीय शब्द श्रुतिगोचर हुन्छ, जसबाट भवबन्धन छुटन जान्छ यही हो भगवन्नाम श्रवण । यस शब्दमा तन्मय भएपछि ध्वनि अन्तर्गत ज्योति तथा ज्योति अन्तर्गत शुध्द मनको सन्धान मिल्दछ । यो मन नै षष्ठ आम्नायस्थ योगाभ्यासको कारण हो -

"मनःस्थं मन मध्यस्थं मनस्थं मनो वर्जितम् ;

मनसा मनमालोक्य स्वयं सिद्धियन्ति योगिन ॥"बाहिर तिरबाट यस षष्ठ आम्नायको करण प्राण हो । यसैकारण प्राणक्रिया गरेपछि जति शीघ्र मन मनमा प्रवेश गर्न पाउँछ त्यति नै शीघ्र अरु कुनै उपायले हुदैन । सप्तम आम्नायको योगाभ्यास समाधिस्थितिको प्राप्ति हो । बाहय भावबाट यस सप्तम आम्नायको करण हो मृत्यु । वस्तुतः समाधि एवं मृत्यु एकै कुरा हुन ।

यसरी "मम योनिर्महद्ब्रहम"-महद्ब्रहम नै भगवान्को योनि अर्थात गर्भाधान स्थान हुन तथा महद्ब्रहम भन्ने वस्तु के हो यो सम्झाइयो । यस महद्रब्रहममा गर्भाधान नै द्वितीय या विवर्त्त-सृष्टि-हुन । यहाँ मूल सत्ता अविकृत छ, केवल कल्पनामा जगत् रचितवत् प्रतीत हुन्छ । महद्ब्रहमरुप योनिमा प्रविष्ट भएपछि भगवान्को नानारुपहरुको अभिप्रकाश हुन्छन् । महद्ब्रहम - ब्रहमा नै समष्टि मन हो । यसैमा अनुपविष्ट भएर ब्रहमले विश्वलाई उत्पन्न गर्दछन् । "तेने ब्रहम हृदा य आदिकवये" - उसले (हृदा) आफ्नो इच्छाको प्रभावले (आदिकवय) ब्रहमाको चित्तमा (ब्रहम) ब्रहमको स्वरुप ज्ञान (तेने) विस्तार गरेको थियो । (भा.१ म स्कन्ध) ब्रहमा नै समस्त ब्रहमाण्डको मन हो । यही मन संकल्पको स्थान हुन । मन बिना केही हुन सक्तैन । यसैले मानो ब्रहम मनः स्वरुप ब्रहमा या हिरणगर्भ उत्पन्न भयो । विश्व सृष्टिको संकल्प यस मनमानै वर्तमान रहन्छन् । "विद्धि भाषा मनोमयम्"-(भा. ११ सौं स्कन्ध) क्रियाको परावस्थामा यो मन

रहँदैन । क्रियाको परावस्थाको परावस्थामा संकल्प हुँदा नहुँदै सबचिज हुन्छ । एस्तो जुन ब्रहम अनुप्रविष्ट छन्, यही उनको एकांश हुन, यही ब्रहमयोनि हो, यहाँ निज संकल्प केही हुँदैन, परन्तु अनिच्छाको इच्छाले यसै स्थान देखि सारा विषयहरुको अभिस्फुरण हुन्छ । बिना संकल्प त्यसले जे बोल्दछन् त्यही हुन जान्छन् । यही हो ब्रहम योनि । यो ब्रहमयोनि नै भगवान्‌को स्वशक्ति हुन, यसको निजी कुनै कामना या संकल्प छैन परन्तु अदृष्टवश जब यस अनिच्छाको इच्छारुप संकल्पजागृत हुन्छ, तब शक्ति क्रियावती हुन्छ, यही हो उस्को गर्भधारण । यही हुन उनको वस्तु हुनुको इच्छा । एसैले भनिन्छ - जीवको अदृष्ट यसको हेतु हुन । यद्यपि अदृष्ट कर्मवशात् नै हुन्छ परन्तु जीवको जस्तो आदि छैन तस्तै कर्मको पनि कतै आदि छैन । जीवले मृत्युकालमा कामना लिएर मृत्युकै काखमा खस्दछ । अतयव उसको उत्पत्तिको बीज उसकै भित्र लीन रहन्छन् । समस्त विश्वको प्रलय हुँदामा पनि जीवको कर्मको अन्त हुँदैन, अतयव प्रलय पछि पनि उसको उत्पत्ति हुनु अवश्यम्भावी छ । प्रलय कालमा जीव कर्मको साथ महद्ब्रहममा लीन हुन्छन् । महद्ब्रहम प्रकृतिमा सुप्त हुन्छन् । अनि सृष्टिकालमा-काम-कर्मानुपायी जीवको स्व-स्व-अदृष्ट भोगको लागि भोग्य क्षेत्रको साथ सम्बन्धयुक्त गर्नुको जुन चेष्टा गरिन्छ त्यही गर्भाधान क्रिया हुन । त्यो गर्भाधान कर्त्ता सगुण ब्रहम हुन् ।

पश्चात् महत्तत्व देखि अहंकार तत्त्व एवं अहंकार तत्त्व देखि पंचतन्मात्राहरुको सृष्टि हुन्छन्-यही विकार सृष्टि या परिणाम सृष्टि हुन । यस तृतीय सृष्टि पछि अपंचीकृत परमाणु जीवहरुको अदृष्ट वश पंचीकृत भएर स्थूल देह तथा अन्नादिलाई उत्पन्न गर्दछन् । यही चतुर्थ सृष्टि या यौगिक सृष्टि हुन । अर्थात प्रथम ब्रहमरुप क्रियाको परावस्था देखि तत्परावस्थामा कूटस्थ ज्योति भित्र बिन्दु रुपा महाशक्तिको आविर्भाव हुन्छ । पश्चात् शुध्द संकल्पको आविर्भाव हुन्छ जसमा निज भोगेच्छा हुँदैन अनि ब्रहमाण्ड-बीज-कारण-सलिलको भित्र भासित रहन्छ । फेरि विविध वस्तुहरुको विविध परमाणुहरुको प्रकाश हुन्छ । तत्पश्चात् स्थूलतम पिण्डभावको सृष्टि हुन्छ । परन्तु पिण्डभाव होस या सूक्ष्म, सूक्ष्मतर, सूक्ष्मतम भाव होस-सबै ब्रहममय या ब्रहमस्वरुप छन् । एक अद्वितीय ब्रहम कसरी कोटि कोटि ब्रहमाण्डहरुको रुपमा परिणामलाई प्राप्त हुन्छन् त्यो विशाल विस्तृत ब्रहमाण्ड सब जीवहरुको साथ फेरि कसरी अणुस्वरुप ब्रहममा प्रवेश गर्दछन् अनि त्यो अणु कसरी अव्यक्तको भित्र विलीन हुन्छ-यो अत्यन्त अतीव रहस्यको कुरा छ ॥३॥

सर्वयोनिषु कौन्तेय मूर्त्तयः सम्भवन्ति याः ;
तासां ब्रहम महद्योनिरहं बीज प्रद पिता ॥४॥

श्री धरीय टीका-[केवल सृष्टिको उपक्रममा नै मेरो अधिष्ठानको कारण प्रकृति पुरुष द्वारा भूतोत्पत्ति हुँदो हो, एस्तो कुरा त छैन । परन्तु यसरी सर्वदा भूतोत्पत्ति भै रहन्छन यसबारे भन्नु हुन्छन्]-मनुष्यादि सब योनिहरुमा जुन स्थावर जंगमात्मक मूर्त्तिहरु उत्पन्न हुन्छन्, उनको लागि महद् ब्रहम या प्रकृति नै मातृस्थानीय हुन । अनि म नै गर्भाधान कर्त्ता पिता हूम ॥४॥

आध्यत्मिक व्याख्या-"जति योनिहरु देखि मूर्त्तिहरु हुन्छन्, ती सब सानसाना पृथक पृथक योनि हुन - ती सब योनिहरुमा पनि ब्रहम छन्, त्यो पनि ब्रहम देखि उत्पत्ति छन्-परन्तु त्यो विभक्त अविभक्त ब्रहम महद् योनि हुन, म उसको बीज ब्रहमको अणूस्वरुपमा छु तथा प्रकृष्टरुपमा महद् शब्दको अर्थ छ योनि, त्यसमा नै राखिदिन्छु अर्थात् आफु आफैमा राख्दछु-जुन क्रियाको परावस्था हुन्-फेरि म पिता अर्थात शक्तिपूर्वक आफै देखि आफ्नो दोस्रो मूर्त्ति-कूटस्थको स्वरुप ब्रहम हो !! अर्थात् आत्मज हूम्-अर्थात् पिता, पिता नै पुत्र हुन्छ, पुत्र नै पिता हुन्छ !!!-

-देव, पितृ, मनुष्य, पशु, मृग आदि योनिहरुमा जति मूर्त्तिहरु उत्पन्न हुन्छन, ब्रहम उनको योनि अर्थात् उत्पत्तिको कारण हुन र म नै बीजप्रद पिता हूम् । यो महद्ब्रहम के हो र म के हूम ? जुन नरहँदामा केही पनि हुँदैन, त्यो ब्रहम नै महद्योनि अथवा परम कारण हुन । जति योनिहरु देखि जति मूर्त्तिहरु प्रकट हुन्छन्, तीसबको योनि पनि ब्रहम हुन, किनभने सब ब्रहमबाट भएका हुन । ब्रहम बिना कुनै पनि वस्तुको उत्पत्ति हुन सक्तैन । सबको भित्र ब्रहम महद्योनि अर्थात् क्रियाको परावस्था छ । क्रियाको परावस्थामा समस्त विभक्त योनिहरु अविभक्तरुपमा रहन्छन् । परन्तु त्यो ब्रहम त सदा नै सर्वत्र विद्यमान छ, फेरि उसको प्रकाश सब समय या सर्वत्र किन हुँदैन ? किनभने त्याँहा अहंज्ञानको अभाव छ । योनि देखि प्रकाशित हुनको लागि अहं ज्ञान रहनु आवश्यक छ । अहंज्ञान जब विल्कुल मेटिन जान्छन् तब ब्रहमाण्ड एवं तदतिरिक्त स्थानमा जुन विशाल ब्रहम छ त्यो केवल सत्तामात्र भावमा छ । त्यो छ, यो भन्नको लागि पनि त्याँहा दोस्रो कुनै रहँदैनन् । पश्चात् अहंज्ञान स्फुरित हुन्छ, त्यस अहंको भित्र पनि त्यो रहन्छ । तब त्यो अहं नै कूटस्थ-चैतन्यरुपमा प्रतिविम्वित हुन्छ । यही अहं ब्रहमाणुरुपमा सर्वत्र व्याप्त छन् । त्यो ब्रहमाणु या कूटस्थ क्रियाको परावस्थामा निहित रहन्छ, अर्थात आफु भित्र आफै रहन्छ । क्रियाको परावस्थामा जुन महत् अर्थात् विश्वमय एकाकार थियो, त्यसैले शक्तिपूर्वक क्रिया गरेपछि पिता देखि पुत्र उत्पन्न हुन्छ, त्यसरी नै क्रियाको परावस्था देखि कूटस्थ स्वरुप ब्रहम सब देहहरुमा प्रकाशित हुन्छन् । कहिले पिता पुत्र हुन्छ कहिले पुत्र पिता हुन्छ । अर्थात् क्रियाको परावस्था देखि कूटस्थ ज्योति प्रकाशित हुन्छ, अनि कहिले कूटस्थ ज्योति देखि क्रियाको परावस्था प्रकाशित हुन्छ । कूटस्थ एवं क्रियाको परावस्था एकैको मूर्त्यन्तर मात्र हुन । अतः म नै बीज अर्थात ब्रहमाणु रुपमा सर्वत्र सम्प्रविष्ट छु तथा महद्ब्रहम विराट क्रियाको परावस्था हूम् । यसैले त्रिभुवनलाई आच्छादित गरि राखेको छ । समुद्रबाट तरंगोच्छ्वास समान यसैबाट यो ब्रहमाण्ड पुनः पुनः उठदै एवं डूब्दै गर्दछन् । क्रियाको परावस्था एवं कूटस्थ के हो यसलाई राम्रोसंग बुझिलिए पछि पुरुष प्रकृति, ब्रहम-माया, सगुण-निर्गुणलाई लिएर खलबल गरिरहनु पर्दैन ।

महाभारतको शान्ति पर्वमा लेखिएको छ-"योगको मतले परमात्मा उपाधि युक्त भएर जीवरुपमा परिणत हुन्छन् ।" परमात्माको उपाधि नै हुन-यो स्थूल, सूक्ष्म कारण देह या प्रकृति । प्रकृतिको भित्र चैतन्यको खेल जबसम्म छ तबै सम्म बध्द भाव या जीवभाव छ । प्रकृति, पुरुष एक कै नै विभिन्न उपाधि मात्र हुन । जब क्रियाको परावस्थामा गुणसंगरहित हुन्छ, तब त्यो निर्गुण हुन्छ । तब तेसको उपाधि पुरुष हुन् । जब

त्यो बाहय व्यापारमा लिप्त हुन्छ तब गुणयुक्त हुन्छन्, तब उसको उपाधि प्रकृति हुन् । प्रकृतिको भित्र तमोभाव प्रवल भएपछि त्यो जड दृश्य रुपमा परिणत हुन्छन् । प्रकृतिको भित्र सत्त्वगुण प्रकाशित भएपछि त्यो देव शरीरमा प्रकटित हुन्छ । आत्मा प्रकृतिस्थ भएपछि नै त्यसको मन उपाधि हुन्छ अनि त्यस मन देखिनै यो सृष्टिकार्य चलिरहन्छ ।

आज्ञाचक्र पर्यन्त गुणको स्थान छ । आज्ञाचक्रमा मनको सम्यक्रुपले स्थिति हुन गएपछि जीव प्रकृतिमुक्त हुन सक्छ । तब कुनै उपाधि रहँदैन र सृष्टि पनि रहँदैन । जुन साधक आज्ञाचक्र पर्यन्त उठद्छन्, परन्तु स्थिति लाभ गर्न पाउँदैन, तिनीहरु प्रकृतिको अधीन रहन्छन् र यस जगत्-प्रपंचलाई प्रत्यक्ष गर्दछन् । अतयव जहाँ गुणको स्थान या आरम्भ छ, त्याँहा स्थिति लाभ गरेपछि गुणको अतीतावस्था प्राप्त हुन जान्छ । त्यही योनि अर्थात सृष्टिको कारण हो । अतयव आज्ञाचक्र नै ब्रहमयोनि या महद् ब्रहमको स्थान हो । उसैबाट भूतहरुको उत्पत्ति या सृष्टि हुन्छन । आज्ञाचक्रको अधोदेशमा ओर्लिएपछि इच्छाको उद्भव हुन्छन र त्यस इच्छा देखि नै सृष्टि हुन्छ ॥४॥

सत्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः ;
निबन्धन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥

श्री धरीय टीका-[परमेश्वराधीन प्रकृति-पुरुष देखि सब भूतहरुको उत्पत्तिको निरुपण गरी अब प्रकृति-संगबाट पुरुषको संसारावस्थाको विषयमा चार देखि चतुर्दश श्लोकहरु द्वारा विस्तारपूर्वक भन्नु हुँदैछन]- सत्व, रजः, तमः नामक तीन गुण प्रकृति देखि सम्भूत छन । गुणहरुको साम्यावस्था नै प्रकृति हुन् । गुणत्रय पृथक रुपले अभिव्यक्त भएर प्रकृतिको कार्य शरीरमा तादात्म्य भावसँग अवस्थित देहीलाई सुख दुःख मोहादिमा आवद्ध अर्थात संयुक्त गर्दछन् । देही चिदंश हुन्, त्यो चिदंश वस्तुतः अव्यय अर्थात् निर्विकार छ ॥५॥

आध्यात्मिक व्याख्या-"सत्त्व, रजः तमः -इडा पिंगला सुषुम्नारुपी यन्त्रमा आरुढ भएर जुन पंच तत्त्व, मन, बुद्धि अहंकारको साथ आत्मा ब्रहमको अतिरिक्त अन्य दिशामा आसक्तिपूर्वक दृष्टि गरी यस देहमा देही आत्मा अविनाशी कूटस्थ ब्रहम आवद्ध छ !! त्यस बन्धनदेखि मुक्त हुनासाथ त्यो शुद्ध-बुद्ध-मुक्त-स्वरुप-क्रियाको परको स्थितिरुप थाकको दाउरा ढम्म ढलेर आउनेछ ।"-

- अस्तु, देही त जन्म-जरा-मरण आदिबाट रहित छन, फेरि सत्त्व रजः एवं तमोगुण तथा यसदेखि उत्पन्न सुख दुःख मोहादिले त्यसलाई कसरी आबद्ध गर्दछन् ? प्रलयकालमा सत्त्व, रजः एवं तमोगुण साम्यावस्थालाई प्राप्त हुन्छन् । साम्यावस्था प्राप्त त्रिगुण र प्रकृतिमा कुनै भेद छैन । प्रकृतिमा वैषम्य आरम्भ हुनासाथ त्रिगुण प्रकाशित हुन जान्छन् । तब जीव र जगत्को सारा सृष्टि आरम्भ हुन जान्छन् । प्रकृति देखि गुण उत्पन्न भएर यस शरीरमा अवस्थित हुन्छन् । जन्म-जरा-मरण आदिको अतीत हुँदामा पनि देहमा तादात्मभावको कारण देहस्थ त्रिगुणको धर्म शोक मोहादि द्वारा मानो देही जीवात्मा आवद्ध रहन्छन् । जसरी

देहाश्रित छाँयाले देहलाई आवृत गरे जस्तो जानिन्छ, त्यसरी नै क्षेत्रज्ञ आत्माको आश्रित गुण आश्रयदाता क्षेत्रज्ञलाई आवद्ध गरेजस्तो जानिइन्छन् ।

गुण नै शक्ति हुन । गुण काहाँदेखि आउंदछन र किन ? शक्तिमानको भित्र शक्ति अन्तर्निहित छ । त्यसले त्यस शक्तिको खेल सदा देखाउंदो हो एस्तो कुरा छैन । परन्तु इच्छा भएमा देखाउन सक्दछ । यसरी नै गुणीको भित्र गुण सदा अन्तर्निविष्ट रहन्छन्, जब यसको प्रकाश हुन्छ, तबै शक्तिमानको शक्तिलाई हामीले बुझ्न पाउँदछौं । यो प्रकाश स्वाभाविक हुनुको कारण यसको लागि कुनै संकल्प गर्नु पर्दैन । जब यो शक्ति त्यसमा सुषुप्तावस्थामा रहन्छ, दीर्घकालसम्म जाग्रत हुँदैन; त त्यही अवस्था निर्गुण, निस्पन्दित भाव हुन् । त्यही प्रकृतिको साम्य भाव हो, पुरुष एवं प्रकृति त्यतिखेर मानो शिवगौरी रुपमा एक दोस्रोको भित्र प्रविष्ट भै रहन्छन । ऋषिहरुले ध्यान योग देखि त्यस विश्वकारण शक्तिलाई देखेका थिए -

ते ध्यानयोगानुगता अपश्यन्,
देवात्म शक्तिं स्वगुणैर्निगूढाम्;
यः कारणानि निखिलानि तानि,
कालात्मयुक्तान्यधितिष्ठत्येक ॥श्वेता॰ उप॰॥

स्वप्रकाश मायाधीश्वर परमेश्वरको आत्मभूता शक्तिलाई उनिहरुले कारणरुपमा देखेका थिए । त्यही शक्ति माया या प्रकृति हुन् । परन्तु सांख्यको प्रकृति समान त्यो जड छैन । यो उनको नै निज शक्ति हुन -

"मायान्तु प्रकृतिं विद्यात् मायिनन्तु महेश्वरम"

यो माया नै परा प्रकृति हुन् । भगवान्ले पनि गीतामा भन्नु भएकोछ - यो प्रकृतिले मेरो अध्यक्षतामा (प्रेरणाले) समस्त चराचर जगत्को सृष्टि गर्दछन् । त्यो शक्ति सत्त्व, रजः तमो नामक गुणहरु एवं स्वीय कार्य पृथिवी जलादि द्वारा आच्छादित छन् । कारण स्वीय कार्य द्वारा आवृत रहन्छ अर्थात कारणको आकार कार्यको आकारमा लुकिराखेका हुन्छन्, यसकारण हामीले कारण वस्तुलाई समात्न पाउँदैनौ । यो विश्वजननी जसको शक्ति छ, त्यो देवता कालात्मयुक्त छ, अर्थात समस्त कारणहरुको अधिष्ठाता हुन् । जसले यी सब कारणहरुलाई नियमानुसार परिचालित गर्दछन्, त्यही भगवान्को स्वीय शक्तिलाई उनिहरुले देखेका थिए ।

जस्तो अग्निमा ज्वलन स्वाभाविक छ, उसको प्रकाशको लागि कुनै आयासको आवश्यकता हुँदैन, उसरी नै ब्रहममा शक्तिको हिल्लोल अत्यन्त स्वाभाविक छ । त्यो विना प्रयत्न या संकल्प नै स्फुरित हुन्छ । जब स्फुरण आरम्भ हुन्छ, तब मान्नु पर्दछ-त्यो उनको संकल्प हो । यो शक्ति गतिशीला स्पन्दन धर्मी छन्, परन्तु कुनै गति कुनै स्थिति शील सत्तामा युक्त हुनु विना गतिशील हुन सक्तैन । यो गति चिरन्तन छैन, अतयव यसलाई मिथ्या या माया भन्दछन् । परन्तु स्थिति शील त एस्को भित्र सदा वर्तमान रहन्छ । जलमा पर्ने चन्द्रिकाको चचंचलता त देखिन्छ, परन्तु चन्द्रिकामा चचंचलता हुँदैन । यसरी नै ब्रहमको

भित्र जुन स्वाभाविकी ज्ञान-कौमुदी विच्छुरित छ, त्यो सबैकिसिमका चांचल्य विक्षेपादि धर्महरु देखि रहित छ। यसै कारण त यो सबै किसिमका चांचल्य विक्षेपादि धर्महरु देखि रहित छ। यसै कारण त्यो चिर स्थिर, चिर निर्मल छ, अतयव नित्य एवं अविनाशी छ। त्यही ब्रहम किरण मायाको स्पर्शले मायाको चचंलत्व आदि गुणहरु द्वारा चंचलवत् जानिन्छन्। प्रकृति विक्षुब्ध हुनु विना सृष्टि हुँदैन। प्रकृति विक्षुब्ध भएपछि प्राण चंचल हुन्छ, अनि त्यही चचंचल प्राण सत्त्व, रजः-तमोगुण रुपमा तथा त्यसको वाहन इडा, पिंगला, सुषुम्ना नाडीको मुखमा प्रवाहित भएर पंचतत्त्व, मन, बुद्धि, अहंकारमा परिणत भएर यस जगत्को खेल आरम्भ गरिदिन्छन्। तब यी सब वस्तुहरुमा आत्मबोध भएपछि यिनीहरु प्रति क्षेत्रज्ञले आसक्तिपूर्वक दृष्टिपात गर्दछ। यसै कारण नित्यमुक्त अविनाशी कूटस्थ देही देहको भित्र आवद्ध हुन जान्छन्। यो देह नै मानो उनको निजस्व तथा सर्वस्व जानिइन्छन्, यही हो देहीको बध्द अवस्था। यस बन्धन देखि मुक्त हुने वित्तिकै त्यो शुध्द मुक्त हुनुको कारण आफ्नो शुद्ध मुक्त स्वभावलाई नै प्राप्त हुन्छन्। प्राण नै चचंचल भएर एत्तिका गंजागोल गोलमाल उत्पन्न गर्दछन, यसैले अतीव यत्नपूर्वक प्राणको चंचलतालाई अवरुध्द गर्नु पर्नेछ। क्रिया गरेर क्रियाको परा स्थिति प्राप्त हुनासाथ सर्वबन्ध विनिर्मुक्त आत्मा आफ्नो महिमामा आफै विराजमान हुन्छन् ॥५॥

(सत्त्वगुणको बन्धन)

तत्र सत्त्वं निर्मलत्वात् प्रकाशकमनामयम्;
सुख संगेन बध्नाति ज्ञासंगेन चानघ ॥६॥

श्री धरीय टीका-[सत्त्वगुणको लक्षण एवं तेसको बन्धकत्वको किसिम बताउनु हुन्छन्]-ती तीन गुणहरुमा सत्त्वगुण निर्मल हुनुको कारण स्वच्छ स्फटिक मणि समान प्रकाश अर्थात भाश्वर छन् र अनामय अर्थात् निरुपद्रव र शान्त छन। अतयव शान्त हुनुको कारण आफ्नो कार्य सुखसँग आसक्ति द्वारा जीवलाई आवद्ध गर्दछन्। सत्त्वगुणको प्रकाशकत्वको कारण तेसले स्वकार्य ज्ञानको साथ आसक्ति द्वारा आवद्ध गर्दछ। हे निष्पाप अर्जुन! 'म सुखी हूंम्'-'म ज्ञानी हूंम' आदि मनोधर्महरुलाई क्षेत्रज्ञमा संयोजन गर्दछन् ॥६॥

आध्यात्मिक व्याख्या-"त्याँहा अर्थात क्रियाको परावस्था-पंचतत्त्व, मन, बुद्धि, अहंकार यिनीहरुमा नै मैल हुन्छन्- यिनीहरुलाई छोडेर आत्मामा रहनु निर्मल छ। कूटस्थ ब्रहम !! कुनै वस्तु निर्मल हुना साथ प्रकाशलाई प्राप्त गर्दछ-जुन तरवारमा खिया लाग्दछ, त्यसलाई क्रिया द्वारा परिष्कार गरेपछि-जुन गुरुवक्त्रगम्य छन् - त्यस तरवारमा एस्तो प्रकाश हुन्छ-त्यसमा आर्फ्नो मुख देखिन लाग्दछन्। यसैलाई पातंजल सूत्रमा भनेको छ 'स्वरुप दर्शन' (अर्थात प्रकृतिज दर्पणमा आफ्नो मुख आफै देखिइन्छन) जब आफैले आफैलाई देख्दछ अनि ब्रहम हुन जान्छ स्वयं तब त सबचिज नै ब्रहम छ! अनि सबलाई प्रकाश स्वरुप नै देख्यो-ब्रहम नै, यसैकारण वेदान्तमा त्यसलाई स्वप्रकाश स्वरुप भनेकोछ। जब सब वस्तु एक हुन गयो तब त भला विशेष नाश भएर दोस्रो वस्तुमा कसरी परिणत होला? अतयव अविनाशी छ विकार

रहित छ-आसक्तिपूर्वक अन्य वस्तुमा सुखाभिलाषा गरेपछि निःशेष रुपसँग त्यसमा आबद्ध हुन गयो-यसलाई छोडेर आत्मामा स्वयं रहेपछि अर्थात क्रिया गरेपछि मुक्त अर्थात क्रियाको परावस्थामा छ ।"

ज्ञानलाई तमोगुणले आवृत्त गरी राख्दछन् । सत्त्वगुणले त्यस आवरणलाई नष्ट गर्दछ । यसैकारण त्यो प्रकाशक छ । सत्त्वगुणमा प्रकाशकत्वगुण हुनुको कारण तेसले जुन वस्तुको जस्तो स्वरुप छ त्यसलाई देखाइदिन्छन् । रजस्तमः गुण समान त्यो विक्षेप र आवरण युक्त छैन, यसैले वस्तुको यथार्थ रुपलाई प्रकाशित गर्दछन् । यसबाट हामीले बुझ्न पाउँदछौं-कुन वस्तु ग्रहण योग्य र कुन त्याग्य योग्य छ । यसमा कुनै भ्रम दर्शन नहुनुको कारण यो सबै किसिमका उपद्रवहरुले रहित छन् । परन्तु अन्तः करणको सत्त्वगुण देखि उत्पन्न प्रकाश धर्ममा ज्ञान त उत्पन्न हुन्छ नै सही, परन्तु त्यो मिश्रज्ञान हो अर्थात् त्यसको साथ रजस्तम भाव मिलेका हुन्छन् । त्यो नानात्व ज्ञानको प्रकाशिका हुन्छ । त्यो कथंचित सुखमय हुनुको कारण जीवलाई खण्डित सुखहरुमा आवद्ध गर्दछ । अतः अखण्डज्ञान जुन शुद्ध आत्माको धर्म हो, त्यो ज्ञान यो होइन । जसलाई परा विद्या भन्दछन्, जसद्वारा आत्मदर्शन हुन्छ त्यो पनि यो होइन । यसैले यस ज्ञान द्वारा बहिर्विषयहरुमा आकर्षित भएर जीव बन्धन दशालाई प्राप्त हुन्छन् । आलोचनात्मक दर्शनशास्त्र एवं पदार्थ विज्ञान देखि उत्पन्न ज्ञान द्वारा द्रव्यादिको जुन ज्ञान हुन्छन्, त्यो यसै कोटिको ज्ञान हो । यसको सँग त्याग पनि कम कठिन छैन । आत्मामा मनको ऐकान्तिक स्थिति नै सत्य ज्ञान हो अनि त्यही सत्य ज्ञानको प्रकाशक हुन् । त्यसको लक्षण हो विशुध्द ज्ञान र विशुद्ध आनन्द । यो एकमात्र आत्माकै धर्म हो । यस आत्मामा नरहिकन मन जब पंचतत्त्वहरुमा रहन्छन् त त्यसमा नानात्व मैलाहरु लाग्न जान्छन् र त्यसको स्वच्छताको ह्रास हुन जान्छ । तरवारमा खिया लागेपछि जसरी त्यो मलिन हुन जान्छ र त्यसमा प्रतिविम्ब पर्दैन । त्यसरी नै मन मलिन रहन गएपछि त्यसमा आत्माको प्रतिविम्ब देखिदैन । तरवारलाई उध्याएपछि जसरी त्यो निर्मल भएर चम्कन थाल्छ र त्यसमा आफ्नो मुख पनि देखिन लाग्दछ, त्यसरी नै क्रियाद्वारा मन विकल्पशून्य भएपछि अत्यन्त शुद्ध हुन जान्छ, त्यस स्वच्छ शुद्ध मनमा आत्मस्वरुपको दर्शन हुन्छ । आत्मा बाहेक अन्य वस्तुमा जुन सुख लालसा लागिरहन्छ, त्यही मनको चचंचल भाव हुन । मन जबसम्म चचंचल रहन्छन, तब सम्म आत्माको विशुद्धभाव प्रत्यक्ष हुँदैन । यसको निम्ति के गर्नु पर्दछ त, यस विषयमा कबीर भन्नु हुन्छ-

"कबिर सिकलिगर कीजिए संबद मस्कला देई;
मनकी मैल छुडाइके चित्त दर्पण गरि लेई ॥"

हतियारबाट मैला हटाउने यन्त्रको नाम सिकलिगर हो- कामीको शान पत्थर । अस्त्रलाई शान दिनको निम्ति एक छेउ देखि दोस्रो छेउ सम्म उल्टोपुल्टो गर्दै बारम्बार शान लगाई राख्नु पर्दछ । शान चक्र जसरी अगाडि पछाडि घुमिरहन्छन्, उसरी नै यो चक्ररुप श्वासक्रिया पुनः पुनः आउनु जाउनु गरिरहन्छ । त्यस आउनु जानुको साथ तिमीले अस्त्ररुप मनलाई लगाइराख । अस्त्रलाई शान दिएर परिष्कार गर्नुको समय एक किसिमको शब्द हुन्छ । त्यसरी नै तिमीले पनि खिया लागेको मन्त्ररुपी अस्त्रलाई जब प्राणरुपी शान माथि बसाउने छौ तब एक किसिमको शब्द हुनेछ । खिया हटिसकेपछि फेरि शब्द हुँदैन । यसरीनै मनको मैल हटिसके पछि मन जति जति नै निर्मल हुनेछ, त्यति त्यति नै शब्द हुन बन्द हुन जानेछ । मनको

संकल्प विकल्प पनि रहनेछैन । मन केही स्थिर भएपछि विन्दु दर्शन हुनेछ, परन्तु त्यो विन्दु स्थिर छैन, यस्तो जानिइन्छन्-मानो त्यो चलिरहेछ । जति नै चल्नेछ त्यतिनै कम देखिनेछ, धेरै चलेपछि विल्कुलै देखिने छैन, जस्तो दर्पण हल्लिएपछि त्यसमा मुख देखिदैन । दर्पण स्थिर भएपछि चाहे जे प्रतिविम्ब परोस त्यही देखिने छ । उसरी नै चित्तरुप विन्दुलाई स्थिर गरी दर्पण समान सामुन्ने राख्दा सारा जगत् त्यसको भित्र देखिइन्छन् । त्यस विन्दु-ज्योतिको दर्शन कसरी हुन्छ ? कबीर साहेब भन्नु हुन्छ -

"गुरु धोबी सिख कापडा साधन सीजनहार ;
सुरत सिलापर धोइये निकले ज्योति अपार ॥"

कबीर भन्दछन्-शिष्यको मन मैलो लुगा समान हुन र गुरुहुन धोबी, धोबीले जसरी कपडाको मुज्याई मिलाएर पत्थर माथि पछ्यार्दछन्, गुरुरुप धोबीले पनि शिष्यलाई साधनरुप सज्जी माटोमा मिलाएर आत्मारुपी ध्यान शीलामा बारम्बार पछ्यार्दै शिक्षा दिन्छन । पछ्यार्दा पछ्यार्दा लुगाको सारा मैल हटेर जसरी कपडा सफा हुन जान्छन, त्यसरी नै गुरुको उपदेश अनुसार साधन गर्दा गर्दा शिष्यको मन देखि सारा मैल हटन जान्छन अनि त्यसको भित्र अपूर्व चित् ज्योतिको प्रकाश हुन्छ । प्राणायाम द्वारा प्राण स्थिर भएपछि मनमा जुन स्वच्छता र विशुद्धता आउदछ त्यसद्वारा नै प्रकृत ज्ञान-आत्म-ज्ञान उत्पन्न हुन्छ । अनि त्यसबाट नै आत्मानुभूति हुन्छ ।विवेक-चुडाामणिमा श्री मदाचार्य शंकर भन्दछन् -

"विशुद्ध सत्त्वस्य गुणाः प्रसाद;
स्वात्मानुभूतिः परमा प्रशान्तिः ।
तृप्तिः प्रहर्षः परमात्म निष्ठा ;
यया सदानन्द रसं समृच्छति ॥"

विशुद्ध सत्वको लक्षण हुन - (१) प्रसन्नता, (२) आत्मानुभूति (३) परमाशान्ति, (४) तृप्ति, (५) प्रहर्ष एवं (६) परमात्मनिष्ठा - यस द्वारा नै नित्यरस रुप आत्मालाई प्राप्त गरिन जान्छ ।

जब सम्म प्राण प्रवाह चचंचल रहनेछ र इडा पिंगलाको मुख चलिरहनेछ, तबसम्म ज्ञान उत्पन्न त होलान्, परन्तु त्यो सांसारिक ज्ञान हुने छ, परमात्मनिष्ठ ज्ञान होइन । सुषुम्नामा प्राण प्रवाह चलिरहेमा विशुद्ध सत्त्वको आविर्भाव हुन्छ । पश्चात् त्रिगुणातीत अवस्था प्राप्त हुन्छ । त्यही हो प्रकृत परमात्मनिष्ठा । त्यस किसिमको अवस्था प्राप्त भएपछि फेरि अशान्ति, निरानन्द या अज्ञानले साधकलाई आच्छन्न गर्न सक्तैन ॥६॥

(रजोगुणको बन्धन)

रजो रागात्मकं विद्धि तृष्णासंगसमुद्भवम् ;
तन्निबध्नाति कौन्तेय कर्मसंगेन देहिनम् ॥७॥

श्री धरीय टीका-[रजोगुणको लक्षण एवं बन्धकत्व बताउनु हुन्छ]-रजः संज्ञक गुणलाई रागात्मक अर्थात अनुरंजनरुप अनुराग-स्वरुप जान्नु, अतयव त्यो तृष्णा एवं संगको उत्पादक छ । तृष्णा अप्राप्य विषयको अभिलाषा, संग-प्राप्य विषयमा प्रीति अर्थात् विशेषरुपसँग आसक्ति हुनु । तृष्णा र संग, यी दुबै जसद्वारा समुद्भव हुन्छ, त्यो रजोगुणले देहीलाई दृष्टादृष्ट कर्महरुको आसक्तिमा निरन्तर आबद्ध गरिराख्दछन् । किनभने तृष्णा एवं संग द्वारा नै कर्महरुमा आसक्ति उत्पन्न हुन्छन् ॥७॥

आध्यात्मिक व्याख्या-"रजः अर्थात इडा, अन्य कुनै वस्तुमा आसक्ति पूर्वक इच्छा-आत्माद्वारा नै हुन्छ-त्यसवस्तुमा प्रार्थनाको इच्छा बढी क्षण दृष्टि गरेपछि त्यो वस्तु पाउनुको इच्छा हुन्छ अतीव आग्रह साथ, जसलाई नपाउँदा खेरि अत्यन्त व्याकुल हुन्छ । त्यसैको नाम हो तृष्णा । त्यो तृष्णाले तिमीलाई आवद्ध गरी राम्रोसँग हाथ जोडी खडा गरी राख्दछ । किनभने त्यसवस्तु द्वारा हाम्रो मनको तृप्तिरुप फल केही क्षणको लागि प्राप्त हुनेछ । यस किसिमको इच्छाले खडा रहनु रुप कर्म सम्पन्न हुन्छ-यस शरीरको भित्र कूटस्थ-स्वरुपमा अर्थात् महादेवको-जस्तो कोही मानिस मिठाईको पसलमा खडा भैरहन्छ"-रजोगुणको स्वभाव हो रंजित गर्नु। यसैबाट तृष्णा र आसक्ति हुन्छन्। *जुन वस्तु आफुसंग छैन त्यसलाई पाउनको लागि जुन अभिलाषा हुन्छ, त्यसको नाम तृष्णा हो। अनि जुन वस्तु हामीसँग हुन्छ त्यसमा मायावशात् निरन्तर त्यो भै रहनु जुन मनोवृत्तिको नाम आसक्ति छ।* रजोगुणले नै कर्मासक्ति उत्पन्न गरेर त्यसद्वारा जीवलाई आवद्ध गर्दछन् । कुनै वस्तुलाई बारम्बार आसक्ति साथ हेर्दा त्यसलाई पाउने लोभ जाग्दछ । *यो लोभले नै जीवलाई अर्काको दासत्वमा जाक्ने गर्दछ, अर्काको अगाडि निहुराउँछन्,* किनभने इच्छित वस्तु पाएर मनलाई केही तृप्ति मिल्दछ । यो अतृप्तिको वेग मनमा किन उदय हुन्छ? यसको कारण यो छ - त्यतिखेर इडानाडीमा प्राणवेग संचारित हुन्छ । गेरुवा रंगले जसरी सेतो कपडालाई गेरुरंगमै रंगाइदिन्छ त्यसरी नै इडा नाडीको प्रवाह चलेपछि सबवस्तुहरु प्रति लोभसाथ आसक्ति आउँदछन् । हाम्रो देश प्रेम, जीव प्रति कल्याणको इच्छा यसै श्रेणिका आसक्ति हुन् । जीव महादेव हुन, त्यो मानो मगन्ते समान केही पाउने आशाले हात जोडेर खडा छन । त्यसले जान्दैन उसको सत्तामा नै सवचीज छन, त्यसलाई पाउनु पर्ने केही छैन, तथापि प्राणको चंचलताको कारण यो अमनस्क, अशुचि भाव आइकन उपस्थित भैदिन्छन् । मन लगाएर क्रिया गरेपछि प्राण जसै जसै स्थिर हुँदै जान्छ तसै तसै वस्तुको प्रति आसक्ति भाव मेटिदै जान्छन् । यसैले कल्याण चाहने मानिसहरुले मन लगाएर क्रिया गर्नु आवश्यक छ ॥७॥

(तमोगुणको बन्धन)

तमस्त्व ज्ञानजं विद्धि मोहनं सर्व देहिनाम् ;
प्रमादालस्यनिद्राभिस्तन्निवध्नाति भारत ॥८॥

श्री धरीय टीका-[तमोगुणको लक्षण एवं बन्धकत्व भन्नु हुन्छ]-तमोगुण अज्ञानदेखि उत्पन्न हुन्छ अर्थात प्रकृतिको जुन अंश आवरण शक्ति प्रधान छ त्यसबाट उद्भूत छ । अतयव सब देहीहरुको लागि मोहन

अर्थात भ्रान्तिजनक छ । अतयव प्रमाद, आलस्य र निद्रा द्वारा तमोगुणले देहीलाई आवद्ध गर्दछन् । प्रमाद शब्दको अर्थ छ अनवधानता, आलस्यको अर्थछ अनुद्यम तथा निद्राको अर्थ छ चित्तको अवसादजनित लय ॥८॥

आध्यात्मिक व्याख्या-"आत्मामा नरहिकन अन्यवस्तुमा आसक्तिपूर्वक दृष्टि गर्नुको नाम तमोगुण हो अर्थात् पिंगलाले समस्त देहीलाई अर्थात महादेवलाई मोहित गरिराखेकोछ, नत्र भने त जीव मात्रमा शिव छन अर्थात् क्रिया गर्दामा जुन गुरुवक्त्रगम्य छ । ती सारा कर्म, जसद्वारा आवद्ध भैरहेकाछन्, त यसले प्रकृष्ट रुपसँग आसक्ति साथ तद्गत चित्तले आग्रह प्रकट गर्दै पागल समान निरर्थक कसलाई के भन्दछ, त्यसको अनुधावन गर्न पाउँदैन । त्यस्तो गर्न नसक्नुको कारण आफ्नो गर्मीले आफै उम्लेर उठ्दछन अनि नाचिनाचिकन नानात्वरुप देखाउँदै काल यापन गर्दछन अनि भन्दछन्-मलाई फुर्सतै छैन, अनि जे जो गर्दछन् त्यसबारे उसले स्वय बुझ्न पाउँदैन, किनभने उन्मत्त !! जुन शुभकर्म अगाडि आउँदछन् तेसबारे भन्दछ पछि गर्नेछु-। त्यो 'पछि' पछि पछि नै भागिरहन्छ भाग्दै जान्छ अनि पछि निद्राले घेर्दछ !! जुन आवश्यक छैन, त्यसभन्दा पनि धेरै अर्थात सन्ध्या समय सुतिकन पहर दिन गए पछि उठ्दछन, यसरी आलसतालसमा कति कति दिन रात वितेर जान्छन पत्तो पाउँदैनन् । विना जेलखानाको कैद भन्नाले पनि मान्दैनन् सुन्दैनन् -कस्तो आश्चर्य ! कति अनौठो !! बिना वन्धनको बन्धन !!! अर्थात आफैद्वारा आफै बांधिनु दाम्लो र कीलो बिना-यानी कसैले बोलेको पनि छैन-तिमी सुत्छौ-गंडागोल गर्दछौ इत्यादि ।"-

-*जस्तो अविद्याको विक्षेपशक्ति रजोगुण छ, त्यस्तै अविद्याको आवरण शक्ति तमोगुण छ ।* तमोगुणले सर्वदा जीवलाई आच्छन्न गरिराख्दछन् । मोहाभिभूत गरिदिन्छन् । जुन कार्य गर्नाले कल्याण हुनेछ त्यतातिर फर्केर पनि हेर्ने छैनन् अनि जुन कार्य गर्नाले आफ्नो हानी हुनेछ त्यसमा खूब फुर्ती देखाउनेछ, यसलाई नै प्रमाद भन्दछन् । बुद्धिमा सर्वदा जडता रहन्छ, अतयव स्वयं विचारपूर्वक केही पाउँदैन, सर्वदा परमुखापेक्षी भैरहन्छ । चित्त यति यति अवसाद छ - जब केही स्थिर भै बस्दछ, हाई हाई उठ्दछ, निद्रा लाग्दछ । हातमा माला चाहे जति नै घुमिरहेको होस सिर गाह्रो सँग टक टक टकराई रहन्छ । राम्रो उपदेश सुन्नमा यति यति निद्रा आउँदछ-एउटै कुराको सिर सुच्छर पनि श्रवण गोचर हुँदैन । ध्यानमा वस्यो भने नाक गर्जन थाल्छन्, परन्तु मनमा धारणा हुन्छ-समाधिस्थ भैरहेकोछु । यी सब बुद्धिको विपर्यय भावले तमोगुणीलाई सदा घेरिरहन्छन् । हरिनामस्मरणमा आलस्य लाग्दछ । यसैले भन्ने गर्दछ-यो सब हल्लाखल्ला गर्नु राम्रो होइन । ध्यान या साधना गर्नमा पनि राम्रो लाग्दैन; सोध्यो भने भनि दिन्छ यो सब अनावश्यक छ, मलाई वस्नासाथ ध्यान लागिहाल्दछ, परन्तु वस्तुतः उसलाई ध्यान लाग्ने होइन-लाग्दछ निद्रा !! यस तमोगुणको वशमा जो जति नै रहनेछ, उसको अज्ञान त्यति नै बढोत्तरी हुनेछ । त्यति नै उसको सामुन्ने आत्मा घनाच्छादित जस्तो प्रतीत हुनेछ । *यसैले भन्नु पर्ने हुन्छ-तमोगुण भन्दा बढी मनुष्यको शत्रु अरु कुनै छैन* । भगवान्ले जो जो गर्लान तेही हुनेछ यस्तो भनेर धेरै जसो मानिसहरु आलस्यमा कालक्षेपन गर्दछन् । परन्तु यो प्रकृतः भगवत् निर्भरता होइन । श्री भगवान्ले यसलाई नै देहीको

भ्रान्तमय भाव या तमोगुण भन्नु भएको छ । आलस्य एवं निद्रा एस्को अनुचर हुन । यस किसिमको भ्रान्ति, आलस्य एवं निद्राको वशवर्त्ती भएपछि भगवत्साधना कतई हुदैन ।

हाम्रो श्वास क्रिया कहिले इडामा चल्दछ र कहिले पिंगलामा । यस श्वासको गति अनुसार मनको रंग परिवर्तन हुँदै जान्छन् । श्वासको गतितिर जसको लक्ष्य छैन, त्यसले चित्त स्पन्दनको श्रोतमा आफुलाई बगाई दिन्छ । त्यसले बुझ्न पाउँदैन उसलाई किन क्रोध हुन्छ, त्यो किन निद्रातुर हुन्छ, त्यो किन आलस्यको दास हुन्छ । जसले गुरुको उपदेश अनुसार श्वासमा लक्ष्य राख्नुको अभ्यास गर्दछन्, तेसले बुझ्न सक्दछन - प्राणको स्पन्दन अनुसार नै मनको तरगं स्पन्दित भैरहेको छ । यस कारण तिनीहरु चित्तमा अवैध चिन्तन उठनासाथ जाग्रत हुन जान्छन् । केही बेरसम्म श्वासमा लक्ष्य राख्नु अथवा प्राणायाम गरे पछि गुणको आक्रमण देखि आफ्नो रक्षा गर्न सकिन्छ । शरीर र मनको लागि केही विश्राम या निद्रा त आवश्यक छ, परन्तु ध्यान राख्नु पर्ने छ - त्यसको मात्राले सीमातिक्रमण नगरोस । यो बन्धन कसैले हाम्रो काँध माथि राख्दैन, हामी आफै अविवेक एवं आलस्यवशात शुभ कार्यमा प्रवृत्त नभै अशुभको हातमा आत्म समर्पण गर्दछौं !! यसले गर्दा हामी कति कति असहनीय दुःख पाउँदछौं, परन्तु मोहले छोड्दैन ॥८॥

(त्रिगुणको सामर्थ्य)

सत्त्वं सुखे संजयति रजः कर्मणि भारत ;
ज्ञानामावृत्य तु तमः प्रमादे संजयत्युत ॥९॥

श्री धरीय टीका-[सत्वादि गुणत्रयमा जुन एसरी स्व स्वकार्य गर्ने अतिशय सामर्थ्य छ, त्यही बताउनु हुन्छ]- सत्वगुण सुखमा संश्लिष्ट हुन्छन, दुःख शोकादिको कारण रहँदामा पनि देहीलाई सुखाभिमुखी गर्दछ । सुखादिको कारण रहेर पनि रजोगुणले कर्ममा संश्लिष्ट गर्दछन परन्तु तमोगुणले महत्संग देखि उत्पन्न ज्ञानलाई आच्छादित गर्दै शरीरीलाई प्रमादमा संयोजित गर्दछ । महत् द्वारा उपदिश्यमान विषयमा असावधानता एवं आलस्यादिमा पनि संयोजित गर्दछ ॥९॥

आध्यात्मिक व्याख्या-"आत्मामा सर्वदा रहेपछि अर्थात क्रिया गरेपछि सम्यक् प्रकारसंग सुखको उत्पत्ति हुन्छ, आफसे आफ सुखमा रहेर परमानन्द पाउँदछन, क्रियाको परावस्था लाभ गर्दछ । जुन आनन्दलाई मौखिक व्यक्त गर्न कुनै कसैमा क्षमता छैन, यसैले त्यो अव्यक्त निजबोधरुप छ - अरुले त्यसलाई सम्झाउन सक्तैन । रजोगुणमा फलाकांक्षाको साथ जुन फल केही कालको लागि हुन्छ, अर्थात यो जमिन एक सय वर्षको निम्ति मेरो हो, पश्चात् कसको होला यो निश्चित छैन । जमिन त दस हात लंबा साढे तीन हात चौडा छ, त्यसको लागि त्यस मान्छेको हत्या, कति कति रक्तपात एवं कति अर्थव्यय ? जुन मुद्दा लड्दा-लड्दा तारिख खेप्दा खेप्दा हरितन्नम भै सक्यो, पेशेवार साधु भै सक्यो-यही त रजोगुणको कर्म हो । प्रायः मानिसहरु यसरी नै कर्ममा आविष्ट छन् अनि म को हूम् ? आत्मा के हो ? यो जन्म देखि मरण

पर्यन्त भुलेर पनि मनमा आएन तथापि ज्ञान ज्ञान भन्दै भुन्भुनाई रहन्छन कि मानिसहरुको सामुन्ने म महापुरुषको रुपमा प्रशिद्ध हुनेछु, अतयव अन्यान्य पदार्थहरु तथा कुराहरुमा आसक्तिपूर्वक प्राय: सारा समय लगाइदिन्छन् । जुन केही समय बच्दछ नाक बजाउँदै अनियमित निद्रारुपी अवस्थामा प्रतिदिन आवृत्त भएर घोर अन्धकारमा परिरहन्छ । तेस प्रकाशको चेष्टापूर्वक अनुसंधान गर्नु उचित छ- यो सुनी बुझी जानिकन पनि तेस अन्धकारमा रहन मनपराउँदछ, एस्तो भन्ने गर्दछन्-मेरो पासमा रुपैंया पैसा छ, म खान्छु पिंउदछु भड भड गर्दै हगदछु, बडो मजामा छु-यसरी मिथ्या आमोद-प्रमोदमा, अज्ञानान्धकारमा झुट्मुट् केही दिनको लागि मत्त भएर किर्ना उडुस समान मृत्युको स्वरुप यम आएर जखग्राउँदछ ।"-सत्त्वगुणले जीवलाई सुखमा संश्लिष्ट गर्दछ । आत्मामा रहन नसक्नुको कारण प्रकृति सुखको मुख हेर्नलाई पाउँदैन । क्रियाद्वारा नै आत्मामा स्थितिरुप परमानन्द अवस्था प्राप्त हुन्छ । त्यो अव्यक्त छ । मौखिकी भन्नुको कुनै उपाय छैन । परन्तु क्रिया गर्न पनि त त्यति सुखकर छैन, बरु झन नीरस लाग्दछ क्रिया गर्नमा । तथापि जुन सत्त्व प्रवणचित्त छ त्यसले क्रिया गर्नुमा मजा नभए पनि प्रतिदिन नियमित रुपसँग क्रिया गर्दछ । जसले प्रतिदिन श्रद्धापूर्वक क्रियाको अभ्यास गर्दछ, त्यसको मन विस्तारै विस्तारै सत्त्वगुणले भरिन जान्छन् । दु:ख शोकको प्रकृत कारण रहँदामा पनि जसले बलपूर्वक क्रिया गर्दछ, त्यसले यदि क्रियामा थोरै पनि मन लगायो भने त उसको मन देखि विषय चिन्ता दूर हुन जानेछ । तब एक अनामय अवस्थाले मनलाई घेर्दछ । तब मनको निश्चिन्त अवस्थाको कारण एक किसिमको सुखको बोध हुन्छ । यसमा सन्देह छैन-अर्थ, सम्मान, भोगादि प्राप्त हुँदामा पनि मनमा एक किसिमको सुखको उदय हुन्छ, परन्तु त्यो सुख सात्विक सुख होइन । दु:ख शोक नभएर मनमा हर्ष उत्पन्न हुन्छ, यसैले त्यसमा अलि अलि सात्त्विकता छ । सत्त्वगुणले सुखमा आवद्ध त गर्दछ, परन्तु यो बन्धन-रज्जु त्यति दुश्छेद्य छैन । सत्त्वगुणले सुखमा कसरी आवद्ध गर्दछ ? क्रिया गर्दा गर्दा जुन थोरै थोरै शान्ति मिल्दछ त्यो यस दु:खमय जगतमा बडो दुर्लभ छ । त्यही शान्तिको लोभले त्यो प्रतिदिन नियमित रुपले क्रिया गर्न बस्दछ । यो सुखको बन्धन अवश्य नै सत्त्वगुणमा छ । परन्तु यो बन्धनले अन्तमा बन्धनमोचन गरिदिन्छन, यसैले यसलाई मन्द भन्न सकिन्न ।

रजोगुणको बन्धन कर्ममा नियोग गर्नु हो । जोगी भैसकेकाछन, त्यागीको बाना लिएकोछ, फेरि पनि कर्मासक्ति जाँदैन । साधारण वस्तुहरु, जसको उपेक्षा गर्दा खेरि पनि काम चल्दछ, त्यसको लागि महिनामा बीसौं पटक अदालतमा चक्करलगाउँदछन् । सन्यासीको बाना धारण गरेपनि त विषय भोगतिर अतीव आकर्षण छ । यदि कोही कसैले केही भन्दछन त सम्झाउंदछन - राजाजनक समान उसले विषय भोग गरिरहेकाछन । यसैले आजकाल घर घरमा राजा जनकको बाढीले मानिसहरु अत्यन्त विपन्न भैरहेकाछन् । जुन मानिसहरु धनी मानी छन, तिनीहरु साधुसंगत गरेर पनि धनमदको दुर्गन्धले मानिसहरुलाई व्याकुल गरिदिन्छन् । रुपैया पैसा प्रशस्त छ, सान्सारिक वस्तुहरुको अभाव पनि छैन-कार-वंगला नोकर चाकर सब छन्, पेन्सन पनि छ, तैपनि केही भगवच्चर्चा गर्ने या साधन गर्नेतिर कुनै ध्यान छैन । बुढौली अवस्थामा पनि फोहर मैला हीलो मै मुछिरहनुको अभिलाषा अतीव मात्रामा विद्यमान छन । यी सारा हुन रजोगुणको अभिनय । रजोगुणले जीवलाई एसरी आवद्ध गर्दछन् । तमोगुण त झन अदभुतै छ । त्यसले खालि

कर्तव्यकर्मको अकरण-जनित प्रमादमा जीवलाई संश्लिष्ट गर्दछन । केही बुझ्दछन एस्तो कुरा छैन, खूब विचार शक्ति पनि छ, परन्तु यति अल्छी छ, यति सुतालु छ-सत्पथमा लाग्ने इच्छा भएर पनि लाग्न सक्तैन । संभवतः सतसंगको कारण विवेक र वैराग्य पनि छ, भगवानतिर मनपनि जाने गर्दछ, परन्तु साधनाको लागि त्यति बेरसम्म आसनमा को बसिरहोस ! साधन गरिरहेको बेला कसैले आएर भुतप्रेतको कथा भन्न थाल्यो भने कान ठाडठाडो पारेर त्यसलाई सुन्न लाग्दछन् । यसरी दुर्लभ समय प्रमादमा, आलस्यमा, बृथा कार्यमा विती जान्छन । यी सारा तमोगुणको खेल हुन् । अविद्याको मात्रा यस तमोगुणमा नै अतीव बढी देखिन्छन् । जसरी मलपिण्डको दुर्गन्ध भावलाई पागलले अनुभव गर्न सक्दैन, त्यसरी नै तमोगुणी मनुष्य अज्ञान अन्धकारमा आवृत्त भएर आफ्नो प्रमाद जनित दुःखको अवस्थालाई अनुभव गर्न सक्दैन । पश्चात अचानक एकदिन मृत्यु आएर उस्लाई लोकान्तरमा लैजान्छन ॥९॥

(दुई गुणहरुको अभिनव र एकको प्रावल्य)

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ;
रजः सत्वं तमश्चैव तमः सत्त्व रजस्तथा ॥१०॥

श्री धरीय टीका-[यसको हेतु के हो बताउनु हुन्छन]-रजः एवं तमोगुणलाई तिरस्कृत गर्दै सत्त्वगुण उद्भूत हुन्छ अर्थात जीवको अदृश्यवशात उत्पन्न हुन्छ । तदनन्तर स्वकार्य सुख एवं ज्ञानादिमा जीवलाई संयोजित गर्दछ । सत्त्व र तमोगुणलाई अभिभूत गर्दै रजोगुण उत्पन्न हुन्छन अनि स्वकार्य तृष्णा र कर्मादिमा जीवलाई संयुक्त गर्दछन् । तमोगुण पनि सत्त्व र रजः दुबैलाई अभिभूत गर्दै उत्पन्न हुन्छन् अनि स्वकार्य प्रमाद र आलस्यमा देहीलाई संयुक्त गर्दछन् ॥१०॥

आध्यात्मिक व्याख्या-"पहिले एकलाई मार्‍यौं-मारेर दुःख गर्न लाग्यो, यसरी रजः र तमोगुणले आवृत्त भएर सत्त्वगुणावलम्बी हुन गयो अर्थात काशीमा आएर ब्रहमचारी बन्यो-मारेर हाय-हाय गर्‍यो-रजोगुण देखि सत्त्वगुणमा आयो, फेरि भन्न लाग्यो हाय-हाय गर्नाले के हुन्छ-मारेको छु ठीक गरेको छु-सत्त्वगुण तमोगुणमा आए, फेरि सोच्न लाग्यो यो काम ठीक भएन राम्रो गरिन-फेरि तमोगुण देखि सत्त्वगुणमा आयो, तब जसलाई मारेको थिंए तेसको तरफ देखि मानिस लडांई गर्न आयो, अतयव सत्त्वगुण देखि पुनः रजोगुणमा आयो- यस किसिमसित तालपत्रको सिंपाहीलाई यमराजले एकै फुंकमा यानी निश्वासमा उडाएर लैजान्छन ।"-

तीनै गुणले एकै समयमा कार्य गर्न सक्तैन । एक गुण प्रवल भएपछि अरु दुई गुण अभिभूत अवस्थामा रहन्छन्, परन्तु नष्ट हुँदैनन् । यी गुण सबै अवस्थाहरु मिलेर रहन्छन् । सत्त्वगुणको उदय तबै भन्न सकिन्छ, जब सत्त्वगुण प्रबल भएर सिर उचाल्दै खडा होओस र अन्य दुई अभिभूत भावमा रहुन । जुन मानिसहरुले आफुप्रति लक्ष्य राख्दछन्, उनको समझमा आई हाल्दछ - कुन चाँहि गुणले टाउकोमा टेकेको छ । जसले साधना अभ्यासमा मनलगाई राख्दैन, उनलाई गुणले आफ्नो इच्छा अनुसार नचाउने गर्दछन् ।

यसैले एकै मानिसमा कहिले सात्त्विक भाव, कहिले राजसिक भाव अनि कहिले तामसिक भावको उदय भैरहेको देखिन्छन् । त्यस भावलाई देखेर हामी बुझ्न सक्दछौं - उसमा कुन गुणले यतिखेर खेल गर्दैछ । यो पहिलेनै उल्लेख गरिएकोछ-श्वासको गति देख्नासाथ यसको पत्ता लाग्ने गर्दछ । परन्तु के यी गुणले स्वेच्छापूर्वक आएर देहीमाथि आक्रमण गर्दछन ? एस्तो कुरा त छैन । यो हुने गर्दछ जीवको पूर्वकर्म या अदृष्टवशात् । एक धैरै असल मानिस बसेकोछ, अचानक उसको भित्र भूत क्रोधित भएर उठ्यो र तत्काल तमोगुणदेखि अभिभूत हुन गयो । यी सारा गुणकर्महरु गुण क्रियाहरुले पूर्वकर्मसूत्रलाई समातेर कहिले काँहि देहीलाई व्याकुल गरिदिन्छ । बाहिरदेखि कुनै कारण खोजेर पनि पाइदैन । तरै पनि मन कहिले आनन्दित हुन्छ, अनि कहिले विषाद । यही रजोगुण जनित विक्षिप्त भाव हुन ।

यसरी सामान्य मानिसहरु नदीको धारमा वगेका तृण समान गुण-कर्म द्वारा अभिभूत हुन्छन । परन्तु साधक पुरुष यसरी प्रमादग्रस्त हुँदैनन् । तिनीहरुले सदा नै प्राणमा लक्ष राख्दछन । यसैले कुनै गुण स्वाभाविक रुपमा प्रवल भएर पनि एकै पटक उनलाई अभिभूत गर्न सक्तैनन् । कुनै गुणलाई प्रश्रय दिएमा त्यसले अतिमात्रामा देहीलाई जखडवन्ध गर्दछ । यसै गुण प्रति या प्राण प्रति लक्ष्य राख्नु आवश्यक छ । जो अलस छन, तिनीहरु यदि यस तमोगुण प्रति उदासीनता देखाउँछन् भने त उनलाई तमोगुणले आक्रान्त गर्नेछन्-त्यो गुण मानो उसलाई स्वाभाविक लाग्नेछ, उसको अन्तः करणमा त्यसले मानो डेरा जमाएको देखिनेछ । यसरी सबै गुण प्रवल हुन सक्दछन् । जीवले अभ्यासवश जुन-जुन भावहरुमा तिन्लाई प्रश्रय देलान् तिनीहरु पनि उनकै समान प्रवल या दुर्वलभावमा देहीलाई आक्रान्त गर्नेछन् ॥१०॥

(गुणहरुको बढोत्तरीको चिह्न)

सर्वद्वारेषु देहेऽस्मिन प्रकाश उपजायते;
ज्ञानं यदा तदा विद्याद्विवृध्दं सत्त्वमित्युत ॥११॥

श्री धरीय टीका-[अब सत्त्वादि गुणहरुको विशेष रुपले वृद्धिको चिन्ह तीन श्लोकहरुमा भन्नु हुन्छन्]- आत्माको यस भोगायतन देहको श्रोत्रादि द्वारहरुमा जब शब्दादि ज्ञानमय प्रकाश उत्पन्न हुन्छ, तब यस प्रकाश-चिन्ह द्वारा जान्नु पर्दछ-सत्त्वगुण विशेष रुपले वृद्धिलाई प्राप्त छ । 'उत' शब्दबाट सुखादि चिन्हहरु द्वारापनि सत्त्वगुणको बढोत्तरी भएको छ भन्ने बुझ्नु पर्दछ ॥११॥

आध्यात्मिक व्याख्या-"यस देहको सारा इन्द्रियहरुमा लक्ष्य गरेपछि आत्माको प्रकाश गुरु वाक्य द्वारा उत्पन्न हुन सक्तछ । त्यो क्रिया स्वरुप ज्ञान हो जुन गुरुवक्त्र गम्य छ । तेही विद्या विद्या हो । अर्थात त्यही जान्नु जान्नु हो, अरु सब अज्ञता हुन् । त्यस क्रियाको बढोत्तरी गर्नु नै सत्त्वगुणमा रहनु हो ।"-

जुन समयमा जुन गुण बढोत्तरीलाई प्राप्त हुन्छ, त्यतिबेला त्यो गुणको कस्तो चिन्ह देखिन्छ, यस विषयलाई भगवान् बताउनु हुन्छ । जब सत्त्वगुण बृद्धिलाई प्राप्त हुन्छन त समस्त इन्द्रियद्वार सात्त्विकी भावले प्रकाशित हुन जान्छन् । तब जुन ज्ञान-प्रवाह चल्दछ, त्यसमा कुनै भ्रम प्रमाद रहँदैन, जसको जुन

यथार्थ स्वरुप छ त्यही प्रकाशित हुन्छ । सत्त्वगुणशाली सात्त्विक मनुष्यको कुराकानी भावभंगिमा आदिमा पनि सात्त्विकताको चिन्ह प्रकट हुन्छन् । तब उसको मुखदेखि यस्तो कुरा निस्कदैन या उसको मनले यस्तो केही मनन गर्न पाउँदैन, जुन सात्त्विकता विरोधि या इन्द्रियादिको लागि उत्तेजक या अवसाद जनक होस् । तब साधकले यस उपनिषद कथित प्रार्थना वाक्यको शफलता आफु भित्र बुझ्न पाउँदछन -

"ॐभद्रं कर्णेभिः श्रुणुयाम देवाः
भद्रंपश्येमाक्षभिर्यजत्राः ।"

"हे देवगण ! यज्ञ परायण भएर हामीहरु कानद्वारा उत्तम विषयहरुलाई श्रवण गरिरहौं, चक्षुद्वारा उत्तम विषय दर्शन गरिरहौं"-प्रबुद्ध भएपछि कर्णले एस्तो शब्द सुन्न पाउँछन, जसलाई सुनिलिएपछि मनको बहिर्मुखी भाव स्वतः नै तिरोहित हुन जान्छन । खालि एति कुरा मात्र होइन, अशब्द मुरजमुरलीको तान सुनिकन मनः प्राण विमोहित भएर उठदछन् । वहिर्दर्शन रहँदैन, अन्तश्चक्षु खुल्न जान्छन । साधकले नजाने कति कति अपूर्व दृश्यहरुलाई देख्दै बाहिरी दृश्यहरुलाई विर्सन जान्छन । यस्तो पवित्र सुगन्धको उदय हुन्छ, जसबाट नासिका पवित्र गन्धले आमोदित भै उठ्दछ । जिहवामा यस्तो रसास्वादन हुन लाग्दछ, - त्यस रसको तुलना कुनै पनि बाहिरी रससंग हुन सक्तैन । यसरी इन्द्रिय द्वारहरुमा दिव्य भाव प्रस्फुटन हुन्छ । मन एति एति स्थिर हुन जान्छ-त्यो विक्षेपशून्य शान्त आकाश, शरत् कालीन निरभ्र स्वच्छ आकाश समान सुनिर्मल श्यामल श्यामल शोभाले उत्फुल्ल भै उठ्दछ । यस्तो अवस्थामा यदि कसैले गाली पनि गर्दछ भने पनि त उस्लाई नराम्रो लाग्दैन । कसैले सर्वस्व हरण गर्दछ भने पनि कुनै क्षति भएको मान्दैनन् । सुषुम्नामा जब प्राणवायु प्रवाहित हुन्छ, तबै यो अवस्था हुन्छ । यसै अवस्थामा जानिन जान्छन त्यही असली विद्या या ज्ञान हुन, बाँकि सब अज्ञान हुन । जसले जति जति नै मन लगाएर क्रिया गर्दछ उसको सत्त्वगुण उति उनि नै बढोत्तरी प्राप्त हुन्छन । यसैले कबीर भन्नु हुन्छ-भगवान्लाई पाउनको निम्ति यो शरीर जलाएर मसी बनाऊ, अर्थात खूब खूब परिश्रम गर अनि त्यस मसीले राम नाम लेखेर पठाई देऊ । यसरी जुन मानिस आठै प्रहर लागिरहन्छ त्यो श्री भगवान्को प्रेमास्वादनको नशामा उन्मत्त हुन जान्छ । कबीरले अझै बढी उत्साहसाथ भन्दछन-

"प्रेम पियाला भरि पिया कबिरा रटि गुरुज्ञान ;
दिया नगारा शब्दका लाल खडा मैदान ॥"

कबीर भन्दछन-क्रिया गरेर क्रियाको परावस्थाको रुपप्रेम प्याला भरेर पिऊ जसबाट देह-इन्द्रिय-मन-प्राण सब प्रेमरसमा डूबी भरिपूर्ण होओस । यसरी गुरुप्रदत्त साधनालाई दिनरात रटिरहु तब तिमीले अनेक अनेक अपूर्व सुन्दर दृश्य, अदभुत व्यापार देख्न सक्ने छौ । जसरी राजा आउँदा खेरि उसको आगमनको चिन्हस्वरुप नाना किसिमका नाना बाद्य संयुक्त सुस्वरमा बज्न थाल्दछन्, त्यसरी नै यस शरीरको भित्र ॐकारको विविध नाद झंकृत हुन लाग्ने छन अनि तब तिमीले देख्ने छौ - तिम्रो जुन सर्वस्व लालमणि हो त्यो मैदानमा चिदाकाशको घनप्रान्तरमा अपरुप दिव्य भेष भूषाले सज्जित भएर तिम्रो चिर दिनको आशा शफल गरिरहेका छन् ॥११॥

(रजोगुणको बढोत्तरीको चिन्ह)

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ;
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-लोभ-नाना किसिमका धनद्रव्यादिको आगम भएर पनि पुनः पुनः त्यसलाई निरन्तर वृद्धि गर्नुको अभिलाषा । प्रवृति-सदा कर्ममा व्यस्त रहनु । कर्महरुको आरम्भ -महल-अट्टालिका आदि निर्माणको उद्यम । अशम-यो गरेर त्यो गर्नेछु त्यो गरेर यो गर्नेछु इत्यादि निरन्तर संकल्पविकल्पको अशान्त भाव । स्पृहा-पदार्थलाई देख्नासाथ त्यो उत्तम छ या छैन, तेसको संग्रहको इच्छा । रजोगुणको बढोत्तरी भएपछि यी सारा चिन्हहरु उत्पन्न हुन्छन, अर्थात यी सब चिन्हहरु द्वारा जान्नु पर्दछ-रजोगुणको बढोत्तरी भैरहेको छ ॥१२॥

आध्यात्मिक व्याख्या-"कुनै विषयमा इच्छापूर्वक प्रकृष्टरुपमा आसक्तिपूर्वक दृष्टि गर्दै तद्गत् चित्त हुनुको पूर्वक्षणको नाम लोभ हो । प्रवृत्ति-प्रकृष्टरुपसँग त्यस अर्थमा सदा सर्वदा तद्रुप भएर मनलाई त्यसैमा राख्नुको नाम प्रवृत्ति हो, कुनै वस्तुलाई राम्रोसँग आँखाले हेरिकन आसक्तिपूर्वक अचानक कुनै काम गर्नुको नाम हो आरम्भ । फलाकांक्षाको साथ कुनै कर्म गर्नुको नाम कर्म हो । सम्यक्प्रकारेण इच्छारहित नभएर अर्थात् यस ठाउँमा हेर्दछु अनि फेरि अर्कै ठाउँमा जाउँला अर्थात जिल्ला अदालत, क्षेत्रीय अदालत, सर्वोच्च अदालत आदि । यो सब रजोगुणको कर्म हो, रजोगुण वृद्धिगत कर्म हुन्"-

रजोगुणको वृद्धि हुँदा कुन कुन चिन्हले उपस्थित हुन्छन, यही भगवान्ले बताउनु हुन्छन । (१) लोभ - कुनै वस्तुलाई देख्नासाथ त्यसलाई पाउनको लागि लालायित रहनु प्रशस्त धनागम हुँदा खेरि पनि अझ झन बढी पाउनुको इच्छा । (२) प्रवृत्ति-संधै संधै नै केही न केही कामले व्यस्त रहनु । जसमा एकपटक मन लाग्यो त्यसैमा मनलाई लगाइरहनु । अहा ! कति राम्रो बगैंचा ! यी सवकुराहरुको सदा मनमा कल्पना गर्दै रहनु तथा यी सब विषयहरुको संग्रहमा रातदिन खटिरहनु । (३) कर्मारम्भ-ठूलठूला महल अट्टालिका कारखाना आदिको निर्माणको उद्योग । आफुसँग धेरै धेरै चीजबीज भएर पनि अधिकार वृद्धिको सतत उद्यमशील । (४) अशम-मनमा शान्ति छैन, सर्वदा मनमा शत शतः इन्द्र धनुषी संकल्प विकल्पको तरंगहरु उठिरहन्छन । मुद्दा गर्नु, कहिले हार्नु कहिले जीत्नु, हारेमा माथिल्लो अदालत जानुको इच्छा इत्यादि (५) स्पृहा - धन, द्रव्य, भूमि, स्त्री सब चीज मलाई होस यसरी मनमनै भुत भुताउनु आदि । यी सारा रजोगुणको बढोत्तरीको लक्षण हुन । इडामा श्वास चलिरहँदा मनको यस्तो अवस्था भैरहन्छन ॥१२॥

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ;
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

श्री धरीय टीका-[अरुपनि भन्नु हुन्छन]-अप्रकाश विवेक भ्रंश, अप्रवृत्ति-अनुद्यम, प्रमाद-कर्तव्य विषयमा अनुसन्धानको अभाव, मोह-मिथ्या अभिनिवेश, तमोगुणको बढोत्तरी हुँदा खेरि यी सारा चिन्हहरु प्रकाशित हुन्छन । यी चिन्हहरुले जान्नु पर्दछ-तमोगुणको बढोत्तरी भएको छ ॥१३॥

आध्यात्मिक व्याख्या-"दोस्रोतिर आसक्तिपूर्वक दृष्टि गर्नाले आत्मातिरिक्त तमोगुणमा रहँदै, अन्य प्रवृत्ति राम्रैसंग मलजल साथ तद्गतचित्त भएर अर्थात् त्यही हुन जानु प्रकृष्टरुपले उन्मत्त भएर तथा त्यसभित्र प्रवेश गरी मग्न रहनु यी सब तमोगुणको वृद्धिको कर्म हुन ।"-

तमोगुणको बढोत्तरी भएपछि अर्थात् पिंगलामा श्वास प्रवाहित भएपछि जुन लक्षण प्रकटित हुन्छन् त्यसलाई बताउनु हुन्छ । तब सब अप्रकाश हुन्छ, ज्ञानको कुरा सुनाउँदा पनि सिरमा घुसदैन । जन्म-जरा-मरण-रुप भयको कारणहरु हुँदैमा पनि त्यसको प्रतिकारमा प्रवृत्त नहुनु, मनमा कुनै किसिमको विवेक बुद्धि उदित नै नहुनु । शास्त्र, गुरुवाक्य सुनेर पनि त्यसको अनुष्ठानमा उत्साह नहुनु । समयमा कर्त्तव्यानुसार साधनादि कर्महरुलाई विर्सिदिनु, मोहवश मद्यपानादि अनर्थहरुमा प्रवृत्त हुनु । विपरित बुद्धि जुन गरिनाले कल्याण हुन्छ, त्यसलाई नगर्नु । निद्रा, आलस्य, प्रमादमा लडिरहनु, कदापि क्रिया गर्नुको इच्छा नहुनु । जब यी सारा वृत्तिहरु प्रस्फुरित हुन्छन, तब बुझ्नु पर्दछ, तमोगुणको बढोत्तरी भैरहेको छ ॥१३॥

(मृत्युकालमा गुणत्रयको बढोत्तरीको विशेष फल)

यदा सत्त्वे प्रबुद्धे तु प्रलय याति देहभृत ;
तदोत्तमविदां लोकान् मलान् प्रतिपद्यते ॥१४॥

श्री धरीय टीका-[मृत्युकालमा बढोत्तरी प्राप्त सत्त्वादिगुणहरुको विशेष फल दुई श्लोकहरुमा भन्नु हुन्छन्]- सत्त्वगुण प्रवृद्ध भएर यदि जीव मृत्युलाई प्राप्त हुन्छ त त्यो उत्तमविद् मानिसहरुको अर्थात् उत्तम हिरण्यगर्भादिको उपासना गर्नेवालाको जुन अमला अर्थात प्रकाशमय लोक छ ती सुखभोगको स्थानहरुलाई प्राप्त गर्दछन् । [उत्तमविदां महदादितत्त्वं विदां (महदादि तत्त्वहरुको ज्ञाताहरुको-शंकर] ॥१४॥

आध्यात्मिक व्याख्या-"तब सत्त्वगुणमा प्रकृष्टरुपले वृद्धि हुनेछ, जब सबचीज प्रकृष्टरुपसँग क्रियाको परावस्थामा रहंदा खेरि लय हुन जानेछ-तब जसलाई उत्तम भन्दछन् अर्थात कूटस्थ ब्रहम ब्रहमाण्डमा ब्रहमलोक गमन गरी लोकमा रहन्छन जहाँ कोही छैन, प्रकृतिको मल छैन अर्थात् निर्मल ब्रहमपदमा रहन्छन् ।"-

-पिंगलामा जब प्राण प्रवाह रहन्छ तब चित्त मोहयुक्त हुन जान्छन । त्यतिखेर देहत्याग भएमा भगवत्स्मरण हुँदैन । अतयव उसको सदगति पनि हुँदैन । यो अगाडिको श्लोकमा भन्नु हुनेछ । परन्तु सुषुम्ना मार्गमा प्राण प्रवाह चलिरहेको बेला जसको देहत्याग हुन्छ, त्यसको अवश्य भगवत् चिन्तनमा देहत्याग हुन्छ । सुषुम्नामा प्राणको स्थिति जति जति धेरै बेर सम्म हुन्छ त्यति त्यति नै चित्तमा सत्वभावको उदय हुन्छ । यस स्थितिको समय विशेष वृद्धि हुँदा खेरि यदि मृत्यु हुन्छ त त्यो मृत्यु क्रियाको परावस्थामा हुन्छ । त्यो अमल ब्रहम स्थान हो, त्यसमा प्रकृतिको मैल केही हुँदैन । इडा पिंगला सुषुम्नाको

अतीत जुन गुण वर्जित स्थान छ, त्यही ब्रहमपद हो । त्यस ब्रहमपदमा रहेर साधक ब्रहमरुप हुन जान्छन् । कसै कसैले भन्दछन् ब्रहमा, विष्णु, शिवादि हिरणगर्भकै रुप हुन जो यिनीहरुको उपासक छन । तिनीहरु सगुण उपासक हुन् । तिनीहरु मृत्युपछि ब्रहमामा, विष्णु शिवादि लोकलाई प्राप्त हुन्छन् । अनि जो निर्गुणको उपासक छन, उनलाई कुनै लोक लोकान्तरमा गमन गर्नुको प्रयोजन हुँदैन । तिनीहरु प्राण विलयको साथसाथै यही नै सद्य मुक्तिलाई प्राप्त हुन्छन् । कूटस्थ ज्योतिको दर्शन गर्दै गर्दै जसको देह विलय हुन्छ, तिनीहरु प्रकृतिको पर पारी पुगेर निर्मल ब्रहमलोकलाई उपनीत हुन्छन् । परावस्थामा रहँदा रहँदै जसको देह विलय हुन्छ, उनको सदमुक्ति हुन्छ-"अत्र ब्रहम समश्नुते ।" ॥१४॥

रजसि प्रलयं गत्वा कर्मसंगषु जायते ;
तथा प्रलिनस्तमसि मूढ योनिषु जायते ॥१५॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छन]-रजोगुणको वृद्धिको बेला मृत्यु प्राप्त भएमा कर्मासक्त मनुष्यलोकमा जन्मग्रहण हुन्छ, अनि तमोगुणको बढोत्तरीको बेला मृतव्यक्ति पश्वादि मूढ योनिमा जन्म लिन्छन ॥१५॥

आध्यात्मिक व्याख्या-"रजोगुणमा जब जान्छ प्रकृष्टरुपमा लीन भएर, तब फलाकांक्षाको साथ कर्म गर्दछ - अनि जब तमोगुणमा लीन हुन्छ तब मूर्ख समान अवस्था प्राप्त हुन्छ-जस्तो बुद्धु !! चैतन्य बुद्ध (ब्रहम) ब्रहम-लम्पट । तात्पर्य यो छ - सबै जान्दछ, फेरि पनि जान्दैन । अचैतन्य बुद्धू (ब्रहम) बेश्या लम्पट-"केही पनि जान्दैन तर पनि भन्दछन सब जान्दछु"-

-कर्माशक्ति नै रजोगुणको चिन्ह हो । यस अवस्थामा जब मनुष्य रहन्छ तब फल प्राप्तिको लागि नै कर्म गर्दछन् । यस अवस्थामा मनुष्यको देहान्त भएपछि खालि उसको शरीरको अस्तित्व लुप्त हुन्छ, क्रिया प्रकट गर्नुको यन्त्र नष्ट हुन जान्छ । परन्तु कर्मको वासनाको आश्रय मन रहन्छ । शरीर नष्ट भएर पनि सूक्ष्म देह स्थित मनको वासना नष्ट हुँदैन । जीव पुनः जब यस कार्य क्षेत्र पृथिबीमा आउँदछ त त्यही मन अरु वासना लिएर आउँदछन । नयाँ शरीर धारण गरेको समय उसको देह प्रकृति उसको पूर्व वासनाहरुको अनुरुप नै हुन्छन्, अतयव जसमा धेरै कर्मासक्ति हुन्छ, उसलाई फेरि मनुष्य योनि नै प्राप्त हुन्छ । कर्म गर्नुको शरीर यो मनुष्य देह नै हो । देहान्तको बेला तमोगुणको अधिकता रहेपछि अर्थात् काम क्रोध लोभादि धेरै मात्रामा भएपछि ती वृत्तिहरु चरितार्थ गर्नको लागि जीवलाई जुन देह मिल्दछ, त्यो विरालो, कुकुर, बाखा, भैंसी, बाघ, सर्पादि समान नै हुन्छ, अन्यथा ती वृत्तिहरु चरितार्थ कसरी होलान् । जीवितावस्थामा जसको रजोगुण प्रबल हुन्छन तिनीहरु सदा सर्वदा फलाकांक्षी भएर नानात्व कर्महरुमा आफैलाई लिप्त राख्दछन् । तमोगुणको प्रबलता भएपछि मानो उनको शुद्ध बुद्धि लुप्त हुन जान्छन् अनि उनको मनोभाव पटमूर्ख समान हुन जान्छन् । सबैको भित्र त्यही एक नारायण छन्, तथापि गुण भेदले कति वैषम्य देखिन्छन । रंगिन काँचको भित्रबाट शुद्ध बस्तु हेर्दा जसरी काँचको रंगले अनुरंजित काँचको

भित्रबाट शुद्ध वस्तु जसरी काँचको रंगले अनुरंजित प्रतीत हुन्छन उसरी नै नित्य निर्मल अविकारी आत्मालाई प्रकृतिको विभिन्न गुणहरुको भित्रबाट हेर्दाखेरि त्यो ती गुणहरुले रंजित जस्तो देखिन्छन्। वस्तुतः उसको निजी शुध्द भावमा कुनै गुणको व्यंजना हुँदैन। यसैले शुद्ध चैतन्य ब्रहम-मूर्ख, अज्ञ लम्पट जस्तो जानिइन्छन। परन्तु ब्रहमले सबचीज जानेर पनि मानो केही पनि जान्दैन अनि साधारण मानिसहरुले केही पनि जान्दैन तरपनि भन्दछन-सब चीज जान्दछन्। ॥१५॥

(सात्त्विक, राजस एवं तामस कर्महरुको फल)

कर्मणः सुकृतस्याहुः सात्विकं निर्मलं फलम्;
रजसस्तु फलदुःखमज्ञानं तमसः फलम् ॥१६॥

श्री धरीय टीका-[अब सत्त्वादि गुणहरुको स्वानुरुप कर्म द्वारा जुन विचित्र फल हुन्छन, त्यसबारेमा भन्नु हुन्छ]-सात्त्विक कर्महरुको सत्त्वप्रधान, निर्मल अर्थात् प्रकाशबहुल सुखस्वरुप फल हुन्छ। यो कपिल आदि ऋषि भन्दछन्। रजः शब्दको अर्थ छ राजस कर्म, त्यसको फल ऋषिहरुले दुःख बताएकोछ। तमः शब्दको अर्थ छ तामस कर्म, त्यसको फल अज्ञान अर्थात मूढपना हो। सात्त्विकादि कर्महरुको लक्षण "नियतं संगरहितं" इत्यादि श्लोकहरु द्वारा अठारौं अध्यायमा भन्नु हुनेछ ॥१६॥

आध्यात्मिक व्याख्या-"फलाकांक्षारहित कर्म जुन मनलाई ग्राहय हुन्छ, त्यो यो क्रिया हो जुन गुरुवाक्य द्वारा हुन्छ-यही सात्त्विक कर्म हो यसको निर्मल फल ब्रहम हो जुन क्रियाको परावस्थामा हुन्छ-रजोगुणको फल अर्थात फलाकांक्षाको साथ कर्म गर्नाले दुःख हुन्छ-अन्य दिशामा आसक्तिपूर्वक दृष्टि गरेपछि, तमोगुणमा रहेर म को हूम जान्न सक्तैन, अतयव अज्ञान तमोगुणको फल छ-जस्तो कुनै भद्र पुरुष बेश्याको घरमा गएर आफुले आफैलाई विर्सन जान्छ।"-

-अत्यन्त निर्मल हुनुको कारण सात्त्विक कर्मको सर्वप्रधान फल हुन मनको अकपट, मलरहित अवस्था। त्यसबेला कुनै आवरण रहँदैन। जुन कर्म द्वारा मनको "अहंता ममता"-रुप आवरण कट्दछ, त्यही सात्त्विक कर्म हुन। इन्द्रियहरु द्वारा हामीले शुभ कर्म गर्‍यौं भने पनि त त्यो पूर्ण सात्त्विक हुदैन। किनभने रजोगुण र तमोगुणको प्रवृद्धि भएपछि नै अभिमानात्मक अहंकारको उत्पत्ति हुन्छ, अहंकारको सात्त्विक अंशको बढोत्तरी भएपछि दश इन्द्रियहरु र मन उत्पन्न हुन्छन्। अतयव मन बाहेक अन्य इन्द्रिय द्वारा ठीक ठीक फलाकांक्षा रहित कर्म हुदैन, त्यो चचंचल मनको ग्राहय छैन। पंच कर्मेन्द्रियहरु, पंच ज्ञानेन्द्रियहरु पंचप्राण, मन एवं बुद्धि यी सप्तदश अवयववाला लिंग शरीर छ। यो लिंगशरीर सूक्ष्म वस्तु हो, अतयव स्थुल देहादि भन्दा सूक्ष्मधर्मी छ। मन एवं प्राणरुपी यन्त्र अविरत चलिरहेछ। यस अनवरत कर्म गर्नुको परिणाम छ चचंचलता एवं अवसाद। अतयव यो सात्त्विक छैन। सात्त्विकी कर्म तबै हुन्छ जब प्राण र मन स्थिर भएर साधक संकल्प विकल्प शून्य हुन जान्छन्। अतयव सुकृत या सात्त्विकी कर्म त्यही हुन जस द्वारा प्राण स्थिर हुन्छ, अनि तेसको साथै मन पनि स्थिर हुन जान्छ। यो कर्म प्राण क्रिया हो, यही

एकमात्र मनको सात्त्विक कर्म हो, यसको फल हो मन मलशून्य हुनु । ब्रहम नै एकमात्र मलशून्य एवं पवित्र छ जुन क्रियाको परावस्थामा आफसे आफ हुन्छ । ब्रहमातिरिक्त अन्य वस्तुमा आसक्तिपूर्वक दृष्टि गरी कर्म गरे पछि फलको लागि मन ढुक ढुक गर्दछ । त्यसले आसक्ति उत्पन्न हुन्छ-यही हो रजोगुणको फल । तमोगुणमा आत्मविस्मृत जीवले आफ्नो कर्तव्याकर्त्तव्यलाई विर्सन्छन् । खालि प्रवृत्तिले संताडित भएर पशु समान विषय भोगमा आसक्त हुन्छन् । यो आसक्ति अज्ञानको फल हो । यसैले तमोगुणको फल दुःख बाहुल्य छन् ॥१६॥

(गुणत्रयको विशेष विशेष फल)

सत्त्वात संजायते ज्ञानं रजसो लाभ एव च ;
प्रमादमोहौ तमसो भवतोऽज्ञानेमेव च ॥१७॥

श्री धरीय टीका-[यस विषयमा हेतु के हो यो बताउनु हुन्छ]-सत्त्व गुण देखि ज्ञान उत्पन्न हुन्छ अतयव सात्त्विक कर्मको फल प्रकाश वाहुल्य हो । रजोगुण लोभ देखि उत्पन्न हुन्छ, लोभ दुःखको हेतु हो, अतयव लोभपूर्वक कर्मको फल दुःख छ । तमोगुणबाट प्रमाद, मोह एवं अज्ञानको उत्पत्ति हुन्छ, अतयव तामसकर्मको-फल अज्ञान प्रापक छ ॥१७॥

आध्यात्मिक व्याख्या-सत्त्वगुणमा रहँदा अर्थात् क्रिया गरेपछि क्रियाको परावस्थामा आफ्नो स्थिर पद ब्रहमज्ञान हुन्छ । रजोगुण अर्थात् जब इडामा रहन्छ तब फलाकांक्षाको साथ कर्म गरी तद्गत् चित्त भएर त्यसको प्राप्तिको इच्छा सब प्रकारले गर्दछन्-एसैको नाम योग हो पिंगलामा रहिकन प्रकृष्टरुपले मत्त भै एकलाई मार्नमा अन्यलाई मार्दछ, मोहित भएर त्यस वस्तु प्रति - आफुले आफैलाई चिन्दैन, अतयव अज्ञान तमोगुणमा हुन्छ ।"-

-पहिले भनिएको छ क्रिया गरेपछि सत्त्वगुण बढ्दछन् । अतयव जसले धेरै क्रिया गर्दछ, उसको सत्वगुण अरु पनि बढोत्तरी हुन जान्छन् । सत्त्वगुण हो क्रियाको परावस्थामा थोरै थोरै स्थिति । तब सुषुम्नामा प्राण विस्तारै विस्तारै चल्दछ । यो स्थिरता बढे पछि नै स्थिरत्व पद प्राप्त हुन्छ । जसले जस्तो क्रिया गर्नेछ त्यसलाई त्यस्तै नशा हुनेछ । कूटस्थमा परव्योम स्वरुपको प्रकाश हुन्छ - त्यही हो परमाकाश । परमाकाशको अनुभव नै ज्ञानको चिन्ह हो । ब्रहमको अन्य कुनै चिन्ह छैन । त्यो छ यो जान्नु नै उसको चिन्ह हो । अन्य साधनाहरुमा जुन मुक्ति क्रम छ त्यसको अपेक्षा क्रिया द्वारा त्यो सहजलभ्य छ । सृष्टिको विकासको समय आकाश देखि वायु वायु देखि अग्नि, अग्नि देर्खि जल, अनि जल देखि पृथिवी हुन्छ क्रमपूर्वक प्रलय भएपछि प्रत्येक तत्त्व आफ्नो आफ्नो कारणमा लय हुन्छन् । परन्तु क्रियाको परावस्थामा एकसाथ प्रलय हुन्छ, क्रमको अपेक्षा हुँदैन । एकैपटक सब कारणहरुको कारण स्वरुप जुन ब्रहम छ, त्यही हुन जान्छ । उपर्युक्त अवस्था क्रिया गरी सुषुम्नामा रहनुको फल स्वरुप प्राप्त हुन्छ । इडामा रहँदाखेरि विषय तृष्णाको खूब बढोत्तरी हुन्छ । तमो गुणमा रहँदा खालि प्रमाद र मोह ॥१७॥

(सत्त्वादि वृत्तिशीलको फलमा भेद)

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ;
जघन्यगुणवृत्तिस्था अधोगच्छन्ति तामसाः ॥१८॥

श्री धरीय टीका-[अब सत्त्वादि वृत्तिशील मानिसहरुको फलभेदको विषयमा भन्नु हुन्छ]-सत्त्ववृत्ति प्रधान मानिसहरु ऊर्ध्व लोकलाई गमन गर्दछन् । सत्त्वगुणको उत्कर्ष एवं तारतम्यानुसार मनुष्य, गन्धर्व, देवलोक -यहाँसम्म कि सत्यलोक सम्मको प्राप्ति हुन्छ । मनुष्यलोकमा जति सुख छ, त्यसको सयगुणा गन्धर्व लोकमा, गन्धर्व लोकभन्दा सयगुणा पितृलोकमा तथा पितृलोक भन्दा सय गुणा देवलोकमा तथा देवलोक भन्दा सय गुणा सत्यलोकमा आनन्द हुन्छ । जुन मानिसहरु राजसी छन् अर्थात तृष्णा आदि द्वारा आकुल छन्, तिनीहरु बीचमा रहन्छन अर्थात् मनुष्य लोकमा उत्पन्न हुन्छन । जघन्य अर्थात निकृष्ट तमोगुणको वृत्तिहरु प्रमाद एवं मोहादिमा स्थित मानिसहरु अधोलोकमा गमन गर्दछन् । तमोगुणको वृद्धिको तारतम्यानुसार तामिस्त्रादि निरय (नरक) मा जन्म हुन्छन् ॥१८॥

आध्यात्मिक व्याख्या-"क्रिया गर्दा गर्दा मस्तक माथि जान्छ त्यहाँ गएपछि नशा हुन्छ-त्यसले सर्वदा आनन्दभोग गर्दछ-लडाई झगडा मध्यस्थानमा बाहु द्वारा गर्दछ-जुन रजोगुणको कर्म हो अधम क्रिया, अधःमा रहेर अधोदेशमा गमन गर्दछ-जुन तमोगुणको कर्म हो जुन अत्यन्त निकृष्ट छ ।"-

सुषुम्ना मार्गमा स्थिर स्तम्भस्वरुप वायु जसले यस शरीरलाई धारण गरेको छ, त्यसमा जो रहन्छ त्यसले ब्रहमको अणुको अनुभव गर्दछ । पश्चात् हृदयमा, कूटस्थमा अनि ब्रहमरन्ध्रमा मन एवं प्राणको स्थिति प्राप्त हुन्छ । तब सर्वत्र नै ब्रहमको उपलब्धि हुन्छ । क्रिया नगरी साधारण मानिसले यसको लक्ष्य गर्न सक्तैन । कूटस्थको भित्र एक सुन्दर ज्योतिविशिष्ट आकाश मण्डल छ । दीपकको शिखा समान प्रकाश त्यस आकाश मण्डलमा जलिरहन्छ त्यसकै भित्र तीन लोक छन । पश्चात् बोध हुन्छ-यो सबै ब्रहम नै हुन । मन लगाएर दीर्घकाल सम्म क्रिया गर्दै गर्दै गर्दा प्राण सुषुम्नामा आउन जान लागदछ । जसको यो अवस्था हुन्छ, त्यही सत्व प्रधान पुरुष हुन । पश्चात् यो प्राण जब मस्तकमा चढेर स्थिर हुन जान्छ, तब गुणातीत अवस्था प्राप्त हुन्छ । यसै कारण जो सुषुम्नामा रहन्छन, उनको ऊर्ध्वगति हुँदै हुँदै आज्ञाचक्रमा स्थिति हुन्छ, पश्चात् सहस्रारमा प्रवेश हुन्छ ।

आज्ञाचक्र देखि कण्ठ पर्यन्त सत्त्वगुणको स्थान छ । कण्ठ देखि नाभि पर्यन्त रजोगुणको तथा नाभि देखि तल तमोगुणको स्थान छ । साधन द्वारा जसले कण्ठ देखि माथि मन राख्दछ, त्यसको मन रजः स्तमोमय क्षेत्रलाई पार गरी सत्त्वगुणको विशुध्दावस्था देखि नै आज्ञाचक्र एवं त्यसमाथि मनको स्थिति भएपछि देहको सर्वद्वारहरुबाट ज्ञानको प्रकाश हुन्छ । तब दूर श्रवण, दूर दर्शन, तथा इच्छामात्रले देवलोकमा देवताहरुको साथ अवस्थान हुन सक्छ । जसको रजोगुण प्रवल छ, त्यसको स्थान मध्यलोकमा हुन्छ । अर्थात त्यो कर्म भूमि यस जगत्मा बारंबार आवागमन गर्दछ । उसको कर्मस्थान कण्ठतल (हृदयमा) रहन्छ । यो हृदय

सदा ढुक् ढुक् गर्दछ -के होला, कसरी तेसलाई आयत्त गर्नु पर्ला, यी नै उसको मनोभाव हुन । हस्तादि जसद्वारा साधारणतः सांसारिक जीवले कर्म गर्दछन्, उसको कर्मको प्रधान साधन हुन् । नाभिको तल नितम्ब, जघनादि प्रदेश छन् यी स्थानहरुमै कामको बास छ । कामलीला आदि समस्त पशुभाव यसै प्रदेशबाट हुन्छन् । जसको मन सर्वदा नाभिदेखि तल रहन्छ त्यस काम भोग परायण जघन्य जीवलाई अधोगति प्राप्त हुन्छन् ॥१८॥

(गुणको अतिक्रमण गर्नाले नै मोक्ष मिल्दछ)

नान्यं गुणेभ्य कर्त्तारं यदा द्रष्टानुपश्यति ;
गुणेभ्यश्च परं वेत्ति मदभावं सोऽधिगच्छति ॥१९॥

श्री धरीय टीका-[यसरी प्रकृतिको गुण संगको कारण जुन संसार प्रपंच हुन्छ, त्यसलाई भन्नुभएर अब तद् व्यतिरेक देखि मोक्षप्राप्ति देखाउनु हुन्छ]-जब द्रष्टा विवेकी भएर बुद्धयादिको आकारमा परिणत गुणहरु देखि भिन्न अन्यलाई कर्त्तारुपमा देख्दैन, तर गुणले नै कर्म गर्दछन् एस्तो देख्दछ, तथा गुणहरुको अतिरिक्त उनको साक्षी रुप आत्मालाई जान्दछ, तब त्यो मद्भाव अर्थात ब्रहमत्त्वलाई प्राप्त हुन्छ ॥१९॥

आध्यात्मिक व्याख्या-"क्रियाको परावस्थामा जब इडा पिंगला, सुषुम्ना जसले दोस्रोतिर दृष्टि गर्दछन, जसद्वारा आत्मामा सर्वदा दृष्टि रहन्छ-तब त्रिगुणातीत भएर परब्रहममा रहिकन मेरो भाव अर्थात एक भएर आफसे आफ बुद्धिको पर पराबुद्धि ब्रहममा गमन गर्दछ ।"-

आचार्य शंकर भन्नु हुन्छ - "पुरुष प्रकृतिस्थतारुप मिथ्या ज्ञानको साथ जुन जीव सम्बद्ध हुन्छ, त्यसलाई नै गुणत्रयमा आसक्ति हुन्छ । त्रिबिध गुण देखि - म सुखी छु, म दुःखी छु म मूढ छु - यसकिसिमको सुख दुःख मोहादि बोध नै गुणत्रयको साथ पुरुषको संग हुन । यो संग नै पुरुषको आवागमनको कारण हुन । सद्सद् योनिहरुमा जन्म लिनु आवागमन भनिन्छ । यो अविद्यामूलक मिथ्या ज्ञान नै बन्धनको कारण हो र सम्यग् दर्शन मोक्षको उपाय हो । अतयव भन्दछन - कार्य, कारण र विषय - यी ती रुपहरुमा परिणत गुणत्रय देखि अन्य कुनै कर्त्ता हुन सक्तैन । जुन मानिसले एसरी देख्दछ तथा गुण देखि पूर्ण पृथक गुणहरुको साक्षीलाई देख्दछ, त्यो द्रष्टा मद्भावलाई प्राप्त हुन्छ ।" वस्तुतः देहबुद्धि आदिको आकारमा गुणहरुको सिवाय कर्मको कर्त्ता अरु कुनै छैन । गुण कर्त्ता हुन् तथा उनिदेखि स्वतन्त्र आत्मा साक्षीमात्र हुन, यो ज्ञान जसको सुदृढ भएकोछ त्यो भगवद भावलाई प्राप्त हुन्छ अर्थात ब्रहमस्वरुप हुन जान्छ । यही हो "मम साधर्म्यमागताः" । डुंगु-डुंगुर पोथी पत्रा पढेर यसलाई उपरी उपरी जानिलिएर कोई भगवान्को स्वरुपावस्थामा पुग्न सक्तछ, -एस्तो कुरा छैन । हामीलाई सन्सारमा कसले जखडबन्ध गरेको छ ? त्रिगुण अर्थात इडा, पिंगला, सुषुम्नामा जुन प्राण प्रवाह चलिरहेकोछ त्यसैबाट जीवसँग त्रिगुणको तादात्म्य हुन्छ । त्यही जीवको बहिर्दृष्टिरुप सन्सार बन्दछ । त्यस प्राण प्रवाह अन्यथा हुनु विना सन्सार दृष्टि कदापि नष्ट हुँदैन । यसको लागि के गर्नु पर्ला त ? प्राणको साधना गुरुको उपदेश अनुसार गरेपछि प्राण प्रवाहले इडा पिंगला,

सुषुम्नाको अतीत अवस्थालाई प्राप्त गर्नेछ । तबै गुणातीत परब्रहमको साथ मिलन हुनेछ । पराबुद्धिको साथ यो बुद्धि एक हुन जानेछ । गुणको साथ बुद्धिको सम्बन्ध लुप्त हुनेछ । तब गुण कार्यले फेरि हामीलाई विचलित गर्न सक्ने छैन । तबै आत्मा गुणातीतरुपमा बुझ्नमा आउनेछ । प्राण प्रवाह इडा, पिंगला एवं सुषुम्नामा रहँदा खेरि विषयहरुमा आसक्ति पूर्वक दृष्टि रहन्छन । ब्रहमदृष्टि सम्पन्न हुनको लागि इडा, पिंगला एवं सुषुम्ना द्वारा नै साधना गर्नु पर्नेछ अनि एसै द्वारा गुणातीत अवस्था पनि प्राप्त हुनेछ । यसको कौशल गुरुमुख देखि जानिन जान्छन्‌ । गुणातीत पुरुषले गुणहरुको कार्यलाई खालि साक्षीरुपमा देख्दछन्, आत्मा पनि प्रकृतिको कार्यको यसै किसिमको द्रष्टामात्र हुन । प्राणलाई स्थिर गरी आज्ञाचक्रको माथि राखेपछि जगत्‌ कार्यमा औदासीन्यता आउँदछन्‌ ॥१९॥

गुणानेतानतीत्य त्रीन्‌ देही देहसमुद्‌भवान्‌ ;
जन्ममृत्युजरा दुःखै र्विमुक्तोऽमृतमश्नुते ॥२०॥

श्री धरीय टीका-[त्यसपछि सत्त्वादिगुण कृत (अर्थात जुन गुणत्रय देहादिको आकारमा परिणामलाई प्राप्त भएकोछ) अनर्थहरुको निवृत्ति द्वारा मनुष्य कृतार्थ हुन जान्छन, यो बताउनु हुदैछ]-देहसमुद्‌भवको कारण रुप गुणत्रयलाई अतिक्रम गरी देही तत्कृत जन्म-जरा-मृत्युरुप दुःख देखि विमुक्त भएर परमानन्दलाई प्राप्त गर्दछन्‌ ॥२०॥

आध्यात्मिक व्याख्या-"यी तीन गुणहरुको अतीत भएर क्रियाको परावस्थामा रहन्छन्‌ त्यही महादेव जुन यस देहदेखि उत्पन्न भएको छ अर्थात कूटस्थ स्वरुप आफै नै आएकोछ त्यसले स्थिरत्व पदलाई प्राप्त गरी जन्म-मृत्यु-जरा व्याधि देखि मुक्त भएर अमृत पद अर्थात्‌ अमरपदलाई भोग गर्दछन्‌ ।

श्री मद्‌ आचार्य शंकर यस श्लोकको व्याख्यामा भन्नु हुन्छ - "मायाको उपाधिभूत तीन गुणहरुलाई अतिक्रम गरी देही जीवित रहँदै जन्म मृत्यु जरा जनित दुःखहरु देखि मुक्त भएर अमृत पदलाई प्राप्त गर्दछन यस किसिमसँग जीव मद्‌भाव अर्थात ईश्वर भावलाई प्राप्त हुन्छ । यस देहोत्पत्तिको मूल हेतु उपर्युक्त गुणत्रय हुन ।"

गुणत्रयको परिणाम यो शरीर छ । देहको अतीत अवस्थालाई प्राप्त गर्नु विना कोही विमुक्त हुन सक्तैन । यस देहातीत अवस्था प्राप्त गर्नको लागि गुणत्रयलाई अतिक्रम गर्नु पर्दछ अर्थात इडा पिंगला सुषुम्ना वर्जित अवस्था प्राप्त गर्नु पर्दछ । यसको उपाय हो क्रिया । क्रिया गरी क्रियाको परावस्था प्राप्त भएपछि अणु परिमाण जीव ब्रहमको अणुमा मिलिकन अजीव ब्रहम हुन जान्छन्‌ अर्थात उसको इन्द्रियहरु पनि ब्रहमस्वरुप हुन जान्छन्‌ । योनिमुद्रामा मणिको अणु समान ब्रहमको अणु कूटस्थमा प्रकाशित हुन्छ, अतयव त्यस अणुस्वरुप ब्रहमलाई देखेर इन्द्रियहरु निवृत्त हुन जान्छन्‌ । अर्थात विषयान्वेषणमा व्यापृत नरहिकन स्थिर भावमा रहन्छन । क्रियाको परावस्थाको यही निदर्शन हो । तब शरीरी मद्‌भाव यानी ईश्वर भावलाई प्राप्त हुन्छन्‌ । त्यो कसरी हुन्छ ? क्रियाको परावस्थामा मन दोस्रोतिर जादैन । आत्मा परमात्मामा लीन भएपछि जुन ऐश्वर्य (नशा) हुन्छ, त्यसमा रहेर महद्‌ब्रहममा लीन हुन्छ अर्थात्‌ महत्तत्त्व आदिको गति

एवं गुणको ज्ञान भए पछि त्यसलाई भगवान् नै भन्दछन् । त्यही जगदव्यापक महेश्वर हुन । कूटस्थको भित्र नक्षत्र स्वरुप ज्योति छ । त्यो सर्वव्यापक भगवान हुन्, अतयव त्यो सर्वगत शिव हो । जसरी तिलको भित्र तेल, दधिको भित्र घृत, श्रोतमा जल, काष्ठमा अग्नि जसरी घर्षण या पेषण द्वारा यिनलाई बाहिर निकाल्दछन्, उसरी नै प्राणापानको घर्षन द्वारा यस गुहास्थित पुरुषको दर्शन गरिन जान्छन् । जो प्राज्ञ (जीव) हो, त्यही परमात्मा हो । त्यसको उपाधि हो हृदयाकाश । क्रियाको परावस्थामा अडकिई रहँदा 'अहं' रहँदैन । यस अवस्थालाई नै अन्तराकाश भन्दछन् । यो अन्तराकाश नै परव्योम ब्रहम स्वरुप हो । परमात्मा शरीरमा नखाग्र देखि मस्तक केश पर्यन्त व्याप्त छन् । शरीरको सार ज्योति हो । यो नरहेमा शरीर मृतवत हुन जान्छ । त्यस अचिन्त्य शक्तिरुपा ज्योतिको सार त्यो छ जुन हृदयगुहामा "अणोरणीयान्" रुपमा प्रकाशित छ । यही ब्रहमाणु क्रियाको परावस्थामा प्रविष्ट भएपछि ब्रहम स्वरुप हुन्छ । अतयव महादेव कूटस्थ नै देहमा उत्पन्न भएर जीवरुपमा प्रकाशित हुन्छ र क्रियाको परावस्थामा स्थिरत्व पद प्राप्त गरी मुक्त भएर विदेह अवस्था अमृतपदलाई प्राप्त गर्दछन् ॥२०॥

अर्जुन उवाच-

कैर्लिंगैस्त्रीन् गुणानेतानतीतो भवति प्रभो ;
किमाचारः कथं चैतांस्त्रीन् गुणानतिवर्त्तते ॥२१॥

श्री धरीय टीका-[यस गुणत्रयको अतिक्रमण गरेपछि अमृत प्राप्त हुन्छ, यो सुनेर गुणातीतको लक्षण, त्यसको आचार तथा गुणत्रयको अतिक्रमणको उपायको विषयमा ज्ञान प्राप्त गर्नुको इच्छा राख्दै]-अर्जुन बोल्यो, हे प्रभो ! देहीको कुन किसिमको लक्षण या चिन्ह द्वारा उसलाई गुणातीत बुझ्न जानिन्छ ? उसको आचार कस्तो हुन्छ अर्थात् त्यो कुन किसिमसँग अवस्थान गर्दछ, कुन किसिमसँग गुणत्रयको अतिक्रमण गर्न सकिन्छ, त्यो बताऊ ॥२१॥

आध्यात्मिक व्याख्या-"शरीरको तेज बोलिरहेछ-यी तीनैको चिन्ह के हो ? अनि यसको अतीत कुन किसिमले हुन्छ ? र कहाँ रहँदा खेरि हुन्छ ? अनि यी मानिसहरु कसरी रहन्छन् ? हे प्रभु ! प्रकृष्टरुपमा हुन्छौं तिमी यस शरीर अर्थात उत्तम पुरुष तिमी बोल ।"-

जब ज्ञात हुन गयो - यो गुणत्रय नै हाम्रो भववन्धनको हेतुहो तब साधकलाई भववन्धन देखि छुटनुको उपाय जान्नुको जिज्ञासा गर्नु स्वाभाविक छ । अतयव अर्जुन भन्दछन्, हे प्रभु ! जुन त्रिगुणको ज्वालामा जीव छटपटाउँदै भटकिरहेकों छ त्यस त्रिगुणको लक्षण तिमीले भन्यौ र मैले बुझे पनि । अब बताइदिनोस जन्म मृत्युको बीच यस त्रिगुणलाई कसरी अतिक्रमण गर्न सकिन्छ, जसले अतिक्रमण गर्दछ त्यसमा कस्तो लक्षण स्फुटित भएर उठदछन् जसद्वारा त्यसलाई त्रिगुणातीत रुपमा बुझ्न सकियोस । यदि तिमीले यसको पहिचान भन्दैनौ भने त हामी अहंकार वश सर्वदा भूल गरिहने छौ । गुणहरुमा कसरी रहन्छ, गुणातीत कसरी हुन्छ, गुणातीत भएपछि उसको आचार व्यवहार कस्तो हुन्छन, यो सब सम्झाइदिनोस प्रभु ॥२१॥

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ;
न द्वेष्टि सम्प्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥

श्री धरीय टीका-[द्वितीय अध्यायको ५४ औं श्लोकमा "स्थिति प्रज्ञको लक्षण के हो" इत्यादि जिज्ञासाको उत्तर दिइय पछि पनि पुनः त्यसलाई विशेषरुपसँग जान्नुको अभिप्रायले अर्जुनले जिज्ञासा गरिरहेछन् यसैले प्रकारान्तरसँग त्यसको लक्षण आदि छः श्लोकहरुमा श्री भगवान्ले बताउनु भैरहेका छन्]-प्रकाश शब्दको अर्थ छ, सत्त्वको कार्य । प्रवृत्ति शब्दको अर्थ रजोगुणको कार्य तथा मोह शब्दको अर्थ छ तमोगुणको कार्य । गुणत्रयको उपलक्षणार्थ यसको कथन भएकोछ । सत्त्वादि गुणत्रयको कार्य स्वतः उपस्थित भएपछि जसले दुःख बुद्धिले द्वेष गर्दैन तथा निवृत्त भएपछि सुखबुद्धिले आकांक्षा पनि गर्दैन, त्यो गुणातीत छ ॥२२॥

["तामसी वृत्ति उत्पन्न भएको छ एसैले म मूढ भैरहेकोछु, राजसी प्रवृत्ति उत्पन्न भएको छ यस कारण म रजोगुण द्वारा प्रवर्त्तित छु, अर्थात् स्वरुपदेखि भ्रष्ट भैरहेछु-यो मेरो निम्ति अतीव कष्टकर छ । पुनः सात्त्विक प्रकाशरुप गुणले ममा विवेक उत्पादन गरिरहेकोछ र मलाई सुखमा आसक्त गरिरहेकोछ-यस किसिमको भावनाहरु अर्थात गुणत्रयको कार्यहरु प्रति गुणातीत विद्वेष भावापन्न हुन जान्छन् । सत्त्वादि गुणत्रयले युक्त पुरुष जसरी गुणहरुको कार्यहरु प्रति आकांक्षित हुन्छ, गुणातीत पुरुष कदापि गुणहरुको कार्यहरु प्रति त्यसरी आकांक्षित हुँदैन"-शंकर]

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेको छ-क्रियाको परावस्थामा एक प्रकारको प्रकाश हुन्छ, जहाँ न दिन हुन्छ न त रात-त्यस प्रकाशमा नै प्रकृष्टरुपसित तद्गतचित्त हुन्छ, तद्रुप भावापन्न भएर प्रकृष्टरुपले मत्त मतवाला समान रहँदै अन्य सब दिशाहरु देखि चित्त तद्गत भएर तत्पदमा मोहित हुन्छ; यसैले त्यसमा रहनुको सम्यक् इच्छा नहुन्छ न त रहनुको इच्छा नै हुन्छ-मष्तिष्कको माथि चढेर बसिदिन्छ मानो त्यहां कोही बसिरहेको छ । यसरी बसेर यी तीनै गुणहरुलाई अर्थात इडा-पिंगला-सुषुम्ना विशेषरुपले चल्दैन अर्थात् सूक्ष्मरुपसित ब्रहमानाडीमा चल्दछन्, यसकिसिमसँग गुणहरुको परको अवस्था एक भावमा रहनु । यसलाई जसले जान्दछ त्यही मेरो भावमा जान्छ-अर्थात क्रियाको परावस्थाको वर्णन जहाँ सम्म गर्न सकिन्छ गरियो (जो गुरुवकत्र गम्य छ-'रु' को अर्थ सब स्थिर छन्)

सामान्यतः हामीहरु जुन किसिमको प्रकाशलाई प्रकाश भन्दछौं, क्रियाको परावस्थामा त्यस किसिमको प्रकाश हुँदैन । त्यो अज्ञान या अन्धकार छ, येस्तो कुरा पनि छैन । त्यो आलोक जस्तो वस्तु पनि होइन । त्यो अद्भूत प्रकाश हो जुन इन्द्रियादिको लागि गम्य छैन । उपनिषद भन्दछन् -

"न तत्र सूर्यो भाति न चन्द्र तारकम् ;
ने मा विद्युतो भान्ति कुतोऽयमग्निः ॥
तमेव भान्त मनु भाति सर्वं ;
तस्यभासा सर्वमिदं विभाति ॥कठ. २/२॥

सूर्य सबै वस्तुहरुको प्रकाशक भएर पनि सर्वात्मभूत त्यस ब्रहमलाई प्रकाशित गर्न सक्तैन। त्यसरी नै चन्द्र तारागण र यी विद्युत समूहले पनि उसलाई प्रकाशित गर्न सक्तैनन्। हामीहरुको निम्ति प्रत्यक्ष गोचर यो अग्नि कसरी यसमा समर्थ हुन सक्त छ ! अरु त के यी सूर्यादि समस्त ज्योतिर्मय पदार्थ त्यस प्रकाशमान परमेश्वरको अनुगत भएर नै प्रकाशित हुन्छन्। काठ जसरी अग्निको संयोगले नै दाहक भएर जलाउँदछन्, त्यसरी नै यी सूर्यादि पदार्थ उनकै दीप्तिले नै विभात हुन्छन्। यसरी त्यो ब्रहम नै भात एवं विभात हुन्छन्। कार्यगत नाना किसिमको दीप्तिहरुमा त्यस ब्रहमको दीप्तिरुपता स्वतः अवगत हुन जान्छ। किन भने जसमा स्वभाव सिद्ध दीप्ति हुँदैन, त्यसले कहिले अरुलाई दीप्ति प्रदान गर्न सक्तैन।

ब्रहम स्वयं प्रकाश रुप छ, अतः त्यसको चैतन्य सत्तामा समस्त चराचर जगत् प्रकाशित भैरहेकाछन्।-

एष सर्वेषु भूतेषु गूढात्मा न प्रकाशते ;
दृश्यते त्वग्रया बुद्धाया सूक्ष्मया सूक्ष्मदर्शिभि : ॥कठ.१-३॥

ब्रहमादिस्तम्ब पर्यन्त सब भूतहरुमा आत्मा रुपले आवृत्त ब्रहम कसैको अगाडि प्रकाशित हुँदैन, किनभने दर्शन श्रवण आदि व्यापार पनि अविद्या द्वारा समाच्छन्न छन्। त्यो त प्रकाशित हुँदैन भने त धीर व्यष्टिले उसको मनन गर्दै कसरी शोक मुक्त हुन्छन् ? त्यो अविशुद्ध बुद्धिको लागि अज्ञेय छ, परन्तु संस्कृत, अग्रय, एकाग्रयुक्त तथा सूक्ष्म वस्तु ग्रहणमा तत्पर बुद्धि द्वारा दृष्ट छन्। बुद्धि स्थिर गरिलिएपछि अत्यन्त सूक्ष्म भन्दा सूक्ष्म वस्तु पनि देखिइन्छन्। *"क्षीणदोषाः यतयः पश्यन्ति"*-जो संयत चित्त छन् अर्थात जसको मन दोस्रोतिर जाँदैन, तिनीहरुले शुभ्र ज्योतिर्मय आत्मालाई देख्दछन्।

त्यो जुन शुभ्र निर्मल प्रकाश छ, त्यस प्रकाशस्वरुपमा जसको चित्त तद्गत छ, त्यस परम पदलाई छोडेर जसको चित्त अन्यत्र तिर जान चाहँदैन-यस किसिमको अवस्था जस्लाई प्राप्त भएकोछ, तिनीहरु त भवसागर देखि तरनेवाला नै छन, परन्तु जो भवसागर देखि पार भैसकेका छन्, परम निर्भय पद प्राप्त गरिसकेकोछ, तिनीहरुले उपर्युक्त अवस्थाको पनि आग्रहसाथ कामना गर्दैनन् अनि चित्त कथंन् कदाचित् केही सन्सारतिर हेर्दछन् भने पनि त त्यसबाट उदास हुँदैनन्। अतयव "परमपदमै बसिरहनेछु र संसारलाई हेर्ने छैन"-यस किसिमको इच्छा पनि उनमा उदय हुँदैन। संसारको जुन भोग बाँकी छ त्यसलाई भोग्नुको इच्छा पनि उनको मनमा उठ्दैन।

ये ये कामा दुर्लभा मर्त्यलोके,
सर्वान् कामाश्छन्दतः प्रार्थयस्व ;
इमा रामाः सरथाः सतूर्या,
नही दृशा लम्भनीया मनुष्यैः ॥कठ. १-१-२५॥

"मनुष्य लोकमा जुन जुन काम्य पदार्थ अत्यन्त दुर्लभ छन्, ती सब काम्य वस्तुहरुको स्वेच्छानुसार प्रार्थना गर, रथस्तिता, वादित्रादियुक्ता रमणिहरु तिम्रो लागि अपेक्षा गरिरहेकाछन्। यस किसिमका सुन्दरीहरु

मनुष्यहरुको लागि दुर्लभ छन्" साधनमा निकै टाढासम्म अग्रसर भएपछि यीसब तथा अन्यान्य उपभोग्य काम्य वस्तुहरु साधकको पासमा आफसे आफ उपस्थित हुन्छन् । जुन मानिसहरु यी भोग्यवस्तुहरुमा मोहित नभएर यिनलाई निष्ठिवन (थुक खकार) समान त्याग्दछन्, तिनीहरु निश्चय नै साधकाग्रगण्य हुन, यसमा कुनै सन्देह छैन । परन्तु यस भन्दा पनि उच्चकोटिका साधकहरु तिनीहरु हुन जसले यी सब काम्य वस्तुहरु तथा ब्रहम वस्तुमा कुनै अन्तर देख्दैनन् । इन्द्रियलोलुपताको कारण काम्यवस्तुहरु सुखकर जानिइन्छन्, तथा दुःखकर वस्तुहरुको ग्रहण गर्नमा अनिच्छा हुन्छन् । परन्तु जुन मानिसहरु मन-बुद्धि-इन्द्रियहरुको अतीत स्थानमा पुगेर आफुले आफैलाई हराईसकेकाछन्, जसले भलो अभलो राम्रो नराम्रोमा कुनै अन्तर देख्दैनन् ती ब्रहमवेत्ता योगीहरुको प्राणशक्ति (जुन चालित भएपछि विषयानुभव गर्दछ) मस्तकको माथि चढेर बस्दछन्, ओर्लदैन । किनभने त्यो गुणत्रयको अर्थात इडा-पिंगला-सुषुम्नाको अतीत अवस्थालाई प्राप्त हुन्छन्, अतयव तिनलाई गुणले आकर्षण गरी विषयतिर लान सक्दैनन् । जब सूक्ष्मरुपमा प्राण ब्रहमनाडीमा चल्दछ तब गुणहरुको परावस्था हुन्छ, अर्थात् तब मन अनन्य हुन जान्छ, एक भावमा सर्वदा स्थिर रहन्छन् । यस अवस्थालाई जस्ले प्राप्त गर्दछ तथा त्यसैमा रहन्छ त्यसले ब्रहमपदलाई पाउँदछ । क्रियाको परावस्था पनि यही हो । यही गुरुभाव हो । किनभने-

"गुकारः प्रथमो वर्णो मायादिगुणभासकः ;
रुकारो द्वितीयो ब्रहम मायाभ्रान्ति विमोचकः ॥"

'गुरु' को 'गु' वर्ण मायालाई भन्दछन् अर्थात गुण विशिष्ट छन् । मूलाधार स्थित शक्ति हृदयमा आएर स्थितिपद प्राप्त गर्दछ अनि मृणालतन्तु समान हृदयमा गमनागमन गर्दछ, त्यस स्थिति पदको नाम हंस हो । जब त्यो प्राणमा जान्छ अनि विन्दु देखिन्छन् त त्यसको नाम रुप या कूटस्थ हो । यही सम्म 'गुरु' को 'गु' कार छ । त्यस पछि 'रु' कार माया भ्रान्ति विमोचक छ, त्यही क्रियाको परावस्था-ब्रहमको निरंजनरुप हुन तेतिखेर सब स्थिर हुन जान्छन् । यो परम स्थिर भाव नै विश्वातीत या गुणातीत अवस्था हो । क्रियाको परावस्थाको परावस्थामा पुगेर यी जीवनमुक्त पुरुषले सन्सारको केही कार्य त गर्दछन्, परन्तु संसार देखि अभिभूत नहुनुको कारण प्रकृतिले उनलाई कदापि लिप्त गर्न सक्दैनन् । त्यतिबेला तिनीहरु यस लोकको मानिस हुँदैनन् । परावस्थाको परावस्थामा पनि गुणले उनलाई जकड्याउन सक्तैनन् । रजः र तमः त आउन नै सक्तैन । कहिले कांहि यदा कदा क्षीणधारामा सत्त्वगुण आउंदछ, परन्तु तेसले उनको स्वरुपच्युति गर्न सक्तैन ॥२२॥

उदासीनवदासीनो गुणैर्योन विचाल्यते ;
गुणावर्त्तन्त इत्येव योऽवतिष्ठति नेंगते ॥२३॥

श्री धरीय टिका- [यसरी गुणातीतको स्वसंवेद्य (निजवोधगम्य) लक्षण भन्नु भएर परसंवेद्य (दोस्रोको बोधगम्य) लक्षण अर्थात् त्यसको आचार कस्तो हुन्छ, यस द्वितीय प्रश्नको उत्तर तीन श्लोकद्वारा भन्नु हुँदैछन्]-(१) उदासीनवत्-उदासीन समान साक्षी स्वरुपमा अवस्थित भएर (२) गुणकर्म सुख-दुःखादि द्वारा

जो विचलित हुँदैन अर्थात स्वरुपदेखि च्युत हुँदैन (३) सत्त्वादि गुण स्वस्वकार्यमा प्रवृत्त रहन्छन्, यिनको साथ मेरो सम्बन्ध नै छैन-यस किसिमको विवेक ज्ञान द्वारा जो चुपचाप अवस्थान गर्दछन्, चंचल हुँदैन ॥२३॥

आध्यात्मिक व्याख्या - "गुण जस्ता छन् त्यस्तै नै छन् - वायु स्थिर छ जसरी निर्वात दीप ।"-

निर्वात स्थानमा दीपशिखा जसरी स्थिर अचंचल हुन्छ, त्यसरी नै योगीको प्राणवायु स्थिर हुन जान्छ । अनि प्राणवायुको स्थिरतासँगै मन पनि अत्यन्त स्थिर हुन जान्छ । तब त्यो मन फेरि विषयमा भ्रमण गर्दैन । परन्तु देह प्रकृति जबसम्म हुन्छ तबसम्म योगीको प्रारव्ध कर्मको भोग देहादिमा जसरी हुनेवाला छ भैरहन्छ, परन्तु उसको मन ती सुख दुःख आदि भोगहरुमा निर्लिप्त रहन्छ अर्थात तिनीहरु सुखको विषय पाएर सुखी या दुःखद व्यापारमा दुःखित हुँदैन । तुर्यावस्थागत चित्तमा विषय संस्पर्श हुँदैन । जाग्रत, स्वप्न, सुषुप्ति एवं तुर्यावस्था-यी चारमा प्रथम तीन अवस्थाहरु सम्म भोगको आनन्दको अवस्था हो । चतुर्थावस्था शिव भाव हो, त्यहाँ केही छैन, कुनै भोग छैन । यस कूटस्थको पर जुन पुरुष चतुर्थ गुणातीत अवस्थामा छ त्यही ब्रहम हो । कूटस्थ नै क्षेत्रज्ञ पुरुष हो, त्यही सब कर्महरुको कारयिता हुन अनि जसले कर्म गर्दछ, विषयहरुमा लिप्त हुन्छ त्यो भूतात्मा हो । यो भूतात्मा नै श्वास या जीव हुन जो विषयहरुमा लिप्त हुन्छन् । कूटस्थ नै महत् हो, त्यो अणुभन्दा पनि अणु छ । चाँदी समान त्यसको आभा छ, त्यसको पर जुन पुरुष छ, त्यही हो शिव । यो श्वासनै ब्रहम हुन यस द्वारा नै ब्रहममा पुगिन जान्छन्, तब सब एक हुन जान्छन्, त्यस एकलाई देखेपछि सबकासब देखिइन्छन् । मनले सबको सृष्टि गर्दछ त्यो मन जसको कूटस्थमा रहन्छ त्यो सर्वज्ञ हुन जान्छन् । क्रियाको परावस्थामा साधक ब्रमस्वरुप हुन जान्छ अनि उसको चराचर रुप बोध या भाव गैहाल्दछन् । मन नै सब भावहरुको कर्त्ता हो, मन जब चर या अचर कुनै वस्तुको मनन गर्दछ, तब त्यो वस्तु मष्तिष्कमा आउँदछन् । त्यही मस्तकमा जब मन ब्रहमलीन हुन्छ, तब सारा चराचर वस्तुहरुको विनाश हुन जान्छन् । यही क्रियाको परावस्थाको ब्रहम हो । क्रियाको परावस्थामा जब आत्मा परमात्मामा युक्त भएर लीन हुन जान्छन्, तब सब किसिमको देख्नु सुन्नु संहृत हुन जान्छन, अनि तद्गत चित्त हुनुको कारण चराचर वस्तुहरुको नाश हुन जान्छन् अतयव त्यो शिवले नै रुद्ररुपमा सबको नाश गर्दछ । यो ब्रहम हो, यसैको नै सर्वदा ध्यान गर्नु पर्दछ, यसैबाट जन्म मृत्यु रहित भएर परमपदमा लीन हुन सकिन्छन् । सन्सारको त्यसको अपेक्षा दोस्रो कुनै श्रेयष्कर वस्तु छैन । यस किसिमसित सब वस्तुको त्याग आफसे आफ हुन जान्छन् । तब कुनै वस्तुतिर मन जाँदैन । अतयव अनुकूल एवं प्रतिकूल वस्तुहरु प्रति उसको राग या द्वेष हुन सक्तैन । सब विषयहरुमा त्यो औदासीन्य जस्तो रहन्छ अर्थात कुनै बाह्य व्यापारले उसलाई चचंचल गर्न सक्तैनन् । चित्तलाई बहिर्मुखी गर्ने योग्य सयकडौं घटनाहरु घटित हुन जान्छन्, परन्तु कुनै घटनाले उसको मनलाई बाहिर तान्न सक्तैनन् । विषयहरुको प्रवाह नदीश्रोत समान बहिरहन्छन्, त्यो त्यसमा डूब्दैन, श्रोतमाथि नै मानो पौडिरहन्छन् । प्राणको स्थिति ऊर्ध्वदेश अर्थात मष्तिष्कमा भएपछि साधकको यो अवस्था स्वाभाविक हुन जान्छ । यही प्राणवायुको स्थिरता हो । सारा गुणले आफ्नो काम गरिरहन्छन् तर त्यो निर्वात दीप समान स्थिर रहन्छ । यसरी आत्मस्थ पुरुष नै गुणातीत छन् । सुख दुःख या मोहमा उसको हृदय कत्तिपनि विचलित हुँदैन ॥२३॥

सम दुःख सुखः स्वस्थः समलोष्टाश्म कांचन;
तुल्य प्रिया प्रियो धीरस्तुल्य निन्दात्म संस्तुतिः ॥२४॥

श्री धरीय टीका- [अरु पनि]-(४) जुन मानिसलाई सुख दुःखमा समान ज्ञान हुन्छ, (५) जो स्वस्थ अर्थात् द्रष्टाको स्वरुपमा अवस्थित छ, अतयव (६) लोष्ट,-पाषाण एवं सूवर्णमा समज्ञान सम्पन्न छ, (७) सुख दुःखको हेतुभूत जुन प्रिय अप्रिय वस्तुहरु छन्, उनको विषयमा जसको तुल्य बुद्धि छ, (८) जो धीमान छ तथा (९) निन्दास्तुतिमा जसको तुल्य ज्ञान छ (त्यही गुणातीत छन्) ॥२४॥

आध्यात्मिक व्याख्या- "स्वीय अवस्थामा रहँदै, दुःख सुख दुबैमा समान रहन्छ, तेतिखेर सुन र ढुङ्गा, निन्दास्तुति दुबै समान हुन्छ, जसरी मतवाला प्रिय-अप्रियमा समान हुन्छ ; बुद्धिको पर पराबुद्धिमा दृष्टि हुन्छ ।"-

क्रियाको परावस्थामा जुन स्थिति हुन्छ, त्यही हो परा बुद्धि अर्थात आफु आफैमा रहनु । त्यस परमानन्द अवस्थामा जो नित्य मग्न रहन्छन, उसको अगाडि फेरि सुख दुःख भनेको के हो र सुख दुःख अन्तःकरणको धर्म हो, अतः जब मननै छैन तब सुख दुःख आउँछ कसरी । विषयासक्त चित्त सुखको वस्तु पाएर सुखी हुन्छ, दुःखको घटना घटेमा रोई रोईकन बेहाल भैदिन्छ । परन्तु जसले आत्मस्थ भएर यस जगद् एवं जगद् व्यापारलाई स्वप्न तुल्य बोध गर्दछन्, त्यस सदा जाग्रत मनुष्यलाई फेरि कसले सुख दुःख दिन सक्लान ! परमानन्दमा मग्न भएर जसले आफ्नो सांसारिक हिताहित तिर दृष्टि दिदैन । त्यसको सामुन्ने सुवर्ण एवं माटोको डल्लाको मुल्य समान छ । गुणस्थको नै स्तुति निन्दा हुन्छ, जस्ले गुणलाई अतिक्रमण गरी आत्मस्थ भएकोछ, त्यसको अगाडि फेरि स्तुति र निन्दामा अन्तर कहाँ ! मतवालालाई जसरी आफ्नो अवस्थाको ज्ञान हुँदैन, उसरी नै जसको लक्ष्य बुद्धिलाई छोडी पराबुद्धिमा प्रतिष्ठित छ त्यही गुणातीत छ । मद्यपि जसरी सुख दुःख प्रति उदासीन हुन्छ उसरी परावुद्धिमा स्थितिको कारण मुक्त पुरुषको अगाडि प्रिय अप्रिय नामको कुनै वस्तु हुँदैन ॥२४॥

मानापमानयोस्तुल्यस्तुल्यो मित्रादि पक्षयो;
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

श्री धरीय टीका- [अरु पनि भन्नु हुन्छ]- (१०) जो मानापमानमा तुल्य छ, (११) मित्रपक्ष र शत्रुपक्षमा तुल्य छन् तथा (१२) दृष्टादृष्ट विषयहरुको उद्यममा त्यागशील छ, यस किसिमको आचारले युक्त मनुष्य नै लोकमा गुणातीत कहलाउँछन् ॥२५॥

आध्यात्मिक व्याख्या- "मान-अपमान, शत्रु-मित्र, वृद्धि-क्षय तीनैमा नै तुल्य मतवाला समान । शुरु हुनुको पहिले नै त्याग भएको रहन्छ, शुरु नै गर्न चाहन्न अर्थात् क्रियाको परावस्थामा कुनै कर्म नै गर्न चाहँदैन-यसैको नाम गुणातीत हो ।"-

मतवालाको लागि जसरी तिरस्कार पुरस्कार दुबै एकै जस्तो छ गुणातीतको अवस्था पनि तेस्तै किसिमको छ। उनको कुनै काम संकल्पपूर्वक प्रारम्भ हुँदैन। कसैले केही गर्नको लागि भन्यो भने गरिदिन्छ। यदि कसैले बार बार निषेध गर्दछ त त्यो पनि उनको कानमा पुग्दैन। आमिष भोजन गऱ्यो या निरामिष, यसको कुनै धारणा नै उनलाई हुदैन, खान दियो अनि खाइदियो बस। मनको जस्तो लाग्यो गऱ्यो, गरेर पनि उसको लागि कुनै आनन्द छैन सन्ताप छैन। शत्रु पक्षले अपमान गऱ्यो, निन्दा गऱ्यो या मित्र पक्षले प्रशंसा गरे-केही पनि उनलाई ग्राहय छैन ॥२५॥

मांच योऽभिचारेण भक्ति योगेन सेवते ;
स गुणान्समतीत्यैतान्ब्रहमभूयाय कल्पते ॥२६॥

श्री धरीय टीका- [कुन किसिमले गुण्त्रयको अतिक्रमण गरिइन्छन्, यस प्रश्नको उत्तरमा भन्नु हुन्छ]- मलाई परमेश्वरको जुन अ़व्यभिचारिणी अर्थात एकान्त भक्तिसाथ जसले सेवा गर्दछन्, तिनीहरुले गुणत्रयलाई सम्यक्रुपले अतिक्रम गर्दै ब्रहमभाव अर्थात मोक्षलाई प्राप्त गर्नमा समर्थ हुन्छन् ॥२६॥

आध्यात्मिक व्याख्या - " 'मांच' मलाई अर्थात जसले क्रिया गर्दछ, अन्य दिशामा (मन) आसक्तिपूर्वक दृष्टि नगरी अर्थात सती भएर कूटस्थ प्रति एक दृष्टि गरेर आत्मामा रहनु, अपर वस्तुमा आसक्तिपूर्वक दृष्टि गरी नरहनु धारणा, ध्यान, समाधिपूर्वक गुरु वाक्यमा विश्वास गरेर जसले क्रिया गर्दछ जुन गुरुवक्त्रगम्य छ त्यो क्रियाको परावस्थामा रहिकन त्रिगुण रहित भएर आठै प्रहर समानरुपले स्थिर भै मेरो भाव अर्थात एक ब्रहम भएको छु या हुनेछु यस किसिमले कल्पना हुन्छ ॐ।" -

-अब श्री भगवान्ले त्रिगुणलाई कसरी अतिक्रमण गरिइन्छन् यो बताउनु हुँदैछन्। यसको उपाय हो अव्यभिचारिणी भक्तिरुपी योग द्वारा श्री भगवान्को सेवा। अव्यभिचारिणी भक्ति के हो ? आचार्य शंकर भन्नु हुन्छ-"न कदाचित यो व्यभिचरित तेन भक्तियोगेन भजनम्"।-जुन भक्तियोग कुनै समय अन्यथाभावलाई प्राप्त हुँदैन, त्यही भक्ति योग अव्यभिचारी हो। यस किसिमको अव्यभिचारी भक्तियोग द्वारा यथार्थतः भजन हुन्छ। साधारणतः हाम्रो अन्तःकरणमा नाना किसिमको वृत्तिहरु उदय हुन्छन्। परन्तु जुन अन्तःकरणमा अन्य वृत्तिहरुको उदय हुँदैन खालि सब भूतहरुको हृदयस्थ आत्मा, नारायण या ईश्वर जुन हाम्रो 'अहं' हो, त्यस 'अहं' बाहेक अन्य भाव या अन्य प्रत्यय जसको मनमा आउँदैन, उनकै नै अव्यभिचारिणी भक्तिद्वारा श्री भगवान्को भजन हुन्छ। सब रुपहरुमा उनको रुप छ, जगत्मा चेतन-अचेतन सारा पदार्थ परमेश्वरकै सत्ताले परिपूर्ण छन्, उनको सिवाय अरु केही छैन यसरी अनुप्राणित भएर भजन गर्नु नै प्रकृत भजन हो। यो खालि मुखैको कुरा मात्र होइन। चिन्तन मात्र गर्नाले यो भाव मनमा जमठ हुनेछ या स्थायी हुन जानेछ, एस्तो कुरा पनि त छैन। अनन्य भाव तबै हुन सक्दछ जब शब्द स्पर्श-रुप-रस-गन्ध द्वारा मन विचलित हुँदैन। यस किसिमको अवस्था प्राप्त गर्नलाई मन विल्कुलै निश्चल गर्नु पर्नेछ। मनले यदि मैला घोल्छन् या आसक्तिपूर्वक विषयहरु तिर लोलुप दृष्टि राख्दछन् भने त तेसको सतीत्व रहयो काँहा ! त्यो अव्यभिचारी भयो कसरी ! त्यो तबै अव्यभिचारी हुन सक्दछ, जब अन्य कुनै

वस्तुतिर आसक्तिपूर्वक दृष्टिपात नगरोस । दृष्टिलाई आत्माभिमुखी गर्नको लागि क्रिया गर्नु पर्नेछ, क्रिया द्वारा विना अवरोध प्राणस्थिर भएपछि त्यसको साथ मन पनि स्पन्दनशून्य हुन जानेछ । स्पन्दन शून्य मनको कुनै अवलम्बन रहँदैन । यस निरालम्बन चित्तमा नै अनन्यभाव या भक्तिको मूल फुटदछ । इडा-पिंगलामा श्वास चलुंजेल यो हुनै सक्तैन । क्रिया गर्दा गर्दा प्राणको स्थिरता सँगै जब श्वास सुषुम्नामा प्रवाहित हुनेछ र त्यो प्रवाह दीर्घकाल स्थायी हुनेछ त प्राण मस्तकमा पस्न जानेछ । तब आठै प्रहर स्थिर भाव हुनेछ । यस किसिम सित साधकले त्रिगुणातीत अवस्था प्राप्त गरी परम अभय पदलाई प्राप्त गर्दछन् । केवल ज्ञानको गफ हाँकेर या ठूला स्वरले हरिनाम लिएर आँसू बगाएर मात्रै काम चल्ने छैन । विषयहरु प्रति आसक्ति रहेमा प्रकृत भक्ति आउन सक्तैन कामिनी कांचनमा अत्यासक्त पुरुषलाई भक्ति प्राप्त हुँदैन । परन्तु जुन मानिसहरु ज्ञान भक्तिको श्रद्धापूर्वक चिंतन गर्दछन् उनको यथेष्ट उपकार हुन्छ । कबीर भन्नु हुन्छ -

"पावकरुपी राम है सब घट रहा समाय ;
चित्त चक्मक जिन नहिं हट्यो धूंवा हो हो जाय ॥"

कबीर भन्नु हुन्छ-राम अग्निरुप हुन, सब घटमा विराजीरहेछन्, जसले चित्तरुपी चक्मक्लाई अर्थात मनको कल्पनालाई हटाउन सक्तैन, त्यसलाई अग्नि दर्शनको सौभाग्य प्राप्त हुँदैन, खालि धूंवा मात्र देखिन्छन् ।

"चित्त कारणमर्थानां तस्मिन्नस्ति जगत्त्रयम ;
तस्मिन् क्षीणे जगत् क्षीण तच्यिकित्स्यं प्रयत्नतः ॥"

विषयहरुको कारण चित्त हो, त्यसैमा तीनै लोक वर्तमान छन्, त्यो चित्त जब क्षीण हुन्छ तब जगत् पनि क्षीण हुन जान्छन् । अतयव चित्त क्षयको चिकित्सा प्रयत्न पूर्वक गर्नु आवश्यक छ ।

त्यो वस्तु त सजिलो छैन, त्यो त नामरुपको अतीत छ, नामरुप मिट्नु बिना त्यो प्राप्त हुन सक्तैन । कबीर भन्दछन् -

"निसदिन दमे विरहिनी अन्तरगतको लाय;
दास कबीरा का बुझे सतगुरु गये लगाए ॥
जो जन विरही नाम के सदा मगन मन मांह ;
या दरपन की सुन्दरी कहू न पकडी बांह ॥"

कबीर दास विरहिणी हुन् अर्थात भगवान् सिवाय अन्य कुनै उसको मनमा उदित हुँदैन । दिनरात विरह ज्वालामा जल्दछन् जसको लागि जलिरहेछन् त्यो अन्तरमा घुसेर एकान्तमा बसेका छन् । कबीरको यस

ज्वालालाई अरु कस्ले बुझ्ला ? सदगुरुले यो आगो लगाईदिएको छ । कबीर नाम अर्थात् परमात्माको विरही हो, भगवान बाहेक अरु कुनै आकांक्षा गर्दैन, परावस्थारुपी परमात्मा जसलाई पाई प्राण शीतल हुन जान्छन्, त्यसलाई पाउनको निम्ति मन साधनामा मग्न भएकोछ । सोचेको थिए त्यसलाई साधारण दृश्य स्त्री पुत्रादि समान नै देख्नेछु परन्तु एस्तो भएन । कूटस्थमा जुन देखिइन्छन्, यो पनि बुझिन्छ तेही हो-यस्तो सोचेर जसले त्यसलाई हेर्न या समात्न जाने छ, उसलाई फेरि त्यो दृष्टिगोचर हुने छैन जस्तो ऐनामा सुन्दरी देखिइन्छन्, अनुभव गरिइन्छ तर समातिन जाँदैन । यसैकारण त्यसलाई समातेर पनि समात्न सकिदैन, पाएर पनि पाउँदैन । परन्तु जस्लाई यो विरहावस्था प्राप्त हुन्छ त्यसको मनमा कुनै विषयभिलाषा हुँदैन । अतयव चित्त स्पन्दन पनि रहँदैन । त्यस समय जे जुन देखिन्छन् सब विष्णुमय जानिइन्छन् । यो जगत प्रपंच मनको नै कल्पना हुन । त्यस मन रहुन्जेल प्रपंच मेटिने छैन । ब्रहमदर्शन पनि हुने छैन । *अतयव प्रकृत भगवद् भजन हो मनोनिग्रह, अनि मनलाई निग्रह गर्नुको सर्वश्रेष्ठ उपाय हो क्रिया* ॥२६॥

ब्रहमणो हि प्रतिष्ठाहम-मृतस्याध्ययस्य च;
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

श्री धरीय टीका-[उपर्युक्त लक्षण-सम्पन्न व्यष्टिको ब्रहम प्राप्तिको विषयमा हेतु बताउनु हुन्छ]-म ब्रहमको प्रतिमा हूम अर्थात् म घनीभूत ब्रहम हूम् । जसरी सूर्य मण्डल घनीभूत प्रकाश हुन्, त्यसरी नै म पनि ब्रहमको घनीभूत प्रकाश हूम् । म नित्य मुक्त हुनुको कारण नित्य अमृत अर्थात मोक्षको प्रतिष्ठा हूम् । परमानन्द स्वरुप हुनुको कारण ऐकान्तिक अर्थात अखण्डित सुखको पनि मै प्रतिष्ठा हूम् । शुद्ध सत्त्वको कारण मै मोक्षको साधन रुपमा शाश्वत धर्मको प्रतिष्ठा हूम् । अतयव मद्भक्तहरुको मद्भाव प्राप्तिको अवश्यम्भावित्वको हेतु उनको ब्रहमभाव प्राप्तिमा समर्थ हुनु युक्तियुक्त नै छ ॥२७॥

श्री कृष्णको अधीन रहनेवाला भक्तगण गुणत्रय प्रति आसक्ति द्वारा संगठित यस भवसागर देखि सुखसँग पार हुन जान्छन यही चतुर्दश अध्यायमा श्री भगवान्‌ले भन्नु भएकोछ ।

आध्यात्मिक व्याख्या-"त्यस ब्रहममा जब क्रिया गर्दा गर्दा प्रकृष्टरुपले स्थिति हुन्छ तब अमर पद पाइकन अमृत क्षरण हुन्छ अर्थात एक ब्रहम हुन जान्छन्-तब अव्यय अविनाशी हुन्छ-किनभने ब्रहम सब हुन गएपछि नाश भए पछि जुन हुन्छ त्यो पनि ब्रहम हो, एक वस्तु भएपछि वस्त्वन्तर हुनु विना नाश कसरी हुन सक्ला ? नित्य त्यसै अवस्थामा रहेपछि अर्थात आठै पहर त्यसै अवस्थामा रहेपछि त्यो पनि ब्रहम हुन जान्छ-यसको नाम नै धर्म हो-अधर्मको नाम धर्म हो अर्थात् अन्य कुनै वस्तुमा आसक्तिपूर्वक दृष्टि नगरी आत्मामा रहनुको नाम हो धर्म फलाकांक्षा रहित क्रिया गर्नुको नाम धर्म हो जुन गुरुवक्त्रगम्य छ-जहाँ रहँदा खेरि सुखको एक अन्त हुन्छ अर्थात बराबर एकै अवस्थामा परमानन्द सुखमा अवस्थिति प्राप्त गर्दछ जुन क्रियाको परावस्थामा जसले क्रिया गर्दछन् सबलाई धेरथोर हुन्छ-अरु सुखको लागि सबैले अर्काको गुलामी गर्दछन् अनि महाशय महाशय भनेर खुशामद् चाकरी गर्दछन् !! किन्तु "विरलै नै

महाशय" जुन अष्टावक्रले भनेको छ अर्थात जो सदा सर्वदा विशेषरुपले दिव्यदृष्टि द्वारा आत्मशक्ति पूर्वक कूटस्थमा अडकिरहन्छन्, तत्पद सिवाय अरु केही देख्दैनन् तिनीहरु नै महत् एवं महाशय हुन त्यही महापुरुषले जे जो दिन्छन तेसलाई पाएर केही क्षणहरुको लागि सुख होला, परन्तु जुन सुखको अन्त छैन, एस्तो सुखको प्राप्तिको इच्छा कसैलाई हुँदैन यस्तो सुखको लागि सर्वसाधारणले इच्छा गर्नु पर्दछ !!!"

-पूर्व श्लोकमा भनिसकिएको छ-अचला भक्तिको साथ जसले मेरो सेवा गर्दछ त्यसले गुणत्रयलाई अतिक्रम गर्दै ब्रहमत्त्व या ब्रहम भावलाई प्राप्त गर्दछ । अतयव एस्तो बुझिन्छ जानिइन्छ - ब्रहम भाव प्राप्ति गर्नको निम्ति गुणहरुलाई अतिक्रम गर्नु आवश्यक छ अर्थात इडा, पिंगला र सुषुम्नाको अतीत अवस्था प्राप्त गर्नु आवश्यक छ । 'म' त्यस ब्रहमको प्रतीक अर्थात घनीभूत स्वरुप हूम् । यहाँ 'म' के हो ? यो, त्यो कूटस्थ हो जसले गीता भनेकोछ । ब्रहम नै अन्तिम गन्तव्य स्थान हो । त्यो सबै किसिमको उपाधिहरु देखि विवर्जित छ सत्तामात्र एवं निर्गुण स्वरुप छ । यो क्रियाको परावस्था द्वारा लक्षित हुन्छ । यो निर्गुण स्वरुप छ । यो क्रियाको परावस्था द्वारा लक्षित हुन्छ । यो निर्गुण स्वरुप अदृश्य, अस्पर्श एवं अव्यवहार्य छ, त्यसमा न आनन्द छ नत निरानन्द । जल जसरी वाष्पको घनीभूत मूर्त्ति हो, हिम जस्तो जलको घनीभूत मूर्त्ति हुन, त्यसरी नै निरवयव, निर्लिप्त, विश्वव्यापी आत्मसत्ताको घनीभूत प्रकाश यो कूटस्थ चैतन्य हो । त्यही श्री कृष्ण हुन्, अर्जुनको ज्ञानदाता हो, समस्त उपासकहरुको ज्ञानदाता हुन । अतयव रुप विवर्जित ब्रहमको यदि केही कुनै प्रतिष्ठा या आश्रय छ, जसलाई अवलम्बन गरेर ब्रहमले आफुलाई प्रकाशित गर्दछन् त त्यो कूटस्थ चैतन्य श्री कृष्ण हुन । यो कूटस्थ चैतन्य एवं ब्रहम एकै हुन, *ब्रहम मन बुद्धिको अतीत छ अनि यो कूटस्थ मन बुद्धिको लागि ग्राहय छ, यही विशेषता छ ।* परन्तु यसलाई ब्रहमदेखि पृथक गर्न संकिदैन । जसरी सरोबरमा कमल फक्रेर फुल्दछ उसरी नै ब्रहम ज्योतिसरोबरमा यस कूटस्थ चैतन्यको विमल ज्योति स्फुरित हुन्छ । यही अरुपको रुप हो । भक्त साधक एसै रुपलाई देखेर कृतार्थ हुन्छन् ।

"एकस्त्वमात्मा पुरुषः पुराणः
सत्यः स्वयं ज्योतिरनन्त आद्यः"

तिमी सर्वत्र एक रुप छौ, सब प्राणिहरुको आत्मा तिमी हौ, शरीररुपी पुरहरुमा तिमी अवस्थित छौ, तिमी नित्य विद्यमान छौ, सत्यस्वरुप एवं स्वयं प्रकाश छौ, तिमी अन्तहीन तथापि सबैको आदि हौ । यस कूटस्थ चैतन्यको जो उपासक छन्, तिनीहरु नै क्रियाको परावस्थामा सर्वव्यापी ब्रहम स्वरुप हुन जान्छन् । किन्तु त्यो अविज्ञात भाव हुन, हाम्रो इन्द्रिय मनले त्यसको कुनै धारणा गर्न सक्तैन त्यो अविज्ञात ब्रहम जसलाई आश्रय गरेर व्यक्त हुन्छन, त्यो ब्रहमको निज शक्ति या माया हुन, त्यही सगुणभाव महेश्वर भाव हुन, त्यसलाई पुरुषोत्तम पनि भन्दछन् अनि आद्याशक्ति पनि भन्दछन् । योगीहरु यसै शक्तिलाई कूटस्थ चैतन्य भन्दछन् अनि यसैलाई भेदन गरी योग धारणा द्वारा पुरुषोत्तमको ज्ञान प्राप्त गर्दछन् । 'म' नै त्यो एक पुरुष ब्रहमाण्ड व्यापक हूम्, जब एसरी अनुभव हुन्छ तबै "सर्वं ब्रहममयं जगत्" हुन्छ । अर्थात आत्मा परमात्मा ब्रहमस्वरुप हुन जान्छन् अनि सबकासब ब्रहमस्वरुप हुन गएपछि 'म' पनि रहदैन । क्रिया द्वारा स्थिति पद प्राप्त भए पछि नै उपर्युक्त अवस्था प्राप्त हुन्छ । यही हो अमृतपद । यसको कहिल्यै नाश हुदैन, अतः

अव्यय छ । अन्य कुनै वस्तुमा आसक्तिपूर्वक दृष्टि नगरी आठै प्रहर जो एस अवस्थामा मग्न रहन्छन् - यो क्रियाको परावस्था नै शाश्वत धर्मको प्रतिष्ठा हो, अनि एसमा जुन शान्ति र आनन्द छ, त्यो रिपुको दासत्व या मानिसहरुको दासत्व द्वारा प्राप्त हुन सक्तैन । यो परमपद नै ऐकान्तिक सुखको एकमात्र आश्रय हो, यही नै एकमात्र निरतिशय सुखस्वरुप छ । त्यस अवस्थामा कुनै अन्य वस्तुको इच्छा हुँदैन । यसरी इचछारहित भएपछि शान्तिपद या अमृतपद प्राप्त हुन्छ । यो अमरपद नै ब्रहमयोनि हो अर्थात यस स्थितिपद देखि नै ब्रहमस्वरुपता प्राप्त हुन्छ । यस ब्रहमयोनि देख नै सबैको उत्पत्ति छ अनि एसैमा नै सबको लय हुन्छ । यस सन्सारमा जीव आवागमन गरी रहन्छन । यस किसिमसँग लाखौ लाखौं जन्म व्यर्थै वितेर जान्छन्, परन्तु ब्रहमको मौलो (मियो) प्राणलाई जसले दृढरुपसँग समातेका हुन्छन्, केवल तिनीहरु नै यस आवागमन देखि मुक्त छन् ॥२७॥

इति श्यामाचरण-आध्यात्मिक दीपिका नामक गीताको चतुर्दश अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

चतुर्दश अध्यायको सारांश

सर्वव्यापी ब्रहम निराकार निरवयव छ, परन्तु त्यो घटस्थ भएपछि उस्को नामरुप उपाधि हुन्छन । असंख्य घटहरुको जलमा जसरी आकाशको नामरुप उपाधि हुन्छन् । असंख्य घटहरुको जलमा जसरी आकाशको सानो सानो प्रतिविम्ब पर्दछन् त्यसरी नै प्रत्येक देह घटमा कूटस्थ ज्योति एवं त्यसभित्र बिन्दु त्यस बिशाल ब्रहमस्वरुपको प्रतिबिम्ब हुन । यस देह घटमा आसक्तिपूर्वक दृष्टि गर्नाले नै अविनाश कूटस्थ ब्रहम बद्धवत परिदृष्ट हुन्छन् । तब इडा-पिंगला-सुषुम्नारुपी यन्त्रमा आरुढ भएर शिवस्वरुप आत्मा पंचतत्व-मन-बुद्धि अहंकाररुपी उपाधिहरुले ग्रस्त भएर जीवभावमा मोहित हुन्छन् । क्रियाको परास्थिति भएपछि नै यो बन्धन छुट्दछ । जसरी ऐना मलिन भएपछि त्यसमा प्रतिविम्ब स्पष्टरुपसँग उपलब्ध हुँदैन, त्यसरी नै निर्मल कूटस्थ ब्रहम पंचतत्त्वमा आई परेपछि आत्माको सुनिर्मल भाव आवृत्त हुन जान्छन् । तब खिया लागेको तरबार समान त्यसमा मुख देखिदैन, सब अन्धकारवत् हुन जान्छ । प्राणप्रवाह इडा-पिंगलामा चलेपछि जीवको यस किसिमको दशा हुन्छ, तब सर्वत्र व्याप्त ब्रहमको मानो कतै कुनै पत्तो लाग्दैन । इडामा प्राण चल्दा खेरि खालि विषय चिन्तन नै प्रबली हुन्छन, तब मन विषय तृष्णामा उद्भ्रान्त भएर आफुले आफैलाई विर्सन जान्छन् । पिंगलामा प्राण प्रवाह चल्दा खेरि मनुष्य ठीक उन्मत्त समान हुन जान्छ, कुनै किसिमको ज्ञान या धैर्य उसलाई रहँदैन । आलस्य प्रमादमा जीव हत चेतन हुन जान्छन् र अज्ञानान्धकारमा परेर खालि गोता खाइ रहन्छन् । सुषुम्नामा श्वास चलेपछि मन सात्विक भावले पूर्ण हुन जान्छन् । श्वासको गति अनुसार मनको गति पनि सर्वदा परिवर्तित भैरहन्छन । यसैले जस बाट श्वास स्थिर होस त्यही यत्न गर्नु ठीक छ । श्वासमा लक्ष्य राखेपछि नै श्वासको चंचलता घट्दछन । जसले जति जति नै क्रियालाई वृद्धि गर्दछ उति उति नै धरै सत्त्वगुण वृद्धिलाई प्राप्त हुन्छन । अतीव सत्त्वगुणको प्रस्फुरण भएपछि साधकलाई सम्यक् प्रकारले इच्छा रहित अवस्था प्राप्त हुन्छ । त्यतिबेला यदि देहत्याग हुन्छ त त्यो ब्रहम चिन्तनमा हुनेछ, त्यसबाट साधकलाई ब्रहमलोकको प्राप्ति हुनेछ । त्यहाँ प्रकृतिको मलयुक्त भाव नहुनुको कारण साधकले ब्रहमपदमा स्थिति लाभ गरी परमानन्दमा मग्न हुन जान्छन । रज: तमोगुणको स्फुरणको समय देहत्याग भएपछि कर्ममय या अज्ञानाच्छन्न जीवन प्राप्ति हुन्छ । धेरै धेरै

बेरसम्म क्रिया गरेपछि सत्त्वगुणको बढोत्तरी भैरहन्छ, तब श्वास ऊर्ध्व अर्थात् मस्तकमा प्रवेश गर्दछ, तबै शान्ति पद प्राप्त हुन्छ । जुन मानिसहरु वासनावशात क्रिया गर्दछन्, तिनीहरु फेरि मनुष्य योनिमा फर्केर आउँदछन् । जसले क्रिया गर्दैन, उनको अन्तःकरण देखि कामवृत्ति कहिल्यै पनि दूर हुँदैन । उनको दृष्टि अधोदिशामा छ अतयव उनको गतिपनि त्यस्तै नै हुन्छ । जे जति कर्म हुन्छन ती सब यस त्रिगुणकै खेल हुन अनि इडा पिंगला सुषुम्नामा प्राण प्रवाहको कारणले हुन्छन । आत्मा यी सब व्यापारहरु देखि माथि छन्, यसै कारण त्यसलाई त्रिगुणातीत भन्दछन । इडा पिंगला सुषुम्नाको क्रिया जब सम्म चल्दछ तबसम्म कसैलाई पनि विमुक्ति प्राप्त हुँदैन । परन्तु साधना द्वारा जसले निरन्तर अविराम आत्मदृष्टि राख्न सिकेकोछ तिनीहरु गुणहरुको कार्यमा आसक्त नहुनुको कारण स्थिर भावलाई प्राप्त हुन्छन् । उनको बुद्धि पराबुद्धिको भित्र प्रविष्ट भएर अमृतपदलाई प्राप्त गर्दछन् अर्थात तिनीहरु सर्वदा क्रियाको परावस्थामा अवस्थित रहन्छन् । यस किसिमको साधकको चित्त तद्‌गत छ, त्यसमा अरु कुनै कामना रहँदैन, त्यतिखेर उसको प्राण प्रवाह इडा पिंगला सुषुम्नामा विशेष भावले चल्दैन, उसको प्राण सूक्ष्मरुपले ब्रहमनाडीको भित्र चल्दछन । यही हो गुणको अतिक्रमण । *सारा गुण संचालित हुन्छ प्राणवायु द्वारा, अतयव जब वायु स्थिर हुन्छ त गुणहरुको गुणत्त्व केही रहँदैन ।* यस अवस्थामा स्थित पुरुषको लागि सुवर्ण एवं पत्थर, निन्दा स्तुति मान अपमान, शत्रु र भित्र सबै समान जानिइन्छन् । आठै प्रहर समान भावले जसको यस किसिमको स्थिति हुन्छ त्यही जीवन विमुक्त हुन् । प्राणि शास्त्र अनुसार उत्पादन एवं संहरण-यी दुई क्रियाहरु जीवन तत्वको प्रधान विषय हुन । यी दुई क्रियाहरु परस्पर विपरित भएर पनि एक दोस्रोको साथ मिलिकन अवस्थित छन् । कोही कसैलाई छोडेर रहन सक्तैन । यी सदा एकसाथ रहन्छन् । हिन्दुहरुको लिंग पूजामा यो मिलित भाव धेरै नै सुस्पष्ट रुप्मा वर्तमान देखिन जान्छन । योनिको साथ लिंगको नित्य सम्बन्धरुप मूर्त्ति हो शिवलिंग यसलाई बुझ्नको लागि पहिले जुन बुझ्नु आवश्यक छ त्यस प्रसंगलाई नै यहाँ मैले उठाउँदछु । संहरण क्रियाको सर्वप्रधान व्यापार हुन उत्सर्ग-क्रिया-प्रश्वास या वायुको अपगम । यस द्वारा नै प्रत्येक जीवाणु कोषिकाको मल बाहिर प्रक्षिप्त हुन्छन् । क्षण भरको लागि पनि यदि यो क्रिया बन्द हुन गएमा त जीवको जीवन नै रहँदैन । उपाय विशेष द्वारा यो श्वासको निर्गमन रोक्न सकिन्छ । तब श्वास ग्रहण पनि आवश्यक हुँदैन । समाधि मग्न योगीको यो अवस्था यति स्वाभाविक हुन्छ सर्वसाधारणको श्वास गृहण र त्याग उनको लागि अस्वाभाविक जानिइन्छन् । श्वासको बहिः क्रिया निरुध्द भएर पनि उनको श्वसन क्रिया भित्र भित्र नै चलिरहन्छन् । त्यतिबेला त्यो सुषुम्ना नाडीको भित्र रहन्छ, अतयव बाहिरबाट उसको क्रिया लक्षित हुँदैन । श्वास एकदमै रुध्द भएमा पनि शरीर रहन सक्तैन । हाम्रो शारीरिक समस्त व्यापार यस श्वसन क्रियाको अधीनमा छन । पशुपक्षी, कीटपतंग यहा सम्म कि वृक्षलता आदिको भित्र पनि यो श्वसन क्रिया अविरत गतिले चलिरहन्छन । सुषुम्नाको भित्र श्वसन क्रियाको बाहय चिन्ह रहँदैन । उसको अस्तित्वको प्रमाण यही छ - श्वसन-क्रिया नहुँदो होत बीजको भित्र अंकुरको उत्पत्ति हुन सक्तैन । भुटेको बीजमा टुसा उम्रदैन अकुंर निस्कदैन, किनभने त्यसको भित्र प्राण प्रवाहिकाको आधार स्वरुप नाडी अग्निमा जलेर नष्ट हुन जान्छन् । यो प्रवाहिका जबसम्म रहन्छ तबसम्म जीव मृतवत भएर पनि उसको जीवनी शक्ति फर्केर आउन सक्दछ । प्रवाहिका नष्ट हुन गएपछि जीवनको

फेरि कुनै आशा रहँदैन । समाधि मग्न योगीको बाहय श्वास क्रिया रहँदैन, यहाँ सम्म कि चक्षु, कर्ण, नासिका, जिहवा, त्वक्को भित्र पनि प्राणको स्पन्दन पाईदैन । तरै पनि उनको भित्र निश्चय नै प्राण रहन्छ, किन भने व्युत्थित योगीको इन्द्रियादिको कार्य साधारण जीवको समान नै देखिन जान्छन । यो प्राण धारा जब इडा पिंगलाको भित्र देखि प्रवाहित हुन्छ तब हामीले श्वासको आउनुजानुलाई लक्षित गर्दछौं । जीवको यस अवस्थालाई साधारण भाषामा जीवितावस्था भन्दछन । एकमात्र प्राणकै नै विविध कार्यहरु अनुसार तथा उनको विभिन्न स्थानहरुमा गति अनुसार प्राण, अपान, समान, उदान, व्यान, नाग, कुर्म, कृकर, देवदत्त, धनंजय आदि उपाधिहरु दिइन्छन । यसरी प्राण शरीरमा सर्वत्र विचरण गरी देहेन्द्रिय मनोबुद्धि आदिलाई आफ आफ्नो कार्य संस्थापित गर्दछन् । सृष्टि, पोषण र ध्वंसको कार्य यस प्राणकै नै शक्ति विशेष हुन् । यी सारा कार्य शक्तिहरु ब्रहमा, विष्णु एवं रुद्र नामले अभिहित हुन्छन् । *सृष्टिको स्थान छ मूलाधार देखि नाभिसम्म । नाभि एवं वक्षः स्थलको बीचमा पोषण कार्य संपादित हुन्छन । कण्ठ देखि आज्ञाचक्र सम्म लयस्थान छ अनि त्यसको माथि सहस्रार अमृतमय स्थान छ ।* यस स्थानमा स्थिति भएपछि जीव अजर एवं अमर हुन जान्छन् । प्राणापानादि सामान्यतः विक्षिप्त स्वभाव छन्, परन्तु प्राणको एक अपरिवर्तनीय भाव पनि छ, त्यही आत्मा हो । प्राणको यो स्थिर भाव नहुँदो हो चचंचलता पनि रहने थिएन । यो स्थिर र चचंचल भाव, योनि र लिंग प्रकृति र पुरुषको संयुक्तावस्था समान एक साथ गाँसिएर रहन्छन् । तेस देखि नै मानो जगत् एवं ब्रहम एक सूत्रमा ग्रथित छन्, अतः यस चंचलता देखि स्थिर भावलाई बाहिर गर्नु पर्नेछ । जस्तो दूधको जलभागलाई अलग गरेपछि त्यसको भित्र घृत देखिन्छन्, त्यसरी नै अनन्त चचांचल्यको भित्र देखि अनन्त स्थिरतालाई बाहिर ल्याउनु पर्नेछ । मुंजतृण देखि इषीका (सीक) ग्रहण गर्नुको समान धैर्यसाथ स्थिर प्राण अन्तरात्मालाई प्राणायामादि योग कौशल द्वारा शरीरेन्द्रिय देखि बाहिर ल्याउनु पर्नेछ । सूत्रात्मा (जीव या प्राण) परमात्माको साथ नित्य योगयुक्त छ तथापि जीवको अदृष्ट वश स्वयं केन्द्र देखि परिधि पर्यन्त भ्रमण गरी फेरि केन्द्रतिर फर्कन्छ । जीब बहिर्मुख भएर केन्द्र देखि परिधिको भित्र पुनः पुनः घुम्दै भटकिरहेको छ । जन्म मृत्यु चचांचल्य जनित सुख दुःखादिको विकार स्वकेन्द्रदेखि बहिर्भागमा विचरणको कारण हुन्छ । फेरि आफ्नो केन्द्रमा फर्केर आए पछि यी सारा चचंचलताको लेशमात्र पनि रहँदैन । साधनाको प्रभावले प्राणादि वायु आफ्नो केन्द्र सूत्रात्माको भित्र फर्केर आउँदछ । सूत्रात्मा परमात्मामा सम्मिलित भएपछि जुन अवस्था प्राप्त हुन्छ योगीहरुले त्यसलाई अवस्था भेदले सविकल्प एवं निर्विकल्प समाधि नाम दिन्छन । प्राणलाई रुद्र भन्दछन् । जसरी रुद्र संख्यामा एकादश छन त्यसरी नै प्राण पनि (प्राण, अपान, समान, उदान, व्यान, नाग, कूर्म, कृकर, देवदत्त, धनंजय) सूत्रात्मालाई लिएर एकादश छन् । प्राणको रुद्र हुनुको प्रमाण छ-*"ये रुद्रास्ते खलु प्राणाः"* । रुद्रको अर्थ छ जसले रोदन गराउँदछन् । यो प्राणरुपी रुद्र नै विभिन्न नाडीहरु देखि प्रवाहित भएर देहीलाई अष्ट पासमा मानो आबद्ध गरी राख्दछन् । दर्शन श्रवणादि क्रिया सब प्राणवायुकै अधीनमा छन् यही दर्शन श्रवणादि द्वारा जीव मोहाविष्ट भएर विषयहरुमा आसक्त भै बद्ध हुन्छन् । अनि धेरै दिनसम्म दुःख भोग्दै रुदै गर्दछन् । यसैले श्रुतिमा ऋषिहरुले प्रार्थना गरेकाछन्-

"रुद्र यत्ते दक्षिण मुखं तेन मां पाहि नित्यम्" ॥-

हे रुद्र ! आफ्नो प्रसन्न दक्षिण मुख द्वारा मेरो सदा रक्षा गर्नुहोस प्राणको स्थिरता नै रुद्रको दक्षिण मुख हो। प्राण जब सुषुम्नावाही हुन्छ त उसको प्रसन्न भावले साधकलाई अभयप्रदान गर्दछन्। प्राण सुषुम्नावाही भएर प्रशान्त भाव धारण गर्नु बिना पुनः पुनः जन्ममरणको चक्कर देखि परित्राण पाउनुको दोश्रो कुनै उपाय छैन। यही प्रकृत शिवोपासना या लिंग पूजा हो। यस किसिमको शिवोपासना नै सारात्सार तत्व हो। जानिन जान्छ भक्त साधक तुलसीदासले यसै कारण भनेको छ -

"औरो एक गुपुत मत सबहिं कहौं करजोरी ;
शंकर भजन बिना नर भगति न पावै मोरी ॥"

लिंग र योनी, यी दुई सृष्टि कार्यको प्रधान उपकरण हुन। शिव शक्ति, पुरुष प्रकृति अथवा ईश्वर र माया यी युग्मभाव यस लिंग एवं योनिकै सांकेतिक नाम हुन। यद्यपि यी एककै नै विभिन्न प्रकाश हुन तथापि यी दुबैको मूल शक्तिहरुको संयोगले नै सारा सृष्टि कार्य हुन्छन। यी दुबै शक्तिहरु स्वरुपतः बीजावस्थामा एकत्र मिलित रहन्छन्, त्यतिखेर बीजको भित्र यी दुबै अभिन्न रुपमा वर्तमान हुन्छन। यस अभिन्न युग्मभावलाई नै ईश्वर या ईश्वरी भन्दछन्। यस ईश्वरको भित्र एकातिर जहाँ सृष्टिकारिणी शक्ति विद्यमान रहन्छ त्यहाँ अर्कोतिर त्यो तद्रुप प्रपंचातित शान्त शिवाद्वैत परब्रहमरुपमा वर्तमान छ। त्यतिखेर शिव र शक्तिलाई पृथकरुपमा बुझ्न सक्तैन। परन्तु जब परब्रहमको भित्र सृष्टिको इच्छा हुन्छ, तब उनको यस सृष्टिमुखी संकल्परुपी बुद्बुदको उदय हुँदा नहुँदै शिवशक्ति पृथक हुन जान्छन अनि द्वैत तत्त्वको विकास हुन थाल्दछन्। परन्तु शिवशक्ति त्यतिखेर पनि विच्छिन्न हुँदैन। त्यतिबेला पनि अंगांगी भावले अच्छेद्य बन्धनमा मिलिरहन्छन्। तेतिखेर अलिंग पद वाच्य नभएर पनि त्यो ज्ञान गोचर हुँदैन। यसैले यस भावलाई पनि अव्यक्तावस्था भन्न सकिन्छ। यही शिव शक्तिको समरस भाव हुन, यही जगदम्बा या आद्या शक्ति हुन, यसमा जुन चैतन्य छ त्यही द्वितीय पुरुष हो। पश्चात् यस अव्यक्तावस्थालाई भेदन गर्दै भाष्कर ज्योति आविर्भूत हुन्छन्, त्यसलाई नै लिंग भनिन्छ, यही तृतीय पुरुष हो। यसै स्थानबाट प्रकृति पुरुष भेद आरम्भ हुन्छ। लिंग जब प्रकाशित हुन्छ त त्यसको साथ योनि पनि उत्पन्न हुन्छन्। प्रथमतः जुन एक अद्वितीय थिए, पश्चात् जुन द्वैतरुपमा प्रकाशित भएर पनि अव्यक्तको भित्र अंगांगीरुप मा वर्तमान थियो, अब त्यो अभेद भाव मानो छुट्टिन गयो, प्रकृति पुरुष दुबै पृथक भावमा प्रकाशित हुन लाग्यो। परन्तु पारस्परिक पृथक अस्तित्व प्रस्फुटित भएर पनि एस्तो जानिइन्छन यी एक दोश्रोको साथ मानो जुटेका छन्। वस्तुतः यस अवस्थामा उनको पृथक रुप या भाव प्रकाशित भएर पनि तिनीहरु कदापि एक दोश्रोलाई छोडेर रहँदैनन्। यही प्रकृति-पुरुषको पृथक एवं मिलित भाव हुन। योगीजनले यसलाई कूटस्थ ज्योतिरुपमा दर्शन गर्दछन्। ज्योतिर्मय प्रकृति मण्डलको मध्य विन्दु या केन्द्र स्थानीय जुन कृष्ण गोलक सानो शालग्राम पत्थर समान छ, त्यही राधावक्ष स्थल स्थित श्रीकृष्ण हुन्। त्यही साधकहरुको ध्येय सवितृमण्डल मध्यवर्ती पुरुष हुन्। यो पुरुष पुरुषोत्तम नारायण या द्वितीय पुरुषसँग अभिन्न छ। किन्तु ज्योति एवं त्यसको बीचमा स्थित कृष्ण अर्थात "पुरुषं कृष्ण पिंगल" नीलपीत मिश्र वर्ण छ, त्यही तृतीय पुरुष हुन्। यी दुबैको सम्बन्ध एस्तो छ एकलाई छोडेर दोस्रो प्रकाशित हुन सक्तैन यही युगल भाव हुन। सब किसिमको सृष्ट पदार्थहरुमा यो युग्भभाव अनुस्यूत छन्। यो युगम रुप शिवशक्ति-समरस भावपूर्ण

चिदाकाश देखि सरोवरको जलमा प्रस्फुटित कमलपुष्प समान उत्थित हुन्छ, ठीक योनिको भित्र शिव लिंग समान । ज्योति नै मानो प्रकृतिको शरीर हो अनि कृष्ण गोलकको भित्र बिन्दु मानो पुरुषको शरीर हो । यी शरीरद्वय पृथक भावले प्रकटित भएर पनि अनादिकाल देखि नै नित्य मिलितावस्थामा वर्तमान छन । यो ज्योति स्वरुप शरीर त्रिगुणान्वित छन, यसैले एसलाई तीनरेखाहरुको रुपमा कल्पना गर्दछन् । यी तीनै रेखाहरुको मिलनले एक त्रिभुज गठित हुन्छ । यी तीन्टै वस्तुतः एक भएर पनि गुणहरुको प्रभेदले बिभिन्नाकार (श्वेत-रक्त-कृष्ण रुप) लाई प्राप्त हुन्छन् । परन्तु त्यस अवस्थामा पनि उनको केन्द्र मध्यस्थ बिन्दु एक नै हुन्छन् । यो योनिमण्डल ऊर्ध्वमुख एवं अधोमुख योनिलाई मातृयोनि भन्दछन् । यही मातृयोनिलाई भेदन गर्दै साधक माथि उठनु पर्ने हुन्छ । यसै कारण तन्त्रमा भनिएको छ -

"मातृयोनि परित्यज्य सर्वयोनिं (ब्रहम) समाचरेत" ।

परन्तु उभय योनिहरुको केन्द्र हो त्यो बिन्दु । यस बिन्दु स्थानलाई जान्नु बिना या नजानिकन कोही साधक बन्न सक्तैन । यद्यपि उभय योनिहरुको भित्र त्यो एक बिन्दु (पुरुष) वर्तमान छ तथापि जगत योनि कुण्डलिनीको माथि र अधो भागमा अवस्थानको कारण यस बिन्दुमा पनि मानो दुईको भ्रम हुन्छ । यी दुई बिन्दु थर्मामिटरको पारो समान माथि पनि रहन सक्छ अनि तल पनि । फरक एति छ यो विन्दु एकै समयमा उभय योनिहरुमा वर्तमान हुन्छ । जब यो बिन्दु अधोमुखी भएर मूलाधारस्थ त्रिकोण यन्त्रमा अवस्थित हुन्छ, तबै संसाराभिमुखी वासना प्रवाहित हुन्छन्, शिव जीवरुपमा प्रकाशित हुन्छन् । यस अधोमुखी बिन्दुलाई ऊर्ध्वमुख गर्नुको प्रकृया हो षटचक्र भेदन क्रिया या प्राणायाम । यसलाई मूलाधार देखि मानो बलपूर्वक उठाएर आज्ञाचक्रमाथि ऊर्ध्व त्रिकोणमा संस्थापित गर्नु पर्दछ । प्राण संयम द्वारा ऊर्ध्व-त्रिकोण-क्षेत्रमा बिन्दु संस्थापित हुन्छ तब जीव शिव हुन जान्छन । यसैलाई स्मरण गरी वेद भन्दछन्-

"ऊर्ध्व-लिंग विरुपाक्षं विश्वरुपं नमोनमः"-

यो विरुपाक्ष छ, किनभने यसको दृष्टि त्यतिखेर जगतमा सम्बद्ध हुँदैन । ऊर्ध्व त्रिकोणमा विन्दु प्रतिष्ठित भएपछि प्रपंचातीत अवस्थासंग साक्षात्कार हुन्छ । ऊर्ध्व त्रिकोणमा बिन्दुलाई धारण गर्नु नै गर्भाधान क्रिया हो । *ऊर्ध्व त्रिकोणमा गर्भधारण भएपछि जगत संसार लय भएर ब्रहममुखी अप्राकृत अवस्था उदित हुन्छन् तथा अधः त्रिकोणमा गर्भाधान भएपछि जगत् प्रपंच प्रकटित भै संसाराभिमुखी हुन्छन् ।*

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता
पंचदशोऽध्याय
(पुरुषोत्तमयोग)
(संसार-अश्वत्थ)

श्री भगवानु वाच-

ऊर्ध्व मूलमधः शाखमश्वत्थं प्राहुरव्ययम्;
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

श्री धरीय टीका-[वैराग्य विना भक्ति या ज्ञान हुदैन यो स्पष्ट अर्थात् व्यक्त छ । यसैले श्री भगवान्ले् १५औ अध्यायमा वैराग्यको साथै ज्ञानको उपदेश दिनु हुन्छ]

[१४ औ अध्यायको अन्तमा (२६-२७सौ श्लोकमा) "मां च योऽव्यभि चारेण" इत्यादि वाक्यहरुमा भनिएकोछ -परमेश्वरको एकान्त भक्ति देखि भजनशील व्यष्टिले तत्प्रसादलब्ध ज्ञान द्वारा विमुक्ति प्राप्त गर्दछन् । परन्तु अविरक्त (वैरागयहीन) व्यष्टिलाई एकान्त भक्ति था ज्ञान हुनु संभव छैन, यसैले वैराग्यपूर्वक ज्ञानको उपदेश दिनुको इच्छाले पहिले डेढ श्लोकहरु द्वारा संसार स्वरुपको रुपकालंकार मा वर्णन गर्नु हुदै]-श्री भगवान् बोल्नु भयो-यो संसार वृक्ष ऊर्ध्वमूल छ अर्थात् एसको मूल ऊर्ध्व (उत्तम) छ । क्षर एवं अक्षर देखि जुन उत्कृष्ट छ त्यो पुरुषोत्तम यसको मूल हो । संसार तथा पुरुषोत्तम देखि अधः अर्वाचीन कार्योपाधिविशिष्ट हिरण्यगर्भादि यस द्वारा गृहित भएकाछन् । वृक्षको शाखा समान यस्का शाखाहरु छन् । त्यसलाई अश्वत्थ भन्दछन्, विनश्वर हुनुको कारण "श्वः" अर्थात् आगामी प्रभात पर्यन्त टिकनेवाला छैनन्, यसैले विश्वास योग्य छैन । पुनः यसलाई "अव्यय" भन्दछन्, किनभने प्रवाह रुपले यसको कहिल्यै विच्छेद हुदैन-

"ऊर्ध्वमूलोऽवाकशाख थषोऽश्वत्थः सनातनः"-क.उ.-(एष-यो सन्साररुपी वृक्ष, अश्वत्थ-अस्थायी छ, आगामी दिवस सम्म रहन्छ या रहन्न, भन्न सकिन्न । ऊर्ध्वमूल-एसको मूल ऊर्ध्वमा छ अर्थात् यो ब्रहमदेखि उत्पन्न छ, अवाक्शाख-निम्नदिशामा फैलिएका शाखाहरुले युक्त छ अर्थात् देव-मनुष्य-तिर्यगादि जीवहरु द्वारा पूर्ण छन् । सनातनः-अनादि कालदेखि यो संसार प्रवाह रुपले चलि आईराखेकाछन) सारा वेद यस सन्सार वृक्षका पातहरु हुन् अर्थात् धर्माधर्म प्रतिपादन द्वारा, छायास्थानिय कर्मफलहरु द्वारा संसारवृक्षको जीवहरुको आश्रयणीय रुपमा प्रतिपादन गर्दछन् । यसैले सब वेदले मानौ पातहरुको कार्य गर्दछन् । वेदले जुन धर्माधर्मको प्रतिपादन गर्दछन् तीं धर्माधर्म नै कर्मफलको उत्पतिको कारण हुन् । कर्मफल छायास्थानीय भएर सब जीवहरुको आश्रयस्वरुप छन, यसैले संसारवृक्षको पूर्णस्थानीय वेद हुन्- [यथा वृक्षस्य परिरक्षणार्थानि पर्णानि तथा वेदाः संसार वृक्ष परिरक्षणार्थः धर्माधर्म-तद्धेतु-फल प्रकाशनार्थत्वात् । जस्तो पातहरु वृक्षको र क्षरको कारण हुन्छन्, उसरी नै वेदत्रय पनि संसार वृक्षको पीररक्षक छन, किनभने

वेदहरु द्वारा नै धर्म र अधर्मको कारण तथा फल प्रकाशित हुन्छन्-शंकर] जसले संसारलाई यस रुपसित जान्दछन् त्यही वेदार्थवित् हुन् । संसार प्रपंचरुपी वृक्षको मूल ईश्वर या नारायण हुन, उनको अंशस्वरुप ब्रहमादि शाखास्थानीय हुन । यो संसार वृक्ष विनश्वर छन, परन्तु प्रवाहरुपले नित्य छ । वेदोक्त कर्महरु द्वारा यस संसारको सेव्यत्व प्रतिपादित हुन्छ अर्थात् संसारमा आएर वेदोक्त कर्महरुको निर्वाह गरिन जान्छन् यसैले यो सेव्य पनि छ-यही वेदार्थ या तात्पर्य हुन । यसैले यस किसिमको ज्ञानयुक्त पुरुषको नै वेदवित्रुपमा स्तुति गरिइन्छन् ॥१॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेकोछ-मूल माथि छ र शाखा तल-सिर माथि, हातखुट्टा तल, यसकिसिमको अश्वत्थ वृक्षाकार कलेवर छ, उल्टो छन्द अर्थात् कूटस्थको भित्र जुन रफ्फु सफ्फु देखिन्छन्, ती सब पातहरु हुन्, यसरी जसले कूटस्थलाई जान्दछन त्यसले वेदलाई जान्दछन्"; अनि-श्रुतिमा पनि छ-

ऊर्ध्वमूलोऽवाक्शाखः एषोऽस्वत्थः सनातनः;
तदेव शुक्रं तद्ब्रहम तदेवामृत-मुच्यते ।

तस्मिन्लोकाः श्रिताः सर्वे तदु नात्येति कश्चन-एतद् वैतत् ॥क. उ. ॥

एषः (यो संसाररुपी वृक्ष) अश्वत्थः (अचिरस्थायी छ, आगामी दिवस सम्म रहलान् या रहन्न, यसमा सन्देह छ) (यस अश्वत्थको) ऊर्ध्वमूलः (ऊर्ध्व जुन विष्णुको परम पद छ त्यही यसको मूल हो) अवाक्शाखः-जसको शाखाहरु तलतिर छन्-स्वर्ग, नरक, तिर्यक एवं प्रेतादिको देहप्राप्ति रुप शाखाहरु द्वारा अवाक्शाख हुन) (भूः भुवः स्वः महः जनः तपः एवं सत्यः यी सप्तलोकहरुमा रहनेवाला ब्रहमादि भूतसमूहरुपी पक्षी हरुले यसमा गुंड बनाएकाछन्)-सनातनः (अनादिकाल देखि प्रवाह रुपमा वर्त्तमान हुनुको कारण चिरन्तन छ) । (यस संसारवृक्षको जुन मूल छ) त्यो शुक्रं (शुभ्र या ज्योतिर्मय चैतन्यात्मक आत्मज्योतिः स्वभावछ) तत् अमृतं (अविनाश स्वभाव) उच्येते (भनिन्छन) सर्वेलोकाः (सारा लोक) श्रितः (त्यस ब्रहमकै आश्रितछन) तत् उ (उसलाई कश्चन (कोही) न अत्येति (अतिक्रमण गरेर अवस्थान गर्न सक्तैन) । यही हो त्यो बस्तु जसलाई नचिकेताले जान्न चाहेको थियो ।

मैले पहिलेनै धेरै पटक यस गीताको व्याख्यामा उल्लेख गरेको थिए-ब्रहमाण्ड नै संसार हुन अनि यो शरीर त्यस ब्रहमाण्डको क्षुद्र आयतन हो ।-

"देहेऽस्मिन् वर्त्तते मेरुः सप्तद्वीप समन्वितः;
सरितः सागराः शैलाः क्षेत्राणि क्षेत्रपालकाः ।

त्रैलोक्ये यानि भूतानि तानि सर्वाणि मे मत, ॥"-(शिव संहिता)

श्रीमद् आचार्य शंकरले पनि भन्नु भएकोछ-यो संसारवृक्ष अवाक्शाख हो यानि यसको शाखाहरु तलतिर फैलिएकाछन् । स्वर्ग, नरक, तिर्यक, अनि प्रेतादि देहरुप शाखाहरु द्वारा यो अवाक्शाख हुन भूः भुवः स्वः

महः जनः तपः एवं सत्यः-यी सात लोकहरुमा रहनेहरु ब्रहमादि भूतसमूहरुपी पक्षिहरुले यसमा नीड (गुंड) बनाएकाछन् । यो वृक्षाकार कलेवर छ। मूलशब्दबाट हामीहरु साधारणतः तलतिरलाई नै सम्झन्छौ, परन्तु वृक्षको मूल माथि छ अनि शाखा तल यो मूल जीवको मस्तक, मेरु शिखर हो, यो मेरुशिखर सहस्त्रार नै विष्णुको परमपद हो ।

जीवको मूललाई मष्तिष्क या मेरुशिखर भन्दाखेरी कसैले यो न सम्झोस्-मष्तिष्क (Brain) नै मानौ असल बस्तु हुन्। मष्तिष्क त जीव संवित्को आत्म प्रकाशको स्थान मात्र हो। मष्तिष्करुप अवयव आत्माको अधिष्ठान हो। परन्तु यी सब पनि आत्मचैतन्य होईनन्। देहलाई अवलम्बन गरेर केवल आत्मप्रकाश मात्र गर्दछन्। *देहको नाशबाट जीवको नाश हुदैंन, बरु झन शरीर देखि जीव निस्केपछि शरीर को नै नाश हुन्छ। यसैले वाक्य असल वस्तु होईन, जसले बोल्दछ त्यही ज्ञेय या आत्मा हो।* घ्राण असली सत्य वस्तु होइन, घ्राता नै असल वस्तु हुन। रुप असल वस्तु होईन, द्रष्टा नै ज्ञातव्य वस्तु हुन्। मन असली वस्तु होईन, मननकर्त्ता नै असल वस्तु हो। कर्म असल वस्तु होईन, कर्म को कर्त्ता नै असल ज्ञातव्य वस्तु हो-(कौषी.उप.) अतयव मनुष्य को अवयवहरुमा मष्तिष्क भित्र जुन स्थानमा विष्णुको परमपद अभिव्यक्त भएकोछ त्यसलाई नै सहस्त्र-दल-पद्म भन्दछन्।

"शवस्थानं शैवाः परमपुरुषं वैष्णवगणा;
लयन्तीति प्रायो हरिहरपदं केचिद परे।
पदं देव्याः देवी-चरण युगलानन्दरसिका;
मुनीन्द्रा अप्यन्ये प्रकृतिपुरुषं स्थानममला॥"

शैव्यगणले उक्त स्थानलाई शिवस्थान भन्दछन्। वैष्णवजनले त्यसलाई परमपुरुष विष्णुको स्थान भन्दछन्। कोही कोहीले त्यसलाई हरिहर स्थान पनि भन्ने गर्दछन्। देवी भक्तहरु त्यसलाई शक्तिको स्थान तथा कोही कोही विशुद्ध मुनिगणले त्यसलाई प्रकृति-पुरुषको स्थान भन्दछन्।

"इह स्थानं ज्ञात्वा नियत निज चित्तो नरवरो,
न भूयात् संसारे क्वचिदपि च वद्ध स्त्रिभुवने;
समग्रा शक्तिः स्यान्नि यम मनसस्तस्य कृतिनः,
सदा कर्त्तुं हर्त्तुं खगतिरपि वाणी सुविमला॥"

यस सहस्रार-पद्मलाई जानेर जस्ले आफ्नो चित्तलाई त्यसमा संयत गर्न समर्थ हुन्छ, त्यही नर श्रेष्ठ हुन। त्यसलाई फेरि संसारमा या त्रिभुवनमा केही आवद्ध हुनु पर्दैन। त्यो संयत चित्त कृतीले नै समस्त शक्तिलाई आयत गर्न सक्दछ। सृष्टि-स्थिति-संहारको सामर्थ्य त्यस लाई प्राप्त हुन जान्छ अनि त्यो शून्यमार्गमा विचरण गर्न सक्दछन्। वाग्देवी उसको मुखमा निरन्तर अधिष्ठान गर्दछन्।

"ब्रह्मरन्ध्रे मनो दत्त्वा क्षणार्द्धं यदि तिष्ठति;
सर्वपाप विनिर्मुक्तः स याति परमां गतिम् ॥"

ब्रह्मरन्ध्रमा मन स्थापित गरी यदि कसैले क्षणार्द्ध पनि अवस्थान गर्न सक्दछ भने त त्यो सर्वपाप देखि विमुक्त भएर परम गति लाई प्राप्त गर्दछन् ।

"अस्मिन् लीनं मनो यस्य स योगी मयि लीयते;
अणिमादिगुणान् भुक्त्वा स्वेच्छया पुरुषोत्तम ॥"

जसको चित्त ब्रह्मरन्ध्रमा लीन हुन्छ, त्यही पुरुषोत्तम हो । त्यसले स्वेच्छानुसार अणिमादि ऐश्वर्यहरु भोग गर्दै अन्तमा मैमा विलीन हुन जान्छन् ।

यस सहस्रार-कमलपद-स्थित विष्णुको परमपद देखि गंगा-यमुना-सरस्वति रुपी त्रिधारा (इडा-पिंगला-सुषुम्ना-रुपी नाडीत्रय) प्रवाहित हुन्छन् । यी तीनै धारा हरु त्रयी या वेदत्रय हुन् । यस वेद-त्रयमा क्रिया द्वारा अर्थात् इडा-पिंगला-सुषुम्नाको कार्य भैरहेर पनि त्रिलोक व्यवस्थित रहन्छन् । जबसम्म यिन्को क्रिया वर्त्तमान रहन्छ, तबसम्म भूः भुवः स्वः आदि त्रिलोक विद्यमान रहन्छन् । जुन सहस्रारमा सबकासब मिलेर एक हुनगएको थियो, जहाँ केही थिएन, त्यही महाशून्य परव्योम (क्रियाको परावस्था) देखि सृष्टिको अभिव्यक्ति हुन्छन् । सच्चिदानन्द ब्रह्मयुक्त आद्याशक्ति देखि जुन नाद उत्पन्न भएकोछ त्यस नाद बाट नै विन्दुको उत्पत्ति हुन्छ । जुन सहस्रारमा सबकासब मिलेर एक हुन गएको थियो, जहां केही थिएन, त्यही महाशून्य परव्योम (क्रियाको परावस्था) देखि सृष्टिको अभिव्यक्ति हुन्छन् ।

"सच्चिदानन्द विभवातत् सकलात् परमेश्वरात्;
आसीच्छक्तिस्ततो नादो नादाद् विन्दु समुद्भव :॥"

सच्चिदानन्द ब्रह्मयुक्त आद्याशक्ति देखि जुन नाद उत्पन्न भएको छ त्यस नादबाट नै विन्दुको उत्पत्ति हुन्छ ।

प्राणिहरुको सकाम भावले कृत कर्म जब फलोन्मुख हुन्छन् तब सर्वसाक्षी, सर्व कर्म फलप्रद परमेश्वर बाट स्वयमेव सृष्टि, माया र पुरुषको प्रादुर्भाव हुन्छ । तदनन्तर बिन्दुरुपी त्रिगुणात्मक अव्यक्तको आविर्भाव हुन्छ । यही हो "शक्तितत्त्व" । बिन्दुको अचिदंश 'बीज' छ अनि चिदचिद् मिश्रांश नाद छ । चैतन्याधिष्ठित प्रकृति या शक्तिको क्रिया प्रधान अवस्था नै नाद हुन ।

"अवयवी भूत हुनु" अर्थ भएको बिन्दु, धातुको अगाडि "उ" प्रत्यय लगाउनाले बिन्दु माथि सिद्ध हुन्छ । जुन अवयवी भूत छ, त्यही बिन्दु हो । रेखाहरु बाट त्रिकोण चतुष्कोण आदि नानात्व आकार (Figure) बन्दछन् । रेखा बिन्दुको समष्टि मात्र हुन । बिन्दु अविभाज्य वस्तु हो, किन्तु त्यस बिन्दुको परिचालन बाट (मायाशक्तिको प्रभावले) अनेक बिन्दुहरुको उत्पत्ति प्रतिभात हुन्छन् । ती बिन्दुहरुको समष्टि नै रेखा हुन तथा रेखाको परिच्छिन्न संस्थानमा त्रिकोण, चतुष्कोण वृत्त आदि आकृतिहरु निष्पन्न हुन्छन् ।

अखण्ड सच्चिदानन्द ब्रहमले माया शक्ति द्वारा स्वीय तनुलाई नाना रुपले परिच्छन्न गर्दछन् । त्यस माया द्वारा एक अखण्ड वस्तु नानारुपहरुमा प्रतिभात हुन्छन् । सहस्रारमा कलातीत परब्रहम या परमाप्रकृति अवस्थान गर्दछन् । त्यही आज्ञाचक्रमा मनोरुप कलास्वरुप परशिव छ तथा विशुद्ध चक्रमा आकाशमूर्त्ति बिन्दुस्वरुप महेश्वर छ । अनाहत चक्रमा त्यही वायुमूर्त्ति नादरुप ईश्वर छ । मणिपुर चक्रमा तैजस मूर्त्ति रुद्र, स्वाधिष्ठान चक्रमा जलमूर्त्ति विष्णु एवं मूलाधार चक्रमा पृथिवी मूर्त्ति ब्रंहमा छ । त्यसबाट नै सब सृष्ट पदार्थहरुको उत्पति छ । अतयव हाम्रो यो देह नै ब्रहमादि देवताहरुको आधार स्थान हुन् । क्रियाको परावस्थामा स्थिर भए पछि शून्यबाट एकशब्द हुन्छ, त्यसशब्दको नाम नाद हो । त्यस नाद ब्रहमको एकांशमा जगत् एवं अर्द्धमात्रामा निश्चल स्थिति या क्रियाको परावस्था छ । पक्षिशावकको नीड समान हृदय आत्माको स्थान छ । *यही आत्मा विषय युक्त भएमा जीव तथा विषय-पाश देखि मुक्त भएमा शिव हो ।* क्रियाको परावस्था अव्यक्त पद हो । त्यस अव्यक्त ब्रहम देखि एक पुरुष हुन्छ जो देखिन्छ अनि देखिदैन पनि । त्यस पुरुषको पर अरु केही छैन । त्यही काष्ठा हो, त्यही परा गति हो । १८ निमेष सम्म जसको बिना क्लेशको नै स्थिति हुन्छ, त्यसैले काललाई जीतिलिएको छ, त्यही परागति हुन् । उत्तम पुरुषको रुप शरीरकै समान छ अर्थात् मनुष्याकृति अंगुष्ठ मात्र ज्योतिः स्वरुप छ । त्यो भ्रूमध्यमा देखिईन्छन । केशको अग्रभागको एकहजार भाग बराबर सूक्ष्म नक्षत्र समान जुन ज्योति छ, त्यही जीव हुन । सुषुम्ना भित्र त्यो आउने जाने गर्दछ । "अज्ञरात संजायते कालः"-ब्रहमबाट काल अर्थात् शून्य एवं शून्य देखि वायु उत्पन्न हुन्छन् । त्यही वायु ऊर्ध्वमा गएर तम हुन्छ । त्यसतम देखि जल, जललाई मथनाले शिशिर, त्यसलाई मथनाले फेन, फेनबाट अण्ड अण्ड देखि ब्रहमा, त्यसदेखि वायु, वायु देखि ॐकाररुप शरीर, त्यस देखि मूलाधारमा सावित्री जगद्धात्री अनि त्यसदेखि सारा लोक हुन्छन् । पुनः त्यसदेखि उल्टो दिशामा गायत्री अर्थात् क्रिया गर्नु, क्रिया गरेर कूटस्थमा रहनु एवं पश्चात् क्रियाको परावस्था प्राप्त गर्नु । क्रिया गर्दा-गर्दा कूटस्थमा रहनु बन्दछ, ज्योतिको दर्शन हुन्छ, तथा अमृत रुप रसास्वादन हुन्छ । तब एक आश्चर्यजनक स्थिति मूलाधार देखि लिंगमूल एवं लिंगमूल देखि नाभि पर्यन्त हुन्छ । हृदय देखि मस्तक पर्यन्त जुन वायु रहन्छ त्यही इडा या प्राणवायु हुन् पिंगलाको गति अधोदेशमा हुन्छ । यस अधः एवं ऊर्ध्वको बीचमा सुषुम्ना छ । यो अग्नि स्वरुप छ । यसले सब वस्तुहरुलाई भस्म गरेर एक गरिदिन्छ र आफै पनि भस्म हुनजान्छन् । कण्ठ देखि मस्तक पर्यन्त अग्नि छ, यसलाई ब्रहमाग्नि भन्दछन्, यो स्वप्रकाशस्वरुप छ । यी तीन वायु नाभिमा एक भएर जब हृदय पर्यन्त स्थिर हुन्छन तब क्रियाको परावस्था हुन्छ । तब प्राण र अपान समानरुपले स्थिर हुन्छन-यही हो प्रलय । सृष्टि यस किसिमसँग ब्रहम देखि शरीर सम्म क्रम-क्रमानुसार हुन्छ । योसृष्टि एवं लय बारंबार भैरहन्छन् । एकै अवस्थामा रहदैन, यसैकारण यो अश्वत्थ हो । सदा सर्वदा यसरी नै सृष्टि एवं लय भै नै रहन्छन, यसैले प्रवाहरुपमा यो अव्यय छन । जसरी पातहरुले वृक्षलाई सजीव राख्दछन् उसरी नै छन्द अर्थात् जीवको इच्छा या वासना नै यस संसार वक्षलाई संजीवीत गरिराख्दछन् । यो इच्छा नै कूटस्थ भित्र विविध शक्तिहरुको खेल एवं वर्णरुपमा देखिन जान्छन् । यस कूटस्थलाई जसले जान्दछ त्यसैले वेद लाई जान्दछन्-

"न वेदं वेद इत्याहु वेदो ब्रहम सनातनम्"-

यही वेद ब्राहमणको निम्ति पाठ्य हुन । यसैले सबले क्रिया गर्नु पर्दछ । क्रिया गरे पछि क्रियाको परावस्थामा हृदय, प्राण, मन सब स्थिर हुन जान्छन् । यही यज्ञसूत्रको तीन ग्रन्थिहरु हुन् । त्यो परम पवित्र छ अर्थात् पंचतत्त्वको (पंचतत्त्वनै मूलहुन्) अतीत छ । आत्मा 'सहजं' अर्थात् जन्मको साथ श्वासरुपमा हुन्छन् अनि त्यो "पुरस्तात्" अर्थात् यस देह-पुरमा रहन्छन् । त्यो 'प्रजापति' हो, सबको उत्पत्तिको कर्ता हुन । विना प्राण कुनै वस्तु उत्पन्न हुदैन । त्यो आयु हो अर्थात् आयु स्वरुप श्वास जबसम्म छ तबसम्म जीवन छ । 'अग्रयम'-अग्रभागमा अर्थात् वायु जब ऊर्ध्वमा मस्तकमा गमन गर्दछ त त्यसद्वारा 'बलमस्तु' तेजः-बल एवं तेज हुन्छ अर्थात् योगबल, सर्वव्यापकत्व, सर्वज्ञत्व एवं सर्वशक्तिमत्ता आदि शक्तिहरु हुन्छन् । पश्चात् निर्गुण ब्रहम जुन परव्योम हो, त्यसमा त्यो लीन हुन जान्छन् । क्रियाको परावस्थाको रुप अगोचर छ अर्थात् गुण हुन् फेरि पनि निर्गुण हुन् । त्यस गुणातीत अवस्थामा यो सारा विश्व, तिमी, म स्त्री, पुरुष, ठूलो, सानो सबकासब एक हुन जान्छन् अनि एक भन्नेवाला पनि त्याहा कोही रहदैनन् ॥१॥

अधश्चोर्ध्वंप्रसृतास्तस्य शाखा,
गुण प्रवृद्धा विषय प्रवालाः;
अधश्च मूलान्यनु सन्ततानि,
कर्मानुवन्धीनि मनुष्यलोके ॥२॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छन्]-हिरण्यगर्भादि कार्योपाधि विशिष्ट जीवगण शाखास्थानीय भनिएकाछन, । उनमा जो दुष्कृतिशाली छन, तिनीहरु अधः शाखा हुन, तिनीहरु पशु आदि योनिहरुमा विस्तार लाई प्राप्त हुन्छन् । अनि जो सुकृतिशाली छन तिनीहरु ऊर्ध्वशाखा हुन, तिनीहरु देवादि योनिहरुमा विस्तृत हुन्छन, तिनीहरु पनि त्यही संसार वृक्षको शाखा हुन् यी सारा शाखाहरु सत्त्वादि गुणहरुको वृतिरुप जलसिंचन द्वारा बढोत्तरीलाई प्राप्त भैरहेकाछन् । शाखाग्रस्थानिय इन्द्रिय-वृत्तिहरुसँग संयुक्त हुनुको कारण रुप-रस आदि इन्द्रिय विष-समूह 'प्रवाल' अर्थात् किसलय या नवपल्लव स्वरुप छन । "अधश्च" को च शब्दले (खालि अधः होइन) ऊर्ध्व भागमा पनि सारा मूल "अनु सन्तत" अर्थात् विरुढ या विस्तृत छन् । अवस्य मुख्य मूल परमेश्वर हुन, परन्तु यी अवान्तर मूल भोगवासनास्वरुप छन । तिनीहरुको कार्य भन्नु हुन्छ-"मनुष्यलोके कर्मानुवन्धीनि" अर्थात् तिनीहरु कर्ममात्रमा अनुबन्धी अर्थात् उत्तरकाल भावी छन् । यी अन्तराल-मूलहरुको "अनुवन्ध" अर्थात् उत्तरफल कर्म हो । ऊर्ध्व तथा अधोलोकमा उपभुक्त जुन भोग समूह छन, ती भोगहरुको वासना द्वारा कर्मक्षय भए पछि मनुष्यलोकलाई प्राप्त मनुष्य तत्तत् वासना अनुरुप कर्महरुमा प्रवृत्त हुन्छन् । अर्थात् ऊर्ध्व एवं अधोलोकमा तत्तत् भोग वासनाको उपभोग गरी फेरि जब मनुष्यलोकमा जन्म लिन्छन्, तब उनको वासनारुप कर्महरुमा प्रवृत्ति हुन्छ । अन्यलोकमा कर्माधिकार छैन, केवल मनुष्यलोकमा नै छ । यसैले मनुष्यलोककै कुरा नै यहां भन्नु भैरहेकाछन ॥२॥

आध्यात्मिक व्याख्या-"अधः देखि शाखा अर्थात नाडिहरु माथि गएकाछन्‌ अर्थात्‌ मस्तकमा ; गुण अर्थात्‌ इडा-पिंगला-सुषुम्ना राम्रै सँग बढोत्तरीलाई प्राप्त छन-त्यस कूटस्थको भित्र प्रवाल वर्ण (गाढारक्तवर्ण) जुन सबै देखिनमा आउंदछन्‌, तिनीहरु नै ऋषिस्वरुपमा कूटस्थको ज्योतिमा नक्षत्रको भित्र देखिइन्छन्‌ (अधः देखि ऊर्ध्वमा जानको लागि चेष्टा प्राप्त मानिसहरु फलाकांक्षाको साथ कर्महरु गर्नको लागि तत्पर भएर मनुष्य आफ्नै कर्मले आफै बाधिन जान्छन ।"

सन्सार वृक्षको सम्बन्धमा यस श्लोकमा अरुपनि विशेषरुपले भन्नु हुदैछन्‌ । यस सन्सार वृक्ष या यस नर तनुमा वासनाअनुसार कसैलाई शुभकर्ममा अनि कसैलाई अशुभ कर्ममा प्रवृति भैरहेकोछ । यी सबको मूल कारण कूटस्थ ब्रहम हुन, जुन आज्ञाचक्रमा तथा त्यसको माथि रहन्छन्‌, उसको अवान्तर कारण छन्‌ असँख्य नाडीहरुमा प्राणको प्रवाह । यसैको कारण मन शुभाशुभ कर्महरुमा स्पन्दित हुन्छन्‌ । कर्महरु अनुसार यी नाडीहरुमा कर्मोन्मुखी स्पन्दन प्रकाशित हुन्छन, त्यस द्वारा जीव कर्मसूत्रमा आवद्ध हुन्छन । नाडीसमूह जब स्पन्दित भएर वेगयुक्त हुन्छन्‌ त त्यो वेग मुख्यतः गुणत्रय अर्थात्‌ इडा, पिंगला र सुषुम्नाको नै वेग हुन । कर्म द्वारा योवेग अरु झन प्रवल हुन जान्छन्‌ । यसै कारण यिनीहरुले जीवलाई कर्ममा आबद्ध गर्दछन्‌ यी नाडीहरु अधोदिशामा मूलाधार देखि ऊर्ध्वमा आज्ञाचक्र पर्यन्त विस्तारित छन । यी कर्मानुबन्धि धाराहरु प्रधानतः दुईकिसिमका छन । केही त ऊर्ध्वमुखी छन भने केही अधोमुखी । अधोमुखी स्पन्दनले जुन कर्मवासनाहरुको उदय हुन्छन्‌ त्यसले्‌ जीवलाई अरु पनि बढी अधोगति प्रदान गर्दछन्‌ । अर्थात्‌ बारंबार जन्म-मरण, आवागमन हुन्छ, अनि यदा कदा पशु आदि इतर योनिमा पनि जन्म लिनु पर्ने हुन्छ । सबैको जन्म वासना अनुसार नै हुन्छ । ऊर्ध्वमुखी स्पन्दनले जीवको सत्त्वगुणको वढोत्तरी हुन्छ र त्यो स्पन्दन सुषुम्नाको हो । सुषुम्नाको स्पन्दनले कूटस्थ ज्योतिको दर्शन हुन्छ । कूटस्थ ज्योति को भित्र गुहामा जुन रक्त वर्ण ज्योतिपूंज देखिइन्छन्‌ तिनीहरु नै ऋषिगण हुन । यस प्रकारको ज्योतिर्मयरुपमा तिनीहरु कूटस्थमा रहन्छन्‌ । जस्तो बाहिर शब्द, स्पर्श-रुप-रसादि विषय भोग हुन्छन्‌, भित्र पनि त्यस्तै किसिमले हुन्छन । भित्र जति जति नै अप्राकृतिक शब्द, स्पर्श-रुप-रस-गन्धको अनुभव हुन्छन्‌ साधक त्यति त्यति नै अध्यात्म जगत्‌को उच्चस्तरमा प्रवेश गर्दछ ॥२॥ (वैराग्यद्वारा संसार वृक्षको छेदन)

न रुपमस्येह तथोपलभ्यते,
नान्तो न चादिर्न च संप्रतिष्ठा;
अश्वत्थमेनं सुविरुढमूल,
मसंग शस्त्रेण दृढेन छित्वा ॥३॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुदैछन्‌]-प्राणीवर्गले यस संसाररुपी अश्वत्थको ऊर्ध्वमूलत्वादि स्वरुपलाई उपलब्धि गर्न सक्तैनन्‌ । यसको अन्तको उपलब्धि हुदैन, किन भने संसार असीम छ । यसको आदिको पनि उपलब्धि हुदैन, किनभने संसार अनादि छ । यसको स्थिति यानि सन्सार कस्तो छ, यसको पनि उपलब्धि हुदैन, किनभने यो संसारवृक्ष दुरवच्छेद्य तथा अनर्थकारी छ । अतयव यसलाई दृढ वैराग्यरुप

शस्त्रद्वारा छेदन गरी तत्त्वज्ञानको प्राप्तिको लागि संप्रयत्न गर्नु आवश्यक छ, यही सार्द्ध श्लोकद्वारा बताउनु भैरहेछन् । अत्यन्त बद्धमूल यस अश्वत्थलाई असंग अर्थात् संगशून्यता-अहंममता त्यागरुप शस्त्रसम्यक् विचारद्वारा दृढतासाथ छेदन गर्नु पर्नेछ ॥३॥

आध्यात्मिक व्याख्या-"कुनै भूतले यसलाई प्राप्त गर्दैन-यसको अन्त पनि छैन आदि पनि छैन-किनभने 'सर्वं ब्रहममयं जगत' छन् सम्यक् प्रकारले स्थिति छ, क्रमशः गैरहेकोछ । यस ब्रहमाकार कलेवरको माथि जुन मूल मस्तक स्वरुप छ, त्यसमा विशेषरुपले आरुढ अर्थात् कुनै कारणवश न जान्नु, बरु गुरुवाक्यमा विश्वास गरी क्रिया गर्दै जानु इच्छारहित भएर-जुन अस्त्र हुन्छ खुब मजवुती संग इच्छा रहित स्वरुप अस्त्र द्वारा मूल छेदन गर्दै अर्थात् क्रिया गर्दै जुन गुरुवक्त्रगम्य छ"

-स्वप्न दृष्ट वस्तु स्वप्नकालमा देखिए पनि जाग्रत अवस्थामा रहदैन । स्वप्नावस्थामा जुन प्राप्त भयो त्यो त रहदैन, अतयव कसरी भन्न सकिन्छ-त्यो वस्तु छ । यसरी नै जुन संसारलाई मानिसहरुले बुद्धि विभ्रम बाट यतिका जकडिरहन्छन्, त्यसलाई उनिहरुले पाउदैनन् । अलि अलि विचार गर्नासाथ यो कुरा बुझ्नमा आउंदछन् । यी सब इन्द्रियजालिक को माया-मात्र हुन, मनको कल्पनाले रुप ग्रहण गरी त्यो सामुन्ने स्फुटित भै दिन्छ, आकाशमा दृष्ट मूर्त्ति जस्तो मेघको गतिसाथ त्यहीं नै मिल्न जान्छन् उसरी नै क्षण क्षण जसको रुप परिवर्त्तित भैरहेकोछ त्यस सन्सारलाई कसरी सत्य भन्न सकिन्छ ! यो कहिले आरम्भ भयो अनि यसको समाप्ति कहिले होला तथा यो वस्तुतः छ या छैन-केही पनि जान्न सकिदैन । क्रमशः जो चल्दै गैरहेकोछ, त्यसको स्थितिको कल्पना कसरी गर्न सकिन्छ ? यो संसार वृक्ष सत्य छैन, परन्तु सत्य वत् प्रतीत भैरहेकोछ । संसारलाई यसरी सत्यवत् देख्नु कहिले छुट्ला ? यसैले भन्दछन्- *"असंगशस्त्रेण दृढेन छित्वा"* । जुन कल्पना मनबाट उठेकोछ त्यो मन नमिटिकन कसरी छुटला ? यसैले यसलाई छेदन गर्नको लागि असंग-शस्त्र चाहिन्छ । 'म' र 'मेरो'-यो भाव नै संग हुन । यस्तो अवस्थामा चाहिन्छ-जहां म नरहोस अनि 'मेरो' पनि नहोस । गीताको अनेक स्थानहरुमा भनिएकाछन्-"मयि जीवत्वं कल्पितम्"-जीवभाव कूटस्थ चैतन्यमा कल्पित मात्र हुन्छ । प्राणको चंचलताले यो जीवभाव स्फुटित हुन जान्छ । यदि प्राणको चचंचलता दुर हुन गयो भने त त्यसको साथसाथै मनको कल्पना पनि मनमा नै लय हुन जानेछ । जब मन नै रहदैन भने त त्यसको कल्पना कसरी उठला ? यसको लागि के गर्नु पर्ला त ? यस वृक्षाकार कलेवरको मस्तकको ऊर्ध्व भागमा सहस्रदल कमल छ । त्यो आज्ञाचक्रको माथि छ । क्रिया द्वारा प्राण स्थिर भएपछि त्यो आज्ञाचक्रको ऊर्ध्वमा स्थित हुन्छ । तब जुन इच्छारहित अवस्था आउंदछ, त्यही हो त्रिगुणातीत अवस्था, यो अवस्थालाई प्राप्त योगी विमुक्त हुन्छ । उसको देहेन्द्रियको साथ कुनै सम्पर्क रहदैन । यही हो वस्तुतः देह देखि विच्छिन्न हुनु । यो छेदन कार्य क्रिया द्वारा सम्पन्न हुन्छ । जो कोहीले अतीव मन लगाएर क्रिया गर्नेछ, त्यो स्थिर भएर इच्छारहित हुन जानेछ । फेरि उसको देहेन्द्रिय आदि संग योग हुनेछैन । यो असंग-शस्त्र नै इच्छारहित अवस्था हो । जसले जति जति नै क्रिया गर्नेछ । अनि जसको मनः प्राण जति जति नै स्थिर हुनेछ उति उति नै त्यो संगरहित हुन जानेछ । यो संगरहित अवस्था बढदै-बढदै जब दीर्घकाल स्थायि हुन्छ त परमपावन क्रियाको परावस्था प्राप्त हुन जान्छ । यही हो मुक्ति पद ।

हृदयमा प्राण वायुको प्रतिष्ठा अर्थात् स्थिति हुन गए पछि परम स्थिरत्व भावको उदय हुन्छ । त्यसमा नै "सर्बं ब्रहममयं जगत्" बोध हुन्छ । त्यसलाई योगीको तुर्यावस्था भन्दछन् ॥३॥

संसार वृक्षको मूल-ब्रहमानुसन्धान

ततः पदं तत् परिमार्गितव्यं,
यस्मिन् गता न निवर्तन्ति भूयः;
तमेव चाद्यं पुरुषं प्रपद्ये,
यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥

श्री धरीय टीका- तत्पश्चात् यस सन्सारको मूलभूत "तत्पदं" अर्थात् वैष्णवपदको अन्वेषण गर्नु पर्नेछ । त्यो पद कस्तो छ ? जुन पदलाई प्राप्त गरी पुनः संसारमा प्रत्यावर्त्तन गर्नु पर्दैन । अन्वेषणको प्रणाली कस्तो होला ?-यही बताउनु हुन्छ । "जसबाट चिरन्तनी संसार प्रवृत्ति विस्तृत भएकोछ त्यस आदि पुरुषको शरण मैले लिएकोछु"-यस किसिमको एकान्त भक्तिले अन्वेषण गर्नु पर्नेछ, यही तात्पर्य छ ॥४॥

आध्यात्मिक व्याख्या-"त्यस पछि-पद-अर्थात् क्रिया गरी तत् अर्थात् कूटस्थ ब्रहमको अणु भित्र प्रवेश गरी चलिजानु उचित छ-जहां गएपछि फेरि फर्कदैन अर्थात् क्रियाको परावस्था; तमेव चाद्यं त्यो आदि पुरुष कूटस्थको पर जसलाई देख्दछन् उसको चरण अर्थात् क्रियामा राम्रोसँग रहनु-जहाँबाट सब राम्रो सँग मन अन्य वस्तुमा आसक्तिपूर्वक दृष्टि गरेपछि तदरुप हुन जान्छन्-यस रुपदेखि नै प्रकृष्टरुपमा सब बस्तुहरु सृजन भएको छ"

-त्यस परम पदको अन्वेषणको कुरा भन्नु हुन्छ । त्यो परम पद के हो? संसारलाई अनित्य, क्षणभंगुर छन मनले भनेर पनि हाम्रो इन्द्रियहरु र मनले त्यसलाई अंगीकार गर्दैन । जुन रस मिल्दछ त्यसको लागि नै इन्द्रियहरु र मन लोलुप भएर संसारलाई अंगालो मारी बसिरहन्छन् । यसैले जुन सत्य रसाल छ, वस्तुतः सुमधुर छ त्यस रसको उसलाई आस्वादन गराउनु विना उसको विषयतृष्णा मेटिने छैन, विषयहरुको आसक्ति दुर हुने छैन । यसैले क्रिया गरेर संगमुक्त हुनु आवश्यक छ । संगरहित अवस्थामा नै वस्तुतः ब्रहमान्वेषण हुन्छ । यो धेरै थोरै चेष्टाको काम छैन, यसको लागि साधक शुरवीर हुनु पर्दछ । जसले क्रियामा खुब परिश्रम गर्दछन, अतीव मन लगाएर क्रिया गर्दछन, तिनीहरुले विष्णुको त्यस परम पदलाई देख्नु पाउंदछन । योनिमुद्रामा आकाश समान एक चक्षुको प्रकाश हुन्छ, तिनीहरुले त्यसैलाई सदा देख्दछन् । त्यस चक्षुको अणु भित्र त्रिलोक छन, ती तीनलोकहरुमा मर्त्यलोक छ, म त्यही मर्त्यलोकमा छु । समस्तको भित्र मै छु र मेरो भित्र समस्त छन, यो अत्यन्तै आश्चर्यको कुरा छ !! क्रिया को परावस्था नै विष्णुको परम पद हो । त्यो सदा मस्तकमा रहन्छ, अर्थात् त्यसको प्राण सहस्रारमा गएर यति स्थिर हुन जान्छन-त्यहां देखि त्यो फेरि ओर्लने इच्छा गर्दैन, त्यहां न त 'म' रहन्छ न त 'मेरो' । ब्रहम तब सूक्ष्म अणुरुपमा सर्व व्यापक हुन्छ, त्यस ब्रहममा जो लीन हुन जान्छन, त्यो सबका सब भएर सर्वत्र रहन्छन ।

आत्मा स्थिर भएपछि ईस्वर हुन्छ, तब उसमा षट्ऐश्वर्य प्रकाशित भएर उठदछन् । जो सदा मस्तकमा वास गर्दछ त्यो देवता हो जो कूटस्थ ब्रहममा रहन्छ त्यही ब्राहमण हुन । कूटस्थ नै राजा ऋषि एवं देवता हुन, त्यही मातृरुपमा संस्थित छन । कूटस्थमा जुन देवता छ त्यही उत्तम पुरुष हो । यसरी क्रिया गर्दा-गर्दा जब मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त वायु स्थिर हुन जान्छन्, तबै त्यस परम देवताको पूजा हुन्छ । यजुर्वेदको ३१ सौं अध्यायमा लेखिएकोछ,- "पद्भ्यां भूमिर्दिशः श्रोत्रं तथा लोकान अकल्पयन"-इडा पिंगला, यी दुई चरणहरु द्वारा गमन गर्दै गर्दै भूमि अर्थात मूलाधार देखि मस्तक पर्यन्त स्थिर रहेपछि कान बाट सबै सुनिन जान्छन् , दुर श्रवण हुन जान्छ । यस किसिमसित समस्त लोक सृष्ट हुन्छन् । मनन गरेपछि नै सृजन हुन्छ, मनमा ल्याएन भने वस्तु प्रति लक्ष्य हुदैन । अतयव तब सृष्टि पनि हुदैन । कूटस्थमा रहिकन जसले क्रिया गर्दछन्, तिनीहरु क्रियाको परावस्थामा विस्ताररुपसँग ब्रहमको अनुभव गर्दछन् । यसरी ब्रहम विस्तारलाई जसले देख्दछन्, उनको अगाडि केही विभाग रहदैन, सबएक हुन जान्छन् । क्रिया गरेर ब्रहमाणुको भित्र प्रवेश गरी जो तद्‌वत् हुन जान्छन्, उनिहरु फेरि पुनरावृत्ति हुदैन । सांसारिक शब्द, स्पर्श, रुप, रस, गन्धले उनलाई तान्न सक्तैनन् । मनको संकल्प रहदैनन्, अतयव कुनै वस्तु पाउनको इच्छा पनि हुदैन । बुद्धि स्थिर हुन्छ यसैले त्यस अवस्थादेखि ओर्लनुको आवश्यक्ता पनि अनुभूत हुदैन । कूटस्थको दर्शन पछि यसकिसिमको क्रियाको परावस्थाको साक्षातकार हुन्छ । त्यो आदि पुरुष हुन, उनैको शरणमा जानु आवश्यक छ । कसरी शरणागत हुन सकिन्छ ? उनको दुबै चरणलाइ समात्नु पर्नेछ । ती चरण द्वय हुन श्वास-प्रश्वास, जुन सदा गमनागमन गरिरहन्छन् । जसले श्वासको क्रिया गर्दछ, त्यसले जब स्थिरत्व पदलाई प्राप्त गर्दछ, तबै विष्णुको परमपदलाई स्पर्श गर्दछ । यस परम स्थान देखि नै पुराणी प्रवृत्ति प्रसृत हुन्छन् अर्थात् त्यस परम स्थान देखि अनिच्छाको इच्छामा जुन कुनै संकल्प या चेष्टा हुन्छ, त्यो तत्काल पूर्ण हुन जान्छन् । मनमा जे आउंदछ, तुरुन्तै हुन जान्छन् । यस किसिमसित समस्त वस्तुहरु को सृजन त्यहाँ आफसेआफ भएका हुन्छन । मनः प्राणको स्थिरताले परिपूर्ण यो दृश्य-जगत् शून्यवत् हुन जान्छ । मनः प्राणको स्थिरता मा व्यतिक्रम भएपछि नै यो दृश्य -प्रपंच प्रकाशित हुन्छन् । मन बहिर्मुख भएर दृश्य-प्रपंचमा आकृष्ट भै त्यसमा रमण गर्दछ ॥४॥

(परम-पद-प्राप्तिको साधना)

निर्मानमोहा जितसंग दोषा,
अध्यात्मनित्या विनिवृत्तकामा;
द्वन्द्वै र्विमुक्ता सुख-दुःख संज्ञै,
गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

श्री धरीय टीका-[भगवान् प्राप्तिको विषयमा दोस्रो साधनहरुलाई देखाउदै भन्नु हुन्छ]-(१) निर्मानमोहा-निर्गत हुन गएकोछ मान, अहंकार, मोह एवं मिथ्या अभिनिवेश जसबाट । (२) जित संग दोषा-पुत्रादि-संगरुप दोष जितिएको छ जसदेखि अर्थात् संग दोषलाई जसले जितिलिएकोछ । (३) अध्यात्म नित्या-

आत्मज्ञानमा परिनिष्ठित अर्थात् त्यसमा निष्ठावान । (४) विनिवृत्तकामाः-विशेषरुपले काम जसको निवृत्त हुन गएकोछ । (५) सुख-दुःख संज्ञैः द्वन्द्वै विमुक्ताः-सुख-दुःखको हेतु यानि सुख-दुःख नामक जुन शीतोष्णादि द्वन्द्व छन ती देखि विमुक्त (अतयव) (६) अमुढाः-जसको अविद्या निवृत्त हुन गएकोछ । तिनीहरु त्यस अव्यय वैष्णव पदलाई प्राप्त हुन्छन् ॥५॥

आध्यात्मिक व्याख्या-"मानरहित अर्थात् कसैले मलाई राम्रो भनोस यो इच्छा रहदैन ।-आफ्नो भनेर जान्दैन्-इच्छारहित-द्विधा रहित-सुखदुःखको इच्छा देखि रहित भएर क्रियाको परावस्थामा आठै पहर रहेर जुन मानिसहरु क्रिया गर्दैनन् तिनीहरु मुर्ख हुन जसले क्रिया गर्दछन् अव्यय अविनाशी पदलाई पाउंदछन्; अर्थात् क्रियाको परको स्थितिलाई ।"

कुन किसिमको मानिसले यस पदलाई प्राप्त गर्दछन्, यही श्रीभगवान्‌ले यहाँ भन्नु हुदैछन । पहिलो उनलाई मान मोह रहदैन । कसैले मेरो सम्मान गरोस या राम्रो भनोस-यस किसिमको इच्छा अन्तः करण देखि दुर हुन जान्छन् अर्थात् निरहंकार हुनुको आवश्यकता छ । असत्य वस्तु प्रति हाम्रो जुन अभिनिवेश हुन्छ, त्यसको कारण अविवेक हो । अविवेक या मोहको कारण नै हामी "मेरो पुत्र मेरो घर मेरो धन" इत्यादिको लागि दिनरात आकुलव्याकुल हुन्छौ । वैष्णव पद प्राप्त पुरुषहरुको यी सब भाव हुदैन । पुत्र द्धारा एवं धनादिको साथ घनिष्ठतर सम्बन्ध राखेपछि यो आसक्ति आउनेनै छ । यो आसक्ति नै परम पद प्राप्तिमा घोरविघ्न छ । यस दोष देखि रहित नभएमा परमार्थ चिन्तनमा धेरै विघ्नहरु उपस्थित हुन्छन् । यस कारण अध्यात्मनिष्ठ हुनु आवश्यक छ, अर्थात् आत्मज्ञानको प्राप्तिमा एकान्त निष्ठा राख्नु आवश्यक छ । सदा सर्वदा परमात्माकै स्वरुपको चर्चा आलोचना गर्नु पर्दछ । *परन्तु खालि मौखिक पण्डिताईले काम चल्नेवाला छैन । केवल पुस्तक पढेर, पुस्तकीय विषयको आलोचना गर्दै निश्चिन्त बन्नाले काम चल्ने छैन । जसबाट स्वरुपको बोध होस त्यसको लागि आठै प्रहर नशामा मत्त भएर बस्नु पर्नेछ ।* धेरै धेरै बेरसम्म मन लगाएर क्रिया गर्नु विना यो नशा लाग्दैन । यो नशा जसलाई जतिनै धेरै लाग्दछ चढदछ, त्यस साधकले त्यही परिमाणमा क्रियाको परावस्थालाई भोग गर्दछ । यो धेरै नै कठिन वस्तु छ, परमात्मा प्रति अगाध प्रीति हुनु बिना क्रिया गर्नुको उत्साह चिरस्थायी हुदैन ।

महात्मा कबीरदास भन्नु हुन्छ-

"यह तो घर है प्रेमका मारग अगम अगाध;
सिर काटे पलडा धरे लागे प्रेम समाध ॥"

यो शरीर (मनुष्यजीवन) प्रेमको घर हो, परन्तु यस प्रेमको मार्ग अतीव अगम्य छ । त्यहां सहजै पुग्न सकिदैन किनभने समस्त वस्तुहरु चचंचल या गतिशील छन । प्रेम मन्दिरमा जाने मार्ग अत्यन्त स्थिर छ । अचंचल हुनु बिना त्यहा पुग्ने कुनै दोस्रो उपाय छैन । त्यो अगाध अर्थात् अति नै गम्भीर छ, थाहा पाइदैन क्रियाको परावस्थाको अन्त कहां छ-यो प्रेम कसरी प्राप्त हुन्छ, यसको उपाय बताउनु हुन्छ ।

मस्तक काटेर पल्ला बरावर गर्नु बिना प्रेम समाधि लाग्दैन । दुवैतिरको पल्ला समान गर्नु विना काम चल्दैन । यदि दुबैमा कुनै अग्लो होचो हुन्छ त दोस्रो वस्तु राखिकन पल्ला सोझो गरिन्छन् । डण्डी माथिको स्थान काटिदिए पछि दुबै पल्ला खस्न जान्छन् । डण्डी उनको माथि रहन्छन् । यसरी नै इडा(पिंगलाको पल्ला एक बार उठदछ एकबार खस्दछ अर्थात कहिले इडाचल्दछ त कहिले पिंगला । जब क्रिया गर्दा गर्दा मस्तक निहुरिन जान्छ अनि त्यसमा कुनै बाहीर चिन्तनको उदय नहोस-यही सिर काटेर पल्लाठीक बरावर गर्नु हो । तब दुबै तिरको पल्ला (इडा पिंगला) स्थिर हुन जान्छन् । इडा पिंगला नाडी स्थिर हुनासाथै सुषुम्ना तत्त्व तत्त्व मा चल्न थाल्दछन, तबै परमात्मा को साथ मनको प्रगाढ मिलन हुन्छ । यही हो प्रेम समाधि ।

-यो प्रेम कसरी प्राप्त हुन्छ, यसको उपाय बताउनु हुन्छ ।

"छिन पडे छिन उतरे सो तो प्रेम न होय;
आठ पहर लगा रहे प्रेम कहावै सोय ॥"

कबीर भन्नु हुन्छ-अहिले केही नशाभयो अनि केही क्षणमै हरायो भने त त्यसलाई प्रेम भन्दैनन् । प्रेम त तब भन्दछन्, जब आठै पहर नशा समान भावमा लागि रहोस ।

यस किसिम सित आत्मज्ञानमा परिनिष्ठा जसको जति जति नै अधिक हुन्छ, अर्थात क्रिया गर्दै जो जति नै नशामा रहन्छन, त्यसको त्यति त्यति नै विषयानुभव निवृत्त हुन जान्छन । यस विनिवृत्त काम देखि शीत, उष्ण, सुख दुःखादि द्वन्द्वभाव विलुप्त हुन जान्छन । अतयव जो मूढछन् आर्थत् क्रिया गर्दैनन्, उनको अज्ञान पनि निवृत्त हुदैन, परम पदको प्राप्ति हुदैन । जो अमूढ छन, अर्थात् सांसारिक सुखदुःखको निम्ति जो व्याकुल रहदैन, तिनीहरु दिनरात क्रिया मा लागिरहन्छन् अनि फलस्वरुप अव्ययपद अर्थात् क्रियाको परावस्थामा स्थिति प्राप्त गर्दछन । अव्ययपद भनेको त्यो हो जुन देश, काल, वस्तु द्वारा परिच्छिन्न छैन, खालि क्रियाको परावस्था मा नै देश कालको या नामरुपको तरंग रोकिन जान्छन् ॥५॥

(अपुनरावृत्ति एवं परम धाम)

न तद् भासयते सूर्यो न शशांको न पावकः;
यद्गत्वा न निवर्त्तन्ते तद्धाम परमं मम ॥६॥

श्री धरीय टीका- [त्यो गन्तव्य पद कस्तो छ, यो विशेषरुपले भन्नुहुन्छ]-त्यस पदलाई सूर्यादिले प्रकाश गर्दैन, त्यही धाम मेरो स्वरुप हो । योगी जनले जुन पदलाई प्राप्त गरी संसार मा फेरि प्रत्यावर्त्तन गर्दैनन् त्यही धाम मेरो स्वरुप हुन् । यस द्वारा बताईएकोछ-त्यो परमधाम सूर्यादिको प्रकाशको पनि विषय छैन, अर्थात् तिनीहरु पनि त्यस परम धामलाई प्रकाश गर्नमा असमर्थ छन । यस बाट जडत्व एवं शीतोष्णादि दोषहरुको प्रसंग पनि निरस्त हुन गयो ॥६॥

आध्यात्मिक व्याख्या- "त्यो एक अतीव नै अद्भूत स्थान हो, जसलाई धेरैजसो क्रियाशील मानिसहरुले देख्दछन् जुन गुरुवक्त्रगम्य छ, परन्तु मानिसहरुले सुनेर हांसो उडाउनेछन नजान्नुको कारण-त्यहां सूर्यको किरण छैन, चन्द्रको रश्मि छैन-अग्निको दीप्ति छैन जहा गएपछि फेरि फर्कनु पर्दैन-त्यही मेरो परमधाम अर्थात् क्रियाको परावस्था हुन ॥"

-त्यो स्थान अत्यन्त नै आश्चर्यजनक छ। त्यो काशी, बद्री, हरिद्वार समान स्थान-विशेष होइन। जीव स्वरुपतः ब्रहम हुन। उसको मनरुपी उपाधि उत्पन्न भएपछि नै देश कालको धारणा उत्पन्न हुन्छन। यस धारणाले नै देशकाल आदिको व्यवधान हुन्छ। त्यसले फेरि पृथक् पृथक् स्थान एवं वस्तुरुप परिणाम देखिईन्छन्। क्रियाको परावस्थामा अन्तः करणको वृत्ति निरुद्ध भएपछि जीव र ब्रहमको भेदभाव गैहाल्दछ। तब जीव स्वरुपमा अवस्थान हुन्छ, त्यही ब्रहमधाम हो। यो जीवको निम्ति अतीव नै आश्चर्यजनक घटना हो। देहात्मबोधको कारण जुन मनले यो विराट संसारको सृजन गरिहाल्दछन् र त्यसको साथै शतः शतः बन्धनहरुले आबद्ध हुन जान्छन्, उसको यो सम्बन्ध कहिले दूर होला, जीवले यसको कल्पना पनि गर्न सक्तैन। यो सम्बन्ध तथा विविध नामरुपमय जगत् क्रियाको परावस्थामा अन्तकरण निरुद्ध हुनु साथ-साथै निरुद्ध हुन जान्छन्। घटले जसरी महाकाशलाई खण्डित गरेर घटाकाश उपाधि ग्रहण गर्दछ, परन्तु स्वरुपतः घटाकाश-महाकाशमा कुनै भेद हुदैन, त्यसरी नै अन्तः करणको वृत्ति द्वारा जुन आत्मभाव मन प्राण इन्द्रिय तथा तत्तत् विषयहरुको रुपमा देखिन्छ, त्यो मनोरुप घटोपाधि विलीन हुने वित्तिकै आफ्नो स्वरुपको प्रकाशलाई प्राप्त गर्दछ अर्थात् त्यो वस्तुतः जे थियो तब त्यही बोध हुन लाग्दछ। यस अवस्थालाई नै विष्णुको परम पद भन्दछन्। यो अवस्था एकपटक प्राप्त भए पछि फेरि स्वरुप च्युति हुदैन। जगत् स्वप्न एकबार टुटन गएमा फेरि त्यस स्वप्न दर्शनको पुनरावृत्ति हुदैन। तब योगी निरन्तर जाग्रत रहन्छन्। *त्यो अवस्था इडा-पिंगला-सुषुम्नाको अतीतावस्था हो। त्यहाँ न आलोक छ न अन्धकार, न दिवस न त रात्री, चन्द्र, सूर्य र अग्नि पनि छैन तथापि स्वप्रकाश छ र कूटस्थको नक्षत्ररुपी गुहामा क्रिया को अभ्यास द्वारा त्यहां गमन गरिन सकिन्छ।* त्यहां अनुभव हुन्छ-देवगण आकाशमूर्त्तिमा ॐकार ध्वनि गान गरिरहेकाछन्। जुन मानिसहरुले क्रिया गर्दछन् तिनीहरु नै यस आनन्दमय स्थानमा जान सक्दछन्। प्रथमतः प्राणायाम द्वारा अनिल (वायु) स्थिर हुन्छ त्यो स्थिति नै अमृत पद या क्रियाको परावस्था हो। तब साधक त्यस आनन्दमय अवस्थासँग एक हुन जान्छन ।क्रियाको परावस्था को परावस्थामा यो आनन्द अनुभूत हुन्छ। त्यसलाई जान्न नसक्नु को कारणले नै त्यो धेरै धेरै टाढा जानिइन्छन्। जसले क्रियागरेर क्रियाको परावस्थाको अनुभव गरेकोछ, तिनीहरु जान्दछन्-त्यसैमा नै सवचिज एक हुन गएकोछ, त्यो सबैमा तथा सबैको भित्र-बाहिर एक छन, उनको सिवाय अरु केही पनि छैन।

"तदेजति तन्नैजति तद्दुरे तद्वन्तिके;
तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य वाह्यतः॥" (इश. उ. ५ ॥६॥

ममैबांशो जीवलोके जीवभूतः सनातनः;
मन षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षीति ॥७॥

श्री धरीय टीका-[तिम्रो धाम प्राप्त भए पछि पुनरावृत्ति हुदैन, तथापि ब्रहममा एकीभूत भएर पनि त्यसले जान्दैन-हामी ब्रहममा एकीभूत भएकाछौ सुषुप्ति र प्रलयमा ब्रहमप्राप्ति सबैलाई हुन्छ, तब त संसारी को बच्यो-यसलाई पांच श्लोकहरुमा भन्नु हुन्छ]-मेरो यो अंश जुन अविद्या द्वारा जीवभावलाई प्राप्त छ, त्यो सनातन छ अर्थात् सर्वदा संसारीरुपमा प्रसिद्ध छन्। सुषुप्ति एवं प्रलयकालमा प्रकृतिमा लीन यो जीव जीवलोकमा सांसारिक उपभोगार्थ इन्द्रियहरुलाई फेरि आकर्षित गर्दछ। यस श्लोकमा 'इन्द्रिय' शब्द कर्मेन्द्रिय एवं प्राण उपलक्षणार्थ व्यवहृत भएकोछ। यो सत्य छ-मदंश हुनुको कारण जीवमात्रलाई सुषुप्ति र प्रलयकालमा मैमा लय प्रांप्ति भएमा मत्प्राप्ति हुन्छ। परन्तु अविद्याबाट आवृत्त सानुशय जीवको त्यो लय प्रकृति विशिष्ट ममा हुन्छ। जुन शुद्धस्वरुप म छु, त्यसमा लय हुदैन यसैकारण भनिएकोछ-"अव्यक्त देखि सबै व्यक्त हुन्छन" इत्यादि अतयव पुनः संसारको निम्ति निर्गत भएर अविद्वान या अज्ञानी जीव, प्रकृतिमा लीन-भावमा स्थित निज उपाधि भूत इन्द्रियहरु लाई आकर्षण गर्दछन्। परन्तु विद्वानलाई शुद्ध स्वरुप-प्राप्ति हुनुको कारण पुनरावृत्ति हुदैन ॥७॥

आध्यात्मिक व्याख्या-"मैरै अणुको अंश देखि सब जीवगण जीव भएर नित्य नै शिवस्वरुपमा वर्त्तमान छन, परन्तु पंचेन्द्रिय एवं छैठौं मन-शरीरको पंचतत्त्व, मन, बुद्धि, अहंकार जसको प्रकृति हुन्छन त्यस आत्मामा नरहिकन अर्थात् क्रिया नगरी-प्रकृतिको गुण माथि वशीभूत भएर, अन्य वस्तुमा आसक्ति पूर्वक आकर्षित भएर अर्थात् विषयतिर मनलाई इच्छा पूर्वक तानेर उपस्थित गर्दछन्।"

-सब जीव शिवस्वरुप छ, किनभने सबै देहहरुको भित्र त्यही ब्रहमाणु रहन्छन् जसको कारण यस देहादिको अभिप्रकाश भैरहेकोछ। त्यस ब्रहमाणु प्रति लक्ष्य नरहनुको कारण केवल (प्रकृति-देहेन्द्रिय-मन-प्राण) बोधको विषय भैरहेकोछ। ब्रहमाणुको परिवर्तन हुदैन, परिवर्तन हुन्छ प्रकृतिमा। यस प्रकृतिमा जबसम्म रहनेछौ, तबसम्म आवागमनको अन्त हुने छैन। प्राणको स्पन्दन नै मन हो। यो प्राण जबसम्म चचंचल रहनेछ, तबसम्म मनको बहिर्भ्रमण आउनु जानु बनिरहनेछ। यो मनको आउनु जानु नै संसार-जन्म मृत्युको अभिनय हुन। परन्तु जसले क्रिया गरेर प्रकृतिलाई वशीभूत गरेकोछ अर्थात् प्राणको गमनागमनलाई निवृत्त गरिदिएकोछ, त्यसको मन फेरी विषयतिर आकृष्ट हुदैन। मानिस मरेर पनि त्यसको स्वभाव नष्ट हुदैन। निद्रित मनुष्यको सारा संकल्प र चेष्टाहरु सुप्त रहंन्छन। निद्राभंग भए पछि फेरि जाग्रत भएर जसरी पुर्वकृत कर्महरुको अनुसरण गर्दछ, त्यसरी नै जीव मृत्यु पछि उसको देहेन्द्रियादिको परमाणु आफ-आफ्नो अधिष्ठातृ देवताहरुको भित्र लीन हुन जान्छन् या प्रसुप्त रहन्छन्। त्यस जीवको भोग समाप्त भए पछि फेरि जब जगत्मा आउने समय हुन्छ , तब प्रकृतिमा लीन भावमा अवस्थित इन्द्रियादिलाई त्यसले आकर्षण गर्दछ तथा तदनुसार उसको देहादि इन्द्रियवर्ग समुत्पन्न हुन्छन्। जुन कर्मानुबन्धी अज्ञ जीव छन, उनिहरुको नै उपर्युक्त अवस्था हुन्छन। परन्तु जसको प्राण शुद्धिको साथै मनः शुद्धि भएकोछ, जसको मनमा सांसारिक वासनाको तरंग रहेको छैन, उनको फेरि पुनरावृत्ति हुदैन। प्राण अपान को गति संगै संकल्प विकल्पको बुद्बुद् आभासित भै उठदछन र तबसम्म यो संसारचक्र लगातार घुमिरहन्छन्, यसको विश्रान्ति हुदैन। यो जीवभाव स्पन्दन-धर्मी छ, अतयव वहिर्मुखी छ। श्वासको गति आरम्भ हुन्छ एक

गतिशून्य स्थिर अवस्था देखि । यो स्थिर अवस्था न हुंदो हो त कसको आधारमा यो प्राणको गमनागमन हुन्थ्यो । अतयव एक स्थिर अवस्था छ । त्यस स्थिर अवस्थामा र ऊर्ध्वमा जो रहन्छन् त्यही अगतिको गति हुन, परम शिव हुन्, पुरुषोत्तम हुन, जगन्माता हुन । यद्यपि त्यो अनुप्रविष्ट भएर सबैको भित्र छन, परन्तु उनमा लक्ष्य नहुनुको कारण कसैले उनको अनुभव गर्न पाउदैन । त्यो परम स्थिर अवस्था नै मायातित अवस्था हुन ।-*"धाम्ना स्वेन सदा निरस्त कुहकम्"*। त्यो परम धाम नै संचंचल-अचंचल, सब अवस्थाहरुको जननी हुन । उनको आश्रय जसले प्राप्त गरेकोछ उनलाई फेरि पथ भ्रष्ट हुनु पर्दैन, उनलाई फेरि आफ्नो स्थान देखि च्युत हुनु पर्दैन । दुर्गा सप्तशतीमा लेखिएकोछ ।-

"त्वामाश्रितानं न विपन्नराणाम्;
रोगान शेषान पर्हंसि तुष्टा ॥"

तिमी तुष्ट भएपछि समस्त उपद्रवहरुकोनाश गरिदिन्छौ । मां ! जसले तिम्रो आश्रय लिन्छ उसको कहिल्यै विपदको संभावना हुदैन । तब जगज्जननीको अनुचरी अविद्याले उसलाई संसारको भोगको लागि आकर्षण गर्न सक्तैनन् । श्वास नै उनको चरण हुन यस चरणलाई जसले समाती राख्दछन, त्यसलाई माताले आफनो अंकमा-(क्रियाको परावस्थारुप परमानन्द धाममा) उठाएर राख्दछन् ॥७॥

आत्मा जीव लोकमा सुर-नर, पशु पक्षी आदि जीव भावलाई प्राप्त हुन्छन । परन्तु उनको देहादिको जन्म र मृत्युमा आत्माको विनाश हुदैन । यो द्वितीय अध्यायमा धेरै पटक भनिसकिएकोछ । आत्मा सनातन छ, किनभने त्यो ब्रहमरुप मेरो नै अंश हुन, अतयव ब्रहमको सिवाय अन्य केही छैन । यसले यहां प्रश्न उठन सक्दछ-ब्रहमको यदि अंश रहन्छ भने त ब्रहमको अखण्डत्व सर्वव्यापित्व, एवं अनन्तत्वको हानी हुन्छ अथवा ब्रहम अंश देखि पृथक् भएपछि यो मान्नु पर्ने हुन्छ-ब्रहमको अतिरिक्त अन्यवस्तुको अस्तित्व छ । यसको उत्तर यो दिन सकिन्छ-पहिले क्षेत्रज्ञ आत्माको कुरा भनिएकोछ तथा परमात्माको परा अपरा भेदबाट दुई प्रकृतिहरुको कुरा पनि भनिएको छ । अब जसरी शक्तिमान देखि शक्ति स्वतन्त्र वस्तु हुदैन, उसरी परमात्माको प्रकृति या शक्तिद्वय उनि देखि भिन्न वस्तु होईन । अतयव मम अंश जीव एवं ब्रहमको अभिन्न अभेदत्वमा कुनै अन्तर हुदैन ।

शरीरं यद्वाप्नोति यच्चाप्युत्क्रामतिश्वर;
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

श्री धरीय टीका-[इन्द्रियादिलाई आकर्षण गरी जीवले के गर्दछ, यो बताउनु हुन्छ]-जीव जब शरीरदेखि उत्क्रमण गर्दछ तथा कर्मवश शरीरान्तरलाई प्राप्त हुन्छ, तब पूर्व शरीर देखि समस्त इन्द्रियहरुलाई ग्रहण गरी दोस्रो शरीरलाई सम्यग्रुपले प्राप्त हुन्छ, अर्थात्शरीरान्तरमा प्रवेश गर्दछ । शरीर रहंदा खेरि नै इन्द्रियहरु को ग्रहण हुन्छ जस्तो आशय बाट अर्थात् कुसुम आदि बाट गन्ध विशिष्ट सूक्ष्म अंशहरुलाई ग्रहण गरी वायु गमन गर्दछन ॥८॥

आध्यात्मिक व्याख्या-"जसलाई पाउंदछ, जसलाई छोडदछ-शरीर हृदयमा धारण गरी विषयासक्त भएर इच्छाको साथ-नजानिकन जसरी गन्ध मानिसहरुको नाकमा अचानक अनुभूत हुन्छ परन्तु कसद्वारा यो अनुभव भयो, यसमा मानिसहरुले ध्यान दिदैन । यो वायु द्वारा गन्ध आउंदछ त कुनै गन्धलाई परित्याग गर्दछ र कुनै गन्धलाई ग्रहण गर्द्दछ-उसरी अन्य वस्तुमा आसक्ति पूर्वक जाने इच्छा नै उसको मूल हुन्छ अर्थात् चंचंचल मन आफु आफैमा नरहिकन भटकनाले आफु देखि आफै आवद्ध छन ॥ जस्तो पक्षी कुनै नदीको तीर प्यासी हुदै कुनै डांडमा बसेर जल पान गर्नेछु, यस इच्छाले वस्यो-डांडको दुबैतिर दुईटा काठहरु थिए, लामो माथिमा डांड, त्यही डांड एक डोंडको भित्र थियो, पंक्षी बसेर जसै पानी प्युनको लागि तत्परहुनासाथ घुम्न गयो, बलगरी छटपटाउदै फेरि उठयो र जल पिउन उद्यत हुने वित्तिकै फेरि खस्यो यस्तो गर्दा गर्दै शिकारी आएर उसलाई सजिलैसित समातिलियो यसरी नै संसारमा इच्छास्वरुप तृष्णादेखि आवृत्त भएर इडा पिंगलारुपी दुइटा काठहरुमा बसेर छटपटाउदै-कर्मदेखि आवृत्त भएर यमले आएर समात्यो ।"

-कर्मवश देहत्याग गर्दा समय जीवले सूक्ष्म देहलाई ग्रहण गरेर नै गमन गर्दछ, जसरी वायु गन्धलिई गमन गर्दछ । पाप पुण्यादि कर्महरुको यथोचित फलहरु भोग गरी जब दोस्रो शरीर ग्रहण गर्ने उसको समय आउंदछ, तब आफ्नो पूर्व जन्मको प्रकृति अनुसार देह गठनको निम्ति पूर्वदेहको इन्द्रिय, मन आदि लाई साथ लिएर जन्म ग्रहण गर्दछ । जसले सदा मानिसहरुको हिंसा गरेकोछ, उसलाई आफ्नो हिंस्र स्वभाव अनुरुप दोस्रो जन्ममा व्याघ्र या सर्प देह मिल्नेछ, किनभने मनोमय सूक्ष्म देहमा रक्त मांसादि हुदैन, केवल भावनामय देह नै रहन्छ । जब उसको त्यो सूक्ष्म देहले स्थूल देहको लागि स्थूल अणुहरुलाई आकर्षित गर्नेछन्, तब उसको भावनामय देह अनुरुप स्थूल अणु आकर्षित हुनेछ । अतयव गत जन्ममा जो जुन किसिमको चिन्तनमा अनुरक्त थियो, उसको परजन्मको देह पनि तदनुरुपै हुनेछ । अतयव जीवको भावमय देह (सूक्ष्मशरीर) लाई पवित्र चिन्तन द्वारा पवित्र गर्नु बिना अन्तमा त्यसको विषय परिणाम भोग्नु नै पर्नेछ ! दुःसह यातनामय देह प्राप्त गरी उसलाई पूर्वकृत कर्महरुको फल भोग्नु नै पर्नेछ । जुन मानिसहरु बुद्धिमान एवं सुचतुर छन तिनीहरु जीवको यस दुर्गति देखि अवगत भएर सावधान हुन जान्छन् अनि कतै अशुभ देह प्राप्त हुन नजाओस, यसको लागि शुभकर्म र शुभ-चिन्तन गरिरहन्छन् । उनलाई फेरि यी सब दुःख दुर्दशाहरु भोग्नु पर्दैन । जुन मानिसहरुले परमार्थ चिन्तन गर्दैनन्, आत्मालाई केही पनि बुझ्दैनन् खालि इन्द्रिय भोगमा अनुरक्त रहन्छन्, तिनीहरु आत्मघाती हुन, उनलाई मूढ योनिहरुमा जन्म ग्रहण गर्नु पर्दछ । ईशोपनिषद ग्रन्थमा लेखिएकोछ ।-

"असुर्या नाम ते लोका अन्धेन तमसावृताः ;
तांस्ते प्रत्यभिगच्छन्ति ये के चात्महनो जना ॥"

ती इन्द्रियासक्त मानिसहरु घोर अन्धकार द्वारा आच्छन्न, आलोक विहीन लोकलाई प्राप्त गर्दछन् । जो आत्मघाती आत्मज्ञान विहीन छन तिनीहरु मृत्यु पछि त्यस अन्धकारवृत्त निरयलोकहरुमा भोग गर्नुको पश्चात् वृक्ष पाषाण आदिरुपमा जन्म लिन्छन ।

यसैले आफ्नो मनलाई शुद्धगर्नुको चेष्टा नगरेमा अतीव लाचारीको सामना गर्नु पर्दछ ‼ आसक्ति र वासना लिई तिनीहरु वार बार देह त्याग एवं ग्रहण गरिरहन्छन् । प्रवाहित वायु देखि अचानक मानिसले गन्ध पाउंदछन परन्तु त्यो गन्ध कांहाबाट आईरहेकोछ जान्दैनन् । यत्तिका पढे लेखेर यत्तिका देखि सुनिकन पनि हाम्रो बुद्धि असत् कर्ममा किन प्रवृत्त हुन्छ ? वायुमा फुलको गन्ध समान पूर्वजन्मको देह मन देखि सुगन्ध रुप शुभाशुभ कर्मासक्तिलाई यस जुनीमा पनि तानेर ल्याउंदछन् । यसै कारण अवशात् हामीले पूर्वकर्महरु अनुरुप जुन प्रवृति प्राप्त गरेकाछौं त्यसकै आदेश अनुसार चल्न को लागि वाध्य भै रहेकाछौं । याहाँ अव थोरै विचार गरेर हेरौं-के गर्नु छ ? *आफ्नो चित्त शुद्धिको लागि कुन उपायको सहारा लिने हो ? सत्संग गर, सत शास्त्रहरुको अधययन गर, सद्गुरुको अन्वेषण गर ।* एकान्तमा बसी रुदै श्री भगवान्संग प्रार्थना गर, यसबाट तिमीलाई बल मिल्नेछ र इन्द्रिय संयमको लागि चेष्टित हुन सक्ने छौ । डांडको पंक्षी समान मुख वाएर जल पिउने आशाले तिमी एकबार यता एकबार उता न झुक । जीव ! तिमी विषय तृष्णाले व्याकुल भएर एकबार इडामा प्राण प्रवाहित गर्दछौ अनि विषय चिन्तन देखि जर्जरित हुन जान्छौ, दोस्रो बार पिंगलामा प्राण प्रवाहित गर्दछौ र निद्रामा, आलस्यमा, व्यर्थको आमोदप्रमोदमा काल क्षय गर्दछौ ‼ यत्रो दिन वर्षौ वर्षौ त विषय भोग गऱ्यौ-के त्यसले तृष्णा मिट्यो ? विषय प्रति आसक्तिको नशा दूर भयो ? तिम्रो सिरानी निर यमराज खडा छन ! अरे रे भ्रान्त ! अरे उन्मत्त, अफै पनि तिमी उन्मादमा छौ ‼ अब त चेतेर श्री भगवान्को आश्रय लेऊ, अब त ईश्वर स्मरण भजनको अभ्यासमा प्रवृत्त होऊ । यदि तिम्रो प्राण प्रवाह एकबार पनि सुषुम्नामुखी हुन्छ भने त तिमीले यस महद् भयदेखि परित्राण प्राप्त गर्नेछौ ‼ ॥८॥

(जीवले कसरी विषयभोग गर्दछ?)

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेवच;
अधिष्ठाय मनस्चायं विषयानुपसेवते ॥९॥

श्री धरीय टीका-[जुन कारणले इन्द्रियहरुलाई ग्रहण गरी गमन गर्दछ, त्यो बताउनु हुन्छ]-श्रोत्र, चक्षु, त्वक, जिहवा, नासिका-यी बाह्य इन्द्रियहरु तथा अन्तः करण मनको आश्रय गरी शब्दादि विषयहरुलाई जीवले उपभोग गर्दछन् ॥९॥

आध्यात्मिक व्याख्या- "पहिले मानिसहरु सुन्दछन्-यसमा वडोमजा छ-पश्चात् देख्दछन, तब स्पर्श गर्दछन्, चाख्छन्, संुघ्छन-यी सब कर्महरुको पहिले मन चित्त बुद्धि स्थिर गर्दै समस्त कर्मफल हरुको आकांक्षा साथ आफ्नो असली सेवा क्रिया छोडिकन उपसेवा अर्थात् पत्रु-मृगमरीचिकाको क्षणस्थायी भ्रममा पर्दछ-यसरी कति कति धोखा खाईयो-परन्तु तपाई जुन कोरा बच्चा बन्या छौ, त्यो बच्चा कति कति बार बन्यौ ।"

-पूर्व शरीर देखि जीव उत्क्रमण कालमा मन एवं इन्द्रिय (सूक्ष्मशरीर) को साथ गमन गर्दछ । जीवले बाह्येन्द्रियहरुको आश्रय गरी शब्द, स्पर्श, रुप, रस एवं गन्ध आदि विषयहरुको उपभोग गर्दछन् । पंचभूत

निर्मित यो स्थूल शरीर नै हाम्रो सर्वस्व होइन । यो स्थूल शरीर नष्ट भएर पनि सप्तदश अवयव युक्त सूक्ष्म शरीर बर्तमान रहन्छ । उत्क्रमणको समय जीवले सूक्ष्म शरीरलाई साथै लिएर परलोक गमन गर्दछ र जन्म ग्रहणको समयमा यो सूक्ष्म शरीर साथ साथै आउंदछ । सूक्ष्मशरीरमा प्राण, मन, बुद्धि सब रहन्छन् । यसैले जीवको पाप-पुण्य, धर्माधर्म सारा संस्कारहरु सूक्ष्म शरीरमा निहित रहन्छन् । यो शरीर पनि देखिन जान्छन्, परन्तु सूक्ष्मत्त्व हुनुको कारणले त्यस लाई सबैले देख्न पाउदैनन् ।

यो स्थूल र सूक्ष्म शरीरले जीवलाई धेरै धोखा दिन्छन् । यिनीहरुले नै जीवलाई जीवत्वभावमा भावित गर्दछन् अनि यसैकारण जीवलाई स्वरुपानुसन्धानमा आग्रह हुदैन । यसै यन्त्रमा आरुढ भै जीवले विषयहरुको रसास्वादन गर्दछन्, यसैले यसले जुन वस्तुहरु लाई स्वादिष्ट बताउंदछन् ती वस्तुहरुलाई नै जीवले स्वादिष्ट अनुभव गर्न लाग्दछन् । यसको परिणाम यस्तो हुन्छ-विषय भोग गरी आशा र आकांक्षा कहिले पनि मेटिदैंन । यसै कारण असली वस्तुको सेवा छोडेर फाल्तु पत्रु वस्तुहरुको पछि समय नष्ट गर्दछ । अनेक बार विषय भोग गरी धेरै दुःख पाएकोछ, तरै पनि विषयलाई देखे पछि आशाको स्वप्न भंग हुदैन । मानिसहरुले ठक्कर खाएपछि चेत्छन सिख्दछन, परन्तु कति कति पटक जीव कति कति तापले संतप्त भयो, कति कष्ट उठायो, फेरि पनि विषयलाई देखेपछि अज्ञहठी बालक समान त्यसको उपभोग गर्न चाहन्छ । परन्तु जो बुद्धिमान छन, तिनीहरुले इन्द्रियहरुको सेवा छोडेर प्राणको सेवा गर्दछन । प्राणको श्वास प्रश्वासमा लक्ष्य राखेपछि उसको चरण सेवा हुन्छ । जुन मानिसहरुले गुरुवाक्यमा विश्वास गरी मन खुब लगाएर क्रिया गर्दछन, उनको प्राण र अपान इडा र पिंगलामा मिल्न जान्छन् । यस सम्मिलित अवस्थामा नै श्री भगवान्को त्रिभंग भंगिमा-भाव मा देखेर भक्त साधक कृतार्थ हुन जान्छन ॥९॥

(आत्मालाई विवेकी पुरुषले देख्दछन्)

उत्क्रामन्तं स्थितं वापि भूंजानं वा गुणान्वितम् ;
विमुढा नानुपस्यन्ति पश्यन्ति ज्ञानचक्षुष ॥१०॥

श्री धरीय टीका- [आत्मालाई कार्यकारण संघात देखि अतिरिक्त अर्थात् भिन्न रुपमा मानिसहरुले किन देख्दैनन् यसको उत्तर दिनु हुन्छन्]-उत्क्रामन्तं अर्थात् एक देह देखि दोस्रो देहमा गमन शील अथवा देहमा नै स्थित विषयभोगशील इन्द्रियादिमा युक्त जीवलाई मूढ मानिसहरुले देख्न पाउदैन । परन्तु ज्ञान-चक्षु सम्पन्न विवेकि जनले देख्दछन् ॥१०॥

आध्यात्मिक व्याख्या- "जन्म ग्रहण गरी फलाकांक्षाको साथ नै कर्म गर्दै रहन्छन् तथा चल्दा-चल्दै केही दिन स्थिर भएर रहन्छन् र जस्तो जस्तो गुणको कर्म गर्दछन् तदनुरुप भोग प्राप्त हुन्छन् गुण छोडेर निर्गुणमा रहनाले नै बन्दछ-परन्तु त्यसले गर्ने छैन आफ्नो एक नै गुण छ जसलाई कहिल्यै छोडन सक्तैन मूर्ख समान अतयव फलाकांक्षाको साथ कर्मयोग जुन दुःख छ त्यसलाई सुख सम्झेर जुन मिथ्या अर्थात् केही दिनकोनिमित्त छ त्यसलाई सत्य सम्झेर केही पनि देख्न पाउदैनन्-तथापि देखिने पदार्थ मियो समान

शरीरको मध्यस्थानमा रहन्छ, त्यसलाई गुरुवाक्य द्वारा जानिकन क्रिया गरे पछि जान्नु योग्य दिव्य-दृष्टि कूटस्थ द्वारा देख्न पाउंछन । आफ्नो भलाई न भै अर्काको भलाई, यस कुसंस्कार ले नै सर्वनाश हुन्छ-आबद्ध भै मानिसहरु रहन्छन ।"

-जसलाई आत्मज्ञान छैन, जो इन्द्रियासक्त छन, यस्ता मूढ मानिसहरु खालि फलाकांक्षायुक्त कर्महरुमा नै व्यस्त रहन्छन् । यस कारण प्रायजसो नाना किसिमका दुःख यातनाहरु एवं क्लेश भोग्नु पर्ने हुन्छ, तथापि त्यसलाई छोडेर परमार्थ चिन्तनमा मन लगाउनलाई उनलाई केही अवसर मिल्दैन । देह-इन्द्रिय आदि गुणहरुबाट उत्पन्न हुन्छन । यस देहेन्द्रियलाई लिएर तिनीहरु दिनरात व्यस्त भैरहन्छन्, यिनीहरुकै सुख-सुविधा स्वागत सत्कारमा आफ्नो समस्त शक्तिहरु एवं सारा समय नष्ट गर्दछन् । परन्तु यसमा केही शान्ति पाइदैन । जबसम्म गुणहरुमा रहनु हुन्छ, तबसम्म त्रिताप नष्ट हुनेवाला छैन त्यसलाई छोडेर मन खुब लगाईकन सुन्दर भावसंग क्रिया गर्नाले नै सब चीज बन्दछन । यस द्वारा गुणको क्षेत्र देखि निर्गुणमा पुग्न सकिन्छ, तर यतातिर अलिकति पनि लक्ष्य छैन । यद्यपि गुणमा रहेर सन्तप्त त्रितापित हुन्छन, दुःखकष्टले चित्कार गरिरहन्छन, दिनरात हाय-हाय गरिरहन्छन्, तथापि सद्गुरुको जुन उपदेश अनुसार क्रिया गरेर दिव्य दृष्टि प्राप्त गरी त्राण मिल्न सक्दछ, त्यतातिर उनिहरुको अलिकति पनि लक्ष्य हुदैन । तिनीहरुले यस्तो मिथ्या धारणा लिइरहन्छन्-क्रिया गर्दा खेरि सन्सार देखि बाहिर जानु पर्ने हुन्छ । यसैले कम्मर कसिकन यस्तो चेष्टामा लाग्दछन्-कोही क्रिया गर्नुको प्रयत्नमा नलागोस अनि यसरी आफ्नो तथा अर्काको पनि सर्वनाश गर्दछन । आत्म चैतन्यको अनुभव केवल क्रियाको परावस्थामा नै हुन्छ आत्मा देह-इन्द्रियहरु देखि पर छ। देह-इन्द्रियहरुको पर जानु बिना त्यसको उपलब्धि कसरी हुन सक्दछ ? आत्मदर्शन भनेको भौतिक पदार्थहरुको दर्शन समान होइन । जसको ज्ञान-चक्षु या तृतीय नेत्र खुलेको छ ती योगीजनले नै आत्मदर्शन गर्न सक्दछन् । यस आत्माको सत्ताले नै देहेन्द्रियादिको सारा कार्य अर्थात् श्रवण, दर्शन, स्पर्श, स्वादग्रहण, गन्ध ग्रहण, मनको संकल्प, बुद्धिको अनुभव-सब चीज भै रहेकाछन् । परन्तु यस्तो यस्तो विडम्बना छ,-सत्ताको प्रभाव देखि यी समस्त कार्य सम्भव भैरहेकोछ, त्यसलाई तिनीहरुले कदापि बुझ्न पाउदैन किनभने उनको बुद्धि आत्मस्थ छैन । यसैले आत्म दर्शनको इच्छा राख्नेहरुले इन्द्रिय-मन-बुद्धिको बहिर्विचरणशील भावलाई रोक्नु पर्दछ । यीनीहरु जबसम्म शान्त भएर अन्तरमुखी हुने छैनन्, तब सम्म आत्मदर्शन कदापि संभव छैन । जो विवेकहीन छन, तिनीहरु नाना किसिमका कार्यहरुमा व्यापृत रहन्छन्, परन्तु ती कार्यहरुको कारण प्रति उनको लक्ष्य हुदैनन् । अतयव जसको तेजले यी सब श्रवणदर्शन मनन् आदि भैरहेकाछन्, त्यसको विषयमा चिन्तन गर्नुको अवसर मृत्यु पर्यन्त पनि प्राप्त हुदैन ॥१०॥

(प्रयत्नशील योगीले आत्मालाई देख्दछ, अन्यले होइन)

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम्;
यतन्तोऽप्य कृतात्मानो नैनं पश्यन्त्य चेतसः ॥११॥

श्री धरीय टीका- [यो आत्मा दुर्ज्ञेय छ, किनभने विवेकी पुरुषहरुमा पनि कसैले यसलाई देख्न पाउंदछन्, कसैले देख्न पाउदैनन्, यही बताउनु हुन्छ]-ध्यानादि द्वारा प्रयत्नशील योगीजनहरुमा कोही कोहीले यस आत्मालाई आफ्नो शरीरमा तथा देहमा विविक्तरुपसँग अवस्थित देख्दछन् । शास्त्राभ्यासादि द्वारा प्रयत्न गरेर पनि जो अकृतात्मा अर्थात् अविशुद्ध चित्त हुनुको कारण मन्द मति छन, तिनीहरुले यस्लाई देख्न पाउदैन ॥११॥

आध्यात्मिक व्याख्या- "ध्यान-धारणा-समाधियुक्त भएर अर्थात् अडकिरहेर आफ्नो मनमा आफै रहेर-जसलाई मानिसहरुले गर्दैनन्, जसको निम्ति माथि दुःख प्रकट गरिएकोछ-देख्न पाउंदछन् । दिव्य दृष्टि द्वारा आत्माको क्रिया गर्दछन् (जुन गुरुवक्त्रगम्य छ) स्थिति अवस्था प्राप्त भै अर्थात् अडकिरहिकन क्रियाको परावस्थामा, तर जसले आत्माको स्थिति गर्न पाउदैन, क्रियाद्वारा खालि मनलाई तानेर आत्मामा ल्याउंदछन्, अर्थात् प्रथम चेष्टा गर्दछन, तिनीहरुले आत्मालाई देख्न पाउदैनन् । किनभने चैतन्यरुप कूटस्थ ब्रहममा अडकिरहनु बन्दैनन्-यसैको नाम हुन अकृतात्मा, अर्थात् केही समय गर्दा-गर्दा हुन जानेछ ।"

-श्रीमद् आचार्य शंकरले यस श्लोकको व्याख्यामा भन्नु भएकोछ-"कोही कोही योगी प्रयत्नशील भएर समाहित चित्तमा यस आत्मालाई देख्नमा समर्थ हुन्छन्। यो आत्मा नै म हूम् । यस आत्माको स्वरुप जुन स्वीय बुद्धिमा प्रतिफलीत हुन्छ, त्यसको उपलब्धि गर्दछन् । परन्तु जो अकृतात्मा छन, अर्थात् असंस्कृत हृदयवाला छन, जसले तपस्या एवं इन्द्रियजप यी दुबै उपायहरु को सहारा लिंदैनन् तथा जो अविवेकी छन, तिनीहरु प्रयत्नशील भएर पनि त्यस आत्मालाई देख्नमा असमर्थ हुन जान्छन् अर्थात् चित्तशुद्धि नै आत्म दर्शनको एकमात्र उपाय हो र त्यसको लागि तपस्या अनि इन्द्रिय जयको आवश्यकता छ । प्राणायाम नै परम तपस्या हो र त्यस द्वारा नै इन्द्रियहरुलाई विषयहरु देखि प्रत्याहृत गरी अन्तरमुखी गर्नाले आत्मदर्शन हुन्छ । प्राणायाम द्वारा प्राण स्थिर भए पछि नै चित्त अन्तरमुखी हुन्छ । त्यस अन्तरमुखी भावको गम्भीरताको तारतम्य नै धारणा-ध्यान-समाधि भनिन्छन् । समाधिभाव चरम अन्तरमुखी भाव हुन, यस अबस्थामा प्राण अडकिन जान्छन् अर्थात् श्वासको बहिर्विचरणशीलता रहदैनन् । अनि मन विषयान्तरमा धावमान नभएर आफै आफुमा प्रतिष्ठित हुन्छन । यस स्थितिको अवस्थामा नै आत्मा ज्ञान गम्य हुन्छ यस स्थितिलाई जस्ले प्राप्त गरेकोछ, तिनीहरु नै योगी हुन,-परन्तु जो अचेतसः छन, अर्थात् साधना गर्दछन, परन्तु अझै क्रियाको परावस्थालाई प्राप्त भएकोछैन, हालसालै या दसपाँच-बर्ष साधन गरेको भएको छ, तर आत्मालाई देख्न पाउदैन, देखेको छैन तिनीहरु अझै पूर्ण स्थिर हुन सकेका छैनन् । साधनाको दीर्घकालीन अभ्यासले नै यो स्थिरता प्राप्त हुन्छ । जसले साधना द्वारा स्थिरताको मीठो स्वाद पाएका छन, तिनीहरु कृतात्मा हुन उनको जीवन शफल भएकोछ । उनीहरुले आफ्नो प्राणधारालाई असीम प्राण या ब्रहमचैतन्यको भित्र निमज्जित गरिदिनुको सामर्थ्य प्राप्त गरेकाछन् । जसलाई अझै यो सामर्थ्य प्राप्त छैन तिनीहरु अकृतात्मा हुन, परन्तु तिनीहरुले पनि यदि मन लगाएर अरु पनि दीर्घकाल सम्म साधना गर्दछन् त तिनीहरु पनि कृतार्थ हुन सक्दछन्, यसमा संदेह छैन ॥११॥

यदादित्यंगतं तेजो जगद्भासयतेऽखिलम् ;
यच्चन्द्रमसी यच्चाग्न्यौ तत्तेजो विद्धि मामकम्॥१२॥

श्री धरीय टीका- [यस अध्यायको षष्ठ श्लोकमा "न तद्भासयते सूर्यः" इत्यादि द्वारा परमधामको विषयमा भनिएकोछ एवं तद्धाम प्राप्त जीवको अपुनरावृत्तिको कुरा पनि भनिएकोछ । त्यहाँ देहादि देखि अतिरिक्त संसारी स्वरुप पनि देखाईएकोछ । अब चार श्लोकहरु द्वारा अनन्त शक्तित्वरुपमा त्यस परमेश्वर सम्बन्धि रुपको निरुपण गर्नुहुन्छ]-सूर्यादिमा स्थित अनेक किसिमको तेज जसले विश्वलाई प्रकाशित गर्दछन्, ती सब तेजहरुलाई मेरो नै तेज सम्झनु ॥१२॥

आध्यात्मिक व्याख्या- सूर्यको तेज जुन सूर्यबाट आएकोछ त्यस द्वारा सब प्रकाशित-तेस्तै नै कूटस्थको तेज यस शरीरमा रहनाले शरीरमा स्व-प्रकाश भैरहेकोछ-त्यो तेज ब्रहमको रुप हो, जुन आकाश देखि आई परेकोछ । परन्तु आकाशमा केही पनि देखिन जादैन, परन्तु त्यस आकाशको भित्रै परव्योम स्वरुप एक एक अणुमा अनेक ब्रहमस्वरुप अणु अनि त्यसको भित्र अनेक ब्रहमाण्ड रहन्छन्-त्यस ब्रहमाण्डको भित्रै तिमी पनि एक हौ, तिमी कति सानोछौ यसको विवेचना आफसे आफ गर्न सक्तैनौ । तिम्रो फुर्तिफार्तिको कुनै सीमाना छैन, तिमी के हौ-यो स्वयं तिमीले बताउन सक्तैनौ ! यसरी चन्द्र र अग्निको तेजको अणुमा मेरो नै रुप छ-यो दृष्टिगोचर भएपछि नै ब्रहमज्ञान हुन्छ, क्रिया नगरी खालि कुरा गर्नाले यस्तो अवस्थाको बोध हुनेछैन, बोध भएर नै बोध हुनेछ-अर्थात् क्रियाको परावस्था ।" सूर्य, चन्द्र र अग्निमा जुन तेज छ त्यो सब उनैको प्रकाश हो ।

तमेव भान्त मनु भाति सर्वं;
तस्य भासा सर्वमिदं विभाति ॥ (कठ. उप.॥

त्यस प्रकाशमान आत्माको प्रकाश देखि नै सूर्यादि सारा प्रकाशशील पदार्थ प्रकाशशील भैरहेकाछन् । यो स्थावर-जंगमात्मक जगत् उसैको प्रभाव देखि दीप्ती प्राप्त गरिरहेकोछ । त्यो "ज्योतिषां ज्योति" हुन । त्यसैले समस्त ज्योतिर्मय वस्तुहरुलाई ज्योति प्रदान गर्दछन । ज्योति विना कुनै वस्तु प्रकाशित हुन सक्तैनन् । यस शरीरको भित्र पनि त्यो ज्योति रुपमा रहन्छन्, यसैले यस शरीरको प्रकाश अनुभूत भैरहेकोछ । हामी यस शरीरको सौन्दर्य र लावण्यको जुन कुरा गर्दछौ, त्यो सारा लावण्य र सौन्दर्य त्यस कूटस्थ ज्योतिको कणिकामात्र हुन । त्यो कूटस्थ ज्योतिले सूत्रात्मा संगै जब यस देहलाई त्याग गर्दछ, तब यो शरीर श्रीहीन र मलिन हुन जान्छन् । त्यो ज्योति सूक्ष्मरुपमा यस आकाशमा सर्वत्र व्याप्त छन । त्यो ज्योति एक क्षुद्र ब्रहमाण्डको ज्योति प्रकाश हो । त्यस ब्रहमाणुमा कति कति ब्रहमाण्ड भरिरहन्छन ! सूर्य, चन्द्र र अग्निको प्रत्येक अणुमा उनकैरुप भरिएकोछ, यो जुन दिन हाम्रो समझमा बुद्धिमा पस्दछ, त्यसैदिन हामीलाई ब्रहमज्ञान प्राप्त हुनेछ । ब्रहमाण्डको यी अनन्त ब्रहमाणु त्यही एक ब्रहमाणुको भित्र छन । त्यो एक नै बहु त्यो बहु नै एक 'एकंअद्वितियं' भएर विभात भैरहेकोछ । एक अंकलाई हजारौ

लाखौबार एकअंकले गुणन गर्दा त्यो एकको "एकं अद्वितीयं"नै रहनेछ जस्तो १x१x१x१x१=१ । जे जुन जति प्रकाशित भैरहेकाछन् त्यस एक देखि नै भैरहेकाछन । त्यो हो महाशून्य, अनेक बार त्यसदेखि केही झिक बा त्यसमा केही जम्मा गर, फल एक नै हुनेछ- *"पूर्णस्य पूर्णमेवावशिष्यते ।"* प्रत्तेक जीवको भित्र त्यही कूटस्थ तथा तदन्तर्गत सूक्ष्म विन्दु छ । त्यही चित्कण हो । अनन्त चिदाकाशमा यस किसिमका कोटीकोटी चित्कण आकाश-तनुमा नक्षत्रहरु समान झलमलाईरहेकाछन । यी एक एक चित्कण नै हाम्रा 'अहं' हुन । यी चित्कण अनन्त चित्को साथ भिन्न एवं अभिन्न भावमा सर्वदा बर्तमान रहन्छन् । चिद्घन पुरुषोत्तम या चिन्मय परमात्माको साथ यी "चित्कण" समभावापन्न छन अर्थात् यी पनि जन्म जरा मरणादि वर्जित, नित्य शुद्ध-बुद्ध-स्वरुप छन । जसरी प्रदीप्त अगिनदेखि सहस्रौ स्फुलिंगहरु निस्कन्छन, त्यसरी नै अक्षय परमात्मा देखि सहश्रौं सहश्रौं चित्कणहरु फुटेर निस्किरहन्छन्-

यथा सुदीप्तात् पावकात् विस्फुलिंगा,
सहस्रशः प्रभवन्ते सरुपाः;

तथा क्षरात् विविधाः सौम्य भावाः ,
प्रजायन्ते तत्र चैवापियन्ति ॥ मुण्डक.॥

यही हो अक्षर पुरुष, यही हो प्रत्यगात्मा । प्रत्तेक शरीरमा जुन चैतन्य प्रकट भैरहेकोछ त्यो यसैको नै चैतन्य हुन । यसबाटै सुख दुःख भोक्ता जीव उत्पन्न भएर अध्यात्म नामले प्रख्यात भैरहेकोछ । शरीरादि प्रकृतिसंग यसैको नै सम्बन्ध छ । प्रत्यगात्मा शरीरादि देखि पृथक छ, शरीरको गुण-दोषले उसलाई स्पर्श गर्न सक्तैनन् । त्यो पनि परमात्मा समान नित्य शुद्ध-बुद्ध-चिर-मुक्त स्वभाव छ । यही जीवले त्यस अक्षर पुरुषको उपासना गरी त्यसकै साथ तादात्म्य भावले मिल्न जान्छन् । यस अवस्थालाई नै विमुक्ति भन्दछन् ॥१२॥

गामाविश्य च भूतानि धारयाम्यहमोजसा;
पुष्णामि चौषधीः सर्वाः सोमोभूत्वा रसात्मकः ॥१३॥

श्री धरीय टीका- [अरु पनि भन्नु हुन्छन्]-पृथिवीमा बलद्वारा अधिष्ठान गरी मैले चराचर भूतहरुलाई धारण गर्दछु । मै रसमय चन्द्र भएर ब्रीहि-यवादि शस्यहरुको संवर्द्धन गर्दछु ॥१३॥

आध्यात्मिक व्याख्या- "चन्द्ररशिम द्वारा यस पृथिवीको समस्त वृक्षलताहरुमा रस भै प्रवेश गर्दै म नै औषधिरुपमा पुष्ट गर्दछु-त्यसलाई योगीजनले बलपूर्वक मूर्धामा आत्मप्राण राखेर स्थिर गर्दै द्रव्यको गुणमा प्रवेश गर्दछन्-जुन योगी यसकिसिमको अवस्थामा रहन्छन् उसको क्रिया राम्रोसंग हुदैन किनभने ब्रहम अनन्त छ-ब्रहमको गुण पनि अनन्त छन् एक अनन्तमा नै रक्षा छैन फेरि अनन्तको अनन्त-गएपछि त्यसको अन्त मिल्नुको उपाय छैन-त्यसले आफुलाई आफैले विर्सिदिन्छ ।"

पृथिवी स्वस्थान देखि भ्रष्ट भएर स्थानान्तरमा प्रक्षिप्त हुदैनन् । यो पृथिवीको निजी गुण होईन, न त यो मध्याकर्षण शक्ति द्वारा नै हो । यो हो ईश्वरीय शक्ति । त्यस शक्तिको प्रेरणा नै मध्याकर्षण रुपमा परिज्ञात हुन्छन् । चन्द्रमा जुन अमृत रहन्छ, त्यो पनि ईश्वरीय शक्ति हो । त्यो शक्ति अमृतरुपमा औषधादिको भित्र संचारित भएर त्यसमा रोग निवारिणी एवं जीवनदायिनी शक्ति बनी यो विश्वको रक्षा गरिरहेछन् । प्रत्येक तरु-लता-गुल्ममा रोगनिवारिणी असाधारण शक्ति विद्यमान रहन्छ । तिनीहरुले चन्द्रको रश्मिबाट यी शक्तिहरुलाई प्राप्त गर्दछन् । परन्तु कुन औषधिमा कुन कुन गुण विद्यमान छन, यो खालि बाह्य परिक्षा द्वारा पूर्णतः जान्न सकिदैन योगीहरु योगबल बाट सारा औषधिहरुको गुण देखि अवगत हुन सक्दछन् तथा उनमा कुन कुन गुण कुन बेला प्रकट हुन्छन् यो कालज्ञान पनि उनिहरुमा यथेष्ट रुपमा हुन्छन । यस अभिज्ञता द्वारा तिनीहरुले औषधिको गुणलाई जानेर जब त्यसको प्रयोग गर्दछन्, तब त्यो सिद्ध मन्त्र समान कार्य गर्दछन् । आत्म प्राणलाई मुर्द्धामा बलपूर्वक ल्याएर द्रव्यको चिन्तन गरी त्यसमा जे जे शक्तिहरु निहित छन तिनलाई उनिहरुले ज्ञान-गोचर गर्दछन् । पूर्वकालमा ऋषिगणहरु लोकहितार्थ यसरी नै द्रव्यगुण देखि अवगत भै त्यसको प्रचार जनतामा गर्दथे । त्यसैको फलस्वरुप चिकित्सा शास्त्रमा औषधि द्वारा रोग निवारणको व्यवस्था भयो । सिद्ध पुरुषलाई छोडेर अन्य मानिसहरु जुन केही-केही अग्रसर भएर यी सब कार्यहरुमा समधिक शक्ति प्रयोग गर्दछन, तिनीहरु योगाभ्यासको असली फल शान्तिलाई प्राप्त गर्न सक्दैनन् । उनको समय व्यर्थ बेकार नष्ट हुन जान्छन् । जीव हितको बहाना गरी तिनीहरुले आफुलाई घोर कर्ममा नियुक्त गरी अन्तमा कर्ममा बांधिएर मुक्तिमार्ग देखि भ्रष्ट हुन जान्छन् ॥१३॥

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः;
प्राणाप्राणसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

श्री धरीय टीका- [अरु पनि भन्नु हुन्छ]-म वैश्वानर अर्थात् जठराग्नि भएर प्राणिहरुको देहमा प्रवेश गरी जठराग्निको उद्दीपक प्राण र अपान वायुको सहाराले प्राणिहरुको भुक्त भक्ष्य, भोज्य, लेह्य चुष्य-यी चार किसिमको अन्नहरुलाई परिपाक गर्दछु । यीनमा भक्ष्य त्यो हो जुन दांत द्वारा विलोडन गरी निलिन जान्छन् त्यो भोज्य हो जस्तो पायस आदि । जुन जिब्रोमा राखेर रसास्वादन पूर्वक गलाको तल पठाइन्छन् त्यो लेह्य हो जस्तो तरल खुदो आदि । जुन दन्त द्वारा निपीडन गरेर रसांश मात्र गलादेखि तल पठाएर बाकि छोक्रा आदि फेकिइन्छन त्यो चुष्य हो जस्तो उखु आदि । यही चतुर्विध अन्नको भेदछन् । ॥१४॥

आध्यात्मिक व्याख्या- "शरीरमा अग्नि स्वरुप हाम्रो देहको भित्र प्राण र अपान समानरुपले अडकिरहेमा चतुर्विध अन्न(चर्व्य, चोष्य, लेह्य, पेय-पचाउंदछु, त्यो अग्नि जबसम्म यस शरीरमा हुन्छ तबसम्म नै मानिसहरु जीवीत हुन्छन्, जीवन जाना साथै त्यो अग्नि पनि गैहाल्दछ-मरिसकेपछि मानिसहरु भन्दछन ठण्डा भैसकेकोछ परन्तु यस किसिमको अग्नि यस शरीरमा जाज्वल्यमान छ तथापि क्रियामा-आत्म चिन्तन मा-अनवधान छ, अग्नि दिएर पनि यदि कहिल्यै अवधान हुदैनौ भने त जसमा खुशी छौ त्यसैमा लागिरहु ।"

श्री भगवान् जठराग्निरुपमा शरीर भित्र प्रवेश गरी चतुर्विध अन्न लाई परिपाक गर्दछन् । यो पीरिपाक प्राण र अपान यी दुई वायुसंग युक्त भएर गर्दछन् । वस्तुतः भोजन कुनै साधारण कार्य होईन । भोजन द्वारा नै जीव पुष्ट हुन्छन्, बल प्राप्त गर्दछन् । आधिभौतिक शरीर जसरी अन्नादि द्वारा परिपुष्ट हुन्छन, त्यसरी नै यदि अन्न पवित्र छ अनि देवोद्देश्यले उत्कृष्ट हुन्छ भने त यसको सार भागले आध्यात्मिक शरीरलाई परिपुष्ट गर्दछन् । यस अन्नको भोक्ता को हो? जसरी सारा कर्मको फल नारायणमा अर्पित हुन्छ यो अन्न पनि त्यसरी नै परम देवताको उद्देश्यले अर्पित गर्नु पर्दछ । त्यस अन्नलाई ग्रहणगर्नको लागि त्यो वैश्वानर रुपमा जठराग्नि भै वसेका छन सौभाग्यको कुरा हुन्छ यदि यस कुरालाई स्मरण गरेर प्रति ग्रास उनलाई भोजन गराउन सके । देवोद्देश्यले अन्न त्याग गरे पछि त्यो एक पवित्र यज्ञको रुपमा परिणत हुन जान्छन् । यसैले महर्षि मनु भन्नु हुन्छ-

"पूजयेदशनं नित्यं अद्याच्चैतद कुत्सयन् ;
दृष्टवा हृष्येत् प्रसीदेच्च प्रतिनन्देच्च सर्वशः ॥"

जीवन धारणको मूल नै अन्न हुन-यस भावसंग अन्नको ध्यान गरोस । अन्नको निन्दा नगरी भोजन गरोस । अन्नलाई देखेर आनन्दित होओस् । यदि अन्य कुनै कारणले मनमा ताप हुन्छ भने त अन्नलाई हेरेर त्यसको पनि परित्याग गरोस । यो अन्न प्रतिदिन मलाई प्राप्त होस-यसरी अन्नको अभिनन्दन गरोस ।

श्रुतिमा भनिएको छ-भोक्ता वैश्वानर अग्नि हो, भोज्य अन्न नै सोम हो । यी दुवै मिलित भै अग्निषोम हुन्छन् । यो जगत् अग्निषोममय छ-यसकिसिमको जसको दृष्टि छ, त्यसको लागि अन्न दोष केही रहदैन । यस परमात्मारुपी अग्निमा प्रतिदिन भोज्यरुपी आहुति दिई रहेकाछन् । परमात्मा रुपी अग्निको प्राण र अपान नै आज्यभाग अर्थात् घृत हो । यो प्राणापानरुपी घृत ब्रहमाग्निमा हवन भैरहेकोछ, यसैले हामी जीवन्त छौ । सारा कर्म, सारा प्रयत्नहरु, सारा चिन्तन जुन हाम्रो जीवन लीलाहरु हुन् त्यसै देखि उत्पन्न हुन्छन् । परन्तु सावधान ! यदि यो हवि खालि विषय चिन्तन मा मात्र भस्मीभूत भयो भने त यसले खालि विषाक्त धुम उठनेछ, अज्ञान अन्धकार पूंजीभूत हुन जानेछ, भित्रको त्यस प्रज्वलित अग्निको कुनै सन्धान मिल्नेछैन । प्राणापानको घर्षण देखि अग्नि प्रज्वलित भएर उठदछ । क्रिया द्वारा यो प्राणापान घर्षण हुन्छन । क्रिया प्राप्त गरेर पनि यदि अवधान हुदैन भने त अर्थात् मनः संयोग या एकाग्रता हुदैन भने त त्यो अग्नि कामाग्निमा र क्रोधाग्निको रुपमा प्रज्वलित भै उठनेछ अनि यो देह मन प्राणले त्यसको इन्धनको कार्य गर्नेछन् । यसैले हामीहरु अग्निरुपी परमात्माको सामुन्ने आफ्नो मनको वासनालाई सामवेदको प्रथम मन्त्रद्वारा अभिव्यक्त गर्दछौ-"ॐ अग्ने आयाहि वीतये गृणानो हव्यदातये । निहोता सत्सि वर्हिषि ।"-हे अग्ने ! तिमी हाम्रो जीवन यज्ञको आहुति ग्रहण गर्नको लागि आऊ । तिमी यज्ञेश्वर हौ, जीवन यज्ञको यो प्राणरुप हवि जब तिमीले ग्रहण गर्नेछौ, तबै हामी चिर-स्थिर परमानन्द धाममा प्रविष्ट हुन सक्नेछौ । यो स्थिर प्राण,स्थिर चित्त देवताहरुको लागि भक्षणीय या ग्रहणीय छ । यत्तिका दिन सम्म अस्थिर

चचंचल मन प्राण द्वारा खालि असुरहरुलाई भोजन गराईएकोछ, देवताहरु उपवास गर्दै रहन्छन् । हे अग्निरुपी भगवान् ! आज तिम्रो कृपाले प्राण स्थिर भएकोछ,मन स्थिर भएकोछ, यसपल्ट यो देवभोग्य वस्तुरुपमा परिणत भएकोछ । तिमी होता बनिकन यस आस्तीर्ण कुशमाथि उपवेशन गर । यस प्राण यज्ञको तिमी होता अर्थात् यज्ञकर्त्ता हौ । तिमी आस्तीर्ण कुश अर्थात् मूलाधार माथि स्वाधिष्ठानमा नारायणरुपमा अवस्थान गरिरहेछौ । तिमीलाई देखेर म आफ्नो कर्त्तृत्व बोध विर्सन सकौं, यस्तो प्रेरणा देऊ ।

जगत्को एकमात्र कर्त्ता प्रभु परमात्मा हुन । त्यही अग्नि हुन अनि जे जति यो व्यावहारिक जगत् छ, सब साम या अन्न हुन । परमात्मा भोक्ता या द्रष्टा हुन अनि इदं सर्वं भोज्य या दृश्य हुन । यो द्रष्टा दृश्य जबसम्म मिलीत हुनेछैन-दुबै एक हुने छैन, जबसम्म जगदम्बा कालिका रुपमा "सब" लाई खाएर खेल्ने छैनन्, तबसम्म जगद्दर्शन या भ्रान्ति दर्शन दूर हुनेछैन ॥१४॥

सर्वस्य चाहं हृदि सन्निविष्टो,
मत्तःस्मृतिर्ज्ञानमपोहनं च;
वेदैश्च सर्वैरहमेव वेद्यो,
वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

श्री धरीय टीका- [अरु पनि भन्नु हुन्छ]-मै सब प्राणिहरु को हृदयमा अन्तर्यामिरुपले पूर्णतः प्रविष्ट भएकोछु । अतयव मै बाट प्राणिमात्रको पूर्वानुभूत विषयको स्मृति हुन्छन । मै देखि नै विषयेन्द्रिय-संयोगजनित ज्ञान हुन्छ ।त्यस स्मृति एवं ज्ञानको विलोप पनि मै बाट नै हुन्छन् । वेद प्रतिपाद्य तत्तत् देवतारुपमा म नै वेद्य हुम् तथा वेदान्तकृत अर्थात् वेदान्त सम्प्रदाय प्रवर्त्तक ज्ञान दाता गुरु म नै हूम् अनि वेदार्थवित् पनि म नै हूम् ॥१५॥

आध्यात्मिक व्याख्या-" सबको हृदयमा निःशेषरुपसँग जुन स्थिति योनिमुद्रामा छ (गुरुवक्त्रगम्य)-त्यहां पनि गलामा जन्तर बाधेर अन्यत्र बक-बक गर्दै कटुवाले घोक गरी घुम्दछन् । क्रियाको परावस्थामा जुन स्थिति हुन्छ त्यो पनि हृदयमा-त्यसैको नाम नै ज्ञान हो-यदि सबै जान्ने इच्छा गर्दछौ-त क्रियाको परावस्थामा (स्थितिमा) रहु । किनभने तब कुनै विषयको इच्छा रहदैन-जान्नुको इच्छा पनि रहदैन-तिमी सिवाय अन्य कुनै वस्तु रहदैन अनि जब सब एक हुन गयो र त्यो एक तिमी भयौ, तब सबै एक भयो । अतयव सब ज्ञात हुन गयो । जान्नुको पछाडि मानिसहरु पागल हुन्छन, त्यो जान्नु-जुन जान्नु योगय छ-त्यसलाई क्रियाको परावस्थामा रहिकन नै जान्न सक्नेछौ !! जान्नु-जान्न दुईवस्तुहरु रहनु विना हुदैन, एक मनुष्यले जान्नेछ अन्य एक वस्तुलाई, क्रियाको परावस्थामा रहंदा सब एक हुन जान्छन्, तब दुई रहदैन, अतयव दुई नरहेपछि जान्नुको अन्त हुन गयो, अतयव वेदान्त पढी-लेखिकन जुन अवस्था प्राप्त गरिन्छ त्यो सब चीज जान्नुको पल भरमा अन्त गरिदिन्छन् । ॐॐॐ त्यही जान्नु छ, जसलाई जान्नु उचित छ, त्यसलाई पनि क्रियाको परावस्थामा आफसे आफ जान्न सकिन्छ । वेद-विद्धातु-जान्नु, त्यस वेदलाई

गुरुको कृपा भए पछि अर्थात् तिम्रो निजी कृपाबाट पल भरमा जान्न सक्नेछौ, ॐ यस किसिमको उत्तम वस्तु देखि मानिसहरु विमुख रहन्छन्"

अन्तर्यामीरुपले प्रत्येक जीवको हृदयमा म अवस्थित रहन्छु । मै देखि नै सब प्राणिहरुको पूर्वानुभूत विषय स्मरण हुन्छन्-

"या देवी सर्ब भूतेषु स्मृतिरुपेण संस्थिता॥"

"म" छु, यसैकारण जीवलाई विषयेन्द्रिय(संयोगजनित ज्ञान हुन्छ ! यस स्मृति एवं ज्ञानको अभाव पनि मै बाट नै हुन्छन्-

"या देवी सर्वभूतेषु भ्रान्तिरुपेण संस्थिता"

वेदबाट सबै देवताहरुको ज्ञान हुन्छ । मै नै सर्वदेवमय हुम्, यसै ले सब वेदहरुको वेद्य पनि एकमात्र मै नै छु तथा समस्त ज्ञानको गुरु पनि मै हूम् । यदि भन्छौ-जब सबचीज तिमी नैहौ भने त यो बद्धभाव पनि त तिम्रो नै हो, फेरि किन जीवले कर्मफल भोग्दछ ? वास्तविक रज्जुमा सर्पभ्रमको बेलामा पनि जसरी सर्पधर्म रज्जुमा रहदैन, उसरी नै यो कर्मले मलाईस्पर्श गर्दैन । जसरी घाम आलोक अंकुर उद्‌गमको हेतुमात्र छ, त्यससँग अंकुरको साक्षात सम्बन्ध हुदैन, त्यसरी नै जीवको कर्मानुरुप फलको उदय हुन्छ-आत्माको स्थितिको कारण, अन्यथा कर्मको साथ आत्माको कुनै सम्बन्ध हुदैन । कर्म जीवको अज्ञान-जनित भाव मात्र हुन । आत्मामा अज्ञानको पूर्ण अभाव छ, यसैले त्यसमा तज्जनित कर्म र वन्धन रहन सक्तैनन् ।

अन्तर्यामी रुपमा त्यो सबैको भित्र रहन्छन्, योनिमुद्रामा यसलाई हामीहरुले जान्न सक्दछौ । बाहिर त अस्थि मांस-रक्त विनिर्मित यस देहयष्टि बाहेकअरु केही देखिनमा आउदैन । तब यी अचेतन इन्द्रियहरुले कसरी विषयहरुको अनुभव गर्दछन्, कसरी मनले मनन् गर्दछन्-

**"केनेषितां वाच मिमां वदन्ति;
चक्षु श्रोत्रं क उ देवी युनक्ति ॥"**

कुन देवताले चक्षु र कर्णलाई स्व-स्व कार्यमा नियुक्त गर्दछ, त्यसको उत्तर उपनिषदले दिन्छ (

**"श्रोत्रस्य श्रोत्रं मनसो मनो यद्;
वाचो हं वाचं स उ प्राणस्य प्राणः"**

त्यो श्रोत्रको श्रोत्र अर्थात् कानको शक्ति हो । त्यो मनको मन, वाक्यको बाक्य यानी कथन-शक्ति तथा प्राणको प्राण हो । श्रीमत् शंकराचार्य भन्नु हुन्छ-"श्रवणेन्द्रियलाई साधारणतः स्व-विषय शब्द ग्रहण गर्नमा समर्थ देख्दछौ, परन्तु नित्य असंहत (निरवयव) सर्वान्तरस्थ आत्मज्योति विद्यमान रहदा खेरि नै श्रवणेन्द्रियहरुलाई विषयको अभिव्यंजन गर्ने सामर्थ्य हुन्छ, अन्यथा हुदैन"

"आत्मनैवायं ज्योतिषास्ते" "तस्य भासासर्वमिदं विभाति" यो पुरुष आत्मज्योति द्वारा नै प्रकाशानुरुप कार्य गर्दछ । यो सारा जगत् उसको दीप्तिले नै प्रकाशित हुन्छन् । हाम्रो हृदयमा सन्निविष्ट परम ज्योतिः स्वरुप जुन विद्यमान रहन्छ, त्यो योनि मुद्रामा जानिइन्छन् । क्रियाको परावस्थाको जुन स्थिति छ त्यो पनि हृदयमा हुन्छ-

"यतो निर्याति विषयो यस्मिचैव प्रलीयते;
हृदयं तद् विजानीयात मनसः स्थिति कारणम्॥"

क्रियाको यस परावस्थाको नाम नै प्रकृत ज्ञान हो । प्रकृत ज्ञानमा द्वैत भान हुंदैन, क्रियाको परावस्थामा दोस्रो कुनै वस्तुको ज्ञान हुंदैन, किन भने त्यतिवेला सवचीज त्यस एक अद्वितीयको भित्र आत्मसंगोपन गर्दछन, छांया तेज भित्र अदृश्य हुन जान्छन् । यही हो "अपोहनं" अर्थात् बाह्य इन्द्रियहरुको ज्ञान संयोग जनित ज्ञान समाधिज ज्ञानमा विलीन हुन जानु । तब फेरि कुनै वस्तु को चाहना हुंदैन । म त्यस एक अद्वितीयको साथ अभिन्न छु-यो स्मृति धारा क्रियाको परावस्थाको परावस्थामा उदय हुन्छ क्रियाको परावस्थामा द्वितीय अर्थात् ज्ञाताको अभावमा कुनै ज्ञेय वस्तु रहन सक्तैन । त्यही अद्वय परमात्मा निखिल ब्रहमाण्ड व्यापि समस्त ब्रहमाण्डको सत्ता स्वरुप छ। अनुमान रहंदाखेरि पनि यो ज्ञानमा क्रियाको परावस्थामा प्रत्यक्ष्य विषय बन्दछ । यही वेद विद्को अवस्था हो । यहां यो प्रश्न उठन सक्दछ-के सबचीज विर्सन जानु नै ज्ञान हो ? निदाएको बेला या मष्तिष्क विकृत भएपछि हामी जसरी सबचीज विर्सन जान्छौ, यो विर्सनु त्यस्तो होइन । यो हो एक अद्वितीय सत्ताको भित्र यस दृश्य-वैचित्र्य को नाम-रुप-तरंगहरुको आत्म समुद्रमा या आफ्नो भित्र निमज्जन । जुन मानिसहरुले निरन्तर ज्ञान-ज्ञान रट लगाईरहन्छन्, तिनीहरुले जान्दैनन्-उनका यी सीमाबद्ध इन्द्रियहरु द्वारा ज्ञान नै कति प्राप्त हुन्छन् ! परन्तु क्रियाको परावस्थामा जो डुब्न सक्दछ, त्यो जब क्रियाको परावस्थाको परावस्थामा व्युत्थित हुन्छ, जब उसको बहिर्चेतना पूर्णतः फर्कदैन, तब उसको जान्नु बुझ्नु को शक्ति यति-यति बढोत्तरी हुन जान्छ, त्यस अवस्थामा इच्छाभएमा त्यसले यति जान्न र बुझ्न सक्दछ, जति संसारको समस्त ज्ञान गर्भित ग्रन्थहरुको पठनले पनि सम्भव छैन । धेरै धेरै अनुसन्धान प्रयोग परीक्षा द्वारा जुन बाह्य वस्तुको ज्ञान प्राप्त हुन्छन्, त्यो ज्ञान योगीलाई पलभरमा हुन सक्छन् । जसलाई जानेपछि सब चीज जानिइन्छन्, जसलाइ जानिलिएपछि यत्तिका भिन्न भिन्न पृथक्-पृथक् रुपमा ज्ञान प्राप्तिको आवश्यकता रहदैन, वेदान्तादि अनेक-अनेक शास्त्रहरु पठन-पाठन गरेर पनि जुन अवस्था प्राप्त हुदैन त्यो जाग्रत-स्वप्न-सुषुप्तिको अतीत तुरीयावस्था पलक झिमक्याउंदैमा साधकलाई प्राप्त हुन्छ । जब साधकले आफै प्रति कृपागरी खुब मन लगाएर साधन गर्दछन्, विषयको हेयत्वलाई जानेर विषय चिन्तन देखि विरत हुन्छन, दुष्कार्य देखि इन्द्रियहरुलाई फर्काएर ल्याउंछन, प्राणक्रिया गरी मनः प्राणलाई आत्मस्थ गर्नुको सामर्थ्य प्राप्त गर्दछन तबैतारे "का चिन्ता मरणे रणे" ? ॥१५॥

(क्षर एवं अक्षर पुरुष)

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च;
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते॥१६॥

श्री धरीय टीका- [अव स्वकीय सर्वोत्तमत्वलाई तीन श्लोकहरुमा देखाउदै हुनुहुन्छ]-क्षर तथा अक्षर यी दुई पुरुष जगत् मा प्रसिद्ध छन । उनमा क्षर पुरुष हुन समस्त भूतगण-ब्रहमा देखि स्थावर पर्यन्त समस्तशरीर किन भने अविवेकी मानिसहरु को लागि शरीरमा पुरुषत्वको प्रसिद्धि छ । 'कूट' शिलाराशि मय पर्वत हो । पर्वत विनष्ट भएपछि पनि त्यो शिलाराशि रुपमा रहन्छ त्यसरी नै शरीर विनष्ट भएर पनि निर्विकार हुनुको कारण जुन विद्यमान रहन्छ त्यही कूटस्थ अर्थात् चेतन भोक्ता हुन । त्यस चेतन भोक्ता पुरुषलाई नै विवेकी मानिसहरुले अक्षर पुरुष भन्दछन् ॥१६॥

आध्यात्मिक व्याख्या- "दुई पुरुष यस लोकमा छन, एक क्षर दोस्रो अक्षर । अन्य दृष्टिमा जो आसक्तिपूर्वक रहन्छन् उनिहरु नाश हुन्छन, अनि आत्मामा रहिकन जो कूटस्थमा रहन्छन् त्यो अक्षर अर्थात अविनाशी छन् । तन्निमित्त जति मानिसहरु छन सब कासब नाशवान छन, केवल कूटस्थमा जो आठैप्रहर रहन्छन्-तिनीहरु नै अविनाशी हुन् । जसको स्थिति त्रिकुटीमा छ, जसलाई कसैले देख्न पाउदैन, खालि गुरुवक्त्रगम्य छ, गुरुको चक्षुद्वारा देखिन जान्छन्-बिना देखाउनु देखिदैन ।"-क्षर एवं अक्षर पुरुषको सम्बन्धमा श्रीमत् आचार्य शंकरले जुन भन्नु भएकोछ, त्यसको अनुवाद याहां दिदैछु-"भगवान् ईश्वर, नारायण या परमात्मा एकै भएर पनि नाना उपाधिहरु वाला छन । "आदित्यगत जुन तेजले अखिल जगत्लाई भासित गर्दछन "-यी श्लोकहरु द्वारा संक्षिप्त रुपमा उनको विभूतिको वर्णन गरिएकाछन । क्षर र अक्षर यी द्विविध उपाधिहरु द्वारा प्रविभक्त जस्तो प्रतीत हुदैमा पनि जुन वस्तुतः निरुपाधिक ब्रहम हुन, त्यसको प्रकृत स्वरुप निर्धारणको लागि परवर्त्ती श्लोकहरुको आरम्भ गरिएकाछन । पूर्ववर्त्ति अध्यायहरुमा जे जति भनिएकोछ, त्यसदेखि स्पष्ट हुन्छन-पुरुष दुई किसिमका छन् । एक "क्ष" जुन क्षरित हुन्छन अर्थात् विनाशलाई प्राप्त हुन्छन्, अनि दोस्रो हुन 'अक्षर' क्षरराशी देखि विपरित पुरुष हुन । यही भगवान्को मायाशक्ति हो । यो अक्षर नै क्षर नामक पुरुषको उत्पत्तिको निम्ति बीजस्थानिय कारण हो । संसारी जीवहरु तथा संस्कार समुहहरुको यही एक मात्र आश्रय हुन । त्यो क्षर र अक्षर भनेको के हो, यो भगवान् स्वयं बताउनु भैरहेछन् । 'क्षर' शब्दको अर्थ सर्बभूत अर्थात् समस्त विकार समूह हुन । जुन कूटस्थ पुरुष हो, त्यही अक्षर शब्दको प्रतिपाद्य अर्थ हो । कूटस्थ शब्दको अर्थ यस किसिमसँग हुन्छ-कूट माने राशि । जुन राशि समान अपरिवर्त्तनशील भएर अवस्थित छ, त्यही कूटस्थ भनिन्छन । अथवा कूट शब्दको अर्थ हो माया वंचना, जिह्मता, कुटिलता । सन्सार को अनन्त बीज स्वरुप मायाशक्ति को त्यो आश्रय हो, अतयव त्यो अक्षर या अविनाशी हुन् ।"

यसरी श्रीमत् शंकराचार्यको मतले जुन कार्योपाधियुक्त भौतिक या विनश्वर पदार्थ छन त्यो क्षर हुन तथा कारणोपाधियुक्त अविनश्वर मायाशक्ति नै अक्षर पुरुष हो । श्री धर भन्नु हुन्छ-ब्रहमा देखि लिएर स्थावर पर्यन्त जति शरीर छन, जसको सहारा लिएर चैतन्यको प्रकाश हुन्छ, त्यो व्यक्त भावरुप शरीर क्षर पुरुष हुन अनि देह विनष्ट भएपछि पनि जो विद्यमान रहन्छ त्यो कूटस्थ अर्थात् चेतन भोक्ता हुन । अब हेर्नुछ-यो चेतन भोक्ता अव्यक्त कारण एवं शरीर रुप व्यक्त कार्य अद्वितीय ब्रहमसत्ता देखि कसरी उदभूत हुन्छन् हाम्रो संवित्को चार भूमिकाहरु छन्-जाग्रत, स्वप्न, सुषुप्ति एवं तुरीय । एक अरु अवस्था छ जसलाई

योगीहरुले अतीव तुर्यावस्था भन्दछन। अस्तु, *साधकहरुलाई संवित्‌को निम्न भूमि देखि उच्च, उच्चतर अनि उच्चतम भूमिमा उठाउनु नै योग-साधन को उद्देश्य हो। संवित् जबसम्म उच्चतर भूमिमा उठदैन, तबसम्म हाम्रो पशुभाव या जीवभावमा परिवर्त्तन हुदैन।* समाधिज प्रज्ञा विना कोही कसैले देवभाव या शिवभावलाई पाउन सक्तैन। गीता को व्याख्यामा पहिले भनिसकिएकोछ-जीव परमात्मासँग एक भएर पनि प्राण प्रवाह द्वारा जाग्रतावस्थामा या स्थूल शरीरमा अवतीर्ण भएकोछ। यसलाई ठीक विपरित दिशामा आफ्नो यस स्थान देखि स्व-केन्द्रमा फर्केर जानु पर्नेछ। यो फर्केर जानुको मार्ग को अनुसरण गर्नुलाई नै साधना भनिन्छन्। पहिलो जाग्रत भूमिका स्थूल देह हो, पश्चात् स्वप्न-भुमिका या सूक्ष्म देह छ, पश्चात् सुषुप्ति या कारण देहलाई अतिक्रम गरी साधकलाई चतुर्थ भूमि या तुरीयावस्थामा फर्कनु पर्नेछ। स्थूल शरीरमा चैतन्यको संचार हुनुको समयमा सूक्ष्म एवं कारण-शरीरहरुमा चैतन्य संचारित रहन्छ नै, यो जान्नु पर्दछ। जब स्थूल शरीरमा यो चैतन्य प्रकाशित रहन्छ, तब त्यसलाई हामीहरुले जाग्रतावस्था भन्दछौ। यो स्थूल देहस्थ चैतन्य नै यथार्थमा भूतात्मा हुन, यही अन्नमय कोषको वाहन हुन, यही अहमिकाको क्षेत्र हो। यो चैतन्य 'अहं' अभिमानि जीव हो, सुख दुःखको भोक्ता हो, यस स्थूल जगत् एवं स्थूल भोग सिवाय अरु केही यसको दृष्टिमा पर्दैन। यसैकारण यसलाई आत्माको स्थूल या जडभाव भन्दछन्। यो स्थूल या जडभाव अत्यधिक मात्रामा रहंदा खेरि मनुष्यत्वको पशुत्वमा परिवर्त्तन हुनु केही पनि विष्मय जनक या आश्चर्य छैन। यस किसिमसँग जब आध्यात्मिक उच्च स्तरमा आरोहण गर्नलाई जीवले प्रयत्न गर्दछ त त्यस निम्न श्रेणीका साधकको भावलाई तन्त्रमा "पश्वाचार" भन्दछन्। यस पश्वाचार को अनुष्ठानले नै भूतात्मा जीवात्माको भित्र प्रविष्ट या निमज्जित हुन्छ।यो जीवात्मा परमात्माको किरण हो। यही शुद्ध 'अहं' रुपमा कारण-शरीर, सुक्ष्म-शरीर एवं स्थूल शरीरलाई प्राणमय गरी जीवन्त गराई राख्दछन्। सूक्ष्म एवं कारण शरीर यिनका बाहन हुन अर्थात् त्यही नै जीवात्मा-ज्योति-तैजस-रुपमा प्रत्यक्ष गरिइन्छन्। यो किरण जब स्थुल शरीरमा आउदैनन्, तब स्थूल शरीराभिमानी "अहं" विलुप्त हुन जान्छन्, जसरी स्वप्नमा स्थुल शरीरमा अभिमान रहदैन। स्थूल, सूक्ष्म एवं कारण देह यी सबै प्रपंच हुन्। प्रपंचातीत आत्माले जब यी सब स्तर हरु (Condition) मा प्राणसूत्र (सूत्रात्मा) रुपले अवतरण गर्दछ, तबै कारण, सुक्ष्म एवं स्थूल शरीरहरुमा प्राण संचार हुन्छ र साथसाथै यी सब देहहरुमा चैतन्यको अभिप्रकाश हुन्छ। प्राण नै मनको जनक हो-"मनो नाथस्तु मारुतः"। सूत्रात्मा नै जीव हो, यसैलाई वेदान्तको मतले चिदाभास भन्दछन्। यही श्वासरुपमा जीवको जीवन हो। यसैकारण केन्द्रको फर्कने मार्गमा योगीजन ले श्वास-प्रश्वासको दृढतापूर्वक अवलम्बन गर्दछन्। जसरी फोगटाको भित्र चामल आच्छादित रहन्छ, उसरी नै श्वासको भित्र प्रत्यगात्मा आच्छादित-जस्तो रहन्छ। चामल माथि फोगटा रहंदाखेरि नै त्यसमा अंकुर टुसाउंछ। भूसबाहिर निस्केपछि त्यसमा फेरि अंकुर निस्कदैन। यसरी नै जबसम्म श्वास-प्रश्वास रहन्छ, तबसम्म त्यसको वासना एवं कर्म तथा कर्मफल भोगको लागि जन्म मरण आदि हुन्छन्। साधन द्वारा श्वासको क्षय हुन गये पछि जुन अवशिष्ट रहन्छ, त्यो हो जन्म मरणको अतीतावस्था। यस सूत्रात्मा प्राणको सम्बन्धमा प्रश्नोपनिषदमा लेखिएकोछ-

"प्रजापतिश्चरसि गर्भे तवमेव प्रतिजायसे;
तुभ्यं प्राणः प्रजास्त्विमा बलि हरन्ति यः प्राणैः प्रतितिष्ठसि ॥"

हे प्राण ! तिमी नै प्रजापति भएर गर्भमा बिचरण गर्दछौ तथा माता पिताको अनुरुप या पूर्वकर्मको अनुरुप भै जन्म ग्रहण गर्दछौ । हे प्राण ! तिमी जुन प्राणसमूहको साथ अवस्थान गर्दछौ, ती सबका सब तिम्रै उद्देश्यले बलि प्रदान गर्दछन् ।

"या ते तनुर्वाचि प्रतिष्ठिता,
या श्रोत्रे याच चक्षुषि;
याच मनसि सन्तता,
शिवां तां कुरु मोत्क्रमीः॥"

हे प्राण ! तिम्रो जुन तनु वाक्यमा प्रतिष्ठित छ तथा जुन श्रोत्रमा र चक्षुमा छ अनि जुन मनमा संकल्प व्यापार आदि द्वारा नियतरुपले रहन्छ, त्यस तनुलाई शिव अर्थात् प्रशान्त गर । हे प्राण ! उत्क्रान्त न हुनु अर्थात् शरीर देखि बाहिर न निस्कनु प्राण स्थिर भए पछि त्यो अन्यत्र जान सक्दैन । छान्दोग्यमा लेखिएको छ,-ज्ञानिहरुको प्राण उत्क्रमण गर्दैन ।

"प्राणस्येदं वशे सर्वं त्रिदिवे यत्प्रतिष्ठितम्;
मातेब पुत्रान् रक्षस्व श्रीश्च प्रज्ञांच विधेहि न इति ॥"

त्रिलोकमा जुन सब अवस्थित छन, ती सब प्राणको वशमा छन । हे प्राण ! माताले जसरी पुत्रहरुको रक्षा गर्दछन् त्यसरी नै हाम्रो रक्षा गर तथा हाम्रो लागि सम्पद् एवं हित-बुद्धिको विधान गर । "आत्मन एष प्राणो जायते । यथैषा पुरुषे छाया, एतस्मिन्नेतदाततं मनोऽधिकृतेनायात्यस्मिन् ।" आत्मा या परमेश्वर देखि यो प्राण उत्पन्न हुन्छ । पुरुष देहमा जसरी छांया उत्पन्न हुन्छ, त्यसरी नै यो प्राण पनि आत्माबाट आतत या अनुगत हुन्छ तथा मनः सम्पादित कोषादि द्वारा यस स्थूल शरीर आउंदछ ।

प्रत्यगात्मा चिन्मात्र हो, त्यही कूटस्थ हो । जीवात्मा उसको किरण मात्र हुन । यो चित्कण प्रत्यगात्मा पनि शुद्ध-बुद्ध-मुक्त स्वभाव छ। यी चित्कण कति छन, यसको गणना हुन सक्तैन। यी चित्कण नै 'एकोहंबहुश्याम' को बहु हुन । परन्तु बहु हुदैमा पनि यो एक अद्वितीय को साथ योगयुक्त छन । चिन्मात्र पुरुष अनन्त चिदाकाशको वक्षः स्थल माथि प्रतिनियत स्फुटित हुन्छन् । चिदाकाश नै अव्यक्त परब्रहमको एक प्रकारले व्यक्त भाव हो जसरी शिवको साथ शिवानी मिलित छन। त्यस अव्यक्त भावलाई कसैले आयत्त गर्न या सम्झनमा समर्थ हुदैन ।

"सच्चिदानन्द विभवात् सकलात् परमेश्वरात्;
आसीच्छक्ति स्ततो नादो नादात् विन्दु समुदभवः॥"

सच्चिदानन्द ब्रहमयुक्त आद्याशक्ति देखि जुन नाद (महत्) उत्पन्न भएको छ, त्यस नाद देखि विन्दु (अहंकारतत्व) को उत्पति हुन्छ ।

"बिन्दुः शिवात्मकस्तत्र बीजं शतत्यात्मकं स्मृतम्;
तयोर्योगे भवेन्नादस्तेभ्यो जातास्त्रि शक्तय ॥"

बिन्दु शिवात्मक छ, बीज शकत्यात्मक अनि नाद शिव-शकत्यात्मक छ । यस बिन्दु, बीज र नाद देखि त्रिशक्ति-ज्ञान, इच्छा एवं क्रियाशक्ति अर्थात् रुद्र, ब्रहमा र विष्णुको उत्पति भएकोछ । यो चेतन भोक्ता पुरुष नै चित्कण हो । यही अंगुष्ठमात्र पुरुष "ज्योतिरिवाधूमकः"अर्थात् धूमहीन ज्योति समान छ, यही अन्तरात्मा हुन ।

"अंगुष्ठमात्रः पुरुषोऽन्तरात्मा,,
सदा जनानां हृदय सन्निविष्ट;
तं स्वाच्छरीरात् प्रवृहेत्,
मुंजादि वेषिकां धैर्येण॥" (कठ० उ०)

अंगुष्ठमात्र पुरुष अन्तरात्मा हो, त्यो जीवात्माको आत्मा हो, त्यो जनगणको हृदयमा सदा सन्निविष्ट छन, त्यो शरीर सँग संलिप्त रहन्छन । मुंजतृण देखि जसरी इषीका पृथक् गरिइन्छन् उसरी यस पुरुषलाई पनि शरीर देखि पृथक गरी देख्न सकिन्छ । पश्चात् यो चिदंश पनि मानो एक र अद्वितीय ब्रहममा डुब्न जान्छ । असंख्य घटहरुमा एकै सूर्यको प्रतिविम्ब पर्दछ । असंख्य घटोपाधिको विनाशंको साथ यी सब चिदाभासहरुको कुनै अस्तित्व रहदैन । तब केवल एक नै बर्तमान रहन्छ । एक भन्नेवाला पनि कोही रहदैन ।

"सदेव सोम्य इदमग्र आसित् एकमेवाद्वितीयम्"-छान्दोग्य । यही माया चित्कणको आत्मविलोपन हो । जुन खेल आरम्भ भएको थियो, त्यो समाप्त हुन गयो । यही हो कैवल्यावस्था । योगसूत्रमा लेखिएकोछ -"प्रसंख्यानेऽप्यकुसीदस्य सर्वथा विवेकख्याते धर्ममेघः समाधिः"-प्रसंख्यानज यां विवेकज्ञानमा पनि वैराग्ययुक्त भएपछि सर्वथा विवेक ख्यातिले धर्ममेघ समाधि हुन्छ । "ततः क्लेशकर्म निवृत्तिः"-यस धर्म मेघ समाधि देखि अविद्यादि क्लेश समूल नष्ट हुन जान्छन । पुण्यापुण्य समस्त समस्त कर्माशय समूल नष्ट हुन जान्छन् । क्लेशकर्मको निवृत्ति भए पछि विद्वान व्यष्टि जीवित रहेर नै विमुक्त हुन जान्छन ।

यसैले लाहिडी महाशय आफ्नो व्याख्यामा भन्नुहुन्छ-पुरुष दुई किसिमका छन । जसले आसक्तिपूर्वक विषयादिमा दृष्टि राख्दछन्, तिनीहरु देह सम्बन्धी बद्धजीव हुन, उनको चैतन्य भूतात्मामा पर्यवसित हुन्छ, तिनीहरु नै जन्म मरणको चक्करमा परि मर्दै रहन्छन । दोस्रो तिनीहरु हुन, जसको दृष्टि कूटस्थमा लागेकोछ, त्यसको मन शरीर सम्बन्धबाट उठेर प्रत्यगात्मामा निवद्ध रहन्छन्, उसको जीब अर्थात् मन प्रत्यगात्माको साथ मिलिकन परमात्मा संग मिल्न जान्छ यसैले तिनीहरु अविनाशी पदलाई प्राप्त छन,

तिनीहरु स्वयं अक्षर स्वरुप भएकाछन् । देहमा तिनीहरुको आत्म बोध हुदैन, उनलाई त्रिकुटीमा परम स्थिति प्राप्त भएकोछ । उनिहरुले अभय एवं अमृत पद प्राप्त गरेकाछन् ॥१६॥

(परमात्मा नै पुरुषेत्तम या परमेश्वर हुन)

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः
यो लोक त्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥१७॥

श्री धरीय टीका-[जसको निम्ति क्षर र अक्षर पुरुषद्वय लक्षित भयो, त्यसलाई बताउनु हुन्छ]-यस क्षर एवं अक्षर भन्दा विलक्षण पुरुष एक उत्तम पुरुष छ । त्यो परमात्मा हो यस्तो श्रुतिमा कथित भएकोछ । त्यो आत्मा हुनुको कारण अचेतन क्षर भन्दा विलक्षण छ । अनि परमत्वको कारण भोक्ता अक्षर पुरुष भन्दा पनि विलक्षण छ । त्यसको परमात्मत्व देखाउनु हुन्छ-त्यो इशनशील ईश्वर अव्यय तथा निर्विकार भएर पनि लोकत्रयको हृदयमा आविष्ट भएर प्राणी मात्र लाई पालन गरिरहेकाछन ॥१७॥

आध्यात्मिक व्याख्या-"त्यस कूटस्थलाई हेर्दा-हेर्दा पश्चात् एक उत्तम पुरुष देखिइन्छन्-जसलाई शास्त्रमा परमात्मा भन्दछन् । जुन स्वर्ग, मर्त्य पाताल-त्रिभूवन जुन यस शरीरको भित्र छ-(वृद्धागुंष्ठ देखि नाभि सम्म सप्त पाताल, नाभि देखि कण्ठपर्यन्त सप्तद्वीपा वसुन्धरा पृथ्वी मर्त्यलोक, कण्ठ देखि ब्रहमरन्ध्र पर्यन्त सप्त स्वर्ग) त्यसमा प्रवेश गरेर छालाको लुगा लगाएर आफ्नो भरण-पोषण विशेषरुपसँग गर्दछ अर्थात् जसको मनमा जे खाने इच्छा हुन्छ त्यो खान्छ-त्यो अव्यय अविनाशी छ, किनभने सूक्ष्मरुपमा त्यसको अतिरिक्त अरु कुनै सर्वव्यापी वस्तु हुंदो हो त परिवर्त्तन हुन्थ्यो, जब सबै एक छन तब नाश कसको होला-त्यही ईश्वर हो-कर्त्ता जीव स्वरुपमा सर्वत्र सवचीज गरिरहेछन् तथापि सूक्ष्म ब्रहमरुपमा केही पनि गर्दैनन्-गर्नु नगर्नू खालि स्थूल रुपलाई जान त्यो नित्य छैन"-*"ॐ हिरण्यगर्भ समवर्त्तताग्रे भूतस्य जातः पतिरेक आसीत"*-हिरण्य गर्भ कूटस्थ नै सबभन्दा पहिले देखिईन्छन्, त्यसैबाट समस्त भूत उत्पन्न हुन्छन्, त्यो सबैको एकमात्र पति अर्थात् सृष्टिकर्त्ता हुन । यस हिरण्यगर्भ कूटस्थको भित्र उत्तम पुरुषको दर्शन हुन्छ । उत्तम पुरुषको रुप शरीरकैसमान छ । अंगुष्ठ मात्र ज्योतिः स्वरुप त्यो भ्रूमध्यमा देखिन जान्छ अनि रौंको एक हजार भागको एकभाग छ । त्यो जीव सुषुम्ना भित्र आउने जानेगर्दछ र अत्यन्त सूक्ष्म नक्षत्रको ज्योति समान देखिन्छ । उत्तम पुरुष ब्रहम हुन । त्यसकै अधीन आकाश, वायु अग्नि, जल, पृथ्वी यी पंचतत्त्वहरु छन अनि यी त्यस उत्तम पुरुषबाटै उत्पन्न भएकाछन् । उत्तम पुरुष ईश्वर नै सबको कारण हुन । त्यसैले विषय भोग गरिरहेछन तथा त्यसैले ब्रहमानन्द भोग गर्दछ । त्यही स्वरुपवत् छन । क्रियाको परावस्थामा ईश्वरको त्यो रुप पनि रहदैन । तब 'सर्व ब्रहममय जगत्' हुन जान्छन्, त्यतिबेला अरु केही पनि रहदैन *त्यो समस्त ज्योतिहरुको ज्योति हो । त्यो ब्रहम हो, त्यसको कुनै चिह्न छैन । तथापि त्यो आत्मा द्रष्टव्य, श्रोतव्य, मन्तव्य एवं निदि ध्यासितव्य छ-यस्तो श्रुति भन्दछन् ।* यजुर्वेदमा लेखिएकोछ- *'मरुतः शिवः मरुतः ब्रहम'*- मरुत नै शिव हो मरुत नै

ब्रहम हो । यो मरुत जब स्थिर हुन्छ तब शिव हुन्छ अनि त्यही मरुतले अन्य दिशामा दृष्टि गरेर सृष्टि गर्दछन् । क्रियाको परावस्था नै शिव हो जो सब भूतहरुमा रहन्छन, त्यसले पहिले जल, त्यसको भित्र बीज, त्यसको भित्र नारायण तथा त्यसको भित्र कूटस्थ स्वरुप हेमाण्डको सृष्टि गरेर स्वयं त्यसै भित्र प्रवेश गऱ्यो । त्यही गायत्री हो र त्यही नित्यको नित्य हुन । जब कुटस्थ स्वरुपा गायत्रि लय हुन्छ तब उसको शक्ति क्रियाको परावस्थामा रहन्छ । "देवात्मशक्ति स्वगुणैर्निगूढाम" (स्वेता०उप०) । मायाधीश्वर परमात्माको त्यो आत्मभूता, अस्वतन्त्रा शक्ति स्वगुणहरु अर्थात् सत्त्वः रजः तमो नामा स्वकीय गुणहरु देखि तथा स्वीय कार्यहरु द्वारा आच्छादित छ । जब साधक कूटस्थमा रहन्छ तब समस्त पापहरु देखि विमुक्त हुन्छ । त्यसको भित्र जुन गुहा छ त्यसमा साधक प्रवेश गर्दछ, त्यहां रात या दिन केही छैन ।-

"असद्वा इदमग्र असीत् ततः सदजायत;
तदात्मानं स्वयमकुरुत तस्मात् तत्सुकृतमुच्यते ॥"-

क्रिया गरेर कूटस्थ दर्शन अनि त्यस पछि क्रियाको परावस्था हुन्छ । क्रिया गरेर कूटस्थको भित्र जब देवतादिको दर्शन हुन्छ, त्यस समय पनि द्वन्द्व भाव रहन्छ क्रियाको परावस्थामा दर्शनादि हुंदैन त्यतिखेर निर्द्वन्द्व भाव हुन्छ । यही ध्रुव, स्थिर एवं अक्षर हो तथा दर्शनादि व्यापार अस्थिर एवं क्षर हुन । योनिमुद्रामा कूटस्थ दर्शन हुन्छ कूटस्थ दर्शन हुन जानुको धेरै पछि त्यसमा ईशनशील सर्वज्ञ नारायणको दर्शन हुन्छ, त्यही हो पुरुषोत्तम रुप । कूटस्थको भित्र सत-असत् सारा सृष्टि भैरहेकोछ, यसैकारण त्यसको त्रिलोक एवं त्रिलोकस्थ जीव देखिइन्छन । पश्चात् पुरुषोत्तम या नारायण ईश्वर को दर्शन हुन्छ । यी पुरुषोत्तम क्षर अक्षरको संयुक्त भाव हुन । यहां क्षरको प्रधानता छैन, यसैकारण नारायण प्रपंचको अधीश्वर हुन । त्यसले प्रपंचलाई लिएर क्रीडामात्र गर्दछन् तथापि सदा प्रपंचातीत अवस्थामा छन् । यही हिरण्यगर्भा नारायण नै सबै जीवहरुको उपास्य हुन । हिरण्यगर्भ, नारायण, ईश्वर, विष्णु यी सारा नाम एकको नै हुन । त्यही *नवद्वार -विशिष्ट शरीरमा प्रविष्ट भै सूत्रात्मा प्राण या हंसरुपमा निर्दिष्ट हुन्छन्* । तब उनको बहिर्मुख वृत्ति स्फुटित हुन्छन् र यस व्यक्त जगत्-प्रपंचको व्यवहार चल्न थाल्छन । तब त्यो सुप्तवत् जानिन्छन मानो आफुलेआफैलाई विर्सेकोछ । यी सारा दृश्य पदार्थ सदा एकभावमा रहदैनन् यसै कारण यसलाई क्षर भन्दछन् । यी क्षर पुरुष पनि अक्षर पुरुष द्वारा परिव्याप्त छन् । गुरुपदेश अनुसार साधना द्वारा जब बाह्य वायु स्थिर हुन्छ, अनि सूक्ष्मरुपमा तत्त्व तत्त्वमा चलिरहन्छन्, तब बाह्य प्रकृति या शरीरको कुनै अनुभव हुदैन । क्षर तब अक्षरको भित्र प्रवेश गर्दछ । तब हंस विपरित भावले गरी समस्त विश्व-प्रपंचलाई आत्मसात् गर्दछन् । तब "सोऽहं, सोऽहं"

टिप्पणी-पुरुष तिन छन-क्षर, अक्षर एवं पुरुषोत्तम । भूत-प्रकृतिमा संचारित चैतन्य नै हुन, जसरी घट-जलमा सूर्यको प्रतिविम्ब हुन्छ । घट परिवर्त्तनले सूर्यको परिवर्त्तन हुदैन या घटको नाशले सूर्यको नाश हुदैन, परन्तुघट नाश सँगै घट मध्यस्थ प्रतिविम्बित चैतन्यको अस्तित्व रहदैन । जुन प्रतिविम्बित चैतन्य होईन परन्तु विम्बभूत शुद्ध चैतन्य हो, जुन भूत प्रकृति देखि विविक्त छ, देहरुपी घट नष्ट भएर पनि जुन

रहन्छ, जुन घटस्थ भएर पनि सब घटहरुमा एकरुप छन अर्थात् "मनःस्थं मनोमध्यस्थं" भएर पनि मनोवर्जित छ, त्यो अविनाशी कूटस्थ-त्यही अक्षर पुरुष हुन । यही हो-

"जीव भूतां महावाहो ययेदं धार्यते जगत"

यही हो परा प्रकृति । यसको बिना सृष्टि आदि केही पनि हुन सक्तैन । यही प्राणरुपमा समस्त ब्रहमाण्डलाई जीवन्त प्राणमय गरिरहेछ । अज, नित्य चिन्मय, शाश्वत, अविनाशी पुरुष हो यो ।

उत्तम पुरुष पनि यस अक्षर पुरुषको साथ अभिन्न छ, परन्तु एक अरु विशिष्टता छ, जुन अक्षर पुरुषमा छैन । त्यो अतिशय रहस्यजनक तत्त्व हो । सबै मानिसहरु यस तत्त्वदेखि अवगत हुन सक्तैन । चैतन्यको साथ जड संयुक्त भएर चैतन्यवत् जानिइन्छन् । शुद्ध चैतन्य जड सम्पर्क रहित छ । त्यसमा मनोधर्म छैन, त्यो शुद्ध चैतन्य मात्र छ, ज्योति मात्र छ । परन्तु त्यस ज्योतिको अन्तरगत पुरुष, जसमा जड धर्म छैन, त्यो शुद्ध चैतन्य मात्र भएर पनि कर्त्ता एवं ईशान-भाव-समन्वित छ । त्यो सबैको हृदयस्थ भैकन पनि हृदय-भाव-द्वारा अनावृत्त छ । त्यससँग हामी आफ्नो मनको कुरा बोल्न सक्दछौ । त्यो कर्मरुप विधाता हो, त्यसले हाम्रो कुरा सुन्छ, हामी लाई जान्दछ, हामीलाई प्यार गर्दछ तथा हाम्रो प्रेम ग्रहण गर्दछ । त्यही हुन नराकृति नारायण पुरुषोत्तम या श्री भगवान् । क्षर-अक्षर सबका सब यसकै अन्तरगत छन । यसलाई नै मानिसहरुले भज्दछन । व्यक्त भावको पराकाष्ठा यो पुरुषोत्तम भाव हो । परन्तु परब्रहम समस्त व्यक्त भाव को अतीत छन । उसैको एकांश मात्र यो कारर्णार्णवशायी आदि पुरुष हो । जगत्को पालनार्थ यही अवतीर्ण हुन्छन । परब्रहमको स्वरुप इन्द्रिय, मन र बुद्धिको अतीत छ, पुरुषोत्तम भाव पनि उसमा निमज्जित छ । त्यसलाई जान्नुको कुनै उपाय छैन, त्यो सत्तामात्र हो । समस्त विशेषणहरु हट्न गएपछि, समस्त नामरुप मेटिन गए पछि जुन अवशिष्ट रहन्छ, जसमा समुद्र-तरंगहरु समान अनन्त अनन्त सृष्टि उच्छवसित हुन्छ र स्वयं जुन समस्त उच्छवास देखि विवर्जित छ जुन क्षर-अक्षर एवं पुरुषोत्तमको आश्रय छ, जसलाई पुरुष नाम ले पनि अभिहित गर्न सकिन्न, जो न सर्वज्ञ छ अनि न त अज्ञ त्यही हो ब्रहम । उपनिषदमा यो ब्रहम नै प्रतिपादित छ । ज्ञानीजन ले यस सत्तामात्र वस्तुको सत्यतालाई स्वीकार गरी शेष समस्त वस्तुहरु को अस्तित्वलाई अस्वीकार गर्दछन्-यही परब्रहम हो ।

अर्थात् समस्त दृश्य नै आत्मा द्वारा अनुप्राणित या आत्मा देखि अभिन्न जानिइन्छन ।

साधनाको चरम फल क्रियाको परावस्थाको समुदय भएपछि फेरि दृश्य दर्शन हुदैन । त्यस अवस्थामा सदा रहनुको नाम महानिर्वाण पद हो । त्यहा काल चक्रवत् भ्रमण गर्देनन् । यस अवस्था प्राप्त गर्नको लागि प्रयोजनीय छ-(१) क्रिया गर्नु, (२) क्रिया गरेर नशामा मत्त हुनु, (३) प्रकृतिस्थ हुनु अर्थात् इडा, पिंगला र सुषुम्ना एक भएपछि एक किसिमको समता को अनुभव गर्नु अनि त्यही हुन जानु, (४) शान्तिपद को प्राप्ति, (५) सदा शान्तिपदमा रहनु । त्यतिखेर कुरा गर्ने इच्छा हुदैन, मनमा कुनै संकल्प उदित हुदैन, वस्तु निरपेक्ष परम शान्ति भाव परिस्फुटित हुन्छन् ॥१७॥

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तम;
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

श्री धरीय टीका-[आफ्नो नाम निर्वचन द्वारा एवम्भूत पुरुषोत्तमत्व लाई प्रमाणित गर्दछन्]-किन भने क्षरलाई अर्थात् जडवर्गलाई मैले अतिक्रम गरेकोछु अतयव म नित्यमुक्त छु । म अक्षर अर्थात् चेतनवर्ग भन्दा पनि उत्तम छु, किनभने नियन्ता मै हुम् । यसैले लोक एवं वेदमा म पुरुषोत्तम नामले प्रसिद्ध छु । श्रुति भन्दछन -"त्यही यो आत्मा हो, त्यो सबलोकहरुलाई वशीकरण गर्नमा समर्थछ, सबै लोकहरुको ईशान या ईश्वर हो तथा त्यो शासन कर्त्ता हुन ॥१८॥

आध्यात्मिक व्याख्या-"यसकारण कूटस्थ जुन क्षरको अतीत छ, पछि तिमीमा नै देखिइन्छन्, यसकारण अक्षरको पर उत्तम अर्थात् ऊर्ध्व मा एक पुरुष देख्नमा आउदछ यसैले तिमीले जानिलिएपछि मानिस हरुमा भन्न सक्दछौ-एक उत्तम पुरुष देखिनमा आउंदछ, जसलाई सम्झीबुझिकनै असली पुरुष लेखेकाछन्- त्यसलाई वेद भन्दछन्, ॐ-त्यो वेद ॐकार देखि निस्केकोछ, अनि त्यो ॐकारमय स्वरुप यो शरीर हो- यस शरीर देखि जुन जानिइन्छन् त्यसको नाम वेद हो ॐॐॐ-अतयव सम्झी बुझिकन सब शास्त्रहरुमा पुरुषोत्तमको विषय वर्णन गरिएकाछन । घरमा जसलाई यव (जौ) भन्दछन् , इन्द्रयव भन्नाले बुझिन्छ यही यव समान कुनै वस्तु होला, विना जान्नु पत्तो छैन, इन्द्रयव कतिको ठुलो होलान् !! अर्थात् गुरुवक्त्र द्वारा जाने पछि सब सहज सरल छ-अनि रामचन्द्रलाई सहज क्रिया द्वारा प्राप्त गर्न सकिन्छ-जुन गुरुवक्त्र गम्य छ ।"

-मै पुरुषोत्तम हुम्, किनभने पूर्वोक्त दुवै किसिमका पुरुषहरु माथि मेरो स्थान छ । कार्यरुप यो शरीर या जगत छ, कूटस्थ यस भन्दा उत्तम छ उत्कृष्ट छ, त्यसभन्दा पनि उत्तम छ उत्तम पुरुष, त्यो कूटस्थमा लक्षित हुन्छ । साधनाको परिपक्वावस्थामा कूटस्थको भित्र त्यसलाई साधकहरुले देख्दछन् । यहाँ एउटा कुरा ध्यान दिनु योग्य छ । क्षर पुरुषको अतीत छ त्यो, तथा अक्षर पुरुष भन्दा उत्तम छ, यस्तो किन भनियो । त्यो क्षर पुरुषको भित्र छैन, यो मतलब होइन । त्यो क्षरको अतीत छ किनभने जडवर्ग देहादि अधिक स्थूल छन, अतीव बहिर्मुख छन । जुन मानिसहरु यस शरीर इन्द्रियादि जडवर्गलाई लिएर बसिरहन्छन, तिनीहरुले देहस्थित कूटस्थ-चैतन्यको कुनै सन्धान पाउदैन । तेस्ता मानिसहरुको निम्ति त्यो अनधिगम्य छ । त्यो अक्षर को अपेक्षा पनि उत्तम छ किनभने यस देहको अभ्यन्तर जुन चिज् ज्योति- कुटस्थ-मण्डल छ, त्यसलाई जसले गुरु कृपा बाट देख्दछ, त्यो पनि हिरण्यवपु धृतशंखचक्र पुरुषोत्तम नारायणलाई कदाचित् देख्न पाउंदछ । यो हेमाण्ड कूटस्थ-ज्योति नै मानो उसको बाह्य शरीर हो । त्यसको अभ्यन्तर त्यो पुरुषोत्तम नारायण छ । यो उत्तमपुरुष नै क्रियाको परावस्थामा अखण्ड चित्सत्ता देखि अभिन्न हुन्छ । यो पुरुषोत्तम भाव नै सगुणको पराकाष्ठा भाव हो । निर्गुण भाव एकमात्र क्रियाको परावस्थामा उपलब्ध गरिइन्छन् । पुरुषोत्तम दर्शन पछि नै साधकले क्रियाको परावस्था आफसे आफ सहजै प्राप्त गर्न सक्दछ । त्यो पनि क्रियाको परावस्था नै हो, परन्तु त्यो सगुण भाव हो । गुणातीत भाव नै

सर्वोत्तम अवस्था हो । सन्सारमा यो कुरा पहिले अभिज्ञ मानिसहरुको मुखबाट सुनिन जान्छन्, त्यस पछि महापुरुष मानिसहरुले आत्मसाक्षात्कार द्वारा तथा आफ्नो साधना को अभिज्ञाता द्वारा जुन जान्दछन् त्यसलाई सांसारिक कल्याणको लागि लिपिबद्ध गरेर जान्छन्, त्यही शास्त्र र वेद हुन । *वेदको मूल हो प्रणव । यो देह नै प्रणवरुप हो । यसदेहलाई जसले जानिलिन्छ तथा देह भित्र निखिल ब्रहमाण्डको जसले अनुभव गरेकोछ त्यही प्रकृत वेदज्ञ ब्राहमण हो ।* बाह्य विचार द्वारा पुरुषोत्तमलाई जान्ने प्रयत्न गरेको बेलामा नाना किसिमका बाद उपस्थित हुन्छन यो पुरुषोत्तम भाव नै "रहस्यं ह्येत दुत्तमम्" हो । वस्तुतः यो कत्ति को ठुलो रहस्य हो ! जुन मानिसहरुले देह देखि अलग अन्य केही समझन पाउदैन, केवल विचार द्वारा यस चेतन पदार्थलाई लक्ष्य गर्दछन्, ती मानिस-यो चेतन द्वारा जुन अनन्त चित्सत्ता बाट आउदां-आउदा अनन्तरुप ग्रहण गर्दछन, यसलाई जान्नु बिना यस परम रहस्यलाई कसरी बुझन पाउंलान ! यस शरीरको भित्र हामी सर्वदा एक ज्योतिको स्फुरण देख्दछौ, यसै द्वारा अचेतन इन्द्रिय मन आदि सचेतन समान देखिरहेछन् । जुन सूत्रात्मा प्राणको प्रकम्पनले यी समस्त विषय बोधगम्य भैरहेछन्, त्यो निखिल जीवहरुको जीवनस्वरुप प्राण-शक्ति अरु पनि अधिक रहस्यमय छ त्यो प्राणधारा चित्कण ज्योतिको एक प्रवाहमात्र हो । चिदंश या स्थिर प्राण अरु पनि कति रहस्यमय छ ! त्यसको माथि पुरुषोत्तम नारायण छ । अतयव त्यो यदि रहस्यहरुमा उत्तम रहस्य हुन्छ त यसमा विस्मयको कुरा के छ ॥१८॥

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम्;
स सर्वविद् भजति मां सर्वभावेन भारत ॥१९॥

श्री धरीय टीका- [एवम्भुत ईश्वरलाई जान्नुको फल भन्नुहुन्छ]-उक्त किसिमले निश्चित मति भएर जुन मनुष्यले मलाई पुरुषोत्तम रुपमा जान्दछ त्यसले सबकिसिमसँग मेरै भजन गर्दछन । तदनन्तर त्यो सर्ववित् अर्थात् सर्वज्ञ हुन्छ ॥१९॥

आध्यात्मिक व्याख्या- "जो कोहीले मेरो भजन गर्दछ-अर्थात् क्रिया गर्दछ-(गुरुवाक्य द्वारा उपदेश पाएर) सम्यक् प्रकारसँग अचैतन्य भएर-जगत्लाई विर्सेर, विषयहरु प्रति यो अनासक्ती भाव नै भगवान् प्रति निश्चित मति गर्दछ-अर्थात् कहिल्यै विर्सन जादैन, त्यसले पुरुषोत्तमलाई जान्दछ अर्थात् देखदछ-त्यसले सब ज़ान्दछ-अनि सबै भावहरुमा अर्थात् जसमा मन लगाउंछ त्यसैमा उत्तम पुरुषलाई देख्दछ, अर्थात् सर्वत्र नै ब्रहमलाई देख्दछ क्रियाको परावस्थामा सर्वदा रहेर ।"

-गुरुको उपदेश अनुसार जसले अकैतव भावसित साधना गर्दछ, साधना कुनै फल पाउनुको उद्देश्यले न भै केवल भगवत्प्राप्तिको धारण राखेर गर्दछ, त्यसले जगतको अन्य सबचीज विर्सन जान्छन । भगवान् बाहेक अन्य कुनै चीज उसको मनमा रहदैन । यसरी भजन गर्दा-गर्दै त्यसले उत्तम पुरुषलाई देख्न पाउदछ । तब उसको सारा बन्धन चुडिन जान्छन, तब त्यो सर्ववित् हुन जान्छ । किनभने सब वस्तुहरुमा भगवान् लाई देख्दछ, भगवान् बाहेक अरु केही देख्दैन, अतयव श्री भगवान्लाई जानेर त्यो पनि ब्रहमरुप हुन जान्छ-*"ब्रहमवित् ब्रहमैव भवति",जबसम्म सर्वत्र ब्रहमदृष्टि हुदैन, सबकासबसँग साधकले आफुलाई मिलाउदैन, तबसम्म सर्वज्ञ हुन सक्तैन ।* यसैले ब्रहमवित् बाहेक अरु कुनै दोस्रो सर्वज्ञ हुन

सक्तैन । सर्वज्ञ पुरुषले नै सर्वभावेन श्री भगवान्को पूजा गर्न सक्दछ । चित्त एकान्त भएपछि जब त्यसमा अरु कुनै वृत्ति उदय हुदैन तबै सर्वगत वासुदेवको भजन हुन्छ । सर्वभावेन भजन गर्दा गर्दा 'सर्व' अर्थात् नामरुप मेटिन जान्छ । तब कुनै द्वितीयको भान हुदैन, रहदैन, यहाँसम्म कि ज्ञातृ-भाव पर्यन्त रहदैन । प्रथमतः उस्ले सर्वत्र आफुलाई देख्न पाउंदछ, पश्चात् सर्वनाम पनि केही रहदैन, सर्वको पृथक् अनुभव पनि मेटिएर "एकमेवाद्वितीयं" मात्र अवशिष्ट रहन्छ । तब त्यसभावलाई जान्न को लागि पनि कुनै दोस्रो रहदैन । क्रिया गर्दा-गर्दा क्रियाको परावस्था अलि-अलि उदय हुन थालेपछि नशा समान भाव उदित हुन्छ । त्यस अवस्थामा सुरु सुरुमा त सव बस्तुहरुको संझना आउंदछ, परन्तु कुनै वस्तुमा मन जमेर वस्दैन । क्रमशः क्रमशः कुनै कुरा पनि संझनामा आउदैन, तब सवैचीजहरु देखि मन संहृत हुन जान्छ र त्यो आफु आफैमा जमेर वस्दछ । तब फेरि संकल्प विकल्पको कुनै तरंग उठदैन । संकल्प-विकल्प नरहेपछि पनि मन छ यो कुरा बुझ्नमा आउदैन । पश्चात् यो भाव पनि डुब्न जान्छ । तब एक अविज्ञात राज्यको पर्दा खुल्न जान्छ । जुन ज्ञान पहिले थिएन, जुन दृश्य पहिले देखिएकै थिएन, जुन शब्द पहिले सुनिनमा आएकै थिएन, ती सब बोधको विषय हुन्छ । पश्चात् त्यो अलौकिक बोधपनि रहन जादैन । तब समस्त बोध एकको भित्र प्रवेश गरी एक हुन जान्छ । जसरी समस्त नदीहरु समुद्रमा मिलेर समुद्र हुन जान्छन्, त्यसको पृथक् नामरुप रहदैन, त्यसरी नै त्यो गुणातीत ब्रहमभाव हुन्छ-

"रुपम् भगवतो यत्तन्मन-कान्तं शुचापहम्"

श्री भगवान्को त्यस रुपमा कुनै आकृति हुदैन, त्यो हो अरुपको रुप । मनले त्यसको दर्शन गरी परम तृप्ति लाभ गर्दछ, त्यसबाट सब शोक-ताप दूर हुन जान्छन् । *भगवान्को कुनै मायिकरुपको दर्शन नै साधनाको अन्तिम फल होईन । उनको स्वरुपमा नित्यस्थिति तथा त्यस स्वरुपमा आफैलाई डुबाइदिनु नै भक्तिभावको पराकाष्ठा हो । यो भाव निजबोधरुप छ, ज्ञानस्वरुप छ ।* त्यसमा स्थिति लाभ गर्नु नै भगवद् भजनको सर्वोत्तम फल हो । यस स्थितिको नाम नै क्रियाको परावस्था हो । उनको अलौकिक शक्ति कार्यरुपले दृश्य जगतमा भासमान भैरहेकोछ । मनले यस प्रपंच लाई प्रकाशित गर्दछ र भोग गर्दछ । परन्तु समस्त दृश्यको मलमा जुन बिन्दु छ त्यस बिन्दु या केन्द्र मूलमा फर्केर जानु नै कार्य जगत्को अतीत परावस्था प्राप्त हुनु हो । त्यहाँ नानात्व छैन । कल्पना को बहुमुखी प्रकाश नै बाह्य जगत् हो , मनको स्वरुप-च्युति हो । त्यस कल्पनाको मूल मन जब स्वकेन्द्रमा फर्केर जान्छन् त त्यसको बहुमुखी प्रकाशको अभाव हुन जान्छन् । यही द्रष्टा को स्वरुपमा अवस्थान या योग हो । यो योगाभ्यास सबैको कर्त्तव्य हो । योगाभ्यास विना ज्ञान या भक्ति कसैलाई पंनि प्राप्त हुदैन । योगाभ्यास आत्म दर्शनको प्रत्यक्ष फल प्रदान गर्नेवाला उपाय हुन । योगबल तुल्य अरु कुनै बल छैन । योगबल देखि विहीन मनुष्य इन्द्रिय-जयमा असमर्थ भएर विषय व्यापारमा निमग्न हुन जान्छ ॥१९॥

इति गुहयतमं शास्त्रमिदमुक्तं मयानघ;
एतद्‌बुद्‌ध्वा बुद्धिमान्स्यात् कृतकृत्यश्च भारत ॥२०॥

श्री धरीय टीका- [अध्यायार्थको उपसंहार गर्नु हुन्छ]-यसरी संक्षेपमा अतिरहस्यपूर्ण सम्पूर्ण शास्त्रलाई मैले भनेकोछु । यसमा शास्त्रको सम्यक् रहस्य भनियो । हे अनघ अर्थात् व्यसनशुन्य ! म बाट कथित यस शास्त्रलाई जानेर कुनै पनि मानिस सम्यग् ज्ञानी तथा कृतकृत्य हुन सक्तछ । अतयव तिमी पनि कृतकृत्य हुन सक्दछौ, यसमा त भन्नु नै के छ र ॥२०॥

विभु भगवान्ले संसाररुपी वृक्षलाई छेदन गरी पुरुषोत्तम योग नामक पंचदश अध्यायमा स्पष्टरुपले परमपदको उपदेश दिनुभएकोछ ।

आध्यात्मिक व्याख्या- "यो अतीव गुप्त शास्त्र मैले भने, यो स्थिर गरी क्रियाको परावस्थामा रहिकन बुद्धिमान बन (क्रियाको परावस्थामा जो रहदैन, त्यो बुद्धिमान हुदैन) र कृतकृत्य बन, अर्थात् क्रिया गरेर क्रियाको परावस्थामा रहूं"

-यो अध्याय अत्यन्त रहस्यमय छ । आचार्य शंकर भन्नु हुन्छ-समस्त गीता शास्त्रको जुन अर्थ छ, त्यो यस अध्यायमा संक्षेपमा प्रतिपादन गरिएको छ । समस्त वेदको अर्थ पनि यस अध्यायमा संक्षेपमा भनिएकोछ -*"यस्तं वेद स वेदवित्", "वेदैश्च सर्वैरहमेव वेद्यः"*-इत्यादि वाक्यहरु द्वारा यही प्रतिपादित हुन्छ । सबैको भित्र पुरुषोत्तम रहन्छन् । उनलाई जानेर कुनै पनि व्यष्टि कृतकृत्य हुन सक्दछ । खालि यत्नपूर्वक साधनाभ्यास गर्नु पर्नेछ । साधना भ्यासको फल स्वरुप यस शरीरमा नै कूटस्थ तथा त्यस भित्रको पुरुषोत्तमको दर्शन गरी जीवन सफल गरिन जान्छन् । *परन्तु जीवको दुर्भाग्य यस्तो छ, त्यो यति अबोध छ -जुन समस्त कर्म गर्नाले खालि खालि यन्त्रणा, ज्वाला एवं सन्ताप सहनु पर्दछ, त्यही कर्महरुलाई बारबार पुनः पुनः गर्दछन, परन्तु जुन कर्म गर्नाले समस्त सन्ताप ज्वाला मेटिन जान्छन, अन्तः करणको समस्त वृत्तिहरु निवृत्त हुन जान्छन, अनन्त-अनन्त शान्तिपथको द्वार खुल्न जान्छ, ती कर्महरु को साधना गर्ने तिर एकबार पनि दृष्टि जादैन । त्यसमार्गबाट कोही जादैन, अनि रोग-शोक-भोक-दुखको ज्वालामा दग्ध भएर सदा त्राहि-त्राहि गरिरहन्छन् ।* बुद्धिमान त्यही हो जसले क्रिया गर्दछन्, किनभने क्रिया गरे पछि नै क्रियाको परावस्था प्राप्त हुन्छ । त्यसैबाट नै जीवन कृतकृत्य हुन्छ । समस्त शास्त्रहरु द्वारा प्रतिपादित पुरुषोत्तम यस साधना द्वारा अवगत हुन्छ ॥२०॥

इति श्यामाचरण-आध्यात्मिक-दीपिका नामक गीताको पंचदश-अध्यायको आध्यात्मिक व्याख्या समाप्त ॥

पंचदश अध्यायको सारांश

यो वृक्षाकार कलेवर हो । यसको मूल माथि अर्थात् मस्तकमा छ र हस्त-पाद आदि सबचीज तलतिर छन । हस्तपादादि कर्मेन्द्रियहरु तथा चक्षु कर्ण आदि ज्ञानेन्द्रियहरु वस्तुतः सब काम गर्दछन्, परन्तु आदेश मिल्दछ मस्तकबाट । सारा कार्य जसले जीवलाई कर्मसूत्रमा आवद्ध गर्दछन, गुणत्रय देखि उत्पन्न छन । इडा, पिंगला, सुषुम्नाको भित्र समस्त गुण पुष्ट हुन्छन अनि त्यंही देखि प्रस्फुटित भएर संसाराभिमुख प्रभावित हुन्छन् । यस अवस्थामा जुन कर्म हुन्छन्, ती फलाकांक्षायुक्त हुनुको कारण जीवको बन्धन बन्दछन् । अतयव देहको ऊर्ध्वमा, अर्थात् मस्तकमा यदि प्राणको स्थिति हुदैन भने त बन्धनावस्थाको भोग

गर्नु पर्दछ । आज्ञाचक्रको माथि जुन मूल छ, त्यो कर्मानुबन्धि छैन । मस्तकमा (सहस्रारमा) प्राणको स्थिति भएपछि गुणातीत अवस्था प्राप्त हुन्छ । *यो अश्वत्थ-रुप कलेवर, जुन भोलिसम्म रहन्छ या रहदैन, पुष्टि लाभ गरिरहेको छ । यसको मूल हो वासना । यस वासनालाई मूलोच्छेद गर्नु बिना बारंबारको जन्म-मरण छुट्नेवाला छैन ।* खुब मन लगाएर क्रिया गरेमा क्रियाको परावस्था या इच्छारहित अवस्था प्राप्त हुन्छ । यही संन्सार-वृक्षको मूलोच्छेदक अस्त्र हो । क्रिया गरी कूटस्थ ब्रहमको अणु भित्र प्रवेश गरे पछि नै क्रियाको परावस्था प्राप्त हुन्छ । त्यही अपुनरावृत्ति-स्थिति हुन । त्यही हुन आदि पुरुष, त्यो कूटस्थको पर देखिइन्छन् । यस अवस्था देखि च्युत भए पछि नै यो सबचिज भएकोछ । तबै मनले अन्य वस्तुमा आसक्तिसाथ लक्ष्य गर्दा-गर्दा तद्रुप भएर यस विश्वप्रपंचलाई अभिप्रकाशित गर्दछन् । क्रियाको परको स्थिति बडो आश्चर्यजनक छ ! त्यहा चन्द्रको दीप्ति छैन, न त सूर्यको रश्मि छ, तथापि त्यो धाम आफ्नै महिमामा सर्वदा प्रभान्वित छ । त्यही परमात्माको परम धाम अर्थात् क्रियाको परावस्था हो । आठै पहर यस अवस्थामा रहंदाखेरि नै क्रियाको परास्थितिरुप अविनाशी पद प्राप्त हुन्छ ।

परमात्माको कुन तरीकासंग जीवभाव हुन्छ, त्यो देहमा कसरी आउंदछन र बाहिर हुन्छन, इन्द्रियासक्त अज्ञानी जीवले यस रहस्यलाई केहि पनि बुझ्न सक्तैन । आत्मा मन र इन्द्रियमा अधिष्ठित भएर कसरी विषय-भोग गरिरहेकोछ, यो अत्यन्त विस्मयजनक व्यापार छ । इन्द्रिय-ग्राह्य समस्त विषय देहस्थ षट्चक्र द्वारा विद्युद-वेगले द्विदल पद्ममा, मनःस्थानमा उपनीत हुन्छन् । तत्पश्चात् तत्काल सहस्रदल पद्ममा पुग्दछन, त्यस पछि हामीलाई विषयको अनुभव हुन्छ । यो अनुभव हुनुमा क्षणमात्रको पनि वेर लाग्दैन । क्रिया द्वारा आज्ञाचक्रमा स्थिति हुनाले जसको बुद्धि स्थिर हुन जान्छ, तिनीहरुले नै यस सूक्ष्म अनुभवलाई समात्न सक्दछन् । जसको बुद्धि स्थिर छैन, अर्थात् जो विमूढ छन तिनीहरुले यसको केही पनि धारणा गर्न सक्तैनन् । यस स्थिर बुद्धि देखि नै सर्वज्ञाता प्राप्त हुन्छ ।

यो दिव्य दृष्टि तिनैलाई हुन्छ, जसले ध्यान-धारणा-समाधि द्वारा मन लाई निरोध गर्न सक्तछन् । जो अकृतात्मा छन अर्थात् कूटस्थ ब्रहममा अवरुद्ध छैनन्, उनलाई उत्तम-रुप-स्थिति यानि दिव्य दृष्टि हुदैन । वाहिर सूर्यको किरणहरुले जसरी जागतिक-वस्तु-समूह प्रकासित हुन्छन, उसरी नै कूटस्थ-किरणले यस शरीर र इन्द्रियादिलाई प्रकाशमय गरी राख्दछन्, यो तेज ब्रहमकै रुप हो, यो आकाश बाट आउंदछन । यस आकाशको भित्र नै परव्योम-स्वरुप अणु छ । अनि त्यस अणुको भित्र शत-शत ब्रहमाणु रहन्छन, तथा एक-एक व्रहमाणुको भित्र यति ब्रहमाण्ड छन-त्यसको कुनै सीमाना छैन । यस अणुको ज्ञानले नै ब्रहमज्ञान हुन्छ आत्मा प्राणरुपमा समस्त वस्तुहरुमा छ, यसैबाट हामीहरु सबै वस्तुहरुको अस्तित्वलाई अनुभव गर्दछौ । प्रत्तेक वस्तुमा कति गुण छन, प्रत्येक लता-गुल्म-उद्भिद्मा कति गुण छन, यसलाई योगीहरुले आत्म-प्राणलाई मुर्द्धामा स्थिर गरेर पूर्णतः जान्न सक्दछन । परन्तु इच्छा गरेर यो सब जान्नु राम्रो होइन, यसले आत्मसाक्षात्कारमा विघ्न हुन्छ । हृदयमा निःशेष रुपले स्थिति भएपछि नै प्रकृत ज्ञान हुन्छ । यदि सारा जान्न चाहन्छौ भने क्रियाको परावस्थामा स्थिर होऊ । यसले जे जति जान्नु योगय छ सबै जान्न

जानेछौ अनि तब जान्नुको पनि अन्त हुन जानेछ । त्यस अवस्थामा कुनै इच्छा रहदैन । परन्तु जुन जान्नु योग्य छ त्यसलाई क्रियाको परावस्थामा इच्छा नहुदैमा पनि जान्न सक्दछन ।

यसलोकमा दुई किसिमका पुरुषहरु छन्-क्षर एवं अक्षर । अक्षर पुरुष कूटस्थ हो । यो देह-प्रकृति र दृश्यमान समस्त वस्तुहरु क्षर पुरुष हुन । जुन मानिसहरुले आसक्तिपूर्वक यी देहादि दृश्य पदार्थ लाई देख्दछन, तिनीहरु नाश हुन्छन, उनिहरुलाई आत्म ज्ञान या शान्ति लाभ केही पनि हुदैन । जसले कूटस्थमा दृष्टि राखी आठैपहर वसिरहन्छन्, तिनीहरु नै अक्षर पुरुषको साथ एक भएर अविनाशी पद प्राप्त गर्दछन । कूटस्थलाई हेर्दा-हेर्दा एक अरु पुरुषको साक्षातकार हुन्छ, त्यो उत्तम पुरुष हो । त्यसलाई नै शास्त्रमा परमात्मा भन्दछन, त्यही छालाको लुगा लगाईकन सर्वत्र विराजमान छन, त्यो अव्यय, अविनाशी छ, त्यो ईश्वर एवं कर्त्ता हुन तथा त्यसैले जीवरुपमा सर्वत्र कार्य गरिरहेकोछ । किन्तु यी सब अनित्य छन् । ब्रहमरुपमा त्यसले केही पनि गर्दैन । कूटस्थको ज्ञान भए पछि योगी हरुले राम्रैसँग जान्दछन्-त्यो विनाशशीलछैन अर्थात् क्षरको अतीत छ । जो त्यसभन्दा पनि माथि छ, त्यो उत्तम पुरुष हो ।

"सर्वे वेदा यत्पदमामनन्ति
तपांसि सर्वाणि च यद्वदन्ति;

यदिच्छन्तो ब्रहमचर्यं चरन्ति,
तत्ते पदं संग्रहेण ब्रवीम्योमित्येतत् ॥"-कठ० उ० १-२-१५॥

ब्रहमपद नै प्राप्तव्य छ, यस्तो वेदले निर्देश गर्दछन्, यही उद्देश्य ले तपस्याहरु (प्राणायामादि साधनाहरु) अनुष्ठित हुन्छन् । साधकहरुले जुन क्रियाको परावस्था या ब्रहमपदको प्राप्तिको लागि ब्रहमचर्यको अनुष्ठान गर्दछन, त्यस ब्रहमपदलाई संक्षेपमा भन्दछु-त्यो हो 'ॐ' ।-(ॐकारको रहस्य गीताको प्रथम भागमा हेर) जसले गुरुवाक्यमा विश्वास गर्दै दृढतापूर्वक एवं अनुराग सँग साधना गर्दछन, तिनीहरुले उत्तम-पुरुषलाई यस शरीरकै भित्र देख्न पाउंदछन् तथा क्रियाको परावस्थामा सर्वत्र ब्रहमदर्शन गर्दै त्यसमा स्थिति लाभ गर्न सक्दछन । यो अतीव गुप्त रहस्य छ । जसले मनुष्य जीवन प्राप्त गरी कृतकृत्य हुन चाहन्छन्, तिनहरुले श्रद्धासाथ क्रिया गरी क्रियाको परावस्थामा रहने चेष्टा गर्नु पर्दछ-ॐ हरि-ॐ

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता
षोदशोऽध्यायः

(दैवासुर सम्पद-विभाग-योग)

श्रीभगवानु वाच

(दैवी सम्पद-तत्त्वज्ञानको अधिकार)

अभयं सत्वसंशुद्धिर्ज्ञानयोग व्यवस्थिति;
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम ॥१॥

श्री धरीय टीका- "आसुरी सम्पद त्यागिकन दैवी-सम्पदलाई आश्रय गर्नेवाला पुरुष विमुक्त हुन्छन, यही निर्णय गर्नको लागि सोह्रौ अध्यायमा यसको विचार गर्नु हुन्छ ।"

[पुर्व अध्यायको अन्तमा भनिएकोछ-"हे भारत ! यो जानेर मानिसहरु ज्ञानी र कृतकृत्य हुन्छन्" यस तत्त्वलाई कसले जान्न सक्दछ र कसले जान्न सक्दैनन्, यस अपेक्षामा तत्त्वज्ञानको अधिकारी र अनधिकारीको निर्णय गर्नको लागि यस सोह्रौ अध्यायको थालनी गरिइन्छन् । कर्त्तव्य विषय निरुपित हुनासाथ त्यसको अधिकारीको विषयमा जिज्ञासा हुन्छ-यसैले कुमारिल भट्ट भन्नु हुन्छ-"कुन भार कसद्वारा वहन गरिनेछ, यो तबै निर्णीत हुन सक्तछ जब पहिले यो आलोचित होओस-त्यो भार के हो । अभय शब्दको अर्थछ भयको अभाव । सत्त्व-चित्त, संशुद्धि-सुप्रसन्नता । ज्ञानयोगमा व्यवस्थिति-आत्मज्ञानको उपायमा परिनिष्ठा । दान-स्वभोज्य अन्नादिको यथोचित्त संविभाग । दम-बाह्यन्द्रिय-संयम । यज्ञ-यथाधिकार दर्शपौर्ण मासादि यज्ञ । स्वाध्याय-ब्रहमयज्ञादि या जपयज्ञ । तपः-शरीरादि तपस्या-आर्जव-अवक्रता, सरलता ॥१॥

आध्यात्मिक व्याख्या- "कूटस्थ द्वारा अनुभव भैरहेकोछ-क्रियाको परावस्थामा रहंदाखेरि मरनुको भय क्रमशः गै हाल्दछ-सदा सुषुम्नामा रहिकन सम्यक किसिमले निर्मल बुद्धि द्वारा सब देख्न पाउँदछ, ज्ञानयोनि मुद्रामा रहनु, धारणा ध्यान समाधि गर्नु, अनि बुद्धिको परपरा बुद्धिमा स्थिर रहनु, कूटस्थमा रहनु, समाधि गरी विशेष रुपमा स्थिति, क्रियादान, इन्द्रियादिको दमन, अनि क्रिया गर्नु र बुद्धिको पर पराबुद्धिमा स्थिर रहनु, कूटस्थमा रहनु, सरल हुनु, कुनै विषयको इच्छा रहुन्जेल कोही सरल कहिल्यैपनि हुन सक्तैन र हिंसारहित पनि हुन सक्तैन, जुन हुनु उचित छ-आफैले आफैलाई देख्नु विना कसरी दोस्रोलाई देख्ने, जसले आफुलाई देख्दछ त्यसले सबलाई समान देख्नेछ । क्रियाको परावस्थामा रहेपछि, सब एक हुन जानुको कारण आफु आफैमा तुष्ट त्यो क्रियान्वित मानिसले देख्दछन् ।"

-नवम अध्यायमा भनिसकिएकोछ-जीवहरुको प्रकृति तीन किसिमका हुन्छन्,-दैवी, आसुरी एवं राक्षसी । आसुरी र राक्षसी प्रकृति बन्धनको कारण हुन्छन र दैवी प्रकृति मोक्ष-प्राप्तिको अनुकुल हुन्छ । पूर्वाध्यायको

अन्तमा श्री भगवान्‌ले भन्नु भएकोछ-यस गुह्यतम ज्ञानलाई जानेर कृतकृत्य होऊ । अब यस तत्वलाई जान्ने प्रकृत अधिकारी को हो, यो जानिलिएपछि त्यस अधिकार प्राप्तिको लागि मुमुक्षु जीव प्रस्तुत हुन सक्दछन्, यसैले त्यस अधिकारको कुरा यस अध्याय भनिन जान्छन् । मुमुक्षुको लक्ष्य एक किसिमको हुन्छ र संसारीको लक्ष्य अर्कै किसिमको । मुमुक्षुको लागि जुन प्रयोजनीय छ, त्यही हो दैवी-सम्पद । आजकाल असुरहरु द्वारा जगत भरिभराउ छन, यसै कारण आसुरी संपत्‌को लागि सारा जीव लालायित रहन्छन् । संसारी अर्थात् विषयासक्तको निम्ति प्रयोजनीय जुन छ त्यही आसुरी सम्पद हो । दैवी सम्पत् तिर यसो मुन्टो फर्काएर पनि कसैले हेर्दैनन् । *जसद्वारा जीव मुक्तिको अधिकारी बन्दछ, त्यही दैवी सम्पत् हो तथा जुन लौकिक ज्ञानद्वारा जीवको कामोपभोग परिवर्धित हुन्छ त्यही आसुरी सम्पद् हो ।* आसुरी सम्पत् द्वारा जीवको बारबार आवागमन को मार्ग रुद्ध हुदैन । दैवी-सम्पद द्वारा जीवको मोक्ष मार्गानुकुल प्रवृत्तिको उदय हुन्छ, जसले उसलाई शान्तिको मार्गमा, सत्यको बाटोमा लैजान्छ । यसैकारण यांहा दैवी सम्पत् को जो अधिकारी छन, उनको लक्षण र गुण के के हुन, यसको विषयमा सारा कुरा श्री भगवान्‌ले अर्जुनलाई भनिरहनु भएकाछन् ।

(१) अभय-भयशुन्यता । म सिवाय दोस्रो अरु कोही पनि छ, यस द्वितीयको अभिनिवेश जबसम्म छ, तबसम्म अभयको प्राप्ति हुदैन । श्री भगवान्‌को परम पद नै प्रकृत अभय पद हो, जसलाई प्राप्त गरे पछि फेरि यो चित्त संसाराभिमुखी हुन सक्दैन । यसैले श्रुतिमा आदेश गरिएकोछ-*"अभयं सर्वभूतेभ्य"* सारा प्राणिहरुले मबाट अभय लाभ गरोस तथा म पनि सबै प्राणिहरु देखि अभय प्राप्त गर्न सकूम् । कसैलाई पनि पराई नसम्झ । यसबाट कसै प्रति पनि हिंसा भाव हुनेछैन । अहिंसा प्रतिष्ठित हुनु विना वैरभाव त्याग हुन सक्तैन । अर्काको उन्नति देखेर मेरो पनि यस्तो उन्नति होस,-यसकिसिमको चाहना गर्नाले आत्मभाव प्रतिष्ठित हुदैन र परको भित्र आफुलाई देख्ने हुदैन, पराई पराई नै रहन्छन् बनिरहन्छन् । सबैलाई आफ्नो बनाउनको निम्ति वासना त्यागको आवश्यकता छ । वासना त्यागको लागि मनोनाश हुनुको आवश्यकता छ । *जीवको लागि सबभन्दा ठुलो भय मृत्युभय छ । मृत्युभयले. जीव सदा संत्रस्त रहन्छन् । यो भय कसरी हटलान् र अभय परम पदको प्राप्ति कसरी होला ?* जुन मानिसहरु श्रद्धालु भएर क्रिया गर्दछन् तथा क्रिया गरी थोरै-थोरै अलि-अलि क्रियाको परावस्थाको अनुभव गर्दछन्, उनैको हृदयरोग नष्ट हुन्छन् । उनलाई मृत्युभय रहदैन, किनभने तिनीहरुले प्रतिदिन देहदेखि पृथक, भएर मृत्युको स्वाद केही-केही पाईरहन्छन् । त्यो कति आनन्द को अवस्था हो, यो जानिकन उनलाई मृत्युको कुनै आशंका या व्याकुलता रहदैन । मनको निशंक अवस्था हुन्छ । मलाई पीडा होला, सर्प व्याघ्रादिले आक्रमण गर्लान, मलाई कसले देख्ला यस्तो उद्‌वेग हुदैन ।

(२) सत्त्वसंशुद्धि-अन्तः करणको अशुद्धिभाव, जस्तो प्रवंचना, मिथ्या व्यवहार इत्यादिको परिवर्तन भित्र बाहिर समान । *जसको अन्तः करण शुद्ध छैन, तिनीहरु कहिल्यै पनि भयशून्य हुन सक्तैन ।* बुद्धि कसरी निर्मल हुन्छ ? जुन मानिसहरुले प्राणायामादि योगाभ्यास गर्दछन्, उनिहरुको नाडी-प्रवाह शुद्ध हुन

जान्छन्। स्पन्दन विशुद्ध हुंदाखेरी बृत्ति पनि विशुद्ध हुन्छ। जुन मानिसहरु सर्वदा सुषुम्नामा रहन्छन्, उनको चित्त स्पन्दन विशुद्ध हुनेनैछ। साधारणतः इडा-पिंगलाको प्रभावमा परेपछि जब सुषुम्नाको मार्ग खुल्न जान्छ, तब जीवको सत्त्वगुण को बृद्धि हुन्छ, अतः वासनाको पनि शुद्धि हुन जान्छ।

(३) ज्ञान तथा योगमा एकान्त निष्ठा-श्रीमद् आचार्य शंकरले भन्नु भएकोछ-"योग र ज्ञानको विषयमा तत्परता या एकाग्रता नै प्रधान दैवी सम्पद् हो।" ज्ञान र योगको विना सत्त्वसंशुद्धि हुनुको कुनै उपाय छैन। *आत्मा र अनात्माको ज्ञान नै त ज्ञान हो, परन्तु त्यो खालि पुस्तक पढनाले प्राप्ति हुदैन। आत्माको प्रत्यक्ष अनुभव हुन्छ योनिमुद्रामा।* जो योनिमुद्रामा रहन्छन, उनलाई कूटस्थमंडल देखि लिएर पुरुषोत्तम दर्शन सम्म सब प्राप्त हुन्छन। यो योनिमुद्रा नै प्रमुख पीठस्थान हो। साधकलाई यही नै अलौकिक अध्यात्म ज्ञान तथा विश्वरुपादि दर्शन हुन्छ। यति ठुलो दैवी सम्पद अन्य केही छैन। योग-क्रियाको परावस्थामा स्थिति, अभ्यास पटुता द्वारा धारणा, ध्यान, समाधिमा स्थिति प्राप्त गर्न सक्नु। योगावस्था ज्ञानावस्थाको प्राप्तिमा अनि ज्ञानावस्था योग(प्राप्तिमा सहायता गर्दछन्।

(४) दान-आफ्नो वस्तुमा आसक्तिको परित्याग गरी परार्थमा उत्कृष्ट गर्नु नै दान हो। आफ्नो सामर्थ्य अनुसार अन्नादि संविभाग गर्नाले त्यागको शिक्षा मिल्दछ। जबसम्म परार्थमा आफ्नो चित्त, शक्ति र सामर्थ्य हामी लगाउदैनौ, तबसम्म चित्त स्वार्थ भावनाले कलुषित बनिरहन्छ। यस्तो कलुषित चित्तमा ज्ञानप्राप्ति या योग निष्ठा हुन सक्तैन। *सबभन्दा बढी ठुलो त्याग या दान हो जीवलाई सत्पथ अर्थात् भगवान्को मार्ग देखाइदिनु।* क्रियाभ्यास भगवत् प्राप्तिको प्रशस्त उपाय हो। यसैले क्रियादान नै सर्वश्रेष्ठ दान हो।

(५) दम-वाह्येन्द्रियको निग्रह-जो आफ्नो इन्द्रियदमनमा अशक्त छ, त्यसले आफ्नो समस्त शक्ति र अर्थलाई आफ्नो इन्द्रिय तृप्तिरुपी वन्हिको इन्धनरुपमा व्यवहार गर्दछ। त्यस्ताले अर्काको दुःख अभावको कुरा कसरी सोच्ला ? यसैले अजितेन्द्रिय मानिसले कहिल्यै दान गर्न सक्तैन। जुन मानिसहरु अभय लाभ गर्न चाहन्छन् ? तिनीहरुले यसको लागि इन्द्रिय-दमनमा मन लगाओस।

(६) यज्ञ-वेदविहित देवयज्ञ, नृयज्ञ आदि पंच महायज्ञ। मनुष्य जन्मनासाथै पांचकिसिमका ऋणहरु देखि ऋणी हुन्छन्। ती सब ऋणहरु देखि मुक्ति यी पांच किसिमका यज्ञहरुबाट हुन्छ। द्विजातिलाई विशेषतः साधकलाई सन्ध्या-वन्दनादि पछि 'देवयज्ञ' गर्नु पर्दछ। 'देवयज्ञ' अर्थात आफ्नो इष्ट देवता र गृहदेवताको पूजा। प्रथमतः पंच देवताको पूजा गरोस-

"आदित्यं गणनाथंच देवीं रुद्र यथाक्रमम्;
नारायणं विशुद्धाख्यमन्ते च कुलदेवताम्॥"

क्रमशः गणेश, सूर्य, नारायण, रुद्र, देवी एवं अन्तमा कुलदेवताको पुजा गर्नु पर्दछ। पश्चात् इष्ट एवं गृहदेवताको पुजा गर्नु पर्दछ।-

"अन्नेन सुमनोभिश्च गन्धैः धुपैः प्रदीपकैः ;
गृहस्थः पुजयेन्नित्यं स्वगृहे गृह देवताम् ॥"

गृहस्थ मानिसले आफ्नो घरमा गन्ध, पुष्प, धुप, दीप एवं अन्नद्वारा गृहदेवताको पूजा गरोस । देवपुजा पछि होम गरोस । नित्य होमको अनुष्ठान अव हाम्रोदेश बाट प्रायः विलाईसकेकोछ । परन्तु नित्य होमको अनुष्ठान गर्नाले धेरै कल्याण हुन्छ । यसको उपयोगितालाई आजका मानिसहरुले बुझ्ने गरिरहेका छैनन् । यो नित्य होमको अनुष्ठान केही आडम्बरयुक्त या जटिल छैन । गृहस्थले जुन भोजन गर्दछ, त्यसले पनि आहुतिको कार्य हुन सक्छ वैश्वदेव-*"यो विश्वं भुवनाविवेश"* जुन देवता विश्वभुवनमा प्रविष्ट भैरहेछन, उही विश्वदेव विष्णुको पूजा गर्नु पर्दछ। *"ॐ वैश्वदेवाय नमः"* भनेर प्रातः काल तथा सायंकाल वैश्वदेवको पुजा एवं आहुति गरोस । यी सब देवयज्ञ-अन्तरगत छन । शास्त्राध्ययन एवं अध्यायन द्वारा ऋषियज्ञ संपादित हुन्छन् । तर्पण एवं श्राद्धादि द्वारा 'पितृयज्ञ' सम्पन्न हुन्छ ।

बलि-यस द्वारा समस्त प्राणिहरुलाई अन्न दिनुको व्यवस्था छ । यही भूत यज्ञ हो ।

"देवा मनुष्याः पशवो वयांसि;-देखि
प्रेताः पिशाचास्तरवः समस्ता ।"-सम्म सबै अन्नदानको पात्र छन ।-

"पिपिलिका-कीट पतंगकाद्याः बुभुक्षिताः कर्मनिवद्धवद्धाः;
प्रयान्तुते तृप्ति मिदं मयान्नं; तेम्यो विसृष्टं मुदिता भवन्तु ॥"

-देवता, मनुष्य, कीट, पतंग तथा बन्धुहीन र पतित सबैले मैले दिएको यस अन्नलाई ग्रहण गरी तृप्त एवं मुदित होउन । अतिथिपूजा-नृयज्ञ-

"प्रियो वा यदि वा द्वेषो मूर्खः पण्डित एवं वा ;
सम्प्राप्तो वैश्वदेवान्ते सोऽतिथिः स्वर्ग-संक्रमः॥"

प्रिय या द्वेष्य होस, मुर्ख या पण्डित होउन-वैश्वदेव क्रियाको अन्तमा जुन अतिथि प्राप्त होलान,-त्यो साक्षात् स्वर्गप्रद छ । "हिरण्यगर्भ बुद्ध्वा तं मान्यताभ्यागतं गृही"-अभ्यागत व्यष्टिलाई साक्षात् ब्रहमा सम्झिकन सत्कार गरोस । अतिथिको नाम कुल, देश एवं विद्याको विषयमा सोधखोज गर्नु शास्त्रमा निषेध छ । यद्यपि-

"अन्तर् यागात्मिका पूजा सर्वपूजोत्तमोत्तमा;"-तथापि
"बहिः पूजा विधातव्या यावज्ज्ञानं नजायते ॥"

यसैकारण बाह्य अनुष्ठानको विषयमा यहां विस्तारसाथ भनियो । परन्तु योगीको असली यज्ञ हो क्रियाको अभ्यास । योग-यज्ञ नै सब यज्ञको सार हो । प्राणमा अपानको अपानमा प्राणको होम नै यथार्थतः प्रकृत होम या पुजा हो ।-

"ब्रह्मागनौ हूयते प्राणो होमकर्म तदुच्यते"

(७) स्वाध्याय-वेदादि सतशास्त्रको अध्ययन, वेदान्तादि मोक्ष शास्त्रको आलोचना । यो बहिर्भाव हो । अधि+इ+अनट्=अध्ययन । 'इ' धातुको अर्थ छ गमन, 'अधि' को अर्थ छ माथि अस्तु, अध्ययन तब हुन्छ, जब क्रिया गर्दा-गर्दा प्राणापानको गति ऊर्ध्वमा अर्थात् मस्तकमा पुगेर स्थिर हुन्छ-

"इकारं परमेशानि स्वयं कुण्डली मूर्तिमान"-

यही हो परमैश्वर्य । 'अधिको अर्थ ऐश्वर्य र आधिपत्य पनि हुन्छ । कुल कुण्डलिनी शक्ति सहस्रारमा उत्थित भएर त्यही स्थित हुन्छ । अतयव पूजनीय गुरुदेव श्यामाचरण लाहिडी महाशयले जुन भन्नु भएको छ ("स्वाध्याय" को अर्थ छ बुद्धिको पर परा वुद्धिमा स्थिर हुनु, त्यो "स्वाध्याय" को धातु-जनित अर्थबाट गरिएका हुन ।

(८) तपः-शारीरिक कष्ट, यसको परिचय अगाडि दिइनेछ-

"न तपस्तप इत्याहुब्रहमचर्यं तपोत्तम;
ऊर्ध्वरिता भवेद् यस्तु सदेवो नतु मानुष ॥"

ब्रहमचर्य नै सर्वोत्तम तपस्या हो । ब्रहममा विचरण अर्थात् त्यसमा नै स्थिति असली ब्रहमचर्य हुन । खालि शुक्र धारण गर्नाले नै कोही ऊर्ध्वरिता हुन सक्तैन । ऊर्ध्वरिता अर्थात् जसको रेतः उर्ध्वगत भएकोछ । कठोर तपको अनुष्ठान विना कोही ऊर्ध्वरिता हुन सक्तैनन् । रेतः शब्द 'री' धातु बाट बनेको छ अर्थात् जुन क्षरित हुन्छ यानी एकैस्थानमा रहदैन, क्रमशः बहिर्गत हुन जान्छ । हाम्रो चित्त नै 'रेत' हो । यो चित्त जसको उर्ध्वमा गएर स्थित हुन्छ, त्यसैलाई "ऊर्ध्वरिता" भन्दछन् ।

"उर्ध्वरिता भवेद्यस्तु सदेवो न तु मानुष"

-यसैकारण आध्यात्मिक व्याख्यामा तपको अर्थ हुन्छ-" कूटस्थमा रहनु" ।

(९) आर्जव-ऋजु, सरलता । जसको वासना धेरै छ, त्यो सरल हुन सक्तैन । भोगातुर चित्त के कहिल्यै सरल हुन सक्छ र ? यसैले जब सम्म इच्छा या कामना जागृत छ तबसम्म वक्रता रहने छ नै । जो आफु आफैमा तुष्ट छ , उसलाई अर्काको सौभाग्य देखेर दुःख हुदैन, बरु झन अरुको सुखलाई आफ्नै सुख सम्झन्छन । मन स्वच्छ रहन्छन्, यसैले लाभालाभ प्रति दृष्टि रहदैन । अतयव कसैको पनि हिंसा गर्नु पर्दैन तथा भाव-गोपन गर्नको निम्ति बहाना गर्नु पर्दैन जुन समझमा आउंदछ, भनिदिन्छ । अतयव अन्यलाई पनि धोखा खानु पर्दैन ॥१॥

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिर पैशुनम्;
दया भूतेष्व लोलुप्त्वं मार्दवं ह्रीरचापलम ॥२॥

श्री धरीय टीका- [अरु पनि भन्नु हुन्छ]-अहिंसा =परपीडावर्जन, सत्य = जुन ठीकछ, त्यस अनुरुप भाषण। अक्रोध= कसैद्वारा ताडना दिईएमा क्रोधको अनुपत्ति। त्याग = औदार्य, जस्तो दानमा क्लेश अनुभव नगर्नु। शान्ति = चित्तको उपरति। अपैशुन = परोक्षमा परदोष प्रकाशित नगर्नु, भूतहरु प्रतिदया= दीन दुःखीजन प्रति दया। अलोलुपत्व= लोभको अभाव। मार्दव = मृदुता, अक्रुरता; ह्री= कुकार्यमा लोकलज्जा। अचापल्य = व्यर्थ क्रिया नगर्नु ॥२॥

आध्यात्मिक व्याख्या- “हिंसा नरहेपछि इच्छा रहदैन। क्रियाको परावस्था मा रहनु बिना इच्छाको नाश हुदैन, जति वस्तुहरु देखिन्छन सब मिथ्या छन, किनभने जुन केही देख्दछौ ती सब क्रियाको परावस्थामा देखिन आउदैनन्, अतयव सत्य त्यो ब्रहम छ, क्रियाको परावस्थामा “म छु”-“मै हुम्” यस किसिमको बोध हुदैन। जब आफु नै छैन, तब दोस्रो पनि छैन, कसरी कसमाथि क्रोध होला ? क्रियाको परावस्थामा कुनै विषयको इच्छा हुदैन, यसैले जब इच्छा हुदैन त फल के हो ? क्रियाको परावस्थामा म केही होइन, मेरो केही छैन-म नै छैन भने त खलता गर्ला को सँग ? म आनन्द गरुम्, अरुलाई आनन्द गर्न दिउँ, यसको नाम हो दया; ब्रहम सिवाय अरु कुनै वस्तु छैन, फेरि लोभ केमा गरुंला ? सब मानिसहरुको कुरामा ठेंगा-कामको कुरा कसैको मुख बाट निस्कदैन, जुन क्रियाको परावस्थामा हुन्छ-त्यस समयमा चचंचलत्व रहदैन।”

(१०) अहिंसा-प्राणिहरुलाई पीडित नगर्नु। हिंसा बहिर्मुख जीवको स्वाभाविक धर्म हो। परपीडन गर्नु विना जीवीका चल्दैन, यसैकारण जीव हिंसा-परायण हुन्छन्। जबसम्म आफ्नो सुखेच्छा रहनेछ, तबसम्म त्यस इच्छा पूर्तिको लागि अरुलाई पीडित गर्नु बिना काम चल्ने छैन। यसैले जसको वासना संयत भएकोछ, आफ्नो सुखको अभिलाषातिर दृष्टि छैन, तिनीहरु नै हिंसा शून्य हुन सक्छन। जब सम्म इच्छाको नाश हुदैन, तब सम्म यो अवस्था आउदैन। क्रियाको परावस्थामा सारा इच्छाहरुको सम्यक् नाश हुन्छन। उनको चित्तमा हिंसाको तरंगहरु खेल्दैन, यसैले उनको हृदय विश्व प्रेमले पूर्ण हुन्छन। कुनै हिंसक जन्तुले पनि उनको हिंसा गर्दैन, बरुभ्फन उनको पासमा नजिकींदा उसको हिंस्र स्वभाव पनि परिमार्जित हुन जान्छ।

(११) सत्य-जुन वस्तु या घटना जे जस्तो छ, त्यसलाई त्यही भावले ठीक-ठीक भन्नु नै सत्य हो। लुकी लुकी बोल्नु या जुन छैन त्यसलाई भन्नु त्यसको विपरित यानि मिथ्या हुन। मिथ्या रोचक भएर पनि भन्नु उचित छैन। सत्य अप्रिय भएमा या अरुलाई पीडा प्रद भएपछि मिथ्या समानै हुन्छ। यो त भयो बाहिरको कुरा। परन्तु प्रकृत सत्य अरु नै वस्तु हुन। *“ब्रहम सत्य जगन्मिथ्या”*-ब्रहम नै सत्य हो र अरु समस्त दृश्यपदार्थहरु मिथ्या हुन। क्रियाको परावस्थामा यी दृश्य पदार्थहरुको अस्तित्व अनुभूत हुदैन, परन्तु सत्य या ब्रहमसत्ताको अभाव हुदैन।

१२) अक्रोध-अरुहरु द्वारा पीडित एवं अपमानित भएर पनि मनमा कुनैअन्य भाव नहुनु, तब पनि मनको शमता नष्ट हुन नदिनु। क्रियाको परावस्थामा म छु या छैन, अरु कोही छ या छैन यो सब बोध रहदैन।

अतयव कसैले मलाइ पीडा दियो, यो कुरा मनमा उदित नै हुदैन, अनि क्रोध को प्रति होला ? म या अरु कोही होस, तब न क्रोध होस ।

(१३) त्याग-सब कर्म गरी कर्म फल ईश्वरमा समर्पण गर्नु नै त्याग हो । यो त्याग नै प्रकृत सन्यास हो यानि संसारको कुनै भोग प्रति आसक्ति नरहनु । क्रियाको परावस्थामा नै यो त्याग पूर्णरुपसित फुटदछ । तब कुनै वस्तु प्रति स्पृहा रहदैन ।

१४) शान्ति-अन्त: करण को उपशम या चित्त को उपरति । क्रियाको परावस्थामा तथा परावस्थाको परावस्थामा यो शान्ति उपलब्ध गरिन्छ । मन संकल्प शून्य हुन्छ, अतयव मंन रहदैन चित्तको यो निस्तरंग अवस्था नै शान्ति को अवस्था हो ।

१५) अपैशुन-परोक्षमा कसैको पनि छिद्रान्वेषण नगर्नु । खल स्वभावका मानिसहरु नै अर्काको दोषकीर्त्तनमा शतमुख हुन्छन । क्रियाको परावस्थामा न 'म' रहन्छ नत 'मेरो' अतयव जब 'मै' छैन र दोस्रो पनि छैन भने त खलता कसले कसप्रति गर्ला ?

१६) भूतहरु प्रति दया-दु:खित या व्यथित प्राणि प्रति कृपा या सहानुभूति । मैले साधना गरी शान्ति पाउंदछु, आनन्द पाउंदछु, अरु सन्तप्त जीवले पनि त्यस शान्तिको उपभोग गर्न सकुन, मानिसहरुले साधना क्रिया प्राप्त गरुन र अभ्यास गरोस,-यसको लागि प्रयत्न गर्नु । बाहिरको अभाव अर्थादि द्वारा मेटिन सक्दछन, परन्तु मनमा जुन अशान्ति दिनरात चिता जस्तै जलिरहेकोछ, त्यसलाई निर्वापित गर्नुको उपाय बताई दिनु नै दया हो ।

(१७) अलोलुपता-विषयहरु अगाडि आउंदा खेरि पनि इन्द्रियहरु विकारग्रस्त नहुनु । ब्रहमज्ञ पुरुषलाई कुनै वस्तु प्रति लोभ हुंदैन किन भने त्यसले बुझ्केको छ-एक ब्रहम पदार्थ सिवाय अन्य केही वस्तु छैन ।

(१८) मार्दव-मृदुता, अक्रुरता । दाम्भिकताको अभाव, अरुहरु प्रति व्यवहारमा कोमल भावको रक्षा गर्नु । पाईलै पिच्छे क्रुद्ध नहुनु या सामान्य कारणले झर्कने फन्किने नगर्नु ।

(१९) लज्जा-अकार्य, कुकार्यमा अप्रबृत्ति । सबलाई उछिनेर ठुलो हुनुको अनिच्छा ।-

"या देवी सर्वभूतेषु लज्जारुपेण संस्थिता"

यो लज्जा नरहेपछि मनुष्य पशुको अपेक्षा हीन हुन जान्छन्, कुनै पनि कुकार्य गर्नमा उसको चित्त रोकिन सक्तैन । हामी जसको कृपा-प्राप्ति को लागि व्याकुल छौ, उनको प्रिय कार्य-साधनमा तत्पर नभैकन यदि अकार्यमा प्रवृत हुन्छौ भने त कुन मुखले उनको अगाडि उभिने । यस किसिमको मनोबृत्तिलाई "ह्री" भन्दछन । यस्तो सुकुमार वृत्ति अरु कुनै छैन । जसको पास लज्जा छ, उसको पास सदा श्री, सौन्दर्य रहन्छ, त्यसको शोभा देखि सबै मुग्ध हुन्छन ।

(२०) अचापल्य-बिना प्रयोजन वाक्, पाणि या पाद प्रभृतिको व्यापार नहुनु नै अचापल्य हो । चपलताको कही कतै अन्त छैन । मनुष्यको मन, इन्द्रियहरु तथा अंग-प्रत्यंगादि सर्वदा व्यापारयुक्त हुन्छन । त्यसले के गर्दछ, किन गर्दछन-यो स्वयं उसले नै बुझ्दैन । तथापि यस चापल्यताको दुर्दम्य प्रभावले सारा नर नारि पागल समान् अस्थिर चचंचल छन । जसले प्रतिदिन नियमित रुपले मनोयोग पूर्वक क्रिया गर्दछ, उसको यो चचंचलता विस्तार विस्तार कम हुन जान्छन् । अन्तमा यति कम हुन जान्छ-उसको चित्तले ध्यानानुशीलन को योग्यता प्राप्त गर्दछ । ध्याननिष्ठ चित्तमा समाधि आसन्न हुन्छ ॥२॥

तेजः क्षमा धृतिः शौचमद्रोहोनातिमानिता;
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥३॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-तेज-प्रागल्भ्य तेजस्विता । क्षमा-पराभवको उपस्थितिमा क्रोध भएर पनि त्यसमा प्रतिवन्ध लगाउनु । धृतिः-दुःखादि द्वारा अवसाद ग्रस्त चित्तलाई स्थिर गर्नु । शौच-बाह्याभ्यन्तर शुद्धि । अद्रोह-जिघांसा-राहित्य । नातिमानता-आफैमा अति पूजयत्वाभिमानको अभाव । अभय आदि यी छब्बीस प्रकारको गुण दैवी सम्पद् भएका व्यष्टिहरुका हुन्छन् देव-योग्य सात्विकी सम्पद् प्राप्त गरी जसले जन्म ग्रहण गर्दछन, उनैको भावी जीवन कल्याणमय हुन्छन ॥३॥

आध्यात्मिक व्याख्या-"तेज अर्थात्मनको तेज, जसद्वारा सब देख्न र गर्न सक्दछन्-कुनै विषयलाई ग्राह्य नगरी क्षमा गर्दछ-आफुआफैमा स्थिर रहन्छ, सर्वदा ब्रहममा रहन्छ-अरुको अनिष्ट जानिबुझिकन गर्दैन-अतिशय मानको अभिलाषा रहदैन-जुन आवश्यक छ त्यो अल्प-स्वल्प रहन्छ-यी सब क्रियाको परावस्थामा रहंदा-रहंदा, ब्रहममा सदा रहनुले सम्यक किसिमले यी सारा अवस्था हरु प्राप्त हुन्छ, यीनकै नाम दैवी सम्पद् हुन ।"

(२१) तेज-यो तेज बाहिरी छालागत दीप्ति होइन । यो तेज मनको साहस हो, हृदयको बल र उत्साह हो । यो तेज जसको पासमा रहन्छ, त्यो कहिल्यै काम, लोभ प्रभृति द्वारा पराभूत हुदैन, हजारौं आपत्तिहरु आई लागेता पनि सत्य या धर्मपथ देखि विचलित हुदैन साधना द्वारा मनको यो तेज,-जब बुद्धिलाई प्राप्त हुन्छ तब त्यसलाई योगबल भन्दछन् । यो तेज जसमा पर्याप्त बढोत्तरीलाई प्राप्त हुन्छ त्यसले यस द्वारा जे जो देख्न चाहन्छन त्यही देख्न सक्दछन् अनि जुन गर्न चाहन्छ त्यही गर्न सक्दछन् ।

२२) क्षमा-कसैले गालि गरोस् या पीटोस त सामर्थ्य छदैमा पनि त्यसलाई सहन गर्दछ, क्रोधलाई आउन दिदैन । यदि क्रोध हुन्छ तत्काल मनको वेगलाई प्रशमित गर्न सक्दछ, उसको मनोविकारलाई बाहिर कसैले बुझ्न पाउदैन । क्रियाको परावस्थाको परावस्थामा बमभोला बनेर बसिरहन्छ । उसको विषयमा को कसले के के भन्दछ त्यस माथि ध्यान नै दिदैन ।

(२३) धृति-आचार्य शंकर भन्नु हुन्छ-"शरीर र इन्द्रियहरु अवसाद ग्रस्त हुदा खेरि त्यसको प्रतिषेधको लागि अन्तः करणको जुन विशेष वृत्ति छ त्यसलाई धृति भन्दछन्" अवसन्न हुन पाउदैन । धृति वस्तुतः योग

धारणा हो । यो धृतिको जति जति बढोत्तरी हुँदैजान्छन उति उति नै साधक आफसे आफ आफैमा स्थिर हुदैं जान्छ । मन विक्षेपशून्य हुनुको कारण सुखदुःखले योगीलाई चचंचल गर्न पाउदैन ।

(२४) शौच-यो बाहय एवं आभ्यन्तर भेदले दुई किसिमको हुन्छ । मृत्तिका, जल आदि द्वारा जुन शौच हुन्छ त्यो बहिर्शुद्धि हो । मन बुद्धिको निर्मलता नै आभ्यन्तर शौच हुन । यो शौच तबै पूर्ण हुन्छ जब क्रियाको परावस्थामा स्थिति हुन्छ । तबै ब्रहमभाव हुन्छ, तबै 'म' रहदैन र सब एक बोध हुन्छ । आकाश नै सर्वापिक्षा शुचि छ । चिदाकाशमा जो अवस्थित छ त्यसको अपेक्षा शुचि दोस्रो को होला ।

(२५) अद्रोह-मानिसहरु सँग विरोध नगर्नु । जानिबुफिकन योगीले अरुहरुको अनिष्ट गर्दैन । जसले मानिसहरुको अनिष्ट होस, यस्तो कार्य र चिन्तन देखि योगी विरत रहन्छ । जो उदासिन छ, त्यो संग कसैको विवाद हुदैन ।

(२६) नातिमानता-अतीव मान अर्थात् म अतिशय पूज्य हुम्, यसकिसिमको अभिमान नरहनु । साधनामा खुव अनुराग छ, साधन पनि खुब गर्दछ तथापि मनको अस्वच्छता नष्ट भएन । यसैले मनमा लागदछ-मानिसले मलाई साधकको रुपमा जानोस, मेरो शक्ति को प्रशंसा गरोस र सम्मान गरोस् । मनमा यस्तो भाव रहन गएपछि साधनामा यथार्थ उन्नति हुँदैन । मन स्वभावतः अधिकाधिक अभिलाषाहरुले भरिपूर्ण रहन्छ, परन्तु साधकको त्यति नै स्वल्पमात्र अभिलाषा हुन्छ जसको विना काम चल्दैन । अति अल्पमा जसलाई सन्तोष हुन्छ, त्यसलाई फेरि मानिसहरुको सामुन्ने 'बडो' हुनुको इच्छा नै कसरी होला ? जुन मनुष्यहरु पूर्वजन्मको सुकृतिको फलस्वरुप यी सब दैवी सम्पद्‌हरुको अधिकारी भएर जन्म ग्रहण गर्दछन, उनलाई उपर्युक्त समस्त गुण स्वाभाविक हुन जान्छन । श्रुतिमा लेखिएको छ-

"पुण्यः पुण्येन कर्मणा भवति पापः पापेन"-

पूर्वजन्मको पुण्य द्वारा पुण्यमयी वासनाको कारण जीव उत्तरोत्तर पुण्यवान तथा पापवासना द्वारा पापयुक्त हुन्छन ॥३॥

(आसुरी सम्पद्)

दम्भो दर्पोऽभिमानश्च क्रोध पारुष्यमेव च;
अज्ञानं चाभिजातस्य पार्थ संपद्‌मासुरिम् ॥४॥

श्री धरीय टीका-[आसुरी सम्पद् भन्नु भैरहेछन]-दम्भ-धर्म ध्वजित्व । दर्प-धनविद्यादिको कारण चित्तको उत्सेक अर्थात् अभिमान । अभिमानको व्याख्या पहिले गरिसकिएकोछ । क्रोध-शब्द प्रशिद्ध अर्थमा व्यवहृत छ । पारुष्य-निष्ठुरता । अज्ञान-अविवेक । जुन मानिसहरुले आसुरी र राक्षसी सम्पदलाई लक्षित गरेर जन्म लिएकाछन्, उनिहरुकै यी दम्भदर्प आदि हुन्छन् ॥४॥

आध्यात्मिक व्याख्या- "मन मनै कुलीन हुनुको घमण्ड गर्नु-दम्भबल हो यसकारण छाती तन्काएर हिडनु-जति मान आवश्यक छ, त्यसको अपेक्षा बढी खोज्नु-सर्वदा क्रोधमा रहनु, निष्ठुर बचन बोल्नु-र आत्मामा नरहनु अर्थात् क्रिया नगर्नु-यी सब आसुरी सम्पद् हुन अर्थात् जसले क्रिया गर्दैन उनिहरुको यसकिसिमको स्वभाव आफसे आफ हुन्छ।"

(१) दम्भ-आफ्नो धार्मिकताको प्रसिद्धिको लागि धर्मानुष्ठान गर्नु, यसलाई धर्मध्वजी भन्दछन्। हातमा माला घुमिरहन्छ तर मन अन्तैतिर दौडिरहन्छन्। मनमनै विषय चिन्तन भैरहन्छ। परन्तु जब कुनै नजिकिन्छ, त आँखा चिम्लिएर ध्यानको नाटक गर्दछन्। आफुलाई अरुहरुको अपेक्षा श्रेष्ठ विश्वास गर्दछन, परन्तु मुखले विनयको परकाष्ठा देखाउंछन। कुलीन हुनुको अभिमान छ, परन्तु कार्यमा अधम छ, यसकिसिमको प्रवंचना नै दम्भ हुन।

(२) दर्प-धन, मान विद्या, बुद्धिमा म समान कोही छैनन्, यस किसिमको धारणा। धन जनको गर्वले भूंइमा खुट्टा हुदैन। हिंडनुको समय सर्वदा छाती तन्कायर हिंडदछन। अरुले कसैको विषयमा कुरा गर्दा खेरि नाकमुख बंग्याउछन अनि अरु आफुभन्दा कति छोटा छन यही भाव प्रकट गर्दछन। आफु भन्दा श्रेष्ठ व्यष्टिको अपमान, अनादर गर्न चुक्दैनन्। उनको अपेक्षा कसैले धेरै जान्दछ, विद्या या ज्ञानमा माथि छ, यस्तो सुन्न सक्तैन। सर्वज्ञताको धक्कु लगाउंछन , यी सब दर्पको लक्षण हुन।

(३) अभिमान-मै पूज्य छु, मै सवविषयमा श्रेष्ठ छु, यस किसिमको धारणा। केही केही अभिमान त सबैलाई हुन्छ। अभिमान हुनु हमेशा खराव हुदैन, परन्तु अधिक अभिमान राम्रो होईन, ठीक हुदैन। मानौं कोही वडो पाण्डित्य छ, परन्तु यसको निम्ति अन्य सबलाई तुच्छ सम्भनु-यही अभिमान हो। अनि पंडिताई त विलकुल छैन अथवा सामान्य मात्र छ, तथापि त्यसको अभिमानमा फुलेर वस्नु दर्प हो।

(४) क्रोध-सर्वदा कुपित रहनु, अलिकति पनि मनको विरुद्ध भएमा उत्तेजित हुन जानु। क्रोधी सँग मानिस डराउंछ र घृणा गर्दछन्।

(५) पारुष्य-कठोर निष्ठुर बचन बोल्नु। मानिसहरुको मर्मस्थानमा चोट लाग्ने बचन बोल्नु। मानिसहरुको जाति, कुल या अपांगता आदिलाई लक्ष्य गर्दै मर्का पर्ने ख्याल ठट्टा गर्नु। जीवलाई वृथा कष्ट दिनुको प्रवृति।

(६) अज्ञान-अविवेक, कर्तव्याकर्तव्यको विषयमा मिथ्या धारणा। स्वयं आलस्यवश केहि गर्दैन, मुखले भन्दछ -भगवान्ले जस्तो गराउंछ, त्यस्तै गरिरहेछु, उनको इच्छा विना केही हुदैन इत्यादि। क्रिया गर्नाले या साधना गर्नाले या साधना गर्नाले यथार्थ कल्याण हुनेछ, आत्म-प्रतिष्ठा प्राप्त हुनेछ, शान्ति मिल्नेछ, परन्तु यति कसले गरोस-यसतो प्रमाद एवं आलस्यमा कालक्षेप गर्नु। जुन मानिसहरुले साधना गर्दैनन् उनिहरुको बुद्धि अरु पनि विकृत हुन जान्छ। जसलाई पूर्वजन्मको साधना हुन्छ, उसको यस किसिमको दुर्गति हुदैन। साधनामा उसको स्वतः प्रवृत्ति हुन्छ। परन्तु पूर्व जन्ममा जसले केही गरेको छैन, उसको

बुद्धिमा यी सब उल्टो भाव आउंदछ-आसुरी सम्पद् भोग गर्नको लागि जसको जन्म भएकोछ उनलाई नै दम्भ-दर्प आदि हुने गर्दछन ॥४॥

(दैवी र आसुरी सम्पद्‌को फल)

दैवी सम्पद् विमोक्षाय निवन्धायासुरी मता;
मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥

श्री धरीय टीका- [यी दुबै सम्पदहरुको कार्य के हुन, यो देखाउदै भन्नु हुन्छन्]-दैवी सम्पद्‌युक्त पुरुष म बाट उपदिष्ट तत्त्वज्ञानमा अधिकारी हुन्छ । अनि जुन आसुरी सम्पद् युक्त पुरुष छन तिनीहरु नित्य सन्सारी बनिरहन्छन् । यो सुनेर म अधिकारी छु या छैन-यस सन्देह ले व्याकुल चित्त अर्जुनलाई आश्वासन दिंदै भन्नु हुन्छ हे पाण्डव ! तिमीले शोक नगर, किनभने दैवी सम्पद् भोग गर्नकै लागि तिमी पैदा भएकाछौ ॥५॥

आध्यात्मिक व्याख्या- "दैवी सम्पद् जुन माथि मैले भनिसकेकोछु, त्यो विशेष रुपले मोक्ष क्रियाको परावस्थामा रहिकन छ, र आसुरी मतमा अर्थात् क्रिया नगर्नाले निःशेष रुपसँग बन्धन अन्य वस्तुमा आसक्तिपूर्वक दृष्टि गरी त्यसै बस्तुको हुन जान्छन् ।"-

-पूर्वजन्महरुको कर्मफलले मनुष्य आसुरी सम्पद् या दैवी सम्पद् लिएर जन्म ग्रहण गर्दछन । वासनाबहुल मानव चित्त भोगसुखको अन्वेषणमा लालायित रहन्छन । सुखको निम्ति जीवमा तृष्णा हुनु स्वाभाविक छ । साधुसंग एवं शास्त्र निष्ठाको अभाव देखि मनुष्यको प्रवृत्ति अरु पनि विषयहरु तिर दौडिन्छन् । विषयमा सुख छ, यो भ्रम कदापि दूर हुदैन । अनेक जन्महरुको पुण्यकर्मको फलदेखि यथार्थ सुखतिर मनुष्यको लक्ष्य हुन्छ तब साधुसंग र शास्त्र ज्ञानको प्रभावले उस्ले सम्झन्छ-सुख बाहिरको बस्तु होइन, त्यो धन-जन-सत्ता-मान प्रतिष्ठामा छैन, यथार्थ सुख आत्मामा छ । तब आत्माको अन्वेषणमा जीव व्याकुल हुन्छ, विषयमा वैराग्य उत्पन्न हुन्छ। परन्तु १/२ जन्ममै पूर्ण वैराग्य प्राप्ति हुदैन अनि न त चित्तनै पूर्ण आत्ममुखी हुन्छ। यसको निम्ति त्यसलाई बारंबार जन्म ग्रहण गर्नु पर्दछ। जसले पूर्व जन्ममा वैराग्य प्राप्त गर्न सकेकोछ या अल्पाधिक परिमाणमा आत्मान्वेषणमा सचेष्ट रहिसकेकोछ, उनको वर्त्तमान जन्म दैवी-सम्पद्-युक्त हुन्छन् । यसैकारण यस्तो देखिनमा आउंदछ-धेरैजसो मानिसहरुको चित्त साधु गुरुको उपदेश नपाईकन पनि आफसे आफ भगवन्मुखी हुन्छन । उनको *"विवेक निम्नं कैवल्यप्राग्भारं चित्तं"* हुन्छ । पूर्व जन्महरुको फलस्वरुप तिनीहरु भूतात्मा एवं जीवात्माको माथि प्रत्यगात्मा संग एकीभूत हुन जान्छन् । उनिहरु भन्दा केही निम्नस्तरको केही साधु पनि हुन्छन् जसलाई भूतात्मा एवं जीवात्माको भेद थाहा भएको हुन्छ, किनभने तिनीहरु पनि बाह्य विषयमा मग्न भएर वस्दैनन् । उनिहरुको अगाडि विषय रस निरस लाग्ने गर्दछ । यी जीवहरु जब जगत्‌मा आउंदछन त दैवी सम्पद्-युक्त भएर नै आउंदछन् । अन्य यस्ता जीव छन जो इन्द्रियभोगमा अत्यन्त आसक्त रहन्छन, तिनहिरु पशुधर्मी हुन्छन्, तिनीहरु भोगलालसा चरितार्थता गर्नु सिवाय कुनै उच्च भावलाई बुझन नै सक्तैनन् यस्ता मनुष्यलाई अभिज्ञता

प्राप्तिको लागि बारंबार जगत्मा आउनु जानु पर्नेछ । यद्यपि द्रष्टा या पुरुष चिन्मात्र हो, अन्याय धर्मादि द्वारा अपरामृष्ट (असंस्पृष्ट) परन्तु एक एक पुरुष अनादिकाल देखि एक एक चित्त या प्रकृतिसंग संयुक्त छ । प्रकृति नै चित्ताकारमा परिणत हुन्छ, यसै कारण चित्तलाई प्रकृति भन्दछन् । योग दर्शनमा लेखिएकोछ ।

"द्रष्टा दृश्ययोः संयोगो हेयहेतुः" (२-१७)

द्रष्टा एवं दृश्यको संयोगै हेयको हेतु हो । चिन्मय पुरुष द्रष्टा हो र बुद्धि दृश्य हो, किनभने समस्त दृश्यनै बुद्ध्याकारमा परिणत हुन्छन् । यी दुवैको संयोग सम्बन्ध जबसम्म प्रतीति भैरहनेछ, अज्ञान पनि तब सम्म रहनेनैछ । यही अज्ञान नै वास्तविक 'हेय' छ । यही समस्त सारा दुःख कष्ट हरुको मूल हो । वस्तुतः आत्मासँग वस्तुको कहिले संयोग हुन सक्तैन । आत्मस्वरुपमा त्यो एक एवं अद्वितीय छ, त्यो क्रियाको परावस्थामा जानिन जान्छ । त्यसबेला को कसको दृश्य तथा को कसको द्रष्टा रहला ? संयोग नरहंदामा पनि जुन संयोग प्रतीति हुन्छ, त्यही हो अज्ञान । यसैले द्रष्टा एवं दृश्यको जुन संयोग छ, त्यो अज्ञानकै कारणले हुन्छ । क्रियाको परावस्थामा अज्ञान विलुप्त भए पछि दृश्यवस्तुहरुको कुनै अस्तित्व रहदैन । यस चित्ताकारा या प्राणाकारा-(चित्त प्राणको नै स्पन्दन हो) प्रकृतिको संशोधन नै समस्त साधनाको मूल उद्देश्य हो यसैकारण योगीजनले प्राणको आफ्नो बहिर्मुखी वृत्तिहरुलाई साधना द्वारा अन्तरमुखी गरीदिन्छन् । प्राण जब अन्तर्मुखी भएर सुषुम्नाबाहीनी बन्दछ त चित्तको स्पन्दन ह्रासलाई प्राप्त हुन्छ र त्यसको साथै वासनाको वेग पनि घटनजान्छन् । विक्षेपशून्य चित्त प्राणसँग एकभएर परम स्थिरत्व भावलाई प्राप्त हुन्छ । यही चित्त शुद्धि या प्राणको शोधन भनिन्छन् । शुद्ध चित्त र शुद्ध प्राण योगीको जन्मान्तरीण पुण्यस्वरुप हुन । त्यसैको फल ले नै शुद्धसत्त्व भएर तिनीहरुले जन्म ग्रहण गर्दछन् । जसको अवस्था यस्तो हुन्छन्, तिनीहरु असुर एवं राक्षस समान स्वेच्छाचार विहारी हुन सक्तैनन् । जुन मानिसहरु अनुरागपूर्वक नित्य क्रिया गर्दछन् तिनीहरुले क्रियाको परावस्था या मोक्ष निश्चय नै प्राप्त गर्ने छन, किनभने दैवी सम्पद्ले युक्त हुनु विना "क्रिया" प्रति अनुराग हुंदैन । क्रिया प्रति अनुराग भए पछि संयमतिर दृष्टि जानेछ । श्रद्धा र संयम प्रभृति दैवी सम्पद ले जीवलाई विमुक्ति प्राप्तिमा सहायता गर्दछन् । जुन मानिसहरु श्रद्धाहीन छन, राम्रोसँग क्रिया गर्दैनन्, तिनीहरु बहिर्दृष्टि सम्पन्न हुन । बाहिरी वस्तुहरुमा नै उनको आसक्ति हुन्छ । उनै वस्तुहरुमा नै उनको प्राण अडकिरहेको हुन्छ । यही हो प्राणको बन्धन । आसुरी सम्पद्को फल यही छ ॥५॥

द्वौ भूतसर्गौ लोकेऽस्मिन् दैव आसुर एव च;
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु ॥६॥

श्री धरीय टीका-[आसुरी सम्पद् सर्वतो भावेन वर्जनीय छ, यसैले आसुरी संपद्को कुरा विस्तृतरुपसंग भन्नु हुन्छ]-भूतहरुको जुन दुई किसिमको सृष्टि छ उनमा आसुर एवं राक्षस प्रकृतिलाई एक गरी देखाईएको छ, यसैले दैव एवं आसुर दुबै किसिमको सृष्टिलाई यहा वर्णन गरिएकोछ । अतयव नवौं अध्यायको "राक्षसीमासुरीम" श्लोकमा जुन विविध त्रिविध प्रकृतिको कुरा भनिएकोछ, त्यससँग यहाँ विरोध हुदैन ॥६॥

आध्यात्मिक व्याख्या-"दुई किसिमका मानिसहरु छन, एक दैवी अनि दोस्रो आसुरी-दैवीको विषयमा धेरै भनिसकेकोछु । जुन मानिसहरुले क्रिया गर्दैनन् उनको मन कुन-कुन वस्तुहरुमा रहन्छ, यो बताउनु हुन्छ ।"

-मनुष्य सृष्टि नै भूतसर्ग हुन । यो भूतसर्ग दुई प्रकारको छ । सृष्ट मनुष्य या त दैवी सम्पद्-युक्त हुन्छन या आसुरी सम्पद् युक्त । दैवी भूत सर्गको परिचय दोस्रो अध्यायको स्थितप्रज्ञ पुरुषको लक्षणको वर्णन मा, बाह्रौं अध्यायमा भक्तको लक्षणको व्याख्यामा, तेह्रौं अध्यायमा ज्ञानको विषय भनेर, चौधौं अध्यायमा गुणातीतको लक्षण वर्णन गर्दाखेरि अनि सोह्रौं अध्यायमा "अभयं सत्वसंशुद्धि::" आदि वाक्यहरुमा विस्तृतरुपले भनिसकिएकाछन् । अब आसुरी भूतसर्गको विषय श्री भगवन्ले भन्नु हुन्छ । *आसुरको गुण-कथा सुनेर नै जीवले यस भयंकरी आसुर भावलाई त्याग गर्नको लागि कृत संकल्प हुन सक्तछन* । अर्थात् म कुन प्रकृतिको मानिस हुम्, यो निश्चय गर्न सक्तछ तथा आफ्नो संशोधन आफैले गर्न मा लाग्न सक्तछन् । क्रिया गर्नुको फल के छ, यो धेरै अघि भनिसकेकोछु । अव क्रिया नगर्नुको फल के हो, क्रियाहीन व्यष्टिको मन कसरी विषयहरुमा आवद्ध हुन्छ, यो भनिईन्छ । यसलाई सुनेर आसुर प्रकृतिका मानिसहरु सावधान होऊन अनि आफ्नो चरित्रको संशोधनमा प्रवृत्त होओस् ॥६॥

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुरा:;
न शौच नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

श्री धरीय टीका- ['प्रवृत्तिं च' देखि लिएर द्वादश श्लोकहरु सम्म आसुरी सम्पद्को विस्तार पूर्वक निरुपण गर्नु हुन्छन]-आसुर-स्वभावापन्न व्यष्टिको धर्ममा प्रवृत्ति र अधर्ममा निवृत्ति हुन सक्तैन । अतयव उनमा शौच हुदैन, आचार हुदैन, तथा सत्य पनि हुदैन ॥७॥

आध्यात्मिक व्याख्या- "एकबार मनमा आउंदछ गरुम् फेरि आउंदछ गर्दिन-यो जुन मानिसहरुले गर्दैन उनिहरुलाई नै यस किसिमसँग भाव हुन्छन-तिनीहरु ब्रहममा रहदैनन् अर्थात् कुनै विषयमा निश्चय हुदैन, कुनै आचारमा रहदैनन्-मिथ्या बाहेक सत्य बोल्न जान्दैन-उनको पासमा सत्य नै रहदैनन्।"

-धर्म दुई किसिमको हुन्छ-प्रवृत्तिमूलक एवं निवृत्तिमूलक । प्रवृत्ति मूलक धर्मानुष्ठान द्वारा मनुष्यको सुकृति संचय हुन्छ र निवृत्तिमूलक धर्म द्वारा जीवन विमुक्ति मार्गमा अग्रसर हुन्छ । परन्तु यी सब स्वेच्छामूलक छैन, समस्त शास्त्र-विधि द्वारा शासित हुन्छन् । दुबैमा शास्त्र अनुसार पुरुषार्थ गर्नुको आवश्यकता हुन्छ । अतयव शास्त्र विधि के हो यो जान्नु अत्यावश्यक छ । शास्त्रीय विधि-निषेध जान्नु बिना तदनुसार कार्य हुन सक्तैन । आसुर प्रकृतिका मानिसहरुको धर्ममा प्रवृत्ति हुदैन अतयव धर्मशास्त्रको शासनलाई तिनीहरुले जान्दैनन्, ग्राह्य पनि गर्दैनन् । अधर्म देखि पनि उनको निवृत्ति हुदैन, अतयव निवृत्ति मार्गमा पदार्पण गराउने मानसिक शक्तिको पनि उनिहरुमा नितान्त अभाब हुन्छ । के धर्म हो के अधर्म हो-यी सब अनुसन्धान गरी हेर्नुको न त सामर्थ्य हुन्छ अनि न त इच्छै हुन्छ । जुन मानिसहरु यसरी धर्माधर्म शून्य हुन्छन्, उनमा शौच सदाचार रहदैन । यसकारण उनमा सत्य पनि रहन सक्तैन । इन्द्रिय-भोग-

सुखआदिमा तिनीहरु यति उन्मत्त हुन्छन्-ती भोग्य वस्तुहरुको प्राप्तिको लागि यदि शतः शतः मिथ्या-प्रवंचना पनि गर्न पर्ने हुन्छ त त्यसलाई पनि गर्नको लागि तैयार रहन्छन् । यी मिथ्यावादि कपटी एवं बंचकहरुको सामुन्ने सत्य के हो अथवा शौच एवं सदाचार नै के हो ! तिनीहरुको त मतलव पुग्नु पर्दछ, अभिप्राय सिद्ध हुनु पर्छ । तिनीहरु साधनपनि ग्रहण गर्दछन, अनि गुरुको अगाडि गर्ने प्रतिज्ञा पनि गर्दछन्, तैपनि तिनीहरुले प्रतिज्ञा पालन गर्न सक्तैनन्, नाना थरीका मिथ्या छल गर्दछन् । यदि कहिले कांहि साधन गर्न मनमा आएपनि त यति यति भोगासक्त चित्त हुन्छ-भोग वस्तु पाउनासाथ साधन-दिमागमा नै टासिन्छ । आध्यात्मिक विषयमा दृढप्रत्यय त उनलाई हुँदै हुँदैन, केही देखावटी अनुष्ठान गरे पनि त त्यसमा उनिहरुको स्थिर विश्वास हुँदैन । यदि कोही कसैबाट सुन्दछन-यस्तो अभ्यास गर्दाखेरिशरीर अस्वस्थ हुन जानेछ त भयभीत भएर तिनहिरुले साधना नै छोडिदिन्छन् । अथवा यदि कसैले भनिदिन्छन्-एक यस्तो साधु आएकोछ जसले मन्त्र द्वारा सुन बनाउन सक्तछ, त त्यो तत्कालै उसको पास सुन बनाउने तरीका सिक्न गैहाल्दछन्-यस्तो मनोभाव उनको हुन्छ । यस किसिमको दुर्वल-चित्त व्यष्टिले सत्यको मर्यादाको रक्षा कसरी गर्न सक्दछन् । प्रवृत्तिको अर्थ इष्ट-साधनमा यत्न विशेष हो, यसलाई नै साधना या क्रिया भन्दछन् । इष्टसाधन या क्रिया गरी क्रियाको परावस्थामा मनको जुन विराम या विश्राम हुन्छ, त्यही निवृत्ति हो । जुन मानिसहरु सुर छैन, असुर छन अर्थात् जसको चित्तमा राजसिक र तामसिक भाव अत्यन्त प्रबल छन, तिनीहरुले न त क्रिया नै लिन्छन् अनि न त गर्दछन् । क्रियाको परावस्थामा जुन शान्ति छ, त्यसबाट तिनीहरु अवगत नै हुँदैनन् । अतयव ब्रह्मरुप सदवस्तुको विषयमा उनको कुनै खोजखबर नै हुँदैन । तदनुसार जीवन-यापन गर्नुको प्रणाली या आचार पनि उनलाई अवगत हुँदैन तथा त्यस्तो तिनीहरुलाई राम्रो पनि लाग्दैन ॥७॥

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ;
अपरस्परसंभूतं किमन्यत्कामहैतुकम् ॥८॥

श्री धरीय टीका-[यदि भन्छौ त असुर स्वभाववालाहरु वेदोक्त, धर्माधर्म, प्रवृत्ति निवृत्ति किन जान्दैन, धर्माधर्मलाई नमाने पनि जगत्को सुखदुःखादि व्यवस्था कसरी हुन्छ, कोही सुखी, कोही दुःखी किन छ, तिनीहरुले शौच एवं आचारको विषयमा ईश्वराज्ञा (वेदोक्ति) लाई कसरी अतिक्रमण गर्दछन, ईश्वरलाई यदि मान्दैनन् त जगतको उत्पत्ति कसरी हुन्छ, त यही भन्नु हुन्छन्]-वेदपुराणादि प्रमाणरुप सत्य छैन, अर्थात् वेदादिको प्रामाण्यलाई मान्दैनन, । उनिहरुको मतले वेदको कर्त्ता तीन छन-धूर्त्त, पाखण्डी एवं निशाचर । अतयव तिनीहरुले जगत्लाई 'अप्रतिष्ठ' अर्थात् धर्माधर्मव्यवस्था विहीन भन्दछन् । तिनीहरु भन्दछन-जगत् वैचित्र्य स्वाभाविक छ, कुनै कारणको अधीन छैन । अतयव जगतलाई अनीश्वर अर्थात् व्यवस्थापक एवं कर्त्ताहीन भन्दछन् । यस जगत्को उत्पत्ति कसरी हुन्छ त यसको लागि तिनीहरु भन्दछन्-अपर एवं पर, अपरस्पर अर्थात् अन्योऽन्य स्त्री-पुरुष यी दुबै देखि जगत् उत्पन्न भएकोछ । किमन्यत अर्थात् यस्को अन्य केही पनि कारण छैन । काम हैतुकम् अर्थात् स्त्री-पुरुष यी दुवैको जुन काम छ त्यही प्रवाहरुपले यस जगत्को हेतु छ ॥८॥

आध्यात्मिक व्याख्या- "तिनीहरु मिथ्या नै स्थिर गर्दछन्-अनि भन्दछन-यस जगत्मा ईश्वर कोही छैन (आफसे आफ हुन्छ) वेस्याको मन समान दोस्रो केही छैन ।"

-आसुर प्रकृतिका मानिसहरु जगत्लाई असत्य स्थिर गर्दछन् । ज्ञानीजन जगत्लाई मिथ्या भन्दछन्, उनको धारणा यस्तो हुदैन । *ज्ञानी जन भन्दछन्-यस नाम-रुपमय जगत्को नामरुप सत्य छैन, परन्तु जसलाई आश्रय गरेर यो नामरुप छन, त्यो आश्रय पदार्थ असत्य छैन । त्यही परम सत्य हो ।* रज्जुमा सर्पभ्रम हुन्छ, त्यो सर्प मिथ्या छ, परन्तु सर्पज्ञान अधिष्ठान भूत रज्जु मिथ्या छैन । यसरी नै नामरुपमय जगत् मिथ्या भएर पनि त्यसको अधिष्ठान भूत चैतन्य-सत्ता नित्य सत्य पदार्थ छ । आसुर प्रकृतिवालाहरुले यसरी जगत्लाई मिथ्या भन्दैनन्, तिनीहरु भन्दछन-धर्माधर्म-रुप व्यवस्था यस जगत्मा छैन । यदि हुन्थ्यो भने त कोही यसको नियन्ता हुन्थे, परन्तु जगत्मा यस्तो कुनै नियन्ता छैन । नियन्ता मान्नुमा उनलाई बडो आपत्ति छ, किन भने शुभाशुभ फर्मको फल विधान गर्नेवाला कोही हुन्छ त उनलाई तज्जनित दण्डादि भोग गर्नु अनिवार्य हुन जानेछ । तिनीहरुले आफ्नो मनलाई सम्झाई राख्दछन्-यस किसिमको कुनै नियन्ता या जगत्को कारण छैन । यसै कारण उनको स्वेच्छाचारको सीमा रहदैन । यी जगत् जीव कहां देखि हुन्छन, उनको प्रेरक को हुन, यसको उत्तरमा तिनीहरु भन्दछन्-काम सुखाभिलाषी स्त्री-पुरुषको परस्पर समागमको नै यो फल हो ! धर्माधर्मरुप अदृष्ट या ईश्वर यसको कारण होईन । "एको बहुनां यो विदधाति कामान्" जीवबहुल यस जगत्को सब जीवहरुको समस्त भोग्यहरुलाई जसले विधान गर्दछ त्यो एक एवं अद्वितीय छ -यो आसुर प्रकृतिको मानिसहरुले कदापि स्वीकार गर्न चाहदैन । तिनीहरु भन्दछन-मनको विविध संकल्प -विकल्प वेश्या समान अविरत एकलाई छोडेर दोस्रोलाई समात्दछन, यो मन नै राम्रो छ, यदि मन नहुंदो होत सुख कहांबाट हुन्छ, यसमा विक्षेप छ त राम्रै छ, नत्र भने काम भोग्य वस्तुको भोग कसरी होला । कामनालाई त्याग गर्नु, मनलाई शान्त गर्नु, भगवान्को भजन गर्नु, यी सब पागलका कर्म हुन । यस किसिमका सहज सुखवादीहरुलाई नास्तिक भन्दछन् ॥८॥

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्प बुद्धयः;
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छन्]-लोकायतिक निरीश्वर वादी चार्वाकि दर्शनको आश्रय गरी मलिनचित्त प्रत्यक्ष्यवादि अल्प बुद्धि मनुष्य हिंस्रकर्मा हुन्छन् र जगत्को ध्वंस निम्ति जन्म लिन्छन् ॥९॥

आध्यात्मिक व्याख्या-"यसरी लक्ष्य राखिकन जो आफु आफैमा रहदैन अर्थात क्रिया गर्दैन-कदापि बुद्धिलाई स्थिर गर्न पाउदैन-उग्रकर्म मारिहाल्नु इत्यादि जगत्को क्षयको हेतु हुन्छ-जसबाट अर्काको कुभलो हुन्छ त्यही गर्दछ ।"

-जुन मानिसहरुले साधन गर्दैन, तिनीहरुले आत्मालाई जान्न सक्तैन । तिनीहरु शरीरलाई नै सबचीज सम्झन्छन, यसैले शरीर-पोषण गर्नलाई नै समस्त जीवन व्यय गर्दछन् । यस्तो कुनै अकर्म छैन, जसलाई

तिनीहरु नगर्दो हो । यस्ता मानिसहरुको बुद्धि साधारणतः तमसाच्छन्न नै रहन्छ । यसैले सुंगुर-कुकुर समान पुरीष-मुत्रमय यस शरीरको निम्ति नै सदा व्यस्त रहन्छन । तिनको बुद्धि अल्प हुन्छ, यसैले तिनका ज्ञानको विषय पनि अल्प हुन्छ । तिनीहरु अपरिमेय ज्ञान वस्तु या आत्माको पास सम्म जादैन । तिनीहरु नै नष्टात्मा हुन् अर्थात् श्रीगुरुको उपदेश अनुसार आफु आफैमा रहदैन । रहनुको उपाय या कौशल पनि उनलाई अवगत हुदैन । यस्ता मानिसहरुको प्रकृति प्रायः हिंसा प्रवण हुन्छन् । तिनीहरु शास्त्रनिषिद्ध कार्य गर्नमा कहिल्यै संकोच गर्देनन् । उनिहरुको यो जन्म त त्यतिकै गै हाल्यो खेर गयो परजन्ममा पनि तिनीहरु हिंस्र-स्वभाववश सर्पादि हिंस्र योनिमा जन्म ग्रहण गर्दछन् । अनि जगत् जीवहरुको अकल्याण गरी सन्सारलाई आकुल व्याकुल गर्दछन् ॥९॥

काममाश्रित्य दुष्पुरं दम्भमानमदान्विता ;
मोहाद्गृहीत्वासद्ग्राहान् प्रवर्त्तन्तेऽशुचव्रता ॥१०॥

श्री धरीय टीका- [अरु पनि]-दुष्पुर अर्थात् जुन पूर्ण गर्न सकिदैन यस्तो कामनालाई आश्रय गरी तिनीहरु दम्भादियुक्त भएर क्षुद्र देवताहरुको आराधनामा प्रवृत्त हुन्छन । असद् ग्राहहरुलाई ग्रहण गरी अर्थात् अमुक मन्त्रद्वारा अमूक देवताको आराधना गरी प्रचुर धनरत्न प्राप्त गर्नेछु-यसरी तिनीहरु मोहवश उक्त कार्यमा प्रवर्तित हुन्छन । मद्य-मांसादि विषय नै उनका सेव्य छन ॥१०॥

आध्यात्मिक व्याख्या- "मैथुन गर्नु नै राम्रो छ, यही उनको गर्वको कुरा हो-मन भांचिने वाला मोहमा सदवस्तुलाई ग्रहण गर्दैन अर्थात् सतलाई एकै पटकमा खाइदिन्छन ब्रहम सिवाय अरु जेजति वस्तुहरु छन उनैमा प्रवृत्त छन-ॐॐ" ।

-ती उग्रकर्मा व्यष्टिले के गर्दछन्, यसैको परिचय दिइरहेछन । तिनीहरु दुष्पुर कामनाको वशवर्त्ती भएर दम्भ, मान तथा मद यी तीनहरुकै साथ सदायुक्त रहन्छन् । पूर्ण नहुने दुराशाको बश भएर तिनीहरु दम्भ अभिमान द्वारा शास्त्र विरुद्ध दुराग्रहको अवलम्वन गरी कार्यमा प्रवृत्त हुन्छन । अमुक देवताको आराधनाले धनलाभ हुनेछ अथवा नायिका सिद्धि प्राप्त गरी कामभोगको लागि स्त्री-रत्न प्राप्त हुन जानेछ-यी सब दुराशाहरुबाट उद्भ्रान्तमति व्यष्टिहरुले अनेक देवताहरुको आराधना गर्दछन्, अनेक अनेक मन्त्रहरुको जाप गर्दछन । तिनीहरु अशुचिव्रत छन, ती द्वारा कुनै सात्त्विक कार्य हुनेवाला छैन । उत्तम विषयमा सिद्धि प्राप्त गर्नको लागि अनेक नियमहरुलाई पालन गर्नु पर्दछ । ती ब्रतहरुलाई पालन गर्नाले शरीर-मन पवित्र हुन जान्छन्, सत्त्वगुण बढोत्तरी हुन्छ, मन विक्षेपशून्य हुन जान्छ, हृदयमा सात्त्विक बलको संचार हुन्छ । उनको मुख मण्डलमा पनि एक यस्तो स्निगध भाव रहन्छ जसलाई देख्नासाथ मनमा श्रद्धा उदित हुन्छन । जसको आचरण अनि नियमनिष्ठा यसको विपरित छ, तिनीहरु नै अशुचिब्रत हुन । उनको आहार जस्तो तमोगुणी हुन्छ त्यस्तै नै उनको व्यवहार पनि छ । उनको चित्त, उनको कार्य र उनको संग-सबैमा सात्त्विकताको अभाव हुन्छ । कुनै असल विषयमा उनको प्रवृत्ति हुदैन । कुनै सत्कार्य गर्न तिनीहरु जान्दैनन्, खालि त्यही गर्दछन् जसले सन्सारको अकल्याण गर्दछ । तिनीहरु मानिसहरुलाई भय देखाएर

उनको वित्त अपहरण गर्नुको चेष्टा गर्दछन् । यी घोर तामसिक प्रवृत्तिका मानिसहरुले कुनै अपकर्म गर्न छोडदैनन् । इन्द्रिय भोगको लागि उनको मन सर्वदा उद्यत रहन्छ । प्रकृत हित कसरी होला, कुनकिसिमले चित्त ब्रहम-भावनामा भावित होला, यसको विचार तिनीहरुले कदापि गर्दैन ॥१०॥

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिता;
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥

श्री धरीय टीका-[अरुपनि भन्नुहुन्छन]-तिनीहरु मर्नेवेला सम्म चिन्ता-ग्रस्त रहन्छन । कामोपभोग नै परमपुरुषार्थ छ, कामोपभोग सिवाय अरु केही छैन, यस्तो उनको निश्चय छ । बार्हस्पत्य सूत्रमा लेखेको छ-कामना नै पुरुषार्थ हो र चैतन्य-विशिष्टकार्य या शरीर नै पुरुष शब्द वाच्य छ ॥११॥

आध्यात्मिक व्याख्या-"चिन्ताको कुनै सीमाना छैन, महाप्रलयको समय जस्तो चिन्ता, भोजन र मैथुन बाहेक अरु केही पनि राम्रो छैन यही उनको निश्चय छ ।"

-आसुरी प्रकृतिका मनुष्यको लागि कामिनी कांचन नै परम पुरुषार्थ हुन । अतयव तिनीहरु सर्वदा कामोपभोगको चिन्तामा परिरहन्छन । मृत्यु काल पर्यन्त उनको यस किसिमको चिन्ता हरहमेशा बनिनैरहन्छन् । तिनीहरुले यस चैतन्ययुक्त देहलाई नै पुरुष तथा कामोपभोगलाई नै पुरुषार्थ मान्दछन् । तिनीहरुको यस्तो धारणा हुन्छ-देहावसानको साथै सब समाप्त हुन जान्छ, देहान्त पछि कसैलाई पनि कुनै कर्मफल भोग गर्नु पर्दैन, आफ्नो कर्मको लागि कसैको अगाडि जवाफ दिनु पर्दैन । यसैले तिनीहरु आफ्नो अभिलाषा पुर्तिको लागि कुनै अपकर्म छोडदैनन् । भगवान्‌को शरण लिनु तथा उनको भजन गर्नु उनको दृष्टिमा व्यर्थ प्रयास तथा मस्तिष्कको दुर्वलता हो ॥११॥

आशापाश शतैर्बद्धाः कामक्रोध परायणाः;
ईहन्ते कामभोगार्थमन्यायेनार्थ संचयान् ॥१२॥

श्री धरीय टीका-शतः शतः आशारुपी पाशहरु देखि जो आबद्ध हुन्छन अनि कामक्रोध जसको परम आश्रय हुन्छ तिनीहरु काम भोगको लागि चोरी आदि द्वारा पनि अर्थराशि संग्रह गर्नुको इच्छा गर्दछन्॥१२॥

आध्यात्मिक व्याख्या-"नानाकिसिमका आशाहरुमा बद्ध-सयौं तरीकासँग अन्याय गरी पैसा कमाउंछन् अर्थात कसैलाई मारेर पनि पैसा लिइहाल्छन-काम र क्रोधले युक्त हुन्छन-त्यसले पैसा लिएर मैथुन एवं भोजन गर्दछन् ।"

-सयौं-सयौं आशाहरुको पाशमा ती मानिसहरु बांधिन्छन् । मानिसहरुको पासमा जे जे देख्दछन् या सुन्दछन्, त्यसदेखि नै आकृष्ट हुन जान्छन् तथा मलाई पनि त्यस्तो कसो गरी होला भनि यसरी चेष्टामा लागिहाल्दछन । यदि दैवात् आशा सफल भएन या कुनै किसिमको विघ्न घटित भयो भने क्रोधले अंगार हुन जान्छन । यहां सम्म कि आशा र लोभ वशात् मानिसको हत्या पनि गरिदिन्छन, र नरकको मार्ग पनि

तैयार गर्दछन । अर्काको धन अपहरण गर्नमा तथा देव एवं ब्राहमणको द्रव्यादि बलपूर्वक हरण ग्रहण गर्नमा यिनीहरुको मनमा कुनै दुविधा हुदैन । मानौ धनसंग्रह एवं त्यसद्वारा कामोपभोग नै जीवनको एकमात्र उद्देश्य हो, यसै कारण ती दुर्वृत्त मानिसहरुले अरुहरुलाई ठगठाग गरेर उनिहरुको धनादिलाई हडप गरिलिन्छन् । तिनीहरु यति कामुक हुन्छन्-पर स्त्री लाई जबर्जस्ती हरण-ग्रहण गर्नमा पनि पछि पर्दैनन् ॥१२॥

(धनतृष्णा-लोभ)

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम्;
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

श्री धरीय टीका-[उनिहरुको मनोरथको वर्णन गरी चार श्लोकहरुमा उनिहरुको नरक प्राप्तिको बारेमा भन्नु हुन्छन]-मैले आज यो धन प्राप्त गरे, आफ्नो यो अभिलषित वस्तु फेरि प्राप्त गर्नेछु या मेरो मनोरथ सिद्ध हुनेछ । मसँग यति धन छ अरुपनि यसरी नै मलाई धन हुनेछ ॥१३॥

आध्यात्मिक व्याख्या-"आज २५।-पाइयो, अरु पनि ५०।-पाउनेछु एउटा मान्छेलाई मारेर-यो ७५। भयो-अरु पनि २५। पाउनेछु, के अरु २५। पाउदिन ? त्यसबाट नै १००। हुन जानेछ ।"

-आसुर प्रकृतिका मानिसहरुको धन तृष्णा अतीव प्रबल हुन्छन । तिनीहरु मन मनै सोच्दछन्-यति धन त अव पाइयो, अरुपनि इच्छानुसार कति धन प्राप्त गर्नेछु अब म सँग यति पैसा जम्मा भयो । अर्को साल अरु पनि यति धन मलाई प्राप्त हुनेछ । अरु पनि केही पाएपछि मेरो मनोरथ पूर्ण हुन जानेछ, म लखपति हुन जानेछु, त्यसबाट मानिसहरुमा मेरो कति मान इज्जत होला ! के बांकि रुपैया कुनै किसिमले जम्मा गर्न सकिन्न ! जसरी भने पनि जम्मा गर्नु नै छ । मानिसहरुले मलाई चाहे जेसुकै भनुन ! *मनुष्यलाई नरकगामी बनाउनमा यस धनैषणा समान अरु कुनै वस्तु छैन* । धनमदले मत्त व्यक्तिको हृदय यति क्षुद्र हुन जान्छ-अर्थको लागि पिशाचको पनि अभिनय गर्न पछि पर्दैनन् । धनले जसरी मानिसलाई मत्त गर्दछ, त्यस्तो अरु दोस्रो कुनै वस्तुले गर्दैन । धन ले मानिसको चित्तलाई पत्थर समान बनाइदिन्छ ॥१३॥

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि;
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ॥१४॥

श्री धरीय टकि-[अरु पनि भन्नु हुन्छ]-सिद्ध-कृतकृत्य । मैले यस शत्रुको नाश गरेकोछु, अरु शत्रुहरुको पनि नाश गर्नेछु । मै ईश्वर हूम् मै भोगी हूम्, मै सिद्ध हूम् । मै बलवान छु, मै एकमात्र सुखी छु अरु मानिसहरु पृथ्वीको भार बढाउनेहरु हुन ॥१४॥

आध्यात्मिक व्याख्या-"यसपालि त मैले शत्रुलाई मारी नै दिए-अरु पनि जुन शत्रु आउलान् तिनीहरुलाई पनि मारिदिनेछु-मै ईश्वर हूम्, मै भोगी हूम्, मै सिद्ध हूम्-मै नै बलवान, सुखी हूम् ।"-ती मानिसहरु अरु मानिसहरुको अगाडि छाती तानेर भन्दै घुम्दछन-मलाई चानचुने साधारण मानिस न सम्झनु । जान्दछौ,

फलानो मान्छे कति घमण्डी र धनवान् थियो, मैले त्यसको घमण्डलाई चुर्णविचुर्ण गरिदिएकोछु। जो मसँग सहमत हुनेछैन, त्यसको कुनै किसिमसँग पनि विस्तार छैन, त्यसको सर्वनाश मैले अवश्य नै गरिदिनेछु ! अनि जो जो फलानो फलानो मेरा शत्रु छन्, तिनीहरुलाई मैले जुम्रा समान पिधेर पिसेर मारिदिनेछु। चाहे कोही कसैले जे जति नै चेष्टा गरोस, मेरो एक रौं पनि बांगो गर्न सक्तैनन्। के तिनीहरुलाई थाहा छ-मेरो लाठीमा कति ताकत छ! मै नै ईश्वर हूम, अर्को दोस्रो नियन्ता को छ ? म जे गर्दछु त्यही हुनेछ। यस्तो मूल्यवान् भोग्य वस्तु दोस्रो कसको पासमा छ ? म यी सबवस्तुहरुको भोग नित्य गर्दछु। अमुक मान्छेहरु टपरी चाटदै घुम्दछन, ती सँग मेरो के तुलना ! म सिद्ध पुरुष हूम् , मेरो अगाडि बठ्यांई चल्ने छैन। अहिल्यै म उसको अग्लो घरलाई भूमिसात गर्दिनेछु। मेरो बदखुवाई गर्नु सजिलो छैन। देखिहाल्यौ, मेरो विरुद्ध कुरा गर्नाले त्यसको कत्रो सर्वनाश भयो ! मेरो मन्त्र शक्तिको प्रभावलाई जानेको छैन ! त्यसको खेतमा हलो चलाईदिनेछु। मैले फलानो मान्छेको कसरी सर्वनाश गरिदिए ! मलाई समात्न आउलान् त म चरो बनेर आकाशमा उडने छु। मेरो संसार सुखको सन्सार हो। म संग कति-कति जमीन जग्गा, घर-द्वार, जमिन्दारी छन, मेरो घरमा कति-कति नोकर-चाकर छन, कति(कति मानिसहरुले खान्छन्, मेरो बच्चाहरु सब हीरामोति जस्ताछन, यतिका तेज, यतिका सुख अरु कुन मानिसको भाग्यमा छ आदि आदि ॥१४॥

आढयोऽभिजनवानस्मिकोऽन्योऽस्ति सदृशो मया;
यज्ञे दास्यामि मोदिष्य इत्यज्ञानविमोहिता ॥१५॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-मै धनादिले सम्पन्न छु। अभि जनवान् अर्थात् कुलीन हुम्। यज्ञे-यागादि अनुष्ठान द्वारा अन्य दीक्षीत मानिसहरुको अपेक्षा या उनको सामुन्ने महती प्रतिष्ठा प्राप्त गर्नेछु। स्तुति गर्नेहरु नट भाट आदिलाई दान दिनेछु। मोदिष्ये आमोद गर्ने छु, मोजमस्ती गरुला-यसकिसिमसँग अज्ञानले विमोहित हुन्छन अर्थात् मिथ्याभिनिवेशलाई प्राप्त हुन्छन ॥१५॥

आध्यात्मिक व्याख्या-"म सबभन्दा श्रेष्ठ हूम्, म संग धेरै मानिसहरुछन, म जस्तो कोही छैन। यसरी अज्ञानले विमोहित भएर।"

-यी आसुर प्रकृतिका मानिसहरु अरुहरुको अगाडि भन्दै हिंडदछन-धनमा, मानमा, कुलमा, शीलमा मेरो समान यस इलाका मै कोही छैन। यति धुमधामसाथ मैले यज्ञ गर्नेछु-जसलाई देखेर मानिसहरु अवाक् हुन जानेछन्। उनिहरुलाई भन्नु पर्नेछ यस्तो यज्ञ त उनिहरुले देखेकै छैन। दान दुःखी ब्राहमणहरुलाई पनि यस्तो दान पहिले कसैले दिएन। तब हेर्नु, कति-कति मानिसले मेरो चाकडी, खुशामद र स्तुतिगान गर्नेछन ! मैले उनिहरुलाई प्रचुर धन दिनेछु। मेरो यशोगान सारा देशमा हुनेछ ! बन्धु-बान्धवहरु सँग कति-कति आह्लाद, भोजनपान चल्नेछ ! यसरी अज्ञान-विमोहितमूढ मानिसहरु नानाकिसिमका चिन्तन गर्दै रहन्छन् ॥१५॥

(मुढ अविवेकी मानिसहरुको नरकगति)

अनेक चित्त विभ्रान्ता मोहजाल समावृता ;
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

श्री धरीय टकि-[यस किसिमका मानिसहरुलाई जुन फल प्राप्त हुन्छ त्यसलाई सुन]-अनेक-चित्त विभ्रान्त उनिहरुको अनेक मनोरथहरुमा चित्त रहन्छन अतयव तिनीहरु विक्षिप्त हुन । मोहजाल समावृत मत्स्य जसरी सूत्रमय जालमा यन्त्रित हुन्छ, उसरी नै मोहमय जालद्वारा तिनीहरु समावृत हुन्छन । कामोपभोग-प्रसक्त-काम भोगमा अभिनिविष्ट भएर तिनीहरु क्लेशयुक्त नरकहरुमा खस्दछन ॥१६॥

आध्यात्मिक व्याख्या-"चित्तको अनेक किसिमको भ्रान्ति र मोहजालमा आवृत्त भएर-काम र भोगमा आसक्त भएर नरकमा खस्दछन् अर्थात् दुःखी हुन्छन ।"

-उक्त किसिमका मानिसहरुको चित्त नाना प्रकारका संकल्पहरु द्वारा परिपूर्ण हुन्छन् । एक वस्तुमा उनको चित्त स्थिर रहदैन । जसको चित्त यस्तो विक्षिप्त हुन्छ उनको मनमा कुनै सात्विक भाव आउन सक्तैन । तिनीहरु शिश्नोदर-योनि-परायण भएर केवल असच्चिन्तनमा काल क्षेप गर्दछन् तथा सर्वदा भ्रमजालमा जडित भएर अकल्याणकर कर्महरुमा आसक्त हुन्छन । यस किसिमका विषयासक्त चित्त मृत्युकालमा पनि यी सब कुत्सित चिन्ताहरुबाट व्यापृत रहन्छन । अतयव घृणित संस्कारहरुको वश नीच योनिहरुमा जन्म ग्रहण गरी तिनीहरु कृत्रिम जालपूर्ण नरकहरुमा खस्दछन् । कुकर्मासक्त मनुष्यको चित्तमा जुन संकल्प उठदछन ती नरकको विष्ठा समान छन । यस्तो चिन्तामा जो सततः मग्न रहन्छन, उनिहरुलाई नरकवास नै हुन्छन । मृत्यु पछि तिनीहरु तदनुरुपै योनिमा जन्म ग्रहण गर्दछन । त्यहां आहार, निद्रा, भय एवं मैथुन यी चार प्रकारका कर्महरुको अतिरिक्त अर्को कर्म रहदैन । यसको अपेक्षा घोर कष्ट-क्लेशमय नरक अरु के हुन सक्तछ ॥१६॥

आत्मसंभाविताः स्तब्धा धनमान मदान्विता;
यजन्ते नाम यज्ञैस्ते दम्भेनाविधि पूर्वकम ॥१७॥

श्री धरीय टकि-[यज्ञानुष्ठान द्वारा अन्य याजकको अपेक्षा महती प्रतिष्ठा प्राप्त गर्नेछु, यो जुन उनको मनोरथ पहिले भनि सकिएकोछ, त्यो खालि दम्भाहंकार प्रधान-मात्र हो, यो सात्विक भाव होइन तिनीहरुको अभिप्राय दुई श्लोकहरुमा भन्नुहुन्छ]-आत्म संभावित आफु भन्दा पूज्यता प्राप्त, परन्तु कुनै सज्जन द्वारा संभावित या पूज्य रुपमा स्वीकृत छैन, अतयव अनम्र । तिनीहरु धनको कारण मान तथा मदयुक्त भएर नाममात्रको यज्ञानुष्ठान गर्दछन । दीक्षित या सोमयाजी इत्यादि उपाधि एवं प्रसिद्धिको निम्ति यज्ञको अनुष्टान गर्दछन् । यसलाई तिनीहरु दंभपूर्वक गर्दछन्, श्रद्धासाथ होइन । उनको यो यज्ञ अविधिपूर्वक हुन्छन् ॥१७॥

आध्यात्मिक व्याख्या-"आफ्नो पासमा जे जति छ त्यसैबाट घमण्ड गर्दछन । तकियाको आडमा मत्तायर बसेकाछन, नाम र घमण्डको लागि कुनै एक पूजा विशेषतः मन स्थिर नगरी गर्दछन् "

-तिनीहरु आत्मसंभावित हुन्छन्, अर्थात् अरुहरुद्वारा सम्मान प्राप्त नभय पछि पनि तिनीहरुले आफ्नो सम्मान आफैले गर्दछन् । परन्तु कुनै सत्पुरुषले उनलाई त्यस्तो सम्मानको पात्र सम्झंदैनन् । उनिहरुको धारणा हुन्छ-उनको समान सर्वगुणयुक्त दोस्रो कोही पृथिवीमा जन्मेकोछैन । यसैले सिरानीको आडमा जमी गंभीर भएर बस्दछन्, या तिलक-टीका लगाएर गलामा माला पहिरी आखाँ चिम्ली बस्दछन । इच्छा यस्तो हुन्छ,-सबै आएर खुट्टामा ढोगोस । यिनीहरु वडो अविनयी हुन्छन । यदि उनिहरुको मानसम्मानमा अलिकति पनि त्रुटि भयो भने त अग्निशर्मा हुन जान्छन् । उनिहरुसँग रुपैया-पैसा हुन्छन् त त्यसको कारण मान एवं मद उत्पन्न हुन्छन् । सहज-सरल नै भएर कोही कसैको अगाडि नत हुन चाहदैनन् । यदि यज्ञ पनि गर्दछन त त्यो पनि आत्माभिमानले पूर्ण भएर गर्दछन् । देवता प्रति पनि कुनै किसिमको श्रद्धा हुदैन, वेदविधितिर पनि लक्ष्य हुदैन र नत भक्ति नै हुन्छ । कुनै किसिमसंग केही हुनाले नै तिनीहरु खालि नाममात्रको यज्ञ गर्दछन् । शास्त्र विहित भाव या श्रद्धान्वित भएर तिनीहरु यज्ञ गर्न जान्दैनन् । उनको यज्ञ खालि बाह्याडम्बरले युक्त हुन्छन् । आफुलाई धार्मिक भनेर प्रसिद्ध गर्नको लागि नै तिनीहरु यज्ञ गर्दछन् । शास्त्र -विहित-पद्धति को अवलम्बन नहुनुको कारण यज्ञको यथार्थ फलपनि मिल्दैन । क्रिया गर्दछन, जप गर्दछन, सब नाम कमाउनको लागि । तिनीहरु मन स्थिर गरी क्रिया गर्दैनन्, मनमा विशेष श्रद्धा नहुनुको कारण क्रियाको फल जुन स्थिरता छ, त्यो पनि प्राप्त गर्न सक्तैनन् । आत्मयज्ञको यथार्थ उद्देश्य हो, आफु आफैमा रहनु, यो कुरा उनिहरुलाई थाहा हुदैन । तिनीहरुले केवल नाम-यशको लागि नाममात्रको यज्ञ गर्दछन् । अतयव सबचीज अविधिपूर्वक हुन्छ । फलानोको चेला भनाएर परिचय दिनुको बडो ईच्छा छ, परन्तु मनमा लाग्दै लाग्दैन-गुरुको उपदेश अनुसार क्रिया गर्दै जान । केवल मानिसहरुलाई देखाउनको लागि एक दलमा नाम दर्त्ता गर्नुको मात्र उद्देश्य हुन्छ ॥१७॥

अहंकारं बलं दर्प कामं क्रोधंच संश्रिताः,
मामात्म परदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

श्री धरीय टीका-[उनिहरुको यज्ञ कसरी अविधिर्पूक हुन्छ, यो विस्तृतरुपमा भन्नु हुन्छ]-अहंकार, बल, दर्प आदिको आश्रय गरी तिनीहरु आफनो र अर्काको शरीरमा चिदंशरुपमा स्थित म देखि द्वेष गर्दै यज्ञानुष्ठान गर्दछन । दम्भयुक्त यज्ञमा श्रद्धाको अभाव हुनुको कारण तिनीहरुले आफुलाई व्यर्थ पीडा दिन्छन । पशु आदिको हिंसाले केवल चैतन्य-द्रोहको फल हुन्छ । तिनीहरु सन्मार्गगामी मानिसहरुको गुणहरु मा खोट निकाली दोषारोपण गर्नेवाला हुन्छन ॥१८॥

आध्यात्मिक व्याख्या-"अहंकार, बल, दर्प काम,क्रोध यिनको आश्रय गरी अन्य व्यष्टिप्रति हिंसा गर्दछन ।"

विद्यमान या अविद्यमान गुणहरुलाई आफैमा अध्यारोप गरी त्यसले सोच्ने गर्दछ-यी सब गुणहरु मै मा छन -यही अहंकार हो । यस अहंकार लाई अविद्या भनिएको छ । अन्यान्य दोषहरुको अपेक्षा यो अहंकार दोष सर्वाधिक कष्टकारक छ । सब किसिमका अनर्थकारी प्रवृत्तिहरु एवं दोषहरुको मूल यही हो । दर्प जुन उद्‌भव भएपछि मनुष्यले धर्म को अतिक्रम गर्दछन, त्यसलाई दर्प भन्दछन । काम "स्त्री आदि भोग्य वस्तुहरु प्रति जुन अभिलाषा हुन्छ-त्यही काम हो" शंकर ।

"घटघट विराजे राम" प्रत्येक शरीरमा आत्माराम विराजिरहेछन । देहात्मवादीहरु यस कुरालाई न त जान्दछन् न त मान्दछन् । यसैले तिनीहरु सर्वदेहमा अवस्थित, सर्वकर्महरुको साक्षी मलाई (आत्मा) प्रिय बोध गर्न पाउदैनन् । बरु झन विद्वेष गर्दछन । वेद शास्त्रादिमा भगवान्‌को जुन आज्ञा छ ,त्यो आज्ञालाई अवज्ञा गरी अवहेलना गर्दछन । साधु क्रियावान मानिसहरु जसले प्रतिदिन मेरो स्मरण मनन द्वारा मेरै शरणापन्न हुन्छन, तिनलाई यी द्वेषकारी मानिसहरुले सहन गर्न सक्दैनन् । तिनीहरु यी सन्तजनहरुको निन्दा अपहेलना गर्दै हिंडदछन । अनि आफनै मद मात्सर्यमा भुलिकन सबलाई तुच्छ एवं नगण्य सम्झने गर्दछन ॥१८॥

तानह द्विषतः क्रुरान्संसारेषु नराधमान्;
क्षिपाम्यजस्रमशुभानासुरिष्वेव योनिषु ॥१९॥

श्री धरीय टिका-[उनिहरुको आसुरी स्वभाव कहिल्यै दूर हुँदैन यही दुई श्लोकहरुमा भनिरहेछन]-ती विद्वेषकारी निर्दयीहरुलाई जन्म-मृत्यु-मार्ग अर्थात सन्सारमा पहिले भन्दा पनि अधिक आसुरी अर्थात अतिक्रुर व्याघ्र सर्पादि योनिहरुमा अनवरत राख्दछु । ती पाप कर्माहरुलाई उनको पापहरु सदृश नै फलदिन्छु ॥१९॥

आध्यात्मिक व्याख्या-"यस किसिमका क्रुर निर्दयी मानिसहरुलाई आसुरी जन्ममा राखिदिन्छु, जुन मनुष्यहरुमा अधम छन-म शब्दबाट मणिबन्ध कूटस्थ, त्यस भन्दा तल जो रहन्छन, अर्थात कूटस्थमा जो रहँदैन त्यो अधम हो ॥ "

-दशम अध्यायमा श्री भगवानले भननु भएको छ-

"अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः"

म सर्वभूतहरुको आशयमा अर्थात अन्तः करणमा आत्मारुपले अवस्थित छु । यसैले यो "अहं" नै कूटस्थ चैतन्य या क्षेत्रज्ञ पुरुष हुन । उनलाई न कोही द्वेष छ न त प्रिय, फेरि उसले क्रुरकर्मलाई आसुरी योनीमा किन हाल्दछ ? उनको द्वेष प्रिय कोही छैन यो त सही छ, परन्तु त्यो कर्मफलको विधाता हुन-जीवले आफ आफनो कर्महरु अनुसार फलभोग गर्दछन, यो फलको विधान गर्नेवाला उनै हुन । आफ आफुले गरेका कर्महरुको फलभोग सवैले गर्नुपर्दछ । अचेतन कर्मफल नदिन सक्छ, यदि कर्मको साथ कर्मफलको संयोग

गरिदिनको लागि कुनै चेतन कर्त्ता नहुँदो हो त । त्यसले मनुष्य समान रागद्वेषको अधीन भएर दण्डविधान गर्दो हो, यस्तो कुरा होइन । उनको सत्ताको प्रभावले नै कर्मसमूह फलोत्पादन गर्दछन तथा जीवगण कर्मानुरुप फलभोग गर्दछन अन्यथा भगवान्लाई कोही द्वेष्य अनि कोही प्रिय हुन सक्तैन । सर्वत्र नै त्यो समान छन । फेरि दुष्टहरुलाई आसुरी योनिमा किन राख्दछन ? यसको कारण यो छ-जुन साधु प्रकृतिका मानिसहरु छन उनको मन अज्ञाचक्रमा र तेसदेखि ऊर्ध्वमा रहन्छन तथा आसुर प्रकृतिका मानिसहरुको चित्त आज्ञाचक्र देखि तल रहन्छ। अतयव यस्ता मानिसहरु आसक्तिसाथ कर्म गरी आफै आफु अधोगतिलाई प्राप्त हुन्छन । जो आज्ञाचक्र कूटस्थमा रहदैनन् तिनीहरु नै अधम हुन । तिनीहरुको यस किसिमको अधम मनोवृत्ति हुनुको कारण मृत्युकालमा पनि तिनीहरु उच्चभावले भावित हुदैनन्। यसैकारण चित्तको वृत्तिहरुको अनुरुप उनलाई अधम योनिमा अधम देहको प्राप्ति हुन्छ । कसले कुन किसिमको कर्मदेखि कस्तो भोग गर्ला अथवा पर जन्ममा कस्तो गति होला, ईश्वरको सर्वनियन्तृत्व शक्ति नै यसको नियामक हुन । यो कसरी हुन्छ, यस विषयमा भगवानले गीता अ। १५ को १५ औं श्लोकमा स्वयं भननु भएको छ ।-

"सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनंच ।"

-"सबै प्राणिहरुको बुद्धिबृत्तिमा अन्तरयामी मै अधिष्ठित छु । म बाट नै पूर्वानुभूत विषय जनित ज्ञान तथा विषयेन्द्रिय-संयोग-जनित ज्ञान तथा यी दुवैको विलोप साधित हुन्छन । अतयव उनले स्वयं केही नगर्दैमा पनि उनको अस्तित्व नै देवता, मनुष्य तथा अन्यान्य जीवहरुलाई स्व-स्व कर्ममा नियन्त्रित गर्दछ । श्री भगवान्को यस विराट शासन अन्तर्गत सबैछन, देवताले पनि यसको अन्यथा गर्न सक्तैनन् । त्यस पारमेश्वरी नियमको वशमा भएर नै जीवको कर्म अनुरुप फलोत्पादनमा समर्थ हुन्छन । भगवानलाई द्वेष या प्रिय कोही छैन । फलभोग गर्दछ जीवले आफनो कर्म अनुसार । यस्तो नियम श्रृंखला नरहँदो हो त यो विराट जगत् कसरी चल्दथ्यो । ईश्वरेच्छाले नै प्रकृतिको नियम दुर्लंध्य छ । जसले जस्तो कर्म र चिन्तन गर्दछ, त्यसको मनोभाव मृत्युकालमा पनि तदनुरुप नै रहन्छ तथा तेस मनोभाव अनुसार त्यसलाई उच्च या नीच योनिमा जन्म ग्रहण गर्नुपर्दछ छान्दोग्योपनिषदमा लेखिएको छ-"अथ य इह कपूयचरणा अभ्यासो ह यत्ते कपूयां योनिमापद्यरेन् श्वयोनिं या शुकर योनि वा चाण्डाल योनि वा"(५-१०-७) दोस्रो एवं अनुशयी मानिसहरुमा अर्थात् चन्द्रमण्डल बाट फर्कने जीवहरुमा जो अशुभ कर्मा छन तिनीहरु पनि अविलम्ब आफनो कर्म अनुसार कुत्सित योनिमा प्राप्त हुन्छन् ।-कुकुर, शुकर या चाण्डाल योनिमा जान्छन । जुन मानिसहरु क्रिया गरी देहातीत या प्रकृतिको अतीत क्रियाको देहजनित कर्ममा आवद्ध हुदैनन् । भएमा पनि देहातीत अवस्थामा देहको फलभोग यिनीहरुले बुझ्न पाउदैन । यसैले मन जसबाट आज्ञाचक्रमा या त्यसदेखि ऊर्ध्वमा रहन सकोस, तदनुरुप साधनाको अभ्यास गर्नु आवश्यक छ । जसको मन आज्ञाचक्र देखि तल रहन्छ, तिनीहरु आसक्तिपूर्वक कर्म गरी द्वेष एवं क्रुर बुद्धियुक्त भएर बारम्बार अशुम कर्म गर्दै रहंन्छन । त्यसको फलबाट तिनीहरु क्रुर एवं नीच योनिमा आएर जन्म ग्रहण गर्दछन ॥१९॥

आसुरीं योनिमापन्ना मुढा जन्मनि जन्मनि ,
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-उनलाई मत्प्राप्तिको संभावना कहां बाट हुन सक्छ ,किनभने मत्प्राप्तिको उपाय रुप सन्मार्गलाई प्राप्त नगरी तिनीहरु वर्तमान भन्दा पनि अधम कृमिकीटादिको गतिलाई प्राप्त हुन्छन् ॥२०॥

आध्यात्मिक व्याख्या-"यसरी आसुरी जन्म लिंदा लिंदा पश्चात् डुम चमार हुन्छन् ।"

पूर्व जन्मको संस्कार वश तिनीहरु यस जन्ममा पनि दुष्टकार्य गर्न मा प्रवृत्त हुन्छन । त्यसको फलस्वरुप उनको प्रकृति अत्यन्त दुषित हुन जान्छन । जन्म जन्मान्तर देखि यस्तो नीच कर्महरुलाई गर्दा गर्दा अन्तमा डुम चमारको घरमा जन्म हुन्छ । चित्त शुद्धिको अभावमा भगवत् प्राप्तिको मार्ग उनलाई ज्ञात हुँदैन ,जानेर पनि त्यसलाई तिनीहरुले ग्रहण गर्दैन, बरु झन उपहास गर्दछन् । यी सब कारणहरुले गर्दा तिनीहरु साधु मार्गलाई प्राप्त हुँदैन, आत्म-क्रियामा उनिहरुको आस्था हुदैन । अतयव त्यसलाई गर्नु तिनीहरुले अनावश्यक सम्झन्छन् । जसबाट बुद्धि राम्रो हुन्छ, भगवन्मुखी हुन्छ त्यतातिर उनिहरुको कुनै चेष्टा हुदैन । यसरी उनिहरुको दुषित प्रकृतिको पनि संशोधन हुँदैन । स्वेच्छाहार विहारी भएर आसुरी सम्पदलाई त्याग गर्न सक्तैन, अतयव उच्चकुलमा या उच्च योनिमा जन्म ग्रहण गरी चित्त शुद्ध गर्नुको सामर्थ्य हुँदैन । यसरी उनिहरुको अनेक जन्म नष्ट हुन जान्छन, बारम्बार गर्भबासको क्लेश उठाउनु पर्दछ । जीवको यो कस्तो विपज्जनक अवस्था छ, यसलाई अलिकति पनि विचार गरिकन हेर्‍यो भने त् उसको प्राण दैवी सम्पद प्राप्तिको लागि आकुल व्याकुल हुने थियो ॥२०॥

(नरकको त्रिविध द्वार)

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ,
कामः क्रोधस्तथा लोभ स्तस्मादेतत्त्रयं त्यजेत ॥२१॥

श्री धरीय टिका- [उपर्युक्त आसुर दोषहरुको जड जुन तीन दोष छन, ती सर्वथा परित्याज्य छन, यो बताउनु हुन्छ]-काम, क्रोध एवं लोभ यी तीन नरकको द्वार हुन,अतयव "आत्मनाशन" अर्थात् नीचयोनिमा पुऱ्याउने हुन यसैले यी तीनलाई सर्वथा त्याग गरोस ॥२१॥

आध्यात्मिक व्याख्या- "काम, क्रोध एवं लोभ, यी तीनहरुमा रहनाले नै आत्मामा रहनु हुँदैन ,यसैले यिनलाई त्याग गर्नु उचित छ-त्याग शब्दको अर्थ हो फलाकांक्षारहित"

आसुरी सम्पद् असंख्य किसिमको भएर पनि काम, क्रोध एवं लोभ यी तीनै मुख्य छन । यी तीनैको त्याग गरेपछि आसुरी सम्पद्को परिहार हुन सक्तछ । यी आत्मज्ञानको नाशक छन । यी तीनै वृत्तिहरु द्वारा

आत्मज्ञान आच्छादित रहन्छ । जो आत्मज्ञानहीन छन, उनलाई नीचयोनी प्राप्त हुन्छ । यी तीनैमा जो मग्न रहन्छन्, उनको आत्मामा रहनु हुदैन । मष्तिष्कमा कुनै ज्योतिको प्रकाश हुँदैन । अतयव मुमुक्षु साधकको लागि विशेष चेष्टा गरी यी तीनैको त्याग गर्नु आवश्यक छ । फलाकांक्षारहित हुनु नै यथार्थ त्याग हो । परन्तु क्रियाको परावस्था विना फलाकांक्षाको त्याग हुँदैन । फलाकांक्षाहीन साधकलाई सदसत् कुनै पनि कर्ममा प्रवृत्ति हुदैन । स्वभावतः जब जुन भावको उदय हुन्छ , तदनुरुप कर्मचेष्टा हुन्छ । परन्तु जो मुमुक्षु छन, उनलाई यी तीनै माथि विशेष लक्ष्य राख्नुको अवश्यक छ । आचार्य शंकर भन्नु हुन्छ-नरक प्राप्तिको यी तीन द्वार छन, यी द्वारहरु देखि प्रविष्ट भएपछि आत्मा नाशलाई प्राप्त हुन्छ अर्थात् दोस्रो कुनै पुरुषार्थको योग्य रहन सक्तैन । यी तिनैमा जो डुबिरहन्छन, उनको लागि मोक्षको मार्ग अवरुद्ध रहन्छ । यी तीनैमा आसक्ति रहेपछि इच्छा भएर पनि मोक्षमार्गमा जानुको कुनै उपाय छैन । यसैले मुक्तिमार्गमा जाने इच्छा गर्ने पुरुषहरुको लागि यी तिनैको संयममा विशेष लक्ष्य राख्नुको आवश्यकता छ ॥२१॥

(काममुक्त पुरुष श्रेयः साधनमा सामर्थ्य)

यतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः;
आचारत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

श्री धरीय टीका-[त्यागको विशेष फल भन्नुहुन्छ]-"तमसः" अर्थात् नरकको द्वार स्वरुप जुन कामादि दोषत्रय छन, त्यसदेखि विमुक्त मनुष्य आत्माको श्रेय साधकले तप योग आदिको आचरण गर्दछ, तदनन्तर मोक्षलाई प्राप्त हुन्छन् ॥२२॥

आध्यात्मिक व्याख्या- "यी तीनैलाई छोडेर आत्मामा सर्वदा रहँदै गुरुवाक्य द्वारा क्रिया गरी उत्तम गतिलाई प्राप्त हुन्छ ।"

-चित्त उपद्रव शून्य हुनु विना कोही श्रेयः साधनमा कृतकार्य हुँदैन । काम, क्रोध एवं लोभको प्रावल्यको कारण मनुष्य आफनो श्रेय आचरण देखि वंचित हुन्छन । जो यी त्रिविध उपद्रवहरु देखि मुक्त छन, उनलाई नै मुक्ति प्राप्त हुन्छ । शरीर इन्द्रिय आदि विषयतिर गति भएमा नरकको मार्ग प्रशस्त हुन्छ । देह इन्द्रिय आदिको साथ मिलिकन मनले काम लोभादिको वासनालाई चरितार्थ गर्दछ । जुन मानिसहरु काम लोभादिकै उपभोग गर्न चाहन्छन, उनको दृष्टिले विषयहरुको सीमालाई अतिक्रमण गर्न सक्तैनन् । उनिहरुको प्राणको गति बराबर इडा पिंगलामा नै प्रवाहित भैरहन्छ, अतयव चित्त विशेषरुपले वहिर्मुख हुन जान्छन । यसबाट केवल त्रितापको ज्वाला उठेर मनुष्यलाई दुखको ज्वालामा निमज्जित गरिदिन्छ । देहेन्द्रिय यन्त्रलाई प्राणादि वायुले चलाउँदछन । उनको नै विशेष विशेष प्रवाह देखि यी कामादि लोभ क्रोधादि रिपुहरु समुदभूत हुन्छन् । अतयव प्राणलाई शान्त गर्नु विना यस रिपुत्रय देखि छुटकारा मिल्न संभव छैन । सदगुरुको उपदेश अनुसार प्राण क्रिया गरेपछि प्राण क्रिया इडा पिंगलाबाट फर्केर सुषुम्नामा प्रवेश गर्दछ । सुषुम्नामा प्राणको गति भएपछि परागतिलाई प्राप्त हुन्छ अर्थात् सहस्रारमा स्थिति हुन्छ । यही

हो जीवको सर्वोत्तम गति । तेति बेला काम क्रोध लोभ आदिलाई दूर गर्नुको चेष्टा गर्नु पर्दैन । तिनीहरु प्राणहरुको स्थिरता संगै संगै स्वयं निर्वापित हुन जान्छन । ॥२२॥

यः शास्त्र विधिमुत्सृज्य वर्त्तते कामकारतः ,
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

श्री धरीय टीका- [कामादिको त्याग स्वधर्माचरण विना हुन सक्तैन, यो भन्नु भैरहेछन]-जुन मनुष्यले वेदविहित धर्मलाई परित्यांग गरी यथेच्छ भावले रहन्छ अर्थात् स्वेच्छाचारको अनुवर्त्ती भए कर्ममा प्रवृत्त हुन्छ, त्यसलाई तत्त्वज्ञानको प्राप्ति हुँदैन । सुख अर्थात् उपशम तथा परागति अर्थात् मुक्तिलाई त्यो प्राप्त हुदैन ॥२३॥

आध्यात्मिक व्याख्या- "शास्त्रको विधि अर्थात् क्रिया द्वारा विशेषरुपमा स्थिति नभएर फलकाँक्षासँग जसले कर्म गर्दछ त्यसलाई सिद्धि हुँदैन ।-सुख एवं परम गतिको प्राप्ति हुदैन-परम गति अर्थात स्थिति ॥"

शास्त्र के हो ? शास्त्र भन्नाले वेदकै बोध हुन्छ । वेदानुगत स्मृति एवं पुराणलाई पनिशास्त्र भन्दछन । स्मृति पुराण यदि कहीं वेदविरुद्ध हुन्छन त उनको प्रामाण्यता पंडितहरुले स्वीकार गर्दैन । जुन अज्ञात वस्तु छ, शास्त्र तेसको ज्ञापक छ । जुन वस्तुको सत्ता छ परन्तु हामी त्यसलाई जांदैनौ त्यससंग शास्त्रले नै हाम्रो परिचय गराउंदछ । वस अज्ञात वस्तुलाई जान्नको निम्ति विशेष विधि या साधना छ, त्यस विधिको बोधक पनि शास्त्र या वेद हुन्छ । त्यो विधि अपूर्व नियम एवं परिसंख्या भेदले तीन किसिमका हुन्छन । अज्ञात विषयको उपदेश नै "अपूर्व विधि" हो जस्तो "स्वर्गकामी व्यष्टिले अग्निहोत्र गरोस" अथवा "प्रतिदिन सन्ध्या गरोस ।" अग्निहोत्रको अनुष्ठानले जुन स्वर्ग प्राप्ति हुन्छ तेसबाट हामी अवगत छैनौं । परन्तु हामी त्यसलाई मानेर चल्दछौं यसैले यो वेदको उपदेश हो । यो उपदेश नै "अपूर्व" हो । पुनः जुन आंशिक रुपमा छ र आंशिक ज्ञात छ, त्यो "नियम" भनिन्छ । जसरी धानको फोक्टा हटाएपछि चामल हुन्छ यो हामीहरु जान्दछौं । धानलाई बोक्रारहित गर्नुको अनेक उपाय छन, तिनीहरुमा ओखलमा कुटेर जुन चामल निस्कन्छ त्यसैले यज्ञ गर्नु पर्नेछ, यो आंशिक अज्ञात विधि छ, यसैलाई नियम भन्दछन् । स्वभावतः मनुष्य आफनो रुचि अनुसार अनेक विषयहरुमा अनुरक्त हुन्छन, जस्तो पशु मांस भक्षण आदि । परन्तु शास्त्रको उपदेश छ -"पंचनख" प्राणी बाहेक अन्य पशुको मासु न खाओस यो विधिका नाम "परिसंख्या" हो । वेदोक्त कर्म या उपासना यी तीन किसिमका विधिहरु द्वारा शासित छन । वेदमा कर्मकाण्ड र ज्ञानकाण्ड छन। कर्मकाण्डीय विधि अनुसार कर्म गरेर मानिसहरु स्वर्गादि उच्चलोकलाई प्राप्त हुन्छन। ज्ञानकाण्डको फल अरु नै किसिमको छ । त्यो अलौकिक ज्ञान हो, यस द्वारा जीवलाई निःश्रेयस अर्थात् मुक्तिको प्राप्ति हुन्छ । यसैले वेद सर्वपथको पथप्रदर्शक छ । वेद विना जीवलाई विमुक्ति प्राप्त हुनसक्तैन । यसैले दुर्गासप्तशतीमा भनेको छ ।-

"शब्दात्मिका सुविमलर्ग् यजुषाँ निधान,
मुद्गीतरम्यपद-पाठ वतांच साम्नाम्,

देवीत्रयी भगवती भवभावनाय,
वार्त्ता च सर्व जगताम् परमार्त्तिहन्त्री ॥"

हे देवि ! तिमी शब्द ब्रहमरुपा हौ, तिमी विशुद्ध ज्ञान प्रद ऋग् एवं यजुर्वेदको आश्रय छौ, अतयव तिमी त्रयी अर्थात् वेदरुपा हो । तिमी सर्वार्थ प्रकाशिका छौ , तिमी नै सर्वेश्वर्ययुक्ता हौ, तिमी संसार प्रवाह रक्षाको निम्ति कृषिबाणिज्यादि वृत्तिरुपा हौ । तिमी निखिल जगत्‌को परम दुःख नाशिनी छौ ।

यसैले जुन मानिसहरु शुभ कर्म गर्दैनन, या गरेर पनि शास्त्र विधिलाई उल्लंघन गरी स्वेच्छाचारमा प्रवृत्त हुन्छन, उनलाई सिद्धि या मोक्ष केही पनि प्राप्त हुदैन । परन्तु शास्त्र असंख्य छन, त्यसमा विधि पनि अनन्त छन, अतयव सबै मानिसंहरु सब शास्त्रहरुलाई मानेर चल्लान् यसको संभावना कहाँ छ । शास्त्रहरुमा यति धेरै विधि निषेध छन, अनि तिनीहरु यति परस्पर विरुद्धभावापन्न छन-तीनलाई मानेर चल्नु कसैको लागि पनि संभव जानिदैनन् । किनभने सबै विधिहरु सदा सवैको निम्ति हुँदैन ।कसको लागि कुन विधि सुसंगत होला यो बताउनको लागि पनि शास्त्रमा अगाध ज्ञान हुनु आवश्यक छ । परन्तु यो सबैलाई हुदैन । खालि मेधामात्र रहनाले काम चल्ने छैन, यो मेघा "विदिताखिल-शास्त्रसारा" हुनु पर्दछ । केवल शास्त्र ज्ञान हुनाले नै काम चल्ने छैन । जिज्ञासुकोलागि कुन विधि युक्तियुक्त छ, या बुझ्नको लागि पनि यथेष्ट मेधाको आवश्यकता छ । परन्तु यो सबैलाई हुँदैन । यसै मेधा द्वारा सबै शास्त्रहरुको सारभूत ब्रहमलाई जान्न सक्दछन । साधकलाई धेरै धेरै साधनाको फलस्वरुप जुन सिद्धि प्राप्त हुन्छ, त्यस साधन सिद्धि हुनु विना कसैले कसरी बताउन सक्दछन-कसको लागि कुन साधना उपयोगी छ । अतयव केवल बाहयरुपमा शास्त्रानुशीलनले पनि काम चल्नेछैन । धेरै धेरै शास्त्राभ्यास एवं शास्त्रालोचनाको निषेध पनि गरिएको छ । यसैले श्री भगवान् भन्नु हुन्छ-

"शब्द ब्रहमणि निष्णातः न निष्णीयात् परे यदि ,
श्रमस्तस्य वृथाज्ञेयः ह्यधेनुमिव रक्षतः ॥"

जो शास्त्रमा अभिज्ञ छन, परन्तु परिनिष्णात् छैनन् अर्थात् परब्रहमको ध्यान धारण आदि गर्दैनन्, उनिहरुको शास्त्र पाठ श्रममात्र हुन, जस्तो थारी गाई पाल्नेवालाको श्रम व्यर्थ खेर जान्छन । यसैले-

"अनन्त शास्त्रं बहु वेदितव्यं
स्वल्पश्च कालो बहबश्चविघ्ना ।
यत्सार भूतं तदुपासितव्यं
हंसो यथा क्षीर मिवाम्बुमिश्रम् ॥"

शास्त्र अनेक छन, ज्ञातव्य विषय पनि धेरै छन, परन्तु आयु थोरै छ, अनि विघ्न धेरै छन, अतयव जुन सारभूत छ त्यही उपासितव्य छ । जसरी हंसले जलमिश्रित दुग्धको सार भाग ग्रहण गर्दछ त्यसरी नै शास्त्रबाट सारभाग लिनु पर्दछ । यद्यपि आत्मतत्त्व सुविज्ञेय छैन , शास्त्रानुसार नै त्सको अनुसन्धान गर्नु

पर्नेछ, परन्तु स्वेच्छाचार सित शास्त्रानुशीलन ले पनि विशेष हानी गर्दछ । तर आजकाल हामी यसलाई मान्दैनौ । यस श्लोकको वाह्य अर्थ पनि अतीव उपादेय छ , परन्तु यसको भित्र जुन एक आध्यात्मिक तत्त्व छ त्यसको विवेचना गरिइन्छन ।-

शास्त्रको अर्थ छ वेद तथा वेदको अर्थ छ ज्ञान । वेद अपौरुषेय छ , पुरुषको चेष्टाको फलदेखि ज्ञान हुदैन । ज्ञान नित्य सिद्ध वस्तु हो जसरी स्वतः प्रकाशित सूर्यको सामयिक आवरक मेघ छ, उसरी नै नित्य सिद्ध ज्ञान वस्तुको सामयिक आवरक अज्ञान छ । यो अज्ञानले आत्मदृष्टिको अभावलाई सूचित गर्दछ । आत्मदृष्टिको अभावले हामीलाई भ्रम उत्पन्न हुन्छ । जुन सत्य छैन, त्यसलाई सत्य मानी ग्रहण गर्नु भ्रम हो । आत्म दृष्टि सम्पन्न भएपछि भ्रम रहदैन । आत्मदृष्टिको अभाव वश यो भ्रम हामीलाई सर्वदा भैरहेको छ । परन्तु हाम्रो भ्रमको कारण सत्य वस्तुमा जगदादि असद्वस्तुको भ्रम भएर पनि जुन स्वतः सिद्ध सत्य छ, तेसको सत्यरुपमा कहिल्यै कुनै व्यभिचार हुँदैन । अतयव हामी बुझौं वा नबुझौं, आत्माको स्वरुपमा कुनै विकार हुदैन, त्यो सर्वदा नै एकरुप रहन्छ । यसको एकत्व दर्शन सवैलाई हुँदैन, किनभने सूर्यको अंकमा मेघ समान, सत्यज्ञानको अंकमा केही आवरण पर्न जान्छ । यो आवरण नै अज्ञानको जनक छ । आवरण दूर हुन गएपछि हामी स्वतः सूर्यको प्रकाशको अनुभव गर्न पाउंदछौं परन्तु हामीले जान्नु भन्दा पहिले पनि उसको स्वतः प्रकाशमा कुनै व्यतिक्रम हुँदैन । यसैले पुरुषको चेष्टाको फलले नै ज्ञान समुत्पन्न हुंदो हो यस्तो कुरा छैन, पुरुषको प्रयत्नको फलदेखि केवल ज्ञानको आवरण मात्र दूर हुन्छ । यो ज्ञानको आवरण नै प्रकृति या क्षेत्र हो । मन जब यो प्रकृतिमा रहन्छ तब त्यसले विषयहरुको अनुभव गर्दछ । नानात्व देख्दछ, जन्म मृत्युको क्रीडा देख्दछ, ज्ञान ढाकिएर रहन्छ । तेस ज्ञानको प्राप्त गर्नको लागि शास्त्रको अनुशीलन गर्नुपर्ने हुन्छ । शास्त्रको अर्थ हो शासन या आज्ञा । कसको शासनमा यो शरीर यन्त्र चलिरहेको छ? "वायुर्धाता शरीरिणाम्" वायु नै यस शरीर को विधाता या शासक हुन । वायु को वलदेखि नै यी इन्द्रिय, मन बुद्धि या समस्त प्रकृतिको कार्य परिचालित भैरहेका छन । सब वायु हरुमा प्राण मुख्य हो । यस प्राणको नियन्त्रणमा सारा कार्य भैरहेकाछन् । अतयव वायु शरीरको शास्ता या शास्त्र हुन । यस शास्ताको शरणागत भएर चलनाले नै समस्त प्रकृति उनको अधीन हुन जान्छन् ।तब त्यो प्रकृतिको अधीश्वर पुरुष पनि अवगत हुन सक्तछ । यस प्रकृतिपुरुष देखि अवगत भएर जीव जन्म मरण देखि रहित हुन जान्छ अतयव तैत्तिरीय उपनिषदमा लेखिएको छ-

"नमस्ते वायो त्वमेव प्रत्यक्षं ब्रहमासि"

यो वायु नै प्रत्यक्ष ब्रहम हो,हे वायु ! तिमीलाई नमस्कार ।

"प्राणग्नय एवै तस्मिन पुरे जाग्रति"

यो शरीर रुप पुरमा प्राणरुपी अग्नित्रय सर्वदा जाग्रत रहन्छन। प्रजापतिले भन्नु भएको छ-यज्ञको साथ समस्त प्रजा सृष्ट भएको छ। यो यज्ञ नै प्राण यज्ञ हो अथवा प्राणयज्ञ नै यज्ञ हो । यज्ञ गर्नाले नै आत्मोन्नति प्राप्ति हुन्छ । त्यसैले सबैलाई अभिष्ट भोग प्रदान गर्दछ । यो वायु सचंचल भएर

मनलाई उत्पन्न गर्दछ। मन द्वारा विषयभोग हुन्छ। यो वायु जब स्थिर हुन्छ त मन प्राणसँगै मिलिकन एक हुन जानछ तबै ब्रहमदर्शन हुन्छ। प्राणायाम द्वारा यो वायु वशीभूत हुन गएपछि अपरोक्षानुभूति हुन्छ। यस वायुको साधना नै ज्ञातव्यवस्तु हो। प्रश्नोपनिषदमा ऋषिले यस विषयको विस्तृत आलोचना गरेकोछ। वायु सबैको शासक हो, अतयव एसको क्रिया सम्बन्धी जुन नियम या विधिहरु छन-उनैको नाम नै शास्त्रविधि हो। यस वायुको क्रियालाई नै ब्रहम विद्या भन्दछन्। क्रिया द्वारा मूलाधार देखि सहस्रार पर्यन्त चैतन्य प्राप्त भएपछि नै वेदज्ञान पूर्ण भएमा साधकले वेदातीत चरम ज्ञानलाई प्राप्त गर्दछ। तब द्वितीय अध्यायमा श्री भगवान्‌ले अर्जुनलाई किन भन्नु भयो-

"त्रैगुण्य विषया वेदा निस्त्रैगुण्यो भवार्जुन"-

अर्थात् वेद त्रिगुणात्मक छन्, तिमी गुणातीत बन। यस वाक्यमा वेदको अपहेलना गर्नको लागि भनिएको छैन (द्वितीय अध्यायको श्लोक ४५ को व्याख्या हेर) वेदविधि द्वारा नै वस्तुतः निस्त्रैगुण्य अवस्था प्राप्त गरिन जान्छन्। वेदविधि छ-मेरु दण्डको भित्र षटचक्रको क्रिया। ज्ञान द्वारा ज्ञेयलाई जानिलिएपछि जसरी फेरि ज्ञानको प्रयोजन हुँदैन, उसरी नै षटचक्रमा प्राणायामादि क्रिया गरेपछि अन्तमा जुन विशेष स्थिति प्राप्त हुन्छ, त्यस गुणातीत अवस्थाको प्राप्ति पछि फेरि क्रियाको आवश्यकता हुँदैन। यसैले प्रारम्भमा शास्त्रविधिलाई त्याग गरी स्वेच्छाचारी हुनुको निषेध गरिएको छ। मनलाई षटचक्रमा नराखी बाहिरको वस्तुहरुमा राख्नु नै शास्त्रविधिको उलंघन हो। सहस्रारमा प्राणको स्थिति भएपछि क्रियाको अन्त हुन्छ। यसैले षट्‌चक्रको क्रिया नै वेदको कर्मकाण्ड तथा सहस्रारमा स्थिति नै ज्ञान काण्ड हो। "ज्ञाने परि समाप्यते"-ज्ञानमा साराकासारा समाप्त हुन्छन्। यस विशेष स्थिति द्वारा नै मनको चंचलता तिरोहित हुन्छ, मन परम शान्त भएर परमानन्दरुप आत्मामा चिरदिनको लागि निमग्न हुन जान्छ। क्रिया गर्दा पहिले इडा-पिंगलामा आरम्भ गर्नु पर्दछ, किनभने त्यही त्यतिबेला प्रत्यक्ष हुन्छ। क्रिया गर्दा-गर्दा इडा-पिंगलामा कार्य बन्द भएर सुषुम्नामा कार्य हुन लाग्दछन्। सुषुम्नामा प्राणवायुको प्रवाह चलेपछि नै निर्मल सत्वगुणको आविर्भाव हुन्छ। पश्चात साधक गुणातीत हुन जान्छन। जसले क्रिया गर्दैन उसको इडा पिपंगलाको गति शुद्ध हुँदैन। अतयव परमास्थिति लाभ नहुनाले त्यसको यथार्थ सुख या परमा गति (निर्वाण मोक्ष) का प्राप्ति हुन सक्तैन। ॥२३॥

(शास्त्रको कार्याकार्यको प्रमाण छ)

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्य व्यवस्थितौ ,
ज्ञात्वा शास्त्रं विधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

श्री धरीय टीका-[फलितार्थ भन्नु भैरहेकाछन]-कुन कार्य हो र कुन अकार्य हो यो निरुपण गर्नको लागि श्रुति स्मृति पुराणादि शास्त्र नै तिम्रो प्रमाण छन्। अतयव शास्त्रविधानोक्त कर्महरु देखि अवगत भएर निमीलाई यथाधिकार कर्म गर्नु नै ठीक छ किनभने सत्त्व शुद्धि, सम्यग् ज्ञान एवं मुक्तिको प्राप्तिको मूल कर्म नै हुन।।२४॥

षोडस अध्यायमा दैवी एवं आसुरी सम्पत्तिहरुको संविभाग देखाउनु भएर सात्विकीको तत्त्वज्ञानमा अधिकार छ यो प्रदर्शित गरियो ॥

आध्यात्मिक व्याख्या-"यसैले शास्त्रमा जस्तो भन्दछन विशेषरुप ले बुद्धिको पर पराबुद्धिमा स्थिर भएर जुन कर्तव्य कर्म अर्थात् क्रिया गर्नु उचित छ-विशेष रुपसँग स्थिर भएर जुन क्रियाको परावस्था छ ।"

कर्तव्याकर्तव्यको विषयमा शास्त्र नै प्रमाण हुन । शास्त्राचार जानिलिएपछि फेरि स्वेच्छाचारमा प्रवृत्ति हुँदैन । जबसम्म शास्त्रलाई ठीक ठीकसँग जान्न सकिदैन, तबसम्म गुरुको उपदेश अनुसार साधनापथमा चल्नु नै कर्तव्य हो। "इह" अर्थात यस कर्माधिकार भूमिमा तिमी वर्तमान छौं, यसैले तिम्रो लागि शास्त्रनिर्दिष्ट पथमा हिंड्नु नै ठीक छ उचित छ । पहिले पहिले शास्त्र ठीक ठीक बुझिनमा आउदैन । यस्तो पनि कुरा छैन पढ्ने वितिक्कै शास्त्र ज्ञान हुन जानेछ, परन्तु शास्त्रमा श्रद्धा हुनु जरुरी छ । साधकको निम्ति शास्त्रको के अर्थ छ, यो पूर्व श्लोकमा भनिसकिएको छ।

कर्माधिकार के हो ? योगीजनले प्राणायाम द्वारा वायुलाई आकर्षण गरी कूटस्थमा लक्ष्यगर्नाले जान्दछन-ज्ञातव्य के हो र कर्तव्य के हो ? शरीरमा कुन गुण प्रवल छ , तथा क्षिति, अप, तेज मरुत, व्योम यी पंच तत्त्वहरुमा कुन तत्त्वको क्रिया चलिरहेछ, यो बुझ्नुको एक विशेष कौशल छ । जगत्मात्रको समाचार कूटस्थमा लक्ष्य गरेपछि समझमा आउँदछ । तीन विन्दुहरुको कुरा पहिले भनिसकेको छु । सत्त्व रजः एवं तमः यी तीन गुण त्रिकोणाकारमा ती विन्दुहरुको रुपमा लक्षित हुन्छन । रजः विन्दु वामकोणमा रक्त आभासमान दृष्ट हुन्छ । तमः विन्दु दक्षिण कोणमा कृष्णवर्ण सदृश देखिइन्छन । सत्त्व विन्दु ऊर्ध्वकोणमा शुभ्र किरण समान जानिन्छन । यीनलाई नै क्रमशः वामा, रौद्री एवं जेष्ठा भन्दछन् । यी सब शक्ति रुपा हुन । क्षितितत्त्वको वर्ण हरिद्रावत् छ, जलतत्त्वको वर्ण हल्का सव्ज रंगको छ, तेजस्तत्त्वको वर्ण जलिरहेको अंगार समान छ, वायुतत्त्वको वर्ण जंगाल तथा व्योमतत्त्वको वर्ण आकाश सदृश छ । यी तीनै विन्दु जब मिले र एक हुन जान्छन त त्रिकोणको मध्यमा श्री विन्दुको दर्शन हुन्छ, त्यही मुक्तिदायिनी शक्ति हो ।

यी सब शरीरस्थ वायुका शक्तिहरु हुन । प्राणायामादि योग क्रिया द्वारा यी समस्त वायुहरुको अनेक रहस्य जान्न सकिन्छ । वायुलाई आयत्त गर्नुपर्नेछ । यस वायुको गति अनुसार नै शब्द, स्पर्श रुपरस,गन्धादिमा आसक्त भएर जीव वहिर्मुखी एवं आवद्ध हुन्छन । वायुको क्रिया द्वारा यस वायुलाई वशमा राखेपछि जीवको अन्तर्लक्ष्य आरम्भ हुन्छ । क्रिया जति जति धेरै गर्ने छौं, वायुको शक्तिले अभ्यन्तरस्थ नाडी समुदाय उति उति नै विशुद्ध एवं मलशून्य हुन जानेछ । नाडी मुखमा वायुको गतिमा अनुसार नै शुभअशुभ इच्छा हरु एवं संकल्प हरु समुदभूत हुन्छन । नाडी जति नै शुद्ध हुनेछ, त्यति नै मनको प्रवाह शुद्ध र निर्मल हुनेछ । जसको जति नै अधिकार हुन्छ-"यस श्लोकको "इह" शब्द द्वारा "कर्माधिकारको भूमि" प्रदर्शित भएकोछ ।

यो शरीर कर्मको क्षेत्र या भूमि हो, यसबाट कर्मको अधिकारानुरुप फल मिल्दछ ।"

शास्त्रविधि-शास्त्रशब्द शास धातुबाट बनेको छ अर्थात जसले शासन गर्दछ या आज्ञादिन्छ । वायुले नै यस देहेन्द्रियहलाई शासन गरी यिनीहरुलाई स्व-स्व कर्ममा नियुक्त गर्दछन (प्रश्नोपनिषद) अतयव वायु नै शास्त्र हो । विधि-वि पूर्वक "धी" धातुबाट बनेको छ, जसको अर्थ हो विशेषरुपसित धारण गर्नु अतः वायु विशेष रुपले स्थिर भएर जब मस्तकमा स्थित हुन्छ त यही विधि शास्त्र विधि हो, यसलाई क्रियाको परावस्था भन्दछन ।

यस विधिको पालनको जुन नियम गुरुले बताइदिनु हुन्छ, त्यस नियम अनुसार चलेमा साधकले उच्च देखि उच्चतर सोपानमा आरोहण गर्दछ । तब साधक जुन सोपानमा आरुढ हुन्छ, तदनुसार क्रियाको पनि नानाकिसिमका विधान छन, गुरुले त्यसलाई सिकाइदिनु हुन्छ । साधनमा जसको जति अधिकार छ, त्यही उसको स्वभावज कर्म हुन । यही शास्त्रविधानोक्त कर्म कहलाउंछ । त्यही कर्म गर्नाले साधकको क्रमशः उन्नति या बढोत्तरी हुँदैजान्छन । यस मार्गमा यदि नाना विघ्नवाधाहरु आएर उपस्थित हुन्छन तापनि जसले अधिकारानुसार साधना गर्दै जान्छन, त्यसको प्राण विस्तार विस्तार स्थिर हुन जान्छन् । पश्चात् विशेषरुपसित स्थिति भएपछि क्रियाको परावस्था प्राप्त हुन्छ । यस अवस्थालाई प्राप्त गरेपछि नै मनुष्य जीवनको जुन चरम लक्ष्य हो त्यस लक्ष्य स्थलमा उपनीत हुन सक्तछ । अतयव यो क्रिया-क्षेत्र शरीरलाई प्राप्त गरी कहिल्यै क्रिया गर्नमा अवहेलना गर्नु हुँदैन । यही हो भगवद् वाक्यको अभिप्राय ॥२४॥

इति श्री श्यामाचरण-आध्यात्मिक दीपिका नामक गीताको षोडस अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्‌भगवद्‌ गीता

सप्तदशोऽध्याय

(श्रद्धात्रय विभाग योगः)

अर्जुन उवाच-

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विता ;
तेषां निष्ठा तु का कृष्ण सत्वमाहो रजस्तमः ॥१॥

श्री धरीय टीका- [उक्त तत्त्वज्ञानमा, अधिकारको हेतुहरुमा सात्त्विकी श्रद्धा मुख्य हेतु छ, यसैले सप्तदश अध्यायमा तीन किसिमको श्रद्धा कथित भएको छ। पूर्व अध्यायको अन्तमा "यः शास्त्रविधिमुत्सृज्य" इत्यादि श्लोकहरुमा शास्त्रविधि त्याग गरी यथेच्छभावले कर्ममा प्रवृत्त मनिसहरुको ज्ञानमा अधिकार हुँदैन, यो भनिएको छ। यसबाट शास्त्रविधिको त्याग गरी कर्मानुष्ठानमा प्रवृत्त मानिसहरुको तत्त्वज्ञानमा अधिकार छ या छैन, यो जान्नको निम्ति इच्छुक भएर]-अर्जुन बोल्यो-"याहाँ शास्त्रविधि परित्याग गरी जसले यज्ञ गर्दछ" यस द्वारा ती मानिसहरुलाई ग्रहण गरिएको छैन जसले शास्त्रार्थलाई बुझेर पनि त्यसको उल्लंघन गर्दछन। उनको लागि श्रद्धापूर्वक यजन गर्नु सम्भव नै छैन। आस्तिक्य बुद्धि नै श्रद्धा भनिन्छ। शास्त्र विषय जान्नेवाला पुरुषलाई शास्त्र विरुद्ध विषयहरुमा श्रद्धा हुन सक्तैन। यस्तो मानिसहरुलाई त्यहाँ ग्रहण गर्दाखेरि "श्रद्धा तीन किसिमका हुन्छन।" सात्त्विकि मानिसहरु देवताहरुको यजन गर्दछन" इत्यादि अगाडि भनिने विषयहरुको अनुपपत्ति अर्थात् असंगति हुन्छ। अतयव शास्त्रविधिको उलंघन गर्ने वाला यहाँ ग्रहणीय छैन। जुन मानिसहरु क्लेशबुद्धिले या आलस्य वश शास्त्रार्थलाई जान्ने प्रयत्न गर्दैनन् , परन्तु खालि आचार परम्परा वश श्रद्धापूर्वक कुनै देवताको आराधनामा प्रवृत्त हुन्छन। तिनीहरु नै यहाँ ग्रहणीय छन। अतयव यस श्लोकको अर्थ यो छ-जुन मनुष्यले शास्त्रोक्त विधिहरुलाई त्याग गरी अर्थात् क्लेश बुद्धि या आलस्यले केवल आचारको प्रामाण्य वश श्रद्धान्वित भएर यज्ञ गर्दछन्, उनिहरुको निष्ठा अर्थात् स्थिति कुन किसिमको हुन्छ। यसै कारण विशेष रुपसित सोधिरहेछन-हे कृष्ण! उनको यो देवपूजाको प्रवृत्ति सत्त्व संश्रित,रजः संश्रित या तमः-संश्रित छ। श्रद्धा सात्त्विक वस्तु हो, अतः क्लेश बुद्धि एवं आलस्य वश शास्त्रमा अनादरको कारण राजसिकत्व एवं तामसिकत्व दोष हुनुले विविध श्रद्धामा यहां सन्देह हुन्छ। उनको श्रद्धा या निष्ठा श्रद्धायुक्त हुनुको कारण उनिहरु सात्त्विक हुनुको प्रतीति हुन्छ, तथा क्लेशबुद्धि एवं आलसको कारण शास्त्रमा अनादर राजसं या तामस भावलाई सूचित गर्दछ। अतयव प्रश्न यो छ-यदि तिनीहरु सत्त्व संश्रित छन त उनलाई यथोक्त आत्मज्ञानमा अधिकार हुन सक्छ या सक्दैन ॥१॥

आध्यात्मिक व्याख्या-"शरीरको तेज द्वारा अनुभव भैरहेको छ-जुन मानिसहरु शास्त्रविधि अर्थात् क्रियाको परावस्थामा नरहिकन कर्म गर्दछन, फलाकांक्षासाथ, उनको निःशेष रुपमा स्थिति सत्त्व, रज, तमः कर्ममा, कुन किसिमसंग हुन्छ ?"

कर्मानुष्ठान गर्नेवालाहरु तीन श्रेणिहरुमा विभक्त छन-(१)-जसले शास्त्र विधि जानेर पनि त्यसमा अश्रद्धा गरी आफनो इच्छा अनुसार कर्मको अनुष्ठान गर्दछन तिनीहरु असुरसम्प्रदायका हुन । (२) जसले शास्त्र विधि निषेधलाई जानेर तदनुसार श्रद्धापूर्वक कर्मको अनुष्ठान गर्दछन ,तिनीहरु देव सम्प्रदायका हुन । (३) परन्तु एक किसिमको अर्को सम्प्रदाय छ, जो आस्तिक्य बुद्धिशाली छन, उनलाई देवपूजामा, नित्य नैमित्तिक क्रियाहरु अश्रद्धा छैन, त्यसले अनुष्ठान पनि यथासमय जे गर्नु पर्दछ गर्दछन, परन्तु तिनीहरु पंडित होइनन्, शास्त्रविधि ठीकठीक जान्दैनन् नजान्नुको चेष्टा गर्दछन, उनको पूजा यज्ञादि ठीक शास्त्रानुसार भएको छ या छैन, यस विषयको पनि उनलाई केही ज्ञान हुँदैन, परन्तु जुन परम्परा देखि चलिआइरहेकोछ त्यसलाई श्रद्धापूर्वक गर्दछन । यस श्रेणीका मानिसहरु एकातिर श्रद्धायुक्त हुन्छन र अर्कोतिर शास्त्रविधि पालनमा शिथिल भावापन्न छन ।यस्ता मानिसहरुको श्रद्धा सात्त्विक होला अथवा राजसिक या तामसिक ?-

-जुन यथार्थ पूजा छ, त्यो साधारणतः सबैद्वारा हुनेवाला छैन । शास्त्र विहितरुपमा पूजा या यागयज्ञादि गर्नु विशेषतः वर्तमानकालमा कठिन छ । शास्त्रविधि विधान अनुसार पूजा प्रायः धेरै कम मानिसहरुले नै गर्न सक्दछन, किन भने हामी सबै विधान जान्दैनौं, जानेर पनि त्यसलाई गर्नसक्नु हाम्रो सामर्थ्य बुता बाहिर छ, । यसैले वर्तमान कालमा जुन पूजा या यज्ञादि हुन्छन तिनीहरु शास्त्रविधी अनुसार हुदैनन् । तथापि कुल परम्परा अुनसार गृहदेवता या समयानुसार समय विशेषमा जुन विशेष पूजा हामीहरु गर्दछौं, त्यो विधि अुनसार नभएपनि त्यसमा श्रद्धाको अभाव हुदैन । यस प्रकारको निष्ठा सात्त्विक, राजसिक अथवा तामसिक कुन श्रेणीको भन्न सकिन्छ ? यस श्लोकको अध्यात्मिक तत्त्व यो छ-कार्य त सबैले गर्दछन, एक सामान्य मानिस देखि लिएर एक असाधारण मनुष्य सम्म सबलाई नै कुनै न कुनै काम गर्नु पर्दछ । अत्यन्त संसारासक्त दुर्जन मानिसले पनि काम गर्दछन अनि निःस्वार्थ साधुजनले अरुकोलागि परिश्रम गर्दछन। संभवतः सबै श्रेणीका मानिसहरुले साधनामा प्रयत्न गर्न सक्दछन, परन्तु उनको निष्ठामा यथेष्ट पार्थक्य हुन्छ । कोही मानिसहरु क्रिया यसैले गर्दछ-शरीर राम्रो रहनेछ, कोही त मानिसहरुलाई देखाउनको लागि गर्दछन, कोही कोही मानिसहरु माथि प्रभुत्व स्थापनाको लागि साधना गर्दछ, कोही कोही नै आत्मस्वरुप जान्नको लागि साधना गर्दछन । मनुष्य जन्मको सर्वोत्तम कर्तव्य यही हो, यसैले अन्यविषयमा विशेष लक्ष्य नगरी तिनीहरु ले केवल त्यही प्रयत्न गर्दछन् जसबाट आत्मज्ञान या भगवद्भक्ति प्राप्त होस । यी सब श्रेणिहरुका मानिसहरुको निष्ठा गुणयुक्त हुन्छन, अर्थात् कसैको सात्त्विक निष्ठा हुन्छ, कसैकसैको राजसिक तथा कसैको तामसिक । परन्तु एक किसिमको अन्य कर्मी छन जसलाई कर्म गर्नुको प्रयोजन हुँदैन, तथापि तिनीहरु लोक शिक्षाको लागि यथाविहित कर्म गर्दै जान्छन, कर्ममा उनको अलि कति पनि आसक्ति हुँदैन । सब मानिसले यस किसिमको कर्म गर्न सक्तैन । जसले साधनाको प्रभाव देखि क्रियाको परावस्था प्राप्त गरेको छ, तिनीहरु त्यस अवस्थामा रहिकन जगत्को सारा व्यवहारहरु यथायोग्य भावले सम्पन्न गर्न सक्दछन् । परन्तु ती कर्मी जो शास्त्रविधिमा न रहिकन अर्थात् क्रियाको परावस्थामा नरही फलाकांक्षाको साथ क्रिया गर्दछन र फलाकांक्षाको विषयमा जसको दृढ निष्ठा हुन्छ, तिनीहरुलाई

त्यसबाट के फल प्राप्त हुन्छ ? उनको श्वास त सुषुम्नामा चल्दैन, अतयव मनमा सात्त्विकी निष्ठा हुँदैन । सात्त्विकी निष्ठा हुनु विना गुणातीत क्रियाको परावस्थाको प्राप्ति हुँदैन । उनको श्वास अधिकतः इडा पिंगलामा नै चल्दछ, तरै पनि त क्रियामा निष्ठा रहनाले तिनीहरु प्रतिदिन कुनै न कुनै किसिमले क्रिया गर्दै चल्दछन ।उनको यस किसिमको आचरणलाई के भनिएला ? कोहीकोही यस्ता पनि छन जसले शास्त्र मान्दछन , श्रद्धापूर्वक पूजा अर्चना पनि गर्दछन्, परन्तु विधिपूर्वक पूजा गर्नको लागि जति साधनशील हुनु आवश्यक छ, तिनीहरु त्यति साधनसंयम हुँदैन । उनको पूजा अर्चना कुन गुणहरुको होला, यही अर्जुनको प्रश्न छ। धेरैजसो क्रियावान मानिसहरुको क्रिया प्रति यथेष्ट श्रद्धाहुन्छ । परन्तु जुन प्रणाली बाट क्रिया गर्दा खेरि ठीक विधि संगत साधना हुन्छ, त्यसलाई तिनीहरुले जान्दैनन या गर्न सक्तैनन् । यस किसिमको क्रियावान क्रियाको फल प्राप्तिमा समर्थ हुन्छन या त्यसबाट बंचित हुन जान्छन,यही हो अर्जुनको प्रश्न ॥१॥

श्री भगवानुवाच-

(मुख्य श्रद्धा सात्त्विकी गौण श्रद्धा त्रिविधा)

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ;
सात्त्विकी राजसी चैव तामसी चेति तां श्रृणु ॥२॥

श्री धरीय टीका-[यसको उत्तरमा]-श्री भगवान् बोल्नु भयो-शास्त्र एवं तत्त्वज्ञान अनुसार कर्ममा प्रवृत मानिसहरुको परमेश्वरपूजा विषया श्रद्धा एक मात्र सात्त्विकी नै हुन्छ ,परन्तु लोकाचार अनुसार कर्ममा प्रवृत्त मनुष्यहरुको जुन श्रद्धा हुन्छ त्यो सात्त्विकी राजसी एवं तामसी तीन प्रकारको हुन्छ । यसको कारण यो छ-उनको श्रद्धा स्वभावजा अर्थात् पूर्व संस्कार देखि उत्पन्न हुन्छ । स्वभावलाई अन्यथा गर्नुमा शास्त्र जनित विवेक ज्ञान नै समर्थ हुन्छ । जसले लोकाचार अनुसार कर्मानुष्ठान गर्दछन ,उनकोपास त्यो हुँदैन । अतयव केवल पूर्व स्वभाव अनुसार या संस्कारवश जुन श्रद्धा हुन्छ, त्यो तीन किसिमको हुन्छन ,यसैले द्वितीय अध्यायमा श्री भगवानले भन्नु भएको छ-"निश्वयात्मिका बुद्धि एक नै हुन्छ " ॥२॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा अनुभव भैरहेको छ-तीन प्रकार को श्रद्धा हुन्छन् । सात्त्विकी, राजसी, तामसी । "

श्रद्धा तीन प्रकारको हुन्छ । त्यो प्राणीहरुमा स्वभावज हुन्छन, अर्थात पूर्व जन्ममा अनुष्ठित जन धर्मादि संस्कार छन, तथा जुन मरणकाल मा अभिव्यक्त हुन्छन, ती पूर्व संस्कार नै वर्तमान देहमा "स्वभाव" संज्ञालाई प्राप्त हुन्छन । यो श्रद्धा सात्त्विकादि प्रकृति भेदले तीन किसिमको हुन्छ । यस स्वभावलाई लिएर नै मनुष्य जन्म लिन्छन । जसको जस्तो पूर्व संस्कार हुन्छ, तेसलाई त्यस्तो श्रद्धा विना शिक्षाले पनि हुन्छ। यसरी विभिन्न प्रकृति अनुसार श्रद्धा तीन किसिमको हुन्छ, त्यसैको बारेमा भगवान्ले यहाँ भन्नु भैरहेछन । शास्त्रादि पाठ, साधुसंग एवं साधन जनित सात्त्विकी श्रद्धा जुन साधकहरुलाई हुन्छन, त्यसको बारेमा यहाँ

भन्नु भएको छैन । मनमा निरन्तर तीन गुणले खेल गर्दछन, मन जब जुन गुणमा अवस्थित हुन्छ, त्यस अनुसार नै त्यसको श्रद्धा सात्विकी, राजसी, तामसी हुने गर्दछन । यी गुण जीवको प्रकृतिमा हुन्छन अतयव श्रद्धामा पनि निरन्तर परिवर्तन प्रकृतिको भावानुसार तीन किसिमको हुनेनै छ । शरीर, इन्द्रियहरु अनि मनमा यी तीन गुणहरुको निरन्तर परिवर्तन भैरहन्छन । श्वास इडा पिंगलामा रहेपछि श्रद्धा पनि तदनुसार राजसिक या तामसिक भैरहन्छन । सुषुम्नामा श्वास रहेपछि सात्त्विकी श्रद्धाको उदय हुन्छ । स्वाभाविक श्रद्धा पूर्व कर्महरु अनुसार हुन्छन, परन्तु सात्त्विकी श्रद्धा साधन भजन, साधुसंग एवं शास्त्रालोचना द्वारा तैयार गर्नु पर्दछ ॥२॥

(पुरुष श्रद्धामय छ)

सत्त्वानुरुपा सर्वस्य श्रद्धा भवति भारत ;
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

श्री धरीय टीका-[श्रद्धा वस्तुतः सात्त्विकी नै हुन्छ किनभने भगवान्ले उद्धवलाई भनेको छ ।-शम, दम, तितिक्षा, विवेक, तपस्या, सत्य, दया, स्मृति, तुष्टि, त्याग, अस्पृहा, श्रद्धा, लज्जा क्षमा तथा आत्मनिवृत्ति यी सारा सत्त्व गुणकै वृत्तिहरु हुन । अतयव श्रद्धालाई कसरी त्रिविध भन्नु संभवहुन सक्तछ, यसको उत्तरमा भन्नु हुन्छ-यो कुरा सत्य छ, श्रद्धा सात्त्विक वृत्ति हुन, तथा सत्त्व रज र तमको मिश्रणले सत्त्वको त्रिविध हुनुको कारण श्रद्धाको पनि त्रिविधता घटीत हुन्छ]-सत्त्वानुरुप अर्थात सत्त्व-तारतम्यानुसार विवेकी र अविवेकी सबलाई नै श्रद्धा हुन सक्तछ । यसैकारण यो लौकिक पुरुष श्रद्धामय छ अर्थात त्रिविध सत्ता द्वारा विकारलाई प्राप्त हुन्छन । यसैले भन्नुहुन्छ-"यो यच्छ्रद्ध :" अर्थात जसको जस्तो श्रद्धा हुन्छ, "स एव सः" त्यो त्यस्तै नै श्रद्धायुक्त हुन्छ । जुन पहिले सत्त्वोत्कर्षता को कारण सात्त्विक श्रद्धायुक्त थियो , त्यो त्यसै संस्कारको कारण पुनः सात्त्विक श्रद्धायुक्त हुन जान्छ जो पहिले रजोगुणको उत्कर्षताको कारण राजस श्रद्धायुक्त थियो । त्यो पुनः त्यसरी नै राजस श्रद्धायुक्त हुन्छ तथा जो तमोगुणको उत्कर्षताको कारण तामस श्रद्धायुक्त थिए त्यो पुनः तामस श्रद्धा युक्त हुन जान्छ । यसैले लौकिक आचार अनुसार कर्ममा प्रवृत्त व्यष्टिहरुको लागि नै यस किसिमको सात्त्विकी, राजसी एवं तामसी श्रद्धाको व्यवस्था छ । शास्त्रज्ञान जनित विवेक युक्त पुरुष स्वभाव विजयी हुनुको कारण एकमात्र सात्त्विकी श्रद्धा नै हुन्छ । यस प्रकरणको अर्थ यही छन ॥३॥

आध्यात्मिक व्याख्या-"सत्त्वगुणमा अर्थात् क्रिया गर्दछ ब्रहमको अणुमा रहेर त्यही पुरुषोत्तम त्यही ब्रहममय छ-क्रियाको परावस्थामा जो रहन्छ त्यही ब्रहम हो ।"

-विशिष्ट संस्कारयुक्त अन्तःकरणलाई नै "सत्त्व" भन्दछन । अन्तःकरणको प्रकाश स्वभावको कारण त्यसलाई "सत्त्व" भन्दछन । जुन अन्तःकरणमा जुन किसिमको संस्कार प्रबल हुन्छ, त्यस संस्कार अनुसार नै तेसको श्रद्धा हुन्छ । गुण सम्मिश्रणको कारण अन्तःकरणमा पनि तारतम्य हुन्छन । यसैकारण श्रद्धामा

पनि विचित्रता आउँदछ । श्रद्धा अन्तःकरणकै धर्म हो, यसैले कोही पूर्णरुपेण श्रद्धाहीन हुन सक्तैन । जीवमा चाहे जुनसुकै गुण प्रबल होस, सत्त्व गुण त केही रहनेनै छ । अतयव श्रद्धा पनि केही रहनेनै छ । यसैले जीवलाई श्रद्धामय भन्दछन । निश्चय नै अत्यन्त तमः प्रधान मनुष्यमा सत्त्वगुण अत्यन्त अस्फुट रहन्छन, यसैले उनमा सात्त्विक वृत्तिको कार्य अतीव स्वल्प देखिनमा आउंदछन । जुनमानिसहरु केवल लोकाचरण मात्र अनुशरण गरेर कार्य गर्दछन, उनको श्रद्धा उत्कर्ष हुँदैन । श्रद्धा उत्कर्ष साधन गर्नकोलागि शास्त्र ज्ञान एवं साधनाको आवश्यकता छ । गुरु र वेदान्त वाक्यमा दृढ प्रत्यय नै श्रद्धा हो, परन्तु अन्तःकरण अशुद्ध रहेमा सात्त्विक दृढ श्रद्धाको उदय हुँदैन । साधकको दृढ श्रद्धाले साधन विषयमा उनको चित्त दृढतापूर्वक निबद्धहुन जान्छ । गीता भन्दछन-श्रद्धावान मानिसहरु अर्थात जो तत्पर एवं संयतेन्द्रिय छन, तिनीहरुले ज्ञान प्राप्त गर्न सक्दछन ।ज्ञान प्राप्ति पछि नै परमा शान्ति मिल्दछ । जो जसले जति नै मन लगाएर क्रिया गर्नेछन, त्यति नै उसको सत्त्व संशुद्धि हुनेछ । सुषुम्नाकोभित्रै देखि प्राणधारा प्रवाहित भएपछि ब्रहमाणुमा स्थिति प्राप्त हुनेछ र पश्चात् क्रियाको परावस्थामा साधक ब्रहमस्वरुप हुन जानेछ ।

क्रियाको परावस्थामा ब्रहमभाव सिवाय अरु कुनै भाव रहँदैन, त्यति बेला साधक गुणातीत हुन जान्छन । परन्तु क्रियाको परावस्था भन्दा तल अथवा क्रिया गर्दा गर्दा जब मन केही स्थिर हुन जान्छ परन्तु पूर्ण निरोधावस्था प्राप्ति हुदैन, तब मनमा विषय चिन्ता नरहनुको कारण त्यो सत्त्व गुणको अवस्था हुन्छ । त्यस अवस्थाको प्राप्ति पछि साधना मा जुन उग्र प्रयत्न हुन्छ, त्यसबाट ध्यान र ध्यानबाट समाधि आसन्न हुन्छ । मुक्तिको लागि सुतीव्र इच्छाको कारण मुक्तिको प्राप्तिमा जुन प्रयत्न हुन्छ, त्यही सात्त्विकी श्रद्धा हो । श्रद्धा *"चेतस: सम्प्रसाद:"*-श्रद्धाले चित्तलाई प्रसन्नता हुन्छ । चित्तमा अधिक मलको अंश नरहनाले साधनामा प्रयत्नको बढोत्तरी हुन्छ । प्रयत्नका आधिक्यले चित्त महास्थिरतामा प्रवेश गर्दछ । जसरी समुद्रको पींधमा डुबकी लगाएर मानिसहरुले रत्न संग्रह गर्दछन, तेसरी नै समाधिमग्न योगीले ज्ञानरत्न प्राप्त गरी कृतकृत्य हुन्छन । सत्त्वगुण जति जति नै बढोत्तरीलाई प्राप्त हुन्छन, उति नै अणु सदृश ब्रहमको अनुभुति हुन लाग्दछन । सात्त्विक , राजसी एवं तामस गुण देखि समुद्भूत यो प्रकृति ब्रहमको नै विलास हो । क्रिया जति धेरै गर्नेछौं त्यति नै मात्रामा तिमीले गुणहरुलाई अतिक्रमण गर्दै गुणातीत अवस्थामा पुग्न सक्नेछौ । साधनाको क्रम अनि त्यसको फल तल लेखिइन्छन-

कूटस्थ नै देवताहो, त यस कूटस्थको भित्र नारायण छन । कूटस्थमा मनलाई राखेपछि, कूटस्थ जस्तो सर्वव्यापक छ, साधकको मन पनि त्यस्तै नै सर्वव्यापक हुन जान्छ । कूटस्थ नै ब्रहम , गुरु, एवं आचार्य हुन। कूटस्थमा रहँदा चित्त प्रसन्न हुन्छ । यही सत्त्वसंशुद्धि एवं चित्तको सत्त्वगुणमा स्थिति हो । आत्मामा नै परम पद रहन्छ । जसले विषयहरुको बीचमा रहँदै पनि सर्वदा कूटस्थमा मन राख्न सक्दछ, त्यही ऋषि हो । आत्मामा लक्ष्य राख्नुको अभ्यास गर्नाले नै आत्मामा मनको स्थिति हुन्छ र मन आत्मासँग एक हुन जान्छ । आत्मा नै कूटस्थ र ब्रहमाणु हुन । ब्रहमाणुको भित्र त्रिलोक वर्तमान छन। क्रियाको परावस्था ब्रहम अणुमा भित्र प्रवेश गरेपछि स्वर्ग, मर्त्य, सर्वत्र गमनागमन गर्न सकिन्छन् किन भने स्वर्ग, मर्त्य सब ब्रहमको अणु भित्रै छन । साधक त्यस ब्रहम अणुको भित्र प्रवेश गरेपछि सर्वत्र पुग्न सक्तछ या रहन

सक्तछ । यसमा केही सन्देह छैन । कूटस्थको भित्र नै पुरुषोत्तम रहन्छ । जसले भक्तिपूर्वक साधना गर्दछ, त्यसले यस शरीरकै भित्र त्यसलाई देख्न सक्तछ । त्यही प्रकृष्टरुपमा शरीर धारण गरी जन्म ग्रहण गर्दछ । त्यही सर्वत्र छ, यसैकारण त्यसलाई विष्णु भन्दछन । षडैश्वर्यवान हुनुको कारण उसको नाम भगवान् छ । कूटस्थको भित्र त्यो परम निर्मल पुरुषोत्तम छ । यसैले त्यसको नाम "शिव" छ । क्रियाको परावस्थामा त्यो आफु आफैमा रहन्छ । त्यो सबै रसहरुको रस तथापि स्वयं अरस छन । क्रियाको परावस्था नै विज्ञानमय अवस्था हो, त्याहाँ न आलोक छ न अन्धकार । त्यस समय त्यो सर्वमय हुन्छ, किनभने "सर्व" उसकै प्रकाश हुन । यसैले क्रियाको परावस्थामा जो रहन्छ ,त्यो सर्वज्ञ हुन्छ ॥३॥

(श्रद्धाको दृष्टान्त गुणभेदले पूजाको प्रकार भेद-सात्विक, राजसी एवं तामसी व्यष्टिको पूजा)

यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः ;
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

श्री धरीय टीका-[सात्त्विकादि गुणभेद उनको कार्यभेद द्वारा प्रदर्शित गर्नु हुन्छ]-सात्त्विक मानिसहरु सत्त्व प्रकृति देवताहरुको पूजा गर्दछन । राजसिक पुरुष रजः प्रकृति यक्षराक्षस आदिको पूजा गर्दछन । यी दुवैहरु देखि भिन्न या विलक्षण जुन तामसिक पुरुषहरु छन तिनीहरुले तमः प्रकृति प्रेत एवं भूतहरुको पूजा गर्दछन ॥४॥

आध्यात्मिक व्याख्या-"देवता अर्थात् कूटस्थको उपासना सत्त्वगुणावलम्बी मानिसरुले गर्दछन, रजोगुणीले धनको उपासना गर्दछन अनि भोग, तथा तमोगुणमा मृत्यु एवं पंचभूतहरुको उपासना गर्दछन ।"

जसको सत्त्व प्रकृति स्वाभाविक छन तिनीहरु देवताहरुको पूजा गर्दछन । कूटस्थ नै पर देवता हुन, अतयव कूटस्थको दर्शनादि जसलाई नित्य हुन्छन तिनीहरुलाई नै सात्त्विक बुझ्नु पर्दछ । यी सात्त्विकादिं गुण कस्मा रहन्छन्, यसलाई यस किसिमसँग जान्न सकिन्छन । एक नै साधन सबैलाई बताइयो, एक मानिसले खुब श्रद्धापूर्वक साधना गर्न लाग्यो तथा उसलाई प्रतिदिन कूटस्थ दर्शन एवं स्थिरताको अनुभव हुन लाग्यो । परन्तु जुन मानिसहरु राजसी छन तिनीहरुले अर्थ एवंभोग चाहन्छन, अतयव उनिहरुले क्रिया गरी फल पाउन चाहन्छन् । उनको विशेष लक्ष्य यही हुन्छ-कुन किसिमले क्रियागरी दुई चार साना ठूला अनायास लभ्य सिद्धिहरु प्राप्त गर्ने । जुन मानिसहरुले क्रिया गर्दैनन, तिनीहरु कुबेर आदि यक्षहरु र नैऋत आदि राक्षसहरुको पूजा गरी धनप्राप्तिको आशा गर्दछन । फलस्वरुप तिनीहरु कामजालमा अरुपनि बढि जडित भएर मोक्षमार्गलाई अवरुद्ध गर्दछन । सभ्य जातिमा पनि केही मानिसहरुले आफनो महत्व देखाएर मानिसहरु माथि प्रभुत्व स्थापनाको लागि भूत पिचाश आदिको उपासना गर्दछन । तिनीहरुमा कोही कोहीले सिद्धि प्राप्त पनि गर्दछन । परन्तु त्यस सिद्धिको फलस्वरुप उनिहरुको अरुपनि बढी अधोगति हुन्छन । कोही कोहीपंचभूतहरुको उपासक छन । उनिहरुको दृष्टि स्थूल हुन्छन, यसैले जल अग्निमादि पंचीकृत भूतहरुको उपासनामा कालक्षेप गर्दछन । परन्तु जल एवं अग्निको भित्र जुन एकमात्र परदेवता

रहन्छन उनलाई तिनीहरुले जान्न पाउदैन । यसैले तिनीहरुले अमृत तत्त्वलाई प्राप्त नगरी मृत्यु लोकलाई प्राप्त गर्दछन् । मृत्यु पछि ती स्वधर्म भ्रष्ट प्रेतादिको उपासक वायुमय देह घारण गरी उल्कामुख कट पतनादि नामक प्रेत योनिहरुमा प्राप्त हुन्छन् ॥४॥

(आसुरिक पूजा)

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ;
दम्भाहंकार संयुक्ता कामराग बलान्विता ॥५॥

श्रीधरीय टीका-[राजस एवं तामसमा पनि विशेषता छ, त्यसलाई दुई श्लोकहरुमा देखाउनु हुन्छ]-शास्त्र विधिलाई नजानेर पनि कोही कोही उत्तम मानिसहरु पूर्व पुण्य संस्कार वश सात्त्विक हुन्छन । कोही कोही मध्यम मानिसहरु राजस हुन्छन, परन्तु जुन अधम मानिसहरु छन तिनीहरु तामस हुन्छन । अरु त अत्यन्त नै मन्दभाग्य छन तिनीहरु गतानुगतिक भावले पाखण्डीहरुको संगतमा परेर उनैको आचरण अनुशरण गर्दै अशास्त्रविहित घोर भूत भयंकर तप गर्दछन । यसको कारण यही छ-तिनीहरु दम्भ एवं अहंकारले युक्त हुन्छन तथा काम (अभिलाषा) राग (आसक्ती) एवं बल अर्थात आग्रह द्वारा युक्त हुन्छन् ॥५॥

आध्यात्मिक व्याख्या- "क्रिया नगरी जसले घोर तपस्या गर्दछन-पंचतपादि, दम्भ अहंकारको साथ इच्छा र क्रोध तथा बलपूर्वक ।"-दम्भ एवं अहंकार सँग जसकोनित्य सम्बन्ध छ, तिनीहरु काम, राग एवं वलले उन्मत्त भएर अशास्त्रविहित घोर तपस्या गर्दछन, तिनीहरु शरीरलाई सुकाइदिन्छन अर्थात अति क्षीण गरिदिन्छन । तिनीहरुले इन्द्रियहरुलाई बाहय उपायहरु द्वारा अचैतन्य गरिराख्दछन । कहिले काहिं इन्द्रियहरुको उत्तेजनामा तिनीहरु पाखण्डी समान घोर-घोर अत्याचार गर्दछन । अस्वाभाविक रुपमा इन्द्रियहरुलाई क्षीण गर्नाले संयम अभ्यास हुँदैन तथा संयमको फल पनि प्राप्त हुन सक्तैन । तिनीहरु सम्झन्छन-यी समस्त अस्वभाविक उपायहरु द्वारा तपस्या गरेपछि शीघ्र नै तपस्याको फल प्राप्त हुनेछ । कसैकसैलाई यस किसिमको तपस्याको फल मिल्दछ पनि, परन्तु विवेक वैराग्य नहुनुको कारण अहंकार अभिमान वशात् गुरु, शास्त्र एवं देवताको अवहेलना गरी तिनीहरुले आफनो लागि घोर नरकको बाटो प्रशस्त गरिलिन्छन । पूर्वकालमा हिरण्यकशिपु रावणादिले घोर तपस्या गरेका थिए । तपस्याको फलस्वरुप उनिहरुलाई ऐश्वर्य शक्ति, एवं समृद्धि प्रचुर परिमाणमा प्राप्त भएको थियो । किन्तु विवेक वैराग्य को अभावमा असंयमादिको कारण उनलाई शीघ्र नै ध्वंस प्राप्त हुनु पर्‍यो । यसै कारण आसुरी तपस्या गर्नाले कुनै विशेष लाभ छैन । जसको शरीर र इन्द्रियहरु खाद्यको अभावमा दुर्वल हुन जान्छन, उनको विषयासक्ति कम हुँदैन । लोभवशात् सकाम तपस्यामा आफुलाई नियुक्त गर्दछन । यस द्वारा मन एवं बुद्धि अझ बढि मलिन हुन जान्छन अनि तिनीहरु आत्मदर्शनको अनुपयुक्त हुन जान्छन ॥५॥

कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः ;
मां चैवान्तः शरीरस्थं तान्विद्ध्यासुर निश्चयान् ॥६॥

श्री धरीय टीका-[अरुपनि भन्नुहुन्छ]-शरीरको आरम्भक रुपले देहमा अवस्थित भूतग्राम अर्थात् पृथिव्यादि भूतहरुलाई वृथा उपवासदि द्वारा कृश गरी अविवेकी मानिसहरुले अन्तर्यामी रुपसित शरीरमा अवस्थित मलाई पनि क्लेश दिएर तपश्चरण गर्दछन । त्यस्तालाई अति क्रुर निश्चय वाला सम्झनु ॥६॥

आध्यात्मिक व्याख्या-"शरीरलाई सुकाएर सारा इन्द्रियहरुलाई अचैतन्य बनाइकन अर्थात् कूटस्थमा नरहिकन, शरीरमा जुन मैछु, यसरी मैलाई क्लेशकष्ट दिई जो तपस्या गर्दछन, त्यो आसुरी तपस्या हुन्छ अर्थात् त्यो राम्रो छैन, सकाम हो ।"

शरीरको भित्र आत्मा साक्षीस्वरुपमा अवस्थान गर्दछन । आसुरबुद्धिवालाले त्यस आत्मालाई पनि कृश गर्दछन । आत्मालाई कृश गर्नुको अर्थ यो होइन-आत्मा देहादि समान क्षीण या दुर्वल हुन जान्छन । आत्मा तबै कृश हुन्छन जब ईश्वरीय वाक्यको अवहेलना हुन्छन । शास्त्रादिलाई नमान्नु या तदनुसार कार्यादि नगर्नाले नै ईश्वरको वाक्यको अवहेलना हुन्छ र त्यसदेखि आत्मसम्बन्धी ज्ञान आवृत हुन जान्छन । आत्मा माथि जति जति नै यो आवरण पर्दै जान्छन, त्यति त्यति नै हाम्रो मन बुद्ध्यादि आत्माको स्वप्रकाशलाई अनुभव गर्नपाउँदैन । यही हो आत्मालाई कृश गर्नु ।

"सूर्यकोटि प्रतीकांशं चन्द्रकोटी सुशीतलम्"

यस किसिमसँग आत्म ज्योति प्रकाशको अनुभव योगीजनले गर्दछन् । परन्तु जुन मानिसहरु अनाचारी या अत्याचारी छन, तिनीहरुले साधन तन्त्रको कठोर नियमलाई पालन गर्न पाउँदैनन् । मनमा प्रकृत वैराग्य उदित नहुनुको कारण विषयभोगको अधिकाधिक रुचि कम हुँदैन । फलस्वरुप देह अनि इन्द्रिय आदि पनि क्षीण एवं दुर्वल हुन जान्छन । ज्योतिलाई धारण गर्नेवाला शरीरादि वलहीन हुन जान्छन अनि त्यसको भित्र देखि आत्माको प्रतिविम्ब सुन्दरता पूर्वक प्रतिविम्बित हुन पाउँदैन । जसरी कांच र पत्थरमा स्वच्छताको तारतम्यको कारण ज्योतिको प्रकाशको तार्तम्य हुन्छ, उसरी नै देहेन्द्रियादि सत्त्व भावापन्न नभएमा तेसभित्र आत्मज्योतिको प्रकाश पनि क्षीणतालाई प्राप्त हुन्छ । यसैले जसले पापादि कर्म द्वारा शरीर, इन्द्रिय र मनलाई कलुषित गर्दछन, उनिहरुको भित्र पनि आत्मज्योतिको प्रकाश मन्द हुन जान्छन । यही हो-"आत्मस्वरुप मै लाई कृशगर्नु" । पूर्ण संयमको अभावमा योगी हुनुको इच्छा गर्नु जसरी हास्यास्पद छ, त्यसरी नै कूटस्थमा नरहिकन गेरुवा वानामा शरीर सजाय र तपस्वी हुन खोज्नु त अस्वाभिक एवं निष्फल चेष्टा मात्र हो । धेरैजसो मानिसहरु सम्झन्छन-तन्त्र मतानुसार साधनादि गर्नु वेदविरुद्ध व्यापार हुन । वेदलाई नमान्नु अर्कै कुरा हो, परन्तु वेदविधि पालनमा अक्षमताको कारण शिवोक्त तन्त्रानुसार "कार्य गर्नु अशास्त्रविहितकार्य" होइन । यथार्थतः तन्त्रको आन्तरिक उद्देश्य हो वेदोक्त मार्गको रक्षा गर्नु । जब मनुष्य कालदोषले कलि रोगग्रस्त भएर असमर्थ हुन जान्छन, त त्यस असमर्थ जीवकुललाई पुनः धर्ममा प्रवर्तित गर्नको लागि त्यसरोगको शान्तिका लागि चेष्टा गर्नु नै सर्वप्रथम कर्तव्य हो । यसैबाट दुरारोग्य कलिदोष दूषित व्याधिको उपशम गर्नको लागि जगद्गुरु श्री महादेवले जीवहरुको कल्याणार्थ तन्त्रशास्त्रको प्रणयन गर्नु भएको छ । अतयव तन्त्रशास्त्रको मतले साधन गर्दाखेरि "अशास्त्रविहित घोर तपस्या" हुँदो हो,-यस्तो कुरा छैन ।

"त्वया कृतानि तन्त्राणि जिवोद्धारणहेतवे "

जस्को निस्तारकोलागि नै तपाईले तन्त्रशास्त्रलाई प्रवर्तित गर्नु भएको छ । तन्त्रमा जुन भोगसाधन वस्तु द्वारा साधना गरिन्छ । त्यसको उद्देश्य तन्त्रोक्त क्रियाको अभ्यास द्वारा क्रमशः क्रमशः भोग वासनालाई निवृत गरिदिनु हो । पश्चात निवृति पथको अवलम्बन गरी साधक मोक्ष प्राप्तिको योग्य हुन जान्छ । यसैले तन्त्र भन्छ ।-

"यत्रास्ति भोगो न च तत्र मोक्ष,
यत्रास्ति मोक्षो न च तत्र भोग ,
देवी पदाम्भोज-समाश्रितानां
भोगश्च मोक्षश्च करस्थ एव ॥

जो भोगी छ त्यसले मोक्ष प्राप्त गर्न सक्तैन, मुमुक्षु पुरुषलाई भोगको प्राप्ति हुन सक्तैन । जसले जगन्माताको चरणमा आश्रय लिएको छ, अर्थात् जसले तंत्रोक्त विधान अनुसार उपासना गर्दछन, तिनीहरुले भोग र मोक्ष दुवैलाई प्राप्त गर्दछन ।यसैले तन्त्रोक्त पंच मकारको साधना प्रवर्त्तित भयो । त्यसको भित्र पनि योगाभ्यासको विधान छ । जो तत्त्वान्वेषी छन, तिनीहरु यदि पंचमकारको गूढ रहस्य र उद्देश्य देखि अवगत भएर साधना गर्दछन त फेरि कुनै गडबडी हुँदैन । परन्तु जो स्थूल भावले साधन गर्नमा अभ्यस्त छन, तिनीहरु यदि यथार्थ सदगुरुको चरणहरुको आश्रय लिन्छन त उनको आज्ञा अनुसार चलेमा कृतकृत्य हुन सक्छन । स्वमांस होम या ब्राहमण रक्त द्वारा होम गर्नु जुन इष्ट देवताको तर्पणको विधि छ, त्यसको अर्थ साधारण मानिसहरुले जान्दैनन् । यसैले गुरुमुखबाट तन्त्रादि शास्त्रहरु सिक्नु आवश्यक छ । महाभारतको टीकाकार श्रद्धास्पद नीलकण्ठ जैन धर्मावलम्बी थिए र उनलाई तन्त्रको यथार्थ रहस्य एवं तन्त्रको सांकेतिक अर्थको ज्ञान थिएन । यसैकारण यी कुराहरुमा जीवहत्या को उल्लेख सम्झिकन उनले यसलाई अशास्त्रविहित भन्नुभएको छ । परन्तु वास्तविक तन्त्रोक्त मतानुसार साधना अशास्त्रविहित हुनै सक्तैन । जीव हत्याको विषय वैदिक यज्ञमा पनि छ, परन्तु त्यसको आध्यात्मिक अर्थ छ । बाह्य अर्थमात्र लिई विचार गर्दामा स्वयं वेद पनि "अशास्त्रीय" हुन जान्छन ।

कूटस्थमा रहनु नै प्रकृत तपस्या हो, यसलाई नजानिकन जुन मानिसहरु भक्तिसँग केवल बाह्यानुष्ठानमा आसक्त हुन्छन, त्यस तपस्याको फल पनि केही हुन्छ । परन्तु बाह्याडम्बरपूर्ण अनुष्ठानमा रत भएर शास्त्रादिको उल्लंघन गर्दछन, तथा केही फल पाउनु को आशाले (आसुरिक) तपस्यामा रत भएर शरीर मनलाई क्षीण गरिहाल्दछन, उनको यो तपस्या आसुरिक तपस्या हुन्छ । त्यसमा कूटस्थ दर्शन हुँदैन अनि क्रियाको परावस्था पनि प्राप्त हुँदैन । प्रकृत आध्यात्मिकताको दृष्टिले त्यो पूर्ण निष्फल प्रयास जानिइन्छन ॥६॥

आहारस्त्वपि सर्वस्य त्रिविधो भवती प्रिय :
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु ॥७॥

श्री धरीय टीका-[आहारादिको भेद देखि सात्त्विकादि गुणभेद देखाउनको लागि १३ औं श्लोकहरुमा भन्नु हुदैछन]-अन्नादि आहार त्रिविध रुपहरुमा प्रिय हुन्छन । यसरी नै यज्ञ, तपस्या र दान पनि त्रिविध हुन्छन । राजस तामस आहार एवं यज्ञादिको परित्याग गरी सात्त्विक आहार र सात्त्विक यज्ञादिको सेवन द्वारा सत्त्ववृद्धि गर्नु आवश्यक छ । यही भन्नु हुन्छ ॥७॥

आध्यात्मिक व्याख्या-"आहार, यज्ञ, तपस्या दान तीन किसिमका हुन्छन-तीनलाई भन्दछु ।" मनुष्यहरुको प्रकृति अनुसार आहारयज्ञ तपस्या एवं दान पनि तीन किसिमका हुन्छन । को सत्त्वनिष्ठ छ, को रजोनिष्ट छ अनि को तमोनिष्ठ यो मनुष्यको विशेष विशेष आहार प्रति प्रीति देखेर जान्न सकिन्छन । सात्त्विक आहार गर्नाले प्रकृति अधिकतर सत्त्वभावापन्न हुन्छन, अतयव जसबाट सत्त्वगुणको बढोत्तरी हुन्छ, त्यस्तै किसिमको आहार साधकहरुले ग्रहण गर्नुपर्दछ । तथा राजस र तामस आहारत्याग गर्नु पर्दछ । यी विषयहरुलाई ध्यानमा राख्नुको लागि नै सात्त्विक राजसिक एवं तामसिक आहारादि भेदहरुको व्याख्या याँहा श्री भगवानले विस्तृत रुपमा गरिरहेका छन ॥७॥

(सात्त्विक आहार)

आयुः सत्वबलारोग्यसुखप्रीतिविवर्धना,
रस्याः स्निग्धा स्थिरा हृद्या आहाराः सात्विकप्रियाः ॥८॥

श्री धरीय टीका-[आहारको त्रिविधता तीन श्लोकहरुमा भन्नुहुदैछन ।]-आयु, उत्साह, शक्ति आरोग्य, चित्तको प्रसन्नता अभिरुचि-यिनलाई विशेषरुपले बृद्धि गर्नेवाला, रसदार, स्नेहयुक्त तथा जसको सारअंश शरीरमा चिरस्थायी होस अनि जसले मनलाई आनन्द प्रदान गरोस, यस किसिमको भक्ष्य-भोज्यादि आहार सात्त्विक मानिसहरुलाई प्रिय हुन्छन ॥८॥

आध्यात्मिक व्याख्या-"आयुवृद्धि हुन्छ क्षीरले, सत्त्व गुण बढ्छ, घृतले बल, दुग्धबाट,-आरोग्य तिक्त देखि, सुख, मधुबाट, प्रीति पायसले-रसाल वस्तुहरु शीतल हुन्छ । स्थिरा हुन्छ हविष्यान्न हृद्य हुन्छ पायस-घृत मधुमिश्रित-यी सब सात्विक आहार हुन ।"

सात्त्विक मानिसहरुको जुन प्रिय आहार छ तथा जुन सत्त्वगुणबर्धक छ, त्यसलाई बताउनु हुन्छ । (१) जसले आयु वृद्धि हुन्छ, जस्तो क्षीर । (२) जसद्वारा मनको उत्साह बढोस, शरीरको अवसाद दूर होउन तथा सत्त्वगुणको बृद्धि होस, जस्तो घृत (३) जसबाट बल बृद्धि होस जस्तो दुग्ध (४) जसद्वारा सुख प्राप्त होस, पीडा देखि छुटकारा मिलोस, आरोग्य प्राप्त होस जस्तो तीतो पदार्थ (५) जसबाट सुख,प्रसन्नता प्राप्त होस, जस्तो मधु । (६) जसलाई भोजन गर्ना साथ तृप्ति मिलोस, जस्तो पायस । (७) जुन रसयुक्त वस्तु होस जस्तो मीठो फलफूल रसादि । रसिलो चीजहरु खानाले शरीर शीतल रहन्छ । (८) जुन स्निग्ध वस्तु होस -जस्तो मोही, नवनीत प्रभृत्ति । (९) जुन स्थिर होस अर्थात्. जसको सार अंश शरीरमा स्थायीभावले रहोस, जस्तो हविष्यान्न । (१०) जुन हृद्यं होस अर्थात् जुन हेर्नमा मनोरम जानियोस, कुनै किसिमको मलीनता

त्यसमा नहोस, जस्तो पायस-घृत मधु मिश्रित आहार । यी सात्त्विक आहार हुन । जो योगाभ्यासमा रत छन, उनिहरुलाई प्रारम्भमा यदि आहार वस्तु सात्विक भएन भने त साधनामा धेरै विघ्न हुन्छन । जसले साधनामा उन्नति प्राप्त गरेको छ । तथा धेरै बेर सम्म प्रतिदिन साधना गर्दछन, उनको श्वासको स्थिरता बढ्दछ र स्थिरता बृद्धि संगै उनको आहारको परिमाण पनि क्रमश: लघु हुन जान्छ । यसबाट शरीर दुर्वल या रोगग्रस्त हुदैन ॥८॥

(राजसिक आहार)

कट्वम्ललवणात्युष्णतीक्ष्णरुक्षविदाहिन:
आहार राजसस्येष्टा दुख:शोकाभयप्रदा : ॥९॥

श्री धरीय टीका-[अरुपनि भन्नु हुन्छ]-अति शब्द कटु आदि सातै शब्दहरुसँग सम्बन्ध राख्दछ । अति कटु जस्तो निम्बादि । अति अम्ल, अति लवण अनि अति उष्ण द्रव्यादि प्रसिद्ध छन । अति तीक्ष्ण जस्तो मरिचादि । अति रुक्ष जस्तो कोदो कागुणोनामक धान्य विशेष अति विदाही सर्षपादि । अति कटु आहार राजसी मानिसहरुलाई प्रिय हुन्छन । त्यो दुख, शोक, अप्रसन्नता तथा रोगप्रद हुन्छन ॥९॥

आध्यात्मिक व्याख्या-"कटु, अम्ल, लवण उष्ण, तीक्ष्ण, जुन द्रव्यले रुक्ष गर्दछन, खुर्सानी मरिच यी राजसिक आहार हुन खाँदा खेरि दुख र शोक, रोग व्याध हुन्छ-राम्रै संग । "

जुन वस्तुहरु सेवन गर्नाले दुख शोक एवं व्याधि उत्पन्न हुन्छन ,त्यो राजसी मानिसहरुलाई प्रिय हुन्छन, यथा (१) अति कटु जस्तो निम्ब, चिराइतो आदि । (२) अति अमीलो जस्तो निबुवा, काँचो आँप आदि (३) अति लवण (४) अति उष्ण जस्तो तात्तातो दूध, भात आीद जसबाट जीब्रो पोल्दछ । (५) अति तीक्ष्ण जस्तो खुर्सानी मरिच आदि । (६) अति रुक्ष-जुन पदार्थले रुख्खोपना उत्पन्न गर्दछ ज़स्तो कागुणो , कोदो आदि र रुखो चामलको भूजा भुटेको अन्नादि । (७) अति विदाहीजसलाई खाँदा खेरि मुख, पेट, छातीगला पोल्दछ जस्तो सर्षप आदि । यी भोजनको बेला पनि दुखप्रद हुन्छन, किनभने शरीरमा कष्टको अनुभव हुन्छ । यसको परिणाम दुख जनक हुन्छ, किनभने यसद्वारा रोगव्याधि उत्पन्न हुन्छन । यी सब वस्तुहरुको सेवनले शरीर अस्वस्थ हुन जान्छ तथा साधनमा विघ्न उत्पन्न हुन्छन । यसैले क्रियावान साधकहरु यस विषयमा सतर्क रहनु पर्दछ । ॥९॥

(तामसिक आहार)

यातयामं गतरसं पूति पर्युषितं च यत ,
उच्छिष्टमपि चामेध्यं भोजनं तामस प्रियं ॥१०॥

श्री धरीय टीका-यातयाम-पकव वस्तु जुन एक प्रहर वितेपछि चीसो भएको छ । गतरस-नीरस, जसको सार झिकी सकेको छ । पूति-दुर्गन्धमय । पर्युषित-वासीभोजन तरकारी आदि । उच्छिष्ट-अरुले खाएर शेष

रहेको भुक्तावशिष्ट, जुठो । अमेध्यं अभक्ष्य कलंजादि-विषास्त्रविद्ध पशुपक्षी आदिको माँस । यस किसिमको किसिमको भोज्य तामसी मानिसहरुलाई प्रिय हुन्छन ॥१०॥

आध्यात्मिक व्याख्या-"दश एघार दण्ड पहिले पकाएको भात,बासीसडेको उच्छिष्ट, अपवित्र-यी सब तामस भोजन हुन ।"

गुणभेदले आहारको भेद हुने नै भयो । जसको सत्त्वगुण प्रबल छ, त्यसले राजसिक या तामसिक आहार ग्रहण गर्न सक्तैन । ग्रहण गऱ्यो भने त्यसको शरीर मन अस्वस्थ हुन जानेछ । तामस या राजस प्रकृतिका मानिसहरुले सात्त्विक आहार गरेपछि पीडा ग्रस्त हुन जानेछन । निश्चय नै राजसी र तामसी मानिसहरुले यदि विस्तार विस्तारै सत्त्व गुणयक्त आहार ग्रहण गर्न सके तथा सत्त्वानुरुप कार्य र चिन्तादिको अभ्यास गर्न सके त उनको स्वभाव पनि आस्ते आस्ते परवर्तित हुँदै जाने छ । परन्तु सहसा यस्तो गरेमा अनर्थ उत्पन्न हुन जानेछ । जसको प्राण सुषुम्ना मार्गमा प्रवाहित हुन्छ, त्यसका लागि अशुद्ध आहार ग्रहण गर्नमा सावधानी आवश्यकता छ, अन्यथा विपरित फल प्राप्त हुन्छ । ॥१०॥ *टिप्पणी यस्तो सुनिन्छ-सिद्ध साधक श्रीमत् शंकराचार्यलाई कुनै चाण्डालले निमन्त्रण दियो। उनलाई भोज गराउनको निम्ति आफनो खाद्य शूकर मास पकाएर राख्यो। उसको उद्देश्य यो हेर्नु थियो-त्यो जसले सबैलाई ब्रहम भन्दछन, त्यो खालि मुखैको कुरा हो या उनको भित्र पनि यही कुरा छ। श्रीमत् शंकराचार्य कुकुरको वेशमा निमन्त्रणको रक्षा गर्न आए। परन्तु चाण्डालहरुले चिन्न नसकेर कुकुर वेश धारी शंकराचार्यलाई पिटपाट गरे र भगायो। पश्चात् तिनीहरुले स्वामीजीको धेरै प्रतीक्षा गऱ्यो अनि जब त्यो आएन त उनिहरुलाई बडो दुख लाग्यो। फेरि आचार्यको पासमा गएर उनिहरुले भन्यो-"तपाइले किन झुठो भन्नु भो ? हामीलाई थाहा थियो हाम्रो अन्न तपाइले ग्रहण गर्नु हुने छैन, पहिले नै यो कुरा तपाइले हामीलाई भन्नु राम्रो हुन्थ्यो, हामीले तपाईलाई भोजनको आयोजन गरी अपेक्षा गर्ने थिएनौ। अब हाम्रो समझमा आयो तपाई यो जुन ब्राहमण र चाण्डाल, मनुष्य एवं पशु सबलाई ब्रहममय भन्नुहुन्छ, यो कुरा कपटमय छ।" शंकराचार्यले उनिहरुलाई विनम्रता पूर्वक भन्नु भो "अरे भैया ! म त भोजन गर्नको लागि तपाईंहरु काँहा गएको थिएं, परन्तु तपाईंहरुले भोजन गराउनु भएन।" उनिहरुले उत्तर दियो। "हामीहरु तपाईंको प्रतीक्षा गरिरहेका थियौं, तपाई त आउनु नै भएन, यदि तपाई आएको भए त के हामीमा कसैले देख्ने थिएनौं तपाईलाई ? अतयव तपाईंको कुरा सत्य हुन सक्तैन।" यो सुनी आचार्यले भन्नुभयो-तपाईंहरुको कुरा ठीक छ, परन्तु म पनि असत्य बोल्दिन, म मनुष्यवेशमा तपाईहरु काँहा गएको थिइन। यसको कारण यो थियो-तपाईंहरुले जुन भोजन मेरा लागि तयार गर्नुभएको थियो, त्यो मेरो यो शरीरको अनुकुल थिएन। तापनि जब तपाईंहरुको निम्तो मैले स्वीकार गरेको थिंए त त्यसको रक्षा गर्नु पर्दथ्यो। अतः जुन शरीरले*

त्यो आहार पचाउन सकिन्थ्यो, त्यसअनुसार कुकुर वेशमा तपाईहरुकाँहा निम्तो रक्षा गर्न गएको थियो। परन्तु तपाइहरुले मलाई भोजन दिनु भएन। झन पिटेर भगाइदिनुभयो यो सुनेर चण्डालहरु धेरै लज्जित हुन गयो।

एक पटक भगवान बुद्धको समयमा पनि यस्तो घटना घटित भएको थियो। बुद्धदेवको भक्त चण्डले उनलाई निमन्त्रन दिएर शुकरको मासु खान लाई दिएको थियो। करुणामय भगवानबुद्ध चण्डद्वारा दिइएको शुकर माँस ग्रहण गरी रोगग्रस्त हुनुभएको थियो,यहासम्म कि त्यसैबाट उनको देहावसान सम्म भयो। बुद्धदेवले भन्नुभएको थियो-शूकर मांस चण्डको प्रियआहार हो, यसैले उस्ले मलाई दियो। परन्तु मेरो शरीरले तेसलाई सहन गर्न सकेन, आज त्यसैको फलस्वरुप मेरो शरीर नष्ट हुन गैरहेको छ।

"आहार शुद्धौ सत्त्व शुद्धि" यो त सत्य नै छ, पुनः शंकराचार्यले जुन इन्द्रियग्राहय विषयहरुलाई नै आहार भनेको छ, त्यो पनि अति सत्य छ। किनभने राग, द्वेष मोह यी त्रिविध दोषहरु देखि वर्जित भएर इन्द्रियहरुले यदि विषय ग्रहण गर्दैन भने त चित्त प्रशन्न हुनेछैन, अति निर्मल पनि हुने छैन ,जो अध्यात्म मार्गमा प्रवर्त्तक मात्र छन, तिनीहरुको लागि पनि आहार यथासम्भव पवित्र हुनु आवश्यक छ। कदर्य अन्न ग्रहण गर्नाले आयु क्षीण हुन्छ, शरीर रोगग्रस्त हुन्छ तथा अकाल मृत्यु हुन जान्छ। मनुस्मृतिमा लेखिएको छ।

(सात्त्विक यज्ञ)

अफलाकांक्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते;
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

श्री धरीय टीका- [यज्ञ तीन किसिमका हुन्छन यो तीन श्लोकरुमा भन्नु हुन्छ, तीनमा सात्त्विक यज्ञको विषयमा यहाँ भन्नु हुन्छ]-फलाकांक्षारहित मानिसहरु द्वारा विधिदृष्ट अर्थात् आवश्यक भनेर जुन अनुष्ठान विहित हुन्छ, त्यही सात्त्विक यज्ञ हो। मलाई यज्ञानुष्ठान गर्नु छ, अन्य फल साधनीय छैन, यसरी मन एकाग्रगरी तिनीहरु यज्ञ गर्दछन ॥११॥

आध्यात्मिक व्याख्या- "फलको आकांक्षाले रहित भएर क्रिया गर्नु विशेषरुपले बुद्धि स्थिर गरी क्रियाको पर भएर कर्तव्य कर्म छ-यसरी मनमा गरी धारणा, ध्यान समाधिपूर्वक जो गर्दछ त्यो सात्त्विक हो।" त्रिविध यज्ञहरुमा सात्विक यज्ञ कस्तो छ यही बताउनु हुन्छ। यो यज्ञ फलाकांक्षारहित भएर गरिइनछन। सबै यज्ञहरुमा फलकोआकांक्षा हुन्छ, फेरि फलाकांक्षारहित यज्ञ कुनचाँही हुन त ? भगवत् प्रीत्यर्थ अवश्य कर्तव्य सम्झिकन जुन यज्ञ अनुष्ठित हुन्छ त्यो पनि सात्त्विकै हुन सही,परन्तु अरु पनि एक किसिमको यज्ञ छ, जसमा फलाकांक्षा विल्कुलै हुँदैन। त्यही वस्तुतः सात्त्विकीयज्ञ हुन। यसलाई ब्रहमयज्ञ पनि

भन्दछन, किन भने ब्रहमनाडीको भित्र प्राणलाई लगेपछि बुद्धि विशेषरुपले स्थिरहुन्छ। त्यही एकमात्र कर्तव्य कर्म हुन। किनभने त्यो सिवाय जीवको उद्धारको अरु कुनै उपाय छैन। अरु जुन अन्यान्य कर्तव्य छन्, तीनलाई गरेपछि मनमा तदनुरुप संस्कार रहन नै जान्छन। मनलाई संस्कार शून्य गर्नु विना वास्तविक कामना शून्य कोही हुन सक्तैन। प्राण भित्र जुन कर्मको संस्कार या दाग पर्न जान्छन, उनलाई दूर हटाउनु तबसम्म असंभव छ, जबसम्म प्राणको शोषण गरिइदैनन्। जब प्राण शुद्ध भएर स्थिर हुन्छ, तब मन शुद्ध हुन्छ। शुद्ध मनमा संकल्पको तरंग उठदैन। संकल्पशून्य अवस्थामा नै समाधि प्रज्ञाको उदय हुन्छ। यसैले समाधि प्रज्ञाको लागि धारणा ध्यानादिको जरुरी छ। धारणा ध्यानको लागि जुन प्राणायामादि पुरुषार्थ रुपमा साधन छन, ती नै सात्त्विक यज्ञ हुन। त्यसलाई पनि विधिदिष्ट रुपमा गर्नु पर्दछ। साधनाको लागि जुन शास्त्रोपदिष्ट नियमादि पालन छ, तेही विधिदिष्ट यज्ञ हो। मनोमानी साधनाले काम चल्नेछैन। गुरुको उपदेश एवं आदेश अनुसार काम गर्नु पर्नेछ अनि त्यो पनि प्रतिदिन नियमपूर्वक ॥११॥

पादटिप्पणी

"अनभ्यासेन वेदनां आचारस्य च वर्जनात् ,
आलस्याद अन्न दोषाच्च कालो विप्रान् जिघांसति ॥" (अ-५-४)

-शरीर मन शुद्ध नरहेमा अहरहः भगवत्स्मृति को उदय हुन सक्तैन। अतयव देह मन शुद्धिको लागि अन्नदोष वर्जित हुनु पर्दछ। आचार वर्जित भएर पनि अन्न शुद्धिको हानि हुन्छ, अतयव आचार सदा अवर्जनीय छ। श्रीमद आचार्य रामानुजले पनि खाद्यको त्रिविध दोषहरुलाई त्याग गर्नको लागि भन्नुभएको छ। (१) जाति दोष। २) आश्रयदोष ३) निमित्त दोष। जातिदोषको अर्थ यो छ-नीच जाति या कुकर्मासक्त मानिसहरुको अन्न ग्रहण नगर्नु। आज पनि यो आचार यस सम्प्रदायमा प्रबलीभावले विद्यमान छ। संस्पर्श दोष पनि धेरै ठुलो दोष हो, परन्तु यस युगको मानिसहरुले यसलाई मान्दैनन् या चाहँदैनन्। यसको एकमात्र कारण छ सत्त्वगुणको अभाव। आजकालका चिकित्सक डाक्टर पनि उत्कट व्याधि पिडित स्थानका द्रव्यादि ग्रहण गर्नलाई निषेध गर्दछन। स्थूल शरीरको लागि दुषित स्थानको अन्न ग्रहण गरेपछि व्याधि हुनु प्रायः अनिवार्यछ। यदि व्याधिग्रस्त स्थानको अन्न ग्रहण गर्नुमा दोष हुन्छ भने त सूक्ष्म शरीर अर्थात मन, बुद्धि, अहंकार प्राण एवं इन्द्रियादि यदि हीनजाति या हीन कर्म गर्ने वालाहरुको अन्नले दुषित हुन्छ त यस्मा आश्चार्य नै के छ ? श्रुतिमा भनिएको छ-अन्न नै प्राण, मन र बुद्धिरुपमा परिणामलाई प्राप्त हुन्छन। अतयव जुन मनुष्य जुन अन्नले पुष्ट हुन्छ, त्यसको मन, बुद्धि र इन्द्रियहरुको चेष्टा तद्‌रुप हुनको लागि बाध्य छ। ज्ञान दृष्टि सम्पन्न ऋषिहरुले यसै कारण हिन्दु समाजमा आहारको सम्बन्धमा यति कडा नियम प्रचलित गरेका थिए। त्यो कोही कसैको प्रति विद्वेषको कारणले थिएन, विशुद्धिको रक्षा को लागी नै तिनीहरु यस्तो गर्नलाई बाध्य

भएका थिए। आजकल पनि Seggregation camp हुन्छन्। प्रयोजन भएमा नगरमा यात्रिहरुको एकाएक प्रवेश निषिद्ध गरिन्छन। कल्याणको कामनाले प्रेरित भएर नै सबै काम गरिन जान्छन। हामी सरकार या नगरपालिकाकोआदेश मान्नमा कुनै आपत्ति गर्दैनौ। परन्तु शास्त्रको कुरा मान्दैनौ-यसको कारण श्रद्धाको अभाव छ। जुन मानिसहरु यस प्राचीन पद्धतिलाई मानेर चल्दछन, उनलाई भान्छा घरमा नै धर्भ रक्षा गर्नुपर्दछ। सूक्ष्मको संयम गर्नकोलागि यदि पहिले स्थूलको संयम गर्नु आवश्यक छ त धर्मलाई भान्छाघरमा पनि बनाइराख्नु जडवाद भन्न सकिंदैन। निश्चय नै ज्ञानको अभावमा हामीहरु प्रायजसो सत्यलाई छोडिकन त्यसको उपरी बोक्रालाई समात्दछौं, परन्तु के त्यसलाई एकपटक छोडिदिनाले नै हामी जडातीत अवस्थामा पुग्न सक्दछौं ? मनुष्य समाज अति प्राचीन भएर पनि समाजका सबै मानिसहरुले यदि धर्मलाई पालन गर्दैनन् भने पनि त धेरैजसो मानिसहरुले त्यस्लाई प्राणपणले पालन गर्दछन र ज्ञानपूर्वक गर्दछन। सबै मानिसहरु त्यस्तो आचारवान हुन नसकुन, परन्तु आचारहीन हुन गए पनि मानिसहरु अधिकार भ्रष्ट भैकन नष्ट हुन जानेछन, यसलाई हामी विचार गरी हेर्दैनौ। मनुले भन्नु भएको छ-

"आचारद् विच्युतो विप्रो न वेदफलमश्नुते।"

(दाम्भिक राजस यज्ञ)

अभिसन्धाय तु फलं दम्भार्थमपि चैव यत्,
इज्यते भरतश्रेष्ट तं यज्ञं विद्धि राजसम् ॥१२॥

श्री धरीय टीका-[राजस यज्ञको विषयमा भन्नुहुन्छ]-फलको अभिसन्धि गरी अर्थात् फलको उद्देश्यले तथा स्वमहत्व प्रकट गर्नको लागि जुन यज्ञ गरिइन्छन, त्यसलाई राजस जान्नु पर्दछ। १२॥

आध्यात्मिक व्याख्या-"फलाकांक्षाको साथ एवं दम्भसाथ जस्ले एस्तो यज्ञ गर्दछ, त्यस्लाई राजसी यज्ञ भन्दछन्।"-

-फल लाभको कामना गरी अथवा मलाई मानिसहरुले धार्मिक जानोस यस किसिमको वासना लिएर जसले यज्ञ या क्रियादि गर्दछ त्यो राजसी हो। धेरै जसो मानिसहरु यस उद्देश्यले साधन गर्दछन-यसले रोग दूर हुन जानेछ तथा मानिसहरुले उसलाई योगी भन्नेछन। यी सब उद्देश्यलाई लिएर जसले क्रिया गर्दछन उनको क्रिया ठीक हुँदैन। दाम्भिक मानिसहरु वस्तुतः महान नभैकन पनि मानिसहरुलाई देखाउनको लागि कति अबेर सम्म पूजा गर्दछन। सम्भवतः पूजा उजा केही गर्दैनन् केवल पूजाको नाटक गरी मन्दिरमा बसिरहन्छन र उंघिरहन्छन। ॥१२॥

(श्रद्धाहीन तामसयज्ञ)

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ,
श्रद्धा विरहितं यज्ञ तामसं परिचक्षते ॥१३॥

श्री धरीय टीका-[तामस यज्ञको विषयमा भन्नु हुन्छ]-शास्त्रोक्त विधिदेखि शून्य जुन यज्ञमा ब्राहमणादिको उद्देश्यले अन्नदान हुँदैन,जुन मन्त्रहीन दक्षिणा रहित एवं श्रद्धाशून्य यज्ञ छ त्यसलाई शिष्टजन ले तामस यज्ञ भन्दछन ॥१३॥

आध्यात्मिक व्याख्या-"क्रियाको पर विशेषरुपले बुद्धि स्थिर नगरी अनि क्रिया नगरी तथा ॐकार क्रिया नगरी जे जो गरिइन्छन, सब तामसी कर्म हुन, अर्थात् क्रिया गुरु वाकय द्वारा प्राप्त गरी समस्त कर्म गरोस, अन्यथा सबका सब व्यर्थ छ ।"

क्रिया विधिहीन तब हुन्छ जब त्यो अनियमित रुपसित गरिइन्छन । समयको ठिक छैन, स्थानको ठीक छैन, बेगारी गर्नु समान काम गर्नु । यसको अतिरिक्त जसले नियमितरुपले पनि प्रतिदिन क्रिया गर्दछन,तिनीहरु यदि क्रिया समाप्त गरी भ्कटपट आसन देखि उठिहाल्छन्, त त्यो क्रिया विधिहीन हुन जान्छ । त्यसको नियम या विधि यस्तो छ मन लगाएर क्रिया गर्नु पछि पनि तबसम्म स्थिरतापूर्वक वसिरहनु को अभ्यास गरोस, जबसम्म मन चंचल नहोस ! यसरी स्थिरतासाथ बसिरहनुको अभ्यास गरेपछि क्रियाको परावस्थाको आस्वादन हुन्छ । असृष्टान्न-अन्न=प्राण, अ=छैन, सृष्ट=मिलीत । अतयव असृष्टान्न अर्थात जुन प्राणयुक्त या मिलित छैन यानी चंचल क्रिया गरी स्थिरत्वको अवस्था अनुभव गर्न नपाउनु ।

मन्त्रहीन-श्वास नै मन्त्र हो । श्वास-प्रश्वास द्वारा जुन प्राणायामादि क्रिया गरिइन्छन, त्यसलाई नगर्नु नै मन्त्रहीन यज्ञ हो । सबै पूजाहरुको अगाडि प्रारम्भमा प्राणायाम गरिइन्छन । त्यसविनाको पूजा मन्त्रहीन हो ।

अदक्षिण-दक्षिणा=क्रियाको शेषफल अर्थात् परावस्था उनको अप्राप्ति नै दक्षिणाविहिन यज्ञ हो । श्रद्धाविरहित-श्रद्धा=भक्तिभाव, विश्वास, मनको निर्मलता-यी सब नहुनु नै श्रद्धाविरहित भाव भनिन्छन । जसको क्रियामा भक्ति छैन, विश्वास छैन ,जसले अनादर गरी क्रिया गर्दछ , क्रिया गरेर पनि मन निर्मल हुँदैन या संकल्प शून्य हुँदैन, उसको यज्ञ श्रद्धाविरहित भनिन्छन । उपर्युक्त दोषहरुले रहित भएर क्रिया गर्नु पर्दछ । यसलाई गुरुबाट उपदेश लिई गर्नु पर्दछ । खालि पुस्तक हेरेर पढेर साधन गर्नाले काम चल्ने छैन । गुरुले जसरी उपदेश दिनु हुन्छ , ठीक त्यसरी नै चल्नु पर्नेछ । यस्तो नगरेमा खालि परिश्रम नै हातमा लाग्नेछ । ॥१३॥

(तपस्या तीन किसिमका हुन्छन-शारिरिक वाचिक र मानस)

(शारीरीक तप)

देवद्विजगुरु प्राज्ञ पूजन शौचमार्जवम्,
ब्रहमचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

श्री धंरीय टीका-[तपस्याको सात्विकादि भेद देखाउनको लागि पहिले शारीरादि भेदबाट तपस्याको तीन किसिमका भेदहरुलाई तीन श्लोकहरुमा भन्नु हुन्छ]-देव, द्विज गुरु एवं प्राज्ञ अर्थात् गुरुको अतिरिक्त अन्य तत्त्ववेत्ता पुरुषको पूजा एवं शौचादि, आर्जव (सरलता) ब्रहमचर्य एवं अहिंसा-यी शारिरिक तप भनिन्छन । शारीरिक तपस्या अर्थात् जुन तपस्या द्वारा सम्पन्न हुन्छन ॥१४॥

आध्यात्मिक व्याख्या-"देवता कूटस्थमा ध्यान, क्रियान्वित पुरुषको पासमा जानु, आत्मामा रहनु, विशेष चैतन्य जसलाई क्रियाद्वारा भएको छ उनको पासमा जानु, पूजनं क्रिया गर्नु, ब्रहममा रहनु, "आर्जव" सरल हुनु अर्थात जस्तो मनमा छ त्यही भन्नु "ब्रहमचर्य" ब्रहममा नै रहनु, अन्यलाई राम्रो देखेर कातर नहुनु-यी शारिरिक तपस्या हुन ।"

तपस्या तिन किसिमका हुन्छन,उनमा शारीरिक तपको विषयमा यहाँ भन्नु हुन्छ-

१) देवताको पूजा-पुष्प, धूप, नैवेद्य आदि द्वारा शास्त्रविधिले देवार्चना बाह्य पूजा हो । किन्तु जो योगाभ्यास मा निरत छन उनको पूजा हो कूटस्थमा ध्यान । कूटस्थमा ध्यान कसरी गरिन्छन, यो सद्गुरु सँग सिक्नु पर्दछन ।

२) द्विजपूजा-बाह्य दृष्टिले वेदज्ञ ब्राहमणको सत्कार । अन्तर लक्ष्यमा द्विज हुन्छ क्रियावान पुरुष जसलाई कूटस्थ दर्शन भएको छ । यस्तो पूरुष को संग गर्नु तथा उनिसँग साधनाको विषयमा आलोचना गर्नु । क्रियावान पुरुषहरुलाई द्विज भन्दछन, किनभने उनको दुइ पटक जन्म हुन्छ । प्रथम जन्म मातृगर्भ देखि भूमिष्ठ हुनु हो । दोस्रो जन्म तब हुन्छ जब गुरुले कूटस्थ दर्शन गराइदिनु हुन्छ , कूटस्थ दर्शनको उपाय बताइदिनु हुन्छ ।

"म को हूम ?" यो विर्सन जानाले जीवको देहात्म बोध प्रबल हुन जान्छ । जब गुरुले कृपा गर्नु भै "मै" लाई देखाइदिनु हुन्छ, तब जुन आत्म स्मृतिको उदय हुन्छ, त्यस स्मृतिको कारण "आत्म" सम्बन्धमा जुन धारणा उत्पन्न हुन्छ, त्यही हो संस्कार ।

३) गुरुपूजा-बाहिरी रुपमा मातापिता-आचार्यको पूजा, अन्तर्लक्ष्यमा जो आत्मामा प्रतिष्ठित छ, उनको पूजा नै गुरुपूजा हुन । "आत्मा ह वै गूरु" आत्मा नै प्रकृत गुरु हो । "आत्मा वै गुरुरेक" आत्मा नै एकमात्र गुरु हो ।

४) प्राज्ञ पूजा-ब्रहमनिष्ठ पुरुषको पूजा । द्विज र गुरुको त पूजा गर्नु नै पर्दछ , परन्तु गुरु यदि ब्राहमण नभएर पनि त्यो ब्रहमनिष्ठ एवं तत्त्वज्ञ पुरुष छन, भने त त्यो चाहे जुनसुकै वर्णको होस उनको पूजा

गर्नु कर्तव्य हो । अन्तर्लक्ष्यमा प्राज्ञ त्यो हो, जसले क्रिया साधना द्वारा विशेष उच्च अवस्था प्राप्त गरेको छ अर्थात जसको सुषुम्ना चैतन्य युक्त हुन गएको छ र जसलाई योग मार्गको कुराहरु धेरै धेरै ज्ञात छ । यस्तो महात्माको संग गर्नु तथा उनको सत्कार गर्नु आवश्यक छ

५) शौच-माटो जल आदि द्वारा शरीर शुद्धि तथा प्राणायामादि द्वारा मनः शुद्धिअर्थात् ब्रहममा रहनुको चेष्टा

६) आर्जव अकपट भाव, मनमा जे छ त्यही बोल्नु , मनको भावलाई नलुकाउनु । अन्तर्लक्ष्यमा मन, इन्द्रिय एवं वाणी संयत हुन जानु ।

७) ब्रहमचर्य शास्त्रनिषिद्ध मैथुनको त्याग । अन्तर्लक्ष्यमा मन जब ब्रहमचर्य हुन्छ । त्यस ब्रहमरत पुरुषलाई नै लक्ष्य गरी भनिएको छ-*"स देवो नतु मानुषः"*

८) अहिंसा-प्राणीलाई पीडा नदिनु , अर्काको राम्रो देखेर भलो देखेर व्यथित न हुनु । श्रुति भन्दछ *"मा हिंसात् सर्वा भूतानि"*-प्राणिहरुको हिंसा नगर्नु । उनको प्राण हरण गर्नुमात्र हिंसा होइन, अरुलाई पीडा दिनु मर्मवाक्य बोल्नु आदि पनि हिंसा हुन्छ । मनुष्य जबसम्म स्वार्थरत रहला तबसम्म त्यसले कसै न कसैको कुनै किसिमसँग अरुको हिंसा गर्ने नै छ । यम साधनमा अहिंसा नै सर्वोत्कृष्ट छ । हिंसा र द्वेष ब्रहमभावको प्रतिष्ठा विरुद्ध छ । जसले सबलाई आफनो बनाउन सक्तैन तथा परोपकारको लागि आफनो स्वार्थत्याग गर्नसक्तैन, त्यसलाई भगवद्भक्ति हुँदैन, भगवत् दर्शन एवं ज्ञान हुनु त धेरै धेरै टाढाको कुरा हो । यी

शरीर साध्य तप हुन ।शरीर विना हुँदैन । यसको अन्तर्लक्ष्य एवं आभ्यन्तर दुवैभावहरुलाई आयत्त गर्नु विना प्रकृत आत्मोन्नति हुन सक्तैन । यसैले यी दुवैभावहरु अनुष्ठेय छन॥१४॥

(वाङमय तप)

अनुद्वेगकरं वाकयं सत्यं प्रियहितं च यतः
स्वाध्यायाभ्यसनं चैव वाङमय तप उच्चयते ॥१५॥

श्री धरीय टीका-[वाचिक तपस्या बताउनु हुन्छन]-उद्वेगको अर्थ छ भय । जुन वचनले कसैलाई भय हुँदैन त्यही अनुद्वेगकर वाक्य हुन ।जुन श्रोतालाई प्रिय एवं हितकर होस अर्थात् जुन परिणाम सुखकर होस यस्तो सत्य वाकय तथा वेदाभ्यास-यी सब वाकय द्वारा हुनेवाला अर्थात् वाङमय तपस्या हुन । १५॥

आध्यात्मिक व्याख्या-"जसबाट अरु कसैलाई उद्वेग नहोस-यस्तो बोल्नु, सत्य प्रिय र हित वाक्य स्वाध्याय -बुद्धिको साथ क्रिया गर्नु, यसलाई वाङमय तपस्या भन्दछन ।"

-श्रीमद आचार्य शंकरले यस श्लोकको व्याख्यामा जुन लेख्नु भएको छ, त्यसको सारांश यस्तो छ-अनुद्वेगकरत्त्व, प्रियत्व, हितत्व तथा सत्यत्त्व यी चार धर्महरुको साथ वाक्यको सम्बन्ध रहनु पर्दछ । वाक्य

सत्य होस, तर उद्वेगकर, अहित अथवा अप्रिय छ त त्यस वाक्यालाई वाङमय तप भन्न सकिन्न । अनि यदि वाक्य हित एवं अनुद्वेगकर होस, परन्तु सत्य नहोस त त्यसलाई पनि वाङमय तप भन्न सकिदैन । यसरी प्रिय वाक्य पनि यदि सत्य,हित एवं अनुद्वेगकर नहोस त त्यसको गणना पनि वाङमय तपमा हुन सक्तैन । अतयव यो वाचिक तपस्या पनि सहज छैन ।

आध्यात्मिक भावमा,क्रियाको परावस्थाको परावस्थामा योगीले जुन जुन वाक्यहरुलाई उच्चारण गर्दछन, त्यो कहिल्यै असत्य हुँदैन । तिनीहरु जगतको लागि कल्याणकार एवं प्रिय हुने नै भो ।

स्वाध्याय-स्व=जीव, अधि =अतिक्रम गर्नु, इ=गमन गर्नु । यसैले स्वाध्याय=जीवभाव अतिक्रम गरी गमन गर्नु । यो अवस्था तब हुन्छ जब बुद्धिको साथ क्रिया गरिन्छन । गमन गर्दछ मूलाधार स्थित कुण्डलिनी शक्ति जीव शक्ति । त्यो परमानन्द रुप सहस्रारमा शिवसँग स्थित हुन्छ । इ शब्दको अर्थ छ ।-

“ईकारं परमेशानी स्वयं कुण्डलिमूर्त्तिमान् ”

यसलाई वाङमय तप किन भनियो ? वाक्यको मूल छ प्राण । प्राण लाई स्थिर गरेमा आफसे आफ वाकय संयम हुन जान्छन । साधक यस देखि संयत वाक् हुन्छ, यसैकारण यसलाई वाङमयतपस्या भन्दछन ॥१५॥

(मानसिक तपस्या)

मनः प्रसाद : सौम्यत्वं मौनमात्मविनिग्रह :
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥

श्री धरीय टीका- [मानसिक तपस्याको बारेमा भन्नु हुन्छ]-मनः प्रसादः मनको स्वच्छता, सौम्यत्व-अक्रुरता, मौनको अर्थ छ मुनि भाव अर्थात् मनन । आत्मविनिग्रह-मनको विनिग्रह अर्थात् विषय हरुबाट प्रत्याहार । भावसंशुद्धि अर्थात व्यवहारमा मायाहिन रहनु यी मानसतप भनिन्छन् । ॥१६॥

आध्यात्मिक व्याख्या- “क्रियाको परावस्थामा रहिकन मनको संतुष्टि प्राप्त गर्नु, स्थिर रहनु, तृप्त रहनु, आत्मामा ब्रहममा अडकिरहनु यो हो मानस तपस्या ।”

-क्रियाको अन्तमा एक किसिमको मानसिक प्रसन्नता प्राप्त हुन्छ । त्यस समय कुनै उद्वेग रहँदैन । मानसिक तपस्याको सर्वोच्चफल हो मनन या ध्यान । तब कुनै संकल्प रहँदैन । “सौम्यत्व” मनको प्रसन्नताको चिह्न हो । यो साधकको मुख हेर्नासाथ बुभिनमा आइहाल्दछ । त्यतिखेर एक अपूर्व स्थिरता रहन्छ, मन आत्मामा प्रविष्ट भएर संलीन हुन जान्छन । “मौन” क्रियाको परावस्था प्राप्तिको कारण मनको क्रिया हुँदैन । यो मन यति स्थिर हुन जान्छ-जब योगी व्युत्थित हुन्छ तब पनि त्यसको नशा हराउँदैन, मन रहँदैमा पनि विचेष्ठित रहन्छ । बाहिरको विविध उत्पातहरु भैरहँदा पनि त्यस स्थिर भावको विच्युति हुँदैन । “आत्म विनिग्रह” चित्तवृत्तिको निरोध, आफु आफैमा रहनु या ब्रहममा अडकिरहनु । “भावसंशुद्धि” यस अवस्थामा मन को अशुद्धि रहँदैन । मनको अशुद्धिले नै समस्त विकारहरु हुन्छन । विकार जब रहँदैन

त कसलाई पराई या शत्रु मान्ने । जब काम, क्रोध, लोभ रहँदैन तब चित्तमा कुनै छल या कपटको भाव रहँदैन ।यही आत्मभावमा प्रतिष्ठा हो । इन्द्रिय विषयहरुलाई देखेर तब मन उफ्रिपाफ्रि गर्दैन । यी सबलाई मानसतप भन्दछन् । याँहा खील मनलाई रोक्नु को विषय नै विशेषरुपले आलोचनीय छ ॥१६॥

(सात्विक तपस्या)

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरै :
अफलाकांक्षिभिर्युक्तैः सात्विकं परिचक्षते ॥१७॥

श्री धरीय टीका-[यस किसिमले शरीर, वाक्य र मनद्वारा संपादित हुनेवाला त्रिविध तपस्याहरु भनियो।त्रिविध तपस्याहरु पनि सात्त्विकादि भेदले तीन किसिमका छन, यो तीन श्लोकहरुमा बताउनु हुन्छन]-उत्तम श्रद्धासाथ फलाकांक्षा शून्य एवं एकाग्र चित्त मनुष्यद्वारा सम्पादित जुन त्रिविध तपस्या छन ती सात्त्विक भनिन्छन । ॥१७॥

आध्यात्मिक व्याख्या-"यस किसिमसँग क्रियाको परावस्थामा ब्रहममा रहिकन फलाकांक्षारहित भएर अडकिरहनुको नाम सात्त्विक हो ।"

-कायिक, वाचिक एवं मानसिक तपस्याको कुरा भनिकन गुणभेदले यी पनि तीन किसिमकै हुन्छन ,यो बताउनु हुन्छ। पूर्वोक्त तपस्याहरु कहिले सात्त्विक हुन्छन ? जब चित्त फलाकांक्षारहित हुन्छ तबै त्यो एकाग्र भएर निरोधमुखी हुन्छ, यसैले शिष्ट मानिसहरु यसलाई सात्त्विक तपस्या भन्दछन । प्राणायाम नै परम तपस्या हो। प्राणायाम गर्दा गर्दा जब साधकको प्राणधारा सुषुम्नामा चल्न लाग्दछन, तबै चित्त एकाग्र हुन्छ अनि वहिः श्वास क्षीण हुँदै हुँदै पूर्णत रुद्ध हुन जान्छन। यही फलाकांक्षाशून्य सात्त्विक तपस्याको लक्षण हो ॥१७॥

(राजस तप)

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ,
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ॥१८॥

श्री धरीय टीका-[राजस तपस्याको विषयमा भन्नु हुन्छ]-सत्कार अर्थात् साधुकार । मानिसहरु भन्दछन-यो साधु छन, तापस छन इत्यादि वाक्पूजा हुन । मान-उभिएर अभिवादन आदि द्वारा जुन सम्मान प्रदर्शन हुन्छ। अतयव सत्कार, मान र पूजा प्राप्त गर्नको लागिअनि दम्भपूर्वक जुन तपस्या गरिन्छ, यस्तो तपस्याको फल इहलोकमा अनित्य तथा अध्रुव अर्थात क्षणिक छ। यस किसिमको जुन तपस्या छ, त्यसलाई राजस तपस्या भनिएको छ । ॥१८॥

आध्यात्मिक व्याख्या-"असल कर्म, मान तथा पूजाको लागि दम्भपूर्वक जुन तपस्यागरिइन्छन, त्यो हो राजसिक" -मानिसहरुले मलाई तपस्वी भन्नेछन, निराहारी भन्नेछन,मलाई देखेर सबैलेअभिवादन गर्नेछन,

कसैको घरमा जाँदा त्यसले उठेर सम्मान गर्नेछन, उत्तम भोजन दिनेछ, धेरै धन दान गर्नेछन। यी समस्त आशाहरु हृदयमा पोषित गर्दै दम्भसाथ जुन तपको अनुष्ठान गरिइन्छन । त्यो राजस तपस्या हो । यस तपस्याको फल अनित्य अर्थात् चंचल छ । यसबाट कुनै स्थायी फल प्राप्त हुँदैन । जुन अल्प फल पाइन्छन त्यो पनि स्थायी छैन हुँदैन । साधना विना कपटपूर्वक जुन नाम आर्जन गरिन्छ त्यो कति दिन सम्म टिक्न सकला ! यस किसिमको देखावटी तपस्याले लौकिक तथा पारलौकिक दुवै किसिमको फल अन्तसम्म वंचित रहनु पर्दछ ॥१८॥

(तामसिक तपस्या)

मूढ ग्राहेणात्मनो यत् पीड्या क्रियते तप ,
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम्॥१९॥

श्री धरीय टीका-[तामस तपस्याको विषयमा भन्नु हुन्छ]-अविवेक कृत दुराग्रहको अवलम्बन गरी आत्म पीडा द्वारा अथवा अर्काको विनाशार्थ अभिचार रुप जुन तपस्या गरिन्छन, त्यस्तो तपस्यालाई तामस भन्दछन । ॥१९॥

आध्यात्मिक व्याख्या-"आफूलाई क्लेश दिएर (उपवासादि) कर्म जसले गर्दछन-अरुको भलो (न) हुनाको निमित्त-त्यसलाई तामस क्रिया भन्दछन ।"

-परजन्ममा राजा हुनुको आशाले पंचाग्नि आदि क्लेश कष्ट साध्य तपस्याको अनुष्ठान अथवा कोही कसैको सर्वनाश या विनाशको लागि मारन, मोहन, उच्चाटन, आदिको अुनष्ठान नै तामसिक तपस्या हो । मैले एक तपस्वीको कुरा सुनेको थिंए । त्यसले कुनै मानिसलाई निर्वंश गर्नुको उद्देश्यले शीतकालमा रातभरि जलमा वसिरहन्थ्यो तथा गृष्मकालमा सूर्यतिर मुख गरेर खडा भैरहन्थ्यो । यस किसिमको मनोवृत्ति अतीव दुषित छ । मेरो कुरा सुनेन या मेरो मनको अनुसार काम भएन, यसैले कसैको सर्वनाश गर्नको लागि तैयार हुनु उचित छैन । हामीहरु जसरी अरुहरु देखि राम्रो आचरणको आशा गर्दछौं, त्यसलाई ध्यानमा राखेर हामीहरुले अरुहरुसँग तेस्तै राम्रो व्यवहार गर्नु पर्दछ । परन्तु कहिले कांही उद्दण्ड मानिसलाई दण्ड दिनु आवश्यक हुन्छ, यसले दण्डनीय मानिस तथा अरुहरुको पनि प्रकृत उपकार हुन्छ । यसैले कहिलेकाँही ऋषिजनले क्रोधगरी दुष्ट मानिसहरुलाई शाप दिन्थे । तेसबाट दुष्कर्म गर्नेवालाहरुलाई पापको दण्ड मिल्दथ्यो अनि भविष्यको लागि उसलाई तथा अरुहरुलाई सचेत गराइदिन्थ्यो । जसरी दक्ष एवं इन्द्र प्रति दुर्वासा ऋषिको अभिसाप । त्यो तामसिक थिएन । यस किसिमको क्रोध लोकस्थितिको लागि आवश्यक छ । ॥१९॥

दानको भेद

(सात्विक दान)

दातव्यमिति यद्दानं दियतेऽनुपकारिणे ,
देशे काले च पात्रे च तद्दानं सात्विकं स्मृतम् ॥२०॥

श्री धरीय टीका-[दानको त्रिविधताको विषयमा भन्नुहुन्छ]-दान गर्नु नै उचित छ, यस किसिमसंग निश्चय गरी प्रत्युपकारमा असमर्थ पुरुषलाई कुरु क्षेत्रादि पुण्य देशमा, ग्रहणदिको समय, तपस्या तथा श्रुति सम्पन्न ब्राहमणलाई जुन दान दिइन्छन त्यही सात्त्विक दान हो । -पात्र-यहाँ चतुर्थी नभएर विवक्षामा सप्तमी छ । पात्र शब्दको अर्थ छ पात्रभूत अर्थात् तपस्या एवं श्रुति सम्पन्न ब्राहमण अथवा पात्रमा पातृ शब्दको चतुर्थीको एक वचन छ ।यसको अर्थ हो "रक्षकको लागि" जसले दातालाई सबै किसमको आपदहरु देखि रक्षा गर्दछ, त्यसलाई जुन दान दिइन्छ, त्यो सात्त्विक दान हो ॥२०॥

आध्यात्मिक व्याख्या-"जसद्वारा कुनै उपकार हुनेवाला छैन,-त्यसलाई देश काल पात्रको विवेचना गरी दिइने दान सात्विक दान हुन ।-जस्तो क्रिया दिनु ।" अभावग्रस्त या उपयुक्त पात्रलाई अन्नादिको दान पनि दानै हुन, परन्तु त्यसको अपेक्षा पनि एक उच्चतर दान छ । त्यो दान दिनको लागि आध्यात्मिक शक्तिले युक्तहुनु पर्दछ । मनुष्यको सबभन्दा ठुलो अभाव धनादि वस्तु होइन, मनुष्य आध्यात्मिक दृष्टिले अतीव दीन दरिद्र छ । यंहा त्यो अन्धो, लंगडो र बहिरो समान सब किसिमसंग शक्ति सामर्थ्यहीनछ । जीव भवरोगले अति नै कातर छ, अनि त्यसमा प्रतिकारको कुनै सामर्थ्य छैन । यस किसिमका निरुपाय, दीनार्त्त व्यष्टिलाई जसले भगवत्पदमा पुग्ने उपाय बताइदिनु हुन्छ उनको अपेक्षा बडो दानी अरु को हुन सक्तछ, यस किसिमको दानको सामर्थ्य सबमा हुँदैन । जो साधन सम्पन्न र विवेकी छन,-जसको भित्र भगवान् बस्नु भएर यसकिसिमसँग जीवहरुको उद्धारको प्रवृत्तिको प्रेरणा गर्नु हुन्छ, त्यो धन्य हुन, त्यही प्रकृत दाता हुन । कबीरदासले ठीकै भन्नु भएको छ ।-

"गुरु समान दाता नहीं याचक सिक्ख समान "

चचंचल मन वाला शिष्यको अपेक्षा कंगाल दोस्रो अरुको हुन सक्तछ । किनभने त्यसलाई अन्य कुनै पदार्थले तृप्ति हुँदैन । यही भिखारी चित्त पनि एकदिन साधनको बलले तृप्ति प्राप्त गर्न सक्दछ । अतयव यस दानको तुलनामा अरु सब दान तुच्छ छ ।

यो दान कहाँ गर्नु पर्ला ? प्रत्युपकारमा असमर्थ व्यष्टिलाई अर्थात् जसले कुनै समयमा पनि तत्तुल्य वस्तु दिनमा समर्थ नहोस । दिनुको तत्तुल्य वस्तु पनि त दोस्रो कुनै छैन । गुरुले पनि उसबाट प्रत्युपकारको कुनै आशा राख्दैनन् । अतयव जसबाट जीव भवसागरदेखि पार हुन सकोस ,यस किसिमको उपदेश दान नै प्रकृत दान एवं सात्त्विकी दान हो ।

अब देश, काल एवं पात्रको सम्बन्धमा आलोचना गरिन्छ । देश-त्यही उपयुक्त स्थान हो,जहाँ मानिसहरु हरिभजन गर्न जान्दैन र सिक्दैनन् पनि । साधनको सम्बन्धमा जुन देश अनभिज्ञ छ, त्यही देशमा साधनको बीजलाई उमार्नु पर्दछ ।

काल-जुन बेला देश दुर्भिक्ष-पीडित होस या जुन समय रोगको प्रबल प्रादुर्भावले देश ध्वंसतिर गैरहेको होस, त्यसैबेला सुवैद्य एवं सुपथ्यको आवश्यकता हुन्छ । यस्तै किसिमले जुन बेला धर्मको नाम धाम पनि लूप्त हुन जान्छन, जुन बेला धर्मध्वजी मानिसहरु मनोमानी धर्मको प्रचारगरी दु:साहसको परिचय दिन्छ, तेतिवेला यदि कुनै सत्यदर्शी पुरुषले मोहान्धकारमा पतीत जीवको अगाडि सत्यको दीपवर्त्तिका हातमा लिएर त्यसलाई सत्यको मार्गमा हिडाउँदछन त बुझ्नु पर्दछ त्यसले उपयुक्त कालमा ज्ञान चक्षु दान गरी जगत् र जीवको उपकार गरिरहेकोछ ।

पात्र-जो भोका छन तिनीहरुको लागि अन्नको आवश्यकता छ । जो भगवान्‌को लागि व्याकुल छ तथा जुन बटुवा मार्गच्युत भएर बाटो पाइरहेका छैनन्, त्यसतालाई सत्पथ देखाइदिनु नै सतपात्रलाई दान दिनु हो अनि त्यही सात्त्विक दान छ । परन्तु करुणा या ममताको वशीभूत भएर अपात्र मा दान गर्नाले ब्रहमविद्या निष्फल हुन जान्छ । जसलाई बाटो प्राप्तिकोनिमित्त व्याकुलता छ, भगवत् प्राप्तिको लागि प्यास छ, त्यसलाई नै यो दान ग्रहण गर्नुको लागि योग्य अधिकारी सम्झनु पर्दछ । जुन मानिसहरु केवल कौतुहल निवारणको लागिअथवा पार्थिव वस्तुको आशाले साधुसँग उपदेश लिन जान्छन,तिनीहरु सब विवेकहीन साधन चेष्टा शून्य मानिसहरु दानको अयोग्य पात्र हुन ।

इष्ट देवता या अन्तर्यामी भगवान् नै सद्वस्तु हुन, अरु सब असत् हुन ।यसैले इष्ट देवता या परमात्मा नै प्रकृत सत्पात्र हुन । स्थिति मा जुनस्थिति छ, चित्तको चंचंचलतामा जुन एकमात्र अचंचल छ, त्यसलाई परमपद भन्दछन । "पदं तत् परमं विष्णों" चंचंलता भन्दा अचंचल भाव विलक्षण हुनुको कारण त्यस अचंचल भावको जहाँ स्थिति हुन्छ, त्यही हो देश । देशको कल्पना हुनुविना कालको कल्पना हुन सक्तैन, अतयव उद्धारको प्राप्ति देश एवंकाल सापेक्ष छ । उपकार गर्नको लागि कार्य आवश्यक हुन्छ । जहाँ आफसे आफ सब कार्य बन्द छ, जुन क्रियाको परावस्था हो, त्यसभन्दा बढी अनुपकारी पात्र अरु के हुन सक्तछ ? यस किसिमको पात्रको उद्देश्यले जागतिक असद्‌वस्तु को जुन त्याग छ या त्यसमा समर्पण छ, त्यही हो सात्त्विक त्याग ॥२०॥ *पादटिप्पणी देश काल एवं पात्रको सम्बन्धमा प्राचीन व्याख्याताहरुले जुन अर्थ गर्नुभएको छ, त्यो आधुनिक व्याख्याताहरुमा कसै कसैको मनोनुकल छैन । उनीहरुलाई ती व्याख्याहरुमा बढी संकिर्णता देखिइन्छन । प्राचीन मानिसहरुले शास्त्रको सिद्धान्तहरु प्रचार गरेका छन, किनभने तिनीहरु शास्त्रज्ञ र साधनशील थिए । जसलाई शास्त्र ज्ञान छैन अनि शास्त्र वाक्यमा विश्वास छैन, उनको लागि शास्त्रको गूढ उद्देश्य बुझ्न पाउनु कठिन छ, यसमा शंका छैन । यसैकारण तिनीहरु ऋषिवाक्यमा अनुदारता देखेर क्षुब्ध हुन्छन । दुखपीडाले कातर एक मोचि या डुमलाई दान गर्नु या सहायता गर्नु ऋषिहरुलाई अनभिप्रेत थियो, यो कुरा*

कुनै शास्त्र मा या त्यसको भाष्य या टीकामा छैन । दानकोलागि उपयुक्त पात्रलाई नै दान गर्नु पर्दछ, अपात्र या कुपात्रलाई दान नदिइयोस, यही टीकाकारहरुको जुन देशको शास्त्रकारहरुले दीन दुःखी पीडित (नृयज्ञ) पशु पक्षी कीट पतगं- (भूतयज्ञ) को लागि नित्य प्रति दिन बलि प्रदान को व्यवस्था गरेको छ । ती शास्त्र प्रणेता नै यदि अनुदार हुन्छ भने त यो जगत्मा उदारता कहाँ पाइएला, यो समझमा आउँदैन । परन्तु त्यस समयमा तिनीहरु जसरी देश काल पात्रलाई उपयुक्त, सम्झन्थे, आधुनिक मानिसहरुले त्यस देश काल पात्रका सम्बन्धमा त्यस्तो श्रद्धा राख्दैनन् । अतयव ती पात्रहरुलाई तिनीहरुले त्यस्तो उपयुक्त सम्झदैन । यो प्राचीनहरुको बुद्धि भ्रम हो या आधुनिकहरुको मतिभ्रम, बुझिनमा आउदैन । सर्वश्रेष्ठ दानको योग्य पात्र र दान दिनुको उपयुक्त कालको विषयमा प्राचीनहरुको जुन धारणा थिए त्यो धारणाअब परिवर्तित भएको छ। यो राम्रो भयो या नराम्रो, यसमा विचार गर्नुको प्रयोजन यंहा छैन । किनभने त्यो काल यो काल होइन । प्राचीन मानिसहरुले भिक्षा माग्नु सबको लागि उचित सम्झदैनथे । जसलाई खाना मिल्दैन त्यसलाई अन्न देऊ, जो रोगी छ त्यसको सेवासुश्रषा गर, जो असमर्थ छ, त्यसलाई सहायता गर, जो भयभीत छन, त्यसलाई अभयदान देऊ । यस किसिमका शास्त्रोपदेश त समस्त गृहस्थहरुको निम्ति पालनीय छन । शास्त्रकारहरुले गृहस्थहरुलाई पंच महायज्ञहरुको निर्देश गरेको छ । दानको कुरा यहाँ भनिएको छैन, यो त प्रत्येकको नित्य कर्तव्य हो । भोको मानिस चाहे चमार होस, डुम होस, चाण्डाल होस-उसको निम्ति अन्न नै पथ्य छ । अतयव भोकालाई अन्न दिनकोलागि अलग व्यवस्थाको आवश्यक छैन । याँहा सम्म कि अनादर गरी या अहंकार पूर्वक दान गर्नुको पनि निषेध छ । यसैले शास्त्रवेत्ताहरुले परापूर्व देखि नै दातालाई "ह्रिया देयं भिया देयं संविदा देयं" भनेर सावधान गरेका छन । समस्त भूतहरुमा आत्मदर्शन आर्य ऋषिहरुका चरम लक्ष्य थिए र उनिहरुले सारा व्यवस्था यही उद्देश्यलाई लक्ष्यमा राखेर गरेका छन । अन्न वस्त्र दान, औषधि दान, सुश्रुषा या जीव सेवा यी सबै महान कार्य हुन, यसमा सन्देह छैन । परन्तु यसको अपेक्षा पनि एक महत्तरतम कर्तव्य छ । त्यसैतिर उनिहरुले दृष्टि आकर्षित गरेको छ । जुन दान द्वारा भूतमय स्थूल शरीर मात्रको रक्षा हुन्छ, आध्यात्मिक नित्य जीवनको विषयमा कुनै सहायता मिल्दैन, त्यसलाई तिनिहरुले सर्वश्रेष्ठ दानको रुपमा स्वीकार गर्दैनन् । अन्नदान द्वारा आज भोकाको भोक शान्त त हुन जानेछ, परन्तु फेरि भोक त लाग्नेनै छ, त्यसको निवृत्ति कसरी होला ? जुन कर्मपाश मा बद्ध भएर जीव नाना किसिमका भोकहरु द्वारा उत्पीडित भएर दिनरात जलिरहेका छन, त्रितापमा दग्धभएर हाय हाय गरिरहेका छन । जुन भोक यस पार्थिव अन्नले मेटिनेवाला छैन, मनुष्यको चिरकालको भोक, प्यास अशान्ति एवं उपद्रवलाई दूर गरी जसले उसलाई पूर्ण निरोग बनाउन सकोस-दुःखी जीवलाई त्यस्तो बाटो देखाइदिनु, त्यसलाई त्यसबाटोमा परिचालित

गरिदिनु, उसको त्यस अनन्त जीवन व्यापी अभावलाई मिटाउने सत्पथ समाउन दिनु नै सर्वश्रेष्ठ दान हो ।

वासनाको अत्यन्त दारुण क्षुधालाई निवृत्त गर्नुको उपाय जसले बताइदिन्छन, उही सर्वश्रेष्ठ दाता हुन । उनको दानलाई नै सर्वोच्च दानको रुपमा ऋषिहरुले स्वीकार गर्दथे । यसैले त्यो दान कहाँ गर्नुपर्दछ, त्यसदान लाई ग्रहण गर्ने योग्य पात्र को छ तथा दाताले त्यसदानलाई कुन किसिमले दान गर्ने, यी सब यस ज्ञानमयी गीतामा उल्लिखित छन । ब्राहमणलाई सर्वश्रेष्ठ पात्र भनिएको छ , किनभने ब्राहमण ब्रहमविद्याको भण्डारी हुन । जो जगतको भवव्याधि पीडाको निवारण को लागि अमोध औषधी प्रदान गर्नमा समर्थ छ, परन्तु आफनो भोजनाच्छादनको लागि उदासिन छ, जो लोभशून्य छ, परहितब्रतमा जीवन समर्पित गरिराखेको छ यस्तै महात्माहरुलाई शास्त्रले दानको सुयोग्यतम पात्र निर्दिष्ट गरेको छ । परन्तु बडो दुख लाग्ने खेदजनक कुरा छ-आज यस देशमा यस्ता ब्राहमणहरुको अस्तित्व खोजेर पनि पाइदैन । आजको आधुनिक युगका सन्ध्या जप विहीन, असंयमी, तपशून्य, मूर्ख ढोंगी, कपटाचारी नाम मात्रको जन्मना ब्राहमणहरुलाई दान गर्न शास्त्र निषेध गर्दछन् । अत्रि संहितामा लेखिएको छ ।

"अव्रताश्चानधीयाना याज्ञ भैक्ष्यचरा द्विजा:
तं ग्रामं दण्डयेद्राजा चौरभक्तप्रदं बुधै :

जो ब्रहमचर्य र विद्याभ्यासी छैन, त्यसलाई जुन गाउँको मानिसले भोजन गराउंदछन, राजाले त्यस गाउँलाई चौराचित दण्ड देओस । साधु विद्वानलाई प्राप्य हुने अन्न जब अविद्वान एवं अतपस्वीले ग्रहण गर्दछन त त्यो परस्वापहरण तुल्य हुन जान्छन अनि जसले उनलाई दान गर्दछन, तिनीहरु पनि त्यस असत् कार्यको प्रश्रयदाता हुनुको कारण दण्डनीय छन ।

श्रीमद्भगवद गीता

(राजसिक दान)

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुन:
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम ।,।२१॥

श्री धरीय टीका-[राजस दानको कुरा भन्नु हुँदैछन]-कालान्तरमा यो मानिसले मेरो उपकार गर्नेछ । यस आशाले अथवा स्वर्गादि फल प्राप्तिको आशाले अथवा फल प्राप्तिको उद्देश्य लिई क्लिष्टचित्त ले जुन दान दिइन्छ, त्यसलाई राजस दान भन्दछन ॥।२१॥

आध्यात्मिक व्याख्या-"प्रत्युपकारको निम्ति अनि फलाकांक्षाको साथदिने समय क्लेशले दिन्छ-त्यसको नाम राजसिक दान हो-जस्तो वेस्यालाई दिनु।"

जुन दान यस्तो आशाले दिइन्छ-मौका पर्दा यो मानिसबाट मेरो धेरै काम बन्नेछ ,अथवा फल लाभको आशाले अर्थात् यो जुनदान गरिरहेको छु, यसद्वारा मलाइ स्वर्गसुखको प्राप्ति हुनेछ, अथवा जसलाई दिनाले मनमा अनुताप हुन्छ अर्थात एकैसाथ यत्तिका दान नगर्नाले पनि त काम चल्ने छ

-यस किसिमसँग जुन दान दिइन जान्छ त्यसलाई राजस दान भन्दछन । साधना दिनको लागि उपयुक्त पात्र छैन, तर त्यसलाई साधना दिंदाखेरी हाम्रो संस्थामा एक धनी मानिस आउने छ। त्यसद्वारा भविष्यत्मा हाम्रो धेरै उपकार हुने संभावना छ, यो सब विचार गरी जुन अनुपयुक्त व्यष्टिलाई साधना दिइन्छ, त्यो राजस दान हो । पात्रत्वको विचार नगरी साधन त दिइयो, पश्चात् उसको व्यवहार देखि अनुतप्त हुँदै पनि त्यसलाई जुन शिक्षा दिइन्छ, त्यो सब राजसिक दान हो ॥२१॥

(तामसिक दान)

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

श्री धरीय टीका-[तामसिक दानको विषयमा भन्नु हुन्छन]-अशुचि स्थानमा, अशौचादि समयमा, अपात्र अर्थात् धूर्त नट तथा नर्तक आदिलाई जुन दान दिइन्छन् त्यो तामस दान हुन। उपयुक्त देश,काल पात्र भएर पनि असत्कृत अर्थात् पाद प्रक्षालनादि सत्कार शून्य एवं अवज्ञात अर्थात तिरस्कार युक्त भावले जुन दान दिइन जान्छन त्यसलाई तामसदान भन्दछन । ॥२२॥

आध्यात्मिक व्याख्या-"देश कालको विवेचना नगरी अपात्रमा अनि कुकर्म गरेर दिनु त्यो तामस दान हो-जस्तो कसैलाई मार्नको निमित रुपैया दिनु।"

देश काल र पात्रको विवेचना गरेर नै दान दिने गरिन्छन । परन्तु जुन दान अपुण्यदेशमा अनुपयुक्त कालमा, अनि मूर्ख, चोर नट आदिलाई दिइन्छन त्यो तामस दान हो । उपयुक्त देश एवं उपयुक्त पात्र भएर पनि दाताले यदि दान लिने वालालाई प्रिय सम्भाषण या सत्कार नगरी अनादरपूर्वक दान दिन्छन भने त त्यो दान तामसिक हुन, जस्तो कुनै भिखमंगा प्रति यसरी भन्नु-धेरै बेर देखि हैरान गरिरहेको छ, एक दुई ढेबा देऊ र हटाइदेऊ । यसैले शास्त्रमा भनेको छ-*"श्रद्धया देयं अश्रद्धया न देयम्"* ग्रहीताको सामर्थ्य हीनतालाई जानेर पनि चरित्रहीन एवं दुष्ट मानिसहरुलाई जुन साधन दिइन्छन, त्यसले तिनीहरुको कुनै उपकार त हुँदैन, बरु झन उनिहरुले सबैको अगाडि अवज्ञाप्रदर्शन हंसी मजाक गर्दछन, जसबाट उनको अकल्याण नै हुन्छ । तिनीहरु तामस प्रकृतिका मानिसहरु हुन, त्यस्तालाई क्रिया दिनु हुँदैन । २२॥

(ब्रहमको निर्देश)

ॐ तत्सदिती निर्देशो ब्रहमणस्त्रिविधः स्मृत :
ब्राहमणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पूरा ॥२३॥

श्री धरीय टीका-[यदि भन्छौ त यस किसिमको विचारले त सारा यज्ञ तप दानादि राजस या तामस प्राय हुन्छन, अतयव "यज्ञादिको लागि प्रयास गर्नु व्यर्थ छ" तब यस आशंकाको उत्तरमा भन्नु हुन्छ-यस्तो भएर पनि तिनलाई सात्त्विक बनाउने उपाय छन । तीनै उपायहरुलाई बताउनु हुन्छन]-ॐ तत् सत् " यी तीन परमात्माको निर्देश हुन । यीनमा अकार, उकार, मकार स्वरुप-त्रिवृत् ॐकार श्रुतिप्रसिद्ध ब्रहमको नाम हो । जगतको कारण रुपमा अति प्रसिद्ध परन्तु अविद्वान पुरुषहरुको लागि परोक्ष अर्थात अगोचर हुनुको कारण तत्" शब्द पनि ब्रहमको नाम हो । श्रुतिमा लेखिएको छ-"सदैव सौम्येदमग्र आसीत" यी त्रिविध नामले विगुणलाई पनि सगुण गर्न सक्दछन् । यी त्रिविध ब्रहमको नामहरु द्वारा निर्मित सृष्टिको आदिमा ब्राहमण, वेद एवं यज्ञ विहित भएको छ अर्थात विधाता द्वारा निर्मित या गुणान्वित गरिएका छन अथवा जुन ब्रहमको यी तीन नाम छन त्यस परमात्मा द्वारा पवित्रतम ब्राहमणादि सृष्ट भएका छन । अतयव ब्रहमको यी त्रिविध निर्देश या नाम अति प्रशस्त छन ॥२३॥

आध्यीत्मक व्याख्या ("ॐ तत् सत् ब्रहमको तीन स्थान छन-

१) ॐकार-यो शरीर रुप हुन,

२) तत् कूटस्थ हो,

३) सत्-ब्रहम अर्थात ब्रहममा जो रहन्छन, उनिलाई प्रथमतः शरीरमा क्रिया गर्नु पर्दछ जसको नाम यज्ञ हो । दान-क्रिया गरिसकेपछि मन दिनु-अर्थात् स्थिति तपोब्रहममा रहनु । क्रिया गरेमा नै ब्राहमण छ, क्रिया गरी स्थिति भए पछि नै जान्न सकिन्छ, त्यही जान्नुको नाम हो वेद-आत्मा ब्रहममा लीन गर्नुको नाम हो यज्ञ अर्थात क्रिया पश्चात् स्थिति ।"

शास्त्र विहित कर्मादिको अनुष्ठानमा पनि कहिले काँही अंगहानी भएको देखिन जान्छन, यसैले श्री भगवान्ले वैगुण्यको निवारणको उपाय बताउनु हुन्छन, प्रकृत सत्य आच्छादित रहन्छ । यो भूल जस बाट हुन नपाओस यसको उपाय श्री भगवान्ले निर्देश गरिरहेका छन । सूर्यको आलोक देखि जसरी सारा वस्तुहरु आलोकित भै उठ्दछ, उसरी नै आत्माको प्रकाशले यस देहेन्द्रिय मन र बुद्धिलाई प्रकाशित गर्दछ । यसैले यी सब भ्रमवश चेतनवत् प्रतीत हुन्छन । यस्तो स्थितिमा जब सम्म हामीले चेतयितालाई समात्दैनौ, तब सम्म आत्मा अतिरिक्त सब पदार्थहरुनै भ्रमवश आत्मवत् ज्ञात हुन्छन् । प्रकाशको आधार अनन्त छन, परन्तु प्रकाशमय वस्तु एक एवं अद्वितीय छ । जे जति इन्द्रिय गोचर भैरहेको छ तथा जे जुन अतीन्द्रिय सत्ता छ, सबकासब उसैको रुप या प्रकाश हो ।-*"सर्वस्वरुपे सर्वेशे सर्वशक्ति समन्विते"* जे

जति छ तब त्यै हुन अनि सबैको नियन्ता पनि त्यही हुन । समस्त नाम रुपमा उनको स्वरुप सत्ता आवृत भैरहेको छ । त्यस आवरणलाई हटाउनु विना त्यो के हो बुझ्न सकिँदैन ।

"हिरण्मयेन पात्रेण सत्यस्यां पिहितं मुखम्,
तत्वं पुषन्नपावृणु सत्यधर्माय दृष्टाये ॥"

हे परमात्मा ! त्यस सत्यस्वरुप ब्रहमको चैतन्य भाव ज्योतिर्मय पात्र द्वारा आवृत्त छ । सत्यको अनुसन्धान गर्नेवाला म जस्ताको ज्ञान प्राप्तिको लागि "तत्" अर्थात त्यस चैतन्य स्वरुपलाई उन्मुख एवं प्रकाशित गर । यही प्राचीनतम ज्ञानी मानिसहरुको एकमात्र हार्दिक कामना थिए । परमधामको चतुर्दिक ज्योति: पुंजविच्छुरित भैरहेको छ । त्यो ज्योति जसको तनुमा छ, त्यसलाई नै मानो त्यस ज्योति या विविध प्रकाशले आवृत गरिरहेछन । हे प्रभु! त्यस आवरणलाई तिमीले हटाइदेऊ जसबाट त्यस भित्रको चैतन्य स्वरुपलाई हामी जान्न सकौं, ज्योतिको जडत्व दूर भएर त्यसमा चैतन्यका स्फुरणा होस, ज्योतिको अन्तरालमा जुन तिमी रहन्छौ यसलाई हामी जान्न सकौं । यहाँ त्यसै उपायलाई भक्त सुहृत श्री भगवान् बताउनु हुन्छ । श्री भगवान्‌ले मानो भक्तलाई भनिरहेका छन-मेरो खोजमा तिमीलाई एताउता कतै जानु छैन । तिम्रो भित्रै त म रहन्छु । विचार गरेर हेर, तिमी मेरो नै प्रकाश मात्र हौ । एकबार दिव्य चक्षु खोले हेर त साध्य र साधक एकै वस्तु हुन । तिमी जुन शरीरलाई दिनरात बोकी बोकी हिडदछौ, घुम्दछौ, फिर्देछौ, जान्दछौ त्यो कसको चैतन्यले चैतन्ययुक्त भैरहेको छ ? यो स्थूल शरीर यो सूक्ष्म मन अनि यी इन्द्रियहरु सबै त जड छन । तिमी उनलाई देखेर विमुग्ध हुन गएका छौ अनि यो विर्सन गएका छौ-यी सब त जडै हुन । अब यदि त्यस जडातीतलाई अनुभव गर्न चाहन्छौ तव यसदेह समष्ठिलाई विर्सनेचेष्टा गर । पहिले यस स्थूल देहको अन्त: स्थित सूक्ष्म शरीरलाई बुझ्ने चेष्टा गर, त्यसको भित्र एक अरु सूक्ष्म कारण आलिंगन गरिरहेका छन । यस त्रिविध देहलाई बुझिलिए पछि यिनको भित्रको देहातीत ब्रहम चैतन्यलाई जान्न सक्नेछौ । त्यस ब्रहमको प्रकाश स्थान तीन छन । तीनमा स्थूलतम प्रकाश जसमा हुन्छ त्यही यसत्रिदेहको समष्टि या त्रिपुर हो-त्यही ॐ शब्द वाच्य छ । ॐकार ब्रहमको नाम हो । नाम द्वारा जसरी व्यष्टिको परिचय हुन्छ, त्यसरी नै यस त्रिविध शरीर द्वारा हामी त्रिविध देहस्थ चैतन्य बाट परिचित छौं, यसैले यो ब्रहमको नाम हो । यो ब्रहमको कार्यरुप नाम हो । उनको कारणरुप नाम पनि छ । गृह मध्यस्थ मानिसलाई हेर्न जसरी गृहमा गएर त्यसलाई देख्नु हुन्छ, उसरी नै त्यस ब्रहमको अन्वेषणको लागि यस त्रिपुर समन्वित देहलाई नै पहिले अवलम्बन गर्नु पर्नेछ ।यसै कारण साधनको लागि यस देहलाई प्रथम एवं प्रधान अवलम्बनको रुपमा ग्रहण गरेपछि सत्य वस्तुको ठीक सन्धान मिल्न सक्ने छ। यो त्रिपुर शरीर ॐकार को रुप या ॐकारमय छ । ॐ = अ + उ + म् + अ= स्थूल शरीर, उ = सूक्ष्म शरीर, म् = कारण शरिर , यी तीनको विकास नाद, विन्दु एवं कलादेखि छ । जसको संकेत [ ] हो । यी नाद, विन्दु एवं कला तीन्टै मिलेर प्रकृतिरुपिणी जगन्माताको रुपमा छन । यही आद्या शक्ति विन्दुरुपमा छन यही चिदंश जीवको संज्ञा छ । यही 'तत्' स्वरुपको वाच्य हो । यही *"एतस्य महतो भूतस्य नाम"*-यही कारण

सृष्टि छ। सत् ब्रहम, यो कार्य कारणको अतीत सत्तामय भाव हो। *"सदैव सौम्येदमग्र आसीत्"*- सृष्टिको पूर्व यो सत् नै थिए। यही तुरीय ब्रहम या क्रियाको परावस्था द्वारा उपलक्षित छ।

यो ब्रहम नै जीवको चरम गति हो।-*"निधानं बीजमव्ययम"* यस ब्रहमभावको अनुभव गर्नको लागि पहिले यस शरीरमा क्रिया गर्नु पर्दछ। त्यो क्रिया यद्यपि आफसे आफ भैरहेको छ, तथापि साधकलाई त्यसतिर लक्ष्य राख्नु पर्नेछ । यसैको नाम यज्ञ हो र साधन द्वारा प्राणलाई हृदयमा राखेपछि आत्मज्योतिको दर्शन हुन्छ। त्यस ज्योतिमा लक्ष्य स्थिर हुँदै हुँदै ध्येय वस्तुको प्रत्यक्ष ज्ञान हुन्छ। त्यस द्वारा प्रज्वलित आत्म संयमरुप अग्नि देखि प्राणको स्थिर अवस्था प्राप्त हुन्छ तथा इन्द्रिय वृत्तिहरु तिरोहित हुन्छ। यही हो आत्मसंयमरुपी अग्निमा (योगाग्निमा) प्राणको होम गर्नु।

"ब्रहमाग्न्यौ हूयते प्राणो होमकर्म तदुच्यते"

जसले यो यज्ञ गर्दछ त्यही साग्निक ब्राहमण हो। ब्राहमण वेदपारंग अर्थात् सर्वविषयवेत्ता हुन्छ। क्रियाद्वारा स्थिति पद प्राप्त भएपछि साधकलाई केही अज्ञात रहन जाँदैन। यो जान्नु या ज्ञानको नामै वेद हो।

साधकले यस किसिमसित यज्ञानुष्ठान द्वारा पहिले भूतमय प्राकृत शरीरलाई ब्रहममा लीन गरोस। यसैलाई भूतशुद्धि भन्दछन। "ॐ तत् सत्" यी तीन परमात्माको नाम हो। यी तीन स्थानमा उनलाई जान्नु हुन्छ। जब सूक्ष्मादि शरीरहरुलाई जानिलिन्छौ त ॐकार जान्नु हुन जानेछ। पश्चात् कूटस्थको चैतन्य लाई जानिलिए पछि साधकले त्यसको "तत्" नामलाई जानिलिन्छ। तत् लाई जानेपछि साधकले ब्राहमणत्वलाई प्राप्त गर्दछ। पश्चात् अरु बढी उच्च अवस्थामा पुगेपछि साधकले जब नामरुपी जगत् एवं अफुले आफैलाई पनि विर्सन जान्छ जब श्री भगवान्मै डुबेर "अस्तं गच्छन्ति नामरुपे विहाय" अर्थात् सब एक हुन जान्छन, तब त्रिगुणातीत अवस्था आउँदछ। त्यही "तत्" शब्दको वाच्यार्थ छ। यी तीन्टै को मिलन बाट नै सृष्टि, स्थिति र लय हुन्छ। जब तीन्टैको प्रकाश रहँदैन, खालि एकमात्र "सत" रहन्छ, तब सृष्टि, स्थिति, यी केही पनि रहँदैन। यी तीन्टै भावहरु बाट मिलेर नै ब्रहमको लीला विलाश हुन्छ। यसैले यी तीन नामहरु समान अरु पावन नाम केही छैन। ब्रहमको यस पवित्र नामत्रय द्वारा नै उसको स्वरुप अवगत हुन्छ।

यो ब्रहमनाम अवाच्य भएर पनि यसको एक किसिमको ध्वनि छ, जुन प्राकृत शब्द समान नभएर पनि ध्वनित हुन्छन। त्यो अशब्दको शब्द हो। त्यो कर्णरन्ध्रमा सुनिदैन, फेरि पनि सुन्नु जस्तो अनुभव हुन्छ। प्रणवको तीनमात्राहरु स्थूल, सूक्ष्म र कारण रुप छन। प्रणवको अर्द्धमात्रा [ ] विश्व कारण अनाद्या प्रकृतिरुप छ। त्यसको ऊर्ध्वमा परव्योम विदेहरुप अवाच्यावस्था छ। प्रणवको सप्त अवयवहरुमा मूलाधार देखि विशुद्ध पर्यन्त (गुह्यद्वार देखि कण्ठसम्म) प्रकृतिको लीला क्षेत्र हुन। आज्ञाचक्र या भ्रूमध्य प्रकृति र पुरुषको मिलन स्थान हो तथा ब्रहमरन्ध्र या सहस्रार निरंजन ब्रहमको धाम हो। यो कैवल्य ज्ञान देहको ऊर्ध्वमा अतीव तूर्यावस्था या विदेह भाव भनिन्छन्।

यस प्रणवलाई जान्नुको निम्ति या यसको सूक्ष्म पवित्र ध्वनिसँग परिचय प्राप्त गर्नको लागि साधन शिक्षाको आवश्यकता छ। जीवको हृदयमा सदा अविश्रान्त "ढुकढुक" शब्द भैरहेकोछ। यसले हृदय देखि सर्वांगमा रक्त संचार या जीवनधारालाई परिचालित गरिरहेको छ। बाहिरको यो शब्द त्यस जीवनधारालाई परिचालित गरिरहेको छ। बाहिरको यो शब्द त्यस आभ्यान्तरिक शब्दको अभिव्यक्ति मात्र हुन। यस शब्दले नै केही सृष्ट भएको छ, यसैले यो शब्द समस्त सृष्ट पदार्थहरुको हृदयसँग गाासिएको छ। विश्वको समस्त चेतन र अचेतन पदार्थहरु को भित्रै देखि यो सूरध्वनि बराबर निस्किरहेको छ। अलि अलि स्थिर भएपछि नै यो सुनिन जान्छन। प्रत्येक जीवको हृदयमा जस्तो "ढुकढुक" शब्द हुन्छ, उसरी नै विश्वरुप भगवान्को हृदयको भित्र जुन अस्फुट कोमल नाद झंकृत भैरहेको छ, त्यही प्रणव ध्वनि हुन। मनुष्यको हृदयको शब्द जसरी उसको जीवनको परिचायक छ, यो प्रणवध्वनि या नाद पनि उसरी नै विश्वात्माको अस्तित्त्व को स्मारक चिह्न हो। यसैले सर्वमन्त्रहरुमा प्रणव नै प्रधान मन्त्र छ अनि यस मन्त्रको सहायताले नै बद्ध जीव भवसागर पार हुन जान्छन। योगी गण यस प्रणवध्वनिलाई नै श्री कृष्णको वंशीध्वनि भन्दछन। विश्वात्मा परमेश्वर संग जुन साधकको हृदय मिलिजान्छ तेही साधकले प्रणव ध्वनि सुनिकन कृत्यकृत्य हुन्छ। यस ध्वनिको सहायताले साधकले आफ्नो हृदयलाई परमात्माको हृदयसँग मिलाइदिन सक्तछ। यसैकारण प्रणवलाई ईश्वरको वाचक भनिएको हो। हाम्रो हृदयको स्फुट ध्वनि ढुकढुकजसरी हाम्रो जीवन या "म" हो, त्यसरी नै प्रणव ध्वनिको वाच्य त्यो महाचैतन्य अवाच्य, विदेह या अगोचर ब्रहम हो यही एकमात्र "सत्" पदार्थ छ। अरु जे जति छ सब "असत्" या परिणामी हुन। विश्व प्राण ॐकारलाई बुझ्न सक्तछ, त्यसले आफुलाई सर्वभूतस्थ जान्न पाउँदछ। यो ज्ञान नै वस्तुतः वेदज्ञान हो। यो ज्ञान जसलाई हुन्छ, त्यसको नै मन्त्र चैतन्य हुन्छ तब *"ॐ तत् सत्"* भावना गरेपछि एकबारगी विश्वात्माकै स्मृतिहुन्छ अनि अभिमान युक्त "मै" को कर्तृत्त्वाभिमान लुप्त हुन जान्छ। तब चराचर समस्त विश्व सबका सब वासुदेवमय जानिइनछन।

तीन स्थानहरुमा ब्रहमको परिचय हुन्छन। ब्रहम निर्विशेष भएर पनि यी तीन स्थानहरुमा ज्ञान प्रकाश पार्थक्य हुनुको कारण त्यो निर्विशेष भाव भंग भएको छ। यसैकारण भजनशील व्यष्टिले श्री भगवान्लाई "विभंग-भंगिम" रुपमा अनुभव गर्दछन। जाग्रत स्वप्न सुषुप्ति यी तीन अवस्थाहरु एकै चैतन्यको तीन विभाव हुन। विलोम रुपमा देख्दा खेरि

१) सत्-स्वरुप ब्रहम जुन नित्य सत्य अविनाशी सत्ता छ, त्यही पश्चात् स्फुटित हुँदै हुँदै

२) तत् अर्थात् कूटस्थ ज्योति छ। पश्चात् अझ बढी स्थूल भावमा

३) यो त्रिपुर समन्वित देह या प्रकृति हो। यसैकारण ब्रहमलाई जान्नको लागि यस दृष्ट शरीरकै अवलम्बन गरेर नै साधना आरम्भ गर्नु पर्दछ। साधन गर्दा गर्दा निविड भावमा मन जति जति नै डुब्दै जानेछन त्यति त्यति नै स्थूल भावको विस्मृति हुँदै जानेछ। यही आफूलाई दिनु अथवा उनको चरणहरुमा आत्मसमर्पण छ। यो आत्मसमर्पण जति नै निविड भावले हुनेछ, त्यति नै कूटस्थमा अर्थात् आंज्ञाचक्रमा स्थिति प्राप्त हुनेछ। यस स्थितिको परिणामको न्युनाधिकता द्वारा नै जातिको निर्णय हुन्छ। जसको यो स्थिति अत्यन्त अधिक हुन्छ, तिनीहरु नै साधन राज्यका ब्राहमण हुन। यस किसिमका ब्राहमणको पदरज बाट मानवको भव व्याधि शान्त हुन जान्छन ॥२४॥

(ॐ)

तस्मादोभित्युदाहृत्य यज्ञदानतपःक्रिया
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रहमवादिनाम् ॥२४॥

श्री धरीय टीका-अब ॐकारादि शब्दत्रयको प्राशस्त्यलाई देखाउनु हुन्छ । त्यहाँ ॐकारको प्राशस्त्य भन्नु हुन्छन् । किनभने ब्रहमको यी निर्देश प्रशस्त छन, यसैले ॐ यस शब्दको उच्चारण गरी वेदवादीहरुका यज्ञादि शास्त्रोक्त क्रियाहरु अंग-वैकल्य भएर पनि प्रशस्त हुन्छन अर्थात् ॐकार उच्चारणको फलले सगुण हुन्छ ॥२४॥

आध्यात्मिक व्याख्या-"यसैले यस शरीर द्वारा आत्मक्रिया गरेपछि देख्ने छौ-आत्मक्रियाको पर आफसे आफ स्थिर भएको छ तथा आत्मा ब्रहममा अर्पण भएको छ, अनि स्वरुपमा कूटस्थ ब्रहममा अवस्थिति भएको छ अर्थात् क्रियाको परावस्था-यस किसिमको कर्ममा ब्रहमवादी सदा रहन्छन ।"

-ब्रहम विषयक आलोचन यथा ध्यान धारणा गरी जसले ब्राहमीस्थिती प्राप्त गरेको छ, ती सब आत्मवित् पुरुष भन्दछन-यस देह द्वारा आत्मक्रिया गर । वस्तुतः खालि मुखले-शब्द भन्नाले काम चल्ने छैन, यो अनुच्चार्य छ । यो ॐकार शरीर त्रय हुन । यो भनिसकिएको छ । यस सम्बन्धमा एक साधन छ जुन साधनको अभ्यास फलले शरीरमा जुन अहंज्ञान छ, त्यो तिरोहित हुन जान्छ । क्रियाभ्यास गरेपछि आफसे अफ त्यो स्थिरावस्था आउँदछ, जहां न "म" रहन्छ न त "मेरो" । तबै सब कर्म ब्रहमार्पण हुन्छन र स्वरुप मा अवस्थान हुन्छ । यस अवस्थामा नै यज्ञ दानादि अर्थात् क्रिया गर्नु एवं क्रियादान हुन्छ । त्यो कसरी हुन्छ तथा त्यो यज्ञ दानादि के वस्तु हुन, यो भाषा द्वारा भन्न सकिंदैन । परन्तु यो ॐकारको साधना नै ब्रहममा सर्बकर्म समर्पणको उपाय हो ॥२४॥

(तत्)

तदित्यम्भिसन्धाय फलं यज्ञतपः क्रिया
दान क्रियाश्च विविधा :क्रियन्ते मोक्षकांक्षिभि : ॥२५॥

श्री धरीय टीका-[द्वितीय नाम तत् को प्रशंसा गर्नु हुन्छ]-"तत् यो शब्द उच्चारण गरी शुद्धचित्त मुमुक्ष पुरुष फलाभिसन्धि छोडी यज्ञादि क्रियाको अनुष्ठान गर्दछन । अतयव चित्तशोधन द्वारा फल संकल्पलाई त्याग गरी मुमुक्षुत्व सम्पादन हेतु हुनुको कारण अर्थात् फलकामना त्याग मोक्ष साधक हुनुको कारण 'तत्' शब्दको निर्देश प्रशस्त छ ॥२५॥

आध्यात्मिक व्याख्या-"कूटस्थमा प्रवेश गरी, फलकांक्षारहित क्रियागरी ब्रहममा रहिकन-दान एवं विविध प्रकारको अनुष्ठान मोक्षाकांक्षी मानिसहरु क्रिया गर्दछन"-

मोक्षार्थी मानिसहरु कूटस्थमा लक्ष्य राखी सारा क्रियाहरु गर्ने गर्दछन । फलस्वरुप तिनीहरु कूटस्थमा प्रवेश गरी फलाकांक्षारहित हुन जान्छन । घर्षन देखि जसरी तील भित्रबाट तेल दही भित्रबाट घ्यु

काठमित्र बाट अग्नि निस्कन्छ, त्यसरी नै क्रिया गरे पछि आत्माको प्रकाश अनुभूत हुन्छ । साधारणत: आत्मालाई देख्नु र जान्नुको मूल हो कूटस्थमा रहनु । ब्रहम अचिन्त्य शक्तिको प्रभाव देखि हृदयस्थ भएर पनि नख देखि सिख सम्म सारा शरीरमा व्याप्त रहन्छन । त्यो अणु स्वरुप आत्मा अन्य शरीरहरुमा पनि व्याप्त रहन्छन । यसैले अन्य मानिसहरुले जे सोच्दछन त्यो आफनो मनमा पनि अनुभव हुन सक्दछन । साधारणत: मन चचंचल हुनुको कारण यो अनुभव हुँदैन । चचंचल मन स्थिर भएपछि सबैको मनको भाव आफनो मनमा जान्न सकिन्छ । साधारण अवस्थामा जान्नु, नजान्नु, यो मन, त्यो मन आदि पृथक पृथक भावमा रहन्छन । ॐकार क्रिया द्वारा परव्योममा आरोहण गरेपछि फेरि नानात्व उपलब्धि हुँदैन, किनभने त्यहाँ ब्रहम सिवाय अरु केही छैन ॥२५॥

("सत्")

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते
प्रशस्ते कर्मणि तथा सच्छब्द पार्थ युज्यते ॥२६॥

श्री धरीय टीका-[दुई श्लोकहरु द्वारा "सत्" शब्दको प्राशस्त्य भन्नुहुन्छ]-"सदभावमा" अर्थात् अस्तित्व बताउनमा जस्तो देवदत्त को पुत्र छ तथा २) साधुभाव अर्थात साधुत्वमा जस्तो देवदत्तका पुत्रादि श्रेष्ठ छन तथा ३) प्रशस्त कर्म अर्थात् मांगलिक विवाहादि कर्ममा "सत" शब्दको प्रयोग संगत हुन्छ ॥२६॥

आध्यात्मिक व्याख्या-"सद्भावमा ब्रहममा केवल अड्किरहन्छन-साधन क्रियामा अनवरत लागिरहन्छन, तिनीहरु नै क्रिया गर्दै गर्दै ब्रहममा लीन हुन जान्छन । प्रकृष्ट रुपमा क्रियाको परावस्थामा रहेपछि शान्तिपद अवस्थामा फेरि केही पनि कर्म रहँदैन, यसैले ब्रहम सिवाय अरु कतै मनलाई योजित गर्दैन ।"

सद्भाव अर्थात् ब्रहमभाव । सद्भाव तबै हुन्छ जब साधक खालि ब्रहममा अडकिरहन्छ । साधारणत: सबैको मन संसारमा अडकिरहन्छ । जब मन खालि ब्रहममा अडकिरहन्छ, तब सद्भाव या कैवल्य स्थिति हुन्छ । तब ब्रहम सिवाय अन्य कुनै विषयको प्रत्यय उदित हुँदैन । साधुभाव-साधन क्रियामा जो अविरत लागिरहन्छ, उनैको कार्य साधु अर्थात् सम्यक् छ । अरु सारा कर्म विषय कर्म हुन । यी सब कर्म हरु द्वारा समता आउन सक्तैन । केवल प्राण कर्ममा जो लागिरहन्छन, उनैको चित्त ब्रहमलीन हुन्छ । यसैले यस प्राणकर्म लाइ पनि "सत" भनिन्छ । जुन ब्रहम प्राप्तिको कारण छ त्यो ब्रहम नै हो । प्रशस्त कर्म पनि "सत् " हो । प्र+शन्स्+ त =प्रशस्त अर्थात प्रशंसा योग्य कर्म, मंगल कर्म । सर्वपिक्षा मंगलजनक एवं प्रशंसा योग्य अवस्था क्रियाको परावस्था हो । किनभने यस अवस्थामा चित्तमा संसार भाव रहँदैन । त्यही परम शान्तिको अवस्था हो, अतयव यसको अपेक्षा कल्याणजनक अरु केही हुन सक्तैन । मानिसहरु संसार ताप देखि संतप्त भएर खाली हाहाकार गरिरहन्छन । चित्तको बहुमुखी वृत्ति नै सन्सार हुन । परन्तु परावस्थामा अरु कुनै वृत्ति रहँदैन, कुनै कर्म पनि रहँदैन। यस नैष्कर्म्य मा अवस्थामा मन केवल ब्रहममा युक्त हुन्छन, अन्य कुनै विषयमा त्यो जान सक्तैन । यही शान्ति पद हो, याहाँ प्राण स्थिर हुन्छ अतयव कुनै

कर्म रहँदैन । यो परम मंगलमय अवस्था जुन साधना द्वारा प्राप्त हुन्छ त्यो कर्म सत् हो तथा जुन मानिसहरु सदा त्यस कर्ममा लागिरहन्छन्, त्यही साधु हुन । ॥२६॥

यज्ञे तपसिदाने च स्थिति : सदिति चोच्यते,
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ॥२७॥

श्री धरीय टीका-[अरु पनि भन्नुहुन्छ]-यज्ञादिमा अर्थात् यज्ञ तपस्या र दानमा जुन स्थिति छ या ततपरतारुपमा जुन अवस्थान छ त्यो पनि सत् नामले पुकारिन्छ । "ॐ तत् सत्" यी नामत्रय जसको छन त्यही परमात्मा हुन । ती कर्म जसको फल परमात्माको प्राप्ति छ, तदर्थीय कर्म हुन जस्तो पूजोपहार संग्रह, देवगहांगन-परमार्जन, उपलेपन इत्यादि मांगलिक कर्म । यी कर्महरुको सिद्धिको लागि जुन पुष्पफलोद्यान, धान्य क्षेत्र एवं धनार्जन आदिरुप कर्म छन, ती पनि तदर्थीय कर्म हुन । यी कर्म अतीव व्यवहित भएर पनि "सत्" नामैले कथित हुन्छन । किनभने ॐ तत् सत् यी नामत्रय अति प्रशस्त छन, यसैले कर्महरुलाई सदगुणयुक्त गर्नको लागि यस नामत्रयको कीर्तन गर्नु नै विधि हो । यस विषयमा अर्थवाद (प्रशंसा) को अनुपपत्ति हुनुको कारण विधि कल्पना नै उचित । किनभने "विधेयं स्तुयते वस्तु" विधेय वस्तुको स्तवन गरिन्छन । यस न्याय अनुसार विधिकल्पना नै उचित छ। अरु मानिसहरु भन्दछन ।-

"प्रवर्तन्ते विधानोक्ता:"-"क्रियन्ते मोक्षकांक्षिभि" इत्यीद श्लोकहरुमा वर्तमान उपदेश "समिधो यजति" इत्यादि समान विधिरुपमा परिणामनीय छ अर्थात् विधिरुपमा परिणत गर्नु योग्य छ । परन्तु यो संगत छैन, किनभने "सदभावे साधुभावे" यसश्लोकमा तेसको प्राप्ति हुन जानुको कारण पूर्वोक्त रुपमा विधि कल्पना नै श्रेष्ठ छ । अर्थात् "ॐ तत् सत्" खालि अर्थवाद एवं प्रशंसार्थ व्यवहृत हुँदैन । उनको कीर्तन गर्नु ने विधि हो ॥२७॥

आध्यात्मिक व्याख्या-"क्रिया गर्नुको समय, कूटस्थमा रहनुको समय तथा क्रियादानको समय ब्रहमको नै उद्देश्य रहन्छ, यस किसिमको स्थिति सदा सर्वदा ब्रहममा, जो छन, रहन्छन, तिनीहरु नै ब्रहमस्वरुप हुन, अथवा कुनै कर्म अर्थात् जो केही गर्दछन त्यस ब्रहमलाई नै देखेर तथा त्यसकै उद्देश्यबाट ब्रहम नै सर्वदा स्थिर बुद्धिमा राख्दछन अर्थात क्रियाको परावस्था"

यज्ञकर्ममा, तपस्यामा र दानमा जुन स्थिति छ त्यसको नै नाम सत् हो । तदर्थीय अर्थात् "ॐ तत् सत्" यी तीन शब्दहरुको प्रतिपाद्य जुन परमेश्वर छन उनको निम्ति जुन यज्ञादि कर्म अनुष्ठित हुन्छन, तीकर्महरु नै तदर्थीय कर्म हुन। सत् शब्द द्वारा तदर्थीय कर्म पनि अभिहित हुन्छन-(शंकर भाष्यको अनुवाद) यज्ञ अर्थात क्रिया गरेर जुन स्थिति हुन्छ तथा क्रियादानको समय अर्थात् जीवको कल्याणार्थ क्रियाको उपदेशको समय जुन स्थिति हुन्छ,यी सब सद्भाव या ब्रहमभाव हो । किनभने यो सर्वदा ब्रहममा रहन्छ, तिनीहरु चाहे जुन सुकै अवस्थामा रहुन, त्यसै अवस्थामा उनको सारा कार्य ब्रहमोद्देश्य ले अनुष्ठित हुन्छन्। तिनीहरुले ब्रहमलाई पृथक गरी केही पनि गर्न सक्तैनन् । उनको समस्त कार्यमा ब्रहमोद्देश्य

रहन्छ । जस्तो नर्त्तकले मस्तक माथि कलश राखिकन हावभाव देखाउदै नृत्य गीतादि गर्दछन, परन्तु उसको लक्ष्य कलशमाथि रहन्छ, उसरी नै योगीको जुन क्रियाजनित स्थिर बुद्धि हुन्छ, त्यसमा एकमात्र ब्रहम नै लक्षित हुन्छ । उसको समस्त कार्यादि स्थिर बुद्धिमा अर्थात् क्रियाको परावस्था रहेर हुन्छन । यो कसरी हुन्छ, यसलाई योगी सिवाय अरु कसैले जान्न सक्तैन । श्वास सुषुम्नामा नचलिकन जब इडा पिंगलामा चल्दछ त त्यही कर्मको वैगुण्य हो । यस वैगुण्यको समाधानका लागि नै "ॐ तत् सत्" को उपदेश छ। यसलाई मुखले उच्चारण गर्नु पनि पुण्यजनक छ, किनभने यो मन्त्र सत्यभाव एवं साधुभावको उद्दीपक छ । परन्तु खालि मन्त्रको उच्चारण गरी चुप हुन जांदा यसको सम्यक् फल प्राप्त हुनेछैन। यसैले आत्महितेच्छु व्यष्टिको लागी यसको प्रकृत रहस्य एवं साधना सद्गुरुबाट सिक्नु पर्दछ । यस साधनमा जो सिद्ध छन, तिनीहरु नै प्रकृत साधु हुन । उनको बुद्धि सर्वदा स्थिर एवं ब्रहममा युक्त हुन्छन् । अतयव जे जुन भन्दछन् या गर्दछन् सब ब्रहममा तन्मय भएर । यसैले उनको कर्म एवं वाक्य सब ब्रहमभावमय एवं सत्यमय हुन्छन ॥२७॥

अश्रद्धया हुतं दत्तंतपस्तप्तं कृतं च यत् ,
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

श्री धरीय टीका-[कर्महरुमा श्रद्धायुक्त प्रवृत्ति उत्पन्न गर्नको लागि अश्रद्धा देखि कृत कर्महरुको निन्दा गर्नुहुन्छ]-अश्रद्धापूर्वक हवन, दान, तपस्या तथा अन्य सारा कृत कर्म असत् कहिन्छन । किन भने ती अंगवैगुण्यको कारण लोकान्तरमा कुनै फल प्रदान गर्दैन । अयशस्कर हुनुको कारण लोकान्तरमा कुनै फलप्रद हुँदैन ॥२८॥

रजस्तमोमयी श्रद्धालाई त्याग गरी सत्त्वमयी श्रद्धाको जसले आश्रय दिन्छ, ति तत्त्वज्ञानको अधिकारी हुन्छन, यही सप्तदश अध्यायमा कथित भएको छ ।

आध्यात्मिक व्याख्या-"ब्रहममा नरहिकन होम गर्नु (ॐकार क्रिया) दिनु (क्रियादान) तपस्या गर्नु अर्थात कूटस्थमा रहनु-ब्रहममा नरहेर गर्नाले नै असत् हुन जान्छ, त्यसको यसलोक र परलोकमा कल्याण छैन ।"

कर्म यदि तदर्थीय हुँदैन त असत् हुन जान्छ। कर्म कसरी तदर्थीय हुन्छ ? श्रद्धासाथ साधन गरेपछि अभिमान नष्ट हुन जान्छ। अभिमान पूर्वक गरिएका कर्म शुभ भएर पनि शुभ फल प्रदान गर्दैन्। गुरुपदेश एवं शास्त्रोपदेशलाई अमान्य गरी जसले स्वेच्छाचारले कार्य गर्दछन उनको कार्य कहिल्यै सात्त्विक हुँदैन । अर्थात् त्यस कार्य द्वाराकहिल्यै सुषुम्नामा प्राण प्रत्यावर्तन गर्ने गर्दैन । सुषुम्नामा प्राण परिचालित भएर जुन कार्य अनुष्ठित हुन्छन, ती सब सात्त्विक कर्म हुन् । यसरी जुन कर्म सात्त्विक छैन, त्यसमा प्रवृत्तिको प्रावल्य हुनाले त्यो न त इहकालमा आनन्दजनक हुन्छ अनि न त परकालमा मंगलप्रद । सात्त्विक भावले कर्म हुनु जरुरी छ किन भने सात्त्विक भाव अर्थात सुषुम्नामा प्राण प्रवाहित हुनु विना कसैलाई पनि आत्म प्रत्यक्ष हुँदैन । तथा न त कोही स्थूल सूक्ष्म देहादिको पर जान सक्दछ । स्थूल एवं

सूक्ष्म देहरुप उपाधि रहुंन्जेल कसैलाई प्रकृत ज्ञान भक्ति उदय हुँदैन । इडा पिंगलामा जसकोश्वास प्रवाहित हुन्छ, तिनीहरु ज्ञान प्राप्तिका अधिकारी छैनन् । यसैले जसद्वारा श्वास सुषुम्नामा प्रवाहित होस, यसकिसिमको साधनामा प्रयत्न गर्नु आवश्यक छ । यसले ब्रहममा स्थिति प्राप्त हुनेछ । ब्रहममा स्थिति हुनु विना चाहे ॐकार क्रिया गर या कूटस्थमा रहु या सहस्र मानिसहरुलाई क्रियादान गर-यसले कुनै प्रकृत कल्याण प्राप्त हुने छैन । यी सब क्रियाको फलस्वरुप केही केही बाहय सिद्धि प्राप्त हुन सक्तछ, परन्तु त्यो कामोपभोगलाई अति क्रमण गर्न नसक्नुको कारण असत छ,अर्थात त्यस क्रिया देखि प्रकृत कल्याण हुँदैन । परन्तु जसले सान्सारिक लाभ हानीको उपेक्षा गर्दै प्राणपणसँग प्रीतिपूर्वक नियमित रुपले क्रिया गर्दछन त उनको परिश्रमसफल हुन्छ । उनको कर्म भगवत् प्रीत्पर्थ हुन्छ, अतयव जागतिक फलतिर उनको दृष्टि रहँदैन । त्यो शुद्ध अच्युतको चरणतिर लक्ष्य राखी दौडिदिन्छन । यस किसिमका साधकहरुको समस्त कर्म भगवद् उद्देश्यले अनुष्ठित हुन्छन । अतयव उनिहरुद्वारा गरिएका आहार, विहार, पूजा, साधन गर्नु र साधनादिनु आदि समस्त कर्म सात्त्विक हुन जान्छन । यस किसिमकायोगी सत्त्व शुद्धिको अवस्था प्राप्त भएपछि भक्ति एवं ज्ञानको अधिकारी हुन्छन । यस अधिकार प्राप्तिको लागि नै श्री भगवान्ले "ॐतत् सत्" मन्त्रको उपदेश दिनु भएको छ । यस मन्त्रलाई जसले जान्दछ तथा यसको साधन गर्दछन, त्यसलाई नै अधिकारको प्राप्ति हुन्छ, अन्यथा मानिसहरुलाई देखाउनको लागि साधन साधना गरेमा कुनै फल हातलागी हुँदैन । ॥२८॥

इति श्री श्यामाचरण आध्यात्मिक दीपिका नामक गीताको सप्तदश अध्यायको आध्यात्मिक व्याख्या समाप्त ।

ॐ तत्सत् !

ॐ तत्सत् !!

ॐ तत्सत् !!!

श्रीमद्भगवद् गीता
अष्टादशोऽध्याय :
(मोक्षयोग)

अर्जुन उवाच-

सन्यासस्य महावाहो तत्वमिच्छ्रमि वेदितुम्,;
त्यागस्य च हृषिकेशो पृथक्केशिनिषुदन ॥१॥

श्री धरीय टीका-[परमार्थको विशेषरुपले निर्णय गरिनेवाला अष्ठादश अध्यायमा संन्यास एवं त्यागको विभाग कथन गर्नुहुँदै समस्त गीताको अर्थहरुको संग्रह स्पष्ट रुपले भन्नु हुन्छ]-"सर्वकर्माणी मनसा" (५/१३) तथा "सन्यास योग युक्तात्मा" (९/२८) आदि द्वारा कर्म संन्यासको उपदेश दिइएको छ । फेरि "त्यक्त्वा कर्मफलसंग" (४/२०) तथा "सर्वकर्मफल त्यागं" (१२/११) आदि श्लोकहरुमा फलमात्रको त्याग गरी कर्मानुष्ठान गर्नुको उपदेश दिइएको छ । परम कारुणिक सर्वज्ञ श्री भगवान्ले परस्परविरुद्ध वाक्यहरुको कहिल्यै पनि उपदेश दिनुहुन सक्नु हुन्न । अतयव कर्म संन्यास एवं कर्मानुष्ठान यी दुबैको विरोध जसबाट नहोस त्यही सम्झनु को निम्ति इच्छुक भएर-अर्जुनले भन्यो-हे हृषिकेश ! अर्थात हे सर्वेन्द्रियहरुको नियामक ! हे केशिनिषुदन ! हे श्री कृष्ण ! संन्यास एवं त्याग तत्त्वको पार्थक्य जान्नुको इच्छा मलाई भैरहेका छ ।-केशी नामक एक वृहत अश्वाकृत्ति दैत्त्यको फैलिएका मुख भित्र देव्रे हात पसाएर तत्काल त्यसहातलाई बढाउनु भैकांक्रो को फल समान त्यसलाई विदीर्ण गरी बध गर्नु भएको थियो । यसै कारण श्री कृष्णलाई महावाहु एवं निषूदन भनी सम्बोधन गरिएको छ । ॥१॥

आध्यात्मिक व्याख्या-"शरीरको तेज द्वारा प्रकाश भैरहेको छ ।-संन्यास एवं त्यागमा पार्थक्य के छ ?"

ऋषि प्रणित शास्त्रहरुमा द्विजातिहरुको निम्ति विशेषतः ब्राहमणहरु को निम्ति चार आश्रमको विधान छ। ती चार आश्रम छन (१) ब्रहमचर्य (२) गार्हस्थ्य (३) वानप्रस्थ (४) संन्यास । प्रत्येक परवर्ती आश्रमको लागि त्यसको पूर्ववर्ती आश्रममा योग्यता प्राप्त गर्नु पर्ने हुन्छ अतयव कुनै आश्रमलाई त्याग गर्नाले काम चल्दैन । हाम्रो वर्तमान शिक्षालयहरुमा पृथक पृथक श्रेणी विभाग छन । एक श्रेणीको पाठ तयार गरेपछि छात्रालाई दोस्रो श्रेणीमा पढनको निम्ति योग्यता प्राप्त हुन्छ त्यो योग्यता प्राप्त भएको छ छैन यसको लागि जांचदिनुपर्ने हुन्छ । जाँच दिएपछि जब छात्र योग्य सम्झिइन्छन त त्यसलाई उच्च श्रेणीमा पढ्ने अधिकार दिइन्छ । भारतवर्षको वर्णाश्रम विभागपनि उपयुक्त श्रेणी विभाग अनुरुप भन्न सकिन्छ । अन्तर खालि यतिमात्र छ-

पाठशालाहरुको श्रेणी विभाग संख्यामा धेरै भएर पनि केही वर्षहरुको चेष्टाले अतिक्रम गर्न सकिन्छ, परन्तु ऋषिहरुको वर्णाश्रम विभागमा उन्नत श्रेणीको अधिकार केही वर्षहरुमा नै प्राप्त हुँदैन । यहाँ सम्म

कि अनेक जन्म हरुमा पनि प्राप्त हुन सक्तैन । जन्म जन्मान्तर देखि नै यस विश्व विद्यालयमा पाठ अभ्यास गर्नको लागि जीवसमूह प्रेरित हुन्छन, जति जति पाठाभ्यासमा योग्य हुदैजान्छन, त्यति त्यति नै शिक्षार्थीहरु तदनुरुप दोस्रो जन्ममा उच्चभन्दा उच्च तर श्रेणीमा पुग्दछन । उद्देश्य हुन्छन् अरु अरु बढी भन्दा बढी उच्चतर शिक्षा प्राप्त गर्नु । यस संस्कार अनुसार जीव आगामि जन्मको निम्ति प्रस्तुत हुन्छन् । जसको जस्तो अभ्यास छ र जस्तो चेष्टा हुन्छ, त्यसले तदनुकुल फल प्राप्त गर्दछ । यस शिक्षाको चिह्न प्रत्येक जन्म मा संस्काररुपले प्रत्येक जीवको शरीर , इन्द्रिय एवं मनमा जम्न जान्छन । फलस्वरुप चार किसिमको जीव जगत्मा देखिइनछन (१) मुक्त (२) मुमुक्षु (३) संसारी अनि (४) पाखण्डी । मुक्त पुरुष ज्ञानी हुन्छन, उनको पाठ समाप्ति भएको बुझ्नु पर्दछ । मोक्षरुप परमानन्दको अधिकारी हुनुको कारण उनिहरुलाई कर्मसंग बद्ध हुनु पर्दैन । यसैले तिनीहरु कर्ममा लिप्त हुँदैनन् । मुमुक्षु संसारी एवं पाखण्डी जीवहरुको अभ्युदयको लागि कर्मको व्यवस्था छ । वर्ण विभाग पनि तिनीहरुको कर्मको अनुकुलताको लागि नै व्यवस्थित छ। साधारणतः ब्राहमण मुमुक्षु हुन क्षत्रीय मुमुक्षु एवं संसारी, वैश्य संसारीहुन तथा नीच वृत्तिवाला क्रुर पाखण्डी शुद्र श्रेणी अन्तर्गत छन् । सबभन्दा निम्न श्रेणीका मानिसहरुले पनि आफनो कर्महरु अनुसार क्रमशः क्रमशः उन्नतिप्राप्त गर्न सक्दछन । शास्त्रमा यसको व्यवस्था छ । यस क्रमिक उन्नतिको फलस्वरुप तिनीहरु संसारी र मुमुक्षु भएर अन्तमा ब्राहमण कुलमा जन्म ग्रहण गर्दछन । ब्रहमनिष्ठ एवं तत्व ज्ञान परायण गृहस्थ भएर तिनीहरु वर्णविहित गृहस्थाश्रमको नियमहरु पालन गर्दछन । साधनामा सफल हुनको लागि पूर्णरुपले आत्मबल प्रयोग गर्नको निमित्त उनिहरुले संसारलाई त्याग गरी वानप्रस्थाश्रम तथा आफुलाई उपयुक्त सम्झी सन्यास आश्रम सम्म ग्रहण गर्न सक्दछन । आजकाल त अधिकार होस या नहोस इच्छा हुने वित्तिकै संन्यासी हुन जान्छन । प्राचीनकालमा यसरी इच्छानुसार संन्यास ग्रहणको व्यवस्था थिएन । यसैकारण त्यसकालमा चतुर्थाश्रममा संन्यासीहरुको संख्या अत्यधिक कम थिए । यस सिवाय तीन आश्रमहरुको कार्य समाप्त गर्दा गर्दै नै धेरैजसोका आयु समाप्त भैदिन्थ्यो । त्यस बेलाका मानिसहरु यति विचार शील थिए-जबसम्म अधिकारी हुँदैनथे उच्चतर आश्रम ग्रहण गर्दैनथे । अतयव ब्रहमचर्य गृहस्थाश्रम बाहेक अन्य कुनै आश्रममा अधिक संख्यामा मानिसहरुको समागम हुन सक्तैनथ्यो । जति जति साधना द्वारा ज्ञान विकसित हुन्थ्यो, तदनुसारै तिनीहरु उच्च आश्रम ग्रहण गर्दथे । उनिहरुको विश्वास थियो-जन्मान्तरको कर्महरुको फलदेखि नै उच्चवर्णमा जन्म हुन्छ आजकालको जस्तो पुस्तकीय विद्या नै उनिहरुको संबल थिएन । अकर्मण्य रहिकन "बडो" बन्ने प्रवृत्ति कसैमा थिएन । यदि यस्तो प्रवृत्ति कसैमा हुन्थ्यो त राजशासनले त्यसलाई यथास्थान संस्थापित गरि दिन्थ्यो । अतयव आजको आधुनिक समय अनुसार अनधिकारी व्यष्टि कुनै आश्रममा प्रवेश गरी तेसलाई कलंकित गर्न पाउदैनथे । अवश्य नै श्रुतिमा यस्तो उपदेश छ-"यदहरेव विरजेत् तदहरेव प्रवजेत्" जब वैराग्य हुन्छ तबै प्रव्रज्याश्रम ग्रहण गरोस । यस नियमानुसार कोहीकोही ले मात्र ब्रहम चर्याश्रमलाई समाप्तगरी चतुर्थाश्रमलाई ग्रहण गर्दथे, परन्तु यस्तो मानिसहरुको संख्या अतीव कम हुन्थ्यो । यस किसिमसित चतुर्थआश्रम ग्रहण गर्नुको विधान ती मानिसहरुकै लागि थियो, जसलाई प्रबल वैराग्य हुन्थ्यो । त्यस वैराग्यभावको गतिलाई कसैले अवरोध गर्न पाउँदैनथ्यो, कुनै बाहिरी आकर्षणले तेस वैराग्यवानलाई

आकर्षित गर्न सक्दैनथ्यो, अतयव उसकोलागि अन्य आश्रमहरुको शिक्षा प्रयोजनीय थिएन । आज जसरी अत्यन्त बुद्धिमान छात्रलाई द्विगुण उन्नीत (Double promotion) गरिइन्छन । शास्त्रमा पनि उपयुक्त अधिकारीको लागि यस्तो व्यवस्थाको अभाव थिएन । परन्तु तीव्र वैराग्य विना यस्तो उन्नति प्राप्त गर्नु कसैको लागि संभव थिएन । त्यसकालमा राज्य एवं समाजको शासन शास्त्रानुसार चल्दथ्यो । अतयव मनीषी मानिसहरुको यतातिर खूवतीक्ष्ण दृष्टि हुन्थ्यो-कतै शास्त्र विधिको उलंघन नगरियोस । तेस समयमा अनधिकार प्रवेश विल्कुल थिएन । बौद्ध विप्लावन भएपछि वेदविधिलाई सुरक्षित एवं समाजलाई परिचालित गर्नको लाग आचार्यशंकरले लोक शिक्षकहरुको विशेष आवश्यकता हुनुको कारण सन्यासी समाजको आयतन बढाउनको लागि उपयुक्त वेदविधिको आश्रय लिएर समाजमा सन्यासीहरुको संख्या बढोत्तरी गरेका थिए । अवश्य नै त्यस कालमा पनि मानिसहरु यथासाध्य शास्त्रविधिको पालनगर्नुको चेष्टा गर्दथे । वर्तमान युग समान शास्त्रविधि-वर्जित-स्वेच्छाचार प्रणोदित संन्यासीहरुको संख्या त्यस समयमा विल्कुल अविरल त थिएन, परन्तु त्यसको मात्रा यति धेरै थिएन, जुन युगमा श्री भगवान्ले अर्जुनलाई गीताको उपदेश दिनुभएको थियो, त्यस समयमा ती मानिसहरुको लागि संन्यास विहित थिएन जस्लाई तत्त्वज्ञान उत्पन्न हुन्थेन एवं ज्ञानको अभिलाषा पनि हुँदैनथे । अतयव यस खालका मानिसहरुको कर्म संन्यासको व्यवस्थाको लागि संन्यासको अतिरिक्त त्यागीको एक वेग्लै श्रेणीको विभाग गरिएको छ, यो विश्वसनीय छैन । जसलाई ज्ञानका अभिलाषा नै छैन, तिनीहरुको लागि त्याग या संन्यास कसरी हुनसक्तछ, यो समझमा आउँदैन । आत्म साक्षात्कार एवं मोक्षको इच्छाको लागि नै संन्यासाश्रम छ । जसलाई यो इच्छा उत्पन्न भएकै छैन, त्यसलाई तानेर सन्यासी या त्यागी बनाउनु को प्रयोजन के छ ? श्रुति भन्दछ-“ज्ञानादेव तु कैवल्यम”-ज्ञान देखि नै कैवल्य प्राप्ति हुन्छ । यो ज्ञान सहज-लभ्य छैन । पुस्तक ग्रन्थ पढेर लंबा चौडा कुरा गर्नाले कोही ज्ञानी हुदैन । यसको लागि अधिकारी हुनु पर्नेछ । जुन ज्ञान बाट समस्त अनेकता एवं भेदहरुमा ऐक्य स्थापित हुन्छ, त्यो ज्ञान धेरै धेरै साधनको फलस्वरुप कुनै भाग्यवान मानिसलाई नै प्राप्त हुन्छ । जसलाई ज्ञानको अभिलाषा छ, त्यसलाई पहिले अधिकारी हुनु पर्नेछ । यसको लागि साधनाभ्यास चाहिन्छ । साधनाभ्यास द्वारा हृदय शुद्ध हुन गएपछि हृदयमा वैराग्यको अग्नि प्रज्वलित भै उठ्दछ । त्यस प्रज्वलित वैराग्यरुपी अग्निमा सारा विषय वासनाहरुलाई हविरुपमा निक्षेप गरेपछि आत्म साक्षात्कारको प्राप्ति हुन सक्छ । जुन आत्मसाक्षात्कारको उपाय छ, त्यो पनि अधिकारी भेदले चारकिसिमका हुन्छन । पहिलो वहिर्पूजा, जप श्रवण कीर्त्तनादि । द्वितीय पूजा छ प्राणतत्त्वसँग परिचित हुनु । प्राणायामादि योगाभ्यासद्वारा जब प्राण स्थिर हुन्छ ,तब मन एवं इन्द्रियहरु स्थिर हुन्छ । त्यस समयदेखि अन्तः पूजा आरम्भ हुन्छ बहिर्पूजा समान त्याहाँ पनि पुष्प धुप, दीप अंजली एवं आरती आदि हुन्छ, परन्तु त्यसमा कार्य क्लेश हुँदैन । खालि स्थिर मनद्वारा त्यो पूजा सम्पाद्य हुन्छ । यस किसिमसँग भूतात्मा र सूत्रात्माको पूजा समाप्त भएपछि जुन भूतादिमा प्रकाशित भैरहेको छ त्यस एकमात्र प्रकाश स्वरुपको पूजा नै तृतीय अधिकारी को पूजा हुन । तब *“ब्रहममयीको पूजामा पूजक ब्रहममय”* हुन जान्छ । यो केवल स्थिर मनमा ध्येय वस्तुको ध्यान या त्यसमा तद्गत हुन जानु हो । चतुर्थ अधिकारमा स्थूल, सूक्ष्म कारणको अतीत भएर आत्माकारमा या स्वस्वरुपमा अवस्थान हुन्छ । यही

हो प्रपंचातीत अवस्था । यस अधिकारमा मायाको लेश पनि रहँदैन । यही शुद्ध अद्वैतानन्द, ब्रहमभाव अथवा क्रियाको परावस्था हो ।

जुन मानिसहरु पूर्व जन्मको सुकृतिहरुको फलस्वरुप वैराग्यवान हुन्छन, अतयव उनको ज्ञानको परिपक्वताको लागि संन्यासलाई दुई भागमा विभक्त गरिएको छ । (१) विविदिषा-संन्यास र (२) विद्वत -संन्यास । जुन मानिसहरु पूर्व संस्कार वश मुमुक्षु हुन्छन, अतयव ऐहिक सुख सम्पद प्रति अत्यन्तै उदासिन छन, उनलाई थोरै समयको साधनाले नै सिद्धि प्राप्त हुन्छन । उनको चित्त स्वभावतः सांसारिक लाभ हानी प्रति उदासिन रहन्छ । उनको चित्तमल नाममात्रको हुनुको कारण थोरै दिनहरुको साधनाले नै उनलाई प्राण तथा मनको स्थिरता सहजै प्राप्त हुन जान्छन । जसको प्राण थोरै प्रयत्नले नै सुषुम्नामा प्रवेश गर्दछ, तिनीहरु शीघ्र नै ब्रहमभावले भावित या क्रियाको परावस्थालाई प्राप्त या आत्मस्थ हुन सक्दछन । यसरी जसको चित्त प्रक्षीण दशा प्राप्त भै प्रकृत ज्ञानाधिकार प्राप्त गर्दछ, उनको मनको कर्मासक्ति जीर्ण त्वचा समान स्खलित हुन जान्छ । यस किसिमका साधकेन्द्रको लागि जुन सन्यास हुन्छ, त्यही स्वाभाविक संन्यास हो । यही विद्वत संन्यास भनिन्छन । यस संन्यासको लागि कुनै विधिविधान या आयोजना गर्नुपर्दैन । फल अत्यन्त पाकेपछि जसरी आफै वृक्ष देखि तल खस्दछ, त्यसरी नै उसको मन सन्सार देखि स्वभावतः मुक्त हुन जान्छ । यसको लागि कुनै पाठशालामा नाम लेखाउने आवश्यकता पर्दैन । परन्तु जो यसकिसिमको अधिकारी छैन, तर मुमुक्षु भाव समापन्न छन । संसार देखि केही अंशमा अनासक्त पनि छन्, उनको शमदमादि र अनासक्ति भावलाई पुष्ट गर्न तथा बढोत्तरीको निम्ति कतिपय शास्त्रीय व्यवस्थाहरु छन । ती विधि व्यवस्थाहरुलाई शास्त्रानुमोदित तरीकासँग ग्रहण गर्नुलाई "विविदिषा संन्यास भन्दछन । यो वास्तविक संन्यास होइन, बरु संन्यासको लागि शिक्षण व्यवस्था मात्र हो ।

यस अध्यायमा "त्याग" एवं "संन्यासको विशेष आलोचना गरिएको छ । यी दुवै शब्दहरुको धातुगत अर्थ एकै छ । परन्तु "त्याग" शब्द एक विशिष्ट अर्थमा प्रयुक्त भएको छ । यस "त्याग" शब्दको आलोचना गर्नाले जानिइन्छन- यो शब्द भगवद्‌गीताको निजस्व हो । संन्यास शब्दले यसको वैशिष्टय पनि विशेषरुपसँग विचार गर्नु योगय छ । भगवान् श्रीकृष्णले जीवको कल्याणको लागि त्यागको एक विशिष्ट मार्गको उद्‌भावना गरी मानो लोकचक्षुको अगाडि त्यसलाई एक नयाँ रुपमा नै उपस्थित गर्नुभयो । यो वेद विरुद्ध छैन, परन्तु यस्तो जानिइन्छन- त्यस समयको समाजमा यो अविज्ञात एवं अप्रचलित थियो । परन्तु कालच्रकको विडम्बनाले जब जीवको मति गति हीन एवं अशुद्ध हुन लाग्यो, तब फेरि संन्यास एवं त्यागको विषयको प्रचार जन मानसमा गर्नु पर्ने प्रयोजन हुन गयो । संन्यास एवं त्यागको धातुगत अर्थ एक नैं छ । यो पहिले भनि सकिएको छ कालक्रमले संन्यासको एक रुढि अर्थ समाजमा प्रचलित भएको थियो । संन्यासी शब्दले वस्तुतः यही ज्ञात हुन्छ ।

"सदन्ने वा कदन्ने वा लोष्ट्रे वा कांचने तथा
समबुद्धिर्यस्य शाश्वत् स संन्यासिति कीर्तित,

सर्वत्र समबुद्धि विशिष्ट व्यष्टि नै प्रकृत संन्यासी हुन । किन्तु पश्चात् संन्यासीको भेष धारण गर्नु नै महत्वको कुरा हुन गयो ।

**"दण्ड कमण्डलुं रक्तवस्त्रमात्रंच धारयेत्;,
नित्यप्रवासी नैकत्र स संन्यासीति कीर्तितः ॥**

संन्यासीको यो अन्तिम परिभाषा नै जब विशेषरुपले प्रबल हुन लाग्यो, तब संन्यासीहरुकै भित्र पनि विविध भेद एवं विविध सम्प्रदायको सृष्टि हुन थाल्यो, परन्तु यस्तो बुझिन जान्छ-अति प्राचीन समाजमा यो अनुमोदित थिएन । संन्यासको वास्तविक अर्थ त घरद्वार छोड्नु थिएन अनि न त वेषभुषा धारण गर्नु नै थियो । संन्यासको वास्तविकता थियो बुद्धिको समता समबुद्धि भावापन्न भएर यदि कोही गृहस्थ या ब्रहमचारी पनि होओस त त्यो वेषधारी संन्यासी नभएपनि यथार्थरुपमा संन्यासी हुन, मुनिश्वर द्वैपायन वेदव्यास या शुकदेव कुनै पनि गृहत्यागी थिएनन्, तथापि तिनीहरु सन्यासी थिए । गीतामा श्री भगवान्ले यही किसिमको अभिप्राय प्रकट गर्नु भएको छ ।

**"ज्ञेयःस नित्य संन्यासी या न द्वेष्टि न कांक्षति;,
निर्द्वन्दो हि महाबाहो सुखं बन्धात् प्रमुच्यते ॥५।३॥"**

जसले द्वेष गर्दैन, आकांक्षा पनि गर्दैन, त्यसलाई कर्मानुष्ठान गर्दो भए पनि संन्यासी बुझ्नु पर्दछ । हे महाबाहो ! राग एवं द्वेषले शून्य शुद्धचित्त पुरुष अनायास संसार बन्धन देखि मुक्त हुन जान्छन ।

षष्ठ अध्यायमा श्री भगवान् फेरि भन्नु हुन्छ -

**"अनाश्रित : कर्मफलं कार्यं कर्म करोति यः'
स संन्यासी च योगी न निरग्निर्न चाक्रिय : ॥६।१॥**

जसले फलको आकांक्षा नगरी कर्तव्य सम्झेर विहित कर्महरु गर्दै रहन्छ, त्यही संन्यासी हो अनि त्यही योगी हो । निरग्नि-(अग्निद्वारा यज्ञादि कर्म त्याग गर्नेवाला)- अथवा अक्रिय (अनग्नि साध्य कर्महरु त्याग गर्नेवाला) न संन्यासी हुन न त योगी हुन ।

यहाँ श्री भगवान्ले स्पष्टतः प्रचलित संन्यासको प्रतिवाद गर्नुभएको छ, परन्तु संन्यासाश्रमलाई नराम्रोभनेर प्रतिवाद गरिएको छ, यस्तो कुरा छैन । अत्याश्रमी या संन्यासी नै सर्वोत्कृष्ट हुन्छन, परन्तु अनधिकारपूर्वक यस आश्रमलाई ग्रहण गर्नाले समाजमा विप्लव उत्पन्न हुन जानेछ, यस आशंकाले उहाँले बेषधारी संन्यासको निन्दा गर्नुभएको छ तथा उपयुक्त संन्यासीको साथै त्यागी गृहस्थ योगीहरु लाई समान आसन प्रदान गर्नु भएको छ ।

संन्यासी मानिसहरु ज्ञान वैराग्य सम्पन्न हुन्छन र गृहत्यागी पनि हुन्छन तथा त्यागी मानिसहरु भक्त, ज्ञानी कर्मी तथा गृही हुन्छन, यी ज्ञान सम्पन्न कर्मयोगीहरुको कर्म कुन किसिमसँग संन्यासमा परिणत हुन्छन, यसै कुरा सम्झाउनको निम्ति श्री भगवान्ले गीतामा विशेष प्रयास गर्नुभएको छ ।

संन्यासी भन्नाले एक विशिष्ट सम्प्रदायको बोध हुन्छ अतयव जो गृहत्यागी छैनन्, परन्तु ज्ञान वैराग्ययुक्त भक्तसाधक छन, तीन्लाई लक्ष गरी सम-अर्थ बोधक "त्यागी" शब्दको व्यवहार गरिएको छ। यस शब्दलाई व्यवहार गरेपछि विशिष्ट आश्रमयुक्त "संन्यासीको भ्रम हुनेछैन, बरु संन्यासीको समउद्देश्यबोधक अर्थ हुनेछ। अर्थात् अत्याश्रमी नभएर पनि मानिसहरु संसारमा रहेरै सन्यासी समान सम्बुद्धिविशिष्ट हुन सक्दछन। श्री भगवानले "त्यागी" शब्द द्वारा मानो ती सब ब्रहमनिष्ठ गृहस्थहरुलाई स्थान निर्देश गरिदिएका छन। "संन्यास" र "त्याग" दुवै शब्दले पृथक उद्देश्य बोध गराउँदछन, यस कुरालाई उहाँले यस अध्यायको द्वितीय श्लोकमा अति स्पष्टरुपमा निर्देश गरिदिनु भएको छ। "त्यागी" शब्द अति प्राचीन छ तथापि श्री भगवान्ले गीतामा त्यसलाई फेरी नयां रुप दिई लोकसमाजमा त्यसको प्रचार गर्नुभएको छ। यसैले त्यसको संज्ञा पनि उहाँले निर्धारित गर्नुभएको छ। तेतिबेला संसारमा यस्ता मनीषी महापुरुषहरुको आविर्भाव भैसकेको थियो जो सन्सारी भैकन पनि संन्यासी थिए। उनिहरुले संसारलाई त्यागेका थिनन्, परन्तु उनिहरुको जीवनमा त्यागको उच्च दृष्टान्त वर्तमान थियो। हुन सक्तछ, कसैकसैलाई संन्यासीको स्वाभाविक अधिकार थिएन, परन्तु उनको त्यागको समुज्ज्वल दृष्टान्त अत्याश्रमीको लागि पनि अनुकरणीय थियो, जस्तो भीष्म, विदुर युधिष्टर आदि। यस्तै मानिसहरुको स्थान निर्देशको लागि यो त्यागी शब्द व्यवहृत भएको छ। गीताको यस अध्यायमा त्यागी तथा संन्यासीको लक्षणहरुमा जुन पार्थक्य छ त्यो श्री भगवान्ले बताउनु भएको छ।

"सिद्धय सिद्धयो : समो भूत्वा, सम सिद्धावसिद्धौ च, -
ब्रहमण्याधाय कर्माणि" इत्यादि श्लोकहरुमा फलासक्ति -

- त्याग गरी ब्रहममा कर्म समर्पण गर्न सके पछि तथा सिद्धिअसिद्धिमा हर्षविषाद विहीन भएमा पुरुषलाई कर्मबन्धन हुँदैन, इत्यादि उपदेशहरु द्वारा अत्याश्रमी नभएरै पनि संन्यासीको् उच्चपदमा आसीन हुन सक्दछन, यही अभिप्राय स्पष्टतः श्री भगवान्ले प्रकट गर्नु भएको छ। श्री भगवान्ले भागवतमा पनि उद्धवसँग मोक्षको तीन उपाय बताउनु भएको छ - ज्ञान, भक्ति र कर्म। -

"निर्विण्णानां ज्ञान योगः न्यासिनां इह कर्मसु"

दुखः बुद्धि देखि कर्मफलमा विरक्त कर्मत्यागीहरुको लागि ज्ञान योग छ। यही संन्यासाश्रमको पालनीय धर्म हुन। -

"तेष्वनिर्विष्ण चित्तानां कर्म योगस्तु कामिनाम्"
दुख बुद्धि शून्य फलमा अविरक्त पुरुषको लागि कर्मयोग छ। र

"यदृच्छया मत्कथादौ जातश्रद्धस्तु यः पुमान;
न निर्विण्णः नातिसक्तो भक्ति योगोऽस्य सिद्धिदः ॥"

यदृच्छाक्रमले मत्कथामा श्रद्धायुक्त जुन पुरुषहरु सन्सार देखि विरक्त छैन अनि अत्यन्त आसक्त पनि छैन, तिनकोलागि भक्तियोग नै सिद्धिप्रद छ। अर्थात् जो काममा आसक्त छ उनको कर्मयोग नै आश्रय स्थान

छ। जो मत्कथामा जातश्रद्ध छ, सबै कर्महरुमा निर्विण्ण छ अनि कामलाई दु:खात्मक जानिकन पनि परित्याग गर्नमा असमर्थ छ, त्यसको निम्ति भक्तियोग नै भेषजरुप सम्झ । परन्तु जसले कामलाई पूर्ण त्याग गरिदिएको छ,- उनका लागि ज्ञानयोग अवलम्बनीय छन ।

वर्तमान कालमा मनुष्यको चरित्रको विवेचना गर्दा खेरि ज्ञात हुन्छ - भक्तिमार्ग नै आजका अधिकांश मानिसहरुको अवलम्बनीय मार्ग छ । यसैले श्री भगवान्ले विशेषरुपसँग त्यागी र भक्त हुनको निम्ति अर्जुनलाई लक्ष्य गरी जगत्लाई उपदेश दिनुभएको छ । यसमा संन्यासको कठोरता छैन । परन्तु भगवत् प्राप्तिको लागि व्याकुलता छ । अगाध ज्ञानको गाम्भीर्य एवं त्यसको साथै ज्ञानको उज्ज्वलता को पराकाष्ठा नरहेर पनि, परार्थमा आत्मत्याग अनि भगवद् भक्तिको मृदुमधुर हिल्लोलमा साधकको प्राण प्राण यहाँ निरन्तर हिल्लोलित तरंगायित भै रहन्छन । वर्तमान युगको तथकथित वैष्णवहरु समान कर्मतिर न लाग्नु तथा ज्ञानको आलोचना पनि नगर्नु-यी सब नि:सार कुराहरुको कुनै अवतारणा यहाँ छैन । श्री भगवान्लाई आत्मीय स्वजन सम्झिकन या आत्मतुल्य जानिकन प्रेम गर्नुको शिक्षा नै यसको अन्तिम लक्ष्य हो । भगवान् तिर मनलाई एकाग्र राख्नुको उपदेश नै यसको साधना हो । जो भगवद्भक्त छन त्यही समदृष्टि सम्पन्न हुन्छन् । अन्तमा उनको नानात्व बोध मेटिन जान्छन् । कसैले योगाभ्यास गरुन या वेदान्तको आलोचना गरुन अथाव जपपूजा कीर्तन आदिमा मनलाई निविष्ट गरुन , चाहे जसरी होस श्री भगवान् तिर मनलाई एकाग्र गर्नसक्नाले नै जीवनको अपूर्व सार्थकता एवं सफलता हुन्छ । यो कुरा जगत् जीवलाई सुनाउनुको लागि नै मानो करुणामय जगद्गुरु कटिबद्ध भएका छन । यसैले संन्यासीको व्यवस्था भएर पनि उहाँले त्यागको महिमा कीर्त्तन गरी उपयुक्त ज्ञानी भक्त गृहस्थको आसनलाई यथेष्ट उच्च गरिदिनु भएको छ । यसरी जीवन लाई परिचालित गरेपछि अनधिकारीलाई पनि एकदिन अधिकार प्राप्त हुनेछ । माया निबद्ध दृष्टि संसारीले पनि भगवत्कृपा देखि एकदिन यस विश्वमा सर्वत्र भगवान्लाई तथा उनको महिमालाई उपलब्ध गर्न सक्ने छ । यो शुभ संयोग उसलाई एकदिन अवश्य प्राप्त हुनेछ । तब त्यसले विश्वको साथ आफ्नो आत्माको ऐकान्तिक योग या एकात्मतालाई बुझेर आफ्नो जीवनलाई कृतकृत्य गर्न सक्नेछ । यी सब त्यागका अभ्यासी मानिसहरु आध्यात्मिक मार्गमा एक स्थानमा स्थित छैनन्, अतयव यिनीहरुमा पनि विविध भेदहरु रहनु अनिवार्य छ । श्री भगवान्ले यी सब भेदहरुको कुरा तथा यसको क्षणादिको आलोचना यस अध्यायमा विशेषरुपले गर्नु हुनेछ ॥१॥

श्री भगवानु वाच-

(काम्य कर्म वर्जन नै संन्यास हो)

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदु: ;
सर्वकर्म फलत्यागं प्राहुस्त्यागं विचक्षणा: ॥२॥

श्री धरीय टीका-[यस प्रश्नको उत्तरमा] - श्री भगवान् बोल्नुभयो - "पुत्रको कामनाले याग गर "(स्वर्गको कामनाले याग गर) इत्यादि कामनाहरुको लागि जुन काम्य कर्म विहित छन उनको न्यास अर्थात

परित्यागलाई संन्यास भन्दछन । सम्यक फलको साथ सर्वकर्महरुको जुन न्यास छ , त्यसलाई नै पण्डितहरुले संन्यास नामले जान्दछन अनि विचक्षण अर्थात् निपूण व्यष्टिजनले काम तथा नित्य नैमित्तिकादि कर्मको फलमात्रको त्यागलाई त्याग भन्दछन, स्वरुपतः कर्मत्यागलाई तिनीहरुले त्याग भन्दैनन् । यदि भन्दछौ भने नित्य नैमित्तिक कर्मको फलश्रुति नहुनुको कारण अविद्यमान फलको त्याग कसरी संभव छ, वन्ध्याको पुत्र त्याग त कहिल्यै संभव छैन, हुन सक्तैन, त यसको जवाफमा भन्नु हुन्छ - यद्यपि "स्वर्गकाम या "पशुकाम" इत्यादि समान "प्रतिदिन सन्ध्या गरोस" "यावत् जीवन अग्निहोत्र याग गरोस" इत्यादि स्थलहरुमा फलविशेषको उल्लेख श्रुतिमा छैन, तथापि प्रयोजन उद्देश्यको अतिरिक्त कर्ममा ज्ञानी पुरुषलाई प्रवृत्त गर्नमा विधि असमर्थ हुनुको कारण "विश्वजित नामक याग गरोस" यस किसिमको स्थलमा फलको कुरा उक्त नभएर पनि जसरी फलको केही कल्पना गर्नु पर्दछ, त्यसरी नै "प्रतिदिन सन्ध्या गरोस" इत्यादि स्थलहरुमा पनि केही फल छ, यो बुझ्नु पर्नेछ । तथा गुरुको मतमा अतीव श्रद्धावश स्वसिद्धि नै विधिको प्रयोजन छ, अतयव विधिले कुनै फलको अपेक्षा गर्दैन, यो मानिलिनु ठीक छैन । पुरुषको प्रवृत्तिको अनुपपत्ति दुष्परिहरणीय हुन्छ अर्थात् पुरुषलाई निष्फल कर्ममा प्रवृत्ति हुन असम्भव छ । नित्य कर्मादिमा पनि फलश्रुति देखिइन्छन । जस्तो "यी सबलाई पुण्यलोकको प्राप्ति हुन्छ" "कर्मद्वारा पितृलोकमा जान्छन" "धर्मद्वारा पाप अपनोदित हुन्छ" इत्यादि । अतयव सब कर्महरुको फलत्यागलाई जुन पण्डितहरुले त्याग भन्दछन, त्यो युक्तियुक्त नै छ ।

यदि भन्छौ भने फलत्याग गरेपछि मानिसहरुको कर्म प्रवृत्ति हुनु को संभावना हुँदैन त यो कुरा ठीक छैन । किनभने "संयोग पृथकत्व न्याय -क्रम" ले सब कर्महरु द्वारा विविदिषा अर्थात् तत्त्वज्ञान को इच्छा उत्पन्न हुन्छ यो भनिन्छ । यस विषयमा श्रुति भन्दछन-"ब्राहमणहरु वेदाध्ययन, यज्ञ, दान, तपस्या एवं अनासक्त (भोगादिहीनता या संन्यास) द्वारा त्यस आत्मालाई जान्ने इच्छा गर्दछन ।" कर्मफल बन्धक हुन्छ, अतयव कर्मफल त्याग गरी विविदिषार्थ (तत्त्वज्ञानको इच्छाले) सब कर्महरुको अनुष्ठान करणीय हुन सक्तछन । नित्यानित्य वस्तुको विवेक द्वारा देहादिमा अहंबुद्धि निवृत्त हुन गएपछि बुद्धिमा प्रत्यक्प्रवणता उत्पन्न हुन्छ, यही विविदिषा शब्दको अर्थ छ । सत्त्वशुद्धिको लागी ज्ञानको अविरुद्ध आवश्यक कर्म गरी त्यसको फलत्याग गर्नु नै वास्तविक कर्मत्याग हो । अल्छी जस्तै स्वरुपतः विल्कुलै काम नगर्नु कर्मत्याग होइन । श्रुतिमा लेखिएको छ -"इहलोकमा कर्मादि गरी शतवर्ष पर्यन्त जीवित रहनुको इच्छा गरोस" पश्चात् चित्तको प्रत्यक्प्रवणतारुप विविदिषा उत्पन्न भएपछि समस्त कर्म स्वतः नै निवृत्त हुन जान्छन । यसै कारण नैष्कर्म्य सिद्धिमा भन्दछन - जुन कर्म चित्त शुद्धि द्वारा बुद्धिमा प्रत्यक्प्रवणता उत्पन्न गरी कृतार्थ गर्दछन तिनीहरु आफसेआफ अस्तप्राप्त हुन जान्छन । जसरी मेघ वर्षाको अन्तमा आफसेआफ अस्तप्राप्त हुन जान्छन । श्री भगवान्‌ले पनि तृतीय अध्यायमा भन्नु हुन्छ-जो आत्मरत एवं आत्मतृप्त छन उनको कुनै कर्तव्य कर्म रहँदैन । योग वासिष्ठमा वसिष्ठजी पनि भन्नुहुन्छ-"योगी पुरुषको कर्मको मूलभूत संकल्प जब नष्ट हुन जान्छन त उनलाई कर्मत्याग गर्नुपर्दैन, कर्मलेनै उनलाई त्याग गर्दछ ।" अथवा ज्ञान निष्ठाको विक्षेपकत्व देखेर योगीले कर्म त्याग गर्दछ । श्री मद्भागवत ११रौं स्कन्धको २० सौं

अध्यायमा श्री भगवान् उद्धवसँग भन्नु हुन्छ-"जबसम्म वैराग्य उत्पन्न हुँदैन, अथवा जबसम्म मत्कथा-श्रवणमा श्रद्धा उत्पन्न हुँदैन, तबसम्म नित्य नैमित्तिक कर्म गर्नु नै पर्दछ।" ज्ञाननिष्ठा विरक्त पुरुष अथवा मद्भक्त अनपेक्षक भएर रहन्छन् अर्थात् कर्मको अपेक्षा राख्दैन। तिनीहरु लिंग (चिन्ह) एवं आश्रमको परित्याग गरी अविधिगोचर भएर अर्थात् विधिको अधीन नरहिकन यथेच्छा विचरण गर्दछन। ॥२॥

आध्यात्मिक व्याख्या-"कूटस्थ द्वारा प्रकाश भैरहेको छ-वर्तमान अवस्थामा इच्छालाई रोक्नुको नाम संन्यास हो, भविष्यमा इच्छा रोक्नुको नाम त्याग हो सब कर्महरुको।"

काम्य कर्महरुलाई त्याग गर्नु संन्यास कहलाउँछ तथा समस्त फलहरुको इच्छालाई त्याग गरी कर्म गर्नुलाई त्याग भन्दछन्। यही नैष्कर्म्य सिद्धि या इच्छारहित अवस्था हो। अल्पवासना रहँदामा पनि कोही त्यागी हुन सक्तैन। जसले भगवान् माथि पूर्ण आत्मसमर्पण गर्दछ, जसको प्राण पूर्ण अवरुद्ध भएको छ, जो सर्वदा क्रियाको परावस्थामा रहन सक्दछन, तथा त्यहींरहदै अनिच्छाको इच्छा देखि संसार धर्म र समस्त कर्महरुलाई गर्दै जान्छन त्यही हुन यथार्थ त्यागी। संन्यासीगणले वर्त्तमानको इच्छालाई त्याग गर्दछन् सही, परन्तु जस्ले वर्त्तमानको इच्छा या संकल्पको त्याग गरी क्रिया गर्दैन या गर्न सक्तैन, त्यसले क्रियाको फल जुन परावस्था या शान्ति छ त्यसलाई कसरी प्राप्त गर्न सक्दछ। अतः क्रियाको परावस्था या शान्ति प्राप्त गर्नुको आशाले जसले वर्तमान संकल्प या इच्छालाई त्याग गरी खुब मन लगाएर क्रिया गर्दछन, तिनीहरु नै संन्यासी हुन बाहिरी संन्यासीलाई पनि समस्त कर्म, अनुष्ठान आदि त्याग गर्नुपर्दछ परन्तु उको मोक्षेच्छा रहन्छ। त्यागीलाई यो मोक्षेच्छा पनि हुदैन रहदैन, किनभने त्यो परावस्थालाई प्राप्त हुन्छ। परावस्था त्यसैलाई प्राप्त हुन्छ , जसको कुनै पनि इच्छा रहँदैन। अतीव अल्प इच्छा रहँदा खेरि मन एकाग्र हुन सक्तछ सही ,परन्तु रुद्ध हुँदैन। शब्द, स्पर्श, रुप, रस एवं गन्धादि सारा काम्य वस्तुहरुतिर मन दौडिदिएमा त्यो एकाग्र भुमिमा पुग्न सक्तैन। अतयव जसले मनको उपराम या शान्ति चाहन्छन् तिनीहरुले प्राणवायुलाई ब्रहममार्गमा यस्तो सतर्कता सँग परिचालित गर्दछन - मन वहिर्वस्तुमा प्रलुब्ध भएर एताउता विक्षिप्त नहोस। विक्षिप्त भएमा शान्ति प्राप्त हुँदैन। ब्रहममार्ग या सुषुम्नामा मनको साथ प्राणवायुलाई प्रविष्ट गराउनको लागि मनलाई साधु-असाधुले समस्त संकल्प विकल्पहरुको त्याग गर्नुपर्नेछ। अनि कूटस्थमा लक्ष्य राखिकन ब्रहममार्ग सुषुम्नाको भित्र केवल मन सँगै वायुलाई संचालित गर्नुपर्नेछ। अवश्य नै त्यतिखेर आज्ञाचक्रमा या विष्णुपदमा मनको लक्ष्य रहनेछ। सब लक्ष्यलाई छोडी यसै एक लक्ष्यलाई एकटंकार हेरिरहनु या त्यसलाई समाति राख्नुको नाम संन्यास हो। परन्तु अन्य सारा वर्तमान लक्ष्यहरु प्रति उदासिन हुनु विना चरम लक्ष्यलाई मनले दृढतापुर्वक समात्न सक्दैन। त्यस लक्ष्यलाई दृढभावले समात्नु विना आज्ञाचक्र भेदन हुदैन। यही संन्यास हो। यसमा अन्य कुनै वस्तुको प्राप्तितिर लक्ष्य हुँदैन, परन्तु परावस्थामा स्थितिको लागि पूर्ण इच्छा रहन्छ। त्यागी मानिसहरु यस अवस्थाको माथि रहन्छन, सब कर्महरुको फलत्याग नै उनको स्वाभाविक अवस्था हुन्छ। उनलाई संन्यासी समान वलपूर्वक कर्मत्याग गर्नुपर्दैन। कामीहरु समान उनको मनमा अविरल संकल्पहरुको तरंग उठदैन। जे जो छ ती सब आफसेआफ सहजै उनको मनबाट गल्न जान्छन। संन्यासीहरु समान क्रियाको परावस्थातिर पनि

उनको् टान् हुँदैन, किनभने त्यो त्यसबेला उनको सहज अवस्था हुन्छ। मन स्थिर हुनुको कारण आज्ञाचक्रमा उसलाई एकाग्र गर्नुको कुनै आवश्यकता हुँदैन। सब संकल्प त्यतिखेर आफसे आफ छुटन जान्छन। खालि प्राणक्रिया सूक्ष्म भावसँग सुषुम्नामा चलिरहन्छन। यस किसिमको स्थिति प्राप्त भएपछि योगीको नैमित्तिक नित्य कर्ममा पनि बाधा पर्दैन। त्यागीको यो स्वाभाविक लक्षण हो। यस अवस्थालाई तिनीहरुले नै जान्दछन जो "विचक्षण " छन अर्थात् जसको बाहिर ईक्षण छैन।

फलउद्देश्यले जुन यज्ञ, जप दानादि गरिइन्छन ती सब काम्य कर्म हुन। देहेन्द्रियादिमा जबसम्म अहं बोध रहनेछ, तब सम्म काम्यकर्मको त्याग हुन असंभव छ। मनमा फलांकांक्षा रहेपछि निष्काम भावले कर्म हुन सक्तैन। इष्ट साधनको लागि संकल्प भएपछि नै काम या इच्छा उत्पन्न हुन्छन। बारम्बार जन्म या आवागमनको कारण छन यीकाम संकल्प। काम्य कर्मपनि वेदविहित कर्महुन, त्यसले अनुष्ठातालाई स्वर्गादि सुख प्रदान गर्दछन, परन्तु त्यसदेखि जन्म मृत्यु छुटन सक्तैन। कामना चरितार्थ गर्नको निम्ति जुन कर्म अनुष्ठेयरुपले शास्त्रमा विहित छन ती सब कर्महरुको त्याग परित्यागको नाम संन्यास हो। सारा काम्य कर्महरु एकैपटक त्याग हुन सक्तैन। अरु कुनै संकल्प नरहे पनि मोक्षेच्छा रहने नै छ। अलि कति पनि कामना रहन गएमा गुणहरुको खेललाई अवरुद्ध गर्न सकिदैन। त फेरि संकल्पको अवरोधको उपाय उपाय के छ ? -

शास्त्र भन्दछन - यदि कर्म त्याग गर्न सक्दैनौ त विष्णु प्रीत्यर्थ कर्म गर। कर्म गर्नुको समय मनमनै भन "हे भगवान्। मेरो यस कर्मदेखि तिम्रो प्रिती प्राप्त होस, तिमी प्रसन्न भएमा नै मेरो कर्म सार्थक हुनेछ।" विष्णु सबैको भित्र प्रविष्ट भै अन्तरयामीरुपले रहन्छन। आफनो अन्तः करण भित्र त्यस अन्तर्यामी लाई अनुसन्धान गरेर हेर्नु पर्नेछ। जहाँ मन इन्द्रियादिको सारा चचंचलता मेटिएर परास्थिति या परमानन्द मात्र अवशिष्ट रहन्छ, त्यसलाई नै विष्णुको परमपद भन्दछन्। जसको अन्य कुनै बाह्य कर्मादिमा आसक्ति छैन, परन्तु यस परमानन्द धाममा प्रवेश प्राप्त गर्नको निम्ति व्याकुलता छ, तिनीहरु नै संन्यासी हुन। क्रमशः क्रमशः उनको सारा बाह्य चेष्टाहरु निवृत्त हुन जान्छन। त्यही परमपद, निश्चल स्थिति या अवरुद्ध रुप हो। त्यति बेला अरु कुनै वस्तुको साथ कुनै सम्बन्ध रहँदैन। यही हो संन्यास द्वारा अत्युत्कृष्ट सत्त्वशुद्धि प्राप्त हुनु -

"नैष्कर्म्य सिद्धि परमां संन्यासेनाधिगच्छति"-

यसको विस्तृत विवरण श्री भगवानले यसै अध्यायको ५१ देखि ५५ श्लोक सम्म गर्नु भएको छ। यही अवस्था परिपक्व हुन गयपछि साधक त्यागी हुन जान्छ। तब बाहिरी संन्यास विना पनि साधक परमहंसमा प्रवेश गर्न सक्दछ। समाधि अवस्था प्राप्त भएमा मनबुद्धि सबै निर्मल हुन जान्छन। तिनीहरु माथि फेरि विषय को छाप पर्दैन। त्यतिखेर मन कूटस्थमा अडकिरहन्छ, ता पनि साधकको अनिच्छाको इच्छाले सारा काम चलिरहन्छन्। कूटस्थ या विष्णुपद देखि विचलित नभैकन पनि त्यसले सब किसिमको कर्म गर्न सक्दछन। उनको सारा काम हुन्छन, परन्तु उनमा निजीकामना केही रहँदैन। यही वस्तुत सर्वकर्म

फल त्यागको अवस्था हो । यही सर्वोच्च या सर्वोत्तम अवस्था हो । समस्त कर्महरु गर्देरहेर पनि "नैव किंचित करोति सः" यही विद्वत् संन्यास हो । यसमा चित्तशुद्धि र मनोनाश दुवै नै हुन जान्छन । परन्तु -

"कर्मयोगं विना ज्ञानं कस्यचिन्नैव दृश्यते"

क्रिया योग विना यस किसिमको ज्ञान कसैलाई प्राप्त भएको देखिइदैंन । कूटस्थमा लक्ष्य राख्नु जब सहज हुन जान्छ, तब समस्त पाप दूर हुन जान्छन, मनमा फेरि पाप उत्पन्न हुँदैन, तबै प्रकृत ज्ञान प्राप्ति या ब्राहमी स्थिति प्राप्त हुन्छ ।

"ज्ञानं उत्पद्यते पुंसां क्षयात्पापस्य कर्मण :।"-

यस ज्ञान उत्पन्न भएपछि कर्ममा अकर्म देख्नुको सामर्थ्य प्राप्त हुन्छ । यसै कारण हजारौं हजार कर्महरु देखि परिवेष्ठित हुंदा् पनि योगीलाई कर्मबन्धन हुँदैन । ती सब महापुरुषहरुको समस्त कर्म विष्णु प्रीत्यर्थ भै रहन्छन । उनिहरु द्वारा जे जो हुन्छन, सब भगवदिच्छाले सम्पादित भैरहेका छन - यस्तो प्रतीति उनिहरुलाई हुन्छन् । यस्तै मानिसहरुतिर लक्ष्य गरी श्री भगवान् भन्नु हुन्छ -

"ज्ञेयः स नित्य संन्यासी यो न द्वेष्टि न कांक्षति"

फलाकांक्षारहित हुनुको कारण उनको कालको सीमा निर्देश हुँदैन । अतयव तिनीहरु कालातीत या "अकाल" पुरुष हुन्छन । कर्म गर्नु या नगर्नुको कुनै इच्छा नै उनमा रहँदैन । सुखाभिलाष या दुःखत्याग जिवितेच्छा या मरणभय-केही पनि उनलाई हुँर्दैन । यस्ता पुरुष द्वन्द्वातीत अवस्थालाई प्राप्त गरी सदाको लागि विमुक्त हुन जानछन ॥२॥

(सांख्य एवं मीमांसाको मत)

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिण :;
यज्ञदान तपः कर्म न त्याज्यमिती चा परे ॥३॥

श्री धरीय टीका- [अविद्वान मानिसको निमित फलत्याग मात्र नै त्याग शब्दको अर्थ छ , कर्म त्याग (प्रकृत) त्याग छैन । अन्य मतहरुको खण्डन गर्दै यसलाई दृढ गर्नको लागि मतभेद देखाउनु हुन्छ ।] - हिंसादि दोषयुक्त हुनुको कारण कर्म मात्र नै बन्धनको हेतु छ। यसैकारण कोही कोही मनीषि अर्थात साख्याचार्यहरुले सबै कर्महरुलाई त्याज्य बताउँदछन । "मा हिंस्यात् सर्वाभूतानि" अर्थात् भूतमात्र को हिंसा नरोस - यस निषेध विधान द्वारा हिंसालाई अनर्थको हेतु बताएको छ । "अग्निषोमीयं पशुमालभेत" अग्निषोमाख्य यज्ञ मा पशुहिंसा गर, इत्यादि हिंसा विषयक जुन विधि छ, त्यसमा हिंसालाई यज्ञक्रियाको अंगको रुपमा बताएको छ । यी दुईविधिहरु भिन्न विषयक हुनुको कारण सामान्य विशेष न्यायको विषय बन्दैन । अतयव यो भन्न सकिन्न - हिंसा अनर्थ साधक छैन । द्रव्यसाध्य सबै कर्ममा हिंसाको सम्भावना

हुनुको कारण कर्ममात्र त्याज्य छन । यस सम्बन्धमा सांख्य भन्दछन -"दृष्टवदानुश्रविकःस हयविशुद्धि क्षयातिशययुक्तः " अर्थात् आनुश्रविक या वेदविहित जुन ज्योतिष्टोमादि उपाय छन तिनीहरु दृष्टोपाय समान हिंसा युक्त छन। तथा ती क्षययुक्त एवं अतिशययुक्त छन अर्थात् अग्निहोत्र, ज्योतिष्टोमादि यज्ञको कारण जुन स्वर्ग प्राप्त हुन्छ, त्यसमा पनि तारतम्य छ । एकको उत्कर्ष दोस्रोलाई दुखी बनाउँदछ । [आनुश्रविक -गुरु मुख देखि जुन श्रुत हुन्छ, त्यसको नाम अनुभव अर्थात वेद हो । तद्बोधित जुन छ त्यही आनुश्रविक हो ।] पुनः मीमांसकहरु भन्दछन - यज्ञादि कर्म परित्याज्य छैन । एसको भावार्थ यस्तो छ - यथार्थ हिंसा भएर पनि त्यसकर्मले पुरुषलाई प्रत्यवाय लाग्दैन । विधि भएपछि विधेय कर्म जसको उपकारक हुन्छ त्यस उद्देश्यले नै त्यो विधेय कर्मको अनुष्ठानको विधान गर्दछ, किनभने विधेय उद्देश्यको अंग हुन्छ । परन्तु निषेधविधि निषेध्य जुन हिंसादि कर्म छन ती आफनो तादर्थ्यको अपेक्षा गर्दैनन् अर्थात् निषेध्य कसैको उपकारक हुन्छ या हुँदैन, यसको अपेक्षा गर्दैन । खालि निषेधका प्राप्ति मात्र हुनाले काम हुन जान्छ । अतयव "हिंसा नगर" भन्नाले चाहे त्यो जुनसुकै किसिमको हिंसा होस निषेधको विषयक बन्न जान्छन् । यसलाई नमान्दा खेरि अज्ञानकृत या प्रमादजनित हिंसामा दोष लाग्दैन, अनि यज्ञार्थ हिंसा गरोस, यो भनेमा हिंसा पुरुषार्थ प्रापक पनि हुन जान्छ । अतयव हिंसामा निषेध र विधि दुवै रहेपछि विशेष शास्त्रद्वारा सामान्य शास्त्रको खण्डन हुन गएमा हिंसामा दोष छैन, यो प्रमाणित हुन्छ । यसैले यज्ञादि कर्म परित्याज्य छैनन्, सामान्य विशेष - न्यायानुसार विधिनिषेधको समबलभाव निवारित भयो । सांख्य को मतले उपर्युक्त विधि निषेध भिन्न प्रकरणोक्त हुनुको कारण उनमा कुनै विरोध छैन, यो भनिएको छ। अतयव त्यस मतले यज्ञीय हिंसा पनि वर्जनीय छैन । मीमांसकले सामान्य विशेष न्यायको युक्ति देखाएर सांख्यको युक्तिलाई खण्डन गर्दै देखाउँदछन - यज्ञीय हिंसामा दोष छैन । - सांख्याचार्यगण भन्दछन - सारा कर्म दोषयुक्त छन, अतयव बन्धनको हेतु छन, यसैले कर्ममात्र नै त्याज्य छन् । श्रुतिमा पनि अहिंसाको कुरो छ-"मा हिंस्यात् सर्वा भूतानि ।" हिंसा गर्नाले नै प्रत्यवाय छ अर्थात् त्यसबाट पाप उत्पन्न हुन्छ । परन्तु फेरि श्रुतिमा यज्ञको निम्ति पशुहिंसा विहित पनि छन । विशेष विधि सामान्य विधिको बाधक हुन्छ । अतयव द्वितीय विधि द्वारा प्रथम विधि निवारित हुन्छ । परन्तु यस किसिमको बाधकता संभव छैन,किनभने उभय विधिहरुमा कुनै विरोध छैन विरोध नहुनुको कारण एक विधि दोस्रोको बाधक हुन सक्तैन । प्रथम विधिको अर्थ छ - पुरुष हिंसा द्वारा प्रत्यवायको भागी हुन्छ । द्वितीय विधिको अर्थ छ - अग्निषोमीय यज्ञमा पशुहिंसा यज्ञको उपकारक छ । द्वितीय विधिको उद्वेश्य यो होइन - अग्निषोमीय यज्ञमा पशुहिंसा यज्ञको उपकारक हुनुको कारण पाप एवं पुण्य दुवै उत्पन्न हुन्छन । अतयव यज्ञद्वारा दुखको ऐकान्तिक निवृत्ति हुन सक्तैन । अतयव जुन कर्म द्रव्यसाध्य छन तीनमा हिंसाको सम्भावना हुनुको कारण सर्वकर्म त्याज्य छन । परन्तु मीमाँसकहरु भन्दछन् - यज्ञदान, अनि तपःरुप कर्म त्याज्य हुन सक्तैन । उनिहरुको मतले जुन हिंसा यज्ञको निम्ति गरिइन्छन त्यो विहित छ, त्यसद्वारा प्रत्यवाय हुँदैन । अन्य उद्वेश्यले हिंसा गरेमा प्रत्यवाय हुन सक्दछन ।

"मा हिंस्यात् सर्वा भूतानि" यो निषेध वाक्य छ, अनि "अग्निषोमीयं पशुम् आलभेत"-यो विधिवाक्य छ । निषेध वाक्य विधि वाक्यको बाधक हुँदैन अतयव यज्ञादिकर्म त्याज्य छैन । ॥३॥

आध्यात्मिक व्याख्या- "यज्ञ, दान, तपस्या कर्म कर्तव्य हुन । यिनको त्याग गर्नु हुँदैन अर्थात् क्रिया दिनु अनि ब्रहममा रहनु सर्वदा उचित छ । "

क्रिया गर्नु, क्रिया दिनु कर्म हुन् तथा परावस्थामा रहनु क्रियाको फल हो ।अतयव कर्म त्याज्य हुन सक्तैन क्रिया नगरेमा परावस्था आउन सक्तैन । जसले कर्मलाई दोषयुक्तः मान्दछन,तिनीहरु परावस्था प्राप्त ज्ञानी हुन । उनिहरुले जुन अवस्थालाई प्राप्त गरेको छ त्यस अवस्थामा प्राणक्रिया हुन सक्तैन,यसैले उनिहरु समान अवस्थालाई प्राप्त योगीको लागि कर्मलाई त्याज्य भन्दछन । जो लक्ष्य स्थानमा पुगिसकेका छन उनिहरुले कर्म नगरेपनि चल्न सक्तछन, तथापि उद्वेश्य विहीन भएर पनि स्वभावधर्म वश तिनीहरु सर्वदा क्रिया गर्दछन् । यसैकारण कबीर साहेवले भन्नुभएको छ -

**"रामनाम सुमिरन करे ब्रहमा विष्णु महेश,
कह कबीर सुमिरन करे नारद शुक अरु शेष,
सनकादिक सुमिरन करे नाम ध्रुव प्रह्लाद,
जब कबीर सुमिरन करे छाडि सकल बकबाद । "**

अतयव सर्वोच्चावस्थामा पनि स्मरण चलिरहन्छ, परन्तु उनलाई बलपूर्वक स्मरण गर्नु पर्दैन । यो आफसे आफ हुन्छ । जसको चित्त अहिले स्थिर भएको छैन, उनको लागि कर्म त्याज्य छैन, कर्म त्याग गरेमा मोक्षमार्ग अवरुद्ध हुन जान्छ ।

जसले आफनो मनलाई वशात् गरिलिएको छ, तिनीहरु नै मनीषी हुन । उनको प्राण स्थिर हुनुको कारण उनिहरुले ब्राहमी स्थिति प्राप्त गरेको छ । उनिहरुको लागि कुनै किसिमको बाह्य कर्म गर्नु सम्भव छैन । उनको प्राण विना प्रयत्न नै त्यस समय स्थिर हुन जान्छ, अतयव तान्नु र फाल्नुको आवश्यकता रहँदैन । यज्ञ, दान र तपस्या त्याज्य छैन-यो उपदेश उनको लागि नै बुझ्नु पर्दछ ,जसको प्राण आज्ञाचक्रमा या त्यसदेखि माथि स्थिर भएको छैन । जस लाई क्रियाको परावस्था स्थायीरुपले प्राप्तछैन,तिनीहरुले यदि क्रियाको अभ्यास छोडदछन् भने त उनको निदिध्यासन (ध्यान) प्रस्फुटित हुनेछैन । जबसम्म साधना द्वारा आत्मबोध हुँदैन तबसम्म साधना सही ढंगले गरिरहनु पर्नेछ।असमयमा क्रियाको त्याग गरेपछि साधुको दुवै कुल नष्ट हुन जान्छन । यसैकारण मीमांसक हरुले सकामी -(देहसँग सम्बन्ध राख्नेहरु) मानिसहरुको लागि कर्मको विधान गरेका छन । जसदेखि तिनीहरुले भविष्यमा ज्ञानको प्राप्ति गर्न सकोस । जसले प्रसंख्यान प्राप्त गरेको छ या योगारुढ छन, उनको लागि कर्मगर्नुको आवश्यकता छैन । नदी पारी पुगिसकेपछि डुंगाको आवश्यकता रहँदैन ॥३॥

**निश्चयं श्रृणु मे तत्र त्यागे भरतसत्तम ,
त्यागो हि पुरुषव्याघ्र त्रिविधः संप्रकीर्तितः ॥४॥**

श्री धरीय टीका- [मतभेदलाई प्रदर्शन गरी यहाँ स्वीय मत प्रकट गरिरहेछन] यस किसिमसित विरुद्धरुपमा प्रतिपन्न त्याग को विषयमा मेरो सिद्धान्त के छ, यो श्रवण गर । त्यागको अर्थ त सबैले जान्दछन, अतयव यसविषयमा सुन्नको निमित अरु के रहन्छ र यस्तो अवज्ञा गर्नु हुँदैन । यसैले भन्नु हुन्छ -हे पुरुष श्रेष्ठ ! त्याग अतीव दुर्वोध विषय छ । तत्त्वदर्शीहरुले सम्यक विवेचना गरी तमसादि भेदले यस कर्मत्यागलाई त्रिविध बताएको छ । यस त्रैविध्यलाई "नियतस्य तु संन्यास" इत्याीद श्लोकहरुमा बताउनु हुनेछ ॥४॥

आध्यात्मिक व्याख्या- "त्यागी पुरुषले समस्त इच्छाहरुलाई खाई दिन्छन वर्तमान र भविष्यतलाई, यसैले तिनीहरु व्याघ्र समान पुरुष हुन । तिनीहरु तीन किसिमका छन ।"

त्याग सुविज्ञ विषय होइन, अतयव यस विषयमा ज्ञान प्राप्त गर्नु जरुरी छ । यसैले श्री भगवान् अर्जुनसँग भन्नु भैरहेछन - त्याग सात्त्विक, राजसिक र तामसिक भेदले तीन किसिमका हुन्छन । प्रथमतः ज्ञान प्राप्त गरेपछि साधकलाई जुन त्याग स्वभावतः हुन्छ त्यही श्रेष्ठ त्याग हो । यस त्यागको लागि मन माथि कुनै जोर जबर्जस्ती गर्नु पर्दैन । द्वितीय प्रकार को जुन त्याग छ, त्यो साधुको निम्ति स्वाभाविक हुँदैन, त्यो अर्जित हुन्छ अर्थात् त्यो स्मरण मननादि साधनको प्रभाव देखि तथा विचार द्वारा विस्तारै विस्तर उत्पन्न हुन्छ । त्यसको लागि साधकलाई धेरै प्रयत्न गर्नुपर्ने हुन्छ । यस किसिमको त्याग निर्गुण नभएर पनि सात्त्विक हुन्छ । सात्त्विक त्याग मा अभ्यस्त हुनु विना कोही ज्ञानको उच्च शिखरमा आरोहण गर्न समर्थ हुँदैन । तेस्रो किसिमको जुन त्याग छ त्यो सकाम या राजसी हो । त्यतिबेला चित्तशुद्धि हुँदैन, यसैकारण जे जुन त्याग हुन्छ त्यो काम्य वस्तु प्राप्तिको लागि हुन्छ । धेरै जसो मानिसहरु साधना गर्दछन , योगाभ्यास गर्दछन , आत्मदर्शनको लागि होइन, खालि केही ऐश्वर्य प्राप्तिको लागि । त्यसबाट तिनीहरुले चित्तलाई उन्नत एवं उदार बनाउन सक्तैन । साधनाको जुन प्रमुख लक्ष्य आत्मसाक्षात्कार छ त्यो यस श्रेणीको साधकलाई कदाचित् नै घटित हुन्छ । राज्यप्राप्तिको लागि ध्रुवको गृहत्याग एवं तपस्या यस श्रेणीको त्यागमा गनिन जानु योग्य छन । एक किसिमको अर्को पनि त्याग छ जसलाई चौथो श्रेणीको त्याग भन्न सकिन्छ । त्यो हो तामसिक त्याग हो । यो त्याग वैराग्यवश हुँदैन । कर्मलाई क्लेश दुःखसाध्य सम्झिकन भ्रान्तिवश जसद्वारा कर्मत्याग गरिइन्छन, त्यो तामसिक त्याग हो । उपार्जनमा असमर्थ भएर या घरमा भर्त्सित अपहेलित भै मनमा जुन निर्वेदभाव उत्पन्न हुन्छ त्यसको कारण पुत्र कलत्र गृहादिको त्याग निकृष्ट त्याग हुन। जो प्रकृत त्यागी हुन्छन उनिहरुको कुनै इच्छा या संकल्प हुँदैन । ॥४॥

(यज्ञ, दान र तप अनुष्ठेयछन, किनभने यी पावन छन)

यज्ञ दान तपः कर्म न त्याज्यं कार्यमेव तत् ;
यज्ञोदानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

श्री धरीय टीका- [दुई श्लोकहरु द्वारा यसलाई भन्नु हुन्छन] -यज्ञ दान र तपस्या - यी त्रिविध कर्म परित्याज्य छैन, बरु अनुष्ठेय छन, किनभने विवेकीजनको लागि चित्तशुद्धिकारक छन ॥५॥

आध्यात्मिक व्याख्या- "क्रिया, क्रिया दिनु, ब्रहममा रहनु कर्त्तव्य कर्म हो, यसबाट मन पवित्र हुन्छ।" -

- मन पवित्र हुनु विना ज्ञानोत्पत्ति हुँदैन । मनको पवित्रता के हो त ? यो पूर्व अध्यायमा अनेक पटक भनि सकिएको छ जुन मनमा कुनै संकल्पको उदय हुँदैन, त्यही मन पवित्र छ । मनको त्यो पवित्र भावनै स्थिरावस्था हो । क्रिया द्वारा मन शुध्द हुँदै हुँदै यहाँ सम्म शुद्ध हुन जान्छ - त्यसमा फेरि संकल्पको उदय नै हुँदैन । यस संकल्पशून्य मनलाई नै शुद्ध चित्त भन्दछन् । तेतिखेर त्यो आत्मा सँगै मिलेर एक हुन जान्छन । क्रिया द्वारा मन संकल्प शून्य हुन्छ, यसैले जबसम्म चित्त शुद्धि हुन जाँदैन तबसम्म क्रिया गरिरहनु नै कर्त्तव्य हो । क्रियादानले पनि चित्त शुद्धिमा सहायता गर्दछ । अरुको उपकारको निम्ति जुन त्याग गरिइन्छ त्यसले सत्त्वशुद्धि हुन्छ । सब दानहरुको अपेक्षा त्यही ठूलो दान हो । क्रिया गरेर क्रियाको परावस्थामा अलि अलि पनि स्थिर भएमा चित्तशुद्धि हुन्छ । जुन क्रियावान पुरुषहरुको क्रियाको परावस्था आरम्भ भएकोछ उनको मन फेरि अविशुद्ध हुँदैन । छान्दोग्य उपनिषदमा लेखिएको छ - "त्रयो धर्मस्कन्धा यज्ञोऽध्ययनं दानमिति ।" - यज्ञ, अध्ययन अनि दान - यी सब कर्महरु द्वारा नै लोक पवित्र हुन्छन् । जुन कर्म सद्भावहरुका उद्दीपक छन्, तिनीहरुले नै ज्ञानोत्पत्तिमा सहायता गर्दछन् । अतयव प्राणायामादि क्रियायोग जुन साक्षात् भावले ज्ञानको उत्पादक छन्, ती कहिल्यै पनि परित्याज्य हुन सक्तैन ॥५॥

(कुन किसिमले अनुष्ठान गर्दा खेरि नित्यकर्म पावन हुन्छन् ?)

एतान्यपि तु कर्माणि संग त्यक्त्वा फलानि च ;
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥

श्री धरीय टीका- [जुन किसिमसँग यी सब कर्म गरिनाले पावन अर्थात् चित्तशुद्धिकर हुन्छन्, त्यसलाई भन्नु हुन्छन]-जुन यज्ञ दानादि कर्महरुलाई मैले पावन भनेकोछु, ती सब कर्महरुलाई गर्नु उचित छ । कर्म कुन किसिमसँग गर्नाले चित्त शुद्धिकर हुन्छन्, यो बताउनु भैरहेछन् । संग अर्थात् कर्त्तृत्वाभिनिवेश त्यागिकन तथा फल कामना त्यागी खालि ईश्वराराधनरुपसंग कर्म गर्नु उचित छ यही हो मेरो निश्चित अभिमत, अतयव यो उत्तमोत्तम छ ॥६॥

आध्यात्मिक व्याख्या- "यी सब कर्म फलाकांक्षारहित भएर कर्तव्य छन्, यो मेरो मत हो ।"

- कर्त्तृत्वाभिनिवेश एवं फलाकांक्षालाई त्याग गरी क्रिया गर्नु बिना क्रियाको फल जुन क्रियाको परावस्था हो, त्यो प्राप्त हुन सक्तैन । किन प्राप्त हुन सक्तैन, यो बताउनु हुन्छ । क्रियामा आसक्ति हुनु खराब होइन, परन्तु फलाकांक्षाको कारण क्रियामा जुन आसक्ति हुन्छ त्यो राम्रो होइन । यस किसिमको भाव लिएर जसले क्रिया गर्दछ, उसको चित्त शुद्ध हुँदैन या मन स्थिर हुँदैन । अतयव एस भावले क्रिया गर्नु नगर्नु समानै हुन जान्छन । साधकले यो सम्झनु हुदैन उसले जुन क्रिया गर्दछन, त्यो कुनै सांसारिक लाभ या अभ्युदयको लागि गर्दैन । क्रिया गर्नु गुरुको आदेश हो, यसैले क्रिया गर्नु पर्दछ । फल केही नहुनुको कारण त्यसलाई अवहेलना गर्नाले काम चल्नेवाला छैन । पूर्ण अन्तः कारण देखि नै क्रिया गर्नु पर्दछ । पूर्ण अन्तः

करण देखि क्रिया गरेपछि नै चित्तमल अपनोदित हुन्छन र त्यसैबाट चित्त विशुद्ध हुन्छ। निर्मल चित्तमा नै ज्ञान समुत्पन्न हुन्छ। अन्तः करण विषय शून्य हुन गए पछि नै ज्ञान समुदित हुन्छ, यही हो विशुद्ध ज्ञान। तेही ज्ञान जीवको विमुक्तिको कारण हो ॥६॥

(नित्यकर्मको संन्यास अवैध छ)

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते ;
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

श्री धरीय टीका- [त्यागको त्रिविधित्वलाई यहाँ तीन श्लोकहरुमा देखाउनु हुन्छन्।] - काम्यकर्म बन्धनको हेतु छ, यसैले त्यसको त्याग उचित छ। नित्यकर्मको त्याग कदापि उचित छैन, किन भने सत्त्वशुद्धिको कारक हुनुको कारण त्यो विमुक्तिको हेतु छ। सत्त्वशुद्धि द्वारा मोक्ष हुन्छ। कर्म सत्त्वशुद्धिको बाधक छ, अतयव नित्यकर्मको पनि परित्याग उपादेय छ - यस किसिमको लक्षणयुक्त भाव मोहको कारण उत्पन्न हुन्छन। मोह तामसिक छ, अतयव एस किसिमको परित्याग तामसिक कहलाउँछ ॥७॥

आध्यात्मिक व्याख्या- "निशेषरुपसंग धारणा, ध्यान, समाधिपूर्वक इच्छारहित हुनु आफसे आफ - एसको नाम संन्यास हो। मोहले त्याग गर्नु तामस त्याग हो अर्थात सब मरिहाल्यो यस मोह देखि काशीमा आएर संन्यासी हुनु।"-

- मनुष्य प्रकृति पूर्व स्वभाववश पापकर्ममा लिप्त हुन्छन। नित्यकर्मको अनुष्ठान द्वारा यो संस्कार रुध्द हुन्छन। नित्यकर्म त्याग्दाखेरि पाप वृत्तिको बढोत्तरी हुन्छ। काम्यकर्म त्याज्य भएर पनि चित्त शुद्धिको अभाव वशात् प्रायः सबै मानिसहरु काम्य कर्म गर्नकोलागि उत्सुक हुन्छन। नित्यकर्मको अनुष्ठान द्वारा चित्तको यो अशुद्धि क्रमशः क्षीण हुन्छ। अतयव जबसम्म ज्ञान प्राप्त हुँदैन तबसम्म नित्यकर्म, साधन, सन्ध्यावन्दन आदि त्याज्य छैन। संसारासक्ति नै ज्ञानको परिपन्थी हो। विचार द्वारा आसक्ति अलि अलि केही केही ह्रासलाई प्राप्त त हुन्छ, परन्तु पूर्ण रुपले जाँदैन। ब्रहमचर्य पालन अनि त्यसको साथ साधनाको अभ्यास द्वारा प्राण, मन र बुद्धि स्थिर भएपछि आनन्दस्वरुप ब्रहमको अनुभूति हुन्छ। समस्त संसार आसक्तिको मूहान हो शरीर र शरीरमा आत्मबोध। शरीरातीत अवस्थाको साक्षात्कार हुनु बिना देहात्मबोध कदापि विलुप्त हुँदैन। यस देहाभिमानलाई नष्ट गर्नुको प्रचेष्टा नै मुमुक्षुको सर्व प्रधान साधना हो। धारणा, ध्यान एवं समाधि विना यो देहाभिमान नष्ट हुनेवाला छैन। प्राणायाम साधन द्वारा शरीरस्थ वायु स्थिर भएपछि मन अन्तर्मुखी हुन्छ। यही हो धारणा। यो योगधारणा जति जति नै धेरै हुन्छ, त्यति त्यति नै मूलाधारस्थिता सुप्त कुल कुण्डलिनी जाग्रत भएर साधकलाई अनास्वादित नशामा विभोर गरिदिन्छन्। यही ध्यान कहलाउँछ। यो ध्यानावस्था प्रगाढ हुँदै हुँदै समाधिमा परिणत हुन्छ। एस अवस्थामा कुनै किसिमको इच्छा कामना नरहनुको कारण साधक देह सम्बन्ध रहित हुन जान्छ। यही यथार्थ त्यागको अवस्था हो। सामयिकी उत्तेजनावश जुन मानिसहरुले सन्सार त्याग गर्दछन्, त्यो हो तामस त्याग। त्यस

मार्फत जीवलाई प्रकृत ज्ञान प्राप्त हुँदैन, सांसारिक संस्कार पनि नष्ट हुँदैनन् । एक मात्र समाधि अभ्यास द्वारा नै प्रकृत त्याग हुन सक्तछ ।

"आत्मनात्मानमाज्ञाय मुक्तो भवति मानवः" -

आफुले आफुलाई जानिलिएपछि मनुष्यले विमुक्ति प्राप्त गर्दछ । आफुलाई जान्नको लागि "सहज" साधनाको अभ्यास गर्नु पर्ने हुन्छ । जुन जन्मदैंमा प्राप्त भएकोछ त्यही हो "सहजसाधना" । त्यही साधना गर्दै गर्दै चित्तमल विदूरित हुन्छ । तब एकमात्र शुद्ध चैतन्यमा प्राणको स्थिति हुन्छ । चित्तमल मार्जित हुनु बिना कसैलाई दिव्य चक्षु प्राप्ति हुँदैन । दिव्यचक्षु प्राप्त हुनु बिना कसरी जान्न सक्ने छौ -- अखण्ड मण्डलाकार सर्वत्र व्याप्त भैरहेकोछ । मन जबसम्म अत्यन्त चचंचल छ तबसम्म यस नित्यवस्तुको सन्धान मिल्न सक्दैन । प्राणको चचांचल्यलाई दूर गर्नको लागि श्वास प्रति लक्ष्य राख्नु पर्नेछ । चण्डीदास भन्नु हुन्छ -

"प्रेमेर याजन, सुनो सर्वजन अति से निगूढ रस,
जखन साधन करिबे तखन इडाय टानिवे श्वास;
ताहा ह ले परे मन वायुसे जे आपनि हइबे बश ॥"

अर्थात प्रेमको याजन अतीव निगूढ रस छ । जब साधना गर्छौ तब इडामा श्वासलाई तानोस । क्रमशः क्रमशः मन एवं प्राण आफ से आफ बशमा हुन जानेछ ॥७॥

(राजस त्याग-यसबाट मोक्ष प्राप्ति हुँदैन)

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत्;
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥

श्री धरीय टीका- [राजस त्याग कसलाई भन्दछन्, यही बताउनु हुनछ] - जुन कर्त्ताले आत्मबोध हुनु विना कर्मलाई दुःखकर मानी शारीरिक दुःखको भयले कर्म त्याग गर्दछ, त्यस्तो त्याग राजस हो, किनभने दुःख नै राजस हो । राजस त्याग गरेर राजस मानिसले ज्ञाननिष्ठारुप त्यागफललाई प्राप्त गर्दैन ॥८॥

आध्यात्मिक व्याख्या- "जुन कर्मलाई गर्नमा अति दुःख, शरीरलाई धेरै कष्ट होला-अनि भय हुन्छ कसरी गर्न सकुँला यस किसिमसँग जसले त्याग गर्दछ यो राजसिक त्याग हो, त्यस त्यागको फल मिल्दैन ।"-

- जुन कर्म दुःखप्रद सम्झिकन परित्याग गरिइन्छन, त्यो राजस त्याग हो । त्यसबाट त्यागको फल शान्ति प्राप्त हुँदैन । धेरै मानिसहरुलाई साधन भजन या सन्ध्यावन्दन आदि गर्ने केही केही इच्छा हुन्छन, परन्तु जाडोको डरले विछौना छोडी उठ्न मान्दैन । गर्मीमा कडा गर्मीको कारण राम्रो निद्रा नलागे पछि खाटै छोड्ने इच्छा हुँदैन । यस कारण जुन नित्यकर्मको त्याग हुन्छ, त यो राजसिक त्याग हो । तिनीहरुले यस

किसिमको त्यागको एक न एक हेतु खोजी निकाल्दछन् । तिनीहरु भन्दछन-तिनीहरुले जुन नित्यकर्म गर्दैनन् त्यो द्वेषवश या अनिच्छावश होइन, बरु उनलाई यी कर्महरु गर्नुपर्ने आवश्यकता नै छैन, यसैले गर्दैनन् । परन्तु त्यागको असली कारण आलस्य या प्रमाद छ, यो स्वीकार गर्नुमा उनिहरुलाई लाज लाग्ने गर्दछ, यसैले मानिसहरुको अगाडि खूब जोडसँग भन्ने गर्दछन अब मैले यी सब टंटा फंटा फैलाउनुको आवश्यकता बुझ्दिन । तीन तीन घंटा मेरुदण्ड सीधा गरी बस्नु अनि आयास साध्य प्राणायामादि साधन गर्नुको अब कुनै आवश्यकता छैन । यो सब खटपट गर्नुको समय वितिसक्यो । कोही कोहीले यसरी भन्ने गर्दछन्-“अयंचापि प्रबुद्धानामज्ञानां घ्राण पीडनम्”-ब्रहमाकार वृत्तिको निश्चलता सम्पादन नै प्रकृत प्राणायाम हो, जुन मानिसहरु अज्ञ छन्, तिनीहरुले नै नाक च्याप्नुलाई प्राणायाम भन्दछन् । यी सब मौखिक ब्रहम ज्ञानीहरुले त्यागको फल स्थितिलाई, जुन क्रिया गरेर क्रियाको परावस्थामा अनुभूत हुन्छ, कहिल्यै प्राप्त गर्न सक्तैन । कायल्केशको भयले जसले साधना त्याग गर्दछ, उनको त्याग राजसिक त्याग कहलाउँछ ॥८॥

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन;
संग त्यक्त्वा फलं चैव स त्यागः सात्विकोमतः ॥९॥

श्री धरीय टीका- [सात्त्विक त्यागको विषयमा भन्नु हुन्छन्]-“अवश्य कर्त्व्य हो”-यस्तो बुद्धिले जुन आसक्ति एवं फललाई त्याग गरी विहित कर्म गरिइन्छन्, त्यस किसिमको त्यागलाई सात्त्विक त्याग भन्दछन ।-राजसिक एवं तामसिक त्यागीहरुले कर्मलाई नै परित्याग गरेर बसिदिन्छन, परन्तु सात्त्विक पुरुषले कर्मत्याग गर्दैनन् । तिनीहरु फलाकांक्षालाई मात्र त्याग गर्दछन । सात्त्विकहरुको त्याग कर्मत्याग होइन, फलमात्रको त्याग नै उनको त्याग हुन्छ । प्रश्न हुन सक्दछ नित्यकर्मको लागि शास्त्रमा कुनै फलको उल्लेख छैन भने फेरि तेसको त्याग कसरी संभव हुन सक्तछ । सन्ध्योपासनादि नित्य कर्म यथाविहित रुपमा गरेपछि सकाम कर्म समान तेसबाट पनि केही फल हुन्छ । कुनै वृक्षबाट फल प्राप्त नभए पनि त्यसबाट अनाकांक्षित छांया त प्राप्त हुन्छ नै । यसरी नै नित्यकर्मको अन्य कुनै फल नभएमा पनि तेसदेखि जुन पाप क्षय हुन्छ अनि चित्त शुद्धि हुन्छ, यो शास्त्र सम्मत छ । अतः कर्मफलको लोभ नगरी जुन विहित कर्महरुको अनुष्ठान गरिइन्छन, त्यही सात्त्विक त्याग हो । फलकामना द्वारा नै जीव बद्ध हुन जान्छ । हृदयमा फलाकांक्षा रहुन्जेल ज्ञानोत्पत्ति हुँदैन । त्यसैले मुमुक्ष मानिसहरु फलाभिसन्धानरहित भएर नित्य कर्म गर्ने गर्दछन । सन्ध्योपासनादि विहित कर्महरुमा फलकामना नरहँदामा पनि अनुष्ठातालाई फल प्राप्त हुन्छ नै । त्रिगुणको ताडना वशात् जीव अविरत शास्त्र विरुद्ध आचरणमा प्रवृत्त हुन्छन, परन्तु फलाकांक्षारहित नित्यकर्मको अनुष्ठानले जीवको पाप प्रवृत्ति वेग कम हुन जान्छ) ॥९॥

आध्यात्मिक व्याख्या- “जुन कर्त्तव्य कर्म छन्, ती सबलाई गर्नु पर्दछ-फलाकांक्षारहित निःशेषरुपसँग संयत भएर गरोस सबै गरोस, यसैको नाम सात्त्विक त्याग हो ।”-

- संसारको समस्त कर्तव्य तथा शास्त्रानुसार विहित कर्म जुन हामीलाई प्रतिदिन गर्नुपर्दछ, ती सबलाई गर्नु पर्नेछ । कर्मलाई छोडेर काम चल्ने छैन । कर्ममा द्वेष बुद्धि रहेमा त्यस कर्मलाई नगर्नु नै स्वाभाविक

छ । योगीलाई कुनै कर्ममा द्वेषभाव हुँदैन, यसैले कुनै कर्म प्रति उनको मन विद्रोही हुदैन । आसक्तिवश कर्ममा यत्नशील हुन पनि उनको लागि असंभव छ । जसरी श्वास प्रश्वासरुपी कर्म अविश्रान्त चल्दछ र त्यसमा संकल्प हुँदैन, तेसरी नै उनिहरु सबै कर्म गर्दै रहन्छन् तथापि उनको कुनै संकल्प हुँदैन । क्रियाको परावस्थामा कुनै कर्म रहँदैन । क्रियाको परावस्थाको परावस्थामा कर्म हुन्छ, किन्तु कर्तृत्वाभिमान रहँदैन । यस किसिमको फलाभिसन्धान शून्य अवस्थामा नै प्रकृत सात्विक त्याग हुन्छ । अन्यथा सोची सम्झिकन त्याग गरेमा प्रकृत सात्विक त्याग हुँदैन । त्यसमा फलको केही गन्ध रहनेछ नै प्राण सुषुम्नामा चलेपछि अभ्यास एवं संस्कार वश बाह्येन्द्रियहरु द्वारा केही केही कर्म हुन गये पनि त्यसमा आसक्ति विल्कुलै रहँदैन । अविश्रान्त भगवत् स्मरणमा योगीको चित्त विलकुल मतवाला पागल समान हुन जान्छ । त्यस अवस्थामा फेरि संकल्प गरी कुनै काम हुदैन ॥९॥

(सात्विक त्यागको लक्षण)

न द्वेष्ट्य कुशलं कर्म कुशले नानषज्जते ;
त्यागी सत्त्व समाविष्टो मेधावी छिन्न संशयः ॥१०॥

श्री धरीय टीका- [यस किसिमका सात्विक त्याग परिनिष्ठ पुरुषको लक्षण भन्नु हुन्छ] - सत्त्व समाविष्ट अर्थात सत्त्वगुण सम्पन्न त्यागी पुरुषले दुःखावह कर्म जसरी शीतकालमा प्रातः स्नानादिसँग द्वेष गर्दैनन्, सुखकर कर्म जसरी ग्रीष्मकालमा मध्याह्न स्नानादिमा तिनीहरु प्रीति गर्दैनन् । एसको कारण यो छ - तिनीहरु मेधावी अर्थात् स्थिरबुद्धि छन एवं परिभवादि अति दुःखहरुलाई पनि सहन गर्न सक्तछन्, तथा स्वर्गादि सुखलाई पनि त्याग गर्न सक्दछन । तात्कालिक सुखदुःखलाई जसले क्षणिक, सम्झन्छन्, उनिहरुलाई सुख दुःखको लागि मनमा कसरी अनुसन्धान होला ? सुख कसरी आएको थियो या दुःख किन भयो, एसको कारण के छ, यी सब विषयहरुको केही पनि खोजखबर मनमा हुदैन । अतयव छिन्न संशय छन् - अर्थात दैहिक सुखदुःख ग्रहण या त्यागको इच्छा उनमा हुँदैन ॥१०॥

आध्यात्मिक व्याख्या- "शुभ कर्म गर्नुमा द्वेष गर्दैन, शुभ कर्मको इच्छा पनि गर्दैन, सबै कर्महरु फलाकांक्षारहित भएर गर्दछ-क्रियामा रहेर (जुन गुरु उपदेशगम्य छ) त्यसमा नै अडकिरहिकन सब कर्म गर्नु यसरी स्थिर बुद्धि भएर भित्र भित्र नै धारणापूर्वक अडकिरहेर सारा कर्म गर्दछन संशयरहित भएर ।"-

- प्राणकर्म नै 'स्वभावनियत' कर्म हो । त यो 'सहजकर्म' एवं 'स्वभावज कर्म' पनि हो । हामी प्रतिक्षण श्वास त्याग र ग्रहण गर्ने गर्दछौं, फेरि पनि त यसमा कुनै इच्छा हुँदैन । यस स्वभावनियत कर्ममा लक्ष्य राख्दा राख्दा जो इच्छारहित हुन जान्छन्, तिनीहरुले सारा सान्सारिक कर्महरुलाई गरेर पनि कुनै विशेष कर्म प्रति द्वेष या प्रीति राख्दैन । अकुशल कर्म प्रति उसलाई विद्वेष हुदैन अनि कुशल कर्म प्रति पनि आसक्ति रहँदैन । तिनीहरु जे सोच्दछन त्यसलाई फलाकांक्षारहित भएर गर्दछन । यसको कारण यो छ तिनीहरु साधन गर्दैगर्दै सत्त्वसमाविष्ट हुन जान्छन । मन लगाएर धेरै बेर सम्म क्रिया गरेपछि श्वासको गति ह्रास हुन्छ तथा सुषुम्नावाही हुन जान्छ । फलस्वरुप सत्त्वगुणले अधिक परिमाणमा उनलाई व्याप्त

गर्दछन, अतः स्थिरबुद्धि भएर मेधावी हुन्छन् । आत्मज्ञानरुप मेधा नै प्रज्ञा हो । यो मेधा जति जति नै बढोत्तरीलाई प्राप्त हुन्छ उति उति नै आत्म स्वरुपमा उनको स्थिति हुँदै जान्छ । यो स्थिति प्राप्त हुनासाथ मनको सारा संशय छिन्न हुन जान्छन् । कूटस्थमा लक्ष राख्नुको अतिरिक्त अन्य कुनै विषयमा उनको लक्ष्य रहँदैन । उनको चित्तको लय विक्षेप दूर हुन जानुको कारण आत्मा अनात्मा सम्बन्धी सारा संशय दूर हुन जान्छन । क्रियाको परावस्थामा रहनु नै परमार्थ अनि देहादिमा आसक्त हुनु नै अनर्थ हो, यसलाई तिनीहरु जान्दछन् । यसैकारण तिनीहरु कुशल कर्म गरेर तेसमा आसक्त हुँदैनन् । यद्यपि तिनीहरु अकुशल कर्म गर्दैनन्, तथापि त्यसमा कुनै किसिमको द्वेषबुद्धि राख्दैनन् । यसैले मेधावी हुनु आवश्यक छ । क्रियाको परावस्था नै असली मेधा हो । तेसमा उनको मन सदा अटकिरहन्छन, अतयव देहेन्द्रियादि द्वारा कर्म गर्दा खेरि पनि उनको चित्तमा कुनै कर्मको दाग पर्दैन । यसको नाम नै भगवदर्पित चित्त हो । यस चित्तमा असल कम्सलको विचार आउँदैन । नशावाज समान उनको मन नशामा सर्वदा मत्त रहन्छ । जे गर्नुछ तेही गर्दछ, त्यसले राम्रो हुन्छ या खराब यो तरंग तेतिबेला मनमा उठदैन । उनको मननै हुँदैन, अतयव संकल्प तरंगहरु उठनुको संभावना हुँदैन । देहेन्द्रियादि संग सम्बन्धयुक्त मनमा नै विविध संशय उत्पन्न हुन्छन । प्राणायामादि साधनको सहायताले जब त्यो मन समतालाई प्राप्त हुन्छ त देहेन्द्रियादिको साथ सम्बन्धरहित हुन जान्छ । तब मन बाँदर समान विषय वृक्षको हाँगा हाँगामा उफ्रिपाफ्रि गर्दैन । यसकिसिमको चित्तको स्थिरताको परकाष्ठा प्राप्त हुने वित्तिकै आत्माको स्वरुपमा अवस्थानरुपयोग सिद्ध हुन्छ ॥१०॥

(देहाभिमानीको कर्म त्याग हुँदैन, फल त्याग नै मुख्य त्याग हो)

न हि देहभृता शक्यं त्यक्तु कर्माण्यशेषतः ;
यस्तु कर्मफल त्यागी स त्यागीत्यभिधीयते ॥११॥

श्री धरीय टीका- [तब त यसकिसिमको कर्मफलत्यागको अपेक्षा सर्वकर्म त्याग नै श्रेष्ठ छ, तेसमा विक्षेपको अभावको कारण ज्ञाननिष्ठारुप सुखको प्राप्ति हुन सक्दछ, यसको उत्तर दिनु हुन्छ] - देहाभिमानी जीव निःशेषरुपले सर्वकर्म त्याग गर्नमा समर्थ हुदैन । यो तृतीय अध्यायमा “नहि कश्चित क्षणमपि” इत्यादि श्लोकहरुमा कथित छ । अतयव जुन मान्छे सर्व कर्म गरेर पनि कर्म फलत्यागी छ उही मुख्य त्यागी कहलाउँछ ॥११॥

आध्यात्मिक व्याख्या - “यो शरीर धारण गरी पूर्णरुपले विना कर्म नगरी रहन सक्तैन - समस्त कर्महरुलाई गर्दै फलाकांक्षा रहित भएर जसले सबै कर्महरु गर्दछ त्यसको नाम त्यागी हो- स्थिरबुद्धिको साथ- अन्य मानिसहरु स्थिरबुद्धि साथ त्याग नगरी चचंचल स्वभावको कारण पुनः ग्रहण पनि गर्दछन् ।”

- जसको बुद्धि स्थिर हुँदैन तिनीहरु मुखले ‘म कर्त्ता होइन’ यदि एस्तो भन्दछन् ता पनि कर्ममा उनको अभिमान रहन्छ । जहाँ देहाभिमान छ, त्यहाँ देहकृत कर्ममा उनको अभिमान रहन्छ नै । कियाको परावस्था प्राप्त योगीलाई देहमा अभिमान त के, देह हुनुको भाव पनि रहँदैन । तब फेरि उनबाट कर्म कसरी हुन्छ,

किनभने उनिहरुले पनि कर्म गरेको देखिन्छन् । उनिहरु कर्म त गर्दछन्, परन्तु सामान्य मनुष्यले जसरी आसक्तिसाथ कर्म गर्दछन्, त्यस भावले तिनीहरु कर्म गर्दैनन् । प्रयोजन नरहँदामा पनि के कसैले कर्म गर्न सक्दछ ? ज्ञानी मानिसहरु सरह कर्म गर्नु संभव छैन । जसरी सर्पको काँचुली इच्छा बिना पनि वायु वश भएर इतस्ततः संचालित हुन्छ, उसरी नै संकल्पको अभावमा योगीको कर्म प्रवृत्तिमा गति हुनु संभव छैन । वायुले सन्ताडित काँचुली समान उनको सारा कर्म प्रारब्धवश सम्पन्न हुन्छ । कर्ममा आसक्ति नहनुको कारण कर्मको शुभाशुभ फल संग तिनीहरु आबध्द हुँदैनन् । ज्ञानीको कर्मत्याग यसरी हुने गर्दछ जब सम्म शरीर छ, निःशेषरुपले कसैको पनि सर्वकर्मत्याग हुन सक्तैन । यसैले श्री भगवान् भन्नु हुन्छ - जब कर्म नगरिकन कोही रहन सक्तैन, तब जसले कर्म गर्दछ अनि फलको आकांक्षा पनि राख्दैन, त्यही हो प्रकृत त्यागी । म फलाकांक्षा त्याग गरेर कर्म गर्नेछु, एस्तो मनमा सोचेर नै कोही यस किसिमको त्यागमा समर्थ हुन जाँदैन । जसले मनोमानीसँग विषयादिको त्याग गर्दछ, उसको निम्ति फेरि विषय ग्रहण गर्नु कुनै आश्चर्यको कुरा होइन । अतयव कामना त्याग गर्नको लागि साधना गर्नु पर्दछ । प्राणायाम साधना द्वारा जसको प्राण, मन र बुद्धि स्थिर हुन जान्छन्, उनलाई फेरि केहीले पनि विचलित या लक्ष्य भ्रष्ट गर्न सक्तैन । अन्य कुनै उपायले अभिमानको त्याग हुन सक्तैन, प्राण स्थिर भएपछि नै यो सहजलभ्य हुन सक्दछ ॥११॥

(कर्मको त्रिविध फल-यी फल कसलाई हुन्छ)

अनिष्टमिष्टं-मिश्रं च त्रिविध कर्मणः फलम् ;
भवत्य त्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ॥१२॥

श्री धरीय टीका- [कर्मफल त्यागको के फल छ, यसलाई बताउनु हुन्छन] - अनिष्ट अर्थात नारकित्व, इष्ट अर्थात देवत्व, मिश्र अर्थात मनुष्यत्व, यी त्रिविध प्रसिद्ध छन् । यी पाप, पुण्य एवं उभयमिश्र तीन किसिमका कर्महरुको फल छन् । यी सब अत्यागीहरुको अर्थात सकामकर्मीहरु परलोकगत भएपछि हुन्छन्, किनभने तिनीहरुको नै त्रिविध कर्महरुको संभावना हुन्छन् । संन्यासीहरुलाई यी सब त्रिविध कर्महरुको कहित्यै सम्भावना हुँदैन । फलत्यागको विषयमा तुल्यताको कारण संन्यासी शब्दले यहाँ प्रकृत कर्मफल त्यागीलाई नै ग्रहण गरिएकोछ । षष्ट अध्यायमा "अनाश्रितः कर्मफलं" इत्यादि श्लोकहरुमा कर्मफल त्यागीमा संन्यासी शब्दको प्रयोग देखिन जान्छन । यी सब सात्त्विक मानिसहरुमा पापको संभावना हुँदैन । ईश्वरार्पणको कारण उनिहरु द्वारा पुण्यफल परित्यक्त हुन्छन अतयव उनको लागि त्रिविध कर्मफल हुँदैन । यही तात्पर्य छ ॥१२॥

आध्यात्मिक व्याख्या- "शुभ, अशुभ र शुभाशुभ मिश्रित, तीन किसिमका कर्महरुको फल छन् - कर्मका यी तीन फलहरुलाई जस्ले त्याग गरेकोछ वर्तमान अवस्था र भविष्यत्‌मा जो त्यागी छन् तिनीहरुले नै यी तीनलाई त्याग गर्न सक्तछन्, परन्तु संन्यासी, जसले खालि वर्तमान अवस्थामा त्याग गरेकोछ, त्यसले कहिल्यै यी तीनलाई त्याग गर्न सक्तैनन् - किनभने उनलाई भविष्यत्‌को मोक्षपद आदिको इच्छा रहन्छ ।"-

- कर्म तीन किसिमका हुन्छन अनिष्ट, इष्ट एवं उभय मिश्रिता जुन मानिसहरु त्यागी छैनन् अर्थात संसारासक्त छन उनलाई यी समस्त कर्महरुको फल मृत्युको पर या जन्म जन्मान्तरमा भोग्नु पर्दछ। इष्टकर्म द्वारा देवलोकमा, अनिष्ट कर्म द्वारा तिर्यक योनिमा अनि मिश्रकर्मको फलस्वरुप मनुष्यलोकमा जन्म ग्रहण गर्नु पर्दछ। यी तीन किसिमका कर्महरुको त्याग गर्नु बिना जन्मान्तर परिग्रह एवं तज्जनित सुख दुःखादि भोग अनिवार्य छ। यसैले जो विवेक सम्पन्न मानिसहरु छन् तिनीहरु यस कर्म बन्धनलाई काट्न चाहन्छन्। परन्तु कर्म बन्धन काट्नुको इच्छा गर्नाले नै कर्म बन्धन काटिन जान्छन एस्तो कुरा छैन, किनभने पूर्वाभ्यासजनित संस्कार एवं स्वभाव मनुष्यलाई अनिच्छा भएर पनि कर्ममा प्रवर्तित गर्दछन् अनि तेसलाई बाध्य विवश भएर फलभोग गर्नु पर्दछ। कर्मफल भोग देखि भयभित भएर जसले सन्सार गति बाट विमुक्ति प्राप्त गर्न चाहन्छन् उनलाई त्यागको अभ्यास गर्नु पर्दछ। जुन मानिसहरु त्यागको अभ्यास गर्नको लागि इच्छुक छन्, उनलाई वैराग्य भएकोछ अर्थात तिनीहरुलाई विषय मीठो लाग्दैन, यो बुझ्नु पर्दछ। यस त्यागभावलाई सुदृढ गर्नको लागि जुन उपायको सहारा लिइन जान्छ, त्यसलाई नै शास्त्रले 'विविदिषा - संन्यास' भन्दछन्। यस विविदिषा संन्यासले सन्सार अनुपादेय अथवा हेय विवेचित हुन्छ तथा उसको लक्ष्य हुन्छ - कसरी यो सन्सार गति रुध्द हुन जाला। परन्तु आत्म ज्ञान सिवाय संसारगति रुध्द हुँदैन। यसैले विविदिक्षा संन्यासको प्रधान साधन हो विचार। आत्मानात्म विवेक हुनु विना अनात्मवस्तु लाई त्याग गर्न सकिदैन। जुन मन पहिले विषयादि ग्रहणमा व्यापृत रहन्थ्यो, अब त्यसै मनलाई विषय देखि हटाएर ब्रहमस्वरुपको धारणा गर्नमा चेष्टा लगाउनु पर्नेछ। यसको उपाय छ श्रवण एवं मनन। यस श्रवण र मनन देखि सान्सारिक विषयहरुमा आसक्तिको ह्रास हुन्छ अनि ब्रहम विज्ञानको लागि समधिक आग्रह हुन्छ। शास्त्रानुमोदित संन्यास एक एस्तो आश्रम छ, जुन आश्रममा अरु कुनै कर्तव्य हुदैन। यसैले जो विरक्त मानिस हुन्छन् तिनीहरु यस चतुर्थ आश्रम ग्रहण गरी श्रवण मनन द्वारा वैराग्य भावलाई संपुष्ट गर्दछन अनि साधनादि द्वारा ऐकान्तिक भावले ब्रहमज्ञान प्राप्तिको लागि सचेष्ट रहन्छन्। त्यतिखेर उनको मनमा सन्सार प्रति विद्वेष एवं मोक्ष प्रति आग्रह हुन्छ। यो ग्रहण एवं त्यागको इच्छा जबसम्म मनमा रहन्छ तबसम्म तिनीहरु संन्यासी हुँदैमा पनि त्यागी कहलाउन सक्तैन। त्यस समयमा पनि तिनीहरु सम्यक ज्ञानी या त्यागीको पदमा आरुढ हुँदैन। जो सर्वकर्मत्यागी या सर्व भावना विनिर्मुक्त हुन सक्तैन उनको यदि यस अवस्थामा मरण हुन्छ त पुनरावृत्ति अवरुद्ध हुँदैन। परन्तु जो त्यागी छ अर्थात संन्यास नलिएरै पनि परम अर्थमा संन्यासी भएकाछन, उनको फेरि पुनरावृत्ति हुँदैन। यसैले त्रिविध कर्महरुको फल भोग उनलाई कहिल्यै गर्नु पर्दैन। जबसम्म इच्छा द्वेष रहेको हुन्छ तबसम्म हामीहरु प्रकृति या महामायाको शासन क्षेत्र देखि अव्याहति प्राप्त गर्न सक्तैनौ, तबसम्म जन्म मरण अनि कर्मभोग मेटिदैन। सारांश यो छ - जसले अपरोक्ष ज्ञान प्राप्त गरेकोछ, तिनीहरु नै त्यागी हुन, तिनीहरु चाहे घरमा रहुन या जंगलमा, यो त्याग भाव सुदृढ भएपछि उनको मनमा फेरि कुनै संकल्पको तरंग उठदैन। उनको राग द्वेष क्षीण हुदै हुँदै एक बारगी क्षीण हुन जान्छ। उनको त्यस स्थितिलाई नै ब्राहमी स्थिति भन्दछन। उनलाई वर्तमान या भविष्यत्को कुनै कामना या संकल्प हुँदैन। देहेन्द्रिय मनसँग जबसम्म सम्बन्ध रहन्छ तबसम्म भन्न सक्तैनौ - सन्सार छुटेकोछ। अतयव विमुक्ति लाभको सम्भावना पनि रहँदैन। सन्सारमा

हामी किन बाँधिएका छौं ? हाम्रो इच्छा र द्वेषले जुन कर्म समुद्भूत हुन्छन त्यसको भोग अनि प्रतिकृयाको लागि तत्तत विषयहरुसँग हामी बाँधिन जान्छौ । यस त्रिपुर या देहादिमा अभिमान रहुंजेल इच्छा द्वेष आदि द्वन्द्वभाव विनष्ट हुँदैन । स्थूल, सूक्ष्म एवं कारण शरीर नै त्रिपुर हुन । यस त्रिपुरमा अभिमान जबसम्म बनिरहन्छ विमुक्ति प्राप्त हुनु संभव छैन । यस त्रिपुर या प्रकृति देखि आत्मा भिन्न छ, यो बुझ्नु पर्नेछ । यसको एकमात्र उपाय छ स्थिर प्राणको उद्बोधन ! प्राण चचंचल भएर मनलाई, मनले इन्द्रियहरुलाई तथा इन्द्रियहरुले शरीरलाई कर्ममा नियुक्ति गर्दछन । अतयव प्राण चंचल रहुंजेल संन्यास लिएर पनि सर्व कर्मत्याग हुन सक्तैन । जो त्यागी छन् तिनीहरु कर्मफलमा आकांक्षारहित हुन्छन्, ब्रहमलक्ष्यमा सर्वदा तिनीहरु अवहित रहन्छन् । यसैले सांसारिक लाभहानि, शुभाशुभ केहीले पनि उनलाई चचंचल गर्न सक्तैनन् । त्यागीको आसन नै सर्वापेक्षा उच्च छ । त्यागी हुनको लागि मनलाई पूर्ण निरोध गर्नु पर्ने हुन्छ, अनि तबै यो संभव छ जब प्राण स्पन्दन शून्य हुन जाओस । प्राणको यो निःस्पन्दन भाव त्यागीको निम्ति स्वाभाविक छ । सन्यासीलाई अरु कामना नभए पनि मोक्षको इच्छा रहन्छ । परन्तु त्यागीलाई मोक्ष लाभको पनि आशा हुँदैन । प्राण स्पन्दित हुन्छ पूर्वकर्मानुसार । प्राण स्पन्दित भएपछि मन एवं सारा इन्द्रियहरु स्पन्दित भएर उठदछन् । यस स्पन्दनको नाम नै कर्म चेष्टा हुन । यसले स्पष्ट हुन्छ - यस कर्मचेष्टाको वेग प्राणबाटै उत्पन्न हुन्छन् । त्यस प्राणलाई सुषुम्नामुखी गरेमा मूलाधारस्थ जीव शक्ति आज्ञाचक्रमा निरुध्द हुन जान्छ । यही निरोध भाव द्वारा मन एवं इन्द्रियहरुको विषयगति निरुध्द हुन जान्छन् । जसको यो निरोध भाव सहज एवं सम्यक् हुन गएको छ, उसको लागि विषय त्याग पनि सहज अनि स्वाभाविक हुन जान्छ । यस अवस्थामा स्थित साधकेन्द्रलाई नै प्रकृत त्यागी भन्दछन् । तिनीहरुले इच्छा गरेर त्याग गर्दो हो, एस्तो कुरा छैन । उनको त्याग स्वतः आफसे आफ हुन्छ । त्यस त्यागमा उनलाई कुनै कष्ट हुँदैन । मन स्वभावतः नै अचंचल भएर विषय ग्रहण गर्दैन । क्रमशः त्यागीको ग्रहीतु ग्रहण भाव पनि रहँदैन । ग्रहीतु ग्रहण भाव क्षीण भएपछि ग्रहणको विषय पनि रहँदैन । अतयव मनको स्पन्दन कुन हेतुको लागि होला ? यसको नाम नै समता या समाधि हो । यस समय जसलाई जीवात्मा भन्दछन्, त्यस समय त्यो परमात्माको साथ अभिन्न भावमा स्थित हुन जान्छन ॥१२॥

(कर्मको पाँच कारण)

पंचैतानि महाबाहो कारणानि निवोध मे;
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥१३॥

श्री धरीय टीका- [जुन मानिसले कर्म गर्दछन्, त्यसलाई किन कर्मफल मिल्ने छैन, यस आशंकाको उत्तरमा भन्नु हुन्छ - संग त्यागी निरहंकारी पुरुषको कर्मलेप हुँदैन । यो पांच श्लोकहरु द्वारा प्रतिपादन गर्नु हुन्छ] - हे महाबाहो ! सबै कर्महरुको निष्पत्तिको पाँच कारण छन् । आत्माको कर्त्तृत्त्वाभिमानको निवृत्तिको लागि यी कारणहरुलाई अवश्य जान्नु पर्दछ । जसबाट सम्यक ज्ञान हुन्छ त्यही सांख्य या तत्त्वज्ञान हो । कृतको अर्थ छ कर्म अनि जसमा उनको समाप्ति हुन्छ त्यो कृतान्त भनिन्छ । वेदान्तको

सिद्धान्त यही हो । सब तत्त्व जेमा गनिन जान्छन त्यो सांख्य हो अनि जसमा यिनको अन्त अर्थात निर्णय हुन्छ त्यही हो सांख्यशास्त्र ॥१३॥

आध्यात्मिक व्याख्या- "सब मानिसहरु जुन कर्म गर्दछन त्यसको पाँच कारण भनिएकाछन्, ती नै सब कारण कर्म सिद्धिको निमित्त गरिइन्छन ।"-

कर्म सम्पादनको लागि जुन पाँच कारण छन, ती ज्ञातव्य छन । ती ज्ञातव्य एसैले छन - जुन आत्माको कर्तृत्वाभिमानको कारण यो सन्सार लीला चल्दछन, त्यो कर्तृत्त्वाभिमान जबसम्म निवृत्त हुँदैन, तबसम्म यस सन्सारको निवृत्ति हुँदैन । यो आत्मवस्तु नै सत्य छ यो एक एवं अद्वितीय छ । एस किसिमसँग आत्माको सत्य परिचय नहुनुको कारणले नै आत्माको नानात्व बोध हुन्छ । आत्मामा जन्म-मृत्यु-सुख-दुःख रुप सन्सार अध्यारोपित हुन्छ । आत्माको जुन स्वरुप छ, त्यस सत्यज्ञानलाई छोडेर अन्य वोध किन हुन्छ ? अनात्मवस्तु जुन मिथ्या छ, त्यसलाई सत्यवोध गरी अनात्मवस्तुमा आत्मबोध एवं मिथ्यावस्तुमा सत्य बोध हुन्छ, यही अविद्याको कार्य हो । जब सम्म यो अविद्या नष्ट हुँदैन, आत्माको स्वरुपबोध हुँदैन । अविद्या नष्ट हुन्छ विद्या द्वारा । अगणित तरंगहरुको अभिघातको कारण जसरी समुद्रको स्थिरत्व लक्षित हुँदैन, उसरी अविद्याको असंख्य तरंगहरुका घातको कारण स्थिर आत्माको उपलब्धि हुँदैन । यसैले आत्म ज्ञानको जुन आवरण छन, उनको सम्बन्धमा जान्नु जरुरी छ । यो ज्ञान प्राप्ति जुन शास्त्र द्वारा हुन्छ त्यसलाई सांख्य शास्त्र भन्दछन् । यसैकारण सांख्यलाई कृतान्त भन्दछन् । क्रिया गर्दा गर्दा क्रियाको परावस्था प्राप्ति भएपछि कर्मको परिसमाप्ति हुन्छ । तबै आत्माको सम्यक ख्याति या प्रकाश हुन्छ । कृत अर्थात कर्मको अन्त या क्रियाको परावस्था । अविद्याको खेल जबसम्म रुध्द हुँदैन, तबसम्म कर्मको गति पनि रुध्द हुँदैन अनि कर्मको गति रुध्द नभएपछि जन्म यायावर रुप संसार खेल पनि निरन्तर प्रवाहमान रहन्छन् । आत्मज्ञान द्वारा अविद्या निवृत्त भएमा अविद्या जनित कर्म पनि निवृत्त हुन जान्छन् । अनि जन्म यातायात रुप कर्म फल पनि विलुप्त हुन जान्छन् । क्रियाको परावस्था नै सम्यक् ज्ञान हो । त्यस अवस्थामा कुनै क्रिया रहँदैन । इडा पिंगलामा जबसम्म श्वास चलिरहन्छ तबैसम्म अविद्या छ । तबसम्म कर्म पनि रहने छ, कर्मको फल पनि रहनेछ । यही अनात्म दृष्टि या मिथ्या ज्ञान हो । यस मिथ्या ज्ञानको जुन कारण छन, ती पाँचैकारणहरुको सम्बन्धमा सम्यक धारणा भएपछि फेरि अविद्याको उत्पत्ति हुँदैन । जस्तो सतर्क रहेमा चोरले चोरी गर्न सक्तैन, उसरी नै मिथ्या ज्ञानको कारणहरुलाई जानिलिएपछि फेरि मिथ्या ज्ञान द्वारा मुग्ध हुनु पर्दैन । "क्रिया, कारक अनि फल आत्मामा आरोप हुन्छ अज्ञान द्वारा । जुन अज्ञानी त्यस अधिष्ठान आदि क्रिया सम्पादक कारकहरुलाई आत्मा सम्भन्छ त्यसको लागि अशेषरुपले कर्म सन्यास सम्भव छैन" - (शंकर) । श्री भगवान् भन्नु हुन्छ - यो अनात्मज्ञान जसमाथि अवलम्वित छ ती कारणहरुलाई विशेषरुपले जान्नुको आवश्यकता छ । तीनलाई सम्यक रुपसँग जानिलिए पछि फेरि आत्मविस्मृति घटित हुनुको सम्भावना रहँदैन । भगवान्ले गीतामा पहिले पनि भन्नु भएकोछ -

"सर्व कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते" -

परन्तु जबसम्म ॐकार कियाको सहायताले हृदय ग्रन्थि भेदन गरिइदैन, तबसम्म कुनै 'तत्' एव 'सत्' लाई लक्ष्य गर्न सक्तैन । 'तत्' एवं 'सत्' को अभेदज्ञान नै प्रकृत ज्ञान हो ॥१३॥

(पंच कारण)

अधिष्ठानं तथा कर्त्ता करणंच पृथग्विधम् ;
विविधाश्च पृथकचेष्टा दैव चैवात्र पंचमम् ॥१४। ॥

श्री धरीय टीका- [कर्महरु सम्पादनको जुन कारणहरु छन, तिनलाई बताउनु हुन्छ] - (१) अधिष्ठान शरीर (२) कर्त्ता चित एवं अचित्तको ग्रन्थिकरुप अहंकार (३) करणं - अनेक किसिमका करण, चक्षु श्रोत्रादि इन्द्रियहरु (४) कार्यतः एवं स्वरुपतः विभिन्न चेष्टाहरु अर्थात पंच प्राणहरुको व्यापार आदि । (५) दैब-देव नै पंचम हुन अर्थात चक्षु आदि इन्द्रियहरुको सहकारी सूर्यादि देवता अथवा सर्वप्रेरक अन्तर्यामी ।-दैव अर्थात अनुग्राहक देवता । श्रोत्र, त्वक, चक्षु, जिहवा एवं घ्राणलाई क्रमशः दिग्देवता, वायुदेवता, अर्कदेवता, वरुण देवता एवं अश्विनीकुमारले प्रेरणा गर्दछन । अग्नि, इन्द्र, उपेन्द्र, यम एवं प्रजापति क्रमशः वाक्, पाणि, पाद, पायु एवं उपस्थ यी पाँच इन्द्रियहरुलाई प्रेरित गर्दछन । चन्द्र, ब्रहमा, शंकर एवं विष्णुले क्रमश मन, बुद्धि, अहंकार र चित्तलाई नियन्त्रण गर्दछन् । प्राण, अपान, समान, उदान एवं व्यान यी पंच प्राणहरुको देवता क्रमशः सद्योजात, वामदेव, अघोर, तत्पुरुष तथा ईशान हुन । यी सब देवताहरु द्वारा प्रेरित भएर यी सारा इन्द्रियहरु स्थूल विषयको अनुभव गर्दछन । धर्माधर्म रुप संस्कारलाई पनि कोही कोहीले दैब भन्दछन) ॥१४॥

आध्यात्मिक व्याख्या- "पहिले एक कर्म मन मनै स्थिर गर्दछ, त्यसले कर्त्तारुपमा नै स्थिर गर्दछ - स्थिर गरी गर्न आरम्भ गर्दछ गर्नको लागि आरम्भ गरेर नाना किसिमको चेष्टा गर्दछ - गर्नाले के हुन्छ - दैव द्वारा जे जो हुने हो त्यही हुन्छ - अतयव बुद्धि अहंकार, विविध चेष्टाहरु अनि दैव - यी सब कर्मको कारण हुन्छन । यसैले सब कर्महरुको कारण मन हो, त्यस मनलाई क्रिया द्वारा स्थिर गरेमा कुनै पनि कर्म हुँदैन - फलाकांक्षा सहितः ।" -

- कुनैपनि कर्म गर्नुको समय पहिले मनमा संकल्प हुन्छ। संकल्पको उदय मनमा हुन्छ, बुद्धिले कर्त्तव्याकर्तव्यलाई स्थिर गर्दछ - यही अन्तः करणको कार्य हो । मनको संकल्प (१) इन्द्रिय यन्त्र द्वारा परिचालित भै कार्य उत्पन्न गर्दछ । यी यन्त्रहरुलाई परिचालित गर्दछन । (२) प्राणादि पंचवायु - यी सारा कियाहरुको निष्पत्तिको लागि समस्त इन्द्रियादिका धारक एक आधारको आवश्यक हुन्छ । यो आधार या अधिष्ठान हो । (३) शरीर-शरीर रुप आधारलाई आश्रय गरेर नै कर्मचेष्टाको अभिव्यक्ति हुन्छ । कर्म जुन उद्देश्यले (प्रयोजन सिद्धिको लागि) सम्पादित हुन्छन, त्यही (४) कर्त्ता हो - त्यो चिदाभास या जीव हो । त्यही आत्मासँग तादात्म्य या अध्यासयुक्त भै चित् लक्षणले युक्त हुन्छन । अर्थात त्यो चित् होइन ता पनि चित्त लक्षणले युक्त हुन्छन । अर्थात त्यो चित् होइन तापनि चित्तको तादाम्यवश चित् समान प्रतीत हुन्छ

या आफुलाई चेतनरुप मान्दछ - यसलाई नै दर्शन शास्त्र मा 'अहंकार' भन्दछन्। यही सब कर्महरुको कर्त्ता हो। (५) दैव-धर्माधर्मको फलदाता ईश्वर या धर्माधर्मरुप संस्कार। अहंकार यस संस्कारको अनुरुप नै हुन्छ। पूर्व जन्मको संस्कारहरुको छाप नै ग्रन्थि या अज्ञान हुन। यो अविद्या ग्रन्थि चित्सँग संयुक्त भएर नै 'म' 'म' गर्दछ। यस अहंकार बिना कुनै कार्य हुँदैन, यसैकारण यसलाई कर्त्ता भन्दछन। एक घर बनाउनको लागि इंट, काठ, माटो, मिस्त्री, ज्यामी आदि सबैको प्रयोजन हुन्छ, परन्तु जसको उद्देश्यले या जसको इच्छाले त्यो घर बन्दछ त्यही हो कर्त्ता। यो कर्त्ता चित् एवं जड मिलित 'ग्रन्थि' या अहंकार हो। परन्तु पंचम दैव नै सृष्टिको प्रधान कारण हो। त्यो प्रकृतिमा उपहित चैतन्य हो या तादात्म्य भावले युक्त महामाहेश्वरी प्राण महाप्राण या सर्वान्तरयामी ईश्वर हुन। यदि जगत् अज्ञान कल्पित हो भने त यो प्रश्न उठदछ यो अज्ञता कसमा छ। श्रुतिमा लेखेको छ - ब्रहमको संकल्प "एकोऽहं वहुस्याम" नै यस विश्व प्रकाशको मूल कारण हुन। ब्रहमको यो संकल्परुप कारण नभएमा यो सृष्टि नै हुँदैनथ्यो। भागवत्मा ब्रहमाको वचन छ - "जसरी नत्थि लगाई दिएपछि चतुष्पद जनावर मनुष्यको लागि उसको इच्छा अनुसार उनको लागि काम गर्दछन्" (भा. ५-१-१५)। जीवको प्रथम अदृष्ट लेखिन जान्छ ब्रहमको संकल्प द्वारा। ईश्वरको यो अनादि आदि संकल्प नै महानियति या दैव हो। यस नियतिलाई उंलघन गर्ने शक्ति कसैमा छैन। नियति नै धर्माधर्म संस्काररुपमा प्राण द्वारा स्पन्दित भएर जीवको मनमा आफुलाई प्रकट गर्दछ। प्राणको स्पन्दन क्रिया देह क्षेत्रमा सम्पादित हुन्छन, मानो त्यसबाट नै देह क्षेत्र संस्कारानुरुप कार्य गर्नमा प्रवृत्त हुन्छ। प्राण द्वारा नै पूर्व जन्मको कर्म शरीर, इन्द्रिय एवं मनमा दैवरुप बीजले युक्त भएर फलरुपमा प्रकाशित हुन्छन। पुरुषार्थ द्वारा देह क्षेत्र कर्षित भएपछि त्यसमा दैवरुप बीज वपन हुन्छ अनि त्यसदेखि जीव कर्मानुसार निर्दिष्ट फल प्राप्त गर्दछ। निर्दिष्ट कर्मको निर्दिष्ट फल नै नियती हुन। यस नियतिको उल्लंघन गर्नुको सामर्थ्य रुद्रादि देवताहरुमा पनि हुँदैन। नियति नै ईश्वर संकल्प हो। पुरुषको प्रयत्न सँगै मिलेर नै नियति फल प्रसव गर्दछ। समस्त जीवहरुको सम्मिलित अदृष्ट नै ईश्वर संकल्प हो। उनको आफ्नो निजी प्रयोजन वश यो जगत सृष्ट हुँदैन। अतयव दैव अखण्डनीय भएर पनि पुरुषार्थको लागि स्थान छ। पुरुषार्थ विना दैव सिद्ध हुँदैन। यसैकारण शास्त्र भन्दछन - दैव बीज स्वरुप अनि पुरुषार्थ क्षेत्र स्वरुप छ। बीजमा समस्त शक्ति निहित भएर पनि जसरी क्षेत्र विना त्यो प्रकाशित हुँदैन, उसरी नै अदृष्टरुप बीज शक्ति भएर पनि क्षेत्र कर्षणादिरुप पुरुषार्थ बिना दैव सिद्ध हुँदैन।

अतयव हामी जुन कर्म गर्दछौं, ती निरुपण गर्ने समयमा देखिइन्छन - (१) देह या अधिष्ठान, (२) इन्द्रियादि करण, (३) प्राणापानादिको चेष्टा, (४) कर्त्ता या अहंकार अनि (५) दैव-जुन महानियतिको प्रेरणा हो यी पंच कारणहरुको सम्मिलनले नै कर्म सम्पादित हुन्छन। आत्मा त यी सबको साक्षी मात्र हो, कारण होइन। माया बिना जगत्को कल्पना हुँदैन, यसैकारण सन्सार मायिक वस्तु हो। ब्रहममा माया छैन, अतयव त्यसमा जगत् पनि छैन। यसै कारण क्रियाको परावस्थामा जगत्को अस्तित्व रहँदैन। परन्तु सत्ता भावको अभाव हुँदैन। जब क्रिया रहन्छ तबै कर्त्ताको आवश्यकता हुन्छ। परावस्थामा कुनै क्रिया हुँदैन। अतयव आत्मा नित्य अकर्त्ता छ। नामरुपमय दृश्यवस्तु कल्पित मात्र हुन, सत्य होइन। रज्जुमा सर्प भ्रम त हुन्छ,

परन्तु रज्जु कहिल्यै सर्प बन्दैन । यसरी नै ब्रहममा जगत् भ्रम त हुन्छ, परन्तु ब्रहममा जगतभ्रम भएर पनि ब्रहम कहिल्यै जगतरुपमा परिणत हुँदैन । रज्जुमा सर्पबोध जसरी द्रष्टाको दृष्टि विभ्रम मात्र हो, उसरी नै ब्रहममा सन्सार कल्पना अज्ञको बुद्धि विभ्रम मात्र हुन । यो भ्रम ब्रहमाश्रित छैन, किनभने पूर्ण ज्ञानमय ब्रहममा भ्रम रहन सक्तैन । ज्ञान भित्र अज्ञान रहनु कुनै किसिमले संभव छैन, अतयव भ्रम जीवाश्रित छ । जसरी जीवत्व कल्पित छ, उसरी नै उसको आश्रित भ्रम पनि कल्पना मात्र छ । ज्ञानोदय भएमा नै अविद्या तिरोहित हुन्छ तथा त्यसको साथ जीवभाव पनि अन्तर्हित हुन जान्छ । अतयव जीवको आश्रयमा रहने भ्रम पनि तब रहँदैन । चिर स्थिर नित्य सत्य भाव नै ब्रहमभाव हो । तरंगायमान जलमा जसरी चन्द्रिका चचंचल जानिइन्छन्, उसरी नै ब्रहममा अनित्य संसार दृष्ट हुन्छ । यसैले जन्म मृत्यु सुख दुःखादिको अनुभव हुन्छ । सर्परुप भ्रमको अधिष्ठान जसरी व्यावहारिक सत्यस्वरुप रज्जु छ, उसरी नै चिर स्थिर आत्मा नै यस चचंचल मनको आश्रय छ । चचांचल्य तिरोहित भएपछि मन रहँदैन, कल्पना पनि रहँदैन । जुन चिर स्थिर अखण्ड अविनाशी छ त्यही प्रकाशित हुन्छ । त्यही हो मनको आश्रय मनको मन परमात्मा हो । साधन द्वारा चचंचल मन जब चिर स्थिर आत्मामा प्रविष्ट भएर आत्मासँग एक हुन जान्छन तब उसको मन उपाधि पनि रहँदैन, सृष्टि पनि रहँदैन ॥१४॥

शरीर वाङ् मनोभिर्यत् कर्म प्रारंभते नरः ;
न्यायं वा विपरितं वा पंचैते तस्य हेतव ॥१५॥

श्री धरीय टीका- [सर्व कर्महरुको हेतुत्व यही पांचमा छ, यो बताउनु हुन्छ] - उपर्युक्त पंच कारणहरुले प्रारभ्यमाण कर्महरुलाई शरीर, वाक्य र मन द्वारा कृत भनिएको छ किनभने यो प्रसिद्ध छ - कर्म शारीरिक, वाचिक एवं मानसिक हुन्छन् । शरीरादि द्वारा जुन धर्म्य या अधर्म्य कर्म मनुष्यले गर्दछन ती सब कर्महरुको हेतु यी नै पाँच हेतु छन ॥१५॥

आध्यात्मिक व्याख्या- "यी सब कारणहरुको पाँच हेतु छन् । यो शरीर छ यसै कारण मन स्थिरपूर्वक दोस्रो तिर दृष्टि गर्दछ त्यो दृष्टि वाक्य द्वारा सुनेर अमुक वस्तु यो हो - खूब राम्रो छ, त्यो राम्रो छ, त्यो राम्रै रहोस - परन्तु यसको विवेचना नगरी मै त्यस वस्तुको कर्त्ता बन्नेछु अर्थात त्यो वस्तु मेरो अधीनमा होस यसपछि मन त्यस वस्तुलाई पाउनको लागि चल्दछ चल्दाखेरि जुत्ता वस्त्र, पछ्यौरा लिनु पऱ्यो अनि खुट्टाले हिंड्न सुरु गरिदियो पसल सम्म गयो गएर सोध्यो गुलाब जामुन छ ? दैवयोगले गुलाबजामुन खतम भएको छ यो विपरित कर्म हो । त्यसको सट्टा अर्को वस्तु लिन सकिन्छ अतयव शरीर, वाक्य, मन द्वारा न्याय्य कर्म या विपरित कर्म - सब कर्महरुको हेतु यीनै पाँच हुन्छन ।" - मनुष्यले जे जो कायिक, वाचिक या मानसिक कर्म गर्दछन, यी नै पाँच त्यसको हेतु हुन । यी रहुंजेल जीवलाई मोक्षको संभावना छैन । जीवको साथ यी पाँचहरुको सम्बन्ध विचार गरी हेर । जीव स्वयं चिदंश हो, अतयव त्यसले कर्म गर्दैन । कर्म प्रकृतिले गर्दछ । प्रकृतिको कर्ममा अभिमान नगरेमा जीव सुख दुःखादिमा संलिप्त हुँदैन । तब त जीवलाई कर्त्ता नभनिकन अहंकारलाई कर्त्ता किन भन्दछन ? अहंकार यद्यपि प्राकृतिक वस्तु हो, परन्तु

ब्रहमको चैतन्यले त्यो चेतनवत प्रतीत हुन्छ । घटस्थ जलमा चन्द्रको प्रतिविम्ब पर्दछ । जलमा चन्द्रलाई देखेपनि वास्तविक चन्द्र जलसँग युक्त हुँदैन । यसरी नै अहंकार रुप जलमा ब्रहम चैतन्यको प्रतिविम्ब परेर अहंकारलाई चैतन्ययुक्त गर्दछ । जलमा प्रतिविम्वित चन्द्र समान मायामा प्रतिविम्वित चैतन्य नै जीव हो । त्यो माया अथवा अज्ञान नाश भएमा जीवभाव पनि नष्ट हुन जान्छ । यदि भन्छौ त अज्ञानको नाश भएपछि जीव भाव नष्ट हुँदैन, त फेरि मुक्ति कसरी सिद्ध हुन्छ ? अज्ञानशून्य जीवभावलाई नित्य मानेपछि पूर्ण ज्ञान सम्पन्न जीवहरुलाई पनि ईश्वरै समान सर्व शक्तिमान मान्नु पर्दछ । एस्तो स्थितिमा जब नाना जीवहरुको मुक्तिको कुरा सुनिइन्छन, तब ईश्वर पनि नाना किन न होला ? परन्तु यो ठीक छैन । अज्ञानको कारण नै जीवभाव कल्पित हुन्छ । अज्ञान नष्ट भएपछि जीवभाव पनि नष्ट हुन जान्छ । घट नष्ट भएपछि जसरी घटाकाशको पृथक सत्ता रहँदैन, अज्ञान नष्ट भएपछि जीवको पनि त्यसरी नै पृथक सत्ता रहँदैन । ब्रहम त सदा नै ज्ञानस्वरुप छ, तब फेरि जगदादि प्रपंच कसरी उत्पन्न हुन्छन र उत्पन्न भएर उनकोस्थिति कस्तो हुन्छ ? ब्रहमको अघटित घटना पटियसी माया शक्ति द्वारा नै यो विश्वलीला पुनः पुनः अनुष्ठित हुन्छन । यो माया शक्ति नितान्तै दुस्तरा छ तथापि जब शास्त्रले जीवको विमुक्तिको कुरा भन्दछन्, तब बुझ्नु पर्दछ - यो माया अतीव दुस्तरा भएर पनि नित्य छैन । श्री भगवान् प्रकृति पुरुषको नियामक, त्रिगुणको अधीश्वर तथा संसार स्थिति एवं मोक्ष प्राप्ति दुबैको हेतु छन । अतयव श्री भगवान्को आश्रय ग्रहण गरेपछि जीव सन्सार बन्धन देखि छुट्न जान्छन । श्रुतिमा भनेको छ -

"स विश्वकृद्विश्वविदात्मयोनि,
ज्ञः कालकारो गुणी सर्वविद्यः ;

प्रधान-क्षेत्रज्ञ-पतिर्गुणशः,
सन्सार-मोक्ष-स्थिति-बन्ध हेतु ॥"

त्यो हो विश्वकर्त्ता, विश्वविवत् । त्यो सबैको आत्मा एवं योनि अर्थात कारण हो । त्यो चेतन्, कालको प्रवर्त्तक, अपहत पाप्मत्वादिगुणसम्पन्न अनि सर्व विषयक ज्ञान सम्पन्न छ । त्यो प्रकृति पुरुषको नियामक छ, त्रिगुणको अधीश्वर हुन तथा सन्सार स्थिति एवं मोक्ष प्राप्तिको हेतु छ अनि बन्धनको पनि । त्यो एक अद्वितीय परमात्मा नै सबका नियन्ता हुन ।

"एको हि रुद्रो न द्वितीयाय तस्थुः ॥"

किनभने परमात्मा एक छन, यसैले परमार्थ वेत्ता दर्शी ब्रहमवेत्ता मानिसहरु अन्य कुनै वस्तुको अपेक्षा गर्दैनन् । मूलमा नै त्यही एक मात्र सत्तारुपमा विद्यमान छ । यो नामरुप विशिष्ट जगत् इन्द्रजाल समान माया कल्पित छन् ।

ब्रहम स्वयं अविकारी भएर पनि उसको माया शक्ति नै जगत प्रपंचाकारमा परिणत हुन्छन । चैतन्यरुपमा ब्रहम सृष्टिस्थिति को कारण रुपले उल्लिखित हुन्छ । परन्तु क्रियाको परावस्थारुप ब्रहमभावमा जीव रहँदैन

अनि न जगत रहन्छ। मायाको आश्रय गरेपछि ब्रहमको ईशनभाव हुन्छ अर्थात तब ईश्वर भनिन्छ। माया देखि अविद्या उत्पन्न भएपछि त्यो चैतन्य नै सन्सार भएर बन्धनयुक्त हुन्छन। जसलाई परावस्था प्राप्त हुँदैन, त्यो शरीरमा आवद्ध भै जीवरुपमा जन्म मृत्युको अधीन भएर दुःख एवं शोकग्रस्त हुन्छ। जीवभाव दृष्टिले विचार गरी हेर्दामा यो वाहय प्रपंच विलकुल मिथ्या जानिइदैन। पुनः क्रियाको परावस्थामा जीवभाव मेटिए पछि यस प्रपंचको कुनै पत्तो लाग्दैन। यसैले योगीजन शिवशक्तिलाई एकत्र सम्मिलन गरी यस माया बन्धन देखि उत्तीर्ण हुन्छन। जड चेतनको मिलन स्थान यो विश्व एवं जीव हो। जडत्व तिर दृष्टि रहे पछि जीवले आफु आफैलाई बद्ध भएको थाहा पाउँदछ र दृष्टि चैतन्यमुखी भएपछि बन्धन मुक्त हुन थाल्छन।

"संयुक्तमेतत् क्षरमक्षरंच,
व्यक्ताव्यक्त भरते विश्वमीशः ;
अनीशश्चात्मा बध्यते भोक्तृभावात्,
ज्ञात्वा देवं मुच्यते सर्वपाशैः॥"श्वेता० उप०।

परमेश्वर नै यस क्षर एवं अक्षर, व्यक्त एवं अव्यक्तमय विश्वलाई पोषण या धारण गर्दछन। मायाधीन जीव भोक्तृभावको कारण आवद्ध हुन्छन। जीव र ईश्वरमा भेद उपाधिकृत छ। उपासना द्वारा योग्यता प्राप्त भएपछि निरुपाधिक परमेश्वरको विषयमा ज्ञान हुन्छ। तब ज्ञानप्राप्ति पछि जीवभाव तिरोहित भएर विमुक्ति प्राप्त हुन्छ ॥१५॥

(आत्मा 'अकर्त्ता' 'केवल' छ)

तत्रैबं सति कर्तारमात्मानं केवलं तु यः ;
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मीत ॥१६॥

श्री धरीय टीका- [त्यसले के हुन्छ, यसको उत्तरमा भन्नु हुन्छ] - सब कर्महरुको यी पाँच हेतु भएर पनि जुन मूढहरुले शास्त्र एवं आचार्यको उपदेश त्याग गर्नुको कारण निरुपाधि असंग आत्मालाई कर्त्ताको रुपमा देख्दछन, उनको बुद्धि परिमार्जित नहुनुको कारण त्यो सम्यक दर्शनमा समर्थ हुँदैन ॥१६॥

आध्यात्मिक व्याख्या- "यी सब कर्महरुको कर्त्ता आत्मा हो, उसलाई नै किया द्वारा देख्दछन्, समाउँछन कियाको परावस्थामा जुन मानिसले आत्माको किया गर्दैनन् त्यसले देख्न पाउँदैन यसैकारण आत्मा देखि पर अन्य दिशामा आसक्तिपूर्वक मन जान्छ।"-

- आत्मालाई कर्त्ताको रुपमा हेर्नु हाम्रो दुर्मति हो। आत्मा कर्त्ता होइन कर्मादिको सम्पादन उपयुर्क्त पाँच हेतुहरु द्वारा नै हुन्छन, यी कुराहरु प्राचीन भाष्यकार तथा टीकाकारहरुले भनेकाछन्। परन्तु लाहिडी महाशयले एक नया कुरा भन्नु भएको छ। पूर्व श्लोकहरुमा कथित पाँच हेतुहरुलाई कर्मको कर्त्ता सकार

गरेपछि पनि के एसैले आत्माको प्रकृत कर्त्तृत्त्व विलुप्त भयो ? आत्मा विना यी पांचैहरुमा कर्म गर्नुको क्षमता काहाँ छ ? अतयव आत्माले कुनै कर्म गरुन या नगरुन, प्रकृत कर्त्ता त आत्मा नै हो । आत्मा कर्त्ता भएर पनि अकर्त्ता छ- यस कुरालाई जसले क्रिया गर्दैन त्यसले जान्न सक्तैन । यसैले जो दुर्मति छन्, तिनीहरु असंग आत्मालाई कर्त्ता मान्दछन । तिनीहरु भन्दछन आत्माले नै मानो आसक्तिपूर्वक सबचीज गरिरहेको छ । आत्माको आसक्ति नहुनुको कारण कुनै कर्ममा उसको अभिमान हुँदैन यो बुझ्न नसक्नु नै दुर्मति हो । अन्यथा आत्मा नै त सबचीज हो, अतयव त्यो सब कर्महरुको कर्त्ता हो यस्तो बुझ्नुमा कुनै दोष लाग्दैन । आत्मा कै शक्तिले यी पाँच हेतुहरु काम गर्दछन, परन्तु आत्मा नि:संग एवं मुक्त छ, त्यसलाई कर्मले स्पर्श गर्न सक्तैन । जुन मानिसहरु मन एवं बुद्धिको कर्त्तृत्त्वभावलाई आत्मामा आरोप गर्दछन, त्यसले यो बुझन पाउँदैन आत्माको अकर्त्तृत्त्व भाव कस्तो छ । त्यसले कर्म गर्दैमा पनि कर्म गर्दैन, चलिरहेर पनि चल्दैन, बोल्दैमा पनि बोल्दैन । कठोपनिषद भन्दछन् -

"आसीनो दूरं ब्रजति शयानो याति सर्वत: ;
कस्तं मदामदं देवं मदन्यो ज्ञातुमर्हीति ॥"-

आत्मा स्थिर भएर पनि गमन गर्दछ, निश्चेष्टवत् भएर पनि सर्वत्र गमन गर्दछ, हर्षयुक्त र हर्षहीन छ, यस किसिमको स्वप्रकाश आत्मदेवलाई मेरो बिना अरु कस्ले जान्न सक्तछ अर्थात आत्माको ज्ञाता आत्मा या आत्मज्ञ पुरुष छन । यो आत्मा देखिन जान्छ । प्रमाण - "यं पश्यति यतय: क्षीण: दोषा" । क्षीण दोष भएपछि अर्थात मनको चचंचाल्य मेटिएपछि अथवा मनको विषय ग्रहणको प्रवृत्ति रोकिए पछि नै योगी साधकले त्यस आत्मालाई देख्न पाउँदछन । क्रियाको परावस्थामा जब सब एक हुन जान्छ तब आत्मा ज्ञात हुन सक्तछ, तबै त्यसको साथ एक हुन जान सक्तछन् । परन्तु जो "अकृतवुद्धि" छ, अर्थात जस्ले क्रिया गरेर स्थिर हुन सक्तैन, त्यसलाई प्रकृत बुद्धि हुँदैन । क्रियाको परावस्था बिना स्थिर बुद्धि हुनुको कुनै उपाय छैन । जसलाई बुद्धिको स्थिरता प्राप्त हुँदैन तिनीहरु अकृतबुद्धि छन, अतयव तिनीहरुले आत्मालाई देख्न पाउँदैनन् । उनको समझमा यो पनि आउँदैन - आत्मा सब विषयहरुको कर्त्ता भएर पनि निर्लिप्त कसरी छ । क्रिया गरी जबसम्म क्रियाको परावस्था प्राप्त हुँदैन, बुद्धिको थिरभाव हुँदैन, तबसम्म उनलाई आत्मदर्शन हुँदैन ।

जब आत्मा सिवाय अरु कुनै वस्तु छैन तब अनात्मा नामको कुनै वस्तु रहन सक्तैन । आत्म दृष्टिको अभावको कारणले नै जड पदार्थको उपलब्धि हुन्छ । चक्षु निरामय नरहँदा खेरि जसरी एक रंग अर्कै रंग जानिइन्छन उसरी नै मनको विकृत अवस्थामा जड अजडको भेद जानिइन्छन । आत्मा सिवाय अरु केही नरहनुको कारणले आत्मा असंग छ, क्रियाको परावस्थामा जब केही पनि रहँदैन, तबै आत्मा असंगरुपमा उपलब्ध हुन्छ । प्रकृत पक्षमा यदि अरु केही रहन्थ्यो त आत्मा असंग हुन सक्तैनथ्यो । अविद्याको प्रभावले एक आत्मा जगदादि नाना रुपहरुमा देखिन जान्छन । वस्तुत: जगत् नामको कुनै सत्य वस्तु छैन नाना वस्तुहरुको दर्शन कालमा पनि त्यो आत्मा असंख्य भावहरुमा बुद्धिगोचर हुन्छन । बुद्धि स्थिर नहुनुको

कारण मरीचिकामा जल हुनुको भ्रम हुन्छ । जसले साधना गर्दैन उनको बुद्धि स्थिरभावलाई प्राप्त हुँदैन । ब्रहम एक र अद्वितीय छ, यो मुखले भनेर भ्रम नष्ट हुँदैन, अनेक एक हुन जाँदैन । एकमात्र कियाको परावस्थामा जब बुद्धि स्थिर हुन जान्छ, तब त नानात्वको कुनै अस्तित्व समझमा आउँदैन । यसको नाम नै हो सम्यक् दर्शन । जबसम्म मन चचंचल छ, वाह्य दृष्टि सम्पन्न छ, तबसम्म अविद्याको नृत्य खतम हुँदैन, सन्सार दर्शन पनि लुप्त हुँदैन । जबसम्म शतः शतः सहस्र भेद वर्त्तमान छन, तबसम्म जीव पनि छ र ब्रहम पनि । जीव जबसम्म जीव छ तबसम्म त्यो अनीश छ अर्थात् कर्त्ता छैन । कर्त्तृत्व त्यस समय माया- शवलीत ईश्वरको हुन्छ । त्यस ईश्वरलाई कर्त्ता नमानिकन जसले आफैलाई कर्त्ता मान्दछ, तेही हो दुर्मति । सन्सार क्रीडा मिथ्या अथवा स्वप्न मात्र भएर पनि जबसम्म छ त्यो ईश्वरमा अध्यासित छ । जसै स्वप्न दर्शन भंग हुन्छ तसै न कर्म रहन्छ अनि न त कर्त्ता रहन्छ, रहन्छ एक परमात्मा । यसलाई नै आत्माको स्वरुपमा अवस्थान अथवा विशुद्ध भाव भन्दछन । आत्मा यद्यपि स्वतः शुद्ध छ, तथापि मायालाई अंगीकार गरेपछि उसको जुन भाव हुन्छ त्यो चित्जडको मिश्रण छ, त्यसैलाई अशुद्ध भाव भन्दछन । मायाधीन जीवमात्रमा यो अशुद्ध भाव रहन्छ । कियाको परावस्थामा जसरी अशुद्ध भाव तिरोहित हुन्छ, त्यसरी नै जीव अकर्त्ता एवं निसंगरुपमा कथित हुन्छ । तब जीवत्व रहन जाँदैन, उसलाई शिवत्वको प्राप्ति हुन्छ । जीवावस्थामा निज महिमा अज्ञात रहन्छ, यसकारण तेसलाई चेतन गरेपछि पनि चैतन्य प्राप्त हुँदैन । त्यस समय न त्यो आफ्नो अधीन हुन्छ अनि न त ईश्वरको अधीन । त्यस समय दुष्ट इन्द्रियहरुको प्रेरणाले खालि भोग विलास सुखको लागि लालायित भएर भोग्य पदार्थतिर नै दौडा दौडी गर्दछ ।

ब्रहम एक छ, त्यहाँ द्वितीय वस्तु छैन, तेसोभए यो जगत् दर्शन हुन्छ कसलाई ? द्वितीय वस्तु आउँछ कहाँ बाट ? यो अन्य कुनै पृथक छैन । एकै सत्ता भित्र यो विचित्र शक्ति रहन्छ जुन यदाकदा प्रकट हुन जान्छ । यही हो ब्रहमको आफ्नो भित्र आफ्नो शक्तिको स्फुरण । यद्यपि शिव एक छ, तथापि उनको निज शक्तिको स्फुरण जब हुन्छ तब मानो एकैको भित्र द्वितीयलाई देख्दछन । यही शिवशक्ति सम्मिलित भाव हो । एकातिर देखि हेर्दा खेरि मानो एस्तो जानिन्छ दुई सत्ताहरु छन । परन्तु राम्रोसँग हेरेमा जानिन्छन परस्पर दुवै एक साथ अभेद भावसँग मिलेका छन । विल्कुलै अभिन्न छन । पश्चात् शक्तिको सातिशय स्फुरण या बहिर्मुखी भाव "एकोऽहं बहु स्याम्" हुन्छन, यही हो ब्रहमको संकल्प या मायाश्रय । यस देखि प्राणशक्तिको स्फुरणा हुन्छ । पुनः प्राण देखि मन इन्द्रिय आदिको सम्प्रसारण भाव हुन्छ - "प्राणे ह्ये षः यः सर्व भूतैर्विभाति, विजानन विद्वान भवते नातिवादी" - (मुण्डक) । जुन 'परमात्मा ब्रहमादि तृण पर्यन्त समस्त पदार्थहरुमा प्रकाशित भैरहेकाछन, त्यही हो हाम्रो अचंचल स्थिर प्राण । ज्ञानी साधकले यसलाई कियाको परावस्थामा जानिकन यो भन्नमा समर्थ हुन्छ - आत्मातिरिक्त अरु कुनै पदार्थ छैन ।

जो एक थियो, उसैले नानाबहुरुप धारण गर्‍यो । यही भागवती माया हो । यही शक्तिको प्रभावले आत्मविस्मृत आत्मा आफुलाई नाना रुपहरुमा देख्दछन, तथा एक अर्कालाई भिन्नरुपमा देख्नुको भ्रम गर्दछ । आत्मदर्शन लोप हुन जान्छ, चैतन्यको क्षीणता अनि जडको प्रसारता प्राप्त हुन्छ । सहस्रार देखि ब्रहम शक्ति अवतरण गर्दै गर्दै प्राणसत्तामा स्पन्दनमान भएर अन्तमा जगदादिरुपमा परिलक्षित हुन्छन ।

अन्तमा मूलाधारमा अवतरण गरेर निद्रित हुन जान्छन । यहाँ नै जीव अज्ञानाच्छन्न हुन जान्छन । आज्ञाचक्र पर्यन्त जुन स्पन्दन हुन्छ, त्यसले माया त्यति आच्छन्न गर्दैन । त्याँहा माया रहन्छ तर मायाधीन भाव रहँदैन । त्यस समय ज्ञानको पूर्णता रहन्छ । याहाँ सम्म ऐश्वरिक सृष्टि छ । कण्ठ, अनाहत, नाभि पर्यन्त वैकारिक भाव छ । नाभि देखि तल मायिक सृष्टि छ, त्यतिखेर विल्कुल नै आत्मविस्मृत भाव छ । तब प्राण स्पन्दित भएर मनलाई अनि इन्द्रियहरुलाई बहिर्मुख परिचालित गर्दछन । यसदेखि अनन्त खेल एवं अनन्त जीव जगतको सम्प्रसार भएर अनन्त अनन्त जगत लीला चल्न थाल्दछन - यही हो संसार लीला ॥१६॥

(कसलाई कर्मलेप हुँदैन ?)

यस्य नाहं कृतो भावो बुद्धिर्यस्य न लिप्यते ;
हत्वापि स इमांल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

श्री धरीय टीका- [सुमति के हो अनि कसलाई कर्मलेप हुँदैन यसै विषयमा भन्नु हुन्छ] - म कर्त्ता हुँ, यस किसिमको भाव जसको छैन अथवा शरीरादि नै कर्महरुको कर्त्ता हुन यस किसिमको आलोचनाको कारण जसमा अहंकृत भाव या कर्त्तृत्त्वाभिनिवेश छैन, अतयव जसको बुद्धि इष्टानिष्ट कर्म समूहमा आसक्त हुँदैन, देहादि देखि व्यतिरिक्त आत्मदर्शन गर्नेवाला पुरुष लोक दृष्टिले समस्त प्राणिहरुको हत्या गरेर पनि शुद्ध भावमा आत्म दृष्टिले कसैलाई पनि मार्दैन र न हत्याको फलसँग आवद्ध नै हुन्छ अर्थात त्यो बन्धनलाई प्राप्त हुँदैन । सत्त्वशुद्धि द्वारा अपरोक्ष ज्ञानको कारण त्यो पुरुष कर्म गरी बद्ध होला,-यो आशंका अनावश्यक छ । यसै कारण भनेको छ - जुन पुरुष फलासक्ति त्याग गरी भगदर्पित चित्तले कर्म गर्दछ, त्यो त्यसै किसिमका पाप पुण्यमय कर्ममा लिप्त हुँदैन । कर्मलेप हुँदैन, एसको कारण यो छ - 'कर्म प्रेरणा' र 'कर्म संग्रह' सबचीज त्रिगुणमय छन । निर्गुण आत्मासँग एसको सम्बन्ध छैन । अतयव आत्मज्ञ पुरुष जो निरहंकार छन, उनको कर्मलेप सम्भव छैन ॥१७॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा रहिकन जब आफु आफैमा रहेर पनि रहँदैन - त्यस आश्चर्य दशामा रहिकन फेरि कुनै विषयमा आसक्तिपूर्वक स्थिर बुद्धि द्वारा लिप्त हुँदैन त्यसले सबै मानिसहरुलाई मारी हालोस त पनि त्यसले मार्दैन र नमार्नुको कारण आवद्ध हुन सक्तैन किनभने, त्यो आफु आफैमा थिएन त्यो ब्रहमको नशामा त्यसरी नै बेखबर रहन्छ जस्तो मदको नशामा मतवाला मानिस ।"-

- आत्माको सम्बन्धमा उपनिषद भन्दछ - "प्रपंचोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते स आत्मा स विज्ञेयः" - (माण्डूकय मन्त्र-७) - । 'प्रपंचोशमं' जगदविकाशको निवृत्ति रुप अर्थात् जाग्रत, स्वप्न, सुषुप्तिको सम्बन्ध देखि शून्य 'शिवं' मंगलमय, 'अद्वैतं' द्वितीयको अभिनिवेशले शून्य, 'चतुर्थं' जाग्रदादि पादत्रय देखि भिन्न, 'सः आत्मा' त्यही आत्मा, 'मन्यते' जसलाई ज्ञात छ, तिनीहरु भन्दछन - 'सः विज्ञेयः'

त्यही ज्ञेय छन, त्यसलाई जान्नु पर्दछ। यही हो असली ज्ञान। यो ज्ञान उनलाई हुन्छ जो कियाको परावस्थामा रहन्छन। त्यस अवस्थामा क्रिया रहँदैन, त्यहाँ कर्त्ता पनि रहँदैन त्यो एक विचित्र अवस्था हो, त्यो निज अनुभव रुप छ। यस अवस्थामा बुद्धि स्थिर भएर आत्माकार हुन जान्छन, अतयव इन्द्रियादिको कर्ममा बुद्धि लिप्त हुँदैन। अहंकार या कर्त्तृत्त्वाभिमान रहेपछि नै कर्मफलमा बुद्धि लिप्त हुन्छ। जसमा अहंभाव छैन, हुँदैन त्यसमा कर्त्तृत्त्वभाव पनि रहँदैन। अतयव त्यस अवस्थामा कर्म गर्नाले कर्मजनित सुख दुःखरुप फलमा आवद्ध हुनु पर्दैन। जसलाई अपरोक्षानुभूति भएको छैन, तिनीहरु यसरी अनासक्त भावसाथ कर्म गर्न सक्तैनन्। मुखले अनासक्ति भाव हाँकिदिनु अथवा तेस्तै किसिमसँग कर्म गर्दै जानु पनि अहंकारको नै नामान्तर हो। योग वासिष्ठमा वसिष्ठ जी भन्नु हुन्छ - " हे राम ! बाहिरै राजा बनेर राज्य शासन गर, परन्तु भित्रै देखि आफुलाई अकर्त्ता सम्भ।" बारंबार कियाको परावस्थामा रहेर जसको गति या बुद्धि शुद्ध भएको छ, उनमा "म कर्त्ता हूम्" यस किसिमको भावना नै आउन सक्तैन। उनको बुद्धि कर्ममा लिप्त हुदैन, अतयव तिनीहरु कर्मजनित फल देखि हृष्ट या सन्तप्त हुँदैनन्। उनको बुद्धि पनि अभिमान रहित हुन जान्छ - यसैलाई भन्दछन निरहंकार भाव। यो बुभ्नु पर्दछ आत्माको अवस्थान्तर कुनै किसिमले पनि हुँदैन। आत्मा अन्य कसैको साथ तद्भावापन्न हुँदैन। यसै कारणले हनन या अहनन कुनै पनि कार्यमा त्यो लिप्त हुँदैन। "म कर्त्ता हूम्" यो जस्तो एक किसिमको मनोभाव हो, त्यस्तै नै "म कर्त्ता होइन" यो अर्के किसिमको मनोभाव हो। अहंकार शून्य आत्मज्ञ पुरुषलाई यी दुबै भावनै हुँदैन। आत्माको शुद्ध स्वरुपमा कुनै अध्यास छैन, यसैले त्यस अवस्थामा यी दुवैमा कुनै भाव रहँदैन। त्यस बेला देहेन्द्रियादिमा अहंभाव नरहनुको कारण देहादिकृत हनन कार्यको तिनीहरु कर्त्ता हुँदैनन्। आत्मस्थ हुनुको कारण बुद्धि पनि बद्ध हुन सक्तैन। तब मनमा प्रश्न उठदछन् - यी सब काण्ड गर्दछ कस्ले, यो इन्द्रजाल देखाउँदछ कसले, कर्म गरेर दण्ड या पुरस्कार पाउँदछ कस्ले, 'सु' या 'कु' कर्म गर्नको लागि भन्दछ नै कसले, अथवा निषेध नै गर्दछ कसले ? इश्वर सबैको बुद्धिस्थ भएर सबैलाई सब कर्म गराइरहेका छन, यसको अर्थ के हो, अनि ईश्वरले नै सबचीज गराउँदछन भने त हामी फल भोग गर्दै मर्दछौं किन ?

कसले भोग गर्दछ अनि कसले भोग गराउँदछ, यसलाई बुभ्नको लागि आवश्यक छ - प्रथमतः हामीले जानौं - म को हूम र मेरो स्वरुप के हो। यो कुरा अत्यन्तै सत्य छ - शुभाशुभ कुनै पनि कर्म हामीले किन नगरौं, यदि हामी भित्र कुनै चेतन वस्तु या आत्मा रहँदैनथ्यो भने त त्यसलाई हामी गर्न नै सक्तैनथ्यौं। चेतनको अधिष्ठान या प्रेरणा बिना अचेतनमा प्रवृत्ति या कार्य हुन सक्तैन। सब प्रवृत्तिहरुको भित्र एक चेतनको प्रेरणा रहन्छ। त्यही चेतन प्रेरक आत्मा या ब्रहम हो। अतयव आत्मालाई अकर्त्ता मानिकन छेउमा लाइदिनाले. काम चल्ने छैन -

"सर्वस्य बुद्धि रुपेण जनस्य हृदि संस्थिते" -

तिमी प्राणीमात्रको हृदयमा बुद्धिरुपले अवस्थित छौ। कालवश जे जुन रुपान्तरित भैरहेकोछ, कालको त्यो शक्ति भगवान बाटै प्राप्त छ। गीतामा यो पनि लेखेको छ -

"ईश्वरः सर्वभूतानाम् हृद्देशेऽर्जुन तिष्ठति;
भ्रामयन्सर्व भूतानि यन्त्रारुढानि मायया ॥"-

हे अर्जुन ! सर्वान्तरयामी ईश्वर स्वकीय मायाशक्तिको प्रभावले शरीररुप यन्त्रमा आरुढ जीवहरुलाई परिभ्रमण गराउँदै उनको हृदयमा अवस्थित रहन्छन अर्थात ईश्वर हृद्देशमा अवस्थान गर्दै शरीर यन्त्रमा आरुढ जीवहरुबाट नाना किसिमका कर्म गराइरहेकाछन । ती कर्महरुलाई गर्नु बिना जीवको निस्तार छैन । यदि यस चरखाको चक्कर देखि बचन चाहन्छौ भने त तिमीलाई ईश्वरको शरणापन्न हुनै पर्नेछ । यदि त्यो प्रसन्न हुन्छन भने त मुक्तिलाभ गरी शान्ति प्राप्त गर्नेछौ । तृतीय अध्यायमा श्री भगवान्ले भन्नु भएको छ - "जीव स्वीय प्रकृति अर्थात पूर्वजन्मको संस्कारहरु अनुरुप कर्म गर्नको लागि बाध्य छ, विवश छ, इन्द्रिय - निग्रह गर्नाले पनि काम चल्ने छैन ।" कारण कुकर्मको कुफललाई जानेर पनि जीव पूर्व संस्कार वश कुकर्म गर्नको लागि वाध्य हुन्छ । अतयव जीव समान यति यति धेरै असहाय को छ । ब्रहमको संकल्प "एकोऽहं बहु स्याम्" नै जीवको हृदयमा कर्मेच्छाको मूल मुहान हो । त्यही एक नाना जीव बनेर आफ्नो संकल्पको फल भोग गरिरहेकाछन, त्यही जीव भएर भोग गरिरहेछन । ईश्वर स्वभाव जीवको कर्मलेप हुन सक्तैन । यसैकारण त्यो त्रिगुणको जाल बनाएर आफसे आफ आवद्ध भएका छन । कस्तो अद्भूत काण्ड छ । उनलाई कर्म गर्नमा जबसम्म राम्रो लाग्दछ, तबसम्म जीवरुपमा तेसले आनन्दसँग कर्म गर्दै जान्छन । परन्तु विस्तारै विस्तारै जब कर्मको विविध फल उत्पन्न भएर जीवलाई विडम्वित र प्रपीडित गर्दछन तब जीवको जागरण हुन्छ, विस्तार विस्तार उसको मोहनिद्रा टुटनुको उपक्रम हुन लाग्दछन । जीव तब गाडा तान्ने गोरु समान श्रान्त - ल्कान्त भएर आफ्नो काँध देखि बन्धनको बोझ हटाउन व्याकुल भै उठदछन, परन्तु इच्छा भएर पनि त त्यसै समय त्यसले आफ्नो काँधको भारीलाई विसाउन सक्तैन, फाल्न सक्तैन, किनभने त्यतिखेर जीव अनीश्वर भावापन्न रहन्छन । मूढतावश अहंकारमा मैमत्तु भएर सोच्दछ - आफ्नो भारी आफसे आफ फाल्न सक्नेछ, परन्तु केही दिनको चेष्टा पछि उसले बुझ्न लाग्दछ एस्तो गर्नु उसको सामर्थ्यको बाहिर छ । अहिले सम्म त्यसले जुन व्यर्थ घमण्ड गरिरहेको थियो, त्यो उसको दुर्मति थियो । बारंबारको विफल प्रयासले उसलाई निजी सामर्थ्य माथि सन्देह उत्पन्न गरिदिएकोछ । बल्ल अब त्यो कसैको शरण लिन चाहन्छ । अब उसले बुझेको छ - यत्तिका दिन आँखामा पट्टी लगाएर उसले आफ्नो कर्त्तृत्त्व अभिमानलाई नै ठूलो सम्झि राखेको थियो । आज उसको विश्वास भंग भएकोछ । अब उसले बुझेकोछ जसले उसलाई लट्टु जस्तै घुमाइरहेकोछ, त्यही उसको मालिक हो । त्यही ईश्वर हो । स्वयं त्यो शक्ति सामर्थ्य रहित अहंकृत बद्ध जीव हो । यसको लागि रोय्याई गर्नु नै सार छ, उसमा केही गर्नुको क्षमता छैन, बलबूता छैन । तब जीव भयले व्याकुल चित्त भएर रोइदिन्छ र भन्दछ - "प्रभु ! यस शरणागत दीन आर्त्तको रक्षा गर ।" तब श्री भगवान् श्री गुरु रुपमा आउनु भै भवसागरमा डुबिरहेको उसको जीवन नौकाको कर्णधार बन्नु हुन्छ । जीब पहिले आफ्नो स्वरुप जान्नमा असमर्थ हुन्छ । उसको देह प्रकृति उसको सर्वस्व हुन्छ । त्यस प्रकृति सँग त्यो तादात्म्य भावले मिलित छ । त्यस प्रकृति देखि उसले आफुलाई पृथक गरी कदापि देख्न पाउँदैन । प्रकृतिको मोह देखि

मुग्ध जीवसारा कर्महरुमा आफ्नो कर्तृत्त्व देख्दछ । यसै कारण उसको बुद्धि सर्वकर्ममा लिप्त हुन जान्छ र उनको सुख दुःख रुप फलभोग गर्नको लागि बाध्य हुन्छ । देहात्मभावमा मग्न जीव अरु कसैलाई पनि देख्न पाउँदैन, अतयव सब कर्महरुको कर्त्ता बनिकन पुनः पुनः यस जगतमा आवागमन गरिरहन्छन । अनि जन्ममृत्युको पाशमा बद्ध भएर रोदन गरिरहन्छन । श्री गुरुदेवले जब उसको ज्ञानचक्षु उन्मिलित गरिदिन्छन, तब जीवले बुझ्दछ यस देहेन्द्रिय प्रकृति रुप देखि त्यो कति भिन्न छ । प्रकृति अश्व हो र त्यो अश्वारोही । प्रकृतिको कर्तृत्त्वलाई मानेर एतिका दिनसम्म जीवले कस्तो गरेको थियो । घोडामा चढेर त्यो कति आनन्दले भ्रमण गर्दथ्यो, परन्तु एस्तो नगरी स्वयं घोडालाई आफ्नो काँधमा बोकी बोकी बाटो विर्सेर श्रान्त ल्कान्त भैरहेको थियो । जब विचार गरेर जीवले आफ्नो अवस्था बुझ्दछ, तब उसको स्वरुप सन्धान सुरु हुन्छ । उसको प्रकृति सत्त्व रजः एवं तमः सँग मिलेको हुन्छ । जीव ईश्वरको अंश भएर पनि गुणहरु देखि आफुलाई कहिल्यै अतिरिक्त या पृथक सम्झन सक्तैन । भगवान्को चैतन्यमयी प्राणमयी शुद्ध शक्ति हृदयमा इशभावले अनुप्राणित भएर वर्तमान रहन्छ । त्यही शक्ति जब नाभि देखि तल मूलाधारादिमा अवतरण गर्दछ, तब जीव भावमा बद्ध भएर स्वयं आफ्नो स्वरुपलाई विर्सन जान्छ । यसैलाई मायाद्वारा व्याप्त हुनु भन्दछन, खालि स्थूलभावमा लक्ष्य रहन्छ त्यस अवस्थामा रहँदा रहँदै जीवले आफुलाई पनि स्थूल मान्न थाल्दछन र विलकुलै आफ्नो स्वरुपलाई भुलेर अनीश्वर भावमा दिन यापन गर्दछन । जुन स्पन्दन पहिले आज्ञाचक्रमा प्रादुर्भूतन भएको थियो, त्यही पुनः स्पन्दित भएर हृदय देशमा अवतरण गर्दछ । त्यस समय पनि उसको सम्यक ज्ञान विलुप्त हुँदैन । परन्तु अन्तःकरण व्यूह द्वारा परिवेष्ठित भएर फलामे हतकडी बेडी लगाएको चोर समान जब त्यो स्पन्दन वेग नाभि देखि तल ओर्लन थाल्छन तब उसको ज्ञानको उज्ज्ल प्रभा क्षीण हुँदै हुँदै विलकुलै विलुप्त हुन गयो, उसको जुन ईश्वरीय शक्ति थियो त्यो सुप्तवत भएर प्रच्छन्न हुन गयो । जीव माया द्वारा घोर निद्रामा परेर जडवत् भयो । यस किसिमसँग जब एक अदभुत ईन्द्रजाल देखि विरचित मायाजालमा आवद्ध भएर जीवभावको खेल आरम्भ गरिदिन्छ, तब त्यो के हो, कहाँ छ, कसको खोजीमा घुमिरहेको छ, को खेल खेलेर दिन बिताउँदै छ - यी सब कुराहरुलाई मानो कसैले उसको चित्तपट देखि मिटाई दिन्छ । मायाभिमूत वद्ध जीव पहिले पहिले राग द्वेष, काम, क्रोधलाई लिएर नै व्यस्त रहन्छ । गुरु कृपाबाट जुन दिन उस्को स्मृति जागि उठदछ, त्यस दिन एक नौलो बाटो प्राप्त गरी मानो त्यो नया देशको निवासी हुन जान्छ । त्यस दिन देखि त्यो आफ्नो चिर अभ्यस्त मार्गलाई छोडेर नया पथको पथिक बन्न जान्छ, विल्कुल उल्टो बाटोलाई समात्दछ । यो उलटो मार्ग नै निवृत्ति मार्ग हो, उसको स्वस्थानमा फर्किने बाटो हो । यस मार्ग देखि जो चल्दछ, उसको सत्त्व शुद्धि हुनु अनिवार्य छ । सत्त्व शुद्धि जति जति नै धेरै हुन्छ, उति उति नै त्यो निज निकेतनको नजिक पुगन जान्छ । आरम्भमा मार्ग अति विघ्न संकुल हुन्छ । त्यस विघ्नकारी मार्गमा हिंडदा हिंडदै उसलाई अप्रत्याशित अनेक विघ्नहरुको सामना गर्नु पर्ने हुन्छ । यति यतिका दिन सम्म स्थूल जगतमा स्थूल विषयहरुलाई आफ्नो मानेर धेरै कष्ट झेलेको छ, अब सूक्ष्म जगतको सूक्ष्म विषय उसलाई रुचिकर लाग्न थालेको छ । ती सब शक्तिहरुलाई आफ्नो सम्झेर त्यसले आफुलाई कृत्य कृत्य सम्झन लाग्यो । तब सत्त्व

किरणहरु देखि उद्भासित भएर शक्तिहरु उसको भित्र प्रकाशित हुन थाल्यो । ती शक्तिहरुलाई मानो आफ्नो अधीन सोचेर जीव अधीर भै उठ्यो । जीवलाई चोट माथि चोट खानु पऱ्यो अनि तेस भित्र फेरि सत्यको उज्यालो छरिन थाल्यो । सत्यको आलोकमा आफ्नो स्थान निर्णय गर्नमा समर्थ भएर साधनामा प्राणपन सँग लाग्दै त्यो आफ्नो अन्तःपुर तिर दगुर्न थाल्यो । एस पटक उसको धेरै दिनहरुको आशा सफल हुनुको संभावना भयो । भगवत कृपाबाट स्थूलको नशा झर्न गयो, त्यसैबेला अध्यात्मराज्यको ढोका खुल्न गयो । साधकको अन्तःकरण तब जति शुद्ध भावले पूर्ण हुन लाग्यो, उति नै पर वैराग्यको उदय हुन थाल्यो । तब भुल हुँदैन । तरै पनि विभीषिका दर्शनको अन्त भएन । यसैले त्यो एता उता कतै जाँदैन, केही चाहन्न, आफु भित्र आफै स्तव्ध रहन्छ - यसैलाई सर्व धर्म सन्यास भन्दछन । यही सर्वधर्म परित्याग गरी हृदयस्थ ईश्वरमा आत्मसमर्पण गर्नु हो । अब सारा कर्माकर्म तथा त्यसको समस्त फलाफल निवृत्त हुन जान्छन । यसैलाई हृदयग्रन्थि भेद या प्रपंचको उपशम भन्दछन । यही नै ईश्वरको साथ जीवको तादात्म्य भावमा मिलन या स्वरुप केन्द्रको साथ निज केन्द्र (अहंकार) को सम्मिलन हुन्छ । जब ईश शक्तिको साथ जीव शक्ति मिलिकन एक एवं अभिन्न हुन जान्छ तब त्यस शुभ मुहूर्त्तमा साधक सहस्रारमा परव्योममा उत्थित भएर आफुलाई हराई दिन्छ । त्यस शिव शक्तिको सम्मिलन क्षेत्रमा जीवले आफ्नो स्वरुपावस्थालाई प्राप्त गर्दछ । त्यो जुन थियो फेरि त्यही बन्न जान्छ । तब सहस्रारमा नील पीत कमल माथि सर्वशुद्धातीत निराकार परमात्माकोसाथ एक भएर सोऽहं ब्रहम या सर्ववेदहरुको लागि अगोचर विदेह भावलाई प्राप्त भएर ब्रहमनिरंजन रुपमा जन्ममृत्युको पारी पुग्न जान्छ । यसै समय मायोपहित चैतन्य ईश्वर पनि मायातीत भएर अन्तर्हित हुन जान्छन । प्रकृतिको परिणाम अहंकार प्रकृतिको तथा परमात्माको साथ एक हुन जान्छन । यही हो अवरुद्ध भाव । यहाँ आत्मा नै आत्मा छ । आत्मा किरण देखि उद्दीप्त शुद्ध सत्त्वभव पनि गुणातीत भावमा पर्यवसित हुन्छ । तब उपास्य र उपासक सम्बन्ध पनि विलुप्त हुन जान्छ ।

"निर्मोह मोह पदवीति न मे विकल्पो,
निःशोक शोक पदवीति न मे विकल्पः ;
मनो न बुद्धि र्न शरीरमिन्द्रियम्,
तन्मात्र भूतानि न भूत पंचकम् ॥
अहंवृतिश्चापि वियत्स्वरुपकं,
तमीशमात्मा नमुपैति शाश्वतम्;
न त्वं न मे न महतो न गुरुर्न शिष्य ॥
सच्छन्दरुप-सहजं परमार्थ तत्वं ;
ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥"

- अवधूत गीता

मन, बुद्धि, शरीर इन्द्रिय, पंचतन्मात्र या पंच महाभूत संग आत्माको कुनैसरोकार छैन । त्यहाँ न 'तिमी; न 'म' छ । त्यो महत् रुपमा पनि छैन । त्यहाँ न गुरु छन, न शिष्य । त्यो परमार्थतत्त्व सहज र स्वच्छन्द छ अर्थात् कुनै चेष्टाले जानिइदैंन । त्यो ज्ञानामृत हो र समरसपूर्ण आत्मा हो । त्यसको तुलना एकमात्र गगनसँग हुन्छ । म त्यही गगन सदृश हूम् ।

जीव जब आफ्नो निकेतन तिर यात्रा गर्दछ, त्यसैबेला देखि उसको भाव शुद्ध हुन थाल्छन । क्रमशः जति अग्रसर हुन्छ, त्यति नै शुद्ध एवं शुद्धतर हुँदै जान्छन । यसरी विशुद्धताको उच्च स्तरमा प्रतिष्ठित भएपछि त्यस विशुद्ध सत्त्वको भित्र देखि सर्वान्तरयामी ईश्वरको पत्ता लाग्दछ । तब साधकले बुझ्न पाउँदछ जगतमा जे जो भैरहेकोछ उसैको इच्छाले भैरहेको छ । ईश्वरको आश्रय पाएर जीवको जडत्व बन्धन छुटन जान्छ । काम क्रोध राग द्वेषादि पशुभाव त्यस समय विगलित हुन जान्छन । साधना द्वारा यो जुन किसिमले संभव हुन्छ त्यही यहाँ क्रमपूर्वक लेखिएको छ । क्रिया द्वारा क्रियाको परावस्था प्राप्त हुन्छ । त्यस अवस्थामा रहनु नै सन्ध्या हो । सम+ध्या=सन्ध्या अर्थात सम्यकरुपले धारणा । प्राणको निरोधले नै यो धारणा हुन्छ - "सुखं यदवायु धारणम्" । यही स्थिति या अवरुध्द रुप अथवा क्रियाको परावस्था हो । अभ्यास गर्दा गर्दै सहज नै यस अवरुध्द भावमा स्थित हुन सक्दछन । यही प्रकृत सन्ध्या हो, यसमा केही पनि काय क्लेश छैन । ब्रहमभाव देखि भावित चित्त यसरी सब भूतहरुसंग मिलेर एक हुन जान्छन । साधन गर्दा गर्दै जब सुषुम्ना भित्र साधकको प्राण गतिशील हुन्छ, तब त्यस साधकलाई 'एकदण्डी' भन्दछन् । त्यतिखेर प्राण इडा पिंगलालाई छोडेर सुषुम्नामा रहन्छ - सुषुम्नामा रहँदा रहँदै सुषुम्नाको अतीत अवस्था प्राप्त हुने वित्तिकै "सर्वं खल्विदं ब्रहम" साधकको अनुभवको विषय बन्न जान्छ । सागरमा हिल्लोल समान अव्यक्त ब्रहमसिन्धु आत्मा देखि प्राण उत्पन्न हुन्छ - "अव्यक्तात जायते प्राणः" जस्तो पुरुषको छाया हुन्छ, प्राणको छाया हे मन । मनबाट इन्द्रिय र शरीर प्रकाशित हुन्छन । यस किसिमसँग आत्मा स्थूलबाट स्थूलतम पिण्डमा परिणत हुन्छ । अनि जब स्थूल देखि सूक्ष्ममा जानु हुन्छ, तब उल्टो मार्ग समात्नु पर्ने हुन्छ । यसरी उल्टो मार्गमा हिंडदा हिंडदा 'म' को संकीर्ण बोध दूर भएर 'म' को व्यापक भावको बोध हुन थाल्दछ । तब स्थूल जाग्रत आदि भाव पनि रहँदैन । स्थूल बोध रहित भएपछि सूक्ष्म स्वप्नबोध पनिरहँदैंन् । त्यसपछि सुषुप्तावस्थामा ज्ञानको सब पार्थक्य मेटिन जान्छन्, समस्त पृथक ज्ञान एकीभूत हुन जान्छ, तब प्रकाशको नानात्व भाव पनि रहँदैन । "यत्र सुप्तो न कंचन काम कामयते, न कंचन स्वप्नं पश्यति, यत-सुषुप्तम् । सुषुप्तस्थान एकीभूतः प्रज्ञानघन एवानन्दमयो ह्यानन्दभुक् चेतोमुखः प्राज्ञस्तृतीयः पादः" अर्थात क्रियाको परावस्थामा जुन सुषुप्ति हुन्छ तेस्मा स्वप्न दर्शन हुँदैन, मन त्यहाँ एकाग्र भएर निरोधाभिमुखी हुन जान्छ, अतयव संकल्पको तरंग नउठ्नुको कारण मन पनि हुँदैन । सुषुप्ति स्थानमा रहँदा रहँदा स्वयं ब्रहम स्वरुप हुन जान्छ, सारा दृश्य प्रपंच तिरोहित हुन जान्छन र एक मात्र ब्रहम अवशिष्ट रहन्छ । यसै अवस्थालाई लक्ष्य गरी माण्डूक्योपनिषदले भनेकोछ - "एष सर्वेश्वर एष सर्वज्ञ एषोऽन्तर्याम्येष योनिः सर्वस्य प्रभवाप्ययौ हि भूतानाम्" ।- *यही सर्वेश्वर अथवा सर्व जगतको ईश्वर या शासनकर्त्ता हो, यही सर्वज्ञ हो, यही अन्तर्यामी हो, यही सबको योनि अर्थात उत्पत्ति स्थान हो, यही चराचर जगतको उत्पत्ति एवं प्रलयको कारण हो ।*

क्रिया द्वारा जब यो प्रज्ञानघन अवस्था प्राप्त हुन्छ, त्यस अवस्थामा साधकले सबचीज जान्न सक्दछ। क्रिया द्वारा क्रियाको फल स्वरुप पहिले स्थैर्य आएर उपस्थित हुन्छ, धेरै बेर सम्म रहने घण्ट ध्वनि सुनिइन्छन। त्यो घण्ट ध्वनि अधिक कालसम्म स्थायी भएपछि स्थैर्य भावको बढोत्तरी हुन्छ। त्यस परमानन्दको भोग गर्दा गर्दै साधक आनन्दमय हुन जान्छ। यहाँ नै साधक ब्रहमको तृतीय पादसँग परिचित भएर बुझ्न पाउँछ - 'प्रज्ञानं ब्रहम' भन्ने वस्तु के हो। यस अवस्थालाई प्राप्त साधक प्राज्ञ कहलाउँछ। पश्चात हृदय ग्रन्थि भेदन गरेपछि 'सर्वं ब्रहममयं जगत्' भाव बोध हुन्छ। त्यहां मन र इन्द्रियहरुको वृत्ति ब्रहमलीन हुन जान्छन। प्राणायामादि साधन द्वारा यो निरोध शक्ति बढोत्तरी हुन्छन। प्राण निरोध भएपछि मन आफसे आफ निरुध्द हुन जान्छ। मन प्राणकै छाया हो। बाम नाडी इडा र दक्षिण नाडी पिंगला नै चन्द्र सूर्य नामले अभिहित हुन्छन। प्राण चेष्टा जब यी दुबै मार्गलाई त्याग गर्दछ, तबै साम्यावस्था प्राप्त हुन्छ। तब यो बुझ्नु पर्दछ सुषुम्नामा स्थिति हुन गएको छ। चित्त पनि तब एता उता दौडिदैन। प्राण जब सुषुम्नामा प्रवेश गरी स्थिर हुन्छ तब रागद्वेषादि पशुत्व धर्म रहँदैन। अगाडि यस अध्यायमा श्री भगवान् सर्व धर्मत्यागको उपदेश दिनु हुन्छन, किनभने साधकलाई इडा पिंगला सुषुम्नाको पर जानु पर्नेछ। यस अवस्थालाई नै "अमावस्या" भन्दछन। अमावस्यामा नै जगन्माता महाकालीको पूजा प्रशस्त छ। जब सूर्यसंग चन्द्र एक राशीमा एकत्र वास गर्दछ, तबै अमावस्या हुन्छ। - *"अमा सह वसतः चन्द्रार्कौ अत्र"। सूर्य प्राण हो तथा चन्द्र मन हो। यी दुबै नाडीहरुमा जब प्राण प्रवाहित हुन्छ, तबै जीवभाव या बद्धभाव हुन्छ।* चन्द्र मन र सूर्य प्राण - यी दुबै जबसम्म पृथक रहन्छन, तबसम्म देहात्मबोध नष्ट हुँदैन। जब चन्द्र नाडीस्थ शक्ति (इडा) सूर्य नाडीस्थ शक्ति -पिंगलां सँग मिल्न जान्छन, अर्थात मन एवं प्राण एक हुन जान्छन, तब सृष्टि किया निरुध्द हुन जान्छ यसैको नाम हो प्रलय। यो शिवशक्ति सम्मिलित अवस्था नै अमावस्याको काली पूजा या साधकको चिदाकाशमा एस्तो स्थिति भएपछि त्यो स्वयं आनन्दरुप भएर परमानन्द समरस सिन्धुमा निमज्जित हुन्छ। यही हो परमगुरुको निजशक्ति साथ संयुक्त हुनु। यही हो पंचमकारको मैथुन तत्त्व। यस मिथुनभावले नै परम शिवको साम्यरस देखि उद्भूत अमृत द्वारा जीवशक्ति परिल्पुता भएर शक्ति शिवसँग एक हुन जान्छन। तब फेरि सृष्टि क्रिया रहँदैन। यही हो राधा कृष्णको युगल मिलन। यस मिलन रसको अनुभव गर्नको लागि वैष्णवजन श्री राधिकाको अनुगामी भएर साधना गर्दछन। सारा इन्द्रियशक्तिहरु अन्तर्मुखी भएर जब अलक्ष्य देशमा गमन गर्दछन, तबै गोपांगनारुपी इन्द्रियहरु कृष्णभिसारमा प्रवृत्त हुन्छन। यस अभिसारको पूर्णतामा नै जीवनको वास्तविक परिसमाप्ति हुन्छ। यही हो असीमको साथ ससीमको मिलन ॥१७॥

(कर्मको प्रवर्तक र क्रियाको आश्रय)

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्म चोदना;
करणं कर्म कर्त्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

श्री धरीय टीका- [कर्ममा जसको कर्त्तृत्त्वाभिमान छैन, तथा जसको बुद्धि कर्ममा लिप्त हुँदैन त्यसलाई बन्धन हुँदैन। त्यसले कसैलाई बिनष्ट गरेर पनि विनष्ट गर्दैन -बन्धनलाई पनि प्राप्त हुँदैन। यस पूर्वोक्त

विषयको प्रमाण दिनु भैरहेकाछन् - कर्माश्रय एवं कर्म फलादिको त्रिगुणात्मकताको कारण निर्गुण आत्मासंग यसको कुनै सम्बन्ध छैन यही अभिप्रायले यो बताउनु भैरहेकाछन कर्म प्रवृत्ति र कर्माश्रय के हून] -(१) ज्ञान - 'यो इष्ट साधक हो' यस किसिमको बोध । (२) ज्ञेय - इष्ट साधन कर्म नै ज्ञेय हो । (३) परिज्ञात ज्ञानको जुन आश्रय छ, त्यही परिज्ञाता हो । यी तीन नै कर्म प्रवृत्तिका हेतु हुन ।

यसले यो अर्थ हुन्छ - उपर्युक्त लक्षणहरुले युक्त त्रिगुणात्मक ज्ञानादि त्रयको अवलम्बन गरी कर्म विधि प्रवर्त्तित हुन्छन । द्वितीय अध्यायमा पनि भनिएको छ -'त्रिगुणान्वित सकाम पुरुषहरुको लागि बेदले कर्मफलको प्रतिपादन गरेकोछ' इत्यादि । 'करण'- क्रिया-साधक । 'कर्म'-कर्त्ताको ईप्सिततम अर्थात अतिशय अभिलषित । कर्त्ता-क्रिया निर्वर्त्तक या सम्पादक । 'कर्म-संग्रह'- क्रिया सम्यक रुपले यसमा संग्रहित हुन्छन, अतयव करणादि त्रिविध कारक नै क्रियाश्रय हुन् । सम्प्रदानादि तीन कारक साक्षातरुपले क्रिया निर्वर्त्तक छैन, खालि परम्परारुपले क्रिया प्रवर्त्तकमात्र छ । यसैले करणादि त्रयलाई नै क्रियाश्रय भन्दछन् ॥१८॥

आध्यात्मिक व्याख्या- "(१) जान्नु (२) जान्नुको वस्तु ब्रहम (३) अनि जसले जान्नेछ, यो आत्मा यी नै कर्म कथित भएकोछ अर्थात क्रिया गरी कूटस्थ ब्रहमको ज्ञान आफुनै हुनु अर्थात क्रियाको परावस्था नै भयो कर्म । करण माने क्रिया गर्नु, कर्म क्रिया गरेर कूटस्थ ब्रहममा जानु, यस आत्मालाई जसले कर्त्तारुपमा मान्दछन ।" -

- क्रियाको परावस्थामा 'म' छैन 'तिमी' छैन, अतयव 'कर्त्ता' पनि छैन । परन्तु व्यावहारिक अवस्थामा कर्म छ, अतयव उसको कर्त्ता पनि छ । त्यो कर्त्ता आत्मा नै हो । आत्मा भएन भने केही पनि हुँदैन । आत्मा कर्त्ता भएर पनि कर्मको लेप उसमा लाग्दैन । अतयव मान्नु पर्दछ कर्मको साथ आत्माको सम्पर्क छैन । तब त कर्मको प्रवर्त्तक कस्लाई मानिलिने ? अतयव ज्ञान- (जसद्वारा विषय अभिप्रकाशित हुन्छन) ज्ञेय (जे जो ज्ञातव्य छ) परिज्ञाता (बुद्धिरुप उपाधि द्वारा विशेषित अविद्याकल्पित भोक्ता) यी तीनै सामान्य भावले कर्महरुका प्रर्वत्तक हुन । ज्ञान, ज्ञेय एवं परिज्ञाता यी तीनको संयोगले कर्म आरम्भ हुन्छ । यी नै कर्मको प्रवर्त्तक हुन तथा कर्त्ता, कर्म र करण यी नै क्रियाको आश्रय हुन ।

मानिलिउँ, म योग तत्त्व जान्न चाहन्छु र योगाभ्यास गर्न चाहन्छु । यस्तो अवस्थामा मलाई प्रथमतः यो जान्नु पर्दछ - योग विषय के हो, योग कति किसिमका छन अनि कुन पद्धति मेरो निम्ति अवलम्बनीय छ । यस सम्बन्धमा साधुजन र शास्त्रले के भन्छन यसको पनि धारण हुनु पर्दछ, नत्र भने त योगको नाममा अन्य केही अभ्यास हुन लाग्नेछ । योग सम्बन्धी आवश्यकतालाई बुझ्नु नै ज्ञान हो, योगमार्गको योगक्रिया ज्ञेय वस्तु हो । उनको साधना कुन किसिमको छ, यो मलाई ज्ञात छैन । यसलाई गुरुको समीपमा गएर सिक्नु पर्नेछ । अतयव साधन मार्ग एवं क्रियाको फल आदि 'ज्ञेय' वस्तु भयो । यसलाई जान्नु बिना क्रियामा उत्साह् आउने छैन । ज्ञेय वस्तुको सम्बन्धमा जस्लाई ज्ञान छ, त्यही त्यसको परिज्ञाता हो । क्रियाको परिज्ञाता बिना क्रियाको उपदेश कस्ले देला । जब मैले उपदेश प्राप्त गरे त म

पनि क्रियाको ज्ञाता भएं। यो ज्ञान, ज्ञेय एव ज्ञाता नै कर्मको प्रेरक हुन। यसबाटै क्रिया गर्नको लागि प्रेरणा मिल्दछ। यस पछि कर्त्ता, कर्म र करण यी कर्मसंग्रह या क्रियाको आश्रय हुन। यी तीन वस्तुहरु देखि नै सब कर्म एकत्रित हुन्छन, एसैले ती तीनहरुलाई कर्म संग्रह या क्रियाको आश्रय भन्दछन। जसद्वारा क्रिया हुनेछ, त्यस सम्बन्धमा पनि ज्ञान हुनु आवश्यक छ। हाम्रो बुद्धि यति तमसाच्छन्न छ गुरुले त कृपा गरेर क्रिया दिनु भयो, अब क्रिया गराइदिनु पनि उन्लाई नै पर्नेछ। हामी यति अल्छी छौं एवं अनित्य वस्तुमा यति मुग्ध छौ हामीलाई शिशुलाई जस्तै कान निमोठेर पाठमा बसाउनु पर्नेछ अनि पाठ कंठस्थ गराइ दिनु पर्नेछ। यसको कारण अरु केही छैन, हामी क्रिया गर्नुको आवश्यकतालाई हृदयंगम गर्न पाउँदैनौ। आफ्नो शरीर या पुत्रलाई रोगले समात्यो भने त हामी औषधोपचार गर्ने गर्दछौं, डाक्टर बैद्यलाई बोलाउने छौं, परन्तु यस भवव्याधिको प्रतिकारको लागि औषध निर्वाचन, औषधिको प्रयोग सबचीज गुरुले नै गर्नेछन। हो गुरुमा त्यस्तो श्रद्धा बुद्धि भए त ! यो सब अज्ञान र मोह त हुन। यो पूर्ण तामसिकताको फल हो। ज्ञान-ज्ञेय-परिज्ञाता द्वारा क्रियाको प्रयोजनशीलतालाई बुझि लियौं, क्रियाको फल कस्तो हुन्छ यो पनि बुझ्यौं अनि जसलाई क्रिया गर्नुछ त्यो परिज्ञाता मैं हूम यो पनि बुझिलियौं। यी तीन्टैले साधनकर्ममा मलाई लगाउनेछ। साधनाको प्रयोजनशीलता जब ठीक भयो, तब साधन कस कस माथि निर्भर गरी सम्पन्न होला, यसको सम्बन्धमा पनि ज्ञान हुनु आवश्यक छ। (१) करण - जसद्वारा क्रिया साधित हुन्छ, ती हुन ज्ञानेन्द्रिय, कर्मेन्द्रिय एवं प्राण। यिनकै सहायताले क्रिया निष्पन्न हुनेछ। (२) कर्त्ताको अभिलषित प्राणायामादि योग क्रियाहरु कर्म हुन अनि (३) जसले क्रिया गर्नेछ - अन्तः करणमा अहं अभिमानी जीव त्यही कर्त्ता हो। यी तीनहरु माथि क्रिया निर्भर रहन्छ। यसैले यी तीन क्रियाको आश्रय हुन। क्रियाको प्रयोजनशीलताको ज्ञान अनि क्रिया कसरी गर्नु पर्दछ, यस सम्बन्धमा ज्ञान नभए पछि जसरी क्रिया हुँदैन, त्यसरी नै क्रियाको आश्रय नरहेमा या आश्रयहरु दोषयुक्त भएमा क्रिया साधन हुनुको संभावना छैन। क्रियाको ज्ञाता र क्रिया गर्नेवाला कर्ता दुबै एकै व्यष्टि हुन। यही हो 'अहं' को साथ तादात्म्ययुक्त अन्तःकरण, मनोबुद्धि या अहं अभिमानी जीव संक्षेपमा फेरि भन्दछु - (१) जसलाई जान्नु छ त्यस सम्बन्धमा ज्ञान या धारणा, त्यसलाई जान्नुको आवश्यकीय उपलब्धि, (२) जुन जान्नुको वस्तु छ त्यो हो स्थिर प्राण या ब्रहम एवं (३) जसले जान्नेछ त्यो हो चंचल आत्मा, विषयविमूढ आत्मा या जीव। यही प्रकृत 'अहं' या 'म' संग तादात्म्ययुक्त छ। यस किसिमसँग क्रियाको आश्रय तीन छन (१) जसले क्रिया गर्नेछ, (२) जुन सब इन्द्रिय मनः प्राणादि यन्त्रहरु द्वारा क्रिया गर्नु पर्नेछ, (३) क्रिया - जसद्वारा कूटस्थ ब्रहममा पुगिन जान्छ। असली कर्त्ता यही कूटस्थ ब्रहम हो यो कूटस्थ बिना केही हुँदैन। त्यसको साक्षात् योग रहन नगए पनि असली कर्त्ता त्यही हो।

आत्मालाई नै ज्ञेय भनिएकोछ। आत्मा नै जान्नुको वस्तु हो, त्यो नित्य सर्वव्यापक चैतन्य स्वरुप छ। चचंचलताको कारण ले आफु आफैमा नरहनुको कारण अचैतन्य जीवभाव छ, यसै कारण हामी के हौं, यो जान्दैनौं। अतयव निजबोध हुँदैन। अर्कोतिर मन दिनाले आत्मा अचैतन्य हुन्छ। क्रियाको परावस्थामा रहनु नै चैतन्य हो। त्यसैलाई परमात्मा भन्दछन्। क्रिया गर्दा गर्दा योनि मुद्रामा मणिको अणु समान

ब्रहम अणु कूटस्थ भित्र प्रकाशित हुन्छ । यस अणुको परिमाण दृष्ट हुनुको कारण त्यो ब्रहम कस्तो होला, यसमा सन्देह हुन्छ । परिमाण भएपछि आकार भयो, परन्तु ब्रहम निराकार छ । जबसम्म सब छ, तबसम्म सबको भित्र उसको प्रवेश पनि छ । यस अणुस्वरुपमा ब्रहम सर्वव्यापक छ, सर्वत्र र सबको भित्र छन । योगशिखोपनिषदमा लेखिएको छ -

"द्वितीयं सुषुम्नाद्वारं परिशुद्धम् विसर्पितम्;
कपालसंपुटं भित्वा न तु पश्यन्ति तत्परम् ॥"

मेरुदण्ड भित्र सुषुम्नाको अतिसूक्ष्म द्वारमा विस्ताररुपले गमन भएपछि मन परिशुद्ध अर्थात तृप्त हुन्छ । त्यस समय कपालमा दण्डवत भार जानिइन्छ । त्यसपछि वायु द्वारा भेदन भएपछि फेरि केही देखिदैन, किनभने त्यतिखेर सारा इन्द्रियहरु र मन आत्मा सँग मिलेर ब्रहममा लीन हुन जान्छन् अनि "सर्वं ब्रहममयं जगत्" हुन जान्छ । अर्थात् जान्नुको जुन वस्तु हो त्यही हुन जान्छ । तब फेरि स्वयं रहँदैन, अतयव ब्रहमपद प्राप्त हुन्छ । तब ब्रहम सिवाय अरु केही पनि रहँदैन । योगशिखोपनिषदमा लेखेकोछ -

"आदित्य मण्डलं दिव्यं रश्मिजाल समाकुलम् ;
तस्य मध्यगतो वन्हिः प्रकाले दीपवर्त्तिवत् ॥"-

कूटस्थको भित्र सुन्दर ज्योतिविशिष्ट आकाशको मण्डल छ । त्यस आकाशमण्डलमा चारैतिर विजुली बत्ती समान प्रकाश बलिरहेको छ । त्यस भित्र नै त्रिलोक छन् । त्यो समस्त त्रिलोक ब्रहममय छ तथा त्रिलोक स्थित चराचर एवं जति कर्मछन सबै ब्रहम हुन ।

योनिमुद्रामा श्वेतद्विप निवासी परव्योमस्वरुप ब्रहममा अग्निशिखा देख्नमा जुन समय लाग्दछ, परमेश्वर पुरुषोत्तमलाई देख्नमा पनि त्यही समय लाग्दछ । योगीजन यसरी सूर्य कूटस्थ ब्रहमलाई भेदन गर्दै योगाभ्यासको धारणा द्वारा पुरुषोत्तमको ज्ञान प्राप्त गर्दछन । *"योऽसावसौ पुरुषः सोऽहमस्मि"* - यो आदित्यान्तर्गत पुरुष नै म हूम् । जब म नै त्यो एक पुरुष ब्रहमाण्ड व्यापक ब्रहमस्वरुप हुन्छु, तबै "सर्वं ब्रहममयं" हुन्छ । समस्त ब्रहमस्वरुप भएपछि फेरि आफु आफै पनि रहँदैन ।

"क्रिया गर्दै गर्दै क्रियाको परावस्थामा रहनु प्रथम क्रिया हो । यसरी रहँदै रहँदै सर्वदा ध्यान गरेमा ब्रहम पदलाई पाउँदछ । मूलाधार देखि ब्रहमरन्ध्र सम्म सुषुम्नाको एक टान् रहन्छ, यो द्वितीय मात्रा हो, यसलाई विष्णु दैवत भन्दछन । योनिमुद्रामा धेरैबेर स्थिति भएपछि कृष्णवर्ण कूटस्थको भित्र सब देवताहरुसँग साक्षात्कार हुन्छ । पुरुषोत्तम जुन नित्य पुराण पुरुष हुन उनको पनि दर्शन हुन्छ । यही वैष्णवपद हो अर्थात लिंगमूल देखि मस्तक पर्यन्त वायु स्थिर रहन्छ, पुनः ईशान देवता छन अर्थात ॐकार क्रिया द्वारा जब सब जानिइन्छन त त्यही तृतीय मात्रा अर्थात ब्रहम, अधिपति एवं ईश्वर हुन । सब भूतहरुको भित्र हुनुको कारण सब ज्ञात हुन्छ । तब भस्म समान वर्ण देखिन्छन । यसरी ध्यान गर्दा गर्दा नाभि देखि मस्तक पर्यन्त वायुको टान् रहनेछ । यस ध्यान देखि ईशान पद प्राप्त हुनेछ अर्थात कूटस्थको भित्र विन्दु अथवा वाह्य

विन्दुमा (जुन भ्रूको सामुन्ने देखिइन्छन) रहने छौ । त्यो बिना इच्छा - अनिच्छाको इच्छा जुन बोधगम्य छैन, खालि उनको महिमा छ - त्यस द्वारा सब जान्न सक्नेछौ अनि जुन अर्द्धमात्रा या चतुर्थ मात्रा छ - त्यस समय हृदयमा ब्रहमको स्थिति अनुभव हुन्छ, जहाँ सब देवताहरुको तेजोमय रुप देखिन्छन, उसको सर्वदा ध्यान गरोस । गगन मण्डलमा यो ध्यान नित्य गर्दै गर्दै सहस्र दलपद्म नामक निधि प्राप्त हुन्छ । अर्थात सर्वव्यापि ब्रहम आत्म स्वरुप छ, त्यसको पर अरु केही छैन ।" (लाहिडी महाशय कृत वेदान्त दर्शनको व्याख्या अ. २/३)-

उपर्युक्त विषयको सार यो हो -

(१) प्रथम कार्य हो क्रिया गर्नु (२) क्रिया द्वारा क्रियाको परावस्थाको प्राप्ति । यही ज्ञेय वस्तु या ब्रहम हो । क्रियाको परावस्थामा नै ब्रहम विज्ञान हुन्छ । (३) क्रियाको परावस्थामा रहँदा रहँदा जुन ध्यानावस्था हुन्छ, त्यसद्वारा ब्रहमपद प्राप्त हुन्छ । तब सुषुम्नाको भित्र मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त एक टान अनुभव हुन्छ । यही प्रणवको प्रथम मात्रा हो । (४) योनिमुद्रामा कृष्णवर्ण कूटस्थको भित्र समस्त देवताहरुसँग साक्षात्कार हुन्छ, पश्चात पुरुषोत्तमको दर्शन हुन्छ । यही विष्णुपद हो । त्यससमय लिंगमूल देखि मस्तक पर्यन्त वायु स्थिर हुन जान्छ । यही प्रणवको द्वितीय मात्रा हो । (५) ॐकार क्रिया द्वारा जब नाभि देखि मस्तक पर्यन्त टान हुन्छ तब जुन एक अपूर्व अवस्था प्राप्त हुन्छ, त्यही प्रणवको तृतीय मात्रा हो । तब सर्वभूत स्थित ईश्वरलाई जानिन्छन । यही हो ईश्वर दर्शन । ईश्वर सर्व भूतस्थ छन अतयव साधक पनि तब सबैको अन्तरमा प्रवेश गर्न सक्दछ । त्यसले तब सबैको कुरा जान्न सक्दछ । त्यस समय मन कूटस्थ भित्रको विन्दुमा सदा लागि रहन्छ र सर्वदा विन्दु दर्शन हुन्छ । (६) हृदयमा जब ब्रहमको स्थिति अनुभव हुन्छ, तब त्यही प्रणवको चतुर्थ मात्रा हुन्छ । तब आकाशमा समस्त देवताहरुको तेजोमय रुप देखिइन्छन । शुद्ध स्फटिक समान वर्ण देखिन्छन । त्यही शिवरुप हो । त्यही ध्यान गर्दा गर्दै सहस्रदलकमलमा स्थिति अनुभव हुन्छ । तब एक आत्मा नै परब्रहमस्वरुप एवं सर्वव्यापी छ, यो अनुभव पद प्राप्त हुन्छ ॥१८॥

(ज्ञान, कर्म एवं कर्त्ताको त्रिविध रुप)

ज्ञानं कर्म च कर्त्ता च त्रिधैव गुण भेदतः ;
प्रोच्यते गुण संख्याने यथावच्छृणु तान्यपि ॥१९॥

श्री धरीय टीका- 'गुणसंख्याने' अर्थात् सांख्य शास्त्रमा ज्ञान, कर्म र कर्त्ता यी तीनै सत्त्वादि गुण भेदले तीन किसिमका छन, एस्तो भनिएको छ । त्यही ज्ञानादि विषय भन्दैछु, यसलाई यथायथ भावसँग सुन । चतुर्दश अध्यायमा "तत्र सत्त्वं निर्मलत्त्वात्" इत्यादि द्वारा सत्त्वादिगुण त्रयको बन्धकत्व निरुपित भएकोछ अनि सप्तदश अध्यायमा "यजन्ते सात्त्विका देवान" श्लोकहरुमा गुणकृत त्रिविध स्वभावको निरुपण द्वारा रजः र तमः स्वभावलाई त्याग गरी सात्त्विक आहार आदिको सेवन गर्दै सात्त्विक स्वभाव सम्पादन गर्नुलाई

कर्त्तव्य बताएको छ । अब क्रिया, कारक र फल आदि सँग आत्माको सम्बन्ध छैन यो देखाउनको लागि सब वस्तुहरुको त्रिगुणात्मकता भन्नु भैरहेछन् ॥

(आचार्य शंकरले भन्नु भएकोछ - "परमार्थ ब्रहमैकत्व विषये यद्यपि विरुध्यते, तदपि गुण भोक्तृविषये प्रमाणमेव ।" परमार्थ ब्रहमैकत्व विषयमा सांख्य शास्त्रको विरुद्ध मत भएर पनि गुण र गुणभोक्ताको स्वरुप निर्णय गर्नुको विषयमा यही शास्त्र प्रमाण छ ॥१९॥

आध्यात्मिक व्याख्या- "ज्ञान, कर्म, कर्त्ता तीन किसिमका तीनै गुणहरुमा हुन्छन, उनको सबगुण जुनजुन किसिमका हुन्छन, त्यसलाई भन्दछु ।"-

- आत्मा अकर्त्ता भएर पनि गुण भेदले ज्ञान, कर्म र कर्त्ताको त्रिविध अवस्था हुन्छ । यो कर्त्ता र ज्ञेय वस्तु (आत्मा) एकैवस्तु होइन । क्रिया विना कारकत्वक सम्भावना हुँदैन । अतयव त्यो कर्त्ता गुणातीत छैन, बरु त्रिगुणयुक्त छ । बुद्धि प्रतिविम्वित चैतन्य या आभास चैतन्य नै सबै वस्तुहरुको ज्ञाता हुन । साधन द्वारा यो आभास चैतन्य जब शुद्ध हुन जान्छ, तब त्यो पनि अकर्त्ता हुन जान्छ । जहाँ दृश्य वस्तु छ त्यहाँ द्रष्टा पनि रहनेछ । परन्तु जब दृश्य वस्तुको अभाव छ त द्रष्टुत्व भाव पनि रहने छैन । चित्त स्पन्दनको कारण नै नाना किसिमका वस्तुहरुको कल्पना हुन्छन । प्राण स्पन्दन बिना चित्त स्पन्दन हुँदैन, अतयव नाना किसिमका वस्तुहरु प्राणकै विविध स्पन्दन बाहेक अरु केही होइन । प्राण जब निःस्पन्दित हुन्छ त उस्को नाना वस्तुरुप परिणाम पनि हराएर जान्छन । यसरी जब चित्त स्पन्दन क्षीणतालाई प्राप्त गर्दछ तब उसको भोक्तृभाव पनि विलुप्त हुन जान्छ । यही द्रष्टाको स्वरुपरुपमा अवस्थान हो । वृत्तिको सम्यक् निरुद्धावस्था द्वारा नै यो सिद्ध हुन्छ । यस अवस्थालाई कैवल्यावस्था भन्दछन । तब बुद्धिको अभाव प्रयुक्त बुद्धि बोधात्मक भाव पनि रहँदैन । परन्तु व्युत्थित अवस्थामा "वृत्तिसारुप्यमितरत्र" अर्थात पुरुष मानो बुद्धि वृत्तिसँग अभिन्न भावमा प्रतीत हुन्छ । दर्पण रहेपछि नै जसरी उसको सम्मुखस्थ प्रतिविम्ब देखिन्छन, उसरी बुद्धिरुप दर्पण रहेपछि प्रतिविम्ब देखिनु दूर हुँदैन । द्रष्टा पुरुष नै चैतन्य स्वरुप हुन । यही द्रष्टा ज्ञाता हो, यही दृश्य या ज्ञेय वस्तु पनि छ । द्रष्टु चैतन्य द्वारा चेतनयुक्त भएर बुद्धि विषयहरुलाई प्रकाशित गर्दछ । अतयव द्रष्टा पुरुष या बुद्धि प्रतिविम्वित चैतन्य नै ज्ञाता पुरुष हो तथा विषयसमूह ज्ञेय हुन । इन्द्रिययुक्त चित्त हो विषयज्ञानको कारण या दर्शन शक्ति । चित्तसँग मिलेर नै आत्माको भोक्तृभाव हुन्छ । यो भोक्तृभाव अस्मिता नामक अभिमान देखि उत्पन्न हुन्छ । चित्तमा जुन विषयको ज्ञान हुन्छ त्यो अभिमानकै एक अंग विशेष हुन । द्रष्टापुरुषको सन्निकर्ष देखि बुद्धिमा विषय प्रकाशित हुन्छन, यसैकारण बुद्धि वृत्तिसँग पुरुष मानो अभिन्न भावले अवस्थित जानिइन्छन । यसैले विषयसँग पुरुषको सारुप्य प्रतीत हुन्छन । निरुध्द अवस्थामा जसरी उसको स्वरुपमा अवस्थान हुन्छ, उसरी नै व्युत्थित दशामा विषयरुपमा त्यही प्रतीत हुन्छन । यस कारण ज्ञेय विषय ज्ञाता पुरुष देखि अभिन्न छ । दृश्य नरहेपछि जसरी द्रष्टा रहँदैन, द्रष्टा नरहेपछि त्यसरी नै दृश्य पनि रहँदैन । सत्तावान वस्तुहरु कर्त्तृ-निरपेक्ष भएर पनि अस्तित्वमा रहन सक्तैन । वस्तुको सत्ता द्रष्टाको सत्ता माथि निर्भर गर्दछ । अतयव वस्तुको सत्ता पनि द्रष्टा पुरुष

देखि विभिन्न हुन सक्तैन । आत्मा एसरी नाना रुपहरुमा प्रकट हुनु नै उसको माया या लीला हुन । वास्तविक द्रष्टा र 'म' एकै वस्तु हो, बीचमा 'मन' आएर सारा वस्तुहरुलाई दुर्ज्ञेय बनाइ दिन्छ । यसैकारण दृश्य वस्तुलाई देखेर मूढ जीव भीत एवं कम्पित भएर भन्दछ - "हे आविः, हे प्रकाशस्वरुप तिमी मेरो बुद्धिमा प्रकाशित छौ । यस बुद्धि द्वारा नै तिमीले वस्तुमात्रलाई स्वतन्त्ररुपले प्रकाशित गरी मलाई विक्षिप्त गरिरहेछौ । तिम्रो एस नाना रुपहरुलाई देखेर भय लागिरहेकोछ । एकपटक तिमी स्वस्वरुपमा अवस्थान गरी निजभावमा प्रतिष्ठित भै देऊ । तिमी नै म हूम र म नै समस्त दृश्यरुपमा प्रस्फुटित भै उठदछु । तिम्रो कृपाले मेरो दर्शन शक्ति प्रस्फुटित होस । तबै नानात्वको खेल देखि विमुग्ध हुनु पर्ने छैन ।" साधक ! यसरी शरणागतभावले चित्त शक्तिसँग आत्मा निवेदन गर, तबै तिमी त्यसको साथ योगयुक्त हुन सक्नेछौ । यो वाह्य जगत् तिम्रै जगत् हो, तिम्रै आत्माको प्रकाश नै हो - यसलाई तिमीले जान्न सक्नेछौ । तब यस बाह्य दृश्यलाई देखेर भय लाग्ने छैन ।

जुन लीलामयीको लीला 'तं' 'म' तथा बाह्य 'जगत्' को रुपमा प्रकाशित भैरहेकाछन, त्यो उसैको गुणको खेल हो । सत्त्वादि भेदले यस गुणको कति किसिम हुन्छन, यही श्री भगवान्ले अगाडि भन्नु हुनेछ ॥१९॥

(एकात्म ज्ञान नै सात्त्विक ज्ञान हो)

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ;
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम ॥२०॥

श्री धरीय टीका- (तीन श्लोकहरुमा सात्त्विकादि विविध ज्ञानको बारेमा भन्नुहुन्छ) ब्रहमा देखि लिएर स्थावर पर्यन्त व्यावृत्त (खण्डित जस्तो प्रतीयमान) भूतहरुमा एक अविभक्त निर्विकार परमात्मतत्त्व जुन ज्ञानद्वारा आलोचित एवं दृष्ट हुन्छ, त्यस ज्ञानलाई सात्त्विक ज्ञान सम्भ ॥२०॥

आध्यात्मिक व्याख्या- "क्रिया गरेर सब भूतहरुमा एक कूटस्थ ब्रहम अव्यय अविनाशीलाई जसले देख्दछ - भिन्न भिन्नमा पनि एक गरेर देख्दछ, अनि भिन्न भिन्न सब जीव ब्रहमस्वरुप हुन एस्तो सर्वत्र देख्दछ - यसैको नाम सात्त्विक ज्ञान हो अर्थात क्रियाको परावस्थामा यही ज्ञान हुन्छ ।"-

- देश, काल एवं वस्तु द्वारा विभिन्न भूतहरुमा परिच्छिन्नरुपले जुन सत्ता दृष्ट हुन्छ, त्यो एक, अखण्ड एवं निर्विकार छ - यस किसिमको एक अद्वितीय परमात्म-सत्ता जुन ज्ञान द्वारा आलोचित हुन्छ, त्यही सात्त्विक ज्ञान हो । यसैको नाम हो सम्यक दर्शन । आपाततः हामीलाई जुन ज्ञान हुन्छ त्यसमा वस्तुहरु विभिन्न रुपहरुमा प्रतीत हुन्छन, परन्तु ती सब असंख्य वस्तुहरुमा एक अविभक्त चिद्वस्तु छ । त यो सर्वदा द्वैत विवर्जित छ । यस अद्वितीय तत्त्व वस्तु जुन ज्ञान द्वारा उपलब्धि गरिइन्छन त्यही सात्त्विक ज्ञान हो । हाम्रो विभिन्न इन्द्रियहरुको विभिन्न शक्तिहरु बहिर्मुख भएर सब वस्तुहरुलाई पृथक पृथक भावहरुलाई उपलब्ध गर्दछन् । यस परम ज्ञानलाई प्राप्त गर्नको लागि उनको ती विभिन्न शक्तिहरुलाई सम्पिण्डित गरी एक मुखी गर्नु पर्नेछ । यसरी इन्द्रियहरुको एकीकरण द्वारा सत्ता सामान्य भाव प्रस्फुटित हुनेछ । हाम्रो मन एवं

प्राण चचंचल छन, यसै कारण इन्द्रियहरुको बहिर्मुख वृत्तिहरु निवृत्त गर्न सकिदैन, अतयव नानात्वको ज्ञान पनि निवृत्त हुँदैन । नानात्व ज्ञानलाई दूर गर्नको लागि सर्वप्रथम मनको लय-विक्षेप भावलाई दूर गर्नु आवश्यक छ । त्यसै द्वारा दृश्य दर्शन भैरहेकोछ । प्राणको चांचल्य नै मनको चचंचलता हो । तेस प्राणलाई प्राणायाम साधना द्वारा स्थिर गर्नु पर्नेछ । तरंगायमान समुद्रको चिरस्थिर भाव ग्रहण गर्नको लागि उसको तरंग भंग चांचल्यलाई जसरी प्रशमित गर्नु आवश्यक हुन्छ, उस्तै किसिमसँग जुन एक अखण्ड ज्ञेय वस्तु आपाततः नानारुपहरुमा जानिइन्छन, त्यो वस्तुतः नाना छैन, त्यो स्थिर आत्माको तरंगायित भाव मात्र हो, यो तबै जानिनेछ जब प्राणायाम द्वारा प्राण स्थिर हुन जानेछ । प्राणायाम साधन द्वारा श्वास स्थिर भएमा प्राण स्थिर हुन्छ । प्राणको स्थिरता साथ साथै मन पनि स्थिर हुन जान्छ । मन अचंचल या प्राण स्थिर भएपछि नै त्यो आत्ममूखी हुन्छ । तब अनेकको भावना या नानात्वको तरंगोच्छवास प्रशमित हुन जान्छन, यसलाई निरोध भाव पनि भन्दछन । यस निरोधभाव देखि नै एकात्मज्ञान या ब्रहमज्ञानको उदय हुन्छ । तब द्वैत प्रपंच मिथ्या प्रमाणित हुन जान्छन । यस अवस्थामा स्थित योगी एस्तो हुन्छ -

"जिताहारो जितक्रोधो जित संगो जितेन्द्रिय;
निर्द्वन्द्वो निरहंकारो निराशीरपरिग्रह ॥"-

- 'जिताहार' को अर्थ यो छैन - क्षुधालाई नष्ट गर्नु पर्नेछ, यस अवस्थामा स्थित योगीलाई रसनाको तृप्तिकर वस्तुमा आसक्ति हुँदैन । त्यसले जे पाउँछन त्यही खान्छन । यो खानुमा राम्रो लाग्छ, त्यो मीठो लाग्दैन यस किसिमको इच्छा योगीमा सम्यक अभाव हुन्छ । सामान्यतः हामीलाई आफ्नो अभिलषित बस्तु नपाउँदा क्रोध उठ्दछ, परन्तु योगाभ्यासीलाई क्रियाको परावस्थामा मन या इच्छा नरहनुको कारण क्रोध हुनुको संभावना रहँदैन । त्यो संगदोषवर्जित हुन्छन । आसक्तिपूर्वक कसैको संग गर्दैन । तिनीहरु बेकारको कुराकानी पनि कसैसँग गर्दैनन यसकारण उनको अगाडि अन्य वस्तु रहेर पनि रहँदैन । उनका इन्द्रियहरु स्वायत्त हुन्छन । त्यसले उनलाई कुमार्गमा लैजान सक्तैनन एसको कारण यो छ - तिनीहरु जितेन्द्रिय हुन्छन । कुनै इन्द्रियको उनमाथि कर्तृत्त्व हुँदैन । वाक पाणि पाद, पायु एवं उपस्थ यी पंच कर्मेन्द्रियहरु पनि आफ आफ्नो कर्म प्रति एषणा राख्दैनन् । तिनीहरु निर्द्वन्द्व हुन्छन् । किनभने क्रियाको परावस्थामा मन नै रहँदैनन । अन्य कुनै लक्ष्य या भाव नरहेपछि द्वन्द्व कसरी होला । तिनीहरु सर्वदा निरहंकार हुन्छन, किनभने 'म' 'म' गर्दै जो सर्वदा क्षिप्त समान विचरण गर्दछ, त्यो अहंकार पनि रहँदैन । अतयव सृष्टि रहँदैमा पनि क्रियाको परावस्थामा रहँदैन । रज्जुमा सर्पभ्रम समान चचंचल मनलाई ब्रहममा संसार भ्रम हुन्छ । क्रियाको परावस्थामा मन रहँदैन, अतयव सृष्टि पनि रहँदैन । उस समय एक अव्यक्त ब्रहम वस्तु सिवाय अन्य कुनै वस्तुको सत्ता रहँदैन । परिग्रहको सम्भावना पनि उनको रहँदैन । अतयव निर्द्वन्द्व निरहंकार योगीलाई कुनै भोगेच्छा या कुनै वस्तु प्रति लोभ पनि रहँदैन, अतयव परिग्रहको संभावना उनलाई हुँदैन । हे साधक ! यदि प्राण क्रिया द्वारा मनलाई वशमा गर्न सक्यौ भने त जगत्, जीव, माया, ईश्वर या आत्माको सारा रहस्य देखि अवगत हुन जानेछौ । यही प्रकृत सात्त्विक नाम हो ॥२०॥

(पृथक् या अनैक्यको ज्ञान नै राजस ज्ञान हो)

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान् पृथग्विधान ;
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ॥२१॥

श्री धरीय टीका- (राजस ज्ञानको विषयमा भन्नुहुन्छ) - जुन ज्ञानमा पृथकरुपले सब भूतहरुमा विभिन्न किसिमका सुखी दुःखी आदि रुपमा विभिन्न भाव अनेक क्षेत्रज्ञहरुको रुपमा अनुभूत हुन्छन, त्यसलाई राजस ज्ञान सम्झनु ॥२१॥

आध्यात्मिक व्याख्या- "पृथक गरेर नाना वस्तुहरुमा आसक्तिपूर्वक दृष्टि गर्दै रहेर पनि एक ब्रहमस्वरुप देख्दछ त्यो राजसिक ज्ञान हो" -

- जुन ज्ञान द्वारा अपरिवर्त्तनीय एक आत्मस्वरुपको नै ज्ञान भैरहन्छ, तथा विभिन्न शरीरहरुमा प्रविभक्तरुपसित दृष्ट भएर पनि आत्माको ऐक्य निरन्तर आकाश समान बोध हुन्छ त त्यो सात्त्विकी ज्ञान हो । यो क्रियाको परावस्थामा अनुभूत हुन्छ, यो कुरा पूर्व श्लोकहरुमा भनिसकिएकोछ । परन्तु जब एकात्म बोध हुँदैन, नाना वस्तुहरु नाना भावहरुमा देखिइन्छन अनि तत्तद वस्तुमा आसक्ति तथा यदाकदा विरक्ति पनि प्रकट हुन्छ तथापि ती सब एकैको नाना रुप हुन, यस किसिमसंग ज्ञान हुन्छ त यो राजस ज्ञान हो । एकात्म भावको चिन्तन भैरहेर पनि जबसम्म शरीरको पार्थकय भाव लुप्त हुँदैन, तबसम्म त्यसलाई शुद्ध ज्ञान भनिने छैन । त्यो एक किसिमको मल मिश्रित ज्ञान हो, अतः त्यो हो राजस ज्ञान । ज्ञानको शुद्धता भएपछि फेरि तेसमा पृथकत्व भाव रहँदैन । सब ब्रहमकै पृथक पृथक भाव हुन, यो बुझेर पनि पृथक दृष्टि नष्ट हुँदैन । अतयव यो ज्ञान पनि राजसिक ज्ञान हो । रजोगुणको धर्म हो चचंचलता । मनमा एकत्वको विचार रहेर पनि अनुभवमा द्वैतभाव मेटिदैन । विभिन्न शरीरहरुको बोध भएपछि देहस्थित देही पनि पृथक रुपमा धारणा हुन्छ । सत्ताको एकत्व परोक्षभावमा देखिएमा पनि सत्ताको स्वरुपमा अवस्थान रुप विभिन्न किसिमका वृत्तिहरुको निरोधभाव स्फुरित हुँदैन । अतयव त्यो ज्ञान सत्त्वमुखी भएर पनि सात्त्विक ज्ञान होइन । नानात्वको ज्ञान रहेमा त्यसलाई राजस ज्ञान नै भन्नु पर्नेछ ॥२१॥

(स्थूल देहादिमा आत्मज्ञान तामस ज्ञान हो)

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम्;
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

श्री धरीय टीका- [तामस ज्ञानको विषयमा भन्नु हुन्छ] - जुन ज्ञान एकमात्र कार्यमा देह या प्रतिमादिमा परिपूर्णवत आसक्त अर्थात यो देह नै आत्मा हो या यो प्रतिमा नै ईश्वर हो, यस किसिमको अभिनिवेशले युक्त छ तथा जुन युक्तिहीन, परमार्थ अवलम्वन रहित अतयव अल्प विषयक या अल्प फलजनक हुनुको कारण अति तुच्छ छ, त्यो ज्ञान तामसकहलाउँछ ॥२२॥

आध्यात्मिक व्याख्या- "कुनै कर्मको निमित्त आसक्तिपूर्वक दृष्टि गर्दछ, बिना कारण त्यो तामसिक हो ।" - देहलाई सर्वस्व मान्नेवाला अविवेकी जीवलाई जुन ज्ञान हुन्छ, त्यो तामसिक ज्ञान हो । उसको समस्त धारणा मनोमानी हुन्छ, त्यसमा युक्ति हुँदैन, बिचारको लागि ठाउँ पनि हुँदैन, तथापि आफ्नो धारणा प्रति अटूट विश्वास हुन्छ । तमसाच्छन्न बुद्धि देखि यस किसिमको ज्ञान उदित हुन्छन । शंकराचार्यले दृष्टान्त दिनु भएको छ - जैन एवं बौद्ध दार्शनिकहरुको मतले जीव देह परिमाण मात्र तथा ईश्वर काष्ठादि परिमाण मात्र हुन । यस प्रकारको ज्ञान अयौक्तिक छ । यसले कहिल्यै सत्यलाई प्रकट गर्न सक्तैन । अतयव फल पनि अति तुच्छ छ अर्थात जो यस मतको अनुयायी छन उनको परमार्थ सम्बन्धी ज्ञान अतीव स्वल्प हुन्छ । तामसिक जनले सत्य वस्तुलाई देख्न पाउँदैन, किनभने तमोगुणको धर्म हो ज्ञानलाई आवरण गरिरहनु ॥२२॥

(सात्विक कर्म)

नियतं संगरहितमरागद्वेषतः कृतम ;
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

श्री धरीय टीका- (अब तीन श्लोकहरुमा त्रिविध कर्मको विषयमा भन्नु हुन्छ) - जुन कर्म (१) नियत अर्थात नित्य अनुष्ठेय रुपमा विहित छन तथा (२) संगरहित अर्थात अभिनिवेश शून्य, (३) अरागद्वेषतः कृत अर्थात पुत्रादिको प्रीतिको लागि या शत्रु प्रति विद्वेषवश गरिइदैंनन् अनि (४) अफलप्रेप्सु अर्थात जुन कर्म निष्काम भावले गरिइन्छन, त्यसलाई सात्त्विक बुझ्नु ॥२३॥

आध्यात्मिक व्याख्या- "इच्छारहित भएर फलाकांक्षारहित ध्यान-धारणा-समाधिपूर्वक इच्छारहित, हिंसा रहित-यस प्रकारको जुन कर्म छ त्यसको नाम सात्त्विक कर्म हो अर्थात क्रिया गर्दै जानु ।"-

- श्री भगवान्ले अब त्रिविध कर्मको कुरा भन्नु हुन्छन । (१) प्राणको चचंचल अवस्थामा (२) प्राण केही स्थिर भएपछि तथा (३) प्राणकोपूर्ण स्थिरतामा कर्म जसरी विभिन्न भावसँग गरिइन्छन, उसको विषयमा यहाँ भन्नु हुन्छन् । प्रथमावस्थामा श्वास इडा पिंगलामा चल्दछ । द्वितीय अवस्थामा इडा पिंगलामा चलेर पनि ससामान्य भावले सुषुम्नामा चल्दछ अनि तृतीयमा परिपूर्ण भावले प्राण सुषुम्ना मार्ग भएर चल्दछ । तब जुन कर्म गरिइन्छन ती नै सात्त्विक कर्म हुन । कहिले श्वास इडामा, कहिले पिंगलामा तथा कहिले सुषुम्नामा बगिरहन्छन । यस श्वास प्रति जुन साधकले लक्ष्य राख्न सिकेकोछ, त्यसले श्वासको प्रवाह साथ कर्मलाई पनि सात्त्विक, राजसिक एवं तामसिक भावलाई लक्ष्य गर्न सक्दछ । यसैले सतर्कतापूर्वक त्यसले श्वासको गतिलाई सुषुम्ना मार्गमा चलाउने चेष्टा गर्दछन । साधनामा अग्रसर साधक गुरु उपदेश अनुसार साधना पथमा हिंडदै हिंडदै एस्तो स्थितिमा पुग्दछ - उसको प्राण कण्ठमा या त्यसको माथि रहन्छ । तब उसको मन, प्राण एवं इन्द्रियहरुमा सात्त्विकता बढोत्तरीलाई प्राप्त हुन्छ । ऊर्ध्वमा अवस्थित हुनुको कारण मनमा कुनै किसिमको काम संकल्प रहँदैन, अतयव तत्कृत कर्महरुमा पनि कुनै कामनाको कालिमा लाग्दैन । यी साधकहरुको क्रिया गर्नु सिवाय कुनै कर्म रहँदैन । यस द्वारा धारणा ध्यानको अवस्था प्राप्त

गरी तिनीहरु एकबारगी पूर्ण फलाकांक्षारहित अवस्थामा प्रवेश गर्दछन । यस अवस्थामा नै योगीलाई योग समाधि हुन्छ । यस बाहेक अन्य कुनै अवस्थामा संगरहित हुनु संभव छैन । संगरहित अवस्थामा जुन कर्म गरिन जान्छन तीनमा अभिनिवेश हुँदैन, अतयव द्वेष भाव पनि रहन सक्तैन । अमुक मान्छेले क्रिया गरी कति सान्सारिक उन्नति गरेकोछ, म पनि खूब क्रिया गरी उस्को अपेक्षा धेरै धेरै लाभ गर्नेछु, यस्तो भावना लिएर जो साधनामा चेष्टाशील हुन्छन, उनको त्यो चेष्टा व्यर्थ छ । तिनीहरु क्रियाको फल अर्थात शान्ति देखि वंचित हुन जान्छन, तिनीहरु कर्मफल प्रेप्सु हुन । जसको यो भाव विल्कुलै उदय हुँदैन, तिनीहरु नै "अफलप्रेप्सु" हुन । यो अफलप्रेप्सु भाव उत्तरोत्तर बढोत्तरीलाई प्राप्त भएर साधकलाई पूर्ण निष्काम बनाइदिन्छ । तब उसको प्राणक्रिया अधिक परिमाणमा गर्नु बिना यस प्रकारको अवस्था सहजै प्राप्त हुँदैन । यसैले दृढाभ्यासी साधकको लागि यो कर्म नियत या नित्य अनुष्ठेय हुन जान्छन । फलस्वरुप साधकको यो क्रिया आफसे आफ चलिरहन्छ तथा अविराम भावसंग चल्दछ । श्वास प्रश्वास प्रति जसको लक्ष्य स्थिर रहन्छ, उसको मन अति सहजसाथ स्थिर भाव धारण गर्दछ तथा अनायासै सुषुम्ना मार्गमा परिचालित हुन्छ । यस अवस्थामा गरिएको कृत कर्म नै सात्विक कर्म हो ॥२३॥

(राजस कर्म)

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ;
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

श्री धरीय टीका- (राजस कर्म के हो, यो बताउनु हुन्छ) जुन कर्म फलप्राप्ति इच्छा गर्नेहरु अथवा अहंकार युक्त व्यष्टिद्वारा अनुष्ठित हुन्छ, तथा जुन अतीव ल्केशयुक्त छ, त्यसलाई राजस कर्म जान्नु ॥२४॥

आध्यात्मिक व्याख्या- "धेरै प्रयासपूर्वक फलाकांक्षा साथ घमण्ड गरेर कर्म गर्नु राजसिक कर्म हो ।" -

- जुन काम गर्नमा धेरै धेरै दौडा दौडी या झंझट गर्नु पर्दछ या जसको बारेमा बढता विज्ञापन गरिन्छ, त्यही राजस कर्म हो । धेरैजसो साधक पनि एस्तै किसिमका हुन्छन । क्रियासँग केही मतलब छैन, किन्तु आसन राख्नु, आँखा चिम्लिनु, बढारकुढार गर्नु ढोका बन्द गरिराख्नु, गलामा माला लाउनु, फूलले थाल सजाउनु, चन्दन टीका लगाउनु, डांकोस्वरले मन्त्रोच्चार गर्नु अनि मानिसहरुलाई देखाउन पद्मासन कसी शिवचक्षु भएर बस्नु - यस किसिमका उनका भाव हुन्छन । उनिहरुको क्रिया गर्नुको उद्देश्य यो हुन्छ - त्यसबाट दीर्घ आयु प्राप्त हुन्छ, शरीर स्वस्थ राम्रो रहन्छ र भोक बढदछ । एकासनमा बस्नुले पैरमा भलै कष्ट होस, तथापि बद्ध-पद्मासनमा शरीर मुख विकृत गरी धेरै कष्ट उठाउँदै धेरै बेरसम्म आसनमा बस्नुको जुन प्रयत्न छ त्यो राजस कर्म हो ॥२४॥

(तामसकर्म)

अनुबन्धं क्षयं हिंसा मनवेक्ष्य च पौरुषम् ;
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

श्री धरीय टीका- [तामस कर्म के हो, यो बताउनु हुन्छ] - पछि जसले बन्धनमा राख्दछ, तेसलाई अनुबन्ध भन्दछन । भावी शुभ एवं अशुभ, वित्तक्षय, परपीडा तथा आफ्नो सामर्थ्यको बिचारै बिना केवल मोहवश जुन कर्म आरम्भ गरिइन्छन त्यो तामस कर्म कहलाउँछ ॥२५॥

आध्यात्मिक व्याख्या- "सुत्नु पूर्व जसरी बाँधी दिन्छ - एस्तो कर्म जसबाट नाश हुन्छ - अनि अरुको भलो देख्न नसक्ने अनपेक्ष कसैको पनि अपेक्षा नगर्ने अर्थात चारैतिर हेरेर गर्दैन, यसरी छाती फर्काउँदै मोहवश जसले कर्म गर्न आरम्भ गर्दछ त्यसलाई तामस कर्म भन्दछन ।"

- श्री भगवान तामस कर्मको फल देखाउनु हुन्छन । तामस कर्मको फल यो छ - त्यसमा कुनै बिचार रहँदैन । कुनै मानिसले संभवतः शुभ कर्म गर्दछ, त्यसले कर्त्ताको कल्याण होला, परन्तु तामसिक कर्त्तालाई अरुको कल्याण मंगल राम्रो लाग्दैन । अतयव अर्काको शुभकर्ममा पनि उसको दोष दृष्टि रहनेछ । सानो बालकलाई निद्रा आएपछि जसरी त्यो एता उता कतै विचरण गर्न पाउँदैन, निद्राको कारण विवश हुन जान्छ, उसरी नै तामसिक कर्त्ता पनि एस्तो कर्म गर्नको लागि तैयार हुन्छ जसबाट उसको बिनाश अवश्यम्भावी हुन्छ । दुराग्रहको कारण उसले आफ्नो हितलाई बुझ्दैन अनि त्यस किसिमको कर्म गरेर आफ्नो सर्वनाश साधन गर्दछ । विवेक शक्ति नरहनुको कारण नै एस्तो कर्ममा उस्को प्रवृत्ति हुन्छ, जसबाट पछि उस्लाई विपत्तिमा पर्नु पर्ने हुन्छ । आफ्नो सामर्थ्य भन्दा बढी कर्म गर्दै आफ्नो सर्वस्व नाश गरी बस्दछ । एस्तो कर्मको पछाडि सदा दुःख या भयको बन्धन रहन्छ । त्यसले आफ्नो बलबूता सामर्थ्य अनुचित ढंगले क्षय गर्दछ र अरुको लागि पीडादायक हुन जान्छ । तामसिक कर्म तबै हुन्छ, जब मन नाइटो देखि तल रहन्छ । जस्तो कामोन्मत्त भएपछि अघि पछि सोच्नुको होश ज्ञान रहँदैन, त्यसले शरीर, मन, धर्म सब नष्ट हुन जान्छन, धेरै धन खर्च हुन्छ, तथापि यी कर्महरुलाई गर्न कर्ताको दुराग्रहको सीमाना रहँदैन । जुन कर्महरु गर्नु भन्दा पहिले आफ्नो सामर्थ्य तिर दृष्टि रहँदैन, अरुलाई अनुचित ढंगले पीडित गर्नुको आवश्यकता हुन्छ, मोहबशात खालि मनको आवेगले कर्म गरिन्छन, उनमा भावी सुफल केही पनि रहँदैन, एस्ता कर्महरु नै तामसिक हुन्छन । मारण, उच्चाटन, बशीकरण आदि पनि एसै किसिमका कर्म हुन । हिंसा, द्वेष अनि लोभवश आफ्नो बूता देखि बाहिर गै जुन कर्म गर्नुको प्रवृत्ति हुन्छ तथा जसबाट आफ्नो या अरुको हानि लाभको विचार हुँदैन, बिचार शून्य भएर जथा भावी जुन कर्म गरिइन्छन, त्यो तामसिक कर्म हो । सात्त्विकादि भेदले कर्त्ताको जस्तो बुद्धि उत्पन्न हुन्छ कर्म पनि तदनुसार हुन्छ नै । सतही सतही कर्मको विचार गर्नाले काम चल्दैन । कर्त्ताको आशय (मनोवृत्ति) देखिकन कर्मको बिचार गरिन जान्छ, अन्यथा विचारमा भ्रम हुन सक्दछ । कुनै मानिस शुद्ध अन्तःकरण देखि कुनै कर्ममा प्रवृत्त हुन्छ भने त त्यसको बाह्य आकार राजसिक या तामसिक भएर पनि त्यो प्रकृततः राजसिक या तामसिक नहुन पनि सक्तछ । "अर्जुन "किं नो राज्येन गोविन्द" भनिकन युद्ध देखि विमुख हुन्छन, यो आपाततः सात्विक जानिन जान्छ, तथापि श्री भगवान् त्यसलाई सात्त्विक मान्दैनन् । अर्जुनको त्यस बिचार विमूढताको तामसिक फल देखिकन श्री भगवान्ले उनलाई युद्ध देखि निवृत्ति हुनमा उत्साहित गर्न सक्नु भएन ॥२५॥

(सात्त्विक कर्त्ता)

मुक्त संगोऽनहंवादी धृत्युत्साहसमन्वित ;
सिद्ध्य सिद्ध्योर्निर्विकारः कर्त्ता सात्त्विक उच्यते ॥२६॥

श्री धरीय टीका- [सात्विकादि त्रिविध कर्त्ताको विषयमा तीन श्लोक द्वारा भन्नुहुन्छन] - (१) मुक्तसंग अर्थात त्यक्ताभिनिवेश आसक्ति या फल कामनाले शून्य, (२) अनहंवादी, अर्थात गर्वोक्ति रहित, (३) धैर्यशील, (४) उद्यमी या अध्यवसायशील तथा (५) आरब्ध कार्यको सिद्धी या असिद्धिमा हर्षविषादरहित यस किसिमको कर्त्तालाई सात्त्विक भन्दछन ॥२६॥

आध्यात्मिक व्याख्या- "ईच्छारहित ब्रहमले गर्दछ क्रियाको पर स्थिति, सर्वदा भित्र भित्रनै स्थिति रहन्छ। उत्साह ऊर्ध्व साथ अर्थात कूटस्थमा सर्वदा लागिरहन्छ। कुनै विषयलाई आफसे आफ देख्नको लागि, अथवा भै उठ्दछ या हुँदैन यी दुवैमा नै क्रियाको परावस्थामा रहिकन स्थिर मनमा कुनै विकार छैन यस किसिमको कर्त्तालाई सात्त्विक कर्त्ता भन्दछन।"-

- सात्त्विक कर्त्ताको विषयमा भन्नु हुन्छ। त्यो स्वयं इच्छारहित हुन्छ। जे जो हुन्छ त्यो ब्रहमकै इच्छाले हुन्छ, यस किसिमको अचंचल भाव भित्र भित्रै उसलाई सर्वदा हुन्छ। क्रिया गर्नुको समय मनमा कुनै संकल्प उदित हुँदैन। प्रतिदिन नियमितरुपले धेरैबेर सम्म क्रिया गर्दछ, क्रियाको परास्थिति पनि खूब हुन्छ, कुनै दोश्रो संकल्प उठदैन मनमा, खालि चक्र चक्रमा मन उक्लने र ओर्लने गर्दछ, गरिरहन्छ। यति यतिका दिन देखि क्रिया गरिरहेको छु या यत्ति अबेरसम्म क्रिया गर्दछु, तथापि त्यस्तो अनुभव हुँदैन इत्यादि चिन्ता जसको मनमा आउँदैन, गुरु आज्ञापालन गर्दै हिंडीरहेछु एस्तो सोचेर प्रतिदिन स्थिरतापूर्वक धैर्य एवं उत्साहयुक्त भएर क्रिया गर्दै जान्छन, क्रिया गरेर केही अनुभव भयो या भएन, मन स्थिर भयो या तेस्तै रहयो, यसको लागि जो व्याकुल हुँदैन या उद्यम उत्साह कम गर्दैन यस किसिमको कर्त्ता नै सात्त्विक कर्त्ता हो। उपर्युक्त किसिमसँग जसले क्रिया गर्दछ, उसको क्रियाको परावस्था गम्भीररुपले उदित नभए पनि क्रियाको परावस्था केही अलि अलि त हुन्छ नै। क्रियाको नशापनि खूब जमेको हुन्छ, मन मानो कुनै अननुभूत विषयमा अडकिन जान्छ, बाहिरी विषय मनमा त्यति आउँदैन, मन बहुधा वृत्तिरहित अवस्थामा स्थिर रहन्छ। यो अवस्था प्राप्त भएपछि क्रमशः मन कूटस्थमा लागिरहन्छ। त्यसबेला उसले कूटस्थ भित्र धेरै धेरै चीज देख्दछ, तथापि देख्नुको कुनै कामना चाहना त्यसले गर्दैन। न देखिएमा पनि मन विषाद या निरानन्दले भरिन जाँदैन या त्यसको कारण मन उद्यम रहित भएर साधनामा शिथिल हुँदैन। मन लगाएर क्रिया गर्नाले क्रियाको परावस्था या स्थिरता उदित हुन्छ। यसकारण उसको बुद्धि पनि स्थिर हुन्छ। कुनै कारणले त्यो उत्फुल्ल या विषण्ण हुँदैन। सम्भवतः कुनै कार्य सम्पन्न गर्नको लागि अत्यन्त परिश्रम एवं अर्थव्यय गऱ्यो परन्तु कर्म सफल भएन त यसको कारणले उसको चित्तमा अप्रसन्नता हुँदैन, बरु झन उसको मुखमण्डलमा मुस्कान प्रभा देखिइन्छ। चेष्टा व्यर्थ भयो, यो सोचेर उसको चित्तमा क्षणभरको निम्ति पनि विषादको कालो दाग लाग्दैन। यसको नाम हो

मुक्तसंग त्यसमा अहंभाव पनि रहँदैन, अतयव कर्म गरी सफलता प्राप्त गरे पनि चित्तमा कुनै अहंकार या विकार आउँदैन । यस किसिमको अनहंवादी पुरुष साधन गरेर यदि कहिलेकाँही केही अनुभव गर्दछन र त्यो अनुभव चिरस्थायी न होस तापनि यसको लागि त्यो विषण्ण हुँदैन । कुनै फलको आकांक्षा नगरी गुरु उपदेश अनुसार साधना गर्दै रहन्छन । नाना कर्महरुमा नियुक्त भएर पनि कूटस्थमा लक्ष्य राख्नुमा कहिल्यै चुक्तैनन् । कुनै फल मिलोस या नमिलोस उस्को साधनामा अप्रवृति कहिलेई आउँदैन । यस किसिमका प्रमादशून्य पुरुष नै सात्त्विक क्रियावान हुन ॥२६॥

(राजसकर्त्ता)

रागी कर्मफल प्रेप्सु लुब्धो हिंसात्मकोऽशुचिः;
हर्ष शोकान्वितः कर्ता राजसः परिकीर्त्तितः ॥२७॥

श्री धरीय टीका- [राजस कर्त्ताको विषयमा भन्नु हुन्छ] - रागी अर्थात पुत्रादिमा प्रीतिमान, कर्मफलको कामना गर्नेवाला, परधन अभिलाषा गर्नेहरु, मारक स्वभाव, विहित शौच देखि शून्य, लाभालाभमा हर्षशोकयुक्त - यस किसिमका कर्त्ता राजस कहलाउंदछन ॥२७॥

आध्यात्मिक व्याख्या- "इच्छाको साथ फलाकांक्षा, लोभ, हिंसा, अशुचि, सुखी तथा दुःखी - यस किसिमको कर्त्ता राजस कर्त्ता कहलाउँछ ।"-

-जसको विषयादिमा अत्यधिक प्रीति हुन्छ, तिनीहरु सर्वदा पुत्र पुत्री आदि लालनपालनमा व्यस्त रहन्छन तथा विषय प्राप्तिमा सतृष्ण रहन्छन । अतयव तिनीहरु नियमितरुपले क्रिया साधनमा तत्पर हुँदैन । जुन केही क्रिया गर्दछन, त्यसमा फल प्राप्तिको आकांक्षा हुन्छ । एस्तो कार्य गरेपछि शरीर ठीक रहनेछ, अथवा सिद्ध गुरुको आशिर्वादले अनेक विपत्तिहरुको चंगुल देखि त्राण मिल्नेछ, उनको सिफारिस देखि केही अर्थ प्राप्ति पनि होला यी सब भावहरुलाई लिएर जो साधना गर्न आउँदछन ती सब लोभी फलाकांक्षी मानिसहरु राजस कर्त्ता हुन । यी मानिसहरुको परधनापहरणमा प्रबल प्रवृत्ति हुन्छन । आफ्नो सामान्य लाभको निम्ति अरुको अनिष्ट गर्नको लागि पनि प्रस्तुत हुन्छन । यथेष्ट धन संपत्ति भएर पनि त्याग गर्न पाउँदैन । यसकारण कर्त्तव्य पालनमा पराङ्मुख हुन्छन । उनमा अन्तः शौच अर्थात मनको स्थिरता हुँदैन । बाहिरी भोज भतेरमा पनि असंयमी हुनुको कारण अनाचारी र अत्याचारी हुन्छन । तिनीहरु स्वकार्य सिद्धिमा हर्षान्वित तथा असिद्धिमा शोकग्रस्त हुन जान्छन । यी सब लक्षणहरुलाई देखेर तिनलाई राजस कर्त्ता भन्दछन ॥२७॥

(तामस कर्त्ता)

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ;
विषादी दीर्घसूत्री च कर्त्ता तामस उच्यते ॥२८॥

श्री धरीय टीका- (तामस कर्त्ताको विषयमा भन्नु हुन्छ)- अयुक्त अर्थात अनवहित या असावधान, विवेक शून्य, अनम्र, गुरु प्रति नम्र व्यवहार नराख्ने वाला, षठ अर्थात् जसले मनको भाव लुकाउँछ, अरुको अपमान गर्नेवाला, उद्यम नगर्नेवाला, शोक शील तथा दीर्घसूत्री अर्थात जुन काम आजभोलिमा गर्न सकिइन्छ त्यसलाई मासभरमा पनि पुरा नगर्नेवाला यस किसिमका कर्त्ता तामस हुन्छन । कर्त्ताको त्रिविधताको कारण ज्ञाताको पनि त्रिविधता जान्नु पर्दछ । कर्मको त्रिविधता भन्नाले ज्ञेयमात्रको त्रिविधता भनियो । पश्चात् बुद्धिको त्रिविधताको हेतु करणको त्रिविधता भनिने छ ॥२८॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा रहँदैन - त्यहाँ अडकिनरहेर जतातती अडकिरहन्छन, उनको अडकिएको चित्त पुतली समान चक्करमा पर्न जान्छन-कुनै पनि कर्म गर्न पाउँदैन सबसँग ठगी, सर्वदाआलस्यमा-सर्वदा नै मन दु:खले भार हुनजान्छ - आज होइन-भोलि गरुंला-यसपछि बूढो भएपछि धर्मकर्ममा मन लगाउँला - यस किसिमको अवस्था तामस कर्त्ता हो ।"-

-तामसिक मानिसहरुको मन विषयहरुमा अडकिरहन्छ, साधनामा अडकिदैन । तिनीहरु मनमनै अनेक किसिमका कल्पना जल्पना गरिरहन्छ परन्तु कार्य केही गर्दैनन । मन मनै खूब इच्छा हुन्छ - क्रियाको परावस्था भए त, परन्तु क्रियाको परावस्था त क्रिया गरेमा नै आउँदछ । तेसले क्रियामा विलकुलै मनोयोग दिदैन । क्रिया गर्नको लागि बस्दछन त मन जतातती घुम्दछन, अतयव स्थिरता आउँदैन र मन पनि निरुध्द हुदैन । क्रिया गर्नुको समय जसोतसो कुनै सामान्य दृश्य देखेमा सम्भन्छन कुनै ठूलो कुरा भयो । तेसदेखि मनमनै खूब सन्तुष्ट हुन जान्छन् । कहिले काँही तेसको कारण अत्यन्त गर्व पनि अनुभव गर्दछन । प्रतिदिन क्रिया पनि गर्दैनन, सोधेमा भन्दछन - कामको माचामाचले गर्दा समय मिल्दैन । ती कामहरुको कुनै सिर पुच्छरको ठेगाना हुँदैन, खालि आफुले आफैलाई धोखा दिनु हुन्छ । मान्छेलाई देखेर दुईचारबार सास तान्दछन । मनमा लाग्ने गर्दछ - उसले कति क्रिया गर्दछन मानिसहरुले जानोस । यसरी मानिसहरुलाई ठग्ने प्रवृत्ति हुन्छ । हुन सक्छ आसनमा बस्दा बस्दै निदाउंदो हो, परन्तु मानिसहरुलाई भन्दछन -"क्रियामा मन रमेपछि फेरि वाहय ज्ञान रहँदैन, कहाँ के भैरहेको छ, कसले के गरिरहेकोछ, म केही पनि बुझ्न पाउँदिन, बोलाउंदा पनि सुन्न पाउँदिन" । मन चारै दिशामा रहन्छ, कसैले उनको विरुद्ध बोल्यो भने त यो कुरा कदापि भुल्न सक्तैन । कुनै मांगलिक कार्यमा योग दिन सक्तैन । किनभने त्यसमा काम गर्नु पर्ने अनि पैसा पनि खर्च गर्नु पर्ने हुन्छ । मानिसहरुलाई भन्दै घुम्दछन - "ती सब कामहरु गर्नाले मन विक्षिप्त हुन्छ, यसैले त्यो सब काम साम राम्रो लाग्दैन । म सर्वदा कूटस्थमा लक्ष्य गरेर बसिरहन्छु मलाई यही राम्रो लाग्दछ । व्यर्थको काममा समय नष्ट गर्ने इच्छा हुँदैन ।" मन सदा असन्तुष्ट रहन्छ, कुनै काममा दुईचार पैसा प्राप्त पनि हुन्छन तैपनि तेसमा प्रसन्नता छैन, मनमा लाग्ने गर्दछ - अरु पनि धेरै हुनु उचित थियो । मुखमा सदा एक एस्तो विषण्ण भाव रहन्छ मानो कुनै ठूलो विपद् आसन्न छ । जब कुरा गर्दछन त खालि खिन्नतापूर्वक आफ्नै दु:खको गीत गाउने गर्दछन । दु:ख देखि परित्राण पाउने उपाय भनिदिएमा पनि तेस मार्गलाई त्यसले कहिल्यै समात्दैन । भेटघाट भएमा केवल आफ्नै दु:ख पोख्ने या रोऱ्यांई गर्दछन । तिनीहरु एस किसिमको धारणा राख्दछन - दुनियाका मानिसहरु मिलेर

उनिसँग शत्रुता साधिरहेछन अनि उनको उन्नतिमा भाँजो हालिरहेछन । एक सामान्य काम जसकोलागि धेरै समयको आवश्यकता छैन तथा अधिक खर्च पनि छैन, तेसलाई लिएर खूब माथापच्ची मथिंगल गर्दछन, कति कति मानिसहरुसँग परामर्श गर्न पनि जान्छन । यसरी जति समय भित्र तेसलाई गर्नु उचित थियो, सदा सन्दिग्ध चित्त भएर त्यस समय भित्र उसले त्यो कामलाई गर्न पाउँदैन । कामको उपयुक्त समय वितेर जान्छ, परन्तु उनको चिन्ताको सीमा अन्त हुँदैन । क्रिया लिनु उचित छ या अनुचित, यो बिचार गर्दा गर्दा दस वर्ष वितिसक्यो, तथापि निः संशय निर्धक्क भएर कुनै सिद्धान्तलाई निश्चित गर्न सकेन । यसरी एकदिन अतर्कित रुपले जीवनको अन्तिम क्षण आइ पुग्यो र सब समाप्त हुन गयो । यस किसिमको कर्त्ता नै तामस कर्त्ता हुन ॥२८॥

(बुद्धिको त्रिविध भेद)

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं श्रुणु;
प्रोच्यमानमशेषेण पृथकत्वेन धनंजय ॥२९॥

श्री धरीय टीका- [अब बुद्धि एवं धृतिको त्रिविधताको विषयमा भन्नु हुन्छ] - हे धनंजय ! सत्त्वादि गुणभेदले बुद्धि र धृतिको जुन तीन किसिमका भेद छन, उनलाई पृथक पृथक रुपले तथा समग्र रुपेण बताउँदछु, सुन ॥२९॥

आध्यात्मिक व्याख्या- "बुद्धि, धृति तीन किसिमका छन-उनको गुण बताउँदछु- पृथक-पृथक गरेर ।"-

- सत्त्वादि गुणभेदले बुद्धिको पनि त्रिविध भेद हुन्छन, यही कुरा भगवान्ले समग्र तथा पृथकरुपले बताउनु हुनेछ । जीव या आत्मालाई हामी बुद्धि द्वारा जान्दछौं । यद्यपि यसको विकारले आत्मालाई स्पर्श गर्न सक्तैन । तथापि असिद्धावस्थामा अन्तः करणीय धर्म जीवमा आरोपित हुन्छन र त्यस द्वारा नै जीवको विचार गरिइन्छ । यसैले भगवान् भन्नु भैरहेछन - जब सम्म बुद्धि आत्मस्थ हुँदैन, आत्माको कर्मविहीन निष्क्रिय भाव जान्न सकिदैन । जुन मासिहरु गुणहरुमा नै परिरहन्छन, तिनीहरुले बुद्धिलाई परिमार्जित गर्न सक्तैन । त्यसलाई नजानिकन तिनीहरु उन्नत अवस्थामा कसरी पुग्लान् । बुद्धि विशुद्ध भएपछि नै राग द्वेषको त्याग हुन्छ तथा चित्त शान्त भएर उपरामलाई प्राप्त हुन्छ । यसैले श्री भगवान् बुद्धि र धृतिको भेद देखाउनु भएर, जसबाट सात्विकी बुद्धि एवं धृति प्राप्त होस तेसको लागि अर्जुनलाई चेष्टा गर्न भन्नु हुन्छन । पहिले भनिसकिएकोछ -मुक्तसंग, धृतियुक्त अनि अहंकार शून्य कर्त्ता नै सात्त्विक हुन । समस्त कर्महरुको मूलमा हामी बुद्धिलाई देख्दछौं । बुद्धि बिना शुभ अशुभ कुनै पनि कर्म हुँदैन । बुद्धि नै ज्ञान शक्ति हो अनि धृति धैर्य या धारण शक्ति हो । यस बिना कुनै पनि कर्म हुन सक्तैन । मनमा हुन सक्छ कर्त्ताको विषयमा जब भनिसकेका छन तब फेरि बुद्धि या धृतिको सम्बन्धमा पृथक भन्नुको प्रयोजन के छ । कर्त्ता बिना बुद्धि र धृतिको अस्तित्व नै कहाँ छ । यो सत्य त छ, परन्तु आत्मसत्तामा कर्तृत्व भोक्तृत्व केही पनि रहँदैन । जब कर्तृत्त्व भोक्तृत्त्वको आलोचना चलिरहेछ तब त्यस भित्र आत्मा कसरी अवस्थान गर्दछ, यो अवश्य नै

प्रणिधान योग्य छ । आत्मा यस अवस्थामा बुद्धिरुप भएर वर्तमान रहन्छ । बुद्धिको सात्त्विकता, राजसिकता अनि तामसिकताको अनुरुप बुद्धि प्रतिविम्वित आत्मालाई पनि सात्त्विक, राजसिक एवं तामसिक रुपमा कल्पना गर्दछन । अतयव बुद्धि यदि रागद्वेष-शून्य भएर विशुद्ध हुन्छ, तब आत्मा पनि गुणमलशून्य भएर प्रकाशित हुनेछ । बुद्धिमा गुणमल नरहे पछि त्यो बुद्धि नै आत्माकार हुन जान्छ । गुणमलशून्य भएपछि मन र बुद्धिको तरंग शान्त हुन जान्छन अनि आत्मा निजस्वरुपमा प्रतिष्ठित हुन्छ । चैतन्यमय ज्ञान नै आत्मा हो । यो आत्माले नै समस्त वस्तुहरुलाई प्रकाशित गर्दछन । ज्ञान नै ज्ञाता एवं ज्ञेयरुपमा प्रकाशित हुन्छन । अज्ञान द्वारा यी तीन्टैको पृथकता उपलब्ध हुन्छ । जब ज्ञाता ज्ञेय देखि पृथकरुपमा जानिदैन तब ज्ञेय वस्तु पनि विस्तारै विस्तार अदृश्य हुन जानेछ । ज्ञेयवस्तु रहनु बिना ज्ञाताको दृश्यदर्शन पनि हुने छैन । तब ज्ञाता कसैको साक्षीरुपमा नरहिकन केवल सत्तामात्र रुपमा स्थितिलाभ गर्नेछ । यही द्रष्टाको स्वरुपमा अवस्थान कहलाउँछ । यो क्रियाको परावस्थामा नै हुन्छ ॥२९॥

(सात्विक बुद्धि)

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ;
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥३०॥

श्री धरीय टीका- [यस विषयमा बुद्धिको त्रैविध्य तीन श्लोकहरुमा बताउनु हुन्छन] - धर्ममा प्रवृत्ति र अधर्ममा निवृत्ति तथा जुन देशमा, जुन कालमा जुन कर्त्तव्य या अकर्त्तव्य अनि भय या अभय छ, अर्थात कार्य र अकार्यको कारण जुन अर्थ र अनर्थ छ तथा कुन किसिमसँग बन्धन या कुन किसिमले मोक्ष हुन्छ यी सबलाई जुन बुद्धि अर्थात अन्तःकरणले जान्दछन, त्यो बुद्धि सात्त्विकी हुन ॥३०॥

आध्यात्मिक व्याख्या- "यस कर्ममा प्रकृष्टरुपमा रहनु उचित छ अर्थात क्रिया; क्रिया गर्नु बिना रहनु अनुचित छ, क्रिया नै कार्य हो, नगर्नु अकार्य हो । क्रिया नगरेमा भय छ, क्रिया गरेमा भय छैन क्रिया नगरेमा बन्धन, क्रिया गरेपछि मोक्ष-यस किसिमको बुद्धि क्रिया गरेपछि नै हुन्छ अर्थात सुषुम्नामा रहेपछि सात्त्विक बुद्धि हुन्छ ।"-

- सात्त्विकी बुद्धि कस्तो हुन्छ यो श्री भगवान्‌ले बताउनु हुन्छन । मनुष्य शरीर लिएर हामी पशु समान जे इच्छा हुन्छ, त्यही गरौं, यो कहिल्यै संगत हुन सक्तैन । अवश्य नै पशु समान आहार-निद्रा-भय-मैथुन आदिमा यथेस्थ प्रवृत्ति हुन्छ, परन्तु यस प्रवृत्तिको वशमा परिरहनाले जीवनमा कहिल्यै कृत कृत्यता प्राप्त हुँदैन तथा जन्म मरणको पास देखि मुक्ति मिल्दैन । यसैले प्रवृत्ति र निवृत्तिको सम्बन्धमा बोध हुनु आवश्यक छ । विषय विनिवृत्त चित्त नै मोक्षको कारण हो तथा इन्द्रियादिको सुखको लागि जुन हामी कर्ममा प्रवृत्त हुन्छौ त्यही हाम्रो बन्धनको कारण हुन्छ । हामी कर्म नगरिकन रहन सक्तैनौ । यसैले जुन कर्म बन्धनको कारण तथा जुन मोक्षको कारण छ, तेस सम्बन्धमा हाम्रो सम्यक धारणा नभएमा इन्द्रियहरुले कर्णधार विहीन नौका समान हामीलाई कुकर्मको आवर्त्तमा डुबाईदिनेछ । कार्य गर्नको लागि

शास्त्र दृष्टि हुनु जरुरी छ । शास्त्रमा केही कर्महरुलाई विहित अनि केही कर्महरुलाई प्रतिनिषिध्द बताएको छ । अतयव जुन विहित छ तेही कर्त्तव्य हो तथा जुन अविहित छ त्यो अकर्त्तव्य हो । जब यस कर्त्तव्य र अकर्त्तव्यको विषयमा मनको दृढ धारणा हुन्छ तथा बुद्धि दृढतापूर्वक कर्त्तव्याकर्त्तव्यको निर्णय गर्दछ, तबै सात्त्विक बुद्धि हुन्छ । केही यस्ता कर्म हुन्छन जसले भय उत्पन्न गर्दछन, जस्तो चोरी, डकैती, हिंसा, मिथ्या भाषण आदि । यस्तो कर्म पनि छन जसबाट अभय प्राप्ति हुन्छ, जस्तो तपस्या, ईश्वर प्रणिधान, इन्द्रियसंयम, परोपकार आदि । जुन बुद्धि द्वारा यो प्रेरणा प्राप्त हुन्छ - अनिष्ट जनक कार्य परित्यज्य छ अनि इष्टजनक कार्य ग्राहय छन, त्यही सात्विक बुद्धि हो । श्रीमत् आचार्य शंकर भन्नु हुान्छ - "तत्र ज्ञानं बुद्धेः वृत्तिः बुद्धिस्तु वृत्तिमती" - ज्ञान बुद्धिको वृत्ति हुन । ज्ञानरुप वृत्ति बुद्धिकै धर्म हो । अब हेर्नुछ - प्रवृत्ति-निवृत्ति कसरी हुन्छ । मन जब विषयमा दौडदछ त त्यो प्रवृत्तिको कार्य हो अनि जब मन विषयदेखि निवृत्त हुन्छ त त्यो निवृत्ति हो । जीवको स्वाभाविक आकर्षण प्रवृत्ति तिर नै हुन्छन, किनभने आपात मनोरमणीय हुन्छन । विषय प्रवृत्त चित्तमा अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश-यी पाँच ल्केश उत्पन्न हुन्छन ती जीवनको लागि अतिशय ल्केश एवं जन्म-मरण आदिको कारण बन्दछन यसैले "तपः स्वाध्यायेश्वर प्रणिधानानि" - क्रिया योगद्वारा ती ल्केशहरुलाई क्षीण गर्नुको प्रयत्न गरिइन्छन । क्रिया द्वारा अशुद्धिको क्षय हुन्छ, यसैले क्रियामा प्रवृत्त रहनु उचित छ अनि क्रिया नगरी रहनु अनुचित छ । सूक्ष्म ल्केशहरुको त्याग चित्तलय द्वारा नै हुन्छ । यो चित्तलय हुन्छ क्रिया द्वारा, अतयव क्रिया गर्नु नै कर्त्तव्य हो, तथा नगर्नु नै अकर्त्तव्य हो । धर्म र अधर्मरुप कर्महरुको संस्कार नै कर्माशय भनिन्छन । कर्माशय जबसम्म रहनेछ, तबसम्म ल्केशको मूल जरिनै रहनेछ । कर्माशय वर्त्तमान रहुंजेल कोही निर्भय हुन सक्तैन । परन्तु जसले श्रध्दा र मनोयोगपूर्वक क्रिया गर्दछन, उनको शरीर बन्धन क्षीण हुन जान्छ अर्थात मनको देहाभिमान र तज्जनित सुख दुःखादि बोध रहँदैन । जसले क्रिया गर्दैन, उनको शरीराभिमान नष्ट हुँदैन, बरु झन बढोत्तरीलाई प्राप्त हुन्छ । अतयव त्यो जन्म मृत्युको भयको कारण बन्दछ । जन्म मरण आदि ल्केश जीवको निम्ति महाभय हुन । यस महाभय देखि एक मात्र क्रियाले नै परित्राण गरी विमुक्ति प्रदान गर्न सक्तछ, अतयव क्रिया गर्नु नै सबैको निम्ति कर्त्तव्य हो । यदि कसैको बुद्धि सात्विक छैन, परन्तु यदि त्यसले नियमितरुपले क्रिया गरोस त तेसको प्राणको गति सुषुम्नामा हुनेछ । जब प्राण सुषुम्नावाही हुन्छ त बुद्धि स्थिर हुन जान्छ अर्थात बुद्धि सात्विक हुन जान्छ । सात्विक बुद्धिद्वारा नै बन्धन देखि छुटकारा मिल्दछ ॥३०॥

(राजसी बुद्धि)

यथा कर्ममधर्मं च कार्यं चाकार्यमेव च;
अयथावत् प्रजानाति बुद्धिः सा पार्थ राजसी ॥३१॥

श्री धरीय टीका- [राजसी बुद्धिको विषयमा भन्नु हुन्छन्] - हे पार्थ ! जुन बुद्धि द्वारा धर्म र अधर्म, कार्य र अकार्य यथायथरुपसँग जानिदैन, त्यही राजसी बुद्धि हो ॥३१॥

आध्यात्मिक व्याख्या- "क्रिया गर्नु धर्म हो, क्रिया नगर्नु अधर्म हो, क्रिया गर्नु कर्म हो क्रिया नगर्नु अकर्म - जुन बुद्धिले यसरी जान्दैन, यस किसिमको अस्थिर बुद्धिको नाम राजसिक बुद्धि हो "

- जुन बुद्धिद्वारा निश्चित भावले धर्माधर्म या कार्याकार्यको स्वरुप समझमा आउँदैन, त्यही राजसी बुद्धि हो । स्वरुप बुझिनमा आउँदैन र सन्देह रहन जान्छ - यो त्याज्य हो या ग्राहय । निःशंसय हुन सक्तैन । सबैतिर अस्पष्ट भाव रहन्छ । हाम्रो भित्र प्राणरुप जुन सूत्र छ, त्यही सब भूतहरुको पोषक या धारक हुन । यो धर्मरुपी प्राणसूत्र नै सबचीज हुन । प्राण नरहेमा सारा मानिसहरु निश्चल निस्पन्दवत् हुन जान्छन । त्यसलाई हामी बुझ्न पाउँदैनौ, यसै कारण प्राण प्रति कुनै आस्था हुँदैन । एस्तो बुझिइन्छ यो प्राण धर्म यन्त्र समान काम गर्दै गैरहेकोछ, त्यससँग धर्माधर्मको कुनै सम्बन्ध छैन, यस प्राणरुपले नै भगवान् घट-घट विराजमान छन । सूत्रात्मारुपले प्राण नै जगतको पोषक र चालक छ । प्राण बिना केही पनि रहँदैन । यसैले प्राणक्रिया द्वारा प्राणलाई दीर्घ गर्नु पर्ने हुन्छ । प्राणायाम गर्नाले श्वासको आभ्यान्तरिक र बाहय गति अवरुध्द हुन्छ । यस किसिमको अवरोध द्वारा ज्ञानको अज्ञानमूलक आवरण क्षीण हुन जान्छन । अज्ञान नष्ट हुनु बिना जीबको भवबन्धन देखि छुटकारा हुँदैन । यसैले क्रिया गर्नु नै सर्वोत्तम धर्म हो तथा नगर्नु नै अधर्म हो । क्रियाको सम्बन्धमा जसकोस्थिर बुद्धि छैन अर्थात विश्वास छैन, जब मन लाग्दछ त गर्दछ, जब राम्रो लाग्दैन त गर्दैन - यस किसिमको भावना हुने बुद्धिमा ज्ञान उत्पन्न हुँदैन, आत्म दर्शन हुँदैन,अतयव त्यो सांसारिक बुद्धि या राजसिक बुद्धि हो ॥३१॥

(तामसी बुद्धि)

अधर्मं धर्ममिति या मन्यते तमसावृता;
सर्वार्थान्विपरीतांश्च बुद्धिःसा पार्थ तामसी ॥३२॥

श्री धरीय टीका- [तामसी बुद्धि के हो यो बताउनु हुन्छ] - विपरीत ग्राहिणा बुद्धि नै तामसी बुद्धि हो । अन्तः करण नै बुद्धि हो, ज्ञान उसको वृत्ति हो, धृति पनि उसको वृत्ति हो । अथवा अन्तः करण रुप धर्मीको बुद्धि एवं अध्यवसाय वृत्तिहरु छन । इच्छा द्वेषादि अन्तः करणको वृत्तिहरुको बहुत्व रहेर पनि धर्माधर्म भयाभय साधन रुप बुध्यादिको प्रधानताको कारण यिनको त्रिविधता भनियो । अन्यान्य वृत्तिहरुको पनि यी उपलक्षण हुन ॥३२॥

आध्यात्मिक व्याख्या- "क्रिया नगर्नु नै धर्म - सब वस्तुहरुमा दृष्टि अनि ब्रहम जुन सर्वत्र छन उनमा दृष्टि गर्दैन यस किसिमको बुद्धिलाई तामसिक बुद्धि भन्दछन ।"-

जुन बुद्धि समस्त विषयहरुलाई विपरित भावले ग्रहण गर्दछन त्यसलाई तामसिक बुद्धि भन्दछन । तामसी बुद्धिले युक्त मानिस धर्मलाई अधर्म र अधर्मलाई धर्मरुप मान्दछन । यस्तो बुद्धिको अगाडि दुःखप्रद वस्तु सुखप्रद ज्ञान हुन्छ तथा जुन असत्य र अनित्य छ, त्यो सत्य र नित्यवत प्रतीत हुन्छन । जुन यथार्थमा सत्य र नित्य छ, त्यो असत्य र अनित्य जानिइन्छन । हाम्रो यो शरीर कस्तो अनित्य छ कहिले छ, कहिले

छैन, तथापि यस शरीरलाई हामी नित्य मानेर रक्षा र आदर सत्कार गर्नमा कति व्यस्त रहन्छौ, मानो यो चिरकाल सम्म बनिरहनेछ। तामसी बुद्धिको कारण नै हामी ऋषि प्रणीत शास्त्रहरुको अवज्ञा गर्दछौं तथा शास्त्र कथित कर्म र आचार समूहलाई अन्धसंस्कार भनेर उपहास गर्दछौ। कदर्य एवं कदन्न ग्रहण गर्नु नै अकाल मृत्युको कारण हुन यी शास्त्र वाक्यहरु प्रति हामी व्यंग गर्दछौ तथा शास्त्रोक्त सदाचार त्याग गरी गर्व गर्दछौं। श्रेयः साधनलाई त्याग गरेर प्रेयः साधनमा जीवन बिताउँदछौं। क्रिया गर्नु जुन परम धर्म तथा प्रकृत सुख शान्ति प्राप्तिको उपाय हो, तामसिक बुद्धियुक्त मनुष्य अहंकार र अज्ञान वश त्यसको उपेक्षा गरेर योगाभ्यासादिको निन्दा गर्दछन तथा आफ्नो र अरुको कल्याणको मार्गमा कण्टक रोपेर आफुलाई बुद्धिमान् सम्झन्छन। जो सर्वत्र रहन्छ हाम्रो भित्र बाहिर विद्यमान छ, जुन नित्य परम पदार्थ हो, विवेक दृष्टिको अभावमा त्यस आत्मालाई बुझ्ने र जान्नुको चेष्टा नगरी जुन अनित्य र कष्टदायक छन ती सब भोग्य द्रव्यादिहरु प्रति तिनीहरु लोलुप दृष्टि गर्दछन अनि त्यसलाई प्राप्य गर्नमा आफुलाई भाग्यवान् तथा अप्राप्त गरेमा अभागी सम्झन्छन। यी सारा उल्टो भाव तामसी बुद्धिको लक्षण हुन, आजको समयमा एस्तो तामसी बुद्धिको प्रभाव अधिक हुन जान्छन ॥३२॥

(सात्त्विकी धृति)

धृत्या यया धारयते मनः प्राणेन्द्रिय क्रियाः ;
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३

श्री धरीय टीका- [अब तीन श्लोकहरुमा धृतिको त्रिविधा बताउनु हुन्छन] - चित्त एकाग्रताको कारण विषयान्तरलाई धारणा गरी जुन धृति द्वारा इन्द्रियहरुको क्रियाहरु नियमन या विरोध गरिइन्छन, त्यो धृति सात्त्विकी हो ॥३३॥

आध्यात्मिक व्याख्या- "क्रियाको परावस्थामा आफसे आफ जब धारणा भएर मनको र प्राणवायुको तथा दस इन्द्रियहरुको समस्त ज्ञानले रहित भएर - धारणा - ध्यान - समाधिपूर्वक स्थिर रहन्छ तब आफु आफ़ैमा रहन्छ, दोश्रो तिर आसक्तिपूर्वक तब दृष्टि जादैन - यस किसिमको धारणाको नै नाम सात्त्विक धारणा हो।" - "ध्रियते अनया इति धृतिः इति यत्न विशेषः"- (आनन्दगिरि) जुन यत्न विशेष द्वारा मन, प्राण र इन्द्रियहरुको क्रिया नियमित हुन्छ त्यसलाई धृति भन्दछन। यो धारणा योगधारणा हुनु पर्दछ समाधि साधन बिना यो हुँदैन। समाधि साधन बिना धारणा भएमा त्यो असिद्ध हुन्छ। अतयव जुन धारणा प्राणायाम गर्दा गर्दा प्राणवायु निरोधको कारण हुन्छ, त्यसमा मन र इन्द्रियहरुको क्रिया निरुध्द हुन जान्छ। तब अन्यतिर दृष्टि जाँदैन, आफु आफैमा रहन्छ यही सात्त्विक धृति हो।

साधारणतः अढाई दण्ड इडामा, अढाई दण्ड पिंगलामा अनि सामान्य क्षण सुषुम्नामा प्राण प्रवाहित हुन्छ। इडा पिंगलाको क्रिया द्वारा सुषुम्नामा श्वासको गति हुन्छ। तब क्रियाको परावस्था या स्थिरत्व पद प्राप्त हुन्छ। यसरी स्थिर भएपछि समस्त इन्द्रियहरु तथा मनको विषयहरुमा गति निवृत्त हुन जान्छन। यही पाप

शून्य अवस्था हो । क्रिया गर्दा गर्दा मनको चचंचलता क्षयको साथै पापको पनि क्षय हुन जान्छ । तब आफ्नो हृदय तथा हृदयस्थ देवताको अनुभव गरिन जान्छ । त्यो परमानन्दको अवस्था हो । तब साधकको अरु कुनै आश्रय या अवलम्बन रहँदैन । यस किसिमको निरावलम्ब स्थिति नै क्रियाको परावस्थामा छ । यस स्थिति द्वारा योगीजन मणिबन्धको पर जुन पद छ तेसलाई प्राप्त गर्दछन । यही हो विष्णुको परम पद । शरीरमा सर्वदा वायु चल्दछ । त्यस वायु द्वारा क्रिया गरी साधक पाप देखि मुक्त भएर पवित्र हुन जान्छ । स्थिर पद नै ईश्वर हो, त्यो प्राणरुपमा हृदयमा रहन्छ । यो स्थिर भाव जब विस्तृत हुन्छ, तब महत् पद प्राप्त हुन्छ । तबै ईश्वरीय महिमा देखि साधक परिचित हुन्छ । यो स्थितिपद जति जति बढ्दछ, त्यति त्यति नै धृति सात्त्विक हुन्छ । तब मन अवलम्बन शून्य भएर स्थिर हुन्छ बिना चेष्टा या बिना अवरोध वायु स्थिर हुन जान्छ तथा दृष्टि पनि कुनै विषयमा लक्ष्य नहुनुको कारण स्थिर हुन जान्छ । यसको दोश्रो नाम हो खेचरी-सिद्धि ॥३३॥

यया तु धर्म कामार्थान्धृत्या धारयतेऽर्जुन ;
प्रसंगेन फलाकांक्षी धृतिः सा पार्थ राजसी ॥३४॥

श्री धरीय टीका- (राजसी धृतिको विषयमा भन्नु हुन्छ) जुन धृति द्वारा धर्म, अर्थ र काम प्रधानरुपमा अवधारित हुन्छन, त्यस धृतिलाई राजसी धृति भन्दछन ॥३४॥

आध्यात्मिक व्याख्या- "धर्म फलाकांक्षा साथ कर्म तथा अन्य सब कर्म फलाकांक्षा साथ जुन धारणा हुन्छ त्यो राजसिक धारणा हो । "

-धर्म अर्थ र काममा जो मग्न रहन्छन, मोक्ष चिन्ता जसको हृदयमा हुँदैन, फलाकांक्षाले नै जो कर्म साधनमा प्रवृत्त हुन्छन, तिनीहरु मन र इन्द्रियहरु द्वारा खालि भोग सुखको नै आलोचना गर्दछन, उनिहरुको धृति नै राजसी धृति हो । साधनादि अभ्यास गर्दामा पनि उनको चित्त वासनारहित हुन चाहँदैन । साधन द्वारा कहिले कुन फल प्राप्त होला, यसै चिन्तामा मग्न रहन्छन । क्रिया गरेर केही स्थिर भएर पनि फलको इच्छा गर्दछन । प्रसंगवश यदि यस किसिमको चिन्तामा कामना सिद्ध हुन जान्छ त तिनीहरु मनमा धारणा बनाउँछन - यदि त्यो अवस्था पुनः आउँछ त केही कामना पुरा हुन्थ्यो । यसले मोक्षमार्गमा विशेष विघ्न उत्पादन गर्दछ ॥३४॥

(तामसिक धृति)

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ;
न विमुंचति दुर्मेधा धृतिःसा पार्थ तामसी ॥३५॥

श्री धरीय टीका- (तामसी धृतिको विषयमा भन्नु हुन्छ) - जुन धृति द्वारा स्वप्नादिको अर्थात् निद्रा, भय, शोक, विषाद तथा मदलाई परित्याग गर्दैन अर्थात् पुनः पुनः दोहऱ्याउँछ, त्यो धृति तामसी हो ॥३५॥

आध्यात्मिक व्याख्या- "स्वप्न, भय, विषाद, गर्व- यस किसिमको कर्ममा धारणा तामसिक कहलाउँछ ।"

धृतिको अर्थ हो धारणा । विगत सुख दुःखादि या विषादशोकको जुन स्मृति या धारणा चित्तमा लागिरहन्छ, त्यही समय समयमा मनमा उदित हुन्छ तथा उदित भएर पुनः शोक दुःख मोहलाई उत्पन्न गर्दछन । जुन धृति द्वारा यसरी शोक मोहप्रति विषय पुनः पुनः मनमा आवर्त्तित हुन्छन, कदापि भुल्दैनन् त्यही तामसी धृति हो । विषय व्यापारलाई दुःखप्रद जानिकन पनि एस तामसी धृतिको संस्कार वशात् हामी विषय चिन्तन देखि निवृत हुन पाउँदैनौ । निद्रा पनि हाम्रो एक तामसी वृत्ति हो, त्यसलाई हामीले तामसी धृति द्वारा समातिरहन्छौ र प्रतिदिन नियमपूर्वक सुत्न जान्छौ । निद्रा मनको एक किसिमको आच्छन्न या तमोभाव हो, त्यस समय मनको क्रियाशीलता लुप्त हुन जान्छन । एस्तो कुरा त छैन हामी निद्रालाई त्याग गर्न सक्तैनौं । पतंजलि ऋषिले निद्रालाई पनि मनको एक वृत्ति विशेष भनेको छ । निद्रामा पनि एक किसिमको प्रत्यय हुन्छ, जसद्वारा हामी निद्राकालीन अवस्थालाई जाग्रत अवस्थामा स्मरण गर्न सक्दछौं । म सुखसँग सुतेको थिंए, मन आज खूब प्रसन्न जानिन्छ, "प्रज्ञा मे बिशारदी करोति" - मेरो प्रज्ञालाई खूब विशुद्ध गर्दछ- यस प्रकारको निद्रा सात्त्विक निद्रा हो । एस्तो निद्रामा देवदर्शन हुन्छ, इष्टफल प्राप्ति हुन्छ । अर्को एक किसिमको निद्रा छ त्यो राजसिक हो । म कष्टसँग निदाय,मेरो मन अकर्मण्य भएकोछ, अर्थात मनमा केही पनि राम्रो लाग्दैन, सुख या सहजै केही स्मरण हुँदैन, मन मानो अनवस्थित भएर भ्रमण गर्दछ, सुत्दा सुत्दै असम्बद्ध स्वप्न देख्दछ, बिउँझेर उठेपछि मन अत्यन्त अप्रसन्न खिन्न रहन्छ, यही राजसिक निद्रा हो । तमोभावापन्न निद्रामा निद्रा खूब गाढा हुन्छ, किन्तु बिउँझेर उठेपछि मन प्रसन्न रहँदैन, शरीरको थकाई मेटिदैंन, बरु झन शरीरमा एक भारीपन अप्ठेरो जानिन्छ, चित्तको जडता र आलस्य हराउँदैन । निद्राको निरोध नभएमा योगको प्राप्ति हुँदैन । हाम्रो देशमा पूर्वयुगका महात्माहरु अधिकांशतः जितनिद्र हुन्थ्ये ।

आत्म बिचारशील तथा योगेश्वर पुरुषहरुको भय, निद्रा, शोक एवं विषाद अत्यल्प हुन्छन, किनभने यी प्रकृतिका धर्म हुन, आत्माको होइन । तामसिक प्रकृतिका मानिसहरुका यी स्वाभाविक र अधिक मात्रामा हुन्छन । अतयव तिनीहरु असल बन्नुको चेष्टा पनि राम्रो सँग गर्न सक्तैनन् । यस किसिमका मानिसहरु साधनाको सामान्य क्लेशलाई पनि सहन गर्न चाहँदैनन् । एक दिन दैवात् यदि रात्रीमा जागेर साधनाभ्यास गर्दछन त तीनदिनसम्म दिनमा सुत्दछन र त्यसले शरीर र मन यति जड हुन जान्छन् पछि धेरै दिन सम्म नियमित समयमा उठन पाउँदैन । धेरै जसोको यो धारणा हुन्छ यदि निद्रा राम्रोसँग भएन भने त रोग हुन जानेछ । परन्तु जुन मनुष्य रात्रिमा जागेर साधनाभ्यास गर्दछन, ती सब सात्त्विक मानिसहरुलाई धेरै परिश्रम गर्दामा पनि थकाई लाग्दैन, यहाँ सम्म कि लगातार दुई चार दिन नसुत्दामा पनि दिउँसो निद्रा आउँदैन । आलस्य, भय, निद्रा यी तामसिक धर्म हुन । तमोगुण रहेपछि कुनै योगी या आत्मज्ञ हुन सक्तैन । श्री भगवान् यस धृतिको विषयमा भन्नु हुन्छ - जो तत्व ज्ञानेच्छुक छन उनको राजसी या तामसिक धृति भएमा काम चल्न सक्तैन । राजसिक या तामसिक मानिसहरुलाई आत्मामा या भगवानमा प्रकृत विश्वास हुँदैन । उनको संकल्पको पनि कुनै निश्चय हुँदैन, यस कारण तिनीहरु साधनाको फललाभ

देखि चिरवंचित हुन्छन । सात्त्विक धृति सम्पन्न पुरुष ठीक यसको विपरित हुन्छन । उनलाई साधनाभ्यासमा आलस्य लाग्दैन, आत्मामा पनि कुनै सन्देह हुदैन, यसैकारण तिनीहरु आफ्नो संकल्पमा अटल हुन्छन । ज्ञानी पुरुष देह सम्बन्धी हुँदैन, यसकारण देहधर्मले उनलाई स्पर्श गर्न पाउँदैन । चेष्टा गरेमा मनुष्य जितनिद्र या मृत्युभय शून्य हुन सक्तछन । किनभने जो जति नै आत्मस्थ हुन्छ, त्यो त्यति नै प्रकृतिको कारागार देखि मुक्त हुन्छ । मृत्युभय, शक्तिको स्वल्पता या देहको अस्वास्थ्य यी सब देह प्रकृतिको निजस्व हुन । जो देहप्रकृति देखि मुक्त छ, त्यो प्रकृतिजात गुणहरु देखि व्याकुल हुनेछैन । हामी भित्र जुन जीवछ, त्यो प्रकृतिसँग मिलेर बिलकुल जडभावापन्न एवं शोक भयग्रस्त भएकोछ । यस समय त्यो आफ्नो आत्मशक्तिमा विश्वास स्थापित गर्न पाउँदैन तथा रोगशोक विपदादिमा परेर आफुलाई नितान्त असहाय सम्झि रहेकोछ । आत्मा जन्म, जरा, रोग शोक अनि मृत्युदेखि रहित छ, आत्मा अभय एवं अमृत स्वरुप छ यस आत्मकथाको आलोचना गरेर त्यसको निद्रा भंग गराई दिनु पर्नेछ । आफ्नो प्रकृत स्वरुपको विश्वास जगाई दिएपछि रोगशोक परिपूर्ण बद्ध जीव फेरि शोकातिग अवस्था प्राप्त गरी कृत कृत्य हुन सक्नेछ ॥३५॥

(त्रिविध सुख)

सुखं त्विदानीं त्रिविधं श्रृणु मे भरतर्षभ ;
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ॥३६॥

श्री धरीय टीका- (अब अर्ध श्लोक द्वारा सुखको त्रिविधताको विषयमा भन्नु हुन्छ) - जुन सुखमा नियमित अभ्यासको कारण अति परिचय प्राप्त गरी रति प्राप्त हुन्छ, विषयसुख समान सहसा क्षणस्थायी रति प्राप्त हुँदैन तथा जसमा रत भएपछि दुःखको अन्त हुन जान्छ त्यही सात्त्विक सुख हो ॥३६॥

आध्यात्मिक व्याख्या- "सुख तीन प्रकारका छन - अभ्यास द्वारा क्रिया गरेर जहाँ पुगिन जान्छ त्यहाँ सुख छ, जसले सुन्दर परव्योम देख्दछ क्रियाको परावस्थामा रहेर - दूरको अर्थात दुःख अन्य वस्तुमा आसक्तिपूर्वकहेर्नु - दुःख छ दूरको ख=शून्य, पंचतत्त्वको शून्याकार चटक-मटक-भडक देख्दछ - आसक्तिपुर्वक त्यसैमा लागिरहेर मानिसहरु विव्रत हुन जान्छन - एसैको नाम नै दुःख हो - यो सर्वदा सबलाई हुन्छ परन्तु क्रियाको परावस्थामा यस दुःखको अन्त हुन्छ ।"-

- कर्म तत्त्वको विषयमा भन्नु हुँदै श्री भगवान्‌ले कर्मको प्रवर्त्तक ज्ञान, कर्मको आश्रयकर्त्ता तथा कर्मको साधन बुद्धि, धृति आदिका त्रिविध भेदहरु वर्णन गर्नु भयो । अब कर्मको फल सुखादिको पनि त्रिविध भेद देखाउनु हुन्छ । सुखको त्रिविध भेदलाई बताउनु हुँदा कुन किसिमको सुख मनुष्यलाई वांछनीय छ तथा कुन चाँहि सुख अग्राह्य छ । त्यो परिचित छ र सहजै मिल्दछ पनि, परन्तु अन्तसम्म सुखप्रद हुँदैन, अतयव त्यस प्रति आसक्त नभएर एस्तो सुखको सन्धान गर्नु पर्दछ जुन सहसा प्राप्त हुदैन, पुनः पुनः अभ्यास गरेपछि प्राप्त होस तथा प्रकृत दुःखको अवसान हुन जाओस । यही हो समाधि जनित सुख । अभ्यास केलाई

भन्दछन ? योगदर्शनमा लेखिएकोछ - "तत्र स्थितौ यत्नोऽभ्यासः" । चित्त जब वृत्तिशून्य हुन्छ त त्यस निरोध प्रवाहलाई स्थिति भन्दछन । त्यस स्थितिको लागि पुनः पुनः उत्साह साथ जुन प्रयत्न गरिइन्छन, त्यसको नाम अभ्यास हो । यस अभ्यास द्वारा आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक दुःखहरुको अवसान हुन्छ । आध्यात्मिक ल्केश मानसिक हो । दैवको प्रतिकुलता देखि अथवा पूर्वजन्मको कर्महरुको फल देखि जुन प्रतिबन्धकादि विघ्न आउँदछन, ती नै आधिदैविक ल्केश हुन वात-पित्त-कफ जनित शारीरिक ल्केश आधिभौतिक भनिन्छ । यी दुःखहरुको अन्त भएपछि जुन सुख प्राप्त हुन्छ, त्यो गुणभेदले तीन किसिमका छन । त्यस सुखलाई प्राप्त गर्नको लागि अभ्यास गर्नु आवश्यक हुन्छ । क्रियाको अभ्यास द्वारा विस्तारै विस्तारै साधक तेस सुखमय स्थानमा पुग्न जान्छ, जहाँ पुगेपछि (क्रियाको परावस्थामा) अन्य वस्तुमा आसक्ति पूर्वक देख्नु, जुन दुःखको नामान्तर हो, फेरि हुँदैन । सुख=सु+ख=सुन्दर आकाश अर्थात परव्योम । व्योममा स्थिति समान अन्य कुनै दोश्रो उत्कृष्टता सुख हुन सक्तैन । दुःख=दु+ख, अर्थात जसले परव्योम देखि दूर हटाई दिन्छ । विषयासक्ति जसको जति धेरै हुन्छ, त्यो परव्योम देखि त्यति नै दूरमा रहन्छ । पंचतत्त्वको चडक भडक देखेर मानिसहरु मुग्ध भएर त्यसतिर दौडादौडी गर्दछन, परन्तु तेहाँ शून्य भाण्ड टन-टन बज्दछ, सुखको आभास त छ, किन्तु प्रकृत सुखको लेश सम्म रहँदैन । जीव आपात मनोहर वस्तु पाएर त्यसैमा मुग्ध भै परम सुख प्रति उदासीन भएर समस्त जीवनलाई दुःखमय गरी दिन्छन । विषयलाई प्राप्त भएपछि दुःख नष्ट हुँदैन । क्रियाको परावस्था नै एकमात्र दुःखको निवर्त्तक छ ॥३६॥

(सात्त्विक सुख)

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ;
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धि प्रसादजम् ॥३७॥

श्री धरीय टीका - [त्यो सुख कस्तो छ, यो बताउनु हुन्छ] - जुन मन संयमको अधीन हुनुको कारण पहिले विषवत् दुःखावह जानिइन्छन, परन्तु परिणाममा अमृत समान हुन्छ, तथा जुन सुख आत्म बुद्धिको प्रसाद देखि उत्पन्न हुन्छ त्यसलाई योगीजन सात्त्विक सुख भन्दछन । आत्म विषयक बुद्धि नै आत्मबुद्धि भनिन्छ, त्यसको प्रसाद अर्थात् रजस्तमोरुप मल त्याग भएपछि बुद्धिको जुन स्वच्छ रुपमा अवस्थान छ, त्यसले जुन सुख उत्पन्न हुन्छ त्यो सात्त्विक हो । ॥३७॥

आध्यात्मिक व्याख्या - "पहिले विषको ज्वाला जस्तो हुन्छ, उसरी नै सन्तहरुको मति या क्रियाको कुरा सुन्नासाथ अहंकारले आवृत मन कहिल्यै ग्रहण गर्न सम्मत हुँदैन - परन्तु एकबार कन्धा झुकाएर गुरु वाक्यमा विश्वास गरी क्रियाको अभ्यासमा प्रवृत्त भएपछि अमृत (को प्राप्ति हुन्छ) । अमृत त सुनेको सबैले छ परन्तु कसैले कहिल्यै न देख्यो न त अनुभव गर्‍यो -क्रिया पनि गुरुवाक्य द्वारा उपदेश पाएर त्यसको अनुभव गर्न सक्दछन - त्यस अनन्त सुखलाई पाए पछि नै अमर पद प्राप्त हुन्छ - सुषुम्नामा रहिकन त्यो

क्रिया हुन्छ यसकारण तेसलाई सात्विक सुख भन्दछन । त्यो खालि आत्मामा बुद्धि स्थिर गरी क्रिया द्वारा हुन्छ - आत्माको कृपाले नै परमानन्द प्राप्त हुन्छ ।"-

- सात्विक सुख इन्द्रिय भोग जनित सुख होइन । त्यो तपः ल्केश, वैराग्य एवं ध्यान द्वारा साधित हुन्छ । यसै कारण तेसको साधन सहज या अनायास लभ्य छैन । यसको मार्ग प्राप्त गर्नु सहज छैन र पथ पनि सुगम छैन । भुक्त भोगी जन जान्दछन - क्रिया पहिले पहिले यहाँ सम्म कि दुईचार वर्ष राम्रो लाग्दैन । यद्यपि कोही यस मार्गलाई आग्रहसाथ ग्रहण गर्दछ, तथापि केही दिन गरेर जब एसको दुर्गमता एवं नीरसता समभ्रमा आउँछ, तब फेरि उसको चित्त अग्रसर हुन चाहँदैन । पहिले प्रयत्नमा अलि अलि शिथिलता आउँछ, फेरि अन्तमा तेतातिर पदार्पण गर्नुको इच्छा हुँदैन, यहाँ सम्म कि धेरैलाई तब साधनामा बस्न पनि डर लाग्दछ । परन्तु जसले गुरुवाक्यमा निर्भर गरेर "जो हुनु छ त्यही हुनेछ" भनेर फलाफल तिर नहेरी हिम्मतसाथ क्रियाको अभ्यासमा चित्तलाई लगाई राख्दछन्, त्यसले एक न एक दिन साधनाको उत्तप्त मरुभूमिलाई पार गरी साधनाको परावस्थारुप सुशीतल शान्तिमय ह्रदमा अवगाहन गरेर कृतकृत्य हुन जान्छन । तब त्यो अमृत पान गरेर अमर हुन जान्छ । उनको सम्बन्धमा नै भक्ति सूत्रको यो कथन सार्थक छ ।

"स तरति स तरित स लोकान् तारयति" - त्यो पार हुन जान्छ, त्यो त पार हुन्छ नै अरुहरुलाई पनि पार गरिदिन्छ । जुन अमृतको कुरा हामी मुखले मात्र गर्दछौं या कानले सुन्दछौं, त्यस अमृतलाई उसले साक्षातरुपमा प्राप्त गर्दछन । परन्तु यो अभ्यास सहज छैन । एक त प्रथम प्रथममै बडो तीतो लाग्दछ, दोश्रो दीर्घकाल सम्म यसको अभ्यास गर्नु पर्ने हुन्छ । यसले स्वल्प प्रेमवाला मनुष्यको धैर्यको बाँध फुटन जान्छ । दीर्घ समय सम्म तथा धेरै धेरै दिन सम्म साधना गर्नु बिना प्राण सुषुम्नामा प्रवेश गर्दैन । प्राण सुषुम्नामुखी हुनु बिना त्यस परम सुखको आस्वादन कसैलाई प्राप्त हुन सक्तैन । मन लगाएर धेरै दिन सम्म क्रिया गरेपछि आत्म गुरुको कृपाले आत्मामा बुद्धि स्थिर हुन जान्छ अनि जसलाई शास्त्रमा परमानन्द भन्दछन्, त्यो परमानन्द तब साधकलाई प्राप्त हुन्छ । इन्द्रिय सुख शरीरलाई लिएर हुन्छ, परन्तु सात्विक सुखमा शरीरलाई विर्सनु पर्ने हुन्छ । यस सुख भोगको समय मनमा संकल्प रहँदैन, त्यस समय मन बुद्धिसाथ लिकन एक हुन जान्छन, प्राण पनि स्पन्दनशून्य हुन जान्छ, अतयव बुद्धिमा अन्य कुनै बिचारको तरंग उठदैन । तबै बुद्धिसंग आत्माको मिलन हुन्छ । यही 'सु=सुन्दर, ख=शून्यं' हो । विषय सम्पर्क देखि शून्य हुनुको कारण बुद्धिमा रंच मात्र पनि विषयको दाग लाग्दैन, त्यसमा खालि आत्मा नै लक्ष्य हुन्छ । निद्रा आलस्य देखि हुनें तामसिक सुख तथा विषयेन्द्रियको योगले हुनेवाला राजसिक सुख यो होइन । बुद्धि सँग आत्माको मिलन को जुन सुख छ यो त्यही सात्विक सुख हो । यसमा शारीरिक चचंचलता हुँदैन । बुद्धि त्यस समय एकाग्र भएर निरुध्द रहन्छ । त्यस समय अन्य केही अनुभव रहँदैन । प्रकृत सुख त्यसैलाई भन्दछन । आत्मा आनन्द स्वरुप छ, अतयव त्यस समय एक आनन्द बाहेक अरु कुनै अनुभव रहँदैन । त्यतिखेर बुद्धि त्यसै आनन्दमा मिलिकन आनन्द रुप हुन जान्छ ॥३७॥

(राजस सुख)

विषयेन्द्रिय संयोगाद्यत्तदग्रेऽमृतोपमम्‌
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम्‌ ॥३८॥

श्री धरीय टीका - [राजस सुखको विषयमा भन्नु हुन्छ] -विषय एवं इन्द्रियको संयोगले उत्पन्न सुख जस्तो स्त्री संसर्गादि पहिले अमृतोपम हुन्छ । अनि परिणाममा विषतुल्य हुन्छ । त्यो इहकाल एवं परकालमा दुःखको हेतु छ । यस किसिमको सुख राजसिक कहलाउँछ ॥३८॥

आध्यात्मिक व्याख्या - "विषय इन्द्रिय अर्थात फलाकांक्षासँग आसक्तिपूर्वक देख्नुमा पहिले जानिइन्छन - रक्षा भयो, एस्तो उत्तम वस्तु पाएकोछु यो सोचेर मैथुन गर्दछ, किन्तु यो मन स्थिर गरेर म अमर छु, मर्ने छैन, के म मर्ने छु ? जसले मलाई मर भन्छ त्यो मरोस, जसले कहिल्यै मृत्युको विवेचना गर्दैन त्यो पनि मर्नेछ, अनि जसले मर भन्छन के वाँचला - अर्थात् दुबै नै मृत्यु पाशमा परेकाछन, तथापि केटा केटी समान मिथ्या कुरालाई सत्य मान्दछन, अतयव कुरा नै खराब छ, जसलाई बोल्नु बिना रहन सक्तैन परन्तु क्रियाको परावस्थामा आफसे आफ मौन हुन जान्छ । परिणाम स्वरुप मैथुन पछि कुनै सडेको योनिमा लिंग राखेर विष समान ज्वाला उपस्थित हुन्छ यसको नाम राजसिक सुख हो ।"-

- शब्द-स्पर्श-रुप-रस-गन्धादि सँग श्रोत्र, त्वक, चक्षु, जिहवा, नासिका आदि इन्द्रियहरुको संयोग हुँदा खेरि जुन एक किसिमको सुख उत्पन्न हुन्छ त्यो पहिले अमृतोपम जानिन्छन । त्यसलाई पाउनको लागि हाम्रो चित्त कति व्यग्र हुन्छ। जानिइन्छ एस्तो सुखप्रद वस्तुअरु कुनै छैन । स्त्री संगम आदि सुखहरुको समाप्तिको समय एक परिणाम विरस भावआई उपस्थित भइदिन्छ, जसले ती सब सुख केही क्षण काल पछि विषतुल्य लाग्न थाल्दछन । मनमा बडो घृणा हुन्छ र ती सुख अतीब तुच्छ जानिइन्छन् । खालि एति मात्र होईन, यस किसिमका इन्द्रिय परायणताको परिणाम अरु पनि भयावह हुन्छन । त्यसले बल, वीर्य, मेधा, रुप, धन र उत्साह सब विनष्ट हुन जान्छन । इन्द्रिय तृप्तिको लागि कति कति अधर्मको आश्रय लिनु पर्ने हुन्छ अनि त्यसको परिणाम स्वरुप जीवलाई नरकादि महादुःख भोग्नु पर्ने हुन्छ । मनुष्य यस सामान्य सुखमोहले पागल समान आफ्नो कति अनिष्ट गर्दछ, आफ्नो भविष्यलाई तमसावृत गरी हाल्दछन, यसलाई स्थिरतापूर्वक विचार गरिहेर्दा मुटु काँपेर उठदछ । अब सात्त्विक सुखसँग राजसिक सुखको तुलना गरेर हेर्नु होस । राजसिक सुख सात्त्विक सुखको विपरीत छ । राजसिक पहिले अमृत तुल्य अनि पछि विष समान ज्वालाप्रद हुन्छ । सात्विक सुख पहिले विष समान जानिइन्छ, परन्तु पश्चात् अमृत समान लाग्दछ । राजसिक सुखको साधनामा कुनै कष्ट हुँदैन, विषयसँग इन्द्रियको संयोग हुनासाथै सुख प्राप्त हुन जान्छ । परन्तु सात्त्विक सुख सहसा प्राप्त गर्न सकिदैन । यसको लागि कठोर साधना गर्नु पर्ने हुन्छ । अभ्यास गर्दा गर्दा प्राण मन दिक्क भै दिन्छ, कति गर्ने साधना परन्तु जब एकबार प्राण वशमा हुन जान्छ तब साधनामा सिद्धिलाभ हुन्छ । बुद्धि निर्मल हुन जान्छ र तेस शुद्ध बुद्धिमा आत्माको स्वरुप दर्शन हुन्छ । तब मनमा जुन प्रसन्नता आउँदछ, त्यस सँग दोश्रो कुनै आनन्दको तुलना हुनै सक्तैन । त यो सुख

एकमात्र आत्मज्ञान देखि नै प्राप्त हुन सक्दछ । आत्म ज्ञानमा जसको निष्ठा छैन, तिनीहरु बाहय सुखको आशा गर्दछन, ती सुखहरुको लागि उनिहरुलाई धेरै धेरै कष्ट सहन गर्नु पर्ने हुन्छ, त्यसको फलस्वरुप नानाकिसिमका दुःसाध्य रोग व्याधिहरु भोग्नु पर्दछ अनि मरणोपरान्त नरक भोग गर्नु पर्ने हुन्छ । राजसिक सुख त खालि वासना परितृप्तिको साधन हो , यसै कारण त्यो चचंचल छ, यस सुखको लागि अन्य वस्तुको अपेक्षा गर्नु पर्दछ । सात्विक सुखत इन्द्रियसँग विषयको संयोग देखि उत्पन्न हुँदैन । त्यो मन, प्राण र बुद्धिको स्थिरता देखि उत्पन्न हुन्छ, अतयव त्यो अचंचल छ तथा विषय मिश्रित छैन । यसै कारण त्यो निर्मल आकाशवत स्वच्छ तथा सर्वतोमुखी छ । त्यो केवल परमानन्द स्वरुप छ, त्यसमा दुःखको तरंग उठदैन । राजसिक सुख देहेन्द्रियको संसर्गले उत्पन्न हुन्छन अनि सात्विक देहेन्द्रियादिको अतीतावस्थामा प्राप्त हुन्छ ॥३८॥

(तामस सुख)

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ;
निद्रालस्य प्रमादोत्यं तत्तामस मुदाहृतम् ॥३९॥

श्री धरीय टीका - [तामस सुखको विषयमा भन्नु हुन्छ] - जुन पहिले र पछि आत्मालाई मोहप्रद तथा जुन निद्रा, आलस्य, प्रमाद एवं कर्त्तव्य कर्ममा अनवधानता आदि विषयहरु देखि उत्पन्न हुन्छ, त यो सुख तामस कहलाउँछ ॥३९॥

आध्यात्मिक व्याख्या - "पहिले मनलाई बाँधिदिन्छ, किंचित अत्यल्प सुखको निम्ति मोहित गरिदिन्छ - त्यो निद्रामा पहिले अनुभव हुन्छ । यद्यपि जब कसैले बाधा दिन्छ तब अनुभव हुन्छ । तेसरी नै आलस्यमा पनि । तथा रुष्ट हुनुमा अथवा कुनै विषयमा प्रमत्ततापूर्वक आसक्ति साथ दृष्टि गर्नु यसलाई तामसिक सुख भन्दछन अर्थात केही पनि देख्न पाउँदैन ।"-

जुन सुख आत्मज्ञान देखि उत्पन्न हुँदैन या विषयेन्द्रियको संयोगवश पनि हुँदैन, बरु निद्रा, आलस्य र प्रमाद देखि उत्पन्न हुन्छ त्यही तामसिक सुख हो । रातभरी सुतेर पनि दिंउसो खर्राटसँग निदाउँलान, सामान्य जप ध्यानमा मनोनिवेश गर्न पाउँदैन, यदि गर्दछन भने पनि केवल तन्द्रा । निद्रा नआएपनि खाटमा लडिरहन्छन, थोरै बेर सम्म पनि बस्न सक्दैनन्, केही बेर बसेमा सुत्ने नै इच्छा गर्दछन । जागेका छन तथापि कुनै कर्त्तव्य कर्म उत्थित भएमा त्यसलाई आलटाल गर्दछन, गर्नको लागि भनेमा झडंग रिसाइदिन्छन । के सुतनाले, तेसै बसिरहनाले आलस्यमा कालक्षेप गर्नाले कसैलाई सुख मिल्दछ ? अवश्य नै यसमा एक किसिमको सुख छ, परन्तु भोगादि समान इन्द्रिय तृप्ति या चित्त विश्रान्तिको कारण यो सुख हुँदैन । मनमा त शतः शतः कल्पनाहरु गर्दछन, परन्तु उठन या केही गर्नको लागि भनेमा विलकुल झर्किदिन्छन यसले जानिन्छ यस आलस्य या जडताको भित्र पनि एक किसिमको जडात्मक सुख छ, नत्र भने मनुष्यले तेसलाई छोडन किन चाहँदैनन् । यो सुख वस्तु तन्त्रता देखि शून्य हुन्छ । ।यो एक प्रकारको

बुद्धिको आच्छन्न भाव मात्र हो । मादक द्रव्य ग्रहण गर्दा पनि यस्तै किसिमको सुख अनुभूत हुन्छन । परन्तु यसले बडो हानी हुन्छ । यस तमोभावको कारण शरीर र मनको शक्ति दिनपर दिन खिइदैजान्छन, ज्ञानको उज्ज्वलता घटदै जान्छन, कुनै कर्त्तव्य कर्म निश्चित गर्न सक्तैनन् । आलस्य र अतिनिद्राको फल देखि धेरै जसो प्रतिभायुक्त शक्तिशाली मनुष्य पनि जीवनमा सफलता पाउन वंचित हुन जान्छन । तीक्ष्ण प्रतिभा रहेर पनि आलस्यले उनको गति अतीव मन्द हुन जान्छन । तमोगुणले एक किसिमको मादकता प्रदान गर्दछ, त्यसमा कुनै किसिमको बिचार रहँदैन । जाँड रक्सी खाएर रातभरी नालीमा लोटपोट गरिरहन्छन र विहान उठेर फेरि रक्सी पसल तिर दौडी दिन्छन । एस्तो दशा देखेर मानिसहरु कति घृणा गर्दछन, आत्मीयजनले कति कति धिक्कार गर्दछन, स्त्री-पुत्र-परिवारको दुःखको सीमाना रहँदैन, तथापि यस सामान्य सुखको लोभ छुटदैन । यस श्रेणीको सुखलाई नै तामसिक सुख भन्दछन ॥३९॥

(त्रिगुण देखि कोही मुक्त छैन)

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः ;
सत्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ॥४०॥

श्री धरीय टीका - [तीन श्लोकहरु द्वारा प्रकरणार्थको उपसंहार गर्नु हुन्छ]- जड या चेतन कुनै वस्तु प्रकृतिजात सत्त्वादि त्रिगुण देखि मुक्त छैन । पृथिवीको मनुष्यहरुमा या स्वर्गको देवताहरुमा कोही पनि छैन जो गुणहरु देखि मुक्त होस ॥४०॥

आध्यात्मिक व्याख्या - "पृथिवीमा स्वर्गमा देवता र क्रियान्वित व्यष्टि-यस प्रकृतिमा तीन गुण छन इडा, पिंगला, सुषुम्ना - सत्व, रजः तमः -यी तीन गुणहरु देखि मुक्त उसको तुल्य कोही छैन ।"-

- प्रकृतिको परिणाम यो जगत् छ, अतयव जगत्को कुनै वस्तु या कोही प्राणी सत्त्वादि गुणहरु देखि मुक्त छैन । जहाँ सत्त्वादि गुण छन, त्यहाँ तदनुसार कर्म पनि हुन्छन । यी सब भेदहरु देखाउनको लागि श्री भगवान्‌ले ज्ञान, कर्म, कर्त्ता, बुद्धि, धृति एवं सुखको त्रैविध्य देखाउनु भएको छ, जसबाट मनुष्यले बुझ्न सकोस - कुन किसिमका कर्म करणीय छन अनि कुन किसिमका कर्म त्याज्य छन । सर्वभूतहरुमा एकात्मताको ज्ञान नै सात्त्विक ज्ञान हो । जो सात्त्विक कर्त्ता हुन्छन उसको लागि सात्त्विक ज्ञानको कारण आसक्तिरहित भएर कर्म गर्नु स्वाभाविक हुन जान्छ । उसको बुद्धि पनि सात्त्विक हुन्छ, अतयव प्रवृत्ति निवृत्ति कार्य अकार्यको सम्बन्धमा उको ज्ञान निश्चित एवं सुदृढ हुन्छ । जुन कर्मले बन्धन हुन्छ त्यस कर्ममा त्यो कहिल्यै प्रवृत्त हुन सक्तैन । उसको प्रवृत्ति यस किसिमका कार्यहरुमा हुँदैन यसको कारण यो छ - उसको धृति सात्त्विक हुन्छ अर्थात समाधि साधन द्वारा बुद्धि मालिन्य रहित हुन जान्छन । वात्याहत डुंगा समान इन्द्रियहरुले उसलाई यत्रतत्र निक्षेप गरोस, एसको संभावना रहँदैन । यस किसिमका संयमको फल देखि जुन परमानन्द प्राप्त हुन्छ, त्यो सात्त्विक कर्त्ताले निश्चय नै प्राप्त गर्नेछ। यस निर्मल आनन्दलाई छोडेर विषयहरुको मैलाधैला वारि पान गर्नु उस्कोलागि सम्भावना नै हुँदैन यसैले श्री

भगवान्ले यी सब गुण जात कर्महरु तथा बुद्धिको भेदहरुलाई देखाउनु भएर साधकलाई सावधान गरिदिनु भएको छ आत्मा निर्गुण छ, अतयव कुनै कर्मफलले उसलाई बन्धनमा हाल्न सक्तैन । यसैले त्यस आत्मस्वरुपमा प्रतिष्ठित हुनु बिना कदापि त्रिगुणलाई अतिक्रमण गर्न सक्तैन । यी गुणत्रय नै आत्म स्वरुपमा प्रतिष्ठित हुनमा प्रधान बाधक छन । यसैले भन्नु हुन्छ गुणत्रयमा सत्त्व नै निर्मल एवं प्रकाशधर्मी छ, अतयव यदि सत्त्व गुणको आश्रय गर्न सकोस त ब्रहम संस्पर्श प्राप्त हुन जानेछ, ब्रहमको प्रकाश अनुभवमा आउनेछ । त्यो प्रकाश अनुभूत भएमा जीवलाई गुणत्रयले विमुग्ध गरी राख्न सक्तैन । त्रिगुणमयी प्रकृति नै इडा-पिंगला-सुषुम्ना हुन । इडा-पिंगलामा जबसम्म प्राण प्रवाह चल्दछ तबसम्म सन्सार दृष्टि नष्ट हुँदैन । यसैले क्रियाको अभ्यास गर्नु पर्दछ । क्रियाको अभ्यासले प्राण, सुषुम्नावाही हुन लाग्दछन त विचित्र विचित्र रुप एवं विचित्र विचित्र शब्दको दर्शन श्रवण हुन्छ । अपरिचित अनि अज्ञात देशको ती विचित्र दृश्यहरुलाई देखेर चित्त फेरि वाहय जगतको चित्रहरुलाई देख्नको लागि व्याकुलित हुँदैन । पश्चात् सुषुम्नामा प्राण रहँदा रहँदा आफसे आफ गुणातीत अवस्था प्राप्त हुन्छ । जसरी तीलमा तेल, दहिमा घृत, श्रोतमा जल तथा काष्ठमा अग्नि रहन्छ, उसरी नै प्रकृतिमा ब्रहम रहन्छ । प्रकृति पनि ब्रहम देखि पृथक छैन । क्रिया द्वारा देह प्रकृतिको भित्र तेसलाई परावस्था रुपमा लक्ष्य गर्न सक्दछन । कूटस्थमा रहँदा रहँदा अनुभव हुन्छ मानो आत्मालाई देखिरहेछु । पश्चात् फेरि द्रष्टामा पनि रहँदैन । जसरी दुग्धको प्रत्येक अणुमा घृत रहन्छ, उसरी नै सर्वव्यापी आत्मा सबको भित्र प्रकाशित हुन्छन । कूटस्थमा रहँदा रहँदा यो बोध निश्चल हुन जान्छ अतयव क्रियाको अभ्यास गरेर कूटस्थ दर्शनको योग्यता प्राप्त गर्नुको आवश्यकता छ । यसदेखि साधक इडा, पिंगला र सुषुम्नाको अतीतावस्था प्राप्त गरी सत्व, रजः र तमः यी तीन गुणहरुलाई अतिक्रम गर्न सक्दछ । यी तीन गुणहरु देखि देवता, मनुष्य अनि इतर प्राणी सबकासब आवद्ध रहन्छन् । यस त्रिगुणको बन्धन देखि मुक्त हुनु बिना जीवको दुःखभोगको अवसान हुँदैन ॥४०॥

(कर्म विभाग एवं तदनुयायी त्रिवर्ग)

ब्राहमण क्षत्रिय विशां शूद्राणां च परन्तप ;
कर्माणि प्रविभक्तानि स्वभाव प्रभवैर्गुणैः ॥४१॥

श्री धरीय टीका - [यदि क्रिया कारक फलादि तथा प्राणी समूह यी सब त्रिगुणात्मक छन, भने त प्राणिहरुको मुक्ति कसरी संभव होला, यस आशंकाको उत्तरमा भन्नु हुन्छ - स्वस्व अधिकार विहित कर्महरु द्वारा ईश्वरको आराधना गरेमा, उनको कृपाले प्राप्त ज्ञान द्वारा मुक्ति हुन्छ । समस्त गीतार्थको सारलाई 'ब्राहमण' इत्यादि श्लोक देखि अध्यायको समाप्ति पर्यन्त प्रकारान्तरले भन्नु हुँदैछन]-- हेशत्रुतापन! ब्राहमण, क्षत्रिय, वैश्य तथा शुद्रका सारा कर्म प्रविभक्त छन् अर्थात प्रकृष्ट रुपमा विभाग गरी विहित छन । यी वर्ण सात्त्विक राजसिकादि स्वभावले प्रादुर्भूत अथवा पूर्वजन्मको संस्कारले प्रादुर्भूत गुणहरु द्वारा विभक्त छन । तीनमा ब्राहमण सत्त्वप्रधान, क्षत्रिय सत्त्व मिश्रित रजः प्रधान, वैश्य तमः उपसर्जित (मिश्रित) रज प्रधान अनि शूद्र रजोमिश्रित - तमः प्रधान छन ॥४१॥

आध्यात्मिक व्याख्या - "ब्राहमण, क्षत्रिय, वैश्य, शूद्र - जो जसले जस्तो जस्तो कर्म गर्दछन, त्यस्तै त्यस्तै श्रेणीमा विभक्त भएका छन् - स्वभाव अर्थात् आत्मामा रहेर अडकिरहनु क्रियाको परावस्था - यस द्वारा जसको जस्तो गुण हुन्छ, त्यो त्यसै किसिमको जातिमा विभक्त हुन्छ ।" -

- त्रिगुणात्मिका माया नै यस सन्सारको कारण हो । यो माया यदि भगवान्को हो भने त उनकै साथ नै रहन्छ र रहनेछ । अतयव उसको निवृत्ति कहिल्यै सम्भव हुन सक्तैन, यस सन्देहको निवारण गर्नको लागि, जुन उपायले सन्सार कारणको निवृत्ति हुन सक्तछ, श्री भगवान् अब त्यही उपाय बताउनु हुनेछ । चतुर्दश अध्यायमा भगवानले भन्नु भएको छ - प्रकृति देखि उत्पन्न सत्त्व रजः एवं तमो गुण यस अव्यय देहीलाई आवद्ध गर्दछन । अतयव यस गुणत्रयलाई जसले अतिक्रम गर्न सक्तैन त्यसलाई स्व-स्वरुपमा अवस्थान या मुक्ति प्राप्तिको आशा छैन । कठिन भएर पनि भगवद भक्ति एवं असंगशस्त्र द्वारा गुणत्रयलाई अतिक्रमण गरिन सकिन्छन । परन्तु असंगशस्त्रको र भगवद भक्ति प्राप्तिको लागि जीवलाई उपयुक्त बन्नु पर्दछ । जीवलाई यसको अधिकारी बनाउनको लागि नै वेदोक्त वर्णाश्रम धर्मको आवश्यकता छ । सब जीव एकबारगी ब्रहमज्ञ हुन सक्तैन । यस ब्रहमज्ञान प्राप्तिको लागि प्रत्येक जन्ममा मनुष्यले प्रयत्न गर्दै रहनु पर्दछ । यस प्रयत्नको फल स्वरुप वेदमार्गमा अधिकार उत्पन्न हुन्छ तब आफ आफ्नो स्वरुप वेदमार्गमा अधिकार उत्पन्न हुन्छ । तब आफ आफ्नो साधन अनि चेष्टा अनुसार कोही वैश्य, कोही क्षेत्रिय अथवा कोही ब्राहमण हुन्छ । यस अधिकार प्राप्तिको लागि प्रथमतः सबै शूद्र रहन्छन । अब याहाँ यो संशय हुन सक्छ - जब श्री भगवान् समस्त भूतहरुमा समदृष्टि - सम्पन्न छन, तब उनले फेरि पृथक पृथक वर्ण र धर्मको सृष्टि किन गरे । यो संशय दूर गर्न श्री भगवान् भन्नु हुन्छ - चतुर्वर्णको सृष्टिको लागि कोही उत्तरदायी छैन । यो "स्वभाव-प्रभवैर्गुणै"- छ । पूर्व पूर्व जन्महरुको संस्कार स्वभाव भनिन्छ, त्यस स्वभाव अनुसार नै सबैको जन्म हुन्छ । इच्छानुसार कोही ब्राहमण शुद्रादि रुपमा सृष्टि गर्दैन, न यो कपोल कल्पित नै छ । स्वभाव नै एसको कारण छ । यस स्वभाव या प्रकृतिमा रहेपछि गुणको तारतम्य अनुसार कर्मको पनि पृथक पृथक विभाग हुन जान्छन । र त्यसको फलस्वरुप ब्राहमण शुद्रादि चतुर्वर्णको उत्पत्ति हुन्छ । जहाँ सत्त्वगुणको अधिकता हुन्छ त्यहाँ ब्राहमण र जहाँ सत्त्व मिश्रित रजोगुण हुन्छ त्यहाँ क्षत्रिय उत्पत्ति हुन्छ । तमोमिश्रित रजोगुण वैश्य स्वभाव तथा रजोमिश्रित तमोगुण शुद्र स्वभावको कारण हो । मनुष्यको पूर्व जन्मकृत धर्माधर्म रुपसंस्कार नै स्वभाव हो । त्यस स्वभाव देखि गुण उत्पन्न भएर सृष्ट पदार्थ (स्थावर जंगम) आदिलाई चार वर्णहरुमा विभक्त गर्दछन । जुन मानिसहरु वर्णाश्रम विहित स्वकर्म गर्ने गर्दछन तिनीहरु परजन्ममा अरुपनि उच्चवर्णमा जन्म लिन्छन । यसरी ब्राहमण कुलमा आएर ब्राहमणोचित कर्म गरी मुक्ति प्राप्तिको अधिकार प्राप्त गर्दछन । परन्तु ब्राहमण कुलमा जन्म लिएर यदि कोहि सदाचार भ्रष्ट हुन जान्छन त त्यसको उन्नतिको मार्गमा विघ्न आउँदछ र यसले सम्भवतः अर्को जन्ममा शूद्रत्वलाई पनि प्राप्त हुन सक्दछ । अनि "शूद्र" पनि सदाचार निरत भएर आफ्नो कर्त्तव्य कर्महरुको अनुष्ठान गर्दछ त अर्को जन्ममा ब्राहमणत्व प्राप्त गर्नमा समर्थ हुन्छ ।"- (महाभारत अनुशासन पर्व) । ब्राहमण स्वधर्म भ्रष्ट हुन्छ त यसै जन्ममा उसको पतन अनिवार्य छ । यस्तो बुझिइन्छन । यस कारण अत्रिसंहितामा देव,

मुनि, द्विज, राजा, वैश्य, शूद्र, निषाद, पशु, म्लेच्छ एवं चाण्डाल यी दस श्रेणिहरुमा विभक्त गरिएका छन् । यसैले प्रतीत हुन्छ - ब्राहमण कुलमा जन्म लिनाले नै कोही प्रकृत ब्राहमण हुन सक्तैन । ब्राहमण वंशमा उत्पन्न मानिसलाई पनि ब्राहमण हुनको लागि चेष्टा गर्नु पर्ने हुन्छ । ब्राहमण - सन्तानको निम्ति शुभ मार्गमा चल्न अन्य वर्णको अपेक्षा सहज साध्य छ, किनभने उनलाई स्वाभाविक उत्तम प्रकृति हुन्छ । उनको लागि सत्पथमा चल्न अन्य वर्णको अपेक्षा सहज बुझिन्छन । अन्तर्लक्षको कुरा यो छ - पिंगलामा श्वास चलिरहँदा जुन कर्म गरिइन्छन ती शूद्र अनुरुप तमोगुणान्वित हुन्छन अर्थात मनुष्यलाई शोक मोहमा मुह्यमान गर्दछन । पुनः जब इडामा श्वास चल्दछ तब रजोगुण प्रबल हुन्छ, कर्म प्रवृत्ति हुन्छन, विषय वासनाको अन्त रहँदैन यही वैश्य भाव हो । तेसबेला मन खालि व्यापारमा व्यस्त रहन्छ, कसरी दुईचार पैसा मिल्ला, कुन किसिमले धन बढला, यस किसिमका विविध तृष्णाहरुले मन व्याकुल रहन्छ । त्यस समय केही केही धर्मकार्य गर्दामा पनि उसको दृष्टि लाभ हानिकै हिसाबतिर बढी रहन्छन । जब सुषुम्नामा श्वास चल्दछ र बीच बीचमा दोश्रो मार्गमा पनि चल्दछ तब क्षत्रिय भाव रहन्छ । तब इच्छा त रहन्छ, परन्तु समस्त कार्य भगवत प्रीत्यर्थ अनुष्ठित हुन्छन । यदि कोही विपदग्रस्त हुन्छन त सत्त्वगुण प्रबल हुनुको कारण क्षत्रिभावापन्न जीवले उसको सहायता अवश्य गर्ने छ । अर्काको दुःख दूर गर्नको लागि आफ्नो सर्वस्व लुटाइदिनुमा पनि त्यो कुण्ठित हुने छैन । भवरोग निवारणको लागि सदुपदेश दिएर निरुपाय जीवलाई साधनापथ देखाएर क्षत्रिय भावापन्न साधक उसको यथार्थ उपकार गर्ने गर्दछन । तिनीहरु बीच बीचमा क्रियाको परावस्थामा रहन्छन, यसैकारण सब जीवहरुलाई आत्मोपम देख्नुको सामर्थ्य प्राप्त गर्दछन, तिनीहरु नै ब्रहमज्ञ पुरुष या प्रकृत ब्राहमण हुन । तिनीहरुले अरु पनि प्रयत्न गरेपछि गुणातीत अवस्थामा नित्य प्रतिष्ठित हुन सक्छन । तब तिनीहरु सब वर्णहरुको अतीत भएर प्रकृत त्यागी हुन जान्छन । उनको बाहिरी शरीर शूद्र, वैश्य अथवा क्षत्रिय भएमा पनि त्यो ब्राहमण तथा सब वर्णहरुको लागि पूजनीय हुन्छन । यी मुक्त पुरुषहरुको वस्तुतः कुनै जाति हुँदैन, तिनीहरु गुणातीत हुन्छन, यसैले गुणकर्म विभागीय कुरा उनको सम्बन्धमा घटित हुँदैन । यसैकारण देखिन जान्छन - कबीर, दादु, रैदास, नानक यवन हरिदास आदि नीचकुलमा जन्म ग्रहण गरेर पनि ब्राहमणवत् संपूजित भएका छन तथा अनेक अनेक सद्ब्राहमण पनि उनका चरणहरुको आश्रय लिएर कृत कृत्य भएकाछन ॥४१॥

(ब्राहमणको स्वाभाविक गुणकर्म)

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च;
ज्ञानं विज्ञानमास्तिक्यं ब्रहमकर्म स्वभावजम् ॥४२॥

श्री धरीय टीका - [ब्राहमणका स्वाभाविक कर्महरुलाई भन्दछन्] - शम अर्थात् चित्तको उपरम, दम अर्थात् बाहयेन्द्रियहरुको उपरम, तपः शरीर सम्पाद्य तपस्यादि, शौच अर्थात वाह्यभ्यन्तर शुद्धि, क्षान्ति-क्षमा, आर्जव-अवक्रता, ज्ञान-शास्त्रीय ज्ञान, विज्ञान-अनुभव, आस्तिक्य अर्थात परलोक छ यस्तो निश्चय । यी समस्त ब्राहमणको स्वभावजात कर्म हुन ॥४२॥

आध्यात्मिक व्याख्या - "अब सबका कर्म विशेषरुपले भनिरहेकाछन्‌ शम- क्रियाको परावस्था, सबलाई समानरुपले हेर्नु र षड इन्द्रियहरुको दमन गर्नु; कूटस्थ व्योममा रहनु - शौच - ब्रहममा रहनु, सब विषयहरु देखि अर्थात्‌ फलाकांक्षा सहित कर्म देखि निरस्त - जे मनमा हुन्छ त्यही बोल्दछन - ज्ञान=योनिमुद्रामा देख्दछन - देख्दछन क्रियाको परावस्थामा रहेर, जहाँ दिन रात केही पनि छैन त्यहाँ सब देख्तछन कोई वस्तु या ईश्वर ब्रहम छन- यसरी जसले जान्दछ उही ब्राहमणको कर्म गर्दछ आफसे आफ क्रियाको परावस्थामा स्थिर भएर ।"-

-शम दम, तपस्या, शौच, क्षमा सरलता, ज्ञान, विज्ञान र आस्तिक्य - यी ब्राहमणका स्वाभाविक धर्म हुन । यी धर्महरु द्वारा नै उनको ब्राहमणत्वको परिचय मिल्दछ । त्यो क्रियाको परावस्थामा रहन्छन, यसैले सबलाई समान भावले हेर्दछन । उनको इन्द्रियहरु स्वभावतः अन्तर्मुखी हुन्छन, यसैले उनको वाह्य क्रिया धेरै हुँदैन । कूटस्थमा उनको स्वाभाविक लक्ष्य हुन्छ, यसैले उनको मन शून्यवत्‌ हुन जान्छन । उनको सदा ब्राहमी स्थिति हुन्छ, यसै कारण कुनै कर्ममा उनको फलाकांक्षा हुँदैन । उसले कसैको दोष देख्दैन, अतयव क्षमाले सदा उनलाई वरण गर्दछ । त्यसले योनिमुद्रामा धेरै वस्तु देख्दछन अनि देखेर नयाँ नयाँ अभिज्ञता प्राप्त गर्दछन । जुन ज्ञान बाहिरी चेष्टाले हुन सक्तैन, ती सबलाई उसले कूटस्थ भित्र देख्दछन । त्यो विज्ञान पदमा आरुढ हुन्छन, अर्थात क्रियाको परावस्थामा नशाले मत्त भएर सबैको भित्र रहनेवाला ऐक्यको अनुभव हुन्छ - त्यहाँ दिन रात केही पनि छैन, तथापि एक किसिमको अनिर्वचनीय प्रकाश सर्वदा वर्त्तमान रहन्छ । यो सब देखेर सुनेर ईश्वर या ब्रहमको अस्तित्वमा उनको कुनै संदेह रहँदैन । क्रियाको परावस्थामा आफु आफैमा रहेर तिनीहरु जे जुन व्यवहारिक कर्म गर्दछन त्यो सब तेस समय ब्रहमकर्म हुन्छ । भगवान्‌को अस्तित्वमा विश्वास नै साधकको चरम उपलब्धि हो । "अस्तीत्येवोपलब्धस्य तत्व भावः प्रसिदति"- आत्मा छ यसको निश्चित उपलब्धि जसलाई हुन जान्छ त्यस साधकको बुद्धिमा आत्माको प्रकृत स्वरुप सुस्पष्टरुपसँग प्रकाशित हुन जान्छ । समाधिसाधन द्वारा यस अस्तित्वको उपलब्धि हुन सक्तछ । (यसको व्याख्या १३ रौं एवं १७ रौं अध्यायमा हेर्नुहोस ॥४२॥

(क्षत्रियको स्वाभाविक कर्म)

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम्‌ ;
दानमीश्वर भावश्च क्षात्रं कर्म स्वभावजम्‌ ॥४३॥

श्री धरीय टीका - [क्षत्रियको स्वाभाविक कर्म बताउनु हुन्छ] - पराक्रम, तेज, प्रागल्भ्य, अर्थात प्रत्युत्पन्न मतित्व, दक्षता, युद्धमा अपलायनता, उदारता, शासनको क्षमता - यी सब क्षत्रियको स्वभावजात कर्म हुन ॥४३॥

आध्यात्मिक व्याख्या - "शौर्य=क्रिया गर्नु= त्यस द्वारा क्षमता देखाउनु, धृति=आफसेआफ क्रियाको परावस्थामा रहनु, दाक्ष्यं=अर्थात सर्वदा क्रिया गर्नु गुरुवाक्य द्वारा जुन लभ्य छ - क्रिया गर्नबाट हटदैन

अर्थात दिवारात्रि क्रिया गर्नु, क्रियादान दिनु, सर्वदा क्रियाको पर हृदयमा स्थिति यी क्षत्रियका कर्म हुन, यस क्रियाको परावस्थामा रहेर"-

- क्षत्रियको स्वाभाविक कर्म छन (१) शौर्य- आठै पहर क्रिया गर्नु । (२) तेजः क्रिया गरेर क्रियाको फल विभूति आदि देखाउन सक्नु । क्रिया श्रद्धापूर्वक गर्दा गर्दा साधकमा अन्तः शक्तिको विकास हुन्छ । यद्यपि शक्ति प्राप्त गर्नु नै योगाभ्यासको लक्ष होइन, परन्तु शक्तिको विकासले नै जानिइन्छन साधकको साधना ठीक ठीक चलिरहेछ । योगीलाई अन्तमा गुण वैतृष्ण्यरुप परवैराग्य द्वारा विषय प्रति परम उपेक्षा आउँदछन । तब योगीले बुझ्दछ - "प्राप्तं प्रापनीयं, क्षीणाः क्षेतव्याः ल्केशाः छिन्नः शिष्टपर्वा भवसंक्रमः" (योगभाष्य) - जुन प्रापनीय छ, यो प्राप्त भयो, जुन ल्केश क्षय गर्नु योग्य छन ती सब क्षीण भयो, भव संक्रम अर्थात जन्म मरण रुप प्रवाह छिन्न तथा ग्रन्थिमुक्त भयो । (३) धृति यसलाई प्राप्त गरेर साधक कदापि अवसन्न हुँदैन । जसको लक्ष्य स्थिर भएको छ तथा क्रियाको परावस्थामा जसलाई स्थिति प्राप्त भएकोछ, त्यसलाई नै प्रकृत धृति लब्ध भएकोछ । आज्ञाचक्रमा अविच्छेद स्थिति भयपछि नै यो सम्भव छ । अत्यन्त उग्र साधक हुनु बिना यो सम्भव छैन । (४) दक्षता - चतुरता । जसले सर्वदा क्रिया गर्दछन, समय विलकुलै नष्ट गर्दैनन, क्रियामा दत्तचित्त भैरहन्छन तिनीहरु नै चतुर हुन । (५) (अपलायन) - साधनपथमा बेलाबेला प्रभूत विघ्न आएर उपस्थित हुन्छन, यहाँ सम्म कि मृत्यु आसन्न हुन जान्छ, तथापि वीराग्र साधकले त्यो साधना छोडदैनन् । (६) दान - एकातिर जसरी विषयादि प्रति निस्पृह भावको कारण त्यो मुक्तहस्त हुन्छन, अर्कोतिर मानिसहरुलाई सत्मार्गमा ल्याउने चेष्टा गर्दछन र क्रियादान गर्दछन । जसबाट जीवको भवक्षुधा निवारित हुन्छ । (७) ईश्वर भाव क्रियाको पर हृदयमा स्थितिलाभ, हृदय ग्रन्थिभेदन । कूटस्थमा सुवर्ण समान जुन वर्ण देखिन्छ त्यसभित्र सूर्य समान रथचक्र हुन्छ जसलाई सुदर्शन चक्र भन्दछन । त्यसको भित्र जुन देव या पुरुषोत्तम रहन्छन, त्यही ईश्वर हुन । पुरुषोत्तम रुप जब देखिन्छ तब ब्रहमरुप एक जानिन्छन, परन्तु तब पनि एक हुन जाँदैन । जब क्रियाको परावस्थामा द्रष्टा पनि ब्रहम हुन जान्छन, तब त्यो पुरुषोत्तम ब्रहमसँग एक हुन जान्छन ॥४३॥

(वैश्य र शूद्रको स्वभावजात कर्म)

कृषि गौरक्ष्य वाणिज्यं वैश्यकर्म स्वभावजम्;
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

श्री धरीय टीका - [वैश्य एवं शूद्रको स्वाभाविक कर्म बताउनु हुन्छ] - कृषि=कर्षन । गोरक्ष =गोरक्षा जसले गर्दछ त्यो गोरक्ष हो, त्यसको भाव अर्थात पशुपालन । वाणिज्य-क्रय-विक्रय आदि । यी वैश्यका स्वाभाविक कर्म हुन । ब्राहमण, क्षत्रिय, वैश्य यी त्रिवर्णको परिचर्या नै शूद्रको स्वाभाविक कर्म हो ॥४४॥

आध्यात्मिक व्याख्या - "खालि क्रिया गर्दछ, गो शब्दको अर्थ छ जिहवा, त्यसलाई माथि उठाईराख्दछ र फलाकांक्षाको साथ क्रिया गर्दछ, यसरी क्रियाको परावस्थामा रहेर जो गर्दछन ती वैश्य हुन । अनि केवल आत्मामा रहौं यसको उपयुक्त क्रिया पाउनको लागि जसले कर्म गर्दछन ती शूद्र हुन, यस आत्मामा नै रहेर स्थिर रहन्छन ।"-

- तमः संमिश्रित रजोगुणको अधिकता नै वैश्यत्व हो। उसको स्वााभाविक कर्म कृषि, पशुपालन र वाणिज्य हुन। कृषि कर्षण गर्नु। तिनीहरु शरीररुपी क्षेत्रमा कर्षण गरी उन्नत गर्दछन। प्राणायाम नै कर्षण क्रिया हो। देहरुपी क्षेत्रमा प्राणायाम गरेपछि देहप्रकृतिको जडत्व दूर हुन जान्छन र स्वभाव चरित्रको अनेक उत्कर्ष साधित हुन्छन। यसको लागि उनिहरुलाई गोरक्षा गर्नु पर्ने हुन्छ। गो शब्दको अर्थ छ जिहवा एवं इन्द्रिय। जिहवालाई तालुमूलमा राखिकन प्राणायामादि गरेपछि प्राणायामको उत्कर्ष साधित हुन्छ। साधकलाई यथासंभव इन्द्रियहरुलाई विषय देखि प्रत्याहृत गर्नुको प्रयत्न गर्नु पर्ने हुन्छ। अन्यथा इन्द्रियहरुको पुष्टि या गोपालन हुँदैन। गोपालन बिना कर्षण क्रिया राम्रोसँग सुसम्पन्न हुँदैन। वाणिज्य पनि वैश्यहरुका एक स्वाभाविक कर्म हुन। वाणिज्य= फलाकांक्षा गर्नु। प्रकृतिमा रजः र तमोभाव रहेपछि नै केही पाउनुको इच्छा हुन्छ, किनभने त्यस समय अन्तः करण मलयुक्त रहन्छन। परन्तु यस कर्षणको फल देखि त्यसले क्षत्रियत्व प्राप्त गर्दछ। जो शूद्र हुन तिनीहरु क्रिया पाउनको लागि सबैको परिचर्या गर्दछन। सेवाभाव या गुरु सुश्रुषा नरहेपछि कुनै साधन प्राप्त गर्नुको अधिकारी विवेचित हुँदैन। त्रिगुणमयी प्रकृति सत्ता सागर विशेष छ, त्यसमा अनन्त जीवरुप बुद बुद निरन्तर उठिरहन्छन। जुन जीव बुदबुदमा शम दम तप शौचादि वृत्तिहरु स्वाभाविक रुपले प्रस्फुरित हुन्छन त्यो सात्त्विक भावापन्न छ। यी सात्त्विक भाव जुन मानव श्रेणीमा अधिक मात्रामा रहन्छन तिनीहरु नै ब्राहमण हुन। ब्राहमणको प्राण प्रवाह स्वभावतः सुषुम्नावाही हुन्छन। अतयव उसमा शम, दम, तितिक्षा, उपरति एवं ज्ञान प्रचुर मात्रामा रहन्छन। यसैकारण ब्राहमण शान्त, धीर एवं विषयादि देखि निस्पृह हुन्छन तथा साधनामा सिद्ध भएर सबलाई आत्मज्ञानको उपदेश दिन्छन। प्रकृति सत्ता सागरका जुन बुदबुदहरुमा शौर्य, बीर्य, दक्षता दान एवं प्रभुत्व भाव प्रकाशित हुन्छन, उनलाई सत्त्व र रजोमिश्रित भावापन्न जान्नु पर्दछ। तिनीहरु नै क्षत्रिय हुन। तिनीहरु मानिसहरुलाई सुशासनमा राखिकन सबैलाई सत्यपथमा परिचालित गर्दछन। उनको प्राण प्रवाह सुषुम्नामा स्थायीभावले नरहँदामा पनि प्रायः सुषुम्नामा रहन्छ। यसरी नै गुण कर्मको फल देखि वैश्य एवं शूद्रभाव स्फुरित हुन्छन। यही स्वाभाविक क्रम छ। आत्मज्ञान, प्राप्तिको लागि यो क्रम या प्रणाली सबलाई अवलम्बन गर्नु पर्ने हुन्छ। पूर्व जन्मको कर्महरु अनुसार हाम्रो चित्तमा संस्कार संचित रहन्छन, जसबाट चित्त संस्कारानुरुप कर्ममा प्रवृत्त हुन्छ ॥४४॥

स्वे स्वे कर्मण्यभिरतः संसिद्धि लभते नरः ;
स्वकर्म निरतः सिद्धि यथा विन्दति तच्छृणु ॥४५॥

श्री धरीय टीका - [ब्राहमणादिको यस किसिमको कर्म ज्ञानका हेतु छन यो बताउनु हुन्छ]- आफ आफ्नो अधिकार विहित कर्ममा परिनिष्ठित व्यष्टिले संसिद्धि अर्थात् ज्ञानको योगयता प्राप्त गर्दछ ॥४५॥

आध्यात्मिक व्याख्या - "आफ आफ्नो कर्ममा सर्वदा दृष्टि राखेर जसले कर्म गर्दछन, ती मनुष्य क्रमशः सम्यक प्रकारले सिद्धि अर्थात क्रियाको परावस्थामा रहिकन कदापि इच्छा गर्दैन, आफ्नो कर्ममा सर्वदा रहँदा रहँदा निःशेषरुपले क्रिया गर्दै गर्दै इच्छारहित हुन जान्छन त्यो भन्दछु सुन।"-

- गुण भेदले जो जुन कर्मको अधिकारी छ, तेस शिष्यलाई सदगुरुले तदनुरुप उपदेश दिने गर्दछन । शिष्य यदि गुरुको उपदेश अनुसार कार्य गर्दै जान्छन त त्यसबाट उसलाई सिद्धि प्राप्त हुन्छ । क्रियाको प्रकार भेदछन सदगुरुले समस्त क्रियाको उपदेश एकै पटक दिँदैनन् । सिद्धिलाभको अर्थ छ इच्छारहित अवस्था, जुन क्रियाको परावस्थामा हुन्छ । जसले उन्नति गर्दै जान्छ, त्यसलाई नयाँ नयाँ क्रियामा दीक्षित गर्दछन । यदि प्रथम दीक्षा पछि कसैको जिहवा उठेन भनेत तेसलाई वैश्यत्व प्राप्त हुने छैन र त्यसले नयाँ क्रिया कुनै पाउँदैन । तथापि त्यसलाई जुन केही क्रिया मिलेकोछ उसलाई नै यदि मन: प्राण लगाएर गर्दै रहन्छ त क्रियाको फल जुन परावस्था छ, त्यो उसलाई अवश्य प्राप्त हुनेछ । यस परावस्था प्राप्त गर्नको लागि नै क्रिया गर्नु छ । केवल क्रिया गर्दै जानु नै क्रियाको उद्देश्य हुन सक्तैन । क्रिया द्वारा क्रियाको परावस्था प्राप्तिको योग्यता हुन्छ। यसैकारण क्रिया गर्नु आवश्यक छ। रामगीतामा लेखेको छ - “न्यासं प्रशस्ताखिलकर्मणा स्फुटम” - अखिल कर्महरुको अपेक्षा त्याग नै प्रशस्त छ, किनभने “ज्ञानं विमोक्षाय न कर्मसाधनम” - ज्ञान द्वारा विमुक्ति हुन्छ, कर्म ज्ञानको साधन होइन । यसबाट कसैले न सम्झोस क्रिया आवश्यक छैन । ज्ञान प्राप्तिको चेष्टा ठीक छ, ज्ञान उत्तम छ सही, परन्तु त्यो कर्मत्याग विना हुनेवाला छैन र कर्मत्याग क्रिया द्वारा नै हुन्छ । क्रिया प्रत्येक रुपमा परावस्थाको कारण होइन, तथापि क्रिया द्वारा जब प्राण सुषुम्नामा प्रवेश गर्दछ त वाह्य क्रिया आफसेआफ त्यक्त हुन जान्छ । तब एक प्रकारको नशा उदित हुन्छ। त्यस नशामा जगत् भुल्न जान्छ। दृश्यहरुको विस्मृति भएपछि ध्याताको ध्येयाकारमा अवस्थिति हुन्छ। वाह्यकर्म या सांसारिक कर्म मनको कल्पनाको वश हुने गर्दछन। प्राणकर्म त्यस प्रकारको होइन । त्यो मनको कल्पना वश हुँदैन, त्यो आफसे आफ हुन्छ । प्राणमा लक्ष्य राख्न सकेमा आफसे आफ क्रिया बन्द हुन जान्छ । जुन किसिमले यो हुन्छ, त्यसलाई भन्दछु ॥४५॥

(अधिकारानुरुप कर्म नै सिद्धिलाभको हेतु हो)

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ;
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

श्री धरीय टीका - जुन अन्तर्यामी परमेश्वर देखि प्राणी कार्य चेष्टामा लाग्दछन तथा जुन ईश्वर द्वारा यो विश्व व्याप्त भैरहेकोछ, त्यस ईश्वरलाई स्वकर्म द्वारा अर्चना गरेर मनुष्यले सिद्धि प्राप्त गर्दछ ॥४६॥

आध्यात्मिक व्याख्या - “जहाँ देखि समुदाय प्रवृत्तिहरु भैरहेकाछन, अर्थात जुन आत्मा अन्य दिशामा आसक्तिपूर्वक दृष्टि राख्दछ - जुन नरहँदामा जो महादेव हुन्छ - कहिल्यै कुनै वस्तुमा दृष्टि हुनुको संभावना छैन, किनभने मुर्दामा जीव सुखस्वरुप छैन, यसकारण उसको पक्षमा केही पनि छैन - अतयव जीवात्मा सब द्रव्यहरुको मूलकारण हो, अतयव स्वकर्म अर्थात आफ्नो कर्म फलाकांक्षारहित क्रिया आदरपूर्वक भक्तिसाथ सर्वतोभावेन गर्नुको नाम हो अर्चना - यस किसिमको क्रिया गुरुवाक्य द्वारा प्राप्त गरी मनुष्य समुदाय वस्तुहरुको मनुष्यलोकमा सिद्धि प्राप्त गर्दछ - अर्थात जुन वस्तुको इच्छा भयो त्यो वस्तु प्राप्त भएपछि कुनै इच्छा रहँदैन - त्यसरी नै जब आत्मामा नै आत्मा रहन्छ क्रियाको परावस्थामा, तब सबै

वस्तुहरु प्राप्त गरेपछि जसरी इच्छा रहन जाँदैन, त्यस्तै किसिमको स्थिति हुन्छ । जसरी आँप खानाले जुन तृप्ति हुन्छ, त्यो तृप्तिरुप फल बिना खाएर नै प्राप्त हुन गय तब आँप तिर दृष्टि अर्थात आँप प्राप्त गर्नुको चेष्टा किन गर्ला ? यो सब क्रियाको परावस्थामा अनुभव हुन्छ, जुन गुरुवक्त्र गम्य छ ।"-

- वर्ण विभाग अनुसार जुन मानिसको धर्म छन्, ती बाहिरका कुराहरु हुन । त्यसलाई पनि मानेर चल्नु पर्नेछ, नत्र भने त समाजमा विश्रृंखलता उपस्थित हुन जानेछ । भारतीय आर्यहरु कर्मफल एवं पुनर्जन्म मानिकन चल्दछन । यी दुबैलाई केन्द्रित गरेर नै शास्त्रीय व्यवस्थाहरु व्यवस्थित हुन्छन । कर्मफल अनुसार जसले जुन वर्णमा आएर जन्म ग्रहण गर्दछ उसको त्यस वर्णको लागि शास्त्रानुसार जुन विधिव्यवस्था छ, त्यसलाई नै मानेर चल्नु पर्नेछ । यसको लागि असन्तोष प्रकट गर्नु मानो ईश्वरको विधिलाई अस्वीकार गर्नु हो । जसले श्री भगवान्मा श्रद्धा राख्दछ, तिनीहरु जसरी आफ्नो दुःख दारिद्रयलाई निजकर्मको फल मान्दछन, त्यसरी नै ब्राहमणादि वर्णमा जन्म ग्रहण गर्नु पनि आफ आफ्नो कर्मको फलमात्र हो, त्यो पनि भगवान्को व्यवस्था हो, अतयव त्यसदेखि असन्तुष्ट भएमा भगवान्को व्यवस्थालाई अमान्य गर्नु हुन्छ । जुन शरीरमा जसले जन्मग्रहण गर्दछ, त्यो उसको पुराकृत कर्महरुकै फल हुन । अतयव त्यही उसको ईश्वरनिर्दिष्ट स्थान हो । आफ्नो कुल धर्म अनुसार जुन किसिमको धर्म कर्म अवलम्बनीय छन त्यही उसको स्वधर्म हो । मनमा लाग्न सक्दछ यदि कुनै शूद्र या वैश्यकुलमा जन्म ग्रहण गर्दछ त ब्राहमणोचित कर्महरुमा उसको अधिकार रहेन, अतयव भगवत् प्राप्तिको उसको आशा सुदूर टाढा टाढा छ । एस्तो सोचेर कसैको मनमा क्षोभ हुन सक्तछ । उनलाई करुणानिधान श्री भगवानले कृपा गरी भन्नु हुन्छ - "यस्को लागि तिमीलाई कुनै भय छैन । तिमी चाहे जुनसुकै कुलमा जन्म ग्रहण गर शास्त्र व्यवस्था अनुसार निज कुल धर्मानुरुप धर्म प्रतिपालन गरेमा तथा त्यो सब कार्य भगवत्प्रीत्यर्थ अनुष्ठित भएमा तिम्रो चित्त शुद्ध हुन जानेछ । चाहे व्याधा या चाण्डाल होऊ अथवा शूद्र होऊ तिमी, तिमी आफ आफ्नो कुल धर्मको अनुशासनमा रहिकन कर्म गर्दै जाऊ । खालि मनमा यति नै याद राख तिमी आफ्नो कुल विहित या वर्ण विहित समस्त कर्महरु द्वारा केवल उनैको नै पूजा गरिरहेछौ ।" श्री भगवान पूजित भैरहेकाछन, यो भावना गरेमा नै कर्म शुद्धि हुन्छ । तिमी सानो काम गर्दछौ त यस्मा क्षोभ गर्नुको कुनै कुरा छैन । उनको लागि चर्पी सफागर या देबपूजा गर भगवान्को उद्देश्यले कृत हुनुको कारण ती सब कर्महरुमा शुद्धि अशुद्धिको उद्देश्यले कृत हुनुको कारण ती सब कर्महरुमा शुद्धि अशुद्धिको विचार रहँदैन । वर्णाश्रमको अधिकार अनुसार कर्म गरेर यदि तिमीले सोच्न सक्छौ - 'मेरो कर्म मेरो सुख शान्तिको लागि होइन बरु झन यो भगवानकै उद्देश्यले छ, उनैको प्रीतिको लागि नै यसलाई गरिरहेछु' त यसले उंच नीच कुनै कर्मले तिम्रो ऊर्ध्वगतिलाई रोक्न सक्तैन । जुन जहाँ छ, त्यसले यदि मानिलेओस मेरो कृत कर्म मेरो प्रीतिको लागि न भै उनै भगवत्प्रीत्यर्थ सम्पादित भैरहेकाछन, तब ती कर्म कर्ममात्र रहँदैन, ती भगवदर्चनाको अंगरुपमा परिणत हुन्छन । जसले यो भावलिई कर्म गर्दछ, त्यसले उच्च जातिका उच्च कर्मको फल जुन छ तेसैलाई प्राप्ति गर्दछ । त्यसले सिद्धि अर्थात प्रकृत ज्ञान प्राप्तिको योग्यता प्राप्त गर्दछ । अनि केही दिन पछि मुक्ति पदमा आरुढ हुन्छ । अन्तर्लक्ष्यमा यसश्लोकको अर्थ यो छ - आत्मा बिना हाम्रो प्रवृत्ति निवृत्ति केही पनि हुन सक्तैन । आत्मा नै सबको मूल हो । त्यो हुनुको कारण

नै मनले संकल्प गरेर यस विराट बाह्य जगतलाई व्यक्त गरिरहेकाछन र नाना किसिमका वासनाहरु वश सुख दुःखमा पुनः पुनः मथित भैरहेकाछन । समस्त संकल्प त्याग गरेर मन जब आफु आफैमा प्रतिष्ठित भएर वर्णाश्रम अधिकारानुसार कर्म गर्दछ, तब त्यो कुनै वस्तुमा आसक्त हुँदैन । तब त्यो महादेव हो, आफ्नो आनन्दमा आफै मग्न छ । यो जुन इन्द्रजाल समान माया प्रपंच प्रकटित भैरहेकोछ, यो पनि तेसै आत्माको अवलम्बन गरेर प्रकट हुन्छन । यो चचंचल प्राण नै श्री भगवान्को मायारुप हो । जल स्थिर रहँदा तरंग उठदैन । वायुको संयोग देखि जसरी स्थिर जलमा तरंग उठदछ, उसरी नै स्वकीय माया शक्तिको प्रभावले आत्मा तरंगायमान जस्तो जानिन्छन । आत्माको चचंचलभाव नै चंचल प्राण हो । वायु रोकिने वित्तिकै जसरी समुद्रको तरंगहरु बन्द हुन जान्छन, त्यसरी नै प्राणको तरंगहरु जब अवरुद्ध हुन्छन त प्राण स्थिर हुन जान्छ । स्थिर प्राण नै आत्मा हो । स्थिर प्राणमा जुन ज्ञान प्रकाशित हुन्छ, त्यही आत्मज्ञान हो । साधक कुन किसिमले यस आत्म ज्ञानलाई प्राप्त गरी सिद्ध होला, यसको उपाय यो बताउनु हुन्छ स्वकर्म द्वारा उनको अर्चना गर्नु पर्नेछ । वास्तवमा आत्माको कुनै कर्म छैन, त्यसको कर्मको कल्पना हामी चचंचल प्राण द्वारा नै गर्दछौं । चचंचल प्राण नै आत्माको कर्म एवं जगत प्रकाशको मूल कारण हो । यस प्राण द्वारा नै उसको पूजा गर्नु पर्ने छ । आदरपूर्वक भक्तिसाथ जसले यस फलाकांक्षा रहित आत्मकर्म अर्थात् श्वास प्रश्वासको कर्मलाई गर्दछन तिनीहरु सिद्धिलाभ गर्दछन र उनको फलासक्ति रहन जाँदैन । तिनीहरु क्रियाको परावस्थामा परम तृप्ति लाभ गरी इच्छारहित हुन जान्छन ॥४६॥

(स्वधर्म नै श्रेय हो, स्वभावज कर्ममा पाप हुँदैन)

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्‌
स्वभाव नियतं कर्म कुर्बन्माप्नोति किल्विषम् ॥४७॥

श्री धरीय टीका - [स्वकर्मको सार्थकता बताउनु हुन्छ] - स्वधर्म विगुण (अंगहीन) भएर पनि सम्यकरुपले अनुष्ठित परधर्म भन्दा श्रेष्ठ छ । युद्धादि स्वधर्म बन्धुबधादिले युक्त हुनुको कारण त्यस भन्दा भिक्षाटनादिरुप परधर्म श्रेष्ठ छ, यो बुझ्नु ठीक होइन । पूर्वोक्त स्वभाव नियत अर्थात आफ्नो वर्णाश्रमानुसार कर्म गरेमा कोही पापलाई प्राप्त हुँदैन ॥४७॥

आध्यात्मिक व्याख्या - "क्रिया गर्दै यदि कदाचित बीच बीचमा अन्य दिशामा मन गय त त्यो पनि राम्रै छ, परन्तु विल्कुल अन्य (आत्मासिवाय अन्य) वस्तुमा दृष्टि राख्नु आग्रह पूर्वक फलाकांक्षा साथ त्यसमा मृत्यु भय छ, किनभने मृत्यु हुनु बिना तेसफललाई कसले भोग गर्ला । क्रिया गर्दा गर्दा जुन अमरपद अर्थात् अष्टप्रहर क्रियाको पर स्थिति छ त्यो नभएर यदि मृत्यु हुन गय पनि त्यो राम्रो छ परन्तु आत्मा बाहेक अन्य दिशामा फलाकांक्षासाथ दृष्टि गरेमा मृत्यु त हुन्छ नै, परन्तु फलभोग गर्नको लागि जन्म मृत्युको भय हुन्छ अर्थात केही दिन गरेमा इच्छारहित हुन सक्तछन क्रमश यो सबलाई अर्थात क्रियानिष्ठ व्यष्टिलाई अनुभव हुन्छ-किम् अधिकम् क्रियाको परावस्था रहिकन ध्यान धारणा समाधिपूर्वक अन्य दिशामा आसक्तिपूर्वक दृष्टि जाँदैन, अतयव कुनै पाप पनि हुँदैन"-

- (पहिले स्वभाव नियत कर्म बुझ्नु पर्दछ । बाहयरुपले यसलाई बुझने समय आधुनिक समाजमा दुई किसिमको धारणा गर्दछन । जो शास्त्र मतावलंबी छन तिनीहरु भन्दछन - जसले जुन वर्णमा जन्म ग्रहण गरेकोछ, त्यस वर्णकोलागि शास्त्रमा जुन कर्म निर्दिष्ट छन, ती नै उनका स्वभावनियत कर्म हुन । अरु जो स्वाधीन चिन्तनशील छन, तिनीहरु भन्दछन - जातिगत अधिकारलाई परिवर्त्तन गरेर जुन मानिस जुन वर्णको उपयुक्त छ त्यसलाई त्यसै वर्ण धर्म अनुसार चल्न दिनु नै उसको प्रकृत स्वभावनियत कर्म हो । केही परिमाणमा सत्य भएर पनि यो समस्या छ - सबको जाति निर्देश कसले गर्ला र त्यसको कुरा कहाँ सम्म मान्य हुनेछ । आफै आफ व्यवस्था गरेमा पाइला पाइलामा भूल हुनेछ । त्यस भूलको संशोधन कसले गर्ला ? अतयव यस किसिमको प्रयत्नको फल विपरित हुनेछ । वर्त्तमान युगमा वर्णाश्रम धर्म विपर्यय भएकोछ - सही, परन्तु यसकारण हामी आफ आफ्नो मन अनुसार धर्मपालन गरौं त त्यो स्वभावनियत कर्म होला यो मान्नु ठीक छैन । मानिस भित्र बेला बेलामा कति कति परिवर्त्तन भैरहन्छ । उसको शरीर र मन अनि स्वभावमा परिवर्त्तन हुन जान्छ, यसैले प्रति परिवर्त्तन सँगै उसको वर्ण धर्म परिवर्त्तन गर्नु पर्नेछ, यस किसिमको विचार गर्नु ठीक छैन । एस्तो गर्नाले समाज एवं धर्म विश्रृंखल हुन जानेछ । विशेषत: जुन समाज युगयुगान्तर देखि वर्णाश्रमधर्मानुकुल मार्गको अनुसरण गर्दै आइरहेकोछ, तेसको लागि यसरी उच्छृंखलता पूर्वक परिवर्तन प्रथाको अनुसरण गर्नु आत्मघात तुल्य नै अनिष्टकर जानिन्छन । यस किसिमको मनोमानी अनुसरण नै भयावह पर धर्म हो । यसले समस्त समाज शरीर श्रृंखला फुटेर चूर्ण विचूर्ण हुन जानेछन । युगधर्मको प्रभावले जीवको विचारमा जुन परिवर्तन आउँदछन, त्याहाँ पनि मनोमानी धर्मानुसरण गर्नु अपेक्षा यथासाध्य शास्त्रसम्मत स्वस्ववर्णाश्रम विहित धर्मानुष्ठान पालन गर्नुको चेष्टा नै स्वधर्मपालन हो । विशेषत: आजको युगमा कुनै पनि वर्ण पूर्णरुपले वर्णाश्रमोचित धर्म पालनमा समर्थ हुने छैन, यसलाई जानेर नै ऋषिहरुले युग धर्मनुसार धर्मानुष्ठानको सदव्यवस्था गरेकोछ । धेरैजसो मानिसहरु यसको लागि ब्रहमणहरुलाई नै दोषी निर्धारित गर्दछन् ब्रहमणहरु दोषी भएर पनि समस्त वर्णहरु र आश्रममा जुन दोषहरु आएकाछन तथा त्यसको कारण प्रत्तेक वर्ण र आश्रममा धर्मको जुन विकृति या अंगहानि परिलक्षित भैरहेकोछ, त्यो कालकृत हो । कालको प्रभावलाई अस्वीकार गर्नाले काम चल्न सक्ने छैन । यसयुगमा उनै जीवहरुको अधिकाधिक परिमाणमा प्रादुर्भाव भएकोछ । जसको कर्म यस दृष्ट युगको अनुरुप छन । तथापि विचार शक्तिको सहयोगदेखि पुरुषार्थ द्वारा मनुष्य आफ्नो दैन्यबाट आफुलाई माथि उठाउन सक्तछन । यसैको लागि शास्त्र सम्मत आचार, अनुष्ठान एवं साधनादिको प्रयोजन हुन्छ । यसको लागि नयाँ ढंगले वर्णाश्रम विधिलाई परिवर्तन गर्नुको कुनै आवश्यकता प्रतीति हुँदैन । सबै वर्ण आफ आफ्नो स्थान देखि तल ओर्लिसकेका छन, परन्तु प्रयत्न गरेमा सबै आफ आफ्नो वर्णोचित धर्ममा उन्नत हुन सक्दछन । यसको लागि सदाचार सम्पन्न शूद्र या नीच जातिलाई उपनयन द्वारा ब्राहमण नबनाउनाले पनि कुनै विशेष क्षति हुने छैन । पतित ब्राहमण पनि सदाचार सम्पन्न भएमा ब्राहमण नै हुनेछ । पतित क्षत्रिय पनि तेसरी नै सदाचार सम्पन्न भएर क्षत्रिय नै रहनेछ । शूद्र पनि शुद्ध अन्त: करण देखि भगवद्‌भजन गर्दै गर्दै विशुद्ध हुन जानेछ, यसको लागि उसलाई झटपट गलामा उपवीत लगाइदिएर ब्राहमण बनाइदिनाले काम चल्ने छैन । यसले समाज श्रृंखलाको विशेष हानी हुनेछ । काल

प्रभावले आम्रवृक्षको शाखा र पत्र पनि परिवर्तित हुन जान सक्दछन, त्यसमा फल पनि नलाग्न सक्छ, यहाँ सम्म कि त्यसलाई आम्रवृक्षको रुपमा चिन्न पनि कठिन हुन जान सक्छ, परिश्रम र यत्न गरेमा तथा विविध उपायहरुबाट उत्तम मलखाद दिएपछि फेरि त्यसमा नवपल्लव र फलको उदगम हुन सक्छ तेसमा जुन फल लाग्ला, त्यो उसको स्वजात अनुरुप नै हुनेछ, त्यसले कदापि अन्य जातीय फल उत्पन्न गर्न सक्तैन । यसै किसिमसँसग आफ आफ्नो वर्णाश्रम अनुसार धर्मको पालन गर्दै गएमा आजको युगमा पनि वर्ण अनुसार उत्कर्ष लाभ हुन सक्तछ । यस किसिमको परिवर्तनमा सचेष्ट नभैकन नयाँ ढंगले समाज संगठन गर्नुको चेष्टा गर्दामा अथवा मनोमानी तरीकाले समाजमा परिवर्तन ल्याउने प्रयत्न गरेमा हाम्रो आशाहरु पूरा हुनेछैन । त्यसबाट न धर्मरक्षा हुनेछ न त समाज रक्षा । बरु यही ठीक छ, जुन जो वर्णमा उत्पन्न भएकोछ त्यो आफ्नो शास्त्र सम्मत वर्णानुकुल धर्मको पालन गरोस यसरी कर्तव्य पालनमा जो जति नै सचेष्ट हुनेछ, उसको तदनुरुपनै गुणहरुको उत्कर्ष तथा उन्नति हुनेछ । क्षत्रिय वैश्य या शूद्र यदि पूर्णतः स्वधर्म पालनमा यत्नशील हुन्छन त तिनीहरु आफ्नो जीवनमा नै उच्च भावानुकुल आफ आफ्नो स्वभावको परिवर्तन देख्न सक्नेछन । यो परिवर्तन देखेर स्पष्ट बुझिनमा आउनेछ परजन्ममा तिनीहरु उच्चतर वर्णमा जन्म लिन सक्नेछन । ब्राहमणादिमा पनि यदि वर्ण विगर्हित नीचभावको प्रभाव लक्षित हुन्छ या उनको चरित्र दूषित भएर उच्चवर्णको अनुपयुक्त भै दिन्छ त उनलाई पनि परजन्ममा नीचकुल र नीचवर्णमा जन्म ग्रहण गर्नु पर्नेछ । ज्योतिष शास्त्र (भृगु संहिता) को मतले यो कुरा सुसिद्ध छ । प्रत्येकको व्यष्टिगत स्वभाव अनुसार जाति निर्णय गर्दा खेरि समस्त समाज र शास्त्र व्यवहारको गति निरुध्द हुन जानेछ । महाभारतको अनुशासन पर्वमा लेखेकोछ - "शूद्र पनि यदि पवित्र कार्यको अनुष्ठान द्वारा विशुद्धात्मा एवं जितेन्द्रिय बन्दछन त उसलाई ब्राहमण समान आदर गर्नु पर्दछ ।" यो आज पनि मानिसहरु गर्दछन । नीच कुलमा कुनै सज्जन उत्पन्न हुन्छन त मानिसहरुले उसलाई ब्राहमण समान नै समादर गर्दछन । जन्म संस्कार र वंश देखिकन नै सदा मर्यादा निरुपित हुँदैन । सदाचार द्वारा नै ब्राहमण ब्राहमण बुझिन जान्छन । यही सदाचार ब्राहमणोचित सदाचार शूद्रको भित्र रहेमा त्यस शूद्रलाई पनि ब्राहमण समान सम्मान दिन्छन । शम दमादि साधनमा सबैको अधिकार छ, सबैले यस्लाई गर्न सक्तछन । शम दमादि सम्पन्न शूद्रलाई सबैले सम्मान गर्दछन, परन्तु सदाचार सम्पन्न शूद्रलाई ब्राहमणको आसनमा राखेर ब्राहमणोचित्त कार्य गराउनाले एक विराट उच्छृखंलता समाजमा भरिन जानेछ अनि त्यसबाट यति अनर्थ उत्पन्न हुनेछ अन्तमा फेरि त्यसलाई संभाल्न असम्भव हुन जानेछ)

अब अन्तर्लक्ष्यको कुरा भनिन्छ -

स्वधर्म=आत्मधर्म । परमानन्दरुपमा स्थिति प्राप्त गर्नु नै जीवको स्वधर्म हो । यस स्थितिलाई प्राप्त गर्नुको जुन चेष्टा हुन्छ तेसको नाम स्वधर्म पालन हो । अधिकांश जीव स्वधर्म भ्रष्ट छन, उनको आत्मस्थिति छैन, यसैले बहिर्मुख जीव आत्मज्ञानको प्राप्तिमा सचेष्ट नभएर निरन्तर संसार चक्रमा परिभ्रमण गर्दछ । यस स्थितिलाई प्राप्त गर्नुको उपायछ, जसलाई अवलम्बन गरेर आत्महितमा रत हुनुको नाम नै स्वधर्म

पालन । यस आत्महितको चेष्टा देखि नै जीव आत्म ज्ञान प्राप्त गर्नमा समर्थ हुन्छ तथा उसको पशुपाश छुटन जान्छ । जबसम्म जीवले आत्मातिर लक्ष्य गर्दैन, तबसम्म त्यो इन्द्रियासक्त भएर पशुसमान जीवन यापन गर्दछ । यो इन्द्रियासक्ति रहुंजेल जीवलाई आत्मज्ञान प्राप्त गर्नु सम्भव छैन, यसले उसको "महती विनष्टी" या महाविनाश हुन्छ । यहाँ एक सन्देह हुन्छ जसलाई स्वधर्म या आत्मधर्म भन्दछन, त्यो फेरि विगुण कसरी हुन्छ । जस्तो जलको शैत्यगुण या अनलको उष्णता यिनको स्वधर्म हुन, त्यसरी नै आत्माको पनि एक स्वाभाविक धर्म छ जुन आत्मामा नै निहित छ । मनमा लाग्न सक्छ आत्मा या ब्रहम त निर्गुण छ, निर्गुणको धर्म कसरी हुन सक्छ । अवश्य नै शुद्ध ब्रहममा गुणको कल्पना हुँदैन, परन्तु माया शवलित ब्रहममा भाव रहन्छ, अतयव त्यसमा गुण या धर्मको अभाव हुन सक्तैन । सगुण ब्रहम पनि सर्वदा परिपूर्ण, विशुद्ध स्वभाव एवं निःस्पृह छ, परन्तु कर्त्तव्याकर्त्तव्य केही नरहेपछि पनि -

"नानवाप्तमवाप्तव्यं वर्त्त एव च कर्मणि"

- प्राप्तव्य या अप्राप्तव्य केही नरहेर पनि त्यो कर्ममा व्यापृत रहन्छन । उनमा कुनै संकल्प या कामना हुँदैन, तथापि उनलाई जुन कर्ममा व्यापृत रहनु पर्दछ त्यो जसरी सम्भव हुन्छ त्यसलाई योगीजनले अनिच्छाको इच्छा भन्दछन । उपनिषदमा लेखेको छ -

"यथा सुदीप्तात् पावकाद्विस्फुलिंगा,
सहस्रशः प्रभवन्ते सरुपाः ;
तथाक्षराद्विविधाः सोम्य भावाः,
प्रजायन्ते तत्र चैवापियन्ति॥"- मुण्डक ।-

जसरी प्रज्वलित अग्नि देखि सहस्र सहस्र फिलिंगाहरु निर्गत हुन्छन, त्यसरी नै अक्षर पुरुष देखि नाना किसिमका भावयुक्त सजीवगण उत्पन्न हुन्छन अनि प्रलयकालमा उनमा नै विलीन हुन जान्छन

"एतस्माज्जायते प्राणो मनः सर्वेन्द्रियाणि च,
खं वायुर्ज्योतिरापः पृथिवी विश्वस्य धारिणी ॥" - मुण्डक ॥

- यस पुरुष देखि प्राण शक्ति, मनः अर्थात चिन्तन शक्ति समस्त इन्द्रियहरु,आकाश, वायु, अग्नि, जल एवं सबवस्तुहरुको आधार पृथिवी उत्पन्न हुन्छन ।

ब्रहमको संकल्पले यो सब काण्ड भएकोछ, परन्तु उसको निजी प्रयोजन यसमा केही पनि छैन । जे जो हुन्छ सब उसको अनिच्छाको इच्छाले हुन्छ । यो अनिच्छाको इच्छा नै आत्माको स्वधर्म हो । यही ब्रहमको माया या निज शक्ति हो । यसलाई आश्रय गरेर नै यो विश्व पुनः पुनः उत्पन्न र लीन भैरहेको छ । ब्रहमले जब आफु आफैलाई विश्वरुपमा प्रकट गर्दछ, तब प्रथम जुन स्पन्दन हुन्छ तेही प्राण हो । *"प्राणो ह्येष यः सर्व भूतै विभाति"* ईश्वर प्राण रुपले सबै भूतहरुमा प्रकाशित भैरहेकाछन ।

यस प्राणका दुई विभाव छन । एक स्थिर र दोश्रो चचंचल । *स्थिर प्राण नै परमात्मा हो र चचंचल प्राण जीव । प्राणको यो चचंचलता एवं स्थिरता दुबै नै प्राणको स्वधर्म हुन । प्राणको स्थिरतामा विमुक्ति एवं चंचलतामा बद्धभाव छ । प्राणमा जीवको लक्ष्य छैन, यसैकारण त्यो भवबन्धनमा आवद्ध छ ।* जीव प्राणको लागि सर्वदा व्याकुल रहन्छ, फेरि पनि प्राण के हो यो जान्नुको चेष्टा गर्दैन । यो प्राण निरन्तर जीवको श्वास प्रश्वासरुपमा प्रवाहित भैरहेकोछ । प्राणको यो बहिर्गमनागमन जबसम्म चलिरहन्छ, जबसम्म मनको चांचल्य मेटिदैन, प्राणमा शान्ति हुँदैन, मृत्युको कराल छाँयाले तबसम्म जीवलाई व्याकुल गरिराख्दछन । चचंचल प्राण देखि नै मनको उत्पत्ति छ । मन जब बुझ्दछ प्राणरुपा उसको जननी जबसम्म स्थिर हुँदैन, तबसम्म उसलाई सुखशान्तिको आशा छैन, तब त्यो माताको कृपा प्राप्तिको लागि प्राणरुपा जननीको शरणापन्न हुन्छ । यतिका दिन सम्म जीव परधर्म (इन्द्रियहरुको विषयमुखी चेष्टा) लाईलिएर नै व्यस्त थियो, अब उत्पीडित भएर पुनः निज धर्मतिर उसको लक्ष्य पऱ्यो । स्वधर्म साधन गरिरहेमा अर्थात् श्वासको गतिमा लक्ष्य राख्दा प्रथमतः यो क्रिया सर्वांग सुन्दर हुँदैन, परन्तु अभ्यासवश सब ठीक हुन जान्छ । यसैले श्री भगवान् भन्नु हुन्छ प्राणायामादि योग क्रिया तिम्रो स्वभावनियत कर्म हो, जन्म देखि नै यो तिमी सँग छ, अनभ्यासवश यदि यो केही विगुण पनि हुन्छ त त्यो पनि राम्रो छ, तथापि इन्द्रिय धर्मलाई लिएर खेल गर्दै रहनु राम्रो छैन । यस प्राणलाई साधना गर्नुको समय मन त्यसमा ठीक सँग नबसे पनि त त्यसलाई नछोड, किनभने अभ्यास गर्दा गर्दा उसको वैगुण्य भाव मेटिन जानेछ तथा केही समय पछि अन्यदिशामा आसक्तिपूर्वक दृष्टि जानेछैन । अन्य दिशामा दृष्टि न जाँदा पाप पनि हुँदैन । यसरी क्रिया द्वारा शुद्ध पाप भएर क्रमशः अमर पदलाई प्राप्त गर्नेछौ अर्थात आठैपहर क्रियाको परावस्थामा रहन सक्नेछौ । जुन वासना मलको कारण यस समय सन्तप्त भएर जलिरहेछौ, तेस इच्छा या वासनाको गन्ध पनि फेरि रहने छैन ॥४७॥

("सहज" कर्मको त्याग वैध छैन)

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत् ;
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृता ॥४८॥

श्री धरीय टीका - [हे अर्जुन ! यदि सांख्य मत अनुसार स्वधर्म (क्षात्र धर्म) मा हिंसा लक्षण दोष मानिकन परधर्म ब्राहमणादि धर्मलाई श्रेष्ठ मान्दछौ त परधर्ममा पनि यस किसिमका दोष छन, यस आशयले भन्नु हुन्छ] - सहज अर्थात स्वभाव विहित कर्म दोषैयुक्त भएमा पनि त्याग गर्नु ठीक छैन । दृष्टादृष्ट सारा कर्म नै कुनै न कुनै दोषद्वारा त्यसरी व्याप्त छन जसरी धूम द्वारा अगिन आवृत्त रहन्छ । अतयव अग्निको धूमरुप दोष परित्याग गरी जसरी मानिसहरु अन्धकार एवं शीतादि निवृत्तिको लागि अग्निको सेवन गर्दछन, त्यसरी नै कर्मको दोषांशलाई परित्याग गरेर सत्वशुद्धिको गुणांश ग्रहणीय छ ॥४८॥

आध्यात्मिक व्याख्या - "जन्मको साथ जुन कर्म भएको छ अर्थात क्रिया (जुन केवल गुरुवाक्य द्वारा लभ्य हुन्छ) त्यही सर्वतो भावेन कर्तव्य हो । (दोहाईदोहाई) यो पहिले गर्दा खेरि ठीक ठीक पूर्णतः हुँदैन अर्थात राम्ररी क्रिया गर्न सकिन्न, परन्तु यसै कारणले उसलाई त्याग गर्नु ठीक छैन जसरी आगो जलाउँदा पहिले

आँखामा धुँआ लाग्दछ किंचित ल्केश हुन्छ, पश्चात् भोजन बनाई खाएर तृप्त हुन्छन उसरी नै आत्मामा मन राख्नुको स्वरुप किंचित ल्केशप्रद हुन्छ पहिले, परन्तु भोजन गरेर तृप्त भएपछि त्यस धुँवाको ल्केशको कष्ट अनुभव हुँदैन, बरु त्यसलाई विर्सेर यथेष्ट तृप्ति लाभ गर्दछ"-

-जन्मनासाथ जुन कर्म हुन्छ त्यही सहज कर्म हो । प्राण क्रिया जन्म सँगै उत्पन्न हुन्छन, यसैले प्राण क्रिया नै मनुष्यको सहज कर्म हो । जीव जबसम्म मातृ गर्भ देखि भूमिष्ठ हुँदैन, तबसम्म उसको श्वास प्रश्वासको क्रिया हुँदैन । तब के उसको प्राण त्यस समय हुँदैन ? प्राण नरहेमा गर्भस्थ जीवको अंगप्रत्यंगहरुको उत्पत्ति र पुष्टि कसरी संभव हुन सक्तछ ? प्राण निश्चय नै रहन्छ, परन्तु प्राणको स्वतन्त्र क्रिया हुँदैन । मातृ शरीर सँग उसको नाडी संयुक्त खाद्य मिल्ने गर्दछ । प्राण प्रवाह तेस समयमा पनि रहन्छ, परन्तु सुषुम्नामा बगि रहन्छ । यसै कारण गर्भस्थ शिशुको ज्ञान अवरुद्ध हुँदैन । भूमिष्ठ हुनासाथै उसको प्राण प्रवाह नासारन्ध्रमा प्रवाहित भएर क्रमशः बहिर्मुख हुन जान्छ । पहिले पहिले प्राण प्रवाह क्षीणरुपमा बहिर्मुख हुन्छ, त्यस समय पनि अन्तः प्रवाह रुद्ध हुँदैन, यसै कारण बहुधा शिशुको दिव्य ज्ञान या पूर्व जन्मको स्मृति जाग्रत रहन्छ । प्राण प्रवाह वाह्य श्वासवायुसँग जति नै अधिक मिलित हुन्छ उति नै त्यसको पूर्व स्मृति लुप्त हुन्छ । बाहिर नै तब उसको अगाडि ठूलो हुन जान्छ, आन्तरभाव स्मृति पथदेखि हटन जान्छ । प्राणको अन्तः प्रवाह सहज कर्म हो । त्यो बहिर्मुख भएपछि नै दोषयुक्त हुन जान्छ । परन्तु दोषयुक्त भएर पनि त्यसलाई परित्याग गर्नु उचित छैन । परित्याग गर्दा खेरि सहज ज्ञान हुने छैन । बाहिरी प्रवाहलाई अन्तर्मुखी गर्नुको प्रचेष्टा नै प्राणायामादि कौशल हो । परन्तु यो अनायास साध्य छैन तथा एसको साधना सुखकर छैन । जसले प्राण प्रवाहको गतिलाई फर्काउनको लागि यस किसिमको साधनाको अभ्यास गर्दछन, उनको यो साधना पहिले पहिले सर्वतोभावेन शुद्ध हुँदैन । यसैकारण धेरैजसोमानिसहरुको मन दिक्क हुन जान्छन, परन्तु फेरि पनि क्रियाको त्याग गर्नु ठीक छैन । यस क्रिया सिवाय प्राणलाई अन्तर्मुखी गर्नुको अरु कुनै श्रेष्ठ उपाय छैन, अतयव प्रथम, प्रथम त्यो जति नै नीरस किन नलागोस, कल्याणकामी साधकको लागि त्यसलाई गर्दै जानु नै उचित छ । सब कर्महरुको पहिलो चेष्टा दोषयुक्त हुन्छ । परन्तु जसले दुःख उठाएर यस कार्यमा लागि रहन्छन, तिनीहरु शीघ्र नै यसको आनन्द आफसे आफ बुझ्न थाल्दछन । काँहा पहिलेको घोर संसारी मन अनि काँहा अहिलेको स्थिर प्रशान्त आत्मस्थित मन । मातृ गर्भ देखि भूमिष्ठ हुनासाथ प्राणको बहिर्मुखी गति आरम्भ हुन्छ । तब देहमा आत्मबोध हुन्छ र देह जनित तथा देहको अक्षमता जनित नाना ल्केशहरु हुन्छन । शिशु खालि रुन्छन, भित्रको सूत्रलाई बिर्सी हाल्दछ, बाह्य जगतसँग पनि त्यतिको मिल्ने जुल्ने हुँदैन । जीवको यो शोकावह अवस्था शूद्रभाव हो । पश्चात बालकको उपनयन हुन्छ अर्थात त्यो गुरुको समीप जान्छ । तब गुरुले उसलाई एस्तो शिक्षा दीक्षा प्रदान गर्दछन जसबाट उसको प्राण क्रिया अन्तर्मुखी होस । गुरुले बलपूर्वक शिष्यको चित्तलाई अन्तर्मुख गरी क्षणभरको 'तत्पदं' को दर्शन गराइदिन्छन, प्राणको बहिर्मुख गति देखि मनमा विषयाकार वृत्ति उदित हुन्छन, अन्तर्मुखी चलाउने अभ्यास गरेपछि त्यस देखि भिन्न वृत्तिको उदय हुन्छ । प्रथम प्रथम साधना गर्दा खेरि साधकले धेरै चीज प्राप्त गर्नुको आशा गर्दछ, उसलाई आफ्नो शक्ति प्रदर्शन गर्ने इच्छा हुन्छ । तब

वैश्यभाव यानी फलाकांक्षाको साथ कर्म हुन्छ । पश्चात् पूर्णतया आत्मज्ञान प्राप्तिको लागि क्षत्रिय भाव अनुसार युद्धको आयोजन गर्नु पर्ने हुन्छ । यो युद्ध व्यापार नै हृदय ग्रन्थि भेदनको साधना हो । यस अवस्थामा साधकलाई जुन क्रियाको आवश्यकता हुन्छ त्यही त्यस समय उसको स्वभावज कर्म हुन्छ । वैश्यावस्थामा साधनाको भाव मृदु हुन्छ । विस्तार विस्तार प्राणलाई उकास्ने खकास्ने गर्नु पर्दछ । त्यसमा कुनै तीव्रता या बल प्रयोग रहँदैन । यसरी साधनामा केही समय अभ्यस्त हुनु पछि जब श्वासको आकर्षण विकर्षणमा कुनै कष्ट हुँदैन, तान्नु र फाल्नु दीर्घ हुन जान्छ, तब साधक यस अवस्थादेखि उन्नततर दीक्षामा दीक्षित हुन्छन । क्रमशः साधनाको कठोरता बढ्दै जान्छन, यही क्षत्रिय भाव हो । यहाँ श्वास माथि बलप्रयोग गर्नु पर्ने हुन्छ - "बलात्कारेण गृह्णीयात्" । यही क्षत्रियको दिग्विजय या अश्वमेघ यज्ञ हो । यसरी क्रिया गर्दा गर्दा एकातिर जसरी शौर्य, तेज, योगधारण तथा बुद्धिमा तीक्ष्णता आउनेछ त्यसरी नै अर्कोतिर भित्री शत्रुहरुसँग प्रबल युद्ध गर्नुपर्नेछ । मनमा एस्तो लाग्नेछ युद्धमा म सक्षम भैरहेको छैन, तथापि युद्ध छोडेर काम चल्ने छैन । युद्धमा अपलायन भाव नै क्षत्रियको प्रधान धर्म हो । यस पछि योगीलाई अनेक किसिमका शक्तिहरु प्राप्त हुन्छन । मेरुदण्डमा एक चक्र पछि अर्को चक्रमा उत्थान हुन्छ, तत्त्वजय हुन्छ, यसको नाम नै पर राज्य जय हो । साधक तब अनासक्त भएर समस्त शक्तिहरुको सद व्यवहार गर्दछ । यही ईश्वरभाव हो । *अरुहरुलाई सत्पथ देखाइदिनु नै श्रेष्ठ दान हो ।* हृदयग्रन्थि भेदन भएपछि क्षत्रिय भाव समाप्त हुन जान्छ र योगी सर्व विषयहरुमा स्थिर हुन जान्छन । तब त्यो शान्त, दान्त, जितात्मा, एवं जितेन्द्रिय भएर सहस्रारमा स्थिर भै ब्रहमानन्दमा मग्न रहन्छ । मनमा कुनै संकल्प रहँदैन

"यदृच्छालाभ संतुष्टो द्वन्द्वातीतो विमत्सरः;
सम सिद्धावसिद्धौ च कत्वापि न निबध्यते ॥"

ईच्छापूर्वक या बल प्रयोग गरेर कसैले यो त्याग गर्न सक्तैन । उपयुक्त समयमा साधकको आफ से आफ नै समस्त त्याग हुन जान्छ । यही ब्रहम भाव, सर्व शेष एवं सर्वोच्च अधिकार हो ॥४८॥

(सात्त्विक त्याग एवं संयम द्वारा योगीलाई नैष्कर्म्यसिद्धि)

असक्त बुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ;
नैष्कर्म्यसिद्धि परमां संन्यासेनाधिगच्छति ॥४९॥

श्री धरीय टीका - [क्रियमान कर्महरुको दोषांशलाई परित्याग गरेर कसरी गुणांश प्राप्त हुन जान्छन, यसको उत्तर दिनु हुन्छ] -असक्त अर्थात् जसको बुद्धि संगशून्य छ । जितात्मा अर्थात निरहंकारी । विगत स्पृह अर्थात जुन मानिसको फल विषयक स्पृहा दूर भैसकेको छ । आसक्ति एवं फलत्याग नै सात्त्विक त्याग हो । यस किसिमसँग पूर्वोक्त श्लोकमा कथित जुन कर्मासक्ति र फलत्यागरुप संन्यास छ, त्यस द्वारा नैष्कर्म्य सिद्धि अर्थात् सर्व कर्म निवृत्ति रुप सत्त्वशुद्धि प्राप्त हुन्छ । संग एवं फल त्याग साथ जुन कर्मानुष्ठान छ त्यही नैष्कर्म्य हो, किनभने यस किसिमको कर्मानुष्ठानमा कर्त्तृत्वाभिनिवेशको अभाव

रहन्छ। यही "नैव किंचित करोमिति" चार श्लोकहरु द्वारा पंचमाध्यायमा उक्त भएकोछ। यस श्लोकोक्त संन्यास द्वारा परम नैष्कर्ष्र्य सिद्धि अर्थात् पंचम अध्यायमा कथित -

"सर्व कर्माणि मनसा सन्यस्यास्ते सुखं वशी" - लक्षण वाला परमहंस चर्या प्राप्त हुन्छ, यही विशेषता छ ॥४९

आध्यात्मिक व्याख्या - "कुनै विषयमा आसक्ति पूर्वक दृष्टि न गरोस, वर्त्तमान अवस्थामा, र क्रियाको परावस्थामा सर्वदा रहेर आत्मालाई आत्मा द्वारा क्रियाको रुपमा युद्ध गरी जितेर अर्थात क्रियाको परावस्थामा रहिकन जब सब विषयहरुमा इच्छारहित हुन जान्छ तब अरु कुनै कर्म फलाकांक्षाको साथ रहँदैन। जब कुनै विषयको इच्छा रहँदैन, जुन इच्छा गरी पाउँथ्यो, अतयव सब विषयहरुको प्राप्ति भयो जसको सिद्धि हो त परम अर्थात सबको पर ब्रहमस्वरुप भएपछि त्यो जसरी अकर्त्ता भएर पनि कर्त्ता छ त्यसरी नै इच्छा रहित भएर समस्त इच्छाहरु (इच्छा नगरी) सम्पन्न हुन्छन - यसैको नाम सिद्धि र संन्यासी अर्थात जुन केही इच्छा हुन्छ वर्तमान अवस्थामा अनावश्यक कर्मको, त्यसलाई गर्दैन - यस किसिमको स्थिर बुद्धि क्रियाको परावस्थामा हुन्छ।"-

- आत्मामा मन राख्दा राख्दा अन्य कुनै बाह्य विषयमा आसक्ति आउँदैन। यसको निम्ति पहिले कठोर युद्ध गर्नु पर्ने हुन्छ। क्रिया द्वारा क्रमशः जब परावस्था प्राप्त हुन्छ, तब इन्द्रियहरु माथि विजय प्राप्त हुन जानाले विषयहरुमा स्पृहा रहँदैन। स्वकर्म द्वारा ईश्वरको अर्चना गरेपछि उक्त सिद्धि प्राप्त हुन्छ। तब अनिच्छाको इच्छाले सब कर्म हुन्छ, परन्तु कर्ममा आसक्ति हुँदैन र फलको आकांक्षा पनि रहँदैन। तब कर्त्ता भएर पनि अकर्त्ता छ, तथापि समस्त कार्य ठीक तरीकासँग भैरहन्छन। इच्छारहित भएर पनि उसको कुनै काम अडकिदैन, मानो कसैले सब गरिदिन्छ। यस अवस्थाको नाम नै "नैष्कर्म्यसिद्धि" हो। सर्व-कर्म-निवृत्तिको कारण हो इच्छारहित हुनु, तथापि सर्वकर्म फलाकांक्षा साथ गर्नाले जुन फल हुन्छ त्यही फल फलाकांक्षा नगरेपनि उनलाई पनि प्राप्त हुन्छ। साधारणतः सकामी मानिसहरुलाई कामना पूर्तिमा कृतकृत्यता बोध हुन्छ। उनिहरु (योगीहरु)लाई स्पृहा नहुनुको कारण वस्तुको प्राप्ति अप्राप्तिले आनन्दमा कुनै विघ्न उत्पन्न हुँदैन। पहिले क्रियाभ्यास गर्नु पर्नेछ। क्रिया गर्दा गर्दा मन एवं इन्द्रियलाई एक किसिमले उपराम हुन जान्छ अर्थात तब इन्द्रिय र मनले बाहय वस्तुमा आसक्ति देखाउँदैन। यही कर्मजा सिद्धि हो। यस द्वारा ज्ञान निष्ठाको योग्यता प्राप्त हुन्छ। ज्ञान निष्ठा हो क्रियाको परावस्थामा रहनु जब दीर्घकालसम्म अनि इच्छाधीन हुन जान्छन त नैष्कर्म्यसिद्धि प्राप्त हुन्छ। जसलाई नैष्कर्म्यसिद्धि हुन्छ, उनमा निम्नलिखित लक्षण प्रस्फुटित हुन्छन। धन, जन, गृह, पुत्रदारा आदिमा उसको आसक्ति रहँदैन। तब उसको अन्तःकरण वशीभूत हुन जान्छ। देह, भोग एवं जीवन धारणमा पनि उसको कुनै स्पृहा हुँदैन। उसको मन कल्पनाको अभावमा आत्माकारमा स्थित हुन्छ, यही नैष्कर्म्यसिद्धि हो। यस नैष्कर्म्य सिद्धिको चरम या परमावस्था हुन्छ सर्वदा बुद्धिको स्थिरता। क्रियाको परावस्था यसरी आठैपहर रहँदा "सर्वंब्रहममयं जगत" भाव हुन जान्छ ॥४९॥

(नैष्कर्म्यसिद्धिको साधनक्रम बताउने प्रतिज्ञा)

सिद्धिं प्राप्तो यथा ब्रहम तथाप्नोति निबोध मे ;
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ॥५०॥

श्री धरीय टीका - [यस किसिमको परमहंसको ज्ञान निष्ठा द्वारा जुन ब्रहमभाव हुन्छ, त्यसलाई छः श्लोकहरु द्वारा भन्नु हुन्छ] - नैष्कर्म्यसिद्धि प्राप्त पुरुष जसरी ब्रहमलाई प्राप्त हुन्छ, त्यसलाई संक्षेपमा भन्दछु, सुन ॥५०॥

आध्यात्मिक व्याख्या - "यस किसिमसँग ब्रहमसँग ब्रहमलाई प्राप्त भएर सम्पूर्ण सिद्धि प्राप्त गर्दछ जुन किसिमले त्यसलाई जानिलेऊ - निःशेष रुपमा स्थिति, र ब्रहमदर्शन ब्रहममा रहिकन क्रियाको परावस्था, त्यो परा अर्थात जसको पर अरु केही पनि छैन ब्रहम सिवाय ।" -

- बुद्धि, मन र इन्द्रियहरु मिलेर कर्म उत्पन्न गर्दछन । जब यी कर्म उत्पन्न गर्दैन तबै नैष्कर्म्यसिद्धि हुन्छ त्यसलाई यहाँ श्री भगवानले बताउनु हुनेछ। ज्ञान र ज्ञानको परिसमाप्ति ज्ञान हो ब्रहमदर्शन आत्माकारमा स्थिति, जुन क्रियाको परावस्थामा हुन्छ । क्रियाको परावस्थामा निःशेषरुपले स्थिति नै परमासिद्धि हो । ज्ञान नै ज्ञेयाकारमा प्रकाशित हुन्छ, यसैले ज्ञान र ज्ञेय अभिन्न छन । सूर्यको किरणहरु जसरी द्वार, छिद्र र गवाक्ष मार्ग देखि घरमा प्रवेश गर्दछन् । चैतन्य यिनको धर्म होइन । शरीर देखि बुद्धि पर्यन्त सब जड पदार्थहरुमा चैतन्यको आभास वर्त्तमान रहनुको कारण यी सब वस्तुहरुमा आत्मभ्रम हुन्छ । यस कारण आत्म ज्ञान स्वतः सिद्ध भएर पनि त्यसमा जुन नामरुपमय गुणको आरोप गरिन्छन त्यसको निवृत्ति गर्न सकेमा शरीरादिमा आत्मभ्रम हुन सक्तैन । आत्मज्ञान स्वतः सिद्ध वस्तु हो अतयव उसको निम्ति प्रयत्नको आवश्यकता हुँदैन । प्रयत्नको आवश्यकता हुन्छ अनात्मज्ञानको निवृत्तिको लागि । क्रियाको परावस्थामा न कुनै किसिमको चिन्तन छ अनि न त अचिन्तन । ब्रहमपद चिन्तन द्वारा प्राप्त गर्न सकिदैन, किनभने निश्चित अवस्था नै ब्रहमपद हो । जब 'हां-ना' दुबैनै रहँदैन तबै ब्रहम सम्पादन हुन्छ । यस निश्चिन्त अवस्थाको प्राप्तिको जुन साधन छ, त्यसलाई बताउनु भैरहेको छ ॥५०॥

(परमहंसको ज्ञान निष्ठा)

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मान नियम्य च ;
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥५१॥

श्री धरीय टीका - सात्त्विकी बुद्धिले युक्त भएर सात्त्विकी धृति द्वारा सात्त्विक बुद्धिलाई निश्चल गरी शब्दादि विषयहरुको परित्याग गर्दै अर्थात् तद्विषयक राग द्वेषमय भावहरुलाई परित्याग गरेर (ब्रहमस्वरुपमा अवस्थान गर्दछन) ॥५१॥

आध्यात्मिक व्याख्या - "बुद्धि क्रियाको परावस्थामा स्थिर गरी, ब्रहममा अडकिरहेर, आत्मामा आफसेआफ स्थिर रहनुको नाम हो धारणा ध्यान समाधिपूर्वक फलाकांक्षा सहित शब्दादिलाई अग्राहय गरेर यसैकारण इच्छा र हिंसा क्रियाको परावस्थामा रहँदैन ।" -

- साधना गरेर पारमहंस्यनिष्ठ पुरुषलाई नैष्कर्म्यसिद्धि प्राप्त हुन्छ। उनको लक्षण बताउनु हुन्छ (१) विशुद्धबुद्धि उनको बुद्धिमा आत्मातिरिक्त कुनै वस्तु भास्तैन तथा आत्माको सम्बन्धमा कुनै संशय पनि आउँदैन । (२) धृति - प्राणायामादि द्वारा जुन स्थिर अवस्था आउँदछ त्यसमा वृत्ति रुद्ध हुन जान्छन । प्राणलाई नियमित नगरेमा शरीर र इन्द्रियहरु चचंचल रहनेछ, निश्चल हुने छैन । प्राण स्थिर हुनासाथै बुद्धि आत्मामा आफसेआफ स्थिर हुन जानेछ । त्यस अवस्थामा रहनुको नाम नै धृति हो । (३) शब्दादि विषयहरुको त्याग योगाभ्यास द्वारा समस्त इन्द्रियहरु अन्तर्मुखी हुन्छ, अतयव त्यस समय बाह्य विषय ग्राहय हुँदैन । (४) रागद्वेष त्याग- उनको कुनैवस्तु प्रति अनुराग हुँदैन अनि न विराग नै हुन्छ । मन रहुंजेल यो भाव आउन कठिन छ । क्रियाको परावस्थामा मन निश्चल हुन्छ, कुनै संकल्प या वासना रहँदैन । त्यो तब ब्रहम साक्षात्कारको उपयुक्त हुन्छन ॥५१॥

(परम हंसले कसरी ब्रहमत्व प्राप्तिको योग्यता प्राप्त गर्दछन)

विविक्तसेवी लध्वाशी यतवाक्कायमानस;
ध्यानयोगोपरो नित्यं वैराग्यं समुपाश्रितः ॥५२॥

श्री धरीय टीका - [अरुपनि भन्नु हुन्छ] - पवित्र देशवासी एवं मीतभोजी भएर अनि वाक्य, शरीर र चित्तलाई संयत गरी, सर्वदा ध्यान द्वारा ब्रहमसंस्पर्शरुप योगमा तत्पर भएर ध्यानको अविच्छेदको लागि पुनः पुनः दृढा वैराग्यलाई सम्यक्रुपले आश्रय गरेर - (ब्रहम साक्षात्कारमा समर्थ हुन्छन) ॥५२॥

आध्यात्मिक व्याख्या -"सर्वदा आफु आफैमा रहन्छ, अल्प आहार गर्दछ, यथा साध्य बोल्दैन, शरीरले आफु आफैलाई तुच्छ विवेचना गरी घमण्ड गर्दै हिंडदैन, मनलाई अन्य दिशातिर नलगिकन आफुले आफैलाई सानो बिवेचना गरी आफैमा रहन्छ अर्थात क्रिया गर्दछ - जुन गुरुवक्त्रगम्य छ - १७२८ बार प्राणायाम प्रतिदिन गर्दछ अनि बीच बीचमा २१७३६ बार ब्राणायाम गर्दछ अर्थात दिनरात सर्वदा नै प्राणायाम गर्दछ अर्थात त्यसमानै नित्य रहन्छ जुन क्रिया गर्दा गर्दा आफसे आफ हुन जान्छ जब सर्वदा आफैमा रहन्छ यसरी अभ्यास प्राप्त गरेर, तब अन्य दिशामा फेरि ब्रहम सिवाय कदापि इच्छा हुँदैन एसको नाम हो वैराग्य, यो जसको छ त्यही वैरागी हो ।"

- ब्रहम साक्षात्कारको सामर्थ्य प्राप्त गर्नको लागि (५) साधकलाई विविक्तसेवी हुनु पर्नेछ । निर्जन देशमा बसेर साधनाभ्यास गर्नु बिना ध्यान जम्दैन । यसैले साधकलाई अपेक्षाकृत कोलाहल शून्य स्थानमा रहनु आवश्यक छ । परन्तु बाहिरको गडबडी भन्दा बढी गडबडी हुन्छ हाम्रो मन र इन्द्रियहरु द्वारा । तिनलाई वशमा राख्नको लागि जरुरी छ प्राणलाई स्थिर गरियोस । प्राण स्थिर भएमा एस्तो स्थानमा अवस्थान गर्दछ जहाँ 'म-मेरो' सब मेटिन जान्छन । यसको नाम नै हो आफु आफैमा रहनु । यस किसिमको निःसंगावस्था

नभए खालि जनशून्य स्थानमा रहे पनि त काम क्रोधादि दस्युगणको हात देखि छुटकारा पाउन असम्भव छ। (६) लघु आहार पनि साधकको लागि उपकारी छ। अति भोजनले साधकलाई निद्रा र आलस्यले घेरिरहन्छन। मन तमो गुण द्वारा अभिभूत हुन जान्छ, यसैले आहार एवं निद्रामा संयम राख्नु पर्दछ। साधक प्रवर कबीर भन्नु हुन्छ -

"नींद निशानी नीचकी उठो कबीरा जागि;
और रसायन छोडकर राम रसायन लागि"

निद्रा नीच मानिसको चिन्ह हो, किनभने तमोगुण सर्वापेक्षा निकृष्ट गुण हुन। जसले प्राणलाई माथि उठाएर राख्न सक्दछन उनलाई फेरि निद्रा हुँदैन। कबीर भन्नु हुन्छ - जागिहाल, अर्थात जागृत अवस्थामा माथि उक्लिएर बस। सामान्य धातुको रसायन छोडेर आत्मारामको रसायन सेवन गर। दुई या अनेक पदार्थ परस्पर युक्त भएमा एक नया वस्तुमा परिणत हुन्छन या गुणान्तरलाई प्राप्त हुन्छन। यो रसायन भनिन्छन। हामी सन्सारमा वासना र चेष्टा द्वारा आफ्नो अवस्थालाई अविरत परिवर्तन गरिरहेका छौं। मनुष्य धेरै परिश्रम, चेष्टा, व्यापार वाणिज्य आदि द्वारा खूब धनी भएर आफ्नो अवस्थालाई पूर्णतः बदलिदिन्छन। परन्तु कबीर भन्दछन - यी सब चेष्टाहरु छोडेर राम रसायन सेवन गर। जुन रसायन द्वारा यो मोहबद्ध जीव रुपवान, बलवान र धनवान मानिसहरु शरीरलाई प्रधानता दिन्छन। मनमा खूब घमण्ड गर्दछन - ती ठूला मानिस हुन, हेर्नमा सुन्दर बलिष्ट छन, परन्तु वस्तुतः यस देह समान घृणित र निकृष्टतम वस्तु अरु कुनै छैन। ज्ञान हीन पशुतुल्य व्यष्टिले नै एसको गर्व गर्दछन। क्षणमात्रमा एसको परिणाम के हुन सक्छ, यसको विचार गर्दा खेरि त यसको निम्ति गर्व गर्नुको इच्छा नै हुँदैन। मनमा यसकिसिमको विचार राखिकन आसनादि साधनमा चेष्टा गर्नुले शरीर संयत गर्न सकिन्छ। मनः संयम - मनलाई अन्य तिर जान नदिइकन आफै आफुमा रहन दिनु नै प्रकृतः मनः संयम हो। वाक्य संयम- वाक्य संयमको लागि जिहवालाई तालुमूलमा राखेर चक्र प्रति चक्रमा स्मरण गर्नु पर्दछ। अनावश्यक कुरा गर्नु हुँदैन। वाक्य संयमले इच्छाको नाश हुन जान्छ। शक्ति क्षय नहुनुको कारण मनलाई एकै विषयमा धेरै बेर सम्म संयत गरिइन्छन र त्यसबाट कार्य सिद्धि हुन्छ। (८) प्रतिदिन ध्यानाभ्यास एवं योगाभ्यास गर्नु पर्दछ। हाम्रो मनमा सर्वदा नाना थरीका प्रत्ययहरु उदित भैरहन्छ, ती प्रत्ययहरुलाई अवरुद्ध गरेर नै योगयुक्त हुन सक्तछन। प्रत्ययहरुको अवरोध हुन्छ एकाग्रता द्वारा, एकाग्रता आउँदछ प्राण-संयमले, अतयव प्रतिदिन अधिकाधिक समय सम्म मन लगाएर प्राणायाम गरोस। जसले प्रायः बीच बीचमा १७२८ बार प्राणायाम गर्दछन तथा यदाकदा लगातार अलिदिन सम्म १७२८ बार प्राणायाम गरेर २१७३६ बारको पूर्त्ति गर्दछन, त्यसले क्रियाको परावस्थाको आस्वादन प्राप्त गर्दछन। यस किसिमको क्रियामा जो लागिरहन्छन, उनलाई नित्य नै यो अवस्था प्राप्त हुन्छ। (९) वैराग्य उपर्युक्त अभ्यासको फलले एक ब्रहम सिवाय अरु कुनै इच्छा रहँदैन, यसैको नाम वैराग्य हो ॥५२॥

(ब्रहम प्राप्तिको योग्यता)

अहंकारं बलं दर्प कामं क्रोधं परिग्रह ;
विमुच्य निर्ममः शान्तो ब्रहमभूयाय कल्पते ॥५३॥

श्री धरीय टीका - [अरु पनि भन्नु हुन्छ] - अहंकार=म विरक्त या वैराग्ययुक्त छु, यसकिसिमको अहंकार, बल, दुराग्रह या घृणित विषयमा स्पृहा, दर्प योगबलको कारण उन्मार्गमा प्रवृति, काम प्रारव्धवश अप्राप्त विषयादिमा अभिलाषा, क्रोध तथा परिग्रह यी सबलाई विषयरुपमा परित्याग गरेर तथा यी समस्त विषय यदि बलपूर्वक आइदिएमा पनि त ममताविहीन एवं परम उपशान्त भएर तिनीहरु 'अहं ब्रहमास्मि' यस किसिमको निश्चल ब्रहम भावमा अवस्थान योग्य हुन सक्दछन ॥५३॥

आध्यात्मिक व्याख्या - "अहंकार, बल, दर्प अर्थात छाती देखाएर हिंडनु, इच्छा, क्रोध, ब्रहम सिवाय अन्यको घर अर्थात अन्यवस्तुमा मन नदिनु यी सब देखि क्रियाको परावस्थामा रहिकन विशेषरुपले यी उपर्युक्त सब विषयहरुबाट मुक्त हुन जान्छ, त्यस क्रियाको परावस्थामा म पनि रहँदैन - जुन क्रियान्वित सबै मानिसहरुलाई अनुभव हुन्छन, यसको नै नाम हो शान्ति अर्थात क्रियाको अन्त - यो धेरै काल गर्दा गर्दा ब्रहमस्वरुप हुन जान्छन ।"

- (१०) अहंकार-शरीर र इन्द्रियहरुमा जुन आत्मज्ञान हुन्छ, त्यही हो अहंकार, त्यस अहंकारलाई त्याग गर्नु पर्नेछ (शंकर) । (११) बल-जुन सामर्थ्य काम रागादियुक्त छ त्यही शास्त्र विरुद्ध, असत, आग्रहरुप बल हो । त्यो परित्याज्य छ । (१२) दर्प धर्मलाई अतिक्रम गर्नु, योगाभ्यासको कारण विभूतिप्राप्त भएर उन्मार्गगामी हुनु । लब्धक भूमि भएर पनि योगीलाई भ्रष्ट गर्न सक्दछ । (१३-१४) काम क्रोध-चित्त अशुद्ध भएमा पार्थिव विषयहरु प्राप्तिको अभिलाषा हुन्छ तथा वासनाको प्रतिघात भएपछि क्रोध उत्पन्न हुन्छ । (१५) परिग्रह - अन्य प्रकारको परिग्रह त रहँदैन नी, खालि शरीर धारणको लागि परिग्रह गर्दछन । धर्मानुष्ठानको निम्ति पनि अर्थ संग्रह गर्नु ठीक छैन । (अवश्य नै यो खालि संन्यासीको निम्ति संभव छ) । (१६) निर्मम-ममत्व बुद्धिलाई परिहार गनु पर्नेछ । ममत्व बुद्धि जबसम्म रहनेछ तबसम्म हर्षविषाद आदि देखि चित्तको विक्षेप हुनेनैछ । (१७) शान्त -उपरति अर्थात मनको स्थिरता आएन भने ब्रहमदर्शनको सामर्थ्य हुँदैन । क्रिया गर्दा गर्दा जब साधकको लक्ष्य आत्मा बाहेक अन्य कतैतिर हुँदैन तथा क्रियाको परावस्था प्राप्त भै कुनै विषयमा चित्त दौडिदैंन तब साधक निर्मम हुन जान्छ, अर्थात उसको 'म' र 'मेरो' रहँदैन । यस अवस्थालाई प्राप्त भएपछि साधक प्रशान्त हुन जान्छ, चित्तमा कुनै उद्वेगको तरंग उठदैन, यही परम निर्वृत्ति रुप उपशान्ति हो । यस अवस्थालाई प्राप्त योगी ब्रहमभावले भावित भएर ब्रहम हुन जान्छ ॥५३॥

(ब्रहमभूतलाई पराभक्तिको प्राप्ति)

ब्रहमभूतः प्रसन्नात्मा न शोचति न कांक्षति ;
सम सर्वेषु भूतेषु मदभक्तिं लभते पराम् ॥५४॥

श्री धरीय टीका-['म ब्रहम हूम' यस प्रकारको निश्चल अवस्थितिको फल बताउनु हुन्छ] -ब्रहममा अवस्थित पुरुष प्रसन्न चित्त हुन्छ अर्थात त्यो नष्ट विषयमा पश्चाताप गर्दैन तथा अप्राप्त विषयको आकांक्षा पनि गर्दैन किनभने उसको देहाभिमान रहँदैन । सब भूतहरुमा समभाव हुनुको कारण रागद्वेषादिकृत विक्षेपको अभाव वश त्यसले सब भूतहरुमा 'मद्‌भावना' रुप पराभक्तिलाई प्राप्त गर्दछ ॥५४॥

आध्यात्मिक व्याख्या-"ब्रहम भयो यसैले प्रसन्नात्मा हुन जान्छ, किनभने तेसले ब्रहम सिवाय अन्य वस्तुमा आसक्तिपूर्वक दृष्टि गर्दैन, जब कुनै वस्तुमा आसक्तिपूर्वक दृष्टि भएन, तब त्यस अन्यवस्तुको विषयमा सोच्नु रहँदैन, आसक्तिपूर्वक दृष्टि गर्दा खेरि नै त्यसको प्राप्तिको इच्छा हुन्छ - जब ब्रहम सिवाय अन्य कुनै वस्तुमा दृष्टि नै रहँदैन, तब यसै कारणले उसको आकांक्षा पनि हुँदैन - सब भूतहरुमा त्यही कूटस्थ ब्रहम देख्दछ- चर र अचरमा, तब आफसे आफ सब अनुभव हुन्छ - गुरुवाक्यमा विश्वास गरेर आफु आफैमा रहेर सर्वदा क्रिया गर्दछ र त्यसलाई नै लाभ विवेचना गर्दछ, जुन लाभ सबभन्दा माथि छ यस्तो मान्दछ ।"-

- जो ब्रहमलाई प्राप्त हुन्छ अर्थात् ब्रहमस्वरुप हुन जान्छ त्यसको कुन कुन लक्षण प्रस्फुटित भै उठदछन, यही श्री भगवान् बताउनु हुन्छ । क्रियाको परावस्थामा जब साधक ब्रहमस्वरुप हुन जान्छ त उसको चित्त सर्वदा प्रसन्न रहन्छ । किनभने कुनै वस्तु प्रति तब उसको आसक्ति रहँदैन, यसैकारण अप्राप्य वस्तुको लागि पनि आकांक्षा हुँदैन तथा प्राप्त वस्तु पनि यदि नष्ट भएमा पनि त त्यसको निम्ति उसलाई शोक हुँदैन । चर अचर सब भूतहरुमा कूटस्थको दर्शन गरेपछि उसको सामुन्ने चर अचर सबकासब समानै जानिन्छन । ब्रहम बाहेक अन्य वस्तुमा जसको लक्ष्य हुँदैन तेसलाई वस्तु प्राप्तिको आशा पनि हुन सक्तैन । त्यसले अन्य कुनै लाभलाई लाभ नै सम्झदैन । क्रियाको परावस्थाको नशामा जब त्यो मत्त हुन जान्छन तब यो परमानन्दमा अवस्थित हुन्छन । तब अन्य कुनै छ या छैन, यो पनि उनको मनमा रहँदैन । क्रियाको परावस्थाको परावस्थामा ईषत् व्युत्थित भाव हुन्छ तब पनि उनको चित्त निर्व्याकुल रहन्छ । तब पनि तेसले सब वस्तुमा ब्रहम दर्शन गर्दछन । उनलाई एस्तो थाहा हुन्छ मानो सब चिज एक परमानन्दले भरिपूर्ण छ । नाना किसिमका अर्थ प्राप्ति, आत्मिय जनहरुको समागम यो घोरतर शारीरिक मानसिक दुःख समुस्थित भएता पनि उनको चित्त मथित या वेगयुक्त हुँदैन । त्यसले कुनै वस्तु प्रति लक्ष्य नराखिकन खालि क्रिया प्रति मात्र लक्ष्य राख्दछन, जसबाट स्वरुप स्थिति देखि विच्युत हुन नपरोस । त्यसले सर्वदा क्रिया गर्नुलाई लाभको वस्तु सम्झन्छन । जसले सर्वदा क्रिया गर्दछन, उनलाई सर्वत्र कूटस्थ दर्शन हुन्छ । सर्वत्र ब्रहम दृष्टि हुनु बिना कसैलाई समभाव या समदृष्टि हुन सक्तैन । क्रिया गरेर जसको अन्तः करण जति विशुद्ध हुन्छ उनलाई त्यति नै समदृष्टि प्राप्त हुन्छ । नाना थरीका वासनाहरु रहुंजेल अन्तः करण शुद्ध हुँदैन । प्राण जब वेगयुक्त रहन्छ त मनमा नाना वासना या स्पन्दन रहनेनै छ । यसैले क्रिया द्वारा प्राणलाई स्थिर गरेर मनलाई निःस्पन्दित गर्नु सर्वप्रथम आवश्यक छ । मन निःस्पन्दित भएपछि नै आत्मस्वरुको साक्षात्कार हुन्छ । स्वरुपको साक्षात्कार नै आत्माको अपरोक्षानुभूति हो । त्यहाँ 'म' - 'मेरो' केही पनि रहँदैन । यो अभेद भाव नै प्रकृत ज्ञान या मुक्ति हो । पराभक्ति पनि एसैलाई भन्दछन । यो सहज लभ्य छैन । भक्त तुलसी दासले भन्नु भएको छ -

"ज्ञानके पंथ कृपानके धारा,
परत खगेस होइ नहिं वारा ;
जो निरविघन पंथ निरहवई,
सो कैवल्य परमपद लहई ॥"

-ज्ञानको मार्ग तरवारको तेज धार समान छ। यस धारलाई पार गर्नु अति कठिन छ। यदि कसैले यस पथलाई निर्विघ्न पार गर्दछ त त्यसलाई परम पद कैवल्य प्राप्ति हुन्छ। परन्तु-

"अति दुर्लभ कैवल्य परम पद,
सन्त पुराण निगम आगम वद ;
राम भजत सोइ मुक्ति गोसाईं,
अनइच्छित आवइ बरिआई ॥"-

-परम पद अत्यन्तै दुर्लभ वस्तु छ, साधु, पुराण, वेद सबैले एस्तो भन्दछन। परन्तु त्यो परम पद रामभजन द्वारा अनिच्छा भएर पनि साधकलाई प्राप्त हुन्छ-

क्रिया गरेर यस किसिमको दुर्लभ परम पद क्रियाको परावस्थामा प्राप्त हुन्छ, यसलाई प्रत्येक क्रियावानले बुझ्दछन। परन्तु तीब्र वैराग्य बिना कसैले अपरोक्ष ज्ञान पाउन सक्तैन। मनुष्यको विषयासक्त चित्तले पाइला पाइलामा विघ्न उपस्थित गर्दछन, त्यस तत्पर क्रियावानको पास क्रियाको परावस्थारुप रुप कैवल्य ज्ञान आफसे आफ समुदित हुन्छ। साधकले बुझ्न पाउँदैन त्यो अनायास कसरी उपस्थित भयो। साधारणतः वस्तु प्राप्त भएमा मनुष्यको चित्त प्रसन्न हुन्छ, परन्तु जसले क्रियाको परावस्थामा स्थिति प्राप्त गरेकोछ, उनको चित्तको क्रियाशक्ति स्तम्भित हुन जान्छ, अतयव कुनै संस्कारको प्रस्फुरण रहँदैन र यस कारण ब्रहम सिवाय कुनै वस्तु प्रति आसक्ति पनि रहँदैन। वस्तु प्राप्त भएर पनि त्यस प्रति राग या विद्वेष आउँदैन। क्रियाको परावस्थामा चित्तको तरंग शून्य हुन गएपछि नानात्वको उपलब्धि हुँदैन। यस समताको नाम पराभक्ति हो। श्री मद्भागवतमा लेखिएको छ -

"सर्वभूतेषु येनैकं भगवद्भावमीक्षते ;
भूतानि भगवत्यात्मन्येष भागवतोत्तम ॥"-

जसले सर्वभूतहरुमा एक भगवतभाव र भगवदात्मामा सर्वभूतको दर्शन गर्दछन, तिनीहरु नै भागवतोत्तम् हुन। क्रियाको परावस्थामा यी सब कुराहरुको आलोचना संभव छैन, किनभने त्यस अवस्थामा भूत नै रहँदैन। किन्तु परावस्थाको परावस्थामा सर्वभूतहरुमा एक नै आत्मा रहन्छ तथा अनन्त भाव एक आत्मभावको भित्र परिसमाप्त हुन्छन ॥५४॥

(पराभक्ति द्वारा आत्माको स्वरुप ज्ञान या मुक्ति)

भकत्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ;
ततोमां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥५५॥ नोट (पाद टिप्पणि

-साम्प्रदायिकहरुको कथन छ-यो श्लोकले भक्तिको प्रधानता स्थापना गर्दछ । भक्तिको प्राधान्यता त छँदै छ नी, अन्यथा कुन बलले मनुष्य भगवान पाउने चेष्टा गर्लान ? श्री मद्भागवतमा लेखेको छ - "तत्त्वं यज्ज्ञानमद्वयम"- त्यस अद्वय ज्ञानवस्तुलाई नै तत्त्ववेत्ता मानिसहरुले तत्त्व अर्थात भगवतस्वरुप बताएको छ । अद्वय अर्थात जसको द्वितीय छैन अर्थात एकमात्र त्यही वस्तु छ, विश्वमा अन्य कुनै वस्तु छैन । अतयव ज्ञेय र ज्ञाता ज्ञानका प्रकार भेद मात्र हुन । यही ज्ञान या तत्त्व 'तत्' वस्तुको स्वरुप हो । श्री मदभागवतमा भगवानले चार किसिमका भक्तहरुमा ज्ञानीलाई सर्वश्रेष्ठ बताउनु भएकोछ । "ज्ञानी त्वात्मैव मे मतम" मेरो मतले ज्ञानी मेरै स्वरुप हुन । ज्ञानी कसरी उनको स्वरुप हो, एसको कारण बताउनु हुन्छ-"आस्थितः स हि मुक्तात्मा"-किनभने त्यो मुक्तात्मा छ अर्थात मेरो साथ योगयुक्त छ । अतयव सर्वोत्कृष्ट गति मलाई नै उसले आश्रय गरेकोछ । "सम सर्वेषु भूतेषु" हुनुको कारण ब्रहमभूत पुरुषको सर्वभूतहरुमा समदृष्टि हुन्छन ।

श्री धरीय टीका-[त्यस पछि के हुन्छ यो बताउनु हुन्छ]-पराभक्ति द्वारा मलाई तत्त्वतः जान्दछ, मेरो स्वरुप चिन्दछ र सर्वव्यापी तथा सच्चिदानन्दघन रुपमा मलाई जान्दछन । यसरी यथार्थतः जानेर अनि तदनन्तर त्यस ज्ञान पनि उपरम भयपछि ममा प्रवेश गर्दछ अर्थात परमानन्द रुप हुन जान्छन ॥५५॥

आध्यात्मिक व्याख्या-"यसरी भक्तिसाथ म के हूम यो आदरपूर्वक जान्न सक्दछ । जो चीज हो सब मै हूम फेरि जो कोही छ मै हूम-तत्त्वतः अर्थात् क्रिया गरेर, ब्रहमस्वरुप भएर म के हूम यो जानिकन मैंमा नै लय हुन्छन पश्चात ।"-

-आचार्य शंकरले भन्नु भएको छ-"परमात्म विषयमा जसबाट धारा निरन्तर प्रवाहित भैरहोस, त्यसको लागि जुन चेष्टा गरिन्छन, त्यसैको नाम हो ज्ञाननिष्ठा । ज्ञाननिष्ठ एवं कर्मनिष्ठ परस्पर विरुद्ध छन । तब क्रिया साधन द्वारा यस किसिमको ज्ञान प्रवाह कसरी उत्पन्न होला ? क्रिया साधन द्वारा ज्ञानको उत्पत्तिको कल्पना गर्नु अनुचित छ । ज्ञान स्वतः सिद्ध व्यापार हो । आत्मा नै अद्वय ज्ञान तत्त्व हो । आत्मा उत्पत्ति र विनाश विवर्जित छ, त्यो स्वतः विद्यमान छ र स्वप्रकाश स्वरुप छ । जो स्वयं प्रकाशित छ त्यसलाई प्रकाशित गर्नुको चेष्टा विफल प्रयास मात्र हुन ।" *प्राण परमात्माको मायाशक्ति हो । त्यस मायाशक्ति देखि मन उत्पन्न भएर नानाथरीका कल्पना गर्दछन । यो कल्पना प्राणको कम्पन सिवाय अरु केही होइन । यसैको प्रभावले असत्य सत्य जस्तो प्रतीत हुन्छ । क्रिया द्वारा यस*

प्राण स्पन्दन निरोध भएमा मनको मनन शक्ति या कल्पनाराशि उन्मूलित हुन जान्छन । तब आत्माको स्वाभाविक भाव प्रस्फुटित भै उठदछ । यो प्रकाश पहिले थिएन र अहिले हुन गयो, एस्तो कुरा छैन । त्यो पहिले पनि थियो र अहिले पनि अनि पछि पनि रहनेछ । स्वप्रकाश सूर्यलाई मेघले आवृत्त गरिराख्दछ, परन्तु यथार्थत: मेघमाला सूर्यलाई आच्छादित गर्न सक्तैन । घनाच्छन्न दृष्टि द्वारा सूर्य घनाच्छन्न प्रतीत मात्र हुन्छ, स्वरुपत: त्यो कहिल्यै घनाच्छन्न हुँदैन । उसरी नै मनको संकल्प विकल्पादिको कारण आत्मा अप्रकाशित छ, एस्तो मनको धारणा हुन्छ, परन्तु अलिकति विचार गर्दा खेरि हामी बुझ्न सक्दछौं यदि आत्मसत्ताको अस्तित्व नहुँदो हो त मनको कल्पनाराशि तथा इन्द्रियादिको विषयग्रहण कार्यरुप पनि हुन पाउँदैन । यिनका कार्यले आत्माको अस्तित्वलाई प्रमाणित गर्दछन । अतयव जो छ, जुन पूर्वबाटै प्राप्त छ त्यसलाई पाउनको लागि फेरि प्रयासको के आवश्यकता छ ? आत्मलाभ या आत्मज्ञानको लागि साधन अप्रयोजनीय हुन जान्छ । तब फेरि साधनको लागि शास्त्रादि यत्तिका जोर किन दिन्छन ? मनको विकारित भाव एसको कारण हो । हातमा नै द्रव्य छ, तर भ्रमवश मनमा लागिरहेको छ त्यो छैन । यसैकारण अन्वेषणको धूम धाम मचिरहेकोछ । जब मनको चचंचलता बन्द हुन जान्छन, हामी स्थिर हुन जान्छौ, तब थाहा पाउँदछौं जसलाई छैन भनेर खोजिरहेका थियौं त्यो त हाम्रै हातमा रहेछ । आत्माको चिर स्थिर नित्य अविचल रुप स्वत: सिद्ध छ, परन्तु मनको विक्षेपको कारण त्यो ध्यानमा आउँदैन । मनको यो चांचल्य प्राणशक्तिको स्पन्दनको फल हो । यसैले शास्त्र, साधु र गुरु सब एकस्वरले भन्दछन - प्राणलांई स्थिर गर । प्राण स्थिर भएमा मनको मनन शक्ति रहने छैन । तब देख्ने छौ तिमी आत्मारुपमा निरन्तर विराजमान छौ । तिम्रो शान्त, शुद्ध, अविचल अविकृत रुपलाई कसैले अशुद्ध, चचंचल या विकृत गर्न सक्तैन प्राण - स्पन्दन निरोध द्वारा स्मृतिको स्फुरण हुन्छ । यसैकारण साधन मार्गको अवलम्बन गरिइन्छन । प्राण कसरी स्पन्दित हुन्छ तथा त्यो कुन किसिमसँग मन, इन्द्रिय तथा विषयादिको रुपमा परिणत भएर अनर्थरुप संसार भावलाई विकसित गर्दछन, यो जान्नु पर्ने विषय हो । सन्सार भाव असत्य भएर पनि यसको कार्य कारणको धारामा एक स्वत: सिद्ध श्रृंखला विद्यमान छ । प्राण जुन किसिमले विषयाकारमा परिणत भएको छ त्यसदेखि अवगत भएर तथा त्यसबाट मनलाई हटाएर विपरित भावना द्वारा प्राणधारालाई उल्टो दिशामा प्रवाहित गर्न सकेमा अतीव सहजतासाथ प्राण सँगै मन पनि आत्मामा संलीन हुन जान्छन । तब यो बुझिनमा आइ हाल्दछ, जुन पहिले थियो त्यही पछि पनि रहन्छ । मध्यावस्थामा स्वप्न दर्शन समान जुन एक क्षणिक चांचल्य भएको थियो त्यही जगतरुपमा प्रकट भएको थियो, अन्यथा आदि अन्तमा त्यही एक अव्यक्त सत्ता रहन्छ अनि रहनेछ । यस महासत्यको परिचय पाए पछि जीवको जीवत्व छुटन जान्छन र शिवत्वको प्राप्ति हुन्छ । यही हो विपरित रति । काल देखि समुत्थित यो अनन्त प्रकाश त्यस समय महाकालीको ब्रहमाण्ड भाण्डोदरमा विलीन हुन जान्छ । महाकाली पनि तुरीय ब्रहममा आत्म संगोपन गर्दछ, पुरुष र प्रकृति दुबैमा एकरुपता प्राप्त हुन्छ आत्माको यस अधिकारी स्वरुपमा स्थिति नै मुक्ति हो । यस द्वारा नै जीवात्मा र परमात्माको अभेदभाव सूचित हुन्छ । यो द्वैत विवर्जित चैतन्यरुप नै आत्माको यथार्थ स्वरुप हो । त्यो स्वत: नै जन्म-जरा-मरणादि-रहित अवस्था हो । आत्माको यो अभय परम भाव जानिलिएपछि फेरि जीवको जीवत्व रहँदैन । यस अविनश्वर गतिलाई लक्ष्य

गरिलिएपछि जीव त्यसको भित्र प्रविष्ट भएर स्वरुपमा अवस्थित हुन्छन । आत्मा सबकिसिमसँग उपाधि वर्जित एवं आकाशवत् छ । यही शास्त्रमा 'उत्तमपुरुष' को नामले कथित भएको छ । यो ज्ञाननिष्ठा नै चतुर्थी-भक्ति हो, यो अन्य त्रिविध भक्तिहरु भन्दा विलक्षण छ । यस किसिमको भक्ति द्वारा यो जानिन्छन - 'म' के हो । 'म' देखि समस्त अभिन्न छन, यो पनि जानिइन्छन उनलाई तत्त्वतः जान्नु यही हो । यस प्रकारको तत्त्वज्ञान भएपछि हृदय ग्रन्थिको भेदन हुन जान्छ तथा जीव र ईश्वर विभिन्न हुन यो भेद बुद्धि पनि विलुप्त हुन जान्छन । यही हो 'म' लाई जानिकन 'मै' मा लय हुन जानु या परमात्मामा प्रवेश गर्नु ॥५५॥

"तत्त्वतः ज्ञात्वा विशते तदनन्तरम"

-मेरो जन्म छैन, जरा छैन, मृत्यु छैन, म अभय र अविनाशी हूम-यसरी जसले तत्त्वतः मलाई जान्दछ त्यो पश्चात् मैमा प्रविष्ट हुन जान्छ । ब्रहमको स्वरुपलाई जान्नु र ब्रहममा प्रविष्ट हुनु एउटै कुरा हो - "ब्रहमविद् ब्रहमैव भवति" । आत्मा आकाशस्वरुप छ, चित्ताकाशको चित्तको क्षय भएपछि आकाश नै अवशिष्ट रहन्छ । तब यो आकाश र आत्माकाश एक हुन जान्छ, कुनै भेद लक्षित हुँदैन । म या मेरो स्वरुप जुन आकाश छ यो जान्नु नै उनलाई तत्त्वतः जान्नु हो । यसरी जानिलिएपछि जब उपाधिशून्य आकाश स्वरुप अवस्थामा द्रष्टा 'म' पनि डूब्न जान्छ त त्यही "विशते तदनन्तरम" हो । साधन गर्दा गर्दा साधक यस स्थूल शरीरातीत एक ज्योतिर्मय लिंग देहको अनुभव गर्दछ, पश्चात त्यस देह अन्तर्गत एकातिर शुद्ध ज्योतिर्मय विन्दु देख्दछ-त्यही हो 'म' या 'जीव' । पश्चात त्यो जीव विन्दु पनि अनन्त अरुप स्थिर चित्समुद्रमा प्रविष्ट भएर आफ्नो नामरुपलाई विर्सी दिन्छ । सब नाम रुपको मूलमा यो विन्दु रहन्छ । अनन्त जीव अनन्त विन्दुरुपमा अवस्थित छन । पश्चात् दीर्घ समाधिस्थिति प्राप्त गरेपछि साधकले देख्न पाउंदछ यी अनन्त विन्दु एकै विन्दुको विम्ब प्रतिविम्ब मात्र हुन । यस समष्ठिभूत अव्याकृत चिदाकाशको अनुभव गरेपछि साधकको द्वैत ज्ञान तिरोहित हुन जान्छ, परन्तु तब पनि "द्रष्टा म" रहन नै जान्छ । यही तत्त्वत जान्नु हो । पश्चात यी सारा बिन्दु र अव्याकृत चिदाकाश सब आत्मसत्तामा विलीन हुन जान्छन । तब एक अद्वितीय आत्मसत्ता मात्र अवशिष्ट रहन्छ त्यस समय त्यसलाई देख्ने वाला पनि कोही रहँदैन । कबीर साहेबले भनेको छ -

"हेरत-हेरत हे सखी हेरत गया हेराय" । -

(भगवदाश्रितलाई मोक्ष)

सर्व कर्माण्यपि सदा कुर्वाणो मद् व्यपाश्रय;
मतप्रसादादवाप्नोति शाश्वतं पदमव्ययम ॥५६॥

श्री धरीय टीका-[स्वकीय कर्म द्वारा परमेश्वरको आराधनाले प्राप्त उपर्युक्त मोक्षको उपसंहार गर्नु हुन्छ]- नित्य नैमित्तिक सारा कर्म नै पूर्वोक्त क्रमले गरेर पनि जुन मद्व्यपाश्रय छ, अर्थात म जसको

आश्रय हूम्, स्वर्गादि फल जसको लागि आश्रयणीय छैन, त्यो मेरो प्रसादले अनादि, नित्य, एवं सर्वोत्कृष्ट पदलाई प्राप्त हुन्छ ॥५६॥

आध्यात्मिक व्याख्या-"समस्त कर्म त्यो गर्दछ र मेरो आश्रयमा रहेर अर्थात आत्मामा रहेर क्रिया गर्दछ - यो आत्मक्रिया गर्दा गर्दा आनन्द प्राप्त गर्दै नित्य सर्वदा क्रियाको परावस्थामा रहिकन ब्रहमपदमा अविनाशी हुन जान्छन ।"-

-पूर्णत शुद्ध हुन गएपछि अन्तःकरण मलशून्य हुन जान्छन र साधकको ध्यानभाव अत्यधिक बढोत्तरीलाई प्राप्त हुन्छ। तब त्यसले बाहिरको कर्म केही गर्न सक्तैन। यही कर्म संन्यास हो। त्यतिखेर एक आत्मकारी वृत्ति सिवाय अन्य कुनै वृत्ति उदित हुँदैन। परन्तु जसको अन्तः करण यति शुद्ध भएको छैन अर्थात क्रियाको परावस्था गम्भीरतम भावमा अहिले जसलाई प्राप्त भएको छैन या पूर्व प्रारब्धवश जसको मन त्यति निर्मल हुन सकेको छैन र यसकारण यस जन्ममा उच्च अवस्था प्राप्त हुनुको आशा छैन, त्यो पुरुष जुन किसिमसँग कर्म गरी शुद्धचित्त भएर भगवान्मा आत्म समर्पण गर्न सक्तछ यही हो "विशते तदनन्तरम" ।

त्यस शरणागति भावको विषयमा नै यहाँ श्री भगवान भन्नु हुँदैछ । जुन साधकलाई अहिले संसारको समस्त कर्म गर्नु पर्ने हुन्छ, तर मन भगवानतिर लागि रहन्छन, अवसर पाउनासाथ समय नष्ट नगरेर क्रिया साधनमा बसिहाल्दछन, सबै कर्म गर्दै रहेर पनि जसले प्राणको गतिलाई लक्ष्य गर्न भुल्दैनन, जसले चक्र चक्रमा मनलाई सर्वदा लगाई राख्दछन्, उनको मन क्रमशः स्थिर विशुद्ध एवं प्रशन्न हुन जान्छ। यसको नै नाम मद्व्यपाश्रय या शरणागति हो । पूर्व सुकृतिको अभाववश जसको चित्तमल अपगत भएको छैन, यहाँ सम्म कि जसले निषिद्ध कर्म पनि गरिदिन्छन, तिनीहरु पनि यदि दृढतापूर्वक गुरुपदिष्ट उपायहरु द्वारा स्मरणमा तत्पर हुन्छन त परमगतिलाई प्राप्त गर्न सक्तछन । सर्वदा स्मरणको भावले मन स्थिर र प्रशन्न हुन्छ । यो भक्तिको दोश्रो नाम हो । यसकिसिमको भगवदभक्ति प्राप्त भएपछि वैराग्य (अन्य कुनै वस्तुमा मनलाई जान नदिनु) एवं ज्ञान (क्रियाको परावस्था) लाई प्राप्त गरी साधक सर्वदा ब्रहमपदमा प्रविष्ट भएर कृतार्थ हुन जान्छ ॥५६॥

(मच्चित्त होऊ तथा एसको लागि बुद्धियोगको अवलम्बन गर)

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ;
बुद्धियोगमुपाश्रित मच्चित्तः सततं भव ॥५७॥

श्री धरीय टकि-[नित्य-कर्मानुष्ठानले ब्रहम प्राप्ति हुन्छ, अतयव भन्नु हुन्छ]-सब कर्महरु ममा समर्पण गरी मत्पर होऊ । म नै परम प्रापनीय पुरुषार्थ हूम् एस्तो सम्झेर व्यावसायात्मिका बुद्धि द्वारा योगको आश्रय गरेर सतत मच्चित्त होऊ, अर्थात कर्मानुष्ठान कालमा पनि तिम्रो चित्त तेस्तैनै होस जस्तो "ब्रहमार्पणं ब्रहमहविः" इत्यादि चतुर्थाध्यायको श्लोकमा उक्त भएको छ ॥५७॥

आध्यात्मिक व्याख्या-"चित्त द्वारा सब कर्म ब्रहमले नै गरिरहेको छ एस्तो जानेपछि सब कर्मको नाश हुन्छ, किनभने अन्य एक मानिस कुनै कर्म गर्दछ, त्यो कर्म तिमीले नगरेमा तिम्रो तेस कर्मको नाश हुन्छ-मत्पर-सर्वदा आत्मामा रहला एवं क्रिया गर्ला ; बुद्धि द्वारा अर्थात् स्थिर चित्तले क्रियाको परावस्थामा रहेर आफसे आफ सब कर्म गरेर पनि रहनेछ जुन साधुहरुको विचित्र दशा हो, जुन आफसे आफ क्रिया गर्दा गर्दा हुन्छ ।"-

-कर्म यदि कर्मफल प्रसव गर्दैन त त्यो कर्म नगर्नु समान छ । कर्ममा ममत्वबुद्धि नरहेमा त्यस कर्मको फलभोग कर्त्तालाई गर्नु पर्ने छैन । शास्त्र, गुरु एवं विचार द्वारा यो जानिलिए पछि कर्मको शुभाशुभ फल द्वारा आबद्ध हुनु पर्दैन । ब्रहमले नै गरिरहेकोछ, मैले गर्दिन, यो भाव हुनु पर्दछ । एस्तो अवस्थामा त्यो कर्म तिम्रो कृत हुदैन, अतयव तिम्रो कर्म नाश भयो । यो भाव कसरी आउला ? यसको लागि 'मत्पर' हुनु पर्नेछ अर्थात सर्वदा ममा या आत्मामा रहनु पर्नेछ । जसले सर्वदा क्रिया गर्दछ, उसको मन अन्य कतैतिर जान सक्तैन । उसको बुद्धिस्थिर हुन जान्छ । जो योग युक्त हुदैन उसको बुद्धि स्थिर हुँदैन । बहुमुखी बुद्धि द्वारा ब्रहम चिन्तन हुँदैन । जसको ब्रहममुखी या स्थिरबुद्धि हुन्छ त्यो आफु आफैमा रहन्छ । क्रियाको परावस्थामा रहँदैन अनिच्छाको इच्छाले योगमग्न साधकको सारा कर्म हुन जान्छन । त्यो एक विचित्र अवस्था हो । त्यस अवस्थालाई प्राप्त नभैकन कसैले त्यसलाई बुझ्न सक्तैन । बुद्धिलाई समाहित गर्नु नै बुद्धि योग हो । क्रियाको परावस्था बुद्धिको स्थिरता नै बुद्धि योग हो । त्यस समय भेदबुद्धि रहँदैन, बुद्धिमा समता आउँदछ । यसरी समतामा चित्त संलग्न भएपछि नै 'मच्चित्त' हुन जान्छन । मच्चित्त भएपछि नै 'मत्पर' हुन सक्दछन । आत्मामा सर्वदा रहनुको उपाय हो-सर्वदा क्रिया गर्नु । यही असली शरणागतिको अवस्था हो जुन पूर्व श्लोकमा व्याख्यायित भएको छ । क्रिया द्वारा प्राण स्थिर भएपछि स्थिर बुद्धिको आविर्भाव हुन्छ । जसको बुद्धि स्थिर हुन्छ, उसको सदा नै असंमूढ भाव रहन्छ । त्यस समय लाभालाभ, जय पराजय इत्यादिमा बुद्धिको विक्षेप या चचांचल्य लक्षित हुँदैन । बुद्धिको समता देखि नै साधकको सारा कर्म ब्रहममा समर्पित हुनछ । यस अवस्थामा अवस्थित साधकको देहात्मबोध या आफ्नो पराईको ज्ञान केही पनि रहँदैन । यसरी सतत युक्तको सर्वकर्मार्पण आफसे आफ हुन जान्छन । जो 'मच्चित्त' हुन जान्छ उसको चित्तमा अन्य प्रत्यय समुदित हुँदैन, केवल आत्मकाराको वृत्ति प्रत्यय नै हुन्छ । यो मच्चित्तता नै तत्त्वबुद्धि या ज्ञान प्राप्तिको उपाय हो । मनको मैला धैला या चित्त विक्षेप रहुंजेल यस किसिमको विशुद्ध स्थिर भाव उदित हुदैन । आत्मासँग बुद्धिको योग राख्नुको प्रधान उपाय हो क्रिया योग । अन्य कर्म समान यस कर्ममा कुनै बन्धन हुँदैन तथा यस कर्म द्वारा नै बुद्धि स्थिर र विशुद्ध हुन्छन ॥५७॥

(आत्मनिमग्न चित्तमा सबकिसिमको दुःख दुर्गति तथा अहंकारको विनाश हुन्छ)

मच्चित्तः सर्वदुर्गाणि मत्प्रासादात्तरिष्यसि;
अथ चेत्वमहंकारान्न श्रोष्यसि बिनंक्ष्यसि ॥५८॥

श्री धरीय टीका-[तेसपछि जुन स्थिति हुनेछ, त्यो सुन]-मद्‌गत चित्त भएपछि मेरो प्रसादले समस्त दुस्तर सान्सारिक दुःखहरुलाई अतिक्रमण गर्नेछौ । विपरीत आचरण गरेमा ज्ञातृत्त्वाभिमान वश अर्थात आफुलाई पण्डित मानिकन मैले भनेको कुरा सुन्दैनौ त पुरुषार्थ देखि भ्रष्ट हुन जानेछौ ॥५८॥

आध्यात्मिक व्याख्या-"ममा सर्वदा चित्त राखिकन अर्थात् क्रिया गरेर जुन गुरुवकत्रगम्य छ, सब शत्रुहरुमा जो किल्लामा पर्न जान्छन मन त्यसदेखि मुक्त हुन जानेछ । यदि कदाचित् म महान पुरुष हूम यो अहंकार गरी मेरो कुरा सुन्दैनौ त मर्न जानेछौ अर्थात अवस्थान्तरलाई प्राप्त हुनेछौ । जन्म ग्रहण गर्नुपर्ने छ मेरो कुरा सुन, पागलको मतवालाको कुरा सुन ।"-

-बाह्य 'म' को बेष्टन भित्र आउनासाथ चित्त अहंकारयुक्त हुन जान्छन अर्थात आफैलाई कर्ता सम्झन्छन । प्रकृत 'म' मा चित्त निमज्जित भएपछि आत्म प्रसाद प्राप्त हुन्छ । यस अवस्थामा सारा दुर्गति नष्ट हुन जान्छन् । मनलाई दाम्लोमा कस्न षडरिपुहरुको दल कति स्थानहरुमा घात लगाएर बसेका छन । यसैले आफुलाई पूर्ण निरावलम्ब गरिहाल्नु पर्नेछ । जसबाट मनको कुनै आश्रय या अवलम्बन नरहोस । आफ्नो चित्तलाई उनको चित्तमा डुबाइदिनु पर्नेछ । प्राण बहिर्मुख रहेमा प्राण स्पन्दन साथै चित्तमा पनि स्पन्दन उठनेछ, त्यसदेखि खालि राशि राशि वासनाहरुको तरंग उठनेछन । त्यस अवस्थामा चित्त विषयाकाराकारित भएर केवल विषयको नै अनुसन्धान गर्नेछ । त्यो चित्त कहिल्यै शान्त या शुद्ध हुन सक्ने छैन अथवा आत्मभावमा मग्न हुन सक्ने छैन । धर्मभ्रष्ट भएपछि जीवले कहिल्यै उनको क्रियाको अनुभव गर्न सक्तैन । स्वधर्म नै आत्मभाव हो, त्यही जन्म जरा मृत्यु विहीन स्थिर प्रशान्त भाव हो । यस स्वधर्ममा जसले आफ्नो मतिलाई बांधन सक्तैन, त्यो धर्महीन व्यष्टिले कहिल्यै उनको कृपाको अनुभव गर्न सक्तैन । कठोपनिषद भन्दछन् -

"तमक्रतुः पश्यति वीतशोको, धातुप्रसादान्महिमानमात्मन" ।- जो अक्रतु अर्थात कामना शून्य छन, जो वीतशोक अर्थात शोकदुःखादिले रहित छन, तिनीहरु नै शरीर धारक इन्द्रिय मनोबुद्धि आदिको प्रसन्नता या स्थिरता द्वारा आत्माको महिमा अर्थात विशुद्ध चैतन्य या निर्विकार भावलाई साक्षात गर्न सक्दछन । अतयव श्री भगवानको शरणागत हुनुको लागि पनि पुरुषार्थको अत्यावश्यकता छ । पुरुषको प्रयत्न नै पौरुषत्व हो, यो पौरुष भगवतशक्ति हो । यस आत्मशक्तिको प्रभावले मन सर्व प्रकारसंग आसक्ति शून्य हुन जान सक्दछ । आत्मसाक्षात्कार पौरुष प्रयत्नकै फल हो । जसले चेष्टा गर्नेछ, जो लागिरहनेछ, उसैलाई प्राप्ति हुनेछ । तेही ईश्वर शक्ति या आत्मशक्ति हो, अतयव एसलाई प्राप्त गरेर कसैलाई अहंकार गर्नुको कुनै कारण छैन । जुन मानिसहरु दिनरात क्रियामा लागिरहन्छन, उनलाई क्रियाको परावस्था प्राप्त हुनेछ नै । क्रियाको परावस्थामा जीवको जीवत्व रहँदैन, तब जीव शिवको साथ मिलिकन शिवै हुन जान्छन । यसैकारण लाहिडी महाशयले आत्मामा चित्तलाई राखिकन सर्वदा क्रिया गर्नुको उपदेश दिनु भएको छ । स्थान स्थानमा षड रिपुहरुको अभेद्य दुर्ग तथा निजकृत पूर्वकर्महरुको संस्कार भेदन गरेर बाहिर निस्कनु मानो असम्भव जानिइन्छन । मन तबै यिनीहरु देखि मुक्त हुन सक्छन जब त्यो मच्चित्त हुन्छ अर्थात जब कूटस्थमा सर्वदा लक्ष्य राख्दछन । अभिमान वश आफैलाई ठूलो सम्झिकन यदि यस

प्रमुख कुरालाई सुन्दैनौ र तदनुरुप कार्य गर्दैनौ भने त विनाश अवश्यम्भावी छ, अर्थात बारंबार जन्ममरणको बशीभूत हुनु पर्नेछ । भगवत्कृपा त्यहाँ भरिपूर्ण रहन्छ जहाँ आफु आफैमा रहनु हुन्छ । त्यहीं मनोबुद्धिलाई पुऱ्याउनु पर्नेछ । मन देखि समस्त आशाहरु, सारा कल्पनाहरु निःशेषरुपसंग हटाउनु पर्नेछ, तबै अकिंचन हुन सक्नेछौ । अकिंचन प्रति भगवानको असीम कृपा हुन्छ ॥५८॥

(जीवको प्रकृति परतन्त्रता)

यदहंकारमाश्रित्य न योत्स्य इति मन्यसे ;
मिथ्यैष व्यवसायेस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ॥५९॥

श्री धरीय टीका-[यदि मेरो मृत्यु नै हुन गएपनि बन्धुहरुका साथ युद्ध गर्ने छैन, यसको उत्तरमा भन्नु हुन्छ] -मेरो कुरालाई अनादर गरी खालि अहंकार पूर्वक "म युद्ध गर्ने छैन" यदि एस्तो समझन्छौ त तिम्रो यो अध्यवसाय मिथ्या छ, किनभने तिमीलाई स्वतन्त्रता छैन । तिम्रो क्षत्रिय स्वभाव छ यसैले तिम्रो प्रकृति रजोगुण रुपमा परिणत भएर तिमीलाई युद्धमा प्रवृत्त गर्ने नै छ । ॥५९॥

आध्यात्मिक व्याख्या-"यदि कदाचित यो घमण्ड गरेर क्रिया गर्दैनौ म बडो मानिस हूम, म फेरि क्रिया के गरुम्ला परन्तु फलाकांक्षाको साथ म स्वर्गमा जाउँला, म कैलाश जाउँला मलाई यो होस, मलाई त्यो होस, ती सारा कुराहरु मिथ्या हुन्, परन्तु यस प्रकृति द्वारा मिथ्या व्यवसाय गर्नमा पुनर्वार जन्म ग्रहण गर्नु पर्नेछ, अनि एसकारण पश्चात यो क्रिया आफसे आफ गर्नु पर्नेछ, तब दुःख बाहेक स्थायी सुख कदापि देख्न पाउने छैनौ ।"-

-"म युद्ध गर्ने छैन"-तिम्रो यो निश्चय कदापि टिक्न सक्तैन । जीवमात्र प्रकृतिका दास हुन । इच्छा नगर्दामा पनि तिम्रो क्षत्रिय प्रकृतिले तिमीलाई युद्धमा नियुक्त गर्नेनैछ । "मलाई आत्मदर्शनको आवश्यकता छैन, मैले याग-यज्ञ-ब्रत-नियमादि द्वारा स्वर्गादि प्राप्त गर्नेछु, आत्मदर्शनमा जुन झंझट उठाउनु पर्ने हुन्छ तेसलाई सहन गर्नको लागि म तैयार छैन" यो सब भन्नाले काम चल्ने छैन । बारम्बार जन्म-मृत्युको दुःख देखेर अनि विविध ल्केश, ताप र विरहको ज्वालामा दग्ध भै आत्मानुसन्धानको लागि एक न एक दिन हामी बाध्य हुन जानेनै छौं । जसले जन्म जन्मान्तरको संस्कारवश रजः सत्त्व मिश्रित स्वभाव प्राप्त गरेकोछ, तिनीहरु एकान्तिक रुपले आसक्तचित्त भएर सन्सारलाई लिई रहन सक्तैन । उनको आफ्नो प्रकृति नै आत्मजिज्ञासाको लागि उनलाई व्याकुल गरिदिनेछ । यसैले आत्मज्ञान प्राप्तिको चेष्टा या युद्ध गर्नु जुन तिम्रो लागि स्वाभाविक छ । त्यसलाई नगर्ने कुरा किन भन्दछौं ? तिमी क्रिया गर, परन्तु यति विचार राख-क्रियामा तिम्रो फलाकांक्षा नरहोस, तबै तिमी कुशलतापूर्वक प्रकृतिलाई वशमा राख्न सकने छौ । यति खेर जसलाई असाध्य सम्झेका छौ, क्रियाको अभ्यासमा सतत सचेष्ट रहेमा (जुन तिम्रो लागि स्वाभाविक छ) तिमीले एकदिन एस्तो अवस्था प्राप्त गर्नेछौ, जब तिमीलाई यसको लागि विशेष उद्यम गर्नु पर्ने छैन । तिम्रो स्वभाव आफसे आफ परिवर्तित हुनेछ । क्षत्रिय स्वभाव हुनुको कारण तिमीलाई सदा क्रिया

गर्नु पर्नेछ र तिमी कहिल्यै स्थिर र निश्चल हुन सक्ने छैनौ, एस्तो कुरा त छैन । परन्तु यस समय अकर्मण्य भएर बस्नाले र क्रियाको चेष्टा छोडीदिनाले काम चल्ने छैन । तिम्रो स्वभावले नै तिमीलाई क्रिया गराएरै छोड्ने छ । तिम्रो क्षत्रिय स्वभाव छ, तिमी ब्राहमण समान शान्त भावमा ध्यानमग्न भएर रहन सक्ने छैनौ । यति बेला यदि क्रियारुपी युद्धलाई छोडी चुप चाप बस्न गएपनि तिमी चुप रहन सक्तैनौ । यदि तिमी शूद्र हुन्थ्यौ त तन्द्रित रहन्थ्यौ, वैश्य हुन्थ्यौ त नानाथरीका लाभ हानिको हिसाब किताब गर्थ्यौ, परन्तु तिमी क्षत्रिय हौ, यदि चुप भएर बस्दछौ भने पनि त तिम्रो मन क्रिया गर्नको लागि व्यग्र भै उठनेछ । यसैले आफ्नो प्रकृति अनुसार काम गर । क्षत्रिय स्वभावमा बेला बेला बीच बीचमा शान्त, शुद्ध एवं स्थिर भाव आउँदछ, यसैकारण त्यस अवस्था प्रति तिम्रो लोभ छ, परन्तु अहिले त तिमी धेरै बेर सम्म परावस्थामा रहन सक्दैनौ । यसको लागि तिम्रो मनमा ल्केश हुनु स्वाभाविक छ, परन्तु क्रिया (युद्ध) बिना जब एस ल्केशको उपशमको अरु कुनै औषधि छैन तब त क्रियाको अतिरिक्त अर्को उपाय नै के छ । यदि हठ गरेर क्रिया गर्दैनौ भने त जन्म मरणको बाघपंजा देखि कसरी फुत्कन्छौ । जन्म मरणको अशेष ल्केशलाई भोगिकन एकदिन आफसे आफ नै क्रिया गर्नको लागि श्री गुरुदेवको पासमा गएर खडा हुन जानेछौ । गुरुले नै लक्ष्य भेदन को साधन बताउनु भै शिष्यलाई कृतार्थ गर्दछन । परन्तु प्रकृत शिष्य हुनु पर्दछ ॥५९॥

स्वभावजेन कौन्तेय निवद्धः स्वेन कर्मणा;
कर्त्तुंनेच्छसि यन्मोहात्करिष्यस्य वशोऽपि तत् ॥६०॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-स्वभाव अर्थात क्षत्रियत्वको हेतु पूर्वकर्महरुको संस्कारले उत्पन्न शौर्यादि द्वारा तिमी नियन्त्रित छौ । यति खेर मोहवश जुन युद्धरुप कर्मलाई गर्नुको इच्छा गर्दैनौ, पश्चात अवश भएर त्यो कर्म तिमिले गर्नु नै पर्नेछ ॥६०॥

आध्यात्मिक व्याख्या-"आफ आफ्नो आत्मा आफ आफ्नै कर्ममा नै निशेषरुपले बद्ध छ, जस्तो तिमी ब्रहममा रहन्छौ त ब्रहममा जाने छौ, अन्य दिशामा आसक्तिपूर्वक दृष्टि गर्दछौ त त्यहीं जानेछौ तिमी राम्रोसँग क्रिया गर, राम्रै फल पाउने छौ, यदि कदाचित मोहले गर्दछौ अन्य वस्तुमा आसक्तिपूर्वक दृष्टि गरिरहन्छौ आत्मामा रहदैनौ पश्चात जन्म मृत्युको दुःख भोगिकन शास्तियुक्त भएर यो क्रिया गर्नको लागि बाधित हुनेछौ-किनभने यस सिवाय अन्य गति छैन ।"-

-जीव पूर्वजन्मको संस्कारहरु देखि उत्पन्न स्वभाव द्वारा पूर्णरुपले आवद्ध हुन्छन् । प्रकृतिको यस वेष्टनलाई उल्लंघन गर्नुको क्षमता कसैमा छैन । जीवत्व जहाँ छ, त्यहाँ त्यो स्वाधीन छैन, प्रकृतिको अधीन छ । आफ्नो निज स्वरुपमा त्यो सदा मुक्त हुन्छ, सदा नै स्वतन्त्र छ, प्रकृति परतन्त्र छैन । परन्तु लालरंगको कांचपात्रमा जसरी जल लाल लाल देखिन्छ, उसरी नै प्रकृतिको भित्र देखि आत्मालाई हेर्दा अर्थात जीव भावमा प्रकृतिको गुणले आत्मा लिप्त जानिन्छ । त्यसलाई अन्यथा गर्नुको कुनै उपाय छैन । जब क्रिया गरेर क्रियाको परावस्था साधकलाई प्राप्त हुन्छ अर्थात जब मन शरीर, प्राण बुद्धि एवं इन्द्रियहरुको अतीत

भएर आत्मस्वरुपमा अवस्थित हुन्छ, तब त्यहाँ ब्रहमको अतिरिक्त अरु कुनै अनुभव हुँदैन, प्रकृति पनि रहँदैन र प्रकृतिको अनुभव पनि रहँदैन। त्यस समय प्रकृति रहँदा पनि आत्माको साथ उसको योग नरहनुको कारण प्रकृतिको कार्य आत्मा अध्यासित हुँदैन। प्रकृति मुक्त आत्मा माथि प्रकृतिको कुनै कर्त्तृत्त्व रहन जाँदैन। म विमुक्ति प्राप्त गर्दछु, यो मुखले भनेर मात्र मुक्ति हुने छैन। म बद्ध रहनेछु, यो भन्नाले मात्र बद्ध रहन सक्तैन। पूर्व कर्म संस्कारहरु वशात् जसलाई जस्तो ज्ञान हुन्छ, उसको निष्ठा या कर्म चेष्टा पनि तदरुप नै हुन्छ। जसलाई ज्ञान वैराग्यको संस्कार छ, त्यो साधनातिर मुक्तिको मार्गमा हिंडने नै छ। उसको सामयिक इच्छा अनिच्छा माथि यो निर्भर गर्दैन। सबको स्वभाव आफ आफ्नो कर्म अनुसार गठित हुन्छ। स्वभावलाई कसैले अतिक्रम गर्न सक्तैन यदि भन्छौ त जीवको स्वाधीनता तब कहाँ रहयो, त यस्को उत्तर यो छ जीवभावमा जीवको स्वाधीनता हुँदैन। समस्त जीव आफ् आफ्नो कर्म देखि उत्पन्न प्रकृति द्वारा आवद्ध छन। अतः जीवभाव रहुंजेल जीवलाई स्वाधीनता छैन। परन्तु जीवको जीवत्वलाई छुटाउनुको उपाय छ। जीव स्व स्वरुपमा शुद्ध चैतन्य निष्क्रिय एवं निरुपाधिक छ। त्यो प्रकृतिको कर्मलाई अंगीकार गरेर आवद्ध हुन्छन। प्रकृति आफ्नो कर्म गर्नेछ, परन्तु त्यस अवस्थामा पनि आत्मा त्यसमा लिप्त हुँदैन यो बुझिलिएपछि नै जीवको स्वरुपमा अवस्थान हुन्छ।

"मुखाभासको दर्पणे दृश्यमानो,
मुखत्वात्पृथकत्वेन नैवास्ति वस्तु;
चिदाभासको धीषु जीवोऽपि तद्वत्,
स नित्योपलब्धि स्वरुपोऽहमात्मा ॥

यथा दर्पणाभाव आभासहानौ,
मुखं विद्यते कल्पनाहीनमेकम;
तथाधीवियोगे निराभासको यः,
स नित्योपलब्धि स्वरुपोऽहमात्मा ॥" शंकर ॥

दर्पणमा दृश्यमान मुख प्रतिविम्ब जसरी प्रकृत मुख देखि पृथक वस्तु होइन, उसरी नै बुद्धि दर्पणमा आत्म प्रतिविम्ब स्वरुप आभास जसलाई जीव नामले पुकारिन्छन त्यो पनि परमात्मा देखि पृथक छैन। त्यो नित्य बोध स्वरुप आत्मा नै म हूम।

जस्तो दर्पणको अभावमा प्रतिविम्बको अभाव हुन्छ, तब एकमात्र कल्पनाहीन मुख विद्यमान रहन्छ, उसरी नै बुद्धिरुप दर्पणको अभावमा जुन प्रतिविम्बशून्य या आभासहीन भएर विद्यमान रहन्छ, त्यो नित्यवोध स्वरुप आत्मा नै म हूम्।

प्रकृतिको गुण तथा उसको कर्म समूहलाई आत्माले सदा शासन गरिरहोस, एस्तो हुन सक्तैन। प्रकृतिको गुण अनुसार कर्म हुने नै छ परन्तु आत्मा तेसबाट कहिल्यै लिप्त हुँदैन यो जानिलिए पछि नै आत्मा

प्रकृतिको बन्धन देखि मुक्ति प्राप्त गर्न सक्तछ। जब पूर्वाभ्यास वश जीव विषयहरुमा आसक्त दृष्टि राख्तछ, तब उसलाई कष्ट भोग गर्नु पनि अनिवार्य हुन जान्छन। कष्ट भोग गरेर जीव जब कष्ट भोग देखि परित्राण चाहन्छ, तब उसको लक्ष्य साधनातिर हुन्छ। जन्म-जरा-मृत्युको कष्ट देखेर जीवको आफ्नै प्रकृति नै मुक्ति प्राप्त गर्नुको मार्ग खोज्नमा तत्पर हुन्छ। यसैले सदगुरु भन्नु हुन्छ - यदि अहिले देखि नै राम्रोसँग क्रियाको अभ्यासमा मन लगाए त तिम्रो मुक्तिको मार्ग परिष्कृत भै उठनेछ। यदि आलस्य या प्रमादवश क्रिया गर्नु कष्टकर सम्झन्छौ भने त यसको अर्थ यो हो-तिमीलाई अझै पनि अरु धेरै दुःख भोग गर्नु पर्नेछ। परन्तु ती सब दुःखहरु र कष्टहरुलाई भोग्नु पछि तिम्रो चित्त त्यसदेखि मुक्ति प्राप्त गर्नुको लागि स्वतः उद्योगी हुनेछ। जुन पश्चात् गर्नु नै पर्नेछ त्यसको अनुष्ठान अहिले देखि गर, यसले नै कल्याण प्राप्ति हुनेछ ॥६०॥

(जीव ईश्वराधीन छ, अन्तर्यामी परमेश्वर नै परिचालक हुन)

ईश्वरः सर्व भूतानां हृद्देशेऽर्जुन तिष्ठति ;
भ्रामयन्सर्वभूतानि यन्त्रारुढानि मायया ॥६१॥

श्री धरीय टीका-[यसरी दुई श्लोकहरुमा सांख्यादि मतले जीवको प्रकृति पारतन्त्र, स्वभाव पारतन्त्र तथा कर्म पारतन्त्र कथित भयो। अब दुई श्लोकहरुमा आफ्नो मत भन्नु हुन्छ]-सब भूतहरुको हृदयमा अन्तर्यामी ईश्वर रहन्छन। तिनले सारा भूतहरुलाई माया द्वारा अर्थात स्वशक्तिको प्रभावबाट उनका कर्महरुमा त्यसरी नै प्रवर्त्तित गरिरहन्छन् जसरी सूत्रधारले दारुयन्त्रमा आरुढ कृत्रिम भूतहरुलाई भ्रमण गराउँदछन। यसको प्रमाणमा श्वेताश्वेतर उपनिषदको मन्त्र छ - परमात्मा सब भूतहरुमा गूढभावले स्थित छन, त्यो सर्वव्यापी तथा सर्वभूतहरुका अन्तरात्मा हुन। त्यो कर्माध्यक्ष्य या सबकर्महरुको नियन्ता र भूतहरुको अधिवास अर्थात अधिष्ठान स्वरुप छन ; त्यो साक्षी अर्थात् द्रष्टा एवं चेतयिता हुन तथा खालि अर्थात निरुपाधिक एव. निर्गुण भएर बुद्धिलाई परिचालित गरिरहेको छ तथापि बुद्धिले जसलाई जान्न सक्तैन, बुद्धि जसको शरीर अर्थात उपाधि छ, त्यही तिम्रो आत्मा, अन्तर्यामी एवं अमृत हुन ॥६१॥

आध्यात्मिक व्याख्या-"क्रियाको परावस्थामा हृदयमा, सबभूतहरुमा ईश्वर स्थित छन, चर अचरमा, ब्रहमस्वरुपमा, इडा पिंगला-सुषुम्ना-स्वरुप यन्त्र द्वारा सब भूतहरुलाई अर्थात जो भैसकेका छन र जो हुनेछन-उनमा आवृत्त भएर आरुढ अर्थात अन्य जो वस्तुतः मिथ्या छ त्यसलाई सत्यज्ञान गरेर भ्रमण माया अर्थात आसक्तिपूर्वक दृष्टि गर्दछ।"-

-प्रकृतिको प्रेरणाले जीवलाई नित्य प्रति कर्म चक्रमा घुम्नु पर्दछ, तथा तेसको फलस्वरुप नाना योनिहरुमा जन्म ग्रहण गर्नु पर्दछ। इच्छा नरहँदा पनि जीवलाई प्रकृति वश भएर जन्म मृत्युको चक्करमा बारम्बार घुम्नु पर्दछ। बद्ध जीवलाई आत्मस्वातन्त्र हुन सक्तैन। तब फेरि उपाय के छ त ? के जीवको मुक्ति हुन सक्तैन ? होइन, एस्तो कुरा छैन। जीव मुक्ति प्राप्त गर्दछ तथा मुक्ति प्राप्त गरेपछि जीवको प्रकृत

पारतन्त्रय छुट्न जान्छन । अनादि कर्मवश या जुन कारणले होस जीवले प्रकृतिको अधीनता स्वीकार गरेको छ। वेद एवं अध्यात्म शास्त्र भन्दछन जीव यदि सचेष्ट होओस त यस अधीनताको नेल देखि विमुक्ति प्राप्त गर्न सक्तछ। जीव बद्ध छ, यसैकारण उनमा मुक्त हुनुको इच्छा पनि स्वाभाविक छ। भगवान या परमात्मा सब अवस्थाहरुमा प्रकृतिको अधीश्वर हुन, त्यो कहिल्यै प्रकृतिको अधीन छैन। जीव पनि त उनै परमात्माको अंश हो। जबसम्म जीवले आफुलाई परमात्मा देखि स्वतन्त्र रुपमा देख्दैन तबसम्म त्यो बद्ध छ। तबसम्म प्रकृतिको वश्यता उसलाई स्वीकार गर्नु पर्ने नै हुन्छ। जब त्यसले ज्ञान प्राप्त गर्दछ या आफ्नु स्वरुपसँग अवगत हुन्छ तब उसको प्रकृति परतन्त्रताको अवस्था खत्तम हुन जान्छ। चेतन जीव कसरी मायाको वश हुन जान्छन, यो अतीव-रहस्यमय व्यापार छ! अध्यात्म शास्त्रले चित्तलाई नै मायाको नाभि देश कल्पित गरेकोछ। चित्त चक्र अवरुद्ध भएमा मायाको खेल अभिनय पनि बन्द हुन जान्छन। आत्मविषयमा आत्म बुद्धि र आत्म विषयमा अनात्मबुद्धि उत्पन्न गर्नु नै मायाको कार्य हो। यो माया नै विष्णु शक्ति या भगवान्‌को कार्य उत्पादन शक्ति हो। त्यस शक्तिको शरण लिएपछि जीवले मृत्युरुप सन्सार सिन्धुलाई पार गर्न सक्तछ। *शक्ति र शक्तिमान अभिन्न छन। विष्णु माया र विष्णुशक्ति एकै कुरा हुन। विष्णु र माया अंगांगी भावमा जडित छन, माया मिश्रित चैतन्य नै नारायण या नारायणी हुन। तन्त्रले यसलाई महामाया भनेकोछ, यसैलाई वेदले मुख्य प्राण भनेकोछ, योगीजन यसैलाई स्थिर प्राण भन्दछन। मायाको कार्य यही देह हो। यस देहको अवलम्बन गरेर नै जीवको आवागमन चल्दछ। यही मायाको खेल हो।* मनुष्य देह (प्रकृति) जसरी निर्मित भएकोछ तथा जीव देहभित्र प्रविष्ट भएर जुनकिसिमसँग बद्ध भएकोछ, त्यसलाई ठीक ठिकसँग जानिलिएपछि नै जीवले त्यसदेखि मुक्ति प्राप्त गर्न सक्तछ। यसरी व्यवस्थित गरेर नै शरीरको रचना भएकोछ। विविध नाडीहरु द्वारा प्राणको गति भएपनि मन उन्मत्त समान संसार चक्रमा परिभ्रमण गर्दछ, त्यसलाई रोक्नुको एकमात्र उपाय छ प्राणलाई स्थिर गर्नु। महाभारतको शान्तिपर्वमा लेखेकोछ- "मनुष्यको शरीरमा वातादिवाहिनी दस नाडिहरुछन। ती पंच इन्द्रियहरुको गुण द्वारा परिचालित हुन्छन्। अन्यान्य सहस्त्र, सहस्त्र सूक्ष्म नाडिहरु यी दस नाडिहरुलाई आश्रय गरी देहमा फैलिएका छन। सारा नदिहरु जसरी यथा समय समुद्रलाई परिबर्द्धित गर्दछन, उसरी नै यी सारा शिराहरु देहलाई वृद्धि गर्दछन। मनुष्यको हृदयमा मनोवहा नामको एक शिरा छ, यो शिरा उसको सारा शरीर देखि संकल्पज शुक्रलाई ग्रहण गरेर उपस्थको नजिकल्याई दिन्छन। सर्वगात्रव्यापिनी अन्यान्य शिराहरु यस शिरा देखि निस्किएर तैजस गुणलाई बहन गर्दै चक्षुको दर्शन क्रिया सम्पादन गर्दछन। मंथन दण्ड द्वारा जसरी दुग्धको भित्र देखि घृत मथित हुन्छ, उसरी नै संकल्पज स्त्रीदर्शन आदि द्वारा शुक्र उत्तेजित हुन जान्छ। स्वप्नावस्थामा स्त्रीसंग नहुँदामा पनि मन जसरी संकल्पज अनुरागलाई प्राप्त हुन्छ, उसरी नै यस अवस्थामा मनोवहा नाडी पनि देहदेखि संकल्पज शुक्रलाई निकालिदिन्छ"। यसले देखिन्छन नाडी मुखमा नै वाह्य प्रवृत्ति स्फुरित भएर यस गुणमयी संसारलीलालाई चलाउँदछन। यसलाई निरोध गर्नुको उपाय के छ? यो पनि शान्तिपर्वको उपर्युक्त स्थानमा एसरी उल्लिखित छ-"बाह्य प्रवृत्ति शून्य महात्मागण योगको बलले क्रमशः गुण साम्य

प्राप्त गरी अन्तकालमा सत्यलोक प्रदान गर्ने सुषुम्ना मार्ग प्रति प्राणलाई प्रेरित गरेर मोक्ष प्राप्त गर्ने गर्दछन । मन विश्वात्मक भएपछि नै ज्ञानको उदय हुन्छ । तब सारा विषय स्वप्नवत प्रतिभात हुन्छन तथा मन पनि प्रकाशशाली, वासनाविहीन, मन्त्रसिद्ध एवं सर्वशक्ति सम्पन्न हुन जान्छ ।" योग क्रियाको अभ्यासको फलले बाह्य संकल्पादि अवरुद्ध भएपछि क्रियाको परावस्थामा हृदयमा जुन एक किसिमको स्थिति बोध हुन्छ, त्यही ईशनशील या ईश्वरभाव हो । योगीले यस अवस्थालाई प्राप्त गरी बुझ्न सक्दछन जगतको नियन्ता को हो तथा कसको शक्तिले यो जगत चलिरहेको छ । तबै यो बुझाईमा आउँदछ-

"जगत्वं जगदाधारस्त्वमेव परिपालकः ;
त्वमेव सर्व भूतानां भोक्ता भोज्यं जगत्पते ॥"- ॥अध्यात्मरामायण॥

शरीर भित्र रहनेवाला त्यस ईश्वरलाई कसरी जान्ने ? जसको कटाक्षपातले जगत् चलिरहेकोछ, त्यो जगतको शासक या ईश्वर सबको हृदयदेशमा सर्वदा विराजी रहेछन । त्यसलाई जान्नुको उपाय यो छ- मूलाधारादि पंच चक्र भेदन गरेर मेरुदण्डको बीच भागमा जुन सुषुम्ना नाडी प्रवाहित हुन्छ त्यस सुषुम्ना नाडीको भित्र एक ब्रहम नाडी वर्तमान छ, त्यसको भित्र जुन शक्ति या ब्रहमाकाश रहन्छ त्यही सर्वशक्ति सम्पन्न ईश्वर हो । उसैको शासनमा पंचतत्त्व-मन-इन्द्रियादि भूत-समूह स्व-स्वकर्ममा प्रवृत्त रहन्छन । त्यस विना पंचतत्त्व कर्ममा समर्थ हुन सक्तैन ।

"भयादस्याग्निस्तपति भयात्तपति सूर्यः;
भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पंचम ॥" कठ.उ. ॥

प्राणशक्तिको रुपमा प्रकाशित जगत्कारण ब्रहमको नियम देखि बाध्य भएर अग्नि प्रज्वलित भैरहेकोछ, यसैको भयले उत्ताप तपन दिइरहेछ अनि एस्कै भयले इन्द्र, वायु र मृत्यु स्व-स्वकार्यमा दौडा दौडी गरिरहेकाछन, आध्यात्मिक भावले हेर्दा पनि ज्ञात हुन्छ प्राण शक्तिकै शासन देखि क्षिति, अप, तेज, मरुत, व्योम या मेरुदण्डको भित्र पंचचक्रस्थ शक्तिहरु स्व-स्वकार्यमा नियुक्त रहन्छन । महाप्राण या ब्रहमाकाश सर्वत्र अर्थात मूलाधारादि पंचभूतमय स्थानहरुमा लक्षित हुन सक्तछन, परन्तु प्रधानतः आज्ञाचक्रमा नै त्यो प्रकाशित छ । यी चक्रहरुको हृदेशमा अर्थात मध्यस्थलमा कूटस्थ ज्योति निर्वात स्थानमा दीपशिखा समान प्रज्वलित रहन्छ । प्रत्येक चक्रको कूटस्थ आज्ञाचक्रस्थ कूटस्थसँग समसूत्र भावमा मिलित छ, मानो सारा चक्रहरुमा आज्ञाचक्रको ज्योति नै देदीप्यमान रहन्छ । यसैकारण एक आज्ञाचक्रमा लक्ष्य राखेपछि सारा चक्रस्थ कूटस्थहरु प्रति लक्ष्य हुन जान्छ । यस आज्ञाचक्रस्थ कूटस्थमा लक्ष्य गरेपछि सर्व भूतस्थित (सर्वचक्र अन्तर्गत) ब्रहमनाडीको भित्र देखि गमनागमन हुन्छ । तबै सर्वतोभावेन उनको शरणापन्न हुन सक्दछन । यही कुरा अगाडिको श्लोकमा बताउनु हुनेछ ।

क्रियाको परावस्थामा स्थिति नै विष्णुपद हो । त्यसमा स्थित भएपछि ध्रुव विश्वास हुन्छ, सदा चन्द्र समान ज्योत्स्ना देखिइन्छन । सूक्ष्मवायु (अनिल) सदा सुषुम्नामा रहन्छ तथा प्रत्युश समान प्रकाश अनुभूत हुन्छ ।

त्यस प्रकाशमा जे इच्छा गरिइन्छन सब देखिन्छन ज्योति स्वरुप अग्नि देखिइन्छन सूर्यस्वरुप कूटस्थ देख्नमा आउँदछ अनि कूटस्थमा नक्षत्र, नक्षत्रमा गुहा तथा गुहामध्यस्थ आकाशमा स्थित त्रिभुवन देखिन्छन । प्रत्येक मनुष्यको शरीर भित्र मूलाधारमा कुल कुण्डलिनी शक्ति सुषुप्त रहन्छ । यही सुषुम्नामा रहने शक्ति हो । क्रिया द्वारा यस शक्ति जाग्रत भएमा साधक मेरुदण्ड स्थित अति सूक्ष्मरुप पंचतत्त्वमा प्रवेश गर्नुको क्षमता प्राप्त गर्दछ । यस स्थिति देखि नै "सर्वं ब्रहममयं जगत्" जानिन्छन । तब अरु कुनै आवरण रहँदैन । अतयव भित्र बाहिर सब एक हुन जान्छन । सुषुम्नामा रहँदा रहँदा क्रियाको परावस्थामा मूलाधार देखि ब्रहमरन्ध्र पर्यन्त प्राण सर्वदा अवरुद्ध रहन्छ । तब प्राणको बाम, दक्षिण एवं मध्यश्रोत एक हुन जानुको कारण कुलकुण्डलिनी आत्मस्वरुपमा सर्वव्यापक हुन जान्छन, तब एक ब्रहम सिवाय अरु केही पनि रहँदैनन् । यसैले त्यहाँ कर्त्तव्याकर्त्तव्य रहँदैन । यस अवस्था प्राप्तिको लागि क्रिया गर्नु उचित छ । क्रिया गर्नु विना प्राणको अचल या स्थिर अवस्था समझमा आउँदैन । पंचप्राणहरुको प्राणरुप मुख्य प्राण नै कूटस्थ हो ।

"एतस्माज्जायते प्राणो मनः सर्वेन्द्रियाणि च;
खं वायुर्ज्योतिरापः पृथिवी विश्वस्य धारिणी ॥"-मुण्डक.॥

यस मुख्य प्राण देखि नै प्राण, अपान आदि पंच प्राणहरुको उत्पत्ति हुन्छ । संकल्प द्वारा चचंचल हुनासाथै मुख्य प्राण विभिन्न प्राणहरुको रुपमा मन, इन्द्रिय एवं देहादि भित्र शक्ति विस्तारित गर्दछन । यी पंचप्राण स्थिर भएर अमन बन्न जान्छ, त्यही हो ब्रहमपद । हृदयस्थ वायु नै जीवको बल या जीवन हो । त्यही स्थान स्थान रहिकन विभिन्न नाम धारण गर्दछन । क्रियाद्वारा प्राणलाई स्थिर गरिलिएमा प्राण र त्यसको साथ मन स्थिर हुन जान्छ तथा अनेक अनेक जन्महरुको संस्कारहरु वश जुन वासना वीज संकल्परुपले हृदयमा विद्यमान रहन्छ, त्यो नष्ट हुन जान्छ । त्यसदेखि जीव मुक्ति प्राप्त गर्दछ ।

"यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य हृदि श्रिताः;
अथ मर्त्तोऽमृतो भवत्यत्र ब्रहम समश्नुते ॥"-कठ. उ.॥

जसले मन लगाएर क्रिया गर्दछन र क्रिया द्वारा क्रियाको परावस्थामा गमन गर्दछन, उनलाई पहिले तृतीय नेत्ररुप कूटस्थको प्राप्ति हुन्छ । त्यस तृतीय नेत्रलाई प्राप्त गरी तिनीहरु शिवरुप हुन जान्छन । पश्चात कूटस्थमा स्थिर भएर रहँदा रहँदा विष्णु रुप हुन जान्छन र कुल कुण्डलिनी मूलाधारमा जागेर उठदछन ।

जसले यत्नपूर्वक एवं कष्ट सहन गरेर क्रिया गर्दै रहन्छन, उनलाई यो अपूर्व अवस्था प्राप्त हुन सक्तछ । पहिले जुन अजस्र कामनाहरु अन्तःकरणको आश्रय गरिरहन्थ्यो, ती आफै विनष्ट हुन जान्छन, तदनन्तर तिनीहरु जलवत घृत परन्तु दुग्ध समान सुस्वादु अमृत क्रियाको परावस्थामा पान गर्दछन । अमृतरुप सुरापान गरेर अमरपदलाई प्राप्त हुन्छन अर्थात ब्रहमरुप हुन जान्छन । तब प्रकृति र पुरुष परम ब्रहमपदमा लीन हुन जान्छन । यस स्थिति द्वारा "सर्वं ब्रहममयं जगत्" हुन जान्छ । तब ब्रहमरन्ध्र भेदन

गरेर प्राणको गति हुन्छ, त्यस समय प्राणमा चचंचलता रहँदैन, मनको परिकल्पना रहँदैन, अतयव जगद्दर्शन भाव तिरोहित हुन जान्छ ।

श्री भगवान् जो अव्यक्तरुपले चराचर सर्वभूतहरुमा व्याप्त रहन्छन, त्यसको अनुभव क्रियाको परावस्थामा हुन्छ । यो स्थिति सर्वदा रहन्छ विद्यमान । परन्तु इडा-पिंगला-सुषुम्नारुप त्रिगुण-यन्त्रमा प्राणको गति भएमा त्यो अव्यक्त स्थिर भाव अनुभवमा आउँदैन । त्रिगुणमा आरुढ भए पछि लक्ष्य बहिर्मुख हुनुको कारण त्यो स्थिर अव्यक्तावस्था जीवरुपमा परिणत हुन जान्छ । यस जीवभाव वश असत्य जगत्प्रपंच सत्यवत जानिन्छन । त्यसमा आसक्ति हुनाले बारम्बार जन्म मृत्यु रुप संसार भ्रमण निवृत्त हुँदैन । क्रियाको परावस्थामा जब स्वरुपमा अवस्थान हुन्छ, साराका सारा व्यक्त भाव अव्यक्त सत्तामा प्रलीन हुन जान्छन ।

जीवको शरीर नै यन्त्र हो । जब जीव स्वस्थान देखि च्युत हुन्छ तबै मायाले उसलाई आक्रान्त गर्दछ, तबै जीवलाई भ्रम पैदा हुन्छ र शरीरमा अभिमान हुन्छ । यस शरीरलाई म मेरो भनिकन स्वीकार गर्नु नै यन्त्रारुढ हुनु हो । प्रकृतिलाई अतिक्रम गर्नु जीवको लागि दु:साध्य भएर पनि असाध्य छैन । श्री भगवान जसरी प्रकृतिको साक्षी मात्र हुन, त्यसरी नै साधकलाई पनि प्रकृतिको द्रष्टामात्र हुनु पर्नेछ । द्रष्टारुपमा स्थित भएपछि नै मायालाई अतिक्रमण गर्न सक्तछन । क्रियाको परावस्थाको समय सब बन्धन छिन्न हुन जान्छन, तब मायाको कार्य स्थिररुपमा देखिइन्छन र माया देखि मोहित हुनु पर्दैन । जसद्वारा जगतको जीव अविरत संसारचक्रमा घुम्दछन त्यही हो माया । यो माया भगवानको स्वरुपको तल छ, मायाले स्वरुपलाई स्पर्श गर्न सक्तैन । "सदा निरस्त-कुहकम्"-त्यहाँ खालि आत्मा छ अरु केही छैन । ब्रहमको "एकोऽहम बहुस्याम्"-यो संकल्प नै माया या भगवदिच्छा हो । दुबैतिर दर्पण राखिकन आफुलाई हेर्दा जसरी एकको नै असंख्य प्रतिविम्ब देखिन जान्छ त्यसरी नै ब्रहमको संकल्प नै माया दर्पण हो, त्यसै देखि ब्रहमले आफुलाई बहुरुपहरुमा अवलोकन गर्दछ । "तत्सृष्टा तदेवानु प्रविशत" यही मानो उसको सृष्टि हो तथा यी सृष्ट पदार्थहरुमा उनको अनुप्रवेश छ । जबसम्म मायादर्पण रहनेछ तबसम्म एक आत्मा नै अनन्त दृश्य पदार्थरुपमा परिदृष्ट हुनेछ । यस मायालाई कसैले जगतलीलाको कारण भन्दछ अनि कसैले ईश्वरको शक्ति बताउँदछ । यो माया अचिंत्य छ, यो छ या छैन, यसविषयमा केही भन्न पनि त सकिन्न । मायाको स्वरुप एस्तो छ -

"अनात्मनि शरीरादौ आत्म बुद्धिस्तु या भवेत्;
सैव माया तयैवासौ सन्सारः परिकल्प्यते ॥"-

अनात्मा या शरीरादिबाट आत्मबुद्धि नै माया हो । त्यसै द्वारा यो संसार परिकल्पित हुन्छ । ज्ञानी भन्दछन -सागरमा जसरी तरंगहरु उठदछन त्यसरी परमात्मामा यो विश्व कल्पित हुन्छ । यस परिकल्पनालाई नै ज्ञानी मानिसहरुले भ्रान्ति भन्दछन, किन भने परमार्थत: त्यसको कुनै सत्ता छैन -

"रज्जौ भुजंगवत् भ्रान्त्याविचारे नास्ति किंचन"-

-भ्रान्ति वशात रज्जुमा सर्प भ्रम हुन्छ, परन्तु बिचार गरी हेर्दा भ्रान्ति मेटिन गएपछि रज्जु रज्जुनै रहन्छ, त्यसमा सर्पज्ञान मिथ्या जानिइन्छन । उसरी नै ब्रहम विचार गरेपछि ब्रहमातिरिक्त संसार सत्ताको कुनै बोध रहँदैन । हस्तामलकमा लेखिएको छ -

"यः एको विभाति स्वतः शुद्धचेताः,
प्रकाश-स्वरुपोऽपि नानेव धीषु;
शरावोदकस्थ यथा भानुरेकः,
स नित्योपलब्धि स्वरुपोऽहमात्मा ॥"शंकर॥

नानापात्र स्थित जलमा प्रतिविम्बित सूर्य समान जुन प्रकाश स्वरुप पदार्थ नानाथरी बुद्धिहरुमा नानारुपहरुले प्रतीयमान भएर पनि शुद्ध चित्तमा एक अद्वितीय भावमा नै प्रकाशित हुन्छ, त्यो नित्य बोध-स्वरुप आत्मा नै म हूम ।

"घनच्छन्न दृष्टि र्घनच्छन्नमर्क,
यथा निष्प्रभं मन्यते चाति मूढः;
तथा बद्ध वद् भाति यो मूढदृष्टेः
स नित्योपलब्धि स्वरुपोऽहमात्मा ॥"

मेघद्वारा आच्छन्न दृष्टि मूढ व्यष्टिले सूर्यलाई नै मेघाच्छन्न र प्रभाहीन सम्झदछ, त्यसरी मूढ दृष्टि अविवेकी मानिसहरुको सामुन्ने जुन बद्धवत् प्रतीत हुन्छ, त्यो नित्य-बोध-स्वरुप आत्मा नै म हूम ॥६१॥
(शरणागत भाव नै माया देखि परित्राण पाउनुको उपाय हो)

तमेव शरणं गच्छ सर्वभावेन भारत;
तत्प्रसादात्परां शान्ति स्थानं प्राप्स्यसि शाश्वतम ॥६२॥

श्री धरीय टीका-[किन भने सर्वजीव परमेश्वरका परतन्त्र छन]-अतयव अहंकार परित्याग गरेर सर्वान्तः करण देखि त्यस ईश्वरको नै शरणमा जाऊ । पश्चात उसैको प्रसादले परा शान्ति र शाश्वत नित्य स्थानलाई प्राप्त गर्नेछौ ॥६२॥

आध्यात्मिक व्याख्या-"त्यो जुन त्रिगुणान्वित भएर रहन्छ, त्यही आत्मा हो, उसैको स्मरण गर गुरुवाक्य द्वारा क्रियालाई प्राप्त गरिकन सब वस्तुमा क्रियाको परावस्था ब्रहमलाई देखेर, यसरी क्रिया गर्दा गर्दा क्रियाको परावस्थामा रहिकन आनन्द प्राप्त गर्दै जसको पर अरु केही छैन, यस किसिमको शान्तिपदलाई शीघ्र प्राप्त गर्नेछौ तथा बुद्धि द्वारा स्थिर गर्न सक्नेछौ-यस बाहेक अन्य कुनै पथ शान्तिको छैन-नित्य यो बोध रहनेछ ।"-

-जो सबभूतहरुका हृदय देशमा अवस्थान गर्दछन, सन्सारको चपल सुख दुःख देखि परित्राण पाउनको लागि देह, मन, प्राण वाक्य र बुद्धि द्वारा सर्वतोभावेन उनैको शरणापन्न हुनु पर्नेछ तबै अनुग्रहरुप परमा शान्ति प्राप्त होला । प्राणी शुभ या अशुभ जुन कार्यमा प्रवृत्त हुन्छ त्यसको मूल मुहानमा ईश्वरको शक्ति विद्यमान रहन्छ । अतयव प्रवृत्ति निवृत्ति तिर नहेरिकन जुन यी सबको कारण छ त्यस श्री भगवान्‌को आश्रय ग्रहण गर । उनको कृपाले नै अविद्या या सन्सारको परपार अनायासै उत्तीर्ण हुन सक्नेछौ । श्री भगवान् तिम्रो अतीव सन्निकट छ, किनभने त्यो तिम्रो आत्मा हो, त्यो नरहेमा तिमी रहन सक्तैनौ । श्री भगवान् परमात्मा निज स्वभावमा नित्य ज्ञान स्वरुप एवं आनन्द स्वरुप छ । यदि उनको शरणापन्न हुन्छौ भने त तिमी ज्ञानानन्द सागरमा निमज्जित हुन जानेछौ । यो नामरुपमय जगत पनि उनिदेखि भिन्न छैन । आफ्नो प्रकृतिलाई स्वीकार गरेर जब निर्गुण पुरुष त्रिगुणान्वित हुन्छ तबै अव्यक्त चित् रुप देखि जगत् प्रपंच व्यक्त भै उठदछ, चिर स्थिर आनन्द सिन्धुमा एक हिल्लोल तरंगायमान स्पन्दन आरम्भ हुन्छ । यो स्पन्दनात्मक भाव नै प्राणशक्ति हो । यही हो मायाको रुप । प्राण शक्तिको प्रथम विकास समय स्पन्दन रहेर पनि त्यति वेगयुक्त हुँदैन, यसैकारण त्यस समय आत्मामा स्वतः सिद्ध ज्ञान पूर्णतः आवरण युक्त हुँदैन । तेतिखेर माया शुद्धरुपमा, शक्तिरुपमा विद्यारुपमा प्रकाशित हुन्छ, यसैले त्यसमा अज्ञानान्धकार हुस्सु घनीभूत भएर ज्ञानदृष्टिलाई अवरुद्ध गर्न सक्तैन । सुषुम्ना भित्र प्राणको संचरण भैरहन्छ । पश्चात जब मायाको स्पन्दन अति मात्रामा वेगयुक्त भएर तल अवतरण गर्दछ, जब प्राणशक्ति नृत्य गर्दै गर्दै सुषुम्ना छोडेर इडा-पिंगलामा प्रविष्ट हुन्छ, तब माया विद्यारुपलाई आच्छन्न गरी अविद्यारुपमा आफुलाई प्रकाशित गर्दछ । तब प्राणमा अस्वाभाविक रुपले कम्पन बढ्दछ, संकल्पमय मन जागिहाल्दछ, देहात्म बुद्धि प्रबल भै उठदछ तथा चचंचल मनद्वारा बुद्धि दर्पणमा नानात्वको प्रतिविम्ब पर्दछ । देहसँग आत्माको संयोग हुन जाँदा हृतपिण्ड कम्पित हुन्छन र प्राण अतीव मात्रामा चचंचल भएर श्वास रुपमा बाहिर गमनागमन गर्न लागदछन । यद्यपि सबै चिन्मय छन, तथापि पदार्थरुपमा जड जानिन्छन । आत्मा बहिर्मुख भएर ती सब वस्तुहरुको भोग गर्नको लागि मनोवेगको रुपमा धावमान हुन्छ । जीव मनसँग संकल्पयुक्त नानाथरीका भोगलालसाहरुमा मग्न हुन जान्छन तथा आफुले आफैलाई बिर्सन जान्छ । यस अवस्थाबाट जीबको उद्धार कसरी होला, यही दयालु प्रभु गुरु रुपमा अर्जुनलाई बताउनु हुन्छ - हे अर्जुन ! जुन ब्रहमाकाश या ईश्वर समस्त शक्तिपुंजको केन्द्रबिन्दु छ, जो अमूर्त्त भएर पनि "स वाह्याभ्यन्तर ह्यज" समस्तु बस्तुहरुको बाहिर र भित्र वर्तमान छ अर्थात् ज्ञानरुपले बुद्धिको अभ्यन्तर तथा नामरुपले बहिर्देशमा विद्यमान छ, त्यो पूर्ण ज्ञान स्वरुप र जन्म-मरणादि षडविकारहरु देखि वर्जित छ । त्यस देखि नै प्राणशक्ति, चिन्ताशक्ति, पंच ज्ञानेन्द्रिय, पंच कर्मेन्द्रिय र पंचमहाभूत आकाश (विशुद्धाख्य) वायु (अनाहत) तेजः (मणिपुर) जल (स्वाधिष्ठान) अनि सर्वभूतहरुको आधार पृथिवी- (मूलाधार) उत्पन्न हुन्छन ।

"अग्निर्मूर्द्धा चक्षुषी चन्द्रसूर्यौ,
दिशः श्रोत्रे वाग्विवृताश्च वेदाः ;
वायुः प्राणो हृदयं विश्वमस्य,

पद्भ्यां पृथिवी ह्येष सर्वभूतान्तरात्मा ॥

तस्मादग्निः समिधो यस्य सूर्य,
सोमात् पर्जन्य ओषधयः पृथिव्याम् ;
पुमान रेतः सिंचति योषितायां,
बह्नीः प्रजाः पुरुषात् संप्रसूताः ॥

तस्माच्च देवा बहुधा संप्रसुताः,
साध्य मनुष्याःपशवो वयांसि;
प्राणापानौ ब्रीहियवौ तपश्च,
श्रध्दा सत्यं ब्रहमचर्यं विधिश्च ॥

अतः समुद्रा गिरयश्च सर्वे-ऽ-,
स्मात् स्पन्दते सिन्धवः सर्वरुपा;
अतश्च सर्वा ओषधयो रसश्च,
येनैष भूतैस्तिष्ठते ह्यन्तरात्मा ॥"-मुण्डक-॥

त्यस पुरुषको मस्तक देखि द्युलोक या आकाश, दुबै चक्षुहरु देखि चन्द्र सूर्य, कर्णबाट दिशाहरु, वागिन्द्रिय देखि ऋगादिवेद, प्राण देखि वायु, हृदय यो विश्व र पादद्वय देखि पृथिवी उत्पन्न भएको छ । त्यस निर्विकार पुरुष देखि आकाश उत्पन्न हुन्छ । होमकाष्ठरुपी सूर्य यस आकाशरुप प्रथम अग्निबाट उत्पन्न हुन्छ । जलमय अमृत देखि मेघरुप द्वितीय अग्नि तथा मेघ वृष्टिरुपमा परिणत भएपछि तृतीय अग्निरुपमा शश्यादि उत्पन्न हुन्छन । तदनन्तर अन्नादि आहारले पुष्ट भएर चतुर्थ अग्निरुप पुरुष पंचम अग्निरुप स्त्रीमा वीर्यरुप आहुति प्रदान गर्दछ । यस किसिमसँग परमात्मा देखि मनुष्यादि नाना प्रजा उत्पन्न हुन्छन । त्यस अक्षर देखि वसु आदि देवगण, साध्य नामा देवगण, मनुष्य ग्राम्य र अरण्य पशु तथा सारा पक्षी उत्पन्न हुन्छन । जीवहरुका प्राण र अपानरुप प्राणन-कृया, धान्य यव, ब्रतादिरुप तपः सत्कार्य साधनमा प्रवृत्तिरुप श्रद्धा, सत्य र ब्रहमचर्य अनि कर्मानुष्ठानका समस्त विधिहरु तेही सत्य पुरुष देखि उद्भूत हुन्छन । त्यस अक्षर पुरुष देखि नै सब समुद्र सारा पर्वत तथा नाना थरीका नदीहरु उत्पन्न हुन्छन र तेस पुरुष देखि नै सब किसिमका धान्य यवादि शस्य, मधुर अम्लादि रस सम्भूत हुन्छन ।

"संकल्पन स्पर्शन दृष्टि मोहै-,
ग्रासाम्बु वृष्टयात्मविवृद्धजन्म;
कर्मानुगान्यनुक्रमेण देही,
स्थानेषु रुपाण्यभि संप्रपद्यते ॥

स्थुलानि सूक्ष्माणि बहूनि चैव,
रुपाणि देही स्वगुणै र्वृणोति;
क्रियागुणैरात्म गुणैश्च तेषां,
संयोग हेतु र परोऽपि दृष्ट ॥" श्वेताश्वेतर उप.॥

पहिले संकल्प अर्थात मन मनै शुभाशुभ कर्मको चिन्तन हुन्छ, त्यसपछि स्पर्शन अर्थात त्वग् इन्द्रियको व्यापार हुन्छ पश्चात् दृष्टि पात र त्यसपछि मोह उत्पन्न हुन्छ। उर्पुक्त संकल्पन, स्पर्शन, दृष्टि एवं मोह द्वारा सारा शुभाशुभ कर्म सम्पन्न हुन्छन। त्यस पछि देही कर्मानुसार कर्मफलको परिपाक अनुसार स्त्री पुरुषादि भावमा देवता, मनुष्य, पशु, पक्षी आदि नाना देहलाई प्राप्त हुन्छन। अन्नपान देखि जसरी शरीरको बढोत्तरी हुन्छ, यो पनि ठीक उसै किसिमसँग हुन्छ।

स्वकृत पाप पुण्यको फलस्वरुप देहीले स्थूल सूक्ष्म नाना थरीका रुप ग्रहण गर्दछ। स्वकृत कर्म र ज्ञान जनित शुभाशुभ वासना वश भोगको निम्ति विभिन्न शरीरहरुलाई प्राप्त भएर त्यो अपर जीवरुप प्रतीत हुन्छन।

आत्मा यद्यपि सर्वोपाधि देखि विनिर्मुक्त छ तथापि आफ्नो अनादि अविद्या मायाशक्तिवश आफुलाई गुणमय र आफ्नो गुण क्रियाको फलस्वरुप यस जगदादि कार्यलाई उत्पन्नवत सम्भदछ। स्वप्नजात पुत्रको जस्तो अन्तःकरणको अतिरिक्त कुनै पृथक सत्ता हुँदैन, उसरी नै अविद्यासृष्ट विषयादिको पनि पुरुषातिरिक्त कुनै पृथक सत्ता हुँदैन।

त्यस अविद्या विरहित आत्मस्वरुपमा फेरि फर्केर कसरी जान सकिन्छ ? पुरुषको त्यस निर्विकार सत्तामा फर्कनको लागि आवश्यक छ। - जसरी कूटस्थ पुरुष देखि बाह्य व्यापार सम्प्रसारित भएकाछन, ठीक त्यसको उल्टो क्रम देखि जीव आफ्नो स्थानमा फर्कोस। क्षितितत्त्व जलतत्त्वमा, जलतत्त्व तेजस्तत्त्वमा, तेजस्तत्त्व वायुमा, वायुलाई आकाशमा, आकाशलाई स्थिर प्राणमा, तथा स्थिरप्राणलाई अव्यक्तमा लय गर्नुको जुन प्रणाली छ त्यसै पथको अवलम्बन गर्नु पर्नेछ। यी समस्त बाह्य वस्तुहरुमा प्राणशक्तिको नै क्रीडा देखिइन्छन। प्राण चचंचल भएर जगतरुपमा व्यक्त भएको छ। अव्यक्तमा फेरि प्रवेश छ त त्यसै स्थिर प्राणलाई समाउनु पर्नेछ जो त्रिगुणान्वित भएर यस जीवभावलाई व्यक्त गर्दछ। समस्त व्यक्तभावको भित्र त्यो अव्यक्त क्रियाको परावस्था रुप ब्रहम विराजमान छ, अन्यथा केही पनि हुन सक्तैन। त्यसैलाई खोजेर निकाल्नु पर्नेछ, त्यस बिना मायाको हात देखि परित्राण पाउनुको अर्को उपाय छैन। समस्त भाव उसैमा अर्पण गरेर उसैको नै हुन जानु पर्नेछ। समस्त भावभय संकल्प प्राण देखि उठदछन्, त्यस प्राणलाई त्यसैमा हाल्नु पर्नेछ। एस्तो गरेपछि यस व्यक्त जगतको फेरि कुनै स्फुरणा लक्षित हुने छैन। सबचीज अव्यक्तको भित्र आत्मगोपन गरेर अव्यक्त हुन जानेछ। यो अव्यक्त नै परमपद हो। यस अव्यक्तमा प्रवेश गर्नु नै समस्त साधनाको उद्देश्य छ। श्री भगवान् पनि यही उपदेश दिनु हुन्छन-सर्व भावेन उनकै शरणमा जाऊ, त्यो बाहेक दोश्रो चिन्तन कुनै नहोस, प्राणापानको समताको साधना द्वारा नै सुषुम्ना स्थित

ब्रहमाकाश प्रकाशित हुनेछ । तब मन, बुद्धि, इन्द्रियादि आफ आफ्नो धर्मलाई परित्याग गरी त्यसमा विलीन हुन जानेछ । तब अव्यक्त परमपद प्रकाशित भएर परा शान्तिरुप शाश्वत स्थानलाई, जसभन्दा श्रेष्ठ अरु केही छैन, प्राप्त गर्नमा समर्थ हुनेछौ । तेस मुक्त प्राणमा जानको लागि यस व्यक्त प्राणको नै आश्रय ग्रहण गर्नु पर्नेछ । यस प्राणको साधनाले नै बाह्य प्रकृति उपशमलाई प्राप्त हुनेछ । यसैले आफु भित्र आफै अवस्थित भएर परमानन्द प्राप्त गर्नेछौ । यही हो परमात्माको प्रसाद । जस्ले क्रिया गर्ने छैन त्यसले कहिल्यै अनुभव गर्न सक्ने छैन-उनको प्रसाद भन्ने वस्तु के हो ॥६२॥

(गीता कथित ज्ञान नै गुहयतर ज्ञान हो)

इति ते ज्ञानमाख्यातं गुहयाद गुहयतरं मया;
विमृश्यैतदेशेषेण यथेच्छसि तथा कुरु ॥६३॥

श्री धरीय टीका-[समस्थ गीतार्थको उपसंहार गर्नु हुन्छन]- यसरी मैले तिमीलाई ज्ञानोपदेश दिंए । त्यो ज्ञान गुह्य अर्थात गोपनीय रहस्य मन्त्र योगादिको अपेक्षा पनि गुह्यतर छ । म द्वारा उपदिष्ट गीताशास्त्रको पर्यालोचना गरेर पछि जे इच्छा हुन्छ गर । गीताशास्त्र पर्यालोचित भएपछि तिम्रो मोह निवृत्त हुन जानेछ ॥६३॥

आध्यात्मिक व्याख्या-“यो तिमीलाई समुदय ज्ञान भनि दिंए अब तिम्रो जो इच्छा छ गर-जुन गुह्यभन्दा गुह्यतम अत्यन्त गुहय छ-जुन मैले भनेकोछु त्यो अत्यन्त गुह्य छ ।”-

- जसबाट मोहान्धकार नष्ट हुन्छ र ज्ञानदीप प्रज्वलित भएर उठदछ, त्यो गुह्यतम ज्ञान तथा तेसको साधनाको कुरा मैले तिमीलाई भनिदिंए । आत्मज्ञान प्राप्तिको लागि जुन समस्त क्रियायोग छ तथा तेसको फलस्वरुप जुन ज्ञान र अनुभव पद प्राप्त हुन्छन त्यो सब मैले तिमीलाई सुनाइदिंए । अब तिमी आफ्नो कर्तव्य निश्चित गर । जीवको भित्र तीन भाव रहन्छन - (१) अज्ञता या देहात्मभाव जसमा देह र देहको भोग नै सर्वापेक्षा बडो जानिन्छन । (२) सुख-दुःखको घात प्रतिघात, जन्म मरणको दारुण ल्केश तथा त्यसको प्रतिकारकोकुनै उपाय नदेखेर जीवलाई आफ्नो कर्तृत्व प्रति अनास्था उत्पन्न हुन्छ । तब सर्वशक्तिमान ईश्वरको सम्बन्धमा आलोचना गरेपछि उनको एक किसिमको धारणा हुन्छ र जीव तेसमा आत्मसमर्पण गर्नको लागि मोक्षानुकुल साधन र विचारको अवलम्बन गर्दछ । यसको फलस्वरुप (३) त्यसले ऐकान्तिक चेष्टा र तपस्या द्वारा उनमा आत्म समर्पण गर्दछ र तब जानिलिन्छ -शुद्ध-बुद्ध-मुक्त-स्वभाव आत्मा देखि त्यो स्वतन्त्र छैन, क्रियाको परावस्थामा यसको अनुभव हुन्छ । यस बोधमा प्रतिष्ठित भएपछि प्रकृतिको अधीनता त्याग गर्नुको सामर्थ्य उत्पन्न हुन्छ । तब आफ्नो ‘म’ लाई त्यसले बुझ्न सक्तछ । तब आत्मा प्रति ऐकान्तिक अनुराग हुन्छ अनि आत्मा सिवाय अन्य कुनै वस्तुको लागि प्राणमा आकांक्षा उदय हुँदैन । यही भक्तियोग हो । पश्चात निराकांक्षा योगीको मनमा अरु कुनै वृत्ति उदित हुँदैन । त्यस समय मन पनि रहँदैन । त्यस समय जीवात्मा र परमात्मा बीच जुन एक सुदृढ एवं सुदीर्घ व्यवधान

थियो त्यो विलीन हुन जान्छ । यही चरम ज्ञान हो । यस अवस्थामा जो सुप्रतिष्ठित छ, विमुक्ति उसको अधीन हुन जान्छन ॥६३॥

(गुह्यतम रहस्यको कुरा)

सर्वगुह्यतमं भूयः श्रृणु मे परमं बचः;
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ॥६४॥

श्री धरीय टीका-[अतीव गम्भीर गीताशास्त्रको अशेषरुपले पर्यालोचना गर्नमा असमर्थ अर्जुन प्रति कृपा गरेर स्वयं भगवान उसको सार संग्रह गरेर तीन श्लोकहरुमा भन्नु हुन्छ]-सब किसिमसँग गोपनीय भन्दा पनि अति गोपनीय मेरो कुरा पहिले भनिएको छ तथापि फेरि भनिरहेको छु, सुन । बारम्बार भन्नुको कारण बताउनु हुन्छ । तिमी मेरो अत्यन्त इष्ट अर्थात प्रिय छौ, यही सम्झेर नै तिम्रो हितको कुरा भनिरहेछु । तिमी मेरो नितान्त प्रिय छौ, यसैकारण यो बक्ष्यमाण विषय निश्चय गरेर तिमीसँग भनिरहेकोछु ॥६४॥

आध्यात्मिक व्याख्या -"फेरि जुन अत्यन्त गुहय छ, -त्यो भन्दछु-किनभने तिमी इष्ट सखा हौ, यो राम्रो सँग जान्दछु, तिम्रो भलोको लागि भन्दछु ।"-

-तिमीसंग यो रहस्यको कुरा धेरै पल्ट भनिसकेकोछु तथा यस गोपनीय आत्मतत्त्वलाई जान्नुको जुन रहस्यमय साधना छ त्यसलाई पनि भनिसकेकोछु जुन तत्त्ववस्तुको साधना गुह्यतम कुरा छ तथा जसलाई जान्नको लागि जुन चीज गर्नु र जस्तो हुनु आवश्यक छ त्यसलाई अब भनिरहेछु । अर्जुनसँग उनले यति आग्रहपूर्वक भनिरहेछन, यसको कारण यो छ-त्यो श्री भगवान्मा दृढश्रद्ध छन । श्रद्धालु हुनु विना शिष्यलाई गुरुले रहस्यको कुरा बताउन सक्तैन, किनभने श्रद्धाहीनलाई उपदेश दिनु व्यर्थै हुन्छ । यसै कारण भागवतमा ऋषिहरुले सूतलाई भनेकाछन् -

"ब्रूयुः स्निग्धस्य शिष्यस्य गुरवो गुहयमपुत"-

शास्त्रको गूढ रहस्य सर्वत्र प्रकट गर्नु निषिद्ध छ तथापि जुन शिष्य स्निग्ध अर्थात गुरुभक्तिपरायण छन उनलाई सारा गुहय गम्भीर तत्त्व गुरुले बताइदिनु हुन्छ ।

हे अर्जुन ! तिमी मेरो इष्ट सखा हौ, तिमीमा र ममा कुनै भेद छैन, तिमी संसारवृक्षको फल खाई मुह्यमान भएर आफ्नो स्वरुपलाई विर्सन गएका छौ, तिम्रो बद्धभावलाई देखेर मलाई कष्ट भैरहेकोछ । यसैकारण तिम्रो कल्याणको लागि मैले पुनः पुनः गुह्यतम कुरा भनिरहेकोछु । जो इष्ट साधनामा दृढ छ त्यसैले भगवानको कृपा बुझ्न सक्तछ । जो भजनशील छ तेसैको अगाडि परम रहस्य प्रकाशित हुन्छ । मैले पहिले परोक्ष ज्ञातको कुरा भनेर गन्तव्यको निर्देश गरेकोछु । तेस पथको अनुशरण गर्नको लागि सबल रुप जुन गोपनीय साधना छ त्यसलाई पनि तिमीलाई भनिरहेछु । हामी र तिमी एक हौं, यो जुन किसिमसँग बुझ्न

सक्तछौ अर्थात यो ज्ञान जसरी अपरोक्ष हुन सक्तछ, त्यस परम ज्ञानको प्राप्तिको उपाय तिमी सँग भनिरहेकोछु । त्यसको अपेक्षा कल्याणतम अरु केही छैन । ॥६४॥

(सर्वसार उपदेश एवं भगवानको प्रतिज्ञा)

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु;
मामेवैश्यषि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥६५॥

श्री धरीयं टीका-[त्यसैको विषयमा भन्नु हुन्छ]-तिमी मच्चित्त बन, मेरो भजन गर, मेरो पूजन गर, मलाई नै नमस्कार गर । एस्तो भएमा तिमी मत्प्रसादलब्ध ज्ञान द्वारा मैलाई पाउनेछौ । यस विषयमा अरु सन्देह नगर । तिमी मेरो प्रिय छौ, अतयव तिमीसँग सत्य प्रतिज्ञा गरेर भन्दछु ॥६५॥

आध्यात्मिक व्याख्या-"मैमा नै मन राख अर्थात क्रिया गर, मेरो नै भजन गर अर्थात क्रिया गर, नमस्कुरु अर्थात् ॐकारको क्रिया गर जुन गुरुवकत्रगम्य छ ।"-

-गीतामा श्री भगवानले कति कति साधनाहरुको उपदेश दिनु भएकोछ, अब स्वयं आफै तेसको सार संकलन गरिरहेकाछन - (१) तिमी मन्मना अर्थात मच्चित्त बन । (२) तिमी मद्भक्त होऊ अर्थात् मैमा आत्मसमर्पण गर । भक्तिपूर्वक मेरो भजन गर । (३) मद्याजी बन, अर्थात मेरो पूजार्चनामा मन लगाउ । मैलाई नमस्कार गर ।

'मन्मना' हुनु नै ज्ञान प्राप्तिको उपाय हो । ब्रहममा चित्त विलय नहुन्जेल कोही 'मन्मना' हुन सक्तैन । भगवानमा मन समर्पण गर्नु पर्नेछ, तब मन तिम्रो रहने छैन, भगवान्‌को हुन जानेछ । चित्त सर्वदा स्पन्दित भैरहेको छ, यसैकारण हामीले इच्छा गर्दा खेरि पनि उनलाई चित्त अर्पण गर्न सक्तैनौ । अतयव प्रथमतः चित्तको जुन निरन्तर स्पन्दन भैरहेकोछ त्यसलाइ रोक्नु पर्नेछ । मनको संकल्प विकल्प नै स्पन्दन हो । यो मनको धर्म हो । अतयव मनलाई सहजै संकल्प विकल्प शून्य गर्न सकिन्न । यसको लागि चित्तलाई एकमुखी गर्नु पर्नेछ, अर्थात कुनै ध्येय विषयमा मनलाई राखिकन कुनै अन्य वृत्तिको उदय हुन दिनु हुने छैन । यसले पनि चित्तको बहिर्मुखी भाव एकदमै दूर हुँदैन । यसैले मनलाई कुनै आध्यात्मिक स्थान राखिकन एकाग्रताको अभ्यास गर्नु पर्नेछ । मनुष्य शरीरमा सर्वोच्च आध्यात्मिक स्थान हो सहस्रार र आज्ञाचक्र । परन्तु अभ्यासीलाई सहस्रारमा मन राख्नु त्यति सहज हुँदैन, निरापद पनि हुँदैन । यसैले आज्ञाचक्रमा मन राख्नु सर्वोत्तम छ । आध्यात्मिक स्थानहरु या षटचक्रहरुमा मनलाई निविष्ट गर्दामा पनि पहिले पहिले मनमा स्पन्दन हुनेनै छ, परन्तु आज्ञाचक्रमा या कुनै एक स्थानमा चित्तलाई राख्दा राख्दा मनको वेग या स्पन्दन विल्कुल घट्न जान्छन । यस किसिमसँग नियमित अभ्यासले चित्तको स्थिरता बढ्दछ । तब कुनै ध्येय विषयमा चित्तलाई स्थिर राख्नु सहज हुन जान्छ । कुनै एक बाहय विषयमा पनि चित्त स्थिर गरिन सकिन्छ र साधकले त्यस बाह्य विषयलाई अधिकृत पनि गर्न सक्तछ, परन्तु त्यसले ल्केश क्षीण हुँदैन । अतः तेसबाट पारमार्थिक लाभ हुँदैन । यसैले शुद्ध एवं सदाचार सम्पन्न भएर तथा विषयको हेयत्व आलोचना गर्दै भगवद् भक्तिपूर्वक प्रत्यागात्माको ध्यानमा मनलाई निविष्ट गरेपछि मन

सजिलैसँग स्थिर हुन जान्छन । साधना या ध्यानादिको समय सावधान रहनु आवश्यक छ जसबाट मनले अन्य विषयको चिन्तन गर्न नसकोस । विषय ध्यानमा चित्त गाढा निविष्ट हुन सक्तछ, परन्तु त्यसले आध्यात्मिक शक्ति प्राप्त हुँदैन । आध्यात्मिक शक्तिको विकास तबै संभव छ, जब चित्तमा स्पन्दन नरहोस अनि त्यो कुनै आध्यात्मिक चिन्तन या आध्यात्मिक स्थानमा स्थिर भएर रहोस । मनको यस किसिमको निरोध भावले नै उसलाई कैवल्यतिर लिएर जान्छन । तब मनको मनन नरहनुको कारण मन पनि लय हुन जान्छ, मन लय हुनाले विषयको अभाव हुन जान्छ, विषयको अभावको कारण पुरुषको बुद्धि बोधात्मक भाव पनि रहँदैन । मनको एस किसिमको निरुद्धावस्था नै प्रकृत 'मन्मना' अर्थात आफु आफैमा रहनु हो । जो 'मन्मना' हुन सक्तैन तिनीहरु मद्भक्त अर्थात मेरो भजनशील होस । जसबाट द्रष्टाको स्वरुपमा अवस्थान हुन्छ त्यसको लागि दृढ अध्यवसायको साथ जसले प्रयत्न गर्दछन, तिनीहरु नै भक्त हुन । त्यस समय उनका सारा चेष्टाहरु 'मन्मना' हुनको लागि हुन्छ । जसले मन अन्य कुनै वस्तुमा बद्ध नहोस । यसैले मनलाई सर्वदा कूटस्थ चिन्तनमा राख्नु जरुरी छ । यदि मन स्वभाववश अन्यत्र भाग्दछ त तेसलाई विस्तारै विस्तारै ल्याएर कूटस्थ चिन्तनमा नियुक्त गर्नु पर्नेछ । यसरी साधना चलाई रहेपछि दिव्य ज्योति एवं नाद प्रकटित हुनेछ, तब मनलाई शान्त गर्नु त्यति कठिन हुने छैन । यति मात्र होइन, यस किसिमको ज्योति हेर्दा हेर्दा या दिव्य सुमधुर नाद सुन्दा सुन्दा मन विल्कुल तन्मय हुन जानेछ । *"सा परानुरक्तिरीश्वरे"* यो भक्ति लक्षण तब प्रस्फुटित भै उठने छ । यसैको 'मद्याजी' अर्थात क्रिया गर्नु पर्नेछ । यस 'मद्याजी' संगै 'मां नमस्कुरु' ॐकारको क्रिया गर्नु पर्नेछ जुन साधनाको एक किसिमको अंग हो । क्रिया साथ जुन मानिसहरुले *'ॐकार क्रिया'* नियमित रुपले गर्दछन उनको प्राणशक्ति (श्वास) सिरमा चढेर बस्दछ । तब आत्मा के हो र त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ, यी सारा कुरा समझमा आउँदछन । देवता एवं ऋषिगण यही पूजा गर्दछन । ब्रहमाविष्णु एवं शिव पनि आत्मपूजा जाप गर्दछन । यस आत्मपूजाको अधिकार प्राप्त गरी तिमी कृतार्थ हुन जानेछौ । यस पूजाको अधिकार प्राप्त गर्नको लागि आफ्नो मनः प्राणलाई क्रियामा नियुक्त गर । क्रिया द्वारा क्रियाको परावस्था प्राप्त भएपछि तिमी आफैलाई विर्सन जानेछौ, तब तिमी रहने छैनौ, तिम्रो 'म' मैमा मिलेर एक हुन जानेछ, तिमी स्वस्वरुपमा प्रतिष्ठित हुन जानेछौ । यही क्रियाको फल हो । यो श्री गुरु प्रतिज्ञा गर्दै भन्नु हुन्छ, अतयव यो निश्चित र निसन्देह छ ।

"सर्वात्मना सर्वधिया सर्व संरम्भरंहसा;
स एव शरणं देवो गतिरस्तिह नान्यथा ॥" योगवासिस्थ ॥

समस्त मन लगाएर सारा बुद्धि देखि, सारा कार्यचेष्टाहरु द्वारा उनको शरण लिनु पर्नेछ । तेस परम देव सिवाय जीवको अन्य कुनै गति छैन ॥६५॥

(परमगुहय भगवद्वाणी)

"आत्मनिवेदन"

सर्वधर्मान्परित्यज्य मामेकं शरणं ब्रज;
अहं त्वां सर्वपापेभ्योमोक्षयिष्यामि मा शुचः ॥६६॥

श्री धरीय टीका-[अरु पनि गुह्यतम तत्त्व भन्नु हुन्छ]-मेरो भक्ति गर्नाले नै सबचीज हुन जान्छ । यस किसिमले दृढ विश्वास द्वारा विधि नियमको दासत्वको परित्याग गर्दै एकमात्र मेरो शरणापन्न होऊ । एस्तो गर्नाले कर्म त्याग निमित्त पाप लाग्ला यो सोचेर पाप नगर्नु, किनभने मेरो शरणापन्न हुनुको कारण सबै पापहरु देखि म मुक्त गरिदिनेछु ॥६६॥

आध्यात्मिक व्याख्या-"कतैतिर नहेर्नु आसक्तिपूर्वक, केवल आत्मामा मन राखिकन गुरुवाक्य द्वारा प्राप्त क्रियालाई गर्दै जाऊ - स्मरण गर्दै जाऊ-ॐ- यो क्रिया गर्दा गर्दा अन्य दिशामा आसक्तिपूर्वक दृष्टि नै जाँदैन, यसको लागि तिमीले कुनै चिन्ता नगर्नु ।"-

-कुनै दोश्रो तिर देख्नाले काम चल्ने छैन । खालि गुरुवाकयमा निर्भर गर्दै उनले दिनु भएको उपदेश अनुसार क्रिया गर्दै रहनु पर्दछ । किन गर्दछु, कतिदिन क्रिया गर्नुपर्ला, क्रिया गर्नाले के होला - यी प्रश्न मनमा आउन दिनु हुँदैन । गुरु जे भन्नु हुन्छ त्यही गर्दछु, यसले के होला यो उनैले जानुन यसरी दृढचित्त भै गुरुमा आत्मसमर्पण गरेर क्रिया गर्दै रहनु पर्दछ ।

"सर्व धर्म त्याग गरेर मेरो शरण लेऊ" यही गीतार्थको सार हो । श्री भगवान् यही भन्नु भएर गीतोक्त उपदेशको उपसंहार गरिरहेकाछन । अतयव यो श्लोक केही विशेषरुपले आलोचित हुनु योग्य छ । धर्म त्याग नगरिकन धर्मको उपदेशहरु पालन गर्दै के उनको शरणमा जानु संभव छैन ? ज्ञानयोग, भक्तियोग, कर्मयोग प्रभृत्ति अनेक कुराहरु गीतामा भनिएका छन । शरणागतिको साथ उपर्युक्त ज्ञान, भक्ति, कर्म आदिको कुनै योग छ या छैन, यो हेर्नु छ । श्रुति, स्मृति आदि अनेक धर्मशास्त्रले अनेक किसिमको कर्म गर्नलाई भन्दछन तथा अनेक कर्महरु गर्न निषेध पनि गर्दछन । यतिका दिन सम्म के गर्नु पर्ला अनि के नगर्नु पर्ला, यसैको खोजमा अनेक पोथी पत्रा पल्टाई रहयौं, शास्त्रारण्यमा घुम्दा घुम्दा पथभ्रम भयो, अनेक मानिसहरु काँहा गएर अनेक कुराहरु सुन्यौं, अनेक जिज्ञासाहरु गर्‍यौं, उनको उपदेश अनुसार केही केही कार्य पनि गरियो, परन्तु मनको सन्देहको निवारण भएन । यसैले श्री भगवानले पोथी पत्रको धर्म छोडेर शरण ग्रहण गर्नुको कुरा भन्नु भयो -

"सर्व धर्मान् परित्यज्य मामेकं शरणं ब्रज" ।-

तिमी धर्माधर्म सब छोडिकन एकपल्ट मलाई जोडले समात । यसको उद्देश्य यो त छैन धर्मको पालन गर्नु पर्दैन । भगवत् प्रेम बिना धर्म कर्म सब व्यर्थ छ । कतै हाम्रो अनुष्ठित कर्म व्यर्थ खेर नजाओस यसैको निम्ति भगवत शरणागतिको कुरा भनियो । भगवानलाई बाद गरिकन जुन कर्म गरिन्छन् त्यसले आत्म विनाश हुन्छ, सन्सारपाशको मोचन हुँदैन । कर्म कुन प्रकारसँग गर्नुपर्ला, यस विषयमा नारदजी व्यासजीसँग श्री मद् भागवतमा भन्नु हुन्छ-

"यदत्र क्रियते कर्म भगवत् परितोषणम् ;
ज्ञानं यत्तदधीनं हि भक्ति योगसमन्वितम् ॥"-

अर्थात मनुष्यहरु यदि अनुभव गरोस उनको सारा कर्म ब्रहमकै शक्ति द्वारा नै हुन्छन, उनले चाहेका भोग्यवस्तु पनि ब्रहममय छ अनि त्यही कर्म फलदाता छन, त कर्म समर्पण गर्नु सम्भव छ, नत्रत कर्म समर्पण हुन सक्तैन । यस किसिमको अनुभूति तेस ज्ञानको प्रकाशमात्र हो जुन क्रियाको परावस्थामा हुन्छ । भगवत साधना द्वारा यो ज्ञान अनुभूतिको विषय नभएमा केवल मौखिक ज्ञानमा पर्यवसित हुन जान्छ । धर्म कर्मको अनुष्ठान हाम्रो सुखादि भोगको लागि होइन जुन धर्म कर्म द्वारा श्री भगवान् प्रसन्न होउन तेही असली शरणागति हो । भगवान्ले सर्वधर्म त्याग गर्नको लागि भन्नु भएको छ सही, परन्तु यस धर्म त्यागलाई कसैले कर्म संन्यास न सम्भोस । भगवानको यदि यही उद्देश्य हुन्थ्यो त उनले आफ्नो शरण ग्रहण रुपमा कर्मको व्यवस्था किन गर्नु हुन्थ्यो ? सब शास्त्रहरुको, सब साधनाहरुको मुख्य उद्देश्य हो उनको चरणहरुमा आत्मसमर्पण गर्नु । यही सर्वश्रेष्ठ कर्म हो । प्रत्येक धर्म अनुष्ठानको एक विशेष फल हुन्छ । यदि तेस फलहरु तिर चित्त आकृष्ट हुन्छ त ज्ञान या मोक्षको प्राप्ति हुने छैन । अतयव परमत्तत्व अविदित नै रहन जानेछ । यसैले आचार्य शंकरले भन्नु भएको छ-"धर्म शब्देनात्र अधर्मोऽपि गृहयते, सर्व धर्मान् सर्वकर्माणि इत्येतत्"- अर्थात जबसम्म धर्माधर्म छन तबसम्म देह सम्बन्ध नष्ट हुने छैन, पुनः पुनः आवागमन दूर हुने छैन । यसैले साधकलाई धर्माधर्मको अतीतावस्था प्राप्त गर्नु पर्नेछ । कठोपनिषदमा यमराज मन्नु हुन्छ -

"इह चेदशकद्‌बोद्ध प्राक् शरीरस्य विस्रसः;
ततः सर्गेषु लोकेषु शरीरत्वाय कल्पते ॥२६।४॥

यस देहले यदि मनुष्य ब्रहमलाई जान्नमा समर्थ हुन्छ त त्यो देह पात पूर्व नै सन्सार बन्धन देखि विमुक्त हुन जान्छन । यदि अवगत हुनमा समर्थ हुँदैन त तेसलाई फेरि यस पृथिवीमा शरीर धारण गर्नु पर्ने हुन्छ ।

'धर्म' भन्नाले गार्हस्थ्य धर्म, यति धर्म, राज धर्म, देह धर्म, इन्द्रिय धर्म इत्यादि अनेक किसिमका धर्महरुलाई धर्मरुपमा मान्न सक्दछन । श्रुति पनि भन्दछन - 'धर्मंचर'- धर्माचरण गर । यहाँ धर्म भन्नाले कुन धर्मलाई ग्रहण गर्नु पर्दछ, यो बुझ्नु कठिन छ । मनुष्य जीवनको प्रमुख लक्ष्य हो आत्मदर्शन । तर उपर्युक्त धर्महरुमा कुनै पनि आत्मदर्शनको उपाय छैन । यसैले यीनलाई यथासमय ग्रहण एवं यथा काल त्याग गरेर आत्मान्वेषणमा सचेष्ट हुनु पर्नेछ । देह, इन्द्रिय मन, बुद्धि यी सबको आफ आफ्नो धर्म छन, तिन्लाई बलपूर्वक छुटाउनु संभव छैन । तथापि सर्वधर्मको परित्याग गर्नु बिना आत्मदर्शन हुनु दुष्कर छ । यसैले श्री भगवान भन्नु हुँदैछ - तिमी 'अमुक कर्म' ले पाप हुन्छ 'अमुक कर्म' ले पुण्य हुन्छ यो विचार गरेर नाना थरीका कर्महरुमा नलाग । सर्वधर्म परित्याग गर्नुछ त तिमीलाई कामसंकल्प वर्जित हुनु पर्नेछ । देखिनमा आउँदछ - हामीहरु मध्येमा जो राम्रा र पठित धार्मिक मानिसहरु छन, तिनीहरु पनि बहुधा नाना थरिका धर्माधर्म शाखाहरु तथा विभिन्न शास्त्रीय मतहरुको विचार गर्दो समय विभ्रान्त हुन जान्छन । तब बुझिइन्छन मानो केही गरिएकै छैन, सबचीज कटमेरो रहन गयो । त्यस समय साधुजन उनलाई यही

उपदेश दिन्छन -प्रारब्धवश चाहे जुन सुकै कर्म गरियोस त्यसको फलाफल प्रति लक्ष्य नराखिकन खालि प्रभुको चरणमा स्मरणमा मन लगाई राख। शुभाशुभ कर्महरुको सारा शुभाशुभ फल जगत्गुरु परमात्माको चरणमा अर्पित गरेर तिमी निश्चिन्त भै सर्वतोभावेन उनकै शरणमा जाऊ अर्थात् फलाकांक्षा त्याग गरी केवल क्रिया गर्दै जाऊ । जे हुनु छ त्यो हुनेनै छ, त्यसतिर लक्ष्य गर्नुको कुनै आवश्यकता छैन । यदि भन्छौ त क्रिया गर्न बस्दा पनि मन त बारम्बार विषयतिरै दौडादौडी गर्दछ र यसले स्मरणमा विघ्न हुन्छ मन आसक्तिपूर्वक नजाने के के चिन्तन गर्दछ, थाहा छैन यसमा कति पाप लाग्दछ, यस पापको बोझ देखि कसरी रक्षा होला त यसको लागि श्री गुरु उपदेश दिनु हुन्छ - तिमी अलिबढी मन लगाएर स्मरण गर्ने चेष्टा गर, यस स्मरण या क्रियाको फलस्वरुप तिम्रो मन फेरि दोश्रोतिर जाने छैन । क्रिया गरेपछि क्रियाको परावस्था आउनेनै छ। परावस्था भगवत्स्वरुप छ, त्यसको अत्यल्पमात्र प्रकाशले पनि तिमी पापमुक्त हुन जाने छौ पाप पुण्यको कर्त्ता को हो ? देहेन्द्रिय-मन-बुद्धि समन्वित प्रकृतिले नै सारा कर्महरुलाई गर्दछन, आत्मा त धर्माधर्मको पर छ । क्रिया द्वारा धर्माधर्मको ग्रन्थि फुकालिहाल, यसैबाट प्रकृतिको अतीत भएर आत्मामा प्रतिष्ठित हुने छौ । प्राणपणले क्रिया गरेपछि नै उनको शरणागति प्राप्त हुन्छ । जो एसरी शरणापन्न हुन्छ त्यही उनको भक्त हो । जब भक्त विपन्न हुन्छ या साधक निराश हुन्छ, तब श्री भगवान नै उसलाई अभयदान गर्नु हुन्छ । जसले यत्तिकादिन देखि उनको भजन गर्दै आइरहेकोछ, जो उनमाथि निर्भर गर्दछ, त्यसलाई फेरि चिन्ता नै के छ ? चाहे जुन केही त्रुटि या पाप होओस, त्यसले शरणागत साधकलाई मुक्ति प्रदान गर्दछन । उहाँले नै भन्नु भएको छ -

"सकृदपि प्रपन्नाय तवास्मिति च याचते ;
अभयं सर्वभूतेभ्यो ददाम्येतत् ब्रतं मम ॥"

"म तिम्रै हूम्" यो एकै पटक पनि भनेर जो मेरो शरणापन्न भै मेरो कृपाको लागि प्रार्थी हुन्छ, म उसलाईृ अभयदान गर्दछु - यो मेरो ब्रत हो ।

यसैकारण श्री भगवान् आफ्नो भक्तसँग भन्नु हुन्छ-तिमी देह, इन्द्रिय, मन आदिको वशमा नचलिकन मेरो शरण ग्रहण गर । आत्माको शरणापन्न हुनु नै सर्वकर्महरुमा श्रेष्ठकर्म तथा सर्व धर्महरुको सार धर्म हो । जसले त्यसलाई चाहन्छ त्यसले विषयलाई चाहदैन । हृदय देखि विषयको चाहना नभए त मन विषयहरुतिर दौडिने छैन । धेरै मानिसहरु सोच्दछन-"भगवान्ले नै जीवलाई यन्त्रारुढ पुतलिका समान माया द्वारा नचाइरहेछन, जीवलाई स्वतन्त्रा कहाँ छ र, जब भगवानको कृपा होला तबै मुक्ति होला ।" मुक्ति भगवत्कृपा माथि निर्भर त गर्दछ, परन्तु यसकोलागि जीवलाई पनि प्रयत्न गर्नु पर्ने हुन्छ । बिना प्रयत्न, बिना तपस्या कसैले उनलाई पाउन सक्तैन । जसले उनलाई प्राप्त गर्न चाहन्छ उसले केही मूल्य दिनु पर्नेछ । यद्यपि त्यो मूल्य भगवत्प्राप्तिको तुलनामा केही पनि छैन तथापि मूल्य दिनु नै पर्दछ । साधनाको ल्केश नै त्यो सामान्य मूल्य हो । साधन पथको दुर्गमता अनि कष्ट देखिकन धेरै धेरै मानिसहरु विचलित हुन जान्छन । यसैलाई लक्ष्य गरेर एक भक्त कविले भन्नु भएकोछ -

“क्षण-आध दुःख जनम भरि सुख;

काहे तु विनोदिनी मोडयसि मुख ॥”

तपस्याको कष्ट भयले साधनाबाट किन विमुख भैरहेका छौ ? त्यो निश्चय नै पाइने छ । त्यसको प्राप्तिको तुलनामा साधनाको दुःख त धेरै सामान्य छ, अतयव विमूढ समान मुख फर्काएर आलस्यमा कालक्षेप नगर । एकबार कम्मर कसेर लागिहाल । अगाडि हुनेछ अनन्त सुख, आत्मसागरमा निरन्तर सन्तरण । अतयव 'नात्मानं अवसादयेत' - मनलाई अवसन्न हुन नदेऊ, वेगसँग साधन गर्दै जाऊ । साधनको वेगमा जति बढोत्तरी हुनेछ, जति नै धेरै वैराग्यले प्राण भरिपूर्ण हुनेछ, उति उति नै आत्मसाक्षात्कार नजिकिनेछ । परन्तु परिश्रमलाई देख्नु बिना आत्मदेव सन्तुष्ट हुने छैन । आत्मदेवको सन्तुष्टिको लागि नै गुरु प्रदत्त साधनालाई प्रचण्ड बेगले गर्दै जाऊ, कदापि अवहेलना नगर । अतयव अबहेलना गरेमा प्रवंचित हुन जानेछौ । वेदमा एक मन्त्र छ -“नऋते श्रान्तस्य सख्याय देवाः”- साधनाको परिश्रमले जबसम्म आफुलाई परिश्रान्त गर्दैन, तबसम्म देवगण अनुकूल हुने छैन । हे साधक ! श्रममा कष्ट नमान्नु । तिम्रो परिश्रम देखेर आत्मदेव अनुकूल हुनेछ अनि तिमीलाई सर्वपापहरु देखि मुक्त गरिदिनेछन् ।

जगदादि वस्तुहरुमा आश्रित जुन धर्म छन, ती नै 'सर्व धर्म' या पंचभूतात्मक प्रकृतिका धर्म हुन । यस प्राकृत धर्मको अनुशरण गरेपछि सुख दुःख, जन्म-जरा-मृत्यु आदि विविध तापहरु देखि जीवलाई संन्तप्त हुनु पर्दछ । यसैले प्रकृति तथा प्रकृति धर्म देखि माथि उठनु पर्नेछ । पंचभूतात्मक प्रकृति - क्षिति, अप, तेज,, व्योम, या मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धाख्य यी पंचचक्रहरुमा स्थित पंचभूतमय भावहरुलाई परित्याग गरेर आज्ञाचक्रमा प्रवेश गर्नु पर्नेछ । यिनीहरु मध्ये कुनै एकमा अल्झिरहेमा साधकलाई विभूति या ऐश्वर्य प्राप्ति त हुनेछ, परन्तु बन्धनमुक्ति हुने छैन । यसैले साधकलाई आज्ञाचक्रमा तथा त्यसदेखि माथि उठनु पर्नेछ । यही हो सब त्याग गरी उनमा आत्मसमर्पण गर्नु । अनि यही हो “मामेकं शरणं ब्रज” । अर्थात एक अद्वितीय शक्ति जुन सहस्त्रारमा अवस्थित छ, तेसको आश्रय लिनु पर्नेछ । यही उसको परम धाम या परम पद हो । त्यस स्थानमा जुन साधक पुग्न सक्तछ, उस्लाई फेरि सन्सारमा प्रतिनिवृत्त हुनु पर्दैन । यसैकारण श्री शुकदेवजी भागवतमा भन्नु हुन्छ -

“समाश्रिता ये पदपल्लव ल्पवं,
महत्पदंपुण्ययशोः मुरारे ;
भवाम्वूधिर्वत्सपदं परं पदं,
पदं पदं यद्विपदां न तेषाम् ॥”

पुण्य यशः मुरारिको पद पल्लवरुपी नौकाको आश्रय जसले लिएकोछ, भवसिन्धु उनको सामुन्ने गोष्पद समान जानिन्छन । त्यस परम पदमा जसले स्थान प्राप्त गरेकोछ, त्यसको पदस्खलन हुँदैन अर्थात उस्लाई फेरि सन्सारमा आउनु पर्दैन ।

मुर शब्दको अर्थ हो वेष्टन । संसार या जन्म-जरा-मृत्यु आदिले जीवलाई वेष्टन गरिराखेकोछ ।, त्यसलाई जसले नाश गर्दछन त्यही मुरारि हुन ।-

"मुरः ल्केशे च सन्तापे कर्म भोगे च कर्मिणाम ;
दैत्य भेदेऽप्यरिस्तेषां मुरारिस्तेन कीर्त्तितः ॥"

जुन पद प्राप्त भएपछि सन्सारमा आवागमन-रुप ल्केश-सन्ताप सहन गर्नु पर्दैन, त्यही पद जीवदेहमा ब्रहमरन्ध्र स्थित सहस्त्रदल कमल हो । यस स्थानमा स्थित साधकले नै परमगति प्राप्त गर्दछ ।

"ब्रहमरन्ध्रे मनो दत्वा क्षणार्द्धं यदि तिष्ठति ;
सर्व पाप विनिर्मुक्त स याति परमां गतिम् ॥"

ब्रहमरन्ध्रमा मन स्थापित गरेर यदि कसैले अर्द्धपल पनि अवस्थित हुन सक्छ त त्यो सारा पापहरु देखि विमुक्त भएर परमगतिलाई प्राप्त गर्दछ ।

"अस्मिन लीनं मनो यस्य स योगी मयि लीयते ;
अणिमादि गुणान् भुकत्वा स्वेच्छया पुरुषोत्तम ॥"

जसको चित्त ब्रहमरन्ध्रमा लीन हुन्छ, त्यही पुरुषोत्तम हो । त्यो स्वेच्छानुसार सारा अणिमादि ऐश्वर्यको भोग गरी अन्तमा मैमा विलीन हुन जान्छन । अतयव जो आत्मचिन्तनमा रत भएर सबै किसिमले मेरै आश्रय ग्रहण गर्दछन, ती जीवनमुक्त हुन । उनको अन्यदिशामा दृष्टि जाँदैन ।अतयव उनको निम्ति शोक गर्नुको कारण रहन जाँदैन ॥६६॥

(गीता शास्त्र सुन्नुको योग्य को छैन ?)

इदं ते नातपस्काय नाभक्ताय कदाचन ;
नचाशुश्रूषवे बाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

श्री धरीय टीका-[यस किसिमसँग गीतार्थतत्त्वको उपदेश गर्नु भएरअब कस्तो मानिसलाई गीतार्थतत्त्व भन्नु पर्दछ, यस विषयमा नियम बताउनु हुन्छ]-यो गीतार्थतत्त्व स्वधर्मानुष्ठानहीन व्यष्टिलाई, गुरु एवं ईश्वरमा भक्तिशून्य पुरुषलाई तथा जो परिचर्या गर्दैनन् या सुन्ने इच्छा गर्दैनन्, त्यस्तालाई नभनियोस । म परमेश्वर हूम्, ममा जसले मनुष्य दृष्टिले दोषारोपण गर्दै मेरो निन्दा गर्दछन, त्यस्तालाई पनि नभनियोस ॥६७॥

आध्यात्मिक व्याख्या-"जो कोही मेरो हिंसा निन्दा गर्दछन, त्यो संग क्रियाको कुरा नभन्नु ।"-

-अर्जुनको मोहनाशको निम्ति गीतामा आध्यात्मिक रहस्यपूर्ण जुन योगार्थतत्त्वको श्री भगवान्ले व्याख्या गर्नु भयो ती साधनाहरु कसलाई मिलोस या कसलाई नमिलोस, यसको उपदेश गर्नु हुन्छ । गीता

योगशास्त्र हो, यसमा आदि देखि अन्तसम्म योगविषयक समस्त निगूढ तत्त्वहरुको व्याख्या भएकोछ । श्री भगवानले व्याख्या गर्नु भएकोछ, उपदेश गर्नु भएकोछ, केवल यसै कारण सब मानिसहरु यस निगूढ आध्यात्मिक तत्त्वको समान अधिकारी छन, एस्तो कुरा छैन । जसलाई जान्नुको अधिकार छ, उन्लाई नै सुनाउनु पर्दछ । अनधिकारीको छ, यो यस श्लोकमा श्री भगवान बताइरहनु भएकोछ । स्वधर्ममा जसको आस्था छैन, जो असंयमी छन, अतयव तप साधनमा अयोग्य छन, गीताको साधना उनको लागि होइन । जो भक्तिहीन छ, गुरु र ईश्वरमा श्रद्धाशून्य छन, शास्त्रमा जसको विश्वास छैन, तिनीहरुसंग पनि साधनाको कुरा भन्नु हुँदैन । आत्माको अस्तित्वमा जसको विश्वास छैन जसले सर्वदेवमय वासुदेवलाई नजानिकन देवताहरुको निन्दा गर्दछन, तिनीहरु गीतोक्त साधना प्राप्त गर्नुको योग्य छैनं, अतयव त्यसतालाई पनि गीताको उपदेश नगरियोस । गुरुसेवा एक बडो ठूलो कुरा हो, गुरुशुश्रुषा बिना गीताको मर्मलाई उपलब्ध गर्नु बडो दुष्कर छ । जो तप साधनामा प्रमादयुक्त छन र ईश्वर प्रति भक्तिशून्य छन, तिनीहरु पनि गीतोक्त उपदेश ग्रहण गर्नुको अधिकारी छैनन् । अनधिकारीलाई ब्रहमविद्याको उपदेश गर्नु शास्त्र निषिद्ध छ, किनभने उनिहरुको अगाडि विद्या आत्मगोपन गर्दछ, कहिल्यै प्रकाशित हुँदैन ।

"यस्य देवे पराभक्ति यर्था देवे तथा गुरौ ;
तस्यैते कथिता ह्यर्था प्रकाशन्ते महात्मन :"॥ श्वेताश्वतर उ. ॥

जसलाई आफ्नो इष्ट देव प्रति परम भक्ति छ तथा गुरुमा पनि तेस्तै भक्ति छ, त्यस्ता महात्माको सामुन्ने नै उपर्युक्त उनिषद शास्त्रको प्रकृत अर्थ प्रकाशित हुन्छ

"विद्या ह वै ब्राहमणमाजगाम,
गोपाय मा शेवधिष्टेऽहमस्मि;
असूयकाया नृजवेऽयताय
मा मा ब्रूयाद्वीर्यवती तथा स्याम् ॥"मुक्तिकोप॰ ॥

ब्रहमविद्या ब्राहमणहरुको पासमा आएर भन्दछन - तिमीले मलाई बचाएर राख, यसबाट तिमीलाई इष्ट अर्थात भोग एवं मोक्ष दुबै प्राप्त हुन्छ । परन्तु यदि सबैसँग गुप्त राख्न सक्तैनौ त असूयायुक्त, सरलता शून्य र असंयमी या अतपस्विहरुलाई कदापि नभन्नु, भनेमा विद्याको शक्ति रहने छैन ॥६७॥

(भगवद्भक्तको अगाडि गीता व्याख्याको फल)

य इमं परमं गुहयं मद्भक्तेष्वभिधास्यति ;
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशय ॥६८॥

श्री धरीय टीका-[दोषरहित भक्तहरुको अगाडि गीताशास्त्रको फल बताउनु हुन्छ]-जुन मानिसले मेरो भक्तहरुलाई यो गीतोपदेश प्रदान गर्नेछ, त्यो ममा परा भक्ति प्राप्त गरी अन्तमा निसंशय भएर मैमा नै प्राप्त हुनेछ ॥६८॥

आध्यात्मिक व्याख्या-"जसले यो क्रिया पाउला, त्यो मेरो नै हुन जाला"

-अध्यात्मशास्त्र गीताको उद्देश्य हो मानिसलाई आत्मवेत्ता बनाउनु । आत्मवित् त्यही हुनेछ जसले क्रिया गर्नेछ । यो क्रियाले जन्ममरणबाट उद्धार गरेर मनुष्यलाई विमुक्ति प्रदान गर्दछ । समस्त क्रिया रहस्य गीतामा छ, यसैले जुन मानिस यो गीता पढेर मानिसहरुलाई सुनाउँदछन र एसको रहस्य सम्झाउँदछन त्यो निश्चय नै एकदिन आत्मवेत्ता हुन जानेछ, यसमा सन्देह नगर्नु । आत्म क्रियाशील मनुष्य आत्मालाई नै प्राप्त गर्नेछन ॥६८॥

न च तस्मान्मनुष्येषु कश्चिन्ने प्रियकृत्तमः ;
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-यसै कारण गीता शास्त्रको व्याख्या गर्नेवाला समान मनुष्यहरुमा अन्य कसैले मलाई तुष्टि प्रदान गर्नेवाला न छ अनि न त कालान्तरमा होला ॥६९॥

आध्यात्मिक व्याख्या - "यो क्रिया गरेपछि त्यसलाई म अतीव प्यार गर्नेछु । त्यो समान सन्सारमा दोश्रो असल मानिस छैन ।"-

- मनुष्य शरीर धारण गरी जसले क्रिया प्राप्त गरेर भक्तिपूर्वक क्रिया गर्दै जान्छन, उनको अपेक्षा अधिक प्रिय आत्माको कोही छैन । क्रिया गरेर क्रियाको परावस्था प्राप्त योगी आत्माको जति सन्निकट हुन्छ, त्यति नजिक अरु कोही हुन सक्तैन । बाह्य विषयहरुमा चित्त जति नै उत्क्षिप्त हुन्छ, त्यति नै त्यो आत्मा देखि टाढा हुदै जान्छ, परन्तु क्रिया गरेर क्रियाको परावस्थातिर जति नै अग्रसर हुन्छ उति नै तेसले आत्माको सान्निध्य लाभ गर्दछ । जो क्रियाको परावस्थामा सुप्रतिष्ठित हुन जान्छ त्यो आत्माको साथ एक हुन जान्छ, अतयव तदपेक्षा आत्माको प्रियतर अरु कुनैको हुनु संभावना छैन ॥६९॥

(गीता पाठको फल ज्ञानयज्ञ तुल्य छ)

अध्येषते च य इमं धर्म्यं संवादमावयोः
ज्ञानयज्ञेन तनाहमिष्टः स्यामिति मे मितिः ॥७०॥

श्री धरीय टीका-[गीता पाठ गर्नुको फल बताउनु हुन्छ]- हाम्रो र अर्जुनको यो धर्मयुक्त संम्वाद जसले जपरुपमा पाठ गर्दछ, त्यस पुरुष द्वारा गरिएका सर्वश्रेष्ठ ज्ञान यज्ञ द्वारा म अर्चित हुन्छु । त्यस मानिसले गीतार्थ नजानिकन पनि यदि केवल गीतापाठ गर्दछ त पनि मैले जान्नेछु त्यसले मलाई पुकारिरहेको छ । जसरी कुनै मानिस यदृच्छावश यदि कुनै समय कसैको नाम लिन्छ त तेसले "मलाई नै पुकारिरहेछ" एस्तो सम्झिकन उसको पासमा उपस्थित हुन्छ, त्यसरी नै म पनि उसको नजिक पुग्दछु । नामोच्चारण मात्रले अजामिल र ध्रुव आदि माथि म जसरी प्रसन्न भएको थिंए, त्यसरी नै अर्थज्ञानहीन गीता पाठ गर्नेवाला प्रति म प्रसन्न हुन्छु ॥७०॥

आध्यात्मिक व्याख्या-"जसले यो कथा सुन्ला या पढला उसको भलो हुनेछ ।"

- हामी दुबैको यस धर्मजनक संवादको जसले अध्ययन गर्नेछ तेसको भलो हुनेछ । जुन विद्या साधनले ज्ञान प्रत्यक्ष हुन्छ, यस संवादको पाठ गरेमा उसको साधनमा उत्साह बढदछ । श्री भगवानको पूजा गर्नुको सर्वोत्तम उपाय हो ज्ञान योग । गीताध्ययनले जीवको अन्तः करणमा त्यस ज्ञानलालसाको बढोत्तरी हुन्छ । अतयव परमात्मा श्री कृष्ण जो स्वयं ज्ञानरुप छन ; त्यो यदि गीताध्ययन द्वारा संपूजित हुन्छन त यसमा संदेह नै के छ ? ज्ञान यज्ञको महाफल हो परमपदको प्राप्ति । जस्ले गीता पाठ गर्ला उसको बुद्धि शुद्ध हुनेछ अनि शुद्ध बुद्धिको फल मोक्ष पनि उस्लाई प्राप्त होला ॥७०॥

(गीता श्रवणको फल)

श्रद्धावाननसुयश्च श्रृणुयादपि यो नर;
सोऽपि मुक्तः शुभांल्लोकान्प्राप्नुयात पुण्यकर्मणाम् ॥७१॥

श्री धरीय टीका-[गीता पाठ श्रवण गर्नुको फल बताउनु हुन्छ]-जुन मनुष्य श्रद्धायुक्त भएर असूयारहित भावसँग अर्थात दोषदृष्टि नगरिकन यस्लाई सुन्दछन-त्यो पनि सब पापहरु देखि मुक्त भएर अश्वमेधादि यज्ञ गर्नेवाला पुण्यात्माहरुको शुभ लोकहरुलाई प्राप्त हुन्छन ॥७१॥

आध्यात्मिक व्याख्या-"श्रद्धापूर्वक सुन्दाखेरि पनि मुक्त हुन जानेछ ।"- रसज्ञ भक्तहरु भगवत्कथा जतिनैबढी सुन्दछन, उति नै त यो उनलाई धेरै राम्रो लाग्दछन ।"-

"यच्छ्ण्वतां रसज्ञानां स्वादु स्वादु पदे पदे ।"

परन्तु रसज्ञान त सदा सबलाई हुँदैन । भागवती कथामा श्रद्धा र रुचि उत्पन्न भएपछि रसज्ञान हुन सक्तछ, परन्तु मानिसहरुको भगवत्कथामा श्रद्धा एवं रुचि कहाँ छ । भवव्याधिको यन्त्रणा र ताडनाको कारण उत्कृष्ट र सुमधुर हरिकथा पनि बहुधा राम्रो लाग्दैन । यस रोगको औषधि के छ ? श्री मद भागवतमा लेखेको छ -

"शुश्रुषोः श्रद्दधानस्य वासुदेव कथा रुचि;
स्यान्महत्सेवय विप्रां पुण्यतीर्थनिषेवणात् ॥"

हे विप्रगण ! गुरुशुश्रुषापरायण श्रद्धावान व्यष्टिलाई साधुसेवा एवं पुण्यतीर्थ सेवा द्वारा वासुदेवको कथामा रुचि उत्पन्न हुन्छन् । भगवत्कथा श्रवण तथा तेसको अनुध्यानको फलस्वरुप भगवत्शक्तिको प्रभावले कामक्रोधादिको प्रवल उत्तेजना ह्रास हुन्छ । कामक्रोध द्वारा फेरि उसको चित्त विद्ध हुँदैन । तब ज्ञानको स्फुरणा हुन्छ तथा भगवतत्त्वको अनुभूति भएर बाह्य विषयहरु प्रति वैराग्य उदय हुन्छ । अतयव हृदय ग्रन्थि भेदन हुन्छ अर्थात ब्रहम सिवाय अरु सब वस्तुहरु प्रति आसक्ति नष्ट हुन जान्छन, सारा संशय छिन्न हुन जान्छन तथा जन्म-जन्मान्तरको संचित कर्म संस्कार नष्ट हुन जान्छन् ॥७१॥

(श्री भगवानको अर्जुनसँग जिज्ञासा)

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ;
कच्चिदज्ञान संमोहः प्रनष्टस्ते धनंजय ॥७२॥

श्री धरीय टीका-[सम्यक बोध उत्पन्न नभएमा पुनः उपदेश दिनेछु, यस अभिप्रायले भन्नु हुन्छ]-हे पार्थ तिमीले एकाग्र भएर यसलाई सुन्यौ या सुनेनौ ? हे धनंजय ! तिम्रो अज्ञानजनित मोह विनष्ट भयो या भएन ? ॥७२॥

आध्यात्मिक व्याख्या - "यो सुनेपछि सब अज्ञान नष्ट हुन जान्छन्। (तिम्रो भएकै होला नी) ?।"-

-अर्जुनको मोह नष्ट भएको छ छैन, यसलाई के श्री भगवान जान्नु हुन्न र, तब फेरि एस्तो प्रश्न किन गर्नु भयो ? सर्वमोह नाशन साक्षात् ज्ञानस्वरुप श्री भगवान नै जसको उपदेष्टा छन, उसको पनि के मोह रहन सक्छ र ? गीता श्रवणको फल नै हो अज्ञान मोहको नाश। अर्जुनको पनि मोहनाश निश्चय नै भएकोछ, यही कुरा अर्जुनले आफ्नै मुखद्वारा व्यक्त गरेर जगत जीवलाई सुनाओस, जसबाट जगतको कल्याण होस यस प्रश्नको उद्देश्य यही हो। अज्ञानवश जीवलाई भ्रान्ति हुन्छ। श्री गुरुको कृपाले शिष्यको भ्रान्ति नष्ट हुन जान्छन्। शिष्य साधनमा कृतकृत्य हुन जाओस त गुरुलाई जुन आनन्द हुन्छ, त्यो आनन्द शिष्यलाई पनि हुँदैन। शिष्यले प्राणपण देखि उपदेश धारण गरेको छ या छैन, यदि ग्रहण गर्न सकेन भने त दोश्रो उपायहरु द्वारा उसलाई सम्झाउनु पर्ला-सदगुरुको यो नित्य अभिप्राय हुन्छ। शिष्यको उपदेश ग्रहण अनि गुरुको उपदेश दान पनि यसैले हुन्छ। यदि शिष्यको मोह नष्ट हुन जान्छन त गुरु शिष्य दुवैको प्रयास सार्थक छ। गुरुको उपदेश अनुसार साधन गरेमा साधकलाई स्वरुप ज्ञान हुन्छ या निजस्वरुपमा स्थितिमा लाभ हुन्छ। अर्जुनलाई त्यो प्राप्त भयो या भएन, यसको परिचय अगाडिका श्लोकमा हामी पाउने छौं ॥७२॥

(अर्जुनको उत्तर - उसको मोह नाश भएको छ)

नष्टो मोहः स्मृतिर्लव्धा त्वत्प्रसादान्मयाच्युत ;
स्थितोऽस्मि गतसन्देहः करिष्ये बचनं तव ॥७३॥

श्री धरीय टीका-[कृतार्थ भएर अर्जुनले भन्यो]-मेरो आत्मविषयक मोह नष्ट भयो। 'म के हूम' यो स्वरुप सन्धान रुप स्मृति तिम्रो प्रसादले मलाई प्राप्त भयो। अतयव स्थित भै युद्धको निम्ति खडा भएकोछु। धर्म विषयमा मेरो सन्देह गत भएको छ। म तिम्रो आदेश अनुसार कार्य गर्नेछु ॥७३॥

आध्यात्मिक व्याख्या-"शरीरको तेज द्वारा व्यक्त भैरहेकोछ-मेरो मोह नष्ट भयो र सन्देह पनि।-जो भन्नु हुन्छ त्यही गर्नेछु।"-

-कुल क्षयकृत दोषको चिन्ता र आत्मीयजनको बधजनित कातरताले अर्जुनको स्वाभाविक धैर्यलाई र ज्ञानलाई अभिभूत गरेको थियो । यसैले म युद्ध गर्ने छैन, यो भनिकन त्यो शोकाकुल चित्तले गाण्डीवको परित्याग गरेर मोह विभ्रान्त चित्त भै रथ माथि बसेका थिए । त्यस मोहलाई नष्ट गर्नुको लागि नै श्री भगवान्‌को यो प्रयास हो । देहात्मज्ञानरुप मोहले अर्जुनलाई कातर गरिदिएको थियो, यसैले उनले स्वधर्म त्याग गरी परधर्म ग्रहणको अभिलाषा गरेका थिए । भगवानको उपदेशदेखि उसको आत्माबुद्धि फर्केर आयो । उनको स्मृति दृढ हुन गयो - त्यो शरीर होइन, आत्मा हुन । अजर अमर आत्मको लागि जीवन मरणको भय काँहा । मन्दाकिनीको शुभ्र कल कल धारा समान जब यो आत्मस्मृति धारा अर्जुनको मन: प्राण बुद्धि भित्र प्रवाहित हुन थाल्यो, तब त्यो सब किसिमको सन्देहले रहित भएर अभय लाभ गरिउठेर बस्यो । उस्ले जोड गरेर भन्यो - “मेरो मोह नष्ट भएको छ, मेरो आत्मस्मृति फर्केर आएकोछ ।” जुन आत्मविस्मृतिको कारण जीव अनेक बार यस सन्सारमा आउने र जाने गर्दछन, आज त्यो विस्मृति दूर भयो, यो नाम-रुप-युक्त शरीर स्वप्न दर्शन समान छ र केवल अज्ञानले उत्पन्न हुन्छ। जसरी जाग्रतावस्थामा स्वपनज्ञान दूर हुन जान्छन त्यसरी नै मेरो कर्तृत्त्वाभिमान, मेरो शत शत रुप धारण एवं सारा संमोह मेरो ज्ञान दृष्टि देखि दूर हुन गयो । जुन स्मृति प्राप्त गरेपछि “सर्व ग्रन्थिनां विमोक्ष:” अर्थात सारा ग्रन्थिहरु खुल्न जान्छन, मेरो त्यो हृदय ग्रन्थि भेदन भयो । चित्त जडको जुन अभेद ज्ञानले मलाई एतिका दिन सम्म जीव भावमा बद्ध गरेका थिए, आज त्यो अनर्थकारी ऐक्य ज्ञान विलुप्त भयो । मायाको कौशल आज मेरो अगाडि निरस्त भएकोछ । अनात्म देहादिमा अब मेरो आत्मबुद्धि छैन । हे आत्मदेव ! तिमी नै सबचीज हौ मैले अब यो बुझि लिएकोछु । म पनि तिमी देखि अभिन्न छु । तिमीमा, म मा, अनि एस जीव जगतमा मैले जुन अज्ञान जनित भेद कल्पना गरेको थिंए, आज तिम्रो प्रसादले त्यो तिरोहित भयो । सब आत्मस्वरुप छन - “सर्वे खल्विदं ब्रहमं” । क्रियाको परावस्थामा यो स्थिति प्राप्त गरी मैले बुझें - मेरो स्वरुप के हो । म अर्जुन हूम, यो बोध दूर भयो । शरीर बोधले जुन आफ्नो पृथक कर्त्तव्यको धारणा थियो त्यो लुप्त भयो । देहबोधको धारणा तबसम्म रहन्छ, जब सम्म आत्मबोध हुँदैन । तबसम्म कर्त्तव्याकर्त्तव्यको नानाथरी बोधले जीवलाई व्याकुल गरिराख्दछन । त्यस समय देह, मन र प्राणको चचंचलताले जीवलाई अस्थिर गरिराख्दछन । आज मायाको यो ताण्डव नृत्य तिम्रो कृपाले बन्द भएको छ । यसपटक तिम्रो उपदेश अनुसार श्वासमा लक्ष्य राखिकन प्राणको साधना गर्दा गर्दा मैले एक दिव्य अवस्था प्राप्त गरेको छु । यही क्रियाको परावस्था हो । प्राण स्थिर भएर जसै सुषुम्नामा संचरण गर्न लाग्यो, तसै जगद्दर्शन क्षीण भयो, साथ साथै सुख दु:खको धारणा पनि बन्द भयो । अब बाँच्नु मर्नु कस्तो अनि सुख दु:ख कसको । सारा स्वप्न मानो पलकभरमा टुटन गयो । स्व स्वरुपमा स्थिति लाभ गरेर आज मलाई प्रकृत सुखको परिचय प्राप्त भयो । विषय सुखलाई बडो ठूलो मानिकन एक दिन मैले साधनालाई परित्याग गर्न लागेको थिंए, साधन समरको अस्त्र मेरुदण्डरुपी गाण्डीवलाई अवनत गरेर पागल समान हाय हाय गरिरहेको थिंए, निर्लज्ज समान “युद्ध गर्दिन” यो आफ्नो मत तिम्रो सामुन्ने व्यक्त गरेको थिंए । अब त्यो सब दुर्बुद्धि तिम्रो प्रसादले र क्रियाको परावस्थाको प्रसादले निर्मूल हुन गएको छ । “स्थितोऽस्मि”- म फेरि युद्धको लागि खडा भएको छु । मेरो मेरुदण्ड सीधा भएको छ र त्यसमा एक टानको अनुभव गरिरहेको छु ।

नाभिचक्रको तेजस्तत्त्व यो अत्यन्त प्रिय जीव फेरि मेरुदण्डलाई सोझो पारेर साधनाको लागि उठिबस्यो । एसबार उसले प्रतिज्ञा गऱ्यो-"चाहे जो होस गुरु वाक्यको पालन गर्नेनै छु" ।-

"करिष्ये वचनं तब" । जीव शक्ति जब एसरी कम्मर कसेर साधन समरमा आत्मोत्सर्ग गर्नको लागि साधनार्थ तैयार भएर आसनमा दृढतापूर्वक उपवेशन गर्दछ, तब क्रियाको परावस्था या आत्मज्ञानको प्राप्तिमा विलम्ब हुँदैन । तब जगदगुरु आत्मदेव कूटस्थ चैतन्य पनि आफ्नो माधुरीको आस्वादन साधकलाई गराइदिनु हुन्छ । तब जीव "रसो वै सः" लाई आफु देखि अभिन्न जानेर कृतार्थ हुन जान्छन । सन्देहको लेश पनि रहँदैन । यस किसिमसँग शरीरादिमा आत्मबुद्धि तिरोहित भएपछि उसको सन्सार लीला सदाको लागि अवसान हुन जान्छन ॥७३॥

(अदभुत रोम हर्षण संवाद)

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ;
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ॥७४॥

श्री धरीय टीका - [-यस किसिमसँग धृतराष्ट्र समीप श्री कृष्णार्जुन संवादलाई भनिकन प्रसँग उपसंहारार्थ संजय बोल्यो-महात्मा वासुदेव र अर्जुनको यो रोमांचकर अदभुत कथपोकथन मैले सुनेकोछु ॥७४॥

आध्यात्मिक व्याख्या - "यो संवाद अद्भूत छ ।" -

-कृष्णार्जुन संवादमा साधनाको अतीव गूढ रहस्य व्याख्यात भएकोछ, यस कारण यो संवाद वस्तुतः अद्भूत छ । यसमा जुन अनुभवको कुरा भनिएकोछ ती मध्ये कुनै पनि जसलाई प्रत्यक्ष हुन जान्छ उसको विस्मयको सीमा रहँदैन । यो शरीर अस्थि-मज्जा-मेदले परिपूर्ण छ, यसको भित्र प्राणको संचरण र मनबुद्धिको क्रीडा हुन्छ । पुनः तेसको भित्र यी सब अदभुत दृश्यहरुको दर्शन कति कति अज्ञात वस्तुहरु अनुभवमा आउँदछन, यसको स्मरण हुनासाथ शरीर रोमांचित भै उठदछ ।

यो अद्भुत संवाद दिव्य दृष्टि देखि नै स्फुरित हुन्छन । यी सारा अनुभव अन्तः करणमा नै हुन्छन । यसैले धृतराष्ट्र अर्थात मनलाई नै लिएर यो साराका सारा कथपोकथन छ । दिव्य दृष्टि सम्पन्न पुरुष मन मनै समस्त साधन संवादलाई प्रत्यक्ष गर्दछन । साधकलाई चैतन्य समाधिमा नै यी दिव्य ज्ञान प्रस्फुटित हुन्छन । एस अवस्थामा पुगेर साधक प्रवर समस्त तत्त्वहरुलाई जान्न सक्दछन । वस्तुतः यो अद्भूतै छ । जबसम्म देहदृष्टि र जीवभाव छ, तबसम्म शरीर, मन, बुद्धि र प्राणमा अनन्त खेल भैनै रहन्छन । यो लीला जगत खेल गर्नेवाला प्राण ब्रहमबाट उद्भुत हुन्छ तथा त्यस प्राणधारा सँगै प्रवाहित हुँदै हुँदै ब्रहम आफु आफैलाई कति सूक्ष्म एवं कति स्थूल तत्त्वहरुमा प्रकट गर्दछ । मानो ब्रहम स्थूल भएको जानिन्छ । सद्गुरु को कृपाबाट साधना द्वारा दिव्य दृष्टि प्राप्त गरी जीवले कसरी प्रबुद्ध भएर आत्मविस्मृत भावलाई परित्याग गर्दछ, यसको आलोचना गर्दा खेरि अत्यन्त विस्मय हुन्छ । जो व्यक्त थिएन, इन्द्रिय गोचर

थिएन, ती सब अप्रत्यक्ष अज्ञात वस्तु साधकको ज्ञान गोचर भैकन फेरि कसरी त्यसको सामुन्ने अतीन्द्रिय जगत्‌को सन्धान आइहाल्दछ, यी सब विषय साधकलाई विस्मयाभिभूत गरिदिन्छन। यस आनन्दमा विस्मयमा यदि रोमांच हुन्छ त आश्चर्य के ? सर्व व्यापी वासुदेव त वासुदेव नै हुन नी, परन्तु जीव अर्जूनको आत्मा पनि देह सम्बन्धी छैन, त्यो पनि वासुदेवको अंश हो, त्यो पनि महान छ यस परम परम गुहय संवादले वस्तुतः जीवको मन पुलकित हुन्छ र देह रोमांचित भै उठदछन ॥७४॥

व्यास प्रसादाच्छ्रु तवानेतद्‌गुहयमहं परम् ;
योग योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ॥७५॥

श्री धरीय टीका-[युद्धक्षेत्र देखि धेरै टाढा रहेर पनि संजयले सुन्न सक्ने सम्भावनाको विषयमा भन्नु हुन्छ] भगवान व्यास देवले मलाई दिव्य चक्षु एवं श्रोत्रादि प्रदान गर्नु भएको थियो, अतयव उहाँकै अनुग्रह देखि मैले धेरै टाढाबाट सुनें र देखेको छु। जुन सुनेको छु त्यो परम योग हो। योगेश्वर श्री कृष्ण साक्षात् तेसको बक्ता हुन, उहाँकै मुख देखि सुनेको छु। ॥७५॥

आध्यात्मिक व्याख्या-"व्यासको प्रसादबाट सुनिएको यो योग।"-

- यो संवाद परम गोपनीय किन छ ? बिना साधना खालि बाहय इन्द्रियादिको सहायताबाट कसैले यसलाई बुझ्न सक्तैन। यो सुनिन जान्छ-व्यासजीको प्रसादले। यो व्यास को हो ? जो श्री कृष्ण हुन त्यही व्यास हुन। व्यास र श्री कृष्णमा भेद के छ ? दुबै नै भगवानको अवतार कूटस्थ चैतन्य हुन। श्री कृष्ण 'तत्' स्वरुप अर्थात आफु आफैमा छन। त्यहाँको कुरा भाषाद्वारा व्यक्त हुँदैन, अनि त्यो कुरा न त यस कानले सुनिन्छन। कूटस्थ चैतन्य जब केही बाहयेन्द्रिय मिलित भएर व्यक्त हुन्छन-जस्तो परावस्थाको परावस्थामा हुन्छ) तब जुन दिव्य ज्ञान हाम्रो मनोगोचर हुन्छ, त्यही हो व्यासको प्रसाद। व्यास वेद विभाग कर्त्ता हुन। जहाँ विभाग छ त्यहाँ केही भेदज्ञान छ। जहाँ ज्ञानको पूर्णता पनि छ र केही भेदज्ञान पनि छ, त्यस स्थान देखि यो संवाद सुनिन्छन। यसैले व्यास भगवानको अंशावतार हुन। घनीभूत परावस्थामा केही पनि जान्न सकिदैंन किनभने त्यहाँ द्वितीय वस्तुको अभाव हुन्छ, ज्ञाता ज्ञेय रुपमा त्यहाँ केही रहँदैन। त्यहाँ रहिकन कुनै वस्तुको वर्णन गर्नु असंभव छ। ब्रहमभावको निम्न अवस्था नै ईश्वरभाव हो। परमात्मा निर्गुण छन, त्यहाँ खालि एकै भाव छ। जहाँ 'सब' को कुरा आउँदछ, जीव जगतको कुरा आउँदछ, त्यहाँ पुरुषोत्तम या नारायण छन, त्यहाँ त्यो मायाको अधीश्वर सर्वमय छन। अबतारादि नारायणबाटै हुन्छन। अवतारी माया पुरुष मनुष्यरुपमा दृष्ट भएर पनि पुरुषोत्तम नारायण देखि अभिन्न छन। परमात्मा नै मूर्त्ति ग्रहण गर्दछ र त्यस मूर्त्ति ग्रहण कालमा पनि त्यो परमात्मा नै हुन। परमात्माको नै घनीभूत मूर्ति हुन अवतार। अवतारहरु मध्ये जसमा ऐश्वर्यको पूर्ण विकास हुन्छ त्यो पूर्णवतार हो र जहाँ ऐश्वर्य अपेक्षाकृत कम छ त्यसलाई अंशावतार भन्दछन। अंशावतारमा पनि ज्ञानको पूर्णता विद्यमान रहन्छ। ज्ञान भूमिकाको विभिन्न स्तरहरुमा अवस्थित हुनुको कारण उनमा ऐश्वर्यको विकासको तारतम्य हुन्छ। ज्ञान

भूमिकामय समाधिको उच्चतम अवस्था नै ब्रहमभाव हो, त्यसदेखि निम्न भाव ईश्वर भाव हो । यस ईश्वरभावको जुन आंशिक विकास छ, त्यही व्यास हुन । यहाँ मायाको मिश्रण अपेक्षाकृत बढी हुन्छन, यसै कारण याँहा केही भेदभाव छन् । व्यास शब्दको अर्थ विभाग कर्त्ता हो । भेदभाव नभैकन विभाग गर्न संभव हुँदैन । त्यसमा समाधि प्रज्ञा पनि हुन्छ र सान्सारिक ज्ञान पनि हुन्छ रहन्छ । कूटस्थको जुन मण्डलमा ज्ञानात्मक भावको विकास हुन्छ, त्यहाँ देखि केही तल ओर्लदाँमा त्यो साधकलाई बोधगम्य हुन्छ, त्यस समय पनि दिव्य दृष्टि रहन्छ, यसलाई नै परावस्थाको परावस्था भन्दछन । यस अवस्थामा जुन दिव्य दृष्टि रहन्छ, जुन दिव्य ज्ञान रहन्छ र हुन्छ त्यही व्यासको प्रसाद देखि संजयको श्रवण हो । यो परम योगतत्त्व हो, किनभने यस संवादको उद्देश्य हो परमात्मासँग जीवात्माको मिलन गराउनु । योगेश्वर श्रीकृष्णको श्री मुखी वाक्य हुन । श्रीकृष्ण नै निखिल आत्माको आत्मा अर्थात् परमात्मा हुन । उनको श्रीकृष्ण नाम पनि सार्थक छ किनभने परावस्थामा जीव जब परमात्मा सँग एक भएर जीवन्मुक्ति अवस्था भोग गर्दछ तब त्यसले बुझ्दछ उनमा कस्तो प्रचण्ड आकर्षण शक्ति छ । त्यस शक्तिको आकर्षणमा परेपछि धनजन-गृह-पुत्र-कलत्र सब चीज नीरस लाग्दछ र मन यतातिर फर्कनै चाहन्न । यसैले गोपिनीहरु भन्दछन-

"चितं सुखेन भवताप हृतं गृहेषु,
यनिर्विशत्युत करावपि गृहयकृत्ये ;
पादौ पदं न चलतस्तव पाद मूलाद्-,
यामः कथं ब्रजमथो करवाम किं वा ॥"

जुन मन पहिले आनन्दसँग गृहकार्यमा निविष्ट रहन्थ्यो, तिमीले हाम्रो त्यो मनलाई अपहरण गरिलिएका छौ । पहिले हाम्रो जुन हात गृहकर्ममा व्यापृत रहन्थ्यो, मन नरहँदा खेरि त्यो हात नै अपहृत भएकोछ । हाम्रो खुट्टा तिम्रो चरण नजिक देखि एक पाइलो पनि हिंडन चाहदैन । फेरि बताउ त हामी ब्रजमा कसरी जाने र गएर पनि के गर्ने ?

जुन मन सन्सारमा नै निरन्तर व्यस्त रहन्छ, क्षणभर पनि संसारदेखि हटदैन, त्यही मन क्रियाको परावस्थामा परम शान्त भएर तापहरुदेखि विमुक्त हुन जान्छन । यसै कारण रास पंचाध्यायीमा लेखेको छ -गोपिनीहरुलाई जब श्री कृष्णको पुनः साक्षात्कार प्राप्त भयो, तब -

"तद्दर्शनाल्हादविधूतहृद्रुजा
मनोरथांन्त श्रुतयो यथा ययुः ॥"-

कृष्ण दर्शनले उत्पन्न आनन्दमा गोपिनीहरुको हृद्रोग (कामानुबन्धन) नष्ट भैगयो, उनका मनोरथहरु पनि अन्त भयो अर्थात उनको मनमा पहिले जस्तो मनन धर्म रहेन । मनोरथहरुको अन्त हुनु नै साधनाको अन्तिम कुरां हो । वेदादि शास्त्रहरुको उपदेश यही सम्म छ । त्यस पछि साधकले कुन कुन अवस्था प्राप्त गर्दछन यो वेदको अगोचर छ अर्थात वर्णनीय विषय होइनन् ।-

"सर्वास्ताः केशवालोक परमोत्सव निर्वृताः;
जहुः विरहजं तापं प्राज्ञं प्राप्य यथा जनः ॥"-

-जीवगण जसरी सुषुप्तावस्थामा प्राज्ञ नामक चैतन्यलाई प्राप्त गरेर सन्तापशून्य हुन जान्छन, त्यसरी नै गोपिनीहरुले कृष्ण दर्शन जनित परमानन्दमा परितृप्त भएर विरह सन्तापलाई परित्याग गरे ।

यहाँ स्पष्टतः समाधिको कुरा भनिएको छ । साधारण मानिसहरु जसरी सुषुप्तिक्रोडमा अभिभूत भै जसरी तापशून्य हुन जान्छन, त्यसरी नै यस कृष्ण दर्शन जनित परमानन्दमा (परावस्था जनित समाधिमा) परितृप्त भएर गोपिनीहरु अर्थात इन्द्रिय वृत्तिहरु विरह सन्तापलाई परित्याग गर्दछन ।

परमात्मा र जीवात्माको जुन अवस्थामा योग हुन्छ, त्यस अवस्थामा यो संवाद सुनिन जान्छ । आत्मवाणी यही हो । यसै कारण एसको नाम श्रुति हो । यी भगवान्‌को श्रीमुखको वाक्य हुन । यो लोक परम्परा देखि सुनिएका कुरा होइनन, यो केवल निज अनुभव गम्य छ ॥७५॥

राजन संस्मृत्य संस्मृत्य संवादमिमम् मद्भुतम्;
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ॥७६॥

श्री धरीय टीका-[अरु पनि भन्नु हुन्छ]-हे राजन ! केशव अर्जुनको यो विस्मयकारी पुण्य संवाद सस्मरण गरेर पल प्रतिपल म हर्षलाई प्राप्त भैरहेकोछु ॥७६॥

आध्यात्मिक व्याख्या - "यो संवाद सुनेर मन अतीव सन्तुष्ट भयो""

- केशव र अर्जुनको यो संवाद अति नै पवित्र छ । यसले चित्तलाई निष्पाप एवं शुद्ध गर्दछ । सान्सारिक कुराहरुमा, भोगको कुराहरुमा हाम्रो चित्त आवद्ध हुन्छ, यस कारण त्यो पाप छ । परन्तु केशव र अर्जुनको यो संवाद पाप मुक्त गर्दछ । अर्जुन विशुद्ध तेजस्तत्त्व हो, तेस द्वारा नै जगद् व्यापार चल्दछ, त्यो तेजः जब ईश्वर मुखी हुन्छ या आत्ममुखी, तब त्यो भगवत्प्राप्तिमा सहायक हुन्छ ।

केशव=क-मस्तक, ईश-प्रभुत्व गर्नु, व-प्राप्ति । सहस्रारमा जो विराजिरहेछन अर्थात जसलाई ब्रहमपद प्राप्त भएकोछ त्यही केशव हो । यी केशव र अर्जुन परस्पर सख्यभावमा मिलित छन । साधक साधन शक्तिको बलले जब निर्मल हुन जान्छन, तबै त्यो सहस्रदलकमल स्थित गुरु शक्तिसँग मिलन हुन सक्तछ । यो मिलन हुनु बिना देहेन्द्रियादि प्रकृति क्षेत्रलाई जय गर्नु असंभव छ । अतयव जब यो पुण्यमय आविर्भूत हुन्छन तब साधकले ल्केदपूर्ण शरीरलाई विर्सन जान्छन । तब अन्तर्जगतका कति कति रुप, शब्द, ऐश्वर्य एवं ज्ञान प्रकटित भएर साधकलाई एक अनास्वादित पूर्व चिन्मय राज्यको विमलानन्दमा मग्न गरिदिन्छन । तब हाम्रो यो विषयरत मन विषयल्केद बाट उत्तीर्ण भै मुक्तिको आनन्दको अनुभव गर्दछ । शुद्ध चित्तलाई यस वार्त्तामा जति आनन्द हुन्छ त्यति आनन्द अरु कुनै कुराले हुँदैन ॥७६॥

तच्च संस्मृत्य संस्मृत्य रुपमत्यद्भूतं हरेः ;
विस्मयो मे महान्राजन्हृष्यामि च पुनः पुनः ॥७७॥

श्री धरीय टीका-[अरु पनि भनिरहेका छन]-हे राजन ! हरिको त्यस अदभुत विश्वरुपलाई बारम्बार स्मरण गर्दै मलाई अत्यन्त विस्मय उत्पन्न भैरहेकोछ र म पुनः पुनः हृष्ट भैरहेको छु ॥७७॥

आध्यात्मिक व्याख्या - "फेरि खूब प्रसन्न हुन्छु ।"-

-श्री भगवानको सगुण रुप नै विश्वरुप हो जुन अर्जुनको ध्यानसौकर्यको लागि देखाइएको छ । त्यस अतीव अदभुत रुप स्मरण गरेर दिव्य दृष्टि सम्पन्न संजयको आनन्दको सीमा रहेन । यति आनन्दको कारण यो छ -यस जगद व्यापारमा जीवको इन्द्रियहरु तात्कालिक तृप्ति त प्राप्त गर्दछ, परन्तु जीव वस्तुतः तृप्त हुँदैनन् । नाना भावहरु भित्र एक ऐक्य भावलाई देख्नु बिना जीवलाई शान्ति मिल्दैन । नानात्व र अनैक्यले उसलाई अभयदान गर्न सक्तैन । जबसम्म जीव नानात्व दर्शन गर्दछ तबसम्म त्यो कदापि सन्ताप मुक्त हुन सक्तैन । यसैले श्रुति भन्दछ -

"यदेवेह तदमुत्र यदमुत्र तदन्विह ;
मृत्यो स मृत्युमाप्नोति य इह नानेव पश्यति ॥" (कठ)

जुन आत्मचैतन्य यस विश्वमा या यो देहस्थ अन्तः कारणमा प्रकाशित छ त्यही आत्म चैतन्य प्रकृतिको अतीतावस्थामा पनि छ । जुन चैतन्य मायातीत भावमा छ त्यही चैतन्य यहाँ अर्थात देहस्थ अन्तः करणमा अनुस्यूत रहन्छ । जुन व्यष्टि यस ब्रहम चैतन्य मा नाना भाव अर्थात अन्तःकरणीय भिन्नता वश आत्मा या ब्रहमको भिन्नता दर्शन गर्दछ, त्यसले पुनर्जन्म र पुनर्मृत्युको बाघपंजा देखि मुक्तिलाभ गर्दैन । जब यस एक विश्वात्मामा समस्त नर नारी, देवता, पशु पक्षी, सरीसृप, वृक्ष नदी नद सागर शैल, चन्द्र सूर्य ग्रह सबका सब एकसाथ अबस्थित देखिन लाग्यो र तदनन्तर जब यी नाना भावहरुले एक महाज्योति भित्र आफुले आफैलाई विलीन गरिदियो तब पृथक पृथक दृश्य पदार्थहरुको पृथकत्व रहेन यही सोचेर संजयलाई विस्मय भयो । जुन भेदभाव नाना किसिम्मका उपदेशहरु अनि विचार वितर्कहरु द्वारा पनि जानेवाला छैन, त्यसलाइ जब विश्व रुपमा प्रत्यक्ष भावले एक भएको देखियो, तब विश्वको महान ऐक्य देखेर भेदबुद्धिविमूढ चित्त अवाक भै उठयो । यही कुरा जब जब स्मरण हुन्छ तब तब चित्त विस्मयले अभिभूत हुन जान्छन । ॥७७॥

यत्र योगेश्वर कृष्णो यत्र पार्थो धनुर्धरः ;
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥७८॥

श्री धरीय टीका-[अतयव तपाई (धृतराष्ट्र) पुत्रहरुको पक्षमा राज्यादि प्राप्तिको आशालाई परित्याग गर्नुहोस, यस आशयले भनिरहेका छन]-जसको पक्षमा योगेश्वर श्रीकृष्ण छन तथा जहाँ गाण्डीव धनुर्धर पार्थ छन, त्यही नै राजलक्ष्मी छन, त्यहाँ नै विजय छ र त्यही नै उत्तरोत्तर अभिवृद्धि छ, नीति या न्यायको

विचार पनि त्यही छ यही मेरो निश्चय छ । अतयव अब तपाई पनि पुत्रहरुको साथ श्रीकृष्णको शरणापन्न भएर पाण्डवहरुलाई प्रसन्न गरेर उनिहरुलाई सर्वश्व अर्पण गरी पुत्रहरुको प्राण रक्षा गर्नुहोस ।

भगवद्भक्ति देखि युक्त पुरुष ईश्वरको प्रसादले प्राप्त आत्मज्ञान द्वारा सुखपूर्वक बन्धन देखि मुक्त हुन जान्छन, यही गीताको सार संग्रह हो । भक्ति मुक्तिको साधन हो । "हे पार्थ ! एकान्त भक्ति द्वारा त्यो लभ्य हुन्छ," हे अर्जुन, एकान्त भक्ति द्वारा म ज्ञात एवं दृष्ट हुन्छु" इत्यादि प्रमाणहरु द्वारा भगवद् भक्तिको मोक्ष साधकत्व श्रुति हुन्छ । एकान्त भक्ति नै मत्प्रसादजनित तत्त्वज्ञानरुप अवान्तर व्यापार साथ युक्त भएर मोक्षको हेतु हुन्छ । "सतत युक्त र प्रीतिपूर्वक भजन गर्नेहरुलाई म बुद्धियोग प्रदान गर्दछु, जसद्वारा तिनीहरु मलाई पाउँदछन" (१०/१०) तथा "मेरो भक्त यो जानिकन मद्भाव प्राप्तिको योग्य हुन्छ" (१३/१३) इत्यादि बचनहरु देखि प्रमाणित हुन्छ-ज्ञान भक्तिको अवान्तर व्यापार छ । ज्ञान नै भक्ति हो, यो पनि युक्ति युक्त छैन, किनभने "सर्वभूतहरुमा समदर्शी पुरुष मेरो पराभक्ति प्राप्त गर्दछन" यथा "भक्ति द्वारा मलाई विशेषरुपले जान्दछन" - यी दुई वाक्यहरु द्वारा भक्ति र ज्ञानको भेद निर्देश गरिएको छ । एस्तो भएपछि "उनलाई जानिलिएमा मोक्ष प्राप्त हुन्छ, मुक्तिको दोश्रो उपाय छैन" यस श्रुतिवाक्य सँग विरोध हुन्छ, एस्तो आशंका गर्न सकिदैन किनभने ज्ञानभक्तिको अवान्तर व्यापार छ । "काष्ठैः पचति" -काष्ठ द्वारा पाक गर्दछ, यो भन्दा खेरि पाक क्रिया प्रति अग्निलाई असाधनतत्व भनिदैंन । अतयव जसरी अग्नि पनि काष्ठ समान पाक कृयाको साधन हो, तेसरी नैं ज्ञान पनि मृत्युलाई अतिक्रम गर्ने साधन हो । एसैले देवतामा "जस्को पराभक्ति छ तथा गुरुमा पनि जसको त्यस्तै किसिमको भक्ति छ, त्यही महात्माको अगाडि यो सब तत्त्वज्ञान प्रकाशित हुन्छ ।" "देहान्त भएपछि देवता (इष्टदेव) ले तारकब्रहमको उपदेश गर्दछन ।" तथा "जसमाथि श्री भगवान कृपा गर्दछन, त्यसद्वारा नै त्यो लभ्य हुन्छन" इत्यादि श्रुति, स्मृति एवं पुराणहरुका वाक्यहरुको सामंजस्य हुन्छन, अतयव भक्ति नै मोक्षको हेतु हो यो सिद्ध भयो ।

उनैले प्रदान गरिएको बुद्धि द्वारा उनैको गीताको विवृत्ति (सुबोधिनी टीका) गरियो । यसद्वारा परमानन्द माधव प्रसन्न होउन ।

त्यस परमानन्दको श्रीपाद पद्महरुको परागको शोभालाई धारण गर्ने वाला श्रीधर स्वामी यति द्वारा यो सुबोधिनी टीका सम्पन्न भयो ।

गुरुकृपारुपी अमृतदृष्टि बिना आफ्नो प्रागल्भ्य बलले भगवदगीतालाई आलोडन गरेर तत्त्वज्ञानको प्राप्ति हुन सक्तैन । जसरी आफ्नो अंजलि द्वारा समुद्रजललाई आलोडन गरेर जल मध्यस्थ मणिहरुलाई प्राप्त गर्ने इच्छ्रा गर्नेवाला मनुष्य सत्कर्णधार बिना भूमरीमा डुब्न जान्छन, उसरी नै गुरु कृपा बिना गीतातत्त्व जान्न सकिदैन ॥७८॥

इति श्रीमदभगवद् गीताको सुबोधिनी टीकाको अनुवाद परि समाप्त ।

आध्यात्मिक व्याख्या-"कृष्ण जतातिर छ त्यतातिर जय छ, अर्थात कूटस्थको नै जय छ।"-

-मनुष्य देहभावमा मत्त भएर जति नै उनलाई विर्सिरहुन एक न एक दिन देहातीत कूटस्थ चैतन्य तिर उसको दृष्टि पर्ने नै छ। एक दिन आउनेछ जब सब चीज विर्सिकन प्रकृतिको सुदृढ वेष्टनलाई नाघेर परमात्माको सन्निधानमा उनको चरण प्रान्तमा आइकन मिल्न जानेछ। साधु क्रियावान पुरुष, जसको रजस्तम प्रक्षीण भएकाछन र जसको सत्त्वगुण यथेष्ट बढोत्तरीलाई प्राप्त भएकोछ, तिनीहरु एक न एक दिन गुणातीत अवस्थामा पुग्न सक्नेछन। अतयव हे क्रियावान पुरुष, गुण विध्वंसी यस क्रियायोगको अनुष्ठान द्वारा परम पदमा प्रतिष्ठित हुन जाऊ र आफ्नो जीवनलाई सफल गर।

परमानन्दको संवाद जुन महापुरुषहरु द्वारा चतुर्दिक वितरित हुन्छ तथा जो महापुरुष दीपवर्त्तिका हातमा लिएर प्रथ प्रदर्शन गर्दै जगत् जीवहरुको कल्याण गर्दछन ती योगीश्वर पुरुष जययुक्त होउन ॥७८॥

इति श्री श्यामाचरण आध्यात्मिक दीपिका नामक गीताको अष्टादश अध्यायको आध्यात्मिक व्याख्या समाप्त ॥

ॐ तत्सत्!

ॐ तत्सत्!!

ॐ तत्सत्!!!

श्रीगुरुपदचरणकमलाबवलम्बनम्

ॐ-ॐ-ॐ

समस्त गीताको सारांश

भक्ति या श्रद्धा बिना योगाभ्यासादिमा प्रवृत्ति हुँदैन । योगाभ्यासमा प्रवृत्त पुरुषको प्राण, मन र बुद्धि स्थिर हुन्छन् । स्थिर मनमा नै आत्मा सर्वापेक्षा प्रियतम जानिन्छन । भक्ति द्वारा यो धारणा दृढ हुन जान्छन - भगवान् या आत्मा बिना हाम्रो अस्तित्व छैन । सर्वभूतहरुमा हाम्रो प्रभु नै अधिष्ठित छन यस किसिमको धारणाको फलस्वरुप विश्वको सब पदार्थहरुमा उनको धारणा गर्नु संभव हुन्छ । श्री भगवान्को विश्वरुप दर्शन भएपछि पृथक रुपमा जगतको वस्तुहरु या शरीरादिमा फेरि तेस्तो आसक्ति हुँदैन या रहन सक्तैन । यस अवस्थामा सर्व विषयहरुमा निर्लिप्तता उदित हुन्छ । निर्लिप्त भाव देखि ज्ञानको उज्ज्वलता वृद्धि हुन्छ तथा वृद्धि प्राप्त हुँदा हुँदा ज्ञानको चरम उत्कर्ष प्राप्त हुन्छ । पश्चात् स्वरुपमा अवस्थान हुन्छ । योगाभ्यास द्वारा साधक योगबलले विभूषित हुन्छ तथा योगबल देखि साधकलाई असाधारण दिव्य दृष्टि प्राप्त हुन्छ । दिव्य दृष्टि देखि विशुद्ध प्रज्ञाको उदय हुन्छ तथा त्यसबाट परम पुरुष सँग साक्षात्कार हुन्छ । पुरुष दर्शन बिना देहात्म भावना निवृत्त हुँदैन । पुरुषको ज्ञान भएपछि भगवान् वासुदेवको माया शक्तिको प्रकृत स्वरुप अवगत हुन जान्छ तथा जीव जुन भगवानसंग अभेद भावले सम्बन्ध छ, यसको ज्ञान पनि साधकलाई हुन जान्छन । यस ज्ञान द्वारा नैं विष्णुको परम पद प्राप्त हुन्छ भागवत्मा श्री नारदजी भन्नु हुन्छ -

"येनै वाहं भगवतो वासुदेवस्य वेधसः ;
मायानुभावमविदं तेन गच्छन्ति तत्पदम् ॥"

जुन भगवत्तत्त्वज्ञान द्वारा विश्वव्यापी वासुदेवको मायाको प्रभावलाई मैले जानेको छु त्यस ज्ञान द्वारा विष्णुको परमपदको साक्षात्कार हुन्छ । परन्तु जब सम्म माया उपरत हुँदैन तबसम्म जीवले आफुलाई सम्पन्न सम्झन सक्तैन । माया देखि निवृत भएपछि साधकले बुझ्न पाउँदछ - कुन किसिमसँग भगवान्को अचिन्त्य मायाशक्तिको प्रभाववश पुरुष देखि कारण, सूक्ष्म एवं स्थूल देहमय प्रकृतिको आविर्भाव तथा त्यसको क्रमशः विकास हुन्छ । गुणत्रयको विविध संयोगले नै यो अनन्त रुपमय जगत प्रस्फुटित हुन्छ । योवस्तुतः एकको नै विविध परिणाम मात्र हुन । गुणत्रयको कार्य परम्परा देखि नै यी विविध वस्तुहरु तथा पृथक भावादि अनुभूत हुन्छन । परन्तु सबको मूल त्यही एक वस्तु हो र त्यस एक देखि समस्त वस्तुहरु अभिन्न छन । जबसम्म सबको मूल स्वरुप यस एकमा हामी पुग्दैनौं, तबसम्म नानात्व दर्शन नष्ट हुँदैन । नानात्व दर्शन अज्ञानको दोश्रो नाम हो । श्रुति भन्दछन -

"यदेवेह तदमुत्र यदमुत्र तदन्विह;
मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति ॥" कठ०उ०॥

जुन आत्म चैतन्य यस देह-पुरमा प्रकाशित छ त्यही आत्मा प्रकृतिको अतीतावस्थामा छ। जुन ब्रहम चैतन्य मायातीत भावमा विराजित छ, त्यही चैतन्य यस देहमा छ। जुन मानिस यस ब्रहम चैतन्यमा पृथक पृथक भाव देख्दछ अर्थात अन्तः करण या देहको भिन्नता वश देहस्थित आत्मा र ब्रहमको भिन्नता दर्शन गर्छ त्यो मृत्यु पछि मृत्युलाई प्राप्त हुन्छ अर्थात उसलाई बार बार जन्म मृत्युको अधीन हुनु पर्दछ।

गुणत्रयले जीवलाई नानात्वको दर्शन हुन्छ। सब इन्द्रियहरु प्रकृति कै गुण हुन। यी सर्वदा बाह्य पदार्थहरुलाई देख्दछन, अन्तरात्मालाई जान्न सक्तैनन्। बहिर्दृष्टिले यिनमा यति जडता आउँदछन-यी स्थूल जडभाव सिवाय अन्य तत्त्वहरुलाई सम्झन पाउँदैन। प्रकृतिजात इन्द्रियहरुको सेवा गर्दा गर्दा जीवको पनि यो जडता बद्धमूल हुन जान्छन र उसको आन्तर ज्ञान आच्छादित हुन जान्छन। यिनको बाघपंजा देखि बच्नको लागि ज्ञानी मानिसहरु आफ्नो प्रकृतिमा सत्त्वगुणको बढोत्तरी गर्नको निमित्त विशेष प्रयत्नशील चेष्टा गर्दछन। शास्त्रमा यसको लागि नाना थरी नियम निर्दिष्ट भएका छन। रजस्तमोगुण जनित आचरण अनि विक्षेप यति धेरै हुन्छन - जसले स्वरुप दर्शन असंभव हुन जान्छ। सत्त्वगुण पनि आवरक त छन, परन्तु त्यो यति स्वच्छ छ त्यसबाट स्वरुप दर्शनमा विघ्न हुँदैनन्। स्वरुप दर्शन भएपछि अज्ञान, जडता, प्रमाद आदि तमोभाव तथा लोभ, कर्मचेष्टा, विषय स्पृहा आदि रजोभाव पूर्णतः तिरोहित हुन जान्छन। जुन सर्वव्यापी आत्म चैतन्य छ, त्यसलाई रजस्तमोभाव पूर्णतः दूर हुनु बिना कदापि जान्न सकिदैन। रजस्तमोभाव पूर्णतः दूर गर्नको लागि नै ज्ञानी मानिसहरु निष्काम भावले या भगदर्पित चित्तसाथ कर्म गर्नु आवश्यक मान्दछन। क्रियाभ्यास नै सर्वापेक्षा उत्कृष्ट निष्काम कर्म हो। यस क्रियारुप निष्काम साधनाले नै परावस्थारुप ज्ञानमा स्थिति लाभ हुन्छ। यो स्थिति सुदीर्घकाल व्यापी भयपछि साधकलाई जीवन्मुक्त गरिदिन्छन। योगाभ्यासरुप उपाय द्वारा नै यो साध्य छ। रजस्तमको बाहुल्य नै विशुद्ध सत्त्वको आवरक छ। जब बुद्धि रजस्तम सत्त्व द्वारा अभिभूत हुदैन, तब वैशारदी समाधिको उदय हुन्छ। यस द्वारा योगीलाई आत्मसाक्षात्कार जनित अध्यात्म प्रसाद प्राप्त हुन्छ। यसलाई नै ऋतम्भरा प्रज्ञा भन्दछन। यस प्रज्ञामा मिथ्या लेशमात्र पनि रहँदैन। जसरी नदी पार भएपछि डुंगाको आवश्यकता रहँदैन, त्यसरी नै क्रियाको परावस्थामा ज्ञेय परमात्मासँग निज आत्माको अभिन्नता प्रत्यक्षीकृत भएपछि फेरि क्रिया साधनको आवश्यकता रहन जाँदैन। त्यस भन्दा अघि क्रिया त्याग गर्नु अत्यन्त अनिष्टकर छ। यही कुरा गीतामा श्रीकृष्णले अर्जुनलाई अनेक किसिमसँग सम्झाउनें चेष्टा गर्नु भयो। "न ऋते श्रान्तस्य सख्याय देवाः" (ऋग्वेद) - साधनाको परिश्रमले जबसम्म आफुलाई परिश्रान्त गरिंइदैन, तबसम्म देवताले कुनै सहायता गर्दैन।

अठ्ठारौं अध्याय गीताको संक्षिप्त सार हो। यस आलोचनाले जानिइन्छन - मनुष्य जब साधनामा सिद्धि प्राप्त गर्दछ त त्यसलाई आत्मसाक्षात्कार प्राप्ति हुन्छ। यो कसरी प्राप्त गर्नु पर्दछ, यस कुरालाई श्री भगवान्ले १८ रौं अध्यायमा ५० देखि ५४ श्लोक सम्म अर्जुनलाई सम्झाउनु भएको छ। प्रथमतः स्वकर्म द्वारा ईश्वर आराधनामा रत भएपछि भगवत्कृपा देखि साधकको सर्वकर्म त्याग हुन्छ। क्रिया गरेर जब क्रियाको परावस्थामा साधकको स्थिति हुन्छ, तब उसको प्रसादले अन्तःकरण शुद्ध हुन जान्छ र

विषयवासना देखि चित्त उत्क्षिप्त हुँदैन । चित्त शुद्धिले नै ज्ञानोत्पत्तिको योग्यता प्रमाणित गर्दछ । क्रियाको परावस्थामा जस्को जति जति नै स्थिति हुन्छ, उसको त्यति त्यति नै परिमाणमा ज्ञानोदय हुन्छ । ब्रहम प्राप्ति या निः शेषरुप क्रियाको परावस्थामा स्थिति नै साधनानुष्ठान या क्रियाको सर्वोत्कृष्ट परिसमाप्ति हो । यसको लागि साधकलाई यी अभ्यासहरु गर्नु पर्ने हुन्छ - (१) काय-मन-बचनको संयम । (२) लघु आहार, (३) निर्जन स्थानमा बास या जनसंगको त्याग, (४) दर्प, क्रोध एवं परपीडा वर्जन तथा निरहंकार भएर सर्वदा योगाभ्यासमा लागिरहनु अर्थात ध्यानधारणा समाधिको अभ्यास गर्नु । यसबाट चित्त ममता रहित एवं शान्त हुन जानेछ । यसरी योगीले ब्रहम साक्षात्कारको सामर्थ्य प्राप्त गर्नेछ ।

ब्रहमभूत योगीको कुन कुन लक्षणहरु प्रस्फुटित भै उठदछन, यो ५५ वौं श्लेकमा भन्नु हुन्छ -

"भक्त्या मामभिजानाति यावान् यश्चास्मि तत्त्वतः ;
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम ॥"

पराभक्ति द्वारा मेरो अखण्डानन्द द्वैतरहित ब्रहमको साक्षात्कार हुन्छ । तब प्रारब्ध कर्म अवसान भएपछि (अज्ञानकार्य देहादिको निवृत्तिको साथसाथै) जसरी घट नाश भएपछि घटाकाश महाकाशसँग एक हुन जान्छ, त्यसरी उपाधि देखि विमुक्त भएका साधकले आत्माकारमा स्थिति लाभ गर्दछ । दर्पण फुट्न गएपछि जसरी प्रतिबिम्ब रहँदैन, तेसरी आत्माकारमा अवस्थित साधकको सर्वोपाधिको क्षय हुन जान्छन ।

श्रद्धापूर्वक क्रिया गर्दा गर्दा जब मन विक्षेप शून्य भएर स्थिर हुन्छ, तब चित्ताकाशको समग्र मैला धैला पखालिन जान्छन । तब फेरि दोश्रो कुनै सत्ताको चिन्ह पर्यन्त रहन जाँदैन । सारा तत्त्व तब तत्त्वातीत अवस्थामा विलीन हुन जान्छन । तबै निज स्वरुप सत्ताको प्रकृत ज्ञान हुन्छ । यो ज्ञान हुन गएपछि ज्ञाता, ज्ञेय र ज्ञानको पृथक बोध हुँदैन । त्यस समय सब ब्रहमस्वरुप हुन जान्छन । *"म के हूम" यो जानेपछि ज्ञाता 'म' ज्ञेय 'म' को भित्र लय हुन जान्छ ।* यही द्वैताद्वैतशून्य चिदघनानन्द रुप आत्मप्रत्यय हो, यो क्रियाको परावस्थामा जानिइन्छन । गीतामा भनिएको छ - चित्तरुप यन्त्रमा जुन भावनामय कर्मबीज रहन्छन, उन्को स्फुरण ईश्वरको इच्छाले हुन्छ, यो जानिलिएपछि जीवको कर्मनष्ट हुन जान्छन । म कर्म गर्दछु-जबसम्म यो भावना बनिरहन्छ, तबसम्म त्यस कर्मको शुभाशुभ फल मैले भोग्नु पर्दछ । जब यो बुझिनमा आउँदछ - कर्म मेरो छैन, तब कर्मको नाश भयो । तब फेरि कर्मले मलाई जखऱ्याउन सक्तैन । कर्म किन हुन्छ तथा ईश्वरलाई किन सारा कर्महरुको कर्त्ता या मालिक भन्छन, यो क्रियाको परावस्थामा स्थिति भएपछि समझमा आइहाल्दछ ।

"चेतसा सर्वकर्माणि मयि संनस्य मत्परः ;
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ॥"-

जो 'मत्पर' छ अर्थात सर्वदा आत्मामा रहन्छन्, उनलाई थाहा हुन्छन - सब कर्म ब्रहमले नै गरिरहेको छ । बुद्धि योगको आश्रय गरेपछि यो जानिन्छन अर्थात क्रियाको परावस्थामा स्थिरचित्त (बुद्धियोग युक्त)

योगी आफु आफैमा रहन्छ तथापि सब कर्म भैरहन्छन । 'मच्चित्त' हुन गएपछि त्यस चित्तमा फेरि संसार बीज रहँदैन, अतयव सन्सारमा आउनु जानु या पुनः पुनः देह धारणरुप अशेष दुर्गति मेटिन जान्छन ।

यस अवस्था प्राप्तिको लागि सर्वभूत स्थित ईश्वरको शरणागत हुनु अत्यावश्यक छ । क्षिति, अप, तेज, मरुत्, व्योम यी नै सर्वभूत हुन । यिन्को स्थान देहस्थ मेरुदण्डमा क्रमशः मूलाधार स्वाधिष्ठान, मणिपुर, अनाहत एवं विशुद्धाख्य चक्र हुन । साधनकालमा साधकलाई यसै मार्गदेखि गमनागमन गर्नु पर्ने हुन्छ । ईश्वर या परमात्मा सर्वभूतहरुको हृद्देशमा या चक्रको ठीक केन्द्रमा अवस्थित छन । प्रति चक्रको क्रिया त्यस केन्द्र मध्यस्थ शक्तिको प्रेरणा हो । त्यस देखि नै हामीलाई भूमि आदि पदार्थहरुको ज्ञान भैरहेको छ । यस ज्ञान द्वारा नै चित्त बहिर्मुखी हुन्छन । परन्तु मूलाधार आदि पंच चक्रहरुको भित्र ब्रहमाकाश (सुषुम्नाको भित्र वज्रा, वज्राको भित्र चित्रा तथा चित्राको भित्र ब्रहमाकाश) रहन्छ । त्यही हो ईश्वर या परमात्मा । उसैको शासनले चक्रमध्यस्थ तत्त्व आफ आफ्नो कार्यमा सततः लागिरहन्छन । जबसम्म क्रिया द्वारा ती चक्रहरुमा केन्द्रिभूत ब्रहमनाडीको भित्र चित्त प्रवेश गर्दैन, तबसम्म ईश्वरको शरणागत हुन सक्तैन । जसले यसरी शरण ग्रहण गर्दछ, त्यही भाग्यशाली पुरुष क्रियावान हो । त्यसलाई नै ईश्वरको प्रसादले परम शान्ति प्राप्त हुन सक्तछ ।

प्रश्न हुन सक्तछ-जसरी सूत्रधारले यन्त्र द्वारा पुतलीहरुलाई आफ्नो इच्छानुसार नचाउँदछन, ईश्वरले पनि त्यसरी नै सब जीवहरुको हृदयमा अधिष्ठित भएर माया द्वारा सान्सारिक जीवहरुलाई स्वकार्यमा प्रेरणा प्रदान गर्दछन्, जीवलाई स्वतन्त्रता छैन । यो कुरा सुनेर भय हुन सक्तछ, किन भने एस्तो दशामा जीवको लागि मुक्ति प्राप्तिको चेष्टा एक बडो विडम्बना छ तथा समस्त शास्त्र वाक्यहरुको पनि कुनै मूल्य रहन जाँदैन । एसको उत्तर यो छ-आत्मा स्वयं प्रकृति वश छैन, त्यो मुक्त एवं सदा स्वाधीन छन । त्यो मुक्त हुनुको कारण नै चित्प्रतिविम्बरुप जीवको मुक्ति प्राप्तिको इच्छा स्वाभाविक हुन्छ । *यसैकारण प्रकृति चाहे जति नै प्रबली किन नहोउन, जीवलाई आत्मानुसन्धान देखि तेसले विरत गर्न सक्तैनन् । आत्मा नै जीवको प्राण हो । यस प्राण देखि जीव कहिल्यै वियुक्त हुनेवाला छैन,* परन्तु माया वशात देहेन्द्रिय प्रति बद्धदृष्टि हुनुको कारणले जीव आफ्नु स्वरुपलाई विर्सन गएको छ । यस अवस्थामा पनि जीव र परमात्मा परस्पर एक एवं अभिन्न छन । जीव प्रकृतिको परवश छ यो साँचो हो, परन्तु जीवलाई मुग्ध गर्नुको प्रेरणा प्रकृतिलाई ईश्वरबाटै प्राप्त हुन्छ । पुनः प्रकृतिको दास्यता देखि विमुक्त हुनुको प्रेरणा पनि जीवले ईश्वरबाटै पाउँदछ । ईश्वर एकातिर जसरी जन्ममृत्युको तरंगहरुले रहित सदा अच्युत र मुक्त छ, दोश्रोतिर त्यसरी नै जीवरुपमा त्यो जन्म मृत्यु, सुखदुःखको उत्ताल तरंगोच्छ्वासले सदा स्पन्दित एवं विभीषिकामय छन । जबसम्म जीव अज्ञानवश बहिर्दृष्टिसम्पन्न रहन्छ, तबसम्म प्रकृति परवश रहन्छ । तबसम्म यन्त्रको पुतली समान प्रकृतिलाई उपेक्षा गर्न सक्तैन । प्रकृतिको यो प्रेरणा पनि भगवत् शक्ति हो, अतयव जो सर्वतोभावेन श्री भगवानको शरणापन्न हुन्छन, त्यस भक्त योगीको ईश्वर प्रसादले भव बन्धन छुटन सक्दछ । यसको निम्ति ईश्वरलाई कुनै उद्वेग हुँदैन अनि न त कुनै संकल्प गर्नु आवश्यक हुन्छ । समुद्र नजिक पुगेपछि घामले संतप्त मनुष्य जसरी समुद्रको स्वाभाविक स्निग्ध वायु द्वारा

सुस्निग्ध हुन्छन, तेसरी जो भगवान समीप पुग्दछन, ईश्वरमा स्थित स्वतः सिद्ध शान्ति पनि तेसरी नै उसलाई सन्सारताप देखि विमुक्त गरिदिन्छन । श्री भगवानलाई एसको निम्ति कुनै संकल्प गर्नु पर्दैन । यसको प्रमाण यो छ-योगी जब क्रिया गरेर क्रियाको परावस्थामा पुग्दछ, तब त्यो शान्तिलाभ गरेर परितृप्त हुन्छ, त्यस समय उसको वासना र संकल्प रहँदैन । *क्रियाको घनीभूत परावस्था स्वरुप नै मदनमोहन श्यामसुन्दररुप हो । यस परावस्थामा जुन तृप्ति, जुन आनन्द हुन्छ, त्यो आनन्द अरु कुनै वस्तुमा प्राप्त हुनु सम्भव छैन । त्यो साँच्चिकै साक्षात् मन्मथ-मन्मथ हुन । त्यही पुरुषोत्तम नारायणको नित्य शाश्वत मूर्त्ति हो, अतयव त्यो मोक्ष र नित्य अखण्ड आनन्दको एकमात्र आश्रय हो ।*

गीतामा जीवको स्वरुप

जो अधिष्ठान रुपमा यस समस्त जगतमा व्याप्त छ, त्यो अविनाशी छ । देही कूटस्थ एवं नित्य छ, शरीर नष्ट भएपछि पनि कूटस्थ नष्ट हुँदैन । त्यो अच्छेद्य, अदाहय, अल्केद्य एवं अशोष्य छ । त्यो नित्य सर्वव्यापी, रुपान्तररहित एवं अनादि छ । त्यो चक्षु आदि इन्द्रियहरुको अगोचर छ, कर्मेन्द्रियहरुको पनि अगोचर छ तथा मनको पनि अगोचर छ । यो कूटस्थ देही ब्रहमस्वरुप छ । त्यो जस्तो छ तेस्तो नै छ र रहन्छ । यस देहलाई नै यौवन जरा आदि विविध अवस्थान्तर प्राप्ति हुन्छ । जसको बुद्धि यस कूटस्थ ब्रहममा स्थिर भएकोछ, त्यो यी सब विकारहरुलाई देखेर मुग्ध हुँदैन । पंच तन्मात्राहरुको व्यक्त भाव यो शरीर हो । यो क्षिति, अप, तेज, मरुत र व्योम यी पंच सूक्ष्म भूतहरुको समष्टि हो । मूलाधार स्वाधिष्ठान, मणिपुर, अनाहत र विशुद्धाख्य यी चक्र पंचभूतहरुका लीलास्थली हुन । प्रणवाख्य देह नै अकार, उकार, मकार र नाद विन्दुको अधिष्ठान हो । यी सबको पर कूटस्थ ब्रहम छ जसको स्थान आज्ञाचक्र हो । यहाँ जब वायु स्थिर हुन्छ तब साधकलाई ज्ञात हुन जान्छ त्यो मात्रारहित, शब्दातीत तथा नाद बिन्दु कलातीत छ । मात्रास्पर्शको बोध हुन्छ वायुको चांचल्यको कारण । क्रिया द्वारा जब वायु स्थिर हुन्छ, तब विषयहरुसँग इन्द्रियहरुको सम्बन्ध छिन्न हुन जान्छन । मात्रास्पर्श वर्त्तमान रहुन्जेल कोही सुख दुःखादि द्वन्द्वहरु देखि रहित हुन सक्तैन । जब मात्रा स्पर्श देखि साधक वर्जित हुन जान्छ तब उसलाई सुख दुःखको स्पर्श पनि हुँदैन । तब एक परमानन्दको साक्षात्कार हुन्छ । त्यस समय मन मत्त मयुर समान नशामा विभोर भएर बसिदिन्छ । वेदादि शास्त्रहरुमा यसैको वर्णन छ । त्यो उत्तम पुरुष सबको अतीत छ । वायु सर्वदा स्थिर भएपछि नै यसको अनुभव हुन्छ । जस्तो मृत देहमा कुनै व्यथाको अनुभव हुँदैन, त्यसरी नै जसको वायु स्थिर हुन जान्छ उसलाई पनि कुनै व्यथाको अनुभव हुँदैन । कूटस्थलाई कुनै व्यथा हुँदैन किनभने त्यो स्थिर र अमर छ । जसले यस ओमकार रुप (ॐ) शरीरमा प्रच्छर्दन- विधारण गर्दैन, त्यसले स्वभावरुप स्थिर पद या ब्रहमपदलाई जान्न सक्तैन । स्थिर पदलाई जान्न नसक्नु नै अज्ञान हो । यो अज्ञान जसमा जति छ, उसको लागि त्यति नै ल्केश भोग गर्नु अनिवार्य छ ।

गीतामा कर्मतत्त्व, पुरुषोत्तम योग, दैवासुर सम्पद, संन्यास एवं त्यागको विषय पनि आलोचित भएका छन्, यी नै गीताको विशेषताहरु हुन ।

गीताको विशेषत्त्व-(१) कर्मतत्त्व

जीवको कर्म नै देहादिरुपमा परिणामलाई प्राप्त हुन्छन, यसैले श्री भगवानले १८ रौं अध्यायमा कर्मतत्त्वको विशेषरुपले आलोचना गर्नु भएको छ । अष्टम अध्यायमा अर्जुनको यस प्रश्न 'कर्म के हो' यसको उत्तर दिनु हुँदै भगवान भन्नु हुन्छ-*"भूतभावोद् भवकरो विसर्ग कर्म संज्ञित"*-जीवको भित्र जुन नाना शक्तिहरु विद्यमान रहन्छन, तिनको विकास साधन गर्नु तथा देवोद्देश्यले त्यसको त्याग गर्नु नै कर्म हो । देवोद्देश्यले त्याग गर्नु विना पनि कर्म हुन्छ, परन्तु त्यो बाह्य कर्म हुन, त्यसले जीव खालि बन्धनमा पर्दछ । जुन कर्म द्वारा कूटस्थ अक्षरमा मन स्थिर रहन्छ तथा जुन स्थिरता देखि उत्तम पुरुषको दर्शन हुन्छ त्यही असल आध्यात्मिक कर्मको उद्देश्य हो । त्यस बिना त्याग हुन सक्तैन । मन यदि भोगासक्तिमा रत भएर कर्म गर्दछ त त्यस कर्मको फलले आध्यात्मिक भाव जाग्दैन । क्रिया साधन नै एक मात्र कर्म हो जस द्वारा दैवी शक्ति प्रबुद्ध हुन्छ । यो त भयो कर्म साधनको उद्देश्य । कर्म कुन किसिमसँग सम्पादित हुन्छ - यसैलाई जानिलिएपछि फेरि आफुलाई कर्मको कर्त्ता सम्झेर बिडम्वित हुनु पर्दैन । *यसैले श्री भगवान्ले बताउनु भएकोछ कर्म साधनको हेतु ती हुन - (१) अधिष्ठान - यो शरिर, (२) सदसद् अहंकार जुन कर्मको कर्त्ता हो, (३) चक्षु आदि इन्द्रियहरु जुन कर्म गर्नुको कारण या यन्त्र हुन । (४) कर्म गर्नको निम्ति कर्त्ताको विविध चेष्टाहरु जुन देह मध्यस्थ प्राणपानादि वायु समूह द्वारा हुन्छन, (५) कर्म गर्नको लागि प्रेरणा दिनेवाला एक अज्ञात शक्ति जसलाई दैव भन्दछन ।* कसै कसैले धर्माधर्मको संस्कारलाई नै त्यसको कारण बताउँदछन । एक शब्दमा यसैलाई भगवदिच्छा भन्दछन । यो भगवदिच्छा नै कर्मको मूलीभूत बीजस्वरुप छन । कति कति कल्प कल्पान्तर देखि, कति कति जन्महरु सम्म जीवमात्र यस मूल कारणको आश्रय लिएर विचित्र कर्म संस्कारहरु द्वारा सम्बद्ध छन । यसलाई अस्वीकार गर्नुको शक्ति कसैमा पनि छैन । श्री मद् भागवत्मा ब्रहमा भन्नु हुन्छ -

"वयं भवस्ते तात महर्षिवहाम सर्वे विवशा यस्य दिष्टम;
न तस्य कश्चित तपसा विद्यया वा न योगवीर्येण मनीषया वा ॥
नैवार्थ धर्मैः परतः स्वतो वा कृतं विहन्तुं तनुभृद्भिर्भूयात ॥
भवाय नाशाय च कर्म कर्त्तुं शोकाय मोहाय सदा भयाय,
सुखाय दुःखाय च देहयोगमव्यक्त दिष्टं जनतांऽग धत्ते ।
यद्वाचि तन्त्यां गुणकर्म दा मभिः सदुस्तरैर्वत्स वयं सुयोजिता : ।
सर्वेवहाम बलिमीश्वराय प्रोतानसीव द्विपदे चतुष्पदः ॥"

शिव, नारद प्रभृति हामी सबै विवश भएर उनको आज्ञा वहन गरिरहेकाछौ । कुनै पनि जीव विद्या, योग या बुद्धिको बलले उनको आज्ञा अन्यथा गर्नमा समर्थ छैनन् । हे प्रियव्रत ! जीवसमूह जन्म मरणादि-सुख-दुःखको भोग गर्नको लागि ईश्वर प्रदत्त शरीरादिलाई धारण गर्दछन । चतुष्पदादि जन्तु जसरी नत्थिमा बाँधिएर मनुष्यको इच्छा अनुसार कर्म गर्दछन, त्यस्तै किसिमसँग हामीहरु पनि गुणकर्ममा आवद्ध भै

ईश्वरको इच्छाले उनैको निमित्त कर्म गर्दछौ । जबसम्म शरीर रहन्छ, तबसम्म यस महानियति, ईश्वरकल्प या दैवको कसैले उल्लंघन गर्न सक्तैन । यस मूलीभूता बीजको कहिल्यै पनि नाश हुँदैन । यहाँ सम्म कि जीव मुक्त भएपछि पनि उसको प्रकृतिमा त्यस समय पनि यो बीज या संस्कार कार्य गर्दछ । तब यदि एस्तो सोचौं - विमुक्त भएर के लाभ भयो त एसको उत्तर यो छ - मुक्त पुरुषले प्रकृति देखि आफुलाई भिन्न सम्झन्छन, यस कारण प्रकृतिको कार्यलाई कहिल्यै स्वकार्य सम्झेर भ्रममा पर्दैन । यसैले भगवान भन्नु हुन्छ -

"यस्य नाहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते ;
हत्वापि स इमान् लोकान्न हन्ति मन निबध्यते ॥"

शरीरादिको कर्ममा जसलाई 'नाहंकृत' अर्थात म कर्त्ता हूँ यस किसिमको भाव हुँदैन तथा जसको बुद्धि इष्टानिष्ट कर्ममा अभिनिर्विष्ट हुँदैन, त्यो आत्मदर्शी मनुष्य लोक दृष्टिमा सब प्राणिहरुलाई हनन गर्दैमा पनि हनन कर्मको फल देखि बद्ध हुँदैन । वसिष्ठ, नारदादिलाई जस्तो मुक्त पुरुषहरु भन्दछन त्यस्तै नै भृगु दुर्वासा पनि मुक्त पुरुष हुन । ती सबै मुक्त पुरुष हुन यसमा सन्देह छैन, परन्तु उनको पृथक पृथक प्रकृति भित्र जुन बीज निहित थियो त्यसको कार्य भएको छ र अन्तसम्म हुनेछ । बद्ध र मुक्तमा पार्थक्य यही छ - बद्धजीव प्रकृतिको कार्यलाई स्वकार्य बुझेर सन्तुष्ट या व्यथित हुन्छ, परन्तु मुक्त पुरुष त्यसलाई स्वकार्य नमानिकन प्रकृतिको कार्य देखि व्यथा या आनन्दलाई प्राप्त हुँदैन । जसले प्रकृतिलाई नै कर्मको कर्त्ता रुपमा जान्दछन, त्यो कर्मको शुभाशुभ फल देखि कहिल्यै बद्ध हुन सक्तैन ।

ज्ञान, ज्ञेय, ज्ञाता, कर्त्ता एवं करण-

ज्ञान, ज्ञेय र ज्ञाता यी तीन कर्म प्रवृतिका हेतु हुन । यी तीनैको अभावमा कर्म सम्पन्न हुन सक्तैन । जीवन्मुक्त अवस्थामा यो त्रिपुटी जब एक हुन जान्छन त मुक्त पुरुषको कर्म प्रवृत्तिको उदय हुँदैन । कर्ता, कर्म र करण यी तीन क्रियाको आश्रय हुन । सात्विकादि गुणभेदले यी त्रिविध छन । त्रिविध हुनुको कारण कर्म कर्त्ताको भित्र अनेक भेद लक्षित हुन्छन । तत्कृत कर्महरुको पनि तीन भेद हुन जान्छन । जो सात्त्विक कर्त्ता छन, तिनीहरु उत्साह साथ क्रिया गर्दछन । उनको बाहिर केही चांचल्य रहेर पनि भित्र खूब स्थिरता रहन्छन । तिनीहरु कुनै किसिमको फल देखि आसक्त हुँदैनन । कूटस्थमा धेरै धेरै आश्चर्य देखेर पनि तिनीहरु आल्हादमा अस्थिर भएर आफ्नो गौरव वृद्धिको लागि जय डंका झ्याली बजाउँदै घुम्दैनन् । राजसिक कर्त्ताको मनोभाव एसको विपरित हुन्छन । सात्त्विक कर्त्ता कूटस्थको भित्र केही देखोस या नदेखोस, त्यो सब अवस्थाहरुमा स्थिर रहन्छन, उसको मनमा कुनै विकार आउँदैन । परन्तु नदेख्नुको अवस्थामा तामसिक कर्त्ताको मन दुःखले आक्रान्त हुन जान्छन, तिनलाई क्रियामा फेरि त्यस्तो उत्साह रहँदैन ।

समस्त कर्म मन देखि नै हुन्छन । मन जब क्रिया द्वारा स्थिर हुन्छ त कर्मलेप लाग्दैन । जसले क्रिया द्वारा एक अविनाशी कूटस्थ ब्रहमलाई सर्वभूतहरुको भित्र देख्न पाउँदछ, त्यसको ज्ञान नै प्रकृत ज्ञान हो ।

फलाकांक्षारहित कर्म या क्रिया द्वारा जुन धारणा ध्यान समाधिरुप कर्म निष्पन्न हुन्छ, त्यही सात्त्विक कर्म हो । जसको सात्त्विकी बुद्धि हुन्छ तिनीहरुले बुझ्दछन क्रिया गर्नाले नै भय दूर हुन्छ, अतयव क्रिया गर्नुलाई कर्त्तव्यस्वरुप मान्दछन । फलस्वरुप तिनीहरु मोक्ष प्राप्त गर्दछन । जसले क्रिया गर्दैन, तिनीहरु बन्धन दशामा रहन्छन । उनको बुद्धि सात्त्विकी हुँदैन, यस कारण उनको प्राण सुषुम्नामा विचरण गर्दैन । जो तामसिक बुद्धि सम्पन्न छन, तिनीहरु आलस्य र प्रमादवश क्रियाको अभ्यास नै गर्दैनन, अतयव ब्रहम सर्वत्र रहेर पनि उनको ब्रहमदृष्टि हुँदैन । जुन मानिसहरु श्रद्धासाथ क्रिया गर्दछन उनैको धारणा सात्त्विक हुन्छन । उनको मन प्राणमा वेग हुँदैन । अन्तर्लक्ष्य हुनुको कारण तथा उनको इन्द्रियहरु बाह्य ज्ञानरहित हुनुको कारण आसक्तिपूर्वक कुनै वस्तुमा उनको लक्ष्य पर्दैन । तिनीहरु आफु आफैमा डुबिरहन्छन, स्थिरत्वको आनन्दमा विभोर रहन्छन । परन्तु जुन मानिसहरु पंचतत्त्वको झिलिमिली देखेर तेसमा आसक्ति देखाउँदछन, उनको दुःखकष्टको कहिल्यै अन्त हुँदैन । अनासक्त योगीको चित्त क्रियाको परावस्थामा, सुन्दर परव्योममा स्थिति लाभ गर्दछ । त्यसैमा उनको सर्वदुःखहरुको परिसमाप्ति हुन्छ । तिनीहरु अभय अमृत पद प्राप्त गर्दछन ।

विषयासक्त दृष्टि नै प्रवृत्ति मार्ग हो, त्यही सन्सार हो । त्यसको विपरीत भावमा जसको मनको स्थिति हुन्छ, त्यो महादेव हो ।

स्वकर्म र स्वधर्म-

प्राण कर्म नै 'स्वकर्म' हो । यस स्वकर्म द्वारा विश्वप्राण बासुदेव अर्चित हुन्छन । जसले यस भावमा उनको आराधना गर्दछ, त्यस मनुष्यको वाक् सिद्धि हुन्छ, समस्त वासना सिद्धि हुन्छ । क्रमशः क्रमशः उच्चस्तरमा उठे पछि साधकको कुनै इच्छा रहन जाँदैन । तब त्यसले मुक्तिलाभ गर्दछ । इच्छा नै जीवको बन्धन रज्जु हो । क्रिया द्वारा इच्छा रहित अवस्था प्राप्ति भएपछि आत्मातिरिक्त अन्य वस्तुमा दृष्टि रहँदैन । तबै तारे भनिन्छन - त्यो सिद्ध भएकोछ, तब फेरि उनलाई मृत्यु देखि भय हुँदैन । *यही आत्माको धर्म या स्वधर्म हो । यस स्वधर्म प्रति जसको आस्था हुँदैन, उनको कल्याण छैन । जन्ममृत्यु रुप दुःखकष्टले उनको पीछा गर्न कहिल्यै छोडदैनन् ।*

ब्रहम, ईश्वर र जीव-

ब्रहम नै ईश्वर हो तथा ब्रहम नै जीव हो, तब फेरि जीवको यत्रो यत्रो दुर्गति किन ? यत्रो कष्ट किन भोग्नु पर्दछ ? ब्रहम, ईश्वर अनि जीव स्वरुपावस्थामा एकै हुन, यिनमा परस्पर कुनै भेद छैन । *"इदन्तु विश्व भगवानिवेतरो"* यो दृश्यमान विश्व र जीव सब ब्रहममय छन । परन्तु जब ब्रहम मायाको आश्रय गर्दछ तब त्यो जगत कर्त्ता ईश्वरको नामले परिचित हुन्छन । अनि जब अविद्याको अधीन हुन्छ तब ब्रहमको जीवभाव हुन्छ । तब त्यो बद्ध हुन्छ, जन्म मृत्युको वशीभूत हुन्छ तथा कर्मानुसार स्वर्ग नरकादि भोग गर्दछन । परन्तु यी सब भावहरुमा कुनै पनि नित्य सत्य छैन । तब त्रितापको ज्वाला कसलाई हुन्छ र को

मुक्त हुन्छ अनि कसले मुक्त गर्दछ, यो विशेषरुपले आलोचनीय छ । प्रकृति या मायाको तीन गुण छन सत्व, रजः एवं तमः । रजस्तम जब सत्त्व द्वारा अभिभूत हुन्छन तब त्यो सत्त्वप्रधान गुण शुद्धसत्व भनिन्छन । सत्त्वगुण निर्मल एवं प्रकाशक छ, त्यसले ज्ञान कहिल्यै आच्छादित हुँदैन । यस शुद्धसत्त्व भाव माथि जुन ब्रहम चैतन्यको लीला देखिइन्छन त्यस देखि ब्रहमको निर्गुण भाव मानो ढाकिई रहन्छ र त्यसमा नै सगुण भावको खेल आरम्भ हुन्छ । यस शुद्धसत्त्वको भित्रबाट ब्रहमलाई हेर्दा खेरि त्यो सगुण जानिइन्छन । त्यस समय त्यो हो ईश्वर, यस विराट विश्वको अधिपति हो, सृष्टि स्थिति लयको कर्त्ता हो । यस शुद्धसत्त्व भित्र जुन खेल मंचन हुन्छ र त्यसदेखि जुन शक्तिको प्रकाश हुन्छ त्यही ईश्वर भाव हो । *शुद्ध ब्रहम चैतन्य यहाँ माया मिश्रित छ ।* माया मध्यस्थ सत्त्वगुणको शक्ति याँहा लीलायित हुनुको कारण ब्रहम लीलामय ईश्वरको रुपमा प्रतीत हुन्छन । लाल काँचको भित्रबाट आउने प्रकाशलाई जसरी हामी रक्तिम प्रकाश भन्दछौं, परन्तु प्रकृतितः प्रकाश रातो या हरित हुँदैन, त्यसरी शुद्धसत्त्व भित्र जुन चैतन्यको स्फुरणा हुन्छ त्यो निर्गुण भएर पनि सगुणरुपमा प्रतिभात मात्र हुन्छन । रजस्तमः मा भित्र देखि जुन चैतन्य प्रतिविम्वित हुन्छ त्यो चिज्जडको मिश्रण भाव हो । त्यो जीव र जगत रुप छ । यद्यपि प्रकृति कै तीन गुण हुन, तथापि उनमा अनेक भेद छन । सत्त्वगुण स्वच्छ, भास्वर र शान्त हुनुको कारण त्यो "म सुखी, म ज्ञानी" इत्यादि भनेर धर्महरुलाई क्षेत्रज्ञ सँग युक्त गरिदिन्छन । रजोगुण विक्षेप शक्ति युक्त छ, अतयव रागात्मक हुनुको कारण कर्मासक्ति द्वारा त्यसले जीवलाई आवद्ध गर्दछन । तमोगुण आवरण शक्ति प्रधान हुनुको कारण देहीलाई अकार्यमा प्रयुक्त गर्दछन तथा अनुद्यम, निद्रा, भय आदि द्वारा बद्ध गर्दछन । गुण जड भएमा चैतन्य देखि दीप्त हुनुको कारण चेतनवत प्रतीत हुन्छन । सत्त्वगुणको गति निरन्तर ऊर्ध्वमुखी या आत्माभिमुख हुन्छ, यसैले जीवलाई उसले निरन्तर निवृत्ति मार्गतिर परिचालित गर्दछ । रजस्तमोगुण यसको विपरीत दिशामा या प्रवृत्तितिर परिचालित गर्दछन । पहिले भनिसकिएकोछ त्रिगुण सम्मिलित भावले नै समस्त कार्य हुन्छन तथापि एक समयमा एक कै नै प्राधान्य रहन्छ जसले अन्य दुई गुणहरुलाई अभिभूत गर्दछ । जब रजस्तमोगुण प्रबली भएर विषय सुखतिर तीव्र वेगले धावित हुन्छन, तब सत्त्वको क्षीण कण्ठ अनुच्च स्वरले उनलाई प्रवृति मार्गमा जानु देखि निषेध गर्दछ अनि सत्त्व प्रबल हुन्छ तब त्यसले रजस्तमः लाई अभिभूत गर्दै जीवलाई निवृत्ति पथमा परिचालित गर्दछन । त्यस समय रजस्तमः को गुण कामक्रोध, रागद्वेष, आलस्य जडतालाई सत्त्वगुणले दबाउँदछन । *शुद्धसत्त्व प्रतिविम्वित चैतन्य नै ईश्वर हो । त्यसैले जीवलाई पापपंक देखि तानिलिन्छन । शुद्धसत्त्वमा रहँदा रहँदा जीवको ज्ञान यति स्वच्छ र निर्मल हुन जान्छ त्यस द्वारा उसले आफु आफैलाई विमुक्त सम्झन्छ ।* जबसम्म रजस्तमोगुणमा जीव अभिभूत रहन्छ तब सम्म प्रवृत्ति र मोहमूलक गुणद्वयमा प्रतिविम्वित चैतन्य शोक मोह ग्रस्त भएर दुःखकष्ट भोग्दछ । रक्त पुष्प या नील पुष्प जसरी शुद्ध स्वच्छ स्फटिकलाई रक्त या नील वर्णले अनुरंजित गर्दछन, परन्तु रक्त या नील वर्णले कहिल्यै स्फटिकको स्वाभाविक भाव देखि विच्युत गर्न सक्तैन, उसरी नै माया युक्त ईश्वर भाव या माया मिश्रित जीव भावमा शुद्ध चैतन्य प्रकाशित भएर पनि सदैव शुद्ध एवं सुनिर्मल रहन्छ । आफुले आफैलाई एसरी देखेपछि नै जीवन मुक्त अवस्थामा पुग्न सकिन्छ ।

प्राण भित्रै यी त्रिगुण युक्त रहन्छन । प्राणको स्पन्दन नै गुणत्रयको स्पन्दन हो । प्राण जब इडामा बहन्छ तब रजोगुण अनि जब सुषुम्नामा बहन्छ तब सत्त्व गुण प्रधान हुन्छ । जब प्राण इडा-पिंगला सुषुम्नाको पर भै स्थिर हुन्छ तब ब्रहमभाव हुन्छ । त्याहाँ फेरि गुणहरुको खेल हुँदैन, अतयव जन्म मरण, सुख दुःखादि पनि अनुभवको विषय रहँदैन । एसैले भनिन्छ गुणहरु देखि छुटकारा पाउनको लागि ईश्वर या शुद्ध सत्त्वभावको शरण लिनु । जसरी समुद्रमा तरंग हुन्छ, त्यसरी नै ब्रहमात्माको भित्र प्राणलीला हुन्छ । प्राणका त्रिविध कर्म छन्, त्यसले नै जीव बद्ध हुन्छन । कण्टक द्वारा कण्टक निकाल्नु समान जसले प्राणकर्म द्वारा प्राणलाई स्थिर गर्न सक्दछ । त्यसैको कर्म बन्धन छिन्न हुन्छ तथा भवबन्धन कट्न जान्छन । यसैले जसरी प्राण स्थिर हुन्छ तेस्तो चेष्टा सबले गर्नु पर्दछ । क्रियाभ्यास द्वारा नै प्राणको स्थिरता आउँदछ । प्राण स्थिर भए पछि मन अनि मन स्थिर भएपछि बुद्धि स्थिर हुन्छ । अतयव निरहंकार भएर (म सब भन्दा सानो हुँ) अन्य वस्तु देखि मनको लक्ष्यलाई फर्काएर खालि क्रियामा मनलाई निबद्ध गर, अल्प आहार गर, धेरै कुरा नगर, मनमा विविध कल्पना जल्पना नल्याऊ यसरी यदि वाक्य, मन र जिह्वालाई संयत गर्न सक्छ भने त आफु आफैमा रहन सक्ने छौ । एस्तो भएपछि जसमा क्रियाको अन्त हुन्छ, त्यस क्रियाको परावस्थारुप शान्तिलाई प्राप्त गरी स्वयं ब्रहमस्वरुप हुन जानेछौ । तब अन्य कुनै व्यापार तिम्रो मनको अप्रसन्नतालाई ल्याउन सक्ने छैन । जसको चित्त क्रियाको परावस्थामा लीन हुन जान्छ, त्यसलाई फेरि उद्वेग हुदैन, शोक हुदैन, भय हुँदैन, कुनै लाभ हानीको हिसाब रहदैन । त्यो चराचर सर्वभूतमा ब्रहमलाई उपलब्ध गरेर कृतकृत्य हुन जान्छ । जे जो भैरहेकोछ सब ब्रहमले गर्दछ, उसको यो अनुभवस्थिर हुन जान्छ । अकर्त्ता हुनुको कारण उसलाई कर्मलेप लाग्दैन, यसैले उसलाई फलभोग पनि गर्नु पर्दैन । यसैबाट उसको सब कर्महरु नाश हुन जान्छन । यद्यपि इन्द्रियहरु द्वारा समस्त कर्म हुन सक्छन तथापि उसको बुद्धि ब्रहमलक्ष्यमा स्थिर हुनुको कारण कुनै कर्मले उसलाई लिप्त गर्न सक्तैन । साधु क्रियावान मानिसहरुको एस्तो नै विचित्र दशा हुन्छ । यो तर्क या बुद्धि द्वारा बुझिन जान सक्तैन । यो अवस्था जसको हुन्छ उसैले बुझ्न पाउँदछ ।

ईश्वर जसरी साधुहरुको हृदयमा रहन्छन, उसरी नै असाधुहरुको हृदयमा पनि रहन्छन । उनैको आदेशले भूतमात्र इडा पिंगला सुषुम्नारुप यन्त्रमा आरुढ भएर स्वस्व नियति अनुसार परिचालित हुन्छन । साधु जुन क्रियाको दीक्षा पाएर गुरु उपदेश अनुसार चल्दा चल्दा आफ्नो प्राणलाई सुषुम्नामा र पश्चात सुषुम्नाको अतीत अवस्थामा पुगेर स्थिर हुन जान्छन । सन्सारासक्त असाधु मनुष्यको प्राणले इडा पिंगलालाई अतिक्रमण गर्न पाउँदैन, अतयव अज्ञान र विषयमा आसक्त हुनुको कारण नवीन देहले युक्त भएर बारम्बार जगतमा आवागमन गर्दै रहन्छन । आत्मा त्रिगुण रहित छ तथापि त्यही आत्मा गुणको आश्रय गरी श्वासरुपमा चचंचल भएर नाना किसिमका कष्ट भोग्दछन । फेरि गुरु उपदेश अनुसार चले पछि जब उसको श्वास स्थिर हुन्छ तब त्यो शान्तिपद प्राप्त गरेर सुखको पाश देखि मुक्त हुन जान्छन । यही गुहयात्, गुहयतर ज्ञान हो ।

जो महामाया हो त्यही मायाधीश चैतन्य हो, तेसलाई अर्द्ध नारीश्वर पनि भन्दछन । कसैले उसलाई पुरुष अनि कसैले उसलाई ईश्वरको स्वकीय प्रकृति पनि भन्दछन । त्यो चाहे जे होस त्यो महाशक्ति नै सन्सारको स्थितिको कारण हो । जुन आत्मा हो तेही परमात्मा हो । त्यही ब्रहमा विष्णु शिव प्रसविनी महामाया यस निखिल विश्वको जननीरुपा हुन । त्यही हाम्रो सर्वस्व हो, त्यही हाम्रो 'म' हो । ज्ञानी मानिसहरु निजात्मा साथ परमात्माको यस अभिन्न भावलाई उपलब्ध गर्दछन, यसैकारण तिनीहरु "सोऽहं" भन्ने गर्दछन । स्थूल, सूक्ष्म र कारण शरीर तथा यिनको अतीत परब्रहम ॐकार पदवाच्य छ । ॐकार नै आनन्दरुपमा पश्चात महा शून्य रुपमा तथा अन्तमा नित्य ज्ञानस्वरुपमा प्रतिष्ठित हुन्छ ।

क्रियाभ्यासद्वारा जब लयविक्षेपरुप अशुद्धि क्षय हुन जान्छन त त्यस शुद्ध चित्तमा फलाभिसन्धान रहँदैन, तब आफ्नो 'म' सँग परिचय हुन्छ र मिथ्या अहंकृत 'म' सदाको निम्ति "परम म" को भित्र आत्मगोपन गर्दछ । त्यस समय माया रहँदैन, अतयव मायामा प्रतिविम्ब पर्दैन । यसकिसिमले जीवभाव सदाको निम्ति अन्तर्हित हुन जान्छ ।

दैव एवं आसुर सम्पद-

जन्म जन्मान्तरको कर्महरु अनुसार जीव आसुरी सम्पद अथवा दैवी संपदको अधिकार लिएर जन्म ग्रहण गर्दछ । गीताको १६ रौं अध्यायको ५ चौं श्लोकको व्याख्याले यो राम्रैसँग समझमा आउनेछ । जुन मानिसहरु आसुरी सम्पदले युक्त छन, तिनीहरु सत्त्वज्ञानको अधिकारी छैन । तिनीहरुको लागि भगवद भजन गर्नु या ज्ञान प्राप्त गर्नु असम्भव छ । अर्जुनलाई पनि सन्देह भएको थियो त्यो एसकिसिमको अधिकारी छ या छैन । यसैले श्री भगवानले उन्लाई आश्वासन दिएर भन्नु भयो "तिमी भयलाई प्राप्त नहोऊ, तिमी दैवी सम्पदको अधिकार लिएर जन्म लिएका छौ, यसैले भगवत प्रवणता तिम्रो लागि स्वाभाविक छ" । यो दैवी सम्पदको अधिकार जसलाई छैन त्यो साधन पथमा आउन नै चाहँदैन, यदि आउँदछन भने पनि साधनपथमा धेरै दिन टिक्न पाउँदैन । अवश्य नै यस्तो कुरा सुनेर धेरैजसो भयभीत होलान, परन्तु भयभीत भएर हताश हुनुको आवश्यकता छैन । जसको जन्म जन्मान्तरको अर्जित साधनाभ्यासको संस्कार छ उनको लागि यो योगमार्ग त्यतिको कठिन लाग्ने छैन, परन्तु यो अधिकार लिएर नआएपनि यस जन्मको पुरुषार्थ द्वारा यथेष्ठ दैवी सम्पद आर्जन गर्न सकिन्छ । केही मानिसहरु सोच्लान् जब दैवी सम्पद लिएर जन्म ग्रहण गरेकै छैन, बरुझन आसुरी सम्पद लिएर आएकोछु , तब मेरो चित्त भगवदभिमुख कसरी हुन सक्दछ । हुनु निश्चय नै कठिन छ, परन्तु विल्कुलै हुँदैन एस्तो कुरा त छैन, अवश्य केही चेष्टा गर्नै पर्नेछ । यदि भन्छौ चेष्टा कसरी आउलान् त एसको उत्तर यो छ - हाम्रो प्रकृति नै त्रिगुणमयी छ, हुन सक्छ हामी भित्र रजो भाव र तमोभाव अधिक प्रबल होलान, परन्तु सत्त्वभाव सामान्य भए पनि केही अंशमा त निश्चय नै छ । यसले धेरै काम दिन सक्तछ । यदि कुनै शुभ मुहुर्तमा रजस्तमभाव अभिभुत भै सत्त्व गुणको स्निग्ध वायु हिल्लोलित होस त त्यस माहेन्द्र क्षणमा हाम्रो हृदयमा

भगवद् भक्तिको बीज पर्न सक्तछ, हामी भगवदाराधना को सुफललाई हृदयंगम गरेर उपर्युक्त कार्यमा प्रवृत्त हुन सक्दछौं। *यदि मनको वेग एकै पटक पनि भगवद्भिमुख धावित हुन्छ भने त अवश्य नै हामीलाई दैवी सम्पद्को अधिकारी बनाइ दिनेछ। चाहे त्यो अत्यल्पभावमा नै किन नहोस।* एक जन्मको सामान्य चेष्टा पनि परजन्ममा दैवरुपमा बदलिन सक्तछ। यो दैवानुग्रहले हामीलाई भगवद जिज्ञासु बनाएर हाम्रो जीवनलाई सफलता तिर बढाउन सक्तछ। यस जन्मको दैव पूर्वजन्मको पुराषर्थकै फलमात्र हो। त्यस दैवले नै पुनः पुरुषार्थलाई वेगयुक्त गर्नेछ। दैव एवं पुरुषार्थमा कसको प्राधान्य बढी छ, यो निर्णय गर्नु सहज सरल छैन। *दैव बीज स्वरुप छ र पुरुषार्थ क्षेत्रस्थानीय छ। क्षेत्र असल भएमा अपकृष्ट बीजले पनि उत्कृष्ट शस्य उत्पादन गर्दछ। क्षेत्र अब्बल भएन भने उत्कृष्ट बीजले पनि उत्तम फल उत्पन्न गर्नमा समर्थ हुँदैन। परन्तु दुवैको संयोग विना केही हुँदैन।* पुरुषार्थ प्रबल भएमा यदि दैवक्षीण बल होओस ता पनि हताश हुनुको आवश्यकता छैन, किनभने श्री भगवान स्वयं पौरुषरुपमा प्रत्येक मानिस भित्र विराजिरहेकाछन। अतयव हाम्रो अदृष्टमा जो छ त्यही होला, यस्तो सोचेर हामीहरुले आफनो कर्मोद्यम एवं आत्मचेष्टालाई शिथिल गर्नु हुँदैन। वसिष्ठजी भन्नु हुन्छन

"परं पौरुषमाश्रित्य दन्तैर्दन्तान् विचूर्णयन
शुभेनाशुभमुद्युक्तं प्राक्तनं पौरुषम् जयेत्॥

प्रबल पुरुषार्थको अवलम्बन गरेर दांत ले दांत कस्दै यस जन्मको शूभ कर्म द्वारा प्राक्तन अशुभ कर्म फललाई जित्नु पर्दछ।

अतयव हाम्रोअदृष्ट राम्रो छैन, यस्तो भनिकन चुपचाप बसिरहनाले काम चल्ने छैन। जो उद्योगी छ, उसको उद्योगको फल नै दैवरुपमा आएर आविर्भूत हुनेछ तथा प्राक्तन अशुभ फल पनि विस्तारै विस्तार विनष्ट हुन जानेछ।

दम्भ, दर्प, अभिमान, क्रोध, निष्ठुरता र अज्ञान यी आसुरी सम्पद हुन। राजसिक तर तामसिक प्रकृतिका मानिसहरुका यी स्वभावजात गुण हुन। जो निर्भिक र शुद्धचित्त छन, जसको कर्ममा तत्परता र ज्ञान मा निष्ठाछ, जसको बाह्यन्द्रियहरु संयत छन, जसले दान गर्दछ, यज्ञ गर्दछन, शास्त्राध्ययन गर्दछन, तपस्या गर्दछन तथा जो सरल, लोभहीन, श्रद्धालु अक्रुर, अचंचल तेजस्वी क्षमाशील, शूची, अनभिमानी एवं अहिंसक छन, जसलाई कुकर्म गर्न मा लज्जा आउँदछ, परनिन्दा र परद्रोह गर्न जसलाई राम्रो लाग्दैन, जसको चित्त भगवदभजन गर्नमा आनन्द पाउँदछ तथा भजनको फलस्वरुप जसको चित्त स्थिर र शान्त भएको छ तिनीहरु नै दैवबलले बलिष्ठ छन। उनको तपस्या र आत्मान्वेषण निश्चय नै फलीभूत हुनेछ। यसको लागि उद्योग चाहिन्छ, निरुद्यम भै बसिरहनाले काम चल्ने छैन। श्री भगवानले गीतामा कहीं पनि निश्चेष्टतालाई प्रश्रय दिनु भएको छैन।

पुरुषोत्तम योग-

गीताको "पुरुषेत्तम तत्त्व" गीताको एक शिषता हुन । जीव एवं जगतको भित्र दुई शक्तिहरुले खेल गरिरहेका छन एक स्थिर एवं नित्य छ तथा दोस्रो अस्थिर चंचल एवं परिवर्तनशील । परन्तु यो स्थिर वस्तु नरहंदाखेरि जुन सदा परवर्तनशील छ त्यसको अस्तित्वको कल्पना गर्न सकिदैन । नित्य र अनित्य दुई वस्तुहरुमा एकलाई क्षर र दोस्रोलाई अक्षर भन्दछन । आत्माको कूटस्थ अपरिणाम भाव नै अक्षर पुरुष हो अनि आत्माको नाना रुपहरुमा प्रकाश या परिणामशील भाव नै क्षर पुरुष हो । यस अक्षर अपरिणामी कूटस्थ भावको आश्रय गरेर क्षर पुरुषको अस्तित्व वर्तमान रहन्छ । क्षर पुरुष नै आत्मा को सत्य विम्ब हुन ? त्यस देखि जुन सहस्र (यथा पावकात्विस्फुलिंगाः) प्रतिबिम्ब उत्पन्न हुन्छन, ती क्षरभाव हुन, पुरुषोत्तम को साथ अक्षरको अतीव सादृश्य छ, अतयव पुरुषोत्तमलाई पनि अक्षर भन्दछन । क्षरलाई पनि पुरुषभन्दछन किनभने चित्तको प्रतिविम्ब परिकन क्षर पनि चैतन्यमय जानिन्छन । यो क्षर पुरुष सर्वदा बहिर्दृष्टि सम्पन्न छ, यसै कारण त्यो निज स्वरुपको विषयमा अनभिज्ञ छ । एक आत्मा नै नानारुपहरुमा दृष्ट भैरहेको छ, यसलाई न बुझिकन जसले नानात्वरुप भेद दर्शन गर्छन, उनको विनाश अवश्यम्भावी छ अर्थात उनको पुनः पुनः आवागमन कदापि निवृत्त हुँदैन । यही प्रकृत पक्षमा विनाश कहलाउँछ ।

"तदिदं भगवान् राजन्नेक आत्मात्मनां स्वदृक्
अन्तराऽतरो भाति पश्यतं माययोरुधा ॥भा १म स्क॰ ॥

यो समस्त विश्व जगत् प्रकाशक परमेश्वर स्वरुप हो, परमेश्वर सिवाय यो विश्व अरु केही पनि छैन । त्यो एक छ, त्यसमा नानात्व छैन, त्यही भोक्ता हो र भित्र तथा बाहिर विराजिरहेका छन । केवल मायावश त्यो नाना थरीका रुपहरुमा परिदृश्यमान हुन्छ ।

समस्त परिणामी वस्तुहरु तथा जीवको भित्र जुन एक अपरिणामी नित्य वस्तु रहन्छ, जसलाई यो चक्षुले देख्न सक्तैन । जसलाई हेर्नका लागि दिव्य चक्षुको आवश्यकता हुन्छ, जसको स्थिति त्रिकुटीमा छ, जुन योगिहरुको योगपथानुगम्य छ, त्यसलाई मानिसहरु बुझ्न पाउँदैन । त्यो नित्य, सत्य एवं अविनाशी छ, त्यही कूटस्थ अक्षर हो । *यस कूटस्थ अक्षर भन्दा पनि श्रेष्ठ एक उत्तम पुरुष छ । कूटस्थलाई हेर्दा हेर्दा पश्चात् त्यस उत्तम पुरुषलाई हेर्न सक्तछन त्यसलाई नै शास्त्रमा परमात्मा भनिएको छ। त्यो स्वर्ग मर्त्य पाताल त्रिभुवनमा व्याप्त भएर तथा तेसदेखि अतीत भै वर्तमान छ । त्यही कर्त्ता हो, त्यही ईश्वर हो, तेही पुरुषोत्तम परब्रहम हो ।* यस पुरुषको जुन भाव अन्तहीन र अपरिणामी छ त यसैलाई अक्षर पुरुष भन्दछन । त्यस्को दोस्रो भाव परिणामी तथा बहुरुप विशिष्ट छ । चेतन एवं अचेतन समस्त जीव र जगत् नियमपूर्वक सम्भुत भएर त्यसमा नै विलीन भैरहेका छन । जब क्षर र अक्षर यी दुवै विभाव उनैका हुन तब त्यो क्षरातीत कसरी हुन सक्छ ? तेसलाई छोडेर क्षरभाव पनि टिक्न सक्तैन

"इसावास्यमिदं सर्वं यत् किंच जगत्यां जगत्"

चेतन र अचेतन जे जति छन सब तेस परमेश्वरको सत्ताले परिपूर्ण छ, त्यस बाहेक अन्य केही पनि छैन । त्यसलाई क्षरातीत यसैले भन्दछन त्यसको जुन भाव देहरुपमा परिणामलाई प्राप्त भएको छ त्यसको

उपासना गरेर अर्थात सन्सार भोगमा आसक्त भएर कसैले पनि उसको प्रपंचातीत भावलाई धारण गर्न सक्तैन । त्यसलाई धारण नगरे पछि सन्सारासक्त दृष्टिको कारण तिनीहरु महाविनाशलाई प्राप्त हुन्छन अर्थात मृत्युको पंजाबाट उसको परित्राण हुन सक्तैन । केनोपनिषदमा लेखिएको छ-

"इह चेदवेदीदथ सत्यमस्ति
न चेदिहावेदीन्महती विनष्टि "

यस सन्सारमा रहिकन या यस शरीरमा रहेर यदि ब्रहमस्वरुपलाई जानिलिन्छ त यो जीवन सफल भयो । यो सफलता प्राप्ति नै प्रकृत जीवन हो । त्यसको अविनाशी अटल ब्रहमभावलाई यदि जान्न सकेन भने त त्यही मृत्यु हो ।

यो पुरुषोत्तम एक अद्वितीय र अविनाशी छ। त्यही समस्त भूतजात वस्तुहरुको भित्र प्रकाशित भैरहेकोछ । तथापि उसको कुनै परिणाम या परिवर्तन छैन । त्यही ईश्वर हो, त्यही जीवरुपमा सर्वत्र सबका सब भएर सब चीज गरिरहेका छन । परन्तु यो जीवभाव चिरन्तन छैन । यस्को नाश हुन्छ । जुन सर्वरुपमा छ, त्यही फेरि सूक्ष्मातिसूक्ष्म सर्वातीत अरुप भावमा विराजिरहेकाछन्, त्यही शाश्वत अविनश्वर भाव हो । त्यहाँ कुनै इच्छा छैन, अतयव गर्नु पनि केही छैन । यो अक्षर भाव अमात्र छ अर्थात् जाग्रत स्वप्न र सुषुप्तिको अतीत छ, यसलाई तुरीयावस्था भन्दछन । त्यो मन वचनको अगोचर छ, अतयव त्यसमा कुनै लौकिक व्यवहार छैन । त्यो प्रपंचोपशम छ अर्थात जगत् सम्बन्ध रहित छ, त्यो शिवस्वरुप एवं अद्वैतस्वरुप छ । चित्त निरुद्ध भएपछि नै यस चैतन्यमय ब्रहममा प्रवेश गरिइन्छन । फेरि जब यो अशब्द, अस्पर्श, अरुप ब्रहम मायामिलित भावमा आफुलाई आफैले प्रकाशित गर्दछ , तब त्यो अन्तर्यामी, कर्ता र ईश्वरको रुपमा चिन्त्य हुन्छ । त्यतिखेर त्यसको रुप रहन्छ र रहँदैन पनि । त्यस समय त्यो भूतजात वस्तुमात्रमा मिलिरहन्छ, तथापि तिनीहरु उसको स्पर्श गर्न पाउँदैन ।

प्रलय निशामा सबचीज भगवत्प्रकृतिमा सुप्त रहन्छ । त्यस समय कुनै सृष्ट पदार्थ रहँदैन । गुण क्षोभ हुनु अघिसम्म एकमात्र निर्गुण, निराकार, निष्प्रपंच ब्रहम नै विराज्दछ, नामरुपको कुनै चिन्ह मात्र पनि रहँदैन। सृष्टिकालमा फेरि

"स एव भूयो निजवीर्य चोदितां
स्वजीव मायां प्रकृति सिसृक्षतीम
अनात्मरुपात्मनी रुपनामनी
विधित्समानोऽनुससार शास्त्रकृत् ॥

त्यही भगवान् जीवको भोगको लागि नामरुपवर्जित जीवात्माको नामरुपादि उपाधि सृष्टि गर्नुको वासनाले स्वीय कालशक्तिदेखि प्रेरित आफनो अंशभूत जीवगणहरुलाई विमुग्ध गर्नेवाली सृष्टि कार्याभिलाषिणी प्रकृतिको अनुशरण गर्दछन तथा सबको कर्मविधान गर्नको निम्ति वेदादि शास्त्रहरु पनि निर्माण गर्दछन ।

"य एक इशो जगदात्म लीलया
सृज्यत्यवत्यति न तत्र सज्जते ॥

एक अद्वितीय ईश्वर, आत्मलीला प्रकट गरेर यस विश्वको सृष्टि, रक्षा र संहार गर्दछन, तथापि अनासक्त: हुनुको कारण त्यो यी सब कार्यहरुबाट लिप्त हुँदैन । त्यस समय त्यो जातकर्ता, अन्तरयामी एवं ईश्वर हुन ।

त्यो प्रकृति देखि स्वतन्त्र भएर पनि प्रकृतिलाई परिचालित गर्दछन , प्रकृति उनको वशीभूत छ, यसैले त्यतिखेर त्यो प्रभविष्णु या स्रष्टा निखिलहरुको पालक र उनकै ग्रासकारी कहलाउँछन। यी सब कर्म गर्दै रहेर पनि त्यो सदा निर्लिप्त छन ।

वेदान्त सूत्रमा लेखिएको छ "जन्माद्यस्य यत:" सृष्टि, स्थिति र लय उनैबाट हुन्छन । उनी नरहेमा केही पनि रहँदैन । यी सब कर्म को मूलमा उनको कुनै निगूढ संकल्प छैन, किनभने उनको लागि अप्राप्तव्य केही पनि छैन, तथापि उनको अनिच्छाको इच्छा देखि यो जगत् उत्पन्न हुन्छ, अस्तित्ववान हुन्छ र उनैको भित्रैलीन हुन्छ। *यो उनको "अघटन घटन घटियसि पटियसि माया" को शक्तिको प्रभाव हो। "पावकाद् विस्फुलिंगा:"* जस्तै उनैदेखि यो अनन्त विचित्र जगत् उत्पन्न भएको छ।

आश्चर्यको कुरा छ उनको भित्र रसग्राहिता भाव पनि अपूर्व रुपमा प्रस्फुटित भएको देखिन्छ । यसैले जानिइन्छन जगत् क्रीडामा उद्देश्यविहीन भएर पनि त्यो प्रवृत्त रहन्छन । यदि उनमा रसभाव नहुँदो हो त उनैको प्रतिरुप हामी जीवगण कल्यै कसैसँग प्रेम गर्न पाउदैनथ्यो । रसप्रति आकर्षण हुनुको कारण आज हामी पारस्परिक प्रणयमा आवद्ध हुन्छौं, एक दोस्राको साथ एक दोस्रोको मिलन आवेग आकाशमा, स्वर्गमा र अवनिमा एक महाआनन्द प्रबल वेग रुपमा उच्छ्वसित भएर उठिरहेको छ । यो जुन परस्पर मिलन आवेग छ, त्यो आत्मासँग परमात्माको महामिलनको आशा सूचित गर्दछ ।

समस्त जागतिक सम्बन्ध उनमा नै आरोपित गरिइन्छन । उही हाम्रो पिता, माता, पति पुत्र सवचीज छन, किनभने चैतन्य देखि विमुक्त भएर कोही हाम्रो पिता ,माता पति पुत्र या प्रियजन हुन सक्तैन । यी प्रियभाव यदि उनमा आरोपित हुन्छ त त्यो अरु पनि अन्तरतम मनोज्ञरुपमा प्रतिभात हुनछन ।

यस सुन्दर पवित्र भावरस देखि विमुग्ध भएर नै द्वारकाको प्रजा मण्डली श्री भगवान्को समीप आफना हृदयको भावलाई व्यक्त गर्दै बोले

"न ता: स्मते नाथ सदांघ्रि पंकज ,
विरिंच वैरिंच्य सुरेन्द्र वन्दितम्;
परायणं क्षेममिहेच्छतां परं,
न यत्र काल: प्रभवेत् पर: प्रभु: ॥

भवाय नस्त्वं भव विश्वभावन,
त्वमेव माताय सुहृत् पतिः पिता;
त्यं सद्गुरुर्नः परमंच दैवत,
यस्यानु वृत्या कृतिनी बभूविम ॥

हे नाथ ! ब्रहमादिको पनि प्रभु, काल जाँहा आफनो प्रभावलाई देखाउनमा असमर्थ छ, ब्रहमा सनकादिक सेवित एवं सुरेन्द्रवन्दित तिम्रा ती पादारविन्दलाई हामी प्रणाम गर्दछौ । हे विश्व भावन ! तिमी हाम्रो कल्याण गर । तिमी नै हाम्रो पिता, माता वन्धुसद्गुरु एवं परम देवता हो? तिम्रै आज्ञानुवर्ती भएर हामी कृतार्थ भैरहेकाछौं त्यस नर देवताको कृपा कसरी प्राप्त गरिन्छ, यो वताउनु हुन्छ

"स वा अयं यत् पदमत्र सूरयो
जितेन्द्रिया निर्जितमातरिश्वनः
पस्यन्ति भक्त युत्कलितामलात्मना
नन्वेष सत्वं परिमार्ष्टमर्हीति॥

यस कर्मभूमिमा जितेन्द्रिय योगीगण प्राणायामादि द्वारा अन्तः श्वासलाई रोक्दै भक्तिवश उत्कण्ठित चित्त भै, बुद्धिको निर्मल अवस्थामा जसको स्वरुपलाई जान्नमा समर्थ हुन्छन , त्यही श्रीकृष्ण हाम्रो सामुन्ने विद्यमान रहन्छन ।

यो भगवान नै सबको हृदयमा अन्तर्यामीरुपले अधिष्ठित रहन्छन । परन्तु बुद्धिको निर्मलता विना उनलाई जान्न सकिदैन । अन्तः श्वास रुद्ध हुनु विना बुद्धिको निर्मलता सिद्ध हुँदैन, अनि बुद्धि निर्मल हुनु विना एकान्तिक रुपमा भगवत् प्रेम प्राप्त गर्न सकिदैन ।

यस षड ऐश्वर्य सम्पन्न भगवद्भावको माथि पनि एक अरु भावातीत भाव छ जाहाँ केवल त्यही छ, अरु केही छैन, त्याहाँ न सृष्टि छ न त संहार, न कार्य छ न त कारण । यस सर्वोपाधि विनिर्मुक्त ब्रहमभावको नै शंकाराचार्य प्रभृति मनीषिहरुले परमतत्त्व रुपमा वर्णन गरेका छन् । प्रयत्नशील योगी क्रिया गरेर क्रियाको परावस्थामा अडकिरहेर आफनो भित्र निज स्वरुपको उपलब्धि गर्दछन अनि उपलब्धि गरेर परिनिर्वाण प्राप्त गर्दछन। समस्त वेद शास्त्रहरुमा यही कुरा आलोचित भएको छ। *"सर्वे वेदा यत्पदमामनन्ति, तपांसि सर्वाणि च यद्वदन्ति, यदिच्छिन्तो ब्रहमचर्यं चरन्ति ।"* सब वेद यस ब्रहमपदलाई प्राप्तव्य भनेर निर्देश गर्दछन । तथा यस परम पदको प्राप्तिको लागि तपस्या र कर्मसमूह अनुष्ठित हुन्छन । अनि यसैको प्राप्तिको लागि साधकहरु ब्रहमचर्यआदि ब्रतहरुको अनुष्ठान गर्दछन ।

त्यो साकार र निराकार सगुण र निर्गुण नाना भावहरुमा चिन्त्यमान हुन्छन । यसको निम्ति पारस्परिक विवादको सीमा छैन, परन्तु जसले उनको पुरुषोत्तम रुप दर्शन गर्ने सौभाग्य प्राप्त गरेको छ, उनको मनमा यस किसमको सन्देह रहँदैन। त्यो एक परम पुरुष नै साकार निराकार सगुण निर्गुण र सर्वमय भएर सर्वरुपमा आफुलाई प्रकट गरिरहेकाछन भन्ने कुरा तिनीहरु जान्दछन्। उनको अस्तित्वले नै अग्निमा

उष्णता, जलमा शैत्य आदित्य चन्द्र अन्तर्गत समस्त तेज र रस दीप्त भएर उठिरहेका छन । अन्नरुपमा पनि उनै हुन र त्यसको भोक्तारुपमा पनि उनै छन । उही अन्तर्यामी रुपले सब प्राणिहरुको बुद्धि वृत्ति हरुमा अधिष्ठित रहन्छन । प्रकृत साधकहरु जान्दछन त्यही एक परम पुरुष साकार निराकार सगुण निर्गुण भावमा सदा प्रकाशित रहन्छ जो जति नै अधिकारी छन तेसले त्यति नै जान्न पाउँदछ । जसले उनलाई पुरुषोत्तम रुपमा अनुभव गर्नुको सामर्थ्य प्राप्त गरेको छ, त्यो सबभावहरुलाई उनकै भाव सम्झेर उनलाई सर्वभावहरुमा भज्दछ । अतयव सांख्य, योग, भक्ति यी तीन मतहरुमा कुनै एकलाई लिएर भगवान्को अन्वेषण गर्न सक्दछन । भक्तिमूलक धर्ममा पनि ज्ञान प्राप्त हुन्छ तथा योगको प्रभावले नै ईश्वर दर्शन हुन्छ । नित्यानित्य विवेक देखि ज्ञान उत्पन्न हुन्छ । विचार द्वारा जब प्रपंचादि मिथ्या सिद्ध हुन जान्छन त परम तत्त्वको साक्षात्कार हुन्छ । परन्तु खालि मौखिक विचार द्वारा ज्ञानलाभ हुँदैन । क्रियाको परावस्थामा सम्यक स्थितिले नै नित्य ज्ञान उदित हुन्छ, त्यसमा जुन शाश्वती शान्ति रहन्छ त्यसको प्रभावले मनुष्यको चित्त फेरि अनित्य विषयमा गमन गर्दैन। किनभने जगदादि समस्त पदार्थ मन : कल्पित अवस्थामात्र हुन । मनको उत्थान सँगै तिनीहरु उत्थित हुन्छन र मन विलय हुनु सँगै ती विलिन हुन जान्छन । मन जीवित रहुन्जेल कसैलाई पनि शान्ति लाभ हुने सम्भावना छैन । जुन जगद् व्यापार मनको कल्पना मात्र छन, त्यही फेरि जाग्रत, स्वप्न र सुषुप्तिमा फरक फरक रुपमा प्रतिभात् हुन्छन । *जाग्रतमा जुन स्थूलरुपमा प्रकाशित छ, स्वप्नमा त्यही सूक्ष्म भावमा विराजित छ । सुषुप्तिमा त्यो विलकुल रुपशून्य छ । तुरीयावस्थामा त्यसको पनि अतीत छ । यो तुरीय ब्रहम नै अवस्था भेदले सगुण र निर्गुण हुन्छ । यो तुरीयावस्था सृष्टि स्थिति लय शून्य अवस्था हो, त्यो सदा एकरुप छ ।* तथापि सब प्रकारको प्रकाशको आश्रय त्यही हो । सुषुप्ति पनि प्रकृतिको एक अवस्था मात्र हो । सुषुप्तिमा समस्त प्रकाश आच्छादित रहँदामा पनि तेसमा सब प्रकाशको बीज वर्तमान रहन्छ । अतयव प्रकृतिरुपताको प्राप्ति नै मुक्ति होइन, मुक्तिको स्वरुप अन्य किसिमको छ, त्यो प्रकृतिको अतीतावस्था हो । जाग्रत स्वप्न, सुषुप्ति यी तीन अवस्थाहरु मा चैतन्य सम भावले रहन्छ । कुनै अवस्थामा कुनै विकृति चैतन्यमा हुँदैन । अवस्था त्रयमा खालि बुद्धिको नै अवस्थान्तर हुन्छ । देह इन्द्रिय र मन बुद्धिको अधीन हुन्छन । अतयव बुद्धिको अवस्थान्तर सँगै यिनको पनि अवस्थान्तर हुन्छन् । देहाभिमानवशात् जीव ती सब अवस्थाहरुलाई आफनो अवस्थान्तर सम्झन्छन । परन्तु बुद्धिमा विकार भएपछि पनि जीव तेस देखि विकृत हुँदैन । जीव सब अवस्थाहरुमा आत्माराम छ यो जानिलिएपछि नै उसको भवबन्धन छुटन जान्छ ।

"जुष्टं यदा पश्यत्यन्यमीश-,
मस्य महिमानमिति बीतशोकः ॥

जीवभाव देखि भिन्न आत्मस्वरुप श्री भगवान खालि शुद्ध चित्तमा लक्षित हुन्छन । समाधि योगमा अर्थात् क्रियाको परावस्थामा मायातीत परमात्माको रुप लक्षित भए पछि जीवको ईश्वर देखि भिन्नतारुप भ्रान्ति विदुरित हुन्छ । तब फेरि जीवले आफुलाई शरीरादिमा आवद्ध सम्झदैन । यही हो मुक्ति । अविद्या उपाधिको

कारण जीवको संसारत्व भाव हुन्छ। यस देहभित्र सूर्यको किरणहरु समान जुन कूटस्थ ज्योति सदा वर्तमान रहन्छ, त्यसदेखि नै देह स्वप्रकाश र चैतन्ययुक्त प्रतीत हुन्छन। त्यो तेज नै ब्रहमको रुप हो। त्यो देहभित्र रहिकन देहलाई तेजोमय एवं प्रकाशमय गरिहाल्दछन। समस्त आकाश त्यही तेजले परिपूर्ण छ। जस्तो आकाश भित्र सूर्यरश्मि देखिंदैन, परन्तु आकाश देखि अवतरणगरी जब कुनै पदार्थमा पर्दछ तब उनको तेज समझमा आउँदछ उसरी ब्रहमतेजः घटस्थ भएपछि पनि जानिइदैनन्, त्यस समय उसको घटानुरुप नामरुप प्रकाशित हुन्छ। नामरुपमय यो घट नै क्षर भाव हो। घटमध्यस्थ आकाश या तेज नै अक्षर भाव हो। आकाशको अभ्यन्तर सूक्ष्मरुपमा परव्योम रहन्छ, त्यसभित्र असंख्य ब्रहमाणु रहन्छन, एक एक ब्रहमाणुमा फेरि ब्रहमाण्ड विराज्दछ। जब चन्द्र सूर्य अग्नि एवं समस्त वस्तुहरुमा ब्रहमाणु बोध हुन जान्छ तब ब्रहमज्ञानप्रस्फुटित हुनेछ। क्रियाको परावस्थामा त्यसको उपलब्धि हुन्छ, हृदयमा नै यो परावस्थाको स्थिति अनुभूत हुन्छ। यदि समस्त विषयहरुको ज्ञान प्राप्त गर्न चाहन्छौ भने त क्रियाको परावस्थामा रहनुको निम्ति प्रयत्न गर। हृदयमा यो स्थिति घनीभूत भएपछि फेरि विषयलाई जान्ने इच्छा रहँदैन। त्यही सकल ज्ञानको अन्त या वेदान्त हो। त्यही हो पुरुषोत्तम भाव। पहिले भनिसकिएको छ-आत्मा बाहेक अरु सारा वस्तुहरु क्षर हुन, यो क्षरभाव जन्ममरणको अधीन छ। कूटस्थ अक्षर नै अविनाशी पुरुष हो। जो कूटस्थमा दृष्टि नराखिकन जगद्वस्तुमा आसक्त हुन्छन। उनलाई बारम्बार पुनः पुनः देहान्तर परिग्रहण गर्नु पर्दछ। जो आठैप्रहर कूटस्थमा लागिरहन्छन त्यो अविनाशी कूटस्थ नै हुन जान्छन। यो क्षर र अक्षरको माथि परमात्मा या परमेश्वर छन, त्यही हो पुरुषोत्तम।

क्षर र अक्षरको यी दुवै भावहरु उनकै विभिन्न भाव हुन यी दुवै नै उनकै शक्ति हुन, भेद खालि यति मात्र छ एक परिणामी छ अनि दोस्रो अपरिणामी। गीतामा यसैलाई परा र अपरा प्रकृति बताएको छ। चचंचल श्वास प्रश्वासमा यो परिणामी भाव नै विशेषरुपले व्यक्त हुन्छ। श्वासको स्थिरता नै अचंचल कूटस्थको रुप हो। यस स्थिर भावलाई अवलम्बन गरेर नै चचंचल भाव प्रवाहमान भैरहेको छ। यसैले पुरुषोत्तम जसरी एकातिर निर्गुण, निष्क्रिय एवं सदा मुक्त छ, दोस्रोतिर भर्त्ता भोक्ता महेश्वर छ। यो जगत् र जीव भाव दुवै उनकै नामरुप हुन। परन्तु त्यो स्वयं नामरुप विवर्जित छ।

भगवदर्पण

लय विक्षेप नै चित्तको अशुद्धि हो, योगाभ्यास द्वारा लय विक्षेप नष्ट भए पछि चित्त शुद्धि हुन्छ। शुद्ध चित्तमा फलाभिसन्धि रहदैन, त्यो सर्वदा ईश्वरमुखी हुन्छ, अतयव त्यस शुद्ध बुद्धि देखि जे जुन गरिन जान्छन त्यो सब भगवदर्पित हुन्छ। यो भगवदर्पण सम्पूर्ण भएपछि चित्त निरन्तर शुद्ध रहन्छ, त्यही सर्वकर्म संन्यासको हेतु हो। *जीवको विविध वासना नै संसार हो। घनीभूत वासनाले नै गृह, दारा, पुत्र, मित्र, बन्धु द्वेष्य, शत्रु आदिको रचना गर्दछ। वासना क्षय नहुँदाखेरि मृत्यु पछि जीव ती लोकहरुमा गमन गर्दछ, जाहाँ उनको वासना अनुकुल भोग-लालसा परितृप्त हुन्छन्।* तीव्रतर साधनाको प्रभावले जसको चित्त जति नै स्थिर हुन्छ, उसको त्यति नै भगवन्निष्ठा बढोत्तरीलाई प्राप्त हुन्छ। निष्ठा वृद्धि हुँदै

हुँदै आफसे आफ स्थिति रुपमा निर्वृति प्राप्त हुन्छन । *तेहाँ फेरि संसार रहँदैन ।* *परन्तु यसको निम्ति ब्रहम वासनाको तीब्र हुनु आवश्यक छ, नत्र भने त संसार वासना सम्यकरुपसँग नष्ट हुने छैन ।* कोही कोही मानिसहरु भन्दछन प्रयत्न गरेर पनि काम क्रोध लोभ मोहादि कसैगरेर पनि निवृत्त हुन चाहँदैन, उनको प्रयत्नमा सम्भवत: वैराग्य छैन या सम्यक साधनामा निश्चय नै कुनै त्रुटि छ नत्र त विषय वासना किन मेटिन्न । *विषय वासनाले नै त सन्सार छ । यो विषय वासना जसको जति नै दृढ छ त्यसको सन्सारमा र भोगलोकादिमा पुनरागमन तेति नै सुनिश्चित छ ।* जुन मानिसहरु प्रयत्नपूर्वक क्रियाभ्यासमा रत हुन्छन तथा जसको मनले सदा कूटस्थमा लक्ष्य राख्न सक्तछ उनको विषय वासना या रजस्तमोभाव समुल उत्पाटित हुन जान्छन प्राण सुषुम्नावाही हुनु विना वासना बीज नष्ट हुँदैन । यसैले आलस्य र प्रमादरहित भएर क्रिया गर्नु कर्तव्य छ । जो वासना पिंजर बाट मुक्त भएको छैन त्यो कहिल्यै आत्मवेत्ताको रुपमा गनिन जान सक्तैन वासनाको क्षय हुनुबाटै मनोनाश हुन्छ तथा मनोनाश भएपछि स्वरुपमा स्थिति या मुक्तिको प्राप्ति हुन्छ । जीवन मुक्त पुरुष पनि कर्म गर्दछन । परन्तु तिनीहरु अभिसन्धिपूर्वक कर्ममा प्रवृत्त हुँदैन । उनको आत्म चिन्तन धारा कुनै कर्म द्वारा विच्छिन्न हुँदैन, यसकारण उनको आत्मबोध सदा जाग्रत रहन्छ । जाग्रत र स्वप्नमा चैतन्य रहिकन पनि जसरी चैतन्य यी सब अवस्थाहरु देखि निर्लिप्त रहन्छ, जीवन मुक्तको सान्सारिक स्थिति पनि तद्रुप नै हुन्छ । कर्मको अंग जसरी प्रयोजन अुनसार अन्त: प्रविष्ट हुन जान्छन, त्यसरी नै जीव मुक्तको इन्द्रियहरु रहेरै पनि विषय देखि दूर रहिकन अन्तर्मुखी भएर स्थिरत्व भावलाई प्राप्त हुन्छन ।

समाधि साधना-

समाधि साधनाको अभ्यास गर्नुपर्नेछ, परन्तु समाधिष्ट हुनु सहज छैन । यसको निम्ति प्रयत्नपूर्वक साधना गर्नु पर्नेछ तथा त्यसको साथै मनमनै आत्मविचार गर्नु पर्नेछ । जे जति स्थूल छ त्यो मनोमय कल्पनाकै घनीभूत अवस्था हुन । प्राणको स्पन्दन नै मन या कल्पनाको आश्रय हो । प्राणको स्पन्दन निरुद्ध भएपछि मन आकाशवत् हुन जान्छन । त्यो आकाश या नाद (नाद आकाशको गुण हो) नि: शब्द विन्दुमा प्रविष्ट हुन्छन । विन्दु नै मायातीत अवस्था हो, त्यही ब्रहमद्वार हो । अतयव तिम्रो निजस्वरुप सदा नै नि:संग छ । यो भाव अनुभव गर्नुको चेष्टा गर, यसैबाट बुझ्न सकनेछौ तिमी शरीर होइन

"न किंचिदेव देहादि न च दु:खादि विद्यते "

देहादि वास्तविक होइन, अतयव देहजनित दु:खादिको अस्तित्व पनि छैन ।

जुन मानिसहरु बन्धनमुक्त हुनको लागि सृदृढ चेष्टामा रत छन उनलाई वसिष्ठ गीताको यो उपदेश सर्वदा स्मरणमा राख्नु पर्ने हुन्छ ।

"आसक्तिमाहु: कर्त्तृत्वमकर्तुरपि तद्भवेत्
मौर्ख्ये स्थिते हि मनसि तस्मान्मौर्ख्य परित्यजेत ॥

मन यदि मूढ छ त त्यस सँगै आसक्ति रहनेनै छ । अतयव मूर्खतानै प्रथम त्याज्य छ । आसक्ति नै असली कर्तृत्व हो । यदि कर्म नगरे पनि जबसम्म आसक्ति छ, तबसम्म तिमीले कर्म नगरे पनि कर्त्ता बनिरहनेछौ । कर्तृत्वको कारण बन्धन पनि अनिवार्य छ, अतयव श्री भगवान एवं वसिष्ठजीको उपदेश यो छ

"योगस्थः कुरु कर्माणि संग त्यक्त्वा धनंजय ।"
निःसंग भै सिद्धि-असिद्धिलाई समान सम्झेर कर्म गर ।

"शान्तब्रहमवपुर्भूत्वा कर्म ब्रहममयं कुरु
ब्रहमार्पणसमचारो ब्रहमैव भवसि क्षणात् ॥

ब्रहम जसरी शान्त छ , तिमी पनि ब्रहम चिन्तन द्वारा यसरी शान्त भएर कर्म गर । जल एवं जलको तरंग जसरी अभिन्न छ , कर्म पनि त्यसरी ब्रहमदेखि अभिन्न छ । यसरी कर्म ब्रहमार्पित भएपछि तिमी क्षणभरमै ब्रहमरुप हुन जानेछौ ।

यदि यस्तो गर्न सक्दैनौ त सर्वत्र सगुण ईश्वर भाव दर्शन गर्नुको चेष्टा गर

"ईश्वरार्पितसर्वार्थ ईश्वरात्मा निरामयः
ईश्वरः सर्वभूतात्मा भव भूषित भूतलः

ईश्वरात्मामा सर्वकर्म समर्पण गरेर ईश्वरमै मनलाई निमग्न गर यसले तिमी निरामय हुन सक्नेछौ । सर्वभूतहरुको आत्मा ईश्वर हो, ईश्वरार्पित चित्त ले कर्म गर्न सकेमा तिमी जगतको भुषणस्वरुप हुन जानेछौ ।

"संन्यस्तसर्वसंकल्पः समः शान्तमना मुनिः
संन्यास योगयुक्तात्मा कुर्वन मुक्तिमतिर्भव ॥

तिमी सर्वसंकल्प त्याग गरी शान्तमना भएर हेर , तिमी नै सर्वत्र समभावमा व्याप्त छौ । यसरी सर्वसंकल्प त्याग भएपछि तिमी युक्तात्मा भै सर्वसंग त्याग गर्न समर्थ हुनेछौ ।

"सर्व संकल्प संशान्तौ प्रशान्त धनवासनम्
न किंचिद्भावनाकारं यततद् ब्रहमपरं विदु

जब संकल्प सम्यकरुपमा शान्त हुन्छ, वासना समूह प्रशान्त हुन्छन, चित्तमा कुनै किसिमको भावना उदित हुँदैन तब त्यसैलाई ब्रहमभावमा अवस्थित जान ।

संकल्प, वासना एवं भावना-

अनादि कालदेखि चित्तमा जुन कर्मसंस्कार संचित रहन्छन । तेही हो वासना । जलमा मृत्तिका रहेपनि जल स्वच्छ सफा देखिन्छन । परन्तु जल यदि आलोडित हुन्छ त त्यो जल अस्वच्छ हुन जान्छ । चित्तमा वासना रहन्छ नै । उसको आलोचना गर्दाखेरि नै तद्विषयक संकल्प हुन्छ । संकल्पलाई आलोडन गरेपछि त्यो

भावनारुपमा परिणत हुन्छ । जब संकल्प वासना र भावना चित्तदेखि मेटिन जान्छन् तब चित्तको चित्तत्व रहँदैन । चित्तको यस किसिमको प्रशान्त भाव नै जीवन मुक्तको लक्षण हो । अज्ञानको निवासस्थान चित्त नै हो । चित्तको क्षय भएपछि अज्ञानको नाश हुन्छ । चित्त नै कर्ममय वासना द्वारा कार्यरुपमा परिणत हुन्छ तथा त्यही समस्त कर्मभाव या शक्तिको मूल हो। ब्रहम नै चित्तको आश्रय हो। जब चित्त देखि कर्मवासना विलुप्त हुन्छ तब चित्त पनि क्षय हुन जान्छ, अतएव तब एक ब्रहम भाव बाहेक अन्य केही पनि रहन सक्तैन । तबै अन्तर्बहिः सब ब्रहममय हुन जान्छन ।

"समस्तकलनाजालस्येश्वरत्वैकभावना
गलितद्वैतनिर्भासमेतदेवेश्वरार्पणम ।"

कसरी कर्मलाई ब्रहमार्पण गर्ने ? यद्यपि जड एवं चैतन्यलाई विकारलाई पृथक गरेर नै बुझ्नु पर्दछ, परन्तु वास्तविक जड नामको कुनै वस्तु छैन । चैतन्य जब तमः द्वारा अभिभूत हुन्छ तब त्यो जड दृश्यरुप प्रतीत हुन्छन । जड कुनै पृथक वस्तु होइन । बोधरुप समस्त वस्तुहरु एक-चित्स्वरुप छन । सबै वस्तुहरु ईश्वरै हुन । यस भावना देखि जब द्वैतभाव विगलित हुन्छ त त्यही प्रकृत ईश्वरार्पण हुन । द्वैतभ्रम विदुरित हुन गएपछि फेरि शोकताप ले सन्तप्त हुनु पर्दैन । अर्जुनलाई यो अवस्था प्राप्त भएको छ, यो भागवतमा यसरी वर्णित छ ।

"वासुदेवांघ्र यनु ध्यान-परिवृंहितरंहसा
भक्त्यानिर्मथिताशेषकषायधिषणोर्जुन ॥
गीतं भगवताज्ञानं यत्तत् संग्राम मूर्द्धनि
कालकर्मतमोरुद्धं पुनरध्यगमद्विभुः
विशोको ब्रहम संपत्या संच्छिन्नद्वैतसंशय
लीनप्रकृतिर्नैगुण्यादलिंगत्वादसम्भवः ॥"

श्री कृष्णको स्वधाम गमन पश्चात् अर्जुनको हृदय अत्यन्त शून्य हुन गयो । तब उनले वासुदेवको चरण युगलको नियत ध्यानले बर्द्धित भक्तिवेग द्वारा तेस तत्त्वज्ञानलाई फेरि प्राप्त गऱ्यो जुन कुरुक्षेत्र युद्धको समय श्रीकृष्णले उपदेश गर्नुभएको थियो अनि जुन काल र कर्मरुप अन्धकार द्वारा आवृत हुन गएको थियो । यसरी ब्रहमज्ञान द्वारा प्रकृतिलीन भएपछि सत्त्वादि गुणत्रय अनि गुणत्रयको कार्यभूत लिंग शरीर विषयक ज्ञान रहँदैन । तन्निबन्धन स्थूल शरीरको पनि अभिमान तिरोहित हुन जान्छ । यसरी द्वैतभ्रमको मूलीभूत अविद्या विलय भएपछि अर्जुन सम्यकरुप्ले शोक विरहित हुन गयो ।

श्री भगवान्को अरुप चिन्मय एवं रुपमय विग्रह-

श्री भगवानको रुपमय भाव पनि अतीव नै सुन्दर छ । हामीलाई रुप हेर्नूको नै त अभ्यास छ, अतएव अरुपको कुरा सुन्दा खेरि भय लाग्दछ । यसैकारण रुप विवर्जित ब्रहमभाव हामीलाई शून्य लाग्दछ । परन्तु यो यथार्थ कुरा होइन । अरुपको भित्र पनि जसको चित्त मग्न हुन जान्छन, उनलाई एक एस्तो वस्तुको

सन्धान मिल्दछ जुन रुपमा पनि दुर्लभ छ। यस रुपमय भावको दुई रुप छन। एक छ सबलाई एक गर्नेवाला जोतिर्मय रुप जुन शुद्ध ज्योति मात्र हो। त्रिभुवनको समस्त यस ज्योति भित्र प्रवेश गरी ज्योतिरुपतालाई प्राप्त हुन्छन। त्यो पनि रुप त हो, परन्तु घोर प्रचण्ड रुप छ। त्यस रुपभित्र अन्य विविध विचित्र रुप सब एक हुन जान्छन। यसैले विश्वरुप देखि भयभीत अर्जुनलाई श्री भगवान्‌ले आफ्नो मानव मूर्त्ति देखाउनु भै आश्वस्त गर्नु भएको थियो। यो रुप मनुष्य समान भएर पनि ठीक मनुष्यरुप होइन। त्यो नवनीरदश्यामल तनु-त्यो रुप अति नै मनमोहनीय चित्ताकर्षक छ। भावुक भक्तहरु यस रुपमा मुग्ध हुन जान्छन।

"रुप लागि आंखि झुरे गुने मन भोर ,
प्रति अंग लागि कां दे प्रति अंग मोर ॥"

"रुपको-लागि आंखाहरु देखि आंसू बहिरहेकाछन, प्रभुको गुणहरु ले मन भरी भरी छ र उनको प्रत्येक अंगको निम्ति मेरो प्रत्येक अंग रोइरहेकाछन्।"

रुप प्रति जीवको जुन स्वाभाविक मोह छ, यो श्यामसुन्दर रुप देखेपछि उनको त्यो मोह कटन जान्छ। यस रुपलाई देखेपछि फेरि अरु रुप तिर आंखा फेर्नुतिर इच्छै हुदैन। कहिल्यै चिन्मयी मातृमूर्त्तिमा कहिल्यै राम कृष्ण आदि भक्त भावानुरुप चिन्मय विग्रहमा अरुपको सुन्दर मन भावन रुप फुटित हुन्छ। त्यसमा मनुष्य कै समान प्राण भरीभरी पूर्ण प्रेम, त्यही हास्यमय प्रेमवीक्षण! आहा! कतिकति अपूर्व शोभा विकीर्ण गर्दछ! ब्रहम सच्चिदानन्द विग्रह हो, यो मूर्त्ति त्यस आनन्दको घनीभूत मूर्त्ति हुन् यो पांचभौतिकी शरीर होईन। त्यो अप्राकृत चिदानन्दरुप भावमय विग्रह हो। सान्सारिक विविध सम्वन्धको आदर्शहरु देखि नै यो भगवदभाव सिक्नु पर्ने हुन्छ। *माता, पिता भाई वन्धु स्त्री पुत्रादि सँग हामी जुन व्यवहार गर्दछौं, तथा त्यसको निमित्त अनुराग पोषित गर्दछौं, त्यही अनुराग त्यही व्याकुलता, त्यही आकुति भगवानको निमित्त भए पछि उनको प्राप्ति अनायासै हुन्छ।* जो सर्वव्यापी सर्वमय तथा मन इन्द्रियहरुको अगोचर छन, त्यही फेरि माया मनुष्य रुपमा भक्तको स्थूल दर्शन स्पर्शन लालसालाई पनि चरितार्थ गर्दछन। उनको जुन जुन भावले भजन गर्दछन, त्यसले पनि त्यही त्यही भावमा भज्ने गर्दछन। जो उनको अगाडि सामान्य विषयको लागि प्रार्थी हुन्छ, त्यसले उसको विषयाभिलाषालाई मेटिदिएर उनको आफनो चरणसेवाको अधिकारी बनाइदिनु हुन्छ। यति यति उनको करुणा छ। हाम्रो चित्त जबसम्म गुणमय पदार्थमा अभिनिविष्ट रहला, तबसम्म सब चीजलाई विर्साई दिने वाला उनको आनन्दमय स्वरुपमा हामी अनुरक्त हुन सक्ने छैनौं। जस्तो आत्मसत्तामा त्यस्तै नै मायातनु विग्रहमा पनि उनको त्यो परमानन्द स्वरुप सर्वत्र आस्वादनीय छ। यसैकारणा गोपीजन वल्लभ को दर्शन प्राप्त गरेर गोपिनीहरु आनन्दले विहवल भै सब किसमका सन्तापहरु देखि रहित भएका थिए।

श्री भगवान्‌को ध्यान-

"तत्रो पविष्टो भगवान् स ईश्वरो
योगश्वारन्तर्हृदि कल्पितासन

चकाश गोपि परिषद गतोऽर्चित :
त्रैलोक लक्ष्मैक पदं बपुर्धत ॥

योगीश्वर जन आफनो हृदय पद्ममा जसको आसनको कल्पना गर्दछन, त्यही सर्वेश्वर भगवान् गोपीसभामा उनिहरु द्वारा अर्चित भएर उनिहरुकै उत्तरीयासनमा उपविष्ट भै त्रैलोक्य लक्ष्मीको शोभास्पद रुप धारण गरी शोभा पाउन लागे ।

"तासामाविरभूच्छौरि : स्मयमानमुखाम्बुज

पीताम्बर धरः स्रग्वी साषन्मन्मथ मन्मथ ॥

जब कृष्ण दर्शन देखि व्याकुल भएर गोपिनीहरु काँतर चित्तले रोदन गरिरहेका थिए, त्यस समय उनिहरुको सामुन्ने सस्मित मुख श्री भगवान् मदनमोहन रुपमा आविर्भूत हुनु भयो ।

श्री कृष्ण नै आनन्दको त्यो घनीभूत मूर्ति हुन, परमानन्दको आवरणशून्य रुप हुन । त्यही लोक विमोहनीय, गुणसम्बन्ध देखि शून्य मायातनु हो । यस रुप देखि समस्त इन्द्रियहरु परितृप्त हुन्छन, तथापि यसमा कामको लेश पनि हुँदैन । यो जड होइन, साक्षात् चिन्मय वस्तु हो । याँहा फूल छैन, तथापि पुष्पगन्ध एवं शोभा छ, द्रव्यत्व छैन तर पनि मिठास छ, शरीर छैन, तथापि रुप छ । शरीर र द्रव्यलाई लिएर नै कामक्रीडा हुन्छ । यो प्राकृत भाव मात्र हो । परन्तु त्यो मनभावन रुप, त्यो स्मित मुस्कान, त्यो प्रेम अप्राकृत हुन्छ, यसैले श्री भगवान मदनमोहन छन । यही अरुपको रुप हो । श्री भगवान्‌को एक अरु रुप छ । त्यो वर्ण या रुप होइन, त्यो केवल रुप हो । त्यो भावमय पनि छैन । त्यो विशुद्ध सत्तामात्र छ । त्यसलाई सहजै सम्झन सक्तैन । त्यही आफु आफै सत्तामात्र छ । त्यसलाई सहजै सम्झन सक्तैन त्यही आफु आफै हो, तेसलाई श्री गुरुदेव क्रियाको परावस्था बताउंछन । प्रथम तनुलाई सामान्य या मायातनु भन्दछन, अन्तिम तनु उसको परम रुप हो जुन नित्य, आद्यन्तरहित छ अनि मायाको परपार छ । प्रथम रुप भक्तको प्राणलाई आकर्षण गर्दछन । भक्त जब त्यस रुपलाई हेर्दा हेर्दा या स्मरण गर्दा गर्दा तन्मय हुन जान्छ, तब उसको चित्त शुद्ध हुन जान्छ । त्यस शुद्ध चित्तमा नै परमरुप प्रकाशित हुन्छ । चित्त अशुद्ध भएमा त्यो कदापि समझमा आउँदैन । यसैले भावको पूजा र योगादि अभ्यास गर्दा गर्दा जब चित्त लय-विक्षेपरुप मल देखि शून्य हुन जान्छन त त्यो निर्मल सत्त्वले नै आद्यन्तरहित ज्ञानमय परमरुपलाई जान्न सक्तछन ।

श्री भगवान कृष्णले अर्जुनलाई यही परमरुपको परिचय दिनु भएको छ ।

"समान्यं परमं चैव द्वै रुपे विद्धि मेऽनघ;
पाण्यादियुक्तं सामान्यं शंखचक्रगदाधरम ॥

परं रुपमनाद्यन्तं सन्ममैकमनामयम;
ब्रहमात्मपरमात्मादिशब्देनैतदुदीर्यते ॥

हे अनघ ! मेरो दुई रुप जान सामान्य र परम हस्तापदादि विशिष्ट शंख चक्र गदाधारी रुप नै मेरो सामान्य रुप हो । मेरो परम रुप आदि अन्तहीन एवं अनामय छ । त्यो ब्रहम,परमात्मा आदि शब्दहरुले अभिहित हुन्छन ।

"यावद प्रति बुद्धस्त्वं अनात्मज्ञतया स्थितः;
तावच्चतुर्भुजाकारं देवपूजापरोभव ॥
तत्कमात्सम्प्रबुद्धस्त्वं ततो ज्ञास्यसि तत्परम;
मम रुपमनाद्यन्तं येन भूयो न जायते ॥

आत्मज्ञानको अभावको कारण जबसम्म तिमी प्रबुद्ध हुँदैनौ, तबसम्म चतुर्भुजाकार मेरो सामान्य रुपकै पूजा गर । यसरी वाह्य पूजादि गर्दा गर्दा जब तिमी प्रबुद्ध हुन जाने छौ तब मेरो आदि अन्तले रहित परम रुपलाई जान्न सक्नेछौ । त्यसलाई जानिलिएपछि फेरि जन्मग्रहण गर्नु पर्दैन ।

"प्रतिबिम्बेष्विवादर्श समं साक्षिवदास्थितम्
नश्यत्सु न विनश्यन्तं यः पश्यति स पश्यति ॥ "

म साक्षी स्वरुपमा अवस्थित छु । दर्पणमा प्रतिविम्ब समान जगत रुपको म साक्षी मात्र हुन् । मायादर्पण संकुचित भए पछि फेरि प्रतिविम्ब देखिदैन । प्रतिविम्ब नष्ट भएर पनि साक्षीस्वरुप आत्मा नित्य वर्तमान रहन्छ यो जसले जान्दछ उसैले ठीक जान्दछ । अतयव-

"न कुर्याद्भोगसंत्यागं न कुर्याद्भोगभावनम्
स्थातव्य सुसमेनैव यथा प्राप्तानुवर्तिना ॥

शरीर धारणको लागि जति प्रयोजनीय छ, त्यति भोग त्याग गर्नुको जरुरी छैन । भोगको अनेकताको लागि पनि चिन्ता गर्नुको आवश्यकता छैन । मनमा सदा समता राखिकन यथा प्राप्त विषयको अनुवर्तन गरोस ।

"नानात्वमलमुत्सृज्य परमात्मैकतां गतः,
कुर्वन् कार्यमकार्यंच नैव कर्त्ता त्वमर्जुन ॥"

हे अर्जुन ! नानात्व मल परित्याग गरेर परमात्ममयतालाई प्राप्त गर ।-[चित्तलाई ब्रहमभावले भावित गरेपछि परमात्मभावमा स्थिति प्राप्त हुन्छ] त्यस अवस्थामा कार्य या अकार्य गर्दैमा पनि तिमी कर्त्ता हुँदैनौ ।

आत्मज्ञान प्राप्तिको उपाय

मनः शासन, योगाभ्यास एवं प्राणायाम

आत्मा स्वयं शुद्ध र निर्मल छ। प्रकृतिको कुनै क्लेदले त्यसलाई स्पर्श गर्न सक्दैन। *"धाम्ना स्वेन सदा निरस्त कुहकं"* परमात्मा या भगवान्को निजधाममा माया आफना् इन्द्रजाललाई विस्तार गर्नमा सर्वथा असमर्थ छ। श्री भगवान्को यो स्वरुपी परमधाम "शुद्धमत्यन्तनिर्मल" छ, बुद्धि द्वारा यसलाई बुझ्न पाउनु नै ज्ञानालोचनाको फल हो। आत्मा शरीरमा प्रविष्ट भएर देह-प्रकृति को सुख दुःखादिलाई आफ्नो सुखदुःखको रुपमा अनुभव गर्दछ। *यस कल्पित सुख दुखको अनुभूति द्वारा नै आत्मा देहमा बद्ध हुन जान्छन। पुनः पुनः यस प्रकारको सुख दुःख अनुभव गर्दै गर्दै एस्तो अनुभव हुन्छ, आत्मा मानो शरीररुपतालाई प्राप्त भएको हो। यस अवस्थामा एक नै आत्माको दुई विभाव प्रकाशित हुन्छन, । एकलाई जीवात्मा र अर्कोलाई परमात्मा संज्ञा दिइन्छन।* जीवात्मा वस्तुतः परमात्मा देखि अभिन्न छ, परन्तु त्यो जब प्रकृतिसँग मिल्न जान्छ, प्रकृतिको कार्यलाई आफनो कार्य सम्झेर अभिमान गर्दछ, तब उसको जीव संज्ञा कार्यलाई आफनो कार्य सम्झेर अभिमान गर्दछ, तब उसको जीव संज्ञा हुन्छ। परमात्मा ईश्वर जन्म मरण सुख दुःखादिको अतीत छन, परन्तु जीव अनीश, शोक र मोहमा मुत्यमान तथा जन्म मृत्युको सदा अधीन छ। तथापी जीवले फेरि आफनो अधिकार प्राप्त गर्न सक्तछ। श्रुतिमा यसको उपदेश छ-

"द्वा सुपर्णा सयुजा सखाया, समानं वृक्षं परिषस्वजाते
तयोरन्यः पिप्पलं स्वाद्वत्त्वनश्नन्नन्योऽभिचाकशीति ॥
समाने वृक्षे पुरुषो निमग्नोऽनीशया शोचति मुहयमानः
जुष्टं यदा पश्यत्पन्यमीशमस्य महिमानमिति वीतशोक ॥"

(मुण्डक, तृतीय)

सर्वदा संयुक्त, तुल्य स्वभाव जीव र ईश्वररुपी दुई पक्षी एकै शरीररुप वृक्षमा अवस्थित रहन्छन। ती दुईमा एक (अर्थात जीव) विचित्र स्वादिष्ट कर्मफल भोग गर्दछ तथा दोस्रो (नित्यमुक्त सर्वज्ञ ईश्वर) भोग नगरेर दर्शन मात्र गर्दछ। एकै शरीररुप वृक्षमा (ईश्वरसँग) अवस्थित भएर पनि जीव स्वीय ऐशभावलाई अज्ञता या विस्मृतिवश मोहग्रस्त भएर स्त्री पुत्रादिको वियोगमा अनि अर्थादिको नाशमा शोकाच्छन्न भैकन दुख भोग गर्दछ। त्यही भ्रान्त जीव धेरै जन्महरु पछि फेरि जब सद्गुरुको उपदेशले साधन प्राप्त गरेर ज्ञानको उच्चतम शिखरमा आरुढ हुन्छ, तर जीवभाव देखि विलक्षण ईश्वरको दर्शन गर्दछन तथा उनको महिमा (ऐश्वर्य) लाई उपलब्ध गर्दछ। अर्थात् भित्र बाहिर जे जति छ सब उनैको प्रकाश हो, उनिदेखि पृथक सत्ता अरु कसैको पनि छैन, यो सम्यक उपलब्धि गरेर त्यो पनि समाहित चित्त भै दुःखातीत अवस्थालाई प्राप्त गर्दछ।

महाभारतमा लेखिएको छ-"परमात्मा मेरो परमबन्धु हो, उनको आश्रय गरेर म उनको स्वरुपत्वलाई प्राप्त गरी उनि देखि अभिन्न हुन सक्तछु । म मा उनि देखि कुनै पनि अंशमा न्युनता छैन । म उनकै समान निर्मल र अव्यक्त छु , यसमा सन्देह छैन । मोहवश प्रकृतिको वशीभूत हुनुको कारण मेरो यस किसिमसँग दुर्गति उपस्थित भएको छ। निर्गुण भएर पनि मैले प्रकृतिको सगुण सहवासमा यत्तिका समय विताइदिंए, मेरो समान निर्वोध अरु को होला ?

यस दुर्दशा देखि मुक्ति प्राप्त गर्नको लागि शास्त्र उपदेश दिन्छन-

"प्रकृते भिन्नमात्मानं विचारय सदाऽनघ,"

हे अनघ ! "प्रकृति देखि आत्मा भिन्न छ, सदा यसको विचार गर । गीतामा श्री भगवानले यसै कुराको समर्थन गर्नु भएको छ-

"उपद्रष्टानु मन्ता च भर्त्ता भोक्तामहेश्वर :
परमात्मेति चाप्युक्तो देहेऽस्मिन पुरुषः परः ॥(१३ अ.) ॥

नान्य गुणेभ्यः कर्त्तारं यदा द्रष्टानुपश्यति;
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥ १४ अ. ॥

श्रीधर स्वामी यसको व्याख्यामा भन्नु हुन्छ प्रकृतिजनित अविवेक वश पुरुषको यो संसार छ । वस्तुतः पुरुषको संसार छैन । प्रकृतिको कार्य देहमा अवस्थित भैकन पनि पुरुष प्रकृति देखि भिन्न छ अर्थात प्रकृतिको गुणले युक्त छैन । किनभने त्यो प्रकृतिको कार्यको साक्षी मात्र छ । त्यो अनुमन्ता अर्थात् सन्निधिमात्रले अनुग्राहक छ अर्थात निर्लिप्त भावसँग अनुमोदन गर्दछ । त्यो भर्त्ता हो अर्थात देहेन्द्रियको । सत्ताको स्फुरण उसैबाट हुन्छ, त्यो नरहेमा देहेन्द्रिय मन बुद्धि कसैको पनि पुष्टि हुँदैन । त्यो भोक्ता हो अर्थात सुख दुःखादिरुप बुद्धि वृत्तिको यो उपलब्धि कर्त्ता हो, त्यो नरहेमा कसैलाई केही अनुभव हुँदैन । त्यो महेश्वर हो अर्थात् जीवात्माको मूल हुनुको कारण त्यही परमात्मा हो । यस देहमा अवस्थित जो पुरुष छ त्यही पर पुरुष अर्थात श्रेष्ठ छ । नाना पात्र स्थित जलमा जसरी एकको प्रतिविम्ब पर्दछ, त्यसरी नै नाना देहहरुमा जीवात्मा एक सत्य ब्रहमकै प्रतिविम्ब मात्र हुन । श्रुति पनि भन्दछन-*"एष सर्वेश्वर एष भूताधिपति एष लोकपाल"* । प्रकृतिको गुण संगको हेतु संसार बाहुल्यको वर्णन गरेर अब तेसदेखि व्यतिरिक्त मोक्ष प्राप्तिको विषयमा भन्नु हुन्छ-प्रकृतिज गुणसमूह नै बुद्धयादिको आकारमा परिणत भएर कर्म गर्दछन, गुण देखि भिन्न आत्मा सदा साक्षी स्वरुप छ, यसलाई जसले जानिलिन्छ त्यो मेरो भाव अर्थात् ब्रहमत्वलाई प्राप्त हुन्छ ।

जीवले आफनो स्वरुपलाई कसरी विर्सन गएको छ-यो ज्ञात छैन । जे होस, अब फेरि उसलाई निज स्वरुप सँग परिचय हुनु आवश्यक छ । निजस्वरुपलाई चिन्ने प्रणाली छ, त्यसको श्री भगवान्‌ले गीतामा अनेक स्थानहरुमा व्याख्या गर्नु भएको छ । श्री भगवान् भन्नुहुन्छ-

"इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः
सर्गेऽपि नोपजायन्ते प्रलये नव्यथन्ति च॥

यो ज्ञान प्राप्त गरी जसले मेरो साधर्म्य प्राप्त गर्दछन अर्थात् त्रिगुणातीत अवस्थालाई प्राप्त हुन्छन , तिनीहरु सृष्टिकालमा पनि जन्म ग्रहण गर्दैन, प्रलय कालमा पनि लयलाई प्राप्त हुँदैन । अब त यो स्पष्ट भै हाल्यो-जन्म मरणको दुख भोग नै जीवत्व हो । यो जीवत्व कसरी छुट्ला त ?

योगमाया द्वारा समाच्छन्न जीवले निजस्वरुपलाई भुलिकन शरीरमा आत्मबुद्धि स्थापित गरेको छ । यसैले त्यो दीन, आतुर भएर आश्रय खोज्नको निम्ति भटकिरहेको छ । यस मार्गच्युत भ्रान्त पथिकको लागि ऋषिहरुले साधन पथको निर्देश गरेका छन । जीव जबसम्म मोहाच्छन्न अवस्थामा रहन्छन, तबसम्म उसको लक्ष्य उच्च रहँदैन, तब सम्म पशुवत् जीवन यापन गर्दछ । आहार, निद्रा भय, मैथुन-यी नै जीव साधारणको धर्म हुन । मनुष्य एवं मनुष्येतर समस्त जीव सामान्यतः यसै धर्मद्वारा परिचालित हुन्छन । *समस्त जीवदेहहरु भन्दा मनुष्य देह सर्वोत्तम छ । यस देहलाई पाएर नै जीव मुक्तिको सोपान अन्वेषण गर्नमा यत्नशील हुन्छ । मनुष्यमा यो धर्म अनन्यसाधारण छ । यही ज्ञान हो । मनुष्य भित्र जुन पशुभाव रहन्छ, त्यस लाई संयत गरेर यस ज्ञान द्वारा मनुष्यको दिव्य भावलाई प्रस्फुटित गर्न सक्दछन । यही हो जीवको परित्राण ।* जसले मोक्षको सोपानभूत सुदुर्लभ मनुष्य शरीर पाइकन यस देह मध्यस्थ जीवको परित्राणको चेष्टा गर्दैन, त्यो भन्दा महापापी अरु को होला-

सोपानभूतं मोक्ष्यस्य मानुष्यं प्राप्त दुर्लभम्
यस्तारयति नात्मानं तस्मातं पाप तरोऽत्र कः ॥

(कुलार्णव तन्त्र)

अधिकारी भेदले पशुत्व संयमनको तीन उपाय ऋषिहरुले निर्देश गरेकाछन । यी कर्म (योग) भक्ति र ज्ञानको नामले अभिहित छन । प्राण, मन र बुद्धि क्रमशः कर्म, भक्ति र ज्ञान प्राप्तिको साधन हुन । यस मार्गत्रय द्वारा जीव पुनः आफनो धाममा प्रवेश गर्न सक्तछन । प्राण, मन र बुद्धिको जुन स्वाभाविक गति या धर्म छन तिनको छन्दानुवर्त्तन नै जीव धर्म हो । परन्तु बुद्धिको सहायताले मनुष्य उच्च विचार ज्ञानानुशीलन द्वारायस छन्दानुगमनको प्रतिरोध गर्दछ । योगाभ्यास, भक्ति एवं ज्ञानानुशीलन द्वारा मनुष्य जब आफनो समस्त शक्तिलाई परिचालन गर्नको लागि उद्यत हुन्छ त अनि पश्चात् कृतकार्य हुन्छ तब त्यसले देवत्वलाई प्राप्त गर्न सक्तछन । यस किसिमको अनुशीलन या भगवद भजनको निम्ति पापक्षय हुनु आवश्यक छ, नत्र त भगवत् प्राप्तिको लागि जीवमा आग्रह उत्पन्न हुन सक्तैन । तिनीहरु नै भगवान्को भजन गर्न सक्तछन, जसको पाप क्षीण भएको छ । गीतामा श्री भगवान् भन्नु हुन्छ ।-

"येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम्
ते द्वन्द्व मोह निर्मुक्ता भजन्ते मां दृढव्रताः ॥"

द्वन्द्वमोह देखि निर्मुक्त नहुनुको कारण नै भगवान्‌लाई दृढभावसँग भजनुको प्रवृत्ति सामान्य मनुष्यहरुमा प्रबलतापूर्वक आउँदैन । मनुष्यको पाशविक धर्म नै उसको प्रधान विघ्न छन। यस पशुभाव देखि माथि उठ्न नसक्नाले जीवमा जुन एक असाधारण शक्ति या धर्म रहन्छ, त्यो परिस्फुट हुन सक्तन । यसैकारण श्री भगवान्‌ले अर्जुनलाई सावधान गर्नको लागि भन्नुभएको छ-

काम एष क्रोध एष रजोगुण समुदभवः
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥ गीता अ. ३ ॥

रजोगुण देखि उत्पन्न दुष्पुरणीय एवं अत्युग्र काम तथा क्रोधलाई मोक्षमार्गको परम शत्रु रुप जान ।

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्य वैरिणा
कामरुपेण कौन्तेय दुष्पुरेणानलेन च ॥
इन्द्रियाणि मनोबुद्धिरस्याधिष्ठानमुच्यते
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥
तस्मात् त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥

हे कौन्तेय, ज्ञानीको चिर शत्रु कामरुपी अपूरणीय अग्नि देखि ज्ञान आच्छन्न हुन्छन । इन्द्रियहरु , मन र बुद्धि -यस कामको आश्रय हुन । यिनै द्वारा कामले ज्ञानलाई आवृत्त गरेर देहीलाई विमोहित गर्दछन् । अतयव हे भरत श्रेष्ठ, तिमी पहिले इन्द्रियहरुलाई संयत गरेर ज्ञान र विज्ञानको नाशक यस पापरुप कामलाई नष्ट गर ।

जबसम्म यी पशु वृत्तिहरुलाई दमन गरिदैन, तब सम्म प्राण, मन एवं बुद्धिमा जुन अलौकिक शक्ति रहन्छ त्यसको कुनै सन्धान मनुष्यलाई मिल्दैन । यस अलौकिक शक्ति प्रस्फुटित गर्नुको उपाय ऋषिहरुले शास्त्रमा अनेक स्थानहरुमा बताएका छन । प्राण मन र बुद्धिलाई दैवी धर्मको अनुकुल छन्दमा परिचालित गरे पछि नै हामीलाई धर्मको प्राप्ति हुन्छ अनि भक्ति र ज्ञान प्राप्त हुन्छ । योग भक्ति एवं ज्ञानानुशीलन द्वारा प्राण मन र बुद्धिको जति नै उत्कर्ष प्राप्ति हुनेछ, त्यति नै तिनीहरु ईश्वर मुखी हुनेछन । यिनिहरुको चरम उत्कर्ष द्वारा नै जीवको जीवत्व छुट्दछन । प्रथमतः प्राण शक्तिको विषयमा आलोचना गर्नुहोस । प्राणशक्तिलाई दैवी सम्पदको अनुकुल भावमा परचालित गर्नु विना यो प्राण नै भगवानसँग योग युक्त हुनमा सर्वप्रथम अनि सर्वप्रधान विघ्न भएर खडा हुन जानेछ । प्राण शक्तिको कार्य हो स्पन्दन । प्राण शक्ति द्वारा स्पन्दित भएर नै इन्द्रियहरु, देह र मन निरन्तर विषयाभिमुख भएर दौडादौडी गर्दछन । प्राणको गति जति जति अविराम धारा समान चलिरहन्छन, त्यसरी नै इन्द्रियहरुको विषय ग्रहण स्पृहा पनि वलवती हुँदै जान्छन । यसैले प्राणशक्तिलाई यथेच्छ स्पन्दित हुन दिनु हुँदैन। जसमा उनको गति दैवी सम्पदतिर प्रसारित होस, त्यस्तै चेष्टा गर्नु साधकको पहिलो प्रयोजन हो । जुन विद्या या कौशल द्वारा प्राणलाई दैवी भावमा अनुप्राणित गरिइन्छन, ऋषिगण तेस विद्यालाई योग विद्या भन्दछन । त्यसको प्रधान अंग प्राणायाम हो ।

प्राण यदि स्वच्छ या निर्मल हुन्छ त उसको गतिमा अतिरिक्त वेग रहँदैन । प्राण शक्ति मनरुपमा कार्य गर्दछ, यस कारण प्राणको स्पन्दन जति कम हुनेछ मन पनि तदनुरुप निः स्पन्दित हुन जानेछ । अतएव त्यसै परिमाणमा मनको विषयग्रहण स्पृहा पनि कम हुन जानेछ । यस किसिमसँग मनको विषय ग्रहण स्पृहा पनि कम हुन जानेछ । यस किसिमसँग मनको दौडादौडी कम भएपछि मन स्थिर हुन जानेछ । यही हो मनको विशुद्धि । संकल्प विकल्प र कल्पना जल्पना द्वारा मन अशुचि हुन जान्छन । मन शुद्ध भएपछि बुद्धि पनि निर्मल र एकमुखी हुन जान्छ । बुद्धिको एकाग्रता बृद्धि पनि यस द्वारा नै सम्पादित हुन्छ । यो एकाग्रता जसको जति जति धेरै हुन्छ त्यसलाई ध्येयवस्तु प्रति उति उति नै बढी भक्ति या प्रेम उत्पन्न हुन्छ । वस्तु प्रति एकाग्रता जुन परिमाणमा स्थापित हुनेछ, उति नै बढी त्यस वस्तु प्रति उसको प्रीति उत्पन्न हुनु स्वाभाविक छ । यसरी ध्येय वस्तु प्यारो लागेपछि मनको क्षीण स्पन्दन पनि जब रहन जाँदैन तब निरोध भाव आउँदछ । यो निरोध या अवरुद्ध रुप नै भगवत्स्वरुप हो । अर्थात् त्याँहा मायाको खेल समाप्त छ । शरीर इन्द्रिय मनः, प्राण आदि समस्त प्रकृति यन्त्रको क्रिया त्याहाँ रुद्ध हुन जान्छन । ("धाम्ना स्वेन सदा निरस्त कुहकं ।" आत्मा या भगवान्को स्वधाममा पुग्नकोलागि यस प्राणक्रीडाको गति रोक्नु पर्नेछ । प्राणायाम द्वारा नै प्राण शक्तिको गति रोकिन जान सक्दछ । प्राण स्पन्दन निवृत हुनु विना कुनै पनि ध्यान पूजामा हाम्रो अधिकार हुँदैन । यसैले सन्ध्या एवं पूजार्चनामा पहिले प्राणायाम एवं भूतशुद्धिको व्यवस्था रहन्छ । प्राणयाम विना भूतशुद्धि हुँदैन र भूतशुद्धि नभए पछि पूजा अर्चनाको कुनै विशेष फल प्राप्त हुँदैन । उपनिषदमा कारण लेखिएको छ ।

"एषोऽणुरात्मा चेतसा वेदितव्यो
यस्मिन् प्राणः पंचधा संविवेश" ॥ मुण्डक ॥

जुन शरीरमा पंचधाप्राण सम्पकरुपले प्रविष्ट रहन्छन, त्यसै शरीर स्थित आत्मा अतीव सूक्ष्म एवं चिद्रुप छ । ज्ञान द्वारा नै यस लाई जान्नु पर्नेछ ।

"प्राणो ह्येष यः सर्व भूतैर्विभाति"

जुन सर्वभूत स्थित ईश्वर छ त्यही प्राणरुपमा प्रकाशित हुन्छ ।

"उर्ध्वं प्राणमुन्नयत्य पानं प्रत्यगस्यति
मध्ये वामनमासीनं विश्वेदवा उपासते ॥ क॰उप॰

जसले प्राणवायुलाई ऊर्ध्वमा अनि अपानवायुलाई अधोदिशामा रक्षा गर्दछन अर्थात् जब योगीको भित्री वायु भित्रै र बाहिरको वायु बाहिर नै रहन्छ प्राणपानको गति जब स्वाभाविक भावले स्थिर हुन्छ तब तेस स्थिरतामा वामनदेव रहन्छन जुन समस्त विपत्तिहरुको ध्वंसकछन । श्वासको गति जबसम्म बाह्य दिशामा गमनागमन गर्दछन, तबसम्म सन्सार लीलाको अवसान हुँदैन । जीवको लागि आवागमन समान दोस्रो कुनै विपत्ति छैन । त्यस विपत्तिको छेदन तब हुन्छ जब यो प्राण अन्तर्मुख भएर स्थिर हुन्छ । यही हो सत्यं शिवं सुन्दरम् भाव । जसको यस अवस्थामा उपलब्धि हुन्छ, त्यसले जान्न सक्तछ-चक्षु श्रोत्रादि

इन्द्रियहरुको देवता कसरी आफआफनो वृत्तिहरुलाई छोडेर उसको समीप अवस्थान गर्दछन । यही हो परम शान्त अवस्था ।

"कश्चिद्धीर : प्रत्यगात्मन मैक्षत्
आवृत्त चक्षुरमृतत्व मिच्छन् ॥

कोही कोही विवेकी मनुष्य चक्षुरादि इन्द्रियहरुलाई विषय देखि प्रत्याहृत गरेर जीवशरीरमा प्रकटित आत्माको दर्शन गर्दछन ।

इन्द्रियहरु जब विषयहरुमा रम्दछन त फलस्वरुप तिनीहरु मलाच्छादित हुन्छन । यो मल दूर हुनु विना भगवद्दर्शन या मोक्षलाभ हुँदैन । इन्द्रियहरुको विषयस्पृहा रुप मल तबै नष्ट हुन्छ जब प्राणको निग्रह गरिइन्छन । मनु भन्नु हुन्छ-

"दह्यन्ते ध्यायमानानां धातूनां हि यथा मला:;
तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात् ॥"

धातुको मलादि जसरी अग्निद्वारा भस्मीभूत हुन्छन, त्यसरी नै प्राणनिग्रह द्वारा इन्द्रियहरुको दोष विनष्ट हुन जान्छन ।

योगी याज्ञवल्क्य पनि प्राणायामको प्रशंसा गर्दै भन्नुहुन्छ-

"प्राणायामादृते नान्यत् तारकं नरकादिव
संसारार्णव मग्नानां तारकं प्राणसंयम:" ॥

प्राणायाम सिवाय नरक देखि उद्धार गर्नेवाला अरु कुनै उपाय छैन । जुन मानिसहरु संसार सागरमा मग्न छन उनको लागि प्राण संयम (प्राणायाम) एकमात्र तारक अर्थात उद्धार कर्ता छ ।

योगदर्शनमा महर्षि पतंजलि भन्नुहुन्छ-

"योगांगानुष्ठानादशुद्धिक्षय ज्ञानदिप्तिराविवेकख्याते:"

योगांग-यम, नियम, आसन, प्राणयाम, प्रत्याहार, धारणा ध्यान एवं समाधि) योगांगको अनुष्टान देखि अशुद्धिको क्षय हुन गए पछि विवेकख्याति पर्यन्त ज्ञानदीप्ति हुन्छ ।

वासना क्षय हुनु विना ज्ञान प्राप्त हुँदैन । वासना, संकल्पआदि मनको अशुद्धि हो । प्राणको चंचलता स्पन्दनले नै मनको विक्षेप हुन्छ । अतयव प्राणवायुको समता साधन गरिलिएपछि चित्त वृत्तिशुन्य अवस्थामा आउन सक्दछ । स्थिरदृष्टिले भ्रुद्वय सन्धि स्थानमा लक्ष्य स्थिर गर्नको अभ्यास गरेपछि चित्तको एकाग्रता बढोत्तरी हुन्छ । चित्तको एकाग्रता विना मोक्षको प्राप्ति हुन सक्तैन । प्राणायाम साधना द्वारा जितश्वास हुनु विना मन लाई स्थिर गर्न् कठिन छ । मन स्थिर हुँदैन त कोही पनि विकल्प रहित हुन

सक्तैन । संकल्प विकल्प कल्पना जल्पना वासनाको जाल हुन, यसैद्वारा जीव बद्ध हुन्छन । अध्यात्मरामायणमा लेखिएको छ-

"निःसकंल्पो यथाप्राप्तव्यवहारपरोभव;
क्षये संकल्पजालस्य जीवो ब्रहमत्वमाप्नुयात् ॥

संकल्प जालको क्षय भएपछि नै जीव ब्रहमत्वलाई प्राप्त हुन्छ ।

"अभ्यासात् हृदि रुढेन सत्य संवोधबन्हिना;
निर्दग्धं वासना बीजं नं भूयः पाररोहति" ॥

"अभ्यासको दृढता द्वारा हृदयमा ज्ञानाग्नि प्रज्वलित गर तथा वासना वीजलाई निःशेष दग्ध गर । बीज दग्ध भएपछि फेरि अंकूर टुसाउने छैन ।

"समस्त प्राणीहरुको शरीरमा काम, क्रोध, भय, निद्रा एवं श्वास-यी पंचदोषहरु रहन्छन । कामादि प्राकृतिक गुणहरुलाई जय गर्नाले नै जीवात्मा देहाभिमानलाई त्याग गरी परमात्माको दर्शन प्राप्त गर्नमा समर्थ हुन्छ । योगबलले काम क्रोध, मोह, अनुराग एवं स्नेह-यी पाँच दोषहरुलाई त्याग गर्न सके मोक्ष हुन्छ ।"-(शान्पिर्व महाभारत)

धेरैजसो मानिसहरु सोच्दछन-योगाभ्यासादिमा जुन प्राणायाम रहन्छ त्यो अस्वाभाविक छ । प्राणायाम यदि वस्तुतः अस्वाभाविक हुन्थ्यो त श्री भगवान् गीतामा त्यसको उपदेश दिनु हुन्नथ्यो । यज्ञानुष्ठानको कुरा भन्नु हुँदा खेरि श्री भगवान् प्राण यज्ञको विषयमा भन्नु हुन्छ-

"अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे

प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः
अपरे नियताहाराः प्राणान् प्राणेषु जुहवति ॥"

कसैले प्राणवायुलाई अपान वायुमा तथा कसैले अपानवायुलाई प्राणवायुमा होम गर्दछन । यस किसिमसँग कोही कोही संयताहारी योगी प्राणायामपरायण भएर प्राणापानलाई ऊर्ध्व एवं अधोगतिको रोध गर्दै कुम्भक द्वारा समस्त प्राणहरुलाई प्राणमा नै होम गर्दछन ।

"सर्वेऽप्यते यज्ञविदो यज्ञक्षयति कल्मषा :
यज्ञ शिष्टामृतभुजो यान्ति ब्रहम सनातनम् ॥"

यी सारा यज्ञकर्ता यज्ञ सम्पादन द्वारा निष्पाप भएर यज्ञशेष अमृतको पान गरेर सनातन ब्रहमलाई प्राप्त हुन्छन । श्री धर स्वामी भन्नु हुन्छ-"कुम्भके हि सर्वे प्राणा एकी भवन्ति । तत्रैव लीयमानेषु इन्द्रियेषु होमं भावयन्ति ।" कुम्भकमा सब प्राण एकीभूत हुन्छन । यो स्तम्भनरुप कुम्भक जब अत्यन्त स्थिर हुन्छ त योगी इन्द्रियहरुलाई त्यस निगुहित प्राणवायुमा लय गरिदिन्छन । (शंकर भाष्य)

गीतामा श्री भगवान् फेरि पंचम अध्यायमा भन्नु हुन्छ-

"स्पर्शान् कृत्वा बहिर्बाहयांश्चक्षु श्चैवान्तरे भ्रूवो ,
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणी ॥
यतेन्द्रिय मनो बुद्धिर्मुयिर्मोक्षपरायण :
विगतेच्छ्रा भय क्रोधो यः सदा मुक्त एव सः ॥"

श्री धर स्वामी यसको व्याख्यामा भन्नु हुन्छ-"अथेदानीं ध्यानयोगं सम्यग् दर्शनस्य अन्तरंगं विस्तरेण वक्ष्यामि इति तस्य सूत्रस्थानीयान् श्लोकान् उपदिशति स्म ।" योगानुष्ठान गर्नेवाला मोक्षलाई प्राप्त हुन्छन, यो भनिसकिएको छ । त्यही योग पुन: यी दुई श्लोकहरु द्वारा संक्षेपमा बताइरहनुभएका छन । रुप रसादि विषय चिन्तन भएपछि अन्त: करणमा प्रविष्ट हुन्छन । अतएव यस किसिमको चिन्तन छोडिकन चक्षुद्वयलाई भ्रुद्वयको बीचमा राखिकन तथा नासारन्ध्रमा विचरणशील प्राण र अपान वायुको ऊर्ध्व र अधोगतिलाई अवरुद्ध गर्दै कुम्भक गरोस । जसको इन्द्रियहरु मन र बुद्धि यस उपायले संयत हुन गएको छ, त्यही मोक्षपरायण हुन । जुन मुनि इच्छ्रा, भय र क्रोध देखि शून्य छन त्यो जीवित रहँदैमा पनि सदा मुक्त छन । योग वासिष्टको निर्वाण प्रकरणमा महात्मा भुसुण्डीले यो उपदेश दिएको छ-"यद्यपि प्राण र अपान चचंचल स्वभाव छन तथापि अभ्यासको बलले तिनीहरु निश्चल हुन जानेछन । जुन पुरुष आफनो भित्र यिनलाई जानिकन अभ्यासवान हुन्छन उनको कर्तृत्व भोक्तृत्वको अभिमान रहदैन । प्राण चिन्तनमा जो रत् छन ती मानिसहरुको चित्त विषयमा प्रवृत्त हुँदैन । धेरै जसो महापुरुषहरुले यस प्राण चिन्तन द्वारा प्राप्तव्य वस्तुलाई प्राप्त गरेका छन । स्थिति, गति जाग्रत स्वप्न सब समय यो लक्ष्य स्थिर राखेपछि बन्धन दशा विनष्ट हुन्छन । जुन मनुष्य बोधि प्राप्त छन तिनीहरु नै प्राणापानको अनुशरण गर्दछन ।

प्राणको वर्तमान गति जुन श्वासरुपमा प्रवाहित छन, त्यो उसको स्वाभाविक पथ होइन, यो उल्टोमार्ग हो । विधिवत् प्राण संयम द्वारा नाडीचक्र विशोधित भयपछि प्राणवायु इडापिंगलाको बाटो त्यागेर सुषुम्ना मुख भेदन गर्दै त्यसको भित्र प्रवेश गर्दछ । त्यसको फलस्वरुप-

"सुषुम्ना बाहिनी प्राणे शून्य विशति मानसे :
तदा सर्वाणि कर्माणि निर्मूलयति योगवित् ॥

प्राण सुषम्नाबाही भएपछि मन शून्यमा प्रवेश गर्दछ । तब योगीको समस्त कर्म उन्मुलित हुन जान्छन ।

बोधसार ग्रन्थमा लेखिएको छ -

"प्राणायामे मनः स्थैर्यं स तु कस्य न सम्मतम् ।"

प्राणायाम द्वारा जब मन स्थिर हुन्छ त जान्नु पर्दछ-प्राणायाम मा सबैको सम्मति छ ।

सुषुम्ना नै ज्ञान प्रवाहिका नाडी हो । हृदय देशमा एकसय एक नाडीहरु छन । उनमा सुषुम्ना नाडी ब्रहमरन्ध्र तिर प्रसारित भएका छन । मृत्युकालमा मनुष्य त्यही ब्रहमनाडी सुषुम्नाको सहायताले

ऊर्ध्वलोक (ब्रहमलोक या सहस्रार) मा गमन गरी अमृत लाभ गर्दछन अर्थात जन्ममृत्युको अतीत अवस्थालाई प्राप्त हुन्छ । नानाविध गति प्रदान गर्नेवाला जुन अन्य एकसय नाडीहरु छन, ती नाडीमुखहरु देखि मृत्युकालमा यदि जीव वहिर्गत हुन्छन त त्यसले जीव को विभिन्न लोकहरुमा गति हुन्छन । त्याहाँ सुख दुःखादिको भोग गरेर फेरि उसलाई जन्ममृत्युको अधीन हुनु पर्दछ ।

"शतंचैका च हृदयस्थ नड्यस्तासां मूर्ध्दानमभिनिः सृतैका
तयोर्ध्वमायन्न मृतत्वमेति विष्वन्या उत्कृमणे भवन्ति ॥

(कठोपनिषद)

यस नाडी द्वारा ऊर्ध्वगति प्राप्तिको लागि प्राणायामादि योगाभ्यास को विशेष आवश्यकता छ । श्वेताश्वतर उपनिषदमा साधनाको लागि यो उपदेश छ ।-

"प्राणन् प्रपीड्येह संयुक्त चेष्टा :
क्षीणे प्राणे नासिकयोछ्वासित ।
दुष्टाश्वयुक्तमिव वाहमेनं
विद्वान् मनो धारयेताप्रमत्तः ॥

योगानुष्ठानमा प्रवृत्त विद्वान मनुष्य संयुक्त चेष्ट भएर सावधानीसँग प्राणायामको अभ्यास गरोस । रथको दुष्ट अश्वलाई जसरी सारथीले संयत गर्दछन त्यसरी नै प्राणलाई संयत गरेर मनलाई ध्येयवस्तुमा स्थापना गरोस । प्राणायाम द्वारा जसको मनको मैलाधैला क्षयलाई प्राप्त हुन्छ त्यसैको मन ब्रहममा स्थिरता लाभ गर्दछन ।

यसरी हामीहरु देख्दछौ-हाम्रो सारा शास्त्र विशेष गरेर तन्त्र शास्त्र समस्त सन्ध्यापूजार्चनाको पहिले प्राणायाम गर्नको लागि भन्दछन । जुन भूत शुद्धि हुनु विना आत्मदर्शन सुदुरपराहत हुन जान्छ, तेस भूतशुद्धिको प्रधान उपकरण हो योगांग-प्राणायाम ।

यसैकारण योगी गोरक्षनाथले उच्चकण्ठसँग घोषणा गर्नुभएको छ-

"यावन्नैव प्रविशति चरन् मारुतो मध्यमार्गे
यावद्विन्दुर्न भवति दृढः प्राणवात प्रबन्धात् ।
यावत ध्यानं सहज सदृशं जायते नैव तत्त्वं
ताबज् ज्ञानं बदति तदिदं दम्भमिथ्या प्रलापः ॥"

जबसम्म प्राणवायु सुषुम्ना मार्गमा प्रवेश गर्दैन र प्राणको निरोधले जबसम्म विन्दु स्थिर हुँदैन अनि जबसम्म ध्यानद्वारा तत्त्वहरुको साक्षात्कार हुँदैन, तबसम्म ज्ञानको कुरा गर्नु दाम्भिकता एवं मिथ्याप्रलापमात्र छ श्रीमत् शुकदेवजीले पनि ज्ञान एवं भगवत् प्राप्तिको लागि योगाभ्यास आवश्यकता बताउनु भएको छ । श्रीमद्भागवत्मा लेखिएको छ-

इत्थं मुनिस्तु परमेद् व्यवस्थितो
विज्ञानदृग्वीर्यसुरन्धिताशय
स्वपार्ष्णिनापीडय गुदं ततोऽनिलं
स्थानेषुषट्सून्नमयेज्जितल्कमः ॥

भाग २ स्कंध.

शास्त्र ज्ञान द्वारा जसको वासनाहरु विदुरित भएकाछन, यस किसिमका मुनि उपरत होउन् । त्यस पछि आफनो पाद द्वारा मूलाधारलाई पीडन गर्दै प्राणवायुलाई ऊर्ध्व षट् स्थानमा (षट्चक्रमा) उन्नीत गरोस ।

श्री मदभागवत्को द्वितीय स्कन्धको १९/२०/२१/२२ श्लोकहरु पढ्दा खेरि जानिन्छन-योगाभ्यास कत्तिको बढी प्रयोजनीय छ । पश्चात् त्रयोविंश श्लोकमा भन्नु हुन्छ

"योगेश्वराणां गतिमाहुरन्तर
बहिस्त्रिलोक्या : पवनात्मनात्मनम् ।
नकर्मभिस्ता गतिमाप्नुवन्ति
विद्यातपोयोगसमाधिभाजाम् ॥"

जसको लिंग शरीर वायु भित्र अवस्थान गर्दछ, ती श्रेष्ठ योगीहरुको गति कर्मी मानिसहरुको गति समान परिच्छिन्न हुँदैन अर्थात् तिनीहरु त्रिभुवनको बाहिर भित्र विचरण गर्न सक्तछन । विद्या, उपासना तपस्या तथा अष्टांग योगाभ्यास जनित समाधि ज्ञान द्वारा जुन गति प्राप्त हुन्छ, कर्मी मनुष्यहरु कर्मद्वारा त्यस गतिलाई प्राप्त गर्न सक्तैनन् ।

"न ह्यतोऽन्यः शिवः पन्थाविशतः संसृताविह ,
वासुदेवे भगवति भक्तियोगो यता भवेत्॥

जुन योगाभ्यास द्वारा श्री भगवान वासुदेवमा भक्तियोग प्राप्त हुन्छ त्यसको अपेक्षा अन्य कुनै मंगलमय मार्ग सन्सार-प्रविष्ट मुनष्यहरु को लागि छैन ।

ॐ तत्सत् ॐ तत्सत् ॐ तत्सत्

ॐ शान्तिः ॐ शान्तिः ॐ शान्ति

सत्यं ! शिवम् !! सुन्दरम् !!!

योगीराज श्री श्यामाचरण लाहिडी

महाशयको संक्षिप्त जीवनी

सुप्रसिद्ध लेखक बंकिम चन्द्रले लेख्नु भएको छ-" बंगमूमि अवनतावस्थामा पनि रत्न प्रसविनी" छ। प्रतिभाशाली कविहरु एवं सुलेखक हरुको कुरा छोडेर केवल धर्मवीरहरु तिर दृष्टिपात गर्दाखेरि पनि यो कुरा पूर्ण सत्य जानिइन्छन। नितान्त दुरवस्थाको समयमा पनि निःष्कलंक धर्मबीरहरुको ज्योतिः प्रभावले भारतवर्ष निरन्तर आलोकित भैरहेको छ। भारत जब आपदादि देखि पूर्ण धर्महीन देखिन जान्छन, जब ऐहिकता, विलासिता तथा आडम्बर प्रियताको बाक्लो कालो कुहिरोले त्यसको धर्मप्रकाश निविड तमसाच्छन्न हुन जान्छन् त्यस समयमा पनि उसमा शान्तिप्रिय, तत्त्वज्ञानी, भगवत्प्राण भक्त र योगीको अभाव हुँदैन। भन्नु नै पर्दछ-यो भारतको नै माटोको गुण हो।

जसको चरण स्पर्श देखि यो धरणी पवित्र हुन्छ, यस किसिमका अनेक महानुभाव महापुरुषहरुले गत शताव्दिमा जन्म ग्रहण गरेर भारताकाशमा समुज्जवल नक्षत्र समान उदीयमान भै भारतको आध्यात्मिक सम्पद्को परिचय दिएका तथा त्यसको गौरब बृद्धि गरेकाछन। उनिहरुमा योगिराज श्री श्यामा चरणको नाम कम प्रसिद्ध छैन। उन्निसौं शताब्दिमा कति कति आफनो अनासक्ति, वैराग्य एबं शान्तिप्रिय कारण लोकचक्षुका अन्तरालमा नै नीरव जीवन यापन गरेर गएका छन्। काशीको परम श्रद्धास्पद योगिवर श्री श्यामा चरण लाहिडी महाशय पनि यस दोस्रो श्रेणीका एक श्रेष्ठ व्यष्टि थिए। पार्थिवता-सर्वस्व, नास्तिक बहुल समाजमा कसरी यस अल्पभाषी चांचल्य विहिन, सत्यव्रत नित्य योगमग्न महापुरुषको आविर्भाव संभव भयो, वस्तुतः एक विस्मयजनक कुरा जानिन्छन।

यी योगेश्वरको कृपाले म गीताको आध्यात्मिक व्याख्याको वर्तमान संस्करण प्रकाशित गर्नमा समर्थ भएको छु। अर्द्ध शताब्दि भन्दा केही पूर्व यो गीता बंगभाषामा प्रथम प्रचारित भयो। त्यस समय सीमित साधक मण्डलीमा नै यसको जानकारी थिए। अब त्यो संस्करण विलुप्त प्राय भएको छ। त्यसलाई फेरि तत्वान्वेषी मानिसहरुको दृष्टिमा ल्याउनु यस वर्तमान संस्करणको प्रधान लक्ष्य एवं उद्देश्य हो। जुन महापुरुषको कृपाले यो आध्यात्मिक सम्पदा मैले प्राप्त गरेको छु-त्यस सँग पाठक वर्गको परिचय गराईदिनु मेरो कर्तव्य हो, यही विचारले उनको संक्षिप्त जीवन गाथा श्रद्धालु पाठकहरुको कौतुहल निवृत्तिको लागि यहाँ लिपिवद्ध गरिएको छ।

योगीवर्यको जन्म समयको ठीकठीक पत्तो छैन। उनका कतिपय संक्षिप्त जीवनीहरु जुन प्रकाशित भएका छन, उनमा तिनको जन्म, सन, मास र गते भएर पनि म त्यसमाथि पूर्णरुपले निर्भर गर्न सक्तिन, किनभने उनका धेरैजसो छरिएका लेखहरुका एक स्थानमा उनको आफ्नै हस्तद्वारा लिखित पुस्तिकामा (Birthdate exactly not known") लेखिएको मैले देखेको छु। अतः त्यस सम्बन्धमा म आफनो कुनै मन्तव्य दिन सक्तिन। योगिवर्यका दुई पौत्र श्रीमान अभय चरण लाहिडी एवं आनन्द मोहन लाहिडीले

उनको जन्म समय सम्बत् १८८५ (वि) आश्विन शुक्ल ७ मंगलबार (३० सेप्टेम्बर १८२८) निर्णय गरेका छन । यस विषयमा यदि म उनिहरुसँग सहमत न होंउ तापनि त्यसले कुनै विशेष क्षति हुने छैन, किनभने म महापुरुषको विस्तृत जीवनी लेख्न लागेको होइन । अतयव यहाँ युक्ति तर्क देखाएर जन्म समय निर्णयको संगतिअसंगति म देखाउन चाहन्न, त्यसको कुनै जरुरी पनि छैन । गीताको पाठकहरुका साथ उनको सामान्य परिचय गरिदिनु मात्र मेरो उद्देश्य हो । यसैले जन्म समयमा २।४ वर्षहरु फरक परे पनि कुनै विशेष क्षति देखिदैन ।

प्राचीनकाल देखि नै विद्या र धर्मको दृष्टिले वंगालमा नवद्वीपको विशेष ख्याति र प्रतिष्ठा रहेको छ । वंगदेशको नदिया जिल्ला अति प्राचिन र आधुनिक कालका अनेक श्रेष्ठ पुरुषहरुको जन्म भूमि रहेको छ । कति मनीषी पुरुषहरुले यहाँ जन्मग्रहण गरेर यस भूमिलाई अलंकृत गेरका छन । योगिवर्य श्यामाचरणजीले पनि यस नदिया जिल्ला अन्तर्गत सुप्रसिद्ध कस्बा कृष्णनगर समीप बगेका खडिया नदीका तीरवर्ती घुरनी नामक गाउँमा वरेन्द्र ब्राहमण कुलमा जन्म ग्रहण गरे र उनको पितामह स्व. शिवचरण सरकार तथा पिता स्व. गौर मोहन सरकार धन एवं प्रतिष्ठामा तत्कालीन घुरनीका प्रसिद्ध व्यष्टि गनिन्थे स्व. गौरमोहनका दोस्रो पत्नी मुक्तकेशी देवी नै श्री श्यामाचरण लाहिडी (सरकार) महाशयको गर्भधारिणी थिइन् । धर्मकर्म पूजार्चना तथा दानादिमा यस वंशका मानिसहरुको देशमा विशेष प्रतिष्ठा थियो । खडिया नदीको प्रबल बाढीका प्रवाहमा प्राचीन सरकार वंशको निवास स्थली, शिवमन्दिर आदि भूमिसात् भएर नदीगर्भमा अदृश्य भएका छन, आजपनि ध्वंसावशेषको चिन्हस्वरुप इंटहरु आदि एताउती नदीतटमा छरिएका देखिन्छन ।

शैशवकाल- श्री श्यामाचरणको पंचवर्षकाल यस धुरनीग्राममा नै वितेका थिए । सुनिन्छन, त्यस समय पनि त्यो शिशु सुलभ चापल्य लाई त्यागिकन एकान्तमा एकलै पद्मासन लगाएर बसिरहन्थे । जन्मान्तर संस्कारले उनको जीवनलाई जतातिर प्रवाहित गरी लैजाने थियो, तेसको सूचना उनको शिशु जीवनमा नै परिलक्षित हुन्थ्यो । श्री श्यामाचरणका पिता र पितामह बीचबीचमा नौका द्वारा काशी धाम आएर केहीदिन याहाँ बस्ने गर्दथे । स्व. गौरमोहनले भाग्यवश सान्सारिक प्रयोजन बाट घुरनी ग्रामलाई एकदम त्यागगरी काशीमा स्थायीभावले बसोबास गर्नको लागि सपरिवार शिशु श्यामाचरणलाई लिएर त्यस नगरको लागि प्रस्थान गरे । काशीको मदनपुरा मुहल्लामा सिमन चौहट्टाको नजिक एउटा घर किनेर सबै त्यहीं रहन लागे । धेरै समय देखि नै काशी प्रवासी वंगालीहरुको लागि एक आश्रय स्थानको रुपमा प्रतिष्ठा प्राप्त गरिसकेका थिए । अंग्रेजी राज्यको प्रारम्भ देखि नै धेरै वंगालीहरु यस पुण्यक्षेत्रमा आएर बास गर्दथे । आज यो कतिकति बंगालीहरुका प्रवास गृहको रुपमा परिणत भएको छ। डेढ सौ वर्ष पहिले यहाँ धेरै बंगालीहरुको स्थायी रुपले निवास थिएन । परन्तु तत्कालीन कतिपय बंगाली सज्जन जसले बंगाललाई छाडेर काशीमा बस्ने प्रबन्ध गरेका थिए, तिनीहरुमध्ये श्री श्यामाचरणका पिता पनि एक थिए । शैशवमा नै उनलाई मातृपितृवियोग हुन गयो, परन्तु त्यो काशीमा भयो या अन्यत्र कतै यो ज्ञात छैन ।

विद्यारम्भ- श्री श्यामाचरणको शैशवमा उनको समस्त पैतृक भूसम्पति नष्ट भएका थिए। उनको पिता स्व. गौर मोहनले काल को गति विचार गरी उनलाई अंग्रेजी शिक्षा दिने व्यवस्था गरेका थिए । यद्यपि स्वंय गौरमोहन त्यसकालका निष्ठावान ब्राहमणहरु समान संस्कृत, अरबी फारसी एवं मातृभाषामा सुपरिचित थिए । तथापि उनले पुत्रलाई अंग्रेजी शिक्षा दिनकोलागि प्रसिद्ध राजा जयनारायण घोषाल द्वारा स्थापित अंग्रेजी स्कूलमा भर्ना गरिदियो । पश्चात् सम्भवतः उनले गवर्नमेण्ट संस्कृत कलेज अन्तर्गत अंग्रेजी स्कूलमा प्रवेश गरे । उनले कति कति दिन र कहाँसम्म अंग्रेजी शिक्षा प्राप्त गरेका थिए, यसको ठीकठीक पत्तो पाइदैन । परन्तु यसको यथेष्ट प्रमाण मिल्दछ-उनले उच्च शिक्षा प्राप्त गरेका थिए । आफ्नो जीवनमा उनले अनेक छात्रहरुको शिक्षाको भार ग्रहण गरेका थिए, यो उनको सुशिक्षा प्राप्तिको परिचायक हो । अंग्रेजी, हिन्दी, उर्दु सिवाय, उनले नागभट्ट नामक तत्कालीन एक प्रसिद्ध शास्त्रज्ञ पण्डित बाट संस्कृत भाषामा शास्त्र हरुको केही केही अध्ययन गरेका थिए ।

विवाह एवं पत्नी भाग्य- त्यस समयमा जुन प्रवासी वंगाली सज्जन काशीमा निवास गर्नको लागि देश त्याग गरेर आएका थिए । तिनीहरुमा पण्डित देवनारायण वाचस्पतिको नाम प्रसिद्ध छ। त्यो अतीव निष्ठावान एवं कर्मिष्ठ ब्राहमण थिए । काशीको पण्डित समाजमा उनको यथेष्ट समादर थियो । यी वाचस्पति महाशयको अष्टम या नवम वर्षीया कन्या श्रीमती काशीमणि देवी सँग श्री श्यामाचरणजीको विवाह भयो । उनको पौत्र श्रीमान अभय लेखेका छन ।-"काशीमणिदेवी चिरजीवन शान्तिप्रिय एवं सुशीला थिइन् तथा स्वामीका पारिवारिक कठिनाइहरुका दिनहरुमा तिनी परम धैर्य साथ गृहकार्य संभाल्ने गर्दथिन । उनी सुगृहिणी थिइन्, उको सुन्दर विचार र व्यवस्था द्वारा पतिको सामान्य उपार्जन बाट घरद्वार र सम्पत्ति संचय गर्नु संभव भएको थियो । मैले उनलाई बृद्धावस्थामा पनि कहिल्यै आलस्य सँग समय विताएको देखिन । प्रातःकाल सर्वप्रथम आएका भिक्षुहरुलाई उनी आफनो हातले भिक्षा दिन्थिन । उनको विश्वास थियो-जुन घरलाई लक्ष्मीले छोड्न् खोज्छन त्यस घरमा भिखारी आउदैनन्, यसैले कुनैदिन भिखारी आउनमा विलम्ब हुन्थ्यो त उनको दुश्चिन्ताको सीमा रहदैनथ्यो । यस पुण्यवती महिलाले सुदीर्घ जीवन धर्मपथमा अनि स्वामी प्रदर्शित योगपथको साधनामा व्यतीत गर्दै प्राय ९४/९५ वर्ष उमेरमा सं. १९०७ मा पूर्ण चैतन्य अवस्थामा काशीलाभ गरे । आयको कमिको कारण सारा गृहकार्य तिनी आफनो हातले गर्दथिन् । प्रतिदिन उनको घरमा अनेक पाहुना भोजन गर्दथे । आफनो हातले भोजन बनाएर ती सबलाई तिनले तृप्तिपूर्वक भोजन गराउँदथिन । यसैकारण उनलाई दिनमा अधिक अवकाश मिल्दैनथ्यो । राती सबैलाइ भोजन गराएर १० बजे पछि नै उनी ३/४ घंटा प्रतिदिन नियम पूर्वक साधनाभ्यासमा लगाउँदथिन् ।"

कर्मक्षेत्रमा प्रवेश- श्रीमान आनन्द मोहनले योगिराजको जीवनीमा लेखेका छन-"अनुमानतः २३ सौं वर्षको उमेर देखि उसले गाजीपुर मा सरकारी नोकरी गर्न लागे । मिर्जापुर, कटया, बक्सर, गोरखपुर, दानापुर, रानीखेत, काशी आदि स्थानहरुमा सरुवा भै रहिकन उनले काम गरे । सरकारी पूर्तविभाग

(Public works Departmet, Military Engineering works) मा उनले कार्य गर्दथे । सैनिक विभागलाई राशन पुऱ्याउनु तथा बाटोघाटो तयार गर्नु यस सामरिक विभागको प्रधान कार्य थियो । एसको लागि त्यस समयमा राजकीय पूर्तकर्म विशारद (Royal Engineer) नियुक्त रहन्थे । यसविभागको दानापुर कार्यालयमा द्वितीय क्लर्कको पदमा लाहिडी महाशय नियुक्त भयो । त्यस कार्यालयको नाम आजकाल D.D.M.W. office (Deputy Dorector of Military, Works Office) भएको छ । त्यो अन्तिम जीवनमा त्यहाँको व्यारेक माष्टर , आजकाल जसलाई S.D.O भन्दछन, भएका थिए ।

पितृ वियोग- गाजीपुरमा काम गरेको बेला उनको वेतन धेरै कम थियो । त्यस समय उनले सेना विभागका अंग्रेज अफिसरलाई हिन्दी उर्दु भाषा सिकाउँदथे । यसबाट उनलाई केही आमदानी हुन्थ्यो, त्यस बाट आफ्नो र काशीको खर्च चलाउँदथे । १८५२ इ. मा जब त्यो अफिस काशीमा स्थानान्तरित भयो त त्यो पनि सरुवा भएर काशीमा आए । त्यसै साल ३१ मईमा उनको पितृदेवले काशीलाभ गऱ्यो । १८५३ मा उनको गृहविवाद आरम्भ भयो, अत्यन्त अशान्तिको कारण उनी त्यहाँ बस्न सकेनन् र सिमन चौहट्टामा घर भाडामा लिई सपरिवार रहन लाग्यो । त्यही सन्मा उनको जेष्ठ पुत्र तिनकौडी लाहिडी महाशयको जन्म भयो । १८६४ मा उनले गरुडेश्वरमा घर किनेर त्यसैमा बस्न थाल्यो । जागिरबाट अवकाश ग्रहण गरेर पनि त्यसै घरमा उहाँ बस्ने गर्नु हुन्थ्यो र त्यहीं उनको इहलीला समाप्त भयो । १८६५ ई. मा उनको कनिष्ठ पूत्र दुकौडी महाशयको त्यै घरमा जन्म भयो । कालान्तरमा लाहिडी महाशयको धर्मपत्नी र उनको जेष्ठ पुत्रको त्यसै घरमा देहावसान भएको थियो ।

समाज सेवाको कार्यहरुमा पनि उनको यथेष्ट उत्साह थियो । बंगालीटोला हाई स्कुलको स्थापनामा उनले यथेष्ट उद्योग गरेका थिए । अवश्य नै अनेक गण्यमान्य व्यष्टि, जस्तो सबजज रामकाली चौधरी महाशय, माननीय गिरीश चन्द्र दे, काशीनाथ विश्वास आदि पनि यस कार्यमा उनका सहायक थिए । लाहिडी महाशय दिनभरी नोकरी गरेर अनि गृहशिक्षाको कार्य सम्पन्न गरी तथा घरको विविध कार्यहरु देखि क्लान्त भएर पनि यस जन हितकारी कार्यको लागि विपुल परिश्रम गर्दथ्यो । यसैले जानिन्छंन्-उनी कस्ता योगी पुरुष थिए । यतिका परिश्रम पछि पनि उ सार्वजनिक कार्यमा लागिरहन्थे । यसबाट उनको चरित्रको दृढता प्रमाणित हुन्छ । यस किसिमका दृढचित्तताकै कारण भविष्य जीवनमा योगाभ्यासको विपुल परिश्रमले उनलाई क्लान्त गर्नसकेन । उनले साधनाभ्यासमा जुन अत्युच्च सिद्धि लाभ गरेका थिए त्यो उनको मनको दृढता तथा आलस्य हीनताको द्योतक हो । *“नायमात्मा बलहीनेन लभ्य”* वीर्यमान पूरुष ले नै आत्मज्ञान प्राप्त गर्न सक्तछन, यसको प्रत्यक्ष प्रमाण उनको जीवन छ ।

गुरु दर्शन एवं दीक्षा प्राप्ति- गुरुदर्शन र दीक्षा प्राप्ति लाहिडी महाशयको जीवनको सर्वप्रधान आश्चर्यजनक घटना हो । उनको दीक्षाको सम्बन्धमा मैले आफनै एक विशिष्ट गुरु भाई बाट जे सुनेको छु त्यसलाई नै यहाँ व्यक्त गर्दछु । त्यो सर्वदा उनकै पासमा रहन्थे, अनि उनकै घरमा भोजनादि गर्दथे तथा समय समयमा जुन पत्रादि आउँदथे उनको आदेशानुसार ती पत्रहरुको उत्तर उनैले दिने गर्दथे। हाम्रो

यो गुरुभाईको नाम अमरबाबु थियो, त्यो अत्यन्त गुरुभक्त एवं सरल प्रकृतिका मानिस थिए, आफनो जीवनको अनेक घटनाहरुलाई निष्कपट भावसँग सबैको सामुन्ने भनिदिनुको उनमा यथेष्ट साहस थियो। पश्चात् उनको नाम अमरनाथ ब्रहमचारी भएको थियो।उनले "अमिय" नामक एक सुन्दर उपन्यास लेखेका थिए। त्यसमा योग साधना सम्बन्धि अनेक ज्ञातव्य विषयहरुको कुराहरु एवं हिमालय आदि स्थान हरुको वर्णन थियो।

एकबार अचानक लाहिडी महाशयलाई नैनीतालको नजिक रानीखेत नामक स्थानमा जाने आदेश प्राप्त भयो र उनी त्याहाँ गए। त्यस समय संभवतः उ दानापुरको Royal Engineering Office मा क्लर्क को काम गर्दथे। अक्टुबर या नोबेम्बरको महिना थियो। आफनो घर देखि पाँच सय मील टाढा हिमालय पर्वत मालाको भित्र उनलाई आफनो गन्तव्य स्थानमा जानु थियो। त्यतिबेला रेलमार्ग बनेको थिएन। अतयव उनलाई त्यतिका लामो बाटो अन्य किसिमका सवारीहरुको साधनको सहायताले तय गर्नु पर्‍यो। उसको जीवनमा कुनै महान घटना घटित हुने तथा जीवन यात्रामा आमूल परिवर्तन हुनेछ, यसको आभास मात्रसँग पनि उनी अवगत थिएनन्। त्यस समय मानो जागिरको उत्तरदायित्व बाट स्त्री पुत्र तथा आपनो वन्धु वान्धवहरुको माया छोडी त्यस शीत बहुल उंत्तराखण्ड हिमालयको प्रान्तमा गए। श्रीमान आनन्द मोहनले योगिराजको संक्षिप्त जीवनी प्रकाशित गरेको छ त्यसमा १८६१ ई. मा उनी रानीखेत पुगेको उल्लेख छ। यसबाट त्यस समय उनको उमेर ३३ वर्षको हुन्छ। श्रीमान अभयचरणले जुन संक्षिप्त जीवनी प्रकाशित गरेको छ त्यसमा १८६८ ई. मा उनी रानीखेत पुगेको उल्लेख छ। त्यसमा १८६८ ई. नोबेम्बर मासको अन्तिम सातामा रानीखेत जाने आदेश मिलेको थियो, यस्तो उल्लेख गरेको छ, यस हिसावले त्यस समय उनको उमेर ४० वर्षको थियो। यी दुई विवरणहरुमा कुन चाँही ठीक छ, यो म भन्न सक्तिन, किनभने मलाई सम्फना छैन-ब्रहमचारी महाशयबाट जुन मैले केही सुनेको थिए त्यसमा समयको कुनै कुरा थियो या थिएन।

त्यतिबेला नैनीताल या रानीखेत कुनैपनि आजकालको समान उन्नत नगरको रुपमा परिणत भएको थिएन। रानीखेत घनावृक्ष गुल्माच्छादित जगंल मात्र थियो। रानी खेत एवं त्यसको चारैतिर १५/२० मीलसम्म को स्थानहरुमा वर्तमान युगको कुनै समृद्धि परिलक्षित थिएन। आजको जस्तो चहल पहल त टाढाको कुरा भयो, शैल उपत्यकामा एता उता कतै कतै जीर्णशीर्ण सान-साना घरहरु द्वारा नै मानिसको बसोबासको चिह्न देखिन जान्थ्यो। अनि अरु पनि दूरवर्ती स्थानहरुमा सानसाना कुटीहरु एवं पर्वतको गुफाहरुमा तपस्वीजन निर्जनवास गर्दथे। आज ती दिनहरु रहेन, यस समय शहरका समस्त समृद्धि, साजसामान रानीखेतको चारैतिर देखिन्छन। सरकारी फौजी छाउनी, देशी र विदेशी धनीमानी मानिसहरुका राम्रा घरहरु तथा शहरको झिलिमिली बजारहरु परिदृष्ट भैरहेका छन। अब त्यस स्थानमा एउटा पनि साधुको स्थान छैन, तपस्यामा विघ्न हुने आशंकाले धेरैदिन पहिले नै तिनीहरु त्यस स्थानलाई छोडेर गैसके। साधुहरुको चरणहरुले टेकिएका धुलिराशी अब त्यस स्थानलाई पवित्र क्षेत्रमा परिणत गर्दैन।

त्यहाँ एक फौजी छाउनी बनाउने उद्देश्यले सरकारी इंजिनियरिंग विभागका कर्मचारी जमीनलाई समतल गर्ने उद्योग गरिरहेका थिए । लाहिडी महाशय यसै कामको निरीक्षणको लागि त्यहाँ पठाईएका थिए । काम धेरै थिएन, खालि त्यस कार्यहरुको सम्बन्धमा २/४पत्र लेखनु नै उनको खास काम थियो । अतयव स्वजन तथा वन्धुबान्धवहीन त्यस निर्जन प्रदेशमा उनलाई समय काटनु कठिन भैरहेको थियो । यस्तो बेलामा उनको मनमा एक विचार उठ्यो । उनले नजिकैको एक पहाडी टहलुवासँग सोध्यो-"के याँहा कुनै साधु महात्मा छन ?" टहलुवाले बडो आग्रहपूर्वक भन्यो "हाँ छ नी त" । लाहिडी महाशयले फेरी सोध्यो "के तिनीहरुलाई मलाई देखाउन सक्तछौ ?" टहलुवाले भन्यो "हाँ देखाउन सक्तछु, हाम्रो गाँउ जुन पहाडमा छ, त्यसको उच्चशिखरमा साधुहरु रहन्छन, तिनीहरु हाम्रो बडो उपकार गर्दछन, आवश्यक पर्दा रोगका निम्ति औषधि र भोक मेटाउनको लागि अन्नको सहायता हामीलाई दिन्छन ।" अब त श्यामाचरणजी उसको पछिनै पऱ्यो, "मलाई ती साधुहरु देखाउनु पर्नेछ ।" एकदिन निश्चित गरियो । अफिसको कामकाज समाप्त गरी प्रशस्त समय रहँदै तिनीहरु पहाडको बाटो कटाउन थाले । पश्चात् तिनीहरु एक केही अग्लो पहाडमा पुगे । टहलुवाले उनलाई "यस पहाडको चुलीमा साधुहरु बस्दछन" भनिकन उनलाई छाडेर भीरपहराको बाटो समाती पहाडको कुनातिर अदृश्य भयो । अब पहाडको चुलीमा जाने बाटो श्यामाचरणजी एक्लै उक्लिन थाल्यो । उकालो चढदा चढ्दा थाक्न लागे र उनको मनमा घरी घरी यो विचार उठ्न थाल्यो-उ किन साधु दर्शनको लागी जाँदैछन, दर्शन बाट के फल पाइएला, इत्यादि । तथापि नशाको झोंकमा जसरी मानिसहरु अगम्य स्थानमा पुग्ने चेष्टा गर्दछन, त्यस्तै किसिमको अब नशा श्यामाचरणजीलाइ लागिरहेको थियो अनि उनको प्रबल अनिच्छा भएर पनि उनलाई पहाडको चुचुरामा जानु पऱ्यो । अब त्यो पहाडी स्थान खुब सफा सुग्घर एवं सुजज्जित भएको छ । त्यस्ता रुख वृक्षहरु आजकाल छैन, परन्तु त्यस समय यस्तो थिएन, यद्यपि पहाड त्यतिको अग्लो थिएन, तथापि बाटो सुगम र सजिलो थिएन । उ त्यहाँ पुगी त हाल्यो, परन्तु शरीर र मन एकदमै थकित भएको थियो । मनमा यो चिन्ता पनि भैरहेको थियो-अब रातको घना अन्धकारमा पहाड र त्यसको बाटो पनि सब आच्छन्न हुन जानेछन, अनि त कसरीबाटो समातेर तल फर्कन सकुंला । एत्तिकैमा उनलाई त्यहाँ एक साधु पुरुष देखिन गयो, मानो त्यसले उनैको प्रतीक्षा गरिरहेका छन। त्यति बेला उनलाई यहाँ आएर उस्ले ठीक गरेन भन्ने चिन्ताले सताइरहेको थियो । अतयव साधुलाई देखेर पनि उनले विशेष केही कुरा गरेन । त्यो साधु अत्यन्त प्रसन्नचित्त थिए र उनलाई देखेर मन्दमन्द मुस्कुराइरहेको थियो । अलिबेर पछि त्यस साधुले उनलाई जलपान गरायो, तब उसले अलि स्वस्थ भएर तेस साधुतिर हेर्दै सामान्यरुपले अभिवादन गऱ्यो र त्यससँग सोध्यो-"अब डेरामा म कसरी फर्कन सक्छु" त्यसयुवक साधुले उनीतिर विस्मयपूर्वक हेरेर भन्यो-"तपाई त याँहाको साधु महाराजको दर्शन गर्न आउनु भएको होइन र ?" श्यामाचरणजीले उत्तर दिनुभयो-"बस तपाईको दर्शत त भैहाल्यो, अब आफनो निवासस्थान मा फर्केर जान चाहन्छु" साधुले भन्यो-" यो कसरी हुन सक्तछ, तपाई साधुलाई हेर्न आउनु भएको हो, विना उनलाई नदेखी कसरी फर्कन सक्नु हुन्छ ? उहाँको बाहिर आउने समय प्रायभैसकेको छ ।" हेर्दा हेर्दै पहाडको चारैतिर घुर्मिलिदै-घुर्मिलिदैं घना अन्धकार फैलिन थाल्यो । ताराहरु विस्तार विस्तार चम्कन लागे । श्यामाचरणजी के गरोस,मानो त्यो गहिरो नशाले

लठि्ठएर संज्ञाशून्य जस्तै भै त्यहीं साधुको आगमनको प्रतीक्षा गर्न लागे । केहीबेर पछि साचिच्कै एक समुज्जवल, हास्यवदन, सुदृढ वलिष्ट शरीर वाला प्रौढ साधुलाई उनले सामुन्ने देख्यो । आदरपूर्वक उठेर उनले साधुलाई प्रणाम गऱ्यो । साधुले हाँस्दै भन्यो- "श्यामाचरण, तिमी आयौ ? राम्रो त छौ ?" त्यसले साधुको कुराको उत्तर के देओस, उनको कुराले त उसको मनमा त्यस समय एक विषम चिन्ता र उद्वेग उत्पन्न भयो । सोच्न थाले, साधुलाई कसरी उनको नाम थाहा भयो ? यस देशमा त उनको नाम कसैले जान्दैन । हुलाकमा एक दुई पत्र उसको नाममा आउने त गर्दथ्यो, परन्तु साधुलाई त्यस विषयमा जानकारी हुने संभावना थिएन । तब त यी के ठगडाकू हुन् ? म कसरी ठगहरुको फन्दामा परें ? एस्तो विचारहरुले जहाँ उसको मन व्यग्र भैरहेको थियो, त्यति खेरै साधुको मुख देखि पिताको नाम सुनिकन त्यो त झन बढी विस्मययुक्त हुन गयो । परन्तु तबै पनि उसको मन त्यस अपरिचित मानिसलाई साधु भन्नको निम्ति तैयार थिएन, बरु झन क्रमशः विरुद्ध विचार उठि उठिकन उसलाई आकुल व्याकुल गर्न थाल्यो ।

तब साधुले भन्यो-"श्यामाचरण, तिमीले मलाई चिनिरहेका छैनौ, के मलाई विलकुलै विर्सन गएका छौ ?" श्यामाचरणजी बोल्नु भयो-"ज्यु हो, केही पनि स्मरण भैरहेको छैन, तपाईलाई मैले कहिले देखें-एस्तो पनि लाग्दैन" । तब साधुले विस्तारै उनलाई स्पर्श गऱ्यो । उनको स्पर्श पाउना साथै सारा शरीरमा मानो विद्युत तरंग दौडिन गयो र अतीत जन्मको सारा कुराहरु सम्झनामा आउन लागे । उ आनन्दले अधीर भएर साधुको पाउमा छांद हाल्न पुग्यो । आनन्दोच्छ्वासले मानो उनको शरीर र मन नाच्न लागे । धेरै धेरै दिन पछि उनलाई आफ्नोप्रेममय गुरुको दर्शन मिल्यो । उसै दिन या दोस्रो दिन उनको दीक्षा भयो । दीक्षा त धेरै धेरैको हुन्छ, परन्तु उनको दीक्षामा एक विशेषता थियो । त्यसदिन केवल उही मात्र दीक्षित भएन, उनको साथ भावी शिष्यहरुको पनि सौभाग्य सुप्रसन्न हुन गयो । सन्सारका धेरै मानिसहरुले साधन-पथ प्राप्त गर्नेछन, अनागत कालका कति कति साधकहरु क्रिया प्राप्त गर्नको लागि फेरि उनैलाई घेरेर खडा होलान् अनि भारतको घरघरमा गीता पढिन जानेछन, गीता ज्ञान प्रचारित हुनेछन्, योगाभ्यासको सुदुर्लभ ऋषिसेवित प्राचीन पन्था फेरि जनमानसमा सहजलभ्य भएर प्रचारित हुनेछ-यी समस्त भावी कार्यहरुको सूचना उनको दीक्षा सँगै संश्लिष्ट छन । यसैले उन्को दीक्षाको दिन एक मान्य दिन छ, अनेक अनेकहरुको भाग्य उनकै दीक्षा साथ जडित छन, आज उनको दीक्षा सँगै जगत्‌मा साधन सौभाग्यको द्वार उन्मुक्त हुन गयो ।

साधना- त्यस पछि श्री श्यामाचरणजीले गुरुपदिष्ट तरीकाले तीब्र साधना गर्नमा मन लगायो । थोरै नै दिनमा उसले धेरै धेरै अग्रसरता प्राप्त गरे । अनेक अनेक दुर्वोध्य अज्ञात विषय सहज नै उनलाई बोधगम्य हुन लाग्यो । उ अब साधनामा एवं गुरुप्रेममा विभोर रहन्थ्यो । उसको मन त्यस स्थानलाई छोडेर कतै जाने इच्छा गर्दैनथ्यो । मानो उनलाई एक अज्ञात अनास्वादित वस्तुको स्वाद मिल्न गयो । उनको मनः प्राण त्यस वस्तु तत्त्वमा डुब्यो अनि अब त्यो मन मानो त्यहाँ देखि उठ्न चाँहदैनथ्यो । अफिस जानु थियो यसैले अतीव अनिच्छापूर्वक त्यो जान्थ्यो, परन्तु प्रतिदिन शीघ्रतापूर्वक सब काम सिध्याएर पुनः गुरुको सन्निकट उपस्थित भै हाल्थ्यो । केही दिनमा नै साधनाको नशामा आत्मविभोर हुन गयो । एकदिन उनको गुरुले ,जसलाई हामी बाबाजीको नामले जान्दछौ, उनिसँग भन्यो तिमीलाई चाँडै नै यो ठाउँ छोडेर जानु

पर्नेछ, जुन चतुऱ्याईले उनलाई याँहा ल्याइएको थियो, त्यो सब उनले खोलेर भनि दियो, त्याहाँ कुनै एक अर्को ल्कर्क जाने कुरा थियो, बाबाजीको इच्छाशक्तिको प्रभावले त्यस दोस्रो व्यष्टिको स्थानमा उनलाई नै अधिकारीहरुले पठाउने व्यवस्था गऱ्यो । अब जुन साधना कार्यको लागि उनलाई याँहा आउनु परेको थियो, त्यो पुरा भयो । अब उनीलाई फर्केर जाने समय आइपुगेको छ, परन्तु श्री गुरु चरणहरुलाई छोडेर जाने उनको मन भैरहेको थिएन । गुरुले सम्झाएर भन्यो "तिमीले अनेक कार्य गर्नुपर्नेछ, यहांबाट नफर्किकन काम चल्नेछैन । धेरै जसो मानिसहरु तिम्रो प्रतीक्षामा बसेका छन ।" कुनै उपाय नभएपछि व्यथितअन्त:करण भै त्यो जानकोलागि राजी भयो । गुरुले भन्यो "तिमीलाई कुनै भय छैन, चिन्ता नगर्नु बीचबीचमा मसँग भेट त हुनेनैछ र जब तिमी मलाई देख्न चाहन्छौ, तब मलाई देख्न सक्नेछौ ।

यस बीचमा धेरै जसो अलौकिक घटनाहरु घटे ,अनेक अद्भुत दृश्यहरुको दर्शन, अनेक असाधारण सिद्ध साधकहरु सँग साक्षात्कार इत्यादि धेरै घटनाहरु घटे , तिनलाई याँहा लेखेर ग्रंन्थको कलेबर बढाउनु आवश्यक छैन । श्रीमान अभयले लेखेको छ–"उनले १८६९ ई. को १५औं जनवरीमा त्याहाँ देखि प्रस्थान गरेर मिर्जापुर अफिस मा कार्य संभाल्यो तथा १ जुनमा फेरि काशीको अफिसमा नियुक्त भयो "

दीक्षादान- यस्तो सुनिन्छ, उनको दीक्षा पछि केही मानिसहरु लाई देखाएर बाबाजीले भन्यो-"यिनीहरुलाई तिमीले दीक्षा दिनु पर्नेछ , तिम्रै लागि मैले यिनीहरुलाई धेरै दिन देखि रोकिराखेको छु ।" श्यामाचरणजी हाँसेर बोल्यो-"मेरो लागि किन रोकि राख्नुभयो ,जब तपाई हुनुहुन्छ त यिनीहरुले मसँग किन दीक्षा लेलान ?" बाबाजीले भन्नु भो -"यिनीहरुको साथ हाम्रो लिनुदिनु को सम्बन्ध छैन, तिम्रो साथ छ, तिमीले दीक्षा दिनुपर्नेछ ।" सम्भवत: उनिहरुको दीक्षा भयो । तत्पश्चात् जानुभन्दा अघि उनले गुरुसँग प्रार्थना गऱ्यो-यो साधना-जातिधर्म-निर्विशेषसबैको लागि प्रचार गर्ने आज्ञा मिलोस । सुनिन्छन, बाबाजी प्रथमत: यस विषय मा कदापि सम्मत भएन । पश्चात् उनको अतिशय आग्रहको कारण विवश भएर आफनो अनुमति दिनु भयो, परन्तु केही नियम बाँधि दिनुभयो । तीनै नियमहरु अनुसार श्यामचरणजीले सबलाई योगदीक्षामा दीक्षित गर्दथे, समस्त जीवनमा कहिल्यै त्यस नियमको अन्यथा गर्नु भएन । त्यसै बेला देखि उनले सबै मानिसहरुलाई दीक्षा दिन लागे । प्रथम दीक्षा दान कहाँ कसलाई भयो, यो हामीलाई ज्ञात छैन, परन्तु काशीमा आएपछि एक मालीलाई सर्वप्रथम दीक्षा दिइयो । त्यो माली केदारेश्वर मन्दिरको द्वारमा फूलमाला बेच्दथे । पश्चात् धेरै मानिसहरु उनको पास दीक्षा प्राप्तिकोलागि आइनै रहे, अनि प्राय: सबै उनको कृपा प्राप्त गरेर कृतार्थहुन जान्थ्यो । मधुगन्ध देखि आकुल भएर जसरी भंवरा पद्मपुष्पको चारैतिर गुंजन गर्दछन, त्यसरी नै उनको पास दीक्षा प्राप्त गर्नको लागि नाना थरिका मानिसहरु झुण्ड झुण्ड मा आउने गर्दथे । ब्राह्मन क्षेत्रिय देखि लिएर अस्पृश्य हिन्दु, मुसलमान, अंग्रेज तथा राजा महाराजा बाटाका भिखारी सम्म कोही उनको कृपा देखि बंचित हुँदैनथ्यो । १८८० ई. मा जागिरबाट पेन्सन लिएर उ काशीमा नै आफनो घरमा बस्न लागे । यही समय उनले काशी नरेश सर ईश्वरी नारायण सिंह तथा उनको पुत्र सर प्रभुनारायण सिंहलाई दीक्षा दिएका थिए । निवृत्ति भरण लिए पछि केही दिनसम्म उनले प्रभुनारायण सिंहजीलाई पढाउने कार्य गरेका थिए । त्यसै समय उनको महत्व बुझिकन ती पितापुत्र दुवैले उनिसँग दीक्षा लिएका थिए ।

शास्त्रग्रन्थहरुको आध्यात्मिक व्याख्या-उनले षडदर्शन केही उपनिषद तथा गीता, चरक ,मनु आदि २२ ग्रन्थहरुको व्याख्या गरेका छन । ती ग्रन्थहरु साधारण मानिसहरुको लागि बोधगम्य नभएपनि साधकहरुको लागि विशेष प्रयोजनीय छन् । उनिभन्दा पहिले यी ग्रन्थहरुतिर विशेष रुपले श्रीमद्भगवद्गीता को यस किसिमका साधन रहस्यपूर्ण व्याख्या अरु कोही कसैले गरेको छ या छैन, यसमा सन्देह छ ।

महाप्रयााण- यसरी प्राय:१५ वर्षहरु (१८८० देखि १८९५) सम्म सर्व साधारणमा यस योगधर्म को प्रचार तथा जिज्ञासुहरुका सन्देहहरुलाई दूर गर्दै २९ सेप्टेम्बर, १८९५ ई. मा संवत. १९५१ श्री शारदीया दुर्गापूजाको महाष्टमीको सन्धिकालमा उनको देवदेहको अवसान भयो । उनका पुत्रद्वय एवं भक्त वृन्द उनलाई पद्मासनमा बसालेर, उनको पवित्र देहलाई पुष्पमाला चन्दनादिले विभुषित गरेर मणिकर्णिका घाटमा लगे । चिता शय्यामा शयन गराउनु पहिले जब "उनलाई स्नान गराइरहेका थिए तब सारा मानिसहरु जीवित सम्झेर आश्चर्यचकित हुन गएका थिए ।

जीवनको ग्रन्थको आलोचना-उनले जागिर कार्यकाल समाप्त गरेपछि जुन १५ वर्ष शरीर धारण गरेका थिए, त्यसमा अधिकांश जीवन ध्यान मग्न अवस्थामा नै विताएका थिए । जीवनको अन्तिम भागमा उनी विशेष कुराहरु गर्न सक्तैनथे । कुरा गरिरहेको बेला सदा उनलाई स्मरण गराउनु पर्दथ्यो-उनले के बोलिरहेका छन । अलिकति अन्यमनस्क हुनासाथ उनी पूर्व कुराकानी छोडेर फेरि ध्यान मग्न हुन जान्थे । त्यस अद्भूत अवस्थाको वर्णन गर्नु धेरै कठिन छ ।

नाम प्रतिष्ठातिर उनी विल्कुल नै ध्यान दिदैनथे । यसले कम मानिसहरुलाई उनीसँग मिल्नुको अवसर मिल्दथ्यो । धेरैजसो मानिसहरुलाई त उनको नाम पनि सुन्नलाई मिल्दैनथ्यो । परन्तु उनको समान उच्च कोटिका योगी वर्तमान कालमा त के सुदुर अतीतकालमा पनि दुर्लभ थियो । श्री मद्भगवद् गीतामा योगी र भक्तका जुन लक्षणहरुको वर्णन छ, ती सब लक्षण उनमा परिस्फुटित भएका देखिन्थे । यस्तो अरु कसैमा देखिन गएका थिएन । उनको कुराकानी वेषभुषा या आचार व्यवहारमा आडम्बरको लेश मात्र पनि थिएन । उ संन्यासी पनि थिएन । स्त्री पुत्र परिवारकै साथ गृहस्थ थिए, जीविकाको लागि उसले कार्य गर्दथे तथापि त्यो पद्मपत्रस्थ जल समान पूर्ण निर्लिप्त थिए । कुनै दुःख कष्ट कुनै विपत्ती उनको मनको त्यस सुगम्भीर स्थिरतालाई स्पर्श गर्न सक्तैदनथे । हृदय देवतासँग निगूढ मिलन जनित अतुल आनन्द उनको मुखमण्डललाई सर्वदा मधुर प्रभावले प्रदीप्त गरिराख्दथ्यो । कवि गोल्डस्मिथको "Eternal sunshine over the mind" उनमा नै चरितार्थ हुन्थ्यो । चारैतिर सयौं कामहरुको झंझट रहन्थ्यो, परन्तु उनको अन्तर अभ्रभेदी गिरिशिखर समान ज्ञानको प्रभा शान्तिको स्निग्ध किरणहरुले निरन्तर समुज्जवल बनिरहन्थ्यो ।

अहंकार या आत्मगौरवको लेश पनि उनमा थिएन । उनि यस्तो सुमधुर विनय वचन द्वारा आफुलाई आवृत गरिराख्दथ्यो-मानिसहरुलाई उनको महत्व या अपूर्व योगैश्वर्यको कुनै सन्धान नै मिल्दैनथ्यो । उनले आफना प्रत्येक शिष्यहरुलाई उपदेश दिनु हुन्थ्यो-"आफुलाई सर्वापेक्षा सानो सम्झ ।" त्यो बडो स्वल्पभाषी थिए । साधनाको कुरालाई छोडेर अरु कुनै कुराहरु प्राय: गर्दैनथे । अनि यस सम्बन्धमा जे जुन अलि अलि

कुराहरुको आलोचना गर्दथे, ती सब उपदेश वाक्यहरुले उनका अन्तर्निहित गम्भीर ज्ञानको परिचय पाइन्थ्यो । उनको अकाट्य युक्तिकौशल तथा साधनको अपूर्व प्रतिभा देखेर विद्वान र सज्जन पुरुष सहज नै मुग्ध हुन जान्थे । थोरै शब्दमा जटिल प्रश्नको सदुत्तर प्राप्त गरेर कूट तार्किक पनि विस्मयाभिभूत हुन जान्थ्यो । अपूर्व योग प्रतिभाले मुग्ध भएर उनलाई गृहस्थाश्रमी जानेर पनि धेरै जसो दण्डी, परमंहस, सन्यासी, ब्रहमचारी उनिसँग यो दीक्षा प्राप्त गरेर कृतार्थ हुन्थे । उनको नोकरीको अवस्थामा पनि धेरै मानिसहरु उनको साधनलब्ध प्रज्ञादेखि मुग्ध भै उनिदेखि दीक्षा प्राप्त गरेर योगाभ्यासमा लाग्दथे । उनले देखाइदिनु भयो-कलियुगको प्रचण्ड प्रभावमा पनि साधन गर्न सकिन्छ र त्यसबाट सिद्धि प्राप्त गर्नु असंभव छैन ।

मनुष्य मात्र प्रति उनको प्रीति पनि असाधारण थियो । सारा जीव अविरत त्रितापको ज्वालामा जलिरहेका छन । यो देखेर उनका दु:खको निवारणको लागि उनले साधनाको द्वार जात भातको विचार नगरिकन मनुष्य मात्रको लीग खुल्ला राखेका थिए । नीच या पतित कोही पनि उनको कृपा देखि वंचित भएन । उनले जानिलिएका थिए-ऋषिप्रोक्त धर्मका सारा अनुष्ठान यो साधना माथि प्रतिष्ठित छन, योगाभ्यास विना आर्यधर्म एवं आर्यशास्त्रको गूढ रहस्य अवगत हुन सक्तैन । तन्त्र पुराणादिमा यस कुराको सु-स्पष्ट रुपले इंगित गरिएको छ । यसैले उनको इच्छा थियो-भारत वासी आर्य सन्तान धेरैथोरै योगाभ्यासमा रत रहुन् । उनले वैराग्यको आवश्यकतालाई हृदयंगम गर्दथे, परन्तु उत्कट वैराग्यको पक्षपाती कहिल्यै रहेन । उहाँ भन्नु हुन्थ्यो-प्रकृत वैराग्य वर्तमान युगमा सबलाई हुनु संभव छैन । वैराग्यको अनधिकार चेष्टा गरेपनि कपटाचारको आश्रय लिनु पर्नेछ । उनि कपटाचारलाई विलकुलै मन पराउँदैनथ्यो, भन्नुहुन्थ्यो-यथासम्भव संयम गरेर नित्यनियमित रुप ले जहाँसम्म हुन सक्छ, अभ्यास गर्दै जाऊ, एक दिन तिमी ठीक ठाँउ मा पुग्न जानेछौ ।

जागिरबाट अवकाश प्राप्त गरेपछि प्रचार कार्य द्रूत गति सँग प्रारम्भ हुन गयो । परन्तु उनी यसको लागि कहिल्यै हाट-वाट, सभा मंचमा व्याख्यान दिनु हुँदैनथ्यो । न त समाचार पत्रहरुमा आफनो प्रचार कार्यको घोषणा गर्नु हुन्थ्यो। जीवनको अन्तिम दिनहरुमा जसले उनलाई देखेका थिए तिनीहरु जान्दछन त्यस्तो शान्त मनले प्रचार कार्य हुन सक्तैन । त्यस्तो स्तब्ध मौन, प्रशान्तताको मूर्त्ति देख्नुको सौभाग्य जसलाई प्राप्त भएको छ, उनलाई त्यो दृश्य कदापि विस्मृत हुने छैन । यसैले गन्धलुब्ध भ्रमर समान सहस्रौं सहस्रौं गृहस्थ र त्यागीहरु आएर उनको कृपा प्राप्त गरी आफ्नो जीवनलाई धन्य मान्दथे । यसरी उनको साधन पद्धति बंगदेशमा तथा बंगको बाहिर पनि बहुरुपमा प्रचारित हुन गयो, आज सुदुर अमेरिका र युरोपिय देशमा पनि प्रचारित भैरहेको छ । आधुनिक कालमा गीताको आध्यात्मिक रहस्यको प्रचार गर्नमा उनी नै प्रधान पथदर्शक भएका छन ।

योगपन्था अतीव दुरुह छ, यसमा कुनै सन्देह छैन । सबैलाई यस मार्गमा प्रवेश गर्नुको अधिकार छैन ,यो पनि सत्य छ, तथापी योगमार्ग विना शास्त्रहरुको दुर्गम रहस्यको भेद पाउनु असंभव छ । जसबाट सब

श्रेणिहरुका मानिसहरु थेरथोर यस पथमा प्रविष्ट भएर जगत्का गूढ रहस्यलाई जान्न सकुन अनि निरापद स्थानमा पुगेर शान्ति लाभ गर्न सकोस, यसैको लागि नाना श्रेणिहरुमा विभक्त समस्त योगविद्यालाई सर्वसाधारणका लागि उपयोगी बनाएर सम्मिलित रुपमा क्रमशः अभ्यास गराउनुको व्यवस्था उहाँले गर्नु भएको छ । साधनेच्छुक मानिसहरुको योग्यता र श्रम अनुसार जसबाट सबैले विस्तार विस्तार क्रमशः उन्नति गर्नसकोस, यसको उनले सुव्यवस्था गरे तथा योगांगको विविध साधनहरुमा जुन वर्तमान कालको लागि उपयोगी हुन सक्तछ तदनुसार, शिक्षादानको व्यवस्था आफनो शिक्षणालयमा गर्नुभयो । उनको प्राथमिक या सर्वापेक्षा निम्नकोटी को साधनाभ्यास पनि नितान्त दुर्लभ चित्तको लाग उपयोगी छ । यी सब साधनाहरुको क्रम सहज भएर पनि फल असाधारण छन । सब भन्दा तल्लो श्रेणींका साधक पनि परिश्रम र प्रयत्न गरेमा उच्च फल प्राप्त गर्न सक्तछन। उनको साधन प्रणालीमा यस किसिमको सुव्यवस्था हुनुले कसैलाई पनि निराश हुनु पर्दैन । सामान्य इच्छा र चेष्टा रहेर पनि साधनाभ्यास प्रारम्भ गरिदिन सकिन्छ। उनी देखि पूर्व कुनै आचार्यले योगाभ्यासको निगूढ मार्गलाई सबको लागी सुगमसहज बनाउनुको चेष्टा गरेका थिए या थिएन यसमा सन्देह छ । अवश्य नै केही संयम र नियम निष्ठा राखिकन चल्नु बिना योगाभ्यास विडम्बना मात्र हुन जान्छन । यस किसिमका उच्च श्रेणीका लोक शिक्षकको महान चरित्र विशुद्ध आत्मज्ञान,अदभुत योगैश्वर्य तथा अपूर्व अनासक्ति जुन भारतवासीहरुको दृष्टिलाई विशेषरुपले आकर्षित गर्दैन, यसलाई म उहाँको दुर्भाग्य सम्झन्छु । उनको शिष्य संख्या अवश्य नै तत्कालानुसार कम थिएन । उनका शिष्यहरुमा कति कतिले ख्याति प्राप्त गरेका छन । उनको शिष्य संख्या धेरै छन । बंग, विहार, उडीसा, उत्तर प्रदेश तथा सुदुर पंजावमा पनि उनका शिष्य गण फैलिएका छन । परन्तु जुन भास्वर सूर्यको कनककिरणहरु देखि यी उद्भासित भैरहेका छन उनको जीवनी देखि धेरैको परिचय छैनन् ।

आजकल पृथिवीमा तथा हाम्रो देशमा धर्मको गूढ रहस्य देखि अवगत हुनुको चेष्टा देखिन्छन । यस्तो समयमा यस लोकशिक्षकको चरित्र एवं उपदेश विशेषरुपसंग आलोचित हुनु योग्य छ । किनभने उनले जुन मार्ग देखाउनु भएको छ त्यही ऋषिसेवित पन्था हो । धर्मको रहस्य अवगत हुनलाई तदपेक्षा सुगम मार्ग अहिले आविष्कृत भएको छैन ।

आज उनको देवशरीर अवसान भएको शताव्दि भन्दा बढीकाल वितिसकेको छ, परन्तु आज पनि उनको स्मृति पूजा अनेक स्थानहरुमा नित्य हुन्छन । पुरी काशी हरिद्वार, राँची, विष्णुपुर, देवघरआदि अनेक स्थानहरुमा उनको समाधि एवं स्मृति मन्दिर प्रतिष्ठित छन । उनका भक्तगण ती स्थानहरुमा नित्य पूजा गरेर आज पनि उनको पवित्र स्मृतिको रक्षा गरिरहेका छन ।

ॐ तत्सत् ! ॐ तत्सत् !! ॐ तत्सत् !!!

२५४.४५२८
का १३९श्री
२५०२३

कान्तालाल 'प्रभात'

जन्ममिति : २७ चैत्र १९९२
जन्मस्थान : बन्दीपुर-५, तनहुँ
शिक्षा : साधारण शिक्षा
कृति : श्रीमद् भगवद्गीता (प्रकाशित-अनुवाद)

प्रकाशोन्मुख कृतिः
गोरक्ष योग पद्धति (अनुवाद)
समस्त गीताको सारात्सार (अनुवाद)
षट्चक्रको संक्षिप्त चिनारी (अनुवाद)
चरीत्र निर्माणका कथाहरु (अनुवाद)
जीवनमा कामलाग्ने कुराहरु (संकलन)
रगतको चरा तथा केही (छ्यास्मिस रचनाहरु)

पोष्टबक्स नं. ७१३८, काठमाडौं, नेपाल, फोनः ४३७८०१६

व्रह्मसूत्र सुपुम्नावाटै सर्वप्रथम प्राणको प्रवाह उत्पन्न हुन्छ। यहीं वाट इडा पिंगलामा त्यस्को प्रवाह भएर जगत्को समस्त व्यापार चलिरहन्छ, परन्तु यस प्रवाहको असली मौलो सुपुम्ना हो, त्यही प्रकृतिरुपिणी आद्याशक्ति जगन्माता प्राण हो, त्यसैमा समस्त विश्व संसार व्रम्माण्डको समस्त खेल उसैको हो । यो विश्वको धारक प्राण हो । यसैकारण त्यो सर्वव्यापक एव जगन्माता हुन् । सवै भन्दा पहिले प्राण नै हुन्छ, अतयव उनी आदिपुरुष हुन । सुपुम्ना नरहेमा जीवले जन्म ग्रहण गर्न सक्दैन । पंचतत्व, मन, वुद्धि एव अहंकार यी सव यिनैवाट उत्पन्न हुन्छन् । यसैकारण सवै छन् वशमा यिनैको । रजस्तम एवं सत्वगुणको सारा खेल इडा पिंगला र सुपुम्ना प्राणकै खेलले उत्पन्न हुन्छन्, परन्तु यिनीहरुको मूल हो व्रह्मसूत्र सुपुम्ना र सुपुम्नाको अन्तर्गत व्रह्मनाडी । यही व्रह्मनाडीमा सारा वाधिएको छ, अतयव प्राणक्रिया गर्दै गर्दै सवैवाट प्राणको प्रवाहलाई समेटेर जव आदि स्थान व्रह्मनाडीमा ल्याइन्छ, तव गुणत्रयको अतीतावस्था संभव हुन जान्छ । अनि त्यसो नभैकन जवसम्म गुण-प्रवाह चल्नेछ, ज्ञानी होस् वा अज्ञानी उनीहरुको कार्य तदनुरुप नै हुनेछ त्यसमा वाधा दिने क्षमता कोही कसैमा पनि छैन ।

- यही गीतावाट

9 789937 204279